नेपाल
मानवअधिकार वर्षपुस्तक २०११

यस वर्षको उल्लेख्य

अन्तरद्वन्द्वमा शान्ति प्रक्रिया

Inerpage YB 2011:Layout 1 2/16/2011 12:09 PM Page 1

मानवअधिकार वर्षपुस्तक २०११

(नेपाली संस्करण)

(०६६ पुस १७ देखि ०६७ पुस १६ गतेसम्म अर्थात् सन् २०१० भरिका घटनाहरूको सङ्कलन)

प्रधान सम्पादक
योगीश खरेल

सम्पादक
मदन पौडेल

सम्पादन मण्डल
प्रशन्नता वस्ती
दीपेन्द्रप्रसाद पन्त
गणेश भण्डारी
बालकृष्ण बस्नेत
नीर लामा
भुवन अधिकारी

तथ्याङ्क विश्लेषण
प्रमीन घिमिरे
अनुज के.सी.

ले-आउट
गोविन्दप्रसाद त्रिपाठी

कभर डिजाइन
गीता माली

मानवअधिकार र सामाजिक न्यायका निम्ति
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
कलङ्की, स्यूचाटार
पोस्ट बक्स २७२६, काठमाडौं, नेपाल
फोन नं. ०१-४२७८७७०, फ्याक्स नं. ०१-४२७०५५१
e-mail: insec@insec.org.np
Web-site: www.insec.org.np

Inerpage YB 2011:Layout 1 2/16/2011 12:09 PM Page 2

मानवअधिकार वर्षपुस्तक २०११

प्रकाशन मिति
०६७ फागुन ७ गते

सङ्ख्या
३ हजार प्रति

प्रकाशक
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

सर्वाधिकार
इन्सेकमा सुरक्षित

(यस पुस्तकमा प्रकाशित सामग्री इन्सेकको स्रोत उल्लेख गरी पुन:मुद्रण गर्न सकिनेछ।)

आईएसबीएन : ९७८-९९३७-८२६५-५-६

मूल्य
रु. २५०।-

मुद्रक
धौलागिरी अफसेट प्रेस
अनामनगर, काठमाडौं

Inerpage YB 2011:Layout 1 2/16/2011 12:09 PM Page 3

विषय सूची

पृष्ठ सङ्ख्या

भूमिका

परिच्छेदहरू

परिच्छेद १	सन् २०१० को मानवअधिकार स्थिति : समग्र मूल्याङ्कन	१
परिच्छेद २	अन्तरद्वन्द्वमा शान्ति प्रक्रिया	१५
परिच्छेद ३	राज्य र मानवअधिकार	
	३.१ न्यायपालिका	३७
	३.२ कार्यपालिका	६३
	३.३ व्यवस्थापिका	७७
परिच्छेद ४	नेपालमा बलपूर्वक बेपत्ता : एक सङ्क्षिप्त विश्लेषण	९७
परिच्छेद ५	विस्फोटक पदार्थ तथा साना घातक हातहतियारको भय र चुनौती	११३
परिच्छेद ६	जोखिममा मानवअधिकार रक्षक	१२५
परिच्छेद ७	महिला विरुद्धको हिंसा : बलात्कारसम्बन्धी एक अध्ययन	१३९

अनुसूचीहरू

अनुसूची १	सन् २०१० र मानवअधिकार उल्लङ्घनका तथ्यहरू	
	१. पूर्वाञ्चल	१५७
	२. मध्यमाञ्चल	२५३
	३. पश्चिमाञ्चल	३६९
	४. मध्यपश्चिमाञ्चल	४४३
	५. सुदूरपश्चिमाञ्चल	४३५
अनुसूची २	मानवअधिकार उल्लङ्घन तथ्याङ्क २०१०	५७९
अनुसूची ३	सन् २०१० को मानवअधिकार स्थितिबारे राजनीतिक पार्टीको धारणा	५९१
अनुसूची ४	सन् २०१० को मानवअधिकार स्थितिबारे विभिन्न क्षेत्रको धारणा	६०३
अनुसूची ५	क्रिया/प्रतिक्रिया	६१५
अनुसूची ६	वर्षपुस्तक २०११ तयारीका क्रममा संलग्न व्यक्तिहरू	६४७

Inerpage YB 2011:Layout 1 2/16/2011 12:09 PM Page 5

जिल्लागत विषय सूची

१. पूर्वाञ्चल

१.१ झापा १५९
१.२ इलाम १६३
१.३ पाँचथर १६९
१.४ ताप्लेजुङ १७४
१.५ मोरङ १७८
१.६ सुनसरी १९०
१.७ धनकुटा १९९
१.८ तेह्रथुम २०२
१.९ भोजपुर २०५
१.१० सङ्खुवासभा २१०
१.११ सप्तरी २१५
१.१२ सिराहा २२५
१.१३ उदयपुर २३३
१.१४ खोटाङ २३८
१.१५ ओखलढुङ्गा २४५
१.१६ सोलुखुम्बु २४९

२. मध्यमाञ्चल

२.१ धनुषा २५५
२.२ महोत्तरी २६४
२.३ सर्लाही २६८
२.४ सिन्धुली २७३
२.५ रामेछाप २७९
२.६ दोलखा २८३
२.७ रौतहट २८६
२.८ बारा २९५
२.९ पर्सा ३०२
२.१० चितवन ३०७
२.११ मकवानपुर ३१४
२.१२ ललितपुर ३१८
२.१३ काभ्रे ३२४
२.१४ भक्तपुर ३३२
२.१५ काठमाडौं ३३५
२.१६ धादिङ ३४८
२.१७ सिन्धुपाल्चोक ३६०
२.१८ नुवाकोट ३६३
२.१९ रसुवा ३६५

३. पश्चिमाञ्चल

३.१ तनहुँ ३७१
३.२ गोरखा ३७५
३.३ लमजुङ ३७९
३.४ स्याङ्जा ३८२
३.५ कास्की ३८६
३.६ मनाङ ३९५
३.७ नवलपरासी ३९६
३.८ रूपन्देही ४०४
३.९ पाल्पा ४१३
३.१० कपिलवस्तु ४१७
३.११ अर्घाखाँची ४२४
३.१२ गुल्मी ४२७
३.१३ बाग्लुङ ४३१
३.१४ पर्वत ४३४
३.१५ म्याग्दी ४३७
३.१६ मुस्ताङ ४४०

४. मध्यपश्चिमाञ्चल

४.१ दाङ ४४५
४.२ प्यूठान ४५४
४.३ रोल्पा ४५६
४.४ सल्यान ४५९
४.५ रूकुम ४६६
४.६ बाँके ४६९
४.७ बर्दिया ४८४
४.८ सुर्खेत ४९५
४.९ जाजरकोट ५०८
४.१० दैलेख ५१५
४.११ डोल्पा ५१८
४.१२ जुम्ला ५२१
४.१३ कालीकोट ५२३
४.१४ मुगु ५२८
४.१५ हुम्ला ५३१

५. सुदूरपश्चिमाञ्चल

५.१ कैलाली ५३७
५.२ अछाम ५५०
५.३ डोटी ५५४
५.४ बाजुरा ५५६
५.५ बझाङ ५६०
५.६ कञ्चनपुर ५६३
५.७ डडेलधुरा ५६७
५.८ बैतडी ५७०
५.९ दार्चुला ५७४

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सन् १९८८ देखि मानवअधिकार तथा सामाजिक न्यायका लागि कार्यरत छ। पाँच विकास क्षेत्रमा पाँच क्षेत्रीय कार्यालय तथा २५ जिल्लामा जिल्ला कार्यालय स्थापना गरी इन्सेकका नियमित कार्यक्रम तथा परियोजनाहरू सञ्चालन भइरहेका छन्। मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई अध्ययन/अनुगमन गर्नका लागि यसले देशका पचहत्तरै जिल्लामा प्रतिनिधिहरूको व्यवस्था गरेको छ।

२०६५ चैत २३ गते सम्पन्न साधारण सभाले तीन वर्षका लागि चयन गरेको कार्यसमिति

अध्यक्ष – सुबोधराज प्याकुरेल

महासचिव - पुष्पा कर्ण

कोषाध्यक्ष - योगेन्द्रबहादुर गुरुङ

सदस्यहरू

- कुन्दन अर्याल
- सुजिता शाक्य
- टीकाराम भट्टराई
- मदनप्रसाद परियार
- रक्षा बस्याल
- लालबाबुप्रसाद यादव

कार्यकारी निर्देशक तथा निम्नलिखित कार्यक्रमहरूमार्फत इन्सेकको दैनन्दिन कार्य सम्पादन गरिन्छ ।

मानवअधिकार प्रलेख तथा प्रसार कार्यक्रम

यस कार्यक्रम अन्तर्गत मानवअधिकार उल्लङ्घन/ज्यादतीसम्बन्धी घटनाहरूको अनुगमन, अध्ययन, अनुसन्धान र प्रलेखीकरण तथा स्थलगत अध्ययनमा आधारित प्रतिवेदन प्रकाशन गर्ने गरिन्छ। *त्रैमासिक स्थितिसूचक, नेपाल मानवअधिकार वर्षपुस्तक, प्राची, इन्फर्मल*लगायतका प्रकाशन यही कार्यक्रमअन्तर्गत गरिँदै आएको छ। यसै कार्यक्रम अन्तर्गत *इन्सेक अनलाइन* कार्यक्रम पनि सञ्चालन गरिँदै आएको छ। पीडितहरूलाई तात्कालिक राहत सहयोग गर्न पहल गर्ने, अर्जेन्ट अपिल जारी गर्ने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकार र सरोकारवाला सङ्घ-संस्थासँग समेत समन्वय कायम गर्नेलगायतका काम यस कार्यक्रममार्फत् हुँदै आएको छ।

मानवअधिकार शिक्षा कार्यक्रम

यस कार्यक्रमअन्तर्गत इन्सेकले जिल्ला स्तरमा कार्यालय स्थापना गरी तथा स्थानीय मानवअधिकार संस्थाहरूसँगको सहकार्यमा मानवअधिकार शिक्षाको प्रचार प्रसार गरिँदै आएको छ। संचेतनामार्फत ग्रामीण क्षेत्रमा जागरण फैलाउन यस कार्यक्रममार्फत मानवअधिकारसम्बन्धी तालिम, समूह परिचालन, सरोकारवालाहरूसँग अन्तरक्रिया तथा छलफल कार्यक्रम सञ्चालन गरिँदै आएको छ। यस कार्यक्रम अन्तर्गत मानवअधिकार सम्बन्धी पुस्तक तथा तालिम सामग्री पनि प्रकाशन तथा वितरण हुँदै आएको छ।

मानवअधिकार अभियान तथा पैरवी कार्यक्रम

राज्यलाई अन्तर्राष्ट्रिय मानवअधिकार तथा मानवीय कानुनका आधारमा नीति-नियम बनाउन र सीमान्तकृत समुदायका अधिकार पहिचान गराउन दबावको सिर्जना गर्नु यो कार्यक्रमको प्रमुख दायित्व रहेको छ। कानुन पुनरावलोकन, मानवअधिकार सन्धि अनुगमन र मानवअधिकार अभियान कार्यक्रमको सञ्चालन पनि यही कार्यक्रमद्वारा हुँदै आएको छ।

मानवअधिकार शिक्षा रेडियो कार्यक्रम

मानवअधिकारका विषयमा रेडियो नेपाल तथा स्थानीय एफएमहरूबाट सर्वसाधारणलाई जानकारी गराउने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिएको छ। समसामयिक मानवअधिकारका विषयवस्तुहरूलाई साप्ताहिक रूपमा यो कार्यक्रम मार्फत् प्रशारण गरिँदै आएको छ। यस कार्यक्रम अन्तर्गत रेडियो श्रोता क्लबसँग समन्वय गरी स्थानीय स्तरमा मानवअधिकारसम्बन्धी विभिन्न कार्यक्रमहरू सञ्चालन गरिन्छ। त्यसैगरी विभिन्न सरकारी विद्यालयहरूमा बालअधिकार सचेतना समूह गठन गरी बालअधिकारको विषयमा सचेतना तथा बालबालिकाको व्यक्तित्व विकास सम्बन्धी क्रियाकलापहरू यस कार्यक्रमअन्तर्गत सञ्चालन भइरहेका छन्।

व्यवस्थापन कार्यक्रम

यस कार्यक्रम अन्तर्गत इन्सेकको सम्पूर्ण प्रशासन तथा अर्थ व्यवस्थापन पर्दछ। यस कार्यक्रमले मानव संशाधन व्यवस्थापन अन्तर्गत कर्मचारीको वृत्ति विकासका सम्बन्धमा पनि काम गर्दै आएको छ। इन्सेकको संस्थागत योजना, अनुगमन र मूल्याङ्कन गर्ने काम पनि यस कार्यक्रम अन्तर्गत हुँदै आएको छ। संस्थाको सूचना व्यवस्थापन गर्ने कार्य अन्तर्गत पुस्तकालय तथा सूचना प्रविधिसम्बन्धी शाखाहरू पनि यस कार्यक्रम अन्तर्गत रहेका छन्। इन्सेकको वार्षिक प्रतिवेदन, *इन्सेक अभियान*जस्ता नियमित प्रकाशनको व्यवस्थापन पनि यही कार्यक्रम अन्तर्गत हुँदै आएको छ।

क्षेत्रीय कार्यालयहरू :

- **पूर्वाञ्चल क्षेत्रीय कार्यालय**, जनपथ टोल, विराटनगर। फोन नं. ०२१-४७१०२५, ४७११२७
- **मध्यमाञ्चल क्षेत्रीय कार्यालय**, पुल्चोक, ललितपुर, फोन नं. ०१- ५५२६४६६, ५५५०९६१
- **पश्चिमाञ्चल क्षेत्रीय कार्यालय**, अन्नपूर्णटोल, पोखरा। फोन नं. ०६१- ४६५५१२
- **मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालय**, नेसनल ट्रेडिङ रोड, नेपालगञ्ज। फोन नं. ०८१- ५२४५०४, ५२२०६८
- **सुदूरपश्चिमाञ्चल क्षेत्रीय कार्यालय**, उत्तरबेहडी, धनगढी। फोन नं. ०९१- ५२२५७६, ५२१४४६

Inerpage YB 2011:Layout 1 2/16/2011 12:09 PM Page 7

मानवअधिकार संरक्षणका लागि अभिलेख

सन् १९९२ देखि लगातार हामी मानवअधिकार वर्षपुस्तक प्रकाशन गरिरहेका छौँ। नेपालले पहिलो पटक प्रजातन्त्र पाएको दिन पारेर हरेक वर्ष यो पुस्तक सार्वजनिक हुँदै आएको छ। यसको सोझो सन्देश के हो भने प्रजातान्त्रिक शासन व्यवस्था बेगर मानवअधिकारको उपभोग गर्न असम्भव छ। जनताद्वारा निर्भयतापूर्वक निर्वाचित प्रतिनिधिमार्फत् राज्यको नीति निर्माण गर्ने र स्वतन्त्र नागरिकहरूद्वारा सरकारका गतिविधि अनुगमन हुने प्रबन्ध गर्न सकियो भने मात्र प्रजातन्त्रलाई गतिशील बनाउन सकिन्छ। कानुनको शासनको अर्थ कानुन बनाएर शासन गर्नु मात्र होइन। प्रक्रिया पुऱ्याएर मात्र पुग्दैन। कानुनले अन्तर्राष्ट्रिय मानवअधिकार कानुन र मानव मर्यादाको रक्षा र विकास गर्न सक्नु पर्छ। सर्वोच्च महत्वको कुरा के हो भने जनताका अधिकार थप्न सकिन्छ, घटाउन वा कटाउन पाइन्न। नागरिकहरू दलीय वा स्वतन्त्र विचार राख्न स्वतन्त्र छन्। उनीहरू निजी र सामुदायिक विकासका काममा एक्लै वा सङ्गठित रूपमा संलग्न हुन पनि स्वतन्त्र छन्। नागरिकहरूले निर्वाचनमार्फत् आफ्नो सम्प्रभुताको अंश राज्यलाई विधायिका वा कार्यपालिकामार्फत् हस्तान्तरण गर्छन्। तर आफ्नो निजी जीवन र विचारका मामिलामा नागरिकको सम्प्रभुताउपर प्रश्न गर्न सकिन्न। नागरिकले उल्लङ्घन गर्न किमार्थ नपाउने केही बन्देज पनि छन्। त्यो के हो भने (१) आफ्नो स्वार्थका लागि अर्काको अधिकार, सम्मान, विकास र संस्कृतिमा बाधा हाल्न पाइन्न। साथै, (२) सामूहिक र सार्वजनिक विकासका लागि राज्यले प्रतिपादन गर्ने नीति र काममा बाधा/अवरोध गर्न पाइन्न। यी दुई प्रवृत्तिलाई नियन्त्रण गरेर जनतामा सुरक्षाको प्रत्याभूति दिनु राज्यको प्रमुख कर्तव्य हो।

मानवअधिकारको उल्लङ्घन र ज्यादतीका प्रवृत्ति नेपालमा अहिले पनि मुख्य चुनौतीका रूपमा विद्यमान छ। सङ्ख्यात्मक हिसाबले मात्र होइन व्यापकताका हिसाबले पनि यसको फैलावट छ। यसै कारणले गर्दा हामीले पचहत्तरै जिल्लाको बेग्लाबेग्लै फेहरिस्त बनाउनु परेको हो। दु:खद विषय के हो भने अपराध र अपराधीलाई संरक्षण दिने काममा संसद्मा प्रतिनिधित्व गर्ने दलहरू नै संलग्न छन्।

द्वन्द्वबाट मुक्तिको अनुभूति जनताले गर्न पाएका छैनन्। सहमति, सम्झौता र अन्तरिम संविधानलाई सम्झियो भने सत्य निरूपण तथा मेलमिलाप आयोग, बेपत्ता आयोग, उच्चस्तरीय अनुगमन समिति र शान्ति तथा पुनर्निर्माण आयोगको कल्पना गरिएको थियो। संविधानसभाको निर्वाचनपछि दुई पक्ष नरहने भनी सात दलले सही गरेका थिए। त्यसै हुनाले लडाकुको हतियार अनुगमन गर्न छ महिनाका लागि अनमिनलाई बोलाइएको थियो। तर छ महिने अनमिनको म्याद दुई वर्ष थप्दा पनि संवैधानिक कबुल प्रतिको राजनीतिक, कानुनी र नैतिक दायित्वको ख्याल गरिएन। कब्जा सम्पत्ति फिर्ता गर्ने प्रतिबद्धताको प्रतिकूल माओवादीले सम्पत्ति कब्जा जारी राख्यो। अरू साना र क्षेत्रीय समूहले पनि सम्पत्ति कब्जा जारी राखे। माओवादीको ०६७ मङ्सिर ५ देखि ११ मा सम्पन्न पालुङटार बैठकले जनविद्रोहको लाइन पारित गऱ्यो। सडक, सदन र सरकारबाट त्यो प्रयोजनका लागि प्रयास गर्ने भनाइमा फरक मत राख्ने भनिएका पुष्पकमल दाहाल, मोहन वैद्य र बाबुरामको एकमत रह्यो।

अनिश्चितकालीन हड्ताल फिर्ता

०६७ वैशाख १९ देखिको माओवादीद्वारा घोषित अनिश्चितकालीन आम हड्ताल फिर्ता लिन उनीहरू बाध्य भए। वैशाख २४ मा नागरिकहरूले स्वत: स्फूर्त रूपमा निकालेको सेतो पहिरणको जुलुसमा सहभागीहरूको अत्याधिक सङ्ख्याले गम्भीर नैतिक दबाब दिएको थियो। त्यस दबाबको विरुद्ध पुष्पकमल दाहालले "सुकिला-मुकिला" भन्दै सहरी नागरिक विरुद्ध गरेको विषवमन यस वर्ष २०१० मा चर्चाको विषय रह्यो। आम नागरिकको शान्ति प्रतिको चाहनालाई सबै दलले र सबभन्दा ठूलो दलको नाताले माओवादीले सबैभन्दा राम्ररी बुझ्नु जरुरी छ।

जनता अन्तर्राष्ट्रिय मानवअधिकार कानुनको सम्मान चाहन्छन्। उनीहरू नेतृत्व पङ्क्तिबाट नैतिक र जवाफदेहितापूर्ण आचरण चाहन्छन्। नागरिक तथा राजनीतिक अधिकारको निर्बाध प्रयोग गरी त्यसमार्फत् आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारको प्राप्ति र विकास गर्न चाहन्छन्। नेपाली जनता समाजको खण्डीकरण र विभाजनको खिलाफमा छन्। सबैको उन्नति र सबैका लागि न्याय मात्र उनीहरूको ध्याउन्न हो। मधेसमा चर्काउन खोजिएको घृणाको राजनीतिबाट मधेसीहरू मुक्त हुँदै छन्। जातीय पहिचानको असल नियतलाई जातीय विभाजनमा लगेर खण्डीकरण गर्न चाहनेहरूको मनोकाङ्क्षा पनि पूरा हुनेवाला छैन।

अहिले थपिएको समयमा संविधान बन्ने छैन। तर, "पढेर मात्र होइन परेर जानिन्छ" भन्ने हाम्रा पूर्खाहरूको व्यवहारसिद्ध उखान नेपालमा साबित हुँदैछ। जनताले नेता र तिनको नियतको जाँच गर्ने मौका पाउँदैछन्। उदारता, इमान्दारी र परिश्रमलाई जीवन शैली बनाइसकेका नेपाली जनताको हजारौँ वर्ष पुरानो संस्कृतिलाई नचिन्ने, बेवास्ता गर्ने र भावुकतामा जाकेर भड्काउन खोज्नेहरूको भविष्य लामो हुनेवाला छैन।

सुबोधराज प्याकुरेल
अध्यक्ष

०६७ फागुन ७

Inerpage YB 2011:Layout 1 2/16/2011 12:09 PM Page 8

आभार

मानवअधिकार वर्षपुस्तक २०११ तयार गर्ने क्रममा हामीलाई नैतिक, भौतिक तथा बौद्धिक सहयोग गर्ने : नर्वेजियन दूतावास, इको तथा ईईडी, डानिडा, ह्यूगोप्रति आभार व्यक्त गर्दछौं। कठिन परिस्थितिमा पनि मानवअधिकार उल्लङ्घनका घटनाहरूको विवरण सङ्कलन गर्ने जिल्ला-जिल्लाका प्रतिनिधिहरू विशेष धन्यवादका हकदार छन्। अघिल्लो वर्षपुस्तक पढेर प्रतिक्रिया व्यक्त गर्नुहुने तमाम संस्था तथा व्यक्तिहरूमा धन्यवाद ज्ञापन गर्दछौं। सन् २०१० को मानवअधिकार अवस्थाका सम्बन्धमा धारणा उपलब्ध गराउने सम्पूर्ण राजनीतिक पार्टी, आयोग, मन्त्रालय, सुरक्षा निकाय तथा पेसागत सङ्घ-संस्थाहरूप्रति आभार प्रकट गर्दछौं।

परिच्छेद

१

सन् २०१० को मानवअधिकार स्थिति : समग्र मूल्याङ्कन

विस्तृत शान्ति सम्झौताले डोऱ्याएको नेपालको शान्ति प्रक्रिया २०१० को अन्त्यसम्ममा आइपुग्दा राजनीतिक दलहरूको सत्ता स्वार्थ र मोहमा केन्द्रित हुन पुग्यो । आमनागरिकले बितेका यी चार वर्षमा राजनीतिक दलहरूले भन्ने गरेको युगान्तकारी परिवर्तनको सुरुआतको आभास समेत पाएनन् । शैशव अवस्थामै रहेको नेपालको लोकतन्त्रको सुदृढीकरण र जारी शान्ति प्रक्रियालाई पूर्णता प्रदान गर्ने विषयमा भने अनिश्चितता अझ बढेको आभास भयो । दिगो प्रजातन्त्र बिना मानवअधिकारको संस्कृति फस्टाउन सक्दैन र दिगो प्रजातन्त्र नेपालको जटिल राजनीतिक सङ्क्रमणकालमा सहमति सहकार्य र एकता बिना सम्भव पनि छैन ।

दुईओटा भूमिका रहेको संविधानसभाको अधिकाङ्श समय राजनीतिक अन्तरद्वन्द्वको मारमा पऱ्यो। घोषित दुईवर्से कार्यकालको अवधि बढाउन म्याद सकिनुभन्दा केही मिनेट अगाडि सहमत भएका राजनीतिक दलहरू थपिएको एक वर्षमध्ये यो वर्षको अन्त्यसम्म (करिब छ महिना) पनि निर्विवाद हुन सकेनन्। वर्षको अन्त्यतिर एकीकृत माओवादीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको संयोजकत्वमा गठित उच्चस्तरीय कार्यदलले संविधानसभामा रहेका विवादहरू मिलाउन र सहमति गर्न धेरै कामहरू गरेको भनिए तापनि कतिपय मुख्य विवादका विषयमा प्रवेश नै नगरेको पाइयो। यो कार्यदलको उपादेयता र अधिकार क्षेत्रका बारेमा पनि व्यापक चर्चा र आलोचना भए।

संवैधानिक समितिमा प्रक्रियागत ढङ्गले संविधान निर्माणको कार्य गर्नुपर्नेमा कार्यदलले ती विषयमा हात हालेपछि विवाद बढेको थियो। विवादका बीचमा वर्षको अन्त्यतिर सो कार्यदलको समय नबढाउन राजनीतिक दलहरू सहमत भए। शान्ति प्रक्रियालाई सहयोग पुऱ्याउन आएको अनमिनको म्याद नथप्ने चर्चा हुँदै गर्दा अनमिनको बहिर्गमनपछि नेपाली शान्तिप्रक्रिया भङ्ग हुने हो कि भन्ने आशङ्का उत्पन्न भयो। म्याद सकिन बाँकी रहेका केही हप्ताअघिसम्म एकीकृत माओवादीले अनमिनको म्याद बढाउनका लागि राजनीतिक एवम् कुटनीतिक प्रयासहरू गऱ्यो। तर, अन्य राजनीतिक दल र सरकार भने अनमिनको ठाउँ सेना समायोजन विशेष समितिले लिन सक्छ भन्ने कुरामा सहमत भएका थिए।

सत्ता बहिर्गमनसँगै अघिल्लो वर्षदेखि

तालिका १ **सन् २०१० मा राज्य तथा गैरराज्य पक्षबाट भएका हत्या सङ्ख्या**



सरकारको विरोधमा रहेको माओवादीले यो वर्ष पनि पुरानै रणनीति अपनायो। संविधानसभाको म्याद बढाउनुअघि तीन राजनीतिक दलहरूबीच भएको तीनबुँदे सहमतिको तेस्रो बुँदामा उल्लेख भएको प्रधानमन्त्रीको राजीनामाको विषयका आधारमा प्रधानमन्त्रीले राजीनामा त गरे तर, यो वर्षको अन्त्यसम्म नयाँ सरकार गठन हुन सकेन। कामचलाउ सरकारका भरमा देश चल्यो।

राजनीतिक अन्तरविरोध, दलीय स्वार्थ, सत्ता प्राप्तीको होडबाजी, लम्बिँदै गएको सङ्क्रमणकाल आदि कारणले नेपाली जनताको शान्ति प्रतिको चाहना यो वर्ष पनि पूरा हुन सकेन। संविधान निर्माणका लागि बाँकी रहेको छ महिनाको अवधि कसरी उपयोगी बनाउने भन्ने विषयमा राजनीतिक मतैक्य कायम गर्न दलहरू सफल भएनन्। मुलुक सरकारविहीनताको अवस्थामा गुज्रिरहेको भान भयो।

बाह्रबुँदे सहमति, विस्तृत शान्ति सम्झौतालगायतका सहमति र अन्तरिम संविधानको आधारशीलामा टेकेर राजनीतिक दलहरू नेपाललाई गणतन्त्र नेपालमा परिणत गर्न सफल भएका थिए। तर, तिनै राजनीतिक दलहरूका बीचमा पछिल्ला दिनहरूमा मतभेद बढ्न गयो। खासगरी यो मतभेद संविधानसभा निर्वाचन पछि बढ्दै गएको थियो। यद्यपि संविधानसभा निर्वाचनपूर्व यसका प्रशस्त सङ्केत देखा परेका थिए। राष्ट्रपति, प्रधानमन्त्री, सभामुख जस्ता संवैधानिक पदका लागि दलहरूबीच मतैक्य नहुनु यसैको परिणाम थियो। दलीय शक्ति सञ्चयको होडबाजी, खासगरी माओवादी, काङ्ग्रेस र एमालेबीच आरम्भ भयो। सत्ता बहिर्गमनसँगै

तालिका १

सन् २०१० मा अपहरित सङ्ख्या



माओवादीले सरकार विस्थापनका लागि आरम्भ गरेका विभिन्न आन्दोलनका क्रममा व्यक्त उसका अवधारणालगायत पालुङ्टारमा सम्पन्न छैठौं विस्तारित बैठक र केन्द्रीय समितिको बैठकमा प्रस्तुत विचारहरूको कारण ऊप्रति दलहरूको अविश्वास अझ बढ्न गयो।

संविधानसभा निर्वाचनको परिणामबाट सबैभन्दा ठूलो दलका रूपमा आएको एकीकृत माओवादीले संविधान निर्माण र शान्ति प्रक्रियामा देखाएको भूमिकालाई विश्लेषण गर्ने हो भने उसले विगतमा गरेका सम्झौता तथा सबै प्रतिबद्धताहरू विपरीत छन्। संसदभित्रै अर्थमन्त्रीमाथि हातपात गरिएको घटना र त्यसपछि एकीकृत माओवादीले त्यसै पक्षमा गरेको वकालत अन्य राजनीतिक दलहरूको अस्तित्व र प्रतिस्पर्धात्मक राजनीतिलाई सम्मान गर्न नसक्ने क्रियाकलाप जस्ता कार्यले समग्र नेपालको राजनीतिक अवस्थामा गम्भीर चिन्ता निम्त्यायो। संसद्को ठूलो दल भएको नाताले सबै दललाई समेटर लानुपर्ने प्रमुख जिम्मेवारीबोध लिदै एकीकृत माओवादीले जारी शान्ति प्रक्रियामा गम्भीर सरोकार राखेको भए राज्यको समग्र राजनीतिले ढिलै भए पनि कोल्टे फेर्थ्यो होला । तर, यसको विपरीत यी र यस्तै घटनाक्रमरूको वरिपरि सन् २०१० घुमिरह्यो।

मानवअधिकारको सर्वव्यापी सिद्धान्तअनुसार प्रत्येक नागरिकले भयरहित वातावरणमा आफ्नो जीवन उपयोग गर्न पाउने अवस्थालाई मानवअधिकारको दृष्टिकोणले उत्तम अवस्था मानिन्छ। २१ औं शताब्दीमा विज्ञानले गरेको प्रगतिलाई पछ्याँउदै रहेका अन्य मुलुकको तुलनामा संसारकै गरीबमध्येको एक नेपालमा खान नपाएर मानिसहरू मरेका, खानै नपाएर सपरिवार आत्महत्या गरेका अनि झाडापखालाबाट मानिसको मृत्यु भएको समाचारहरू सार्वजनिक भए। आर्थिक सामाजिक साँस्कृतिक अधिकारको अन्तर्राष्ट्रिय महासन्धिको पक्षराष्ट्र भएको र भावी संविधानमा यो विषय मौलिक अधिकारको रूपमा समावेश गर्ने प्रसङ्ग चलिरहँदा यस्ता घटनाहरूले नत सदनमा प्रवेश पाए, न यसबारे कुनै राजनीतिक दलले चिन्ता व्यक्त गरे।

विद्यमान दण्डहीनतालाई घटाउन महत्वपूर्ण हुने ठानिएको अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानका बारेमा एक दशकभन्दा लामो समयदेखिको वकालतले यस वर्ष पनि परिणाम ल्याउन सकेन। यो वर्ष पनि नेपाल यसको पक्ष राष्ट्र बन्न सकेन। अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोमविधानमा उल्लेखित भूतलक्षी प्रभावको त्रासका कारण एकीकृत माओवादीको यसप्रतिको अनिच्छा र अन्य दलहरूको उदासिनताको परिणाम स्वरूप यो विषय अझै टुङ्गिएन।

तालिका ३

सन् २०१० मा राज्य तथा गैरराज्य पक्षबाट भएका कुटपिटबाट पीडित सङ्ख्या

पीडक	जम्मा
राज्य	१३३
एकीकृत माओवादी	३४५
वाईसीएल	१३५
अनेरास्ववियु (क्रान्तिकारी)	३५
नेकपा (एमाले)	१८
अनेरास्ववियु	१३
युथफोर्स	४३
नेपाली काङ्ग्रेस	१५
नेपाल विद्यार्थी सङ्घ	१०
किराँत जनवादी वकर्स पार्टी	३
नेकपा (माले)	१
राप्रपा	१
राष्ट्रिय जनमोर्चा पार्टी	१
सङ्घीय लिम्बुवान राज्य परिषद (सञ्जुहाङ)	१
सङ्घीय लिम्बुवान राज्य परिषद्	३
नेकपा माओवादी (मातृका)	३
मधेसी जनअधिकार फोरम	८
मधेसी जनअधिकार फोरम (लोकतान्त्रिक)	४
मञ्च सम्बद्ध सङ्घीय लिम्बुवान राज्य परिषद्	१
तरुण दल	९
धार्मिक प्रेरस ग्रुप	१
थारुहट संयुक्त सङ्घर्ष समिति	१
अन्य	१६१
अज्ञात	३३
जम्मा	८४३

दण्डहीनताको कुसंस्कृति

विगत वर्षहरू जस्तै यस वर्ष दण्डहीनताको कुसंस्कृतिले प्रश्रय पायो। गम्भीर प्रकृतिका मानवअधिकार उल्लङ्घनका घटनाहरूमा संलग्न दोषीउपर कारवाही भएन भने सर्वोच्च अदालतको फैसलाले अपराधीलाई कानुनको दायरामा ल्याउन सकेन। विगतका सरकारले झैं, यो सरकारले पनि २ सय ८२ ओटा मुद्दाहरू फिर्ता लिएर अपराधीकरणलाई प्रश्रय दिने कार्य गऱ्यो। फिर्ता लिइएका धेरैजसो मुद्दामा संलग्न व्यक्तिको राजनीतिक आवरण मुद्दा फिर्ता लिने कार्यका लागि सहयोगी सिद्ध भए।

अपहरण र जबरजस्ती चन्दा असुली 'व्यवसाय' का रूपमा पूर्वी पहाड तथा मध्य र मध्यपश्चिम तराईमा फस्टायो। कुनै अमुक समूहका नाममा चन्दा असुल गर्ने प्रवृत्ति हवात्तै बढेर गयो। "पैसाका लागि गरिने अपरहण" मा नामै नसुनिएका समूह र व्यक्तिहरू सामेल भएको घटनाहरू अगाडि आए। राजनीतिक वृत्त र प्रहरीसित साँठगाँठ भएका कारण तिनीहरूले निर्वाध गैरकानुनी कार्यमा संलग्न रहेको केही घटनाले पुष्टि गऱ्यो।

नेपालगञ्जका दुई स्कूले किशोरको हत्यामा संलग्न मेराज अहमद साई घुमन्ते प्रहरीका रूपमा कार्यरत रहेको सार्वजनिक भयो। सशस्त्र समूहहरूसँग सम्बन्ध भएको सार्वजनिक भएपछि धनुषा जिल्लाका तत्कालीन डीएसपी रूपकुमार न्यौपानेलाई एक पद घटुवा गरेर प्रहरीले कारवाही गरेको थियो। बाँकेका प्रहरी सकिद अली बेहना हत्यामा संलग्न रहेको आरोपमा थुनामा छन् भने जमीम साहको हत्यामा पूर्व डिएसपी जगदीश चन्द र सब इन्सपेक्टर प्रकाश क्षेत्रीको संलग्नता रहेको अनुसन्धानबाट खुलेको सार्वजनिक भइसकेको छ।

एकीकृत माओवादी ओखलढुङ्गाका सभासद् बालकृष्ण ढुङ्गेललाई सर्वोच्च अदालतले जन्मकैदको फैसला सुनायो। द्वन्द्वकालमा ओखलढुङ्गाका भुवन भनिने उज्जनकुमार श्रेष्ठको ०५५ असार १० गते भएको हत्यामा ढुङ्गेलको संलग्नता रहेको ठहर गर्दै सजाय सुनाएको थियो। तर एकीकृत माओवादीले उक्त फैसला विस्तृत शान्ति सम्झौता विपरीत भएको भन्दै नमान्ने घोषणा गऱ्यो। अभियुक्तलाई कानुनको जिम्मा लगाउनुको साटो विगतका मुद्दा कोट्याएर सरकार शान्ति सम्झौता भाँड्न उद्दत रहेको जनाउँदै सभासद् ढुङ्गेललाई कानुनको जिम्मा लगाउन इन्कार समेत गऱ्यो। रामहरि श्रेष्ठको हत्यामा संलग्न भएका भनिएका केन्द्रीय सदस्य कालीबहादुर खामलाई एकीकृत माओवादीले छ महिनाका लागि निलम्बन गरेको जनायो। तर, उनलाई प्रचलित कानुनबमोजिम प्रहरीमा बुझाउने कार्य नगरेर विधिको शासनप्रति अनास्था प्रदर्शन गऱ्यो।

स्थायी शान्तिको प्रमुख आधार मानवअधिकारको प्रत्याभूति र कानुनी शासनको

तालिका ४

सन् २०१० मा राज्य तथा गैरराज्य पक्षबाट दिइएको धम्कीबाट पीडितको सङ्ख्या

पीडक	जम्मा
राज्य	५
एकीकृत माओवादी	९७
वाईसीएल	३५
अनेरास्ववियु (क्रान्तिकारी)	५
नेकपा (एमाले)	५
अनेरास्ववियु	१
युथफोर्स	३
नेपाली काङ्ग्रेस	४
नेकपा (माले)	३
नेकपा माओवादी (मातृका)	३
राप्रपा	१
राष्ट्रिय मुक्ति सेना	१
संयुक्त जातीय मुक्ति मोर्चा	३९६
मञ्च सम्बद्ध सङ्घीय लिम्बुवान राज्य परिषद्	१
जनतान्त्रिक तराई मधेस मुक्ति पार्टी	३
जतमुमो	१
जतमुमो (ज्वालासिंह)	३
अखिल तराई मुक्ति मोर्चा	३
लिम्बुवान र खुम्बुवान	१
किराँत जनवादी वकर्स पार्टी	१५
हिमाल तराई टाइगर्स समूह	६
तराई मुक्ति टाइगर्स	१
तराई जनतान्त्रिक पार्टी मधेस	३
अन्य	४४
अज्ञात	३१
जम्मा	५४८

स्थापना हो। तर, नेपालमा मौलाइरहेको दण्डहीनताको कुसंस्कृति शान्ति प्रक्रियाको प्रमुख बाधकका रूपमा रह्यो। दण्डहीनताको कुसंस्कृति रहेसम्म मानवअधिकारको संरक्षण र सम्वर्धनमा कठिनाइ उत्पन्न हुन्छ। दण्डहीन कुसंस्कृतिका कारण नेपालमा अपराध र मानवअधिकार उल्लङ्घनको प्रवृत्ति कायमै रहेको पाइन्छ। सुरक्षा निकायको फितलो नीति, राजनीतिक हस्तक्षेप र प्रचलित कानुन अनुसार कारबाही प्रक्रिया सशक्त ढङ्गले अगाडि नबढाइएका कारण पनि अपराधले मौलाउने मौका पाएको छ। दण्डहीनताको कुसंस्कृतिलाई ऊर्जा दिने काम जिम्मेवार राजनीतिक दल तथा सरकारबाटै भइरहेको छ।

दण्डहीनताका सन्दर्भमा भएको संस्थागत प्रभावकै कारण कसैलाई पनि न्यायको कठघरामा ल्याइएको छैन। द्वन्द्वका बेला गरिएका गम्भीर मानवअधिकार उल्लङ्घन र ज्यादतीका लागि सुरक्षाफौज तथा माओवादीका कुनै पनि सदस्यलाई फौजदारी अभियोगमा दोषी ठहऱ्याइएको छैन। विस्तृत शान्ति सम्झौतामा "दुवै पक्ष सम्झौतापत्रमा उल्लेख भएका अधिकारको उपभोगमा बाधा पुऱ्याउने जिम्मेवार व्यक्तिहरू माथि कानुन अनुसार निष्पक्ष छानबिन तथा कारबाही हुनेछ भनी प्रतिबद्धता जाहेर गर्दछन् र दण्डहीनतालाई प्रश्रय नदिने सुनिश्चितता प्रदान गर्दछन्। यसका साथै द्वन्द्व र यातना पीडित तथा बेपत्ता पारिएकाहरूको परिवारको राहत प्राप्त गर्ने अधिकारलाई समेत सुनिश्चित गर्दछन्" भनेर उल्लेख गरिएको छ।

अपराधमा संलग्न राजनीतिक पार्टीका सदस्यहरू राजनीतिक संरक्षणमा रहने प्रवृत्तिले दण्डहीनतालाई सम्बोधन गर्ने प्रयासलाई बाधा पुऱ्यायो। पार्टीका सदस्यहरूसँग सम्बन्धित अनुसन्धानका कार्यहरू रोक्न राजनीतिक पार्टीहरूमार्फत निरन्तर दबाबको सामना प्रहरीले गर्नु परेको छ।

माओवादी लडाकुको बिदाइ

गएको वर्ष एकीकृत माओवादी र सरकारबीच हस्ताक्षर भई यो वर्षको शुरूसँगै प्रक्रिया थालिएको माओवादी लडाकुको बहिर्गमनको विषय यो वर्षको महत्वपूर्ण कार्यका रूपमा रह्यो। यो प्रक्रियाअन्तर्गत अनमिनले अयोग्य ठहऱ्याएका ४ हजार ८ जनामध्ये बिदाइ कार्यक्रममा उपस्थित २ हजार ३ सय ८५ जना माओवादी लडाकुको बिदाइ भयो। अयोग्य ठहरिएका मध्ये २ हजार ४ सय १५ लडाकुहरू बिदाइ समारोहमा उपस्थित भएनन्। बिदाइ समारोहमा अनुपस्थित रहेका लडाकुहरू कहाँ गए भन्ने सम्बन्धमा न त सरकारले चासो देखायो, नत अनमिन बोल्यो नत माओवादीले यसम्बन्धमा केही बोल्नुपर्ने आवश्यकता देख्यो। शुरूवातमा बहिर्गमन प्रक्रियाप्रति चित्त नबुझाएका अयोग्य लडाकुहरूको समाजमा पुनर्स्थापनाको प्रश्नले प्रशस्त ठाउँहरू पाए। कतिपय लडाकुहरूको अन्य समूहमा प्रवेश गरेको पनि सार्वजनिक भयो।

शान्ति सम्झौतालगत्तै भर्ना गरिएका धेरैजसो लडाकुहरू अयोग्य साबित भएका थिए। समायोजनपछि राष्ट्रिय सेना हुने नभए पार्टीले राम्रो व्यवस्था गर्ने आशामा रहेको उनीहरूमध्ये कतिपय बहिर्गमनमा परेपछि आफ्नो भविष्यप्रति आशान्वित हुन सकेनन्।

लैङ्गिक हिंसा विरुद्धको वर्ष

सरकारले सन् २०१० लाई घरेलु हिंसा विरुद्धको वर्षको रूपमा विभिन्न कार्यक्रमहरू सञ्चालन गऱ्यो। प्रधानमन्त्री कार्यालयमा रहने गरी घरेलु हिंसाविरूद्ध उजुरी दर्ता गर्न सकिने २४ घण्टे हटलाइनको शुरूवात गरिएको थियो तर, यसको प्रभावकारिताका बारेमा धेरै प्रश्नहरू बाहिर आए। सरकारले महिला सशक्तिकरण र महिला हिंसा विरुद्ध विविध योजना तर्जुमा गऱ्यो। ती आयोजनका प्रतिफल कुन रूपमा प्राप्त हुने हो त्यो भने भावी दिनले बताउनेछ। अघिल्ला वर्षको तुलनामा महिलामथि हुने हिंसाका घटनाहरू यस वर्ष बढी अभिलेख भएका छन्।

संसद्ले घरेलु हिंसा कसुर र सजाए ऐन २०६४ पारित गरेयता समाजमा लुकेर रहेका घरेलु हिंसाका घटनाहरू सतहमा आउने, पीडितलाई न्याय र आरोपितलाई कारबाहीको प्रक्रिया थालनी हुने धेरैले अपेक्षा गरेका थिए।

भनेजति दाइजो नल्याएको, छोरा नपाएको,

तालिका ५ **घरेलु हिंसामा हत्या गरिएका महिला सङ्ख्या तथा कारण**



खानलाउन मागेको आदि आरोपमा महिलामाथि घरेलु हिंसाका घटनाहरू हुने गरेका छन्। यस वर्ष दाइजो नल्याएको आरोपमा १२ जना महिला आफ्नै परिवारबाट मारिए। मादक पदार्थ सेवन गरेर भएको विवादका क्रममा छ जना मारिएका थिए भने अन्य कारणमा ५० जना महिला आफ्नै परिवारबाट मारिनु पऱ्यो। यी ६८ जना पीडितहरूमध्ये ५८ जना आफ्ना पतिको समेत संलग्नतामा मारिएका थिए भने १० जना परिवारका अन्य सदस्यहरूको हिंसाका शिकार भएका थिए।

महिला हिंसाका धेरैजसो घटना लोकलाजका कारण बाहिर नआउने, सतहमा आएका कतिपय पनि प्रहरी तथा गाउँ समाजमै मिलापत्र हुने गरेका छन्। खोटाङकी एक महिलालाई उनका पतिले आगो लगाएर हत्या गर्न खोजेको भन्दै उनीहरूका छोराले जाहेरी दिएका थिए। तर, आधा शरीर जलेर विरुप भएकी पीडितले दुर्घटना भएको भनेर मिलापत्र गर्नपुगिन्। घरेलु हिंसाका धेरै मुद्दाहरू यसरी नै मिलापत्र गराइने गरेको सूचना इन्सेकमा अभिलेख भएको छ।

यस वर्ष कथित बोक्सीको आरोपमा ५८ जना महिला प्रताडित भए। यसबाहेक यसै आरोपमा एक जना महिलाको हत्यासमेत भयो। अन्धविश्वासलगायत अन्य कारणहरूबाट महिलामाथि हुने यस्तो प्रकारको ज्यादतीलाई रोक्न सामाजिक संचेतना वृद्धिका कार्यक्रम र प्रचलित कानुनमा सुधार गर्नुपर्ने आवश्यकता यी घटनाहरूले औंल्याएका छन्।

आर्थिक तथा साँस्कृतिक अधिकार

यस वर्ष प्रकाशमा आएका घटनाहरूको अध्ययन गर्दा देशमा व्याप्त गरिबीका कारण मानिसहरू उचित शिक्षा, स्वास्थ्य, अनि खाना नपाएर मानिसको जीवन कष्टकर बन्दै गएको देखियो। बढ्दो गरीबी, आकासिँदो महँगी अनि सेवाप्रदायक निकायमा पहुँच नहुनाले थुप्रै मानिसमा निराशा छाएको उदाहरण मध्यपश्चिमाञ्चलका केही जिल्लामा देखिए।

यस वर्षको सुरूको तीन महिनाका बीचमा मध्यपश्चिमाञ्चल क्षेत्रमा आर्थिक अभावका कारण सातजनाले आत्महत्या गरे। लामो समयदेखि अस्वस्थ्य एक महिलाले आफूले उपचार पाउन नसकेको भन्दै छोरा छोरीसहित आत्महत्या गरिन् भने दार्चुला जिल्लामा एकजना खान नपाएर मरे।

त्यसैगरी दार्चुला जिल्ला खण्डेश्वरी गाविस-३ थुम्तीका २५ वर्षीय सुमनसिंह ठेकरेको खाना खान नपाएर २०६६ चैत २९ गते राति मृत्यु भयो। दुई महिनादेखि गाँउलेसँग खाद्यान्न मागेर जीवन निर्वाह गरिरहेका सुमनको परिवार तीन दिनदेखि भोकै रहेको खण्डेश्वरीका स्थानीय शिक्षक लक्ष्मणसिंह बोहराले बताए। छ सदस्यीय ठेकरे परिवारसँग पुग्यौंली तीन रोपनी पाखो जमिन मात्र थियो। झण्डै ४० प्रतिशत गरिबीको रेखामुनि रहेका नेपाली जनताले भोग्ने गरेका पीडाको उनीहरू प्रतिनिधि पात्र हुन्।

त्यसैगरी मध्यपश्चिमाञ्चल क्षेत्रको जाजरकोट र सुदूरपश्चिमाञ्चल क्षेत्रको डडेल्धुरा जिल्लामा झाडापखालाका कारण ११ जना भन्दा बढीले ज्यान गुमाए। ती क्षेत्रमा गत वर्ष पनि झाडापखाला महामारीका रूपमा फैलिँदा ४ सयभन्दा बढी व्यक्तिको मृत्यु भएको र हजारौं प्रभावित भएका थिए। गत वर्ष झाडापखालाको प्रभाव देखिएका गाविसहरूमै पुन: प्रकोप फैलिनु र केही हप्तामा सयौंका सङ्ख्या त्यसबाट प्रभावित हुनुले सम्बन्धित सरकारी निकायहरूको नागरिकको स्वास्थ्यप्रति खेलवाड हो भन्नु अनुपयुक्त हुँदैन। ती क्षेत्रमा गत वर्ष झैं यस वर्ष पनि दरबन्दी अनुरूप स्वास्थ्यकर्मीको नियुक्त नहुनु अनि भएका दरबन्दीमा समेत स्वास्थ्यकर्मीहरू नपुग्नु यसको प्रमाण हो।

तालिका ६ **घरेलु हिंसामा हत्याका पीडक पक्ष**



घरजग्गा तथा सम्पति कब्जा

एकीकृत माओवादीको प्रत्यक्ष संलग्नतामा हुने गरेको व्यक्तिको घर जग्गा कब्जा गर्ने कार्यको सिको देशका अन्य विभिन्न समूहले गरेका छन्। नेकपा माओवादी यस मामिलामा निकै अगाडि छ भने तराई र पूर्वी पहाडका विभिन्न समूहहरू पनि जग्गा कब्जा गर्ने गतिविधिमा संलग्न हुँदै आएका छन्। उदाहरणको रूपमा मधेसी मुक्ति टाइगर्स नामक भूमिगत सशस्त्र समूहले विराटनगर उमनपा-११ अशोक चोकस्थित बद्री

कोइरालाको तीन बिघाहा जग्गा ०६६ पुस १९ गते कब्जा गऱ्यो। कब्जा गरिएको जग्गा सुकुमवासीलाई वितरण गर्ने सो समूहले घोषणा गऱ्यो। यसैगरी मञ्चसम्बद्ध लिम्बूवान राज्य परिषद्को भातृ सङ्गठन लिम्बूवान भोलेन्टियर्सले उर्लाबारी गाविस-६ मङ्गलबारेस्थित ममता लिम्बूको तीन तले पक्की घर कब्जा गरेको घोषणा गऱ्यो। भोलेन्टियर्सका जिल्ला संयोजक मिलन नाल्वोको नेतृत्वमा गएको छ जना भोलेन्टियर्स कार्यकर्ताको एक समूहले घर कब्जा गरेको थियो। एकीकृत माओवादीले बाँके बर्दियालगायतका जिल्लामा घरजग्गा कब्जा गरेका विवरणहरू सार्वजनिक भए। विगतमा कब्जा गरिएका सम्पत्ति तथा घरजग्गा फिर्ता गरिएको भनिए पनि पूर्वी पहाड तथा देशका केही जिल्लामा जग्गाधनीले आफ्नो जग्गामा लगाएको अन्नबाली एकीकृत माओवादीका कार्यकताले कब्जामा लिएका घटनाहरू सार्वजनिक भए। यस्ता कार्यहरूले व्यक्तिको सम्पत्ति माथिको हक तथा निर्भयतापूर्वक आफ्नो सम्पति उपभोग गर्न पाउने अधिकारबाट नागरिकहरू वञ्चित भए। एकीकृत माओवादी सरकारको तर्फबाट सो पार्टीका अध्यक्ष तथा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दहालले संसद्मै ६० दिनभित्र घर जग्गा फिर्ता गर्ने प्रतिबद्धता जनाए पनि उनैका कार्यकर्ताले त्यस प्रतिबद्धताको सम्मान गरेनन्।

यस वर्ष सम्पत्ति कब्जाका २७ ओटा घटना इन्सेकमा अभिलेख भए। एकीकृत माओवादीले ४४ जनाको र अन्य समूहहरूले १० जनाको सम्पत्ति कब्जा गरेर उनीहरूलाई आफ्नो सम्पत्तिको उपभोग गर्नबाट वञ्चित गराए। यी घटना कब्जा गरेको घोषणा मात्र नभई सम्पत्तिबाट बेदखल गरिएका घटना हुन्। नेकपा माओवादी, सङ्घीय लिम्बूवान परिषद्, एकीकृत माओवादी र उसका भातृसङ्ठन यस्ता कार्यमा प्रवृत्त रहेका पाइयो।

सक्रिय न्यायपालिका

मानवअधिकार संरक्षणतर्फ र कानुन एवम् व्यवस्था सुधारतर्फ सर्वोच्च अदालतबाट सन् २०१० मा केही महत्वपूर्ण सुधारहरू भए। १४ महिनाअघि जिल्ला प्रहरी कार्यालय अछामकी महिला प्रहरी सुन्तली धामीलाई सामूहिक बलात्कार गर्ने सबै प्रहरीलाई मुद्दा चलाउने परमादेश जारी गरी सर्वोच्च अदालतले न्याय दिन ढिला हुन सक्छ तर न्यायबाट कसैलाई वञ्चित गरिँदैन भन्ने प्रमाणित गऱ्यो। सर्वोच्च अदालतले संविधानप्रदत्त विशेषाधिकारको प्रयोग गर्दै सरकारका तर्फबाट मुद्दा चलाउने/ नचलाउने अन्तिम निर्णय महान्यायाधिवक्ताको हुने कानुनी प्रावधानविरूद्ध अभियुक्तलाई मुद्दा चलाउन आदेश दियो। नेपालको न्यायिक इतिहासमै पहिलोपल्ट सर्वोच्च अदालतका न्यायाधीशलाई महाअभियोग लगाउने सिफारिस पनि यसै वर्ष भयो।

नेपाल महेन्द्र संस्कृत विश्वविद्यालयविरूद्ध परेको रिट निवेदनको अन्तिम सुनुवाइ सर्वोच्चले २५ दिनमा नै गरेर अदालती प्रक्रया छिटो छरितो ढङ्गले सम्पन्न गरी सक्रियता प्रदर्शन गऱ्यो। डीएनए परीक्षणका सम्बन्धमा सर्वोच्च अदालतबाट भएका दुईओटा निर्णयले कानुन वा विज्ञान कुन मान्य हुने भन्ने सम्बन्धमा नेपालको न्यायिक प्रणालीमा नयाँ विवाद उत्पन्न गरायो। यस वर्ष सर्वोच्च अदालतले जारी गरेका दुईओटा फैसलामा एउटाले डीएनए परीक्षणको प्रामाणिक मान्यतालाई अस्वीकार गऱ्यो भने अर्को फैसलाले राम्रोसँग जाँच गरिएको खण्डमा डीएनए परीक्षणलाई प्रमाणको रूपमा लिन सकिने फैसला गऱ्यो।

सन् २०१० मा पनि कतिपय मुद्दाहरूमा सरकारले सहयोग नगरेको, जङ्गी अड्डाले अदालती ताकेतापृति बेवास्ता गरेको पाइयो। सेनापतिको पुन:बहाली सम्बन्धमा राष्ट्रपतिको अधिकारक्षेत्र, पूर्वप्रधानसेनापति रूक्माङ्गत कटुवालको उमेर विवाद, सर्वोच्चमै अघिल्लो वर्षदेखि फैसला नभई बसेका भ्रष्टाचारसम्बन्धी दर्जनौं

तालिका ७

सन् २०१० मा बलात्कार पछि हत्या उमेरका आधारमा सङ्ख्या



मुद्दालगायत गम्भीर राष्ट्रिय महत्वका विषयले प्राथमिकता पाए।

यस वर्ष अदालतमा एकल महिलासँग विवाह गर्नेलाई प्रोत्साहन गर्न सरकारले आर्थिक वर्ष ०६६/०६७ को बजेटमा गरेको व्यवस्था, सबै एकल महिलालाई समान भत्ता दिने सम्बन्धमा, महिला हिंसासम्बन्धी उजुरी निर्देशिका तर्जुमा गर्ने सम्बन्धमा मुद्दा दर्ता भए। राष्ट्रिय मानवअधिकार आयोग नियमावली,गैरन्यायिक हत्या,बेपत्तालगायत सार्वजनिक सरोकारका साथै मानवअधिकार विषयमा सर्वोच्च अदालतमा निवेदनहरू दायर भए।सेनासँग सम्बन्धित बढुवा र नियुक्ति, मतदाता परिचयपत्र, प्रधानमन्त्री निर्वाचनका सम्बन्धमा परेका निवेदनहरू जनचासोका विषय बने।

व्यवस्थापिका

समग्रमा वर्ष सन् २०१० मा व्यवस्थापिका संसद्का गतिविधि सन्तोषजनक रहेनन्। पार्टीहरूका आन्तरिक झगडाले संसद् कमजोर बनाउन बल पुऱ्यायो। संसद्मा रहेका दलहरू टुक्रिएर नयाँ दल थपिँदा संसद् सचिवालयलाई सेवा सुविधा पुऱ्याउन मुश्किल भएका समाचारहरू बाहिर आए। शान्तिप्रक्रियाले प्राथमिकता पाएन। विस्तृत शान्ति सम्झौतामा उल्लेख भएबमोजिमका सङ्क्रमणकालीन न्याय र शान्ति प्रक्रियाका लागि अतिआवश्यकीय संयन्त्रहरू राज्य पुर्नसंरचना आयोग, बेपत्ता छानबिन आयोग, सत्य निरूपण तथा मेलमिलाप आयोग यस वर्ष पनि गठन हुन सकेनन्। सेना समायोजन, हतियार व्यवस्थापन, कब्जा गरिएका सम्पत्ति फिर्ता, बेपत्ता नागरिकको यथार्थ सार्वजनिक, द्वन्द्वपीडितलाई न्याय र परिपूरण, मापदण्ड नपुगेर शिविरबाट बर्हिगमित एकीकृत माओवादी लडाकुको व्यवस्थापन लगायतका विषयहरूको टुङ्गो यस वर्षको अन्त्यसम्म पनि लागेन। तीन वर्षअघि नै अन्तरिम व्यवस्थापिकाले रोम विधान अनुमोदनका लागि दिएको निर्देशन कार्यान्वयन भएन। संसद्मा दर्ता भएका सत्य निरूपण तथा मेलमिलाम र बेपत्ता छानबिन आयोग विधेयक वर्षको अन्त्यसम्म नै संसद्को विधायन समितिमा विचाराधीन रहे।

व्यवस्थापिका संसद् सबैखाले असहमति र समस्याहरूको हल गर्ने साझा थलो हो। कुनै पनि बहनामा जनआस्थाको सर्वोच्च थलोलाई कुनै दल वा व्यक्तिको कुण्ठा/दम्भको चलखेलगर्ने ठाउँ बनाइनु हुँदैन। विगतमा भएका कमजोरीहरूलाई सच्याउँदै र सिक्दै संसद्को गरिमा कायम राखिनु पर्दछ। सङ्क्रमणकालको समाप्ती नयाँ संविधान निर्माणले मात्र गर्ने भएकाले दलहरूले सत्ता राजनीतिको हानाथाप त्यागेर लोकतन्त्र र मानवअधिकारका सर्वमान्य मान्यताहरूलाई आत्मासात गर्दै सहमतिको यात्रालाई अगाडि बढाउने सकेमात्र जनमतको उचित सम्मान हुनेछ। यता थपिएको समयभित्र पनि संविधान जारी हुन नसके उत्पन्न हुने संवैधानिक सङ्कटलाई दृष्टिगत गर्दै समयसीमा भित्र संविधान निर्माणलाई संसद्को केन्द्रविन्दु बनाउनु पर्दछ। सहमतिका नाममा विधिको मानमर्दन र प्रक्रियालाई निलम्बित गर्ने गलत अभ्यास अबका दिनमा गरिनुहुन्न। त्यसका लागि अहिलेबाट नै सबै दलहरू लोकतन्त्रका मान्यताहरूप्रति साझा धारणा बनाएर अगाडि बढ्न जरूरी छ।

तालिका ८

तराईका २० जिल्लामा अपहरित सङ्ख्या

जिल्ला	जम्मा
झापा	१
मोरङ	३
सुनसरी	१
सप्तरी	३१
सिराहा	१७
धनुषा	८
महोत्तरी	८
सर्लाही	१०
रौतहट	७
बारा	३
पर्सा	१
चितवन	४
नवलपरासी	१
रुपन्देही	४
कपिलवस्तु	३
दाङ	१
बाँके	१७
बर्दिया	१
कैलाली	४
कञ्चनपुर	१
जम्मा	**११५**

मानवअधिकार रक्षकका सवाल

संयुक्त राष्ट्रसङ्घले पारित गरेको मानवअधिकार रक्षकहरूको अधिकारसम्बन्धी घोषणापत्रमा परिभाषित व्यक्ति र समूहहरूमध्ये अग्रस्थानमा रहेर काम गर्ने मानवअधिकार रक्षकहरूमध्ये खासगरी मानवअधिकारकर्मी, पत्रकार, शिक्षक, कानुनव्यवसायी, स्वास्थकर्मीहरूको अधिकार उल्लङ्घन भएको छ। मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८, मानवअधिकार रक्षकहरूको सम्मेलनले पारित गरेको पेरिस घोषणा १९९८, संयुक्त राष्ट्रसङ्घले जारी गरेको मानवअधिकार रक्षकको अधिकारसम्बन्धी घोषणपत्रमा

उल्लेखित अधिकारहरू, नेपालको अन्तरिम संविधान, २०६३, बृहत शान्ति सम्झौतामा उल्लेखित मानवअधिकार रक्षकका अधिकारहरू यस अवधिमा व्यापक हनन् भयो। खासगरी बाँच्न पाउने अधिकार, आत्मसम्मानपूर्ण जीवनयापन गर्न पाउने अधिकार, वाक स्वतन्त्रता, अभिव्यक्तिको अधिकार, स्वतन्त्ररूपले हिँडडुल गर्न पाउने अधिकार हनन् भएको थियो। त्यसैगरी यस अवधिमा मानवअधिकार रक्षकहरूको हत्या, अपहरण, कुटपिट, ज्यान मार्ने धम्की, सम्पत्ति कब्जा, विस्थापित पार्ने जस्ता कार्यहरू व्यापकरूपमा भएको पाइयो।

नेपालमा मानवअधिकार रक्षकहरूको संरक्षणका लागि राज्यद्वारा कुनै छुट्टै कानुनी वा संस्थागत संयन्त्रको निर्माण नभएका कारण मानवअधिकारसम्बन्धी अर्न्तराष्ट्रिय कानुन तथा घोषणाहरू प्रभावकारी हुन सकेका छैनन्। मानवअधिकार रक्षकसम्बन्धी अनुगमन गर्न संयुक्त राष्ट्रसङ्घीय विशेष प्रतिनिधिले नेपाल भ्रमण गर्नका लागि पटकपटक गरेको औपचारिक आग्रहलाई सरकारले बेवास्ता गर्दै आएको छ।

बेपत्ता नागरिकको अवस्थाप्रति राज्य उदासीन

नेपालमा राज्य संयन्त्रद्वारा बलपूर्वक बेपत्ता पारिने कार्यको शुरूआत २००८ सालदेखि भएको पाइन्छ। २००७ सालमा सम्पन्न दिल्ली सम्झौताको विरोधमा सक्रिय रहेका बेला बेपत्ता पारिएका रामप्रसाद राईको अवस्थाबारे हालसम्म केही पत्ता लाग्न सकेको छैन। त्यसैगरी हनुमाननगर, सप्तरीका सुकदेव सिंहलाई २०१३ सालमा सप्तरीकै इनरूवाबाट गिरफ्तार गरी बेपत्ता पारिएकोमा उनको बारेमा यथार्थ अझै पत्ता लाग्न सकेन। पञ्चायतकालमा व्यवस्था विरोधीलाई कमजोर बनाउने उद्देश्यका साथ बलपूर्वक बेपत्ता पार्ने कार्य व्यवस्थित तवरले आरम्भ गरिएको थियो भने ०४६ सालमा प्रजातन्त्र पुनस्थापना भएपछि पनि यो क्रम भङ्ग भएन।

नेकपा माओवादीले "जनयुद्ध" आरम्भ गरेपछि बेपत्ता गर्ने कार्य दिनानुदिन फैलँदै गएको त थियो नै, झन् ०५८ मङ्सिर ११ गते देशमा सङ्कटकालीन अवस्थाको घोषणाको साथसाथै लागू भएको आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेशले बलपूर्वक बेपत्ता बनाउने काममा मलजल थप्यो। अर्कोतिर, तत्कालीन नेकपा माओवादीले मानिसहरूको अपहरणलाई युद्ध रणनीतिको रूपमा उपयोग गरेकाले सो समयमा अपहरितमध्ये कैयौंको अवस्था अज्ञात छ।

नेपालमा विद्यमान दण्डहीनताले ज्यादै ठूलो सङ्ख्यामा मानिसहरूलाई पीडा दिने कारणमध्ये एक बलपूर्वक बेपत्ता पार्ने कार्य र यससम्बन्धमा पीडित परिवारका अनुत्तरित प्रश्न हुन्। नेपालमा बेपत्ता पार्ने कार्य रोक्न र त्यस्ता कार्य गरेबापत सजाय गर्न कुनै विशिष्ट प्रकारको कानुनी प्रावधान छैन। अन्तर्राष्ट्रिय कानुनले बलपूर्वक बेपत्ता पार्ने कार्यबाट व्यक्तिहरूलाई संरक्षण प्रदान गरेको छ। विगतको सशस्त्र द्वन्द्वका क्रममा मानिसलाई बलपूर्वक बेपत्ता पार्ने कार्य व्यापक र व्यवस्थित ढङ्गबाट भयो। सशस्त्र द्वन्द्वको विधिवत अन्त्यका लागि गरिएको बृहत् शान्ति सम्झौता भएको चार वर्ष बितिसक्दा पनि सशस्त्र द्वन्द्वको अवधिमा बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको न अवस्था सार्वजनिक हुन सकेको छ, न त दोषीहरू पत्ता लगाउने विधिवत संयन्त्रको गठन नै हुन सक्यो। बेपत्ता सम्बन्धी आयोग गठन गर्न तर्जुमा गरेको विधेयक यस वर्ष पनि संसद्बाट पारित भएन।

बलात्कारका घटना र उन्मुक्ति

नेपालमा विद्यमान महिला विरूद्ध हुने विभिन्न किसिमका हिंसामध्ये बलात्कार एक गम्भीर हिंसा हो जसले एउटा व्यक्तिको अधिकार हनन् गरी पीडितको स्वास्थ्य, सम्मान, सुरक्षा र शारीरिक पूर्णतालाई नै दाउमा पारेको हुन्छ, 'जुन लैङ्गिक तरिकाबाट वा लैङ्गिकतालाई इङ्गित गरी शारीरिक वा मानसिक हिंसाको निमित्त गरिएको हुन्छ' भनी परिभाषित छ।

इन्सेकको अभिलेख अनुसार सन् २०१० मा १८ वर्षभन्दा मुनिका १ सय ८६ जना बालिकाहरू बलात्कृत भए भने नौ जना बालिकाको बलात्कारपश्चात् हत्या भएको थियो। त्यसै अनुरूप १८ वर्ष भन्दा माथिका १ सय ३ जना महिलाहरू बलात्कार, १६ जना महिलाहरू बलात्कारको प्रयासबाट पीडित भएको पाइएको छ। त्यसबाहेक ३० जना महिलाहरू अन्य यौनजन्य हिंसाबाट पीडित भएका थिए।

नेपालको अन्तरिम संविधान, ०६३ ले हरेक नागरिकको न्याय पाउने हक, निष्पक्ष पुर्पक्ष र कानुन

तालिका ९

सङ्ख्याको आधारमा घरेलु हिंसा सबैभन्दा बढी भएका पाँच जिल्ला

जिल्ला	जम्मा
सुर्खेत	८३
धनुषा	३६
सिन्धुली	३०
सल्यान	१०
स्याङ्जा	८
जम्मा	१५८

व्यवसायीद्वारा प्रतिनिधित्व हुन पाउने अधिकार सुनिश्चित गरेको छ। यद्यपि नेपालको फौजदारी न्याय प्रणालीमा जकडिएर रहेका कमीकमजोरीका कारण लैङ्गिक हिंसाका पीडितहरूले न्याय पाउन सहज छैन। त्यसो त त्यस्ता घृणित कार्यहरूमा संलग्न पीडकहरू पनि उम्कने गरेको अवस्था रहेको छ। किनभने यस्ता घटनाका पीडक धेरैजसो पीडितभन्दा पहुँचवाला, शक्तिसम्पन्न हुने गर्दछन्। प्रहरी प्रतिवेदनको अभावमा चिकित्सकले जाँच गर्न इन्कार गर्ने, चिकित्सकको प्रतिवेदनको अभावमा प्रहरीले प्रारम्भिक सूचना प्रतिवेदन दर्ता गर्न इन्कार गर्ने, पीडित र पीडित परिवारलाई उजुरी फिर्ता लिन दबाब तथा उजुरी गरेबापत डर र धम्की दिने, विभिन्न राजनीतिक पार्टीहरूले मुद्दा दर्ता नगर्न प्रहरीहरूलाई दबाब दिनेलगायतका कारणले गर्दा लैङ्गिक हिंसाका पीडितहरूले गम्भीर समस्या भोग्नु परेको छ। एक त लैङ्गिक हिंसाका कारणले गर्दा पीडित, त्यसमाथि पनि फौजदारी न्यायप्रणालीको कमजोरीले गर्दा उनीहरूलाई झनै पीडित बनाउने कार्य गरिरहेको छ। अदालतका कर्मचारी, प्रहरी र सरकारी वकिल मिलेर अभियुक्तले सफाइ पाउने वा उसलाई थोरै सजाय हुने वातावरण बनाएका थुप्रै उदाहरण पाइन्छन्। "एक कानुन व्यवसायीले दिएको एक दृष्टान्त अनुसार, ०६४ चैत ४ मा बाल विकास प्राविका एक शिक्षकले जबरजस्ती करणीको उद्योग गरेको उनका चार छात्राले ३ वैशाख ०६५ मा वानेश्वर प्रहरी वृत्तमा जाहेरी दिएका थिए। तर सरकारी वकिलले त्यस जाहेरीलाई आशय करणी बनाएर अदालतमा अभियोगपत्र दाखिल गरे।"

आफूमाथि हुने हिंसाको उजुरी गर्ने पीडितहरू झनै पीडित भइरहेका हुन्छन्। प्रथमत: उनीहरू पीडकबाट शारीरिक रूपमा बलात्कृत हुन्छन्, दोस्रो, प्रहरीमा उजुरी र अदालती कारवाही उनीहरूका लागि आफूमाथि भएको अपराधसरह नै पीडादायी हुन सक्छ। उनीहरूलाई पीडित भनी व्यवहार गरिनुको सट्टा प्रहरी तथा कानुन कार्यावयन गर्ने अङ्गहरूले उल्टै दोषी जस्तो व्यवहार गरिरहेका हुन्छन्। समाजबाट तेस्रोपटक पीडितहरू तिरष्कृत भई पुन: पीडित हुन बाध्य हुन्छन्। कतिपय घटनाहरू परिवारको इज्जत र प्रतिष्ठाको कारणले प्रकाशमा आउँदैनन्। 'गोप्य अपराध' भएकै कारणबाट कम मात्रामा मात्र यस्ता अपराधहरू सार्वजनिक हुने गर्छन्। कतिपय घटनाहरू औपचारिक न्याय संयन्त्रको प्रयोग नगरी समुदायस्तरमा

तालिका १० **तराईका २० जिल्लामा भएका हत्याका सङ्ख्या**



पीडकबाट क्षतिपूर्ति दिने आश्वासनमा नै सुल्झाउने प्रयास गरिन्छ। मोरङकी एक जना १५ वर्षीया बालिकालाई ०६७ साउन २३ गते राति उनकै घरमा सुतिरहेको बेला मुख थुनेर भारतका एक १८ वर्षीय व्यक्तिले बलात्कार गरेका थिए। यो घटनाबारे इलाका प्रहरी कार्यालयमा पीडितका आफन्त र पीडकहरूबीच ०६७ साउन २६ गते मिलापत्र भएको थियो। स्याङ्जाकी १० वर्षीया र ८ वर्षीया बालिकाहरूलाई ०६६ पुस २३ गते बिहान ५ बजे काकाको घरमै बलात्कार गरेका सोही ठाउँका १७ वर्षीय पीडक संलग्न घटना गाउँमै मिलाइएको थियो। यसरी गाउँमै घटना नमिलाई सार्वजनिक गरेको आरोपमा पीडित परिवारलाई सामाजिक बहिष्कार तथा कुटपिट गर्ने धम्कीसमेत दिने गरेको सत्य प्रकाशमा आइरहेका छन्। कैलालीकी ११ वर्षीया बालिकालाई ०६६ माघ २४ गते सोही ठाउँका पीडकका आफन्तहरूले पीडितको परिवारलाई प्रहरीमा घटना उजुर नगर्न धम्की दिएका थिए। त्यसैगरी प्रहरीले जाहेरी दर्ता गर्नसमेत इन्कार गरेको अवस्थाहरू पनि रहेको छ। सामूहिक बलात्कारबाट पीडित नवलपरासीकी बोल्न र सुन्नसमेत नसक्ने २२ वर्षीया महिलाका आफन्तले जाहेरी दिएको भए तापनि प्रमाणहरू नजुटेको भन्दै प्रहरीले जाहेरी दर्ता गरेन। इन्सेक प्रतिनिधिलगायतका मानवअधिकारकर्मीहरूको सहयोगमा एक हप्तापछि मात्रै जाहेरी दर्ता गरिएको थियो। *(विस्तृत विवरणका लागि हेर्नुहोस् महिला विरुद्धको हिंसा: बलात्कारसम्बन्धी एक अध्ययन परिच्छेद ७)*

विस्फोटक पदार्थको खतरा

चार वर्षअघि (नोभेम्बर २१, २००६) नेपाल सरकार र तत्कालीन नेकपा माओवादी (हाल एकीकृत नेकपा माओवादी) बीच सम्पन्न शान्ति सम्झौताको बुँदा ५.१.४ मा दुवै पक्षले युद्धको समयमा प्रयोग गरेका धराप तथा बारूदी सुरूङहरूको रेखाङ्कन र भण्डारणबारे ३० दिनभित्र जानकारी दिने र ६० दिनभित्र निष्कृय र निर्मूल गर्न एकअर्कालाई सहयोग गर्ने प्रतिबद्धता जनाएका थिए। अञ्जानमा हुने विस्फोटनको समस्यालाई न्यूनीकरण गर्दै युद्धावशेषबाट कुनै प्रकारको क्षति नहोस् भन्ने उद्देश्यका साथ सहमतिमा यस विषयलाई महत्व दिइएको थियो।

बृहत शान्ति सम्झौतामा यस विषयलाई जुन महत्व दिइएको थियो, त्यसैस्तरमा परिपालना नगरिएका कारण धनजनको क्षतिबाहेक नयाँ नयाँ समस्या उत्पन्न भइरहेका छन्। साना तथा घातक हातहतियारको बहुलप्रयोग थप समस्याको रूपमा देखा पर्न थालेको छ। यस्ता पदार्थको प्रयोगबाट हुनसक्ने मानवीय, आर्थिक, मनोवैज्ञानिक, वातावरणीय क्षति र समस्याबारे सरोकारवालाहरूको समुचित ध्यान अझै पुग्न सकेको छैन। साथै, शान्तिप्रक्रिया र सङ्क्रमणकालीन व्यवस्थापनमा यसले पार्ने नकारात्मक असरको बारेमा सामूहिक दृष्टिकोण निर्माण हुन नसक्नु चिन्ताको अर्को विषय हो।

सशस्त्र द्वन्द्वको विधिवत अन्त्य भएको तीन वर्ष बितिसकेको अवस्थामा यो भयावह सङ्केत हो। यद्यपि अञ्जानमा हुने विस्फोटनका घटनामा केही कमी आएको छ। यो समस्यालाई निराकरण गर्ने प्रमुख दायित्व भनेको राज्यको नै हो। राज्य विस्फोटक पर्दाथसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (परम्परागत हतियारसम्बन्धी र ओटावा सन्धि) अनुमोदन गर्ने सवालमा गम्भीर हुनु पर्छ। यसका अतिरिक्त माइन जोखिमसम्बन्धी शिक्षालाई अझ व्यापक रूपमा प्रचारप्रसार गर्न सरकारको सक्रियता आजको टडकारो आवश्यकता हो।

एक दशक लामो युद्धको अवशेषको रूपमा रहेका तत्कालीन अवस्थामा बिच्छ्याइएका बारूदे सुरूङलाई हटाउने कार्यमा केही प्रगति भए तापनि बेवारिसे अवस्थामा फालिएका विस्फोटक पदार्थ तथा तराई मधेशमा बग्रेल्ती गठन भएका सशस्त्र समूहहरू र अवैध रूपमा प्रयोग गरिने हातहतियार तथा विस्फोटक पदार्थको प्रयोगले केवल सुरक्षित वातावरणलाई मात्रै असर नगरी सङ्क्रमणकालीन अवस्थामा रहेको शान्ति प्रक्रियालाई समेत चुनौती दिएको छ।

सन् २०१० मा मानवअधिकार उल्लङ्घनका प्रवृति

यस वर्ष राज्यपक्षबाट ६ सय ३० जना मानिसहरूको मानवअधिकार हनन् भयो भने ६ सय ७२ जना एकीकृत माओवादीका ज्यादतीबाट पीडित भए। अन्य र अज्ञातबाट पीडित हुनेहरूको सङ्ख्या ३ हजार ८० रहेको छ जसमा १ हजार २ सय ५७ महिलाहरू रहेका छन्।

बालबालिकाहरूमाथि भइरहेको ज्यादती यस वर्ष पनि प्रकाशमा आए। यस वर्ष बलात्कारजस्ता मानवताविरोधी अपराधमा बृद्धि भयो। फिरौती र अन्य पारिवरिक रिसइवीका कारण बालबालिका प्रताडित हुने क्रम यथावत पाइयो। यस वर्ष ३३ बालक र ८ बालिका गरी ४१ जनाको अपहरण भयो। अपहरणका अधिकाँश घटना खासगरी तराईमा, फिरौतीका लागि गरिएको

पाइन्छ। असुरक्षाका कारण पीडितपक्ष आर्थिक पाटो खुलस्त गर्न इच्छुक रहेनन्। यस्तै घटनामा बाँके जिल्लाको नेपालगञ्जमा दुई जना बालकहरूको हत्या भएको थियो *(हेर्नुहोस् जिल्लागत विवरण बाँके)।*

मुलुकमा भइरहेका हिंसात्मक गतिविधिमा राज्यपक्षभन्दा गैरराज्य पक्ष अग्रणी रह्यो। राज्य पक्षबाट यस वर्ष तीन जना महिलासहित ३२ जना र गैरराज्य पक्षबाट ४ सय २७ जनाको हत्या भयो। हत्याजस्तो जघन्य अपराधमा राजनीतिक दलहरूको संलग्नता यस वर्ष पनि देखियो। एकीकृत माओवादीले चार जनाको हत्या गऱ्यो भने उसको भातृसङ्गठन वाईसीएल पनि एक जनाको हत्यामा संलग्न रहेको थियो। एमालेको भातृ सङ्गठन युथफोर्स र सङ्घीय लिम्बूवान फोर्सबाट एक एक जनाको हत्या भयो भने २९ जनाको हत्या तराईका सशस्त्र समूहले गरे।

राजनीतिक दलहरू र उनीहरूका भातृसङ्गठनहरूको अन्य आपराधिक क्रियाकलापमा पनि संलग्नता रहेको थियो। अपहरण, कुटपिट, धम्की चन्दा असुली जस्ता कार्य गरे पनि उनीहरू कानुनी कारबाहीको परिधिबाट बाहिरै रहे। राजनीतिक दलहरूको भूमिका दोषीहरूलाई कानुनको दायरमा ल्याउनुको साटो बचाव गर्नमै केन्द्रित रहेको पाइयो।

गत वर्ष झैं यस वर्ष पनि तराईका जिल्लामा मुठभेडका नाममा गैरन्यायिक हत्या भएको घटनाहरू अभिलेखित भयो। उदाहरणका लागि सिरहा जिल्ला राघोपुर गाविस-९ निवासी अखिल तराई मुक्ति मोर्चाका कार्यकर्ता ३० वर्षीय नवलकुमार यादवको ०६६ माघ २२ गते र जनकपुर नपा-६ का २० वर्षीय अवधेशकुमार मण्डल ०६७ जेठ ३० गते प्रहरीसँग भिडन्त हुँदा मारिएको भनिए तापनि उनीहरूलाई नियन्त्रणमा लिएपश्चात् गोली प्रहार गरेको स्थानीय बासिन्दाले बताए। तराईमा बढ्दो आपराधिक गतिविधि नियन्त्रण गर्ने नाममा सरकारले गैरन्यायिक हत्याप्रति आँखा चिम्लिएको भान हुन्छ। दोषी प्रहरी अधिकारीमाथि कारबाहीको त के यस्ता घटनाहरूको पर्याप्त छानबिन समेत भएन। *(हेर्नुहोस् परिच्छेद कार्यपालिका)*

सन् २०१० मा नागरिक तथा राजनीतिक अधिकारका क्षेत्रमा राज्यपक्षबाट उल्लङ्घन भएका घटनाहरू कम भए पनि सुधार गर्नु पर्ने प्रशस्त ठाउँहरू छन्। गैरराज्यपक्षबाट भइरहेका मानवअधिकार ज्यादतीका प्रमुख कारण विधिको शासन प्रत्याभूत हुन नसक्नाले हो। विधिको शासन स्थापित गर्ने दायित्व राज्यको हो। जुनसुकै पक्षबाट भएका ज्यादतीको जवाफदेही अन्ततः राज्य नै हो भन्ने महसुस गरी राज्यपक्षले निम्नलिखित विषयमा ध्यान दिनु आवश्यक छ।

- दण्डीनताको अन्त्य गर्नका लागि विगतमा भएका गम्भीर मानवअधिकारका उल्लङ्घनका दोषीउपर कानुनी कारबाही आरम्भ गर्न।
- सङ्क्रमणकालीन न्यायका लागि आवश्यक संयन्त्र बेपत्तासम्बन्धी आयोग, सत्य निरुपण तथा मेलमिलाप आयोग यथाशीघ्र गठन गर्न।
- महिला तथा बालबालिकाको अधिकारसँग सम्बन्धित विधेयकहरू पारित गर्ने।
- अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानमा हस्ताक्षर गर्न।
- खाद्यान्न सङ्कटग्रस्त जिल्लाहरूका लागि खाद्यान्न ढुवानीका बजेट हिँउद महिनामा नै निकासा दिएर बर्षात आरम्भ हुनु अघि खाद्यान्न भण्डारण गर्न।
- अन्तर्राष्ट्रिय मानवअधिकार कानुन विपरीत रहेका घरेलु कानुन निरस्त गरी तदनुरूपका कानुनहरू परिमार्जन गर्न।

विजयराज गौतम
कार्यकारी निर्देशक

परिच्छेद

२

यस वर्षको उल्लेख्य

अन्तरद्वन्द्वमा शान्ति प्रक्रिया

घटनाक्रम

(०६६ पुस १७ देखि ०६७ पुस १६)

२०६६ पुस १७

सेनाको लोकतान्त्रिकरणका सम्बन्धमा रक्षा मन्त्री विद्या भण्डारीद्वारा रक्षा मन्त्रालयमा औपचारिक छलफल।

पुस १८

जनआन्दोलन ०६२-६३ का घाइते विष्णुलाल महर्जनको निधन।

काङ्ग्रेस संसदीय दलद्वारा माओवादीले कब्जा गरेको सम्पत्ति फिर्ता गरी कानुनी कारबाही गर्न सरकारसँग माग।

पुस १९

नेपाली सेनाका बलाधिकृत रथीमा तोरणजङ्गबहादुर सिंहलाई बढुवा गर्ने निर्णय कार्यान्वयन नगर्न सर्वोच्चद्वारा सरकारका नाममा आदेश।

पुस २२

प्रधानमन्त्री माधवकुमार नेपालद्वारा माओवादी लडाकुको समायोजन र पुर्नस्थापना १ सय १२ दिनभित्र सक्ने गरी माओवादी लडाकु रेखदेख, समायोजन र पुन:स्थापनासम्बन्धी विशेष समितिमा कार्ययोजना पेश।

पुस २२

अधिकारकर्मीको दबाबमा नेपाली सेनाका सेनानी निरञ्जन बस्नेतलाई हतारमा फिर्ता गर्नुपरेको राष्ट्रसङ्घको भनाइसहितको समाचार प्रकाशन।

पुस २३

सिन्धुलीको दुधौलीस्थित माओवादी शिविरबाट अयोग्य लडाकु बिदाइ प्रक्रिया सुरू।

पुस ३०

नेपालको शान्ति प्रक्रिया भङ्ग हुने अवस्थामा पुगेको राष्ट्रसङ्घीय महासचिव मुनको सुरक्षा परिषद्मा प्रतिवेदन।

माघ ३

चितवनस्थित माओवादी लडाकुको तेस्रो डिभिजनबाट २ सय ५८ अयोग्य लडाकुको बिदाइ।

माघ ५

माओवादी लडाकु समायोजन विशेष समितिको निर्णय अन्तिम नहुने रक्षामन्त्री विद्यादेवी भण्डारीको भनाइ।

आतङ्कारीको सूचिबाट आफूलाई हटाउन माओवादीद्वारा अमेरिकालाई अनुरोध।

माघ ७

नवलपरासी झयालटुङडाँडास्थित चौथौ डिभिजनबाट ६ सय २२ जना अयोग्य लडाकुको बिदाइ।

माघ १०

माओवादी लडाकु समायोजन विशेष समितिमा ५ हजार लडाकु समायोजन गर्ने प्रधानमन्त्री माधवकुमार नेपालको प्रस्ताव।

माघ ११

माओवादी लडाकुको पहिलो डिभिजन इलामबाट अयोग्य लडाकुको बिदाइ।

माघ १६

कैलालीस्थित माओवादी सेनाको सातौँ डिभिजनमा रहेका १ सय ३४ जना अयोग्य लडाकुद्वारा बिदाइ कार्यक्रम बहिष्कार।

माघ १७

माओवादी लडाकुको रेखदेख, पुनर्स्थापना विशेष समितिद्वारा लडाकुको चेन अफ कमाण्ड पारित।

माघ २१

संविधान निर्माणपछि सेना समायोजन गर्ने माओवादी स्थायी समितिको निर्णय।

माघ २४

सञ्चार उद्यमी जमिम शाहको काठमाडौँको लाजिम्पाटमा गोली हानी हत्या।

माघ २५

सुरक्षा परिषद्का सदस्य राष्ट्रद्वारा अयोग्य लडाकु बहिर्गमनको स्वागत।

रोल्पाको दहबनबाट माओवादी अयोग्य लडाकुको बिदाइ।

माघ २६

शिविरबाट बिदा भएका अयोग्यलाई पार्टीको सम्पर्कमा राख्न एकीकृत माओवादीद्वारा स्थानीय कमिटीलाई निर्देशन।

फागुन १०

असुरक्षा र गैरन्यायिक हत्या बढेकोमा मानव

अधिकार आयोगद्वारा गृहसचिव र प्रहरी प्रमुखलाई कार्यालयमा बोलाई सचेत।

फागुन १२

माओवादी लडाकु शिविर खाली गरी नागरिक पार्टीमा रूपान्तरित हुनुपर्ने सर्तसहित एमालेद्वारा राजनीतिक निकासका लागि सबै विकल्प खुला गर्ने निर्णय।

फागुन १३

माओवादी लडाकुको तथ्याङ्क दिन नमिल्ने अनमिनको भनाइ।

फागुन १६

जनकपुरका सञ्चार उद्यमी तथा व्यवसायी अरूण सिंहानियाको गोली हानी हत्या।

प्रधानमन्त्री नेपालद्वारा सरोकारवाला मन्त्री, संयुक्त अनुगमन र प्राविधिक समितिका सदस्य तथा तीनै सुरक्षा निकायका प्रमुखसँग छलफल, तीन हजारसम्म लडाकु समायोजन गर्न सकिने निष्कर्ष।

फागुन १९

माओवादी लडाकुको तथ्याङ्क दिन नमिल्ने अनमिनको भनाइप्रति शान्ति मन्त्रालयको आपत्ति।

फागुन २०

माओवादी लडाकु कुनै पनि हालतमा नेपाली सेनामा समायोजन नहुने रक्षा मन्त्री विद्यादेवी भण्डारीको भनाइ।

फागुन २३

तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र माओवादी अध्यक्षबीच १५ हजार लडाकु समायोजन गर्ने सहमति भएको माओवादीको दावी।

माओवादी लडाकुबारे विवरण दिन सरकारद्वारा अनमिनलाई तेस्रो पटक लिखित ताकेता।

फागुन २५

ओएचसिआरको म्याद छ महिना थप्नको लागि परराष्ट्र मन्त्रालयको प्रस्ताव मन्त्रीपरिषद्मा।

संविधानसभा निर्माण कार्यतालिका दशौंपटक संशोधन।

फागुन २६

शान्ति प्रक्रिया गम्भीर अवस्थामा रहेको नेपाल भ्रमणमा रहेका राष्ट्रसङ्घीय उपमहासचिव बी लेन पास्कोको भनाइ।

फागुन २७

सेनाले गोली चलाउँदा बर्दिया राष्ट्रिय निकुञ्जको बाँसपानीमा तीनजनाको मृत्यु।

माओवादीद्वारा नेपालगञ्जमा ६५ बिगाहा जमिन कब्जाको घोषणा।

चैत ४

माओवादी लडाकुको रेखदेख र व्यवस्थापनका लागि शान्तिमन्त्रीको संयोजकत्वमा भौतिक योजना तथा निर्माण, अर्थ, स्वास्थ्य र ऊर्जामन्त्री रहेको समिति गठन।

चैत ७

नेपाली काङ्ग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाको निधन।

चैत १९

सेनाद्वारा भर्ना प्रक्रिया सुरू गरिएको रक्षामन्त्रीद्वारा जानकारी।

राजनीतिमा जान चाहने प्रत्येक लडाकुलाई २० लाख रुपियाँ उपलब्ध गराउनुपर्ने माओवादीद्वारा प्रस्ताव।

बर्दिया राष्ट्रिय निकुञ्जमा तीनजना दलित महिलाको हत्यामा सेना दोषी रहेको राष्ट्रिय मानवअधिकार आयोगको प्रतिवदेन।

चैत २२

समायोजनबारे माओवादीद्वारा तीन मोडल प्रस्ताव, समायोजन र पुनर्स्थापना, माओवादी सेनाको छुट्टै फोर्स र लडाकु, सेना र प्रहरी मिलाएर अर्को फोर्स।

चैत २६

सरकार, माओवादी र अनमिनबीच शङ्का लागेका लडाकुको परिचयपत्र छानबिन गर्ने सहमति।

वैशाख १

लडाकु समायोजनलगायतका चारओटा बुँदामा ठोस कार्ययोजना ल्याए राष्ट्रिय सहमतिको सरकार बनाउन तयार रहेको काङ्ग्रेसको भनाइ।

वैशाख १४

एकीकृत माओवादीद्वारा शिविरमा रहेका लाडकुलाई सतर्क रहन निर्देशन।

एकीकृत माओवादीको आन्दोलन हिंसात्मक भए सेनासमेत परिचालन गर्न सकिने सूचना तथा सञ्चारमन्त्री शङ्कर पोखरेलको भनाइ।

वैशाख १५

एकीकृत माओवादी लडाकु हतियारसहित

गिरफ्तार पर्नु हतियार तथा सेना व्यवस्थापन अनुगमन सम्बन्धी सम्झौताको उल्लङ्घन भएको अनमिनको भनाइ।

वैशाख २९

संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्ले नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय मिसन (अन्मिन)को कार्यावधि भदौ ३० सम्मका लागि थप।

नेपाली सेनाले प्राविधिक पदमा भर्ना गर्न पाउने सर्वोच्चको आदेश।

प्रधानमन्त्रीलाई राजीनामा नदिन ११ दलको सुझाव।

वैशाख ३१

संविधानसभाको म्याद एक वर्ष थप्न एमाले संसदीय दलको प्रस्ताव।

लडाकु समायोजनको कार्य योजना बनाउन अनमिन प्रमुख ल्यानग्रेनको आग्रह।

जेठ १

एमालेद्वारा सहमतिको खाका तयार, पहिला लडाकु समायोजन हुनुपर्ने प्रस्ताव।

काङ्ग्रेसद्वारा संविधानसभाको म्याद थप्नुपर्ने निष्कर्ष।

जेठ ६

संविधानसभाको म्याद नथपे पनि भङ्ग नहुने पुष्पकमल दाहालको भनाइ।

जेठ ७

संविधानसभाको म्याद नथप्ने विषयमा माओवादीको केन्द्रीय समितिको बैठकमा मतभेद।

माओवादीको चित्त बुझाउन संविधानसभा स्वीकारेको प्रधानमन्त्री माधवकुमार नेपालको भनाइ।

जेठ १४

संविधानसभाको म्याद एक वर्षको लागि थप, प्रमुख तीन दलबीच तीन बुँदे सहमति।

जेठ १६

लडाकु समायोजन वा प्रधानमन्त्रीको राजीनामा पहिला भन्ने विषयमा दलहरूबीच विवाद शुरू।

जेठ १७

सरकारले दिने भनेको विभुषण नलिने इन्सेकका अध्यक्ष सुबोधराज प्याकुरेल, मानअधिकारकर्मीहरू दमननाथ ढुङ्गाना, पद्मरत्न तुलाधरको भनाइ।

जेठ २०

काङ्ग्रेस र एमालेले तीन बुँदे सहमतिविपरीत कुठाराघात गरेको भन्दै सरकार विरूद्ध आन्दोलन गर्ने माओवादी निर्णय।

संविधानसभाका विभिन्न ११ दलद्वारा तीन बुँदे सहमति कार्यान्वय गर्न माग।

सानु सुनुवारको मृत्यु हिरासतमा कुटपिटबाट भएको प्रहरीको मानवअधिकार सेलद्वारा गठित समितिको प्रतिवदेन प्रहरी प्रधान कार्यालयमा पेश।

जेठ २३

ओएचसीएचआरको म्याद एक वर्ष थप्ने मन्त्रिपरिषद्को निर्णय।

जेठ २५

माओवादी लडाकु समायोजन तथा पुनर्स्थापना र संयुक्त सरकार निमार्णको लागि काङ्ग्रेस एमालेद्वारा संयुक्त दस्तावेज तयार।

जेठ २६

संयुक्त कार्ययोजनामा माओवादीले सहमति जनाए राष्ट्रिय सरकार गठन गर्ने एमाले स्थायी समितिको निर्णय।

जेठ २७

सरकारको नेतृत्व प्रचण्ड नै गर्ने माओवादी पदाधिकारी बैठको निर्णय।

असार १६

प्रधानमन्त्री माधवकुमार नेपालद्वारा राजीनामा।

असार २३

आफ्नो नेतृत्वमा सरकार बने लडाकु समायोजन र पुर्नस्थापनासम्बन्धी समयतालिका सहितको कार्ययोजना बनाउन तयार रहेको एकीकृत माओवादीको भनाइ।

असार २४

अनमिनद्वारा लडाकु समायोजन र पुनर्स्थापनासम्बन्धी ६० दिने अवधारणा प्रस्ताव तयार गरी तीन दलका नेतालाई पेश।

असार २५

माओवादी पदाधिकारी बैठकद्वारा लडाकु समायोजनको जिम्मा अध्यक्ष दाहाललाई दिने निर्णय।

असार २६

एकीकृत माओवादीद्वारा लडाकु समयोजन तथा

पुर्नस्थापनासम्बन्धी प्रस्ताव सार्वजनिक, काङ्ग्रेस र एमाले असन्तुष्ट।

असार २९

काङ्ग्रेस र एमालेलाई लडाकु समायोजन र पुनर्स्थापना प्रस्ताव ल्याउन एकीकृत माओवादीको आग्रह।

साउन ८

संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्ले नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय मिसन (अन्मिन)को कार्यावधि अन्तिम पटकको लागि छ महिनाको लागि थप।

साउन १५

बहुदल नमान्ने माओवादी नेता मोहन वैद्यको भनाई।

साउन १७

नेपाली सेनाले ३ हजार ४ सय ६४ पदमा भर्ना खुल्ला।

साउन १८

माओवादी सेनाद्वारा लडाकु भर्ना आह्वान।

साउन १९

माओवादी सेनाले लडाकु भर्ना खोलेकोमा रक्षा मन्त्रालयको आपत्ति।

भदौ १०

प्रचण्ड थैवको हत्याका अभियुक्त सुजित विक सुन्धाराबाट गिरफ्तार।

नेपाली सेनाले सेना समायोजन तथा अनमिनको म्याद थपबारे नेता तथा मन्त्रीहरूसँग भेटी अवधारणा दिएकोमा माओवादी सेनाद्वारा प्रेस विज्ञप्ति जारी गरी आपत्ती व्यक्त।

भदौ ३१

माओवादी लडाकु समायोजन र पुर्नस्थापना समितिको बैठकद्वारा माओवादी सेनाका लडाकुको रेखदेख, नियन्त्रण, निर्देशन प्रक्रिया र आचार संहितासम्बन्धी निर्देशिकामा हस्ताक्षर, १२ सदस्यीय सचिवालय गठन हुने।

असोज ७

एकीकृत माओवादी र एमालेद्वारा सभामुख समक्ष प्रधानमन्त्री निर्वाचन प्रक्रियाबाट अलग हुन लिखित अनुरोध।

कोटेश्वरका व्यापारी रामहरि श्रेष्ठको हत्याका अभियुक्त भनिएका कालीबहादुर खामलाई एकीकृत माओवादीद्वारा सदस्य पदबाट ६ महिनाको लागि निलम्बन।

असोज २०

नेपाल भारत मानव विकास एवम् मैत्री सङ्घ उद्घाटन गर्न गएका भारतीय राजदूत राकेश सूदलाई एकीकृत माओवादी कार्यकर्ताद्वारा सोलुखुम्बुमा जुत्ता प्रहार।

असोज २४

माओवादी लडाकु १९ हजार ५ सय ४१ रहेको तथ्याङ्क अनमिनद्वारा सरकारलाई पेश।

असोज २७

संविधानमा देखिएका विवादित विषयमा सहमति जुटाउन बनेको उच्चस्तरीय समितिको अध्यक्षमा एकीकृत माओवादी अध्यक्ष प्रचण्डको चयन।

कात्तिक ९

एकीकृत माओवादी सेनाका कमाण्डरहरूको चीन भ्रमणबारे जानकारी नभएको अनमिनको भनाइ।

कात्तिक १९ र २०

राजनीतिक गतिरोध अन्त्यका लागि प्रमुख तीन दलका शीर्ष नेताको बैठक हात्तीवन रिर्सोटमा, बैठक बिना निष्कर्ष सम्पन्न।

कात्तिक २२

सर्वोच्च अदालतद्वारा प्रधानमन्त्रीको चालू निर्वाचन प्रक्रियालाई सार्थक निस्कर्षमा पुऱ्याउन व्यवस्थापिका संसदको ध्यानाकर्षण।

मङ्सिर १४

माओवादी लडाकु रेखदेख, अनुगमन र पुनर्स्थापनासम्बन्धी विशेष समितिले आफू मतहतका लडाकुलाई नियन्त्रण गर्ने गरी गठित सचिवालयको संयोजकमा नेपाली सेनाका पूर्वरथी बालानन्द शर्मा नियुक्त।

पुस ५

एकीकृत माओवादीद्वारा वाईसीएलको अर्धसैन्य संरचना भङ्ग गर्ने तीन दलको शीर्ष नेताको बैठकमा जानकारी।

१. पृष्ठभूमि

तत्कालीन सरकार र माओवादीबीच सम्पन्न भएको विस्तृत शान्ति सम्झौतामा उल्लेख गरिएका संविधान निर्माण, माओवादी लडाकुको समायोजन, परिपूरण र पुर्नस्थापना अनि समावेशी लोकतन्त्रलगायतका मुख्य विषयमा यो वर्ष पनि आशालाग्दो काम हुन सकेन। नेपालको शान्ति प्रक्रियाप्रति संसारको ध्यान केन्द्रित भएको बेला अन्तर्राष्ट्रिय मध्यस्थकर्ता बिना पनि नेपालको शान्ति प्रक्रियालाई टुङ्गोमा पुऱ्याउन सक्षम छौं भन्दै आएका नेपालका राजनीतिक दलहरू यी विषयहरूप्रति गम्भीर देखिएनन्। सात राजनीतिक दल र नेकपा माओवादीबीच सम्पन्न भएको सात बुंदे सम्झौताको धरातलमा उभिएर सम्पन्न भएको जनआन्दोलन ०६२/०६३ को जनादेश/मार्गदर्शन संविधानसभाको निर्वाचन र निर्वाचित संविधानसभाबाट नयाँ संविधानको निर्माण थियो। संविधानसभाको निर्वाचन सम्पन्न भएको ३१ महिनामा पनि संविधान निर्माणमा आशानुरूप परिणाम निस्कन सकेन। यद्दपि, संवैधानिक समितिका सभापति नीलाम्बर आचार्यले संविधान निर्माणका ८० प्रतिशत काम सम्पन्न भइसक्यो भनि बताए।[१]

दुईओटा भूमिका रहेको संविधानसभाको अधिकाङ्श समय राजनीतिक अन्तरद्वन्द्वमा गुज्रियो। घोषित दुईवर्से कार्यकालको अवधि बढाउन म्याद सकिनुभन्दा केही मिनेट अगाडि सहमत भएका राजनीतिक दलहरू थपिएको एक वर्षमध्ये यो वर्षको अन्त्यसम्म (करिब छ महिना) पनि निर्विवाद हुन सकेनन्। वर्षको अन्त्यतिर नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको संयोजकत्वमा गठित उच्चस्तरीय कार्यदलले संविधानसभामा रहेका विवादहरू मिलाउन र सहमति गर्न धेरै कामहरू गरेको भनिए पनि कतिपय मुख्य विवादका विषयमा प्रवेश नै नगरेको पाइयो। यो कार्यदलको उपादेयता र अधिकार क्षेत्रका बारेमा पनि व्यापक चर्चा र आलोचना भए।

संवैधानिक समितिमा प्रक्रियागत ढङ्गले संविधान निर्माणको कार्य गर्नुपर्नेमा कार्यदलले ती विषयमा हात हालेपछि विवाद बढेको थियो। विवादका बीचमा वर्षको अन्त्यतिर सो कार्यदलको समय नबढाउन राजनीतिक दलहरू सहमत भए। शान्ति प्रक्रियालाई सहयोग पुऱ्याउन आएको अनमिनको म्याद नथप्ने चर्चा हुँदै गर्दा अनमिनको बहिर्गमनपछि नेपालको शान्ति प्रक्रिया भङ्ग हुने हो कि भन्ने आशङ्का उत्पन्न भयो। म्याद सकिन बाँकी रहेको केही हप्ताअघिसम्म एकीकृत माओवादीले अनमिनको म्याद बढाउनका लागि राजनीतिक एवम् कुटनीतिक प्रयासहरू गऱ्यो[२]। तर, अन्य राजनीतिक दल र सरकार भने अनमिनको ठाउँ सेना समायोजन विशेष समितिले लिन सक्छ भन्ने कुरामा सहमत भएका थिए।

सत्ता बहिर्गमनसँगै अघिल्लो वर्षदेखि सरकारको विरोधमा रहेको माओवादीले यो वर्ष पनि पुरानै रणनीति अपनायो। संविधानसभाको म्याद बढाउनुअघि तीन राजनीतिक दलहरूबीच भएको तीनबुँदे सहमतिको तेस्रो बुँदामा उल्लेख भएको प्रधानमन्त्रीको राजीनामाको विषयका आधारमा प्रधानमन्त्रीले राजीनामा त गरे तर, यो वर्षको अन्त्यसम्म नयाँ सरकार गठन हुन सकेन। कामचलाउ सरकारका भरमा देश चल्यो।

राजनीतिक अन्तरविरोध, दलीय स्वार्थ, सत्ता प्राप्तीको होडबाजी, लम्बिँदै गएको सङ्क्रमणकाल आदि कारणले नेपाली जनताको शान्तिप्रतिको चाहना यो वर्ष पनि पूरा हुन सकेन। संविधान निर्माणका लागि बाँकी रहेको छ महिनाको अवधि कसरी उपयोगी बनाउने भन्ने विषयमा मतैक्य कायम गर्न दलहरू सफल भएनन्। मुलुक सरकारविहीनताको अवस्थामा गुज्रिरहेको भान भयो।

शान्ति प्रक्रियालाई सार्थक टुङ्गोमा पुऱ्याउने प्रमुख कामका रूपमा संविधान निर्माण प्रक्रिया, माओवादी लडाकुको पुनर्स्थापना, सङ्क्रमणकालीन न्याय प्रदान गर्ने रहे पनि त्यसतर्फ राजनीतिक दलहरू संवेदनशील हुन सकेनन्।

दलहरूबीच बढेको अन्तरविरोधले राजनीतिक अस्थिरतालाई अत्यधिक बढायो।

अघिल्लो वर्ष हस्ताक्षर भई यो वर्षको शुरूवातमा अनमिनद्वारा अयोग्य प्रमाणित लडाकुहरूको बहिर्गमनको सवालमा आशाजनक काम भयो। सशस्त्र द्वन्द्वको त्रासबाट मुक्त भए पनि त्यसको मारमा परेका पीडितहरूले यस वर्ष पनि न्यायको अनुभूति गर्न पाएनन्। सत्यको उजागर र जघन्य मानवअधिकार उल्लङ्घनका दोषीहरूलाई कारवाहीको दायरामा ल्याउन आवश्यक पर्ने सत्य निरूपण तथा मेलमिलाप

१. http://inseconline.org/index.php?type=interviews&id=7&lang=np

२. http://www.mediawitty.com/test/NewsDetail.aspx?group_id=0&id=12425&folder_id=169&Page_Title=Maoists%20dispatch%20letter%20for%20UN%20term%20extension

आयोग यस वर्ष पनि गठन हुन सकेन। शान्ति सम्झौतामा उल्लेख गरिएका आयोग गठनसम्बन्धी विभिन्न विधेयकहरू व्यवस्थापिका संसदमै थन्किएर बसे।[३]

यो वर्ष पनि दण्डहीनताको संस्कृति कायम रह्यो। विगतका सरकारले झैं यो सरकारले पनि २ सय ८२ गम्भीर अपराधमा संलग्नहरूको मुद्दा फिर्ता लिएर दण्डहीनताको संस्कृतिलाई मलजल गर्ने काम गऱ्यो *(विस्तृत विवरणका हेर्नुहोस् परिच्छेद ३.२ कार्यपालिका)*। आफ्नो पहिचान र माग पूरा गर्न विभिन्न समयमा गरिएको आमहडतालहरूले जनजीवनमा प्रभाव पाऱ्यो। एउटै समूहसँग पटक-पटक वार्ता गर्ने र सहमति कायम गर्ने प्रवृति विद्यमान रह्यो। दलहरूबीच बढ्दै गएको अविश्वास र आ-आफ्ना राजनीतिक अडानका कारण शान्ति प्रक्रियाले गति लिन सकेन। सन् २०१० मा भएका यिनै प्रसङ्गको सेरोफेरोमा रहेर यो परिच्छेदमा नेपालको शान्ति प्रक्रियाको विश्लेषण गर्ने प्रयास गरिएको छ।

२. लम्बिँदै गएको सङ्क्रमणकाल

बाह्रबुँदे सहमति, विस्तृत शान्ति सम्झौता लगायतका सहमति र अन्तरिम संविधानको आधारशीलामा टेकेर राजनीतिक दलहरू नेपाललाई गणतन्त्र नेपालमा परिणत गर्न सफल भएका थिए। तर, तिनै राजनीतिक दलहरूका बीचमा पछिल्ला दिनहरूमा मतभेद बढ्न गयो। खासगरी यो मतभेद संविधानसभा निर्वाचन पछि बढ्दै गएको थियो। यद्यपि संविधानसभा निर्वाचनपूर्व यसका प्रशस्त सङ्केत देखा परेका थिए। राष्ट्रपति, प्रधानमन्त्री, सभामुख जस्ता संवैधानिक पदका लागि दलहरूबीच मतैक्य नहुनु यसैको परिणाम थियो। दलीय शक्ति सञ्चयको होडबाजी, खासगरी माओवादी, काङ्ग्रेस र एमालेबीच आरम्भ भयो। सत्ता बहिर्गमनसँगै माओवादीले सरकार विस्थापनका लागि आरम्भ गरेको विभिन्न आन्दोलनका क्रममा व्यक्त उसका अवधारणालगायत पालुङ्टारमा सम्पन्न विस्तारित बैठक र केन्द्रीय समितिको बैठकमा प्रस्तुत विचारहरूको कारण ऊप्रति दलहरूको अविश्वास अझ बढ्न गयो।

संविधानसभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरूमा ठूला भनिएका तीन दलकै आपसी विमतिले संविधान निर्माणमा बाधा उत्पन्न भयो। राष्ट्रिय जनमोर्चा र राप्रपा नेपालबाहेकका अरू दलले प्रमुख तीन दलले गर्ने सहमतिमा आपत्ति जनाएनन्। "एकीकृत माओवादी आफ्ना लडाकुलाई शिविरमा राखेर, वाईसीएलको अर्धसैनिक संरचना कायम राख्दै सत्तामा गएर संविधान निर्माण गर्न लालायित देखियो। नेकपा एमाले र काङ्ग्रेस भने माओवादी लडाकुको समायोजन र वाईसीएलको अर्धसैनिक संरचना रूपान्तरपछि मात्रै संविधान जारी हुनुपर्नेमा अडिग रहँदै आए।"[४]

यिनै अन्तरविरोधका बीच गोरखाको पालुङटारमा सम्पन्न भएको विस्तारित बैठकमा माओवादी अध्यक्ष प्रचण्डद्वारा प्रस्तुत् प्रतिवेदनमा "यसरी नै दलाल, नोकरशाह र सामन्तवाद वर्गको प्रतिनिधित्व गर्ने दलहरूसँग राष्ट्रिय सहमति कायम गरेर सहमतिको सरकार बनाउने कुराले वर्गसमन्वय, सम्झौतावाद र सुधारवादलाई नै मलजल पुग्छ"।[५] भन्ने उल्लेख थियो।

सोही बैठकमा मोहन वैद्य "किरण"द्वारा प्रस्तुत प्रतिवेदनमा "विस्तृत शान्ति सम्झौता, एकातिर पार्टी जनयुद्धको पहल गर्ने समयमा गरिएको प्रतिबद्धताको विरोधमा गएको र अर्कातिर त्यसले क्रान्तिमा बल प्रयोगको सार्वभौम नियमलाई परित्याग गरी शान्तिपूर्ण सङ्क्रमणको दक्षिणपन्थी संशोधनवादी सिद्धान्तलाई अँगाल्न पुगेको" भनेर शान्ति प्रक्रियाको एक तवरले आलोचना गरे।[६]

बाबुराम भट्टराईले त्यसै बैठकमा प्रस्तुत गरेको प्रतिवेदनमा "यो स्थितिमा सर्वहारावादी क्रान्तिकारीहरूले पुनः दीर्घकालीन जनयुद्ध वा राष्ट्रिय युद्धको प्रतिक्रियामा फर्केर पार्टी, जनसेना र क्रान्तिकारी संयुक्त मोर्चाका तीन जादुगरी हतियार प्रयोग गर्दै र अन्तर्राष्ट्रिय साम्राज्यवाद-विस्तारवाद विरोधी मोर्चाको निर्माण गर्दै क्रान्तिलाई निरन्तरता दिने।"[७] पक्षमा वकालत गरे। यी तीनै प्रमुख नेताहरूको प्रतिवेदन शान्ति सम्झौता र समस्त शान्ति प्रक्रियाका लागि अनुकूल ठहर गर्न अन्य राजनीतिक दल सहमत हुन सकेनन्।

पालुङटार बैठकपछि सम्पन्न भएको एकीकृत

---

३. http://www.insec.org.np/pics/1292384711.pdf
४. http://www.hongkongnepali.com/2008-12-29-03-25-09/4219-2010-02-27-09-47-02.html
५. http://www.nagariknews.com/maoist-dastabed.html
६. पूर्ववत
७. पूर्ववत

सहमति पत्र

ऐतिहासिक जनआन्दोलनको जनादेश, नेपालको अन्तरिम संविधान २०६३, दिगो शान्ति तथा विस्तृत शान्ति सम्झौताको भावनानुरुप हामीहरू निम्नलिखित प्रतिवदता व्यक्त गर्दछौं।

१. शान्ति प्रक्रियालाई सार्थक निष्कर्षमा पुऱ्याउन यस सम्बन्धमा बाँकी रहेका कामहरू अविलम्ब सम्पादन गर्न तथा नयाँ संविधान निर्माणको ऐतिहासिक जिम्मेवारी पूरा गर्न सहमति र सहकार्यका साथ अघि बढ्न हामी दृढ प्रतिज्ञ छौं।

२. नयाँ संविधान निर्माणको प्रक्रियामा उल्लेखनीय काम भए तापनि सबै कार्य पूरा नभएकाले संविधानसभाको कार्यवधि एक वर्ष थप्न हामी सहमत छौं।

३. उपर्युक्त जिम्मेवारी एवम् कार्यहरू यथाशीघ्र सम्पन्न गर्न सहमतिका आधारमा राष्ट्रिय सहमतिको सरकार गठन गरी अघि बढ्न वर्तमान संयुक्त सरकारका प्रधानमन्त्री अविलम्ब राजीनामा गर्न तत्पर रहेको स्पष्ट गर्दछौं।

पुष्पकमल दाहाल प्रचण्ड	**रामचन्द्र पौडेल**	**झलनाथ खनाल**
अध्यक्ष एनेकपा माओवादी	उपसभापति एवम्, संसदीय दलका नेता नेपाली काङ्ग्रेस	अध्यक्ष नेकपा (एमाले)

मिति-०६७ जेठ १४ गते

नेकपा माओवादीको छैठौं केन्द्रीय विस्तारित बैठकले शान्ति र संविधान निर्माणमा प्रयत्न गर्ने, नभए विद्रोहमा जाने भनी गरेको निर्णय मुलुकको शान्ति र संविधानको लागि सहयोगी नभएको टिप्पणी राजनीतिक दलका नेता तथा बुद्धिजीवीहरूले गरे।[८] संसदको सबैभन्दा ठूलो दल र शान्ति प्रक्रियाको आधा हिस्सा ओगटेको माओवादीले पहलकदमी गर्नुपर्ने ठाउँमा अरू दललाई प्रधान शत्रु भएको प्रस्ताव पारित गऱ्यो। नेकपा एमालेका नेता प्रदीप ज्ञवालीका विचारमा "शान्ति र संविधानको लागि माओवादी बैठक सहयोगी भएन।"[९] त्यस्तै, नेपाली काङ्ग्रेसका नेता रामशरण महतको विचार माओवादीले शान्ति प्रक्रियालाई उपयोग गर्न लागेको भन्ने थियो। उनले अगाडि भने "माओवादीहरू तात्कालिक रूपमा शान्ति र संविधान, रणनीतिक रूपमा विद्रोह भनेर शान्ति प्रक्रियालाई उपयोग गर्न खोजिरहेका छन्"।[१०] तर, राजनीतिक विश्लेषक सिके लालको विचारमा "माओवादीको विस्तारित बैठकले राजनीतिक गतिरोधलाई तात्विक फरक पार्दैन बरू यो माओवादीको आन्तरिक शक्ति सन्तुलनसँग सम्बन्धित विषय हो"।[११]

माओवादी नेताहरूको प्रतिवेदन र त्यहाँ भएका छलफललाई गहिरिएर हेर्ने हो भने असोज ०६२ को चुनवाङ बैठकबाट लोकतान्त्रिक गणतन्त्रको कार्यनीति तय गरी तत्कालीन सात राजनीतिक दलसँग १२ बुँदे सम्झौता गर्ने एकीकृत माओवादीले लोकतन्त्रका चार वर्ष नेपालका राजनीतिक दल, नागरिक समाज, जनतालाई झुक्याउन खोजेको खोजेको त होइन भन्ने आशङ्का उत्पन्न हुनु अस्वभाविक थिएन। "चुनवाङ बैठकको निर्णयको जगमा उभिएर माओवादी सात राजनीतिक दलसँग १२ बुँदे समझदारी गर्दै लोकतान्त्रिक मार्गमा प्रवेश गरेको थियो।"[१२] एकीकृत माओवादी, उक्त समझदारीको जगमा उभिएर भएको लोकतान्त्रिक आन्दोलन र आन्दोलनको समाप्तिपछि भएको विस्तृत शान्ति सम्झौता, अन्तरिम संविधानलेखन, व्यवस्थापिका संसदमा ठूलो दलको रूपमा सहभागिता, सरकारमा संलग्नता अनि संविधानसभाको निर्वाचनपछि ठूलो दलको रूपमा उदय हुनु जस्ता महत्वपूर्ण गतिविधिको

८. माओवादी पालुङटारको निर्णय शान्ति र संविधानलाई असहयोगी, तीलक पाठक नागरिक दैनिक मङ्सिर १३ गते।
९. पूर्ववत्
१०. पूर्ववत्
११. पूर्ववत्
१२. बोहरा, रामेश्वर। 'लोकतन्त्रमाथि घात'। *हिमाल खबरपत्रिका*।

प्रमुख हिस्सा बन्यो। संविधानसभाको निर्वाचनपछि ठूलो दलको हैसियतले अन्य दलको समर्थनमा नौ महिना सरकारको नेतृत्व गरेको माओवादी अन्य दललाई अलग्याएर एक्लै हिँड्ने प्रपञ्चमा लाग्यो। त्यही समयमा उजागर भएको सेनापति प्रकरणका कारण सरकारबाट राजीनामा गर्नुपऱ्यो। "सरकारबाट बहिर्गमनसँगै कहिले 'नागरिक सर्वोच्चता' त कहिले 'राष्ट्रिय स्वाधिनता'जस्ता नारामा आन्दोलित भइरह्यो।"[१३]

सशस्त्र द्वन्द्वमा रहेको माओवादीलाई यो अवस्थामा ल्याईपुऱ्याउन नेपालका राजनीतिक दल, नागरिक समाज र जनताले ठूलो योगदान गरेका थिए। द्वन्द्वले नेपाली समाजलाई उँभो लगाउँदैन भन्ने स्पष्ट विचारका साथ उनीहरू माओवादीको लोकतान्त्रिकरणको अपेक्षामा थिए। जनताको अपेक्षाकै कारण ऊ संविधानसभाको सबैभन्दा ठूलो पार्टी भयो। तर, पनि उसले संविधानसभा र व्यवस्थापिका संसद र लेनदेनको राजनीतिलाई उपयोग गर्न छाडेन। "माओवादी नेताहरूले संविधानसभा, व्यवस्थापिका संसद र शान्तिपूर्ण राजनीतिक प्रक्रियालाई अर्को मोर्चाका रूपमा अर्थ्याउँदै युद्धको स्वरूप मात्रै फेरिएको, लक्ष्यबाट विचलित नभएको भन्ने जस्ता अभिव्यक्ति दिँदै आए पनि आमरूपमा उसका यस्ता भनाइलाई कार्यकर्ता थाम्ने अस्त्र मानिँदै आएको थियो।"[१४]

सत्ता समिकरणका सम्बन्धमा हुने बैठकहरूमा सेना समायोजनको अवधि र मोडेलसमेत सार्वजनिक गर्ने माओवादीको नियतमा विस्तारित बैठकमा प्रस्तुत गरिएको प्रतिवेदनले शङ्का उब्जायो। यी सतहमा देखिएका सबै दस्तावेजमा किटानसाथ उठाइएको 'जनविद्रोह'को लाइनलाई अब कार्यकर्ता थुम्थुम्याउन चालबाजी मात्रै हो भनेर बुझ्नु गलत हुनेछ।[१५] तर, जनसरकारको विघटन र लडाकुलाई अस्थायी शिविरमा सीमित गर्ने निर्णयका बारेमा उनीहरूका पटक-पटक विभिन्न धारणाहरू सार्वजनिक भए। जसले शान्तिप्रक्रिया सफलतातर्फ अगाडि बढ्नेमा प्रशस्त शङ्का उत्पन्न गरायो।

नेपाली काङ्ग्रेस र नेकपा एमालेले एकीकृत माओवादीलाई नागरिक पार्टीमा रूपान्तरण हुन उसले वाईसीएलको अर्धसैनिक संरचना भङ्ग, कब्जा सम्पत्ति फिर्ता, लडाकुलाई विशेष समिति मातहत ल्याउनु पर्ने, सत्य निरूपण तथा मेलमिलाप आयोग बनाउनुपर्ने लगायतका विषय कार्यान्वयन हुनुपर्ने मुद्दा उठाए। यता माओवादी भने संविधान निर्माणको स्पष्ट खाका बाहिर आएपछि मात्र लडाकुको समायोजन सङ्ख्याका बारेमा छलफल गर्ने अडानमा कायम रह्यो। वाईसीएलको अर्धसैनिक संरचना विघटन गर्ने र कब्जा सम्पत्ति फिर्ता गर्ने विषयमा पटकपटक प्रतिवद्धता जनाए पनि व्यवहारमा कार्यान्वयन भएनन्। "अब लडाकुलाई विशेष समितिमा ल्याउन तयार भयौं, जेठ महिनाभित्रै लडाकुको समायोजन र पुर्नस्थापना गर्न हामी तयार भयौं। हामी चार महिनाभित्र सेना समायोजन गर्न तयार छौं। वाईसीएलको ब्यारेक शैलीको बसाइमा अन्य दलले आपत्ति जनाएकाले शान्ति र परिवर्तन संस्थागत गर्न चार/पाँच दिनभित्रै ब्यारेक हटाइदिन्छौं। बेपत्ताहरूको सवालमा पनि सेनालाई विश्वासमा लिएर शक्तिशाली आयोग बनाएर टुङ्ग्याउन हामीलाई आपत्ति छैन। दोषीका हकमा सत्य निरूपण तथा मेलमिलाप आयोग बनाउन पनि सकिन्छ। संविधान निर्माणबारेका मतभेद आयोग बनाएर छलफल गरी कम गर्दै जान सकिन्छ"[१६] भन्ने प्रतिवद्धता विभिन्न छलफल र बैठकमा माओवादीले पटक-पटक व्यक्त गर्दै आएको थियो। तर, पार्टी निर्णयबाट कार्यान्वयन गर्ने सवालमा यी प्रतिवद्धता यथार्थमा परिणत हुन सकेनन्। माओवादी पार्टीमा कठोरपन्थी मानिने मोहन वैद्य किरणको समूहले सँधै नै "जनयुद्धको समाप्ती नभएको"[१७] बताइरहँदा सोही पार्टीका अध्यक्षले विदेशी कुटनीतिज्ञहरूसँगको भेटमा लोकतन्त्रप्रति पार्टी प्रतिवद्ध रहेको पटक-पटक दोहोऱ्याउँदै आएका थिए।

२०६२/६३ को ऐतिहासिक जनआन्दोलन र बाह्रबुँदे समझदारीबाट प्रारम्भ भएको नेपालको शान्ति प्रक्रियाकै परिणाम स्वरूप नेपालमा गणतन्त्र स्थापना भएको थियो। "हिन्दू राज्य धर्मनिरपेक्ष राज्यमा बदलिनु,

---

१३. पूर्ववत

१४. पूर्ववत्

१५. 'नेपालको राजनीतिक संस्कार'। क्राइसिस ग्रुप

१६. माओवादी अध्यक्ष प्रचण्डले २९ वैशाख ०६७, याक एण्ड यती होटलमा बुद्धिजीवी र नागरिक समाजसँगको अन्तरक्रियामा दिएको मन्तव्य।

१७. http://theworkersdreadnought.wordpress.com/2010/12/29/the-inner-party-struggle-in-the-ucpnmaoist/

शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षा राज्यको अपरिहार्य दायित्व र नागरिकको मौलिक अधिकार हुने गरी राज्य लोककल्याणकारी राज्यमा बदलिनु, दलित, जनजाति, महिला र मधेसीका लागि राज्य समावेशी हुनु, मधेसीहरूको नागरिकता समस्याको सम्बोधन हुनु"[१८] जस्ता उपलब्धि दुईओटा मुख्य तत्वको जगमा प्राप्त भएका थिए। पहिलो, माओवादी र संसदीय दलहरूबीचको एकता र सहकार्य। दोस्रो, यी दुईथरी बीचको सत्ता साझेदारी। संविधानसभा निर्वाचनपछि शान्ति प्रक्रियाको जगका रूपमा रहेका यी दुईओटै मुख्य तत्वलाई समाप्त पार्नाले नेपालको शान्ति प्रक्रिया विचलित हुन गयो।

नेपालको शान्ति प्रक्रियाका अन्य चारओटा कमजोरीहरू पनि देखा परे। "पहिलो, विस्तृत शान्ति सम्झौता गरिसकेपछि त्यसको अनुगमन गर्न र कार्यान्वयन सुनिश्चित गर्न प्रभावशाली र सशक्त अनुगमन संयन्त्र गठन भएन। शान्ति सम्झौतामा व्यापक आर्थिक सामाजिक परिवर्तन, पुर्नसंरचना र पुर्नवास, पुर्नस्थापना र सङ्क्रमणकालीन न्यायजस्ता ज्यादै महत्वपूर्ण कुरा परेका छन्। तीमध्ये कुनै पनि कार्यसूचि कार्यान्वयन नहुनु नेपालको शान्ति प्रक्रियाको दोस्रो गल्ती हुन गयो। तेस्रो, शान्ति प्रक्रियाको सबैभन्दा संवेदनशील मुद्दा माओवादी सेनाको समायोजन भए पनि यही सवालमा शान्ति सम्झौता सबैभन्दा अस्पष्ट र अमूर्त देखिन्छ। चौथो चुनावपछि आफ्नो पायकको परिभाषा गर्नसक्ने गरी दोधारे भाषामा सेना समायोजनको सवाल राखिनु नेपालका तीनओटै प्रमुख राजनीतिक दलको गम्भीर दोष हो। अहिले त्यही सेना समायोजनको विषयले गम्भीर समस्या पैदा गरिरहेको छ।"[१९]

२.१ नेपाली सेना र भर्ना विवाद

गएको वर्ष कात्तिक महिनामा नेपाली सेनाले सेनामा भर्ना आह्वान गरेपछि सो प्रक्रिया शान्ति सम्झौता विपरीत भएको भन्दै फागुन २५ गते सर्वोच्च अदालतमा रिट दायर भयो। सर्वोच्चले ०६६ फागुन २७ गते भर्ना प्रक्रिया तत्काललाई रोक्न सेनाको नाममा अन्तरिम आदेश जारी गऱ्यो। सर्वोच्च अदालतको यो आदेशपछि पनि पुन: ०६७ वैशाख ६ गते नेपाली सेनाले उसका विभिन्न तहका लागि भर्ना आह्वान गर्दै विज्ञापन प्रकाशन गऱ्यो। फेरि सो विषय सर्वोच्च अदालतमा पुग्यो। तर, यसपल्ट सर्वोच्च अदालतले सो मुद्दा नै खारेज गरिदियो। मुद्दा खारेजीसँगै नेपाली सेनाले भर्ना प्रक्रिया शुरू गर्न साउन १७ गते विज्ञापन गरेपछि माओवादीले भोलिपल्टै साउन १८ गते आफ्नो जनसेनामा पनि भर्ना खुला गरिएको सार्वजनिक गऱ्यो। तर, माओवादी सेनामा कति जना भर्ना भए भन्ने विवरण कतै सार्वजनिक भएन। उता नेपाली सेनाले भर्ना प्रक्रियालाई निरन्तरता दियो र उसले विज्ञापन गरेजति पदमा पदपूर्ति समेत गरिसकेको छ। उपरोक्त परिस्थिति अविश्वासका कारण सिर्जिएकोमा दुई मत हुन सक्दैन। शान्ति सम्झौता भएको चार वर्ष बितिसक्दा पनि माओवादी पक्षले आफूलाई विद्रोहीको कोटीमा राखेर हेर्ने र त्यसैगरी अन्य दलहरूले माओवादीलाई शङ्काको दृष्टिले हेर्दा विभिन्न अन्तरविरोध सिर्जना हुँदै गए।

२.२ माओवादी सेना समायोजन

लोकतान्त्रिक समाजको निर्माण, कानुनी शासनको सबलीकरण, नागरिक अधिकारको सुनिश्चितता, शान्ति प्रक्रियालाई सार्थक टुङ्गोमा पुऱ्याउने र राज्यको पुर्नसंरचना गरी लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न माओवादी लडाकुहरूको समायोजन तथा पुर्नस्थापनाको कार्यलाई व्यवस्थित ढङ्गले सम्पन्न गर्नु आवश्यक छ। माओवादी लडाकुहरूको रेखदेख, समायोजन र पुर्नस्थापना अर्थात समग्रमा भन्दा व्यवस्थापन कार्य शान्ति प्रक्रियाको महत्वपूर्ण र अभिन्न अङ्ग हो। माओवादी लडाकुको व्यवस्थापनसम्बन्धी यो कार्य अगाडि बढ्न नसकेकाले बाह्रबुँदे समझदारीदेखि अघि बढेको सहमतिको राजनीति अहिले आएर आम नेपाली नागरिक र अन्तर्राष्ट्रिय समुदायका लागि निरन्तर चासो र अन्यौलको विषय बनिरहेको छ। संविधान निर्माणको सामान्य अवधि दुई वर्षबाट बढाएर तीन वर्ष पारिएको भए पनि शान्तिप्रक्रियालाई टुङ्गोमा पुऱ्याउन आवश्यक पहलहरू भएका छैनन्। संविधान बन्ने कुराको निश्चित नभई लडाकु समायोजन र पुर्नस्थापनाको कार्यले पूर्णता पाउँदैन भन्नु राजनीतिक रूपले छलको कुरा हो। जुन, माओवादीले प्रष्ट रूपमा गरिरहेको छ। जबकि, ऊ आफैँ संविधानसभाको सबैभन्दा ठूलो र जिम्मेवार दल

---

१८. http://www.ekantipur.com/np/2067/8/12/full-story/321162.html

१९. पूर्ववत्

हो। लडाकुको प्रमुख जिम्मेवार पनि ऊ आफैं हो। तर, यसो भनिरहँदा राज्यकै भरणपोषणबाट पालिएका माओवादी लडाकुप्रति अन्य दलहरूको जिम्मेवारी नै छैन भन्न मिल्दैन।[३०]

"माओवादी इतरशक्तिले माओवादी लडाकुको समायोजनलाई मुख्य मुद्दा बनाउन छाडेनन्। यसले गर्दा सहमतिको राजनीतिमा व्यवधान खडा भइरह्यो। नेपाली काङ्ग्रेसकी नेतृ तथा उपप्रधान तथा पररा‍ष्ट्रमन्त्री सुजाता कोइरालाले माओवादी लडाकुको व्यवस्थापन नगरी संविधान पनि बनाउन नसक्ने र निर्वाचन पनि हुन नसक्ने अभिव्यक्तिले यसैलाई थप पुष्टि गर्छ।"[३१]

२.३ अपराधलाई राजनीतिक संरक्षण

सङ्क्रमणकालको फाइदा उठाउँदै अपराधमा संलग्नहरू राजनीतिको खोल ओढेर बाहिरिन्छन् र अपराध गर्छन्। विगतका सरकारले झैं, यो सरकारले पनि २ सय ८२ ओटा मुद्दाहरू फिर्ता लिएर अपराधीकरणलाई प्रश्रय दिने कार्य गऱ्यो। फिर्ता लिइएका धेरैजसो मुद्दामा संलग्न व्यक्तिको राजनीतिक आवरण मुद्दा फिर्ता लिने कार्यका लागि सहयोगी सिद्ध भए।

अपहरण र जबरजस्ती चन्दा असुली गर्ने व्यवसायका रूपमा पूर्वी पहाड तथा मध्य र मध्यपश्चिम तराईमा व्यापकरूपमा फस्टायो। कुनै अमुक नाममा चन्दा असुल गर्ने प्रवृत्ति ह्वात्तै बढेर गयो। "पैसाका लागि गरिने अपरहणमा नामै नसुनिएका समूह र व्यक्तिहरू सामेल भएको घटनाहरू अगाडि आए। तर, राजनीतिक वृत्त र प्रहरीसित साठगाँठ भएका कारण तिनीहरूले बिना थुनछेक आफ्नो कार्य सम्पन्न गरे।"[३२] "राजनीतिज्ञहरू प्राय: पैसा हात पार्नका लागि सशस्त्र समूहहरूलाई संरक्षण दिँदैनन्। ती गिरोहहरूले उनीहरूलाई चुनावको बेलामा र सामान्यतया उनीहरूको हैकम कायम गर्न मद्दत पुऱ्याउँछन्। बदलामा ती समूहले कानुनको पञ्जाबाट उन्मुक्ति पाउँछन्।"[३३]

प्रहरीका मानिस राजनीतिक संरक्षणका कारणले अपराधमा वृद्धि भएको तर्क गर्छन्। अपराधीले प्रहरीको सहयोग कसरी पाउँछ भन्ने कुरा नेपालगञ्जका दुई स्कूले किशोरको हत्यामा संलग्न मेराज अहमद साई घुमन्ते प्रहरीका रूपमा कार्यरत रहेको यथार्थबाट पनि प्रष्ट हुन्छ राजनीतिक संरक्षणका कारण अपराधीहरूलाई कानुनी दायरामा ल्याउन कठिनाई हुने गरेको प्रहरी अधिकृतहरू स्वीकार्छन्। "नेताहरू उनीहरूले भनेको नमानेमा सरूवा गरी दिने धम्की दिन्छन् र सरूवा गरी दिन पनि सक्छन्"।[३४] तराईका कतिपय जिल्लाहरू कमाउने थलोका रूपमा परिणत हुँदै गएका छन्। प्रहरीका अधिकारीहरूको आपराधिक समूहसँगको सम्बन्ध रहेका कारण केही अधिकारी कारवाहीमा पनि परेका छन्। धनुषाका तत्कालीन डिएसपी रुपकुमार न्यौपानेलाई एक पद घटुवा गरेर प्रहरीले कारवाही गरेको थियो। बाँकेका प्रहरी हवल्दार सकिद अली बेहना हत्यामा संलग्न रहेको आरोपमा थुनामा छन् भने जमीम साहको हत्यामा पूर्व डिसपी जगदीश चन्द र सब इन्सपेक्टर प्रकाश क्षेत्रीको संलग्नता रहेको अनुसन्धानबाट खुलेको सार्वजनिक भइसकेको छ।

भ्रष्टाचारको कारण प्रशासन संयन्त्र निकम्मा भएको आभास हुन्छ। बाहुबलको उपयोग गर्न राजनीतिक दलका नेताहरूले अपराधिक व्यक्तिहरूलाई संरक्षण दिन्छन्। राजनीति र प्रशासनयन्त्र दुवैको अपराधीकरण हुँदै गएको उपरोक्त प्रसङ्गले छर्लङ्ग्याउँछ।

एकीकृत माओवादी ओखलढुङ्गाका सभासद् बालकृष्ण ढुङ्गेललाई सर्वोच्च अदालतले जन्मकैदको फैसला सुनायो। द्वन्द्वकालमा ओखलढुङ्गाका भुवन भनिने उज्जनकुमार श्रेष्ठको २०५५ साल असार १० गते भएको हत्यामा ढुङ्गेलको संलग्नता रहेको ठहर गर्दै सजाय सुनाएको थियो। तर एकीकृत माओवादीले उक्त फैसला विस्तृत शान्ति समझौता विपरीत भएको भन्दै नमान्ने घोषणा गऱ्यो। (*विस्तृत विवरणका लागि हेर्नुहोस् परिच्छेद, न्यायपालिका*) अभियुक्तलाई कानुनको जिम्मा लगाउनुको साटो सरकार र राजनीतिक दलहरू विगतका मुद्दा कोट्याएर सरकार शान्ति सम्झौता भाँड्न उद्दत रहेको जनाउँदै सभासद् ढुङ्गेललाई

---

३०. भट्ट डा. दीपकप्रकाश,। माओवादी लडाकुहरूको व्यवस्थापनका चुनौती। प्राची संचेतना द्वैमासिक पूर्णाङ्क ७३ पृष्ठ ६
३१. http://www.dhaulashree.com/?p=19133
३२. 'नेपालको राजनीतिक संस्कार'। क्राइसिस ग्रुप एशिया रिपोर्ट नं. १४९। २९ सेप्टेम्बर २०१०
३३. पूर्ववत्
३४. पूर्ववत्

कानुनको जिम्मा लगाउन इन्कार समेत गऱ्यो। रामहरि श्रेष्ठको हत्यामा संलग्न भएका भनिएका एकीकृत माओवादीका केन्द्रीय सदस्य कालीबहादुर खामलाई एकीकृत माओवादीले छ महिनाका लागि निलम्बन गरेको जनायो। तर, उनलाई प्रहरीमा बुझाउने कार्यमा उदासिन रही कानुनी शासनको अपमान गऱ्यो।

स्थायी शान्तिको प्रमुख आधार मानवअधिकारको प्रत्याभूति र कानुनी शासनको स्थापना हो। तर, नेपालमा मौलाइरहेको दण्डहीनताको संस्कृति शान्ति प्रक्रियाको प्रमुख बाधकका रूपमा रहयो। दण्डहीनताको संस्कृति रहेसम्म मानवअधिकारको संरक्षण र सम्वर्धनमा कठिनाइ उत्पन्न हुन्छ। दण्डहीन संस्कृतिका कारण नेपालमा अपराध र मानवअधिकार उल्लङ्घनको प्रवृत्ति कायमै रहेको पाइन्छ। सुरक्षा निकायको फितलो नीति, राजनीतिक हस्तक्षेप र प्रचलित कानुन अनुसार कारबाही प्रक्रिया सशक्त ढङ्गले अगाडि नबढाइएका कारणले पनि अपराधले मौलाउने मौका पाएको छ। दण्डहीनताको संस्कृतिलाई ऊर्जा दिने काम जिम्मेवार राजनीतिक दल तथा सरकारबाटै भइरहेको छ। गम्भीर अपराधको सजाय पाएका अभियुक्तहरूलाई कानुन अनुसारको सजाय भोग्न लगाउनुको सट्टा उनीहरूमाथि लागेको मुद्दा राजनीतिक हो भनी मन्त्रिपरिषद्को ०६५ असोज १७ र कात्तिक ११ गतेको निर्णयबाट माफी दिइयो। राजनीतिक आस्थाका नाममा सरकारले गम्भीर अपराध र मानवताविरूद्धका घटनाका मुद्दासमेत गरी "जम्मा ३ सय ४९ थान" विचाराधीन मुद्दा अघिल्लो वर्ष पनि फिर्ता लिएको थियो।[३५]

सरकार र तत्कालीन विद्रोही नेकपा (माओवादी)ले प्रतिबद्धता व्यक्त गरेर हस्ताक्षर गरेको ऐतिहासिक शान्ति सम्झौता भएको चार वर्ष पुग्न लाग्दा पनि दण्डहीनताको अवस्थामा सुधार हुन सकेको छैन। यो अझ संस्थागत र व्यापक हुँदै जान थालेको अनुभूति आमनेपाली जनताले गरेका छन्। द्वन्द्वको समयमा सुरक्षाफौज तथा माओवादीले गरेका हत्या, यातना, बेपत्ता तथा अन्य प्रकारका हिंसाका अन्तर्राष्ट्रिय मानवअधिकार कानुन तथा मानवीय कानुनको उल्लङ्घनकर्तालाई उन्मुक्ति दिइएका कारण दलहरूप्रति विश्वास गर्ने आधार धरमराउँदै जान थालेको कुरा दलहरूप्रति आमजनताको अभिव्यक्तिले मुखरित गर्छ।

दण्डहीनताका सन्दर्भमा भएको संस्थागत प्रभावकै कारण कसैलाई पनि न्यायको कठघरामा ल्याइएको छैन। द्वन्द्वका बेला गरिएका गम्भीर मानवअधिकार उल्लङ्घन र ज्यादतीका लागि सुरक्षाफौज तथा माओवादीका कुनै पनि सदस्यलाई फौजदारी अभियोगमा दोषी ठहऱ्याइएको छैन। विस्तृत शान्ति सम्झौतामा "दुवै पक्ष सम्झौतापत्रमा उल्लेख भएका अधिकारको उपभोगमा बाधा पुऱ्याउने जिम्मेवार व्यक्तिहरू माथि कानुन अनुसार निष्पक्ष छानबिन तथा कारबाही हुनेछ भनी प्रतिबद्धता जाहेर गर्दछन् र दण्डहीनतालाई प्रश्रय नदिने सुनिश्चितता प्रदान गर्दछन्। यसका साथै द्वन्द्व र यातनापीडित तथा बेपत्ता पारिएकाहरूको परिवारको राहत प्राप्त गर्ने अधिकारलाई समेत सुनिश्चित गर्दछन्" भनेर उल्लेख गरिएको छ।

शान्ति सम्झौताकै बुँदा नम्बर ७.१.३ दुवै पक्ष "सम्झौतापत्रमा उल्लेख भएका अधिकारको उपभोगमा बाधा पुऱ्याउने जिम्मेवार व्यक्तिहरूमाथि कानुनअनुसार निष्पक्ष छानबिन तथा कारबाही हुनेछ भनी प्रतिबद्धता जाहेर गर्दछन् र दण्डहीनतालाई प्रश्रय नदिने सुनिश्चितता प्रदान गर्दछन्। यसका साथै द्वन्द्व र यातना पीडित तथा बेपत्ता पारिएकाहरूको परिवारको राहत प्राप्त गर्ने अधिकारलाई समेत सुनिश्चित गर्दछन्"भनेर उल्लेख गरिएको छ। द्वन्द्वकालीन समयमा राज्यका दुवै सुरक्षा अङ्ग र एकीकृत माओवादीहरूले गरेका हत्या, यातना, बेपत्ता अनि अरू खालका हिंसा विरुद्ध कुनै पनि खालको दण्ड दिइएन। विगतका मानवअधिकार उल्लङ्घनकर्ताहरूलाई कानुनी दायरामा ल्याउन असफल भएका कारण त्यस्तो संस्कारको विकास भयो जसले गर्दा कानुनी शासनको विश्वसनीयता गुमेको छ र राजनीतिक शक्तिहरूले सामाजिक न्यायको परिपाटीलाई विश्रृङ्खल बनाएका छन्।

विविध दुरूपयोगमा आरोपित पार्टीका सदस्यहरू राजनीतिक संरक्षणमा रहने प्रवृत्तिले दण्डहीनतालाई सम्बोधन गर्ने प्रयासलाई बाधा पुऱ्याउँछ। पार्टीका सदस्यहरूसँग सम्बन्धित अनुसन्धानका कार्यहरू रोक्न राजनीतिक पार्टीहरूमार्फत निरन्तर दबावको सामना प्रहरीले गर्नु परेको छ। विस्तृत शान्ति सम्झौतापश्चात् कुनै पनि सुरक्षाकर्मीहरू वा एकीकृत माओवादीहरू अपराधीका रूपमा वा हत्याको दोषीको रूपमा सार्वजनिक अदालतमा उभ्याइएका छैनन्। नेपाली सेनाले १५ वर्षीया

३५. प्रतिबद्धता र वास्तविकता इन्सेक २०६७ पेज १९

मैना सुनुवारको यातना र हत्याको आरोप लागेका मेजर निरञ्जन बस्नेतलाई नागरिक अदालतमा मुद्दा चलाउन नदिएको प्रसङ्गले अदालतको मानहानी र प्रजातन्त्र एवम् कानुनी शासनको पूर्णत: अनादर गरेको देखिन्छ। नागरिक समुदाय, राष्ट्रिय मानवअधिकार आयोग एवम् अन्तर्राष्ट्रिय समुदायको विरोधका बावजुद् पनि नेपाली सेना आफ्नै अडानमा रहेको अवस्थाले सरकारको दण्डहीनतालाई समाप्त पार्ने प्रतिबद्धतामा एउटा संवेदनशील प्रश्न उभ्याएको छ। द्वन्द्वकालीन समयमा मानवअधिकारको गम्भीर उल्लङ्घनमा सरिक भएका जनरल तोरणबहादुर सिंहलाई सरकारले बढुवा गर्ने निर्णय गर्नाले न्यायको सुनिश्चित गर्ने सवालमा अहम् प्रश्न तेर्स्याएको छ। विगतका मानवअधिकार उल्लङ्घनका घटनामा संलग्न कोही पनि सजायको भागीदार भएका छैनन्। "बरु यसको विपरीत जनआन्दोलन ०६२-०६३ मा कसुरदार ठहऱ्याइएका डिआइजी दुर्जकुमार राईलाई सम्मान दिने निर्णय सरकारले गऱ्यो। विभिन्न क्षेत्रबाट आलोचना भएपछि मात्र सरकारले सो सम्मान फिर्ता लिने घोषणा गरेको थियो"।[३६]

२.३.१ *दिगो शान्ति स्थापनामा बाधकः सशस्त्र समूह*

बृहत् शान्ति सम्झौता हुनुपूर्व नै तत्कालीन नेकपा माओवादीबाट अलग्गिएर जयकृष्ण गोइतले तराईलाई बैग्लै राज्य बनाउने भन्दै गठन गरेको जनतान्त्रिक तराई मुक्ति मोर्चाले तराईमा सशस्त्र आन्दोलन गर्ने घोषणा गरेयता तराईमा हिंसात्मक गतिविधि बढ्न थालेको तथ्याङ्कहरूबाट देखिन्छ।[३७] यसैगरी, पूर्वी पहाडका केही जिल्लामा जातीय राज्यको स्थापनाका नाममा केही समूह क्रियाशील रहँदै आएका छन्। तर, तराईमा जस्तो हिंसात्मक गतिविधि त्यहाँ देखिएको छैन।

पूर्वी पहाडका १४ जिल्लालाई किराँत स्वायत्त राज्य बनाउन भन्दै गतिविधि गरिरहेको किराँत जनवादी वर्कर्स पार्टीले यसै वर्ष खोटाडको नुनथला प्रहरी चौकीमा आक्रमण गऱ्यो। प्रहरी चौकीमा कार्यरत ११ प्रहरीलाई लखेटेपछि हतियार लुटेर भागेका वर्कर्सका कार्यकताले ती हतियार सुरक्षित राख्न सकेनन्। प्रहरीको सक्रियताका कारण केही दिनपछि लुटिएका हतियार फेला परे भने उनीहरूले नै जम्मा गरेका केही हतियारसमेत प्रहरीले कब्जामा लियो। काठमाडौँले संविधान जारी नगरे आफैँ संविधान जारी गर्ने धम्की दिएको किराँत जनवादी वर्कर्स पार्टी अहिले साङ्गठनिकरूपमा कमजोर भएको छ। "पूर्वी पहाडमा सक्रिय देखिएका आधा दर्जन समूहमध्ये किराँत जनवादी पार्टी अलि ठूलो मानिन्छ।"[३८] किराँत जनवादी पार्टी र अन्य सशस्त्र समूहले गरेका गतिविधि त्यति साह्रो हिंसात्मक नभए पनि चन्दा आतङ्कका कारण त्रास फैलाउन सफल भयो। तर, "लामो समयदेखि फुट, अन्तर्घातका कारण उनीहरूको शैन्य शक्तिमात्र छिन्नभिन्न मात्र भएन, साङ्गठनिक आधारसमेत ध्वस्त भएको छ"।[३९] सरकारले लागू गरेको विशेष सुरक्षा योजनाले सशस्त्र समूहका गतिविधिलाई कम गर्न सघायो। प्रहरीको व्यापक परिचालन भएपछि सशस्त्र समूहका गतिविधिमा कमी आएको छ। (हेर्नुहोस् परिच्छेद कार्यपालिका)

सुरक्षा सतर्कतालाई छिचोल्न नसकेका कारण अन्य समूहका गतिविधिहरू पनि तुलनात्मक रूपमा कम देखिए। तर, जनकपुर क्षेत्रमा वर्चस्व भएको राजन मुक्तिले नेतृत्व गरेको जनतान्त्रिक तराई मुक्ति मोर्चाले भने सो क्षेत्रमा व्यक्ति हत्या गर्ने कारबाहीलाई तीव्रता दिएको इन्सेकमा प्राप्त अभिलेखमा उल्लेख छ। *(हेर्नुहोस् अनुसूची-२)*

मधेशी जनताको मुक्तिका लागि क्रियाशील भएका भनिएका सशस्त्र समूहका गतिविधिबाट मधेशी जनता बढी पीडित भए। इन्सेकको अभिलेख अनुसार मधेशमा भएका हत्या तथा अपहरणको तथ्याङ्कलाई हेर्ने हो भने मधेसी समुदाय नै बढी परिमाणमा हिंसाको सिकार भएका छन्। तराईमा बढेको असुरक्षाबाट पहाडी मूलका मानिस विस्थापित हुने क्रम बढेको पाइन्छ। यो समस्या तराईका बारा, पर्सा, रौतहट, महोत्तरी, सर्लाही, धनुषा, सिराहा र सप्तरीमा बढी मात्रामा देखियो। तराईका सशस्त्र समूहहरूले सर्वसाधारण नागरिकसहित पेसाकर्मी, स्वास्थ्यकर्मी, व्यापारी, सरकारी कर्मचारी, गाविस सचिव, शिक्षकलगायतलाई आफ्नो निशाना बनाए।

---

३६. प्रतिबद्धता र वास्तविकता। इन्सेक, २०६७ पेज १९

३७. नेपाल मानवअधिकार वर्षपुस्तक २००५-२०१० का अनुसूची-१

३८. राई, दमन। सइन्द्र राई। 'कमजोर हुँदैछ सशस्त्र समूह'। *हिमाल खबरपत्रिका*। ०६७ असार १६-३१

३९. पूर्ववत

तराईका सशस्त्र समूहका मुख्य निशाना माओवादी कार्यकर्ता भइरहेको तथ्यहरूले देखाउन थालेको छ। इन्सेकको अभिलेखमा यस वर्ष सशस्त्र समूहबाट मारिने माओवादी कार्यकर्ताको सङ्ख्या १५ पुगेको छ। माओवादी कार्यकर्तालाई निशाना साँध्न थालिएपछि मधेशमा क्रियाशील माओवादी कार्यकर्ता विस्थापित हुनुपर्ने अवस्थासमेत श्रृजना भयो। यो वर्ष बारा जिल्लामा मारिएका माओवादी कार्यकर्ताको हत्यामा संलग्न एकजना आरोपितले प्रहरीलाई दिएको बयानमा माओवादीले विगतमा गरेका ज्यादतीका प्रतिशोधमा माओवादी कार्यकर्ताको हत्या गरेको बताए।

३. प्रतिबद्धता र वास्तविकता

३.१ *बेपत्ता पारिएका नागरिकको सवाल*

पञ्चायतकालदेखि शुरु भएको नागरिक बेपत्ता पार्ने कार्य नेकपा माओवादी सशस्त्र द्वन्द्वको क्रममा झन बढेर गयो। यो क्रम अहिले पनि विभिन्न समूह तथा दलको नाममा जारी छ। बेपत्ता नागरिक छानबिनका लागि राजनीतिक वृत्तमा पटकपटक प्रतिवद्धता व्यक्त हुँदै आएका छन्। दलका प्रतिवद्धताहरू व्यवहारमा कार्यान्वयन हुन नसक्दा बेपत्ता नागरिक खोजीको विषय ओझेलमा परेको छ। एकीकृत माओवादी र सात राजनीतिक दलबीच भएको सातबुँदे सहमतिदेखि अन्तरिम संविधानसम्म भएका हरेक समझदारी तथा सम्झौतामा सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता पारिएका नागरिक छानबिन गर्ने विषय उल्लेख छ। विस्तृत शान्ति सम्झौतामा द्वन्द्वको समयमा राज्य र विद्रोही पक्षबाट बेपत्ता पारिएका नागरिकहरूको जानकारी ६० दिनभित्र सार्वजनिक गर्ने उल्लेख छ। तर, शान्ति सम्झौता भएको चार वर्ष पुग्न लाग्दा पनि बेपत्ता नागरिक पारिएका नागरिकको अवस्था सार्वजनिक गर्न नत राज्य पक्ष तयार देखिन्छ नत एकीकृत माओवादी नै।

बेपत्ता नागरिक सार्वजनिक गर्ने विषय राजनीतिक मुद्दासँग जोडेर राज्य र एकीकृत माओवादी एक अर्कालाई दोषारोपण गरी बेपत्ता नागरिक सार्वजनिक गर्नबाट पछि हटिरहेका छन्। यसरी राजनीतिक खिचातानीका कारण बेपत्ता नागरिक खोजीको विषय किनारामा परेको छ। अन्य मानवअधिकार उल्लङ्घनका घटनाभन्दा बेपत्ता नागरिकको पीडा कहालीलाग्दो हुन्छ। बेपत्ता नागरिक खोजीको लागि उनीहरूका परिवारले हजारौँपटक गुहार गर्दा पनि सरकार र राजनीतिक दल संवेदनहीन भएका छन्। विस्तृत शान्ति सम्झौतामा बेपत्ता नागरिकको छानबिन गर्न आयोग बनाउने उल्लेख भएअनुसार सरकारले बेपत्ता नागरिकहरूको छानबिन र तथ्य पत्ता लगाउने गरी 'व्यक्ति बेपत्ता पार्ने (कसुर र सजाय) विधेयक व्यवस्थापिका संसद्मा पेश गऱ्यो। तर, लगातारको संसद् अवरोध र दलहरूको इच्छाशक्तिको अभावमा विधेयक पारित हुन सकेन। प्रस्तावित विधेयकमा '२०५२ फागुन १ गतेदेखि २०६३ मङ्सिर ५ गतेसम्म भएको सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता पारिएका, भएका र त्यस्तो कार्यमा संलग्न व्यक्तिहरूबारे छानबिन गर्न उच्चस्तरीय आयोग गठन गर्ने उल्लेख गरिएको छ। शान्ति सम्झौताको बुँदा ५.२.३ मा दुवै पक्षद्वारा बेपत्ता पारिएका व्यक्तिहरूको तथा युद्धको समयमा मारिएकाहरूको वास्तविक नाम, थर र घरको ठेगाना सम्झौता भएको मितिले ६० दिनभित्र सूचनाहरू सार्वजनिक गरी परिवारजनलाई समेत जानकारी उपलब्ध गराउन मञ्जुर गर्दछन् भनी उल्लेख छ। यसैगरी सोही सम्झौताको बुँदा ७.३.२ मा दुवै पक्षले व्यक्तिगत स्वतन्त्रता तथा सुरक्षाको सम्मान गर्दै कुनै पनि व्यक्तिलाई जबरजस्ती वा गैर कानूनी थुनामा, अपहरण वा बन्धक नराख्ने प्रतिबद्धता गर्दछन्। दुवै पक्षले जर्बजस्ती एवम् अनिच्छापूर्वक बेपत्ता तथा नियन्त्रणमा राखिएका व्यक्तिहरू, निजको परिवार वा कानूनी सल्लाहकार र अरु आधिकारिक व्यक्तिहरूलाई जानकारी प्रदान गर्ने सहमति गर्दछन् भनेर उल्लेख छ। तर, निरन्तरको सरकारी प्रतिवद्धता एवम् आश्वासनको बाबजुद अझै पनि बेपत्तासम्बन्धी आयोग गठन हुन सकेको छैन।

३.२ *सत्य निरूपण तथा मेलमिलाप आयोग*

विस्तृत शान्ति सम्झौताको बुँदा नम्बर ५.२.५ दुवै पक्ष सशस्त्र द्वन्द्वका क्रममा मानवअधिकारको गम्भीर उल्लङ्घन गर्ने मानवता विरूद्धको अपराधमा संलग्नहरूका बारेमा सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न आपसी सहमतिबाट उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोगको गठन गर्न सहमत छन् भनेर उल्लेख गरिएको छ। सशस्त्र द्वन्द्वको विधिवत अन्त्य गर्ने विस्तृत शान्ति सम्झौताको महत्वपूर्ण अङ्गका रूपमा सत्य निरूपण तथा मेलमिलाप आयोगलाई लिइएको थियो। सत्य निरुपण तथा मेलमिलाप आयोग सशस्त्र द्वन्द्वका कारण पीडित भएकाहरूको ठूलो आशाको केन्द्रमात्र होइन गल्ती गर्नेहरूले दण्डित हुन्छन् भन्ने थियो। तर, विगत चार वर्षदेखि उठेको सत्य निरूपण तथा मेलमिलाप आयोगको विषय अझै ओझेलमै परेको छ। माओवादी द्वन्द्वका बेला भएका मानवअधिकार उल्लङ्घनका

घटनाको सत्यतथ्य पत्ता लगाउन बनेको विधेयक यही वर्ष शान्ति तथा पुर्ननिर्माण मन्त्रालयले व्यवस्थापिका संसदमा दर्ता गऱ्यो। तर, नियमित अवरोध भएको व्यवस्थापिका संसदमा यो विषयले प्रवेश नै पाएन।

३.३ *सहमतिको कार्यान्वयनमा उदासिनता*

आत्मनिर्णय तथा पहिचानको माग गर्दै विभिन्न जनजाति समूहले विभिन्न मितिमा आन्दोलनमार्फत अघि सारेका मागहरूलाई सम्बोधन गर्दै गरिएका सहमति समयान्तरमा लत्याउने गरिएको देखियो। एकीकृत माओवादी वाईसीएलको अर्धसैनिक संरचना र कार्यशैली पूर्णरूपमा समाप्त गरी त्यसको नियन्त्रणमा रहेका सार्वजनिक, सरकारी तथा निजी भवन र जग्गा १५ दिनभित्र खाली गरी सम्बन्धित पक्षलाई फिर्ता गर्ने भनिएको थियो। तर, प्रतिवद्धतालाई व्यवहारमा उतार्न एकीकृत माओवादी नेतृत्वले तत्परता देखाएन। सरकारले हलिया मुक्तिको घोषणा गरे पनि घोषणा विगतमा कमैया मुक्तिको घोषणा गरिएझैं कानुन नै नबनाई गरिएकाले सम्झौताको प्रभावकारी कार्यान्वयन हुन सकेन। ०५७ सालमा मुक्तिको घोषणापछि जमिन्दारबाट अलग भएका कैयौं तत्कालीन कमैया अझै पुर्नस्थापित हुन सकेका छैनन्। उनीहरूको दीर्घकालीन व्यवस्थाका लागि राज्यले आफ्नो दायित्व बहन नगरेका कारण पूर्वकमैया अझैं पनि आन्दोलनरत छन्। नेपाल सरकार र एकीकृत माओवादीबीच ०६४ पुस ८ गते सम्पन्न २३ बुँदे सम्झौताको ९ नम्बर बुँदामा पनि द्वन्द्वका क्रममा हालसम्म एकीकृत माओवादीद्वारा कब्जा गरिएका निजी तथा सार्वजनिक घरजग्गा, जमिन एक महिनाभित्र सम्बन्धित व्यक्ति तथा निकायहरूलाई फिर्ता गर्ने सहमति भएको थियो। तर, उक्त सहमति यो वर्ष पनि कार्यान्वयन हुन सकेन।

३.४ *आन्तरिक विस्थापनका समस्या*

तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (माओवादी) र सात राजनीतिक दलबीच २०६२ साल मङ्सिर ७ गते भएको १२ बुँदे समझदारी पत्रमा आन्तरिक रूपमा विस्थापितहरूका बारेमा बुँदा नं. ५ नेकपा (माओवादी) ले सशस्त्र द्वन्द्वको क्रममा विस्थापित हुन पुगेका अन्य लोकतान्त्रिक पार्टीका नेता, कार्यकर्ता र जनतालाई यथास्थानमा फर्केर ससम्मान बसोबास गर्ने, उनीहरूको अन्यायपूर्ण तरिकाबाट कब्जा गरिएका घरजग्गा सम्पत्ति फिर्ता गर्ने र उनीहरूलाई निर्वाध ढङ्गले राजनीतिक गतिविधि गर्न पाउने वातावरण तयार गर्ने प्रतिवद्धता व्यक्त गरिएको छ। विस्तृत शान्ति सम्झौताको बुँदा नम्बर ५.२.४ मा भनिएको छ: दुवै पक्ष सशस्त्र द्वन्द्वबाट उत्पन्न विषम परिस्थितिलाई सामान्यीकरण गर्दै समाजमा शान्ति कायम गराउन तथा युद्धबाट पीडित र विस्थापित व्यक्तिहरूको लागि राहत कार्य र पुर्नस्थापन गराउन राष्ट्रिय शान्ति तथा पुर्नस्थापना आयोग गठन गर्न र त्यससमार्फत् यससम्बन्धी काम अगाडि बढाउन सहमत छन् भनेर उल्लेख गरिएको भए पनि यससम्बन्धमा कुनै प्रगति भएन। पछिल्लो समयमा शान्ति एवम् पुर्ननिर्माण मन्त्रालय, संयुक्त राष्ट्रसङ्घका एजेन्सीहरू र गैरसरकारी संस्थाहरूले गरेको अनुमान अनुसार "नेपालभर ५० हजारदेखि ७० हजार मान्छेहरू अझै विस्थापितका रूपमा"[30] रहेका छन्। विस्थापित अझै पनि थातथलोमा फर्कन नपाएको प्रतिवेदनहरू सार्वजनिक भइरहँदा माओवादीले विस्थापित भएका मानिसहरूलाई घर फर्कन कुनै समस्या नभएको बतायो। तर, विस्थापित भएको मानिस घर फर्कंदा उसको जायजेथा अर्कैले प्रयोग गरिरहेको वा बेचिसकिएको हुनसक्ने धेरै विस्थापितहरूले बताए। आन्तरिक विस्थापित व्यक्तिहरू आफ्नो गृहक्षेत्रमा विविध कारणवश: फर्किन चाहँदैनन् र अहिले बस्दै आएको ठाउँमा नै बस्न चाहन्छन्। तर, राज्यको सहयोग आफ्नै थातथलोमा फर्किएकाहरूलाई मात्र केन्द्रित छ। सशस्त्र द्वन्द्वको अन्त्यपश्चात् कुनै पनि विस्थापित हरूको नाम दर्ता गरिएको छैन। सरकारले द्वन्द्वकालमा विस्थापित भएकाहरूलाई मात्र आन्तरिक विस्थापित वर्गमा मान्यता दिएको छ। यद्यपि, 'अहिलेका दिनहरूमा विस्थापितहरूको समस्या तराईमा बढिरहे तापनि सरकारले उनीहरूलाई आन्तरिक विस्थापितको रूपमा मान्यता नदिएका कारणले कुनै पनि सुरक्षा वा सहयोग पाउन सकेका छैनन्।'[31]

३.५ *ओझेलमा संविधान निर्माणको कार्य*

गएको वर्ष झैं यो वर्ष पनि संविधानसभा राजनीतिक दलका शीर्ष नेताको उपेक्षामा पऱ्यो। तर, विषयगत समितिका सदस्यहरूको सक्रियतामा विषयगत समितिका अवधारणा तथा प्रारम्भिक मस्यौदा प्रतिवेदनमा संविधानसभाको बैठकमा व्यापक छलफल

30. 'प्रतिबद्धता र वास्तविकता' इन्सेक, २०६७ पृष्ठ १७
31. 'प्रतिबद्धता र वास्तविकता' इन्सेक, २०६७ पृष्ठ २०

भए। यी महत्वपूर्ण छलफल तथा बैठकहरूमा प्रमुख दलका सभापति र अध्यक्षले एक दिन पनि समय दिएनन्। अस्वस्थताका कारण गत वर्ष झैं नेपाली काङ्ग्रेसका तत्कालीन सभापति गिरिजाप्रसाद कोइराला संविधानसभाका बैठकहरूमा सहभागी हुन सकेनन्। संविधानसभाको ठूलो दल एकीकृत माओवादीका अध्यक्ष पुष्पकमल दाहालले पनि एकदिन पनि विषयगत समितिका बैठकमा उपस्थिति जनाएनन्। माओवादी शीर्ष नेतामध्ये सबैभन्दा बढी समय डा. बाबुराम भट्टराईले दिए। उनी हरेकजसो छलफलमा सहभागी भए। नेकपा एमालेका अध्यक्ष झलनाथ खनाल र प्रधानमन्त्री माधवकुमार नेपाल कुनै पनि बैठकमा सहभागी भएनन्। संविधानसभाले संविधान बनाएका अधिकांश मुलुकमा त्यहाँका मुख्य दलका शीर्ष नेताहरू संविधानसभाका छलफलहरूमा भाग लिने गरेको उदाहरणहरू पढ्न पाइन्छ।[३७] संविधानसभाका बैठकहरूमा नेताहरूको न्यून उपस्थितिलाई हेर्दा लाग्छ उनीहरू संविधान निर्माणका लागि उत्साहित छैनन्।

मधेशवादी दलका शीर्ष नेताहरूले पनि संविधानसभालाई आफ्नो प्राथमिकतामा राखेको पाइएन। मधेशी जनाधिकार फोरमका दुवै खेमा र तराई मधेश लोकतान्त्रिक पार्टीका शीर्ष नेताहरूले विषयगत समितिका प्रतिवेदनमा आफ्ना मत राखेनन्। संविधान निर्माणमा शीर्ष र नाम चलेकाभन्दा कनिष्ट सभासद्हरू नियमित उपस्थिति भएर बलिया तर्क पेश गरे। तर, उनीहरू विवादित गाँठो फुकाउने हैसियत राख्दैनथे। फलस्वरूप, समितिका प्रतिवेदन विवादका सङ्ग्रह मात्रै बने।

३.६ *संविधानसभामा विवादका प्रमुख विषयहरू*

(क) संविधानसभामा देखिएको पहिलो विवाद थियो- १८ वर्ष पुगेका प्रत्येक नागरिकले अनिवार्य सैनिक तालिम लिनुपर्ने र राष्ट्रले आह्वान गर्दा सैन्य सेवामा जानुपर्ने राष्ट्रिय हित संरक्षण समितिको प्रस्ताव एकीकृत माओवादीका अमिक शेरचन सभापति रहेको समितिले पारित गरेको यो प्रस्तावलाई धेरैले उत्तर कोरिया बनाउने प्रयासका रूपमा लिए। यो प्रस्तावका पछाडि २००७ सालका जनमुक्ति सेनालाई जस्तै माओवादी लडाकुलाई नेपाली सेना र प्रहरीका हुलमुलमा प्रवेश गराउने माओवादी नियत हुनसक्छ। सो समितिको प्रतिवेदनमा भनिएको छ "राज्यले माओवादी जनमुक्ति सेनालाई राजनीतिक एवम् सम्वद्ध पक्षको सहमतिमा लडाकुको रोजाइ तथा गुणस्तरको आधारमा सुरक्षाको विभिन्न निकायमा समायोजन तथा समाज पुर्नस्थापना गरी यो मानव स्रोतलाई राष्ट्रिय सुरक्षा र निकायमा परिचालन गर्नु उपयुक्त हुन्छ।"

(ख) विषयगत समितिले मस्यौदा प्रतिवेदन तयार गर्दै जाने क्रममा संविधानसभामा खास गरेर एकीकृत माओवादी नेतृत्वका समितिहरूबाट सोच्दै नसोचिएको विवाद पनि सृजना गरिए। यससँगै अन्य दलले लोकतन्त्रप्रति माओवादीको प्रतिबद्धतामा प्रश्न उठाउन थाले। न्यायप्रणालीसम्बन्धी समितिबाट सर्वोच्च अदालतको प्रधानन्यायाधीश अदालत बाहिरबाट ल्याउन सकिने, न्यायाधीशको नियुक्ति संसदबाट गर्ने र संविधानको व्याख्या संसदले गर्ने विवादास्पद प्रस्ताव बलजफ्ती पारित भयो। नेपाली काङ्ग्रेसका सभासद्हरू 'लोकतन्त्र पराजित' भएको भन्दै समितिको बैठक बहिष्कार गरेर हिँडे। सर्वोच्च अदालतले परमानन्द झाको उपराष्ट्रपति पद निष्क्रिय पारिदिएको झोँकमा मेधशवादी दलहरूले समेत माओवादीको उक्त प्रस्तावको समर्थन गरेका थिए।

(ग) जनयुद्धलाई संविधानमा लिपिबद्ध गराउने माओवादीको प्रयाससँग जोडिएको विवादले संविधानसभामा चर्काचर्कीको रूप लियो। संविधानसभा र सांस्कृतिक ऐक्यबद्धताको आधार निर्धारण समितिको २४ जेठ ०६६ को बैठक नेपालको सामाजिक र सांस्कृतिक परिवर्तनमा विगतमा भएका आन्दोलनहरूको भूमिकाबारे चर्चा भइरहेका बेला एमालेका एकजना सभासद् माओवादीले एक दशकसम्म लुटपाट, हत्या, भौतिक संरचनाको विनाश गरेको कार्यलाई जनयुद्ध मान्न नसकिने बताए। लगत्तै माओवादी सभासद्हरू काङ्ग्रेस र एमालेलाई हत्यारा भन्न थाले। हात हालाहालको स्थितिमा भएको मतदानमा 'जनयुद्ध' अस्वीकृत तर, 'मधेश आन्दोलन' स्वीकृत भयो।

(घ) एकीकृत माओवादीले ल्याएका सम्पतिमा हदबन्दी लगाउने प्रस्तावले संविधानसभामा असहमतिको

३७. पन्त, सुशील किन बनेन संविधान। *हिमाल खबरपत्रिका*। ०६६ फागुन १-१५: पृ. २१

दायर अझै फराकिलो पारिदियो। सम्पत्तिको अधिकारमाथि संविधानबाटै प्रतिबन्ध लगाउने विषयलाई अन्य दलले मौलिक अधिकारमाथि प्रतिबन्ध लगाउने अधिनायकवादी दुष्प्रयास माने। त्यसमाथि माओवादीले भूमिसुधार गर्दा जमिन्दारलाई मुआव्जा दिनुपर्ने प्रस्ताव पनि बलजफ्ती पारित गरायो। यो विषयले संविधान निर्माणमा अर्को अविश्वास जन्मायो।

(ङ) एकीकृत माओवादीले प्रस्ताव गरेको जनताबाट प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतीय प्रणाली राष्ट्रपतिकै अध्यक्षतामा सहमतीय सरकार र प्रतिपक्षीविहीन व्यवस्थापिकाको प्रस्तावले अन्य दलहरूमा रहेको आशङ्कालाई अझ बाक्लो बनाइदियो। माओवादीको यस्तो परिकल्पना एकदलीय अधिनायकवादी चिन्तनको उपज भएको गैरमाओवादीले पेश गरेको 'राष्ट्रघाती, विदेशीको दलाली गर्ने र प्रतिगमनकारी दललाई प्रतिबन्ध लगाउनुपर्ने' प्रस्तावले जनायो। यसको प्रतिकार गर्न काङ्ग्रेसले हिंसाको बलमा राज्य कब्जा गर्न खोज्ने र सैन्य संयन्त्र राख्ने दललाई प्रतिबन्ध लगाउनुपर्ने प्रस्ताव ल्यायो।

(च) राज्य पुर्नसंरचना आयोगको सिफारिसमा टुङ्गो लगाउनुपर्ने विषयमा दलहरूले मतदानको उपाय लागू गरिरहँदा मधेशवादी दलले मधेशलाई टुक्याउने षडयन्त्र भएको भन्दै संविधानसभाको औचित्य माथि नै प्रश्न उठाए। सङ्घीयतामा चित्त नबुझे प्रदेशले केन्द्रसँग छुट्टिन पाउनुपर्ने आत्मनिर्णयको अधिकारसम्बन्धी विवाद जारी नै छ। केन्द्रले अधिकार नदिए छुट्टिन पाउने कुरालाई संविधानमा सुनिश्चित गर्नुपर्ने एकीकृत माओवादी प्रस्तावमा काङ्ग्रेस, एमालेलगायतका दलले कदापि सम्भव नहुने अडान लिए। राजनीतिक अग्राधिकार विवादको अर्को विषय बन्यो। बहुमतमा भएका पिछडिएका जातिलाई अग्राधिकार दिइनुपर्ने (जस्तो ताम्सालिङ राज्यमा तामाङ मुख्यमन्त्री हुने) प्रस्ताव माओवादीले राख्यो। बहुदलीय राजनीतिक प्रणालीमा कुनै जाति विशेषलाई अग्राधिकार दिएर नयाँ राजा जन्माउन मञ्जुर नहुने अडान काङ्ग्रेस, एमालेले राखे। यो विषय आगामी दिनमा झनै चर्किने देखिन्छ। संविधान निर्माणको दौरानमा एकीकृत माओवादीले राष्ट्रिय झण्डालाई समेत विवादको विषय बनायो। तर, जनस्तरमा समेत यसको व्यापक विरोध भयो।

४. सकारात्मक पहल

४.१ उच्चस्तरीय कार्यदल गठन

थपिएको अवधिको चार महिनाभन्दा बढी समय बित्न लागेपछि राजनीतिक दलका नेताहरूले संविधानसभामा थाती रहेका विवाद सुल्झाउन उच्चस्तरीय कार्यदल गठन गर्ने निर्णय गरे। दलहरूबीच सेना समायोजन पहिला कि संविधान लेखन भन्ने विवाद देखिनासाथ संविधान निर्माणको काममा गतिरोध आयो। दलहरूका असहमतिका विषयहरू बढ्दै जाँदा संविधान नबन्ने खतराबाट जोगाउन उच्चस्तरीय कार्यदलको आवश्यकता राजनीतिक दलहरूले महसुस गरे। जेठ १४ गते पुर्नजीवन पाएको संविधानसभाले गति लिन नसक्दा संविधान निर्माणको जनअपेक्षामा तुषारापात हुने खतरा बढ्यो। संविधानसभाको म्याद थप्न सहमत भएका राजनीतिक दलहरूलाई म्याद थपिएको भोलिपल्टै सत्ताको विषय प्रधान बन्यो। यो वर्ष संविधानसभाको बैठकहरू विरलै बसे। संविधानसभा व्यवस्थापिका संसदको छायाँमा परिरह्यो। ८० प्रतिशत काम सकिएको र प्रमुख राजनीतिक दलहरू विवादका बारेमा एक ठाउँमा बस्ने हो भने बाँकी रहेको समयमा संविधान जारी गर्न सकिने बारेमा संवैधानिक समितिका सभापति नीलाम्बर आचार्यले बताइरहँदा यस सम्बन्धमा खासै प्रगति हुन सकेन। संविधान निर्माणको यो गतिलाई हेर्दा थपिएको एक वर्षको समय पनि खेर जाने छाँट देखिँदैछ। प्रधानमन्त्री माधवकुमार नेपालको राजीनामा नआएका कारण संविधान लेखनमा समस्या आएको माओवादीले बतायो। एक साक्षात्कारमा माओवादी नेता देवप्रसाद गुरूङले भने 'प्रधानमन्त्री माधवकुमार नेपालको राजीनामा आयो र राष्ट्रिय सहमतिको सरकार बन्यो भने संविधानसभाको गतिरोध खुल्छ र संविधान निर्माणको काम स्वत: अगाडि बढ्छ, नत्र एक वर्षमा पनि बन्दैन।[33]

फरक वैचारिक पृष्ठभूमिमा दलहरूबीच संविधान निर्माणमा केही सैद्धान्तिक र व्यवहारिक असहमति छन्। भावी संविधानमा अँगालिने लोकतन्त्रका आधारभूत सिद्धान्तमा पनि जटिलता र विवाद छन्। अग्रगामी परिवर्तन चाहने र यथास्थितिवादीबीचको

33. पन्त, सुशील। 'किन बनेन संविधान'। *हिमाल खबरपत्रिका*। ०६७ असार १-१५: पृ. ???

टकरावलाई संविधानको गतिरोधको खास कारण एकीकृत माओवादीले ठान्यो। तर, संवैधानिक प्रक्रियाका जानकारहरूले "संविधान लेखनअघि तय हुनुपर्ने संविधानका आधारभूत सिद्धान्तमै सहमति नबनेकाले संविधानसभा गतिरोधमा फसेको बताए"।[३४]

संविधानसभाको एकमात्र जिम्मेवारी संविधानको निर्माण गर्नु हो। संसदीय व्यवस्थामा संसदको प्रमुख जिम्मेवारी सरकार गठन गर्न सकेन। तर, राजनीतिक अकर्मण्यताका कारण संविधानसभा र संसद आफ्नो स्वभाविक कार्य वा गुण प्रदर्शन गर्नु हो।

संविधानसभाका विवादित रहेका विषयहरू समाधान गर्ने उद्देश्यका साथ उच्चस्तरीय कार्यदल गठन गर्न राजनीतिक दलहरूले सहमति जनाए। माओवादी अध्यक्ष प्रचण्डको संयोजकत्वमा गठित उच्चस्तरीय समितिले संविधानसभाका सयभन्दा बढी विवादहरू मिलाएको भनिए पनि "एकीकृत मस्यौदा तयार पार्ने जिम्मेवारी पाएको संवैधानिक समितिलाई पङ्गु सावित गर्न थपिएको समयावधिको संवेदनशीलताको समेत कुनै परवाह नगरी संविधानसभाको औचित्य र सक्षमतामाथि नै प्रश्न उठ्ने गरी उच्चस्तरीय कार्यदल गठन गरियो"।[३५]

संविधानले परिकल्पना गरेको संवैधानिक समितिलाई छलेर गठन गरिएको उच्चस्तरीय कार्यदलको कार्यक्षेत्रका बारेमा संवैधानिक समितिका सभापति नीलाम्बर आचार्यले सार्वजनिक रूपमै विरोध जनाए। हरेक दिनजसो बैठक गर्ने उच्चस्तरीय कार्यदलले धेरैजसो विवाद मिलाएको दावी गरे पनि संविधानका कतिपय महत्वपूर्ण विषयहरू जस्तै राज्यको शासकीय स्वरूप र सङ्घीयताको ढाँचाका बारेमा सिन्को पनि भाँचेन। माओवादी पार्टीभित्रकै खिचातानीका कारण कार्यदलको म्याद थप्न असहमत देखिएको माओवादी बहुलवाद नस्वीकार्ने पक्षमा दृढ भएर उभियो।

४.२ *माओवादीका अयोग्य प्रमाणित लडाकुको बहिर्गमन*

गएको वर्ष एकीकृत माओवादी र सरकारबीच हस्ताक्षर भई यो वर्षको शुरूसँगै प्रक्रिया थालिएको अयोग्य माओवादी लडाकुको बहिर्गमनको विषय यो वर्षको महत्वपूर्ण उपलब्धिमूलक कार्यको रूपमा रह्यो। यो प्रक्रियाअन्तर्गत अनमिनले अयोग्य ठहऱ्याएका ४ हजार ८ जनामध्ये बिदाइ कार्यक्रममा उपस्थित २ हजार ३ सय ८५ जना माओवादी लडाकुको बिदाइ भयो। अयोग्य ठहरिएका मध्ये २ हजार ४ सय १५ लडाकुहरू बिदाइ समारोहमा उपस्थित भएनन्। बिदाइ समारोहमा अनुपस्थित रहेका लडाकुहरू कहाँ गए भन्ने सम्बन्धमा नत सरकारले चासो देखायो, नत अनमिन बोल्यो नत माओवादीले यस सम्बन्धमा केही बोल्नुपर्ने आवश्यकता देख्यो। शुरूबातमा बहिर्गमन प्रक्रियाप्रति

संविधानसभाले सम्पन्न गरेका कामहरू

- संविधानसभा कार्य सञ्चालन नियमावली पारित।
- ११ विषयगत र तीन प्रक्रियागत समिति गठन।
- नयाँ संविधानका विषयवस्तुबारे नागरिकसँग अन्तरक्रिया।
- विषयगत समितिद्वारा नयाँ संविधानको अवधारणापत्र तयार।
- अवधारणा पत्र र प्रारम्भिक मस्यौदामाथि संविधानसभामा छलफल।
- तीनओटा प्रतिवेदन पारित।

संविधानसभाले सम्पन्न गर्न बाँकी कामहरू

- विषयगत समितिका आठओटा मस्यौदा, सुझाव र निर्देशनसहित पारित गर्ने।
- विषयगत समितिका सुझाव र निर्देशनका आधारमा संवैधानिक समितिले एकीकृत मस्यौदा तयार गर्ने।
- पहिलो मस्यौमदामाथि संविधानसभामा सैद्धान्तिक छलफल र राजपत्रमा प्रकाशित गर्ने।
- पहिलो मस्यौदामा नागरिक सुझाव लिने।
- जनताको सुझावका आधारमा मस्यौदा परिमार्जन गरी संविधानको विधेयक तयार गर्ने।
- सभासद्हरूद्वारा विधेयक संशोधन हाल्ने र प्रत्येक दफा छलफलसहित पारित गर्ने।
- पारित संविधानमा सबै सदस्यले हस्ताक्षर गर्ने, अध्यक्षले प्रमाणीकरण गर्ने र राष्ट्रपतिले संविधान जारी गर्ने।

स्रोत- हिमालखबर पत्रिका

३४. पूर्ववत्

३५. भट्टराई टिकाराम। 'अर्थहीन श्रृङ्खलाहरू'। *कान्तिपुर*। ०६६ पुस १२: पृ. ७

चित्त नबुझाएका अयोग्य लडाकुहरूको समाजमा पुनर्स्थापनाको प्रश्नले प्रशस्त ठाउँहरू पाए। कतिपय लडाकुहरूको अन्य समूहमा प्रवेश भएको कुरा पनि बाहिर आए। "लामो समयसम्म जनयुद्धमा समय दिएका अयोग्यहरूले आफूलाई पार्टीले बेवास्ता गरेको गुनासो पोखे।"[३६] शान्ति सम्झौता लगत्तै भर्ना गरिएका धेरै जसो लडाकुहरू अयोग्य साबित भएका थिए। समायोजनपछि राष्ट्रिय सेना हुने नभए पार्टीले राम्रो व्यवस्था गर्ने आशामा रहेको उनीहरूमध्ये कतिपय बहिर्गमनपछि आफ्नो भविष्यप्रति सुनिश्चित हुन सकेनन्। सरकारले विभिन्न दातृ निकायको सहयोगमा अयोग्य लडाकुको सामाजिकीकरणका लागि आवश्यक प्याकेजको घोषणा गरे पनि लडाकुहरू त्यसप्रति आकर्षित देखिएनन्। अयोग्य ठहरिएका लडाकुहरूका लागि शिक्षा, नयाँ उद्यमका लागि सीप, स्वास्थ्य सेवा रोजगार तालिमलगायतका प्याकेजका बारेमा माओवादी लडाकु अनविज्ञ देखिए। "सरकारी सहयोग बहिष्कार गर्न लगाएको माओवादीले उनीहरूको समाजमा पुर्नस्थापनाभन्दा आफ्नो अर्धसैनिक दस्ता वाईसीएलमा संलग्न गराउने सोच"[३७] हावी भएका कारण पुर्नस्थापनाको प्याकेजका बारेमा अयोग्य लडाकुलाई माओवादीले जानकारी नै गराएन। सरकार तथा विभिन्न दातृ निकायले सञ्चारमाध्यमबाट पटक-पटक अयोग्य लडाकुलाई दिइएको प्याकेजका बारेमा जानकारी गराएको भए पनि धेरैजसोले यो सुविधा लिनबाट वञ्चित हुने थिएन। माओवादी विद्रोहमा जनसेना भएका बैतडीका नरेन्द्रसिंह धामीसँग कैलालीको तालबन्दस्थित लडाकुको सातौँ डिभिजनबाट बाहिरिँदा २२ हजार रूपियाँ बाटो खर्चबाहेक अयोग्यताको परिचय र अन्यौल भविष्य मात्रै थियो। उनी भन्दै थिए '१० वर्ष लडाइँमा बितायौँ, अब घर फर्केर के गर्ने ? बाँकी जीवन कसरी बिताउने ? उनको यो प्रश्न अधिकांश त्यस्ता लडाकुहरू सङ्गतपूर्ण हुन्छन्।'[३८]

५. अनमिन पछिको शान्ति प्रक्रिया

नेपालका लागि संयुक्त राष्ट्रसङ्घीय मिसन (अनमिन) को म्याद नथप्ने निर्णयमा रहेको सरकार र म्याद नथप्दा शान्ति प्रक्रियालाई अप्ठेरो हुने माओवादी अडानकाबीच अनमिनको भविष्यमाथिको अन्यौल कायम रह्यो। संविधानको धारा १४७ मा माओवादी सेना र हतियार व्यवस्थापन र अनुगमनसम्बन्धी अन्य व्यवस्था नेपाल सरकार र नेकपा (माओवादी)बीच सम्पन्न २०६३ साल मङ्सिर ५ गतेको 'विस्तृत शान्ति सम्झौता र २०६३ साल मङ्सिर २२ गतेको 'सेना र हतियार व्यवस्थापनको अनुगमन सम्बन्धी सम्झौता पत्रमा उल्लेख भए बमोजिम हुने भनी उल्लेख गरिएअनुसार नेपालको शान्ति प्रक्रियालाई सघाउन अनमिनको स्थापना भएको थियो।

अनमिनको बहिर्गमनसँगै माओवादी लडाकुको रेखदेख, समायोजन र पुर्नस्थापनासम्बन्धी काम माओवादी सेना समायोजन विशेष समिति र त्यस मातहतको सचिवालयले गर्ने सरकारले बतायो। अनमिनको बहिर्गमन पछि नेपालको शान्तिप्रक्रियाको दिशा के हुने भन्नेमा विभिन्न विचारहरू सार्वजनिक भए। विदेशी राष्ट्रका राजदूत र कुटनीतिज्ञले अनमिनको बहिर्गमन पछिको नेपाली शान्तिप्रक्रिया के हुने भन्ने बारेमा प्रधानमन्त्रीलाई भेटेर चासो देखाए।

अनमिनलाई नेपालमा बोलाउने सरकार र माओवादीबीच ०६३ साल मङ्सिरमा भएको सम्झौता अनुसार नेपालमा अनमिनको स्थापना ०६३ माघ ९ गते भएको थियो। अनमिनलाई युद्धविराम आचारसंहिताको अनुगमन, संविधानसभा निर्वाचनको अनुगमन र निष्पक्षरूपमा सञ्चालन यस कार्यका लागि निर्वाचन आयोगलाई सहयोग गर्ने लगायतका जिम्मेवारी थियो। अनमिनलाई दिइएको ती जिम्मेवारी यसअघि नै पूरा भइसकेका थिए। अन्य जिम्मेवारीमा नेपाली सेना र माओवादी सेनाका लडाकु तथा तिनका हतियारको व्यवस्थापनको अनुगमन गर्ने र संयुक्त अनुगमन समिति (जेएमसीसी) मार्फत सम्झौता कार्यान्वयनको लागि दलहरूलाई सहयोग जिम्मेवारी पनि थियो।

प्रधानमन्त्री माधवकुमार नेपालले गत भदौमा पारित 'माओवादी सेनाका लडाकुहरूको रेखदेख, नियन्त्रण, निर्देशन प्रक्रिया र आचारसंहितासम्बन्धी निर्देशिका ०६७ मार्फत' माओवादी लडाकुको अनुगमन गरिने र त्यसले नसमेट्ने विषयमा छुट्टै व्यवस्था गर्ने

---

३६. रामेश्वर बोहोरा, विकल्प छन् लिन आउ। हिमाल खबरपत्रिका। ०६६ फागुन १-१५

३७. पूर्ववत्

३८. पूर्ववत्

३९. अधिकारी, सरोज। 'शान्तिप्रक्रिया र सुरक्षा परिषद्'। *कान्तिपुर*। ०६७ पुस १२: पृ. ७

बताएका थिए।[३९] निर्देशिकामा माओवादी लडाकुको अनुगमनको विषयमात्रै समेटिएको थियो। नेपाली सेनाको अनुगमनको विषय यसमा उल्लेख छैन। नेपाली सेनालाई अनुगमन बाहिर राख्दा शान्ति सम्झौता भङ्ग हुने माओवादीले बतायो। अनमिनको उपस्थितिसँगै माओवादी सेनाका लडाकु र नेपाली सेनाको छाउनीस्थित व्यारेकको अनुगमन शुरू गरिएकोमा नेपाली सेनाको अनुगमन नगरिने विषयमा उसले विरोध जनायो।

माओवादी लडाकुका हतियारको अनुगमनको मुख्य जिम्मेवारी पाएको अनमिन बेला बेलामा विवादित भयो। माओवादी लडाकुले शिविर बाहिर गरेका सबैजसो गतिविधिमा मुकदर्शक मात्र भएन, उसले आफ्नो जिम्मेवारी हतियार अनुगमन मात्रै भएको बतायो। "नेपालमा अनमिनको कार्यकाल शुरू गर्दा सबैले आशा र उत्साहसाथ हेरेको अनमिन मिति सकिनु अघिसम्म आइपुग्दा उसप्रतिका आशा निराशामा परिणत भइसकेका थिए।"[४०] आफ्नै भूमिकाका कारण उसको कार्यकाल विवादित रह्यो। शान्ति प्रक्रियाको अनुगमन मात्र जिम्मेवारी भए पनि कार्यादेश बढाउने ध्यानमा सदा रह्यो। सरकारले म्याद नथप्ने जनाइरहँदा 'टेक्निकल' रोलओभरको नाममा अरू केही समय यतै बस्ने उसको चाहना पूरा हुन दिएनन् सरकार र राजनीतिक दलहरूले। "नेपालमा राजनीतिकदलरूको बढ्दो विरोधकाबीच सुरक्षा परिषद्भित्र परिवर्तन भएको समीकरणले नेपालस्थित सो राष्ट्रसङ्घीय नियोगको अन्त्य गर्न प्रमुख भूमिका खेलेको देखियो। अनिमनको सम्बन्धमा परिषद्भित्र विगतमा मोटामोटी रूपमा दुई परस्पर विरोधी खेमा देखिन्थे। केही पश्चिमा राष्ट्रले सो राष्ट्रसङ्घीय नियोगको पक्षमा वकालत गरेको बताइन्थ्यो भने चीनलगायत कतिपय देशले चाहिँ विपक्षमा। त्यस्तो फाटो अन्मिनको कार्यक्षेत्र विस्तार गर्न हुन्छ या हुँदैन भन्ने बहस करिब दुई वर्षअघि चर्कँदा थप प्रष्ट भएको थियो। नेपालको शान्तिप्रक्रियालाई प्रभावकारीरूपमा सघाउन अन्मिनको कार्यक्षेत्र विस्तार गरिनुपर्ने महासचिव बान कि मूनलगायत राष्ट्रसङ्घीय अधिकारीहरूको स्वरमा केही पश्चिमा राष्ट्रले स्वर थप्दा, चीन र रूसले त्यसको विरोध गरेका थिए। क्षेत्रीय प्रतिस्पर्धामा भारतसित धेरै अघिदेखि नजिकको सम्बन्ध रहेको मस्को र दिल्लीको क्षेत्रीय प्रतिस्पर्धी मानिने बेइजिङले अन्मिनको कार्यक्षेत्र कस्तो हुनुपर्छ भन्ने कुरा नेपाल सरकारले निणर्य गर्नुपर्ने तर्क गरेका थिए। हालै सरकारले नेपाली सेनालाई अन्मिनको अनुगमनबाट मुक्त गरिनुपर्ने आशयको पत्र राष्ट्रसङ्घलाई पठाउँदा, सुरक्षापरिषद्भित्र केही पश्चिमा राष्ट्रहरूले त्यस्तो अनुरोध माओवादीका तर्फबाट नआएको हुनाले सो पत्र एकतर्फी भएको भनी अर्थ्याएका थिए।"[४१]

अनमिनको उपस्थितिमा माओवादी सेनाका अयोग्य लडाकुको बहिर्गमन भयो। सीमित कार्यादेश भएको अनमिनबाट धेरै कुराको अपेक्षा गर्न सकिने अवस्था नभए पनि उसले सेना, माओवादी लडाकु र तिनका हतियारको अनुगमन गरेर तथा द्वन्द्वरतको पक्षबीचमा बसेर शान्तिप्रतिको आशा जगायो। माओवादीले शान्ति सम्झौता उल्लङ्घन गर्दा चूप लाग्ने तर, सरकारका तर्फबाट भएका गल्तीको प्रचार गर्ने उसको कार्यशैली रह्यो।

अनमिनको अनुपस्थितिमा शान्तिप्रक्रियालाई ट्रयाकमा पुऱ्याउन राजनीतिक सहमतिबाट गठित संवैधानिक अधिकार प्राप्त सेना समायोजन समिति तम्तयार छ। संविधानको धारा १४६ मा " माओवादी सेनाका लडाकुहरूको रेखदेख, समायोजन र पुनर्स्थापनाका निम्ति संविधानसभामा प्रतिनिधित्व गरेका प्रमुख राजनीतिक दलहरूको प्रतिनिधित्व हुने गरी मन्त्रिपरिषद्ले विशेष समिति बनाउनेछ र त्यस्तो समितिको काम, कर्तव्य र अधिकार मन्त्रिपरिषद्ले निर्धारण गरेबमोजिम हुनेछ भनेर उल्लेख गरिएको छ। संवैधानिक अधिकार प्राप्त विशेष समितिको

२०६३ माघ ९ अनमिन स्थापना
२०६४ माघ ९ म्याद थप
२०६५ माघ १० म्याद थप
२०६६ साउन ९ म्याद थप
२०६६ माघ ७ म्याद थप
२०६७ वैशाख २९म्याद थप
२०६७ भदौ ३० म्याद थप
२०६७ माघ १ अनमिन खारेजी

३९. पूर्ववत्

४१. http://www.bbc.co.uk/nepali/indepth/2011/01/110113_unminanalysis.shtml

क्रियाशीलताले अनमिनको अनुपस्थिति खट्किँदैन। विशेष समिति र त्यस मातहतको प्राविधिक समितिले यसअघि नै लडाकु व्यवस्थापनको विभिन्न खाका र समायोजन हुने माओवादी लडाकुको सङ्ख्या र प्रकृतिका बारेमा विवरण तयार गरिसकेको छ। राजनीतिक सहमति त्यसमा पनि मुख्यरूपमा एकीकृत माओवादीको इच्छाशक्ति देखिने हो भने नेपाली मोडेलको समायोजन गर्न नेपाल सक्षम हुनेमा दुईमत छैन।

६. निष्कर्ष र सुझाव

नेपालको शान्ति प्रक्रियाको प्राथमिक चरण नयाँ संविधान निर्माण भएपश्चात् पूरा हुनेछ। सङ्घीय राज्य स्थापना, द्वन्द्वपीडितलाई न्याय तथा परिपूरण, ध्वस्त भएका पूर्वाधारको पुर्ननिर्माण सुनिश्चित नभएसम्म शान्ति प्रक्रियाले सार्थकता पाउन सक्दैन।

वर्तमान समयमा देखा परेका शान्ति प्रक्रियाका अवरोध भनेको राजनीतिक दलहरूबीच बढ्दै गएको अविश्वास हो। बाह्रबुँदे सहमति, विस्तृत शान्ति सम्झौता, अन्तरिम संविधानको पालनाप्रति दलहरू इमानदार भइदिएको भए, विस्तृत शान्ति सम्झौताको अनुगमन गर्ने स्वतन्त्र इकाइको गठन गरिदिएर उसका सुझावहरूप्रति ध्यान दिन सकेको भए वर्तमान अवस्थामा देखिएका समस्याहरू उत्पन्न हुने थिएन। यस विषयमा मानवअधिकारकर्मी र नागरिक समाजले पटक पटक सरकार र दलहरूको ध्यानाकर्षण गराउँदै आएको थियो।

दशवर्षे सशस्त्र द्वन्द्वमा सामेल भएर आएको एकीकृत माओवादीलाई शान्ति प्रक्रियामा सामेल गराउन जसरी अन्य दलहरूले विगतमा प्रयास गरेका थिए, संविधानसभा निर्वाचनपश्चात् उसलाई प्रतिस्पर्धीका रूपमा मात्र हेरेर समस्याको समाधान हुन सक्दैन। उसका आफ्ना बाध्यतालाई आत्मसात गरेर उसका कार्यसूचिलाई विकल्प दिने प्रयास र साहस अन्य दलहरूले देखाउनु आवश्यक छ।

संविधानसभा निर्वाचनअघिको राजनीतिक समीकरणमा आएको परिवर्तन, एकीकृत माओवादीले निर्वाचनपछि पुराना सहमतिप्रति दर्शाएको उदासीनता अनि लोकतान्त्रिक मूल्य र मान्यताप्रति गरेको प्रहारका कारण भने संविधान निर्माण प्रक्रिया सामु चुनौती खडा भएको छ। जनआन्दोलन र लोकतन्त्रको भावना अनुसार नयाँ संविधान बनाई देशमा दिगो शान्ति स्थापना गर्ने दलहरूको संविधानसभाअघिको सहमति ओझेलमा पर्नु हुँदैन। कुनै दलले बहुलवाद, कानुनको शासन, मानवअधिकारजस्ता लोकतन्त्रका आधारभूत मान्यताभन्दा बाहिर जान खोज्नु जनआन्दोलनको मर्मविपरीत हुन जान्छ। नयाँ नेपालमा जनताको राजनीतिक अधिकारका साथै आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूको सुनिश्चितताको प्रत्याभूति समावेशी संविधानबाट मात्र सम्भव हुनेछ। तर, राजनीतिक दलहरूबीच देखिएका अन्तरविरोध र असहमतिका कारण यथासमयमा नयाँ संविधान निर्माण हुन नसक्ने आशङ्का दिनानुदिन बढ्दै गएको छ।

विस्तृत शान्ति सम्झौताले प्रशस्त गरेको नेपाली शान्ति प्रक्रियाको मार्ग अनुसरण गर्दै अघि बढ्ने हो भने निसन्देह शान्ति प्रक्रियाले नयाँ नेपालको बाटो खोलिदिने छ। आवश्यकता छ- दलहरूले विगतमा गरेका सहमति र सम्झौतामा जनाएका प्रतिबद्धतालाई पूरा गर्ने इमानदार प्रयासको।

परिच्छेद

३

३.१ राज्य र मानवअधिकार

न्यायपालिका

घटनाक्रम
(०६६ पुस १७ देखि ०६७ पुस १६)

२०६६ पुस १९ गते

नेपाली सेनाका बलाधिकृत रथीमा तोरणजङ्गबहादुर सिंहलाई बढुवा गर्ने निर्णय कार्यान्वयन नगर्न सर्वोच्चद्वारा सरकारका नाममा र बढुवाको कारण १५ दिनभित्र पेश गर्न आदेश। नागरिक बेपत्ता पार्न संलग्न भएको भन्दै उनको बढुवा विरुद्ध पुस १२ गते रिट दायर।

पुस २८

सशस्त्र द्वन्द्वको समयमा गैरन्यायिक हत्या भएका पीडित परिवारले कर्तव्य ज्यानसम्बन्धी मुद्दाका लागि जाहेरी दरखास्त दर्ता गर्न खोज्दा दर्ता नगर्नुको कारण सहित १५ दिनभित्र उपस्थित हुन जिल्ला प्रहरी कार्यालयको नाममा परमादेश जारी।

पुस २९

सुन्तली धामी प्रकरणका अभियुक्त अदालतको आदेशले नछुटेको सर्वोच्चको भनाइ।

पुनरावेदन अदालत नेपालगञ्जले द्वन्द्वकालमा भएका गैरन्यायिक हत्याको अनुसन्धान प्रक्रिया तत्काल अघि बढाउन जिल्ला प्रहरी कार्यालयलाई निर्देशन।

माघ ४

न्यायिक सूचना सम्प्रेषण गर्न सर्वोच्च अदालतमा सञ्चारकक्ष स्थापना।

माघ ५

एकल महिला विवाह गर्ने जोडीलाई ५० हजार रुपियाँ दिने सरकारी निर्णय कार्यान्वयन तत्काल रोक्न सर्वोच्चद्वारा अन्तरिम आदेश।

माघ ६

सर्वोच्च अदालतले भूमिसम्बन्धी ऐनको पछिल्लो संशोधनअनुसार जग्गा हदबन्दीसम्बन्धी व्यवस्था कार्यान्वयन गर्न सरकारको नाममा परमादेश जारी।

राज्यका सबै अङ्गमा महिला, दलित, जनजाति र मधेसलाई समावेश गराउन आदेशको माग गर्दै दायर रिटमा सर्वोच्चमा अदालतले संविधानको धारा २१ को प्रभावकारी कार्यान्वयन गर्न सो व्यवस्थाको कार्यान्वयन गर्न सरकारका नाममा आदेश।

माघ ८

अन्तरिम संविधानको धारा १३ अनुरूप नियमावलीको नियम ४ खारेज।

माघ १०

नेपाली सेनाका बलाधिकृत रथीमा तोरणजङ्गबहादुर सिंहलाई बढुवा गर्ने निर्णय कार्यान्वयन नगर्न दिएको अन्तरिम आदेश सर्वोच्चद्वारा बदर

माघ १८

महिलाविरुद्ध हिंसासम्बन्धी मुद्दामा निष्पक्ष र प्रभावकारी अनुसन्धान र तहकिकात गर्न सर्वोच्च अदालतबाट निर्देशिका तर्जुमा गरी जारी गर्न माग गर्दै दायर रिटमा सर्वोच्चले कारण देखाऊ आदेश जारी।

माघ २५

सर्वोच्चद्वारा फैसला कार्यान्वयनको लागि सरकारसँग न्यायिक प्रहरी माग।

फागुन ३

संवैधानिक परिषद्ले प्रधानन्यायाधीश पदमा न्यायाधीश रामप्रसाद श्रेष्ठको नाम सिफारिश।

फागुन ९

जिल्ला प्रशासन कार्यालयको आदेशले नजरबन्दमा राखिएका तीन तिब्बती शरणार्थीलाई गैरकानुनी थुनामुक्त गर्न सर्वोच्च अदालतले बन्दीप्रत्यक्षीकरण आदेश जारी।

फागुन १२

अदालतको स्वतन्त्रता मुख्य चुनौती रहेको सर्वोच्चद्वारा वार्षिक प्रतिवदेन राष्ट्रपति समक्ष पेश।

फागुन १५

प्रधानन्याधीश रामप्रसाद श्रेष्ठद्वारा सपथग्रहण।

फागुन १६

पुनरावेदन अदालत नेपालगञ्जले माओवादी जनयुद्धका समयमा सुरक्षाकर्मीबाट गोली प्रहार गरी हत्या गरिएका बाँके नौबस्ता र नौलापुरका दलबहादुर थापा र पार्वती थापा दम्पतिका सम्बन्धमा तीन महिनाभित्र अनुसन्धान गरी कारवाही अघि बढाउन प्रहरीका नाममा परमादेश जारी।

फागुन १९

पुरुषले पनि सन्बन्ध विच्छेद गर्न अदालत जान पाउनुपर्ने भन्दै सर्वोच्चमा परेको रिटमा सर्वोच्चले त्यस्तो कानुन बनाउन सरकारको नाममा निर्देशनात्मक आदेश जारी।

फागुन २३

न्यायपरिषद्द्वारा न्यायाधीशमाथि परेका उजुरीमा छानविन सुरु।

फागुन २४

न्यायपरिषद्ले पुनरावेदन र जिल्ला अदालतका न्यायाधीशविरुद्धका उजुरीमाथि विशेष छानबिन गर्ने निर्णय।

एमआरपी भारतलाई छाप्न दिने निर्णय बदर गर्न माग गर्दै सर्वोच्चमा रिट दायर।

फागुन २५

एमआरपी भारतलाई छाप्न दिने निर्णय तत्काल रोक्न सरकारलाई सर्वोच्चको अन्तरिम आदेश।

फागुन २७

सर्वोच्च अदालतले जुनसुकै उमरेका विधवा भए पनि उनीहरूलाई भत्ताको व्यवस्था गर्न सरकारलाई आदेश।

फागुन २९

काठमाडौँ जिल्ला न्यायाधीशले एक अभियुक्तलाई कानुनले तोकेको हदभन्दा बढी थुनामा राख्न दिएको आदेश सर्वोच्च अदालतले उल्टायो।

फागुन ३०

प्रधानसेनापतिलाई बर्खास्त गर्ने प्रधानमन्त्रीको निर्णय उल्ट्याउने राष्ट्रपतिको कदमविरुद्ध परेको रिटमा सर्वोच्च अदालतमा राय बाझिएपछि रिटको सुनुवाइ पूर्ण इजलासमा सऱ्यो।

२०६७ वैशाख ५

प्रधानन्यायाधीश रामप्रसाद श्रेष्ठद्वारा न्यायपालिका सुधार ल्याउन पुनरावेदन अदालतका मुख्य न्यायाधीशहरुलाई २२ बुँदे निर्देशिका सहितको परिपत्र।

वैशाख १२

संवैधानिक परिषद्ले १० वैशाखमा चार संवैधानिक पदमा गरेको निर्णय गैरकानुनी भएको भन्दै एकीकृत माओवादी अध्यक्ष पुष्पकलम दाहालले निर्णय बदरको माग राखी सार्वोच्च अदालतमा अन्तरिम आदेशको माग राखी रिट दायर।

वैशाख १३

१२ वैशाखमा संवैधानिक परिषद्ले नियुक्ति गरेको विषयमा माओवादी अध्यक्ष पुष्पकमल दाहालले सर्वोच्च अदालतमा दायर गरेको रिटसम्बन्धी आदेश कानुन व्यवसायीको दबाबमा बदलियो।

वैशाख १५

सर्वोच्च अदालतले सेना भर्ना नगर्न दिएको अन्तरिम आदेशको पालना नगरी अदालतको अपहेलना मागा राखी दायर निवदेनमा सर्वोच्चद्वारा विपक्षीको नाममा लिखित जवाफ माग।

वैशाख

नेपाली सेनाले प्राविधिक पदमा भर्ना गर्न पाउने सर्वोच्चको आदेश।

जेठ ९

जेठ १४ गतेपछि संविधानसभा भङ्ग गर्न माग राखी दायर रिट सर्वोच्चद्वारा खारेज।

जेठ २०

विभिन्न २ सय ६९ जनालाई राष्ट्रिय सम्मान स्वरूप विभूषण दिने सरकारको निर्णय कार्यान्वयन नर्गन सर्वोच्चद्वारा अन्तरिम आदेश जारी

जेठ २८

महिला भएकै कारणले गर्दा ग्रामीण महिलाले पारिवारिमा आर्थिक उन्नतिमा बिनामूल्य काम गरी योगदान पुऱ्याए पनि घर र परिवारबाट ग्रामीण महिला पीडित र शोषित भई असमान व्यवहार गरिने प्रचलन र परम्परालाई उन्मूलन गरी ग्रामीण महिलामाथि हुने शोषण र भेदभावलाई अन्त्य गर्न सरकारका नाममा निर्देशनात्मक आदेश।

जेठ २३

स्थानीय निकायका कर्मचारीहरूको सरुवा र काजबारे गरिएको निर्णय तत्काल कार्यान्वय नगर्न सर्वोच्चको अन्तरिम आदेश

जेठ ३१

सप्तरी कारागारमा रहेका दाम्पतिद्वारा सँगै बस्न र सन्तान जन्माउन पाउनुपर्ने माग सहित सर्वोच्च अदालतमा रिट दायर

असार ३१

डा. भक्तमान श्रेष्ठको अपहरणमा संलग्न भएको आरोपमा गिरफ्तार परेकालाई छोड्न घुस खाएको अभियोगमा पुनरावदेन अदालत हेटौँडाका न्यायाधीश तेजबहादुर कार्की न्याय परिषद्द्वारा निलम्बित

असार ३०

चार जना माओवादी नेता तथा कार्यकर्ता मारेको अभियोग लागेका २० जनाको मुद्दा फिर्ता सम्बन्धमा अदालतबाट अन्तिम निर्णय नभएसम्म मुद्दा फिर्ता कार्यान्वयन नगर्न सरकारका नममा आदेश।

साउन ९

सर्वोच्च अदालतद्वारा इलाम जिल्ला अदालतको काम कारबाही तथा सेवा सुविधाको बारेमा अनुगमन

मानवअधिकार हनन हुने गरी कसैलाई पनि हिरासतमा नराख्न र मुद्दाको छिटो किनारा लगाउन सर्वोच्च अदालतद्वारा सरकारका नाममा निर्देशात्मक आदेश।

साउन १२

सैन्य भर्ना शान्ति सम्झौता विपरीत भएको भन्दै ०६५ फागुन ६ गते र ०६७ वैशाख ६ गते परेको रिट सर्वोच्चद्वारा खारेज।

प्रधानमन्त्री निर्वाचनमा एमाले अध्यक्ष झलनाथ खनालले प्रस्ताव फिर्ता लिनु गैरकानुनी भन्दै सर्वोच्चमा रिट दायर।

साउन १४

चार्ल्स शोभराजलाई जन्मकैदको फैसला सर्वोच्चद्वारा सदर।

साउन १६

चार्ल्स शोभराजलाई जन्मकैदको फैसला सदर गरेको विरोधमा न्यायाधीशलाई गाली गरेको भन्दै निहिता विश्वास र उनकी आमा सकुन्तला थापालाई तीन दिनभित्र बयान दिन सर्वोच्चद्वारा आदेश।

साउन १८

प्रधानन्यायाधीश रामप्रसाद श्रेष्ठद्वारा सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरूमा एकरूपता कायम गर्न सिफारिस समिति गठन।

साउन २६

सर्वोच्च अदालतद्वारा तत्कालीन शाही नेपाली सेनाले भैरवनाथ गणमा बेपत्ता बनाइएको र त्यस सम्बन्धमा अनुसन्धान नगरिएको प्रति सरकारसँग स्पष्टीकरण माग।

साउन ३१

सर्वोच्च अदालतद्वारा २६ जना अधिवक्तालाई वरिष्ठ अधिवक्ताको उपाधी

भदौ ४

मौलिक हकले मात्र मानवअधिकारको रक्षा हुन नसक्ने प्रधानन्यायधीश रामप्रसाद श्रेष्ठको भनाइ।

भदौ ३१

संवैधानिक निकायहरूमा पदाधिकारी नियुक्ति गर्ने संवैधानिक परिषद्को पाँच महिना अघिको निर्णय सर्वोच्चद्वारा खारेज।

असोज ५

हत्या अभियोग लागेका लमजुङका एमाले कार्यकर्ताद्वय वासु बराल र गोविन्द बस्नेत विरुद्धको मुद्दा फिर्ता लिने मन्त्रीपरिषद्को साउन २८ गतेको निर्णय विरुद्ध सर्वोच्चद्वारा अन्तरिम आदेश जारी।

असोज ११

निहिता विश्वास र उनकी आमालाई अदालतको अपहेलना गरेको अभियोगमा सर्वोच्चद्वारा सात दिन कैद र ५० रुपियाँ जरिवाना।

भक्तपुर बागेश्वरीका ६१ वर्षीय विष्णुप्रसाद लामिछानेविरुद्ध तीस वर्ष अगाडि लागेको मुद्दा तीस वर्षपछि सर्वोच्चद्वारा फैसला।

असोज १२

नवौँ चरणको प्रधानमन्त्री निर्वाचन प्रक्रिया रोक्न सर्वोच्चमा रिट दायर।

असोज १४

तत्कालीन प्रधानसेनापति प्रकरणमा राष्ट्रपतिको कदमविरुद्ध दायर रिट सर्वोच्चको पूर्ण इजलासद्वारा खारेज, कटवाललाई दिइएको निर्देशन अन्तरिम प्रकृतिको भएको सर्वोच्चको ठहर।

असोज १७

बारा, पर्सा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सप्तरी र सिराहा जिल्लाहरूमा आफ्ना कर्मचारीको सुरक्षाको दृष्टिकोणले संवेदनशील भएको प्रतिवदेन सर्वोच्च आदलतद्वारा तयार।

असोज २१

प्रहरीको कुटपिटमा परेका स्पेनकी बिक्की शेर्पा र महिला फुटबल खेलाडी विमला पौडेललाई हिरासतमा कुटपिट गरी यातना दिएको ठहर गर्दै काठमाडौं जिल्ला अदालतले पीडितलाई जनही ५० हजार रुपियाँ क्षतिपूर्ति दिन सरकारका नाममा आदेश।

असोज २४

सिन्धुपाल्चोक, बाह्रबीसे-४ का लामा थरका १४ वर्षीय एक बालकलाई सुधारगृहमा राख्नुपर्ने भनी दायर रिटमा सर्वोच्च अदालतले २४ घण्टाभित्र बन्दीसहित लिखित जवाफ पेश गर्न विपक्षीको नाममा आदेश।

असोज २५

जिल्ला प्रशासन कार्यालय काठमाडौंको आदेशमा बन्दी बनाइएका चितवन क्षेत्रपुर-२ का विकास सिंखडा, गोरखा पान्द्रुड-९ भीमबहादुर रोक्का

र नामजुङ-३ का डिल्लीप्रसाद पनेरुलाई रिहा गर्न सर्वोच्चद्वारा बन्दीप्रत्यक्षीकरण आदेश जारी।

कार्तिक ८

काम नगर्ने सभासद्को माननीय पदवी खोस्नुपर्ने भनी सार्वजनिक रूपमा अभिव्यक्ति दिएका पोखरा पुनरावेदनका न्यायाधीश ओमप्रकाश सुवेदी न्यायपरिषद्द्वारा निलम्बित।

कार्तिक १२

नेपाल संस्कृत विश्वविद्यालयले प्रकाशित गरेको पदपूर्तिको विज्ञापन अन्तरिम संविधान बमोजिम समावेशी सिद्धान्तविपरीत भएको भन्दै सर्वोच्च अदालतमा रिट दायर।

कार्तिक १७

न्यायपरिषद्को अध्यक्ष प्रधानन्यायाधीश हुनुपर्ने प्रधानन्यायाधिश रामप्रसाद श्रेष्ठको भनाइ।

कार्तिक २८

नागरिकता नभएका व्यक्तिलाई पनि अन्य परिचयपत्रका आधारमा मतदाता बनाउने निर्वाचन आयोगको निर्णयविरुद्ध सर्वोच्च अदालतमा रिट दायर।

मङ्सिर २

प्रधानन्यायाधीश रामप्रसाद श्रेष्ठद्वारा स्थायी न्यायाधीश नियुक्ति भएका अवधेशकुमार यादव, गिरीशचन्द्र लाल र सुशीला कार्कीलाई पद तथा गोपनीयताको सपथ।

मङ्सिर ९

सर्वोच्चद्वारा समानुपातिक सिद्धान्तअनुसार महिला, जनजाति, दलित र मधेसीलाई समावेश गर्नेगरी पुन विज्ञापन गर्न संस्कृत विश्वविद्यालयलाई अन्तिम आदेश जारी।

ज्यान मुद्दामा सर्वस्वसहित जन्म कैदको सजायँ पाएका धनुषाका मकेश्वर दासलाई माफी दिन गरेको सरकारी निणर्य रिटको अन्तिम निर्णय नभएसम्म कार्यान्वयन नगर्न सर्वोच्च अदालतद्वारा सरकारका नाममा अन्तरिम आदेश जारी।

मङ्सिर १५

सर्वोच्च अदालतद्वारा महिला प्रहरी सुन्तली धामी सामूहिक बलात्कार घटनामा उन्मुक्ति दिइएका प्रहरीहरू दानसिंह भण्डारी, विरादत्त बडू, र नरिमान महत्तराविरुद्ध मुद्दा चलाउन आदेश

मङ्सिर २७

ज्यान मुद्दा खेपिरहेका ओखलढुङ्गाका माओवादी सभासद् केशव राईलाई गिरफ्तार नगर्न सर्वोच्चद्वारा सरकारका नाममा आदेश।

मङ्सिर २८

न्याय परिषद्द्वारा सर्वोच्च अदालतका न्यायाधीश रणबहादुर बमलाई महाअभियोगमार्फत कारबाही गर्न सिफारिस।

पुस ४

महानगरीय प्रहरी आयुक्त कार्यालयको प्रमुख रहँदा प्रहरी अतिरिक्त महानिरीक्षक कल्याणकुमार तिमिल्सिनाले चिनियाँ नागरिकसँग लुटिएको ३ लाख अमेरिकी डलरको अनुसन्धान, व्यापारी सञ्जय सुरेखाको अपहरणमा संलग्न हरि अग्रवाललाई जोगाउन अनुसन्धानमा प्रभाव पारेको भनी सरकारले थालनी गरेको कारबाही प्रक्रिया कार्यान्वयन नगर्न सर्वोच्चको आदेश।

पृष्ठभूमि

मानवअधिकार संरक्षण र कानुन एवम् व्यवस्था सुधारतर्फ सर्वोच्च अदालतबाट सन् २०१० मा केही महत्वपूर्ण कार्यहरू भए। १४ महिनाअघि जिल्ला प्रहरी कार्यालय अछामकी महिला प्रहरी सुन्तली धामीलाई सामूहिक बलात्कार गर्ने सबै प्रहरीलाई मुद्दा चलाउन परमादेश जारी गरी सर्वोच्च अदालतले न्याय दिन ढिला हुन सक्छ तर न्यायबाट वञ्चित गरिँदैन भन्ने प्रमाणित गऱ्यो। सर्वोच्च अदालतले संविधानप्रदत्त विशेषाधिकारको प्रयोग गर्दै सरकारका तर्फबाट मुद्दा चलाउने/नचलाउने अन्तिम निर्णय महान्यायाधिवक्ताको हुने कानुनी प्रावधान भए पनि अभियुक्तलाई मुद्दा चलाउन आदेश दियो। नेपालको न्यायिक इतिहासमै पहिलोपल्ट सर्वोच्च अदालतका न्यायाधीशलाई महाअभियोग लगाउने सिफारिस पनि यसै वर्ष भयो।

नेपाल महेन्द्र संस्कृत विश्वविद्यालयविरुद्ध परेको रिट निवेदनको अन्तिम सुनुवाइ सर्वोच्चले २५ दिनमा नै गरेर अदालती प्रकृया छिटो छरितो ढङ्गले सम्पन्न गरी सक्रियता प्रदर्शन गऱ्यो। डीएनए परीक्षणका सम्बन्धमा सर्वोच्च अदालतबाट भएका दुईओटा निर्णयले कानुन वा विज्ञान कुन मान्य हुने भन्ने सम्बन्धमा नेपालको न्यायिक प्रणालीमा नयाँ विवाद उत्पन्न गरायो। यस वर्ष सर्वोच्च अदालतले जारी गरेका दुईओटा फैसलामा एउटाले डीएनए परीक्षणको प्रामाणिक मान्यतालाई अस्वीकार गऱ्यो भने अर्को फैसलाले राम्रोसँग जाँच गरिएको खण्डमा डीएनए परीक्षणलाई प्रमाणको रूपमा लिन सकिने फैसला गऱ्यो।

सन् २०१० मा पनि कतिपय मुद्दाहरूमा सरकारले सहयोग नगरेको, जङ्गी अड्डाले अदालती ताकेतालाई बेवास्ता गरेको पाइयो। सेनापतिको पुनःबहाली सम्बन्धमा राष्ट्रपतिको अधिकारक्षेत्र, पूर्वप्रधानसेनापति रुक्माङ्गत कटुवालको उमेर विवाद, सर्वोच्चमै अघिल्लो वर्षदेखि फैसला नभई बसेका भ्रष्टाचारसम्बन्धी दर्जनौं मुद्दालगायत गम्भीर राष्ट्रिय महत्वका विषयले केही हदसम्म न्यायिक निकास पाए। कार्यकारी र व्यवस्थापिकाले न्यायालयमाथि प्रभाव बढाउन खोजेको देखियो।

यस वर्ष अदालतमा एकल महिलासँग विवाह गर्नेलाई प्रोत्साहन गर्न सरकारले आर्थिक वर्ष ०६६/०६७ को बजेटमा गरेको व्यवस्था, सबै एकल महिलालाई समान भत्ता दिने सम्बन्धमा, महिला हिंसासम्बन्धी उजुरी निर्देशिका तर्जुमा गर्ने सम्बन्धमा मुद्दा दर्ता भए। राष्ट्रिय मानवअधिकार आयोग नियमावली, गैरन्यायिक हत्या,बेपत्तालगायत सार्वजनिक सरोकारका साथै मानवअधिकारका विषयमा सर्वोच्च अदालतमा निवेदनहरू दायर भए। सेनासँग सम्बन्धित बढुवा र नियुक्ति, मतदाता परिचयपत्र, प्रधानमन्त्री निर्वाचनका सम्बन्धमा परेका निवेदनहरू जनचासोका विषय बने।

प्रधानमन्त्री निर्वाचनसम्बन्धी फैसलामा प्रचलित कानुन, संसदीय परम्परा र कानुनको मान्य सिद्धान्तका आधारमा नियमावलीको व्यवस्थालाई उद्देश्यमूलक ढङ्गले प्रयोग गर्नु र विद्यमान प्रक्रियामा देखा परेका समस्याबाट बचाउने कुरामा संविधानसभाका अध्यक्षको भूमिका महत्वपूर्ण रहने गर्दछ भन्नु सभामुखमाथि दबाब बढाउन खोज्नु हो भन्ने जस्ता टिप्पणी विभिन्न क्षेत्रबाट भयो। निवेदकले माग दाबी गरेको विषयभन्दा बाहिर गई अन्तरिम संविधान, २०६३ को जुनसुकै धारा व्यवस्थापिका संसद्ले संशोधन गर्नसक्ने भनी गरेको निर्णयले अदालत स्वयम् आफ्नो स्वतन्त्रता प्रति गम्भीर नभएको टिकाटिप्पणी पनि यस वर्ष हुन गयो। राजनीतिक दबाबबाट न्यायिक नेतृत्व मुक्त हुन नसकेको आरोप यस वर्ष लाग्यो।

सर्वोच्च अदालत तथा पुनरावेदन अदालतका न्यायाधीशको भ्रष्टाचार प्रकरणले न्यायालय र जनमानसमा विशेष चासो पायो। पुनरावेदन र जिल्ला अदालतका न्यायाधीशको आचरण सम्बन्धमा न्यायपरिषद्मा छलफल भयो भने अदालतको अवज्ञा सरकार र राजनीतिक दलहरूले गरे। संविधानसभामार्फत नयाँ बन्ने संविधानमा न्यायिक समितिले यस वर्ष प्रस्तुत गरेको मस्यौदामा रहेका विवादास्पद विषयहरूमा न्यायालयको स्वतन्त्रताको दृष्टिकोणबाट केही सकारात्मक मोड लिएको देखियो। तर पनि अझै थुप्रै व्यवस्थाहरू स्वतन्त्र न्यायपालिकाको अवधारणाविपरीत रहेकाले विधायिकाले न्यायालयलाई पूर्णरूपमा आफ्नो नियन्त्रणमा राख्ने मनसाय राखी संविधान मस्यौदा गर्न खोजेको प्रष्ट हुन्छ।

सङ्क्रमणकालीन राजनीतिक अवस्थाका कारण कतिपय कानुनी र संवैधानिक विवाद तथा राजनीतिक प्रकृतिका मुद्दासमेत न्यायिक व्याख्याको अपेक्षाका साथ अदालतमा पुगे। गम्भीर प्रकृतिका राजनीतिक विवादलाई निराकरण गर्न सर्वोच्चबाट भएको ढिलाइले न्यायालय सार्वजनिक आलोचनाबाट मुक्त रहन सकेन। न्यायालयमा व्याप्त ढिलासुस्ती, प्रशासनिक अनियमितता र मुद्दाका पक्षहरूको गुनासोलाई उचित सम्बोधन गरी निष्पक्ष न्यायका लागि आश्वस्त पार्न प्रभावकारी कदम चाल्न सकेन। तर पनि अदालती कामकारबाहीलाई

प्रभावकारी रूपमा बढाउन सुधारका लागि केही रणनीति तय गऱ्यो।

यस वर्ष दुई जना प्रधानन्यायाधीशले न्यायालयको नेतृत्व लिए। गत वर्ष नियुक्त भएका प्रधानन्यायाधीश अनुपराज शर्माले साढे तीन महिनासम्मका लागि प्रधानन्यायाधीशको पदभार सम्हाले उमेरको हदका कारण ०६६ चैत १२ गते उनले अवकाश लिएपछि रामप्रसाद श्रेष्ठले न्यायपालिकाको नयाँ नेतृत्व सम्हाल्दै आएका छन्।

स्वतन्त्र न्यायपालिका

न्यायपालिकाको स्वतन्त्र अस्तित्वलाई सबै क्षेत्रको हस्तक्षेपबाट सदा मुक्त राख्नसकेमा मात्र स्वतन्त्र न्यायपालिकाको कल्पना गर्न सकिन्छ। स्वतन्त्र न्यायपालिका र कानुनी राज्यको स्थापना गर्न राजनीतिक हस्तक्षेप, कार्यपालिका र व्यवस्थापिकाभन्दा अलग र भिन्न राखिनु पर्दछ। न्यायपालिकाले संविधान, ऐन, कानुन र मान्य सिद्धान्तप्रति उत्तरदायी रही नागरिकको मौलिक हक र मानवअधिकारको संरक्षण गर्न सकेमा मात्र यसलाई स्वतन्त्र भएको मान्न सकिन्छ।

सर्वोच्च अदालतको इजलास विस्तार गर्ने सम्बन्धमा एकीकृत माओवादीको नेतृत्वमा गठित सरकारले गरेको निर्णय स्वतन्त्र न्यायपालिकाको अवधारणाको विपरीत भएको ठहर सर्वोच्च अदालतको विशेष इजलासले गऱ्यो। त्यस्तो इजलास गठन गर्ने सम्बन्धमा सर्वोच्च अदालत आफैंले मात्र निर्णय गर्न सक्दछ। सर्वोच्च अदालत वा प्रधानन्यायाधीशसँग छलफल नै नगरी गर्न खोजिएको विस्तार मान्य नहुने र यस्तो कार्य न्यायिक स्वतन्त्रताविरुद्ध लक्षित हो भनी ०६६ फागुन २८ गते गरेको आदेशमा उल्लेख छ। यसरी अदालतले कार्यकारी हस्तक्षेपलाई रोकी आफ्नो स्वतन्त्र अस्तित्व कायम गर्ने प्रयास गऱ्यो।

दुई वर्ष अघिदेखि हातहतियारसम्बन्धी मुद्दामा कुनै सुनुवाइ नगरेको भन्दै धनुषा जिल्ला प्रशासनलाई अदालतको अपहेलनामा कारबाही गर्ने निर्णय सर्वोच्च अदालतले गऱ्यो। शीघ्र न्याय पाउने थुनुवाहरूको अधिकार भएको उल्लेख गर्दै सर्वोच्च अदालतले सबै जिल्ला प्रशासन कार्यालयलाई थाती रहेका मुद्दाहरू सकेसम्म छिटो निर्णय गर्न परिपत्र जारी गऱ्यो।

अदालतले कसुर ठहर गरी थुनामा पठाएका व्यक्तिलाई रिहा गरिएको आरोपमा गृहमन्त्रालयका सचिव, कारागार व्यवस्थापन विभागका प्रमुखसहित सम्बद्ध अधिकारीविरुद्ध अपहेलनमा कारबाही गर्ने निर्णय अदालतले गऱ्यो। कर्तव्य ज्यान मुद्दामा थुनामा रहेका रामदयाल यादवलाई अदालतको अनुमतिबिना रिहा गरिएको भन्दै सर्वोच्चले गृहमन्त्रालय, कारागार व्यवस्थापन विभाग र जिल्ला कारागार कार्यालय महोत्तरीका प्रमुखलाई अपहेलना मुद्दा चलाउने निर्णय गरेको हो। कर्तव्य ज्यानजस्तो गम्भीर अपराधमा कसुर ठहर भई थुनामा रहेको व्यक्तिलाई अदालतलाई जानकारीसम्म नदिई रिहा गरिएको थियो।[१] गृहमन्त्रालय र मातहतका कार्यालयले विचाराधीन मुद्दाको कामकारबाहीमा बाधा उत्पन्न गराएकाले स्वच्छ एवम् स्वतन्त्र न्यायिक कारबाही अवरुद्ध हुन पुग्यो।

मेसिनले पढ्ने पासपोर्ट (Machine Readable Passport) भारतमा छाप्न दिने सरकारको निर्णय विरुद्ध सर्वोच्च अदालतमा दायर भएको रिटमा बिनाप्रतिस्पर्धा सार्वजनिक खरिद ऐनको विरुद्ध गई भारतलाई पासपोर्ट छाप्न दिने निर्णय गैरकानुनी भएको रिटमा उल्लेख छ। बिना प्रतिस्पर्धा एमआरपी भारतीय कम्पनीलाई छाप्न दिने सरकारी निर्णय सार्वजनिक खरिद ऐन २०६३ (नियमावली २०६४ को प्रतिकुल भएको भन्दै सरकारलाई कानुनविपरीत कार्य गर्न सर्वोच्च अदालतले रोक लगायो।

राष्ट्रिय बजेटको ०.५ प्रतिशत मात्र न्यायिक संयन्त्रलाई छुट्याउने गरिएकाले अदालतको प्रभावकारिताको लागि पर्याप्त स्रोत उपलब्ध गराउन पनि सर्वोच्च अदालतले सरकारसँग आग्रह गऱ्यो। आर्थिक वर्ष ०६७-०६८ का लागि सरकारले राष्ट्रिय बजेटको ०.४९ प्रतिशत[२] छुट्टयाएको छ। कुनै पनि निकायको स्वतन्त्र अस्तित्वका लागि यसलाई सञ्चालन गर्न पर्याप्त आर्थिक श्रोतको आवश्यकता पर्दछ। तर नेपालको न्यायिक क्षेत्रलाई आवश्यक बजेट सरकारले उपलब्ध गराएको छैन।

सोह्रौं पटकसम्म प्रधानमन्त्री चुन्न असफल संसदको कार्यशैलीप्रति सर्वोच्च अदालतले असन्तुष्टी

---

१. धनुषा जिल्ला अदालत र पुनरावेदन अदालत जनकपुरले थारै कैद सजाय तोकेको भन्दै निर्णयमा चित्त नबुझेपछि सरकारले सर्वस्वसहित जन्मकैद माग गर्दै सर्वोच्चमा पुनरावेदन परेपछि २०६५ वैशाख ४ गते विपक्षीलाई बुझबुझारथका लागि झिकाउन सर्वोच्चले सूचना जारी गर्दा अभियुक्त यादव कैद माफी पाई थुनामुक्त भइसकेको जवाफ महोत्तरी कारागार कार्यालयले दिएको थियो।

२. http://www.mof.gov.np/publication/speech/2010_1/pdf/annex_nepali. pdf

प्रकट गर्दै प्रधानमन्त्री पदका एक्ला उम्मेदवार रामचन्द्र पौडेललाई निर्विरोध घोषणा गर्नुपर्ने मागका साथ परेको रिट खारेज गरिदिएर संसद्लाई सङ्गठित संस्थाका रूपमा सम्मान गर्दै आफूले हस्तक्षेप नगर्ने सङ्केत दियो। ०६७ कात्तिक २४ मा भएको फैसलामा संविधानसभा नियमावलीको नियम १५९ मा प्रश्न उठाउन सकिने र नियमावलीको अन्तिम व्याख्याता सभामुख हुने र सो व्याख्या अन्तिम हुने व्यवस्था गरेको छ। नियमावलीको कुनै अंश संविधानसँग बाझिए त्यस हदसम्म पुनर्विचार गर्न लगाउने अधिकार अदालतसँग सुरक्षित रहन्छ। न्यायपालिकाको यो असन्तुष्टि र ध्यानाकर्षण कानुनी रूपमा बाध्यकारी नभए पनि यसले विशेष अर्थ राख्छ।

प्रधानमन्त्री निर्वाचन सम्बन्धमा परेको रिटमा अदालतको सिफारिस

१. संविधानसभा (व्यवस्थापिका/संसद्को कार्यसञ्चालन) नियमावली २०६५ को नियम ७ का प्रयोगमा नयाँ दृष्टिकोणको आवश्यकता छ। यसका लागि एक मात्र प्रस्ताव परे निर्विरोध र एकभन्दा बढी भएका बहुमत हासिल नगरेसम्म चुनावी प्रकृया जारी रहने प्रधानमन्त्री चुनावसम्बन्धी हालको व्यवस्था पुनरावलोकन गर्ने।
२. प्रधानमन्त्री चुनाव प्रारम्भ हुँदाका बखत रहेका प्रस्तावमध्ये घटनाक्रमको विकाससँगै दुईओटा प्रस्ताव फिर्ता भई हाल एक मात्रै प्रस्ताव बाँकी रहेको अवस्थामा साबिकका सबै प्रस्ताव पुन: निर्णयका लागि प्रस्तुत गर्न नसकिने हुँदा प्रधानमन्त्री निर्वाचन नै एउटा समस्याका रूपमा रहेको देखियो। यसलाई समग्रतामा प्रकृयात्मक कुराको पुनर्विचार गरी नयाँ शिरावाट पुन: प्रारम्भ गर्ने।
३. संविधानसभाको धारा ३८ बमोजिम मन्त्रिपरिषद् गठन गरी दिनुपर्ने विधायिकाभित्रको संवैधानिक दायित्व हो। कुनै निष्कर्ष निकाल्ने सम्भावना नदेखिएको पटकपटक हुँदै गरेको निर्वाचनका चरणहरूबाट मुक्त रही समस्या समाधानको कानुनी र व्यवस्थापकीय समाधान भिक्नुपर्दछ।
४. प्रधानमन्त्री चुनावसम्बन्धी नियमावलीमा भएको व्यवस्थाको प्रयोगमा पुनर्विचार गर्न र प्रधानमन्त्री निर्वाचनसम्बन्धमा सार्थक निष्कर्षमा पुग्ने व्यवस्थाको लागि ध्यानाकर्षण हुन व्यवस्थापिका संसद्, त्यसका सभाध्यक्षसमक्ष लेखिपठाउने।

सर्वोच्चले संसद् नियमावलीको सार्थक प्रयोग गर्न सभामुखलाई सुझाव दिएको छ। फैसलाले सभामुखलाई केन्द्रमा राखेको छ। संविधानबमोजिम स्थापित अङ्गहरूमा संविधानले नै कतिपय कुराको अपेक्षा गरेको हुन्छ भन्दै फैसलाले ती कुरा नियम कानुनको पालना गर्न तत्परता, यसका लागि चाहिने क्षमता, असल नियत अनि आफ्नो कार्य गर्न चाहिने स्वतन्त्रता र निष्पक्षताका भावहरूमध्ये केही हुन् भनेको छ। फैसलाले प्रचलित कानुन, संसदीय परम्परा र कानुनको मान्य सिद्धान्तका आधारमा नियमावलीको व्यवस्थालाई उद्देश्यमूलक ढङ्गले प्रयोग गर्नु र विद्यमान प्रक्रियामा देखा परेका समस्याबाट बचाउने कुरामा सभाअध्यक्षको भूमिका महत्वपूर्ण रहने गर्दछ भन्नु सभामुखमाथि दबाव बढाउन खोज्नु नभई यसले प्रधानमन्त्री चुनावसम्बन्धी नियम पूर्ण नभएकोले प्रयोगमा पुनर्विचार गरेर समस्याको समाधान खोज्न सभामुखको ध्यानाकर्षण गराएको सम्म हो।

न्यायप्रणाली समितिले पेस गरेको मस्यौदाले न्यायपालिकाको अवमूल्यन गरी नागरिक सर्वोच्चताको आवरणमा पार्टीको सर्वोच्चतालाई स्थापित गर्न खोजेको टिका-टिप्पणी र संविधानसभामार्फत नयाँ बन्ने संविधानमा संविधान र कानुनको व्याख्या गर्ने अधिकारक्षेत्र अदालतमा रहने वा संसद्मा रहने भन्ने विवाद रहिरहेकै बेला सर्वोच्च अदालतले लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाबाट राजतन्त्रात्मक र सङ्घीयताबाट एकात्मक व्यवस्थामा फर्काउनबाहेक अन्तरिम संविधान २०६३ को जुनसुकै धारा व्यवस्थापिका संसद्ले संशोधन गर्नसक्ने निर्णय गरेर कानुनको सर्वोच्चताको साटो संसदीय सर्वोच्चता स्थापित गऱ्यो। सर्वोच्च अदालतले गरेको यस ठहरपछि नैतिक रूपमा बाहेक कानुनी रूपमा संसद्लाई धारा ६४[३] पनि संशोधन गरी संविधानसभाको अवधि बढाउन बाटो खुलेको छ।

अधिवक्ता सुबोधमान नापितले संविधानको दोस्रो संशोधन गरी न्यायाधीशको पदमा नियुक्तिपूर्व सम्बन्धित व्यक्तिलाई संसदीय सुनुवाइ गराउनुपर्ने

३. संविधानसभाले प्रस्ताव पारित गरी अगावै विघटन गरेकोमा बाहेक संविधानसभाको कार्यकाल संविधानसभाको पहिलो बैठक बसेको मितिले दुई वर्षको हुने भनी उल्लेख छ।

व्यवस्था स्वतन्त्र न्यायपालिकाको विरुद्धमा भएको दाबी गरी दायर रिट निवेदनमा सर्वोच्च अदालतले त्यस्तो व्यवस्था शक्ति पृथकीकरणको सिद्धान्तबमोजिम नै भएको ठहर गऱ्यो। न्यायाधीशहरूको नियुक्तका लागि हुने संसदीय सुनुवाइको व्यवस्थाको व्यापक आलोचना भइरहेको समयमा भएको यस निर्णयले राज्यका अङ्गहरूले एक अर्काको क्षेत्राधिकारमा हस्तक्षेप गर्न सक्ने सम्भावना बढाइदियो। राजनीतिक दलमा आबद्ध भएका व्यक्तिको जानेर वा नजानेर सिफारिश हुनसक्ने सम्भावनालाई रोक्न पनि संसदीय सुनुवाइ हुनु पर्ने र यो प्रकृयाले न्यायिक प्रकृयामा हस्तक्षेप हुने अवस्था नरहेको फैसलामा उल्लेख छ। यसमा रहेका प्रक्रियात्मक त्रुटिहरू भने सुधार गर्दै जानुपर्ने आवश्यकता अदालतले औंल्याए तापनि के कस्ता सुधार आवश्यक छ भन्ने विषयमा र औचित्यपूर्ण देखिएपनि यो प्रकृया यसको मर्मअनुरूप पालना नभएको तर्फ भने फैसला मौन रह्यो।

संविधानको धारा १५५ (१) मा संवैधानिक पदहरूमा नियुक्तिपछि सम्बन्धित व्यक्तिलाई संसदीय सुनुवाइ गर्नुपर्ने व्यवस्था थियो। पछि संविधानमा पहिलो संशोधन गरेर संवैधानिक परिषद्को सिफारिसबाट नियुक्ति हुने सबै पदसँगै सर्वोच्च अदालतका न्यायाधीश र राजदूत पदमा नियुक्तिका लागि पनि संसदीय सुनुवाइ अनिवार्य गरिएको थियो।

अन्तरिम संविधानको धारा १५५ (१) मा दोस्रो संशोधनबाट यो प्रक्रिया अनिवार्य बनाइएकोले उक्त संशोधनलाई निवेदकले चुनौती दिएका थिए। गणतन्त्रात्मक व्यवस्थाबाट राजतन्त्रात्मक र सङ्घीयताबाट एकात्मक व्यवस्थामा फर्काउनबाहेक जुनसुकै धारा पनि संसद्ले संशोधन गर्नसक्ने ठहर सर्वोच्च अदालतले गरेबाट रिट निवेदकले मागेभन्दा बढी विषयमा अदालत बोलेको देखिन्छ।[४] मुद्दाका पक्ष विपक्षबीच अविवादित विषयमा अदालतले नबोल्ने भन्ने सर्वमान्य न्यायिक सिद्धान्त छ। तर सर्वोच्च अदालतसमेतले विवादित मूल मुद्दा बाहिर गएर फैसला गर्ने गरेको छ।

तसर्थ, स्वतन्त्र न्यायपालिका र कानुनको शासनलाई स्थापित गराउनका लागि न्यायालयलाई विचलन गराउने जस्तुसुकै प्रावधान हटाउन अदालत आफैं चनाखो हुनु आवश्यक भएको समयमा न्यायालयबाट नै भएको यस्तो ठहरले न्यायालय आफ्नो स्वतन्त्रता स्थापित गर्न चिन्तित नभएको प्रतीत हुन्छ।

कार्यपालिका र न्यायपालिका

सरकारको नेतृत्वकर्ता र विपक्षी दलले समेत स्वतन्त्र न्यायालयको मर्मलाई बेवास्ता गरेको यस वर्षका घटनाक्रमहरूले देखाए। कानुन पालना गर्ने र अदालतको स्वतन्त्रताको रक्षा गर्ने सपथ लिएका कानुन व्यवसायीबाट समेत अदालतको स्वतन्त्रतामा हस्तक्षेप गरी स्वतन्त्रता कुण्ठित गरेको उदाहरण यस वर्ष देखा पऱ्यो।

त्यस्तो हस्तक्षेपका कारण वादी पक्षका कानुन व्यवसायीको दबाबमा आदेश दिएको १५ मिनेटमै स्वतन्त्र न्यायालयको आदेश बदलिएर न्यायालयको स्वतन्त्र अस्तित्वमा आँच आउने कार्य सर्वोच्च अदालतबाट भयो। तीन वर्षदेखि रिक्त संवैधानिक निकायहरूमा संवैधानिक परिषद्ले गरेको नियुक्ति शान्ति सम्झौता र अन्तरिम संविधानविपरीत भएको जिकिरसहित एकीकृत नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहालले सर्वोच्च अदालतमा दायर गरेको रिटसम्बन्धी आदेश[५] कानुन व्यवसायीको दबाबमा १३ वैशाखमा बदलिएको थियो। उक्त आदेश भएको १५ मिनेटमै न्यायाधीश रणबहादुर बमले इजलासमा नै अन्तरिम आदेश गर्ने /नगर्ने विषयमा सरकारी जवाफ झिकाउने गरी आदेशमा संशोधन गर्न लगाए। अदालतमा भएको यस्तो हस्तक्षेपले न्यायिक क्षेत्रमा दूरगामी नकारात्मक प्रभाव पार्ने विषयमा सर्वोच्चको गम्भीरता देखिएन। न्यायाधीश र कानुन व्यवसायी दुवैतर्फबाट स्वतन्त्रता कुण्ठित गर्ने कार्य भयो। न्यायाधीश आफ्नो आदेशमा अड्न नसक्नु भनेको कानुनी राजको मान्यतालाई अवमूल्यन गर्नु हो। अदालतलको आदेश औपचारिक नभएसम्म इजलासलाई अनुरोध गर्न सकिने भए पनि रिट नै खारेज गर्न दिएको दबाबले न्यायिक क्षेत्रमा ठाडो हस्तक्षेप भएको छ।

न्यायालयको निर्णयको सम्मान गर्दै त्यसको पूर्ण कार्यान्वयन गरी न्यायपालिकाको स्वतन्त्रताको रक्षा गर्ने अभिभारा लिएको सरकारले नै न्यायपालिकाको निर्णयको बेवास्ता गऱ्यो। एक वर्षदेखि अवरुद्ध नेपाली

४. श्रेष्ठ, रत्नसंसार। 'सर्वोच्चको फैसलाबाट सार्वभौमसत्ता कुण्ठित'। *गोर्खापत्र*। ०६७ वैशाख ११

५. अध्यक्ष दाहालले १२ वैशाखमा दायर गरेको रिटको फैसला न्यायाधीश बमले शुरु फैसलामा यस विषयमा अन्तरिम आदेश गर्न जारी गर्नुपर्ने/नपर्ने विषयमा छलफलका लागि विपक्षी सबैलाई महान्यायधिवक्ताको कार्यालयमार्फत १६ वैशाखमा अदालतमा उपस्थित हुन आदेश दिएका थिए।

सेनाको भर्ना[६] प्रक्रिया सुचारु गर्न सरकारले स्वीकृति दियो। सेनाको प्राविधिक क्षेत्रका अधिकृत तथा पदिक तहमा रिक्त रहेका २ सय पदमा भर्ना लिन सरकारले जङ्गी अड्डालाई अनुमति दिएको थियो। सेनाको भर्ना प्रक्रिया विस्तृत शान्ति सम्झौता विपरीत भएको भन्दै जङ्गी अड्डा विरुद्ध दिइएको मुद्दा सर्वोच्च अदालतमा विचाराधीन रहेकै अवस्थामा त्यस्तो आदेश सरकारले दिएको थियो।

यस वर्ष विभिन्न राजनीतिक दलले सर्वोच्च अदालतको आदेशको अवज्ञा गरे। सर्वोच्च अदालतले ०६६ साल पुस १९ गते एकीकृत माओवादीका सभासद् बालकृष्ण ढुङ्गेललाई ०५१ साल असार १० मा उज्जनकुमार श्रेष्ठको हत्या गरेको अभियोग प्रमाणित भएका कारण जन्मकैदको सजाय सुनायो। तर उनको पार्टीले सर्वोच्च अदालतको उक्त निर्णय विस्तृत शान्ति सम्झौता[७] विपरीत भएको भन्दै यस्तो गैरजिम्मेवार कदम नमान्ने घोषणा गऱ्यो। त्यसैगरी मधेसी जनअधिकार फोरमका अध्यक्ष उपेन्द्र यादवले मतदाता बन्ने विषय न्यायिक निरूपणभन्दा पनि राजनीतिक विषय भएको भन्दै मतदाता परिचयपत्र बनाउने सम्बन्धमा सर्वोच्च अदालतद्वारा भएको आदेशलाई राजनीतिक हस्तक्षेप भन्दै यस्तो आदेश स्वीकार्य नहुने अभिव्यक्ति दिए।[८] सर्वोच्च अदालतले २०५४ मा टेकुस्थित प्रेमबहादुर श्रेष्ठको घर खाली गराउन दिएको आदेश[९] बोकेर गएका कर्मचारी तथा सुरक्षाकर्मीको टोलीमाथि एकीकृत माओवादीका कार्यकर्ताले हस्तक्षेप गरे।[१०] सर्वोच्च अदालतले अन्तरिम संविधानमा संशोधन गरी संविधानसभाको कार्यकाल बढाउन सकिने निर्णय दिएकै दिन एकीकृत नेकपा माओवादीले संसद् सचिवालयमा संविधानसभाको कार्यकाल एक वर्ष थप्ने प्रस्तावसहित अन्तरिम संविधानमा आठौँ संशोधन विधेयकमा विरोधको सूचना दर्ता गरायो।

समाजमा शान्ति सुरक्षा कायम गर्ने र कानुनको कार्यान्वयन गर्ने महत्वपूर्ण अभिभारा लिएका सुरक्षा अधिकारीहरूले पनि अदालतका आदेशहरूको बेवास्ता गरी मानवअधिकार संरक्षण र कानुनी राजको स्थापनामा असहयोग गरे। पुनरावेदन अदालत बाग्लुङले एक वर्षअघि गैरन्यायिक हत्याको आरोपितलाई विलम्ब नहुने गरी अनुसन्धान गराउनू भनी अदालतले दिएको आदेश[११] जिल्ला प्रहरी बाग्लुङ र सरकारी वकिलको कार्यालयले बेवास्ता गरी कार्यान्वयन नगरेको समाचार सार्वजनिक भयो।

जोखिममा परेका कतिपय समूहहरूका अधिकारका पक्षमा अदालतले गरेका निर्णय कार्यान्वयन हुन नसक्दा ती समूहका सदस्यहरू अधिकार उपभोग गर्नबाट वञ्चित भए। सर्वोच्च अदालतले सरकारको नाममा सबै एकल महिलालाई भत्ता उपलब्ध गराउन दिएको आदेश सरकारी बेवास्ता र ढिलासुस्तीले गर्दा कार्यान्वयन हुन सकेन। समयमै सम्बन्धित मन्त्रालय तथा निकायमा अदालतले दिएको आदेशको जानकारी नभएकाले आगामी आर्थिक वर्षमा पनि सबै एकल महिलाले भत्ता नपाउने भए। बजेट बनाउने बेलामा जानकारी नपाएपछि आगामी आर्थिक वर्षको बजेटमा उनीहरूका लागि भत्ता नछुट्याइएको हो। सर्वोच्च अदाललले गत फागुनमा सबै प्रकारका एकल महिलालाई भत्ता दिन सरकारका नाममा आदेश जारी गरेको थियो।[१२]

संसद्मा महाअभियोग खेप्नु पर्ने अवस्थामा

---

६. सेनाले एक वर्षअघि सैनिक अस्पतालका डाक्टर, नर्स लगायतको तीन सयको सङ्ख्यामा नयाँ दरबन्दी थप गर्ने प्रस्तावमा रक्षाले कुनै निर्णय दिएको छैन। भर्ना छनौट बारे माओवादी नेतृत्वले सरकार र सैनिक नेतृत्वबीच विवाद चल्दा सर्वोच्चले त्यतिबेलाको जारी सैन्य भर्ना सकेर अन्तिम फैसला नभएसम्म पदपूर्ति नगर्न आदेश दिएको थियो।

७. बुँदा नं, ५.२.७, विस्तृत शान्ति सम्झौता

८. अदातलको आदेश राजनीतिमा हस्तक्षेप। *कान्तिपुर*। ०६७ मङ्सिर १०

९. श्रेष्ठले वाणिज्य बैंकबाट लिएको ब्याजसहित ५१ लाख रुपियाँ असुल गर्न नसकेपछि बैङ्कले लिलाम गरेको थियो। लिलामलाई अदालतले मान्यता दिएको थियो र लिलाम भएको घर सकार्ने शोभाकर न्यौपानेले सो घर भोगचलन गर्न नपाएपछि भोगचलन गराई पाउन निवेदन दिएपछि अदालतको टोली त्यँहा पुगेको हो।

१०. अदालतको आदेशमा माओवादी हस्तक्षेप। *अन्नपूर्ण पोष्ट*। ०६६ चैत्र २

११. ०६६ साल कात्तिक २५ गते पुनरावेदन अदालत बागलुङले बागलुङका ३८, म्याग्दीका दुई पीडितको उजुरीउपर परमादेश जारी गरेको थियो। पीडितको उजुरीको आधारमा गैरन्यायिक हत्या गर्ने नेपाली सेनाका खड्ग दल गुल्मका सेनानी आडसिं विष्ट, कालीप्रसाद गुल्म बागलुङकासेनानी चन्द्रबहादुर पुन, कालीप्रसाद गुल्मका कर्नेल राजु नेपालीविरुद्ध तत्काल कारबाही प्रक्रिया सुरु गर्न आदेश दिइएको थियो।

१२. भत्ता गुम्ने भो एकल महिलाको। *अन्नपूर्ण पोष्ट*। ०६६ जेठ १३

पुगेका सर्वोच्च अदालतका स्थायी न्यायाधीश रणबहादुर बमको पक्षमा अभिव्यक्ति दिँदै आएका कानुनमन्त्री प्रेमबहादुर सिंहले बममाथि कारबाही गर्न अडान लिने प्रधानन्यायाधीशको आलोचना गरे। संविधानको पालना गर्ने र गराउने जिम्मा पाएका प्रधानन्यायाधीशले नै संविधानको उल्लङ्घन गरेको आरोप कानुनमन्त्रीको थियो।[13] रणबहादुर बमलाई संसद्ले महाअभियोग नलगाई उनलाई मुद्दा हेर्न नदिनु गलत हो भन्दै कानुनमन्त्रीले प्रधानन्यायाधीशको आलोचना गरेका थिए।

रायमाझी आयोगले दोषी ठहर गरेकालाई विभुषित गरिएको र मन्त्रिपरिषद्मा समेत छलफल नगरिएकाले सरकारको विभुषण प्रदान गर्ने निर्णय खारेज गनुपर्ने माग गर्दै दायर रिटमा सर्वोच्च अदालतले उक्त निर्णय तत्काल कार्यान्वयन नगर्न ०६७ जेठ २० गते अन्तरिम आदेश दियो। ०६२-०६३ को जनआन्दोलन दबाउन सक्रिय भएको ठहरसहित रायमाझी आयोगले दोषी ठहऱ्याएका तत्कालीन प्रधानसेनापति रुक्माङ्गत कटुवाल, एसएसपी दुर्जकुमार राईलगायतले पाएको विभुषण फिर्ता गर्नु नपर्ने भएको छ। गणतन्त्र दिवसका दिन जेठ १५ गते विभुषण प्रदान गरिएको थियो तर अदालतले मङ्सिर १९ गते विभुषण विरुद्धको रिट खारेज गरेको थियो। विभुषण समिति वैधानिक देखिएको र त्यसको संरचना पनि समावेशी भएकोले खारेज गर्न नपर्ने आदेश सर्वोच्चको थियो। मानपदवी कसले पाउने र कसले नपाउने भन्ने न्यायिक पुनरावलोकन नहुने तर प्रक्रियागत सरकारी निर्णयको भने पुनरावलोकन हुनसक्छ भनी आदेशमा उल्लेख छ।

गणतन्त्र स्थापना र परिकल्पित सङ्घात्मक राज्य संरचनाको स्थापनाका लागि स्वतन्त्र न्यायपालिकाको अझै बढी आवश्यकता पर्दछ। सङ्घात्मक राज्य व्यवस्थाको आधार विधिको शासन र मानवअधिकार हुने कुरामा दुई मत छैन। तसर्थ प्रभावकारी न्यायव्यवस्था मार्फत विधिको शासनको सुनिश्चित हुनु जरुरी छ। त्यसैले मानवअधिकारलाई सङ्घीय व्यवस्थासँग तादाम्य हुनेगरी प्रवर्धन गर्नका लागि पनि विधिको शासनले उचित महत्व पाउन र सोही आधारभूमिमा न्यापालिकाले कार्य गर्नु जरुरी छ। मस्यौदा संविधानमा कैयौँ आर्थिक, समाजिक तथा सांस्कृतिक अधिकारलाई संविधानमा समावेश गरिएका सन्दर्भमा प्रभावकारी न्यायव्यवस्था मार्फत ती अधिकारहरू उपभोग गर्न सकिन्छ। यसका लागि संस्थागत र कार्यगत रूपमै स्वतन्त्र न्यायपालिका एउटा पूर्वसर्त बन्छ।

स्वतन्त्र न्यायपालिका भन्नाले सङ्गठनात्मक र कार्यगत स्वतन्त्रतासहितको न्यायपालिका भनेर बुझ्नुपर्दछ।[14] यसभित्र न्यायाधीशहरूको स्पष्ट योग्यता, सेवा अवधिको सुरक्षा, स्वतन्त्र निकायद्वारा नियुक्ति, कार्यगत स्वतन्त्रता, आर्थिक स्वतन्त्रता, प्रशासनिक स्वतन्त्रता र कार्यविधिको सुनिश्चितता आदि कुरा परम्परागत रूपमा राखिँदै आएकामा पछिल्लो समयमा आएर नियुक्तिमा विविधता तथा तलबसुविधा आदि निर्धारण गर्दा कार्यपालिकाको स्वेच्छामा नभई एउटा स्वतन्त्र निकायद्वारा पुनरावलोकन गरिने व्यवस्था राखिन थालिएको छ ।

व्यवस्थापिका र न्यायपालिका

संविधान निर्माणको सम्बन्धमा संविधानसभाको न्यायप्रणालीसम्बन्धी समितिले तयार पारेको मस्यौदाले विश्वव्यापी रूपमा स्वीकृत स्वतन्त्र न्यायपालिकाको मूल्य र अवधारणाविपरीत न्यायपालिकाको स्वतन्त्रतालाई हरण गर्ने प्रयास गरेको छ। न्यायप्रणालीसम्बन्धी समितिले आफ्नो प्रारम्भिक मस्यौदामा 'राष्ट्रिय महत्वको पद र अधिकारसँग सम्बन्धित तथा राजनीतिक विषयसँग प्रत्यक्ष सरोकार राख्ने विषय र संविधानसँग कानुन बाझिएका विषयमा बाहेक संविधान र सङ्घीय कानुनको व्याख्या गर्ने अधिकार सङ्घीय सर्वोच्च अदालतलाई हुने व्यवस्था गरेको छ। त्यसैगरी, मस्यौदाको अन्य प्रकरणमा राष्ट्राध्यक्षले सङ्घीय व्यवस्थापिका विशेष न्यायिक समितिले सिफारिस गरी सङ्घीय व्यवस्थापिकामा तत्काल कायम रहेका सम्पूर्ण सदस्य सङ्ख्याको बहुमतबाट अनुमोदन भएको व्यक्तिलाई सङ्घीय सर्वोच्च अदालतको प्रधानन्यायाधीश वा न्यायाधीशमा नियुक्त गर्नेछन्' भनिएको छ।

उपरोक्त पहिलो प्रावधानले न्यायपालिकासँग न्यायिक पुनरावलोकनको शक्ति खोस्न खोजेको छ भने दोस्रो प्रावधानले न्यायपालिकालाई राज्यको नियन्त्रणमा राखेर न्यायिक स्वतन्त्रतालाई समाप्त गर्ने योजना गरेको छ। लिखित संविधान भएको मुलुकमा न्यायिक पुनरावलोकनको अधिकार न्यायपालिकाको महत्वपूर्ण अधिकार हो। न्यायिक पुनरावलोकनको शक्तिको

१३. प्रधानन्यायाधीशले संविधान उल्लघंन गरे : मन्त्री। *कान्तिपुर*। ०६७ पुस ७

१४. भट्टराई, डा. आनन्दमोहन। स्वतन्त्र न्यायपालिकाको पक्षमा। *कान्तिपुर*। ०६७ कात्तिक १४

आधारमा नै न्यायपालिकाले मुलुकमा संवैधानिक अनुशासन कायम राख्न सक्षम हुन्छ र यसको अभावमा लिखित संविधान कृयाशील हुन सक्दैन। न्यायिक पुनरावलोकनको माध्यमद्वारा नै न्यायपालिकाले राज्यका अन्य अङ्ग तथा निकायहरूलाई संवैधानिक अनुशासनमा बस्न बाध्य तुल्याउँछ। यसो भएन भने संवैधानिक शक्ति खलबलिन गई अराजकताको परिस्थिति उत्पन्न हुन जान्छ। मस्यौदामा राष्ट्रिय महत्वको पद र अधिकारसँग सम्बन्धित तथा राजनीतिक विषयसँग प्रत्यक्ष सरोकार राख्ने विषयलाई पनि न्यायिक सुपरीवेक्षणको विषयभन्दा माथि राखिएको छ। संविधानको सर्वोच्चताको रक्षाका लागि संविधान वा कानुनमा आधारित विवादलाई अदालतले निर्णय गर्नुपर्ने हुन्छ।[१५] कुन विवाद कानुन वा संविधानमा आधारित हो वा होइन भन्ने तथ्यको निर्धारण न्यायपालिकाले आफैँ गर्दछ। यो अधिकार कार्यपालिकालाई प्रदान गर्ने हो भने राज्य अनियन्त्रित एवम् स्वेच्छाचारी हुन पुग्दछ। कानुन वा संविधानमा आधारित विवादलाई पनि यो राजनीतिक विवाद हो भनी आफ्नो सुविधाअनुसार व्याख्या गरियो भने मुलुकमा संवैधानिक अनुशासन कायम गर्न असम्भव हुन्छ।

नयाँ संविधान निर्माणका क्रममा दलहरूबीचका न्यायप्रणालीसम्बन्धी विवादित विषयको टुङ्गो लगाउन उच्चस्तरीय राजनीतिक कार्यदलको सहयोगी समूहको बैठकमा संविधान र कानुनसँग बाझिएको विषयको व्याख्या कसले गर्ने ?, प्रधानन्यायाधीश तथा न्यायाधीशहरूको नियुक्ति प्रक्रिया के हुने? जस्ता विवादित विषयमा प्रमुख तीन दल एकीकृत माओवादी, काङ्ग्रेस र एमाले आ- आफ्नै अडानमा रहे। माओवादीले व्यवस्थापिका संसद्अन्तर्गत विशेष समिति गठन गरी विवादित विषय टुङ्ग्याउनु पर्ने प्रस्ताव राखेको छ भने अन्य दलको यसमा सहमति छैन। संविधानको व्याख्या र न्यायिक पुनरावलोकन गर्ने अधिकार अदालतलाई दिनुपर्ने विषयमा भने प्रमुख दलहरूमा विवाद देखिएन।

प्रमुख दलका शीर्ष नेताहरूबीच सर्वोच्च अदालतका प्रधानन्यायाधीश र न्यायाधीशहरूको नियुक्ति[१६] स्वतन्त्र निकायबाट गर्ने व्यवस्था नयाँ संविधानमा राख्ने सहमति भएपछि संविधानमा न्यायप्रणाली कस्तो रहने भन्ने विषयले सकारात्मक मोड लिएको छ। व्यवस्थापिकाको विशेष समितिबाट न्यायाधीश नियुक्ति हुनुपर्ने अडानबाट एकीकृत माओवादी पछि हटेपछि संवैधानिक परिषद् र न्यायपरिषद् जस्तै संरचना राख्ने सहमति भयो। एकीकृत माओवादीले न्यायाधीश नियुक्तिको संरचनाको नेतृत्व संसद्का सभामुख वा उपसभामुखले गर्नुपर्ने प्रस्ताव गरेको छ। काङ्ग्रेस र एमालेले भने वर्तमान स्वरूपकै प्रधानमन्त्रीको नेतृत्वमा रहने संवैधानिक परिषद् जस्तै व्यवस्था उपयुक्त हुने धारणा राखेका छन्। प्रस्तावित स्वतन्त्र संयन्त्रको नाम, नेतृत्व र संरचनाका विषयमा भने सहमति जुट्न बाँकी छ। स्वतन्त्र र सक्षम न्यायपालिका नभएमा कुनै न कुनै रूपमा नेपाली जनताले अधिनायकवाद बेहोरिरहनु पर्नेछ।[१७]

यस वर्ष व्यवस्थापिका संसद्ले सर्वोच्च अदालतको आदेश[१८]को बेवास्ता गरी संविधानमा सातौँ संशोधन गऱ्यो। नेपालको अन्तरिम संविधान २०६३ मा भएको संशोधनपछि सर्वोच्च अदालतको आदेशबाट निष्क्रिय रहेका उपराष्ट्रपति परमानन्द झा सोही पदमा सक्रिय भई काम गर्न थाले। मधेसी जनअधिकार फोरम र सद्भावना पार्टीलगायत तराईका पार्टीहरूले संविधानको संशोधन प्रस्ताव पारित गर्न दबाब दिएका थिए। र, सो संशोधन विधेयक संविधानको चौथो संशोधन गरिएको मितिदेखि प्रभावकारी गर्न माग गरेका थिए। संसद्द्वारा संविधानको चौथो संशोधन ०६५ साल जेठ १५ गते गरिएको थियो। यसरी देशको कार्यकारी निकायमा रहेका उच्च पदाधिकारीले भूतप्रभावी असर राख्ने प्रावधानअनुसार सपथ लिए जसले कानुनको ठाडो उपहास गऱ्यो भने कानुन निमार्ण गर्ने महत्वपूर्ण जिम्मेवार व्यक्तिहरूले कानुनमा भूतप्रभावी असरलाई स्वीकार गरे जुन कानुनी राजको सिद्धान्त विपरीत मानिन्छ।

प्रधानमन्त्रीको परिणामविहीन निर्वाचन प्रक्रियाप्रति सर्वोच्च अदालतले असन्तुष्टी जनाएपछि संसद् र न्यायालयबीच दूरी बढेको भान भयो। अदालतले

---

१५. बज्राचार्य, मीनरत्न। सभामुखका विकल्प। *हिमाल खबरपत्रिका*। अंक ५। ०६७ मङ्सिर १

१६. अन्तरिम संविधानमा प्रधानन्यायाधीशको नियुक्ति संवैधानिक परिषद्को सिफारिसमा र न्यायाधीशको नियुक्ति न्याय परिषदको सिफारिसमा संसदीय सुनुवाइपछि हुने व्यवस्था छ।

१७. भट्टराई, डा. आनन्दमोहन। स्वतन्त्र न्यायपालिकाको पक्षमा। *कान्तिपुर*। ०६७ कात्तिक १४

१८. तत्कालीन प्रधानन्यायाधीश मीनबहादुर रायमाझी र न्यायाधीश बलराम केसीको संयुक्त इजलासले उपराष्ट्रपति झाले पदमा निर्वाचित भएपछि लिएको हिन्दी भाषाको शपथलाई ०६६ फागुन ९ गते संविधानविपरीत ठहर गरेको थियो।

निर्वाचन प्रक्रियाबारे ठोस निर्णय नदिई सभामुखको ध्यानाकर्षण गराउने भन्ने जस्ता राजनीतिक टिप्पणी गरेको र समस्यालाई पन्छाउने काम मात्र गरेको निष्कर्षमा संसद्सचिवालयका अधिकारीहरू छन्। अदालत स्वयम्ले पटकपटक संसद्को क्षेत्राधिकार भनी बोलेको विषयमा यति धेरै टिप्पणी आवश्यक नरहेको संसद् सचिवालयको जिकिर छ।[१९] संसद् नियमावलीको कुनै अंश संविधानको मर्मविपरीत छ भने अदालतले त्यसलाई खारेज गर भन्न सक्नुपर्‍यो वा संविधानको धारा ३८ को थप व्याख्या गरेर भए पनि निकास दिनुपर्ने भनाइ सचिवालयको थियो।[२०] फैसला कार्यान्वयन गर्ने प्रमुख जिम्मा स्वयम् सभामुखलाई रहेको स्मरण गराउँदै सभामुखलाई लेखी पठाउने भनी सर्वोच्च अदालतले निर्देशन जारी गर्दै न्यायिक संयमताको सिद्धान्तलाई पूर्ण सचेत र सजगताका साथ अनुसरण गर्‍यो।

स्वतन्त्र न्यायपालिका सङ्घीयताको आधारभूत सर्त हो। राज्यशक्तिलाई विभाजित गर्ने नाउँमा न्यायपालिकालाई नियन्त्रण गर्न खोज्नु सङ्घीय प्रणाली विरुद्ध हुन जान्छ। संविधान भनेको निरङ्कुशतालाई संस्थागत गर्ने दस्तावेज नभई लोकतन्त्र, कानुनी राज्य एवम् आधारभूत मानवअधिकारलाई संस्थागत गर्ने मूल कानुन हो र स्वतन्त्र न्यायपालिका लोकतन्त्रको आत्मा हो।[21]

विभिन्न तहका अदालतबाट भएका महत्वपूर्ण निर्णयहरू

एकल महिला विवाह गर्नेलाई आर्थिक सहयोग दिने सरकारी निर्णय रोक्न आदेश

सर्वोच्च अदालतले एकल महिलाहरूको विवाहलाई प्रोत्साहन गर्न ल्याएको प्रतिजोडी ५० हजार रुपियाँ सहयोग उपलब्ध गराउने आर्थिक वर्ष ०६६/०६५ को बजेट व्यवस्था[२२] कार्यान्वयन नगर्न सरकारका नाममा अन्तरिम आदेश जारी गर्‍यो। बजेट वक्तव्य र निर्देशिकालाई चुनौती दिँदै मानवअधिकारका लागि एकल महिला समूहको तर्फबाट दायर गरिएको रिटमा सर्वोच्च अदालते नेपालको अन्तरिम संविधानको धारा १३२(३) को प्रतिबन्धात्मक वाक्यांश र धारा ३५ (८), (९) मा व्यवस्था भए अनुरूप महिलाको सशक्तीकरण र सामाजिक सुरक्षा ५० हजार रुपियाँ दिँदैमा नहुने उल्लेख छ। विवाह भएपछि एकल महिलाका सबैखाले समस्या हल हुन्छन् भन्ने सरकारी नीतिले आत्मसम्मानमा चोट पुर्‍याएको भन्दै त्यस्तो नीति कार्यान्वयन नगर्न सर्वोच्च अदालतले एकल महिलाका पक्षमा उत्साहजनक आदेश सरकारका नाममा जारी गर्‍यो। यस आदेशले एकातिर महिला अस्मिताको सम्मान गरेको छ भने अर्कातिर सरकारलाई केवल केही हजार रुपियाँ प्रदान गरेर महिलाहरूको सशक्तीकरण र सामाजिक सुरक्षा हुन सक्छ भन्ने मान्यता त्यागेर अन्य विकल्पप्रति ध्यान दिन सङ्केत पनि गरेको छ।

राष्ट्रिय मानवअधिकार आयोग नियमावलीको प्रावधान खारेज

अन्तरिम संविधानको धारा १३ अनुरूप नभएको भन्दै सर्वोच्च अदालतले राष्ट्रिय मानवअधिकार आयोग नियमावलीको नियम ४ खारेज गर्‍यो। अस्थायी[२३] कर्मचारीलाई स्थायी नियुक्ति दिनका लागि आयोगले गत वर्ष यसमा संशोधन गरेको थियो।

बलात्कारमा संलग्न सबै प्रहरीविरुद्ध मुद्दा चलाउन आदेश

जिल्ला प्रहरी कार्यालय अछामकी महिला प्रहरी सुन्तली धामीलाई सामूहिक बलात्कार गर्ने सबै[२४] प्रहरी अभियुक्त विरुद्ध जबरजस्ती करणीको मुद्दा चलाउन सर्वोच्च अदालतले मङ्सिर १५ गते जिल्ला सरकारी वकिलको कार्यालय अछामका नाममा परमादेश जारी गर्‍यो। अपराधीले उन्मुक्ति पाएको भन्दै पीडित सुन्तली धामीले गत वर्ष फागुनमा सर्वोच्च अदालतमा तीन अभियुक्तविरुद्ध मुद्दा चलाउने माग गर्दै रिट दायर गरेकी

---

१९. फुँयाल, राजेन्द्र । सर्वोच्च र संसद्को दुरी बढ्यो। *कान्तिपुर*।०६७ कात्तिक २५

२०. पूर्ववत

२१. त्रिपाठी, दिनेश। नियन्त्रित न्यायपालिका सङ्घीयताको बाधक। *हिमाल खबरपत्रिका*। अङ्क २। २०६७ वैशाख १७

२२. विधवा विवाह प्रोसाहन स्वरूप प्रत्येक जोडीलाई जिल्ला प्रशासन कार्यालयमा विवाह दर्ता गरेको ३० दिनभित्र ५० हजार अनुदान उपलब्ध गराइनेछ।

२३. ७४ जना अस्थायी कर्मचारीलाई स्थायी गर्न गत वर्ष यसमा संशोधन गरिएको थियो।

२४. गत वर्ष असोज ११ गते सहकर्मीवाट प्रहरी चौकीमै बलात्कृत सुन्तली धामीका अभियुक्तमध्ये सरकारी वकिलको कार्यालयले तीन अभियुक्त प्रहरी हवल्दार वीरेन्द्र बम, करवीर थलान र जवान जगदीश पाण्डेविरुद्ध मात्रै मुद्दा चलाएको थियो। तर बाँकी तीन अभियुक्त भण्डारी, बडू र महत्तरालाई भने अछाम जिल्ला प्रहरीले प्रमाण नपुगेको भन्दै जमानीमा छाडिदिएको थियो। त्यसलाई सरकारी बकिलको कार्यालयले समेत स्वीकारेको थियो।

थिइन्। सर्वोच्च अदालतले अपराधीलाई मुद्दा नचलाई उन्मुक्ति दिने सरकारी वकिलको काम गलत भएको भन्दै सरकारी वकिलको आदेश खारेज गर्दै यसमा ३५ दिने हदम्याद नलाग्ने पनि उल्लेख गरेको छ।

सर्वोच्चले सुन्तलीको पक्षमा परेको अर्को रिटमाथि पनि सुनुवाइ गर्दै २० मङ्सिरमा सरकारका नाममा निर्देशनात्मक आदेश जारी गऱ्यो। आदेशमा महिला हितको पक्षमा कानुन संशोधन गर्न, बलात्कारबाट पीडित महिलालाई न्याय दिलाउनका लागि हरेक जिल्लामा परामर्श समिति गठन गर्न, तीन वर्षभित्र नेपाल प्रहरीमा छुट्टै अनुसन्धान दस्ता खडा गर्न, हरेक जिल्ला अस्पतालमा बलात्कृत महिलाको प्रमाण सङ्कलन गर्न विज्ञ र प्रयोगशालाको गठन गर्न, अदालतमा जबरजस्ती करणीको मुद्दा पुग्नेबित्तिकै प्राथमिकताका साथ सुनुवाइ गर्न सरकारलाई निर्देशन दिएको छ। त्यसैगरी विद्यमान फौजदारी न्यायप्रणालीमा सुधार गर्न, समूह गठन गरी अपराध अनुसन्धान प्रभावकारी रूपमा गर्न ६० दिनभित्र निर्देशिका तयार गर्न पनि आदेश दियो।

सबै एकल महिलालाई भत्ता दिन आदेश

सरकारले ६० वर्ष उमेर पार गरेका विधवालाई मात्र भत्ता दिने गरी ल्याएको कार्यक्रम[३५] नेपालको अन्तरिम संविधानको धारा १३ अन्तर्गत समानताको हक विपरीत भएको दावी गर्दै ०६५ पुस ५ मा सर्वोच्च अदालतमा दायर रिट निवेदनमा सुनुवाइ हुँदा सर्वोच्च अदालतले जुनसुकै उमरेका विधवा भए पनि उनीहरूलाई भत्ताको व्यवस्था गर्न सरकारलाई आदेश दियो। ६० वर्ष उमेर पार गरेका विधवालाई मात्र भत्ता दिने गरी ल्याइएको कार्यक्रम समानताको हक विपरीत भएको ठहर गर्दै अदालतले ६० वर्षमुनिका एकल महिलालाई पनि राज्यको स्रोत साधनले भ्याएसम्म उनीहरूको आयस्रोत हेरी भत्ता प्रदान गर्न सरकारलाई आदेश दियो। जुनसुकै उमेरका विधवालाई भत्ता दिँदा पतिको र आफ्नै पेन्सन, श्रीसम्पत्ति, रोजगारीको आयस्रोतजस्ता विविध पक्षलाई हेरी मापदण्ड बनाउन पनि आदेशमा भनिएको छ। एकल महिला समूहले वृद्धभत्तामा उमेरको हदबन्दी हटाई सबै एकल महिलालाई सो भत्ता दिलाउन सरकारको ध्यानाकर्षण गराउँदै उमेरको हदबन्दी हटाउन माग गरेको थियो।

पुरुषले पनि सम्बन्धविच्छेदका लागि अदालत जान पाउने

पुरुषले पनि सम्बन्धविच्छेद गर्न सिधै अदालत जान पाउनु पर्ने माग राख्दै चैत १९ परेको रिटमा सर्वोच्च अदालतले सम्बन्धविच्छेदको अधिकार महिलासरह नै पुरुषलाई पनि हुने गरी कानुन बनाउन सरकारका नाममा निर्देशनात्मक आदेश जारी गऱ्यो। पत्नीले चाहे पतिलाई छाड्न सक्ने तर पतिले चाहे पत्नीलाई छाड्न नसक्ने विद्यमान कानुनले[३६] गरेको असमान व्यवस्था हटाउन र समतामूलक कानुन बनाउन पनि आदेशमा भनिएको छ।

समयमै मुद्दा किनारा लगाउन आदेश

मानवअधिकार हनन् हुने गरी कसैलाई पनि हिरासतमा नराख्न र मुद्दाको छिटो किनारा लगाउन सर्वोच्च अदालतले साउन ९ गते सरकारका नाममा आदेश जारी गऱ्यो । धनुषा जिल्ला प्रहरी कार्यालयले हातहतियार तथा खरखजाना मुद्दामा थुनिएका एक युवकलाई बिना कुनै कारबाही १ वर्ष ९ महिना जेलमा राखेको भन्दै त्यस विरुद्ध परेको बन्दीप्रत्यक्षीकरणको रिटको सुनुवाइ गर्दै आइन्दा यस्तो नगर्न सरकारलाई आदेश गऱ्यो। र, यसको परिपत्र सबै जिल्ला प्रशासन कार्यालयहरूलाई पनि गराउन गृहमन्त्रालयका सचिवलाई अदालतले आदेश गऱ्यो।

दुई वर्षअघि पेस्तोल र बम बनाउने सामानसहित गिरफ्तार गरिएका महोत्तरीका शङ्कर साहलाई कुनै कानुनी प्रक्रिया बिना नै थुनामा राख्ने धनुषा जिल्ला प्रशासन विरुद्ध परेको रिटमाथि सुनुवाइ गर्दै सर्वोच्च अदालतले दिएको आदेशमा एक महिनाभित्र निजउपर दायर भएको हातहतियारसम्बन्धी मुद्दामा सम्पूर्ण जे-जे बुझ्नुपर्ने प्रमाण बुझी मुद्दाको किनारा गरी अदालतलाई जानकारी गराउन भनिएको छ। कानुनी उपचार गर्न पाउनुपर्ने नागरिकको मौलिक हक भएको भन्दै त्यसको हनन् नगर्न सर्वोच्चले सबै

---

३५. सरकारले ०६३ सालदेखि सामाजिक सुरक्षा कार्यक्रमअन्तर्गत ६० वर्ष उमेर पार गरेका विधवा महिलालाई मात्र भत्ता दिने गरेको थियो। ०६३ सालमा १ सय ५० रुपियाँ विधवा भत्ता दिँदै आएको सरकारले ०६५ सालदेखि मासिक ५ सय रुपियाँ पुऱ्याएको छ।

३६. विद्यमान कानुन अनुसार महिलाले अदालतमा निवेदन दिएर सजिलै गर्न सक्छन् तर पुरुषले गाविस वा नगरपालिकामा जानुपर्छ।

मुद्दालाई समयमै किनारा लगाई अभियुक्तलाई कानुनी उपचार दिन आदेशमा भनिएको छ।

गैरन्यायिक हत्याको अनुसन्धान गर्न निर्देशन

पुनरावेदन अदालत नेपालगञ्जले सशस्त्र द्वन्द्वका समयमा सुरक्षाकर्मीबाट गोली प्रहार गरी हत्या गरिएका बाँके नौबस्ता र नौलापुरका दलबहादुर थापा र पार्वती थापा दम्पतिका सम्बन्धमा तीन महिनाभित्र अनुसन्धान गरी कारबाही अघि बढाउन प्रहरीका नाममा परमादेश जारी गऱ्यो। नेपाली सेनाको भीमकाली गुल्म चिसापानीमा कार्यरत तत्कालीन सेनानी अजीत थापा र सहसेनानी रमेश स्वाँरको नेतृत्वमा गएको टोलीले सर्च अपरेशनका नाममा थापा दम्पतीको हत्या गरेको घटनाको अनुसन्धान र दोषीमाथि कारवाहीको माग गर्दै दुई वर्षअघि परेको जाहेरीप्रति कुनै चासो नदेखाएको भन्दै पीडितद्वारा[३७] कर्तव्य ज्यानअन्तर्गत मुद्दा चलाउन माग गर्दै ०६४ भदौ २५ गते दिएको जाहेरीको सम्बन्धमा सुनुवाइ गर्दै उक्त आदेश जारी भएको थियो।

प्रहरीलाई कारण देखाऊ आदेश

सशस्त्र द्वन्द्वको समयमा गैरन्यायिक हत्याका पीडित[३८] परिवारले कर्तव्य ज्यानसम्बन्धी मुद्दाका लागि जाहेरी दरखास्त दर्ता गर्न खोज्दा जिल्ला प्रहरी कार्यालयले दर्ता नगरेपछि जिल्ला प्रहरी र जिल्ला प्रशासन कार्यालय बर्दिया विरुद्ध पुनरावेदन अदालत नेपालगञ्जमा ०६६ पुस २६ गते परमादेशको माग गर्दै दायर रिटमा मुद्दा दर्ता नगर्नुको कारणसहित १५ दिनभित्र उपस्थित हुन जिल्ला प्रहरी कार्यालयको नाममा ०६६ पुस २८ गते परमादेश जारी गऱ्यो। हत्याका सम्बन्धमा पीडित परिवारले ०६६ मङ्सिर २५ गते जिल्ला प्रहरी कार्यालय बर्दियामा दिएको जाहेरी दरखास्त प्रहरीले दर्ता नगरेपछि उनीहरू ०६६ पुस १३ गते जिल्ला प्रशासन कार्यालय बर्दिया गएका थिए। जिल्ला प्रशासन कार्यालय बर्दियाले समेत सुनुवाइ नगरेपछि उनीहरूले पुनरावेदन अदालत बाँकेमा परमादेशको रिट दायर गरेका थिए।

महिला हिंसासम्बन्धी उजुरीको अनुसन्धान निर्देशिका तर्जुमा गर्न आदेश

महिलाविरुद्ध हिंसासम्बन्धी मुद्दामा राज्यले निष्पक्ष ढङ्गले अनुसन्धान गर्न विशेष कानुनी र संरचनागत व्यवस्था गर्न आवश्यक भएको तर कानुन बन्न समय लाग्ने भएकाले त्यस्ता घटनाको निष्पक्ष र प्रभावकारी अनुसन्धान र तहकिकात गर्न सर्वोच्च अदालतबाट निर्देशिका तर्जुमा गरी जारी गर्न माग गर्दै दायर रिटमा सर्वोच्चले कारण देखाऊ आदेश जारी गऱ्यो। रिटमा महिलाविरुद्धको हिंसासम्बन्धी मुद्दा हेर्न प्रत्येक जिल्लामा पारिवारिक वा त्यस्तैप्रकारका विशेष इजलास वा अदालतको स्थापना गर्न पनि माग गरिएको छ।

महिला र बालबालिकाका लागि अदालत गठन गर्न आदेश

सर्वोच्च अदालतले महिला र बालबालिकासँग सम्बन्धित मुद्दा हेर्नका लागि द्रूतमार्गी अदालत (Fast Track Court) गठन गर्न सरकारका नाममा आदेश दियो। अदालत गठन गर्नका लागि आवश्यक मानवीय श्रोत, भौतिक संरचना र अन्य अत्यावश्यक कुराहरूका सम्बन्धमा अध्ययन आवश्यक भएको भन्दै सो गर्न पनि आदेशमा भनिएको छ। अध्ययन पूरा भएको छ महिनाभित्र त्यस्तो अदालत गठन गर्नका लागि उपयुक्त कानुन तर्जुमा गर्न पनि भनिएको छ। महिला र बालबालिकासँग सम्बन्धित मुद्दाहरू बढी संवेदनशील हुने हुँदा उनीहरूका अधिकार संरक्षणका लागि वर्तमान प्रावधान पर्याप्त नभएको पनि आदेशमा उल्लेख छ।

---

३७. बनकटवा बस्ने योगमाया दाहाल र नौबस्ताकी भूमिसरा थापाले घटनाको अनुसन्धानमा प्रहरीले चासो नदिएको भन्दै अदालतमा रिट दायर गरेका थिए।

३८. सशस्त्र द्वन्द्वका बेला बाँके महादेवपुरी गाविस- ३ की ३४ वर्षीय जयकला भन्ने जैकली कुमारी खत्रीलाई ०६० पुस १ गते बांगेसालस्थित गोठबाट नियन्त्रणमा लिई सुरक्षाकर्मीले गोली हानी हत्या गरेका थिए। सोनपुर गाविस- १ का १७ वर्षीय बन्दरा भन्ने रामप्रसाद धोबी, उढरापुर गाविस- ८ का १७ वर्षीय इस्रफिल भन्ने रज्जव खाँ, सोही ठाउँका १९ वर्षीय सलमान नाउ, २० वर्षीय मुन्नवर खाँ र इन्दपुर गाविस- ८ का ३० वर्षीय महेन्द्र वर्मालाई ०६० चैत २९ गते बिहान सोनपुर गाविस- १ सोनवर्षास्थित रामजानकी मन्दिरको छतमाथि सुतेको अवस्थामा सुरक्षाकर्मीले नियन्त्रणमा लिई मन्दिरनजिक खेतमा लगेर गोली हानी हत्या गरेका थिए। त्यसैगरी बर्दिया खैरीचन्दपुर गाविस- ६ का सोहनलाल चौधरी, राधाकृष्ण चौधरी र सोही ठाँउका सूर्यलाल चौधरीलाई ०५९ कात्तिक १६ गते सुरक्षाकर्मीले हत्या गरेका थिए।

द्रूतमार्गी अदालत गठन गरेर राज्यले पीडित महिलालाई छिटो-छिटो न्याय दिनुपर्ने, महिलाको गोपनीयता कायम गर्नुपर्ने र त्यस्ता मुद्दा महिला न्यायाधीशलाई जिम्मा दिनुपर्ने उल्लेख छ।

भैरवनाथ गणमा बेपत्ता पारिएकाहरूको अनुसन्धान नगरिएकोमा स्पष्टीकरण माग

तत्कालीन शाही नेपाली सेनाले भैरवनाथ गणमा बेपत्ता पारेका र त्यस सम्बन्धमा अनुसन्धान अगाडि नबढाइएको विषयमा सर्वोच्च अदालतले सरकारसँग स्पष्टीकरण माग गऱ्यो। भैरवनाथ गणमा बेपत्ता पारिएका पदमनाथ नकर्मीकी पत्नी राममाया नकर्मीले जाहेरी दर्ता गराए पनि उक्त जाहेरीमाथि कारवाही अगाडि नसार्ने प्रहरी अधिकारीमाथि कारवाहीको माग गर्दै दायर गरिएको रिटमा सर्वोच्च अदालतले त्यस्तो निर्णय दिएको हो। राममाया नकर्मीले भैरवनाथ गणबाट बेपत्ता पार्ने अपराधीलाई सजाय गर्न माग गर्दै २०६३ असार ५ गते महानगरीय प्रहरी कार्यालय हनुमान ढोकामा जाहेरी दर्ता गराएकी थिइन्। यसै सम्बन्धमा राष्ट्रिय मानवअधिकार आयोगले गरेको सिफारिसको कार्यान्वयन नभएकोमा पनि अदालतले प्रश्न गऱ्यो।

नाबालक बन्दीलाई २४ घण्टाभित्र अदालतमा पेश गर्न आदेश

सुधारगृहमा राखिनुपर्ने १४ वर्षीय बालकलाई गैरकानुनी हिरासतमा राखेको दाबीका साथ मुक्त गर्न माग गर्दै दायर रिटमा सर्वोच्च अदालतले २४ घण्टाभित्र लिखित जवाफ पेश गर्न विपक्षीका नाममा आदेश जारी गऱ्यो। सिन्धुपाल्चोक, बाह्रबिसे गाविस-४ का एक बालकलाई डाँका मुद्दामा गत साउन ३१ गते गिरफ्तार गरिएको थियो।

नागरिकताबिना मतदाता परिचय नबनाउन निर्वाचन आयोगलाई आदेश

नागरिकता नभए पनि मतदाता बन्न पाइने आयोगको निर्णय[३९]ले राष्ट्रियतामाथि असर पुग्ने जिकिरसहित बदर गर्न माग गर्दै दायर भएको रिटमा सर्वोच्च अदालतले नागरिकता बिना मतदाता परिचयपत्र नबनाउन सरकारका नाममा मङ्सिर ९ गते अन्तरिम आदेश जारी गऱ्यो। अन्तरिम संविधानमा नेपाली नागरिकलाई मात्र मताधिकार भएको नागरिक हुन नागरिकता हुनुपर्ने भएकाले अन्य कागजातका आधारमा नामावली तयार नपार्न सर्वोच्चले आयोगलाई आदेश दिएको छ। मतदाता नामावली सङ्कलन गर्ने विषयमा 'राष्ट्रिय संवेदनशीलताको प्रश्नसमेत अन्तर्निहित भएकाले अग्राधिकारसमेत दिइएको हो। रिटमा संविधानसँग बाझिएका मतदाता नियमावली ऐनका दफा खारेजीको मागसमेत गरिएको थियो।

सैनिक अधिकारीको बढुवा रोक्न आदेश

सर्वोच्च अदालतले विवादित सैनिक अधिकारी तोरणजङ्गबहादुर सिंहलाई बलाधिकृत रथीमा बढुवा गर्न मन्त्रिपरिषद्ले गरेको निर्णय तत्काल कार्यान्यवन नगर्न ०६६ पुस १९ गते अन्तरिम आदेश दियो। सर्वोच्चले सिँहलाई बढुवा गर्ने निर्णय क्रियाशील नगर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, रक्षामन्त्रालय र जङ्गी अड्डालाई आदेश दिएको हो। मानवअधिकार हनन्का आरोपित सिँहलाई बढुवा नगर्न राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको नेपालस्थित कार्यालयले सरकारलाई आग्रह गर्दै आएको थियो तर, सरकारले पुस ९ गते सिंहलाई बलाधिकृत रथीमा बढुवा गर्ने निर्णय गरेको थियो।

ग्रामीण महिलामाथि हुने शोषण अन्त्य गर्न आदेश

महिला भएकै कारणले गर्दा ग्रामीण महिलाले पारिवारिक आर्थिक उन्नतिमा बिना मूल्य काम गरी योगदान पुऱ्याए पनि घर र परिवारबाट पीडित र शोषित भई असमान व्यवहार गरिने प्रचलन र परम्परालाई उन्मूलन गरी ग्रामीण महिलामाथि हुने शोषण र भेदभावलाई अन्त्य गर्न सरकारका नाममा ०६७ जेठ २८ गते निर्देशनात्मक आदेश जारी गऱ्यो। महिलालाई लिङ्गको आधारमा भेदभाव गर्न नहुने र प्रथा, परम्परा र प्रचलनको नाममा महिलामाथि महिला भएकै कारणले पति तथा पति तर्फका नातेदारहरूबाट

---

३९. आयोगले पहिलो चरणमा देशका ५८ नगरपालिकामा नागरिकताका आधारमा तस्विरसहितको नामावली सङ्कलन थालेर करिब १३ लाखको नाम सूचीकृत गरेको थियो। मधेसी दलहरूले नागरिकता चाहिने व्यवस्थाप्रति विरोध जनाउँदै अवरोध गरेपछि आयोगले कात्तिक १६ गते अन्य प्रमाणिक कागजातहरू जस्तैः जग्गाधनी प्रमाणपूर्जा वा सरकारी कार्यालय, स्थानीय निकाय, सरकारी संस्था वा शिक्षण संस्थाद्वारा जारी गरिएको कुनै परिचयपत्रका आधारमा पनि मतदाता नामावलीमा नाम राख्न सक्ने निर्णय गरेको थियो।

कुनै किसिमको शोषण र भेदभाव गर्न नहुने कुरा आदेशमा उल्लेख छ।

संविधानसभाको म्याद थप सम्बन्धमा

अन्तरिम संविधान २०६३ को धारा ६४ संशोधन गर्न हाललाई रोक्न नहुने भन्दै सर्वोच्च अदालतले ठहर गरेपछि संविधानसभाको अवधि बढाउन अब संवैधानिक अड्चन नहुने भएको छ। सर्वोच्च अदालतका न्यायाधीश खिलराज रेग्मी र कृष्णप्रसाद उपाध्यायको संयुक्त इजलासले सुविधा र सन्तुलनका दृष्टिकोणले पनि संविधानसभाको अवधि बढाउने कार्यलाई रोक्न नहुने भनी अन्तरिम आदेश जारी गर्न अस्वीकार गरेको थियो।

संविधानसभाको म्याद बढाउनु जनताको निर्देशन विपरीत हुने दावी गर्दै त्यस्तो कार्य रोक्न आदेशको मागसहित जेठ २ गते सर्वोच्च अदालतमा रिट दायर गरिएको थियो। न्यायालयले औपचारिक रूपमा नै अवधि बढाउन बाटो खुला गरेपछि संविधानसभा अवधि दुई वर्षभन्दा बढी बढाउँदा संविधानविपरीत नहुने भएको छ। यसअघि सभासद्ले लिएका पारिश्रमिक,भत्ता, सुविधासमेत फिर्ता गर्न र अब त्यस्तो सुविधा नपाउने गरी आदेश दिन रिटमा माग गरिएको थियो। उक्त रिट मिति ०६७ जेठ २ गते काठमाडौँ महानगरपालिकाका भरतमणि जड्गमले दायर गरेका थिए।

मुद्दा फिर्ता विरुद्ध अन्तरिम आदेश

चार जना माओवादी नेता तथा कार्यकर्ता मारेको अभियोग लागेका २० जनाको मुद्दा फिर्ता[30] सम्बन्धमा अदालतबाट अन्तिम निर्णय नभएसम्म मुद्दा फिर्ता कार्यान्वयन नगर्न सरकारका नाममा अन्तरिम आदेश जारी भयो। राजनीतिक प्रकृतिको भन्दै ०६७ असार १६ मा सरकारले मुद्दा फिर्ता लिएको थियो।

सञ्चारकर्मीलाई क्षतिपूर्ति दिने आदेश

पत्रकार लवदेव ढुङ्गानालाई तत्कालीन सरकारले गैरकानुनी रूपमा ५० दिनसम्म थुनामा राखेको भन्दै पुनरावेदन अदालत इलामले ३५ हजार रुपियाँ क्षतिपूर्ति दिने आदेश दियो। शाही शासनको समयमा जिल्ला प्रहरी कार्यालय पाँचथरले ढुङ्गानालाई गिरफ्तार गरी ५० दिनसम्म थुनामा राखेको थियो।

समावेशीकरणका लागि आदेश

समावेशी ऐन समावेशी नभएको भन्दै राज्यका सबै अङ्गमा महिला, दलित, जनजाति र मधेशीलाई समावेश गराउन आदेशको माग गर्दै दायर रिटमा सर्वोच्च अदालतले संविधानको धारा २१ को प्रभावकारी कार्यान्वयन गर्न सो व्यवस्थाको कार्यान्वयन गर्न सरकारका नाममा आदेश दियो। अन्तरिम संविधानको मर्म[31] विपरीत सरकारले निजामती सेवा ऐनको दोश्रो संशोधन गरेकोले त्यो खारेज हुनुपर्ने भन्दै ०६६ फागुन १९ गते रिट दायर गरिएको थियो। सरकारले निजामती, प्रहरी, सशस्त्र प्रहरी र अन्य अङ्गले भने प्रावधानको कार्यान्वयन गर्न थालेकोले यसमा परमादेश जारी गर्न नपर्ने पनि भनेको छ।

सैन्य भर्ना विरुद्धको रिट खारेज

सैन्य भर्ना विरुद्ध परेको रिट खारेज गऱ्यो । सैन्य भर्ना विवाद न्यायपालिकाको क्षेत्राधिकारभित्र नपर्ने भन्दै साउन १२ गते रिट सर्वोच्च अदालतले खारेज गरेको थियो। सैन्य भर्ना शान्ति सम्झौता विपरीत भएको भन्दै ०६५ कात्तिक १७ र ०६७ वैशाख ६ गते भर्ना खोलेपछि त्यसविरुद्ध रिट दायर भएको थियो। सर्वोच्चले नेपाली सेनाको विज्ञापन सम्झौता[32]मा विवाद

---

३०. एकीकृत माओवादीका साथै अन्य राजनीतिक दलले गृह मन्त्रालयलाई मुद्दा फिर्ताको लागि लेखेपछि गृह मन्त्रालयले ०६६ चैत्र २४ गते कानुन मन्त्रालयलाई मुद्दा फिर्ताको स्वीकृति माग गर्दै पत्र लेखेको थियो।

३१. अन्तरिम संविधानले आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछि परेका महिला, दलित, आदिवासी जनजाति, मधेशी, उत्पीडित वर्ग, गरिब, किसान र मजदुरहरूलाई समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागी हुने हक हुनेछ भनी व्याख्या गरेको छ तर सरकारले निजामती सेवा ऐन २०४९ को दोश्रो संशोधन २०६४ मा समावेश गरिनुपर्ने समुदायको अघिल्तिर आर्थिक, समाजिक वा शैक्षिक दृष्टिले पछि परेको भन्ने पदाबील हटाएको छ।

३२. सरकार र तत्कालीन विद्रोही नेकपा माओवादीबीच भएको बृहत् शान्ति सम्झौता र ०६३ मङ्सिर २२ मा भएको हतियार र सेना व्यवस्थापनको अनुगमन सम्बन्धी सम्झौतामा नेपाली सेना र माओवादी लडाकू दुवैमा नयाँ भर्ना लिन नपाइने व्यवस्था छ। यो प्रावधान हुँदाहुँदै पनि सेनाले भर्ना खोलेपछि सर्वोच्चमा रिट परेको हो। त्यसबेला सर्वोच्चले मुद्दाको अन्तिम किनारा नलागुन्जेल नयाँ भर्ना तत्कालका लागि रोक्न आदेश दिएको थियो।तर, नियुक्ति दिइसकिएको भन्दै सेनाले प्रकृया रोकेको थिएन।

भएमा विस्तृत शान्ति सम्झौतामा सम्झौताका पक्षहरूले त्यस्तो विवादलाई टुङ्ग्याउने उल्लेख छ। नेपालको न्यायपालिकाको क्षेत्राधिकारलाई खारेज गरी विवाद समाधानका लागि पक्षहरू आफैँ र पक्षहरूसमेत सम्मिलित संयुक्त अनुगमन संयोजन समिति (जेएमसीसी) को उपचारको व्यवस्था भएको सर्वोच्चको फैसलामा उल्लेख छ। अन्तरिम संविधानको धारा १०० अनुसार नेपालको न्यायसम्बन्धी अधिकारको प्रयोग गर्दा न्यायको मान्य सिद्धान्तअनुसार गर्नु पर्ने भन्ने स्पष्ट संवैधानिक व्यवस्था भएको जनाउँदै फैसलामा धारा १०७ (२) को असाधारण अधिकार क्षेत्रअर्न्तगत सम्झौताबाट उत्पन्न विवादलाई यस अदालतले छनौट प्रक्रिया हेर्न नमिल्ने हुँदा प्रस्तुत रिट खारेज हुने उल्लेख छ।

सर्वस्वसहित जन्म कैदका अभियुक्तलाई माफी दिने निर्णय कार्यान्वयन रोक्न आदेश

ज्यान मुद्दामा सर्वस्वसहित जन्म कैदको सजाय पाएका धनुषाका मकेश्वर दास[33]लाई माफी दिने सरकारको निर्णय रिटको अन्तिम निर्णय नभएसम्म कार्यान्वयन नगर्न सर्वोच्च अदालतले सरकारका नाममा ०६७ मङ्सिर ९ गते अन्तरिम आदेश जारी गऱ्यो। मृतकका छोरा प्रमोदकुमार झाले दायर गरेको उक्त रिटमा शुरुदेखि आजसम्म अभियुक्त फरार भएकाले फैसला कार्यान्वयन हुन सकेको नदेखिएको यस्तो मुद्दामा सरकारले फरारी अभियुक्त मकेश्वर दासलाई अन्तरिम संविधानको धारा १५१ बमोजिम सजाय माफ दिने गरी ०६६ पुस २९ मा मन्त्रिपरिषद्बाट निर्णय गरेको देखिएको आदेशमा उल्लेख छ। देशको उच्चतम् न्यायालयबाट समेत सजाय भएको मात्र नभई अदालतबाट सजाय भएपछि अदालतमा समर्पण गर्न आउनू पर्नेमा अदालतको फैसलालाई छलेको देखिएको र मन्त्रिपरिषद्ले गरेको निर्णयमा माफ दिनुपर्ने आधारहरू समेत उल्लेख भएको नदेखिएको उल्लेख छ।

उपभोक्ता कानुनको व्याख्या

कसैको वस्तु र सेवा प्रदान गर्दा लापरवाही वा उपभोक्तालाई हानी नोक्सानी पुऱ्याएमा त्यसका उत्पादित वस्तु र सेवाप्रदायकलाई कसरी उपभोक्ताप्रति जिम्मेवार बनाउने ?, उपभोक्ताको कर्तव्य के रहने ?, बिक्रेता वा सेवा दिनेले क्षतिपूर्ति रकम दिनुपर्ने ?, क्षतिपूर्ति पाउने कानुनी उपचारको हक कसरी सुरक्षित हुने ? भनी उपभोक्ता कानुनको व्याख्या गर्दै फैसला गऱ्यो। कुनै पनि वस्तु र सेवा प्रदान गर्ने व्यक्तिमात्रै जिम्मेवार हुने नभई त्यसरी सेवा दिने व्यक्तिलाई स्थान उपलब्ध गर्ने प्रतिष्ठानबाट पनि क्षतिपूर्ति भराइदिनु पर्ने, उपभोक्तालाई जानकारी भएको मितिले वा हानी पुगेको मितिले मुद्दा दिन पाउने व्याख्या सर्वोच्च अदालतले गरेको छ।

नीतिगत सुधारका लागि निर्देशिका

प्रधानन्यायाधीश रामप्रसाद श्रेष्ठले २२ बुँदे निर्देशिका जारी गर्दै मातहतका न्यायाधीशहरूलाई इमानदारीपूर्वक काम गर्न आदेश दिए। न्यायाधीशको कामकारबाहीको मूल्याङ्कन गर्नका लागि एकीकृत फाइल बनाउन, आफू मातहतका पुनरावेदन अदालतका न्यायाधीशलाई आर्थिक कारोबारमा चनाखो रहन र आफू मातहतका अदालतमा भ्रष्टाचार र अनियमितता अनुगमन गर्न पनि उनले निर्देशन दिए। न्यायालयलाई सुधार गर्न प्रधानन्यायाधीशले आफूले पद सम्हालेको महिना दिनभित्रै त्यस्तो निर्देशन दिएका थिए। न्यायिक अनुशासन कायम गर्न र आचारसंहिताको उल्लङ्घन भएमा उजुरी गर्न पुनरावेदन अदालतका न्यायाधीशलाई उनले आदेश दिएका थिए। अदालतमा हुने खर्च, अदालती निर्णयमा गम्भीर हुनुका साथै दोश्रो पञ्चवर्षीय रणनीतिक योजना प्रभावकारी रूपमा कार्यान्वयन गर्न आदेश दिनुका साथै अभिलेख राख्नका लागि सूचना प्रविधिको प्रयोग गर्नसमेत निर्देशनमा भनिएको छ।

न्यायालयको लेखापरीक्षण गर्दा बेरुजु हुने र अरुको नजरबाट हेर्दा अशोभनीय लाग्ने काम नगर्न भन्दै आर्थिक अनुशासन कायम राख्न पनि निर्देशनमा भनिएको छ। दुई वर्षभन्दा पुराना मुद्दा सक्दो छिटो किनारा लगाउन, सही सूचना दिन, स्थानीय पत्रकारहरूसँग अद्यावधिक छलफल गर्न र मेलमिलाप पद्दतिलाई प्रोत्साहन दिन पनि निर्देशनमा भनिएको छ। स्वतन्त्र न्यायपालिकाकै एक महत्वपूर्ण सहयोगी एवम् अनुभवका रूपमा रहेको महान्यायाधिवक्ता र मातहतका सरकारी वकिलको तहबाट समेत न्यायपालिकाको

33. अभियुक्त मकेश्वर दासलाई महेन्द्र झाको हत्या गरेको अभियोगमा जिल्ला अदालत धनुषाले २०४५ साउन ११ मा मुलुकी ऐन ज्यान सम्बन्धी महलको १३ (३) बमोजिम सर्वस्वसहित जन्म कैदको सजाय गरेको थियो। उक्त सजायलाई पुनरावेदन अदालत जनकपुरले २०४९ चैत्र ११ मा सदर गरेको र सर्वोच्च अदालतले पनि २०५३ असार ७ मा साधक सदर गरेको थियो।

स्वतन्त्रताको रक्षाका लागि सङ्गठित पहल गर्नु अति आवश्यक छ।

प्रधानन्यायाधीश श्रेष्ठले सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरूमा एकरूपता कायम गर्न साउन १८ सिफारिस समिति गठन गरे।[३४] जसले सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरू एक आपसमा बाझिएका छन् वा छैनन् भन्ने विषयमा अध्ययन गर्नेछ। एउटै प्रकृतिको विवादमा फरक-फरक नजिर रहन नसकून भन्ने प्रयोजन 'नजिरहरूमा एकरूपता कायम गर्ने उपाय सिफारिस समिति' ले अध्ययन गरी नजिरहरूमा एकरूपता कायम गर्ने उपाय अवलम्बन गर्ने विषयमा विस्तृत अध्ययन गरी एकरूपता कायम गर्न के गर्न सकिन्छ भनी सिफारिस गर्नेछ।

सर्वोच्च अदालतले न्यायिक सूचना सम्प्रेषणलाई सहज बनाउन सञ्चारकक्ष बनायो। संवैधानिक, कानुनी र अदालती रिपोर्टिङ गर्ने सञ्चारकर्मीलाई सहज बनाउन कक्ष बनाइएकोले अदालतबाट हुने महत्वपूर्ण फैसला, आदेशलगायत न्यायिक गतिविधि कक्षमा उपलब्ध गराइने योजना सर्वोच्च प्रशासनको छ।[३५] न्याय सम्पादनमा छरितोपन र सहजताका लागि मुलुकमा सबै अदालतमा मेलमिलाप केन्द्र राख्न शुरु भयो। अदालतबाट न्यायिक कार्यमा ढिलाइ हुने जनगुनासो बढेपछि सर्वोच्च अदालतले यस्तो केन्द्र राख्न थालेको हो। सर्वोच्च अदालतको रणनीतिक कार्यक्रमअन्तर्गत नै मेलमिलाप नीतिलाई व्यवस्थित र विस्तार गर्ने तयारी गरिएको हो। न्यायिक पद्धतिअनुरूप मेलमिलाप नीतिलाई प्रभावकारी बनाई छिटोछरितो न्याय सम्पादन कार्यको लागि वैकल्पिक विधि हो।

मुलुकका ७५ ओटै जिल्ला अदालतमा लामो समयदेखि थाँती रहेका मुद्दाहरूको छिटो टुङ्गो लगाउन सर्वोच्च अदालत फैसला कार्यान्वयन महाशाखाले परिपत्र जारी गऱ्यो। सर्वोच्च अदालत, पुनरावेदन अदालत र जिल्ला अदालत नियमावलीमा संशोधन भएपछि यस्तो आदेश जारी गरिएको थियो। अदालतको आदेशको सन्दर्भमा अदालतसमक्ष उपस्थिति हुने अभियुक्तलाई ७५ प्रतिशतसम्म सजायमा छुट दिने व्यवस्था गरिएको छ जुन ५० वर्षपछि आएर उपस्थित हुनेका हकमा पनि लागू हुनेछ। दोस्रो पञ्चवर्षीय योजना रणनीति पूरा हुनुपूर्व सबै काम पूरा गर्न जिल्ला अदालतहरूलाई निर्देशन दिइएको छ।[३६]

न्यापरिषद्ले भ्रष्टाचारको अभियोग लागेका मध्ये चार न्यायाधीशमाथि कारबाहीको प्रक्रिया अघि बढायो। न्यायाधीशविरुद्ध परेका ७० उजुरीहरू लामो समयदेखि परिषद्मा थन्किएर बसेका थिए। साउन महिनामा बसेको परिषद्को बैठकले तीमध्ये ११ उजुरी छानबिन गर्नुपर्ने भएको भन्दै सर्वोच्चका न्यायाधीश तप्तबहादुर मगरको अध्यक्षतामा विशेष समिति गठन गरेर छानबिन।[३७] आरम्भ गऱ्यो।

नियुक्तिलगत्तै पूर्वप्रधानन्यायधीश अनुपराज शर्माले गत पुसको पहिलो साता न्यायाधीश रामप्रसाद श्रेष्ठको संयोजकत्वमा कार्यदल गठन गरी अदालत सुधारको दीर्घकालीन उपाय खोज्न न्यायाधीशलाई नै जिम्मेवारी दिए। रामप्रसाद श्रेष्ठसहित खिलराज रेग्मी, गिरीशचन्द्र लाल र प्रकाश वस्ती समेतको कार्यदलले न्यायाधीश स्वयम् अदालत सुधारका लागि आफूहरू सच्चिएर अघि बढ्नुपर्ने र त्यसमा पनि प्रधानन्यायाधीश ठीक भए न्यायपालिकाका अधिकाङ्श समस्या समाधान हुने निष्कर्ष निकालेका हुन्। न्यायाधीश नियुक्तिका आधार पारदर्शी हुनुपर्ने, नियुक्ति भइसकेपछि सबै काममा न्यायिक निगरानी हुनुपर्ने कुरा औंल्याइएको छ भने गलत काम गर्दै न्यायाधीशलाई कारबाही नहुँदा समस्या बढेको उल्लेख गर्दै दण्ड र पुरस्कारलाई प्रभावकारी बनाउन सुझाइएको छ। खराब न्यायाधीशलाई तत्काल हटाई भ्रष्टाचारमा मुद्दा चलाउनु पर्ने सुझाव पनि कार्यदलको रहेको छ। ढिलै भए पनि अदालतभित्र न्यायाधीशहरूले आत्मालोचनाको संस्थागत थालनी गरेका छन्। खासगरी भ्रष्टाचार नियन्त्रण गर्न सबैभन्दा पहिले आफैँले प्रतिवद्धता जनाउनु पर्ने निष्कर्षमा उनीहरू पुगेका हुन्।

तीन महिने छोटो कार्यकालमा भ्रष्टाचार नियन्त्रणका लागि बाटो खोल्ने काम गर्ने भनी प्रधानन्यायाधीश अनुपराज शर्माको अभिव्यक्ति सार्वजनिक भएको थियो। त्यही क्रममा आफूपछि प्रधानन्यायाधीश हुने रामप्रसाद श्रेष्ठको संयोजकत्वमा चार सदस्यीय विकृतिविहीन न्यायपालिका विकासका लागि अध्ययन कार्यदल गठन भएको थियो। वरिष्ठ

---

३४. नजिरमा एकरूपता ल्याउन सिफारिस समिति । *कान्तिपुर*। ०६७ साउन १८

३५. सर्वोच्चमा सञ्चार कक्ष। *कान्तिपुर*। ०६६ माघ ५

३६. (SC issues circulars to courts to expedite verdict execution, *Himalayan News Service*: 2010, 08)

३७. न्यायाधीशमाथि कारबाही गरिने। *कान्तिपुर*। ०६७ भाद्र २९

न्यायाधीश संलग्न सो कार्यदलको अध्ययनले भ्रष्टाचारमुक्त न्यायपालिका संलग्न पहिलो प्रतिवद्धता मन, वचन र कर्मले न्यायाधीशबाटै प्रकट हुनुपर्छ भन्ने निष्कर्ष उक्त कार्यदलले निकालेको थियो।[३८] आफू भित्रका कमीकमजोरी आफैँ खोज्न तयार हुनु, त्यसका लागि न्यायाधीश कार्यदल गठन हुनु राम्रो पक्ष हो। त्यसमाथि विकृतिका कारकमा अन्य पक्षसँगै न्यायाधीश स्वयम्लाई राख्नु र अब नदोहोऱ्याउने प्रतिवद्धताको खाँचो औँल्याउनु त्यस्तो सकारात्मक प्रयास हो जुन यसअघि भएको थिएन।

साढे तीन महिने छोटो कार्यकालमा निवर्तमान प्रधानन्यायाधीश अनुपराज शर्माले न्यायिक भ्रष्टाचार, अनियमितता र विकृति हटाउनु सम्भव थिएन। भविष्यको नेतृत्वलाई अघि बढ्ने आधार तयार गर्न उनले दुईओटा काम गरे। पहिलो,मुद्दामा ढिलासुस्ती र न्यायिक अनुशासन कायम गर्ने सम्बन्धमा न्यायिक सुधारका लागि अघिल्लो नेतृत्वले थालेको कामलाई निरन्तरता दिए। दोश्रो, विकृतिविहीन न्यायपालिका निर्माणका लागि उच्चस्तरीय संयन्त्र बनाई अध्ययन गर्न लगाए। वर्तमान प्रधानन्यायाधीश श्रेष्ठकै नेतृत्वमा गठित न्यायाधीश संयन्त्रले यति मिहिन ढङ्गले समस्या र समाधान उजागर गरेको छ कि त्यसको कार्यान्वयन हुँदै गयो भने न्यायिक क्षेत्रका विकृतिहरू हट्ने विश्वास गर्न सकिन्छ। विकृति बढ्नुमा न्यायाधीश स्वयम्को कमजोरी औँल्याउँदै न्यायाधीश, न्यायिक कर्मचारीले आत्माआलोचना गर्दै काममा सुधार गर्नुपर्ने कुरा प्रतिवेदनले औँल्याएको छ। आफ्नै नेतृत्वमा गठित कार्यदलले सिफारिश गरेका योजनालाई सकारात्मक शुरुवात गर्ने अवसर वर्तमान प्रधानन्यायाधीशले पाएका छन्। आफ्ना योजनालाई परिणाममुखी प्रमाणित गर्न उनले पूर्वप्रधानन्यायाधीश भन्दा बढी समयावधिको उपभोग पनि गर्न पाउनु उनका लगि थप सहयोगसिद्ध हुन सक्ने छ।

न्यायाधीश प्रतिवेदनले प्रधानन्यायाधीश बढी जिम्मेवार हुनुपर्नेमा जोड दियो। सर्वोच्चमा प्रधानन्यायाधीश, प्रशासनमा रजिष्ट्रार, पुनरावेदनमा मुख्यन्यायाधीश, जिल्लामा एक नम्बर न्यायाधीश, श्रेष्तेदार पहिले आफू इमानदार र स्वच्छ भएमात्र माताहतकालाई प्रश्न उठाउन सकिन्छ भन्ने आशा राख्न सकिन्छ। किनभने वर्तमान प्रधानान्यायधीशकै नेतृत्वमा गठित कार्यदलले औँल्याएका कुरा लागू गर्न गराउन आफ्नै नेतृत्वलाई सजिलो हुन्छ। नयाँ प्रधानन्यायाधीश रामप्रसाद श्रेष्ठले कार्यभार सम्हालेकै दिन दुईजना कर्मचारीलाई सरुवा गरी कारवाही आरम्भ गरे। मुद्दाका पक्षसँग अनावश्यक साँठगाँठ गरेको सीडी काण्डमा[३९] मुछिएका कर्मचारीको उपत्यका बाहिरका जिल्लाहरूमा सरुवा गरिएको थियो ।

अदालतलाई मर्यादित बनाइराख्न न्यायमूर्तिहरूको प्रमुख भूमिका हुन्छ। उनीहरू नै स्वच्छन्द भए भने न्याय कुनै हालतमा पनि प्रदान गर्न सकिँदैन। पोखरा पुनरावेदन अदालतका न्यायाधीश ओमप्रसाद सुवेदी विरुद्ध महिलालाई यौनजन्य दुर्व्यवहार, संविधानसभाको विरुद्धमा बोलेको र सूचना विना कार्यालयमा अनुपस्थित रहनु न्यायाधीश आचारसंहिताविरुद्ध भएको आरोपमा अदालती काम कारवाही गर्नमा रोक लगाइयो। त्यसैगरी, सर्वोच्च अदालतका न्यायाधीश रणबहादुर बमलाई भ्रष्ट्राचार गरेको आरोपमा मुद्दा हेर्न दिइएन। सर्वोच्चका न्यायाधीश बलराम केसीको एक सदस्यीय जाँचबुझ समितिले कारबाहीका लागि न्यायपरिषद्लाई सिफारिससहितको प्रतिवेदन बुझाएको चार दिनपछि बमको इजलासमा मङ्सिर १३ गते सोमबार कुनै मुद्दा तोकिएन।

नेपालको न्यायिक इतिहासमै पहिलोपल्ट सर्वोच्चका न्यायाधीशलाई महाअभियोग सिफारिश गरिएको थियो। बममाथि चारओटा अभियोग लगायो। न्यायाधीश बमसहित तीनजना न्यायाधीशले अपहरणसहित तीनओटा अभियोग लागेका सञ्जय श्रेष्ठ, रोहित पलिवान अग्रवाल र भीमसेन पण्डितलाई कानुनविपरीत उन्मुक्ति दिएको ठहरसहित परिषद्को छानबिन समितिले कारबाहीका लागि सिफारिस गरेको थियो।[४०] सर्वोच्चका न्यायाधीश बलराम केसीको

३८. बस्नेत, वालकृष्ण। न्यायधीशको आत्माआलोचना। *कान्तिपुर*। ०६६ फागुन २६

३९. न्यायपलिका,मानवअधिकार वर्षपुस्तक, २००८,पृष्ठ ७५

४०. सर्वोच्चका न्यायाधीश बमलाई महाअभियोग सिफारिस। *अन्नपूर्ण पोष्ट*। ०६७ मङ्सिर २८ गते
डा. भक्तमान श्रेष्ठको अपहरणमा संलग्न व्यक्तिहरूले त्यसअघि फौजदारी अभियोगमा पाएको सजायबाट थुनामुक्त हुन ७० लाख रुपियाँ खर्च भएको र त्यही शोधभर्ना गर्न अपहरण गर्नुपरेको बयान प्रहरीलाई दिएका थिए। २०६५ मा पाटन पुनरावेदन अदालतका तत्कालीन मुख्य न्यायाधीश बम र न्यायाधीश हरिबहादुर बस्नेतको संयुक्त इजलासले अभियुक्तलाई जनही एक लाख धरौटीमा छाडिदएको थियो। बढुवा भएर बम सर्वोच्च अदालतको स्थायी न्यायाधीश भए भने बस्नेत पुनरावेदन अदालत विराटनगरमा सरुवा भए।

अध्यक्षतामा गत साउन महिनामा छानबिन समिति गठन भएको थियो। सिमितिले तीनै जना न्यायाधीशलाई कार्यदक्षताको अभाव, खराब आचरण, इमान्दारीपूर्वक कर्तव्य पालन नगरेको र कानुनको त्रुटिपूर्ण व्याख्या गरेको भन्दै कारबाही गर्न सिफारिस सहितको प्रतिवेदन बुझाएको थियो।

आर्थिक प्रलोभनमा परेर अपहरणकारीलाई थुनामुक्त गरिदिएको आरोप लागेपछि न्यायपरिषद्ले पुनरावेदन अदालत हेटौँडाका न्यायाधीश तेजबहादुर कार्कीलाई जिम्मेवारीमुक्त गरायो । तीन जना अभियुक्तलाई रिहा गर्न आदेश दिने बम र अर्का न्यायाधीश हरिबहादुर बस्नेतलाई भने कारबाही नगरेको भन्दै परिषद्को चर्को आलोचना भएपछि परिषद्ले बलराम केसीको अध्यक्षतामा जाँचबुझ समिति गठन गऱ्यो। समितिले तीनै जना न्यायाधीशको निर्णय त्रुटिपूर्ण देखिएकाले सबैलाई कारबाही गर्नुपर्ने राय दिएको थियो।

दुईओटा अपहरण तथा ज्यान मुद्दा खेपिरहेका सञ्जय श्रेष्ठ, रोहित पलिवान र भीमसेन पण्डितलाई धरौटीमा रिहा गर्न आदेश गरिएको थियो। न्यायाधीश बमलाई कारबाही गर्ने सम्बन्धमा न्यायपरिषद्कै सदस्यहरूबीच मतैक्य देखिएन। कानुनमन्त्री प्रेमबहादुर सिंहको कारबाही गर्न नहुने अडान थियो। प्रधानन्यायाधीशले बमलाई मुद्दा हेर्न दिएका थिएनन्। उनी कारबाही गर्ने पक्षमा पुगेका थिए। न्यायपरिषद्ले सर्वोच्च अदालतका न्यायाधीश रणबहादुर बमलाई महाअभियोगको प्रस्तावमार्फत कारबाही गर्न सिफारिस गऱ्यो। बम सर्वोच्चका स्थायी न्यायाधीश भएकाले उनीमाथि कारबाही गर्ने अधिकार परिषद्लाई नभएको र केसीले अधिकारभन्दा बाहिर गई छानबिन गरेको आरोप कानुनमन्त्रीको थियो। अन्ततः बैठकले प्रतिवेदनलाई वैध भन्दै बमलाई कारबाही गर्ने जिम्मा संसद्लाई सुम्पेको हो। नेपालको अन्तरिम संविधान २०६३ को धारा १०५ अनुसार बमको सम्बन्धमा निर्णय गर्ने अधिकार न्यायपरिषद्मा निहित नभई व्यवस्थापिका/संसद्मा निहित रहेको देखिँदा सो सम्बन्धमा कानुन तथा न्यायमन्त्रालयमार्फत संसद् सचिवालयमा प्रतिवेदन पठाउने निर्णय भएको थियो। काठमाडौँ जिल्ला अदालतका तत्कालीन न्यायाधीश कार्कीलाई परिषद्ले पहिले नै मुद्दा हेर्न रोक लगाइसकेको थियो। अर्का न्यायाधीश बस्नेतले प्रधानन्यायाधीशसमक्ष राजीनामा बुझाएकाले परिषद्ले उनलाई थप कारबाही नगर्ने निर्णय गऱ्यो। राजीनामा दिएपछि कारबाहीको दायरामा ल्याउनै नपर्ने जसरी भएको यो निर्णयले न्यायाधीशहरुलाई उन्मुक्ति प्रदान गर्ने परम्परालाई निरन्तरता दिएको देखिन्छ। यसबाट दण्डहीनतालाई प्रोत्साहन मिल्न सक्ने खतराप्रति सर्वोच्चको ध्यान गएको पाइँदैन। सर्वोच्चका तत्कालीन न्यायाधीशहरू बलराम कुमार, कृष्णप्रसाद बर्मा र राजेन्द्रराज नाख्वा, पुनरावेदनका हरिबहादुर बस्नेत तथा जिल्ला अदालतका मुक्ति शर्मा, उपेन्द्रलाल कर्ण र रघुनाथ अर्यालले कारबाहीकै क्रममा राजीनामा दिएका थिए। पछिल्लो समयमा बस्नेतको राजीनामा स्वीकृत गर्नु भनेको एकप्रकारले उन्मुक्ति दिनु हो। यस्ता विषयमा सर्वोच्च अदालतको ध्यान पुग्न सकेको पाइएन।

अपहरणकारीलाई छुटाउने मामलामा संलग्न कानुन व्यवसायीमाथि समेत अनुसन्धान गरी कारबाही गर्न न्यायपरिषद्ले निर्णय गऱ्यो। यसबाट नेपाल बार एसोसिएसन र नेपाल कानुन व्यवसायी परिषद्लाई समेत थप जिम्मेवारी आएको छ। कानुनको व्याख्या न्यायमूर्तिबाट नभई राजनीतिज्ञबाट हुन थालेको भान भयो।[४१] विकृतिविहीन न्यायपालिका कार्यदलको संयोजक भई प्रतिवेदन तयार पारी आफ्नै पालामा मार्गचित्रका रूपमा न्यायपालिकाभित्रको विकृति अन्त्य गर्न प्रधानन्यायाधीश श्रेष्ठ आफैँ लागिपरे। न्यायपालिकाको नेतृत्व गर्ने प्रधानन्यायाधीश एक जना मात्र इमानदार भएदिए पनि आधा भ्रष्टाचार कम हुन्छ भनिन्छ। यसअघि यस्तो सक्रियता कहिल्यै देखिएको थिएन।

बन्दीप्रत्यक्षीकरण रिट निवेदन हिरासतबाटै विद्युतीय सञ्जालमार्फत दायर गर्नसक्ने नौलो व्यवस्था सर्वोच्च अदालतले शुरु गर्न लागेको छ। यस्तो व्यवस्था शुरु गर्नका लागि सर्वोच्च अदालतको पूर्ण इजलासमा छलफल प्रारम्भ भइसकेको छ।[४२] बन्दीप्रत्यक्षीकरणको रिट निवेदन दायर गर्नको लागि ज्यादै लामो समय लाग्ने गरेको हुनाले विद्युतीय सञ्जालबाट रिट निवेदन दायर गर्न सक्ने व्यवस्था लागू भएपछि बन्दीले उही बेला नै अदालतमा रिट पठाउन सक्ने हुन्छ। बन्दीप्रत्यक्षीकरण रिट निवेदन दायर गर्नका लागि शुल्क बुझाउनु नपर्ने भएकाले पनि यस्तो रिट कम्प्युटरमार्फत दायर गर्न सजिलो हुन्छ र यो व्यवस्था यही चैत मसान्तदेखि लागु गर्ने योजना सर्वोच्चको रहेको छ। रिट निवेदनहरू विद्युतीय सञ्जालबाट पनि दायर गर्न सकिने लगायत सूचना प्रविधिसँग सम्बन्धित

४१. कार्की, गौरीबहादुर। महाअभियोगको नालीबेली र न्यायाधीश बम। *कान्तिपुर*। ०६७ पुस ७

४२. वन्दीप्रत्यक्षीकरण रिट कम्प्युटर मार्फत। *नेपाल समाचार पत्र*।

विभिन्न विषयलाई लिएर सर्वोच्च अदालतले व्यवस्थित भई सर्वोच्च, पुनरावेदन र जिल्ला अदालत नियमावलीहरूमा संशोधन गर्न लागेको छ।

न्यायालयले न्यायाधीश, कर्मचारी,कानुन व्यवसायी र सेवाग्राहीको सुरक्षाका लागि सर्वोच्च अदालतको पूर्ण बैठकले सर्वोच्च अदालतसहित १७ ओटा अदालतका लागि १ हजार जना न्यायिक प्रहरी[४३]को व्यवस्था गरिदिन सरकारलाई सिफारिश गऱ्यो। सर्वोच्च अदालतले फैसला कार्यान्वयनका लागि सरकारसँग न्यायिक प्रहरी व्यवस्था गर्न माग गरेको छ। अदालतबाट फैसला हुने तर कार्यान्वयन नहुने समस्या बढेपछि न्यायिक प्रहरी गठन गर्ने प्रकृया अघि बढाइएको फैसला कार्यान्वयन निर्देशनालयले सर्वोच्चलाई, सर्वोच्चले कानुन तथा न्यायमन्त्रालयसमक्ष प्रतिवेदन बुझाएको छ। त्यसका लागि सर्वोच्च अदालत निर्देशनालय नियमावली २०४९ मा संशोधन गर्नुपर्छ। ती न्यायिक प्रहरी मुलुकभरिका अदालत परिसर, इजलास, न्यायाधीशको आवासगृह र कर्मचारी सुरक्षाका लागि परिचालन हुनेछन्। विगत केही समयदेखि सेवाग्राहीले न्यायिक क्षेत्रको व्यापक आलोचना गरेपछि छिटो छरितो फैसला कार्यान्वयन लागि न्यायिक प्रहरीको माग गरिएको हो।[४४] अदालतको पूर्ण नियन्त्रण, निर्देशन र मातहत रहने गरी अदालतमा सुरक्षार्थ प्रहरी परिचालन गरिए पनि ती अदालतको भन्दा पनि सम्बन्धित जिल्ला प्रहरी कार्यालयको निर्देशन र मातहतमा चल्दै आएका छन्।

प्रधानमन्त्री निर्वाचनको सम्बन्धमा सभामुखलाई कात्तिक २४ गतेको सर्वोच्च अदालतको फैसलाले केही हदसम्म निकासको बाटो दियो। कानुन र संविधानको अन्तिम व्याख्याता सर्वोच्च अदालतको फैसलाको पनि थप व्याख्या गर्नुपर्ने र त्यसलाई अनेकार्थी रूपमा बुझ्नुपर्ने अवस्था स्वयम् फैसलाले दियो। अदालतको फैसला त्यसमा पनि निजी झगडाको विषय नभएर व्यापक जनसाधारणलाई असर पर्ने अहिलेको सबैभन्दा विवादित विषयमा आएको यो फैसला बोधगम्य, सरल, र अपेक्षित स्पष्ट हुन सकेन। फैसला अपेक्षित स्पष्ट हुन नसक्नुमा सम्भवत: न्यायपालिका र न्यायकर्मीमाथिको बेलाबखतको अनपेक्षित राजनीतिक दबाब, आक्रमण र औचित्यहीन संसदीय सुनुवाइको अप्रत्यक्ष प्रभाव फैसलामा अभिव्यक्त भएर पनि हुन सक्छ।[४५]

अदालत प्रतिको जनआस्था

अदालती प्रकृया लामो भएको गुनासो जनसाधारणले गरिरहेको बेला अदालतले एउटा रिटको फैसला २५ दिनमै गऱ्यो। नेपाल महेन्द्र संस्कृत विश्वविद्यालय विरुद्ध परेको रिटको अन्तिम सुनुवाइ सर्वोच्चमा छिटो टुङ्गो लागेको विवादमध्ये पऱ्यो। विश्वविद्यालय सेवा आयोगले गत भदौ २६ गते उपप्राध्यापकका लागि पत्रिकामा दिएको विज्ञापन समानुपातिक सिद्धान्तको विरोधी भएको भन्दै त्यो रद्द गर्न माग गरी कात्तिक १२ गते सर्वोच्चमा रिट दायर भएको थियो। सर्वोच्चले समानुपातिक सिद्धान्त अनुसार महिला, जनजाति, दलित र मधेसीलाई समावेश गर्ने गरी फेरि विज्ञापन गर्न विश्विद्यालयलाई अन्तरिम निर्देशन दियो। अर्कोतर्फ सेनाका पूर्वसेनापति रुक्माङ्गत कटुवालको नियुक्ति खारेजीको माग गर्दै करिब दुई वर्षअघि परेको निवेदन सर्वोच्चले प्रतिवादी सो पदबाट अवकाश प्राप्त गरिसकेकाले त्यसमा निर्णय गर्नु नपर्ने भनी खारेज गऱ्यो। यस्ता जरुरी मुद्दाको तार्किक समाधान समयमै गर्नका लागि समयमै इजलाससमक्ष प्रस्तुत गर्नु भनी सर्वोच्च प्रशासनलाई आदेश दियो। सार्वजनिक सरोकारसँग गाँसिएका यस्ता मुद्दा समयमै निर्णय नगरिनु अदालती ढिलासुस्ती र उदासीनताको उदाहरण हो।

जिल्ला र पुनरावेदन अदालतका न्यायाधीशविरुद्ध परेका उजुरीहरूलाई किनारा कसरी लगाउने भन्नेबारे न्यायपरिषद्का सदस्यहरूबीच मतभेद हुँदा ७० ओटाभन्दा बढी उजुरीका प्रतिवेदन अलपत्र परे। न्यायपरिषद्का सदस्य मोतिकाजी स्थापितले प्रारम्भिक छानबिनपछि तयार गरेको प्रतिवेदनलाई कसरी अगाडि बढाउने भन्नेमा सदस्यहरूबीच गम्भीर मतभेद भएपछि पटकपटक बसेको परिषद्को बैठक पनि निष्कर्षहीन बन्यो। उजुरी किनारा गर्ने प्रकृयाबारे सदस्यहरू दुई खेमामा विभाजित भए। निवृत परिषद्

४३. सर्वोच्च अदालतका पूर्वप्रधानन्यायाधीश अनूपराज शर्माको प्रतिवेदनका आधारमा न्यायाधीस, कर्मचारी, कानुन व्यवसायी, सेवाग्राहीको सुरक्षाका लागि पूर्ण बैठकले ७५ जिल्ला अदालतका लागि १० जनाका दरले ७ सय ५०,१६ वटा पुनरावेदन अदालतका लागि १ सय ६० जना तथा विशेष अदालत, राजस्व न्यायाधीकरण,श्रम अदालत, प्रशासकीय अदालत, ऋण असुली न्यायाधीकरण र सर्वोच्च अदालतका लागि ९० जना प्रहरी राख्न माग गरेको थियो।

४४. अदालतलाई न्यायिक प्रहरी माग। *कान्तिपुर*। ०६६ माघ २५

४५. भट्टराई, टिकाराम। सर्वोच्चको फैसला र सभामुखको बाध्यता। *कान्तिपुर*। ०६७ कात्तिक २७

अध्यक्ष एवम् सर्वोच्च अदालतका प्रधानन्यायाधीश अनुपराज शर्माले र कानुन तथा न्यायमन्त्रीका हैसियतले पदेन सदस्य प्रेमबहादुर सिंहले छानबिनबाट दोषी देखिएका न्यायाधीशहरूलाई तत्काल कारबाही गरी यथार्थ उद्घाटन गरिदिने पक्षमा देखिए भने बाँकी सदस्यहरूले त्यसको विपक्षमा कुनै पनि उजुरीमा पर्याप्त आधार र प्रमाण नरहेको, धेरैजसो उजुरी मुद्दामा हारेका पक्षले फैसला चित्त नबुझेपछि दिएको भन्दै सदस्य स्थापितले आफ्नो प्रतिवेदनलाई अन्तिम मान्नुपर्ने तर्क अघि सारेका थिए।

कीर्ते कागजातका आधारमा धितो फुकुवा गरेको भन्ने नेपाल बैङ्कसम्बन्धी एक मुद्दाको सुनुवाइका क्रममा न्यायाधीश र कानुन व्यवसायीहरूबीच विवाद बढदै जाँदा न्यायाधीश र कानुन व्यवसायी व्यक्तिगत तहमा आरोप प्रत्यारोप पनि यस वर्ष भयो। अधिवक्ता शैलेन्द्रकुमार दाहालले सर्वोच्च अदालतका न्यायाधीश रणबहादुर बमले सामान्य न्यायिक व्यवहार र क्षमता नदेखाएको भन्दै रोष प्रकट गरे। अर्का वरिष्ठ अधिवक्ता श्रीहरि अर्यालले सर्वोच्चका न्यायाधीश बलराम केसी र कृष्णप्रसाद उपाध्यायको संयुक्त इजलासमा आफूप्रति अपमानजनक व्यवहार भएको भन्दै त्यसबारे सर्वोच्च अदालतका पूर्ण बैठकमा अध्ययन गर्न प्रधानन्यायाधीशलाई लिखित आग्रह गरे। इजलासले कानुन व्यवसायीले न्याय सम्पादनका काममा बाधकको भूमिका निर्वाह गरे भन्दै यस्तो वातावरणमा सुनुवाइ हुन नसक्ने निष्कर्ष निकाली सोही अनुसार आदेश गरेको थियो। नागरिकको अधिकारको संरक्षण गर्ने अभिभारा लिएकाहरू बीच भएका यस प्रकारका विवादका कारण नागरिकमा न्यायालय र कानुनप्रति वितृष्णा उन्पन्न हुन जान्छ।

केही स-साना विषयमा भएका घटनाले संस्थागत असमझदारी बढाउने जोखिम पनि देखियो। अन्तर्राष्ट्रिय अपराधी चार्ल्स शोभराजको मुद्दामा सर्वोच्चले फैसला गरेपछि अधिवक्ता शकुन्तला थापा र निहिता विश्वासले त्यस विरुद्ध दिएका अभिव्यक्तिलाई लिएर सर्वोच्चले चलाएको अपहेलना मुद्दामा पनि न्यायाधीश र नेपाल बार प्रतिनिधिबीच चर्काचर्की पऱ्यो। यस मुद्दामा बारले न्यायाधीशमाथि नै नैतिकताको प्रश्न उठाएको थियो। शोभराजको मुद्दामा न्यायाधीशमध्येकै रामकुमारप्रसाद साहले अपहेलना मुद्दा हेर्नु अनुचित भएको बारको जिकिर थियो। यस मुद्दामा बारले न्यायालय बढी आक्रामक भएको महसुस गऱ्यो भने न्यायाधीशहरूले बारको असहयोग महसुस गरे।

यसअघि न्यायाधीश रणबहादुर बमको इजलासमा कानुन व्यवसायीको दबाबमा आदेश फेरिएको कुरा चर्चाको विषय बन्यो। यसलाई पनि न्यायपालिकाभित्रको अस्वस्थ अभ्यास भन्दै आलोचनाको विषय बनाइयो। संवैधानिक परिषद्ले तीन वर्षदेखि रिक्त संवैधानिक निकायमा गरेको नियुक्तिविरुद्ध परेको रिटमा निवेदकतर्फका अधिवक्ताले सो आदेश रोक्न न्यायाधीशमाथि दबाब दिएका थिए र इजलासले उतिखेर नै बोल्नुपर्ने माग राखे। केहीबेरपछि कानुन व्यवसायीका मागअनुसार आदेश तयार भयो।[४६] अदालतमा कानुन व्यवसायी र न्यायाधीश बीच हुने यस्तो व्यवहारबाट सर्वसाधारण निष्पक्ष न्यायप्रति निरास हुन्छन्। यसबाट बार र बेञ्चबीच कटुता बढ्न थालेको स्पष्ट हुन्छ। विगतमा राजनीतिक वा न्यायिक सिद्धान्तको निश्चित तर्कमा बार र बेञ्चबीच सम्बन्ध बिग्रेको थियो भने अहिले न्यायाधीश र कानुनव्यवसायीका वैयक्तिक व्यवहार, आचरण र दृष्टिकोण नमिलेका कारण विवाद सृजना भएको पाइन्छ। बार र बेञ्च दुवै पक्ष एकअर्काप्रति असहिष्णु बन्दै गए भने स्वतन्त्र न्यायपालिकामाथि असर गर्छ भन्नेतर्फ सरोकारवाला सचेत हुनु आवश्यक छ।

जिल्ला अदालत रौतहटमा भ्रष्टाचार बढ्दै गएको भन्दै त्यहाँका कानुन व्यवसायीहरू चारओटै बेञ्च बहिष्कार गरी आन्दोलनमा उत्रिए । त्यहाँका न्यायाधीशले बिनाघुस कुनै पनि मुद्दा फैसला नगरेकाले न्याय खर्चिलो हुँदै गएको र विधिको शासनको ठाडो उल्लङ्घन गरेको आरोप उनीहरूको थियो। अदालतमा अनियमितता भएको कारण कानुन व्यवसायीद्वारा गरिएको अनिश्चितकालीन इजलास बहिष्कार प्रकरणको वास्तविकता बुझेर यथार्थ विवरण दिन सर्वोच्च अदालतका प्रधानन्यायाधीश रामप्रसाद श्रेष्ठले पुनरावेदन अदालत हेटौँडाका मुख्य न्यायाधीशलाई निर्देशन दिए।

तत्कालीन सेनापति रुक्माङ्गत कटुवाल प्रकरणमा राष्ट्रपतिले चालेको कदम[४७]लाई असंवैधानिक

---

४६. निर्णयमा धावा। *हिमाल खबरपत्रिका*। अङ्क २। २०६७ वैशाख १७

४७. माओवादी नेतृत्वको तत्कालीन सरकारले ०६६ साल वैशाख २० गते सेनापति रुक्माङ्गत कटुवाललाई प्रधानसेनापतिलाई पदबाट हटाएको थियो। तर, राष्ट्रपतिले तत्काल यथास्थानमा काम गर्न कटुवाललाई निर्देशनसहितको पत्र दिई पद थमाएका थिए। तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालले राष्ट्रपतिको कदम असंवैधानिक भन्दै आफ्नो पदबाट राजीनामा दिएका थिए।

भएको भन्दै दायर रिटको सुनुवाइमा न्यायाधीश दामोदरप्रसाद शर्मा र राजेन्द्रप्रसाद कोइरालाबीच मत बाझियो। शर्माले राष्ट्रपतिको भूमिका बारेको संवैधानिक प्रश्न अनुत्तरित छाडन नहुने तर्क अघि सारेका थिए भने कोइरालाले कटुवालको अवकाशसँगै यो प्रकरण अन्त्य भइसकेकाले रिट खारेज गर्नु पर्ने मत राखेका थिए। राष्ट्रपति संविधानको संरक्षक भएकाले उनको भूमिका के हुने भन्ने विषयमा दुई न्यायाधीशबीच मत बाझिएपछि पूर्ण इजलासले सेनाका पूर्वसेनापति रुक्माङ्गत कटुवालले सो पदबाट अवकाश प्राप्त गरिसकेकाले त्यसमा निर्णय गरिरहन नपर्ने भनी सुनुवाइ गरेको थियो। सर्वोच्च अदालतले राष्ट्रपतिको कदमबारे पनि कानुनी उपचार खोज्ने नजिर स्थापना गरेको छ। तर, न्यायमूर्तिहरू बीच मत विभाजन भई मुलुकको सर्वोच्च न्यायालय नै अन्यौलमा परेको घटनाले जनसाधारणमा अदालतप्रतिको विश्वासमा पनि अन्योल सृजना गर्न सक्छ।

काठमाडौं जिल्ला न्यायाधीशले एक अभियुक्तलाई कानुनले तोकेको हदभन्दा बढी थुनामा राख्न दिएको आदेश[४८] सर्वोच्च अदालतले उल्टायो[४९]। सर्लाही लालबन्दीका गगनसिंह ठकुरीलाई कानुनी हदभन्दा बढी कैद सजायको निर्णय गरेको ठहर गर्दै बन्दीलाई थुनामुक्त गर्ने आदेश दियो। पुनरावेदन अदालत विराटनगरले एउटै प्रकृति र उस्तै तथ्य भएका मुद्दाहरूमा भिन्न भिन्न फैसला गरेको पाइयो। न्यायाधीश डम्बरबहादुर शाही र रामचन्द्र यादवले भूमिसम्बन्धी एक मुद्दाको फैसला उस्तै प्रकृतिका अन्य दुई मुद्दाहरूको फैसला फरक पाइयो। वैशाख ८ गते दिइएको उक्त फैसलामा प्रचलित विषयमा विद्यमान कानुनको बेवास्ता गरेर मुलुकी ऐनलाई आधार मान्दै पीडितको अपिल खारेज गरिएको छ। अदालतको उक्त फैसलापछि पीडितहरूले आफूहरूले न्याय पाउन नसकेको भन्दै सर्वोच्च अदालतमा न्यायका लागि पुनःपुनरावेदन गरेका छन्। अदालतबाट हुने यस्ता गम्भीर त्रुटिले जनताको अदालतप्रतिको सम्मान र विश्वास हराउदै जान्छ।

निष्कर्ष

२०४७ सालपश्चात एकातर्फ संविधानमा अधिकारको दायरा फराकिलो पारिएको छ भने अर्कोतर्फ नेपाल करीब २० ओटा जति मानवअधिकार सन्धिहरूको पक्ष राष्ट्र बनिसकेको छ। ती सन्धिका प्रावधान मान्दिन भन्न सक्दैन न त ती सन्धिहरूले स्वीकार गरेको स्वतन्त्र र सक्षम न्यायपालिकाबाट मुद्दाको निष्पक्ष र सार्वजनिक सुनुवाइको हक, अदालत तथा न्यायधीकरणसमक्ष समानताको हक, स्वच्छ सुनुवाइको हकबाट कसैलाई पनि वञ्चित गर्न सकिन्छ। तसर्थ, यदि लोकतान्त्रिक र मानवअधिकारमैत्री संविधान निमार्ण गर्ने हो भने स्वतन्त्र तथा सक्षम न्यायपालिकाको मान्यताबाट पछि हट्न मिल्दैन।

प्रस्तावित संविधानको मस्यौदामा जसरी न्यायपालिका समावेश गर्न खोजिएको छ। त्यो न्यायिक स्वतन्त्रतासम्बन्धी संयुक्त राष्ट्रसङ्घीय सिद्धान्त १९८५ को विपरीत छ। जसअनुसार न्यायपालिका राज्यका अन्य अङ्गहरूको प्रभाव वा हस्तक्षेपबाट मुक्त रहनुपर्दछ। यदि विधायिकाले न्यायिक स्वतन्त्रतामा हस्तक्षेप गर्न पाउने हो भने त्यहाँ शक्ति पृथकीकरण कायम रहन सक्दैन र कानुनी राज्यको अवधारणा साकार हुन सक्दैन। न्यायपालिकालाई राजनीतिक हस्तक्षेपबाट मुक्त राखिनुपर्दछ। तर मस्यौदामा न्यायपालिकालाई प्रत्यक्ष रूपमा मुलुकको राजनीतिक प्रकृयाको हिस्सा तुल्याइएको छ जसले न्यायिक स्वतन्त्रताको आधारभूत अवधारणामाथि प्रहार गरेको छ। विधायिकामा बहुमत प्राप्त दलले न्यायपालिकालाई प्रत्यक्ष रूपमा नियन्त्रण गरी व्यापक राजनीतिकरण गर्ने उदेश्य राखेको स्पष्ट हुन्छ। जसले सरकारको निरङ्कुशता एवम् स्वेच्छाचारिताबाट नागरिकलाई सुरक्षा प्रदान गर्न सक्ने छैन। राजनीतिक अस्थिरता, अन्योल र सङ्क्रमणकालीन परिस्थितिबाट न्यायपालिका मुक्त रहन सकेको छैन। संविधानसभा निर्वाचनका सम्बन्धमा विभिन्न राजनीतिक दलले आफ्नो घोषणापत्रमा अदालतको स्वतन्त्रताप्रति आफ्नो विश्वास र प्रतिबद्धता व्यक्त गरेकोले अब बन्ने नयाँ संविधानमा

---

४८. कानुनत बढीमा चार वर्ष थुनामा राख्न सकिने डकैतीको अपराधमा ठकुरीलाई जिल्ला न्यायाधीश प्रेमराज ढकालले आठ वर्ष चार महिना १९ दिनको कैद सजाय सुनाएका थिए।
मुलुकी ऐन दण्ड सजाय महलको दफ ३८ र ५३ (क) मा यस्तो अभियोगमा बढीमा चार वर्षसम्म कैद सजाय हुने व्यवस्था छ।

४९. न्यायाधीशको फैसला कानुनविपरित। *अन्नपूर्ण पोष्ट*। ०६६ चैत २९

न्यायपालिकाको स्वतन्त्रता कुण्ठित गर्ने सम्भावना हुने छैन भन्ने देखिन्छ।

न्यायालय राज्यको कुनै एक अङ्गको निकाय होइन। यो स्वतन्त्र राज्यको न्यायप्रति संवेदन भएको राज्यको स्वतन्त्र अङ्ग हो। शक्ति पृथकीकरणको सिद्धान्त र त्यसपछि प्रतिपादित विभिन्न सिद्धान्तहरू तथा संयुक्त राष्ट्रसङ्घको वडापत्रदेखि मिलान घोषणापत्रसम्मले प्रदान गरेका स्वतन्त्र नयायालयको सिद्धान्तप्रति राज्य प्रतिबद्ध हुन जरूरी छ। राज्य स्वयम्ले स्वतन्त्र न्यायालयको लागि निश्चितता गर्दैन भने त्यहाँको न्याय स्वतन्त्र छ भनी विश्वास गर्न मिल्दैन। स्वतन्त्र, सक्षम अनुशासनसम्बन्धी कारबाहीको उद्देश्यले राजनीतिक व्यवस्था सम्भव हुन सक्दैन। न्यायाधीशहरूको नियुक्ति, सरुवा, अनुशासनसम्बन्धी कारबाहीको उद्देश्यले बनाइने संवैधानिक संयन्त्रमा गैरराजनीतिक व्यक्तिहरूको बहुलता रहन सकोस् र त्यसको काम कर्तव्य र अधिकार परदर्शी, न्यायपूर्ण र तर्कपूर्ण सिद्धान्तलाई आत्मसात गरेको हुनुपर्दछ। नेपालको नयाँ संविधानले कानुनको शासन र स्वतन्त्र न्यायपालिकाको सिद्धान्तमा विश्वास गर्नेहरूका लागि अनुकरणीय प्रमाणित गर्नुपर्दछ। प्रतिबद्धता व्यक्त गरे पनि राजनीतिक दलले व्यवहारिकता दिन नसकिरहेको अवस्थामा यसको सम्भावना न्यून देखिन्छ।

अर्कोतर्फ न्यायालय स्वयम् पनि आफनो स्वतन्त्र अस्तित्वलाई जोगाउन, अदालतमा व्याप्त विकृतिहरू हटाई जनविश्वास बनाइ राख्नेतर्फ गम्भीर हुन अवश्यक छ। भ्रष्टाचारमा संलग्न न्यायाधीशहरूमाथि कारबाही गर्ने अदालतमा रहेका खराब पक्षलाई सुधार शुरुवात गरिसकेको छ। यसलाई निरन्तरता दिनु आवश्यक छ।

३.२ राज्य र मानवअधिकार

कार्यपालिका

परिच्छेद

३

घटनाक्रम
(०६६ पुस १७ देखि ०६७ पुस १६)

पुस २२

महिला विरुद्ध हुने सबैप्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धिअन्तर्गतको समितिको विशेषज्ञ पदको निर्वाचनमा उम्मेदवार हुन संविधानसभा सदस्य सपना प्रधान मल्ललाई स्वीकृति प्रदान।

विजुलबहादुर विश्वकर्मा (स्वर्णकार)को अध्यक्षतामा राष्ट्रिय दलित आयोगको गठन।

माघ १३

राष्ट्रिय बारुदी सुरुङ प्राविधिक समितिको म्याद एक वर्षका लागि थप।

फागुन १३

जनयुद्ध, जनआन्दोलन र मधेश आन्दोलनका क्रममा मृत्यु भएका वा बेपत्ता पारिएका ऋणीहरूको साँवा तथा ब्याज मिनाहा गर्ने।

द्वन्द्वप्रभावित व्यक्ति, परिवार तथा संरचनाको लगत सङ्कलन कार्यदलको म्याद तीन महिनाका लागि थप।

माओवादी सेनाका लडाकुहरूको रेखदेख, समायोजन र पुन:स्थापनका लागि नेपाल सरकारबाट गठित विशेष समितिको म्याद ०६७ वैशाख मसान्तसम्म थप।

शान्ति तथा पुनर्निर्माण मन्त्रीको संयोजकत्वमा लडाकु रेखदेख तथा व्यवस्थापन समिति गठन।

चैत १७

मुद्दा फिर्ता (भरतबहादुर के.सी.समेत) लिने निर्णय।

मुक्तकमैया पुर्नस्थापन समस्या समाधान आयोगको सदस्य तोक्ने।

राष्ट्रिय दलित आयोगको सदस्यमा रञ्जितकुमार पासमान, सिरहालाई नियुक्त।

चैत २९

सुकुमबासी समस्या समाधान आयोगको सदस्यमा भरत भण्डारीलाई र विकल प्रजापतिलाई तोक्ने।

राष्ट्रिय योजना आयोगको उपाध्यक्ष पदमा डा. जगदीशचन्द्र पोखरेल, ललितपुरलाई, सदस्य पदमा डा. गणेशबहादुर गुरुङ, काठमाडौँ र श्री रामकुमार शर्मा, भोजपुरलाई नियुक्त गर्ने निर्णय।

०६७ वैशाख ३१

जनआन्दोलनका घाइते ऋणीहरूको साँवा तथा ब्याज मिनाहा गर्ने।

सङ्गठित अपराध नियन्त्रण तथा सजाय ऐन, ०६७ तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिने।

नेपाल सरकारको वार्ता टोली र अखिल तराई मुक्ति मोर्चाबीच भएको सात बुँदे सहमति अनुमोदन।

माओवादी सेनाका लडाकुहरूको रेखदेख, समायोजन र पुन:स्थापनका लागि नेपाल सरकारबाट गठित विशेष समितिको म्याद समाप्त भएको मितिदेखि ०६७ भदौ ३० सम्म थप गर्ने।

जेठ ३

नेपालको अन्तरिम संविधान (आठौँ संशोधन), २०६७ संविधानसभासमक्ष माननीय कानुन तथा न्यायमन्त्रीले पेश गर्ने।

जेठ ११

लैङ्गिक पहिचान र यौन अभिमुखीकरण भएका व्यक्तिहरूको समान अधिकार सम्बन्धमा अध्ययन गर्न गठित समितिको कार्य अवधि तीन महिना थप।

रामचन्द्र कुशवाह प्यासीलाई दण्ड सजाय माफी दिने।

जेठ १९

राष्ट्रिय महिला आयोगमा रिक्त रहेको सदस्य पदमा नेपालगञ्ज नपा-१७ निवासी मोहना अन्सारीलाई नियुक्ति।

राष्ट्रिय दलित आयोगको सदस्यमा नियुक्त भएका शिवशङ्कर ठाकुरलाई पदमुक्त गरी उक्त स्थानमा सप्तरी निवासी वौआलाल शर्मा खत्वेलाई नियुक्ति गर्ने।

जेठ २३

परराष्ट्र मन्त्रालयको No. UN/66H/१९२ मिति २०६७ जेठ २३ को पत्रानुसार Office of the High Commissioner for Human Rights in Nepal (OHCHR-Nepal) को सम्बन्धमा प्रस्तावित सम्झौतापत्र स्वीकृत गरी उक्त सम्झौतामा नेपाल सरकारको तर्फबाट जेनेभास्थित स्थायी नियोगका स्थायी प्रतिनिधि डा. दिनेश भट्टराइले हस्ताक्षर।

जेठ २६

नवलपरासीका अर्जुन पौडेल समेत २२ जनाको मुद्दा फिर्ता लिने।

नेपालको अन्तरिम संविधान बमोजिम

माओवादी सेनाका लडाकुहरूको रेखदेख, समायोजन र पुन:स्थापनका लागि नेपाल सरकारबाट गठित विशेष समिति अन्तर्गत रहेको प्राविधिक समितिको म्याद समाप्त भएको मितिदेखि ०६७ भदौ ३० सम्म थप।

असार २

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि १९७९ को धारा २० संशोधनको लागि सहमति प्रदान।

असार २८

द्वन्द्वप्रभावित व्यक्ति परिवार तथा संरचनाको लगत सङ्कलन कार्यदलको म्याद ०६७ पुस मसान्त सम्म थप।

संयुक्त राष्ट्रसङ्घ महासभाको ६६ औँ अधिवेशनका सभापति पदका लागि संयुक्त राष्ट्रसङ्घका पूर्वसहायक महासचिव कुलचन्द्र गौतमलाई नेपालको उम्मेदवारको रूपमा मनोनयन गर्ने र त्यसलाई सफल बनाउन आवश्यक कुटनीतिक पहल गर्ने।

पिछडिएको समुदाय उत्थान विकास समितिको सदस्य पदमा रूपन्देही निवासी आदित्यनारायण कसौधन र नेपालगञ्ज, बाँके निवासी ललिता साह तथा विज्ञको रूपमा विराटनगर, मोरङ निवासी पुष्पा साह नियुक्त।

भदौ २१

माओवादी सेनाका लडाकुहरूको रेखदेख, समायोजन र पुन:स्थापनाका लागि नेपाल सरकारबाट गठित माओवादी सेनाका लडाकुहरूको रेखदेख, समायोजन र पुन:स्थापना सम्बन्धी विशेष समितिको म्याद समाप्त भएको ०६७ भदौ ३० देखि ०६७ पुस ३० गतेसम्म थप।

भदौ ३०

संयुक्त राष्ट्रसङ्घ महासभाको ६५ औँ नियमित अधिवेशनमा भाग लिन गृहमन्त्रीको नेतृत्वमा एक प्रतिनिधिमण्डल अमेरिका पठाउने।

असोज १२

विश्वव्यापी आवधिक समीक्षा (युपिआर) सम्बन्धी प्रतिवेदन स्वीकृत गरी संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार परिषद्मा पठाउने।

आतङ्कवादमा लगानी गर्ने कार्य नियन्त्रण गर्ने अन्तर्राष्ट्रिय महासन्धिमा सम्मिलनको माध्यमबाट नेपाल पक्ष हुने विषयको प्रस्ताव व्यवस्थापिका संसदमा पेश गर्न स्वीकृत दिने।

कात्तिक २९

जेनेभामा आयोजित संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार परिषद्को अधिवेशनमा हुने अन्तरक्रियाको अवलोकन गर्न सचिव डा. त्रिलोचन उप्रेतीलाई पठाउने।

मङ्सिर ४

घरेलु कामदारको रूपमा विदेश जाने नेपाली कामदारलाई व्यवस्थित गर्ने सम्बन्धी कार्यविधि ०६७ स्वीकृत।

मङ्सिर १४

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को प्रतिवेदनलाई संयुक्त राष्ट्रसङ्घमा पठाउने।

मुक्तकमैया पुर्नस्थापना समस्या समाधान आयोग (गठन आदेश), ०६७ लाई यथावत कायम गरी सोको म्याद ०६७ चैत मसान्तसम्म थप।

पुस ११

युपिआर सम्बन्धी प्रतिवेदनलाई संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार परिषद्मा प्रस्तुत गर्न उपप्रधानमन्त्री एवम् पर्राष्ट्रमन्त्री एवम् पररष्ट्रमन्त्रीको नेतृत्वमा प्रतिनिधि मण्डल जेनेभा पठाउने।

१. पृष्ठभूमि

संविधानसभा निर्वाचनपश्चात् गठन भएको दोश्रो सरकारले शुरुआतका दिनदेखि नै बाधा र विरोधको सामना गर्नु पऱ्यो। संविधानसभामा रहेको सबैभन्दा ठूलो दल एकीकृत माओवादीले असंवैधानिक, कठपुतली, अराष्ट्रिय आदि नामबाट सम्बोधन गर्दै आएको यस सरकारका विरूद्ध सन् २०१० को प्रारम्भसँगै आन्दोलन आरम्भ गऱ्यो। प्रमुख प्रतिपक्षी दल एकीकृत माओवादीले संविधान निर्माणको मूल मुद्दा पन्छाएर प्रधानमन्त्रीको राजिनामालाई आफ्नो एक मात्र प्रमुख मुद्दा बनायो भने सरकार विरोधको सामना गर्नमै व्यस्त रह्यो। संविधानसभाको प्रमुख दल र शान्ति प्रक्रियाको एउटा प्रमुख शक्ति एकीकृत माओवादीको विरोध र असहयोगका बीच पनि सरकारले निरन्तरता पाइरह्यो।

यही बीचमा भएको तीनबुँदे सहमतिको तेश्रो बुँदामा उल्लेख गरिएको सहमतीय आधारमा नयाँ सरकार गठन गर्न मार्गप्रशस्त गर्दै प्रधानमन्त्री माधवकुमार नेपालले असार १६ गते राजीनामा दिए। तर सन् २०१० को अन्त्यसम्म पनि नयाँ सरकारको गठन हुन सकेन।

सङ्क्रमणकालीन न्याय प्रदान र नयाँ संविधान निर्माणका लागि वातावरण निर्माण गरी समस्त शान्तिप्रक्रियालाई सार्थक टुङ्गोमा पुऱ्याउन अहम् भूमिका निर्वाह गर्नु नै सरकारको दायित्व रहे तापनि सरकारले यी कार्यमा परिणामजनक सफलता हासिल गर्न सकेन। अनमिनद्वारा अयोग्य प्रमाणित भएका एकीकृत माओवादीका लडाकुको बिदाइ यो वर्ष सम्पन्न भयो। सङ्क्रमणकालीन न्यायका लागि आधारभूत संयन्त्र सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता सम्बन्धी आयोग गठन गर्ने सवाल विधेयक प्रस्तुतिमै सीमित रहे। तराईका केही जिल्लामा भइरहेका हिंसात्मक गतिविधि गत वर्षभन्दा तुलनात्मक रूपमा न्यून हुँदै गएको पाइयो भने त्यस क्षेत्रमा गैरन्यायिक हत्याका घटनाहरू अभिलेखित भए। पूर्वी पहाड र तराईका समस्या समाधान गर्न राजनीतिक तवरले गतिशील प्रयास भएनन्।

सरकारले सन् २०१० लाई लैङ्गिक हिंसा विरूद्धको वर्ष घोषणा गऱ्यो। यद्यपि महिलामाथि भइरहेका हिंसाका विविध घटनाहरू विगतभन्दा यस वर्ष बढी सतहमा आए। महिला सशक्तीकरणका लागि यस वर्ष छुट्याइएको बजेट नेपालको इतिहासमा अनुपम मानियो।

समग्र मानवअधिकार संस्थाका अभिभावक भनेर सैद्धान्तिकरूपमा परिभाषित राष्ट्रिय मानवअधिकार आयोग आन्तरिक विवादमा अलमलियो। यसबीच छ महिनादेखि रिक्त रहेको राष्ट्रिय दलित आयोगले पदाधिकारी पायो।

नेपालमा विगत छ वर्षदेखि कार्यरत संयुक्त राष्ट्र सङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय (ओएचसीएचआर) को आवश्यकताको विषयमा छलफल भए भने अनमिन पनि विवादमुक्त रहन सकेन। सन् २०१० का आधा वर्ष कामचलाउको स्वरूपमा रहेको सरकारले यस वर्ष मानवअधिकारसँग सम्बन्धित काम प्रत्यक्ष र अप्रत्यक्ष रूपमा के कति गर्नसक्यो वा सकेन त्यसैको समीक्षामा यो परिच्छेद केन्द्रित रहेको छ।

२. त्रिवर्षीय मानवअधिकार कार्ययोजना

त्रिशङ्कु बनौट रहेको व्यवस्थापिका संसद्मा प्रतिनिधित्व गर्ने २५ दलको सहयोगमा गठन भएको एमाले नेतृत्वको सरकारको चुनौती राजीनामा दिएपछि पनि समाप्त हुन सकेन सरकारले आफ्नो अधिकांश समय असहज परिस्थितमा बिताउनु पऱ्यो। प्रमुख प्रतिपक्षी दल एकीकृत माओवादीले सरकारलाई कठपुतली, असंवैधानिक, अराष्ट्रिय, शान्ति प्रक्रियाको बाधक आदि विभिन्न विशेषणले सम्बोधन गर्दै सकेसम्म असहयोग गर्ने नीति लियो। माधवकुमार नेपालको राजीनामा नै मुलुकका सम्पूर्ण समस्या समाधानको एक मात्र सूत्र हो भन्ने कुरा बताउँदै आएको माओवादीको मूल कार्यसूचि नै सरकारलाई प्रतिस्थापन गरी आफ्नो वा आफू अनुकूल सरकार गठन गर्ने रह्यो।

सरकारको राजीनामाको माग गर्दै एकीकृत माओवादीले ०६७ वैशाख १९ गतेदेखि २६ गतेसम्म अनिश्चितकालीन आमहडतालको घोषणा गरेको थियो। आन्दोलनको केन्द्र राजधानी बनेको थियो। आन्दोलनका लागि भनेर एकीकृत माओवादीले मुलुकभर चन्दा उठाएको थियो। आन्दोलनको क्रममा माओवादी जनमुक्ति सेना सङ्गठितरूपमा सहभागी भएको ओएचसीएचआरले जेठ १९ गते सार्वजनिक गरेको प्रतिवेदनमा उल्लेख गऱ्यो।[१]

मुलुकको दैनिक जीवनमा प्रतिकूल असर परेको उक्त हडतालको विरुद्ध स्थानीय बासिन्दा उत्रिएपछि माओवादीले वैशाख २६ गते अचानक आमहडताल फिर्ता लिएको थियो। अधिकांश समय विरोधीको अवरोध झेल्न र गठबन्धन टिकाइराख्नको लागि समय खर्चिनु

१. http://nepal.ohchr.org/en/resources/Documents/English/reports/HCR/2010_05_26_Summary_of_Observations_E.pdf

पर्ने बाध्यताबीच पनि उनको नेतृत्वको सरकारले कतिपय उल्लेख्य कार्य गऱ्यो।[१]

यस वर्ष सरकारले त्रिवर्षीय मानवअधिकार कार्ययोजनालाई निरन्तरता दिँदै विभिन्न कार्यक्रमहरू तय गऱ्यो। कार्ययोजनामा शिक्षा, स्वास्थ्य तथा जनसङ्ख्या, कानुन, व्यवस्थापन सुधार र न्याय प्रशासन, आदिवासी, जनजाति र दलित, श्रम तथा रोजगार, शान्ति प्रवर्द्धन, संस्कृतिसम्बन्धी अधिकारको संरक्षण र प्रवर्धन, वातावरण र दीगो विकास, नेपाली सेनामा मानवअधिकारको संरक्षण र प्रवर्धन, अपाङ्गता, जेष्ठ नागरिक, महिलाअधिकार तथा सामाजिक न्याय, बालअधिकार तथा विकास, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक, शान्ति सुरक्षा, कानुन कार्यान्वयन र मानवअधिकार संरक्षण र संस्थागत सुदृढीकरण जस्ता विषय समाविष्ट छन्।

२.१ सामाजिक सुरक्षामा भएका केही पहल

सामाजिक सुरक्षा शीर्षकमा यस वर्षको बजेटमा सरकारले १ खर्ब ५० अर्ब ३ करोड रुपियाँ बजेट छुट्याएर सामाजिक सुरक्षाप्रति आफ्नो चासो रहेको साबित गऱ्यो। जुन कूल बजेटको ४४ दशमलब ४० प्रतिशत हो। यसअन्तर्गत विगत वर्षमा दिँदै आएको वृद्ध, एकल महिला भत्ता वितरण बैकिङ प्रणालीमार्फत गर्दै जाने घोषणा अर्थमन्त्रीले गरे। गत वर्षदेखि सुरू गरिएको बाल संरक्षण अनुदानलाई निरन्तरता दिइयो। विपन्न तथा दलित र कर्णाली अञ्चलका ५ वर्ष मुनिका बालबालिका लक्षित गरी यो कार्यक्रम सुरु गरिएको थियो। महिलालाई प्रत्यक्ष रूपमा लाभ पुग्ने कार्यक्रमका लागि ६० अर्ब ६१ करोड रकम विनियोजन गरियो। दाइजो नल्याएको, बोक्सीलगायतका आरोपमा महिलाले खेप्नुपरेका पीडा र बालिका तथा किशोरीमाथि हुने बलात्कारलगायतका हिंसा कम गर्ने उद्देश्यले त्यस्ता प्रकारका अपराधलाई सरकारवादी मुद्दा बनाउने घोषणा भयो र त्यस्ता मुद्दाको कानुनी प्रक्रियामा पीडितको पक्षमा लागेको सम्पूर्ण खर्च राज्यकोषबाट बेहोर्ने व्यवस्था सरकारले गऱ्यो। गरिबी निवारण कोषमार्फत गरिबीको रेखामुनी रहेका महिला, दलित, मधेसी, जनजाति र पिछडिएका वर्गलाई लक्षित गरी आय आर्जन, स्वरोजगारीलगायतका कार्यक्रमका लागि ३ अर्ब ४ करोड बजेट छुट्टाइयो।

स्वास्थ्यको क्षेत्रमा २४ अर्ब ५१ करोड बजेट विनियोजन गरियो। अघिल्लो वर्ष यस क्षेत्रमा १८ अर्ब ६७ करोड रकम विनियोजन गरिएको थियो। आमा सुरक्षा कार्यक्रम अन्तर्गत सामुदायिक अस्पतालदेखि केन्द्रीय तहका अस्पतालबाट प्रदान गर्दै आएको प्रसुति सेवा चालू आर्थिक वर्ष देखि गैरनाफामूलक स्वास्थ्य संस्थामा पनि विस्तार गर्ने बजेटले प्रस्ताव गऱ्यो। स्वास्थ्य संस्थाहरूमा अभियानकै रूपमा प्रसुतिकक्ष निर्माण गर्ने याजना ल्यायो।

मुक्त कमलरीहरूलाई उमेर र इच्छाअनुसार निःशुल्क आवासीय विद्यालय शिक्षा वा प्राविधिक तालिम उपलब्ध गराइने व्यवस्था मिलाउन सरकारले बजेट विनियोजन गऱ्यो। प्राथमिकदेखि उच्चतहसम्मका विभिन्न छात्रवृत्तिलाई निरन्तरता दिँदै सामुदायिक विद्यालयबाट उत्तीर्ण भएका विद्यार्थीलाई प्रतिस्पर्धाका आधारमा उच्चशिक्षामा प्रदान गर्ने छात्रवृत्तिमा प्राथमिकता दिइने व्यवस्था मिलाइयो। यद्यपि सरकारको यो योजनाबाट कति लाभान्वित हुन्छन् भन्ने तथ्याङ्क सरकारले सार्वजनिक गरेन।

२.२ बाल संरक्षण र विकासका योजना

नेपाल बालअधिकार महासन्धिको पक्ष राष्ट्र हो। यस सन्दर्भमा नेपालले बाल अधिकारको संरक्षणका लागि बालबालिकासम्बन्धी ऐन, २०४८ र नियमावली, २०५१ एवम् बाल श्रम (निषेधित र नियमित गर्ने) ऐन, २०५६ जारी गरिसकेको छ। बालबालिकासम्बन्धी मुद्दा छिटो, छरितो र प्रभावकारी रूपमा टुङ्ग्याउन बाल मैत्री न्यायप्रणाली विकास गर्नको लागि बालन्याय (कार्यविधि) नियमावली, २०६४ लागू भइसकेको छ भने २८ जिल्लामा बाल इजलासको स्थापनाको कार्य पनि सम्पन्न भइसकेको छ। अझै पनि अन्तर्राष्ट्रिय प्रतिबद्धताअनुरूप यस क्षेत्रमा धेरै काम हुन बाँकी छन्। बालअधिकारको संरक्षण र सम्वर्धन गर्न बनेको बालबालिकासम्बन्धी ऐन २०६७ को मस्यौदा पूरा गरी ऐन तर्जुमाको लागि कानुन तथा न्याय मन्त्रालयमा पठाइएको भए पनि यो वर्षको अन्त्यसम्म व्यवस्थापिका संसद्मा यो विधेयक विचारार्थ प्रस्तुत हुन सकेन।

२.३ सुरक्षित मातृत्वका लागि सेवा विस्तार

यसवर्षको बजेटमा सरकारले स्वास्थ्य सेवाका लागि २४ अर्ब ५१ करोड विनियोजन गरी स्वास्थ्य सेवाप्रति गम्भीरता देखायो। यद्यपि स्वास्थ्यसेवा सुधारका दीर्घकालीन र व्यवहारिक नीति आएनन्। दुर्गम क्षेत्रमा स्वास्थ्यकर्मी र औषधीको अभावको समस्यामा अपेक्षित

१. रामेश्वर बोहोरा। प्रधानमन्त्री राजिनामाको मुडमा'। *हिमाल खबरपत्रिका* ०६७ असार १-१५

सुधार भएन। साधारण स्वास्थ्य सुविधा नपाएर सर्वसाधरणले ज्यान गुमाउनु परेको समाचारहरू सार्वजनिक भइरहे।

स्वास्थ्य केन्द्र र अस्पतालमा दरबन्दी अनुरूप स्वास्थ्यकर्मी उपलब्ध छैनन्। यसै पुस्तकको जिल्लागत विवरणमा उल्लेख भएका स्वास्थ्य सेवाको अवस्था शीर्षकअन्तर्गत प्रकाशित विवरणअनुसार धेरैजसो जिल्लामा यस्ता समस्याहरू छन्। अत्यावश्यक स्वास्थ्य सेवा उपलब्ध गराउने कार्यलाई निरन्तरता दिन सकिएको छैन। सुरक्षित प्रसुती सेवाको अभावमा महिलाहरूको मृत्यु भइरहेको छ।

कालीकोट जिल्ला माल्कोट गाविस-२ निवासी २५ वर्षीया देवीसरा दर्जीको ०६६ पुस २० गते उपचार नपाइ मृत्यु भयो। नजिकैको प्राथमिक उपचार केन्द्र कुमालगाउँमा प्रसुती सेवा लिन गएकी दर्जी स्वास्थ्य केन्द्रमा स्वास्थ्यकर्मीहरू नभएपछि घरमा फर्केर आएपछि उनको मृत्यु भएको थियो।

सुर्खेत जिल्लाको वीरेन्द्रनगरस्थित क्षेत्रीय अस्पतालमा २४ जना डाक्टरको दरबन्दी भए पनि यस वर्षको अन्त्यसम्म दोश्रो हप्तासम्म त्यहाँ पाँच जना डाक्टर मात्र कार्यरत रहेका थिए। जिल्ला जनस्वास्थ्य कार्यालयअन्तर्गत चार जना डाक्टरको दरबन्दी भए पनि एक जना नियुक्त थिए। शहरी क्षेत्रमा स्वास्थ्यकर्मीको उपलब्धताको अवस्था त यस्तो छ भने ग्रामीण तहका स्वास्थ्य निकायको अवस्था अनुमान गर्न कठिन छैन। मध्यपश्चिम क्षेत्र हरेक वर्ष झाडापखला जस्तो सामान्य रोगबाट समेत सयौँ मानिसहरूले ज्यान गुमाउने क्षेत्र हो।

२.४ तेस्रोलिङ्गीका हक अधिकार

नेपालमा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरूको हक अधिकार संरक्षणका लागि सम्मानित सर्वोच्च अदालतका न्यायाधीश बलराम केसी र पवनकुमार ओझाको संयुक्त इजलासले सर्वोच्चको असाधारण अधिकार प्रयोग गर्दै तेस्रो लिङ्गीलाई पहिचानको आधारमा नागरिकता दिन सरकारलाई आदेश दिएको थियो। भारतको अदालतले समेत नेपालको सर्वोच्च अदालतको यस फैसलालाई नजिरको रूपमा लिएको थियो। पोखराका विष्णु अधिकारीले सर्वोच्च अदालतको त्यही फैसलाका आधारमा नागरिकता पाएका थिए। सर्वोच्च अदालतले २०६४ साल पुस ६ गते यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरूमाथि भएका विभेदकारी कानुन बदर गर्नु, तेस्रो लिङ्गीलाई आफ्नो वास्तविक लैङ्गिक पहिचानसहितको नागरिकता दिनु, समलिङ्गी विवाहका लागि अध्ययन अनुसन्धान गर्न सात सदस्यीय समिति गठन गरी अध्ययन अनुसन्धान गर्नु भन्ने लगायतको आदेश जारी गरेको थियो। तर गृहमन्त्रालयले सर्वोच्च अदालतको आदेशका आधारमा नागरिकता दिने कास्की र बाँकेका जिल्ला प्रशासन अधिकारीसँग स्पष्टीकरण सोधेपछि नागरिकता दिन रोकिएको भन्दै तेस्रोलिङ्गीहरूले सरकारको आलोचना गर्दै सर्वोच्चको आदेश परिपालना हुनु पर्ने माग राखेका थिए।[3]

आर्थिक वर्ष २०६५/०६६ तथा २०६६/०६७ को बजेट भाषणमा तेस्रो लिङ्गीका लागि सामुदायिक केन्द्र बनाउन क्रमश: २५ लाख तथा ३० लाख रूपियाँ बजेट विनियोजन भएको थियो। अब बन्ने नयाँ संविधानको मौलिक हक अधिकार संरक्षण समिति तथा अल्पसङ्ख्यक तथा सीमान्तकृत समुदायको हकअधिकार संरक्षण समितिले आफ्नो प्रारम्भिक मस्यौदा प्रतिवेदनमा पनि तेस्रोलिङ्गीलाई लैङ्गिक पहिचान अनुसारको नागरिकता दिने, यौनिक अभिमुखीकरण र लैङ्गिक पहिचानका आधारमा विभेद नगरिने जस्ता कुराहरू समावेश गरिएको छ। यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरूको हक अधिकार संरक्षणका लागि राज्यले उनीहरूको अस्मिताको सम्मान गराउने खालका कार्यक्रमहरूको तर्जुमा अझै गरेको छैन।

२.५ महिला सशक्तिकरण र लैङ्गिक हिंसाप्रति संवेदनशीलता

यस वर्ष सरकारले महिलाहरूलाई प्रत्यक्ष लाभ पुग्ने कार्यक्रममा ६० अरब ६१ करोड बजेट विनियोजन गरी बजेटलाई महिलामैत्री बनाउनेतर्फ सकारात्मक काम गऱ्यो। त्यस्तै लैङ्गिक हिंसा विरूद्धको विशेष अभियानअन्तर्गत सञ्चालित कार्यक्रमहरूको निरन्तरका लागि अलग्गै कोष स्थापना गरियो। दाइजो, बोक्सीको आरोप, बालिका बलात्कारका अपराधलाई सरकारवादी मुद्दा बनाई कानुनी प्रक्रिया शुरु गर्दा पीडितको पक्षमा लागेको सम्पूर्ण खर्च राज्यकोषबाट व्यहोर्ने व्यवस्था बजेटमा गरियो। सन् २०१० लाई लैङ्गिक हिंसा विरुद्धको वर्षको रूपमा सरकारले विशेष आयोजनाको रूपमा आरम्भ गरेको थियो।

यसै वर्ष घरेलु हिंसा (कसुर तथा सजाय) नियमावली, २०६७ जारी भई लागू भयो। लैङ्गिक हिंसासम्बन्धी कानुनहरूलाई आवश्यकताअनुसार परिमार्जन, संशोधन तथा निर्माण गर्न समिति गठन भए

3. http://www.ekantipur.com/kantipur/news/news-detail.php¿news_id=232946

पनि यो वर्षको अन्त्यसम्म कुनै परिणाम आउन सकेन। कार्यस्थलमा हुने यौनजन्य हिंसासम्बन्धी विधेयक व्यवस्थापिका संसदमा प्रस्तुत भई विचाराधीन अवस्थामै रहयो। कार्यस्थलमा हुने लैङ्गिक हिंसाविरूद्ध आचारसंहिताको मस्यौदा तयार भए पनि यो वर्षको अन्त्यसम्म सार्वजनिक भएन। लैङ्गिक हिंसा विरूद्धको अभियानलाई सरकारले कति प्राथमिकता दिएको थियो भन्ने कुरा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा नै लैङ्गिक हिंसाविरूद्धको उजुरी व्यवस्थापन तथा अनुगमन इकाई स्थापना गरिएबाट प्रष्ट हुन्छ। सो इकाइले हत्यासँग सम्बन्धित, घरेलु हिंसा, बोक्सीको आरोप, बलात्कार, मानवबेचविखन, यौन दुर्व्यवहारसँग सम्बन्धित रहेका उजुरीहरू प्राप्त भएको इन्सेकलाई जानकारी दियो। ४४ ओटा जिल्ला विकास समितिहरूमा लैङ्गिक हिंसाविरूद्ध उजुरी लिने डेस्क स्थापना गरिए।

३. शान्ति प्रक्रियामा भएका प्रयास

३.१ योग्य नठहरिएका माओवादी लडाकूको बिदाइ

गएको वर्ष एकीकृत माओवादी र सरकारबीच हस्ताक्षर भई यो वर्षको शुरूसँगै प्रक्रिया थालिएको माओवादी अयोग्य लडाकुको बहिर्गमनको विषय यो वर्षको महत्वपूर्ण उपलब्धि रहयो। यस प्रक्रियाअन्तर्गत अनमिनले अयोग्य ठहऱ्याएका ४ हजार ८ जनामध्ये बिदाइ कार्यक्रममा उपस्थित २ हजार ३ सय ८५ जना माओवादी लडाकुको बिदाइ भयो। अयोग्य ठहरिएका मध्ये २ हजार ४ सय १५ लडाकुहरू बिदाइ समारोहमा उपस्थित भएनन्। बिदाइ समारोहमा अनुपस्थित रहेका लडाकुहरूको अवस्थाको विषयमा न सरकारले चासो देखायो न अनमिनको केही प्रतिक्रिया आयो। माओवादीले यसम्बन्धमा केही बोल्नुपर्ने आवश्यकता समेत देखेन। ०६६ मङ्सिर २३ गते सिन्धुलीबाट आरम्भ भएको बिदाइ कायक्रम माघ २५ गते रोल्पामा समाप्त भएको थियो।

नाबालिगका रूपमा प्रमाणित भएर योग्य नठहरिएका माओवादी लडाकुलाई बिदाइ गर्ने कार्ययोजना महिनौंको छलफलपछि २००९ डिसेम्बर १६ मा पारित भएको थियो। शान्ति तथा पुननिर्माणमन्त्री रकम चेम्जोङ, एकीकृत माओवादीका अध्यक्ष प्रचण्ड, बालबालिका तथा सशस्त्र द्वन्द्वका संयुक्त राष्ट्रसङ्घीय विशेष प्रतिनिधि तथा नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय प्रतिनिधि र नेपालस्थित युनिसेफका प्रतिनिधिले उक्त कार्ययोजनामा हस्ताक्षर गरेका थिए।

कार्ययोजना अनुसार नाबालिगहरूले आफू फर्कने क्षेत्रको वा पुनर्वासको बारेमा निर्णय लिन सक्ने प्रावधान छ। उनीहरूले चाहेको खण्डमा पुनर्स्थापनासम्बन्धी सहयोगबाट पनि लाभ उठाउन सक्ने छन् भन्ने कुरा सबै पक्षबाट सुनिश्चित पनि गरिएको थियो। सहयोग प्याकेजमा विदाइ प्रक्रिया शुरु हुनु अघि शिविर छाडेर जाने लडाकुसमेत सहभागी हुने प्रावधान थियो। सबैले व्यक्तिगत आधारमा विकल्प रोज्न पाउने व्यवस्था भएअनुरूप बहिर्गमन प्रक्रियामा सामेल भएका १ हजार ८ सय १४ जना र सो प्रक्रिया आरम्भ हुनुअघि शिविर छाडेका ३ सय ३७ जना गरी २ हजार १ सय ५१ जना लडाकु पुनःस्थापना कार्यक्रममा सहभागी भए।[४]

द्वन्द्वमा बालबालिकाको भर्ती र प्रयोग गर्ने दलकारूपमा बालबालिका तथा सशस्त्र द्वन्द्वसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासचिवको विगतका पाँच प्रतिवेदनको अनुसूचिमा माओवादी सूचिकृत भएकाले उक्त सूचिबाट आफ्नो नाम हटाउनका लागि माओवादीले उक्त कार्ययोजना फेब्रुअरी महिनाभित्रै पालना गर्नु आवश्यक थियो। (*विस्तृत जानकारीका लागि हेर्नुहोस् यस वर्षको उल्लेख्य।*)

विस्तृत शान्ति सम्झौताअनुसार अयोग्य लडाकुलाई दुई वर्ष पहिले नै हटाउनु पर्दथ्यो। अन्तर्राष्ट्रिय कानुनको मर्यादा राखेको भए उनीहरूलाई माओवादीले भर्ना नै गर्नु हुँदैन थियो। धेरै बालबालिकालाई उनीहरूले प्राथमिक स्कुल सिध्याउनु भन्दा पहिल्यै अनेक डर र लोभ देखाएर माओवादी सेनामा भर्ना गरेका थिए। सन् २००३ नोभेम्बरमा राष्ट्रसङ्घका तत्कालीन महासचिव कोफी अन्नानले सुरक्षापरिषद्को साधारणसभामा त्यस्ता १५ देशको नामावली प्रकाशन गरेका थिए जसले सशस्त्र विद्रोहका क्रममा बालबालिकामाथि ज्यादती गरेका थिए। ती १५ देशमा नेपालको नाम पनि समाविष्ट थियो। माओवादी नेताहरूले बालबालिकाको सहभागिता अस्वीकार गरे पनि अन्नानको प्रतिवेदनमा धेरैजसो बालबालिका अपहरण गरेर सहभागी गराइएको जानकारी प्राप्त भएको उल्लेख थियो।[५]

४. http://acr.hrschool.org/mainfile.php/0169/284/

५. http://peace.gov.np/uploads/NHRTC,CPA%20PROG.pdf

३.२ सङ्क्रमणकालीन न्याय

यस वर्ष सरकारले व्यक्ति बेपत्ता पार्ने (कसुर र सजाय) विधेयक संसद्मा पेश गऱ्यो। विस्तृत शान्ति सम्झौतामा बेपत्ता व्यक्तिको छानबिन गर्न आयोग बनाउने उल्लेख भए पनि कानुनको अभावमा त्यसको कार्यान्वयन भएन। प्रस्तावित विधेयकमा २०५२ फागुन १ गतेदेखि २०६३ मङ्सिरसम्म भएको सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता पारिएका, भएका र त्यस्तो कार्यमा संलग्न व्यक्तिहरूबारे छानबिन गर्न उच्चस्तरीय स्वतन्त्र आयोग गठन गर्ने उल्लेख छ। आयोगले छानबिनमा दोषी ठहऱ्याएका व्यक्तिलाई सरकारले मुद्दा चलाउनु पर्ने हुन्छ। मुख्य कसुरदार बाहेकलाई मुद्दा हेर्ने अधिकारीले सजायको अवस्था हेरी घटाउन र पूरै माफ दिनसक्ने व्यवस्थासमेत विधेयकमा प्रस्ताव गरिएको छ। प्रस्तावित विधेयकमा पीडकलाई गरिएको सजाय व्यवस्था अपराधको गम्भीरता अनुसार पर्याप्त नभएको भन्दै मानवअधिकारकर्मी समुदायले असहमति प्रकट गऱ्यो। *(विस्तृत जानकारीका लागि हेनुहोस् नेपालमा बलपूर्वक बेपत्ता : एक सङ्क्षिप्त अध्ययन)*

विस्तृत शान्ति सम्झौताको प्रावधानबमोजिम सत्य तथा मेलमिलाप आयोग गठन गर्नका लागि बनेको विधेयक मस्यौदा ०६६ फागुन ५ गते संसद्मा प्रस्तुत भए पनि पारित भए। उक्त विधेयक अन्तर्राष्ट्रिय मापदण्डअनुरूप नभएको भन्दै मानवअधिकार समुदाय लगायत कानुनविद्हरूले आलोचना गर्दै त्यसमा सुधार हुनुपर्ने माग राख्दै आएका छन् । विधेयकमा मेलमिलापलाई मात्र ध्यान दिइएको न्याय र क्षतिपूर्तिको उपेक्षा गरिएको छ। इन्सेकले यिनै प्रसङ्गप्रति ध्यानाकर्षण गराउने उद्देश्यले मस्यौदालाई मानवअधिकारसङ्गत बनाउनका लागि सुझाव समेत प्रस्तुत गरेको थियो।[६]

४. सरकार र अन्तर्राष्ट्रिय प्रतिबद्धता

संयुक्त राष्ट्रसङ्घको मानवअधिकार परिषद्अन्तर्गत आगामी वर्षको जनवरी महिनामा हुने विश्वव्यापी आवधिक समीक्षाका लागि नेपाल सरकारले नेपालको समग्र मानवअधिकरको स्थिति सम्बन्धमा संयुक्त राष्ट्रसङ्घमा नोभेम्बर महिनामा प्रतिवेदन बुझायो। प्रतिवेदनमा संविधान र अन्य कानुनमा मानवअधिकारका विषयहरू, विद्यमान संयन्त्रहरूका बारेमा उल्लेख गरिएको छ। मानवअधिकारको संरक्षण र सम्बर्द्धनका सन्दर्भमा यातनालगायतका नागरिक तथा तथा राजनीतिक अधिकारको अवस्था, त्यस्तै आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको सम्बन्धमा आर्थिक विकास र गरीबी निवारण, स्वास्थ्यको अधिकार, खाद्य अधिकार, शिक्षाको अधिकार, आवासको अधिकारका साथै रोजगारीको अधिकारका बारेमा सूचना समावेश गरिएको छ। त्यसैगरी महिला अधिकार, बालबालिकाको अधिकार, जनजातिको अधिकार र अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धमा पनि उल्लेख गरिएको छ। प्रतिवेदनमा मानवअधिकरको संरक्षण र सम्बर्द्धनका सन्दर्भमा हासिल गरिएका केही महत्वपूर्ण उपलब्धिको पनि चर्चा गरिएको छ।

नेपालको समग्र मानवअधिकारको अवस्थासम्बन्धी आधारभूत सूचनाहरू २ सय ३८ वटा गैरसरकारी संस्थाहरूको तर्फबाट विश्वव्यापी आवधिक समीक्षाका लागि बुझाइएको थियो।

नेपालले अनुमोदन गरेका मानवअधिकार महासन्धिहरूको कार्यान्वयनअर्न्तगत महत्वपूर्ण दायित्व अर्न्तगत सन्धिजनित निकायमा बुझाउनुपर्ने आवधिक प्रतिवेदनहरूमा सरकारका तर्फबाट नागरिक तथा राजनीतिक अधिकारकासम्बन्धी महासन्धिको आवधिक प्रतिवेदन र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी महासन्धिको आवधिक प्रतिवेदनको मस्यौदा प्रतिवेदनमाथि नागरिक समाज तथा अन्य सरोकारवालाहरूसँग छलफल गऱ्यो।

यस वर्ष संयुक्त राष्ट्रसङ्घअर्न्तगतको विशेष प्रकृया अर्न्तगतका मानवअधिकार रक्षकको अधिकारको अवस्थासम्बन्धी विशेष समाधिक्षक मार्गरेट सेकाज्ञले नेपालको अनौपचारिक भम्रण गरे। मानवअधिकार रक्षकको अधिकारको अवस्था सम्बन्धी विशेष समाधिक्षकले हालसम्म सन् २००३, २००४ र २००८ मा दुई पटक गरी चार पटक नेपाल भम्रणका लागि सरकारसँग आग्रह गरिसकेका थिए।

नेपाल 'आइएलओ १६९' को पक्ष राष्ट्र बन्ने दक्षिण एसियामा पहिलो र एसियामा दोस्रो राष्ट्र हो। आदिवासी/जनजातिको अधिकार सुनिश्चित गर्ने उद्देश्यले नेपाल ०६४ भदौ ५ गते सो सन्धिको पक्ष राष्ट्र बनेको थियो। नेपालका ३७ प्रतिशत जनसङ्ख्याको प्रतिनिधित्व गर्ने ५९ थरिका आदिवासी/जनजातिहरूको अधिकारसँग यस सन्धिको सम्बन्ध छ। सो सन्धिको पक्षराष्ट्र बन्नु सकारात्मक पक्ष हो तर सन्धि अनुमोदन भएको तीन वर्ष बित्दा पनि सरकारले यस सन्धिसँग

६. Coments on TRC Bill http://www.insec.org.np/files/documents/ Comments_on_TRC_Bill.pdf

बाझिएका घरेलु ऐन, कानुनहरू संशोधन गरी नयाँ कानुन बनाउने दायित्व पूरा गरेन। महासन्धि कार्यान्ययनका लागि बनेको राष्ट्रिय कार्ययोजना मन्त्रिपरिषद्द्वारा अझै पारित भएन। नेपाल सन्धि ऐन, २०४७ अनुसार अनुमोदन भएका महासन्धि वा सन्धिहरूसँग बाझिएका विषयलाई संशोधन गर्नुपर्दछ। सन्धि ऐनको दफा ९ मा संसद्बाट अनुमोदन, सम्मिलन, स्वीकृत वा समर्थन भई नेपाल राज्य वा नेपाल सरकार पक्ष भएको कुनै सन्धिको कुरा प्रचलित कानुनसँग बाझिएमा सो सन्धिको प्रयोजनका लागि बाझिएको हदसम्म प्रचलित कानुन अमान्य हुनेछ र तत्सम्बन्धमा सन्धिको व्यवस्था नेपाल कानुनसरह लागु हुने प्रावधान रहेको छ।

नेपालले ७ मे २०१० मा अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६ र यसको इच्छाधीन आलेख, २००६ को अनुमोदन गऱ्यो। नेपालले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि र यसको इच्छाधीन आलेखमा ३१ जनवरी २००८ मा हस्ताक्षर गरी अपाङ्गता भएका व्यक्तिहरूको अधिकार संरक्षण गरी यस समुदायलाई सशक्त बनाउन आफ्नो ऐक्यबद्धताको स्पष्ट सन्देश दिएको थियो।

५. राष्ट्रिय मानअवधकिार संस्थाहरू

समग्र मानवअधिकार संस्थाहरूका अभिभावक भनेर सैद्धान्तिक रूपमा परिभाषित संवैधानिक राष्ट्रिय मानवअधिकार आयोग आन्तरिक विवादमा अलमलियो। आयोगका आयुक्तहरूको आपसी विवाद महामहिम राष्ट्रपतिसमक्ष समेत पुग्यो। संवैधानिक निकाय भएपछि त्यसअनुरूपको कानुनको अभावमा त्यसै पनि कमजोर रहँदै आएको आयोगमा कार्यनीति भन्दा सा-साना विषयमा विवाद भएको थियो। आयोगका आयुक्त डा केबी रोकाया र लीला पाठकले संसद्को मानवअधिकार तथा अन्तर्राष्ट्रिय समितिका अध्यक्ष पद्मलाल विश्वकर्मासमक्ष उजुरी समेत गरेका थिए।[६]

मानवअधिकार आयोगको काम, कर्तव्य, अधिकार र कार्यविधिलाई समयसापेक्ष रूपमा परिमार्जन गर्दै लैजाने नेपाल सरकारको नीति अनुरूप राष्ट्रिय मानवअधिकार आयोगको विधेयक मस्यौदा अझै थन्किएको अवस्था छ।

आयोगले राष्ट्रिय प्रतिवेदन तयार गर्न पीडितका उजुरीका सम्बन्धमा अध्ययन, अनुसन्धान गर्ने र सरकारलाई कारबाहीका लागि सिफारिस गर्ने गरेकोमा सरकारका तर्फबाट पीडित पक्षलाई कतै पूरा, कतै आंशिकरूपमा राहत प्रदान गरियो। आयोगमा करिब १० हजार ५ सय मुद्दा रहेको र त्यसमध्ये ५० प्रतिशत पुराना र ५० प्रतिशत नयाँलाई छानबिन गरी सिफारिस गरेको थियो।[८]

विगतका वर्षहरूमा जस्तै यस वर्ष पनि महिला अधिकारको उल्लङ्घन तथा महिला माथि हुने हिंसाका घटनाका उजुरी राष्ट्रिय महिला आयोगसमक्ष दर्ता भए। जसमा घरेलु हिंसा, यौनजन्य हिंसा, सार्वजनिकस्थलमा महिला माथि हुने हिंसा, दाइजोका कारण महिला माथि हुने हिंसा, बोक्सीको आरोपमा यातना तथा अमानवीय व्यवहार गरिएको, हत्या, कुटपिट, बहुविवाह, लगायतका हिंसाका घटनाहरू गरी जम्मा १ सय ४७ वटा निवेदन दर्ता भए। जसमध्ये घरेलु हिंसासम्बन्धी १ सय २ ओटा (६९.३८ प्रतिशत) र अन्य हिंसासम्बन्धी ४५ वटा (३०.६२ प्रतिशत) निवेदन रहेका थिए। आयोगमा परेका यी निवेदनहरूमध्ये १ सय १७ ओटा निवेदन तामेली/टुङ्ग्याइयो। अन्य निवेदनहरू मध्ये केहीमा कानुनी सहायताका लागि अन्य निकायमा पठाइएको र केहीलाई कानुनी परामर्श समेत उपलब्ध गराइएको आयोगले जनायो।

दलित, मधेशी, महिला, मुस्लिम, अल्पसङ्ख्यक, आदिवासी जनजाति, अपाङ्गता पिछडिएको क्षेत्रबाट संवैधानिक आयोगको माग बरोबर उठ्दै आएका छन्। राष्ट्रिय महिला आयोग र जनजाति प्रतिष्ठान ऐनसहित गठन भएका छन्। गठनादेशको भरमा राष्ट्रिय दलित आयोग पनि यस वर्ष पुर्नगठन भएको छ। छ महिनादेखि रिक्त रहेको यस आयोगमा अघिल्लो माओवादी नेतृत्वको सरकारभैं १७ सदस्यीय पदाधिकारी नियुक्त भएका छन्। मुस्लिम, मधेशी, अल्पसङ्ख्यक, पिछडा वर्ग आ-आफ्ना समस्या समाधान गर्न संवैधानिक आयोगको माग गर्दै आएको वर्तमान अवस्थामा विकल्पका रूपमा राष्ट्रिय सामाजिक न्याय आयोग गठन गर्नु उपयुक्त रहेको विचार सार्वजनिक भए।[९]

---

६. http://www.ekantipur.com/np/2067/9/11/full-story/322558.html

८. आयोगको एक दशक उजुरीउपर आयोगका सिफारिशहरू, राष्ट्रिय मानवअधिकार आयोग, २०६७

९. 'छाता आयोग सामाजिक न्यायका निम्ति' http://www.ekantipur.com/np/news/news-detail.php?news_id=307270

६. दूरगामी योजनाको अभाव : गहिरिँदो खाद्य सङ्कट

विश्व खाद्य शिखर सम्मेलन-१९९६ ले संसारबाट भोकमरीलाई दिगो रूपमा हटाउन गरेको प्रतिबद्धतालाई सन् २००९ को नोभेम्बरमा आयोजित खाद्य सुरक्षा सम्बन्धी विश्व सम्मेलनले पूर्ण सफल पार्न घोषणापत्र जारी गरेको थियो। सदस्य राष्ट्रको हैसियतले त्यो प्रतिबद्धता पूरा गर्नु नेपालको दायित्व हो। नेपालको कृषि उत्पादनमा आएको गिरावटका कारण नेपाल खाद्यान्नमा परनिर्भर हुँदै गएको छ। सन् ७० को दशकमा निर्यातकर्ताको रूपमा रहेको नेपाल अब आएर आयातकर्ताको हैसियतमा झरेको छ। ०६७ -६८ सम्म १६ लाख मानिसलाई खाद्य अपुग हुने सरकारी तथ्याङ्क सार्वजनिक भएको थियो। ग्लोबल हङ्गर इन्डेक्स २०१० मा नेपाल ५६ स्थानमा पुगेको छ भने गत सन् २००९ मा ५५ औँ स्थानमा रहेको थियो। नेपालका ४१ प्रतिशत जनसङ्ख्याले पोषणयुक्त खाना खान नपाएको तथ्याङ्क छ।

नेपाल अझै पनि विश्वका भोकमरीग्रस्त मुलुकको सूचिमा १६ औँ स्थानमा रहेको इन्टरनेशनल फुड पोलिसी रिसर्च इन्सिच्युटको प्रतिवेदन, २०१० मा उल्लेख छ। यसअघि सन् २००८ को ग्लोबल हङ्गर इन्डेक्स (विश्व भोकमरी परिसुचक -जीएचआई) मा नेपाल ५७ औँ स्थानमा थियो।

सन् १९८० मा नेपालको कूल बजेटको ३० प्रतिशत र त्यसको दश वर्षपछि सन् १९८० मा २० प्रतिशत कृषि क्षेत्रमा छुट्ट्याइएको हुन्थ्यो। यसपछि कृषि क्षेत्रमा बजेट कम विनियोजन गरिन थालियो। कुनै समय देशमा खाद्यान्न निर्यात गर्ने नेपालको हैसियत अहिले आयातकर्ताको रूपमा दरियो।[१०] खाद्य संस्थानको गोदाममा खाद्यान्न मौज्दात भए पनि सरकारले ढुवानी अनुदान नदिएपछि ढुवानी बन्द भएको थियो। मुगु, जुम्ला, हुम्ला, डोल्पा, बझाङ र बाजुरालगायतका जिल्लामा वर्षा सुरू भएपछि सतह मार्गको तुलनामा चार दोब्बर भाडा तिरेर संस्थानले हवाइमार्गबाट ढुवानी गर्दै आएको छ। सतह मार्गमा ४ हजार ४ सय रूपिया प्रति क्विन्टल भाडा लाग्ने ठाउँमा हवाईमार्गबाट प्रति क्विन्टल १५ हजार २ सय ४६ रूपियाँ तिरिने गरिन्छ।[११]

विगतका वर्षमा झैं यस वर्ष पनि डोल्पाको सदरमुकाम दुनैबाट पश्चिममा रहेका विभिन्न गाविसहरूमा खाद्यान्नको अभाव भयो। पश्चिमी भेगमा पर्ने काइगाउँ, लाहा, लिकु, पहाडा, रिमी, सर्मी र नर्कु गाविसमा ०६७ जेठदेखि यो वर्षको अन्त्यसम्म पर्याप्त खाद्यान्न आपूर्ति भएन। यस्तै जाजरकोट जिल्लाका १५ गाविसमा असोज १ गतेदेखि खाद्यान्न अभाव सुरू भएको थियो। खाद्यान्न अभाव हुने गाविसमा नायकवाडा, रोकायगाँउ, रामीडाँडा, सक्ला, रग्दा, भगवती, लहँ, दहँ, अर्छानी, टालेगाँउ, कोर्त्ताङ, मजकोट, दशेरा, पजारू, ढिमे, गर्खाकोटलगायत १५ गाविसहरूमा खाद्यान्न समस्या भएको इन्सेकले अभिलेख गरेको छ।

७. शान्ति प्रक्रियामा संयुक्त राष्ट्र सङ्घीय निकाय

नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालयको औचित्य नरहेको टिकाटिप्पणी गत वर्षदेखि नै चलिरहेको थियो। यस वर्ष मन्त्रिपरिषद्को बैठकले संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको म्याद अर्को वर्षको जुन महिनामा समाप्त हुने गरी एक वर्ष थप गऱ्यो। बैठकले उसका क्षेत्रीय कार्यालयहरू क्रमश: बन्द गराउँदै जाने पनि निर्णय गऱ्यो। नेपाली काङ्ग्रेसले वैशाखको अन्तिम हप्तातिर क्षेत्रीय कार्यालय बन्द गराउन सरकारलाई सुझाव दिएको थियो।[१२]

गत वर्षको फागुनमा नेपाल भ्रमणमा आएकी संयुक्त राष्ट्र सङ्घीय मानवअधिकार उच्चायुक्त नाथनम पिल्लेले उच्चायुक्तको म्याद तीन वर्ष बढाउन सरकारसँग अनुरोध गरे तापनि पनि सरकारले एक वर्षमात्र म्याद बढाएको थियो। प्रधानमन्त्री माधवकुमार नेपाल उच्चायुक्तको कार्यालयको म्याद बढाउने पक्षमा देखिएनन्। गत वर्ष उनले राष्ट्रिय मानवअधिकार आयोगको नवौँ वार्षिकोत्सवमा देशभित्रको मानवअधिकार अवस्था सुधार गर्न मानवअधिकार आयोग नै मजबुत हुनुपर्छ भन्ने धारणा व्यक्त गरेका थिए। राष्ट्रिय मानवअधिकार आयोगले पनि राजा ज्ञानेन्द्रको शासनकालमा उच्चायुक्त कार्यालयको महत्व रहे तापनि वर्तमान समयमा उच्चायुक्तले गर्दै आएको काम आयोगको क्षेत्राधिकारभित्र पर्ने बताउँदै

---

१०. http://books.google.com/books/p/pub-8266916332176326¿q=nepal&hl=en_US&vid=ISBN9780896299269&ie=UTF-8&oe=UTF-8#v=snippet&q=nepal&f=false

११. http://www.ekantipur.com/np/2067/7/5/full-story/319400.html

१२. इन्सेक। नेपाल मानवअधिकार वर्ष पुस्तक, २०१०। कार्यपालिका। पृष्ठ ८९।

प्रधानमन्त्रीसमक्ष प्रस्तुत गरेको ज्ञापनपत्रमा स्मरण गराएको थियो।[१३]

उच्चायुक्तको कार्यालयबाहेक शान्ति प्रक्रियामा प्रत्यक्ष भूमिका रहेको अनमिन अर्को राष्ट्रसङ्घीय निकाय हो। तर अनमिन र वर्तमान सरकारको कहिल्यै तादाम्य स्थापित हुन सकेन। दलहरूको अनमिनप्रति साझा दृष्टिकोणको अभाव रहँदै आयो। यस अवधिमा अनमिनका भूमिका विवादमुक्त हुन सकेनन्। अनमिनलाई माओवादीको पक्षपोषण गर्ने निकायको रूपमा सरकार र सत्तारूढ दलका घटकहरूले व्याख्या गरे। गत वर्ष सुरक्षा परिषद्को साधारणसभामा संयुक्त राष्ट्रसङ्घका महासचिव वानकि मुनको प्रतिवेदन सार्वजनिक भएलगत्तै दुवै बीचको सम्बन्ध झन चिसिएको पाइयो। चिसिएको सम्बन्ध सरकारले अनमिनसँग लडाकुको सङ्ख्या माग गरेपछि झनै तित्त हुन पुग्यो। यहाँसम्म कि सरकार र अनमिन एक अर्कालाई व्यक्तव्यमार्फत जवाफ फर्काउन थाले। शिविरमा माओवादी लडाकु पूर्ण सङ्ख्यामा नरहेको आशङ्का गर्दै सरकारले उनीहरूको विवरण मागेको थियो। अनमिनले फागुन १३ गते वक्तव्य जारी गरी त्यस्तो विवरण गोप्यताको कारणले उपलब्ध गराउन नमिल्ने जवाफ दिएको थियो। शान्ति मन्त्रालयले त्यसको जवाफ पनि वक्तव्यमार्फत दिँदै सरकारले कुनै गोप्य सूचना माग नगरेको भन्दै आपत्ति प्रकट गऱ्यो। शान्तिमन्त्री रकम चेमजोङले अनमिनले शान्ति प्रक्रियामा सहयोग नपुऱ्याएको भनेर खुलेर टिप्पणी गरे।[१४] शान्तिमन्त्रालयले वक्तव्य प्रकाशन गरेलगत्तै अनमिन प्रमुख करिन लेनग्रेनबीच भएको भेटमा लेनग्रेनले लडाकुको सङ्ख्या उपलब्ध गराउने मनसाय व्यक्त गरिन्।[१५]

अनमिनको अन्तिम म्याद समाप्त नहुँदै माधवकुमार नेपालले राजीनामा दिए। नयाँ सरकार गठन हुने प्रक्रियामा दलहरूबीच सहमति गर्ने प्रयास भइरहेको थियो। यसैबीच अनमिनले ६० हप्ते कार्ययोजनासहितको अनौपचारिक अवधारणापत्र वितरण गऱ्यो। सायद अनमिनको यो कार्य नयाँ बन्ने सरकारको ध्यानाकर्षण गराउने एउटा प्रयास थियो। कामचलाउ प्रधानमन्त्री नेपालले पनि अनमिनले संविधान बन्न नदिने कुरामा मद्दत पुऱ्याएको आरोप लगाए। दलहरूलाई समायोजन र पुनःस्थापनामा सहयोग पुऱ्याओस् भन्ने हेतुले अवधारणापत्र वितरण गरेको अनमिनको तर्क थियो। अनमिनप्रमुख करिन लनग्रेनले एक दैनिक पत्रिकामा 'अनमिनमाथि मिथ्या आरोप'[१६] भन्ने शीर्षकमा एक लेख लेखेर अनमिनमाथि लागेको आरोपको खण्डन समेत गरिन्।

८. विधिको शासनको अभाव

नेपालमा शान्ति प्रक्रियाको विवेकपूर्ण समापन र लोकतन्त्रको सुदृढीकरणको प्रसङ्गमा दण्डहीनता प्रमुख चुनौतीको रूपमा रह्यो। खासगरी विधिको शासन कायम गराउने विषय दुरूह बन्दै गयो। राज्यतहको जिम्मेवारी वहन गर्नेहरू नै दण्डहीनताका पोषकका रूपमा देखिए।

यस वर्ष सरकारले २ सय ८२ ओटा मुद्दा फिर्ता लियो। तीमध्ये २ सय हत्याको अभियोग लागेका हुन् भने ८२ जना लुटपाट आगजनी जस्ता घटनामा संलग्न व्यक्ति हुन्।[१७] अन्तर्राष्ट्रिय कानुनको मापदण्ड अनुसार मानवताविरोधी कुनै पनि मुद्दामा माफी दिन वा मुद्दा फिर्ता लिन पाईँदैन। संवैधानिक प्रावधानअनुसार राजनीतिक मुद्दामात्र फिर्ता लिन मिल्छ। जातीय हिंसा, बलात्कार, हत्याजस्ता फौजदारी मुद्दालाई पनि राजनीतिक आवरणमा फिर्ता लिने काम सरकारले गरिरहेको छ। यसअघि एकीकृत माओवादीको नेतृत्वको सरकारले पनि ३ सय ४९ जनाको मुद्दा फिर्ता लिएको थियो। तीमध्ये ९९ मुद्दा कर्तव्य ज्यानका थिए।

यस्ता गतिविधिले अन्ततोगत्वा विधिको शासनलाई खोक्रो बनाउँदै दण्डहीनतालाई दरिलो बनाउँदै लग्ने खतरा हुन्छ। दण्डहीनताको अवस्था भनेको कानुनका उल्लङ्घनकर्ता वा दोषीलाई कानुनी, प्रशासनिक वा अनुशासनात्मक कारबाही नगर्ने, गर्न अनिच्छुक वा असमर्थ हुने अवस्था हो। सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २९ मा नेपाल सरकारवादी भएको फौजदारी मुद्दा अदालतको मञ्जुरीले फिर्ता लिन सकिने व्यवस्था छ। यसै व्यवस्थाको फाइदा उठाएर धेरैले उन्मुक्ति पाइरहेका छन्। यस्ता आरोपितहरू राजनीतिक आवरण वा राजनीतिक पहुँचका आधारमा, "राजनीतिक दलको सदस्यता लिएका कारण अपराधीले उन्मुक्ति पाउने गरेका छन्। राजनीतिक मुद्दा फिर्ता लिँदा ती अपराधीलाई पनि

१३. इन्सेक। नेपाल मानवअधिकार वर्षपुस्तक, २०१०। पृष्ठ ८७

१४. http://www.ekantipur.com/np/2067/1/29/full-story/311418.html

१५. http://www.ekantipur.com/np/2066/11/19/full-story/307786.html

१६. http://www.ekantipur.com/np/2067/3/26/full-story/314423.html

१७. राजधानी दैनिक। 'राजनीतिक आडमा २८२ मुद्दा फिर्ता'। २०६७ मङ्सिर २५, पृष्ठ १

सरकारले छाड्छ।"[१८]

यसै वर्षको अन्तिम दिन एकीकृत माओवादीले सशस्त्र द्वन्द्वका बेला नेता तथा कार्यकर्ता विरूद्ध लागेका मुद्दा विस्तृत शान्ति सम्झौता र अन्तरिम संविधानको पालना नभएको भन्दै आपत्ति प्रकट गऱ्यो। एकीकृत माओवादीको पार्टी कार्यालयमा आयोजित पत्रकार सम्मेलनमा प्रेस विज्ञप्ति जारी गर्दै सचिव सीपी गजुरेलले ओखलढुङ्गाका सभासद् बालकृष्ण ढुङ्गेल लगायत आफ्ना पार्टीका ५६ जनालाई ज्यान मुद्दा लगाएको बताएका थिए।[१९]

बालकृष्ण ढुङ्गेललाई उज्जनकुमार श्रेष्ठको हत्या गरेको अभियोगमा सर्वोच्च अदालतले सजाय सुनाएको भए पनि सरकारले यस्ता असंवैधानिक कदम उठाएको भन्दै गजुरेलले असहमति जनाए। प्रमुख प्रतिपक्षी दल र सरकारको नेतृत्व गरिसकेको दलले स्वयम् सर्वोच्च अदालतले गरेको फैसला मान्दिन भनेर हाकाहाकी प्रस्तुत हुँदा आमजनताको अदालतप्रतिको धारणा कस्तो बन्ला भन्ने प्रश्नप्रति दलका नेताहरू गम्भीर नभएको पाइयो। राजनीतिक दलहरूकै कारण विधिको शासन स्थापना हुन नसकेको आरोप पनि मानवअधिकार समुदायले लगायो "मुख्यगरी प्रमुख तीन राजनीतिक दलका भातृसङ्गठनका मानिसले गम्भीर प्रकृतिका मानवअधिकार हनन्, फौजदारी अभियोगका घटना गरेपछि राजनीतिक दलहरूले हस्तक्षेप गरी सरकारलाई कारबाही गर्न नदिने तथा गम्भीर घटनामा मुद्दा दलहरूले फिर्ता लिने गरेकाले यसका दोषी प्रमुख दलका नेता"[२०]हुन् भनी मानवअधिकार आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले आरोप लगाए।

९. शान्ति सुरक्षाको प्रयास र गैरन्यायिक हत्या

तराई र पूर्वी पहाडी जिल्लाहरूमा विभिन्न बहानामा सङ्घर्षरत भूमिगत सशस्त्र समूहहरूमाथि दोहोरो भिडन्त वा कारबाहीको नाममा यस वर्ष पनि सरकारले गैरन्यायिक हत्यालाई निरन्तरता दियो। दोहोरो भिडन्तका नाममा नियन्त्रणमा लिएर व्यक्ति हत्या गरेका सूचना अभिलेख भए।

पाँच वर्षअघिदेखि तराई आरम्भ भएको सशस्त्र सङ्घर्षको अझै पनि सरकारले कुनै समाधान खोज्न सकेको छैन। एकातिर सरकार त्यस्ता समूहसँग वार्ता पनि गरिरहेको छ। तिनका कार्यकर्तालाई रिहा पनि गरिरहेको छ। ती समूह पनि वार्ता पनि गर्ने र हत्या हिंसालगायत विभिन्न अपराधकर्ममा संलगन हुने पनि गरिरहेका छन्। आपराधिक गतिविधि नियन्त्रण गर्ने उद्देश्यका साथ दुई वर्ष अघि लागू भएको विशेष सुरक्षाका कारण गत वर्षभन्दा यस वर्ष हिंसात्मक घटनामा केही कमी भएको छ। तर "हत्या हिंसा अपहरण जबरजस्ती चन्दा, फिरौती असुली लगायतका घटना नियन्त्रण गर्न नसकेर सरकार असफल भएको ठहर" आयोगले गरेको थियो।[२१]

विस्तृत शान्ति सम्झौतापछि यस वर्षसम्म सरकारले २२ ओटा सशस्त्र द्वन्द्वरत समूहसँग वार्ता तथा सहमति गऱ्यो।[२२] यस वर्ष शान्तिमन्त्री रकम चेमजोङ्ले ७ जेठमा वीरगञ्ज पुगेर गृहप्रशासनले विभिन्न आपराधिक घटनामा जिम्मेवार ठहऱ्याएको अखिल तराई मुक्ति मोर्चाको एउटा खेमाको हतियार बुझे। आफूलाई संस्थापन पक्ष दाबी गर्ने विनोद चौधरी विवेकको टोलीले २४ वैशाखमा आएर सरकारसँग सातबुँदे सहमति गरेको थियो। चौधरीले गम्भीर आपराधिक मुद्दा लागेका २ सय ८२ जना आफ्ना कार्यकर्ताको मुद्दा फिर्ता गराउन मन्त्रालयमा वैशाखमा नामावली पेश गरेका थिए। सरकारले यसै वर्ष २ सय ८२ जनाको मुद्दा फिर्ता पनि लियो। मुद्दा फिर्ता लिइएका व्यक्तिहरूको नामावली भने सरकारले सार्वजनिक रूपमा प्रकाशन गरिसकेको छैन। यसअघि मधेश मुक्ति टाइगर्सका मङ्गल पाण्डेले पनि आफ्ना ८७ कार्यकर्ता विरुद्धको मुद्दा फिर्ता लिन सरकारसँग अनुरोध गरेको थियो।[२३]

एकथरि वार्ता भन्दै सरकारलाई मुद्दा फिर्ता लिन लगाएर रिहा भइरहेका छन् भने अर्काथरि आत्मसमर्पणका नाममा रिहा हुने क्रम पनि उत्तिकै जारी छ। विगतमा मुलुकका विभिन्न ठाउँमा बम विस्फोट गराउने भूमिगत सङ्गठनका नेता तथा कार्यकर्ता सरकारसमक्ष आत्मसमर्पण गर्दै धमाधम रिहा भइरहेका छन्। राजधानीलगायत विभिन्न स्थानमा बम विस्फोट गराई १८ जनाको हत्यामा संलग्न भएको तराई आर्मीका नेता र कार्यकर्ता यसै वर्ष रिहा भए।

---

१८. http://www.ekantipur.com/np/2067/2/23/full-story/312705.html

१९. http://www.ekantipur.com/np/2067/5/31/full-story/317890.html

२०. केदारनाथ उपाध्याय, मानअधिकार आयोगको दशौं वर्षको अवसरमा व्यक्त मन्तव्य

२१. http://www.ekantipur.com/np/2067/3/14/full-story/313820.html

२२. http://peace.gov.np/uploads/NHRTC,CPA%20PROG.pdf

२३. 'वार्ताको नाममा उन्मुक्ति' *हिमाल खबर पत्रिका। पृष्ठ २३ ०६७ असार १७*

आर्मीले काठमाडौँमा गराएको बम विस्फोटबाट तीन जनाको मृत्यु भएको थियो। मोर्चाका केन्द्रीय अध्यक्ष रौतहटका सञ्जयकुमार र केन्द्रीय सदस्य बलिराम दासले माघ २० गते आत्मसमर्पण गरेका थिए। घटनापछि पीडितपक्षले जाहेरी नदिने र प्रहरीले बिना जाहेरी अनुसन्धान नगर्ने भएका कारण सशस्त्र समूहको नामबाट अपराध गर्नेहरू सजिलैसँग उन्मुक्ति पाए।

सरकारले शान्ति सुरक्षा कायम गर्ने नाममा विभिन्न गम्भीर अपराधमा संलग्न भएको अभियोगमा अदालतका विचाराधीन मुद्दाका अभियोगीका मुद्दा फिर्ता लिएर आत्मसमर्पण गराएर उनीहरूलाई उन्मुक्ति दियो। अर्कातिर विभिन्न विशेष सुरक्षा योजना सञ्चालन पनि गरिरहयो। दुई वर्षअघि देखि लागू भएको विशेष सुरक्षा योजनापछि गैरन्यायिक हत्याका घटनामा वृद्धि हुन गएको विषयमा मानवअधिकार क्षेत्रको ध्यानाकर्षण भयो। गत वर्ष पनि इन्सेकले यस सम्बन्धमा प्रश्न उठाएको थियो।[२४]

यस वर्ष एक बालिकासहित दुई जना महिलालाई बर्दियाको बाँसपानी जङ्गलमा नेपाली सेनाको ज्वाला दल गणबाट उपसेनानी सुबोध कुवँरको नेतृत्वमा खटिएको टोलीले गोली प्रहार गरी हत्या गऱ्यो। घटना भएको भोलिपल्टै इन्सेकको नेतृत्वमा गएको टोलीले स्थलगत अध्ययन गरी गैरन्यायिक हत्या भएको निष्कर्षसहितको प्रतिवेदन चैत ३ गते सार्वजनिक गऱ्यो। राज्यपक्षले पीडित र पीडितका परिवारलाई चोरी शिकारीको सङ्ज्ञा दिएर आफ्नो पक्षलाई निर्दोष प्रमाणित गर्ने प्रयास गऱ्यो। यसबाहेक तराईका जिल्लामा भएका गैरन्यायिक हत्याका घटनाहरू पनि इन्सेकमा अभिलिखित भए। *(हेर्नुहोस् जिल्लागत विवरण बाँके, धनुषा, बारा, रौतहट)*

यसै सन्दर्भमा ओएचसीएचआरले यस वर्ष सार्वजनिक गरेको प्रतिवेदनमा सन् २००८ देखि १० जुन २०१० को अवधिमा राज्यबाट ५७ जनाको गैरन्यायिक हत्या भएको उल्लेख गऱ्यो। तीमध्ये १६ जनालाई हत्या हुनुअघि गिरफ्तार गरिएको प्रतिवेदनमा जनाइएको छ।[२५]

१०. निष्कर्ष

प्रधानमन्त्री माधवकुमार नेपालले ०६६ जेठ १२ गते राष्ट्रका नाममा सम्बोधन गर्दा राजनीतिक दलहरूबीच राष्ट्रिय सहमति निर्माण, अराजकता, असुरक्षा र दण्डहीनता समाप्ति, संवैधानिक सर्वोच्चता विधिको शासन, सुशासनको प्रत्याभूति, शान्ति प्रक्रियालाई पूर्णता, नयाँ संविधान निर्माण, महँगी नियन्त्रण आर्थिक विकास गराउने प्रतिबद्धता व्यक्त गरेका थिए।

शान्ति प्रक्रियाको सन्दर्भमा दुई वर्षअघि नै बिदाइ गरिसक्नु पर्ने अयोग्य प्रमाणित माओवादी लडाकुलाई बिदाइ गरेर सरकार यस वर्ष शान्ति प्रक्रियाको एउटा अंश पूरा गर्न सफल भयो। यसबाहेक यस विषयमा अन्य उल्लेखनीय काम हुन सकेन। माओवादी लडाकु समायोजन र व्यवस्थापनकाका लागि गरिएका प्रयासहरू असफल भए। सरकारलाई प्रतिस्थापन गराएर आफ्नो वा आफ्नो अनुकूल सरकार गठन गर्ने इच्छा राख्दै आएको शान्ति प्रक्रियाको महत्वपूर्ण हिस्सा एकीकृत माओवादी सरकारलाई जुनसुकै हालतमा असफल बनाउन सकृय रहयो। प्रधानमन्त्रीले राजीनामा दिने वाचा गरेपछि मात्र तीनबुँदे सहमति हुन सक्यो।

खास ठाउँमा, केही समयका लागि केही सुधार देखा परे तापनि मुलुकमा शान्ति सुरक्षा प्रत्याभूत हुन सकेको अनुभूति जनताले गर्न पाएनन्। आपराधिक गतिविधि नियन्त्रण हुन सकेनन्। राज्य पक्षबाट भएका गैरन्यायिक हत्याको छानबिनसम्म नगरेर दण्डहीनताको कुसंस्कृतिलाई सरकारले प्रोत्साहन दियो।

वर्षको आधा समय कामचलाउको रूपमा रहेको सरकारले भावी सरकारका लागि राष्ट्रिय सहमति जुटाउन सकेन। द्वन्द्वपछिको सङ्क्रमणकालीन अवस्थामा सरकारले वहन गर्नुपर्ने मूल प्राथमिकता शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याई नयाँ संविधान जारी गर्ने काम पनि सम्पन्न भएनन्। यसरी संविधानसभाको थपिएको समयको छ महिनाको अवधिको कार्यशैलीबाट ०६८ जेठ १४ गतेभित्र पनि संविधान जारी हुने विश्वसनीय आधारहरू निर्माण हुन सकेनन्। "एकात्मक राज्यलाई सङ्घात्मक राज्यमा, हिन्दू राज्यलाई धर्मनिरपेक्ष राज्यमा, राजतन्त्रलाई गणतन्त्रमा, नेपाली भाषाको एकाधिकारलाई बहुभाषीय नीतिमा, एकल जातीय आधिपत्यलाई समावेशी लोकतन्त्रमा रुपान्तरण गर्ने ठूलठूला निर्णय त्यही बेला भयो जुन बेला राजनीतिलाई सहमतिले डोऱ्यायो। तसर्थ अब बन्ने सरकार त्यस्तो होस् जसले सहमतीय राजनीतिलाई पुनः जन्म दिन सकोस् र संविधान निर्माण तोकिएको समयमा हुन सकोस्।"[२६]

---

२४. इन्सेक। नेपाल मानवअधिकार वर्षपुस्तक २०१०। कार्यपालिका। पृ ८६

२५. http://nepal.ohchr.org/en/resources/Documents/Nepali/reports/HCR/2010_EJK_Report_N.pdf

२६. www.ekantipur.com/np/2067/9/16/full-story/322830.html

परिच्छेद

३

३.३ राज्य र मानवअधिकार

न्यवस्थापिका

घटनाक्रम
(०६६ पुस १७ देखि ०६७ पुस १६)

२०६६ पुस २१ गते

"संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी विधेयक, २०६५ लाई पारित गरियोस्" भनी राखिएको प्रस्ताव निर्णयार्थ प्रस्तुत हुँदा सर्वसम्मतिबाट पारित।

पुस २३ गते

एकीकृत माओवादीद्वारा घोषित तेस्रो चरणको आन्दोलनमा सरकारद्वारा दमन भएको, बृहत् शान्ति सम्झौता उल्लङ्घन र संविधान निर्माणको काममा चासो नदिएको लगायतका आरोप लगाउँदै व्यवस्थापिका संसद् बैठक बहिष्कार।

पुस २७ गते

महिला, बालबालिका र समाज कल्याण समितिद्वारा "मध्य तथा सुदूर पश्चिमाञ्चल विकास क्षेत्रका विभिन्न जिल्लाहरूमा फैलिएको झाडा पखालाको महामारी नियन्त्रण तथा व्यवस्थापन सम्बन्धी स्थलगत अध्ययन अनुगमन प्रतिवेदन, २०६६" पेश।

"राष्ट्रिय मानवअधिकार आयोग विधेयक, २०६६" प्रस्तुत ।

पुस २८ गते

"जातीय भेदभाव तथा छुवाछुत (कसूर सजाय) विधेयक, २०६६" प्रस्तुत।

माघ ३ गते

एकीकृत माओवादी सभासद् नारायणकाजी श्रेष्ठले पुस ३० गते मध्यरातमा सुनौली नाकाबाट सेनाको गाडीबाट सङ्दिग्ध सामान ल्याइएको सम्बन्धमा सरकारले सदनमा जानकारी गराउनुपर्ने धारणा प्रस्तुत।

"गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानुन संशोधन गर्ने विधेयक, २०६६ लाई पारित गरियोस्" भनी राखिएको प्रस्ताव निर्णयार्थ प्रस्तुत हुँदा सर्वसम्मतिबाट पारित।

माघ ४ गते

एकीकृत माओवादीद्वारा ०६६ पुस ३० गते राति सरकारद्वारा नेपाली सेनाको लागि हातहतियार सहितको युद्ध सामग्री आयात गरिएको विषयमा सदनलाई स्पष्ट जानकारी नदिएको, प्रधानमन्त्रीबाट एकीकृत माओवादी विरुद्ध आपत्तिजनक अभिव्यक्ति दिइएको लगायतको धारणा राख्दै व्यवस्थापिका संसद् बैठक बहिष्कारसँगै संसद् स्थगित।

माघ ७ गते

प्रधानमन्त्री माधवकुमार नेपालद्वारा सदनमा उठेका कुराहरूलाई सरकारले गम्भीर रूपमा लिएको, बृहत् शान्ति सम्झौतालाई सरकारको तर्फबाट इमान्दारीपूर्वक पालना गरिएको, सेना समायोजन विशेष समितिले गर्ने कार्य संविधान र विस्तृत शान्ति सम्झौता बमोजिम गरिने लगायतका विषयमा सदनमा जानकारी।

माघ ११ गते

"राष्ट्रिय मानवअधिकार आयोग विधेयक, २०६६ माथि विचार गरियोस्" भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत हुँदा सर्वसम्मतिबाट स्वीकृत।

माघ १२ गते

"जातीय भेदभाव तथा छुवाछुत (कसूर सजाय) विधेयक, २०६६ माथि विचार गरियोस्" भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत हुँदा सर्वसम्मतिबाट स्वीकृत।

"कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) विधेयक, २०६६ माथि विचार गरियोस्" भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुतहुँदा सर्वसम्मतिबाट स्वीकृत।

माघ १४ गते

सभासद् पोष्टबहादुर बोगटीले उपराष्ट्रपति पद क्रियाशील गराउने सम्बन्धी सङ्कल्प प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट पारित।

"नेपालको अन्तरिम संविधान (सातौं संशोधन) विधेयक, २०६६ माथिको दफावार छलफल सदनमा गरियोस्" भनी राखिएको प्रस्ताव निर्णयार्थ प्रस्तुतहुँदा सर्वसम्मतिबाट स्वीकृत।

माघ १७ गते

एकीकृत माओवादीका सभासद् नीरकुमारी कुँवरले शान्ति सम्झौतापछि पनि देशमा गुण्डागर्दी नरोकिएको, २०६६ माघ १५ गते सिन्धुली जिल्लाको झाँगाझोलीमा एमालेको जिल्ला अधिवेशनमा जानका लागि युथफोर्सका कार्यकर्तारूले गाडीमा पेस्तोल, तरवार, रड लिई गएको उक्त घटनामा एकीकृत माओवादीका कार्यकर्तारूले उक्त हतियाररू पक्री प्रहरीलाई बुझाउँदा एकीकृत माओवादीका कार्यकर्ता माथि नै युथ फोर्सले प्रहरी प्रशासनको आडमा आक्रमण गरेको हुनाले उक्त घटनाको निष्पक्ष छानबिन गरी दोषीमाथि कारबाहीको माग गर्दै आफ्ना भनाई राखेपछि एकीकृत माओवादी सभासद्हरूद्वारा बैठक बहिष्कार।

माघ १८ गते

एकीकृत माओवादीका सभासद् नीरकुमारी कुँवरद्वारा ०६६ माघ १५ गते सिन्धुलीमा भएको घटनाका सम्बन्धमा सरकारबाट कुनै जवाफ नआएकोले जवाफका लागि सभामुखबाट सरकारको ध्यानाकर्षण गराउन अनुरोध। सभामुखद्वारा सिन्धुली घटनाको सम्बन्धमा गृहमन्त्रीको ध्यानाकर्षण।

अन्तर्राष्ट्रिय सम्बन्ध र मानव अधिकार समितिका सभापति पदमलाल विश्वकर्माले "बारा जिल्लाको मटिअर्वालगायत नेपाल भारत सीमा समस्यासम्बन्धी अध्ययन भ्रमण प्रतिवेदन, २०६६" पेश।

माघ १९ गते

गृहमन्त्री भीमबहादुर रावलद्वारा ०६६ माघ १५ गते सिन्धुली जिल्लामा भएको घटनाका सम्बन्धमा सदनलाई जानकारी।

माघ २० गते

सभासद् जयराम यादवले व्यवस्थापिका-संसद्को बैठकमा मन्त्रीको उपस्थिति नभएकोले सदनको कारवाही अगाडि बढ्न सक्दैन भनी गर्नुभएको नियमापत्तिको सभासद् पोष्टबहादुर बोगटीद्वारा पनि समर्थन। ततपश्चात् सभामुखले सरकारको प्रतिनिधि बेगर व्यवस्थापिका-संसद्को बैठक अगाडि बढन नसक्ने जानकारी गराउनु हुँदै व्यवस्थापिका-संसद्को बैठक १० मिनेटको लागि स्थगित।

"राष्ट्रिय कानुन तथा अन्तर्राष्ट्रिय सम्बन्ध अध्ययन प्रतिष्ठान विधेयक, २०६६ माथि विचार गरियोस्" भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत हुँदा सर्वसम्मतिले स्वीकृत।

माघ २५ गते

सभासद्हरूद्वारा सञ्चार उद्यमी जमिम शाहको हत्याले शान्ति सुरक्षाको स्थिति कमजोर रहेको भन्दै गृहमन्त्रीबाट राजीनामा आउनुपर्ने लगायतका विविध विषयमा सदनको ध्यानाकर्षण।

गृहराज्यमन्त्री महमद रिजवान अन्सारीले पत्रकार तथा सञ्चार उद्यमी जमिम शाहको गोली प्रहारबाट गरिएको हत्याको सम्बन्धमा सदनलाई जानकारी।

स्थानीय विकास राज्यमन्त्री गणेशबहादुर खड्काले "राष्ट्रिय दलित अधिकार आयोग विधेयक, २०६६" सदनमा प्रस्तुत।

कानुन तथा न्याय मन्त्री प्रेमबहादुर सिंहले "राष्ट्रिय मानवअधिकार आयोग विधेयक, २०६६ लाई दफावार छलफलको लागि विधायन समितिमा पठाइयोस्" भनी राख्नुभएको प्रस्ताव निर्णयार्थ प्रस्तुत हुँदा सर्वसम्मतिबाट स्वीकृत।

सभासद् भीमप्रसाद आचार्यले "राष्ट्रिय कानुन तथा अन्तर्राष्ट्रिय सम्बन्ध अध्ययन प्रतिष्ठान विधेयक, २०६६ लाई दफावार छलफलको लागि विधायन समितिमा पठाइयोस्" भनी राख्नुभएको प्रस्तावलाई सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत।

सभामुखले व्यवस्थापिका-संसद्को छैठौं अधिवेशनमा भए गरेका काम कारबाहीको सङ्क्षिप्त जानकारी। व्यवस्थापिका-संसद्को चालु छैठौं अधिवेशन २०६६/१०/२५ गते बेलुकी २१:०० बजेबाट स्वत: अन्त्य हुने गरी स्थगित।

चैत २२ गते

सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त अधिवेशन आह्वान सम्बन्धी पत्रको व्यहोरा बारे जानकरी।

अर्थ मन्त्री सुरेन्द्र पाण्डेद्वारा "आर्थिक (पहिलो संशोधन) अध्यादेश, २०६६" पेश।

चैत २५ गते

"कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) विधेयक, २०६६ लाई दफावार छलफलको लागि विधायन समितिमा पठाइयोस्" भनी राखिएको प्रस्ताव निर्णयार्थ प्रस्तुत हुँदा सर्वसम्मतिबाट स्वीकृत।

चैत २९ गते

प्राकृतिक स्रोत र साधन समितिका सभापति शान्ता चौधरीले "चुरे भावरलगायतका क्षेत्रको ढुङ्गा, गिट्टी, बालुवा उत्खनन र निकासी अध्ययन सम्बन्धी प्रतिवेदन, २०६६" पेश।

चैत ३१ गते

सभासद्हरूले बर्दियामा सेनाबाट काउलो टिप्न गएका दलित महिलारूमाथि बलात्कारपछि भएको हत्याका सम्बन्धमा सत्यतथ्य लुकाउने प्रयास भएको भन्दै घटनाको सत्यतथ्य जनसमक्ष ल्याउन सदनको ध्यानाकर्षण। रक्षा मन्त्री विद्यादेवी भण्डारीले बर्दिया घटनाका सम्बन्धमा छानबिन गर्न तीन सदस्यीय आयोग गठन भैसकेको र केही दिनभित्र उक्त आयोगले प्रतिवेदन बुझाउने सदनलाई जानकारी।

२०६७ वैशाख ३ गते

सभासद् सरीता गिरीले नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) का कार्यकर्ता एवम् संविधानसभा निर्वाचनका उम्मेदवार राम इकवाल यादवको हत्यामा

सङ्लग्नरूलाई सरकारले कारबाही नगरेको र प्रहरी प्रशासन समेत राजनीतिक दबाबमा चलिरहेको छ भन्नुहुँदै सदन बहिष्कार।

स्थानीय विकास मन्त्री पूर्णकुमार शेर्मा लिम्बूले "जातीय भेदभाव तथा छुवाछुत (कसूर सजाय) विधेयक, २०६६ लाई दफावार छलफलको लागि विधायन समितिमा पठाइयोस्" भनी राख्नुभएको प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत।

वैशाख ५ गते

गृहमन्त्री भीमबहादुर रावलले महोत्तरीमा नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) का राजनीतिक कार्यकर्ता राम इकवाल यादवको हत्या सम्बन्धमा सदनलाई जानकारी।

वैशाख ७ गते

शान्ति तथा पुर्ननिर्माण मन्त्री रकम चेम्जोङले "व्यक्ति वेपत्ता पार्ने (कसूर र सजाय) विधेयक, २०६६" प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव प्रस्तुत।

वैशाख ९ गते

सभामुखले संविधानसभा (व्यवस्थापिका-संसद्को कार्य सञ्चालन) नियमावली, २०६५ को नियम ११७ को उपनियम (२) बमोजिम सुरक्षा विशेष समितिमा सभासद् रामबहादुर थापा मगर (चितवन) को नाम थपको लागि सम्बन्धित संसदीय दलको कार्यालयबाट पत्र प्राप्त भएकोले सभाको सहमतिका लागि प्रस्ताव गर्नुहुँदा सभाद्वारा सहमति।

"सत्य निरूपण तथा मेलमिलाप आयोग विधेयक, २०६६" प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव प्रस्तुत।

"व्यक्ति बेपत्ता पार्ने (कसूर र सजाय) विधेयक, २०६६ माथि विचार गरियोस्" भनी प्रस्ताव पेश। सभामुखबाट विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने व्यहोरा जानकारी। प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गरिदा सर्वसम्मतिबाट स्वीकृत।

वैशाख १४ गते

सभासद् सरीता गिरीद्वारा आफ्नो धारणा राखी बैठक वहिष्कार।

महिला, बालबालिका र समाज कल्याण समितिका सभापति सन्ध्या देवीले "अछ्राममा एक महिला प्रहरी जवानउपर भएको सामूहिक बलात्कारको घटना सम्बन्धी अध्ययन प्रतिवेदन, २०६६" पेश।

सभामुखले "सत्य निरूपण तथा मेलमिलाप आयोग विधेयक, २०६६ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत।

वैशाख १६ गते

सभासद् दामोदर चौधरीको असामयिक दुखद निधन भएकोमा शोकप्रस्ताव प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले पारित।

वैशाख २०, २१, २२, २३, २४ गते

प्रमुख प्रतिपक्षी दल एकीकृत माओवादीले गरेको आम हड्तालका कारण सूचना प्रकाशन गरी बैठक स्थगित।

वैशाख २६ गते

विशेष कारणवस बैठक बस्न नसक्ने भएको भन्दै सूचना प्रकाशन गरी बैठक स्थगित।

वैशाख २७ गते

एकीकृत माओवादीका सभासद् अमिक शेरचनले एकीकृत माओवादीले मजदुर दिवसको कार्यक्रम गरी वैशाख १९ गतेबाट शुरु गरेको आम हड्तालको प्रतिकारमा उत्रनेरूलाई सरकारले संरक्षण दिएको, आन्दोलनलाई दबाउने काम भएको र सरकारले आन्दोलनको सम्बन्धमा कुनै पनि प्रतिक्रिया नदिएको धारणा राखेपछि एकीकृत माओवादीका उपस्थित सम्पूर्ण सभासद्हरूद्वारा बैठक बहिष्कार।

वैशाख २८ गते

गृहमन्त्री भीमबहादुर रावलले एकीकृत माओवादीको आम हडतालको क्रममा भएका गतिविधि र सरकारको काम कारबाहीको बारेमा सदनमा सार्वजनिक महत्वको विषयमा जानकारी।

महिला, बालबालिका र समाज कल्याण समितिका सभापतिको तर्फबाट समितिका सदस्य श्री मालामतिदेवी रानाले "बर्दिया राष्ट्रिय निकुञ्ज परिसरको बाँसपानी ईलाकामा नेपाली सेनाका सुरक्षाकर्मीको गोली प्रहारबाट दुई महिला र एक जना बालिकाको मृत्यु भएको घटनासम्बन्धी अध्ययन प्रतिवेदन, २०६७" पेश।

वैशाख २९ गते

व्यवस्थापिका-संसद्को ०६७ वैशाख २८ गतेको बैठकमा सभासद् चित्रबहादुर केसीले विशेष समयमा बोल्ने क्रममा संविधानसभालाई भेडीगोठको सङ्ज्ञा दिनुभएकोमा सो वाक्यांश सम्बन्धी अंश आपत्तिजनक एवम् सभाको मर्यादा प्रतिकूल रहेकाले

बैठकको कारबाहीको अभिलेखबाट झिक्न सभामुखद्वारा सचिवालयलाई निर्देशन।

जेठ २ गते

शान्ति तथा पुर्ननिर्माण मन्त्री रकम चेम्जो ले "व्यक्ति बेपत्ता पार्ने (कसूर र सजाय) विधेयक, २०६६ लाई दफावार छलफलको लागि विधायन समितिमा पठाइयोस्" भनी राख्नुभएको प्रस्ताव र "सत्य निरूपण तथा मेलमिलाप आयोग विधेयक, २०६६ लाई दफावार छलफलको लागि विधायन समितिमा पठाइयोस्" भनी राख्नुभएको प्रस्ताव निर्णयार्थ प्रस्तुत हुँदा सर्वसम्मतिबाट स्वीकृत।

जेठ ३ गते

"मेलमिलाप सम्बन्धी विधेयक, २०६६ माथि विचार गरियोस्" भन्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत हुँदा सर्वसम्मतिबाट स्वीकृत।

जेठ ६ गते

राप्रपाका सभासद् चलनबहादुर तामाङले एकीकृत माओवादीका कार्यकर्ताले आफ्नो कार्यकर्तालाई बेपत्ता पारेको लिखित जाहेरी गर्दा पनि सुनवाइ नभएकोले कार्यकर्ताको रिहाईको माग गर्दै सदन बहिष्कार।

एकीकृत माओवादीका सभासद् चित्रबहादुर श्रेष्ठले अपहरणमा परेका बीपी मेमोरियल क्यान्सर अस्पतालका कार्यकारी निर्देशक डा० भक्तमान श्रेष्ठलाई सकुशल मुक्त गर्न र अपहरणकारीलाई सख्त कारबाही गर्न सरकारसँग माग गर्दै गृहमन्त्रीले उक्त घटनाका सम्बन्धमा व्यवस्थापिका-संसद्लाई जानकारी गराउन सभामुखसमक्ष माग। सभामुखद्वारा उक्त विषयमा नेपाल सरकारको ध्यानाकर्षण गराउनु हुँदै गृह मन्त्रीलाई व्यवस्थापिका-संसद्को आगामी बैठकमा सो सम्बन्धमा जानकारी गराउन निर्देशन।

जेठ ९ गते

नेकपा (माले), राप्रपा, नेकपा संयुक्त, राष्ट्रिय जनशक्ति पार्टी, दलित जनजाति पार्टी, चुरेभावर राष्ट्रिय एकता पार्टी नेपाल, नेपाल परिवार दलका सदनमा उपस्थित सम्पूर्ण सभासद्हरू र स्वतन्त्र सभासद्हरू सभामुखको डायस अगाडिको वेलमा जम्मा भई नाराबाजी गर्दै संविधानसभाको म्याद थप गर्न माग।

गृहमन्त्री भीमबहादुर रावललद्वारा बीपी कोइराला क्यान्सर अस्पतालका निर्देशक डा० भक्तमान श्रेष्ठको अपहरणको सम्बन्धमा सदनमा धारणा राख्नुहुदै नेपाल सरकारको तर्फबाट दु:ख व्यक्त ।

जेठ १०,११,१२ गते

विशेष कारणवस आज बैठक बस्न नसक्ने भएको भन्दै सूचना प्रकाशन गरी बैठक स्थगित।

जेठ १४ गते

"नेपालको अन्तरिम संविधान (आठौं संशोधन), २०६७ लाई पारित गरियोस्" भन्ने प्रस्तावमा मतदान।

संविधानसभाको म्याद एक वर्षका लागि थप।

जेठ १६ गते

प्रधानमन्त्री माधवकुमार नेपालद्वारा पदबाट राजिनामा।

जेठ १७ गते

भारतको मेघालयमा नेपालीहरूप्रति भएको ज्यादतीका सम्बन्धमा विशेष समयमा सभासद्हरूद्वारा सदनको ध्यानाकर्षण गराउँदै, सरकारको धारणा माग।

जेठ १८ गते

उपप्रधानमन्त्री एवम् परराष्ट्रमन्त्री सुजाता कोइरालाले भारतको पूर्वोत्तर राज्य आसाम र मेघालयको सीमा क्षेत्रमा बसोबास गरिरहेका नेपाली समुदायलाई लक्षित गरी भएको घटनाप्रति खेद प्रकट गर्दै उक्त हिंसा नियन्त्रणको लागि नेपाल सरकारले भारत सरकारसँग अनुरोध गरिरहेको र घटनाको निरन्तर अनुगमन गरिरहेको जानकारी।

सभासद् बबन सिंहले संविधान निर्माणतर्फ तीन दल सहमतिका साथ अगाडि बढ्न तत्पर नभएसम्म व्यवस्थापिका-संसद्को बैठक बहिष्कार गर्ने जानकारी गराउनुहुँदै बैठक बहिष्कार।

जेठ २० गते

एकीकृत माओवादीका सभासद् देवप्रसाद गुरुङले २०६७ साल जेठ १४ गते राति प्रमुख तीन दलबीच भएको सहमति कार्यान्वयन नभएको, व्यवस्थापिका-संसद्को चालु सातौं अधिवेशन प्रमुख प्रतिपक्ष दलको सहमति विना नै अन्त्य गरिएको लगायतको भनाइ राख्दै एकीकृत माओवादीद्वारा सदन बहिष्कार। सोही दिन व्यवस्थापिका-संसद्को चालु सातौं अधिवेशन ०६७ जेठ २० गते राती ९:०० बजेबाट स्वत: अन्त्य हुने गरी स्थगित।

असार २१ गते

राष्ट्रपतिद्वारा प्रधानमन्त्रीको सिफारिसमा ०६७ असार २१ गते १५:०० बजे व्यवस्थापिका-संसद्को आठौं अधिवेशन आह्वानको पत्र बारे जानकारी। साथै प्रधानमन्त्री माधवकुमार नेपालले पदबाट लिखित राजीनामा दिनु भएकोले अर्को मन्त्रिपरिषद् गठन

नभएसम्म सोही मन्त्रिपरिषद्ले कार्य सञ्चालन गरिरहने जानकारी।

असार २८ गते

प्रधानमन्त्री माधवकुमार नेपालले आफूले राजीनामा दिएको दुई हप्ता हुन लाग्दा पनि दलरूबीच सहमति हुन नसक्नु विडम्बना भएको भन्दै सार्वजनिक महत्वको वक्तव्य प्रस्तुत।

असार २९ गते

सभामुखले प्रधानमन्त्री पदको निर्वाचन गर्न ०६७ साल साउन ५ गते बुधवारका दिन बिहान ११:०० बजेको समय तोकेको व्यहोरा जानकारी।

साउन ५ गते

सभामुखद्वारा प्रधानमन्त्री पदको निर्वाचन दर्ताक्रम अनुसार क्रमश: व्यवस्थापिका सदस्य पुष्पकमल दाहाल, रामचन्द्र पौडेल र झलनाथ खनाललाई प्रधानमन्त्री पदमा निर्वाचित गरियोस् भन्ने प्रस्तावको सूचनाहरू प्राप्त हुन आएको व्यहोरा जानकारी।

तेस्रो प्रस्तावका प्रस्तावक माधवकुमार नेपालले प्रधानमन्त्रीको निर्वाचनको प्रस्तावलाई निर्णयमा लैजानुपूर्व आफ्नो दलको उम्मेदवारले दुईतिहाई मतको विवरण व्यवस्थापिका-संसद्को बैठकमा प्रस्तुत गर्न नसकेमा प्रस्ताव फिर्ता लिने पार्टीको निर्णयबमोजिम उक्त सङ्ख्या पुऱ्याउन नसकेको कारण प्रस्ताव फिर्ता।

पुष्पकमल दाहाल प्रचण्ड र रामचन्द्र पौडेललाई प्रधानमन्त्री पदमा निर्वाचित गरियोस् भन्ने छुट्टाछुट्टै प्रस्ताव बहुमतबाट पारित हुन नसक्दा अस्वीकृत।

साउन ७, १७, २१, गते

पुष्पकमल दाहाल प्रचण्डलाई प्रधानमन्त्री पदमा निर्वाचित गरियोस्" भन्ने प्रस्ताव र रामचन्द्र पौडेललाई प्रधानमन्त्री पदमा निर्वाचित गरियोस्" भन्ने प्रस्ताव बहुमतबाट पारित हुन नसक्दा अस्वीकृत।

भदौ २ गते

सभासद् रामकुमारी यादवको असामयिक दु:खद निधन भएकोमा पेश गरिएको शोक प्रस्ताव सर्वसम्मतिले पारित।

प्रधानमन्त्री पदमा निर्वाचित गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थप्रस्तुत गर्ने कार्यक्रमरू कार्यव्यवस्था परामर्श समितिको बैठकको परामर्शमा सूचीबाट हटाईएको व्यहोरा जानकारी।

भदौ ७, २०, २२ गते

पुष्पकमल दाहाललाई प्रधानमन्त्री पदमा निर्वाचित गरियोस्" भन्ने प्रस्ताव बहुमतबाट पारित हुन नसक्दा अस्वीकृत।

रामचन्द्र पौडेललाई प्रधानमन्त्री पदमा निर्वाचित गरियोस्" भन्ने प्रस्ताव बहुमतबाट पारित हुन नसक्दा अस्वीकृत।

भदौ २४, २८, २९ गते

व्यवस्थापिका-संसद्को बैठक विशेष कारणवस बस्न नसक्ने भएको भन्दै सूचना प्रकाशन गरी स्थगित।

असोज १० गते

पुष्पकमल दाहालको प्रधानमन्त्री पदको उम्मेदवारी फिर्ता लिने प्रस्ताव निर्णयार्थ प्रस्तुत हुँदा सर्वसम्मतिबाट स्वीकृत। रामचन्द्र पौडेललाई प्रधानमन्त्री पदमा निर्वाचित गरियोस्" भन्ने प्रस्ताव आठौं पटक निर्णयार्थ पेश भएकोमा अस्वीकृत।

कात्तिक ९, १२, १५, १८ गते

रामचन्द्र पौडेललाई प्रधानमन्त्री पदमा निर्वाचित गरियोस्" भन्ने प्रस्ताव निर्णयार्थ पेश भएकोमा अस्वीकृत।

कात्तिक २९ गते

विशेष कारणवश प्रधानमन्त्री निर्वाचन कार्यक्रमलाई दैनिक कार्यसूचीबाट हटाइएको व्यहोरा जानकारी।

मङ्सिर ३ गते

अर्थमन्त्री सुरेन्द्र पाण्डे व्यवस्थापिका-संसद् समक्ष बजेट पेश गर्न जानेक्रममा एकीकृत माओवादीका सभासद्रूद्वारा अर्थमन्त्रीले सदनसमक्ष प्रस्तुत गर्न बोक्नु भएको राजश्व र व्ययको वार्षिक अनुमान रहेको ब्रिफकेसलाई नियन्त्रणमा लिई कागजपत्र नष्ट। सभामुखको आग्रह विपरीत मुठभेडको स्थिति सिर्जना भएकोले बैठक ०६७ मङ्सिर १६ गते दिउँसो ३:०० बजेसम्मको लागि स्थगित।

राष्ट्रपति डा. रामवरण यादवद्वारा प्रधानमन्त्रीको सिफारिशमा व्यवस्थापिका-संसद्को चालू अधिवेशन ०६७ साल मङ्सिर ३ गते शुक्रवारका दिन २३:५५ बजेदेखि अन्त्य गरिएको सूचनामार्फत जानकारी।

पृष्ठभूमि

सन् २०१० मा व्यवस्थापिका संसद्को काम कारबाही सन्तोषजनक रहेन। नेपाली जनताको मुख्य आकाङ्क्षा रहेको नयाँ संविधानको निर्माण गर्नेतर्फ भन्दा आफ्नो नेतृत्वमा सरकार बनाउने प्रयत्नमा बढी समय खर्च गरेर राजनीतिक दलहरूले जनतालाई निराश तुल्याए। नेपालको संसदीय इतिहासमा व्यवस्थापिका संसद् यस वर्ष जति आलोचित र अलोकप्रिय शायदै बन्यो होला। सोह्रौँ पटकसम्मको प्रधानमन्त्री निर्वाचन परिणामविहीन बन्दा संसद्को अक्षमता उद्घाटित भयो।

नेकपा एमालेका वरिष्ठ नेता माधवकुमार नेपालको नेतृत्वमा गठित सरकारलाई शुरुदेखि नै असंवैधानिक भन्दै निरन्तर विरोध गर्दै आएको एकीकृत माओवादीले यस वर्ष पनि पटक-पटक सदनको काम कारबाही ठप्प पाऱ्यो। सदन अवरुद्ध हुँदा जनताका सवाल र सार्वजनिक महत्वका विषयले सदनमा प्रवेश पाएनन्। अवरोधकै कारण बजेट समयमा जारी हुन नसक्दा विकासका कामहरू मात्र रोकिएनन् राष्ट्रसेवक कर्मचारीहरूले समयमा तलब पाउनबाट समेत वञ्चित हुनुपऱ्यो। देशको आर्थिक अवस्था थप धराशायी भयो। सदनमा बजेट प्रस्तुत गर्न जाँदै गरेका अर्थमन्त्री सुरेन्द्र पाण्डेमाथि भएको भौतिक आक्रमणबाट कानुनी राज्यको उपहास त भयो नै, स्वयम् संसद्को गरिमा पनि धुमिल भयो।

संविधानसभा तथा व्यवस्थापिका संसद्मा ३८ प्रतिशत जनमतको प्रतिनिधित्व गर्दै सबैभन्दा ठूलो दलको मान्यता पाएको एकीकृत माओवादीले सदनमा जनताका सवालहरूलाई भन्दा पनि आफ्नो नेतृत्वमा सरकार बन्नुपर्ने मुद्दालाई प्राथमिकतामा राख्यो। प्रधानमन्त्री नेपालको राजीनामा नै देशका सब समस्याको निकास हो भन्ने तर्कसहित सदन र सडकमा आन्दोलन गर्दै आएको प्रमुख विपक्षी दल एकीकृत माओवादीले प्रधानमन्त्री नेपालले राजीनामा दिएको छ महिना बित्दा पनि नयाँ सरकार निर्माणका लागि सहमति जुटाउन सकेन। उसले बहुमतको आधारमा निर्वाचन प्रक्रियाबाट आफ्नो नेतृत्वमा सरकार गठन गर्न पनि सकेन । फलत: लामो समयसम्म कामचलाउ सरकारले देश चलाउनुपर्ने बाध्यता आइपर्दा जवाफदेही सरकारको अभावमा व्यवस्थापिका संसद्का संसदीय समितिहरू कामविहीन भए। राष्ट्रिय महत्वका निर्णयहरू हुन सकेनन्, भएका अधिकाङ्श निर्णयहरू प्रभावोत्पादक भएनन्।

शान्तिप्रक्रियामा संसद्को क्रियाशीलता उत्पादनशील देखिएन। विस्तृत शान्ति सम्झौता सम्पन्न भएको पाँचौ वर्ष प्रवेश भइसक्दा पनि व्यवस्थापिका संसद्ले सम्झौतामा उल्लेख भएबमोजिमका सत्य निरूपण तथा मेलमिलाप आयोग, बेपत्ता छानबिन आयोग, राज्य पुन:संरचना आयोग जस्ता सङ्क्रमणकालीन न्याय र शान्ति प्रक्रियाका लागि अतिआवश्यकीय संयन्त्रहरू निर्माण/गठन गर्न सार्थक भूमिका निर्वाह गर्न सकेन ।

संसदीय समितिहरूको सक्रियता सह्रानीय रहे तापनि अधिकांश सिफारिस/निर्देशनहरू कार्यान्वयन भएको जानकारी जनतामाझ आएन। प्रधानमन्त्रीको एकल उम्मेदवारको अन्त्यहीन निर्वाचन श्रृङ्खलाको वैकल्पिक मार्ग तय गर्न नसकेको भन्दै संविधानसभाका अध्यक्ष तथा व्यवस्थापिका संसद्का सभामुख सुवासचन्द्र नेम्वाङ आलोचित भए। कतिपय संसद्का व्यक्तिगत आचरण सार्वजनिक ओलचनाका विषय बन्यो। कुनै न कुनै रूपमा सबै दलले व्यवस्थापिकालाई अनिर्णयको बन्दी बनाए। समग्रमा यस वर्ष व्यवस्थापिका संसद्मा भएका निम्नलिखित गतिविधि र काम कारबाहीहरूले महत्व र चर्चा पाए।

१. संसद्को म्याद थप

अन्तरिम संविधान २०६३ अनुसार ०६७ जेठ १४ गतेसम्मको मात्र वैधानिक जीवन पाएको संविधानसभा तथा व्यवस्थापिका संसद्को म्याद पुन: एक वर्षका लागि थप भयो। व्यवस्थापिका संसद्ले संविधानसभाको कार्यकाल पहिलो बैठक बसेको तीन वर्ष हुने गरी अन्तरिम संविधानको धारा ६४ संशोधन गरी ०६८ जेठ १४ गतेसम्म म्याद थप गऱ्यो। यसअघि निर्धारित समयसीमा ०६७ जेठ १४ गतेभित्र संविधानसभाले नयाँ संविधान निर्माण गर्न नसकेपछि संविधानसभाको म्याद थप गर्नुपर्ने अवस्था सिर्जना भएको थियो। व्यवस्थापिका संसद्को सबैभन्दा ठूलो दल तथा प्रमुख प्रतिपक्षी एकीकृत माओवादीले प्रधानमन्त्री माधवकुमार नेपालले राजीनामा नदिएसम्म म्याद थप नगर्ने अडान राख्दै आएकाले संविधानसभाको भविष्य नै अन्योलपूर्ण बनेको थियो। एकीकृत माओवादी, नेपाली काङ्ग्रेस र नेकपा एमालेबीच ०६७ जेठ १४ गते मध्यरातमा भएको तीनबुँदे सहमतिपछि मात्र संविधानसभाको म्याद थप हुनसक्यो।

संविधान संशोधन प्रस्ताव पारित गर्न शुक्रबार बिहान ८ बजेका लागि बोलाइएको बैठक मध्यरात पौने १२ बजेमात्र बस्यो। संविधानसभामा भएको मतदानमा विधेयकको पक्षमा अर्थात समयावधि थप्नेमा ५ सय ८० र विपक्षमा पाँच मत परेको थियो। राप्रपा

नेपाल र अर्का एक सभासद्को मत विपक्षमा परेको थियो। ६ सय १ सदस्यीय संविधानसभामा कायम ५ सय ९९ मध्ये ५ सय ८५ जनाको उपस्थिति रहेको थियो।[१]

दलहरूबीच सहमति भएपछि एकीकृत माओवादीका तर्फबाट दर्ता गराइएको विरोधको सूचनालाई एकीकृत माओवादी नेता देव गुरुङले फिर्ता लिए। त्यस्तै नेपाल सद्भावना पार्टी (आनन्ददेवी) की सभासद् सरीता गिरीले पनि आफूले दर्ता गराएको विरोधको सूचना फिर्ता लिइन्। विधेयकमाथिका छलफलमा राप्रपा नेपालका चन्द्रबहादुर गुरुङले मात्र बोलेका थिए।

मुलुकलाई संवैधानिक सङ्कटबाट जोगाउनका लागि संविधानसभा तथा व्यवस्थापिका संसद्को म्याद थप गर्नुको विकल्प थिएन। निर्धारित समयमा संविधान जारी हुन नसक्ने अवस्था अकस्मात सृजना भएको होइन। मस्यौदामा आएका विवादका सूचिहरू, संविधानसभाको सुस्त कार्यशैली, दलहरूबीचको ध्रुवीकरण, अस्थिर सरकारलगायतका विभिन्न कारणहरू हेर्दा समयमा संविधान जारी हुन नसक्ने/नबन्ने निश्चित थियो। तर दलहरूले समयमा नै म्याद थप गर्दा पहल गरेनन्। जेठ १४ को मध्यरातमा तीन दलीय सहमति भएपछि भएको एकवर्से म्याद थप बाध्यात्मक परिस्थितिको उपजमात्र थिएन दलहरूको अर्घेलोपन पनि थियो। म्याद थप्नुपर्ने बाध्यात्मक अवस्थाको बारेमा धेरै पहिले जानकारी हुँदाहुँदै अन्तिम समयसम्म संविधान जारी हुन्छ भनेर झुट बोल्नु र अन्तिम घण्टामा संविधानसभाको म्याद थपिनु नैतिक त्रुटि थियो। जवाफदेहीतालाई लोकतन्त्रको मेरुदण्ड स्वीकार्ने हो भने भविष्यमा यस्ता त्रुटि नदोहऱ्याउन दलहरू सजग हुनु पर्छ।

२. परिणामविहीन प्रधानमन्त्री निर्वाचन

प्रमुख प्रतिपक्ष एकीकृत माओवादीको निरन्तर विरोध र आफ्नै पार्टी भित्रको समेत अन्तरविरोधपछि प्रधानमन्त्री माधवकुमार नेपालले बहुमतको समर्थन जारी रहकै बखत राष्ट्रिय सहमतिका लागि भन्दै ०६७ असार १६ गते पदबाट राजीनामा दिए। उनको राजीनामापछि पनि सहमतिको सरकार यो वर्षको अन्त्यसम्म पनि बन्न सकेन। प्रधानमन्त्रीको राजीनामापछि राष्ट्रपतिले व्यवस्थापिका संसद्मा रहेका दलहरूलाई अन्तरिम संविधान २०६३ को धारा ३८ को उपधारा (१) बमोजिम सहमतीय सरकार निर्माणका लागि सात दिनभित्र सहमति कायम गरी सरकार निर्माण गर्न दलहरूलाई आह्वान गरे। तोकिएको समयमा सहमति कायम हुन नसकेपछि दलहरूको अनुरोधमा राष्ट्रपतिले पुन सहमतिका लागि पाँच दिन थप गरे। थपिएको समयमा पनि सरकार निर्माणको विषयमा दलहरूबीच सहमति हुन सकेन। फलत : प्रधानमन्त्री चयनका लागि अन्तरिम संविधानको धारा ३८ को उपधारा (२) एवं संविधानसभा -व्यवस्थापिका-संसद्को कार्यसञ्चालन) नियमावली, २०६५ को नियम ७ को उपनियम (२) बमोजिम प्रधानमन्त्री चयनको बहुमतीय निर्वाचन विधि अपनाइयो।

प्रधानमन्त्रीको पहिलो निर्वाचनमा तीन ठूला दलका उम्मेदवारहरू प्रधानमन्त्रीको दाबीसहित प्रतिस्पर्धामा उत्रिए। एकीकृत माओवादीका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', नेपाली काङ्ग्रेस संसदीय दलका नेता रामचन्द्र पौडेल र एमालेका अध्यक्ष झलनाथ खनाल प्रधानमन्त्री पदका उम्मेदवार थिए। प्रतिस्पर्धीमध्ये नेकपा एमालेले दुईतिहाई अर्थात ४ सय १ मतको विवरण व्यवस्थापिका-संसद्को वैठकमा प्रस्तुत गर्न नसकेमा प्रस्ताव फिर्ता लिने पार्टीको निर्णय बमोजिम उक्त सङ्ख्या पुऱ्याउन नसकेपछि निर्वाचन प्रक्रियामा सहभागी नै नभई पहिलो निर्वाचनबाटै उम्मेदवारी फिर्ताको घोषणा गऱ्यो र मतदानमा समेत तटस्थ बस्यो। मधेसी दलहरूले समेत तटस्थ बस्ने निर्णय गरेपछि परिणामबिहीन बन्दै आएको प्रधानमन्त्री निर्वाचनको सातौँ चरणसम्म पराजय भोगेपछि एकीकृत माओवादीले पनि उम्मेदवारी फिर्ताको घोषणा गऱ्यो। अन्तत : प्रधानमन्त्रीका लागि नेपाली काङ्ग्रेसका एक्ला उम्मेदवार रामचन्द्र पौडेल बाँकी रहे। एक्ला प्रतिस्पर्धी पौडेलले उम्मेदवारी फिर्ता नलिएपछि सोह्र पटकसम्म उनी प्रधानमन्त्रीको एक्ला उम्मेदवारको रूपमा चुनावी प्रक्रियामा सहभागी भए तर बहुमत प्राप्त गर्न सकेनन्।

निर्वाचन अगावै परिणाम थाहा हुने नतिजाहीन चुनाव १६ औँ पटकसम्म जारी रहँदा संसद्को गरिमा खस्कियो। नेपाली काङ्ग्रेसकै संसद्हरू समेत पछिल्ला मतदान प्रक्रियाहरूमा अनुपस्थित हुन थाले। *(हे. प्रधानमन्त्री निर्वाचन परिणाम तालिका)* संसदीय व्यवस्थामा कम विश्वास गर्नेहरूलाई संसद्को आलोचना गर्ने मुद्दा फेला पऱ्यो। प्रधानमन्त्रीलाई पदबाट राजीनामा दिन बाध्य बनाउने र राजीनामापछि दुई घण्टाभित्रमा सहमति हुन्छ भन्दै आएको व्यवस्थापिकामा रहेको सबैभन्दा ठूलो पार्टी एकीकृत

१. व्यवस्थापिका संसद् सचिवालय

माओवादी नयाँ सरकार बनाउन सक्षम भएन। सर्वोच्च अदालतले समेत प्रधानमन्त्री निर्वाचनलाई छिटो टुङ्गो लगाउन संसद् र सभामुखको ध्यानाकर्षण गराउँदै समस्याको समाधान संसद्बाट नै खोज्न सुझाव दियो। तर छ महिना बित्दा पनि व्यवस्थापिका संसद्ले नयाँ प्रधानमन्त्री चयन गर्न सकेन। निकास नदिने नियमावलीको आडमा पटक-पटक चुनावमात्र गराइरहँदा सभामुख नेम्वाङ आलोचित भए। प्रधानमन्त्री चयन हुन नसक्नुलाई संसद् र सभामुख दुवैको विफलताको रूपमा विश्लेषण गरियो। दलीय दम्भमा अडिग रहेर सबै दलले संसद्लाई अनिर्णयको बन्दी बनाए। असफल निर्वाचनको साक्षीमात्र बसिरहनु सभामुखको दायित्व पक्कै थिएन। संसद्का अपठ्यारा फुकाउन नसक्दा सभामुखको दायित्वमाथि प्रश्न खडा हुनु अस्वभाविक थिएन। छ महिनाभन्दा बढी समयसम्म देशलाई वैधानिक सरकार दिन नसक्दा संसद् जनप्रिय हुन सकेन। देश यति लामो समयसम्म कार्यकारी सरकारविहीन अवस्थामा रहेको यो नै पहिलो थियो।

बजेट भाषण गर्न गएका अर्थमन्त्री सुरेन्द्र पाण्डेमाथि भौतिक आक्रमण भएपछि सरकारले मङ्सिर ३ गते राति चालु संसद् अधिवेशन अन्त्य गऱ्यो। प्रधानमन्त्रीको सत्रौँ चुनाव मङ्सिर १६ गते तोकेकोमा संसद् अधिवेशनको अन्त्यसँगै चुनाव पनि स्थगन भयो। निर्वाचन प्रक्रिया चालु रहेकै अवस्थामा संसदीय अधिवेशन अन्त्य गरिँदा थप संवैधानिक अन्यौल थपियो। अधिवेशनको अन्त्यसँगै प्रधानमन्त्री निर्वाचनको नयाँ शृङ्खला सुरु हुने कि पौडेलको उम्मेदवारी जारी रहने भन्ने विषयमा कानुनी जटिलता सुरु भयो।[२] एकीकृत माओवादीले आफूहरूको सहमति बिना नै अधिवेशन अन्त्य गरेकोमा गम्भीर आपत्ति प्रकट गऱ्यो। एकीकृत माओवादी र नेपाली काङ्ग्रेसले समेत तुरुन्त अधिवेशन डाक्न अनुरोध गऱ्यो। एकीकृत माओवादीले सार्वजनिक माफ मागी भविष्यमा यस्तो गल्ती नदोहऱ्याउने प्रतिबद्धता नजनाएसम्म अधिवेशन डाक्नुको तुक नभएको एमालेको तर्क थियो।

एकीकृत माओवादीसहित नेकपा एकीकृत, नेकपा माले-समाजवादी, नेपाली जनता दल, नेपा राष्ट्रिय पार्टी, र सरीता गिरी नेतृत्वको नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) ले मङ्सिर २६ गते विशेष अधिवेशनका लागि राष्ट्रपतिसमक्ष समावेदन गरे। राष्ट्रपतिले पुस ४ गते एक बजे बस्ने गरी संसद्को विशेष अधिवेशन आह्वान गरे। समावेदनमा अन्तरिम संविधानको धारा ५१ (३) बमोजिम संसद् अधिवेशन बोलाउन माग गरिएको थियो। विशेष अधिवेशन प्रस्ताव फिर्ता लिने सर्तमा सरकारले पुस २५ गते नियमित अधिवेशन बोलाउनेमा दलहरू सहमत भए र एकीकृत माओवादीले विशेष अधिवेशन प्रस्ताव फिर्ता लियो। व्यवस्थापिका संसद्को नियमावलीमा यससम्बन्धमा प्रष्ट व्यवस्था नगरिएकाले सहमतिका आधारमा निर्णय गर्नुपर्ने सभामुख नेम्वाङ्गको तर्क थियो। अधिवेशन अन्त्य भएपछि प्रधानमन्त्री निर्वाचनसम्बन्धी प्रस्तावको हैसियतबारे नियमावलीमा केही लेखिएको छैन। यस वर्षको अन्त्यसम्म व्यवस्थापिका संसद्ले नयाँ प्रधानमन्त्री चयन गर्नुपर्ने आफ्नो दायित्व पूरा गर्न सकेन।

३. बजेट रोक्न बलको प्रयोग

कामचलाउ सरकारले बजेट ल्याउने वा नल्याउने भन्ने विवादले चर्को रूप लिइरहेको अवस्थामा नियमित भन्दा चार महिनापछि अर्थमन्त्री सुरेन्द्र पाण्डेले बजेट सार्वजनिक गर्ने कार्यक्रम तय भयो। प्रधानमन्त्रीले राजीनामा दिएको पाँच महिना हुनलाग्दा पनि नयाँ सरकार गठन हुन नसकेको अवस्थामा एकीकृत माओवादी समेतको सहमतिमा संसद्मा बजेट प्रस्तुत गर्ने निर्णय भएको थियो। अन्तरिम संविधानलाई संशोधन गर्ने तयारी पनि एकीकृत माओवादीसहितको सहमतिमा नै गरिएको थियो। अन्तिम समयमा माओवादीले अडान फेरेपछि सरकारले राष्ट्रपतिबाट बाधा अडकाउ फुकाएर नियमित धारावाट बजेट पेश गर्ने निर्णय गऱ्यो। बजेट ल्याउने क्रममा सरकारले राष्ट्रपतिसमक्ष संविधान संशोधनका लागि निवेदन गरेको थियो। सरकारको निर्णय विरुद्ध एकीकृत माओवादी सभासद्हरू विरोधका लागि तयार भएको सार्वजनिक भए पनि लडाकु शैलीकै आक्रमणको अनुमान सम्भवत: सरकारले गरेको थिएन।[३]

तर एकीकृत माओवादीका सभासद्हरूले बजेट प्रस्तुत गर्न सदनमा जाँदै गरेका अर्थमन्त्री सुरेन्द्र पाण्डेमाथि सदनभित्रै आक्रमण गरी उनको हातमा रहेको ब्रिफकेस फुटालेर बजेटका गोप्य कागजातहरू कब्जामा लिइ च्यातें। एकीकृत माओवादी सभासद्हरूको बल प्रयोगपछि लडेका मन्त्री पाण्डेलाई जोगाउन गएका उर्जामन्त्री प्रकाशशरण महतमाथि समेत हातपात भयो।

---

२. 'पौडेलको उम्मेदवारी हैसियत अन्यौलमा'। नागरिक। ०६७ मङ्सिर ५ पृ : १

३. 'निन्दनीय अभद्रता'। नागरिक सम्पादकीय। ०६७ मङ्सीर ५ पृ. ६

हातपातमा एकीकृत माओवादी सभासद्हरू लेखराज भट्ट, चन्द्रबहादुर थापा, रामकाजी महर्जन, सूर्यमान दोङलगायतका सभासद्हरू संलग्न रहेको सार्वजनकि भयो । सँधै पछिल्लो सिटमा बस्ने गरेका सभासद्हरू त्यस दिन कृष्णबहादुर महरासहितका नेताहरूलाई पछाडि पठाएर अगाडि बस्नुले घटना पूर्वनियोजित भएको अनुमान गर्न गाह्रो थिएन। घटना भईरहँदा सभामुख, सदनका मर्यादापालक, अन्य दलका सभासद् र मन्त्रीहरू निरिह भएका थिए।[४] घटनामा संविधानसभा भवनका नौओटा 'डेलिगेट्स माइक' र चारओटा टेबल क्षति भएको र दुईओटा स्ट्याण्ड माइक हराएको संसद् सचिवालयले जानकारी गरायो।[५] एकीकृत माओवादीले बजेटको भन्दा पनि बजेट ल्याउन लागेको प्रक्रियाको विरोधमा आक्रमण गरेको थियो। विरोधपछि सरकारले पूरानै तरिकाबाट बजेट ल्याउने तयारी गऱ्यो र यसमा विवाद सृजना भयो। घटनाको पछि सरकारले संसद् अधिवेशनको अन्त्य गरी अध्यादेशबाट बजेट घोषणा गऱ्यो।

आक्रमणमा फुटालिएको 'ब्रिफकेस' लाई सरकारले राष्ट्रिय सङ्ग्राहलयमा राख्ने निर्णय गऱ्यो। लोकतन्त्रमाथि कै प्रहारको रूपमा लिइएको सो घटनाको चौतर्फ भर्त्सना भयो। एकीकृत माओवादी इतरका सबै दल, सरकार र सभामुखले घटनाको निन्दा गरे। राष्ट्रपति रामवरण यादवले घटनाप्रति दु:ख व्यक्त गरे। तर घटनाका विषयमा एकीकृत माओवादीले सामान्य दु:ख समेत प्रकट गरेन। विदेशका संसद्मा समेत योभन्दा भयङ्कर मुठभेट हुने नजिर प्रस्तुत गर्दै एकीकृत माओवादीले घुमाउरो भाषामा आक्रमणको औचित्व प्रमाणित गर्ने प्रयत्न गऱ्यो। एकीकृत माओवादीका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले असहमतिबीच बजेट आएकाले माओवादीले प्रतिपक्षीको भूमिका निर्वाह गरेको[६] प्रतिक्रिया दिए। घटनाको भोलिपल्ट एकीकृत माओवादीले घटनाबारे पार्टीको आधिकारिक जानकारी सार्वजनिक गर्न संसदीय दलमा आयोजित पत्रकार सम्मेलनमा एकीकृत माओवादी संसदीय दलका उपनेता नारायणकाजी श्रेष्ठ 'प्रकाश'ले अर्थमन्त्रीलाई रोक्न खोज्दा सामान्य धकेलाधकेल भएको बताए। 'अर्थमन्त्रीले विपक्षीको सहमतिबिना जबर्जस्ती बजेट पेस गर्न खोजपछि सामान्य धकेलाधकेल भएको हो।' यता सदनभित्रै मन्त्रीमाथि भौतिक आक्रमण गर्नेहरूलाई सभामुखले कुनै कारबाही नगरेका कारण सभाध्यक्ष निरीह देखिए। घटनाका सम्बन्धमा अध्ययन गरी प्रतिवेदन बुझाउन संविधानसभा अध्यक्ष सुवासाचन्द्र नेम्वाङ्ले मङ्सिर ४ गते संसद् सचिवालयका पदाधिकारीहरूलाई जिम्मेवारी दिए। संसद् सचिवालयका पदाधिकारीहरूले सो घटनाको बारेमा अध्ययन गरी संविधानसभा अध्यक्षलाई प्रतिवेदन बुझाई सकिएको तर प्रतिवेदनका कुराहरू बाहिर ल्याउन नसकिने अध्यक्ष नेम्वाङ्का कार्यालय सचिव सुर्दशन कुइकेलले इन्सेकसँगको कुराकानीमा बताए।

४. सक्रिय संसदीय समिति

विभिन्न क्षेत्रमा भएका अनियमितता र जनगुनासाका बारेमा संसदीय समितिहरू यस वर्ष सक्रिय रहे। व्यवस्थापिका संसद्को प्राकृतिक स्रोत साधन समितिले देशभरि नै बन फडानी तीव्र भएको भन्दै रुख कटानमा रोक लगाउन आग्रह गऱ्यो। त्यस्तै तराईका जिल्लाहरूबाट भारत निकासा भइरहेको ढुङ्गा गिट्टी ढुवानी रोक्न भन्यो। वन फडानीको विषयलाई लिएर प्राकृतिक स्रोतसोधन समितिले चैत १२, जेठ ६ र १७ र असार १ मा वनमन्त्री दीपक बोहरासँग सोधपुछ गर्नुका साथै निर्देशन दियो। समितिको चैत ३१ को बैठकले दुर्लभ वन्यजन्तुको आखेटोपहर जलाउने वनमन्त्रालयको प्रस्तावमा मन्त्रीको खराब नियत गाँसिएको भनेर रोक नै लगायो। मन्त्री बोहराले समितिसमक्ष दिएका अभिव्यक्ति गैरजिम्मेवार ठहर गऱ्यो। जेठ ६ को समितिको बैठकमा मन्त्री बोहराले हावाहुरीले सर्लाही र बारा जिल्लामा ६ हजार ५ सय रुख ढलेको र १५ ओटा छाप्रा उडाएको विवरण दिँदा सभासद्हरूले त्यति धेरै रुख ढल्ने हुरीले १५ ओटा छाप्रा मात्र कसरी उडायो भन्ने कुरा उठाए। समितिले वन तथा राष्ट्रिय निकुञ्ज विभागका कर्मचारीलाई निजामतिबाट छुटाएर सेना, प्रहरीजस्तै अलग्गै सेवा बनाउन सरकारलाई निर्देशन दियो। सहायक वनअधिकृत, रेञ्जर, फरेस्टर र वनपालेहरू विभिन्न पार्टी निकट भातृसङ्गठनमा आबद्ध रहेकाले 'दण्डहीनता अन्त्य गर्न' विशेष सेवा आवश्यक रहेको समितिको निष्कर्ष थियो।[७] समितिले अन्य निजामती कर्मचारीसरह वन कर्मचारीलाई सङ्गठन खोल्ने अधिकार दिन नहुने ठहर गऱ्यो।

---

४. 'माओवादीले च्यातेपछि अध्यादेशबाट बजेट'। *कान्तिपुर*। ०६७ मङ्सीर ४ : पृ. १

५. 'सभामुखद्वारा कारबाही उपायबारे छलफल सुरु'। *नागरिक*। ०६७ मङ्सीर ५: पृ.२

६. 'प्रतिपक्षीको भूमिका खेल्यौ -:दाहाल'। *कान्तिपुर*। ०६७ मङ्सीर ५::पृ.३,

७. भण्डारी, किरण। 'बन सेवा बनाउन सरकारलाई निर्देशन'। *नागरिक*। ०६७ भदौ ५ पृ. १

डाबर नेपालको उत्पादन गुणस्तरीयतावारे सञ्चारमाध्यममा आएका समाचारप्रति भारतीय दूतावासको प्रतिक्रियालाई संसद्को अन्तराष्ट्रिय र मानवअधिकार समितिले सञ्चार स्वतन्त्रतामाथि ठाडो हस्तक्षेप भएको ठहरसहित दूतावासलाई तत्काल कारबाही गर्न सरकारलाई निर्देशन दियो। दूतावासद्वारा स्वतन्त्र सञ्चारमाथि हस्तक्षेप गरी आएको प्रतिक्रियाबारे स्पष्टीकरण लिन र कारबाही प्रक्रिया अगाडि बढाउन सरकार एक मिनेट पनि चुप लागेर बस्न नहुने समितिको निष्कर्ष थियो। डाबर नेपाल नामक बहुराष्ट्रिय कम्पनीका गुणस्तरहीन उत्पादबारे नेपाली सञ्चारमाध्यमले समाचार सम्प्रेषण गरेपछि भारतीय दूतावासले त्यसको खण्डन गर्दै नेपाली प्रेसले विज्ञापन नपाएकाले ती कम्पनीविरुद्ध नकारात्मक प्रचारप्रसार गरेको आरोप लगाएको थियो।[८] नेपालस्थित डाबर नेपाल नामक कम्पनीद्वारा उत्पादित 'रियल जुस' मा अखाद्य बस्तु भेटिएको र जुस गुणस्तरहीन भएको भन्ने तस्बिरसहितका समाचार नेपाली सञ्चारमाध्यमहरूबाट सम्प्रेषण भएपछि भारतीय दूतावासको प्रतिक्रिया सार्वजनिक भएको थियो।

संसद्को महिला तथा बालबालिका समितिले बर्दिया राष्ट्रिय निकुञ्ज परिसरको बासपानी जङ्गलमा एक बालिका र दुई महिलाको हत्या गरिएको घटनामा निकुञ्जको ज्वालादल गणबाट खटिएको नेपाली सेनाका लेफ्टिनेन्ट सुबोध कुँवरलगायत १७ जनालाई कारबाही गर्न सरकारलाई निर्देशन दियो। लेफ्टिनेन्ट कुँवरको नेतृत्वमा खटिएको निकुञ्जका गेमस्काउटसहित १७ जनाको टोलीले अत्याधिक बल प्रयोग गरी काउलोको बोक्रा टिप्न गएका एकै घरका तीन महिलाको हत्या गरेको समितिको ठहर थियो। फागुन २६ गते बर्दियाको बासपानीमा सेनाको गोली लागी एकै परिवारका तीन दलित महिलाको ज्यान गएको घटनाका सम्बन्धमा संसद्को महिला तथा संसदीय समितिका अलावा राष्ट्रिय महिला आयोग, राष्ट्रिय मानवअधिकार आयोग, अनौपचारिक क्षेत्र सेवा केन्द्र(इन्सेक) लगायतका सङ्घसंस्थाका प्रतिवेदनमा पनि सेनालाई दोषी ठहऱ्याई कारबाहीका लागि सरकारको ध्यानाकर्षण गराएको थियो। संसद्को महिला बालबालिका समितिले १० दिनसम्म गरेको घटनास्थलको अध्ययनपछि मृतकहरू चोरी शिकारी नभइ गरिबीको मारबाट बच्न वनमा काउलोको बोक्रा सङ्कलन गर्न गएको उल्लेख छ, जुनकुरा त्यसअघि नै सर्वप्रथम इन्सेकले आफ्नो स्थलगत अध्ययन प्रतिवेदनमार्फत सार्वजनिक गरिसकेको थियो।[९]

त्यस्तै समितिले बाँसपानी घटनाका सम्बन्धमा दोषीलाई नागरिक अदालतमा ल्याई तत्काल कारबाही गर्न र पीडितलाई राहत दिन सरकारलाई निर्देशन गऱ्यो। घटनालगत्तै चैत ४ गते बसेको मन्त्रिपरिषदको बैठकले पीडितहरूका किरिया खर्चका लागि जनही २५ हजार रुपियाँ दिने निर्णय गरेको थियो। घटनाको स्वतन्त्र छानबिनका लागि सरकारले सहन्यायाधिवक्ता सरोजप्रसाद गौतमको संयोजकत्वमा वन र रक्षा मन्त्रालयका प्रतिनिधिलगायतको तीन सदस्यीय छानबिन समिति समेत गठन गरेको थियो। समितिको प्रतिवेदन सरकारले सार्वजनिक नै गरेन। सेनाले घटनामा आफू निर्दोष भएको दाबी गऱ्यो। रक्षामन्त्री विद्या भण्डारीले पनि सेना निर्दोष रहेको दाबी गरिन्। सेनाले घटनालाई दोहोरो भिडन्तमा शिकारीहरू मारिएको बताउँदै आएको थियो।

सार्वजनिक लेखा समितिले असार ८ गते उपप्रधान तथा भौतिक योजना मन्त्री विजयकुमार गच्छदारसँग प्रभावशाली व्यक्तिहरूले एउटा शीर्षकको बजेट अर्को शीर्षकमा सारेर आफ्नो क्षेत्रमा योजना लगेको सम्बन्धमा स्पष्टीकरण माग गऱ्यो। मन्त्रालयले सडक विभाग र सहरी विकास तथा भवननिर्माण विभाग अन्तर्गतका संसद्बाट स्वीकृत कार्यक्रम विपरीत रकामान्तर र स्रोतान्तर गरी प्रभावशाली नेता, मन्त्री तथा कार्यकर्तालाई बजेट बाँडेको सम्बन्धमा समतिले उपप्रधानमन्त्री गच्छादारसहित राज्यमन्त्री सञ्जय शाह र सहायकमन्त्री कलावती पासवानसँग स्पष्टीकरण लिएको थियो। आर्थिक वर्ष सकिन एक महिना पनि बाँकी नहुँदा मन्त्रालयले सडक विभागबाट करिब २ अर्ब र भवन विभागबाट २१ करोड रुपियाँ विभिन्न योजना तथा कार्यक्रमबाट थपघट (रकामान्तर/स्रोतान्तर) गरेको थियो। आर्थिक वर्षको अन्त्यमा भएको निकासाले काम नहुने र रकम हिनामिना हुने भन्दै समितिले असार २ गते नै उपप्रधानमन्त्री गच्छादारलाई स्पष्टीकरण दिन निर्देशन दिएको थियो। गच्छादारले आफू उपस्थित नभई राज्यमन्त्री र सहायकमन्त्रीलाई पठाएका थिए। असार

८. http: //www.ekantipur.com.np/2067/5/15/full-news/317096।

९. *www.inseconline.org.np,* ०६६ चैत ४ / घिमिरे, कल्पना। 'दोषीलाई कारबाही गर्न निर्देशन'। कान्तिपुर।

८ गते गच्छादारले आफू विरामी परेको कारणले उपस्थित हुन नसकेकोमा क्षमायाचना गरे।[10]

त्यस्तै समितिले आर्थिक वर्षको अन्त्यमा विकास निर्माणका नाममा भएको बजेट निकासाबारे एक साताभित्र विवरण बुझाउन अर्थ मन्त्रालयलाई निर्देशन दियो। समितिको असार १४ गते बसेको बैठकले संविधानसभा चुनावपछि अर्थमन्त्री बनेकाहरूले विनियोजित बजेटबाहेक सिधै जिल्ला विकास समितिमा पठाएको बजेटको विवरण एक साताभित्र समितिलाई बुझाउन निर्देशन दिएको थियो। मन्त्रालयले बुझाएको विवरणमा चित्त नबुझेमा तीन जनालाई बैठकमा बोलाएर जानकारी माग गर्ने समेत समितिले निर्णय गऱ्यो।[11]

अन्तर्राष्ट्रिय सम्बन्ध तथा मानवअधिकार समितिले भारतसँगको सन् १९५० को सन्धि खारेज गरेर नयाँ सन्धि गर्न सिफारिस गऱ्यो। समितिले झापादेखि कञ्चनपुरसम्मको विवादस्पद सीमा क्षेत्रको स्थलगत अवलोकनपछि तयार पारी चैत ३ गते सभामुख सुवासचन्द्र नेम्वाङलाई बुझाएको प्रतिवेदनमा सबै विवादस्पद स्थानमा भारतले सीमा मिचेको उल्लेख गरिएको थियो।

प्रतिवेदनमा सीमा क्षेत्रको दशगजा कायम र व्यवस्थित गर्नुपर्ने, पूरानो नक्सासँग नयाँ नक्सा मिलान गरी विवादित खम्बाहरूको दर्जा तोकिनु पर्ने लगायतका सिफारिस छन्। सुस्ता र कालापानीमा नयाँ नक्साङ्कन गर्नुपर्ने आवश्यकता औल्याँउदै समितिले मैत्रीपूर्ण सम्बन्धका लागि असमान सन्धिहरू खारेज गरी नयाँ सन्धि गर्ने सिफारिस समेत गऱ्यो। समितिले सबैभन्दा बढी समस्या सुस्ता र टनकपुरमा रहेको बतायो। सुस्ता क्षेत्रको ४० हजार ९ सय ८० नेपाली भूभागमध्ये १४ हजार हेक्टर भारतले अतिक्रमण गरिसकेको प्रतिवेदनमा उल्लेख छ। सुस्ता गाविसको वडा १ देखि ९ सम्मको भूभाग अतिक्रमण गरिएको बतायो। त्यसैगरी त्यस क्षेत्रको ३७ हजार जनसङ्ख्यामध्ये ६० प्रतिशतले अझै नागरिकता नपाएको समितिले प्रतिवेदनमा जनाएको छ।[12]

युनाइटेड अरब इमिरेट्स (युएई) को निजी वायुसेवा कम्पनी एयर अरेबियालाई सरकारले दिएको काठमाडौँ-क्वालालम्पुर उडान अनुमति तुरुन्त रोक्न समितिले मङ्सिर २६ गते निर्देशन दियो। समितिले यो रुटमा अर्को विकल्पबारे पुनरावलोकन गर्न पनि निर्देशन दियो। त्यस्तै समितिले निगममा कायम रहेको दोहोरो कार्यकारी अधिकार अन्त्य गर्न पर्यटन मन्त्रालय र निगम व्यवस्थापनलाई निर्देशन दियो।[13]

राज्य व्यवस्था समितिले फागुन १८ गते प्रधानमन्त्री माधवकुमार नेपाललाई संविधानसभा निर्वाचनपछि विदेशबाट भित्र्याएका हतियार विवरण सात दिनभित्र बुझाउन निर्देशन दियो। शान्ति सम्झौता विपरीत हतियार भित्र्याएको भन्दै एकीकृत माओवादीले अविश्वास प्रकट गरिरहेको बेला समितिले हतियार विवरण बुझाउन निर्देशन दिएको थियो। माओवादीले यो विषय गम्भीर रूपमा उठाएपछि प्रधानमन्त्री नेपालले समितिमा स्पष्टीकरण दिए। प्रधानमन्त्री नेपालले समितिसमक्ष विदेशबाट भित्र्याइएका हतियार सेनाका लागि नभई प्रहरीलाई सशक्त बनाउन भएको बताए।[14]

त्यस्तै समितिले सुरक्षा निकायको सूचना सङ्कलन गर्ने र घटनापछि तत्काल कारबाहीमा खटिने प्रक्रियामा गम्भीर कमजोरीका कारण शान्ति सुरक्षा बिग्रिएको ठहर गर्दै फागुन ३ गते १० दिनभित्र त्यसमा सुधार गर्न निर्देशन दियो। समितिले त्यसका लागि आवश्यक कार्ययोजना तयार गरी लागू गर्न समेत निर्देश गरेको थियो। समितिले जमिम शाह हत्या प्रकरणलगायत बिग्रँदो शान्ति सुरक्षाबारे गृहमन्त्री भीम रावलसँग स्पष्टीकरण लियो। कार्ययोजना तयार गरी लागू भए नभएको जानकारी तत्काल गराउन समितिले गृहमन्त्रीको ध्यानाकर्षण गरायो।[15] समितिले इतिहासमै पहिलोपटक नेपाली सेनाको मुख्यालय जङ्गी अड्डाको भ्रमण गरेर सेनाले गर्ने काम कारबाही र वर्तमान सुरक्षा स्थितिबारे जानकारी लियो। अन्तरिम संविधानमा राजनीतिक सहमति एवम संसद्को सम्बन्धित समिति (राज्यव्यवस्था समिति) को सुझाव लिई नेपाली सेनाको लोकतान्त्रिककरणको विस्तृत कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्ने, कार्ययोजना बनाउँदा नेपाली सेनाको उपयुक्त सङ्ख्या, लोकतान्त्रिक संरचना, राष्ट्रिय र

---

१०. थापा, विकास। 'लेखाद्वारा गच्छदारसँग स्पष्टीकरण'।*कान्तिपुर*। ०६७ असार ९।

११. http://www.ekantipur.com/np/2067/3/15/full-news/313844/

१२. 'भारतले सीमा मिचिरहेको संसदीय समितिको ठहर'। कान्तिपुर। ०६७ चैत ४।

१३. 'एअर अरेबियाको अनुमति रोक्न निर्देशन'। नागरिक। ०६७ पुस २७।

१४. http://www.ekantipur.com/np/news/news-detail.php?news-id=307741

१५. खनाल, दुर्गा।, '१० दिनभित्र सुरक्षा सुधार्न निर्देशन'। *इ-कान्तिपुर*,। ०६७ फागुन ४।

समावेशी चरित्र निर्माण गरी लोकतन्त्र र मानवअधिकारको मूल्यद्वारा सेनालाई प्रशिक्षित गरिने उल्लेख छ।

सार्वजनिक लेखा समितिले आधुनिक मेसिन रिडएबल राहदानी (एमआरपी) टेण्डर प्रक्रिया रद्द गर्नका कारणका सम्बन्धमा फागुन २ गते परराष्ट्रमन्त्री सुजाता कोइराला, सचिव मदनकुमार भट्टराई, टेण्डर छनौट समितिका संयोजक तथा शिष्टाचार महापाल मोहनकृष्ण श्रेष्ठलगायतसँग स्पष्टीकरण लियो। समितिले हालसम्मका एमआरपी सम्बन्धी सबै कागजात र फाइल समेत मगायो। परराष्ट्र मन्त्रालयले एमआरपी खरिदसम्बन्धी अन्तर्राष्ट्रिय टेण्डर प्रक्रिया प्राविधिक कारण देखाउँदै गत पुस मसान्तमा रद्द गरेको थियो। स्पष्टीकरणमा समितिले २०६१ माघमा एमआरपी लागू गर्न मन्त्रिपरिषद्को निर्णयदेखि हालसम्म भएका प्रयास र विवादबारे बुझ्न परराष्ट्रमन्त्रालयबाट फाइल झिकाउने निर्णय गरेको थियो। परराष्ट्र मन्त्रालयले एमआरपी खरिद सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिस्पर्धा बीचैमा रद्द गरेर भारतबाट ल्याउन गृहकार्य गरिरहेको सन्दर्भमा स्पष्टीकरण लिँदै समितिले भारतबाहेक अन्य मित्रराष्ट्रबाट पनि एपआरपी जारी गर्नेसम्बन्धी विकल्प सोच्न पनि परराष्ट्र मन्त्रालयलाई निर्देशन दियो।[१५]

एकीकृत माओवादीका अध्यक्ष प्रचण्डद्वारा प्रधानमन्त्री निर्वाचनमा प्राप्त मत

क्र.सं.	निर्वाचन मिति	उपस्थित सांसद	पक्षमा मतदान	विपक्षमा मतदान	तटस्थ
१	०६७ साउन ५	५९२	२४२	११४	२३६
२	०६७ साउन ७	५७३	२४२	११३	२१८
३	०६७ साउन १७	५८१	२५९	११४	२०८
४	०६७ साउन २१	४६८	२१३	९९	१५६
५	०६७ भदौ ७	५६३	२४६	१११	२०६
६	०६७ भदौ २०	५०४	२४०	१०१	१६३
७	०६७ भदौ २२	५२१	२५२	११०	१५९

त्यस्तै समितिको फागुन १३ गतेको निर्देशनपछि मन्त्रिपरिषद्ले भारतबाट नयाँ पासपोर्ट ल्याउने परराष्ट्रमन्त्रीको प्रस्ताव अस्वीकृत गऱ्यो। उपप्रधान तथा परराष्ट्र मन्त्री कोइरालाले १ अप्रिलदेखि एमआरपी राहदानी जारी गर्नुपर्ने बाध्यता रहेको, त्यसका लागि जारी टेण्डर प्रक्रिया प्राविधिक कारणले गत १४ जनवरीमा रद्द गर्नुपरेको, समयको अति कमी, भौतिक पूर्वाधार तथा आवश्यक प्रमाण जुटाउन गाह्रो परिस्थिति देखिइरहेको हुँदा नियमिति टेण्डर प्रक्रियाबाट नभ्याइने उल्लेख गर्दै भारत सरकारको पूर्ण स्वामित्वमा रहेको सेक्युरिटी प्रिन्टिङ एन्ड प्रिन्टिङ कर्पोरेशन अफ इण्डिया लिमिटेड (एसपीएमकेएल) बाट ४ अमेरिकी डलरका दरले ४० लाख थान एमआरपी बुक खरिद गर्न मन्त्रिपरिषद्मा प्रस्ताव लगेकी थिइन्। मन्त्रिपरिषद्ले प्रस्तावमाथि निर्णय गर्नु अगावै समितिले प्रस्ताव रद्द गर्न निर्देशन दियो।

लेखा समितिको फागुन १२ गते बसेको बैठकले प्रधानमन्त्री, मन्त्रीहरू तथा उच्च तहका कर्मचारीहरूले चढ्ने सवारीसाधनको विवरण माग गऱ्यो। विभिन्न संस्थानका सवारीसाधनहरूको दुरूपयोग भएको भन्दै गुनासो आएपछि समितिले सात दिन भित्र प्रयोगमा रहेका सवारीसाधन तथा सुविधाको विवरण माग गरेको थियो। त्यस्तै समितिले दैनिक उपभोग्य वस्तुको अभाव सम्बन्धमा छलफल गर्न आपूर्ति मन्त्रालयका सचिव, आयल निमग तथा खाद्य संस्थानका महाप्रबन्धकलाई बोलाए पनि अनुपस्थित भएको भन्दै आपत्ति जनायो। अनुपस्थित हुनुको कारणसहित समितिले फागुन १४ गते उपस्थित हुन निर्देशन दियो।

संसद्को श्रम तथा अर्थसमितिले ट्राफिक जाम र सडक दुर्घटना नियन्त्रणका लागि चासो राख्दै समाधानका उपायबारे सरोकारवाला निकायसँग फागुन ९ गते जानकारी लियो। महानगरीय ट्राफिक महाशाखा, यातायात व्यवस्था विभाग, सडक विभाग, अर्थमन्त्रालय, भौतिक योजना तथा निर्माण मन्त्रालयका पदाधिकारीसँग समितिले जानकारी लिएको थियो।[१६]

५. विवादमा सभासद्का आचरण

यस वर्ष पनि कतिपय संसद्का आचरण सार्वजनिक आलोचनाका विषय बने। नेकपा एमालेका

१५. पाण्डे, लेखनाथ। 'सभासदले भने अरु देशबाट ल्याउ एमआरपी'। *इ-कान्तिपुर*। ०६७ फागुन २।

१६. Ekantipur.com/np/news/news-detail/ph.. (2/22/2010)

सभासद् डिबी कार्की प्रहरी निरीक्षक बनाइदिन्छु भनी एक युवकबाट १ लाख रुपियाँ घुस लिँदै गरेको आरोपमा भदौ १४ गते गिरफ्तार भए। घुस लिएको रकम सहित कार्कीलाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगको टोलीले पक्राउ गरेको थियो।[१८] उनलाई पार्टीले सभासद्बाट निलम्बन गऱ्यो। एमालेकै अर्का सभासद् गोविन्द नेपाली छोरालाई प्रहरी निरीक्षक बनाउन खुवाएको घुस खेर गएपछि असुलीको लागि धाएको विषयले विवादमा मुछिए।[१९]

नेपाली काङ्ग्रेस संसदीय दलका नेता रामचन्द्र पौडेलद्वारा प्रधानमन्त्री निर्वाचनमा प्राप्त मत

क्र.सं.	निर्वाचन मिति	उपस्थित सांसद	पक्षमा मतदान	विपक्षमा मतदान	तटस्थ
१	०६७ साउन ५	५८७	१२४	२३५	२२८
२	०६७ साउन ७	५७८	१२३	२४१	२१४
३	०६७ साउन १७	५५६	१२४	२४६	१८६
४	०६७ साउन २१	५६१	१२२	२४५	१९४
५	०६७ भदौ ७	५६७	१२४	२४३	२००
६	०६७ भदौ २०	५३६	१२२	२४२	१७२
७	०६७ भदौ २२	५१५	११९	२४५	१५१
८	०६७ असोज १०	१८९	११६	२	७१
९	०६७ असोज १४	१६८	१०५	२	६१
१०	०६७ असोज २०	१५६	१०९	१	४६
११	०६७ असोज २१	१४५	१०४	१	४०
१२	०६७ असोज २४	११९	८९	१	२९
१३	०६७ कात्तिक ९	१४४	९८	२	४४
१४	०६७ कात्तिक १२	१३८	९६	२	४०
१५	०६७ कात्तिक १५	१२९	९६	२	३१
१६	०६७ कात्तिक १८	१०१	८२	२	१७

नेपाली काङ्ग्रेसका सभासद् कल्याणी रिजाल काठमाडौँको बागबजारस्थित एक कपडा पसलले सम्मान नपुऱ्याएको आरोपमा पसलेलाई थुनाएर चर्चित भइन्। काङ्ग्रेसकै अर्का सभासद् अच्युतराज पाण्डे भदौ २२ गते काठमाडौँको भोटेबहालस्थित जुवाको खालबाट गिरफ्तार परेर चर्चामा आए।[२०] नेकपा मालेकी सभासद् शारदा नेपाली फिनेल खाएर आत्महत्याको असफल प्रयासले समाचार बनिन्।[२१] यी सबै प्रसङ्ग सार्वजनिक सञ्चारमाध्यमबाट प्रसारित भएका थिए।

एकीकृत माओवादीका सभासद् बालकृष्ण ढुङ्गेललाई हत्याको अभियोगमा भदौ २० गते सर्वोच्च अदालतले सर्वस्वसहित जन्मकैदको फैसला गऱ्यो। *(विस्तृत जानकारीका लागि हे. परिच्छेद न्यायपालिका)* संसद्मा प्रधानमन्त्रीको निर्वाचन चल्दै गर्दा सञ्चारमाध्यमहरूमा सार्वजनिक भएको एक अडियो टेपका कारण एकीकृत माओवादीका नेता तथा सभासद् कृष्णबहादुर महरा विवादित भए । संसद् किनबेचको प्रसङ्ग सार्वजनिक भइरहेको थियो। ठीक त्यसैबेला एकीकृत माओवादीका नेता सभासद् कृष्णबहादुर महराले चिनिया नागरिकसँग प्रधानमन्त्री चुनावका लागि ५० करोड रुपियाँ सहयोग मागेको "अडियो टेप" सार्वजनिक भयो। एकीकृत माओवादीका विदेश विभाग प्रमुखसमेत रहेका महराको सो अडियो 'नेपाल-१' टेलिभिजनबाट सुरु भई सबै टेलिभिजनहरूबाट प्रसारण भयो। एकीकृत माओवादीले यस विषयमा खासै विरोध जनाएन। महराले अडियोको

१८. 'घुस लिँदालिँदै सभासद समातिए'। नागरिक। ०६७ भदौ १५ पृ. १

१९. 'संसदको इज्जत जोगाउ'। नागरिक सम्पादकीय। ०६७ भदौ २४ पृ :६

२०. पूर्ववत

२१. सभासदको आत्महत्या प्रयास। नागरिक। ०६७ साउन ६ पृ. ४

बोली आफूले अरु नै प्रसङ्गमा बोलेको र आफ्नै हुनसक्ने बताए।[३२] संसदीय व्यवस्थाको विरोधमा सशस्त्र युद्ध गरेको पार्टीका नेताहरू स्वयम् सांसद् किनबेचका लागि विदेशीसँग पैसा माग्ने हदसम्म पुगेको भन्दै यस विषयले सञ्चारमाध्यम र सर्वसाधरणका बीच ठूलो चर्चा पायो। अडियो प्रकरणको विवादले संसद् र सञ्चारमा मात्र हैन एकीकृत माओवादीको पालुङटारमा सम्पन्न विस्तारित वैठकमा समेत प्रमुख मुद्दा बन्यो।[३३]'राष्ट्रिय स्वाधीनता' लाई पार्टीको मुद्दा बनाइरहेको एकीकृत माओवादीका प्रभावशाली नेता नै संसद् किन्नका लागि विदेशीसँग पैसा मागदै गरेको टेप सार्वजनिक हुँदा त्यसलाई वक्तव्यवाजी गरेर ढाकछोप गर्नुभन्दा त्यसको यथार्थ बाहिर ल्याउन एकीकृत माओवादीले सघाउनु पर्थ्यो तर यसको विपरीत सो पार्टीले सो मुद्दा संसद्मा उठाइने भएपछि सदन बहिष्कार नै गऱ्यो।[३४] टेप प्रकरणले लोकतन्त्रको छविलाई धुमिल बनाएको भन्दै नागरिक समाजका तर्फबाट सुशील प्याकुरेल, कनकमणि दीक्षित, सुबोधराज प्याकुरेल, टीकाराम भट्टराई, भीमार्जुन आचार्य, शम्भु थापा र दीपेन्द्र झा सम्मिलित टोलीले सभामुख नेम्वाङलाई भेटी घटनाको छानबिन गर्न माग गरे। घटनाको विषयमा जाचबुँझ हुनुपर्ने चौतर्फी माग रहे पनि औपचारिक रूपमा जाचबुँझका लागि समिति वा आयोग भने गठन गरिएन।

निरासाका बावजुद दलित जनजाति पार्टीका सभासद् विश्वेन्द्र पासवानले संविधानसभाको दुईवर्से कार्यकालमा भत्ताबापत बुझेको १ लाख २० हजार ७ सय रुपियाँ फिर्ता गरेर सराहनीय काम गरे। संविधान नलेखिएको अवस्थामा जनताको पसिना खान नसुहाउने दाबीसहित पासवानले रकम फर्काएका थिए। 'जनताले भत्ता खाएको भनी लगाएको आरोप सत्य हो' कारण खुलाउदै उनले भने, 'संविधान नबनेपछि भत्तालगायत जनताको पसिनाबाट आएको राजस्वमा रमाउनु ठीक होइन।' पासवानले अरु सभासद्लाई समेत दैनिक २ सय रुपियाँका दरले लिएको पैसा फिर्ता गर्न आह्वान गरे।[३५] उनले पनि संसद्को पारिश्रमिक फिर्ता गर्ने आँट भने देखाउन सकेनन्।

६. सदनमा संसद्हरूको न्यून उपस्थिति

सभासद्हरू संविधान निर्माणको कामभन्दा पनि विदेश भ्रमणतर्फ आकर्षित भएपछि संविधानसभा अध्यक्ष र दलका मुख्य सचेतकहरूलाई संविधानसभाको बैठक सञ्चालन गर्न धौ-धौ परेका समाचारहरू सार्वजनिक भए। संविधानसभा सचिवालयलाई जानकारी नै नगराई आफूखुसी सभासद्हरू विदेश भ्रमण र निर्वाचन क्षेत्रतर्फ जाने क्रम बढेपछि सभामा 'कोरम' पुऱ्याउन समेत मुश्किल भयो। संविधानसभाका अध्यक्ष सुवासचन्द्र नेम्वाङले सभासद्हरूलाई विदेश जानबाट रोक्न गरेको निर्णय लागू भएन।[३६] अध्यक्ष नेम्वाङले पटक-पटक ठूला नेताहरूलाई उपत्यका बाहिरसमेत नजान अनुरोध गर्दै संविधान निर्माणमा गम्भीर हुन आग्रह गरे। अवस्था यस्तो समेत रह्यो कि संसद्मा प्रधानमन्त्रीको निर्वाचन चलिरहँदा उम्मेदवारका पार्टीका कैयौं सभासद्हरूसमेत अनुपस्थित भए। प्रधानमन्त्रीको पहिलो निर्वाचनमा पक्षमा १ सय २४ मत प्राप्त गरेको नेपाली काङ्ग्रेसका उम्मेदवार रामचन्द्र पौडेलले निर्वाचनको १६ औं चरणसम्म पुग्दा जम्मा ८२ मत पाए। जबकी संसद्मा नेपाली काङ्ग्रेसको मात्र १ सय १४ सभासद्हरूले प्रतिनिधित्व गरिरहेका छन्।

नेपाली काङ्ग्रेसका सभासद् तथा सार्वजनिक लेखा समितिका सभापति रामकृष्ण यादव आफैं अध्यक्ष रहेको समितिद्वारा छानबिन र आशङ्काको दायरामा राखिएकी उपप्रधान तथा परराष्ट्रमन्त्री सुजाता कोइरालासँग दुई साता लामो युरोप भ्रमणमा गए। भारतबाट एमआरपी पासपोर्ट खरिद गर्ने निर्णय रद्द गरी टेण्डर प्रक्रियाबाट काम अगाडि बढाउन निर्देशन दिएको दुई दिन पनि नबित्दै उनी मन्त्री कोइरालासँगै भ्रमणमा गएका थिए । संसद्को अन्तराष्ट्रिय सम्बन्ध तथा मानवअधिकार समितिका सभापति वा सदस्यलाई लानुपर्ने भ्रमणको अन्तिम समयमा काङ्ग्रेस सभासद् अजय चौरासियाको नाम काटेर एक्कासि यादवलाई सम्मिलित गराइएको थियो। यादवको गैरजिम्मेवार कामले संसदीय समितिमध्ये सबैभन्दा मर्यादित र आकर्षक लेखा समितिको सभापति पदको पदीय मर्यादामा मात्र आच आएन समितिको विश्वसनीयता र वैधानिकतामा नै प्रश्न खडा भयो। सभापति यादवलाई

---

३२. 'सभासद किन्न पैसा मागेको स्वीकार'। नागरिक। ०६७ भदौ २८ पृ. १

३३. नागरिकन्युज डट कम। ०६७ पुस १७।

३४. 'टेप छानबिन गर'। नागरिक सम्पादकीय। ०६७ भदौ २० पृ.६

३५. 'सभासदले फर्काए दुई वर्षको भत्ता'। नागरिक। ०६७ जेठ २८

३६. ढुङ्गेल, माधव। 'सभासद विदेश घुम्न लोभिएपछि संविधानसभा खाली'। *नागरिक* । ०६७ फागुन २०।

प्रलोभनमा पारी निर्णयलाई कमजोर बनाउन भ्रमणमा लगिएको आरोप लगाउँदै समितिका सदस्यहरू नै रुष्ट भए। मन्त्री कोइरालाले एमएआरपीका सम्बन्धमा आफ्नो निर्णय विरुद्ध निर्देशन दिएपछि समितिलाई अप्रजातान्त्रिक र भ्रष्टहरूको जत्थाको सङ्ज्ञा दिदै समितिको निर्णय नमान्ने अडान दोहऱ्याएकी थिइन।[३६] समितिमाथि नै गम्भीर आरोप लगाउने मन्त्रीका साथ विवादित विषयको टुङ्गो नलाग्दै संसद् र आफ्नै संसदीय दललाई समेत जानकारी नगराई दुई साता लामो भ्रमणमा निस्कनु नैतिक त्रुटीमात्र हैन जवाफदेहिताविहीनताको नमुना थियो।

त्यस्तै एकीकृत माओवादीले आफ्ना पार्टीका सभासद्हरू सदनमै नआउने र कोही हाजिरी गरेर भागिहाल्ने प्रवृति बढेको भन्दै अनुमतिबिना सभासद्हरूलाई गैरसरकारी एवम् अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको निम्तोमा विदेश भ्रमण नगर्न असार २४ गते निर्देशन दियो। सभासद्हरू आफूखुसी स्वदेश तथा विदेशका यस्ता कार्यक्रममा सहभागी हुन थालेपछि माओवादी संसदीय बोर्डले यस्तो निर्देशन दोहऱ्याएको थियो। संविधान निर्माण र व्यवस्थापिका संसद्मा सम्पूर्ण समय लगानी गर्न समेत सभासद्लाई बोर्डले निर्देशन गरेको थियो।[३८]

७. महत्वपूर्ण विधेयक

सशस्त्र द्वन्द्वका क्रममा भएका मानवअधिकारको गम्भीर उल्लङ्घनका घटनाबारे सत्यतथ्य पत्ता लगाउन सरकारले संसद्मा 'सत्य निरूपण तथा मेलमिलाप आयोग विधेयक, २०६६' पेश गऱ्यो। फागुन ५ गते शान्तिमन्त्री रकम चेम्जोङद्वारा दर्ता गरिएको विधेयकमा मानवता विरुद्धको अपराधमा संलग्न व्यक्तिलाई कानुनको दायरामा ल्याई दण्डहीनताको अन्त्य गर्न आयोग बनाउन लागिएको उल्लेख थियो। ०५२ फागुन १ गतेदेखि एक दशकसम्म भएको सशस्त्र द्वन्द्वका क्रममा भएका मानवअधिकारका घटनाबारे सत्य अन्वेषण गरी वास्तविक तथ्य जनतासमक्ष ल्याउन सरकारले विधेयक दर्ता गराएको थियो।[३९] सो विधेयकलाई शान्ति तथा पुर्ननिर्माण राज्यमन्त्री डिल्लीबहादुर महतले ०६७ वैशाख ९ गते सदनमा प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव प्रस्तुत गर्दा उक्त प्रस्तावमाथि संविधानसभा (व्यवस्थापिका-संसद्को कार्य सञ्चालन) नियमावली, २०६५ को नियम ६० बमोजिम विरोधको सूचना प्राप्त नभएकाले उक्त विधेयक प्रस्तुत भयो। सोही दिन मन्त्री महतले 'व्यक्ति बेपत्ता पार्ने (कसुर र सजाय) विधेयक, २०६६ माथि विचार गरियोस् भनी पेश गरिएको प्रस्ताव सभामुखबाट विधेयको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने व्यहोरा जानकारी भयो। बेपत्ता विधेयकका सम्बन्धमा छलफलमा उठेका प्रश्नहरूको मन्त्री महतले जवाफ दिएपश्चात् सभामुखले सो विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो। त्यस्तै सत्य निरूपण तथा मेलमिलाप आयोग विधेयकको सम्बन्धमा वैशाख १४ को वैठकमा विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्तावलाई सभामुखले निणयार्थ पेश गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो। शान्ति तथा पुर्ननिर्माण मन्त्री रकम चेम्जोङले ०६७ वैशाख २ गते उल्लिखित दुवै विधेयकको सम्बन्धमा दफावार छलफलका लागि विधायन समितिमा पठाइयोस् भनी राख्नुभएको प्रस्तावलाई निर्णायार्थ पेश गर्नु हुँदा सर्वसम्मतिबाट स्वीकृत भयो। यस वर्षको अन्त्यसम्म दुवै विधेयक विधायन समितिमा विचाराधीन रहे।

यसैबीच जातीय भेदभाव तथा छुवाछुत (कसूर सजाय) विधेयक, २०६६, राष्ट्रिय मानवअधिकार आयोग विधेयक, २०६६, मेलमिलापसम्बन्धी विधेयक, २०६६, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) विधेयक, २०६६, आदि पनि विधायन समितिमा विचाराधीन रहे। यसैवर्ष राष्ट्रिय दलित अधिकार आयोग विधेयक, २०६६, प्रस्तुत भयो। भूमि सम्बन्धी (छैठौ संशोधन), २०६६, मतदाता नामावली सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०६७, भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धि, आदि दर्ता र वितरण भए पनि सदनबाट अनुमोदन भएनन्। त्यस्तै अन्तर्राष्ट्रिय आतङ्क, अन्तरदेशीय सङ्गठित अपराध र लागूऔषधको अवैध कारोबार सम्बन्धी विमिस्टेक सन्धि २००९, वैदेशिक सहयोग सम्बन्धमा भएका सम्झौताहरूको वितरण, आतङ्कवादमा लगानी गर्ने कार्य नियन्त्रण गर्ने अन्तर्राष्ट्रिय महासन्धि, बहुर्राष्ट्रिय सङ्गठित अपराध विरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धि, अन्तर्राष्ट्रिय

---

३६. 'शङ्कामा भ्रमण'। कान्तिपुर सम्पादकीय। ०६७ फागुन २० : पृ ६ / http://www.ekantipur.com/np/news/news-detail.php?news-id=307740

३८. 'माओवादी सभासदलाई अर्को निर्देशन'। नागरिक। ०६७ असार २५: :पृ. २

३९. http://nagariknews.com/politics/party/-politics/10571-2010-02.21-02...

विवादको शान्तिपूर्ण समाधानका लागि सन् १९०७ मा सम्पन्न महासन्धि आदि लगायतका सन्धि/सम्झौता पनि सदनबाट अनुमोदन हुन सकेनन्।[30]

छ महिनाभन्दा बढी समय कार्यकारी सरकारविहीन हुँदा ४३ विधेयक, चार अध्यादेश र नौ सन्धि/सम्झौता संसद् सचिवालयमा अलपत्र रहे। संसदीय इतिहासमै सम्भवत पहिलोपटक यति धेरै विधेयक र सन्धि/सम्झौता अलपत्र रहेको संसद् सचिवालय विधेयक शाखाले इन्सेकसँगको कुराकानीमा जनायो। एकीकृत माओवादीको असहयोगका कारण चार महिना ढीलो गरी अध्यादेशमार्फत ल्याइएको बजेटसमेत यो वर्षको अन्त्यसम्म अनुमोदन हुन सकेन। असार तेस्रो साताबाट सुरु भएको आठौँ अधिवेशन प्रधानमन्त्री चयन प्रक्रियामा अल्झिएकाले कुनै पनि अध्यादेश पारित हुन सकेन। बजेट पारित गर्ने विषयमा एकीकृत माओवादीले अर्थमन्त्रीमाथि हातपात गरेपछि आठौँ अधिवेशन अकस्मात अन्त्य गरियो।

निष्कर्ष/सुझाव

संविधानसभाको (आफ्नै) कार्यकाल एक वर्ष थप्नु बाहेक यसवर्ष व्यवस्थापिका संसद्को उपलब्धि देखाउने ठाँउ रहेन। म्याद थप्ने सहमतिबाहेक अन्य महत्वपूर्ण मुद्दाहरूमा दलहरूबीच वर्षभरि नै असहमति कायम रह्यो। राष्ट्रिय सहमतिका लागि भन्दै प्रधानमन्त्री माधवकुमार नेपालले राजीनामा दिएको छ महिना पूरा हुँदा पनि सरकार निर्माण हुन सकेन। देश इतिहासमै सबैभन्दा लामो समय कार्यकारी सरकारविहीन अवस्थामा रहन वाध्य भयो। सरकारबाट स्वेच्छिक बहिर्गमन गरेको एकीकृत माओवादीले यस वर्ष पनि सरकारको नेतृत्वको दावी गर्दै व्यवस्थापिका संसद् अवरोध गर्ने, बजेट जारी गर्न नदिने जस्ता पुराना अभ्यासको पुनरावृत गऱ्यो।

संसदीय इतिहासका गलत अभ्यासहरू अझ भयावह रूपमा दोहरिए। विरोधका नाममा सदनभित्रै अर्थमन्त्री माथि आक्रमण भयो। दोषीहरूलाई कुनै कारवाही भएन। सर्वोच्च अदालतले हत्या अभियोगमा दोषी ठहऱ्याएका सभासद्लाई कारवाही नहुँदा न्यायिक सर्वोच्चताको उपहास भयो। केही सभासद्हरूले घुस लिएका र दिएका, जुवाका खालमा फेला परेका, सर्वसाधरण व्यापारीहरूलाई सम्मान नगरेको भन्दै थुनाएका जस्ता गलत आचरणका समाचारहरू सार्वजनिक भए। संसदीय अभ्यासको विरोध गरेर नथाक्ने दल एकीकृत माओवादीका सांसद तथा विदेश विभाग प्रमुख कृष्णबहादुर महराले संसद् किन्नका लागि चिनिया नागरिकसँग ५० करोड रूपैयाँ सहयोग माग्दै गरेको अडियो सार्वजनिक भए पनि सो विषयमा पर्याप्त अनुसन्धान भएन। अडियोको वैज्ञानिक परीक्षणद्वारा सत्यतथ्य पत्ता लगाई टेप बनाउने र सार्वजनिक गर्नेलाई समेत कानुनी दायरमा ल्याउने दायित्व सरकारले पूरा गरेन। चालु प्रधानमन्त्रीको निर्वाचनमा गलत प्रभाव पार्न कृतिम टेप सार्वजनिक भएको भए त्यसको पनि उचित छानबिन हुनुपर्थ्यो। टेपलाई कपोलकल्पित र भ्रामकको संज्ञा दिएर उम्किनुको सट्टा एकीकृत माआवादीले पनि सो टेपको बारेमा यथार्थ बाहिर ल्याउन दबाव दिनुपर्थ्यो। यी तमाम घटना विवरणहरू सार्वजनिक हुँदा पनि संसद् र सदनको नैतिकता कायम राख्ने जिम्मेवारी पाएका व्यवस्थापिका संसद्का सभामुख सुवासचन्द्र नेम्बाङ मुकदर्शक बनिरहे। सभामुखले विधिको मानमर्दन गर्ने सांसद्का विरुद्ध ठोस कदम चालेर जनप्रतिनिधिको साख कायम राख्न सक्नु पर्थ्यो। संसद्का उदण्ड कृयाकलापले उनीहरूप्रति जनताको श्रद्धा र सदभावलाई घटाएर दण्डहीनताको श्रृङ्खलालाई बल पुऱ्यायो। विगतमा यौन अखडाबाट गिरफ्तार परेका र कर्मचारीहरूलाई हातपात र दुर्व्यवहार गर्ने संसद्हरूलाई कानुनी दायरामा ल्याउन सकेको भए सम्भवत: यस्ता घटना दोहरिन्नथे।

संसदीय समितिहरूको सक्रियता सह्रानीय रह्यो तर समितिका निर्देशन र आदेशहरू अवज्ञा भइरहे। प्रतिपक्षको सहमति बिना नै पटक-पटक संसद्का अधिवेशनहरू अन्त्य गर्ने र संसद्को सबैभन्दा ठूलो दल एकीकृत माओवादीले संसद् अधिवेशन बोलाउदा अस्वीकार गरेर सरकारले असहमति झनै चर्कायो। देश सङ्क्रमणकालबाट गुज्रिरहेका अवस्थामा लामो समय कामचलाउ सरकार कायम रहदा अराजकता बढ्यो। कार्यकारी सरकारको अभावमा राज्य संयन्त्रहरूमा जवाफदेहिता कमजोर बन्यो।

समग्रमा वर्ष सन् २०१० मा व्यवस्थापिका संसद्का गतिविधि सन्तोषजनक रहेन। पार्टीहरूका आन्तरिक झगडाले संसद् कमजोर बनाउन बल पुऱ्यायो। संसद्मा रहेका दलहरू टुक्रिएर नयाँ दल थपिदा संसद् सचिवालयलाई सेवा सुविधा पुऱ्याउन मुश्किल भएका समाचारहरू सार्वजनिक भए। शान्ति

30. विधेयक शाखा, व्यवस्थापिका संसद सचिवालय, सिंहदरवार।

प्रक्रियाले प्राथमिकता पाएन। विस्तृत शान्ति सम्झौतामा उल्लेख भएबमोजिमका सङ्क्रमणकालीन न्याय र शान्ति प्रक्रियाका लागि अतिआवश्यकीय संयन्त्रहरू राज्य पुनःसंरचना आयोग, बेपत्ता छानबिन आयोग, सत्य निरूपण तथा मेलमिलाप आयोग यस वर्ष पनि निर्माण हुन सकेनन्। सेना समायोजन, हतियार व्यवस्थापन, कब्जा गरिएका सम्पत्ति फिर्ता, बेपत्ता नागरिकको यथार्थ सार्वजनिक, द्वन्द्वपीडितलाई न्याय र परिपूरण, मापदण्ड नपुगेर शिविरबाट निकालिएका एकीकृत माओवादी लडाकुको व्यवस्थापन लगायतका विषयहरूको टुङ्गो यस वर्षको अन्त्यसम्म पनि लागेन। तीन वर्ष अघि नै अन्तरिम व्यवस्थापिकाले रोम विधान अनुमोदनका लागि दिएको निर्देशन कार्यान्वयन भएन।

व्यवस्थापिका संसद् सबैखाले असहमति र समस्याहरूको हल गर्ने साझा थलो हो। कुनै पनि बहानामा जनआस्थाको सर्वोच्च थलोलाई कुनै दल वा व्यक्तिको कुण्ठा/दम्भको चलखेलगर्ने ठाउँ बनाइनु हुदैन। विगतमा भएका कमजोरीहरूलाई सच्याउदै र सिक्दै संसद्को गरिमा कायम राखिनु पर्दछ। सङ्क्रमणकालको समाप्ती नयाँ संविधान निर्माणले मात्र गर्ने भएकाले दलहरूले सत्ता राजनीतिको हानाथाप त्यागेर लोकतन्त्र र मानवअधिकारका सर्वमान्य मान्यताहरूलाई आत्मसात गर्दै सहमतिको यात्रालाई अगाडि बढाउने सकेमात्र जनमतको उचित सम्मान हुनेछ। यता थपिएको समयभित्र पनि संविधान जारी हुन नसके उत्पन्न हुने संवैधानिक सङ्कटलाई दृष्टिगत गर्दै समयसीमा भित्र संविधान निर्माणलाई संसद्को केन्द्रविन्दू बनाउनु पर्दछ। सहमतिका नाममा विधिको मानमर्दन र प्रक्रियालाई निलम्बित गर्ने गलत अभ्यास अबका दिनमा गरिनुहुन्न। त्यसका लागि अहिले नै सबै दलहरू लोकतन्त्रका मान्यताहरूप्रति साझा धारणा बनाएर अगाडि बढन जरुरी छ। दोष पद्दति हैन प्रवृतिमा छ। खाचो समयको हैन समर्पणको हो।

परिच्छेद

४

नेपालमा बलपूर्वक बेपत्ता: एक सङ्क्षिप्त विश्लेषण

१ पृष्ठभूमि

नेपालमा राज्य संयन्त्रद्वारा बलपूर्वक बेपत्ता पारिने कार्यको शुरूआत २००७ सालमा सम्पन्न दिल्ली सम्झौताको विरोधमा काठमाडौँमा भएका कार्यक्रमहरूको दौरान भएको पाइन्छ। सो सम्झौताको विरोधमा सक्रिय रहेका बेला बेपत्ता पारिएका रामप्रसाद राईको अवस्थाबारे हालसम्म केही पत्ता लाग्न सकेको छैन। त्यसैगरी हनुमाननगर, सप्तरीका सुकदेव सिंहलाई २०१३ सालमा सप्तरीकै इनरूवाबाट गिरफ्तार गरी बेपत्ता पारिएकोमा उनको बारेमा यथार्थ अझै पत्ता लाग्न सकेन। पञ्चायतकालमा व्यवस्था विरोधीलाई कमजोर बनाउने उद्देश्यका साथ बलपूर्वक बेपत्ता पार्ने कार्य व्यवस्थित तवरले आरम्भ गरियो भने ०४६ सालमा प्रजातन्त्र पुनस्थापना भएपछि पनि यो क्रम भङ्ग भएन।

नेकपा माओवादीले "जनयुद्ध" आरम्भ गरेपछि बेपत्ता गर्ने कार्य दिनानुदिन फैलँदै गएको त थियो नै, झन् ०५८ मङ्सिर ११ गते देशमा सङ्कटकालीन अवस्थाको घोषणाको साथसाथै लागू भएको आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेशले बलपूर्वक बेपत्ता बनाउने काममा मलजल थप्यो। अर्कोतिर, तत्कालीन नेकपा माओवादीले मानिसहरूको अपहरणलाई युद्ध रणनीतिको रूपमा उपयोग गरेकाले अपहरितमध्ये कैयौँको अवस्था अज्ञात छ।

नेपालमा विद्यमान दण्डहीनताले ठूलो सङ्ख्यामा मानिसहरूलाई पीडा दिने कारणमध्ये एक बलपूर्वक बेपत्ता पार्ने कार्य र यससम्बन्धमा पीडित परिवारका अनुत्तरित प्रश्न हुन्। प्रचलित नेपाल कानुनले बलपूर्वक बेपत्ता पार्ने कार्यलाई अपराधको कोटीमा नराखे तापनि अन्तर्राष्ट्रिय कानुनले बलपूर्वक बेपत्ता पार्ने कार्यबाट व्यक्तिहरूलाई संरक्षण प्रदान गरेको छ। विगतको सशस्त्र द्वन्द्वका क्रममा मानिसलाई बलपूर्वक बेपत्ता पार्ने कार्य व्यापक र व्यवस्थित ढङ्गबाट भयो।[1] सशस्त्र द्वन्द्वको विधिवत अन्त्यका लागि गरिएको बृहत् शान्ति सम्झौता भएको चार वर्ष बितिसक्दा पनि सशस्त्र द्वन्द्वको अवधिमा बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको न अवस्था सार्वजनिक हुन सकेको छ, न त दोषीहरू पत्ता लगाउने विधिवत संयन्त्रको गठन नै हुन सक्यो।

२. नेपालमा बलपूर्वक बेपत्ता पार्ने कार्यको इतिवृत

२.१ पञ्चायतकालमा बलपूर्वक बेपत्ता

निरङ्कुश राणा शासनको १ सय ४ वर्ष र त्यस अघिको नेपालमा बलपूर्वक बेपत्ता पारिएका घटनाहरूको अभिलेख पाईँदैन। बरू, शासकहरूले राजनीतिक प्रतिद्वन्द्वी वा सरकार विरूद्ध लाग्नेलाई मृत्युदण्ड दिने गरेको इतिहासले बताउँछ। २००८ सालमा बेपत्ता पारिएका रामप्रसाद राई पहिलो

बेपत्ता पारिएका व्यक्तिहरूको सङ्ख्या वर्षको आधारमा



१. गोविन्द बन्दी, नेपालमा दण्डहीनताको अपसंस्कार एक विश्लेषण, पृष्ठ ६, इन्सेक २०६५

बलपूर्वक बेपत्ता पारिएका रूपमा अभिलेखित छन्। बलपूर्वक बेपत्ता पार्ने कृत्य पञ्चायती शासन व्यवस्थाको स्थापनासँगै बढ्दै गएको हो। प्रहरीद्वारा २०१७ सालमा गिरफ्तार गरिएका रामेछापका रूद्रप्रसाद भट्टराई र २०१८ सालमा गिरफ्तार गरिएका पाँचथर रवि गाविसका कल्याण राईको हालसम्म कुनै पत्ता लाग्न सकेको छैन। त्यसैगरी २०१८ सालमै बेपत्ता पारिएका धादिङका बैकुण्ठ अधिकारी र सेते गुरूङ, पाँचथरका डाकमान तामाङ र पासाङ तामाङ, २०३६ सालमा बेपत्ता पारिएका सर्लाहीका हरिहर राय यादव तथा २०१७ वा २०१८ साल यकिन हुन नसकेको मितिमा बेपत्ता पारिएका पाँचथर जिल्ला अम्बरपुर गाविसका लालबहादुर राईको अवस्था पनि सार्वजनिक हुन सकेको छैन।

बेपत्ता हुँदाको अवस्थामा गिरफ्तार परेको भन्ने खुल्न नआए तापनि सङ्खुवासभाका महेश्वर चौलागाईं र गोविन्दप्रसाद दाहाल, भोजपुरका पूर्णलाल उदास, ओखलढुङ्गाका टीकाराम अधिकारी, रामहरि दाहाल र पहलमान कार्की, सिन्धुलीका खड्गबहादुर लुङ्गेली मगर, रामेछापका केशरबहादुर खड्का, चितवनका श्रीहर्ष खनाल, स्याङ्जाका जीतबहादुर सिँजाली (राना), लमजुङका हर्षबहादुर प्रधान, सल्यानका शङ्करप्रसाद शर्मा (रेग्मी), बाँकेका गणेशराज गौतम र बैतडीका बलभद्र जोशी पनि राजनीतिक आस्थाकै कारण बेपत्ता पारिएका थिए।

सशस्त्र द्वन्द्वका क्रममा बेपत्ता पारिएकाहरू

राज्यबाट		गैरराज्यबाट माओवादीबाट		जम्मा
पुरुष	महिला	पुरुष	महिला	
७३१	९३	१०१	८	९३३

काठमाडौँ तथा देशका अन्य विभिन्न भागमा २०४२ असार ६ गते बम विस्फोटन भएपछि गिरफ्तार गरिएकामध्ये धनुषाका पद्मबहादुर मोक्तान (पदम लामा), ईश्वरचन्द्र लामा (ईश्वर लामा), डा. लक्ष्मीनारायण झा, सत्यनारायण झा, सूर्यनाथ राय (यादव) तथा सप्तरीका दिलीप चौधरी र शाकेतचन्द्र मिश्रसमेत सातजनालाई सरकारले बेपत्ता पारेको थियो। त्यसैताका सङ्खुवासभाका महेश्वर चौलागाईंलाई पनि सरकारले बेपत्ता पारेको घटना सार्वजनिक भएको थियो।[२]

पञ्चायतकालमा राजनीतिक प्रतिशोधका कारण गिरफ्तार गरी बेपत्ता पारिएका नागरिकहरूका सम्बन्धमा छानबिन गर्न २०४७ साउन १६ गते सूर्यबहादुर शाक्य अध्यक्ष तथा वरिष्ठ अधिवक्ता वासुदेव ढुङ्गाना, डा. सच्चेकुमार पहाडी र स्व. प्रकाश काफ्ले सदस्य रहेका "प्रजातन्त्र पुनर्स्थापनाको

सशस्त्र द्वन्द्वका क्रममा बेपत्ता पारिएका व्यक्तिहरूको सङ्ख्या क्षेत्रगत आधारमा



२. लेखनाथ भण्डारी, कृष्ण गौतम, प्रकाश ज्ञवाली। उनीहरू कहाँ छन्?। भाग २, पृष्ठ २६, इन्सेक २०५६

सिलसिलामा बेपत्ता पारिएका मानिस पत्ता लगाउने समिति" को प्रतिवेदन अनुसार प्रजातन्त्र पुनर्स्थापनाको क्रममा २०१७ सालपछि कम्तीमा २७ जना र २०४२ सालको बमकाण्डको क्रममा सात जना नागरिकलाई बेपत्ता पारिएको थियो। त्यसमध्ये पाँच जनाको मृत्यु भएको समितिको प्रतिवेदनमा उल्लेख छ। उक्त समितिले २०४८ वैशाख ८ गते तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईसमक्ष प्रतिवेदन बुझाएको थियो। तर बिडम्बना, अहिलेसम्म उक्त प्रतिवेदनका उल्लेख गरिएका सिफारिशहरू कार्यान्वयन गरिएका छैनन्।[३]

२.२ प्रजातन्त्र स्थापनापश्चात् बेपत्ता

२०४६ सालमा प्रजातन्त्र पुर्नस्थापना पश्चात् मानवअधिकारको संरक्षण हुने आशामा त्यतिबेला तुषारापात हुन थाल्यो जतिबेला बलपूर्वक बेपत्ता पार्ने क्रम रोकिएन। २०४९ सालको स्थानीय निर्वाचनताका प्रहरीद्वारा गिरफ्तार गरिएका रामेछाप जिल्ला दोरम्बा गाविसका भुवनलाल थापा मगरलाई २०४९ जेठ १० गतेदेखि बेपत्ता पारियो। उनको अवस्थाका बारेमा सरकारले हालसम्म पनि उनका परिवारलाई यथार्थ जानकारी गराएको छैन।

त्यसैगरी रूपन्देही जिल्ला बुटवल नगरपालिका-६ लक्ष्मीपुर घर भई ललितपुर जिल्ला पुल्चोकस्थित इञ्जिनियरिङ क्याम्पसमा अध्ययनरत २० वर्षीय प्रभाकर सुवेदीलाई नेकपा (एमाले) को आह्वान र अन्य वामपन्थी दलहरूको समर्थनमा सञ्चालित आन्दोलनका क्रममा २०५० साल असार ११ गते प्रहरीले रत्नपार्कबाट कुटपिट गर्दै गिरफ्तार गरेपछि बेपत्ता पारेको थियो। प्रहरीको कुटपिटबाट बेहोस भएका सुवेदीलाई प्रहरीले घिसार्दै लगेको फोटोसमेत सार्वजनिक भएको छ। उक्त घटनाका सम्बन्धमा २०५० असोज १५ गते सर्वोच्च अदालतमा मुद्दा दर्ता भएकोमा पाँच वर्षपछि २०५५ मङ्सिर १५ गते अदालतले मुद्दा नै खारेज गरेको थियो।

पूर्वाञ्चल क्षेत्रमा बेपत्ता पारिएका व्यक्तिहरूको सङ्ख्या

स्थायी ठेगाना	गैर राज्य	राज्य			जम्मा
	माओवादी	सेना	प्रहरी	संयुक्त सुरक्षफौज	
इलाम	१			१	२
उदयपुर		२	१		३
ओखलढुङ्गा		४	७		११
खोटाङ		१			१
झापा		१०	१	१	१२
ताप्लेजुङ्ग	२				२
धनकुटा	२				२
पाँचथर	१			१	२
भोजपुर		४	१	२	७
मोरङ	५		२	६	१३
संखुवाभा		३		१	४
सप्तरी	१			७	८
सिराहा	२		१	८	११
सुनसरी	१			१४	१५
सोलुखुम्बु	३				३
जम्मा	१८	२४	१३	४१	९६

प्रजातन्त्र स्थापनापश्चात् पनि आम नागरिकलाई बेपत्ता पार्ने काममा संलग्न दोषीहरूलाई कानुनको दायरामा ल्याउन र पीडित पक्षलाई न्याय दिन राज्य अनिच्छुक रहेको देखियो। यसबाट दण्डहीनताको संस्कृतिलाई टेवा पुग्न गयो। सम्भवत: पछिल्ला दिनमा बलपूर्वक बेपत्ता पार्नेलगायत मानअवधिकार विरोधी क्रियाकलाप गर्ने यिनै कार्यहरूले राज्यलाई हौस्यायो पनि।

२.३ सशस्त्र द्वन्द्व र बलपूर्वक बेपत्ताको प्रवृत्ति

सशस्त्र द्वन्द्वका क्रममा नागरिकहरू दुई किसिमले बेपत्ता भएको पाइन्छ। पहिलो, द्वन्द्वरत पक्षले बलपूर्वक बेपत्ता पार्ने र दोश्रो स्वेच्छाले सङ्घर्षमा सहभागी हुँदा वा अन्यत्र गएर बेपत्ता हुने। यी दुवै प्रकारबाट बेपत्ता भएका व्यक्तिहरू परिवार, समाज र राज्यको सरोकारको विषय हुन्छन्। पछिल्लो समयमा एकीकृत माओवादीको गोरखाको पालुङ्टारमा विस्तारित बैठकमा सार्वजनिक भएको विकास

३. कुन्दन अर्याल,। उनीहरू कहाँ छन्?। पृष्ठ ३, २०५०, इन्सेक

सशस्त्र द्वन्द्वका क्रममा बेपत्ता पारिएका व्यक्तिहरू उमेर समूहका आधारमा

उमेर समूह	पुरुष	महिला	नखुलेको	जम्मा
०–१८	८८	४४		१३२
१९–६०	७३३	५७		७९०
६१ +	३			३
नखुलेको			९	९
जम्मा	८३३	१०१	९	९३३

गन्धर्वको घटना दोश्रो कोटीको बेपत्तामा पर्दछ। मानवअधिकारका दृष्टिले नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी महासन्धि र बलपूर्वक बेपत्ताबाट व्यक्तिहरूको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिमा परिभाषित दायराअन्तर्गतका बेपत्ताको अध्ययन गर्नुपर्ने हुन्छ।

बाल्यकालमा नै माओवादीसँग हिँडेको आफ्नो एक मात्र छोरो विकास गन्धर्व ७ वर्षअघि भोजपुरमा मारिएको खबर बैठकका सहभागीले दिएपछि गोरखाकी समुन्द्राकुमारी गन्धर्व नेताहरूकै अगाडि बेहोस भएको खबर राष्ट्रिय महत्वको विषय बन्यो। "अहिलेसम्म छोरो आउला आउला भनेर बाँचेकी थिएँ।" उनको यो अभिव्यक्तिले बेपत्ता परिवारको पीडाको प्रतिनिधित्व गर्दछ। यद्यपि विकास गन्धर्व बलपूर्वक बेपत्ता पारिएका थिएनन्, सशस्त्र सङ्घर्षमा मारिएका थिए। इन्सेक र रेडक्रसको अन्तर्राष्ट्रिय समितिको सूचिमा विकासको नाम बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूमा समावेश छैन। उनको मृत्युको यथार्थ खुल्नुअघि उनको अवस्था भने बेपत्ताकै थियो। गन्धर्व र यसरी बेपत्ता भएका अन्य धेरैको यथार्थ त्यतिखेरमात्र खुल्छ जब एकीकृत नेकपा माओवादीले द्वन्द्वका क्रममा मारिएका व्यक्तिहरूको नाम सार्वजनिक गर्छ।

नेकपा (माओवादी) द्वारा २०५२ फागुन १ गतेदेखि शुरू "जनयुद्ध"का क्रममा नेपालको इतिहासमा सबैभन्दा बढी नागरिकहरू बेपत्ता पारिए। त्यतिबेला नेपाल संसारमै सबैभन्दा बढी नागरिकहरू बेपत्ता पारिने राष्ट्रहरूको सूचीमा अग्रस्थानमा दरिन पुग्यो। "जनयुद्ध" दमन गर्न प्रहरीले माओवादी प्रभावित जिल्लाहरूमा २०५५ जेठ महिनादेखि "किलो शेरा टु" अप्रेशन शुरू गऱ्यो। जिल्ला-जिल्लामा विशेष कमाण्डो फोर्स परिचालन गर्न थालियो। २०५४ सालमा राज्य पक्षबाट दुई जना र माओवादी पक्षबाट एक जना बेपत्ता पारिएका थिए भने एक वर्ष बित्दा नबित्दै यो सङ्ख्या क्रमशः ५८ र तीन जनामा उक्लिएको पाइन्छ। माओवादी र सरकारबीच पहिलो वार्ता भइरहेको समय २०५७ सालमा यो सङ्ख्या आठ र पाँच जनामा झरेको थियो।

डोल्पा जिल्ला त्रिपुरा गाविस-२ का ३४ वर्षीय नन्दप्रसाद न्यौपाने र सर्मी गाविस-३ का प्रसाद बुढालाई २०५५ जेठ १२ गते जाजरकोट जिल्लाको रग्दा गाविसको घ्यारखोलाबाट प्रहरीले गिरफ्तार गरी बेपत्ता पारेको थियो।

मध्यमाञ्चल क्षेत्रका बेपत्ता पारिएका व्यक्तिहरूको सङ्ख्या

स्थायी ठेगाना	गैर राज्य	राज्य			जम्मा
	माओवादी	सेना	प्रहरी	संयुक्त सुरक्षाकर्मी	
काठमाडौं	१	१	४	१४	३०
काभ्रेपलाञ्चोक	५	४	३	८	३०
चितवन		४	४	६	१४
धनुषा	३			८	१०
धादिङ	१	१९	३	५	३६
नुवाकोट		१४		४	१८
पर्सा	१	१			३
बारा	१				१
भक्तपुर			३	३	५
मकवानपुर		४	१	७	१३
महोत्तरी			३		३
रसुवा		१			१
रामेछाप	१	४	३	३	९
रौतहट	१		३	३	५
ललितपुर	३	३	१	३	८
सिन्धुपाल्चोक	५	१०	१	१	१६
सिन्धुली	१	५	३	६	१४
जम्मा	३१	६९	३६	६८	१८५

यसैगरी, महादेवपुरी गाविस-५, बाँकेका शिक्षक ३२ वर्षीय मोहनलाल वलीलाई २०५५ जेठ २९ गते राति घरमा सुतिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरी बेपत्ता पाऱ्यो। गोरखा जिल्ला हर्मी गाविस घर भई कानुन व्यवसायमा संलग्न मानवअधिकार संरक्षण मञ्च, गोरखाका सदस्य राजेन्द्र ढकाललाई २०५५ पुस २४ गते माओवादीको आरोपमा तनहुँ जिल्लाको खैरेनीटार गाविस-६ जाम्दी खोलामा नुहाइरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरी बेपत्ता पारेकोमा उनको अवस्था अज्ञात नै छ।

राज्यद्वारा विभिन्न जिल्लामा नागरिकहरूलाई गिरफ्तार गरी बेपत्ता पार्ने क्रममा काठमाडौँको बागबजार, टेबहाललगायत्का ठाउँबाट २०५६ जेठ २ र ७ गते दण्डपाणि न्यौपाने, नवीन गौतम, गोरेबहादुर पुर्कोटी, मिलन नेपाली, पाल्साङ लामा र डुण्डु तिवारीलाई प्रहरीले गिरफ्तार गरी बेपत्ता पारिएको थियो। यसरी बेपत्ता पारिने क्रमको विरोध गर्दै बेपत्ता पारिएकाहरूलाई तत्काल सार्वजनिक गर्न इन्सेकका तत्कालीन अध्यक्ष सुशील प्याकुरेल, कपिल श्रेष्ठ, कृष्ण पहाडीलगायतका मानवअधिकारकर्मीले दुई महिना लामो आन्दोलनको घोषणा समेत गरेका थिए। बलपूर्वक बेपत्ताको भयावह श्रृङ्खला विरूद्ध मानवअधिकारकर्मीहरूले आवाज उठाउनु स्वभाविक थियो। यसरी शुरू भएको बेपत्ता पार्ने क्रम २०५८ मङ्सिरमा देशमा पहिलोपटक सङ्कटकालीन अवस्थाको घोषणा र त्यसलगत्तै लागू गरिएको आतङ्ककारी तथा विध्वङ्सात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेशका कारण नागरिक बेपत्ता पार्ने कार्यमा राज्यलाई सजिलो भयो। यस्तो क्रम २०६३ वैशाख अर्थात लोकतन्त्रको स्थापना नहोउञ्जेलसम्म जारी नै रहेको थियो।[४]

सशस्त्र द्वन्द्वका क्रममा सुरक्षा निकायले कुनै पनि व्यक्तिलाई माओवादीको आशङ्कामा गिरफ्तार गर्ने, तर किन गिरफ्तार गरिएको हो ? भन्ने जानकारी पनि परिवारलाई गराउँदैनथ्यो। सादा पोशाकमा आएका सुरक्षाकर्मीहरूले गिरफ्तार पूर्जी मात्र हैन आफ्नो परिचयसमेत दिँदैनथे। बिना सूचना व्यक्तिहरूलाई जहाँ, जुनसुकै ठाउँबाट पनि गिरफ्तार गरिने प्रचलन सामान्य हुँदै गयो। राज्य उत्तरदायीविहीन भूमिकामा रहेका कारण बेपत्ता पारिने क्रम पनि बढ्दै गयो।

२०५८ सालदेखि २०६१ सालसम्मको अवधिमा राज्यपक्षबाट ६ सय ६३ जना र विद्रोही माओवादीबाट ५६ जना बेपत्ता पारिएका थिए। परिवारले विभिन्न माध्यमबाट आफ्नो मान्छेलाई गिरफ्तार गरेको थाहा पाई आफन्तका बारेमा जानकारी लिन सुरक्षा निकायहरूमा पुग्दा गिरफ्तार नै नगरिएको जवाफ त्यस्ता निकायका पदाधिकारीहरूले दिने गर्दथे। यही अवधिमा पहिलो पटक तत्कालीन नेकपा माओवादीका गतिविधि नियन्त्रण गर्ने नाममा शाही नेपाली सेना परिचालन गरिएको थियो। त्यसपछि नागरिक बेपत्ता बेपत्ता पार्ने कार्यमा सेना नै बढी अग्रसर रहेको पाइएको छ।

गङ्गापुर गाविस-४ का २० वर्षीय अयोध्याप्रसाद गोडियालाई माओवादीको आरोपमा २०६० कात्तिक १२ गते बिहान संयुक्त सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पाऱ्यो। त्यसै दिन सुरक्षाकर्मीले उनका बाबु बिहारी गोडियालाई पनि गिरफ्तार गरी बेपत्ता पारेको थियो। परिवारका मानिस संयुक्त सुरक्षा क्याम्पको वेश क्याम्प, सोनवर्षामा जाँदा सेन्ट्रीमा बसेका सुरक्षाकर्मीले अयोध्या त्यहीं भएको बताएका थिए। परिवारका सदस्यले उनलाई कपडा लगिदिएका थिए। एक महिनासम्म त्यही क्याम्पमा राखिएका अयोध्यालाई त्यसपछि कहाँ लगियो केही थाहा हुन सकेन। यसबाट पनि सुरक्षा निकाय जनताको सुरक्षामा बेजिम्मेवार देखिन्छ।

२०६१ सालदेखि २०६३ सालसम्म आइपुग्दा बलपूर्वक बेपत्ता पारिने घटना न्यून हुँदै गए। यसबीच राज्यपक्षबाट ७३ र माओवादी पक्षबाट ४८ जना बेपत्ता पारिएका थिए। यो तत्कालीन राजा ज्ञानेन्द्रको निरङ्कुशता विरूद्ध दलहरू र माओवादीबीचको सम्बन्ध नजिकिँदै गएको समय थियो।

क्षेत्रगत आधारमा हेर्ने हो भने सबैभन्दा बढी

सशस्त्र द्वन्द्वका क्रममा राज्यपक्षबाट बेपत्ता



४. प्रेक्षा ओझा, विद्या चापागाईं । कमजोर जवाफदेहीता। पृष्ठ ५, २०५६, इन्सेक

पश्चिमाञ्चल क्षेत्रका बेपत्ता पारिएका व्यक्तिहरूको सङ्ख्या

स्थायी ठेगाना	गैर राज्य	राज्य			जम्मा
	माओवादी	सेना	प्रहरी	संयुक्त सुरक्षाकर्मी	
अर्घाखाँची		१		१	२
कपिलवस्तु	४	५		२	११
कास्की	१	६	१	८	१६
गोरखा		१३	१०		२३
तनहुँ		२	८		१०
नवलपरी	३	४	४	२	१३
पर्वत		३		१	४
बाग्लुङ	२	२		१५	१९
म्याग्दी		१		१	२
रुपन्देही		१		१	२
लमजुङ	२	४	५	७	१८
स्याङ्जा	३	३		२	८
जम्मा	१५	४५	३८	४०	१३८

बलपूर्वक बेपत्ता मध्यपश्चिमाञ्चल क्षेत्रमा पारिएको थियो। जहाँ माओवादी जनयुद्धको प्रभाव अन्य क्षेत्रको तुलनामा घनिभूत थियो। मध्यपश्चिमाञ्चल क्षेत्रमा पनि बर्दिया जिल्ला सबैभन्दा बढी बेपत्ता पारिएको जिल्ला हो, जहाँ राज्य पक्षबाट २ सय ७ र माओवादी पक्षबाट १३ जना बेपत्ता पारिएका थिए। बाँके जिल्लाको चिसापानी ब्यारेक सबैभन्दा बढी नागरिक बेपत्ता पार्ने निकाय रहेको नेपाल मानवअधिकार वर्ष पुस्तकका विवरणहरूबाट पनि प्रष्टिन्छ। बर्दियापछि दाङ र बाँके जिल्लामा बढी सर्वसाधारण नागरिकहरू बेपत्ता पारिएका थिए।

जातजातिका अधारमा हेर्ने हो भने जनजाति ४ सय ८ जना र बाहुनक्षेत्री ३ सय ६६ जना यस अवधिमा बेपत्ता पारिएका थिए भने अन्य २ सय ५० भन्दा बढी थरका नागरिकरू बलपूर्वक बेपत्ता पारिएका थिए। लैङ्गिक आधारमा हेर्ने हो भने माओवादीपक्षले महिलाहरूलाई कम सङ्ख्यामा बेपत्ता पारेको छ। बलपूर्वक बेपत्ता पारिएका १ सय १ जना महिलामध्ये माओवादीले आठ जनालाई बेपत्ता बेपत्ता पारेको छ। सबैभन्दा बढी महिला बर्दिया जिल्लामा राज्यबाट बेपत्ता पारिएका छन् जसको सङ्ख्या २७ जना रहेको छ। यसरी ०५२ फागुन १ गतेदेखि ०६३ मङ्सिर ५ गतेसम्मको अवधिमा राज्यबाट ९३ जना महिला ७ सय ३१ जना पुरुष गरी जम्मा ८ सय २४ जना बेपत्ता पारिए। तत्कालीन विद्रोही पक्ष माओवादीबाट आठ जना महिला र १ सय १ जना पुरुष गरी १ सय ९ जना बेपत्ता पारियो। ०६७ पुस १६ गतेसम्म इन्सेकले अद्यावधिक गर्दा दुवै पक्षबाट बेपत्ता पारिएकाहरूको सङ्ख्या ९ सय ३३ जना पुगेको छ। मुगुका दङ्गाली रोकाया बेपत्ता पारिएका भनेर अभिलेख भएकोमा उनी आठ वर्षपछि घर फर्किएका छन्। सुरक्षाकर्मीको नियन्त्रणबाट मुक्त भएर भारत गएका रोकाया यसबीच सम्पर्क विहीन भएको हुँदा उनका परिवारले उनलाई बेपत्ता पारिएको विश्वास गर्दै आएका थिए।

३ बेपत्ता र अन्तर्राष्ट्रिय मानवअधिकार कानुन

संयुक्त राष्ट्रसङ्घीय महासभाले जोड दिएझैं बलपूर्वक बेपत्ता पार्ने कार्य मानवअधिकारको गम्भीर र घोर उल्लङ्घन हो। यसले कानुनका दृष्टिमा व्यक्तिका रूपमा पहिचानको अधिकार (धारा १६), स्वतन्त्रता तथा सुरक्षाको अधिकार (धारा ९) र अमानवीय तथा अपमानजनक व्यवहारविरूद्धको अधिकार (धारा-७) लगायत सन् १९९१ देखि नेपाल पक्ष राष्ट्र भएको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अभिसन्धि (आईसीसीपीआर) अन्तर्गतका मुख्य मानवअधिकार प्रत्याभूतिहरूको उल्लङ्घनको हो । थुनामा परेपछि, बेपत्ता पारिएको व्यक्तिले बाँच्न पाउने अधिकार (धारा ६) को उल्लङ्घन हुने गैरन्यायिक हत्या तथा यातना (धारा ७, आईसीसीपीआर र यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार तथा सजायसम्बन्धी महासन्धि (क्याट)) को खतराको सामना गर्दछ। वास्तवमा, बलपूर्वक बेपत्ता पार्ने कार्यबाट सबै व्यक्तिको संरक्षणसम्बन्धी महासभा घोषणापत्रको सन् १९९२ मा भएका व्यवस्था र सन् २००६ मा बलपूर्वक बेपत्ता पार्ने कार्यबाट सबै व्यक्तिको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिमा बलपूर्वक बेपत्ता पार्ने कार्यलाई गम्भीर मानिन्छ। ती दस्तावेजअनुसार "बलपूर्वक बेपत्ता पार्ने कार्य" का मुख्य तत्वहरू निम्नलिखित छन् :

(क) कुनै पनि व्यक्तिलाई गिरफ्तार गरिन्छ, थुनिन्छ,

अपहरण गरिन्छ वा आफ्नो स्वतन्त्रताबाट अपहरण गरिन्छ।

(ख) स्वतन्त्रताको यस्तो हरण राज्यका प्रतिनिधि/अधिकारीहरू अथवा राज्यबाट अधिकार प्राप्त वा राज्यको समर्थन वा मौनसम्मतिमा व्यक्ति वा समूहहरूद्वारा गरिएको हुन्छह र

(ग) बेपत्ता पारिएको व्यक्तिको स्वतन्त्रताको अपहरणलाई वा निजको अवस्थाबारे वा निज कहाँ छ भन्नेबारे लुकाइएको कुरालाई मान्न अस्वीकार गरिएको हुन्छ जसले त्यस्तो व्यक्तिलाई कानुनको संरक्षण बाहिर राख्छ।

नेपालले बलपूर्वक बेपत्ता पार्ने कार्यसम्बन्धी महासन्धिलाई अझै अनुमोदन नगरेको भए पनि नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धिको दायित्वअनुसार बलपूर्वक बेपत्ता पार्ने कार्य नगर्नु नेपालको दायित्व हो।अन्तर्राष्ट्रिय मानवअधिकार कानुनका यी दायित्वहरू शान्ति तथा युद्धको समयमा लागू हुन्छन्। बेपत्ता पारिएका घटनाको अनुसन्धान गर्ने तथा राज्यको अनुमति, सहमति वा मौनसम्मति बिना व्यक्ति/समूहहरूद्वारा बेपत्ता पार्ने कार्यमा जिम्मेवार व्यक्तिहरूलाई न्यायसमक्ष ल्याउने दायित्व राज्यमा रहेको हुन्छ।

"गैरअन्तर्राष्ट्रिय सशस्त्र द्वन्द्व"का दुवै पक्षहरू लागू भएका अन्तर्राष्ट्रिय मानवीय कानुनका प्रावधानहरूद्वारा बाँधिएका हुन्छन्। नेपाल चारओटा जेनेभा महासन्धिको पक्ष राष्ट्र हो। जेनेभा महासन्धिको साझा धारा ३ अन्तर्गत, आक्रामक कारबाहीहरूमा सक्रिय रूपमा भाग नलिएका व्यक्तिहरू (थुना वा अन्य कुनै कारणले 'लड्न असमर्थ' भएका सशस्त्रफौजका सदस्यहरूलगायत) लाई मानवोचित व्यवहार पाउने हक हुन्छ। सशस्त्र द्वन्द्वरत पक्षहरूलाई त्यस्ता व्यक्तिहरूको जीवन र शरीरविरूद्ध हिंसा गर्न - खासगरी सबै प्रकारका हत्या, अङ्गभङ्ग, क्रूर व्यवहार र यातनाह निजी मर्यादामाथिको अपमान विशेषत: होच्याउने तथा अपमानजनक व्यवहारह र न्यायिक प्रत्याभूतिहरू उपलब्ध गराउन कानुनी ढङ्गबाट गठित अदालतद्वारा पहिले नै घोषणा गरिएको फैसलाबिना हत्याको निर्णय सुनाउने र त्यसलाई लागू गर्ने कार्य गर्नबाट निषेध गरिएको छ। स्वतन्त्रताको स्वेच्छाचारी अपहरणमाथिको निषेध तथा आफ्नो स्वतन्त्रता अपहरण गरिएका व्यक्तिहरूको अभिलेख राख्नुपर्ने, थुनुवाको पारिवारिक जीवनको सम्मान गर्नुपर्ने, आफ्ना नजिकका आफन्तहरूद्वारा थुनुवाहरूलाई भेट्न दिनुपर्ने तथा थुनुवाहरूले आफ्ना परिवारसँग पत्राचार गर्न पाउनुपर्ने आवश्यकतालगायत गैरअन्तर्राष्ट्रिय द्वन्द्वसम्बन्धी सम्बद्ध प्रथागत अन्तर्राष्ट्रिय नियमहरूको विकास भएको छ। प्रथागत अन्तर्राष्ट्रिय कानुनअनुसार सशस्त्र द्वन्द्वरत प्रत्येक पक्षले द्वन्द्वको परिणामस्वरूप हराएका भनिएका सबै व्यक्तिहरूको लगत राख्न र तिनको अवस्थाबारे आफूसँग भएको कुनै पनि जानकारी तिनका परिवारजनहरूलाई उपलब्ध गराउन सम्भाव्य सबै उपायहरू पनि अपनाउनु पर्छ । यसको अर्थ हो-द्वन्द्वरत पक्षहरूले बेपत्ता पार्न अन्तर्राष्ट्रिय मानवीय कानुनद्वारा निषेध गरिएको छ।

मध्यपश्चिमाञ्चल क्षेत्रका बेपत्ता पारिएका व्यक्तिहरूको सङ्ख्या

स्थायी ठेगाना	गैर राज्य	राज्य				जम्मा
	माओवादी	सशस्त्र प्रहरी	सेना	प्रहरी	संयुक्त सुरक्षाफौज	
कालिकोट	६	१	९	३	६	३५
जाजरकोट	३		४	१४		३१
जुम्ला			१	१		३
डोल्पा			३			३
दाङ	८	३	३६	४	१६	६९
दैलेख	१					१
बर्दिया	१३		१६९	१९	१९	३३०
बाँके	४	१	३१	३४	११	६१
मुगु	१					१
रोल्पा	४		१३	११		३६
सल्यान	३		१६	८	१	३८
सुर्खेत	३		६	४	१	१४
जम्मा	४५	५	३६८	८६	५६	४६१

४. बेपत्ता र राष्ट्रिय कानुन

यस परिच्छेदमा जुन कालखण्डको समीक्षा गरिएकोछ त्यतिबेला नेपालको संविधान ०४७ लागू भएको अवस्था थियो। संविधानले "कानुनबमोजिम" मात्र सार्वजनिक स्वतन्त्रताबाट अपहरण गर्न सकिने
(धारा १२ (१) र त्यसमा कुनै पनि व्यक्तिलाई गिरफ्तार गरेपछि र थुनामा राखेपछि गिरफ्तार गर्नुको कारणबारे सकेसम्म चाँडो जानकारी गराउनुपर्ने र आफूले रोजेको कानुन व्यवसायीसँग परामर्श गर्ने र प्रतिरक्षा गर्न पाउने अधिकारको व्यवस्था गरेको छ (धारा १४(५)। अनुसन्धानका क्रममा वा पुर्पक्षका लागि वा अन्य कुनै कारणले थुनामा परेको व्यक्तिलाई शारीरिक वा मानसिक यातना वा क्रूर, अमानवीय वा अपमानजनक व्यवहारविरूद्धको अधिकारको पनि यसले व्यवस्था गरेको थियो (धारा १४ (४)। सो संविधानले गिरफ्तार गरिएका वा थुनामा राखिएका व्यक्तिहरूलाई २४ घण्टाभित्र न्यायिक अधिकारीसमक्ष ल्याइनुपर्ने अधिकारको पनि व्यवस्था पनि गरेको छ। तर यो अधिकार "निवारक नजरबन्दमा राख्ने व्यवस्था गर्ने कानुन"अन्तर्गत थुनामा राखिएको कुनै व्यक्तिलाई थिएन (धारा १४ (६) र (७)।

०५८ मङ्सिर १० गते मुलुकमा सङ्कटकाल रहेको घोषणा गरेपछि निवारक नजरबन्दको प्रयोगलाई सीमित गर्नेलगायतका कैयौं संवैधानिक प्रत्याभूतिहरू निलम्बन गरिए। र, त्यसै महिना लागू भएको आतङ्ककारी तथा विध्वङ्सात्मक गतिविधिसम्बन्धी अध्यादेश (टाडो) लागू भयो जसले "आतङ्ककारी" वा "विध्वंसात्मक" गतिविधिमा लागेको शङ्का भएको कुनै पनि व्यक्तिलाई प्रमुख जिल्ला अधिकारी (प्रजिअ)को आदेशमा पुर्जीबिना गिरफ्तार गरी "मानवोचित स्थान"मा निवारक नजरबन्दमा राख्ने व्यापक अधिकार सुरक्षाफौजलाई दियो। त्यस्ता व्यक्तिलाई अदालतसमक्ष नल्याई नब्बे दिनसम्म हिरासतमा राख्न सकिन्थ्यो। गृह मन्त्रालयद्वारा थप ९० दिनको थुना अवधिको स्वीकृति

बर्दिया जिल्लामा बेपत्ता पारिएका व्यक्तिहरू
(जातका आधारमा)

जात	गैरराज्य	राज्य			जम्मा
	माओवादी	सेना	प्रहरी	संयुक्त सुरक्षाकर्मी	
अन्य		३			३
क्षेत्री		१			१
जनजाति	५	१३६	१६	१८	१६६
दलित	१	३			४
बाहुन क्षेत्री	५	३३	३	१	३१
मधेसी	१	३			३
मुस्लिम	१				१
जम्मा	१३	१६९	१९	१९	३३०

जातजातिका आधारमा बेपत्ता सङ्ख्या



दिन सकिन्थ्यो। टाडोअन्तर्गत एउटा आदेशमा नेकपा (माओवादी) र "प्रत्यक्ष वा परोक्ष रूपबाट संलग्न वा त्यो समूहद्वारा सञ्चालन गरिने कुनै पनि गतिविधिमा सहायता दिने कुनै पनि व्यक्ति, सङ्गठन वा समूह"लाई आतङ्ककारी भनी घोषणा गरियो। सन् २००२ अप्रिलमा, टाडोलाई आतङ्ककारी तथा विध्वङ्सात्मक गतिविधि (नियन्त्रण तथा सजाय ऐन) २००२ (टाडो) पारित गरी संसदद्वारा प्रतिस्थापन गरियो, जसले उस्तै निवारक नजरबन्दको व्यवस्थालाई निरन्तरता दियो। अध्यादेश र ऐन दुवैमा शाही नेपाली सेना, सशस्त्र प्रहरी बल र नेपाल प्रहरीलाई सुरक्षाफौज भनी विशिष्ट परिभाषा गरियो।

यसरी औपचारिक रूपमा शाही नेपाली सेनालाई गिरफ्तार गर्ने र थुनामा राख्ने अधिकार दिइयो। आतङ्ककारी र "विध्वङ्सात्मक गतिविधि" को अस्पष्ट परिभाषा वरिपरि निर्मित व्यवस्था लागू गर्दा स्वेच्छाचारी गिरफ्तार हुने प्रशस्त ठाउँ थियो। निवारक नजरबन्दसम्बन्धी समयावधि प्राय: लम्ब्याइन्थ्यो वा बेवास्ता गरिन्थ्यो।

४.१ सरकारी मुद्दासम्बन्धी ऐनको व्यवस्था

कुनै पनि व्यक्तिलाई गिरफ्तार गर्दा देहायअनुसार गिरफ्तार गर्नुपर्छ :

१. कुनै अपराधको सम्बन्धमा तहकिकात गर्ने प्रहरी कर्मचारीले कुनै व्यक्ति त्यस्तो अपराधमा संलग्न रहेको छ भन्ने शङ्का गर्नुपर्ने मनासिब कारण भए त्यस्तो व्यक्तिलाई गिरफ्तार गर्न सक्नेछ। त्यसरी गिरफ्तार गरेको व्यक्तिलाई गिरफ्तार गरिएको कारणसहितको सूचना नदिई थुनामा राखिने छैन।
२. कुनै अपराध भएको देख्ने व्यक्तिले त्यस्तो अपराध गर्ने व्यक्तिलाई समाती नजिकैको प्रहरी कार्यालयमा बुझाउन सक्नेछ।
३. गिरफ्तार गर्नुपर्दा सामान्यतया बल प्रयोग गर्न हुँदैन। कुनै व्यक्तिलाई गिरफ्तार गर्नुपर्दा निजलाई गिरफ्तार गर्नुपर्ने कारण खोली, समाई आत्मसमर्पण गर्ने आदेश दिनु पर्छ। त्यसरी आदेश दिँदा आत्मसमर्पण नगरी गिरफ्तारबाट बच्ने वा भाग्ने उम्कने, प्रयत्न गरेमा मात्र निजलाई पक्रन प्रहरी कर्मचारीले आवश्यक बल प्रयोग गर्न सक्नेछ।
४. त्यसरी पक्रिएको व्यक्तिको खानतलासी लिनुपर्ने देखिएमा खानतलासी लिँदा फेला परेको कुनै प्रमाण वा निजको साथमा बरामद भएको कुनै चिजबस्तु वा हातहतियार खरखजाना गिरफ्तार गर्ने प्रहरी कर्मचारीले आफ्नो कब्जामा लिई मुचुल्का खडा गर्नुपर्छ।

४.२ मुलुकी ऐनको व्यवस्था

वारेन्ट जारी गरी पक्रनु पर्ने मानिसलाई र हातहतियार खरखजाना मुद्दाको अभियुक्तलाई घरभित्र पसी पक्रनुपर्दा जुनसुकै बखत भए पनि पक्रनु पर्ने मानिस भाग्न नपाउने गरी बाटो रोकी घरभित्र पसी पक्रनु हुन्छ। सो ठाउँसम्म जाँदा गिरफ्तार हुन सकेन भने जनाउ दिई सूर्योदयदेखि सूर्यास्तसम्ममा घरभित्र पसेर गिरफ्तार गर्न हुन्छ। रातमा घरभित्र प्रवेश गर्न पाउने कुरालाई यस नम्बरले वर्जित गरेको देखिन्छ। त्यसैगरी स्वास्नीमानिसलाई गिरफ्तार गर्नुपर्दा महिला प्रहरीबाटै पक्री ल्याउनु पर्छ। लोग्नेमानिसले पक्रनु हुँदैन तर निज आउन इन्कार गरेमा नाडीमासम्म समाई ल्याउन हुन्छ। यसप्रकार सामान्य बल प्रयोग गर्ने सम्बन्धमा अवस्था अनुसार गर्नुपर्ने कानुनी व्यवस्था रहेको पाइन्छ।

४.३ प्रहरी ऐनको व्यवस्था

कुनै पनि व्यक्तिलाई गिरफ्तार गर्दा निजको स्वतन्त्रतामाथि बन्देज नलागोस् भनी गिरफ्तार गर्ने सम्बन्धमा विभिन्न व्यवस्था गरेको देखिन्छ।

सुदूरपश्चिमाञ्चल क्षेत्रका बेपत्ता पारिएका व्यक्तिहरुको सङ्ख्या

जिल्ला	गैरराज्य	राज्य			जम्मा
	माओवादी	सेना	प्रहरी	संयुक्त सरक्षाकर्मी	
अछाम		३			३
कञ्चनपुर		३३		४	३६
कलाली	३	४	१	४	१३
डडेलधुरा	३			१	४
डोटी	१			३	३
बाजुरा		१			१
बैतडी	३			१	४
जम्मा	१०	३०	१	१३	५३

सामान्यतया बिनावारेन्ट कुनै पनि व्यक्तिलाई गिरफ्तार गर्न पाइँदैन। तर, तीन वर्ष वा सोभन्दा बढी कैदको सजाय हुने अपराध गरेको वा गर्न लागेको व्यक्ति, फरार घोषित भई पक्रनु पर्ने भनी न्यायिक निकायबाट वारेन्ट जारी भएको व्यक्ति, कर्फ्यु लागेको समयमा हिँडडुल गरिरहेको व्यक्ति, मनासिव कारण नभई रातमा हातहतियार खरखजाना वा घर फोर्ने औजार साथमा लिई हिँडेको व्यक्ति, कानुनत: थुनिएको ठाउँबाट भागेको व्यक्ति र नेपाली सेना वा प्रहरी फोर्स छाडी भागेको व्यक्तिलाई मात्र प्रहरी कर्मचारीले बिनावारेन्ट गिरफ्तार गर्नसक्ने व्यवस्था गरेको छ।

४.४ यातना तथा क्षतिपूर्ति ऐनको व्यवस्था

यातना तथा क्षतिपूर्ति ऐन २०५३ ले अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरू कुनै किसिमले थुनामा रहेको कुनै पनि व्यक्तिलाई यातना दिन नहुने व्यवस्था गरेको छ। त्यसरी नै गिरफ्तार परेको व्यक्तिलाई थुनामा राख्दा र छोड्दा चिकित्सकद्वारा स्वास्थ्य परीक्षण गराई अभिलेख खडा गर्नुपर्ने र त्यस्तो शारीरिक वा मानसिक जाँचसम्बन्धी प्रतिवेदन सम्बन्धित जिल्ला अदालतमा पठाउनु पर्ने व्यवस्था गरेको छ। तर, यस ऐनले यातना तथा क्रूर र अमानवीय व्यवहार तथा सजाय विरुद्धको महासन्धि १९८४ ले जस्तो यातना दिने कार्य स्वयम्लाई भने दण्डनीय फौजदारी अपराध बनाएको छैन।

५. बलपूर्वक बेपत्ताको विषयमा सर्वोच्च अदालत

सरकारको उदासीनताबाट निराशोन्मुख पीडित परिवारले न्यायको लागि सर्वोच्च अदालतदेखि अन्तर्राष्ट्रिय तहसम्म गुहार माग्नुको विकल्प भेटेनन्। नेपालमा बेपत्ता पारिएकाहरूको सार्वजनिकीकरणका लागि सर्वोच्च अदालतले ०६४ जेठ १८ गते गरेको फैसला अत्यन्त महत्वपूर्ण मानिन्छ। सर्वोच्च अदालतले विभिन्न समयमा अदालतमा दायर हुन आएका ८३ वटा बन्दी प्रत्यक्षीकरणका रिट निवेदनहरूलाई एकै ठाउँमा राखी जेठ १८ गते गरेको निर्णयमा बेपत्ता नागरिक छानबिनका लागि अधिकारसम्पन्न आयोग गठन गर्न, बेपत्ता पार्ने कार्यलाई अपराध मानी कानुन बनाई लागू गर्न र बेपत्ता पारिएका व्यक्तिहरूका परिवारलाई क्षतिपूर्ति दिन सरकारलाई आदेश दिएको थियो।[५]

यसअघि, विभिन्न समयमा गिरफ्तार गरिएका नागरिकहरूलाई काठमाडौँस्थित सेनाको भैरवनाथ गणमा चरम यातना दिइएको र बेपत्ता बनाएको दावी गर्दै परेको रिटमा २०६३ पुस २५ गते सर्वोच्च अदालतले उक्त गणमा बेपत्ता बनाइएका ४९ बन्दीको अवस्था खोजबिन गरी प्रतिवेदन बुझाउन न्यायाधीश टोलीलाई आदेश दिएको थियो। सुरक्षाकर्मीहरूद्वारा सन् १९९९ र २००२ मा गिरफ्तार गरिएका चारजना व्यक्तिको बेपत्ता स्थितिका सम्बन्धमा अनुसन्धान गर्ने प्रयोजनका लागि पहिलो पटक सर्वोच्च अदालतले २८ अगष्ट २००६ (२०६३ भदौ) मा आदेश दिएको थियो। उक्त आदेशबमोजिम २०६३ असोजमा पुनरावेदन

सबैभन्दा बढी बेपत्ता पारिएका पाँच जिल्ला

जिल्ला	राज्यबाट			गैरराज्यबाट	जम्मा
	शाही नेपाली सेना	प्रहरी	सुरक्षकर्मी	नेकपा माओवादी	
बर्दिया	१६९	१९	१९	१३	३३०
दाङ	३७	४	३०	८	६९
बाँके	३१	३४	१३	४	६१
सल्यान	१७	८	१	३	३८
धादिङ	१९	३	५	१	३७
रोल्पा	१३	११		४	३७
जम्मा	३७५	६८	५७	३३	४३३

५. सर्वोच्च अदालत, सर्वोच्च अदालत बुलेटिन, काठमाडौँ, २०६४ जेठ, पृ. १-२

अदालतका न्यायाधीश लोकेन्द्रबहादुर मल्लिकको अध्यक्षतामा एक टोली गठन भयो। जनवरी २००७ मा उक्त टोलीलाई संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय ओएचसीएचआरको प्रतिवेदनमा उल्लिखित भैरवनाथ गणबाट बेपत्ता पारिएका ४९ जना व्यक्तिहरूको अवस्था सम्बन्धमा पनि अनुसन्धान गर्ने आदेश सर्वोच्च अदालतले दिएको थियो।

सो समितिले बेपत्ता पारिएका व्यक्तिहरूका सम्बन्धमा छानबिन गर्नका लागि उच्चस्तरीय छानबिन समिति गठन गर्न र बेपत्ता पार्ने कार्यलाई अपराध घोषित गरी कानुन निर्माण गर्न सुझाव दिएको थियो।

सरकारले बेपत्ता पारिएका नागरिकहरूको अवस्था सार्वजनिक गर्न केही वर्षअघि दुईओटा सरकारी समितिहरू गठन गरेको थियो। ती दुई समितिहरूले कूल ५ सय ८१ जनाको अवस्था सार्वजनिक गरे। तर पनि, बेपत्ता पारिएका सयौं व्यक्तिहरूको बारेमा ती सूचिमा कुनै तथ्य उल्लेख गरिएको छैन। पछिल्लोपटक २०६३ जेठ ११ गते सरकारले बेपत्ता पारिएका नागरिकहरूको अवस्था सार्वजनिक गर्न अर्को एक सदस्यीय समिति गठन गरेको थियो, जसले ६ सय २ जनाको अवस्था अज्ञात रहेको र १ सय ७४ जनाको अवस्थाका बारेमा जानकारी भएको उल्लेख गरेको थियो।

बेपत्ता नागरिकहरूको यथास्थिति पत्ता लगाई सार्वजनिक गर्नका लागि सरकारले सशस्त्र द्वन्द्वको अवधिभर कुनै न्यायिक आयोग गठन गरेन। तर, यससम्बन्धमा चौतर्फी दबाब बढ्दै गएपछि सरकारले सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता भएकाको स्थिति सार्वजनिक गर्न २०६४ असार १२ गते सर्वोच्च अदालतका पूर्वन्यायाधीश नरेन्द्र न्यौपानेको संयोजकत्वमा तीन सदस्यीय उच्चस्तरीय छानबिन आयोग गठन गरेको घोषणा गऱ्यो। छानबिन आयोगको सदस्यमा नेपाल बार एसोसिएसनका पूर्वउपाध्यक्ष शेरबहादुर केसी र नेपाल बार एसोसिएसनका महासचिव रमन श्रेष्ठ नियुक्त गरिएको सार्वजनिक गरियो।

बेपत्ता पार्ने कार्यविरूद्ध सर्वोच्च अदालतको आदेशबमोजिम कानुन बनाउने र त्यसका आधारमा शक्तिसम्पन्न आयोग गठन गर्नुपर्ने मानवअधिकार समुदायको मागलाई सरकारले लत्यायो। फलत: आयोगका पदाधिकारीहरूलाई हालसम्म नियुक्ति पत्रसमेत दिइएको छैन। यसरी बलपूर्वक बेपत्ता पार्ने कार्य विरूद्ध कानुन निर्माण नै नगरिकन केवल सरकारले काम गरेको देखाउने नियतका साथ अगाडि सारिएको आयोग अन्तत: अस्तित्वमा नै आउन सकेन।

विस्तृत शान्ति सम्झौता, सर्वोच्च अदालतको आदेश एवम् राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकार समुदाय, पीडितपक्षको चाहनाअनुरूप बलपूर्वक बेपत्ता पारिएका नागरिकहरूको अवस्था छानबिन गर्न आयोग बनाउने उल्लेख भएअनुसार सरकारले ढिलै भए पनि बेपत्ता नागरिकहरूको छानबिन र तथ्य पत्ता लगाउने गरी "व्यक्ति बेपत्ता पार्ने (कसुर र सजाय) विधेयक" व्यवस्थापिका संसद्मा पेश गरेको छ। प्रस्तावित विधेयकमा "२०५२ फागुन १ गतेदेखि २०६३ मङ्सिर ५ सम्म भएको सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता पारिएका, भएका र त्यस्तो कार्यमा संलग्न व्यक्तिहरूबारे छानबिन गर्न उच्चस्तरीय आयोग गठन गर्ने" उल्लेख गरिएको छ। तर मानवअधिकार समुदायले उक्त विधेयक अपर्याप्त ठहऱ्याउँदै आ-आफ्ना तर्फबाट सुझावसमेत प्रस्तुत गरेको छ। यसै सन्दर्भमा इन्सेकलगायतका मानवअधिकार संस्थाले प्रस्तावित विधेयकमाथि टिप्पणी गर्दै केही बुँदा सुधार गर्नका लागि सुझावसमेत प्रस्तुत गरेको थिए। संयुक्त राष्ट्रसङ्घका महासचिवद्वारा १० जनवरी २०१० मा प्रस्तुत प्रतिवेदनमा पनि मस्यौदा विधेयक अन्तराष्ट्रिय मापदण्ड अनुरूप नरहेको जनाइएको छ।[६]

६. बलपूर्वक बेपत्ता र संयुक्त राष्ट्रसङ्घीय सरोकार

विगतमा भएका मानवअधिकार उल्लङ्घन र ज्यादतीका घटना कानुनी प्रक्रियाअनुरूप अगाडि बढ्ने र त्यसबाट पीडितलाई क्षतिपूर्ति प्रदान गर्ने एवम् पीडकलाई अभियोजनको भागी बनाउनेतर्फ कुनै कदम चालिएन। दण्डहीनताको संस्थागत प्रश्रयका कारण मानवअधिकार उल्लङ्घनका गम्भीर घटनाहरूका बारेमा पनि राज्य संयन्त्र पूर्णत: मौन रहन थाल्यो। यस्तो दुरावस्थाप्रति विश्व समुदायको ध्यानाकर्षण हुनु स्वाभाविक थियो। यसक्रममा संयुक्त राष्ट्रसङ्घका महासचिव, मानवअधिकार उच्चायुक्तलगायत मानवअधिकारसम्बन्धी अन्य संयन्त्रहरूद्वारा नेपालको बिग्रँदो मानवअधिकार अवस्थाबारे निरन्तर चासो व्यक्त गर्ने क्रम बढ्न थाल्यो।

यसै सन्दर्भमा राष्ट्रसङ्घको मानवअधिकार सम्बन्धी विशेष कार्यविधि अन्तर्गतका विभिन्न विषयगत

६. http://www.insec.org.np/pics/1251717394.pdf

क्षेत्रका समाधिक्षक एवम् कार्यदलहरूले नेपालमा आफूहरूले भ्रमण गर्न तथा यथार्थ अवस्थाको अध्ययन गर्न पाउनुपर्ने भन्दै नेपाल सरकारसँग अनुरोध गरे। बढ्दै गएको अन्तर्राष्ट्रिय चासो र संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार संयन्त्रहरूको आग्रहलाई औपचारिक रूपमा नेपाल सरकारले स्वीकार गर्नु र उनीहरूलाई निमन्त्रणा गर्नुको विकल्प रहेन।

बलपूर्वक बेपत्ता सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय कार्यदलले सन् १९८० देखि २००७ सम्म नेपालमा जबर्जस्ती बेपत्ताका कूल ५ सय ३१ ओटा घटनाका सम्बन्धमा सरकारसमक्ष चासो व्यक्त गर्दै पत्राचार गरेको थियो। जसमध्ये २ सय ११ ओटा घटनाका सम्बन्धमा कार्यदलले सरकार र गैरसरकारी स्रोतबाट थप सूचना प्राप्त गरी यथार्थ अवस्था एकिन गरिसकेको छ भने अझैसम्म ३ सय २० ओटा घटना थाती रहेका छन्। कार्यदललाई थप सूचना दिइएका घटनाहरूमध्ये सरकारद्वारा सूचना पठाइएका १ सय ३२ ओटा र गैरसरकारी स्रोतका ७९ ओटा घटना थिए। अवस्था एकिन भइसकेका घटनाहरूमध्ये सूचना दिइएको मितिसम्म १ सय ५० ओटामा पीडितहरू मुक्त भइसकेको, ५९ ओटामा हिरासत वा थुनामै रहेको र एउटामा पीडितको मृत्यु भइसकेको जनाइएको थियो। कार्यदलद्वारा सरकारसमक्ष प्रेषित सूचनामा ६१ जना महिला पीडित भएको देखिएको थियो। तीमध्ये ४७ जना महिलाको बारेमा समितिले अझैसम्म कुनै जानकारी प्राप्त गरेको छैन। बलपूर्वक बेपत्तासम्बन्धी संयुक्त राष्ट्रसङ्घीय कार्यदलले सरकारको निमन्त्रणामा २०६१ मङ्सिर २१ देखि २९ गते (६-१४ डिसेम्बर २००४) सम्म नेपाल भ्रमण गरेको थियो। कार्यदलको प्रतिनिधित्व यसका अध्यक्ष समाधिक्षक स्टेफन जे. टुप र कार्यदलका सदस्य सैयद राजी खोरासनीले गरेका थिए। भ्रमणको उद्देश्य कार्यदलले प्राप्त गरी सञ्चार/सम्पर्क गरेका बलपूर्वक बेपत्ताका घटनाका सम्बन्धमा नेपाल सरकारसँग छलफल गर्नु र मानवअधिकारको अन्तर्राष्ट्रिय मान्यताका आधारमा राष्ट्रमा जबर्जस्ती बेपत्ताको स्थितिको जाँच गर्नु रहेको थियो।

संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको नेपालस्थित कार्यालयले नेपालमा बेपत्ता पारिएका नागरिकहरूका सम्बन्धमा मे २००५ मा स्थापना भएदेखि नै सरोकार व्यक्त गर्दै आएको छ। यसक्रममा कार्यालयले नेपालस्थित विभिन्न सरोकारवालाहरू, जस्तै गैरसरकारी संस्थाहरू, राष्ट्रिय मानवअधिकार आयोग, बेपत्ता नागरिकका परिवार आदिसँग पनि विभिन्न तहमा सहकार्य गर्दै आएको छ। खासगरी उनीहरूको क्षमता अभिवृद्धिको क्षेत्रमा कार्यालयको महत्वपूर्ण योगदान रहिआएको छ। दण्डहीनताको अन्त्य र बेपत्ताजस्ता गम्भीरखाले मानवअधिकार उल्लङ्घनमा संलग्न दोषीहरूलाई कारवाही गर्नका लागि उच्चायुक्तको नेपालस्थित कार्यालयले सरकारसँग बारम्बार आग्रह गर्दै आएको छ। उच्चायुक्तको नेपालस्थित कार्यालयले सन् २००३ मा काठमाडौँको महाराजगञ्जस्थित भैरवनाथगण गणमा राखिएका व्यक्तिहरूको गिरफ्तार, थुना, यातना र उनीहरूलाई निरन्तर बेपत्ता पार्ने कार्यका सम्बन्धमा छानबिन गरी मे २००६ मा प्रतिवेदन सार्वजनिक गरेको थियो। उक्त प्रतिवेदन उच्चायुक्तको कार्यालयले प्रधानमन्त्रीका साथै प्रधानसेनापतिलाई समेत पेश गरेको थियो। उक्त प्रतिवेदनमा सेनाले सन् २००३ मा गिरफ्तार गरी बेपत्ता पारिएको भनी ४९ जनाको नामावली उल्लेख गरिएको छ।

नागरिक तथा राजनीतिक अधिकारको अवस्था अनुगमन गर्ने संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार समितिले ०६६ कात्तिक १२ गते एक ऐतिहासिक निर्णय गर्दै नेपाल सरकारलाई ०५८ माघ १ गते सैनिक टोलीद्वारा गिरफ्तार भई सम्पर्कबाहिर हिरासतमा राखिएका र यसपछि बलपूर्वक बेपत्ता पारिएका बाग्लुङ जिल्ला कालिका गाविस-७ का सूर्यप्रसाद शर्माका सम्बन्ध निष्पक्ष अनुसन्धानका लागि निर्देशन दियो। स्वतन्त्र विशेषज्ञहरू सम्मिलित सो मानवअधिकार समितिले सरकारलाई प्रभावकारी र कार्यान्वयन योग्य उपचार प्रदान गर्न र १ सय ८० दिनभित्र यससम्बन्धमा आफूले गरेका कार्यको प्रतिवेदन पेश गर्न निर्देशन गऱ्यो। समितिले आफ्नो निर्णयमा नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धिमा उल्लेखित प्रभावकारी उपचारसम्बन्धी अधिकार धारा २ (३), यातनाविरूद्धको अधिकार धारा (७), व्यक्तिको स्वतन्त्रता र सुरक्षाको अधिकारसम्बन्धी धारा ९ र वैयक्तिक सम्मानसम्बन्धी धारा १० आकर्षित भएको जनाएको छ।

शर्मालाई २०५८ माघ १ गते बिहान करिब ५ बजेतिर सैनिक पोशाकमा रहेका १०/१५ जनाको टोलीले घरबाट गिरफ्तार गरेको थियो। २०५९ माघ २० गते उनकी पत्नी जसोदा शर्माले सर्वोच्च अदालमा बन्दी प्रत्यक्षीकरण रिट दायर गरिन्। माओवादीको आश्रयस्थल चिनाउन लगेको समयमा भाग्ने प्रयास गर्दा शर्माको नदीमा डुबेर मृत्यु भएको भन्ने सैनिक अधिकारीको भनाइलाई आधार मानी २०६१ फागुन ५

गते सर्वोच्च अदालतले शर्मा हिरासत या राज्यको नियन्त्रणमा नरहेको भन्दै मुद्दा खारेज गरिदियो। सबै राष्ट्रिय कानुनी उपचारका उपाय नभएपछि जसोदाले आफ्ना पतिको मुद्दा मानवअधिकार समितिसम्म पुऱ्याएकी थिइन्।

७. निराशामा पीडित परिवार

सरकार तत्कालीन नेकपा (माओवादी) र सरकार बीच भएको विस्तृत शान्ति सम्झौतामा औपचारिक हस्ताक्षर भएपछि दश वर्षसम्म जारी सशस्त्र द्वन्द्वको विधिवत अन्त्य भयो। त्यसपछि पनि बलपूर्वक बेपत्ता पारिएका मानिसहरूको बारेमा बेला बेलामा लिखित सम्झौताहरू भए। युद्धविराम आचारसंहिता, २०६३, सात दल र नेकपा (माओवादी) का शीर्ष नेताहरूको बैठकको निर्णय, २०६३, नेपालको अन्तरिम संविधान, २०६३, अन्तरिम सरकारको साझा सहमतिको न्यूनतम कार्यक्रम, २०६३ र नेकपा (माओवादी) समेत सात राजनीतिक दलबीच सम्पन्न समझदारी, २०६४ (२३-बुँदे समझदारी) मा बेपत्ता पारिएका नागरिकहरूको खोजी गर्ने, उनीहरूको अवस्था सार्वजनिक गर्ने, यससम्बन्धी उच्चस्तरीय छानबिन आयोग गठन गर्ने, पीडितका परिवारहरूलाई क्षतिपूर्ति/राहत प्रदान गर्नेजस्ता विभिन्न प्रतिबद्धता गरिएका छन्। (हेर्नुहोस् अनुसूचि)

तर ती प्रतिबद्धता पूरा गर्नेतर्फ न सरकार न प्रमुख दलहरू संवेदनशील देखिए। बेपत्ता पारिएका परिवारका तर्फबाट शर्मिला त्रिपाठीलगायतको टोलीले तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई ज्ञापनपत्र बुझाउन जाँदा दिइएको जवाफ यसको उदाहरण हो। प्रधानमन्त्री कोइरालाले बेपत्ता पारिएकाहरूको स्थिति सार्वजनिक गर्न सरकार तयार रहेको र त्यसको निमित्त माओवादीले पनि आफूले बेपत्ता पारेका भनिएका व्यक्तिहरूको अवस्था पनि सार्वजनिक गर्नुपर्ने बताएका थिए। उनले सरकारसँग "सूचि" रहेको बताउँदै माओवादीका तर्फबाट बेपत्ता पारिएका व्यक्तिहरूको अवस्था सर्वजनिक गर्नासाथ सरकार सार्वजनिक गर्न तयार रहेको बताएका थिए।[७]

उता एकीकृत माओवादीका अध्यक्ष प्रचण्ड अहिले आफूहरू सरकारमा नभएको तर्क गर्दै बेपत्ता छानविन आयोग गठन गरी सत्यतथ्य पत्ता लगाउन अझै प्रतिबद्ध रहेको दोहोऱ्याए।[८] प्रधानमन्त्री भइसकेका प्रचण्डले यसअघि बेपत्ता पार्नेहरूलाई कारबाही गर्न खोज्दा आफूले राजीनामा दिनुपरेको बताएका थिए।[९]

माथिका दुवै दृष्टान्तले बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको अवस्थाप्रति दलहरू गम्भीर एवम् संवेदनशील रहेका छैनन् भन्ने देखिन्छ। बेपत्ता पीडितहरूप्रति देखाइने सरोकारमा पनि निरन्तरता छैन। एउटा ठोस काम भनेको चाहिँ मारिएका वा बेपत्ता पारिएकाहरूको परिवारलाई तात्कालिक राहतस्वरूप दिइएको आर्थिक सहयोग हो। तर राजनीतिक हस्तक्षेप हुने गरेको तथा पैसा वितरणको प्रभावकारी अनुगमन नभएको हुँदा सहयोग बाँड्ने प्रक्रियामा पनि कमीकमजोरी छन्। अझै बेपत्ता रहेका एक हजारभन्दा बढी व्यक्तिका परिवारमा दुःख निराशा र विश्वासघात भएको भावना बढ्दो छ।[१०]

यसै भावनाका कारण बेपत्ता भएका आफ्ना आफन्त भेटिएर न्याय पाउने आशा मर्दै गएपछि पीडित परिवारले राहतका लागि मृत्यु दर्ता गर्न थालेका छन्। बाँके, बर्दिया र सुर्खेतमा राज्य र माओवादीबाट बेपत्ता पारिएका ९६ जना नागरिकका परिवारले आफन्तको मृत्यु भइसकेको भनेर मृत्यु दर्ता प्रमाणपत्र लिइसकेका छन्।[११]

जिम्मेवार अधिकारीहरू भने बेलाबखत प्रतिबद्धता दोहऱ्याउन चुक्दैनन्। २०६६ चैत ५ गते प्रधानमन्त्री माधवकुमार नेपालले बेपत्ता परिवारको पाँच बुँदे ज्ञापनपत्र बुझ्दै बेपत्ता पारिएका व्यक्तिहरूको खोजी गर्ने र दोषीलाई कारबाही गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए। विस्तृत शान्ति समझौता भएपछिका तीनै जना प्रधानमन्त्री बेपत्ता पारिएकाहरूको अवस्था सार्वजनिक गर्न र दोषीलाई कारबाही गराउन इच्छुक हुँदाहुँदै पनि किन हुन सकिरहेको छैन ? कतै दलहरूका नेता समय बित्दै जाँदा विगत बिर्सिदैं गइन्छ भन्ने सोचाइमा त रहेका छैनन् ? भन्ने प्रश्न उठनु अस्वभाविक होइन। तसर्थ, विगतमा बलपूर्वक बेपत्ता

७. http://www.bbc.co.uk/nepali/news/story/2006/09/060912_disappearance.shtml
८. http://nagariknews.com/politics/party-politics/20828-2010-11-28-14-39-26.html
९. http://www.cmprachanda.com/samachar-detail.php¿id=565583143226
१०. http://www.crisisgroup.org/en/regions/asia/south-asia/nepal/184-nepal-peace-and-justice.aspx¿alt_lang=ne-NP
११. http://202.166.193.40/kantipur/news/news-detail.php¿news_id=225576

पारिएका व्यक्तिहरूको अवस्था सार्वजनिक गर्न र भविष्यमा यस्ता कार्य हुन नदिन निम्नलिखित उपाय अवलम्बन गर्नु पर्दछ। अनि मात्र पीडित पक्षले न्याय पाउन सक्छन्।

- बेपत्ता पारिएका भनिएका घटनाहरू, तिनका कारण र पीडितहरूको अवस्थाबारे जाँचबुझ गर्न अधिकारसम्पन्न आयोग गठन गर्ने।
- एकीकृत माओवादीले द्वन्द्वकालमा मारिएका आफ्ना सम्पूर्ण कायकर्ताको नामावली प्रकाशन गर्नुपर्ने।
- पीडित परिवारहरूका लागि उपयुक्त राहत कार्यक्रम तर्जुमा गरी बिना भेदभाव लागू गर्ने लगायतका विषयमा सर्वोच्च अदालतद्वारा १८ जेठ २०६४ मा भएको निर्देशनात्मक आदेश शीघ्र कार्यान्वयन गर्नुपर्ने।
- बलपूर्वक बेपत्ताबाट व्यक्तिहरूको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि अनुमोदन गर्ने।
- बेपत्ता पार्ने कार्यलाई कसूर कायम गरी बलपूर्वक बेपत्ता पारिएको कार्य सम्बन्धमा बलपूर्वक बेपत्ता पारिने कार्यबाट व्यक्तिहरूको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि २००६ परिभाषाअनुरूपको कानुन बनाउने।
- नागरिकलाई बलपूर्वक बेपत्ता गराइएको आरोप लागेका सैनिक अधिकारीलाई नागरिक अदालतमा मुद्दा चलाउने गरी सैनिक ऐन संशोधन गर्ने।
- विगतमा सेनाद्वारा गरिएका सबै कोर्टमार्सलका पूर्ण विवरण, छन् भने लिखित फैसलासहित सार्वजनिक गर्नुपर्ने, साथै वर्तमान कानुनअनुसार सर्वसाधारणको अपरहण गरेको र यातना दिएको आरोप लागेका सैनिक अधिकारीविरूद्ध न्यायाधीश र महान्यायाधिवक्ताले भविष्यमा प्रभावकारी अभियोजन गर्नुपर्ने।
- नेपाल सरकार र नेपालका सुरक्षाकर्मीले सबै बन्दीहरूको सबैभन्दा पछिल्लो अवस्थाबारेको सूचना सरोकारवालाहरूले सजिलै प्राप्त गर्नसक्ने गरी राख्नुपर्ने। र, सो सूचना राष्ट्रिय मानवअधिकार आयोगलगायत नागरिक समाजका संस्था र बन्दीका परिवारजनलाई उपलब्ध गराउनुपर्ने।
- सर्वोच्च अदालतले आफ्नो मानहानीको मुद्दा दायर गर्ने अधिकारलाई सक्रियरूपमा उपयोग गरी अदालतमा इमान्दारीका साथ प्रस्तुत नहुने पदाधिकारीलाई कारवाही गर्नु पर्ने।
- सरकारले राष्ट्रिय मानवअधिकार आयोगलाई बलियो बनाउनका लागि यथाशक्य कदम चाल्नुपर्ने। राष्ट्रिय मानवअधिकार आयोगले पूर्वजानकारी बिना निर्वाधरूपमा सेनाका ब्यारेकलगायत् हिरासतमा अनुगमन गर्न पाउनुपर्ने।
- राष्ट्रिय मानवअधिकार आयोगद्वारा बेपत्ता नागरिकको सम्बन्धमा भएको निर्णय र सिफारिसको तत्काल कार्यान्वयन गर्नुपर्ने।
- राष्ट्रसङ्घीय शान्ति स्थापना कार्य विभागले भविष्यमा नेपाली सैनिकलाई शान्ति सेनामा संलग्न गराउन नेपालमा सेनाद्वारा गरिएको भनिएका बेपत्ता बनाउने क्रम र अन्य मानवअधिकार उल्लङ्घनमा हुने सुधारका आधारमा मूल्याङ्कन गर्नुपर्ने र यससम्बन्धी पुर्नविचारका लागि मानवअधिकार उच्चायुक्तको नेपालस्थित कार्यालयको सहयोग लिनुपर्ने।
- बलपूर्वक बेपत्तासम्बन्धी संयुक्त राष्ट्रसङ्घीय कार्यदललाई नेपाल भम्रणको लागि निमन्त्रणा गर्नुपर्ने।
- विस्तृत शान्ति सम्झौता, अन्तरिम संविधान, २३-बुँदे सहमति लगायतमा जबर्जस्ती बेपत्ता नागरिकको स्थिति पत्ता लगाउन गरिएको व्यवस्थाको शीघ्र कार्यान्वयन गर्नुपर्ने।

परिच्छेद

५

विस्फोटक पदार्थ तथा साना घातक हातहतियारको भय र चुनौती

पृष्ठभूमी

विश्वमा प्रत्येक वर्ष युद्धको अवशेषको रूपमा रहेका विस्फोटक पदार्थका कारण लाखौँको सङ्ख्यामा नागरिकहरू मारिने तथा घाइते हुने गर्दछन्। सशस्त्र युद्धको अन्त्य भए तापनि युद्धग्रस्त क्षेत्रमा युद्धका अवशेषका रूपमा रहेका नपड्किएका, बेवारिसे अवस्थमा छाडिएका विस्फोटक पदार्थहरू तथा युद्धका लडाकुहरूले लुकाएर भण्डारण गरेका जस्तै विशेष गरेर माइन, आर्टीलरी सेल, मोटार्र, बम, ग्रिनेड आदी जस्ता विस्फोटक पदार्थहरू कायमै रहन्छन्।[१] बारुदी सुरुङ्बाट मात्रै ८० मुलुकका लाखौँ मानिसहरू प्रभावित भएका छन्। तर, बारुदी सुरुङ्को व्यापकता बारे अझै पनि स्पष्ट आँकलन भने हुन सकेको छैन। प्रत्येक वर्ष १० हजार मानिसहरू बारुदी सुरुङका कारण मृत्युवरण गर्न पुग्दछन्,तीमध्ये ठूलो सङ्ख्या बालिबालिकाको हुने गर्दछ।[२]

सस्तो भएका कारण बारुदी सुरुङ, घरेलु विस्फोटक पदार्थ युद्धरत पक्षहरूले सहजै प्रयोग गरिने युद्धसामग्रीको रूपमा विस्तार हुँदै गएको छ। नेपालको दशवर्से सशस्त्र द्वन्द्वका क्रममा राज्य र विद्रोही दुवै पक्षले विस्फोटक पदार्थको प्रयोग गरेका थिए। राज्य पक्षका सुरक्षा निकायले माइन, एन्टी पर्सनल माइन जस्ता विस्फोटक पदार्थको प्रयोग गरेका थिए।[३]

यसबाहेक अन्य विस्फोटक पदार्थ र साना तथा घातक हतियारको प्रयोग त्यतिबेला प्रशस्त भएको थियो जसबाट हजारौँ मानिसले ज्यान गुमाएका थिए। तत्कालीन विद्रोही पक्ष र सरकारबीच शान्ति समझौता भएपश्चात् पनि त्यस्ता पदार्थबाट हुने गरेका दुष्परिणामबाट मुलुक अझै मुक्त हुन सकेको छैन। द्वन्द्वरत पक्षहरूबीच शान्ति सम्झौतामा हस्ताक्षर हुन सक्दछ, उनीहरू बीचको वैमन्यश्यता समाप्त हुन सक्छ, तर युद्धकालमा प्रयोग गरिएका विस्फोटक पदार्थका असर भने लामो समयसम्म रहिरहने गर्दछ।[४] नेपालमा सशस्त्र द्वन्द्व विधिवत समाप्त भएको चार वर्ष बितिसकेको छ। युद्धअवशेषका रूपमा रहेको विस्फोटक पदार्थको भय भने अझै कायम नै छ।

चार वर्षअघि (नोभेम्बर २१, २००६) नेपाल सरकार र तत्कालीन नेकपा माओवादी (हाल एकीकृत नेकपा माओवादी) बीच सम्पन्न शान्ति सम्झौताको बुँदा ५.१.४ मा दुवै पक्षले युद्धको समयमा प्रयोग गरेका धराप तथा बारुदी सुरुङहरूको रेखाङ्कन र भण्डारणबारे ३० दिनभित्र एक अर्कालाई जानकारी दिने र ६० दिनभित्र निष्कृय र निर्मूल गर्न एकअर्कालाई सहयोग गर्ने प्रतिबद्धता जनाएका थिए। अञ्जानमा हुने विस्फोटनको समस्यालाई न्यूनीकरण गर्दै युद्धावशेषबाट कुनै प्रकारको क्षति नहोस् भन्ने उद्देश्यका साथ सहमतिमा यस विषयलाई महत्व दिइएको थियो।

वृहत् समझौतामा जुन गुरुताका साथ यस विषयलाई महत्व दिइएको थियो, त्यसैस्तरमा परिपालना नगरिएका कारण धनजनको क्षतिबाहेक शान्तिप्रक्रियालाई नै चुनौती दिने नया नया समस्या उत्पन्न भइरहेका छन्। साना तथा घातक हातहतियारको बहुलप्रयोग थप समस्याको रूपमा देखा पर्न थालेको छ। यस्ता पदार्थको प्रयोगबाट हुनसक्ने मानवीय, आर्थिक, मनोवैज्ञानिक, वातावरणीय क्षति र समस्याबारे सरोकारवालाहरूको समुचित ध्यान अझै पुग्न सकेको छैन। साथै, शान्तिप्रक्रिया र सङ्क्रमणकालीन व्यवस्थापनमा यसले पार्ने नकारात्मक असरको बारेमा सामूहिक दृष्टिकोण निर्माण हुन नसक्नु अर्को चिन्तनीय पाटो हो। यसै सन्दर्भमा अञ्जानमा हुने विस्फोटक पदार्थ र साना तथा घातक हतियारको प्रयोगले सन् २०१० मा नेपालमा पारेको असर र प्रभावको बारेमा यस परिच्छेदमा चर्चा गरिएको छ।

१. अञ्जानमा हुने विस्फोटन

यस अनुच्छेदमा अञ्जानमा हुने विस्फोटन (Victim Activated Explosion-VAE) भन्नाले घरेलु विस्फोटक पर्दाथ (Improvised Explosive Devices-IED), नपडकिएका तथा बेवारिसे अवस्थामा फालिएका तथा छाडिएका विस्फोटक पदार्थ (Unexploded/Abandoned Ordinance-UXO/AO), मानवघातक माइन (Anti personal -AP Mines) का कारण पीडितबाट अञ्जानवश भएको सक्रियता कारण भएका विस्फोटनका घटना र त्यसबाट सृजित हताहतलाई बुझाउँदछ। साथै जनावर वा प्राकृतिक (चट्याङ, ताप, पहिरो आदि) कारणले भएका विस्फोटनमा परी हताहत भएका गैरसैनिक नागरिकहरू तथा विस्फोटक पदार्थ सक्रिय बनाउनेको सामिप्यका कारण हताहत भएका वा विस्फोटक पदार्थको उत्पादन, ओसारपसार वा भण्डारणका बेलामा नजिकै रहेका कारणबाट हताहत भएका गैरसैनिक नागरिकहरू तथा युद्धरत पक्षद्वारा जबरजस्ती

१. http://www.icrc.org/eng/war-and-law/weapons/explosive-remnants-war/overview-explosive-remnants-of-war.htm
२. www.clearlandmines.com/landmineProb-Impact.cmf
३. Govt to Outline Defence Policy on Landmines", Himalayan Times, 3 February 2004.
४. Global Burden of Armed Violence.Geneva Declaration Secretariat, Geneva, 2008

चित्र : १



विस्फोटक पदार्थ निष्क्रिय गराउन वा हटाउन लाग्दा भएका विस्फोट भई हताहत भएका सर्वसाधारणहरू बुझाउँदछ।[५]

विस्तृत् शान्ति सम्झौतापछि नोभेम्बर २१, २००६ देखि डिसेम्बर २०१० सम्ममा जम्मा १सय२८ ओटा अञ्जानवश सक्रिय भएको विस्फोटनको घटनामा ४ सय ५७ जना हताहत भएको इन्सेकको *अञ्जानमा हुने विस्फोटन, साना तथा घातक हातहतियार अनुगमन प्रणालीमा* अभिलेख भएको छ।

सन् २००६ मा जम्मा ९८ ओटा विस्फोटनको घटनामा १सय ६९ जना हताहत भए। सन् २००७ मा जम्मा ४२ ओटा त्यस्ता घटनामा १ सय ४ जना हताहत भएका थिए। सन् २००८ मा ३८ ओटा विस्फोटनको घटनामा ७३ जना हताहत भए। सन् २००९ मा २४ ओटा घटनामा जम्मा ७० जना र सन् २०१० मा अञ्जानवश सक्रिय हुन गई भएको विस्फोटनको २२ ओटा घटनामा ४१ जना हताहत भएका थिए। उपरोक्त तथ्याङ्कले अञ्जानवश सक्रिय हुन गई भएको विस्फोटनको घटनामा क्रमश: कमी हुँदै गएको देखाउँछ। द्वन्द्वकालमा युद्धरत पक्षहरुका लडाकुको कार्यस्थल बदलिसकेको अवस्थामा उनीहरुले तत्कालीन अवस्थामा विस्फोटक पदार्थ कहाँ कहाँ छाडेका थिए त्यसको पत्ता लाग्न नसक्ने भएकोले भय र चुनौती भने यद्यपी विद्यमान छन्। हेर्नुहोस् चित्र १ ।

सन् २००६ मा अञ्जानमा हुने विस्फोटनबाट ३९ जना मारिएका थिए। विस्तृत शान्ति सम्झौतापछि दुईओटा छुट्टाछुट्टै भएको घटनाहरूमा मारिएका दुई जनामध्ये एउटा घटना रामेछाप जिल्लामा बेवारिसे अवस्थामा भेटिएको विस्फोटक पदार्थ घरमा ल्याई त्यसमा भएको तारलाई दाँतले टोकेर तान्ने क्रममा भएको थियो। अर्को घटना मोरङ जिल्लामा जमिनमा गाडिएको विस्फोटक पर्दाथमा टेक्दा भएको थियो। सन् २००७ मा विस्फोटमा परी मारिएका १३ जनामध्ये पाल्पा जिल्लामा गाउँलेले भेटेको विस्फोटक पर्दाथलाई निष्क्रिय पार्ने क्रममा विस्फोटनमा परि नौ जना सर्वसाधरणको मृत्यु भएको थियो। यसैगरी डोटी जिल्लामा एक बालकको आफ्नै घरमा विस्फोटक पदार्थ खेलाउँदै गर्दा मृत्यु भएको थियो भने नुवाकोटमा दुई जना जङ्गलमा च्याउ खोज्ने सिलसिलामा भेटेको विस्फोटक पदार्थ उत्सुकताबस चलाउने क्रममा विस्फोटनमा परी मारिएका थिए। त्यस्तै कालीकोटमा एक जनाले विस्फोटक पदार्थ खेलाउँदै गर्दा विस्फोटनमा परी ज्यान गुमाएका थिए। सन् २००८ मा जाजरकोटमा माओवादीद्वारा घरमा राखिएको बम विस्फोटन भएर दुई जनाको मृत्यु भएको थियो भने रोल्पा जिल्लामा एक जना महिला घाँस काट्ने क्रममा सैनिक क्याम्प परिसरमा बिच्छाइएको माइनमा टेक्दा विस्फोटन भई मरेकी थिइन्। सर्लाही जिल्लामा एक बालक आफ्नै घरमा सकेट बम खेलाउने क्रममा विस्फोटनमा परी मारिएलगत्तै उनको घरबाट प्रहरीले नपड्केको अवस्थामा रहेको एउटा सकेट बम पनि बरामद गरेको थियो। सन् २००९ मा अञ्जानमा हुने विस्फोटनमा परी मारिएका १६ जनामध्ये माइन बिच्छाइएको र खतराको चिह्न लेखिएको रोल्पा र दाङका दुई छुट्टाछुट्टै सैनिक क्याम्पमा प्रवेश गर्दा विस्फोटनमा परी एक-एक जना मारिएका थिए भने कैलाली जिल्लामा दुई जना बालिका अर्को व्यक्तिले चलाउँदै गरेको बम हेर्ने क्रममा विस्फोटन भई मारिएका थिए। उक्त घटनामा तीन जनाको मृत्यु भएको थियो । डढेलधुरामा एक जना व्यक्ति आफ्नै घरमा सुतिरहेका अवस्थामा आफ्नै घरनजिक राखिएको बम अचानक विस्फोटन हुँदा मारिए। त्यस्तै पर्सा जिल्लामा खेतमा भेटिएको टिफिन बम चलाउँदा विस्फोटनमा परेर एक जनाको मृत्यु भएको थियो। चितवनमा बेवारिसे अवस्थामा सशस्त्र क्याम्प नजिकै भेटिएको माइन घरमा ल्याई ८ वर्षीय बालकले खेलाउने क्रममा विस्फोटन हुँदा तिन जनाको मृत्यु भएको थियो। गुल्मी जिल्लाको जङगलमा विस्फोटनमा परी दुई जना, सर्लाही, प्यूठान, बैतडी जिल्लामा घरमा भएको विस्फोटनमा परी एक-एक जनाको मृत्यु भएको थियो भने बझाङ जिल्लामा विद्यालय परिसरमा एक जना बालकको विस्फोटनमा परि मृत्यु भएको थिए।

चार वर्षको समय (सन् २००६ देखि २०१०) मा जम्मा मारिएका ७२ जनामध्ये ५० जना पुरुष र २२ जना महिलाको अञ्जानमा हुने विस्फोटनमा परी मृत्यु भएको थियो। यीमध्ये ३३ जना विद्यार्थी, २७ जना किसान तथा पाँचजना मजदुरहरू थिए। त्यसैगरी दुई

५. इन्सेक। पीडितद्वारा अञ्जनाम सक्रिय गरिएक विस्फोटनका घटना सम्बन्धी प्रतिवेदन,। काठमाडौं : अनौपचारिक क्षेत्र सेवा केन्द्र, २००९

चित्र : २



र पाँच जना क्रमश: रोजगार र बेरोजगार थिए। शैक्षिक स्तरको आधारमा हेर्ने हो भने ४८ जना साक्षर थिए भने २४ निरक्षर थिए। उमेर समूहको आधारमा सबैभन्दा बढी ४१ जना ०-१८ वर्ष समूहका बालबालिकाहरू मारिएका थिए भने १९ जना १९-३९ वर्ष समूह र ४०-५९ बर्ष समूहका १२ जना मारिएका थिए। आर्थिक अवस्थाको आधारमा विश्लेषण गर्ने हो भने आफूले कमाएको तीन महिना भन्दा कम मात्र पुग्ने समुदायका ३६ जनाको अञ्जानमा हुने विस्फोटनमा परेर मृत्यु भएको थियो। त्यस्तै छ महिनासम्म दु:खसु:ख खान पुग्ने वर्गका ३१ जना र मध्यम वर्गका करिब एक वर्षसम्म दु:खसु:ख खानको लागि अन्न भएका पाँच जनाको मृत्यु भएको थियो। यस तथ्याङ्ले के देखाउँदछ भने अञ्जानमा हुने विस्फोटका घटनाबाट गरिब वर्गका बढी पीडित हुने गर्छन्।

भौगोलिक विभाजनको आधारमा हेर्ने हो भने पहाडी क्षेत्रमा सबैभन्दा बढी ४१ जनाको अञ्जानमा हुने विस्फोटनमा परी मृत्यु भएको थियो भने तराई-मधेश र हिमाली क्षेत्रमा क्रमश: २८ र ३ जनाले ज्यान गुमाउनु परेको थियो। सन् २००६ मा मात्रै ३९ जना अञ्जानमा हुने विस्फोटन परी मारिएका मध्ये तराई-मधेश र पहाडमा १८-१८ जनाको मृत्यु भएको थियो। सन् २००७ मा जम्मा मारिएका १३ जना सबै पहाडी जिल्ला (पाल्पामा नौ जना नुवाकोटमा दुई जना, डोटीमा एक जना , कालीकोटमा एक जना) हरूमा मारिएका थिए। सन २००८ मा मारिएका चार जनामध्ये पहाडी क्षेत्र र तराई-मधेशमा क्रमश: तीन र एकको मृत्यु भएको थियो । सन २००९ जम्मा मारिएका १६ जनामध्ये नौ जना तराईका जिल्लाहरूमा र बाँकी सात जना पहाडी जिल्लाका थिए। दशवर्से सशस्त्र द्वन्द्वबाट आक्रान्त पहाडी क्षेत्रमा अञ्जानमा हुने विस्फोटनको घटना परी मारिने क्रम शान्ति सम्झौतापछिका प्रारम्भिक वर्षहरूमा बढी देखिएको थियो। तर सन् २००९ पछि तराईमा बढी देखिनुले तराई क्षेत्रमा विभिन्न सशस्त्र समूहका नाममा प्रयोग गर्ने क्रममा नपड्किएका तथा बेवारिसे अवस्थामा छाडिएका विस्फोटक पदार्थका कारण भएका हुन् भन्न सकिने अवस्था देखिएको छ। सन् २०१० मा २२ वटा अञ्जानमा हुने विस्फोटनको घटनामा १३ वटा तराई-मधेशमा पाँचओटा पहाडमा र चारओटा हिमाली क्षेत्रका जिल्लाहरू भएको थियो। विस्तृत जानकारीको लागि यसै परिच्छेदको १.१ को तराई मधेश बढी प्रभावित उपशीर्षक हेर्नुहोस् ।

१.१ तराई-मधेश बढी प्रभावित

सन् २०१० मा जम्मा १७ ओटा जिल्लामा अञ्जानवश सक्रिय हुन गई विस्फोटनको घटना भएको थियो। जसमध्ये तराई-मधेशका नौ ओटा जिल्ला (पर्सा, सुनसरी, सप्तरी, दाङ, बारा, रौतहट, सिराहा, बाँके र मकवानपुर) हरूमा जम्मा १३ ओटा विस्फोटनको घटनामा ३० जना हताहत भएको इन्सेकको *अञ्जानमा हुने विस्फोटन, साना तथा घातक हातहतियार अनुगमन प्रणालीमा* अभिलेख गरिएको छ। सबैभन्दा बढी विस्फोटनका तीनओटा घटना पर्सा जिल्लामा भएको थियो जसमा छ जना हताहत भएका थिए। त्यस्तै चारओटा पहाडी जिल्लाहरू (गुल्मी, म्यार्दी, बागलुङ र दैलेख) मा भएका पाँचओटा घटनामा छ जना हताहत भएका थिए हिमाली तीन जिल्ला (जुम्ला, डोल्पा र हुम्ला) मा जम्मा तीनओटा घटनामा तीन जना हताहत भएका थिए। हेर्नुहोस् चित्र सङ्ख्या २।

इन्सेकका अञ्जानमा हुने विस्फोटन, साना तथा घातक हतियार अनुगमन प्रणालीका अनुसार तराई-मधेशका जिल्लाहरू बढी प्रभावित भएको पाइयो। बृहत शान्ती सम्झौता पछी तराई सबै भन्दा असुरक्षित ठाउँ

चित्र : ३



बनेको छ।[६] तराई-मधेशमा बग्रेल्ती उब्जीएका सशस्त्र समूहरूले हत्या हिंसाका काम कार्यवाहीमा जथाभावी प्रयोग गरिने विस्फोटक पदार्थ नपडकेको अवस्थामा वा वेवारिसे अवस्थामा सर्वसाधरण जनताले भेट्ने र उत्सुकता वस चलाउने तथा खेलाउने कार्यले गर्दा यस्ता घटना हुने गरेका छन्। साथै उधोग धन्दा तथा ठूला व्यपारीहरूलाई भयभित पार्दै चन्दा अशुल्ने कामका लागी छाडिएका विस्फोटक पदार्थको जोखिममा अन्य सर्वसाधरण पर्ने गर्दछन्। त्यसैले अञ्जानमा हुने विस्फोटनका कारण हुने क्षतीलाई न्यून गर्नको लागि तराईका जिल्लाहरूमा माइन जोखिम शिक्षलाई प्रभावकारी रूपमा लागु गर्नुपर्दछ।

१.२ बसोबास क्षेत्रमा घटनासङ्ख्या बढी

इन्सेकको अञ्जानमा हुने विस्फोटन, साना तथा घातक हातहतियार अनुगमन प्रणालीमा प्राप्त सूचनाअनुसार सन् २०१० मा भएका २० ओटा घटनामध्ये छ ओटा घटना घरमा भएका थिए जहाँ नौ जना व्यक्तिहरू हताहत भए। त्यस्तै मानवीय बसोबास र जनघनत्व बढी भएका स्थानमा तुलनात्करूपमा बढी घटना भएको अभिलेखले देखाउँछ । बेवारिसे अवस्थामा फालिएका विस्फोटक पदार्थ घरमा ल्याएर त्यसको पहिचान गर्न खोज्दा वा त्यसलाई खेलाउन खोज्दा यस्ता घटना भएका हुन्। खासगरी घरमा भएका विस्फोटनबाट बालबालिका बढी हताहत भएका पाइयो। बालसुलभ कौतुहलताका कारण उनीहरूले आफूले भेटेका नौला वस्तु सङ्ग्रह गर्ने र त्यसलाई प्रयोग गर्न खोज्ने प्राकृतिक अभ्यासका कारण उनीहरू बढी सङ्ख्यामा पीडित हुने गर्दछन् ।

सशस्त्र समूहले समुदायलाई आफू अनुकूल बनाउने क्रममा भय सृजना गराउनका लागि जनघनत्व बढी भएका ठाउँ वा मानवीय आवागमन बढी हुने स्थानमा विस्फोटक पदार्थको प्रयोग गर्ने वा बेवारिसे अवस्थामा राखिदिने सामान्य प्रचलन रहँदै आएको छ। सन् २०१० मा गाउँटोलमा भएका चारओटा विस्फोटनका घटनामा १० जना हताहत भएका थिए भने घरमा भएको छ ओटा विस्फोटनको घटनामा नौ जना हताहत भएका थिए। त्यस्तै खेतबारीमा भएका विस्फोटनका पाँच घटनामा नौ जना हताहत भए भने सरकारी कार्यालय तथा टोल समुदायमा भएका दुई-दुईओटा घटनामा क्रमश: ७-७ जना हताहत भएका थिए। हेर्नुहोस् चित्र ३।

१.३ बालबालिका बढी पीडित

सन् २०१० मा भएका जम्मा २२ विस्फोटनको घटनामा हताहत भएका मध्ये २६ जना पुरुष थिए भने महिलाको सङ्ख्या १५ थियो। जसमध्ये १८ वर्षमुनिका बालबालिकाहरूको सङ्ख्या २० जना रहेको छ। सुन्य देखि चार वर्ष समूहमा पनि एक जना हताहत भएका छन्। सबै भन्दा बढी १२ जना १० देखि १४ वर्ष उमेर समूहमा हताहत भएका छन्। सन् २००९ र २००८ मा

तालिका १

वर्षसमूह	हताहत
0-४	१
५-१८	१९
१९-५९	३0
६0+	१
जम्मा	४१

चित्र : ४



६. सुरक्षा सुधारको लागि सही बटो समातिएको छ ? इन्टरडिसिप्लिनरी एनालिप्ट तथा सेफरवर्ल्ड, काठमाडौं, नेपाल, २०६५

चित्र : ५



क्रमस ५४ प्रतिशत (३९) र ६४ प्रतिशत (७२) बालबालिका अञ्जानमा हुने विस्फोटनका कारण हताहत भएका थिए। बालबालिका स्वभावले कुनै नया बस्तु फेला पारेमा कौतुहलताबस हेर्ने तथा खेलाउनाले गर्दा अञ्जानमा हुने विस्फोटनको जोखिमा बढी परेको पाइन्छ। त्यसैगरी १९ देखि ५९ वर्ष समूहमा हताहत हनेको सङ्ख्या २० र ६० वर्षभन्दा माथि १ जना हताहत भएका थिए। बालबालिका पछि सक्रिय उमेर समूहका मानिसहरू बढी प्रभावित भएको पाइयो । *हेर्नुहोस् तालिका १ ।*

१.४ विस्फोटित पदार्थका प्रकृति र विस्फोटनका कारण

अञ्जानमा हुने विस्फोटन, साना तथा घातक हातहतियार अनुगमन प्रणाली अनुसार सन् २०१० मा जम्मा ४१ जना हताहत भएकामध्ये ३६ जना आइईडीका कारण र दुई जना माइन विस्फोटनमा परेर भएका थिए भने पाँच जना हताहती कुन विस्फोटक पदार्थ विस्फोट हुँदा भएका थिए त्यसबारे पहिचान हुन सकेन। ३६ हताहतीमध्ये सुतली बम विस्फोटन भएर सबैभन्दा बढी २४ जना घाइते भएका थिए भने सकेट बम विस्फोटन भएर आठ जना घाइते भएका थिए। त्यसैगरी बेवारिसे अवस्थामा फालिएको टिफिन बक्स खोल्ने क्रममा चार जना हताहत भएका थिए। *हेर्नुहोस् चित्र ४।*

अन्जानमा हुने विस्फोटनका २२ घटनामा जम्मा ४१ जना हताहत मध्ये सबैभन्दा बढी १४ जना हताहत बेवारिसे अवस्थामा भेटिएका विस्फोटक पदार्थ खेलाउनाले भएको पाइयो । यसैगरी बेवारिसे अवस्थामा भेटिएका विस्फोटक पदार्थ उत्सुकतावस चलाउनाले नौ जना हताहत भएका थिए भने नजिकैबाट हिँडदा भएको विस्फोटनका कारण आठ जना हताहत भएका थिए। जिल्ला प्रहरी कार्यालय दाङ मा

चित्र : ७



भण्डारकोठा सफा गर्ने क्रममा विस्फोटन भएर चार जना प्रहरीहरू पनि घाइते भएका थिए। नजिकै काम गरेका अवस्थामा तथा भेटिएका शङ्कास्पद बस्तु फाल्ने क्रममा २-२ जना हताहत भएका थिए भने विस्फोटक पर्दाथलाई टेकेका कारण विस्फोट भई एक जना घाइते भएका थिए , अर्का एक जनाको बारेमा विस्फोटनको कारण खुल्न सकेन। *हेर्नुहोस् चित्र ५।*

चित्र : ६



२. साना तथा घातक हतियार

हिंसाले समाजको सबै तप्कालाई असर पार्दछ। यसले समाजमा असरको लहर सृजना (ripple effects) गर्दछ। जसका कारण समाजमा भयले प्रशय पाउँदछ। परिणामत वजार, वन्दव्यापारलाई अस्तव्यस्त पार्दछ। विद्यालय तथा सार्वजनीक यतायत आदी सबै क्षेत्रमा यसको प्रत्यक्ष असर पर्दछ। फलत: विकास निर्माणका काममा अवरोध सृजना भई समाजिक संरचनालाई नष्ट पार्दछ। हिंसाले सबै उमेरलाई प्रभाव पारे तापनि विशेष गरेर कुनै निश्चित समुदाय तथा निश्चित स्थानलाई यसले गम्भीर असर पुऱ्याउँदछ। विश्वमा १५ देखि ४४ वर्ष समूहका मानिसलाई मार्ने चौंथो प्रमुख कारणको रूपमा साना हतियार रहेको छ। चालीस भन्दा बढी देशहरूमा मृत्युको प्रमुख १०

कारणहरूमा हतियारजन्य हिंसाले ओगटेको छ।[७]

साना तथा घातक हातहतियारको प्रयोग र यसका कारण हुने हताहतको अवस्था नेपालमा एउटा गम्भीर समस्याको रूपमा देखा परेको छ। साना तथा घातक हातहतियारको गैरकानुनी प्रयोगले नेपालमा जनधनको क्षति पुऱ्याएको छ, लिङ्गको आधारमा गरिने हिंसालाई बढावा दिएको छ, जारी शान्तिप्रक्रियालाई असर पुऱ्याएको छ। समग्रमा भन्ने हो भने विकासको गति तथा मानवअधिकारको उपभोगको अवस्थामा नै समस्या पारेको छ।[८] साना तथा घातक हातहतियार विगतको १० वर्से लामो सशस्त्र द्वन्द्वमा व्यापक रूपमा प्रयोग भएको थियो। विस्तृत शान्ति सम्झौतापछि विशेष गरेर तराई तथा पूर्वी पहाडी जिल्लाहरूमा राजनीतिक माग पूरा गर्ने नाममा या आपराधिक क्रियाकलामा साना तथा घातक हातहतियारको प्रयोग गर्न थालियो। विशेष गरेर तराई क्षेत्रमा व्यक्तिगत अभिष्ट पूरा गर्न यसप्रकारका हतियारको प्रयोगमा व्यापकता नै आयो। विस्तृत शान्ति सम्झौतापछि साना तथा घातक हातहतियारको प्रयोगको प्रत्यक्ष असर देशको शान्तिप्रक्रिया र यसको सफलतामा समेत पार्न थालेको छ।[९]

साना तथा घातक हातहतियार भन्नाले राइफल, बन्दुक, पिस्तोल, रिभाल्भर, माइन र ग्रिनेड र त्यसका पार्टपूर्जाहरू र त्यस्तो हतियार बनाउने कल मेशिनलाई समेत जनाउँछ। 'मेशिन गन' भन्नाले ब्रेनगन, लुइस गन, स्टेशन मेशिन कारबाइन, टम्सन मेशिन कारबाइन र सो सरहका अटोमेटिक हतियारहरू र त्यसको पार्टपूर्जाहरू, त्यस्तो मेशिनगन ओसारपसार र चढाउनका लागि प्रयोग गरिने गाडीहरू र त्यस्तो मेशिन गन बनाउने कल मेशिनलाई समेत बताएको छ। यसैक्रममा "खरखजाना" भन्नाले फगसिग्नल (धुमिका सङ्केत) फ्युज, बारुद, केप, गोला, छर्रा, पडकाउने बस्तु (डिटोनेटर) कार्तुस त्यस्तै किसिमको विस्फोटक पदार्थ र अरु खरखजानाहरूलाई समेत जनाउँछ भनी उल्लेख गरिएको छ।[१०]

साना तथा घातक हातहतियारसम्बन्धी कार्यसमूह, नेपालले गरेको परिभाषाअनुसार साना हतियार भन्नाले मानिसले बोकेर प्रहार गर्नसक्ने अस्त्रहरू जसलाई पडकाउनको लागि विभिन्न विस्फोटक पर्दाथहरूको प्रयोग गरिएर बनाइएको हुन्छ भनिएको छ। साथै बन्दुक, पिस्तोल, रिभल्भर, राइफल, सबमेशिन गन, लाइट मेशिनगनजस्ता हतियारलाई पनि यसैअर्न्तगत राखिएको छ। यसका साथै मानिसले बोकेर एक स्थान बाट अन्य स्थानमा लान सक्ने घातक

चित्र : ८



हतियार (Portable lethal weapons) भन्नाले साना हतियारहरूलाई बुझाउँदछ। यसअतिरिक्त व्यक्तिगत कामको सन्दर्भमा पनि प्रयोग गरिने जस्तै छुरी, भाला, खुकुरीलगायत साना प्रज्वलनशील पदार्थहरू आदी पर्दछन्।[११]

इन्सेकको अञ्जानमा हुने विस्फोटन, साना तथा घातक हातहतियारको अनुगमन प्रणालीका अनुसार सन् २०१० मा साना तथा घातक हतियारको आक्रमणका कारण जम्मा ४सय८५ घटनामा ६ सय ७० जना हताहत भएका थिए। जस मध्ये १सय९२ जनाको मृत्यु भएको थियो भने ४ सय ७८ जना घाइते

६. Global Burden of Armed Violence. Geneva Declaration Secretariat; ISBN 978-2-8388-0101-4
८. Nepal Working Groups on Small Arms and Other Portable Lethal Weapons: Terms of Reference, Kathmandu, 2010
९. Nepal Working Groups on Small Arms and Other Portable Lethal Weapons: Terms of Reference, Kathmandu, 2010
१०. हतियार तथा खरखजाना ऐन, २०१९
११. Nepal Working Groups on Small Arms and Other Portable Lethal Weapons: Terms of Reference, Kathmandu, 2010

चित्र : ९



भएका थिए। हताहतमध्ये सबैभन्दा बढी सेप्टेम्बर महिनामा जम्मा १सय १३ र नोभेम्बर महिनामा १सय १२ जना हताहत भएका थिए। *चित्र ६ र ७ हेर्नुहोस्।*

२.१ बालबालिका तथा महिला पनि पीडित

साना तथा घातक हतियारका कारण जम्मा ६ सय ७० जना हताहत भएका मध्ये १८ वर्ष मुनिका हताहती हुनेको सङ्ख्या ७२ (११ प्रतिशत) रहेको छ। त्यस्तै हताहत हुने महिलाको सङ्ख्या १ सय १६ (१७ प्रतिश) रेर्कड गरिएको छ भने हताहत हनु पुरुषको सङ्ख्या ४ सय ८२ (७२ प्रतिशत) इन्सेकको अञ्जानमा हुने विस्फोटन, साना तथा घातक हातहतियार अनुगमन प्रणालीमा अभिलेख गरिएको छ। बालबालिका तथा महिलाहरू पुरुषहरूले प्रहार गरेका कारण हताहत भएका हुन्। *चित्र ८ हेर्नुहोस।*

२.१ आक्रान्त तराई मधेश

सन् २०१० मा ५८ जिल्लामा साना तथा घातक हातहतियारका आक्रमणमा ६ सय ७० जना हताहत भएका थिए। जसमध्ये तराईमा ३सय६६ (५५ प्रतिशत) हताहत भएका थिए भने पहाड र हिमाल क्षेत्रमा ३ सय४ (४५ प्रतिशत) जना हताहत भए। तराईका २० जिल्ला (झापा, मोरङ, सुनसरी, सप्तरी, सिरहा, धनुषा, मोहत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, चितवन, नवलपरासी, रूपन्देही, कपिलबस्तु, दाङ, बाँके, बर्दिया, कैलाली, कञ्चनपुर) हरू सबै जिल्लामा साना तथा घातक हातहतियारको प्रयोग भएको पाइएको छ। सबैभन्दा बढी मोरङ जिल्लामा १सय१९ जना हताहत भएका थिए। दोश्रो बढी हताहत पहाडी जिल्ला सुर्खेतमा ७३ जना र बाँकेमा ३७ जना साना तथा घातक हतियारका कारण हताहत भएका थिए। यसैगरी बारा जिल्लामा २७, धनुषामा २६, काठमाडौमा २१ जना हताहत भएका इन्सेकको अञ्जानमा हुने विस्फोटन, साना तथा घातक हतियार अनुगमन प्रणालीमा अभिलेख भएको छ। *हेर्नुहोस् चित्र नं. ९।* जम्मा मृत्यु भएका १ सय ९२ (हताहत भएका मध्येको २९ प्रतिशत) मध्ये तराई मधेशका जिल्लामा १ सय ११ जनाको मृत्यु भएको थियो भने बाँकी ८१ जनाको अन्य पहाडी तथा हिमाली जिल्लामा मृत्यु भएको थियो।

चित्र : ११



तराई-मधेशमा साना हतियारको गैह्रकानुनी प्रयोगमा सरकारले पर्याप्त मात्रमा नियन्त्रण गर्न सकिराखेको छैन। साना हतियार नियन्त्रण गर्न नसक्नु बढ्दो समस्याको रूपमा विकसित भइ हिजोआज विकसित भएको हिंसालाई बढावा दिने काम

चित्र : १०



चित्र : १२



सजिलैसँग उपलब्ध हुने साना हतियार ले नै गरेको छ।[१२]

२.२ साना तथा घातक हतियारको प्रयोगस्थल

सामान्यतया घर भनेको मानवको सुरक्षित वासस्थान हो। तर इन्सेकको अनुगमन प्रणाली अनुसार साना तथा घातक हातहतियारको आक्रमणको कारण २ सय २६ जना घरमा हताहत भएका थिए। कामको शिलशिलामा हिंडने क्रममा भएको आक्रमणमा २ सय ५० जना हताहत भएका थिए भने स्कूल, कलेज, होटल, पसल आदी जस्ता सार्वजिनक स्थलमा १ सय २२ जना हताहत भएका थिए। *चित्र १० हेर्नुहोस्।*

२.३ आक्रमणका कारण

साना तथा घातक हातहतियारको आक्रमणको प्रमुख कारणको रूपमा व्यक्तिगत झैझगडा तथा रिसईबी पाइएको छ। यसका कारण ३ सय ४२ जना हताहत भएका थिए भने घरेलु हिंसाका कारण ८४ जना हताहत भएका थिए। राजनीतिक प्रतिशोधका कारण आक्रमणमा परी हताहत हुने सङ्ख्या ७६ थियो भने चोरी तथा डकैतीको क्रममा आक्रमणमा परी ५६ जना हताहत भएका थिए। *हेर्नुहोस चित्र ११।*

३ खतरा अझै यथावत

नेपाल अझै पनि बारुदेसुरुङ् युद्धका अवशेषका रूपमा रहेका खतराजन्य विस्फोटन पदार्थको जोखिममा छ। दश वर्ष लामो सशस्त्र युद्धमा द्वन्द्वरत दुवै विद्रोही र राज्य पक्षले प्रयोग गर्दा नपडकिएका वा बेवारिसे अवस्थामा छाडेका खतरनाक विस्फोटक पदार्थबाट सन् २०१० मा ४१ जना पीडित भएको इन्सेकको अञ्जानमा हुने विस्फोटन, साना तथा घातक हातहतियार अनुगमन प्रणालीमा अभिलेख गरिएको छ। शान्ति सम्झौता भएको चार वर्ष बितिसक्दा पनि युद्धका अवशेषको रूपमा रहेका बारुदेसुरुङ तथा बेवारिसे अवस्थामा फालिएका विस्फोटक पदार्थको भय यद्यपी कायमै छ। यस्ता विस्फोटक पदार्थहरू बटाघाटा, खेतबारी, वन जङ्गल आदी जस्ता स्थानहरू, जहाँ मानिसहरू आफ्नो दैनिक जीवनयापनको सिलसिलामा आवतजावत गर्दछन्, त्याहाँ बेवारिसे अवस्थामा पाउन सकिन्छ। यस्तो अवस्थामा पाइने बेवारिसे विस्फोटक पदार्थबाट को हताहती हुने हो तथा खेलने क्रममा कुन केटकेटी घाइते हुन पुग्ने हुन्, विस्फोटनको भयले अहिले पनि गाउँघरका स्थनीय बासिन्दाहरू त्रसित छन्।

इन्टरनेशनल ब्यान्ड ल्याण्ड माइन क्याम्पेन अनुसार सन् २००८ मा नेपालमा करिब ३.२५ वर्ग कि. मि. क्षेत्रमा माइन तथा युद्धका अवशेषहरू रहेको अनुमान गरेको छ।[१३] नेपाल सरकार र संयुक्त राष्ट्रसङ्घीय मिसन (अनमिन) को सहयोगमा नेपाली सेना र सशस्त्र प्रहरीको सक्रियतामा विभिन्न स्थानमा रहेका घरेलु विस्फोटक पदार्थ तथा माइन नष्ट गर्ने कार्यलाई निरन्तर जारी राखेको छ। यद्यपि लक्षअनुसार उपलब्धि हासिल हुन सकेको छैन। जम्मा ५३ स्थानमा बिच्छाइएका माइनमध्ये सन् २००८ मा केवल पाँच स्थानमा मात्र हटाइएको थियो। त्यस्तै नेपाली सेनाले सन् २००९ मा १२ ओटा स्थानबाट बिच्छाइएका माइनहरू हटाउन सफल भएको छ भने सन् २०१० मा बाँकी रहेका १८ स्थानहरूबाट माइनफिल्ड हटाउन सफल भएको छ भने अझै १८ स्थानबाट हटाउन बाँकी रहेको छ। जम्मा हटाइएका ४५ माइनफिल्डबाट जम्मा ५ हजार ९ सय ५० ओटा एन्टी पर्सनल माइनहरू नष्ट गरिएको थियो।[१४] यसका अतिरिक्त नेकपा माओवादीका लडाकूहरू राखिएको सातओटै सिविरबाट २८ हजार २ सय ७३ थान खताराजन्य विस्फोटक पदार्थहरू नष्ट गरिसकेको छ।[१५]

१२. सुरक्षा सुधारको लागि सही बटो समातिएका छ ? इन्टरडिसिप्लिनरी एनालिष्ट तथा सेफरवर्ल्ड, काठमाडौ, नेपाल, २०६५

१३. International Campaign to Band Land Mine; http://www.the monitor.org/index.php/publications/display?act=submit&pqs_year=2009&pqs_type=lm&pqs_report=nepal

१४. Nepal Army : Humanitarian Demining Operation; http://www.nepalarmy.mil.np/demining.php

१५. http://www.unmin.org.np/?d=activities&p=mine

द्वन्द्वोत्तर कालमा युद्धको अवशेषको रूपमा रहेका माइन तथा विस्फोटन नभएका घरेलु विस्फोटक पदार्थ अझै पनि बेवारिसे अवस्थामा भेटिनु तथा देशमा मुख्य गरेर तराई मा सशस्त्र समूहले यसको प्रयोग व्यापकरुपमा प्रयोग गरिरहेको वर्तमान सन्र्भमा यसको भय र चुनौती कम भएको भन्ने अवस्था छैन।बरु बढी भन्दा बढी सावधानी अपनाउनु पर्ने अवस्था छ जसबाट भविष्यमा यसबाट क्षति हुन नसकोस्।

नेपालमा साना तथा घातक हातहतियारको गैरकानुनी प्रयोग एउटा ज्वलन्त समस्याको रूपमा देखा परेको छ। सन् २०१० मा यसप्रकारका हतियारको आक्रमणका ४८५ घटनामा ६ सय ७० जना हताहत भएका थिए भने १ सय ९२ जनाले ज्यान गुमाउनु परेको थियो। साना तथा घातक हतियारको अनियन्त्रित र गैरकानुनी समस्यामा विशेष गरेर तराई क्षेत्रका जनताहरू बढी मात्रमा पीडित भएको पाइएको छ। इन्सेकको अञ्जानमा हुने विस्फोटन, साना तथा घातक हातहतियारको प्रयोगका कारण २ सय ६२ जना किसान, १सय १३ जना विद्यार्थी, १ सय ४ जना कर्मचारी, ७१ व्यापारी, ६० बेरोजगार, ३० जना राजनीतिकर्मी, चार जना नाबलक र बाँकी २६ जना पेशा नखुलाइएकाहरू हताहत भएका थिए। जम्मा ६ सय ७० जना हताहतमध्ये बन्दुकका कारण १ सय ९ जना, खुकुरी, छुरी जस्ता धारिला हतियाको प्रयोगका कारण ३ सय२० जना, रड, भाला आदीका कारण १ सय ६३ जना विस्फोटक पदार्थको प्रयोगका कारण ४०जना हताहत भएका थिए भने ३८ जना हताहती कुन हतियारको प्रयोगले भएको हो खुल्न सकेको छैन। *हेर्नुहोस् चित्र नं. १२।*

साना तथा घातक हतियारको गैरकानुनी प्रयोगका समस्या दिन प्रतिदिन व्यापक बन्दै गएको छ। सन् २०१० मा नेपाल प्रहरीका अनुसार अवैध हतियार तथा खरखजाना अन्तरगत ४ सय १७ ओटा आपराधिक घटनामा ६ सय १४ पुरुष र चार जना महिलालाई गिरफ्तार गरी कारबाही चलाइएको थियो। साथै यस घटनामा ७० पिस्तोल, आठ रिभल्भर, २८ राइफल, ६७ भरुवा र २ सय २ ओटा कटुवा पिस्तोल र जम्मा ६ सय ५४ ओटा गोली बरामद गरिएको थियो।[१६]

गन पोलिसी संस्थाका अनुसार नेपालमा सन् २००६मा २ लाख ५ हजार बन्दुक सर्वासाधारणसँग रहेको अनुमानगरिएको छ।[१७]

४ निष्कर्ष

यस वर्ष अञ्जानमा हुने विस्फोटन, साना तथा घातक हतियारको प्रयोगका कारण जम्मा ५सय ७ ओटा घटनाहरू भए। जसमा जम्मा ७ सय ज्ञज्ञ जना व्यक्तिहरू हताहत भएका थिए भने १ सय ९२ जनाको मृत्यु भएको थियो। सशस्त्र द्वन्द्व विधिवत अन्त्य भएको तीन वर्ष बितिसकेको अवस्थामा यो भयावह सङ्केत हो। यद्यपी अञ्जानमा हुने विस्फोटनका घटनामा केही कमी आएको छ तथापी यसको भय कायमै छ। यस समस्यालाई निराकरण गर्ने प्रमुख दायित्व भनेको राज्यको नै हो। राज्यको तर्फबाट विस्फोटक पर्दाथसम्बन्धी अन्तराष्ट्रिय महासन्धि (परम्परागत हतियारसम्बन्धी र ओटावा सन्धि) अनुमोदन गर्ने सवालमा आवश्यक पहल गर्नेतर्फ राज्य गम्भीर हुनु पर्दछ। यसका अतिरिक्त माइन जोखिमसम्बन्धी शिक्षालाई अझ व्यापक रूपमा प्रचारप्रसार गर्न सरकारको सक्रियता आजको टडकारो आवश्यकता हो।

एक दशक लामो युद्धको अवशेषको रूपमा रहेका तत्कालिन विच्छाइएका बारुदे सुरुङलाई हटाउने कार्यमा केही प्रगती भए तापनि बेवारिसे अवस्थामा फालिएका विस्फोटक पदार्थ तथा तराई मधेशमा बग्रेल्ती उब्जिएका सशस्त्र समुहरू र अवैध रूपमा प्रयोग गरिने हातहतियार तथा विस्फोटक पदार्थको प्रयोगले केवल सुरक्षित वातावरणलाई मात्रै असर नगरी सङ्क्रमणकालीन अवस्थामा रहेको शान्ति प्रक्रियालाई समेत चुनौती दिएको छ। यसले समग्र मानव अधिकारको अवस्थालाई प्रभाव पारेका छ।

सन् २००६ मा युद्धरत पक्षबीच सम्पन्न शान्ति सम्झौताले विधिवत युद्धलाई अन्त्य गरे पनि विशेष गरेर तराई मधेशमा हिंसा वद्धि गराउने तत्वहरू:[१८]

- तराई मधेशमा सशस्त्र समूहहरूका नाममा भइरहेका हिंसात्मक गतिविध
- सजिलैसँग प्राप्त गर्न सकिने हात हतियार र विस्फोटक पर्दाथ
- कानुनी शासनको अभाव तथा दण्डहीनताको संस्कृति

---

१६. Presetnation by SSP Ramesh Phuyanl-Nepal Police in SA&plW meetign, Kathmandu, 2010

१७. http://www.gunpolicy.org/firearms/region/nepal

१८. Nepal Working Group on Small Arms and Other Portable Lethal Weapons-Terms of References

- सुरक्षाको अवस्थामा ह्रास आउनु विशेष गरेर महिला तथा बालबालिकाको अवस्थामा
- कमजोर सुरक्षा प्रणाली
- भारत र नेपाल बीचको खुला सिमाना
- गरिबी, बेरोजगारी, विभेद
- लैङ्गिक हिंसा र महिला विरुद्ध हुने विभेद

युद्धोत्तर काल तथा सङ्क्रमणकालीन अवस्था विभिन्न अपाराधिक समूहका लागि उर्वर समय मानिन्छ। यस्तो अवस्थामा राज्य तथा यसका सुरक्षा अङ्गहरू अझ प्रभावकारी रूपमा कर्तव्यपरायण भएर लाग्न जरुरी छ। साथै समयमा नै सरकार, राजनीतिक दल, र नागरिक समाज सजग हुन आवश्यक छ।

५. सुझाव

अञ्जानमा हुने विस्फोटन, साना तथा घातक हतियारका कारण हुने हताहतीको समस्यालाई निराकरण गर्न निम्नलिखित कदमहरू चाल्न आवश्यक छ।

- विस्फोटक पदार्थसम्बन्धी महासन्धि (परम्परागत हतियार सम्बन्धी महासन्धि र ओटावा सन्धि) अनुमोदन गर्ने।
- माइन नष्ट गर्ने कार्यलाई तीव्रता दिने। गैरसरकारी सङ्घसंस्थाको सहयोग लिँदै माइन जोखिम न्यूनीकरण शिक्षालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने।
- अञ्जानमा विस्फोटनमा परी हताहत भएकाहरूलाई सहायता प्रदान गर्ने।
- तत्कालीन माओवादीद्वारा युद्धको समयमा कब्जामा लिइएका घर तथा स्थानहरू तथा त्यस्ताका भण्डारण गरिएका विस्फोटन पर्दाथका बारेमा एकीकृत नेकपा माओवादीले सरकारलाई यथार्थ जानकारी दिने र यसलाई नष्ट गर्ने कार्यमा सहयोग गर्ने।
- तराईका जिल्लाहरूमा सुरक्षाको अवस्थामा सुधार ल्याउन विशेष पहल गर्ने।
- तराईका जिल्लाहरूमा क्रियाशील सशस्त्र राजनीतिक समूहलाई कानुनी दायरामा ल्याउने।
- अवैध हातहातियार तथा विस्फोटनको पदार्थको प्रयोग तथा ओसारपसार नियन्त्रण गर्न समयानुकूल कानुन लागु गरी दण्डप्रणाली मजबुत बनाउने।
- विस्फोटक पदार्थ तथा अवैध हातहतियारको ओसारप्रसार तथा प्रयोगका विरुद्धमा जनचेतना अभिवृद्धि गर्ने।

परिच्छेद

६

जोखिममा मानवअधिकार रक्षक

१. पुष्ठभूमि

'मानवअधिकार रक्षक' भन्नाले मानवअधिकारको प्रवर्धन र संरक्षणका लागि व्यक्तिगत वा सामूहिकरूपमा कार्य गर्ने व्यक्तिलाई जनाउँदछ।[१] संयुक्त राष्ट्रसङ्घको मानवअधिकार रक्षक सम्बन्धी घोषणापत्र १९९८ ले मानवअधिकार रक्षकहरूको परिभाषा व्यापक अर्थमा लगाएको छ।

मानवअधिकार रक्षकहरू अग्रपङ्क्तिमा रहेर मानवअधिकारको संरक्षण, प्रवर्धन र बहालीका लागि व्यक्तिगत वा समूहिकरूपमा कार्य गर्ने व्यक्तिहरू हुन्। उनीहरू मानवअधिकारका विश्वव्यापी मान्यताहरूलाई यथार्थमा परिणत गर्ने अभियानमा सक्रिय हुन्छन्। आन्तरिक सशस्त्र द्वन्द्वका कारण विभाजित राष्ट्रहरू होऊन् वा स्थिर राजनीतिक अवस्था भएका राष्ट्रहरू, मानवअधिकार रक्षकहरू सक्रियरूपमा मानवअधिकार प्रर्वधन र संरक्षण कार्यमा क्रियाशील रहनु उनीहरूको दायित्व हो। कुनै अप्रजातान्त्रिक मुलुक होस् या सबल प्रजातान्त्रिक अभ्यास भएको मुलुक, त्यसैगरी आर्थिक रूपमा विकासशील होस् या विकसितको सूचीमा पर्ने मुलुक, हरेक स्थानमा मानवअधिकार रक्षकहरूको भूमिकामा कुनै परिवर्तन हुँदैन।

मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ तथा अन्तर्राष्ट्रिय मानवीय कानुन तथा मानवअधिकारसम्बन्धी आधारभूत सिद्धान्त र मान्यताहरूप्रति प्रतिबद्ध रहँदै,[२] भन्ने शब्द उल्लेख गर्दै तत्कालीन सरकार र नेपाल कम्युनिष्ट पार्टी माओवादीबीच २०६३ मङ्सिर ५ गते भएको विस्तृत शान्ति सम्झौताको बर्खिलाप राज्यपक्ष, गैरराज्य पक्ष र अन्य समूहबाट पत्रकार, कानुनव्यवसायी, शिक्षक, मानवअधिकारकर्मीहरूमध्ये कतिपयले ज्यान गुमाए भने कतिपय अङ्गभङ्ग भएका छन्। आफ्नो पेशा व्यवसाय गरेकै कारण उनीहरू डर त्रासमा बाँच्न बाध्य भए।

नेपालमा मानवअधिकाररक्षकहरू लोकतन्त्र स्थापनादेखि लिएर जनताका आधारभूत मानवअधिकार संरक्षण र प्रवर्धनका लागि विगत दुई दशकभन्दा बढी समयदेखि सक्रिय रहँदै आएका छन्। नेपालका मानवधिकार रक्षकहरूले आफ्नो कार्यक्षेत्रमा कार्यरत रहँदाको क्रममा भोगिरहेका व्यवधानहरूको समीक्षा एवम् उनीहरूको आफ्नै अधिकार पनि उल्लङ्न कसरी भइरहेको छ भन्ने समीक्षा यस आलेखमा गर्ने प्रयास भएको छ।

२. नेपालमा मानवअधिकार रक्षकको अवस्था

प्रत्येक व्यक्तिलाई, व्यक्तिगत रूपमा र अरूसँगको सहकार्यमा वा सामूहिकरूपमा कानुनसङ्गत ढङ्गले आफ्नो पेशा व्यवसाय गर्ने अधिकार छ। आफ्नो पेशाका कारण अरुको मानव गरिमा, मानवअधिकार तथा मौलिक स्वतन्त्रताहरूमाथि प्रभाव पार्नसक्ने प्रत्येक व्यक्तिले त्यस्ता अधिकार तथा स्वतन्त्रताहरूको सम्मान गर्नुपर्दछ र पेशागत र व्यवसायिक आचरणसम्बन्धी राष्ट्रिय तथा अर्न्तराष्ट्रिय मापदण्डहरूको पालना गर्नुपर्दछ।[३] मानवअधिकार रक्षकको घोषणापत्रको परिभाषाले रक्षकहरूलाई व्यापक अर्थमा बुझाएको भए पनि खासगरी घोषणापत्रमा परिभाषित रक्षकहरूमध्ये अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को अभिलेखमा सन् २००७ देखि २०१० सम्म प्राप्त समाजका पाँच क्षेत्रमा कार्यरत पेशाकर्मीहरू शिक्षक, सञ्चारकर्मी, कानुनव्यवसायी, स्वास्थ्यकर्मी र मानवअधिकारकर्मीमाथि भएका मानवअधिकार उल्लङ्घन तथा ज्यादती विगत चार वर्षमा कसरी भयो भन्ने बारेमा यो आलेख केन्द्रित रहेको छ ।

प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ[४] भन्ने संवैधानिक व्यवस्था र प्रत्येक

घटना	वर्ष				जम्मा
	२००७	२००८	२००९	२०१०	
हत्या	५	५	१	७	१८
कुटपिट	१२	६२	४४	५३	१७१
बेपत्ता		२	२		४
विस्थापित	१२	५	६		२३
अपहरण	३१	१९	४	९	६३
धम्की	३१	३९	२९	५३	१५२
गिरफ्तारी	११८	२६	१७	२६	१८७
दुर्व्यवहार		१२	३६	२१	६९
अन्य	१	८	६	४	१९
जम्मा	२१०	१७८	१४५	१७३	७०६

१. इन्सेक, पेज नं ५, मानवअधिकार रक्षक र उनीहरूका अधिकार आधारभूत जानकारी २०६५
२. प्रस्तावना, विस्तृत शान्ति सम्झौता २०६३
३. धारा ११ मानवअधिकार रक्षक सम्बन्धी घोषणापत्र २०९८
४. नेपालको अन्तरिम संविधान २०६३ धारा १२

व्यक्तिलाई जीवनको अधिकार[५] हुनेछ भन्ने मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८ ले व्यक्तिको जीवनको अधिकारको सुरक्षा गरे पनि विगत चार वर्षको अवधिमा विभिन्न पक्षबाट कम्तीमा ७ सय ६ जना अधिकारकर्मीहरू जोखिममा परेको इन्सेकको अभिलेखले देखाउँछ।

यस अवधिमा गैरराज्य पक्ष र अज्ञात समूहबाट १८ जना अधिकारकर्मीको हत्या भयो। १ सय ७१ जनालाई कुटपिट गरियो। त्यसैगरि चारजना बेपत्ता, २३ विस्थापित, ६३ अपहरण, १ सय ५२ धम्की, १ सय ८७ गिरफ्तार, ६९ दुर्व्यवहार र बम पड्काउने, जबरजस्ती चन्दा असुल गर्ने जस्ता अन्य खालको घटनाबाट १९ जना पीडित भए।

३. मानवअधिकार रक्षकहरूले भोगिरहेका प्रमुख चुनौती

देशमा व्याप्त दण्डहीनता र लम्बिएको सङ्क्रमणकालीन अवस्थाको फाइदा उठाउँदै राज्य, राजनीतिक दलका कार्यकर्ताहरू, सशस्त्र समूहहरू, अज्ञात समूह र व्यक्तिहरूबाट मानवअधिकार रक्षकहरू पीडित भइरहेका छन्। आफ्नो पेशामा निरन्तर सक्रिय भएका कारण उनीहरूको हत्या गर्ने, अपहरण गरिने, कुटपिट र ज्यानको धम्कीसमेत आउने गरेका छन्।[६]

सन् २००७ देखि २०१० को डिसेम्बरसम्म कूल ३ सय ७९ ओटा घटनामा ७ सय ६ अधिकारकर्मीहरू राज्य पक्ष, गैरराज्यपक्ष तथा अज्ञात समूहबाट पीडित भए। कूल पीडित मध्ये ५ सय ४३ पुरुष र १ सय ६३ महिला अधिकारकर्मी पीडित भए। यस अवधिमा राज्य, राजनीतिक दलहरूका विभिन्न सशस्त्र समूह, अज्ञात समूहहरू अधिकाररक्षकहरूको अधिकार हनन तथा उल्लङ्घनमा उद्यत रहे।

२००७ देखि २०१०				
पीडितहरू	घटना सङ्ख्या	पीडित सङ्ख्या	पुरुष	महिला
शिक्षक	१५०	२४२	२३०	१२
सञ्चारकर्मी	१५८	२६८	२४३	२५
स्वास्थ्यकमी	२२	२६	२६	०
मानव अधिकारकर्मी	३७	१५७	३१	१२६
कानुनव्यवायी	१२	१३	१३	०
जम्मा	३७९	७०६	५४३	१६३

अधिकाररक्षकहरूको ज्यान लिनेदेखि धम्काउने, कुटपिट गर्ने, बेपत्ता पार्ने, अपहरण गर्ने र दुर्व्यवहार गर्ने कार्य विभिन्न पक्षबाट भयो।

प्रत्येक नागरिकलाई पेशा, रोजगार, उद्योग र व्यापार गर्ने स्वतन्त्रता[७], विद्युतीय प्रकाशन, प्रसारण तथा छापाखानालगायत अन्य जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठ्य श्रव्यदृश्य प्रकाशन तथा प्रसारण गर्न वा छाप्न पूर्व प्रतिबन्ध लगाइने छैन[८] भन्ने संवैधानिक व्यवस्था हुदाँहुदै पनि आफ्नो पेशा गरेबापत शिक्षक, सञ्चारकर्मी, स्थास्थ्यकर्मी, कानुनव्यवसायी र अधिकारकर्मीहरू विभिन्न पक्षबाट पीडित हुन पुगे। विगत चार वर्षको अवधिमा १ सय ५० ओटा घटनामा २ सय ४२ जना शिक्षकहरूमध्ये १२ जना महिलासहित २ सय ३० शिक्षक शिक्षिकाको ज्यान जोखिममा पऱ्यो। त्यसैगगि १ सय ५८ घटनामा २ सय ४३ पुरुष र २५ महिला गरी जम्मा २ सय ६८ पत्रकारहरू पीडित भए। यसै अवधिमा ३७ ओटा घटनामा ३१ जनापुरुष

सन् २००७ देखि २०१० सम्म										
पीडक पक्ष	हत्या	कुटपिट	बेपत्ता	विस्थापित	अपहरण	धम्की	दुर्व्यवहार	गिरफ्तारी	अन्य	जम्मा
राज्य	-	४०	-	-	-	६	२२	१८७	४	२५९
गैरराज्य	११	९१	२	२२	३६	१०९	३९	-	१२	३२२
अज्ञात	७	४०	२	१	२७	३७	८	-	३	१२५
	१८	१७१	४	२३	६३	१५२	६९	१८७	१९	७०६

५. मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र २०४८ धारा ४
६. इन्सेक, नेपालमा मानवअधिकार रक्षकको अवस्था २००७-२०१० एक अध्ययन प्रतिवेदन, डिसेम्बर २०१०
७. नेपालको अन्तरिम संविधान २०६३ धारा १२, ३ (च)
८. नेपालको अन्तरिम संविधान २०६३ धारा १५ (१)

मानवअधिकार रक्षक र १ सय २६ महिला मानवअधिकार रक्षक गरी जम्मा १ सय ५७ जना मानवअधिकारकर्मीको अधिकार भयो। यसै अवधिमा स्वास्थकर्मी र कानुन व्यवसायिहरू समेत पीडित भए। २२ वटा घटनामा २६ जना स्वास्थकर्मी र १२ ओटा घटनामा १३ जना कानुनव्यवसायीको मानवअधिकार हनन् गरियो।

खासगरी राज्य[९], गैरराज्य[१०] र अज्ञात समूह अधिकारकर्मीको अधिकार हनन् गर्नमा अग्रपङ्क्तिमा रहेको तथ्याङ्कले देखाउँदछ। विगत चार वर्षमा पीडित भएका ७ सय ६ जना अधिकारकर्मीहरूमा राज्यपक्षबाट २ सय ५८ जना पीडित भए। ४० जना कुटपिट, छ जना धम्की, २२ जना दुव्यवहार १ सय ८७ थुनामा र अन्य घटनामा चारजना पीडित भए।[११] त्यसैगरी गैरराज्य पक्ष खासगरी विभिन्न सशस्त्र समूह, राजनीतिक दल[१२], सर्वसाधारणबाट ११ जनाको हत्या, ९१ जनालाई कुटपिट, दुई जना बेपत्ता, २२ जना विस्थापित, ३६ जनाको अपहरण, १ सय ९ जनालाई धम्की, ३९ जनालाई दुर्व्यवहार[१३] र १२ ओटा अन्य खालका घटना[१४] मा पीडित भए। यस अवधिमा अज्ञात समूहबाट सात जनाको हत्या, ४० जनालाई कुटपिट, दुई जना बेपत्ता, एक जनालाई विस्थापित, २७ जनाको अपहरण, ३७ जनालाई मार्ने धम्की, ८ जनालाई दुर्व्यवहार र तीन ओटा अन्य[१५] खालका घटनामा पीडित भए।

१.१ हत्या

अधिकारकर्मीहरूको हत्यामा तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (माओवादी), अज्ञात समूह र तराईका विभिन्न सशस्त्र समूहहरू संलग्न रहेको पाइन्छ। यस अवधिमा जम्मा १८ जना अधिकारकर्मीहरूको हत्या भयो। यस अवधिमा १० जना शिक्षक चार जना पत्रकार, एक जना मानवअधिकारकर्मी, दुई जना स्वास्थकर्मी, र एक जना कानुनव्यवसायीको हत्या भयो। गैरराज्य पक्षबाट ११ जनाको हत्या भयो भने अज्ञात समूहबाट सात जनाको मारिएका थिए। यस अवधिमा राज्य पक्षबाट भने अधिकारकर्मीहरूको हत्या भएको पाईदैन।

हत्या	वर्ष				
	२००७	२००८	२००९	२०१०	जम्मा
शिक्षक	३	३	-	४	१०
सञ्चारकर्मी	१	१	१	१	४
स्वास्थ्यकर्मी	-	-	-	२	२
मानव अधिकारकर्मी	१	-	-	-	१
कानून व्यवायी		१	-	-	१
जम्मा	५	५	१	७	१८

सन् २००७ र २००८ को तुलनामा सन् २००९ मा अधिकारकर्मीको हत्यामा कमी भयो भने सन् २०१० मा फेरी रक्षकहरूको हत्या सङ्ख्यामा बृद्धि भयो। सन् २००७ मा र २००८ मा पाँच पाँच जना अधिकारकर्मीको हत्या भएको थियो भने सन् २००९ मा एक जना र २०१० मा सात जना अधिकारकर्मीको हत्या भएको थियो।

हत्या गरिएका अधिकारकर्मीहरूमध्ये बाराका सञ्चारकर्मी वीरेन्द्र साहलाई तत्कालीन नेकपा माओवादीका राम एकवाल सहनीले २०६४ असोज १८ गते हत्या गरेको आरोप लागेको छ भने उनको हत्यालाई नेकपा माओवादीले हत्या भएको एक महिना पछिमात्र स्वीकारेको थियो।

पत्रकार महासङ्घ बाराले २०६४ असोज १८

---

९. सुरक्षाकर्मी, सरकारी कर्मचारी, सरकारी निकायका व्यक्तिहरू
१०. राजनीतिक दलहरू (तत्कालीन नेकपा माओवादी, एकीकृत नेपाल कम्युनिष्ट पार्टी, नेपाल मजदुर किसान पार्टी, राष्ट्रिय जनमोर्चा, किरात जनवादी वर्कस पार्टी), विभिन्न सशस्त्र समूहहरू -मधेसी टाईगर, संयुक्त तराई मुक्ति मोर्चा (गोईत), संयुक्त तराई मुक्ति मोर्चा (राजन), अखिल तराई मुक्ति मोर्चा), मधेसी जनअधिकार फोरम, राजनैतिक दलका भात्तृ सङ्गठनहरू र सर्वसाधारण
११. भेट गर्न नदिनु, सूचना सङ्कलन गर्न अवरोध, सेवाबाट वञ्चित गर्न खोज्ने
१२. तत्कालीन माओवादी, एकीकृत नेपाल कम्युनिष्ट पार्टी, नेपाल मजदुर किसान पार्टी, राष्ट्रिय जनमोर्चा, किरात जनवादी वर्कस पार्टी, नेपाली काङ्ग्रेस
१३. मोसो दल्नु, गाली बेइज्जती गर्ने
१४. बम पड्काउने, आगजनी गर्ने
१५. चन्दा माग्ने, बम पड्काउने, आगो लगाउने र गोली पड्काउने

गते पाँच जना विरुद्ध प्रहरी कार्यालयमा उजुरी दिएको थियो। २०६५ कात्तिक १५ गते हत्यामा आरोपितहरूका विरुद्ध मुद्दा दायर गरिएको थियो।[१६] अभियुक्तहरूमध्ये रामएकवाल सहनी र मानेजार गिरीलाई वीरगञ्ज जेल चलानि गरिएको थियो। वीरेन्द्र साहको हत्याको छानबिन गर्न नेपालको संसदले २०६४ असोज २९ गते सांसद उर्मिला अर्यालको नेतृत्वमा संसदीय समिति गठन गरेको थियो। उक्त समितिले कुन्दन फौजदार, रामएकवाल सहनी, मनेजर गिरी हरेराम पटेल र लाल बहादुर चौधरी साहको अपहरणमा संलग्न भएको र उनीहरूलाई कारबाही गर्न सरकारसँग माग गरेको थियो।[१७]

आरोपितहरूमध्ये सहनी २०६५ पुस २१ गतेदेखि, मनेजार गिरी २०६५ कात्तिक १८ देखि न्यायिक न्यायीक कठघरामा रहेका छन् भने अन्य तीन जनालाई गिरफ्तार गरिएको छैन।[१८]

मानवअधिकार रक्षक एवम् दलित गैर-सरकारी संस्था महासङ्घ कपिलबस्तु जिल्लाका अध्यक्ष ३८ वर्षीय पूर्णबहादुर सुनारको ०६४ साउन २४ गते साँझ ८.३० बजे रातपुर गाविस-६ पकरेटी भन्ने स्थानमा जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत, पछिल्लो समयमा अखिल तराई मुक्ति मोर्चाको नामाकरण गरिएको) समूहले गोली प्रहार गरी हत्या गरेको थियो। समूहका पश्चिमाञ्चल कमाण्ड इञ्चार्ज आजादले हत्याको जिम्मेवारी लिँदै तराईबाट पहाडी मूलका कर्मचारीलाई हटाउने आन्दोलनका क्रममा पहिलो कदम भएको बताएका थिए। पहाडीमूलको अधिकारकर्मी हुनु नै उनको हत्याको कारण थियो।

बारा जिल्लाको कलैया नगरपालिका- ८ का कानुनव्यवसायी जगदीश आचार्यको अखिल तराई मुक्ति मोर्चाले २०६५ जेठ ९ गते गोली प्रहार गर्दा घाइते भएका आचार्यको उपचारका क्रममा जेठ ९ गते काठमाडौँमा मृत्यु भएको थियो। त्यसैगरी धनुषा जिल्लाको राष्ट्रिय प्राथमिक विद्यालयका शिक्षक विन्देश्वर मेहताको ०६५ असार ८ गते अज्ञात समूहले गोली हानी हत्या गरेको थियो।

महिला मानवअधिकारकर्मी तथा रेडियो टुडे जनकपुरमा कार्यरत महिला पत्रकार उमा सिंहलाई ०६५ पुस २७ गते अज्ञात समूहले धारिलो हतियार प्रयोग गरी उनको हत्या गरेको थियो। उमा सिंहकी आमा सुशीला सिंहले छोरी उमाको हत्यामा संलग्न भएको आरोपमा १४ जनाको नाममा उजुरी दिएकी थिइन् । १४ जना मध्ये चार जनालाई प्रहरी हिरासतमा लिईएको थियो। हाल उमा सिंहकी आमा सुशीलालाई उजुरी फिर्ता लिन दबाब आइरहेको छ।[१९]

बाँधु गाविस-८ पारतोलाका बाजुरा ३० वर्षीय स्वास्थकर्मी रूपबहादुर भण्डारी मृत अवस्थामा फेला परेका थिए। घरबाट छिमेकी गाउँकी एक महिलाको उपचारका लागि गएका भण्डारी २०६७ मंड्सिर १० गते कर्णाली छेउमा मृत अवस्थामा फेला परेका थिए। मृतकको टाउको र खुट्टामा गहिरो घाउ रहेको उनका परिवारले बताएका थिए।

गोरखा पन्द्रुङ गाविस ४ घर भएकी लाप्राक गाविसस्थित मणिकामदेवी माविका शिक्षिका विष्णुमाया ढकाललाई लाप्रका गाविस ८ का जीत बहादुर गुरुङले २०६७ वैशाख १२ गते हत्या गरी माटो र पातले पुरेको जानकारी पीडकले प्रहरी हिरासतमा जानकारी दिए।

बारा रघुनाथपुर गाविस ८ जोतपुर निवासी श्री दुर्गा उच्च माध्यमिक विद्यालयका शिक्षक सुभाष पाण्डेलाई ०६७ भदौ २१ गते मधेश मुक्ति टाइगसका कार्यकर्ताले पुरैनिया गाविसमा गोली हानी हत्या गरेका थिए।

३.२ कुटपिट

राज्य, गैरराज्य र अज्ञात समूहबाट यस अवधिमा मानवअधिकार रक्षकहरूमाथि कुटपिटका घटना उल्लेख्यरूपमा भएको तथ्याङ्कले देखाउँछ। यस चार वर्षको अवधिमा १ सय ७१ जनालाई कुटपिट गरिएको छ। राज्य पक्षबाट ४० जना रक्षकहरू पीडित भए भने गैरराज्यपक्ष बाट ९१ जना र अज्ञात समूहबाट ४० जना रक्षकहरूमाथि कुटपिट भयो।

कुटपिट	वर्ष				
	२००७	२००८	२००९	२०१०	जम्मा
राज्य	५	१४	४	१७	४०
गैरराज्य	५	३९	२९	१८	९१
अज्ञात	२	९	११	१८	४०
जम्मा	१२	६२	४४	५३	१७१

१६. भट्टराई, विनोद, इम्प्यूनिटी इन नेपाल, पृ ३२
१७. भट्टराई, विनोद, इम्प्यूनिटी इन नेपाल, पृ ३१
१८. भट्टराई, विनोद, इम्प्यूनिटी इन नेपाल, पृ २९
१९. वेव साइट: ://www.myrepublica.com/portal/index.php?action=news_details&news_id=27179

रुकुम जिल्ला गराइला गाविस-८ निवासी नेपाल पत्रकार महासङ्का केन्द्रीय पार्षद् एवम् राजधानी दैनिक रुकुमका संवाददाता २२ वर्षीया टीका विष्टलाई ०६६ मङ्सिर २३ गते बिहान अस्पताल तर्फजादै गरेको अवस्थामा खलङ्गा गाविस–१ को मठमा अज्ञात समूहले कुटपिट गरेको थियो। विष्ट बेहोस अवस्थामा दिउँसो फेला परेकी थिइन्।

स्थानीय जन्तीधारा साप्ताहिकमा विष्टले कात्तिक महिनामा 'किन चाहियो तीर्थाको सिउँदो माओवादीलाई' भन्ने लेख लेखेका कारण आफूलाई फोनबाट अज्ञात व्यक्तिले मार्ने धम्की दिएको उनले बताउँदै आएकी थिइन्।

कैलाली जिल्ला उर्मा गाविस- ४ का *हमार पहुरा* दैनिकका सम्पादक तथा पत्रकार महासङ्घ कैलालीका सदय एवम् प्रेस चौतारी कैलालीका जिल्ला उपाध्यक्ष लक्की चौधरीलाई माओवादीको भातृसङ्गठन वाईसीएल कार्यकर्ताले ०६५ जेठ १३ गते कुटपिट गरी घाइते बनाएका थिए। उर्मा गाविसमा पर्ने करिब ७५ विगाहा क्षेत्रफलमा रहेको महादेवी तालको पानीबाट स्थानीय बासिन्दाले बाँध बनाई सिँचाई गर्ने गरेका थिए। उक्त ताल माओवादीले माछापाल्न ठेक्कामा दिई कर उठाउने गरेको र ठेकेदारले तालमा पानी घटाएका कारण सिचाईमा असर परेकोबारे चौधरीले लेख लेखेका थिए।

बर्फाङ जिल्लाको सेती क्याम्पसका क्याम्पसप्रमुख विष्णुभक्त गिरी अज्ञात समूहले ०६७ वैशाख १४ गते धारिलो हतियारबाट आक्रमणबाट गम्भीर घाइते भए। मटेला गाविस-२ का ३७ वर्षीय गिरीलाई अज्ञात समूहले सदरमुकामबाट घर जाँदै गर्दा बसबाट जबरजस्ती निकाली सुबेडा गाविस-४ पचाली खोलामा खुकुरी प्रहार गरेका थिए। सो समूहले गिरीको टाउको, हात, पेट, अण्डकोशमा खुकुरी प्रहार गरेको थियो। आक्रमणपछि सो समूहले गिरीसँग रहेको क्याम्पसको २ लाख रुपियाँ, मोबाइल फोन, क्याम्पसको लालपूर्जा, निर्णयपुस्तिका, त्रिविबाट जारी भएको उमाविको अनुमतिपत्रसमेत लुटेर लगेको थियो।

सिन्धुपाल्चोक जिल्लाको लिसंखू गाविस- ५ स्थित जनसहयोग माविका शिक्षकहरू जनार्दन यादव, चौठीलाल चौधरी, चन्द्रशेखरप्रसाद चौधरी, नवराज खरेल, अशोक झा र कृष्णप्रसाद उप्रेतीलाई ०६६ फागुन १७ गते बेलुका सोही ठाउँका उदय लामासहितको एक समूहले दुई दिनभित्र गाउँ नछाडे उनीहरूलाई मार्ने धम्की दिए। पीडित शिक्षकहरू विद्यालय छाडेर सुरक्षाको माग गर्दै फागुन १८ गते जिल्ला शिक्षा कार्यालय पुगेका थिए। शिक्षकहरू गाउँबाट लखेटिएपछि विद्यालयमा विद्यार्थीहरूको पढाइ अवरुद्ध भएको थियो।

शिक्षकहरूमाथि हुने ज्यादतीका सम्बन्धमा सार्वजनिक भएका घटनाहरूको प्रवृत्तिगत विश्लेषण गर्दा, द्वन्द्वरत पक्षहरूले शिक्षकलाई सकेसम्म आफ्नो पक्षमा उपयागे गर्ने नसके उसमाथि प्रहार गर्ने गरेको पाईन्छ। "गाउँमा प्रभाव जमाएर बसेको र वैचारिक रूपमा समाजको अगुवाई गरेकाले तिनीहरूलाई विस्थापित गरेर मात्र आफ्नो राजनीतिलाई स्थापित गर्न सकिन्छ भनेर उनीहरूले यसो गरेका हुन सक्छन्।"[३०]

काठमाडौं लैनचौरस्थित मल्ल होटलका कर्मचारीहरूले समाचार सङ्कलन गर्न गएका एभिन्यूज टेलिभिजनका पत्रकारलाई ०६६ जेठ २८ गते कुटपिट गरेका थिए। होटलका कर्मचारीहरूको कुटपिटबाट एभिन्युज टिभिका रिपोर्टर डिल्लीराज पोखरेल र क्यामेरापर्सन नीरनराज बान घाइते भएका भएका थिए।

बागलुङमा अन्तरजातीय विवाहको विषयमा जिल्ला प्रहरी कार्यालय बागलुङमा ०६६ असार ७ गते छलफल हुँदै गर्दा प्रहरीले हस्तक्षेप गरी कुटपिट गर्दा चार दलित अधिकारकर्मीहरू घाइते भएका थिए। बागलुङ नपा-१ रामरेखाका राहुल किसान र दमेक गाविसकी नीता थापा मगरबीच अन्तरजातीय विवाह भैसकेको विषयमा छलफल हुदै गर्दा पीडित पक्ष र प्रहरीबीचमा विवाद भएको थियो। विवादका क्रममा प्रहरीले कुटपिट गर्दा चार जना दलित अधिकारकर्मी घाइते भएका थिए।

कञ्चनपुर ०६६ कात्तिक ७ गते राति भीमदत्त नगरपालिका-६ वनगाउकी ८५ वर्षीया अभरोती क्षेत्रीको उपचारका क्रममा महाकाली अञ्चल अस्पतालमा मृत्यु भएपछि बिरामीका कुरुवाहरूले बिरामीलाई गलत औषधी दिएर बिरामीको मृत्यु भएको आरोप लगाएर अहेब हिक्मत कठायत माथि हातपात गरेका थिए।

३.३ बेपत्ता

नागरिकको भयमुक्त वातावरणमा बाँच्न पाउने अधिकारको बर्खिलापमा चार जना अधिकारकर्मीहरू विगत ४ वर्षको अवधिमा विभिन्न पक्षबाट बेपत्ता पारिए। गैरराज्य पक्षले चार वर्षमा दुई जना बेपत्ता पारेको थियो भने अज्ञात समूहले दुई जना

३०. वेव साइट: http://www.teacher.org.np/archive/64-10.pdf

बेपत्ता	वर्ष				
	२००७	२००८	२००९	२०१०	जम्मा
राज्य	-			-	-
गैरराज्य	-	१	१	-	२
अज्ञात	-	१	१	-	२
जम्मा	-	२	२	-	४

अधिकारकर्मीहरू बेपत्ता पाऱ्यो। प्रत्येक व्यक्तिलाई शोषण विरुद्धको हक[३१] र मानिसलाई बेचविखन र बाँधा बनाउन पाइनेछैन[३२] भन्ने संवैधानिक व्यवस्था भए पनि अधिकाररक्षकहरू बेपत्ता पारिए।

ललितपुर उपमहानगरपालिकाको मङ्गलबजारबाट गिम्दीस्थित नारायणी माध्यमिक विद्यालयका प्रधानाध्यापक सोमप्रसाद सञ्जेललाई अज्ञात समूहले ०६५ साउन १ गते दिउँसो अपहरण गरेको थियो। सञ्जेललाई स्कुललाई सहयोग गर्छौं, कम्प्यूटर किनी दिन्छौ भनी बोलाई अपहरण गरिएको थियो। उनी मुक्त भए पनि पीडक पक्षलाई कारवाही भएन।

त्यसैगरी धनुषा जिल्ला लक्ष्मीपुर बगेवा गाविस कुम्हरौडा गाविस माध्यमिक विद्यालयका प्रधानाध्यापक पौडेश्वर गाविस- २ का ५५ वर्षीय कारी यादवलाई विद्यालय व्यवस्थापन समितिको विषयमा विवाद भएपछि ०६५ फागुन ११ गते विद्यालयबाट आफ्ना एक परिचितसँगै मोटरसाइकलमा जनकपुरस्थित घर गइरहेको बेला जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजन समूह)का कार्यकर्ताले अपहरण गरी बेपत्ता पारिएको र पछि उनी मुक्त भए पनि पीडकहरू कारवाहीको दायरामा ल्याइएनन्।

३.४ अपहरण

चार वर्षको अवधिमा ६३ जना अधिकारकर्मीको अपहरणमा भयो। यसे अवधिमा गैरराज्य पक्षबाट ३६ जना र अज्ञात समूहबाट २७ जना अधिकारकर्मी अपहरित भए । गैरराज्य पक्षबाट सन् २००७ को तुलनामा २०१० मा अपहरण सङ्ख्यामा कमी आयो। तर अज्ञात समूहको नाममा भने अपहरणका घटनामा वृद्धि हुँदै गएको तथ्याङ्कले देखाउँदछ।

सप्तरीको राजविरातबाट पाँच जनाको सङ्ख्यामा आएको एक अज्ञात समूहले कानुनव्यवसायी

अपहरण	वर्ष				
	२००७	२००८	२००९	२०१०	जम्मा
राज्य	-	-	-	-	-
गैरराज्य	२८	७	-	१	३६
अज्ञात	३	१२	४	८	२७
जम्मा	३१	१९	४	९	६३

अविनाश प्याकुरेललाई ०६५ भदौ २९ गते घरमा बेलुकीको खाना खाइरहेको बेला अपहरण गरेका थिए। केही दिनपछि परेको केही दिनपछि उनी मुक्त भए। त्यसैगरी सप्तरी जिल्लाकै बोरियाबाट अज्ञात हतियारधारीको समूहले स्वास्थयकर्मी तेजनारायण यादवलाई घरमा सुतिरहेको बेला ०६५ असोज २६ गते अपहरण गरेको थियो।

सर्लाही बबरगञ्ज गाविस-१ निवासी स्थानीय उच्च माविका शिक्षक ५० वर्षीय ब्रजवंश झालाई ०६६ पुस १० गते राति सुतिरहेको अवस्थामा अज्ञात समूहले अपहरण गरेको थियो। करिब छ जनाको सङ्ख्यामा रहेका अज्ञात हतियारधारी व्यक्तिहरूको समूहले घरमा सुतिरहेका झालाई राति १० बजे अपहरण गरी भारततर्फ लगेको थियो।

३.५ धम्की

भयरहित वातावरणमा बाँच्न पाउने आधारभूत मानवअधिकारको विरुद्धमा विभिन्न पक्षले ज्यान मार्ने धम्की लगायत विभिन्नखाले धम्कीले गर्दा अधिकारकर्मीहरू सुरक्षित छैनन् भन्ने दर्शाउँछ। विगत चार वर्षमा जम्मा १ सय ५२ जना अधिकारकर्मीहरूले विभिन्न पक्षबाट दिएको धम्की सहनु पऱ्यो। धम्कीमा ज्यान मार्ने, सेवाबाट निष्काशन गर्ने जस्ता धम्कीहरू अधिकारकर्मीले खेप्नु परिरहेको छ। सबैभन्दा बढी गैरराज्य पक्षबाट र त्यसपछि अज्ञात समूहबाट धम्की

धम्की	वर्ष				
	२००७	२००८	२००९	२०१०	जम्मा
राज्य	२	१	१	२	६
गैरराज्य	२८	३०	२१	३०	१०९
अज्ञात	१	८	७	२१	३७
जम्मा	३१	३९	२९	५३	१५२

३१. नेपालको अन्तरिम संविधान २०६३ धारा २९ (१)
३२. नेपालको अन्तरिम संविधान २०६३ धारा २९ (३)

दिने गरेको तथ्याङ्कले देखाउँदछ।

राष्ट्रिय मानवअधिकार आयोग क्षेत्रीय कार्यालय, नेपालगञ्जमा कार्यरत संरक्षण अधिकृत सरीता ज्ञवालीलाई कोहलपुर गाविस-३ निवासी नेपाल प्रहरीमा कार्यरत सुगन्ध श्रेष्ठले ०६६ वैशाख २४ गते दिउँसो आयोग कार्यालयमा गई धम्की दिएका थिए। घटनाको केही दिनअघि सुगन्धका बाबुले बलात्कार गरेको घटनाका बारेमा राष्ट्रिय मानवअधिकार आयोगलगायत नेपालगञ्जमा कार्यरत अधिकारकर्मी संस्थाहरूले पीडितका तर्फबाट वकालत गरिहेको क्रममा ज्ञवालीलाई त्यस्तो धम्की दिइएको थियो।

गोरखापत्र दैनिकका पर्वत समाचारदाता गणेश पौडेललाई नक्कली प्रमाणपत्र पेश गरेर जागिर खाएको विषयमा समाचार लेखेको भन्दै रामप्रसाद शर्मा भन्ने व्यक्तिले ०६६ चैत २० बेलुका मार्ने धम्की दिए । ०६६ चैत १८ गते गोरखापत्र दैनिकमा *'सक्कली फालिए, नक्कलीले जागिर पाए'* भन्ने शीर्षकमा समाचार प्रकाशनमा आएको थियो। सोही विषयलाई लिएर अपरिचित व्यक्तिले फोन गरेर मार्नेसम्मको धम्की दिएको पीडित पौडेलले जानकारी दिएका थिए।

एभिन्यूज टेलिभिजनका कैलालीसंवाददाता युवराज न्यौपाने र क्यामरापर्सन राजेन्द्र थापालाई पहलमानपुरस्थित कान्ति राज्यलक्ष्मी उच्च माविमा सञ्चालित एसएलसी परीक्षाका केन्द्राध्यक्ष भोजराज जोशीले प्रवेशिका परीक्षामा भएको अनियमितताबारे टेलिभिजनमा प्रसारण गरेको आरोपमा ०६६ चैत १६ गते धम्की दिएका थिए। "समाचार किन प्रकाशन गरेको, तपाईंले के खोजेको" भन्दै आफूलाई धम्की दिएको पीडितहरूले जनाएका थिए।

कैलालीका प्रमुख जिल्ला अधिकारी (प्रजिअ) कोषराज पनेरूले ०६६ असार १७ गते जिल्ला शिक्षा कार्यालयमा अन्तरवार्ताका लागि गएका पत्रकार एभिन्यूजका राजेन्द्र थापा, हिकमत रावल, मार्नीङ वेल दैनिक पत्रिकाका सम्पादक लोकश्वरी कुवँर, नागरिक दैनिकका वीरबहादुर छन्तेल, नेपाल टाईम्सका प्रकाश भट्टलगायतका पत्रकारहरूलाई जिल्ला शिक्षा कार्यालयको कार्यकक्षमा थुनेर राख्ने धम्की दिएका थिए। दलित विद्यार्थीले जातीय विभेदको विषयमा आवाज उठाउँदा त्यस्ता शिक्षिकमाथि कारबाही भए वा भएन सो बारेमा बुझ्न गएका पत्रकारहरूमाथि जिल्ला शिक्षा अधिकारीले सो विषयमा केही नबोली पत्रकारहरूले गलत समाचार सम्प्रेषण गर्ने गरेको आरोपमा पत्रकारलाई पनि कारबाही गर्ने आफ्नो अधिकार रहेको भन्दै एभिन्यूजका पत्रकार राजेन्द्र थापाको हातबाट माईक खोसेर नियन्त्रणमा लिएका थिए।

सिराहा ढोढना गाविस- ८ की घरेलु महिला हिंसा विरुद्धको सञ्जाल सिराहाकी संयोजक रामकुमारी दासलाई सोही गाविसका एक महिलामाथि भएको कुटपिटको मुद्दामा पीडितलाई सहयोग गरेका कारण स्थानीय केही व्यक्तिहरूले ०६६ पुस १५ गते बिहान गालीगलौज गर्दै 'जुनसुकै बेला जे सुकै पनि गरिदिन्छौ' भनी धम्की दिए।

महिला मानवअधिकार रक्षकहरूको जिल्ला सञ्जालकी सदस्य, हाइवेखबर साप्ताहिककी सहसम्पादक उप्रेतीलाई जीवनपुर गाविसकी शान्ति रूपाखेतीको मुद्दाको पक्षमा लागेर उनलाई अंश दिलाउन सघाएको भन्दै एकीकृत माओवादी जिल्ला सदस्य विनोद लुइटेल, सोही दलका दलित नेता राम नेपालीले नौविसे खानीखोला बजारमा भेटेर र पटकपटक फोन गरेर मार्ने धम्की दिए। उनले एकीकृत नेकपा माओवादी कार्यकर्ताले सडकमा राखेर काट्ने धम्की दिएको भन्दै जीवन सुरक्षाको माग गर्दै मानवअधिकारकर्मीहरूसमक्ष ०६७ वैशाख ४ गते आग्रह गरिन्।

धादिङकै महिला मानवअधिकार रक्षकहरूको जीवनपुर गाविस सञ्जालका अध्यक्ष अम्बिका रेग्मीलाई 'अप्सराले ल्याएको कार्यक्रम नगर्नू भनेको हैन' भन्दै धम्क्याएको र आइन्दा कार्यक्रम गरे आफूलाई मार्ने धम्की दिएको रेग्मीले बताइन्। महिला मानवअधिकार रक्षकहरूको मार्पाक गाविस सञ्जालका अध्यक्ष सुषमा तामाङलाई 'सामाजिक काम गरे जीवन खतरामा पर्छ' भन्दै नेपाल रेडक्रस सोसाइटी धादिङका सभापति एवम् माओवादी समर्थित शैक्षिक गणतान्त्रिक मञ्चका जिल्ला अध्यक्ष केशरीप्रसाद पन्तले गाउँमा सामाजिक काम नगर्न धम्की दिए।

३.६ गिरफ्तारी

विगत चार वर्षको अवधिमा आफ्नो अधिकारको संरक्षणको लागि प्रर्दशनीमा उत्रिएका १ सय ८७ अधिकारकर्मीहरू गिरफ्तारीमा परे । बादी अधिकार सङ्र्घ समितिले ०६४ भदौ १० गते सिंहदरबार दक्षीण ढोकामा विरोध प्रर्दशन गर्ने क्रममा प्रहरीले हस्तक्षेप गर्दा १८ जना घाइते भएका थिए। सिंहदरबारस्थित दक्षिण ढोकाबाट प्रहरीले १ सय १० जना वादी तथा दलित अधिकारकर्मीलाई गिरफ्तार गरी महराजगञ्ज स्थित २ नं. गणमा राखी त्यसै दिन रिहा गरेको थियो।

नेपाल पत्रकार महासङ्घको अगुवाइमा ०६५ भदौ १५ गते नेपाल वन टेलिभिजनका पत्रकारको मागलाई लिएर सरकारलाई ध्यानाकार्षण गराउन

गिरफ्तार	वर्ष				
	२००७	२००८	२००९	२०१०	जम्मा
राज्य	११८	२६	१७	२६	१८७
गैरराज्य	-	-	-	-	-
अज्ञात	-	-	-	-	-
जम्मा	११८	२६	१७	२६	१८७

सिंहदरवार दक्षिण गेटमा धर्ना दिन पुगेका पत्रकारहरूलाई प्रहरीले हस्तक्षेप गर्दै गिरफ्तार गरेको थियो। पर्सा जिल्ला प्रशासन कार्यालय घेराउ गर्न बसेका संस्थागत विद्यालय शिक्षक युनियनका चारजना शिक्षकलाई ०६६ वैशाख १३ गते दिउँसो गिरफ्तार गरेको थियो।

३.७ विस्थापन

विगत चार वर्षमा २३ जना अधिकारकर्मीहरूलाई विभिन्न पक्षले विस्थापित बनायो। विस्थापनको कारकतत्व भने गैरराज्य पाइएको छ। गैरराज्य पक्षबाट १० जना र अज्ञात समूहबाट १३ जना यस अवधिमा विस्थापित हुनु पऱ्यो।

बारा र पर्साका आन्दोलनकारीहरूले उक्त क्षेत्रका पत्रकार र अधिकारीकर्मीहरूलाई ०६३ माघ १४ गते दिउँसो आक्रमण गर्नुको साथै कुटपिट गर्नका लागि घरघरमा खोज्दै हिँडेकाले उनीहरू रातारात सुरक्षित स्थानतर्फ लागेका थिए। वीरगन्ज र बाराका १२ जनाभन्दा बढी सञ्चारकर्मीहरूले आफ्ना जिल्ला छाडेका थिए। तराईमा हुँदै आएको प्रदर्शनमा आन्दोलनकारीहरूले आक्रमण गर्न थालेपछि बारा र पर्साका अधिकांश सञ्चारकर्मी र अधिकारकर्मीहरू जिल्लाबाट रातारात विस्थापित भएका थिए। बारा र पर्साका आन्दोलनकारीहरूले सञ्चारगृह तोडफोड गर्ने र सञ्चारकर्मीहरूलाई मार्ने समेत धम्की दिएका थिए।

रामेछापमा माओवादी भातृसङ्गठन वाईसीएलका कार्यकर्ताले पकरवास गाविसको प्रयागेश्वर उच्च माविका प्रधानअध्यापक र विद्यार्थीहरूको विवादको विषयलाई लिएर ०६४ माघ ४ गते सो विद्यालयका एमाले निकट अनेरास्ववियूका छात्रछात्राहरू तथा स्थानीय एमाले कार्यकर्तालाई अपहरण गर्ने र शिक्षकहरूलाई समेत धम्काएपछि सो विद्यालयका पाँच जना शिक्षकहरू सदरमुकाममा विस्थापित भएका थिए।

विस्थापन	वर्ष				
	२००७	२००८	२००९	२०१०	जम्मा
राज्य	-	-	-	-	०
गैरराज्य	-	५	५	-	१०
अज्ञात	१२	-	१	-	१३
जम्मा	१२	५	६	-	२३

३.८ दुर्व्यवहार

शिक्षकलाई मोसो दल्ने, अपमान गर्नमा कतिपय विद्यार्थी र विद्यार्थी सङ्गठनका प्रतिनिधिहरू उद्यत रहे। यस अवधिमा जम्मा ६९ अधिकारकर्मीहरूलाई गाली बेइज्जती गर्ने, मोसो दल्ने जस्ता कुकृत्यहरू दोहोरिए। राज्य पक्ष, गैरराज्य पक्ष र अज्ञात समूहहरू समेत मानवअधिकार रक्षकलाई दुर्व्यवहार गर्न अग्रसर रहे।

त्रिभुवन विश्वविद्यालयका उपकुलपति र शिक्षाध्यक्ष समेतलाई मोसो दलेर दुर्व्यवहार गर्ने काम गरियो। ०६६ वैशाख ९ गते त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा. डा. माधवराज शर्मा र शिक्षाध्यक्ष सूर्यलाल अमात्यलाई अखिल क्रान्तिकारका विद्यार्थीहरूले मोसो दलेर दुर्व्यवहार गरेका थिए।

दोलखा पवटी गाविस-१ स्थित दियालेखर्क निमाविका शिक्षक ५२ वर्षीय परशुराम कोइरालालाई ०६७ जेठ २३ गते अभिभावकहरूले विद्यालयको हाताभित्रै मोसो दलेका थिए।

दुर्व्यवहार	वर्ष			
	२००८	२००९	२०१०	जम्मा
राज्य	११	२	९	२२
गैरराज्य	-	३२	७	३९
अज्ञात	१	२	५	८
जम्मा	१२	३६	२१	६९

रूपन्देही ०६६ जेठ २८ बन्द र हड्ताल आह्वान गर्दै प्रदर्शनमा उत्रिएका एकीकृत माओवादीका कार्यकर्ताले सञ्चारकर्मीमाथि दुर्व्यवहार गरेका थिए। एकीकृत माओवादीले आह्वान गरेको अवध राज्य बन्दका क्रममा रूपन्देहीका विभिन्न ठाउँमा प्रदर्शनकारी माओवादी कार्यकर्ताले समाचार सङ्कलनको क्रममा पत्रकारहरूलाई दुर्व्यवहार थिए। माओवादी कार्यकर्ताले पत्रकारहरूका उपकरण समेत नियन्त्रणमा लिई मोटरसाइकल जलाइदिने धम्कीसमेत दिएका थिए।

अछामका इन्सेक जिल्ला प्रतिनिधि अर्जुन शाहलाई ०६६ पुस १७ गते चौखुटे प्रहरी चौकीमा कार्यरत प्रहरी जवान रमेश विकले प्रहरीपोष्टमा

अन्य	वर्ष				
	२००७	२००८	२००९	२०१०	जम्मा
राज्य	१	१	२	-	४
गैरराज्य	-	७	४	१	१२
अज्ञात	-	-	-	३	३
जम्मा	१	८	६	४	१९

दुर्व्यवहार गरेका थिए। गाडी चेकजाँचको क्रममा फोटो खिच्न लागेपछि क्यामेरा खोस्ने धम्की दिएका थिए।

ललितपुर युनिटी लाइफ इन्टरनेशनलका ग्राहकहरूले आफ्नो संस्थाको बारेमा नकारात्कम समाचार लेखेको भन्दै तीन पत्रकारलाई हातपात गरेका थिए। समाचार सङ्कलनको लागि ०६७ जेठ ५ गते जावलाखेलस्थित युनिटी मुख्यालय पुगेका पत्रकारहरूलाई उनीहरूले हातपात गरी दुर्व्यवहार गरेका थिए। कृष्ण ज्ञवाली, रजनीश भण्डारी र क्यामेरापर्सन विकास अधिकारीलाई युनिटीका ग्राहकहरूले हातपात तथा दुर्व्यवहार गरेका थिए। हाम्रो बारेमा नराम्रो समाचार लेख्ने भन्दै हातपात गरेको पीडित पत्रकार कृष्ण ज्ञवालीले जानकारी दिए।

३.९ मानवअधिकार रक्षकमाथि हुने अन्य खालका घटना

जबरजस्ती चन्दा असुली, बम विस्फोट, सेवाबाट निष्काशन जस्ता मानवअधिकार उल्लङ्घनबाट १९ जना मावनअधिकार रक्षक पीडित भए। खासगरी शिक्षकहरूबाट विभिन्न समूहले जबरजस्ती चन्दा माग गर्ने कार्य रोकिएन। भोजपुरमा किराँत जनवादी वर्कस पार्टीका कार्यकर्ताले जिल्लाको दक्षिणी क्षेत्रका सामुदायिक विद्यालयका शिक्षकहरूबाट जबरजस्ती ०६६ वैशाख १ गते यसरी चन्दा असुलेका थिए। सशस्त्र हतियारसहितका वर्कस कार्यकर्ताहरूले उर्दी जारी गर्दै अनिवार्यरूपमा पार्टीलाई दुईदेखि सात दिनसम्मको तलब बुझाउन शिक्षकहरूलाई धम्क्याएको पीडित शिक्षकहरूले बताएका थिए।

स्थानीय बासिन्दाका अनुसार वर्कस कार्यकर्ताले भुल्के, दलगाउँ, ओखे, बास्तिम र धोद्लेखानी गाविसलगायतका विद्यालयका शिक्षकहरूबाट मासिकरूपमा किराँत सरकारको नाममा रकम उठाएका थिए। वर्कस कार्यकर्ताहरूले रकम असुलेपछि पत्रकार, मानवअधिकारकर्मी र प्रहरी प्रशासनमा खबर गरेमा भौतिक कारबाही गर्नेसम्मको चेतावनी दिएको एक विद्यालयका शिक्षकले बताए ।

मोरङ विराटनगर उमनपा-२ तीनपैनी निवासी कञ्चनबारीस्थित नोबेल मेडिकल कलेजका अध्यक्ष डाक्टर ज्ञानेन्द्रमान सिंह कार्कीको घरमा ०६६ कात्तिक १५ गते राति अज्ञात समूहले सुतली बम विस्फोट गराएको थियो।

प्रधानन्यायाधीश केदारप्रसाद गिरीको अध्यक्षतामा ०६५ असोज २ गते सर्वोच्च अदालतको फूल बेञ्चको सर्वसम्मत निर्णयले नेपाल बार एशोसियसनका अध्यक्ष विश्वकान्त मैनालीलाई नेपालभरका अदालतमा ६ महिनासम्म बहस पैरवी गर्न रोक लगाएको थियो। मैनालीले बारद्वारा आयोजित कार्यक्रममा न्यायाधीशमाथि कारबाही गर्ने नियम नभएपछि न्यायाधीशको जागिर भ्रष्टाचारको लाइसेन्स भएको छ भन्ने अभिव्यक्ति दिएका थिए।

महिला मानवअधिकार रक्षक	वर्ष				
	२००७	२००८	२००९	२०१०	जम्मा
शिक्षक	१	२	५	४	१२
सञ्चारकर्मी	४	५	१०	६	२५
स्वास्थ्यकर्मी	-	-	-	-	-
मानवअधिकारकर्मी	११२	७	२	५	१२६
जम्मा	११७	१४	१७	१५	१६३

नेपाल राष्ट्रिय निमावि ग्वानी बैतडीका शिक्षक तथा कर्मचारीहरूसँग एकीकृत माओवादी कार्यकर्ताले मासिक तलबको पाँच प्रतिशत बराबरको रकम चन्दाको नाममा मजदुर दिवसका दिन गरिने सरकार विरुद्धको निर्णायक आन्दोलनमा सहयोग गर्न भनी ०६७ वैशाख १५ गते विद्यालयमा गई रकम माग गरेका थिए। आफ्नो आन्दोलनलाई सहयोग गर्न भनी सबैले चन्दा दिएकाले शिक्षकहरूले पनि दिनु पर्छ, सक्दिन भन्न नपाइने भनी सबै शिक्षकलाई माग गरेअनुसारको चन्दा रकम बुझाउन धम्की दिए।

महिला मानवअधिकार रक्षकको हत्या	वर्ष				
	२००७	२००८	२००९	२०१०	जम्मा
राज्य	-	-	-	-	०
गैरराज्य	-	-	-	२	२
अज्ञात	-	-	१	-	१
जम्मा	-	-	१	२	३

४. महिला मानव अधिकार रक्षक

महिला मानवअधिकार रक्षकले पुरुष मानवअधिकार रक्षकहरूले भोग्ने खतराहरू त झेल्नु पर्दछ नै, महिला भएकै कारणले निश्चित प्रकारका जोखिमहरूको पनि सामना गर्नु परिरहेको छ।

उनीहरूमाथि हुने दुर्व्यवहार र आक्रमणहरूका विभिन्न स्वरूपहरू हुन्छन्। उनीहरूविरुद्ध लक्षित मौखिक दुर्व्यवहार तथा शारीरिक आक्रमण, यौन दुर्व्यवहार, बलात्कार , पुरुषहरूभन्दा बेग्लैरूपमा पर्ने दबाबको सामना गर्नुपर्ने अवस्था विद्यमान छ। पुरुष रक्षकको दाजोमा उनीहरू अझै बढी जोखिममा देखिन्छन्।। यौन हिंसा, चरित्रमा गरिने हिंसा उनीहरूले भोग्नुपर्ने विशिष्ट खालका हिंसा हो। विगत चार वर्षको आवधिमा जम्मा १ सय ६३ महिला मानवअधिकार रक्षकहरू पीडित भएको तथ्याङ्कले देखाउँदछ। सबैभन्दा बढी महिला मानवअधिकारकर्मी १ सय २६ जना, पत्रकार २५ जना र १२ जना महिला शिक्षक पीडित भए।

महिला मानवअधिकार रक्षक	वर्ष				
	२००७	२००८	२००९	२०१०	जम्मा
शिक्षक	१	२	५	४	१२
सञ्चारकर्मी	४	५	१०	६	२५
स्वास्थ्यकर्मी	-	-	-	-	-
मानवअधिकारकर्मी	११२	७	२	५	१२६
जम्मा	११७	१४	१७	१५	१६३

ओरेक नेपाल सिराहाकी संयोजक श्यामकुमारी साहमाथि भदैया गाविसका केही व्यक्तिहरूद्वारा दुर्व्यवहार भएको जनाउँदै सिरहास्थित मानवअधिकार संरक्षण केन्द्र (सञ्जाल) ले ०६६ असार ९ गते एक विज्ञप्तिमार्फत विरोध जनाउँदै दोषीहरूमाथि कारबाहीको माग गरेको थियो। विज्ञप्तिमा भदैया गाविसकी एक महिलालाई बोक्सीको आरोपमा स्थानीय गाउँलेले असार ६ गते बिहान जबरजस्ती अभक्ष खुवाएको घटनाको अनुगमन गर्न जाने क्रममा असार ८ गते साँझ लहान नपा-६ स्थित नयाँ बजारको हटिया चोकनजिक गाली गरी दुर्व्यवहार गरिएको थियो।

धनगढीस्थित महिला पुनस्थापना केन्द्र (ओरेक) की सामाजिक परिचालक कमला शाहलाई बलात्कारको मुद्दा दर्ता गर्न सहयोग गरेको भन्दै मार्ने धम्की दिइएको थियो। थापापुर गाविसकी एक महिलालाई ०६६ साउन ३० गते बलात्कार गरेको घटना जिल्ला प्रहरी कार्यालयमा दर्ता गर्न सघाएको आरोपमा पीडकका बुबा र काकाले उनलाई धम्की दिएका थिए।

मार्पाक गाविसमा स्कूल पढ्दापढ्दै अर्न्तजातीय विवाह गरेका एक जोडीलाई विद्यालयले निष्काशन गरेको घटनालाई पत्रिकामार्फत सार्वजनिकरण गरेको कुरालाई लिएर पन्तले महिला मानवअधिकार रक्षकहरूको जिल्ला सञ्जाल धादिङ र महिला मानवअधिकार रक्षकहरूको मार्पाक गाविस सञ्जालको अध्यक्ष सुष्मा तामाङलाई दुर्व्यवहार गर्ने काम गरेको र पन्तले कार्यक्रममा एकजनालाई स्कूलबाट निकाल्दा अरु नबिग्रिने भएकाले आफू प्रध्यानाध्यापक हुँदा दुई जनालाई विद्यालयबाट निष्कासन गरेको स्वीकार गर्दै सुष्मा तामाङलाई भेटेर तिमी सामाजिक कार्य नगर, गऱ्यौं भने तिमी खतरामा पर्छ्यौं यति भन्दाभन्दै पनि गऱ्यौ भने तिमी अचकल्टो हौली भनेर पन्तले पटकपटक धम्क्याएका थिए भने उप्रेतीलाई लुइटेल र नेपालीले

सडकमा दुर्व्यवहार गर्दै गाउँमा बसेर समाचार प्रकाशन गर्ने, सामाजिक काम गर्ने र महिला हिंसा विरुद्ध काम गरेमा मारिदिने धम्की पटक पटक दिएका थिए।

यो अवधीमा तिन जना महिला मानवअधिकार रक्षकहरूको हत्या भयो सन् २००९ मा धनुषाकी पत्रकार उमा सिंको हत्या अज्ञात समूहबाट गरिएको थियो। त्यसैगरी गोरखा जिल्ला लाप्राक गाविस स्थित मणिकामदेवी माविका शिक्षिका विष्णुमाया ढकाल र ललितपुर बस्ने प्यारागन पब्लिक बोर्डिङ स्कूलकी शिक्षिका इश्वरी राईको गैरराज्यपक्षबाट हत्या गरिएको थियो।

५. मानवअधिकार रक्षकसम्बन्धी नेपालको कानुनी व्यवस्था

नेपालमा मानवअधिकार रक्षकहरूको संरक्षणका लागि राज्यद्वारा कुनै छुट्टै कानुनी वा संस्थागत संयन्त्रको व्यवस्था गरिएको छैन। आम नागरिकले नेपालका नागरिक भएबापत् पाउने संरक्षण र अधिकार नै मानवअधिकार रक्षकहरूको अधिकारकारूपमा रहेको अवस्था छ। अन्तरिम संविधान, नागरिक अधिकार ऐन, सरकारी मुद्दासम्बन्धी ऐन, कानुनव्यवसायी परिषद् ऐन, समाज कल्याण परिषद् ऐन, संस्था दर्ता ऐन, ट्रेड युनियन अधिकारका

सम्बन्धमा ट्रेड युनियन ऐन, श्रम ऐन र अन्य कानुनहरूमा नागरिकका यस्ता अधिकारको व्यवस्था गरिएको छ। राष्ट्रिय मानवअधिकार आयोगलगायत् राष्ट्रिय मानवअधिकार निकायहरू, संयुक्त राष्ट्रसङ्घीय निकायहरू, मानवअधिकार संस्था, नागरिक समाज र पेशागत सङ्गठनहरूद्वारा उनीहरूको क्षेत्राधिकारअन्तर्गत मानवअधिकार रक्षकहरूको संरक्षण गर्न र आवश्यक संयन्त्र निर्माणका लागि राज्यलाई जवाफदेही बनाउन विभिन्न क्रियाकलाप सञ्चालन गर्दै आएका छन्।[३३]

६. मानवअधिकार रक्षकसम्बन्धि अर्न्तराष्ट्रिय व्यवस्था

६.१ मानवअधिकार रक्षकहरूसम्बन्धी घोषणापत्र

मानवअधिकार घोषणा पत्र २०४८ मानवअधिकार संरक्षण गर्नका लागि बनेको पहिलो दस्तावेज हो भने "विश्वव्यापीरूपमा मान्यताप्राप्त मानवअधिकार तथा मौलिक स्वतन्त्रताहरूको सम्बर्द्धन र संरक्षण गर्न व्यक्ति, समूह र समाजका अङ्गहरूको अधिकार र दायित्वसम्बन्धी घोषणापत्र" मानवअधिकार रक्षक सम्बन्धी पहिलो दस्तावेज हो र यो संयुक्त राष्ट्रसङ्घको महासभाले ९ डिसेम्बर १९९८ मा यसको प्रस्ताव नं. ५३।१४४ द्वारा पारित गरेको थियो। यो घोषणापत्रलाई छोटकरीमा "मानवअधिकार रक्षकहरूसम्बन्धी घोषणापत्र" पनि भनिन्छ। त्यसैगरी संयुक्त राष्ट्रसङ्घले जारी गरेको मानवअधिकार सम्बन्धी विभिन्न सन्धि सम्झौताहरू पनि प्रत्यक्षरूपले रक्षकहरूको अधिकार संरक्षण गर्ने संयत्रहरू हुन्। नेपाल पक्ष राष्ट्र भएका सब सन्धि सम्झौताहरूले रक्षकहरूको अधिकारको सुनिश्चित गर्दछ। मानअधिकार रक्षकहरूसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र मानअधिकार रक्षकका रूपमा मानवअधिकारसम्बन्धी कार्य गर्ने व्यक्तिहरूको पहिचान स्थापित गर्ने र उनीहरूको अधिकार तथा ती अधिकारको "रक्षा" का लागि पूरा गरिनुपर्ने दायित्व वा जिम्मेवारीहरूलाई औपचारिकरूपमा परिभाषित गर्ने पहिलो प्रमुख दस्तावेज हो। मानवअधिकारको विशवव्यापी घोषणापत्र जारी भएको पसासौँ वर्षगाँठका अवसरमा सन् १९९८ मा संयुक्त राष्ट्रसङ्घको महासभाले सदस्य राष्ट्रहरूको मतैक्यतामा यो घोषपणापत्र पारित गरेको हो त्यस कारण यो घोषणापत्रले कार्यान्वयनका लागि राज्यहरूको बलियो प्रतिबद्धता प्राप्त गरेको[३४] छ।

यो घोषणापत्रमा प्रत्येक व्यक्तिलाई, व्यक्तिगत रूपमा र सामूहिकरूपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा मानवअधिकार तथा मौलिक स्वतन्त्रताहरूको प्रवर्धन र संरक्षणका लागि शान्तिपूर्ण ढङ्गले भेटघाट वा सभा गर्ने, गैरसरकारी संस्था, सङ्गठन वा समूहहरू गठन गर्ने, संलग्न र सहभागी हुने अधिकार हुनेछ[३५] भन्ने व्यवस्था गरिएको छ। त्यसैगरी घोषणापत्रले मानवअधिकारसँग सम्बन्धित सूचनाको अधिकार र सूचना सङ्कलन गर्ने र संप्रेषण गर्ने अधिकारको सुनिश्चित गरेको छ। प्रत्येक व्यक्तिलाई व्यक्तिगतरूपमा र सामूहिकरूपमा अधिकार र स्वतन्त्रताबारे राष्ट्रिय कानुनी र न्यायिक वा प्रशाशनिक प्रणालीहरूमा कस्तो व्यवस्था गरिएको छ भन्ने थाहा पाउनका लागि त्यस्ता सूचनासम्म पहुँच हुनसमेत सबै मानवअधिकार तथा मौलिक स्वतन्त्रताबारेका सूचनासम्बन्धमा जानकारी लिने, खोजी गर्ने सङ्कलन गर्ने, प्राप्त गर्ने[३६] अधिकार रहेको छ।

६.२ मानवअधिकार रक्षकसम्बन्धी युरोपेली सङ्घको मार्गनिर्देशिका

मानवअधिकार रक्षकसम्बन्धी युरोपेली सङ्घको मार्गनिर्देशिका अर्को अर्न्तराष्ट्रिय दस्तावेज हो। युरोपेली सङ्घ भन्दा बाहिरी राष्ट्रहरूमा मानवअधिकार रक्षकहरूलाई कसरी संरक्षण र सहयोग गर्ने भन्ने सम्बन्धमा ईयूका सदस्य राष्ट्रहरूलाई व्यवहारिक मार्गनिर्देशन प्रदान गर्ने उद्देश्यले १४ जुन २००४ मा ईयू परिषद्ले मानवअधिकार रक्षकसम्बन्धी मार्गनिर्देशिका पारित गरेको हो। यो "संरक्षणको सुनिश्चिताका लागि मानअधिकार रक्षकसम्बन्धी युरोपेली सङ्घ (ईयू) को मार्गनिर्देशिका" लाई छोटकरीमा "मानअधिकार रक्षकसम्बन्धी ईयू मार्गनिर्देशिका" पनि भन्ने गरिन्छ।[३७]

मानअधिकार रक्षकसम्बन्धी यी अर्न्तराष्ट्रिय दस्तावेजहरू कानुनीरूपले बाध्यकारी होइनन्। तर पनि

---

३३. इन्सेक, पेज नं ११, मानवअधिकार रक्षक र उनीहरूका अधिकार आधारभूत जानकारी, २०६५
३४. इन्सेक, पेज नं ११, मानवअधिकार रक्षक र उनीहरूका अधिकार आधारभूत जानकारी, २०६५
३५. इन्सेक, पेज नं ३८ मानवअधिकार रक्षक र उनीहरूका अधिकार आधारभूत जानकारी, २०६५
३६. धारा ६, मानवअधिकार रक्षक सम्बन्धी घोषणापत्र २०९८
३७. इन्सेक, पेज नं २५, मानवअधिकार रक्षक र उनीहरूका अधिकार आधारभूत जानकारी, २०६५

संयुक्त राष्ट्रसङ्को सदस्य राष्ट्रहरूलाई सन्धि सम्झौताको पालना गर्न नैतिकरूपले दबाव भने पक्कै दिन्छ। तर नेपाल यी दस्तावेजमा व्यवस्था गरिएका संरक्षणका प्रावधानहरू व्यवहारमा लागु गर्न सकिरहेको छैन। घरेलु कानुनको अभावमा रक्षकका अधिकार हनन् भएको अवस्थामा राज्यले प्रभावकारी संरक्षण नै दिन सकेको छैन। राज्य पक्षबाट मात्र नभई राजनीतिक दल, आम सर्वसाधारण पनि मानवअधिकार रक्षकहरूको अधिकार हनन् गर्न पछि पर्दैनन्।

७. निष्कर्ष

- चार वर्षको अवधिमा पीडित भएका ७ सय ६ जना मानवअधिकार रक्षकहरूमध्ये १८ जनाको हत्या र ६ सय ८८ जनाको अधिकार अतिक्रमण हुनुले रक्षकहरूको अवस्था अत्यन्तै खतरापूर्ण रहेकोतर्फ सङ्केत गर्दछ। संयुक्त राष्ट्रसङ्ले पारित गरेको मानवअधिकार रक्षकहरूको अधिकार सम्बन्धी घोषणापत्रमा परिभाषित गरिएका व्यक्ति र समूहहरूमध्ये अग्रस्थानमा रहेर काम गर्ने मानवअधिकार रक्षकहरूमध्ये नेपालमा खासगरी मानवअधिकारकर्मी, पत्रकार, शिक्षक, कानुनव्यवसायी र स्वास्थकर्मीहरूको अधिकार जोखिममा रहेको देखियो।
- मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८, मानवअधिकार रक्षकहरूको सम्मेलनले पारित गरेको पेरिस घोषणा १९९८, संयुक्त राष्ट्रसङ्घले जारी गरेको मानवअधिकार रक्षकको अधिकारसम्बन्धी घोषणपत्रमा उल्लेखित अधिकारहरू, नेपालको अन्तरिम संविधान, २०६३, बृहत्त् शान्ति सम्झौतामा उल्लेखित मानवअधिकार रक्षकका अधिकारहरू यस अवधिमा व्यापक हनन् भयो।
- खासगरी बाँच्न पाउने अधिकार, आत्मसम्मानपूर्ण जीवनयापन गर्न पाउने अधिकार, वाक स्वतन्त्रता, अभिव्यक्तिको अधिकार, स्वतन्त्ररूपले हिँडडुल गर्न पाउने र पेशा व्यवसाय गर्न पाउने जस्ता अधिकार हनन भएको पाइयो। त्यसैगरी यस अवधिमा मानवअधिकार रक्षकहरूको हत्या, अपहरण, कुटपिट, मार्ने धम्की, सम्पत्ति कब्जा, दुर्व्यवहार तथा विस्थापित पार्ने जस्ता कार्यहरू व्यापकरूपमा गरियो।
- नेपालमा मानवअधिकार रक्षकहरूको संरक्षणकालागि राज्यद्वारा कुनै छुट्टै कानुनी वा संस्थागत संयन्त्रको निर्माण नभएका कारण मानवअधिकार सम्बन्धी अर्न्तराष्ट्रिय कानुन तथा घोषणाहरू प्रभावकारी हुन सकेको छैन। मानवअअधिकार रक्षक सम्बन्धी अनुगमन गर्न संयुक्त राष्ट्रसङ्घीय विशेष प्रतिनिधिले नेपाल भ्रमण गर्नका लागि पटकपटक गरेको औपचारिक आग्रहलाई सरकारले बेवास्ता गर्दै आएको कारण सरकार मानवअधिकार रक्षकको अधिकार सम्बन्धमा जीम्मेवार देखिदैन।

७. सुझाव

- नेपालमा लोकतन्त्र र आधारभूत मानवअधिकारको संरक्षण र सम्वर्द्धनमा ज्यान जोखिममा राखेर लागिपरिरहेका मानवअधिकार रक्षकको अधिकार संरक्षण गर्न कानुनी वा संस्थागत संयन्त्र बनाउन सरकारले संविधानमै व्यवस्था गर्नु पर्ने।
- मानवअधिकार रक्षकहरूमाथि भएका मानवअधिकारको उलङ्घन र ज्यादतीको निष्पक्ष छानबिन गरी पीडितलाई कारबाही गर्ने एक छुट्टै निकायको व्यवस्था राज्यले गर्नुपर्ने हुन्छ।
- नेपाल पक्ष राष्ट्र भएको कारण संयुक्त राष्ट्रसङ्घले मानवअधिकार रक्षकको अधिकारको सम्बन्धमा जारी गरेको घोषणापत्र अनुरूप मानवअधिकार रक्षककोलागि छुट्टै कानुन निर्माण गर्नुपर्ने देखिन्छ।
- महिला मानवअधिकार रक्षकहरूको विशिष्टखाले अवस्था र उनीहरूमाथिहुने मानवअधिकार उलङ्घनलाई राज्य र सबै निकायले सम्बेदनशील भई कानुनी तथा मनोवैज्ञानिक उपचारको प्रभावकारी व्यवस्था मिलाउनुपर्ने।
- मानवअधिकार रक्षकसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय विशेष प्रतिनिधिलाई नेपाल भ्रमण गर्न आमन्त्रण गरी रक्षकहरूको अधिकारको अवस्था अनुगमन गर्न अनुमति दिनु आवश्यक छ ।
- मानवअधिकार रक्षक राज्यको प्रतिपक्ष नभई राज्य सञ्चालनमा हुने मानवअधिकार उल्लङ्घनका घटना न्यून गर्न र जनतालाई सुसूचित गर्ने मार्ग निर्देशन गर्ने मार्गदर्शकको रूपमा स्वीकार गर्नुपर्छ।

परिच्छेद

७

महिला विरूद्धको हिंसा : बलात्कारसम्बन्धी एक अध्ययन

पृष्ठभूमि

महिला विरुद्धको हिंसालाई लैङ्गिक भेदभावको उपज मान्न सकिन्छ। यसले समाजको सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक संरचनाको निर्माणमा महत्वपूर्ण प्रभाव पारेको हुन्छ। विभेदपूर्ण र असमान पूर्वाधारहरूमा खडा गरिएका यस्ता संरचनाहरूले केवल अन्यायपूर्ण समाज सिर्जना गर्दछ जहाँ "असमान शक्ति सम्बन्ध"को प्रभुत्व रहन्छ। "असमान शक्ति सम्बन्ध" ले महिलाको लैङ्गिकता र पुरुषको पुरुषत्वलाई प्रभावित गर्छ जसले अन्ततः पुरुषलाई महिलामाथि हिंसा र नियन्त्रण गर्न अधिकार प्रत्यायोजन गरी महिलामाथि हुने हिंसालाई प्रोत्साहन गर्छ। महिला हिंसाको कारकतत्वको रूपमा पुरुष र महिला बीचको असमान शक्तिलाई लिन सकिन्छ जुन समाजको विभेद्पूर्ण लैङ्गिक मूल्य मान्यताबाट सिर्जित हुन्छ।[१]

अर्न्तराष्ट्रिय सन्दर्भमा नेपालको लैङ्गिक सूचक तल्लो श्रेणीमा रहेको छ जसले नेपालमा विद्यमान पुरुष र महिला बीचको लैङ्गिक विभेद र भेदभावको कारुणिक अवस्थालाई दर्शाउँदछ। नेपालमा महिलामाथि हुने विभेद विभिन्न जाति र संस्कृतिमा भिन्न भिन्न रहे तापनि महिला सबै जाति र वर्गमा मर्कामा रहने गरेको लिङ्ग हो।[२]

नेपालका महिलाहरू घरेलु हिंसादेखि लिएर सार्वजनिक हिंसासम्म व्यहोर्न बाध्य भइरहेका छन्। घरेलु हिंसाअर्न्तगत घरेलु सम्बन्ध भएका व्यक्तिहरूबाट हुने शारीरिक हिंसा जस्तै कुटपिट, भुत्लाउने, जलाउने इत्यादि पर्दछन् तथा मानसिक हिंसाअर्न्तगत धम्की, गालीगलौज, अनादर आदि पर्दछन्। सार्वजनिक हिंसाअर्न्तगत बलात्कार, बेचबिखन, हानिकारक धार्मिक प्रथाहरू जस्तै देउकी, छाउपडी आदि पर्दछन्। नेपालमा महिलामाथि हुने हिंसा अरू परिवेश र ठाउँमा हुने हिंसाभन्दा केही फरक छैन जुन 'महिलालाई उनीहरूको तल्लो दर्जा'[३] को दर्शाउन र पितृसत्तात्मक नियन्त्रणलाई कायम राख्न योजनाबद्ध तरिकाबाट अवलम्बन गरिएको हुन्छ।

नेपालमा विद्यमान महिला विरुद्ध हुने विभिन्न किसिमका हिंसामध्ये बलात्कार एक गम्भीर हिंसा हो जसले एउटा व्यक्तिको अधिकार हनन् गरी पीडितको स्वास्थ्य, सम्मान, सुरक्षा र शारीरिक पूर्णतालाई नै दाउमा पारेको हुन्छ, 'जुन लैङ्गिक तरिकाबाट वा लैङ्गिकतालाई इङ्गित गरी शारीरिक वा मानसिक हिंसाको निमित्त गरिएको हुन्छ'।[४]

इन्सेकको अभिलेख अनुसार सन् २०१० मा १८ वर्षभन्दा मुनिका १ सय ९० जना बालिकाहरू बलात्कृत भएको पाइयो भने सात जना बालिकाको बलात्कारपश्चात् हत्या भएको थियो। त्यस्तै १८ वर्ष उमेर भन्दा माथिका १ सय ३ जना महिलाहरू बलात्कार, १६ जना महिलाहरू बलात्कारको प्रयासबाट पीडित भएको पाइएको छ। साथसाथै ११ जना महिलाहरूको बलात्कारपश्चात् हत्या भएको थियो। त्यसबाहेक ३० जना महिलाहरू अन्य यौनजन्य हिंसाबाट पीडित भए।

(१) १८ वर्ष मुनिका पीडितहरूको वर्गीकरण

क. जात-जातिका हिसाबले पीडितहरू

१८ वर्ष भन्दा मुनिका बालबलिकाहरूमध्ये सबैभन्दा बढी जातका हिसाबले जनजाति पीडित भएका

---

१. संयुक्त राष्ट्रसङ्घ। "महिला विरुद्धको हिंसा, यसका कारणहरू र परिणामहरूमा संयुक्त राष्ट्रसङ्घको विशेष समाधिक्षकको १५ वर्ष"।२००९:४२।
http://www2.ohchr.org/english/issues/women/rapporteur/docs/15YearReviewofVAWMandate.pdf (जनवरी ३ २०११ मा प्रवेश)

२. श्रेष्ठ, विहरी, के। "राज्यव्यवस्थाको प्रभावकारीताद्वारा द्वन्द्व रूपान्तरण"। *द्वन्द्व रूपान्तरण र नेपालमा राज्यव्यवस्था*। प्रसाद श्रेष्ठ, ए र उप्रेती ए। सम्पादकीय। काठमाडौं: नेपाल फाउन्डेशन फर एडभान्स स्टडिज् र फ्रेड्रिच-एबर्ट-स्टिफ्टङ्। २००३:९७।

३. संयुक्त राष्ट्रसङ्घ। "महिला विरुद्धको हिंसा, यसका कारणहरू र परिणामहरूमा संयुक्त राष्ट्रसङ्घको विशेष समाधिक्षकको १५ वर्ष"।२००९:४१।
http://www2.ohchr.org/english/issues/women/rapporteur/docs/15YearReviewofVAWMandate.pdf (जनवरी ३ २०११ मा प्रवेश)

४. एम.शेरिफ बासिऔनी, लैङ्गिक हिंसा: पूर्व युगोस्लाभियामा युद्धको अदृश्य हतियार, अकेजनल पेपर नं १, अन्तर्राष्ट्रिय मानवअधिकार कानुन संस्था, डिपौल युनिभर्सिटी कलेज अफ ल (१९९६), पृ.३ जुन म्याकडोगल, गे जे। "दासत्वको समकालीन प्रकारहरूमा विशेष समाधिक्षकको अन्तिम रिपोर्ट"। १९९८:२० मा उद्धरण गरिएको छ।

तालिका १ : जातजातिका आधारमा १८ वर्ष मुनिका पीडितहरू (सन् २०१०)

जात/जाति	बलात्कार	अन्य यौन जन्य हिंसा	जम्मा
आदिवासी	३		३
बनिया		१	१
ब्राम्हण	२२	१२	३४
क्षेत्री	२३	१७	४०
दलित	२८	२०	४८
जनजाति	४५	१८	६३
कायस्थ	१	१	२
कोइरी	२		२
मन्डल	६		६
मुलमान	३	२	५
उपलब्ध नभएको	४७	८	५५
नेवार	३	२	५
सन्यासी	१		१
तेली	१		१
यादव	१		१
जम्मा	१८६	८१	२६७

देखिन्छन् भने अन्य जातका बालबालिकाहरू जस्तै कायस्थ, सन्यासी, तेली, यादव बलात्कारबाट कम पीडित देखिन्छन्। अन्य किसिमका यौनजन्य हिंसाको हकमा दलित बालबालिकाहरू बढी पीडित भएका देखिन्छन् भने कायस्थ, नेवार जातका बालबालिकाहरू यस किसिमका हिंसाबाट कम पीडित भएका देखिन्छन्। यी दुवै अल्पसङख्यक जातिमा पर्दछन्। *(हेर्नुहोस् तालिका नं. १)*

ख. विद्यार्थी बढी पीडित

१८ वर्ष भन्दा मुनिका बालबलिकाहरूमा पेशाका हिसाबले विद्यार्थीहरू धेरै पीडित देखिन्छन् र श्रमिकहरू कम पीडित। अन्य यौनजन्य हिंसामा विद्यार्थीहरू नै धेरै पीडित देखिन्छन् र खेती गर्ने कम पीडित भएका छन्। यसो हुनुको कारण विद्यालय जाने क्रममा उनीहरूको घरबाट बाहिर बढी आवत जावत हुने भएकाले यस उमेर समूहका बालिकामध्ये विद्यार्थीहरू पीडित भएको पाइन्छन् । *(हेर्नुहोस् तालिका नं. २)*

ग. शिक्षाका हिसाबले पीडितहरू

१८ वर्षभन्दा मुनिका बालिकाहरूमा शिक्षाका हिसाबले बलात्कार र अन्य यौनजन्य हिंसा दुवैमा साक्षर बालिकाहरू धेरै पीडित भएका छन् भने असाक्षर बालिकाहरू कम पीडित भएका देखिन्छन्। यसो हुनुको कारण विद्यालय आवत जावत आदि कार्यमा उनीहरू घरबाट बाहिर जाने भएकाले हुनसक्छ। उनीहरू एक्लै हिँड्ने अभ्यस्त पनि हुने गर्छन्। *(हेर्नुहोस् तालिका नं. ४)*

घ. निम्न आर्थिक अवस्थाका बढी पीडितहरू

आर्थिक रूपमा गरिबहरू नै बलात्कार र अन्य यौनजन्य हिंसाबाट बढी पीडित भएको पाइन्छ। १८ वर्षभन्दा मुनिका बालबलिकाहरूमा बलात्कार र अन्य यौनजन्य हिंसा दुवैबाट गरिब नै धेरै पीडित भएका छन् भने मध्यमवर्गीय बालिकाहरू कम पीडित भएका छन्। *(हेर्नुहोस् तालिका नं. ३)*

(२) १८ वर्षभन्दा माथिका पीडित महिलाहरू

तथ्याङ्कअनुसार जनजाति महिलाहरू धेरै पीडित भएका देखिन्छन्। त्यसपछि पीडित क्षेत्री महिलाहरू भएका छन् भने ब्राह्मणहरू कम पीडित देखिन्छन्। बलात्कारको प्रयासबाट धेरै पीडित हुनेमा क्षेत्री र जनजाति महिलाहरू छन्। अन्य यौनजन्य हिंसाबाट क्षेत्री महिलाहरू धेरै पीडित छन् र सबैभन्दा कम पीडित मुसलमान, नेवार र आदिवासी महिलाहरू छन्।

पेशाका हिसाबले कृषक महिलाहरू बलात्कारबाट धेरै पीडित भएका छन् भने अन्य यौनजन्य हिंसाको हकमा पनि कृषक महिलाहरू नै बढी पीडित छन्।

१८ वर्ष भन्दा माथिका पीडितमध्ये गरिब

तालिका २ : पेशागत आधारमा १८ वर्ष मुनिका पीडित सङ्ख्या (सन् २०१०)

पेशा	बलात्कार	अन्य यौन जन्य हिंसा	जम्मा
खेती	१७	५	२२
श्रमिक	४		४
विद्यार्थी	७९	४५	१२४
उपलब्ध नभएको	८६	३१	११७
जम्मा	१८६	८१	२६७

वर्गका महिलाहरू बलात्कार र अन्य यौनजन्य हिंसाबाट पीडित भएका देखिन्छन् भने बलात्कारको प्रयासको प्रयासबाट निम्नवर्गीय महिलाहरू धेरै पीडित भएका छन्। बलात्कार, बलात्कारको प्रयास र अन्य यौनजन्य हिंसाको हकमा मध्यमवर्गीय महिलाहरू कम पीडित भएका देखिन्छन्।

१८ वर्षभन्दा माथिका महिलाहरूमा शिक्षाका हिसाबले बलात्कार, बलात्कारको प्रयास र अन्य यौनजन्य हिंसाबाट साक्षर महिलाहरू धेरै पीडित भएका छन् भने असाक्षर महिलाहरू यी सब प्रकारका महिला माथि हुने हिंसाबाट कम पीडित देखिन्छन्।

(३) पीडित

इन्सेकमा अभिलेख भएका घटनाहरूको प्रकृति हेर्दा प्रायःजसो बलात्कार र बलात्कारका प्रयासबाट पीडितहरू १८ वर्षभन्दा मुनिका रहेका छन् जसमा पनि बलात्कारबाट बहुसङ्ख्यक पीडितहरू १०- १४ वर्ष भित्रका रहेका छन्। उपलब्ध तथ्याङ्कअनुसार १ सय ९९ जना बलात्कारबाट पीडितहरू १८ वर्षमुनिका रहेका छन् भने १ सय १४ जना बलात्कारबाट पीडितहरू र १६ जना बलात्कारको प्रयासबाट पीडितहरू १८ वर्ष भन्दा माथिका छन्।

३.१ बलात्कारबाट पीडितहरू : शिशुदेखि वृद्धासम्म

१८ वर्षमुनिका पीडितहरूको सङ्ख्यामध्ये पनि ७३ जना बलात्कारबाट पीडितहरू १० वर्षमुनिका रहेका छन्। त्यसमा पनि छ जना बालबालिकाको बलात्कारपश्चात् हत्या भएको थियो। मकवानपुर राईगाउँ गाविस-४ का २३ वर्षीय राजन विकले साढे दुई वर्षीया एक बालिकालाई २०६७ जेठ १ गते फिल्म हलको शौचालयमा लगेर बलात्कार गरेका थिए।

तालिका ३ : आर्थिक अवस्थाका आधारमा १८ वर्ष भन्दा माथिका पीडित सङ्ख्या (सन् २०१०)

आर्थिक स्थिति	बलात्कार	बलात्कार प्रयास	अन्य यौन जन्य हिंसा	जम्मा
गरीब	४३	५	१४	६२
निम्नवर्गीय	३४	६	७	४७
मध्यमवर्गीय	९	४	४	१७
उपलब्ध नभएको	१७	१	५	२३
जम्मा	१०३	१६	३०	१४९

दाङ्का छिमेकी पाँच र सात वर्षीया दुई बालिकालाई सोही ठाउँका १६ वर्षीय पीडकले घरमा बोलाई माथिल्लो कोठामा लगेर मोबाइलमा राखेको अश्लील फिल्म देखाउँदै ०६७ भदौ २६ गते बेलुका बलात्कार गरेका थिए।

त्यस्तैगरी १०-१४ उमेर समूहका ७५ जना बालिकाहरू बलात्कारबाट पीडित भएका छन्। यस भित्र पनि दुई जना पीडितहरूको बलात्कारपश्चात् हत्या भएको थियो। सल्यानमा स्थायी घर सोही स्थानको क्याम्पसमा पियन पदमा कार्यरत ५८ वर्षीय पीडकले सोही स्थानकी १२ वर्षीया एक बालिकालाई विभिन्न प्रलोभन देखाई विगत छ महिनादेखि बलात्कार गर्दै आएको आरोपमा उनलाई गिरफ्तार गरिएको थियो। ओखलढुङ्गा घर भई काठमाडौ धापासीमा डेरा गरी बस्ने १२ र १४ उमेरका दुई बालिकालाई ११ दिनसम्म कोठामा थुनेर चार जनाले सामूहिक बलात्कार गरेको घटना ०६७ कात्तिक ३० गते सार्वजनिक भएको थियो।

१४-१६ वर्ष बीचको उमेरका बलात्कारका पीडितहरूको सङ्ख्या ३१ जनाको रहेको छ जसमध्ये एक जनाको बलात्कारपश्चात् हत्या भएको थियो। उदाहरणको लागि भारत गोरखपुर घर बताउने १४ वर्षीया बालिकालाई रामग्राममा बस्ने १८ वर्षीय पीडकले ०६६ मङ्सिर २६ गतेदेखि आफ्नो संरक्षणमा राख्ने नाममा घरमा बलात्कार गर्ने गरेको र ०६६ पुस २८ गते राति पनि बलात्कार भएको उल्लेख गरेकी छिन्। बर्दियाकी १४ वर्षीय एक बालिकालाई ०६६ फागुन १९ गते विवाह गरी जबरजस्ती पति बनाइएका सोही ठाउँका २० वर्षीय पीडकले बलात्कार गरेका थिए। पर्वत जिल्लाकी एक १५ वर्षीया बालिकालाई सात जना व्यक्तिहरूले ०६७ असोज ३ गते साँझ सामूहिक बलात्कार गरी हत्या गरेका थिए। नवलपरासी जिल्लाकी १४ वर्षीया बालिकालाई सोही ठाउँका ३० वर्षीय पीडकले ०६७ साउन १३ गते दिउँसो बलात्कार प्रयास गर्न खोजेका कारण उनले आत्महत्या गरेकी थिइन्।

पीडित बालिका तथा महिलाहरूमध्ये २० जना १६-१८ उमेर समूहका छन्। धनुषा जिल्लाकी १८ वर्षीया महिलाको लास सिन्धुलीको टाँडीस्थित कमलाखोलाको बगरमा उनको बलात्कारपछि हत्या भएको अवस्थामा फेला परेको थियो। रूकुम निवासी १८ वर्षीया एक युवती ०६७ असार १५ गते राति तुलसीपुरस्थित न्यु राप्ती गेस्ट हाउसमा बास बसेको समयमा छ जना युवाहरूद्वारा सामूहिक रूपमा बलात्कृत भएकी थिइन्। पीडितको मानसिक सन्तुलन

तालिका ४ : शैक्षिक स्तरका आधारमा १८ वर्ष माथिका पीडित सङ्ख्या (सन् २०१०)

शिक्षा	बलात्कार	बलात्कार प्रयास	अन्य यौन जन्य हिंसा	जम्मा
असाक्षर	३८	४	१०	५२
साक्षर	५८	११	१९	८८
उपलब्ध नभएको	७	१	१	९
जम्मा	१०३	१६	३०	१४९

बिग्रिएको अवस्था रहेको छ। लमजुङमा अन्दाजी १८ वर्षीया एक महिलाको बलात्कारपछि हत्या गरी महिलाको अनुहारमा तेजाव छरेर जलाएको लास ०६७ साउन १४ गते फेला परेको थियो। पीडित र पीडकको परिचय खुल्न नसकेको अवस्था रहेको छ।

१८ वर्षभन्दा माथि बलात्कारका पीडितहरूको सङ्ख्या १ सय १४ रहेको छ। यसमा पनि ११ जना पीडितहरूको बलात्कारपश्चात् हत्या भएको थियो। सिन्धुपाल्चोककी २४ वर्षीया महिला ०६६ पुस २६ गते बेलुका सोही ठाउँका ३२ वर्षीय,३४ वर्षीय लगायतका अन्य व्यक्तिहरूले गरेको बलात्कार प्रयासको प्रतिकार गर्दा घाइते भएकी थिइन्। उदयपुर जिल्लाको ४५ वर्षीया एक महिलालाई ०६७ जेठ १५ गते राती लहानस्थित एक लजमा बसेका बेलामा लजका सञ्चालकले करिएमा वा कसैलाई भनेमा ज्यान मार्ने धम्की दिई जबरजस्ती बलात्कार गरेका थिए। ताप्लेजुङकी ६० वर्षीय एक महिलालाई ०६७ असार १७ गते राती सोही स्थानका ४५ वर्षीय व्यक्तिले बलात्कार गरेका थिए। रक्सी खाएर आएका धादिङका २७ वर्षीय व्यक्तिले ०६७ असोज ६ गते बेलुका राति सोही ठाउँकी एक २५ वर्षीय महिला र उनकै ९ वर्षीया छोरीलाई बञ्चरोले हानेर हत्या गरेपछि बलात्कार गरेका थिए।

अभिलेख अनुसार यो अवधिभरिमा धेरै अपाङ्ग तथा मानसिक सन्तुलन ठीक नभएकी बालिका तथा महिलाहरूको बलात्कार वा बलात्कारको प्रयास भयो। पर्वतकी १८ वर्षीया अपाङ्ग युवतीलाई ०६७ जेठ २१ गते सोही ठाउँका २९ वर्षीय पीडकले राति बलात्कार प्रयास गरेका थिए। स्याङ्जाकी मानसिक सन्तुलन ठीक नभएकी एक १९ वर्षीया युवतीलाई सोही ठाउँका २६ वर्षीय व्यक्तिले ०६७ जेठ २९ गते साँझ सोही स्थानको अलैँचीबारीको चौरमा बलात्कार गरेका थिए। नवलपरासीकी बोल्न र सुन्नसमेत नसक्ने २२ वर्षीया महिलाको सोही स्थानको २०,२५ र २० वर्षीय पीडकहरूद्वारा सामूहिक बलात्कार भएको थियो।

(४) पीडक पक्ष : बालकदेखि वृद्धसम्म

इन्सेकमा अभिलेख भएका घटना अनुसार घटनाहरूमा १३ देखि ७५ वर्ष उमेरका कम्तीमा पनि २ सय ८२ पीडकहरूको प्रत्यक्ष संलग्नता थियो।

प्रायजसो घटनाहरू आफ्नै घर वरिपरि तथा आफ्नै नातेदारहरूद्वारा नै भएको पाइएको छ। सर्वोच्च अदालतले सन् १९६० देखि सन् २००६ सम्म गरेको बलात्कारसम्बन्धी अध्ययनमा नेपाली महिला तथा बालिकाहरू आफ्नै साथीहरू, छिमेकीहरूबाट नै बलात्कृत हुने गम्भीर तथ्य पत्ता लगाएको छ।[५] इन्सेकमा अभिलेख भएको घटनाहरूको विवरण अनुसार २२ ओटा घटनाहरूमा आफ्नै नातेदारहरूको प्रत्यक्ष संलग्नता थियो। बलात्कारीहरू जबसम्म गिरफ्तार हुँदैनन् तबसम्म बराबर बलात्कार गर्ने प्रयासमा लागिरहेका हुन्छन्।[६]

सुर्खेतका ७० वर्षीय पीडकले आफ्नै २० वर्षीया बुहारीलाई ०६६ चैत २८ र ०६७ जेठ १४ गते बलात्कार गरेका थिए। पहिलो पटक बलात्कार गरेपछि गाँउलेहरूले एक पटकलाई माफी दिने र पुन यस्तो कार्य दोहऱ्याएमा कारबाही गर्ने भनी छाडे तापनि उसले पुन ०६७ जेठ १४ गते राति हसिँया देखाई बलात्कार गरेको थियो।

दाङका ४५ वर्षीय पीडकले ०६७ भदौ २५ गते राति आफ्नै घरमा तिज मान्न आएकी ५५ वर्षीया दिदीको बलात्कारपश्चात् हत्या गरेका थिए। दाङ् निवासी ३५ वर्षीय बाबुले आफ्नी १५ वर्षीया छोरीलाई आफ्नी पत्नी वैदेशिक रोजगारको निमित्त विदेश गएपश्चात् नियमित रूपमा यौन शोषण गर्दै आएका थिए।

त्यस्तैगरी १२ ओटा घटनाहरूमा शिक्षकहरूको बलात्कार तथा बलात्कार प्रयासमा प्रत्यक्ष संलग्नता रहेको थियो। कैलालीका एक माध्यमिक विद्यालयका प्रधानाध्यापकलाई इलाका प्रहरी कार्यालय सुखडले

५. प्रधानाङ्ग, रजित भक्त र श्रेष्ठ, डिल्ली राम। "नेपालको फौजदारी न्यायमा बलात्कृत पीडितहरू:एक गहिरो अध्ययन"। *नेपाल बार काउन्सिल ल जर्नल। (२००७):१२।*

६. Sociology of Rape, University of Minnesota Duluth, www.d.umn.edu/cla/faculty/jhamlin/3925/**myths**.html

तालिका ५ : जातजातिका आधारमा १८ वर्षदेखि माथिका पीडित सङ्ख्या (सन् २०१०)

जात	बलात्कार	बलात्कारको प्रयास	अन्य यौन जन्य हिंसा	जम्मा
आदिवासी	२	१	१	४
वैश्य	१			१
ब्राम्हण	६	२	३	११
क्षेत्री	१८	३	११	३२
दलित	१२	२	५	१९
जनजाति	३६	३	६	४५
मण्डल		१		१
मुलमान	४		१	५
उपलब्ध नभएको	१६	३		१९
नेवार	२		१	३
सन्यासी	२		२	४
तेली	२			२
यादव	२	१		३
जम्मा	१०३	१६	३०	१४९

आफ्नै स्कुलकी कक्षा ६ मा अध्ययनरत १४ वर्षीया छात्रालाई पटकपटक यौन शोषण तथा बलात्कार गरेको आरोपमा ०६७ कात्तिक ४ गते गिरफ्तार गरेको थियो। दैलेखको एक प्राथमिक विद्यालयका २२ वर्षीय शिक्षकले शारीरिक रूपमा अपाङ्ग भएकी आफ्नी विद्यार्थीलाई ०६७ मङ्सिर ११ गते साँझ विद्यालयनजिकै बलात्कार गरेका थिए।

तथ्याङ्कअनुसार १२ ओटा घटनाहरूमा सेना तथा प्रहरी जवानहरूको संग्लनता रहेको पुष्टि हुन आएको छ। उदाहरणको लागि भारत बिहार निवासी एक महिलालाई धनुषाको रेल्वे स्टेशन प्रहरी चौकीका सईले ०६६ चैत २ गते राति बलात्कार गरेको भन्दै दोषीमाथि कारबाहीको माग गर्दै जनकपुरसहित आसपास क्षेत्रमा बन्दको आह्वान गरिएको थियो।

मानसिक सन्तुलन ठीक नभएकी बाँकेकी १६ वर्षीया एक बालिकाको सशस्त्र प्रहरी क्याम्प कोहलपुरमा कार्यरत २८ वर्षीय पीडकले ०६७ भदौ २६ गते बिहान धान बारीमा बलात्कार गरेका थिए। सशस्त्र सीमा सुरक्षाबल कञ्चनपुरका वरिष्ठ हवल्दारले कञ्चनपुरमा डेरा गरी बस्ने ३० वर्षकी महिलालाई ०६७ असोज ३१ गते जबरजस्ती करणी गरेको जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिएको कारण सीमा सुरक्षाबलले निज पीडकलाई अनुसन्धानका लागि निलम्बन गरेको थियो।

कम्तीमा दुईओटा घटनाहरूमा धार्मिक महत्वका व्यक्तिद्वारा एउटा महिला तथा एउटा बालिकाको बलात्कार भएको थियो। सप्तरी जिल्लाको एक महिलालाई ०६७ वैशाख १ गते बिहान ब्रह्मान गोर्छारीस्थित मन्दिरका महन्थले जबरजस्ती बलात्कार गरेका थिए। त्यसैगरी रूपन्देहीको एक चर्चका ३६ वर्षीय पाष्टरले पाल्पा जिल्ला बस्ने १७ वर्षीया बालिकालाई ०६७ साउन २८ गते सडक किनारमा बलात्कारपछि चक्कु प्रहार गरी हत्या प्रयास गरेका थिए।

तथ्याङ्क तथा घटनाक्रम हेर्दा बालिका तथा महिलाहरू आफ्नै परिवारका सदस्यहरूबाट, सबैको विश्वसनीय पात्रहरू जस्तै शिक्षक, सेना तथा प्रहरी जवानहरू लगायत धार्मिक महत्वका व्यक्तिहरूबाट पनि असुरक्षित छन् भन्ने पुष्टि हुन आउँछ। एक अध्ययनका अनुसार ७० प्रतिशत बलात्कार पीडितहरूले पीडकलाई चिनेका हुन्छन्।[७]

(५) न्याय : सुदृढ प्रणालीको आवश्यकता

नेपालको अन्तरिम संविधान, ०६३ ले हरेक नागरिकको न्याय पाउने हक, निष्पक्ष पुपर्क्ष र कानुन व्यवसायीद्वारा प्रतिनिधित्व हुन पाउने अधिकार सुनिश्चित गरेको छ।[८] यद्यपि नेपालको फौजदारी न्याय प्रणालीमा जकडिएर रहेका कमीकमजोरीका कारण लैङ्गिक हिंसाका पीडितहरूले न्याय पाउन सहज छैन। त्यसो त त्यस्ता घृणित कार्यहरूमा संलग्न पीडकहरू पनि उम्कने गरेको अवस्था रहेको छ। किन भने यस्ता घटनाका पीडक धेरैजसो पीडितभन्दा पहुँचवाला, शाक्तिसम्पन्न हुने गर्दछन्। प्रहरी प्रतिवेदनको अभावमा चिकित्सकले जाँच गर्न इन्कार गर्ने, चिकित्सकको प्रतिवेदनको अभावमा प्रहरीले प्रारम्भिक सूचना

७. Sociology of Rape, University of Minnesota Duluth, www.d.umn.edu/cla/faculty/jhamlin/3925/myths.html

८. नेपालको अन्तरिम संविधान, २०६३। धारा २४(२)।

प्रतिवेदन दर्ता गर्न इन्कार गर्ने, पीडित र पीडित परिवारलाई उजुरी फिर्ता लिन दबाब तथा उजुरी गरेबापत डर र धम्की दिने, विभिन्न राजनीतिक पार्टीहरूले मुद्दा दर्ता नगर्न प्रहरीहरूलाई दबाब दिनेलगायतका कारणले गर्दा लैङ्गिक हिंसाका पीडितहरूले गम्भीर समस्या भोग्नु परेको छ। एक त लैङ्गिक हिंसाका कारणले गर्दा पीडित, त्यसमाथि पनि फौजदारी न्यायप्रणालीको कमजोरीले गर्दा उनीहरूलाई झनै पीडित बनाउने कार्य गरिरहेको छ। अदालतका कर्मचारी, प्रहरी र सरकारी वकिल मिलेर अभियुक्तले सफाइ पाउने वा उसलाई थोरै सजाय हुने वातावरण बनाएका थुप्रै उदाहरण पाइन्छन्। "एक कानुन व्यसायीले दिएको एक दृष्टान्त अनुसार, ४ चैत २०६४ मा बाल विकास प्रावि काठमाडौँका शिक्षक चन्द्रप्रसाद पन्तले जबरजस्ती करणीको उद्योग गरेको उनका चार छात्राले ३ वैशाख २०६५ मा बानेश्वर प्रहरी वृतमा जाहेरी दिएका थिए। तर सरकारी वकिलले त्यस जाहेरीलाई आशय करणी बनाएर अदालतमा अभियोगपत्र दाखिल गरे।"[९]

आफूमाथि हुने हिंसाको उजुरी गर्ने पीडितहरू झनै पीडित भइरहेका हुन्छन्। प्रथमत: उनीहरू पीडकबाट शारीरिक रूपमा बलात्कृत हुन्छन्, दोस्रो, प्रहरीमा उजुरी र अदालती कारबाही उनीहरूका लागि आफूमाथि भएको अपराधसरह नै पीडादायी हुन सक्छ।[१०] उनीहरूलाई पीडित भनी व्यवहार गरिनुको सट्टा प्रहरी तथा कानुन कार्यान्वयन गर्ने अङ्गहरूले उल्टै दोषी जस्तो व्यवहार गरिरहेका हुन्छन्।[११] समाजबाट तेस्रोपटक पीडितहरू तिरष्कृत भइ पुन: पीडित हुन बाध्य हुन्छन्। कतिपय घटनाहरू परिवारको इज्जत र प्रतिष्ठाको कारणले गर्दा प्रकाशमा आउँदैनन्। 'गोप्य अपराध' भएकै कारणबाट कम मात्रामा मात्र यस्ता अपराधहरू सार्वजनिक हुने गर्छन्। कतिपय घटनाहरू औपचारिक न्याय संयन्त्रको प्रयोग नगरी समुदायस्तरमा पीडकबाट क्षतिपूर्ति दिने आश्वासनमा नै सुल्झाउने प्रयास गरिन्छ। मोरङकी एक जना १५ वर्षीया बालिकालाई ०६७ साउन २३ गते राति उनकै घरमा सुतिरहेको बेला मुख थुनेर भारतका एक १८ वर्षीय व्यक्तिले बलात्कार गरेका थिए। यो घटनाबारे इलाका प्रहरी कार्यालयमा पीडितका आफन्त र पीडकहरूबीच ०६७ साउन २६ गते मिलापत्र भएको थियो। स्याङ्जाकी १० वर्षीया र ८ वर्षीया बालिकाहरूलाई ०६६ पुस २३ गते बिहान ५ बजे काकाको घरमै बलात्कार गरेका सोही ठाउँका १७ वर्षीय पीडक संलग्न घटना गाँउमै मिलाइएको थियो। यसरी गाउँमै घटना नमिलाई सार्वजनिक गरेको आरोपमा पीडित परिवारलाई सामाजिक बहिष्कार तथा कुटपिट गर्ने धम्कीसमेत दिने गरेको सत्य प्रकाशमा आइरहेका छन्। कैलालीकी ११ वर्षीया बालिकालाई ०६६ माघ २४ गते सोही ठाउँका पीडकका आफन्तहरूले पीडितको परिवारलाई प्रहरीमा घटना उजुर नगर्न धम्की दिएका थिए। त्यसैगरी प्रहरीले जाहेरी दर्ता गर्नसमेत इन्कार गरेको अवस्थाहरू पनि रहेको छ। सामूहिक बलात्कार पीडित नवलपरासीकी बोल्न र सुन्नसमेत नसक्ने २२ वर्षीया महिलाका आफन्तले जाहेरी दिएको भए तापनि प्रमाणहरू नजुटेको भन्दै प्रहरीले दर्ता गरेको थिएन। इन्सेक प्रतिनिधि लगायतका मानवअधिकारकर्मीहरूको सहयोगमा एक हप्तापछि मात्रै जाहेरी दर्ता गरिएको थियो।

कतिपय घटनाहरूमा उजुरी भए पनि उचित

तालिका ६ : पेशागत आधारमा १८ वर्ष माथिका पीडित सङ्ख्या (सन् २०१०)

पेशा	बलात्कार	बलात्कार प्रयास	अन्य यौन जन्य हिंसा	जम्मा
खेती	५९	५	१७	८१
प्रहरी	१			१
व्यापार	२		१	३
सरकारी वा निजी सेवा		२	२	४
पत्रकार			१	१
श्रमिक	८	२	१	११
विद्यार्थी	७		३	१०
शिक्षक	२	१		३
उपलब्ध नभएको	२४	६	५	३५
जम्मा	१०३	१६	३०	१४९

९. अधिकारी, यशोदा "बलात्कार हुन्छ, प्रमाणित हुन्न"। १६-२३ हिमाल खबर:४९

१०. प्रधानाङ्ग, रजित भक्त। "बदलिँदो परिवेशमा बलात्कार कानुन सम्बन्धी अध्ययन"। न्यायदीप २ (२०६२):८८।

११. सिद्धकी, ए। *क्रिमिनोलोजी:प्रोबलेम्स एण्ड परस्पेक्टिभस्*। इस्टर्नस् बुक कम्पनी:१९९९:५०७।

तालिका ७ : आर्थिक स्थितिका आधारमा १८ वर्ष भन्दा मुनिका पीडित सङ्ख्या (सन् २०१०)

आर्थिक स्थिति	बलात्कार	अन्य यौन जन्य हिंसा	जम्मा
गरीब	१०४	३७	१४१
निम्नवर्गीय	४८	२५	७३
मध्यमवर्गीय	१०	६	१६
उपलब्ध नभएको	२४	१३	३७
जम्मा	**१८६**	**८१**	**२६७**

कारबाही हुन नसकेको अवस्था पनि छ। कैलालीकी ४५ वर्षीया महिलालाई सोही गाविसका व्यक्तिले ०६७ पुस २५ गते बलात्कार गरेपछि इलाका प्रहरी कार्यालयमा पुस २८ गते किटानी जाहेरी दिँदा धेरै कारणहरूमध्ये पीडक एकीकृत माओवादी कार्यकर्ता पनि भएको कारणबाट कारबाही हुन नसकेको अवस्था रहेको थियो। विभिन्न राजनीतिक दलहरूको दबाबका कारणले पनि कतिपय पीडितहरूले न्याय पाउन सकिरहेका छैनन्। मोरङ्की २२ वर्षीया एक महिलालाई ०६६ चैत १५ गते बलात्कार गर्न खोजेको आरोपमा हिरासतमा रहेका सोही ठाउँका ३० वर्षीय पीडकलाई माओवादीका कार्यकर्ताको दबाबमा रिहा गरिएको थियो।

नेपालको फौजदारी न्यायप्रणाली अनुसन्धान गर्न, दोषीलाई कारबाही गर्न ज्यादै सुस्त र फितलो छ। महान्यायाधिवक्ताको सन् २००७।०८ को प्रतिवेदनमा बलात्कारको मुद्दाको सफलता ४५ प्रतिशत र बलात्कार प्रयासको मुद्दाको सफलता २० प्रतिशत भनी उल्लेख गरिएको छ।[१२] साथसाथै फैसला कार्यान्वयनमा पनि ढिलो रहेको कुरा पनि यथावत् नै छ। हेटौडाका ५१ वर्षीय पीडकले ११ वर्षीया एउटा बालिकालाई ०६१ चैत ९ गते बलात्कार गरेका थिए। बालिकालाई बलात्कार गरेको ठहर गर्दै जिल्लादेखि सर्वोच्च अदालतसमेतले चित्रकारलाई १० वर्ष कैद र पीडितलाई आधा अंश भराउने फैसला गरेको थियो। तर बलात्कृत भएकी पीडितले ६ वर्षपछि ०६७ जेठ १६ गते रकम र जग्गा पाएकी थिइन्।

यस्ता अपराधिक घटनामा संलग्न अधिकांश पीडकहरूलाई प्रहरीले कारबाही प्रक्रिया अगाडि बढाएको पाइए पनि अनुसान्धान तथा न्यायप्रणालीमा देखिएको ढिलासुस्तीले पीडितले उचित न्याय समयमा पाउन सकेको देखिदैन। विशेषत: महिला हिंसासंबन्धी मुद्दाहरूमा यो अवस्था विद्यमान छ। मुलुकी ऐनको २०२० को अदालती बन्दोबस्तको दफा ११ र जिल्ला अदालत नियमावलीको दफा ३१(२)ले बलात्कारसम्बन्धी मुद्दाहरू सुनुवाइको क्रममा दोस्रो प्राथमिकता दिनुपर्ने व्यवस्था गरेको छ। तर यर्थाथमा यस्तो भएको पाइँदैन। *अभिवक्ता ज्योति पौडेल वि नेपाल सरकार*[१३]को मुद्दामा सर्वोच्च अदालतले महिला हिंसा विशेषत: घरेलु हिंसाका मुद्दाहरूको सुनुवाइको निमित्त द्रूतमार्गी अदालत (Fast Track Court) को गठनको निमित्त आदेश दिएको थियो जसबाट पीडितहरूले छिटोछरितो तवरले न्याय पाउन सकून्। महिला पुर्नस्थापना केन्द्र (ओरेक) ले १० जिल्लाहरूमा बलात्कारसम्बन्धी गरेको अध्ययनले पनि प्राय: बलात्कारका पीडितहरूले न्याय नपाएका र न्याय पाउने आशामा कुरेर बसेका तथ्य अगाडि ल्याएको छ।[१४] तथ्याङ्कबाट पनि प्रष्ट हुन्छ कि धेरैजसो पीडित महिलाहरूले न्याय नपाएको र प्राय पीडकहरूले सजाय नपाएको अवस्था छ। विशेषत: अदालतका फैसला तथा आदेशहरूको कार्यान्वयन ढिलो र फितलो रूपमा भइरहेको अवस्थाले गर्दा प्राय पीडितहरूले समयमा नै क्षतिपूर्ति नपाएको अवस्था विद्यमान छ। सर्वोच्च अदालतले *राकेशकुमार सिंह विरुद्ध नेपाल सरकार*[१५] को मुद्दामा न्यायका संयन्त्रहरू सशक्त बनाई छिटोछरितो तवरले पीडितहरूलाई न्याय दिनु पर्ने कुरामा जोड दिँदै अदालतले नै फैसला कार्यान्वयनमा अग्रसर हुनु पर्ने भनी फैसला गरेको थियो।

(६) अर्न्तराष्ट्रिय दस्ताबेजहरूप्रति नेपालको दायित्व

बितेका दशकमा अधिकारकर्मीहरूको उल्लेख्य सहभागिता र साधारण व्यक्तिहरूको बढ्दो सचेतनाका कारण महिला हिंसासम्बन्धी विषयहरू छायाँबाट

१२. महान्यायाधिवक्ताको कार्यालय, २०६६, वार्षिक रिपोर्ट २०६४।६५, भट्टराई, विनोद लगायत। "नेपालमा दण्डहीनता"। सीआइजे नेपाल र द यसिया फाउन्डेशन २०१०:८८।

१३. रिट नं: WO–0424। परमादेश आदेश मिति:२०६६।४।२८

१४. "बलात्कृत महिलाले न्याय पाइनन्"। *Ekantipur.com/search* २५ डिसेम्बर २०११ मा प्रवेश गरिएको।

१५. नेशनल ल रिभ्यू, २०६४, पृ. ८६ भनि प्रधानाङ्ग, रजित भक्त र श्रेष्ठ, डिल्ली राम। "नेपालको फौजदारी न्याय प्रणालीमा बलात्कारका पीडितहरू: एक समालोचनात्मक अवलोकन" नेपाल बार काउन्सिल ल जरनल (२००७):७।

तालिका ८ : शिक्षाका आधारमा १८ वर्षभन्दा मुनिका पीडित सङ्ख्या (सन् २०१०)

शिक्षा	बलात्कार	अन्य यौन जन्य हिंसा	जम्मा
निरक्षर	३७	२१	५८
साक्षर	१२९	५६	१८५
उपलब्ध नभएको	२०	४	२४
जम्मा	**१८६**	**८१**	**२६७**

प्रकाशमा आउन थालेका छन्। यससन्दर्भमा थुप्रै अर्न्तराष्ट्रिय दस्तावेज र मान्यताहरू विकसित भएका छन्।

महिला हिंसा विरुद्धको घोषणपत्र सन् १९९३ ले महिला विरुद्धको हिंसाको[१६] परिभाषा विस्तृत रूपमा गरेको छ। घोषणपत्रको धारा २ ले महिला विरुद्ध हिंसा अर्न्तगतका विषयको कुरा गर्दछ जसमा परिवारभित्र हुने शारीरिक, यौनजन्य र मनोवैज्ञानिक हिंसा(violence occurring in the family)[१७], सामान्य समुदायमा हुने शारीरिक, यौनजन्य र मनोवैज्ञानिक हिंसा[१८] र राज्यद्वारा हुने हिंसा गरी तीन प्रकारका हिंसाहरू पर्दछन्।घोषणपत्रले समग्रमा महिलाहरूको नागरिक, राजनीतिक, आर्थिक,सामाजिक र सांस्कृतिक अधिकारहरूको पहिचान गर्दै सुरक्षा र सुनिश्चितताको कुरा गर्दछ। त्यसैगरी राज्यको महिलाहरूको यी सब हक, अधिकारहरू संरक्षण गरी उचित लगनका साथ (due diligence) उपलब्ध गराउनु पर्ने दायित्वको कुरा पनि समावेश गरेको छ। यो घोषणापत्रले कुनै कानुनी बाध्यात्मक दायित्व सिर्जना गर्दैन, यद्यपि संयुक्त राष्ट्रसङ्को सदस्य राष्ट्र भएको नाताले यसमा निहित दायित्वहरूको परिपालना गर्नु पर्ने नैतिक दायित्व नेपालमा रहन्छ।

बेइजिङ्को महिलासम्बन्धी विश्व सम्मेलन सन् १९९५ ले सम्पूर्ण महिलाहरूको समानता, विकास र शान्तिको र 'महिलाहरूको र बालिकाहरूको मानवअधिकारलाई सबै मानव अधिकारहरू र स्वतन्त्रताबाट अविच्छेद्य, सङ्गठित (integral) / अविभाज्य'[१९] भनी पहिचान गरेको छ। यसले महिलाको सशक्तीकरण र समानतामा विभिन्न कारणहरू जस्तै जात, उमेर, भाषा, संस्कृति, अशक्तता आदि पारिवारिक समस्याह विस्थापित अवस्थाह प्राकृतिक प्रकोप, महिला हिंसा इत्यादि जस्ता अपठ्यारोपनको पहिचान गर्दै सबै महिलाहरूको विषेशत: पिछडिएका महिलाहरूको अवस्थामा सुधार गर्नु पर्ने कुरामा जोड दिएको छ।

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी अर्न्तराष्ट्रिय महासन्धि सन् १९७९ ले महिला विरुद्ध हुने भेदभावको[२०] परिभाषा गर्दै त्यस्ता भेदभाव उन्मूलन गर्न जोड दिन्छ। यसै महासन्धिको धारा २ अनुसार "सन्धिको पक्ष राष्ट्र महिला विरुद्ध हुने सबै भेदभावको भर्त्सना गर्दछन् र महिला विरुद्ध गरिने सबै भेदभावलाई उन्मूलन गर्ने नीति अविलम्ब अपनाउन मन्जुर गर्दछन्"। यसै सन्धिको समितिले पेश गरेको

---

१६. लिङ्गमा आधारित हिंसाजन्य कार्य जसको परिणाम महिलालाई शारीरिक, यौनजन्य वा मनोवैज्ञानिक हानी हुने वा पीडा पुग्ने हुन्छ। सँगसँगै त्यस्तो कार्यको लागि सार्वजनिक वा निजी जीवनमा नै किन नहोस् धम्की, धोका वा स्वेच्छाचारीरूपमा स्वतन्त्रताबाट वञ्चितीकरण गर्ने कार्य पनि पर्दछन्।

१७. जसअर्न्तगत कुटपिट, घर परिवारका बालिका उपर यौनजन्य दुरूपयोग, दाइजोसँग सम्बन्धित हिंसा, वैवाहिक बलात्कार, भगाङ्कुर छेदन, महिलालाई हानी पुग्ने अन्य परम्परागत व्यवहारहरू, पति बाहेक सदस्यहरूबाट हुने हिंसा, शोषण सम्बन्धित हिंसालगायत पर्दछन्।

१८. जसअर्न्तगत बलात्कार, यौनजन्य दुरूपयोग, यौनजन्य दुर्व्यवहार, महिलाको बेचबिखन, बलयुक्त वेश्यावृत्तिमा लगाउने लगायतका कार्यहरू पर्दछन्।

१९. बेइजिङ्को महिलासम्बन्धी विश्व सम्मेलन। सन् १९९५। http://www.un.org/womenwatch/daw/beijing/pdf/BDPfA%20E.pdf ३ जनवरी २०११ मा प्रवेश गरिएको।

२०. यस महासन्धिले महिला विरुद्ध भेदभावको परिभाषा निम्न अनुसार गरेको छ। जसअनुसार महिलाले राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक वा अरु कुनै विषय सम्बन्धी मानव अधिकार तथा स्वतन्त्रतालाई आफ्नो वैवाहिक स्थिति जे जस्तो रहेको भए तापनि पुरुष र महिलाको समानताको आधारमा उपभोग गर्नमा वा प्रयोग व्यवधान पार्ने वा त्यसको मान्यतालाई नै क्षति वा शून्यकारण गर्ने उद्देश्य भएको, लिङ्गको आधारमा हुने कुनै पनि भेदभाव वा वहिष्कार वा प्रतिबन्ध सम्झनु पर्छ।

तालिका ९ : उमेर समूहका आधारमा पीडित सङ्ख्या
(सन् २०१०)

पीडितहरू	१० वर्ष मुनि	१०-१४ वर्षसम्म	१४-१६ वर्षसम्म	१६-१८ वर्षसम्म	१८ वष भन्दा माथि
सङ्ख्या	७३	७५	३१	२०	११४

सामान्य सिफारिस नं.१९ ले लैङ्गिक हिंसालाई महिला विरुद्धको हिंसालाई मानवअधिकारको उल्लङ्घनको रूपमा लिदै लिङ्ग आधारित हिंसा भेदभावको एउटा स्वरूप हो, जसले महिलालाई पुरुषसरह समानताको आधारमा अधिकार र स्वतन्त्रताको उपभोग गर्नबाट अवरोध पुऱ्याउँछ भन्ने कुरा उल्लेख गरेको छ र साथसाथै यसले सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी अर्न्तराष्ट्रिय महासन्धिको सारवान क्षेत्रसँग जोडेर लैङ्गिक हिंसाको विभिन्न भागहरूलाई संबोधन गरेको छ।[३१] यस समितिले यो महासन्धिको पूर्ण कार्यावन्यनको लागि जोड दिँदै राज्यले महिला विरुद्धको सबै प्रकारका भेदभाव उन्मूलन गर्न निर्दिष्ट उपायहरू अपनाउनु पर्ने र आफ्ना कानुनहरू र नीतिहरूको पुनरावलोकन गर्नु पर्ने कुरामा ध्यानाकर्षण गराएको छ। यो महासन्धिको पक्ष राष्ट्र भएको हैसियतले नेपालको महिला हिंसारहित वातावरण सिर्जना गर्न उपयुक्त तरिकाहरू र साथसाथै विशेष तरिकाहरू अवलम्बन गर्नु पर्ने दायिन्व रहन्छ। सन्धि ऐन १९९१ अनुसार नेपाल पक्ष राष्ट्र भएको अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी लिखितहरू राष्ट्रिय कानुनसरह वाध्यात्मक हुन्छन् र अन्तर्राष्ट्रिय कानुनहरू राष्ट्रिय कानुनसँग वाझिएको हकमा अन्तर्राष्ट्रिय लिखत लागू हुन्छन्।[३२] यो प्रावधानले महिला विरुद्धको हिंसा निर्मूल गर्न महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी अर्न्तराष्ट्रिय महासन्धिका प्रावधान हरूलाई राष्ट्रियकरण गर्न वैधता प्रदान गरेको छ।

महिला विरुद्धको हिंसा अन्त्य गर्न कानुनहरूको निर्माणले मात्रै समस्याको हल हुन सक्दैन,जसको लागि राज्यहरूले उचित लगनशीलताका साथ (due diligence) कार्य गर्नु पर्दछ भन्ने एउटा अन्तर्राष्ट्रिय समझदारी नै छ। अझ, अर्न्तराष्ट्रिय लिखितहरूले पक्ष राज्यहरूले मानवअधिकारको सुरक्षा, प्रवर्धन र परिपूर्णताको निमित्त उचित लगनशीलताकासाथ आफ्नो दायित्वको पालना गर्नु पर्दछ।[३३] महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी अर्न्तराष्ट्रिय महासन्धिको समितिको सामान्य सिफारिस नं. १९ ले पनि राज्यले महिला हिंसा निर्मूल र अन्त्य गर्न आफ्नो दायित्वहरू उचित लगनशीलताकाका साथ निर्वाह गर्नु पर्ने कुरा उल्लेख गर्दछ। महिला हिंसा विरुद्धको घोषणपत्र सन् १९९३ मा पनि महिला विरुद्धका हिंसाहरूलाई चाहे राज्य वा गैरराज्य पक्ष जोसुकैले पनि गरेको भए तापनि त्यसलाई रोक्न, अनुसन्धान र कारबाही गर्न राज्यहरूले उचित लगनशील कदम चाल्नु पर्ने कुरा उल्लेख छ। यही नै प्रावधान बेइजिङ्को महिला सम्बन्धी विश्व सम्मेलन सन् १९९५ मा उद्धृत छ। त्यतिमात्रै नभएर यदि राज्यले महिला विरुद्धको हिंसा अन्त्य गर्न कानुन जारी नगरेमा राज्यलाई पीडक सरह नै दोषी मान्न सकिन्छ।[३४]

७. बलात्कारसम्बन्धी राष्ट्रिय कानुनहरू

अन्तरिम संविधान २०६३ ले धारा १२ अर्न्तगत सबै नागरिकहरूलाई सम्मानका साथ बाँच्न पाउने अधिकार सुनिश्चित गरेको छ। संविधानले कुनै पनि महिला विरुद्ध शारीरिक, मानसिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य गरिने छैन र त्यस्तो कार्य कानुनद्वारा दण्डनीय हुनेछ भनेर पनि व्यवस्था गरेको छ।[३५] यही नै अधिकार बालबालिकाको निमित्त पनि संविधानमा सुनिश्चित गरिएको छ।[३६] यी सब

३१. महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको समितिको सामान्य सिफारिस नं.१९ (एघारौं सत्र)। १९९२।

३२. नेपाल सन्धि ऐन। १९९१। दफा ९।

३३. इरटुक, याकिन। "महिला विरुद्धको हिंसा, यसका कारणहरू र परिणामहरूमा संयुक्त राष्ट्रसङ्घको विशेष समाधिक्षकको रिपोर्ट"। २००६:८।

३४. कुमारास्वामी, राधिका। "महिला विरुद्धको हिंसा, यसका कारणहरू र परिणामहरूमा संयुक्त राष्ट्रसङ्घको विशेष समाधिक्षकको रिपोर्ट"। १९९५:१८५।

३५. नेपालको अन्तरिम संविधान। २०६३। धारा २०(३)।

३६. प्रत्येक बालबालिकालाई शारीरिक, मानसिक वा अन्य कुनै पनि किसिमको शोषण विरुद्धको हक हुनेछ। यस्तो शोषणजन्य कार्य कानुनद्वारा दण्डनीय हुनेछ र त्यस्तो व्यवहार गरिएको व्यक्तिलाई कानुनले निर्धारण गरे बमोजिमको क्षतिपूर्ति दिइनेछ।

प्रावधानहरू अनुरूप पनि बलात्कार एउटा जघन्य महिला हिंसा भएवाट क्षम्य नहुने र दण्डनीय अपराध हो भनी बुझ्नु पर्ने हुन्छ। यस्ता अधिकारहरू जुन नेपालको अन्तरिम संविधानमा उल्लेखित छ, यी सबले राज्यले आफ्नो नागरिकहरूलाई अनुचित कार्यहरूबाट बचाउनु पर्ने र उनीहरूको सुरक्षा सुनिश्चित गर्नु पर्ने कुरा प्रष्ट पार्दछ।

मुलुकी ऐन बाह्रौँ संशोधनले प्रगतिशील तवरले बलात्कार सम्बन्धी परम्परागत परिभाषाको परिमार्जन गरेको छ। यद्यपि, कानुन सुधार्नका लागि प्रशस्तै ठाउँहरू छन्। बाह्रौँ संशोधनले जबरजस्ती करणीको महलअर्न्तगत लोग्नेले स्वास्नीलाई निजको मञ्जुरी बेगर करणी गरेमा जबरजस्ती करणी ठहर्ने व्यवस्था गरेको छ।[२७] मुलुकी ऐनको एघारौँ संशोधनले यसै महलअर्न्तगतको १ नं मा आफ्नो स्वास्नीलाई जबरजस्ती करणी गरेमा जबरजस्ती करणी नमानिने गरी बाहेक गरिएको थियो। यो आफैमा एउटा उल्लेखनीय सुधार हो जसले महिला अधिकारको पहिचान गरेको छ र अस्मिताको सम्मान पनि। यो प्रावधान सर्वोच्च अदालतले *अधिवक्ता मीरा ढुङ्गाना विरुद्ध कानुन तथा न्याय मन्त्रालय समेत*[२८]मा दिएको निर्देशनात्मक आदेशपश्चात् संशोधन गरिएको हो। यस आदेशमा सर्वोच्च अदालतले कानुनले नै वैवाहिक सम्बन्धको आधार मन्जुरीलाई मानी बिनामञ्जुरी विवाह गर्न नहुने भएपछि विवाहपश्चात्को यौनसम्बन्धमा पनि मञ्जुरी स्वत: अनिवार्य हुन्छ, मञ्जुरीबेगर जबरजस्ती बल प्रयोगद्वारा गरिने यौनसम्पर्क जबरजस्ती करणीको अपराध मानिन्छ भनी उल्लेख गरेको छ। यस आदेशले महिला वर्गको आत्मसम्मान, आत्मनिर्णय र स्वतन्त्र अस्तित्वका साथ बाँच्न पाउने अधिकारलाई पहिचान गरेको छ।

मुलुकी ऐन बाह्रौँ संशोधनले यस महलअर्न्तगत पीडकलाई पीडितको उमेर अनुसार सजाय तोकेको देखिन्छ। यअनसार सजायको हद ५ देखि १५ वर्षसम्म रहेको छ।[२९] मुलुकी ऐनको एघारौँ संशोधनले सजायको वर्गीकरण यसरी गरेको थिएन।[३०] लोग्नेले स्वास्नीलाई जबरजस्ती करणी गरेको हकमा ३ महिनादेखि ६ महिनासम्म कैद सजाय हुने व्यवस्था छ। लोग्ने स्वास्नीको महलको दफा १(२) अर्न्तगत लोग्नेले स्वास्नीलाई जबरजस्ती कारणी गरे छोडपत्रको लागि एउटा आधार मान्न सक्ने व्यवस्था गरेको छ। यसरी लोग्नेले स्वास्नीलाई जबरजस्ती करणी गरेमा कम सजाय तोकिएकोमा केबल पीडतको पीडकसँगको नाताको आधारमा यस प्रकारको करणी र अन्य प्रकारको करणीमा भिन्नता दर्शाउन खोजिएको प्रष्ट हुन्छ। यो व्यवस्थाले महिलामाथि हुने यस किसिमको गम्भीर हिंसालाई ज्यादै सामान्य करार गर्दै पीडकलाई सजिलै उन्मुक्ति दिने अवस्था सिर्जना गरेको छ। लोग्नेले स्वास्नीलाई गरेको करणी र अन्यप्रकारको करणीमा भएको भिन्न सजायको व्यवस्थाको सन्दर्भमा *जीतकुमारी पँगेनी समेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*[३१] सर्वोच्च अदालतले समानताको सिद्धान्तलाई अनुशरण गर्दै वैवाहिक बलात्कार र गैरवैवाहिक बलात्कारको अपराधका बीचमा भएको विभेदपूर्ण सजायको व्यवस्थामा समान्जस्यता ल्याउने गरी आवश्यक तथा न्यायोचित व्यवस्था गर्नेतर्फ पहल गर्न कानुन तथा न्याय मन्त्रालयको नाममा निर्देशनात्मक आदेश जारी गरेको थियो।

वर्तमान प्रावधानअनुसार महिलालाई सामूहिक रूपमा जबरजस्ती करणी गर्ने वा गर्भवती, अशक्त वा अपाङ्ग महिलालाई जबरजस्ती करणी गरेमा थप ५ वर्ष कैद सजाय हुने व्यवस्था उल्लेख गरेको छ।[३२] त्यस्तै

---

२७. मुलुकी ऐन। बाह्रौँ संसोधन। जबर्जस्ती करणीको महल। दफा १।

२८. सर्वोच्च अदालत आदेश मिति: २०५९।०५।१९।

२९. दश वर्षभन्दा मुनिकी बालिका भए दशदेखि १५ वर्षसम्म, दश वर्ष वा सो भन्दा बढी १४ वर्ष भन्दा कम उमेरकी बालिका भए आठदेखि १२ वर्षसम्म, १४ वर्ष वा सोभन्दा बढी १६ वर्षभन्दा कम उमेरकी बालिका भए छ वर्षदेखि दश वर्षसम्म, १६ वर्ष वा सो भन्दा बढी २० वर्ष भन्दा कम उमेरकी महिला भए पाँच देखि आठ वर्षसम्म, २० वर्ष वा सो भन्दा बढी उमेरकी महिला भए पाँचदेखि सात वर्षसम्म भनि वर्गिकरण गरिएको छ।

३०. दश वर्ष भन्दा मुनिको बालिकालाई भए दशदेखि १५ वर्षसम्म, दश वर्ष वा सोभन्दा माथि १६ वर्षमुनिको बालिकालाई भए सात वर्षदेखि दश वर्षसम्म, १६ वर्ष वा सोभन्दा माथिको महिलालाई भए पाँच वर्षदेखि सात वर्षसम्म भनि सजायको वर्गीकरण गरिएको थियो।

३१. रिट नं:०६४-००३५। आदेश मिति:२०६५।३।२६।

३२. मुलुकी ऐन। बाह्रौँ संसोधन। जबरजस्ती करणीको महल। दफा ३(क)।

३३. ऐऐ जन। दफा ३(ख)।

यस संशोधनले एचआईभी पोजिटिभ भएको थाहा पाउँदापाउँदै कसैले जबरजस्ती करणी गरेको भएमा जबरजस्ती करणीको अन्य कसुरको सजायमा थप एक वर्ष कैद सजाय हुने प्रावधान छ।[३३]यो प्रावधान दूरगामी देखिन्छ जसले आपराधिक मनसायको अध्ययन गर्दै अपराध हुन सक्ने विभिन्न तरिकाहरूको परिकल्पना गर्न खोजेको छ। त्यस्तै यस महलले अप्राकृतिक मैथुन[३४] सम्बन्धी अपराधमा पनि सजाय तोकेको छ। यस्ता अपराधबाट विशेषत: बालबालिका प्रभावित भइरहेका हुन्छन्। यो प्रावधानले पीडकलाई थप एक वर्ष कैद सजायको व्यवस्था गरेको छ। साथसाथै यो व्यवस्थाअनुसार पीडितको उमेर र पीडाअनुसार क्षतिपूर्ति प्रदान गर्नु पर्ने उल्लेख गरेको छ।

मुलुकी ऐनको बाह्रौँ संशोधनले पीडित महिलालाई क्षतिपूर्तिको हकमा क्षतिपूर्ति निर्धारण गर्दा कसुरको गम्भीरता , कसुरबाट पीडित व्यक्तिको मृत्यु भइसकेको रहेछ भने निजमा आश्रित नाबालक सन्तान भए निजहरूलाई पर्न गएको पीडालाई समेत विचार गरी क्षतिपूर्ति निर्धारण गर्नु पर्ने व्यवस्था गरेको छ।[३५] यस व्यवस्थाले एघारौँ संशोधनमा भएको पीडितले पीडकको आधा अंश पाउने व्यवस्थालाई परिमार्जन गरेको छ। यो दफाले क्षतिपूर्ति प्रदान गर्दा सम्पत्ति जफतसम्बन्धी अवधारणालाई परिमार्जन गरेको छ जुन प्रगतिशील र समयसापेक्ष छ। यद्यपि, पीडक कङ्गाल वा बिना सम्पत्ति भएको स्थितिमा पीडितलाई क्षतिपूर्ति प्रदान गर्न को उत्तरदायी हुन्छ भन्ने प्रश्न अनुत्तरित नै छ। संयुक्त राष्ट्रसङ्घको UN Declaration of basic principles of Justice for victim of Crime and Abuse of power ले यस्तो अवस्थामा राज्य नै उत्तरदायी हुने प्रावधान छ।[३६] नेपालको सन्दर्भमा हालसम्म त्यस्तो नीति वा विकल्प निश्चित भइसकेको अवस्था छैन।

मुलुकी ऐनको बाह्रौँ संशोधनले हाडनातामा करणी गर्नेको महल अर्न्तगत निकटतम नातामा करणी गर्नेलाई दण्डनीय बनाएको छ। यसै महलको १ नं मा आफूलाई जन्माउने आमालाई करणी गर्नेलाई जन्मकैदको सजाय तोकेको छ। सोदेखि बाहेक अन्य नम्बरहरूमा विभिन्न नाताहरूको वर्गीकरण गर्दै सजाय तोकिएको छ।[३७] तर यसै महलको दफा १० ले सम्बन्धित व्यक्तिको धार्मिक र सांस्कृतिक मान्यताले आफ्नै निकटतम नातामा सम्बन्ध कायम गर्दा मान्यता दिन्छ भने हाडनाता करणीमा अपराधी मान्न सकिदैन।[३८] त्यसैगरी यसै महलको ९ नं मा पटकेको लागि सजायको व्यवस्था गरिएको छ जुन साह्रै नै न्यून छ जसको समयसापेक्ष परिमार्जन गरिनु आवश्यक छ।[३९] पटके अपराधीको न्यून सजायको सबन्धमा *अधिवक्ता अच्युप्रसाद विरुद्व कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय* [४०]को मुद्दामा उठाइएको थियो। सर्वोच्च अदालतले यस मुद्दामा सजायको न्यूनताको आधारमा कानुनहरू संशोधन गर्न उपयुक्त नहुने र यस प्रावधानले महिला विरुद्व हुने हिंसाको गम्भीरतालाई मूल्याङ्कन नगरेको भन्न नमिल्ने भनी निर्णय दिएको थियो।

जबरजस्ती करणीको महलमा बलात्कारको सन्दर्भमा ३५ दिन हदम्याद भनी तोकिएको छ।[४१] अरु देशहरूको यस सम्बन्धी प्रावधानको तुलनामा यो हदम्याद ज्यादै नै कम छ। हालको विद्यमान अवस्था हेर्दा प्राय मुद्दाहरू यस अवधिभित्र दर्ता नभएको देखिन्छ। यसरी दर्ता नहुनुको पछाडि धेरै कारणहरू हुन सक्छन्। धेरै पीडितहरू यस्तो भयाभव स्थितिबाट पूर्ववत अवस्थामा आउन समय लगाउने, घटनाको बारेमा बोल्न हतपति नचाहने हुन्छन्। विशेषत: यस्तो अवस्था बालबालिकामा रहने गर्दछ। पीडितहरूले आफूलाई सम्हालेर उजुरी गर्ने बेलासम्म हदम्याद सकिसकेको

---

३४. ऐऐ जन। दफा ९ (क)।

३५. ऐऐ जन। दफा १०।

३६. Declaration of Basic Principles of Justice for Victims of Crime and Abuse of Power, adopted by General Assembly resolution 40/34 of 29 November 1985.Article 12.

३७. मुलुकी ऐन। बाह्रौँ संसोधन। हाडनातामा करणी। दफाहरू २,३,४,५,६,७ र ८।

३८. ऐऐ जन। दफा १०(क)।

३९. यस महलबमोजिम सजाय हुने कुनै स्वास्नीमानिसको करणी गरेबापत सजाय भइसकेपछि फेरि सोही स्वास्नी मानिसको करणी गरेमा निजलाई ५० रुपियाँ जरिवाना हुन्छ र सोबमोजिम जरिवाना गरिसकेपछि निजले सोही स्वास्नीमानिसको करणी गरेमा तेस्रो पटकदेखि निजलाई प्रत्येक पटकलाई बढीमा तीन महिनासम्म कैद हुन्छ।

४०. रिट नं: ०६४ ws ००१०, आदेश मिति: २०६६।२।२१।

४१. मुलुकी ऐन। बाह्रौँ संशोधन। जबरजस्ती करणीको महल। दफा ९।

४२. सर्वोच्च अदालत आदेश मिति मङ्सिर १५, २०६७

हुन्छ जसले गर्दा मुद्दा दर्ता नहुने गरेको देखिएको छ। नेपालको हदम्यादसम्बन्धी व्यवस्था भन्दा पृथक न्यूजिल्याण्ड र स्वीडेनमा बलात्कारको सम्बन्धमा हदम्याद १०-१५ वर्षसम्म रहेको छ। फ्रान्स र भारतमा बलात्कारको हकमा कुनै हदम्याद नै नभएका कारण घटना भएपछि जहिलेसुकै उजुरी गर्न सकिन्छ। नेपालको सन्दर्भमा बलात्कार जहिले र जुनसुकै समयमा पनि अपराध हो भनी पहिचान गरी यससबन्धी अपराधको लागि हदम्याद बढाउनु पर्ने अवस्था छ जसले गर्दा पीडितले न्याय पाउन सकून् र पीडकहरूले उन्मुक्ति नपाऊन्। यसै सन्दर्भमा सर्वोच्च अदालतले सुन्तली धामी विरुद्ध प्रधानमन्त्रीको कार्यालय समेत[४३]को मुद्दामा उल्लेखनीय निर्णय गरेको छ। सुन्तली धामी आफ्नै सहकर्मीहरूद्वारा अछामको प्रहरी कार्यालयमा नै बलात्कृत भएकी थिइन्। सर्वोच्च अदालतले आदेशमा मुद्दाको गम्भीरतालाई हेरेर ३५ दिने हदम्याद नलाग्ने उल्लेख गरेको छ।आदेशमा महिला हितको पक्षमा कानुन संशोधन गर्न, बलात्कारबाट पीडित महिलालाई न्याय दिलाउनका लागि परामर्श समिति गठन गर्न, जबरजस्ती करणीको मुद्दालाई सुनुवाइमा प्राथमिकता दिन आदि उल्लेख भएको छ।[४३] यसअघि बलात्कारमा मुद्दामा हदम्याद तोकिन्नु हुन्न भनेर सर्वोच्च अदालतमा परेको एउटा मुद्दामा २७ असार २०६५ गते सरकारलाई हदम्याद सम्बन्धमा पुर्नविचार गर्न निर्देशन दिएको छ।"[४४]

नेपाको सन्दर्भमा पीडित तथा साक्षी संरक्षणसम्बन्धी व्यवस्था नरहेको अवस्था नै छ।मुलुकी ऐनले यससम्बन्धी व्यवस्था गरेको छैन। बलात्कारका पीडितहरू पीडकहरूसँग सदैव डराइरहेका हुन्छन् र यस्तै अवस्था साक्षीहरूको पनि हुन्छ। तसर्थ प्रभावकारी मुद्दा दर्ता र अभियोजनको निमित्त पीडित तथा साक्षीहरूको सुरक्षा गर्नु पर्ने हुन्छ। यसै सन्दर्भमा पीडित तथा साक्षीहरूको सुरक्षाको सुनिश्चित गर्न महिला विरुद्ध हुने हिंसाका पीडित र एचआइभी एड्सका बिरामीहरूको मुद्दाहरूको हकमा आवश्यक गोपनीयता कायमा गर्नु पर्ने भनी सर्वोच्च अदालतले नीति निर्देशिका जारी गरेको थियो।[४५]

घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ ले महिला विरुद्ध हुने घरेलु हिंसालाई विशेषत: शारीरिक यातना, मानसिक यातना र यौनजन्य यातना गरी तीनप्रकारमा विभाजन गरेको छ। यो ऐन विशेष हुनुको साटो सामान्य किसिमको छ जुन महिला-विशेष अर्थात महिलाउपर हुने घरेलु हिंसा विरुद्धको ऐन छैन। यस ऐनले यौनजन्य यातनाअर्न्तगत यौनजन्य प्रकृतिको दुर्व्यवहार, अपमान, हतोत्साह वा आत्मसम्मानमा चोट पुऱ्याउने वा सुरक्षित यौन स्वास्थ्यमा आघात पुग्ने कुनै पनि कार्य भनी परिभाषित गरेको छ।[४६] घरेलु हिंसा (कसुर र सजाय) ऐनले गरेको सम्बन्धको परिभाषा व्यक्ति व्यक्तिबीचको सम्बन्ध (Interpersonal Relationship) लाई समाहित गर्न खोजेको पाइँदैन। ऐनको व्यवस्थाले विवाह नगरी सँगै बसेका जोडी (Staying Together) हरूको बीचमा हुने व्यवहार, साथीहरूबीच एउटै परिवार जस्तो गरी बस्ने (Roommates० लगायत प्रेमी प्रेमिका बीचको व्यवहारलाई पनि समेट्न चुकेको छ। ऐनको दफा ४ ले घरेलु हिंसासम्बन्धी अपराधमा मेलमिलापको व्यवस्था गरेको छ। तर महिला विरुद्धको हिंसामा मेलमिलापको प्रयोगले वैवाहिक बलात्कार, हाडनाता करणी जस्ता अक्षम्ये अपराधमा समस्याहरू पनि सिर्जना गर्न सक्छन्। यस्ता प्रकारका आपराधिक कृत्य सरकारवादी फौजदारी मुद्दा हुन सक्ने अवस्थामा मिलापत्रलाई त्यसमा पनि प्रहरी निकायलगायतमा प्रोत्साहन दिनु सैद्धान्तिक रूपले पनि मिल्दैन।[४७]

अपराधसंहिता, फौजदारी कार्यविधिसंहिता तथा फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐनको मस्यौदा तथा प्रतिवेदन २०६७ ले लोग्नेले स्वास्नीलाई निजको मञ्जुरीबेगर जबरजस्ती करणी गरेमा पाँच वर्षसम्म कैद सजाय हुने व्यवस्था गरेको छ। यसले मुलुकी ऐन बाह्रौं संशोधनले लोग्नेले स्वास्नीलाई जबरजस्ती करणी गरेको हकमा ३ महिनादेखि ६ महिनासम्म कैद सजाय हुने व्यवस्थाभन्दा बढी कैद सजायको प्रस्ताव गरेको छ। एचआईभी पोजिटिभ भएको थाहा पाउँदापाउँदै कसैले जबरजस्ती करणी गरेको भएमा जबरजस्ती करणीको अन्य कसुरको सजायमा

---

४३. "बाँकी अभियुक्तलाई पनि मुद्दा चलाइने"। Ekantipur.com/search जेनवरी १० २०११ मा प्रवेश गरिएको।

४४. अधिकारी, यशोदा। "बलात्कार हुन्छ प्रमाणित हुन्न"। १६-२३ हिमाल खबर:४९

४५. अधिवक्ता सपना प्रधान मल्ल विरुद्ध प्रधानमन्त्री समेत। ने.का.प २०६४। निर्णय नं ७८८०।

४६. घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६। दफा २(ङ)।

४७. सापकोटा, श्रीधर, लगायत। अप्रकाशित "घरेलु हिंसा (कसूर र सजाय) ऐन,२०६६: मानव अधिकार र फौजदारी कानुनको सन्दर्भमा: एक पुनरावलोकन"। इन्सेक र एनजेए,२०११:६२।

थप तीन वर्ष कैद सजाय हुने गरी प्रस्ताव गरेको छ। यो मस्यौदाले महिलालाई सामूहिक रूपमा जबरजस्ती करणी गर्ने वा छ महिनाभन्दा बढीको गर्भवती, अशक्त वा अपाङ्ग वा शारीरिक वा मानसिक रूपमा अस्वस्थ महिलालाई वा हातहतियार देखाई जबरजस्ती करणी गरेमा थप तीन वर्ष कैद सजाय हुने व्यवस्था गरेको छ। यस व्यवस्थाले अपराध घटाउन अपनाइने वर्तमान शस्त्रात्मक उपायलाई संबोधन गर्न खोजेको छ जुन मुलुकी ऐन बाह्रौँ संशोधनले गर्न चुकेको छ।

नेपालको सन्दर्भमा न्यायपालिकाले बितेको दशकमा १ सयभन्दा बढी विभेदकारी र भेदभावपूर्ण कानुनहरूको संशोधन गरेको छ जसले गर्दा न्यायपालिकाको बढदो प्रभावकारिताको बारेमा अनुमान गर्न सकिन्छ। साथसाथै न्यायपालिकाले थुप्रै मुद्दाको मार्फतबाट कानुनहरूको संशोधन गर्दा कार्यपालिका र व्यवस्थापिकालाई न्यायपालिकाको विवेक कार्यान्वयन गर्न आदेश दिएको अवस्था छ। यस्तै अदालतको प्रभावकारिताका कारण मुलुकी ऐनको बाह्रौँ संशोधन आउन सफल भएको हो जसले समानता र लैङ्गिक न्यायलाई केही हदसम्म अङ्गिकार गरेको छ। अदालतले महिला हक र अधिकारलाई पहिचान गर्दै लैङ्गिक समानताको धारणा र विचारलाई विस्तृत बनाएको छ। न्यायपालिकाको कार्य विभेदकारी कानुनहरूको पहिचान गर्दै संशोधन गर्न मात्र सीमित नभई समयसापेक्ष कानुनको आवश्यकता पहिचान गरी सोहीबमोजिमको कानुनहरूको प्रस्तावना गर्नेमा पनि उल्लेखनीय छ। यद्यपि अदालतको फैसला कार्यावयन स्थिति फितलो रहेको देखिन्छ र अदालती क्रियाशीलता विरुद्व व्यवस्थापिकाको विवेकबीच द्वन्द्व बढदो देखिँदो छ।

८. निर्ष्कष र सुझाव

नेपालको सन्दर्भमा महिला विरुद्धको हिंसालाई सम्बोधन गर्न कानुनी समस्या त छँदैछ, साथसाथै समाजिक र मनोवैज्ञानिक समस्या पनि उत्तिकै विद्यमान छ। तसर्थ यसको कानुनी हल मात्रै नभई समाजिक र मनोवैज्ञानिक तवरले हल गर्नु पनि उत्तिकै आवश्यक देखिन्छ। लैङ्गिक हिंसा विशेषत: महिला र पुरुष बीचको असमान शक्ति वितरणको उपज मानिन्छ। त्यसैले समाजका सबै महिलाप्रति पुरुषको दृष्टिकोण र व्यवहारमा पनि सकारात्मक परिवर्तन ल्याउन आवश्यक छ। महिला दमनको विषय हो भन्ने सोचाइमा परिवर्तन आउन जरुरी छ। सामाजिक विकृतिको रूपमा बढ्दै गएको महिला विरुद्धको हिंसालाई कानुनमा उल्लिखित दण्ड सजायको प्रावधानले मात्र निमूल गर्न सकिँदैन। लैङ्गिक हिंसा निर्मूल गर्न नागरिक सचेतना धेरै हदसम्म प्रभावकारी हुन सक्छ। समाजमा व्याप्त हिंसाको अनुगमन गर्न र कानुनको प्रभावकारी कार्यान्वयनको लागि सरकारले गैरसरकारी सङ्घसंस्थासँग समन्वय गरी चेतनामूलक कार्यक्रम सञ्चालन गर्न सक्दछ।

कुनै पनि समाजको प्रभावकारी र प्रजातान्त्रिक ढङ्गबाट विकास र समृद्ध हुन त्यस समाजका हरेक नागरिक सम्मानित भएर बाँच्न पाउने अधिकार सुनिश्चित गरिनु पर्छ। समाजिक विकृति र जघन्य अपराधको रूपमा रहेको बलात्कारजस्तो मानवताविरोधी अपराध नियन्त्रण गर्न सरकारले निम्नलिखित कार्य गर्नु आवश्यक छ।

- बलात्कार पीडितलाई समाजको तिरष्कारबाट पुन: पीडित हुन नदिन निजहरूको सहजीकरण्को निमित्त सोही अनुरूपको वातावरणको सृजना गर्न जरुरी देखिन्छ। मुद्दाको किनारा नलागुञ्जेल पीडितको संरक्षणका लागि सुरक्षित आवास, सशक्तीकरण, समाजमा पुनस्थापना जस्ता दायित्व राज्यले लिन पर्छ।
- महिला विरुद्धको घरेलु हिंसासम्बन्धी ऐनमा महिला विरुद्धको हिंसाका साथै लैङ्गिक हिंसाको विस्तृत परिभाषा गरी कस्तो अपराधलाई महिला विरुद्धको हिंसाका साथै लैङ्गिक हिंसा भन्न सकिने कुरा प्रष्ट गरिनु पर्छ।
- बलात्कारका घटनालाई मिलापत्र गर्न उक्साउने, दबाब दिने, लोभलालचमा पार्ने र पार्न लगाउने व्यक्तिहरूलगायत अनुसन्धानमा लापरवाही देखाउने सम्बन्धित अधिकारीलाई कारबाहीको दायरामा ल्याउने कानुनी प्रावधान वा संयन्त्रको विकास गरिनु पर्छ।
- विद्यमान कानुनमा बलात्कारसम्बन्धी सजाय तथा व्यवस्थाहरूलाई समयसापेक्ष बनाई पीडित तथा साक्षीहरूको निमित्त संरक्षण र सुरक्षाको लागि आवश्यक कानुन बनाउन जरुरी छ।
- पीडकलाई प्रभावकारी ढङ्गबाट अदालतसमक्ष पेश गर्न कडा कानुन तथा सजायको व्यवस्था गर्न जरुरी छ।
- महिला विरुद्धको हिंसाका साथै लैङ्गिक हिंसासम्बन्धी मुद्दाहरूको छिटो र प्रभावकारी ढङ्गबाट छिनोफानो गर्न प्रत्येक जिल्लामा

पारिवारिक अदालतको स्थापना र द्रूतमार्गी अदालत (fast track courts) को स्थापना गर्न जरुरी देखिन्छ।

- अर्न्तराष्ट्रिय सन्धिसम्बन्धी प्रतिबद्धताको लागि राष्ट्रिय कानुनहरूमा सोही अनुरूपको परिमार्जन गर्न जरुरी छ।
- महिला हिंसा विरुद्ध कानुनी संचेतना कार्यक्रम मावि र उच्चमावि तहका पाठ्यक्रममा महिला हिंसा विरुद्ध अभियान सम्बन्धमा पाठ्यसामग्री समावेश गर्नु उपयुक्त हुन्छ।
- महिला हिंसालाई प्रभावकारी ढङ्गबाट संबोधन गर्न नागरिक समाजको संलग्नतामा सोही अनुरूपको नीति र कार्यक्रमहरू तर्जुमा गर्न जरुरी छ।
- सबै जिल्लाहरूमा बलात्कार पीडितहरूको पूर्ण उपचारको निमित्त स्वास्थ्य विषेशज्ञलगायत उपकरणको निशुल्क व्यवस्था मिलाउन आवश्यक देखिन्छ।

Separate Page:Layout 1 2/13/2011 2:26 PM Page 155

अनुसूची

१

सन् २०१० र मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका तथ्यहरू

Separate Page:Layout 1 2/13/2011 2:26 PM Page 156

उल्लेख गर्नैपर्ने केही कुरा

- यो वर्षपुस्तकमा सन् २०१० भरिका अर्थात् ०६६ पुस १७ देखि ०६७ पुस १६ गतेसम्मका घटनाहरू समावेश गरिएका छन्।
- परिच्छेदहरूमा उद्धरण तथा सन्दर्भ लिँदा सन् २०१० को अवधिसम्म प्रकाशित सामग्रीहरूबाट मात्र लिइएको छ।
- हामीले पुष्टि गर्न नसकेको घटनामा सरकारी स्रोत उल्लेख गरिएको छ। तिनलाई तथ्याङ्कमा समावेश गरिएको छैन।
- सङ्कलन गरिएकामध्ये प्रतिनिधिमूलक घटना मात्रै वर्षपुस्तकमा उल्लेख गरिएका छन्। वर्षभरि सङ्कलन गरिएका सबै घटना समावेश गर्न सम्भव नभएको जनाउँदछौं।
- मानवअधिकार उल्लङ्घनका घटनालाई प्रकाशमा ल्याउने, त्यस्ता घटनाको प्रकाशनद्वारा नागरिकलाई सचेत गराउने, मानवअधिकार चेतनाको विकासमा सहयोग पुऱ्याउने तथा मानवअधिकारको स्थितिलाई सकारात्मक दिशातिर उन्मुख गराउने उद्देश्य वर्षपुस्तकले राखेको छ। पुस्तकमा उल्लिखित घटनाबाट कसैको निजी जीवन, मान-सम्मान र स्वाभिमानमा आघात पर्न गएको भए हामी क्षमाप्रार्थी छौं।
- वर्षपुस्तकका निम्ति घटना सङ्कलन गर्न पचहत्तरै जिल्लामा प्रतिनिधिको व्यवस्था गरिएको छ। तर, विविध कारणले जिल्लाका सबै गाउँ र ठाउँमा पुगेर घटना सङ्कलन गर्न सम्भव नभएको हामी स्वीकार्दछौं। सार्वजनिक जानकारीमा नआएका केही घटना हाम्रा लागि अज्ञात नै रहेका पनि हुन सक्छन्। तर विभिन्न सम्भाव्य माध्यमद्वारा पुष्टि गरी हामीले सकेसम्मका घटनाको सङ्कलन भने गरेका छौं।
- पत्रपत्रिका पनि वर्षपुस्तकका सूचना स्रोत हुन्। तर पत्रपत्रिकामा प्रकाशित सूचनालाई सम्बन्धित पक्ष वा निकायमा सम्पर्क गरी पुष्टि भएपछि मात्र समावेश गरिएको छ।
- नेपालले अनुमोदन गरेका मानवअधिकारसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरूमध्ये ठूला छओटा (ICCPR, ICESCR, CAT, CEDAW, CRC र CERD) का आधारमा शीर्षकहरू विभाजन गरी जिल्लागत रूपमा विवरण प्रस्तुत गरिएको छ।
- विस्थापन, संरचना/सम्पत्ति क्षति भएका घटनाहरूलाई आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार शीर्षकअन्तर्गत समावेश गरिएको छ।
- राज्य, माओवादी र अन्यबाट भएको हत्या, अपहरण, कुटपिट आदि घटनालाई छुट्टाछुट्टै प्रस्तुत गरेका छौं। बम, गोली, विस्फोटक पदार्थसम्बन्धी घटनालाई पनि त्यसैगरी प्रस्तुत गरिएको छ। सामान्यत: व्यक्तिगत हत्याका घटनालाई विवरणमा नदिई तथ्याङ्कमा मात्र समावेश गरिएको छ।
- विवादास्पद घटनाहरू (पीडकको स्पष्ट पहिचान नभएका) लाई पनि 'अन्यबाट' शीर्षकअन्तर्गत समावेश गरेका छौं।
- जिल्लाको तथ्याङ्कमा यो पुस्तक प्रकाशित भइसक्दासम्म धेरै फेरबदल भइसकेको हुन सक्छ। जिल्ला प्रतिनिधिद्वारा सम्बन्धित निकायबाट सङ्कलित तथ्याङ्क नै पुस्तकमा प्रस्तुत गरिएको छ।
- मानवअधिकार वर्षपुस्तकमा समेटिएका घटनाको अनुगमनलाई (विगतको अनुगमन) शीर्षकमा समेट्ने प्रयास गरेका छौं। गत वर्षको वर्षपुस्तकमा पुष्टि हुन नपाएर नसमेटिएका घटनाहरू पनि आवश्यक अध्ययनपछि त्यसै शीर्षकअन्तर्गत यस वर्ष समावेश गरिएका छन्।
- विभिन्न समूहबाट भएका ज्यादतीको तथ्याङ्क अन्य शीर्षकअन्तर्गत समावेश गरिएको छ।
- स्थानीय बोली, भाषा र लय आदि जस्ता कारणले गर्दा कतिपय व्यक्ति र ठाउँको नाममा केही फरक पर्न गएको हुनसक्छ। यस्तो भेटिएको खण्डमा जानकारी दिन हामी सबैमा हार्दिक अनुरोध गर्दछौं।
- अभिव्यक्ति/भेला हुने र सङ्गठित हुने अधिकार अन्तर्गतका तथ्याङ्क तत्काल घटनास्थलमा गिरफ्तार गरिएका पीडितहरूको मात्र तथ्याङ्क हो।

तथ्याङ्कका अन्य स्रोत

क. केन्द्रीय तथ्याङ्क विभागको राष्ट्रिय प्रतिवेदन २००१

ख. युनाइटेड नेसन्स डेभ्लप्मेन्ट प्रोग्राम; *नेपाल ह्युम्यान डेभ्लप्मेन्ट रिपोर्ट २००४ : इम्पावरमेन्ट एण्ड पोभर्टी रिडक्सन*; काठमाडौं, २००४

ग. स्थानीय सामाजिक संस्था र व्यक्तिहरू

घ. स्थानीय न्यायिक, अर्धन्यायिक, प्रशासनिक, सञ्चार र सुरक्षासम्बन्धी निकायहरू

ङ. १९९२ देखि २०१० सम्मका इन्सेक मानवअधिकार वर्षपुस्तकहरू

च. इन्टेन्सिभ रिसर्च एण्ड स्टडी सेन्टर; *डिस्ट्रिक्ट प्रोफाइल अफ नेपाल २०१०*

छ. वर्षपुस्तक तयार गर्ने क्रममा इन्सेक पुस्तकालयमा रहेका पुस्तक तथा अभिलेखहरू सन्दर्भ सामग्रीको रूपमा प्रयोग गरिएको छ।

पूर्वाञ्चल

१.१ झापा

१.२ इलाम

१.३ पाँचथर

१.४ ताप्लेजुङ

१.५ मोरङ

१.६ सुनसरी

१.७ धनकुटा

१.८ तेह्रथुम

१.९ भोजपुर

१.१० सङ्खुवासभा

१.११ सप्तरी

१.१२ सिराहा

१.१३ उदयपुर

१.१४ खोटाङ

१.१५ ओखलढुङ्गा

१.१६ सोलुखुम्बु

१.१ झापा

जनसङ्ख्या : ७,८५,३८३
साक्षरता प्रतिशत : ७६
महिला साक्षरता प्रतिशत : ६५
क्षेत्रफल (वर्ग कि. मि.) : १,६०६
गाविस/नपा सङ्ख्या : ४७/३
सरकारी/निजी विद्यालय : ५८८/१७५
क्याम्पस/उच्च मा.वि. : १४/६६
अस्पताल/स्वास्थ्य चौकी : ७/५६
मानव विकास सूचकाङ्कः ०.४९४
प्रतिपरिवार सरदर सङ्ख्याः ६

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या
गैरराज्यबाट

भारत उत्तर दीनापुरका ज्यारुद्दीन मियाँ, बाँदरझुलाका मजित आलम र अर्का नाम नखुलेका भारतीय नागरिकलाई पथरिया गाविस-७ मा डाका गर्न आएको समयमा ०६६ फागुन ४ गते राति स्थानीय बासिन्दाहरूले नियन्त्रणमा लिई कुटपिट गरी हत्या गरे। सोही घटनामा गाउँलेहरूको कुटपिटबाट घाइते भएका भारत किसानगञ्जका मुस्ताहिम मियाँको पनि ०६६ फागुन १२ गते उपचारको क्रममा मेची अञ्चल अस्पताल भद्रपुरमा मृत्यु भयो। मृतकहरूको दाहसंस्कार भद्रपुर नगरपालिकाले गऱ्यो। घटनाका सम्बन्धमा प्रहरीले केही पनि कारबाही अघि बढाएन।

गोली/विस्फोटक पदार्थद्वारा घाइते
बम बनाउने क्रममा घाइते

बुधबारे गाविस-१ का १६ वर्षीय अरुण लिम्बूलाई बम बनाउने क्रममा घाइते भएको अवस्थामा ०६७ मङ्सिर २ गते दिउँसो उनकै घरबाट प्रहरीले गिरफ्तार गऱ्यो। उनका दाजु दर्शन लिम्बू र उनी मिलेर घरैमा बम बनाउने क्रममा उनको दायाँ हातको कान्छी औंला चुँडिएपछि उपचारको क्रममा प्रहरीले गिरफ्तार गरेको थियो। उनीहरूले आफ्नो घरनजिक लुकाई राखेको चारओटा सकेट बम चारआलीस्थित नेपाली सेनाको टोलीले निस्क्रिय पारेको थियो। गिरफ्तारीमा परेका बालकविरुद्ध प्रहरीले विस्फोटक पदार्थ ओसार पसार तथा निर्माणअन्तर्गत मुद्दा दायर गरी कानुनी कारबाही अघि बढाएकोमा ०६७ मङ्सिर १५ गते जिल्ला अदालतको आदेशबमोजिम ५ हजार रुपियाँ धरौटीमा रिहा भए।

जेल र बन्दीहरू

'ग' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता २ सय जनाको रहेको छ। यो वर्षको अन्त्यसम्ममा कैदी तथा थुनुवा र आश्रित नाबालक गरी ४ सय ६६ जना बन्दीहरू कारागारमा रहेका छन्। जसमध्ये २ सय ४९ जना कैदी र २ सय १७ जना थुनुवा रहेका छन्। यीमध्ये १३ जना कैदी र नौ थुनुवा गरी २३ जना महिला छन्। एक कैदी र दुई थुनुवाका नाबालकसमेत आश्रितका रूपमा कारागारभित्र रहँदै आएका छन्। कारागारमा रहेका ९१ जना गैरनेपाली कैदी तथा थुनुवाहरूमध्ये ३० जना भारतीय र ६१ जना भुटानी शरणार्थीहरू रहेका छन्। कारागारको भौतिक अवस्था अत्यन्त जीर्ण छ। सशस्त्र द्वन्द्वको समयमा इलाम कारागार ध्वस्त भएपछि इलाम जिल्लाका बन्दीहरूलाई समेत यसै कारागारमा राखिने गरिएकाले यस कारागारमा बन्दीको सङ्ख्या क्षमताभन्दा बढी भएको छ। कारागारको भान्साकोठा अत्यन्त जीर्ण रहेको र पर्याप्त सुत्ने बस्ने स्थानको अभावले आँगन तथा बरण्डामा समेत बन्दीहरू सुत्नु बस्नुपर्ने अवस्था रहेको कारागारका चौकीदार अमित राईले बताए।

बेपत्ता/अपहरण
अज्ञातबाट

शनिश्चरे गाविस-९ का ३१ वर्षीय चन्द्रप्रसाद कोइरालालाई ०६७ जेठ १८ गते राति ९ बजे अज्ञात समूहले घर नजिकैबाट अपहरण गऱ्यो। स्थानीय बासिन्दाको सूचनाको आधारमा ०६७ जेठ २१ गते बिहान धाईजन गाविस-८ स्थित भानु प्राविबाट हात, खुट्टा तथा आँखामा पट्टी बाँधेर छाडिदिएको अवस्थामा प्रहरीले पीडितको उद्धार गऱ्यो। घटनामा संलग्न भएको आरोपमा बुधबारे गाविस-४ का अमर दहाललाई

घटनाको प्रकार	गैरराज्यबाट					राज्यबाट		
	अन्यबाट							
	घटना सङ्ख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	१४	१२	६		१८			
घाइते	३	३			३			
गिरफ्तारी/यातना						१	१	१
महिलाअधिकार	८		१३		१३			
बालअधिकार	३१	१	३१	१	३३			
अपहरण	१	१			१			
जम्मा	४६	१६	३९	१	५६	१	१	१

प्रहरीले ०६७ जेठ १९ गते गिरफ्तार गरेकोमा उनी निर्दोष रहेको जनाउँदै जेठ २२ गते रिहा गऱ्यो। यस वर्षको अन्त्यसम्म प्रहरीले पीडकको पहिचान गर्न सकेन।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत झापामा ०६७ असार मसान्तसम्म दुनियाँवादी फौजदारीतर्फ २ सय ३२ थान मुद्दा जिम्मेवारी सरेर यस वर्ष आएकामा १ सय ८५ थान फर्स्यौट भई ४७ थान बाँकी रहे। सरकारवादी फौजदारीतर्फ २ सय ३९ थान मुद्दा जिम्मेवारी सरेर आएकामा १ सय ६७ थान फर्स्यौट भई ७२ थान अर्को वर्षको लागि जिम्मेवारी सरेर गए। विशेष फौजदारीतर्फ ११ थान मुद्दा जिम्मेवारी सरेर आएकामा आठ थान फर्स्यौट भई तीन थान बाँकी रहे। यस वर्ष विशेष फौजदारीतर्फ १७ थान मुद्दा दर्ता भएकामा सात थान फर्स्यौट भई १० थान बाँकी रहे।

यसैगरी, देवानीतर्फ ३ सय ७५ थान मुद्दा जिम्मेवारी सरेर आएकामा २ सय ५० थान फर्स्यौट भई १ सय २५ थान बाँकी रहे। एउटा सरकारवादी देवानी मुद्दा यस वर्षमा जिम्मेवारी सरेर आएकोमा सो मुद्दा फैसला भयो। सङ्क्षिप्त देवानीतर्फ एउटा मुद्दा जिम्मेवारी सरेर आएकोमा सो फैसला भयो। यस वर्ष सङ्क्षिप्त देवानी मुद्दा एउटा दर्ता भएकोमा सो समेत फर्स्यौट भयो। यस वर्ष जिल्ला अदालतमा दुनियाँवादी फौजदारीतर्फ ४ सय ४० थान मुद्दा दर्ता भएकोमा २ सय ५६ थान फर्स्यौट भई १ सय ८४ थान मुद्दा अर्को वर्षको लागि जिम्मेवारी सरेर गएका छन्। सरकारवादी फौजदारीतर्फ ३ सय ३६ थान मुद्दा दर्ता भएकामा १ सय ४० थान फैसला भई १ सय ९६ थान बाँकी रहे।

यस वर्ष दुनियाँवादी देवानीतर्फ ४ सय २ थान मुद्दा दर्ता भएकामा ९१ थान फर्स्यौट भई ३ सय ११ थान अर्को वर्षको लागि जिम्मेवारी सरेर गए। बाल इजलासतर्फ छ थान मुद्दा यस वर्ष दर्ता भएकामा दुई थान फर्स्यौट भई चार थान मुद्दा अर्को वर्षको लागि जिम्मेवारी सरेर गए।

यसैगरी, गत वर्षबाट सबै किसिमका मुद्दाहरू गरी ८ सय ६५ थान मुद्दा यस वर्षको लागि जिम्मेवारी सरेर आएकामा ६ सय १७ थान फर्स्यौट भई २ सय ४८ थान अर्को वर्षमा जिम्मेवारी सरेर गए। त्यस्तै यो वर्ष कूल १२ सय एक थान मुद्दा दर्ता भएकामा ४ सय ९६ थान मुद्दा फर्स्यौट भई ७ सय ७ थान बाँकी रहे। गत वर्षमा अदालतमा सबै किसिमका गरी कूल २ हजार ६६ थान मुद्दाहरूमा कारबाही अघि बढेकोमा १ हजार १ सय १५ थान फर्स्यौट भई हाल ९ सय ५१ थान मुद्दाहरू अर्को वर्षमा जिम्मेवारी सरेर गए।

जिल्ला सरकारी वकिलको कार्यालय झापाले यस वर्ष जिल्ला अदालत झापामा कूल २ सय ४८ थान मुद्दा दर्ता गरेकोमा ५४ थान फर्स्यौट भई ५० थानमा सफलता हासिल गऱ्यो। त्यस्तै जिल्ला प्रशासन कार्यालय झापामा १ सय ८१ थान विविध मुद्दा दर्ता गरेकोमा १४ थान फैसला भई फर्स्यौट भएका सबै मुद्दामा सफलता हासिल भयो।

बालअधिकार

यस जिल्लामा सामुदायिकतर्फ जम्मा ३ सय ६१ ओटा शैक्षिक संस्थाहरू रहेका छन्। जसमा एउटा क्याम्पस, ५२ ओटा उच्च माबि, ४८ ओटा माबि, ८५ ओटा निमाबि र १ सय ७५ ओटा प्राबि रहेका छन्। त्यसैगरी, निजी तथा संस्थागततर्फ ३५ ओटा क्याम्पस, ३३ ओटा उच्च माबि, ९७ ओटा माध्यमिक विद्यालय, ४३ ओटा निमाबि, १ सय ३३ प्राथमिक र एउटा बाल

मन्दिर गरी जम्मा ३ सय ४२ ओटा शैक्षिक संस्थाहरू रहेका छन्।

जिल्लाका सबै उच्च मावि गरी जम्मा १२ हजार ८ सय ८४ जना छात्रा, छात्र अध्ययनरत रहेका छन्। त्यसैगरी, माविमा कूल २७ हजार ९ सय १० जना छात्राछात्र अध्ययनरत रहेका छन्। निमावि स्तरमा जम्मा ५३ हजार २ सय २५ जना छात्राछात्र अध्ययनरत रहेका छन्। प्रावि स्तरमा जम्मा १ लाख १५ हजार ९ सय २४ जना छात्राछात्र अध्ययनरत रहेका छन्।

यस वर्ष जिल्लाभर विभिन्न राजनीतिक दल, विद्यार्थी सङ्घ सङ्गठन, यातायात मजदुर सङ्घ सङ्गठनहरूले गरी २४ दिन आम हड्ताल गरे। जसमा एकीकृत माओवादीले पाँच दिन, सङ्घीय लोकतान्त्रिक पार्टीले तीन दिन, किराँत जनवादी वर्कस पार्टीले तीन दिन, विभिन्न मजदुर सङ्घ सङ्गठनहरूले पाँच दिन, मञ्च सम्बद्ध सङ्घीय लिम्बूवान राज्य परिषद्ले दुई दिन तथा लिम्बूवान प्रान्तीय परिषद्, आदिवासी जनजाति महासङ्घ, सङ्घीय लिम्बूवान राज्य परिषद्, सङ्घीय लिम्बूवान विद्यार्थी परिषद् क्रान्तिकारी, सङ्घीय लिम्बूवान विद्यार्थी परिषद् र मधेसी जनाधिकार फोरमले एक-एक दिन गरी २४ दिन आमहड्ताल भयो। पटक-पटक हुने बन्दका कारण बालबालिकाको पढाइ प्रभावित हुने गरेको छ।

गरामनी गाविस-४ की एक १५ वर्षीया बालिकालाई सोही गाविस-२ का २२ वर्षीय ईश्वर ऋषिदेव र २३ वर्षीय लीले बेस्नाले ०६६ माघ २४ गते राति पीडितको घरनजिकै बलात्कार गरेको आरोपमा उनीहरूलाई प्रहरीले ०६६ माघ २६ गते गिरफ्तार गरी मुद्दा दायर गऱ्यो। जिल्ला अदालत झापाको ०६६ फागुन २० गतेको आदेशबमोजिम आरोपितहरूमध्ये ऋषिदेव पुर्पक्षको लागि थुनामा रहेका छन्। अर्का आरोपित बेस्रा सहयोग मात्र गरेको भन्दै ५ हजार रुपियाँ धरौटीमा रिहा भए।

मोरङ जिल्ला बयरवन गाविस-८ की एक १६ वर्षीया बालिकालाई मेचीनगर नपा-१० का २८ वर्षीय रञ्जीत श्रेष्ठ र धरमपुर गाविस-५ का ३० वर्षीय कुमार पाँचकोटीले ०६६ माघ २९ गते बिर्तामोडको सयपत्री होटलमा बलात्कार गरेको आरोपमा आरोपितहरूलाई प्रहरीले होटलबाटै सोही दिन गिरफ्तार गरी कानुनी कारबाही अघि बढायो। आरोपितहरूलाई ०६७ असोज १३ गते जिल्ला अदालत झापाले तीन-तीन वर्षको कैद सजाय गर्न फैसला गऱ्यो। श्रेष्ठ सुनसरीको झुम्का कारागारमा र पाँचकोटी झापा कारागारमा छन्।

खुदुनावारी गाविस-८ स्थित भुटानी शरणार्थी शिविरकी एक १४ वर्षीया बालिकालाई सोही शिविरका १८ वर्षीय पङ्कज प्रधानले ०६६ फागुन २२ गते छिमेकीको छाप्रोमा बलात्कार गरेको आरोपमा पीडित परिवारले ०६६ फागुन २३ गते प्रहरीमा उजुरी दिए। आरोपितलाई प्रहरीले गिरफ्तार गरी कानुनी कारबाही अगाडि बढायो। जिल्ला अदालत झापाले ०६७ पुस ४ गते अभियुक्तलाई सात वर्ष कैद गर्ने सजाय सुनायो। अभियुक्त हाल जिल्ला कारागार झापामा कैदी छन्।

हल्दीवारी गाविस-७ की छ र सात वर्षीया दुई बालिकालाई सोही स्थानमा माटोको मूर्ती बनाई बस्ने भारत सिलीगुढी घर भएका मन्टु पालले ०६७ वैशाख ११ गते स्थानीय मन्दिरमा बलात्कारको प्रयास गरेको आरोपमा सोही दिन आरोपितलाई प्रहरीले गिरफ्तार गरी कानुनी कारबाही अघि बढायो। अभियुक्तलाई जिल्ला अदालत झापाले छ महिना कैदको गर्न फैसला गऱ्यो। आरोपित ०६७ कात्तिक १२ गते आफ्नो कैद भुक्तान गरेर घर फर्किए।

गरामनी गाविस-३ की एक १४ वर्षीया बालिकालाई सोही ठाउँका १९ वर्षीय गजेन्द्र शेर्पाले ०६७ जेठ २ गते नजिकैको जङ्गलमा बलात्कार गरेको आरोपमा पीडित परिवारले कारबाहीको लागि ०६७ जेठ ३ गते प्रहरीमा उजुरी दियो। घटनापछि फरार रहेका आरोपितलाई यस वर्षको अन्त्यसम्म प्रहरीले गिरफ्तार गर्न सकेन।

चन्द्रगढी गाविस-७ की एक पाँच वर्षीया बालिकालाई सोही स्थानका ७७ वर्षीय हिक्मतबहादुर बस्नेतले आफ्नै घरमा ०६६ फागुन २४ गते बलात्कार गरेको आरोपमा बस्नेतलाई प्रहरीले गिरफ्तार गरी कारबाही अघि बढायो। आरोपितलाई जिल्ला अदालत झापाले ०६६ चैत २० गते थुनामा राखेर कारबाही अघि बढाउन आदेश दिएबमोजिम आरोपित झापा कारागारमा थुनामा रहेका छन्।

हल्दीवारी गाविस-७ की एक १४ वर्षीया बालिकालाई सोही ठाउँका २१ वर्षीय प्रकाश राई र २२ वर्षीय सुजन राईले ०६७ वैशाख १ गते नजिकैको चिया बगानमा लगेर बलात्कार गरेको आरोपमा पीडित परिवारले प्रहरीमा जाहेरी दिएकोमा दुवै जना आरोपितहरू यस वर्षको अन्त्यसम्म फरार रहेका थिए।

दमक नपा-१४ की एक १३ वर्षीया बालिकालाई सोही ठाउँका १८ वर्षीय डब्लु सतारले ०६७ वैशाख २१ गते पीडितकै घरमा बलात्कार गरेको आरोपमा ०६७ वैशाख २२ गते सतारलाई प्रहरीले गिरफ्तार गऱ्यो। जिल्ला अदालत झापाले ०६७ जेठ

१८ गते दिएको आदेशबमोजिम आरोपित कारागार शाखा झापामा पुर्पक्षको लागि थुनामा छन्।

दमक नपा-५ स्थित भुटानी शरणार्थी शिविर बेलडाँगी गाविस-२ की एक १४ वर्षीया बालिकालाई ०६७ जेठ २३ गते सोही शिविरका १८ वर्षीय विकास विश्वले शिविरमै बलात्कार गरेको आरोपमा पीडितका परिवारले ०६७ जेठ २४ गते कारबाहीको लागि जाहेरी दियो। घटनापछि फरार रहेका आरोपितलाई प्रहरीले यस वर्षको अन्त्यसम्म गिरफ्तार गर्न सकेन।

हल्दीवारी गाविसस्थित हल्दीबारी माविमा कक्षा दुई र तीनमा अध्ययनरत् दुई बालिकालाई सोही विद्यालयका शिक्षक ४५ वर्षीय ख्याम निरौलाले ०६७ असोज ८ गते कक्षा कोठाभित्रै यौनदुर्व्यवहार गरेको आरोपमा बालिकाहरूको परिवारले प्रहरीमा उजुरी दिए। प्रहरीले सोही दिन आरोपित निरौलालाई गिरफ्तार गरी कानुनी कारवाही अघि बढायो। जिल्ला अदालतले ०६७ असोज २० गते पुर्पक्षको लागि थुनामा राखी कारवाही अघि बढाउने आदेश दिएबमोजिम आरोपितलाई कारागार शाखा झापामा थुनामा राखिएको छ।

गरामनी गाविस-५ की एक १३ वर्षीया बालिकालाई सोही स्थानमा किराना पसल गर्ने ४९ वर्षीय दिलबहादुर थापाले ०६७ असोज २३ गते बिहान सामान किन्न उनको पसलमा गएको समयमा बलात्कारको प्रयास गरेको भन्दै पीडित परिवारले थापाविरुद्ध प्रहरीमा ०६७ असोज २४ गते जाहेरी दिए। आरोपितलाई प्रहरीले सोही दिन गिरफ्तार गरी कारबाही अघि बढायो। जिल्ला अदालत झापाले ०६७ कात्तिक २३ गते पुर्पक्षमा राखी कारबाही अघि बढाउन दिएको आदेशबमोजिम आरोपित थुनामा राखिएका छन्।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार दुर्व्यवहार

चारपाने गाविस-३ की ५८ वर्षीया ईश्वरी चौधरीलाई सोही ठाउँका २९ वर्षीया जमुना राजवंशीले आफ्नो शरीरमा काली माता आएको भन्दै ०६७ कात्तिक २९ गते कथित बोक्सीको आरोप लगाउँदै सयौँ सहयोगीका साथ कुटपिट गरी आफू बोक्सी भएको स्वीकार्न लगाइन्। राजवंशीले सो घटनाको एक सातापछि चौधरीको परिवारलाई माताको नाममा एक तोला सुन चढाउन लगाइन्। घटनापछि पीडित परिवार बोक्सीको आरोप लगाउने पक्षको डर त्रासका कारण घर छोडेर विस्थापित भए। मानवअधिकारकर्मी, स्थानीय नागरिक समाज र राजनीतिक दलको पहलमा ०६७ मङ्सिर २० गते प्रहरीले आफूलाई काली माता बताउने जमुना तथा उनका सहयोगीहरू दिलमाया राजवंशी, श्रेष्ता राजवंशी, गीता राजवंशी, वीरेन राजवंशी, अमिन राजवंशी, सरस्वती गणेश, सरस्वती अधिकारी, कुमुद राजवंशी र परदेशी राजवंशीलाई गिरफ्तार गरी सार्वजनिक अपराधको मुद्दा दर्ता गरायो। गिरफ्तार भएकामध्ये ०६७ पुस २ गते जमुना राजवंशी र सरस्वती गणेशलाई जनही १० हजार रुपियाँ र अन्य सबैलाई जनही ४ हजार रुपियाँ धरौटीमा जिल्ला प्रशासन कार्यालयले रिहा गऱ्यो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

शान्तिनगर गाविस-१ स्थित टिमाई भुटानी शरणार्थी शिविरकी एक २१ वर्षीया महिलालाई सोही स्थानका २५ वर्षीय जयप्रसाद कुमालले ०६७ जेठ २२ गते विहान नजिकैको जङ्गलमा दाउरा खोज्न गएको समयमा बलात्कार गरेको आरोपमा सोही दिन प्रहरीले गिरफ्तार गरी कानुनी कारवाही अघि बढायो। आरोपित हाल जिल्ला अदालतको आदेशबमोजिम झापा कारागारमा पुर्पक्षको लागि थुनामा रहेका छन्।

अनारमनी गाविस-५ की एक महिलालाई ६५ वर्षीय मोहन पाठकले ०६७ असोज २४ गते राति सुतिरहेको बेला आफ्नै घर कोठामा बलात्कारको प्रयास गरेको आरोपमा प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। जिल्ला अदालतले ०६७ कात्तिक २३ गते आरोपितलाई पुर्पक्षमा राखी कारबाही अघि बढाउने आदेश दिएबमोजिम हाल झापा कारागारमा थुनामा राखिएको छ।

घरेलु हिंसा

सिरहा जिल्ला नगरारिगौल गाविस-५ की २८ वर्षीया अनीता यादवलाई उनका पति एकीकृत

किराँत जनवादी वकर्स पार्टीद्वारा आगजनी गरिएको ढुवागढी गाविस कार्यालय भवन

माओवादी सेनाको प्रथम डिभिजन शिविरमा कार्यरत सेक्सन कमाण्डर ३० वर्षीय रामकुमार यादवले ०६७ वैशाख १८ गते खुदुनावारी गाविस-७ स्थित सुखानी खोलामा ल्याई घाँटी थिचेर हत्या गरको आरोपमा आरोपितलाई ०६७ भदौ १३ गते प्रहरीले गिरफ्तार गरी कानुनी कारबाही अगाडि बढायो। जिल्ला अदालतको आदेशबमोजिम आरोपित जिल्ला कारागारमा थुनामा रहेका छन्।

सुरुङ्गा गाविस-६ की ८० वर्षीया बछलादेवी सेडाइँलाई नाति राजन सेडाइँले सामान्य विवादपछि ०६७ वैशाख २० गते साँझ आफ्नै घरमा धारिलो हतियारले टाउकोमा काटेर हत्या गरेको आरोपमा उनलाई प्रहरीले गिरफ्तार गरी कारबाही प्रक्रिया अगाडि बढायो। जिल्ला अदालतले ०६७ जेठ १६ गते पुर्पक्षको लागि थुनामा राखेर कारबाही गर्ने आदेश दिएबमोजिम पीडक हाल झापा कारागारमा थुनामा रहेका छन्।

ज्यामिरगढी गाविस-८ की २५ वर्षीया सीता करुवा, उनकी छोरी तीन वर्षीया सोनियाँ र छोरा पाँच वर्षीय रञ्जीतलाई पति तथा बाबु रञ्जु करुवाले ०६७ असोज २३ गते दिउँसो मादकपदार्थ सेवन गरी बञ्चरोले काटेर घरमै हत्या गरे। घटनापछि पीडकलाई प्रहरीले गिरफ्तार गऱ्यो। पीडक जिल्ला अदालतको आदेशबमोजिम पुर्पक्षका लागि थुनामा रहेका छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरचना, सम्पत्ति क्षति

दुवागढी गाविस-७ मा रहेको दुवागढी गाविस कार्यालय भवनमा किराँत जनवादी वर्कस पार्टी (विवस विद्रोही समूह)ले आफूहरूलाई गाविसले चन्दा नदिएको तथा राज्यले आफ्ना कार्यकर्ताहरू स्वेच्छाचारी तवरले गिरफ्तार गरेको आरोपमा ०६७ वैशाख २५ गते आगजनी गरी क्षतिग्रस्त बनाए। आगजनीबाट कार्यालयमा रहेका कागजात र भवन डढेर पूर्णरूपमा ध्वस्त भए।

किराँत जनवादी वर्कस पार्टी (विवस विद्रोही समूह)ले ०६७ जेठ १९ गते चन्दा नदिएको र राज्यले आफ्ना कार्यकर्ताहरूलाई बिना कारण गिरफ्तार गरेको आरोपमा खुदुनावारी गाविस भवन कार्यालय आगजनी गरी क्षति पुऱ्यायो। आगजनीबाट कार्यालयका केही कागजात र फर्निचर गरी एक लाख रुपियाँ बराबरको क्षति भयो। लिम्बूवान स्टेट फोर्स नामक भूमिगत सङ्गठन बताउने एक समूहले ०६७ जेठ २३ गते राति सतासीधाम गाविस कार्यालयमा आगजनी गर्दा कार्यालयमा रहेका कागजात, फर्निचर गरी १ लाख रुपियाँ बराबरको क्षति भयो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एउटा सरकारी अस्पताल, छओटा इलाका स्वास्थ्य केन्द्र, छ ओटा स्वास्थ्य चौकी र ३८ ओटा उपस्वास्थ्य चौकी गरी ५१ ओटा स्वास्थ्य केन्द्रहरू रहेका छन्। जिल्लाका निजी तथा सरकारी अस्पतालहरूमा गरी कूल १ सय १० जना डाक्टर तथा २ हजार २ सय ५० जना अन्य स्वास्थ्यकर्मीहरू नियमितरूपमा जिल्लामा कार्यरत रहेका छन्।

१.२ इलाम

जनसङ्ख्या : ३,४०,९७३
साक्षरता प्रतिशत : ८०
महिला साक्षरता प्रतिशत : ५५
क्षेत्रफल (वर्ग कि. मि.) : १,७०३
गाविस/नपा सङ्ख्या : ४८/१
सरकारी/निजी विद्यालय : ४७२/३८
क्याम्पस/उच्च मा.वि. : २/२७
अस्पताल/स्वास्थ्य चौकी : १/४८
मानव विकास सूचकाङ्कः ०.५२१
प्रतिपरिवार सरदर सङ्ख्याः ६

नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाँच्ने अधिकार धम्की/कुटपिट

राज्यबाट

इलाम नपा-९ का २२ वर्षीय सोमनाथ ढकाल र अरुण गुरुङलाई ०६७ असोज १० गते सशस्त्र प्रहरी

कार्यालय इलामका असई सुदर्शन क्षेत्रीलाई हातपात गरेको आरोपमा सशस्त्र प्रहरीले कुटपिट गरे। असई क्षेत्रीसँग भएको सामान्य विवादलाई लिएर सशस्त्र प्रहरीले कार्यालयमै पुऱ्याई ढकाल र गुरुङलाई तिघ्रा र पैतलामा नीलडाम हुने गरी कुटपिट गरेको पीडितहरूले बताए। घटनापछि गुरुङ र ढकाल दुवैलाई सोही दिन साँझ रिहा गरियो। पीडितहरूले घटनाको निष्पक्ष छानबिनको लागि स्थानीय प्रशासन र मानवअधिकारकर्मीहरूसँग आग्रह गरे। सशस्त्र प्रहरी इलामका डिएसपी शरद न्यौपानेले भने उनीहरूलाई गिरफ्तार गरिए पनि कुटपिट नगरिएको बताए।

एकीकृत माओवादीबाट

चुलाचुली गाविस-३ निवासी नेकपा एमाले इलाम जिल्ला सचिवालय सदस्य ५० वर्षीय ओमनारायण खनाललाई चुलाचुली गाविसस्थित भूमिहीनहरूलाई एकीकृत माओवादीको सहमतिबिना जग्गाधनी प्रमाणपत्र वितरण गरेको आरोपमा ०६६ फागुन ११ गते राति एकीकृत माओवादी कार्यकर्ताले घर घेराउ गर्दै मार्ने धम्की दिए। करिब ६० जनाको सङ्ख्यामा आएका एकीकृत माओवादी कार्यकर्ताले परिवारलाई समेत मार्ने धम्की दिएको पीडितले बताए। घटनास्थलमा प्रहरी पुगेपछि सो समूह भागेको थियो।

इलाम नपा-२ फूलगाछीस्थित चारखोला उच्च माविका प्राचार्य २७ वर्षीय टीकाराम मैनालीलाई ०६७ वैशाख १९ गते बन्दको बेला कक्षा १२ को परीक्षा सञ्चालन गरेको भन्दै एकीकृत माओवादीका कार्यकर्ताले फोन गरी मार्ने धम्की दिए। एकीकृत माओवादीले आमहड्तालको समयमा परीक्षा सञ्चालन गर्ने दुस्साहस गरेको भन्दै 'तेरो ज्यान असुरक्षित छ' भनी धम्काएको पीडित मैनालीले बताए। कडा सुरक्षाका बीच परीक्षा भने सम्पन्न भयो। सोही दिन एकीकृत माओवादीका कार्यकर्ताले इलाम नपा-२ स्थित मोडर्न क्याम्पसका प्रमुख ४१ वर्षीय खगराज कट्टेललाई पनि आमहड्तालको अवज्ञा गर्दै परीक्षा सञ्चालन गरेको भन्दै मार्ने धम्की दिए।

नयाँबजार गाविस-८ स्थित फिक्कल नयाँबजार सडक जोड्ने जोगमाई पुलको निर्माण समिति गठनबारे विवाद हुँदा नयाँबजार गाविस-८ का याम रसाईली, भीम राई, सन्तोष घिमिरे, १४ वर्षीय अम्बीर थामीलगायत १४ जना स्थानीय बासिन्दालाई ०६७ वैशाख १ गते एकीकृत माओवादीका कार्यकर्ताहरूले कुटपिट गरे। पुल निर्माण उपभोक्ता समितिमा प्रतिनिधित्वबारे विवाद चर्किएपछि १ सयभन्दा बढीको सङ्ख्यामा आएका एकीकृत माओवादी कार्यकर्ताहरूले डण्डा, फलामको रड र खुकुरी आदि प्रयोग गरी आक्रमण गरेको पीडित पक्षले बतायो। पीडितहरूले घटनाको उचित छानबिन र क्षतिपूर्तिको लागि स्थानीय प्रशासन र मानवअधिकारकर्मीहरूसँग आग्रह गरे। पीडितहरूको उजुरीको आधारमा यस वर्षको अन्त्यसम्ममा घटनाको छानबिन भइरहेको प्रमुख जिल्ला अधिकारी कोषहरि निरौलाले जानकारी दिए।

नेकपा एमालेबाट

साङ्रुम्बा गाविसस्थित साङ्रुम्बा उच्च माविमा स्थानीय एमाले कार्यकर्ताहरूले ०६७ मङ्सिर २९ गते विद्यालयका अनेरास्ववियु (क्रान्तिकारी) र नेविसङ्घका प्रतिनिधिहरूलाई कुटपिट गरे। विद्यालय व्यवस्थापन समितिको छनौट सर्वपक्षीयरूपमा नभएको भन्दै विरोध जनाउँदै आएका ती दुई सङ्गठनले नवगठित समितिको अध्यक्षतामा विद्यालयमा कार्यक्रम गर्न अवरोध गरेपछि विवाद भएको थियो। विवादमा क्रान्तिकारीका इकाई अध्यक्ष मुकेश कटुवाल र उपाध्यक्ष धनबहादुर जवेगु, नेविसङ्घका इकाई सभापति सरोज कटुवाल र सदस्य दीपेन मगरलाई एमाले कार्यकर्ताहरूले कुटपिट गरेको पीडितहरूले बताए। घटनाको सम्बन्धमा इलाका प्रहरी कार्यालय मङ्गलबारेमा ०६७ पुस ९ गते बसेको सर्वपक्षीय बैठकमा पीडकहरूले माफी मागेपछि दुवैपक्षबीच मिलापत्र भयो।

सङ्घीय लिम्बूवान राज्य परिषद्बाट

इलाम नपा-२ स्थित आदर्श उच्च माविका शिक्षकद्वय २८ वर्षीय दामोदर चापागाईं र ३१ वर्षीय युवराज गुरागाईंलाई ०६६ चैत १ गते सङ्घीय लिम्बूवान राज्य परिषद्को भातृ सङ्गठन लिम्बूवान विद्यार्थी परिषद्का कार्यकर्ताहरूले बन्दको अवज्ञा गरी कक्षा सञ्चालन गरेको भन्दै कुटपिट गरे। बिहान ७:३० बजे नौ जनाको सङ्ख्यामा विद्यालय पुगेका परिषद्का कार्यकर्ताहरूले प्रयोगात्मक परीक्षाको तयारी गर्दै गर्दा कुटपिट गरेको पीडितहरूले बताए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

पुनरावेदन अदालतमा ०६७ साल असार मसान्तसम्म बाँकी भएका सरकारवादी फौजदारी मुद्दाको सङ्ख्या १ सय ९ र फर्स्यौट भएका मुद्दाको सङ्ख्या २८ थिए। त्यसैगरी, ०६७ साल असार मसान्तसम्म बाँकी भएका दुनियाँवादी फौजदारी मुद्दाको

घटनाको प्रकार	गैरराज्यबाट								राज्यबाट		
	अन्यबाट				एकीकृत माओवादीबाट						
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	नखुलेको	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	६	४	२	६							
घाइते	५	७	२	९							
कुटपिट	४	९		९	१	२	१२	१४	१	२	२
धम्की	५	५	१	६	५	४	१	५			
जातीय विभेद	१	१		१							
महिलाअधिकार	३		३	३							
बालअधिकार	४		४	४	१	१	६	७			
जम्मा	२८	२६	१२	३८	७	७	१९	२६	१	२	२

सङ्ख्या ३१ र फर्स्यौट सङ्ख्या आठ थिए। ०६७ साल असार मसान्तसम्म बाँकी भएका दुनियाँवादी देवानी मुद्दाको सङ्ख्या १ सय र फर्स्यौट सङ्ख्या २९ रहे। साथै ०६७ साल साउन १ गतेदेखि पुस १६ गतेसम्म दर्ता भएका सरकारवादी फौजदारी मुद्दाको सङ्ख्या ९६ र फर्स्यौट सङ्ख्या ४६ थिए। २०६७ साल साउन १ गतेदेखि पुस १६ गतेसम्म दर्ता भएका दुनियाँवादी फौजदारी मुद्दा ४३ र फैसला सङ्ख्या ३६ थिए। ०६७ साल साउन १ गतेदेखि पुस १६ गतेसम्म दर्ता भएका दुनियाँवादी देवानी मुद्दाको सङ्ख्या ९७ र फर्स्यौट सङ्ख्या ६४ थिए।

यस अदालतमा सरकारवादी फौजदारी १ सय ३१, दुनियाँवादी फौजदारी ३० र दुनियाँवादी देवानी १ सय ४ गरी जम्मा २ सय ६५ मुद्दा बाँकी रहे। दुई वर्ष नाघेका कुनै मुद्दा छैनन्।

जिल्ला अदालतमा ०६७ साल असार मसान्तसम्म बाँकी भएका सरकारवादी फौजदारी मुद्दाको सङ्ख्या ६२ र फर्स्यौट सङ्ख्या ४७ थिए। ०६७ साल असार मसान्तसम्म बाँकी भएका दुनियाँवादी फौजदारी मुद्दाको सङ्ख्या ५५ र फर्स्यौट सङ्ख्या ४७ थिए। ०६७ साल असार मसान्तसम्म बाँकी भएका दुनियाँवादी देवानी मुद्दाको सङ्ख्या ८७ र फर्स्यौट सङ्ख्या ७६ थिए। ०६७ साल साउन १ गतेदेखि पुस १६ गतेसम्म दर्ता भएका सरकारवादी फौजदारी मुद्दाको सङ्ख्या २३ र फर्स्यौट सङ्ख्या पाँच रहेका थिए। ०६७ साल साउन १ गतेदेखि पुस १६ गतेसम्म दर्ता भएका दुनियाँवादी फौजदारी मुद्दाको सङ्ख्या ६३ र फर्स्यौट सङ्ख्या आठ थिए। ०६७ साल साउन १ गतेदेखि पुस १६ गतेसम्म दर्ता भएका दुनियाँवादी देवानी मुद्दाको सङ्ख्या ९३ र फर्स्यौट सङ्ख्या आठ थिए।

यस अदालतमा सरकारवादी फौजदारी ३३, दुनियाँवादी फौजदारी ६३ र दुनियाँवादी देवानी ९६ गरी जम्मा १ सय ९२ मुद्दा बाँकी छन्। यस अदालतमा यस वर्ष घरेलु हिंसा तथा बालबालिकासम्बन्धी कुनै मुद्दा दर्ता भएनन् र दुई वर्ष नाघेका कुनै मुद्दा छैनन्।

जिल्ला सरकारी वकिलको कार्यालयमा यस वर्ष जिल्ला प्रशासन कार्यालयअन्तर्गत ३३ र अन्य ३९ गरी जम्मा ७२ ओटा मुद्दा दर्ता भए। यसमध्ये अदालतअन्तर्गतका २० ओटा मुद्दा फर्स्यौट भए भने अघिल्लो वर्षबाट सरेर आएकोसमेत गरी जिल्ला प्रशासनअन्तर्गतका ४० ओटा मुद्दा फैसला भए।

बालअधिकार

जिल्ला शिक्षा कार्यालय इलामको तथ्याङ्कअनुसार इलाम जिल्लामा सामुदायिकतर्फ ५१ ओटा माध्यमिक विद्यालय, ४९ ओटा निम्नमाध्यमिक र ३ सय १२ ओटा प्राथमिक विद्यालयहरू रहेका छन्। त्यसैगरी, उक्त विद्यालयहरुमा कूल शिक्षक सङ्ख्या १ हजार ६ सय ८८ जना र ६ सय ७ जना शिक्षिका रहेका छन्। यसमा स्थायी दरबन्दीतर्फ ३ सय ८८ शिक्षिकासहित १ हजार ३ सय ९७ जना प्राथमिक, ३३ शिक्षिकासहित २ सय ५५ जना निमावि र आठ जना महिलासहित १ सय ७७ जना माध्यमिक शिक्षक/शिक्षिका रहेका छन्। राहत दरबन्दीतर्फ प्राविमा १ सय ३६ जना शिक्षिकासहित १ सय ९० जना, निमाविमा ३२ जना शिक्षिकासहित १ सय ७३ जना र माविंतर्फ १० जना शिक्षिकासहित १ सय तीन जना रहेका छन्। संस्थागत विद्यालयतर्फ २८ जना मावि, १७ जना निमावि र ५८ जना मावि शिक्षक/शिक्षिका रहेका छन्। उच्च मावि ३० ओटा,

सरकारी क्याम्पस एउटा र निजी क्याम्पस पाँचओटा रहेका छन्।

यस वर्ष इलाम जिल्लामा मेची राजमार्ग बन्द भएका घटना आंशिक सात दिन र पूर्ण बन्द ३२ गरी जम्मा ३९ दिन रहे। अघिल्लो वर्ष सन् २००९ मा ६२ दिन बन्द रहेको थियो। यस वर्ष भएका बन्दमध्ये नेपाल आदिवासी जनजाति महासङ्घले दुई दिन, लिम्बूवान राष्ट्रिय मुक्ति मोर्चाले एक दिन, यातायात व्यवसायी तथा मजदुरले ११ दिन, राष्ट्रिय जनमोर्चाले एक एक दिन, सङ्घीय लिम्बूवान राज्य परिषद्ले तीन दिन, मञ्च सम्बद्ध सङ्घीय लिम्बूवान राज्य परिषद्ले पाँच दिन बन्द गरे। त्यसैगरी, किराँत जनवादी वर्कस पार्टीले, दिन, लिम्बूवान विद्यार्थी परिषद्ले एक दिन, सङ्घीय विद्यार्थी युनियनले एक दिन, एकीकृत माओवादीले छ दिन, युनिटी उपभोक्ताले एक दिन, लिम्बूवान प्रान्तीय परिषद्ले एक दिन र सङ्घीय लोकतान्त्रिक राष्ट्रिय पार्टीले तीन दिन बन्द गरे। सन् २०१० को पहिलो दिन नै बन्दबाट शुरु भएको थियो। यातायात व्यवसायी तथा मजदुरले सबैभन्दा बढी ११ दिन बन्द गरे। अधिकांश बन्दहरू पूर्व सूचनाबिना नै गरियो। पटक-पटक हुने बन्दका कारण बालबालिकाको पढाइ प्रभावित हुने गरेको छ।

अनेरास्ववियु (क्रान्तिकारी) द्वारा कार्यकक्षमा दुईदिन बन्दी बनाइएका रत्न बहुमुखी क्याम्पस इकाइ प्रमुख जसबहादुर जङ्गेली

गोर्खे गाविस-१ की एक ६ वर्षीया बालिकालाई ०६६ फागुन २९ गते स्थानीय १६ वर्षीय बालकले बलात्कार गरेको भन्दै ०६६ चैत ४ गते बालिका अध्ययनरत् विद्यालयका शिक्षिकाहरूले अभिभावकहरूलाई जानकारी गराए। पीडित पक्षको मौखिक उजुरीको आधारमा प्रहरीले आरोपितलाई ०६६ चैत ५ गते इलाम सदरमुकाम आउँदै गरेको अवस्थामा इलाम बजारबाट गिरफ्तार गऱ्यो। पीडित ०६६ चैत ५ गते राति नै जिल्ला अस्पताल इलाममा उपचारपछि घर फर्किइन्। जिल्ला अदालतले ०६६ चैत २८ गते दिएको आदेशअनुसार आरोपित पाँचथर कारागार चलान गरिए।

माईपोखरी गाविस-५ जस्बीरेकी एक १३ वर्षीया बालिकालाई ०६७ जेठ १७ गते इलाम नपा-९ का १९ वर्षीय वीरेन राईले बलात्कार गरेको आरोपमा सोही दिन प्रहरीले राईलाई गिरफ्तार गऱ्यो। 'विवाह गर्छु र पैसा दिन्छु' भनी फकाएर घरनजिकैको पानीट्याङ्कीमा लगेर बलात्कार गरेको पीडितले बताइन्। जिल्ला अदालतको ०६७ असार ७ गतेको आदेशअनुसार आरोपित पुर्पक्षको लागि सुनसरी जिल्लास्थित इनरुवा कारागारमा चलान गरिए।

शान्तिपुर गाविस-७ की एक बालिकालाई ०६७ कात्तिक ७ गते राति स्थानीय २२ वर्षीय मञ्जिल दाहालले बलात्कार गरेको आरोपमा पीडित पक्षले दिएको जानकारीको आधारमा आरोपित दाहाल र स्थानीय २० वर्षीय जीवन गजमेरलाई ०६७ कात्तिक १४ गते इलाका प्रहरी कार्यालय पशुपतिनगरबाट गएको प्रहरी टोलीले गिरफ्तार गऱ्यो। दाहालले राति बालिकाको घरमै गएर बलात्कार गरेको पीडित परिवारको आरोप थियो। आरोपित दाहाललाई जबरजस्ती करणीको मुद्दाअन्तर्गत र गजमेरलाई बलात्कार उद्योगको अभियोगमा ०६७ मङ्सिर ६ गते पाँचथर कारागार चलान गरियो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

जिर्मले गाविस-७ का एक ३५ वर्षीया अपाङ्गता भएकी महिलालाई सोही गाविस-८ का ४४ वर्षीय बलबहादुर राईले ०६७ साउन २० गते बलात्कार गरेको आरोपमा ०६७ साउन ३१ गते राईलाई प्रहरीले गिरफ्तार गऱ्यो। घरमा केटाकेटी मात्रै भएको समयमा आरोपितले मादकपदार्थ सेवन गरी ती महिलालाई बलात्कार गरेको पीडित पक्षको आरोप थियो। गिरफ्तार गरिएका आरोपित ०६५ भदौ २० गते पाँचथर कारागार चलान गरिए।

पतीद्वारा खुकुरी प्रहार गरी हत्या गरिएकी हरिता बस्नेत

घरेलु हिंसा

एकतप्पा गाविस-९ घर भई इलाम नपा-२ स्थित जिरो किलोमिटरमा बस्दै आएकी ३५ वर्षीया

हरिता बस्नेतलाई ०६७ असोज १८ गते पति रेसबहादुर बस्नेतले परपुरुषसँग अनुचित सम्बन्ध राखेको आरोपमा खुकुरी प्रहार गरी हत्या गरे। घटनापछि रेसबहादुर स्वयम् हत्या गर्न प्रयोग गरिएको खुकुरीसहित प्रहरी सम्पर्कमा पुगेका थिए। मृतक हरिताको सोही दिन पोष्टमार्टम गरी दाहसंस्कार भयो। पीडक रेसबहादुरलाई कर्तव्य ज्यानसम्बन्धी मुद्दाअन्तर्गत ०६७ मङ्सिर १० गते पाँचथर कारागार चलान गरियो।

सिद्धिथुम्का गाविस-३ नामथलाकी ३९ वर्षीया चन्द्रकला भट्टराईलाई ०६६ फागुन १ गते उनका पति ४५ वर्षीय वेदप्रसाद भट्टराईले कुटपिट गरी मार्ने धम्की दिए। एकीकृत माओवादीका कार्यकर्तासमेत रहेका भट्टराईले शिक्षण पेशा गर्दै आएकी पत्नीलाई 'तलब कहाँ लगिस्' भन्दै बाँसको भाटा र हातले कुटपिट गरेको पीडितले बताइन्। वेदप्रसादले ०५४ असार ९ गते दोस्रो विवाह गरेपछि ०६३ सालदेखि उनीहरू छुट्टिएर बस्दै आएका थिए। पीडकले गाउँलेको दबावपछि घाइते पत्नीलाई ०६६ फागुन ४ गते सदरमुकामस्थित युनिटी अस्पतालमा उपचार गराए। घटनाको उचित छानबिन र कारवाहीको माग गर्दै पीडितले जिल्ला प्रहरी कार्यालय इलाममा निवेदन दिए पनि प्रहरीले निवेदन दर्ता गरेन।

सबै प्रकारका जातीय विभेद

सोयाङ्ग गाविस-८ का ६१ वर्षीय सर्वजीत दियालीलाई ०६६ फागुन २७ गते सोही ठाउँका ५२ वर्षीय मनबहादुर तामाङले दलित भएर घरभित्र पसेको भन्दै कुटपिट गरे। घरनजिकैको पसलमा किनमेल गरी घर फर्कने क्रममा पुल्ठो मार्न तामाङको घरको ढोकामा जाँदा दलित भएर घरभित्र पसेको आरोप लगाउँदै तामाङसहित उनको परिवारले गालीगलौज र मरणासन्न हुने गरी कुटपिट गरेको पीडित दियालीले बताए। घटनापछि पीडित जिल्ला अस्पताल इलाममा उपचार गराई ०६६ चैत १ गते घर फर्किए। घटनाका सम्बन्धमा पीडितका छोरा २१ वर्षीय इन्द्रलाल दियाली (प्रकाश)ले पीडकलाई कारवाही र उचित क्षतिपूर्तिको माग गर्दै ०६६ चैत ३ गते जिल्ला प्रहरी कार्यालय इलाममा उजुरी दिए। उजुरी छुवाछूतको घटनाअन्तर्गत नभएको भन्दै जिल्ला अदालत इलामले ०६७ जेठ २४ गते मुद्दा नचल्ने फैसला गर्‍यो। पीडितले जिल्ला अदालतको फैसला विरुद्ध ०६७ असार १० गते पुनरावेदन अदालत इलाममा पुनरावेदन दर्ता गराए। यो वर्षको अन्त्यसम्म पुनरावेदन अदालतबाट मुद्दा फैसला भएन।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना, सम्पत्ति क्षति

दानावारी गाविस-१ शितलीस्थित प्रहरी चौकीमा दानावारी-३ शुक्रबारे बजारका केही युवाले ०६६ चैत १० गते आक्रमण तथा तोडफोड गरे। घटनापछि प्रहरीले हवाई फायर र लाठी प्रहार गर्दा स्थानीय लक्ष्मी घिमिरे घाइते भए। आगजनीबाट प्रहरी चौकीको प्रतिक्षालय र साइनबोर्ड क्षतिग्रस्त भयो। घटनामा संलग्न भएको आरोपमा प्रहरीले ०६६ चैत ११ गते बिहान २ बजे घरबाटै दानावारी-३ का छविलाल आचार्य, तारा फुयाँल र दिनेश शाहलाई गिरफ्तार गर्‍यो। निर्दोष व्यक्तिलाई गिरफ्तार गरेको भन्दै आक्रोशित स्थानीय बासिन्दाले पुनः चौकी आक्रमण गर्दा दोहोरो झडपमा असई दलमान तामाङ, हवल्दार शेरबहादुर खड्का, जवानहरू घनश्याम बुढाथोकी, बिष्णु बुढाथोकी र विनोद कार्की घाइते भए। घाइतेहरूको जिल्ला अस्पताल इलाममा उपचार भयो। झडप नियन्त्रण लिन प्रहरीले केही सेल अश्रुग्यास र हवाई फायर समेत गर्‍यो। गिरफ्तार भएका तीनै जना ०६६ चैत १३ गते रिहा भए भने घटनामा संलग्न भएको आरोपमा दानावारी गाविस-३ का २१ वर्षीय कोविद दाहाललाई ०६६ चैत १३ गते झापाको विर्तामोडबाट र दानावारी गाविस-१ का १९ वर्षीय रूपक पौडेललाई ०६६ चैत १४ गते शनिश्चरे झापाबाट गिरफ्तार गर्‍यो। गिरफ्तार गरिएकाहरू ०६७ वैशाख १० गते ४६ सय रुपियाँ धरौटीमा रिहा भए।

बाँझो गाविस-५ स्थित साक्फारा प्रहरी चौकीमा ०६७ साउन १५ गते हतियारधारी अज्ञात समूहले आक्रमण र आगजनी गर्‍यो। १५ जनाको सङ्ख्यामा आएका आक्रमणकारीहरूले चौकीमा रहेका तीन जना प्रहरीलाई नियन्त्रणमा लिई हात खुट्टा बाँधी एक थान सञ्चार सेट लुटेर लगेको जिल्ला प्रहरी कार्यालय इलामका प्रहरी नायब उपरीक्षक विक्रमबहादुर चन्दले बताए। घटनापछि आक्रमणकारीहरूले लिम्बूवान स्टेट फोर्सको पर्चा छर्दै नारासमेत लगाएका थिए। आक्रमणकारीहरूले कार्यालयमा रहेका टेबल, दराजलगायत भौतिक सामग्रीहरूसमेत तोडफोड गरेका थिए। असई लोकबहादुर थापाको नेतृत्वमा रहेको उक्त चौकीका तीन जना प्रहरी स्थानीय पहिरो गएको स्थानमा मुचुल्का तयार गर्न गएका थिए। घटनामा संलग्न रहेको आरोपमा खाम्बेक्सा लिम्बू नाम बताउने झापा धरमपुर गाविस-८ का ३१ वर्षीय नेत्र नेम्वाङलाई ०६७ भदौ ३ गते प्रहरीले गिरफ्तार गरी भदौ ४ गते इलाममा

सञ्चारकर्मीमाथि सार्वजनिक गऱ्यो। गिरफ्तारपछि नेम्वाङलाई डाँका मुद्दाअन्तर्गत ०६७ असोज २४ गते सुनसरी कारागार चलान गरियो।

इलाम नपा-२ स्थित महेन्द्ररत्न बहुमुखी क्याम्पस इलाममा आन्तरिक परीक्षा भइरहेको समयमा ०६७ साउन २६ गते अनेरास्ववियु (क्रान्तिकारी)का विद्यार्थीहरूले परीक्षा रोक्न हस्तक्षेप गरेपछि परीक्षार्थी र क्रान्तिकारी विद्यार्थीबीच दोहोरो झडप भयो। क्याम्पसलाई स्वायत्त बनाउने निर्णयको विरोधमा आन्दोलन गर्दै आएका क्रान्तिकारी विद्यार्थीहरूले स्नातक पहिलो र दोस्रो वर्षको आन्तरिक परीक्षा अवरुद्ध गर्दै प्रश्नपत्र खोस्न थालेपछि परीक्षार्थीहरूले प्रतिरोध गर्दा दोहोरो झडप भएको थियो। झडपमा स्नातक तह दोस्रो वर्षका विद्यार्थी उमेश राई, योगेश गजुरेल, धीरेन कटुवाल र तारामणि खतिवडा घाइते भए। घाइतेहरूको जिल्ला अस्पताल इलाममा उपचार भयो।

माईपोखरी गाविस-५ स्थित सत्यधुनी वेद पाठशालामा सात दिन अघिदेखि निरन्तर ढुङ्गा प्रहार गरी विद्यालय र आसपासका बासिन्दालाई सोही विद्यालयका केही शिक्षक र विद्यार्थीले आतङ्कित बनाए। घटनामा संलग्न भएको आरोपमा सोही पाठशालाका शिक्षक गङ्गा बराल र विद्यार्थीहरू १८ वर्षीय प्रदीप खनाल र १९ वर्षीय तारानाथ ढुङ्गेललाई ०६७ पुस ४ गते प्रहरीले गिरफ्तार गऱ्यो। स्थानीय बासिन्दाको तर्फबाट दिएको ठाडो निवेदनको आधारमा उनीहरूलाई गिरफ्तार गरी घटनाको बारेमा अनुसन्धान गरिएको जिल्ला प्रहरी कार्यालय इलामका प्रहरी नायब उपरीक्षक विक्रमबहादुर चन्दले बताए। सोही पाठशालाका प्राचार्य ४१ वर्षीय थलप्रसाद खतिवडा ०६७ पुस ८ गतेदेखि बेपत्ता भए। पाठशालाबाट घर फर्कने क्रममा बेपत्ता भएका खतिवडा सोही घटनाका कारण बेपत्ता भएको हुन सक्ने प्रहरीले बतायो। यस वर्षको अन्त्यसम्म खतिवडाको अवस्था पत्ता लाग्न सकेन।

उचित वातावरणमा काम गर्न पाउने अधिकार

पञ्चकन्या गाविस-२ निवासी स्थानीय सन्दकपुर दैनिकमा कार्यरत सञ्चारकर्मी २९ वर्षीय तोयानाथ भट्टराईलाई ०६७ साउन ९ गते स्थानीय काङ्ग्रेस कार्यकर्ता वंशीधर दाहालले स्थानीय सन्दकपुर दैनिकमा काङ्ग्रेसको गाउँ अधिवेशनको समाचार लेख्दा आफ्नो नाम नलेखेको भन्दै भौतिक कारबाही गर्ने धम्की दिए। पीडितको अनुसार दाहालले राति फोन गरेर खुट्टा भाँच्ने धम्की दिएका थिए।

इलाम नपा-२ स्थित महेन्द्ररत्न बहुमुखी क्याम्पस इलामका प्रमुख ५३ वर्षीय जसबहादुर लुङ्गेलीसहित तीन जनालाई ०६७ साउन १८ गते अनेरास्ववियु (क्रान्तिकारी)का विद्यार्थीहरूले क्याम्पसकै एक कोठामा दुई घण्टा बन्दी बनाए। क्याम्पस स्वायत्ततामा जाने निर्णयको विरोधमा आन्दोलनरत् क्रान्तिकारी विद्यार्थीहरूले उक्त दिन आयोजना गरिएको प्रमाणपत्र वितरण कार्यक्रम अवरुद्ध पार्दै कार्यक्रमस्थल कोठा नम्बर १३ मा क्याम्पस प्रमुख लुङ्गेलीसहित सह-प्राध्यापक डा. नृसिंहकुमार खत्री र कार्यक्रमका अतिथि प्रेम राउतलाई थुनेका थिए। विहान ११ बजे थुनिएका पीडितहरू सोही दिन दिउँसो एक बजे थुनामुक्त भए।

इलाम नपा-२ स्थित आदर्श नमुना उच्च माविका प्राचार्य धनराज राईलाई ०६७ असोज १० गते अनेरास्ववियुका विद्यार्थीले आफ्ना मागहरू सम्बोधन नभएको भन्दै कार्यकक्षमै तीन घण्टा थुनेर पठनपाठनमा समेत अवरोध पुऱ्याए। अनेरास्ववियु प्रारम्भिक माबि कमिटीका अध्यक्ष विपिन दाहाल र उमाबि कमिटीका इकाई उपाध्यक्ष सुस्मिता दियालीद्वारा हस्ताक्षरित विद्यालय व्यवस्थापन समिति गठन गर्नुपर्ने, रिक्त दरबन्दीमा शिक्षक नियुक्ति गर्नुपर्नेलगायतका मागहरू एक साता अघि नै विद्यालय प्रशासनमा बुझाए पनि सुनुवाइ नभएकाले प्राचार्यलाई थुन्नु परेको विद्यार्थीले बताए। प्राचार्य राई सोही दिन १० बजे मुक्त भए।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, एक निजी अस्पताल र एक सामुदायिक अस्पताल रहेका छन्। जसमध्ये सदरमुकाममा रहेको सरकारी अस्पतालको डाक्टर दरबन्दी सङ्ख्या तीन जना भए पनि हाल एक जनामात्र कार्यरत छन्। बाँकी दुई जना भने अध्ययन बिदामा रहेको अस्पतालले बतायो। यसैगरी, जिल्लामा जनस्वास्थ्य कार्यालय एक, प्राथमिक स्वास्थ्य सेवा केन्द्र चार, स्वास्थ्य चौकी छ र उपस्वास्थ्य चौकी ३८ रहेका छन्। जिल्ला अस्पतालमा ३१ जना स्वास्थ्यकर्मी कार्यरत छन्। जनस्वास्थ्य कार्यालयमा २५ जनाको दरबन्दी रहे पनि एक रिक्त रहेको छ। प्राथमिक स्वास्थ्य सेवा केन्द्र र स्वास्थ्य चौकीमा ८१ दरबन्दीमध्ये ११ रिक्त अवस्थामा रहेको छ भने उपस्वास्थ्य चौकीमा १ सय २५ दरबन्दीमध्ये १८ दरबन्दी रिक्त रहेका छन्।

१.३ पाँचथर

जनसङ्ख्या : २,२९,५९३
साक्षरता प्रतिशत : ६३
महिला साक्षरता प्रतिशत : ५०
क्षेत्रफल (वर्ग कि. मि.) : १,२४१
गाविस/नपा सङ्ख्या : ४१/०
सरकारी/निजी विद्यालय : ३९०/१३
क्याम्पस/उच्च मा.वि. : १/२२
अस्पताल/स्वास्थ्य चौकी : १/४१
मानव विकास सूचकाङ्कः ०.४८४
प्रतिपरिवार सरदर सङ्ख्याः ६

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या
अन्यबाट

प्राङवुङ गाविस-४ का ४५ वर्षीय दलबहादुर ज्ञाङ्गमी मगर र उनका छोरा २५ वर्षीय विक्रम मगरलाई चोरीको आरोपमा ०६६ फागुन १ गते स्थानीय गाउँले र प्रहरीहरूले कुटपिट गर्दा दलबहादुरको प्रहरी चौकी प्राङवुङमा सोही दिन मृत्यु भयो। कुटपिटबाट सख्त घाइते भएका विक्रमको फागुन ८ गते उपचारको क्रममा धरानस्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा मृत्यु भयो। पीडितहरूमध्ये विक्रमलाई ०६६ माघ २९ गते र दलबहादुरलाई ०६६ फागुन १ गते प्राङवुङ गाविस-३ का आइतसिं तामाङको घरमा डकैती गर्नुका साथै गाउँमा सञ्चालित खानेपानी योजनाको पाईप चोरी गरेको आरोपमा स्थानीय गाउँलेहरूले समातेर कुटपिट गरी प्रहरीलाई बोलाएर जिम्मा लगाएका थिए। मृतकद्वयलाई गाउँले र प्रहरीहरूसमेत मिली बाटोमा कुटपिट गर्दै प्रहरी चौकीमा ल्याइएकोमा दलबहादुरको तत्कालै प्रहरी चौकीमै मृत्यु भएको थियो। विक्रमलाई चौकीमै एकदिन हिरासतमा राखी यातना दिएर भोलिपल्ट जिल्ला प्रहरी कार्यालय फिदिममा ल्याइएको थियो। प्रहरी चौकीमा दिइएको यातनापछि घाइते भएका विक्रमलाई ०६६ फागुन ७ गते जिल्ला प्रहरी कार्यालयले बीपी कोइराला अस्पतालमा उपचारका लागि पठाए पनि फागुन ८ गते बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमै उनको मृत्यु भएको थियो।

घटनाको छानबिन गरी दोषीलाई कारबाही गर्न ०६६ फागुन १८ गते पीडित पक्षले प्रहरी र अन्य दोषीउपर जिल्ला प्रहरी कार्यलयमा किटानी जाहेरी दर्ता गरे। जाहेरीमा प्रहरी चौकीका असई ३८ वर्षीय फिरलप्रसाद महतो, ३० वर्षीय हवलदार इन्द्रनारायण शाहसहित सोही गाविस-३ का २५ वर्षीय सुवास थाम्सुहाङ, ३३ वर्षीय देवेन्द्र थाम्सुहाङ, सोही गाविस वडा-४ का ३४ वर्षीय शुक्रराज थाम्सुहाङ, वडा-३ का ४२ वर्षीय इन्द्रबहादुर तामाङ, ३० वर्षीय दिनेश तामाङ, वडा-५ का २४ वर्षीय अनिल केरुङ, ४२ वर्षीय महेन्द्र थाम्सूहाङ, २१ वर्षीय सूर्य तामाङविरुद्ध किटान गरिएको थियो। प्रहरीले चलाएको मुद्दामा पाँचथर जिल्ला अदालतमा सुनुवाइ हुँदा ०६६ फागुन १३ गते जिल्ला न्यायाधीश महेन्द्रराज गौतमको इजलासले आरोपितहरूलाई साधारण तारेखमा राख्ने आदेश दियो। सरकारी वकिल कार्यालय इलामले ०६७ वैशाख २१ गते अदालती बन्दोबस्तको १७ नम्बर अनुसारको आदेश बदर गर्न माग गर्दै पुनरावेदन अदालत इलाममा निवेदन गऱ्यो। निवेदनउपर पुनरावेदन अदालत इलामका मुख्य न्यायाधीश पुरुषोत्तम पराजुली र विष्णुदेव पौडेलको संयुक्त इजलासमा ०६७ साउन २७ गते सुनुवाइ भयो। सो सुनुवाइमा आरोपितमध्ये फिरलप्रसाद महतो, इन्द्रनारायण साह र अनिल केरुङ बाहेकका सबैलाई गिरफ्तार गरी थुनामा राख्न आदेश भयो। अन्त्यमा ०६७ असोज १८ गते पाँचथर जिल्ला अदालतमा आरोपितहरूको अभियोग ठहर नहुने भन्दै मुद्दा फैसला भयो। घटनालगत्तै इन्सेक पूर्वाञ्चल क्षेत्रीय कार्यालयका प्रलेख अधिकृत भुवन अधिकारीको नेतृत्वमा इन्सेक आवद्ध संस्था मानवअधिकार चेतना विकास केन्द्र (हूकोडेक) मानवअधिकार शान्ति समाज र मानवअधिकार मञ्च इलाम र इन्सेक प्रतिनिधिले संयुक्त तथा राष्ट्रिय मानव अधिकार आयोगले छुट्टै स्थलगत अध्ययन गरी प्रतिवेदन प्रकाशित गरेका थिए।

घटनाको प्रकार	गैरराज्यबाट							राज्यबाट		
	अन्यबाट				एकीकृत माओवादीबाट					
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	३	३	१	४						
घाइते	१	१	३	३						
कुटपिट	४	५		५	३	३	३	३	७	७
धम्की					१	१	१			
जातीय विभेद	१	१		१						
महिलाअधिकार	३		३	३						
बालअधिकार	१		१	१						
आथिक/सामाजिक/सांस्कृतिक अधिकार					१	१	१			
अपहरण	१	१		१						
जम्मा	१४	११	७	१८	४	४	४	३	७	७

जेल र बन्दीहरू

'ङ' श्रेणीको जिल्ला कारागार २५ जना बन्दी राख्ने क्षमताको छ। यस कागारमा यस वर्षको अन्त्यसम्ममा कैद तोकिएका पुरुष ४७ र महिला ६ गरी ५३ जना कैदी रहेका छन्। कारागारमा कैद नतोकिएका पुरुष २१ र महिला २ गरी जम्मा २३ जना थुनुवा रहेका छन्। कैद तोकिएका र कैद नतोकिएका गरी कूल बन्दीहरूको सङ्ख्या ७६ रहेको छ। कारागारमा आमाको साथमा एक आश्रित बालिका रहेकी छन्। कारागारमा खानेपानी र पत्रपत्रिकाको अभाव रहेको र कारागारको भत्किएको भित्ताका लागि विभागमा पत्राचार गरिएको कारागार प्रमुख रेणुप्रसाद ओझाले बताए। कारागारमा बन्दीहरूलाई सीपमूलक ढाका बुनाई, हाते होजियारी, बाँसका सामग्री निर्माण गरी आर्थिक आयआर्जन गर्ने व्यवस्था गरिएको छ।

प्रहरीको उपस्थितिमा स्थानीय बासिन्दाको कुटपिटबाट मारिएका दलबहादुर जाङ्गमी मगर

इलाम जिल्लामा कारागार नभएकाले इलामका बन्दीसमेत सोही कारागारमा राखिएकाले क्षमताभन्दा बढी बन्दीहरू एकै ठाउँमा कोचिएर बस्नु परेको कैदीहरूले बताए।

बेपत्ता/अपहरण

वाईसीएलबाट

लुङरुपा गाविस-९ का ४८ वर्षीय गणेशप्रसाद दुलाललाई ०६७ वैशाख ८ गते साँझ ६ बजे पाँचजनाको सङ्ख्यामा आएका वाईसीएल कार्यकर्ताले घरबाटै अपहरण गरे। लुङरुपाको टिम्बूरे भन्ने ठाउँमा वि.स. ०५० सालमा कुवेर दुलालको परिवारका पाँच जनाको हत्या भएको घटनामा संलग्न रहेको आरोपमा पीडितलाई अपहरण गरी लगेको पीडितका दाजु पुष्प दुलालले बताए। पीडितलाई घरबाट अपहरण गरी फिदिम गाविस-१ स्थित एकीकृत माओवादी कार्यकर्ता लक्ष्मी न्यौपानेको डेरामा राखिएको थियो। पीडित ०६७ वैशाख ९ गते भागेर इलाम जिल्ला प्रहरी कार्यालयको सम्पर्कमा पुगे।

धम्की/कुटपिट

राज्यबाट

झापा सतासिधाम गाविस-७ का २७ वर्षीय बस चालक भूपाल भुसाललाई ०६७ कात्तिक २ गते साझ ५:३० बजे चिलिङदिन गाविस-१ राँके बजारमा यात्रुबाहक बस रोकेर बाटो अवरुद्ध गरेको आरोपमा

सशस्त्र प्रहरी बलका जवान २८ वर्षीय ठाकुर गुरागाइँले कुटपिट गरी घाइते बनाए। घाइतेको उपचार धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भयो। घटना सम्बन्धमा प्रमुख जिल्ला अधिकारी डुल्लुराज बस्नेतको संयोजकत्वमा सर्वपक्षीय बैठक बसी ०६७ कात्तिक १७ गते २२ हजार रुपियाँ उपचार खर्च दिने सर्तमा मिलापत्र भयो। घटनाको विरोधमा मेची यातायात व्यवसायी सङ्घले दबाबस्वरूप यातायात बन्द गराएकोमा जिल्ला प्रशासनले घाइतेलाई उपचार खर्च दिलाएपछि ०६७ कात्तिक ३ गते साँझदेखि बन्द यातायात सुचारु भयो।

एकीकृत माओवादीबाट

फिदिम गाविस-१ का ५६ वर्षीय लालबहादुर बस्नेतलाई ०६७ साउन १५ गते साँझ पञ्चमी गाविस-१ गोपेटारका ३२ वर्षीय एकीकृत माओवादी कार्यकर्ता मदन गौतमले होटल मजदुरको विषयमा विवाद हुँदा प्रहरी परिसरभित्रै कुटपिट गरे। प्रहरी सामु पीडकले गल्ती स्वीकारी माफी मागेपछि दुवै पक्षबीच ०६७ साउन १६ गते मिलापत्र भयो।

चलिडदिन गाविस-५ निवासी कृष्ण माविका शिक्षक ४६ वर्षीय भक्तिप्रसाद चेम्जोङलाई ०६७ भदौ २६ गते दिउँसो सोही विद्यालयको मैदानमा एकीकृत माओवादीका कार्यकर्ता तथा विद्यालय व्यवस्थापन समितिका सदस्य २४ वर्षीय घनेन्द्र नेम्वाङ र ३२ वर्षीय याम नेम्वाङले शिक्षक नियुक्तिको विषयलाई लिएर कुटपिट गरे। घटनामा संलग्नहरूलाई ०६७ भदौ २७ गते राँके प्रहरीले गिरफ्तार गऱ्यो। प्रहरी कार्यालमा सार्वजनिकरूपमा गल्ती स्वीकार गरेपछि दुवै पक्षबीच भदौ २८ गते मिलापत्र भयो।

थर्पू गाविस-२ का ३३ वर्षीय एकीकृत माओवादी कार्यकर्ता भवानीरमण सुवेदी र च्याङथापू गाविस-९ का ४२ वर्षीय मोहन ढुङ्गेलले मादकपदार्थ सेवन गरी ०६७ कात्तिक २७ गते राति ११ बजे पूर्व गाविस अध्यक्ष तथा एमालेका कार्यकर्ता ५३ वर्षीय कमल जवेगूलाई मार्ने धम्की दिए। धम्कीको कारण खुलेन। पीडक सुवेदीलाई ०६७ कात्तिक २७ गते एकतीन गाविस-५ का दलप्रसाद लिम्बूको घरबाट र ढुङ्गेललाई फिदिम-१ बाट कात्तिक २९ गते गिरफ्तार गऱ्यो। छानबिनपछि ०६७ मङ्सिर १५ गते मोहन ढुङ्गेल रिहा भए भने सुवेदी मङ्सिर १६ गते पुर्पक्षका लागि कारागार चलान गरिए। सुवेदीलाई ०६७ पुस ९ गते जिल्ला प्रशासनले ४० हजार रुपियाँ जरिवाना तिराएर रिहा गऱ्यो। दलप्रसाद लिम्बूको घरमा ती व्यक्तिहरूले मादकपदार्थ सेवन गरी जवेगूलाई ज्यान मार्ने धम्की दिएपछि प्रहरीले खनतलासी गर्दा सुवेदीको झोलाबाट एकथान कटुवा पेस्तोल र तीन थान गोली बरामद गरेको प्रहरी नायव उपरीक्षक रमेशनाथ बास्तोलाले बताए। आरोपितहरू एकतीन गाविस-५ मा जिल्ला विकास कार्यालयअर्न्तगत ग्रामीण पुनर्निर्माण तथा पुनर्स्थापना आयोजनामा काम गर्न गएका थिए।

वाईसीएलबाट

भारपा गाविस-१ की ५० वर्षीया कुमारी तामाङ, २२ वर्षीया सरीता तामाङ र १८ वर्षीय सुरेश तामाङलाई ०६७ कात्तिक २४ गते राति रक्सी किन्न नदिएको आरोपमा वाईसीएल कार्यकर्ता २५ वर्षीय रवीन लावती, २२ वर्षीय योगेन्द्र लावती, सीता शेर्पा लावती, ३६ वर्षीय पूर्ण लावतीलगायतले भरुवा बन्दुकको कुन्दाले कुटपिट गर्नुका साथै खुकुरी प्रहार गरे। आरोपितलाई बन्दुकसहित जोरपोखरी प्रहरीचौकीले गिरफ्तार गऱ्यो। घाइतेहरूको प्राथमिक उपचार पाँचथरमा अस्पतालमा गरी थप उपचार भारतको सिलिगुडीमा भयो। पीडितहरूको टाउको र घाँटीमा गम्भीर चोट लागेको थियो। आरोपितमध्ये सीता शेर्पा लावती यस वर्षको अन्त्यसम्म फरार रहिन्। जिल्ला अदालतको ०६७ मङ्सिर १७ गतेको आदेशबमोजिम अन्य आरोपितहरू पुर्पक्षका लागि थुनामा राखिए।

च्याङथापु गाविस-९ स्थित प्रहरी चौकीमा कार्यरत असई भोजपुर गाविस-७ का ३६ वर्षीय भुवन कार्की र प्रहरी जवान ओखलढुङ्गा गाविस-७ का ३२ वर्षीय लीला गिरीलाई ०६७ मङ्सिर १२ गते राति ८ बजे विवाहमा झगडा छुट्याएको आरोपमा वाईसीएल कार्यकर्ताहरूले कुटपिट गरे। भक्तिस्वर राईले पत्नीलाई कुटपिट गरिरहेको अवस्थामा छुट्याउन गएका प्रहरीमाथि कुटपिट भएको थियो। घटनामा संलग्न भएको आरोपमा सोही गाविस वडा नं. ९ का २० वर्षीय रञ्जन राई, २१ वर्षीय गङ्गा गौतम, २१ वर्षीय रीतेश राई र १८ वर्षीय सुनिल राईलाई प्रहरीले गिरफ्तार गरी सार्वजनिक अपराधको मुद्दा चलायो। गिरफ्तार गरिएकाहरू १०-१० हजार रुपियाँ धरौटीमा ०६७ पुस १ गते रिहा भए। घटनामा संलग्न भएको भनिएका सोही गाविस वडा-३ का २६ वर्षीय ललित राई र २७ वर्षीय प्रवीण गुरुङ यस वर्षको अन्त्यसम्म फरार रहे।

लिम्बूवान राज्य परिषद्बाट

झापा शनिश्चरे गाविस-१ का ४० वर्षीय सञ्जय राईलाई ०६६ चैत १५ गते सफाक्तेप गाविस-

५ धर्बीसे पञ्चमी बजारमा मञ्च सम्बद्ध सङ्घीय लिम्बूवान राज्य परिषद्का कार्यकर्ता फाक्तेप गाविस-५ का १६ वर्षीय विशाल चेम्जोङ, १७ वर्षीय ववित चेम्जोङ, १६ वर्षीय दीपक चेम्जोङ, र सोही गाविस वडा-६ का १६ वर्षीय मनकुमार जवेगू, वडा-३ का १६ वर्षीय वसन्त चेम्जोङ र रवि गाविस-९ का १८ वर्षीय महेन्द्र सारु मगरले कुटपिट गरे। आक्रमण गर्नुको कारण आफूलाई थाहा नभएको पीडितले बताए। आरोपितहरूलाई घटनास्थबाट फाक्तेपका प्रहरी चौकीका प्रहरीले गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयमा बुझाए। जिल्ला प्रहरी कार्यालयले उनीहरूविरुद्ध सार्वजनिक मुद्दा दायर गऱ्यो। पीडितलाई २० हजार रुपियाँ उपचार खर्च दिई ०६७ वैशाख ३ गते मिलापत्र गरिएको परिषद्का जिल्ला अध्यक्ष लावाहाङ चेम्जोङले बताए। पीडितहरू सबैलाई जिल्ला प्रशासन कार्यालयले सोही दिन रिहा गऱ्यो।

अज्ञात समूहबाट

फाक्तेप गाविस-१ निवासी लिम्बू विद्यार्थी मञ्चका जिल्ला उपाध्यक्ष २३ वर्षीय भीम चेम्जोङलाई ०६६ माघ १९ गते बिहान नागी गाविस-२ निगाले जङ्गलमा अज्ञात समूहले कुटपिट गरी उनीसँग रहेको नगदसमेत लुटेर लग्यो। लिम्बू विद्यार्थी मञ्चको सङ्गठन विस्तार गर्ने क्रममा अमरपूर उच्च माविबाट नागी गाविसतर्फ आउँदै गरेका चेम्जोङलाई सो समूहले बाटो छेकेर पैसा मागेको र आफूसँग पैसा नभएको भनेपछि उनीहरूले आक्रमण गरेको चेम्जोङले बताए। छ जनाको समूहमा रहेका उनीहरूले पीडितसँग रहेको नगद १० हजार ६ सय रुपियाँ लुट्नुका साथै कुटपिट गरेका थिए। पीडितले आफू भागेर ज्यान बचाउन सफल भएको र आक्रमण गर्नेलाई आफूले नचिनेको बताए। चेम्जोङले ०६६ माघ २० गते दोषी पत्ता लगाई कानुनी कारबाहीका लागी जिल्ला प्रहरीमा निवेदन दिए। यस वर्षको अन्त्यसम्म प्रहरीले पीडकहरूको पहिचान गर्न सकेन।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा दुनियाँवादी फौजदारी मुद्दातर्फ ०६७ असार मसान्तसम्म जिम्मेवारी सरेर आएका ६५ थान मुद्दामध्ये यो वर्ष २४ थान फर्स्यौट भई ४१ थान मुद्दा बाँकी रहे। यसैगरी, ०६७ पुस १६ सम्म दर्ता भएका दुनियाँवादी फौजदारी मुद्दा ३६ थानमध्ये यो वर्ष पाँच थान फर्स्यौट भई ३१ थान मुद्दा बाँकी रहे।

अघिल्लो वर्षको जिम्मेवारी सरेर आएका तथा दर्ता भएका दुनियाँवादी फौजदारी मुद्दा जम्मा १ सय १ थानमध्ये यो वर्ष २९ थान फर्स्यौट भई ७२ थान मुद्दा बाँकी रहे।

सरकारवादी फौजदारी मुद्दातर्फ ०६७ असार मसान्तसम्म जिम्मेवारी सरेर आएका २६ थान मुद्दामध्ये यो वर्ष ११ थान फर्स्यौट भई १५ थान मुद्दा बाँकी रहे। यसैगरी, ०६७ पुस १६ सम्म दर्ता भएका सरकारवादी फौजदारी मुद्दा २१ थानमध्ये यो वर्ष ५ फर्स्यौट भई १६ थान मुद्दा बाँकी रहे।

अघिल्लो वर्षको जिम्मेवारी सरेर आएका तथा यो वर्ष दर्ता भएका सरकारवादी फौजदारी मुद्दा जम्मा ४७ थानमध्ये यो वर्ष १६ थान मुद्दा फर्स्यौट भई ३१ थान मुद्दा बाँकी रहे।

देवानी मुद्दातर्फ ०६७ असार मसान्तसम्म जिम्मेवारी सरेर आएका ९२ थान मुद्दामध्ये यो वर्ष ३१ थान फस्यौट भई ६१ थान मुद्दा बाँकी रहे। यसैगरी, ०६७ पुस १६ सम्म दर्ता भएका देवानी मुद्दा ४९ थानमध्ये यो वर्ष एक थान फर्स्यौट भई ४८ थान मुद्दा बाँकी रहे।

बाईसीएलद्वारा खुकुरी प्रहार गरी घाइते बनाइएका सरीता तामाङ र कुमारी तामाङ

अघिल्लो वर्षको जिम्मेवारी सरेर आएका तथा यो वर्ष दर्ता भएका देवानी मुद्दा जम्मा १ सय ४१ थानमध्ये यो वर्ष ३२ थान मुद्दा फर्स्यौट भई १ सय ९ थान मुद्दा बाँकी रहे।

यो वर्षको अन्त्यसम्ममा गत वर्षको जिम्मेवारी सरेका तथा यो वर्ष दर्ता भएका गरी जम्मा मुद्दा सङ्ख्या १ सय ८३ थानमध्ये यो वर्ष ६६ थान मुद्दा फर्स्यौट भई १ सय १७ थान मुद्दा बाँकी रहे।

बालअधिकार

जिल्ला शिक्षा कार्यालयका अनुसार सरकारी, निजी उमावि क्याम्पस गरी जम्मा ४ सय ७५ ओटा रहेका छन्। सामुदायिक विद्यालय ३ सय ९२ ओटा, निजी विद्यालय ५० ओटा, निजी क्याम्पस पाँचओटा, र उच्चमावि २८ ओटा रहेका छन्।

मञ्च सम्बद्ध सङ्घीय लिम्बूवान राज्य परिषद् (क्रान्तिकारी) ले लिम्बूवान राज्य संविधानमा घोषणा हुनुपर्ने माग राख्दै ०६६ माघ २४ गते पूर्वका नौ जिल्ला बन्द गऱ्यो। परिषद्ले भौगोलिक पृष्ठभूमि र सङ्घीयताको आधारमा पूर्वका नौ जिल्ला लिम्बूवान राज्यअन्तर्गत राखी लिम्बूवान राज्य घोषण गर्नुपर्ने भन्दै आकस्मिक स्वास्थ्य सेवाबाहेक सम्पूर्ण क्षेत्र बन्द गरायो। बन्दले यातायात, शैक्षिक संस्था, कलकारखाना, पसलहरू, क्याम्पस, विद्यालयहरू, पूर्णरूपमा बन्द भए। विद्यालय बन्दका कारण ४ सय २१ विद्यालयका करिब ७५ हजार ५ सय बालबालिकाको पढाइ प्रभावित भयो। विद्यालयहरू माघ २५ गतेबाट पुनः सुचारु भए।

नागी गाविस-२ की एक ११ वर्षीया राममया लक्समलाई कुखुराको चल्ला हराएको आरोपमा ०६६ चैत २ गते राति उनका बुवा ३६ वर्षीय सूर्यमान लक्समले खुकुरी प्रहार गरी हत्या गरे। उनले छोरा १४ वर्षीय खगेन्द्र लक्समलाई समेत खुकुरी प्रहार गरी घाइते बनाए। घाइते खगेन्द्रको पञ्चमी गाविसस्थित गोपेटार स्वास्थ्य चौकीमा उपचार भयो। मृतक बालिकाको लासको पोष्टमार्टम ०६६ चैत ४ गते जिल्ला अस्पतालमा भयो। पीडकविरुद्ध उनकी आमा लोककुमारी लक्समले जिल्ला प्रहरी कार्यालयमा ०६६ चैत ४ गते जाहेरी दिइन्। घटनापछि फरार रहेका पीडक यस वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।

लिम्बूवान राज्य परिषद्द्वारा कुटपिट गरी घाइते बनाइएका सञ्जय राई

सिदिन गाविस-१ की एक ९ वर्षीया बालिकालाई ०६७ साउन २६ गते साँझ २५ वर्षीय सुन्दर राईले बाटोमा हिँडिरहेको अवस्थामा दबाईपानी भन्ने ठाउँमा बलात्कार गरेको आरोपमा बालिकाका बुबाले ०६७ साउन २७ गते प्रहरीमा उजुरी दिए। उजुरीको आधारमा गिरफ्तार गरी हिरासतमा राखिएका आरोपित शौचालय जाने बहानामा हिरासतबाट फरार भए। बलात्कारका आरोपित हिरासतबाट भागेको आरोपमा सो समयमा ड्युटीमा रहेका प्रहरी हवल्दार इन्द्र साहलगायत पाँचजनालाई थुनेर आन्तरिक कारबाही गरिएको प्रहरी नायब उपरीक्षक यज्ञविनोद पोखरेलले बताए।

मञ्च सम्बद्ध सङ्घीय लिम्बूवान राज्य परिषद् विद्यार्थी युनियनले विभिन्न माग राखी ०६७ असोज ४ गते जिल्लाका शैक्षिक संस्थाहरू बन्द गराउँदा ४ सय ७५ विद्यालयका १८ वर्ष मुनिका करिब ७ हजार ५ सय ५७ जना बालबालिकाको पठनपाठन अवरुद्ध भयो। लिम्बूवानका सहिदका छोराछोरीलाई निःशुल्क अध्ययनको व्यवस्था गर्नुपर्ने, लिम्बूवानभित्र विश्वविद्यालय स्थापना हुनुपर्ने, सरकारी र निजी क्याम्पसको शुल्क समान हुनुपर्ने लगायतका २१ बुँदे माग पूरा गर्न सरकारलाई दबाब दिनका लागि बन्दको आयोजना गरिएको आयोजकले बताए।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

बहुविवाह

भारपा गाविस-१ का ३९ वर्षीय मचिन्द्र लावतीले बहुविवाह गरेको भन्दै उनकी जेठी पत्नी ४५ वर्षीया कृष्णमाया लावतीले ०६७ मङ्सिर १६ गते बहुविवाहविरुद्ध मुद्दा दायर गरिन्। कृष्णमायाको उजुरीको आधारमा जिल्ला प्रहरी कार्यालयले कृष्णमायालाई बसोबासको व्यवस्था गर्ने भनी दुवैपक्षलाई १० गते सहमति गराई घर फर्कायो। प्रहरीले गराएको सहमति कार्यान्वयन नभएपछि पुनः कारबाहीको माग गर्दै कृष्णमायाले उजुरी गरिन र प्रहरीले कान्छी पत्नी

बाबुद्वारा हत्या गरिएका राममया लक्ष्मम

३५ वर्षीया इन्द्रकुमारी लावतीसहित पति मचिन्द्र लावतीलाई १७ गते गिरफ्तार गऱ्यो। आरोपितहरू ०६७ पुस १६ गते २०/२० हजार रुपियाँ धरौटीमा अदालतको आदेशमा रिहा भए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना, सम्पति क्षति

युथफोर्सबाट

नागी गाविस-६ स्थित एकीकृत माओवादी कार्यकर्ता प्रेम काफ्लेको घरमा रहेको एकीकृत माओवादी गाउँ सङ्गठन समितिको कार्यालयमा ०६७ वैशाख २१ गते बेलुका ७ बजे युथफोर्सका कार्यकर्ताहरू नागी गाविस-६ का २२ वर्षीय अग्नी योङहाङ, २० वर्षीय राजकुमार इधिङ्गो, सोही गाविस-८ का २३ वर्षीय मोहन राई, २० वर्षीय भीम मुखियालगायतको समूहले तोडफोड गऱ्यो। तोडफोडमा संलग्न हुने सबैलाई गोपेटार चौकीका प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। एमाले नागी गाउँ कमिटीले तोडफोडको क्षतिपूर्ति दिने सर्तमा माफी मागेर ०६७ वैशाख २५ गते दुवै पक्षबीच मिलापत्र भयो र गिरफ्तार गरिएकाहरू सोही दिन रिहा भए।

स्वास्थ्य सेवाको अवस्था

पाँचथर जिल्ला जनस्वास्थ्य कार्यालयका अनुसार सरकारी अस्पताल एउटा, स्वास्थ्य चौकी १० ओटा, उपस्वास्थ्य चौकी ३० ओटा, प्राथमिक स्वास्थ्य केन्द्र दुई ओटा रहेका छन्। डाक्टर दरबन्दी सङ्ख्या तीनओटा रहेका छन्। अस्पतालमा १५ शैय्या रहेको छ। विरामी चापका कारण २५ शैय्या सञ्चालनमा रहेको छ।

१.४ ताप्लेजुङ

जनसङ्ख्या : १,४९,२९८
साक्षरता प्रतिशत : ५८
महिला साक्षरता प्रतिशत : ४५
क्षेत्रफल (वर्ग कि. मि.) : ३,६४६
गाविस/नपा सङ्ख्या : ५०/०
सरकारी/निजी विद्यालय : ३०४/५
क्याम्पस/उच्च मा.वि. : १/२२
अस्पताल/स्वास्थ्य चौकी : १/५१
मानव विकास सूचकाङ्कः ०.४६७
प्रतिपरिवार सरदर सङ्ख्याः ५

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

अज्ञात समूहबाट

सुर्खेत जिल्ला वीरेन्द्रनगर नगरपालिका-घर भई फुङलिङ गाविस-६ मा डेरा गरी गलैँचा व्यापार गर्दै आएका ५३ वर्षीय नारायणप्रसाद आचार्यलाई ०६७ जेठ १० गते हाङ्देवा गाविसमा गलैँचा बिक्री गरी घर फर्कंदै गर्दा हाङ्देवा-४ को पहिरोबाट अज्ञात समूहले अपहरण गरी हत्या गऱ्यो। हाङ्देवा गाविसमा गलैँचा बिक्री गरी डेरा फर्कंदै गर्दा बेपत्ता भएका आचार्यको ०६७ असार ७ गते हाङ्देवा खोलामा लास फेला परेको थियो। यस वर्षको अन्त्यसम्म पीडकको पहिचान हुन नसकेको प्रहरी नायब उपरीक्षक सुदीपराज राजभण्डारीले बताए।

पापुङ गाविस-८ का ४० वर्षीय ताम्लिङ शेर्पालाई ०६७ असोज २३ गते ताप्लेजुङ सदरमुकामबाट घर फर्कंदै गर्दा अज्ञात समूहले खुकुरी प्रहार गरी हत्या गऱ्यो। पीडितका आफन्त छिरिङ

घटनाको प्रकार	गैरराज्यबाट								राज्यबाट			
	अन्यबाट				एकीकृत माओवादीबाट							
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	नखुलेको	जम्मा	घटना सङ्ख्या	पुरुष	अन्य	जम्मा
हत्या	४	४		४								
घाइते	३	३	१	४								
गिरफ्तारी/यातना									४	५		५
कुटपिट									१	१		१
धम्की	१	१		१	३	३	१	३	१	१		१
भेला/सङ्गठित हुने अधिकार									१	१	८	९
महिलाअधिकार	३		३	३								
बालअधिकार	१		१	१	३	३	७९	८१				
अपहरण	१	१		१								
जम्मा	१३	९	५	१४	५	४	८०	८४	७	८	८	१६

शेर्पाका अनुसार बजारबाट किनमेल गरी घर फर्कदै गरेका ताम्लिङलाई हत्या गरी फालेको अवस्थामा उनको लास फेला परेको थियो।

जेल र बन्दीहरू

'ग' श्रेणी यस जिल्ला कारागारमा २५ जना बन्दी राख्ने क्षमता भएकोमा यस वर्षको अन्त्यसम्म कैद तोकिएका ३२ र कैद नतोकिएका १७ गरी जम्मा ४९ जना पुरुष बन्दीहरू छन्। बन्दीहरूले कारागारमा पत्रपत्रिका पढ्न नपाएको भन्दै पटक-पटक माग गर्दा पनि सुनुवाइ नभएको बताए। बन्दीहरूलाई स्थानीय जिल्ला अस्पतालमा हुने उपचार सेवामात्र दिइन्छ। कारागार धेरै पुरानो भएकोले समयमा मर्मत सम्भार नहुँदा कैदीहरूलाई बस्नसमेत समस्या परेको कारागार प्रमुख मेदनीप्रसाद सापकोटाले बताए। कारागारमा महिला राख्ने छुट्टै कोठा नभएकाले लामो समयसम्म हिरासतमा राखेर महिलालाई अन्य जिल्लामा पठाउने गरेको उनले बताए। आवश्यकताअनुसार टेलिफोन कारागारभित्रै आफन्तसँग सम्पर्क गर्ने सुविधा दिइने गरेको छ।

धम्की/कुटपिट

तरूणदलबाट

फुडलिङ गाविस-८ निवासी युथफोर्सका कार्यकर्ता २३ वर्षीय मिलन मादेनलाई ०६७ असार १५ गते लिडतेप गाविस-७ निवासी तरुण दलका कार्यकर्ता डिल्ली लड्वाले फुडलिङ गाविस-१ देउलिङ्गे स्कूल छेउमा गोली हानी घाइते बनाए। देब्रे खुट्टामा गोली लागेर सख्त घाइते भएका मिलनको धरानस्थित बीपी कोइराला स्वास्थ्य प्रतिष्ठानमा उपचार भएको थियो। पीडितले डिल्ली लड्वासहित तीन जनाको नाममा किटानी जाहेरी गरेको भए पनि यस वर्षको अन्त्यसम्म पीडकहरू गिरफ्तार भएनन्।

युथफोर्सबाट

थुकिमा गाविस-८ निवासी तरुण दलका कार्यकर्ता २० वर्षीय रामकुमार केदेमलाई ०६७ असोज १० गते राति युथफोर्सका कार्यकर्ता खड्ग नाल्वोलगायत चार जनाको सङ्ख्यामा आएको समूहले गोली प्रहार गरी घाइते बनायो। असोज ९ गते दिउँसो थुकिमा माविमा नेकपा एमालेले गरेको कार्यक्रममा सहभागी हुन आएका तरुण दलका कार्यकर्ता रामकुमारलाई युथफोर्सका कार्यकर्ताले कुटपिट गरेपछि भएको दोहोरो झडपमा युथफोर्सका कार्यकर्ताले गोली प्रहार गरेका थिए। पीडित केदेमलाई नेपाली काङ्ग्रेसका कार्यकर्ताले जिल्ला अस्पताल ताप्लेजुङमा पुऱ्याई उपचार गराए।

अज्ञात समूहबाट

फूलवारी गाविस-३ का ३० वर्षीय लयप्रसाद विमली र उनकी पत्नी २८ वर्षीय करुणा विमलीलाई ०६६ पुस २५ गते बेलुका घरमै अज्ञात समूहले गोली प्रहार गरी सख्त घाइते बनायो। खाना खाएर सुत्न लागेको बेला बाहिरबाट ढोका खोल्नू भन्ने आवाज आएपछि लयप्रसादले ढोका खोल्नेबित्तिकै घरभित्र

पसेका अपरिचित तीन जनाको समूहले गोली प्रहार गरेको पीडितले बताए।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

फुङ्लिङ गाविस-३ स्थित जिल्ला प्रशासन कार्यालय बन्द गर्न आएका एकीकृत माओवादी जिल्ला सचिव खेलप्रसाद बुढाक्षेत्रीसहित १२ जना कार्यकर्तालाई प्रहरीले ०६६ पुस २१ गते कुटपिट गरी गिरफ्तार गऱ्यो। स्थानीय प्रशासनको निर्णयअनुसार गिरफ्तार भएका एकीकृत माओवादी जिल्ला सचिव बुढाक्षेत्रीसहित १२ जनालाई ११ दिनपछि रिहा गरेको थियो। एकीकृत माओवादी जिल्ला इन्चार्ज सुमनले शान्तिपूर्ण ढङ्गले भएको आन्दोलनलाई दबाउन सरकारले बल प्रयोग गरेको बताए। प्रमुख जिल्ला अधिकारी ईश्वरराज रेग्मीका अनुसार एकीकृत माओवादी कार्यकर्ताहरूले 'बन्द गर' भन्दै प्रशासनभित्र प्रवेश गरी कर्मचारीलाई धम्क्याई कार्यालयमा ढुङ्गामुढा गर्न थालेपछि बल प्रयोग गर्न प्रशासन बाध्य भएको बताए। घटनामा घाइते भएका एकीकृत माओवादी कार्यकर्ता तथा बार एसोसिएसनका सदस्य राम नेयोङले टाउको र शरीरका विभिन्न भागमा यातना दिएपछि उपचारको अधिकारबाट समेत वञ्चित हुनुको साथै आफन्त र सञ्चारकर्मीसँग पनि भेट्न नदिएको गुनासो गरे।

हाम्पाङ गाविस-८ निवासी एकीकृत माओवादीका जिल्ला सहइन्चार्ज ३५ वर्षीय राजकुमार चुँडालसहित नौ जना कार्यकर्तालाई ०६६ पुस २५ गते नेकपा एमालेको जिल्ला अधिवेशन उद्घाटन गर्न आएका एमाले महासचिव ईश्वर पोखरेललाई कालो झण्डा देखाउन लाग्दा प्रहरीले कुटपिट गरी घाइते बनायो। शान्तिपूर्ण ढङ्गले विरोध गर्न खोज्दा प्रहरीले बल प्रयोग गरी दमन गरेको पीडित चुडालले बताए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

ताप्लेजुङ जिल्ला अदालतमा ०६७ असार मसान्तसम्म अघिल्लो वर्षबाट सरेर आएका दुनियाँवादी देवानी मुद्दा २३ थान थिए भने ०६७ पुस १७ गतेसम्म १ सय ३ थान मुद्दा दर्ता भए। तीमध्ये ४३ थान फैसला भए। ८३ थान फैसला हुन बाँकी छन्।

त्यसैगरी, दुनियाँवादी फौजदारी मुद्दा १६ थान थिए भने यो वर्ष ४० थान दर्ता भए। तीमध्ये १८ मुद्दा फैसला भए। ३८ थान मुद्दा फैसला हुन बाँकी रहे।

गत वर्षबाट सरेर आएका सरकारवादी फौजदारी मुद्दा १६ थान र यो वर्ष दर्ता भएका १४ थान गरी २६ थान थिए। तीमध्ये चार थान फर्स्यौट भए भने २६ थान फर्स्यौट हुन बाँकी रहे। जिल्ला अदालतमा एक वर्ष नाघेका १६ र दुई वर्ष नाघेका १२ थान मुद्दा फैसला भएका छैनन्।

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

थेचम्बू गाविस-९ का ८२ वर्षीय प्रेमलाल उप्रेतीलाई ०६७ साउन ८ गते थेचम्बू प्रहरी चौकीका इन्चार्ज असई विमल अधिकारीले मुद्दा मिलाउन छलफल भइरहेका बेला सख्त यातना दिए। छिमेकी धनकुमार लिम्बूसँगको लेनदेनको मुद्दा मिलाउन भइरहेको छलफलमा पीडितलाई अधिकारीले यातना दिएका थिए। पीडितका आफन्त राम ओलीका अनुसार छिमेकी धनकुमार लिम्बूले प्रेमलाल उप्रेतीविरुद्ध पैसा नतिरेको भनी उजुरी गरेका थिए। दुवै पक्षलाई भेला गरी मिलाउने कुरा भइरहेका बेला असई विमलले उप्रेतीलाई यातना दिएका थिए। पीडितका आफन्तले पीडितलाई जिल्ला अस्पताल ताप्लेजुङमा उपचार गराए। पीडितका आफन्तले जिल्ला प्रशासन कार्यालयमा उजुरी गरेपनि कारवाही नभएको बताए।

बालअधिकार

जिल्ला शिक्षा कार्यालय ताप्लेजुङका अनुसार जिल्ला १९ हजार ७ सय ७४ छात्रा र छात्र १८ हजार ६ सय गरी जम्मा ३८ हजार ३ सय ७४ विद्यार्थी अध्ययनरत छन्। निमाविमा ६ हजार ६ सय ११ छात्रा र ६ हजार २ सय ८३ छात्र गरी १२ हजार ८ शय ९४ जना बालबालिकाहरू अध्ययनरत छन्। माविमा २ हजार २ सय छात्रा र २ हजार ३ सय ८४ छात्र अध्ययनरत छन्। यस जिल्लामा १ हजार २ सय ५६ जना शिक्षक दरबन्दी रहेको छ। माविमा महिला शिक्षिक चार, निमाविमा ११ र प्राविमा २ सय ४३ जना महिला शिक्षिक रहेका छन्। यस जिल्लाका विभिन्न भागमा २ सय ८ बाल विकास केन्द्र रहेका छन्।

यो वर्ष एकीकृत माओवादीले ११ दिन, सङ्घीय लिम्बूवान राज्यपरिषद् मञ्च आबद्धले सात दिन, सङ्घीय लिम्बूवान राज्य परिषद्ले चार दिन, लिम्बूवान क्रान्तिकारीले दुई दिन र स्थानीय निकायका कर्मचारीले पाँच दिन गरी २९ दिन बन्द/हड्ताल गराएका थिए। पटक-पटक हुने बन्दका कारण बालबालिकाको पढाइ प्रभावित भयो।

फुङलिङ बजारमा एकीकृत माओवादीले ०६७ वैशाख २० गते गरेको च्यालीमा सान्थाक्रा गाविस-५ का १४ वर्षीय पासाङ शेर्पासहित ७० जनाभन्दा बढी बालबालिकाहरू प्रयोग गऱ्यो। छ कक्षामा अध्ययनरत शेर्पाले आफ्ना भाइ छ वर्षीय मिङ्मासमेतलाई सहभागी गराएका थिए। एक दिनको बाटो हिँडेर आएका पासाङले आन्दोलन सफल नहुन्जेलका लागि बजार बस्नुपर्ने माओवादी कायकर्ताले भनेको बताए। पासाङसँगै आएका सोही विद्यालयमा अध्ययनरत ११ वर्षीय मिङ्मा शेर्पाका अनुसार माओवादीले नगई हुँदैन भनेपछि भाइसहित उनीहरू आएका थिए। आन्दोलन गर्न भनेर आएका बालबालिकाहरूलाई एकीकृत माओवादीले बजार छेउमा डेरा लिएर राखेको थियो। उनीहरूलाई १० दिनपछिमात्रघर फर्काइएको थियो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

फुङलिङ गाविस-२ की एक ६० वर्षीय बृद्धालाई ०६७ असार १७ गते राति हाम्पाङ गाविस-२ का ४५ वर्षीय वीरबहादुर रसाइलीले पीडितको घरको ढोका फोरी घरमा पसेर बलात्कार गरेको आरोपमा रसाइलीविरुद्ध प्रहरीले कारबाही अघि बढायो। पीडित महिला चिच्याएको सुनेर छिमेकीहरूले राति नै आरोपितलाई नियन्त्रणमा लिएर प्रहरीलाई बुझाएका थिए। आरोपितलाई हाल कारागार चलान गरिएको छ।

बहुविवाह

खाम्लुङ गाविस-८ की ४५ वर्षीया तिलरूपा अधिकारीले ०६७ मङ्सिर ५ गते आफ्ना पति रघु निरौलाले कान्छी पत्नी ल्याई आफूलाई घरबाट निकालेको भन्दै जिल्ला प्रशासन कार्यालय ताप्लेजुङ र स्थानीय महिला सञ्जालमा उजुरी गरिन्। पीडितका अनुसार पति रघु निरौलाले छोरा नभएको भनी कान्छी पत्नी ल्याएपछि आफूलाई मानसिक तथा शारीरिक यातना दिएर घर छाड्न बाध्य गराएको बताइन्। स्थानीय महिला सञ्जालको पहलमा पीडितले अंश पाएको सञ्जालकी अध्यक्ष विमला सुब्बले बताइन्।

प्रहरीद्वारा गिरफ्तार गरिएका एकीकृत माओवादी जिल्ला सचिव खेलप्रसाद बुढाक्षेत्री

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरचना, सम्पत्ति क्षति

फुङ्लिङ गाविस-४ स्थित स्थानीय गैरसरकारी संस्था सामाजिक विकासको लागि प्राविधिक समूह र ताप्लेजुङ सहकारी संस्थाको कार्यालय ०६६ पुस २१ गते एकीकृत माओवादीका कार्यकर्ताले तोडफोड गरे। एकीकृत माओवादीले कार्यकर्ता राजेन्द्र बनेमको हत्याको विरोधमा पुस १२ गतेदेखि सरकारी तथा गैरसरकारी कार्यालय बन्दको आह्वान गरेको थियो। बन्दको अवज्ञा गरेको भन्दै एकीकृत माओवादी कार्यकर्ताले कार्यालय तोडफोड गरेका थिए। तोडफोडबाट दुईओटा संस्थामा २ लाख रुपियाँभन्दा बढीको क्षति भएको सहकारी संस्थाका अध्यक्ष टामन सिग्देलले बताए।

विस्थापित

हाम्पाङ गाविस-३ निवासी युथफोर्सका कार्यकर्ता २३ वर्षीय मोहन याक्सो एकीकृत माओवादी कार्यकर्ताले धम्की दिएको भनी ०६७ वैशाख १३ गते विस्थापित भए। उनी भागेर विर्तामोड पुगेपछि पनि एकीकृत माओवादी कार्यकर्ताले आक्रमण प्रयास गरेको पीडितले बताए।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक जिल्ला अस्पताल छ। अस्पतालमा दुई जना डाक्टरको दरबन्दी भए पनि एक जना डाक्टर मात्र कार्यरत रहेका छन्। स्टाफ नर्स तीन जनाको दरबन्दी भए पनि दुई जनामात्र कार्यरत छन्। एक जना रेडियोलजिस्ट र एक जना स्वास्थ्य सहायक दरबन्दी भए पनि उक्त पद रिक्त रहेको छ। तीन जना नर्सको दरबन्दीमा दुई जना मात्र कार्यरत छन्। ल्याप असिस्टेन्ट एक जनाको दरबन्दी भए पनि पूर्ति भएको छैन। प्राथमिक स्वास्थ्य केन्द्र दुईओटा रहेका छन्। एक/एक जना दरबन्दी भए पनि डाक्टरको उपस्थिति भने वर्षमा एक महिना पनि रहेको पाइन्न। स्टाफ नर्स दुई/दुई जनाको दरबन्दी भए पनि एक/एक जना मात्र कार्यरत रहेका छन्। स्वास्थ्य चौकी ४३ ओटा छन् जसमा ४३ जना अहेवको दरबन्दी भए पनि २५ जना मात्र कार्यरत रहेका छन्।

१.५ मोरङ

जनसङ्ख्या : १०,२८,३६२
साक्षरता प्रतिशत : ६९
महिला साक्षरता प्रतिशत : ५५
क्षेत्रफल (वर्ग कि. मि.) : १,८५५
गाविस/नपा सङ्ख्या : ६५/१
सरकारी/निजी विद्यालय : ७२३/९३
क्याम्पस/उच्च मा.वि. : १५/७०
अस्पताल/स्वास्थ्य चौकी : ३/७३
मानव विकास सूचकाङ्कः ०.५३१
प्रतिपरिवार सरदर सङ्ख्याः ६

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

अज्ञात समूहबाट

दुलारी गाविस-९ गोठगाउँ निवासी नेपाली काङ्ग्रेसका जिल्ला सदस्य ५७ वर्षीय देवेन्द्र पोखरेललाई ०६७ वैशाख १३ गते साँझ खाना खाएर भान्सा कोठाबाट बाहिर निस्कनासाथ अज्ञात दुई जना व्यक्तिले छातीमा गोली हानी घाइते बनाए। पीडितको वैशाख १७ गते धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचारका क्रममा मृत्यु भयो।

अन्यबाट

अमाहीवरियाती गाविस-७ का ५५ वर्षीय वासुदेव साहलाई ०६६ जेठ ११ गते भारतीय सशस्त्र सीमा सुरक्षा बल (एसएसबी) का इन्स्पेक्टर हितेन्द्र सिंहले अमाहीबरियाती गाविस-७ स्थित खैरवना चोकमा गोली हानी हत्या गरे। पीडितको लास विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा पोष्टमार्टम भयो। सो घटना भारतीय नागरिक हरिचन्द सिंहले एक टिन खानेतेल भन्सार शुल्क नतिरी नेपाल भित्र्याएको भन्दै नेपाल पसेका इन्स्पेक्टर हितेन्द्रले नेपालीहरूसँग विवाद गर्ने क्रममा गोली प्रहार गरेका थिए। उनी चढेर आएको बीआर ३८ ००३६ नम्बरको मोटरसाइकल अमाही बरियाती प्रहरी चौकीले बरामद गरी इलाका प्रहरी कार्यालय रङ्गेलीमा बुझायो। दोषी इन्स्पेक्टरलाई कारबाही गर्न नेपाल सरकार परराष्ट्र मन्त्रालयले भारत सरकारलाई पत्र पठाएर अनुरोध गऱ्यो।

गोली/विस्फोटक पदार्थद्वारा घाइते

अज्ञात समूहबाट

कटहरी गाविस-४ निवासी सोही गाविसस्थित सीएमए जुटमिलमा कार्यरत २६ वर्षीय मजदुर वीरबल कामतलाई ०६६ फागुन ६ गते विराटनगरबाट मोटरसाइकल चढी घर जादै गर्दा विराटनगर उमनपा-११ स्थित राष्ट्र बैङ्कअगाडि सडकमा अज्ञात समूहले गोली प्रहार गरी घाइते बनायो। पीडितको स्थानीय कोसी अञ्चल अस्पतालमा उपचार हुन नसकी सुनसरी जिल्ला, धरान नपास्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भयो। पीडितको दाहिने कोखामा गोली लागेको थियो।

शनिश्चरे गाविस-१ स्थित भुटानी शरणार्थी शिविरका ३२ वर्षीय तारावीर कडरियालाई ०६७ असोज २१ गते पथरी गाविस-१ स्थित महेन्द्र राजमार्गमा अज्ञात समूहले गोली हानी घाइते बनायो। पीडितको धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भयो। साँझमा सडकमा हिँडिरहेको समयमा मोटरसाइकलमा चढी आएका दुई जनाले पीडितलाई गोली प्रहार गरेका थिए।

विराटनगर उमनपा-१५ निवासी युथफोर्सका जिल्ला संयोजक तथा एमाले इलाका कमिटी सदस्य ३३ वर्षीय परशुराम बस्नेत र सोही ठाउँ निवासी युवा सङ्घ नेपालका जिल्ला कमिटी सदस्य परशुराम राईलाई ०६६ फागुन २७ गते विराटनगर उमनपा-१५ जनपथटोलस्थित एडजोन एडभरटाइजिङ एजेन्सी वर्कसप भवनबाहिर मोबाइलमा कुरा गरिरहेको समयमा अज्ञात समूहले गोली हानी गम्भीर घाइते बनायो। पीडितद्वयको विराटनगर उमनपा-१३ स्थित न्यूरो अस्पताल र विराटनगर उमनपा-५ स्थित नोबेल मेडिकल कलेजमा उपचार भयो। पीडित बस्नेतको दाहिने खुट्टा र कम्मरमा र राईको देब्रे पीडुलामा गोली लागेको थियो। पीडितमध्ये राई फागुन ३० गते अस्पतालबाट डिस्चार्ज भए भने बस्नेत साढे तीन

घटनाको प्रकार	गैरराज्यबाट								राज्यबाट			
	अन्यबाट				एकीकृत माओवादीबाट							
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
हत्या	१५	९	६	१५								
घाइते	४	५		५					३	३	३	६
गिरफ्तारी/यातना									४	३	१	४
कुटपिट	५	४	१	५					३	३		३
धम्की	८	९	१	१०								
जातीय विभेद	३	४		४								
महिलाअधिकार	१६		३३	३३								
बालअधिकार	१९		३३	३३								
आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार	३	३		३	४	५	३	७				
अमानवीय व्यवहार	१	१		१								
अपहरण	३	३		३								
जम्मा	७५	३७	५३	९०	४	५	३	७	८	८	४	१३

महिनापछि ०६७ असार ९ गते डिस्चार्ज भए। घटनाको जिम्मेवारी अखिल तराई मुक्ति मोर्चाले स्थानीय सञ्चारमाध्यमार्फत लिए पनि सोको पुष्टि हुन सकेन। घटनामा संलग्न भएको आरोपमा झापा जिल्ला घैलाडुबा गाविस-६ का विक्रम थपलियालाई ०६७ जेठ ६ गते प्रहरीले गिरफ्तार गरी सार्वजनिक मुद्दा दर्ता गरेकोमा जेठ १३ गतेदेखि जिल्ला अदालतको आदेशमा उनी कारागार शाखा मोरङमा पुर्पक्षका लागि थुनामा रहेका छन्। सो घटनामा आफू मोटरसाइकल चालक रहेको उनले प्रहरीसँगको बयानमा स्वीकारेको प्रहरीले बतायो।

जेल र बन्दीहरू

'ख' श्रेणीको कारागार शाखा मोरङमा २ सय ५० बन्दी क्षमता भएकोमा यस वर्षको अन्त्यसम्म कूल ५ सय २८ बन्दी रहेका छन्। तीमध्ये महिला बन्दीको सङ्ख्या ४५ रहेको छ। २ सय ८७ कूल कैदी सङ्ख्या रहेकोमा २ सय ६५ पुरुष र २२ जना महिला रहेका छन्। २ सय ४१ कूल थुनुवा बन्दीमध्ये २ सय १८ पुरुष र २३ महिला रहेका छन्। कारागारमा भारतीय र भुटानी गरी ३५ जना बन्दी रहेका छन्। तीमध्ये १४ जना कैदी र २१ जना थुनुवा रहेका छन्। चार जना आश्रितमध्ये तीनजना बालिका र एकजना बालक छन्। यो वर्षको अन्त्यसम्ममा कारागारमा स्वास्थ्य उपचार नपाएर मृत्यु हुनेहरूको सङ्ख्या ११ पुगेको छ। बन्दीहरूको उपचारका लागि कारागार व्यवस्थापन विभागले वार्षिक ४ लाख रुपियाँ निकासा गरेकोमा १४ लाख रुपियाँ खर्च भएको जेलर खगेन्द्र गिरीले बताए। बन्दी सङ्ख्या बढी भएर कारागारको ५ नम्बर कोठामा मात्र ७५ जना बन्दीहरू राति पालो पालो गरेर सुत्ने गरेको जेलर गिरीको भनाइ छ। कारागारमा स्वच्छ हावा आवतजावत नहुने र खानेपानी पनि शुद्ध नभएका कारण बन्दीहरू बिरामी भई उपचार समयमै नपाएर मर्ने गरेको बन्दीहरूले बताए।

शनिश्चरे गाविस-७ निवासी विराटनगर उमनपा-११ हाटखोलास्थित कारागार शाखा मोरङका बन्दी ६५ वर्षीय धनबहादुर गुरुङको ०६७ असार ११ गते उपचार अभावमा स्थानीय कोसी अञ्चल अस्पतालमा मृत्यु भयो। पीडित राति बेहोस भएकोमा बिहान अस्पताल पुऱ्याउँदा चिकित्सकले मृत्यु भइसकेको घोषणा गरेका थिए। बिरामी भएका पीडितलाई कारागार प्रशासनले समयमै उपचारमा बेवास्ता गरेको कारण मृत्यु भएको बन्दीहरूको भनाइ छ। पीडित बलात्कारसम्बन्धी मुद्दामा पुर्पक्षका लागि एक वर्षदेखि थुनामा थिए।

सुनसरी जिल्ला, धरान नपा-११ निवासी बन्दी २३ वर्षीय अजय राईको कारागार शाखा मोरङमा ०६७ साउन ४ गते उपचार अभावमा मृत्यु भयो। पीडित

मुटुसम्बन्धी रोगले ग्रस्त थिए। राति ओछ्यानमा सुतेको अवस्थामा उनी बेहोस भई मृत्यु भएको थियो। राई कर्तव्य ज्यानसम्बन्धी मुद्दामा सात वर्षअघिदेखि थुनामा थिए। कारागारमा पर्याप्त रकम नभएका कारण पीडितको अन्यत्र लगेर उपचार गर्न नसकिएको कारण मृत्यु भएको जेलर खगेन्द्र गिरीले बताए।

पाँचथर जिल्ला च्याङथापु गाविस-५ निवासी ३५ वर्षीय जितबहादुर राईको विराटनगर उमनपा-११ हाटखोलास्थित कारागार शाखा मोरङमा बन्दी अवस्थामा समयमै उपचार नभएर ०६७ असोज १५ गते मृत्यु भयो। पीडित हत्याको आरोपमा ०६० पुसदेखि सो कारागारमा बन्दी अवस्थामा थिए। मानसिक रोगले ग्रसित उनलाई कारागार प्रशासनले उपचारमा चासो नदिएको कारण अकालमै मृत्यु भएको बन्दीहरूको आरोप थियो। कारागारका जेलर खगेन्द्र गिरीले कारागार व्यवस्थापन विभागले २ सय ५० जना बन्दीका लागि लागि स्वास्थ्य रकम उपलब्ध गराउने तर बन्दी सङ्ख्या दोब्बर भन्दा बढी भएकाले बन्दीहरूको उपचार गर्न नसकिएको बताए।

दर्बेसा गाविस-७ का ६० वर्षीय रामबहादुर तामाङ र डायनिया गाविस-३ निवासी ६५ वर्षीय रजक मियाको विराटनगर उमनपा-११ स्थित कारागार शाखामा उपचार अभावमा ०६७ कात्तिक २२ गते मृत्यु भयो। पीडितमध्येका तामाङ पक्षघात र मिया क्षयरोग पीडित थिए। पीडितद्वय कर्तव्य ज्यान मुद्दाअन्तर्गत थुनामा राखिएका थिए। बजेट अभावका कारण गम्भीर प्रकृतिका रोगी बन्दीको उपचार गर्ने खर्च नपुगेको कारण समस्या भएको जेलर खगेन्द्र गिरीले बताए।

बेपत्ता/अपहरण

वाईसीएलबाट

बयरवन गाविस-६ का २६ वर्षीय अनील राईलाई वाईसीएलविरुद्ध लागेको आरोपमा ०६७ साउन ६ गते ससुराली जाँदै गरेको अवस्थामा शनिश्चरे गाविस-४ स्थित बाटोबाट सोही ठाउँ निवासी वाईसीएल राज्य समितिका सदस्य ३२ वर्षीय मुक्ति भनिने विष्णु मगर, वाईसीएल क्षेत्रीय समितिका सदस्य २६ वर्षीय सुरेन्द्र चापागाई र एकीकृत माओवादीका स्थानीय कार्यकर्ता ५० वर्षीय ललित गिरीले मोटरसाइकलमा राखी अपहरण गरे। पीडितलाई प्रहरीले साउन ७ गते लेटाङ गाविस-८ फडानीस्थित एक स्थानीयको घरबाट उद्धार गऱ्यो। पीडितलाई जङ्गलमा लगी डोरीले बाँधेर राखेकोमा उनी फुत्किएर लेटाङ गाविस-८ स्थित एकजना व्यक्तिको घरमा लुकेर बसेका थिए। पीडितले साउन ७ गते नै इलाका प्रहरी कार्यालय उर्लाबारीमा उजुरी दिए। आरोपितमध्येका गिरीलाई स्थानीय बासिन्दाले घरैबाट समातेर साउन ७ गते प्रहरीलाई बुझाए। प्रहरीले गिरीलाई साउन ८ गते बिनाकारवाही रिहा गऱ्यो। प्रहरीले मुक्तिलाई सोराभाग गाविसबाट साउन ९ गते गिरफ्तार गऱ्यो। मुक्ति जिल्ला अदालतको आदेशमा ०६७ भदौ १ गतेदेखि अपहरणसम्बन्धी मुद्दामा मोरङ कारागारमा थुनामा छन्।

धम्की/कुटपिट

राज्यबाट

विराटनगर उमनपा-२ का रिक्सा चालक ५९ वर्षीय राजकुमार भट्टराईलाई भनेको ठाउँमा रिक्सा नरोकेको आरोपमा ०६७ जेठ १५ गते ट्राफिक प्रहरी कार्यालय विराटनगरका सुरक्षाकर्मीले गिरफ्तार गरे। गिरफ्तारपछि पीडितलाई लाठी, बुट र बेल्टले कुटपिट गरी घाइते बनाए। कुटपिटपछि जिल्ला प्रहरी कार्यालयमा बुझाइएका पीडितलाई २ सय रुपियाँ जरिवाना गरी जेठ १६ गते रिहा गरियो। पीडितको विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा उपचार भयो। उनले कानुनी उपचारका लागि घाउ जाँच गराए पनि उनी पीडक पक्षको दबाबका कारण न्यायका लागि अदालत पुग्न नसकेको एड्भोकेसी फोरम विराटनगरका प्रतिनिधि बालकृष्ण आचार्यले बताए।

वाईसीएलबाट

विराटनगर उमनपा-१६ का २१ वर्षीय सुनील बस्नेतलाई ०६७ वैशाख २४ गते एकीकृत माओवादीले आह्वान गरेको आमहड्तालको अन्तिम दिन विराटनगर

अज्ञात समूहद्वारा गोली हानी घाइते बनाइएका रमाते इलाका कमिटी सदस्य परशुराम बस्नेत

उमनपा-१४ रोडशेषचोकस्थित बमबहादुर तामाङको पसलमा आन्दोलनको विरोधमा बोलेको भन्दै जुलुश प्रदर्शनमा हिँडेका वाईसीएल कार्यकर्ताहरूले टाउकोमा लाठी प्रहार गरी घाइते बनाएर प्रहरीलाई बुझाए। पीडितको विराटनगरस्थित न्यूरो अस्पतालमा उपचार भयो। पीडितको टाउकोमा आठ टाँका लगाइएको थियो। पीडित उपचार गरी सोही दिन डिस्चार्ज भए। उनले कतै उजुरी गरेनन्।

युथफोर्सबाट

पथरी गाविस-१ निवासी जनविद्रोह दैनिक पत्रिकाका सम्वाददाता २१ वर्षीय विवेक भट्टराईलाई समाचार लेखेको विषयलाई लिएर ०६६ फागुन १९ गते नजिकको जङ्गलमा घाँस काट्न गएको समयमा सोही गाविस-१ का युथफोर्सका स्थानीय कार्यकर्ता ३५ वर्षीय विकास लिम्बूको निर्देशनमा चार जनाको समूहले टाउकोमा धारिलो हतियार प्रहार गरी घाइते बनायो। पीडितको विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा उपचार भयो। आरोपितलाई प्रहरीले सोही दिन गिरफ्तार गरेर सार्वजनिक अपराध ऐनअन्तर्गत कारबाही चलाएकोमा ०६६ चैत १३ गते ७ हजार रुपियाँ धरौटी राखेर जिल्ला प्रशासन कार्यालयबाट रिहा भए।

विराटनगर उमनपा-१६ निवासी सोही ठाउँका महेन्द्र मोरङ क्याम्पसका निमित्त क्याम्पसप्रमुख ५२ वर्षीय ताराप्रसाद यादवलाई ०६७ असार २४ गते विराटनगर उमनपा-१५ निवासी युथफोर्सका नगर इन्चार्ज ३० वर्षीय रोहित कोइरालाको नेतृत्वको समूहले क्याम्पस प्रमुखको कोठाका फर्निचर तोडफोड गर्दै मार्ने धम्की दियो। विज्ञान प्रयोगशालाको सामान खरिदसम्बन्धी बोलपत्र टेण्डर आह्वानबारे आफूहरूलाई फारम भर्न नदिएको भन्दै सो समूहले तोडफोड र धम्की दिएको थियो। घटना हुँदा पीडित आफ्नो कार्यकक्षमा थिएनन्। घटनाबारे क्याम्पस प्राध्यापक सङ्घले विज्ञप्ति निकालेर विरोध जनायो। पीडितले कतै उजुरी दिएनन्।

युथफोर्सद्वारा कुटपिट गरी घाइते बनाइएका पत्रकार विवेक भट्टराई

संयुक्त तराई मुक्ति मोर्चाबाट

दादरबैरिया गाविस-५ निवासी सोही ठाउँका सरस्वती उच्च माविका प्रधानाध्यापक ४५ वर्षीय पवनकुमार कर्णलाई ०६७ असोज १० गते संयुक्त तराई मुक्ति मोर्चाको जिल्ला इन्जार्च बताउने तुफान सिंहले फोन गरी सबै शिक्षकको एक महिना बराबरको तलब रकम नदिए भौतिक कारबाही गर्ने धम्की दिए।

नेकपा माओवादीबाट

केराबारी गाविस-९ निवासी बेलचौरी सामुदायिक उपभोक्ता समूहका अध्यक्ष ५० वर्षीय लालबहादुर लिम्बूलाई ०६६ चैत २ गते नेकपा माओवादी मातृका समूहका कार्यकर्ताहरूले जबरजस्ती ५ हजार रुपियाँ चन्दा माग गर्दै धम्की दिए। पीडितले इलाका प्रहरी कार्यालय बेलबारीमा चैत ३ गते उजुरी दिए। आरोपितहरू फरार भए।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

सुनसरी जिल्ला, देवागञ्ज गाविस-३ का ३५ वर्षीय केशरी खत्वे र सोही जिल्ला साहेवगञ्ज-१ का ४८ वर्षीय ब्रहमदेव लौगी एकीकृत माओवादीले आह्वान गरेको ०६७ वैशाख १९ गतेको आमहड्तालमा सहभागी हुने क्रममा विराटनगर उमनपा-२२ स्थित भन्सार नाकामा स्थानीय बासिन्दासँग भएको झडपमा परी गम्भीर घाइते भए। पीडितद्वयको स्थानीय कोसी अञ्चल अस्पतालमा उपचार भयो। पीडितमध्ये लौगीको दाहिने हात भाँचिएको र खत्वेको टाउको फुटेको थियो। एकीकृत माओवादीले घाइते अवस्थामा उनीहरूलाई विराटनगर उमनपा-६ तोदी भवनस्थित सामूहिक शिविरमा राखेको थियो। एकीकृत माओवादी कार्यकर्ताले भन्सार नाकाअगाडिका देउराली होटल, राज कम्युनिकेशन, आषिक पान पसल तोडफोड गरे।

विराटनगर उमनपा-३ निवासी दर्शन दैनिक पत्रिकाका सम्पादक ६५ वर्षीय शिवबहादुर कार्कीलाई ०६७ असार २९ गते विराटनगरस्थित नेपाल खानेपानी संस्थाका प्रमुख ५० वर्षीय चन्देश्वर साहले आफूविरुद्ध समाचार प्रकाशित गरेको आरोपमा मार्ने धम्की दिए। पत्रिकाले खानेपानीको मिटर चोरीमा कार्यालय प्रमुखको मिलेमतो शीर्षकमा ०६७ असार २८ गते समाचार प्रकाशन गरेको थियो। आरोपितले पीडितसँग माफी मागेर मिलापत्र गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा ०६७ असार मसान्तसम्म २ सय ४८ थान सरकारवादी फौजदारी बाँकी रहे भने ३ सय १६ थान फर्स्यौट भए। त्यस्तै सोही अवधिमा ३ सय २० थान मुद्दा बाँकी रहे भने ५ सय ३३ थानदुनियावादी फौजदारी मुद्दा फर्स्यौट भए। ०६७ साउनदेखि पुस १६ गतेसम्म २ सय ३० थान सरकारवादी फौजदारी मुद्दा बाँकी रहे भने ४५ थान फर्स्यौट भए। त्यस्तै सोही अवधिमा ३ सय २७ थान दुनियाँवादी फौजदारी मुद्दा बाँकी रहे भने ८१ थान फर्स्यौट भए। ०६७ असारमसान्तसम्म बाँकी रहेका देवानी मुद्दाको सङ्ख्या ७ सय ५४ रहेको छ। ०६७ साउनदेखि पुस १६ गतेसम्म ३ सय ९२ थान देवानी मुद्दा दर्ता भएकामा २१ ओटामात्र फर्स्यौट भए। दुई वर्ष नाघेका मुद्दाको सङ्ख्या ४८ रहेको छ। घरेलु हिंसा ऐनअन्तर्गत एउटामात्र मुद्दा दर्ता भएकोमा फर्स्यौट हुन बाँकी रहेको छ। जिल्ला सरकारी वकिलको कार्यालयमा कूल ८ सय ५७ मुद्दा दर्ता भएकामा ४ सय ५५ थान मुद्दा फर्स्यौट भए भने ५४ थान मुद्दा सफाइ पाएका गरी कुल ५ सय नौ ओटा मुद्दामा ३ सय ४८ थान बाँकी रहे। जिल्ला अदालतमा परेका आठ थान बालबालिका सम्बन्धित फौजदारी मुद्दा दर्ता भएकामा तीन थानमात्र फर्स्यौट भए। दुई जना बालकलाई काठमाडौँस्थित बालसुधारगृहमा राखिएको छ।

पुनरावेदन अदालत विराटनगरमा ०६७ असार मसान्तसम्म बाँकी भएका सरकारवादी फौजदारी मुद्दाको सङ्ख्या २ सय ६८ र फर्स्यौट सङ्ख्या ३ सय ७ रहेका छन्। त्यस्तै सोही अवधिमा बाँकी भएका दुनियाँवादी फौजदारी मुद्दाको सङ्ख्या ८० र फर्स्यौट भएको सङ्ख्या १ सय ३६ रहेका छन्। ०६७ साउनदेखि पुस १६ गतेसम्म दर्ता भएका सरकारवादी फौजदारी मुद्दाको सङ्ख्या २ सय ४७ र फर्स्यौट सङ्ख्या ९५ छन्। त्यस्तै सोही अवधिमा दर्ता भएका दुनियाँवादी फौजदारी मुद्दाको सङ्ख्या ८५ र फर्स्यौट सङ्ख्या ४२ रहेको छ। ०६७ असार मसान्तसम्म बाँकी भएका देवानी मुद्दाको सङ्ख्या ३ सय ४४ र फर्स्यौट सङ्ख्या ३ सय १८ सङ्ख्या रहेको छ। त्यस्तै सोही अवधिमा दर्ता भएका देवानी मुद्दाको सङ्ख्या ३ सय ७४ र फर्स्यौट भएका मुद्दाको संङ्ख्या २ सय ५१ रहेको छ। घरेलु हिंसाअन्तर्गत दर्ता भएका मुद्दा सङ्ख्या एउटा रहेको छ। पुनरावेदन सरकारी वकिलको कार्यालय विराटनगरबाट दायर गरेका मुद्दाको सङ्ख्या ८१ रहेको छ।

प्रहरीद्वारा कुटपिट गरी यातना दिइएकी कृष्टिना राई

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

विराटनगर उमनपा-५ की ३३ वर्षीय कृष्टिना राईलाई ०६७ वैशाख ११ गते जिल्ला प्रहरी कार्यालयमा दुई जना महिला प्रहरीले बाँसका भाटा र लाठीले कुटपिट गरी गम्भीर घाइते बनाए। पीडितलाई सार्वजनिक शान्ति सुरक्षामा खलल पुऱ्याएको आरोपमा गिरफ्तार गरेकोमा वैशाख १९ गते १ हजार रुपियाँ धरौटी लिई जिल्ला प्रशासन कार्यालयले रिहा गऱ्यो। पीडितले वैशाख १९ गते जिल्ला अदालतमा घाउ जाँच गराइ पाऊँ भनी निवेदन दिएपछि सोही दिन विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा उनको जाँच भयो। प्रहरी दबाबका कारण पीडितले मुद्दा दर्ता गरिनन्।

कटहरी गाविस-३ का १४ वर्षीय विकेश चौधरीलाई झापा बैजनाथपुर गाविसस्थित ग्रामस्थानमा सिरुवा पर्वमेलामा होहल्ला गरी शान्तिसुरक्षामा खलल पुऱ्याएको आरोपमा ०६७ वैशाख १५ गते अस्थायी प्रहरी चौकी घिनाघाटका इन्चार्ज हवल्दार कपलेश्वर स्वर्णकारको नेतृत्वमा रहेको प्रहरीले गिरफ्तार गरी भ्यानमा हालेर बन्दुकका कुन्दा, बाँसका लाठी र बुटले शरीरका विभिन्न भागमा कुटपिट गरी घाइते बनायो। पीडितलाई एक रात जिल्ला प्रहरी कार्यालयमा राखी ०६७ वैशाख १६ गते राति रिहा गऱ्यो। पीडितको विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा ०६७ वैशाख १७ र १८ गते उपचार भयो। पीडितका बाबु देवराज चौधरीले ०६७ वैशाख २८ गते जिल्ला अदालतमा यातना तथा क्षतिपूर्ति ऐन २०५३ अन्तर्गत मुद्दा दर्ता गराए। उनले राष्ट्रिय मानवअधिकार आयोग, इन्सेक क्षेत्रीय कार्यालय ०६७ वैशाख २१ गते न्यायका लागि पहल गर्न अनुरोध गर्दै निवेदन दिए।

शनिश्चरे गाविस-८ का २८ वर्षीय जनक कार्कीलाई ०६७ जेठ ३० गते छिमेकी अम्बर बराइलीको मोटरसाइकल मागेर ढिलो बुझाएको आरोपमा सशस्त्र प्रहरी बल शनिश्चरे बेस क्याम्पका इन्स्पेक्टर

रवीन सिलवालको निर्देशनमा गिरफ्तार गरी चारजना सुरक्षाकर्मीले नाङ्गो पारेर जमिनतिर मुन्टो झुन्ड्याएर बाँसको लाठी र टायरले पैताला तथा शरीरका विभिन्न भागमा कुटपिट गरी घाइते बनाए। पीडितको पथरी गाविसस्थित मोरङ डाइग्नोसिस र विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा ०६७ असार २ गते घाउजाँच भयो। पीडितले क्षतिपूर्ति ऐनअन्तर्गत मुद्दा दर्ता गर्न खोजे पनि प्रहरीले दबाब दिएर औषधी उपचार गर्ने सर्तमा मिलापत्र गरायो।

कटहरी गाविस-१ का २५ वर्षीय सञ्जय मण्डललाई ०६७ असोज २६ गते विराटनगर उमनपा-११ स्थित कारागार शाखा अगाडिको सडकबाट सोही कारागारको सशस्त्र प्रहरी बेस क्याम्पका सुरक्षाकर्मीले आपराधिक कार्यमा संलग्न भएको अरोपमा गिरफ्तार गरी बुट र मुक्काले कुटपिट गरे। सो घटनाका प्रत्यक्षदर्शी कटहरी गाविस-५ का नेपाली काङ्ग्रेस कार्यकर्ता रवीन बाँनियाले सोधखोज गर्दा उनलाई समेत सुरक्षाकर्मीले लछारपछार र गालीगलौज गरेको थियो। पीडितलाई वडाप्रहरी कार्यालय हाटखोलामा राखिएकोमा पीडितका आफन्तले उपचार गर्न दबाब दिएपछि विराटनगरस्थित न्यूरो र कोसी अञ्चल अस्पतालमा उपचार गरियो। पीडित पक्षले यातना तथा क्षतिपूर्तिसम्बन्धी कारबाही गर्न तयारी गर्ने क्रममा कारागार शाखा सशस्त्र प्रहरीका डीएसपी अर्जुन सापकोटाले घटनामा संलग्न सुरक्षाकर्मीलाई आन्तरिक कारबाही गर्ने प्रतिबद्धता जनाउँदै माफ मागेका थिए। पीडितलाई प्रहरीले अपराधमा संलग्न भएको आरोप पुष्टि नभएको भन्दै असोज २७ गते रिहा गऱ्यो।

बालअधिकार

जिल्ला शिक्षा कार्यालयका अनुसार संस्थागततर्फको विद्यालय सङ्ख्या ३ सय १२ र सामुदायिकतर्फको विद्यालय सङ्ख्या ५ सय ४० रहेको छ। संस्थागततर्फ प्राबि सङ्ख्या १ सय ४७, निमाबि सङ्ख्या २७ र माबि सङ्ख्या १ सय ३८ रहेको छ। त्यस्तै सामुदायिक विद्यालयतर्फ प्राबि ३ सय ३०, निमाबि ८३ र माबि १ सय २७ रहेका छन्। पाँच सरकारी र १४ निजी गरी १९ ओटा क्याम्पस रहेका छन्। ३७ सामुदायिक र १७ संस्थागत गरी ५४ ओटा उच्च माबि रहेका छन्। सामुदायिक विद्यालयमा छात्रा संख्या १ लाख ७ हजार २ सय ३९ र छात्र सङ्ख्या १ लाख १ सय २ गरी कूल २ लाख ७ हजार ३ सय ४१ रहेको छ। जिल्लामा मद्रसा सङ्ख्या ३ सय १२ रहेको छ। कक्षा १ मा कूल भर्ना विद्यार्थी प्रतिशत छात्रातर्फ ३५.०४, छात्रतर्फ ३६.१० रहेको छ। कक्षा-१ मा पढ्ने विद्यार्थी सङ्ख्या छात्रातर्फ १७ हजार ९सय १० र छात्रतर्फ १ हजार ९ सय २३ रहेको छ। जिल्लामा ९ सय ८५ बाल विकास केन्द्र रहेका छन्। ती केन्द्रहरूमा १७ हजार ६ सय १२ छात्रछात्रा अध्ययनरत रहेका छन्। जिल्लामा कूल शिक्षक दरबन्दी सङ्ख्या ३ हजार ९ सय २८ रहेको छ।

आमगाछी गाविस-२ की एक तीन वर्षीया बालिकालाई ०६६ फागुन ८ गते भारतीय अररियाका १४ वर्षीय बालकले घरैमा गई चाउचाउ खान दिएर ललाईफकाई बलात्कार गरेको आरोपमा बालकलाई सोही दिन प्रहरीले गिरफ्तार गऱ्यो। बालिकाको स्थानीय रङ्गेली अस्पतालमा उपचार भयो। आरोपितलाई चार दिन थुनामा राखेर जाहेरी नआएको भन्दै प्रहरीले रिहा गऱ्यो।

टङ्किसिनुवारी गाविस-१ निवासी स्थानीय नरग्राम माबि कक्षा-७ मा अध्ययनरत १३ वर्षीय सञ्जय ठाकुर शर्मालाई ०६६ माघ १ गते पीडितका बाबु विनयसँगको रिसइबीका कारण सोही ठाउँका पीडितका काका २३ वर्षीय देवनारायण ठाकुर र सुनसरी जिल्ला, पूर्वकुसाहा गाविस-१ का २१ वर्षीय खगेन्द्र मण्डलले अपहरणपछि घाँटी थिचेर हत्या गरेको आरोपमा प्रहरीले कारबाही सुरु गऱ्यो। पीडितको लास माघ ४ गते पीडितको घरनजिकै बेवारिसे अवस्थाको भल्किएको भवनभित्र फेला परेको थियो। प्रहरीले घटनाका आरोपितद्वयलाई ०६६ माघ ७ गते गिरफ्तार गऱ्यो। गिरफ्तार गरिएकामध्ये देवनारायणलाई ०६६ माघ २९ गते जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि विराटनगरस्थित मोरङ कारागारमा राखियो भने खगेन्द्र १० हजार रुपियाँ धरौटी राखेर सोही दिन रिहा भए।

प्रहरीद्वारा कुटपिट गरी यातना दिइएका विकेश चौधरी

विराटनगर उमनपा-४ की ९ वर्षीया एक बालिकालाई ०६६ फागुन १९ गते घरमा सुतेको अवस्थामा सोही ठाउँका पूर्व घुमुवा प्रहरी ३० वर्षीय बलराम सरदारले बलात्कार गरेको आरोपमा प्रहरीले बलरामलाई फागुन २० गते गिरफ्तार गऱ्यो। बालिकाको स्थानीय कोसी अञ्चल अस्पतालमा

स्वास्थ्य परीक्षण तथा उपचार भयो। आरोपित ०६६ चैत १ गते जिल्ला अदालतको आदेशमा ६ हजार रुपियाँ धरौटीमा रिहा भए।

इलाम जिल्ला, इलाम नपा-५ की एक १३ वर्षीया एक बालिकालाई ०६६ चैत २७ गते पथरी गाविस-९ का एलवी भनिने २९ वर्षीय लक्ष्मी विक र सोही ठाउँकी २३ वर्षीया सविना विकले बेचविखन गर्ने प्रयास गरे। पीडितलाई विराटनगर उमनप-१३ स्थित एउटा घरबाट प्रहरीले उद्धार गऱ्यो। आरोपितद्वयलाई पनि प्रहरीले सोही दिन गिरफ्तार गरी बेचविखन मुद्दा अन्तर्गत कारबाही चलायो। उनीहरू हाल कारागार शाखा मोरङमा पुर्पक्षका लागि थुनामा छन्।

बयरवन गाविस-८ की एक १५ वर्षीया बालिकालाई ०६७ जेठ ६ गते सोही ठाउँका ३५ वर्षीय कमल परियारले बलात्कार गरेको आरोपमा बालिकाले जेठ ८ गते इलाका प्रहरी कार्यालय बेलबारीमा उजुरी दिइन्। बालिकाको जेठ ७ गते विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा उपचार तथा स्वास्थ्य परीक्षण भयो। इप्रका बेलबारीले आरोपितलाई ०६७ जेठ ७ गते नै गिरफ्तार गरी जबरजस्ती करणीअन्तर्गत मुद्दा दायर गरेको जिल्ला अदालतको आदेशमा ०६७ असार २ गतेदेखि आरोपित पुर्पक्षका लागि कारागार शाखा चलान भए।

हात्तीमुडा गाविस-४ की एक १४ वर्षीया बालिकालाई ०६७ असार १० गते सोही ठाउँका २४ वर्षीय जाबुल मियाले बलात्कार गरेको आरोपमा प्रहरीले मियालाई ०६७ असार १२ गते गिरफ्तार गऱ्यो। बालिकाको विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा ०६७ असार ११ गते स्वास्थ्य परीक्षण भयो।

झापा जिल्ला सतासीधाम गाविस-७ की एक १७ वर्षीया बालिकालाई ०६७ जेठ १२ गते विराटनगर उमनपा-१३ निवासी सोही ठाउँको कोसी नर्सिङ होममा स्वास्थ्य प्राविधिक पदमा कार्यरत ४० वर्षीय विष्णुप्रसाद शर्माले उपचारका क्रममा यौन दुर्व्यवहार गरेको भन्दै बालिकाले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। उजुरीका आधारमा प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गऱ्यो। उनलाई जिल्ला प्रशासन कार्यालयले सार्वजनिक अपराध ऐनअन्तर्गतको मुद्दामा ०६७ जेठ १६ गते १० हजार रुपियाँ धरौटी लिई रिहा गऱ्यो।

उर्लाबारी गाविस-३ की ५ वर्षीया बालिकालाई ०६६ फागुन २७ गते सोही ठाउँका ३८ वर्षीय सुभाष तामाङले मीठाइ खान दिएर ललाइफकाइ पीडितको घरनजिकै रहेको परालको थुप्रोमा लगी बलात्कारको प्रयास गरेको आरोपमा तामाङलाई सोही दिन प्रहरीले गिरफ्तार गऱ्यो। पीडितको विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा स्वास्थ्य परीक्षण भयो। आरोपित जिल्ला अदालतको आदेशमा ०६६ चैत २३ गतेदेखि पुर्पक्षका लागि कारागार शाखा मोरङमा थुनामा रहेका छन्।

विराटनगर उमनपा-७ निवासी सोही ठाउँको अरुणोदय प्रावि कक्षा-१ मा अध्ययननरत ६ वर्षीय रोशनी थापालाई ०६६ माघ ९ गते सोही ठाउँकी पीडितकी ठूलीआमा ३९ वर्षीया हर्कमाया पराजुलीले घरेलु काम नगरेको आरोपमा सिमेन्टमा टाउको ठोक्काएर बाँसका भाटाले कुटपिट गरी घाइते बनाइन्। पीडितको स्थानीय कोसी अञ्चल अस्पतालमा उपचार भयो। पीडकलाई ०६६ माघ १० गते प्रहरीले घरबाटै गिरफ्तार गरी ११ गते रिहा गऱ्यो। पीडक र पीडित नातेदार भएकाले मिलापत्र गरी रिहा गरिएको जिल्ला प्रहरी कार्यालय महिला सेलकी प्रमुख इन्स्पेक्टर सुमा कार्कीले बताइन्।

बबियाबिर्ता गाविस-५ की १६ वर्षीया बालिकालाई ०६७ असार १९ गते साँझ सोराभाग गाविस-३ निवासी बबियाबिर्ता गाविसस्थित जनप्रिय माविका प्रधानाध्यापक आनन्ददेव राजवंशीले प्रवेशिका परीक्षाको नतिजा हेर्न घरमा बोलाएर बलात्कार प्रयास गरेको भन्दै बालिकाका आफन्तले ०६७ असार ३० गते स्थानीय प्रहरी चौकीमा निवेदन दिए पनि प्रहरीले दर्ता गरेन। बालिकाले घटनाको प्रतिकार गरेपछि गाउँलेहरूले आरोपितलाई कुटपिट गरी १ लाख रुपियाँ क्षतिपूर्ति दिने सर्तमा दुवै पक्षबीच मेलमिलाप भयो। आरोपितले घटना भएको भोलिपल्ट आफूले बलात्कार गर्न नखोजेको पीडितलाई बधाई दिने क्रममा शरीरमा धापमात्र मारेको भन्दै विज्ञप्ति प्रकाशन गरे। त्यसैगरी, आरोपितले असार २८ गते शिक्षकशिक्षिकाहरूलाई जम्मा गरेर आफ्नो चरित्र हत्या गर्न आफूमाथि बलात्कार प्रयासको आरोप लगाएको भन्दै शिक्षकशिक्षिकालाई नै विज्ञप्ति प्रकाशन गर्न लगाए। आरोपित पक्षको धम्कीका कारण पीडितले प्रहरी चौकीबाहेक अन्य निकायमा उजुरी दिएको बताए।

गोविन्दपुर गाविस-५ निवासी सोही ठाउँको झुड्की प्राविमा कक्षा-४ मा अध्ययनरत सात वर्षीय कामेश्वर यादवलाई आफूले खाने गरेको जगको पानी खाएको आरोपमा ०६७ असार २२ गते सोही विद्यालयका प्रधानाध्यापक ४२ वर्षीय रामअवतार चौधरीले लाठीले टाउको, खुट्टालगायत शरीरका विभिन्न भागमा कुटपिट गरी घाइते बनाए। कुटपिट गर्ने क्रममा

पीडित कक्षा कोठामा नै बेहोस भए। पीडितको स्थानीय प्राथमिक स्वाथ्य केन्द्रमा उपचार भयो। घटनापछि गाउँलले आरोपितलाई विद्यालय जानबाट केही दिन रोक लगाए। पीडितकी दिदी गंगियाले ०६७ असार २२ गते इलाका प्रहरी कार्यालय सिजुवामा उजुरी दिइन्। इप्रका सिजुवाले ०६७ असार २५ गते पीडितको उपचार खर्च व्यहोर्ने र गल्ती नगर्ने सर्तमा कागज गराई मिलापत्र गरायो।

शनिश्चरे गाविस-१ स्थित भुटानी शरणार्थी शिविरकी एक १५ वर्षीया बालिकालाई ०६७ साउन २६ गते सोही गाविस-१ का १८ वर्षीय सुमन राईले र १९ वर्षीय नागेश्वर चौधरीसहितको छ जनाको समूहले नजिकको जङ्गलमा घाँस काट्न गएको समयमा बलात्कार गरेको आरोपमा राई र चौधरीलाई प्रहरीले ०६७ साउन २६ गते शनिश्चरे गाविसबाट गिरफ्तार गऱ्यो। पीडितको उर्लाबारी गाविस-६ मङ्गलबारेस्थित प्राथमिक स्वास्थ्य केन्द्रमा स्वास्थ्य परीक्षण र उपचार भयो। पीडितलाई स्थानीय बासिन्दाले जङ्गलमा बेहोस अवस्थामा फेला पारेका थिए। आरोपितद्वयलाई भदौ १९ गते जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि कारागार शाखा मोरङमा थुनामा राखिए।

विराटनगर उमनपा-२२ स्थित मिल्स एरियाकी एक सात वर्षीया बालिकालाई ०६७ भदौ २ गते सोही ठाउँका ३८ वर्षीय अफतब मियाले घरैमा गई बलात्कार गरेको आरोपमा मियाँलाई सोही दिन प्रहरीले गिरफ्तार गऱ्यो। पीडितको विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा उपचार र स्वास्थ्य परीक्षण भयो। आरोपितलाई जिल्ला अदालतको ०६७ असोज ३ गतेको आदेशमा बमोजिम मोरङ कारागारमा पुर्पक्षका लागि थुनामा राखिएको छ।

पथरी गाविस-१ हनुमान चोककी एक आठ वर्षीया बालिकालाई ०६७ भदौ २४ गते पीडितकै घरमा बस्ने कक्षा-१० मा अध्ययनरत १६ वर्षीय एक बालकले पीडित कोठामा कपडा फेर्दै गरेको समयमा बलात्कार गरेको आरोपमा पीडितकी आमाले भदौ २५ गते इलाका प्रहरी कार्यालय उर्लाबारीमा उजुरी दिइन्। पीडितको विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा उपचार र स्वास्थ्य परीक्षण भयो। आरोपितलाई प्रहरीले घटना भएकै दिन गिरफ्तार गऱ्यो। जिल्ला अदालतले आरोपितलाई उमेर कम भएको जनाउँदै उनी १७ वर्ष पुगेपछिमात्र कारबाही चलाउने भनी सुधारगृहमा राख्न ०६७ असोज ११ गते भक्तपुर जिल्ला पठाउने आदेश गऱ्यो।

पथरी गाविस-१ स्थित क्याम्पस बस्तीका ११ र १२ वर्षीया दुई जना बालिकालाई ०६७ कात्तिक ४ गते राति घरैमा सुतेको समयमा सोही ठाउँका ५५ वर्षीय जीतबहादुर भुजेलले मुख थुनेर बलात्कार गर्ने प्रयास गरेको आरोपमा स्थानीय बासिन्दाले भुजेललाई घटनास्थलबाटै समातेर इलाका प्रहरी कार्यालय पथरीमा बुझाए। पीडितकी आमाले ०६७ कात्तिक ११ गते इलाका प्रहरीका कार्यालयमा उजुरी दिइन्। प्रहरीले उजुरीका आधारमा आरोपितलाई कारबाही गर्नुको सट्टा केही सार्वजनिक अपराध ऐनअन्तर्गत मुद्दा चलायो। जिल्ला प्रशासन कार्यालयले माग गरेको ३ हजार रुपियाँ धरौटी तिर्न नसकी आरोपित ०६७ मङ्सिर ५ गतेदेखि कारागार शाखा मोरङमा थुनामा राखिए।

डाँगीहाट गाविस-५ स्थित लक्ष्मीमार्गका पाँच र छ वर्षीया दुईजना बालिकालाई ०६७ मङ्सिर ८ गते राति ओछ्यानमा सुतेको समयमा सोही ठाउँका रिक्साचालक ४५ वर्षीय राजु परियारले बलात्कार गरेको आरोपमा प्रहरीले गिरफ्तार गऱ्यो। पीडितद्वयको विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा ०६७ मङ्सिर ९ गते स्वास्थ्य परीक्षण एवम् उपचार भयो। पीडितहरू दुवैजना हाल एबीसी नेपालको काठमाडौंस्थित बालआवासगृहको संरक्षणमा राखिएका छन्। आरोपित जिल्ला अदालतको आदेशमा ०६७ पुस ७ गतेदेखि पुर्पक्षको लागि कारागार शाखा मोरङमा थुनामा राखिए।

इन्द्रपुर गाविस-२ खोर्सानेकी पाँच वर्षीया बालिकालाई ०६७ मङ्सिर ८ गते सोही ठाउँका ४० वर्षीय देवीलाल उराँवले घरमा कोही नभएको समयमा ललाइफकाई बलात्कार गरेको आरोपमा प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। पीडितको विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा मङ्सिर ९ गते स्वास्थ्य परीक्षण एवं उपचार भयो। आरोपित जिल्ला अदालतको आदेश बमोजिम ०६७ पुस ७ गतेदेखि कारागार शाखा मोरङमा पुर्पक्षका लागि थुनामा राखिए।

सुन्दरपुर गाविस-७ की एक सात वर्षीया बालिकालाई ०६७ भदौ ३ गते बलात्कारको प्रयास गरेको आरोपमा सोही ठाउँका १६ वर्षीय बालकलाई प्रहरीले गिरफ्तार गऱ्यो। पीडितको विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा स्वास्थ्य परीक्षण भयो। आरोपितलाई जिल्ला अदालतले ३५ हजार रुपियाँ धरौटी तोकेकोमा सो बराबरको रकम राख्न नसकी आरोपित ०६७ असोज ३ गतेदेखि कारागार शाखा मोरङमा थुनामा पठाइए।

महिलाविरूद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

भातीगछ गाविस-७ की ३२ वर्षीया र १८ वर्षीया दुईजना महिलालाई ०६६ फागुन ६ गते खेतमा घाँस काट्न गएको अवस्थामा बुधनगर गाविस-७ का २६ वर्षीय राजेश यादव र ३२ वर्षीय भोला साहले बलात्कार गरेको उजुरी इलाका प्रहरी कार्यालय रानीले लिन नमानेको भन्दै पीडितद्वयले ०६६ फागुन १४ गते जिल्ला प्रहरी कार्यालमा उजुरी दिए। जिल्ला अदालतले राजेशलाई ४५ हजार रुपियाँ र भोलालाई ५० हजार रुपियाँ धरौटी लिइ ०६७ जेठ १ गते रिहा गरेपछि पीडितद्वयले न्याय नपाएको भन्दै पुनरावेदन अदालतमा उजुरी दिए। पुनरावेदन अदालतले ०६७ असार १० गते आरोपितद्वयलाई थुनामा राख्न जिल्ला अदालतलाई आदेश गऱ्यो। सोही आदेशबमोजिम ०६७ असार १५ गतेदेखि उनीहरूलाई पुर्पक्षका लागि कारागार शाखा मोरङमा राखियो।

विराटनगर उमनपा-१० निवासी जनता उच्च मावि कक्षा-९ मा अध्ययनरत १९ वर्षीया पुष्पकुमारी सिंह राउतलाई उनकी साथी विराटनगर उमनपा-२२ की पुनम श्रेष्ठको घर गएको बेला ०६७ जेठ ११ गते राति विराटनगर उमनपा-२२ का २२ वर्षीय दीपक श्रेष्ठले बलात्कारपछि हत्या गरेको पीडितपक्षले बतायो। पुनमकी आमा अनीताले घटनालाई गुपचुप राख्ने भन्दै दीपकसँग सल्लाह गरेर लास पीडितको घर लिएर गई कालगतिले मरेको भन्दै पीडितका बाबु रिक्साचालक श्यामसिंहसँग सद्गत गर्ने सल्लाह गरेपछि लास सिंगिया खोला किनारमा पुरिदिए। पीडितका मामा मदननारायण श्रेष्ठले १३ दिनपछि जेठ २५ गते लासको पोष्टमार्टम गर्न जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। सोही दिन प्रहरीले लासको उत्खनन् गरी स्थानीय कोसी अञ्चल अस्पताल र बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा पोष्टमार्टम गरायो। पुनम र अनीतालाई प्रहरीले जेठ २६ गते गिरफ्तार गऱ्यो र उनीहरूलाई जिल्ला अदालतले ०६७ असार १७ गते सादा तारेखमा रिहा गऱ्यो। यस वर्षको अन्त्यसम्म दीपक फरार रहे।

विराटनगर उमनपा-१७ निवासी जिल्ला पशु स्वास्थ्य कार्यालय मोरङ विराटनगरकी ३५ वर्षीया एक अस्थायी कर्मचारीलाई ०६७ भदौ २० गते सोही कार्यालयका प्रमुख ४५ वर्षीय डा. उदयप्रताप सिंहले क्वाटरमा चिया पुऱ्याउन गएको समयमा बलात्कार गर्ने प्रयास गरेको आरोपमा महिलाले भदौ २१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। जिल्ला प्रशासन कार्यालयमा कर्मचारीहरूको बैठक बसेको समयमा आरोपितलाई भदौ २२ गते प्रहरीले गिरफ्तार गऱ्यो। जिल्ला सरकारी वकिलको कार्यालयले कारवाही गर्न थप प्रमाण नपुगेको भन्दै भदौ २९ गते आरोपितलाई रिहा गर्न आदेश गरेपछि उनी सोही दिन रिहा भए।

अमाहीबरियाती गाविस-१ लखन्तरीकी एक २५ वर्षीया महिलालाई ०६७ कात्तिक ४ गते घरमा सुतेको समयमा सोही ठाउँका २० वर्षीय हरिकृष्ण मण्डलले बलात्कारको प्रयास गरेको पीडितले बताइन्। पीडितले होहल्ला गरेपछि आरोपितले पीडितको मुखमा ढुङ्गा प्रहार गरी दाँत भाँचिदिए। आरोपित घटनास्थलबाटै फरार भए। पीडितको रङ्गेली अस्पतालमा उपचार हुन नसकी विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा उपचार भयो। यो वर्षको अन्त्यसम्म आरोपित फरार रहे।

बेचबिखन तथा ओसारपसार

गुल्मी जिल्ला बलेटक्सार गाविस-२ निवासी २० वर्षीया सीमा खड्कालाई ०६७ साउन ६ गते विराटनगर भन्सार नाकाबाट भारतको दिल्लीमा विवाह गर्ने भनी लाँदै गर्दा तनहुँ जिल्ला ढोरफेदी गाविस-६ का २४ वर्षीय अमृत भट्ट र सिन्धुली जिल्ला रतनपचुरा गाविस-५ का २५ वर्षीय बिरबहादुर खपाङ्गीसहितलाई प्रहरीले गिरफ्तार गऱ्यो। प्रहरीले पीडितद्वलाई उनीहरूका नातेदारलाई जिम्मा लगायो। आरोपितद्वय मोरङ कारागारमा थुनामा छन्।

घरेलु हिंसा

हरैचा गाविस-४ की एक महिनाकी सुत्केरी ३१ वर्षीया सावित्रा कार्कीलाई ०६७ वैशाख ११ गते बिहान ओछ्यानमा सुतेको अवस्थामा सासू ४० वर्षीया उमादेवी भनिने हुमादेवी कार्कीले घाँटीमा डोरीको पासो लगाइ हत्या गरेको पीडितपक्षले बतायो। हत्यापछि सासू र ससुरा दुर्गाबहादुर कार्कीले नजिकैको परालको चाङमा लास झुण्ड्याएका थिए। प्रहरीले आरोपितद्वयलाई वैशाख १२ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको आदेशमा आरोपित वैशाख ३० गतेदेखि कारागार शाखा मोरङ पुर्पक्षका लागि थुनामा राखिए।

शनिश्चरे गाविस-१ स्थित भुटानी शरणार्थी शिविरकी ३७ वर्षीय चन्द्रकला रसाइलीलाई ०६६ फागुन ७ गते उनका पति ४२ वर्षीय नारद रसाइलीले घाँटीमा धारिलो हतियार प्रहार गरी हत्या गरेको

आरोपमा सोही दिन गिरफ्तार आरोपित फागुन ३० गतेदेखि जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि कारागार शाखा मोरङमा थुनामा राखिएका छन्।

पथरी गाविस-१ की २२ वर्षीया देवी गौतमलाई ०६६ फागुन २५ गते उनका पति ४२ वर्षीय टङ्क खड्काले धारिलो हतियार प्रहार गरी गम्भीर घाइते बनाए। पीडितको विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा उपचार भयो। धारिलो हतियार प्रहारबाट पीडितको एउटा हातको हत्केलो काटियो। पीडितले ०६६ फागुन २७ गते इलाका प्रहरी कार्यालय उर्लाबारीमा उजुरी दिइन्। पीडितलाई ओरेक विराटनगरले कानुनी सहायता दियो। आरोपित वर्षको अन्त्यसम्म फरार रहे।

विराटनगर उमनपा-१४ की ३४ वर्षीय सीता साह ढकाललाई ०६६ फागुन २८ गते उनका पति ३८ वर्षीय श्याम साहले खानलाउन नदिने भन्दै कुटपिट गरे। पीडितको स्थानीय कोसी अञ्चल अस्पतालमा उपचार भयो। पीडितले जिल्ला प्रहरी कार्यालयमा फागुन २९ गते उजुरी दिइन्। जिल्ला प्रहरीले आरोपितलाई एक रात हिरासतमा राखी मिलापत्र कागज गराई रिहा गऱ्यो। मिलापत्र गरे पनि आरोपितले पीडितलाई घर बस्न दिएनन्। पीडितले पुनः उजुरी दिए पनि प्रहरीले सुनुवाइ गरेन। पीडित दुई जना छोरीका साथ घर छाडी अलग्गै बस्न बाध्य भएको उनलाई सहायता गर्दै आएको संस्था ओरेककी जिल्ला संयोजक मञ्जिता उपाध्यायले बताइन्।

शनिश्चरे गाविस-१ स्थित भुटानी शरणार्थी शिविरकी २२ वर्षीया जानुका मगरलाई ०६६ चैत ६ गते उनका पति मणिकुमार मगरले कुटपिट गरी घाइते बनाए। पीडितको विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा उपचार भयो। पीडितले युएनएचसीआरको पहलमा तथा ओरेकको सहयोगमा चैत १० गते सम्बन्ध विच्छेद गर्नका लागि मुद्दा दायर गरिन्। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

विराटनगर उमनपा-२२ की तीन महिनाकी सुत्केरी २२ वर्षीया मञ्जु साहलाई ०६६ चैत २१ गते पति रामचन्द्रले कुटपिट गरी घर निकाला गरे। घर निकालापछि पीडितले इलाका प्रहरी कार्यालय रानीमा सोही दिन उजुरी दिइन्। प्रहरीले सो घटनामा एकपटक मिलापत्र गरेकोले आफूहरूले मिलाउन नसक्ने भन्दै पीडितलाई ओरेक नेपाल विराटनगरको जिम्मा लगायो। पीडित तीन महिनासम्म ओरेकको आवासगृहमा बसिन्। हाल उनी घरेलु कामदारका रूपमा विराटनगर उमनपा-१६ मा दुई छोरीका साथ रहँदै आएकी छन्।

शनिश्चरे गाविस-४ की ४८ वर्षीया कोपिला गिरीलाई ०६७ साउन ६ गते पति ५० वर्षीय ललित गिरीले खानलाउन माग गरेको आरोपमा कुटपिट गरे। पीडितको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार भयो। आरोपितले दोस्रो विवाह गरेका कारण पीडित जेठी पत्नीलाई हेला गरेको र हेला गरेको कुरा पीडितले छिमेकमा भनेकाले आफ्नो बेइज्जत गरेको भन्दै कुटपिट गरेका थिए। पीडितले त्रासका कारण कतै पनि उजुरी दिइनन्।

कसेनी गाविस-१ की ३५ वर्षीया कविता चौधरीलाई ०६७ साउन २ गते आफ्नै भतिजा तिलकराम चौधरीले अंशसम्बन्धी विवादमा धारिलो हतियार प्रहार गरी गम्भीर घाइते बनाए। पीडितको विराटनगरस्थित विराट नर्सिङहोम उपचार भयो। पीडकलाई घटना भएकै दिन गिरफ्तार गरी पुनः घटना नदोहोऱ्याउने सर्त राखेर कागज गराई ०६७ साउन ५ गते इलाका प्रहरी कार्यालय हरैंचाबाट रिहा गरियो।

बयरवन गाविस-६ की २८ वर्षीया पवित्रा बस्नेतलाई ०६७ भदौ १७ गते उनका पति ४३ वर्षीय कुलबहादुर बस्नेतले घरायसी विवादमा धारिलो हतियार प्रहार गरी गम्भीर घाइते बनाए। पीडितको बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उपचार भयो। आरोपितलाई स्थानीय प्रहरी चौकीले भदौ १८ गते गिरफ्तार गरी पीडितलाई उपचार गर्ने कागज गराई सोही दिन रिहा गऱ्यो।

दुर्व्यवहार

सोराभाग गाविस-६ की ३६ वर्षीया चन्द्रकलादेवी साहलाई कथित बोक्सीको आरोपमा ०६६ फागुन १७ गते सोही ठाउँका ३० वर्षीय लक्ष्मण साह, ६० वर्षीय सीतादेवी साह, २७ वर्षीय विजय साह र २५ वर्षीया लक्ष्मी साहले कुटपिट गरे। कुटपिट घटना छुट्टयाउन जाँदा पीडितका पति ३८ वर्षीय रामशङ्कर साह र १४ वर्षीया छोरी शोभाकुमारी साहलाई समेत आरोपितहरूले कुटपिट गरे। पीडितहरूको स्थानीय स्वास्थ्य चौकी उपचार भयो। पीडितले प्रहरी चौकी मायागञ्जमा फागुन १९ गते उजुरी दिइन्। प्रहरीले पीडित आरोपितबीच मिलापत्र गरायो।

बुधनगर गाविस-१ की ४७ वर्षीया डुमनीदेवी यादवलाई कथित बोक्सीको आरोपमा ०६६ चैत ५ गते सोही ठाउँका ३६ वर्षीय दिनेश यादवले कुटपिट गरी घाइते बनाए। पीडितको विराटनगस्थित कोसी अञ्चल अस्पतालमा उपचार भयो। पीडितले इलाका प्रहरी

कार्यालय रानीमा चैत ६ गते उजुरी दिइन्। उजुरीपछि इप्रका रानीले पीडित र आरोपितलाई मिलापत्र गरायो।

आमगाछी गाविस-१ की ५६ वर्षीया इनरवती मालाकार, ४२ वर्षीया उर्मिलादेवी मालाकार र ३५ वर्षीया प्रमिलादेवी मालाकारलाई ०६६ चैत ८ गते सोही गाविस-४ का धामी ३९ वर्षीय लगन पासवान, ३५ वर्षीय सुगुमलाल मण्डल, ३२ वर्षीय विनोद मण्डल, ४५ वर्षीय अरुण मण्डल र ४४ वर्षीय पवनलाल मण्डलले कथित बोक्सीको आरोपमा कुटपिट गरे। पीडितले चैत १३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। उजुरीपछि आरोपितमध्ये लगनलाई प्रहरीले चैत १५ गते गिरफ्तार गऱ्यो। उनी जिल्ला अदालतको आदेशमा ११ हजार रुपियाँ धरौटी राखी ०६७ वैशाख ७ गते रिहा भए। अन्य आरोपितहरू फरार रहे।

सबै प्रकारका जातीय विभेद

टङ्किसिनुवारी गाविस-४ का दूध व्यापारी २६ वर्षीय श्याम ऋषिदेवलाई ०६७ असार २७ गते सुनसरी जिल्ला अमरडुवा गाविस-८ सीतागञ्जका ५५ वर्षीय तिलबहादुर पोखरेलले आफ्नी छोरी २२ वर्षीय सरस्वती पोखरेलसँग दलित जातको केटा भएर अन्तरजातीय विवाह गरेको आरोपमा सम्बन्धविच्छेद गर्न धम्की दिए। पीडितले ०६७ जेठ १० गते जिल्ला अदालतमा कानुनी विवाह गरेका थिए। विवाहपछि पीडितकी पत्नीलाई तिलबहादुरले प्रहरी लगाएर जबरजस्ती छुटाएर लगेका थिए। पीडितले ०६७ असार ३० गते जिल्ला अदालतमा पत्नीसँग बस्न पाऊँ भनी निवेदन दिएपछि अदालतले पीडितको मागबमोजिम पतिपत्नीसँगै बस्न दिन साउन ७ गते आदेश गऱ्यो। त्यसपछि आरोपितले सरस्वतीको विवाह पीडितसँग ०६७ असोज १२ गते गराइदिए।

पथरी गाविस-३ का ४० वर्षीय उज्वल विश्वकर्मा, सोही गाविस-५ का ४५ वर्षीय दुर्गा विश्वकर्मा र शनिश्चरे गाविस-१ का कर्ण गदाललाई ०६७ मङ्सिर २८ गते पथरी गाविस-३ निवासी पण्डित केवलकृष्ण अधिकारीले पथरी गाविस-१ स्थित रामजानकी मन्दिरमा लगाएको बाल्मीकि पुराण र ब्रतबन्धमा सहभागी हुन वञ्चित गरे। पीडित पक्षले आरोपितलाई कारबाही गर्न माग गर्दै मङ्सिर २९ गते स्थानीय प्रहरी कार्यालयमा उजुरी दिए। उजुरीपछि दुवै पक्षबीच भेला गरी छलफल भएको र सो छलफलमा आरोपितले गल्ती स्वीकार गरेपछि दुवै पक्षबीच पुनः जातीय छुवाछूतका घटना हुन नदिने सहमति भयो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार अन्यबाट

विराटनगर उमनपा-७ निवासी जागो मधेस साप्ताहिक पत्रिकाका कार्यकारी सम्पादक ३० वर्षीय नवीन गङ्तौला, २४ वर्षीय जीतेन्द्रनारायण ठाकुर र २४ वर्षीय पूजा पौडेललाई आफूविरुद्ध समाचार लेखेको भन्दै ०६७ साउन ४ गते कटहरी गाविस-२ का राम भण्डारीले ज्यान मार्ने धम्की दिए। सो पत्रिकामा 'धर्मका नाममा चन्दा आतङ्क' शीर्षकमा प्रकाशित समाचारमा आरोपितको नाम पनि उल्लेख भएको थियो। पीडितहरूले जीवन सुरक्षाको माग गर्दै नेपाल पत्रकार महासङ्घमा ०६७ साउन ५ गते निवेदन दिए। महासङ्घले सो घटनाका आरोपितलाई कारबाही गर्न स्थानीय प्रहरीले प्रशासनसमक्ष माग गऱ्यो। स्थानीय प्रशासनले आरोपित र पीडित पक्षबीचलाई मिलापत्र गरायो।

विराटनगर उमनपा-१३ निवासी नागरिक दैनिक पत्रिका मोरङका सम्वाददाता ३० वर्षीय खिलानाथ ढकाललाई ०६७ भदौ १ गते झापा जिल्ला दमक नपा-७ स्थित ब्रोड वे म्यानपावर कम्पनीका प्रमुख ३५ वर्षीय तेजबहादुर योङहाङले आफू र आफ्नो संस्थाविरुद्ध समाचार प्रकाशित गरेको भन्दै टेलिफोन गरी मार्ने धम्की दिए। पीडितले नेपाल पत्रकार महसङ्घ मोरङमार्फत स्थानीय प्रशासन र प्रहरीमा भदौ २ गते नै उजुरी दिए। आरोपितलाई कारबाही भएन।

विराटनगर उमनपा-१४ निवासी नयाँ पत्रिका दैनिकका मोरङ सम्वाददाता २८ वर्षीय मोहन भट्टराईलाई आफूविरुद्ध समाचार प्रकाशित गरेको अरोपमा ०६७ भदौ २ गते काठमाडौँस्थित प्याराडाइज म्यानपावर कम्पनीका सञ्चालक ४० वर्षीय नवराज केसीले भौतिक कारबाही गर्ने धम्की दिए। पीडितले नेपाल पत्रकार महासङ्घ मोरङमा घटनाबारे जानकारी गराए। पीडितले लिबियामा ५१ युवक बन्धक भन्ने शीर्षकमा लेखेको समाचार नयाँ पत्रिका दैनिकमा ०६७ भदौ १ गते प्रकाशित भएको थियो। आरोपितले पत्रिकाको केन्द्रीय कार्यालयमा गएर गल्ती स्वीकार गरेपछि दुवै पक्षबीच मिलापत्र भयो।

संरचना, सम्पत्ति क्षति, सम्पत्ति कब्जा

मधेशी मुक्ति टाइगर्सबाट

विराटनगर उमनपा-११ का बद्री कोइरालाको तीन बिगाहा जग्गा ०६६ पुस १९ गते मधेसी मुक्ति टाइगर्सका पूर्वाञ्चल इन्चार्ज रञ्जीत यादवको नेतृत्वमा टाइगर्सका कार्यकर्ताहरूले कब्जा गरे। पीडितले पुस २१ गते स्थानीय हाटखोलास्थित वडा प्रहरी कार्यालयमा उजुरी दिए। उजुरीपछि प्रहरीले पीडितको जग्गामा गाडिएको टाइगर्सको झण्डा निकालेको थियो। पीडितले सो जग्गा हालसम्म पनि उपभोग गर्न पाएका छैनन्।

एकीकृत माओवादीबाट

कदमहा गाविस-९ का ४५ वर्षीय श्याम यादव, सोही ठाउँका ४२ वर्षीय अमरलाल मण्डल र ४९ वर्षीय ऋषि बहादुरको छ/छ कट्ठा गरी कूल १८ कट्ठा जग्गा ऐलानी भएको भनी ०६६ पुस २३ गते एकीकृत माओवादीका जिल्ला सहइन्चार्ज हेम कार्कीको नेतृत्वमा सो पार्टीका कार्यकर्ताहरूले कब्जा गरे। कब्जा गरिएको सो जग्गा डेढ कट्ठाका दरले १२ जना सुकुमबासी परिवारलाई वितरण गरेको सो पार्टीका गाउँ सहइन्चार्ज कार्कीले बताए। पीडितले पुस २४ गते स्थानीय प्रहरी चौकीमा उजुरी दिए पनि कुनै कारबाही भएन।

कदमहा गाविस-९ का ४५ वर्षीय नारायण मण्डलको दुई कट्ठा जग्गा ०६६ पुस २२ गते एकीकृत माओवादीका ४ नम्बर क्षेत्रीय इन्चार्ज बलिदानको नेतृत्वमा सो पार्टीका स्थानीय कार्यकर्ताहरूले कब्जा गरे। पीडितले असुरक्षाको कारण जनाउँदै कतै पनि उजुरी दिएनन्।

उर्लाबारी गाविस-४ का ४९ वर्षीय सुरेन्द्र निरौलाको एक बिगाहा चार कट्ठा जग्गा ०६६ फागुन २ गते एकीकृत माओवादीका जिल्ला सदस्य एवम् सोही पार्टीको भ्रातृ सङ्गठन अखिल नेपाल किसान सङ्घ (क्रान्तिकारी) का जिल्ला अध्यक्ष खगेन्द्र भण्डारीको नेतृत्वमा जिल्ला सहसचिव खेमराज प्रधान, स्थानीय वाईसीएल कार्यकर्ता समिर लुईंटेललगायतका कार्यकर्ताहरूले ऐलानी भएको भन्दै झण्डा गाडेर कब्जा गरेको घोषणा गरे। पीडितले फागुन ११ गते इलाका प्रहरी कार्यालयमा उजुरी दिए पनि कुनै कारबाही भएन।

अनेरास्ववियु (क्रान्तिकारी)बाट

विराटनगर उमनपा-१४ निवासी सोही ठाउँको भानु उच्च माविका प्रिन्सिपल महेन्द्र ढुङ्गानाको स्कूल बसमा पार्किङ गरेको अवस्थामा ०६७ वैशाख १२ गते अनेरास्ववियु क्रान्तिकारीका कार्यकर्ताहरूले चन्दा नदिएको आरोपमा तोडफोड गरी क्षति पुऱ्याए। पीडितले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए पनि प्रहरीले कसैलाई कारबाही गरेन।

मधेश नवनिर्माण सेनाबाट

विराटनगर उमनपा-१२ घोग्राहापुल चोकस्थित नारायण कोइरालाको एक कट्ठा १५ धुर जग्गा ०६६ फागुन २ गते मधेस नवनिर्माण सेनाका प्रमुख सलिम अन्सारीको नेतृत्वमा कार्यकर्ताहरूले झण्डा गाडेर कब्जा गरेको सार्वजनिक गरे। बसोबास गरिरहेका सुकुमबासीलाई हटाएर जग्गा बेचबिखन गरेको आरोपमा जग्गा कब्जा गरिएको आरोपित पक्षको भनाइ छ। पीडित पक्षले सोही दिन उजुरी दिएकोमा कुनै कारबाही भएन।

कोचिला राज्यसमितिबाट

बनिगामा गाविस-१ की ४० वर्षीया सञ्जु भट्टराई र मञ्जु अधिकारीको १० बिगाहा जग्गा ०६७ जेठ १६ गते कोचिला राज्य परिषद्का अध्यक्ष लेखराज खवासको नेतृत्वमा परिषद्का कार्यकर्ताले कब्जा गरे। पीडितहरूले जिल्ला प्रहरी कार्यालयमा जेठ २० गते उजुरी दिए पनि कुनै कारबाही भएन।

सङ्घीय लिम्बूवान मञ्चबाट

जाँते गाविस-८ का ४५ वर्षीय ओम खड्काको १८ कट्ठा १८ धुर जग्गा ०६७ भदौ १६ गते सङ्घीय लिम्बूवान मञ्चका वैकल्पिक केन्द्रीय सदस्य सागर थापामगरको नेतृत्वमा सो मञ्चसम्बद्ध कार्यकर्ताहरूले सोही ठाउँका देवी राईसँग विवाद परेको भन्दै कब्जा गरे। राईले खड्काबाट २ लाख रुपियाँ ऋण लिई एक वर्षभित्र तिर्ने भन्दै नतिरेमा १८ कट्ठा १८ धुर जग्गा नै दिने सर्तमा पास गरिदिएका थिए। तर सो जग्गा उनले नतिरेपछि पीडितले जग्गा भोग गर्ने क्रममा मञ्चले हस्तक्षेप गरी कब्जामा लिएको थियो। सो जग्गा देवी राईलाई नै दिने र ओम खड्कालाई रकम दिने सहमति भयो।

लिम्बूवान भोलिन्टियर्सबाट

अमरदह गाविस-३ निवासी व्यापारी ४० वर्षीय सुरेश साह र ४५ वर्षीय पारस साहको आठ बोरा पोटास मल नक्कली रहेको र भन्सार छलेर ल्याएको आरोपमा ०६७ कात्तिक १० गते पथरी बजारबाट बिक्री गर्न ल्याउँदै गर्दा लिम्बूवान भोलिन्टियर्सका जिल्ला कमाण्डर पदम लिम्बूको नेतृत्वमा रहेको समूहले नियन्त्रणमा लिएर सर्वसाधारणलाई वितरण

गऱ्यो। पीडितले स्थानीय पथरी इलाका प्रहरी कार्यालयमा सोही दिन उजुरी दिए पनि कुनै कारबाही भएन।

अज्ञात समूहबाट

विराटनगर उमनपा-५ कञ्चनबारीस्थित नोबेल मेडिकल कलेज एण्ड रिसर्च सेन्टरमा ०६६ पुस २८ गते राति अज्ञात समूहले प्रेसर कुकर बम विस्फोट गरायो। विस्फोटबाट सेन्टरको बाहिरी पर्खाल चर्किंयो। म्यागी सेना नामका जिल्ला इन्चार्ज भनिने जेके उपनामका व्यक्तिले सेन्टरमा स्वास्थ्य शुल्क महङ्गो लिएको, भारतीय व्यक्तिलाई मात्र नियुक्ती दिएको भन्दै स्थानीय सञ्चारमाध्यममा फोन गरी सो घटनाका जिम्मेवारी लिए।

भूमिहीन तथा सुकुमबासी

जिल्लास्थित सुकुमबासी समस्या समाधान आयोगका अनुसार मोरङ जिल्लाका ६५ गाविस र एउटा उपमहानगरपालिकामा गरी कूल सुकुमबासी सङ्ख्या ७५ हजार भन्दा बढी रहेका छन्। सो आयोगले ०६७ मङ्सिरमा उनीहरूलाई जग्गाको लालपूर्जा वितरण गर्ने सूचना सार्वजनिक गरेको थियो। सो सूचनालगतै जिल्ला वन कार्यालय र सामुदायिक वन उपभोक्ता महासङ्घ मोरङले पूर्जा वितरण कार्य रोक्न भनेकाले वितरण कार्य बन्द भएको छ। विभिन्न समयमा सुकुमबासीहरूले लालपूर्जा पाउनु पर्ने माग गर्दै आन्दोलन गर्दै आएका छन्।

यसै क्रममा सोराभाग गाविस-८ की ४५ वर्षीया माया सोरेन, २५ वर्षीया सरीता किस्कू र ३५ वर्षीया जानकी मुर्मूलाई ०६७ जेठ २ गते सोही ठाउँमा अरुको नम्बरी जग्गामा घरटहरा निर्माण गरेको आरोपमा इलाका प्रहरी कार्यालय रङ्गेलीका इन्चार्ज राजेश थापाको नेतृत्वमा प्रहरीले लाठीचार्ज गरी घाइते बनायो। पीडितहरूको सोही गाविस-३ कर्सियास्थित क्लिनिकमा उपचार भयो। प्रहरीले पीडितले बनाएका घरटहरा पनि भत्कायो। घाइतेका आफन्तहरूले जेठ ३ गते विराटनगरमा जुलुस प्रदर्शन गरे। उनीहरूले कहीं पनि उजुरी दिएनन्। पीडितहरू सबै सुकुमबासीथिए।

सोराभाग गाविस-८ का ४० वर्षीय चतइ मुर्मू, २३ वर्षीय श्याम टुटू र २८ वर्षीय श्यामसुन्दर हेब्रमलाई ०६७ जेठ ४ गते सोही ठाउँको अरुको नम्बरी जग्गामा घरटहरा बनाएको आरोपमा इलाका प्रहरी कार्यालय रङ्गेलीका इन्स्पेक्टर राजेश थापाको नेतृत्वमा आएको प्रहरीले लाठीचार्ज गराई घाइते बनायो। घाइतेहरूलाई प्रहरीले नै भ्यानमा हाले रङ्गेली अस्पतालमा उपचार गरी सोही दिन रिहा गऱ्यो। लाठीचार्जबाट चतईको टाउको, श्यामको दुवै हात र श्यामसुन्दरको शरीरका विभिन्न भागमा चोट लागेको थियो। प्रहरीले पीडितहरू बसेका करिब ९० ओटा घरटहरा भत्काएर आगजनी गरेको थियो। पीडितहरू सबै सुकुमबासी हुन्।

१.६ सुनसरी

जनसङ्ख्या : ११,००,२११
साक्षरता प्रतिशत : ७४
महिला साक्षरता प्रतिशत : ५०
क्षेत्रफल (वर्ग कि. मि.) : १,२५७
गाविस/नपा सङ्ख्या : ४९/३
सरकारी/निजी विद्यालय : ४५९/५३
क्याम्पस/उच्च मा.वि. : ११/३७
अस्पताल/स्वास्थ्य चौकी : ३/५७
मानव विकास सूचकाङ्कः ०.५००
प्रतिपरिवार सरदर सङ्ख्याः ७

नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाँच्ने अधिकार गोली/विस्फोटक पदार्थद्वारा घाइते बेवारिसे विस्फोटक पदार्थबाट

रामगञ्ज बेल्गछिया गाविस-७ भीमनगरका १० वर्षीय विक्रम पौदार, उनका भाइ सात वर्षीय विकल पौदार, सोही ठाउँका ११ वर्षीया अस्मिता राजभर क्रिकेट खेलिरहेको अवस्थामा ०६६ फागुन २५ गते उपस्वास्थ्य चौकीको ढोकानजिकै बेवारिसे अवस्थामा

घटनाको प्रकार	गैरराज्यबाट									राज्यबाट				
	अन्यबाट					एकीकृत माओवादीबाट								
	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा
हत्या	१०	७	३		१०									
घाइते	५	१३	१		१८									
कुटपिट	३	१	१		३					३	६	१		७
धम्की	४	९		४३	५३	४	३	१	४	१	१			१
भेला/सङ्गठित हुने अधिकार										५	३५	४	१५	४४
महिलाअधिकार	७		७		७									
बालअधिकार	९		९		९									
आथिक/सामाजिक/ सांस्कृतिक अधिकार	१			१	१	१	१		१					
अपहरण	१	१			१									
जम्मा	३९	३१	३१	४४	९६	५	४	१	५	९	३३	५	१५	५३

पानको बट्टामा राखिएको विस्फोटक बस्तु खेलाउने क्रममा विस्फोटन भई आँखा, कान र शरीरको विभिन्न भागमा छर्रा लागी घाइते भए। सोही विस्फोटनमा परेर सोही ठाउँका १० वर्षीय पिन्टु यादव, १३ वर्षीय रोशन मेहता र १० वर्षीय मनिष साह पनि सामान्य घाइते भएका थिए। घाइतेमध्ये विक्रमको उपचार मोरङस्थित गोल्छा आँखा अस्पतालमा भयो भने अन्यको कोसी अञ्चल अस्पताल विराटनगरमा भयो।

रामेछाप जिल्ला बेथान गाविस-७ का सनत लामालाई अज्ञात समूहले इटहरी नपा-८ स्थित बीपी चौकमा ०६७ कात्तिक २३ गते बसबाट ओर्लनासाथ गोली हानी घाइते बनायो। घाइतेको बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उपचार भयो। काठमाडौँमा शीलालेखन व्यवसाय गर्दै आएका लामा केही समयदेखि इटहरीमा बस्दै आएका थिए भने सो दिन बसबाट ओर्लनासाथ मोटरसइकलमा आएका व्यक्तिहरू उनलाई गोली प्रहार गरेर भागेका थिए। घटनामा संलग्न व्यक्तिहरूको खोजी भइरहेको इलाका प्रहरीका इन्स्पेक्टर श्यामल सुब्बाले जनाए।

जेल र बन्दीहरू

भादगाउँ सिनुवारी गाविस-५ झुम्कास्थित क्षेत्रीय कारागारमा यो वर्षको अन्त्यसम्ममा कैद तोकिएका २ सय ८६ जना पुरुष कैदीहरू रहेका छन् भने कैद नतोकिएका पुरुष थुनुवाहरू २ सय ४ रहेका छन्। तीमध्ये कैद तोकिएका विदेशी पुरुषमा १५ जना र कैद नतोकिएका आठ जना थुनुवाहरू रहेका छन्। कारागारमा जम्मा ५ सय १३ जना कैदी तथा थुनुवाहरू रहेका छन्। कारागारको क्षमता ६ सय भए पनि भौतिक पूर्वाधार अभावका कारण महिला बन्दी राखिएको छैन। कारागारमा रेडियो, टिभी, पुस्तकालय, खेलकूदको सामग्री बन्दीको तुलनामा सङ्ख्यामा अपुग छ।

बेपत्ता/अपहरण

अज्ञात समूहबाट

सप्तरी जिल्ला इनर्वा गाविस-१ घर भई इटहरी नपा-८ निवासी हेल्थ ट्रेनिङ सेन्टरका शिक्षक ३२ वर्षीय विक्रमप्रसाद मण्डललाई ०६६ पुस १७ गते अज्ञात व्यक्तिहरूको समूहले इटहरी नपा-८ स्थित डेराबाट अपहरण गऱ्यो। पीडित उदयपुर जिल्लाको बेल्टारबाट ०६६ पुस १८ गते भागेर मुक्त भएका थिए। अपहरण के कति कारणले गरेको हो सो खुल्न सकेन भने अपहरित मण्डलकै मोबाइलबाट ०६६ पुस १८ गते अपहरणकारीले फोन गरी फिरौतीबापत ५ लाख रुपियाँ माग गरेको अपहरितका दाजु नरेन्द्र मण्डलले बताए।

धम्की/कुटपिट

राज्यबाट

बराहक्षेत्र गाविस-१ चतरा निवासी ब्लास्ट टाइम्स दैनिकका सहसम्पादक २६ वर्षीय चन्द्रमणि कट्टेललाई ०६६ पुस २३ गते अञ्चल प्रहरी कार्यालय

धरानमा कार्यरत हवल्दार ३० वर्षीय चित्ररञ्जन सहनी र जवान २५ वर्षीय दीपक खत्रीले ट्राफिक चेक जाँचको समाचार सङ्कलन गर्न धरान नपा-९ पुतली लाइनमा गएका बेला कुटपिट गरी घाइते बताए। पीडितको बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उपचार भयो। धरानस्थित अञ्चल प्रहरी कार्यालयमा ०६६ पुस २५ गते पत्रकार र नागरिक समाजका प्रतिनिधिहरूको उपस्थितिमा एसएसपी मिङसार लामा र एसपी भूपालकुमार भण्डारीले यस्तो किसिमका घटना नदोहोऱ्याउने भनी प्रतिबद्धता जनाए। पीडकहरूलाई कुनै कारबाही भएन।

डुम्राहा गाविस-५ निवासी नेकपा माओवादी (मातृका) सम्बद्ध युवा जनसुरक्षा बलका सुनसरी संयोजक ३३ वर्षीय रूपेश साह तथा सहसंयोजक मोरङ जिल्ला दर्वेशा गाविस-८ का २२ वर्षीय कुमार महतोलाई ०६६ फागुन २८ गते इनरुवा नपा-३ स्थित जिल्ला पार्टी कार्यालयमा बसिरहेको अवस्थामा प्रहरीले कुटपिट गर्दै घाइते बनाई गिरफ्तार गऱ्यो। उनीहरूको उपचार जिल्ला अस्पताल इनरुवामा भयो। पीडितद्वय जिल्ला प्रहरी कार्यालय सुनसरीबाट चैत १ गते रिहा भए

दुहबी गाविस-९ स्थित शिवस्टार होटलका सञ्चालक ४० वर्षीया ललितादेवी पासवान, उनका पति ४५ वर्षीय मुनेश्वर पासवान, छोराहरू २२ वर्षीय चन्दन पासवान र १७ वर्षीय कुन्दन पासवानलाई इलाका प्रहरी कार्यालय दुहबीका इन्स्पेक्टर नेत्रबहादुर बडुवालको टोलीले ०६७ असोज ५ गते लाठी तथा बन्दुकको कुन्दाले कुटपिट गरी घाइते बनायो। राजमार्गमा ट्रक राखेर जाम गराउने चालकलाई घरभित्र लुकाई राखेको भन्दै उनीहरूलाई प्रहरीले कुटपिट गरेको थियो। घाइतेहरूको स्थानीय सुनसरी सामुदायिक अस्पतालमा उपचार भयो भने थप उपचार जिल्ला अस्पताल इनरुवामा भयो। जिल्ला प्रहरी कार्यालयमा उजुरी दिन गए पनि उजुरी दर्ता नगरी पहिले उपचार गराउने सल्लाह एसपी भूपालकुमार भण्डारीले दिए भने उनीहरूको उजुरी दर्ता भएको छैन।

एकीकृत माओवादीबाट

इटहरी नपा-४ निवासी पत्रकार ३० वर्षीय सोमनाथ बास्तोलालाई ०६७ वैशाख २९ गते भोजपुर जिल्ला खावा गाविस-३ केराबारीका एकीकृत माओवादीका जिल्ला सदस्य ३२ वर्षीय राजेश खतिवडाले आमहडतालको बेला पार्टी विरोधी समाचार प्रकाशन र प्रसारण गरेको भन्दै मोबाइलबाट फोन गरेर मार्ने धम्की दिए। पीडितका अनुसार आमहडतालको समयमा पार्टी विरोधी समाचार लेखेको भन्दै पीडकले जहाँसुकै गए पनि मार्ने भनी धम्की दिएका थिए। घटनाको विषयमा छानबिन भइरहेको माओवादीका जिल्ला इन्चार्ज मुकेशले दोषी ठहरे कारबाही गर्ने जनाए।

अज्ञात समूहबाट

धरान नपा-१५ का ५० वर्षीय विष्णुभक्त पोखरेललाई ०६६ चैत्त ३ गते अज्ञात व्यक्तिले फोन गरी चन्दा माग गर्दै मार्ने धम्की दिए। पीडितले आफूसँग अज्ञात व्यक्तिले पटक-पटक ५० हजार रुपियाँ माग गरेको बताए। पीडितले इलाका प्रहरी कार्यालय धरानमा ०६७ चैत्त ४ गते उजुरी दिए।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

श्रीपुर गाविस-५ जुद्धगञ्जमा कोसीपीडित प्रदर्शनकारीले सडक अवरुद्ध गरेको कारण सुनसरी प्रशासनले प्रहरी परिचालन गरी बन्द खुलाउने क्रममा लाठीचार्ज गर्दा श्रीपुर गाविस-८ का ६० वर्षीय रहमान मियाँ, सोही ठाउँका ५० वर्षीय अकबाल मियाँ, ५५ वर्षीय अब्दुल मियाँ, ५५ वर्षीय अवसार मियाँ, ४५ वर्षीय रसिम मियाँ, ५० वर्षीय बतली मियाँ सोही गाविस-५ का ब्रम्हदेव मरवैता, सोही गाविस-८ का ३५ वर्षीय गफुर मियाँ, ४० वर्षीय नइम मियाँ, इस्लाम मियाँ, गुलाव मियाँ, भुटाई मियाँ र सकुर मियाँ घाइते भए। उनीहरूले जग्गाको क्षतिपूर्ति, भूमिहीन सुकुमबासीको बसोबासको व्यवस्था, उच्च कार्यदलको प्रतिवेदन कार्यान्वयनलगायत १९ बुँदे माग राखी पूर्व पश्चिम राजमार्गको श्रीपुर गाविस-५ स्थित जुद्धगञ्ज सडकखण्ड अवरुद्ध गर्दा प्रहरीसँग झडप भएको थियो। सोही झडपमा परी प्रहरी जवान रामसुन्दर मेहता, अनिकलाल ठाकुर, बेचन यादव र विजय मण्डलसमेत घाइते भएको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनायो। घाइते सबैको उपचार जिल्ला अस्पताल इनरुवामा भयो। प्रदर्शनकारीले प्रहार गरेको ढुङ्गाबाट प्रहरी जवानहरू पनि घाइते भएको इन्स्पेक्टर देवी बरालले जनाए। जिल्ला प्रशासन कार्यालय सुनसरीले न्यूनतम माग पूरा गर्ने प्रतिबद्धता जनाएपछि आन्दोलनका सम्पूर्ण कार्यक्रम फिर्ता लिइएको थियो।

इनरुवा नपा-७ का मधेश मिडिया मिसन सुनसरीका अध्यक्ष २८ वर्षीय इकवाल अहमद, सप्तरी

जिल्ला तोपा गाविस-३ निवासी पत्रकार ३२ वर्षीय अवधेशकुमार झा, इनरुवा नपा-८ का पपुलर एफएमका निर्देशक रामप्रसाद मेहता, नरसिंह गाविस-७ का पत्रकार २६ वर्षीय पंकज यादव, सोही ठाउँका २६ वर्षीय सूर्यनारायण यादव, हरिनगरा गाविसका २६ वर्षीय वीरेन्द्र कुशवाहा, इनरुवा नपा-७ का २४ वर्षीय नन्ने आलम, रामनगर भुटाहाका ३० वर्षीय मोजमिल आलम, बबिया गाविस-४ का २० वर्षीय प्रमोद यादव, इनरुवा नपा-३ का ४५ वर्षीय राजन निरौलालाई प्रहरीले ०६६ फागुन १९ गते जनकपुरका सञ्चार उद्यमी अरुण सिङ्घानियाँको हत्याको विरोध तथा पत्रकार सुरक्षाको माग गर्दै शान्तिपूर्ण प्रदर्शन गरी जिल्ला प्रशासन कार्यालय सुनसरीमा ज्ञापनपत्र बुझाउन जाँदा मूलढोकामा कुटपिट र दुर्व्यवहार गरे।

इनरुवा नपा-६ का सद्भावना पार्टी सम्बद्ध विद्यार्थी मञ्चका केन्द्रीय अध्यक्ष २८ वर्षीय सन्तोष मेहता, सोही नपा-७ का विद्यार्थी मञ्चका जिल्ला अध्यक्ष २४ वर्षीय नइम अन्सारी, गौतमपुर गाविस-२ का उपाध्यक्ष २७ वर्षीय धर्मवीर आर्य, डुम्राहा गाविस-८ का सदस्य २३ वर्षीय राजेश मेहता, इनरुवा नपा-१ की सदस्य १८ वर्षीया नेहा मण्डललाई प्रहरीको एक टोलीले ०६६ चैत २१ गते मधेश स्वाभिमान यात्राको प्रचारप्रसार गर्ने क्रममा इनरुवा नपा-६ स्थित हनुमान चोकमा चेक जाँच गर्ने भनी गाडी तोडफोड गर्दै कुटपिट गरी घाइते बनाए। प्रहरीले गरेको लाठीचार्जबाट ढाड, पाखुरा, टाउकोमा चोट लागेर घाइते भएका पीडितहरूको उपचार जिल्ला अस्पताल इनरुवामा भयो। घाइतेमध्ये मञ्चका जिल्ला अध्यक्ष अन्सारी र उपाध्यक्ष आर्यको थप उपचार मोरङ जिल्लाको विराटनगरस्थित न्यूरो अस्पतालमा भयो।

बबिया गाविस-२ निवासी मधेशी जनअधिकार फोरम नेपाल सुनसरीका अध्यक्ष ३२ वर्षीय एसएन मेहता, सोही ठाउँका सहसचिव २८ वर्षीय शम्भु मेहता, सोही नपा-१ का कार्यकर्ता ३३ वर्षीय गुलाब शर्मा, लौकही गाविस-५ का ५१ वर्षीय धर्मेन्द्र कर्ण, इनरुवा नपा-७ का २६ वर्षीय नरेन्द्र मेहता, साहेबगञ्ज गाविस-६ का ५१ वर्षीय नारायण यादव, बबिया गाविस-८ का ५४ वर्षीय उचितलाल चौधरी ०६६ चैत २७ गते बन्दको अवज्ञा गरी सवारी सञ्चालन गरेको भनी इनरुवा नपा-६ बसचोकमा चिनियाँ राजदूतावासको ११०३७ नम्बरको गाडी नियन्त्रणमा लिई तोडफोड गर्न लागेको भन्दै प्रहरीले लाठीचार्ज गर्दा घाइते भए। उनीहरूको जिल्ला अस्पताल इनरुवामा उपचार भयो। बन्दको अवज्ञा गरेको भन्दै पकली सडक खण्डमा फोरम कार्यकर्ताहरूले को १ ह १४३, को १ ह ७७ नम्बरको टेम्पु, एक ट्रक र एक माइक्रोबसलाई तोडफोड गरेको इलाका प्रहरी कार्यालय पकलीले जनायो। फोरमले विगतमा सरकारसँग भएको २२ बुँदे तथा संयुक्त मधेशी मोर्चासँग भएको आठ बुँदे सहमतिको कार्यान्वयनको माग गर्दै दुई दिने मधेश बन्दको घोषणा गरेको थियो।

बबिया गाविस-२ की ३५ वर्षीया सुगावती सरदार, सोही ठाउँका ३६ वर्षीया सहिरा खातुन, ३५ वर्षीया अगिया खत्वे, ६० वर्षीय पाँचु उराँव, ४५ वर्षीय डोमी सरदार, ७२ वर्षीया रेगमी मेहता, ४० वर्षीय रहमान मन्सुरी, ३६ वर्षीय महेश मेहता, २ वर्षीय वीनीता उराँव र २६ वर्षीय जीवन सरदार ०६७ असार ३ गते बाल विकास केन्द्र पुनर्निर्माण कार्य स्थगत गरी त्यहाँबाट हटाउनु पर्ने विषयमा विवाद हुँदा प्रहरीले लाठीचार्ज गर्दा घाइते भए।

घाइतेहरूको हात, खुट्टा, ढाडलगायतका

बेवारिसे बम विस्फोटनबाट घाइते भएका विक्रम चौधार, विकल चौधार, पिन्टु यादव, रोशन मेहता र मनिष साह

ठाउँमा चोट लागेको थियो भने उनीहरूको उपचार जिल्ला अस्पताल इनरुवामा भयो। सामाजिक विकास केन्द्र नामक संस्थाले तीन वर्ष अघिदेखि सञ्चालन गर्दै आएको बाल विकास केन्द्र व्यक्तिगत जग्गामा भएको भन्दै जिल्ला प्रशासन कार्यालय सुनसरीमा उजुरी दिएको थियो। सो उजुरीको आधारमा विकास केन्द्र पुनर्निर्माण रोक्न खोज्दा उल्टै प्रहरीमाथि जाई लागेपछि लाठीचार्जबाट घाइते भएको प्रहरीले जनायो। घटनामा संलग्न प्रहरीलाई कारबाही गर्नुपर्ने र बाल विकास केन्द्र सोही ठाउँमा हुनुपर्ने भन्दै ०६७ असार ६ गते स्थानीयहरूले जिल्ला प्रशासन सुनसरीमार्फत् प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएका थिए।

बबिया गाविस-४ निवासी गोरखापत्र दैनिक इनरुवाका समाचारदाता २६ वर्षीय जयकृष्ण यादवलाई अनियमितताको समाचार प्रकाशन गरेको विषयलाई लिएर युएसएआइडी कोसी पुनर्निर्माण कार्यक्रम इनरुवाका क्षेत्रीय संयोजक ३५ वर्षीय उमेशकुमार गुप्ताले ०६७ असार २५ गते इनरुवा नपा-१ स्थित हिरोहोण्डा ओटो सोरुममा बोलाई समाचार नसच्याए जे पनि गरिने धम्की दिए। पीडितले जिल्ला प्रहरी कार्यालय इनरुवमा ०६७ असार २७ गते लिखित उजुरी दिए भने उजुरीको आधारमा घटनाको अनुसन्धान भइरहेको इन्स्पेक्टर राजेन्द्र पराजुलीले बताए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत सुनसरीमा ०६६ साल असार मसान्तसम्म बाँकी भएका सरकारीवादी फौजदारी मुद्दा १ सय ९२ थानमध्ये ५६ थान फर्स्यौट भए। त्यसैगरी, ०६६ साल असार मसान्तसम्म बाँकी भएका दुनियाँवादी फौजदारी मुद्दा ३ सय २ थानमध्ये १ सय ७२ थान फर्स्यौट भए। यसैगरी, यस वर्ष ०६७ साउनदेखि पुस १६ गतेसम्म दर्ता भएका सरकारीवादी फौजदारी मुद्दा १ सय ४० थानमध्ये ४३ थान फर्स्यौट भए। यसैगरी, यस वर्ष ०६७ साउनदेखि पुस १६ गतेसम्म दर्ता भएका दुनियाँवादी फौजदारी मुद्दा ३ सय ४७ थानमध्ये १ सय ४३ थान फर्स्यौट भए। ०६६ साल असार मसान्तसम्म बाँकी भएका देवानी मुद्दा ७ सय ६४ थानमध्ये २ सय ६६ थान फर्स्यौट भए। यस वर्षको ०६७ साउनदेखि पुस १६ गतेसम्म दर्ता भएका देवानी मुद्दा ४ सय ३८ थानमध्ये १ सय ९६ थान फर्स्यौट भए। यस वर्ष घरेलु हिंसाको मुद्दा दुई थान दर्ता भए भने दुवै मुद्दाको किनारा लागेको छैन।

सरकारी अधिवक्ताको कार्यालयबाट जिल्ला अदालततर्फ सरकारवादी फौजदारी मुद्दा ४ सय ८१ थान दायर भए भने कसुरदावी कायम १ सय ३० थान र कसुरमा सफाई वा दावी नपुगेको ५६ थान रहे। यस वर्ष २ सय ९५ थान मुद्दा फर्स्यौट गर्न बाँकी रहे। त्यसैगरी, जिल्ला प्रशासनतर्फ सरकारवादी फौजदारी ४ सय ७३ थान दायर भए भने कसुरदावी कायम २ सय ३० थान र कसुरमा सफाई वा दावी नपुगेको दुई थान रहे। यस वर्ष २ सय ४१ थान मुद्दा फर्स्यौट गर्न बाँकी रहे। सरकारी अधिवक्ताको कार्यालयमा जम्मा ९ सय ४५ थान मुद्दा दायर भए भने कसुरदावी कायम ३ सय ६० थान र कसुरमा सफाइ वा दावी नपुगेको ५८ थान रहे। यस वर्षको ५ सय ३६ थान मुद्दा बाँकी रहे।

बालअधिकार

जिल्ला शिक्षा कार्यालयका अनुसार जिल्लामा सरकारी तथा निजी विद्यालयमा १ लाख ५० हजार २ सय ३४ जना विद्यार्थीहरू यस वर्ष भर्ना भएका छन्। तीमध्ये प्राथमिक तहमा ८८ हजार ९ सय २१ जना, निमावि तहमा ३६ हजार ४ सय ५ जना र माध्यमिक तहमा २४ हजार ९ सय ८ जना भर्ना भएका छन्। यस वर्ष विद्यालयमा ९१ प्रतिशत विद्यालय जाने उमेरका बालबालिका भर्ना भएका छन्। अझै पनि ग्रामीण क्षेत्रमा रहेका नौ प्रतिशत बालिबालिकाहरू विद्यालयको पहुँच बाहिर रहेका छन्।

प्रहरीद्वारा कुटपिट गरी घाइते बनाइएका रूपेश साह

यो वर्ष एकीकृत माओवादीले छ दिन, मधेशी जनअधिकार फोरमले दुई दिन, राजमोले एक दिन, सङ्घीय लिम्बूवान परिषद्ले तीन दिन थरुहट राज्यपरिषद्ले एक दिन गरी जम्मा १३ दिन बन्द गराए। पटक-पटक हुने बन्दका कारण बालबालिकाको पढाइ प्रभावित हुने गरेको छ।

एकीकृत माओवादीले प्रधानमन्त्रीको राजीनामा, राष्ट्रिय सरकारको माग गर्दै ०६७ वैशाख १९ गतेदेखि आह्वान गरेको अनिश्चितकालीन आमहडतालका कारण जिल्लाका उद्योग व्यवसाय, बजार पसल, यातायात,

कलकारखाना, शैक्षिक सङ्घ संस्थालगायत बन्द हुँदा जनजीवन पूर्णरूपले प्रभावित भयो। बन्दका कारण कक्षा ११ र १२ को परीक्षा पूर्णरूपले प्रभावित भयो। अनिश्चित आमहडतालले जिल्लाका ७ सय ३३ बालविकास केन्द्र, ६ सय ३९ प्रावि, २ सय ४८ निमावि, १ सय ७१ मावि, २९ उमावि र छ क्याम्पस गरी १८ सय २६ ओटा शैक्षिक सङ्घ संस्थाको पठनपाठन ठप्प हुँदा १ लाख ६० हजार विद्यार्थीहरूको पढाइ प्रभावित भएको जिल्ला शिक्षा कार्यालय सुनसरीले जनायो।

भोक्राहा गाविस-७ का ७ वर्षीय निरञ्जन यादवलाई ०६७ असार १९ गते अज्ञात व्यक्तिले घरबाट खेततर्फ जाने क्रममा बाटोबाटै अपहरण गरे। भारतको सुपौल जिल्ला मोतिपुर पञ्चायतको हरिपुर गाउँको नहरमा ०६७ असार २१ गते घाँटी रेटी हत्या गरेको अवस्थामा उनको शव फेला पऱ्यो। मृतकको शव जिल्ला अस्पताल इनरुवामा पोष्टमार्टम गरी आफन्तको जिम्मा लगाएको प्रहरीले जनायो। घटनामा संलग्न रहेको आरोपमा ०६७ असार २४ गते इनरुवा नपा-१ का २३ वर्षीय सञ्जय पोदारलाई प्रहरीले गिरफ्तार गऱ्यो। आरोपितलाई जिल्ला अदालत सुनसरीको आदेशमा ०६७ साउन १७ गते झुम्कास्थित क्षेत्रीय कारागार चलान गरिएको छ।

खोटाङ जिल्ला घर भई भरौल गाविस-५ स्थित काकाको घरमा बस्दै आएकी १४ वर्षीय शान्तिकला राईलाई ०६७ असोज ९ गते सुँगुरको चारो लिन निस्केको बेला सोही गाविस-९ का २० वर्षीय विमल श्रेष्ठले घरनजिकै रहेको माछापोखरीको डिलमा लगी बलात्कार गरेर हत्या गरेको आरोपमा श्रेष्ठलाई ०६७ असोज १५ गते इलाका प्रहरी कार्यालय महेन्द्रनगरले गिरफ्तार गऱ्यो। मृतकको शव जिल्ला अस्पताल सुनसरीमा पोष्टमार्टम गरी परिवारको जिम्मा लगाएको प्रहरीले जनायो। आरोपित श्रेष्ठलाई जिल्ला अदालत सुनसरीको आदेशमा ०६७ कात्तिक ९ गते पुर्पक्षका लागि झुम्कास्थित क्षेत्रीय कारागार चलान गरिएको छ।

धरान नपा-१६ प्रगतिमार्गका नौ वर्षीय राज आचार्यलाई ०६७ मङ्सिर २ गते विद्यालय गइरहेको अवस्थामा सोही ठाउँका १६ वर्षीय प्रतिकेशर झाले अपहरण गरी सोही नपा-१९ स्थित हरियाली सामुदायिक वन परिसरमा पुऱ्याएर कुटपिट गरी मुखमा सर्ट कोचेर हत्या गरेको प्रहरीले जनायो। मृतकको पोष्टमार्टम धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भयो। आरोपितलाई जिल्ला अदालत सुनसरीले ०६७ मङ्सिर २९ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

खनार गाविस-५ की एक छ वर्षीया बालिकालाई सोही ठाउँका १७ वर्षीय राजु सरदारले ०६६ चैत ११ गते घरमा कोही नभएको अवस्थामा बलात्कार गरेको आरोपमा ०६७ चैत १२ गते उनलाई प्रहरीले गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भयो। आरोपितलाई जिल्ला अदालत सुनसरीले ०६७ वैशाख ७ गते सुधारगृह पठाउने आदेश दियो।

सङ्खुवासभा जिल्लाको पावाखोला घर भई धरान नपा-१६ मा घरेलु कामदार रहेकी १३ वर्षीया बालिकालाई मालिकका छोरा १८ वर्षीय थोमस राई र स्थानीय १९ वर्षीय झलक योगीले ०६७ वैशाख ३१ गते घरमा काम गरिरहेको अवस्थामा सामूहिक बलात्कार गरको आरोपमा प्रहरीले ०६७ जेठ ४ गते आरोपितद्वयलाई गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा भएको थियो। पीडितका आफन्तले ०६७ जेठ १ गते इलाका प्रहरी कार्यालय धरानमा उजुरी दिएका

प्रहरीद्वारा कुटपिट गरी घाइते बनाइएका सन्तोष मेहता, नइम अन्सारी र धर्मवीर आर्य

थिए। आरोपितहरूलाई जिल्ला अदालत सुनसरीको आदेशमा ०६७ जेठ २८ गते पुर्पक्षका लागि झुम्कास्थित क्षेत्रीय कारागार चलान गरिएको छ।

भादगाउँ सिनुवारी गाविस-५ का एक १६ वर्षीया बालिकालाई ०६७ जेठ २६ गते सोही ठाउँका २४ वर्षीय रामकुमार महतोले घरमा कोही नभएको अवस्थामा बलात्कार गरेको आरोपमा उनलाई ०६७ जेठ २७ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भएको थियो। आरोपित महतोलाई सुनसरी जिल्ला अदालतको आदेशमा ०६७ असार २१ गते पुर्पक्षका लागि झुम्कास्थित क्षेत्रीय कारागारमा थुनामा राखिएको छ।

भोजपुर जिल्ला होमताङ गाविस-४ की एक १४ वर्षीया बालिकालाई बराहक्षेत्र गाविस-६ चतरा बजारका व्यापारी ३० वर्षीय रामकुमार राईले बास बसेको अवस्थामा ०६७ जेठ २६ गते बलात्कार गरेको आरोपमा उनलाई ०६७ जेठ २७ गते प्रहरीले गिरफ्तार गऱ्यो। भरौल गाविस-३ स्थित दिदीको घरमा बस्दै आएकी बालिका त्यस दिन बराहक्षेत्र हुँदै घर जाने क्रममा डुङ्गन नचलेका कारण राति बास बसेको अवस्थामा आफूलाई बलात्कार गरेको पीडितले बताइन्। पीडितको स्वास्थ्य परीक्षण धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भएको थियो। जिल्ला अदालत सुनसरीको आदेशमा ०६७ असार २० गते आरोपितलाई पुर्पक्षका लागि झुम्कास्थित क्षेत्रीय कारागारमा थुनामा राखिएको छ।

नरसिंह गाविस-८ की एक १२ वर्षीया बालिकालाई ०६७ असार २ गते खेतमा घाँस काट्न गएको बेलामा सोही ठाउँका ३३ वर्षीय गणेश मेहताले बलात्कार गरेको आरोपमा पीडितपक्षले जिल्ला प्रहरी कार्यालय इनरुवामा ०६७ असार ३ गते जाहेरी दियो।

स्थानीय युवाहरुले तोडफोड गरी क्षति पुऱ्याएको जिल्ला अस्पतालको आकस्मिक कक्ष

पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पताल इनरुवामा भएको थियो। आरोपित जिल्ला अदालत सुनसरीको आदेशमा ०६७ असार ३२ गते ३५ हजार रुपियाँ धरौटी बुझाएर रिहा भए।

भरौल गाविस-४ की एक १५ वर्षीया बालिकालाई ०६७ असार १६ गते सोही गाविस-१ का १८ वर्षीय विमल गुरुङ, १८ वर्षीय दिनेश बस्नेत, १७ वर्षीय सनम तामाङ, १८ वर्षीय नेत्रबहादुर गुरुङ र १९ वर्षीय सामपाडले बलात्कार गरेको आरोपमा पीडित पक्षले इलाका प्रहरी कार्यालय महेन्द्रनगरमा ०६७ असार १८ गते जोहेरी दियो। पीडितको स्थानीय क्लिनिकमा उपचार भयो भने स्वास्थ्य परीक्षण जिल्ला अस्पताल इनरुवामा भयो। आरोपितमध्ये विमल, दिनेश र नेत्रबहादुरलाई प्रहरीले गिरफ्तार गऱ्यो। जिल्ला अदालत सुनसरीको आदेशमा ०६७ साउन १२ गते विमललाई पुर्पक्षका लागि क्षेत्रीय कारागारमा थुनामा राखियो भने दिनेश र नेत्रबहादुर धरौटी राखी रिहा भए।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बलात्कार/बलात्कार प्रयास/यौन दुर्व्यवहार

डुम्राहा गाविस-७ की एक २५ वर्षीया महिलालाई ०६७ वैशाख २० गते राति घरमा सुतिरहेको अवस्थामा सोही ठाउँका २५ वर्षीय सेम्लु सदा, १९ वर्षीय गिरीजा सदा र २१ वर्षीय सीताकुमार सदाले ढोका खोल्न लगाई छिमेकीको करेसाबारीमा लगेर सामूहिक बलात्कार गरेको आरोपमा पीडित पक्षले ०६७ वैशाख २१ गते प्रहरीमा लिखित उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण तथा उपचार जिल्ला अस्पताल इनरुवामा भएको थियो। आरोपितहरूमध्ये सेम्लुलाई ०६७ वैशाख २८ गते प्रहरीले गिरफ्तार गरेकोमा जिल्ला अदालत सुनसरीको आदेशमा ०६७ जेठ २३ गते पुर्पक्षका लागि क्षेत्रीय कारागार झुम्कामा थुनामा राखियो। अन्य आरोपितहरूको खोज भइरहेको इन्स्पेक्टर राजेन्द्र पराजुलीले बताए।

मोरङ जिल्ला शनिश्चरे गाविस-३ की २१ वर्षीया युवतीलाई ०६७ जेठ ४ गते पाँचथर जिल्ला च्यानथापू गाविस-७ का यातायात मजदुर २६ वर्षीय विमल राई, मोरङ जिल्ला पथरी गाविस-१ का २३ वर्षीय विमल गुरुङ, बेलबारी गाविस-९ का २० वर्षीय मदन कार्की, दर्वेशा गाविस-९ का २३ वर्षीय किरण घिमिरे, इटहरी नपा-४ का १९ वर्षीय कुशल राई, धरान नपा-८

का २० वर्षीय प्रवीन सुन्दास र धरान नपा-८ का २८ वर्षीय रीतेश श्रेष्ठले धरान नपा-८ स्थित कोसी ग्यारेजमा लगेर सामूहिक बलात्कार गरेको भनी पीडितपक्षले ०६७ जेठ १८ गते इलाका प्रहरी कार्यालय धरानमा जाहेरी दियो। पीडितको स्वास्थ्य परीक्षण बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा भयो। इन्सेक क्षेत्रीय कार्यालयका संयोजक सोमराज थापाको नेतृत्वमा गएको टोलीले पीडितलाई ०६७ जेठ २० गते उद्धार गरी उपचार र मनोविमर्शका लागि महिला पुनर्उत्थान केन्द्र विराटनगरको जिम्मा लगायो। जिल्ला अदालत सुनसरीले ०६७ असार १० गते कुशल राईलाई ७५ हजार रुपियाँ, मदन कार्कीलाई ६० हजार रुपियाँ, रितेश श्रेष्ठलाई ५० हजार रुपियाँ, विमल राईलाई १५ हजार रुपियाँ, विमल गुरुङलाई १५ हजार रुपियाँ, प्रविण सुन्दासलाई १५ हजार रुपियाँ र किरण घिमिरेलाई साधारण तारेखमा रिहा गर्न आदेश दियो।

घरेलु हिंसा

धरान नपा-११ कल्याण चौककी ३७ वर्षीया दिलमाया राईलाई ०६७ भदौ १७ गते उनका पति मणिराम राईले विभिन्न किसिमको घरायसी विषयमा अपशब्द प्रयोग कुटपिट गरे। पीडितले जिल्ला अदालत सुनसरीमा ०६७ भदौ २० गते महिला हिंसासम्बन्धी मुद्दा दर्ता गराइन्। अदालतमा मुद्दा दर्ता किन गराएको भन्दै पाँच वर्षीया छोरी एन्जीला राई, १९ वर्षीय छोरा विश्वजीत राई र आमा ३७ वर्षीया दिलमायालाई दुर्व्यवहार गरेको भन्दै पुन: ०६७ कात्तिक ३० गते जिल्ला अदालत सुनसरीमा संयुक्तरूपमा उनीहरूले मुद्दा दायर गरे। यस वर्षको अन्त्यसम्म मुद्दाको किनारा लागेको छैन।

दुर्व्यवहार

प्रकाशपुर गाविस-५ की ३५ वर्षीया अनीतादेवी साहले छिमेकी बन्दना खड्कालाई बोक्सी लगाई बिरामी बनाएको आरोपमा ०६६ माघ ९ गते उनलाई सोही ठाउँका ६० वर्षीय पदम खड्का, उनकी पत्नी लक्ष्मी राइनी खड्का, छोरी ३२ वर्षीया बोनस खड्का, छिमेकी २३ वर्षीय विजय राई र महेन्द्रनगर गाविस-१ का धामी २३ वर्षीय राजु खड्काले कुटपिट गरी घाइते बनाए। पीडितको उपचार विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा भयो। पीडितले जिल्ला प्रहरी कार्यालय इनरुवामा ०६६ माघ १५ गते लिखित जाहेरी दिइन्। प्रहरी चौकी प्रकाशपुरमा दुवैपक्षबीच छलफल गराउँदा अपरान्त बोक्सीको आरोपमा कुटपिट र दुर्व्यवहार नगर्ने भनी ०६६ माघ २२ गते मिलापत्र गरे।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

जिल्लामा रहेको सुकुमबासी समस्या समाधान आयोगमा यस वर्ष सुकुमबासीहरूले जग्गाधनी प्रमाण पत्रको माग गर्दै १ हजार ३ सय निवेदन परे। तीमध्ये ९ सय २४ निवेदन स्वीकृत भए। स्वीकृत भएका निवेदनमध्ये पहिलो चरणमा १ सय ३२ जना भूमिहीन सुकुमबासीलाई जग्गाधनी प्रमाणपत्र वितरण गरिएको छ। त्यसैगरी, दोस्रो चरणमा १ सय ६३ जना सुकुमबासीहरूलाई जग्गाधनी प्रमाणपत्र वितरण गर्ने आयोगले जनायो।

संरचना, सम्पति क्षति

एकीकृत माओवादीबाट

धरान नपा-४ स्थित सुनसरी टेक्निकल कजेलमा एकीकृत माओवादीको भातृसङ्गठन अनेरास्ववियु क्रान्तिकारीका केन्द्रीय सदस्य मदन चुडाल तथा सुनसरी सचिव सीपी बजगाइँलगायतका कार्यकर्ताहरूले माग गरेजति चन्दा नदिएको भन्दै ०६७ भदौ २८ गते कलेजको भौतिक सामग्री तोडफोड गरी क्षति पुऱ्यायो। आफूसँग अखिल क्रान्तिकारीका कार्यकर्ताले १२ लाख रूपियाँ माग गर्दा त्यति ठूलो रकम दिन नसक्ने बताएपछि कलेजमा तोडफोड गरेको कलेजका व्यवस्थापन समितिका अध्यक्ष लेखराज लिम्बूले बताए। घटनामा संलग्नहरूविरुद्ध किटानी जाहेरी इलाका प्रहरी कार्यालय धरानमा सोही दिन परे पनि कुनै कारबाही अघि बढेन। घटना सम्बन्धमा अनेरास्ववियु क्रान्तिकारीले पठनपाठन राम्रो नभएकोले सामान्य विवाद मात्र भएको जनायो।

मधेली गाविस-२ स्थित दिव्यराज दाहालले हकभोग गर्दै आएको सात कट्ठा दुई धुर एलानी जग्गा ०६६ फाल्गुन ३ गते एकीकृत माओवादी सम्बद्ध अखिल नेपाल सुकुमबासी सङ्घका कार्यकर्ताले झण्डा गाडेर

स्थानीय व्यक्तिद्वारा कुटपिट गरी घाइते बनाइएका पत्रकार लिलानाथ घिमिरे

कब्जा गरेको घोषणा गरे। सो जग्गा सङ्घले १५ घर सुकुमबासीहरूलाई पाँच कट्ठा दुई धुर वितरण गरे भने बाँकी जग्गामा सार्वजनिक भवन निर्माण गर्ने सङ्घले जनायो

किराँत जनवादी वकर्सबाट

हाँसपोशा गाविस-२ स्थित गाविस कार्यालयमा किराँत जनवादी वर्कस पार्टीका कार्यकर्ताले ०६७ वैशाख ३१ गते आगजनी गरे। आगजनीबाट कार्यालयको झ्याल, ढोका, भण्डारकोठामा राखेको सम्पूर्ण कागजात जलेर नष्ट भयो। वर्कस पार्टीले सुनसरीमा ४९ ओटै गाविस सचिवहरूलाई पत्राचार गरी जनही ३ लाख रुपियाँ माग गरिरहेको बेला आगजनी गरिएको थियो।

नेकपा माओवादी (मातृका)बाट

खनार गाविस-६ स्थित गणेशबहादुर श्रेष्ठको नाममा रहेको दुई बिगाहा १२ कट्ठा जग्गा नेपाल कम्युनिष्ट पार्टी क्रान्तिकारी सम्बद्ध सुकुमबासी सङ्घले ०६६ फागुन ९ गते सङ्घको झण्डा गाडेर कब्जा गरेको घोषणा गऱ्यो। उक्त कब्जा गरिएको जग्गा वर्षौंदेखि स्थानीय बुधलाल चौधरीले जोतभोग गर्दै आएका थिए। हाल आएर जग्गाधनीले विवाद गरेकाले जग्गा कब्जा गरिएको सुकुमबासी नेता रणकुमार गुरुङले बताए।

संयुक्त जातीय मुक्तिमोर्चाबाट

विष्णुपादुका गाविस-६ स्थित रहेको गाविस भवन, उपस्वास्थ्य चौकी र अतिरिक्त हुलाक कार्यालयमा संयुक्त जातीय मुक्ति मोर्चाले ०६७ असोज ५ गते आगजनी गरी ध्वस्त बनायो। आगजनीबाट गाविसका कागजात, भवनका काठ, झ्याल ढोका, स्वास्थ्य चौकीका औषधी, कागजपत्र, टेबल कुर्सी दराजलगायतका सामग्री जलेर नष्ट हुँदा ५० लाख रुपियाँ बराबरको क्षति भएको गाविस सचिव गणेश प्रधानले जानकारी गराए। आगजनी गरेको स्थानमा यसअघि मोर्चाले सबै गाविस सचिवलाई राजीनामा दिन पत्र पठाए पनि अटेर गरेका कारण चेतावनी स्वरूप सो कार्य गरेको भन्ने जिल्ला इन्चार्ज अविरलको हस्ताक्षर भएको पर्चा घटनास्थलमा फेला परेको इलाका प्रहरी कार्यालय धरानका इन्स्पेक्टर केशव भट्टराईले जनाए।

अन्यबाट

सदरमुकाम इनरुवा-१ स्थित जिल्ला अस्पतालको आकस्मिक कक्षमा पीडितपक्ष र स्थानीय केही युवाहरूले डाक्टरको लापरवाहीले विरामीको मृत्यु भएको भन्दै ०६७ वैशाख २९ गते टेबल, दराज इन्भर्टरलगायतका सामग्री तोडफोड गरी क्षति पुऱ्याए। तोडफोडबाट ५० हजार रुपियाँ बराबरको क्षति भएको इन्चार्ज तारणीप्रसाद यादवले बताए। मधेशा गाविस-६ का ३२ वर्षीय रोशन चौधरी विरामी भएर उपचारको लागि ल्याउने क्रममा अस्पतालले समयमा एम्बुलेन्स नपठाएको तथा अस्पतालमा डाक्टर नभएको भन्दै आक्रोशित स्थानीय युवाहरूले ढुङ्गामुढा तथा तोडफोड गर्दा झडप भएको थियो।

उचित वातावरणमा काम गर्न पाउने अधिकार

श्रीपुर गाविस-१ की पपुलर एफएमका मैथली समाचारवाचिका १९ वर्षीया मीना साहलाई ०६७ असार १५ गते एफएमबाट काम सकेर इनरुवा नपा-७ स्थित डेरातर्फ गइरहेको बेला इनरुवा नपा-७ का ५० वर्षीय विन्देश्वर यादव, उनका छोराहरू २९ वर्षीय शम्भु यादव र २४ वर्षीय सन्तोष यादवले समाचारको विषयलाई लिएर लाठ्ठी र मुक्काले शरीरको विभिन्न भागमा कुटपिट गरी घाइते बनाए। घाइते साहको इनरुवास्थित मोडेल अस्पतालमा उपचार भयो। जिल्ला प्रहरी कार्यालय सुनसरीमा पीडितले ०६७ असार १९ गते लिखित उजुरी दिए भने उजुरीको आधारमा पीडकहरूको खोजी भइरहेको इन्स्पेक्टर राजेन्द्र पराजुलीले बताए। यस वर्षको अन्त्यसम्म आरोपितहरूलाई कुनै कारबाही नभएको पीडितले गुनासो गरिन्।

मोरङ जिल्ला केरावारी गाविस-६ निवासी फास्ट टाइम्स दैनिकका पत्रकार २६ वर्षीय लीलानाथ घिमिरेलाई ०६७ साउन ३० गते राति ११ बजे समाचार सङ्कलन गर्न गएको अवस्थामा सङ्खुवासभा जिल्ला नूनढाकी गाविस-१ का २९ वर्षीय थमन गुरुङले धरान नपा-१३ स्थित हिलगार्डेन रेष्टुरेन्टमा कुटपिट गरी घाइते बनाए। कोसी अञ्चल प्रहरी कार्यालयका एसएसपी मिङमार लामाकै निर्देशनमा गुरुङले आक्रमण गरेको पीडितले आरोप लगाए। घाइतेको धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भयो। घटनामा संलग्न गुरुङलाई इलाका प्रहरी कार्यालय धरानले ०६७ साउन ३१ गते गिरफ्तार गऱ्यो। पीडक जिल्ला अदालत सुनसरीको आदेशमा ०६७ भदौ २६ गते साधारण तारेखमा रिहा भए। उक्त घटना

सम्बन्धमा जिल्ला प्रहरी कार्यालय इनरुवा र इलाका प्रहरी कार्यालय धरानमा एसएसपीविरुद्धका मुद्दा दर्ता गर्न जाँदा दर्ता नगरी दरपिठ मात्र गरेपछि पीडितका बुबा बालकृष्ण घिमिरेले ०६७ भदौ ११ गते पुनरावेदन अदालत मोरङमा मुद्दा दायर गरे। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

अज्ञात समूहबाट

सप्तरी जिल्ला तोपा गाविस-३ घर भई इनरुवा नपा-५ मा बस्दै आएका पत्रकार ३२ वर्षीय अवधेशकुमार झालाई ०६६ माघ १ गते समाचार लेखेको विषयलाई लिएर अज्ञात समूहले मार्ने धम्की दियो। केही समय पहिले नक्कली नागरिकताको विषयमा समाचार लेखेको भन्दै दुईओटा मोटरसाइकलमा आएका चार जना अपरिचित व्यक्तिले मार्ने धम्की दिएको पीडितले बताए। पत्रकार झामाथि भएको धम्कीको विषयलाई लिएर पत्रकार सम्बद्ध विभिन्न सङ्घ संस्थाले पत्रकारहरूको सुरक्षा र पेशागत सुरक्षाको माग गर्दै प्रमुख जिल्ला अधिकारी रामप्रसाद थपलियालाई ०६७ माघ २ गते ज्ञापनपत्र बुझाए। जिल्ला प्रहरी कार्यालय सुनसरीले धम्की दिने समूहको खोजी भइरहेको जनायो।

स्वास्थ्य सेवाको अवस्था

जिल्ला जनस्वास्थ्य कार्यालयका अनुसार बालमृत्यु दर प्रतिहजार ४.५ रहेको छ भने जिल्लामा एक जिल्ला अस्पताल रहेको छ भने पाँच जना डाक्टरको दरबन्दी भए पनि हाल एक जना मात्र कार्यरत रहेका छन्। त्यसैगरी, स्टाफ नर्स पाँच जनाको दरबन्दी भए पनि तीन जना कार्यरत रहेका छन्। चार जना नर्सको दरबन्दी रहेकोमा चारै जना कार्यरत रहेका छन्। जिल्लामा स्वास्थ्य चौकी ३६ ओटा रहेको छ भने इन्चार्ज ३६ जना रहेको र ४० ओटा उपस्वास्थ्य चौकीमा ४० जना इन्चार्ज नै कार्यरत रहेका छन्।

१.७ धनकुटा

जनसङ्ख्या : १,८६,१३५
साक्षरता प्रतिशत : ७२
महिला साक्षरता प्रतिशत : ५२
क्षेत्रफल (वर्ग कि. मि.) : ८९१
गाविस/नपा सङ्ख्या : ३५/१
सरकारी/निजी विद्यालय : ३१९/१२
क्याम्पस/उच्च मा.वि. : १/३०
अस्पताल/स्वास्थ्य चौकी : १/३७
मानव विकास सूचकाङ्कः ०.५०७
प्रतिपरिवार सरदर सङ्ख्याः ६

नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

अज्ञातबाट

धनकुटा नगरपालिका-४ का ५५ वर्षीय कैलाश नेपाली ०६७ पुस ९ गते मृत अवस्थामा फेला परे। लासलाई जिल्ला प्रहरी कार्यालय धनकुटाबाट गएको प्रहरीको टोलीले जिल्ला अस्पताल धनकुटा ल्याई पोष्टमार्टम गरी परिवारजनको जिम्मा लगायो। नेपालीको हत्या कसले गरेको हो भन्ने बारेमा हालसम्म खुल्न नसकेको जिल्ला प्रहरी कार्यालय धनकुटाका इन्सपेक्टर भद्रमान मोतेले बताए। नेपाली पुस ८ गते साँझ घरबाट निस्किएका थिए।

जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागार धनकुटामा २५ जना बन्दी क्षमता भएकोमा हाल ५० जना बन्दीहरू रहेका छन्। १४ जना थुनुवा, ३६ जना कैदी र एक जना १६ महिने आश्रित बालक आफ्नी आमासँगै रहँदै आएका छन्। बन्दीमध्ये १२ जना पुरुष र दुई जना

घटनाको प्रकार	गैरराज्यबाट									राज्यबाट		
	अन्यबाट					एकीकृत माओवादीबाट						
	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	४	२	२		४							
घाइते	३	३			३							
कुटपिट	३	५	१		६	३	२	२	४	१	३	३
धम्की	४	६		३५	४२	२	३		३			
महिलाअधिकार	६		६		६							
अमानवीय व्यवहार	१	१			१							
अपहरण	१	१			१							
जम्मा	३३	१९	१०	३५	६४	५	५	२	६	१	३	३

महिला थुनुवा रहेका छन् भने ३६ जना कैदीमा ३४ जना पुरुष र दुई जना महिलाहरू रहेका छन्। महिला र पुरुषहरूको लागि छुट्टाछुट्टै भवनहरू नभए पनि हाल महिलाहरूलाई माथिल्लो तलामा र पुरुषहरूलाई तल्लो तलामा राखिएको छ। साँघुरो कोठा र ओसिलो रहेको उक्त कारागार जीर्ण अवस्थामा रहेको छ। पढन चाहनेहरूलाई पढने व्यवस्था मिलाइएको भए पनि हाल पढने विद्यार्थीहरू नभएको कारागार शाखाले जनाएको छ।

धम्की/कुटपिट

एकीकृत माओवादीबाट

महाभारत गाविस-१ का ३० वर्षीय रवीन्द्रप्रसाद राईलाई ०६६ माघ २२ गते सोही गाविसका माओवादी कार्यकर्ता २६ वर्षीय सुमन राईले चिरपट दाउराले हिर्काए। गाउँमा युथफोर्स गठन भएपछि 'युथफोर्स छोड कि गाउँ छोड' भन्दै बारम्बार आफ्ना भाइहरूलाई धम्की दिँदै आएका एकीकृत माओवादी कार्यकर्ताले आफूलाई कुटपिट गरेको पीडितले बताए। उनको दायाँ कान, गाला र पाखुरामा चोट लागेको र नीलडाम भएको जिल्ला अस्पतालले बतायो।

धनकुटा नपा-४ निवासी पत्रकार ३७ वर्षीय रमेशचन्द्र अधिकारीलाई आफूहरूविरुद्ध समाचार प्रसारण गराएको आरोपमा ०६७ वैशाख २० गते एकीकृत माओवादीका सदस्य गङ्गाराम गोडदेनले आइन्दा हडताल बिथोल्ने समाचार प्रसारण गरेमा अन्तिम चेतावनी भन्दै धम्की दिए। माओवादीले गरेको आमहडतालका क्रममा मलामी गएका मानिसहरूलाई अनेरास्ववियु (क्रान्तिकारी)का विद्यार्थीहरूले ढुङ्गा हानेको समाचारले आफूहरूको आन्दोलनलाई नराम्रो असर पारेको भन्दै एकीकृत माओवादीले कार्यक्रमस्थलमा पुगेका पत्रकारहरूको समूहमा रहेका अधिकारीलाई समाएर 'आन्दोलनलाई असफल बनाउने समाचार बजाए अन्त्य गरिदिने' धम्की दिएका थिए। एकीकृत माओवादीका जिल्ला सेक्रेटरी उज्वलले टेलिफोन गरी पीडितसँग माफ मागेका थिए।

सोल्मा गाविस-८ तेह्रथुम जिल्ला घर भई धनकुटामा ब्लास्ट टाइम्स दैनिक पत्रिका वितरक २७ वर्षीय चन्द्रबहादुर कार्कीलाई ०६७ वैशाख २३ गते एकीकृत माओवादीका कार्यकर्ताहरू गरिमा कार्कीलगायतको एक समूहले धनकुटा नपा-७ स्थित चुवाको बोटमा कार्यक्रम भइरहेको अवस्थामा भाटाले प्रहार गरी घाइते बनायो। पीडितको सुरक्षाकर्मीले उद्धार गरेको थियो भने उनको जिल्ला अस्पतालमा उपचार भयो।

अनेरास्ववियु क्रान्तिकारीबाट

धनकुटा नपा-१ हिलेका २९ वर्षीय रमेश घिमिरे, ३२ वर्षीय अर्जुन चौलागाईं, ३१ वर्षीय कृष्ण विष्ट र मानबहादुर श्रेष्ठलाई ०६७ वैशाख २० गते मोटरसाइकल चढी मलामी गएको अवस्थामा एकीकृत माओवादीले बन्दको अवज्ञा गरेको भन्दै ढुङ्गा हानी घाइते बनाए। स्थानीय एक व्यापारीको मृत्यु भएपछि ट्रक र मोटरसाइकलमा मलामीहरूलाई गएकाहरूलाई अनेरास्ववियु क्रान्तिकारीका विद्यार्थीहरूले धनकुटा बहुमुखी क्याम्पसको छात्रावासबाट ढुङ्गा हानेका थिए। घाइतेहरू सामान्य उपचारपछि घर फर्के।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

छिन्ताङ गाविस-४ का २८ वर्षीय मातृका राई, महाभारत गाविस-२ का ४८ वर्षीय बमबहादुर राई र छिन्ताङ-४ का विष्णु राईलाई पसल बन्द गराउन दबाब दिएको आरोपमा ०६७ वैशाख २२ गते जिल्ला प्रहरी कार्यालयका सुरक्षाकर्मीहरूले लाठीचार्ज गरी घाइते बनाए। एकीकृत माओवादीले गरेको आमहडतालको क्रममा बजार बन्द गराउँदै हिँडेको अवस्थामा सुरक्षाकर्मीले आफूहरूलाई लाठी प्रहार गर्दा टाउकोमा गहिरो चोट लागेको उनीहरूले बताए। पीडितहरूको जिल्ला अस्पतालमा उपचार भयो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत धनकुटामा ०६७ असार मसान्तसम्म बाँकी रहेका १३ थान सरकारीवादी फौजदारी मुद्दामा एउटै पनि फर्स्यौट भएनन्। ०६७ पुस १६ गतेसम्म सरकारीवादी फौजदारी मुद्दा यस वर्ष १४ थान दर्ता भएकामा एक थान फर्स्यौट भई १३ थान बाँकी रहे। अघिल्लो वर्षको जिम्मेवारी सरेर आएका र यस वर्ष दर्ता भएका सरकारवादी फौजदारी मुद्दा जम्मा २७ थान मुद्दामध्ये यस वर्ष एक थान फर्स्यौट भई २६ थान मुद्दा बाँकी रहे।

दुनियाँवादी फौजदारी मुद्दा गत वर्षको सरेर आएका ३७ थान मुद्दामध्ये यस वर्ष तीन थान फर्स्यौट भई ३४ थान बाँकी रहे। दुनियाँवादी फौजदारी मुद्दा यस वर्ष २६ थान दर्ता भएकामा पाँच थान फर्स्यौट भई २१ थान बाँकी रहे। अघिल्लो वर्षको जिम्मेवारी सरेर आएका र यस वर्ष दर्ता भएका दुनियाँवादी फौजदारी मुद्दा जम्मा ६३ थानमध्ये यस वर्ष आठ थान फर्स्यौट भई ५५ थान मुद्दा बाँकी रहे।

देवानी फौजदारी मुद्दा गत वर्ष सरेर आएका ४५ थान मुद्दामध्ये यस वर्ष सात थान फर्स्यौट भई ३८ थान मुद्दा बाँकी रहे। देवानी फौजदारी मुद्दा यस वर्ष २१ थान दर्ता भएकामा एक थान फर्स्यौट भई २० थान मुद्दा बाँकी रहे। अघिल्लो वर्षको जिम्मेवारी सरेर आएका र यस वर्ष दर्ता भएका देवानी फौजदारी मुद्दा जम्मा ६६ थान मुद्दामध्ये आठ थान मुद्दा फर्स्यौट भई ५८ थान मुद्दा बाँकी रहे। गत वर्षको जिम्मेवारी सरेर आएका र यस वर्ष दर्ता भएका १ सय ५६ थान मुद्दामध्ये यस वर्ष १७ थान मुद्दा फर्स्यौट भई १ सय ३९ थान बाँकी रहे।

यसैगरी, पुनरावेदन अदालतमा गत वर्षको जिम्मेवारी सरेर आएका १ सय २९ थान सरकारवादी फौजदारी मुद्दामध्ये ८५ थान मुद्दा फर्स्यौट भई ४४ थान मुद्दा बाँकी रहे। यस वर्ष दर्ता भएका २९ थान सरकारवादी फौजदारी मुद्दामध्ये दुई थान फर्स्यौट भई २७ थान मुद्दा बाँकी रहे। अघिल्लो वर्षको जिम्मेवारी सरेर आएका र यस वर्ष दर्ता भएका सरकारवादी फौजदारी मुद्दा जम्मा १ सय ५८ थानमध्ये ८७ थान फर्स्यौट भई ७१ थान बाँकी रहे।

गत वर्षको जिम्मेवारी सरेर आएका ३२ थान दुनियाँवादी फौजदारी मुद्दामा २८ थान मुद्दा फर्स्यौट भई चार थान मुद्दा बाँकी रहे। यस वर्ष दर्ता भएका १२ थान दुनियाँवादी फौजदारी मुद्दामध्ये तीन थान फर्स्यौट भई नौ थान मुद्दा बाँकी रहे। अघिल्लो वर्षको जिम्मेवारी सरेर आएका र यस वर्ष दर्ता भएका दुनियाँवादी फौजदारी मुद्दा जम्मा ४४ थानमध्ये ३१ थान फर्स्यौट भई १३ थान बाँकी रहे।

गत वर्षको जिम्मेवारी सरेर आएका ८० थान देवानी मुद्दामध्ये ६० थान फर्स्यौट भई २० थान बाँकी रहे। यस वर्ष दर्ता भएका ३० थान देवानीमध्ये दुई थान फर्स्यौट भई २८ थान बाँकी रहे। अघिल्लो वर्षको जिम्मेवारी सरेर आएका र यस वर्ष दर्ता भएका देवानी मुद्दा जम्मा एक सय १० थानमध्ये ६२ थान मुद्दा फर्स्यौट भई ४८ थान मुद्दा बाँकी रहे। घरेलु हिंसा ऐनअर्न्तगत मुद्दा दायर नभएको अदालतले जनाएको छ।

बालअधिकार

यस वर्ष विद्यालय जाने उमेरका ६२ हजार ६ सय ८२ जना बालबालिकाहरू भर्ना भएको जिल्ला शिक्षा कार्यालय धनकुटाले जनाएको छ। जिल्ला शिक्षा कार्यालयका अनुसार जिल्लामा २ सय ७५ ओटा बाल विकास केन्द्रहरू सञ्चालनमा रहेका छन्। बाल विकास केन्द्रमा ६ हजार ६ सय ५७ जना बालबालिकाहरू अध्ययनरत् छन्। यसैगरी, विद्यालय भर्ना भएका बालबालिकाहरूमा प्रावि तहमा ३० हजार ७ सय ८१ जना, निमावि तहमा १४ हजार ४ सय ५१ जना, माबि तहमा ७ हजार २ सय २५ जना र उच्चमाविमा ३ हजार ५ सय ६८ जना बालबालिका भर्ना भएको जिल्ला शिक्षा कार्यालयले जनाएको छ।

समाहित शिक्षा स्रोत केन्द्रअर्न्तगत १० ओटा केन्द्रहरू सञ्चालित छन्। समाहित शिक्षा स्रोत केन्द्रमा ७ सय १२ जना बालबालिकाहरू अध्ययन गरिरहेका छन् भने अध्ययन गरिरहेकामध्ये सुस्तमनस्थिति, सुस्तश्रवण र दृष्टिविहीन बालबालिकाहरूलाई आवासीय पठनपाठनको व्यवस्था गर्नुको साथै व्यवस्थापन खर्चवापत मासिक प्रतिव्यक्ति एक हजार ३ सय रुपियाँ शिक्षा कार्यालयले उपलब्ध गराउँदै आएको छ। तर,

उक्त रकम पर्याप्त भने हुन सकेको छैन।

जिल्लामा मुस्लिम समुदायका बालबालिकाहरूका लागि मदरसा इस्लामिया शिक्षा सञ्चालनमा रहेको छ। उक्त शिक्षाअर्न्तगत ४१ जना बालबालिकाहरू अध्ययन गरिरहेका छन्। त्यस्तै बालबालिकाहरूको लागि खुल्ला शिक्षा कार्यक्रम पनि जिल्लामा सञ्चालन भइरहेको छ।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बलात्कारपछि हत्या

सुनसरी जिल्ला पञ्चकन्या गाविस-५ की २८ वर्षीया मीना सुब्बालाई ०६६ फागुन १५ गते लडेर अचेत अवस्थामा बाटोमा रहेको अवस्थाबाट उठाई धरान नपा-१४ का २० वर्षीय मुकेश मग्राती, पञ्चकन्या गाविस-३ का १९ वर्षीय सुदीप डङ्गोल र धरान नपा-१५ का २२ वर्षीय सुजनकुमार श्रेष्ठले धनकुटा जिल्ला भेडेटार गाविस-५ को नाम्जेमा पर्ने बाँदरे जङ्गलमा सामूहिक बलात्कार गरी हत्या गरे। धरानबाट घर जान हिँडेकी मीनालाई बाटोमा चिप्लिएर अचेत भएका अवस्थामा भ्यानमा राखी जङ्गलतर्फ लगेर सामूहिक बलात्कार गरेको आरोपितहरूले स्वीकारेको प्रहरीले जनायो। अभियुक्तहरूलाई कर्तव्य ज्यान, अपहरण र बलात्कारको अभियोगमा सर्वस्वसहित जन्मकैद गरिएको छ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

धनकुटा नगरपालिका-७ निवासी धनकुटा बहुमुखी क्याम्पसका प्रमुख ४७ वर्षीय केशव पोखेल पहाडीलाई ०६६ चैत ५ गते पदबाट 'राजीनामा दिनुपर्ने र नछाडे सपरिवार जे पनि गर्ने' भन्दै अपरिचित व्यक्तिहरूले धम्की दिए। आफूलाई पाँच/छ जनाको सङ्ख्यामा हिँडेका अपरिचित व्यक्तिहरूले सिध्याउने धम्की दिएको पीडितले बताए। विभिन्न समयमा भिन्नाभिन्नै स्थानमा एक्लै भएको अवस्थामा भेटेर राजीनामा नदिए आफू र विराटनगरमा बस्दै आएका छोरालाई समेत सिध्याउने चेतावनी दिएको समेत पीडितले बताए। धम्कीका कारण ०६६ चैत ७ गते पीडितले राजीनामा दिएको सार्वजनिक गरे। घटनाको विरोधमा जिल्लामा विभिन्न सङ्घ संस्थाहरूले विरोध जनाए भने राजीनामा स्वीकृत नगर्नका लागि क्याम्पस प्रशासन कर्मचारीहरूले दबाव दिए। राजीनामा स्वीकृत भएन।

स्वास्थ्य सेवाको अवस्था

जिल्ला अस्पताल धनकुटामा तीन जना डाक्टरको दरबन्दी रहेको छ भने हाल चार जना करारसहित सात जना कार्यरत रहेका छन्। ३५ गाविस र एक नगरपालिका रहेको धनकुटा जिल्लामा दुईओटा प्राथमिक स्वास्थ्य केन्द्र, ११ ओटा स्वास्थ्य चौकी र २४ ओटा उपस्वास्थ्य चौकी रहेका छन्। चार जना स्टाफ नर्सको दरबन्दी रहेको जिल्ला अस्पताल धनकुटामा चार जना नै कार्यरत रहेका छन् भने ११ ओटा रहेको स्वास्थ्य चौकीमा ११ जना नै इन्चार्जहरू कार्यरत रहेका छन्। त्यसैगरी, २४ ओटा उपस्वास्थ्य चौकीमा तीन जनाको दरबन्दी रिक्त रहेको छ भने २१ जना अहेवहरू कार्यरत छन्। रिक्त रहेको पदका लागि लोकसेवा आयोगमा माग गरिसकेको अस्पतालले जनायो। २४ जना ग्रामीण स्वास्थ्य कार्यकर्तामा सातओटा रिक्त रहेका छन् भने २४ जना मातृ शिशु कार्यकर्ताको दरबन्दीमा २४ जना नै कार्यरत रहेका छन्। त्यसैगरी, ३५ गाविसमा ३ सय १५ जना र नगरपालिकामा २७ जना गरी ४२ जना महिला स्वास्थ्य स्वयम्सेविकाहरू कार्यरत रहेको अस्पतालले जनाएको छ।

१.८ तेह्रथुम

जनसङ्ख्या : ११,२३,१५८
साक्षरता प्रतिशत : ६४
महिला साक्षरता प्रतिशत : ४३
क्षेत्रफल (वर्ग कि. मि.) : ६७९
गाविस/नपा सङ्ख्या : ३२/०
सरकारी/निजी विद्यालय : ३७६/८
क्याम्पस/उच्च मा.वि. : २/२४
अस्पताल/स्वास्थ्य चौकी : १/३१
मानव विकास सूचकाङ्कः ०.५२३
प्रतिपरिवार सरदर सङ्ख्याः ६

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागारमा ३५ जना बन्दी क्षमता रहेकोमा ४० जना पुरुष, चार जना महिला बन्दी छन्। दुई आश्रित बालबालिका पनि छन्। महिला र पुरुषका लागि एकै भवनभित्र छुट्टाछुट्टै कोठा छन्। जेलमा खानेपानी सुविधा छ भने जीर्ण अवस्थाको चर्पीहरू रहेका छन्। बाथरुमको भने जेलमा व्यवस्था गरिएको छैन। जेलमा बिजुलीको पनि व्यवस्था गरिएको छ। जेलको भवन ज्यादै पुरानो भई बन्दीहरू बस्ने भवनमा पानी चुहिने अवस्थाको छ। बन्दी सुत्ने कोठाका फलेकहरू मकिएर अब चिसो भुँइमा सुत्नु पर्ने अवस्था रहेको छ। भवन पुरानो भएर भित्ता र भुइको प्लास्टर भत्किएर जीर्ण बनेको छ। जेलको अग्लो पर्खाल भत्किने अवस्थामा पुगेको छ। महिला र पुरुष बन्दीका लागि भलिबल, चेस, क्यारामबोर्ड र लुडोजस्ता खेल सामग्रीको व्यवस्था गरिएको छ। पुरुष बन्दीहरूका लागि टेलिभिजनको व्यवस्था गरिएको छ भने महिला बन्दीहरूका लागि त्यो व्यवस्था छैन। क्षमताभन्दा बढी कैदी बन्दी जेलमा राखिएको हुनाले खान सुत्न र बस्न असजिलो भएको बन्दीले बताए।

धम्की/ कुटपिट
राज्यबाट

जिरीखिम्ती गाविस-७ को २१ वर्षीय सन्तोष लिम्बू, आम्बुङ्ग गाविस-७ का २५ वर्षीय राजेन्द्र लिम्बू, साब्ला गाविस-८ का योगविक्रम लिम्बूलाई ०६६ फागुन १७ गते वाईसीएलका कार्यकर्ताले बजारमा नाराजुलुस गरेको आरोपमा सशस्त्र बेश क्याम्पका सुरक्षाकर्मीले कुटपिट गरे। पीडितहरू सर्वसाधारण हुन्। कुटपिटबाट सामान्य घाइते भएका पीडितहरूले स्थानीय जिरीखिम्ति स्वास्थ्य केन्द्रमा उपचार गराए।

सुदाप गाविस-६ निवासी अनेरास्ववियु क्रान्तिकारीका जिल्ला सचिवालय सदस्य विक्रम खड्का र ओखे गाविस-९ निवासी माओवादी कार्यकर्ता अनिल लिम्बूलाई ०६७ असोज ९ गते गस्तीमा गएको सशस्त्र प्रहरीले गुण्डागर्दी गरेको आरोपमा कुटपिट गऱ्यो। अखिल क्रान्तिकारीले बिनाकारण आफ्ना कार्यकर्तालाई प्रहरीले कुटपिट गरी घाइते बनाएको भनी असोज १० गते जिल्लाव्यापी आमहडताल गरेको थियो।

वाईसीएलबाट

जिरीखिम्ती गाविस-९ का ३७ वर्षीय उमेश गौतमलाई बस सिन्डिकेटको विषयमा विवाद हुँदा ०६७ जेठ १० गते बेलुकी वाईसीएलका स्थानीय कार्यकर्ताहरू जिरीखिम्ति गाविस-७ का जङ्गबहादुर लिम्बू, नारायण लिम्बू र माओवादीका जिल्ला सदस्य बेलकुमार लिम्बूले कुटपिट गरे। पीडित गौतमले जिल्ला प्रहरी कार्यालयमा दिएको उजुरीका आधारमा प्रहरीले बेलकुमार र नारायणलाई जेठ २७ गते गिरफ्तार गऱ्यो। जङ्गबहादुर फरार भएको हुनाले गिरफ्तार गर्न सकेन। गिरफ्तार गरिएका पीडकद्वयलाई असार १२ गते जनही २० हजार रुपियाँ धरौटी राख्न लगाई जिल्ला प्रशासन कार्यालयले रिहा गऱ्यो।

जिरीखिम्ती गाविस-९ निवासी व्यापारी २७ वर्षीय सन्तोष शाह र २५ वर्षीय लालबहादर थापालाई

घटनाको प्रकार	गैरराज्यबाट							राज्यबाट			
	अन्यबाट				एकीकृत माओवादीबाट						
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
हत्या	७	३	४	७							
घाइते	३	३		३							
गिरफ्तारी/यातना								७	७	१	८
कुटपिट	८	१०		१०	१	१	१	३	७		७
धम्की	१	१		१							
महिलाअधिकार	८		८	८							
बालअधिकार	३		३	३							
जम्मा	३९	१६	१५	३१	१	१	१	१०	१४	१	१५

बन्दको अवज्ञा गरेको आरोपमा ०६६ फागुन १८ गते वाईसीएल कार्यकर्ताले पसल तोडफोड गर्दै कुटपिट गरे। ०६६ फागुन १७ गते प्रहरीले आफ्ना निर्दोष कार्यकर्तालाई कुटपिट गरेको विरोधमा वाईसीएलले जिरीखिम्ती बजार बन्द गरेको थियो।

सम्दू गाविस-८ का ३० वर्षीय बेदनारायण लिम्बूलाई ०६६ चैत २० गते बिहान सोही ठाउँका वाईसीएल कार्यकर्ता धनबहादुर लिम्बूले सडक निमार्णको ज्याला वितरणमा विवाद हुँदा कुटपिट गरे। पीडकलाई प्रहरीले चैत २३ गते गिरफ्तार गरी चैत २६ गते रिहा गऱ्यो। पीडितको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार भएको थियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्ला अदालतमा गत ०६७ असार मसान्तसम्म जिम्मेवारी सरेर आएका दुनियाँवादी देवानी मुद्दा ३४ थान र ०६७ पुस १६ गतेसम्म दर्ता भएका ४२ थान गरी जम्मा ७६ थान मुद्दा रहेकामा ४९ थान फर्स्यौट भई २७ थान बाँकी रहे।

त्यसैगरी, दुनियाँवादी फौजदारी मुद्दा गत वर्षको जिम्मेवारी सरेर आएका ४९ थान र यस वर्ष दर्ता भएका ४६ थान गरी जम्मा ९५ थान मुद्दा रहेकोमा ५३ थान फर्स्यौट भई ४२ थान बाँकी रहे।

त्यसैगरी, सरकारवादी फौजदारी मुद्दा गत वर्षको जिम्मेवारी सरेर आएका छ थान र यस वर्ष दर्ता भएका तीन थान गरी नौ थान मुद्दा रहेकामा दुई थान फर्स्यौट भई सात थान बाँकी रहे।

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

म्याङलुङ गाविस-१ की १८ वर्षीया सीता भण्डारी र उनकी आमा ४० वर्षीया नवीना भण्डारीलाई ०६७ असोज १४ गते जिल्ला प्रहरी कार्यालयका प्रहरीले अभियोगीलाई भगाएको आरोपमा सोधपुछ गर्न भनी बिनापूर्जी गिरफ्तार गरे। सीतालाई प्रहरीले राति ९ बजे हिरासतबाट महिला प्रहरी सेलमा लगेर यातना दिएका थिए। पीडितको शरीरमा नीलडामसमेत भएको थियो। आफ्ना दाजुले गरेको गलत क्रियाकलापबारे आफूलाई केही पनि थाहा नभएको र फरार भएर कता गएको बारेमा कुनै जानकारी नभएको पीडित सीताले बताइन्।

बालअधिकार

जिल्लामा २८ ओटा उमावि, तीनओटा माध्यामिक विद्यालय, १७ ओटा निम्न माद्यमिक विद्यालय र ३ सय १७ ओटा प्राथमिक विद्यालय रहेका छन्। सबै तहका विद्यालयको विद्यार्थी सङ्ख्या १६ हजार ५ सय रहेको जानकारी जिल्ला शिक्षा कार्यालय तेह्रथुमले दिएको छ। जिल्लामा विद्यार्थी अनुपातका आधारमा आवश्यक शिक्षक दरबन्दी नहुँदा कतिपय विद्यालयमा शैक्षिक अवस्था अस्तव्यस्त रहेको छ। जिल्ला सदरमुकाम नजिकका विद्यालयको तुलनामा ग्रामीण विद्यालयमा शिक्षक दरबन्दी नरहेको जानकारीसमेत कार्यालयले जनायो। यस वर्ष विभिन्न विद्यार्थी सङ्गठनले गरेको शैक्षिक हड्तालका कारण आठ दिन विद्यालय बन्द रहे।

जल्जले गाविस-८ की एक १७ वर्षीया बालिकालाई ०६६ पुस २४ गते चितवन वीरेन्द्रनगरका वीरेन्द्र रानाभाटले बेचबिखन गर्नका लागि हेटौँडासम्म पुऱ्याए। आफूलाई बेचबिखन गर्न लगिएको भन्ने थाहा पाएर बालिका स्थानीय सामुदायिक बहुउद्देश्यीय संस्थाको सहयोगमा मुक्त भइन्। पीडक पुन: बालिकालाई फकाई दोश्रो पटक लिन भनी तेह्रथुम आएका बेला बालिकाले प्रहरीलाई दिएको सूचनाका आधारमा पीडकलाई ०६६ फागुन ३ गते गिरफ्तार गऱ्यो। उनलाई जिल्ला अदालतको आदेशमा फागुन १२ गते कारागार चलान गरिएको छ।

आङ्दिम गाविस-२ की एक १३ वर्षीया बालिकालाई ०६७ जेठ २७ गते सोही ठाउँका ३७ वर्षीय मिरबहादुर लिम्बूले आफ्नो घरमा काम सघाउने बहानामा घरमा बोलाएर बलात्कार गरेको आरोपमा प्रहरीले लिम्बूलाई असार ८ गते गिरफ्तार गऱ्यो। आरोपितलाई हाल कारागारमा राखिएको छ।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार घरेलु हिंसा

सम्दू गाविस-९ की ४८ वर्षीया दिलकुमारी राईको ०६७ असोज ७ गते उनका पति ५० वर्षीय मणिकुमार राईले लाठी प्रहार गरी हत्या गरे। पत्नीको हत्या गर्ने राईलाई सम्दू प्रहरी चौकीले असोज ८ गते गिरफ्तार गऱ्यो। पीडककलाई कर्तव्य ज्यान मुद्दाअर्न्तगत असोज १७ गते जेल चलान गरिएको छ।

स्वास्थ्य सेवाको अवस्था

जिल्ला अस्पतालमा चार जना डाक्टरको दरबन्दी रहेकोमा हाल तीन जना मात्र कार्यरत रहेका छन्। त्यसैगरी, दुई प्राथमिक स्वास्थ्यकेन्द्रमा समेत डाक्टरको दरबन्दी रहेको छ। २० ओटा उपस्वास्थ्य चौकीमा भएकोमा ३६ जना अहेव कार्यरत छन्।

उपस्वास्थ्य चौकी ४५ ओटामा ३३ जना अहेव कार्यरत रहेका छन्, १२ ओटा पद रिक्त रहेको छ। जिल्लामा ३२ ग्रामीण स्वास्थ्य कार्यकर्ता, २० जना मासिका र ७ सय १८ जना स्वास्थ्य स्वयम्सेविका कार्यरत छन्।

१.९ भोजपुर

जनसङ्ख्या : २,०६,८८७
साक्षरता प्रतिशत : ५५
महिला साक्षरता प्रतिशत : ४४
क्षेत्रफल (वर्ग कि. मि.) : १,५०७
गाविस/नपा सङ्ख्या : ६३/०
सरकारी/निजी विद्यालय : ३७१/६
क्याम्पस/उच्च मा.वि. : १/१७
अस्पताल/स्वास्थ्य चौकी : १/६३
मानव विकास सूचकाङ्कः ०.४७२
प्रतिपरिवार सरदर सङ्ख्याः ५

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या

लिम्बूवान राज्य परिषद्बाट

भैँसीपड्खा गाविस-७ का ५० वर्षीय व्यापारी भरत राईलाई भैँसीपड्खा गाविस-७ स्थित जलजले जङ्गलमा सङ्घीय लिम्बूवान परिषद् सम्बद्ध कार्यकर्ताहरूले ०६६ माघ ८ गते धारिलो हतियारले काटेर हत्या गरे। मोरङ जिल्लाको उर्लाबारीबाट भैँसीपड्खास्थित घर फर्कदै गरेका राईलाई लिम्बूवानका कार्यकर्ताहरूले बाटैबाट नियन्त्रणमा लिएर धारिलो हतियारले काटेर हत्या गरेको आरोपमा कारबाही अगाडि बढाइएको प्रहरीले जनायो। शरीरका अधिकांश भाग काटिएर रगत बगेको अवस्थामा राईको लास भैँसीपड्खा गाविसको जलजले जङ्गलमा ०६६ माघ ९ गते दिउँसो स्थानीय बासिन्दाले फेला पारेका थिए। राईको लासको जिल्ला अस्पताल भोजपुरमा माघ ९ गते पोष्टमार्टम भयो। हत्यामा संलग्न भएको आरोपमा प्रहरीले ताप्लेजुङ जिल्लाको लिङ्तेप गाविस-६ निवासी लिम्बूवान कार्यकर्ता लोहाङ लिम्बूलाई ०६६ चैत १७ गते पाँचथरको भारपा गाविसबाट गिरफ्तार गरी कर्तव्य ज्यान अभियोगमा जिल्ला अदालतमा मुद्दा दायर गरेकोमा अदालतले ०६७ वैशाख १४ गते २७ हजार रुपियाँ धरौटीमा रिहा गरेको थियो। जिल्ला अदालतको सो आदेशलाई उल्टाएर पुनरावेदन अदालत धनकुटाले लिम्बूलाई पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएपछि उनी हाल जिल्ला कारागार कार्यालय भोजपुरमा थुनामा छन्। हत्यामा संलग्न अन्य आरोपितलाई भने प्रहरीले यस वर्षको अन्त्यसम्म गिरफ्तार गर्न सकेको छैन।

अज्ञात समूहबाट

बोखिम गाविस-५, पोखरीकी २२ वर्षीया ज्ञानु प्रधानलाई ०६७ साउन गते १८ राति अज्ञात समूहले बञ्चरो प्रहार गरेर हत्या गऱ्यो। बञ्चरोले टाउको, कञ्चट र घाँटीमा प्रहार गरिएको अवस्थामा ज्ञानुको लास ०६७ साउन १९ गते बिहान उनकै घरमा स्थानीय छिमेकीले फेला पारेको जिल्ला प्रहरी कार्यालय भोजपुरले जनायो। ज्ञानुको हत्यामा भोजपुरस्थित नेपाली सेनाको कालीध्वज गणमा कार्यरत एकजना जवान संलग्न रहेको प्रहरीले दावी गरे पनि यो वर्षको अन्त्यसम्म कसैलाई गिरफ्तार गर्न सकेको छैन। जिल्ला प्रहरी कार्यालय भोजपुरका डिएसपी नरबहादुर केसीले घटनाबारे प्रहरीको अनुसन्धान जारी रहेको जनाए। उनले हत्यामा संलग्न भएका भनिएका सेनाका जवानलाई प्रहरीको जिम्मा लगाउन सेनालाई आग्रह गरिएको बताए। प्रहरीले हत्यालगत्तै गठन गरेको अनुसन्धान टोलीले पनि हत्यामा कालीध्वज गणमा कार्यरत सैनिक संलग्न रहेको निष्कर्षसहितको प्रतिवेदन जिल्ला प्रहरी कार्यालयमा ०६७ कात्तिकमै बुझाए पनि प्रहरीले हत्यामा संलग्न भनिएका कसैलाई गिरफ्तार गर्न नसकेको प्रहरीले जनायो।

घटनाको प्रकार	गैरराज्यबाट								
	अन्यबाट					एकीकृत माओवादीबाट			
	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा	घटना सङ्ख्या	पुरुष	अन्य	जम्मा
हत्या	६	१	५		६				
कुटपिट	३	३	१		४				
धम्की	४	३		२	५	२	२		२
महिलाअधिकार	३		३		३				
बालअधिकार	७	२	५		७	१		५०	५०
जम्मा	२३	९	१४	२	२५	३	२	५०	५२

जेल र बन्दीहरू

'ख' श्रेणीको जिल्ला कारागारमा २५ जना क्षमता रहेकोमा हाल १ जना नाबालकसहित ५८ जनाले जेल जीवन बिताइरहेका छन्। जिल्ला कारागारमा हाल ०६७ पुस १५ गतेसम्म कैद तोकिएका ३५ जना पुरुष र चारजना महिला छन् भने कैद नतोकिएका १८ जना पुरुष र एकजना महिला रहेका छन्। यस कारागारमा जम्मा ५८ जना बन्दीहरू रहेका छन्। जिल्ला कारागार कार्यालय भोजपुरमा कैदीको सङ्ख्या क्षमताभन्दा दोब्बर नाघेपछि उनीहरूको दैनिकी कष्टकर बनेको छ। क्षमताभन्दा बढी कैदी राखिँदा सुत्न, शौचालय जानसमेत पालो गर्नुपर्ने अवस्था रहेको कैदी शान्तकुमार राईले कारागार अनुगमनको क्रममा इन्सेकलाई बताए। कारागारका महिला बन्दीहरूलाई बस्ने कोठा साँघुरो छ भने घाम ताप्न समस्या छ। अँध्यारोमा बस्दा महिला कैदीहरूको हात खुट्टा सुनिने, ज्वरो आउने र चिसोका कारण रोग लाग्ने गरेको छ। कारागार भवन विस्तारका कार्य दुई वर्षअघि नै थालिए पनि हालसम्म पूरा नभएकाले कैदीहरूलाई तत्काल अन्यत्र सार्न समस्या भएको जेलर छत्र श्रेष्ठले बताए। नियमित मर्मतको अभावमा कारागारका चर्पी र अन्य भौतिक पूर्वाधार जीर्ण भएको जेलर श्रेष्ठले बताए।

धम्की/कुटपिट

एकीकृत माओवादीबाट

कुदाककाउले गाविस-५ निवासी काङ्ग्रेस कार्यकर्ता हरिबहादुर कार्कीलाई एकीकृत माओवादीका कार्यकर्ताहरूले ०६६ माघ २३ गते गाउँबाट विस्थापित बनाउने धम्की दिए। काङ्ग्रेसका केन्द्रीय सदस्य तथा पूर्व जलश्रोत मन्त्री ज्ञानेन्द्रबहादुर कार्कीलाई खान र बास बस्न दिएको भन्दै एकीकृत माओवादीका कार्यकर्ताहरूले उनलाई भौतिक आक्रमण गरी गाउँबाट विस्थापित बनाइदिने धम्की दिएका थिए। माओवादी कार्यकर्ताहरूले आफ्नो पकड क्षेत्रमा अन्य राजनीतिक दलका नेता कार्यकर्तालाई बस्न नदिन चेतावनी दिएका थिए। कुदाककाउले गाविसमा सञ्चालित स्वास्थ्य शिविर अवलोकन र मूलपानी गाविसको दिङ्गला बजारमा निर्माण हुन लागेको अस्पतालको लागि काङ्ग्रेस कार्यकर्ता र स्थानीय बासिन्दासँग छलफल गर्न ०६६ माघ २१ गते काङ्ग्रेस नेता ज्ञानेन्द्रबहादुर कार्की जिल्लाको उत्तरी क्षेत्रमा गएका थिए। सोही क्रममा उनी ०६६ माघ २२ गते हरिबहादुर कार्कीको घरमा बास बसेका थिए। काङ्ग्रेस कार्यकर्तालाई धम्की दिएको घटनामा आफ्ना कार्यकर्ताको गल्ती भएको जनाउँदै एकीकृत माओवादीका जिल्ला इन्चार्ज निकाश राईले ०६६ माघ २६ गते जिल्लास्थित अन्य दलहरूसँगको छलफलमा पार्टीको नीतिविपरीत दुर्व्यवहार र धम्कीको घटनामा संलग्न कार्यकर्तासँग सोधपुछ भइरहेको जनाए। घटनामा संलग्न कार्यकर्तामाथि भएको कारवाहीको व्यहोरा खुलाइएन।

केउरेनीपानी गाविस-९ निवासी एमाले जिल्ला सदस्य ४५ वर्षीय खगेन्द्र बोगटीलाई एकीकृत माओवादीका जिल्ला सदस्य पुष्प चौलागाईंसहितका करिब २२ जना कार्यकर्ताले ०६७ वैशाख १५ गते पीडितको घरैमा गएर मार्ने धम्की दिए। वाईसीएल कार्यकर्तासहित आएको एकीकृत माओवादीको समूहले पीडितको घरमा रहेका दुई ओटा खसी, करिब १० पाथी चामल र अन्य खाद्य सामग्री लुटेको थियो। लुटपाटपछि माओवादी कार्यकर्ता चौलागाईंले वैशाख १९ गतेसम्ममा ५ लाख रुपियाँ नदिएमा मार्ने धम्की दिँदै सपरिवार गाउँबाट विस्थापित गराइदिने चेतावनी दिए। एकीकृत माओवादीको धम्कीपछि बोगटीले भागेर ज्यान जोगाएका थिए। पीडितले दिएको मौखिक उजुरीका आधारमा इलाका प्रहरी कार्यालय दिङ्गलाको टोलीले एकीकृत माओवादी कार्यकर्ता चौलागाईं, जीवन गुरुङ र नरेन्द्र राईलाई वैशाख १६ गते मूलपानी गाविसको दिङ्गला बजारबाट गिरफ्तार गऱ्यो। गिरफ्तार गरिएका तीन जनासहित १२ जनाविरुद्ध बोगटीले ०६७ वैशाख १९ गते जिल्ला प्रहरी कार्यालय भोजपुरमा जाहेरी दर्ता गरेका थिए। उनीहरू विरुद्ध प्रहरीले

सार्वजनिक अपराधअन्तर्गत मुद्दा चलायो। गिरफ्तार तीनैजना जिल्ला प्रशासन कार्यालयको आदेशमा ०६७ जेठ १० गते रिहा भए। प्रशासनले चौलागाईंलाई २८ हजार रुपियाँ र राईलाई १५ हजार रुपियाँ धरौटी लिएर र जीवन गुरुङलाई साधारण तारेखमा छाड्ने आदेश दिएको थियो। पीडित बोगटी पनि ०६७ जेठ १२ गते गाउँ फर्किए।

किरात जनवादी वर्कस पार्टीबाट

जिल्लाका ६३ ओटै गाउँ विकास समितिका सचिवहरूसँग किराँत जनवादी वर्कस पार्टीका कार्यकर्ताहरूले ०६६ पुस २५ गते पत्र पठाएर १ लाखदेखि ३ लाख रुपियाँसम्म चन्दा दिन धम्की दिए। वर्कस कार्यकर्ताले सबै गाविसको कार्यालयमा लिखित पत्र पठाएर मागेजति चन्दा नदिए भौतिक कारबाही गरी मार्ने धम्की दिएका थिए। वर्कसका केन्द्रीय कोषाध्यक्षको हस्ताक्षरमा पठाइएको पत्रमा किराँतीहरूको हित गर्न अनिवार्य चन्दा दिन भनिएको थियो। वर्कसको पत्रमा मागेजति चन्दा नदिए किराँती र किराँत राज्य विरोधी ठानेर भौतिक कारबाही गर्ने चेतावनी दिइएको थियो। वर्कसको चन्दा आतङ्कबारे गाविसका सचिवहरूले जानकारी दिएको बताउँदै प्रमुख जिल्ला अधिकारी बाबुराम खतिवडाले सो समस्याबारे जिल्लास्थित सुरक्षानिकाय, राजनीतिक दल र अन्य सरोकारवालासँग छलफल गरेको बताए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

भोजपुर जिल्ला अदालतमा ०६७ साल असार मसान्तसम्म बाँकी भएका सरकारीवादी फौजदारी मुद्दाको सङ्ख्या १५ थान रहे भने ०६७ साउनदेखि पुस १६ गतेसम्म ३२ थान दर्ता भएकामा छ थान फर्स्यौट भए।

०६७ साल असार मसान्तसम्म बाँकी भएका दुनियाँवादी फौजदारी मुद्दाको सङ्ख्या छ थान रहे भने ०६७ साउनदेखि पुस १६ गतेसम्म दर्ता भएका दुनियाँवादी फौजदारी मुद्दाको सङ्ख्या १२ थान भएकामा ८ थान फर्स्यौट भए।

०६७ साल असार मसान्तसम्म बाँकी भएका देवानी मुद्दाको सङ्ख्या २५ थान रहे भने ०६७ साउनदेखि पुस १६ गतेसम्म दर्ता भएका ३६ थान देवानी मुद्दामध्ये १५ थान फर्स्यौट भए। आर्थिक वर्ष ०६६/०६७ मा भोजपुर जिल्ला अदालतमा ६९.५३% मुद्दा फर्स्यौट भएको जिल्ला अदालतले जनाएको छ।

जिल्ला सरकारी वकील कार्यालयले आर्थिक वर्ष २०६६/६७ मा जिल्ला अदालतमा जम्मा ३६ थान मुद्दा दायर गरेको थियो। जसमा १२ थान मुद्दा पूर्ण सफल भएका थिए भने चार थानमा केही सफलता मिलेको थियो। पाँच थान मुद्दा असफल भएका थिए।

त्यसैगरी, आर्थिक वर्ष ०६७/६८ को साउनदेखि पुस १६ गतेसम्म सरकारी वकील कार्यालयले १८ थान मुद्दा जिल्ला अदालत भोजपुरमा दर्ता गरेको थियो। जसमा एउटा मुद्दामा आंशिक सफलता मिलेको छ भने अन्य १७ थान मुद्दामा निर्णय हुन बाँकी छ।

त्यसैगरी, जिल्ला प्रशासन कार्यालयतर्फ सरकारी वकील कार्यालयले आर्थिक वर्ष ०६६/६७ मा जम्मा ३१ थान मुद्दा दायर गरेकामा २४ थान मुद्दामा सफलता मिलेको थियो। त्यसैगरी, पाँच थान मुद्दामा आंशिक सफलता मिलेको थियो भने १२ थान मुद्दाको निर्णय हुन बाँकी रहेको जिल्ला न्यायाधिवक्ता गोकुल निरौलाले जानकारी दिए।

जिल्ला सरकारी वकील कार्यालयले आर्थिक वर्ष ०६७/६८ को साउनदेखि पुस १६ गतेसम्म जिल्ला प्रशासन कार्यालयमा छ थान मुद्दा दायर गरेकामा तीन थानमा पूर्ण सफलता भएका थिए भने एउटामा आंशिक सफलता मिलेको थियो। १४ थान मुद्दामा निर्णय हुन बाँकी रहेको जिल्ला सरकारी वकील कार्यालयले जनायो।

बालअधिकार

जिल्ला शिक्षा कार्यालय भोजपुरका अनुसार जिल्लामा प्राथमिक विद्यालय २ सय ८३ ओटा, निम्न माध्यमिक विद्यालय ५७ ओटा, सरकारी माध्यमिक विद्यालय ६१ ओटा र निजी माध्यमिक विद्यालय तीनओटा रहेका छन्। त्यसैगरी, उच्च माध्यमिक विद्यालय २० ओटा, बालविकास केन्द्र २ सय ३२ ओटा, प्राथमिक विस्तार कार्यक्रम पाँचओटा, स्रोत केन्द्र १८ ओटा र सामुदायिक अध्ययन केन्द्र तीनओटा सञ्चालित छन्। त्यसैगरी, जिल्लामा दुईओटा क्याम्पस, एउटा खुल्ला माध्यमिक विद्यालय रहेका छन्। सरकारले जिल्लाका २३ ओटा विद्यालयको ३१ ओटा तहलाई समुदायमा हस्तान्तरण गरिसकेको छ।

जिल्लामा सञ्चालित बालविकास केन्द्रमा ४ हजार १ सय ३९ जना बालबालिका अध्ययनरत छन्। त्यसैगरी, प्राथमिक विद्यालयमा ४१ हजार सात सय ६९ जना, निम्न माध्यमिक विद्यालयमा १५ हजार तीन सय ५१ जना, माध्यमिक विद्यालयमा सात हजार तीनसय आठ जना र उच्च माध्यमिक विद्यालयमा दुई

हजार सात सय ७६ जना विद्यार्थी अध्ययनरत छन्।

जिल्लाका प्राथमिक विद्यालयमा एक हजार दुई सय ६३ जना शिक्षक कार्यरत छन्, जसमा एक सय ६१ जना राहत दरबन्दीका शिक्षक कार्यरत छन्। त्यसैगरी, निम्न माध्यमिक विद्यालयमा दुई सय ९३ जना कार्यरत रहेकोमा त्यसमध्ये ४२ जना राहत दरबन्दीका शिक्षक छन्। त्यसैगरी, माध्यमिक तहमा २ सय २९ जना कार्यरत रहेकोमा त्यसमध्ये ७५ जना राहत दरबन्दीका शिक्षक छन्। उच्च माध्यमिक विद्यालयमा १८ जना अनुदानका शिक्षक कार्यरत छन्।

भोजपुर गाविसमा एकीकृत माओवादीले ०६७ वैशाख १८ गते आयोजना गरेको जुलुशमा आफ्नो पार्टीको झण्डा बोकाएर ५० जनाभन्दा बढी बालबालिकाको प्रयोग गरे। त्यसैगरी, भोजपुर गाविसमा खम्बुवान डेमोक्रेटिक फ्रन्टले ०६६ माघ १६ गते आयोजना गरेको खम्बुवान स्वायत्त राज्य आयोजित जुलुशमा आफ्नो पार्टीको झण्डा बोक्न र लोगोसहितको कपडा टाउकोमा बाँध्न लगाएर भोजपुर सदरमुकामस्थित जनसेवा निमावि र अन्य निजी बोर्डिङ्ग स्कूलमा अध्ययनरत १० जना बढी बालबालिकालाई प्रयोग गऱ्यो।

दोभाने गाविस-५ की ५ वर्षीया बालिका विर्सना विश्वकर्मालाई ०६७ कातिक १२ गते उनकी सौतेनी आमा भीमकुमारी विश्वकर्माले मुख लागेको भन्दै खुकुरी प्रहार गरी गम्भीर घाइते बनाइन्। सौतेनी आमाको खुकुरी प्रहारबाट घाँटी, टाउको र कुममा गहिरो चोट लागेर गम्भीर घाइते विर्सनाको सङ्खुवासभास्थित खाँदबारी अस्पतालमा उपचार गरियो। पीडकलाई ०६७ कात्तिक १२ गते प्रहरी चौकी दोभानेको टोलीले गिरफ्तार गऱ्यो। पीडकविरुद्ध ज्यान मार्ने उद्योगमा प्रहरीले जिल्ला अदालत भोजपुरमा मुद्दा दायर गरेकोमा अदालतको आदेशमा भीमकुमारीलाई ०६७ मङ्सिर ५ गते जिल्ला कारागार कार्यालय चलान गरियो।

तुङ्गेछा गाविस-३ की एक १० वर्षीया बालिकालाई सोही गाविस-३ का २१ वर्षीय इन्द्र पराजुलीले ०६७ वैशाख ३० गते बलात्कार गरेको आरोपमा कारबाही माग गर्दै पीडित पक्षले ०६७ जेठ ९ गते जिल्ला प्रहरी कार्यालय भोजपुरमा लिखित जाहेरी दियो।

एकीकृत माओवादीद्वारा कुटपिट गरी घाइते बनाइएका खगेन्द्र बोगटी

आरोपितले घरैमा रहेकी उनलाई १५ रुपियाँ दिएर गाउँ नजिकैको झर्रेनी खोल्सीमा लगेर बलात्कार गरेका थिए। घटनालगत्तै फरार पराजुली यस वर्षका अन्त्यसम्म गिरफ्तार भएका छैनन्।

खार्तम्छा गाविस-७ की एक १४ वर्षीया बालिकालाई सोही स्थानका २५ वर्षीय इन्द्रबहादुर राईले ०६७ साउन ३१ गते गाउँमै बलात्कार गरेको आरोपमा पीडितका आफन्तले ०६७ भदौ ७ गते जिल्ला प्रहरी कार्यालय भोजपुरमा किटानी जाहेरी दिए। पीडितको स्थानीय खार्तम्छा स्वास्थ्य चौकीमा उपचार भएको थियो। प्रहरीले आरोपितका विरुद्ध ०६७ भदौ २२ गते जिल्ला अदालत भोजपुरमा मुलुकी ऐनको जबरजस्ती करणी महलमा मुद्दा दायर गऱ्यो। आरोपित भने यस वर्षको अन्त्यसम्म फरार छन्।

कुलुङ्ग गाविस-७ की एक १५ वर्षीया बालिकालाई ०६७ साउन २५ गते राति सोही ठाउँका २० वर्षीय कमल चौहानले मार्ने धम्की दिँदै बलात्कार गरेको आरोपमा ०६७ भदौ १३ गते पीडितका परिवारले जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिए। गाउँमा बसेको धामी हेरेर घर फर्किरहेकी उनलाई आरोपितले मार्ने धम्की दिई बलात्कार गरेको जिल्ला प्रहरी कार्यालयले जनायो। पीडितको स्थानीय कुलुङ्ग उपस्वास्थ्य चौकीमा उपचार भयो भने आरोपितविरुद्ध जिल्ला प्रहरी कार्यालयले ०६७ भदौ ३० गते मुलुकी ऐनको जबरजस्ती करणी महलमा मुद्दा दायर गऱ्यो। घटनालगत्तै फरार भएका आरोपित यस वर्षको अन्त्यसम्म गिरफ्तार भएका छैनन्।

दोभाने गाविस-२ की एक १४ वर्षीया बालिकालाई सोही ठाउँका २३ वर्षीय विष्णु राईले ०६७ भदौ १८ गते दिउँसो बलात्कार गरेको आरोपमा राईलाई ०६७ भदौ १९ गते गिरफ्तार गरी ०६७ असोज ८ गते जिल्ला अदालतमा जबरजस्ती करणी महलअन्तर्गत मुद्दा दायर गऱ्यो। गाउँनजिकैको खलेडाँडाचौरमा गाईवस्तु चराइरहेकी पीडितलाई मार्ने धम्की दिएर राईले बलात्कार गरेको जाहेरीमा उल्लेख छ। पीडितको स्थानीय दोभाने उपस्वास्थ्य चौकीमा उपचार गरियो। जिल्ला अदालत भोजपुरको ०६७ असोज १२ गतेको आदेशबमोजिम आरोपित हाल जिल्ला कारागार कार्यालयमा थुनामा छन्।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

तिम्मा गाविस-९ की एक ३३ वर्षीया महिलालाई सोही स्थानका २६ वर्षीय राजकुमार राईले ०६७ कातिक २२ गते दिउँसो स्थानीय चिउरीबाटे जङ्गलमा बलात्कार गरेको आरोपमा प्रहरीले ०६७ मङ्सिर १७ गते राईलाई गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण र उपचार भोजपुर अस्पतालमा भएको थियो। आरोपितविरुद्ध मुलुकी ऐन जबरजस्ती करणी महल ३ र ५ विपरीत गरेको अभियोगमा जिल्ला अदालत भोजपुरमा मुद्दा दायर भयो। अदालतको आदेशमा ०६७ मङ्सिर २२ गते राईलाई पुपर्क्षका लागि जिल्ला कारागार कार्यालय चलान गरियो।

घरेलु हिंसा

तिवारीभञ्ज्याङ्ग गाविस-५ की मणिकला राईको ०६६ माघ १३ गते पति चन्द्रहाङ्ग राईले घरैमा कुटपिट गरी हत्या गरे। घरायसी विवादको क्रममा आक्रोशमा आएर राईले पत्नीलाई लात्ती र मुक्काले कुटपिट गरेका थिए। कुटपिटबाट पत्नीको घरैमा मृत्यु भएपछि राई पत्नीको सबै गरगहना लिएर माघ १४ गते राति नै भागेका थिए। राईले पत्नीको लास सिरकले बेरेर खाटमुनि छोपेको अवस्थामा स्थानीय बासिन्दाले ०६६ माघ १४ गते बिहान फेला पारेका थिए। इलाका प्रहरी कार्यालय तिवारीभञ्ज्याङ्गका सई दीपक यादवका अनुसार मणिकलाको पेट, छाती र ढाडमा चोट लागेको थियो। पीडितको लासको ०६६ माघ १४ गते जिल्ला अस्पताल भोजपुरमा पोष्टमार्टम गरियो। हत्यापछि फरार रहेका चन्द्रहाङ्गको खोजी गरेको जनाए पनि प्रहरीले उनलाई यस वर्षको अन्त्यसम्म गिरफ्तार गर्न सकेको छैन।

श्यामसिला गाविस-३ की ६२ वर्षीया धनकुमारी तामाङलाई ०६७ मङ्सिर ६ गते बेलुका उनकै छोरा ३२ वर्षीय खड्गबहादुर तामाङले कपडाले मुखमा बेरेर कुटपिट गरी हत्या गरे। श्यामसिला गाविस-४ स्थित भट्टीडाँडामा घरायसी सामान किन्न गएकी धनकुमारीलाई घर जान नमानेको भन्दै मादकपदार्थ सेवन गरेका खड्गबहादुरले भट्टीडाँडा नजिकैको उत्तीसघारीमा हत्या गरेका थिए। आमाको हत्या अभियोगमा प्रहरीले खड्गबहादुरलाई ०६७ मङ्सिर ८ गते गाउँबाटै गिरफ्तार गऱ्यो। गिरफ्तारीपछि प्रहरीसँगको बयानमा खड्गबहादुरले आमाको हत्या आफैंले गरेको स्वीकारेको जिल्ला प्रहरी कार्यालयले जनायो। प्रहरीले खड्गबहादुरविरुद्ध कर्तव्य ज्यान मुद्दामा ०६७ पुस ५ गते जिल्ला अदालत भोजपुरमा मुद्दा दायर गरेकोमा अदालतको आदेशमा ०६७ पुस ७ गते जिल्ला कारागार कार्यालय चलान गरियो।

टक्सार गाविस-६ की २६ वर्षीया अरुणा घिमिरेलाई उनका पति ३२ वर्षीय तारानाथ घिमिरेले ०६७ पुस ५ गते दिउँसो घरैमा खुर्पाले काटेर हत्या गरेको प्रहरीले जनायो। घरायसी झगडाका क्रममा यसअघि पनि पटक-पटक कुटपिट गर्दै आएका घिमिरेले रिसका झोकमा पत्नी अरुणाको गर्दनमा खुर्पाले प्रहार गरेका थिए। खुर्पा प्रहारबाट अरुणाको घाँटी छिनेर घटनास्थलमै मृत्यु भएको थियो। मृतकको लास भोजपुर अस्पतालमा पोष्टमार्टम गरी सदगत गरियो। मृतक अरुणाका तीन वर्ष र १८ महिनाका दुई नाबालक छोरी छन्। घटनापछि तारानाथलाई प्रहरीले ०६७ पुस ५ गते साँझ घरैबाट गिरफ्तार गऱ्यो। उनीविरुद्ध कर्तव्य ज्यान अभियोगमा जिल्ला अदालतमा मुद्दा दायर गर्ने तयारी भइरहेको जिल्ला प्रहरी कार्यालयले जनायो।

बहुविवाह

रानीबास गाविस-३ का ४० वर्षीय राजकुमार राईलाई जेठी पत्नी हुँदाहुँदै कान्छी पत्नी विवाह गरेको अभियोगमा प्रहरीले गिरफ्तार गऱ्यो। रामकुमारकी जेठी पत्नी ३२ वर्षीया सरस्वतीले पतिले रानीवास गाविस-३ कै ४० वर्षीया सुकीमाया राईसँग बहुविवाह गरेको भन्दै ०६७ मङ्सिर १० गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिएकी थिइन्। बहुविवाह गर्ने राजकुमार र सुकीमायाविरुद्ध प्रहरीले जिल्ला अदालत भोजपुरमा मुद्दा चलाएकोमा अदालतले रामकुमारलाई ०६७ पुस १२ गते जेल सजायको आदेश दियो भने सुकीमाया तारेखमा रिहा भइन्।

नेपालेडाँडा गाविस-७ का १८ वर्षीय अविरल गौतमले बहुविवाह गरेको भन्दै उनकी पत्नी इन्दिरा अधिकारी (गौतम)ले ०६७ मङ्सिर ४ गते जिल्ला प्रहरी कार्यालय भोजपुरमा जाहेरी दिइन्। पतिले नेपालेडाँडा गाविस-७ की अनीता श्रेष्ठसँग बहुविवाह गरेको भन्दै इन्दिराले जाहेरी दिएपछि प्रहरीले अविरल र अनीतालाई गिरफ्तार गरी जिल्ला अदालत भोजपुरमा मुद्दा दायर गऱ्यो। अदालतले अविरललाई ०६७ पुस १२ गते पुपर्क्षका लागि थुनामा राख्ने आदेश दियो भने अनीता तारेखमा रिहा भइन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

खाद्यान्न सङ्कट

सरकारले खाद्यान्न उपलब्ध नगराएपछि भोजपुर जिल्लामा ०६७ असोज ६ गतेदेखि खाद्यान्न सङ्कट भयो। सरकार र ठेकेदारले समयमा खाद्यान्न ढुवानी नगरेपछि जिल्लाका २० भन्दा बढी गाविसमा खाद्यान्न अभाव भएको थियो। ०६७ असोज ६ गते नेपाल खाद्य संस्थानको भोजपुर सदरमुकाम र रानीवास गाविसको घोडेटारस्थित गोदाम पूरै रित्तिएपछि कात्तिकको पहिलो हप्तासम्ममा जिल्लाका हेलौँछा, बोखिम, भैँसीपड्खा, तिम्मा, वासिङ्गथर्पु, बासिखोरा र थिदिङ्खालगायत गाविसमा खाद्यान्न अभाव भएको थियो। वर्षातले अवरुद्ध हिले-भोजपुर सडक मर्मत गरिएपछि कात्तिक १० गतेदेखि पुनः खाद्यान्न ढुवानी गरेपछि खाद्यान्न सङ्कट टरेको थियो।

जिल्ला विकास समितिको कार्यालय भोजपुरका अनुसार आर्थिक वर्ष ०६६/६७ मा सामाजिक सुरक्षा कोषअन्तर्गत जिल्लाका ६ हजार ८ सय ५९ जना ज्येष्ठ नागरिकलाई ४ करोड ११ लाख ५४ हजार रुपैयाँ वितरण गरियो। त्यसैगरी, ३ हजार १ सय १३ जना एकल महिलालाई एक करोड ८६ लाख ७८ हजार रुपैयाँ, १ सय ४ जना आंशिक अपाङ्गलाई ३७ हजार ८ सय रुपैयाँ, १ सय ५५ जना पूर्ण अपाङ्ग नागरिकलाई १८ लाख ६० हजार रुपैयाँ र ४ सय ४६ जना दलित बृद्ध नागरिकलाई २६ लाख ७६ हजार रुपैयाँ वितरण गरियो। त्यसैगरी, जिल्लाका तीन महिनाभन्दा बढी खान नपुग्ने दलित समुदायका ५ वर्ष मुनिका बालबालिकालाई ८१ लाख २७ हजार ९ सय ९६ रुपैयाँ वितरण गरिएको जिल्ला विकास समिति लेखा शाखा प्रमुख तुलसी आचार्यले जानकारी दिए।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा रहेका स्वास्थ्य संस्थामा दरबन्दीबमोजिमका कर्मचारी नहुँदा ग्रामीण भेगमा सर्वसाधारण स्वास्थ्य सेवाबाट वञ्चित हुनु परेको छ। जिल्ला स्वास्थ्य कार्यालयका अनुसार ३ सय ५८ जना स्वास्थ्यकर्मी र कर्मचारीको दरबन्दीमा हाल २ सय ९२ जना मात्र कार्यरत छन्। जिल्लाका ग्रामीण भेगका उपस्वास्थ्य चौकी र स्वास्थ्य चौकीमा बढी मात्रामा स्वास्थ्यकर्मीको दरबन्दी खाली रहँदा साधारण रोगको उपचारको लागि जिल्ला सदरमुकाम वा अन्य जिल्ला धाउनुपर्ने बाध्यता छ। प्राथमिक स्वास्थ्य केन्द्रमा डाक्टरको दरबन्दी रहे पनि सरकारले पठाउन नसक्दा ती स्वास्थ्य संस्था अहेव र अनमीले चलाइरहेका छन्। स्वास्थ्य सेवाको पहुँच नहुँदा सुरक्षित सुत्केरीको अभावमा ग्रामीण भेगमा गर्भवती महिला र बच्चाले ज्यान गुमाइरहेका छन्। जिल्ला स्वास्थ्य कार्यालयका अनुसार जिल्लाका सुरक्षित दम्पत्ति २० प्रतिशत छन्। जिल्लामा तालिमप्राप्त सुडेनी १ सय ५१ जना र स्वास्थ्य स्वयम्सेविका ५ सय ६७ जना छन्। गाउँघर क्लिनिक १ सय ९० ओटा र खोप क्लिनिक १ सय ९१ ओटा सञ्चालित छन्। जिल्लामा शिशु मृत्युदर प्रतिहजार ६४.१ प्रतिशत छ भने बालमृत्युदर प्रतिहजार ९.३ प्रतिशत, मातृमृत्यु दर ५ सय ३९ जनाप्रति लाख छ। त्यसैगरी, परिवार नियोजनको साधन प्रयोग गर्ने दम्पत्तिको सङ्ख्या ३४.२ प्रतिशत छ। जिल्ला स्वास्थ्य कार्यालयका अनुसार स्वास्थ्य केन्द्र जाने जिल्लाको जनसङ्ख्या ८९ हजार २ सय ३६ रहेको छ।

१.१० सङ्खुवासभा

जनसङ्ख्या : १,७६,४५९
साक्षरता प्रतिशत : ६२
महिला साक्षरता प्रतिशत : ३५
क्षेत्रफल (वर्ग कि. मि.) : ३४८०
गाविस/नपा सङ्ख्या : ३३/१
सरकारी/निजी विद्यालय : ३६०/१०
क्याम्पस/उच्च मा.वि. : ३/१७
अस्पताल/स्वास्थ्य चौकी : २/२५
मानव विकास सूचकाङ्क :०.४८१
प्रतिपरिवार सरदर सङ्ख्याः ६

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या
अज्ञात समूहबाट

माम्लिङ गाविस-५ का ५० वर्षीय गङ्गाराम राईको ०६७ साउन ६ गते अज्ञात समूहले हत्या गऱ्यो। राईको घाँटीमा धारिलो हतियार प्रहार गरेर हत्या गरेपछि लास रूखमा झुन्ड्याइएको अवस्थामा प्रहरीले फेला पारेको थियो। मृतक साउन ५ गतेदेखि नै बेपत्ता भएका थिए। प्रहरीले ०६७ पुस १५ गतेसम्म दोषीलाई गिरफ्तार गर्न सकेको छैन।

जेल र बन्दीहरू

'ग' श्रेणीको सङ्खुवासभा सदरमुकाम खाँदबारीमा रहेको यस कारागारमा २५ जनाको क्षमता रहेकोमा ४५ जना पुरुष, सात जना महिला र दुई जना आश्रित नाबालक गरी ५४ जना रहेका छन्। जम्मा कैद तोकिएका ३९ जना र नतोकिएका १३ जना रहेका छन्। पानीको व्यवस्था राम्रो नभएका कारण बन्दीहरू टाढाबाट पानी लिएर प्रयोग गर्न बाध्य छन्। कारागारको प्रशासन र बन्दीगृह पनि जीर्ण अवस्थामा छन्। ०४५ सालमा निर्माण गरिएको बन्दी गृह पुनः निर्माण र उपयुक्त मर्मत नहुँदा झनै जीर्ण अवस्थामा पुगेको छ। क्षमताभन्दा बढी बन्दी भएका कारण सुत्न, बस्न, खाना पकाएर खान र चर्पी जानसमेत समस्या भएको छ। कारागारका बन्दी रुद्रबहादुर कार्कीले आफूले पूरै सजाय अवधि भोगि सकेर पनि मुद्दाको फैसला नहुँदा आफू जेलमै रहिरहनु परेको गुनासो व्यक्ति गरे।

बेपत्ता/अपहरण
एकीकृत माओवादीबाट

मादीराम्बेनी गाविस-२ निवासी एमाले कार्यकर्ता ४० वर्षीय धननारायण तामाङलाई ०६६ पुस २३ गते एकीकृत माओवादीका जिल्ला सदस्य रेवती दाहालसहित १२ जनाको समूहले अपहरण गऱ्यो। स्थानीय बासिन्दाको धान जबरजस्ती लग्दा विरोध गरेको भन्दै उनलाई माओवादी कार्यकर्ताहरूको एक समूहले घरैबाट अपहरण गरेको थियो। पीडित प्रहरी र स्थानीय बासिन्दाको सक्रियतामा चार घण्टापछि मुक्त भए। माओवादी कार्यकर्ताले तपाईसँग केही कुरा गर्नु छ भनी जबरजस्ती लगेको पीडितले बताए। अपहरणका क्रममा माओवादी कार्यकर्ताले आफूलाई कुटपिट र दुर्व्यवहारसमेत गरेको उनले बताए। आफूमाथि आक्रमण हुने डरले पीडितले प्रहरीमा उजुरी गरेनन्। एकीकृत माओवादी सदस्य रेवती दाहाललाई पनि सोही दिन एमाले कार्यकर्ताले तीन घण्टा बन्धक बनाएपछि मुक्त गरेका थिए।

धम्की/कुटपिट
एकीकृत माओवादीबाट

मादीराम्बेनी गाविस-२ का शिक्षक र विद्यार्थीसहित छ जनालाई ०६६ पुस २३ गते एकीकृत माओवादीका कार्यकर्ताले आक्रमण गरेर घाइते बनाए। आक्रमणमा मादी उच्चमाविका शिक्षक ४० वर्षीय विश्वनाथ सुवेदी, शिक्षिका ३३ वर्षीया उर्मिला सुवेदी, विद्यार्थीहरू १८ वर्षीय समीक्षा योञ्जन, १९ वर्षीय महेशराज दाहाल, १८ वर्षीय खगेन्द्रबहादुर थिङ, १६ वर्षीय प्रवेशकुमार गुरुङ घाइते भए। एकीकृत माओवादीका जिल्ला सदस्य दावा शेर्पाको नेतृत्वमा दर्जनौँको सङ्ख्यामा आएको माओवादी कार्यकर्ताहरूको टोलीले आक्रमण गरेर उनीहरूलाई घाइते बनाएको थियो। घाइतेमध्ये सुवेदीको अवस्था चिन्ताजनक रहेको थियो। एमाले जिल्ला कमिटी सदस्यसमेत रहेका सुवेदीको स्थानीय स्वास्थ्य संस्थामा उपचार हुन नसकेपछि थप उपचारका लागि धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान लगिएको थियो। अन्य घाइतेको स्थानीय स्वास्थ्य संस्थामा उपचार गरिएको थियो। पीडितले उपचारपश्चात् सदरमुकाम खाँदबारी आएर दोषीलाई कारबाहीको माग गर्दै ०६६ पुस २९ गते जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिए। प्रहरीले कसैलाई पनि गिरफ्तार गरेन।

माम्लिङ गाविसस्थित विभिन्न वडामा बसोबास गर्ने एमाले नेता, कार्यकर्ता, शिक्षक र विद्यार्थीलाई ०६६ फागुन १५ गते एकीकृत माओवादीले विज्ञप्ति प्रकाशन गरी भौतिक कारबाही गर्ने धम्की दियो। माओवादीको विरोध गरेको भन्दै माम्लिङ गाविस-३ का एमाले गाउँ कमिटी सचिव पुष्प अधिकारी, माम्लिङ गाविस-२ का एमाले सदस्य पूर्ण घिमिरे, माम्लिङ गाविस-८ का हरिबोल मेघी, सोही गाविस-६ का दुर्गा अधिकारी, सोही गाविस-५ का राजन भण्डारी, रामेश्वर उच्च माविका विद्यार्थी माम्लिङ गाविस-९ का दीपक खत्री र सोही गाविसस्थित सरस्वती प्राविका प्रधानाध्यापक माम्लिङ गाविस-९ का धनराम पौडेललाई कारबाही गर्ने धम्की दिएको थियो। एमाले कार्यकर्ताले सुरक्षाको माग गर्दै इलाका प्रहरी कार्यालय चैनपुरमा निवेदन दर्ता गराए पनि प्रहरीले घटनाका बारेमा कुनै कारबाही गरेन।

ताम्कू गाविस-५ निवासी सगरमाथा

घटनाको प्रकार	गैरराज्यबाट									राज्यबाट		
	अन्यबाट					एकीकृत माओवादीबाट						
	घटना सङ्ख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	८	७	१		८							
घाइते	५	५			५							
गिरफ्तारी/यातना										१	१	१
कुटपिट	३	३			३	५	१०	३	१३			
धम्की	३	१		३३	३४	४	१०		१०			
महिलाअधिकार	६		६		६							
बालअधिकार	१		१		१							
आथिक/सामाजिक/ सांस्कृतिक अधिकार						३	३		३			
अपहरण	१	१			१	१	१		१			
जम्मा	३५	१७	८	३३	५८	१३	३४	३	३६	१	१	१

उच्चमाविका प्रधानाध्यापक ५५ वर्षीय ईश्वरचन्द्र राईलाई ०६७ असार ११ गते एकीकृत माओवादी कार्यकर्ताहरूले दुर्व्यवहार गर्दै हातपात गरे। विद्यालयमा आमसभा भइरहेको बेला माओवादी कार्यकर्तासमेत रहेका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विनोद राई र अभिभावक सङ्घका अध्यक्ष कैलाश राईले प्रअ माथि हातपात गरेका थिए। पीडितले ताम्कू प्रहरी चौकीमा जीवन रक्षा र दोषीलाई कारबाहीको माग गर्दै उजुरी दिए पनि प्रहरीले कारबाही अघि बढाएन।

धुपू गाविस-४ निवासी नेपाली काङ्ग्रेसका क्रियाशील सदस्य ६० वर्षीय देवीप्रसाद कोइराला र ३२ वर्षीय बद्री कोइरालालाई ०६७ असार १२ गते राति घरमै सुतिरहेको अवस्थामा एकीकृत माओवादी कार्यकर्ताको एक समूहले आक्रमण गरी घाइते बनायो। पाँच जनाको सङ्ख्यामा आएको समूहले एकीकृत माओवादी छाडेर काङ्ग्रेसमा प्रवेश गरेको भन्दै उनीहरूलाई आक्रमण गरेको थियो। जनमुक्ति सेनाको परिचयपत्र देखाउँदै उनीहरूमाथि आक्रमण भएका कारण पीडकहरू माओवादी भएको पुष्टी भएको थियो। पीडितमध्ये बद्री कोइराला ०६७ असार ३२ गते एकीकृत माओवादीका कार्यकर्ता बताउने समूहले धम्की दिएपछि घरबाट विस्थापित भए। माओवादी छाडेर काङ्ग्रेसमा प्रवेश गरेको भन्दै माओवादीको जनसेना बताउने समूहले गाउँ छाड्नु पर्ने नभए भौतिक कारबाही गर्ने धम्की आएपछि उनले गाउँ छाडेका थिए। उनी ०६७ भदौ ५ गते पुनर्स्थापित भए। उक्त समूहले कोइरालासँग १ लाख रुपियाँ चन्दासमेत माग गरेको थियो। पछिल्लो समयमा पनि पटक-पटक धम्की आइरहेका कारण आफू असुरक्षित रहेको उनले बताए।

वाईसीएलबाट

सिद्धकाली गाविस-२ का सिद्धकाली मन्दिरका पूजारी ४० वर्षीय राजन महन्त र सिद्धकाली गाविस-१ निवासी स्थानीय जलेश्वरी प्राविका शिक्षक ३८ वर्षीय गणेश अधिकारीलाई ०६६ फागुन १७ गते राति वाईसीएल जिल्ला सदस्य सिद्धकाली गाविस-२ का जीवन भण्डारीले कुटपिट गरेर घाइते बनाए। पूजारी महन्तको घरमा बसिराखेका दुवै जनालाई त्यहाँ आइपुगेका भण्डारीले एक्कासि आक्रमण गरेर घाइते बनाएका थिए। आक्रमणबाट घाइते भएका दुवै जनाको चैनपुर प्राथमिक स्वास्थ्य केन्द्रमा उपचार भएको थियो। कुटपिटमा संलग्न भण्डारीलाई प्रहरीले गिरफ्तार गरेर पीडितहरूको उपचार खर्च ब्यहोर्न लगाउनुका साथै पीडितहरूका लागि क्षतिपूर्ति बापत १ हजार ५ सय रुपियाँ तिर्न लगाएको थियो।

युथफोर्सबाट

आँखीभुँई गाविस-१ निवासी रामेश्वर उच्च मावि माम्लिङका शिक्षक तथा नेपाल शिक्षक सङ्घ सङ्खुवासभाका सदस्य ३८ वर्षीय दिव्यराज अधिकारीलाई ०६६ फागुन ६ गते युथफोर्सका कार्यकर्ताहरूले कुटपिट गरेर घाइते बनाए। उक्त

विद्यालयमा सञ्चालन भइरहेको अनेरास्वियुको क्षेत्रीय सम्मेलन भाँड्नलाई मदिरा सेवन गरी आएको भन्दै ५० जनाको सङ्ख्यामा रहेका युथफोर्सका कार्यकर्ताले शिक्षक अधिकारीलाई रड र लाठी प्रहार गरी घाइते बनाएका थिए। पीडितको स्थानीय स्वास्थ्य संस्थामा उपचार हुन नसकेपछि थप उपचारका लागि बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान लगिएको थियो। प्रहरीले युथफोर्स कार्यकर्ता सिद्धकाली गाविस-५ का दोर्ची शेर्पासहित अन्य चार जनालाई एक थान पेस्तोलसहित गिरफ्तार गरेको थियो। कुटपिटका बेला प्रयोग नभए पनि प्रहरीले खानतलासी गर्दा पेस्तोल र गोली फेला पारेको थियो। प्रहरीले सिद्धपोखरी-४ का १७ वर्षीय तीर्थ गुरुङ, सिद्धकाली गाविस-२ का १८ वर्षीय अमृत राई र धनकुटा नगरपालिका-७ का २६ वर्षीय मनोज राईलाई गिरफ्तार गरेको थियो। उनीहरूका साथबाट खुकुरीलगायतका घरेलु हातहतियार पनि प्रहरीले बरामद गरेको थियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत सङ्खुवासभामा ०६७ असार मसान्तसम्म बाँकी रहेका ५८ थान दुनियाँवादी फौजदारी मुद्दामध्ये ३५ थान फर्स्यौट भई २३ थान बाँकी रहे। यसैगरी, जिम्मेवारी सरेर आएका सरकारवादी फौजदारी मुद्दा ४१ थानमध्ये २९ थान फर्स्यौट भई १२ थान बाँकी रहे। देवानी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १ सय २१ थानमध्ये ५२ थान फर्स्यौट भई ६९ थान बाँकी रहे।

त्यसैगरी, ०६७ साउनदेखि ०६७ पुस १६ गतेसम्म सरकारवादी फौजदारी मुद्दाअन्तर्गत १३ थान दर्ता भएकोमा चार थान फर्स्यौट भई नौ थान बाँकी रहे। ०६७ साउनदेखि ०६७ पुस १६ गतेसम्म दुनियाँवादी फौजदारी मुद्दाअन्तर्गत ८६ ओटा मुद्दा दायर भएकोमा ४६ थान फर्स्यौट भई ४० थान बाँकी रहे। ०६७ साउनदेखि ०६७ पुस १६ गतेसम्म देवानी मुद्दाअन्तर्गत १ सय ३६ ओटा मुद्दा दर्ता भएकामा ३८ थान फर्स्यौट भई ९८ थान बाँकी रहे।

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

धुपू गाविस-७ का २५ वर्षीय रणबहादुर दर्जीलाई ०६७ असोज १२ गते प्रहरीले नियन्त्रणमा लिई यातना दिएर घाइते बनायो। प्रहरी टोलीले असोज १२ गते बेलुका घरबाटै नियन्त्रणमा लिएर धुपू प्रहरी चौकीमा लगेपछि यातना दिएको थियो। यातना दिने प्रहरी हवल्दार राजेन्द्र श्रेष्ठलाई विभागीय कारबाही गरिएको सङ्खुवासभाका डिएसपी शेखर कोइरालाले बताए। छिमेकीसँग सामान्य विवाद भएको र सोही घटनालाई लिएर प्रहरीले नियन्त्रणमा लिएर प्रहरी चौकीमा पुऱ्याएपछि हात खुट्टा बाँधेर रबरको पाइपले शरीरका विभिन्न भागमा कुटपिट गरेको नीलडाम पीडितले देखाए। पीडितको स्थानीय स्वास्थ्य चौकीमा उपचार भयो।

बालअधिकार

यस जिल्लामा ३ सय ९० ओटा सरकारी र २५ ओटा निजी विद्यालय छन्। सरकारीमध्ये २ सय ८६ ओटा प्राथमिक, ६४ ओटा निम्नमाध्यमिक र ४३ ओटा माध्यमिक विद्यालय रहेका छन्।

त्यस्तै, निजीमध्ये १८ ओटा प्रावि, तीनओटा निमावि र चारओटा मावि छन्। प्राविमा १ हजार ५०, निमाविमा १ सय ६९, माविमा १ सय ३७ र राहतमा २ सय ८० गरी सामुदायिक विद्यालयमा १ हजार ६ सय ३६ जना शिक्षक कार्यरत छन्। सामुदायिक विद्यालयमध्ये प्राविमा ३४ हजार ७ सय १३, निमाविमा, १२ हजार ६ सय ४५ र माविमा ५ हजार ४ सय २७ विद्यार्थी अध्ययनरत छन् ।

त्यस्तै, निजी विद्यालयमा प्राविमा १ सय २७ शिक्षक र २ हजार १ सय ८ विद्यार्थी, निमाविमा १ सय १३ शिक्षक र ४ सय ३६ विद्यार्थी र माविमा ४७ शिक्षक तथा २ सय ४ जना विद्यार्थी छन्।

जिल्लाका ३३ मध्ये चारओटा हटिया, किमाथाङ्का, पावाखोला र बाह्रबिसे गाविसमा माध्यमिक विद्यालय छैनन्। यीमध्ये किमाथांका गाविसमा निमावि छैन। प्रावि सबै गाविस र खाँदबारी नपामा छन्।

खाँदबारी नगरपालिका-४ का ५ वर्षीय सुदीप तामाङलाई ०६७ जेठ १८ गते विद्यालय जाँदै गर्दा अपरिचित व्यक्तिले अपहरण गरे। उनी मङ्गलादेव प्राविको कक्षा १ का छात्र हुन्। काभ्रे जिल्ला घर र विनोद काफ्ले नाम बताउने अपरिचित व्यक्तिले उनलाई अपहरण गरेको प्रहरीले जनायो। बालक बेपत्ता भएको दुई दिनपछि तुम्लिङटार विमानस्थल हुँदै काठमाडौं लैजान खोज्दा प्रहरीले पीडितको उद्धार गरेको थियो। पीडक फरार भएकाले उनका बारेमा थप केही पनि जानकारी प्राप्त गर्न नसकिएको प्रहरीले जनायो।

खाँदबारी नगरपालिका-१० की १७ वर्षीया बालिकालाई ०६७ साउन ३१ गते साँझ खाँदबारी

नगरपालिका-३ का १७ वर्षीय सुदीप गुरुङ र सित्तलपाटी गाविस-९ का १८ वर्षीय समुन गुरुङले बलात्कार गरेको आरोपमा ०६७ भदौ १ गते प्रहरीले उनीहरू दुवै जनालाई गिरफ्तार गऱ्यो। पीडितको जिल्ला अस्पताल खाँदबारीमा उपचार भएको थियो। आरोपितहरूविरुद्ध जबरजस्ती करणीसम्बन्धी मुद्दा दायर भएको प्रहरीले जनायो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

मादीमूलखर्क गाविस-५ की एक २५ वर्षीय महिलाले ०६६ साल चैत २५ गते राति घरैमा आएर छिमेकी खड्गबहादुर गुरुङले बलात्कार गरेको आरोप लगाउँदै ०६६ चैत २६ गते प्रहरीमा उजुरी गरिन्। घरमा अन्य सदस्य कोही पनि नभएको मौका छोपेर गएका स्थानीय विश्वप्रेमी प्राविका प्रधानाध्यापकसमेत रहेका गुरुङले बलात्कार गरेको पीडितले जनाइन्। प्रहरीले आरोपितलाई ०६६ साल चैत २६ गते गिरफ्तार गरेको थियो। आरोपित राई जिल्ला अदालत चैनपुरको आदेशबमोजिम ३० हजार रुपियाँ धरौटी राखी ०६७ साल वैशाख २९ गते रिहा भए।

घरेलु हिंसा

मकालु गाविस-३ की १९ वर्षीया लाक्पा शेर्पाको ०६७ पुस ९ गते पति ३० वर्षीय फुर्बा शेर्पाले दाउराले हानेर हत्या गरेको जिल्ला प्रहरी कार्यालय सङ्खुवासभाका इन्सपेक्टर महेन्द्रराज कार्कीले बताए। पत्नीको हत्यामा संलग्न रहेका फुर्बालाई प्रहरीले पुस १० गते गिरफ्तार गरी कर्तव्य ज्यान मुद्दा चलायो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना, सम्पति क्षति

एकीकृत माओवादीबाट

चैनपुर गाविस-२ का काजिमान श्रेष्ठको घर ०६७ असार २३ गते एकीकृत माओवादीले कब्जा गऱ्यो। सामन्तीको आरोप लगाउँदै माओवादीले झण्डा गाडेर श्रेष्ठको घर कब्जा गरेको घोषणा गरेको थियो। धरानमा बस्दै आएका श्रेष्ठ परिवारलाई चैनपुरमा रहेको सो घर खाली गर्नका लागि उर्दी जारी गरेको तर, घर खाली नगरेपछि कब्जा गरेको माओवादीले बतायो। माओवादीले पार्टीको नीति अनुरूप नै घर कब्जा गरेको जनाउँदै ०६७ पुस १५ गतेसम्म पनि फिर्ता गरेन। एकीकृत माओवादीका जिल्ला इन्चार्ज प्रवेशले क्रान्तिकारी भूमिसुधार लागू नभएसम्म जग्गा फिर्ता गर्न नसकिने बताए।

खाँदबारी नगरपालिका-१३ तुम्लिङटारस्थित पूर्व रक्षासचिव मदन अर्यालको २३ रोपनी जग्गा ०६७ साउन १८ गते एकीकृत माओवादीले कब्जा गऱ्यो। उक्त जग्गामा साउन १८ गते झण्डा गाडी माओवादीले कब्जा गरेको घोषणा गरेको थियो। माओवादीले जारी गरेको विज्ञप्तीमा किसानको हितमा उपयोग गर्नका लागि जग्गा कब्जा गरिएको र त्यसको प्रयोजन माओवादीले गर्ने उल्लेख गरिएको थियो। अर्याल सङ्खुवासभा जिल्लामा प्रमुख जिल्ला अधिकारी रहेका बेला शक्ति र सत्ताको दुरुपयोग गर्दै सोझा किसानको जग्गा आफ्नो नाममा दर्ता गराएको विज्ञप्तिमा उल्लेख गरिएको थियो। माओवादीले उक्त जग्गा ०६७ पुस १५ गतेसम्म पनि फिर्ता गरेन। एकीकृत माओवादीका जिल्ला सदस्य दिव्यराज बरालले सामन्ती भएका कारण जग्गा कब्जा गरिएको र जग्गा फिर्ता गर्न नसकिने बताए।

सभापोखरी गाविस-७ का गङ्गाप्रसाद राईको ८० किलोग्राम अलैंची ०६७ कात्तिक २८ गते एकीकृत माओवादीका कार्यकर्ताले कब्जा गरे। एकीकृत माओवादीका एरिया इन्चार्ज छत्र विक र एरिया सेक्रेटरी हिमाल बोगटीको नेतृत्वमा गएको दुई दर्जनभन्दा बढी माओवादी कार्यकर्ताहरूको टोलीले गोदाम फोडेर अलैंची कब्जामा लिएको थियो। एकीकृत माओवादी जिल्ला सहइन्चार्ज राजेन्द्र कार्कीले माओवादीले पहिलेदेखि नै कब्जामा लिएको बगानबाट उत्पादन भएको अलैंची फिर्ता नगरिने बताए।

अज्ञात समूहबाट

जिल्लाको सभापोखरी गाविस-४ स्थित एकीकृत माओवादीको ६ नम्बर एरिया कार्यालय ०६७ मङ्सिर १२ गते राति अज्ञात समूहले तोडफोड गऱ्यो। अघिल्लो दिन साँझ बन्द गरेर हिँडेको कार्यालय मङ्सिर १३ गते बिहान जाँदा तोडफोड भएको अवस्थामा पाइएको एकीकृत माओवादी ६ नम्बर एरिया इन्चार्ज छत्र विकले बताए। डीएसपी शेखर कोइरालाले सत्यतथ्य पत्ता लगाउन नसकिएको तर घटनाको अनुसन्धान भइरहेको बताए।

स्वास्थ्य सेवाको अवस्था

जिल्ला अस्पतालमा तीन जना डाक्टरको दरबन्दी छ। दरबन्दी अनुसार डाक्टर छन्। स्टाफ नर्स पाँच जनाको दरबन्दी भए पनि एक जनामात्र कार्यरत रहेको र नर्सको दरबन्दी छ जनाको भए पनि दुई जनामात्र कार्यरत छन्। दुई ओटा प्राथमिक स्वास्थ्य

केन्द्रमा दुई जना डाक्टरको दरबन्दी भए पनि एक जनामात्र कार्यरत छन्। त्यसैगरी, स्वास्थ्य चौकी ११ ओटा छन् भने आठ जनामात्र इन्चार्ज छन्। त्यसैगरी, २५ उपस्वास्थ्य चौकीमा २० जना मात्र इन्चार्ज कार्यरत छन्।

१.११ सप्तरी



जनसङ्ख्या : ६,८४,०६१
साक्षरता प्रतिशत : ५९
महिला साक्षरता प्रतिशत : २५
क्षेत्रफल (वर्ग कि. मि.) : १,३६३
गाविस/नपा सङ्ख्या : ११४/१
सरकारी/निजी विद्यालय : ३४६/१०
क्याम्पस/उच्च मा.वि. : २/२८
अस्पताल/स्वास्थ्य चौकी : १/१२१
मानव विकास सूचकाङ्क : ०.४५३
प्रतिपरिवार सरदर सङ्ख्या : ६

नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

अखिल तराई मुक्ति मोर्चाबाट

बोरिया गाविस-३ निवासी अवकाशप्राप्त इन्जिनीयर ५२ वर्षीय हरिनारायण देवलाई ०६७ पुस १३ गते अखिल तराई मुक्तिमोर्चाका कार्यकर्ताले घरनजिकै सडकमा गोली हानी हत्या गरे। राजविराजबाट साँझ ८ बजे साईकल चढेर घरतर्फ जाँदै गरेका देवलाई करिब पाँच जनाको सङ्ख्यामा नकाब लाएर आएका हतियारधारीले घाँटीमा गोली प्रहार गरेका थिए। उनको घटनास्थलमा मृत्यु भएको थियो। घटनाको जिम्मेवारी लिँदै मोर्चाका केन्द्रीय सदस्य आदित्यले आर्थिक अनियमितताको आरोपमा कारवाही गरेको सार्वजनिक गरे। प्रहरीले पीडितको उनको लास प्रहरीले भोलिपल्ट सगरमाथा अञ्चल अस्पतालमा पोष्टमार्टम गराई परिवारलाई बुझायो।

जनतान्त्रिक तराई मधेश मुक्ति पार्टीबाट

लौनिया गाविस-१ का २८ वर्षीय शैलेशकुमार मण्डललाई ०६६ चैत ३१ गते मोर्चाविरुद्ध सुराकी गरेको आरोपमा जनतान्त्रिक तराई मधेश मुक्ति पार्टीका कार्यकर्ताले घरमै गोली हानी घाइते बनाएकोमा उनको उपचारको क्रममा ०६७ वैशाख २ गते बीपी स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा मृत्यु भयो। पेटमा गोली लागेका मण्डलको सगरमाथा अञ्चल अस्पताल राजविराजमा उपचार हुन नसकेपछि उपचारका लागि बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान लगिएको थियो। पार्टीका सप्तरी इन्चार्ज मनिषले सञ्चारकर्मीलाई टेलिफोन गरी पार्टीविरुद्ध सुराकी गरेकोले कारवाही गरिएको बताए।

अज्ञात समूहबाट

झापा जिल्ला सुरुङ्गा गाविस-५ का ५० वर्षीय मानबहादुर श्रेष्ठको ०६६ चैत ४ गते हत्या गरिएको अवस्थामा फत्तेपुर गाविस-५ सखुवनीमा लास फेला पऱ्यो। घाँटीमा नीलडाम परेको अवस्थामा लास फेला परे पनि कसले किन हत्या गरेको खुल्न सकेन। प्रहरीले घटनाको अनुसन्धान भइरहेको बतायो। श्रेष्ठको लास सगरमाथा अञ्चल अस्पतालमा ०६६ चैत ५ गते पोष्टमार्टम गराई परिवारलाई बुझायो।

बथनाहा गाविस-६ का ४५ वर्षीय श्रवण मण्डललाई ०६७ जेठ १४ गते अज्ञात समूहले धारिलो हतियारले प्रहार गरी हत्या गऱ्यो। उनको लास घरनजिकैको खुला चौरमा भेटिएको थियो। मण्डलको मृत्युको बारेमा केही खुल्न सकेन। उनको लास प्रहरीले ०६७ जेठ १५ गते सगरमाथा अञ्चल अस्पताल राजविराजमा पोष्टमार्टम गराई परिवारलाई बुझायो। घटनाको अनुसन्धान भइरहेको प्रहरीले जनायो।

इटहरी विष्णुपुर गाविस-७ का ३० वर्षीय जीवनन्दन राय ०६७ असार १७ गते हत्या गरेर फालेको अवस्थामा सोही गाविसको भलुवाही नदीमा फेला परे। गाविसको गोरगमा टोलभन्दा पूर्व रहेको भलुवाही नदीमा रायको लास प्रहरीले फेला पारेको

घटनाको प्रकार	गैरराज्यबाट				राज्यबाट			
	अन्यबाट							
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
हत्या	१४	९	५	१४				
घाइते	५	४	४	८				
गिरफ्तारी/यातना					१	१		१
कटपिट	१३	११	६	१७	३	३		३
धम्की	४	४		४				
भेला/सङ्गठित हुने अधिकार	१	५		५	३	३	४	६
जातीय विभेद	१		१	१				
महिलाअधिकार	१७		१७	१७				
बालअधिकार	३		३	३				
अपहरण	१७	१८	३	३१				
जम्मा	७५	५१	३९	९०	५	६	४	१०

थियो। रायको धारिलो हतियारले प्रहार गरी हत्या गरिएको प्रहरीले बतायो। हत्या कसले किन गरेको खुल्न नसकेको र घटनाको अनुसन्धान भइरहेको प्रहरीले जनायो।

लालापट्टी गाविस-४ की ४० वर्षीया बौकीदेवी रामको ०६७ मङ्सिर २ गते हत्या गरेको अवस्थामा लास फेला पऱ्यो। उनको घाँटी थिचेर हत्या गरी धानको खेतमा फालिएको अवस्थामा छिन्नमस्ता गाविस-२ मा लास फेला परेको मृतकका पति नाथु रामले बताए। हत्या कसले किन गरेको खुल्न सकेन। रामको लास मङ्सिर २ गते सगरमाथा अञ्चल अस्पतालमा पोष्टमार्टम गरी प्रहरीले परिवारलाई बुझायो। घटनाको अनुसन्धान भइरहेको प्रहरीले बतायो।

लोहजरा गाविस-८ निवासी स्थानीय बुधेवा राष्ट्रिय प्राथमिक विद्यालयको व्यवस्थापन समितिका अध्यक्ष ३८ वर्षीय मोहमद इस्लाम मियाँलाई ०६६ फागुन २४ गते अज्ञात समूहले बाटोबाटै अपहरण गरी त्रिकोल गाविस-३ स्थित खहरे खोलामा लगेर गोली हानी हत्या गऱ्यो। घरको कामका लागि कामदार खोज्न गोईठी गएका मियाँको अपहरणपछि हत्या गरिएको प्रहरीले बतायो। मियाँको लास घाँटीमा पासो र छातीमा एक गोली लागेको अवस्थामा खोलामा फेला परेको प्रहरीले जनायो। हत्या कसले किन गरेको खुल्न सकेन।

गोली/विस्फोटक पदार्थद्वारा घाइते

अखिल तराई मुक्ति मोर्चाबाट

भारदह गाविस-३ का आठ वर्षीय करण साह र छ वर्षीय पार्वती साह ०६६ माघ २५ गते अखिल तराई मुक्ति मोर्चाका कार्यकर्ताले घरनजिकै राखेको बम खेलाउँदा विस्फोटन भई घाइते भए। उनीहरूको हात खुट्टा र अनुहारमा बमको छर्रा लागेको थियो। उनीहरूको उपचार स्थानीय भारदह स्वास्थ्य चौकीमा गरिएको थियो। मोर्चाविरुद्ध सुराकी गरेकाले यादवको घरमा बम राखेको मोर्चाका केन्द्रीय कमाण्डर विश्वजीतले सञ्चारकर्मीलाई टेलिफोन गरी जानकारी गराएका थिए। मोर्चाका विश्वजीत बताउने व्यक्तिले बारम्बार फोन गरी चन्दा माग गर्ने गरेको विषयमा साहले राजविराजमा पत्रकार सम्मेलन गरी धम्कीको घटना सार्वजनिक गरेका कारण मोर्चाका कार्यकर्ताले बम राखेको पीडितहरूका पिता श्यामसुन्दर साहले बताए।

मधेशी मुक्ति टाइगर्सबाट

गोइठी गाविस-९ का १२ वर्षीय इन्द्रजीत महतो, पाँच वर्षीय रेखा महतो र ४० वर्षीय सखडीदेवी महतो ०६७ असार २१ गते मधेशी मुक्ति टाइगर्सका कार्यकर्ताले गोइठी गाविस-५ स्थित गाविसको कार्यालयमा राखेको सुतली बम विस्फोटन हुँदा घाइते भए। कार्यालयमा राखेको सुतली बम विस्फोट हुँदा खेल्दै गरेका गोइठीका इन्द्रजीत र रेखा तथा बाटो हिँड्दै गरेकी सखडीदेवी घाइते भएका थिए। इन्द्रजीत र

रेखाको खुट्टा र तीघ्रा तथा खडगीदेवीको ढाडमा बमको छर्रा लागेको थियो। उनीहरूको सगरमाथा अञ्चल अस्पताल राजविराजमा उपचार भयो। विस्फोटनबाट गाविस कार्यालयमा भने सामान्य क्षति भएको प्रहरीले बतायो।

अज्ञात समूहबाट

छिन्नमस्ता गाविस-७ का कृषक ४२ वर्षीय रामउदगार यादव ०६६ माघ २९ गते छिमेकीलाई अपहरण गर्न आएको अज्ञात समूहले चलाएको गोली लागेर घाइते भए। उनको दाहिने पाखुरामा गोली लागेको थियो। उनको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार भयो। छिमेकी जयप्रकाश साहलाई अपहरण गर्न आएको अज्ञात समूहको प्रतिकार गर्दा उक्त समूहले चलाएको गोली लागी घाइते भएको पीडितले बताए। अपहरणकारीको भने पहिचान हुन नसकेको प्रहरीले जनायो।

बकधुवा गाविस-७ मोहनपुरका ३१ वर्षीय दुर्गाप्रसाद भट्टराई ०६७ असार १५ गते घरनजिकैको जङ्गलबाट घाँस काटेर राति ८ बजे फर्किंदै गरेको बेला अज्ञात समूहले चलाएको गोली लागी घाइते भए। ढाडमा बन्दुकको छर्रा लागेर गम्भीर घाइते भएको अवस्थामा उनको बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान उपचार गरिएको थियो। गोली चलाउने व्यक्ति वा समूहको पहिचान हुन नसकेको र घटनाको अनुसन्धान भइरहेको प्रहरीले बतायो।

खोजपुर गाविस-८ का व्यापारी २४ वर्षीया राधादेवी साहलाई ०६७ मङ्सिर ११ गते अज्ञात समूहले गोली हानी घाइते बनायो। बिहान घरमा सुतिरहेको अवस्थामा आएका अपरिचित व्यक्तिहरूले बाहिर बोलाई गोली प्रहार गरी घाइते बनाएको पीडितले बताइन्।

अखिल तराई मुक्ति मोर्चाद्वारा घर नजिकै राखेको बम खेलाउँदा विस्फोट भई घाइते भएका करण साह र पार्वती साह

पेट र पिठ्यूँमा गोली लागेर गम्भीर घाइते भएकी उनको धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान उपचारका भएको थियो। घटनामा सलंग्नहरूको खोजी भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनायो।

जेल र बन्दीहरू

'ग' श्रेणीको यस जिल्ला कारागारको क्षमता १ सय २५ रहेकोमा ७५ पुरुष र दुई महिला गरी ७७ थुनुवा र ७० पुरुष र दुई महिला गरी ७२ कैदीसहित कूल १ सय ४५ पुरुष र चार महिला गरी १ सय ४९ जना रहेका छन्। अनौपचारिक शिक्षा, पुस्तकालय, पत्रपत्रिका, सीपमूलक सामग्रीको बजार व्यवस्था आदि माग बन्दीहरूको रहेको छ भने जेलभवन जिर्णोद्धार गर्नुपर्ने, आधुनिक सूचना प्रविधिहरूबाट बन्दीको अभिलेख राख्ने व्यवस्था मिलाउनुपर्ने जेलर भागवत यादवले बताए।

आफ्ना ४३ सूत्रीय माग पूरा गराउन विरोधमा उत्रिएका सप्तरी कारागारका १ सय ६७ कैदी/बन्दीहरूले ०६६ फागुन २३ गते कारागारभित्रै सरकारको पुतला निर्मित लास दहनपछि सामूहिक मुण्डनसमेत गरे। केश मुण्डन गराएका बन्दी/कैदीहरूले १३ दिनसम्म जुठो बार्ने घोषणा गरी उनीहरूले नुन नखाई आन्दोलन गरे। कारागारको भौतिक संरचनामा सुधार, पुस्तकालय, पठनपाठन र कारागार ऐनबमोजिम शिक्षक तथा अन्य सुविधाको व्यवस्थाको माग गर्दै बन्दीहरूले चरणबद्ध आन्दोलन गरेका थिए। हातमा कालोपट्टी, कोठा र कारागारको छतमा कालो झण्डा बाँधेर आन्दोलन थालेका बन्दीहरूले फागुन २३ गतेदेखि नयाँ बन्दी/कैदीलाई १० दिनसम्म कारागार प्रवेशमा पूर्ण निषेध गरेका थिए।

बेपत्ता/अपहरण

अखित तराई मुक्ति मोर्चाबाट

मौवाहाबेल्ही गाविस-१ निवासी बथनाहा उच्चमाविका प्रधानाध्यापक ४६ वर्षीय सत्यनारायण झालाई ०६६ पुस २८ गते विद्यालयबाट राजविराजतर्फ गइरहेको अवस्थामा अखिल तराई मुक्ति मोर्चाका कार्यकर्ताले राजविराज हनुमाननगर सडकखण्डको खाडो खोलानजिकबाट अपहरण गरे। मोर्चाका केन्द्रीय सदस्य अविनासले सप्तरीका सञ्चारकर्मीलाई टेलिफोन गरी विद्यालयमा अनियमितता गरेकाले झाको अपहरण गरेको बताए। पीडित फिरौती बुझाएर माघ १ गते सप्तरीको प्रसवनीस्थित खाडो खोलानजिकबाट मुक्त

भए। कति फिरौती बुझाएको भन्ने विषयमा पीडितले केही बताउन चाहेनन्।

सर्लाही जिल्ला निवासी केशव चालिसे, सुनसरीका गणेश पोखरेल र इलाम फिकलका जीवन गुरुङलाई जण्डोल गाविस-१ स्थित डेरामा सुतिरहेको अवस्थामा ०६६ माघ २२ गते अखिल तराई मुक्ति मोर्चाका कार्यकर्ताले डेराबाटै अपहरण गरे। मजदुरहरूलाई लुकाइरहेको आशङ्कामा प्रहरीले आसपासका गाउँमा छापा मार्न शुरु गरेपछि माघ २५ गते पकरी गाविसको विरोल नजिकैको खाडो खोलामा उनीहरूलाई छाडेर अपहरणकारी भागेपछि तीनैजना मुक्त भए। निर्माण व्यवसायी जयप्रकाश ठाकुरको निर्माण कम्पनीमा कार्यरत स्काभेटरका चालक रहेका पीडितहरूसँग अपहरणकारीले १० लाख रुपियाँ फिरौतीबापत माग गरे पनि उनीहरू प्रहरीको सहयोगमा मुक्त भएको ठाकुरले बताए।

अज्ञात समूहबाट

लौनिया गाविस-७ का २४ वर्षीय मनोज मण्डललाई ०६६ माघ २ गते अज्ञात हतियारधारी समूहले अपहरण गऱ्यो। गहुँखेतमा पानी लगाउन गएका मण्डललाई मध्यरातमा खेतबाटै अपहरण गरिएको थियो। मण्डलसँगै गएका सोही ठाउँ बस्ने रामअवतार मण्डललाई भने अपहरणकारीले टर्च खोसेर छाडिदिएका थिए। मण्डल माघ ८ गते अपहरणकारीको आँखा छलेर भारतको डगमाराबाट मुक्त भए।

बेल्हीचपेना गाविस-४ का ४५ वर्षीय रामवृक्ष साहलाई ०६६ फागुन ६ गते अज्ञात समूहले शम्भुनाथ गाविस-१ सखुवाबाट अपहरण गऱ्यो। आफन्तकोमा पाहुना गएका साहलाई बाटैबाट अपहरण गरेको साहका छोरा सन्तोषकुमारले बताए। अपहरण कसले किन गरेको खुल्न सकेन। साहको अवस्था यस वर्षको अन्त्यसम्म अज्ञात रहेको छ।

मधुपट्टी गाविस-५ का ३५ वर्षीय श्रवणकुमार चौधरीलाई ०६७ वैशाख १७ गते अज्ञात समूहले अपहरण गऱ्यो। साइकल बनाउन कुशाहा गएका चौधरीलाई बाटैबाट अपहरण गरेको प्रहरीले बतायो। चौधरी वैशाख २७ गते बलान खोला नजिकैबाट मुक्त भएको प्रहरीले जनायो।

बथनाहा गाविस-८ का ३६ वर्षीय टङ्कनारायण झालाई ०६७ असार २ गते अज्ञात हतियारधारी समूहले हनुमाननगर राजबिराज सडकखण्डको कोसी पश्चिमी नहरनजिकै अण्डिपट्टीबाट अपहरण गऱ्यो। इनर्वामा रहेको औषधी पसल बन्द गरेर घर जाने क्रममा उनलाई बाटैबाट अपहरण गरेको प्रहरीले बतायो। अपहरण कसले किन गरेको खुल्न सकेन। पीडित झा ०६७ असार ६ गते हनुमाननगरनजिकै कोसी पलारबाट अपहरणकारीलाई फिरौती बुझाएर मुक्त भए। झालाई प्रहरीले आफ्नो सक्रियतामा मुक्त गराएको बताए पनि उनी फिरौती बुझाएर मुक्त भएको पारिवारिक स्रोतले जनायो।

डिमन गाविस-३ निवासी तराई मधेश लोकतान्त्रिक पार्टीका तर्फका सभासद् ३८ वर्षीय रमनीदेवी राम र उनका पति ४२ वर्षीय भोला रामलाई ०६७ असार २६ गते राति अज्ञात समूहले घरबाट अपहरण गऱ्यो। अपहरणकारीले राम दम्पत्तिलाई बन्दुक देखाएर अपहरण गरी आँखामा पट्टी बाँधेर लगेका थिए। सभासद् रामलाई भने एक किलोमिटर दक्षिण लगेर मुक्त गरिएको थियो भने उनका पति मैनाकडेरी गाविस-३ स्थित रामप्रसाद खड्गको घरमा बन्धक बनाएर राखेको अवस्थामा अपहरणकारीको आँखा छलेर भोलिपल्ट भागेर मुक्त भएका थिए।

लहान नगरपालिका-३ निवासी उदयपुर जिल्लाको त्रियुगा नगरपालिका-११ स्थित पञ्चकन्या माविमा कार्यरत शिक्षक सूर्यनारायण साह र अर्का

मधेशी मुक्ति टाइगर्सद्वारा राखेको सुतली बम विस्फोट हुँदा घाइते भएका इन्द्रजीत महतो र सखडाढेवी महतो

शिक्षक प्रल्हाद ठाकुरलाई ०६७ असोज २१ गते अज्ञात समूहले दौलतपुरको लक्ष्मीपुर जङ्गलबाट अपहरण गऱ्यो। दशैँ बिदामा विद्यालयबाट घर फर्कदै गरेका ठाकुरलाई भने अपहरणकारीले कुटपिट गरी सोही दिन छाडेका थिए। साह भने ०६७ असोज २४ गते उदयपुर र सप्तरीको सीमामा पर्ने जङ्गलबाट भागेर मुक्त भए।

धम्की/कुटपिट

राज्यबाट

मलेठ गाविस-५ स्थित अँध्यारी माँ फिलिङ सेन्टर पेट्रोल पम्पमा कार्यरत कर्मचारी सुरेन्द्र मण्डललाई डिजल छैन भनेको आरोपमा ०६७ असोज ८ गते प्रहरी निरीक्षक अरविन्द द्विवेदीले कुटपिट गरे। गाडीमा डिजेल भराउन पम्प पुगेका प्रहरी निरीक्षक द्विवेदीलाई पम्पमा डिजेल छैन भन्नासाथ उनले अभद्र व्यवहार गरेको कर्मचारी मण्डलले बताए। दुर्व्यवहार गर्ने प्रहरीलाई कारबाही नभएको पीडितले गुनासो गरे।

अनेरास्ववियु क्रान्तिकारीबाट

राजविराज नपा-३ निवासी सगरमाथा अञ्चल अस्पतालका स्टोरकिपर ३५ वर्षीय कामेश्वर यादवलाई रेवीजको सुई उपलब्ध नगराएको आरोपमा ०६६ फागुन ६ गते अनेरास्ववियु क्रान्तिकारीका जिल्ला सदस्य मधुसुदन यादवलगायतका विद्यार्थीले अस्पताल परिसरमै कुटपिट गरे। टाउको र ढाडमा चोट लागेका यादवको सगरमाथा अञ्चल अस्पताल राजविराजमा उपचार भएको थियो। घटनामा संलग्न फर्सेठ गाविस-४ का मनोजकुमार यादवविरुद्ध प्रहरीले ०६६ फागुन ७ गते सार्वजनिक ऐनअन्तर्गत मुद्दा दायर गऱ्यो। पीडक जिल्ला प्रशासनको आदेशमा धरौटीमा रिहा भए।

गैरकानुनी गिरफ्तारी

त्रिकोल गाविस-६ का ३८ वर्षीय महनारायण शर्मालाई सशस्त्र समूहको कार्यकर्ता भएको आरोपमा ०६७ असार २० गते प्रहरीले गिरफ्तार गऱ्यो। घरमा सुतिरहेका शर्मालाई सशस्त्र समूहमा लागेर अपहरण र धम्कीका घटनामा संलग्न भएको आरोपमा इलाका प्रहरी कार्यालयबाट गएको प्रहरी टोलीले गिरफ्तार गरेको थियो। प्रहरीले हतियारसहित पक्राउ गरेको बताए पनि हतियार थमाएर गिरफ्तार गरेको पीडितले बताए। छानबिनपछि शर्मा निर्दोष रहेको भन्दै प्रहरीले असार २७ गते उनलाई रिहा गरेको थियो।

अज्ञात समूहद्वारा अपहरण गरिएका जनककिशोर चौधरी

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

बसभिट्टी गाविस-२ का नारायण दास, बिसहरिया गाविस-७ का रामअवतार यादव जमुनीमधेपुरा गाविस-१ का शिवशङ्कर दास, हरिहरपुर गाविस-२ का दुखी दास तथा सञ्जय यादवलगायतका एकीकृत माओवादी कायकर्ताहरू आमहड्तालमा बजार बन्द गर्ने र खुलाउने विषयमा भएको विवादपछि ०६७ वैशाख २३ गते माओवादीले आयोजना गरेको कोणसभामा स्थानीय व्यापारीले आक्रमण गरेपछि भएको झडपमा घाइते भए। घाइते सबैको सगरमाथा अञ्चल अस्पतालमा उपचार भएको थियो। बजार खोल्ने र बन्द गर्ने विषयमा एकीकृत माओवादी कार्यकर्ता र व्यापारीबीच झडप हुँदा राजविराजमा तनाव उत्पन्न भएको थियो। व्यापारीले माओवादी कार्यालय घेराउ गरी पार्टीको झण्डा र प्रचण्डको पुतलासमेत जलाएका थिए। प्रमुख जिल्ला अधिकारीको पहलमा एकीकृत माओवादीसहित बसेको सर्वपक्षीय बैठकले माओवादीले बजार पसल बन्द गर्न जबरजस्ती नगर्ने र व्यापारीले पनि माओवादी प्रदर्शनमा हस्तक्षेप नगर्ने सहमति भएपछि राजविराजमा उत्पन्न तनाव साम्य भएको थियो।

पिप्रापूर्व गाविस-२ निवासी एकीकृत माओवादी जिल्ला सदस्य ४२ वर्षीय भोला चौधरी र मिथिला राज्य समिति सदस्य ४५ वर्षीय नेवालाल यादव ०६६ चैत ३१ गते उपप्रधानमन्त्री विजयकुमार गच्छदारलाई कालोझण्डा देखाउने क्रममा फत्तेपुर गाविस-८ बलार्दहमा प्रहरीले लाठीचार्ज गर्दा घाइते भए। उदयपुर जिल्लाको सीवाईमा पुलको शिलान्यास गरी फर्कदै गरेका उपप्रधानमन्त्रीलाई कालो झण्डा देखाउन भेला भएका एकीकृत माओवादी कार्यकर्तामाथि सशस्त्र प्रहरीले लाठीचार्ज गरेको थियो। घाइते दुवैको स्थानीय स्वास्थ्य चौकीमा उपचार भएको थियो। पीडितहरूले सडक अवरोध गरेकाले अवरोध हटाएको प्रहरीले बतायो।

राजविराज निवासी बालविकास केन्द्र सहयोगी कार्यकर्ता लक्ष्मीकुमारी यादव, गीताकुमारी

यादव, रक्षाकुमारी चौधरी र सुनीता यादव जिल्ला शिक्षा कार्यालयमा स्तरउन्नतीको मागसहित धर्ना दिने क्रममा कार्यालयको काममा बाधा पुऱ्याएको भन्दै ०६७ कात्तिक १७ गते प्रहरीले लाठीचार्ज गर्दा घाइते भए। मासिक १ हजार ८ सय रुपियाँ पारिश्रमिकमा १० वर्षदेखि काम गर्न बाध्य भएको भन्दै उनीहरूले प्राथमिक विद्यालयका शिक्षकसरह तलबको माग गर्दै जिल्ला शिक्षा कार्यालयमा धर्ना दिँदै आएका थिए। सहयोगी कार्यकर्ताहरूले जिल्ला शिक्षा कार्यालय सप्तरीमा तालाबन्दी गर्न खोज्दा प्रहरीले लाठीचार्ज गरेको थियो। पीडितहरूको स्थानीय सगरमाथा अञ्चल अस्पताल राजविराजमा उपचार भएको थियो। शिक्षा कार्यालयमा तालाबन्दी गर्न खोज्दा प्रहरीले हस्तक्षेप गरी लाठीचार्ज गरेको आन्दोलनकारीहरूले बताए। महँगीको अवस्थामा पनि दश वर्ष अघिकै तलबमान पाइरहेको भन्दै उनीहरूले प्राथमिक शिक्षकसरह दरबन्दी, तलब सुविधा र बालविकास केन्द्रको कक्षाकोठा कायम गर्न उचित व्यवस्थापन, विदासम्बन्धी स्पष्ट नीति र न्यायसङ्गत व्यवस्थासहित पाँच बुँदे माग अघि सारेर आन्दोलन गरेको बताए।

कल्याणपुर गाविस-१ मुसहरनियाँका ५० वर्षीय सूर्यदेव ठाकुर र इन्द्रदेव चौधरी ०६७ भदौ १५ गते सुकुमबासी आयोगमा निवेदन गर्न आएका सर्वसाधारणहरूमाथि राजविराज नपा-६ स्थित सुकुमबासी कार्यालयमा प्रहरीले लाठीचार्ज गर्दा घाइते भए। टाउकोमा चोट लागेका पीडितहरूको सगरमाथा अञ्चल अस्पताल राजविराजमा उपचार भएको थियो। जग्गा पाउने आशामा सुकुमबासी आयोग धाइरहेका सर्वसाधारणहरूले निवेदन दर्ता गर्न खोज्दा कर्मचारीले निवेदन नलिएपछि सुकुमबासीले नारावाजी गर्दा प्रहरीले लाठीचार्ज गरेको थियो।

वभनगामाकट्टि गाविस-७ निवासी नेपाल वन टेलिभिजनका समाचारदाता ३० वर्षीय हेमशङ्कर सिंहलाई एसएलसी परीक्षामा चिट चोर्दै गरेको फोटो खिचेको आरोपमा ०६६ चैत १३ गते स्थानीय अभिभावकहरूले दुर्व्यवहार गर्दै कुटपिट गर्ने धम्की दिए। पत्रकार महासङ्घ सप्तरीले विज्ञप्ति प्रकाशन गरी घटनाको भर्त्सना गर्दै पत्रकारहरूलाई समाचार सङ्कलन गर्ने कार्यमा अवरोध नगर्न र पत्रकार धम्क्याउनेलाई कारवाही गर्न माग गऱ्यो।

दाइजो नल्याएको कारण पति र ससुराङ्गारा देश छोड्न धम्की दिइएकी चाँदनी झा

सुगम र निष्पक्ष न्यायिक अधिकार

पुनरावेदन अदालत राजविराजमा दुनियाँवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १ सय २७ मुद्दामध्ये यस वर्ष १९ थान मुद्दा फर्स्यौट भई १ सय ८ थान मुद्दा बाँकी रहे। यसैगरी, यस वर्ष दर्ता भएका दुनियाँवादी फौजदारी मुद्दा ८३ थानमध्ये छ थान फर्स्यौट भई ७७ थान मुद्दा बाँकी रहे। अघिल्लो वर्षको जिम्मेवारी सरेर आएका मुद्दा जम्मा ९सय ६० थानमध्ये २ सय १४ थान फर्स्यौट भई ७ सय ४६ मुद्दा बाँकी रहे।

सरकारवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १ सय ३१ थान मुद्दामध्ये यस वर्ष ४० थान फर्स्यौट भई ९० थान मुद्दा बाँकी रहे। यसैगरी, यस वर्ष दर्ता भएका सरकारवादी फौजदारी मुद्दा १ सय २६ थानमध्ये १३ थान फर्स्यौट भई १ सय १३ थान मुद्दा बाँकी रहे। अघिल्लो वर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका सरकारवादी फौजदारी मुद्दा जम्मा २ सय ५७ थानमध्ये ५३ मुद्दा फर्स्यौट भई २ सय ४ थान मुद्दा बाँकी रहे।

देवानी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ५ सय ३४ थान मुद्दामध्ये यस वर्ष १ सय २ थान फर्स्यौट भई ४ सय ३२ थान मुद्दा बाँकी रहे। यसैगरी यस वर्ष दर्ता भएका देवानी मुद्दा २ सय २७ थानमध्ये १२ थान फर्स्यौट भई २ सय १५ थान मुद्दा बाँकी रहे। अघिल्लो वर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्षको दर्ता भएका देवानी मुद्दा जम्मा १ हजार ५ सय ८८ थानमध्ये ३ सय ८१ थान फर्स्यौट भई १ हजार २ सय ५ थान मुद्दा बाँकी रहेको पुनरावेदन अदालत राजविराजले जनायो।

जिल्ला अदालत सप्तरीमा गत वर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका फौजदारी मुद्दा जम्मा १ हजार ५ सय ७१ थानमध्ये यस वर्ष ६ सय ५५ थान मुद्दा फर्स्यौट भई ९ सय १६ थान मुद्दा बाँकी रहे।

देवानी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका जम्मा ४ हजार ७९ थान मुद्दामध्ये यस वर्ष १ हजार ७ सय ५६

थान फर्स्यौट भई २ हजार ३ सय २३ थान मुद्दा बाँकी रहे। यस वर्षको अन्त्यसम्ममा गत वर्षको जिम्मेवारी सरेका तथा यस वर्ष दर्ता भएका गरी जम्मा मुद्दा सङ्ख्या ५ हजार ६ सय ५० थानमध्ये २ हजार ४ चार ११ थान मुद्दा फर्स्यौट भई ३ हजार २ सय ३९ थान मुद्दा बाँकी रहे। जिल्ला अदालतको लगतमा रहेको १ सय ६ थान करणी मुद्दामध्ये २४ थान फर्स्यौट भई ८२ थान बाँकी रहेको छ। जिम्मेवारी सरेर आएका र यस वर्ष दर्ता भएका कूल मुद्दामध्ये यस वर्ष फर्स्यौट प्रतिशत ४२ रहेको र पाँच जना न्यायाधीश कार्यरत रहेको जिल्ला अदालत सप्तरीले जनाएको छ।

जिल्ला सरकारी वकील कार्यालयका अनुसार जबर्जस्ती करणी अन्तर्गत २४ थान मुद्दा दायर गरेकोमा एक था मुद्दामा आरोपितले सफाइ पाएकोबाहेक २३ थान, मानव बेचबिखनको एक थान, बहुविवाहको सात थान, बालविवाह एक थान र बोक्सीको आरोपको तीन थान मुद्दा चलिरहेको सरकारी वकिल कार्यालयले जनाएको छ।

बालअधिकार

सप्तरी जिल्लामा ५८ मावि, ४१ निमावि र २ सय २७ प्रावि गरी ३ सय २६ सामुदायिक विद्यालय रहेका छन्। जिल्ला शिक्षा कार्यालय सप्तरीका अनुसार आधारभूत तहको कक्षा १ देखि ८ सम्म ५५ हजार ७ सय ७६ छात्रा र ५६ हजार ८ सय २० छात्र गरी १ लाख १२ हजार ५ सय ९६ विद्यार्थी अध्ययनरत छन्। मावितर्फ कक्षा ९ देखि १० सम्म ४ हजार ५ सय ८४ छात्रा हजार ७, ५ सय १९ छात्र गरी जम्मा २२ हजार २ सय ७९, उच्चमावितर्फ १ हजार १ सय ३२ छात्रा र ९ सय ३३ छात्र गरी २ हजार ६५ विद्यार्थी अध्ययनरत छन्। यसैगरी, सप्तरी जिल्लामा आधारभूततह कक्षा १ देखि ८ सम्म दरबन्दीमा १ हजार ५ सय ५४ र राहत ६ सय ३० गरी २ हजार १ सय ८४ शिक्षक, मावितर्फ दरबन्दीमा २ सय ३४ र राहत ९१ गरी ३ सय २५ शिक्षक कार्यरत रहेका छन्। विद्यालय क्षेत्र सुधार योजनाअन्तर्गत ३५ विद्यार्थीमा एक जना र मावितर्फ २५ विद्यार्थीमा एक जना शिक्षक व्यवस्था गर्ने लक्ष्य रहे पनि हाल आधारभूत तहमा ५० विद्यार्थीमा एक जना र माविमा ३२ विद्यार्थीमा एक जना शिक्षक रहेको जिल्ला शिक्षा कार्यालय सप्तरीले जनाएको छ।

राजविराज नगरपालिका-५ का १६ वर्षीय सुशान्त सिंहलाई ०६७ असार १८ गते अज्ञात समूहले राजविराजबाट अपहरण गऱ्यो। एसएलसी परीक्षामा प्रथम श्रेणीमा उतीर्ण भएपछि साथीलाई भेट्छु भनी घरबाट हिँडेका सिंहलाई अपहरणकारीले बाटैबाट अपहरण गरेका थिए। अपहरण कसले किन गरेको खुल्न सकेन। सिंह असार २२ गते रूपनी उत्तरको जङ्गलबाट भागेर अपहरणमुक्त भएको प्रहरीले जनायो।

लालापट्टी गाविस-३ चन्द्रनारायण पण्डितका १३ वर्षीय छोरा धन्जीतकुमार पण्डितलाई ०६७ साउन ४ गते अज्ञात समूहले अपहरण गऱ्यो। स्थानीय धर्मीहल्फा निमाविको कक्षा ७ मा अध्ययनरत् पण्डितलाई बिहानीपख २ बजे पाँच सात जनाको सङ्ख्यामा आएका हतियारधारी समूहले घरैबाट अपहरण गरेको थियो। बालक र अपहरणकारीहरूको खोजतलास भइरहेको प्रहरीले जनाएको छ। यो वर्षको अन्त्यसम्ममा पीडितको अवस्था अज्ञात छ।

राजविराज नगरपालिका-१० का १४ वर्षीय सुरेश यादवलाई ०६७ साउन २६ गते उनका बुबाले चन्दा नदिएको आरोपमा अज्ञात समूहले अपहरण गऱ्यो। स्थानीय सृजना बोर्डिङ स्कूलमा कक्षा ८ मा अध्ययनरत् यादवलाई अपहरणकारीले घरबाटै अपहरण गरेका थिए। पीडितका बुबा बथनाहा गाविस सचिव नारायण यादवलाई अज्ञात समूहले टेलिफोन गरी चन्दा माग गर्दै आएको र सोही विषयलाई लिएर उनका छोरालाई अपहरण गरेको यादवले बताए। अपहरण कसले किन गरेको खुल्न सकेन। यादव प्रहरीको सहयोगमा भदौ ३ गते भारतीय सीमावर्ती गाउँ भीमनगरबाट मुक्त भए।

बनौली गाविस-५ निवासी राजविराज नगरपालिका-६ स्थित देवकी बोर्डिङ स्कूलमा कक्षा ६ मा अध्ययनरत् १२ वर्षीय जनककिशोर चौधरीलाई ०६७ कात्तिक १६ गते अज्ञात समूहले राजविराजबाट अपहरण गऱ्यो। चौधरी विद्यालयबाट क्रिकेट हेर्न

जग्गा विवादको विषयमा बोल्दा ससुरा र देवरद्वारा कुटपिट गरी घाइते बनाइएकी गीतादेवी साह

राजविराजस्थित राजरङ्गशाला गएको समयमा उक्त समूहले बाटोबाटै अपहरण गरेको थियो। चौधरीलाई भारतीय प्रहरीको सहयोगमा राजविराजबाट गएको प्रहरीले ०६७ मङ्सिर ८ गते भारतको लौकही नजिकै जिरोमाइल भन्ने ठाउँबाट अपहरण मुक्त गरायो। चौधरीलाई मुक्त गर्न अपहरणकारीले ५ लाख रुपियाँ फिरौती माग गरेका थिए। प्रहरीले अपहरणको घटनामा संलग्न सप्तरी बनौली गाविस-७ का महिनारायण चौधरी र जयप्रकाश चौधरी तथा अर्नाहा गाविस-१ का सुरेश चौधरी र ललकु चौधरीलाई गिरफ्तार गरी कारबाही शुरु गरेको जनायो।

धनगढी गाविस-२ की एक १३ वर्षीया बालिकालाई ०६७ वैशाख २३ गते सोही ठाउँका १८ वर्षीय प्रदीपकुमार साह र गुरुदेव साहले सामूहिक बलात्कार गरेको आरोपमा पीडित पक्षले इलाका प्रहरी कार्यालय कल्याणपुरमा ०६७ वैशाख २४ गते उजुरी दियो। घरनजिकैको बगैँचामा आप टिप्न गएकी पीडितलाई डरधाक देखाई मुख थुनेर पालैपालो बलात्कार गरेको पीडितले बताइन्। पीडितको सगरमाथा अञ्चल अस्पतालमा उपचार गरिएको प्रहरीले जनायो। आरोपिद्वय फरार रहेका आरोपितहरूको खोजी भइरहेको इलाका प्रहरी कार्यालय कल्याणपुरले जनायो।

रूपनगर गाविस-५ की एक १५ वर्षीया बालिकालाई ०६७ मङ्सिर ५ गते उदयपुर जिल्लाको सुन्दरपुर गाविस-२ की २७ वर्षीया निर्मला खवास र रूपनगर गाविस-५ की ४८ वर्षीया शान्तिदेवी भुजेलले ललाईफकाई भारततर्फ लगी बेचबिखनको प्रयास गरेको पीडितले बताइन्। खतिवडालाई रोजगारी लगाई दिन्छु भनी उनीहरूले भारततर्फ लैजाने प्रयास गरेका थिए। प्रहरीले सूचना पाएलगत्तै दुवै जनालाई भारततर्फ जान लागेको अवस्थामा सप्तरीको भारदह गाविस-१ बाट गिरफ्तार गरी पीडितको उद्धार गरेको थियो। गिरफ्तार भएका दुवैलाई प्रहरीले मानव ओसारपसार तथा बेचबिखन ऐन ०६४ अन्तर्गत मुद्दा दायर गरी कारबाही शुरु गऱ्यो। भुजेल २० हजार रुपियाँ धरौटी राखेर रिहा भएकी छन् भने जिल्ला अदालतको आदेशले खवासलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

पतिद्वारा कुटपिट गरिएकी लालीदेवी राय

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

बिसहरिया गाविस-२ की एक ३० वर्षीया महिलालाई ०६६ फागुन २९ गते सोही ठाउँका ३१ वर्षीय परियार खड्ग, ३५ वर्षीय चन्द्रदेव खड्ग र ३० वर्षीय रामेश्वर खड्गले खेतमा लगी सामूहिक बलात्कार गरेको आरोपमा जिल्ला प्रहरी कार्यालयमा फागुन ३० गते उजुरी गरे पनि दोषीलाई प्रहरीले कारबाही नगरेको पीडितले बताइन्। राति ८ बजे खाना पकाएर घर अगाडिको चौरमा बसिरहेको अवस्थामा आफूलाई जबर्जस्ती खेतमा लगी बलात्कार गरेको पीडितले बताइन्।

खोक्सर गाविस-५ की एक २६ वर्षीया महिलालाई ०६७ जेठ २२ गते सोही ठाउँका २४ वर्षीय रमानन्द साहले बलात्कार गरेको भन्दै जिल्ला प्रहरी कार्यालयमा जेठ २४ गते पीडितले उजुरी दिइन्। बाखा चराउन नजिकैको बगैँचामा गएका बेला आफूलाई साहले मुख थुनेर बलात्कार गरेको पीडितले बताइन्। सगरमाथा अञ्चल अस्पतालमा पीडितको स्वास्थ्य परीक्षण गराएको प्रहरीले बतायो। आरोपित फरार रहेको र उनको खोजी भइरहेको प्रहरीले बतायो।

बकधुवा गाविस-९ की एक ३५ वर्षीया महिलालाई ०६७ जेठ २२ गते छिमेकी माओवादीका जिल्ला सदस्य ३२ वर्षीय चलितर यादवले बलात्कार गरेको आरोपमा जेठ २३ गते इलाका प्रहरी कार्यालय कञ्चनपुरमा जाहेरी दिइन्। राति १० बजे पिसाब फेर्न बाहिर निस्किएको समयमा यादवले हतियार देखाएर धम्क्याउँदै आफ्नो घरमा लगी बलात्कार गरेको पीडितले बताइन्। पीडितले यादवविरुद्ध जाहेरी दिएपछि प्रहरीले यादवलाई त्यसै दिन गिरफ्तार गऱ्यो। यादवले भने जग्गा विवादका कारण आफूलाई फसाउन खोजेको आरोप लगाए। पीडितको सगरमाथा अञ्चल अस्पताल राजविराजमा स्वास्थ्य परीक्षण गरिएको इलाका प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी सहायक निरीक्षक पशुपति ढुङ्गानाले बताए। पीडितसँग मिलापत्र गराई प्रहरीले आरोपितलाई साधारण तारेखमा रिहा गऱ्यो।

मल्हनिया गाविस-७ की एक २५ वर्षीया महिलालाई ०६७ असार ६ गते राति छिमेकी ३६ वर्षीय श्रीप्रसाद गुप्ताले बलात्कार गरेको आरोपमा असार ७ गते जिल्ला प्रहरी

कार्यालयमा जाहेरी दिइन्। परिवारका सदस्यहरू विवाहको निम्ता मान्न गएको अवस्थामा पीडित एक्लै भएको मौका छोपी गुप्ताले घरमै गई हातखुट्टा बाँधी मुखमा पट्टी बाँधेर बलात्कार गरेको पीडितले बताइन्। घटनालगत्तै पीडितले हल्ला गरेपछि गाउँलेले गुप्तालाई कुटपिट गरी प्रहरीलाई बुझाएका थिए। गाउँलेको कुटाइबाट गम्भीर घाइते भएका गुप्ताको प्रहरी नियन्त्रणमा सगरमाथा अञ्चल अस्पताल राजविराजमा उपचार गरिएको थियो। पीडितले उजुरी गरेपछि पीडितको स्वास्थ्य परीक्षण गरिएको र घटनाका सम्बन्धमा आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनायो।

घरेलु हिंसा

बोरिया गाविस-५ की चाँदनी झालाई दाइजो नल्याएका कारण ०६७ वैशाख १८ गते ३८ वर्षीय पति पंकज झा र ससुरा ६५ वर्षीय अमरकान्त झाले देश छाड्ने धम्की दिएको पीडितले बताइन्। झाको ०५१ साल माघ १५ गते मैथील परम्परा अनुसार सप्तरीको बोरिया गाविस-५ निवासी प्राध्यापक अमरकान्त झाका छोरा पंकजकुमार झासँग विवाह भएको थियो। चाँदनीलाई घरबाट निकालेपछि पति पंकजले दोश्रो विवाह गरे। घरबाट निकालिएकी चाँदनी १५ वर्षदेखि सप्तरीको तिलाठीस्थित माइतीमा बस्दै आएकी छिन्। पतिले दोश्रो विवाह गरेपछि गत ०६४ कार्तिक २२ गते चाँदनीले पति पंकजमाथि जिल्ला प्रहरी कार्यालय सप्तरीमा बहुविवाहसम्बन्धी जाहेरी दिएपछि प्रहरीले अदालतमा मुद्दा दायर गरे पनि मुद्दाको छिनोफानो हुन नसक्दा न्याय पाउन नसकेको पीडितले बताइन्।

जगतपरु गाविस-१ की रन्जु भनिने १८ वर्षीया कल्पना मुखियालाई दाइजो कम ल्याएको आरोपमा ०६६ माघ ३ गते उनका पति २१ वर्षीय ललित मुखियाले गोबरले नाकमुख थुनेर हत्या गरेको आरोपमा प्रहरीले कारबाही अघि बढायो। लोहजरा गाविस-९ माइती भएकी कल्पनाको १५ वर्षको उमेरमा ०६३ वैशाखमा ललितसँग विवाह भएको थियो। विवाह भएदेखि नै दाइजोको कारण ललितले कल्पनालाई बारम्बार कुटपिट गर्ने गरेको कल्पनाका बुबा नारायण मुखियाले बताए। घटनामा संलग्न पीडक ललित मुखियालाई प्रहरीले त्यसै दिन गिरफ्तार गरी कर्तव्य ज्यान अन्तर्गत मुद्दा दायर गरेपछि मुखियालाई जिल्ला अदालतको आदेशले पुर्पक्षका लागि सप्तरी कारागारमा थुनामा राखिएको छ।

धरमपुर गाविस-२ का २७ वर्षीया राजोदेवी सदालाई भनेको नमानेको आरोपमा ०६६ फागुन ३ गते रक्सीले मातेका उनका पति ३० वर्षीय सुनिल सदाले बञ्चरो प्रहार गरी हत्या गरेको आरोपमा प्रहरीले कारबाही अघि बढायो। आफूले भनेको नमानेको भन्दै उनले राजोदेवीको टाउको र घाँटीमा बञ्चरो प्रहार गरेका थिए। पीडितको घटनास्थलमा मृत्यु भएको थियो। सदालाई फागुन १२ गते प्रहरीले गिरफ्तार गरी कर्तव्य ज्यान अन्तर्गत मुद्दा दायर गरेपछि अदालतको आदेशले पुर्पक्षका लागि सप्तरी कारागारमा थुनामा राखिएको छ।

रावजरिाज नपा-१० डुमरी शिवथानकी २५ वर्षीया बुधनीदेवी रामले परस्त्रीसँग सम्बन्ध नराख्न भनेको आरोपमा ०६७ जेठ १८ गते उनलाई पति ३२ वर्षीय महिनारायण रामले छुरा प्रहार गरी मार्ने प्रयास गरे। महिनारायणलाई पत्नी बुधनीदेवीले परस्त्रीसँग किन सम्बन्ध राखेको भनेपछि उनीहरूबीच झगडा भएको थियो। महिनारायणले बुधनीलाई बाँसको भाटाले हिर्काउँदै टाउकोमा छुरा प्रहार गरी गम्भीर घाइते बनाएका थिए। कुटाइबाट अचेत भएकी बुधनीलाई प्रहरीको सहयोगमा राजविराजस्थित सगरमाथा अञ्चल अस्पतालमा उपचार गरिएको थियो। बुधनीका पति महिनारायणलाई प्रहरीले सोही दिन गिरफ्तार गरी कारबाही शुरु गरे पनि मिलापत्र गराई रिहा गरेको थियो।

कोचाबखारी गाविस-६ की २३ वर्षीया गीतादेवी साहलाई महिला भएर जग्गा विवादमा बोलेको आरोपमा ०६७ जेठ १८ गते काका ससुरा ४० वर्षीय रामचन्द्र साह र उनका छोरा अशोकले बाँसको भाटाले कुटपिट गरी घाइते बनाए। कुटपिटबाट टाउको फुटेकी गीताको सगरमाथा अञ्चल अस्पतालमा उपचार भएको थियो। पीडितले सोही दिन प्रहरीमा उजुरी दिए पनि प्रहरीले भने कारबाही नगरेको पीडितले बताइन्।

कथित बोक्सीको आरोपमा गाउँलेद्वारा कुटपिट गरी घाइते बनाइएकी सीयादेवी मण्डल

अर्नाहा गाविस-९ की ३० वर्षीया सेफुल खातुनलाई भनेको नमानेको आरोपमा ०६७ असोज २६ गते पति मकुल मियाँले घाँटी थिचेर हत्या गरेको आरोपमा प्रहरीले कारबाही अघि बढायो। घरायसी विवादमा झगडा भएपछि आवेशमा आएर मियाँले पत्नीको हत्या गरेको स्थानीय बासिन्दाले बताए। पीडितको लासको सगरमाथा अञ्चल अस्पताल राजविराज पोष्टमार्टम गरिएको थियो। हत्या गरी लुकेको अवस्थामा मियाँलाई छिमेकीको घरबाट गिरफ्तार गरी कारबाही शुरु गरेको इलाका प्रहरी कार्यालय कल्याणपुरले जनायो।

बहुविवाह

रायपुर गाविस-५ पिपराहीटोलकी २६ वर्षीया लालोदेवी रायलाई पति प्रहरी जवान ३२ वर्षीय प्रल्हाद रायले कुटपिट गर्दै खानलाउन नदिएको भन्दै ०६७ वैशाख २६ गते जिल्ला प्रशासन कार्यालय सप्तरीमा जाहेरी दिइन्। विवाह भएको वर्ष दिन नबित्दै पतिले दोश्रो विवाह गरेपछि छ वर्षदेखि पतिले यातना दिँदै आएको पीडितले बताइन्। पतिले विवाह दर्ता र नागरिकतासमेत नबनाइदिएको उनले बताइन्।

दुर्व्यवहार

जण्डोल गाविस-५ की २६ वर्षीया शहिदान खातुनले गाउँका बालबालिकालाई बोक्सी लगाएको भन्दै ०६६ फागुन २७ गते उनलाई सोही ठाउँका ४५ वर्षीय लुखा नट, लुटाई नट, समसुल नट, बेचनी खातुन, ताहिर खातुन, खुलेसा खातुनलगायतले मध्यरातमा घरको ढोका फोडी घरबाहिर निकालेर बाँसको भाटाले कुटपिट गरे। खातुनलाई कुटपिट गरेपछि उनीहरूले उनका पति मोहमद बसीर र ससुरा मोहमद रहमान मियाँलाई समेत कुटपिट गरेको पीडितले बताइन्। कुटपिटबाट घाइते खातुनको स्थानीय स्वास्थ्य चौकीमा उपचार गरिएको थियो। खातुनले जिल्ला प्रशासन कार्यालय सप्तरीमा फागुन २८ गते उजुरी दिएपछि प्रहरीले सोही दिन आरोपितहरूलाई गिरफ्तार गरे पनि व्यक्तिगत रिसइवीका कारण घटना भएको भन्दै मिलापत्र गराएर पठाएको प्रहरीले बतायो।

बरमझिया गाविस-३ की ३६ वर्षीया बसर्नी खातुनले बोक्सी लगाएको आरोपमा ०६७ जेठ २१ गते उनलाई जमुनी मधेपुरा गाविस-६ का ४० वर्षीय अजमत मन्सुरी, सम्सीर मन्सुरी, इलियास मन्सुरी, आरीफमन्सुरीलगायतका गाउँलेले कुटपिट गरे। आफन्तकोमा विवाहको निम्ता मान्न जमुनीमधेपुरा गाविस आएकी खातुनलाई बोक्सी लगाएको आरोपमा गाउँलेले कुटपिट गरेका थिए। स्व. उस्मान मन्सुरीको छोरीको विवाह सम्पन्न भएपछि विदाई गर्ने समयमा राति ८ बजे मन्सुरीकी पत्नी बेहोस भएपछि खातुनले बोक्सी लगाएर बिरामी बनाएको भन्दै आफूलाई कुटपिट गरेको पीडितले बताइन्। गाउँलेले ज्यानै मार्ने गरी कुटपिट गर्न थालेपछि आफू भागेको र रातभरी खेतको गरामुनी लुकेर ज्यान जोगाएको उनले बताइन्। पीडितले जिल्ला प्रहरी कार्यालय सप्तरीमा जेठ २२ गते उजुरी गरेपछि प्रहरीले पीडक पक्षलाई बोलाई मिलापत्र गराएको थियो।

बभनगामाकट्टी गाविस-५ की ४५ वर्षीय सीयादेवी मण्डलले बोक्सी लगाएर भैंसीले दूध नदिएको भनी ०६७ मङ्सिर ८ गते जेठाजु सकलदेव मण्डल, देवर तेजनारायण मण्डललगायतका गाउँलेले कुटपिट गरे। आफन्तको कुटाइबाट घाइते भएकी मण्डलको सगरमाथा अञ्चल अस्पताल राजविराजमा उपचार भएको थियो। मण्डलले बोक्सी लगाएर परिवारका सदस्यलाई समेत बिरामी बनाएको भन्दै आफन्तले कुटपिट गरेको पीडितले बताइन्। प्रहरीले पीडकलाई पक्राउ गरी कारबाही गर्ने बताए पनि कारबाही नगरेको पीडितले गुनासो गरिन्।

राजविराज नगरपालिका-७ पुर्नीपोखरीकी एकल महिला ३५ वर्षीया कुसुमकला कर्णलाई कथित बोक्सीको आरोपमा ०६७ पुस ३ गते सोही ठाउँका पिन्टु साह, ललित साह, गुड्डु साह, प्रिती साह र गुलाब साहलगायतले कुटपिट गरी घाइते बनाए। केटाकेटीको झगडाको विषयमा बोक्सीको आरोप लगाउँदै आफूलाई कुटपिट गरेको पीडितले बताइन्। पीडितको सगरमाथा अञ्चल अस्पताल राजविराजमा उपचार भएको थियो। घटनामा संलग्न पिन्टू साहलाई प्रहरीले गिरफ्तार गरे पनि कारबाही नगरी रिहा गरेको पीडितले बताइन्। प्रहरीले भने घटनाको अनुसन्धान भइरहेको बतायो।

सबै प्रकारका जातीय विभेद

दौलतपुर गाविस-१ निवासी राजविराज नपा-६ स्थित खरसाल टोलमा डेरा गरी बस्ने २० वर्षीया बचकुनकुमारी रामलाई पानी खाने ट्युबेल छोएको आरोपमा ०६७ मङ्सिर १२ गते सोही ठाउँमा डेरा लिई बसेका जमुनी मधेपुरा गाविस-९ छपकी निवासी रामनारायण यादव र उनकी पत्नीले कुटपिट गरे। नेपाल सरकारद्वारा सञ्चालित कार्यक्रमअनुरूप विशेष छात्रवृत्ति पाएर स्थानीय राजदेवी टेक्निकल इन्स्टिच्युटमा अनमी अध्ययनरत् राम ट्यूबेलमा नुहाउँदै

गर्दा 'दलितले छोएको पानी चल्दैन किन यो ट्यूबेलमा नुहाएको' भन्दै यादवद्वयले आफूमाथि कुटपिट गरेको पीडितले बताइन्। कुटपिटबाट घाइते भएकी रामको राजविराजस्थित सगरमाथा अञ्चल अस्पतालमा उपचार भएको थियो। घटनाका सम्बन्धमा प्रहरीले दोषीलाई गिरफ्तार गरी कारबाही गर्ने बताए पनि दुवैपक्षबीच मिलापत्र गराएको थियो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

जनतान्त्रिक तराई मुक्ति मोर्चाबाट

रायपुर गाविस-८ निवासी प्रेस चौतारी नेपालका जिल्ला सदस्य नर्मदेव यादवलाई ०६७ कात्तिक १० गते रिपोर्टिङ गरेको आरोपमा जनतान्त्रिक तराई मुक्ति मोर्चाका अग्नी विद्रोही भनिने विनय साहले ज्यान मार्ने धम्की दिए। स्थानीय इलाका प्रहरी कार्यालय रूपनीको परिसरभित्र समाचारको रिपोर्टिङ गरेकै आधारमा साहले गालीगलौज गर्नुका साथै मार्ने धम्की दिएको पीडितले बताए। प्रेसचौतारी सप्तरीले घटनाको भर्त्सना गर्दै साहलाई कारबाही गर्न माग गरे। घटनाका सम्बन्धमा मोर्चाले क्षमायाचना गरेपछि मिलापत्र गरिएको थियो।

स्वास्थ्य सेवाको अवस्था

सप्तरी जिल्लामा एक अञ्चल अस्पताल, चार प्राथमिक स्वास्थ्य केन्द्र, नौ स्वास्थ्य चौकी, १ सय ३ उपस्वास्थ्य चौकी, ४ सय २५ गाउँघर क्लिनिक र ४ सय २५ खोप क्लिनिक रहेको जिल्ला जनस्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ। ५० सैयाको सगरमाथा अञ्चल अस्पतालमा १९ जना डाक्टरको दरबन्दी रहेकोमा ११ जनामात्र कार्यरत रहेका छन्। जिल्ला जनस्वास्थ्य कार्यालयअन्तर्गत रहेका स्वास्थ्य संस्थामा १३ सिअहेव, १ सय २९ अहेव, १ हजार ७८ महिला स्वयम् सेविका कार्यरत छन्। जिल्लामा रहेका चार स्वास्थ्य केन्द्रमा चार डाक्टरको दरबन्दी रहे पनि चारओटै पद रिक्त रहेकाले स्वास्थ्य सेवा पुऱ्याउन समस्या हुने गरेको जिल्ला जनस्वास्थ्य प्रशासक चन्द्रदेव मेहताले बताए।

१.१२ सिराहा

जनसङ्ख्या : ६,९४,४००
साक्षरता प्रतिशत : ४९
महिला साक्षरता प्रतिशत : ३०
क्षेत्रफल (वर्ग कि. मि.) : १,१८८
गाविस/नपा सङ्ख्या : १०६/२
सरकारी/निजी विद्यालय : ४०८/३१
क्याम्पस/उच्च मा.वि. : ३/२६
अस्पताल/स्वास्थ्य चौकी : २/११२
मानव विकास सूचकाङ्कः ०.४२७
प्रतिपरिवार सरदर सङ्ख्याः ७

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

मधेश राष्ट्र जनतान्त्रिक पार्टी (क्रान्तिकारी)बाट

दुर्गापुर गाविस-६ का ४५ वर्षीय नथुनी पासमानलाई ०६७ वैशाख २८ गते राति मधेश राष्ट्र जनतान्त्रिक पार्टी (क्रान्तिकारी)का कार्यकर्ता रामविलास यादवले गोली हानी हत्या गरे। पीडितको छातीमा एक गोली लागेको थियो। मृतक पासमानलाई बचाउन खोज्दा सोही ठाउँका बेचन पासमानसमेत गोली लागी घाइते भएका थिए। दायाँ पाखुरामा एक गोली लागी गम्भीर घाइते भएका बेचन धरानस्थित बीपी मेमोरियल अस्पतालमा उपचार गराई घर फर्किए। घटनापछि आक्रोशित बासिन्दाले प्रतिकार गर्ने क्रममा गाउँलेको कुटाईबाट पीडक अयोध्यानगर गाविस-४ निवासी सो सङ्गठनका कार्यकर्ता अन्दाजी ३५ वर्षीय रामविलास यादवको पनि घटनास्थलमै मृत्यु भएको थियो। मृतकहरू दुवैको लासको वैशाख २९ गते लहान अस्पतालमा पोस्टमार्टम गरियो।

घटनाको प्रकार	गैरराज्यबाट								राज्यबाट				
	अन्यबाट					एकीकृत माओवादीबाट							
	घटना सङ्ख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा
हत्या	१३	१०	४		१४								
घाइते	५	६			६								
गिरफ्तारी/यातना									३	८			८
कुटपिट	५	४	५		९	१	३	३	२	१	१		२
धम्की	४	४	४		८								
भेला/सङ्गठित हुने अधिकार									१			१	१
जातीय विभेद	२		२		२								
महिलाअधिकार	६		६		६								
बालअधिकार	२		२		२								
आथिक/सामाजिक/ सांस्कृतिक अधिकार	१			८०	८०								
अमानवीय व्यवहार	२	२			२								
अपहरण	१६	१६	१		१६								
जम्मा	५६	४३	२५	८०	१४८	१	३	३	६	९	१	१	११

अज्ञात समूहबाट

तेनुवापट्टी गाविस-५ स्थित शिवनगर टोलका ३२ वर्षीय विजयकुमार मुखियालाई ०६६ पुस २० गते दिउँसो दुईओटा मोटरसाइकलमा गएका चारजनाको समूहले खरुक्याही गाविसबाट अपहरण गरी औरही गाविसको गागनखोलामा पुऱ्याएर गोली हानी हत्या गऱ्यो। पीडितको छाती र टाउकोमा दुईओटा गोली लागेको जिल्ला प्रहरी कार्यालय सिराहाका एसपी रमेश भट्टराईले बताए। उनका अनुसार घटनास्थलमा छटपटाइरहेका पीडितलाई उपचारका लागि जिल्ला अस्पतालमा लैजाँदै गर्दा बाटोमा मृत्यु भएको थियो। पीडितलाई अपहरण गरेर हुलाकी सडकबाट लगिरहेको अवस्थामा बरियारपट्टी चौक नजिक पुगेपछि मोटरसाइकल लडाई पीडित भाग्न खोजेपछि उक्त ठाउँमा पीडकहरूको सो समूहले उनलाई कुटपिटसमेत गरेको थियो। दिउँसोको समयमा सादा पोशाकमा रहेका अपहरणकारीहरूसँग एसएमजी हतियारसमेत रहेको देखिएको र पीडितले 'बचाउ बचाऊ भनेर चिच्याउँदा' 'हेरुँ तँलाई बचाउन को आउँछ' भन्दै उनलाई कुटपिट गरेको प्रत्यक्षदर्शीले बताए।

गाढा गाविस-१ का अन्दाजी ४५ वर्षीय शम्भु गुप्तालाई ०६६ फागुन १० गते राति घरमा सुतिरहेको अवस्थामा अज्ञात व्यक्तिहरूको समूहले घरैबाट अपहरण गरी फागुन १६ गते राति ब्रह्मान गोर्छारी गाविसस्थित मोतीपुर भन्ने ठाउँमा धारिलो हतियारले प्रहार गरी हत्या गऱ्यो। अपहरणपछि हत्याको उक्त घटना कसले र किन गरेको भन्ने थाहा हुन सकेन। वडा प्रहरी कार्यालय लहानका इन्स्पेक्टर बिपीन रेग्मीले पीडितको खोजी भइरहेको बताए।

मझौलिया गाविस-७ स्थित एक घरमा ०६६ फागुन २४ गते राति अज्ञात समूहले प्रहार गरेको गोली लागेर सोही ठाउँका १२ वर्षीय विजयमाली भण्डारी र रामनगर मिर्चैया गाविस-२ का २२ वर्षीय दिलिप साहको मृत्यु भयो। स्थानीय बासिन्दाका अनुसार रामपति ठाकुरको घरमा छोरीको विवाहमा नाचगान भइरहेको बेला सो अज्ञात समूहले चलाएको गोली लागी दिलीप साहको घटनास्थलमै र अर्का नाबालक भण्डारीको उपचारको क्रममा विराटनगरस्थित न्यूरो अस्पतालमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सिराहाले जनायो। प्रहरीका अनुसार घटनाको अनुसन्धानका लागि पाँच जनालाई प्रहरीले नियन्त्रणमा लिए पनि हाल सबै रिहा भएका छन् ।

चन्द्रअयोध्यापुर गाविस-९ निवासी माओवादी निकट मजदुर सङ्घको मिथिला उपराज्य समिति सदस्य

३५ वर्षीय रामअयोधी यादवलाई ०६६ चैत १३ गते राति रामपुर बिर्ता गाविस-२ स्थित पोर्ताहा भन्ने ठाउँमा अज्ञात समूहले गोली हानी हत्या गऱ्यो। उक्त गाविसको पोर्ताहामा चैते दुर्गा मेला लागेकोले यादव राति मेला हेर्न त्यहाँ गएका थिए। गम्छाले अनुहार छोपेका पाँच/सात जनाको समूहले उनलाई पछाडिबाट गर्दनमा प्रहार गरेको गोली लागी उनको घटनास्थलमा नै मृत्यु भएको थियो। पीडितको लासको जिल्ला अस्पताल सिराहामा चैत १४ गते बिहान पोस्टमार्टम गरिएको थियो। अनुसन्धानको सिलसिलामा प्रहरीले रामपुरबिर्ता गाविस-१ का जीवन श्रेष्ठ, सोही गाविस-२ का भोला श्रेष्ठ, अनुजित साह, बुधन साह र चन्द्रोदयपुर गाविस-१ का हरिशङ्कर सिंहलाई गिरफ्तार गरी सोधपुछ गरिरहेको जिल्ला प्रहरी कार्यालय सिराहाले जनायो।

लक्ष्मीपुर पतारी गाविस-३ की १९ वर्षीया रन्जु दास र सोही गाविस-४ का २० वर्षीया बौना धोबीको ०६७ कात्तिक १० गते अपरिचित व्यक्तिहरूले हत्या गरे। हत्यापश्चात् दुवै जनाको मुखमा कालो मोबिल खन्याइएको अवस्थामा विद्यानगर गाविस-१ स्थित धान खेतमा भेटिएको थियो। घटनापश्चात् मृतक दुवैका परिवारलाई अनुसन्धानका लागि हिरासतमा लिएर तारेखमा रिहा गरिएको र पीडकको खोजी भइरहेको जिल्ला प्रहरी कार्यालय सिराहाका एसपी रमेश भट्टराईले बताए।

गोली/विस्फोटक पदार्थद्वारा घाइते

अखिल तराई मुक्ति मोर्चा (प्रतिक समूह)बाट

माडर गाविस-६ स्थित प्रहरी चौकीमा कार्यरत प्रहरी जवानहरू ओखलढुङ्गा जिल्ला ज्यामिरे गाविसका २३ वर्षीय उमेश खड्का र भोजपुर जिल्ला निवासी २८ वर्षीय राजीव भट्टराई ०६६ पुस ३० गते दिउँसो सोही गाविसस्थित खैटोका भन्सार कार्यालय छेउमा रहेको गणेश इट्टाभट्टा नजिक भएका बम विस्फोटमा परी घाइते भए। प्रहरीहरू सो इट्टा भट्टामा हतियार लुकाएर राखिएको भन्ने सूचनाका आधारमा खोजीका लागि सो ठाउँमा पुगेका बेला विस्फोट भएको थियो। पीडितहरूमध्ये खड्काको आँखा र शरीरका विभिन्न ठाउँमा बमको छर्राले गम्भीर चोट लागेको र अर्का जवान भट्टराईलाई भने सामान्य चोट लागेको थियो। भट्टराई जिल्ला अस्पाताल सिराहाबाट उपचारपछि सोही दिन दिउँसो कार्यालय फर्किए भने खड्कालाई थप उपचारका लागि सगरमाथा चौधरी आँखा अस्पताल लहानमा लगिएको थियो। सर्चका क्रममा घटनास्थलबाट दुई थान कटुवा पेस्तोल र चार राउण्ड गोलीसमेत बरामद गरिएको सो प्रहरी कार्यालयले जनायो। उक्त घटनामा अखिल तराई मुक्ति मोर्चा (प्रतिक समूह)का केन्द्रीय सदस्य विप्लवले विस्फोटक पदार्थ आफ्नो सङ्गठनका कार्यकर्ताहरूले राखेको बताए।

अज्ञात समूहबाट

बल्ही गाविस-४ निवासी युथफोर्सका कार्यकर्ता ४० वर्षीय भोगेन्द्रप्रसाद साह ०६६ माघ ४ गते राति दिसा गर्न चौरमा गएका बेला अज्ञात समूहको गोली प्रहारबाट घाइते भए। तिघ्रामा एक गोली लागी घाइते भएका साह लहान नर्सिङ होममा उपचारपछि घर फर्किए। पीडितले राति आफू एक्लै चौरमा गएका बेला पाँचदेखि सात जनाको सङ्ख्यामा रहेका व्यक्तिले आफूलाई गोली प्रहार गरेको र अँध्यारोका कारण कसैलाई चिन्न नसकेको बताए।

जेल र बन्दीहरू

'घ' श्रेणीको यस जिल्ला कारागारमा बन्दी क्षमता १ सय ५० जना रहेकोमा यस वर्षको अन्त्यसम्म कैद तोकिएका पुरुषहरूको सङ्ख्या ३२ र कैद नतोकिएका १ सय २२ जना गरी जम्मा १ सय ५४ जना रहेका छन्। यसमध्ये पाँच जना महिला र २८ जना विदेशी रहेका छन्। कर्तव्य ज्यानअन्तर्गत १६ कैदी र १० थुनुवा, हातहतियार खरखजना ऐनअन्तर्गत थुनुवा ४५, अपहरणअन्तर्गत कैदी एक र थुनुवा २३ र ज्यानमार्ने उद्योगअन्तर्गत थुनुवा पाँच जना रहेको जिल्ला कारागारले जनायो।

बेपत्ता/अपहरण

जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजीव समूह)बाट

सिराहा नपा-६ बसविट्टी निवासी ३५ वर्षीय बलीराम ठाकुरलाई ०६७ असोज २८ साँझ घरबाट सिराहा सदरमुकाम जाने क्रममा बीच बाटोबाटै जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजीव समूह)का कार्यकर्ताले अपहरण गरे। पीडित त्यसै दिन स्थानीय बासिन्दा र प्रहरीको सहयोगमा सिराहाको सांशरस्थित बगैंचामा राखिएको अवस्थामा उनी मुक्त भए। मोर्चाका जिल्ला इन्चार्ज पारस मुक्ति भनिने रामसोभित यादव, मोर्चाका कार्यकर्ता गोलु भन्ने जमालुदिन खान र पप्पु भन्ने सैलेशसहित सात जनालाई प्रहरीले गिरफ्तार गऱ्यो। अपहरणमा संलग्नमध्ये प्रमुख मानिएका पारस मुक्तिलाई हिरासतमा राखी कारबाही शुरु गरी बाँकी

अन्यलाई साधारण तारेखमा रिहा गरिएको प्रहरीले जनायो।

अर्नमा (प्रं.पिं) गाविस-१ का २५ वर्षीय रामवृक्ष मण्डललाई ०६७ कात्तिक १४ गते लहानको लोकतान्त्रिक चोकबाट चार पाँच जनाको एक समूहले अपहरण गऱ्यो। राजविराजस्थित साथीको घरबाट आउने क्रममा उनको अपहरण भएको थियो। पीडितलाई प्रहरीले ०६७ कात्तिक २३ गते सप्तरीको जलहरी गाविसबाट मुक्त गरे। बन्दी बनाई राखिएको अवस्थाबाट प्रहरीले उद्धार गर्ने क्रममा फायरिङसमेत भएको र सोही ठाउँबाट सप्तरी दौरीभरुवा गाविस-३ का १९ वर्षीय अशोक यादव र सप्तरी जोगनी मध्यपुराका २५ वर्षीय कुशेन्द्र यादवलाई गिरफ्तार गरेको इलाका प्रहरी कार्यालयका इन्स्पेक्टर लालध्वज सुवेदीले बताए।

अज्ञात समूहबाट

लक्ष्मीनिया गाविस-६ का २५ वर्षीय मन्टुन यादवलाई ०६६ माघ ५ गते राति अज्ञात व्यक्तिहरूको समूहले घरबाटै अपहरण गऱ्यो। म्यानपावर कम्पनीमा एजेन्टका रूपमा कार्य गर्दै आएका पीडितलाई हतियारसहितका पाँच/सात जनाको समूहले सुतिरहेको ठाउँबाट बोलाई अपहरण गरेको थियो। पीडित माघ ९ गते सिराहाकै अज्ञातस्थलबाट मुक्त भए।

नवराजपुर गाविस-९ का स्थानीय व्यापारी ३५ वर्षीय सूर्यनारायण चौधरीलाई ०६६ माघ २५ गते राति १४/१५ जनाको अज्ञात समूहले घरैबाट अपहरण गऱ्यो। अपहरण कसले र किन गरेको भन्ने खुल्न सकेन। यद्यपि आर्थिक लेनदेनको विषयमा भारतीय मूलका व्यक्तिहरूको संलग्नतामा उनको अपहरण भएको हुन सक्ने जिल्ला प्रहरी कार्यालय सिराहाका इन्स्पेक्टर कृष्ण प्रसाईले बताए।

विद्यानगर गाविस-३ का ६० वर्षीय देवनारायण ठाकुरलाई ०६६ चैत २७ गते राति नकाब लगाएका पाँच/सात जना अज्ञात व्यक्तिहरूले घरैबाट अपहरण गरे। अपहरण कसले र किन गरेको भन्ने खुल्न सकेन। पीडित चैत ३० गते साँझ भारतको फूलपरास भन्ने ठाउँबाट मुक्त भएको परिवारले बतायो। सशस्त्र प्रहरी सीमा सुरक्षा बल सिराहाका एसपी रवीन्द्र ठाकुरले सशस्त्र प्रहरी सुरक्षा पोस्ट बरियारपट्टीले भारतीय प्रहरीको सहयोगमा सो ठाउँबाट सकुशल मुक्त गरेको बताए। सोही क्रममा अपहरणमा संलग्न भएको आशङ्कामा भारतको महथौर पञ्चायतका रोशन यादवलाई गिरफ्तार गरी अनुसन्धानका लागि थुनामा राखिएको जिल्ला प्रहरी कार्यालय सिराहाले जनायो।

हरकट्टी गाविस-९ का ४२ वर्षीय मोहन महतोलाई ०६७ वैशाख २६ गते राति १५/२० जनाको समूहमा रहेका अज्ञात व्यक्तिहरूले घरैबाट अपहरण गरे। पीडित वैशाख २९ गते भारतको अज्ञातस्थलबाट मुक्त भएको उनका परिवारले बताए। उनी कुन सर्तमा मुक्त भएको भन्ने बारे खुल्न सकेन।

लहान नपा-६ का व्यापारी ३५ वर्षीय प्रथमलाल साहलाई ०६७ वैशाख २८ गते राति तीनजना अपरिचित व्यक्तिले उनको पसलबाटै अपहरण गरे। सख्खरको व्यापार गर्दै आएका साहको पसलमा सख्खर किन्ने बहानामा पुगेका अपहरणकारीले उनलाई मोटरसाइकलमा राखेर अपहरण गरेका थिए। पीडित सोही राति लहान नपा-३ स्थित बलान नदीनजिकबाट मुक्त भए। पीडितका अनुसार सो समूहले उनको एकथान मोबाइल फोन र उनीसँग भएको नगद ७ हजार रूपियाँसमेत लुटेर लगेका थिए।

सोठियाइन गाविस-१ निवासी नेपाली काङ्ग्रेसका महासमिति सदस्य ७० वर्षीय बालकृष्ण यादवलाई ०६७ वैशाख २९ गते राति अज्ञात व्यक्तिहरूको समूहले घरैबाट अपहरण गऱ्यो। घरमा सुतिरहेको अवस्थामा १०/१५ जनाको समूहले घरबाट बाहिर बोलाई अपहरण गरेको पीडितका परिवारजनले बतायो। अपहरण कसले र किन गरेको भन्ने खुल्न सकेन। पीडित जेठ ४ गते साँझ भारतीय क्षेत्रबाट अपहरण मुक्त भए। उनी कुन शर्तमा मुक्त भए भन्ने बारे खुल्न सकेन।

धम्की/कुटपिट

राज्यबाट

लहान नपा-१ निवासी नेपाल पत्रकार महासङ्घका केन्द्रीय सभासद् तथा गोरखापत्रका सिराहा सम्वाददाता ३२ वर्षीय सन्तोष सुवेदीलाई ०६६ फागुन २ गते राति वडा प्रहरी कार्यालय लहानका हवल्दार सन्तोष यादवसहितका चारजना प्रहरीले मरणासन्न हुने गरी कुटपिट गरे। पीडितको घरमा प्रहरीले सो समयमा छापा मार्न खोजेपछि प्रहरीको परिचयपत्र र छापामारीको लागि पूर्जी माग गरेपछि एक्कासी कुटपिट गरेको पीडितले बताए। नेपाल प्रेस युनियनका केन्द्रीय सदस्यसमेत रहेका पत्रकार सुवेदीलाई प्रहरीहरूले बन्दुकको कुन्दा, लाठी, मुड्की र बुटले कुटपिट गरेका थिए। प्रहरीहरूले उनलाई कुटपिट गर्दै वडा प्रहरी कार्यालयसम्म पुऱ्याएको पीडितले बताए। कार्यालयमा लगिएका सुवेदीलाई इन्स्पेक्टर बिपीन रेग्मीले पत्रकार

भनेर चिनेपछि गल्ती स्वीकार गर्दै कुटपिट गर्ने प्रहरीहरूलाई हप्काएका थिए। पीडितको लहान अस्पतालमा उपचार भएको थियो। पीडितले घटनामा संलग्न प्रहरी हवल्दारसहितका प्रहरीहरूलाई सार्वजनिक अपराध ऐनअन्तर्गत मुद्दा दर्ता गर्न वडा प्रहरी कार्यालयमा निवेदन दिन जाँदा निवेदन दर्ता गरिएन।

एकीकृत माओवादीबाट

भवानीपुर (प्र.ध.) गाविस-४ निवासी नेपाली काङ्ग्रेसका कार्यकर्ताहरू ४८ वर्षीय घुरन राईन, उनका २५ वर्षीय छोरा उस्मान राईन र सोही ठाउँका मोहम्मद अलि हुसेनलाई ०६७ वैशाख २४ गते दिउँसो पार्टीको कार्यक्रममा सहभागी भई सिराहा सदरमुकामबाट मोटरसाइकल चढेर घरतर्फ फर्किरहेका बेला एकीकृत माओवादीका कार्यकर्ताहरूले मोटरसाइकलद्वारा नै पछ्याएर सिराहा नपा नपा-९ स्थित गुलरिया भन्ने ठाउँ नजिक कुटपिट गरी घाइते बनाए। पीडितहरूका अनुसार माओवादी कार्यकर्ताहरूले उनीहरू चढेको स २ ख १८४८ नम्बरको मोटरसाइकलसमेत तोडफोड गरी क्षति पुऱ्याएका थिए।

अर्नमा (प्र.पी.) गाविस-८ का २८ वर्षीय भागवत ठाकुर र उनका भाइ २४ वर्षीय प्रकाश ठाकुरलाई ०६७ वैशाख २९ गते राति अज्ञात व्यक्तिहरूले धारिलो हतियारले प्रहार गरी घाइते बनाए। धारिलो हतियारले टाउकोमा चोट लागी घाइते भएका दुवैजना जिल्ला अस्पताल सिराहाबाट उपचारपछि घर फर्किए। कुटपिट तथा आक्रमण कसले र किन गरेको भन्ने खुल्न सकेन।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

लहान नपा-१ स्थित लोकतान्त्रिक चोकमा एकीकृत माओवादीका कार्यकर्ताहरूमाथि ०६६ माघ ५ गते दिउँसो मधेशी जनअधिकार फोरम (लोकतान्त्रिक)का अध्यक्ष तथा उपप्रधानमन्त्री एवम् भौतिक तथा निर्माण मन्त्री विजय गच्छेदारलाई कालो झण्डा देखाई विरोध जनाएको आरोपमा प्रहरीले लाठीचार्ज गऱ्यो। प्रहरीको लाठीचार्जबाट पाँच/छ जना माओवादी कार्यकर्ताहरू घाइते भएको स्थानीय नेता सुरेन्द्र साहले बताए। विरोध प्रदर्शनका क्रममा दुई जना माओवादी कार्यकर्ताहरूलाई प्रहरीले गिरफ्तार गरेकोमा केही समयपछि वडा प्रहरी कार्यालय लहानबाट दुवै जना रिहा भए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

दुनियाँवादी फौजदारी मुद्दातर्फ गत ०६७ असार मसान्तसम्म बाँकी रहेका २ सय सात थानमध्ये यस वर्ष ६२ थान फर्स्यौट भई १ सय ३५ थान बाँकी रहे। ०६७ साउनदेखि ०६७ पुस १६ गतेसम्म दर्ता भएका दुनियाँवादी फौजदारी मुद्दा ९८ थानमध्ये ६९ ओटा फर्स्यौट भई २९ मुद्दा बाँकी रहे। गत वर्षको मुद्दा जिम्मेवारी सरेर आएका जम्मा २ सय ६६ थानमध्ये १ सय १ थान फर्स्यौट भई १ सय ६५ थान बाँकी रहे।

सरकारवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ६४ थान मुद्दामध्ये यस वर्ष ३० थान फर्स्यौट भई ३४ थान बाँकी रहे। यस वर्ष दर्ता भएका सरकारवादी फौजदारी मुद्दा ५९ थानमध्ये ३९ थान फर्स्यौट भई जम्मा २० थान मुद्दा बाँकी रहे। गत वर्षको जिम्मेवारी सरेर आएका र यस वर्ष दर्ता भएका सरकारवादी मुद्दा १ सय २३ थानमध्ये यस वर्ष ६९ थान फर्स्यौट भई ५४ थान बाँकी रहे।

देवानी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १ हजार १ सय ४९ थानमध्ये यस वर्ष ३ सय ४१ फर्स्यौट भई ८ सय ८ थान रहे। यस वर्ष मुद्दा दर्ता भएका ५ सय ९५ थानमध्ये १ सय १४ फर्स्यौट भई ४ सय ८१ थान बाँकी रहे। गत वर्षको जिम्मेवारी सरेर आएका र यस वर्ष दर्ता भएका १ हजार ७ सय ४४ थानमध्ये यस वर्ष ४ सय ५५ थान फर्स्यौट भई १ हजार २ सय ८९ बाँकी रहे। दुई वर्ष नाघेका मुद्दाको सङ्ख्या १ सय २४ रहेको देखिन्छ। यसरी दुनियाँवादी फौजदारी, सरकारवादी फौजदारी र देवानी मुद्दाअन्तर्गत २ हजार १ सय ३३ थानमध्ये ०६७ पुस १६ गतेसम्म ६ सय २५ थान फर्स्यौट भई १ हजार ५ सय ८ थान बाँकी रहे।

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

धगधढी गाविस-२ स्थित नैनपुर टोलका विजयकुमार सिंह, महेन्द्र भगत महतो, गङ्गाराम यादव र सोही गाविस-५ का रामसुफल महतोलाई ०६६ फागुन १३ गते राति प्रहरीले घरनजिकबाट गिरफ्तार गरी वडा प्रहरी कार्यालय लहानको हिरासतमा राखेर पाइप र बन्दुकको कुन्दाले हिर्काई यातना दिए। वडा प्रहरी कार्यालय लहानका इन्स्पेक्टर वीपिन रेग्मीले उनीहरूलाई सशस्त्र समूहमा आवद्ध भएको र अपहरणमा संलग्न हुने गरेको आशङ्कामा अनुसन्धानका लागि गिरफ्तार गरी थुनामा राखिएको बताए। तर, पीडितहरूले आफूहरू सशस्त्र समूहमा

नरहेको र बिनाकारण गिरफ्तार गरिएको जनाउँदै आफूहरूलाई मदिरा सेवन गरेर आएका प्रहरीहरूले जथाभावी गालीगलौज गर्दै कुटपिट गरी यातना दिएको बताए। पीडितहरू फागुन १७ गते रिहा भए।

गोविन्दपुर गाविस-९ निवासी भूमि अधिकार मञ्चका सचिव रामप्रसाद रामसहित सोही वडाका कपिलदेव महतो र वडा नं. ४ का भोगिन्द्र पासमानलाई ०६६ चैत २६ गते राति वडा प्रहरी कार्यालय लहानको प्रहरी टोलीले बिनापुर्जी घरैबाट गिरफ्तार गऱ्यो। राति वडा प्रहरी कार्यालय लहानमा राखेकोमा चैत २७ गते बिहान उनीहरूलाई जिल्ला प्रहरी कार्यालय सिराहामा पुऱ्याइयो। वडा प्रहरी कार्यालयका इन्स्पेक्टर वीपिन रेग्मीले लहान नपाबाट अपहरित १२ वर्षीय सुभाषकुमार साहको घटनाका सम्बन्धमा सोधपुछका लागि नियन्त्रणमा लिएको बताए। पीडितहरूमध्ये रामप्रसाद राम र भोगिन्द्र पासमान जिल्ला प्रशासन कार्यालयबाट ०६७ वैशाख ५ गते धरौटीमा रिहा भए। पीडितहरूलाई जिल्ला प्रहरी कार्यालय सिराहाले माडर गाविसस्थित सडकखण्डमा सार्वजनिक सवारी साधनमा तोडफोड र ढुङ्गामुढा गरेको आरोपमा सार्वजनिक अपराध ऐनअन्तर्गत कारबाही गरिएको पीडितहरूले बताए।

बालअधिकार

जिल्ला शिक्षा कार्यालय सिराहाका अनुसार यस वर्ष प्राथमिक विद्यालय ४ सय ५०, निम्न मावि ४३, मावि ६६, उच्च मावि ३० ओटा रहे। त्यसैगरी, प्राथामिक बालविकास केन्द्र ५ सय ७१, मदरसा ५५, गुम्बा चार र हिन्दु शिक्षा दुई रहेको कार्यालयले जनाए। प्रथामिक विद्यालयमा ५ सय ६ शिक्षिका, ८ सय ७ गरी जम्मा १ हजार ३ सय १३, निम्न मावि तहमा १० शिक्षिका, २ सय २३ शिक्षक गरी २ सय ३३ र मावि तहमा दुई जना शिक्षिका र १ सय ९७ शिक्षक रहेका छन्। प्राथामिक तहमा यस वर्ष बालिका ५३ हजार ५ सय १४ र बालक ५१ हजार ५ सय ९९ गरी १ लाख ५ हजार १ सय ३३ रहेका छन्। जसमध्ये दलित बालिका १७ हजार २ सय ५ र बालक १८ हजार ७ सय २५ रहेको छ। बालिकाहरूलाई विद्यालयसम्म पुऱ्याउन जिल्ला शिक्षा कार्यालयले ४५ विद्यालयमा योंग च्याम्पियन छनौट गरी बालबालिकाहरूलाई विद्यालय भर्ना अभियान सञ्चालन गरिएका छन्।

मधेशी जनअधिकार फोरमले ०६६ चैत २६ गतेदेखि २८ गतेसम्म, नेपाल पिछडावर्ग महासङ्घले ०६७ वैशाख ७ गतेदेखि ९ गतेसम्म, नेपाल पिछडावर्ग महासङ्घले ०६७ वैशाख १७ गतेदेखि १९ गतेसम्म, एकीकृत माओवादीले ०६७ वैशाख १९ गतेदेखि २६ गतेसम्म बन्दको आह्वान गर्दा समग्र जिल्ला प्रभावित भयो। यसरी सन् २०१० मा १३ दिनसम्म सिरहा जिल्लाको जनजीवन बन्दका कारण प्रभावित भयो। यसबाहेक अनेरास्वबियु (क्रान्तिकारी)ले तीन दिन निजी विद्यालयहरूको पठनपाठन बन्द गराएको थियो।

लहान नपा-१ का १२ वर्षीय सुभाषकुमार साहलाई ०६६ चैत २१ गते साँझ सोही नपा-३ स्थित होटलबाट साईकल चढेर घरतर्फ गइरहेको बेला लोकतान्त्रिक चौकदेखि केही पश्चिम सडक नजिकबाट अज्ञात व्यक्तिहरूले अपहरण गरे। सोही ठाउँको शारदा इङ्गलिश बोर्डिङ स्कूलमा चार कक्षामा अध्ययनरत् साहलाई अपहरण कसले र किन गरेको भन्ने खुल्न सकेन। पीडित चैत ३१ गते राति सिसवनी गाविसको सल्हेश फूलबारी भन्ने ठाउँ नजिकबाट आफन्तको जिम्मामा अपहरण मुक्त भए। उनलाई कुन शर्तमा मुक्त गरिएको भन्ने खुल्न सकेन। अपहरणकारीले बालकका परिवारजनसँग फिरौतीबापत शुरुमा ५० लाख रुपियाँ केही दिनपछि ३० लाख रूपियाँ माग गर्दै आएका थिए। वडा प्रहरी कार्यालय लहानका इन्स्पेक्टर वीपिन रेग्मीले उक्त घटनाको अनुसन्धानका क्रममा जिल्लाका विभिन्न स्थानहरूबाट केही व्यक्तिहरूलाई गिरफ्तार गरी सोधपुछ गरिरहेको बताए।

कुशहा लक्ष्मीनिया गाविस-५ घर भई लहान नपा-७ मा बस्दै आएका १५ वर्षीय गुमस्ता यादवलाई ०६७ वैशाख २७ गते साँझ अज्ञात व्यक्तिहरूको समूहले लहान नपास्थित बजारबाट अपहरण गऱ्यो। पीडित सोही नपा-६ स्थित लिटिल स्टार इङ्गलिश स्कूलमा आठ कक्षामा अध्ययनरत् छन्। बजारमा तरकारी किन्न गएका बेला उनको अपहरण भएको थियो। पीडित वैशाख २८ गते साँझ ढोढना गाविसको अज्ञातस्थलबाट मुक्त भए। प्रहरीको सक्रियतामा उनी मुक्त भएको वडा प्रहरी कार्यालय लहानका इन्स्पेक्टर वीपिन रेग्मीले बताए। पीडकहरूले अपहरणपश्चात् पीडितकै मोबाइल फोन प्रयोग गरी उनका पिता रामउद्गार यादवसँग १० लाख रुपियाँ फिरौती रकम माग गर्दै आएका थिए। घटनामा संलग्न भएको आरोपमा संयुक्त सुरक्षा टोलीले वैशाख २८ गते फूल्काहाकट्टी गाविस-९ का २० वर्षीय रामउद्गार महतो र कुशहा लक्ष्मीनिया गाविस-५ का अन्दाजी २१ वर्षीय सरोजचन्द्र यादवलाई गिरफ्तार गरेको थियो।

ढोढना गाविस-२ की एक १३ वर्षीया बालिकालाई ०६७ कात्तिक २० गते भदैया निवासी

मोहमद रजक र मोहमद मुस्ताकले बलात्कार गरेको आरोपमा उनीहरू दुवैलाई ०६७ कात्तिक २१ गते प्रहरीले गिरफ्तार गरी कानुनी कारवाही शुरु गरिएको प्रहरीले जनायो।

सिराहा नपा-१ निवासी एक सात वर्षीया बालिकालाई ०६७ कात्तिक १६ गते सिराहा नपा-४ का राजकुमार दासले खेलिरहेको ठाउँबाट नजिकैको तिल घारीमा पुऱ्याई बलात्कार गरेको आरोपमा प्रहरीले दासको खोजी गरिरहेको एसपी रमेश भटराईले बताए। दिउँसो ४ बजे अचेत अवस्थामा भेटिएकी बालिकालाई जिल्ला अस्पताल सिराहामा उपचारका लागि परिवारले पुऱ्याएका थिए। त्यहाँ उपचार सम्भव नभएपछि लहान नर्सिङ होममा पठाइएको थियो। विपन्न परिवारकी उक्त बालिकाको लहानमा उपचार हुन नसकेपछि धरानस्थित बीपी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भएको थियो। उनको उपचारका लागि इन्सेकको पहलमा सिराहास्थित मानवअधिकार संस्थाहरूले सहयोग पुऱ्याएका थिए। आरोपित दासको खोजी भइरहेको जिल्ला प्रहरी कार्यालय सिराहाले जनायो।

सखुवा नन्कारकटी गाविस-९ सिमरहाका तीन वर्षीय इब्राहिम मियाँलाई ०६७ कात्तिक ३ गते राति ११ बजे घरमै सुतिरहेका अवस्थाबाट अपरिचित चार/पाँच जनाको एक समूहले अपहरण गऱ्यो। पीडित इलाका प्रहरी कार्यालय महेशपुर र भारतीय प्रहरीको सहयोगमा भारतको मालिन बेलहा गाउँबाट ०६७ कात्तिक ८ गते मुक्त भए। अपहरणका प्रमुख नाइके मानिएका लोचना भनिने रामलोचन यादवलाई एक पेस्तोल र तीन राउण्ड गोलीसहित प्रहरीले ०६७ पुस ७ गते गिरफ्तार गरी मुद्दा चलाएको छ।

सीतापुर गाविस-८ का १२ वर्षीय राजनरायण यादवलाई नाच हेरिरहेको ठाउँबाट चार पाँच जनाको अपरिचित व्यक्तिको एक समूहले ०६७ कात्तिक १७ गते अपहरण गऱ्यो। पीडित भोटियाटोलबाट ०६७ कात्तिक १८ गते मुक्त भए। सशस्त्र प्रहरीले चेकप्वाइन्ट बनाई चेक गरिरहेको देखेपछि अपहरणकारीले २० मिटर वर बालकलाई ओराली भागेका थिए। सशस्त्र प्रहरीलाई बालकले सबै कुरा बताएपछि बालकलाई इलाका प्रहरीको जिम्मामा राखिएको थियो। पीडितलाई ०६७ कात्तिक १८ गते अभिभावकको जिम्मा दिएको इलाका प्रहरी कार्यलयका इन्स्पेक्टर लालध्वज सुवेदीले बताए।

विष्णपुरकट्टी गाविस-७ स्थित तुलसीराम सत्यभामा डोटेल उच्च माविमा ०६७ पुस ८ गते विद्यार्थीहरूले लगाएको तालाबन्दीका कारण विद्यालयको पठनपाठन अवरुद्ध भयो। सक्रियतापूर्वक पढाउनु पर्ने, नियमित सम्पूर्ण घण्टी पढाउन पर्ने माग राखी विद्यार्थीहरूले विद्यालय बन्द गरेका थिए। समिति, अभिभावक, स्थानीय गाउँलेहरूबीच छलफलपश्चात् पुस ११ गते विद्यालय सुचारु गर्ने निर्णय भयो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

लालपुर गाविस-१ स्थित तेतरिया टोलकी ३५ वर्षीया गलियादेवी सदालाई ०६६ माघ २ गते राति अज्ञात व्यक्तिहरूको समूहले बलात्कारपछि हत्या गऱ्यो। पीडित असनपुर गाविसको गोलबजार हटियाबाट साँझ घर फर्किरहको बेला एकान्त बाटोमा घटना भएको थियो। मृतकको लास गोलबजार गाविस-८ स्थित धानखेतमा माघ ३ गते विहान स्थानीय बासिन्दाले फेला पारेका थिए। इलाका प्रहरी कार्यालय गोलबजारका सई रामप्रसाद चौधरीले पीडित महिलाको घाँटी थिचिएको र अनुहारमा रगतको टाटा देखिएको अवस्थामा लास भेटिएको थियो। लासको माघ ४ गते लहान अस्पतालमा पोस्टमार्टम गरिएको थियो। यस वर्षको अन्त्यसम्म पीडकको पहिचान हुन सकेको छैन।

सबै प्रकारका जातीय विभेद

नहरारिगोल गाविस-१ की ६५ वर्षीया जोगीयादेवी रामलाई जातीय ०६७ वैशाख १९ गते राति भगवतीपुर तमासुईया गाविसका ककुल्ती यादव र उनका छोरा ब्रह्मदेव यादवले सोही गाविसस्थित बाटोमा कुटपिट गरे। पीडित रामका अनुसार खाना खाने ठाउँमा भएको भेदभावको कुरा गरेका कारण पीडित भजनकिर्तन सकेर घर फर्किने क्रममा उनीमाथि कुटपिट भएको थियो। पीडितको लहान अस्पतालमा उपचार भयो। पीडकमाथि कारवाहीको लागि माग गरिए पनि कारवाही नभएको पीडित पक्षले जनायो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

ब्राम्हानगोर्छारी गाविस निवासी गाढा गाविसका सचिव चन्देश्वर ठाकुरलाई ०६६ पुस २६ गते दिउँसो लहान नपा-१ स्थित आफ्नै कार्यालयमा बसिरहेका बेला गाढा गाविसस्थित नेपाली काङ्ग्रेसका कार्यकर्ता विष्णु गुप्तालगायतका व्यक्तिहरूले गालीगलौज गरी दुर्व्यवहार गरे। पीडितका अनुसार ती व्यक्तिहरूले माग गरेको रकम नियमविपरीत दिन नसक्ने जनाएपछि कार्यालयका कागजातहरूसमेत च्यातेर नष्ट गरेका थिए। पीडितले पीडकमाथि

कारबाहीको माग गर्दै वडा प्रहरी कार्यालय लहानमा निवेदन दिएको तर कुनै कारबाही नभएको बताए।

सिराहा नपास्थित सूर्यनारायण सत्यनारायण मरवैता बहुमुखी क्याम्पस सिराहाका प्रमुख डा. रामखेलावन यादवलाई ०६६ फागुन १० गते दिउँसो सोही क्याम्पसका विद्यार्थीहरूले क्याम्पस प्रशासनको आन्तरिक विवादमा सशस्त्र प्रहरीलाई बोलाएको आरोपमा कार्यकक्षमै कुटपिट गरे। क्याम्पस प्रमुख यादवका अनुसार निवर्तमान स्ववियु सचिव सुदन कुसियतलगायत विभिन्न सङ्गठनमा आबद्ध आठ/दश विद्यार्थीहरूको समूहले कुटपिट गरेको थियो। सोही क्रममा यादवलाई संरक्षण गर्न खोज्दा सो क्याम्पसका पियन जागेश्वर यादवलाई समेत चोटपटक लागेको थियो। विद्यार्थीहरूले प्रशासनसमक्ष उक्त क्याम्पसमा स्थगन भएको स्ववियु निर्वाचन यथाशीघ्र गराउन माग गर्दा विवाद भएको जनाए।

ब्रम्हानगोर्छारी गाविस-९ निवासी नेपाल पत्रकार महासङ्घ शाखा सिराहाका सहसचिव तथा नयाँ पत्रिकाका सम्वाददाता २५ वर्षीय दिलीप सिंहलाई ०६६ चैत ५ गते दिउँसो एकीकृत माओवादीका केन्द्रीय उपाध्यक्ष डा. बाबुराम भट्टराई उपस्थिति भएको चन्द्रलालपुर गाविसस्थित एक कार्यक्रममा समाचार सङ्कलन गर्न गएका बेला वाईसीएलका कार्यकर्ताहरूले कार्यक्रमस्थलमै कुटपिट र दुर्व्यवहार गरे। पत्रकारमाथि हातपात र दुर्व्यवहार गरेपछि कार्यक्रममा उपस्थित भएका अन्य पत्रकारहरूले कार्यक्रम बहिष्कार गर्दै उक्त ठाउँबाट बाहिरिएका थिए।

सिराहाका पत्रकार देवनारायण साहलाई अनेरास्ववियु क्रान्तिकारीका केही कार्यकर्ताहरूले ०६७ पुस ३ गते दुर्व्यवहार गर्दै मार्ने धम्की दिए। क्रान्तिकारीका उपाध्यक्ष भोला यादवलगायतका कार्यकर्ताहरूले ज्यान मार्ने धम्की दिएका थिए। अखिल क्रान्तिकारीको सहयोगमा अन्दोलनरत् विद्यार्थीहरूलाई हातपात गरिएको समाचार प्रकाशन गराएको आरोपमा आफूलाई धम्की दिइएको पत्रकार साहले बताए। एकीकृत माओवादीका जिल्ला इन्चार्ज हरिनारायण चौधरीले त्यस्तो घटना नभएको र यदि घटना भएको ठहरिएमा कारबाही गरिने बताएका थिए। नेपाल पत्रकार महासङ्घ सिराहा शाखा कार्यालयका अध्यक्ष दिनेश्वरप्रसाद गुप्ता र प्रेस युनियनका सिराहा अध्यक्ष रामबाबु यादव र प्रेस चौतारी नेपालका जिल्ला अध्यक्ष सुशील साहले ०६७ पुस ४ गते प्रेस विज्ञप्ति जारी गरी धम्की दिनेलाई गिरफ्तार गर्न माग गरे पनि कुनै कारबाही भएन।

असनपुर गाविस-१ र चन्द्रलालपुर गाविस-६ मा बसोबास गर्दै आएका करिब ८० परिवार मुसहर समुदायका परिवारले ज्यालामा बृद्धि गरिनुपर्ने माग गरेकै कारण ०६७ असार ९ गते बिहानदेखि सोही ठाउँका जग्गाधनीहरू हिरा यादव, रामसुन्दर यादव, कासीराम यादव, राजकुमार महतो, फूलेश्वर यादव, रामसेवक महतोलगायतले काम गर्नबाट रोक लगाउनुका साथै बाटो हिँड्नसमेत वञ्चित गराए। पीडित समुदायले सो ठाउँमा दैनिक ज्याला पाँच केजी धानबाट बृद्धि गरी सात केजी धान उपलब्ध गराउनु पर्ने माग गरेका कारण सार्वजनिक बाटोघाटोमा हिँडडुल गर्न रोक लगाएका थिए। पीडितहरूले कारबाहीका लागि इलाका प्रहरी कार्यालय गोलबजारमा निवेदन दिए। इलाका प्रहरी कार्यालय मिर्चैयाका इन्स्पेक्टर सानुराम भट्टराईले पीडितहरूले निवेदन दिए पनि स्थानीय तहमै छलफल गरेर घटना समाधान गर्ने प्रयास गरिएको बताए। उक्त घटनाको समाचार लेखेकै आधारमा अन्नपूर्ण पोष्टका सम्वाददाता रामबाबु यादव, गणेश साह र सगरमाथा च्यानलका अर्जुन थपलियालगायतका सञ्चारकर्मीहरूलाई समेत धम्की दिएको उनीहरूले बताए।

संरचना, सम्पति क्षति

तराई एकता परिषद्बाट

रामनगर मिर्चैया गाविसस्थित सगरमाथा उच्च माविको एक स्कूल बसमा ०६६ फागुन १० गते राति विद्यालय हाताभित्र रोकेर राखिएको अवस्थामा तराई एकता परिषद्का कार्यकर्ताहरूले आगजनी गरे। आगजनीबाट स १ ख ४६६ नम्बरको उक्त बस पूर्णरूपमा क्षति भएको पीडित पक्षले बतायो। तराई एकता परिषद्का केन्द्रीय अध्यक्ष स्वामीजी यादवले टेलिफोन गरी घटनाको जिम्मेवारी लिदै सबैलाई समान शिक्षा लागू गराउनु पर्ने र सोका लागि बोर्डिङ्ग स्कूल बन्द गराउन आह्वान गरिँदा अवज्ञा गरिएकाले त्यस्तो कारबाही गरिएको जनाए।

एकीकृत माओवादीबाट

डुम्री गाविस निवासी रामकुमार यादवको मोटरसाइकल आमहड्तालका बेला चलाएको आरोपमा ०६७ वैशाख २२ गते दिउँसो एकीकृत माओवादीका कार्यकर्ताहरूले रामनगर मिर्चैया गाविसस्थित राजमार्ग सडकखण्डमा आगजनी गरी क्षति पुऱ्याए। सोही क्रममा मोटरसाइकलका चालक श्यामकुमार यादवलाई कुटपिट समेत गरिएको थियो।

भूमिहीन सुकुमबासी

जिल्लामा रहेको सुकुमबासी समस्या समाधान आयोगले यस वर्ष ०६७ मङ्सिर २४ गते ४९ जना भूमिहीन तथा सुकुमबासीहरूलाई जग्गाधनी प्रमाणपत्र वितरण गऱ्यो। यस वर्ष सुकुमबासीहरूले जग्गाको माग नगरे पनि ०५८ साल पूर्व दिइएका आवेदनहरूलाई व्यवस्थित गराउन ६ सय ४१ निवेदन परेको मालपोत कार्यालय सिराहाका प्रमुख उपेन्द्र यादवले बताए।

स्वास्थ्य सेवाको अवस्था

जिल्ला जनस्वास्थ्य कार्यालय सिराहाका अनुसार यस जिल्लामा दुई अस्पताल, चार प्राथामिक स्वास्थ्य केन्द्र, ११ स्वास्थ्य चौकी ९३ उपस्वास्थ्य चौकी रहेका छन्। यस जिल्लामा सात जना डाक्टर, आठ जना स्टाफ नर्स, १८ जना स्वास्थ्य सहायक, ९३ जना माशिका, १ सय २५ अहेब, सात अनमि, २६ ल्यावअसिस्टेन्ट, एक परिवार नियोजन सुपरभाईजर र एक खोप सुपरभाईजर कार्यरत रहेका छन्। त्यसैगरी, यस जिल्लाले ३ सय ४३ स्थानमा गाउँघर क्लिनिक सञ्चालन गर्दै आएको छ।

१.१३ उदयपुर

जनसङ्ख्या : ३,६३,४०६
साक्षरता प्रतिशत : ६७
महिला साक्षरता प्रतिशत : ५०
क्षेत्रफल (वर्ग कि. मि.) : २,०६३
गाविस/नपा सङ्ख्या : ४४/१
सरकारी/निजी विद्यालय : ३८४/३४
क्याम्पस/उच्च मा.वि. : ३/३२
अस्पताल/स्वास्थ्य चौकी : १/४५
मानव विकास सूचकाङ्क: ०.४८८
प्रतिपरिवार सरदर सङ्ख्याः ७

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

अन्यबाट

रामपुर गाविस-२ निवासी नेकपा माओवादी (मातृका) उदयपुरका जिल्ला सदस्य ४९ वर्षीय कर्णबहादुर थापालाई ०६६ चैत २० गते राति सोही गाविस-३ को धौरीस्थित आफ्नै घरमा नकाबधारी समूहले कुटपिट गरी हातखुट्टा भाँचेर छाडेकोमा उपचारका लागि लैजाँदै गर्दा उनको सोही राति बाटैमा मृत्यु भयो। रातको करिब ११ बजे आएको उक्त समूहले केही कुरा गर्नु छ भनी घरबाहिर निकालेर पत्नी रञ्जना थापालाई नियन्त्रणमा लिएर पीडितलाई एक घण्टासम्म कुटपिट गरेको रञ्जनाले बताइन्। पीडितको लास जिल्ला अस्पताल गाईघाटमा ०६७ चैत २१ गते पोष्टमार्टम भयो। थापा रामपुर ठोक्सिला-२ स्थित माछापुच्छ्रे सामुदायिक वन उपभोक्ता समूहका अध्यक्षसमेत थिए। हत्याको जिम्मा कसैले पनि लिएको छैन। पीडितपक्षको जाहेरीका आधारमा प्रहरीले ०६७ चैत २१ गते रामपुर गाविस-२ का शशी सेढाई, प्रेमबहादुर कार्की, दीपक कार्की, सबीन थापा, दलबहादुर थापा, मोहन घिमिरे र सीताराम थापालाई गिरफ्तार गरी पुर्पक्षका लागि कारागारमा थुनामा राखेको छ।

जेल र बन्दीहरू

जिल्ला कारागारमा यो वर्षको अन्त्यसम्ममा कैद तोकिएका २५ पुरुष र १ महिला गरी २६ जना रहेका छन् भने कैद नतोकिएका ६० पुरुष र ७ महिला गरी ६७ जना थुनुवा रहेका छन्। कूल ५० जना क्षमता भएको कारागारमा यो वर्ष कैद तोकिएका र नतोकिएका गरी ९३ जना बन्दी रहेका छन्। जेलको भौतिक अवस्था जीर्ण भए पनि भित्र र बाहिर गरी सातओटा शौचालय रहेका छन्। वर्षातको समयमा जेलको छतबाट पानी चुहिने समस्या छ। क्षमताभन्दा बढी बन्दी राखिएका कारण बस्ने र सुत्ने ठाउँको अभाव भएको बन्दीहरू बताए। कारागारमा टोपी, झोला, मुडा, बुन्ने तानहरू सञ्चालनमा आए पनि उत्पादित सामग्री बेच्ने बजारको अभाव रहेको बन्दीहरूको गुनासो छ। जेलभित्र जिविस, नपा र सामाजिक सङ्घ संस्थाहरूको पहलमा टेलिभिजन, क्यारामबोर्ड, चेस र पाँच ओटा पत्रपत्रिकाहरू उपलब्ध गराइएको छ। जेलमा विशेष बन्दीगृह र गोप्य बन्दीगृह छैन। भवन जीर्ण हुँदै गएको जेलमा रेडक्रसको अन्तर्राष्ट्रिय समितिले खानेपानीको

घटनाको प्रकार	गैरराज्यबाट									राज्यबाट			
	अन्यबाट					एकीकृत माओवादीबाट							
	घटना सङ्ख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना सङ्ख्या	पुरुष	नखुलेको	जम्मा	घटना सङ्ख्या	पुरुष	अन्य	जम्मा
हत्या	८	६	३		८								
घाइते	१	४	१		५					१	४		४
कुटपिट	१	१			१	३	३		३	४	११		११
धम्की	६	१५		१	१६	३	६	१	७				
भेला/सङ्गठित हुने अधिकार										३	३	९	११
महिलाअधिकार	७		९		९								
बालअधिकार	४		४		४								
आथिक/सामाजिक/ सांस्कृतिक अधिकार						१	१	५	६				
अपहरण	३	४			४								
जम्मा	३९	३०	१६	१	४७	५	१०	६	१६	७	१७	९	३६

ट्याङ्की बनाई दिएको छ। जिविसको तर्फबाट पङ्खालगायतका केही सामग्री उपलब्ध गराइएको छ।

बेपत्ता/अपहरण

किराँत जनवादी वर्कर्सबाट

चौदण्डी गाविस-७ निवासी एमाले गाउँ पार्टी अध्यक्ष ५३ वर्षीय बमबहादुर राईलाई ०६६ चैत ६ गते राति मागेजति चन्दा नदिएको भन्दै किराँत जनवादी वर्कर्स कार्यकर्ताले घरैबाट अपहरण गरी चैत ७ गते सोही गाविसको बुवाजरघाट नजिकबाट मुक्त गरे। वर्कसको केन्द्रीय प्रवक्ता बताउनेको नेतृत्वमा हातहतियारसहित आएको समूहले राईलाई केही कुरा गर्नु छ भन्दै अपहरण गरेको र चन्दा दिनै पर्ने र पछि पुनः आउने भन्दै आफूलाई छाडिदिएको पीडितले बताए। अपहरणपछि ठूलो सङ्ख्यामा गाउँलेहरू पीडितलाई मुक्त गराउन सँगै गएका थिए। पीडित स्थानीय गणन्ता निमाविको व्यवस्थापन समितिका अध्यक्ष हुन्। मुक्त भएपछि पीडित घरमै बस्दै आएका छन्।

धम्की/कुटपिट

एकीकृत माओवादीबाट

बेल्टार गाविस-१ का काङ्ग्रेस कार्यकर्ताहरू ४१ वर्षीय नरेन्द्र राई, २५ वर्षीय पवन कार्की, ३८ वर्षीय शिवराज राई, सोही गाविस-२ का ३६ वर्षीय दीपक तिम्सिना, बसाहा गाविस-९ का ४० वर्षीय राजेन्द्र राई र रामपुर गाविस-२ का ३७ वर्षीय सुशील सेढाईलाई ०६६ फागुन ३ गते एकीकृत माओवादीले बेल्टार बजारमा सार्वजनिक कार्यक्रममा आफूहरूविरुद्ध लागेको भन्दै भौतिक कारबाही गर्ने घोषणा गरे। सोही विषयलाई लिएर दुई दिनसम्म तनाव बनेको बेल्टार बजारमा सर्वपक्षीय छलफल गरी पछि सहमति खोज्ने गरी टुङ्गिए पनि पछि कुनै छलफल भएन।

बेल्टार गाविस-९ माडिबासका मजदुर २० वर्षीय देवेन्द्र विश्वकर्मालाई ०६६ माघ १२ गते एकीकृत माओवादी कार्यकर्ता रामकुमार तामाङले बेल्टार र बसाहा गाविसको सिमानामा पर्ने लामा खोलामा ढुङ्गा संकलन गरेबापत कबोल गरेअनुसारको ज्याला माग गर्दा कुटपिट गरे। कुटपिटबाट घाइते भएका पीडितको बेल्टारस्थित एक क्लिनिकमा आफन्तको सहयोगमा उपचार भयो।

वाईसीएलबाट

बेल्टार गाविस-९ माडिबसमा औषधी पसल सञ्चालन गर्दै आएका अन्दाजी ३० वर्षीय अनिल गुप्तालाई ०६७ वैशाख ३० गते सोही गाविसका ओम थापासहित छ जना वाईसीएल कार्यकर्ताले मरणासन्न हुने गरी कुटपिट गरे। कुटपिटबाट पीडितको टाउको र शरीरका विभिन्न भागमा चोट र नीलडाम लागेपछि आफन्तले विराटनगरस्थित कोसी अञ्चल अस्पतालमा

पाँच दिनसम्म उपचार गराए। घटनाको बारेमा ईलाका प्रहरी कार्यालय बेल्टारमा उजुरी दिए पनि पीडकलाई कुनै कारबाही नभएको पीडितका बुबा योगेन्द्र रौनियारले बताए।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

सङ्घीयताको विरोध गर्दै राष्ट्रिय जनमोर्चाका कार्यकर्ताले त्रियुगा नपा-२ गाईघाट बजारमा ०६६ पुस २९ गते निकालेको विरोध जुलुसमाथि हस्तक्षेप गर्दै एकीकृत माओवादी कार्यकर्ता र जनजाति महासङ्घका जिल्ला अध्यक्ष सुवास किराँतीसहितको समूहले जनमोर्चाको झण्डा खोसेर गाईघाट बजारमा जलायो। घटनाको राष्ट्रिय जनमोर्चाका अध्यक्ष नरबहादुर कार्की र जिल्लाका मानवअधिकारकर्मीहरूले पुस ३० गते विज्ञप्ति जारी गर्दै विरोध जनाए। घटनाको नेपाल निजामती कर्मचारी सङ्गठन, कर्मचारी युनियन, नेपाल रेन्जर सङ्घ, जुनियर वन प्राविधिक सङ्घ, पेशागत महासङ्घले छुट्टाछुट्टै विज्ञप्ति जारी गर्दै विरोध जनाए।

बेल्टार गाविस-१ का ४१ वर्षीय नरेन्द्रकुमार राई र सशस्त्र प्रहरी गाईघाट गुल्मका डिएसपी भेषबहादुर शाह ०६६ फागुन २ गते स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री उमाकान्त चौधरीको विरोध गर्दै एकीकृत माओवादीका कार्यकर्ताले प्रहार गरेको ढुङ्गा लागी घाइते भए। सोही क्रममा प्रहरीको लाठीचार्जबाट काङ्ग्रेस कार्यकर्ता त्रियुगा नपा-११ का अर्जुन कटवाल घाइते भए। उनीहरू सबैको प्राथमिक स्वास्थ्य केन्द्र बेल्टारमा उपचार भयो। बेल्टार गाविस-१ अस्पताल डाँडामा प्रसुति गृहको शिलान्यास गर्न त्यहाँ पुगेका मन्त्रीलाई कालो झण्डा देखाउने क्रममा प्रहरी र एकीकृत माओवादी कार्यकर्ताबीच झडप भएको थियो। प्रहरीले सोही घटनामा गिरफ्तार गरेका एकीकृत माओवादीका १२ जना कार्यकर्ताहरूलाई साँझ ७ बजे रिहा गऱ्यो।

त्रियुगा नपा-३ सामुदायिक वन उपभोक्ता महासङ्घ उदयपुरका सदस्य ५१ वर्षीय नारायण बुर्जा ०६७ असोज १० गते प्रहरीले लाठीचार्ज गर्दा घाइते भए। पीडितको टाउकोमा चोट लागेको थियो। उनीसँगै सामान्य घाइते बनेका अन्य सात जनाको जिल्ला अस्पताल उदयपुरमा उपचार गरियो। अधिकार कटौतीको विरोधमा गर्दै आन्दोलन गर्दै आएका सामुदायिक वन, महासङ्घका पदाधिकारी र प्रहरीबीच वन कार्यालय परिषरमा प्रहरीसँग ठेलाठेल हुने क्रममा प्रहरीले लाठी प्रहार गर्दा घाइते भएका थिए। प्रमुख जिल्ला अधिकारी बसन्तकुमार उपाध्यायले गल्ती भएको स्वीकार गर्दै घाइते सबैको उपचार गर्ने प्रतिबद्धता जनाए।

बसाहा गाविस-९ का ३९ वर्षीय दुर्गा खनाल, जोगिदहकी यशोदा पौड्याल, हडियाका विश्वराज निरौला गाईघाटका केशवप्रसाद पोखरेल ०६७ असार १० गते दिउँसो त्रियुगा नपा-१ बोक्सेस्थित जिल्ला शिक्षा कार्यालयबाहिर भएको प्रहरी र शिक्षकबीचको झडपमा घाइते भए। सोही घटनामा आन्दोलनकारीले हानेको ढुङ्गाले लागेर प्रहरी हवल्दार उर्मिला दाहाल, ऋषि खनाल, प्रहरी जवानहरू धनबहादुर घिमिरे, चोलेन्द्र विक र उमेश कार्की घाइते भए। घाइते सबैको जिल्ला अस्पतालमा उपचार भयो। प्रहरीले स्थितिलाई नियन्त्रणमा लिन चारसेल टियर ग्याँस हान्यो। समान पारिश्रमिकको माग गर्दै जिल्ला शिक्षा कार्यालयमा धर्ना दिइरहेका राहत दरबन्दीमा कार्यरत शिक्षक र प्रहरीबीच मूल प्रवेशद्वारमा ताला लगाउने र लगाउन नदिने विवादमा झडप भएको थियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत उदयपुरमा गत वर्षबाट जिम्मेवारी सरेर आएका दुनियाँवादी फौजदारी मुद्दा १ सय ५५ थानमध्ये सात थान फर्स्यौट भई १ सय ४८ थान बाँकी रहे। दुनियाँवादी देवानीतर्फ गत वर्षको जिम्मेवारी सरेर आएका २ सय ३२ थान मुद्दामध्ये १९ थान फर्स्यौट भई २ सय १३ थान बाँकी रहे। यो वर्ष २ सय २१ थान दुनियाँवादी देवानी मुद्दा दर्ता भएकोमा ५५ थान फर्स्यौट भई १ सय ६६ थान बाँकी रहे। दुनियाँवादी फौजदारीतर्फ १ सय ८ थान दर्ता भएकोमा ३५ थान फर्स्यौट भई ७३ थान बाँकी रहे। सरकारवादी फौजदारी ८१ थान मुद्दा दर्ता भएकोमा १६ थान फर्स्यौट भई ६५ थान बाँकी रहे। सङ्क्षिप्त देवानीतर्फ ११ थान दर्ता भएकोमा दुई थान फर्स्यौट भई नौ थान बाँकी रहे। संक्षिप्त फौजदारीतर्फ ३३ थान मुद्दा दर्ता भएकोमा २३ थान फर्स्यौट भई १० थान बाँकी रहे। यस वर्षको अन्त्यसम्म कूल ६ सय ८४ थान मुद्दा बाँकी रहे। जिल्ला अदालतमा पाँच वर्ष नाघेका कुनै पनि मुद्दा छैनन् भने महिला र बालबालिकाका लागि छुट्टै इजलास गठन भएको छ।

जिल्ला सरकारी वकिल कार्यालयका अनुसार यस वर्ष १ सय ७ ओटा सरकारवादी मुद्दा पेश गरिएकोमा ३३ थान मुद्दा फर्स्यौट भई ३२ थानमा सफलता र एक थान हातहतियार खरखजनामा मुद्दामा असफलता भयो।

बालअधिकार

विद्यालय भर्ना भएका विद्यार्थीमध्ये प्राथमिक तहमै १० प्रतिशत, निम्नमाध्यमिक तहमा पाँच प्रतिशत र माध्यमिक तहमा तीन प्रतिशतले विद्यालय छाड्ने गरेको जिल्ला शिक्षा कार्यालय उदयपुरले जनायो। जिल्लामा सामुदायिक उच्च मावि २८ ओटा, संस्थागत उच्चमावि तीनओटा, माविमा सामुदायिक ७४ ओटा, संस्थागत १९ ओटा, निमाविमा सामुदायिक १ सय १० ओटा, संस्थागत पाँच ओटा, प्राविमा सामुदायिक २ सय ४६ ओटा, संस्थागत ४९ ओटा र क्याम्पस पाँचओटा गरी जिल्लामा कूल ५ सय ८ ओटा शैक्षिक संस्थाहरू रहेका छन्।

रामपुर ठोक्सिला गाविस-७ की एक ११ वर्षीया बालिकालाई ०६७ जेठ २२ गते सोही ठाउँका २१ वर्षीय खड्गबहादुर विशङ्खे सार्कीले पीडितकै घरमा बलात्कार गरेको आरोपमा पीडितका बुवाले ०६७ असार ९ गते जिल्ला प्रहरी कार्यालय उदयपुरमा उजुरी दिए। प्रहरीले आरोपितको खोजी गरिरहेको जनाए पनि यस वर्षको अन्त्यसम्म गिरफ्तार गर्न सकेन।

त्रियुगा नपा-१७ की एक नौ वर्षीया बालिकालाई ०६६ चैत ६ गते सोही ठाउँका ५६ वर्षीय भैरव दवाडीले डर त्रास देखाएर पटक-पटक बलात्कार गरेको आरोपमा कारबाही गरी पाउँ भन्दै बालिकाकी आमाले चैत ९ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिइन्। आरोपितलाई प्रहरीले गिरफ्तार गरी अनुसन्धानपछि चैत ३० गते अदालतमा मुद्दा पेश गरेकोमा सोही दिनको आदेशले ९० हजार धरौटीमा रिहा भए। पुनरावेदन अदालतले जिल्ला अदालतको निर्णयलाई बदर गर्दै आरोपितलाई पुनः गिरफ्तार गरी पुर्पक्षका लागि थुनामा राखी मुद्दा चलाउने निर्णय गरेअनुसार यस वर्षको अन्त्यसम्म उनी थुनामा छन्।

सुन्दरपुर गाविस-५ की एक १४ वर्षीया बालिकालाई ०६७ साउन ८ गते सोही ठाउँका २५ वर्षीय प्रमोद चौधरीले प्रेम सम्बन्धको विषयलाई लिएर झुण्डाएर हत्या गरेको भन्दै बालिकाका आफन्तले ०६७ साउन ९ गते जिल्ला प्रहरी कार्यालय उदयपुरमा जाहेरी दिए। प्रहरीले भोलिपल्ट आरोपितलाई गिरफ्तार गरी अनुसन्धान सकेर ०६७ भदौ ९ गते अदालतमा पेश गरेकोमा सोही दिनको आदेशले पुर्पक्षका लागि कारागारमा राखियो। बालिकाको हत्या चौधरीले नै गरेको भन्दै प्रहरीमा किटानी जाहेरी उनका आफन्तले दिएपछि ज्यान मार्ने उद्योगअन्तर्गत प्रहरीले मुद्दा चलाएको थियो।

जोगीदह गाविस-१ की एक १७ वर्षीय बालिकालाई ०६७ भदौ २४ गते सोही ठाउँका ३० वर्षीय सत्यनारायण चौधरीले सोही स्थानको जङ्गलमा बलात्कार गरेको आरोपमा ०६७ असोज १० गते बालिकाले जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिइन्। प्रहरीले आरोपितलाई गिरफ्तार गरी अनुसन्धान सकेर मुलुकी ऐनको जबरजस्ती करणीको महल अनुसार कारबाहीको माग दाबी गर्दै ०६७ असोज २० गते अदालतमा मुद्दा पेश गरेकोमा सोही दिनको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा राखियो।

त्रियुगा नपा-१२ की एक १७ वर्षीया बालिकालाई ०६६ चैत २७ गते सोही ठाउँका होटल सञ्चालक सजिना राईले यौन धन्दामा लगाएको आरोपमा राईलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। पीडितले आफूलाई होटलमा आउने ग्राहकसँग यौन क्रियाकलाप गर्न लगाउने गरेको प्रहरीसमक्ष बयान दिइन्। प्रहरीले आरोपितविरुद्ध मानव बेचबिखान तथा ओसारपसारसम्बन्धी मुद्दा चलाएर ०६६ चैत १६ गते अदालतमा पेश गरेकोमा सोही दिनको आदेशले पीडक पुर्पक्षका लागि थुनामा रहेकी छिन्।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बेचबिखन तथा ओसारपसार

रौता गाविस-९ की २२ वर्षीय तिलमाया आलेमगर, २१ वर्षीया अचे विक र २५ वर्षीया सीता परियारलाई ०६६ माघ २५ गते त्रियुगा नपा-१२ की ३० वर्षीया लक्ष्मी बस्नेत र नवराज बस्नेतले वैदेशिक रोजगारीमा पठाइदिने प्रलोभन देखाउँदै काठमाडौँसम्म पुऱ्याएर दलाललाई बिक्री गर्न लागेको भन्दै ती महिलाहरूले प्रहरीमा उजुरी दिए। प्रहरीले सोही दिन लक्ष्मीलाई गिरफ्तार गरी फागुन २८ गते अदालतमा पेश गरेकोमा चैत १ गते अदालतले उनलाई पुर्पक्षका लागि कारागार कार्यालयमा पठायो। नवराजको खोजी भइरहेको प्रहरीले जनायो।

लेखगाउँ गाविस-५ की कल्पना तामाङलाई ०६६ चैत २९ गते सोही ठाउँका भीमबहादुर तामाङले वैदेशिक रोजगारीमा लगाइदिने भन्दै झापाको काकडभिट्टा नाकामा पुऱ्याएर बिक्री गर्न लाग्दा भागेर बच्न सफल भएको भन्दै पीडकलाई कारबाही गरिपाँउ भन्दै कल्पनाले चैत ३० गते प्रहरीमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई गिरफ्तार गरी अनुसन्धानपश्चात् अदालतमा मुद्दा पेश गरेकोमा अदालतले भिमबहादुरलाई पुर्पक्षका लागि थुनामा पठायो।

हडिया गाविस-४ की २५ वर्षीया एक महिलालाई ०६७ कात्तिक ३० गते सोही ठाउँका २८

वर्षीय हिमला महतारा, ४० वर्षीय कुमार कार्की, र ओखल्ढुङ्गाको पकली गाविस घरभई काठमाडौँमा बस्दै आएका गोपाल पौड्यालले वैदेशिक रोजगारीमा लगाइदिने प्रलोभन देखाउँदै काठमाडौँ पुऱ्याएर पौड्यालले यौन शोषण गरेको भन्दै मगरले प्रहरीमा उजुरी दिइन्। प्रहरीले तिनैजनालाई गिरफ्तार गरी मानव बेचबिखान तथा ओसारपसार अन्तर्गत मुद्दा चलाई हाल पुर्पक्षका लागि थुनामा राखेको छ।

बलात्कार, बलात्कार प्रयास, यौनदुर्व्यवहार

रामपुर ठोक्सिला-१ सिसैली टप्पुकी एक ४० वर्षीया महिलालाई ०६७ कात्तिक ८ गते सोही ठाउँ बस्ने १९ वर्षीय दीपक राईले पीडितकै घरमा सुतिरहेको अवस्थामा बलात्कार गरेको भन्दै ती महिलाले कात्तिक ९ गते ईलाका प्रहरी कार्यालय रामपुरमा जाहेरी दिइन्। प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गरी अनुसन्धानपश्चात मुलुकी ऐनको जबरजस्ती करणीको महलअनुसार कारबाहीको माग गर्दै ०६७ मङ्सिर ५ गते अदालमा मुद्दा पेस गरेकोमा अदालतले सोही दिन आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

घरेलु हिंसा

सुर्खेत जिल्लाको वीरेन्द्रनगर नपा-११ घरभई उदयपुरको त्रियुगा नपा-२ मा डेरा गरी बस्दै आएकी २१ वर्षीया इन्दिरा पाण्डे (राउत)लाई ०६७ कात्तिक २९ गते पति नेपाली सेनाको नन्दाबक्स गण गाईघाटका अमल्दार २५ वर्षीय पदमप्रसाद पाण्डेले हत्या गरेको भन्दै आफन्तले कात्तिक ३० गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिए। प्रहरीले पाण्डेलाई सोही दिन गिरफ्तार गरी अनुसन्धान सकेर मङ्सिर २४ गते कर्तव्य ज्यानसम्बन्धी मुद्दा चलाई ०६७ मङ्सिर २४ गते अदालतमा पेश गरेकोमा सोही दिनको आदेशले पाण्डेलाई पुर्पक्षका लागि थुनामा राखियो। मृतकको लास जिल्ला अस्पतालमा पोष्टमार्टम गरी प्रहरीले माईती पक्षलाई बुझायो।

दुर्व्यवहार

जोगीदह गाविस-८ मैनाहाकी ३५ वर्षीया लरुवती चौधरीलाई कथित बोक्सीको आरोपमा ०६७ जेठ १३ गते दिउँसो सोही ठाउँका अन्दाजी ४५ वर्षीया कालिवती चौधरी, उनकै ससुरा सवुरलाल चौधरी, छिमेकीहरू भोलाप्रसाद चौधरी, रामेश्वर चौधरी, शोभा चौधरी, लहुरवती चौधरी, पल्टी चौधरी र पञ्चावती चौधरीले कुटपिट गरे। पीडितका दाजु शत्रुधन चौधरीले सोही दिन जिल्ला प्रहरी कार्यालय उदयपुरमा पीडितको घाउ जाँच गरी पीडकलाई कानुनी कारबाहीको माग गर्दै जाहेरी दिएपछि तत्काल प्रहरी पठाइएपनि दुवैपक्षलाई छिमेकीहरूले गाउँमै मिलापत्र गराएको इन्स्पेक्टर अनिल पौडेलले बताए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

त्रियुगा नपा–२ का व्यवसायीहरू ४० वर्षीय महेश रेग्मी, ५१ वर्षीय पुरुषोत्तम कार्की, ३२ वर्षीय राजेश कार्की र मकवानपुर घर भई सोही ठाउँ डेरा गरी बस्दै आएका २९ वर्षीय नवराज आचार्यलाई ०६६ माघ १० गते संयुक्त जातीय मुक्ति मोर्चाका कार्यकर्ताले फोन गरी मागेजती चन्दा नदिए ज्यान मार्ने र घरमा विस्फोट गराउने धम्की दिए। पीडितहरूले एउटै नम्बरको फोनबाट पटक-पटक यस्तै प्रकारको धम्की आउने गरेको उल्लेख गर्दै १२ गते शान्ति सुरक्षाको माग गरी जिल्ला प्रशासन कार्यालयमा निवेदन दिए। सोही घटनालाई लिएर जिल्ला प्रहरी कार्यालयले त्रिनपा-२ गाईघाट बजारबाट १३ गते १२ जनालाई गिरफ्तार गरी १० जनालाई सोही दिन र गङ्गा राई र उनकी पत्नीलाई भने पाँच दिनपछि १९ गते रिहा गऱ्यो।

त्रियुगा नपा-२ का ३५ वर्षीय प्रकाश गजमेर, ३० वर्षीय विष्णु गजमेरलाई ०६६ पुस ९ गते १ लाख ५० हजारका दरले चन्दा माग गर्दै पत्रमार्फत धम्की पठाए। सुन चाँदीको व्यवसाय गरेर बस्ने पीडितहरूलाई लेखिएको पत्रमा जातीय अधिकार र राष्ट्रिय मुक्तिका लागि उल्लेखित रकम सहयोग गर्न आग्रह गरिएको थियो। पत्र पाएपछि व्यापारीहरू भने आतङ्कित भएका थिए।

संरचना क्षति/सम्पति कब्जा

किराँत जनवादी वकर्स पार्टीबाट

हिमाली यातायात व्यवसायी सङ्घद्वारा सञ्चालित दुईओटा बसमा ०६६ फागुन २१ गते त्रियुगा नपा-११ स्थित चुरे जङ्गल र रामपुर गाविस-७ स्थित गिदेरी खोलामा बसबाट यात्रु निकालेर बन्द अवज्ञा गरेको भन्दै किराँत जनवादी वकर्स पार्टीका कार्यकर्ताले आगो लगाई क्षति पुऱ्याए। घटनामा संलग्न रहेको आशङ्कामा सोही दिन खोटाङ जिल्लाको नुनथला गाविस-९ का देवकुमार तामाङ, सोही गाविस- ४ का डिवासेर राई र प्रवीन तामाङ र १८ वर्षीय शिव राई र फागुन २२ गते त्रियुगा नपा-२ बाट सोही गाविसका १७ वर्षीय शिवराज राईलाई प्रहरीले गिरफ्तार गरी

पुर्पक्षका लागि थुनामा राख्यो। प्रहरीले उनीहरूको साथबाट तीन थान खुकुरी बरामद गऱ्यो।

चुरेभावर राष्ट्रिय एकता पार्टीबाट

सुनसरी जिल्लाको इनरुवा नपा-३ का ५० वर्षीय चन्द्रलाल चौधरीको यात्रुबस ०६६ फागुन ८ गते बन्दको अवज्ञा गरेको भन्दै कदमाहा गाईघाट सडक खण्डमा पर्ने त्रिनपा-८ बगाहामा चुरेभावर राष्ट्रिय एकता पार्टीका कार्यकर्ताले तोडफोड गरे। तोडफोडबाट ५० हजार रुपियाँ बराबरको क्षति भएको प्रहरीले जनायो। केन्द्रीय उपाध्यक्षको गिरफ्तारीको विरोधमा उक्त दिन चुरेभावरले बन्द आह्वान गरेको थियो।

अन्य समूहबाट

कटारी गाविस-६ निवासी काठ व्यवसायी ३८ वर्षीय चिनवीर दनुवारको कटारी-६ स्थित घरलाई लक्षित गर्दै ०६६ चैत ७ गते राति संयुक्त जातीय मुक्ति मोर्चाले चन्दा नदिएको भन्दै दुईओटा सकेट बम विस्फोट गरायो। घटनास्थलमा मोर्चाका उदयपुर क्षेत्र नम्बर ३ ईन्चार्ज विजय दनुवारले हस्ताक्षर गरेको पर्चा फेला परेको प्रहरीले जनायो। विस्फोटबाट पीडितको परालको कुन्यूमा आगो लाग्दा करिब ५० हजार रुपियाँको क्षति भएपनि मानवीय क्षति भएन। मार्चाको अग्नि नामका व्यक्तिले घटनाको जिम्मेवारी लिए।

स्वास्थ्य सेवाको अवस्था

जिल्ला अस्पताल गाईघाटमा अत्यावश्यक प्रसुति सेवासम्बन्धी उपकरण र भौतिक पूर्वाधार भए पनि जनशक्तिको अभावमा प्रसुती सेवा पाउन सकेका छैनन्। जिल्लामा दुईओटा अस्पताल, एकओटा प्राथमिक स्वास्थ्य केन्द्र, नौओटा इलाका स्वास्थ्य कार्यालय, ३५ ओटा उपस्वास्थ्य चौकी, २ सय १० ओटा खोपकेन्द्र रहेका छन्। यसैगरी, जिल्लामा डाक्टरको दरबन्दी आठ जना रहेतापनि सबै दरबन्दीका डाक्टरहरू छैनन्। करार सेवाबाट परिपूर्ति गरिए पनि एक जना डाक्टरको पद खाली रहेको छ। जिल्लामा एक सिस्टरसहित स्टाफ नर्सको दरबन्दी ११ जना रहेको छ। सिअहेबको दरबन्दी १३ जना रहेकोमा एक पद खाली रहेको छ र अहेबको ४८ जना दरबन्दीमा सबै कार्यरत छन्। ग्रामीण स्वास्थ्य कार्यकर्ताको ४४ जना दरबन्दीमा १२ जनाको पद खाली रहेका छ भने मातृशिशु कार्यकर्ता ४५ जनाको दरबन्दीमा सबै कार्यरत रहेका छन्। जिल्लामा ४ सय ५० जना स्वयम्सेविकाहरू कार्यरत रहेको जिल्ला जनस्वास्थ्य कार्यालयले जनायो।

१.१४ खोटाङ

जनसङ्ख्या : २,४६,१५७
साक्षरता प्रतिशत : ५३
महिला साक्षरता प्रतिशत : ४०
क्षेत्रफल (वर्ग कि. मि.) : १,५९१
गाविस/नपा सङ्ख्या : ७६/०
सरकारी/निजी विद्यालय : ५७१/७
क्याम्पस/उच्च मा.वि. : १/२१
अस्पताल/स्वास्थ्य चौकी : १/७१
मानव विकास सूचकाङ्कः ०.४४२
प्रतिपरिवार सरदर सङ्ख्याः ६

जेल र बन्दीहरू

'घ' श्रेणीको यस जिल्ला कारागारमा कूल ३० जनाको क्षमता रहेको छ। हाल यस कारागार शाखामा बन्दी छैनन्। ०६२ असार ५ गते तत्कालीन माओवादीले कारागार आक्रमण गरेपछि कारागार भवन ध्वस्त भएको हुँदा हाल कारागारको पुनर्निर्माण प्रक्रिया शुरु भएकाले बन्दीहरू राख्ने ठाउँको अभावमा बन्दीहरूलाई मोरङ जिल्लाको विराटनगर र क्षेत्रीय कारागार सुनसरीस्थित कारागारमा हवाईजहाजमार्फत पठाइने गरिएको छ। बन्दीहरूले आफूलाई कानूनी सल्लाहाकार र परिवारसँग भेटघाट गर्न असुविधा भएको भन्दै जिल्लास्थित कारागारमा नै राख्न माग गर्ने गरेका छन्।

धम्की/कुटपिट

किराँत जनवादी वर्कर्स पार्टीबाट

दिक्तेल गाविस-८ का ५० वर्षीय केशव भनिने रामकुमार दाहाललाई ०६७ वैशाख १८ गते करिब १५ जनाको समूहमा आएका किराँत जनवादी वर्कर्स पार्टीका कार्यकर्ताले एक हप्ताभित्र १० लाख रुपियाँ चन्दा नदिए भौतिक कारवाही गर्ने धम्की दिए। वर्कर्स कार्यकर्ताले पीडितको घरमा सोही राति विस्फोटक पदार्थसमेत

विस्फोट गराई घरमा आगजनी गर्ने धम्की दिई एक थान सिडीएमए टेलिफोनसमेत लुटेर लगे। पीडितले सुरक्षाको माग गर्दै जिल्ला प्रहरी कार्यालयमा मौखिक जानकारी गराएको बताए। जिल्ला प्रहरी कार्यालयले घटनाको अनुसन्धानका लागि प्रहरी परिचालन गरेको जनायो। धम्कीपछि पीडित ०६७ वैशाख १९ गतेबाट जिल्ला सदरमुकाम दिक्तेलमा विस्थापित भए। घटनाको अनुसन्धान गर्न प्रहरीको गस्ती टोली घटनास्थल पुगेपछि सुरक्षाकर्मीलाई खबर गरेको आरोपमा वर्कर्स कार्यकर्ताले पीडितलाई पुनः भौतिक कारबाही गर्ने धम्की दिए। पीडित ०६७ वैशाख २८ गते पुनस्थापित भई घरमै बसोवास गर्दै आएका छन्। पीडित भूतपूर्व भारतीय सैनिक हुन्।

बाँझेच्यानडाँडा गाविस-९ निवासी नेपाली काङ्ग्रेसका कार्यकर्ता एवम् जनजाति महासङ्घका केन्द्रीय सदस्य ३८ वर्षीय ज्ञानबहादुर राईलाई गाउँमा भ्रष्टाचार, शोषण, दमन गरेको आरोपमा ०६६ माघ ४ गते किराँत जनवादी वर्कर्स पार्टीका कार्यकर्ताले कुटपिट गरी घाइते बनाए। कुटपिटबाट खुट्टा भाँच्चिएका पीडितको शिक्षण अस्पताल काठमाडौँमा उपचार भयो। पीडित ०६६ चैत १५ गते गाउँ फर्किए। राईले गाविसको रकम हिनामिना गरेको, गाउँमा शोषण दमन गर्दा समेत प्रशासनले कारबाही नगरेपछि कुटपिट गरेको वर्कर्सका जिल्ला इन्चार्ज ज्वाला किराँतीले बताए। यसैगरी, पीडितलाई ०६७ जेठ १० गते पत्र लेखी वर्कर्स कार्यकर्ताले भौतिक कारबाही गर्ने धम्की दिएपछि उनी ०६७ जेठ १७ गतेदेखि पोखरामा विस्थापित भए। वर्कस धम्कीका कारण विस्थापित भएका पीडित यस वर्षको अन्त्यसम्म गाउँ फर्केन सकेनन्।

काठमाडौँ जिल्ला बालुवाटार घर भई राष्ट्रिय मानव अधिकार आयोग उपक्षेत्रीय कार्यालय खोटाडका कार्यालय प्रमुख ३३ वर्षीया नीतु गर्तौलालाई आफ्ना केन्द्रीय नेता तथा कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरी हिरासतमा राख्दासमेत कुनै पहल नगरेको आरोपमा ०६७ असार ३० गते किराँत जनवादी वर्कस पार्टीका कार्यकर्ता बताउने एक समूहले टेलिफोन गरी आयोगका कर्मचारी तथा कार्यालयलाई लखेट्ने धम्की दिए। सुवास नाम बताउने वर्कर्स कार्यकर्ताले प्रहरी हिरासतमा रहेका आफ्ना केन्द्रीय नेतालाई प्रहरीले यातना दिँदासमेत अधिकारकर्मीका तर्फबाट कुनै सहयोग नगरेको भन्दै धम्की दिएका थिए।

युथफोर्सद्वारा कुटपिट गरी घाइते बनाइएका राजेश आचार्य

युथफोर्स र काङ्ग्रेसबाट

दिक्तेल गाविस-४ निवासी कोष तथा लेखा नियन्त्रण कार्यालय खोटाडका अधिकृत ४० वर्षीय भुवनप्रसाद आचार्यलाई जिल्ला खानेपानी कार्यालयको काम सकेर घर फर्कने क्रममा दिक्तेल जाने बाटो देखाई दिएको आरोपमा ०६६ फागुन २ गते दोर्पा चिउरीडाँडा गाविस-१ का युथफोर्स कार्यकर्ता २१ वर्षीय महेश राई र काङ्ग्रेस कार्यकर्ता लफ्याङ गाविसका सन्तराज राईले कुटपिट गरे। कुटपिटबाट सामान्य घाइते भए। पीडितको जिल्ला अस्पताल खोटाडमा उपचार भयो। आरोपितलाई कानुनअनुसार कारबाहीको माग गर्दै पेशागत महासङ्घ र नागरिक समाजको दबावपछि ०६६ फागुन ६ गते प्रहरीले गिरफ्तार गरी सार्वजनिक मुद्दा दर्ता गऱ्यो। पीडकहरूबाट प्रशासनले जनही ७ हजार रुपियाँ धरौट रकम लिई तारेखमा रिहा गऱ्यो।

दिक्तेल गाविस-४ निवासी २२ वर्षीय अनेरास्ववियू क्रान्तिकारी दिक्तेल क्याम्पस प्रारम्भिक कमिटीका सहसचिव राजेश आचार्यलाई विद्यार्थी सङ्गठनको सहमति विपरित बोलेको आरोपमा ०६७ वैशाख ८ गते युथफोर्सका कार्यकर्ता महेश राईले कुटपिट गरे। कुटपिटबाट घाइते भएका पीडितको जिल्ला अस्पताल खोटाडमा सामान्य उपचारपछि थप उपचार काठमाडौँस्थित मोडेल अस्पतालमा भयो। नेविसङ्घ, अनेरास्ववियु र अनेरास्ववियु क्रान्तिकारीले दिक्तेल क्याम्पसमा संयुक्त रुपमा आयोजना गरेको विद्यार्थी स्वागत कार्यक्रममा क्रान्तिकारीले सहमतिविपरीत राजनीतिक शब्द प्रयोग गरेको र सहमतिविपरीत बोलेको भन्दै युथफोर्स कार्यकर्ताले कुटपिट गरेका थिए। कुटपिटमा संलग्न भएको आरोपमा सोही दिन युथफोर्सका कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरे पनि कानुनी कारबाही भएन।

अज्ञात समूहबाट

बाम्राङ गाविस-५ का एकीकृत माओवादी गाउँ कमिटी सेक्रेटरी ५८ वर्षीय कर्ण राईलाई ०६७ असार ८ गते अज्ञात समूहले कुटपिट गरी घाइते बनायो।

घटनाको प्रकार	गैरराज्यबाट					राज्यबाट		
	अन्यबाट							
	घटना सङ्ख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	८	५	३		८			
गिरफ्तारी/यातना						३	३	३
कुटपिट	७	६	१		७			
धम्की	७	९	१		१०			
महिलाअधिकार	७		७		७			
बालअधिकार	५		६	३	८			
जम्मा	३४	३०	१८	३	४०	३	३	३

कुटपिटबाट पीडितको शरीरभरि नीलडाम र चोटपटक लागेको थियो। घाइते भएका पीडितलाई अचेत अवस्थामा स्थानीयवासीले भेटेर उपचारका लागि जिल्ला अस्पताल भर्ना गरे। जिल्ला अस्पतालमा उपचार नहुने भन्दै अस्पतालले काठमाडौँ लैजान रिफर गरेपछि पीडितलाई सोही दिन काठमाडौँको टिचिङ अस्पताल भर्ना गरेको एकीकृत माओवादी सहसेक्रेटरी प्रकाश चौलागाईले बताए। एकीकृत माओवादी खोटाङले ०६७ असार ९ गते प्रेस विज्ञप्ति जारी गरी घटनाको भर्त्सना गर्दै घटनाको छानविन गरी पीडकको पहिचान गर्न तथा कडा कारबाही गर्न माग गऱ्यो। घटनामा संलग्न भएको आशङ्कामा प्रहरीले सोही गाविसका रामकुमार थापालाई गिरफ्तार गऱ्यो। थापालाई जिल्ला सरकारी वकिल कार्यालयले ०६७ भदौ २० गतेसम्म पनि पीडित अचेत अवस्थामै रहेका कारण पीडित निको भइसकेपछि पीडितको बयानका आधारमा कानुनी कारबाही गर्ने गरी थापाकी पत्नी बालकुमारी थापाको जमानीमा रिहा गर्न आदेश दिएपछि सोही दिन रिहा गरेको जिल्ला प्रहरी कार्यालय खोटाङले जनायो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्ला अदालतमा ०६७ साल असार मसान्तसम्म १६ थान सरकारवादी फौजदारी मुद्दामा तीन थान फर्स्यौट भए भने १३ थान बाँकी रहे। ०६७ साउनदेखि पुस १६ सम्म पाँच थान सरकारवादी फौजदारी मुद्दा दर्ता भएकोमा पाँच थान मुद्दा फर्स्यौट हुन बाँकी रहे। ०६७ असार मसान्तसम्म १३ थान फर्स्यौट हुन बाँकी भएको दुनियाँवादी फौजदारी मुद्दामध्ये १० थान फर्स्यौट भए भने तीन थान फर्स्यौट हुन बाँकी रहे। ०६७ साउनदेखि पुस १६ गतेसम्म दर्ता भएका सात थान दुनियाँवादी फौजदारीमा सात थान मुद्दा नै फर्स्यौट हुन बाँकी रहे। ०६७ असार मसान्तसम्म २५ थान देवानी मुद्दामध्ये १७ थान फर्स्यौट भए भने आठ थान फर्स्यौट हुन बाँकी रहे। ०६७ साउनदेखि पुस १६ गतेसम्म पाँच थान देवानी मुद्दा दर्ता भए भने एक थान फर्स्यौट भई चार थान मुद्दा फर्स्यौट हुन बाँकी रहे। यस वर्ष जिल्ला अदालत खोटाङमा सरकारी अधिवक्ताको कार्यालयले २९ थान मुद्दा दायर गऱ्यो। जिल्ला अदालत खोटाङमा यस वर्ष ७१ थान मुद्दा दर्ता भएकोमा ३१ मुद्दा फैसला भई ४० थान मुद्दा फैसला हुन बाँकी रहे।

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

सावाकटहरे गाविस-३ का ३० वर्षीय रोहितकुमार भुजेललाई सोही गाविसका सुवास विश्वकर्माको घरमा आगो लगाएको आरोपमा ०६७ वैशाख २७ गते गिरफ्तार गरी इलाका प्रहरी कार्यालय खोटाङका प्रहरीले हिरासतमा यातना दिए। आफूलाई इन्सपेक्टर हरि ओझाको नेतृत्वमा रहेको प्रहरी टोलीले घरमा आगो लगाएको कुरा स्वीकार गर्न लगाएको र आफूले अस्वीकार गरेपछि प्रहरीले घुँडामा टेकेर घड्गारूको लाठी र पाइपले पैतालामा कुटपिट गरेको पीडितले बताए। पीडितको दाहिने खुटाको पैतालामा नीलडाम भएको थियो। पीडितलाई प्रहरीले ०६७ वैशाख ३१ गते जिल्ला प्रहरी कार्यालयमा बुझाए। पीडितको घटनामा संलग्नता नभएको भन्दै अनुसन्धानपछि ०६७ जेठ १० गते जिल्ला प्रहरी कार्यालयले पीडितलाई रिहा गऱ्यो।

जालपा गाविस-४ का २१ वर्षीय किरण राई र सोही ठाउँका २० वर्षीय रूपलाल राईलाई ०६७ वैशाख २८ गते जिल्ला प्रहरी कार्यालयको हिरासतमा प्रहरीले यातना दिए। सार्वजनिक अपराध ऐनअन्तर्गत प्रहरी हिरासतमा रहेका पीडित दुवै जनालाई हिरासतमा यातना दिइएको भन्दै पीडितले घाउ जाँच तथा केसफारम र पीडक प्रहरीलाई कारबाही गर्ने माग गर्दै ०६७ वैशाख २८ गते जिल्ला प्रशासन कार्यालय खोटाङमा उजुरी दर्ता गरे। प्रमुख जिल्ला अधिकारी केशवराज आर्चायले पीडकलाई कारबाही गर्ने भन्दै

उजुरी दर्ता गरेनन्। निवेदनमा पीडितले आफूलाई प्रहरीले भुइमा घोप्टो पारी दुवै खुट्टाको पैतालामा पोलेथिन पाईप, लात्ती र बुटले कुटपिट गरेको उल्लेख गरेका थिए। पीडितले अधिवक्ता नारायणदास राईको सहयोगमा प्रशासनमा उजुरी दर्ता गरेका थिए। घटनामा संलग्न प्रहरीलाई कारबाही भए नभएको प्रशासनले सार्वजनिक गरेन।

बालअधिकार

जिल्ला शिक्षा कार्यालय खोटाङका अनुसार खोटाङ जिल्लामा विद्यालय जाने उमेरका बालबालिकाको सङ्ख्या ५८ हजार ७ सय ७९ रहेको छ। जम्मा छात्रको सङ्ख्या २८ हजार ६ सय ३७ रहेको छ भने छात्राको सङ्ख्या ३० हजार १ सय ४२ रहेको छ।

जिल्ला शिक्षा कार्यालय खोटाङका अनुसार खोटाङ जिल्लामा एक क्याम्पस, १९ उच्चमावि, ६३ मावि,८७ मावि, र ३२० प्राथामिक विद्यालय रहेका छन्। जस मध्ये संस्थागत तर्फ २ उमावि, मावि १ र प्रावि ९ गरी जम्मा १२ रहेको छ। शिक्षा कार्यालयमा प्राथामिक शिक्षकको सृविकृत दरबन्दी ११ सय ४६, निमाविमा २ सय १२ माविमा १ सय ४४ रहेको छ। जिल्लामा २७ श्रोत केन्द्र रहेको छ। शिक्षा कार्यालय खोटाङका अनुसार विद्यालय जाने उमेरका बालबालिकाको संख्या ५८ हजार ७ सय ७९ रहेको छ। जम्मा छात्रको संख्या २८ हजार ६ सय ३७ .रहेको छ। भने .छात्राको संख्या ३० हजार १ सय ४२ रहेको छ।

निजी विद्यालयहरूले शुल्क वृद्धिको विरोधमा अखिल क्रान्तिकारीले ०६७ वैशाख १२ गतेदेखि गरेको अनिश्चित निजी विद्यालय बन्दका कारण निजी विद्यालयमा अध्ययन गर्ने खोटाङ जिल्लाका करिब ४० हजार बालबालिका अध्यनबाट वञ्चित भए। प्याब्सन र एनप्याब्सनले नयाँ शैक्षिक सत्रसँगै करिब ३० देखि ५० प्रतिशत शुल्क बढाउने निर्णय गरेपछि क्रान्तिकारीले वैशाख ६ गतेदेखि आन्दोलन गर्दै आएकोमा वैशाख १२ गतेदेखि अनिश्चितकालीन विद्यालय बन्द गरेको घोषणा गरेको थियो।

प्रहरीद्वारा हिरासतमा यातना दिइएका रोहितकुमार भुजेल

अनेरास्ववियु क्रन्तिकारीले आह्वानका गरेको शैक्षिक संस्था बन्दका कारण ०६७ वैशाख १४ गते जिल्लाभरका शैक्षिक संस्था बन्द हुँदा करिब ८० हजार बालबालिकाको अध्ययन प्रभावित भयो। अनेरास्ववियु क्रान्तिकारीले प्रारम्भिक कमिटीका सहसचिव राजेश आचार्यलाई युथफोर्सका कार्यकर्ताले कुटपिट गरी घाइते बनाएपछि कारबाहीको माग गर्दै प्रहरीमा उजुरी गरे पनि एमालेको दबावमा प्रहरीले कारबाही नगरेको भन्दै जिल्लाभरका शैक्षिक संस्था बन्द आह्वानको घोषणा गरेको थियो।

खम्बूवान राष्ट्रिय मोर्चा खोटाङले आह्वान गरेको शैक्षिक संस्था बन्दका कारण ०६७ साउन १७ गते जिल्लाभरका शैक्षिक संस्था बन्द भए। मोर्चाले त्रिभुवन विश्वविद्यालयले प्रवीणता प्रमाण पत्र खारेजी गरेको विरोधमा शैक्षिक संस्था बन्द गराएको थियो।

नेपाल कम्युनिष्ट पार्टी जनयुवा (माओवादी)ले ०६७ पुस २ गतेदेखि पुस ५ गतेसम्म आह्वान गरेको नेपाल बन्दका कारण जिल्लाभरका शैक्षिक संस्था बन्द हुँदा बालबालिकाको अध्यन प्रभावित भयो। सो पार्टीका जिल्ला सेक्रेटरी करुणाले ०६७ मङ्सिर २८ गते विज्ञप्ति जारी गर्दै बन्दको अवज्ञा गर्ने जो कोहीलाई कारबाही गर्ने धम्की दिएपछि जिल्लाभरिका शैक्षिक संस्था बन्द भएका थिए। विज्ञप्तिमा भारतीय हस्तक्षेप रोक्न माग गर्दै बन्दको आह्वान गरिएको उल्लेख थियो।

खाल्ले गाविस-६ का १४ वर्षीय बालक नवराज भट्टराईको छिमेकीको घरबाट टेलिभिजन हेरेर घर फर्कदै गर्दा ०६७ वैशाख २८ गते राति अज्ञात समूहले घरनजिकै हत्या गऱ्यो। पीडित सितला मावि खाल्लेमा कक्षा आठमा अध्ययनरत थिए। पीडितको वैशाख २९ गते विहान घरनजिकै लास फेला परेको थियो। पीडितको हत्या कसले र किन गरेको भन्नेबारे खुल्न सकेन। यस वर्षको अन्त्यसम्म घटनाको अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनायो।

बुईपा गाविस-४ की २२ वर्षीया कल्पना विश्वकर्माले जन्माएको नवजात शिशुलाई उनका देवर हिमाल विश्वकर्माले ०६७ असोज ३० गते टाउकोमा ढुङ्गाले थिचेर हत्या गरे। विश्वकर्माले पति विदेश गएपछि आफ्ना १८ वर्षीय देवर हिमाल विश्वकर्मासँग अनैतिक

यौन सम्बन्ध राखेपछि बच्चा जन्मिएको प्रहरीसमक्ष बयान दिइन्। बच्चा जन्मिएपछि आफू बेहोस भएको र आफू होसमा आउँदा बच्चाको मृत्यु भएको भन्दै घरनजिकैको खोल्सामा हिमालले बच्चालाई देखाएको उनले प्रहरीले बताइन्। शिशु हत्याको आरोपमा दुवै जनालाई प्रहरीले ०६७ असोज ३० गते गिरफ्तार गरी जिल्ला अदालत खोटाङमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालत खोटाङले दुवै जनालाई पुर्पक्षका लागि थुनामा राख्ने आदेश दिएपछि ०६७ कात्तिक १५ गते हिमाललाई क्षेत्रीय कारागार सुनसरी र कल्पनालाई मोरङ जिल्ला कारागारमा पठाएको जिल्ला प्रहरी कार्यालय खोटाङले जनायो।

बाहुनीडाँडा गाविस-४ का ६ वर्षीय बालक उमेश राईलाई घरमा काम नगरेको आरोपमा उनका बुबा ४१ वर्षीय गर्व राईले कुटपिट गरी घाइते बनाए। कुटपिटबाट पीडितको खुट्टा, घुँडा लगायत शरीरका अन्य भागमा नीलडाम भयो। उनको स्थानीय च्याश्मीटार उपस्वास्थ्य चौकीमा उपचार भयो। पीडितले ०६७ भदौ २२ गते प्रहरी चौकी च्याश्मीटारमा आफूलाई कुटपिट गर्ने बाबुलाई कारबाही गर्नै माग गर्दै उजुरी दर्ता गरे। पीडकलाई ०६७ भदौ २७ गते प्रहरीले गिरफ्तार गऱ्यो। जिल्ला प्रशासन कार्यालय खोटाङमा ०६७ भदौ २९ गते भएको सर्वदलीय बैठकपछि बालबालिकालाई कुटपिट नगर्ने र बालबालिकाको संरक्षण गर्ने सर्तमा आरोपितलाई रिहा गरियो।

लिच्कीराम्चे गाविस-३ की १६ र नौ वर्षीया बालिका, उदयपुर जिल्ला त्रियुगा नगरपालिकाकी १३ वर्षीया बालिका र सोही ठाउँकी १३ वर्षीया बालिकालाई ०६६ चैत २७ गते जङ्गलमा गाईगोठालो गर्नेक्रममा बाटोमा ढुकेर बसेका लिच्कीराम्चे गाविस-३ का २१ वर्षीय सुवास राया र १८ वर्षीय सविन रायाले बलात्कार प्रयास गरे भन्ने पीडितको उजुरीको आधारमा प्रहरीले दुवै जनालाई ०६६ चैत ३० गते गिरफ्तार गरी जिल्ला अदालत खोटाङमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालत खोटाङले ०६७ वैशाख २२ गते सुवास रायालाई पुर्पक्षको लागि थुनामा राख्ने आदेश दिएपछि उनलाई प्रहरीले क्षेत्रीय कारागार सुनसरीमा पठायो भने सविन अदालतको आदेशमा साधारण तारेखमा रिहा भए।

छितापोखरी गाविस-३ की एक ११ वर्षीया बालिकालाई ०६७ जेठ २ गते सप्तेश्वर छितापोखरी गाविस-४ का ७६ वर्षीय गौरीमान परियारले सोही गाविसको जङ्गलमा गोठालो गएका बेला बलात्कार गरेको आरोपमा बालिकाको परिवारले कारबाहीको माग गर्दै जिल्ला प्रहरी कार्यालय खोटाङमा उजुरी दिएपछि पीडकलाई ०६७ असार १२ गते प्रहरीले गिरफ्तार गऱ्यो। प्रहरीले ०६७ असार २२ गते जिल्ला अदालत खोटाङमा जबरजस्ती करणीको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालत खोटाङले ०६७ असार २३ गते आरोपितलाई पुर्पक्षका लागि थुनामा राख्न आदेश दिएपछि प्रहरीले आरोपितलाई क्षेत्रीय कारागार सुनसरी पठायो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

लिकुवापोखरी गाविस-२ की एक महिलालाई जिल्ला शिक्षा कार्यालय खोटाङ जाने क्रममा इन्द्रेणीपोखरी गाविसको रोक्सिम भञ्ज्याङमा ०६६ पुस २८ गते मातिम गाविस-२ का २१ वर्षीय यादव राईले बलात्कार प्रयास गरेको आरोपमा ती महिलाले यादवलाई कारबाहीको माग गर्दै ०६६ पुस ३० गते जिल्ला प्रहरी कार्यालय खोटाङमा उजुरी दर्ता गरिन्। प्रहरीले आरोपित राईलाई यस वर्षको अन्त्यसम्म गिरफ्तार गर्न सकेन।

घरेलु हिंसा

बुईपा गाविस-२ की ४६ वर्षीया बृहस्पति राईलाई मादक पदार्थ सेवन गरी आफूले भनेको नमानेको आरोपमा ०६६ चैत १२ गते उनका पति ५४ वर्षीय रामकुमार राईले कुटपिट गरी हत्या गरे। कर्तव्य गरी ज्यान मारेको अभियोगमा प्रहरीले पीडकलाई चैत १४ गते गिरफ्तार गरी जिल्ला अदालत खोटाङमा मुद्दा दर्ता गऱ्यो। अदालतले ०६७ असार २२ गते सो मुद्दा फैसला गरी पीडकलाई छ महिना कैद सजाय भुक्तानका लागि क्षेत्रीय कारागार सुनसरी पठाएको जिल्ला प्रहरी कार्यालय खोटाङले जनायो।

डुम्रेधारापानी गाविस-९ की ५५ वर्षीया सावित्रा दर्जीलाई मादक पर्दाथ सेवन गरेको र आफूले भनेको नमानेको आरोपमा उनका पति ६८ वर्षीय पदमबहादुर दर्जीले ०६७ साउन ७ गते चियामा विष मिसाई खुवाएर हत्या गरे। पीडकलाई प्रहरीले ०६७ साउन ९ गते गिरफ्तार गरी कर्तव्य गरी हत्या गरेको आरोपमा ०६७ साउन २७ गते जिल्ला अदालत खोटाङमा मुद्दा दर्ता गऱ्यो। अदालतको आदेशमा पीडकलाई पुर्पक्षको लागि क्षेत्रीय कारागार सुनसरी पठाएको प्रहरीले जनायो।

मङ्गलटार गाविस-७ की २१ वर्षीया शर्मिला

खत्रीलाई दाइजो नल्याएको आरोपमा उनका पति बडहरे गाविस-१ अमृतबहादुर बस्नेत (खत्री), ससुरा खड्गबहादुर खत्री र परिवारका अन्य सदस्यहरूले कुटपिट गरेपछि उनी ०६७ मङ्सिर १७ गतेदेखि बेपत्ता भइन्। शर्मिलाको विवाह एक वर्ष अगाडि भएको थियो। पीडित परिवारले ०६७ मङ्सिर २१ गते प्रहरी चौकी हलेसीमा खोजबिनका लागि उजुरी गरे पनि प्रहरीले बेवास्ता गरेको पीडितका बुवा श्यामबहादुर खत्रीले जनाए। पीडित परिवारले बेपत्ता छोरीको खोजबीन गरी पीडकलाई कारवाही गर्न माग गर्दै ०६७ पुस ७ गते राष्ट्रिय मानव अधिकार आयोग उपक्षेत्रीय कार्यालय खोटाङमा उजुरी दर्ता गऱ्यो।

बाँसपानी गाविस- ९ निवासी ३८ वर्षीया डम्बरकुमारी राईलाई उनका पति जयबहादुर राईले ०६६ फागुन ६ गते राति ९ बजे मट्टितेल छर्केर आगो लगाएको आरोपमा पीडितका छोराले उजुरी गरे। मादक पर्दाथ सेवन गरी आएका जयबहादुरले पीडित निदाइरहेको समयमा मट्टितेल छर्केर आगो लगाई भागेको भन्दै पीडितका छोरा भाइतिराज राईले जिल्ला प्रहरी कार्यालय खोटाङमा किटानी उजुरी दर्ता गरेका थिए। प्रहरीले पीडितका पति जयबहादुर राईलाई समेत फागुन ८ गते जलेको अवस्थामा फेला पारेको थियो। अनुसन्धानका क्रममा पत्नीले कुपीमा मट्टितेल खन्याउँदै गर्दा पति पत्नीबीच झगडा भएपछि आगो लागेको र पत्नीको आगो निभाउने क्रममा पति पनि जलेको प्रहरीले जनाएको छ। दुवै जनाको जिल्ला अस्पताल खोटाङमा उपचार भयो। उपचारपश्चात पीडित ०६६ चैत ३ गते घर फर्किन्।

बहुविवाह

डुम्रेधारापानी गाविस-४ की ३२ वर्षीया कमला पाण्डेका पति ३५ वर्षीय हिरामणि पाण्डेले ०६६ चैत ४ गते मोरङ जिल्लाकी २४ वर्षीया युवती नर्वदा गौतमसँग दोस्रो विवाह गरे। पीडितले आफूलाई पतिले खान लगाउन नदिई बहुविवाह गरेका कारण कानुनअनुसार कारवाही गरी पाउँ भनी ०६७ जेठ ५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दर्ता गरिन्। पीडकलाई ०६७ जेठ ९ गते प्रहरीले गिरफ्तार गरी जिल्ला सरकारी वकिल कार्यालयमार्फत् ०६७ जेठ २१ गते अदालतमा पेश गऱ्यो। जिल्ला अदालतको आदेशमा हिरामणि ०६७ जेठ २३ गते साधारण तारेखमा रिहा भए।

पतीद्वारा मट्टितेल छर्केर आगो लगाइएकी डम्बरकुमारी राई

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

उचित वातावरणमा काम गर्न पाउने अधिकार

किराँत जनवादी वर्कर्स पार्टीबाट

चिसापानी गाविस-४ निवासी हलेसी एफएमका प्रबन्धक ३५ वर्षीय खेमबहादुर खड्कालाई सञ्चार माध्यमबाट वर्कर्सको समाचार प्रशारण गरेको आरोपमा ०६६ फागुन १७ गते राति टेलिफोन गरी पर्वत नाम बताउने किराँत जनवादी वर्कर्सका कार्यकर्ताले भौतिक कारवाही गर्ने धम्की दिए। वकर्सले चन्दा उठाएको भन्ने समाचार स्थानीय हलेसी एफएमबाट प्रसारण गराएको आरोप लगाउँदै वर्कसले टेलिफोनबाट धम्की दिने गरेको पीडितले बताए। यस वर्षको अन्त्यसम्म पीडितले कतै उजुरी गरेनन्।

नेपाल पत्रकार महासङ्घ खोटाङका सदस्य च्यास्मीटार गाविस-४ का २५ वर्षीय दमन राई र दुर्छिम गाविस-५ निवासी रेडियो रुपाकोटका समाचार वाचक २२ वर्षीय सईन्द्र राईलाई वकर्सविरुद्ध समाचार लेखेको आरोपमा ०६७ असार २ गते वर्कर्सका केन्द्रीय सदस्य बताउने पर्वतले धम्की दिए। पीडितहरूले हिमाल खबरपत्रिकामा 'कमजोर हुँदैछन् सशस्त्र समूह' शीर्षकमा लेख लेखेका थिए। वर्कर्स कार्यकर्ताले हिमाल खबरपत्रिकामा आफ्नो पार्टीलाई कमजोर भएको सशस्त्र समूह लेखेकोमा आपत्ति जनाउँदै 'पत्रकारलाई ठिक पार्छौं' भनी धम्की दिएका थिए। वर्कर्स कार्यकर्ताले पीडितहरूलाई ०६७ असार २, २५ र २६ गते पटक-पटक टेलिफोन गरी सो लेख सच्याउनु पर्ने भन्दै धम्की दिएपछि त्रासका कारण दुवैजना ०६७ असार २७ गते देखि ०६७ साउन ३१ गतेसम्म विस्थापित भई आफ्नो कोठामा बसेनन्।

काभ्रे जिल्ला भीमखोरी गाविस घरभई जिल्ला शिक्षा कार्यालय खोटाङका उपसचिव रमेश मैनाली, खोटाङ जिल्ला फेदी गाविस-६ का ३१ वर्षीय सूचना अधिकृत कृष्णकुमार राई, दिक्तेल गाविस-२ का ५० वर्षीय सोही कार्यालयका लेखा अधिकृत नयाँवर्ण राईलाई कार्यालयको सूचना कार्यालय प्रमुखको अनुमति नलिई सञ्चारमाध्यमलाई दिएको र कार्यालयको गोपनीयता भङ्ग गरेको आरोपमा ०६७ असोज ४ गते भक्तपुर

नगरपालिका-१४, गट्ठाघर घर भई जिल्ला शिक्षा कार्यालयका जिल्ला शिक्षा अधिकारी लालजङ चौहानले कारबाही गर्ने धम्की दिए। पीडितहरूलाई चौहानले जिल्ला शिक्षा कार्यालयमा अनियमितता गरेको समाचार सञ्चारमाध्यममा प्रशारण प्रकाशन भएपछि कार्यालयको सूचना कार्यालय प्रमुखको निर्देशनबिना सञ्चारकर्मीलाई दिएको भन्दै कारबाही गर्ने धम्की दिएका थिए। पीडितहरूलाई चौहानले प्रमुख जिल्ला अधिकारीसमक्ष कारबाहीका लागि सिफारिस गर्छु भन्दै धम्की दिएका थिए। सूचना माग गर्दै ०६७ भदौ ३१ गते शिक्षा कार्यालयमा दिएको उजुरी दर्ता गर्न जाँदा इन्सेक जिल्ला प्रतिनिधि लोकनाथ घिमिरे र पत्रकार महासङ्घका अध्यक्ष डम्बर हम्रुङलाई जिल्ला शिक्षा अधिकारी चौहानले प्रमुख जिल्ला अधिकारीको आदेश बिना सो सूचना दिन नमिल्ने भन्दै सूचना माग गरेको उजुरी दर्ता गर्न नमिल्ने भनी इन्कार गरे। जिल्ला शिक्षा अधिकारीले सूचना दिन इन्कार गरेपछि इन्सेकका लोकनाथ घिमिरे र पत्रकार हम्रुङले ०६७ कातिक १८ गते राष्ट्रिय सूचना आयोगमा सो सूचना उपलब्ध गराउन माग गर्दै उजुरी दर्ता गरे। सूचनाको हकअन्तर्गत हुलाकमार्फत् शिक्षा कार्यालयमा उजुरी पठाए पनि शिक्षा अधिकारीले सो निवेदन दर्ता गरेनन्। जिल्ला शिक्षा अधिकारीले शिक्षा कार्यालयमा करिब ३ करोड बराबरको रकम अनियमितता गरेको महालेखा परीक्षकको प्रारम्भिक प्रतिवेदनमा उल्लेख गरेको भन्दै सञ्चारकर्मीले समाचार सम्प्रेषण गरेका थिए।

संरचना, सम्पति क्षति

किराँत जनवादी वर्कर्सबाट

नुनथला गाविसस्थित नुनथला प्रहरी चौकीमा ०६७ वैशाख २१ गते बेलुकी किराँत जनवादी वर्कर्स पार्टीका कार्यकर्ताहरूले आक्रमण गरे। करिब २० जनाको समूहमा आएका नकाब हतियारधारी वर्कसको समूहले नुनथला प्रहरी चौकीका प्रहरीलाई नियन्त्रणमा लिई सो चौकीमा रहेका हतियार, कागज पत्र, कपडासमेत लुटेर लगे। वर्कर्सका कार्यकर्ताले चौकीमा सेन्ट्री बसेका प्रहरी जवान भीम बोगटीलाई चौकीको गेटमै नियन्त्रणमा लिई कञ्चटमा हतियार तेस्याई चौकी भित्र प्रवेश गरी कार्यालय भित्र रहेका असई राजकुमार खड्का, हवल्दार विर्खबहादुर तामाङ, प्रहरी जवान रमेशसिं कार्की, मणिचन चौधरी, तेजबहादुर कट्वाल, भैरव सुरेन, युगल किसोर राजवंशीलाई चारैतिरबाट घेराहाली सो चौकीबाट दुई थान सञ्चार सेट, पाँच थान थ्री नट थ्री राईफल, त्यसको ४ सय ५५ राउण्ड गोली, एक थान चाईनिज पेस्तोल, त्यसको १६ राउण्ड गोली, तीन थान मोबाइल, आठ थान बर्दी सहितको ड्रेस, चुस्ता, दुई थान झोला, दुई जोर प्रहरीका बुट, १ हजार ५ सय नगद र प्रहरीको दर्ज्यानी चिन्ह समेत लुटेर लगेको पीडित असई राजकुमार खड्काले बताए। वर्कर्सले नुनथलाबाट प्रहरी चौकी हटाउन दवाव दिँदा प्रहरीले बेवास्ता गरेपछि चौकी आक्रमण गरेको जनायो। चौकी आक्रमण गर्नु अगावै सो समूहले स्थानीयवासीलाई बजार तथा पसल बन्द गर्न धम्की दिएका थिए। घटनाको अनुसन्धानका लागि परिचालित प्रहरीको टोलीले ०६७ वैशाख २४ गते नुनथला गाविस-४ स्थित नारद राईको घरबाट जमिनमुनी गाडिएको ३ सय लिटरको हिलटेक ट्याङकीमा ७१ केजी तौल बराबरको जिलेटिन र पीईके नामक विस्फोटक पदार्थ, तार १ सय मिटर, कम्ब्याट ड्रेसको कपडा बरामद गऱ्यो। चौकी लुटिएपछि घटनाको छानबिन गर्न वरिष्ठ प्रहरी उपरीक्षक केसरीराज घिमिरेको संयोजकत्वमा तीन सदस्यीय छानबिन टोली गठन गरेको प्रहरीले जनायो। वर्कर्सले देशमा शान्ति र संविधान ओझेलमा परिरहेको समयमा जनपक्षीय संविधान निर्माण र किराँत स्वायत्त राज्यको सुनिश्चितताका लागि चौकी आक्रमण गरेको जनायो। प्रहरीले ०६७ जेठ २४ गते चिउरीडाँडा गाविस-५ का गौरीमान राईको घरमा वर्कर्सले लुकाई राखेको ४ सय मिटर कम्ब्याट ड्रेस बरामद गरेको थियो। यसैगरी, प्रहरीले ०६७ जेठ २६ गते दिन रतन्छा गाविस-१ मबु का कपधन राईको घरमा लुकाएर राखेको अवस्थामा नुनथला प्रहरी चौकीबाट वर्कर्सले लुटेका चार थान थ्री नट थ्री राईफल, त्यसको ९९ राउण्ड गोली, फिउज वायर डेर्डकर्ड तीन मिटर, राईफलको तेल आधा लिटर, गोलिराख्ने बिन्दुली दुई थान, २० केजी जिलेटिन, २ सय ८ थान डिटोनेटर, दुईओटा सकेट बम बरामद गऱ्यो। प्रहरीले ०६७ असार ७ गते वर्कर्सले लुटेका थ्रिनट थ्री राईफल एक थान बुईपा गाविस-२ स्थित गजेन्द्र राईको घरबाट बरामद गऱ्यो। वर्कर्सले सो चौकीबाट लुटेका हतियार मध्ये यो वर्षको अन्त्य सम्म एक थान चाईनिज पेस्तोल बरामद गर्न बाँकी रहेको जिल्ला प्रहरी कार्यालय खोटाङले जनायो।

स्वास्थ्य सेवाको अवस्था

जिल्ला अस्पताल खोटाङका अनुसार यस जिल्लामा ६६.०८ प्रतिहजार बाल मृत्युदर रहेको छ। अस्पतालका अनुसार खोटाङ जिल्ला अस्पतालमा एक जना मेडिकल सुपरिटेन्डेन्ट (दशौँ तह) कार्यरत रहेका छन्। मेडिकल अफिसर चारजनाको दरबन्दीमा चारजना नै कार्यरत रहेका छन्। जिल्लामा १३ जना

हेल्थ असिष्टेन्टको दरबन्दी भए पनि तीन जना हाजिर हुन बाँकी छन्। स्टाफ नर्स (सिअनमि) छ जनाको दरबन्दीमा एक दरबन्दी रिक्त रहेको छ। पब्लिक हेल्थ नर्सको एकओटा दरबन्दी भए पनि सो दरबन्दी रिक्त रहेको छ। जिल्लामा ७९ जना अहेवको दरबन्दीमा ७२ जना पदपूर्ति दुई जना अस्थायी कार्यरत छन् भने सात दरबन्दी रिक्त रहेको छ। १६ जना अनमीको दरबन्दीमा एक दरबन्दी रिक्त रहेको छ। ग्रामीण स्वास्थ्य कार्यकर्ताको ७६ दरबन्दी भए पनि ४२ पदपूर्ति र ३४ जना दरबन्दी रिक्त रहेको छ। ६५ मासिकाको दरबन्दी भए पनि यस जिल्लामा ४८ दरबन्दी पदपूर्ति र १७ दरबन्दी रिक्त रहेको छ। जिल्लामा कार्यालय सहयोगीको २६ दरबन्दी भए पनि १२ जनाको पदपूर्ति र १४ जनाको दरबन्दी रिक्त रहेको छ।

१.१५ ओखलढुङ्गा

जनसङ्ख्या : १,७३।९९६
साक्षरता प्रतिशत : ५५
महिला साक्षरता प्रतिशत : ३०
क्षेत्रफल (वर्ग कि. मि.) : १,०७४
गाविस/नपा सङ्ख्या : ५६/०
सरकारी/निजी विद्यालय : ३४८/५
क्याम्पस/उच्च मा.वि. : २/१५
अस्पताल/स्वास्थ्य चौकी : २/५५
मानव विकास सूचकाङ्कः ०.४८१
प्रतिपरिवार सरदर सङ्ख्याः ६

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

एकीकृत माओवादीबाट

भदौरे गाविस-२ निवासी नेकपा एमाले राष्ट्रिय परिषद् सदस्य ४२ वर्षीय छविलाल कार्कीलाई एकीकृत माओवादीविरुद्ध गतिविधि सञ्चालन गरेको आरोपमा ०६७ असार २४ गते राति एकीकृत माआवादी कार्यकर्ताले ठूलाछाप गाविस-२ को तारा होटलमा खाना खाइरहेको अवस्थामा कुटपिट गर्दा घाइते भएकोमा उपचारको क्रममा उनको मृत्यु भयो। कार्कीलाई माओवादी कार्यकर्ताले टाउकोमा रडले हिर्काई तथा दुईओटै हात खुट्टा भाँचेर पेटमा रडले घोची प्वाल पारेका थिए। उपचारको क्रममा सामुदायिक अस्पताल पुऱ्याउँदा सोही राति १ बजे उनको मृत्यु भयो। पीडितको पत्नी शकुन्तला राजभण्डारीले ०६७ साउन ५ गते १३ जना एकीकृत माओवादी कार्यकर्ताको नाममा किटानी जाहेरी दिएकोमा चन्द्रकुमार कार्की, दिलबहादुर सार्की, विमर्शराज घिमिरे, लालबहादुर भुजेल, टीकाराम भुजेल र देवबहादुर कट्वाल हत्याको आरोपमा ०६७ भदौ २ गतेदेखि पुर्पक्षको लागि थुनामा रहेका छन्। विचार भनिने बाबुराम सुवेदी, दीपक कटुवाल, अडिग भनिने यदुनाथ घिमिरे, जितमान राई, रामबहादुर राई, ओम राई, कालुराम सार्की भने हालसम्म फरार रहेका छन्।

जेल र बन्दीहरू

'घ' श्रेणीको यस जिल्ला कारागारको कूल ५० जना क्षमता रहेकोमा चार महिला र ४४ जना पुरुष गरी ४८ जना बन्दी रहेका छन्। ४४ जना पुरुषमध्ये १९ जना थुनुवा छन् भने २५ जना कैदी छन् र महिलामध्ये चारैजना कैदी छन्। पुरुष बन्दीगृहमा २५ जना क्षमता रहेको ठाउँमा ४४ जना बन्दी राख्दा खाना पकाउन, सुत्न असजिलो भएको छ। बन्दीहरू जेलभित्र टोपी बुन्ने, झोला बुन्ने, दाम्लो बाट्ने कार्य गर्दछन्। उक्त सीप घरेलु तथा साना उद्योग कार्यालयले तालिम दिएको बन्दीहरूले बताए। बन्दीहरूलाई राष्ट्रिय तथा स्थानीय पत्रपत्रिका उपलब्ध गराइएको छ। पुरुष गृहतर्फ टेलिभिजन व्यवस्था छ। प्रत्येक हप्ता बुधबार र शनिबारबाहेक टलिफोन सुविधा उपलब्ध गरिएको छ।

धम्की/कुटपिट

एकीकृत माओवादीबाट

ओखलढुङ्गा गाविस-४ का २२ वर्षीय रञ्जीत गुरुङलाई युथफोर्स कार्यकर्ता भएको आरोपमा ०६७ वैशाख २७ गते ओखलढुङ्गाबाट रुम्जाटार जाँदै गर्दा वर्णलु गाविसमा एकीकृत माओवादी कार्यकर्ताले कुटपिट गरे। पीडितलाई एकीकृत माओवादी कार्यकर्ताले लाठी, मुड्की प्रहार गर्नुका साथै उनको मोटरसाइकल फ्याँकी दिए। पीडितले कतै उजुरी गरेनन्।

घटनाको प्रकार	गैरराज्यबाट								
	अन्यबाट					एकीकृत माओवादीबाट			
	घटना सङ्ख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
हत्या	१	१			१	१	१		१
घाइते	१	१			१				
कुटपिट	१०	१२	३		१५	७	९	१	१०
महिलाअधिकार	२		२		२				
बालअधिकार	१			१	१				
जम्मा	१५	१४	५	१	२०	८	१०	१	११

भदौरे गाविस-२ का ४२ वर्षीय भीमबहादुर थापा मगर र सोही गाविस-९ का ४० वर्षीय कुलबहादुर भुजेललाई एमाले कार्यकर्ता भएको आरोपमा ०६७ वैशाख २६ गते राति १०-१५ जनाको सङ्ख्यामा रहेका एकीकृत मोआवादी कार्यकर्ताले सुतिरहेको अवस्थामा रड तथा लाठीले टाउको तथा खुट्टालगायत शरीरका विभिन्न भागमा कुटपिट गरे। पीडितले ०६७ जेठ २ गते जिल्ला प्रहरी कार्यालयमा टेकप्रसाद कोइराला, दीपक कटवाल, लालबहादुर भुजेल, सुरेश थापासमेत १६ जनाविरुद्ध अङ्गभङ्ग कुटपिट मुद्दामा जाहेरी दिएकोमा ०६७ असार १८ गते जिल्ला अदालतका न्यायाधीश किरणप्रसाद शिवकोटीको इजलासले जनही २ हजार रुपियाँ धरौटी लिई तारेखमा रिहा गऱ्यो। पीडित दुवै जना सामुदायिक अस्पतालमा उपचार गरी ०६७ जेठ २६ गते घर फर्के।

फूलबारी गाविस-५ निवासी कुन्ता प्राबि विलन्दुका प्रधानाध्यापक ४८ वर्षीय मीनबहादुर खड्कालाई एमाले कार्यकर्ता भएको आरोपमा ०६७ वैशाख २९ गते विद्यालयबाट घर फर्कंदै गर्दा फुलबारी र विलन्दु गाविसको सिमानामा पर्ने डुडे खोलामा १५-२० जना एकीकृत माओवादी कार्यकर्ताले लाठी तथा मुड्की प्रहार गरी मराणासन्न हुने गरी कुटपिट गरे। पीडितलाई उपचारको लागि हेलिकप्टरबाट शिक्षण अस्पताल महाराजगञ्ज काठमाडौँमा लगिएकोमा उपचारपछि ०६७ जेठ २२ गते घर फर्के। पीडितको छोरी मञ्जु खड्काले एकीकृत माओवादी कार्यकर्ता तथा शिक्षक प्रेमबहादुर न्यौपाने डुलहरी लुईटेल, खड्गबहादुर कार्की, मोहनबहादुर खड्का, धनबहादुर खत्री, दिलबहादुर कामी, इतिहास भनिने सुरेश थापाविरुद्ध ०६७ वैशाख ३० गते ज्यानमार्ने आरोपमा जाहेरी दिएकोमा जिल्ला अदालतको आदेशमा प्रेमबहादुर न्यौपाने, डुलहरी लुइटेल, खड्गबहादुर कार्की, मोहनबहादुर खड्का, धनबहादुर खत्री र दिलबहादुर कामी ०६७ जेठ १९ गते १५ हजार रुपियाँ धरौटीमा र सुरेश थापा ०६७ जेठ २३ गते ३० हजार रुपियाँ धरौटीमा रिहा भए।

ओखलढुङ्गा गाविस-६ का २६ वर्षीय रविन शाक्यलाई एकीकृत माओवादीले गरेको अनिश्चितकालीन बन्द अवज्ञा गरेको आरोपमा ०६७ वैशाख २३ गते ओखलढुङ्गाबाट बरुणेश्वरतर्फ मोटरसाइकलमा जाँदै गर्दा कुन्तादेवी गाविसको सडकखण्डमा एकीकृत माओवादी कार्यकर्ता पूर्णबहादुर विकसहित १५-२० जनाले लाठी तथा मुड्की प्रहार गरी कुटपिट गरे। पीडितले पीडकहरूको नाममा जाहेरी दिएपनि यस वर्षको अन्त्यसम्म पीडकहरू फरार रहे।

यसम गाविस-५ का ४० वर्षीय रामकुमार सुवेदीलाई एमालेलाई सहयोग गरी एकीकृत माओवादीको बद्नाम गराएको आरोपमा ०६६ माघ २९ गते नर्मदेश्वर गाविसको महादेव स्थानमा वत्ती बाल्न गएको अवस्थामा राति एकीकृत माओवादी कार्यकर्ता भीमबहादुर श्रेष्ठ, बासु मगर, कमल मगर, यज्ञबहादुर मगरले लाठी प्रहार गरी घाइते पारे। उनको टाउकोमा गम्भीर चोट लाग्यो। पीडितले जिल्ला प्रहरी कार्यालयमा ०६६ फागुन ७ गते सार्वजनिक अपराधको मुद्दा दायर गरेकोमा यस वर्षको अन्त्यसम्म सो मुद्दा विचारधीन रह्यो

यसम गाविस-३ का ५४ वर्षीय लालबहादुर कार्की ५२ वर्षीय दिलमाया कार्की र ३३ वर्षीय अनिल कार्कीलाई छोरा तथा भाई युथफोर्समा संलग्न हुन दिएको भन्दै ०६६ फागुन २४ गते एकीकृत माओवादी नेता बोझबहादुर खत्री, कमल मगरसमेतले घरमा नै गई कुटपिट गरे। पीडितहरूलाई उपचारको लागि हेलिकप्टरबाट फागुन २६ गते काठमाडौँ शिक्षण

अस्पतालमा लगेपछि फागुन २८ गतेसम्म उपचार गराएर घर फर्के। पीडितहरूले ज्यान मार्ने उद्योगमा जाहेरी दिएकोमा प्रहरीले दर्ता गरेन।

वाईसीएलबाट

गाम्नाडटार गाविस-९ का ४० वर्षीय लेखबहादुर खड्कालाई एमालेको कार्यकर्ता भएको आरोपमा ०६६ फागुन १८ गते वाईसीएल कार्यकर्ता चित्रबहादुर थापा, केदार तामाङ र नवीन पौडेलले सोही गाविसको पोखरी चउरमा लाठी प्रहार गरी कुटपिट गरे। कुटपिटबाट उनको टाउकोमा चोट लाग्यो। पीडितले प्रहरी चौकी गाम्नाडटारमा जाहेरी गरेकोमा कुनै कारवाही भएन।

यसम गाविस-७ की लालकुमारी काफ्लेलाई राति घरमा सुतिरहेको अवस्थामा आक्रमण गर्न गएको अवस्थामा कराउँदै प्रतिकार गरेको आरोपमा सोही ठाउँका आफूलाई वाईसीएल कार्यकर्ता बताउने भुपालबहादुर काफ्लेले ०६७ वैशाख ६ गते कुटपिट गरे। पीडितले प्रहरी चौकी गाम्नाडटारमा उजुरी गरेकोमा पीडकलाई ५ हजार रुपियाँ जरिवाना गरी पीडितलाई क्षतिपूर्ति दिलाई दिए।

युथफोर्सबाट

हर्कपुर गाविस-५ की एकीकृत माओवादी कार्यकर्ता २५ वर्षीया रमीला राई र कटुन्जे गाविस-८ का ३० वर्षीय गेटप्रसाद अधिकारीलाई एकीकृत माओवादीले गरेको अनिश्चितकालिन बन्दमा सहभागी भएको आरोपमा ०६७ वैशाख २३ गते प्रहरी सुरक्षासाथ रमाइलो डाँडास्थित आवासतर्फ जाँदै गर्दा युथफोर्स कार्यकर्ता राजन खत्रीसहितको २०-२१ जनाले ओखलढुङ्गा-६ हाट लाग्ने स्थानमा लाठी प्रहार गरी कुटपिट गरे। पीडितहरूको टाउकोमा चोट लाग्यो।

रातमाटे गाविस-३ का एकीकृत माओवादी जिल्ला सदस्य ४२ वर्षीय हेमराज कोइरालालाई एमाले कार्यकर्ता कुटपिट गराउन लगाएको र बजार बन्द गर्न हिँडेको आरोपमा ०६७ वैशाख २३ गते ओखलढुङ्गा गाविस-५ राष्ट्रिय वाणिज्य बैङ्कनजिक खाना खाँदै गरेको अवस्थामा युथफोर्स अध्यक्ष बुद्ध श्रेष्ठको नेतृत्वमा गएको १०-११ जनाले लाठी तथा मुड्की प्रहार गरी घाइते बनायो। पीडितको टाउकोमा चोट लाग्यो।

टारकेराबारी गाविस-६ का २३ वर्षीय एकीकृत माओवादी कार्यकर्ता ललितबहादुर पौडेललाई युथफोर्स र एमालेविरुद्ध गतिविधि गरेको आरोपमा ०६६ चैत ५ गते जाल्पा मावि टारकेरावारीको प्राङ्गणमा युथफोर्स कार्यकर्ता इश्वर तिमल्सिना र ताराबहादुर कार्कीले लाठी प्रहार गरी घाइते बनाए। पीडितको टाउकोमा चोट लाग्यो। पीडितले ०६७ वैशाख ५ गते कुटपिट मुद्दा दायर गरेकोमा यस वर्षको अन्त्यसम्म विचाराधीन अवस्थामा रहेको छ।

यसम गाविस-५ का २५ वर्षीय उमेश खत्रीलाई वाईसीएल कार्यकर्ता भई राजनीति गरेको आरोपमा ०६६ फागुन २४ गते सोही गाविस-२ मा युथफोर्स जिल्ला सदस्य ताराबहादुर कार्कीले ढुङ्गा प्रहार गरी कुटपिट गरे। कुटपिटबाट उनको टाउकोमा चोट लाग्यो। पीडकउपर पीडितले जिल्ला अदालत ओखलढुङ्गामा कुटपिट मुद्दा दायर गरे।

अन्यबाट

हर्कपुर गाविस घर भई बरुणेश्वार उच्च मावि रामपुरमा कार्यरत ४० वर्षीय शिक्षक कुलप्रसाद खतिवडा, एकीकृत माओवादी जिल्ला सदस्य नरेन्द्रकुमार खतिवडा र शिवदुती मावि प्राप्चाका प्रअ रामकुमार ढकाललाई स्थानीय रविन शाक्य र रोहित श्रेष्ठलाई एकीकृत माओवादी कार्यकर्ताले कुटपिट गरेको आरोपमा ०६७ वैशाख २३ गते एमाले समर्थक यज्ञश्वरराज भण्डारीसमेत ४०-५० जना स्थानीय बासिन्दाले ओखलढुङ्गा गाविस-६ गणेशस्थानमा लाठी, ढुङ्गा प्रहार गरी कुटपिट गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा गत वर्षको जिम्मेवारी सरेर आएका दुनियाँवादी देवानी मुद्दा ८८ थान र यस वर्ष दर्ता भएका २८ थान गरी जम्मा १ सय १६ थान मुद्दा रहेकोमा २६ थान फर्स्यौट भए भने ९० थान फर्स्यौट हुन बाँकी रहे।

त्यस्तैगरी, दुनियाँवादी फौजदारी मुद्दा गतवर्षको जिम्मेवारी सरेर आएका ८४ थान र यस वर्ष दर्ता

एकीकृत माओवादीद्वारा हत्या गरिएका एमाले राष्ट्रिय परिषद् सदस्य छविलाल कार्की

भएका ३८ थान गरी जम्मा १ सय २२ थान रहेकोमा २९ थान फर्स्यौंट भए भने ९३ थान फर्स्यौंट हुन बाँकी छन्।

सरकारवादी फौजदारी मुद्दा गत वर्षको जिम्मेवारी सरेर आएका छ थान र यस वर्ष दर्ता भएका तीन थान गरी नौ थान मुद्दा रहेकोमा दुई थान फर्स्यौंट भए भने सात थान मुद्दा फर्स्यौंट हुन बाँकी रहे।

जिल्ला सरकारी वकीलको कार्यालयमा गत वर्षको जिम्मेवारी सरेर आएका ५३ थान मुद्दा र यस वर्ष दर्ता भएका पाँच थान गरी ५८ थान रहेकोमा पाँच थान फैसला भई ५३ थान बाँकी रहे। जसमा चार थान सरकारी मुद्दामा सरकारपक्ष सफल भए भने एक थानमा असफल रहेको त्यस कार्यालयले जनाएको छ।

बालअधिकार

जिल्ला शिक्षा कार्यालयअन्तर्गत विद्यालयमा ३१ हजार १ सय १९ जना छात्रा र २९ हजार ९ सय २८ जना छात्र अध्ययनरत रहेको जिल्ला शिक्षा कार्यालय ओखलढुङ्गाले जनायो। जसमा फिडर छात्रवास, दलित, अपाङ्ग, लक्षित, मावि शिक्षा, द्वन्द्वपीडित, सहिदका छोराछोरी, छात्रा शिक्षाको लागि उमावि र स्नातक छात्रवृत्ति उपलब्ध गराए पनि तथ्याङ्क प्राप्त हुन सकेन।

यसम गाविस-७ का १३ वर्षीय रमेशकुमार खत्रीलाई अनेरास्वियुमा लागी एकीकृत माओवादीविरुद्ध काम गरेको आरोपमा ०६७ जेठ २१ गते विद्यालय जाँदै गर्दा सोही ठाउँ बस्ने आफूलाई वाईसीएल कार्यकर्ता बताउने भूपालबहादुर काफ्लेले कुटपिट गरे। पीडकउपर ०६७ जेठ २६ गते सार्वजनिक अपराध मुद्दादायर भएकोमा आरोपित फरार रहेका छन्।

राँगादिप गाविस-६ का सात वर्षीय उदास राई र दुई वर्षीय सन्देश राईलाई घरमा पत्नी नआएको आरोपमा ०६७ असोज २४ गते बुबा २९ वर्षीय सुनिल राईले कुटपिट गर्नुको साथै भीरबाट फ्याँक्दा घाइते भए। पीडित उदाश राईको उपचारको सन्दर्भमा सोही दिन मृत्यु भयो भने सन्देशको यस वर्षको अन्त्यसम्म सामुदायिक अस्पताल सोब्रुमा उपचार भइरहेको छ। पीडित उदास राई सुनिलका सौतेनी छोरा र सन्देश आफ्नै छोरा थिए। पीडकउपर ०६७ असोज २९ गते मृतकका बाजे झमकबहादुर राईले जाहेरी दिएकोमा ०६७ कात्तिक १६ गते जिल्ला अदालतको आदेशअनुसार पुर्पक्षको लागि थुनामा रहेका छन्।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

श्रीचउर गाविस-४ की एक १८ वर्षीया युवतीलाई ०६७ मङ्सिर ५ गते विवाह गर्ने प्रलोभनमा पारी रामेछाप जिल्ला चुचुरे गाविस-६ घर भई हाल वरुणेश्वर गाविस-१ बस्ने २२ वर्षीय विजय तामाङले वरुणेश्वर गाविस-१ मा बलात्कार गरेको आरोपमा उनले ०६७ मङ्सिर ६ गते जाहेरी दिइन्। जिल्ला अदालतको ०६७ पुस २ गतेको आदेशअनुसार आरोपित पुर्पक्षको लागि थुनामा रहेका छन्।

दुर्व्यवहार

सल्लेरी गाविस-५ का खीनमाया तामाङलाई कथित बोक्सीको आरोपमा ०६७ भदौ २ गते सोही ठाउँ बस्ने ४२ वर्षीय कुमारी तामाङले दुर्व्यवहार गरी मार्ने धम्की दिइन्। केही समयअघि आफ्नो चौपया दोपाया बिरामी भएर मरेकोमा खीनमायाले टुनामुना गरेको आरोप कुमारीले लगाएकी थिइन्। पीडितले अदालतमा उजुरी गरेकोमा पीडकले माफी मागेपछि ०६७ कात्तिक १५ गते दुवैपक्षबीच मिलापत्र भयो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार पेशागत अधिकार

ठूलाछाप गाविस-५ घर भई नेपाल बार इकाई ओखलढुङ्गाका ४३ वर्षीय टुकराज निरौलालाई आफ्नो पक्ष शेरबहादुर राईको मुद्दा प्रतीरक्षा गरेको आरोपमा ०६७ असोज १८ गते ओखलढुङ्गा गाविस-३, कालिकास्थानमा ४८ वर्षीय मिलन राईले कुटपिट गरी अभद्र व्यवहार गरे। पीडितले बार इकाइमा निवेदन गरेपछि बार इकाईको ०६७ असोज १२ गतेको बैठकले राईलाई कारबाही गर्न प्रहरी कार्यालयमा निवेदन पठाएकोमा पीडकलाई हालसम्म कुनै कारबाही भएन।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल रहेको छ। जसमा चार जना डाक्टरको दरबन्दी रहेकोमा हाल दुई जनामात्र कार्यरत रहेका छन्। त्यसैगरी, एक प्राथमिक स्वास्थ्यकेन्द्रमा समेत डाक्टरको दरबन्दी रहेको छ। ४५ ओटा उपस्वास्थ्य चौकीमा ३३ जना अहेब कार्यरत छन्। जिल्लामा ३२ ग्रामीण स्वास्थ्य कार्यकर्ता र ७ सय १८ जना स्वास्थ्य स्वयम्सेविका कार्यरत रहेका छन्। उपस्वास्थ्य चौकीमा अहेब नभएका कारण कतिपय गाउँमा स्थानीयलाई समस्या हुने गरेको छ।

१.१६ सोलुखुम्बु

जनसङ्ख्या : १,१७,९८५
साक्षरता प्रतिशत : ५०
महिला साक्षरता प्रतिशत : ४०
क्षेत्रफल (वर्ग कि. मि.) : ३,३१२
गाविस/नपा सङ्ख्या : ३४/०
सरकारी/निजी विद्यालय : २५२/१
क्याम्पस/उच्च मा.वि. : २/१४
अस्पताल/स्वास्थ्य चौकी : ३/३४
मानव विकास सूचकाङ्कः ०.४७९
प्रतिपरिवार सरदर सङ्ख्याः ५

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

दोहोरो झडप

जुभिङ गाविस-१ खरिखोलामा नेविसङ्घ र वाईसीएलका कार्यकर्ताबीच झडप हुँदा नेविसङ्घका २६ वर्षीय दैवे मगर, २३ वर्षीय रोशण मगर, २९ वर्षीय राजकुमार मगर र वाईसीएलका २५ वर्षीय विनोद क्षेत्रीको सख्त घाइते भए। दुवै पक्षले एक अर्कालाई दाउरा र लाठी प्रहार गरेका थिए। घाइतेहरूको जिल्ला अस्पताल फाप्लुमा उपचार भयो। दुवै समूहबीच जिल्ला प्रशासन कार्यालय सल्लेरीमा ०६६ माघ २७ गते छलफलपश्चात मिलापत्र भयो।

जेल र बन्दीहरू

'ङ' श्रेणीको जिल्ला कारागारमा यस वर्षको अन्त्यसम्ममा कैद तोकिएका १८ जना पुरुष र पाँचजना महिला बन्दी रहेका छन् भने कैद नतोकिएको २१ पुरुष र एक जना महिला थुनुवा रहेका छन्। पुरुष २५ जना क्षमता रहेको साँघुरो कोठामा ३९ जना बस्नुपर्ने हुँदा भान्सा कोठामा समेत सुत्नुपर्ने बाध्यता रहेको कारागारको कर्मचारीले बताए। महिला बन्दीहरूले कोठाभित्रै तान राखी ढाका, सुइटर बुन्ने र कारागार प्रशासनले बाहिर लगी बेच्ने गरेको छ। कारागारका बन्दीहरूलाई क्यारमबोर्ड, भकुण्डो, पत्रपत्रिका उपलब्ध छ। पुरुष र महिला बन्दी दुवै कोठामा एक एकओटा रङ्गिन टेलिभिजनको व्यवस्था छ। कारागारमा दिइने ७ सय ग्राम चामलको सट्टा प्रतिकिलो ६० रुपियाँको दरले नगद नै दिने कारागार बन्दी र प्रशासनबीच निर्णय गरिएको छ। बन्दीहरूको उपचारको लागि नजिकैको जिल्ला अस्पताल फाप्लूमा लाने गरिएको छ।

धम्की/कुटपिट

एकीकृत माओवादीबाट

एकीकृत माओवादीद्वारा घोषित शेर्पा स्वायत्त प्रदेशका ६० भन्दा बढी कार्यकर्ताहरूले नेपाल भारत मैत्री विकास सङ्घको कार्यक्रममा सोलुखुम्बु आएका भारतीय राजदूत राकेश सुदलाई ०६७ भदौ २२ गते कालो झण्डा देखाई विरोध गरी नारा जुलुस गर्ने क्रममा फाप्लु विमानस्थलनजिक जुत्ता प्रहार गरे। विरोध जुलुसको नेतृत्व एकीकृत माओवादीका पूर्व मन्त्री एवम् सभासद् गोपाल खम्बूले गरेका थिए। कडा सुरक्षामा रहेका सुदलाई माओवादी कार्यकर्ताहरूले नारा लगाउँदै गर्दा एक्कासी जुत्ता प्रहार गरेका थिए। उक्त घटनामा संलग्न रहेको आरोपमा एरिया सेक्रेटरी रामकुमार राईलाई जिल्ला प्रशासन कार्यालयले सार्वजनिक अपराधमा मुद्दा चलायो। आरोपित राईलाई ०६७ मङ्सिर १६ गते गिरफ्तार गरिए पनि उनी सोही दिन १२ हजार रुपियाँ धरौटीमा रिहा भए।

वाईसीएलबाट

अनेरास्ववियू इलाका नं ९ का संयोजक २२ वर्षीय कामी डिमा शेर्पालाई ०६६ माघ १० गते वाईसीएल कार्यकर्ताहरू २६ वर्षीय केदार थापा, २९ वर्षीय सन्तोष बस्नेतलगायतका पाँच जनाले भकान्जे गाविस-५ मा लाठीले कुटपिट गरे। पीडितले इलाका प्रहरी चौकी किन्जामा उजुरी गरेपनि वाईसीएल कार्यकर्ता गिरफ्तार नपरेपछि इलाका नं ९ का युथफोर्स सहसंयोजक कुन्जन शेर्पाको समूहले उनीहरूलाई नियन्त्रणमा लिई प्रहरीमा बुझाए। पीडितले जिल्ला प्रशासन कार्यालयमा ०६६ माघ १५ गते कुटपिटसम्बन्धी मुद्दा दायर गरे।

स्नोबल ट्रेकिङमा कार्यरत सोताङ गाविस-२ का २० वर्षीय गोमबहादुर राईलाई ट्रेकिङ मजदुरलाई

घटनाको प्रकार	गैरराज्यबाट						
	अन्यबाट				एकीकृत माओवादीबाट		
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	१	१		१			
घाइते	३	३	१	४			
कुटपिट	३	४	३	७	१	४	४
धम्की					१	१	१
महिलाअधिकार	८		८	८			
बालअधिकार	१		१	१			
जम्मा	१६	८	१३	२१	३	५	५

श्रम शोषण गरेको आरोपमा वाईसीएल एरिया सेक्रेटरी नामग्याल शेर्पाको नेतृत्वमा आएको सात/आठ जनाको समूहले अनेरास्ववियु (क्रान्तिकारी) मजदुर सङ्घले तोकेको भन्दा कम ज्यालामा भारी बोकेको भन्दै ०६७ असोज २९ गते चौरीखर्क गाविस-८ लुक्ला बजारमा कुटपिट गऱ्यो। सोही समूहले ट्रेकिङ मजदुर ३५ वर्षीय पर्व बस्नेत, २८ वर्षीय पेशल विक, २१ वर्षीय पर्व राई, २९ वर्षीय रामबहादुर बस्नेतलगायत २१ जना भरियाहरूलाई ५० पटक उठबस गर्न लगायो। सो क्षेत्रमा अखिल क्रान्तिकारी मजदुर सङ्घले प्रति ट्रेकिङ बापत प्रति ७ सय ५० रुपियाँ भरिया ज्याला निर्धारण गरेको थियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत सोलुखुम्बुमा गत वर्ष जिम्मेवारी सरेर आएको दुनियाँवादी फौजदारी मुद्दा २३ थानमध्ये यस वर्ष चार थान फर्स्यौट भए र १९ थान बाँकी रहे। यस वर्ष दर्ता भएको दुनियाँवादी फौजदारी मुद्दा नौ थानमध्ये कुनै पनि फर्स्यौट भएनन्। गत वर्ष जिम्मेवारी सरेर आएको सरकारवादी फौजदारी ३७ थान मुद्दामध्ये यस वर्ष १५ थान फर्स्यौट भए र २२ थान बाँकी रहे। यस वर्ष दर्ता भएको सरकारवादी फौजदारी मुद्दा १८ थानमध्ये तीन थान फर्स्यौट भई १५ थान बाँकी रहे।

जिल्ला अदालतमा दुई वर्ष नाघेको चार थान मुद्दामध्ये दुनियाँवादी फौजदारी दुई थान र सरकारवादी फौजदारी दुई थान रहेको छ।

बालअधिकार

यस जिल्लामा २ सय ५६ ओटा सरकारी र संस्थागत सातओटा गरी २ सय ६३ ओटा विद्यालय रहेका छन्। जसअन्तर्गत जिल्लामा मावि तहमा ३७ ओटा, निमावि तहमा ५० ओटा र प्रावि तहमा १ सय ७८ ओटा विद्यालय सञ्चालनमा रहेका छन्। प्राथमिक तहमा २३ हजार ४ सय ७६ जना विद्यार्थी अध्ययनरत छन्। जिल्लामा उच्च मावि १८ ओटा र क्याम्पस तीनओटा सञ्चालनमा रहेका छन्।

केरुङ गाविस-२ घर भई चौरीखर्क गाविस-८ बस्ने एक १७ वर्षीया बालिकालाई आफ्नै ४३ वर्षीय बुबाले होटेलमा बारम्बार बलात्कार गरेको आरोपमा बालिकाले जिल्ला प्रहरी कार्यालयमा ०६७ असार १४ गते उजुरी गरिन्। बालिकाले महिला रक्षक र महिला विकासको शरणमा आएपछि बुबाविरुद्ध उजुरी गरेकी थिइन्। आरोपितलाई ०६७ असार १७ गते चौरीखर्क गाविस-८ लुक्लाबाट प्रहरीले गिरफ्तार गरी आवश्यक कारबाही भइरहेको जनायो।

छेस्काम गाविस-७ का १७ वर्षीय चतुरमान राईलाई ०६७ साउन ९ गते चोरीको आरोपमा सोही ठाउँका २८ वर्षीय मछिन्द्र राई, २० वर्षीय बसन्त राई, २२ वर्षीय जम्बुधन राई र आफ्नै आमा ४६ वर्षीया चौतीमाया राईले घरको आगनमा हातखुट्टा बाँधी राख्दा ०६७ साउन १० गते बिहान मृत्यु भयो। मृतकको बाबु रत्नमान राईको उजुरीका आधारमा ०६७ साउन १२ गते प्रहरीले उनीहरूलाई गिरफ्तार गऱ्यो। यस वर्षको अन्त्यसम्म आरोपित सबैलाई कर्तव्य ज्यानसम्बन्धी मुद्दामा आवश्यक कारबाही भइरहेको प्रहरीले जनायो। मृतकको जिल्ला अस्पतालमा पोष्टमार्टम गरी दाहसंस्कार भयो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

लोखिम गाविस घरभई हाल सल्लेरी गाविस-

५ मा बस्ने २३ वर्षीया एक महिलालाई छोरालाई खाजा पुऱ्याउन जाँदा ०६७ असार १३ गते दिउँसो घरनजिकैको सल्लेरी गाविस-५ का २६ वर्षीय तेण्डी शेर्पाले मुख थुनी बलात्कार गर्ने प्रयास गरेको भन्ने पीडितको आरोपका आधारमा आरोपितलाई सोही दिन प्रहरीले घटनास्थलबाट गिरफ्तार गरी पुर्पक्षका लागि हिरासतमा राख्यो। मानसिक सन्तुलन ठिक नभएको भन्दै ०६७ असार २७ गते प्रहरीले आरोपितलाई रिहा गऱ्यो।

घरेलु हिंसा

तिङला गाविस-५ का ३२ वर्षीया कल्पना विकलाई चरित्रहीनको आरोप लगाएर ससुरा ५५ वर्षीय जयबहादुर विक र सासू ५४ वर्षीया कुमारी विकले ०६६ माघ २८ गते खाना नदिई घरबाट निकाला गरे। पति विदेश गएको अवस्थामा सासूससुराले आफूलाई त्यस्तो आरोप लगाएको पीडितले बताइन्। पीडितले हिंसा प्रभावितका लागि सेवा केन्द्र तिङ्लामा तीन दिन शरणमा बसिन्। अधिकारकर्मीहरूले प्रहरीमा उजुरी गरेपश्चात् पीडकहरूले खान र बस्न दिने शर्तमा अधिकारकर्मीको रोहबरमा जिल्ला प्रहरी कार्यालयमा दुवैपक्षबीच मिलापत्र भयो।

गुदेल गाविस-४ का ३६ वर्षीया नेनकुमारी राईलाई ०६७ पुस ११ गते बेलुका पति ४० वर्षीय दिलीप कुलुङले सोताङ गाविस-२ सेसिलामा मादक पदार्थ सेवन गरी अगुल्टोले टाउको र घाँटीमा प्रहार गरी घाइते बनाए। माइती घरमा बस्दै आएकी पीडित राईको साथमा रहेको तीन नाबालक छोरालाई समेत पतिले बेपत्ता पारेको भन्दै उनीहरूको खोजी गरी पाऊँ भनी इलाका प्रहरी कार्यालयमा ०६७ पुस १३ गते उजुरी गरिन्। घाइतेको स्थानीय स्वास्थ्य चौकीमा उपचार भयो।

देउसा गाविस-३ की २८ वर्षीया सङ्गीता विकलाई ०६७ जेठ ४ गते २८ वर्षीय पति एलमी विकले घरैमा दाउराले कुटपिट गरे। दोस्रो विवाह गरेपछि एलमीले जेठी पत्नी सङ्गीतालाई कुटपिट गर्दा उनको देब्रे करङ्ग र दाहिने हातमा चोट लाग्यो। पीडितले प्रहरीमा उजुरी दिएपश्चात् पीडकलाई ०६७ जेठ ७ गते प्रहरीले घरबाटै गिरफ्तार गऱ्यो। जेठी पत्नीलाई राम्ररी पालनपोषण गर्ने र कुटपिट नगर्ने शर्तमा मिलापत्रपश्चात् ०६७ जेठ ९ गते एलमी रिहा भए। पीडितको जिल्ला अस्पतालमा उपचार भयो। छ महिना पहिला पनि पतिले आफूलाई कोदालोले हानी बेहोस हुने गरी कुटपिट गरेको पीडितले बताइन्।

सल्लेरी गाविस-६ की ४० वर्षीया तारा विक तामाङलाई सरकारबाट घोषणा गरेको दलित विवाह प्रोत्साहन भत्ता जिल्ला प्रसाशन कार्यालयबाट नल्याएको भन्दै ०६६ कात्तिक २३ गते पति ४२ वर्षीय लाक्पा तामाङले कुटपिट गरी घरबाट निकाला गरे। पीडितका अनुसार दुवैले राजीखुसीमा दुई वर्षअघि विवाह गरेको र हालै सरकारबाट दलित विवाह प्रोत्साहन भत्ता जिल्ला प्रशासन कार्यालयमा माग गर्दा सो भत्ता नपाएको निहुँमा बारम्बार पतिले कुटपिट गर्ने गरेका थिए। अधिकारकर्मीको पहलमा जिल्ला प्रहरी कार्यालयमा उजुरी गरेको आधारमा पीडकलाई प्रहरीले गिरफ्तार गरी ०६६ कात्तिक २५ गते अधिकारकर्मीको रोहबरमा राम्ररी पालन पोषण गर्ने र कुटपिट नगर्ने शर्तमा जिल्ला प्रहरी कार्यालयमा मिलापत्र गरी सोही दिन रिहा भए।

सोताङ गाविस-२ की १९ वर्षीया सुस्मिता राईलाई छोरी जन्माएको निहुँमा ०६६ फागुन १६ गते २१ वर्षीय पति मोती राईले मादकपदार्थ सेवन गरी मुक्का र लात्तीले शरीरमा नीलडाम हुनेगरी कुटपिट गरे। पीडित महिलाले पति विरुद्ध उजुरी दिएपश्चात् ०६६ फागुन १७ गते प्रहरीले गिरफ्तार गरी पत्नीलाई कुटपिट नगर्ने, राम्ररी पालन पोषण गर्ने शर्तमा मिलापत्र गराई सोही दिन रिहा गऱ्यो।

केरुङ गाविस-६ की २८ वर्षीया डिमा तामाङ शर्मालाई जात नमिलेको निहुँमा ०६६ फागुन १९ गते नेचा बेतघारी गाविस-७ का ५० वर्षीय ससुरा कालीदास शर्मा र सासू ४९ वर्षीया गोमा शर्माले खान, बस्न र घरायसी काममा समेत बन्देज लगाए। आफूलाई ०६५ पुस १३ गते बासुदेव शर्माले भगाई प्रेम विवाह गरेर घर भित्राएपश्चात् जात नमिल्ने भन्दै छोरालाई भगाएको पीडितले बताइन्। बिरामी अवस्थामा समेत हेरचार नगरेपछि घरेलु हिंसा पीडितका लागि सामुदायिक सेवा केन्द्रको पहलमा प्रहरीमा उजुरी गरिन्। आरोपितहरूलाई ०६६ फागुन २६ गते प्रहरीले गिरफ्तार गऱ्यो। समाजसेवीको रोहबरमा खान बस्न दिने, नागरिकता बनाइदिने र जिल्ला बाहिर भगाएको छोरालाई ०६६ चैत २० गतेसम्ममा उपस्थित गराउने शर्तमा बुहारीलाई प्रहरीले सासु ससुराको जिम्मा लगायो।

सोताङ गाविस-६ की ३९ वर्षीया दिलमाया राईलाई ०६६ फागुन १८ गते पति ४३ वर्षीय लाकुमान राईले मादकपदार्थ सेवन गरी मुक्का र दाउराले हानी घाइते बनाए। पीडितले स्थानीय महिला समूहको सहयोगमा सोताङ प्रहरी चौकीमा उजुरी दिएपश्चात्

०६६ फागुन १९ गते गिरफ्तार गर्न जाँदा लाकुमान फरार रहेको र खोजतलास भइरहेको प्रहरी चौकीका इन्चाज बुद्धिबहादुर राईले बताए।

सोताङ गाविस-४ का ६६ वर्षीया गङ्गामाया राईलाई सोही ठाउँका नातेदार ३९ वर्षीय मानवीर राई, २९ वर्षीय छवि राई र १९ वर्षीय रमेश राईले पीडितकै नाममा हकभोग भएको जग्गामा 'गोरु जोत्न तेरो अधिकार छैन' भन्दै ०६६ फागुन १६ गते कुटपिट गरे। पीडितले ०६६ फागुन १८ गते प्रहरी कार्यालयमा दिएको निवेदनको आधारमा पीडकहरूलाई प्रहरीले गिरफ्तार गरी माफी मागेपश्चात् मिलापत्र गरी रिहा गऱ्यो। पीडितको स्थानीय स्वास्थ्य चौकीमा उपचार भयो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी र दुईओटा विभिन्न दातृ संस्थाले सञ्चालन गरेको गरी तीन अस्पताल रहेका छन्। जिल्ला अस्पताल फाप्लुमा दुईजना डाक्टरसहित २७ जना स्वास्थ्यकर्मीको दरबन्दी रहेकोमा हेल्थ असिस्टेन्ट चार, ल्याव असिस्टेन्ट एक, मेडिकल असिस्टेन्ट एकजनाको पद खाली रहेको छ। सोताङ गाविस र सल्यान गाविसमा एक/एकओटा प्राथमिक स्वास्थ्य केन्द्र रहेको छ। प्रत्येक केन्द्रमा एक/एक जना मेडिकल अफिसर र स्टाफ नर्सको दरबन्दी भएपनि एक जना मेडिकल अफिसर खाली रहेको छ भने एक जना जिल्ला अस्पताल फाप्लुमा काजमा रहेका छन्। त्यस्तै एक जना स्टाफ नर्समात्र दरबन्दी पूरा रहेको छ। केन्द्रमा चार जना अनमीको दरबन्दीमा दुई ओटा खाली रहेको छ। त्यस्तै दुई जना ग्रामीण स्वास्थ्य कार्यकर्ताको दरबन्दी भएपनि दुवै खाली रहेको छ। जिल्लामा नौओटा हेल्थ पोष्ट रहेको छ। जसमा छ जनामात्र हेल्थ असिस्टेन्टको दरबन्दी पूरा रहेको छ। तीनओटा खाली रहेको छ। प्रत्येक हेल्थपोष्टमा एक/एक जना अहेव र ग्रामीण स्वास्थ्य कार्यकर्ता दरबन्दी रहे तापनि अहेव छ जना र ग्रास्वाका चार जनाको मात्र दरबन्दी पूरा रहेको छ भने अन्य खाली रहेको छ।

जिल्लामा २३ ओटा उपस्वास्थ्य चौकी रहेको छ। २३ जनाको दरबन्दी रहेको उपस्वास्थ्य चौकीमा २२ जनामात्र दरबन्दी पूरा रहेको छ। २३ जना मातृशिशु कार्यकर्ता र २३ जना ग्रामीण स्वास्थ्य कार्यकर्ताको दरबन्दी रहे तापनि १९ जना मातृशिशु कार्यकर्ता र सात जना ग्रामीण स्वास्थ्य कार्यकर्ताको दरबन्दी पूरा रहेको छ।

जिल्लामा एउटा आयुर्वेदिक अस्पताल रहेको छ। करिब ४० हजार जनसङ्ख्या बराबर एक जना सरकारी डाक्टरको सुविधा रहेको छ।

मध्यमाञ्चल

२.१ धनुषा
२.२ महोत्तरी
२.३ सर्लाही
२.४ सिन्धुली
२.५ रामेछाप
२.६ दोलखा
२.७ रौतहट
२.८ बारा
२.९ पर्सा
२.१० चितवन
२.११ मकवानपुर
२.१२ ललितपुर
२.१३ काभ्रे
२.१४ भक्तपुर
२.१५ काठमाडौँ
२.१६ धादिङ
२.१७ सिन्धुपाल्चोक
२.१८ नुवाकोट
२.१९ रसुवा

२.१ धनुषा

जनसङ्ख्या : ८,१०,१६३
साक्षरता प्रतिशत : ५८
महिला साक्षरता प्रतिशत : ३२
क्षेत्रफल (वर्ग कि. मि.) : १,१८०
गाविस/नपा सङ्ख्या : १०१/१
सरकारी/निजी विद्यालय : ४२२/९
क्याम्पस/उच्च मा.वि. : ७/४७
अस्पताल/स्वास्थ्य चौकी : ३/१०२
मानव विकास सूचकाङ्क: ०.४४९
प्रतिपरिवार सरदर सङ्ख्या: ७

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या

राज्यबाट

सिराहा जिल्ला राघोपुर गाविस-९ निवासी अखिल तराई मुक्ति मोर्चाका कार्यकर्ता ३० वर्षीय नवलकुमार यादवलाई ०६६ माघ २२ गते प्रहरीलाई गोली प्रहार गरेको आरोपमा सशस्त्र प्रहरीले बालाबाखर गाविस-५ मा गोली हानी हत्या गऱ्यो। यादवलाई शङ्कास्पदरूपमा देखेपछि सोधपुछ गर्न बोलाउँदा प्रहरीमाथि नै गोली प्रहार गर्दा प्रहरीको जवाफी कारबाहीमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनायो। पीडित पक्षले उनलाई जनकपुर नपा-२ बाट प्रहरीले गिरफ्तार गरी बालाबाखर गाविसमा पुऱ्याई हत्या गरेको बतायो। मृतकको जनकपुर अञ्चल अस्पतालमा माघ २३ गते पोष्टमार्टम गरी आफन्तले सोही दिन दाहसंस्कार गरे।

जनकपुर नपा-६ का २० वर्षीय अवधेशकुमार मण्डलको ०६७ जेठ ३० गते प्रहरीलाई गोली प्रहार गरेको आरोपमा प्रहरीले जनकपुर नपा-१० मा नियन्त्रणमा लिएर गोली हानी हत्या गऱ्यो। पाँच सात जनाको सङ्ख्यामा रहेको सशस्त्र समूहले प्रहरीलाई लक्षित गरी फायरिङ्ग गरेपछि जबाफी कारबाहीमा जनतान्त्रिक तराई मुक्ति मोर्चा राजन समूहका प्लाटुन कमाण्डर मण्डलको मृत्यु भएको प्रहरीले जनायो। पीडितपक्षले मण्डललाई प्रहरीले नियन्त्रणमा लिएर गोली हानी हत्या गरेको आरोप लगायो । मोर्चाका राजन समूहले मण्डल आफ्नो कार्यकर्ता रहेको भन्दै हत्याको विरोधमा ०६७ असार ३ गते जनकपुर बन्दको आह्वान गरेको थियो। गोली लागी घाइते भएका मण्डलको बीपी मेमोरियल स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा मृत्यु भएपछि जेठ ३१ गते पोष्टमार्टम गराई प्रहरीले उनका आफन्तलाई लास बुझायो। मृतकका आफन्तले ०६७ असार १ गते जनकपुरमा दाहसंस्कार गरे।

भारत मधुवनी गोसाईपुर डुम्रा निवासी जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का इन्चार्ज बादल भनिने १८ वर्षीय नुर महम्मद अन्सारीको ०६७ जेठ ३१ गते प्रहरीलाई गोली प्रहार गरेको आरोपमा प्रहरीले नक्टाझिझ गाविस-३ पसहा खोलामा गोली प्रहार गरी हत्या गऱ्यो। गस्तीमा रहेको प्रहरी टोलीलाई लक्षित गरी फायरिङ्ग गरेपछि जबाफी कारबाहीमा उनको मृत्यु भएको प्रहरीले दाबी गऱ्यो। पीडितपक्षले उनलाई प्रहरीले नियन्त्रणमा लिएपछि हत्या गरेको बतायो। मृतकको जनकपुर अञ्चल अस्पतालमा असार १ गते पोष्टमार्टम भएपछि असार २ गते आफन्तले लास बुझे।

हरिने गाविस-७ निवासी अखिल तराई मुक्ति मोर्चाका केन्द्रीय सदस्य तथा धनुषा, महोत्तरी, सिराहा र सर्लाही जिल्ला इन्चार्ज बमभोला भनिने ३० वर्षीय प्रदीप मरिक यादवको ०६७ असार १९ गते प्रहरी कारबाहीमा माचीझिटकैया गाविस-७ मा मृत्यु भयो। पीडितपक्षले यादवलाई भारतको जयनगरबाट सादा पोशाकमा रहेका प्रहरीले गिरफ्तार गरी यातना दिई गोली हानी हत्या गरेको आरोप लगाए। इलाका प्रहरी कार्यालय खजुरीबाट खटिएको प्रहरी टोलीमाथि चार जनाले गोली प्रहार गरेपछि जबाफी कारबाहीमा यादवको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनायो। मृतकको जनकपुर अञ्चल अस्पतालमा असार २० गते पोष्टमार्टम गरी आफन्तले सोही दिन दाहसंस्कार गरे।

मखनाहा गाविस-८ निवासी एमाले कार्यकर्ता २५ वर्षीय मदन यादवलाई ०६७ असार २० गते अवैध

घटनाको प्रकार	गैरराज्यबाट				राज्यबाट				
	अन्यबाट								
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	२४	१८	६	२४	६	६			६
घाइते	९	६	३	९					
गिरफ्तारी/यातना					३	७			७
कुटपिट	१		१	१	१	३			३
भेला/सङ्गठित हुने अधिकार					२	६	४	१२	२२
महिलाअधिकार	४५		४५	४५					
बालअधिकार	४		४	४					
अपहरण	७	८		८					
जम्मा	९०	३२	५९	९१	१२	२२	४	१२	३८

हतियार राखेको आरोपमा प्रहरीले गिरफ्तार गरी ल्याउँदै गर्दा भागेको आरोपमा मखनाहा गाविस-३ स्थित बलुवा खोलामा गोली हानी हत्या गऱ्यो। पीडितलाई उनकै घरबाट इलाका प्रहरी कार्यालय सबैलाका इन्सपेक्टर रमेश सिंह ठकुरीको नेतृत्वमा गएको प्रहरी टोलीले गिरफ्तारपछि कुटपिट गरी घुँडामा गोली प्रहार गरेको थियो। गोली लागी घाइते भएका यादवको उपचारको लागि जनकपुर अञ्चल अस्पताल ल्याएपछि मृत्यु भएको थियो। प्रहरीले गिरफ्तार गरी ल्याउँदै गर्दा गाडीबाट ढोका खोली भाग्दा कारबाहीमा गोली प्रहार गरेको प्रहरीले बतायो। पीडितको लासको जनकपुर अञ्चल अस्पतालमा असार २१ गते पोष्टमार्टमपछि आफन्तले सोही दिन उनकै गाविसमा लगी दाहसंस्कार गरे।

जनकपुर नपा-४ का सागर विद्रोही भनिने २७ वर्षीय रामसागर यादवको ०६७ कात्तिक १७ गते जनकपुर नपा-७ मा प्रहरी कारबाहीमा मृत्यु भयो। तीन चार जनाको सङ्ख्यामा रहेको अज्ञात व्यक्तिहरूको चेक जाँच गर्न खोज्दा प्रहरीमाथि फाइरिङ गरेपछि जवाफी कारबाहीमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनायो। कात्तिक १६ गते बिहान सादा पोसाकमा आएका दुई प्रहरीले कदमचोकबाट मोटरसाइकलमा चढाई लगेको पीडितपक्षले बताए। बरामद दस्तावेजको आधारमा यादव मधेश राष्ट्रिय मुक्ति मोर्चा क्रान्तिकारीका कार्यकर्ता रहेको प्रहरीले जनायो। पीडितको लासको ०६७ कात्तिक १८ गते जनकपुर अञ्चल अस्पतालमा पोष्टमार्टम गरेपछि उनका आफन्तले लास सोही दिन बुझी जनकपुरमा दाहसंस्कार गरे।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजन मुक्ति) बाट

प्रकोमहुवा गाविस-२ निवासी जिल्ला विकास समितिका पियन ३५ वर्षीय शिवनारायण भण्डारीको ०६७ जेठ २७ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजन)का कार्यकर्ताले जनकपुर नपा-१२ मा गोली प्रहार गरी हत्या गरे। गोली लागी ढलेका भण्डारीलाई सोही दिन उपचारको लागि जनकपुर अस्पताल पुऱ्याउँदा डाक्टरले मृत घोषित गरेका थिए। प्रहरीले हत्यामा संलग्न रहेको आरोपमा मृतकको पत्नी रेणुदेवी भण्डारीलाई ०६७ जेठ ३१ गते गिरफ्तार गऱ्यो। उनलाई अदालतको आदेशले ०६७ असार ३० गते पुर्पक्षको लागि जेल चलान गऱ्यो।

जनकपुर नपा-८ निवासी जिल्ला शिक्षा कार्यालय महोत्तरीका शाखा अधिकृत ५० वर्षीय लालकिशोर झाको ०६७ कात्तिक ११ गते जमिन बेचबिखनमा संलग्न रहेको तथा शिक्षा कार्यालय महोत्तरीमा आर्थिक हिनामिना गरेको आरोपमा जनतान्त्रिक तराई मुक्ति मोर्चा राजन समूहका कार्यकर्ताले जनकपुर नपा-७ मा गोली हानी हत्या गरे। लासको शिक्षण अस्पतालमा कात्तिक १२ पोष्टमार्टम गरी सोही दिन परिवारले बुझेका थिए। हत्याको आरोपमा जनकपुर नपा-७ का ३० वर्षीय राकेश पाण्डे र सोही नपा-६ का २५ वर्षीय शिवकुमार ठाकुरलाई प्रहरीले ०६७ मङ्सिर १३ गते गिरफ्तार गऱ्यो। आरोपितहरूउपर सोही दिन म्याद थप गरी अनुसन्धान कार्य जारी रहेको जिल्ला प्रहरी कार्यालयले जनायो।

तराई जनतान्त्रिक पार्टी मधेसबाट

जनकपुर नपा-४ निवासी सञ्चार व्यवसायी

४८ वर्षीय अरुणकुमार सिंहानियाको ०६६ फागुन १७ गते तराई जनतान्त्रिक पार्टी मधेसका कार्यकर्ताले जनकपुर नपा-२ मा गोली हानी हत्या गरे। साथीभाइसँग फागु खेलेर घर फर्किरहेका बेला मोटरसाइकलमा आएका दुईजनाले उनको निधारमा गोली प्रहार गरेका थिए। गोली लागी ढलेका सिंहानियालाई उपचारको लागि सोही राति केयर नर्सिङ्घहोम लैजाँदै गर्दा बाटोमा मृत्यु भएको थियो। मृतकको जनकपुर अञ्चल अस्पतालमा फागुन १८ गते पोष्टमार्टमपछि सोही दिन पीडितको परिवाजनले बुझी जनकपुरमा दाहसंस्कार गरे। पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा ०६६ फागुन १९ गते जाहेरी दर्ता गराए पनि यस वर्षको अन्त्यसम्म पीडकहरू गिरफ्तार भएनन्।

अखिल तराई मुक्ति मोर्चाबाट

सिरहा जिल्ला मलहनीयाँ गाविस-६ का चार वर्षीय अमितकुमार कापरलाई ०६७ जेठ २८ गते अखिल तराई मुक्ति मोर्चाका कार्यकर्ताहरूले जनकपुर नपा-८ मो गोली हानी हत्या गरे। आफ्नै पसलअगाडि बेञ्चमा बसी खानाखाइरहेको बेला मोर्चाका कार्यकर्ताले प्रहार गरेको गोली ढाडमा लागेर सख्त घाइते भएका कापरको उपचारको क्रममा वीपी मेमोरियल स्वास्थ्य प्रतिष्ठान धरानमा जेठ २९ गते मृत्यु भयो। सखुवामहेन्द्रनगर गाविसका सचिव रामपुकार यादवलाई लक्षित गरी प्रहार गरेको गोली बालकलाई लाग्न गएको भन्दै मोर्चाले क्षमायाचना गरेको थियो। मोर्चाका कार्यकर्ताले प्रहार गरेको गोली लागी गाविस सचिव रामपुकार यादव घाइते भएका थिए। प्रहरीले घटनामा संलग्न सर्लाही जिल्ला मादेनपुर गाविस-५ का २५ वर्षीय शैलेन्द्र यादवलाई ०६७ असार १३ गते गिरफ्तार गऱ्यो। उनलाई पुनरावेदन अदालतको आदेशले ०६७ भदौ ३ गते रिहा गरियो।

अज्ञात समूहबाट

पतनुका गाविस-२ निवासी शङ्कर निमाविका शिक्षक ४७ वर्षीय हिरालाल महतोको ०६७ असोज २९ गते अज्ञात समूहले पतनुका गाविस-३ मा गोली हानी हत्या गऱ्यो । दशैँको अष्टमीको दिन सोही गाविसमा रहेको दुर्गा मन्दिरका पूजारीसँग कुरा गरिरहेको बेला दाहिने छातीमा गोली लागि घाइते भएका महतोको भारतको जयनगर अस्पतालमा उपचार सम्भव नभएपछि जिल्ला अस्पताल सिराहा लैजाँदै गर्दा सोही राति बाटोमा मृत्यु भएको आफन्तले बताए। मृतकको जिल्ला अस्पताल सिराहामा असोज ३० गते पोष्टमार्टम गरी सिराहामा सोही दिन दाहसंस्कार गरे। पीडितपक्षले ०६७ कात्तिक ९ गते जाहेरी दर्ता गराए पनि यस वर्षको अन्त्यसम्म पीडक गिरफ्तार भएनन्।

भरतपुर गाविस-१ निवासी वीरेन्द्र बजार व्यवस्थापन समितिका अध्यक्ष ३५ वर्षीय विनोद यादवको ०६७ असोज २४ गते अज्ञात सशस्त्र समूहले भरतपुर गाविस-६ मा गोली हानी हत्या गऱ्यो । सोही गाविसस्थित वीरेन्द्र बजारबाट मोटरसाइकलमा घर गइरहेका यादवलाई दुई जनाको सङ्ख्यामा रहेका हतियारधारीले पेटमा गोली हानी घाइते बनाएका थिए। पीडितको उपचारको क्रममा ०६७ असोज २५ गते त्रिवि शिक्षण अस्पताल काठमाडौँमा मृत्यु भयो। पीडितपक्षले ०६७ कात्तिक ७ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दर्ता गराए पनि यस वर्षको अन्त्यसम्म पीडक गिरफ्तार भएनन्।

जनकपुर नपा-१० का ३२ वर्षीय मुकेश दत्तलाई ०६७ कात्तिक २७ गते अज्ञात सशस्त्र समूहले सोही नपा-१० मा गोली हानी हत्या गऱ्यो । अरगज्जा पोखरी किनारमा छठ पूजा हेर्न गएको अवस्थामा दुई तीन जनाको हतियारधारी समूहले उनलाई गोली प्रहार गरेको थियो। लासको जनकपुर अञ्चल अस्पतालमा कात्तिक २७ गते पोष्टमार्टम गरी सोही दिन आफन्त सद्गत गरे। जनकपुर नपा-१० निवासी ४२ वर्षीय डाक्टर नारायण भन्ने प्रमोद कर्ण र सोही नपा-१० का ३५ वर्षीय बिहारी भन्ने रतिशकुमार दत्तलाई प्रहरीले हत्याको आरोपमा ०६७ कात्तिक ३० गिरफ्तार गऱ्यो। उनीहरूलाई अदालतको आदेशले ०६७ पुस २ गते पुर्पक्षको लागि जेल चलान गरियो।

पटेर्वा गाविस-६ निवासी एकीकृत माओवादी कार्यकर्ता ४५ वर्षीय विशेश्वर पासमानको ०६७ भदौ २१ गते सबैला बजारबाट बाखा किनेर घर फर्किरहेका

राजद्वारा हत्या गरिएका रामसागर यादव

बेला कोढिया बल्टिया जाने बाटोमा अज्ञात सशस्त्र समूहको गोली प्रहारबाट मृत्यु भयो । छातीमा एक गोली लागेर घाइते भएका पासमानलाई जनकपुर अञ्चल अस्पताल लैजादै गर्दा उनको धनुषाको तारापटी सिरसियामा मृत्यु भएको थियो। पीडितको लासको जनकपुर अञ्चल अस्पतालमा भदौ २२ गते पोष्टमार्टम गरी सोही दिन दाहसंस्कार गरेको आफन्तले बताए। हत्याको आरोपमा सबैला गाविस-४ का २० वर्षीय बसन्त यादवलाई ०६७ भदौ २७ गते प्रहरीले गिरफ्तार गऱ्यो। उनी अदालतको आदेशले ०६७ असोज २१ गते साधारण तारिखमा रिहा भए।

अज्ञात समूहद्धारा हत्या गरिएका हिरालाल महतो

गोली/विस्फोटक पदार्थद्धारा घाइते जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजन) बाट

जनकपुर नपा-१ का ३५ वर्षीय राजकुमार पञ्जियारलाई ०६७ जेठ २९ गते साँझ जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजन)का कार्यकर्ताले सोही नपा-१ स्थित घरमा गोली हानी सख्त घाइते बनाए। तीन-चार जनाको सङ्ख्यामा आएका व्यक्तिहरूले ढोका खोल्न लगाई गोली प्रहार गरेको पीडितका आफन्तले बताए। पीडितका बुबा यमुना पञ्जियारलाई खोज्न आएको तर बुबा फेला नपरेपछि उनका छोरा राजकुमारलाई गोली प्रहार गरेको अनुसन्धानमा खुल्न गएको प्रहरीले बतायो। घाइते पीडितको सोही दिन धरानस्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भयो। उनको पेटमा गोली लागेको थियो। यस वर्षको अन्त्यसम्म पीडक गिरफ्तार भएनन्।

तराई एकता परिषद्बाट

जानकी मन्दिरका पूजारी ४० वर्षीय नारायण दासलाई ०६७ साउन ३० गते जानकी मन्दिर परिसरभित्र तराई एकता परिषद्का कार्यकर्ताले गोली प्रहार गरी घाइते बनाए। मन्दिरका पूजारी दासलाई सो समूहका दुई जनाले गोली प्रहार गरेको प्रहरीले बतायो। गोली प्रहारबाट पूजारी दास सामान्य घाइते भए। दासलाई जनकपुर अञ्चल अस्पतालमा सामान्य उपचारपछि मन्दिर ल्याइयो। गोली चलाई फरार हुने क्रममा उक्त समूहले घटनास्थलमा नै एक थान नलकट्टुवा पेस्तोल छाडेको प्रहरीले जनायो। जानकी मन्दिरमा भएको गोली प्रहारको जिम्मा तराई एकता परिषद्का केन्द्रीय अध्यक्ष स्वामी यादवले लिए। यस वर्षको अन्त्यसम्म पीडक गिरफ्तार भएनन्।

अज्ञात समूहद्धारा हत्या गरिएका मुकेश दत्त

गैरकानुनी गिरंतारी

बिसरभोरा गाविस-८ का ४५ वर्षीय सिंहेश्वर गाँई यादवलाई ०६७ कात्तिक २५ गते प्रहरीले बिनापूर्जी लग्मावाट गिरफ्तार गऱ्यो। छठ पूजामा छोरीको घर गएका यादव ज्वाइँका भाइ मनोज यादव र घनश्याम यादवसँग गाउँ भन्दा ५ सय मिटर पर दिसा गर्न गएको अवस्थामा तीनै जनालाई सादा पोसाकमा इलाका प्रहरी खजुरीबाट आएका दुई जना प्रहरीले गिरफ्तार गरी सिंहेश्वरलाई एक हप्तासम्म अज्ञात अवस्थामा राखिएको परिवारजनले बताए। सँगै गिरफ्तारमा भएका मनोज यादव र घनश्याम यादवलाई समेत भेट्न नदिएर उनीहरूलाई रिहा गरिएको पीडितको आफन्तले बताए। राष्ट्रिय मानवअधिकार आयोगमा उजुरी दिएपछि आयोगका बुद्ध नारायण सहनी र एड्भोकेसी फोरमका संयोजक राजकुमार महासेठ घटनास्थलमा गइरहेको बेला सिंहेश्वरलाई जिल्ला प्रहरी कार्यालयमा राखिएको जानकारी प्रहरीले गरायो। ०६७ कात्तिक ३० गते धनुषाबाट खटिएका प्रहरी चेकिङ्ग टोलीले यज्ञभूमि गाविस-७ स्थित महेन्द्र राजमार्गको धारापानी चोकबाट ४५ ग्राम खैरो हिरोइन पीडित सिंहको साथ बरामद गरेको प्रहरीले बतायो। लागू औषधको आरोपमा गिरफ्तार गरी अनुसन्धान भइरहेको प्रहरीले जनायो।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

भारत मधुवनी लहेरियागञ्जका १८ वर्षीया एक युवतीलाई ०६६ चैत ६ गते राति

जनकपुर नपा-१ स्थित प्रहरी कार्यालयमा लगी अस्थायी प्रहरी पोष्ट रेलवे स्टेशनमा कार्यरत् सई ४० वर्षीय बाबुराम झाले बलात्कार गरेको आरोपमा मधेशी जनअधिकार फोरम (लोकतान्त्रिक) धनुषाले ०६६ चैत ८ गते बाबुराम झालाई कारबाही गर्ने माग गर्दै गरिएको प्रदर्शनमा प्रहरीले लाठीचार्ज गऱ्यो। घटनामा मधेशी जनअधिकार फोरम लोकतान्त्रिकको नेता जनकपुर नपा-४ निवासी २३ वर्षीय विजय मस्त, जनकपुर नपा-२ निवासी ३५ वर्षीय उमा शंकर अरगरिया, जनकपुर नपा-२ निवासी भौतिक योजना तथा निर्माण राज्य मन्त्री ३३ वर्षीय सञ्जयकुमार साह, कचुरी ढेरा गाविस-४ निवासी एकीकृत माओवादी जिल्ला अध्यक्ष ५२ वर्षीय नन्दकिशोर यादव, रघुनाथपुर गाविस-४ निवासी एकीकृत माओवादी जिल्ला कार्यालय सचिव विनोदकुमार पाल, महोत्तरी जिल्ला पशुपतिनगर-७ निवासी एकीकृत माओवादीका विद्यार्थी नेता ३० वर्षीय जगदीश साह लाठीचार्जबाट घाइते भए। आक्रोशित स्थानीय बासिन्दाको भिडलाई नियन्त्रणमा लिन प्रहरीले अश्रुग्याँस समेत प्रहार गरेको जनायो । सोही घटनाको समाचार सङ्कलन गर्न गएका पत्रकारहरू रघुनाथपुर गाविस-५ का २४ वर्षीय सुरेश यादव, महोत्तरी मठिहानी गाविस-८ का २४ वर्षीय विकासकुमार साह, महोत्तरी सुगा गाविस-४ का २७ वर्षीय जयनारायण झा, जनकपुर नपा-२ का ३० वर्षीय वीरेन्द्र रमण, जनकपुर नपा-१ का नवीन सिंह, जनकपुर जनकपुर नपा-४ का ३६ वर्षीय धर्यकान्त दत्त, इश्वर चन्द्र झा, लक्ष्मण यादव, जगदीश साह, श्रीनारायण साह, बटुकनाथ झा र विमलेश साह पनि लाठीचार्जबाट घाइते भए।

शान्तिपुर गाविस-९ का २८ वर्षीय विजय झा, सोही गाविस-९ का४० वर्षीय भोला झा, सोही गाविस-९ की ३० वर्षीया पवित्रीदेवी मण्डल, ३० वर्षीया अमेरिका देवी मण्डल, ५० वर्षीया शिवसरणी मण्डल ०६७ भदौ १४ गते मलखाद लुट्ने व्यक्तिलाई कारबाही गर्न तथा पीडितलाई मल उपलब्ध गराइदिने माग गर्दै गएको महिला ऋण सहकारी संस्थाका प्रदर्शनकारीहरूमाथि प्रहरीले गरेको लाठीचार्जबाट घाइते भए। चक्का जाम गर्ने क्रममा महेन्द्रनगर चोकमा प्रहरीले लाठी प्रहार गरेको पीडितहरूले बताए।

अज्ञात समूहद्धारा अपहरण गरी हत्या गरिएका मो. मुबारक राईन

अज्ञात समूहद्धारा हत्या गरिएका विशेश्वर पासमान

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत धनुषामा ०६७ असार मसान्तसम्ममा दुनियाँवादी फौजदारीतर्फ गत वर्षको जिम्मेवारी सरेर आएका २ सय २१ थान र यस वर्ष दर्ता भएका ७३ थान गरी जम्मा २ सय ९४ थान रहेकोमा यस वर्ष ९९ थान फर्स्यौट भई १ सय ९५ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे। त्यसैगरी सरकारवादी फौजदारी तर्फ गत वर्ष जिम्मेवारी सरेर आएका १ सय ४९ थान मुद्दा र यस वर्ष दर्ता भएका १ सय २६ समेत जम्मा २सय ७५ थान मुद्दा रहेकामा ६४ थान मुद्दा फर्स्यौट भई २ सय ११ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे। दुनियावादी देवानी तर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १ हजार ५४ थान र यस वर्ष दर्ता भएका ६ सय ८८ थान गरी जम्मा १ हजार ७ सय ४२ थान रहेकामा १ सय ८९ थान फर्स्यौट भई १ हजार ५ सय ५३ थान बाँकी रहे। त्यसैगरी दुनियाँवादी देवानीतर्फ ३ सय १३ दुनियाँवादी फौजदारी ४१ र सरकारवादी फौजदारी गरी जम्मा ४ सय ५७ थान दुई वर्ष नाघेका मुद्दा फर्स्यौट हुन बाँकी रहे।

पुनरावेदन अदालत तर्फ ०६७ साल असारमसान्त बाँकी भएका सरकारवादी फौजदारी मुद्दाको सङ्ख्या १ सय २३ थान रहेकोमा ४६ थान मुद्दा फस्यौट भई ७७ थान बाँकी रहे। दुनियावादी फौजदारी मुद्दाको सङ्ख्या १ सय ६९ थानमा ८० थान फर्स्यौट भई ८९ थान बाँकी रहे। यसैगरी २०६७ साउनदेखि पुस १६ सम्म दर्ता भएका सरकारवादी फौजदारी मद्दाको सङ्ख्या ६४ थानमा १८ थान फर्स्यौट भई ४६ थान बाँकी रहे। दुनियावादी फौजदारी

मुद्दाको सङ्ख्या ३९ थान रहेकोमा १९ थान फर्स्यौट भई २० थान बाँकी रहे। देवानी मुद्दाको सङ्ख्या १ सय २७ थानमा ४३ थान फर्स्यौट भई ८४ थान मुद्दा बाँकी रहे।

पुनरावेदन अदालतमा घरेलु हिंसा ऐनअन्तर्गत ०६६ पुस १७ गतेदेखि २०६७ पुस १६ गतेसम्म दायर भएका छ थान मुद्दामा एक थान मुद्दा फर्स्यौट भई पाँच थान मुद्दा बाकी रहेको छ।

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

बोहर्वा गाविस-७ का १९ वर्षीय रामसुख राउत, सोही गाविस-७ का १७ वर्षीय रामहित राउत र जनकपुर नपा-१४ का १९ वर्षीय जीतेन्द्र राउतलाई ०६७ मङ्सिर १९ गते मोबाइल चोरेको आरोपमा घर नजिकबाट प्रहरीले गिरफ्तार गरी तीनै जनालाई लाठी, मुक्का र खट्टाले कुटपिट गरी सख्त घाइते बनाएको पीडितको आफन्तले बताए । भरत राउतको मोबाइल चोरेको आरोपमा गरीब र निरक्षर रहेको रामहित राउतलाई कम्मरमा लाठीले हानेकोले बढी चोट लागी राउतलाई जनकपुर अञ्चल अस्पतालमा मङ्सिर २० गते उपचारपछि घर फर्केको पीडितको आफन्तले बताए । स्थायी प्रहरी चौकी बोहर्वाको हवल्दारले कुटपिट गरेको पीडितपक्षले बतायो । कुटपिट गरेको आरोपमा प्रहरीलाई विभागीय कारबाही गरिएको प्रहरीले बतायो ।

बालअधिकार

यस जिल्लाका विद्यालय जाने उमेरका बालबालिको सङ्ख्या १ लाख ७ हजार ३ सय १२ रहेकामा विद्यालय भर्ना भएका बालबालिकाको सङ्ख्या ९३ हजार ३ सय ६१ रहेको जिल्ला शिक्षा कार्यालयले जनायो।

कथित बोक्सीको आरोपमा कुटपिट गरिएकी फूलौढेवी महतो

जनकपुर नपा-६ की १० महिनाकी बालिका काजलकुमारी साहको ०६७ वैशाख २७ गते सोही नपा-६ स्थित पोखरीमा हत्या गरी फालिएको अवस्थामा लास भेटियो। पीडित पक्षले प्रहरी कार्यालयमा दिएको जाहेरीमा ०६७ वैशाख २५ गते हराएको बच्चालाई हत्या गरी पोखरीमा फालिएको अवस्थामा भेटिएको र सो घटनामा महोत्तरी जिल्ला पिपरा गाविस-२ की ३४ वर्षीया शैलदेवी मण्डल र २५ वर्षीया रेणुदेवी मण्डलको सङ्लग्नता रहेको आरोप लगाए। प्रहरीले हत्यामा सङ्लग्न रहेको आरोपमा उनीहरूलाई ०६७ वैशाख ३० गते गिरफ्तार गऱ्यो। आरोपितहरूलाई अदालतको आदेशले ०६७ जेठ २५ गते पूर्वपक्षको लागि जेल चालान गरियो। पुनरावेदन अदालतको आदेशले दुवै जना ०६७ पुस ८ गते रिहा भए।

मखनाहा गाविस-३ का जीतनारायण मण्डलका ६ वर्षीय छोरा अर्जुन मण्डललाई ०६७ कात्तिक ३ गते आर्थिक लेनदेनको विवादमा आफ्नै घरबाट फूलगामा गाविस-२ का २५ वर्षीय धनीकलाल महतोले अपहरण गरे। पीडितलाई प्रहरीले ०६७ कात्तिक ४ गते स्थानीय बासिन्दाहरूको सहयोगमा महोत्तरीको एकरहिया गाविस-३ स्थित पल्टु महतोको छाप्रो घरबाट अपहरण मुक्त गराए। प्रहरीले पीडक महतोलाई ०६७ कात्तिक ४ गते गिरफ्तार गऱ्यो। उनलाई अदालतको आदेशले ०६७ मङ्सिर २ गते पुर्पक्षको लागि जेल चलान गरियो।

बसहिया गाविस-५ का १३ वर्षीय मो. मुवारक राईनको ०६७ कात्तिक ६ गते साँझ यज्ञभूमि गाविस-७ स्थित बालुवा नदीमा ढुङ्गाले हानेर अपहरणकारीले हत्या गरेको जिल्ला प्रहरी कार्यालयले जनायो। राईनसँगै सोही गाविस-५ का १२ वर्षीय सतीश साहलाई ०६७ कात्तिक ४ गते अज्ञात सशस्त्र समूहले जनकपुर र बसहियाको बीच सडकबाट अपहरण गरेका थिए। सँगै अपहरणमा परेका बालक सतीश साह आफन्तको सहयोगमा ०६७ कात्तिक ७ गते २ लाख ७५ हजार रूपियाँ फिरौती बुझाएर वेगाडावरस्थित बडहरी बजार खोलाबाट मुक्त भए। राईनले अपहरणकारीलाई चिनेकोले उनको हत्या भएको हुनसक्ने प्रहरीले जनायो। नदी किनारमा ०६७ कात्तिक ७ गते फेला परेको बेवारिसे लासको खोज तलास गर्न कोही नआएपछि कात्तिक ८ गते पोष्टमार्टम गरी सात दिनपछि जनकपुर नगरपालिकालाई जिम्मा लगाई लास गाडेको प्रहरीले बतायो। सो समय बालक राईनको लास हो भनी शङ्का गर्न नसकेको प्रहरीले बतायो। पीडितको बुबा रफिक कवारीको सहयोगमा अपहरणकारीलाई गिरफ्तार गरेपछि राइनको हत्या भएको खुलासा भएको

प्रहरीले जनायो। पीडितको ०६७ मङ्सिर १० गते लासको सनाखत भएको प्रहरीले बतायो। अपहरणपछि हत्याको आरोपमा ०६७ मङ्सिर ८ गते अन्दुपट्टि कटरैत गाविस-३ का २७ वर्षीय लक्ष्मण यादव, सोनीगामा गाविस-८ निवासी अखिल तराई मुक्ति मोर्चाका धनुषा इन्जार्ज ३२ वर्षीय जगन्नाथ यादव र एकराही गाविस-७ का श्रीनारायण मण्डललाई प्रहरीले गिरफ्तार गऱ्यो। उनीहरूलाई अदालतको आदेशले ०६७ पुस १२ गते पुर्पक्षको लागि जेल चलान गरियो।

दुहबी कर्माही गाविस-८ का लक्ष्मेश्वर यादवका छोरा ५ वर्षीय दीपेश यादवको ०६७ असोज २३ गते सोही गाविस-८ का ५८ वर्षीय रामदेव मुखिया, सोही गाविस-८ का ३८ वर्षीय विनोद मुखिया र सोही गाविस-८ का २२ वर्षीय रामबाबु यादवले अपहरण गरी हत्या गरे। पीडितका बुबा लक्ष्मेश्वरसँगको रीसइबीको कारण विनोद मुखियाको संलग्नतामा बालकको अपहरणपछि हत्या भएको प्रहरीले जनायो। बालकको लास असोज २६ गते गाउँको दक्षिणमा रहेको पोखरीको डीलमा फेला परेको थियो। लासको जनकपुर अञ्चल अस्पतालमा असोज २७ गते पोष्टमार्टम गरी सोही दिन दाहसंस्कार गरेको आफन्तले बताए। रामदेव मुखिया र रामबाबु यादवलाई ०६७ असोज २६ गते प्रहरीले गिरफ्तार गऱ्यो। उनीहरूलाई ०६७ मङ्सिर ७ गतेको अदालतको आदेशले पुर्पक्षको लागि जेल चलान गरियो। अपहरणको मुख्य नायक विनोद मुखिया भने फरार छन्।

हठिपुरहरवाडा गाविस-९ का १० वर्षीय रूपेशकुमार यादव र सिंग्याहीमरान गाविस-२ का ८ वर्षीय मनोजकुमार यादवलाई ०६६ पुस २० गते हठिपुरहरवाडा गाविस-९ का १६ वर्षीय उमेशकुमार यादव, हरिने गाविस-३ का १६ वर्षीय राकेशकुमार यादव र प्रकोमहुवा गाविस-१ का १६ वर्षीय प्रञ्जन गिरी र ननुपटी गाविसका १६ वर्षीय मनोरन्जन चौधरीले जनकपुर नपा-२ बाट अपहरण गरे। दुवै बालकलाई विद्यालयबाट फर्कदै गर्दा अपहरण गरी तीन दिनसम्म लुकाई मोटरसाइकलमा जनकपुरबाट लग्दै गर्दा पुल्चोकमा नियन्त्रणमा लिई मुक्त गराइएको पीडित रूपेशको बुबा रामदयालले बताए। प्रहरीले अपहरण घटनामा सङ्लग्न चारै जनालाई ०६६ पुस २२ गते गिरफ्तार गऱ्यो। पीडकहरूलाई जिल्ला आदालतको आदेशमा ०६६ माघ २० गते पुर्पक्षको लागि जेल चलान गरियो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार दुर्व्यवहार

बहेडा बेला गाविस-३ की २७ वर्षीया फूलोदेवी महतोलाई ०६७ असोज १९ गते सोही गाविस-३ का ५० वर्षीय चन्देशवर यादव, ३५ वर्षीय धमेन्द्र यादव, ४० वर्षीया अमिरखा यादव र २७ वर्षीय किरण यादवसहितले बोक्सीको आरोप कुटपिट गरी घाँटी थिची हत्या गर्ने प्रयास गरे। प्रहरीको सहयोगमा टाउको र पेटमा चोट लागेको महतोको सोही दिन जनकपुर अञ्चल अस्पतालमा उपचार भयो। पीडकहरूले अस्पतालमा विभिन्न किसिमको धम्की दिई भगाउने प्रयास गरेको पीडितले बताइन्। तीन छोराछोरीकी आमा महतोका पति मङ्गल महतोको क्यान्सर रोगको कारण गत वर्ष मृत्यु भएपछि सोही गाउँका अगुवा चन्देश्वर र धर्मेन्द्रसहितले उनी बोक्सी भएको आरोप लगाउँदै आएका थिए। छिमेकी किरण यादवको भैंसी बिरामी भएर दूध दिन छाडेको भन्दै महतोलाई ज्यान नै मार्नु पर्छ अनि मात्र गाउँको कल्याण हुन्छ भन्दै कपाल समाल्दै कुटपिट गरी सख्त घाइते बनाएको पीडितले बताइन् । घाँटी नै थिच्न थालेपछि सासू ससुराले उनलाई छुटाउन जाँदा ससुरा विलट महतो र सासू बौहुरी महतोलाई पनि कुटपिट गरेको पीडितका ससुराले बताए। पीडक चन्देश्वरलाई प्रहरीले असोज १९ गते नै गिरफ्तार गरे पनि तुरुन्तै रिहा गरेको पीडित पक्षले बतायो। पीडित पक्षले ०६७ कात्तिक २३ गते जिल्ला अदालतका मुद्दा दायर गऱ्यो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

गोदार गाविस-२ की २० वर्षीया एक महिलालाई ०६७ साउन २३ गते सिराहा जिल्लाको बडहरा गाविस-१ का भोले भन्ने भोला दनुवारले उत्तरहीनी मेलामा बलात्कार गरेको आरोपमा ०६७ साउन २८ गते पीडितले जिल्ला प्रहरीमा निवेदन दिइन्। धनुषा प्रहरीले आरोपित दनुवारलाई गिरफ्तारीको लागि सिराहा प्रहरी कार्यालयमा परिपत्र गरिसकेको प्रहरीले बतायो। यस वर्षको अन्त्यसम्म आरोपत गिरफ्तार भएनन्।

डिगम्बरपुर गाविस-४ की एक ३५ वर्षीय महिलालाई ०६७ मङ्सिर १० गते पुष्पलपुर गाविस-२ का २० वर्षीय इन्द्रदेव महतो, सोही गाविसका २९ वर्षीय भरत महतो, २६ वर्षीय बालदेव महतो र ३० वर्षीय विजयकुमार महतोले डिगम्बरपुर गाविस-१ स्थित उखू खेतमा बलात्कारपछि हत्या गरेको प्रहरीले जनायो। घाँस काट्न गएको कम्पुललाई नियन्त्रणमा लिई बलात्कारपश्चात् घाँटी थिचेर हत्या गरेको

अनुसन्धानमा खुल्न आएको प्रहरीले बतायो। जनकपुर अञ्चल अस्पतालमा लासको पोस्टमार्टम गरी आफन्तलाई बुझायो। प्रहरीले ०६७ मङ्सिर १२ गते आरोपितहरूलाई गिरफ्तार गऱ्यो। उनीहरूलाई अदालतको आदेशले ०६७ पुस १४ गते पुर्पक्षको लागि जेल चलान गरियो।

चक्कर गाविस-७ की एक ४० वर्षीया महिला र १६ वर्षीया उनकी छोरीलाई ०६७ जेठ १६ गते हट्टीपुरहरबाडा गाविस-७ का ३० वर्षीय सुरजदेव यादवलगायत छ सात जनाको हतियारधारी समूहले पीडितको घरमा बलात्कार गरेको भनी पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा ०६७ जेठ १८ गते जाहरी दर्ता गराए। सो हतियारधारी समूहले घरमा प्रवेश गरी घरमा भएको सुनचाँदी र नगद लुटपाट गर्दै आमा छोरीलाई लछारपछार गरी बलात्कार गरेको पीडितले बताइन्। बलात्कार र लुटपाटमा पीडितका पति, जेठाजुलगायतका व्यक्तिहरू सङ्लग्न रहेको पीडितहरूले जनाए। आरोपितहरू यस वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।

डिगम्बर गाविस-५ की एक ४० वर्षीया महिलालाई ०६७ जेठ २३ गते घरपछाडिको बारीमा दिसापिसाब गर्न गएका बेला सोही गाविस-५ का २८ वर्षीय प्रमोद लामा, २० वर्षीय शुभलाल लामा, १८ वर्षीय कविरी लामा महेन्द्रनगर गाविसका २२ वर्षीय आसिक राय, सोही गाविसका २१ वर्षीय धिरु लामाले सामूहिक बलात्कार गरेको आरोपमा प्रहरीले प्रमोदलाई गिरफ्तार गऱ्यो। अरु आरोपितहरू भने फरार छन्। प्रमोदलाई ०६७ भदौ १० गते अदालतको आदेशले थुना राखियो।

घरेलु हिंसा

जनकपुर नपा-२ की १८ वर्षीय रूपा कर्णलाई ०६६ पुस २९ गते उनका पति २५ वर्षीय सतीशलाल कर्ण र ससुरा ६० वर्षीय काव्य नारायणलाल कर्णले दाइजो नल्याएको आरोपमा घाँटी थिचेर हत्या गरेको आरोपमा मृतका बुबा अरुण कर्णले जिल्ला प्रहरी कार्यालयमा दिएको जाहेरीका आधारमा प्रहरीले ०६६ चैत २६ गते ससुरा काव्य नारायणलाल कर्णलाई गिरफ्तार गऱ्यो। जिल्ला अदालतको आदेशले ०६७ वैशाख २७ गते तारिखमा रिहा गरे पनि पुनरावेदन अदालतले ०६७ जेठ ९ गते थुनामा राख्ने आदेश दियो। आरोपितहरू सपरिवार फरार छन्।

मखनाहा गाविस-२ की १८ वर्षीया ममिना खातुनको ०६६ माघ २७ गते सोही ठाउँमा हत्या गरी गाडिएको अवस्थामा लास भेटियो। पीडित पक्षले विवाहमा दाइजो नपुगेको भन्दै घाँटी थिचेर हत्या गरी घरमा नै गाडिएको अवस्थामा छ दिनपछि खातुनको लास भेटिएको बताए। घटनामा घरपरिवारका सदस्यको सङ्लग्नता रहेको पीडित पक्षले प्रहरीमा दिएको जाहेरीमा उल्लेख छ। प्रहरीले हत्यामा सङ्लग्न रहेको आरोपमा पीडितकी सासू ४६ वर्षीय जयलुम खातुन, जेठाजु १९ वर्षीय सफिबुल राइन र पति १८ वर्षीय मोहमद वाइल राइनलाई ०६६ फागुन १० गते गिरफ्तार गऱ्यो। उनीहरूलाई अदालतको आदेशले ०६६ चैत १० गते पुर्पक्षको लागि जेल चलान गरियो।

हठिपुरहरबडा गाविस-९ की २३ वर्षीय कवितादेवी यादवको ०६६ फागुन ११ गते राति उनका पति २६ वर्षीय राजवंशी यादव, सासु ५८ वर्षीया भलोदेवी यादव, ससुरा ६५ वर्षीय रामसेवक यादव र जेठाजु ३५ वर्षीय शिवरतन यादव र पतिका मामा ४० वर्षीय कालीचरण यादवले घाँटी थिचेर हत्या गरेको भनी पीडित पक्षले उजुरी गरे। पीडित पक्षले दिएको जाहेरीमा विवाहमा दिएको दाइजो नपुगेको कारण बारम्बार कुटपिट गर्ने घरबाट निकाल्ने गर्दागर्दै फागुन ११ गते सबै मिलेर हत्या गरेको बताइएको छ। प्रहरीले आरोपितहरूलाई ०६७ फागुन १४ गिरफ्तार गऱ्यो। अदालतको आदेशले ०६६ चैत १३ गते उनीहरूलाई पुर्पक्षको लागि जेल चलान गरियो।

तुलसियाही जब्दी गाविस-८ की २५ वर्षीया सुरजकलादेवी सहनीको ०६७ वैशाख १५ गते पति र पत्नीबीच भएको विवादको विषयलाई लिएर उनक पति २८ वर्षीय मिथलेस सहनीलगायतले घरमै लछारपछार गरी घाँटी थिचेर हत्या गरेको प्रहरीले बतायो। प्रहरीले ०६७ वैशाख ८ गते आरोपितलाई गिरफ्तार गऱ्यो। आरोपितलाई अदालतको आदेशले ०६७ जेठ ४ गते पुर्पक्षको लागि जेल चलान भए।

घोडघाँस गाविस-२ की ३० वर्षीया सुनीतादेवी पासमानलाई ०६७ मङ्सिर २ गते पति हितलाल पासमान, जेठाजु फिरण पासमान, ससुरा सहदेवा पासमान र देवर नरेश पासमानले घरमा कुटपिट गरि सख्त घाइते बनाए। जिल्ला प्रहरी कार्यालयमा बेहोस अवस्थामा भेटिएकी उनलाई इन्सेक जिल्ला प्रतिनिधिले जिल्ला प्रहरी कार्यालयबाट जनकपुर अञ्चल अस्पतालमा उपचारका लागि भर्ना गराए। एउटा छोरा र एउटा छोरीकी आमा रहेकी पीडितको टाउको फुटेको तथा हातमा काटिएको थियो। पति विदेश गएको बेला जेठानीको नाउँमा १६ कट्ठा खेत रजिस्ट्रेशन गरिदिएको र पैसा पनि उसकै नाममा पठाउने गरेकाले आफूले त्यसबारे जानकारी मागेका कारण कुटपिट

गरिएको पीडितले बताइन्। पीडकहरूलाई गिरफ्तार गर्न प्रहरीलाई पठाएको महिला तथा बालबालिका सेलकी सुभद्रा आलेले बताइन्।

स्वास्थ्य सेवाको अवस्था

जनकपुरस्थित अञ्चल अस्पतालमा २९ जना चिकित्सकको दरबन्दी रहेकोमा १५ स्थान रिक्त छन्। त्यसैगरी, स्वास्थ्यकर्मीको ३८ ओटा दरबन्दीमा छ स्थान रिक्त रहेको छ। त्यसैगरी विकास समितितर्फ १३ जना चिकित्सक र ५२ जना स्वास्थ्यकर्मी कार्यरत् रहेको जनकपुर अञ्चल अस्पतालले जनायो।

धनुषा जिल्लामा जनस्वास्थ्य कार्यालयको अभिलेख अनुसार यस जिल्लामा बाल मृत्यु दर एक महिनासम्मका बालबालिका प्रति हजारमा ३४ जनाको छ भने एक महिनादेखि पाँच वर्षमुनिका बालबालिकाको मृत्युदर प्रति हजारमा ६४ रहेको छ। धनुषा जिल्लामा प्राथमिक स्वास्थ्य केन्द्र पाँच, हेल्थपोष्ट नौ, सहायक हेल्थपोष्ट ८८ गरी जम्मा १ सय २ ओटा रहेका छन्। जसमा प्राथमिक स्वास्थ्य केन्द्रमा पाँच जना मेडिकल अधिकृतको दरबन्दी रहेकोमा चार रिक्त रहेको र १ स्थानमा करारमा नियुक्त गरिएको छ। त्यसैगरी, स्टाफ नर्सतर्फ पाँच दरबन्दी रहेकोमा चार रिक्त रहेको, एक बहाल, अहेवतर्फ १० बहाल, अनमितर्फ १५ बहाल, ल्याब असिस्टेन्ट पाँच बहालमा, ग्रामीण स्वास्थ्य कार्यकर्ता पाँच बहालमा रहेका छन्। त्यस्तै अहेवतर्फ १८ बहाल, अनमी नौ बहाल एक स्थान रिक्त, खरिदार र मुखियामा नौमा दुई स्थान रिक्त, ग्रामीण स्वास्थय कार्यकर्ता नौ बहालमा रहेका छन। त्यसैगरी, उपस्वास्थ्य चौकीतर्फ ८८ जना बहालमा, ग्रामीण स्वास्थ्य कार्यकर्तातर्फ ८८ मा पाँच रिक्त रहेको, माशिकामा ८८ मा पाँच स्थान रिक्त रहेको जिल्ला जनस्वास्थ्य कार्यालय धनुषाले जनाएको छ।

विगतको अनुगमन

राष्ट्रिय मानवअधिकार आयोगले सात वर्ष अघि ०६७ असोज २१ गते तत्कालीन संयुक्त सुरक्षाफौजले माओवादी भएको आरोपमा गिरफ्तार गरी बेपत्ता पारिएका जनकपुर नपा-१० का दिपू भनिने २५ वर्षीय सन्जीवकुमार कर्ण, सोही नपा-१० का २३ वर्षीय दुर्गेश लाभ, जनकपुर नपा-४ का २३ वर्षीय मछुली भनिने जीतेन्द्र झा, कुर्था गाविस-१ का १९ वर्षीय प्रमोदनारायण मण्डल र दुहबी गाविस-७ का १८ वर्षीय शैलेन्द्र यादवको संम्भावित घटनास्थलबाट लास उत्खनन् कार्य सम्पन्न गऱ्यो। राष्ट्रिय मानवअधिकार आयोगका सदस्य तथा प्रवक्ता गौरी प्रधानको नेतृत्वमा आएको १८ सदस्यीय टोलीले ०६७ भदौ २१ गतेदेखि गोदार गाविसमा लास उत्खनन् कार्य शुरु गरी ०६७ असोज २ गते सम्पन्न गरेको थियो।

जनकपुरबाट ०६० असोज २१ गते राज्यपक्षद्वारा बेपत्ता बनाइएका उनीहरूको लास अवशेष खोज्न सात वर्ष पछि उत्तखनन् गरिएकोमा चार मानव अस्थिपञ्जर फेला पऱ्यो। अहिलेसम्म भेटिएका अस्थिपञ्जरको डीएनए जाँच गरी पहिचान गरिने र खोजेकै व्यक्तिहरूको अस्थिपञ्जर ठहरिए बाँकी एकको अवशेष पनि पत्ता लगाउन कात्तिक महिनापछि पुनः उत्खनन् कार्य गर्ने टोली प्रमुख प्रधानले जनाए। तबसम्मका लागि अहिले लास उत्खनन्का लागि गरिएको स्थान स्थानीय प्रहरीको निगरानीमा सुरक्षित राखिने उनले बताए। तापनि यस वर्षको अन्त्यसम्म सो कार्य हुन सकेन।

उत्तखनन् गरिएका ५८ खाल्डामा चार मानव अवशेष फेला पारेको थियो। तीमध्ये तीनओटा मानव अवशेषमा टाउकोदेखि पैतालासम्म र एउटा टाउको नभएको मानव अवशेष भेटाएको प्रधानले बताए। उनका अनुसार दुईओटा मानव अवशेषको प्रकृति हेर्दा आँखामा पट्टी बाँधेर गोली हानी हत्या गरी त्यहाँ गाडिएको अनुमान गर्न सकिन्छ। अवशेष फेला परेको चारओटै खाल्डोबाट गोली र गोलीको खोकासमेत बरामद भएको उनले बताए।

टोलीले चिहान उत्खनन् गरी फेला पारेका सबै अस्थिपञ्जर र अन्य प्रमाणहरू नेपाल प्रहरीबाट मुचुल्का गराई आयोगलगायत टोलीमा सहभागी विभिन्न संस्थाका विशेषज्ञ, प्रतिनिधि, पीडित परिवार र स्थानीयको रोहबरमा नेपाल प्रहरीलाई सुरक्षार्थ जिम्मा लगाएको थियो भने प्रहरीले आयोगको रोहबरमा वैज्ञानिक जाँचका लागि पुनः फोरेन्सिक विज्ञलाई हस्तान्तरण गरेको थियो।

पीडित परिवारले उजुरी गरेको आधारमा आयोगले तिनीहरूलाई सुरक्षाकर्मीले गिरफ्तार गरी गैरन्यायिक हत्या गरेको ठहर गर्दै ०६४ माघ १५ गते नै दोषीलाई कारबाही गर्न र पीडित परिवारलाई क्षतिपूर्ति प्रदान गर्न सरकारलाई सिफारिस गरे पनि हालसम्म कार्यान्वयन हुन सकेको छैन। प्रधानले लास उत्खनन्बाट भेटिएको थप प्रमाणको आधारमा भने कारबाहीको लागि दबाव दिने बाटो खुलेको बताए।

२.२ महोत्तरी

जनसङ्ख्या : ६,७८,५८०
साक्षरता प्रतिशत : ४२
महिला साक्षरता प्रतिशत : २८
क्षेत्रफल (वर्ग कि. मि.) : १,००२
गाविस/नपा सङ्ख्या : ७६/१
सरकारी/निजी विद्यालय : २७२/२४
क्याम्पस/उच्च मा.वि. : २/२८
अस्पताल/स्वास्थ्य चौकी : १/८१
मानव विकास सूचकाङ्क: ०.४०७
प्रतिपरिवार सरदर सङ्ख्याः ७

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या
राज्यबाट

धनुषा जिल्ला भूचक्रपुर गाविस-९ धुमासान निवासी मिस्टर डन भनिने ३१ वर्षीय रामकुमार सिंह महतोको ०६७ जेठ ४ गते खैरबन्नी गाविस-९ स्थित सीमाक्षेत्रमा प्रहरीले गोली हानी हत्या गऱ्यो। प्रहरीले भने अज्ञात समूहले गोली हानी हत्या गरेर फालेको अवस्थामा लास फेला परेको जनायो। महोत्तरी, सर्लाही र धनुषा जिल्लामा मृतकको नाममा १२ ओटा अपराधिक घटनामा संलग्न रहेको आरोपमा गिरफ्तार पूर्जी जारी भएको प्रहरीले जनायो।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजन) बाट

निगौल गाविस-४ निवासी नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) का जिल्ला उपाध्यक्ष ४२ वर्षीय रामएकवाल रायको ०६७ वैशाख १ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजन) समूहका कार्यकर्ताले सोही गाविस-३ को बाँसघारीमा घाँटी रेटेर हत्या गरे। मोर्चाले सशस्त्र समूहको विरोधमा प्रचार गरेको आरोपमा रायको हत्या गरेको जनायो। प्रहरीले पीडिकलाई गिरफ्तार गर्न सकेको छैन।

अखिल तराई मुक्ति मोर्चाबाट

औरही गाविस-१ निवासी तराईमधेस लोकतान्त्रिक पार्टीका गाउँ कमिटी अध्यक्ष ४० वर्षीय राजाराम यादवलाई ०६७ असोज ३ गते राती १ वजे अखिल तराई मुक्ति मोर्चाका कार्यकर्ताले मोर्चा विरूद्ध सुराकी गरेको आरोपमा गोली हानी हत्या गरे। प्रहरी प्रतिवेदनका आधारमा प्रहरीले कर्तव्य ज्यानको मुद्दा दर्ता गरे पनि पीडिकलाई गिरफ्तार गर्न सकेको छैन।

गोली/विस्फोटक पदार्थद्वारा घाइते
राज्यबाट

रामगोपालपुर गाविस-४ का ६० वर्षीय रामपरीक्षण चौधरी, सोही गाविसका रञ्जित महतो, विष्णुदेव महरा, सञ्जीवकुमार मण्डल, मनोजकुमार मण्डल, मोहन मण्डल, राजेन्द्र यादव र रामजनम यादवलाई ०६७ असोज २० गते गाविस सचिवले गरेको भ्रष्टाचार छानबिन नगरेको भन्दै जलेश्वर-बर्दीवास सडक अवरोध गर्दा सडक खुलाउन गएको प्रहरीसँगको झडपमा प्रहरीले चलाएको गोली लागी घाइते भए। उनीहरू सबैको उपचार जनकपुर अञ्चल अस्पतालमा गरियो।

जेल र बन्दीहरू

'ख' श्रेणीको जलेश्वर कारागारको बन्दी क्षमता १ सय ३५ जना रहेको छ। यस वर्षको अन्त्यसम्ममा यस कारागारमा कैद तोकिएका ९२ जना पुरुष र १३ जना महिला रहेका छन् भने कैद नतोकिएका १ सय ८४ जना पुरुष र १४ जना महिला गरी जम्मा ३ सय ४ जना बन्दी रहेका छन्। यस कारागारमा छ बालक र दुई बालिका गरी आठजना आश्रित बालबालिकासमेत छन्। सबै क्षमताभन्दा बढी बन्दी रहने यस कारागार राणाकालीन भएकाले वर्षाको मौसममा पानी चुहिने मात्र हैन छानाका लिउन उप्किएर कुनै पनि समय खस्ने अवस्थामा पुगेको छ।

कारागारभित्र पुरूषतर्फ सातओटा टेलिभिजन र महिलातर्फ एउटा टेलिभिजन रहको छ भने रेडियो व्यक्तिगत रूपमा रहेकोले सयौँको सङ्ख्यामा रहेको जेलर सोमेन्द्र ठाकुरले बताए। कारागारभित्र एक पुस्तकालय, १० ओटा शौचालय, पाँचओटा चापाकल रहेको छ। कारागारमा बायोग्याँस जडान गरिए पनि सो खाना पकाउन अपर्याप्त भएकाले खाजा बनाउन मात्र प्रयोग भएको छ। धनुषा जिल्लामा कारागार नभएकाले

घटनाको प्रकार	गैरराज्यबाट				राज्यबाट		
	अन्यबाट						
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	१३	६	७	१३	१	१	१
घाइते	३	३		३	३	९	९
गिरफ्तारी/यातना					१	१	१
कुटपिट					१	१	१
धम्की	१	१		१			
महिलाअधिकार	६		६	६			
बालअधिकार	५		५	५			
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	१	१		१			
अमानवीय व्यवहार	१	१		१			
अपहरण	७	८		८			
जम्मा	३७	३०	१८	३८	५	१३	१३

दुई जिल्लाका लागि एउटै कारागार हुनाले यस कारागारमा क्षमताभन्दा बढी बन्दी हुने गरेको हो।

धनुषा जिल्ला सोनिगम्मा गाविस-७ निवासी जिल्ला कारागारमा सजाय भोगिरहेका बन्दी ४५ वर्षीय कृष्णदेव मण्डलको ०६६ चैत १८ गते कारागारभित्रै मृत्यु भयो। मण्डललाई कारागार प्रशासनले उपचारका लागि पहल नगरेका कारण कारागारभित्र मृत्यु भएको बन्दीहरूले बताए।

बेपत्ता/अपहरण

जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) बाट

धमौरा गाविस-४ का ५० वर्षीय चन्द्रभुषण मल्लिकलाई ०६७ कात्तिक १० गते सोही ठाउँका शारदानन्द ठाकुरको मोर्चाले कब्जा गरेको जमिनको रेखदेख गरिदिएको आरोपमा जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकताले अपहरण गरे। पीडित प्रहरीको सक्रियतामा ०६७ कात्तिक १२ गते धमौरा गाविसस्थित रातु खोलाबाट मुक्त भए।

अज्ञात समूहबाट

खैरबन्नी गाविस-३ निवासी खखना उच्च मावि रघुनाथपुरका शिक्षक रामपुनित यादव र कौशलकिशोर यादवलाई ०६६ पुस ११ गते अज्ञात समूहले सम्सी-खैरबन्नी हुलाकी सडकको मडाहा नदीको पुलनजिकबाट अपहरण गऱ्यो। उनीहरूले उक्त समूहलाई फिरौती बुझाएर फागुन १५ गते सीमावर्ती भारतीय गाउँबाट मुक्त भए। पीडितले उजुरी दिएनन्। उनले फिरौती कति दिएको उल्लेख गर्न चाहेनन्।

सुन्दरपुर गाविस-७ का ३० वर्षीय रामजीवन राउतलाई ०६६ फागुन २६ गते अज्ञात समूहले घरैबाट अपहरण गऱ्यो। राउतलाई ०६६ फागुन २८ गते फिरौती बुझाएर मुक्त गरिएको उनका बाबु दुखा राउतले बताए। पीडितले उजुरी दिएनन्। उनले फिरौती कति दिएको उल्लेख गर्न चाहेनन्।

महदैया तपनपुर गाविस-२ का ४० वर्षीय हाफिदुल कवारीलाई ०६७ वैशाख ३० गते अज्ञात समूहले घरैबाट अपहरण गऱ्यो। घटनापछि परिवारले अपहरणकारीलाई फिरौती बुझाएपछि ०६७ जेठ २ गते उनी धनुषाको महेन्द्रनगरबाट मुक्त भए। पीडितले उजुरी दिएनन्।

साढा गाविस-३ का ३२ वर्षीय मदनकुमार झालाई ०६७ पुस ५ गते खेत घुम्न गएका बेला अज्ञात समूहले अपहरण गऱ्यो। पीडित ०६७ पुस ९ गते मुक्त भए पनि कसले किन अपहरण गरेको बताउन चाहेनन् भने प्रहरीमा जाहेरी समेत दिएनन्।

धम्कि/कुटपिट

राज्यबाट

बथनाहा गाविस-३ निवासी एकीकृत माओवादीका जिल्ला सदस्य २३ वर्षीय सत्येन्द्र यादवलाई ०६७ वैशाख २५ गते एकीकृत माओवादीले आह्वान गरेको आमहडतालको क्रममा जलेश्वर नपा-४ मा प्रहरीले कुटपिट गरे। घटनामा घाइते यादवको जनकपुर अञ्चल अस्पतालमा उपचार भयो।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

मधेसी जनअधिकार फोरम नेपालले आह्वान गरेको मधेस बन्दको क्रममा ०६६ चैत २६ गते फोरमका १६ जना कार्यकर्तालाई प्रहरीले जलेश्वर नपा-११ बाट गिरफ्तार गऱ्यो। गिरफ्तार हुनेहरूमा मधेशी जनअधिकार फोरमका जिल्ला अध्यक्ष तेजनारायण यादव, सचिव रामनरेश राय यादव, सदस्यहरू राजेन्द्र यादव, मोदनारायण सिंह, नागेन्द्र यादव, राजनारायण यादव, दिनेशप्रसाद साह, युवा फोरमका जिल्ला अध्यक्ष मुकेश यादव, जलेश्वर नगर सचिव चन्द्रनारायण मण्डल, क्षेत्र नं-४ का सचिव रामविचारी यादव, क्षेत्र नं. ६ का सचिव गजेन्द्र यादव, कार्यकर्ताहरू गजेन्द्र यादव, नागेन्द्र यादव, वेचन महतो र मोहन यादव रहेका थिए। उनीहरू सोही दिन साँझ जिल्ला प्रहरी कार्यालयबाट रिहा भए।

सोनौल गाविस-२ मा तराई मधेस लोकतान्त्रिक पार्टी र नेपाली काङ्ग्रेस समर्थित कार्यकर्ताबीच ०६७ कात्तिक २९ गते राति भएको झडपमा दुवैतर्फका गरी सातजना घाइते भए। तमलोपाले आफ्ना केन्द्रीय अध्यक्ष महन्थ ठाकुरको आगमनमा बनाएको स्वागतद्वार काङ्ग्रेस कार्यकर्ताले भत्काएको आरोपमा दुवै पक्षका कार्यकर्ताबीच झडप भएको थियो। घाइतेमध्ये सोनौल गाविस-२ निवासी तमलोपा कार्यकर्ता विजयकुममार यादवको अवस्था गम्भीर भएकाले बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान लगियो र अन्यको उपचार जनकपुर अञ्चल अस्पतालमा भएको जिल्ला प्रहरी कार्यालयले जनायो। तमलोपाका श्रवणकुमार यादव, उपेन्द्र यादव, रोशन यादव र काङ्ग्रेस कार्यकर्ताहरू रामबाबु यादव, लालबाबु यादव, रामजनम यादवको जनकपुर अञ्चल अस्पतालमा उपचार भयो ।

सुगम र निष्पक्ष न्यायिक अधिकार

महोत्तरी जिल्ला अदालतमा ०६७ असार मसान्तसम्म जिम्मेवारी सरेर आएका सरकारवादी फौजदारी मुद्दा ८५ थान , यो वर्ष दर्ता भएका २६ थान गरी जम्मा १ सय ११ थान मध्ये मङ्सिर मसान्तसम्ममा १८ थान फर्स्यौट भई ९३ थान मुद्दा बाँकी रहे। यस अदालतमा सरकारवादी देवानी मुद्दा छैन।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वालासिंह) द्वारा अपहरण गरिएका चन्द्रभुषण मल्लिक

यसैगरी ०६७ पुस १६ गतेसम्म जिम्मेवारी सरेर आएका दुनियावादी देवानी मुद्दा १ हजार ९९ थान र यो वर्ष दर्ता भएका ५ सय पाँच थान गरी जम्मा १ हजार ६ सय ४ थान मुद्दामध्ये ४ सय १४ फर्स्यौट भई १ हजार १ सय ९० बाँकी रहे। दुनियाँवादी फैजदारीतर्फ जिम्मेवारी सरेर आएको १ सय ९४ यस वर्ष दर्ता भएका ८७ थान गरी २ सय ८५ थान मुद्दामध्ये ८२ थान मुद्दा फर्स्यौट भई २ सय ३ थान बाँकी रहे।

महिला हिंसा ऐनअन्तर्गत ०६६ साउन ६ गते जिल्ला प्रहरी कार्यालयमा दर्ता भएका मुद्दा एक थान यो वर्षको अन्तिम सम्ममा फैसला भएको छैन।

जिल्ला सरकारी वकिलको कार्यालयमा जिम्मेवारी सरेर आएका दुई सय थान र यसै वर्ष दर्ता भएका ३९ गरी जम्मा २ सय ३९ थान मुद्दामा ७ थानमात्र फैसला भयो। तीमध्ये चारओटा मुद्दामा सफलता र तीनओटामा असफलता प्राप्त भयो।

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

माईस्थान गाविस-५ का २२ वर्षीय मनोज अधिकारीलाई ०६६ पुस २९ गते प्रहरीले इलाका प्रहरी कार्यालय बर्दीवासमा कुटपिट गरी करेण्ट लगाएर यातना दिए। स्थानीय बालिकालाई गर्भवती बनाएर गर्भ अस्वीकार गरेको भन्दै स्थानीय बासिन्दाले ०६६ पुस २८ गते प्रहरीमा उजुरी दिएपछि उनलाई ०६६ पुस २९ गते गिरफ्तार गरी इलाका प्रहरी कार्यालयमा राखिएको थियो। उनी सोही दिन रिहा भए। उनको बर्दीवास अस्पतालमा उपचार भयो। उनले उजुरी दिएनन्।

जलेश्वर नपा-५ निवासी याज्ञवल्य लक्ष्मीनारायण विद्यापिठ मटिहानीका प्राचार्य ६० वर्षीय ताराकान्त झालाई ०६७ जेठ ६ गते सोही विद्यापीठका कर्मचारी तथा विद्यार्थीहरूले अवैधरूपमा शिक्षक नियुक्ति गरेको आरोप मोसो दली, जुत्ताको माला लगाएर मटिहानी बजार घुमाए। आफूलाई सोही विद्यालयका कर्मचारीहरू अवधेशकुमार वर्मा, हेमनारायण लाल कर्ण, अरूण मण्डल, सुधीर कापर र विद्यार्थीहरू ज्ञानु मण्डल, स्वबियु उपसभापति सन्तोषकुमार मण्डल, कर्मचारी शम्भु मण्डल र चन्दे

मण्डललगायतले अमानवीय व्यवहार गरेको भन्दै उनले जेठ ६ गते जिल्ला प्रहरी कार्यालयमा कारबाहीको माग गर्दै उजुरी दिए। घटनामा संलग्न भएको भन्दै स्वयंु उपसभापति मण्डललाई प्रहरीले गिरफ्तार गरेकोमा ०६७ जेठ ८ गते रिहा भए।

बालअधिकार

जिल्ला शिक्षा कार्यालय महोत्तरीका अनुसार यस जिल्लामा सरकारी, संस्थागत र गुठी आदी गरी जम्मा विद्यालय सङ्ख्या ३ सय ७७ रहेको छ। जसमध्ये २ सय ६१ प्रावि, ८३ निम्नमाध्यमिक , ४३ माध्यमिक विद्यालय रहेका छन्। यसैगरी माध्यमिक तहमा जम्मा ८ हजार ७ सय ६५ विद्यार्थी अध्ययनरत रहेकामा ४ हजार ९ सय ९५ छात्र र ३ हजार ७ सय ७० छात्रा रहेका छन्। निम्नमाध्यमिक तहमा जम्मा २४ हजार ३५ अध्ययनरत् रहेकामा १३ हजार ५ सय ६७ छात्र र १० हजार ४ सय ६८ छात्रा रहेका छन्। प्राथमिक तहमा जम्मा १ लाख ११ हजार ९ सय ७९ विद्यार्थी अध्ययनरत् रहेकामा ५७ हजार ३ सय ७९ छात्र र ५४ हजार ६ सय छात्र रहेका छन्।

माइस्थान गाविस -१ की एक १२ वर्षीया बालिकालाई ०६६ माघ १७ गते सोही ठाउँका १८ वर्षीय बलबहादुर महतले बालिकाको घरमा बलात्कार गरेको आरोपमा पीडितपक्षले ०६६ माघ २६ गते इलाका प्रहरी कार्यालयमा किटानी जाहेरी दियो। घटनापछि आरोपितहरू फरार भएकाले केही कारबाही हुन सकेको छैन।

बर्दीवास गाविस-३ की एक ३ वर्षीया बालिकालाई ०६६ माघ २३ गते सोही ठाउँका ४५ वर्षीय बेचु गुर्मछानेले बालिकाको घरमा बलात्कार गरेको आरोपमा स्थानीय महिलाहरूले ०६६ माघ २६ गते इलाका प्रहरी कार्यालय बर्दिवासमा उजुरी दिए। प्रहरीले सोही दिन आरोपितलाई गिरफ्तार गऱ्यो । आरोपित जिल्ला अदालतको ०६६ फागुन २१ गतेको आदेशले सोही मितिदेखि पुर्पक्षको लागि जलेश्वर कारागारमा रहेका छन्।

कथित बोक्सीको आरोपमा कुटपिट गरिएकी सकिला खातुन

पतिद्वारा कुटपिट गरी घर निकालिएकी हर्कमाया रसाइली

रामगोपालपुर गाविस-५ की ९ वर्षीया एक बालिकालाई ०६७ असोज ३० गते खोपी गाविस-७ का ३५ वर्षीय इस्माइल नदाफले रामगोपालपुर गाविस-४ स्थित विद्यालय भवनमा लगेर बलात्कार गरेको जनाउँदै पीडितले ०६७ कात्तिक २ गते जिल्ला प्रहरीमा उजुरी दिइन्। आरोपित जिल्ला अदालतको आदेशले ०६७ कात्तिक २८ गते पुर्पक्षका लागि जलेश्वर जेल चलान गरिएका छन्।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

दुर्व्यवहार

धमौरा गाविस-७ की ५५ वर्षीया सकिला खातुनलाई ०६७ मङ्सिर १० गते कथित बोक्सीको आरोपमा सोही ठाउँका ५० वर्षीय रउफ शेष, ४२ वर्षीय अताबुल शेष, ४० वर्षीया सैमुन खातुन , ५१ वर्षीय अतिफुल शेष, ६० वर्षीय हविब नदाफ र ५० वर्षीय आलम कवारीले कुटपिट गरे। पीडितले ०६७ मङ्सिर १४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएकोमा प्रहरीले दर्ता गर्न मानेन। पुनः मानवअधिकारकर्मीहरूको दबाबमा ०६७ पुस ११ गते प्रहरीले उजुरी दर्ता गऱ्यो। पीडकहरूलाई गिरफ्तार गरेको छैन।

घरेलु हिंसा

धर्मपुर गाविस-५ की १९ वर्षीया अनीतादेवी साहको ०६६ फागुन १२ गते दाइजोमा बक्स पलङ नल्याएको भन्दै पति २४ वर्षीय सरोज साह, ससुरा ४५ वर्षीय किशोरी साह, सासू ४० वर्षीया सुधरीदेवी साह र नन्द १७ वर्षीया सविता कुमारीले कुटपिट गरी हत्या गरेको आरोपमा प्रहरीले ससुरा किशोरी साह र सासू सुधरी देवीलाई फागुन १३ गते प्रहरीले गिरफ्तार गऱ्यो। आरोपितहरूलाई जिल्ला अदालतको आदेशमा ०६६ चैत २९ गतेदेखि पुर्पक्षको लागि थुनामा राखिएको छ। पति सरोज साह भने फरार छन् ।

रामनगर गाविस -६ की ४७ वर्षीया हर्कमाया रसाइलीलाई ०६७ असोज २१ गते उनका पति ५२ वर्षीय झुमक रसाइलीले निसन्तान भएको

अखिल तराई मुक्ति मोर्चाद्वारा विस्फोटन गराई क्षति पुर्‍याएको मालपोत कार्यालय

भन्दै कुटपिट गरी घरनिकाला गरे। पीडितले जिल्ला प्रशासन कार्यालयमा दिएको उजुरीको आधारमा जिल्ला प्रहरी कार्यालयमा ०६७ असोज २८ गते भएको छलफलमा भिन्दै राखेर मानाचामल भर्ने कुरा स्वीकारे पनि कार्यान्वयन गरेनन्। पीडितले जिल्ला अदालतमा ०६७ कात्तिक ७ गते अंश मुद्दा दर्ता गराएकी छन्।

सुन्दरपुर गाविस-६ की ३० वर्षीया पुनीतादेवी रायको ०६७ भदौ २८ गते घरायसी विवादमा उनका पति ३८ वर्षीय श्रवणकुमार यादवले कुटपिट गरी हत्या गरेको आरोपमा उनलाई प्रहरीले सोही दिन गिरफ्तार गर्‍यो। पीडित पक्षले ०६७ भदौ २९ गते उजुरी दिए। जिल्ला अदालत महोत्तरीको ०६७ असोज १० को आदेशले आरोपित सोही मितिदेखि पुर्पक्षका लागि जलेश्वर कारागारमा रहेका छन्।

डाम्हीमडै गाविस-२ की २८ वर्षीया देउलादेवी सदाको ०६७ कात्तिक ४ गते उनका पति ३० वर्षीय श्याम सदाले खराब चरित्र भएको भन्दै घाँटी थिचेर हत्या गरेको आरोपमा उनलाई प्रहरीले सोही दिन गिरफ्तार गर्‍यो। पीडितपक्षले ०६७ कात्तिक ७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडक जिल्ला अदालत महोत्तरीको ०६७ कात्तिक ३० गतेको आदेशले सोही मितिदेखि पुर्पक्षका लागि जलेश्वर कारागारमा रहेका छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरचना, सम्पत्ति क्षति

अखिल तराई मुक्ति मोर्चाबाट

जलेश्वर नपा-५ स्थित मालपोत कार्यालयमा ०६७ भदौ २३ गते कार्यालयप्रमुख लालदेव रायले भ्रष्टाचार गरेको आरोपमा अखिल तराई मुक्ति मोर्चाका कार्यकर्ताले प्रेसर कुकर बम विस्फोटन गराए। विस्फोटका कारण आगजनी भई सो कार्यालयको तामेली फाँटका सम्पूर्ण कागजात नष्ट भयो। नजिकै रहेको एकीकृत माओवादीको कार्यालयअगाडि राखिएको विस्फोटन नभएको यस्तै बम भने परिकौलीस्थित शेर गणको बम डिस्पोजल टोलीले निष्कृय पार्‍यो।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (सूर्या) बाट

धमौरा गाविस-४ का ३४ वर्षीय शारदानन्द ठाकुरको २ विघा १४ कठ्ठा १७ धुर जग्गा ०६७ असोज ३ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (सूर्या) समूहका कार्यकर्ताले कब्जा गरी स्थानीय सुकुमबासीलाई वितरण गरे। डिएसपी रामेश्वर यादवको नेतृत्वमा गएको प्रहरी टोलीले ०६७ असोज ४ गते सो जमिनमा बनाइएका घरटहरा भत्काई जमिन खाली गराएको थियो।

स्वास्थ्य सेवाको अवस्था

महोत्तरी जिल्लामा दुईओटा अस्पताल तीनओटा प्राथमिक स्वास्थ्य केन्द्र पाँचओटा स्वास्थ्य चौकी र ६७ ओटा उपस्वास्थ्य चौकी रहेका छन्। दुवै अस्पतालमा गरेर सात जना चिकित्सकको दरबन्दी रहे पनि एक-एक जना मात्र कार्यरत छन् भने पाँच चिकित्सकको पद रिक्त रहेको छ। जिल्लामा ३ सय ४९ स्वास्थ्यकर्मीको दरबन्दी रहेकामा ३ सय ३८ कार्यरत छन् भने ११ स्वास्थ्यकर्मीको पद रिक्त रहेको छ।

२.३ सर्लाही

जनसङ्ख्या : ८,००,५७४
साक्षरता प्रतिशत : ४६
महिला साक्षरता प्रतिशत : ३५
क्षेत्रफल (वर्ग कि. मि.) : १,२५९
गाविस/नपा सङ्ख्या : ९९/१
सरकारी/निजी विद्यालय : ३३०/२४
क्याम्पस/उच्च मा.वि. : ३/३४
अस्पताल/स्वास्थ्य चौकी : १/१०३
मानव विकास सूचकाङ्कः ०.४०८
प्रतिपरिवार सरदर सङ्ख्याः ७

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या
राज्यबाट

चन्द्रनगर गाविस-२ कामदनिवासी जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वालासिंह) समूहका सर्लाही सेक्रेटरी ३० वर्षीय रामएकबाल दनुवार र सनाखत हुन नसकेका करिब २५ वर्षीय उनका अङ्गरक्षकको ०६७ भदौ १७ गते साँझ भक्तिपुर गाविस-३ स्थित अमुवा खोलामा प्रहरीले गोली हानी हत्या गऱ्यो। गस्तीको क्रममा जम्काभेटपछि भएको भिडन्तको क्रममा उनीहरूको मृत्यु भएको प्रहरीले जनायो। पीडितहरूलाई नियन्त्रणमा लिई हत्या गरेको मोर्चाका जिल्ला इन्चार्ज विक्रान्तले बताए। मृतकमध्ये रामएकवालको लास ०६७ भदौ १९ गते परिवारले बुझी सद्गत गरे भने सनाखत हुन नसकेका अङ्गरक्षकको लास प्रहरीले मलङ्गवा नगरपालिकाको जिम्मा लगायो।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) बाट

चन्द्रनगर गाविस-६ निवासी बबरगञ्ज गाविसका सचिव ५८ वर्षीय इन्द्रकुमार श्रेष्ठको ०६७ असार २ गते साँझ मलङ्गवाबाट साइकलमा घर गइरहेका बेला भेल्ही गाविस नजिकैको पुल उत्तरको सडकमा जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले गोली हानी हत्या गरे। गाविस कार्यालयको कामले मलङ्गवा गई साइकलमा घर फर्कने क्रममा दुई जनाको सङ्ख्यामा रहेका मोर्चाका कार्यकर्ताले पीडितलाई चन्दा नदिएको आरोपमा हत्या गरेका थिए। कञ्चट र हातमा गोली लागेका श्रेष्ठको घटनास्थलमै मृत्यु भएको थियो।

बरहथवा गाविस-७ निवासी किराना व्यापारी ३४ वर्षीय शम्भु दासको ०६७ भदौ १७ गते साँझ सोही ठाउँ नजिकै रहेको पसल बन्द गरेर घर तर्फ जादै गर्दा जनतान्त्रिक तराई मूक्ति मोर्चा (ज्वालासिंह) का कार्यकर्ताले बरहथवा गाविस-४ स्थित सडकमा गोली हानी हत्या गरे। घटनाको मोर्चाका सर्लाही इञ्चार्ज विक्रान्तले जिम्मेवारी लिएका थिए। दासको स्थानीय गाउँमा ०६७ भदौ १८ गते परिवारका सदस्यले सद्गत गरे।

दोहोरो भिडन्त
राज्यबाट

गोडैता गाविस-७ निवासी तराई आर्मीका कार्यकर्ता विक्रम भनिने २८ वर्षीय रामचन्द्र रायको ०६७ भदौ २९ गते बिहान कर्मैया गाविस-३ स्थित बथाने चौरमा प्रहरीसँग भएको दोहोरो भिडन्तमा परी मृत्यु भयो। रौतहटका एक जना गाविस सचिवसँग चन्दा लिन सो स्थानमा आएको मौका छोपी प्रहरीले चारैतिरबाट घेराहाली सो समूहलाई फायरिङ गर्दा दोहोरो भिडन्त भएको थियो। घटनामा प्रहरीले करिब २० राउण्ड र आर्मीका कार्यकर्ताले ६/७ राउण्ड फायर गरेको थियो। पीडितको लास आफन्तले बुझी भदौ ३० गते स्थानीय गाउँमा सद्गद् गरे।

गोली/विस्फोटक पदार्थद्वारा घाइते
राज्यबाट

मधुवनगोठ गाविस- ४ का २७ वर्षीय पुकारी साहले ०६७ साउन २९ गते दिउँसो साईकलमा लोड गरी दुई बोरा मल ल्याएको विषयलाई लिएर सशस्त्र सीमा सुरक्षा बलका सुरक्षाकर्मी र गाउँले बीच भनाभन हुँदा सोही ठाउँका ३७ वर्षीय जिम्दारी साह सशस्त्र प्रहरीले चलाएको गोली लागि घाइते भए। साहले साइकलमा ल्याएको दुई बोरा मलको विषयमा गाउँले र सशस्त्र प्रहरीबीच विवाद हुँदा दोहोरो झडपको क्रममा सशस्त्र प्रहरीले फायर गरेको थियो। सो घटनामा गाउँलेको कुटपिटबाट तीनजना सशस्त्र प्रहरी घाइते भएका थिए। घाइतेहरूको स्थानीय स्वास्थ्य चौकीमा उपचार भयो। मधुवनगोठ गाविस-२ निवासी सोभि राउत, पंकज ठाकुर, शिवशङ्करप्रसाद चौधरी र सोही गाविस-३ का रमेशकुमार साहलाई प्रहरीले गिरफ्तार गरी २ दिन पछि रिहा गऱ्यो भने रमेश, जिम्दारी र पंकजलाई ज्यान मार्ने उद्योगअन्तर्गत मुद्दा चलायो। उनीहरू जिल्ला अदालतको आदेशमा पुपर्क्षको लागि कारागारमा रहेका छन्।

अज्ञात समूहबाट

लालबन्दी गाविस-१ का कपडा व्यापारी ५४ वर्षीय विष्णुदयाल गुप्तालाई ०६६ फागुन २१ गते साँझ घर जादै गर्दा अज्ञात समूहले गोली हानी घाइते तुल्यायो। गुप्ताको नारायणी उप-क्षेत्रीय अस्पताल वीरगञ्जमा उपचार भयो।

हजरिया गाविस-९ का ५५ वर्षीय पुरुषोत्तम तिमल्सिनालाई ०६७ वैशाख ४ गते राति अज्ञात समूहले घरमा बसिरहेको अवस्थामा घर पछाडि पुऱ्याई ढाँडमा पेट्रोल बम प्रहार गरी घाइते बनायो। उनको स्थानीय स्वास्थ्य चौकी बरहथवामा उपचार भयो।

अन्यबाट

धनकौल गाविस-३ का २६ वर्षीय कमलेश साह, सोही गाविस-३ निवासी नन्दलाल राय, मदन राय,

घटनाको प्रकार	गैरराज्यबाट							राज्यबाट		
	अन्यबाट				एकीकृत माओवादीबाट					
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	११	९	२	११				२	३	३
घाइते	४	८		८				१	१	१
कुटपिट	२	२		२						
भेला/सङ्गठित हुने अधिकार								१	३	३
महिलाअधिकार	३		३	३						
बालअधिकार	२		२	२						
अमानवीय व्यवहार	१	२		२	१	१	१			
अपहरण	८	१०		१०						
जम्मा	३१	३१	६	३८	१	१	१	४	६	६

उपेन्द्र राय, अरुण राय र रामबाबु राय ०६६ फागुन २८ गते बिहान नेपाली काङ्ग्रेस र मधेशी जनअधिकार फोरमबीच गाविसको बजेट बाँडफाँडको विषयमा भएको विवादमा गोली हानाहान हुँदा घाइते भए। गोली लागी गम्भीर घाइते भएका कमलेशको काठमाडौंमा उपचार भयो भने भने अन्यको स्थानीय अस्पतालमा भयो।

जेल र बन्दीहरू

'ग' श्रेणीको सर्लाही कारागारको क्षमता महिला २५ र पुरुष ७५ गरी कुल १ सयजनाको रहेको छ । यस कारागारमा कैद तोकिएका ४२ पुरुष र कैद नतोकिएका ८८ पुरुष गरी जम्मा १ सय ३० जना बन्दी रहेका छन्। जसमा कैद तोकिएका १ जना र कैद नतोकिएका ३ जना गरी जम्मा ४ जना भारतीय नागरीक रहेका छन्। कारगारमा पानी, शौचालय, विद्युत, पत्रपत्रिका, रेडियो, टीभी, खेलकुद सामग्री र लुगा सिलाउने मेशिनको व्यवस्था रहेको छ। विदाको दिन स्वास्थ्यकर्मी र हुलाका कर्मचारीहरूले पाए झैं सुविधा पाउनु पर्ने गुनासो जेलर अनिलकुमार आर्चायले गरे। माओवादीले ०६२ चैत २३ गते आक्रमण गरी ध्वस्त बनाएको यस कारागारको दुई तले पक्की भवन, कारागार कार्यालय र आवासको निर्माण कार्य भइरहेको छ।

बेपत्ता/अपहरण

अज्ञात समूहबाट

ब्रम्हपुरी गाविस-२ निवासी ३० वर्षीय रामबाबु झालाई ०६६ माघ १ गते साँझ अज्ञात समूहले नौकेल्वा गाविस २ स्थित पडरियाबाट अपहरण गऱ्यो। पीडित ०६६ माघ ५ गते मुक्त भए। पीडितले मुक्त भएको स्थान बताउन चाहनेनन्। सोही घटनामा सो समूहले श्यामबाबु र लालबाबु झालाई अपहरण गरेकोमा उनीहरूलाई केही पर पुऱ्याई मुक्त गरेका थिए।

सिसौटीया गाविस-४ का २५ वर्षीय नागेन्द्र साहलाई ०६६ फागुन २६ गते राति अज्ञात समूहले घरबाटै अपहरण गऱ्यो। साहलाई अपहरण गरी लैजादै गर्दा प्रहरीले सोही दिन मुक्त गरायो।

धनगडा गाविस-३ का शिक्षक ४५ वर्षीय मिश्रीलाल रायलाई ०६६ चैत २ गते दिउँसो विद्यालयमा परीक्षा सकेर मोटरसाइकलमा घर फर्कदै गर्दा अज्ञात समूहले सलेमपुर र मोहनपुर गाविसको बीचबाट अपहरण गऱ्यो। पीडित ०६६ चैत ६ गते भक्तिपुर गाविसको सागरनाथ वन विकास परियोजनाको जङ्गलबाट १ लाख ५० हजार रूपैयाँ फिरौती रकम तिरेर मुक्त भए।

खोरिया गाविस-९ निवासी ३० वर्षीय अखिलेश्वर चौधरीलाई ०६६ चैत २२ गते राति मलङ्गवाबाट घरतर्फ जादै गर्दा अज्ञात समूहले पडरियाबाट अपहरण गऱ्यो। पीडित ०६६ चैत २५ गते भारतको सितामढीस्थित सोहडवा गाउँमा उदय ठाकुरको घरमा हातखुट्टा बाँधेर राखिएको अवस्थामा भागेर मुक्त भए।

बगदह गाविस-१ बकैनिया निवासी ३१ वर्षीय बालकुमार पण्डितलाई ०६७ जेठ २५ गते राति अज्ञात हतियारधारी समूहले हेमपुर गाविस-२ स्थित ईंट्टाभट्टामा सुतिरहेको अवस्थामा अपहरण गऱ्यो। पीडित ०६७ जेठ

२७ गते मुक्त भए। सोही स्थानका २५ वर्षीय कामदार रावविश्वास रायलाई सो समूहले सिर्सियाबाट सोही दिन मुक्त गरेको थियो।

मोहनपुर गाविस-३ पोखरिया निवासी अहेव ३२ वर्षीय विनोद साहलाई ०६७ असार २ गते राति खेतमा पानी पटाउन जाँदा अज्ञात समूहले खेतबाट अपहरण गऱ्यो। पीडित असार ५ गते मुक्त भए।

नौकेल्वा गाविस-५ का ४० वर्षीय किसान जगेश्वर दासलाई ०६७ साउन १ गते बिहान खेतमा पानी पटाउन गएको अवस्थामा अज्ञात समूहले अपहरण गऱ्यो। पीडित साउन ८ गते अपहरण मुक्त भए।

धम्की/कुटपिट

मधेशी जनअधिकार फोरमबाट

धनुषा जिल्ला बहुअर्वा गाविस-६ निवासी जिल्ला कृषि विकास कार्यालय सर्लाहीका वरिष्ठ कृषि विकास अधिकृत ५२ वर्षीय नथुनी साहलाई ०६७ पुस ८ गते कार्यालयको बजेटसम्बन्धी विषयलाई लिएर सलेमपुर गाविस-८ निवास ४० वर्षीय मधेशी जनअधिकार फोरमका जिल्ला अध्यक्ष अशोककुमार यादव, मलङ्गवा नपा कमिटीका अध्यक्ष विनोद यादव, कार्यकर्ताहरू गणेश यादव, सन्तोष दास, अजय यादव, मुकेश पण्डित र मनोजले निवासमा गई कटपिट गरे। घटनालगत्तै प्रहरीले पीडकहरूलाई गिरफ्तार गऱ्यो। पीडित साहले पुस ९ गते जिल्ला प्रहरी कार्यालयमा सात जना विरुद्ध किटानी जाहेरी दिएका थिए। गिरफ्तार सबैलाई प्रहरीले पुस १४ गते जनही १० हजार रुपियाँ धरौटी लिएर तारेखमा रिहा गऱ्यो। प्रहरीले फोरम जिल्ला अध्यक्षलगायत घटनामा संलग्नलाई कारबाही गर्ने आश्वासन दिएपछि ज्यानमार्ने उद्योग तथा सार्वजनिक अपराधअन्तर्गत कारबाही गर्न र पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउनुपर्ने माग राखी कर्मचारीहरूले जिल्ला प्रशासन कार्यालय मलङ्गवामा ज्ञापनपत्र बुझाए।

एमालेबाट

मलङ्गवा नपाका कार्यकारी अधिकृत लक्ष्मीनारायण महतोलाई ०६७ भदौ २१ गते चन्दा नदिएको आरोपमा मलङ्गवा नपा निवासी ३५ वर्षीय एमाले कार्यकर्ता गफार मंसुरलगायतको एक समूहले कुटपिट गऱ्यो । घटनामा गफारलागयतलाई प्रहरीले सोही दिन गिरफतार गऱ्यो। जिल्ला प्रहरी कार्यालयमा भएको छलफलमा आइन्दा त्यस्तो गल्ती नगर्ने प्रतिबद्धता जनाएपछि पीडकहरू रिहा भए।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

रौतहट जिल्ला पौराई गाविस निवासी राष्ट्रिय जनमोर्चाका केन्द्रीय उपाध्यक्ष ५० वर्षीय वीरबहादुर गोले, सोही स्थान निवासी जिल्ला कोषाध्यक्ष २६ वर्षीय सुकेन्द्रबन्धु गोले र घूकौली गाविस-२ निवासी अनेरास्ववियु जिल्ला कमिटी सर्लाहीका अध्यक्ष २१ वर्षीय विष्णु थिङलाई ०६६ पुस २९ गते प्रहरीले महेन्द्रराजमार्गको हरिवनमा सडकमा प्रर्दशन गरिरहेको अवस्थामा कुटपिट गऱ्यो। पीडितहरू सडक अवरुद्ध गरी सङ्घीयता विरोधी प्रदर्शन गरिरहेका थिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

सर्लाही जिल्ला अदालतमा ०६७ असार मसान्तसम्म बाँकी रहेका र ०६७ पुस १६ गतेसम्म दर्ता भएका जम्मा १ सय ९६ ओटा मुद्दा रहेकोमा १ सय ११ ओटा मुद्दा फर्स्यौट भयो। त्यसैगरी ०६७ साल असार मसान्तसम्म बाँकी भएका दुनियावादी फौजदारी मुद्दा ४ सय ६० ओटा रहेकोमा २ सय ५८ ओटा मुद्दाको फर्स्यौट भयो। ०६७ साउन देखि पुस १६ गतेसम्म दर्ता भएका सरकारवादी फौदारी मुद्दाको संख्या १ सय ६२ रहेकोमा ३८ ओटा मुद्दाको फर्स्यौट भयो। ०६७ साउनदेखि पुस १६ गतेसम्म दर्ता भएका दुनियावादी फौजदारी मुद्दाको संख्या ३ सय ९० रहेकोमा ५४ ओटा फर्स्यौट भए। ०६७ साल असार मसान्तसम्म बाँकी भएका जम्मा देवानी मुद्दाको संख्या १ हजार ८ सय ३९ रहेकोमा १ हजार १ सय ५९ ओटा र ०६७ साउनदेखि पुस १६ गतेसम्म दर्ता भएका देवानी मुद्दा १ हजार १ सय ६२ रहेकोमा २ सय ४२ ओटा फर्स्यौट भए। घरेलु हिंसा ऐन अन्तर्गत ०६६ पुस १७ गतेदेखि ०६७ पुस १६ गतेसम्म एउटा मुद्दा मात्र दर्ता भयो। सरकारी वकिल कार्यालयले सर्लाहीले ०६६ पुस १७ गतेदेखि ०६७ पुस १६ गतेसम्म १ सय ८६ ओटा मुद्दा दायर गरिएको देखियो।

राज्यद्वारा हत्या गरिएका रामएकवाल कनुवार

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

सुनसरी जिल्ला खनार गाविस-७ निवासी ईलाका प्रशासन कार्यालय हरिवनका प्रशासकीय अधिकृत ४५ वर्षीय टिकाराज पोखरेललाई ०६६ माघ ३ गते दिउँसो सेवाग्राहीसँग घुस खाएको आरोपमा नेकपा माओवादी (मातृका) का कार्यकर्ताले मोसो दली दुर्व्यवहार गरे। पीडकहरूलाई कुनै कारवाही भएन।



जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) द्वारा हत्या गरिएका इन्द्रकुमार श्रेष्ठ

बालअधिकार

जिल्ला शिक्षा कार्यालय सर्लाहीका अनुसार जिल्लामा संस्थागत र सरकारी, गुठी गरी ७ सय विद्यालय सञ्चलित छन् । जस मध्य ६ सय ३१ ओटा विद्यालयमा प्राथमिक तहको, १ सय १५ ओटा विद्यालयमा निमावि तहको र ७० ओटा विद्यालयमा मावि तहको कक्षा सञ्चालन हुन्छ। मावि तहमा ९ हजार ६ सय ५६ विद्यार्थी अध्यनरत रहेकोमा ४ हजार ३ सय ७७ जना छात्रा र ५ हजार २ सय ७९ जना छात्र अध्यनरत रहेका छन्। त्यसैगरी, निमावितर्फ १० हजार ४ सय ९८ छात्रा र १२ हजार ४ सय २७ जना छात्र गरी जम्मा २२ हजार ९ सय २५ जना विद्यार्थी अध्यनरत छन्। यस जिल्लामा प्रावि तहतर्फ ६४ हजार ९ सय ६६ छात्रा र ७३ हजार ५ सय १५ गरी ३ लाख १३ हजार ८ सय १३ जना विद्यार्थी अध्यनरत छन्। यस जिल्लामा निजी (बोर्डिङ) विद्यालयको संख्या १ सय १२ रहेको छ। जसमा करिव ५० हजार ७ सय विद्यार्थी अध्यनरत छन्।

लक्ष्मीपुर कोद्राह गाविस-९ निवासी १५ वर्षीया एक बालिकालाई ०६७ जेठ ३ गते सोही गाविस-९ का ४० वर्षीय हसन अन्सारी, ३५ वर्षीय मन्जुर अन्सारी, २५ वर्षीय रामएकवाल कमरिया र २३ वर्षीय रघुव अन्सारीले जानकीनगर गाविसस्थित लखन्देही खोला पारीको घुर्कौली जंगलमा बलात्कार गरेको आरोपमा हसन र मन्जुरलाई प्रहरीले ०६७ जेठ ४ गते गिरफ्तार गऱ्यो। उनीहरू जिल्ला अदालतको आदेशमा पुपर्क्षको लागि कारागार चलान भए।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार दुर्व्यवहार

जानकीनगर गाविस-१ की ५४ वर्षीया लिलादेवी चमार र उनका परिवारलाई ०६७ जेठ ३० गते साँझ बोक्साबोक्सीको आरोपमा सोही ठाउँका ३५ वर्षीय महेन्द्र महतो ३२ वर्षीय जोगी महतो र २७ वर्षीय शत्रुघन महतोले कुटपिट गरी अभक्ष खुवाए। पीडितहरूले घटनाको भोलिपल्ट जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिए। पीडकहरूमध्ये महेन्द्र र जोगीलाई ०६७ जेठ ३१ गते प्रहरीले गिरफ्तार गऱ्यो। उनीहरू जिल्ला अदालत मलङ्गवाको आदेशमा पुपर्क्षका लागी जिल्ला कारागारमा रहेका छन्। अन्य पीडकहरू फरार छन्।

घरेलु हिंसा

वसन्तपुर गाविस-४ निवासी १८ वर्षीया मञ्जुलादेवी साहको ०६७ जेठ १९ गते विवाहमा पर्याप्त दाईजो नल्याएको आरोपमा पति २४ वर्षीय सञ्जय साह, ससुरा ५० वर्षीय राजवंशी साह र सासूले कुटपिट गरी हत्या गरेको आरोपमा माइती पक्षले जिल्ला प्रहरी कार्यालयमा जेठ २१ गते किटानी जाहेरी दियो। पीडितको कुटपिटबाट मृत्यु भएपछि उपचारका लागि भन्दै भारत लगेर उतै लासको सदगद् गरिएको पीडित पक्षले जनाए। राजवंशीलाई जेठ २० गते प्रहरीले गिरफ्तार गरी दुई दिनपछि तारेखमा रिहा गऱ्यो भने बाँकी दुवै फरार छन्।

भक्तिपुर गाविस-८ तीनघरे निवासी ३१ वर्षीया विमला श्रेष्ठको ०६७ साउन ६ गते साँझ पति सशस्त्र प्रहरीका हवल्दार सन्तोष श्रेष्ठले हत्या गराएको प्रहरीले जनायो। रौतहट जिल्ला वगी गाविस-१ फत्तेपुरका शेष

जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) द्वारा हत्या गरिएका शम्भु दास

भोलालाई नगद रुपियाँ दिई रौतहट पौराइ गाविस निवासी सानीआमा हिरा श्रेष्ठको मिलोमतोमा बबरगञ्ज गाविस-३ स्थित बजारमा बोलाई गोली हानी हत्या गराएको आरोपमा प्रहरीले सन्तोष, हिरा र शेषलाई ०६७ साउन ८ गते गिरफ्तार गरी कर्तव्य ज्यानको मुद्दा चलायो। तीनै जना आरोपित ०६७ भदौ ६ गते जिल्ला अदालतको आदेशमा पुर्पक्षको लागि जिल्ला कारागार चलान भए।

ढोहोरो भिडन्तमा मारिएका रामचन्द्र राय

सबै प्रकारका जातीय विभेद

खैर्वा गाविस-३ का २० वर्षीय देवेन्द्र सहनीको ०६६ फागुन १६ गते आफ्नी छोरी विभा यादवसँग अर्न्तरजातिय प्रेम गरेको भन्दै खैर्वा गाविस-९ का तेजनारायण यादव र पर्शुराम यादवले घाँटी थिचेर हत्या गरेको आरोपमा मृतकका पिता नागेन्द्र सहनीले किटानी जाहेरी दिए पनि हालसम्म कुनै कारबाही भएको छैन।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरचना, सम्पति क्षति

राज्यबाट

जानकीनगर गाविस-२ स्थित सुकुमबासीहरूले बसोबास गर्दै आएका १४ ओटा घर टहरा वन अतिक्रमण गरी बनाएको भन्दै ०६७ पुस १२ गते जिल्ला वन कार्यालय र प्रहरीको संयुक्त टोलीले जलाएर नष्ट बनायो। सोही क्रममा त्यहाँ बसोबास गरिरहेका उदयपुर जिल्ला त्रिवेणी गाविस-५ का भक्तबहादुर सुनुवार, टेकबहादुर सुनुवार र सिराहा जिल्ला जम्दा गाविस-६ का पदमबहादुर घिसिङलाई प्रहरीले गिरफ्तार गरी जिल्ला वन कार्यालयलाई जिम्मा लगायो। घटनाको विभिन्न राजनीतिक दल र भूमि अधिकार मञ्चले विरोध जनाए।

स्वास्थ्य सेवाको अवस्था

सर्लाही जिल्लामा एउटा जिल्ला अस्पताल, तीन ओटा निजी अस्पताल र चार ओटा सामूदायिक अस्पताल रहेका छन्। जिल्ला अस्पतालमा तीन जना चिकित्सकको दरबन्दी भए पनि एक जनामात्र कार्यरत छन्। जिल्लामा १० ओटा स्वास्थ्य चौकी तथा उपस्वास्थ्य चौकी ८४ ओटा रहेका छन्। जिल्लामा नौ चिकित्सकको दरवन्दी भए पनि हाल पाँच जना कार्यरत छन्। प्राथमिक स्वास्थ्य केन्द्रमा ६५ जना, अहेव १ सय २३ जना, १८ जना असिष्टेन्ट, २५ जना अनमी, एक जना स्टाप नर्स र ग्रामीण स्वास्थ्य कार्यकर्ता तथा मासिका गरि २ सय ५२ जना कार्यरत छन्।

२.४ सिन्धुली

जनसङ्ख्या : ३,४१,२२०
साक्षरता प्रतिशत : ६१
महिला साक्षरता प्रतिशत : ४०
क्षेत्रफल (वर्ग कि. मि.) : २,४९१
गाविस/नपा सङ्ख्या : ५३/१
सरकारी/निजी विद्यालय : ५०२/१५
क्याम्पस/उच्च मा.वि. : ३/४६
अस्पताल/स्वास्थ्य चौकी : १/५५
मानव विकास सूचकाङ्कः ०.४६९
प्रतिपरिवार सरदर सङ्ख्याः ७

जेल र बन्दीहरू

जिल्ला कारागार शाखा सिन्धुलीमा २५ जना बन्दी क्षमता रहेको छ। यस कारागारमा ६७ जना बन्दीहरू राखिएका छन्। कारागारमा कैद नतोकिएका दुई जना महिला र २१ जना पुरुष तथा कैद तोकिएका चार जना महिला र ४० जना पुरुष रहेका छन्। यस कारागारमा दुई नाबालकहरू आमासँग आश्रित जीवन बिताइरहेका छन्।

कारागारको भवनको अवस्था जीर्ण रहेको छ। छत फुटेको कारण सबै कोठामा पानी चुहिने गर्दछ। क्षमताभन्दा बढी बन्दी राखिएका कारण सुत्ने ठाउँको अभाव, खानेपानी र शौचालय जाँदा लाइनमा बस्नुपर्ने समस्या रहेको बन्दीहरू बताउँछन्। गर्मीको समयमा सुत्न, खान, बस्न समस्यै समस्या हुने गरेको बन्दीहरूको गुनासो रहेको छ।

महिला बन्दीतर्फ कोठा साँघुरो भएकोले सुत्न समस्या रहेको छ। दुई जनासम्म अट्ने ठाउँमा दुई आश्रित र ६ जना बन्दी राखिएको छ। चर्पी र सुत्ने ठाउँको छत फुटेको कारण माथिबाट सिमेन्टको टुक्रा खस्ने गरेको, दुबै ठाउँमा पानी चुहिने गरेको महिला बन्दीहरू बताउँछन्।

कारागारभित्र खानेपानी प्रयाप्त छैन। कारागारमा पाँच जना बन्दी मानसिक रोगी रहेको र एक जनालाई राति साङलाले बाँधेर राख्ने गरिएको थुनुवा पुष्पराज श्रेष्ठले बताए।

टेलिफोन उठाउने सुविधा पनि काटिएपछि ०६७ पुस ११ र १२ गते बन्दीहरूले कारागारको मूलगेटमा तालाबन्दी गरेका थिए। बन्दीहरूको आन्दोलनका कारण १३ गतेबाट पुन उक्त सुविधा पाएको चौकिदार भोजबहादुर तामाङले बताए।

बन्दीहरूले आफ्नै प्रयासमा बाँसबाट बन्ने समानहरू मुढा, मोबाइल स्टैण्ड, चुरी स्टैण्ड, पेन होल्डर, घडीफ्रेम, नाङलो, चाल्नु लगायतका सामान बनाउने गरेका छन्। समयमा कच्चा पदार्थ उपलब्ध नहुने तर उत्पादित सामग्रीहरूको बजार खपत भने राम्रो रहेको बन्दीहरूले बताए।

कारागारको अवस्था जीर्ण भएको, बन्दीहरूको चाप अत्याधिक भएको र बन्दी आउने क्रम जारी रहेकोले बस्न समस्या रहेको, बन्दीहरूलाई स्थायी खानेपानीको श्रोतको अभाव रहेकोले खानेपानीको व्यवस्था हुनु पर्ने कारागार प्रमुख कुलनाथ पोखरेलले बताए। सामान्य उपचार जिल्ला अस्पतालमा गरिने, नियमानुसार उनीहरूले पाउने सबै सुविधा दिएको, औषधी उपचारमा बजेट न्यून भएकोले उपचार गर्न नपुग्ने र विभागले पठाउने रकम एकमुष्ठ नपठाई पटक-पटक पठाउँदा समस्या भएको जेलर पोखरेलले बताए। कार्यालय र सुरक्षाकर्मीको निवासमा समेत पानी चुहिने गरेकाले नयाँ भवन निर्माण नभएसम्म यो समस्या समाधान नहुने जेलरले बताए।

धम्की/कुटपिट

एकीकृत माओवादीबाट

टाँडी गाविस-९ का २१ वर्षीय राजेन्द्र खत्री, सोही ठाउँका २० वर्षीय यमबहादुर सुनुवार, १६ वर्षीय अनिल सुनुवार, १६ वर्षीय चित्रबहादुर सुनुवार, २२ वर्षीय सन्तोष सुनुवार, ३० वर्षीय टीकाबहादुर सुनुवार, मानबहादुर सुनुवार, दूधौली गाविस-१ का १७ वर्षीय शान्तिमान सुनुवार लगायतलाई ०६७ भदौ ३१ गते साँझ टाँडी गाविस-९ मङ्गलबारेमा फुटबल खेल्ने क्रममा विवाद हुँदा दूधौली गाविसस्थित दोश्रो डिभिजनका माओवादी जनमुक्ति सेनाले कुटपिट गरे। पीडितहरू मध्ये राजेन्द्र खत्री, यमबहादुर सुनुवार, शान्तिमान सुनुवार र अनिल सुनुवारलाई घटनास्थलमा र त्यसपछि क्याम्पभित्र लगेर कुटपिट गरेको पीडितहरूले बताए। क्याम्पभित्र राखिएका पीडितहरूलाई असोज ३ गते आफन्तको जिम्मा लगाइएको थियो। माओवादी सेनाले जिम्मा लगाएका यमबहादुर सुनुवार, शान्तिमान सुनुवार र अनिल सुनुवार तथा झडपमा घाइते भएका चित्रबहादुर सुनुवार, सन्तोष सुनुवार र टीकाराम सुनुवार समेत ६ जनालाई थप उपचारको लागि असोज ३ गते राति काठमाण्डौ लगियो। पीडितहरूको उपचार काठमाण्डौको त्रिवि शिक्षण अस्पताल महाराजगञ्जमा गरियो। पीडितहरूलाई उपचारका लागि सरकारी खर्चमा काठमाडौँ लगिएको प्रमुख जिल्ला अधिकारी जीतेन्द्रबहादुर भण्डारीले बताए। एकीकृत माओवादीका सैनिकहरू खसि किन्ने क्रममा त्याँहा पुगेका बेला झगडा परेकोले छुट्याउन खोज्दा स्थानीय युवाहरूले तीन जना माओवादी जनमुक्ति सेनाका सैनिकलाई कुटपिट गरी नियन्त्रणमा लिएकाले आत्मरक्षा गर्दा झडप भएको र माओवादी सैनिकहरू मेघराज राई र सुजन राई उक्त झडपमा घाइते भएको दोश्रो डिभिजनले जनायो।

वाईसीएलबाट

क्यानेश्वर गाविस-३ का वीरबहादुर गोलेलाई ०६६ पुस १८ गते सोही ठाउँका वाईसीएल कार्यकर्ता हरिकृष्ण भनिने बोधप्रसाद घिमिरेको नेतृत्वमा गएको एक समूहले क्यानेश्वरमा कुटपिट गऱ्यो। उक्त घटनाको विषयलाई लिएर नेपाली काङ्ग्रेस र एकीकृत माओवादी कार्यकर्ताबीच कमलामाई नपा-६ स्थित एक होटलमा ०६६ पुस २० गते भएको विवादका क्रममा नेपाली काङ्ग्रेसका जिल्ला उप-सभापति दीपक मिश्रलाई वाईसीएलका कार्यकर्ताले कुटपिट गरे। पीडितले एकीकृत माओवादी जिल्ला सहइन्चार्ज राजन दाहाल र वाईसीएलका केन्द्रीय सदस्य अजय गिरीले आफूलाई कुटपिट गरेको भनी सोही दिन जिल्ला प्रहरी

कार्यालयमा उजुरी गरे। उक्त घटनाका विषयमा राजनीतिक दलहरूबीच सोही दिन भएको सर्वदलीय सहमतिमा जिल्ला प्रहरी कार्यालयमा मिलापत्र भयो।

झाँगाझोली रातमाटा गाविस-९ निवासी एमाले गाउँ कमिटी अध्यक्ष चन्द्रप्रसाद धिमाल, पुरानो झाँगाझोली गाविस-४ निवासी अनेरास्ववियु जिल्ला कमिटी सदस्य सरोज प्याकुरेल र सोही ठाँउका एमाले कार्यकर्ता मीनबहादुर श्रेष्ठलाई ०६६ माघ १३ गते दिउँसो क्षेत्रीय अधिवेशनको प्रचारप्रसारमा गएका बेला एकीकृत माओवादीका कार्यकर्ताले सितलपाटी गाविसमा कुटपिट गरे।

तरुण दलबाट

झाँगाझोली रातमाटा गाविस-२ निवासी चितवन जिल्लाको शक्तिखोरस्थित तेश्रो डिभिजनमा कार्यरत एकीकृत माओवादी सैनिक विवेककुमार अच्छामी, सोही डिभिजनका अरुण र बेनीबहादुरलाई ०६६ पुस २० गते नेपाल तरुण दलका कार्यकर्ताको एक समूहले कमलामाई नपा-६ शिवनगरमा कुटपिट गऱ्यो। उनीहरू दोश्रो डिभिजनले आयोजना गरेको फुटबल प्रतियोगितामा सहभागी हुन सिन्धुली आएका थिए। उक्त दिन सिन्धुलीगढी घुमेर फर्कदै गर्दा बजार तथा यातायात बन्द गराउँदै हिडेका तरुण दलका कार्यकर्ताले उनीहरूलाई कुटपिट गरेका थिए। सोही दिन वाईसीएलका कार्यकर्ताले नेपाली काङ्ग्रेसका जिल्ला उपसभापति दीपक मिश्रलाई कुटपिट गरेको विरोधमा सिन्धुली सदरमुकाम बन्द गरेका थिए। यसैगरी सोही दिन समाचार सङ्कलनका लागि गएका नेपाल टेलीभिजनका सिन्धुली प्रतिनिधि मिनकुमार दाहाललाई समेत नेपाल तरुणदलका जिल्ला अध्यक्ष उज्जवल भनिने उपेन्द्रकुमार पोखरेलले कमलामाई नपा-६ खम्बेचौरीमा कुटपिट गरे। पीडितको जिल्ला अस्पतालमा उपचार भयो।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

कमलामाई नपा-९ का ५० वर्षीय वीरबहादुर भूजेल, सोही नपा-६ का ३० वर्षीय राजीव पौडेल, तुलबहादुर थापा मगर, भद्रकाली गाविस-९ का २७ वर्षीय किरण लामा र सोही गाविस-९ का अर्जुन वाईवा, बाशेश्वर गाविस-६ का तिलक थापा मगरलगायत ०६६ माघ ४ गते साँझ प्रहरीले सोही नपा-९ ढुङ्ग्रेबासमा लाठीचार्ज गर्दा घाइते भए। बीपी राजमार्ग यातायात व्यवसायी सङ्घले आह्वान गरेको बन्दमा राति गाडी चलाएको भनी व्यवसायीहरूले गाडी रोकेपछि प्रहरीले हस्तक्षेप गरी लाठीचार्ज गरेको थियो। घाइतेहरूको जिल्ला अस्पतालमा सामान्य उपचारपछि थप उपचारका लागि काठमाडौँ लगिएको थियो।

झाँगाझोली रातमाटा गाविस-३ स्थित सहिदगेटमा एमाले क्षेत्र नं ३ को क्षेत्रीय अधिवेशनमा सहभागी हुन गएका एमालेका स्थायी समिति सदस्य रामचन्द्र झा, केन्द्रीय सदस्य केशव देवकोटा तथा युवा सङ्घ नेपालका अध्यक्ष महेश बस्नेत तथा कार्यकर्ता चढेको गाडी ०६६ माघ १५ गते बाटोमा रोकी एकीकृत माओवादीका सहायक जिल्ला इन्चार्ज राजन दाहालको नेतृत्वमा रहेका माओवादी कार्यकर्ताले चेकजाँच तथा खानतलासी लिने नाममा डाँडाबाट ढुङ्गा प्रहार गरेपछि झडप भयो। झडपमा युवा सङ्घ नेपालका अध्यक्ष महेश बस्नेत र शेरबहादुर तामाङ घाइते भए। सो घटनामा एकीकृत माओवादी कार्यकर्ताले तीनओटा गाडी तोडफोड गरे। झडपका क्रममा एमालेका कार्यकर्ताले माओवादीका कार्यकर्तामाथि लक्षित गरी गोली प्रहार गरेको माओवादीले आरोप लगायो। एकीकृत माओवादी कार्यकर्ताले घटनास्थलबाट एमालेका केन्द्रीय सदस्य केशव देवकोटालाई तीन घण्टा कब्जामा लिई कुटपिट गरी मार्ने धम्की दिँदै गुठजोरस्थित विद्यालयमा पुऱ्याएपछि एक थान पेस्तोल, १६ राउण्ड गोली, दुई थान खोका, दुई थान तरवार र फलामको रड झडप भएको स्थानबाट नियन्त्रणमा लिएको बताउँदै सोही ठाउँमा पत्रकार सम्मेलन गरी उपस्थित प्रहरीलाई बुझायो। आफ्नो पार्टीले गोली प्रहार नगरेको र ती सामान आफ्नो नभएको एमाले जनायो। घटनाको अनुसन्धानका लागि उच्चस्तरीय राजनीतिक संयन्त्रले नेपाली काङ्ग्रेसका होमराज दाहालको संयोजकत्वमा माओवादीका तर्फबाट बसन्त माझी र एमालेका विषमलाल अधिकारी दुनुवार रहेको तीन सदस्यीय समिति गठन गरेको थियो। समितिले आफ्नो प्रतिवेदन उच्चस्तरीय राजनीतिक संयन्त्रमा बुझाए पनि प्रतिवेदन सार्वजनिक भएको छैन।

एकीकृत माओवादीद्वारा कुटपिट गरी घाइते बनाइएका यमबहादुर सुनुवार, चित्रबहादुर सुनुवार, शान्तिमान सुनुवार र टीकाराम सुनुवार

घटनाको प्रकार	गैरराज्यबाट								राज्यबाट			
	अन्यबाट					एकीकृत माओवादीबाट						
	घटना सङ्ख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
हत्या	८	४	४		८							
घाइते	३	८	१		९							
गिरफ्तारी/यातना									३	३	१	३
कुटपिट	४	६			६	३	१०	१०	१	१		१
धम्की	१		१		१							
भेला/गठित हुने अधिकार									१	७		७
महिलाअधिकार	३८		३९		३९							
बालअधिकार	८		७	१	८							
आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार	१	१			१							
अपहरण	१		१		१							
जम्मा	५३	१९	४३	१	६३	३	१०	१०	४	१०	१	११

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा सरकारवादी फौजदारी मुद्दा गत वर्षको जिम्मेवारी सरेर आएका ३० थान र यस वर्ष १९ थान गरी कुल ४९ थान दर्ता भएकोमा २० फर्स्यौट भई २९ थान बाँकी रहेका छन्। त्यसैगरी दुनियावादी फौजदारी मुद्दा गत वर्षको जिम्मेवारी सरेर आएका २८ थान र यस वर्ष ११ थान गरी कुल ३९ थान दर्ता भएकोमा १४ फर्स्यौट भई २५ थान बाँकी छन्। देवानी मुद्दा अघिल्लो वर्षबाट ५६ थान जिम्मेवारी सरेर आए भने यो वर्ष २४ थान परे। जसमा ३४ थान फर्स्यौट भई ४६ बाँकी रहेका छन्। यसरी ०६७ को पुस १६ गतेसम्म जिल्ला अदालतमा जम्मा १ सय थान मुद्दा फर्स्यौट हुन बाँकी छन्। तीमध्ये दुई वर्ष नाघेका सरकारवादी फौजदारी २ थान र देवानी १ थान गरी जम्मा ३ थान पुराना मुद्दा बाँकी छन्। एक बर्ष नाघेका सरकारवादी फौजदारी ६, दुनियावादी फौजदारी ५ र देवानी १० थान गरी २१ थान रहेका छन्।

जिल्ला सरकारी वकिलको कार्यालयले कर्तव्य ज्यान ६, बलात्कार ७, ज्यान मार्ने उद्योग ३, सवारी ज्यान ५, चोरी ३, भवितव्य ज्यान, बहुविवाह, डाका, बलात्कार प्रयास, ठगी, अपहरण तथा शरीरबन्धक एक/एक ओटा गरी ३० थान मुद्दा अदालतमा पेश गरेकोमा चारओटामा पूर्ण सफलता, एकमा आंशिक रुपमा सफलता र दुईओटामा असफलता हासिल गरेको जनायो। यस वर्षको अन्त्यसम्ममा सरकारी वकिल कार्यालयले पेश गरेका मध्ये २३ थान मुद्दा जिल्ला अदालतमा विचाराधीन अवस्थामा रहेका छन्।

त्यसैगरी सामुदायिक सेवा केन्द्रमा यस वर्षको जनवरी देखि डिसेम्बरसम्ममा घरेलु हिंसाका २२ ओटा उजुरी दर्ता भएकोमा १९ ओटामा छलफल गरी मिलापत्र भयो भने तीनओटा मुद्दा पीडक पक्ष छलफलका लागि उपस्थित नभएका कारण मिलापत्र हुन नसकेको सामुदायिक सेवा केन्द्रले जनायो।

बालअधिकार

जिल्लामा सामुदायिक विद्यालय ३ सय ६६ ओटा रहेका छन्। जिल्ला शिक्षा कार्यालयबाट अनुदान पाई सञ्चालन गरिएका प्रावि तहका विद्यालय सङ्ख्या १ सय ४३ र निमावि तहका ३ ओटा गरी १ सय ४६ ओटा रहेका छन्। त्यसैगरी शिक्षा कार्यालयबाट अनुमति मात्रै लिएर सञ्चालन गरिएका प्रावि तहका विद्यालय सङ्ख्या ४० ओटा छन्। जिल्लामा प्रावि १२, निमावि ३, मावि ७ र उच्च मावि तीनओटा गरी जम्मा २५ ओटा संस्थागत विद्यालय सञ्चालनमा छन्। जिल्लाभरिमा क्याम्पस सङ्ख्या ११ ओटा र उच्च मावि ५३ ओटा रहेको जिल्ला शिक्षा कार्यालयले जनायो । यी विद्यालय हरूमध्ये प्रावि तहमा ४४ हजार ६ सय पाँच छात्रा र ४४ हजार १ सय १८ छात्र गरी ८८ हजार ७ सय २३, निमावि तहमा १० हजार ५ सय ३३ छात्रा र ११ हजार ४ सय ८ छात्र गरी २१ हजार ९ सय ४१ तथा मावि तहमा ४ हजार ६ सय ५९ छात्रा र ५

हजार दुई सय ४९ छात्र गरि ९ हजार ९ सय ८ जना विद्यार्थी अध्ययनरत छन्।

जिल्ला शिक्षा कार्यालयका अनुसार प्रावि तहमा ९ सय ४८ जना, निमावि तहमा १ सय ५५ जना र मा.वि तहमा १ सय ४५ जना गरी कुल १ हजार २ सय ४८ जना शिक्षक सरकारबाट स्वीकृत दरबन्दीमा कार्यरत रहेका छन्। यसैगरी राहत शिक्षक दरबन्दीतर्फ प्राविमा २ सय ६८ महिला र ४अपाङ्गसहित ६ सय ८३, निमाविमा १ सय ७१ र माविमा १ सय २२ जना गरी कुल ९ सय ७६ जना शिक्षक कार्यरत छन्।

राहत शिक्षक सङ्गठनको आह्वानमा ०६६ माघ २५ र २६ गते जिल्लाका सबै तहका निजी तथा सरकारी विद्यालय हरू बन्द गरिए। एकीकृत माओवादीले आह्वान गरेको आमहडतालको कारण ०६७ बैसाख १९ गतेदेखि वैशाख २४ गतेसम्म जिल्लाका सबै तहका नीजि तथा सरकारी विद्यालय हरू बन्द भए।यस्त बन्दबाट जिल्लाका १ लाख ६ हजार विद्यार्थीहरूको पठनपाठन प्रभावित भयो। त्यसै गरी अनेरास्ववियु क्रान्तिकारीको आह्वानमा ०६७ वैशाख १२ गतेदेखि १६ गतेसम्म जिल्लाका २४ वटा निजी विद्यालयहरू बन्द भए। यस बन्दबाट १० हजार विद्यार्थीहरूको पठनपाठन प्रभावित भयो।

कमलामाई नपा-६ अधेरीकी एक १० वर्षीया बालिकालाई सोही नपा-६ का ७० वर्षीय निहाल सिंह बुढाथोकीले ०६६ चैत ९ गते साँझ स्थानीय अँधेरी खोल्सीमा लगी बलात्कार गरेकोको आरोप प्रहरीले उनलाई भदौ २७ गते गिरफ्तार गऱ्यो। आरोपितलाई ०६७ भदौ २८ गते सिन्धुली जिल्ला अदालतको आदेशमा पुर्पक्षको लागि सिन्धुली कारागारमा थुनामा राखिएको छ।

कमलामाई नपा-११ भीमान की ९ वर्षीया एक बालिकालाई सोही ठाउँ निवासी वाक्यविहीन ५८ वर्षीय तुलसी थापाले ०६७ वैशाख १४ गते बिहान पीडितको आफ्नै घरमा बलात्कार गर्ने प्रयास गरेको आरोपमा प्रहरीले गिरफ्तार गऱ्यो। बालिकाका दाजुले घटनाबारे इलाका प्रहरी कार्यालय भीमानमा खबर गरेपछि आरोपितलाई तत्काल घटनास्थलबाट प्रहरीले गिरफ्तार गरेको थियो। आरोपितलाई जिल्ला अदालतको आदेशमा ०६७ वैशाख ३१ गतेदेखि पुर्पक्षका लागि थुनामा राखिएकोमा ०६७ भदौ २१ गते जिल्ला अदालतले पाँच वर्ष कैद फैसला गऱ्यो। पीडकलाई सिन्धुली कारागामा थुनामा राखिएको छ।

भीमेश्वर गाविस-४ की १४ वर्षीया एक बालिकालाई ०६७ साउन १ गते सोही गाविस-४ का २४ वर्षीय गणेशबहादुर दमाईले भीमेश्वर गाविस-४ स्थित मटकेना पानीट्याङ्कीबाट साँझ पानी भरेर एक्लै घरतर्फ फर्किरहेका बेला बलात्कार गरेको आरोपमा साउन १५ गते जिल्ला प्रहरी कार्यालयमा पीडित पक्षले उजुरी दर्ता गऱ्यो। प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गरी साउन २७ गते जिल्ला सरकारी वकिल कार्यालयमा र साउन ३० गते जिल्ला अदालतमा पेश गऱ्यो। आरोपतलाई जिल्ला अदालतको आदेशमा साउन ३१ गतेदेखि पुर्पक्षका लागि सिन्धुली कारागारमा थुनामा राखिएको छ।

रानीबास गाविस-६ की ११ वर्षीया एक बालिकालाई ०६७ साउन २४ गते सोही गाविस-४ का २० वर्षीय राजेश धामी दनुवारले बलात्कार गरेको आरोपमा उनलाई साउन २८ गते प्रहरीले गिरफ्तार गऱ्यो । रानीबास गाविस-४ स्थित शिव मन्दिरमा मेला हेर्न गएको बेला राति एक्लै भेटी 'तिम्रो घर जान धेरै राति हुन्छ मसँग हाम्रो घर जाऔं' भनी फकाएर आफ्नै घरमा लगेको पीडितपक्षले जनायो। छोरी साँझ घर नफर्किएपछि भोलिपल्ट बिहान पीडितका बाबु आमा खोज्दै जाँदा आरोपितको घरमा थुनिराखेको अवस्थामा फेला पारिएको पीडितका बाबुले बताए। आरोपितलाई ०६७ भदौ २० गतेदेखि जिल्ला अदालतको आदेशमा पुर्पक्षको लागी सिन्धुली कारागारमा थुनामा राखिएको छ।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार दुर्व्यवहार

कमलामाई नपा-५ की ८३ वर्षीया मीनु लामालाई ०६७ असार १५ गते सोही ठाउँका ५१ वर्षीय साईलो भन्ने लिला भुजेलले बोक्सीको आरोप लगाउँदै ढुङ्ग्रेबास बजारबाट घरतर्फ फर्कदैं गर्दा बाटोमा कुटपिट गरे। पीडितका अनुसार आफ्नी छोरी बिरामी परेपछि पीडकले तेरो घर पूर्वपट्टी फर्किएको छ तँ बोक्सी होस् भन्दै आफूलाई कुटपिट गरेको पीडितले बताइन्। दुवै पक्षबीच साउन २५ गते गाउमै मिलापत्र भयो।

महादेवडाँडा गाविस-५ की मिठुमाया विश्वकर्मा र उनकी आमा गनमाया विश्वकर्मालाई ०६७ साउन २ गते सोही ठाउँका फणिन्द्र विश्वकर्मा, हिरा विश्वकर्मा, गुणराज विश्वकर्मा र मानबहादुर मगरले बोक्सीको आरोप लगाउँदै कुटपिट गरे। छिमेकी मानबहादुर मगरको लैनो भैसी बिरामी भएको निहुँमा उनीहरूमाथि सो आरोप लगाइएको थियो। कुटपिटपछि पीडकहरूले कतै उजुरी नगर्न धम्की दिँदै

एक कागजमा सही गराएको पीडितहरूले बताए। पीडकहरूलाई कुनै कारबाही भएन।

बितिजोर गाविस-४ की ७६ वर्षीया सुकुमाया थापामगरलाई ०६७ भदौ ३ गते सोही ठाउँका हिरा बहादुर काफ्लेलगायतले बोक्सीको आरोप लगाउँदै भरुवा बन्दुक पडकाएर गाउँ निकाला गरे। हिराबहादुर काफ्लेकी छोरी १३ वर्षीया बिनाकुमारी काफ्ले, सोही ठाउकी २२ वर्षीया निर्मला राना र अम्बिका आले भदौ २ गते बिरामी भएपछि आफूलाई बोक्सीको आरोप लगाएको पीडितले बताइन्। भदौ ३ गते जम्मा भएका गाउँलेहरूले बोक्सीलाई सात खोला कटाउने भनेर भरुवा बन्दुक पड्काउँदै गाउँबाट लखेटेको पीडितले बताइन्। पीडितले ग्वालटारस्थित प्रहरी चौकीमा भदौ १२ गते उजुरी गरिन्। भदौ १६ गते स्थानीय राजनीतिक दलका प्रतिनिधि, स्थानीय बासिन्दासमेत बसी पीडितलाई ८ हजार रुपियाँ उपचार खर्च उपलब्ध गराउने शर्तमा मिलापत्र भयो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

धनुषा जिल्ला गोदार गाविस-१ मैनावती घर भई सिन्धुली जिल्ला टाँडी गाविस-५ स्थित मामाघरमा बस्दै आएकी १८ वर्षीया रञ्जू पहाडीलाई ०६६ माघ १० गते टाँडी गाविस-५ का अजय शाह र त्रिवेणी गाविस-७ खोक्सा उदयपुरका १९ वर्षीय विजय कार्कीले त्रिवेणी गाविसमा बलात्कार गरी हत्या गरे। पीडित माघ ९ गते कक्षा ९ को परीक्षा सकेर मामाघर फर्किदै गर्दा उदयपुरको त्रिवेणीमा लागेको मेलाका क्रममा उनलाई बलात्कार गरेपछि हत्या गरेका थिए। पीडकहरूलाई ०६६ फागुन १७ गतेदेखि जिल्ला अदालतको आदेशमा पुर्पक्षको लागी थुनामा राखिएकोमा अदालतले ०६७ भदौ २४ गते पीडकहरूमध्ये विजय कार्कीलाई सर्वस्वसहित जन्म कैद र अजयकुमार साहलाई पाँच वर्ष कैद गर्ने फैसला गऱ्यो। पीडकहरू सिन्धुली कारागारमा थुनामा छन्।

कमलामाई नपा-४ की एक ६० वर्षीया वृद्धा लाई ०६६ फागुन ४ गते दिउँसो सोही ठाउँका २४ वर्षीय मीनबहादुर भुजेलले कमलामाई नपा-२ स्थित चुरे जङ्गलमा घाँस काट्न गएका बेला बलात्कार गरेको आरोपमा प्रहरीले कारबाही बढायो। पीडकलाई ०६६ फागुन २७ गतेदेखि जिल्ला अदालतको आदेशमा पुर्पक्षको लागि थुनामा राखिएकोमा ०६७ भदौ २८ गते अदालतले ६ वर्ष कैद र १५ हजार रुपियाँ क्षतिपूर्ति दिनुपर्ने भनी फैसला गर्‌यो। पीडक सिन्धुली कारागारमा थुनामा छन्।

घरेलु हिंसा

जलकन्या गाविस-७ की २८ वर्षीया तुलसी सुवेदीलाई ०६७ असोज २४ गते राति पति खड्ग बहादुर देबकोटाले कुटपिट गरी घाइते बनाए। जागिर छोड्न लगाएको र माइतीबाट पैसा नल्याएको भनि विभन्न बहाना बनाई त्यसभन्दा पहिले पनि पटक पटक कुटपिट गर्ने गरेको पीडितले बताइन्। पीडितको उपचार जिल्ला अस्पतालमा गरी माइतीको जिम्मा लगाई पठाएको प्रहरीले जनायो। पीडकलाई प्रहरीले त्यसै दिन गिरफ्तार गरेकोमा ०६७ कात्तिक १८ गते १० हजार रुपियाँ धरौटीमा जिल्ला प्रशासन कार्यालयबाट तारेखमा रिहा भए।

बहुविवाह

कमलामाई नपा-८ की २० वर्षिया बुद्धिमाया वाईवा र २१ वर्षीय मेखबहादुर वाईवाले ०६६ चैत १ गते सोही ठाउकी १९ वर्षीया आदिमाया वाईवासँग दोश्रो विवाह गरे। पीडकहरूलाई प्रहरीले गिरफ्तार गरी चैत २९ गते जिल्ला अदालतमा पेश गर्दा अदालतको आदेशले जनही २५ हजार रुपियाँ धरौटीमा ०६६ चैत ३१ गते रिहा गरिएको थियो। जिल्ला अदालतले ०६७ कात्तिक ८ गते दुवैलाई एक वर्ष कैद र पाँच/पाँच हजार जरिवानाको फैसला गरेकोमा यस वर्षको अन्त्यसम्म उनीहरू गिरफ्तार भएका छैनन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

यस वर्ष वृद्ध, एकल महिला, अपाङ्ग, दलित र लोपोन्मुख गरी १३ हजार ७ सय २३ जनाले सरकारले सामाजिक सुरक्षाअन्तरगत प्रदान गरेको भत्ता प्राप्त गरे। यसरी भत्ता प्राप्त गर्नेहरूमा वृद्ध ६ हजार ५ सय ११ जना, जेष्ठ दलित १ हजार ३ सय १३ जना, लोपोन्मुख १ हजार ६ सय ४५ जना, एकल महिला ३ हजार ९ सय जना, पूर्णअपाङ्ग ३ सय २ जना र आंशिक अपाङ्ग ५२ जना रहेका छन्। सरकारले उपलब्ध गराउँदै आएको सामाजिक सुरक्षाअन्तरगतको यो रकम समयमा नै नपाएको र एक वर्षमा १० महिनाको मात्रै रकम पाएको वृद्धहरूले गुनासो गरे।

स्वास्थ्य सेवाको अवस्था

सिन्धुलीमा जिल्ला अस्पताल एक र स्वास्थ्य चौकी ५५ ओटा रहेको छ। जिल्लामा डाक्टरको दरबन्दी ६ जना रहेकोमा २ दरबन्दी रिक्त रहेको छ। सिनियर अहेवको दरबन्दी १६ मा २ खाली छ भने अहेबको दरबन्दी ६० रहेकोमा दुई दरबन्दी रिक्त रहेको

जिल्ला अस्पतालले जनाएको छ। स्टाफ नर्स ७ दरबन्दीमा सातै जना र मासिका ४२ मा सबै कार्यरत, ग्रामीण स्वास्थ्य कार्यकर्ता ५५ मा ३८ जना कार्यरत रही १७ खाली रहेको र अनमी २१ दरबन्दीमा १९ कार्यरत रहेका छन्। ल्याब टेक्निसियन २ मा २ नै रिक्त रहेको छ भने ल्याब असिस्टेन्ट ४ दरबन्दीमा १ रिक्त रहेको छ। खोप सुपरभाईजर, मलेरिया इन्स्पेक्टर, डार्क रुम सहायक, रेडियोग्राफर एक/एक ओटा दरबन्दी रहेकोमा चारै ओटा पद रिक्त रहेका छन्।

अन्य जिल्लाबाट सरुवा भई आएका र कार्यक्षेत्रमा नगएका सिनियर अहेव ३ जना, अहेव २ र खोप सुपरभाईजर एक जना रहेको जिल्ला अस्पतालले जनाएको छ। ग्रामीण तहका स्वास्थ्य संस्थाहरूमा स्वास्थ्यकर्मीहरू नियमित नबस्ने तथा सरकारले स्वास्थ्य चौकीहरूमा अनिवार्य तथा निशुल्क रुपमा उपलब्ध गराएका औषधीहरू उपलब्ध नगराउने गरेका कारण सर्वसाधारणहरू नियमित र निशुल्क स्वास्थ सेवाबाट वञ्चित रहनु पर्ने अवस्था छ।

२.५ रामेछाप

जनसङ्ख्या : २,३६,९०२
साक्षरता प्रतिशत : ५५
महिला साक्षरता प्रतिशत : ३०
क्षेत्रफल (वर्ग कि. मि.) : १,५४६
गाविस/नपा सङ्ख्या : ५५/०
सरकारी/निजी विद्यालय : ४१२/१५
क्याम्पस/उच्च मा.वि. : २/२८
अस्पताल/स्वास्थ्य चौकी : ३/५३
मानव विकास सूचकाङ्कः ०.४३४
प्रतिपरिवार सरदर सङ्ख्याः ६

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

अज्ञात समूहबाट

राकाथुम गाविस-९ का ६० वर्षीय पूर्णबहादुर लामाको लास ०६७ मङ्सिर २७ गते राकाथुम गाविसमा सुनकोसी नदी किनारमा फेला पऱ्यो। उनको माओवादी कार्यकर्ताले हत्या गरेको आरोप उनको परिवारको रहेको छ। माओवादीका कारण विस्थापित भइ काठमाडौं बस्दै आएका लामा ०६७ मङ्सिर ८ गते घर आएका थिए। सोही मौका पारी ०६७ मङ्सिर १२ गते राकाथुम गाविस-१ स्थित मौलाटे जङ्गलमा माओवादी कार्यकर्ताले कुटपिट गरी हत्या गरेर लास नदीमा फालेको आरोप पीडितकी पत्नी शोभा लामाको रहेको छ। यसअघि पनि ०६० भदौ ३१ गते माओवादीहरूले उनलाई कुटपिट गरी मरेको भनी नदी किनारमा फालेका थिए। पछि उनलाई सेनाले फेला पारेर काठमाडौं लगेर उपचार गराएको थियो।

जेल र बन्दीहरू

रामेछाप बजारमा रहेको कारागारका बन्दी क्षमता ५० जनाको रहेको छ। यस वर्षको अन्त्यसम्म कारागारमा जम्मा ६० जना बन्दीहरू रहेका छन्। तीमध्ये कैद तोकिएका छ जना महिला र ४४ जना पुरुष तथा कैद नतोकिएका नौ जना पुरुष र एक जना महिला रहेका छन्। कारागारको नयाँ भवन बन्ने क्रममा छ। त्यसको निर्माण कार्य पूर्णरूपमा नसकिएकाले पुरानै भवनमा राखिएको छ। जेलमा सुख्खा मौसममा बन्दीहरूलाई पानीको समस्या हुने गरेको छ भने पर्याप्त पत्रपत्रिका र किताबहरू नभएको कारण उनीहरू अध्ययनको अवसरबाट वञ्चित भएका छन्।

कारागार शाखा रामेछापका सुराक्षागार्ड प्रहरी जवान विनोद बस्नेतले ०६६ चैत २ गते गोली चलाई कारागार क्षेत्रलाई भयग्रस्त बनाए। जवान बस्नेतले मादक पदार्थ सेवन गरी आफूले बोकेको बन्दुकबाट गोली चलाएका थिए। गोली भुइँमा लागेकोले कुनै मानवीय क्षति भएन्। उनलाई जिल्ला प्रहरी कार्यालय रामेछापले नियन्त्रणमा लिई आन्तरिक कारबाही गरेको बतायो।

बेपत्ता/अपहरण

एकीकृत माओवादीबाट

पाल्पा जिल्ला निवासी रस्नालु र बेताली गाविसका सचिव २५ वर्षीय नवराज खनाललाई ०६७

वैशाख ४ गते चन्दा नदिएको आरोपमा माओवादीका ३ नं एरिया सेक्रेटरी निकास भनिने हेमन्त पौडेल, वाईसीएलका कार्यकर्ता बेताली गाविस निवासी राजकुमार भुजेल र बेताली गाविसका प्राविधिक सहायक बाबुराम घिमिरेले अपहरण गरी रातभर यातना दिएर भोलिपल्ट बिहान मुक्त गरे। खनाललाई वैशाख ४ गते साँझ हेमन्त लगायतका एकीकृत माओवादी कार्यकर्ताले कोठाबाट अपहरण गरी हेमन्तको कोठामा पुऱ्याई १ लाख ५० हजार रुपियाँ माग गरेका र सो रकम दिन इन्कार गरेपछि कुटपिट गरेको तथा रातभरि विभिन्न स्थानमा घुमाएर यातना दिएको पीडितले बताए। खनाललाई मध्यरातमा तामाकोसी नदी किनारमा पुऱ्याई कुटपिट गरी मार्ने धम्की दिएर १ लाख ६० हजार रुपियाँ हेमन्तसँग ऋण लिएको र सो रकम वैशाख ५ गतेसम्म तिर्ने कागज गराएर रातभरि सँगै राखी बिहानमात्र मुक्त गरेका थिए। खनालले आफूलाई बाध्य पारेर पैसा तिर्ने र जागिरबाट राजीनामा दिएको कागज गराएको बताए। घटनापछि ०६७ वैशाख ५ गते बिहान बसेको गाविस सचिवहरूको बैठकले सो घटनाको विरोध जनाउँदै घटनाका दोषीलाई कारबाही अघि नबढाएसम्म सम्पूर्ण गाविसका कामकाज ठप्प पार्ने निर्णय गरेका थिए। एकीकृत माओवादी पार्टीका नेताहरूसँग जिल्ला प्रशासन कार्यालयमा ०६७ वैशाख १० गते सहमति भएपछि सचिवहरू काममा फर्किए। हेमन्त पौडेललगायतका माओवादी कार्यकर्ताले बाबुराम घिमिरेसँग ६० हजार रुपियाँ ऋण लिएको कागज गर्न लगाई उक्त रकम बाबुराममार्फत एकीकृत माओवादी पार्टीलाई बुझाउन दबाव दिए। उनलाई रकम नबुझाए कारबाही गरिने धम्की दिइएको थियो।



मृत अवस्थामा फेला परेका पूर्णबहादुर लामा

धम्की/कुटपिट

एकीकृत माओवादीबाट

सुनारपानी गाविस-६ निवासी एमाले जिल्ला कमिटी सदस्य २५ वर्षीय मनोज कार्कीलाई ०६६ माघ १८ गते सालु गाविसको गाउँपरिषद्मा सहभागी भएको बेला स्थानीय एकीकृत माओवादी कार्यकर्ताले कुटपिट गरी घाइते बनाए। माओवादीले घटनाको जिम्मा लिएन।

वाईसीएलबाट

प्रीति गाविस-४ निवासी एमाले रामेछापका जिल्ला कमिटी सदस्य ५१ वर्षीय पदम खत्रीलाई ०६७ भदौ १४ गते गाउँमा युथफोर्स गठन गरेको आरोप लगाई वाईसीएलका जिल्ला अध्यक्ष प्रेम कार्कीले मन्थलीमा धम्क्याए। जिल्ला प्रशासन कार्यालय रामेछापमा काम विशेषले गएका खत्रीलाई सेवकले जिल्ला प्रशासनको ढोकाबाहिर निकाली माओवादीसँग भिड्न खोजेको भन्दै धम्क्याएका थिए। त्यसपछि सोही साँझ मन्थलीको आकाशेमा आफन्तको कोठामा पुगेका खत्रीलाई कार्कीलगायतका माओवादी कार्यकर्ताहरू घेर्न त्यहीं पुगेका थिए। त्यहाँबाट बाहिर बोलाई उनलाई किन गाउँमा युथफोर्स गठन गरेको भन्दै धम्क्याएका थिए। घटनापछि आफू असुरक्षित भएको भन्दै पीडितले जीवन रक्षाको लागि मानवअधिकारकर्मी संस्थाहरूमा पहल गरिदिन अनुरोध गरेका थिए।

नेपाली काङ्ग्रेसबाट

हिलेदेवी गाविस-७ की ४५ वर्षीय मिठुमायाँ श्रेष्ठलाई ०६७ कात्तिक ३ गते माओवादीको आरोपमा सोही स्थानका नेपाली काङ्ग्रेस समर्थक ४० वर्षीय लुकुमबहादुर श्रेष्ठ लगायतले कुटपिट गरी घाइते बनाए। द्वन्द्वको समयमा माओवादी पार्टीमा लागेका श्यामबहादुरले माओवादी बनेर गाउँलेलाई दुःख दिएको आरोप लगाउँदै उनकी पत्नीलाई काङ्ग्रेस समर्थक लुकुमबहादुर श्रेष्ठले कुटपिट गरेको आरोप श्यामबहादुरले लगाए। सोही आरोपमा उनको ज्यानलिने भन्दै लुकुमबहादुरले घर समेत घेरेको उनले बताए। घटनाको बारेमा प्रहरी चौकी बेथानमा जानकारी गराएको भए पनि आफूलाई प्रहरीले कुनै सहयोग नगरको उनले बताए।

प्रहरीद्वारा यातना दिइएकी पदममाया सुनुवार

एमालेबाट

सुनारपानी गाविस-६ निवासी एकीकृत माओवादी रामेछाप जिल्ला कमिटी सदस्य एवम् नेपाल रेडक्रस रामेछापका सभापति

घटनाको प्रकार	गैरराज्यबाट								राज्यबाट			
	अन्यबाट				एकीकृत माओवादीबाट							
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
हत्या	६	५	१	६								
गिरफ्तारी/यातना									३	३	१	३
कुटपिट	५	४	१	५	३	४		४				
धम्की	३	३		३	१	१		१				
जातीय विभेद	१		१	१								
महिलाअधिकार	७		७	७								
बालअधिकार	१		१	१								
अमानवीय व्यवहार	१	१		१								
अपहरण					३	३	१	४				
जम्मा	३३	१३	११	३३	५	८	१	९	३	३	१	३

रामबहादुर कार्कीलाई ०६६ फागुन १० गते सुनारपानी गाविसमा एमाले समर्थक स्थानीय गाउँलेहरूले कुटपिट गरी घाइते बनाए। गाविसले आयोजना गरेको गाउँको योजना तर्जुमा बैठकमा माओवादीको तर्फबाट सहभागी भएका कार्की र अन्य पार्टी र स्थानीय गाउँलेबीच योजनाका बारेमा विवाद भएको थियो। विवादका क्रममा कार्कीले स्थानीय युवाहरूलाई हातपात गरेपछि गाउँलेहरूले उनलाई कुटपिट गरेको गाउँलेहरूको भनाइ छ भने कार्कीले भने आफूलाई सुनियोजित आक्रमण गरिएको आरोप लगाए। कुटपिटमा संलग्न भएको आरोपमा प्रहरीले सुनारपानी गाविसबाट एमाले निकट अनेरास्वावियुका कार्यकर्ता राजु कार्कीलाई गिरफ्तार गरी सार्वजनिक अपराध ऐन अन्तर्गत कारबाही चलायो।

गैरकानुनी गिरफ्तारी

सुनारपानी गाविस निवासी एमाले निकट अनेरास्वावियुका कार्यकर्ता २५ वर्षीय राजु कार्कीलाई ०६६ फागुन १० गते गिरफ्तार गरी प्रहरीले एक हप्तासम्म गैरकानुनी थुनामा राख्यो। एकीकृत माओवादीका जिल्ला कमिटी सदस्य एवम् नेपाल रेडक्रस रामेछापका सभापति रामबहादुर कार्कीलाई ०६६ फागुन १० गते कुटपिट गरेको आरोमा प्रहरीले पीडितलाई गिरफ्तार गरेको थियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत रामेछापमा ०६७ असार मसान्तसम्म छ ओटा सरकारवादी फौदारी, २८ ओटा दुनियावादी फौजदारी र ५४ थान देवानी मुद्दाहरू बाँकी रहेका थिए। त्यसैगरी ०६७ पुस १६ गतेसम्म यस अदालतमा सरकारवादी फौज्दारी १९, दुनियावादी फौज्दारी ६८ र देवानी मद्दा १ सय ३ ओटा दर्ता भए। तीमध्ये ०६७ पुस १६ गतेसम्म सरकारवादी फौजदारी १४, दुनियावादी फौजदारी ४६ र देवानी मुद्दा १ सय २८ ओटा फर्स्यौट भए।

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

भुजी गाविस-६ की ४७ वर्षीया पदममायाँ सुनुवारलाई ०६६ माघ २ गते हत्याको आरोपमा इलाका प्रहरी कार्यालय प्रितीका प्रहरीले हिरासतमा यातना दिए। प्रहरीको यातनाबाट उनका हात सुन्निनुका साथै शरीरका विभिन्न भागमा चोट लागेको थियो। पीडितका अनुसार ०६६ पुस २५ गते स्थानीय होमबहादुर सुनुवार घरबाट बेपत्ता भएका थिए। सुनुवारको शव माघ १ गते परिवारका सदस्यहरूले गाउँमा नै फेला पारेका थिए। सुनुवारको हत्याको आरोपमा प्रहरीले सोधपुछका लागि भन्दै पदममायाँलगायत दुर्गाबहादुर र पदमबहादुर सुनुवारलाई नियन्त्रणमा लिएको थियो। हिरासतमा आफूलाई प्रहरीहरूले लाठी र लात्ताले कुटेको पीडितले बताइन्। माघ २ गते हिसासतमा रातभर यातना दिएपछि तीनै जनालाई भोलिपल्ट इलाका प्रहरी चौकी धोवी हुँदै जिल्ला प्रहरी कार्यालय रामेछाप लगिएको थियो। अनुसन्धानका क्रममा उनीहरू निर्दोष रहेको भन्दै प्रहरीले माघ ४ गते रिहा गऱ्यो। उनीहरूमध्ये दुई

जना ५ गते घर फर्किए भने पदममायाँ विरामी भएर हिँड्न नसक्ने भएपछि मन्थलीमा नै उपचार गराएर फर्किइन्। पीडितले जिल्ला अदालत रामेछापमा यातना विरुद्ध मुद्दा दायर गरिन्। मुद्दा अदालतमा विचाराधीन छ।

दार्चुला जिल्ला निवासी मन्थली उच्चमाविका शिक्षक ४० वर्षीय चन्द्रसिंह धामीलाई ०६७ जेठ २० गते अनेरास्वियु समर्थक सहिद स्मृति क्याम्पस मन्थलीका स्वियु सभापति गङ्गा गोलेलगायतले विद्यालयको प्रशासनिक कक्षमा लगेर मोसो लगाएर दुर्व्यवहार गरे। सो घटनाको विरोधमा शिक्षकहरूले दुई दिनसम्म विद्यालय बन्द गरे। आरोपीमाथि कारबाहीको माग गर्दै सोही दिन जिल्ला प्रशासन कार्यालयमा निवेदन दिए पनि कारबाही भएन। नेपाल शिक्षक सङ्घमा आबद्ध धामीलाई राजनीतिक पूर्वाग्रहका कारण दुर्व्यवहार गरिएको पीडितले बताए।

बालअधिकार

सुकाजोर गाविस-२ की १६ वर्षीया एक बालिकालाई ०६७ कात्तिक ७ गते बलात्कार गरेको आरोपमा रामेछाप गाविस- ९ का २४ वर्षीय फडेन्द्र श्रेष्ठ र २१ वर्षीय रोशन तामाङमाथि ०६७ कात्तिक १५ गते जिल्ला प्रहरी कार्यालय रामेछापमा मुद्दा दर्ता भयो। आारोपितहरुले आफूलाई रामेछापको अस्पताल नजिकैको जङगलबाट ०६७ कात्तिक ७ गते नियन्त्रणमा लिएर रामेछाप बजारको एउटा कोठामा लगी बलात्कार गरेको पीडितले बताइन्। आरोपितद्वय दुवै जना फरार रहेको र उनीहरूको खोजी भइरहेको प्रहरीले बतायो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

सुकाजोर गाविस-६ की २५ वर्षीया एक

जिल्ला कारागारशाखा रामेछापको नवनिर्मित भवन

महिलालाई ०६६ चैत ६ गते बेलुको रामेछाप गाविस-८ का २२ वर्षीय सन्तोष साई र १८ वर्षीय श्याम हायूले रामेछाप-९ मा माटो खन्न गएको बेला सामूहिक बलात्कार गरेको आरोपमा पीडित पक्षले चैत ७ गते उजुरी दियो । बलात्कारपछि उनलाई घाँटी थिचेर मार्ने प्रयास गर्न लाग्दा पीडित भाग्न सफल भएकी थिइन्। पीडित महिलाको पाँच दिनसम्म रामेछाप जिल्ला अस्पतालमा उपचार गरियो। प्रहरीमा उजुरी परेपछि आरोपितहरूलाई चैत ८ गते गिरफ्तार गरी कारबाही चलायो। आरोपितहरू हाल रामेछाप कारागारमा छन्।

घरेलु हिंसा

राकाथुम गाविस-७ की ३० वर्षीया सुन्तली विकलाई ०६७ असोज ३० गते घरायसी बिवादमा उनकी सासू ५५ वर्षीया सीता विकले हँसिया प्रहार गरी घाइते बनाइन्। बुहारीलाई हँसियाले हिर्काएर घाइते बनाएकी विक गाउँबाट भागेर काठमाडौं पुगेकी थिइन्। उनलाई प्रहरीले गिरफ्तार गरी भक्तपुरको प्रहरी वृत्त थिमी हिरासतमा राखिएकोमा ०६७ कात्तिक २ गते प्रहरी हिरासमा मै तन्नाको पासो लगाएर आत्महत्या गरिन्।

तिल्पुङ गाविस-१ की २७ वर्षीया बेलीमायाँ मगरलाई ०६७ कात्तिक ८ गते उनका पति २३ वर्षीय खिलकुमार लुङ्गेली मगरले कुटपिट गरी हत्या गरेको आरोप लगाई माइती पक्षले कात्तिक १० गते जिल्ला प्रहरी कार्यालय रामेछापमा मुद्दा दर्ता गरे । दुई वर्ष अघि भागी विवाह गरेकी बेलीमायाँको कात्तिक ८ गते मृत्यु भएको थियो। पीडित पक्षले कात्तिक १० गते साँझ एक पत्रकार सम्मेलन गरी प्रहरीले घटनालाई गम्भीरताका साथ नलिएको आरोप लगाए। उनीहरूले किटानी जाहेरी दिँदा समेत प्रहरीले आरोपितलाई गिरफ्तार नगरेको बताए।

स्वास्थ्य सेवाको अवस्था

रामेछाप जिल्लामा जिल्लाको पुरानो सदरमुकाम रामेछाप बजारमा एउटा सरकारी अस्पताल रहेको छ। यसबाहेक जिल्ला सदरमुकाम मन्थली र खिम्ती बजारमा प्राथमिक स्वास्थ्य सेवा केन्द्र रहेका छन्। जिल्लामा दुईओटा अयुर्वेद केन्द्र रहेका छन्। यसैगरी ११ ओटा स्वास्थ्य चौकी र ४१ ओटा उपस्वास्थ्य चौकीहरू रहेका छन्।

जिल्ला स्वास्थ्य कार्यालय रामेछापका अनुसार यस वर्षको अन्त्यमा जिल्लामा एकजना मेडिकल सुपरिटेन्डेन्ट, एकजना जनस्वास्थ्य अधिकृत, एकजना

स्टाफ नर्स, एकजना हेल्थअसिस्टेन्ट, दुई जना ल्याप टेक्निसियन, एकजना अनमि, १२ जना अहेव, दई जना माशिका र १९ जना ग्रामीण स्वास्थ्य कार्यकर्ता गरी कूल ४० जनको दरबन्दी रिक्त रहेको छ। दरबन्दीअनुसारका स्वास्थ्यकर्मीहरू नभएको कारण सर्वसाधारणले पाउने स्वास्थ्य सेवा प्रभावित भएको छ। यसबाहेक कतिपय स्वस्थ्य केन्द्रहरूको भौतिक अवस्था अत्यन्त कमजोर रहेको छ। त्यसमा पनि भएका कर्मचारीहरूसमेत नियमितरूपमा स्वास्थ्यसंस्थामा नबस्ने, राज्यले निशुल्क दिने भनेर घोषणा गरेका औषधीहरू स्वास्थ्यसंस्थामा नियमित नपुग्नेलगायतका समस्याहरू रहेका छन्। रामेछाप जिल्लामा महिलाहरूमा पाठेघर खस्ने समस्या प्रमुख समस्याको रुपमा रहेको छ। जिल्लामा हुने पाठघर खसेका महिलाहरूको निशुल्क अप्रसन शिविरमा वर्षेनी ठूलो सङ्ख्यामा महिलाहरू आउने गरेका छन्।

विगतको अनुगमन

चुचुरे गाविस-४ का ५० वर्षीय घनश्याम कार्कीले द्वन्द्वको समयमा तत्कालीन माओवादीद्वारा कब्जा गरिएको जग्गा हालसम्म पनि उपभोग गर्न पाएका छैनन्। आफ्नो जग्गाको क्षतिपूर्ति र उपभोगको लागि जिल्लादेखि केन्द्रसम्म पुग्दा पनि कतैबाट सहयोग नपाएको पीडित कार्कीले बताए। एकीकृत माओवादी कार्यकर्ताले ०५८ सालमा कार्कीको चुचुरे गाविसको ४ र ५ नं वडामा रहेको ७३ रोपनी जग्गा कब्जामा लिएका थिए। माओवादीहरूले जग्गा कब्जा गरेपछि बाँझै बसेको जग्गामा शान्ति सम्झौतापछि ०६४ सालमा उनले पुनः खेती लगाएका थिए। उनले खेती लगाएको जग्गामा माओवादीका स्थानीय कार्यकर्ताले पुनः वस्तु चराई उनलाई खेती लगाउन दिएनन्। त्यसदेखि यता जग्गा बाँझै रहेर आफूले भोग चलन गर्न नपाएको कार्कीले बताए। माओवादीले जग्गा कब्जा गरेको भनी कार्कीले ०५८ सालको चैत ९ गते जिल्ला प्रशासन कार्यालयमा निवेदन गरेका थिए। त्यसै गरी ०५९ सालको पुस ३ गते गृह मन्त्रालयमा क्षतिपूर्तिको लागि निवेदन गरेका थिए। ०६२ सालमा नै सो निवेदनलाई जिल्ला प्रशासन कार्यालयले प्रहरीमा पठाएको भए पनि आफूले हालसम्म क्षतिपूर्ति नपाएको उनले बताए।

२.६ दोलखा

जनसङ्ख्या : २,३६,६३८
साक्षरता प्रतिशत : ६०
महिला साक्षरता प्रतिशत : ४०
क्षेत्रफल (वर्ग कि. मि.) : २,१९१
गाविस/नपा सङ्ख्या : ५१/१
सरकारी/निजी विद्यालय : ३९३/१२
क्याम्पस/उच्च मा.वि. : ३/३६
अस्पताल/स्वास्थ्य चौकी : १/५४
मानव विकास सूचकाङ्कः ०.४५०
प्रतिपरिवार सरदर सङ्ख्याः ५

जेल र बन्दीहरू

जिल्ला कारागार शाखाको बन्दी क्षमता ३५ जनाको रहेको छ। यस कारागारमा कैद तोकिएका २८ जना र कैद नतोकिएका १० जना गरी जम्मा ३८ जना पुरुष बन्दी रहेका छन्। कारागारका बन्दीहरूले ०६७ मंसिर ३ गते कारागारका सुरक्षा इन्चार्ज सई रामनारायण गौतमलाई सरुवा गर्नुपर्नेलगायतका नौ सुत्रीय माग राखी प्रदर्शन गरे। सई गौतमले पैसा माग्ने गरेको, मोबाईलको रिचार्ज कार्ड किनिदिनुपर्ने र बन्दीहरूसँग बोलीचाली तथा व्यवहार नराम्रो गरेको भन्दै प्रदर्शन गरेका थिए। सोही दिन बन्दी र जेल प्रशासनबीच मागको सम्बन्धमा कारागार विभागमा लेखिपठाउने सहमती भएपछि बन्दीले प्रदर्शन स्थगित गरेका थिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत दोलखामा ०६७ असार मसान्तसम्म बाँकी भएका ५५ ओटा सरकारवादी फैज्दारी मुद्दामा २६ ओटा फर्स्यौट २८ ओटा मुद्दा बाँकी रहे। सोही अवधिमा बाँकी भएका ४३ ओठा दुनियावादी फौज्दारी मुद्दामा १८ ओटा फर्स्यौट भई २५ ओटा मुद्दा

बाँकी रहे। यसैगरी ०६७ साउन महिनादेखि पुस १६ गतेसम्म दर्ता भएका ४ ओटा सरकारवादी फौज्दारी मुद्दामा एउटा फर्स्यौट भई तीनओटा मुद्दा बाँकी रहे। सोही अवधीमा दर्ता भएका ७ थान दुनियावादी फौज्दारी मुद्दामा एउटा पनि मुद्दा फर्स्यौट नभई सात ओटै मुद्दा बाँकी रहे। यस जिल्लामा घरेलु हिंसा सम्बन्धी ऐन अन्तरगत मुद्दा दायर भएको छैन।

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

लाँकुरीडाँडा गाविस-७ का १७ वर्षीय पेम्बादोर्जे तामाङलाई चोरीको आरोपमा ०६७ जेठ २२ गते गिरफ्तार गरी ०६७ जेठ २३ गते राति जिल्ला प्रहरी कार्यालय दोलखाका असई राजीव केसी, प्रहरी हवल्दार भीम बस्नेत र प्रहरी जवान नवराज पोखरेलले हिरासतमा कुटपिट गरी यातना दिए। कुटपिटबाट घाइते तामाङलाई ०६७ जेठ २४ गते प्रहरीले प्राथमिक उपचार केन्द्र दोलखामा उपचार गराए। पीडितले हिरासतमा यातना दिएको भन्दै क्षतिपूर्तिका माग राखी ०६७ साउन २८ गते जिल्ला अदालत दोलखामा मुद्दा दायर गरे। पीडकहरू जिल्ला अदालत चरिकोटको आदेशमा यस वर्षको अन्त्यसम्म साधारण तारेखमा रहेका थिए।

पवटी गाविस-१ घर भई सोही स्थानको दियालेखर्क निमाविमा कार्यरत शिक्षक ५४ वर्षीय परशुराम कोईरालालाई विद्यालयमा शिक्षक नियुक्ति र विगतमा शिक्षकलाई नियमित तलव नदिएको आरोपमा ०६७ जेठ २३ गते बिहान विद्यालयको कोठाबाट बाहिर बोलाइ स्थानीय अभिभावकहरूले मोसो दली दुर्व्यवहार गरे। पीडितले पवटी गाविस-२ निवासी ४० वर्षीय कृष्णबहादुर भन्ने गोपाल कालिकोटे, सोही स्थानका श्रीबहादुर बुढाथोकी, सोही गाविस-३ निवासी ४० वर्षीय माधव पाण्डे, सोही स्थानका वडा नं. ३ का ५० वर्षीय प्रेमबहादुर थापा र ४० वर्षीय रामबहादुर बुढाथोकी, शेलुङ्गेश्वर गाविस-७ घर भई सोही विद्यालयमा कार्यरत शिक्षक २५ वर्षीय रामेश्वर थापालगायत घटनामा संलग्न भएको भन्दै जिल्ला प्रहरी कार्यालय चरिकोटमा किटानी जाहेरी दिए। जिल्ला प्रशासन कार्यालय चरिकोटले ०६७ साउन १८ गते प्रेमबहादुर थापालाई २५ हजार रुपियाँ र अन्यलाई जनही २० हजार रुपियाँ धरौटीमा तारेखमा रिहा गऱ्यो। पीडितले चरिकोटस्थित च्छोरोल्पा पोलिक्लिनिकमा र काठमाडौंमा उपचार गराए।

भीमेश्वर नपा-७ की २६ वर्षीया महिमा कुसुलेलाई ०६७ असार ३० गते जिल्ला प्रहरी कार्यालय दोलखाका असई राजीव केसीलगायतले हिरासतमा कुटपिट गरी यातना दिए। छिमेकीले चोरीको आरोपमा उजुरी दिएपछि ०६७ असार २९ गते जिल्ला प्रहरी कार्यालयमा हाजिर भई भोलिपल्ट हाजिर हुने गरी तारेख दिइएकोमा असार ३० गते हिरासतमा राखेको अवस्थामा उनलाई कुटपिट गरी यातना दिइएको थियो। पीडितको प्राथमिक स्वास्थ्य केन्द्र चरिकोटमा उपचार भयो। पीडितले हिरासतमा यातना दिएको भन्दै क्षतिपूर्तिका माग राखी ०६७ साउन ६ गते जिल्ला अदालत दोलखामा मुद्दा दायर गरे। पीडकहरू जिल्ला अदालत चरिकोटको आदेशमा साधारण तारेखमा रहेका छन्।

बालअधिकार

यस जिल्लामा २ सय ६१ प्रावि, ३३ निमावि, ४४ मावि, ८ क्याम्पस, ३८ उच्च मावि रहेका छन् भने निजी विद्यालयमा १५ प्रावि, ४ निमावि, ६ मावि र एक उच्चमावि रहेको छ।

मिर्गे गाविस-८ की ७ वर्षीया एक बालिकालाई ०६६ माघ १० गते सोही स्थानकी ६२ वर्षीय गंगाबहादुर खड्काले पीडककै घरमा बलात्कारको प्रयास गरेको भन्दै ०६६ माघ १४ गते पीडितको परिवारले जिल्ला प्रहरी कार्यालयमा निवेदन दिए। प्रहरीले आरोपित खड्काविरुद्ध जबरजस्ती करणी उद्योगमा ०६६ माघ १५ गते जाहेरी दर्ता गऱ्यो। यस वर्षको अन्त्यसम्म खड्का फरार छन्।

महोत्तरी जिल्ला फुलहका गाविस-४ घर भई भिमेश्वर नपा-१० चरिकोटमा अभिभावकसँग बस्ने १२ वर्षीय सञ्जुराम महरा (चमार) को ०६७ वैशाख ५ गते अज्ञात व्यक्तिले चरिकोटबाट अपहरण गरी भारतको भारतको सितामढी जिल्ला कण्डोलमा ०६७ वैशाख ९ गते हत्या गरे। पीडित चरिकोटस्थित माउण्ट भ्याली बोर्डिङ स्कूलमा कक्षा दुईमा अध्ययनरत थिए। अपहरणमा परेको दिन साँझ अज्ञात व्यक्तिले

दोलखा जेलका बन्दीहरु

मोबाईलबाट फोन गरी महरालाई अपहरण गरेको भन्दै पीडित परिवारसँग १० लाख रुपियाँ फिरौती माग गरेको थियो। अपहरणको आरोपमा भारत सीतामढी घर भई चरिकोटमा कवाडीका सामान सङ्कलन गर्दै आएका ४० वर्षीय रामकिशोर राम, १९ वर्षीय नुरआलम सिद्धिकी र सर्लाही जिल्ला लक्ष्मीपुर गाविस-१ का १८ वर्षीय मुन्ना भन्ने जुवेर मन्सुरलाई ०६७ वैशाख १४ गते प्रहरीले गिरफ्तार गऱ्यो। जिल्ला अदालत दोलखाको आदेशले ०६७ जेठ ९ गते उनीहरू पुर्पक्षको लागि कारागार चलान भए। पीडितका बुबा जोगिया महराले जिल्ला प्रहरी कार्यालयमा ०६७ पुस ९ गते गिरफ्तार सबैका विरुद्ध कतर्व्य ज्यानको मुद्दा दर्ता गराए। जोगीराम विगत लामो समयदेखि चरिकोटमा सडक पेटिमा जुत्ता, छाता मर्मतको काम गर्दै आएका छन्।

फस्कु गाविस-३ की १५ वर्षीया एक बालिकालाई ०६७ जेठ २ गते बेलुकी सोही स्थानका २४ वर्षीय शशीभूषण कार्कीले बलात्कार गरेको भन्दै पीडितका परिवारले जेठ ३ गते जिल्ला प्रहरी कार्यालय चरिकोटमा निवेदन दिए। प्रहरीले आरोपित कार्कीलाई ०६७ असार ६ गते गिरफ्तार गरी जबरजस्ती करणीको मुद्दा चलायो। आरोपित कार्की जिल्ला अदालत दोलखाको ०६७ साउन २ गतेको आदेशमा ४० हजार रुपियाँ धरौटी राखी तारेखमा रिहा भए।

भिमेश्वर नपा-१० रामकोटकी ११ वर्षीया एक बालिकालाई ०६७ जेठ २४ गते सोही स्थानका ४७ वर्षीय सुनखरी न्यौपानेले उनकै घरमा बलात्कारको प्रयास गरेको भन्दै पीडितका परिवारले जिल्ला प्रहरी कार्यालय चरिकोटमा निवदेन दिए। न्यौपाने फरार छन्।

लाकुरीडाँडा गाविस-६ की ५ वर्षीया एक बालिकालाई ०६७ जेठ ३१ गते साँझ सोही स्थानका १७ वर्षीय पुकार जोशी श्रेष्ठले भित्तेरी देविथान भन्ने स्थानमा बलात्कार प्रयास गरेको भन्दै पीडितका परिवारले जिल्ला प्रहरी कार्यालय चरिकोटमा निवेदन दिए। प्रहरीले श्रेष्ठलाई ०६७ असार २ गते गिरफ्तार गरी जबरजस्ती कारणी उद्योगमा मुद्दा चलाएकोमा जिल्ला अदालत चरिकोटको आदेशमा ०६७ असार २७ गते पुर्पक्षका कारागार चलान भए।

च्यामा गाविस-५ की १२ वर्षीया एक बालिकालाई ०६७ भदौ १९ गते झापा जिल्ला खुदुनाबारी गाविस-९ भुटानी शिविरमा घर भई च्यामा गाविस-७ स्थित प्यूअर एकेडेमीका शिक्षक २२ वर्षीय वसन्त राईले बलात्कारको प्रयास गरेको भन्दै पीडितका परिवारले जिल्ला प्रहरी कार्यालयमा ०६७ असोज ३ गते निवदेन दिए। प्रहरीले राईलाई ०६७ असोज २१ गिरफ्तार गरी जबरजस्ती करणी उद्योगमा मुद्दा चलाएकोमा सोही दिन पुपर्क्षको लागि कारागार चलान भए। बलात्कार प्रयासको विषयमा च्यामा गाविस-९ स्थित रुद्रबहादुर घिमिरेको घरमा ०६७ असोज १ गते छलफल गर्न लाग्दा आरोपित राईले च्यामा गाविस-५ निवासी ४३ वर्षीय दीपबहादुर आपगाईं, सोही गाविस-९ निवासी ३८ वर्षीय चक्रबहादुर घिमिरे र सोही स्थानका ४५ वर्षीय रुद्रबहादुर घिमिरेलाई खुकुरी प्रहार गरी घाइते बनाएका थिए। घाइतेहरूको चरिकोट र काठमाडौमा उपचार भयो।

घटनाको प्रकार	गैरराज्यबाट			
	अन्यबाट			
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
हत्या	३	३		३
घाइते	४	६		६
कुटपिट	३	३		३
महिलाअधिकार	३		३	३
बालअधिकार	६		६	६
अमानवीय व्यवहार	१	१		१
अपहरण	१	१		१
जम्मा	३३	१५	१०	३५

स्थानीय बासिन्दाद्वारा कुटपिट गरी घाइते बनाइएका परशुराम कोइराला

विगु गाविस-१ की ७ वर्षीया एक बालिकालाई ०६७ असोज ३ गते सोही स्थानका १७ वर्षीय कुईसाङ शेर्पाले विद्यालयबाट बेलुकी फर्कने क्रममा जङ्गलमा बलात्कारको प्रयास गरेको भन्दै पीडितका परिवारले ०६७ असोज १० गते प्रहरीमा उजुरी दिए। प्रहरीले सोही दिन आरोपित शेर्पालाई गिरफ्तार गऱ्यो। शेर्पालाई जिल्ला अदातल चरिकोटले ०६७ असोज २१ गते सुधारगृह काठमाडौमा राख्न आदेश दियो।

सुरी गाविस-२ की १४

वर्षीया एक बालिकालाई ०६७ वैशाख २६ गते खारे गाविस-८ का २६ वर्षीय दामोदर पोखरेलले फकाएर विवाह गरे। बालिकाको परिवारले बालविवाह गरेको भन्दै ०६७ असार १८ गते जिल्ला प्रहरी कार्यालय निवेदन दिएकोमा पोखरेललाई ०६७ असार ३० गते प्रहरीले गिरफ्तार गऱ्यो। पोखरेललाई जिल्ला अदालत दोलखाले ५ हजार रुपियाँ जरिवाना गरी रिहा गऱ्यो।

अपहरण गरी हत्या गरिएका सञ्जय महरा (चमार)

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

दुर्व्यवहार

चंखु गाविस-३ निस्तीडगैराकी ५७ वर्षीया लेमी शेर्पालाई बारीमा घाँस काटेको निहुँमा ०६७ भदौ ४ गते बोक्सीको आरोपमा सोही ठाँउकी १५ वर्षीया बैनीमा शेर्पाले कुटपिट गरिन्। पीडितले सदरमुकाम चरिकोटस्थित च्छोरोल्पा पोलिक्लिनिक उपचार गराइन्। पीडितले बोक्सी भन्दै कुटपिट गरेको भनी जिल्ला प्रहरी कार्यालय चरिकोटमा किटानी जाहेरी दिएकोमा दुबैपक्षबीच आइन्दा यस्तो गल्ती नगर्ने र उपचार खर्च २० हजार रुपियाँ उपलब्ध गराउने गरी मिलापत्र भयो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

क्षेत्रपा गाविस-१ की २७ वर्षीया एक महिलालाई ०६७ असोज १९ गते नाम्दु गाविस-६ का ४३ वर्षीय सुब्बा भनिने धनराज खड्काले घाँस काट्न गएको अवस्थामा सोही ठाउँमा बलात्कार गरेको भन्दै पीडितका परिवारले जिल्ला प्रहरी कार्यालय चरिकोटमा ०६७ असोज २१ गते निवेदन दिए। प्रहरीले आरोपित खड्कालाई सोही दिन गिरफ्तार गरी जबरजस्ती करणको मुद्दा चलायो। जिल्ला अदालतको आदेशमा खड्का ०६७ कात्तिक १४ गते पुर्पक्षको लागि कारागार चलान भए।

बहुविवाह

बोच गाविस-५ की २६ वर्षीया उषा बस्नेतले पति ३० वर्षीय रामचन्द्र बस्नेतले ०६७ असोज ३१ गते सोही गाविस निवासी कुन्ती थापासँग दोश्रो विवाह गरेको भन्दै जिल्ला प्रहरी कार्यालयमा ०६७ मङ्सिर २८ गते निवदेन दिइन्। आरोपितहरू फरार छन्।

स्वास्थ्य सेवाको अवस्था

यस जिल्लामा एक जिल्ला अस्पताल, दुई प्राथमिक स्वास्थ्य केन्द्र, नौ स्वास्थ्य चौकी, ४३ उपस्वास्थ्य चौकी रहेका छन् भने। जिल्लामा डाक्टर दरबन्दी दुईमा एक रिक्त, तालिम सहायक एक, पब्लिक हेल्थ नर्स एक पदपूर्ति रहेको छ भने स्टफ नर्स दुई जनामा एक, हेल्थ असिस्टेन्ट १३ जनामा पाँच, अनमी १४ जनामा एक, अहेव ५६ जनामा पाँच र ग्रामीण स्वास्थ्य कार्यकर्ता ५५ मा १४ पद रिक्त रहेको छ।

२.७ रौतहट

जनसङ्ख्या : ६,७७,२६१
साक्षरता प्रतिशत : ४०
महिला साक्षरता प्रतिशत : २५
क्षेत्रफल (वर्ग कि. मि.) : १,१२६
गाविस/नपा सङ्ख्या : ९६/१
सरकारी/निजी विद्यालय : ३८३/२०
क्याम्पस/उच्च मा.वि. : ३/३०
अस्पताल/स्वास्थ्य चौकी : १/९७
मानव विकास सूचकाङ्कः ०.४०९
प्रतिपरिवार सरदर सङ्ख्याः ६.८९

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

राज्यबाट

राजपुर फरहदवा गाविस-७ का २७ वर्षीय जाहिर अन्सारीको ०६७ वैशाख ७ गते राति प्रहरीले

करुनिया गाविस-७ मा गोली हानी हत्या गरे। हतियारधारी डाँकाको समूह उक्त गाउँमा लुटपाट गर्न आएको सूचनाको आधारमा सो स्थानमा पुगेको प्रहरी टोली र डाँका समूहबीच दोहोरो भिडन्त हुँदा अन्सारीको घटनास्थलमा नै मृत्यु भएको प्रहरीले जनायो। मृतकको साथबाट प्रहरीले थ्रि फिफटिन पेस्तोल र सोमा लाग्ने दुई राउण्ड गोली समेत बरामद गरेको थियो। मृतकको लास गौर अस्पतालमा ०६७ वैशाख ८ गते पोष्टमार्टमपछि आफन्तलाई बुझाइएको प्रहरीले जनायो।

मर्यादपुर गाविस-३ निवासी जनतान्त्रिक तराई मुक्ति मोर्चाका सैन्य कमाण्डर २७ वर्षीय विजय भनिने झमन राय यादव र सोनरनिया गाविस-१ निवासी सोही संगठनका कार्यकर्ता २२ वर्षीय वीरेन्द्र भनिने विनोद राय यादवको ०६६ फागुन १० गते राति प्रहरीले जिंगडवा गाविस जाने सडकको पुलमा गोली हानी हत्या गऱ्यो। राति ९:३० बजेको समयमा गस्तीमा गएको प्रहरीलाई देखेपछि उनीहरूले फायरिङ गरेकाले जवाफी कारबाही गर्दा दुवैको मृत्यु भएको प्रहरीले जनायो। मृतकहरूको साथबाट दुई थान नलकटुवा पेस्तोल र सोमा लाग्ने २ राउण्ड गोली समेत बरामद गरेको प्रहरीले जनायो। मृतकहरूको गौर अस्पतालमा ०६६ फागुन ११ गते पोष्टमार्टमपछि परिवारले त्यसै दिन लास बुझी दाहसंस्कार गरे।

सङ्ग्रामपुर गाविस-७ पर्सा टोल निवासी तराई मधेश फोर्सका केन्द्रीय अध्यक्ष रघुवीर भनिने २७ वर्षीय राजेन्द्रकुमार पटेलको ०६७ कात्तिक १७ गते राति प्रहरीले बन्जरहा गाविस-६ स्थित लाल बकैया नदीको बन्जरहा घाटमा गोली हानी हत्या गऱ्यो। सीमा प्रहरी चौकी बन्जराहाबाट गएको प्रहरी गस्ती टोलीसँग राति ८ बजेको समयमा ५/६ जनाको अज्ञात समूहसँग जम्काभेट हुँदा प्रहरीलाई शङ्का लागी जाँच गर्न खोज्दा गस्ती प्रहरीलाई लक्षित गरी फायरिङ गर्दै भाग्ने क्रममा प्रहरी र उक्त सशस्त्र समूहबीच २० मिनेट भिडन्त हुँदा प्रहरीको गोली लागी उनको मृत्यु भएको प्रहरीले जनायो। लासको जिल्ला अस्पतालमा गौरमा ०६७ कात्तिक १८ गते पोष्टमार्टम गराई प्रहरीले सोही दिन पीडितका परिवारजनलाई बुझाएको थियो।

धरमपुर गाविस-३ घर भई हाल सर्लाही जिल्ला हजरिया गाविस-७ निवासी जनतान्त्रिक तराई मुक्ति मोर्चा(ज्वाला सिंह) का रौतहट जिल्ला इन्चार्ज ३२ वर्षीय कमल भनिने सुरेन्द्र मुखिया विन र सर्लाही जिल्ला हजरिया गाविस-७ निवासी सोही सङ्गठनका सर्लाही, महोत्तरी र रौतहट जिल्लाका प्लाटुन कमाण्डर २७ वर्षीय उमेश भन्ने हरिशङ्कर सहनीको ०६७ पुस ११ गते राति प्रहरीसँगको भिडन्तमा मृत्यु भयो। राति १०:३० बजेको समयमा धरमपुर गाविस-२ स्थित सिंगारमन गाउँनजिक बाग्मती नदीको घाटमा गस्तीमा रहेको प्रहरीले ४/५ जनाको सङ्ख्यामा रहेका व्यक्तिहरूलाई जाँच गर्न खोज्दा सो समूहले प्रहरी टोलीलाई लक्षित गरी फायरिङ गर्दै भाग्ने क्रममा प्रहरीले जवाफी फायर गर्दा उनीहरूको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रौतहटका डिएसपी गोविन्द थपलियाले बताए। मृतकहरूको लास जिल्ला अस्पताल गौरमा ०६७ पुस १२ गते पोष्टमार्टम गराई सोही दिन परिवारजनलाई बुझाइएको प्रहरीले जनायो।

अज्ञात समूहबाट

सोनरनिया गाविस-४ निवासी एकीकृत माओवादीका भोजपुरा राज्य समिति सदस्य ३५ वर्षीय शम्भु राय यादवको ०६६ माघ २९ गते राति अज्ञात समूहले गोली हानी हत्या गऱ्यो। यादवलाई राति १० बजे फतुहा हर्षाहा गाविसका अमर राय यादवको वा.३० च. ८७६४ नं को मोटरसाइकलमा आफ्नो घरतर्फ जाँदै गर्दा सोनरनिया गाविस-५ स्थित सडकमा गोली प्रहार गरिएको थियो। मृतकको लास जिल्ला अस्पताल गौरमा ०६६ फागुन १ गते पोष्टमार्टम गरी आफन्तलाई जिम्मा लगाइएकोमा सोही दिन सदगद् भयो। घटनामा संलग्न रहेको आरोपमा एकीकृत माओवादीका कार्यकर्ताले सितलपुर बैरगनिया गाविस-५ का रामसेवक राय यादवलाई ०६६ फागुन १ गते नियन्त्रणमा लिई कुटपिट गरी प्रहरीलाई बुझाएकोमा उनलाई वीरगञ्जस्थित नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार गर्ने क्रममा फागुन ३ गते अस्पतालबाट फरार रहेको प्रहरीले जनायो। हत्याको जनतान्त्रिक तराई मुक्ति मोर्चा(ज्वाला सिंह), मधेश क्रान्तिकारी पाटी र संयुक्त तराई मुक्ति मोर्चा नामक भूमिगत सङ्गठनले छुट्टाछुट्टै विज्ञप्ती प्रकाशन गरी जिम्मेवारी लिए।

हर्दिया पल्टुवा गाविस-६ की ६० वर्षीय घौरीदेवी यादवको ०६७ असोज ५ गते अज्ञात समूहले धारिलो हतियार प्रयोग गरी हत्या गरे। आफ्नै घरमा सुतिरहेकी एकल महिला यादवलाई सम्पतिकै कारण हत्या भएको स्थानीय व्यक्तिहरूले बताए। घटनामा संलग्न कसैलाई पनि यो वर्षको अन्तसम्म प्रहरीले गिरफ्तार गर्न सकेन। मृतकको शव ०६७ असोज ६ गते जिल्ला अस्पताल गौरमा पोष्टमार्टम गरी आफन्तलाई बुझायो।

घटनाको प्रकार	गैरराज्यबाट				राज्यबाट		
	अन्यबाट						
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	१७	९	८	१७	४	६	६
घाइते	६	३	६	९			
कुटपिट	४	३	३	५	१	३	३
धम्की	६	६		६			
भेला/सङ्गठित हुने अधिकार					१	४	४
महिलाअधिकार	११		११	११			
बालअधिकार	६		६	६			
अमानवीय व्यवहार	१	१		१			
अपहरण	७	६	१	७			
जम्मा	५८	३८	३४	६३	६	१३	१३

गोली/विस्फोटक पदार्थद्वारा घाइते

बेवारिसे बम विस्फोटबाट

अजगैवी गाविस-६ की १० वर्षीया बिन्दु राउत र सोही ठाउँकी १२ वर्षीया रन्जु महतो कुशवाहा ०६७ असोज २४ गते साँझ बेवारिसे बम विष्फोटन हुँदा घाइते भए। सोही गाविस- ६ स्थित खेतमा घाँस काट्न गएका बखत साँझ ६ बजेको समयमा ती बालिकाहरूले भेट्टाएको सुतली बमलाई खेलौना ठानेर खेलाउँदा विस्फोट भई उनीहरू घाइते भएका थिए। बम विस्फोटनबाट बिन्दु राउतको दुवै हातमा बमको छर्रा लागेको र रन्जु कुशवाहाको देब्रे घुँडामा बमको चोटपटक लागेकाले उनीहरूको गाउँकै उपस्वास्थ चौकीमा सामान्य उपचार गरी थप उपचार जिल्ला अस्पताल गौरमा भयो। घाइतेहरू जिल्ला अस्पताल गौरमा सामान्य उपचारपछि असोज २५ गते घर फर्किए।

अज्ञात समूहबाट

गौर नपा-३ की २१ वर्षीया अर्चनाकुमारी मिश्र, उनकै दुई जना छोरी ४ वर्षीया मुर्तीकुमारी र २ वर्षीया श्रुतीकुमारी मिश्र ०६७ साउन १९ गते राती अज्ञात समूहले उनीहरूको घरमा बम विस्फोटन गराउँदा घाइते भए। घरमा सुतिरहेका उनीहरूको घरको पर्खालमा अज्ञात समूहले बम विस्फोटन गराएको थियो। घाइतेहरूको टाउको, आँखा र हातमा चोटपटक लागेकाले उनीहरूको गौर अस्पतालमा उपचार भयो।

भलोहिया गाविस-६ की २५ वर्षीया सुन्दरीयादेवी यादवलाई ०६६ चैत १३ गते दिउँसो आफनै घरमा बसिरहेको अवस्थामा अज्ञात समूहले पछाडिबाट ढाडमा गोली प्रहार गरी घाइते बनाए। घाइतेको गौर अस्पतालमा उपचार हुन नसकी वीरगञ्जमा उपचार भयो। पीडितलाई गोली प्रहार गरेको घटनामा संलग्न रहेको आशङ्कामा प्रहरीले पीडितकै देवरानी इन्दुदेवी यादवलाई गिरफ्तार गरेकोमा जिल्ला सरकारी वकिल कार्यालय रौतहटबाट मुद्दा नचल्ने निर्णय भएकाले उनी रिहा भइन्।

जेल र बन्दीहरू

गौरस्थित जिल्ला कारागार वि.सं १९७५ मा निर्माण भएको हो। 'ग' श्रेणीको कुल ७५ जना क्षमता रहेको यस कारागारमा जम्मा १ सय १५ जना बन्दीहरू रहेका छन्। जसमध्ये कैद नतोकिएका तीन जना महिलासहित ७८ जना र कैद तोकिएका तीन महिलासहित ३७ जना बन्दीहरू रहेका छन्। यस कारागारमा बन्दीसँग दुई जना आश्रित बालक रहेका छन्। कारागारभित्र खेलकुदका सामानहरूमा भलिबल, चेस, क्यारमबोर्ड दिइएको छ भने पुरुष बन्दीगृहतर्फ चारओटा र महिला बन्दीगृहमा दुईओटा शौचालय छ। पुरुष बन्दीगृहतर्फ शौचालयको सङ्ख्या कम रहेकाले कठिनाइ हुने गरेको बन्दीहरूले बताए। कारागारमा क्षमताभन्दा बढी बन्दीहरू रहने गरेकाले सुत्न कठिनाइ हुने गरेको उनीहरूको गुनासो छ।

बेपत्ता/अपहरण

अज्ञात समूहबाट

झुन्खुनवा गाविस-४ का २२ वर्षीय रामप्रवेश साहलाई आफनै घरमा सुतिरहेको अवस्थामा ०६६ चैत

५ गते राति चारपाँच जनाको सङ्ख्यामा आएको अज्ञात हतियारधारी समूहले अपहरण गऱ्यो। पीडितलाई अपहरणकारीले ४ लाख रुपियाँ फिरौती लिएर ०६६ चैत १७ गते भारतको बैरगनियाबाट मुक्त गरे। घटनामा संलग्न कसैलाई पनि प्रहरीले यो वर्षको अन्तसम्म गिरफ्तार गर्न सकेन।

धम्की/कुटपिट

अज्ञात समूहबाट

गौर नपा-५ निवासी राष्ट्रिय समाचार समिति र स्थानीय प्रतीक दैनिकका रौतहट सम्वाददाता ४० वर्षीय शैलेन्द्रकुमार झालाई ०६७ जेठ १५ गते राति अज्ञात समूहले मार्ने धम्की दियो। आफ्नै घरमा बसिरहेका झालाई आफूलाई तराईमा सङ्गठित भूमिगत संगठनको कार्यकर्ता बताउने एक व्यक्तिले मोबाइलबाट फोन गरी १ लाख रुपियाँ चन्दा नदिए मार्ने धम्की दिएको पीडित झाले बताए। फोनमा पीडकले पत्रकार भएर आफ्नो पार्टीको समाचार नछापेको भन्दै मार्ने धम्की दिएका थिए। धम्की दिने व्यक्तिले आफनो नाम र भूमिगत सङ्गठनको नाम भने नखुलाएको पीडितले बताए। घटना सम्बन्धमा मोबाइलनम्बरं सहित प्रहरीलाई जानकारी गराए पनि प्रहरीले यो वर्षको अन्तसम्म कसैलाई गिरफ्तार गर्न सकेन।

जिल्लामा क्रियाशील सशस्त्र भूमिगत समूहको धम्कीका कारण असुरक्षा बढेको जनाउँदै रौतहट जिल्लाका ९६ गाविसमध्ये ८४ गाविसका सचिवहरूले ०६७ असार २१ गते सामूहिक राजिनामा दिए। गाविस हकहित संरक्षण केन्द्र रौतहटको अगुवाइमा सचिवहरूले सामुहिक राजिनामा पत्र स्थानीय विकास अधिकारी विस्णुराज लामिछानेलाई बुझाइएको गाविस हकहित संरक्षण केन्द्र रौतहटका अध्यक्ष रामपुकार सहनीले बताए। वर्तमान अवस्थामा गाविसमा गएर काम गर्ने वातावरण नभएको, विभिन्न भूमिगत संगठनहरूबाट ठूलो परिमाणमा चन्दा माग गर्ने र नदिए मार्ने धम्की दिँदासमेत स्थानीय प्रहरी प्रशासनलाई जानकारी गराउँदा पनि सुरक्षाको कुनै प्रत्याभूति नभएकाले बाध्य भएर सामुहिक राजिनामा दिइएको संरक्षण केन्द्रका अध्यक्ष सहनीले बताए। ०६७ असार २७ गते जिल्ला प्रशासन कार्यालय रौतहटमा बसेको गाविस सचिव, प्रमुख जिल्ला अधिकारी तथा सुरक्षा प्रमुखहरूको संयुक्त बैठकले गाविस सचिवहरूलाई सरकारको तर्फबाट पूर्ण सुरक्षा प्रदान गर्ने सहमति भएपछि सोही दिनदेखि सचिवहरूले आफ्नो राजीनामा फिर्ता लिएको घोषणा गरेका थिए।

संग्रामपुर गाविस-३ निवासी नेपाल पत्रकार महासङ्घ रौतहट शाखाका सदस्य तथा उज्यालो नेटवर्क रौतहटका सम्वाददाता ३० वर्षीय मदन ठाकुरलाई ०६७ कात्तिक २८ गते विहान अज्ञात व्यक्तिले फोनबाट मार्ने धम्की दिए। आफनो घर संग्रामपुरबाट गौर गएका ठाकुरलाई अज्ञात व्यक्तिले मोबाइलबाट पीडित ठाकुर र उनको परिवारलाई गोली हानी मार्न धम्की दिएको पीडितले बताए। धम्की दिने व्यक्तिको मोवाइल नं प्रहरीले पत्ता लगाई सितलपुर बैरगनिया गाविस-३ का ३० वर्षीय बिनोद ठाकुरलाई इलाका प्रहरी कार्यालय गरुडाले गिरफ्तार गरे पनि कुनै कारबाही नगरी रिहा गरे।

चन्द्रनिगाहपुर गाविस-१ निवासी श्री ॐ उच्च मावि सन्तपुरमा अध्यापन गराउने शिक्षक ५० वर्षीय निलकण्ठ नेपाललाई ०६७ पुस ३ गते दिउँसो अज्ञात व्यक्तिले चन्दा रकम माग गर्दै नदिए मार्ने धम्की दिए। अज्ञात व्यक्तिको मोवाइलबाट पीडितलाई ३ लाख रुपियाँ उनको पार्टीलाई चन्दा नदिए दुई दिन भित्र मार्ने धम्की दिएको पीडितले बताए। घटनाको सम्बन्धमा प्रहरीलाई जानकारी गराए पनि पीडकलाई प्रहरीले यो वर्षको अन्तसम्म गिरफ्तार गर्न सकेन।

प्रहरीद्वारा मारिएका झमन राय र विनोद राय यादव

तराई टाइगर्सबाट

इलाका प्रहरी कार्यालय गरुडामा कार्यरत इन्सपेक्टर ३५ वर्षीय जनक शाहीलाई ०६७ साउन २ गते भूमिगत सङ्गठन तराई टाइगर्सका कार्यकर्ताले फोन गरी मार्ने धम्की दिए। आफूलाई तराई टाइगर्सका कार्यकर्ता बताउने सुभाषचन्द्र नाम गरेका व्यक्तिले मोबाइलबाट इन्सपेक्टर शाहीलाई आफना सङ्गठनका कार्यकर्ताहरूलाई गिरफ्तार गरेको, घर खानतलासी गरेको र धेरै सर्च गर्ने गरेकाले गाडीमा एम्बुस राखी पड्काएर मार्ने धम्की दिएको शाहीले बताए। घटनामा संलग्न रहेकालाई प्रहरीले यो वर्षको अन्तसम्म गिरफ्तार गर्न सकेन।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) बाट

नेपाल विद्युत् प्राधिकरण चन्द्रनिगाहपुर शाखाका निमित्त शाखा प्रवन्धक ५० वर्षीय बेचन साहलाई ०६७ साउन १८ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा ज्वाला समूहका कार्यकर्ताले गोली हानी मार्ने धम्की दिए। मोर्चाका रौतहट जिल्ला इन्चार्ज कामेश्वर पटेलले मोवाइलबाट पीडितलाई आफ्नो पार्टीलाई चन्दा सहयोग नगरेकाले गाउँमा विद्युत् निर्माण गर्न गएका बखत जुनसुकै बेला गोली हानी हत्या गर्ने धम्की दिएको पीडितले बताए। घटनाको सम्बन्धमा प्रहरीलाई जानकारी गराए पनि घटनामा संलग्न रहेकालाई प्रहरीले यो वर्षको अन्तसम्म गिरफ्तार गर्न सकेन।

अन्यबाट

गौर नपा-८ निवासी नेपाल पत्रकार महासङ्घ रौतहटका सचिव तथा स्थानीय क्राइम एक्सप्रेस दैनिकका प्रकाशक ३६ वर्षीय राजेन्द्रकुमार क्षेत्रीलाई रौतहट क्षेत्र नं १ का सभासद् बबनकुमार सिंहले ०६६ फागुन २९ गते मार्ने धम्की दिए। स्थानीय क्राइम एक्सप्रेस दैनिक पत्रिकाको फागुन २९ गतेको अङ्कमा "सभासद सिंहको चोरीको मोटरसाइकल प्रहरीको कब्जामा" भन्ने समाचार प्रकाशित भएपछि सभासद् सिंहले पत्रकार क्षेत्रीलाई फोनबाटै गालीगलौज गर्नुका साथै मार्ने धम्की दिएका थिए। सभासद् सिंहले सार्वजनिक रूपमा माफी नमागेसम्म चरणबद्ध आन्दोलन गर्ने विभिन्न पत्रकार सङ्घसंस्थाहरूले घोषणा गरेपछि सभासद सिंहले चैत २ गते पत्रकार क्षेत्रीलाई फोन गरी आफूले आवेशमा आएर त्यस्तो भनेको भन्दै माफी मागेका थिए।

गौर नपा-८ निवासी नेपाल पत्रकार महासङ्घ जिल्ला शाखा रौतहटका सचिव ३६ वर्षीय राजेन्द्रकुमार क्षेत्रीलाई ०६७ भदौ २ गते साँझ सरुअठा गाविस-१ का ४५ वर्षीय भूषणकुमार सिंह, सोही ठाउँका ३५ वर्षीय अशोककुमार सिंहले कुटपिट गरे। सम्पादक क्षेत्री रहेको क्राइम एक्सप्रेस दैनिकको ०६७ साउन ३१ गतेको अङ्कमा गौर भन्सार कार्यालयमा भ्रष्टाचार भएको कार्टुन प्रकाशित गरेको विषयलाई लिएर पीडकहरूले पीडित क्षेत्रीको घरमै गएर कुटपिट गरेको पीडित क्षेत्रीले बताए। घटनामा संलग्न रहेकाहरू उपर पीडितले जिल्ला प्रहरी कार्यालय रौतहटमा ०६७ असोज ८ गते सार्वजनिक अपराधको मुद्दा दर्ता गराए पनि प्रहरीले घटनामा संलग्न रहेकाहरूलाई गिरफ्तार नगरी जिल्ला प्रशासन कार्यालयमा मुद्दा पेश गरेपछि उनीहरू जिल्ला प्रशासन कार्यालय रौतहटको आदेशले धरौटीमा रिहा भए। घटनाको विरोधमा नेपाल पत्रकार महासङ्घ रौतहट, प्रेस चौतारी नेपाल रौतहट शाखाले विज्ञप्ती प्रकाशित गरी विरोध जनाउनुका साथै दोषीलाई अविलम्ब कारबाहीको माग गरेका थिए।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

चन्द्रनिगाहपुरु गाविस-५ का २७ वर्षीय राजेन्द्र ठाकुर, सोही ठाउँका ४५ वर्षीय श्रीचन्द ठाकुर, नेपाल

प्रहरीद्वारा मारिएका सुरेन्द्र मुखिया र हरिशङ्कर सहनी

नाई सङ्घ रौतहटका अध्यक्ष भूषणकुमार ठाकुर र चन्द्रनिगाहपुर गाविस-६ का ३५ वर्षीय मुकेश गिरीलाई ०६६ चैत ५ गते प्रहरीले कुटपिट गरी घाइते बनाए। रौतहटको चन्द्रनिगाहपुर गाविस-१ स्थित जानकी अस्पतालमा प्रसुति गराउन आएकी चन्द्रनिगाहपुर गाविस-५ की २५ वर्षीया रेखादेवी ठाकुर र उनको नवजात शिशुको सो अस्पतालका चिकित्सकको लापरवाहीका कारण ०६६ चैत ४ गते बिहान अस्पतालमा मृत्यु भएको भन्दै दोषी चिकित्सकलाई कारबाही र पीडितलाई उचित क्षतिपुर्तिको मागसहित शान्तिपूर्ण रूपमा राजमार्गमा धर्नासहित आन्दोलनमा उत्रिएका आन्दोलनकारीहरूलाई प्रहरीले लाठी प्रहार गर्दा उनीहरू घाइते भएका थिए। घाइतेहरूको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार भयो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

रौतहट जिल्ला अदालतमा ०६७ साल असार मसान्तसम्म बाँकी रहेका सरकारवादी फौजदारी मुद्दाको सङ्ख्या १ सय ६ ओटा रहेकोमा ०६७ पुस १६ गते सम्म २० ओटा फर्स्यौट भई ८६ ओटा मुद्दा फर्स्यौट हुन बाँकी, दुनियावादी देवानी १ हजार ८७ ओटा रहेकोमा ३ सय ३९ थान फर्स्यौट भई ७ सय ४८ ओटा बाँकी, दुनियावादी फैज्दारी २ सय ६७ ओटा बाँकी रहेकोमा ८४ ओटा फर्स्यौट भई १ सय ८३ ओटा बाँकी, यसैगरी ०६७ पुस १६ गतेसम्म दर्ता भएको सरकारवादी फौज्दारी मुद्दा ४४ ओटा रहेकोमा सात ओटा फर्स्यौट भई ३७ थान बाँकी, दुनियावादी देवानी ६ सय २३ ओटा दर्ता भएकोमा ९३ थान फर्स्यौट भई ५ सय ३० ओटा बाँकी, दुनियावादी फौजदारी १ सय ७१ ओटा दर्ता भएकोमा ३१ थान फर्स्यौट भई १ सय ४० ओटा मुद्दा फर्स्यौट हुन बाँकी रहेको रौतहट जिल्ला अदालतले जनाएको छ।

अज्ञात समूहद्वारा हत्या गरिएका शम्भु राय यादव

प्रहरीद्वारा मारिएका राजेन्द्रकुमार पटेल

रौतहट जिल्ला अदालतका न्यायाधीशहरू र तहसिलदारको भ्रष्ट व्यवहारका कारण जनताले सर्वसुलभ न्याय नपाएको भन्दै रौतहट जिल्ला अदालत बार एसोसिएसनले ०६७ वैशाख ८ गतेदेखि न्यायाधीशहरूको सरुवाको माग राख्दै इजलाश बहिष्कार गऱ्यो। पुनरावेदन अदालत हेटौडाका मुख्य न्यायाधीशसहितको वार्ता टोलीसँग ०६७ वैशाख १३ गते सात बुँदे सम्झौता भएपछि जिल्ला अदालत बार एशोसियनले गरेको आन्दोलन समाप्त भई रौतहट जिल्ला अदालत गौरको इजलास वैशाख १३ गतेदेखि नै सुरु भएको थियो। रौतहट जिल्ला अदालत गौरका मुख्य न्यायाधीश काशीनाथ पोखरेललाई सात दिनभित्र सरुवा गर्ने र अन्य न्यायाधीश हरिप्रताप केसी, मेदिनीप्रसाद पौडेल, गिरीराज गौतम र तहसिलदार रामानन्दप्रसाद अधिकारीलाई १५ दिनभित्र सरुवा गर्ने लिखित सहमति बनेपछि बेन्च सुचारु गर्ने सहमति भयो।

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

जयनगर गाविसका सचिव रामपुकार सहनीलाई ०६७ जेठ २९ गते साँझ सोही गाविसका केही स्थानीय व्यक्तिहरूले मोसो दली जुत्ताको माला लगाएर स्थानीय बजार घुमाए। आर्थिक वर्ष २०६६/०६७ को विकास निर्माणअर्न्तगतको पहिलो किस्ता रकम १२ लाख एकै घरका तीन जना सदस्यलाई उपभोक्ता समितिमा राखी नक्कली कागज तयार पारेर रकम हिनामिना गरेको आरोपमा सचिवलाई नसिहत स्वरूप कारबाही गरिएको स्थानीय बासिन्दा मोहमद अनवारुल हकले बताए। घटनामा संलग्न रहेका कसैलाई पनि प्रहरीले गिरफ्तार गर्न सकेन।

बालअधिकार

जिल्ला शिक्षा कार्यालय रौतहटका अनुसार यस

जिल्लामा कलेज ६ ओटा, मदरसा २२ ओटा, उच्च मावि ३०, मावि ७२, निमावि ६४, प्रावि ३ सय ५० ओटा र संस्थागत बोर्डिङ्ग विद्यालयको ३० ओटा रहेको छ। जसमा ६७ हजार ३ सय २० छात्रा र ९९ हजार ४ सय ३१ छात्र गरी १ लाख ७५ हजार ७ सय ५१ जना विद्यार्थी अध्ययनरत छन्। यसैगरी शिक्षक दरबन्दी तर्फ प्राविमा १ हजार ५१, निमाविमा १ सय ७४ र माविमा १ सय ९० ओटा रहेको छ। यसैगरी राहत दरबन्दी तर्फ प्राविमा ५ सय २०,निमाविमा ८४ र माविमा ४६ ओटा रहेको छ।

एकीकृत माओवादीको भातृ सङ्गठन अनेरास्ववियु (क्रान्तिकारी)ले ०६७ वैशाख १९ गते बिहान रौतहट जिल्लाका तीनओटा परीक्षा केन्द्रमा तालाबन्दी गरेपछि उच्च माध्यमिक शिक्षा परिषदद्वारा सञ्चालित कक्षा १२ को परीक्षा स्थगित भयो। जिल्लाको चन्द्रनिगाहपुरमा रहेको जनज्योति बहुमुखी क्याम्पस, पाथीभारा आवासीय उच्च मावि र सन्तपुरस्थित शुभलाल भागवत उच्च मावि परीक्षा केन्द्रमा सन्चालन भइरहेको परिक्षामा अनेरास्ववियू (क्रान्तिकारी)का कार्यकर्ताहरूले बिहान तालाबन्दी गरी परीक्षा सञ्चालन गरे केन्द्राध्यक्षलाई भौतिक कारबाही गर्ने धम्की दिएपछि सो केन्द्रमा परीक्षा स्थगित भएको थियो।

कुनै पनि राजनीतिक कार्यक्रममा बालबालिकाहरूलाई प्रयोग नगर्ने राजनीतिक दलहरूको प्रतिवद्धताको विपरीत प्रधानमन्त्री माधवकुमार नेपालको ०६७ असोज ७ रौतहटको भ्रमण कार्यक्रममा श्री सुवलाल भागवत उच्च माविका विद्यार्थीहरूलाई प्रधानमन्त्रीको स्वागतार्थ घण्टौंसम्म लाइनमा राखिएको थियो भने सो दिन विद्यालय नै बन्द गराइएको थियो। यसैगरी उपप्रधानमन्त्री विजयकुमार गच्छदार कनकपुर गाविसको लाल बकैया नदीको पुल शिलन्यास गर्न

कथित बोक्सीको आरोपमा कुटपिट गरिएकी सुखलीदेवी यादव

आउँदा ०६७ कात्तिक ८ गते सो भेगका १ दर्जनभन्दा बढी विद्यालयहरू बन्द गर्न लगाई विद्यालय पोशाकमा नै विद्यार्थीहरूलाई स्वागतको लागि ल्याइएको थियो।

करुनिया गाविस-७ घर भई गौर नपा-५ मा डेरा गरी बस्ने सेख नुरुलको छोरा ११ वर्षीय अल्फात राजालाई ०६६ माघ ९ गते राति अज्ञात समूहले अपहरण गऱ्यो। आफ्नै घरमा सुतिरहेका पीडितलाई छ/सात जनाको सङ्ख्यामा आएका हतियारधारी समूहले अपहरण गरेको थियो। पीडितलाई अपहरणकारीले भारतमा लगेको सूचना पाएपछि नेपाल र भारतका प्रहरीले संयुक्त रूपमा खोजतलास गरी भारतको शिवहर जिल्लाको देवापुर स्थानबाट ०६६ माघ १८ गते सकुशल उद्धार गरी पीडितको आमालाई जिम्मा लगाए।

जटहरा गाविस-२ का १४ वर्षीय सञ्जीवकुमार ठाकुरलाई ०६६ फागुन ४ गते राति आफ्नै घरमा सुतिरहेको अवस्थामा १०/१२ जनाको सङ्ख्यामा आएका हतियारधारी समूहले अपहरण गऱ्यो। अपहरणकारीले १ लाख २५ हजार रुपियाँ फिरौती लिएर ०६६ फागुन १६ गते पीडितलाई अज्ञात स्थानबाट मुक्त गरे। घटनामा संलग्न रहेकालाई प्रहरीले गिरफ्तार गर्न सकेन।

पिपरिया गाविस-८ का १४ वर्षीय चन्दनप्रसाद जयसवाललाई ०६७ भदौ २३ गते सोही गाविसका रूपनारायण राय यादव, सोही ठाउँका मनोज पटेल र सोही ठाउँका उपेन्द्र यादव समेतले अपहरण गरेको आरोपमा पीडित पक्षले उजुरी दिए। पीडित बालक आफ्नै गाउँघरमा लागेको मेला हेरेर घर फर्कने क्रममा दिनको २:३० बजेको समयमा पीडकहरूले मोटरसाइकलमा जबरजस्ती हालेर लगी अपहरण गरेका थिए। बालकको अपहरणपश्चात् पीडकहरूले बालकका बाबु महादेव जयसवाललाई फिरौती रकम माग गरी रकम नदिएमा बालकको हत्या गर्ने धम्की दिएका थिए। बालक अपहरणको खबर पाएपछि जिल्ला प्रहरी कार्यालय रौतहटबाट इन्सपेक्टर मधुकुमार थापाको नेतृत्वमा खटिएको प्रहरी टोलीले अपहरित बालकलाई जिल्लाकै इनरवारी गाविसमा लुकाएर राखेको अवस्थामा ०६७ भदौ २४ गते बिहान सकुशल उद्धार गरी अभिभावकको जिम्मा लगाएको थियो। बालकलाई अपहरणकारीमध्ये प्रहरीले रूपनारायण यादवलाई गिरफ्तार गरी शरीर बन्धक र अपहरण मुद्दा चलाएकोमा रौतहट जिल्ला अदालतको आदेशले उनी

साधारण तारेखमा रिहा भए भने घटनामा संलग्न अन्य दुईजना आरोपितलाई प्रहरीले यो वर्षको अन्तसम्म पनि गिरफ्तार गर्न सकेन।

चन्द्रनिगाहपुर गाविस-९ बेल्डी टोलकी ५ वर्षीया एक बालिकालाई ०६६ माघ २४ गते साँझ मकवानपुर जिल्ला फापरबारी गाविस-५ का २५ वर्षीय नवराज तिमलसिनाले बलात्कार गरेको आरोपमा नवराज रौतहट जिल्ला अदालतको ०६६ फागुन १७ गतेको आदेशले उनी पुर्पक्षको लागि थुनामा रहेका छन्।

धरमपुर गाविस-६ की ११ वर्षीया एक बालिकालाई ०६६ चैत १ गते साँझ गाउँमै रहेको मिलमा धान कुटाउन गएको अवस्थामा नहरछेउको डीलमा सोही ठाउँका १८ वर्षीय एकासी राय यादवले बलात्कार गरेको आरोपमा पीडित पक्षले चैत ३ गते इलाका प्रहरी कार्यालय गरुडामा जबरजस्ती करणीअर्न्तगत मुद्दा दायर गरे पनि पीडक हालसम्म फरार रहेको प्रहरीले जनायो।

डुमरिया मटिऔन गाविस-३ की ४ वर्षीया एक बालिकालाई ०६७ भदौ १९ गते सन्तपुर मटिऔन गाविस-१ का ४२ वर्षीय रामफिरत चौधरीले बलात्कार गरेको आरोपमा उनलाई प्रहरीले गिरफ्तार गऱ्यो। पीडित बालिकाको परिवारसँग पीडकको लेनदेनको विसयमा पहिलादेखि भैं झगडा रहेकोमा पीडिकले सो दिन साँझ ६:३० बजेको समयमा पीडित बालिकालाई उनकै घरबाट उठाएर ल्याई खेतमा लगी बलात्कार गरेको बालिकाको अभिभावकले बताए। बालिकाको स्वास्थ्य परीक्षण गर्दा बलात्कार भएको पुष्टि भएकाले पीडक उपर जबरजस्ती करणीअर्न्तगत मुद्दा चलाएकोमा रौतहट जिल्ला अदालतको आदेशले उनी हाल पुर्पक्षको लागि थुनामा रहेका छन्।

जटहरा गाविस-१ की १३ वर्षीया एक बालिकालाई ०६७ असार ३० गते साँझ सोही गाविस-२ का २२ वर्षीय सेख वजैर, १६ वर्षीय मुकेश साह कानु र १८ वर्षीय अमजाद मियाँले पीडितकै घरबाट अपहरण गरी भारतको बैगंलोरमा लगी बलात्कार गरी सोही स्थानमा बिक्री गरेको आरोपमा उजुरी दिइयो। पीडित बालिका साउन १७ गते भारतबाट भागेर आई आफन्तको सहयोगमा साउन १९ गते जिल्ला प्रहरी कार्यालयमा पीडकहरू विरुद्ध जाहेरी दिइन्। आफ्नो घरमा एक्लै बसिरहेको अवस्थामा पीडकहरूले मुख थुनी अपहरण गरी भारतमा लगेको पीडित बालिकाले जिल्ला प्रहरी कार्यालय रौतहटमा बयान दिइन्। पीडकहरूउपर मानव बेचविखनविरुद्ध मुद्दा दायर गरे पनि पीडकहरू यो वर्षको अन्तसम्म फरार रहेको प्रहरीले जनायो।

दाइजोको कारण बेवता पारिएकी रिकी कुमारी जयसवाल

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार दुर्व्यवहार

देवाही गाविस-१ की ६० वर्षीया मरछिया देवी साहलाई उनकै छिमेकी मेघु साहको छोरीलाई बोक्सी मन्त्रबाट बिरामी बनाएको आरोपमा उनीसहित गाउँकै बुधन साह, पल्टन साह, कपुरचन साह, लडाई साह, राजकिसोर साह र संजीवकुमार साहले ०६६ चैत १४ गते कुटपिट गरी गाउँबाट विस्थापित बनाए। पीडकहरूले पीडितका छोरा राजेन्द्र साह र बुहारी समलीदेवीलाई समेत कुटपिट गरेका थिए। पीडकहरूमध्ये मेघु साह, राजकिशोर साह, कपुरचन साह र लडाई साहलाई प्रहरीले ०६६ चैत १९ गते गिरफ्तार गरी महिला हिंसाविरुद्ध मुद्दा चलाएकोमा रौतहट जिल्ला अदालतको ०६७ वैशाख ९ गते आदेशले जनही २५ हजार रुपियाँ धरौटी रकम माग गरिएकोमा सो धरौटी राख्न नसकेका कारण उनीहरू पुर्पक्षको लागि थुनामा छन्।

शितलपुर गाविस-१ की ५० वर्षीया सुखलीदेवी यादवलाई ०६७ कात्तिक ९ गते साँझ सोही ठाउँका गौरीलाल राय यादव, सोही ठाउँका ३५ वर्षीया रामनाथ राय यादव, ३० वर्षीय लक्ष्मी राय यादव र ४५ वर्षीय खहेरु राय यादवसमेतले बोक्सीको आरोपमा कुटपिट गरी घाइते बनाए। पीडित महिलाको छिमेकी गौरीलाल यादवकी ५ वर्षीया छोरीको केही दिन अगाडि मृत्यु भएपछि मृतक बालिकालाई बोक्सीले मन्त्र लगाएर मारेको भन्दै छिमेकी गौरीलाल यादवसमेतले पीडितलाई उनकै घरमा गई कुटपीट गरी दुर्व्यवहारसमेत गरेको पीडित महिलाले बताइन्। कुटपीटबाट घाइते भएकी सुखलीदेवीको शरीरभरि निलडाम रहेको र उनी राम्ररी हिँडडुल गर्न समेत नसक्ने भएकीले उनको गौर अस्पतालमा उपचार भयो। पीडकहरूउपर पीडितले ०६७ कात्तिक १२ गते जिल्ला प्रहरी कार्यालय रौतहटमा कारबाहीको

लागि उजुरी दिएकोमा रामनाथ यादवलाई प्रहरीले गिरफ्तार गऱ्यो। रौतहट जिल्ला अदालतको ०६७ मङ्सिर १३ गतेको आदेशले उनी ३० हजार रुपियाँ धरौटी राखी रिहा भए भने अन्य पीडकहरू हालसम्म फरार रहेको प्रहरीले जनायो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

चन्द्रनिगाहपुर गाविस-६ की ३५ वर्षीया एक महिलालाई ०६७ वैशाख २७ गते साँझ हथियाही गाविस-२ का २३ वर्षीय बेदानन्द पाठक र सोही ठाउँ बस्ने २४ वर्षीय रामबाबु राय यादवले पीडितकै घरमा बलात्कार गरेको आरोपमा पीडितले जाहेरी दिइन्। चन्द्रनिगाहपुर गाविस-६ स्थित ललन झाको घरमा बास बस्न आएका आरोपितहरूले साँझ ९ बजेको समयमा पीडित महिलाको पतिलाई चुरोट किन्न पठाएर दुवैजनाले बलात्कार गरेको पीडितले बताइन्। पीडित महिला तथा उनका पति श्रवणशक्ति विहीन हुन्। आरोपितहरूउपर वैशाख २८ गते इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरमा जाहेरी दरखास्त दिए पनि आरोपित हालसम्म फरार रहेको प्रहरीले जनायो।

विश्रामपुर गाविस-८ की २८ वर्षीया एक महिलाले ०६६ जेठ ४ गते राति रमौली वैरीया गाविस-१ का ३३ वर्षीय किशोरी पटेल र सोही ठाउँका ३१ वर्षीय नरेन्द्र राय यादवले बलात्कार गरेको आरोपमा प्रहरीमा उजुरी दिइन्।। आफनै घरमा एक्लै सुतिरहेकी पीडितलाई उनीहरूले डरधाक देखाई पालैपालो बलात्कार गरेको पीडितले बताइन्। इलाका प्रहरी कार्यालय गरुडामा जबरजस्ती करणीअर्न्तगत पीडितले जेठ ७ गते उजुरी गरे पनि प्रहरीले आरोपितहरूलाई यो वर्षको अन्तसम्म गिरफ्तार गर्न सकेन।

घरेलु हिंसा

राजपुर फरहदवा गाविस-८ की २० वर्षीया नेकहत यास्मिकलाई सोही ठाउँ बस्ने उनकै ससुरा सेख ताहिर, पति सेख रमतुल्लाह भन्ने लाल महमद, सासू जैवुन नेसासमेतले दाइजोको कारण ०६६ पुस २६ गते विष खुवाई हत्या गरी लाससमेत बेपत्ता बनाएको आरोपमा पीडित पक्षले उजुरी दियो। घटनाको बारेमा पीडित महिलाको बाबु मजिवर रहमानले ०६६ माघ ५ गते जिल्ला प्रहरी कार्यालय रौतहटमा कर्तव्य ज्यान मुद्दाको जाहेरी दिएकोमा पीडकहरू हालसम्म फरार रहेको प्रहरीले जनायो।

सन्तपुर मटिऔन गाविस-६ की १९ वर्षीया मञ्जुदेवी साहको उनकै पति रामभजन साह, ससुरा पतिलाल साह, सासू लालोदेवी साहले ०६६ माघ १३ गते राति दाइजोको कारणले हत्या गरी लाससमेत बेपत्ता पारेको आरोपमा प्रहरीले मृतकका ससुरा पतिलाल साह र सासू लालोदेवी साहलाई माघ १४ गते गिरफ्तार गरी कर्तव्य ज्यान मुद्दा चलाएकोमा उनीहरू रौतहट जिल्ला अदालतको ०६६ फागुन १३ गतेको आदेशले पुर्पक्षको लागि थुनामा रहेका छन्। मृतकका पति भने फरार रहेको प्रहरीले जनायो। मृतकको डेढ वर्षअघि मागी विवाह भएकोमा केटा पक्षकाले १५ हजार रुपियाँ दाइजोवापत माग गरेको र विवाहको समयमा ५ हजार रुपियाँ मात्र दिई १० हजार रकमपछि दिने सर्त गरेकोमा सो रकम नदिएको भन्दै उनको हत्या गरेको मृतकका भाइ राजेश साहले दाबी गरे।

गरुडा वैरीया गाविस-९ की २० वर्षीया रिंकी कुमारी जयसवाललाई ०६७ भदौ १० गते पर्सा जिल्ला रामनगरी गाविस घर भई हाल वीरगञ्ज उमनपा- १४ रानीघाटमा बसोवास गर्दै आएका उनका पति दीपककुमार जयसवाल, ससुरा रामबाबु जयसवाल र देवर राजनप्रसाद जयसवालले दाइजोको कारणले बेपत्ता बनाई पीडितको मुक्तिको लागि पीडकहरूले फिरौती रकम माग गरेको पीडित महिलाको बाबुले आरोप लगाए। पीडकहरूमध्ये रामबाबु जयसवालका छोरा दीपककुमार जयसवालसँग रिंकीकुमारीको गत ०६६ साल माघ महिनामा मागी विवाह भएको थियो। दाइजो बापत विवाहको समयमा २ लाख रूपिया नगद तथा सुनलगायतका सामानहरू दिए पनि दाइजो कम भएको भन्दै विवाहको मितिदेखि नै पीडित महिलालाई उनका परिवारले मानसिक तथा शारीरिक यातना दिदैं आएको पीडितको बाबु उमाशंकर जयसवालले बताए। छोरी बेपत्ता बनाएपछि बाबु उमाशङ्करले छोरीको खोजतलासको लागि भदौ १७ गते इलाका प्रहरी कार्यालय गरुडा रौतहटमा जाहेरी दर्खास्त दिए पनि हालसम्म उनको पत्ता लाग्न सकेको छैन।

इनरवारी गाविस-५ की २० वर्षीया बबितादेवी महतोलाई ०६७ असोज १७ गते साँझ उनकै ससुरा रामप्रसाद महतो, पति दिनेश महतो र देवर चन्दन महतोसमेतले दाइजोको कारणले घाँटी थिची र धारिलो हतियार प्रहार गरी हत्या गरेको आरोपमा प्रहरीले कारबाही अगाडि बढायो। बिहान ६:०० बजेको समयमा पीडित महिला घरभन्दा पूर्वतर्फ रहेको खेतमा शौच गर्न गएका बखत पीडकहरूमध्ये ससुरा रामप्रसाद महतो र पीडितकै पति दिनेश महतोसमेत

अन्य व्यक्तिहरूले पीडितको हत्या गरेका थिए। हत्यामा संलग्न रहेकामध्ये रामप्रसाद महतोलाई ०६७ असोज १८ गते प्रहरीले गिरफ्तार गरी कर्तव्य ज्यान मुद्दा चलाएकोमा रौतहट जिल्ला अदालतको आदेशले हाल उनी पुर्पक्षको लागि थुनामा रहेका छन्।

औरैया गाविस- ८ की २५ वर्षीया रूपकान्तीदेवी मण्डलको ०६७ मङ्सिर ३ गते राति पति दीपक मण्डललगायत ससुरा, सासू र घरका अन्य सदस्य मिलेर कुटपिट गर्नुका साथै घाँटी थिचेर हत्या गरेको पीडित पक्षले बताए। मृतकको शरीरभरि कुटपिटको निलडाम रहेको, शरीरको विभिन्न भागमा कुटपिटबाट रगत जमेको र घाँटीमा थिचेको डाम भेटिएको जिल्ला प्रहरी कार्यालय रौतहटका इन्सपेक्टर मधुकुमार थापाले बताए। जिल्लाकै जेठरहिया गाविस माइती भएकी रूपकान्तीको दीपक मण्डलसँग पाँच वर्षअघि बिवाह भएको थियो। घटनापछि परिवारका तीनै जना फरार भएकाले उनीहरूको खोजी भइरहेको र मृतकको लास पोष्टमार्टम गरी परिवारलाई बुझाइएको प्रहरीले जनायो। घटनामा संलग्न रहेकाहरूलाई यो वर्षको अन्तसम्म प्रहरीले गिरफ्तार गर्न सकेन।

ब्रम्हपुरी गाविस-९ की १८ वर्षीया ममतादेवी दासको ०६७ मंसिर १७ गते राति उनकै पति २३ वर्षीय महेन्द्र दास, ससुरा ४५ वर्षीय मन्चीत दास र सासू ४१ वर्षीया शिवकुमारी दासले दाइजोको कारण घाँटी थिची हत्या गरे। भारत सितामढी जिल्ला हरपुकला गाउँका जिवछ दासको छोरी ममता दाससँग पीडक महेन्द्र दासको दुई वर्षअघि मागी विवाह भएकोमा विवाहको समयमा दिने भनिएको एक थान साइकल हालसम्म नदिएको झोँकमा उनको हत्या भएको प्रहरीले जनायो। विवाहमा दिने भनिएको साइकल नदिए पनि हाल आएर पीडकहरूले पीडितलाई मुखको दाँत नमिलेको कारण नराम्री भएको भन्दै यातना दिदैं आएको पीडितका छिमेकीहरूले बताए। मृतकको लास जिल्ला अस्पताल गौरमा मङ्सिर १८ गते पोष्टमार्टम गरी परिवारका अन्य सदस्यलाई बुझाइएको प्रहरीले जनायो। घटनामा संलग्न रहेकाहरूलाई प्रहरीले यो वर्षको अन्तसम्म पनि गिरफ्तार गर्न सकेन।

स्वास्थ्य सेवाको अवस्था

रौतहट जिल्लामा एउटा जिल्ला अस्पताल, चारओटा निजी अस्पताल, दुईओटा नर्सिङ्ग होम रहेका छन्। जिल्ला अस्पताल र प्राथमिक स्वास्थ केन्द्रमा सातजना चिकित्सकको दरबन्दी भए पनि चार जना मात्र कार्यरत छन्। जिल्लाका आठओटा स्वास्थ केन्द्र, चारओटा प्राथमिक स्वास्थ केन्द्र र उपस्वास्थ चौकी ८५ ओटामा ग्रामीण स्वास्थय कार्यकर्ताको ९७ जनाको दरबन्दीमा ६९ जना, मासिका ८५ जनाको दरबन्दीमा ५१ जना, स्टाफ नर्स आठजनाको दरबन्दीमा एकजना मात्र कार्यरत रहेका छन्।

२.८ बारा

जनसङ्ख्या : ७,२६,९९८
साक्षरता प्रतिशत : ५५
महिला साक्षरता प्रतिशत : ३५
क्षेत्रफल (वर्ग कि. मि.) : १,१९०
गाविस/नपा सङ्ख्या : ८९/१
सरकारी/निजी विद्यालय : ३८३/६८
क्याम्पस/उच्च मा.वि. : २/२९
अस्पताल/स्वास्थ्य चौकी : १/९८
मानव विकास सूचकाङ्कः ०.३०९
प्रतिपरिवार सरदर सङ्ख्याः ८

नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

राज्यबाट

श्रीनगर बैरिया गाविस-८ रामनगरका १७ वर्षीय रामबाबु सहनीलाई ०६६ फागुन २३ गते बिहान प्रहरीले मनहर्वा गाविस-२ जैतापुर पसाहाखोला नजिक टाउकोमा गोली हानी हत्या गरे। लासको पोष्टमार्टम जिल्ला अस्पताल कलैयामा सोही दिन भई परिवारले बुझे। प्रहरीले सशस्त्र व्यक्तिहरूसँग भएको मुठभेडमा सहनी मारिएको बतायो। पीडितको परिवारले एक दिनअघि गिरफ्तार गरी मुठभेडको नाम दिएर हत्या गरेको बताए।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (आजाद) बाट

परशुरामपुर गाविस-१ जोलगावाटोल निवासी एकीकृत माओवादी कार्यकर्ता ३२ वर्षीय खेसरी भनिने रूपनारायण यादवलाई ०६७ साउन १३ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (आजाद) का कार्यकर्ताले घरको छतमा सुतिरहेको अवस्थामा गोली हानी हत्या गरे। छाती र घाटीमा गोली लागेका यादवको उपचारको लागी कलैया ल्याउँदै गर्दा बाटोमा मृत्यु भयो। पीडित भोजपुरा उपराज्य समिति क्षेत्र नं. २ का सदस्य तथा २ नं. क्षेत्रका वाईसीएल इञ्चार्ज थिए। उनको कलैया जिल्ला अस्पतालमा पोष्टमार्टम गरी गाउँमै दाहसंस्कार गरियो। प्रहरीले सहनीको हत्याको आरोपमा परशुरामपुर गाविस-१ निवासी ५० वर्षीय अनन्त राय यादव, सोही स्थान निवासी २८ वर्षीय वीरदेव यादव, सोही गाविस-५ निवासी ५० वर्षीय घुमनप्रसाद यादव,१७ वर्षीय पुरूषोत्तम श्रेष्ठ र २० वर्षीय प्रेम पासवानलाई गिरफ्तार गऱ्यो। पीडकहरू बारा जिल्ला अदालतको आदेशले ०६७ भदौ १७ पुर्पक्षको लागी वीरगञ्ज कारागार चलान भए।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (प्रतीक) बाट

महेन्द्रआदर्श च्यूटाहा गाविस-९ खजुरियाटोल निवासी श्री नेपाल राष्ट्रिय प्राथमिक विद्यालय विसुनपूर्वाका शिक्षक ३८ वर्षीय सुरेश पटेललाई ०६७ कात्तिक १३ गते राति जनतान्त्रिक तराई मुक्ति मोर्चा (प्रतीक) का कार्यकर्ताले महेन्द्रआदर्श गाविसको जमुनीखोलाको चिरइयादह नजिक गोली हानी हत्या गरे। मोटरसाइकलमा घर फर्कदै गरेका पटेलको ढाड र पेटमा चार गोली लागी घटनास्थलमै मृत्यु भएको थियो। मृतकको जिल्ला अस्पताल कलैयामा पोष्टमार्टम गरी आफ्नै गाउँमा दाहसंस्कार भयो।

तराई मुक्ति मोर्चाबाट

गञ्जभवानीपुर गाविस-७ निवासी एकीकृत माओवादीको भोजपुरा राज्य उपसमिति सदस्य ३५ वर्षीय रामप्रकाश यादव, सोही स्थानका एकीकृत माओवादीको क्षेत्रीय सदस्य २६ वर्षीय दारा यादव र सोही गाविस-९ का २५ वर्षीय अम्बिका महतोको ०६६ पुस २२ गते राति तराई मुक्ति मोर्चाका कार्यकर्ताले गञ्जभवानीपुर गाविस-५ स्थित सडकमा गोली हानी हत्या गरे। सोही घटनामा गोली लागी घाइते भएका गञ्जभवानीपुर गाविस-७ निवासी एकीकृत माओवादीका क्षेत्रीय सदस्य एवं शिक्षक ३० वर्षीय कन्हाई यादवको काठमाडौं नर्भिक अस्पतालमा उपचारको क्रममा ०६६ फागुन १६ गते मृत्यु भयो। अर्का घाइते गञ्जभवानीपुर गाविस-७ का ३५ वर्षीय सियाराम महतो काठमाडौंमा उपचार गरी घर फर्किए। मृतक कन्हाई यादवको फागुन १७ गते काठमाडौंमा र अन्यको गञ्जभवानीपुरको पसाहा खोलामा पुस २३ गते सद्गद् भयो। प्रहरीले हत्याको आशङ्कामा गंजभवानीपुर गाविस-७ निवासी गणेशप्रसाद जैयसवाल र सोही स्थान निवासी महेशप्रसाद साह कानुलाई फागुन १८ गते गिरफ्तार गरी ०६७ फागुन ११ गते जिल्ला अदालत बाराको आदेशले पुर्पक्षको लागी वीरगञ्ज कारागार चलान गरियो।

मधेश मुक्ति टाइगर्सबाट

रघुनाथपुर गाविस-८ जोतपुर निवासी श्री दुर्गा उच्चमाध्यमिक विद्यालयका शिक्षक ४० वर्षीय सुभाष पाण्डेलाई ०६७ भदौ २१ गते दिउँसो मधेश मुक्ति टाइगर्सका कार्यकर्ताले पुरैनिया गाविसको कुकरभुक्का पुलनजिक गोली हानी हत्या गरे। मोटरसाइकलमा घर जादै गर्दा टाइगर्सका कार्यकताले पाण्डेलाई ढाड र पेटमा गोली हानी हत्या गरेका थिए। लासको जिल्ला अस्पताल कलैयामा पोष्ठमार्टम गरी रघुनाथपुरमा दाहसंस्कार गरियो।

अज्ञात समूहबाट

पर्सा जिल्ला लालपर्सा गाविस-८ निवासी औषधी व्यवसायी ४८ वर्षीय उद्धव अर्यालको लास ०६६ फागुन ७ गते मनहर्वा गाविस-५ स्थित गहुँबारीमा डोरीले बाँधेर हत्या गरेको अवस्थामा फेला पऱ्यो। पीडितलाई पर्सा जिल्लास्थित आफ्नै घरबाट ०६६ माघ २४ गते राति अज्ञात समूहले अपहरण गरेको थियो। लासको फागुन ८ गते नारायणी उपक्षेत्रीय अस्पतालमा पोष्टमार्टम गरी सोही दिन परिवारजनले दाहसंस्कार गरे।

पर्सा जिल्ला बेलवा गाविस-२ निवासी ४५ वर्षीय ओशिअख्तर अन्सारीलाई ०६७ मङ्सिर १९ गते साँझ हतियारसहितको अज्ञात समूहले लिपनीमाल गाविस-८ को वीरगञ्ज पथलैया सडकखण्डमा गोली हानी हत्या गऱ्यो। वीरगञ्जबाट जीतपुरतर्फ गर्दा अज्ञात हतियारसहतिको समूहले ०६७ मङ्सिर ८ गते पिठ्यु र दाहिने कुहिनामा गोली प्रहार गर्दा घाइते भएका अन्सारीको नारायणी उप-क्षेत्रीय अस्पताल वीरगञ्जमा उपचार हुन नसकी काठमाडौं लगिएकोमा उपचारको क्रममा मृत्यु भएको थियो।

रघुनाथपुर गाविस-८ का २८ वर्षीय अशोक

घटनाको प्रकार	गैरराज्यबाट				राज्यबाट		
	अन्यबाट						
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	२०	१६	६	२३	१	१	१
घाइते	६	१३	८	२१	१	१	१
कुटपिट	१	१५	१	१६	१	१	१
महिलाअधिकार	१		१	१			
आथिक/सामाजिक/सांस्कृतिक अधिकार	१	१		१			
अमानवीय व्यवहार	२	२		२			
अपहरण	३	३		३			
जम्मा	३५	५०	१६	६६	३	३	३

पाण्डेयको ०६६ माघ ९ गते अज्ञात समूहले फेटा गाविस-४ स्थित गण्डक नहर सडकछेउमा धारिलो हतियार प्रयोग गरी हत्या गऱ्यो। मोटरसाइकलमा वीरगञ्जबाट घर फर्कदै गरेको अवस्थामा अज्ञात समूहले उनको हत्या गरेको थियो। हत्याको आरोपमा प्रहरीले बतरा गाविस-८ निवासी मुखलाल महतोलाई गिरफ्तार गरी जिल्ला अदालत बाराको आदेशमा ०६७ फागुन १४ गते पुर्पक्षको लागी वीरगञ्ज कारागार चलान भयो।

रौतहट जिल्ला रंगपुर गाविस-४ घर भई इलाका प्रहरी कार्यालय निजगढमा चालक पदमा कार्यरत प्रहरी जवान २७ वर्षीय राजनारायण चौधरीको ०६७ साउन २३ गते बिहान डेराबाट कार्यालय जाँदै गर्दा निजगढ गाविस-७ सहिदचोक नजिक बागदेव जाने बाटोमा धारिलो हतियार प्रयोग गरी हत्या भयो। अज्ञात समूहले धारिलो हतियारले घाँटीमा प्रहार गर्दा गम्भीर घाइते भएका यादवको वीरगञ्जस्थित नेशनल मेडिकल कलेजमा उपचारको क्रममा मृत्यु भएको थियो। हत्याको आङ्शकामा अमाव गाविस-२ घर भई निजगढ वेश क्याम्पका सशस्त्र प्रहरी जवान २३ वर्षीय भोला चौधरी र निजगढ गाविस-५ घर भई नेपाल प्रहरीका प्रहरी जवान २५ वर्षीय बज्ररत्न बज्राचार्यलाई ०६७ साउन २७ गते प्रहरीले गिरफ्तार गऱ्यो। बारा जिल्ला अदालतको आदेशमा दुवैजना पुर्पक्षको लागि ०६७ भदौ २० गते वीरगञ्ज कारागार चलान भए।

पर्सा जिल्ला लालपर्सा गाविस निवासी एकीकृत माओवादी सम्बद्ध मजदुर नेता राजेश मण्डललाई छातापिप्रा गाविसको नितनपुर चोकमा ०६६ पुस २८ गते अज्ञात समूहले गोली हानी हत्या गऱ्यो। प्रहरीले हत्याको आरोपमा पर्साचोर्नी गाविस-५ निवासी भरत राउत अहिर, छातापिप्रा गाविसका कन्हैयाप्रसाद यादव, सोही स्थानका हरिहर महतो नुनिया, बुनियाद गाविस-४ निवासी कामेश्वर महतोलाई गिरफ्तार गऱ्यो। उनीहरू सबै जिल्ला अदालत बाराको आदेशमा पुर्पक्षको लागि ०६६ फागुन ५ गते वीरगञ्ज कारागार चलान भए।

अन्यबाट

डुमरवाना गाविस-४ पिलुवा निवासी २३ वर्षीय अमित मोक्तानको ०६७ असोज ३० गते घाँटी र टाउकोमा धारिलो हतियार प्रयोग गरी हत्या गरेको अवस्थामा डुमरवानास्थित जङ्गलमा लाश भेटियो। हत्याको आरोपमा प्रहरीले डुमरवाना गाविसका दानबहादुर सञ्चाल, रूद्रबहादुर, रमौली मगर र सजिन लामालाई गिरफ्तार गऱ्यो। पीडकहरू जिल्ला अदालत बाराको आदेशमा पुर्पक्षका लागि ०६७ मङ्सिर २ गते वीरगञ्ज कारागार चलान भए।

प्रहरीद्वारा हत्या गरिएका रामबाबु सहनी

जनतान्त्रिक तराई मुक्ति मोर्चा (आजाद) द्वारा हत्या गरिएका रूपनारायण यादव

गोली/विस्फोटक पदार्थद्वारा घाइते

संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाबाट

कलैया नपा-४ का ३८ वर्षीया दैवन्तीदेवी साह, छोरी ८ वर्षीया प्रिती साह र कलैया नपा-१३ गंगापुर का ३५ वर्षीय रामानन्द पटेल ०६७ वैशाख २२ गते संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताले कलैया नपा-६ स्थित तरकारी बजारमा राति गोली चलाउँदा गोलीको छर्रा लागी घाइते भइन्। घाइतेमध्ये पटेलको भरतपुर मेडिकल कलेज भरतपुरमा र अन्यको जिल्ला अस्पताल कलैयामा उपचार भयो।

जनमुक्ति तराई टाइगर्स (राजन) बाट

कलैया नपा-१२ का ७० वर्षीया मानकी ठाकुर, सोही नपा-६ का १० वर्षीया अनामिक दास, सोही नपा-५ की ५० वर्षीया लालमती देवी, सोही नपा-८ का ४० वर्षीया भक्ति देवी, २६ वर्षीय रामबाबु गोसाईं, सोही नपा-३ की १० वर्षीया सवीमा खातुन, सोही नपाका ४० वर्षीय सैइलुन मिँया, प्रष्टोका गाविस-४ का ४० वर्षीय सोनालाल राम र उनकी पत्नी ३५ वर्षीया इनरसीदेवी राम, सोही गाविस-७ का २० वर्षीय विनोद मली र भतौडा गाविस-४ का जगदीश साह ०६७ साउन १ गते साँझ जनमुक्ति तराई टाइगर्स (राजन) का कार्यकर्ताले कलैया नपा-६ स्थित तरकारी बजारमा टिफिन बम विस्फोट गराउँदा घाइते भए। घाइते ठाकुरको नारायणी उप-क्षेत्रीय अस्पताल वीरगञ्जमा, दासको केडिया आँखा अस्पताल परवानीपुरमा र अन्य घाइतेहरूको जिल्ला अस्पताल कलैयामा उपचार भयो।

तराई मुक्ति मोर्चाबाट

उचिडी गाविस-७ का ५५ वर्षीय बिहारी महतो र सोही गाविस-९ का ३७ वर्षीय बिरालाल महतो ०६७ असोज ११ गते साँझ उचिडी गाविस-७ मा बट्टा बममा केटाकेटीले ढुङ्गाले हान्दा भएको विस्फोटमा परी घाइते भए। गोलागञ्ज गाविसस्थित श्री कंकाली उच्चमाध्यमिक विद्यालयको चउरमा तराई मुक्ति मोर्चाका कार्यकर्ताले राखेको बट्टाबम विद्यार्थीले फेला पारी ल्याएका थिए। घाइतेहरूको उपचार जिल्ला अस्पताल कलैयामा भयो।

बेवारिसे बम विस्फोटबाट

कलैया नपा-६ निवासी ५० वर्षीया पासपतीदेवी साह ०६७ जेठ ४ गते बिहान कलैया नपा-६ स्थित गढीमाई हेल्थ क्लिनीकअगाडि सडकमा छेउको फोहरमा रहेको बेवारिसे बम विस्फोट हुँदा घाइते भइन्। दाहिने खुट्टा, जिउ र हातमा बमको छर्रा लागी घाइते भएकी उनको नारायणी उप-क्षेत्रीय अस्पताल वीरगञ्जमा उपचार भयो।

अन्यबाट

जितपुर गाविस-३ निवासी शिव गुरू खाद्य उद्योगका सञ्चालक ३५ वर्षीय रमेशकुमार गुप्तालाई ०६७ कात्तिक ३० गते साँझ उद्योगमा बसेको अवस्थामा दुई जनाको सङ्ख्यामा रहेका व्यक्तिले गोली हानी घाइते बनाए। गोलीको छर्रा टाउको र मुखमा लागेका उनेको नारायणी उप-क्षेत्रीय अस्पताल वीरगञ्जमा उपचार भयो। घटनामा संलग्न भएको आरोपमा प्रहरीले पर्सा जिल्ला चोर्नी गाविस-८ प्रसौनी निवासी २० वर्षीय राजेश कर्णलाई गिरफ्तार गऱ्यो। कर्ण जिल्ला अदालत बाराको आदेशमा ०६७ मङ्सिर

जनतान्त्रिक तराई मुक्ति मोर्चा (प्रतीक) द्वारा हत्या गरिएका सरेश पटेल

तराई मुक्ति मोर्चाद्वारा हत्या गरिएका ढारा यादव, रामप्रकाश यादव र अम्बिका महतो

२३ गते पुपर्क्षको लागी वीरगञ्ज कारागार चलान भए।

पटेर्वा गाविस-६ निवासी टेढाकट्टी गाविसका प्राविधिक सहायक ४७ वर्षीय महेन्द्र साह र टेढाकट्टी गाविस-१ निवासी ३२ वर्षीय वकिल यादवलाई ०६६ पुस १९ गते राति कलैयाबाट मोटरसाइकलमा घर जाँदै गर्दा पिपराबिर्ता गाविसको कञ्चनपुर चौकको नहरमा अज्ञात समूहले गोली हानी घाइते बनाए। साहको काठमाडौंमा र यादवको नारायणी उप-क्षेत्रीय अस्पताल वीरगञ्जमा उपचार भयो।

अखिल तराई मुक्ति मोर्चाबाट

करैया गाविस निवासी करैया गाविसका सचिव ४८ वर्षीय ओमनारायण चौधरीलाई गाविसको रकम दुरूपयोग गरेको आरोपमा ०६७ वैशाख २१ गते अखिल तराई मुक्ति मोर्चाका कार्यकर्ताले कलैया वीरगञ्ज सडकखण्डको मोतीशहर चोकबाट अपहरण गरे। चौधरी ०६७ वैशाख १६ गते राति १० बजे परिवारको सम्पर्कमा आए।

अन्यबाट

कलैया नपा-१२ रामपुरटोल निवासी रतनपुर गाविसका सचिव ५० वर्षीय आश महम्मद अन्सारीलाई ०६६ माघ ११ गते रतनपुरी गाउँ नजिकै जङ्गलबाट अज्ञात समूहले अपहरण गऱ्यो। प्रहरीले अंसारीलाई ०६६ माघ १३ गते राति अपहरणकारीले रतनपुरी गाविसको जङ्गलमा छाडेको अवस्थामा फेला पाऱ्यो। प्रहरीले अपहरणको आरोपमा गिरफ्तार गरेका रतनपुर गाविस-८ निवासी सुकवहादुर थिङ्ग, निजगढ गाविस-७ निवासी हस्तबहादुर थिङ्ग ०६६ फागुन २८ गते र रतनपुर गाविस-१ निवासी सागर भन्ने ओमप्रकाश कुँवर जिल्ला अदालतको आदेशमा ०६७ मङ्सिर २३ गते पुर्पक्षको लागी वीरगञ्ज कारागार चलान भए।

तराई मुक्ति मोर्चाद्वारा हत्या गरिएका कन्हाई यादव

मटिअर्वा गाविस-८ निवासी १८ वर्षीय सफि मियाँ ठाकुराईलाई ०६७ वैशाख १७ गते मोटरसाइकलमा आएका अपरिचित व्यक्तिले अपहरण गरे। अपहरित ठाकुराई ०६७ वैशाख २१ गते बिहान परिवारको सम्पर्कमा आए।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

कलैया नपा-५ निवासी मधेसी जनअधिकार फोरम नेपाल निकट मधेसी विद्यार्थी फन्ट बाराका सचिव राजकुमार यादव ०६६ माघ ८ गते प्रहरीको लाठी चार्जबाट घाइते भए। उपप्रधानमन्त्री सुजाता कोइराला कलैया आउँदा कालो झण्डा देखाउने क्रममा प्रहरीले लाठीचार्ज गरेको थियो। प्रहरीको लाठी चार्जबाट यादवको टाउको फुटेको थियो। पीडितको कलैया अस्पतालमा उपचार भयो। शान्ति पूर्वक विरोध प्रदर्शन गर्ने क्रममा प्रहरीले निर्ममता पूर्वक लाठी चार्ज गरेको आरोप मधेसी जनअधिकार फोरम नेपाल बाराका अध्यक्ष चुमनबाबु केवटले लगाए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला जिल्ला अदालत बारामा ०६७ असार मसान्तसम्म बाँकी भएका सरकारीवादी फौजदारी मुद्दाको सङ्ख्या ८६ रहेकोमा २९

मधेश मुक्ति टाइगर्सद्वारा हत्या गरिएका सुभाष पाण्डे

ओटा फर्स्यौट भए। सोही अवधीमा बाँकी रहेका दुनियाँवादी फौजदारी मुद्दाको सङ्ख्या १ सय २७ रहेकोमा ५५ ओटा फर्स्यौट भए। ०६७ साउनदेखि पुस १६ गतेसम्म दर्ता भएका सरकारीवादी फौजदारी मुद्दाको सङ्ख्या ६५ रहेकोमा १९ ओटा फर्स्यौट भए। सोही अवधिमा दर्ता भएका दुनियावादी फौजदारी मुद्दा १ सय २३ मध्ये १४ ओटा फर्स्यौट भए। पुरानो जिम्मेवारी सरेर आएका ०६७ असार मसान्तसम्म बाँकी भएका देवानी मुद्दा ७ सय ६२ रहेकोमा ३ सय ४१ ओटा फर्स्यौट भए। ०६७ साउनदेखि पुस १६ गतेसम्म दर्ता भएका देवानी मुद्दा ५ सय ४५ रहेकोमा ४४ ओटा फर्स्यौट भए। घरेलु हिंसा ऐनअन्तर्गत ०६७ असार १६ गते एक ओटा मुद्दा दर्ता भएकोमा मिलापत्र भयो।

सरकारी वकिल कार्यालयमामार्फत जिल्ला प्रशासन कार्यालय बारामा ०६७ पुस १६ गतेसम्म ३४ ओटा मुद्दा दर्ता भएकोमा पाँच ओटा मुद्दा फर्स्यौट भए। जिल्ला अदालतमा सरकारी वकिलको कार्यालयले दर्ता गरेको १ सय ८ मुद्दामा २६ ओटा फर्स्यौट भयो।

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

नेकपा माओवादी (मातृका) का जनवर्गीय सङ्गठनका युवा मोर्चाका उपाध्यक्ष जीतपुर भवानीपुर गाविसका २२ वर्षीय मुकेश साहलाई ०६७ असार ३ गते प्रहरीले प्रहरी कार्यालय भित्रै बयानको क्रममा कुटपिट गरी यातना दिए। मालपोत कार्यालयका प्रमुखलाई ०६७ जेठ ३१ गते मोसो दलेको आरोपमा उनलाई प्रहरीले गिरफ्तार गरेको थियो।

मालपोत कार्यालय बाराका कार्यालय प्रमुख श्रीराम पौडेललाई मालपोत कार्यालयलाई भ्रष्टाचारको अखाडा बनाएको, अनियमित काम गरेको आरोपमा ०६७ जेठ ३१ गते दिउँसो आफ्नै कार्यकक्षमा नेकपा माओवादी (मातृका) का कार्यकर्ताले मोसो दले। छ सात जनाको सङ्ख्यामा रहेका माओवादी कार्यकर्ताहरू एक्कासि कार्यालय प्रमुखको कार्यकक्षमा प्रवेश गरी सेवाग्राहीलाई बाहिर निकाली ढोका थुनेर मोसो दलेका थिए। प्रहरीले घटनामा संलग्न भएको आरोपमा युवा मोर्चाका उपाध्यक्ष जीतपुर गाविस निवासी २२ वर्षीय मुकेश साहलाई गिरफ्तार गऱ्यो। साहलाई जिल्ला प्रशासन कार्यालयले ०६७ असार १० गते १ हजार रुपियाँ धरौटी लिई तारेखमा रिहा गऱ्यो।

कृषि विकास बैंक कलैया शाखाका प्रबन्धक हरिश्चन्द्र यादवलाई ऋण दिँदा कृषकहरूसँग घुस मागेको आरोपमा ०६७ असार २ गते दिउँसो नेकपा माओवादी (मातृका) का कार्यकर्ताहरूले कार्यकक्षमा मोसो दली दुर्व्यवहार गरे। यादवले जिल्ला प्रहरी कार्यालयमा मौखिक उजुरी दिए पनि कोही गिरफ्तार भएनन्।

बालअधिकार

बारा जिल्लामा ४ सय ४७ ओटा सामुदायीयक विद्यालय रहेका छन्। जसमध्ये ३ सय ३१ प्रावि, ५०

संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाको गोलीबाट घाइते भएकी दैवन्तीदेवी साह र प्रिती साह

जनमुक्ति तराई टाइगर्स (राजन समूह) द्वारा गराइएको टिफिन बम विस्फोटनमा परी घाइते भएका मानकी ठाकुर, अनामिका दास र लालमती देवी

निमावि, ५४ मावि र १२ उमावि रहेको छन्। प्राविमा ८६ हजार ८ सय २७ जना छात्र र ८० हजार ५१ जना छात्रा गरी जम्मा १ लाख ६६ हजार ८ सय ७८ जना छात्रछात्राहरू, निमाविमा १६ हजार २ सय ३० जना छात्र र १३ हजार ७ सय ६७ जना छात्रा गरी २९ हजार ९ सय ९७ जना तथा माविमा ७ हजार २ सय ४० जना छात्र र ५ हजार ४ सय २६ जना छात्रा अध्ययनरत छन्। उच्चमावितर्फ १ हजार ४ सय ८२ जना छात्र र १ हजार ५ सय ३२ जना छात्रा गरी जम्मा ३ हजार १४ जना विद्यार्थी अध्ययनरत छन्।

सिहासनी गाविस-१ श्रीपुरका ११ वर्षीया रमीया चौधरी र ७ वर्षीया कृती चौधरीलाई ०६७ कात्तिक २७ गते राति सुतिरहेको अवस्थामा आफ्नै बुबा खुसी चौधरीले बञ्चरोले शरीरका विभिन्न भागमा काटी हत्या गरे। प्रहरीले सिहासनी गाविस-१ श्रीपुर निवासी ३५ वर्षीय खुसी चौधरी र उनकी कान्छी पत्नी १९ वर्षीया विन्दु चौधरीलाई गिरफ्तार गऱ्यो। पीडकहरू जिल्ला अदालतको आदेशमा मङ्सिर ०६७ गते पुर्पक्षको वीरगञ्ज कारागार चलान भए।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

दुर्व्यवहार

लक्ष्मीपुर कोतवाली गाविस-३ बेलवा टोलकी ४५ वर्षीया भुखलीदेवी सहनीलाई बोक्सीको आरोपमा ०६७ साउन ५ गते छिमेकी सत्यनारायण महतो, उनकी पत्नी आशिया देवी, छोरा विनोद महतो, अशोक महतोले कुटपिट गरी अभक्ष खुवाए। पीडकहरूले सार्वजनिक रूपमा साउन १८ गते माफी मागी आइन्दा यस्तो गल्ती नगर्ने र नगद ३७ हजार रुपियाँ क्षतिपूर्ति दिने सहमति भयो।

घरेलु हिंसा

बसतपुर गाविस-९ निवासी २० वर्षीया मोरिएम खातुनलाई ०६६ चैत ७ गते बिहान पति नसिर मिँया अन्सारीले कुटपिट गरी हत्या गरेको आरोपमा अन्सारी जिल्ला अदालतको आदेशमा ०६६ चैत ३० गते पुर्पक्षको लागी वीरगञ्ज कारागार चलान भए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना, सम्पति क्षति

संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाबाट

कलैया नपा-७ स्थित कलैया डेरी सेन्टरको परिसरमा चन्दा नदिएको भन्दै ०६७ साउन १६ गते दिउँसो संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताले बम विस्फोट गराउँदा डेरी उद्योगको दूध ओसार्ने ना २ च १७० को भ्यानमा क्षति पुग्यो।

तराई मुक्ति मोर्चाद्वारा गराइएको बम विस्फोटमा परी घाइते भएका बिहारी महतो

बाबुद्वारा बञ्चरो प्रहार गरी हत्या गरिएकी कृती चौधरी

बाबुद्वारा बज्चरो प्रहार गरी हत्या गरिएकी रमीया चौधरी

स्वास्थ्य सेवाको अवस्था

बारा जिल्लामा एक जिल्ला अस्पताल, एक आर्युवेद अस्पताल, चार प्राथमिक स्वास्थ्य केन्द्र, ११ स्वास्थ्य चौकी, ८३ उप-स्वास्थ्य चौकी रहेका छन्। जिल्ला अस्पतालमा तीन जना डाक्टरको दरबन्दी रहेकोमा एक डाक्टर काजमा आएका र दुई डाक्टर करारमा कामकाज गर्दै आएका छन्। हेल्थपोष्टमा एक दरबन्दी खाली रहेको, अहेबमा आठ दरबन्दी रिक्त रहेको छ।

२.९ पर्सा

जनसङ्ख्या : ६,४२,५४९
साक्षरता प्रतिशत : ५५
महिला साक्षरता प्रतिशत : ३५
क्षेत्रफल (वर्ग कि. मि.) : १,३५३
गाविस/नपा सङ्ख्या : ८२/१
सरकारी/निजी विद्यालय : ३३१/२६
क्याम्पस/उच्च मा.वि. : ७/१७
अस्पताल/स्वास्थ्य चौकी : ३/३८
मानव विकास सूचकाङ्कः ०.४४८
प्रतिपरिवार सरदर सङ्ख्याः ८

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या
राज्यबाट

महुवन गाविस-३ निवासी जनतान्त्रिक तराई जनमुक्ति मोर्चा (ज्वाला सिंह)का जिल्ला सैन्य कमाण्डर ३० वर्षीय कालीचरण भनिने मोतीराम दुसाधको ०६६ माघ १८ गते बेलुका प्रहरीले गाँउबाट गिरफ्तार गरी सोही दिन महुवन गाविस-५ स्थित नहर छेउमा गोली हानी हत्या गऱ्यो। प्रहरीको टोलीमाथि मोर्चाका कार्यकर्ताले गोली प्रहार गरेपछि जवाफी कारबाहीमा मोर्चाका सैन्य कमाण्डर दुसाध मारिएको जिल्ला प्रहरी कार्यालयले जनायो। प्रहरीले पीडितको लासको वीरगञ्जस्थित उपक्षेत्रीय अस्पतालमा भोलिपल्ट पोष्टमार्टम गराई परिवारजनलाई जिम्मा लगायो।

भारतको बिहार मोतिहारी जिल्ला निवासी २५ वर्षीय गुड्डू यादवको ०६६ माघ २४ गते राति प्रहरीले रामगढवा गाविस-६ रामगढवा पुलनजिकै गोली हानी हत्या गऱ्यो । पीडितको लासको भोलिपल्ट नारायणी उपक्षेत्रीय अस्पतालमा पोष्टमार्टम भएको थियो। प्रहरीले उनी अपराधी भएको बताउँदै कारबाहीमा मारिएको जनायो। घटनास्थलबाट एक थान पेस्तोल, तीन ओटा सकेट बम र तीन राउण्ड गोली समेत बरामद गरेको प्रहरीले सार्वजनिक गऱ्यो। पीडितका परिवारले माघ २६ गते लास बुझेर दाहसंस्कार गरेका थिए।

भारत रक्सौल जिल्ला चिकनी निवासी २५ वर्षीय सुरेश दासको ०६७ जेठ ४ गते राति प्रहरीले वीरगञ्ज उमनपा-१८ भेडियाहीस्थित नेशनल मेडिकल कलेज नजिकै प्रहार गरेको गोली लागी मृत्यु भयो। प्रहरीको गोलीबाट घाइते भएका दासको उपचारका क्रममा नारायणी उपक्षेत्रीय अस्पतालमा मृत्यु भएको थियो। तीन जनाको सङ्ख्यामा रहेका समूहले आदर्शनगरमा बम विस्फोट गराउन लागेको गोप्य सूचनाको आधारमा प्रहरीले वीरगञ्जको आदर्शनगरबाट उनीहरूको पिछा गर्दै जाने क्रममा नेशनल मेडिकल कलेज पछाडि गोली हानाहान हुँदा एकजना घाइते भएको र उनको उपचारको क्रममा मृत्यु भएको प्रहरीले बतायो। घटनास्थलबाट एकथान बन्दुक र सोको गोली, दुई थान सकेट बमलगायतका हतीयार बरामद गरेको प्रहरीले जनायो। प्रहरीले लासको भोलिपल्ट नारायणी उपक्षेत्रीय अस्पतालमा पोष्टमार्टम गरी मृतकका आफन्तको जिम्मा लगायो।

पकाहा मैनपुर गाविस-७ निवासी जनतान्त्रिक

तराई मुक्ति मोर्चा (ज्वाला सिंह)का २० वर्षीय कार्यकर्ता सिंहाशन सहनीको ०६७ भदौ १३ गते राति वीरगञ्ज उमनपा-१९ नगवा टोलमा प्रहरीले गरेको कारबाहीमा मृत्यु भयो। नगवामा डेरा गरी बस्दै आएका सोही गाविस-८ का ५० वर्षीय मुखलाल कुर्मीको घरमा राति बास बस्न आएका सहनीले सँगै ल्याएका सुतली बम विस्फोट हुँदा दुबै जना घाइते भएका थिए। विस्फोट भएलगतै पुगेको प्रहरी टोलीले गोली चलाउँदा सहनीको घटनास्थलमै मृत्यु भएको जनायो। सोही घटनामा घाइते भएका कुर्मीको नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार भयो। प्रहरीमाथि फायर गरेपछि जवाफी कारबाहीमा सहनीको मृत्यु भएको एसपी राजेन्द्रमान सिंहले बताए पनि सहनीलाई नियन्त्रणमा लिई हत्या गरेको परिवारले दाबी गर्दै आएको छ। घाइते कुर्मी भने साइकलमा कपडा बेचेर जीविकोपार्जन गर्दै आएका व्यापारी हुन्।

विश्रामपुर गाविस–८ का ३५ वर्षीय कर्मुला अन्सारीको ०६७ पुस ५ गते राति विश्रामपुर-बैरीयावितर्ा गाविस सडकखण्डमा प्रहरीले प्रहार गरेको गोली लागी मृत्यु भयो। विन्दवासीनी चौकीबाट तीन जनाको सङ्ख्यामा गएको प्रहरी गस्ती टोलीले चलाएको गोली लागी अन्सारी घाइते भएका थिए। ढाडमा गोली लागी घाइते भएका अन्सारीको उपचारको क्रममा नारागणी उपक्षेत्रीय अस्पतालमा मृत्यु भएको थियो। एसपी राजेन्द्रमान श्रेष्ठले गाँजा लिएर गइरहेका व्यक्तिहरूलाई प्रहरीले रोक्न खोज्दा प्रहरीमाथि गोली चलाएपछि जवाफी करबाहीमा अंसारीको मृत्यु भएको बताए। पैसाको लेनदेन नमिलेका कारण अंसारीलाई प्रहरीले गोली हानी हत्या गरेको आरोप लगाउँदै स्थानीय बासिन्दाले विरोध प्रदर्शन गरेका थिए। प्रहरीले घटनास्थलबाट आठ बोरा गाँजा बरामद गरेका थियो।

संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाबाट

बारा जिल्ला निवासी प्रहरी हवल्दार २६ वर्षीय अनन्तराज खड्काको ०६६ पुस २७ गते बिहान संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताले वीरगञ्ज उमनपा-१२ मा गोली हानी हत्या गरे। सहायक प्रमुख जिल्ला अधिकारी बमबहादुर मल्लमाथि मोर्चाका कार्यकर्ताले चलाएको गोली उनको अंगरक्षक खड्कालाई लाग्दा उनको घटनास्थलमै मृत्यु भएको थियो। निवासबाट कार्यालय जाने क्रममा सहायक प्रमुख जिल्ला अधिकारी मल्ल गाडीमा चढेपछि अङ्गरक्षक खड्का चढने क्रममा मोर्चाका कार्यकर्ता गोली प्रहार गरी फरार भएका थिए। प्रहरीले घटनामा सङ्लग्न कसैलाई पनि गिरफ्तार गर्न सकेको छैन।

अज्ञात समूहबाट

वीरगञ्ज उमनपा-१३ निवासी हिन्दू युवा सङ्घका राष्ट्रिय अध्यक्ष ४५ वर्षीय काशीनाथ तिवारीको ०६७ असार १२ गते अज्ञात समूहले वीरगञ्ज नपा-१३ स्मशाननघाटमा गोली हानी हत्या गऱ्यो। हत्याको विरोधमा हिन्दू युवा सङ्घले असार १३ र १४ गते वीरगञ्ज बजार बन्द गराएको थियो। जिल्ला प्रशासनमा सुरक्षा निकाय र पार्टी प्रतिनिधीबीच भएको बैठकपछि घटनामा सङ्लग्नहरूलाई तत्काल गिरफ्तार गरी कारबाही गर्ने र मृतक तिवारीलाई राष्ट्रिय सहिद घोषणा गरी मृतकका परिवारलाई उचित क्षतिपूर्ति उपलब्ध गराउने सहमतिपछि असार १४ गते बेलुका लास बुझी रानीघाटस्थित आर्यघाटमा पीडित परिवारले हिन्दु संस्कार अनुसार सद्गत गरे। उक्त घटनाको हालसम्म कसैले जिम्मा लिएको छैन।

भारतको पूर्वी चम्पारण नकरदेहीका ३० वर्षीय उमेश यादवको ०६७ कात्तिक ७ गते बौरीयावितर्ा गाविस-६ स्थित धान खेतमा अज्ञात समूहले टाउको काटी हत्या गरे। प्रहरीले लासको कात्तिक १० गते नारायणी उपक्षेत्रीय अस्पताल वीरगञ्जमा पोष्टमार्टम गराई मृतकका परिवारको जिम्मा लागाएको थियो। हत्यामा सङ्लग्न पीडकलाई हालसम्म गिरफ्तार गर्न सकेको छैन।

गोली/विस्फोटक पदार्थद्वारा घाइते

राज्यबाट

विजयवस्ती गाविस-६ निवासी काङ्ग्रेस गाविस सभापति २४ वर्षीय माइकल श्रेष्ठ, सोही ठाउँका १७ वर्षीय बाबु लोपचन, ५५ वर्षीय सूपलाल पाखिन र १४ वर्षीय विशाल पाखिन ०६७ कात्तिक १ गते विजयबस्ती गाविस-६ मा प्रहरीले चलाएको गोली लागी गम्भीर घाइते भए। स्थानीय रुटमा चल्ने न्यु राज ट्राभल्सको बसको ठक्करबाट ०६७ असोज ३० गते मृत्यु भएको सोही गाविस-५ निवासी ५० वर्षीय धनलाल डोमको परिवारलाई क्षतिपूर्ति दिने सम्बन्धमा भएको विवादका क्रममा प्रहरी तथा सशस्त्र प्रहरीको संयुक्त टोलीले चलाएको गोली लागी उनीहरू घाइते भएका थिए। घाइते सबैको नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार भयो।

जनतान्त्रिक तराई मधेश मुक्ति पार्टीबाट

वीरगन्ज उमनपा-१० गहवा टोल निवासी नेपाली यातायात मजदुर २१ वर्षीय शेष अकबर ०६७ साउन २४ गते वीरगन्ज उमनपा-१८ नयाँबसपार्कमा सुतली बम विस्फोटन हुँदा घाइते भए। अनुहारमा

घटनाको प्रकार	गैरराज्यबाट				राज्यबाट				
	अन्यबाट								
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	९	५	४	९	५	५			५
घाइते	१०	१०	४	१४	१	४			४
धम्की	१	१		१					
भेला/सङ्गठित हुने अधिकार					१	२	१	५१	५४
महिलाअधिकार	२		२	२					
बालअधिकार	१		१	१					
अमानवीय व्यवहार	१	१		१					
अपहरण	१	१		१					
जम्मा	३५	१८	११	३९	७	११	१	५१	६३

बमको छर्रा लागेका पीडितको नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार भयो। जनतान्त्रिक तराई मधेश मुक्ति पार्टीका पर्सा इन्चार्ज राजगुरुले घटनाको जिम्मा स्वीकारदै सञ्चारमाध्यमलाई जानकारी गराएका थिए। अपरिचित व्यक्तिले रामलखन ट्राभल्सको काउन्टर अगाडि बम फ्याँकेर भागेको प्रत्यक्षदर्शीले बताए।

संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाबाट

वीरगञ्ज उमनपा- १३ निवासी उद्योग वाणिज्य महासङ्घका महासचिव ४३ वर्षीय गोपाल केडियालाई ०६७ जेठ ५ गते संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताले वीरगञ्ज उमनपा-८ महावीर मन्दिरस्थित पसलमा गोली हानी घाइते बनाए। घाँटीमा गोली लागी घाइते भएका केडियाको वीरगञ्जस्थित एडभान्स मेडिकेयर सेन्टर अस्पतालमा उपचार भयो। मोर्चाका जिल्ला कमाण्डर रञ्जीतले स्थानीय सञ्चारकर्मीलाई टेलिफोन गरी उक्त घटनाको जिम्मेवारी लिएका थिए।

अज्ञात समूहबाट

भारत मोतीहारी का २२ वर्षीय राजेश साह र सिर्सिया खल्वाटोला गाविस-३ का १५ वर्षीय जम्शेर अन्सारी ०६६ माघ २४ गते वीरगञ्ज उमनपा घण्टाघर चोकमा अज्ञात समूहले फ्याँकेको सुतली बम विस्फोट हुँदा घाइते भए। हात र खुट्टामा छर्रा लागी घाइते भएका उनीहरूको नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार भयो। घाइते दुवै जना फुटपाथका व्यापारी हुन्।

वीरगञ्ज उमनपा-१६ का २८ वर्षीय सुदीप शर्मालाई ०६६ फागुन १४ गते अज्ञात समूहले वीरगञ्ज उमनपा-१६ तेजारथ टोलस्थित घरमा गोली प्रहार गरी घाइते बनायो। घाइते शर्माको नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार भयो।

वीरगञ्ज उमनपा- १० की ५ वर्षीया गुनगुन सर्राफ ०६७ कात्तिक २२ गते साँझ सोही वडाको मीना बजारमा बेवारिसे अवस्थामा राखेको सुतली खेलाउँदा विस्फोट भई घाइते भइन्। दाहिने हातमा छर्रा लागि सामान्य घाइते भएकी बालिकाको सोही दिन नारायणी उप–क्षेत्रीय अस्पतालमा उपचार भएको थियो। बम कसले राखेको हो खुल्न सकेन।

बारा जिल्ला कलैया नपा-६ निवासी नेपाल प्रहरीमा कार्यरत २८ वर्षीय सुरेश खतिवडा ०६६ चैत ३० वीरगञ्ज उमनपा- १३ आदर्शनगरस्थित पब्लिक डेभलप्मेन्ट बैंङ्कमा राखिएको सकेट बम निष्कृय पार्न बाहिर लैजाने क्रममा विस्फोट हुँदा घाइते भए। हातको पञ्जा, छाती, पेट र मुखमा छर्रा लागि घाइते भएका खतिवडाको नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार भयो। बम कसले राखेको हो खुल्न सकेन।

हरपुर गाविस-९ रमौली का २८ वर्षीय राजेश्वरप्रसाद चौधरी ०६६ चैत ३० गते साँझ अज्ञात समूहले चलाएको गोली लागी घाइते भए। पीडितको दायाँ कोखामा गोली लागेको थियो। उनको वीरगञ्जमा सामान्य उपचारपछि थप उपचारका लागि काठमाडौ लगिएको थियो।

वीरगन्ज उमनपा-१७ का २५ वर्षीया तसलिमा खातुन, सोही ठाउँकी २८ वर्षीया सलिमा खातुन, २० वर्षीया जरिना खातुन र २३ वर्षीया मुनुयर खातुन ०६७

असार ३० गते बिहान अज्ञात समूहले लुकाई राखेको सुतली बम वीरगञ्ज उमनपा-१८ स्थित प्रतिमा चोकमा विस्फोट हुँदा घाइते भए। प्रतिमा चोकछेउमा रहेको हरियाली रेस्टुरेन्टअगाडि बम विस्फोट भएको थियो। घाइतेहरूको नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार भयो।

वीरगञ्ज उमनपा–१४ श्रीपुर का ७ वर्षीय आलोक पटेल र उनका हजुरबुबा ५२ वर्षीय पारसनाथ पटेल ०६७ कात्तिक २२ गते बिहान वीरगञ्ज उमनपा–१४ श्रीपुरमा टिन बम विस्फोट हुँदा घाइते भए। उक्त विस्फोटनमा परी आलोकको दाहिने हातमा गम्भीर चोट लागेको थियो भने पारसनाथ सामान्य घाइते भएका थिए। घाइते पारसनाथको नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार भयो भने आलोकको काठमाण्डौंमा उपचार गरियो। आफ्नै घरको आगनमा देखिएको प्लास्टिकमा बेरिएको टिनको पोका आलोकले फ्याँक्दा विस्फोट भएको थियो। घटनाको जिम्मा हालससम्म कसैले लिएको छैन।

जेल र बन्दीहरू

जिल्ला कारागारमा यस वर्षको अन्त्य सम्ममा १ हजार ३४ जना बन्दीहरू रहेका छन्। यस कारागारमा कैद तोकिएका ५ सय २६ पुरुष र ३४ जना महिला गरी कूल ५ सय ६० जना बन्दी रहेका छन् भने कैद नतोकिएका ४ सय ४२ जना पुरुष र २३ जना महिला गरी कूल ४ सय ६५ जना बन्दी रहेका छन्। 'क' श्रेणीको १ हजार ५ सय बन्दी क्षमता रहेको यस कारागारमा तीन बालक र छ जना बालिका आश्रित का रुपमा रहेका छन्।

धम्की/कुटपिट

जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाल सिंह) बाट

वीरगञ्ज उमनपा-१३ निवासी जन प्रतिविम्बदैनिक पत्रिकाका प्रकाशक एवम् सहसम्पादक तथा नारायणी एफएमका सम्वाददाता ३२ वर्षीय सन्जय साहलाई ०६६ फागुन ६ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) समूहले टेलिफोन गरी मार्ने धम्की दियो। प्रेस विज्ञप्तिको समाचार प्रकाशन नगरेको विषयलाई लिएर जिल्ला इन्चार्ज बताउने बारुद सिंहले पत्रकार साहलाई तीन दिनभित्र मार्ने धम्की दिएका थिए। आफूलाई सिंहले तीन दिन लगातार धम्की दिएको पत्रकार साहले जानकारी दिएका थिए।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

वीरगञ्ज उमनपाको घण्टाघरचोकमा ०६७ वैशाख २३ गते एकीकृत नेकपा माओवादीले आह्वान गरेको अनिश्चितकालीन आमहडतालको क्रममा हिन्दू युवा सङ्घका कार्यकर्ता र एकीकृत माओवादी कार्यकर्ताबीच भएको झडपलाई नियन्त्रणमा लिन प्रहरीले लाठीचार्ज गर्दा एकीकृत माओवादीका स्थायी समित समिति सदस्य तथा संविधानसभा सदस्य प्रभु साह, शिवचन्द्र कुशवाहा, भोजपुरा राज्य समिति सेक्रेटरी अञ्जना विशङ्खे, बालकृष्ण श्रेष्ठ, वाईसीएलका बारा इन्चार्ज धर्ती चौधरी, अनेरास्ववियु केन्द्रीय सदस्य निशा साह, धुरी साहलगायत ५४ जना घाइते भए। घण्टाघर चोकमा भेला भएका माओवादी कार्यकर्ता र डाबर नेपालको भवन अगाडि भेला भएका हिन्दू युवा सङ्घका सर्मथकबीच ढुङ्गाहानाहान भएपछि प्रहरीले माओवादी कार्यकर्तामाथि लाठीचार्ज गरेको थियो। घाइतेहरूको नेपाल रेडक्रस सोसाइटीका स्वयम्सेवकले उद्धार गरी नारायणी उपक्षेत्रीय अस्पतालमा पुऱ्याई उपचार गरेका थिए। हिन्दू युवा सङ्घ, घडिअर्वावासी र स्थानीयवासिन्दाहरू संयुक्तरूपमा माओवादी विरुद्ध प्रदर्शनमा उत्रिएपछि भिडलाई प्रहरीले नियन्त्रणमा लिन पाँच राउण्ड आश्रुग्यास प्रहार गरेको थियो। आक्रोशित भीडले

प्रहरीद्वारा चलाइएको गोली लागी घाइते भएका सूपलाल पाखिन, माइकल श्रेष्ठ, बाबु लोपचन, विशाल पाखिन

घण्टाघरको उत्तरतर्फ मुख्य सडकमा माओवादीले गाडेको टेन्ट र खाना ओसार्न राखिएको वा २ च ५६८० नम्बरको जीपमा आगजनी समेत गरेका थिए। यसैगरी उक्त भीडले नगर सभागृहमा रहेको माओवादीको मेस तोडफोड र आगजनी गर्नुका साथै त्यहाँ रहेका क्याटरिङका कर्मचारीलाई कुटपिट गरेका थियो। प्रदर्शनकारीले गोपाल मण्डली धर्मशालामा रहेको माओवादीको वा ००१ अ १८ र वा १ झ ८४८७ नम्बरको गाडी समेत तोडफोड गरेका थिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला जिल्ला अदालत पर्सामा ०६७ असार मसान्तसम्म बाँकी भएका सरकारीवादी फौजदारी मुद्दाको संख्या १ सय ६५ रहेकोमा ५६ ओटा फैसला भयो। सोही अवधीमा बाँकी रहेका दुनियाँवादी फौजदारी मुद्दाको संख्या २ सय २० रहेकोमा फैसला ७३ ओटा भयो। ०६७ साउनदेखि पुस १६ गतेसम्म दर्ता भएका सरकारीवादी फौजदारी मुद्दाको संख्या ७८ रहेकोमा फैसला २६ ओटा भयो। सोही अवधीमा दर्ता भएका दुनियावादी फौजदारी मुद्दा १ सय ८३ मध्ये फैसला ३१ ओटा भयो। पुरानो जिम्मेवारी सरेर आएका ०६७ असार मसान्तसम्म बाँकी भएका देवानी मुद्दा ८ सय १२ ओटा रहेकोमा फैसला ४ सय १ ओटा भयो।

बालअधिकार

जिल्ला शिक्षा कार्यालय पर्साका अनुसार यस जिल्लामा संस्थागत र सरकारी, गुठी आदि गरी जम्मा विद्यालय सङ्ख्या ३ सय ३० रहेको छ। जसमध्ये २ सय ४६ ओटा प्राथमिक, ४७ ओटा निमावि र ३७ ओटा माध्यमिक तहको कक्षा सञ्चालन हुने गरेको छ। माध्यमिक तहमा ८ हजार ७ सय ९० विद्यार्थी अध्ययनरत रहेकोमा ३ हजार ३ सय ७५ जना छात्रा र ५ हजार ४ सय १५ जना छात्र अध्ययनरत छन्। यसैगरी निम्न माध्यामिक विद्यालय फ ९ हजार १ सय ५९ जना छात्रा र १२ हजार २ सय ४४ जना छात्र गरी कूल २१ हजार ४ सय ३ जना विद्यार्थी अध्य्यनरत छन्। यस जिल्लामा प्राथिमिक तहतर्फ ५१ हजार ८ सय ७१ जना छात्रा र ५० हजार २ सय ६० जना छात्र गरी १ लाख २ हजार १ सय ३१ जना विद्यार्थी अध्ययनरत छन्।

यस जिल्लामा प्राथमिक तहमा शिक्षक दरबन्दी सङ्ख्या १ हजार १ सय १२, निम्न माध्यामिक तहमा शिक्षक दरबन्दी सङ्ख्या २ सय ३ र माध्यामिक तहमा शिक्षक दरबन्दी सङ्ख्या १ सय ५१ रहेकोमा सबै दरबन्दीमा शिक्षक कार्यरत छन्।

विरन्चीवर्वा गाविस-८ निवासी शारीरिक तथा मानसिक आपाङ्गता भएकी १४ वर्षीया एक बालिकालाई ०६७ मङ्सिर १४ गते सोही ठाउँका राजकपुर पासवानले बलात्कार गरेको आरोपमा पीडितका आफन्तले प्रहरीमा मङ्सिर १५ गते मुद्दा दिएपछि आरोपितलाई १६ गते गिरफ्तार गरी हाल थुनामा राखी कानुनी कारबाही अगाडि बढाएको छ।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार दुर्व्यवहार

पचरुखी गाविस-३ जिगना टोल निवासी २५ वर्षीया राजकली देवीलाई ०६७ जेठ ८ गते स्थानीय गाँउलेहरूले कथित बोक्सीको आरोपमा अमानवीय व्यवहार गरे। स्थानीय एक बालिकालाई तन्त्रमन्त्र गरी मारेको आरोप लगाउँदै गाँउलेहरूको एक समूहले उनलाई नियन्त्रणमा लिई कुटपिट गर्नुका साथै अभक्ष खुवाउने प्रयास गरेको थियो। कुटपिट गर्नुअघि पीडितलाई जेठ ७ गते नियन्त्रणमा लिएर मृत्यु भएकी बालिकाको लास राखेर जिउँदो पार्न दबाब दिएका थिए। पीडितले घटनामा सङ्लग्नलाई कारबाही गर्न कतै उजुरी गरिनन्।

घरेलु हिंसा

वीरगञ्ज उमनपा-१६ मुरली की २५ वर्षीया उषादेवी कानूलाई ०६६ फागुन १० गते घरायसी विवादका क्रममा जेठाजु अवधेश कानुले खन्ती प्रहार गर्दा घाइते भएकीमा वीरगञ्ज उमनपास्थित नेशनल मेडिकल कलेजमा उपचारको क्रममा उनको सोही दिन मृत्यु भयो। बिहानको समयमा उषाका पति धीरज साह र जेठाजु अवधेशबीच खन्तीको स्वामीत्वको विषयलाई लिएर विवाद भएको थियो। पति र जेठाजुबीच भएको विवाद मिलाउने क्रममा जेठाजु अवधेशले बुहारी उषादेवीलाई खन्तीले टाउकोमा प्रहार गरेका थिए। सोही दिन उषादेवीको लास नारायणी उपक्षेत्रीय अस्पतालमा पोष्टमार्टमपछि परिवारजनले सद्गद गरे। पीडितका आफन्तले अवेधश विरुद्ध जिल्ला प्रहरी कार्यालयमा फागुन १८ गते मुद्दा दायर गरे पनि उनी फरार भएकोले कुनै कारबाही हुन सकेको छैन।

लालपर्सा गाविस-७ की २३ वर्षीया शोभादेवी साहको लास ०६७ मङ्सिर १३ गते बेलुका सोही गाविस-५ को कठहा खोलानजिकै रहेको बाँसघारीमा मुख जलाएको अवस्थामा फेला पऱ्यो। शोभाको हत्या दाइजो नपाएको निहुँमा घर पक्षले गरेको हुन सक्ने प्रहरीले आशङ्का गरेको छ। विवाहको बेला २ लाख रुपियाँ दाइजो दिने तय भएकोमा माइत पक्षले एक लाख रुपियाँ मात्र दिएको पीडितपक्षले जनायो। शोभाको लास

नारायणी उपक्षेत्रीय अस्पतालमा पोस्टमार्टमपछि माइती पक्षले सद्गत गरेका थिए। पीडितका ससुरा भने फरार रहेका छन्। वीरगञ्ज उमनपा-१५ निवासी किशोरी साहकी छोरी शोभाको तीन वर्ष पहिले सञ्जय साहसँग सामाजिक परम्पराअनुसार विवाह भएको थियो। पीडित विरुद्ध ०६७ मङ्सिर २१ गते पीडितका आफन्तले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएका थिए।

स्वास्थ्य सेवाको अवस्था

पर्सा जिल्लामा एउटा उपक्षेत्रीय अस्पताल, चारओटा निजी अस्पताल, एउटा सरकारी नर्सिङ् क्याम्पास, दुईओटा निजी नर्सिङ् क्याम्पस र एउटा निजी शिक्षण अस्पताल रहेका छन्। उपक्षेत्रीय अस्पतालमा विकास समिति तर्फबाट १३ जना चिकित्सकको दरबन्दी भए पनि १८ जना कार्यरत छन्। जिल्लामा नौओटा स्वास्थ्य केन्द्र तथा ७१ ओटा उपस्वास्थ्य चौकी गरी २ सय ६७ जना स्वास्थ्यकर्मीको दरबन्दी रहेकोमा २ सय ४७ जना स्वास्थ्य कार्यकर्ता कार्यरत छन्।

२.१० चितवन



जनसङ्ख्या	६,०८,४२२
साक्षरता प्रतिशत	९०
महिला साक्षरता प्रतिशत	६५
क्षेत्रफल (वर्ग कि. मि.)	२,२१८
गाविस/नपा सङ्ख्या	३६/२
सरकारी/निजी विद्यालय	४९६/११७
क्याम्पस/उच्च मा.वि.	६/५२
अस्पताल/स्वास्थ्य चौकी	५/४२
मानव विकास सूचकाङ्क	०.५१८
प्रतिपरिवार सरदर सङ्ख्या	७

जेल र बन्दीहरू

भरतपुर जिल्ला कारागार शाखाको क्षमता १ सय २० जनाको रहेको छ। यस कारागारमा २३ महिला, २ सय ७३ पुरुष र आश्रित दुई/दुई बालक र नाबालिका गरी कूल ३ सय १ जना बन्दी रहेका छन्। ती मध्ये कैद तोकिएका पुरुष १ सय ७८ र नतोकिएका १ सय २३ गरी ३ सय १ जना र कैद तोकिएका महिला १३ र नतोकिएका १० गरी २३ जना रहेका छन्।

रत्ननगर नपा-१३ जयमङ्गलाका ४९ वर्षीय सोमबहादुर दराईको ०६७ असोज ६ गते एक थान साईकल चोरी गरेको आरोपमा इलाका प्रहरी कार्यालय टाँडीको थुनुवा कोठामा राखिएको बेला कम्बलको टुक्राको पासो लगाई झुण्डिएपछि गम्भीर अवस्थामा उपचारको क्रममा भरतपुर अस्पताल मृत्यु भएको इलाका प्रहरी कार्यालयका इन्चार्ज राजेन्द्र चौधरीले बताए। सोही नपा-८ पर्सौनीस्थित शमशेर आलमको घरमा डेरा गरी बस्ने बद्री बहादुर क्षेत्रीको एक थान साइकल चोरी गरेको आरोपमा स्थानीय व्यक्तिहरूले दराईलाई दिउँसो दुई बजेतिर सो कार्यालयमा जिम्मा लगाएका थिए। दराई हिरासतमा कम्बलको किनाराको पासोमा झुण्डिएको पाइएकोले भरतपुर अस्पतालको आकस्मिक कक्षमा भर्ना गरिएको इन्चार्ज चौधरीले बताए। सो अस्पतालका चिकित्सक डा. अपूर्व ठाकुरको नेतृत्वमा दराईको आकस्मिक स्वास्थ परीक्षणपश्चात उनको मृत्यु भएको घोषणा गरे। सर्वदलीय निर्णयले गठन गरिएको नागरिक छानबिन समितिले प्रतिवेदन सार्वजनिक गर्दै दराईलाई हिरासतमा लिइने बित्तिकै उनको विवरण नलिइएको, दराईले अत्यधिक मादक पदार्थ सेवन गरेकोले केही बताउन नचाहेको प्रहरीले बताए पनि स्वास्थ्य परीक्षण नगरिएको, ०६७ कात्तिक २ गते इप्रकामा घटनाबारे बुझ्न गएका पीडितका नातेदारलाई कुनै जानकारी नगराएको र स्थानीय बासिन्दाले जिम्मा लगाएका व्यक्तिको परिवार पहिचान गर्न एवम् सो घटना सार्वजनिक गराउन आवश्यक पहल गरेको नदेखिदा सो घटनामा प्रहरीको लापरवाही देखिएको प्रतिवेदनमा भनिएको छ। मृतकको लास आफूहरूलाई नबुझाइएकोले सो घटना आत्महत्या नभएर यातनाका कारण मृत्यु भएको भन्दै पीडितपक्षले यातायात बन्दसमेत आह्वान गरे। एकीकृत माओवादी निकट अखिल नेपाल सुकुम्वासी सङ्घ जिल्ला समिति, चितवन र अखिल नेपाल ट्रेड युनियन महासङ्घ जिल्ला समन्वय समितिद्वारा संयुक्तरुपमा आयोजित खुला पत्रकार सम्मेलनमा घटनामा प्रहरीले यातना दिएको आरोप लगाए।

बेपत्ता/अपहरण

अन्यबाट

भरतपुर नपा-७ निवासी वीपी मेमोरियल क्यान्सर अस्पतालका कार्यकारी निर्देशक डाक्टर ५० वर्षीय भक्तमान श्रेष्ठलाई ०६७ जेठ ६ राति साँढे दश बजे गते ना ३ च ९८९ नं को कारमा सवार रहेको अवस्थामा भरतपुर नपा-१० चौबीसकोठीबाट एक समूहले अपहरण गऱ्यो। पीडितको ना ३ च ९८९ नं को कार पोखरा उपमनपा-१० को कुडहर चोकमा र ब्रिफकेस मुडलिन नजिक जेठ ८ गते फेला परेको थियो। पीडित १९ दिनपछि धादिङ जिल्लाको मध्यिमटारबाट मुक्त भए। अपहरणमुक्त भएपछि पहिलो पटक अस्पतालकै आवासमा सार्वजनिक हुँदा पीडितले आफूलाई नेपाल हिन्दू जनता दल नामको सङ्गठनले अपहरण गरेको बताए। पीडित श्रेष्ठलाई अपहरण गर्नेमा नुवाकोट जिल्ला चारघरे गाविसका ३७ वर्षीय भीमसेन पण्डित, भारत दार्जिलिङका २७ वर्षीय नबिन क्षेत्री, काठमाण्डौ मनपा-३ का ३९ वर्षीय सुनिल श्रेष्ठ र नुवाकोट जिल्ला जिलिङ गाविस-३ का २७ वर्षीय बद्रीप्रसाद ढुङ्गानासमेतको संलग्नता रहेको प्रहरी अनुसन्धानबाट खुलेको थियो। सत्य तथ्य जाँचबुझको लागि एकीकृत माओवादीद्वारा गठित अमिक शेरचनको नेतृत्वमा सहित चित्रबहादुर श्रेष्ठ र अधिवक्ता धर्मराज समेत रहेको तीन सदस्यीय आयोगले ०६७ जेठ २१ गते चिकित्सक भक्तमान श्रेष्ठको अपहरण भएको ठहर सहितको प्रारम्भिक प्रतिवेदन सार्वजनिक गऱ्यो। सरकारको तर्फबाट अनुसन्धान गरी प्रहरी प्रधान कार्यालयले ०६७ असार २४ गते काठमाण्डौमा पत्रकार सम्मेलन गरी घटनाबारे जानकारी गरायो। साथै अपहरणकारी मध्येका भारत दार्जिलिङका नवीन क्षेत्री, जिलिङ गाविस-४ का बद्री ढुङ्गाना र महाराजगञ्ज काठमाण्डौका सुनिल श्रेष्ठलाई गिरफ्तार गरी सार्वजनिक गऱ्यो। उनीहरू हाल भरतपुरस्थित जिल्ला कारागारमा राखिएको छ। नुवाकोट जिल्ला चारघरे गाविसका ३७ वर्षीय भीमसेन पण्डित, लुक्पा तमाङ र भारत घर भएका ३० वर्षीय रोहित पालिवल हालसम्म फरार रहेका छन्। सो अपहरणको मुख्य योजनाकार पण्डित र रोहित रहेको प्रहरीले बताएको छ। डा. श्रेष्ठलाई काठमाण्डौमा राखेर अपहरणकारी मध्येका रोहितले भारतमा गई बार्गेनिङ गरी रकम बुझेको र अपहरणकारीले नै त्यसपछि नुवाकोटको बाटो हुँदै गल्छीबाट धादिङको मध्यिमटारमा पुऱ्याई छोडिदिएको अनुसन्धान टोलीका प्रमुख एसपी देवेन्द्र सुवेदीले जानकारी दिए। पीडितलाई मुक्त गराउन पीडितको परिवारले भारतमा गई तीन किलो सुन फिरौती बुझाएका थिए। क्यान्सर अस्पतालमा पहिला चालकको काम गर्ने बद्री ढुङ्गानाले अपराधिक समूहका भीमसेन पण्डितलाई राम्रो कमाई हुने डाक्टर भनी खबर गरेको प्रहरीले बताए। चिकित्सक सङ्घ चितवनको आयोजनामा ०६७ जेठ ७ गते चिकित्सक श्रेष्ठको स्थिति सार्वजनिक गर्न माग गर्दै जिल्लाभरका स्वास्थकर्मीहरूले प्रमुख जिल्ला प्रशाशन कार्यालयमा ज्ञापन पत्र दिए। घटना सम्बन्धमा अनुसन्धान गर्न भनी ०६७ जेठ ७ गते औषधी व्यवसायी अर्जुनानन्द न्यौपानेलाई चितवनबाट र पृथ्वीमान वैद्यलाई काठमाण्डौबाट प्रहरीले गिरफ्तार गरेकोमा न्यौपानेलाई सोही दिन र वैद्यलाई तीन दिनको अनुसन्धानपछि रिहा गरेको थियो। पीडितको मुक्तिको लागि 'भक्तमान बचाउँ' अभियानद्वारा पटक-पटक जिल्ला प्रशासन कार्यालयमा ज्ञापनपत्र दिनुका साथै नियमित रूपमा धर्ना तथा प्रदर्शन गरिएका थिए। सो अभियानमा राजनीतिक दल, मानवअधिकारकर्मी र नागरिक समाजका प्रतिनिधिहरूले ऐक्यबद्धता जनाएका थिए।

धम्की/कुटपिट

वाईसीएलबाट

भरतपुर नपा-१२ निवासी खैरहनी गाविस-६ पुरानो पर्सास्थित भुवानीशंकर बहुमुखी क्याम्पसका प्राध्यापक ३८ वर्षीय शरदकुमार बर्तौलालाई कारमा घर फर्कदै गर्दा ०६७ असोज ४ गते खैरहनी गाविस-७ का वाईसीएल जिल्ला सचिवालय सदस्य ३२ वर्षीय लालमणि कुँवर र सोही गाविस-६ का २५ वर्षीय हरिहर सुवेदीले आफ्नो मोटरसाइकललाई ठक्कर दिएको भन्दै खैरहनी गाविस-६ स्थित पर्सा पुलमा कुटपिट गरे। कुटपिटबाट बेहोस अवस्थामा पीडितलाई स्थानीय बासिन्दाको सहयोगमा भरतपुरस्थित मेडिकल कलेज शिक्षण अस्पताल लगिएको थियो। उनको असोज १४ गतेसम्म काठमाण्डौ बाँसबारीस्थित न्युरो अस्पाल र असोज १६ गते महाराजगञ्जस्थित शिक्षण अस्पतालमा पटक पटक उपचार भयो। पीडितका अनुसार कुटपिटबाट उनको नाक र टाउकोको दायाँ भागमा अहिले पनि समस्या भैरहेको छ। प्राध्यापक कुटपिटमा संलग्न दोषीलाई कारबाहीको माग गर्दै ०६७ असोज १७ गते नेपाल पब्लीक प्राध्यापक सङ्घको आह्वानमा प्राध्यापकहरू जिल्ला प्रशासन कार्यालयको मूलगेटमा धर्ना बसे। आरोपित व्यक्तिहरू निर्दोष रहेको र उनीहरूमाथि झुठो मुद्दा लगाइएको भन्दै खारेजीको माग गरी अखिल क्रान्तिकारीका केन्द्रीय सदस्य

घटनाको प्रकार	गैरराज्यबाट									राज्यबाट			
	अन्यबाट					एकीकृत माओवादीबाट							
	घटना सङ्ख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना सङ्ख्या	पुरुष	नखुलेको	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
हत्या	१		१		१								
कुटपिट	६	९	१		१०					१	१		१
धम्की	३	३		३५	३८								
भेला/सङ्गठित हुने अधिकार										१		३	३
महिलाअधिकार	८		८		८								
बालअधिकार	३		३		३								
आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार						१		१	१				
अपहरण	३	३			३	१	३		३				
जम्मा	३१	१३	१३	३५	६१	३	३	१	३	३	१	३	४

लालबहादुर तामाङको नेतृत्वमा एक समूहले सहायक प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र दियो।

अनेरास्ववियु (क्रान्तिकारी) बाट

कृषि तथा पशु विज्ञान अध्ययन संस्थान रामपुरमा वीएससीएजीमा अध्ययनरत नेपाल विद्यार्थी सङ्घका कार्यकर्ताहरू विराटनगर नपा-१ मोरङका २४ वर्षीय चेतन थापा, गाडखेत गाविस-७ डँडेलधुराका नेविसङघ इकाई सह सचिव २० वर्षीय वेदप्रकाश भट्ट, पोखरी भञ्ज्याङ गाविस-७ तनहुँका २१ वर्षीय नेविसङघ इकाई सचिव प्रमोद पन्थी र धापाखेल गाविस-४ लालितपुरका २२ वर्षीय सन्तोष सञ्जेललाई ०६७ असोज १८ गते राति ११ बजे अनेरास्ववियु (क्रान्तिकारी) समर्थकहरूले सामान्य राजनीतिक विवादमा कक्षा कोठाको ढोका फोडी जबरजस्ती निकालेर क्रिकेटको स्टम्प, बाँसको लाठी र खाटको खुट्टाले हिर्काएको पीडितहरूले बताए। पीडितहरूमध्ये चेतनको दाहिने पिँडुलामा फ्र्याक्चर भएको, वेदप्रकाशको दाहिने पाखुरा र पञ्जा, देब्रे र दाहिने पिँडूलामा चोट तथा नीलडाम, प्रमोदको दाहिने आँखाको डिलमा र सन्तोषको टाउको र ढाडमा चोट लागेको थियो। पीडितहरूको चितवन मेडिकल कलेज शिक्षण अस्पताल भरतपुरमा उपचार भयो। सो विवाद र कुटपिटमा अखिल क्रान्तिकारीका कार्यकर्ता उत्तम आचार्य, विनय रतन र बृजेश मिश्र घाइते भएको सो सङ्गठनले बतायो। घाइते तीनै जनाको मेडिकल कलेज शिक्षण अस्पताल भरतपुरमा उपचार भयो।

अज्ञात समूहबाट

भरतपुर नपा -१२ निवासी कृषि तथा पशु विज्ञान अध्ययन संस्थान रामपुरकी सहायक क्याम्पस प्रमुख ४६ वर्षीया शारदा थपलियालाई ०६६ फागुन १२ गते अज्ञात व्यक्तिहरूले क्याम्पस परिसरमा साङ्घातिक आक्रमण गरे। सोही क्याम्पसमा विद्यार्थीहरूबीच भएको कुटपिटको घटनासम्बन्धी प्रतिवेदन क्याम्पस प्रमुख समक्ष बुझाएर निवासतिर लाग्ने क्रममा अपरिचित एक व्यक्तिले आक्रमण गरेको पीडितले बताइन्। क्याम्पस प्रमुखको कार्यकक्षमा साँझ प्रतिवेदन बुझाएर निस्केपछि भवन बाहिर बाटो कुरेर बसेका एक अज्ञात व्यक्तिले रडले उनी आफैंले चलाएको कारमा पछाडिबाट आक्रमण गरेका थिए। सो ठाउँबाट सकुशल फुत्के पनि मङ्गलपुर बजारको चोकमा अन्य अपरिचित व्यक्तिहरूले आक्रमण गरी गाडी तोडफोड गर्दा पीडितको देब्रे हातमा गम्भिर चोट लागेको थियो। पीडितले घटना सम्बन्धमा फागुन १३ गते जिल्ला प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालयमा र क्याम्पस प्रशासनसमक्ष अपिल गरे पनि दोषीलाई कारवाही भएन। सोही घटनाको विषयलाई लिएर प्राध्यापक तथा कर्मचारीहरूले डेढ हप्ता बढी पठनपाठन बन्द गरेका थिए। मानवअधिकार सञ्जाल चितवनको तथ्य सङ्कलन टोलीले स्थलगत अध्ययन गरी चैत ५ गते प्रतिवेदन सार्वजनिक गरी घटना सुनियोजित रहेको र प्रतिवेदन बुझाएर फर्कने बित्तिकै आक्रमण गरिएकोले सो घटना क्याम्पसभित्रको कुटपिटको घटनासँग सम्बन्धित हुनसक्ने निष्कर्ष

निकाल्यो। थपलियाको संयोजनमा क्याम्पसमा विद्यार्थीबीच भएको कुटपिटको घटना छानबिन समितिले दिएको प्रतिवेदनको आधारमा विजेश मिश्र, सूर्य ढुङ्गाना, विशाल बाँस्तोला, अर्जुन उपाध्याय, तुलशी पराजुली, केशव सुवेदी र नारायण ढकाललाई आइन्दा यस्तो व्यवहार नर्गन चेतावनी दिइएको थियो।

भरतपुर नपा-२ क्षेत्रपुर निवासी एकीकृत माओवादीका कार्यकर्ता २७ वर्षीय सीताराम खनाललाई ०६७ वैशाख २१ गते दुई जना व्यक्तिहरूले मोटरसाईकल चलाउन अवरोध गरेको भन्दै ग्रिल बनाउने फलामको पत्ताले टाउकोमा कुटपिट गरे। एकीकृत माओवादीको आमहड्तालको कार्यक्रम सकेर चौबीसकोठीबाट घर फर्कदै गरेका खनालको भरतपुर नपा-२, भरतपुर जलमा हल अगाडि मोटरसाइकल चालकसँग सामान्य विवाद भएपछि उनलाई कुटपिट गरेका थिए। पीडक दुवै जना ना ७ प ३९४८ मोटरसाईकल घटनास्थलमै छोडेर भागेपछि माओवादी कार्यकर्ताहरूले सो मोटरसाईकल तोडफोड गरेका थिए। पीडितको भरतपुर अस्पतालमा उपचार भयो।

अपहरण गरिएका वीपी मेमोरियल क्यान्सर अस्पतालका निर्देशक भक्तमान श्रेष्ठ

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

रत्ननगर नपा-७ निवासी सर्वदलीय महिला सञ्जालकी अध्यक्ष महादेवी खतिवडा, सोही नपा-४ की नीता ढकाल, सोही नपा-२ की ३७ वर्षीया रमा रेग्मी, भरतपुर नपा-४ की सरीता केसी लगायत १४ जनालाई प्रदर्शन गरिरहेका क्रममा ०६६ चैत १८ गते जिल्ला प्रहरी कार्यालयबाट खटिएको प्रहरीको टोलीले लाठीचार्ज गरी गिरफ्तार गरे। कृषि तथा पशु विज्ञान अध्ययन संस्थान रामपुरकी सहायक क्याम्पस प्रमुख शारदा थपलियालाई आक्रमण गर्नेहरूलाई कारबाहीको माग गर्दै भरतपुर नपा-१० स्थित केन्द्रीय बस टर्मिनल नजिक चोकमा प्रदर्शन गर्ने क्रममा सार्वजनिक यातायात अवरोध गरेको र प्रहरीलाई ढुङ्गा प्रहार गरेको भन्दै प्रहरीले हस्तक्षेप गरेको थियो। महिला सुरक्षा दबाव समूह चितवनद्वारा आयोजना गरिएको प्रदर्शनमा गिरफ्तार गरिएकाहरूलाई साँझ छ बजे प्रहरी उपरीक्षक धीरु बस्न्यातले क्षमायाचना गरी रिहा गरे। हस्तक्षेपको क्रममा प्रहरीको कुटाईबाट रत्ननगर नपा-२ की ३७ वर्षीया रमा रेग्मीको दाहिने हात भाँचिएको र भरतपुर नपा-५ इन्दु पण्डित र सरिता केसीलाई चोटपटक लागेको थियो। रेग्मीको भरतपुर अस्पतालमा उपचार भयो।

वाईसीएलद्वारा कुटपिट गरी घाइते बनाइएका शरदकुमार बर्तौला

भरतपुर नपा-१० का २९ वर्षीय सचिन गुरुङ र सोही ठाउँ निवासी १८ वर्षीया सुवास रानालाई ०६७ बैशाख २३ गते जासुसी गरेको आरोपमा भरतपुर नपा-१० चितवन मेडिकल कलेज अस्पताल अगाडि एकीकृत माओवादीका कार्यकर्ताले सोही पार्टीले आयोजना गरेको च्यालीबाट नियन्त्रणमा लिएर प्रहरीलाई बुझाए। उनीहरूलाई एकीकृत माओवादीको जुलुस भरतपुरबाट नारायणगढ जाँदै गर्दा सो पार्टीको झण्डा बोकेर भिडियो खिचेर जासुसी गरेको आरोप माओवादीले लगाए। आफूलाई वाईसीएलको समर्थक बताउने उनीहरूलाई माओवादी कार्यकर्ताले भरतपुर नपा-१० स्थित भरतपुर मेडिकल कलेज शिक्षण अस्पतालबाट नियन्त्रणमा लिएर प्रहरीलाई बुझाएका थिए। पीडितहरूलाई प्रदर्शनकारीले प्रहार गरेको इटा र ढुङ्गाबाट जोगाउँदै माओवादी जिल्ला सचिवालय सदस्य लालबहादुर तमाङ लगायतका जिल्ला नेताहरूले भीडबाट जोगाएर प्रहरीलाई जिम्मा लगाएका थिए। हस्तान्तरण गरेपश्चात आन्दोलनकारीहरूले रानाको ना १४ प ३५०३ नं को मोटरसाईकल सडकमा ल्याएर तोडफोड र आगजनी गरेका थिए। पीडितहरू एकीकृत माओवादी समर्थक भएको उनीहरूले बताए। उनीहरूलाई सोही दिन साँझ जिल्ला प्रहरी कार्यालयबाट रिहा भए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष चितवन जिल्ला अदालतमा देवानी र फौजदारी गरी १ हजार ७३ ओटा मुद्दा दर्ता भए।

दर्ता भएका १ हजार १७ ओटा मुद्दा फर्स्यौट भए। गत वर्ष जिम्मेवारी सरी आएका ५ सय ८४ ओटासमेत गरी जिल्ला अदालतमा फर्स्यौट हुन बाँकी रहेका मुद्दा ६ सय ४५ ओटा छन्। जसमध्ये बाल इजलासमा विचाराधिन मुद्दाको संख्या पाँच रहेको छ। दुई वर्षदेखि फैसला हुन बाँकी रहेका मुद्दामा एक थान देवानी र एक ओटा फौजदारी गरी दुई ओटा रहेका छन्।

बालअधिकार

गोरखा जिल्ला धुवाँकोट गाविस-७ की १५ वर्षीया र १३ वर्षीया बालिकाहरूलाई ०६६ माघ १५ गते गोरखा जिल्ला भच्चेक गाविस-३ का ३० वर्षीय फूलबहादुर नेपाली र मीनबहादुर तामाङले भरतपुर नपा-८ गौरीगञ्ज सामुदायिक वनभित्र बलात्कार गरेको आरोपमा पीडितहरूले ०६६ माघ १६ गते आरोपित विरुद्ध जिल्ला प्रहरी कार्यालयमा उजुरी गरे। नेपालीलाई सोही दिन भरतपुर नपा-१० हाकिमचोकबाट गिरफ्तार गरियो। चितवन जिल्ला अदालतको ०६६ फागुन १८ गतेको आदेशले मीनबहादुर तामाङलाई पुर्पक्षका लागि जिल्ला कारागार भरतपुरमा राखियो भने नेपालीलाई सोही दिन साधारण तारेखमा रिहा गरियो।

वीरेन्द्रनगर गाविस-५ की १७ वर्षीया एक बालिकालाई ०६६ फागुन १३ गते राति वीरेन्द्रनगर गाविस-८ का १७ वर्षीय धर्मेन्द्र तमाङ, सोही ठाउँका १७ वर्षीय बिनोद पुन, सोही ठाउँका २० वर्षीय शुरेस सार्की, १८ वषीय मोटे मगर, १७ वर्षीय गोरे भनिने शुकबहादुर मगरले वीरेन्द्रनगर गाविस-८ दूधकोशी सामुदायिक वनमा सामूहिक बलात्कार गरेको आरोपमा प्रहरीले गिरफ्तार गऱ्यो। आरोपितहरूलाई ०६६ चैत ६ गतेदेखि पुर्पक्षका लागि जिल्ला कारागार भरतपुरमा राखियो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बेचबिखन तथा ओसारपसार

चण्डी भञ्ज्याङ गाविस-६ कालीखोलाकी २१ वर्षीया सरीता चेपाङलाई ०६६ माघ ८ गते गुञ्जनगर गाविस-८ घर भई भरतपुर नपा-३ माइती घरमा बस्ने ३१ अनु श्रेष्ठले साउदी अरबमा कामका लागि पठाउँछु भनी झुक्याएर बिक्री गर्न लान खोजेको भनी पीडितले माघ ११ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपित श्रेष्ठलाई सोही दिन गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखिएको असई पूर्ण बस्नेतले बताए। मुगलिङस्थित एक होटलमा काम गरिरहेकी पीडित चेपाङले सो होटलमा तिर्नुपर्ने १२ हजार रुपियाँ तिरिदिने र बाँकी खर्च केही पनि नलाग्ने भनी फकाएर लान लागेको पीडितको तर्फबाट जिल्ला प्रहरीमा दिइएको निवेदनमा उल्लेख गरिएको छ। आरोपित श्रेष्ठलाई ०६६ फागुन ११ गतेको चितवन जिल्ला अदालतको आदेशले पुर्पक्षको लागि जिल्ला कारागार भरतपुरमा चलान गरियो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

पटिहानी गाविस-८ गङ्गानगरकी २४ वर्षीया एक महिलालाई ०६६ फागुन ५ गते राति पटिहानी गाविस-८ कै २३ वर्षीय तेजराज सुवेदी, सोही ठाउँका २२ वर्षीय केशव रानाभाट, फूलबारी गाविस-३ का २६ वर्षीय साइमन अधिकारी र भरतपुर नपा-२२ वर्षीय शशीराज न्यौपानेले सोही ठाउँस्थित खेतमा सामूहिक बलात्कार गरेको आरोपमा केशव बाहेक आरोपित तीनैजनालाई घटनास्थलबाट सोही राति गीतानगर इलाका प्रहरीका प्रहरीले गिरफ्तार गऱ्यो। आरोपितहरूमध्ये केशवलाई चैत १८ गते र अन्य तीनलाई चितवन जिल्ला अदालतको आदेशले ०६६ चैत १ गतेदेखि पुर्पक्षका लागि जिल्ला कारागार भरतपुरमा राखियो।

घरेलु हिंसा

दिव्यनगर गाविस-८ जुनेली गाउँकी ४५ वर्षीया शुकमाया बस्यौलाको ०६६ माघ ८ गते पति ४८ वर्षीय दिपबहादुर बस्यौलाले बसाई सर्ने प्रस्ताव नमानेको आरोपमा राति दाउले प्रहार गरी हत्या गरे। त्यस लगत्तै पीडकले घर नजिकै एक रुखमा पासो लगाएर आत्महत्या गरेको इन्सपेक्टर रवि घिमिरेले बताए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

नेपाल पत्रकार महासङ्घ चितवनलाई ०६७ जेठ १५ गते वाईसीएल चितवनले एक विज्ञप्ति जारी

अज्ञात समूहद्वारा कुटपिट गरी घाइते बनाइएका सीताराम खनाल

गरी नागरिक दैनिक पत्रिका बोकेको बा ६ च ८७०० नंको गाडी आगजनी घटनामा एकीकृत माओवादीलाई जिम्मेवार ठहऱ्याउँदै जारी विज्ञप्ति फिर्ता नलिए सङ्घविरुद्ध कडा सङ्घर्ष गर्ने धम्की दियो। वाईसीएल चितवनका जिल्ला अध्यक्ष सशक्तसरण गोलेद्वारा जारी विज्ञप्तिमा सो भनाईलाई फिर्ता नलिए सङ्घविरुद्ध कडा सङ्घर्ष गर्ने चेतावनी दिएको थियो। नेपाल पत्रकार महासङ्घद्वारा ०६७ जेठ १५ गते जारी विज्ञप्तिमा ना ७ प ३७६८ नंको मोटरसाइकलमा सवार वाईसीएलका जिल्ला सदस्य भरतपुर नपा-१ का भानु न्यौपानेको नेतृत्वमा सो घटना भएको भन्दै महासङ्घले घटनाको भर्त्सना गरेको थियो। महासङ्घका अध्यक्ष कृष्ण गिरीले घटनामा संलग्न दोषीहरूलाई कारवाही गर्न र सञ्चारकर्मीहरूको सुरक्षाको माग गरेका थिए। पत्रकार महासङ्घलाई धम्की दिइएको घटनाको मानवअधिकार सञ्जाल, मासम, इन्सेक, नेमाधिसङ्घ, महिला सघन विकास केन्द्र, नेवाए चितवन, नेवाए मानवधिकार समिति, काहुराष्ट्र, रिड्स-नेपाल, मानवधिकार सरोकार केन्द्र, मानवअधिकार एलायन्स, महिला मानवअधिकार सञ्जाल र नेपाल मानववादी सङ्घ लगायतका मानवअधिकारकर्मी संस्थाहरूले सोही दिन संयुक्त प्रेस विज्ञप्तिमार्फत भर्त्सना, दोषी पहिचान र कारवाहीको माग गरे। धम्कीको विरोधमा चितवन जिल्लाका विभिन्न छापा तथा विद्युतीय सञ्चार माध्यमहरूले ०६७ जेठ १६ गते नागरिक दैनिकको गाडीसमेत जलाइएको घटनाको विरुद्ध सञ्चार संस्थाहरूले विरोध जनाएका थिए। वाईसीएल चितवनले नेपाल पत्रकार महासङ्घ चितवनसमक्ष क्षमा मागेपछि घटना साम्य भयो।

नेपाल पत्रकार महासङ्घ चितवनका सदस्य एवम् रेडियो नेपालका सम्वादाता शिशिर सिंखडालाई ०६६ फागुन ११ गते जुटपानी गाविस-६ का मोहन लामाले रेडक्रस सोसाइटीले एम्बुलेन्स खरिदको विषयमा

एकीकृत माओवादीद्वारा आगजनी गरिएको नागरिक दैनिक पत्रिकाको गाडी

गामबेसी खबर पत्रिकामा प्रकाशित समाचारको विषयलाई लिएर सोही गाविसस्थित खोलेसिमल बजारमा कुटपिट गरे। सो घटनाबारे नेपाल पत्रकार महासङ्घको पहलमा भएको छलफलपछि आफूबाट भएको गल्तीप्रति लिखित रुपमा क्षमायाचना गर्दै आइन्दा यस्तो गल्ती नदोहोऱ्याउने प्रतिबद्धता गरेको नेपाल पत्रकार महासङ्घ चितवनका अध्यक्ष कृष्ण गिरीले बताए।

भरतपुर नपा-७ निवासी ३१ वर्षीया इन्दिरा पराजुलीको ०६७ साउन २४ गते आफ्नो बारेमा अनावश्यक टिका टिप्पणी गरेको भन्दै बीपी मेमोरियल क्यान्सर अस्पतालका कार्यकारी निर्देशक डा. भक्तमान श्रेष्ठले प्रशासकीय अधिकृत पदमा गरिएको करार भङ्ग गरे। प्रशासकीय अधिकृतको हैसियतले अस्पताललाई प्रणाली अवधारणा अनुसार सञ्चालन गर्ने प्रयास विपरीत कार्यकारी निर्देशकले मनोमानी ढङ्गले काम गर्न थालेकोले त्यसो नगर्न सुझाव दिँदा नमानेको र एकीकृत माओवादी इन्चार्जलाई समेत प्रभावमा पारी समय अगावै आफ्नो करार भङ्ग गरिएको पराजुलीले बताईन्। कार्यकारी निर्देशकको निर्णय विरुद्ध पराजुलीले कात्तिक १२ गते अपिल गरेकीले सो मुद्दा सर्वोच्च अदालतमा विचाराधीन रहेको छ। सो अस्पतालका १६ जना अधिकृतसहित २१ जना कर्मचारीहरूले ०६७ मङ्सिर १९ गते आवास सुविधा सम्बन्धी वर्तमान व्यवस्थालाई नियमित गर्न आवास निर्देशिका बनाउँन र भेदभावपूर्ण आवास बितरणलाई सच्याउन डाक्टर श्रेष्ठलाई ज्ञापनपत्र बुझाए।

संरचना, सम्पति क्षति, कब्जा

वाईसीएलबाट

भरतपुर नपा-१ आँपटारी जङ्गलछेउको राजमार्ग खण्डमा काठमाडौँबाट नागरिक दैनिक पत्रिका लिएर भरतपुरतिर आउँदै गरेको बा ६ च ८७०० नंको गाडीलाई ०६७ जेठ १५ गते चिकित्सक डा. भक्तमान अपहरणमा एकीकृत माओवादी संलग्नता रहेको समाचार छापिएको विरोधमा तीन मोटरसाइकलमा सवार पाँच-छ जनाको एक समूहले गाडी रोकी चालक किसान श्रेष्ठ र उपचारको लागि भरतपुर आउँदै गरेका बालक सुदर्शन श्रेष्ठलाई गाडीबाट ओर्लन नभ्याउँदै नियन्त्रणमा लिई पेट्रोल र भुस छर्केर आगो लगाए। पीडित दुवैजना मोटरको सिसा फुटाएर बाहिर निस्केका थिए। सो घटनाको भर्त्सना गर्दै नेपाल पत्रकार महासङ्घ चितवनले सोही दिन जारी गरेको प्रेस विज्ञप्तिमा मोटरसाइकलमा सवार वाईसीएलका चितवन जिल्ला सदस्य भरतपुर नपा-१ का भानु

न्यौपानेसमेतको समूहको संलग्नता रहेको भन्दै अध्यक्ष कृष्ण गिरीद्वारा जारी विज्ञप्ति फिर्ता लिन वाईसीएलले धम्की दियो। सो घटनाको विरोधमा चितवनमा कार्यरत मानवअधिकार र सञ्चारसँग सम्बन्धित संस्थाहरूले भर्त्सना गर्दै विज्ञप्ति जारी गरे। साथै रेडियोहरूले एक मिनेट प्रसारण बन्द गर्नुका साथै पत्रिकाहरूले एक दिनको सम्पादकीय खाली राखेका थिए।

एकीकृत माओवादीबाट

भरतपुर नपा-१२ स्थित नारायणी पब्लिक उमाविमा कार्यकक्षमा ०६७ असोज १५ गते अखिल क्रान्तिकारीका कार्यकर्ताहरूले विद्यार्थीहरूसँग सम्बन्धित महत्वपूर्ण अभिलेखहरू भएको कम्प्यूटरहरू तोडफोड गरे।

बछौली गाविस-२ सौराहस्थित बाघमारा वाईल्ड लाईफ रिसोर्ट ०६७ कात्तिक २९ गते एकीकृत माओवादी निकटका मजदुरले कब्जामा लिएकोमा यो वर्षको अन्त्यसम्म पनि फिर्ता गरेनन्। कानुनी प्रकृया पुरा नगरी होटल बन्द गर्न लागिएको भन्दै एकीकृत माओवादी समर्थक मजदुरहरूले सो होटललाई कब्जामा लिएको एक हप्तापछि वार्ता गर्ने गरी सहमति भए पनि हालसम्म छलफल भएन। एकीकृत माओवादी चितवनले सो रिर्सोटको सम्बन्धमा कुनै हस्तक्षेप नगर्न प्रशासनलाई चेतावनी दिएको थियो। सङ्घका अध्यक्ष शंकर सैजुले जिल्ला प्रशासन कार्यलयमा दिएको निवेदनमा होटल सञ्चालकले विभिन्न समस्याका कारण दुई महिनाअघि बन्द गराएको होटल एकीकृत माओवादीको भातृ सङ्गठन नेपाल होटल तथा रेष्टुरेन्ट मजदुर सङ्घले कब्जा गरेकाले कानुन बमोजिम सञ्चालकको अधिकार सुनिश्चित गरिदिन आग्रह गरिएको थियो।

अन्यबाट

कुमरोज गाविस-८ निवासी मानवअधिकार सञ्जाल चितवनका सदस्य एवम् सिर्जनात्मक अन्तर्राष्ट्रिय मञ्चका क्षेत्रीय संयोजक सञ्जय चौधरीलाई ०६६ पुस १७ गते दुर्घटनामा मृत्यु भएका शिक्षकको क्षतिपूर्ति मागगर्दै हड्तालमा संलग्नहरूले रत्ननगर नपा-१ मा रोकेर उनी सवार ना ११ प ४०११ नं मोटरसाईकल तोडफोड गरे। घटनाको मानवअधिकार जिल्ला सञ्जालले भर्त्सना गऱ्यो।

कविलास गाविस-१ भतेरीमा ०६७ पुस ११ गते अर्थमन्त्रालय राजस्व अनुसन्धान विभागका सहसचिव महेशप्रसाद दाहालले प्रयोग गरेको बा १ झ ७९१९ नं को गाडी बीपी मेमोरियल क्यान्सर अस्पताल भरतपुरको बोर्ड बैठकमा डा. भक्तमान श्रेष्ठलाई कार्यकारी निर्देशकमा भोट नहालेको भन्दै एक दर्जनको सङ्ख्यामा रहेका अज्ञात समूहले रोकी चालक इन्द्रबहादुर थापालाई गाडीबाट जबरजस्ती ओरालेर ढुङ्गाले तोडफोड गरी सडकबाट ३० मिटर तल खसाले। उनीहरूले चालक थापाको साथबाट एक थान मोबाइल र करीब ३ हजार ८ सय रुपियाँ लुटेर लगेको थापाले बताए।

भरतपुर नपा-१० स्थित प्रेसीडेन्सी कलेजको दश जोड दुई ब्लकको कार्यकक्षमा ०६७ कात्तिक २० गते अज्ञात समूहले कलेजको सम्पूर्ण महत्वपूर्ण कागजातहरू आगजनी गरी पूर्णरुपमा नष्ट गऱ्यो। आगलागीबाट कार्यालयमा रहेका महत्वपूर्ण कागजातहरू, एकथान कम्प्युटर, एकथान प्रिन्टर फर्निचर, टेलिफोन सेट लगायतका २ लाख रुपियाँ बराबरको सामानहरू नष्ट भयो।

स्वास्थ्य सेवाको अवस्था

यस जिल्लामा एक जिल्ला अस्पताल, एक क्यान्सर अस्पताल, एक आँखा अस्पताल, एक जिल्ला आयुर्वेदालय र जिल्ला जनस्वास्थ्य गरी पाँच ओटा जिल्लास्तरका अस्पतालहरु रहेका छन्। यसैगरी, निजीस्तरबाट सञ्चालित मेडिकल कलेज शिक्षण अस्पताल र चितवन मेडिकल जस्ता ठूला तथा १५ ओटा निजी अस्पतालहरू रहेका छन्। जिल्ला जनस्वास्थ्य कार्यालय मार्फत् यस जिल्लामा प्राथमिक स्वास्थ्य केन्द्र चार, स्वास्थ्य केद्र पाँच, सब हेल्थपोष्ट ३१, गाउँघर क्लिनिक १ सय ४४ र खोप क्लिनिक २ सय ३७ ओटा रहेका छन्। जिल्लामा महिला स्वायम्सेवी ४ सय ५ जना कार्यरत छन्।

विगतको अनुगमन

काठमाडौं मनपा-३५ कोटेश्वर निवासी व्यापारी ३५ वर्षीय रामहरि श्रेष्ठको हत्याको अभियोग लागेका एकीकृत माओवादीका जनमुक्ति सेनाका तेस्रो डिभिजन कमाण्डर कालीबहादुर खाम मगर (विविध), ब्रिगेड कमाण्डर केशव अधिकारी (रघु) र गङ्गाराम थापा (एटम) को नाममा रहेको सम्पत्ति चितवन जिल्ला अदालतको ०६६ माघ ७ गतेको आदेशले रोक्का गऱ्यो। रामहरि श्रेष्ठको ०६५ वैशाख २५ गते हत्या गरेको आरोपित रहेका उनीहरू अहिलेसम्म गिरफ्तार परेका छैनन्। सोही अभियोगमा गोबिन्दबहादुर बटाला थुनामा पुर्पक्षमा रहेका छन्।

२.११ मकवानपुर

जनसङ्ख्या : ४,७८,३८५
साक्षरता प्रतिशत : ७७
महिला साक्षरता प्रतिशत : ६२
क्षेत्रफल (वर्ग कि. मि.) : २,४२६
गाविस/नपा सङ्ख्या : ४३/१
सरकारी/निजी विद्यालय : ५१२/४४
क्याम्पस/उच्च मा.वि. : ५/२३
अस्पताल/स्वास्थ्य चौकी : १/४४
मानव विकास सूचकाङ्कः ०.४७०
प्रतिपरिवार सरदर सङ्ख्याः ७

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या
वाईसीएलबाट

मनहरी गाविस–४ का २४ वर्षीय सुदीप कार्कीको ०६७ वैशाख २२ गते मनहरी गाविस-१ लोथरमा युवाको एक समूहले हत्या गरे। एकीकृत माओवादी कार्यकर्ताले ढुङ्गाले हिर्काएर हत्या गरिएको एमालेले आरोप लगाएको छ। माओवादीले आफ्नो कार्यकर्ताले हत्या नगरेको दावी गर्दै आएको छ। हत्या गरेको आरोपमा जिल्ला अदालत मकवानपुरले मनहरी गाविस-१ का २४ वर्षीय उत्तम श्रेष्ठ, सोही स्थान बस्ने २२ वर्षीय विजय पाठक र २५ वर्षीय विकास कार्कीलाई जिल्ला अदालतको आदेशमा ०६७ जेठ २८ गतेदेखि पूर्पक्षका लागि थुनामा राखिएको छ। आरोपितहरू वाईसीएल कार्यकर्ता हुन। पीडित परिवारले अभियुक्तहरूले हत्या गरेको भनी प्रहरी कार्यालयमा किटानी जाहेरी दिएका छन।

गोली/विस्फोटक पदार्थद्वारा घाइते
बेवारिसे विस्फोटक पदार्थबाट

धियाल गाविस-३ की १२ वर्षीया दुधीमाया स्याङतान ०६६ माघ २२ गते स्थानीय खेतमा फेला परेको बम खेलाउँदा घाइते भइन्। उनको दाहिने आँखा र देब्रे हातको दुईओटा औंला गुमेको छ। बमबाट घाइते भएकी स्याङतानको उपचार खर्च इन्सेक केन्द्रीय कार्यालय काठमाडौंले उपलब्ध गराएको थियो।

अज्ञात समूहबाट

मनहरी गाविस-७ ढकालटोलका ६५ वर्षीय हरिबहादुर स्याङतानलाई ०६६ चैत २ गते राती घरमा सुतिरहेको अवस्थामा अज्ञात व्यक्तिले गोली प्रहार गरी घाइते बनाए। घरको बार्दलीमा सुतिरहेको अवस्थामा प्रहार गरेको गोली उनको दायाँ कोखामा लागेको थियो। पीडितको उपचारको काठमाडौंस्थित वीर अस्पतालमा भयो।

जेल र बन्दीहरू

जिल्ला कारागार शाखा भीमभेदीको ३५ जना अट्ने क्षमताको भए पनि यो जेलमा क्षमताभन्दा बन्दी राखिएका छन्। जेलमा कैद तोकिएका २२ कैदी र पुर्पक्षमा रहेका २३ जना बन्दी छन्। जेलमा बन्दी अट्ने क्षमता नभएकाले अहिले मकवानपुरका बन्दीहरूलाई वीरगन्ज जेल पठाउने गरिएको छ। कारागारमा पुरुष र महिला दुवै बस्दै आएकोमा महिला कक्ष जीर्ण भएकाले ०६५ कात्तिक महिनादेखि महिला बन्दी राख्न छाडिएको छ। यहाँको महिला बन्दीलाई वीरगन्जमा पठाउने गरिएको छ। जिल्लाको पूर्व सदरमुकाम भीमफेदीमा अवस्थित उक्त कारागारको बन्दीहरूले रेडियो सुन्न पाएका छन् भने पत्रपत्रिकाहरू पढ्ने अवसर पनि पाएका छन। जेलमा टेलिभिजन रहेको छ। पानी, शौचालयको र बिजुलीको व्यवस्था रहेको छ। बन्दीहरूलाई पढ्न, लेख्नका लागि पुस्तकालयको पनि व्यवस्था छ। कारागार नै सानो र साँघुरो भएकाले बन्दीहरूले जीउ फुकाएर खेल्ने स्थानको अभाव छ। जेलको भवन साँघुरोमात्र होइन जीर्ण पनि छ। खेल्नका लागि चेस, लुडो र क्यारमबोर्ड पनि छ। बन्दीहरूले बासको मुढा बनाएर आयआर्जन गर्ने गरेका छन। क्षमताभन्दा बढी बन्दी राखेकाले सुत्न पनि समस्या भएको बन्दीहरूले बताए। सदरमुकामदेखि २३ किलोमिटरको दुरीमा रहेको भीमफेदीको 'घ' श्रेणीको कारागारमा अहिले ४५ जना पुरुष बन्दीहरू छन। भीमफेदीको हावापानी राम्रो भएकाले सरकारले

भीमफेदीमा क्षेत्रीयस्तरको कारागार निर्माण कार्यको थालनी गरेको छ। यो कारागारमा लामो अवधि कैद तोकिएका १५ सय बन्दी राख्ने क्षमताको हुनेछ। पाँच वर्षभित्र सम्पन्न गरिसक्ने लक्ष्यका आधारमा निर्माण कार्य दुई वर्षदेखि सुरु गरिएको हो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लामा पुनरावेदन र जिल्ला गरी दुई अदालत रहेका छन्। जिल्ला अदालत मकवानपुरले गत वर्षको तुलनामा ६ प्रतिशत भन्दाबढी मुद्दा फर्स्यौट गरेको छ। गत वर्षको तुलनामा मुद्दा दर्ताको संख्या पनि २५ प्रतिशतले वृद्धि भएको छ। आव ०६६/०६७ मा दर्ता भएका ४ सय ८४ र अघिल्लो वर्षको सरेर आएको २ सय ५१ गरी ७ सय ३५ मध्ये ४ सय ६४ ओटा मुद्दा फस्यौट भए भई सय ७१ मुद्दा फस्यौट गर्न बाँकी रहेको अदालतका स्रेस्तेदार हरीप्रसाद भट्टले बताए। गत आवमा ५७ प्रतिशतमात्र मुद्दा फर्स्यौट भएको थियो। गत वर्ष २ वर्ष नाघेका ४ ओटा मुद्दा फर्स्यौट हुन बाकी रहेका थिए। तर यो वर्ष एउटा पनि छैन। अदालतको रणनीतिक योजना अन्तर्गत फर्स्यौटको लक्ष्य पुरा भएको स्रेस्तेदार भट्टले बताए। जिल्ला अदालत मकवानपुरमा अंशसहितको सम्बन्धविच्छेदको मुद्दा र जबरजस्तीकरणीका मुद्दाहरू गत वर्षको तुलनामा बढी दर्ता भएका छन। ८५ ओटा सम्बन्धविच्छेद र जबरजस्तीकरणीको २० ओटा मुद्दा दर्ता भएका छन्।

घरेलु हिंसा ऐनअन्तर्गत ०६६ पुस १७ गतेदेखि ०६७ पुस १६ गतेसम्म दायर भएका मुद्दाको सङ्ख्या ८७ ओटा रहेकोमा ६३ ओटा मुद्दा फर्स्यौट भए।

पुनरावेदन अदालतमा गत वर्ष दुनियावादी देवानी जिम्मेवारी सरेर आएका ६ सय ३५ ओटा र यस वर्ष दर्ता भएका ४ सय २९ गरी १ हजार ६४ ओटा रहेकोमा ३ सय ७८ ओटा फस्यौट भएका छन् भने ६ सय ८६ ओटा फर्स्यौट हुन बाकी रहेको छ। फर्स्यौट हुन बाँकी रहेकामध्ये १८ महिना नाघेका ५० ओटा मुद्दा छन्। दुनियावादी फौज्दारीमा १ सय ४८ ओटा जिम्मेवारी सरेर आएको छ भने यस वर्ष दर्ता भएको १ सय १९ ओटा मुद्दा गरी २ सय ६७ ओटा मुद्दा छन्। जसमध्ये १ सय ओटा फर्स्यौट भए भने १ सय ६७ ओटा फर्स्यौट हुन बाँकी रहेका छन्। ११ ओटा मुद्दा १८ महिना नाघेका छन्। सरकारवादी फौज्दारीमा गत वर्षको जिम्मेवारी सरेर आएका १ सय ८७ र यस वर्ष दर्ता भएको २ सय ३७ गरी ४ सय २४ मुद्दामा ८० ओटा फर्स्यौट भई ३ सय ४४ ओटा मुद्दा फर्स्यौट हुन बाँकी छन। बन्दीप्रत्यक्षीकरणतर्फ अघिल्लो वर्षको २१ र यस वर्षको १० गरी ३१ ओटा मुद्दा थिए। ती सबै फर्स्यौट भइसकेका छन। निषेधाज्ञालाई गत वर्षको जिम्मेवारी सरेर आएको ९० ओटा र हालसम्म दर्ता भएका ८९ ओटा गरी १ सय ७९ ओटा मुद्दामा १ सय ३ ओटा फर्स्यौट भएका छन् भने ७६ ओटा बाँकी छ। पुनरावेदन अदालत हेटौडाले अघिल्लो वर्षको तुलनामा २० प्रतिशत भन्दावढी मुद्दा फर्स्यौट गर्न सफल भएको छ। ०६६/०६७ मा पुनरावेदन अदालत हेटौडाले कुल मुद्दाको ६५ दशमलब ५८ प्रतिशत मुद्दा फर्स्यौट गरेको छ। ०६५/०६६ मा ४५ दशमलब ३७ प्रतिशतमात्र मुद्दा फर्स्यौट गरेको थियो। पुनरावेदन अदालत हेटौडाका रजिष्ट्रार देवेन्द्र पौडेलका अनुसार ०६६/०६७ मा ३ हजार २ सय ८६ ओटा मुद्दामध्ये २ हजार १ सय ५५ ओटा मुद्दा फर्स्यौट गरिएको छ। एक हजार १ सय ३१ ओटा मुद्दा फर्स्यौट हुन बाँकी थियो। पुनरावेदन अदातल हेटौडाको गत वर्षको जिम्मेवारी सरेर आएका १ हजार १ सय ३१ ओटा मुद्दा छन भने हालसम्म दर्ता भएका ९ सय ३५ ओटा मुद्दा गरी २ हजार ६६ मुद्दा छन। तीमध्ये ७ सय ३८ ओटा फर्स्यौट भइसकेका छन। १ हजार ३ सय २८ ओटा फर्स्यौट हुन बाँकी छन। दुई वर्ष नाघेको एउटा पनि मुद्दा छैनन्। गत वर्ष ७८ ओटा मुद्दा दुई वर्ष नाघेका थिए।

बालअधिकार

जिल्ला शिक्षा कार्यालयको तथ्याङ्कअनुसार मकवानपुर जिल्लामा सामुदायिक र संस्थागत गरी ५ सय ८९ विद्यालयहरू छन्। सामुदायिकतर्फ प्राथमिक विद्यालय ३ सय ५८ ओटा, निमावि ८२ ओटा मावि ६३ ओटा र उच्च मावि २० ओटा रहेका छन्। संस्थागततर्फ प्रावि ३२ ओटा, निमावि १० ओटा, मावि २१ ओटा र उच्च मावि ३ ओटा गरी ६६ ओटा रहेका छन्। सामुदायिक र संस्थागत गरी प्रावि ३ सय ९० ओटा, निमावि ९२ ओटा, मावि ८४ ओटा छन भने उच्च मावि २३ ओटा छन्। एक सरकारी गरी ९ ओटा क्याम्पस रहेका छन्। ११ हजार १ सय ३ जना अध्ययनरत छन्। मकवानपुर जिल्लाको ३ सय ९० ओटा प्राथमिक विद्यालयमा ८८ हजार ७ सय ९८ विद्यार्थी अध्ययनरत छन्। सामुदायिक र संस्थागत विद्यालयमा ४३ हजार ९ सय २७ छात्रा अध्ययन गर्छन् भने छात्र ४४ हजार ८ सय ७१ रहेका छन्। सामुदायिक र सस्थागत निमावि तहका स्कुलमा ३० हजार ८ सय ६५ विद्यार्थी अध्ययनरत छन्। तीमध्ये १६ हजार ५ सय छात्रा र १४ हजार ३ सय ६५ छात्र पढछन्। सामुदायिक र संस्थागत गरी ८४ ओटा

घटनाको प्रकार	गैरराज्यबाट			
	अन्यबाट			
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
हत्या	७	५	३	७
घाइते	३	१	१	३
जातीय विभेद	३	१	३	४
महिलाअधिकार	११		१३	१३
बालअधिकार	१४	१	१४	१५
जम्मा	३७	८	३३	४०

माविमा १२ हजार ८ सय ५१ विद्यार्थी अध्ययन गर्छन्। तीमध्ये छात्रा ७ हजार २३ अध्ययनरत छन् भने छात्र ५ हजार ८ सय २८ छन्। मकवानपुरको सामुदायिकतर्फको प्राविदेखि माबि तहसम्मको स्कुलमा १ लाख १८ हजार ४ विद्यार्थी अध्ययनरत छन्। तीमध्ये ६१ हजार १सय ९९ छात्रा र ५६ हजार ८ सय ५ छात्र अध्ययनरत छन्।

यसैगरी मकवानपुरमा संस्थागततर्फ प्राबि ३२, निमाबि १०, माबि २१ र उमाबि ३ ओटा गरी ६६ ओटा विद्यालय रहेका छन्। संस्थागततर्फका प्राविदेखि माबि तह सम्मका स्कुलमा १४ हजार ५ सय १० विद्यार्थी अध्ययनरत छन्। तीमध्ये ६ हजार २ सय ५१ छात्रा र ८ हजार २ सय ५९ छात्र छन्। मकवानपुर जिल्लाको सामुदायिक र संस्थागत विद्यालयमा १ लाख ३२ हजार ५ सय १४ विद्यार्थी पढछन्। तीमध्ये छात्राको सङ्ख्या छात्रको भन्दा बढी छ। ६७ हजार ४ सय ५० छात्रा अध्ययनरत छन् भने ६५ हजार ६४ छात्र अध्ययन गर्छन्। पढने उमेरका बालबालिकामध्ये ६ प्रतिशत बालबालिकाहरू पढने अवसरबाट वञ्चित रहेको जिल्ला शिक्षा कार्यालय मकवानपुरले जनाएको छ।

राईगाउँ गाविस-४ की ३ वर्षीया बालिकालाई ०६७ जेठ १ गते हेटौडा नपा-४ स्थित फिल्म हलमा राईगाउँ गाविस-४ का २३ वर्षीय राजन विकले बलात्कार गरेको आरोपमा विक जिल्ला अदालत मकवानपुरको आदेशमा ०६७ असार १ गतेदेखि पुर्पक्षका लागि बीरगन्ज कारागारमा थुनामा छन्।

हेटौडा नपा-८ की ७ वर्षीया बालिकालाई ०६७ जेठ २५ गते ३२ वर्षीय ठूलोकान्छा मोक्तानले बलात्कार गरेको आरोपमा प्रहरीले मोक्तान विरुद्ध कानुनी कारबाही बढायो। आरोपित जिल्ला अदालतको आदेशमा ०६७ असार २८ गतेदेखि पुर्पक्षका लागि थुनामा राखिएको छ।

मनहरी गाविस–२ की १० वर्षीया बालिकालाई ०६७ मङ्सिर १० गते सोही ठाउँका २३ वर्षीय बीरबहादुर मोक्तानले बलात्कार गरेको आरोपमा प्रहरीले मोक्तानलाई गिरफ्तार गऱ्यो। आरोपितलाई जिल्ला अदालत मकवानपुरको ०६७ मङ्सिर २८ गतेको आदेशअनुसार बीरगन्जमा थुनामा राखिएको छ।

मनहरी गाविस–७ की १६ वर्षीया बालिकालाई ०६७ मङ्सिर ६ गते सोही ठाउँकी २६ वर्षीया अप्सरा कार्कीले जागिर खुवाउन भनेर काठमाण्डौ लगेर वेश्यावृति गराएकोमा आरोपितलाई प्रहरीले गिरफ्तार गऱ्यो। जिल्ला अदालत मकवानपुरको ०६७ पुस ४ गतेको आदेशअनुसार आरोपितलाई पुर्पक्षका लागि वीरगञ्ज जेलमा राखिएको छ।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार दुर्व्यवहार

डाडाखर्क गाविस-७ की ३५ वर्षीया निरमाया स्याङतानको ०६७ जेठ २ गते बोक्सीको आरोपमा सोही स्थानका ४५ वषीय हरीबहादुर विक, ४१ वर्षीया साहिलीमाया विक, ४० वर्षीया देवमाया लामा, २४ वर्षीय राजकुमार विक, २१ वर्षीय प्रेमबहादुर स्याङतान, २४ वर्षीय जोगबहादुर स्याङतान, १८ वषीय जीवन मोक्तान र ४० वर्षीय इन्द्रबहादुर मोक्तानले कुटपिट गरी हत्या गरे। पीडक ८ जनालाई जिल्ला अदालत मकवानपुरको आदेशमा ०६७ असार ८ गतेदेखि पुर्पक्षका लागि वीरगन्ज कारागारमा थुनामा राखिएको छ।

हटिया गाविस-२ की ६० वर्षीया सुभद्रा विक र ३८ वर्षीया चन्द्रमती विकलाई ०६७ वैशाख ४ गते सोही ठाउँका ५० वर्षीया मीरा विक र ४३ वर्षीया लक्ष्मी विकले बोक्सीको आरोप लगाउँदै कुटपिट गरे। पीडक मीरालाई अदालतले ९ हजार रुपिया धरौटी लिई तारेखमा रिहा गऱ्यो।

बेचबिखन तथा ओसारपसार

नुवाकोट घर भएका दुई बालिका र भक्तपुरकी एक युवतीलाई नुवाकोटका २५ वर्षीय सूर्यबहादुर तामाङ र काठमाण्डौकी २४ वर्षीया विनीता तामाङले फुक्याएर भारततर्फ बिक्री गर्न लगिरहेको अवस्थामा ०६७ असोज ५ गते प्रहरीले हेटौडा बसपार्कमा

गिरफ्तार गऱ्यो। आरोपितद्वय जिल्ला अदालत मकवानपुरको ०६७ कात्तिक ५ गतेको आदेश बमोजिम जेलमा छन्। पीडितलाई आफन्त जिम्मा लगाएको प्रहरीले जनायो।

हेटौडा नपा–७ की २२ वर्षीया सरस्वती अधिकारीलाई ०५४ मङ्सिर ९ गते सोही स्थानका ४८ वर्षीय विनोद केसीले भारतको सर्कसमा लगेर बिक्री गरेको आरोपमा पीडकलाई ०६७ कात्तिक ९ गते गिरफ्तार गऱ्यो। पीडक जिल्ला अदालत मकवानपुरको ०६७ मङ्सिर ११ गतेको आदेशमा जेलमा छन्।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

छतिवन गाविस-९ की २२ वर्षीया युवतीलाई ०६७ जेठ २ गते चुरियामाई गाविस-३ का १८ वर्षीय सन्दीप लामाले बलात्कार गरेको आरोपमा लामालाई जिल्ला अदालतको आदेशबमोजिम ०६७ असार २ गते ४५ हजार रुपियाँ धरौटी लिई तारेखमा रिहा गरेको छ।

हेटौडा नपा-८ की १८ वर्षीया युवतीलाई ०६७ वैशाख ३० गते हेटौडा नपा-१० स्थित ताम्सालिङ होटलमा राती बलात्कार गरिरहेको अवस्था प्रहरीले चार युवकसहित होटल मालिकलाई पनि गिरफ्तार गऱ्यो। गिरफ्तार हुनेहरूमा चुरियामाई गाविस-२१ का २१ वर्षीय राजकुमार गोले, २४ वर्षीय राजु लामा, २० वर्षीय शम्भु लामा, २३ वर्षीय हरि लामा र होटल सञ्चालक पटक गोले छन्। अदालतले होटल सञ्चालक गोलेबाहेक चारै जना आरोपितहरूलाई जिल्ला अदालत मकवानपुरको आदेशमा ०६७ जेठ १५ गतेदेखि पुर्पक्षका लागि वीरगन्ज जेलमा राखिएको छ।

घरेलु हिंसा

हेटौडा नपा-५ की २६ वर्षीया इन्दिरा राणालाई ०६६ फागुन १० गते ३० वर्षीय पति यमन राणाले कुटपिट गरेर दाहिने हातको औला भाचिदिए। जिल्ला अदालतले राणासँग २० हजार रुपियाँ धरौटी लिई तारेखमा रिहा गऱ्यो।

सबै प्रकारका जातीय विभेद

मन्थली गाविस-७ का २२ वर्षीय रामचन्द्र खतिवडा र सोही स्थानकी १९ वर्षीया सानुमाया विकलाई खतिवडाका बुबा रामप्रसादले ०६७ वैशाख ८ गते घरमा पस्न दिएनन्। अन्तरजातीय विवाह गरेका कारण यो जोडीलाई घरमा पस्न नदिएको पीडितहरुले बताए।

सरिखेत गाविस–६ की २० वर्षीया देउती परियारलाई हेटौडा नपा–४ की ४५ वर्षीया गौरी बर्तौलाले ०६७ असोज ४ गते तल्लो जातकी भनी घरबाट निकालिन्। बर्तौलाको घरमा पीडित भाडामा बसेकी थिइन्। जिल्ला अदालत मकवानपुरले ०६७ असोज १४ गते पीडक बर्तौलालाई १० हजार रुपियाँ धरौटी लिई तारेखमा रिहा गऱ्यो।

हेटौडा नपा–७ की २६ वर्षीया सपना खाती विश्वकर्मालाई ०६७ कात्तिक ९ गते सोही ठाउँका ३५ वर्षीय सुकुमाया स्याङतानको पानीको गाग्री छोएको निहुमा सुकुमाया स्याङतान, सोही ठाउँका ४५ वर्षीय कृष्णबहादुर स्याङतान, ३५ वर्षीया शुभद्रा परियार र ३८ वर्षीया सन्तुमाया स्याङतानले अमानवीय व्यवहार गरे। पीडक चार जनालाई ०६७ कात्तिक १६ गते जिल्ला अदालत मकवानपुरले जनही १० हजार रुपियाँ धरौटी लिइ तारेखमा रिहा गरेको छ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

सुकुमबासी

दैवी प्रकोपका कारण मकवानपुर जिल्लामा वर्षेनी ३ सय जति परिवार सुकुमबासी बन्ने गरेका छन्। तीन वर्षअघि सरकारले गरेको एक सर्भेक्षणअनुसार जिल्लाको ९४ प्रतिशत भूभाग जोखिममा रहेकाले वर्सेनी आउने बाढीपहिरोबाट थप ३ सय घर परिवार विस्थापित हुने क्रम छ। ७ वर्ष अघि सुकुमवासी आयोगले २ हजार ८ सय परिवार सुकुमवासी रहेको जनाएको थियो। त्यो सङ्ख्या अहिले बढेर करिब साढे पाँच हजार रहेको अनुमान गरिएको छ। ०५९ र ०६० मा आएको वाढी पहिरोले ८ सय परिवार घरबारविहीन भएका थिए। उक्त परिवारका करिब ५ हजार मानिस सुकुमवासी बनेका थिए। अहिलेसम्म पनि उनीहरूको अवस्थामा केही परिवर्तन आउन सकेको छैन। मकवानपुरमा परम्परागत रुपमा बस्दै आएका र बाढी पहिरोबाट घरबारविहीन सुकुम्वासी सङ्ख्या करिब १२ हजारको हाराहारीमा रहेको छ। ती सुकुमबासीहरू अहिले

बेवारिसेक विस्फोटक पदार्थ विस्फोटन भई घाइते भएकी दुधीमाया स्याङतान

मनहरी गाविस-३ रमनटारको जङ्गल फाडेर बसेका छन्। त्यसअघि उनीहरू मनहरी खोलाको उकास जमिनमा छाप्रो बनाएर बसेका थिए। उक्त जमिनबाट बन्यजन्तु आरक्षले उठाएपछि उनीहरू बाध्य भएर रमनटारको जङ्गल फाडेर छाप्रो बनाएर बसिरहेका छन्। त्यहाँबाट पनि उठ्न उनीहरूलाई बन कार्यालयले दबाब दिइरहेको छ। यसैगरी विगत ७ वर्षदेखि हेटौडा नगपालिका-११ स्थित राप्ती बगरमा करिब २ सय ७५ सुकुमवासीहरू छाप्रो हालेर बसिरहेका छन्।

स्वास्थ्य सेवाको अवस्था

मकवानपुरमा सरकारी, प्राइभेट र सहकारी गरी तीन ओटा अस्पताल छन्। २०२२ सालमा स्थापना भएको हेटौडा अस्पतालमा डाक्टरको सातओटा दरबन्दी भए पनि एक जनामात्र कार्यरत छन्। स्वास्थ्य मन्त्रालयले खटाएका डाक्टरहरू यहाँ उपस्थित नभएर अन्यत्र काजमा छन्। जिल्लामा चारओटा प्राथमिक स्वास्थ्य केन्द्र छन्। प्रत्येक स्वास्थ्य केन्द्रमा डाक्टरको एउटा दरबन्दी भए पनि २ ओटा स्वास्थ्य केन्द्रमा डाक्टर छैनन्। जिल्लामा ३० ओटा उपस्वास्थ्य चौकी छन्। पाँचओटा उपस्वास्थ्य चौकीमा अहेव पद रिक्त छ। २२ ओटा उपस्वास्थ्य चौकीमा ग्रामीण स्वास्थ्य कार्यकर्ता छैनन्। यसैगरी १० स्वास्थ्य चौकी छन्। त्यसमध्ये एउटा स्वास्थ्य चौकीमा स्वास्थ्य सहायक छैनन्। मकवानपुरमा ११ ओटा डाक्टरको दरबन्दीसहित २ सय ७६ स्वास्थ्यकर्मीको दरबन्दी छ। तीमध्ये आठ डाक्टरसहित ६७ स्वास्थ्यकर्मीको दरबन्दी रिक्त छ। मकवानपुरमा गर्भवती भएका महिलाहरूमध्ये नियमित परीक्षण गर्न आउनेको प्रतिशत ३५ रहेको छ। सुरक्षित सुत्केरी गराउनेको प्रतिशत २० मात्र रहेको छ। जनस्वास्थ्य कार्यालय हेटौडाका अनुसार मकवानपुरको मातृ मृत्युदर प्रतिलाख २ सय ८ रहेको छ।

२.१२ ललितपुर

जनसङ्ख्या : ४,३०।४४३
साक्षरता प्रतिशत : ८०
महिला साक्षरता प्रतिशत : ६५
क्षेत्रफल (वर्ग कि. मि.) : ३८५
गाविस/नपा सङ्ख्या : ४१/१
सरकारी/निजी विद्यालय : ४७७/३१४
क्याम्पस/उच्च मा.वि. : २७/८५
अस्पताल/स्वास्थ्य चौकी : १०/४१
मानव विकास सूचकाङ्कः ०.५८८
प्रतिपरिवार सरदर सङ्ख्याः ६

जेल र बन्दीहरू

'ग' श्रेणीको नख्खु कारागारको कूल क्षमता १ सय ७५ रहेकोमा २ सय ६९ जना कैद तोकिएका तथा १ सय ८४ जना कैद नतोकिएका गरी ४ सय ५३ जना बन्दी रहेका छन्। ३२ जना विदेशी छन्। वर्षैभरी क्षमताभन्दा बढी बन्दी राख्नुपर्ने हुँदा बस्न र सुत्नको लागि समस्या रहेको कारागार प्रमुख माधवप्रसाद पोखरेलले बताए। राणाकालीन भवनलाई प्रयोग गरिएको यस कारागारामा शौचालय, खेलकुद सामग्री, विद्युत, पत्रपत्रिका, रेडियो, टीभी, पुस्तकालयको व्यवस्था रहेको छ। पानीको समस्या रहे पनि यस कारागारका २० ओटा शौचालयको व्यवस्था गरिएको छ। बन्दीहरूले कारागार भित्र आयमुलक काम गर्ने गरेका छन्। कारागारमा बन्दीको उपचारको लागि एक जनाहरू हेस्थअसिस्टेन्टको दरबन्दी रहेको छ।

रामेछाप जिल्ला बेथान गाविस-५ घर भई डाँका, चोरी र हातहतियार तथा खरखजाना मुद्दामा कारागार शाखा नख्खुमा कैद भुक्तान गरिरहेका भक्तबहादुर लामाको ०६६ चैत २० गते दैलेख जिल्ला

घर भई हत्या अभियोगमा कैद भुक्तान गरिरहेका ३३ वर्षीय टीका विकले ईंटा प्रहार गरी हत्या गरे। ईंटा प्रहारबाट गम्भीर घाइते भएका लामाको उपचारको क्रममा सोही दिन पाटन अस्पतालमा मृत्यु भएको थियो। घटनालाई लिएर पीडितका आफन्तले जिल्ला प्रशासन कार्यालयमा दोषीलाई कारबाही, पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउनुपर्नेलगायतका माग राखी धर्ना दिए। पीडित परिवार र प्रशासनबीच चैत २३ गते मृतकको परिवारलाई तत्कालको लागि लास सद्गत गर्न ५० हजार रूपियाँ र छोरीको पढाइको लागि ३० हजार रूपियाँ दिने तथा ५ लाख रुपियाँ क्षतिपूर्तिको लागि गृहमन्त्रालयका लेखी पठाउने सहमति भयो। सहमतिपछि लासको पाटन अस्पतालमा पोस्टमार्टम भयो।

धम्की/कुटपिट

राज्यबाट

प्यूठान जिल्ला बिजुवार गाविस-७ घर भई काठमाडौँ बस्दै आएका इन्हुरेड इन्टरेनशलनका कार्यकारी निर्देशक तथा अधिवक्ता ३३ वर्षीय श्रीकृष्ण सुवेदीलाई आफन्तको घरबाट निवासतर्फ जाने क्रममा ०६७ वैशाख ७ गते राति प्रहरीले ललितपुर उमनपा पुल्चोक हिमालय होटल अगाडि कुटपिट गऱ्यो। कुटपिटबाट घाइते भएका सुवेदीले अल्का अस्पताल जावलाखेलमा उपचार गराए। घटनालाई लिएर पीडितले महानगरीय प्रहरी परिसर जावलाखेलमा वैशाख १३ गते जाहेर दर्ता गराउन जाँदा सुवेदीले मादक पदार्थ सेवन गरी प्रहरीलाई दुर्व्यवहार र हातपात गर्दा घटना भएको भन्दै प्रहरीले जाहेरी दर्ता गरेन।

वाइसीएलबाट

बुखेल गाविस-२ निवासी मानिखेल निमावि व्यवस्थापन समितिका अध्यक्ष ४० वर्षीय थलप्रसाद घिमिरेलाई ०६६ पुस २३ गते मानिखेल गाविस-२ निवासी सोही विद्यालयका व्यवस्थापन समिति सदस्य तथा वाईसीएल सदस्य २८ वर्षीय सञ्जय लामाले कुटपिट गरे। कुटपिटबाट घिमिरेको दाँत भाँचियो। आफूलाई नसोधी विद्यालयको चौर सम्याउन डोजर लगाएको भन्दै लामाले कुटपिट गरेका थिए। दुवै पक्षबीच गोटीखेल प्रहरी कार्यालयमा मिलापत्र भयो। मिलापत्रपछि पनि लामाले धम्की दिने गरेको पीडित घिमिरेले जनाए।

ललितपुर उमनपा मङ्गलबजारमा स्थानीयवासीले एकीकृत माओवादीले गरेको अनिश्चितकालीन आमहड्तालको विरोध गर्दै ०६७ वैशाख २४ गते निकालेको जुलुसमा वाईसीएल कार्यकर्ताले आक्रमण गर्दा दुई पक्षबीच झडप भयो। झडपमा वाईसीएल कार्यकर्ताको आक्रमणमा परी ललितपुर उद्योग वाणिज्य महासङ्घका उपाध्यक्ष दिव्यगोविन्द जोशी र कोषाध्यक्ष राजु न्याछ्यो सामान्य घाइते भए। आक्रोशित स्थानीयवासीले एकीकृत माओवादीको झण्डा रोखेको बा ३ च ९७२७ नम्बरको टाटा मोबाईल गाडी तोडफोड गरे।

एमालेबाट

छम्पी गाविस-२ निवासी एकीकृत माओवादी गाउँ कमिटी सचिव ४२ वर्षीय शम्भु विष्ट र सोही स्थानकी ४८ वर्षीय अम्बिका विष्टलाई ०६६ चैत २६ गते नेकपा एमालेबाट निर्वाचित पूर्व गाविस अध्यक्ष मधुसुदन विष्ट र युथफोर्सका गाउँ कमिटी संयोजक सरोज विष्टको नेतृत्वमा रहेको एक समूहले कुटपिट गरी गम्भीर घाइते बनायो। रड प्रहारबाट घाइते भएका शम्भुको टाउकोमा चोट लाग्यो भने अम्बिकाको देब्रे हात भाँचियो। उनीहरूको बीएण्डबी अस्पतालमा उपचार भयो। घटनालाई लिएर पीडितका परिवारले महानगरीय प्रहरी परिसर जावलाखेलमा सोही दिन ज्यान मार्ने उद्योगमा जाहेरी दिए। पीडकलाई कुनै कारबाही भएन। छम्पी गाविस-१ मा रहेको खानेपानीको मुहानमा ढुङ्गाखानी सञ्चालन गर्ने विषयमा भएको आपसी विवादमा उनीहरूमाथि कुटपिट भएको थियो।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

पापड र एफएनसीसीआईले आयोजना गरेको शान्ति सभामा भाग लिन ललितपुरबाट गएको शान्ति च्यालीमा सहभागी स्थानीयवासीलाई ०६७ वैशाख २४ गते एकीकृत माओवादीका कार्यकर्ताले ललितपुर उमनपा कुपण्डोलमा अवरोध पुऱ्याए। सो क्रममा स्थिति नियन्त्रणमा लिन प्रहरीले गरेको लाठीचार्जबाट एकीकृत माओवादीका सभासद् ३५ वर्षीय प्रेमबहादुर पुलामी र कार्यकर्ताहरू खुमबहादुर पुन, श्याम रिमाल, उद्धव दाहाल र तिलकबहादुर बजगाईं समान्य घाइते भए। सोही क्रममा एकीकृत माओवादीका कार्यकर्ताले रड प्रहार गर्दा कान्तिपुर भ्याली कलेज नेविसङ्घका कार्यकर्ता सञ्जय पण्डित घाइते भए। उनको अल्का अस्पतालमा उपचार भयो।

गुल्मी जिल्ला थानापति गाविस-४ निवासी

पत्रकार २५ वर्षीय कृष्ण ज्ञवाली, कास्की जिल्ला निवासी पत्रकार राजनीश भण्डारी र क्यामेरा पर्सन विकास अधिकारीलाई ०६७ जेठ ५ गते युनिटी लाइफ इन्टरनेशनलको मुख्यालय जावलाखेलमा समाचार सङ्कलन गर्न गएको अवस्थामा युनिटीका सदस्यहरूले हातपात तथा दुर्व्यवहार गरे। घटनामा संलग्न भएको आरोपमा महानगरीय प्रहरी परिसर जावलाखेलले धनुषा जिल्ला यदुकुवा गाविसका ३६ वर्षीय रामकृपाल यादव, ललितपुरका २१ वर्षीय महेश महर्जन, मोरङ जिल्ला उर्लाबारी गाविस-४ का ४० वर्षीय गणेशबहादुर खापुङलाई सोही दिन गिरफ्तार गरी सार्वजनिक अपराधको मुद्दा चलायो। जिल्ला प्रशासन कार्यालयको आदेशमा पीडकहरू ०६७ जेठ १० गते जनही एक-एक हजार रुपियाँ धरौटी राखी तारेखमा रिहा भए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा ०६६ असार मसान्तसम्म सरकारवादी फौजदारी मुद्दा १ सय २३ बाँकी रहे भने ५२ ओटा फर्स्यौट भए। त्यसैगरी दुनियाँवादी फौजदारीतर्फ ४ सय २४ मुद्दा बाँकी रहे भने ५७ ओटा फर्स्यौट भए। देवानी तर्फ १ हजार १० रहेकोमा १ सय ६८ फर्स्यौट भए। ०६७ साउनदेखि पुस १६ गतेसम्म सरकारवादी फौज्दारी मुद्दा ७६ दर्ता भए भने १५ ओटा फर्स्यौट भए। त्यसैगरी दुनियावादी फौजदारी मुद्दा १ सय १ दता भए भने ३७ ओटा फर्स्यौट भए। देवानीतर्फ २ सय २० दर्ता भएकोमा ३२ ओटा फर्स्यौट भए। जिल्ला अदालतमा यस वर्ष घरेलु हिंसाको एक ओटा मुद्दा दर्ता भएकोमा फर्स्यौट भएन।

पुनरावेदन अदालत पाटनमा ०६६ असार मसान्तसम्म सरकारवादीतर्फ ९ सय ७० ओटा मुद्दा, दुनियाँवादी फौजदारीतर्फ ४ सय १६ ओटा र देवानी १ हजार ९ सय ८२ ओटा फर्स्यौट हुन बाँकी रहे। त्यसैगरी ०६७ साउन देखि देवानीतर्फ ७ सय १३ ओटा, दुनियाँवादी फौजदारीतर्फ १ सय ७७ ओटा र सरकारवादी फौजदारीतर्फ ५ सय २० ओटा मुद्दा दर्ता भए। अघिल्लो वर्षबाट जिम्मेवारी सेरेर आएका र यसवर्ष दर्ता भएका देवानीतर्फका ५ सय ७० ओटा, दुनियाँवादी फौजदारीतर्फका १ सय ७३ ओटा र सरकारवादी फौजदारीतर्फ ३ सय ५ ओटा मुद्दा फर्स्यौट भए।

यस अदालतमा घरेलु हिंसाको मुद्दा दर्ता भएन।

जिल्ला सरकारी वकिलको कार्यालयमा यस वर्ष ३ सय ८३ ओटा मुद्दा दर्ता भए। जसमा २ सय ६८ ओटा फर्स्यौट भयो।

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

नुवाकोट नर्जामण्डल गाविस घर भई गौचर ब्यारेकमा कार्यरत सैनिक जवान २३ वर्षीय रामराज थापा, रमेश कार्की र पूर्ण थापालाई ड्युटीमा १० मिनेट ढिलो आएको आरोपमा ०६७ पुस १३ गते सोही ब्यारेकमा कार्यरत क्याप्टेन सञ्जीव खनाल र लेफ्टीनेन्ट मनोज मल्लले ललितपुर उमनपा झम्सीखेलस्थित प्रधानसेनापतिको निवास शशी भवनमा कुटपिट गरी रातभरी पानीमा डुबाई यातना दिए। कुटपिटबाट गम्भीर घाइते भएका रामराज थापाको अल्का अस्पताल जावलाखेलमा र पछि सैनिक अस्पताल छाउनी उपचार भयो भने सामान्य घाइते भएका अन्यको अल्का अस्पतालमा उपचार भयो। कुटपिटमा संलग्न भएको अभियोगमा पुस १४ गते सेनाले खनाल र मल्ललाई 'लाइन एरेस्ट' गरी प्राड विभागले कोर्ट अफ इन्क्वाइरी थालेको सैनिक प्रवक्ता रमिन्द्र क्षेत्रीले जनाए।

बालअधिकार

ललितपुर जिल्लामा सामुदायिकतर्फ प्रावि १ सय ७ ओटा, निमावि ३७ ओटा, मावि ६६ ओटा रहेका छन्। त्यसैगरी संस्थागततर्फ ३ सय ३२ ओटा विद्यालय रहेकोमा मावि १ सय ९५, निमावि १७ र प्रावि १ सय २० ओटा रहेका छन्।

ललितपुर उमनपा-१३, धोबिघाटकी १४ वर्षीया एक बालिकालाई ०६७ कात्तिक २० गते रूपन्देही जिल्ला खैरहनी गाविस-१ बस्ने १८ वर्षीय धनबहादुर भन्ने सञ्जय थापाले ललितपुर उमनपा-१३, धोबीघाटस्थित सडकको झाडीमा लगेर बलात्कार गरेको भन्दै बाल मजदुर सरोकार केन्द्र (सिविन) ले महानगरीय प्रहरी परिसर जावलाखेलमा निवेदन दियो। निवेदनको आधारमा प्रहरीले थापा विरूद्ध कात्तिक २३ गते जबरजस्ती करणीको मुद्दा चलायो। थापा जिल्ला अदालत पाटनको आदेशमा ०६७ मङ्सिर १७ गते पुपर्क्षको लागि नख्खु कारागार चलान भए।

बुङ्मती गाविस-९ चुनिखेल निवासी ३ वर्षीया मोनिका वली थापालाई ०६७ कात्तिक २८ गते बाँके जिल्ला कानपुर गाविस-७ घर भई बुङ्मती गाविस-९ बस्ने २२ वर्षीय राकेश चौहानले बुङ्मती गाविस-९ बाट अपहरण गरे। प्रहरीले सोही दिन थापालाई मुक्त गराई चौहानलाई गिरफ्तार गऱ्यो। प्रहरीले थापाविरूद्ध कात्तिक २९ गते अपहरण तथा शरीर बन्धकसम्बन्धी मुद्दामा जाहेरी दर्ता गऱ्यो। चौहान मङ्सिर २३ गते जिल्ला अदालत पाटनको आदेशमा पुपर्क्षको लागि नख्खु

घटनाको प्रकार	गैरराज्यबाट							राज्यबाट		
	अन्यबाट				एकीकृत माओवादीबाट					
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	८	५	३	८						
घाइते	१	१		१				१	४	४
गिरफ्तारी/यातना								१	३	३
कुटपिट	५	८	१	९	३	३	३	१	१	१
भेला/सङ्गठित हुने अधिकार								३	६	६
महिलाअधिकार	६		६	६						
बालअधिकार	८		८	८						
अपहरण	४	३	३	४						
जम्मा	३३	१६	१०	३६	३	३	३	५	१४	१४

कारागार चलान भए।

काठमाडौँ जिल्ला गागलफेदी गाविस-३ की १७ वर्षीया एक बालिकालाई ०६७ असार २५ गते सुनसरी जिल्ला धरान नपा-१३ घर भई ललितपुर उमनपा कुपण्डोल डेरा गरी बस्ने ३२ वर्षीया सुमन भन्ने सीमा गुरूङ, सोही स्थानकी १७ वर्षीया सुस्मिता लिम्बू, मकवानपुर जिल्ला चित्लाङ गाविस-९ घर भई ललितपुर उमनपा जावलाखेल निवासी २० वर्षीया सुनीता मगर, चितवन जिल्ला वीरेन्द्रनगर गाविस-८ घर भई काठमाडौँ जिल्ला काठमाडौँ महानगरपालिका महाराजगञ्ज निवासी २५ वर्षीय नवीन लामाले ललितपुर उमनपा-१३ लगनखेल होलिभिजन एकेडेमी अगाडिबाट अपहरण गरे। अपहरित उनलाई ललितपुर उमनपा-१० ज्वागलस्थित सलोनी राईको डेरामा लगेर बन्धक बनाएकोमा सोही दिन भागेर अपहरण मुक्त भइन्। पीडितले असार २८ गते महानगरीय प्रहरी परिसर जावलाखेलमा जाहेरी दर्ता गराइन्। प्रहरीले आरोपित सबैलाई असार २८ गते गिरफ्तार गरी अपहरण तथा शरीर बन्धकसम्बन्धी मुद्दा चलायो। जिल्ला अदालत पाटनको आदेशमा साउन ११ गते सुस्मीता लिम्बू र नवीन लामा तारेख रिहा भए भने अन्य पुर्पक्षको लागि कारागार चलान भए।

सप्तरी जिल्ला घर भई इमाडोल गाविस-७ बस्ने ७ वर्षीया बालिका ०६७ असोज १५ गते भारत मुदीदविया घर भई इमाडोल गाविस-७ बस्ने ४२ वर्षीय लाल खानले इमाडोल गाविस-७, कृष्णमन्दिरमा बलात्कार गरेको भन्दै पीडितको परिवारले महानगरीय प्रहरी परिसर जावलाखेलमा असोज १६ गते उजुरी दिए। प्रहरीले चौधरीलाई असोज १६ गते गिरफ्तार गरी ०६७ असोज १७ गते जाहेरी दर्ता गरी मुद्दा चलायो। खान जिल्ला अदालत पाटनको आदेशमा पुपर्क्षको लागि ०६७ कात्तिक १० गते नख्खु कारागारमा चलान भए।

सिन्धुपाल्चोक जिल्ला घर भई हाल ललितपुर उमनपा-४ जावलाखेल निवासी १५ वर्षीया एक बालिकालाई ०६७ भदौ २८ गते ४३ वर्षीय कमल भन्ने सलबहादुर दर्जीले जावलाखेलस्थित आफ्नै डेरामा बलात्कार गरेको भन्दै महानगरीय परिसर जावलाखेलमा ०६७ भदौ ३० गते पीडित पक्षले जाहेरी दिए। प्रहरीले दर्जीलाई गिरफ्तार गरी जबरजस्ती करणीको मुद्दा चलायो। जिल्ला अदालत पाटनको आदेशमा दर्जी ०६७ असोज २३ गते पुर्पक्षको लागि कारागार चलान भए।

सिद्धिपुर गाविस-२, सानागाउँ की ९ वर्षीय बालिकालाई ०६७ भदौ १६ गते मकवानपुर जिल्ला गढी गाविस-१ घर भई सिद्धिपुर गाविस-२ बस्ने १९ वर्षीय नवराज सुनारले आफ्नो कोठामा लगी बलात्कार गरेको भन्दै पीडितका परिवारले महानगरीय प्रहरी परिसर जावलाखेलमा किटानी जाहेरी दिए। सुनार जिल्ला अदातलको आदेशमा ०६७ असोज १२ गते पुर्पक्षको लागि कारागार चलान भए।

लामाटार गाविस-१ की ११ वर्षीया एक बालिकालाई ०६७ भदौ ११ गते साँझ सोही स्थान निवासी रामेश्वर सुर्खेतीले बलात्कार गरेको भन्दै राम सुर्खेतीले महानगरीय प्रहरी परिसर जावलाखेलमा भदौ १२ गते किटानी जाहेरी दिए। प्रहरीले सुर्खेती उपर भदौ १३ गते जबरजस्ती करणसम्बन्धी मुद्दा दर्ता गऱ्यो। सुर्खेती जिल्ला अदातल पाटनको आदेशमा ०६७ असोज ७ गते पुर्पक्षको लागि कारागार चलान भए।

श्रमानेद्वारा कुटपिट गरी घाइते बनाइएका शम्भु घिष्ट र अम्बिका घिष्ट

सिनामंगल निवासी २३ वर्षीय सन्तोष काफ्लेले ललितपुर उमनपा-१५ मा बलात्कार गरेको आरोपमा काफ्ले जिल्ला अदालत पाटनको आदेशमा ०६७ असार २६ गते पुपर्क्षको लागि कारागार चलान भए।

बडीखेल गाविस-४ की ४ वर्षीया एक बालिकालाई ०६७ साउन २८ गते साँझ बडीखेल गाविस-४ का १९ वर्षीय सुमन पहरीले सोही स्थानमा बलात्कार प्रयास गरेको भन्दै पीडितका परिवारले महानगरी प्रहरी परिसरमा जाहेरी दिए। जाहेरीको आधारमा प्रहरीले प्रहरी उपर जबरजस्ती करणी उद्योगमा ०६७ साउन ३० गते मुद्दा दर्ता गऱ्यो। प्रहरी जिल्ला अदालत पाटनको आदेशमा ०६७ भदौ २१ गते पुर्पक्षको लागि कारागार चलान भए।

मकवानपुर जिल्ला कुलेखानी गाविस-१ घर भई सबैं गाविस-४ निवासी १७ वर्षीया एक बालिकालाई ०६७ साउन २ गते नुवाकोट जिल्ला घर भई नख्खु गाविस-३ निवासी ३३ वर्षीय खिलबहादुर अधिकारीले सैंबु गाविस-४ भैंसेपाटीमा बलात्कार गरेको भन्दै पीडितका आफन्तले महानगरीय प्रहरी परिसर जावलाखेल ०६७ साउन ९ गते जाहेरी दर्ता गराए। अधिकारी जिल्ला अदालत पाटनको आदेशमा पुपर्क्षको लागि ०६७ भदौ २ गते नख्खु कारागार चलान भए।

तेह्रथुम जिल्ला छ्तेडुङ्गल गाविस-१ घर भई सबै गाविस-५ निवासी ९ वर्षीया एक बालिकालाई ०६७ जेठ २ गते काठमाडौँ जिल्ला कामनपा-९

प्रहरीको लाठीचार्जबाट घाइते भएका प्रेमबहादुर पुलामी

घरेलु हिंसा

सैंबु भैंसेपाटी गाविस-३ निवासी महिला मानवअधिकार रक्षक सञ्जाल ललितपुरकी सदस्य ३२ वर्षीया सरीता मैनालीलाई घरमा नबसी विभिन्न सङ्घसंस्थामा आबद्ध भई हिँडेको आरोपमा ०६६ फागुन २५ गते उनका पति ३४ वर्षीय हरि मैनालीले मुखलगायत शरीरका विभिन्न भागमा स्पिरिट खन्याई आगो लगाए। आगोबाट घाइते भएकी उनले पाटन अस्पतालमा उपचार गराइन्। प्रहरीले हरिलाई सोही दिन गिरफ्तार गऱ्यो। पीडित सरीताले महानगरीय प्रहरी परिसर जावलाखेलमा फागुन २६ गते पीडकविरूद्ध उजुरी दिइन्। हरि चैत ५ गते जिल्ला अदालत पाटनको आदेशमा १५ हजार रुपियाँ धरौटीमा रिहा भए।

बहुविवाह

ललितपुर उमनपा-११ च्यासल निवासी ४४ वर्षीया अम्बिका जोशीका पति ललितपुर उमनपा-५ थसिखेल निवासी ४६ वर्षीय उपेन्द्रमान जोशीले काठमाडौँ जिल्ला साँखू निवासी २० वर्षीया कविता श्रेष्ठसँग दोस्रो विवाह गरेको भन्दै अम्बिकाले महानगरीय प्रहरी परिसर जावलाखेलमा ०६६ पुस १७ गते जाहेरी दिइन्। पीडकलाई प्रहरीले पुस १७ गते गिरफ्तार गरी बहुविवाहको मुद्दा चलायो। जोशी जिल्ला अदालत पाटनको आदेशमा ०६६ माघ ५ गते पुर्पक्षको लागि कारागार चलान भए।

काभ्रे जिल्ला आम्बोटे गाविस-२ की २८ वर्षीया ठूलीमाया तामाङले ललितपुर उमनपा-६ बस्दै आएका पति ३१ वर्षीय कुमारसिं लामाले काभ्रे जिल्ला कानपुर गाविस-६ घर भई हाल ललितपुर उमनाप-६ पाटन बस्ने २८ वर्षीया माया लामासँग ०६६ फागुन १७ गते दोस्रो विवाह गरेको भन्दै महानगरीय प्रहरी

परिसर जावलाखेलमा ०६६ चैत १२ गते निवेदन दिइन्। पीडितको उजुरीपछि कुमार र मायालाई प्रहरीले चैत १२ गते गिरफ्तार गरी बहुविवाहको मुद्दा चलायो। जिल्ला अदातल पाटनले ०६६ चैत २६ गते पीडक कुमारलाई पुर्पक्षको लागि थुनामा राख्न र मायालाई साधारण तारेखमा रिहा गर्न आदेश दियो।

ललितपुर उमनपा-१३ एकान्तकुना निवासी ३५ वर्षीया सीमा खड्काले ४१ वर्षीय पति कृष्ण खड्काले सोही स्थान निवासी ४० वर्षीय जुनु मगरसँग दोस्रो विवाह गरेको भन्दै महानगरीय प्रहरी परिसर जावलाखेलमा ०६६ फागुन २६ गते जाहेरी दिइन्। पीडकहरू फरार रहेका कारण गिरफ्तार भएनन्।

विशङ्खुनारायण गाविस-१ की २७ वर्षीय सुधा विष्टले २७ वर्षीय पति प्रेम विष्टले आफू छँदाछँदै २५ वर्षीय अप्सरा सिलवालसँग दोस्रो विवाह गरेको भनी ०६७ साउन २७ गते महानगरीय प्रहरी परिसर जावलाखेलमा बहुविवाहको जाहेरी दर्ता गराइन्। प्रेम र अप्सरालाई महानगरीय प्रहरी परिसर जावलाखेलले साउन २७ गते गिरफ्तार गरी बहुविवाहको मुद्दा चलायो। जिल्ला अदालतले भदौ ३ गते विष्टलाई पुर्पक्षको लागि कारागार चलान गर्न र सिलवाललाई तारेखमा रिहा गर्न आदेश दियो।

एकीकृत माओवादीद्वारा कुटपिट गरी घाइते बनाइएका सञ्जय पण्डित

एकीकृत माओवादीबाट

मानिखेल गाविस-८ का सुरेश लामाको बा. २ प. ३७७६ नम्बरको मोटरसाइकल ०६७ असार ७ गते मानिखेल गाविस-८ खोरभञ्ज्याङमा एकीकृत माओवादी कार्यकर्ताले आगजनी गरे। मोटरसाइकल आगजनीमा एकीकृत माओवादी ललितपुरका इञ्चार्ज हरि दाहालको नेतृत्वले मोटरसाइकल आगजनी गरेको प्रहरी प्रधान कार्यालय न्यूज बुलेटिनमा प्रहरीले जनायो। घटनालाई लिएर भीमबहादुर घले तामाङले ०६७ असार ११ गते महानगरीय प्रहरी वृत्त चापागाँउमा एकीकृत नेकपा माओवादी इकुडोल गाविस निवासी ३४ वर्षीय राम आचार्य, मानिखेल गाविस-६ निवासी बुद्धबहादुर नेगी, चौधरे गाविस-४ का २८ वर्षीय धनबहादुर स्याङतान, गोटीखेल गाविस निवासी ३३ वर्षीय ललित स्याङतान, मानिखेल गाविसका २८ वर्षीय सञ्जय बम्जनलगायत छ जना विरूद्ध किटानी जाहेरी दर्ता गराए।

अनेरास्ववियु (क्रान्तिकारी) बाट

'अवैध' रूपमा विद्यालय सञ्चालन गरेको भन्दै अनेरास्ववियु (क्रान्तिकारी) ले ०६७ भदौ ४ गते १०-१५ जनाको समूहमा आएका अनेरास्ववियु (क्रान्तिकारी) का विद्यार्थीले लगनलेखस्थित सिजि मणिपाल विद्यालयमा तोडफोड गरे। तोडफोडबाट विद्यालयको रिसेप्सनमा रहेको कम्प्युटर, झ्यालका ढोका तोडफोड भयो। तोडफोडबाट १ लाख रुपियाँ बराबरको क्षति भएको विद्यालयका प्रिन्सिपल रोशन भण्डारीले बताए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना, सम्पत्ति क्षति

राप्रपा नेपालबाट

राप्रपा नेपालले गरेको उपत्यका बन्दको क्रममा बन्द अवज्ञा गरी सवारी साधन चलाएको भन्दै राप्रपा नेपालका कार्यकर्ताले ०६६ फागुन १० गते बा १ ज ४७७४, बा १ ज १८९, बा १ ज २७१८ र बा २ ख २२५८ नम्बरको गाडीमा ललितपुर उमनपा-१४ सातदोबाटोमा तोडफोड गरी क्षति पुऱ्याए। तोडफोडमा संलग्न भएको भन्दै प्रहरीले राप्रपा नेपालकी अप्सरा नेपाललाई गिरफ्तार गऱ्यो। नेपाल सोही दिन महानगरीय प्रहरी परिसर जावलाखेलबाट रिहा भइन्।

पतीद्वारा आगो लगाई घाइते बनाइएकी सरीता मैनाली

स्वास्थ्यको अधिकार

ललितपुरमा जिल्ला अस्पताल छैन। जिल्ला अस्पतालको नाममा आउने बजेट पाटन अस्पतालले प्रयोग गर्ने गरेको छ। यस जिल्लामा १० ओटा अस्पताल रहेका छन्। त्यसैगरी, प्राथमिक स्वास्थ्य केन्द्र चार ओटा, स्वास्थ्य चौकी नौ ओटा, उपस्वास्थ्य चौकी २९ ओटा, आयुर्वेद औषधालय केन्द्र तीन ओटा, परिवार नियोजन क्लिनिक एक ओटा, खोप क्लिनिक १

सय १४ ओटा र पीएचटी आउटरीच क्लिनिक ७१ ओटा रहेका छन्। जिल्ला जनस्वास्थ्य कार्यालय मातहतमा स्वास्थ्यकर्मी १ सय २० जना रहेका छन्। जसमा एकजना डाक्टर अध्ययनको लागि गएकाले दरबन्दी रिक्त रहेको छ। दरबन्दी भन्दा तीनजना अनमी यस जिल्लामा कार्यरत रहेका छन्।

२.१३ काभ्रे

जनसङ्ख्या : ४,५०,०४९
साक्षरता प्रतिशत : ७३
महिला साक्षरता प्रतिशत : ६०
क्षेत्रफल (वर्ग कि. मि.) : १,३९६
गाविस/नपा सङ्ख्या : ८७/३
सरकारी/निजी विद्यालय : ६५५/७१
क्याम्पस/उच्च मा.वि. : १२/५७
अस्पताल/स्वास्थ्य चौकी : ७/९४
मानव विकास सूचकाङ्कः ०.५४३
प्रतिपरिवार सरदर सङ्ख्याः ६

जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता ६१ रहे तापनि कारागारमा क्षमताभन्दा बढी बन्दी राखिदै आएको छ। यस कारागारमा कैद तोकिएका ६४ र कैद नतोकिएका ४५ गरी १ सय ९ जना बन्दी छन्। कर्तव्य ज्यान मुद्दामा ५८ जना, चोरीको आरोपमा सात जना, डाकाको आरोपमा १३ जना, जबरजस्ती करणीको आरोपमा नौ जना, ज्यान मार्ने उद्योगको आरोपमा तीन जना, सैनिक ऐन मुद्दामा दुई जना, लागुऔषध मुद्दामा चारजना, सवारी ज्यान मुद्दामा एक जना, ठगी मुद्दामा एक जना, कुटपिट र अङ्गभङ्ग मुद्दामा एक जना, हातहतियार खरखजाना मुद्दामा एक जना, अपहरण र शरीर बन्धक मुद्दामा आठ जना र वैदेशिक रोजगार मुद्दामा एक जना रहेका छन्। कारागारको सुरक्षाका लागि १७ जनाको प्रहरी टोली राखिएको छ। महिला र बालबालिका राख्ने व्यवस्था यहाँ छैन।

कारागारलाई तीन भागमा विभाजन गरी बीचको भागमा गम्भीर स्थितिका मानसिक रोगीहरूलाई राखिने गरिन्छ। यस्ता मानसिक रोगीहरू अहिले ३३ जना छन्। कारागारमा चर्पीको मर्मत-सम्भार, भवनको जिर्णोद्वार र क्षमता बढाउनुपर्ने आवश्यकता छ।

जुम्ला जिल्ला, चन्दननाथ गाविस-१ निवासी २२ वर्षीय शिवकृष्ण गिरीको ०६७ वैशाख १४ गते धुलिखेल नपा-३ स्थित यस कारागारमा कालगतिले मृत्यु भयो। कर्तव्य ज्यान मुद्दामा जेलसार गरी यहाँ ल्याइएका गिरी मानसिक रोगी थिए। यस्तै, पर्वत बालाकोट गाविस-९ का २९ वर्षीय भद्रबहादुर नेपालीको धुलिखेल कारागारमा मृत्यु भयो। ५ वर्ष अघिदेखि मानसिक विरामी रहेका उनको ०६७ कात्तिक ३० गते बिहान मृत्यु भएको थियो।

बेपत्ता/अपहरण

एकीकृत माओवादीबाट

टुकुचा गाविस-९ का सानुकाजी भनिने ४१ वर्षीय रामकृष्ण गिरीलाई ०६७ असार १७ गते सोधपुछका लागि भनेर एकीकृत नेकपा माओवादीका कार्यकर्ता गुणराज दाहालको नेतृत्वमा गएको समूहले अपहरण गरी बनेपा ल्यायो। पीडित सानुकाजी गिरी पनि माओवादी कार्यकर्ता भएकाले दुवै पक्ष माओवादीको कार्यालयमा बसेर छलफल गर्न भनी उनलाई अपहरण गरिएको थियो। छलफलपछि माओवादी कार्यकर्ताहरूले सोही दिन बेलुकी घरनजिकै लगेर मुक्त गरे। डरत्रासका कारण पीडित घरमा नगई अन्यत्र लुकेर बसेको अवस्थामा पत्रपत्रिकामा अपहरणको समाचार आउन थालेपछि ०६७ असार २१ गते आफै जिल्ला प्रशासन कार्यालयमा गएर शान्ति सुरक्षाका लागि निवेदन दिए।

धम्की/कुटपिट

राज्यबाट

धुलिखेल नपा-१ पकुचामा ०६७ भदौ ८ गते राती प्रहरी र स्थानीयबीच झडप हुँदा ८ जना सर्वसाधारण र ९ जना प्रहरी घाइते भए। घटनामा स्थानीय ४० वर्षीय मानबहादुर तामाङ, ३९ वर्षीय सानु मानबहादुर तामाङ, ३० वर्षीय श्रीकृष्ण तामाङ, ४७ वर्षीया धनमाया तामाङ, २१ वर्षीय सुरेश तामाङ, २५ वर्षीय इमानसिं तामाङ, ४० वर्षीय प्रतापसिं तामाङ र श्याम लामालाई प्रहरीले लौराले हान्दा नाक, कान र

घटनाको प्रकार	गैरराज्यबाट								राज्यबाट		
	अन्यबाट				एकीकृत माओवादीबाट						
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	नखुलेको	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	११	६	५	११							
घाइते									१	१	१
गिरफ्तारी/यातना									१	१	१
कुटपिट	५	४	३	७	१	१		१			
धम्की	३	४	१	५	३	३		३			
जातीय विभेद	१		१	१							
महिलाअधिकार	६		६	६							
बालअधिकार	४		६	६							
आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार					३	३	११	१३			
अमानवीय व्यवहार	३	३		३							
अपहरण	३	३		३	१	१		१			
जम्मा	३४	१८	३३	४०	६	६	११	१७	३	३	३

टाउकोमा चोट लागेकाले धुलिखेल अस्पतालमा उपचार गरियो। सोही घटनामा प्रहरी निरीक्षक द्वारिकाप्रसाद घिमिरे, प्रहरी सहायक निरीक्षक जयराम दुलाल, प्रहरी हवल्दार देबबहादुर भारती र भोजबहादुर कार्की, प्रहरी जवान पद्म तामाङ, डम्बरबहादुर थापा, क्षेत्रबहादुर गिरी, कृष्णबहादुर भण्डारी र महिला प्रहरी जवान निर्मला बस्नेतको खुट्टा, कम्मर, कन्चट, हात र शरिरका विभिन्न भागमा चोट लागेका कारण धुलिखेल अस्पतालमा उपचार गरियो। धुलिखेलबाट पाँचखालतर्फ गइरहेको बा.२ च. ७८१७ नम्बरको जिप्सीका चालक श्याम तामाङलाई पाँचखालतिरबाट आएका ५ वटा मोटरसाइकलले पकुचामा रोकेर हातपात गरेपछि घटना सिर्जिएको थियो। मोटरसाइकल चालकहरूलाई कारबाहीको माग राखी स्थानीयले श्यामको पक्षमा सडक बन्द गराएर प्रहरीलाई खवर गरेका थिए। श्याम तामाङको परिवारको उजुरीका आधारमा घटनास्थल नजिकैको प्रहरी चौकी खावाबाट प्रहरीहरू आएर बाटो खुलाउन लाग्दा प्रहरीमाथि स्थानीयले ढुङ्गामुढा गरेपछि जिल्लाबाट थप प्रहरी परिचालन भएपछि दोहोरो ढुङ्गा र लाठी हानाहान चलेको थियो। प्रहरीले घटनामा दुई सेल अश्रुग्याँस र एक थान हावाई फायरका लागि रबरको गोली प्रयोग गरेको बतायो। झडप बेलुकी ६ बजेदेखि १० बजेसम्म भएको थियो। ०६७ भदौ ९ गते स्थानीय र प्रहरीबीच छलफल भई दुबैपक्षबाट भएका कमीकमजोरी हटाउने सहमति भयो।

वाईसीएलबाट

सालधारा गाविस-९ खोरभन्ज्याङका २२ वर्षीय बाबुलाल गोलेलाई ०६७ साउन १० गते सोही ठाउँका वाईसीएलका अध्यक्ष बुद्ध थोकर, दिलबहादुर गोले, विक्रम स्याङ्तान र फूलबहादुर रुम्बाले कुटपिट गरी घाइते बनाए। वाईसीएल र युथफोर्सका विषयमा विवाद चर्किदै गएपछि वाईसीएल कार्यकर्ताहरूले उनलाई मुक्का, लाठी र दाउराले हिर्काएर घाइते बनाएका थिए। यसअघि वाईसीएल र युथफोर्सका नाममा ०६७ जेठ २४ र २५ गते दुई समूहबीचमा झगडा भएर प्रहरीको रोहबरमा अइन्दा झगडा नगर्ने शर्तमा मिलापत्र गरिएको थियो। घटनाका विषयमा माओवादीलाई सम्पर्क गर्दा घटना राजनीतिक नभएर 'दुई ओटा समूहबीचमा कुटपिट भएको' जवाफ दिइयो।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

महादेवस्थान गाविस-२ मण्डन निवासी चेष्टा साप्ताहिकका उपत्यका संवाददाता ३० वर्षीय होमप्रसाद चौलागाईलाई ०६६ पुस ३० गते माओवादीका महादेवस्थान गाविस सेक्रेटरी शम्भु फुँयालले 'डेडिथुम्का पब्लिक क्याम्पस स्तरउन्नतीको प्रसङ्ग र अनियमितता' शीर्षकमा प्रकाशित लेखको विषयलाई लिएर मार्ने धम्की दिए। वाईसीएलको समूहसहित चौलागाई निवास पुगेका फुँयालले समाचार सत्य

झडपमा घाइते भएका मानबहादुर तामाङ

नभएको भन्दै धम्क्याए। प्रकाशित समाचारमा माओवादी, एमाले र काङ्ग्रेसको मिलेमतोमा डेडिथुम्का उच्च माध्यमिक विद्यालयमा शिक्षक नियुक्ती गर्ने तयारी भएको उल्लेख थियो।

ढुङ्खर्क गाविस-२ कानापाखा घर भई हाल बनेपा नपा-३ नयाँबस्तीमा बस्दै आएका चेष्टा साप्ताहिकका कार्यकारी सम्पादक २४ वर्षीय मोतीराम तिमल्सिनालाई ०६७ वैशाख ३० गतेको अङ्कमा प्रकाशित 'मजदुरका नाममा उठाउँदै खाँदै' भन्ने शीर्षकको समाचारलाई लिएर सोही दिन उनकै निवासमा गएर एकीकृत माओवादीका जिल्ला सदस्य गोपाल घिमिरेले मार्ने धम्की थिए। घिमिरेले पत्रिकाको समाचार देखाउँदै पत्रिकाको कार्यालय र पत्रिकामा कार्यरत कर्मचारीहरूमाथि जुनसुकै बेला जे पनि हुनसक्ने चेतावनी दिए। घटनाका विषयमा आरोपित घिमिरेले खण्डन छाप्नका लागि छलफल गरेको विषयलाई बङ्ग्याएर प्रेस विज्ञप्ती प्रकाशन गरी बेइज्जती गरेको बताए। धम्किको नेपाल पत्रकार महासङ्घ काभ्रे शाखा, प्रेस चौतारी नेपाल, प्रेस युनियन, चेष्टा साप्ताहिक र क्रान्तिकारी पत्रकार सङ्घले विरोध जनायो। धम्की दिने घिमिरेले ०६७ जेठ १७ गते जिल्ला प्रशासन कार्यालयमा पत्रकारहरूकै सामुन्ने माफी माग्दै आउने दिनहरूमा पत्रकारहरूसँग कुनै इर्ष्या नगर्ने पत्रमा हस्ताक्षर गरे। यसैगरी, चेष्टा साप्ताहिकमा ०६७ असार १० गते विद्यालय बन्द गरी बुहारीलाई यातना शीर्षकको समाचार छापेको भनी कार्यकारी सम्पादक तिमल्सिनालाई फोनबाट धम्की आएको भनी ०६७ भदौ १९ गते नेपाल पत्रकार महासङ्घ र सञ्चारसँग सम्बन्धित सङ्घसंस्थाहरूले प्रेस वक्तव्य प्रकाशन गरी विरोध जनाए।

धुलिखेल र बनेपामा नागरिक दैनिक पत्रिकामा प्रकाशित समाचारको विषयलाई लिएर ०६७ जेठ १४ गते साँझ एकीकृत माओवादीका कार्यकर्ताले पत्रिका जलाए। एकीकृत माओवादीका नेता तथा कार्यकर्ता सम्मिलित समूहले बनेपामा २५ प्रति र धुलिखेलको सरस्वतीबजारमा ४० प्रति नागरिक पत्रिका जलाएका थिए। घटनाको नेपाल पत्रकार महासङ्घ, प्रेस चौतारी नेपाल र नेपाल प्रेस युनियन काभ्रेले छुट्टाछुट्टै विज्ञप्तिमार्फत विरोध जनाए। ती संस्थाहरूद्वारा जारी प्रेस विज्ञप्तिमा प्रकाशित समाचारमा चित्त नबुझे वैधानिक प्रक्रिया अपनाउनुपर्नेमा यसरी पत्रिका नै जलाउनु प्रेस स्वतन्त्रता विरोधी कार्य भएको उल्लेख छ।

च्यासिङखर्क गाविस-५ निवासी क्रान्तिकारी पत्रकार सङ्घ नेपाल काभ्रेका सदस्य एवम् जनप्रतिरोध साप्ताहिकका संवाददाता राजकुमार गोलेलाई ०६७ साउन १ गते महाँकालचौर गाविस-५ मा पर्ने ब्रामणदेव डाडामा भएको राँके जात्राको रिपोर्टिङ गरी फर्किनेक्रममा चलाल गणेशस्थानका नरेश तामाङको नेतृत्वमा आएको समूहले गालीगलौज र आक्रमण गरेको भनी उक्त सङ्घले प्रेस वक्तव्य जारी गऱ्यो। नेपाल पत्रकार महासङ्घ, नेपाल प्रेस युनियन, प्रेस चौतारी र क्रान्तिकारी पत्रकार सङ्घले प्रेस वक्तव्य प्रकाशन गरी दोषीलाई कारबाहीको माग गऱ्यो।

छत्रेबाँझ गाविस-४ निवासी मानवअधिकारका लागि एकल महिला समूहकी जिल्ला अध्यक्ष ३६ वर्षीया रामदेवी तामाङलाई ०६७ असोज ५ गते राति श्यामपाटी गाविस-४ का २७ वर्षीय राजु तामाङले गालीगलौज गरी मार्ने धम्की दिएको भनी पीडितले जिल्ला प्रशासन कार्यालयमा शान्ति सुरक्षाको माग गरिन्। एकल महिला समूहका लागि गाविसबाट भाडामा उपलब्ध गराइएको जग्गामा लगाइएको १ सय २५ थान सुन्तलाको विरुवा र बिजुलीको पोल काटेको भनी पीडितले १२ लाख ७५ हजार रुपियाँ क्षति भराउन माग गरिन्। जिल्ला प्रशासन कार्यालय काभ्रेले केही सार्वजनिक अपराध अर्न्तगत मुद्दा चलाए पनि पीडक फरार छन्।

प्रहरीले चौकीमा यातना दिइएका लाक्पा तामाङ

पनौती नपा-२ सुब्बागाउँ निवासी हाइल्याण्ड अङ्ग्रेजी स्कूलका शिक्षक सुनिलकुमार चौधरीलाई ०६७ असोज १७ गते राति मध्यपूर्व एफएममा कार्यरत धुलिखेल नपा-६ का रामप्रसाद नेपाल र पनौती नपा-३ का कमल आचार्यले सोही विद्यालयका पूर्व शिक्षक पनौती नपा-११ का विजय कार्कीको मोबाइल फोनबाट मार्ने धम्की दिए। शिक्षक चौधरीले आफूलाई मार्ने धम्की आएको जानकारी प्रमुख जिल्ला अधिकारीलाई गराएर ०६७ असोज २१ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिए। धम्की दिने तीन जनालाई केही सार्वजनिक अपराधको आरोपमा गिरफ्तार गरिएकोमा ०६७ असोज २५ गते ५ हजार रुपियाँ धरौटी राखी रिहा भए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

काभ्रे जिल्ला अदालतमा ०६६ पुसदेखि ०६७ पुस १६ गतेसम्म ३ सय १९ थान देवानी मुद्दा दर्ता र गतवर्षको जिम्मेवारी सरेर आएको समेत ३ सय ९ थान फर्स्यौट भए। यस वर्ष २ सय २० थान दुनियावादी फौजदारी मुद्दा दर्ता र गतवर्षको जिम्मेवारी सरेर आएकोसमेत १ सय ९३ थान फर्स्यौट भए। यस वर्ष ५८ थान सरकारवादी फौजदारी मुद्दा दर्ता र गतवर्षको जिम्मेवारी सरेर आएको समेत ८८ थान फर्स्यौट भए। एक वर्ष भित्रका ४ सय ६८ थान, २ वर्ष भित्रका २ सय ३२ थान र २ वर्ष नाघेका १ सय ३ थानसमेत गरी यो वर्षको अन्त्यसम्म बाँकी रहेका मुद्दा जम्मा ८ सय ३ थान छन्। अदालतमा ०६२ सालको ४ थान, ०६३ सालको १३ थान, ०६४ सालको ५९ थान पुरानो मुद्दा फर्स्यौट हुन बाँकी छन्।

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

ठूलोपर्सेल गाविस-३ मुक्तानटोलका ११ वर्षीय लाक्पा तामाङलाई चोरीको आरोपमा अनुसन्धानका लागि सरमथली गाविस-४ स्थित पचुवारघाट चौकीका असई पुरुषोत्तम श्रेष्ठ र हवल्दार भिष्मकुमार थापाले चौकीमा बोलाएर ०६७ कात्तिक ३० गते लठ्ठी, पाइप र लात्ति प्रहार गरी घाइते बनाए। छिमेकी ज्ञानबहादुरकी छोरी लालमायाको ०६७ असोज २५ गते सुनको रिङ हराएको र काठमाडौँको क्षेत्रपाटीमा रहेको ज्योतिषीलाई हेराउँदा बालकले चोरेको भनेका कारण शङ्काको आधारमा ज्ञानबहादुरले प्रहरीमा उजुरी गरेका थिए। ज्ञानबहादुरको उजुरीको आधारमा ०६७ कात्तिक २९ गते घरमा नै गएका ५ जना प्रहरीले अनुसन्धानका लागि भोलिपल्ट बच्चालाई लिएर आउन भनेका थिए। आरोपित र पीडित पक्ष दुवै चौकीमा गएपछि प्रहरीले एक घण्टासम्म कोठाभित्र राखेर कुटपिट गर्दा बच्चाको शरीरमा थुप्रै निलडाम देखियो। प्रहरीले सुनको रिङ लाक्पाले नै चोरेको भनी १९ हजार रुपियाँ तिर्नुपर्ने कागजमा पीडितका बाबु माइला तामाङलाई हस्ताक्षर गराए। पीडितको उपचार काठमाडौँस्थित यातना पीडित सरोकार केन्द्रको सहयोगमा भयो। घटनाको अनुसन्धान र दोषीलाई कारबाही गर्न पीडितले ०६७ मङ्सिर १ गते निवेदन परेपछि जिल्ला प्रहरी कार्यालय काभ्रेले आन्तरिक छानबिन समिति बनायो। घटनाका विषयमा बालअधिकारका क्षेत्रमा कार्यरत सङ्घ-संस्थाहरू ०६७ मङ्सिर ९ र १० गते घटनास्थल र पीडितको घरमा पुगेर तथ्य सङ्कलन गरेका थिए।

मकवानपुर जिल्ला हर्नामाडी गाविस-८ निवासी जिल्ला मालपोत कार्यालय काभ्रेका प्रमुख ५० वर्षीय जनार्दन गुरागाईलाई ०६७ असोज ४ गते दिउँसो उनकै कार्यकक्षमा नयाँगाउ गाविस-७ निवासी नेकपा माओवादी (मातृका) काभ्रेका सेक्रेटरी २५ वर्षीय धावा लामासहितको एक समूहले मोसो दली दुर्व्यवहार गरे। नेकपा माओवादीले मालपोत कार्यालयभित्रको

झडपमा घाइते भएका सानु मानबहादुर तामाङ, श्रीकृष्ण तामाङ र सुरेश तामाङ

अनियमितता र ढिलासुस्तीको विरुद्ध कार्यालय प्रमुख गुरागाईलाई मोसो दलेको बतायो। सो घटनाको विरुद्धमा जिल्ला मालपोत कार्यालय काभ्रेका कर्मचारीहरूले काम ठप्प गरी विरोध जनाए। पीडक लामालाई धुलिखेल नपा-७ स्थित २८ किलो भन्ने स्थानबाट साही दिन प्रहरीले नियन्त्रणमा लियो। सार्वजनिक अपराधमा प्रहरीले मुद्दा चलाएका लामा ०६७ असोज २४ गते ५ हजार धरौटी राखी रिहा भए। सोही घटनामा संलग्न नयाँगाउँ गाविस-७ निवासी गान्धिव गौतम र गोकुले गाविस-९ निवासी डम्बरबहादुर लामा भने फरार छन्। नेपाल निजामती कर्मचारी संगठन, नेपाल राष्ट्रिय कर्मचारी महासंघ, नेपाल निजामती कर्मचारी यूनियन, नेपाल राष्ट्रिय निजामती कर्मचारी संगठन, गाविस सचिव हकहित संरक्षण मञ्च र नेपाल स्वास्थ्यकर्मी यूनियन काभ्रेले ०६७ असोज ४ गते संयुक्त वक्तव्य प्रकाशन गरी दोषीहरूलाई कडा कारवाहीको माग गऱ्यो।

बालअधिकार

जिल्ला शिक्षा कार्यालय काभ्रेका अनुसार यस जिल्लामा एउटा काठमाडौं विश्वविद्यालय, क्याम्पस १९, उच्च मावि ६७, अनौपचारिक प्रौढ विद्यालय ४, वैकल्पिक विद्यालय १५, बालविकास केन्द्र ५ सय ५६ र गुम्बा विद्यालय २५ ओटा रहेका छन्। यस जिल्लामा सामुदायिक र संस्थागत गरी ४ सय ३७ ओटा प्राथमिक विद्यालय, १ सय ५ ओटा निमावि र १ सय ८१ ओटा मावि रहेका छन्। जिल्लाका विद्यालयहरूमा ७२ हजार छ सय ६० जना छात्रा र ७१ हजार आठ सय ३३ जना छात्र गरी १ लाख ४४ हजार चार सय ९३ जना विद्यार्थी अध्ययनरत छन्।

उग्रतारा जनागाल गाविस-६ निवासी कक्षा ९ मा अध्ययनरत छात्र १५ वर्षीय रोमन विष्टलाई ०६७ भदौ १५ गते विहान खाना खाएर विद्यालयतर्फ जाँदै गर्दा उनी अध्ययनरत बनेपा नपा-५ स्थित ज्ञानकुञ्ज उच्च मावि जाने मूलसडकबाट बा. १ ज. ५०७१ नम्बरको ट्याक्सीमा हाली केहीसमय अघि पीडितकै घरमा नै काम गरी बस्ने ओखलढुंगा, विलन्दु गाविस-९ ओखनीटोल घर भई बनेपा नपा-६ कोठा गरी बस्ने ३१ वर्षीय कुमार कार्कीलगायत पाँच जनाले अपहरण गरे। बालक रोमनलाई मुख थुनेर आँखामा पट्टी बाँधी ट्याक्सीमा राखेर अपहरण गरी लैजादै गर्दा भक्तपुर तातथली गाविस-४ स्थित गोठालेचौरको कच्ची सडकमा ट्याक्सी रोकिएको समयमा पीडित रोएर कराएपछि बाटोमा हिँड्ने सर्वसाधारणले उनलाई अपहरणबाट छुटाएका थिए। मकवानपुर, बज्रवाराही गाविस-७ घर भई भक्तपुर-१६ मध्यपुर ठिमीस्थित लोकन्थलीमा कोठा गरी बस्ने ट्याक्सी चालक २३ वर्षीय सुरेश बलामी, मकवानपुर, हेटौडा नपा-४ निवासी मनिश भनिने २८ वर्षीय कृष्णबहादुर लामा, शंखुवासभा, खाँदवारी नपा-११ घर भई काठमाडौं महानगर पालिका-३५ कोठा गरी बस्ने अनिश भनिने लोकेन्द्र राई र इलाम, चुलाचुली-७ भई काठमाडौं-३५ जडिबुटी बस्ने २४ वर्षीय राजु सुव्वालाई प्रहरीले सोही दिन गिरफ्तार गरी काभ्रे प्रहरीकोमा हस्तान्तरण गऱ्यो। घटनामा संलग्न रामेछाप, दोरम्बा गाविस-२ घर भएका २८ वर्षीय शेखर तामाङ भने हालसम्म फरार छन्। पीडित बालकको बाबु ४० वर्षीय कृपा विष्टको जाहेरीमा अपहरणमा संलग्न पाँच जनालाई मानव अपहरण तथा शरीर बन्धक अभियोगमा थुनामा राखिएको छ। पीडकहरूले अपहरित बालकका बाबु कृपालाई भक्तपुरको च्यामासिंमा भेट्न बोलाएर ३५ लाख फिरौती माग्ने उद्देश्यले केही दिन अघि योजना बनाएको बयान

झडपमा घाइते भएका प्रहरी निरीक्षक द्वारिकाप्रसाद घिमिरे, प्रहरी हवल्दार देवबहादुर भारती र प्रहरी जवान निर्मला बस्नेत

दिएका छन्। मानव अपहरण तथा शरिर बन्धक गरेको भनी ०६७ असोज ७ गते जिल्ला न्यायाधिवक्ता कार्यालयले जिल्ला अदालतमा अभियोग दर्ता गरेकोमा पीडकहरूलाई पुर्पक्षका लागि थुनामा राखि अनुसन्धान गर्न आदेश भएको छ।

पनौती नपा-६ निवासी एक १२ वर्षीया बालिकालाई ०६७ साउन १५ गते दिँउसो चलाल गणेशस्थान गाविस-६ का ७६ वर्षीय दुर्गासिंह महतले घरमा खाजा खान बोलाएर बुँइगलमा लगेर बलात्कार गरेको आरोपमा पीडितका दाजुले ०६७ भदौ ९ गते कारबाहीका लागि प्रहरी कार्यालयमा जाहेरी दिएपछि आरोपित महत घर छोडेर भागेका छन्। फुपूको घरमा बस्दै आएकी पीडित बालिकाले घटना भएको दुई हप्तापछि हजुरआमालाई आफू बलात्कृत भएको बताएकी थिइन्। बालिकाको स्वास्थ्य परीक्षण प्रतिवेदनमा स्वास्थ्य ठिक रहेको, शरीरमा कुनै चोटपटक नभएको र कन्याजाली पनि नच्यातिएको उल्लेख छ। जिल्ला न्यायाधिवक्ताको कार्यालयले आरोपित व्यक्ति भागी हिँडेकाले बलात्कार गरेको ठहर गरिपाऊँ भनी जिल्ला अदालतमा मुद्दा दायर गरेको छ।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

उग्रतारा जनागाल गाविस निवासी २१ वर्षीया एक अपाङ्ग महिलालाई सोही ठाउँ निवासी २२ वर्षीय श्याम मिजारले ०६७ असार १४ गते बिहान बाबुआमा रोपाइँमा गएको समयमा पीडितको घरमा नै गएर बलात्कार गरेको आरोपमा आरोपितलाई प्रहरीले गिरफ्तार गऱ्यो। हातखुट्टा नचल्ने र बोल्नसमेत नसक्ने अवस्थाकी महिलालाई कोही नभएको अवस्थामा बलात्कार गरेको देखेर स्थानीय बासिन्दाले मिजारलाई घटनास्थलबाट नियन्त्रणमा लिई प्रहरीलाई जिम्मा लगाएका थिए। आरोपितले अदालतमा 'सुरुवाल खोलेको हो तर बलात्कार गरेको होइन' भन्ने बयान दिए। काभ्रे जिल्ला अदालतको ०६७ साउन ११ गतेको आदेश अनुसार आरोपितलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

घरेलु हिंसा

सापिङ गाविस-८ निवासी २० वर्षीय राजु पन्तले माइतीमा रहेकी पत्नी १६ वर्षीया निर्मला पन्तलाई घर ल्याउने क्रममा ०६७ जेठ ९ गते साँझ भुम्लुसल्ले गाविस-१ को जङ्गलमा चक्कु प्रहार गरी हत्या गरेको प्रहरीले जनायो। सिम्थली गाविस-९ की निर्मला भण्डारीसँग ०६६ फागुन २९ गते परम्पराअनुसार राजु पन्तको विवाह भएको थियो। अघिल्लो दिन पत्नी लिन गएका राजुले भूम्लुसल्लेको सामुदायिक बनमा चक्कु प्रहार गरी प्रहरी चौकीमा गएर हतियारसहित आएका डाँकाहरूले पत्नीलाई मार्न लागेकाले बचाउन हारगुहार गरेका थिए। स्थानीयको सहयोगमा निर्मलालाई अस्पताल ल्याउने क्रममा मृत्यु भएको थियो। मृतकका बाबु यामबहादुर भण्डारीको किटानी जाहेरीका आधारमा प्रहरीले ०६७ जेठ १४ गते राजुलाई गिरफ्तार गऱ्यो। जिल्ला अदालतको ०६७ असार ४ गतेको आदेशअनुसार आरोपितलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

कुशादेवी गाविस-९ निवासी ४५ वर्षीया मोतिमाया तामाङलाई ०६७ असार २६ गते पति ५० वर्षीय ज्याम्बल तामाङले कोदालोको बिँड प्रहार गरी हत्या गरे। घरायसी झगडाका क्रममा ज्याम्बलले मोतिलाई कोदालोको बिँडले हानी घाइते बनाएपछि काठमाडौंस्थित शिक्षण अस्पतालमा उपचारका क्रममा सोही दिन राति मृत्यु भएको थियो। ज्याम्बललाई इलाका प्रहरी कार्यालय बनेपाले ०६७ असार २८ गते गिरफ्तार गऱ्यो। काभ्रे जिल्ला अदालतको ०६७ साउन ११ गतेको आदेशअनुसार पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

पनौती नपा-९ मल्पी निवासी नेपाली सेनामा कार्यरत जमदार ३६ वर्षीय लव केसीले घरमा आएको समयमा बाबु ५५ वर्षीय मधुसुदन केसी र आमा ५० वर्षीया खड्गकुमारी केसीको सहयोगमा ०६७ साउन ७ गते राति आफ्नी पत्नी ३४ वर्षीया शान्ति केसीलाई हत्या गरेको अभियोगमा ०६७ भदौ ३ गते काभ्रे जिल्ला अदालतले तीनै जनालाई पुर्पक्षका लागि थुनामा राख्न आदेश दियो । पुनरावेदन अदालतको आदेशमा मृतककी सासू खड्गकुमारी केसीलाई भने थुनामुक्त गरिएको छ। मृतकका भाइ सौरभ देउजाले ०६७ साउन ८ गते सासू, ससुरा र पति मिलेर दिदी शान्तिको हत्या गरेको किटानी जाहेरी दिएका थिए। सोही दिन मृतकका ससुरा मधुसुदन केसीले शान्तिले विष सेवन गरी आत्महत्या गरेको जाहेरी प्रहरीलाई दिए। प्रहरीले आरोपित तीनै जनालाई ०६७ साउन ९ गते गिरफ्तार गऱ्यो। घटनाको निष्पक्ष छानबिन र दोषीलाई कारबाही माग राख्दै स्थानीय र जिल्लाका महिलाहरूले प्रहरी कार्यालय घेराउ गर्नुका साथै ०६७ भदौ २ र ३ गते अदालत परिसरमा धर्ना र नाराजुलुस गरे। मृतकका १२ वर्षीय कुशल र ९ वर्षीय कौशल नामका छोरा रहेका छन्।

बहुविवाह

धुलिखेल नपा-४ निवासी ४८ वर्षीय महेन्द्र गोपाल श्रेष्ठले ०६७ साउन १३ गते काठमाडौं

महाराजगञ्ज निवासी ३६ वर्षीया ज्ञानी गुरुङसँग दोस्रो विवाह गरे। जेठी पत्नी मोहनकुमारीले योगल श्रेष्ठले आफू हुँदाहुँदै अर्को विवाह गर्ने दुवैलाई कारबाही गर्न माग गर्दै प्रहरीमा उजुरी गरिन्। कान्छी पत्नी लिएर महेन्द्रगोपाल विदेश गएका छन्।

सबै प्रकारका जातीय विभेद

शारदाबतासे गाविस-७ की १२ वर्षीया पार्वती विकलाई ०६६ फागुन १६ गते बिहान सोही गाविस-५ निवासी अनीता थापाले गाउँको सार्वजनिक धारामा जाँदा पानी छोएको आरोपमा कुटपिट गरिन्। कुटपिटपछि कालिका माविको कक्षा ४ मा अध्ययनरत दलित बालिका ६ दिनसम्म विद्यालय जान सकिनन्। पीडित बालिकाका बुबा हरिबहादुर र आमा रमा विकका अनुसार कथित तल्लो जातले किन पानी छोएको भन्दै छोरीलाई कुटेपछि उनी रुँदै घर आएकी थिइन्। ठूलो मान्छेको पूजा गर्नुपर्ने डेक्चीको पानी तल्लो जातिले किन छोएको भन्दै बालिकालाई थापाले जर्किन र ढुङ्गाले हानेकी थिइन्। जिल्लास्थित नेपाल राष्ट्रिय दलित समाज कल्याण सङ्घ र छुवाछुत अपराध निगरानी केन्द्रका प्रतिनिधिहरू ०६६ फागुन २१ गते घटनास्थलमा पुगेर पीडितहरूसँग छलफल गरेका थिए। पीडित बालिकाले न्याय नपाएको गुनासो गरेपछि ०६६ फागुन २२ गते दलित अधिकारकर्मीहरू, पत्रकार, मानवअधिकार र शान्ति कार्यकर्ताहरूको अगुवाइमा जिल्ला प्रहरी कार्यालयमा कारावाहीका लागि उजुरी दर्ता गरिएको थियो । जिल्ला प्रहरी कार्यालय धुलिखेलमा स्थानीय राजनीतिक दलका प्रतिनिनधिहरू, पीडित पक्ष, दलित अधिकारकर्मीहरू र पीडक पक्षबीच भएको सम्झौता अनुसार उनले माफी मागी क्षतिपूर्ति दिने सहमति भयो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

साठीघर भगवती गाविसको परिषद् बैठकमा सहभागी रौतहट जिल्ला, गौर नपा-९ घर भई उपस्वास्थ्य चौकीमा कार्यरत अहेब ३२ वर्षीय अजय केशरीलाई ०६६ फागुन २५ गते 'स्वास्थ्य की अन्य कार्यक्रम गर्ने ?' भन्ने बिवाद चर्कदै जाँदा कुटपिट गरियो। गाविसबाट तलब खाँदै आएका दुई सहजकर्ताको तलब बढाउने एजेन्डा ल्याइँदा उपस्वास्थ्य चौकीमा प्रसुतिका लागि बर्थिङ सेन्टर चलाउन कम पैसा छुट्याएकोमा बिवाद चर्केको अहेव केशरीले बताए। सहजकर्ताहरूले खाइपाई आएको तलबमा दुई हजार थपेर ६ हजार पुऱ्याउने तर अनमीलाई २ हजार ५ सय रुपियाँ मासिकमा काम लगाउने एजेन्डा पेश भएपछि अहेव केशरीले आपत्ति जनाएका थिए। सहजकर्ताको तलब बढाउनमा बाधा पुऱ्याएको भनी अहेव केशरीलाई झ्यालबाट सहजकर्ता इन्द्रमायाका पति रामचन्द्र कुँवरले कठालो समातेका थिए। भनाभन हुँदै गएपछि झ्यालबाटै बाहिर निस्केका केशरीलाई रामचन्द्रलगायतको समूहले कुटपिट गर्दा ओठमा चोट लागेको थियो। नेपाल स्वास्थ्यकर्मी युनियनले अहेव केशरीलाई कुटपिट गर्नेहरूलाई कारबाहीको माग गऱ्यो। स्थानीय प्रहरी चौकीमा ०६६ चैत ३ गते पीडित र पीडकहरूबीच मेलमिलाप भयो।

संरचना, सम्पति क्षति, सम्पति कब्जा

बनेपामा स्थित चैतन्य क्याम्पसमा सञ्चालित काभ्रे, सिन्धुपाल्चोक र दोलखा जिल्लाका तालिमप्राप्त प्राथमिक तहका शिक्षकहरूका लागि विशेष कक्षाको परीक्षामा उच्च मावि परिषद्बाट आएका निरीक्षकले चिट चोर्न नदिएको निहुँमा ०६६ माघ २४ गते बिहान परीक्षार्थीहरूले झ्यालका शिशा र फर्निचरहरू तोडफोड गरे। १० महिने तालिमप्राप्त प्राथमिक शिक्षकहरूका लागि विशेष परिक्षामार्फत १२ कक्षा पास गरेको मान्यता दिनका लागि उच्च मावि परिषद्ले चैतन्य क्याम्पस परीक्षा केन्द्रमा ८ सय ८५ जना शिक्षकहरूको परीक्षा लिएको थियो। निरीक्षक हेम पौडेल र ईश्वर काफ्लेले दोस्रो दिनको परीक्षामा चिट चोरिरहेका शिक्षकलाई यसो गर्नुभयो भने निलम्बन गरिदिन्छु' भनेका कारण 'निलम्बन गर्छु भन्ने तँ को होस् ?' भन्दै शिक्षकहरू तोडफोडमा उत्रिएका थिए। शिक्षकहरूले उक्त परीक्षा खारेज गरी एसएलसीवाला शिक्षकहरूलाई तालिम र अनुभवका आधारमा स्वत: १२ कक्षा पास गरेको मान्यता दिनुपर्ने माग गरे। ज्ञापन पत्रमा 'आँखा कम देख्नु र हात कम चल्नु' पुराना शिक्षकहरूको बाध्यता भएको उल्लेख गरेका थिए। उनीहरूको पुन: परीक्षा धुलिखेलको संजीवनी उच्च माविको भवनमा ०६७ मंसिर १९ गते लिइएको थियो।

शंखुपाटीचौर गाविस-७ इँटेस्थित डिभाइनलाइट अङ्ग्रेजी उच्च माविका संस्थापक प्रिन्सिपल एवम् सञ्चालक गोपालबहादुर कार्कीले सोही विद्यालयमा अध्ययनरत एक छात्रालाई बलात्कार गरेको आरोपमा ०६६ फागुन २५ गते बिहान अपरिचित व्यक्तिहरूले विद्यालय हाताभित्र प्रवेश गरी विद्यालय तोडफोड र आगजनी गरे। विद्यालय सञ्चालन भइरहेको अवस्थामा विद्यालयमा आक्रमण हुँदा ज्यान जोगाउन भागेर जिल्ला प्रहरी कार्यालयतर्फ आएका कार्कीलाई बाटोमा आक्रमण गर्दा उनीलगायत मोटरसाइकल चालक पनौती नपा-५ का श्यामसुन्दर

मानन्धर घाइते भएका थिए। घाइते दुवैको प्राथमिक स्वास्थ्य केन्द्र धुलिखेलमा सामान्य उपचार गरियो। घटनामा संलग्न समूहले विद्यालयको बा १ क ५६५४ नम्बरको बस तोडफोड गर्नुका साथै बसमा आगो लगाए। विद्यालयका कम्प्युटर तथा होस्टेल र स्कुलका सबै झ्यालका सीसाहरूसमेत फुटाए। प्रहरीकै उपस्थितिमा आगजनी भइरहँदा ड्यूटीमा खटिएका प्रहरी मुकदर्शक बनेका थिए। प्रहरीले तोडफोडमा संलग्न विके खड्कालगायत १४ जनालाई नियन्त्रणमा लिएकोमा उनीहरू सबै रिहा भए। २०५४ सालदेखि सञ्चालनमा आएको विद्यालयको छात्रवासमा मात्र १ सय ७७ जना र विद्यालयमा २५ जिल्लाका ६ सय विद्यार्थी अध्ययनरत छन्। घटनाको तेस्रो दिन विद्यालयका अभिभावकहरू भेला भई विद्यालय सुचारु गर्ने सहमति भयो। बलात्कारको आरोप लागेका कार्कीलाई जिल्ला अदालतले ०६७ भदौं २० गते सफाइ दियो ।

ढुंखर्क गाविसको कार्यालय ०६७ भदौ २३ गते राति माओवादी सहयोगीका नाममा एक अज्ञात समूहले तोडफोड गरी केही नगद, औषधी, टेलिफोन र सामानहरू लगे। उनीहरूले कार्यालयभित्र रहेको स्वास्थ्य केन्द्र र सामुदायिक विकास कार्यालयको कोठा तोडफोड गरेका थिए। भवनभित्र रहेको सामुदायिक विकास कोषको कार्यालयको दराजभित्र रहेको ८ हजार ५ सय रुपिया नगद लगेर दराज भने बाहिर फालिएको अवस्थामा भेटियो। उनीहरूले बन्दुकको चित्रसहित माओवादी सहयोगी भएको उल्लेख गर्दै प्रहरी चौकी भनेर कब्जा गर्दा स्वास्थ्य चौकी रहेछ, अब हामी चौकी ध्वस्त पार्नका लागि आउँदैछौ, लामो समय छैन भनेर कार्यालयको बोर्डमा लेखेका थिए।

एकीकृत माओवादीबाट

महादेवस्थान गाविस-९ इन्द्रावती खोलाको किनारमा रहेको ५ सय ८० रोपनी व्यक्तिगत जग्गा ०६६ माघ ५ गते एकीकृत नेकपा माओवादी निकट अखिल नेपाल किसान सङ्घले कब्जा गरेको घोषणा गऱ्यो। कित्ता नं ९१७ को ३ सय ११ रोपनी र कित्ता नं १२५० को २ सय ६९ रोपनी जग्गामा महादेवस्थान गाउँ कमिटी सेक्रेटरी शम्भु फुँयालको नेतृत्वमा डोजर लिएर गएको समूहले झण्डा गाडेर कब्जा गरेको घोषणा गरेको थियो। धुलिखेलका अमृतनाथ घलाछेसमेत १२ जनाको नाममा दुवै कित्ता जग्गा मालपोत कार्यालय, काभ्रेमा दर्ता रहेको छ। हालका जग्गाधनीहरूमा उनीसहित पशुपतिनाथ घलाछे, दयालक्ष्मी खरेल, मन थापा, राजेन्द्र खत्री, लक्ष्मणप्रसाद लम्साल, धर्मलाल श्रेष्ठ, अनिल ढुङ्गेल, गोकुलप्रसाद सापकोटा, रामकृष्ण श्रेष्ठ, पुरुषोत्तम श्रेष्ठ र सूर्यलाल मानन्धर रहेका छन्। ०३९ साल मङ्सिर ८ गते उनीहरूले जग्गा किनेका थिए। यो जग्गा बर्खामा इन्द्रावतीले बगरै बनाए पनि हिउँदमा उब्जनी हुने गर्दछ। तत्कालीन जग्गाधनी दनुवारहरूमा मानकाजी, हर्कबहादुर, गुणराज, खाइमान, मंगलबहादुर, चन्द्रबहादुर, कृष्णबहादुर, रत्नलाल, सानु कृष्णबहादुर, सेते, एकबहादुर, सूमाले र ठूलोकान्छो दनुवारबाट ३ सय ११ रोपनी जग्गालाई १५ हजार र २ सय ६९ रोपनी जग्गालाई ७ हजार रुपैंया गरी २२ हजारमा अमृतनाथ लगायतले किनेका थिए। ०३९ मङ्सिर ५ गते मालपोत कार्यालयबाट खटिइ गएको डोरमार्फत लिखत तयार भई ०३९ मंसिर ८ गते निर्णय भएर ०४० असार ३ गतेमात्र जग्गाधनी पूर्जा वितरण भएको मालपोतको अभिलेखमा छ। मालपोत कार्यालयमै कार्यरत तत्कालीन कर्मचारीका परिवारका नाममा जग्गा किनिएको हुँदा छानबिनका लागि दवाव दिन आफूहरूले झण्डा गाडेको माओवादीले बताए।

बालुवा गाविसस्थित विनोद खरेलको ९ रोपनी जग्गामा ०६६ माघ ९ गते एकीकृत नेकपा माओवादीको भातृ सङ्गठन दनुवार मुक्ति मोर्चाको अगुवाइमा मोहियानी नदिएको भन्दै झण्डा गाडे। विगत लामो समयदेखि खरेलले स्थानीय कृष्णबहादुर दनुवार र देवलाल दनुवारलाई कमाउन दिएका थिए। जग्गाधनी खरेलले मोहीहरूलाई खबर नै नगरी बेचेको भनी उनीहरूले जग्गा कब्जा गरेको जनाए। जग्गामा माओवादीको झण्डा फराएपछि ०६६ माघ १४ गते माओवादी कार्यालय तीनपिप्लेमा दुवैपक्ष बसेर 'हेरालुलाई ४ लाख ५० हजार रुपियाँ दिने' सहमति गरी कब्जा गरेको जग्गा फुकुवा भएको बताए।

स्वास्थ्य सेवाको अवस्था

काभ्रेपलाञ्चोक जिल्लामा सरकारी अस्पताल छैन। मेथिनकोट प्राथमिक स्वास्थ्य केन्द्रलाई स्तरोन्नती गरी अस्पताल बनाइएको छ। जिल्लामा चार ओटा निजी अस्पताल (शिरमेमोरियल, अपाङ्ग बालअस्पताल, कृष्णप्रसाद अस्पताल र मेरुदण्ड पक्षघात पुर्नस्थापना केन्द्र), दुई ओटा नर्सिङ् क्याम्पस (फूल्चोकी र काभ्रे हेल्थ), एउटा काठमाडौं विश्वविद्यालय शिक्षण अस्पताल धुलिखेल रहेका छन्। जिल्लामा प्राथमिक स्वास्थ्य केन्द्र चारओटा, इलाका स्वास्थ्य चौकी नौओटा र उपस्वास्थ्य चौकी ८० ओटा गरी ९३ स्वास्थ्य सेवा प्रदायक संस्था छन्। यिनीहरूमा प्राविधिक र प्रशासन गरी ३ सय ४२ दरबन्दीमध्ये ५२ पद रिक्त छन्।

२.१४ भक्तपुर



जनसङ्ख्या : २,८५,३००
साक्षरता प्रतिशत : ८१
महिला साक्षरता प्रतिशत : ५७
क्षेत्रफल (वर्ग कि. मि.) : ११९
गाविस/नपा सङ्ख्या : १६/२
सरकारी/निजी विद्यालय : ३३७/१३३
क्याम्पस/उच्च मा.वि. : १०/३५
अस्पताल/स्वास्थ्य चौकी : ५/२६
मानव विकास सूचकाङ्कः ०.५९५
प्रतिपरिवार सरदर सङ्ख्याः ७

जेल र बन्दीहरू

भक्तपुर जिल्लाको मध्यपुर थिमी नपा-१७ सानो थिमीमा रहेको बाल सुधार गृहमा कानुन विपरीत कार्यमा संलग्न भएका बालबालिकालाई अदालती कारबाहीका क्रममा पुर्पक्षका लागि राखिने र त्यस्ता कार्यमा सजाय पाएका बालबालिकाहरू राखिएको छ। बालसुधार गृहमा देशका विभिन्न जिल्लाका ९४ जना बालबालिका रहेका छन्। हाल सुधार गृहमा बालिका तीन जना बालिका र बालक ९१ जना रहेका छन्।

रामेछाप जिल्लाको राकाथुम गाविस-२ घर भई भक्तपुर जिल्लाको मध्यपुर थिमी नपा-१६ लौहकिल्थलीस्थित आफन्तको घरमा बसेकी ४५ वर्षीया सीता विकले ०६७ कात्तिक १ गते मध्यपुर थिमी नपा-७ मा रहेको प्रहरी वृतको हिरासतमा भुण्डिएर आत्महत्या गरिन्। आफ्नै बुहारीको खुर्पा प्रहार गरी हत्या प्रयास गरेको आरोपमा विकलाई प्रहरीले ०६७ असोज ३० गते गिरफ्तार गरेको थियो। प्रहरी हिरासत कोठाको भेन्टिलेसनको डण्डीमा सुत्नका लागि प्रयोग गरिने तन्ना च्यातेर सिता विकले घाँटीमा पासो लगाइ झुण्डिएर मरेको अवस्थामा लास भेटिएको प्रहरीको भनाइ छ। मृतकको ०६७ कात्तिक २ गते पोस्मार्टम गरियो। राकाथुम गाविस-२ स्थित जङ्गलमा सासू सीता विक र साहिँली बुहारी मसली विकसँगै घाँस काट्न जाँदै गर्दा बाटोमा ०६७ असोज २६ गते दिउँसो सासू सीताले पछाडिबाट खुर्पाले बुहारीको टाउको, हात र खुट्टामा प्रहार गरेकी थिइन्।

बेपत्ता/अपहरण

अन्यबाट

काभ्रे जिल्ला मेथिनकोट गाविस-८ घर भई भक्तपुर नपा-४ कमलविनायक भत्केको पाटीमा होटल व्यवसायी गरी बस्ने २६ वर्षीय राजेन्द्र तिवारीलाई ०६७ असोज १६ गते बिहान रामेछाप जिल्ला बेथान गाविस-५ घर भई भक्तपुर नपा-८ सुकुलढोका डेरा बस्ने २२ वर्षीय सानु तामाङ, काभ्रे जिल्ला खार्पाचोक गाविस-३ घर भई भक्तपुर नपा-४ कमलविनायक डेरा गरी बस्ने २२ वर्षीय मिन्ट्रप तामाङ, काभ्रे जिल्ला बिर्ता देउराली गाविस-३ घर भई भक्तपुर नपा-८ डेरा बस्ने २५ वर्षीय राजकुमार तामाङ , रामेछाप जिल्ला हिलदेवी गाविस-५ घर भई कटुञ्जे गाविस-८ पाण्डोबजार डेरा बस्ने गाडी चालक १८ वर्षीय अशोक योञ्जन (लामा), काभ्रे जिल्ला खार्पाचोक गाविस-४ का २७ वर्षीय तीर्थ लामा, काभ्रे जिल्ला बोल्देफिदिचे गाविस-१ घर भई कटुञ्जे गाविस-८ बस्ने २२ वर्षीय खुलाल ग्यपकले अपहरण गरे। जग्गा पास गरेको रकम समयमा नतिरेको आरोपमा राजेन्द्र तिवारीलाई आरोपीहरूले बा.६ च ७४५८ नं.को मारूती गाडीमा राखी अपहरण गरेका थिए। तिवारीलाई मारूती भ्यानमा राखेर अपहरण गरी लगेपछि होटल नजिक रहेका स्थानीयवासीले प्रहरीलाई खबर गरेको पीडितकी पत्नी २५ वर्षीय मञ्जु तिवारीले मानवअधिकारकर्मीको टोलीलाई बताइन्। अपहरणमा संलग्नहरूलाई भक्तपुर जिल्ला कटुञ्जे गाविस-८ सूर्यविनायकचोकबाट प्रहरीले गिरफ्तार गरेको थियो। यस घटनामा संलग्न भएको आरोपमा प्रहरीले अन्य दुई जनालाई पनि गिरफ्तार गरेको बतायो। अहरण गर्न लगाउने काभ्रे जिल्ला सरमथली गाविस-२ का ४१ वर्षीय रेशमबहादुर लामा, काभ्रे जिल्ला सर्य्यूखर्क गाविस-६ का ४६ वर्षीय प्रसाद लामालाई महानगरीय प्रहरी परिसर भक्तपुरका प्रहरीहरूले गिरफ्तार गरेको थियो। गिरफ्तार परेकाहरूले रेशम र प्रसादको निर्देशनमा अपहरणको घटना गराएको बयान प्रहरी समक्ष दिएका थिए। आरोपीलाई प्रहरीले अदालतमा ०६७ असोज २१ गते पेश गरेकोमा जिल्ला अदालत भक्तपुरले ०६७ कात्तिक ८ गते चालक अशोक योन्जनलाई रिहा गऱ्यो। अन्यलाई पुर्पक्षका लागि थुनामा राख्यो।

घटनाको प्रकार	गैरराज्यबाट						
	अन्यबाट				एकीकृत माओवादीबाट		
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	४	१	३	४			
घाइते	३	३	३	६			
कुटपिट	२	९		९	२	२	२
महिलाअधिकार	३		३	३			
बालअधिकार	२		२	२			
अपहरण	१	१		१			
जम्मा	१५	१४	११	२५	२	२	२

धम्की/कुटपिट एकीकृत माओवादीबाट

गुण्डु गाविस-४ का ४८ वर्षीय अर्जुन बस्नेतलाई गोरखापत्र संस्थानको कर्मचारी भएको र एमाले निकट प्रायुसङ्घका केन्द्रीय अध्यक्षको नातेदार भएको आरोपमा ०६७ वैशाख २२ गते बिहान एकीकृत माओवादीका कार्यकर्ताले कटुञ्जे गाविस-८ पाण्डोबजारमा कुटपिट गरे। घटनामा उनको मोटरसाइकल समेत तोडफोड गरिएको थियो। पीडितले उजुरी दिएनन्।

दोलखा जिल्ला जफे गाविस-१ घर भई मध्यपुर थिमी नपा-१७ स्थित शिक्षा क्याम्पस सानोथिमीमा अध्यनरत २३ वर्षीय पवन कार्कीलाई ०६७ वैशाख २६ गते एकीकृत माओवादीले आह्वान गरेको आमहड्तालको अवज्ञा गरेको आरोपमा एकीकृत माओवादीका जिल्ला सदस्य रमेश ढकालको नेतृत्वमा रहेको समूहले रड प्रहार गरी कुटपिट गऱ्यो। उनलाई काठमाडौँ जिल्लाको जोरपाटीमा गएर आमहड्तालमा प्रतिकार गरेको आरोपमा कुटपिट गरिएको थियो। कुटपिटबाट घाइते पवन कार्कीको नागरिक सामुदायिक अस्पतालमा उपचार भयो।

झडपबाट

सानोथिमीको शिक्षा क्याम्पसमा छात्रवृत्ति वितरणमा धाँधली भएको विरोधमा नेमकिपा निकट नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ र एकीकृत माओवादी निकट अनेरास्ववियु (क्रान्तिकारी) बीच ०६७ जेठ १२ गते दिउँसो क्याम्पस परिसरमा झडप भयो। झडपका क्रममा नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घका केन्द्रीय सदस्य २५ वर्षीय निरज लवजु, भक्तपुर बहुमुखी क्याम्पस इकाइ सदस्य १९ वर्षीया सुलोचना शिल्पकार लगायत ११ जना विद्यार्थी घाइते भए। घाइतेमध्ये निरज लवजुको टाउकोमा रडले लागेर चोट लागेको थियो। घाइतेहरूको भक्तपुर अस्पताल, सल्लाघारीको डा.युवामुरा अस्पताल, मध्यपुर थिमीको कोरियन मैत्री अस्पताल र काठमाडौको सिनामङ्गल स्थित केएमसी अस्पतालमा उपचार भयो। घटनामा घाइते भएका नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घका कार्यकर्ता भक्तपुर नपा-३ का २५ वर्षीय निरज लवजु, भक्तपुर नपा-७ का सुलोचना शिल्पकार, रामसुन्दर बासी, लक्ष्मी केशरी त्वायना, लगायतले ०६७ जेठ १३ गते महानगरीय प्रहरी परिसर भक्तपुरमा ज्यान मार्ने उद्योगमा कारबाहीको लागि जाहेरी दिए। घटनामा संलग्न भएको आरोपमा अनेरास्ववियु (क्रान्तिकारी) का भक्तपुर जिल्ला अध्यक्ष खुमराज गिरी, शिक्षा क्याम्पस सानोठिमीका स्ववियु सभापति वीरेन्द्र बस्नेत, उपसभापति तुल्सी केसी र सचिव सुवास ढकाललाई ०६७ साउन ४ गते प्रहरीले गिरफ्तार गरेको थियो। उपसभापति तुल्सी केसीलाई ०६७ साउन १० गते जिल्ला अदालत भक्तपुरले तारेखमा रिहा गऱ्यो। अन्यलाई ०६७ साउन ११ गते जिल्ला अदालत भक्तपुरको आदेशमा रिहा भए।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

भक्तपुर नपा-८ त्रिपुरासुन्दरीचोकमा ०६७ वैशाख २२ गते एकीकृत माओवादीले आह्वान गरेको अनिश्चितकालीन आमहड्तालको क्रममा एकीकृत माओवादीका कार्यकर्ताले निकालेको जुलुसमाथि युथफोर्स र प्रायुसङ्घका कार्यकर्ताले आक्रमण गरे। प्रायुसङ्घका अध्यक्ष महेश बस्नेतको नेतृत्वमा रहेको समूहले गोली प्रहार गरेको एकीकृत माओवादीले दावी गऱ्यो। घटनास्थलमा गोलीका चारवटा खोका फेला परेको थियो। प्रायुसङ्घका अध्यक्ष बस्नेतले घटनामा आफ्नो सङ्गठनको संलग्नता नभएको भन्दै सोही दिन विज्ञप्ति जारी गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत भक्तपुरमा ०६७ असार मसान्तसम्म बाँकी भएका सरकारवादी फौजदारी मुद्दाको सङ्ख्या १ सय ६७ र फर्स्यौट सङ्ख्या १ सय २८ छ भने बाँकी मुद्दा सङ्ख्या ३९ ओटा रहेको छ। ०६७ असार मसान्तसम्म बाँकी भएका दुनियाँवादी फौजदारी मुद्दाको सङ्ख्या ५ सय ३८ र फर्स्यौट सङ्ख्या ३ सय ५८ छ भने बाँकी मुद्दा सङ्ख्या १ सय ८०

ओटा रहेका छन्। ०६७ साउन १६ गतेदेखि पुस १६ गतेसम्म दर्ता भएका सरकारवादी फर्स्यौट मुद्दा सङ्ख्या ३३ फर्स्यौट सङ्ख्या १४ बाँकी मुद्दा सङ्ख्या १९ ओटा रहेको छ। ०६७ साउन १६ गतेदेखि पुस १६ गतेसम्म दर्ता भएका दुनियाँवादी फैजदारी मुद्दा सङ्ख्या २ सय ५७ फर्स्यौट सङ्ख्या १ सय ५ बाँकी मुद्दा सङ्ख्या १ सय ५२ ओटा रहेको छ। ०६७ साल असार मसान्तसम्म बाँकी भएका देवानी मुद्दाको सङ्ख्या १ हजार ५ सय २२ फर्स्यौट सङ्ख्या ९ सय ९० बाँकी मुद्दा ५ सय २२ ओटा रहेका छन्। ०६७ साउनदेखि पुस १६ गतेसम्म दर्ता भएका देवानी मुद्दाको सङ्ख्या ४ सय ८४ फर्स्यौट सङ्ख्या ९९ बाँकी मुद्दा सङ्ख्या ३ सय ८५ ओटा रहेको जिल्ला अदालतले जानकारी दियो।

सरकारी वकिलको कार्यालयले भक्तपुरले यस वर्ष १ सय १३ ओटा मुद्दा फर्स्यौटको लागि कारवाही अगाडि बढाएकोमा ४० ओटा मुद्दा फर्स्यौट भएको जनायो।

बालअधिकार

जिल्ला शिक्षा कार्यालय भक्तपुरले दिएको जानकारी अनुसार ०६६/ ०६७ मा भक्तपुर जिल्लामा सार्वजनिक विद्यालय १ सय ३७ संस्थागत विद्यालय २ सय ३७ र उच्च मावि ३५ मा ८० हजार २ सय ८० जना विद्यार्थी अध्यनरत छन्। जसमा ८ सय ७२ जना प्रावि शिक्षकको दरबन्दी छ। २ सय ६ जना निम्न माध्यमिक शिक्षकको दरबन्दी छ। त्यसैगरी १ सय ७७ जना मावि शिक्षकको दरबन्दी रहेको जिल्ला शिक्षा कार्यालय भक्तपुरले बतायो। जिल्लामा १४ वटा क्याम्पस रहेका छन्। साक्षरता प्रतिशत ०५८ सालको जनगणना अनुसार ६९.२५ प्रतिशत रहेको छ। जसमा पुरूष ८१ प्रतिशत, महिला ५७ प्रतिशत रहेको छ।

भक्तपुर नपा-१७ सल्लाघारीमा आफ्नो नातेदारको घरमा आएको समयमा भक्तपुर नपा-९ चोछेकी ७ वर्षीय एक बालिकालाई भक्तपुर नपा-१७ सल्लाघारी निवासी २४ वर्षीय महेश श्रेष्ठले ०६७ असार ५ गते यौन दुर्व्यवहार गरे। घटनापछि पीडितका आफन्तले कारबाहीको माग सहित ०६७ असार ६ गते महानगरीय प्रहरी परिसरमा किटानी जाहेरी दिए। आरोपी श्रेष्ठ हालसम्म फरार छन्।

महिलाविरूद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

पाल्पा जिल्लाको तानसेन नपा-७ निवासी २५ वर्षीया एक महिलालाई चाँगुनारायण गाविस-४ का २० वर्षीय गोविन्द तामाङ र सोही ठाउँका १५ वर्षीय राजेश तामाङले ०६७ वैशाख ६ गते छालिङ गाविस-७ चिहानडाँडामा बलात्कार गरे। घटनामा संलग्न युवकलाई स्थानीयवासीको उजुरीका आधारमा ०६७ वैशाख ८ गते घरबाट प्रहरीले गिरफ्तार गऱ्यो। उनीहरू मध्ये गोविन्द तामाङलाई ०६७ जेठ २ गते जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा राखी कारबाही चलाउने आदेश दियो। अर्का आरोपित राजेश तामाङ नाबालक भएको भनी जिल्ला अदालतको आदेशमा ५० हजार रुपियाँ धरौटीमा रिहा भए।

घरेलु हिंसा

मध्यपुर थिमी नपा-१४ स्थायी घर भई दधिकोट गाविस-९ डेरा बस्ने २५ वर्षीया भगवती श्रेष्ठलाई ०६७ असोज १५ गते पति ३५ वर्षीय चन्द्रकृष्ण श्रेष्ठले सुतिरहेको अवस्थामा मोबाइलको डोरीले घाँटी बाँधेर हत्या गरे। पति पत्नीबीचको विवाद बढ्दै गएपछि राति भगवतीले सम्बन्धबिच्छेद गर्ने बताएकी थिइन्। पीडकले घटना लगत्तै प्रहरी समक्ष आत्मसर्मपण गरेका थिए। ज्यान मारेको अभियोगमा मुद्दा चलाइएका श्रेष्ठलाई २०६७ असोज २१ गते जिल्ला अदालत भक्तपुरले पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो। हत्या गरिएकी महिला गर्भवती रहेको थिमी प्रहरीले जनायो ।

घरेलु हिंसा ऐनअर्न्तगत महानगरीय प्रहरी परिसर भक्तपुरको महिला तथा बालबालिका सेवा केन्द्र भक्तपुरमा ०६६ पुस १७ गतेदेखि ०६७ पुस १६ गतेसम्म ६६ वटा निवेदन दर्ता भए। जसमा ३६ वटा निवेदनमा कारबाही भइ पक्ष र विपक्षबीच मिलापत्र भएको महानगरीय प्रहरी परिसरको बालबालिका सेवा केन्द्रका इन्स्पेक्टर रविन्द्रकृष्ण रञ्जितले बताए। अन्य निवेदकहरू सर्म्पकमा नै नआएको प्रहरीले बतायो।

स्वास्थ्य सेवाको अवस्था

भक्तपुर जिल्लामा नेपाल सरकारबाट सञ्चालित जिल्ला अस्पताल ७५ शैयाको छ। सो अस्पतालमा १९ जना डाक्टर, ८१ जना स्वास्थ्यकर्मी र कर्मचारीको दरबन्दी छ। जसमा सात जना कर्मचारी रिक्त छन्। भक्तपुर जिल्लामा १६ गाविस र दुई नगरपालिका छन्। जसमा जिल्ला जनस्वास्थ्य कार्यालय भक्तपुर अर्न्तगत १२ वटा उपस्वास्थ्य चौकी, सातवटा स्वास्थ्य चौकी, दुई स्वास्थ्य सेवा केन्द्र रहेका छन्। जसमा दुई जना डाक्टर र १ सय ५० जना स्वास्थ्यकर्मी र कर्मचारीको दरबन्दी छ। जिल्लामा एउटा नेपाल क्षयरोग निवारण केन्द्र र अन्य अस्पताल १० ओटा छन्।

२.१५ काठमाडौँ

जनसङ्ख्या : १६,३७,०३७
साक्षरता प्रतिशत : ७८
महिला साक्षरता प्रतिशत : ६०
क्षेत्रफल (वर्ग कि. मि.) : ३९५
गाविस/नपा सङ्ख्या : ५७/२
सरकारी/निजी विद्यालय : ९४५/१,०७५
क्याम्पस/उच्च मा.वि. : १२१/२५१
अस्पताल/स्वास्थ्य चौकी : ४०/७०
मानव विकास सूचकाङ्कः ०.६०३
प्रतिपरिवार सरदर सङ्ख्याः ७

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या

राज्यबाट

ललितपुर जिल्ला गोदावरी गाविस-९ घरभई ललितपुर उमनपा बस्ने ४६ वर्षीय सानु सुनारको ०६७ जेठ ११ गते प्रहरीले महानगरीय प्रहरी वृत कालिमाटी हिरासतमा दिएको यातनाको कारण उपचारको क्रममा वीर अस्पतालमा उनको मृत्यु भयो। गोरखा जिल्ला नमजुङ्ग गाविस-२ धुसेनी घर भई बालाजुमा किराना व्यापार गर्दै आएका २४ वर्षीय विष्णु काप्रीले आफ्नो २५ हजार रुपियाँ ठगी गरेको भनी दिएको उजुरीको आधारमा सुनारलाई बल्खूबाट प्रहरीले जेठ ९ गते गिरफ्तार गरी प्रहरी वृत्त कालिमाटीमा राखेको थियो। घटनामा संलग्न भएको आरोप लागेका महानगरीय प्रहरी वृत कालीमाटीका सहायक निरीक्षक ३८ वर्षीय मधुसुधन विष्ट, प्रहरी जवान २७ वर्षीय रोशन विष्ट र २९ वर्षीय कृष्ण खतिवडालाई जिल्ला अदालत काठमाडौंले ०६७ असार १० गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो। प्रहरीले ठगी घटनाको उजुरी दिने काप्रीलाई मुख्य अभियुक्त बनाएर मुद्दा दायर गरेको थियो। जिल्ला अदालतले प्रहरीले मुख्य अभियुक्त बनाइएका काप्री दोषी नदेखेपछि साधारण तारेखमा रिहा गर्न आदेश दियो। सुनारको मृत्यु भइसकेपछि प्रहरीले काप्री विरुद्ध कर्तव्य ज्यानसम्बन्धी अनुसन्धान गर्न अदालतबाट म्याद थपेको थियो। महानगरीय आयुक्तको कार्यालय र प्रहरी प्रधान कार्यालयले घटनाको आन्तरिक छानबिनमा सुनुवारको मृत्यु हिरासतमा कुटपिटकै कारणले भएको प्रतिवेदन सार्वजनिक गरेको थियो। राष्ट्रिय मानवअधिकार आयोगले पनि ०६७ जेठ ११ देखि २६ गतेसम्म घटनाको छानबिन गरी सुनारको हिरासतमा कुटपिटबाट मृत्यु भएको प्रतिवेदन ०६७ असार ३ गते सार्वजनिक गरेको थियो।

अन्यबाट

दोलखा जिल्ला सैलुङ्गेश्वर गाविस-१ घरभई गोठाटार गाविस-७ का ९ वर्षीय सन्तोष कार्कीको काठमाडौं जिल्ला गोठाटार गाविसका स्थानीय बासिन्दा र काभ्रे जिल्ला एकीकृत माओवादीका जिल्ला सल्लाहकार रत्न लामाबीच ०६६ माघ ६ गते झडप भएपछि सातआठ जनाको सङ्ख्यामा आएको हतियारधारी समूहले जथाभावी गोली चलाउँदा गोली लागेर मृत्यु भयो। एकीकृत माओवादी नेता लामाले बाटोमा गिट्टी राखेको विषयमा स्थानीय बासिन्दाले बाटोमा नराख्न भनेपछि भएको विवादको विषयलाई लिएर लामाले मान्छे बोलाई गोली प्रहार गर्न लगाएका थिए। मृतक बालक स्थानीय भीमेश्वर एकेडेमी काँडाघारी स्कूलको कक्षा दुईमा अध्ययनरत थिए। सोही घटनामा गोठाटार गाविस-८ का ४० वर्षीय राजाराम थापा, ३२ वर्षीय गजेन्द्र बस्नेत र सोही गाविस-७ की २६ वर्षीया शोभा कार्की घाइते भएका थिए। घाइतेमध्ये थापाको बीएण्डबी र बस्नेत र कार्कीको सिनामङ्गलस्थित केएमसी अस्पतालमा उपचार भयो। यसैबीच, सो घटनाका प्रमुख आरोपित एकीकृत माओवादी काभ्रे जिल्ला सल्लाहकार सदस्य लामालाई ०६७ असार ३१ गते प्रहरीले काभ्रेपलाञ्चोक जिल्ला बनेपाबाट गिरफ्तार गऱ्यो। लामालाई कर्तव्य ज्यान मुद्दामा काठमाडौं जिल्ला अदालतले ०६७ असार ३२ गते पुर्पक्षको लागि थुनामा राख्न आदेश दियो। त्यसैगरी लामाका जेठा छोरा पाल्देन लामालगायत फुर्वा लामा, पासाङ लामा र रामेश्वर श्रेष्ठलाई प्रहरीले सोही घटनामा सङ्लग्न रहेको आरोपमा पुर्पक्षको लागि थुनामा राखिएको

घटनाको प्रकार	गैरराज्यबाट								राज्यबाट			
	अन्यबाट				एकीकृत माओवादीबाट							
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	नखुलेको	जम्मा
हत्या	७	३	४	७					१	१		१
घाइते	६	१३		१३	५	११	१	१३	३	१६		१६
कुटपिट	४	९	१	१०	१०	२०	३	३३				
धम्की	१	१		१	३	४		४				
भेला/सङ्गठित हुने अधिकार									३	७	३	९
बालअधिकार	८	१	१०	११								
अमानवीय व्यवहार	१	१		१								
अपहरण	३	३		३	१	१		१				
जम्मा	३०	३०	१५	४५	१८	३६	३	३९	७	२४	३	३६

छ। घटनाका आरोपित काठमाडौँ मनपा-३५ का गणेश लामा ०६७ भदौ १५ गते २७ हजार रुपियाँ, अमृत लामा ०६६ चैत १७ गते २७ हजार ५ सय रुपियाँ र दावा लामा ०६७ साउन ७ गते २७ हजार रुपियाँ धरौटी राखी रिहा भए। मुख्य अभियुक्त लामाका छोरा पाल्देनलाई काभ्रेको कामीडाँडामा लुकेर बसेको अवस्थामा प्रहरीले गिरफ्तार गरेको थियो। स्थानीय बासिन्दाले गोली प्रहार गर्ने पासाङ लामा र रमेश श्रेष्ठलाई घटनास्थलबाटै नियन्त्रणमा लिई कुटपिटपछि प्रहरीलाई जिम्मा लगाएका थिए। एकीकृत माओवादीले घटनाका मुख्य दोषी रत्न लामालाई काभ्रे जिल्ला सल्लाकार सदस्यबाट माघ १५ गते निष्काशन गरिसकेको विज्ञप्ति मार्फत जनायो।

काठमाडौँ मनपा-२ पानीपोखरी निवासी च्यानल नेपाल टेलिभिजनका अध्यक्ष तथा स्पेशटाइम केबल नेटवर्कका प्रबन्ध निर्देशक सञ्चार उद्यमी ४८ वर्षीय जमीम शाहलाई ०६६ माघ २४ गते अज्ञात समूहले लाजिम्पाटस्थित व्यस्त सडकमा गोली हानी हत्या गऱ्यो। टाउको र छातीमा गोली लागेका शाहलाई उपचारको लागि महराजगञ्जस्थित शिक्षण अस्पतालमा लग्दै गर्दा मृत्यु भएको थियो। घटनामा शाहका सवारी चालक काठमाडौँ मनपा-२९ ठमेलका ६० वर्षीय मथुरा मालाकारलाई पनि हतियारधारी समूहले बायाँ तिघ्रामा गोली हानी घाइते बनाएका थिए। घाइते मालाकारको महराजगञ्जस्थित शिक्षण अस्पतालमा उपचार भयो। ना १ च २१५१ नम्बरको पजेरोमा चालकसँगैको सिटमा बसेका शाहलाई बा १५ प ८७३३ प्लेट नम्बर टाँसेको रातो रङ्गको यामाहा क्रक्स मोटरसाइकलमा आएका दुई व्यक्तिले गोली प्रहार गरी महराजगञ्जतिर भागेका थिए। सञ्चारमाध्यम मार्फत छोटा राजन समूह सदस्य बताउने भरत नेपाली नामक व्यक्तिले भारत विरोधी कार्य गरेकाले शाहको हत्या गरेको भन्दै ०६६ माघ २५ गते फोनमार्फत घटनाको जिम्मा लिएको सञ्चारमाध्यमहरूले सार्वजनिक गरेका थिए।

गोली/विस्फोटक पदार्थद्वारा घाइते

अन्यबाट

रामेछाप जिल्ला भीरपानी गाविस-८ घर भई काठमाडौं धापासी गाविस-९ बस्ने ४६ वर्षीय ओम श्रेष्ठ, धापासी गाविस-९ निवासी ५३ वर्षीय अर्जुन पण्डित सोही ठाउँका ४६ वर्षीय भरत केसी र भारत सिवान घर भई धापासी गाविस-९ बस्ने २४ वर्षीय पोतन ठाकुर ०६७ जेठ २५ गते बिहान काठमाडौंको बसुन्धरास्थित इशान नर्सिङ्ग होम अगाडि पार्किङ गरी राखिएको बा ७ च ५५३९ नम्बरको कारमा भएको बम विस्फोटनमा परी घाइते भए। घाइतेहरूको सोही नर्सिङ् होममा उपचार भयो। बम विस्फोट गराएको आरोपमा गिरफ्तार गरिएका दाङ जिल्ला तुलसीपुर नपा-५ का २२ वर्षीय विष्णु शाहलाई ०६७ असार २२ गतेको आदेशमा पुर्पक्षको लागि डिल्लीबजार कारागारमा राखिएको छ भने कार चालक दीपक विश्वकर्मा, राजु खत्री असार २४ गते जनही ७५ हजार रुपियाँ धरौटीमा जिल्ला प्रशासन कार्यालय काठमाडौंको निर्णयले रिहा भएको महानगरीय प्रहरी वृत महराजगञ्जले जनायो।

प्रहरीद्वारा हत्या गरिएका सानु सुनुवार

जेल र बन्दीहरू

यस जिल्लाअन्तर्गत सुन्धारा कारागारमा दुईओटा र डिल्लीबजारमा एक गरी जम्मा तीन ओटा कारागार रहेका छन्। सुन्धारास्थित केन्द्रीय कारागार र महिला कारागारको बन्दी क्षमता जम्मा १ हजार २ सय जनाको रहेको छ। यस वर्षको अन्त्यमा यहाँ १ हजार ९ सय ३२ बन्दी रहेका छन्। केन्द्रीय कारागारमा ७ सय ३२ जना कैद तोकिएका तथा १ हजार २ जना कैद नतोकिएका गरी जम्मा १ हजार ७ सय ३४ जना पुरुष बन्दी रहेका छन्। यसैगरी केन्द्रीय कारागार अन्तर्गतकै महिला कारागार शाखामा कैद तोकिएका ८६ जना तथा १ सय २२ जना कैद नतोकिएका गरी कूल २ सय ८ जना बन्दी रहेका छन्। यस कारागारमा नाबालकको सङ्ख्या ११ जना रहेको छ।

डिल्लीबजारस्थित चारखाल कारागारको क्षमता १ सय ५० जना रहेको छ। यस कारागारमा वर्षको अन्त्यमा क्षमताभन्दा तेब्बर ४ सय ३७ जना पुरुष बन्दी रहेका छन्। जसअन्तर्गत ३ सय ११ जना कैद तोकिएका र १ सय २६ जना कैद नतोकिएका बन्दीहरू रहेका छन्। जेलमा बत्ति र खानेपानीको समस्या हुनुका साथै भवन जीर्ण अवस्थामा छ। यस वर्ष उक्त कारागारमा काठमाडौं टोखाका ३५ वर्षीय नारायण श्रेष्ठको ०६७ असार १ गते वीर अस्पतालमा उपचारको क्रममा मृत्यु भयो। त्यस्तै कास्की पोखराका ६५ वर्षीय अक्कलबहादुर गुरुङको ०६७ कात्तिक ३० गते महराजगञ्जस्थित गङ्गालाल हृदय केन्द्रमा उपचारको क्रममा मृत्यु भएको थियो। श्रेष्ठ जबरजस्ती करणी र गुरुङ ठगी मुद्दामा सजाय भोगिरहेका थिए।

एकीकृत माओवादीद्वारा हत्या गरिएका सन्तोष कार्की

बेपत्ता/अपहरण

एकीकृत माओवादीबाट

धादिङ जिल्लाको झार्लाङ गाविस-३ स्थायी घर भई काठमाडौंको गोंगबुस्थित बानियाँटार बस्ने एमाले कार्यकर्ता सुरेन्द्र तामाङलाई ०६७ वैशाख २५ गते विहान एकीकृत माओवादी कार्यकर्ता योवन तामाङको टोलीले गोंगबुस्थित विनायक अस्पतालको अगाडिबाट अपहरण गरेको पीडित परिवारले जनायो। एमाले धादिङ जिल्ला कमिटीका सचिव गुरुप्रसाद बुर्लाकोटीले ०६७ वैशाख २६ गते विज्ञप्ति जारी गरी अपहरणको भर्त्सना गर्दै तत्काल मुक्त गर्न माग गरे। पीडित परिवारले एकीकृत माओवादीको विशेष क्याम्पमा उनलाई राखिएको आशङ्का गरेका छन्। एकीकृत माओवादीले भने घटनाको बारेमा थाहा नभएको जनाउँदै आएको छ। उनको अवस्था यो वर्षको अन्त्यसम्म अज्ञात रहेको छ।

वाईसीएलबाट

भक्तपुर जिल्ला सीपाडोल गाविस-२ जगतेका ३५ वर्षीय चन्द्रबहादुर थिङलाई ०६७ असोज १९ गते आर्थिक लेनदेनको विवादमा एकीकृत माओवादीको भातृ सङ्गठन वाईसीएल कार्यकर्ताले अपहरण गरी स्वयम्भू सानो भञ्याङस्थित एकीकृत माओवादी निकट भातृ सङ्गठन नेवा राज्य मुक्ति मोर्चाको कार्यालयमा रहेको वाईसीएल क्याम्पमा बन्धक बनाएर राखे। उनीहरूले थिङको पत्नीलाई फोनमार्फत तत्काल पैसा नदिए जे पनि हुनसक्छ भनेर धम्क्याएपछि उनले पति अपहरणमा परेको स्वयम्भू प्रहरीलाई जानकारी दिएकी थिइन्। पीडित परिवारले स्वयम्भू प्रहरीमा दिएको उजुरीको आधारमा थिङलाई प्रहरीले क्याम्पबाट सोही दिन बेलुका ७ बजे मुक्त गरायो। थिङको अपहरणमा संलग्न इचङ्गुनारायण गाविस-६ का ४३ वर्षीय मचाकाजी महर्जन र काठमाडौं मनपा-१५ स्वयम्भूका २६ वर्षीय अमिर दिनलाई सोही दिन प्रहरीले गिरफ्तार गऱ्यो। भारतको नयाँ दिल्लीबाट ल्याएको कम्प्युटरको हार्डडिस्कको विवादमा महर्जन र दिनले थिङलाई असोज १९ गते बिहान अपहरण गरी पीडित परिवारसँग जबरजस्ती रकम माग्दै आएको प्रहरीले जनायो। प्रहरीका अनुसार क्याम्पमा रहेका करिब १० देखि १२ जनाको समूहले पैसा

नदिएको भन्दै उनलाई कुटपिट गरेको थियो। प्रहरीमा पीडित परिवारले ०६७ असोज १९ गते मौखिक जानकारी गराएपछि प्रभागका टोलीले वाईसीएल क्याम्पमा छापा मारेको थियो। पीडित परिवारले असोज २० गते लिखित उजुरी दिएको स्वयम्भू प्रभागका इन्स्पेक्टर कुबेर चन्दले जनकारी दिए।

गोली हानी हत्या गरिएका सञ्चार उद्यमी जमीम शाह

मोरङ जिल्ला बयरबन गाविस-५ घर भई काठमाडौं मनपा-३४ निवासी एकीकृत माओवादी काठमाडौं क्षेत्र नम्बर १ अर्न्तगतको ३ नम्बर इलाका सेक्रेटरी ३९ वर्षीय भरत कार्कीलाई एमालेमा प्रवेश गर्न लागेको आरोपमा वाईसीएल कार्यकर्ताले ०६६ चैत ९ गते आर्थिक हिनामिना गरेको आरोप लगाउँदै अपहरण गरी नयाँबानेश्वरस्थित मीनभवन आलोकनगरमा रहेको वाईसीएल क्षेत्र नम्बर १ को क्याम्पमा तीन दिनसम्म राखी यातना दिएको कार्कीले बताए। आफ्नो बैङ्क खाताबाट वाईसीएल क्षेत्र नम्बर ९ का इन्चार्जले जबरजस्ती ७ लाख रुपियाँको चेकमा हस्ताक्षर गर्न लगाएर रकमसमेत निकालेको कार्कीले बताए।

धम्की/कुटपिट

एकीकृत माओवादीबाट

प्यूठान जिल्ला घर भई काठमाडौंमा कोठा भाडामा बस्ने ४० वर्षीय सूर्यबहादुर नेपालीलाई ०६६ पुस २६ गते एकीकृत माओवादी कार्यकर्ताहरूले सङ्घीयताको विरोध गरेको भन्दै काठमाडौं मनपा-३३ मैतीदेवीमा तरबार प्रहार गरी घाइते बनाए। माओवादी कार्यकर्ताको तरबार प्रहारबाट घाइते नेपालीको नाक काटिएको थियो। घाइते उनको वीर अस्पतालमा उपचार भयो। पीडित नेपाली राष्ट्रिय जनमोर्चाका कार्यकर्ता हुन्।

गोली प्रहारबाट घाइते भएका मथुरा मालाकार

महानगरीय प्रहरी वृत महराजगञ्जमा कार्यरत इन्स्पेक्टर ओमप्रसाद खनाल, प्रहरी जवान आमोद खर्का, राजु तामाङ, कृष्ण यादव र रामकुमार रिमाल ०६७ वैशाख २० गते एकीकृत माओवादीको आक्रमणमा परी घाइते भए। एकीकृत माओवादीद्वारा घोषित अनिश्चितकालीन आमहड्तालको अवज्ञा गरेको भन्दै पहरागण अन्तर्गतका पाकिस्तानी दूतावासका सुरक्षाकर्मी चढेको गाडीमाथि गोङ्गबु चोकमा प्रर्दशनकारीले आक्रमण गर्दा उनीहरू घाइते भएका थिए। घाइतहरूको महराजगञ्जस्थित नेपाल प्रहरी अस्पतालमा उपचार भयो। आक्रमणका क्रममा प्रर्दशनकारी र प्रहरीबीच झडप समेत भएको थियो।

पाल्पा जिल्ला मदनपोखरा गाविस-४ घर भई हाल काठमाडौं मनपा-७ चावहिल बस्ने नेशनल टेलिभिजनका कर्मचारी २२ वर्षीय राम थापालाई ०६७ वैशाख २१ गते बिहान आमहड्तालमा सहभागी हुन हिँडेका एकीकृत माओवादीका कार्यकर्ताहरूको एक समूहले रड प्रहार गरी घाइते बनायो। दश जनाको सङ्ख्यामा आएका एकीकृत माओवादी कार्यकर्ताहरूले चुच्चेपाटीस्थित नेशनल टेलिभिजनको कार्यालयबाहिर रहेको प्रजापति कोल्ड स्टोरमा समान लिन गएको बेला पसल किन खोलेको भन्दै थापालाई टाउकोमा रड प्रहार गरेका थिए। गम्भीर घाइते थापाको चावहिलस्थित ग्रेस अस्पतालमा उपचार भयो। उनको टाउकोमा चारओटा टाँका लागेको थियो। टेलिभिजनको परिचयपत्र देखाउँदा समेत एकीकृत माओवादी कार्यकर्ताहरूले कार्यालय परिसरमा जबरजस्ती प्रवेश गरी थापालाई आक्रमण गरेका थिए।

सिन्धुलीका किरण थापा र रामेछापका रामकृष्ण केसीलाई ०६७ वैशाख २२ गते एकीकृत माओवादी कार्यकर्ताले आफ्नो पार्टीले आह्वान गरेको आमहड्तालमा सहभागी नभएको भन्दै कोटेश्वर चोकमा कुटपिट गरे। पीडितहरूलाई एकीकृत माओवादी कार्यकर्ताले काम लगाई दिने प्रलोभनमा काठमाडौं ल्याए पनि काममा नलगाएको र आफैंले खोजेर काम गर्न जाँदा कुटपिट गरेको पीडितद्वयले बताए।

ललितपुर जिल्ला आश्राङ गाविस-६ घर भई

काठमाडौँ मनपा-१० नयाँवानेश्वर बस्ने शिक्षक म्यागेजिनका सहायक सम्पादक ३५ वर्षीय सुदर्शन घिमिरेलाई ०६७ वैशाख २२ गते एकीकृत माओवादी कार्यकर्ताले बन्दको अवज्ञा गरेको भन्दै बालुवाटारमा कुटपिट गरे। घाइतेको महाराजगञ्जस्थित शिक्षण अस्पतालमा उपचार भयो।

एकीकृत माओवादीद्वारा अपहरण गरिएका सुरेन्द्र तामाङ

काठमाडौँ मनपा-९ सिनामङ्गलस्थित गैरीगाउँका ट्याक्सी चालक ४० वार्षीय बुद्धिबहादुर तामाङ र रेष्टुरेन्ट सञ्चालक भीमसेनथान घर भई तीलगङ्गा बस्ने ३२ वर्षीय सवी तन्डुकारलाई ०६७ वैशाख २२ गते काठमाडौँ मनपा-९ सिनामङ्गल गैरीगाउँमा एकीकृत माओवादी कार्यकर्ताले आफूहरूको पार्टीको विरोधमा बोलेको भन्दै कुटपिट गरी घाइते बनाए। घाइतेहरूको टाउकोमा गम्भीर चोट लागेको थियो। पीडितहरूको सिनामङ्गलस्थित काठमाडौं मेडिकल कलेजमा उपचार भयो। उनीहरूले साथीभाइसँग कुरा गरिहेको बेला एक्कासी आएका माओवादी कार्यकर्ताले आफूहरूलाई कुटपिट गरेको बताए।

तनहुँ जिल्ला घर भई काठमाडौँ मनपा-११ बबरमहल बस्ने ३४ वर्षीया गङ्गा अधिकारीलाई ०६७ वैशाख २४ गते विषादी पानी वितरण गरेको भन्दै एकीकृत माओवादीका कार्यकर्ताहरूले खुल्लामञ्चमा कुटपिट गरी घाइते बनाए। घाइतेको वीर अस्पतालको अकस्मिक कक्षमा उपचार भयो। पीडित महिलाले आफूले कुनै विषादी पानी वितरण नगरेको बताएकी थिइन्। पीडितको निधारमा दुईओटा टाँका लगाइएको थियो।

दोलखा जिल्ला नम्दू गाविस-९ मार्गु निवासी काठमाडौँस्थित रत्नराज्य (आरआर) क्याम्पसका अनेरास्ववियु प्रारम्भिक कमिटी सदस्य २२ वर्षीय पुष्कर श्रेष्ठ र स्याङजा जिल्ला विर्घा गाविस-२ डाँडा निवासी सोही क्याम्पसका अनेरास्ववियु कार्यकर्ता २३ वर्षीय सुजन भट्टराईलाई ०६७ वैशाख २४ गते नागरिक समाजद्वारा आयोजित शान्ति ञ्यालीमा सहभागी भएको आरोपमा एकीकृत माओवादीका कार्यकर्ताहरूले प्रर्दशनीमार्गस्थित आरआर क्याम्पस अगाडिबाट बाल्मिकी क्याम्पस र ल क्याम्पसमा पुऱ्याई कुटपिट गरे। माओवादी कार्यकर्ताको कुटपिटबाट घाइते भएका श्रेष्ठलाई सोही दिन खसीबजारस्थित अनेरास्वविय्को कार्यालयमा लगी बुझाइएको थियो भने गम्भीर घाइते भएका भट्टराईको काठमाडौँ मोडेल अस्पतालमा उपचार भयो। उनको टाउको, ढाड र खुट्टामा चोट लागेको थियो।

सिन्धुपाल्चोक स्थायी घर भएका एकीकृत माओवादी कार्यकर्ता २७ वर्षीय विष्णु कार्कीलाई ०६७ वैशाख २६ गते एकीकृत माओवादी कार्यकर्ताहरूले सिंहदरबारस्थित भद्रकालीमा धर्ना दिने क्रममा भिजिलान्ते भन्दै निर्घात् कुटपिट गरे। भिजिलान्ते आयो भन्दै एकीकृत माओवादीका कार्यकर्ताले कुटपिट गरी घाइते बनाएका कार्कीलाई प्रहरीले समन्वय गरी कुटपिट हुनबाट बचाएको थियो। केही क्षणमै उनी एकीकृत माओवादीकै कार्यकर्ता भन्ने खुल्न आएपछि एकीकृत माओवादी कार्यकर्ताले पछि माफी माग्दै उनलाई धर्नामा सहभागी गराए। पीडितले विगत सात दिनदेखि निरन्तर रुपमा एकीकृत माओवादीको विरोध कार्यक्रममा सक्रिय हुँदै आएको बताएका थिए। पीडित बानेश्वरमा पार्किङ्ग रकम उठाउने काम गर्छन्।

काठमाडौँ मनपा-३४ भीमसेनगोला मार्ग निवासी सगरमाथा टेलिभिजनका सम्वाददाता २७ वर्षीया श्रुति निरौला, काठमाडौँ मनपा सतुङ्गल निवासी एभिन्युज टीभीका क्यामरा पर्सन ३० वर्षीय रवीन्द्र श्रेष्ठ र एशोसिएट न्युज एजेन्सीका फोटो पत्रकार प्रवीण महर्जनलाई ०६७ वैशाख २६ गते झडपको दृश्य किन छायाङ्कन गरेको भन्दै एकीकृत माओवादी कार्यकर्ताहरूले माइतीघर मण्डलामा कुटपिट गर्नुका साथै दुर्व्यवहार गरे। कुटपिटबाट एभिन्युजका क्यामराम्यान श्रेष्ठको टाउकोमा चोट लागेको थियो। प्रदर्शनकारीहरूले एभिन्युजका क्यामरापर्सन श्रेष्ठको क्यामरा समेत फुटाइदिएका थिए।

एकीकृत माओवादीद्वारा कुटपिट गरी घाइते बनाइएका राम थापा

वाईसीएलबाट

खोटाङ जिल्ला स्थायी घर भएका केशवप्रसाद लम्साल र रुपन्देही जिल्लाकी धनमाया ढकाललाई ०६७ मङ्सिर ११ गते बालुवाटार टुँडालदेवीस्थित एकीकृत माओवादीको भातृ सङ्गठन वाईसीएल क्याम्पमा लगी वाईसीएल कार्यकर्ताहरूले कुटपिट गरे। सोही घटनालाई लिएर पीडित पक्षले प्रहरीमा दिएको उजुरीका आधारमा प्रहरीले उक्त क्याम्पमा ०६७ मङ्सिर १२ छापा मारी काभ्रेका शिशिर लामा, काठमाडौँका विवश श्रेष्ठ, धादिङका विरोचन सिम्खडा, दीपक काप्री, र बेगबहादुर घले, भक्तपुरका ज्ञानेन्द्र तामाङलाई गिरफ्तार गरी महानगरीय प्रहरी परिसर हनुमानढोकामा राखी सोही साँझ रिहा गऱ्यो। महानगरीय प्रहरी परिसर काठमाडौँमा ल्याइएका वाईसीएल कार्यकर्ताहरूलाई दिनभर छानबिन गर्दा कुटपिटमा संलग्न नदेखिएपछि कागज जमानीमा सोही दिन रिहा गरेको परिसरले जनायो। वाईसीएल कार्यकर्ताले वैदेशिक रोजगारीसँग आबद्ध लम्साल र ढकाललाई १४ लाख ५० हजार रुपियाँको कागज गराएको पीडितले प्रहरीलाई बताएका थिए। पीडितहरूले केही समयअघि मात्रै प्रतिव्यक्ति ३-३ लाख रकम लिएर पाँच जनालाई अफगानिस्तान पठाएको बताए। पठाएकामध्ये तीन जना काम गर्ने स्थानमा पुगिसकेको र अन्य दुई जना पाकिस्तानमा रहेको प्रहरीले जनायो।

कपन प्रहरी कार्यालयमा कार्यरत भक्तपुर निवासी प्रहरी जवान २३ वर्षीय भगनाव खत्री, दोलखा निवासी प्रहरी जवान २२ वर्षीय पारस खड्का र उदयपुर निवासी प्रहरी जवान २४ वर्षीय विकास थपालाई ०६६ चैत २५ गते वाईसीएलका कार्यकर्ताहरूले आफूलाई चेकजाँच गरेको भन्दै कपनमा कुटपिट गरे। वाईसीएल कार्यकर्ताको आक्रमणमा परी घाइते भएका उनीहरूको नेपाल प्रहरी अस्पतालमा उपचार भयो।

धादिङ जिल्ला घोला गाविस-९ जयरुन्टा निवासी अनेरास्ववियुका पशुपति क्याम्पसका सहसचिव २३ वर्षीय सञ्जय दवाडी, बाजुरा जिल्ला पोल्टी गाविस-७ निवासी अनेरास्ववियु पब्लिक युथ क्याप्पसका उपाध्यक्ष २० वर्षीय राजन रोकाया र धादिङ जिल्ला धुसा गाविस-९ निवासी अनेरास्ववियु पब्लिक युथ क्याम्पसका सचिव १८ वर्षीय सज्जन सिलवाललाई ०६७ जेठ ४ गते वाईसीएल कार्यकर्ता गुणराज खनालको नेतृत्वमा आएको समूहले 'तिमीहरूसँग काम छ' भनेर बोलाई बालाजुस्थित वाईसीएलको क्याम्पमा लगेर आँखामा पट्टी बाँधी निर्घात कुटपिट गरी घाइते बनायो। घाइते तीनैजनाको काठमाडौँ मोडल अस्पतालमा उपचार भयो। तीनै जनालाई कुटपिटपछि सोही दिन रिहा गरिएको थियो। उक्त घटनाको विषयमा पीडितले प्रहरीमा उजुरी गरेनन्। अनेरास्ववियुका महासचिव माधव ढुङ्गेलले उक्त घटनाको भर्त्सना गर्दै घटनामा सङ्लग्न दोषीलाई तत्काल कारबाही गरी वाईसीएल क्याम्प तुरुन्त हटाउनुपर्ने माग गरे।

नेविसङ्घबाट

काभ्रे जिल्ला मङ्गलटार गाविस-५ घर भई काठमाडौँ जिल्ला कपन गाविस-१ मा बस्ने अनेरास्ववियु त्रिचन्द्र कलेज कमिटीका अध्यक्ष तथा अनेरास्ववियुका अञ्चल कमिटी सचिव २५ वर्षीय समिक बडाल, अनेरास्ववियुका कार्यकर्ता दीपक धमला, शेखर शाह र रूपक अधिकारीलाई ०६७ चैत ३० गते काठमाडौं मपना-७ चावहिलका नेविसङ्घका केन्द्रीय सदस्य ३७ वर्षीय भीमसिंह गुरुङलाई गोली प्रहार गरेको आरोपमा नेविसङ्घका कार्यकर्ताहरूले घण्टाघरस्थित

एकीकृत माओवादीद्वारा कुटपिट गरी घाइते बनाइएका सोनाम स्याङ्ताङ, सन्तोष खड्का, विकास विश्वकर्मा र धर्म श्रेष्ठ

त्रिचन्द्र कलेजमा खुकुरी प्रहार गरी घाइते बनाए। घाइतेहरूको मोडल अस्पतालमा उपचार भयो। घटनामा संलग्न रहेको आरोपमा त्रिचन्द क्याम्पसका स्ववियु उपसभापति विष्णु पौडेललाई ०६७ वैशाख ९ गते प्रहरीले गिरफ्तार गऱ्यो। पौडेल ०६७ वैशाख १४ गते काठमाडौं जिल्ला अदालतको आदेशमा साधारण तारेखमा रिहा भए।

अछाम जिल्ला पुल्लेतोला गाविस-१ घर भई काठमाडौंको बागबजारस्थित त्रिचन्द्र क्याम्पसमा बीएस्सी प्रथम वर्षमा अध्ययनरत अनेरास्वियुका कार्यकर्ता १९ वर्षीय वीरेन्द्र रावललाई ०६७ पुस ४ गते कलेज हाताभित्रै बाजुरा घर भएका नेविसङ्घका कार्यकर्ता वीरेन्द्र गिरीलगायतले खुकुरी प्रहार गरी घाइते बनाए। विद्यार्थी भर्नासम्बन्धी विवादका क्रममा दुवै विद्यार्थी सङ्गठनबीच झडप हुँदा नेविसङ्घका कार्यकर्ताले रावलमाथि खुकुरी प्रहार गरेको थियो। खुकुरी प्रहारबाट उनको बायाँ खुट्टा र पाखुरा काटिएको थियो। घाइते रावलको मोडल अस्पतालमा उपचार भयो। उक्त घटनामा सङ्लग्न आरोपित नेविसङ्घका भीमसिंह गुरुङ र वीरेन्द्र गिरी विरुद्ध ०६७ पुस ५ गते मुदा दर्ता भएको महानगरीय प्रहरी परिसर हनुमानढोकाले जनायो। घटनामा सङ्लग्न आरोपितलाई प्रहरीले गिरफ्तार गर्न सकेन।

अन्यबाट

हेटौंडा नपा निवासी एकीकृत माओवादीका कार्यकर्ता १९ वर्षीय विजय लामा र रङ्गको काम गर्ने धनुषा जिल्ला महेन्द्रनगरका १६ वर्षीय राजेश लामालाई ०६७ वैशाख २१ गते एकीकृत माओवादीले आह्वान गरेको अनिश्चितकालीन आमहड्तालमा संलग्न भई जनजीवन प्रभावित बनाएको आरोपमा सतुङ्गलका स्थानीय बासिन्दाले कुटपिट गरी घाइते बनाए। घाइतेहरूको बलम्बुस्थित सशस्त्र प्रहरी क्याम्पममा उपचार गरी थप उपचार बाँसवारीस्थित न्युरो अस्पतालमा भयो।

प्रहरीको लाठी प्रहारबाट घाइते भएकी एकीकृत माओवादी सभासद् रेणु चन्द

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

कान्तिपुर टेलिभिजनमा कार्यरत सुनसरी जिल्ला हासफोसा गाविस-२ घर भई काठमाडौं मनपा- १४ बस्ने पत्रकार ३३ वर्षीय प्रकाशचन्द्र परियार, बाँके जिल्ला नेपालगञ्ज नपा-३ हाल काठमाडौं मनपा-३३ डिल्लीबजार बस्ने पत्रकार ३२ वर्षीय हरहरि उपाध्याय र काठमाडौं मनपा-३१ बागबजार निवासी क्यामरापर्सन ३६ वर्षीय राजेन्द्र महर्जनलाई ०६७ वैशाख २१ गते सिनामङ्गलमा एकीकृत माओवादी कार्यकर्ताहरूले आफ्नो पार्टीको विरोधमा समाचार सम्प्रेषण गरेको आरोपमा दुर्व्यवहार गरे। एकीकृत माओवादी कार्यकर्ताले खाना खान लागेका दृश्य सङ्लन गर्न लाग्दा उनीहरूलाई धकेल्दै यहाँबाट जानुहोस् भन्दै मोटरसाइकलमा तोडफोड गरेका थिए। गाडीमा चढिसके पनि प्रदर्शनकारीले गाडीमाथि आक्रमण गरेको पीडित परियारले बताए।

बाँके जिल्ला बेलहारी गाविस-९ का नेपाल टेलिभिजनका संवाददाता ३९ वर्षीय विजय बर्मालाई ०६७ साउन २६ गते सिंहदरबारस्थित तराई मधेस लोकतान्त्रिक पार्टीको संसदीय दलको कार्यालयमा समाचार सङ्कलन गर्ने क्रममा कपिलवस्तुका तमलोपाका संविधानसभा सदस्य ईश्वरदयाल मिश्रले दुर्व्यवहार गरे। सामान्य गफगाफ गरिरहेकै बेला एक्कासी आवेशमा आई सभासद् मिश्रले सुरक्षाकर्मी बोलाएर पत्रकार बर्मालाई गालीगलौज गर्दै कार्यालय बाहिर निकाल्न लगाएका थिए।

धादिङ जिल्ला सत्यदेवी गाविस-८ घर भई काठमाडौंस्थित वनस्थलीमा डेरा गरी बस्ने महेन्द्र रत्न क्याम्पसका स्ववियु सभापति २८ वर्षीय अनिल रिजाल, सङ्खुवासभा जिल्ला सिद्धकाली गाविस-९ का अनेरास्वियु प्रारम्भिक कमिटीका अध्यक्ष २७ वर्षीय कमलमणि गौतम, दोलखा जिल्ला नाम्दो गाविस-५ का २४ वर्षीय सुर्दशन शिवाकोटी, झापा जिल्लाका २८ वर्षीय मोहन बाँस्तोला, ओखलढुङ्गा जिल्ला टारकेराबारी गाविस-८ का २८ वर्षीय इश्वर तिमिल्सिना, बर्झाङ जिल्ला कोटभैरव गाविस-५ का २२ वर्षीय विलाश गिरी ०६६ फागुन २० गते शिक्षक अनुमतिपत्रको परीक्षाको विषयलाई लिएर ताहाचलस्थित जिल्ला शिक्षा कार्यालयमा विरोध प्रर्दशन गर्ने क्रममा प्रहरीले हस्तक्षेप गर्दा घाइते भए। घाइते स्ववियु सभापति रिजालको हातमा चोट लागेको थियो। घाइतेहरूको काठमाडौं मोडेल

अस्पतलामा उपचार भयो। स्थितिलाई नियन्त्रणमा लिन प्रहरीले आश्रुग्याँस प्रहार गरेको थियो।

स्याङ्जा जिल्ला घर भई ललितपुर उमनपा बस्ने राप्रपा नेपालका तर्फबाट संविधानसभा सदस्य ५४ वर्षीय चन्द्रबहादुर गुरुङलगायतका नेता तथा कार्यकर्ताहरूले ०६६ फागुन ११ गते समयमै संविधान निर्माण हुनुपर्ने, संवैधानिक राजतन्त्र, सङ्घीयता, हिन्दूराज्यको विषयमा जनमत सङ्ग्रह गर्नुपर्ने माग राखी निषेधित क्षेत्र तोड्दै भद्रकालीमा विरोध प्रर्दशन गर्ने क्रममा प्रहरीले लाठी चार्ज गर्दा घाइते भए। घाइतेहरूको वीर अस्पतालमा उपचार भयो। राजधानी बाहिरबाट ल्याइएका राप्रपा नेपालका कार्यकर्ताले सिंहदरबारका वरिपरिका क्षेत्रमा बिहानैदेखि धर्ना दिएका थिए। धर्नाको क्रममा निषेधित क्षेत्रमा प्रवशे गरी विरोध प्रर्दशन गर्नुका साथै सवारी साधानमा रोक लगाउने क्रममा प्रहरीले लाठीचार्ज गरेको थियो।

एकीकृत माओवादीले आह्वान गरेको अनिश्चितकालीन आमहड्तालको पाँचौ दिन बुढानीलकण्ठका स्थानीयवासी प्रतिकारमा उक्रिएपछि स्थानीयवासी र एकीकृत माओवादी कार्यकर्ताहरूबीच ०६७ वैशाख २३ गते बुढानिलकण्ठ चोकमा झडप भयो। झडपका क्रममा स्थानीय एक ९ वर्षीय बालक रोशन मगर घाइते भए भने एकीकृत माओवादी कार्यकर्ताले सुनिल भण्डारीलाई कुटपिट गरी घाइते बनाए। घाइतेको राष्ट्रिय मानवअधिकार आयोगका प्रतिनिधिले उद्धार गरी उपचारको लागि महराजगञ्जस्थित शिक्षण अस्पताल लगेका थिए। घाइते बालकको टाउकोमा गम्भीर चोट थियो। यसैगरी सोही झडपमा एकीकृत माओवादी कार्यकर्ता गणेश श्रेष्ठ घाइते भएका थिए।

जोरपाटीमा पसल गर्दै आएका ५० वर्षीय लक्ष्मण श्रेष्ठ र बुद्धराज श्रेष्ठ, राजु श्रेष्ठ, प्रम श्रेष्ठलाई ०६७ वैशाख २३ गते एकीकृत माओवादीले आह्वान गरेको अनिश्चितकालीन आमहडतालको अवज्ञा गरी पसल खोलेको भन्दै एकीकृत माओवादी कार्यकर्ताले कुटपिट गरी घाइते बनाए। त्यसैगरी सोही विषयलाई लिएर स्थानीय बासिन्दाले विरोध गर्ने क्रममा स्थानीय बासिन्दा र एकीकृत माओवादी कार्यकर्ताबीच भएको झडपमा सर्लाही हरिवनका ४५ वर्षीय सोनाम स्याङताङ, दोलखा जिल्ला मालुजफे गाविस-५ का २७ वर्षीय सन्तोष खड्का र जोरपाटिस्थित अरनिको उच्चमावि कक्षा पाँचमा अध्ययनरत ११ वर्षीय विकास विश्वकर्मा घाइते भए। घाइतेहरूको नेपाल मेडिकल कलेज जोरपाटीस्थित अत्तरखेलमा उपचार भयो। स्थानीयवासी र एकीकृत माओवादी कार्यकर्ताबीचको झडपलाई नियन्त्रणमा लिन प्रहरीले अश्रुग्याँस समेत प्रहार गरेको थियो।

धापासी गाविस-३ का ३९ वर्षीय धर्म श्रेष्ठ र सिन्धुली जिल्ला घर भई धापासीमा फर्निचर व्यवसाय गरेर बसेका ३४ वर्षीय रवीन कार्की ०६७ वैशाख २३ गते एकीकृत माओवादीद्वारा घोषित अनिश्चितकालीन आमहडतालको पाँचौ दिन बसुन्धरा चोकमा प्रतिकारमा उत्रिएपछि भएको झडपका क्रममा एकीकृत माओवादी कार्यकर्ताको कुटपिटबाट घाइते भए। घाइतेहरूको महराजगञ्जस्थित शिक्षण अस्पतालमा उपचार भयो। घाइतेमध्ये श्रेष्ठको अवस्था गम्भीर थियो।

काठमाडौँ मनापा ३१ स्थित रत्नपार्कमा ०६७ वैशाख २४ गते एकीकृत माओवादीले आह्वान गरेको अनिश्चितकालीन आमहडतालको छैठौं दिन देशको जनजीवन कष्टकर हुनुका साथै जनजीवन प्रभावित बनेपछि नागरिक समाज, पापडलगायतका सङ्घ संस्थाहरूले आयोजना गरेको शान्ति सभामा भागलिन गएका सहभागी र एकीकृत माओवादी कार्यकर्ताबीच झडप भयो। प्रहरीले झडपलाई नियन्त्रणमा लिने क्रममा लाठी चार्ज गर्दा बैतडी २ नम्बर क्षेत्रका एकीकृत माओवादीका संविधानसभा सदस्य २८ वर्षीय रेणुचन्द, एकीकृत माओवादी कार्यकर्ता २१ वर्षीय योगेन्द्र वस्नेत, १९ वर्षीय रन्जित कार्की, १७ वर्षीया लक्ष्मी बस्नेत, २३ वर्षीय योगेन्द्र पुन र धापासीका २४ वर्षीय हिसरण लुइँटेल घाइते भएका थिए। घाइतेहरूको वीर अस्पताल र काठमाडौँ मेडिकल अस्पतालमा उपचार भयो। यसैगरी सोही दिन प्रहरी र एकीकृत माओवादी कार्यकर्ताबीच भृकुटीमण्डपमा झडप भयो। सो झडपका

एकीकृत माओवादीद्वारा कुटपिट गरी घाइते बनाइएका डीएसपी भोला रावल र फोटो पत्रकार प्रवीण महर्जन

क्रममा प्रहरीले लाठी चार्ज गर्दा एकीकृत माओवादी कार्यकर्ता कैलालीका ३० वर्षीय कैलाश योगी, चितवनका ३० वर्षीय प्रकाश ढकाल, १७ वर्षीय शिव मगर, सिन्धुलीका १७ वर्षीय नेत्र सुनार, १६ वर्षीया देवमाया मोक्तान, १६ वर्षीय कृष्णकुमार तामाङ, गोरखाका २८ वर्षीय दुर्गा सापकोटा, कलङ्कीका २२ वर्षीय राजन विष्ट, कञ्चनपुरका २५ वर्षीय राजु विश्वकर्मा, सोलुखुम्बुका २५ वर्षीया अलिषा बस्नेत, सिन्धुलीका २२ वर्षीय विष्णु आचार्य, १६ वर्षीय टङ्कबहादुर परियार, ४० वर्षीय छेक्या राई, १८ वर्षीय खगेन्द्र श्रेष्ठ, बाँके जिल्ला कोहलपुरका ४५ वर्षीय महादेव थारु, स्याङ्जाका २२ वर्षीय सुजन भट्टराई, अर्घाखाँचीका १८ वर्षीया नर्मदा खनाल, काठमाडौँ मनपा-३५ कोटेश्वरका २६ वर्षीय विष्णु पाण्डे, म्हेपीका २८ वर्षीय ध्रुव सापकोटा, ढुङ्गेअड्डाका १८ वर्षीय अमितकुमार राई, दाङका १८ वर्षीय ठिकाराम चौधरी, बाग्लुङका २५ वर्षीय विवस पौडेल, अछामका १७ वर्षीय जनक साउद, ४५ वर्षीय भानु गौतम, काभ्रेका ३४ वर्षीया पञ्चमाया तामाङ, ३८ वर्षीय मुरारी घहटी, ४२ वर्षीय निलप्रसाद चौलागाईं, सिन्धुलीका २७ वर्षीय ज्ञानु आले घाइते भएका थिए। घाइतेमध्ये संविधासभा सदस्य चन्दलाई प्रहरीले लाठी प्रहार गरेको थियो। उनको टाउकोमा तीनओटा टाँका लगाइएको थियो। घाइतेहरूको काठमाडौं मोडेल अस्पताल र वीर अस्पतालमा उपचार भयो।

एकीकृत माओवादीले आह्वान गरेको अनिश्चितकालीन आमहड्तालको प्रतिकारमा उत्रिएका स्थानीयवासी र एकीकृत माओवादीबीच ०६७ वैशाख २४ गते जोरपाटी अत्तरखेलमा भएको झडपका क्रममा दुई प्रहरी र एकीकृत माओवादी कार्यकर्ता घाइते भए। घाइते हुनेहरूमा महराजगञ्जस्थित २ नम्बर गणमा कार्यरत प्रहरी हवल्दार जितबहादुर दनुवार र बमबहादुर गुरुङ रहेको प्रहरीले जनायो। घाइते उनीहरूको नेपाल प्रहरी अस्पतालमा उपचार भयो। दनुवारको वायाँ हातको बुढी औंलामा चोट थियो भने गुरुङको च्युडो र गालामा चोट लागेको थियो। यसैगरी सोही घटनामा प्रर्दशनकारी दोलखा घर भई हाल गौशाला बस्ने २० वर्षीय रणबहादुर बुढाथोकी र सिन्धुपाल्चोक मेलम्ची घरभई नयाँबस्ती बस्ने २४ वर्षीय लक्ष्मण तामाङ घाइते भए। घाइतेमध्ये बुढाथोकीको खुट्टामा चोट लागेको थियो भने तामाङको टाउकोमा चोट लागेको थियो।

एकीकृत माओवादीले आह्वान गरेको अनिश्चितकालीन आमहडतालको आठौँ दिन ०६७ वैशाख २६ गते सिंहदरबार घेराउ गर्ने क्रममा एकीकृत माओवादी कार्यकर्ताहरू निषेधित क्षेत्र माइतीघर मण्डलामा विरोध प्रदर्शन गर्दा प्रहरीले हस्तक्षेप गरेपछि प्रहरी र एकीकृत माओवादी कार्यकर्ताबीच झडप भयो। निषेधित घोषित उक्त क्षेत्रमा एकीकृत माओवादी कार्यकर्तालाई रोक्न प्रहरीले केही सेल आश्रुग्यास समेत प्रहार गरेको थियो। झडपका क्रममा एकीकृत माओवादीका संविधानसभा सदस्य ३२ वर्षीया इन्द्रमाया गुरुङ, एकीकृत माओवादीकार्यकर्ता बागलुङका २४ वर्षीय प्रवेश सापकोटा, कपनका ४४ वर्षीय केशव कुँइकेल, पर्वतका ३९ वर्षीय भीम शर्मा, हटौँडाका ३८ वर्षीय रामशरण कार्की, २७ वर्षीय धर्मराज पुडासैनीलगायत घाइते भएका थिए। घाइतेमध्ये सापकोटा र कुइँकेलको टाउकोमा चोट लागेको थियो। घाइतेहरूको थापाथलीस्थित नर्भिक अस्पतालमा उपचार भयो। यसैगरी सोही झडपका क्रममा घाइते भएका ३६ वर्षीय भोलाबहादुर रावल, २७ वर्षीय राजेन्द्र अधिकारी, २३ वर्षीय राजु बयलकोटी, ४५ वर्षीय राणबहादुर दाङ, ५३ वर्षीय देवबहादुर पन्त, ५३ वर्षीय जयकिशोर भट्टराई, ६२ वर्षीय रामलाल गदाल, ४३ वर्षीय कृष्णप्रसाद पुडासैनी, ३३ वर्षीय लेखबहादुर गुरुङ, ३५ वर्षीया सीता पौडेल, ४० वर्षीय सुदर्शन न्यौपाने, २८ वर्षीय प्रकाश पोखरेल, ४० वर्षीय अर्जुन श्रेष्ठ, ३५ वर्षीय लेखनाथ भट्ट, ३७ वर्षीय रामकृष्ण मण्डल, ५० वर्षीय नवराज सुवेदी, ५० वर्षीय दण्डपाणि पौडेल, ४५ वर्षीय भरत तिमिल्सिना, २२ वर्षीय अमृत नेपाल, २३ वर्षीय विष्णु कार्की, २४ वर्षीय दीपेन्द्र विसी, ५३ वर्षीय प्रलाद लम्साल, २४ वर्षीय सुरज सुनुवार, २० वर्षीय सक्शेना पटेल, ३४ वर्षीय रामबहादुर शाहको वीर अस्पतालमा उपचार भयो। यसैगरी सोही झडपका क्रममा डीएसपी भोला रावल, प्रहरी हवल्दार चन्द्रबहादुर घर्तीमगर, खिम सुनुवार र युवराज थारु घाइते भएका थिए। घाइतेहरूको नेपाल प्रहरी अस्पतालमा उपचार भयो। त्यसैगरी एकीकृत नेकपा माओवादी कार्यकर्ताहरूले माइतीघर मण्डलामा एभिन्युजका क्यामरापर्सन रवीन्द्र श्रेष्ठ र एशोसिएट

बाबुले धारिलो हतियार प्रहार गरी घाइते बनाइएका विवेक लामा

न्युज एजेन्सीका फोटो पत्रकार प्रवीण महर्जनलाई कुटपिट गरे। झडपको फोटो किन खिचेको भन्दै एकीकृत माओवादी कार्यकर्ताहरूले उनीहरूलाई कुटपिट गरेका थिए। यसैगरी सोही दिन सोही ठाउँमा एकीकृत माओवादी कार्यकर्ताहरूले समाचार सङ्कलनका क्रममा सगरमाथा टेलिभिजनका सम्वाददाता श्रुती निरौलालाई समेत दुर्व्यवहार गरे। यसै क्रममा एकीकृत माओवादी कार्यकर्ताहरूले राष्ट्रिय अनुसन्धान विभागका अनुसन्धान अधिकृत रामकुमार महत र रामचन्द्र थापा तथा डिल्लीबजारस्थित विजय स्मारक उच्चमाविमा अध्ययनरत दोलखाका अञ्जन राज कार्कीलाई भिजिलान्ते भन्दै समातेर युएनका प्रतिनिधिलाई बुझाएका थिए। अनुसन्धानका कर्मचारीले भने आफूहरू सँधै सो क्षेत्रमा रहने गरेको तर कुनै आक्रमण नगरेको बताए। एकीकृत माओवादी कार्यकर्ताले अनुसन्धान अधिकृतद्वयबाट दुईओटा सञ्चार सेट र कार्कीको साथबाट एउटा खुकुरी पनि बरामद गरेका थिए।

चितवन जिल्ला भरतपुर नपा-७ घर भई सीतापाइलास्थित एक्मी इन्जिनियरिङ कलेजका विद्यार्थी २४ वर्षीय श्यामराज पौडेल, दाङ जिल्ला तुल्सीपुर नपा-५ घर भई बालाजुका २१ वर्षीय खगेन्द्र न्यौपाने र कठमाडौँ मनमैजु गाविस-८ का १९ वर्षीय अनुप खड्कालाई ०६७ भदौ ३ गते मोटरसाइकल दुर्घटनामा परी मृत्यु भएका आफ्ना साथीको परिवारलाई क्षतिपूर्ति उपलब्ध नगराएको भन्दै सीतापाइला चोकमा चक्काजाम गर्ने क्रममा प्रहरीले हस्तक्षेप गर्दै गिरफ्तार गऱ्यो। गिरफ्तार गरी महानगरीय प्रहरी प्रभाग स्वयम्भूमा राखिएका उनीहरूलाई इन्सेक प्रतिनिधिको रोहबरमा सोही दिन रिहा गरियो। प्रहरी हस्तक्षेपमा इन्जिनीयिरङ्ग कलेजका विनय बोहोरा, सुभाष ढकाल, श्याम पौडेल, शरद लामिछाने, श्याम श्रेष्ठ, दीपेन्द्र कुमाल, केशव पौडेल, राजन पौडेल, प्रकाश अर्याल, सुभाष गिरी, प्रयास चन्द र जनक रोकाया घाइते भएका थिए। त्यसैगरी प्रहरीले कलेजका पाले भरत थापालाई समेत कुटपिट गरे।

नेपाल आदिवासी जनजाति महासङ्घले समयमा संविधान जारी गराउन दवाव दिने उद्देश्यले आयोजना गरेको एकदिने देशव्यापी यातायात बन्द गर्ने क्रममा ०६७ साउन ३० गते प्रहरीले काठमाडौँको विभिन्न स्थानबाट महासङ्घका कार्यकर्ताहरूलाई गिरफ्तार गरी सोही साँझ रिहा गऱ्यो। काठमाडौँको चावहिल, चुच्चेपाटी, बौद्ध, बालाजु, गोंगबु, महराजगञ्ज, कलङ्की, कालिमाटी, बुढानीलकण्ठ, गौशालालगायतका स्थानमा यातायात बन्द गर्ने क्रममा महासङ्घका कार्यकर्ताहरूलाई प्रहरीले गिरफ्तार गरेको थियो। गिरफ्तारीमा पर्नेहरूमा नेपाल आदिवासी जनजाति महासङ्घका उपाध्यक्ष नोर्भु घले, राष्ट्रिय आदिवासी जनजाति महिला महासङ्घकी अध्यक्ष चन्द्रकला गुरुङ, नेपाल ह्योल्मो ससेसका महासचिव लामा बुझ्गुङ योल्मोपा, अध्यक्ष लामा पेमा दोर्जे, उपाध्यक्ष लामा दावा साङवो, निव दँय दवु सदस्य कृष्ण श्रेष्ठ, नव बुद्ध गुरुङ सेवा समिति सदस्य लोकबहादुर गुरुङ, लोता आजम सदस्य दिलिप लामा, तामाङ विद्यार्थी धेदुङ सदस्य अनिश तामाङ, शेर्पा सङ्घका उपाध्यक्ष लाकपा शेर्पा, बाङहु शेर्पा, नेपाल लोकतान्त्रिक शेर्पा सङ्घ महासचिव नोसाङ शेर्पा, महिला अधिकारकर्मी सोनामाया गुरुङ, नेफेक्स महासचिव आङकाजी शेर्पा, कोषाध्यक्ष डण्डु ढोक्प्या, सुरज अर्याल लामा, कुम ह्याल्मोना, सर्की शेर्पा, फुदीता शेर्पा, कर्मा शेर्पा, लवाङ ग्याञ्जो तामाङ, आङपोले शेर्पा गरी २२ जना महासङ्घका कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरी महानगरीय प्रहरीवृत बौद्धमा राखी सोही साँझै रिहा गऱ्यो। यसैगरी आदिवासी जनजातिका कुम्मराज गुरुङ, रेशम गुरुङ, पृथ्वीमान गुरुङ, पूर्व आइजीपी हमेबहादुर गुरुङ, हरिमाया गुरुङ, मनकुमारी गुरुङ, भगवती गुरुङ, दिलिपसिंह गुरुङ, हर्कबहादुर गुरुङ, मनलाल गुरुङ, सुरसिंह गुरुङ, रोहित गुरुङ, बोधराज गुरुङ, नन्दराज गुरुङ, रामबहादुर गुरुङ, जुनु गौचन, गजेन्द्र छच्यान, गंगा बहादुर गुरुङ, जगत बराम, नेफिनका अध्यक्ष कुमार तामाङ ब्लोन, नेपाल तामाङ धेदुङका सचिवालय सदस्य विजयसिंह लोचन र विशाल तामाङलाई गिरफ्तार गरी बालाजु प्रहरी कार्यालयमा राखी सोही दिन रिहा गरे। यसैगरी नेपाल राष्ट्रिय मगर सङ्घका उपाध्यक्ष राजकुमार बुढामगर, किराँत राई यायोटनका केन्द्रीय सहकोषाध्यक्ष सर्वधन राई, क्षेत्रीय अध्यक्ष सुभाष राई र अधिवक्ता युंग सेढाईलाई महानगरीय प्रहरीवृत महाराजगञ्जमा राखी सोही दिन रिहा गऱ्यो। महासङ्घका कार्यकर्ताहरूले नयाँवानेश्वरमा बा १ ज १२३५, बा १ ज ७४०० र बा १ ज ४८१६ नम्बरको ट्याक्सी तोडफोड गरेका थिए।

गोरखा जिल्ला गाईखुर निवासी सभासद ३८ वर्षीय सुनील बाबु पन्त, नीलहिरा समाजकी भूमिका श्रेष्ठलगायतलाई ०६७ भदौ २९ गते दिउँसो तेस्रो लिङ्गीहरूलाई पनि नागरिकता दिनुपर्ने माग राखी सिंहदरबारस्थित दक्षिण गेट अगाडि धर्ना दिने क्रममा प्रहरीले गिरफ्तार गरी महानगरीय प्रहरी प्रभाग सिंहदरबार, कमलपोखरी प्रहरी कार्यालयमा राखी सोही

दिन साँझ रिहा गऱ्यो। तेस्रो लिङ्गीलाई नागरिकता दिन सर्वोच्च अदालतले ०६४ पुस ६ गते आदेश दिए पनि अहिलेसम्म कार्यान्वयन नभएको भन्दै प्रधानमन्त्रीलाई ध्यानाकर्षणपत्र दिन सिंहदरबार दक्षिण ढोकामा बसेका उनीहरूलाई प्रहरीले गिरफ्तार गरेको थियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष काठमाडौं जिल्ला अदालतमा सरकारवादी फौजदारी तर्फ जिम्मेवारी सरेर आएका २ हजार ५ सय १२ ओटा मुद्दामध्ये १ हजार ५ सय ६२ ओटा मुद्दा फर्स्यौट भई ९ सय ५० ओटा बाँकी रहे। यसैगरी दुनीयावादी फौजदारीतर्फ गत वर्षका सरेर आएका ३ हजार ५ सय २ ओटा मुद्दामध्ये २ हजार १ सय ६५ ओटा मुद्दा फर्स्यौट भई १ हजार ३ सय ३७ ओटा बाँकी रहे। त्यसैगरी ०६७ साउनदेखि मङ्सिर मसान्तसम्म दर्ता भएका सरकारवादी फौजदारी मुद्दा सङ्ख्या ६ सय ४ ओटा मुद्दामध्ये २ सय ९१ ओटा फर्स्यौट भई ३ सय ३ ओटा बाँकी रहे। यसैगरी ०६७ साउनदेखि मङ्सिर मसान्तसम्म दर्ता भएका दुनीयावादी फौजदारी मुद्दाको सङ्ख्या १ हजार ४१ ओटामध्ये ६ सय ६५ ओटा मुद्दा फर्स्यौट भई ३ सय ९६ ओटा बाँकी रहे। यसैगरी ०६७ असार मसान्तसम्म बाँकी भएका देवानी मुद्दाको सङ्ख्या ६ हजार २० मुद्दामध्ये ३ हजार ६ ओटा फर्स्यौट भई ३ हजार १४ ओटा बाँकी रहे। ०६७ साउनदेखि मङ्सिर मसन्तसम्म दर्ता भएका देवादी मुद्दाको सङ्ख्या १ हजार ३ सय ४८ ओटा मध्ये ७ सय ४५ ओटा मुद्दा फर्स्यौट भई ६ सय ३ ओटा बाँकी रहे।

यस वर्ष सरकारी अधिवक्ताको कार्यालयमा १ हजार २ सय ८५ ओटा मुद्दा दर्ता भएको छ।

बालअधिकार

जिल्ला शिक्षा कार्यालय काठमाडौंका अनुसार यस जिल्लामा संस्थागत र सरकारी गरी जम्मा विद्यालय सङ्ख्या १ हजार ५ सय ५६ रहेको छ। जसमध्ये २ सय ९१ बालविकास केन्द्र, २ सय ९२ ओटा विद्यालयमा प्राथमिक तहको शिक्षा, १ सय ७६ ओटा विद्यालयमा निम्नमाध्यमिक तहको शिक्षा, ६ सय ८५ ओटा विद्यालयमा माध्यमिक तहको शिक्षा ,१ सय ४३ ओटा विद्यालयमा उच्च माध्यमिक तहको सञ्चालन हुने गरेको छ। माध्यमिक तहमा ५२ हजार ४ सय ११ जना अध्ययनरतरहेकोमा २५ हजार ५ सय ४७ छात्रा र २६ हजार ८ सय ६४ छात्र रहेका छन्। यसैगरी निम्नमाध्यमिक तर्फ ४३ हजार ३ सय ८० जना छात्रा र ४७ हजार २ सय ८१ जना छात्र गरी कुल ९० हजार ६ सय ६१ जना विद्यार्थी अध्ययनरत छन्। यस जिल्लामा प्राथमिक तर्फ १० हजार ७ सय ५ छात्रा र १० हजार ८ सय ८७ जना छात्र गरी कूल २१ हजार ५ सय ९२ जना विद्यार्थी अध्ययनरत छन्।

यस जिल्लामा माध्यमिक, निम्नमाध्यमिक र प्राथमिक विद्यालयहरूमा शिक्षकको स्वीकृति दरबन्दी सङ्ख्यामा ३ हजार ५ सय ७९ जना रहेका छन्। जसअन्तर्गत स्थायी दरबन्दी २ हजार ७ सय ७६ जना र ८ सय ३ जना अस्थायी दरबन्दी शिक्षक रहेका छन्। यसैगरी राहत अनुदानबाट राखिएको शिक्षक सङ्ख्या ५ सय ७७ जना रहेका छन्।

जोरपाटी गाविसका २ वर्षीय विवेक लामालाई देउतालाई भोग दिन भन्दै ०६७ वैशाख २३ गते उनका बुबा राजेश लामाले धारिलो हतियारले विवेकको पैंताला काटे। घाइतेको महानगरीय प्रहरी वृत्त बौद्धका प्रहरीले उद्धार गरे। पीडितको नेपाल रेडक्रस सोसाइटीले प्राथमिक उपचार गरी थप उपचारको लागि जोरपाटीस्थित अत्तरखेल अस्पताल पुऱ्याइएको थियो। पीडक राजेशलाई भने महानगरीय प्रहरी वृत बौद्धले गिरफ्तार गरी कारबाही गरेको जनायो।

झापा जिल्ला गौरीगञ्ज गाविस-७ घर भई काठमाडौंको कपनमा घरेलु बालश्रमिकको रुपमा काम गर्दै आएका १४ वर्षीय घनश्याम महतोलाई ०६७ जेठ १९ गते इन्स्पेक्टर चेतबहादुर पाठकको पत्नी सुशीला पाठकले कुटपिट गर्नुका साथै आइरन तताएर शरीरमा डामेर यातना दिइन्। पीडित बालकलाई स्थानीय बासिन्दाको सहयोगमा अधिकारकर्मीहरूले सोही दिन साँझ स्वास्थ्य उपचारका लागि कान्तिपुर अस्पताल पुऱ्याएका थिए। पीडितको छाला खुइलिएको, ओठ काटिएको र शरीरभरि नीलडाम थियो। सिविस, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), बालक विकास मञ्चका प्रतिनिधिको उपस्थितिमा घाइते बालकलाई कान्ति बालअस्तालको आकस्मिक कक्षमा उपचार गरियो। पैसा चोरेको आरोपमा इन्पेक्टरकी पत्नी सुशीला, छोरी प्रमिला पाठक, छोरा प्रमोद र सालो मीनध्वज कार्कीले आफूलाई आइरन तताएर डामेको, रडले कुटपिट गरेको पीडित बालकले बताए। महानगरीय प्रहरी आयुक्तको कार्यालय रानीपोखरीमा कार्यरत इन्स्पेक्टर पाठकको सालोको कार्यालयमा काम गर्ने एक महिलाले आफूलाई काठमाडौं ल्याएको पीडितले बताए। इन्स्पेक्टर पाठकले बालक महतोलाई दशैंमा घरमा काम गर्न ल्याएका थिए। बालकलाई कुटपिट गर्ने इन्स्पेक्टरकी पत्नी सुशीलालाई पुर्पक्षको

लागि थुनामा राखिएको छ। मानवअधिकारमा क्षेत्रमा कार्यरत संस्थाहरूले पीडित बालकको तर्फबाट पीडकलाई कारबाहीको माग गर्दै जेठ २१ गते सुशीला, प्रमोद, प्रमिलाविरुद्ध जिल्ला प्रशासन कार्यालय काठमाडौंमा मुद्दा दर्ता गराए। पछि पीडक विरुद्ध ज्यानमार्ने उद्योगको मुदा दर्ता भएको थियो। बालक महतोकी दिदी सुनीता महतोले भाइलाई आफ्नो जिम्मामा बुझिपाऊँ भनी निवेदन दिएको आधारमा प्रमुख जिल्ला अधिकारी लक्ष्मीप्रसाद ढकालले ०६७ असार २१ गते ती बालकको इच्छा विपरीत आफन्तकोमा बुझाए। बालक महतोले आफू दिदीसँग नजाने भनेर रोइकराई गरे पनि प्रमुख जिल्ला अधिकारी ढकालले बालकको इच्छाविपरीत दिदीको जिम्मा लगाए। बालक महतोलाई जिल्ला प्रशासन कार्यालयमा उपस्थित गराउन गएका मानवअधिकारकर्मीमाथि पीडक पक्षले हातपात गर्नुका साथै धम्की पनि दिए। यसैबीच आरोपितका छोरा प्रमोद र छोरी प्रमिला १५-१५ हजार रुपियाँ धरौटीमा रिहा भए भने मीनध्वज कार्की फरार छन्। पीडित बालकलाई पुन: केन्द्रीय बाल कल्याण समितिले भारतबाट उद्धार गरी संरक्षणको लागि ०६७ साउन ९ गते सिबीसीलाई जिम्मा दिएको छ।

मूलपानी गाविस-४ की एक १३ वर्षीया बालिकालाई ०६७ जेठ २३ गते राति ९ बजे सोही ठाउँका ३४ वर्षीय राजेन्द्र परियारले बलात्कार गरेको आरोपमा पीडित पक्षले ०६७ जेठ २४ गते महानगरीय प्रहरी वृत बौद्धमा किटानी जाहेरी दिए। साथीको घरमा विवाहमा सहभागी हुन गएका बेला घर पुऱ्याई दिन्छु भनी नजिकैको जङ्गलको झाडीमा लगी बलात्कार गरेको आरोप लागेका परियारलाई परियारलाई पुर्पपक्षका लागि थुनामा राखिएको महानगरीय प्रहरी वृत बौद्धका डिएस्पी गोविन्दराम परियारले बताए।

दोलखा जिल्ला जुगू गाविस-६ घर भएकी श्रवण शक्तिहीन तथा वाक्यविहीन १७ वर्षीया बिमलाकुमारी पुनलाई ०६७ भदौं २ गते सुन चोरेको आरोपमा काठमाडौं कपन गाविस-३ स्थित नीलोपुल बस्ने ३३ वर्षीय पर्शुराम खड्का र उनकी पत्नी कमला खड्काले निर्घात कुटपिट गरी घाइते बनाए। घाइते भएकी बिमलाको बौद्धस्थित स्तूपा सामुदायिक अस्पतालमा उपचार भयो। घर मालिक खड्काले आफूलाई बलात्कार गरेको कुरा इशारा गरेर पीडित बिमलाले आफूहरूलाई बताएको महिला आधारशीला संस्थाकी गीता न्यौपानेले बताइन्। बलात्कृत भएकाले आवश्यक अनुसन्धानको लागि डीनए परीक्षण गर्न पठाएको पीडित महिलालाई महिला आधारशीलामा राखिने न्यौपानेले जनाइन्। पीडित विमला ०६७ साउन २१ गते खड्काको घरमा आएको र माया लागेर उनलाई खाना दिई घरमा राखेका थिए। तर, त्यसदिन उनले सुन चोरेकोले त्यसको भोलिपल्ट साउन २२ गते प्रहरीलाई खबर गरी महानगरीय प्रहरी वृत बौद्धमा जाहेरी दिएकोमा प्रहरीले अनुसन्धान गरी उक्त महिलाबाट एक ओटा तिलहरी फेला पारे। प्रहरीले साउन २३ गते पीडित महिलाको आफन्त कोही पनि नभएकाले खड्का दम्पतिलाई नै जिम्मा दिएर पठाएको थियो। पीडित विमलाले आफूले सुन नचोरको घर मालिकले फकाएर विहे गर्छु भनी एउटा तिलहरी दिएइको, पछि सो तिलहरी पनि आफूले फिर्ता गरेको बताएकी थिइन्। पीडित विमला दुई महिनादेखि खड्काको घरमा काम गर्दै आएकी थिइन्।

चपली भद्रकाली गाविस-१ की १४ वर्षीया एक बालिकालाई ०६७ असोज ८ गते चावहिलस्थित गोपीकृष्ण हलमा चलचित्र हेर्ने बहानामा मादक पदार्थ सेवन गराई विष्णुमती पुलको झाडीमा लगी सिन्धुली जिल्ला जरायोटार-२ का १७ वर्षीय अजय तामाङ र खोटाङ जिल्ला च्यासमेता गाविस-१ का २२ वर्षीय प्रेम राउतले सामूहिक बलात्कार गरेको आरोपमा दुवै जनालाई प्रहरीले त्यसै दिन गिरफ्तार गऱ्यो। काठमाडौं जिल्ला अदालतले ०६७ असोज २१ गते पुर्पक्षको लागि थुनामा राख्न आदेश दियो।

ओखलढुङ्गा घर भई काठमाडौं धापासी गाविस-८ मा डेरा गरी बस्ने १२ र १४ वर्षीया दिदीबहिनीलाई ०६७ कात्तिक २० गते दिउँसो विवाह गर्ने आश्वासन दिई भोजपुर जिल्ला घर भएका २८ वर्षीय देवेन्द्र राई र गोर्खा जिल्ला घर भएका २२ वर्षीय अमित महतले ललाईफकाई काठमाडौं जिल्लाको चम्रेश्वरी गाविस-३ टोखास्थित डेरामा लगेर ११ दिनसम्म कोठामा थुनेर बलात्कार गरेको र उक्त घटनामा नुवाकोट जिल्ला घर भएका २५ वर्षीय रोशन तामाङ, सुनसरी जिल्ला घर भएका २० वर्षीय सुमन तिवारीको समेत सहयोग रहेको प्रहरीले जनायो। महानगरीय प्रहरी वृत महराजगञ्जले ०६७ कात्तिक ३० गते राति टोखास्थित एक घरबाट पीडित बालिकालाई उद्धार गरी घटनामा संलग्न चारै जनालाई गिरफ्तार गऱ्यो। आरोपितमध्ये देवेन्द्र र अमितलाई ०६७ पुसको पहिलो साता काठमाडौं जिल्ला अदालतले पुर्पक्षको लागि थुनामा राख्न आदेश दियो भने अन्य सहयोगी दुई जना साधारण तारेखमा रिहा भए।

कीर्तिपुर नपा निवासी नेपाल टुहुरा कल्याण

सङ्घका उपाध्यक्ष ६० वर्षीय नजरराम महर्जनलाई ०६७ असोज २१ गते पाँचभन्दा बढी बालिकामाथि यौनजन्य शोषण गरेको आरोपमा काठमाडौँ जिल्ला अदालतले पुर्पक्षको लागी थुनामा राख्न आदेश दियो। पीडित बालिकाहरूको बयानको आधारमा महर्जन विरुद्ध ०६७ असोज ८ गते महानगरीय प्रहरीवृत्त कालिमाटीमा जाहेरी दर्ता भएपछि सोही दिन उनलाई प्रहरीले गिरफ्तार गरेको थियो। आफ्नै घरमा बालबालिकाका लागि होस्टेल सञ्चालन गर्दै आएका महर्जनले त्यहाँका तीन सरकारी विद्यालयमा पढ्ने गरीब बालिकाहरूको स्कूल शुल्क, कापी र किताब खरिद गरिदिँदै आएका थिए। बिनाअनुमति चलाएको बालगृहमा चार जना बालिका बस्दै आएका थिए। महर्जन दिन बिराएर छात्रावासमा सुत्न आउने र बालिकामाथि यौन दुर्व्यवहार गर्न थालेपछि पीडितहरूले आफू पढ्ने गोरखनाथ माविका शिक्षक-शिक्षिकालाई घटनाका बारेमा जानकारी गराएका थिए। महर्जजनले गैरआवासीय देवकाजी डङ्गोलको आर्थिक सहयोगमा कीर्तिपुर क्षेत्रका गरीब बालबालिकालाई पढाइरहेका थिए।

सिन्धुपाल्चोक क्युल गाविस-३ घर भएकी एक १६ वर्षीया बालिकालाई ०६७ मङ्सिर ९ गते क्षेत्रीय शिक्षा निर्देशनालय, भक्तपुर सानोठिमीमा सुब्वा पदमा कार्यरत काठमाडौँ मनपा-३४ मीनभवनका ४७ वर्षीय ध्रुव सापकोटाले आफ्नै कोठामा बलात्कार गरेको आरोपमा पीडित परिवारले ०६७ मङ्सिर १७ गते महानगरीय प्रहरीवृत नयाँबानेश्वरमा जाहेरी दिएपछि आरोपित सापकोटालाई सोही दिन प्रहरीले गिरफ्तार गऱ्यो। आरोपित काठमाडौँ जिल्ला अदालतको आदेशमा ०६७ पुस १२ गते ७५ हजार रुपियाँ धरौटी राखी रिहा भए। पीडितको स्वास्थ्य परीक्षण थापाथलीस्थित प्रसुतिगृहमा भयो। सापकोटाका परिवारले पीडित बालिकालाई कक्षा पाँचमा पढ्दै गर्दा काठमाडौँ ल्याई घरमा काम गराउने र पढाइ दिने गरेका थिए।

चितवन जतनपुर गाविस-९ की १३ वर्षीया बालिकालाई ०६७ मङ्सिर १७ गते राति डेरामा लगी बलात्कार गरेको आरोपमा चितवन बाँदरझुला घर भई काठमाडौंको चपलीभद्रकाली गाविस-८ मा डेरागरी बस्ने जितु विश्वकर्मालाई ०६७ मङ्सिर १८ गते महानगरीय प्रहरीवृत महराजगञ्जले गिरफ्तार गऱ्यो। आरोपितले फाइनान्स कम्पनीमा काम लगाई दिन्छु भनी आफूलाई फकाएर मङ्सिर १७ गते काठमाडौंमा ल्याएको र राति तीन पटक बलात्कार गरेको पीडितले बताइन्। बलात्कार भएको भोलिपल्ट बिहान घटनाको बारेमा डेरामा बस्ने एक युवतीलाई पीडितले बताएपछि स्थानीय बासिन्दाले प्रहरीलाई खबर गरेका थिए। पीडितका तर्फबाट सिविस संस्थाका प्रदीप डङ्गोलले ०६७ मङ्सिर १९ गते महराजगञ्ज प्रहरी वृतमा किटानी जाहेरी दिए। पीडित बालिकाको स्वास्थ्य परीक्षण थापाथलीस्थित प्रसुतिगृहमा गरी सिविसको संरक्षणमा राखिएको छ। आरोपित काठमाडौँ जिल्ला अदालतको आदेशमा पुर्पक्षको लागि थुनामा छन्।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार घरेलु हिंसा

पुरानो नैकाप गाविस-२ की २३ वर्षीया सानु थापालाई ०६७ असार १६ गते पति ३० वर्षीय सानुभाई थापाले हातखुट्टा बाँधेर कुटपिट गरी हत्या गरेको आरोपमा उनी विरुद्ध मृतकका काका कान्छा थापाले ०६७ असार १८ गते प्रहरी वृत्त कालिमाटीमा किटानी जाहेरी दिए। पीडक पुर्पक्षका लागि थुनामा छन्।

काभ्रेपलान्चोक जिल्ला दाप्चा गाविस-३ की २५ वर्षीया रविना विश्वकर्माको शव ०६७ साउन २४ गते मध्यान्ह १२ बजे जोरपाटी गाविस-२ नयाँ बस्तीमा घाँटी रेटेर हत्या गरेको अवस्थामा फेला पऱ्यो। काभ्रेपलान्चोक कानपुर गाविस-२ घर भई जोरपाटी नयाँ बस्तीमा डेरा गरी बस्ने रामलाल विश्वकर्माले पत्नी २५ वर्षीया रविना विश्वकर्माको घाँटी रेटेर हत्या गरेको प्रारम्भिक अनुसन्धानमा खुलेको महानगरीय प्रहरी वृत बौद्धले बतायो। घटनास्थलमा प्रहरीले "पत्नीको हत्या मैले गरेको हुँ" भनेर रामलालले लेखेको कागज र खुकुरी बरामद गरेको थियो। रामलाल भने फरार रहेका छन्। विश्वकर्मा परिवार जोरपाटीस्थित सानु वनको घरमा डेरा गरी बस्दै आएको थियो।

काभ्रे नारायणपोखरी गाविस की १८ वर्षीया अनीता तामाङ शाहीको ०६७ भदौ २६ गते काठमाडौं मनपा-१३ कालीमाटी घर भई गोकर्ण गाविस हनुमानचोचस्थित व्यवसाय गर्दै आएका उनका पति १९ वर्षीय दिलकृष्ण शाहीका परिवारबाट पाएका यातनाका कारण चावहिल ओम अस्पतालमा उपचारको क्रममा मृत्यु भएको आरोप लगाउँदै उनीहरू विरुद्ध पीडित पक्षले ०६७ भदौ २७ गते जाहेरी निवेदन दियो। अनीतालाई ०६७ भदौ २५ गते ओम् अस्पतालमा भर्ना गरिएको थियो। अन्तरजातीय विवाह गरेकै दिनदेखि छोरीलाई शारीरिक र मानसिक यातना दिँदै आएको पीडित परिवारले बताए। दिलकृष्णलाई भदौ २५ गते र जेठानी सुशीला, छोरा प्रमोद, छोरी प्रमिलालाई भदौ २७ गते गिरफ्तार गरी उनीहरू विरुद्ध जिल्ला

प्रशासन कार्यालय काठमाडौंमा मुद्दा दर्ता गरिएको प्रहरीले जनायो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरचना, सम्पति क्षति

काठमाडौँ जिल्ला जोरपाटी गाविस-६ स्थित राई स्कूलमा ०६७ जेठ १३ गते साँझ पेट्रोल बम विस्फोटन भयो। नेपाल कम्युनिष्ट पार्टी (राष्ट्रवादी) ले सञ्चार माध्यम मार्फत् विस्फोटको जिम्मा लियो।

विस्फोटबाट दुईओटा झ्यालका सिसा, दराज र कम्युटरमा क्षति पुगेको थियो। आफूलाई सो पार्टीको केन्द्रीय सदस्य बताउने हिमाल विद्रोहीले नागरिक दैनिकमा फोन गरी उक्त स्कुलले भारतीय पाठ्यक्रम पढाएको विरोधमा विस्फोट गराएको दाबी गरे। प्रहरीले भने उक्त समूहले माघ महिनामा विद्यालयसँग ५० हजार रुपियाँ चन्दा मागेको र नदिएपछि विस्फोट गराएको जनायो।

चावहिलमा नेविसङ्घका कार्यकर्ताहरूले ०६७ वैशाख १३ गते सरकारी गाडी तोडफोड गरे। गिरफ्तार गरिएका आफ्ना कार्यकर्ताको रिहाइको माग गर्दै चावहिलमा विरोध प्रर्दशन गरिरहेका उनीहरूले नेपाल टेलिकम, बाग्मती एकीकृत ढल विकास परियोजनालगायतका सरकारी गाडी तोडफोड गरेका थिए। सो विरोध प्रर्दशनको क्रममा प्रहरीले चार प्रर्दशनकारीलाई गिरफ्तार गऱ्यो।

चावहिलस्थित मित्रपार्कमा पेट्रोलियम पदार्थको मूल्यबृद्धिको विरोधमा प्रर्दशनमा उत्रिएका विद्यार्थीहरूले ०६७ मंसिर २१ गते विहान एक सरकारी गाडीमा आजगनी गरे।

जिल्ला स्वास्थ्य सेवाको अवस्था

काठमाडौं जिल्लामा दशओटा सरकारी केन्द्रीय अस्पताल, एउटा जनस्वास्थ्य कार्यालय, आठओटा प्राथमिक स्वास्थय केन्द्र, पाँचओटा स्वास्थ्य चौकी, ५३ ओटा उपस्वास्थ्य चौकी, तीन ओटा संस्थागत क्लिनिक, तीनओटा संस्थागत परिवार नियोजन क्लिनिक, २ सय भन्दा बढी दर्ता संस्था, गैरसरकारी संस्था तथा निजीस्वास्थ्य संस्थाहरू रहेका छन्। महिला स्वास्थ्य स्वयम्सेविका १ हजार १ सय ७१ जना रहेका छन्। जिल्ला जनस्वास्थ्य कार्यालयमा २४ जना, संस्थागत परिवार नियोजन क्लिनिकमा ३२ जना, प्राथमिक स्वास्थ्य केन्द्रमा १ सय १ जना स्वास्थ्य चौकीमा २७ जना, उपस्वास्थ्य चौकीमा १ सय ५८ जना दरबन्दी रहेकोमा सबै दरबन्दीमा चिकित्सकहरू रहेका छन्।

२.१६ धादिङ

जनसङ्ख्या : ४,०३,६५९
साक्षरता प्रतिशत : ५२
महिला साक्षरता प्रतिशत : ३७
क्षेत्रफल (वर्ग कि. मि.) : १,९२६
गाविस/नपा सङ्ख्या : ५०/०
सरकारी/निजी विद्यालय : ५९३/२०
क्याम्पस/उच्च मा.वि. : ४/३५
अस्पताल/स्वास्थ्य चौकी : १/५१
मानव विकास सूचकाङ्कः ०.४१०
प्रतिपरिवार सरदर सङ्ख्याः ६

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

एकीकृत माओवादीबाट

दार्खा गाविस-१ राउते निवासी नेकपा एमालेका पूर्व जिल्ला कमिटी सदस्य ४३ वर्षीय शिव थापामगरको ०६७ कात्तिक १ बेलुका एकीकृत माओवादी कार्यकर्ताहरूले धारिलो हतियारले घाँटी रेटेर हत्या गरे। गाउँमा आयोजना गरिएको फुटबल प्रतियोगिता हेरेर बेलुका ५ बजेतिर घर फर्कनेक्रममा एकीकृत माओवादी जिल्ला सदस्य तथा वाईसीएल १ नं क्षेत्रीय इन्चार्ज टेकबहादुर तामाङ (विक्रम) दार्खा गाविस-९, एकीकृत माओवादी कार्यकर्ता सोही गाविस-९ दुर्गाबहादुर तामाङ (साइलो), आशबहादुर तामाङ, सोही गाविस-८ का फत्तबहादुर तामाङ, धीरज तामाङ, टीकाराम तामाङ (लोपचन), सोही गाविस-१ का रामशरण थापा मगर, सोही गाविस-१ राजेन्द्र विक मिलेर हत्या गरेको आरोपमा परिवारले कात्तिक ४ गते किटानी जाहेरी दिए। हराइरहेका थापामगरको ३ गते

बिहान ११ बजे राउते नजिकैको दार्खा जङ्गलको भीरमा एउटा रुखमा अड्केको अवस्थामा लास फेला पऱ्यो। थापामगरको हत्या आरोपित एकीकृत माओवादी जिल्ला पार्टी सदस्य टेकबहादुर तामाङ (विक्रम) र पार्टी सदस्य राजेन्द्र विकलाई पार्टीको सबै तहको जिम्मेवारीबाट निष्कासन गरिएको एकीकृत माओवादीले ०६७ कात्तिक २९ गते प्रेस वक्तव्य प्रकाशन गरी जनायो। वर्षको अन्तसम्म प्रहरीले कसैलाई पनि गिरफ्तार गर्न सकेन। घटनाका सम्बन्धमा इन्सेक, एडभोकेसी फोरम, पिपिआर नेपाल, नेपाल मानवअधिकार एलायन्स, काहुराष्ट्र, महिला मानवअधिकार रक्षकहरूको जिल्ला सञ्जाल र आईसीडिसीले स्थलगत अध्ययन गरी राजनीतिक रीसईवीका कारण घटना भएको र घटनामा संलग्न देखिएका भनिएका व्यक्तिहरू वाईसिएल र एकीकृत माओवादीका जिल्ला र स्थानीय तहका सक्रिय कार्यकर्ता भएकाले पार्टीगत निर्णयबाट हत्या नभएको भनिए तापनि आरोपित व्यक्तिहरू एकीकृत माओवादीमा सम्बद्ध कार्यकर्ता भएको प्रतिवेदन सार्वजनिक गऱ्यो।

दोहोरो भिडन्त

राज्यबाट

नीलकण्ठ गाविस-५ का वाईसीएल कार्यकर्त २२ वर्षीय गोविन्द अधिकारीलाई विगतमा काङ्ग्रेस कार्यकर्तामाथि आक्रमण गरेको आरोपमा ०६६ फागुन २० गते बिहान स्थानीय काङ्ग्रेस कार्यकर्ताको एक समूहले सोही गाविस-५ मा आक्रमण गरेपछि दुवै पार्टीका कार्यकर्ताबीच भएको झडपमा दुईजना घाइते भए। झडपमा एकीकृत माओवादी कार्यकर्ताको आक्रमणबाट विद्यालय जाँदै गरेका रि गाविस-२ घर भई नीलकण्ठ गाविस-५ निवासी नीलकण्ठ उच्चमावि कक्षा ९ मा अध्ययनरत १६ वर्षीय सुरेश तामाङको टाउकोमा गम्भीर चोट लाग्यो। घाइतेहरूको जिल्ला अस्पताल धादिङबेंसीमा उपचार भयो। झडप नियन्त्रणका लागि जिल्ला प्रहरी कार्यालयबाट खटिएका प्रहरी टोलीले सात राउण्ड हवाइफायर गऱ्यो। यसअघि ०६६ फागुन १८ गते बेलुका सदरमुकाममा वाईसीएल कार्यकर्ताले नेविसङ्घ नीलकण्ठ इकाई समितिका सदस्य १६ वर्षीय नारायण तामाङलाई साङ्घातिक आक्रमण गरी उनले प्रयोग गर्ने मोटरसाईकल र नेपाली काङ्ग्रेस जिल्ला कार्यसमितिका सदस्य नारायण श्रेष्ठको घरमा फागुन १९ गते तोडफोड गरेको विषयलाई लिएर झडप भएको थियो।

गजुरीस्थित पृथ्वी राजमार्गमा स्थानीय किसानहरूले रासायनिक मलको माग गर्दै ०६७ जेठ १० गते पृथ्वीराजमार्गको गजुरीमा गरेको यातायात बन्द खुलाउन इलाका प्रहरी कार्यलय गजुरीबाट गएको प्रहरी र किसानबीच भएको झडपमा दुवैतर्फका गरी १३ जना घाइते भए। घाइते हुनेहरूमा कुम्पुर गाविस-३ का ३२ वर्षीय कुमार थपलिया, आदर्श उच्च माबि गजुरीकी शिक्षिका ४२ वर्षीया विना खरेल, गजुरी गाविस-१ की ३२ वर्षीया सीमा सुवेदी, बैरेनी गाविस-७ का ३३ वर्षीय उत्तम अधिकारी, पिडा गाविस-४ का २५ वर्षीय बासुदेब सुवेदी, कल्लेरी गाविस-४ का ५४ वर्षीय घमनबहादुर मगर, पिडा गाविस-५ ३५ वर्षीय का रामशरण श्रेष्ठ, कुम्पुर गाविस-७ का ४५ वर्षीय खड्गबहादुर श्रेष्ठ, प्रहरी हवलदार ३० वर्षीय मदनप्रसाद खनाल, प्रहरी जवान २५ वर्षीय घनश्याम आलेमगर, नदेव पाठक, प्रहरी सहायक निरिक्षक विष्णु अर्याल रहेका थिए। घाइतेमध्ये शिक्षिका खरेलको गजुरीमा उपचार हुन नसकेपछि काठमाण्डौको पाटन अस्पतालमा उपचार भयो भने अन्य घाइतेहरूको गजुरीस्थित स्वास्थ्य केन्द्रहरूमा उपचार भयो। प्रहरीले झडप नियन्त्रणका लागि लाठीचार्जका साथै छ सेल अश्रुग्याँस प्रहार गरेको थियो।

माओवादीबाट

जिल्ला प्रहरी कार्यालय धादिङका प्रहरी जवान २३ वर्षीय लालबहादुर सारु मगर, काङ्ग्रेस कार्यकर्ता ३५ वर्षीय नारायण सिलवाल र वाईसीएल कार्यकर्ता २५ वर्षीय कुमार तामाङ ०६७ साउन १३ गते नीलकण्ठ गाविस-५ धादिङबँसीमा नेपाली काङ्ग्रेस र एकीकृत माओवादी कार्यकर्ताबीच भएको झडपमा घाइते भए। खुकुरी र तरबारसहित आएका काङ्ग्रेसका कार्यकर्ताले युनिक क्याफेमा तोडफोड गरी क्याफेका सञ्चालकमाथि दुर्व्यवहार गरे। काङ्ग्रेस कार्यकर्ताले गरेको आक्रमणको विरोधमा एकीकृत माओवादीले धादिङबेसी बजार बन्द गरायो। उनीहरूले पुछारबजारचोकमा मोटरसाईकल रोकेर सर्च गरे। यातायात अवरुद्ध गराउने क्रममा मोटरसाइकलमा सवार काङ्ग्रेस कार्यकर्ता नारायण सिलवाललाई मोटरसाईकल समेत तोडफोड गरी कुटपिट गरे। एकीकृत माओवादीले हानेको ढुङ्गा लागेर प्रहरी सारु मगर घाइते भए। प्रहरीले स्थितिलाई नियन्त्रणमा लिनका लागि लाठीचार्ज गर्दा वाईसीएलका कुमार तामाङ घाइते भए। बजार बन्द गराउन हिँडेको एकीकृत माओवादी समूहले चारओटा मोटरसाइकल र

दाजुभाइ रेष्टुरेन्ट एण्ड लज तोडफोड गरे। घाइतेहरूको सदरमुकाममा रहेको अस्पतालमा उपचार भयो।

जेल र बन्दीहरू

जिल्ला कारागार 'ग' श्रेणीको कारागार हो। महिला पाँच जना र पुरुष २५ जनाको बन्दी क्षमता भएको यस कारागारमा वर्षको अन्त्यमा कैद तोकिएका चार महिलासहित ३१ जना र कैद नतोकिएका सात महिलासहित ५६ जना गरी कूल ११ महिलासहित ९८ जना बन्दी कारागारमा रहेको जिल्ला कारागार शाखा धादिङका जेलर मदन श्रेष्ठले बताए।

एकीकृत माओवादीद्वारा हत्या गरिएका शिव शायामगर

कारागारमा क्षमताभन्दा बढी बन्दी भएकाले सुत्ने स्थानको अभावमा त्रिपाल टाँगेर, नातेदारसँग भेटघाट गर्ने स्थानमा समेत बन्दहिरू सुत्नु पर्ने अवस्था छ। बन्दीहरू मुढा, नाम्लो, पोते बुनेर आम्दानी गर्ने गर्छन्।

अपहरण

एकीकृत माओवादीबाट

सुनौलाबजार गाविस-१ निवासी नेपाली काङ्ग्रेस कार्यकर्ता २६ वर्षीय राजु खान र ४३ वर्षीय नवीन खानलाई सोही गाविसमा एकीकृत माओवादीले सञ्चालन गरेको खुकुरी र लाठी तालिम विथोल्न खोजेको आरोपमा ०६७ वैशाख ११ गते बिहान ६ बजे एकीकृत माओवादी कार्यकर्ताले अपहरण गरे। अपहरितद्वयलाई सोही दिन दिउँसो २ बजे प्रहरीले अपहरणमुक्त गरायो।

धुवाकोट गाविस-१ का ३३ वर्षीय रोशन तामाङलाई धुवाकोट गाविसको गाउँ परिषद्का लागि छलफल गर्न जान लागेको अवस्थामा एकीकृत माओवादीले ०६७ जेठ ११ गते अपहरण अपहरण गरी आफ्नो योजना अनुसारको गाउँ परिषद्बाट निर्णय लेखी जबरजस्ती निर्णय पुस्तिकामा हस्ताक्षर गर्न लगाएको पीडितले बताए। जेठ १२ गते तामाङलाई अपहरणमुक्त गरियो। तामाङले साथमै लगेको मोटरसाइकल तोडफोड गरिएकोमा सोको क्षतिपूर्ति प्रहरीको रोहबरमा असार १२ गते बुझाए।

अन्यबाट

तनहुँ जिल्ला व्यास नपा-३ रानीगाउँ निवासी मध्यमाञ्चल ग्रामीण विकास बैंक गजुरी शाखाका प्रबन्धक ३८ वर्षीय विश्वनाथ अधिकारीलाई डेमोक्रेटिक सेक्यूरिटी फोर्स बताउने समूहले ०६७ जेठ ९ गते राति गजुरी गाविस-१ गजुरीबजारबाट अपहरण गऱ्यो। युनिटी लाइफ इन्टरनेशनलले जनतासँग लिएको रकम फिर्ता गर्न माग गर्दै अपहरण गरिएको जानकारी अपहरणकारीले फोन मार्फत पीडित कार्यरत बैंक कर्मचारीलाई गराए। अधिकारीलाई ३४ दिनपछि ०६७ असार १२ गते विहान चितवन जिल्लाको जुगेडी पुलमुनी दुवै हात बाँधेको र स्वास्थ्य कमजोर भएको अवस्थामा चितवन इन्सेक जिल्ला प्रतिनिधि र पीडितका परिवार लगायतको सहयोगमा उद्धार गरियो। १० लाख रुपियाँ फिरौती दिनुपर्ने र १ लाख प्रति पर्चा छापेर बाँड्ने सर्तमा आफूलाई छाडिएको पीडितले बताए।

बैरेनी गाविस-९ भट्टारका ५० वर्षीय रामचन्द्र भन्ने विष्णुप्रसाद पण्डितलाई ०६७ कात्तिक ७ गते दिउँसो अज्ञात समूहले गजुरी गाविस-१ गजुरीबजारबाट अपहरण गरे। कृषि विकास बैङ्क गजुरीमा ऋण झिक्नका लागि गएका पण्डितलाई कार्यालय परिसरबाटै दुईजनाको सङ्ख्यामा रहेका समूहले अपहरण गरेका थिए। पीडित कात्तिक ९ गते दिउँसो गोरखाबाट अपहरण मुक्त भए। पीडितलाई अपहरणकारीले बैरेनी बजारमा रहेको घरजग्गा बुहारीलाई दिनुपर्ने दवाव दिएर अपहरण मुक्त गरेको पीडितले बताए। पीडितलाई कात्तिक ७ गते अपहरण पर्नुअघि एकीकृत माओवादी कार्यालयबाट फोन गरेर धम्की दिएको पीडितले बताए। पीडितलाई यस अघिपनि पटक पटक एकीकृत माओवादी कार्यकर्ताहरूले धम्की दिने गरेका थिए।

धम्की/कुटपिट

राज्यबाट

तामसालिङ नेपाल राष्ट्रिय दलले स्वायत्त ताम्सालिङ राज्यको माग गर्दै ०६६ चैत १ गते बिहानदेखि थाक्रे गाविस-३ महादेवबेसीमा गरेको बन्द

घटनाको प्रकार	गैरराज्यबाट								राज्यबाट			
	अन्यबाट				एकीकृत माओवादीबाट							
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
हत्या	५	३	४	६	१	१		१				
घाइते	५	५	१	६					३	१०	३	१३
कुटपिट	८	९		९	३	३	३	५				
धम्की	३		३	३	४	३	३	४				
भेला/सङ्गठित हुने अधिकार									१	४	३	६
जातीय विभेद	१		१	१								
महिलाअधिकार	६		६	६								
बालअधिकार	५		८	८								
अपहरण	३	३		३	३	४		४				
जम्मा	३६	१९	३३	४३	११	१०	४	१४	४	१४	४	१८

प्रहरीले बलपूर्वक खुलाउने क्रममा प्रहारीको लाठी प्रहारबाट आठजना घाइते भए। घाइते हुनेहरूमा थाक्रे गाविस-३ का २८ वर्षीया विष्णु वैजु, २३ वर्षीया रीता वैजु, २५ वर्षीय अशोक ठाकुर, ३१ वर्षीय जितेन्द्र घले, नकुल लामा, गोगनपानी गाविस-६ का माइला तामाङ, कमल आले, कृष्ण तामाङ रहेका थिए। घाइतेहरूको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार भयो। सोही घटनामा प्रहरीले थाक्रे गाविस-३ का २० वर्षीय सङ्गम लामा, भूमेस्थान गाविस-४ का २८ वर्षीय निरज लामा, १८ वर्षीय छिरिङ लामा, थाक्रे गाविस-३ का २२ वर्षीय अनिल लामा, प्रेम लामा, राजकुमार लामा, थाक्रे गाविस-३ का ५८ वर्षीय माइला घले र २६ वर्षीय सुवीर घलेलाई गिरफ्तार गरी सोहीदिन बेलुका रिहा गऱ्यो।

नीलकण्ठ गाविस-५ धादिङबेंसीका ४६ वर्षीय मुक्तिराज अधिकारी, ४५ वर्षीय रामप्रसाद खनाल, ७० वर्षीय खड्गबहादुर श्रेष्ठ, ३४ वर्षीय गणेशबाबु श्रेष्ठ, ३६ वर्षीय नारायणकुमार श्रेष्ठ र ४५ वर्षीय सूर्यकुमार श्रेष्ठलाई प्रहरीले ०६७ साउन ३० गते राति लाठी प्रहार गरी घाइते पारे। सदरमुकाममा भारतीय नागरिककले अवैधानिक ढड्गबाट पसल सञ्चालन गरेकाले उनीहरूलाई पसल सञ्चालन गर्न दिनु नहुने माग राखेका बजारबासीलाई प्रहरीले हस्तक्षेप गरी लाठी प्रहार गर्दा घाइते भएका थिए। टाउकोमा चोट लागि गम्भीर घाइते भएका अधिकारीको जिल्ला अस्पतालमा उपचार हुन नसकी काठमाडौँको शिक्षण अस्पतालमा उपचार भयो। अन्य घाइतेहरूको सहिद मेमोरियल अस्पताल धादिङमा उपचार भयो।

नलाङ गाविस-६, बुङचुङ निवासी नेकपा एमाले जिल्ला कमिटी सदस्य ६० वर्षीय जगन्नाथ तिमल्सिनालाई जग्गा मिचेको आरोपमा ०६७ मङ्सिर २५ गते राति घर बिदामा आएका नेपाली सेनाका हवल्दार ३४ वर्षीय नबराज पौडेल र उनका दाइ ३८ वर्षीय भीमसेन पौडेलले कुटपिट गरे। आफूलाई एकीकृत माओवादी कार्यकर्ता बताउँदै पीडकहरूले मुड्की, लात्ती र बुटले कुल्चेर कुटपिट गरेको पीडितले बताए। घाँटी, टाउको, अनुहार, छातीमा चोट लागेका पीडितको जिल्ला अस्पतालमा उपचार भयो। पीडकलाई प्रहरीले गिरफ्तार गरी नेपाली सेनाको सबुझ गण धादिङबेसीमा बुझायो। पीडकलाई सैनिक ऐन अनुसार कारबाही भइरहेको नेपाली सेनाले जनायो।

एकीकृत माओवादीबाट

मार्पाक गाविस-३ निवासी महिला मानवअधिकार रक्षकहरूको मार्पाक गाविस सञ्जालकी अध्यक्ष २४ वर्षीया सुष्मा तामाङलाई सामाजिक काम गरे जीवन खतरामा पर्ने भन्दै एकीकृत माओवादी कार्यकर्ताले ०६६ चैत २७ गते धम्की दिए। सोही गाविसमा रेडक्रस र जनजाति महासङ्घद्वारा आयोजित एक कार्यक्रममा बोल्दै एकीकृत माओवादी समर्थित शैक्षिक गणतान्त्रिक मञ्चका जिल्ला अध्यक्ष तथा नेपाल रेडक्रस सोसाइटी धादिङका सभापति

केशरीप्रसाद पन्तले गाउँमा सामाजिक काम नगर्न धम्की दिनुका साथै महिला मानवअधिकार रक्षकहरूको जिल्ला सञ्जालमा काम गर्ने महिलाहरूलाई गाली गरेर अपशब्दहरू प्रयोग गरे। आरोपित पन्तको अभिव्यक्तिको विरुद्ध महिला सञ्जालले जिल्ला प्रशासन कार्यालयमा लिखित उजुरी दिए पनि पीडकलाई कुनै कारबाही भएन।

किराञ्चोक गाविस-८ का बलराम अधिकारी र पूर्ण श्रेष्ठलाई ०६७ वैशाख २ गते वाईसीएल कार्यकर्ताले सोही गाविस-८ स्थित कूलोमा काम गर्दै गरेको अवस्थामा विनाकारण कुटपिट गरे। एकीकृत माओवादीको आन्दोलनको तयारीको लागि भन्दै गाविस भवन परिसरमा लाठी तालिममा सहभागी भएका वाईसीएल कार्यकर्ताको समूहले आफूहरूलाई सामूहिक रुपमा कुटपिट गरेको र घटना सार्वजनिक नगर्न चेतावनी दिएको पीडितले बताए। पीडितहरूको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार भयो। घटनाको सम्बन्धमा पीडितहरूले कतै उजुरी गरेनन्।

नौबीसे गाविस-६ निवासी हाइवेखबर साप्ताहिकका सह-सम्पादक तथा मानवअधिकार रक्षकहरूको जिल्ला सञ्जालकी सदस्य २४ वर्षीया अप्सरा उप्रेतीलाई जीवनपुर गाविसकी शान्ति रुपाखेतीको मुद्दाको पक्षमा लागेर अंश दिलाउन सघाएको आरोपमा ०६७ वैशाख ३ गते नौबीसे गाविस-७ खानीखोला बजारमा भेटेर र पटक पटक फोन गरेर एकीकृत नेकपा माओवादी जिल्ला सदस्य बिनोद लुइँटेल र एकीकृत माओवादी दलित नेता राम नेपालीले सडकमा राखेर काट्ने धम्की दिए। घटनाको सम्बन्धमा पीडितले कतै उजुरी गरिनन्। एकीकृत माओवादीले धम्की दिएको स्वीकार गरेनन्।

तसर्पु गाविस-८ निवासी लिती महाकाल निमावि अभिभावक समितिका सदस्य २८ वर्षीय कुमार आलेलाई सुराकीको आरोपमा ०६७ वैशाख १२ गते वाईसीएल कार्यकर्ताको एक समूहले सोही निमाविमा कुटपिट गऱ्यो। वाईसीएल कार्यकर्ताद्वारा विद्यालयमा लाठी तालिम सञ्चालन गराइरहेको अवस्थामा विद्यालयमा विद्यार्थी लिएर गएका आलेलाई एक्कासि कुटपिट गरिएको पीडितले बताए। सो विद्यालय परिसरमा वाईसीएलले वैशाख ११ गतेदेखि लाठी र खुकुरी तालिम सञ्चालन गरेका थिए। कुटपिटका कारण घाइते भएका आलेको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार भयो।

धुवाकोट गाविस-७ निवासी शिक्षक ४० वर्षीय नेत्र नेपाललाई चन्दा नदिएको आरोपमा ०६७ वैशाख १४ गते एकीकृत माओवादी कार्यकर्ताले मार्ने धम्की दिँदै दुर्व्यवहार गरे। एकीकृत माओवादीको आन्दोलन सफल पार्न भन्दै मागिएको चन्दा दिन नमानेपछि खुकुरीसहित आएका एकीकृत माओवादी कार्यकर्ताले नेपाललाई कारबाही गर्न सक्ने धम्की दिएका थिए। धम्कीपछि नेपालले एक रात गाउँ छाडे।

नौबीसे गाविस-७ निवासी मछिन्द्र उच्चमावि खानीखोलाका अङ्ग्रेजी विषयका शिक्षक एवम् लियो क्लब अफ पिस खानीखोलाका अध्यक्ष २८ वर्षीय जानकीशरण यादवलाई एकीकृत माओवादीको आन्दोलनको बेला परीक्षा सञ्चालन गरेको आरोपमा ०६७ वैशाख १९ गते वाईसीएल कार्यकर्ताले कुटपिट गर्दै दुर्व्यवहार गरे। परीक्षा सकेर बाहिर निस्कन लाग्दा विद्यालयको प्रवेशद्वारमै वाईसीएल कार्यकर्ताले हातपात गर्दै दुर्व्यवहार गरेका थिए। पीडित यादवको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार भयो। घटनाको सम्बन्धमा पीडितले कतै उजुरी गरेनन्। एकीकृत माओवादीले

दोहोरो झडपमा घाइते भएका कुमार थपलिया, रामशरण श्रेष्ठ र घनश्याम आलेमगर

घटना भूलबस भएको भन्दै गल्ती स्वीकार गऱ्यो।

थाक्रे गाविस-३ निवासी एभिन्यूज टेलिभिजनका सम्वाददाता एवम् हाइवेखबर साप्ताहिकका कार्यकारी सम्पादक २८ वर्षीय रामेश्वर कार्कीलाई एकीकृत माओवादीले आह्वान गरेको अनिश्चित आमहडतालको बेला किसानले सडकमा तरकारी र दूध फालेर बन्दको विरोध गरेको समाचार सम्प्रेषण गरेको आरोपमा ०६७ वैशाख २३ गते बेलुकाबाट २४ गते बिहानसम्म घर घेराउ गरी भौतिक कारबाही गर्ने धम्की दिए। घर घेराउका कारण सो रात पीडित घर जान सकेनन्। घटनाका सम्बन्धमा नेपाल पत्रकार महासङ्घ धादिङको टोली घटनास्थल पुगेर स्थानीय महादेवबेसी प्रहरी चौकीमा वार्ता गर्न लाग्दा एकीकृत माओवादी जिल्ला सदस्य सामनाले पत्रकारले नै माफी माग्नुपर्ने र आन्दोलन विरुद्ध लाग्नेलाई नछाड्ने बताउँदै वार्ताबाट बाहिरिइन्। वार्ताको क्रममा स्थानीय धादिङ आवाज साप्ताहिकका पत्रकार रामचन्द्र रुपाखेतीलाई समेत प्रहरीकै अगाडि एकीकृत माओवादी विरुद्ध नलाग्न धम्की दिए। धम्कीका विषयमा एकीकृत माओवादी धादिङका सहइन्चार्ज रामबहादुर भण्डारीले आफ्नो पार्टीका कार्यकर्ताले पत्रकारलाई धम्की नदिएको दावी गरे पनि सोही दिन दिउँसो एकीकृत माओवादीद्वारा आयोजित कोणसभामा भण्डारीले नै पत्रकार कार्कीविरुद्ध अभिव्यक्ति दिए।

कुम्पुर गाविस-८ निवासी अनेरास्ववियु धादिङका सचिव २५ वर्षीय रामकुमार श्रेष्ठलाई एकीकृत माओवादीले बोलेको विषयलाई समर्थन नगरेको आरोपमा ०६७ जेठ ९ गते वाईसीएल कार्यकर्ताको एक समूहले कुम्पुर गाविस कार्यालयमा कुटपिट गरी घाइते बनायो। गाविस कार्यालयमा सडक निर्माणको लागि भएको उपभोक्ता भेलामा एकीकृत मओवादी प्रस्तावित सडक मार्ग निर्माण्को विषयलाई समर्थन नगरेपछि वाईसीएल कार्यकर्ताले लाठी र रड प्रहार गरी पीडितलाई घाइते बनएका थिए। नाक, आँखा र शरीरमा चोट लागेका घाइतेको जिल्ला अस्पतालमा उपचार भयो। घटनाका सम्बन्धमा पीडितले कुनै उजुरी गरेनन्।

सत्यदेवी गाविस-५ घर भई नीलकण्ठ गाविस-५ मा बसोबास गर्दै आएका १७ वर्षीय डोलबहादुर तामाङलाई एकीकृत माओवादीलाई समर्थन नगरेको आरोपमा ०६७ जेठ १७ गते मूलपानी गाविस निवासी एकीकृत माओवादी जिल्ला सदस्य ३१ वर्षीय हरि अधिकारी नेतृत्वमा आएका एकीकृत माओवादी कार्यकर्ताले गजुरी गाविस-२ मजुवामा साङ्घातिक आक्रमण गरी गम्भीर घाइते बनाए। पाँचओटा मोटरसाईकलमा सदरमुकामबाट पिछा गर्दै आएका एकीकृत माओवादी कार्यकर्ताले खुकुरी र तरबारले आक्रमण गरी घाइते पारिएका तामाङलाई स्थानीयबासीले उद्धार गरी राजमार्ग सामुदायिक अस्पताल मलेखु पुऱ्याए। काठमाडौंको स्टार अस्पताल्मा उनको थप उपचार भयो। पीडित तामाङको देब्रे हात खुकुरीले काटिएर हाड समेत भाँचिएको र टाउको, ढाड, गोडामा गम्भीर चोट लागेको थियो। सो घटनामा एकीकृत माओवादी समूहले पीडितले प्रयोग गरेको मोटरसाइकाल समेत जलाए।

बैरेनी गाविस-३ निवासी नेकपा (एमाले) गाउँ कमिटी सदस्य ६८ वर्षीय कृष्णप्रसाद अधिकारीलाई सोही गाविस-३ को विद्यालयमा एकीकृत माओवादीले सिफारिस गरेको व्यक्तिलाई शिक्षक राख्न अस्वीकार गरेको आरोपमा ०६७ जेठ ३० गते दिउँसो किरान्चोक गाविस-८ तिलारमा एकीकृत माओवादी बैरेनी गाउँ कमिटीका सचिव ३१ वर्षीय उत्तम अधिकारीको नेतृत्वमा आएका एकीकृत माओवादी कार्यकर्ताले कुटपिट गरी गम्भीर घाइते बनाए। लाठी र रडको प्रहारबाट बायाँ आँखा, कम्मर, टाउको र खुट्टामा गम्भीर चोटलागेका घाइते अधिकारीको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार हुन नसकेपछि काठमाडौंस्थित मनमोहन मेमोरियल अस्पतालमा उपचार भयो।

नौबीसे गाविस-६ निवासी महिला मानवअधिकार रक्षक ३५ वर्षीया नीरु खरेल, ३० वर्षीया पूजा भण्डारी र २६ वर्षीय रुपक खरेललाई ०६७ भदौ ३१ गते दिउँसो स्थानीय वाईसीएल कार्यककर्ता २०

अपहरण गरिएका विश्वनाथ अधिकारी र विष्णुप्रसाद पण्डित

वर्षीय प्रदीप कार्की, २१ वर्षीय प्रल्हाद कार्की, २१ वर्षीय सन्जीव कार्की र २२ वर्षीय राजकुमार कार्कीले प्रहरीकै अगाडि कुटपिट गरे। स्थानीय एक महिलाको गहना र नगद अर्को महिलाले ठगी गरेकाले सो सम्बन्धी छलफल गर्न गएको बेला पीडकहरूले खुट्टाले हानेर आक्रमण गरेको र केही बोल्न खोज्नेहरूलाई समेत बोल्न नै नदिइ कुटपिट गरेका थिए। घटना भइरहेको प्रहरीले बेला हेरेर बसे पनि उनीहरूलाई आक्रमण गर्नबाट रोकेन। पीडितको नौबीसे स्वास्थ्य चौकीमा उपचार भयो। पीडकलाई प्रहरीले कारबाही गरेन।

एकीकृत माओवादीद्वारा धम्की दिइएकी शुक्मा तामाङ

नेपाली काङ्ग्रेसबाट

सुनौलाबजार गाविस-७ निवासी एकीकृत माओवादी कार्यकर्ता ३२ वर्षीय झङ्क नेपालीलाई काङ्ग्रेस कार्यकर्तालाई आक्रमण गरेको आरोपमा ०६७ वैशाख ३ गते सोही गाविसका स्थानीय काङ्ग्रेस कार्यकर्ताको समूहले सोही गाविस-७ मा घरमा बसिरहेको अवस्थामा रड र खुकुरी प्रहार गरी घाइते पाऱ्यो। घाइते नेपालीको जिल्ला अस्पतालमा उपचार हुन नसकेपछि बीर अस्पतालमा उपचार भयो। पीडित पक्षले ज्यान मार्ने उद्योग गरेको भन्दै वैशाख ७ गते पीडकहरू विरुद्ध मुद्दा दायर गरे पनि हालसम्म कुनै कारबाही भएन। घटनाको सम्बन्धमा पीडित पक्षले आक्रमण गरिएको आरोप लगायो छ भने पीडक पक्षले आक्रमणको प्रतिकार गरेको दावी गऱ्यो।

नीलकण्ठ गाविस-५ निवासी युवा सङ्घ नेपाल धादिङवेंसी नगर कमिटीका सचिव १९ वर्षीय शशी खाँणलाई कालुपाण्डे मार्गको मुरलीभञ्ज्याङ गाविस-३ च्याँडु नजिकै ०६७ साउन १३ गते बेलुका ९ बजेतिर काङ्ग्रेस कार्यकर्ताको समूहले आक्रमण गरी घाइते पाऱ्यो। आक्रमणपछि गम्भीर घाइते भएका खाँणको जिल्ला अस्पतालमा उपचार हुन नसकेपछि काठमाडौं मनमोहन मेमोरियल अस्पतालमा उपचार भयो। पीडकहरू अझैसम्म फरार रहे।

एकीकृत माओवादीद्वारा धम्की दिइएका रामेश्वर कार्की

एमालेबाट

मैदी गाविस-४ निवासी एकीकृत माओवादी कार्यकर्ता २४ वर्षीय कुमार पुलामीलाई ०६७ कात्तिक २९ गते नेकपा एमाले कार्यकर्ताले आक्रमण गरी घाइते बनाए। आमा समूहको मैदी गाविस-७ को आयोजनामा खेलिएको देउसी कार्यक्रमको क्रममा रातको २:०० बजे खुकुरी प्रहार गरी घाइते पारिएको थियो। ढाडमा खुकुरी प्रहार गरी घाइते पारिएका पीडितको जिल्ला अस्पतालमा उपचार हुन नसकी काठमाडौं पठाइएको प्रहरीले बतायो। पीडक विरुद्ध पीडितले कुनै उजुरी दिएनन्।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

विस्तृत शान्ति सम्झौता विपरीत हतियार ल्याएको भन्दै एकीकृत माओवादीका सभासद जनार्दन शर्मा प्रभाकरको नेतृत्वमा एकीकृत माओवादी कार्यकर्ताले पृथ्वीराजमार्ग अन्तरगत नौबीसे गाविस-१ धार्केमा ०६६ फागुन ८ गते बिहान १ बजे सशस्त्र प्रहरीले बा १ ग १६७६ नं. को ट्रक र स्कर्टिङ गर्ने बा १ क ७२५ र बा १ क ७२९ नं. गाडीहरूलाई कब्जामा लिए। कब्जामा लिएका गाडीहरू सशस्त्र प्रहरीले सोही दिन बिहान ९ बजे बलपूर्वक काठमाडौं लैजाँदै गर्दा काठमाण्डौको नागढुङ्गामा एकीकृत माओवादी कार्यकर्ताले पुनः अवरोध गर्दा सशस्त्र प्रहरीले गरेको लाठी प्रहारबाट पाँच माओवादी कार्यकर्ता घाइते भए। घाइते हुनेहरूमा एकीकृत माओवादी सभासद् पुष्पविक्रम मल्ल, एकीकृत माओवादी नेता लेखराज भट्ट, भोजपुरा राज्य समिति सदस्य जीवन राई, योगेश पौडेल, सानु लामा लगायत रहेका थिए। टाउकोमा गम्भीर चोट लागेका मल्लसहित सबै घाइतेको काठमाडौंस्थित मितेरी अस्पतालमा उपचार भयो।

थाक्रे गाविस-३ महादेवबेसीमा तामशालिङ नेपाल राष्ट्रिय दलले स्वायत्त तासालिङ राज्यको माग गर्दै ०६६ चैत १ गते बिहानदेखि गरेको बन्द प्रहरीले बल पूर्वक खुलाउने क्रममा प्रहारीको लाठी प्रहारबाट आठजना घाइते बनाए। घाइते हुनेहरूमा थाक्रे गाविस-३ का २८ वर्षीया विष्णु वैजु, २३ वर्षीया रिता वैजु, २५ वर्षीय अशोक ठाकुर, ३१ वर्षीय जितेन्द्र घले, नकुल लामा, गोगनपानी गाविस-६ का माइला तामाङ, कमल आले, कृष्ण तामाङ रहेका थिए। घाइतेहरूको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार भयो। सोही घटनामा प्रहरीले थाक्रे गाविस-३ का २० वर्षीय सङ्गम लामा, भुमेस्थान गाविस-४ का २८ वर्षीय निरज लामा, १८ वर्षीय छिरिङ लामा, थाक्रे गाविस-३ का २२ वर्षीय अनिल लामा, प्रेम लामा, राजकुमार लामा, थाक्रे गाविस-३ का ५८ वर्षीय माइला घले र २६ वर्षीय सुवीर घलेलाई गिरफ्तार गरी सोही दिन बेलुका रिहा गऱ्यो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत धादिङमा ०६७ साल असार मसान्तसम्म सरकारवादी फौजदारी ६० ओटा, दुनियावादी फौजदारी ४९ ओटा, देवानी ५६ ओटा गरी १ सय ६५ ओटा मुद्दा फर्स्यौट भई सरकारवादी फौजदारी ८६ ओटा, दुनियावादी फौजदारी ५७ ओटा, देवानी १ सयद ४६ ओटा गरी २ सय ८९ ओटा मुद्दा बाँकी रहे। ०६७ साउनदेखि पुस १६ सम्म सरकारीवादी फौजदारी ३७ ओटा मुद्दा दर्ता भई कुनैपनि मुद्दा फर्स्यौट भएनन्। यसैगरी दुनियावादी फौजदारीको १६ ओटा मुद्दा दर्ता भई पाँच ओटा मुद्दा फर्स्यौट भयो। यी दुनियावादी फौजदारीका १६ मुद्दामध्ये १४ मुद्दा सम्बन्ध विच्छेदका रहे। यसैगरी देवानीका ३० ओटा मुद्दा दर्ता भई कुनैपनि मुद्दा फैसला भएन। घरेलु हिंसा ऐनअन्तर्गत यस वर्ष कुनै पनि मुद्दा दर्ता भएन। जिल्ला अदालत धादिङमा ०६७ पुस १६ गतेसम्म ३ सय ६७ ओटा फर्स्यौट हुन बाँकी रहे। जिल्ला अदालतमा पाँच वर्षभन्दा पहिलेका तीन ओटा, चार वर्ष पुराना सात ओटा, तीनवर्ष पुराना २५ ओटा र दुईवर्ष पुरना २६ ओटा मुद्दा रहेको जिल्ला अदालतले जनायो। जिल्ला न्यायाधिवक्ताको कार्यालयले यस वर्ष ७६ ओटा मुद्दा दर्ता गराएकोमा ७३ ओटा मुद्दामा सफलता प्रात गऱ्यो भने तीन ओटा मुद्दामा असफल भएको जिल्ला सरकारी वकिल कार्यालयले जनायो।

नेपाली काङ्ग्रेसद्वारा कुटपिट गरी घाइते बनाइएका भद्रक नेपाली

जिल्ला प्रशासन कार्यालय धादिङमा गत आर्थिक वर्षबाट यस वर्षका लागि ७१ ओटा मुद्दा जिम्मेवारी सरेर आए। यस वर्ष केही सार्वजनिक अपराधमा ३७ ओटा मुद्दामा एक ओटा मात्र फैसला भएको, हातहतियार तथा खरखजाना ऐन अन्तरगत एक ओटा मुद्दा परेको, सवारी ज्यान क्षतिपूर्तिको ३३ ओटा मुद्दामा ११ ओटा मुद्दा फैसला भएको, अनुचित कार्यका १४ ओटा र भ्रष्टाचारका १३ ओटा मुद्दा रहेको छ।

एकीकृत माओवादीले आह्वान गरेको अनिश्चित आमहडतालले जनजीवन कष्टकर भएको भन्दै जिल्लाका नागरिक समाज र पेशाकर्मीहरूले ०६७ वैशाख २४ गते जिल्ला सदरमुकाम धादिङबेंसीमा आयोजना गर्न लागिएको शान्ति च्याली र शान्ति सभा एकीकृत माओवादीको धम्कीका कारण स्थगित भयो। एकीकृत माओवादीका जिल्ला सहइन्चार्ज रामबहादुर भण्डारीले नागरिक समाजको बैठकस्थलमा आएर च्याली र सभा आयोजना नगर्न र गरेमा प्रतिकार गर्ने बताएपछि कार्यक्रम स्थगित भयो। एकीकृत माओवादी कार्यकर्ताले जिल्लास्थित नागरिक समाजका अगुवाहरूलाई व्यक्तिगत रुपमा भेटेर समेत कार्यक्रम आयोजना नगर्न दबाब दिएका थिए।

नीलकण्ठ गाविस-४ सोह्रघरका २५ वर्षीय राजकुमार थापामगरलाई ०६७ जेठ १४ गते जिल्ला अदालतले बलात्कार गरेको प्रमाणित गरेको फैसला विरुद्ध आगिनचोक गाविस-१ निवासी एकीकृत माओवादी जिल्ला सहइन्चार्ज ५५ वर्षीय रामबहादुर भण्डारीको नेतृत्वमा रहेका एकीकृत माओवादी कार्यकर्ताहरूको एक समूहले सोही दिन अदालत अगाडि प्रदर्शन गरी फैसलाको विरोध गऱ्यो। जिल्ला अदालतका जिल्ला न्यायाधीश नवराज उपाध्यायको इजलासले थापामगरलाई सात वर्षको कैद र पीडितलाई १ लाख रुपियाँ क्षतिपूर्ति दिनुपर्ने फैसला गरेपछि दोषी थापामगर निर्दोष रहेको भन्दै एकीकृत माओवादीले अदालत परिसरमा प्रदर्शन गरेका थिए। सोही गाविस-४ की १५ वर्षीया एक बालिकालाई ०६५ कात्तिक २० गते बिहान बालिकाकै घरमा बलात्कार गरेको आरोपमा गिरफ्तार परेका दोषी थापामगरलाई अदालतले ०६७ जेठ ११ गते दोषी प्रमाणित भएको फैसला गऱ्यो। यसअघि जिल्ला अदालतले पटक-पटक फैसलाको मिति

तोकेर पनि राजनीतिक दवावका कारण सो मुद्दाको फैसला स्थगित हुँदै आएको थियो।

बालअधिकार

जिल्ला शिक्षा कार्यालय धादिङका अनुसार यस जिल्लामा संस्थागत र सरकारी गरी जम्मा विद्यालय सङ्ख्या ६ सय ३६ ओटा रहेको छ। जसमध्ये ४ सय ३६ ओटा विद्यालयमा प्राथमिक तहको शिक्षा ८९ ओटा विद्यालयमा निम्नमाध्यामिक तहको र ६६ ओटा विद्यालयमा माध्यमिक तहको कक्षा सञ्चालन हुन्छ। माध्यमिक तहमा १ हजार ६ सय ६ जना विद्यार्थी अध्ययनरत रहेकोमा ५ हजार ७ सय ३१ जना छात्रा र ४ हजार ८ सय ७५ जना छात्र अध्ययनरत रहेका छन्। यसैगरी निम्न माध्यामिक विद्यालय तर्फ १२ हजार ९९ जना छात्रा र ११ हजार १ सय ३८ जना छात्र गरी जम्मा २३ हजार २ सय ३७ जना विद्यार्थी अध्ययनरत छन्। यस जिल्लामा प्राथमिक तर्फ ३५ हजार ३ सय ५९ जना छात्रा र ३३ हजार ४ सय ७३ जना छात्र गरी ६८ हजार ८ सय ३२ जना विद्यार्थी अध्ययनरत छन्।

यस जिल्लामा निजी (बोर्डिङ वा संस्थागत) विद्यालयको सङ्ख्या ३६ ओटा रहेकोमा ५ हजार ७ सय ३७ जना विद्यार्थी अध्ययनरत छन्। जसमा २ हजार ५ सय २७ जना छात्रा र ३ हजार २ सय १० जना छात्र अध्ययनरत छन्।

नीलकण्ठ गाविस-२ खानीगाउँ निवासी ५ वर्षीया दुई बालिकालाई ०६७ साउन २० गते बेलुका ६२ वर्षीय अन्तबहादुर थापाले बलात्कार गरे। दुई जना बालिकालाई चकलेट खानका लागि पाँच रुपियाँ दिएर बलात्कार गरेको बालिकाहरूले प्रहरीलाई बताए। आरोपितलाई प्रहरीले साउन २१ गते गिरफ्तार गरी हिरासतमा राखी जबरजस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। साउन २१ गते जिल्ला प्रहरी कार्यालय परिसरमा पीडक थापालाई कडा कारबाही गर्न माग गर्दै पीडितका छिमेकीहरूले धर्ना दिए। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

सुनौलाबजार गाविस-९ की एक ६ वर्षीया बालिकालाई सोही गाविस-९ का १७ वर्षीय प्रदिप शाहीले ०६७ कात्तिक २८ गते सोही गाविस-९ तल्लोडाँडा जङ्गलमा पुऱ्याई बलात्कार गरेको पीडितले बताइन। प्रहरीले स्थानीयको सहयोगमा आरोपितलाई कात्तिक २८ गते गिरफ्तार गरी बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा मुद्दा चलाई थुनामा राखेको छ। पीडित बालिकाको जिल्ला अस्पतालमा उपचार भयो।

साङकोष गाविस-७ मदनखर्ककी ७ वर्षीया एक बालिकालाई ०६७ कात्तिक २१ गते तिहारको भाइटिकाको दिन साङकोष गाविस-७ मदनखर्कका ७० वर्षीय मङ्गले भन्ने कर्णवहादुर विकले बलात्कारको प्रयास गरे। तिहारको टिकाको दिन राति देउसी भैलो खेल्न साथीहरूसँग मङ्गलेको घर पुगको बेला खाना खान बोलाएको र खान्न भनेपछि मङ्गलेले धन्सारमा आफ्नो ओछ्यानमा लगेर बलात्कारको प्रयास गरेको पीडितले बताइन्। धन्सार कोल्टोमा भएकाले अरुले थाहा नपाएको र घाँटी थिचेकोले आफू कराउन नसकेको पनि बालिकाले बताइन्। यस्तो कुरा कसैलाई भनेमा मार्ने धम्की दिएकाले बालिकाले कसैलाई नभनेको र पिसाव फेर्न नसकी सर्घैं डराउने गरेपछि पीडितकी आमाले घटना थाहा पाई कात्तिक २५ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिएको बताइन्। पीडितको जिल्ला अस्पतालमा उपचार भयो। आरोपितलाई प्रहरीले गिरफ्तार गरे पनि दवाव आएको र पीडितसँग सहमति भएको भन्दै बिना कारबाही कात्तिक २८ रिहा गऱ्यो।

तसर्पु गाविस-१ धैरेनी निवासी कालीका मावि थाक्रे कक्षा ९ मा अध्ययन गर्ने १४ वर्षीया र १७ वर्षीया दुई बालिकालाई ०६७ कात्तिक २१ गते भाइटिकाको दिन बिहान महादेवबेसीको आँगराखोलाबाट सोही गाविस-१ निवासी ड्राइभर इन्द्र भण्डारी र धैरेनी प्राविका शिक्षक विदुर अर्यालले अपहरण गरी काठमाडौँ जिल्ला थानकोटको एक घरमा लगी बलात्कार गरे। प्रहरी र आफन्तको खोजीको क्रममा एक जनालाई २२ गते बिहान नागढुङ्गामा घाइते अवस्थामा फेला पारिएको थियो भने एक जना एउटा कोठामा थुनिएको अवस्थामा फेला पारिएको थियो। प्रहरीले दुवै अभियुक्तहरूलाई कात्तिक २३ गते थानकोटबाट गिरफ्तार गरी गरी हनुमानढोका लगेको प्रहरीले जनायो। पीडितहरूको उपचार काठमाडौँ स्थित प्रसुती गृहमा भयो। उनीहरूको गाला, खुट्टा र अन्य भागमा घाउ र नीलडामहरू रहेको थियो।

झडपमा घाइते भएका पुष्पविक्रम मल्ल

अभियुक्तहरूलाई अपहरणपछि बलात्कार गरेको अभियोगमा मुद्दा चलाइएको प्रहरीले बतायो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

मुरलीभञ्ज्याङ गाविस- ७ निगालपानी कामी गाउँकी ५१ वर्षीया कुल्पी विकलाई बोक्सीको आरोपमा गाउँलेहरूले ०६७ पुस १ गते कुटपिट गरे। रक्सी खाएर बसेकी स्थानीय मीरा वि.क. कामेपछि कुल्पीले बोक्सी मन्त्र गरेर बिरामी पारेको भन्दै ०६७ मङ्सिर २९ गते राति ११ बजेतिर गाउँलेहरूले घर घेरेर गाली बेइज्जती गरे। उनीलाई घरबाट निकाल्न नसकेपछि गाउँलेहरू अर्को दिन कारबाही गर्ने भन्दै फर्के। पुस १ गते बिहान परालको भारी बोकेर घर आउँदै गर्दा गाउँलेहरूले बाटोमा घेराहाली लछारपछार गर्दै लठ्ठी, मुड्की र लात्तीले कुटपिट गरे भने कतिले उनलाई टोकेर हातमा घाउ बनाए। कुल्पी विकलाई बोक्सीमन्त्र गरेर बच्चाहरू मारेको, गाउँका मान्छे मारेको, गाईवस्तुको दूध सुकाएको, गाईवस्तु मारेको आरोप लगाउँदै कुटपिट गरेको गाउँलेहरूले स्वीकार गरेका थिए। तामाको बत्ती, मानु ल्याएर बोक्सी लगाएर नभेदेको भन्दै टाउकोमा राखेर कसम खान लगाए भने बिरामी भनिएकी मीरा विकलाई खुट्टामा ढोग्न लगाए र कुल्पीले नमानेपछि दिसा खुवाउन खोजे। पीडकमध्ये ०६७ पुस ६ गते प्रहरीले मिरा वि.क, सुन्तलि वि.क, बिना विक, जमुनी विक र झाँक्री साने भन्ने लक्ष्मण विकलाई गिरफ्तार गरे पनि पुस ७ गते कारबाही बिना नै छाडियो। अभियुक्तहरूलाई समेत भद्रभलाद्मीको रुपमा साक्षी राखेर सहमति गरिएको प्रहरीले जनायो। पीडितको जिल्ला अस्पतालमा उपचार भयो भने उनी एक हप्तासम्म सदरमुकाममा विस्थापित भइन्।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

छत्रेदेउराली गाविस-५ की ६५ वर्षीया चनमती थापालाई ०६७ भदौ ५ गते साँझ सोही गाविस-५ निवासी महेन्द्रोदय मावि छत्रेदेउराली कक्षा ५ मा अध्ययन गर्ने १९ वर्षीय नीरज तामाङ र १८ वर्षीय रामलाल तामाङले घाँटी थिचेर हत्या गरी बलत्कार गरे। साँझको समयमा घरमा एक्लै सुतेको बेला घरभित्र गएर दुवै मिलेर बलात्कार गर्न खोजेपछि नसकेका कारण हत्या गरी बलात्कार गरेको पीडकहरूले प्रहरी बयानमा बताए। पीडकहरूलाई प्रहरीले गिरफ्तार गरी जवरजस्ती करणी र हत्या अभियोगमा मुद्दा चलाई थुनामा राखेको छ।

ढोला गाविस-२ पोखरीपानीका २५ वर्षीया नीरमायाँ पुलामी र उनकै छोरी ९ वर्षीया अनुस्का पुलामीलाई घरमा सुतिरहेको अवस्थामा ०६७ असोज ६ गते राति स्थानीय २७ वर्षीय बैरागी भन्ने सुवास थापामगरले बन्चरोले काटेर हत्या गरेपछि बलात्कार गरे। घरमा तीनजना सुतिरहेको बेला छानाबाट भित्र पसेका थापामगरले बञ्चरोले हानेर हत्या गरेपछि बलात्कार गरेका थिए। सो घटनामा नीरमायाँको १० महिनाकी छोरी करिष्माको टाउकोमा बन्चरोले काटेर गम्भीर घाइते भइन्। उनको जिल्ला अस्पतालमा उपचार हुन नसकि काठमाडौँस्थित शिक्षण अस्पतालमा उपचार भयो। असोज ६ गते बेलुका रक्सी खाएर सुतेका सुवास राति बञ्चरो लिएर नीरमाया सुतेको स्थानमा गई सुरुमा नीरमायालाई बञ्चरोले हानेपछि बलात्कार गरेको र उनीसँगै सुतेकी छोरी अनुस्काको पनि बन्चरोले हानेर हत्या गरेको पीडकले बताएको प्रहरीले बताए। नीरमायाको घाटी, टाउको र कानको छेउमा काटिएको थियो भने अनुस्काको घाँटीमा काटिएको थियो। पीडित करिस्मा हाल मामाघरमा रहेकी परिवारले जनायो। आरोपितलाई असोज ७ गते प्रहरीले सदरमुकाम धादिङबेसीबाट गिरफ्तार गरी कर्तव्य ज्यान मुद्दामा थुनामा राखेको छ।

घरेलु हिंसा

सुनौलाबजार गाविस-८ की ३५ वर्षीया सावित्री अधिकारीलाई ०६६ माघ २२ गते अरु केटासँग सम्बन्ध राखेको आरोपमा पति ४५ वर्षीय डण्डपानी रिजालले हँसियाले प्रहार गरी घाइते पारे। घटनापछि स्थानीयबासीले पीडितलाई अस्पतालमा पुऱ्याए भने पीडकलाई प्रहरीले सोही दिन पक्रउ गऱ्यो। पीडितको चन्दा उठाएर जिल्ला अस्पतालमा उपचार गरियो। पीडितको आग्रहमा पीडक रिजाल बिना कारबाही माघ २६ गते रिहा भए।

कथित बोक्सीको आरोपमा अमद्ध व्यवहार गरिएकी कुल्पी विक

गोगनपानी गाविस-६ की ४० वर्षीय पम्फा थापालाई ०६७ कात्तिक २४ गते दिउँसो अरु मानिससँग लागेको आरोपमा पति ४३ वर्षीय ठाहिँला थापा, छिमेकीहरू केदार थापा,

ध्रुव थापा र सुरज थापाले बैरेनी प्रहरी चौकीमा छलफल गर्न लागेको अवस्थामा कुटपिट गरे। गाउँमा सञ्चालन गरिएको पसलमा आएका ग्राकहसँग अनैतिक सम्बन्ध राखेको आरोपमा पीडितका पति ठाहिँलाले पम्फालाई पटक/पटक कुटपिट गर्दै आएकोमा ०६७ कात्तिक २१ गते पनि कुटपिट गर्दा घाइते भइन्। पम्फालाई घाइते अवस्थामा नै प्रहरी चौकीमा उपस्थित हुन प्रहरीले उर्दी जारी गरेपछि प्रहरी कार्यालयमा छलफल गर्न आएको अवस्थामा कुटपिट गरिएको थियो। पीडितको बैरेनी स्वास्थ्य चौकीमा उपचार भयो। पीडकहरूलाई प्रहरीले कुनै कारबाही गरेन।

सलाङ गाविस-७ धारापानीकी ४८ वर्षीया कालीमाया पुरीलाई ०६७ मङ्सिर २७ गते अरु केटासँग लागेको आरोपमा ससुरा र गाउँलेहरूले कुटपिट गरी गाउँ निकाला गरेपछि बेपत्ता भइन्। गाउँकै पुच्चे साइला र कालीतास घरमा आएर बिरामी भएर बसेको अवस्थामा ढोका खोल्न लगाई गफ गरेर केहीबेर बसेपछि ससुरा र गाउँलेहरू मिलेर गाउँलेसँग अनैतिक सम्बन्ध राखेको आरोपमा कुटपिट गरी गाउँ निकाला गरेका थिए। गाउँ निकाला गरेपछि पीडतको अवस्था अज्ञात छ। पुस १ गते महिला मानवअधिकार रक्षकहरूको सहयोगमा छोरा भीमसेनले जिल्ला प्रहरी कार्यालयमा घटनामा संलग्न भोजराज पुरी, साहिँला भन्ने फुच्चे पुरी र रोतासे पुरी विरुद्ध आफ्नो आमालाई राति अपहरण गरी बेपत्ता पारेकाले खोजी गरी पीडकहरूलाई कारबाही गर्न माग गरे पनि प्रहरीले खोजी गर्न सहयोग नगरेको परिवारले बताए। छोरा भीमसेनले प्रहरी चौकी बेनीघाटमा पनि आमाको खोजीका लागि निवेदन दिएको बताए।

साङ्कोष गाविस-२ की ३२ वर्षीया देवी नेपालीको ०६७ पुस ५ गते बेलुका उनका पति ३४ वर्षीय नीरबहादुर नेपालीले हत्या गरेको आरोपमा प्रहरीले नीरबहादुरलाई पुस ६ गते गिरफ्तार गरी थुनामा राख्यो। पत्नीलाई पटक पटक कुटपिट गर्ने गरेकोले हिंसा गरी हत्या गरेको आरोप लगाउँदै माइतीपक्षले पुस ६ गते जाहेरी दर्ता गराएपछि पीडकलाई प्रहरीले गिरफ्तार गरेको थियो। घटनास्थलभन्दा केहीपर बासको झाँगमा तीन ओटा विषको बोतलहरू भेटिएको र मृतकको थैलीमा सुसाइड नोट समेत भेटिए पनि मृतकको मुखबाट रगत बगेकाले स्थानीयवासी र माइती पक्षले हत्याको आरोपमा प्रहरीमा उजुरी दिएका थिए।

बलात्कार पछि हत्या गरिएका नीरमाया पुलामी र अनुस्का पुलामी

बहुविवाह

भूमेस्थान गाविस-८ निवासी २८ वर्षीया पुष्पा श्रेष्ठका पति २८ वर्षीय किरण श्रेष्ठले ०६७ जेठ १८ गते सोही गाविस-८ की अम्बिका थापासँग बहुविवाह गरे। किरणले पुष्पालाई मट्टितेल खन्याएर जलाउने, तातो चिया खन्याउने, कुटपिट गरी घर निकाला गरेपछि गाउँकै अम्बिकासँग दोस्रो विवाह गरेका थिए। पुष्पाले किरण विरुद्ध असार ८ गते जिल्ला प्रहरी कार्यालयमा बहुविवाहको मुद्दा दायर गरिन्। बहुविवाह गर्ने किरणलाई ०६७ असार ८ गते जिल्ला प्रहरी कार्यालय धादिङले गिरफ्तार गरी बहुविवाह गरेको आरोपमा मुद्दा चलाएको छ। पीडित एक छोरी सहित गोरखा जिल्लाको घ्याल्चोकस्थित माइतीघरमा बस्दै आएकी छिन्।

नीलकण्ठ गाविस-२ की २६ वर्षीया कुमारी तामाङलाई ०६६ चैत १९ गते पति २४ वर्षीय नरबहादुर श्रेष्ठले बहुविवाह गरे। कुमारीले आफूलाई घरमा अर्को पत्नी नभएको भनी झुक्याएर विवाह गरेकाले कारबाही गर्न माग गर्दै ०६७ असार ३ गते जिल्ला प्रहरी कार्यालयमा पीडकलाई कारबाही र अंशसहितको छोडपत्र गर्न माग गर्दै जाहेरी गरिन्। नरबहादुरले कुमारीलाई तेस्रो पत्नीको रुपमा विवाह गरेका थिए। यसअघि ०६५ नीलकण्ठ गाविस-२ की २६ वर्षीया मिनाकुमारी श्रेष्ठसँग दोस्रो विवाह गरेकाले मिनाकुमारीले पनि जाहेरी गरेकी थिइन्। पीडकलाई प्रहरीले गिरफ्तार गरी बहुविवाह गरेको आरोपमा पुर्पक्षका लागि थुनामा राखेको छ।

सबै प्रकारका जातीय विभेद

ज्यामरुङ गाविस-७ कुमाई टोलकी १७ वर्षीय सीता बसेलालाई खानेपानीको पाइप नाघेको आरोपमा ०६६ चैत २६ गते सोही गाउँका गैर दलितहरूले गाली बेइज्जती गर्दै दुर्व्यवहार गरे। पानी लिन धारामा जानेबित्तिकै स्थानीय गैरदलितहरूले 'तँ दलितले नाघेको र छोएको पानी हामी खान्छौं ?' भन्दै दुर्व्यवहार गर्दै पानी लान समेत दिएनन्। हाल दलितहरूलाई सार्वजनिक धाराबाट

पानी लान बन्द गरिएको छ। उनीहरू आधाघण्टा टाढाको कुवाको पानी खान बाध्य छन्। स्थानीय दलित अगुवा रामबहादुर बसेलले आफ्नै लगानीमा पाइपको जोहो गरेर पुनः मुख्य लाइनबाट पानी लाँदा समेत पाइप काटेर फ्याँकिएको र उल्टो दलितहरूमाथि गाली बेइज्जती गरिएको बताए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

कृषि मजदुरको न्यूनतम ज्याला सरकारी तवरबाट जिल्लामा निर्धारण भएको पाइएन। कृषि मजदुरले काम गरेवापत पाउने ज्याला पुस माघ र फागुनताका पुरुषको दिनको १ सय र महिलाको दिनको ५० रुपियाँ रहने गरेको पाइएको छ भने काम गर्ने सिजन मङ्सिर, वैशाख, असारताका पुरुषको १ सय ५० रुपियाँ र महिलाको १ सय रुपियाँ हुने गरेको पाइएको छ।

संरचना, सम्पति क्षति

तामशालिङ नेपाल राष्ट्रिय दलले स्वायत्त ताम्सालिङ राज्यको माग गर्दै ०६६ चैत १ गते बिहानदेखि थाक्रे गाविस-३ महादेवबेसीमा गरेको बन्द उल्लङ्घन गरेको आरोपमा बन्दकर्ताले बा १ प ७१० न को पर्यटक गाडी, बा ७ च ३४९४, बा २ १५३८, बा २ च ५२९१, बा ३ च ३२१९, लगायत १८ ओटा गाडी तोडफोड गरे। त्यसैगरी बा ६ च ५०१४ नं. को टाटा मोबाइलमा धादिङतर्फ लागिँदै गरेको १ हजार कान्तिपुर पत्रिका जलाए।

छत्रेदेउराली गाविस कार्यालयले चन्दा नदिएको आरोपमा ०६६ चैत २९ गते बिहान १ बजे संयुक्त जातीय मुक्ति मोर्चा नामक सङ्गठनकका कार्यकर्ताले उक्त गाविस भवन आगजनी गरे। आगजनीबाट गाविसको भवन फर्निचर, कागजपत्र लगायतका सामाग्री जलेर नष्ट भयो भने गाविसको एक थान कम्प्युटर उनीहरूले लिएर गए। छ ओटा मोटरसाईकलमा आएका मोर्चाका कार्यकर्ताहरूले गाविस भवन आगजनी पश्चात गाविस भवन अगाडि सकेट बम राखेर भागेको स्थानीयबासीले बताए।

नौबीसे गाविस-७ को खानीखोलास्थित गाविस कार्यालयमा मागेकोजति चन्दा नदिएको आरोपमा ०६७ जेठ १६ गते बिहान संयुक्त जातिय मुक्ति मोर्चाले आगजनी गरे। गाविस कार्यालयमा मट्टितेल हालेर आगजनी गरिएको स्थानीयबासीले जानकारी दिए। आगजनीपछि मोर्चाले गाविसको कार्यालय गेटमा समकेट बम राखेर स्थानीयलाई आतङ्कित पारे। गाविस कार्यालयमा राखिएको बम नेपाली सेनाको बम डिस्पोजल टोलीले निस्क्रिय पाऱ्यो।

भूमेस्थान गाविस-३ आगराखोला अमर्खुसिमस्थित कालिका रोडा ढुङ्गा उद्योगले चन्दा नदिएको अरोपमा संयुक्त जातीय मुक्ति मोर्चाका कार्यकर्ताले ०६७ जेठ २४ गते बिहान १ बजे सो उद्योगको ना ३ ख ३२३८, ना ४ ख २६२५ र न ४ ख ८३९७ नं. का ट्रिपर गाडी आगजनी गरी ध्वस्त पारे। घटनाका सम्बन्धमा उद्योगका प्रोपाइटर शिवराम रेग्मीले केही समय अघि मोर्चाले चन्दा मागगरी पत्र पठाएको र उनीहरू सम्पर्कमा नै नआइ एक्कासि गाडी जलाएको जानकारी दिए।

स्वास्थ्य सेवाको अवस्था

धादिङ जिल्लामा एउटा जिल्ला अस्पताल, चार ओटा निजी अस्पताल रहेका छन्। जिल्ला अस्पतालमा चार जना चिकित्सकको दरबन्दी भए पनि एक जना मात्र कार्यरत छन्। जिल्लाका ५१ ओटा स्वास्थ्य चौकी र उपस्वास्थ्य चौकी गरी १ सय ८१ जना स्वास्थ्यकर्मीको दरबन्दी रहेकोमा १ सय ४३ जना मात्र कार्यरत छन्। जिल्लामा तीन चिकित्सक र ३८ जना स्वास्थ्यकर्मीको दरबन्दी खाली रहेको छ।

२.१७ सिन्धुपाल्चोक

जनसङ्ख्या : ३,५२,५१५
साक्षरता प्रतिशत : ४६
महिला साक्षरता प्रतिशत : ३२
क्षेत्रफल (वर्ग कि. मि.) : २,५४२
गाविस/नपा सङ्ख्या : ७९/०
सरकारी/निजी विद्यालय : ५६४/२८
क्याम्पस/उच्च मा.वि. : ४/३७
अस्पताल/स्वास्थ्य चौकी : १/७८
मानव विकास सूचकाङ्कः ०.४१४
प्रतिपरिवार सरदर सङ्ख्याः ६

जेल र बन्दीहरू

"घ" श्रेणीको चौतारा कारागारमा यो वर्षको अन्त्यमा कैद तोकिएका १४ पुरुष बन्दी रहेका छन् भने कैद नतोकिएका ४८ पुरुष र एक जना महिला गरी जम्मा ६३ जना बन्दी रहेका छन्। कारागारको क्षमता ३५ जनाको रहे तापनि ६३ जना बस्नुपर्दा बन्दीहरूलाई असुविधा भएको छ। जेलको क्षमताभन्दा बढी बन्दी राखेको भन्दै ०६७ वैशाख २४ गते यस जेलका सबै बन्दीहरूलाई काठमाडौं स्थानान्तरण गर्नुपर्ने माग राखी बन्दीहरूले धर्ना दिए। त्यसबेला २४ जना बन्दीहरूलाई काठमाडौं स्थानान्तरण गरिएको थियो।

बेपत्ता/अपहरण

वाईसीएलबाट

सानोसिरुवारी गाविस-१ का ३५ वर्षीय योगेन्द्रबहादुर घलेलाई ठगी गरेको आरोपमा ०६६ माघ १४ गते दिउँसो वाईसीएल कार्यकर्ताहरूले घरबाटै अपहरण गरे। पीडितलाई माघ १५ गते काठमाडौं महानगरीय प्रहरीवृत्त कालीमाटीको जिम्मामा मुक्त गरे।

धम्की/कुटपिट

राज्यबाट

गोल्चे गाविस-४ घरभई तातोपानी बजारमा व्यापार गरी बसेका ५० वर्षीय धनबहादुर श्रेष्ठलाई अबेलासम्म बजारमा बसेको आरोपमा ०६७ साउन ११ गते बेलुका तातोपानीस्थित सीमा सुरक्षार्थ खटिएका सशस्त्र प्रहरी बलका डिएसपी सञ्जयविक्रम राणाको नेतृत्वमा आएको टोलीले कुटपिट गरी घाइते बनायो। पीडितलाई सशस्त्र प्रहरीले नै सोही दिन खाडीचौरस्थित सदाबहार अस्पतालमा उपचार गरायो।

वाईसीएलबाट

लिसङ्खू गाविस-४ निवासी राष्ट्रिय जनमोर्चाका कार्यकर्ता २५ वर्षीय प्रेमकुमार योञ्जनलाई सङ्घीयताको विरोध गरेको आरोपमा ०६६ माघ ४ गते घरमै बसिरहेको बेला वाईसीएलका कार्यकर्ताहरूले कुटपिट गरे। पीडितको काठमाडौंस्थित मोडेल अस्पतालमा उपचार भयो। घटनाको सम्बन्धमा पीडितले ०६६ माघ १० गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिए पनि पीडकहरूलाई कुनै कानुनी कारवाही भएन।

युथफोर्सबाट

सिम्पालकाभ्रे गाविस-१ का २५ वर्षीय फूर्पा लामालाई राजनीतिक विवादको क्रममा ०६६ माघ २७ गते युथफोर्सका कार्यकर्ताहरूले नवलपुर गविस-८ स्थित लहरेमानेमा कुटपिट गरे। पीडितको काठमाडौंस्थित वीर अस्पतालमा उपचार भयो। पीडितको परिवारले ०६६ माघ २९ गते इलाका प्रहरी कार्यालय नवलपुरमा उजुरी दिए पनि पीडकहरूलाई कुनै कारबाही भएन।

नेपाली काङ्ग्रेसबाट

सानोसिरुवारी गाविस-६ निवासी नेपाल पत्रकार महासङ्घका सह-सचिव २८ वर्षीय ध्रुव दङ्गाललाई आफ्नो पक्षमा समाचार नलेखेको आरोपमा ०६७ भदौ १४ गते बेलुका नेपाली काङ्ग्रेसका जिल्ला सभापति मोहनबहादुर बस्नेतले फोन गरी धम्की दिए। पीडितले कारबाहीको लागि मौखिकरूपमा भदौ १५ गते प्रमुख जिल्ला अधिकारी हरिकृष्ण उपाध्यायलाई जानकारी गराएका थिए। धम्कीविरुद्ध नेपाल पत्रकार महासङ्घ जिल्ला शाखा, प्रेस युनियन र प्रेस चौतारीले ०६७ भदौ १५ गते प्रेस विज्ञप्तीमार्फत् विरोध जनाए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत सिन्धुपाल्चोकमा ०६७ साल

असार मसान्तसम्म बाँकी भएका ५२ ओटा सरकारवादी फौजदारी मुद्दामा ९ ओटा फर्स्यौट भए भने ४३ ओटा फस्यौट हुन बाँकी रहे। त्यसैगरी, ४४ ओटा दुनियाँवादी फौजदारी मुद्दा बाँकी भएकोमा १६ ओटा फर्स्यौट भए भने २८ ओटा फर्स्यौट हुन बाँकी रहे। त्यसैगरी, ४ सय ४७ ओटा देवानी मुद्दा बाँकी भएकोमा १ सय ६९ ओटा फर्स्यौट भए भने २ सय ७८ ओटा मुद्दा बाँकी रहे। ०६७ साउनदेखि पुस १६ गतेसम्म सरकारवादी फौजदारी मुद्दा २६ ओटा दर्ता भए। त्यसैगरी, २४ ओटा दुनियाँवादी फौजदारी मुद्दा दर्ता भएकोमा छ ओटा फर्स्यौट भए भने १८ ओटा बाँकी फर्स्यौट हुन बाँकी रहे। देवानी मुद्दा ३९ ओटा दर्ता भएकोमा २९ ओटा फर्स्यौट भए भने १० ओटा बाँकी रहे। यस जिल्ला अदातलमा यो वर्ष घरेलु हिंसा ऐनअन्तर्गत दुई ओटा मुद्दा दर्ता भएकोमा दुवै मुद्दामा मिलापत्र भयो।

घटनाको प्रकार	गैरराज्यबाट				राज्यबाट		
	अन्यबाट						
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	५	३	२	५			
घाइते	१	१	१	२			
गिरफ्तारी/यातना					१	१	१
कुटपिट	३	३		३	१	१	१
धम्की	३	४		४			
महिलाअधिकार	१०		१०	१०			
बालअधिकार	९		९	९			
अमानवीय व्यवहार	१	१		१			
अपहरण	१	१		१			
जम्मा	३३	१३	२२	३५	२	२	२

सरकारी अधिवक्ताको कार्यालयले ०६६ पुस १७ गतेदेखि ०६७ पुस १६ गतेसम्म ६२ ओटा मुद्दा दायर गरेको थियो। दायर गरेको मुद्दामध्ये सवारी ज्यान १३ ओटा, ज्यानमार्ने उद्योग १८ ओटा, जवर्जस्ती करणी दुई थान, नागरिकता दुई ओटा, मानव बेचविखन एक थान र विस्फोटक एक ओटा गरी ३७ ओटा मुद्दामा सफलता प्राप्त भयो। त्यसैगरी, डाँका दुई ओटा, चोरी एक ओटा, कर्तव्य ज्यान नौ ओटा, जबर्जस्ती करणी तीन, आगलागी एक ओटा र मानव बेचविखन एक ओटा गरी जम्मा १७ ओटा मुद्दामा असफलता भएको जिल्ला सरकारी वकीलको कार्यालयले जनयो।

बालअधिकार

जिल्ला शिक्षा कार्यालय सिन्धुपाल्चोकका अनुसार यस जिल्लामा सामुदायिक र सरकारी गरी जम्मा विद्यालय सङ्ख्या ५ सय ६४ रहेको छ। जसमध्ये ३ सय ४८ ओटा विद्यालयमा प्राथमिक तहको शिक्षा ९२ ओटा विद्यालयमा निम्नमाध्यामिक तहको र १ सय २४ ओटा विद्यालयमा माध्यमिक तहको कक्षा सञ्चालन हुन्छ। माध्यमिक तहमा ९ हजार ८ सय ७७ विद्यार्थी अध्ययनरत् रहेकोमा ४ हजार ८ सय ५४ जना छात्रा र ५ हजार २३ जना छात्र अध्ययनरत् रहेका छन्। यसैगरी, निम्न माध्यामिक विद्यालयतर्फ १० हजार १ सय ५७ जना छात्रा र १० हजार ७ सय २६ जना छात्र गरी जम्मा २० हजार ८ सय ८३ जना विद्यार्थी अध्ययनरत् छन्। यस जिल्लामा प्राथमिक तहतर्फ ३० हजार १९ जना छात्रा र ३२ हजार ७ सय १० जना छात्र गरी ६२ हजार ७ सय २९ जना विद्यार्थी अध्ययनरत् छन्। त्यसैगरी, यस जिल्लामा निजी विद्यालयको सङ्ख्या २८ रहेको छ।

फुल्पिङकोट गाविस-४ की १४ वर्षीया एक बालिकालाई ०६७ असार १० गते सोही ठाउँका ३५ वर्षीय रवि भन्ने देवीबहादुर न्यौपानेले बेलुका घरनजिकै धारामा पानी लगाउन जाँदा बलात्कार गरेको आरोपमा पीडित पक्षले असार १८ गते जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिए। आरोपितलाई प्रहरीले त्यसै दिन गिरफ्तार गऱ्यो। पीडितको असार १८ गते चौतारा अस्पतालमा स्वास्थ्य परीक्षण भएको थियो। घटनापछि पीडितले विष सेवन गरी आत्महत्या प्रयास गरेकी थिइन्। जिल्ला अदालतको आदेशले ०६७ साउन ६ गतेदेखि आरोपितलाई पुपर्क्षका लागि थुनामा राखिएको छ ।

साँगाचोक गाविस-५ की १० वर्षीया एक बालिकालाई ०६७ असार ३० गते बेलुका सोही ठाउँका २६ वर्षीय लोकबहादुर पुरीले आफ्नै घरमा बलात्कार गरेको आरोपमा पीडितपक्षले ०६७ साउन १ गते जिल्ला प्रहरी कार्यालय चौतारमा उजुरी दिए। पीडितको असार ३२ गते चौतारा अस्पतालमा स्वास्थ्य परीक्षण भएको थियो। आरोपितलाई ०६७ साउन १ गते प्रहरीले

गिरफ्तारी गरी हिरासतमा राखेकोमा अदालतको आदेशले हाल पुर्पक्षका लागि थुनामा राखिएको छ ।

कुविण्डे गाविस-१ की १६ वर्षीया एक बालिकालाई ०६७ साउन १५ गते बिहान ठूलोसिरुवारी गाविस स्थायी घरभई सानोसिरुवारी गाविस-६ मेलचौर बस्दै आएका २२ वर्षीय कुमार नेपालीले मेलचौर नजिक जङ्गलमा घाँस काट्न गएको बेला बलात्कार गरेको आरोपमा पीडित पक्षले ०६७ साउन १८ गते जिल्ला प्रहरी कार्यालय चौतारामा किटानी जाहेरी दियो। पीडितको साउन १८ गते चौतारा अस्पतालमा स्वास्थ्य परीक्षण भएको थियो। आरोपितलाई साउन १८ गते प्रहरीले गिरफ्तार गरी अनुसन्धानको लागि हिरासतमा राखेकोमा ०६७ भदौ १३ गतेदेखि जिल्ला अदालतको आदेशबमोजिम पुपर्क्षका लागि थुनामा राखिएको छ ।

कुविण्डे गाविस-९ की १३ वर्षीया एक बालिकालाई ०६७ मङ्सिर १३ गते विबहान सोही ठाउँका ७५ वर्षीय रविलाल सुवेदीले बारीमा घाँस काटिरहेको बेला चकलेट दिन्छु भनी फकाएर बलात्कार गरेको आरोपमा पीडितपक्षले १९ गते जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी निवेदन दियो। पीडितको मङ्सिर १९ गते चौतारा अस्पतालमा स्वास्थ्य परीक्षण भयो। आरोपितलाई त्यसै दिन प्रहरीले गिरफ्तारी गरी अनुसन्धानको लागि हिरासतमा राखेको छ।

वाईसीएलद्वारा कुटपिट गरी घाइते बनाइएका प्रेमकुमार योञ्जन

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार पारिवारिक हिंसा

कुन्चोक गाविस-१ की २७ वर्षीया कान्छी गिरीलाई ०६७ मङ्सिर ५ गते दिउँसो पति ३१ वर्षीय नवराज गिरी र ससुरा ५८ वर्षीय हस्तबहादुर गिरीले घरको थाममा बाँधेर कुटपिट गरी यातना दिए। पीडितले ०६७ मङ्सिर ६ गते चौतारा अस्पतालमा उपचार गराइन् र सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी गरिन्। पीडकहरूमध्ये हस्तबहादुरलाई प्रहरीले मङ्सिर १३ गते गिरफ्तार गरी अनुसन्धानका लागि हिरासतमा राखेकोमा मङ्सिर २२ गते धरौटीमा रिहा भए भने नवराज गिरी फरार छन्।

राज्यद्वारा कुटपिट गरी घाइते बनाइएका धनबहादुर श्रेष्ठ

पिपलडाँडा गाविस-२ की सारदा सापकोटालाई ०६७ मङ्सिर १९ गते बेलुका पति केदार सापकोटाले घरमा बसिरहेको बेला दाउराको चिरपटले कुटपिट गरी यातना दिए। पीडितले मङ्सिर २० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पीडकलाई मङ्सिर २० गते प्रहरीले गिरफ्तारी गरी सैनिक ब्यारेक छाउनी पठायो। पीडक छाउनीस्थित सैनिक ब्यारेकमा कार्यरत् सैनिक जवान हुन्।

बहुविवाह

साँगाचोक गाविस-६ घरभई सशस्त्र प्रहरीमा कार्यरत् २४ वर्षीय जीवन खड्काले ०६७ असार २७ गते घरमा पत्नी यशोदा खड्का र एक छोरा हुँदाहुँदै बहुविवाह गरे। पीडितले साउन १९ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिइन्। जाहेरीउपर छानविनका लागि जिल्ला प्रहरी कार्यालयले सशस्त्र प्रहरी बल केन्द्रीय कार्यालय हलचोकमा लेखी पठायो।

बतासे गाविस-८ घर भई काठमाडौँको त्रिपुरेश्वरस्थित पहरागणमा कार्यरत ३० वर्षीय जङ्गबहादुर कटुवालले ०६७ भदौ २८ गते घरमा पत्नी बोजकुमारी हुँदाहुँदै प्रहरी सेवामा कार्यरत २८ वर्षीया लक्ष्मी बुढाथोकीसँग विवाह गरे। पीडित बोजकुमारी कटुवालले ०६७ कात्तिक १० गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी गरिन्। पीडकहरू उपर कुनै कारवाही भएन।

जिल्ला स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एउटा जिल्ला अस्पताल र दुईओटा सामुदायिक अस्पताल रहेका छन्। जिल्ला अस्पतालमा तीन जना चिकित्सकको दरबन्दी छ र तीनैजना कार्यरत् रहेका छन्। जिल्लाका तीनओटा प्राथमिक स्वास्थ्य केन्द्र, ६५ ओटा उपस्वास्थ्य चौकी र १० ओटा स्वास्थ्य चौकी रहेका छन्। २ सय ७६ जना स्वास्थ्यकर्मीको दरबन्दी रहेकोमा २ सय २० जना मात्र कार्यरत् छन्। जिल्लामा ५६ जना स्वास्थ्यकर्मीको दरबन्दी रिक्त रहेको छ।

२.१८ नुवाकोट

जनसङ्ख्या : ३,३३,३६९
साक्षरता प्रतिशत : ५९
महिला साक्षरता प्रतिशत : ४५
क्षेत्रफल (वर्ग कि. मि.) : १,१२१
गाविस/नपा सङ्ख्या : ६१/१
सरकारी/निजी विद्यालय : ५०१/५३
क्याम्पस/उच्च मा.वि. : ४/३२
अस्पताल/स्वास्थ्य चौकी : १/६६
मानव विकास सूचकाङ्कः ०.४६३
प्रतिपरिवार सरदर सङ्ख्याः ६

जेल र बन्दीहरू

'घ' श्रेणीको ५० जना बन्दी क्षमता रहेको जिल्ला कारागार शाखा नुवाकोटको भवन शान्ति तथा पुर्ननिर्माण मन्त्रालयले २ करोड रुपैयाँको लागतमा विदुर नपा-१ मा सुविधा सम्पन्न भवन निमार्ण सम्पन्न गरेको छ।

यस कारागारमा विभिन्न अभियोगमा ७९ जना बन्दी जीवन बिताइरहेका छन्। जसमध्ये कैद तोकिएका ५१ जना र कैद नतोकिएका २८ जना बन्दी छन्। कर्तव्य ज्यान मुद्दामा कैद तोकिएका २३ जनामध्ये आठ जना महिला छन् भने कैद नतोकिएका ११ जना छन्। जीउमास्ने बेच्ने अभियोगमा दुई महिलासहित सात जना कैद तोकिएका छन्। मानवओसार पसारको अभियोगमा दुईजना महिलासहित छ जना कैद तोकिएका र एक महिला सहित छ जना कैद नतोकिएका बन्दीहरू छन्। त्यसैगरी एक जना ठगी मुद्दामा कैद तोकिएका महिला रहेका छन् भने चोरीको अभियोगमा दुई जना कैद तोकिएका र एकजना कैद नतोकिएका पुरुष बन्दी रहेका छन्। लागू औषध अभियोगमा तीनजना कैद तोकिएका र तीनैजना कैद नतोकिएका बन्दी छन्। जबरजस्ती करणीको अभियोगमा कैद तोकिएका पाँचजना र कैद नतोकिएका तीन जना गरी आठ जना बन्दी रहेका छन्। ज्यानमार्ने उद्योगमा कैद तोकिएका तीन र कैद नतोकिएका एक जना रहेका छन्। गौ वधको अभियोगमा एक जना कैद नतोकिएका बन्दी रहेका छन्। हातहतियार तथा खरखजाना मुद्दा अन्तर्गत एकजना कैद तोकिएका र एकजना कैद नतोकिएका गरी दुई जना बन्दी जीवन बिताइरहेका छन्। अपहरण तथा बन्धक मुद्दामा एक जना कैद नतोकिएका बन्दी यस कारागारमा गरेका छन्।

बेपत्ता/अपहरण

एकीकृत माओवादीबाट

घ्याङफेदी गाविस-७ का ४१ वर्षीय कृष्णबहादुर तामाङलाई ०६६ पुस २३ गते कविलास गाविस -८ का ३४ वर्षीय अविनव फुँयाल र पर्सा जिल्ला बारूवाटार गाविस-३ घर भई विदुर नपा-४ बट्टारबजार बस्ने एकीकृत माओवादी कार्यकर्ता ४१ वर्षीय इद्रस मिँयासहित १० जनाले मदानपुर गाविस-९ बेतिनी जङ्गलबाट अपहरण गऱ्यो। अपहरित तामाङलाई ०६६ पुस २४ गते कविलास गाविस-८ का ३४ वर्षीय अविनव फुँयालको घरबाट प्रहरीले उद्धार गरे। पीडित तामाङले दिएको जाहेरीका आधारमा प्रहरीले अबिनव फुँयाल र मियाँलाई ०६६ पुस २४ गते विदुर नपा-३ बाट गिरफ्तार गऱ्यो। उनीहरूलाई ०६६ माघ २० गतेदेखि जिल्ला अदालतको आदेशमा पुर्पक्षको लागि थुनामा राखिएकोमा ०६७ मसिर २७ गते जिल्ला अदालतको आदेशमा रिहा भए।

धम्की/कुटपिट

एकीकृत माओवादीबाट

धुवाकोट गाविस-१ पाल्ले निवासी एमाले कार्यकर्ता २० वर्षीय विशाल लामा तामाङ र २२ वर्षीय सूर्यबहादुर तामाङलाई ०६७ कार्तिक १२ गते त्रिशुलीबाट फर्कने क्रममा दाङ्सिङ गाविस-२ फलाटे स्थित अँधेरीखोलामा माओवादी कार्यकर्ताले कुटपिट गरे। माओवादी कार्यकर्ता नुवाकोट जिल्ला दाङ्सिङ गाविस-४ का ३५ वर्षीय टेकबहादुर तामाङको नेतृत्वमा ३० जनाको समूहले लाठी र ढुङ्गा प्रहार गरी नुवाकोट स्थित एकीकृत माओवादीको सम्पर्क कार्यालयमा रातभर राखी बयान लिएर छाडे। बाटो ढुकेर गरिएको आक्रमणबाट विशाल तामाङको खुट्टा भाँचियो भने सूर्य तामाङको शरीरको विभिन्न भागमा गहिरो चोट लाग्यो। घाइतेहरूको काठमाडौं स्थित

घटनाको प्रकार	गैरराज्यबाट						
	अन्यबाट				एकीकृत माओवादीबाट		
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	३	३	१	३			
घाइते	४	६		६			
कुटपिट	३	१०		१०	१	३	३
महिलाअधिकार	१		१	१			
बालअधिकार	४		४	४			
अपहरण					१	१	१
जम्मा	१५	१८	६	२४	३	३	३

मनोमोहन मेमोरियल अस्पतालमा उपचार भयो। पीडकहरू विरुद्ध नुवाकोट प्रहरीमा जाहेरी दिइएको भए पनि कारबाही भएन।

दोहोरो भिडन्त

बागेश्वरी गाविस-४ निवासी युथफोर्सका कार्यकर्ता रोशन प्याकुरेल, सरोज थापा, सञ्जिव थापा र २५ वर्षीय नारायण थापालाई ०६६ फागुन १६ गते वाईसीएल कार्यकर्ताको एक समूहले विद्यालयमा भलिबल खेल्ने निहुँमा बागेश्वरी गाविस-७ चोकदेमा कुटपिट गरे। उक्त घटनामा बागेश्वरी गाविस-३ निवासी वाईसीएल कार्यकर्ता सुकबहादुर तामाङ, सोही गाविस-४ का रूपक नेपाली, रमेश नेपाली, राजेन्द्र लामिछाने, गेर्खु गाविस-२ का दिनेश थापालाई युथफोर्स कार्यकर्ताको समूहले बागेश्वरी गाविसमा कुटपिट गऱ्यो। घाइतेहरूको जिल्ला अस्पताल त्रिशूलीमा उपचार भयो।

वाईसीएलबाट

हल्लकालिका गाविस-२ निवासी नेपाली काँग्रेसका गाउँ इकाई समिति सचिव २४ वर्षीय रामजी पौडेल, विदुर नपा-४ का २८ वर्षीय अच्युतराज गिरी, सोही नपा-३ का २७ वर्षीय सन्तोष उप्रेतीलाई ०६६ चैत २९ गते वाईसीएलका कार्यकर्ताले राति ९ बजे बागेश्वरी गाविसस्थित बागेश्वरी उच्च माविको विद्यालय व्यवस्थापन समितिको निर्वाचनको विषयलाई लिएर फलामको रड र खुकुरी प्रहार गरी कुटपिट गरे। घाइतेको सोही दिन शिक्षण अस्पताल काठमाडौँमा उपचार भयो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

नुवाकोट जिल्ला अदालतमा यस वर्ष दुनियावादी फौजदारी मुद्दा ०६७ असार मसान्तबाट जिम्मेवारी सरी आएको ३६ ओटा मुद्दामध्ये ०६७ पुस १६ गतेसम्म ९ ओटा मुद्दा फर्स्यौट भए भने ०६७ साउनदेखि पुस १६ गतेसम्म ३४ ओटा मुद्दा परेकोमा तीन ओटा मुद्दाहरू फर्स्यौट भए।

यस वर्ष सरकारवादी फौजदारी मुद्दा ०६७ असार मसान्तबाट जिम्मेवारी सरी आएको २७ ओटा मुद्दामध्ये ०६७ पुस १६ गतेसम्म सात ओटा मुद्दा फर्स्यौट भए भने ०६७ साउनदेखि पुस १६ गतेसम्म आठ ओटा मुद्दा परेकोमा कुनैपनि मुद्दा फर्स्यौट हुन सकेन।

देवानी मुद्दा ०६७ असार मसान्तबाट जिम्मेवारी सरी आएको १ सय १९ ओटा मुद्दामध्ये ०६७ पुस १६ गतेसम्म ४१ ओटा मुद्दाहरू फर्स्यौट भए भने ०६७ साउनदेखि पुस १६ गतेसम्म ६७ थान मुद्दा परेकोमा एक ओटा मुद्दा फर्स्यौट भयो।

यसवर्ष जिल्ला सरकारी वकिल कार्यालयमा कर्तव्य ज्यान अन्तर्गत दुई, बहुविवाह एक, मानव बेचविखन तथा आसार पसार २, जबरजस्ती करणी पाँच, चोरी एक र भवितव्य ज्यान एक गरी १२ ओटा मुद्दा जिल्ला अदालतमा दायर भएकोमा एक बहुविवाहको मुद्दामा असफल भयो भने कतव्य ज्यान एउटामा सफल र भवितव्य ज्यान मुद्दामा सफल रहेको र अन्य मुद्दा चालु रहेको जिल्ला न्याधिवक्ता लक्ष्मीराम ढुङ्गानाले बताए।

बालअधिकार

जिल्ला शिक्षा कार्यालय नुवाकोटका अनुसार यस जिल्लामा संस्थागत र सरकारी, गुठी आदि गरी जम्मा विद्यालय सङ्ख्या ५ सय ७ रहेको छ। जसमध्ये ३ सय ३६ ओटा विद्यालयमा प्राथमिक तहको शिक्षा ८२ ओटा विद्यालयमा, निम्न माध्यामिक तहको र ८९ ओटा विद्यालयमा माध्यमिक तहको कक्षा सञ्चालन हुन्छ। माध्यमिक तहमा ९ हजार ७ सय ८२ विद्यार्थी अध्ययनरत रहेकोमा ५ हजार ७० जना छात्रा र ४ हजार ७ सय १२ जना छात्र अध्ययनरत रहेका छन्। यसैगरी निम्न माध्यामिक विद्यालयतर्फ १० हजार ९ सय ७७ जना छात्रा र ९ हजार ७ सय २९ जना छात्र गरी जम्मा २० हजार ७ सय ६ जना विद्यार्थी

अध्ययनरत छन्। यस जिल्लामा प्राथमिक तहतर्फ २९ हजार ९ सय ८२ जना छात्रा र २८ हजार ५ सय ३९ जना छात्र गरी ५८ हजार ५ सय २१ जना विद्यार्थी अध्ययनरत छन्।

जिल्लामा निजी (बोर्डिङ्ग) विद्यालयको संख्या ५७ ओटा रहेको छ जसमध्ये ३५ ओटा विद्यालय प्राथमिक तहको ९ ओटा विद्यालयमा निम्नमाध्यामिक तहको र १३ ओटा विद्यालयमा माध्यमिक तहको कक्षा सञ्चालन हुन्छ।

विदुर नपा-२ की ४ वर्षीया एक बालिकालाई विदुर नपा ३ का ४० वर्षीय गोपाल नेपालीलाई ०६६ चैत २ गते दिउँसो ३ बजे पीडितको घरमा बलात्कार गरेको आरोपमा सोही दिन विदुर नपा-२ बाट प्रहरीले गिरफ्तार गऱ्यो। नेपालीलाई जिल्ला अदालतले ०६६ चैत १९ गते पुर्पक्षका लागि कारागार पठायो।

सुनखानी गाविस-६ का ६ वर्षीया एक बालिकालाई सोही ठाउँका १५ वर्षीय परशुराम कार्कीले ०६६ चैत १५ गते दिउँसो सोही गाविस-६ को घ्याम्पे खोलामा बलात्कार गरको आरोपमा ०६६ चैत १८ गते उनकै घरबाट प्रहरीले गिरफ्तार गरी जिल्ला अदालतमा पेश गर्दा ०६७ वैशाख ८ गतेदेखि पुर्पक्षको लागि थुनामा राखिएको छ।

पञ्चकन्या गाविस-४ का १७ वर्षीया एक बालिकालाई कविलास गाविस-२ का ६० वर्षीय रामबहादुर थापाले ०६७ वैशाख २५ गते राति घरमै बलात्कार गरे। पीडितलाई विवाह गराइदिने भन्दै बलात्कार गरेका थिए। पीडक थापालाई ०६७ बैशाख २७ गते प्रहरीले घरबाट गिरफ्तार गऱ्यो। पीडित अदातलको आदेशमा पुर्पक्षको लागि थुनामा रहेका छन्।

रालुका गाविस-६ की १६ वर्षीय एक बालिकालाई सोही गाविसका १८ वर्षीय शैलेस दाहालले ०६७ असार २९ गते बलात्कार गरेको आरोप पीडित बालिकाले लगाईन। पीडक भनिएका दाहाल हाल फरार रहेको जिल्ला प्रहरी कार्यलय नुवाकोटले जनायो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

गेर्खु गाविस-४ निवासी गतिशिल समाचार दैनिकका प्रधान सम्पादक ३० वर्षीय वद्री प्याकुरेललाई ०६७ भदौ २० गते सोही पत्रिकामा प्रकाशित समाचारका कारण पत्रिकाको कार्यालय परिसरमा स्थानीय विदुर नपा-३ का धर्म थापा, सुशिल थापा, कृष्ण नगरकोटी र राजन श्रेष्ठले कुटपिट गरी कार्यालय तोडफोड गरे। सो घटनामा संलग्न रहेका चारैजनालाई सोही दिन गिरफतार गरी ०६७ भदौ २१ गते जिल्ला प्रहरी कार्यालयमा आइन्दा समाचारको विषयलाई लिएर कुनै पनि पत्रकारलाई कुटपिट नगर्ने र क्षतिग्रस्त कार्यालयको क्षतिपूर्ति व्यहोर्ने सर्तमा रिहा गरे।

स्वास्थ्य सेवाको अवस्था

नुवाकोट जिल्लामा एउटा जिल्ला अस्पताल, चार ओटा निजी अस्पताल रहेको छन्। यस जिल्लामा छ ओटा आयुर्वेद अस्पताल, तीन प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी ११ र उप स्वास्थ्य चौकी ५३ रहेका छन्। जिल्ला अस्पतालमा छ जना चिकित्सकको दरबन्दी भए पनि चारजना कार्यरत छन्। जिल्ला स्वास्थ्य कार्यालयका अनुसार जिल्लाभर ३ सय ८५ स्वास्थ्यकर्मीको दरबन्दी रहेकोमा ३ सय २४ जना मात्र कार्यरत छन्। जिल्लामा ६१ जनाको स्वास्थ्यकर्मीको दरबन्दी खाली रहेको छ।

२.१९ रसुवा

जनसङ्ख्या : ५३,३१६
साक्षरता प्रतिशत : ४७
महिला साक्षरता प्रतिशत : ३५
क्षेत्रफल (वर्ग कि. मि.) : १,५४४
गाविस/नपा सङ्ख्या : १८/०
सरकारी/निजी विद्यालय : १०८/३
क्याम्पस/उच्च मा.वि. : १/४
अस्पताल/स्वास्थ्य चौकी : १/१८
मानव विकास सूचकाङ्कः ०.३९४
प्रतिपरिवार सरदर सङ्ख्याः ६

जेल र बन्दीहरू

जिल्ला कारागार शाखामा २५ जना बन्दी राख्ने क्षमता रहेको छ। 'ङ' श्रेणीको कारागार शाखाको भवन जीर्ण बनेको छ। यस कारागारमा विभिन्न अभियोगमा २० जना बन्दी रहेका छन्। जसमध्ये कैद तोकिएका १९ जना र कैद नतोकिएका १ जना छन्। यस वर्षको अन्त्यसम्म यस कारागारमा महिला बन्दी रहेका छैनन्। यहाँका बन्दीहरूलाई दैनिक ७ सय ग्राम खाद्यान्न र ३० रुपियाँ दिइन्छ। कारागारमा रहेका बन्दीहरूले रेडियो सुन्ने, टिभी हेर्न र पत्र-पत्रिका पढ्न पाएका छन्। कारागारमा बन्दीहरूलाई सीपमूलक तालिम तथा उत्पादित सामानको बजार अभावको समस्या रहेको छ। कारागारमा पानी तथा शौचालयको व्यवस्था रहेको छ। एउटा टिभी बन्दी आफैंले व्यवस्था गरेका छन्। क्यारेमबोर्ड र बुद्धिचाल खेल्ने व्यवस्था छ। उनीहरूको मागपछि ०६६ माघदेखि बिहान ८ बजेदेखि आफन्त भेट्ने व्यवस्था पनि गरिएको छ।

बेपत्ता/अपहरण

वाईसीएलबाट

गल्लाङ गाविस-४ निवासी नेपाल तरुण दलका कार्यकर्ता कामीसाङबो तामाङ, सोही गाविस- ६ का पासाङदोर्जे तामाङ र मीङमार तामाङलाई ०६६ माघ ३ गते राती आफ्नै घरमा सुतिरहेको अवस्थामा जबरजस्ती ढोका खोलेर वाईसीएल कार्यकताको एक समूहले अपहरण गऱ्यो। उनीहरूलाई आँखामा पट्टी बाँधेर जङ्गलतर्फ लगेर कुटपिट गरी अचेत अवस्थामा छाडेर भागेका थिए। भोलिपल्ट बिहान नेपाल राष्ट्रिय मावि नजिकैको खोलामा अचेत अवस्थामा भेटिएका घाइतेहरूको जिल्ला अस्पतालमा प्रारम्भिक उपचार गरेपछि थप उपचारका लागि राजधानीस्थित त्रिवि शिक्षण अस्पताल लगिएको थियो। घटनामा प्रहरीले एकजना वाईसीएल कार्यकर्तालाई गिरफ्तार गरेकोमा दुवै पक्षबीच मिलापत्र भएपछि ०६७ माघ १२ गते उनी रिहा भएका थिए ।

धम्की/कुटपिट

एकीकृत माओवादीबाट

लहरेपौवा गाविस-६ निवासी वाईसीएलका जिल्ला अध्यक्ष मेघनाथ घिमिरेले ०६७ वैशाख ५ गते जिल्लाका मानवअधिकारकर्मी, व्यापारी, र अन्य दलका कार्यकर्ताहरूलाई आफ्नो पार्टीको देशव्यापी आमहड्तालमा जान तथा चन्दा दिन पत्राचार गरी धम्की दिए। उनीहरूले चन्दा नदिए जे पनि कारवाही गर्ने धम्की दिएका थिए।

गोल्जुङ गाविस -७ निवासी नेपाल तरुण दल जिल्ला कार्य समितिका सदस्य ३५ वर्षीय हिसी तामाङलाई ०६६ माघ ५ गते दिउँसो एकीकृत माओवादी कार्यकर्ताले धैबुङ गाविस -२ बेतिनीमा छुरा प्रहार गरी घाइते बनाए। राजधानीबाट मोटरसाइकलमा जिल्ला सदरमुकामतर्फ जान लागेका तामाङलाई मोटरसाइकल रोकेर एकीकृत माओवादी कार्यकर्ता दावा तामाङले छुरा प्रहार गरेका थिए । उनको प्रारम्भिक उपचार जिल्ला अस्पतालमा गराई थप उपचारको लागि राजधानीस्थित त्रिवि शिक्षण अस्पताल लगिएको थियो। पीडकलाई प्रहरी कारवाही नभएको भन्दै घटनाको विरुद्ध नेपाल तरुण दलले ०६६ माघ ६ गते रसुवा बन्द आयोजना गरेको थियो। पीडकलाई कारवाही भएन।

धैबुङ गाविस-४ निवासी युवासङ्घ जिल्ला कमिटी सदस्य ३१ वर्षीय देवबहादुर तामाङ र एमाले धैबुङ गाउँ कमिटी सदस्य ३० वर्षीय आइतराम तामाङलाई ०६६ चैत २९ गते एकीकृत माआवादी कार्यकर्ताको एक समूहले सोही गाविस -३ धारापानीमा कुटपिट गर्दा देवबहादुरको दुवै खुट्टा र हात भाँचिएको थियो भने आइतरामको टाउकोमा चोट लागेको थियो। घाइतेको उपचार राजधानीको मनमोहन मेमोरियल अस्पतालमा भयो। घटनामा संलग्न रहेको आरोपमा भोलिपल्ट प्रहरीले नारायण विकलाई गिरफ्तार गरेकोमा दुवै पक्षबीच मिलापत्र भएपछि ०६७ वैशाख १४ गते उनी रिहा भए।

वाईसीएलबाट

धैबुङ्ग गाविस- ५ का सुवास पौडेललाई ०६७ कात्तिक १७ गते वाईसीएल केन्द्रीय सदस्य मेघनाथ घिमिरेले सार्वजनिक जग्गा कब्जा गरी घर बनाएर बसेको भन्दै मार्ने धम्की दिए। सो जग्गा तुरुन्त छाड्न पटकपटक चेतावनी दिएको तथा विज्ञप्ति टाँसेर आफ्नो बेइज्जती गर्न खोजेको पौडेलले बताए। उनले सो जग्गा आफूले किनेर घर बनाएको बताए।

गोल्जुङ गाविस-६ निवासी नेपाली काङ्ग्रेसका कार्यकर्ता मिङमरछोवाङ घलेलाई ०६७ असोज ४ गते गाउँनजिकैको गुम्बाबाट फर्कदै गरिरहेको अवस्थामा वाईसीएल कार्यकर्ता दिलीप तामाङको नेततृत्वमा आएका सात जना कार्यकर्ताले खुकुरी प्रहार गरी घाइते भएका पीडितको स्थानीय स्वास्थ्यचौकीमा सामान्य उपचार गराएपछि जिल्ला अस्पताल लगिएको थियो।

घटनाको प्रकार	गैरराज्यबाट							राज्यबाट		
	अन्यबाट				एकीकृत माओवादीबाट					
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
घाइते	२	३		३	३	३	३			
गिरफ्तारी/यातना								१	१	१
कुटपिट	१		१	१						
धम्की	२	२		२	१	१	१			
महिलाअधिकार	८		८	८						
बालअधिकार	१		१	१						
अपहरण	२	४		४						
जम्मा	१६	९	१०	१९	४	४	४	१	१	१

उनको टाउको र अनुहारमा चोट लागेको थियो।

लहरेपौवा गाविस-६ निवासी वाईसीएलका केन्द्रीय सदस्य मेघनाथ घिमिरेलाई ०६७ कात्तिक १७ गत आफ्नै पार्टीका कार्यकर्ता धैबुङ गाविस -५ का विश्व ढकालले धैबुङ गाविस-५ कालीकास्थानमा कुटपिट गरे। घिमिरेले आफूलाई मार्ने धम्की दिएपछि झडप भएको ढकालले बताए।

तरुण दलबाट

धैबुङ गाविस-५ निवासी एकीकृत माओवादीका जिल्ला कमिटी सदस्य तथा ताम्सालिङ राज्य समितिका सल्लाहाकार मेघबहादुर ढकाल र स्याफ्रू गाविस-४ का एकीकृत माओवादी कार्यकर्ता टासी तामाङलाई नेपाल तरुणदलका कार्यकर्ताले ०६६ माघ ६ गते जिल्ला सदरमुकाम धुञ्चेमा कुटपिट गरी घाइते बनाए। जिल्ला सदरमुकाममा तरुण दल कार्यकर्ताले आह्वान गरेको बन्दको समयमा मोटरसाइकल चलाएको र आफ्ना कार्यकर्तालाई एकीकृत माओवादीका कार्यकर्ताले कुटपिट गरेको भन्दै रसुवा जिल्ला बन्दको आह्वान गर्दै हिँडेका दलका कार्यकर्ताले स्याफ्रूबाट धुञ्चे आउँदै गर्दा मोटरसाइकल रोकेर उनीहरुलाई कुटपिट गरेका थिए। ढकाल र तामाङको टाउको र जीउमा चोट लागेको थियो। खुट्टा र हात भाँचिएको थियो। उनीहरूलाई जिल्ला अस्पतालबाट थप उपचारका लागि स्थित त्रिवि शिक्षण अस्पतालमा लगियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

रसुवा जिल्ला अदालतमा ०६७ असार मसान्तसम्म गत वर्षको जिम्मेवारी सरेर आएका ११ थान मुद्दा यस वर्ष फर्स्यौट भए। साउनदेखि दर्ता भएका ८ थान मुद्दाहरुमध्ये ०६७ पुस १६ गतेसम्म कुनै फर्स्यौट भएनन्।

बालअधिकार

जिल्ला शिक्षा कार्यालय रसुवाका अनुसार यस जिल्लामा संस्थागत र सरकारी गरी जम्मा विद्यालय सङ्ख्या १ सय ५५ रहेको छ। जसमध्ये ७१ ओटा विद्यालयमा प्राथमिक तहको शिक्षा १९ ओटा विद्यालयमा निम्नमाध्यामिक तहको र १० ओटा विद्यालयमा माध्यमिक तहको कक्षा सञ्चालन हुन्छ। माध्यमिक तहमा १ हजार ६ सय ७८ जना विद्यार्थी अध्ययनरत रहेकोमा ८ सय १७ जना छात्रा र ८ सय ६१ जना छात्र अध्ययनरत छन्। यसैगरी निम्नमध्यामिक विद्यालयतर्फ १ हजार ६ सय ४४ जना छात्रा र १ हजार ५ सय ४२ जना छात्र गरी जम्मा ३ हजार २ सय १६ जना विद्यार्थी अध्ययनरत छन्। यस जिल्लामा प्राथिमिक तह तर्फ ४ हजार २ सय ५२ छात्रा र ४ हजार ८९ जना छात्र गरी ८ हजार ३ सय ४१ जना विद्यार्थी अध्ययनरत छन्।

यस जिल्लामा निजी (बोर्डिङ) विद्यालयको सङ्ख्या ८ रहेकोमा ८ सय ७६ सय जना विद्यार्थी अध्ययनरत छन्। जसमा ४ सय ४ जना छात्रा र ४ सय ७२ छात्र अध्ययनरत छन्। विद्यालय पायक ठाउँमा नहुँदा तथा सबै गाविसमा माबि नहुँदा धेरै बालबालिकाहरू विद्यालय जानबाट वञ्चित रहँदै आएका छन् ।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

धैबुङ गाविस- ४ की १७ वर्षीया एक

रसुवा कारागार

बालिकालाई ०६७ मङ्सिर १२ गते सो गाविस-३ धारापानीका २८ वर्षीय डिल्लीबहादुर तामाङले राति पीडितकै घरमा प्रवेश गरी बलात्कार गरेको आरोपमा उनलाई प्रहरीले मङ्सिर १४ गते गिरफ्तार गरी हाल पुर्पक्षका लागि थुनामा राखेको छ । आफ्नै घरमा सुतिरहेको समयमा खुकुरी, खुर्पालगायत हातहतियार सहित प्रवेश गरेका तामाङले पीडितकी आमालाई घरबाट बाहिर निकाली जबरजस्ती बालिकालाई बलात्कार गरेको पीडितका परिवाले बताए। घटनाबारे अरुलाई बताए मार्ने धम्की दिएर पीडक भागेपछि प्रहरी चौकी कालिकास्थानमा पीडित पक्षले उजुरी दिएको थियो।

बहुविवाह

तनहुँ जिल्ला घर भई जिल्ला विकास समिति रसुवामा कार्यरत महेशराज शर्माले ०६७ मङ्सिर १० गते गुल्मी जिल्लाकी विष्णु भण्डारीसँग विवाह गरे। उनकी जेठी पत्नी मञ्जुश्री पौडेलले रसुवा जिल्ला अदालतमा बहुविवाह विरुद्ध जाहेरी दिइन्। जिल्ला अदालत रसुवाले उनीहरू दुवैलाई जनही २० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरचना, सम्पति क्षति

रसुवा जिल्लामा क्रियाशील संस्था भूमिअधिकार मञ्चले दिएको तथ्याङ्क अनुसार १ हजार २ सय बिर्ताका पीडित छन् भने गुठीपीडित ५ सय र भूमिहीन सुकुमबासी तीन सय परिवार रहेका छन्। दैवी प्रकोपका कारण पनि रसुवाका राम्चे, धैबुङ र भोर्ले गाविसमा ७५ परिवार सुकुमबासी बन्न पुगेका छन्।

जिल्ला स्वास्थ्य सेवाको अवस्था

रसुवा जिल्लामा एउटा जिल्ला अस्पताल, एक सामुदायिक अस्पताल रहेको छ। जिल्ला अस्पतालमा पाँच जना चिकित्सकको दरबन्दी भए पनि चारजना कार्यरत छन्। जिल्लाका आठ ओटा उपस्वास्थ्य चौकी तथा नौ स्वास्थ्य चौकी र एक प्राथमिक स्वास्थ्य केन्द्र रहेको छ। जिल्लाभर १ सय १९ स्वास्थ्यकर्मीको दरबन्दी रहेकोमा ८५ जना मात्र कार्यरत छन्। जिल्लामा ३४ जना स्वास्थ्यकर्मीको दरबन्दी रिक्त रहेको छ।

पश्चिमाञ्चल

३.१ तनहुँ

३.२ गोरखा

३.३ लमजुङ

३.४ स्याङ्जा

३.५ कास्की

३.६ मनाङ

३.७ नवलपरासी

३.८ रुपन्देही

३.९ पाल्पा

३.१० कपिलवस्तु

३.११ अर्घाखाँची

३.१२ गुल्मी

३.१३ वाग्लुङ

३.१४ पर्वत

३.१५ म्याग्दी

३.१६ मुस्ताङ

३.१ तनहुँ



जनसङ्ख्या : ३,६४,२९२
साक्षरता प्रतिशत : ७२
महिला साक्षरता प्रतिशत : ६३
क्षेत्रफल (वर्ग कि. मि.) : १,५४६
गाविस/नपा सङ्ख्या : ४६/१
सरकारी/निजी विद्यालय : ६००/८४
क्याम्पस/उच्च मा.वि. : ४/४४
अस्पताल/स्वास्थ्य चौकी : २/४६
मानव विकास सूचकाङ्कः ०.५२४
प्रतिपरिवार सरदर सङ्ख्याः ६

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या
राज्यबाट

बरभञ्ज्याङ गाविस-२ घर भई जिल्ला कारागार शाखामा कैदको सजाय भोगिरहेका २२ वर्षीय प्रीतम विष्टको ०६६ चैत २७ गते राति १२ बजे कारागारबाट भाग्ने क्रममा प्रहरीले प्रहार गरेको गोली लागी घटनास्थलमै मृत्यु भयो। प्रीतम जबरजस्ती करणी मुद्दामा १५ वर्ष कैद र १ लाख रुपियाँ जरिबाना साथै नकबजनी चोरी मुद्दामा चार वर्ष कैदको सजायमा जिल्ला कारागारमा बन्दी थिए। बन्दीहरूले मुढा बुन्न पाल अड्याउनको लागि प्रयोग गरिएको करिब १३ फिट लामो बाँसको सहायतामा कारागारको पर्खाल नाघी भाग्न खोज्दा प्रहरीले गोली प्रहार गरेको कारागार प्रमुख दामोदर शर्माले बताए। प्रहरीले भने नभाग्न चेतावनी दिँदादिँदै पनि अटेर गरेकाले गोली प्रहार गरेको बतायो। मृतक विष्टको टाउको, घुँडा, छाती र कम्मरमा गरी चार गोली लागेको थियो। घटनाको इन्सेक क्षेत्रीय कार्यालय, पोखराले अनुगमन गरी नियन्त्रणमा लिन सक्ने अवस्था हुँदाहुँदै गोली प्रहार गरी हत्या गरिएको प्रतिवेदन सार्वजनिक गरेको थियो।

जेल र बन्दीहरू

यस वर्षको अन्त्यसम्म जिल्ला कारागारमा कैद तोकिएका ५९ र कैद नतोकिएका ३५ गरी ९४ जना बन्दीहरू रहेका छन्। २५ जना क्षमता रहेको 'ग' श्रेणीको जिल्ला कारागारमा बन्दीहरूमा कर्तव्य ज्यान मुद्दामा कैद तोकिएका १४ जना, कैद नतोकिएका १६ जना गरी ३० जना, लागु औषध मुद्दामा कैद तोकिएका तीन जना र कैद नतोकिएका पाँच जना गरी आठ जना, जबरजस्ती करणी मुद्दामा कैद तोकिएका १३ जना र कैद नतोकिएका पाँच जना गरी १८ जना, चोरी मुद्दामा कैद नतोकिएका एक जना, जबरजस्ती चोरी मुद्दामा कैद तोकिएका तीन जना, डाँका चोरी मुद्दामा कैद तोकिएका १७ जना, नकवजनी चोरी मुद्दामा कैद तोकिएका चार जना, हातहतियार खरखजना मुद्दामा कैद तोकिएका एक जना र कैद नतोकिएका एक जना गरी दुई जना, सवारी ज्यान मुद्दामा कैद नतोकिका दुई जना, ज्यानमार्ने उद्योग मुद्दामा कैद तोकिएका एक जना, मानव बेचबिखन मुद्दामा कैद नतोकिएका एक जना, ठगी मुद्दामा कैद तोकिएका दुई जना र कैद नतोकिएका तीन जना गरी पाँच जना, बहुविवाह मुद्दामा कैद नतोकिएका एक जना, सार्वजनिक अपराधको मुद्दामा कैद नतोकिएका एक जना रहेका छन्।

क्षमताभन्दा तेब्बर बढी बन्दीहरू रहेकाले बन्दीहरूलाई बस्न निकै अप्ठ्यारो भएको छ। कारागारमा नियमित रूपमा स्वास्थ्य परीक्षण, पत्रपत्रिका, रेडियो, टीभी, चेस, क्यारीमबोर्ड लगायतका सुविधा उपलब्ध गराइएको छ।

बेपत्ता/अपहरण
अज्ञात समूहबाट

लमजुङ जिल्ला जीता गाविस-८ निवासी एकीकृत नेकपा माओवादी लमजुङका कार्यालय सचिव ३२ वर्षीय देवेन्द्र पौडेललाई ०६७ असोज १४ गते अज्ञात समूहले बन्दीपुर गाविस-१ डुम्रेस्थित बन्दीपुर होटल अगाडिबाट अपहरण गरी असोज २० गते चितवनको मुगलिङबाट मुक्त गऱ्यो। अपहरणपछि सो समूहले आँखामा पट्टी बाँधेर अज्ञात स्थलतर्फ लगेको अपहरणमुक्त भएपछि पौडेलले बताए। अपहरणमुक्त हुँदा चिन्ताजनक स्वास्थ्य रहेका उनको लम्जुङ सामुदायिक अस्पतालमा उपचार भयो। तनुहुँको डुम्रे

घटनाको प्रकार	गैर राज्यबाट				राज्यबाट			
	अन्यबाट							
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
हत्या	३		३	३	१	१		१
घाइते	१		१	१				
गिरफ्तारी/यातना					३	३		३
कुटपिट	६	७	१	८				
भेला/सङ्गठित हुने अधिकार					३	५	४	९
महिलाअधिकार	३		३	३				
बालअधिकार	३		३	३				
अपहरण	१	१		१				
जम्मा	१५	८	९	१७	५	८	४	१३

पुगेर फर्कन्छु भन्दै बेसीशहरस्थित पार्टी कार्यालयबाट हिँडेका पौडेल डुम्रेबाट अपहरणमा परेका थिए।

धम्की/कुटपिट

वाईसीएलबाट

भीमाद गाविस-१ का व्यापारीहरू भीमसेन थापा, कृष्ण श्रेष्ठ र नेकपा एमालेका क्षेत्रीय सदस्य तारा थापालाई ०६७ वैशाख १४ गते साँझ भीमादस्थित एक होटलमा बसिरहेको अवस्थामा वाईसीएलका कार्यकर्ताहरूले कुटपिट गरे। माओवादी कार्यकर्ताहरूले व्यापारीहरूलाई तोकेरै चन्दा माग गरेकोमा व्यापारीहरूले भने चन्दा स्वेच्छिक हुनु पर्ने अडान राखेका कारण वाईसीएल कार्यकर्ताले उनीहरूलाई कुटपिट गरेका थिए। वाईसीएल क्षेत्र नम्बर ३ का अध्यक्ष विष्णु खत्रीले भने होटलमा बसेर हल्ला गरेको कारण सामान्य झगडा भएको बताए।

व्यास नपा-२ दमौलीका २१ वर्षीय अमजद हुसेनलाई ०६७ वैशाख २५ गते बसमा चढेर करिब २० जनाको सङ्ख्यामा आएका वाईसीएल कार्यकर्ताहरूले सोही ठाउँको कालीका मार्गमा कुटपिट गरे। उनको दमौली अस्पतालमा उपचार भयो। मुखमा मास्क लगाएर आएका वाईसीएल कार्यकर्ताहरू कुटपिट गरेपछि सोही बस चढेर भागेको प्रत्यक्षदर्शीले बताए। आक्रमणको विरोधमा सोही दिन दमौलीमा युवाहरूले विरोध प्रर्दशन गरे। उनीहरूले व्यास नपा-१० निमचोकमा रहेको एकीकृत माओवादीको कार्यालयमा ढुङ्गा प्रहार गरेका थिए। माओवादी जिल्ला इन्चार्ज हरिबहादुर चुमानले वाईसीएलका कुनै पनि कार्यकर्ता आक्रमणमा संलग्न नभएको बताए।

गैरकानुनी गिरफ्तारी

आँबुखैरेनी गाविस-६ का २५ वर्षीय रवीन्द्र खड्कालाई ०६७ कात्तिक ७ गते प्रहरीले व्यास नपा-२ सफासडकस्थित एक कानुनव्यवसायीको कार्यालयबाट बिनापुर्जी गिरफ्तार गरी थुनामा राख्यो। खड्कालाई ३१ दिनसम्म थुनामा राखी पुनरावेदन अदालत पोखराको आदेशपछि ०६७ मङ्सिर ८ गते रिहा गऱ्यो। गिरफ्तारीको एक सातासम्म रवीन्द्रलाई प्रहरीले सरकारी वकिल र अदालतमा पेश गरेन। रवीन्द्रका जेठा दाइ राजेशले तीन वर्षअघि भानु गाविसको नारेश्वरटारकी अप्सरासँग दोस्रो विवाह गरेको आरोपमा राजेशकी जेठी पत्नी आरतीले जिल्ला प्रहरी कार्यालयमा बहुविवाहको मुद्दा दर्ता गराएपछि प्रहरीले कात्तिक ५ गते राजेशलाई छलफलको लागि बोलाएको थियो। छलफलमा भाइ रवीन्द्रले कात्तिक ७ गते राजेशलाई प्रहरी कार्यालयमा उपस्थित गराउने जमानत कागजमा सही गरेका थिए। तर, भारतीय सेनामा कार्यरत राजेश सोही दिन राति घरबाट भागेपछि प्रहरीले दाइलाई भगाएको आरोपमा रवीन्द्रलाई गिरफ्तार गरेको थियो।सरकारी वकिलको कार्यालयले उनको बारेमा मुद्दा चल्न नसक्ने ठहर गरेको थियो।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

बन्दीपुर गाविस-१ डुम्रेकी लक्ष्मी गुरूङ, शान्ति श्रेष्ठ, सुन्दर दवाडी, रामकुमार नेपाली र अशोक गौली ०६६ चैत २७ गते दिउँसो बन्दीपुर गाविस-१ डुम्रेमा प्रहरी र स्थानीय बासिन्दाबीच झडप हुँदा घाइते भए। सो झडपमा आँबुखैरेनी इलाका प्रहरी कार्यालयका

प्रहरी निरीक्षक वीरेन्द्र थापा र जिल्ला प्रहरी कार्यालयका निरीक्षक भीमप्रसाद सिलवाल र डुम्रे प्रहरी चौकीमा कार्यरत प्रहरी नायब निरीक्षक ईश्वरी पौडेल, प्रहरी जवानहरू रूद्र क्षेत्री, श्रीराम अछामी, नारायण थापा र अमृत भण्डारी पनि घाइते भए। घाइते सबैको लक्ष्मी अस्पताल डुम्रेमा उपचार भयो। स्थानीय बासिन्दाले १४ दिन अघिदेखि डुम्रेबजार लगायतका स्थानमा अवरूद्ध भएको विद्युत सुचारू गराउनुपर्ने माग गर्दै विरोध प्रर्दशनमा उत्रिएपछि प्रहरीले भिड नियन्त्रण गर्न २० सेल अश्रुग्याँस प्रहार गरेको थियो। अवरूद्ध यातायात सुचारू गर्ने क्रममा आफूहरू माथि बन्दकर्ताले ढुङ्गा हानेपछि बल प्रयोग गर्नु परेको प्रहरी निरीक्षक सिलवालले बताए। झडपका क्रममा बन्दकर्ताले केही सवारी साधनमाथि तोडफोड समेत गरेका थिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

तनहुँ जिल्ला अदालतमा ०६७ साल असार मसान्तसम्म बाँकी भएका सरकारीवादी फौजदारी मुद्दाको सङ्ख्या १ सय ३१ मध्ये ९४ फैसला भए। त्यसैगरी ०६७ असार मसान्तसम्म बाँकी भएका दुनियावादी फौजदारी मुद्दा २ सय ५५ र फैसला भएको मुद्दा सङ्ख्या १ सय ५२ रहेका छन्। ०६७ असार मसान्तसम्म बाँकी भएका देवानी मुद्दा ३ सय ५६ र फैसला भएको सङ्ख्या १ सय ८६ रहेको छ। त्यस्तै ०६७ साउनदेखि पुस १६ सम्म दर्ता भएका सरकारीवादी फौजदारी मुद्दा ६३ र फैसला भएको सङ्ख्या १० रहेको छ। ०६७ साउनदेखि पुस १६ सम्म दर्ता भएका दुनियावादी फौजदारी मुद्दाको सङ्ख्या १ सय ६८ र फैसला भएको सङ्ख्या ३३ रहेको छ। ०६७ साउनदेखि पुस १६ गतेसम्म दर्ता भएका देवानी मुद्दाको सङ्ख्या २ सय ६२ र फैसला सङ्ख्या ५३ रहेको छ। त्यस्तै घरेलु हिंसा ऐनअन्तर्गत दायर भएका मुद्दाको सङ्ख्या एक रहेको छ। जसको फैसला भएको छैन।

कारागारबाट भाग्न खोज्दा प्रहरीको गोलीबाट मारिएका प्रीतम विष्ट

सरकारी अधिवक्ताको कार्यालयले ०६६ पुसदेखि दायर गरेको मुद्दा सङ्ख्या १ सय ३० रहेको छ। यस मध्ये अदालततर्फ ८१ मुद्दा दर्ता गरेकोमा ३४ मुद्दामा सफलता, दुई मुद्दामा आंशिक सफलता र एक मुद्दामा असफलता पाएको छ भने ४४ मुद्दा फर्स्यौट हुन बाँकी रहेको छ। त्यस्तै प्रशासनतर्फ ४९ मुद्दा दर्ता गरेकोमा २० मुद्दामा सफलता र २९ मुद्दामा असफलता भएको छ।

बालअधिकार

जिल्लामा प्रारम्भिक बालविकास केन्द्र २ सय ८१ ओटा रहेका छन्। सामुदायिक विद्यालयतर्फ प्राथमिक ३ सय ९७, निमावि ५४, मावि ७५, उच्च मावि आठ ओटा रहेका छन्। त्यसैगरी संस्थागत विद्यालयतर्फ प्राथमिक ७७, निमावि ६, मावि ३४, उच्च मावि सात ओटा रहेका छन्। प्रारम्भिक बालविकास केन्द्र बाहेक यस जिल्लामा जम्मा ५ सय ४२ विद्यालयहरू रहेका छन्। ती विद्यालयहरूमा अध्ययनरत बालबालिकाहरूमा १ लाख १७ हजार ३ सय २९ जना रहेका छन्। जसमा ५९ हजार १ सय २७ बालिका र ५८ हजार २ सय २ जना बालक रहेका छन्। जिल्लाको साक्षरता प्रतिशत ७१.२७ रहेको छ। जसमा महिला ६२.८ र पुरूष ८०.९ प्रतिशत साक्षर रहेको जिल्ला शिक्षा कार्यलयले जनाएको छ। यस जिल्लामा विद्यालय जाने उमेरका बालबालिकामध्ये ९४ प्रतिशतमात्र विद्यालय जाने गरेका छन्।

बसन्तपुर गाविस-७ स्थित चन्द्रावती उच्च माविमा कक्षा ७ मा अध्ययनरत १३ वर्षीया जुना अधिकारीलाई ०६६ माघ ७ गते विद्यालयकी शिक्षिका सुनीता अधिकारीले कुटपिट गरी घाइते बनाइन्। कक्षामा पढाइरहेको अवस्थामा विद्यार्थीहरूले हल्ला गरेपछि हल्ला नियन्त्रण गर्न डस्टरले टाउकोमा हिर्काउँदा उनी घाइते भएकी थिइन्। शिक्षिकाको कुटपिटबाट बेहोस भएकी अधिकारीको लक्ष्मी अस्पताल डुम्रेमा उपचार भयो। घटनालगत्तै सोही दिन विद्यालय व्यवस्थापन समितिको बैठक बसी पीडित बालिकाको परिवारसँग शिक्षिकालाई माफी माग्न लगाइयो।

खैरेनीटार गाविस-८ स्थित सर्वोदय उच्च माविमा कक्षा १ मा अध्ययनरत ६ वर्षीय रवीन पौडेललाई गृहकार्य नगरेको आरोपमा ०६७ जेठ १७ गते विद्यालयकी शिक्षिका चिङ्की गुरूङले कुटपिट गरी घाइते बनाइन्। घाइते भएका बालकको सेतीगङ्गा

सामुदायिक अस्पताल बेलचौतारामा उपचार भयो। कुटपिटबाट बालकको शरीरको विभिन्न भागमा नीलडाम समेत रहेको थियो। शिक्षिकाको कुटपिटबाट विद्यार्थी घाइते भएपछि विद्यालयका प्रधानाध्यापक टी.राईले अविभावकसँग माफ मागे।

व्यास नपा-२ स्थित व्यास दिव्यज्योति बोर्डिङ स्कूलमा कक्षा ७ मा अध्ययनरत १३ वर्षीय अनमोल प्रधानलाई ०६७ मङ्सिर २१ गते विद्यालयका शिक्षक जी.पी पौडेलले कुटपिट गरी घाइते बनाए। कक्षामा पढाउने क्रममा अर्को विषयको किताब निकालेको भन्दै शिक्षक पौडेलले लाठीले कुटपिट गरेका थिए। घाइते विद्यार्थीको कान, आँखा र टाउकोमा चोट लागेको थियो। उनको दमौली अस्पतालमा उपचार गरियो। कुटपिटमा संलग्न शिक्षकलाई कुनै कारबाही भएन।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

व्यास नपा-४ की ११ वर्षीया सुस्तमनस्थिस्ति भएकी एक बालिकालाई ०६७ असार २९ गते सोही ठाउँका ५५ वर्षीया गोविन्द सेढाँईले बालिकाको घरमा कोही नभएको मौका पारेर बलात्कार प्रयास गरेको आरोपमा आरोपितलाई थुनामा राखिएको छ। बालिकाकी आमाका अनुसार छोरीलाई बलात्कारको प्रयास गरिरहेको अवस्थामा स्थानीय एक महिलाले देखेपछि सेढाँई भागेका थिए। बालिकाको दमौली अस्पतालमा स्वास्थ्य परीक्षण गरिएको थियो। स्वास्थ्य परीक्षणमा बलात्कार नभएको देखिएको दमौली अस्पतालले बतायो। घटनापछि आरोपितकी पत्नी र छोराले घटनाको बारेमा कतै उजुर नगर्न धम्की दिएको बालिकाकी आमाले बताइन्। आरोपितलाई कारबाहीको माग गर्दै साउन २ गते स्थानीय बासिन्दाले जिल्ला प्रहरी कार्यालयमा दबाब दिए। सेढाँईलाई प्रहरीले साउन २ गते गिरफ्तार गरी अदालतको आदेशमा पुपर्क्षको लागि तनहुँ कारागारमा थुनामा राखेको छ।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

घरेलु हिंसा

भानु गाविस-६ नारेश्वटारकी १९ वर्षीया सरला गैरेले पतिले दैनिक शारीरिक तथा मानसिक यातना दिएको भन्दै न्यायको लागि सहयोग गर्न ०६६ माघ १६ गते मानवअधिकारकर्मीसँग अनुरोध गरिन्। सरलाले पति कृष्णहरि गैरेले आफूलाई भुक्याएर र फकाएर दोश्रो विवाह गरी दैनिकजसो यातना र दुर्व्यवहार गरेको बताइन्। विवाहपछि पतिले संधै दुर्व्यवहार गरेको कारण सरलाले प्रहरीसमक्ष निवेदन समेत दिइन्। सरलाको उजुरीको आधारमा प्रहरीले गैरेलाई गिरफ्तार गरी माफ माग्न लगाई विवाह दर्ता समेत गराए। पतिको यातनाबाट असुरक्षित भएको भन्दै सरला घर छाडी खैरेनीटार गाविसमा आफन्तको शरणमा बसी पतिसँग सम्बन्धविच्छेदका लागि माघ २० गते जिल्ला अदालतमा दायर गरेको मुद्दा हालसम्म विचाराधीन रहेको छ।

रिस्ती गाविस-९ बिलाउनेकी ३१ वर्षीया गङ्गादेवी गुरूङको ०६६ फागुन १५ गते उनका पति रूपबहादुर गुरूङले घरमै घाँटी थिचेर हत्या गरेको आरोपमा पीडित पक्षले उजुरी दियो। गङ्गादेवीको शव घरनजिकैको धन्सारमा फेला परेकोमा घर पक्षले झुण्डिएर आत्महत्या गरेको बताए पनि अनुसन्धानको क्रममा पतिले घाँटी थिचेर हत्या गरेको पुष्टि भएको थियो। मृतकको माइती पक्षले फागुन १८ गते कारबाहीको माग गर्दै जिल्ला प्रहरी कार्यालयमा निवेदन दिएका थिए। प्रहरीले गुरूङलाई फागुन १९ गते गिरफ्तार गरेकोमा ०६७ जेठ २१ गते उनी तारेखमा रिहा भए।

जामुने गाविस-१ गुणादीकी ३५ वर्षीया बालकुमारी थापालाई ०६७ असोज ६ गते पति ४० वर्षीय प्रेमबहादुर थापाले घरायसी झगडामा चिरपट प्रहार गरी हत्या गरे। पत्नीको हत्यापछि प्रेमबहादुरले घरभित्रको दलिनको खाँबोमा झुण्डिएर आत्महत्या गरे। मृतकहरूको शव दमौली अस्पतालमा पोष्टमार्टम भयो।

घाँसीकुवा गाविस-५ गोल्लाकी ५६ वर्षीया देवी आलेलाई आफ्नै बुहारी हिमला थापाले बोक्सीको आरोप लगाइन्। आफूलाई बोक्सीको आरोप लगाई गाली बेइज्जती गरेको भन्दै पीडित आलेले ०६७ कात्तिक २९ गते जिल्ला प्रहरी कार्यलयमा मुद्दा दर्ता गराइन्। मुद्दा दर्तापछि प्रहरीले दुवै पक्षलाई झिकाई सोही दिन आरोपितलाई माफ माग्न लगाई मिलापत्र गरायो। प्रहरीले सासूलाई बोक्सीको आरोप लगाउने बुहारी हीमलालाई ४ हजार रुपियाँ जरिबाना समेत गराएको थियो। पीडक हिमलाले आफू केही दिनअघि बिरामी भई झाँक्रीकोमा झारफूक गर्न जाँदा धामीले सासूले बोक्सी लगाई बिरामी

अज्ञात समूहद्वारा अपहरण गरिएका देवेन्द्र पौडेल

बनाएको भनेको कारण आफूले पनि बोक्सी भनेको बताइन्। बोक्सी आरोप लगाउने हिमला स्थानीय बीपी प्राविकी शिक्षिका पनि हुन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरचना, सम्पत्ति क्षति

घाँसीकुवा गाविस-५ मुसेखोलामा सिमेन्ट लिएर बाराबाट पोखरातर्फ जाँदै गरेको ना ४ ख २६२७ नम्बरको ट्रक ०६७ वैशाख ९ गते १०/१२ जनाको सङ्ख्यामा रहेका द्वन्द्वपीडित सेना तथा प्रहरीले बाटोमा अवरोध गरी मट्टितेल छर्केर आगजनी गरी ध्वस्त बनाए। बन्दको अवज्ञा गरेको भन्दै उनीहरूले सो ट्रकमा आगजनी गरेका थिए। सुरक्षा निकायमा कार्यरत उनीहरूले द्वन्द्वको समयमा बाध्यतावस जागिर छोड्नु परेकाले पुनर्स्थापनाको माग गर्दै पश्चिमाञ्चल क्षेत्र बन्दको आयोजना गरेका थिए।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा यस वर्षको अन्त्यसम्ममा डाक्टर दरबन्दी छ जना रहेकामा तीन जना कार्यरत छन्। स्टाफ नर्स सात जनाको दरबन्दी रहेकोमा तीन जना कार्यरत छन्। हेल्थ असिस्टेन्ट १८ जना दरबन्दी रहेकोमा १५ जना कार्यरत छन्। अहेव ५१ जना दरबन्दी रहेकोमा ४८ जना कार्यरत छन्। ग्रामीण स्वास्थ्य कार्यकर्ता ३१ जना दरबन्दी रहेकोमा २२ जना कार्यरत छन्। अनमी २१ जना दरबन्दीमा २० जना कार्यरत छन्। मासिका ३१ जना दरबन्दी रहेकोमा ३० जना कार्यरत रहेका छन्। सुडेनी १ सय ८९ जना कार्यरत रहेका छन्। महिला स्वास्थ्य स्वयम्सेविका ४ सय २३ जनाको दरबन्दी रहेकोमा ४ सय २३ जना कार्यरत रहेका छन्। जिल्ला स्वास्थ्य कार्यालयका अनुसार जिल्लामा दुई अस्पताल, एक प्राथमिक स्वास्थ्य केन्द्र, ३१ उपस्वास्थ्य चौकी र १२ स्वास्थ्य चौकी, गाउँघर स्वास्थ्य क्लिनिक १ सय ८१ र आयुर्वेद स्वास्थ्य केन्द्र ११ गरी जम्मा २ सय ४५ स्वास्थ्यसँग सम्बन्धित कार्यालयहरू छन्।

द्वन्द्वपीडित प्रहरी र सेनाले आगजनी गरेको ट्रक

३.२ गोरखा

जनसङ्ख्या : ३,२४,२२८
साक्षरता प्रतिशत : ६१
महिला साक्षरता प्रतिशत : ४१
क्षेत्रफल (वर्ग कि. मि.) : ३,६१०
गाविस/नपा सङ्ख्या : ६६/१
सरकारी/निजी विद्यालय : ४९६/२४
क्याम्पस/उच्च मा.वि. : २/३८
अस्पताल/स्वास्थ्य चौकी : २/७४
मानव विकास सूचकाङ्कः ०.४५४
प्रतिपरिवार सरदर सङ्ख्याः ६

जेल र बन्दीहरू

जिल्ला कारागारमा यस वर्षको अन्त्यसम्ममा ५९ जना पुरुष र छ जना महिला गरी ६५ जना बन्दी रहेका छन्। "ङ" श्रेणीको गोरखा कारागारको कूल बन्दी क्षमता ५५ जना रहेको छ। जसमध्ये कैद तोकिएका ३३ जना पुरुष र पाँच जना महिला छन् भने कैद नतोकिएका २६ जना पुरुष र एक जना महिला थुनुवा रहेका छन्। कारागारमा पुरुष र महिला बन्दी दुवै कक्षमा एक एउटा रङ्गीन टीभी, खेलकूद सामग्री, पत्रपत्रिका र पुरुष बन्दीकक्षमा एउटा पुस्तकालय छ। बन्दीहरूको स्वास्थ्य परीक्षणका लागि कारागार विभागले एकजना सिअहेव तहका स्वास्थ्यकर्मीको

घटनाको प्रकार	गैरराज्यबाट							
	अन्यबाट				एकीकृत माओवादीबाट			
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
हत्या	१		१	१				
कुटपिट	३	४		४	७	१७		१७
धम्की					३	५		५
भेला/सङ्गठित हुने अधिकार					१	१	१	३
महिलाअधिकार	१		१	१				
जम्मा	४	४	३	६	१०	३३	१	३४

दरबन्दी उपलब्ध गराएको भए पनि हाल त्यो पदमा कोही कार्यरत छैन।

धम्की/कुटपिट

एकीकृत माओवादीबाट

ताङलीचोक गाविस-६ निवासी नेपाल शिक्षक सङ्घ ताङलीचोकका संयोजक ३२ वर्षीय देउबहादुर गुरूङलाई ०६७ वैशाख ११ गते एकीकृत माओवादीका कार्यकर्ताहरूले मकैसिङ गाविसस्थित बुट्टारमा कुटपिट गरे। ना.३.ख. ८१२८ नम्बरको गाडी चढेर मकैसिङ गाविस जाँदै गर्दा लाल युवा मार्च अभियानमा सहभागी कार्यकर्ताहरूले कुटपिट गरेका थिए।

ताकुमाझलाकुरीबोट गाविस-९ निवासी स्थानीय चन्द्रकला निमाविका शिक्षक सुकबहादुर बरामलाई ०६७ वैशाख ११ गते राति घरमा बसिरहेको अवस्थामा एकीकृत माओवादीका कार्यकर्ताहरूले कुटपिट गरे। कुटपिटबाट सामान्य घाइते भएका बराम गोरखा अस्पतालमा उपचारपछि ०६७ वैशाख १३ गते घर फर्किए।

गाँखु गाविस-५ निवासी अखिल नेपाल किसान महासङ्घ गोरखा अर्न्तगत युवा किसान सङ्घका सदस्य २६ वर्षीय ज्ञानेन्द्र सुवेदीलाई ०६७ जेठ ६ गते साँझ गोरखाबजार आएर फर्कने क्रममा खोप्लाङ गाविस-९ मसाने ठाँटीमा छ/सात जनाको सङ्ख्यामा रहेका एकीकृत माओवादीका कार्यकर्ताहरूले खोप्लाङ गाविस-९ मा कुटपिट गरी घाइते बनाए। पीडितको गोरखा अस्पतालमा उपचार भयो। पीडित गोरखा बजारमा असिना पीडित किसानलाई राहत माग गर्दै जिल्ला प्रशासन कार्यालय घेराउ कार्यक्रममा सहभागी भएर फर्कने क्रममा माओवादी कार्यकर्ताले कुटपिट गरेकोमा किसान महासङ्घ गोरखाले एक विज्ञप्ति प्रकाशन गरी विरोध जनायो।

मसेल गाविस-१ का २८ वर्षीय लोकबहादुर रावल, पन्द्रूङ गाविस-९ का २० वर्षीय सुन्दरकुमार गुरूङ, ३० वर्षीय सुरज गुरूङ, १८ वर्षीय रोशन गुरूङ, २१ वर्षीय मन्जीत गुरूङ, २१ वर्षीय मनोज गुरूङ, २० वर्षीय राजेश गुरूङ, २६ वर्षीय ध्रुव गुरूङ, २३ वर्षीय टेकबहादुर गुरूङ, धुवाँकोट गाविस-८ का २२ वर्षीय राजकुमार गुरूङ र सुरक्षार्थ स्कटिङगमा खटिएका प्रहरी जवान गोरखा नपा-८ का २२ वर्षीय अनिल थापालाई ०६७ असार १२ गते एकीकृत माओवादीका कार्यकर्ताले गोरखा नपा-७ ढुङगागाडेमा कुटपिट गरी घाइते बनाए। मसेल गाविस-९ घ्याम्पसेलबाट पाँचओटा मोटरसाइकलमा प्रहरीको स्कर्टिङगमा गोरखाबजारतर्फ जाँदै गर्दा ढुङगागाडे भञ्ज्याङमा रड, खुकुरी लिएर बसेका एकीकृत माओवादीका कार्यकर्ताहरूले कुटपिट गरेको घाइते लोकबहादुर रावलले बताए। घाइतेमध्ये टाउकोमा चोट लागेका लोकबहादुर रावल र सुन्दरकुमार गुरूङलाई गोरखा अस्पतालमा उपचारपछि सोही दिन थप उपचारका लागि काठमाडौँ लगियो। मसेल गाविस-९ घ्याम्पेसालस्थित दुल्लभ उच्च माध्यमिक विद्यालयको ०६७ असार ११ गते व्यवस्थापनमा समिति गठनमा सहभागी भएर फर्कँदै गरेका आफ्ना कार्यकर्तामाथि एकीकृत माओवादीका कार्यकर्ताले कुटपिट गरेको भन्दै नेपाली काङ्ग्रेस गोरखाले विज्ञप्ति प्रकाशन गरेर घटनाको विरोध जनायो। तर एकीकृत माओवादी गोरखाले कुटपिट गर्ने पार्टीको कुनै नीति नभएकोले घटनामा आफ्नो पार्टी कार्यकर्ताको संलग्नता नभएको दावी गऱ्यो।

मसेल गाविस-६ खगीथोक निवासी नेपाली काङ्ग्रेस कार्यकर्ता खिलाप्रसाद देवकोटालाई ०६७ असार १२ गते घरमै सुतिरहेको अवस्थामा बाहिर बोलाएर एकीकृत माओवादीका कार्यकर्ताहरूले कुटपिट

गरे। घाइते देवकोटाको स्थानीय स्वास्थ्यचौकीमा उपचार भयो। पीडकलाई कुनै कारबाही भएन्।

तान्द्राङ गाविस-९ निवासी नेपाली काङ्ग्रेस कार्यकर्ता टीका अँगाईलाई ०६७ असार १२ गते साँझ सोही गाविस-९ ताराखसेमा एकीकृत माओवादी कार्यकर्ताले 'पार्टीको विरोध गर्दै हिँड्ने होइनस्' भन्दै कुटपिट गरे। उनको उपचार स्थानीय स्वास्थ्यचौकीमा भयो।

आरूपोखरी गाविस-५ निवासी सोही गाविसका नेपाली काङ्ग्रेसका संयन्त्र सदस्य ३६ वर्षीय नवराज अधिकारीलाई ०६७ असार १३ गते घरबाट गोरखाबजारतर्फ आउँदै गर्दा बाटोमा चिर्पट, रड लिएर बसेका एकीकृत माओवादी कार्यकर्ताहरूले 'यही मान्छे हो' भन्दै समातेर मुक्काले हान्दै बगुवा गाविस-३ ठूलो खान्चोकमा कुटपिट गरे। कुटाइबाट अनुहारको दाहिने आँखा र गालामा गम्भीर चोट लागेका अधिकारीको गोरखा अस्पतालमा उपचार भयो।

मसेल गाविस-९ स्थित दुल्लभ उच्च माविका प्राचार्य हंशपुर गाविस-३ का ५० वर्षीय नुरेश्वर अधिकारी सहित शिक्षकहरू वगुवा गाविस-९ का ४५ वर्षीय शिवप्रसाद भट्ट, मसेल गाविस-८ का ४९ वर्षीय ढकनाथ बस्ताकोटी र तान्द्राङ गाविस- ६ का ३३ वर्षीय गोविन्दप्रसाद भट्ट गाउँ छाडेर ०६७ असार १८ गतेदेखि विस्थापित भए। दुल्लभ उच्च माविको ०६७ असार ११ गते व्यवस्थापन समितिको गठनका विषयलाई लिएर काङ्ग्रेस र एकीकृत माओवादीबीच भएको विवादपछि एकीकृत माओवादीले भौतिक कारबाही गर्ने धम्की दिएको भन्दै उनीहरू गाउँ छाडेर काठमाडौं गएका थिए। शिक्षकहरू असार २५ गते गाउँ फर्किए।

खरीबोट गाविस-२ निवासी नेपाली काङ्ग्रेसका क्षेत्रीय सदस्य ४१ वर्षीय इतराज सुनार एकीकृत माओवादीको धम्कीको कारण देखाउँदै ०६७ कात्तिक २६ गतेबाट गाउँबाट विस्थापित भए। तिहारको अवसरमा गाउँमा आयोजित शुभकामना आदानप्रदान कार्यक्रममा पार्टी प्रतिनिधि भएर भाषण गरेको विषयलाई लिएर एकीकृत माओवादीका स्थानीय कार्यकर्ताहरूले बारम्बार धम्की दिएपछि गाउँ छाडेर गोरखाबजारमा बस्न बाध्य भएको सुनारले बताए।

नेपाली काङ्ग्रेसबाट

आरूचनौटे गाविस-३ निवासी एकीकृत माओवादीका स्थानीय कार्यकर्ता २३ वर्षीय रामुकमार उपरकोटीलाई ०६७ वैशाख ३ गते साँझ आरूचनौटे गाविस-१ आरूघाट बजारमा नेपाली काङ्ग्रेसका कार्यकर्ताले कुटपिट गरे। धावा गाविस-८ का सन्तोष तामाङसहितको एक समूहले कुटपिट गरेको पीडितले बताए। राजनीतिक प्रतिशोधको आधारमा योजनाबद्ध तरिकाले आफ्नो कार्यकर्तामाथि आक्रमण गरेको एकीकृत माओवादीले जनायो।

मसेल गाविस-९ घ्याम्पेसाल निवासी सोही ठाउँस्थित दुल्लभ उच्च माविका शिक्षक ४३ वर्षीय रामचन्द्र श्रेष्ठ, स्थानीय व्यापारी कर्णराज वन्त र स्थानीय विकास श्रेष्ठलाई ०६७ असार १३ गते नेपाली काङ्ग्रेस कार्यकर्ताहरूले मसेल गाविस-९ मा कुटपिट गरे। पीडितहरूको स्थानीय स्वास्थ्यचौकीमा उपचार भयो।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

नारेश्वर गाविसका प्रेमबहादुर थापासहित करिब १ सय जनाभन्दा बढी मानिसहरूलाई ०६६ माघ २८ गते क्षेत्री समाजको कार्यक्रममा सहभागी हुन काठमाडौं जान लाग्दा एकीकृत नेकपा माओवादीका कार्यकर्ताहरूले गोरखा नपा-३ हरमटारीचोकमा रोके। एकीकृत माओवादी र क्षेत्री समाज गोरखाबीच जिल्ला प्रहरी कार्यालय गोरखामा भएको छलफलमा पनि सहभागी हुन जान दिने माओवादी सहमत नभएपछि उनीहरू घर फर्किएका थिए। गोरखा बजारबाट दुईओटा बस रिर्जभ गरेर क्षेत्री समाजको कार्यक्रममा उनीहरू काठमाडौं जान लागेका थिए। क्षेत्री समाजको नाममा सङ्गठन बनाएर उनीहरूले जातीय द्वेष बढाउने र देश विखण्डन गर्ने षड्यन्त्रमा लागेकोले सो क्रियाकलापलाई रोक्न यस्तो गर्नु परेको एकीकृत माओवादी गोरखाले जनायो।

एकीकृत माओवादीद्वारा कुटपिट गरी घाइते बनाइएका अनिल थापा

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा ०६७ असार मसान्तसम्म दुनियाँवादी फौजदारी मुद्दातर्फ गत वर्ष जिम्मेवारी सरेर आएका २७ थान र यस वर्ष नयाँ दर्ता ४६ थान गरी जम्मा ७३ थान मुद्दामध्ये ५२ थान फर्स्यौट भई २१ थान मुद्दा बाँकी रहे। सरकारवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ३० थान र यस वर्ष दर्ता भएका ३४ थान गरी ६४ थानमध्ये ३२ थान फर्स्यौट भई ३२ थान नै मुद्दा बाँकी रहे। देवानी मुद्दातर्फ गत वर्ष जिम्मेवारी सरेर आएका ६५ थान र यस वर्ष दर्ता भएका ४२ थान गरी जम्मा १ सय ७ थानमध्ये ३९ थान फर्स्यौट भई ६८ थान बाँकी रहे। यसरी यस वर्षको अन्त्यसम्ममा जिल्ला अदालतमा १ सय २१ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे।

बालअधिकार

गोरखा जिल्लामा विद्यालय जाने उमेर समूहका कूल सङ्ख्या ८६ हजार ८ सय ८३ जना बालबालिकामध्ये ९९.५५ प्रतिशत विद्यालय जाने गरेका छन्। तीमध्ये ०.४५ प्रतिशत बालबालिकाहरू विद्यालय जानबाट वञ्चित रहेको जिल्ला शिक्षा कार्यालयले जनायो।

यस जिल्लामा प्रारम्भिक बाल विकास केन्द्र ३ सय ४५ ओटा रहेका छन्। सामुदायिक विद्यालयतर्फ प्राथमिक ३ सय ४३ ओटा, निमावि ७३ ओटा, मावि ४७ ओटा र उच्च मावि ३७ ओटा रहेका छन्। संस्थागत विद्यालयतर्फ प्राथमिक २१ ओटा, निमावि ५ ओटा, मावि दुई ओटा र उच्च मावि एक ओटा रहेका छन्। प्रारम्भिक बाल विकास केन्द्र बाहेक यस जिल्लामा ५ सय ३२ ओटा विद्यालयहरू रहेका छन्। ती विद्यालयहरूमा अध्ययनरत बालबालिकाहरू ८६ हजार

एकीकृत माओवादीद्वारा कुटपिट गरी घाइते बनाइएका लोकबहादुर रावत

एकीकृत माओवादीद्वारा कुटपिट गरी घाइते बनाइएका ज्ञानेन्द्र सुवेदी

३ सय ८३ जना रहेका छन्। जसमा ४४ हजार ५ सय २५ जना बालिका र ४१ हजार ८ सय ५८ जना बालक रहेका छन्। यस जिल्लामा रहेका बालबालिकाहरूमा १६ हजार २ सय ७९ जना दलित बालबालिका अध्ययनरत छन्। ती मध्ये ७ हजार ९ सय ६४ जना बालक र ८ हजार ५ सय १५ जना बालिका रहेका छन्। जिल्लाको महिला साक्षरता प्रतिशत ५९.६ र पुरूष साक्षरता प्रतिशत ४०.७ रहेको छ भने जम्मा साक्षरता प्रतिशत ४९.४० रहेको जिल्ला शिक्षा कार्यालयले जनाएको छ।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

पन्द्रुङ गाविस-४ निवासी लाप्राक गाविसस्थित मणिकाम देवी माविका शिक्षिका २६ वर्षीया विष्णुमाया ढकाललाई ०६७ वैशाख १२ गते लाप्राक गाविस-८ का २० वर्षीय जीतबहादुर गुरूङले लाप्राक गाविस-६ स्थित गुप्सीडाँडामा बलात्कार गरी हत्या गरेको आरोपमा गुरुङलाई प्रहरीले गिरफ्तार गऱ्यो। खच्चड गोठालाका रूपमा काम गर्दै आएका जीतबहादुरले विद्यालयमा हाजिर हुन जाँदै गरेकी ढकाललाई बलात्कार गरेको पीडक गुरूङले प्रहरीलाई दिएको बयानको क्रममा बताए। जीतबहादुरले शिक्षिका ढकालले घटना विद्यालयका प्रधानाध्यापक र प्रहरीलाई भनिदिने बताएपछि ढुङ्गाले हानेर हत्या गरी सोही जङ्गलमा माटो र पातले पुरेका थिए। जीतबहादुरलाई प्रहरीले ०६७ वैशाख २१ गते गिरफ्तार गरेको थियो। उनी पुर्पक्षका लागि गोरखा कारागारमा थुनामा रहेका छन्।

गोरखा नपा-९ की ३८ वर्षीया एक महिलालाई ०६७ जेठ १४ गते गोरखा नपा-८ का ६९ वर्षीय टङ्कबहादुर विकले गोरखा नपा-९ स्थित घरनजिकै

धारामा पानी लिन गएको बेलामा बलात्कार गरेको भनी पीडितले ०६७ असार १७ गते जिल्ला प्रहरी कार्यालय गोरखामा निवेदन दिएकोमा आरोपित यो वर्षको अन्त्यसम्म फरार रहे।

एकीकृत माओवादीद्वारा कुटपिट गरी घाइते बनाइएका सुन्दर कुमार गुरुङ

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना, सम्पत्ति क्षति

एकीकृत माओवादीबाट

गोरखा नपा-२ स्थित नेपाली काङ्ग्रेसका पार्टी कार्यालय र नेपाल स्वतन्त्र यातायत मजदुर सङ्गठनको कार्यालयको साइनबोर्ड ०६७ वैशाख २३ गते एकीकृत माओवादीका कार्यकर्ताहरूले तोडफोड गरे।

नेपाली काङ्ग्रेसबाट

मसेल गाविस-९ घ्याम्पेसाल स्थित एकीकृत माओवादीको क्षेत्रीय पार्टी कार्यालयमा ०६७ असार १२ गते नेपाली काङ्ग्रेसका कार्यकर्ताहरूले तोडफोड गरे। गोरखा नपा-७ ढुङ्गागाडेमा एकीकृत माओवादी कार्यकर्ताले नेपाली काङ्ग्रेस कार्यकर्तालाई कुटपिट गरेको घटनाको विषयलाई लिएर नेपाली काङ्ग्रेस कार्यकर्ताहरूले कार्यालय तोडफोड गरेका थिए।

स्वास्थ्य सेवाको अवस्था

गोरखा जिल्लामा सरकारी, सामुदायिक र निजी गरी तीनओटा अस्पताल रहेका छन्। शैया सङ्ख्या १५ क्षमताको गोरखा जिल्ला अस्पतालमा यो वर्षको अन्त्यसम्म डाक्टर दरबन्दी तीन रहेकोमा दुई जना र अस्थायी चार जना गरी छ जना डाक्टर, स्टाफ नर्सको दुई जनाको दरबन्दी रहेकोमा एक जना कार्यरत छन्। जिल्लामा तीन ओटा प्राथमिक स्वास्थ्य केन्द्र, १० ओटा स्वास्थ्य चौकी र ५५ ओटा उपस्वास्थ्य चौकी रहेको छ। जिल्ला स्वास्थ्य कार्यालयका अनुसार तीनओटा प्राथमिक स्वास्थ्य केन्द्रका लागि तीन जना डाक्टरको दरबन्दी रहेकोमा दुई जना कार्यरत छन भने तीन जना स्टाफनर्स दरबन्दी रहेकोमा कोही पनि कार्यरत छैनन्। त्यस्तै सिअहेव/एचएको दरबन्दी १६ जना रहेकोमा १० जना, अनमी दरबन्दी २३ जना रहेकोमा १३ जना, ग्रामीण स्वास्थ्य कार्यकर्ताको दरबन्दी ५५ जना रहेकोमा ४२ जना, मासिका दरबन्दी ५३ जना रहेकोमा ५५ जना कार्यरत छन्।

एकीकृत माओवादीद्वारा कुटपिट गरी घाइते बनाइएका नवराज अधिकारी

३.३ लमजुङ

जनसङ्ख्या : २,०१,११८
साक्षरता प्रतिशत : ६५
महिला साक्षरता प्रतिशत : ५४
क्षेत्रफल (वर्ग कि. मि.) : १,६९२
गाविस/नपा सङ्ख्या : ६१/०
सरकारी/निजी विद्यालय : ५३०/२४
क्याम्पस/उच्च मा.वि. : ६/२३
अस्पताल/स्वास्थ्य चौकी : १/६१
मानव विकास सूचकाङ्कः ०.४९२
प्रतिपरिवार सरदर सङ्ख्याः ६

जेल र बन्दीहरू

जिल्ला कारागारमा यस वर्षको अन्त्यसम्म ३४ जना बन्दी तथा कैदी रहेका छन्। "घ" श्रेणीको लमजुङ जेलको क्षमता २५ जनाको छ । यस वर्ष पुरुष २८ र महिला छ जना रहेका छन्। कर्तव्य ज्यानमा कैद तोकिएका पुरुष नौ र महिला चार गरी १३ जना रहेका छन्। कैद नतोकिएका थुनुवा पुरुष छ र महिला एक गरी सात जना रहेका छन्। डाँका चोरीमा कैद तोकिएका पुरुष पाँच जना जबरजस्ती करणीमा कैद तोकिएका पुरुष दुई जना, ज्यान मार्ने उद्योगमा कैद नतोकिएका थुनुवा पुरुष दुई जना सार्वजानिक अपराधमा कैद नतोकिएका थुनुवा पुरुष एक जना सवारी ज्यानमा कैद तोकिएका पुरुष एक जना मानव बेचबिखनमा कैद तोकिएका महिला एक जना नकबजनी चोरी कैद तोकिएका पुरुष एक जना आगजानीमा कैद तोकिएका पुरुष एक जना रहेका छन्।

धम्की/कुटपिट

राज्यबाट

विचौर गाविस-५ ठाँटीका फणिन्द्र राना, ईन्द्रबहादुर राना र आशीष रानालाई झगडा गरेको आरोपमा ०६७ वैशाख ७ गते विचौर गाविस-५ स्थित विचौर प्रहरी चौकीका प्रहरीले घरमै गई कुटपिट गरी घाइते बनाए। घटनाको विरोधमा गाउँलेले सोही दिन राति प्रहरी चौकीमा धर्ना दिँदा प्रहरीले दुई राउन्ड अश्रुग्याँस प्रहार गऱ्यो। झगडामा प्रहरी हवल्दार विजय सेढाइँ, प्रहरी बासु श्रेष्ठ र ध्रुव बराकोटी समेत घाइते भएका थिए।

वाईसीएलबाट

चितवन जिल्ला निवासी सुन्दरबजार गाविस-४ स्थित लमजुङ कृषि क्याम्पस सुन्दर बजारमा बीएस्सी एजीमा अध्ययनरत अनेरास्ववियुका कार्यकर्ता २२ वर्षीय पुरञ्जन सापकोटा, २३ वर्षीय अमृत विक र २१ वर्षीय प्रमोद आचार्यलाई आफ्नो सङ्गठनको समर्थन नगरेको आरोपमा ०६६ माघ १५ गते वाईसीएलका कार्यकर्ता रवीन्द्र अधिकारीको समूहले भोटेओडार गाविसमा कुटपिट गऱ्यो। सोही घटनामा चितवन रामपुर क्याम्पसका स्ववियु सदस्य तथा अनेरास्ववियुका कार्यकर्ता २३ वर्षीय सुजन तिमिल्सिनालाई वाईसीएलले अपहरण गरेको थियो। पीडित सुजनलाई प्रहरीले सोही राति स्थानीय थकाली होटलबाट मुक्त गऱ्यो।

ढोडेनी गाविस-२ निवासी एमाले कार्यकर्ता ४२ वर्षीय शेरबहादुर बोगटीलाई आफूलाई खानेपानीको ठेक्का नदिएको आरोपमा ०६७ मङ्सिर १२ गते राति वाईसीएल कार्यकर्ताले कुटपिट गरी घाइते बनाए। पीडितको बेसीसहर सामुदायिक अस्पतालमा उपचार भयो। पीडितले जिल्ला प्रहरी कार्यलयमा उजुरी गरे पनि आरोपित फरार भएकोले वर्षको अन्त्यसम्म कुनै कारबाही हुन सकेन।

अनेरास्ववियु (क्रान्तिकारी) बाट

सुन्दरबजार गाविस-४ स्थित लमजुङ कृषि क्याम्पस, सुन्दर बजारमा बीएस्सी एजीमा अध्ययनरत नेविसङ्घका कार्यकर्ताहरू श्रीकृष्ण अधिकारी, प्रकाश पराजुली, बालकृष्ण महर्जन, कुमार श्रेष्ठ र वासुदेव देवकोटालाई ०६६ माघ २१ गते अनेरास्ववियु (क्रान्तिकारी) को एक समूहले सामान्य विवादमा कुटपिट गरी घाइते बनायो।

नेविसङ्घबाट

सुन्दरबजार गाविस-४ स्थित लमजुङ कृषि क्याम्पस सुन्दर बजारमा अध्ययनरत अनेरास्ववियु क्रान्तिकारीका विद्यार्थी नवीन बानियाँ, विकास श्रेष्ठ र सागर विष्टलाई ०६६ माघ २१ गते बेलुका नेविसङ्घका कार्यकर्ताले आफ्नो सङ्गठनका कार्यकर्तालाई सोही दिन क्याम्पस हाताभित्र कुटपिट गरेको आरोपमा भोटेओडार गाविसमा कुटपिट गरे।

घटनाको प्रकार	गैरराज्यबाट			राज्यबाट		
	अन्यबाट					
	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
गिरफ्तारी/यातना				१	३	३
कुटपिट	८	३६	३६	१	३	३
जातीय विभेद	१	१	१			
जम्मा	९	३७	३७	३	५	५

बालअधिकार

यस जिल्लामा विद्यालय जाने उमेरका १९ हजार ६ सय १० जना बालबालिकामध्ये ९४. ५ प्रतिशत मात्र विद्यालय जाने गरेका छन्। तीमध्ये ५.५ प्रतिशत बालबालिकाहरू विद्यालय जानबाट वञ्चित भएको जिल्ला शिक्षा कार्यलय जनाएको छ। जिल्लामा प्रारम्भिक बालविकास केन्द्र

बाईसीरलद्वारा कुटपिट गरी घाइते बनाइएका शेरबहादुर बोगटी

२ सय ४९ ओटा रहेका छन्। सामुदायिक विद्यालयतर्फ प्राथमिक २ सय ८७ ओटा, निमावि ३४ ओटा, मावि ४३ ओटा उच्च मावि १९ ओटा रहेका छन्। त्यसैगरी संस्थागत विद्यालय प्राथमिक नौ ओटा, निमावि तीन ओटा मावि नौ ओटा र उच्च मावि चार ओटा रहेका छन्। प्रारम्भिक बालविकास केन्द्रबाहेक ४ सय ६ ओटा विद्यालयहरु रहेका छन्। ती विद्यालयहरूमा अध्ययनरत बालबालिका ६० हजार १ सय १२ जना मध्ये ३० हजार ४ सय १५ जना बालिका र २९ हजार ६ सय ९७ जना बालक रहेका छन्। जिल्ला शिक्षा कार्यलयका अनुसार १२ हजार १४ जना दलित बालबालिका अध्ययनरत छन्। जसमा ६ हजार १ सय १५ बालक र ५ हजार ८ सय ९९ जना बालिका रहेका छन्। जिल्लामा महिला साक्षरता प्रतिशत ५४.०४ र पुरुष साक्षरता प्रतिशत ७६.७९ छ भने जम्मा साक्षरता प्रतिशत ६४.७९ रहेको जिल्ला शिक्षा कार्यालय लमजुङले जनायो।

सुन्दरबजार गाविस-८ निवासी आदर्श बाल उच्च मावि कक्षा ९ मा अध्ययनरत १५ वर्षीय श्रीकान्त कुमाललाई सामान्य गल्ती गरेको आरोपमा ०६६ पुस १८ गते सोही विद्यालयका शिक्षक नरेशकान्त अधिकारीले कुटपिट गरे। कुटपिटबाट कानको जाली फुटेका पीडित बालकलाई भोलिपल्ट काठमाडौँमा लगी उपचार गरियो। कुटपिटमा संलग्न शिक्षक अधिकारीले बालकको उपचारार्थ लागेको १६ हजार रुपियाँ क्षतिपूर्ति तिरी मिलापत्र गरे।

सिम्पानी गाविस-४ निवासी गणेश मावि सिम्पानीमा कक्षा ९ मा अध्ययनरत १४ वर्षीय नारायण भण्डारीलाई ०६७ भदौ ४ गते सोही ठाउँ निवासी ऋषिराम भण्डारीले विद्यालयमा पढिरहेको अवस्थामा सख्त घाइते हुने गरी कुटपिट गरे। पीडितको जिल्ला सामुदायिक अस्पतालमा बेशीसहरमा उपचार भयो। पीडकको कारबाहीको लागि विद्यालय परिवारले जिल्ला प्रहरी कार्यलयमा उजुरी दिए। पीडकलाई जिल्ला अदालतले १० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो।

सबै प्रकारका जातीय विभेद

पुरानकोट गाविस-५ निवासी सेवा सदन माविका विद्यार्थी १५ वर्षीय सुकबहादुर विश्वकर्मालाई ०६६ चैत १५ गते चन्द्रेश्वर गाविस-३ का शिक्षक कृष्णप्रसाद अधिकारीले एसएलसी परीक्षा दिन बसेको बेला दलित भएकै कारण आफ्नो घरबाट निकाला गरे। घटनाको दलित सेवा सङ्घलगायत संस्थाहरूले निन्दा तथा भर्त्सना गरे। शिक्षकले पीडितसँग माफ मागेपछि घटनाको समस्या समाधान भएको थियो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा अस्पतालमा यस वर्षको अन्त्य सम्ममा डाक्टर दरबन्दी तीन जना रहेकोमा एक जना मात्र कार्यरत रहेका छन्। स्टाफ नर्स दरबन्दी तीन जना रहेकोमा एक जना, सीअहेब दरबन्दी १२ जना रहेकोमा ११ जना, अहेब दरबन्दी ६२ जना रहेकोमा ५४ जना ग्रामीण स्वास्थ्य कार्यकर्ता दरबन्दी ५० जना रहेकोमा ३५ जना अनमी दरबन्दी १४ जना रहेकोमा ११ जना र मासिका दरबन्दी ५० जना रहेकोमा ४७ जना कार्यरत रहेका छन्। जिल्ला जनस्वास्थ्य कार्यालयका अनुसार जिल्लामा दुईओटा प्राथमिक स्वास्थ्य चौकी, आठ ओटा स्वास्थ्य चौकी ५० ओटा उपस्वास्थ्य चौकी गरी ६० ओटा स्वास्थ्यसँग सम्बन्धित कार्यलय रहेका छन्।

३.४ स्याङ्जा



जनसङ्ख्या : ३,४०,३०४
साक्षरता प्रतिशत : ७१
महिला साक्षरता प्रतिशत : ६०
क्षेत्रफल (वर्ग कि. मि.) : १,१६४
गाविस/नपा सङ्ख्या : ६०/२
सरकारी/निजी विद्यालय : ६९१/६२
क्याम्पस/उच्च मा.वि. : ७/६१
अस्पताल/स्वास्थ्य चौकी : १६०
मानव विकास सूचकाङ्कः ०.५३५
प्रतिपरिवार सरदर सङ्ख्याः ५

जेल र बन्दीहरू

जिल्ला कारागारमा सात जना महिला र ३२ पुरुष गरी जम्मा ३९ जना बन्दी रहेका छन्। 'ङ' श्रेणीको जिल्ला कारागार शाखाको बन्दी क्षमता ३५ जनाको रहेको छ। विभिन्न १० थान मुद्दामा डाका, चोरी, कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग, जबरजस्ती करणी, सवारी ज्यान, मानव बेचबिखन, बहुविवाह, केही सार्वजनिक अपराध, लागू औषधीमा महिलासहित २० जनालाई कैद तोकिएको छ भने दुई महिला र १७ पुरुष गरी जम्मा १९ जना थुनुवा रहेका छन्। क्षमताभन्दा बढी बन्दी रहेका कारण बस्नलाई गाह्रो भएको छ। सिनियर अहेवको दरबन्दी भएर पनि अहेव नभएका कारण बन्दीहरूको स्वास्थ्य परीक्षण समयमा हुँदैन। कारागारमा पानी, शौचालय, विद्युत, तथा पत्रपत्रिका, रेडियो र टीभीको व्यवस्था छ। खेलकुदका सामग्रीको अभाव छ भने पुरुष बन्दीले बाँसका सामानहरू बनाउँछन् जसले गर्दा आयआर्जन पनि भएको छ।

धम्की/कुटपिट

राज्यबाट

पुतलीवाजार नपा- १ का २७ वर्षीय मोहमदरसिद मिया, ३४ वर्षीय नुरमहमद मियाँ, २८ वर्षीय साहखालीद मिया, ५६ वर्षीय लालप्रसाद श्रेष्ठ र १९ वर्षीय भूपेन्द्र गुरूङलाई ०६७ कात्तिक २ गते जिल्ला प्रहरी कार्यालयमा आई झगडा गरेको आरोपमा प्रहरीले कुटपिट गरी घाइते बनायो। पीडितहरू स्याङजा बजारका व्यपारी हुन्। पुतलीबजार नपा-४ कमल थापाले मदिरा सेवन गरी सोही दिन बजार बन्द गर्न धम्की दिँदै हिँडेका र उसलाई कारबाही गर्नुपर्ने माग लिएर प्रहरीमा पुगेका व्यापारी र प्रहरीबीच झगडा हुँदा प्रहरीले लाठीचार्ज गरेको जिल्ला प्रहरी कार्यलयले बतायो। पीडितहरू मोहमदरसिद मियाको पोखरा चरक अस्पतालमा र अन्यको जिल्ला अस्पताल स्याङजामा उपचार गरियो। उपचारमा लागेको खर्च जिल्ला प्रहरी कार्यलयले व्यहोर्ने, दोषी प्रहरीउपर छानबिन गरी कारबाही गर्ने र सरूवा गर्ने सर्तमा कात्तिक ४ गते दुवै पक्ष बीचमिलापत्र भयो।

एकीकृत माओवादीबाट

क्याक्मी गाविस -३ निवासी पूर्वगाविस अध्यक्ष ४७ वर्षीय देवकुमार मानन्धर, ४१ वर्षीय विष्णुबहादुर चन्द, ३५ वर्षीय कृष्णप्रसाद सुवेदी, ५८ वर्षीय राजेन्द्रराज चन्द ठकुरी, सोही गाविस -२ का ४६ वर्षीय नेत्रनारायण मानन्धर, ६६ वर्षीय रामनाथ शर्मा, सोही गाविस-१ का ६७ वर्षीय बलबहादुर विक, ३० वर्षीय बलीभद्र पौडेललाई ०६७ कात्तिक १२ गते एकीकृत माओवादीका कार्यकर्ताहरूले गाविस संयन्त्रको बैठक चलिरहेको समयमा विद्युतीकरणको विषयलाई लिएर कुटपिट गरी घाइते बनाए। पीडितले जिल्ला प्रहरी कार्यालयमा मौखिक उजुरी गरेपछि प्रहरीले कात्तिक १३ गते सोही गाविस-९ का ३२ वर्षीय दुर्गा गोतामे, गाविस-३ का यमबहादुर गुरूङ, ४६ वर्षीय मानबहादुर थापा, ४१ वर्षीय प्रेम पौडेल, १७ वर्षीय विनोद हमाल, गाविस-५ का ४१ वर्षीय राम शर्मा, ३४ वर्षीय प्रेमनारायण मानन्धर र गाविस-४ का ५३ वर्षीय इन्द्रबहादुर थापालाई अनुसन्धानका लागि गिरफ्तार गरेकोमा कात्तिक १८ गते जनही १० हजार रुपियाँ धरौटीमा जिल्ला प्रशासन कार्यालयबाट तारेखमा रिहा गरियो। पीडितहरूमध्ये कृष्णप्रसाद सुवेदी र देवबहादुर मानन्धरले पोखरा मणिपाल शिक्षण

घटनाको प्रकार	गैरराज्यबाट							राज्यबाट			
	अन्यबाट				एकीकृत माओवादीबाट						
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
हत्या	१		१	१							
गिरफ्तारी/यातना								३	३	१	३
कुटपिट	५	६	३	९	१	८	८	१	५		५
जातीय विभेद	१	१		१							
महिलाअधिकार	९		९	९							
बालअधिकार	४		५	५							
जम्मा	३०	८	१६	३५	१	८	८	३	६	१	८

अस्पतालमा उपचार गराए भने अन्यले वालिङमा रहेको निजी क्लिनिकमा उपचार गराएका थिए। पीडितहरू नेपाली काङ्ग्रेस र नेकपा एमालेका स्थानीय स्तरका नेता तथा कार्यकर्ता हुन्।

वाईसीएलबाट

थुमपोखरा गाविस-६ का ६० वर्षीय हुमकान्त चापागाईं, ५८ वर्षीय लक्ष्मण चापागाईं, ४० वर्षीय घनश्याम चापागाईं, ३५ वर्षीया पार्वती चापागाईं र ४८ कृष्णप्रसाद पराजुलीलाई ०६६ फागुन २५ गते राति वाईसीएलका जिल्ला इन्चार्ज किरणको नेतृत्वमा गएको २५/३० जनाको एक समूहले कुटपिट गरी घाइते बनायो। घाइतेहरूमध्ये पराजुलीको पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, पोखरामा उपचार भयो भने अन्य घाइतेको वालिङस्थित प्राथमिक स्वास्थ्य केन्द्रमा भयो। कुटपिटबाट पराजुलीको दाहिने हात र खुट्टा भाँचिएको थियो। हुमकान्त चापागाईंका माहिला छोरा भीमप्रसाद नेकपा माओवादी (मातृका)को पार्टीका जिल्ला इन्चार्ज भएका कारण एकीकृत माओवादीको इसारामा वाईसीएलले उनका घर परिवारलाई आक्रमण गरी कुटपिट गरेको पीडित चापागाईंले बताए। पीडितले फागुन २६ गते वडा प्रहरी कार्यालय वालिङमा कारबाहीको लागि उजुरी दिए पनि पीडकपक्षलाई कुनै कारबाही भएन।

अन्यबाट

गोरखा जिल्ला बुङकोट गाविस-२ मकैखोला निवासी ४६ वर्षीय प्रहरी इन्स्पेक्टर रेशमबहादुर श्रेष्ठलाई ०६६ फागुन २० गते बालिका बेच्नलाई लैजान लागेको भारतीय नागरिक मलाजिन मियाँ र मोहमद नहिमलाई जोगाएर राखेको आरोपमा स्थानीय बासिन्दाले ढुङ्गा र इट्टा प्रहार गर्दा घाइते भए। घाइते श्रेष्ठले मणिपाल शिक्षण अस्पताल पोखरामा र मोडेल अस्पताल काठमाडौँमा उपचार गराए। उनको दाहिने आँखा माथि छ ओटा टाँका लगाइएको थियो।

गैरकानुनी गिरफ्तारी

वालिङ् नपा-८ की ४६ वर्षीय धनमाया गहतराजलाई लोग्ने भगाएको आरोपमा ०६६ मङ्सिर १५ गते वडा प्रहरी कार्यालय वालिङ्ले घरैबाट गिरफ्तार गरी गैरकानुनी थुनामा राखेकोमा मङ्सिर १९ गते पाँच दिनको तारेखमा रिहा गऱ्यो। उनका पति मित्रलालले आफ्नै काका लालबहादुरलाई कात्तिक २२ गते कुटपिट गरेका र पत्नीले भगाएको भन्ने आरोपमा कात्तिक २३ गते देखि धनमायालाई दैनिक तारेखमा राखिएको थियो। हाल उनी तारेखमै छन्।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा दुनियावादी मुद्दा ०६७ असार मसान्तसम्म जिम्मेवारी सरेर आएका २१ थान (तीमध्ये यो वर्ष फर्स्यौट भएका छ थान र फर्स्यौट नभका १५ थान) यो वर्ष दर्ता भएका ५७ थान मध्ये फर्स्यौट भएका ३७ थान र फर्स्यौट नभएका २० थान यो वर्षको अन्त्यसम्म बाँकी रहेका दुनियावादी फौजदारी मुद्दा ३५ थान छन्।

सरकारवादी फौजदारी मुद्दा गत वर्षको जिम्मेवारी सरेर आएको २२ थान (तीमध्ये फर्स्यौट भएका सात र फर्स्यौट नभएका १५ थान) यो वर्ष दर्ता भएका २१ थान (ती मध्ये फर्स्यौट भएका चार र

फर्स्यौट नभएका १७ थान) यो वर्षको अन्त्यसम्म बाँकी रहेका सरकावादी फौजदारी मुद्दा ३२ थान छन्।

देवानी मुद्दा गत वर्षको जिम्मेवारी सरेर आएको ८४ थान (तीमध्ये फर्स्यौट भएका १६ थान र फर्स्यौट नभएका ६८ थान) यो वर्ष दर्ता भएका ४४ थान (ती मध्ये फर्स्यौट भएका नौ थान र फर्स्यौट नभएका ३५ थान) यो वर्षको अन्त्यसम्म बाँकी रहेका देवानी मुद्दा १ सय ३ थान छन्।

यस जिल्लामा बाल अदालत गठन भएको छ र एक थान मुद्दा दर्ता भएकोमा फर्स्यौट भएको छ । श्रम अदालत र घरेलु हिंसा अन्तर्गत कुनै पनि मुद्दा दर्ता भएनन्।

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

वालिङ नपा-२ भकुन्डेका ३८ वर्षीय चुत्रबहादुर थापा र १७ वर्षीय सूर्यबहादुर थापालाई ०६७ असार २७ गते राति ९ बजे वडा प्रहरी कार्यालय वालिङका प्रहरीले घरबाट गिरफ्तार गरे। प्रहरीले पीडित दुवै जनालाई पानी परेको समयमा प्रहरी कार्यलयको खुल्ला प्राङ्गणमा असार २८ गते तीन घण्टा उभ्याए। प्रहरीले पीडितहरूलाई हतकडी लगाएर कुटपिट गर्दै वालिङ बजार घुमाएर प्रहरीको खिलापमा बोलेमा पुनः गिरफ्तार गरी कारबाही गर्ने धम्की दिई असार २८ गते दिउँसो ३ बजे रिहा गरेको थियो।

बालअधिकार

यस जिल्लामा सरकारी विद्यालयमा ३ सय ९४, निजी विद्यालय ८३ र समुदायमा ७८ गरी जम्मा ५ सय ५५ वटा बालविकास केन्द्र रहेका छन्। १ लाख २ हजार ६ सय २१ जना विद्यालय जाने बालबालिकाहरू रहेका छन्। जसमध्ये ५२ हजार ९ सय ९९ जना छात्रा सङ्ख्या रहेको छ भने ४९ हजार ६ सय २२ छात्र सङ्ख्या रहेको छ। जम्मा जनजाति विद्यार्थी ३७ हजार ३४ रहेका छन्। १८ हजार ९ सय ६९ जना छात्रा रहेका छन् भने १८ हजार ६५ छात्र रहेका छन्। जम्मा १९ हजार ३ सय ४५ दलित विद्यार्थी रहेकोमा १० हजार ३० छात्रा र ९ हजार ३ सय १९ छात्र रहेका छन्। जम्मा ९८ प्रतिशत बालबालिकाहरू विद्यालय जन्छन् भने दुई प्रतिशत विद्यार्थीहरू विद्यालय जानबाट वञ्चित छन्।

एकीकृत माओवादीद्वारा कुटपिट गरी घाइते बनाइएका विष्णुबहादुर चन्द

जगतभञ्ज्याङ गाविस -४ का १० र ८ वर्षीया दुई जना बालिकालाई ०६६ पुस २३ गते बिहान ५ बजे १८ वर्षीय सुनिल खड्काले बलात्कार गरेको आरोपमा पीडितकी आमाले पुस २४ गते वडा प्रहरी कार्यालय वालिङमा उजुरी दिइन्। प्रहरीले सुनिललाई ०६६ पुस २८ गते राति रूपन्देही जिल्लाको वुटवल शङ्करनगर गागिस-८ बाट गिरफ्तार गऱ्यो। हाल सुनिल पुर्पक्षका लागि थुनामा छन्।

धादिङ जिल्ला घर भई हाल पुवनपा-१३ मा अस्थायी बसोबास गरी विश्वशान्ति प्राविमा कक्षा ४ मा अध्ययनरत १२ वर्षीय देउपा तामाङलाई सोही विद्यालयकी शिक्षिका ३५ वर्षीय कौशिला अर्याललले कक्षा कोठा फोहोर गरेको आरोपमा ०६६ पुस २४ गते कुटपिट गरी देब्रे खुट्टा भाँचिदिइन्। पीडितले प्रहरीमा उजुरी गरेपछि देउपाको उपचारमा लागेको सबै खर्च अर्याललले तिर्नुका साथै विद्यालय र अर्याललले पीडितको नाममा २५ हजार रुपियाँ गरिमा विकास बैङ्क, स्याङ्जामा जम्मा गरेर मिलापत्र गरे।

पुतलीबजार नपा-१ की १० वर्षीया एक बालिकालाई ०६६ फागुन २० गते भारतको मोतिहारी घर भएका ३८ वर्षीया मलाजिन मियाँ र ३० वर्षीय मोहमद मियाले बेचबिखन गर्ने उद्देश्यले भारततर्फ लैजानका लागि सोही ठाउँबाट गाडीमा चढाउन लाग्दा बालिकाका दाजुले देखेर दुवै आरोपितलाई समाएर प्रहरीमा बुझाए। हाल आरोपितहरू मानव बेचबिखनको मुद्दामा जिल्ला कारगार शाखा स्याङ्जामा थुनामा रहेका छन्।

वालिङ नपा-१ भुम्रेका १४ वर्षीया देवी विकलाई २२ वर्षीया सुमन विकले गर्भपतन नगराएको आरोपमा कुटपिट गरी ०६७ असार १ गते घर निकाला गरे। देवी विकलाई सुमनले 'तिमीलाई विवाह गर्छु' भनी जबरजस्ती यौन सम्बन्ध राख्दै आएका थिए। देवी विक गर्भवती भएपछि सुमनले अस्वीकार गरे। पीडितले वडा प्रहरी कार्यालयमा उजुरी दिएपछि प्रहरीले वडा प्रहरी कार्यालयमा पीडित र पीडक दुवै पक्षबीच छलफल हुँदा सुमनले ६ महिनाकी

गर्भवती देवीलाई पत्नीको रूपमा स्वीकार गरी जेठ २८ गते घरमा लगे। सुमनले घरमा लगेदेखि देवीले गर्भपतन गराउन दिएको दवाव अस्वीकार गरिन्। सोही कारण सुमन र उनका घर परिवारले उनलाई शारीरिक र मानसिक यातना दिएर घर निकाला गरे। पीडित माइतीमा रहेकी छन्। पीडक सुमन विक फरार भएका छन् भने पीडकका दाजु पुरनलाई भाइ सुमनलाई भगाएको आरोपमा प्रहरीले थुनामा राख्यो। प्रहरीले सुमनको खोजी कार्य जारी राखेको जनायो।

एकीकृत माओवादीद्वारा कुटपिट गरी घाइते बनाइएका देवकुमार मानन्धर

दरौ गाविस-३ का ज्योति आवासीय उमाविमा कक्षा ८ मा अध्ययनरत १३ वर्षीय पुण्यप्रसाद शर्मालाई सोही विद्यालयका गणित शिक्षक मुन्द्रिकाप्रसाद चौधरीले गणितको सूत्र नजानेको आरोपमा ०६७ असार ४ गते लठ्ठीले कुटपिट गर्दा बालकको देब्रे हात भाँचियो। पीडितको पोखरा मणिपाल अस्पतालमा चौधरीको खर्चमा उपचार गराइयो। शर्मालाई सोही विद्यालयमा उच्चा शिक्षासम्म पढ्दा लाग्ने सबै खर्च विद्यालयले व्यहोर्ने गरी मिलापत्र गरे।

आरूखर्क गाविस-५ निवासी घरेलु कामदार १६ वर्षीया सावित्री विकले घरमुली सोही ठाउँका ६५ वर्षीय ओमप्रकाश पौडेलको शारीरिक सम्पर्कबाट गर्भवती भएको भन्दै ०६७ जेठ २१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आफूलाई ०६६ माघ १३ गते पौडेलले शारीरिक सम्पर्कबाट गर्भवती बनाएपछि ओमप्रकाशले सानो जातिको केटी भन्दै गर्भ अस्वीकार गरेपछि पीडित पक्षले प्रहरीमा उजुरी गरेको थियो। पौडेलले जेठ २६ गते ४ लाख रुपियाँ क्षतिपूर्ति दिने सहमति भएपछि दुवै पक्षबीच मिलापत्र भए पनि पीडितले क्षतिपूर्ति नदिई जिल्ला अदालत स्याङ्जामा मुद्दा दायर गरे। हाल सावित्री आफ्नै घरमा रहेकी छन्।

चित्रेभञ्ज्याङ गाविस-३ गिरीकोटकी ७ वर्षीया हेमाकला विकलाई ०६७ असार १९ गते सोही ठाँउका १९ वर्षीय लालबहादुर सूचिकारले 'मसँग घाँस काट्न हिँड पैसा दिन्छु' भनी ललाई-फकाई घरदेखि पर मकैबारीमा लगेर बलात्कार गरी घाँटी थिचेर हत्या गरेको आरोपमा पीडितका आफन्तले किटानी जाहेरी दिएपछि उनलाई जिल्ला प्रहरी कार्यालय स्याङ्जाले असार २० गते गिरफ्तार गऱ्यो। आरोपितलाई साउन १४ गते जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा राख्ने आदेश गऱ्यो। हाल उनी कारागार शाखा स्याङ्जामा थुनामा रहेका छन्।

एकीकृत माओवादीद्वारा कुटपिट गरी घाइते बनाइएका देवकुमार मानन्धर

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

घरेलु हिंसा

बानेथोकदेउराली गाविस-७ सामादीखोलाका २९ वर्षीया कल्पना काफ्लेलाई ०६६ फागुन १२ गते दाइजो कम ल्याएको आरोपमा उनका पति ३५ वर्षीय कृष्णप्रसाद काफ्लेले कुटपिट गरी घर निकाला गरे। कल्पनाले शारीरिक र मानसिक यातना सहन नसकी फागुन १५ गते घरनजिकैको रूखमा पासो लगाएर आत्महत्या गरिन्। पीडितका माइतीले वडा प्रहरी कार्यलय वालिडमा उजुरी दिए। प्रहरीले फागुन १६ गते अनुसन्धानका लागि आरोपितलाई नियन्त्रणमा लियो। कृष्णप्रसाद ०६६ चैत २ गते तारेखमा रिहा भए। काफ्ले दाङ जिल्लामा हवल्दार पदमा कार्यरत प्रहरी हुन्।

सबै प्रकारका जातीय विभेद

पुतलीबजार नपा- १ निवासी दलित वर्ग उत्थान जिल्ला समन्वय समितिका उपाध्यक्ष ४६ वर्षीय खड्ग दर्जीलाई बानेथोक देउराली गाविस-१ मा रहेको कालीका मन्दिरमा ०६७ असोज २८ गते तल्लो जातिको व्यक्ति भनी मन्दिर व्यवस्थापन समितिका अध्यक्ष भुवनसिंह अधिकारीले मुख्य पूजारीमार्फत मन्दिर प्रवेशमा रोक लगाए। उनी पूजाका लागि त्यहाँ गएका थिए। खड्ग नेपालीले जिल्ला

प्रहरी कार्यालयमा असोज ३० गते निवदेन दिएकोमा कात्तिक ३ गते दर्ता भयो। असोज १३ गते प्रहरीले भुवनसिंह र मुख्य पूजारीलाई जिल्ला प्रहरी कार्यालयमा बोलाएर छलफल गराउँदा पूजारीले गल्ती भएको हो भनी माफ मागे तर भुवनसिंह माफ माग्न तयार भएनन्। पुस ९ गते सम्म उजुरी कायमै छ।

स्वास्थ्य सेवाको अवस्था

यस जिल्ला अस्पतालमा पाँच जना डाक्टरको दरबन्दी रहेकोमा चार जना दरबन्दी र करारमा चार जना गरी आठ जना डाक्टर रहेका छन्। छ जना स्टाफ नर्सको दरबन्दी रहेकोमा चार जना कार्यरत छन्। सिनियर अहेवको १६ जनाको दरबन्दी भएकोमा १२ जना कार्यरत छन्। ७३ जना अहेवको दरबन्दीको रहेकोमा ६१ जना कार्यरत छन्। ५९ जना ग्रामीण स्वास्थ्य कार्यकर्ताको दरबन्दी रहेकोमा ३७ जना कार्यरत छन्। ४९ जनाको दरबन्दी रहेकोमा ३७ जना कार्यरत छन्। जिल्लामा एक अस्पताल, जिल्ला स्वास्थ्य कार्यालय एक, प्रथामिक स्वास्थ्य कार्यालय तीन, स्वास्थ्य चौकी १०, उपस्वास्थ्य चौकी ५५ वटा रहेका छन्।

३.५ कास्की



जनसङ्ख्या : ४,८०,२५७
साक्षरता प्रतिशत : ९१
महिला साक्षरता प्रतिशत : ७०
क्षेत्रफल (वर्ग कि. मि.) : २,०१७
गाविस/नपा सङ्ख्या : ४३/२
सरकारी/निजी विद्यालय : ६०९/१९६
क्याम्पस/उच्च मा.वि. : १६/७७
अस्पताल/स्वास्थ्य चौकी : ७/४८
मानव विकास सूचकाङ्कः ०.५५०
प्रतिपरिवार सरदर सङ्ख्याः ६

जेल र बन्दीहरू

'घ' श्रेणीको कास्की जिल्ला कारागारमा कैद तोकिएका १ सय २० पुरुष र १८ जना महिला कैदीहरू रहेका छन् भने कैद नतोकिएका १ सय १६ जना पुरुष तथा १५ जना महिला थुनुवाहरू रहेका छन्। त्यसैगरी तीन जना तीन वर्षमुनिका आश्रित नाबालक, ८५ वर्षीय वृद्ध र तीन जना भारतीय नागरिक समेत रहेका छन्। यसरी कास्की जिल्ला कारागारमा जम्मा २ सय ६९ जना कैदी तथा थुनुवाहरू रहेका छन्। कारागारको क्षमता २० जना महिला र ४० जना पुरुष गरी ६० जना रहेपनि कारागारमा २ सय ६९ जना कैदी तथा थुनुवाहरू बस्नु पर्दा स्थानको अभावमा सुत्ने ठाउँको असुविधा भएको छ। कारागारका बन्दीहरूलाई स्वच्छ खानेपानी, शौचालय, सामान्य स्वास्थ्य सेवा, पत्रपत्रिका, रेडियो, टीभी, खेलकुदका सामग्री, टेलिफोन सुविधा उपलब्ध छ। कारागारका पुरुष थुनुवा तथा कैदीहरूले फर्निचरका सामग्री, मुढा र महिला थुनुवा तथा कैदीहरूले च्याऊ खेती, मैनबत्ती उत्पादन गरी आयआर्जन समेत गरेका छन्। कारागारलाई क्षेत्रीयस्तरको बनाउन सरकारले आर्थिक वर्ष ०६६ र ०६७ का लागि १ करोड रुपियाँ विनियोजन भई एक तला ढलान भइसकेको र यस वर्ष बजेट विनियोजन हुन बाँकी रहेको कारागारप्रमुख उमाकान्त पौडेलले बताए।

धम्की/कुटपिट

राज्यबाट

सल्यान जिल्ला कजेरी गाविस-६ घर भई पोखरा उमनपा-६ बैदामस्थित जिल्ला अदालतको भवन निर्माणमा संलग्न मजदुरहरू सन्देश केसी, लक्ष्मण भण्डारी, बुद्धिबहादुर सुनार, किसन सुनार, छविलाल सुनार र वीरेन्द्र सुनारलाई ०६७ जेठ २९ गते वडा प्रहरी कार्यालय बैदाममा कार्यरत सादा पोशाकका प्रहरीले भवन निर्माणस्थलमा खाना खान लागेको समयमा कुटपिट गर्दै गिरफ्तार गरे। उनीहरूलाई वडा प्रहरी कार्यालयमा लगेर प्रहरीले बुट, पाइप र लाठीले कुटपिट गरेका थिए। मादक पदार्थ सेवन गरी आपसमा झगडा गरेकोले नियन्त्रणमा लिएको प्रहरीले बतायो। पीडितहरूले न्याय र सुरक्षाको माग गरेपनि पीडकलाई कुनै कारबाही भएन्।

एकीकृत माओवादीबाट

पोखरा उमनपा-११ परोपकारमार्ग रामघाट घर भई स्थानीय सेती नदीको बालुवाखानीमा काम गर्ने मजदुरहरू ४४ वर्षीय नेत्रबहादुर सिँजालीमगर, ४२

वर्षीय चक्रपाणी नेपाली, ४१ वर्षीय कैलाश लामा, ४० वर्षीय नरबहादुर शाही, ३२ वर्षीय जय गुरूङ, बालकुमारी बुढाथोकी, गोविन्द विक, सन्तोष विक, पदमबहादुर पुलामी, नरबहादुर विक, दुर्गाबहादुर राना, निमबहादुर खपाङ्गी, जनकलाल स्याङ्तान, जगतबहादुर तामाङ, मनोज मगर, तुलबहादुर राना, निमा शेर्पा, दिलबहादुर खड्का, मनबहादुर खड्का, मदन अधिकारी, मणि गुरूङ, कुमार खत्री, रोशन बस्नेत, ज्ञान पौडेल, रामबहादुर मगर, नेत्रबहादुर मगर, सुवास लामा, रामबहादुर विक र अम्मर विकलाई ०६७ वैशाख २१ गते एकीकृत माओवादीका कार्यकर्ताको समूहले बाँसको लाठीले कुटपिट गऱ्यो। पार्टीले आह्वान गरेको अनिश्चितकालीन आमहड्तालमा झण्डा लिएर सहभागी नभएको भन्दै उनीहरूमाथि कुटपिट गरिएको थियो। घटनाको सम्बन्धमा बुझ्न गएका एकीकृत माओवादीका कार्यकर्ता ४१ वर्षीय पर्वनाथ सञ्जेल र २५ वर्षीय मणिराम खतिवडालाई मजदुरहरूले कुटपिट गरी घाइते बनाए। घाइते सञ्जेलको पश्चिमाञ्चल क्षेत्रीय अस्पताल र खतिवडाको सहिद मेमोरियल अस्पतालमा उपचार भयो। कुटपिटमा संलग्नलाई एकीकृत माओवादी पार्टीले नियन्त्रणमा लिई माफी माग्न लगाएको थियो।

अनेरास्ववियु (क्रान्तिकारी)बाट

पोखरा उपनपा-१६ लामाचौरस्थित पश्चिमाञ्चल इञ्जिनियरिङ क्याम्पसमा अध्ययनरत अनेरास्ववियुका कार्यकर्ताहरू अरविन्दकुमार शाह, गोपाल बस्नेत, कृष्णबहादुर खड्का र अनिलप्रसाद आचार्यलाई ०६७ वैशाख ९ गते अनेरास्ववियु (क्रान्तिकारी) का कार्यकर्ताले कुटपिट गरे। घाइतेहरूको मणिपाल शिक्षण अस्पताल पोखरामा उपचार भयो। अनेरास्ववियु (क्रान्तिकारी) का सदस्य ज्ञानेन्द्र कलौनीको नेतृत्वमा रहेको टोलीले छात्रावासमा पसी रड र लाठीले कुटपिट गरेको अनेरास्ववियु इञ्जिनियरिङ क्याम्पसका इकाई अध्यक्ष टेकबहादुर कटवालले बताए।

पोखरा उमनपा-१६ लामाचौरस्थित पश्चिमाञ्चल इञ्जिनियरिङ क्याम्पसमा अध्ययनरत अनेरास्ववियुका कार्यकर्ता २३ वर्षीय विवेक पौडेललाई अनेरास्ववियु (क्रान्तिकारी) का इकाई अध्यक्ष आइवी देवकोटा, स्ववियु सचिव विष्णु पाण्डे, इकाई सचिव सुनिल पोखरेल, सदस्य श्रीधर टमटालगायत २०/२५ जनाको समूहले ०६७ भदौ २१ गते क्याम्पसमा घेरा हाली खुकुरी र रड प्रहार गरी कुटपिट गऱ्यो। घाइते पौडेलको चरक अस्पताल पोखरामा उपचार भयो। यसअघि सोही क्याम्पसमा अनेरास्ववियु (क्रान्तिकारी) र अनेरास्ववियुका कार्यकर्ताबीच ०६७ भदौ १० गते भएको झडपको विषयलाई लिएर उनीहरूमाथि आक्रमण भएको थियो।

नेविसङ्घ पोखरा विश्वविद्यालय परियोजना संयोजक नवराज त्रिपाठी, नेविसङ्घ पोखरा विश्वविद्यालय इकाई अध्यक्ष सन्तोष दाहाल, सदस्यहरू कृष्ण दाहाल, सन्तोष वाँस्तोला, गोविन्द लामिछाने, लक्ष्मी दाहालमाथि अनेरास्ववियु (क्रान्तिकारी) का कार्यकर्ताहरूले लेखनाथ नपा-१२ ढुङ्गेपाटन पोखरा विश्वविद्यालयमा ०६७ भदौ २८ गते आक्रमण गरी कुटपिट गरे। उनीहरूको चरक अस्पताल पोखरामा उपचार भयो। विश्वविद्यालयको अनियमितता हटाई सहज वातावरण कायम गर्न माग गर्दै ज्ञापनपत्र बुझाउन गएका नेविसङ्घका कार्यकर्तामाथि क्रान्तिकारीका इकाई अध्यक्ष अमृत थापाको नेतृत्वको समूहले एक्कासी आक्रमण गरेका थियो।

यूथफोर्सबाट

लेखनाथ नपा-८ शिशुवा निवासी अनेरास्ववियु (क्रान्तिकारी) का क्षेत्रीय सदस्यहरू २० वर्षीय दीपक सुनार, १६ वर्षीय मनिष सुवेदी र २० वर्षीय विनोद विकलाई समाजमा हो-हल्ला गरेको भन्दै ०६६ फागुन १२ गते युथफोर्सका कार्यकर्ताले लेखनाथ नपा-८ शिशुवामा कुटपिट गरी घाइते बनाए। घाइते सबैको पोखरा उमनपा-९ स्थित सहिद मेमोरियल अस्पतालमा उपचार भयो।

अनेरास्ववियुबाट

पृथ्वीनारायण क्याम्पसमा अध्ययनरत अनेरास्ववियु (क्रान्तिकारी) का सदस्यहरू चिरञ्जीवी

बालुवाखानीका मजदुरद्वारा कुटपिट गरी घाइते बनाइएका एकीकृत माओवादी कार्यकर्ता पर्वनाथ सञ्जेल

घटनाको प्रकार	गैरराज्यबाट									राज्यबाट			
	अन्यबाट					एकीकृत माओवादीबाट							
	घटना सङ्ख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
हत्या	३	३	१		३								
घाइते	३	९			९								
कुटपिट	१३	३१			३१	३	३७	५	३३	३	७		७
धम्की	१			१	१								
भेला/सङ्गठित हुने अधिकार	१	६			६	१	५		५	१	१३	३	१४
महिलाअधिकार	८		८		८								
बालअधिकार	७	३	५	१	८								
अमानवीय व्यवहार	३	३	१		३								
जम्मा	३७	५३	१५	३	६९	३	३३	५	३७	३	१९	३	३१

लम्साल, विकास केसी, राष्ट्रिय बुद्धिजीवी सङ्गठनका उपाध्यक्ष झलकपाणि तिवारी र क्याम्पसका सुरक्षागार्ड मुक्तिप्रसाद अधिकारीलाई ०६६ माघ २२ गते अनेरास्वियुका कार्यकर्ताले कुटपिट गरे। कुटपिटबाट घाइते झलकपाणिको सहिद मेमोरियल अस्पताल पोखरामा उपचार भयो। अनेरास्वियुले संविधान निर्माणका लागि दबाब दिन मोटरसाइकलमा प्रचारप्रसार कार्यक्रम गर्दै क्याम्पसभित्र पसेकोमा होहल्ला गरेको भन्दै अनेरास्वियु (क्रान्तिकारी) ले विरोध जनाउँदा उनीहरूमाथि कुटपिट भएको थियो।

पोखरा उमनपा-१६ लामाचौरस्थित पश्चिमाञ्चल इञ्जिनियरिङ क्याम्पसमा अध्ययनरत कञ्चनपुर जिल्ला निवासी अनेरास्वियु (क्रान्तिकारी) का कार्यकर्ताहरू २४ वर्षीय ज्ञानेन्द्र कलौनी, स्याङजा जिल्लाका २५ वर्षीय ज्ञानेन्द्र गहतराज, लमजुङ जिल्ला इशानेश्वर गाविस-३ का २३ वर्षीय दामोदर घिमिरे र २२ वर्षीय बुद्धिसागर पराजुलीलाई ०६७ भदौ १० गते अनेरास्वियुका कार्यकर्ताले क्याम्पस परिसरमा खुकरी र रड प्रहार गरी घाइते बनाए। घाइतेहरूको फिस्टेल अस्पताल पोखरामा उपचार भयो। उनीहरूको टाउको र हातमा चोट लागेको थियो।

बालुवाखानीका मजदुरद्वारा कुटपिट गरी घाइते बनाइएका एकीकृत माओवादी कार्यकर्ता मणिराम खतिवडा

क्याम्पस परिसरमा सामान्य विवादका क्रममा अनेरास्वियुका कार्यकर्ताले आक्रमण गरेको पीडितहरूले बताए। घटनापछि क्याम्पस प्रशासनको पहलमा ०६७ भदौ ११ बसेको सर्वपक्षीय बैठकले घटनामा संलग्न भएको भन्दै अनेरास्वियुका कार्यकर्ता विवेक पौडेल र किशोर दङ्गाललाई क्याम्पस प्रशासनले तीन हप्ताको लागि निष्काशन गरिएको क्याम्पस प्रमुख कृष्णराज अधिकारीले बताए।

पोखरा उमनपा-१६ लामाचौरस्थित पश्चिमाञ्चल इञ्जिनियरिङ क्याम्पसमा अध्ययनरत रोल्पा जिल्ला निवासी अनेरास्वियु (क्रान्तिकारी) इञ्जिनियरिङ क्याम्पस इकाई सहसचिव १९ वर्षीय श्रीधर टमटा र हेम्जा गाविस-६ निवासी १८ वर्षीय कृष्णराज अधिकारीलाई अनेरास्वियुका कार्यकर्ता विवेक पौडेललगायतको ९/१० जनाको समूहले ०६७ असोज १५ गते खुकुरी प्रहार गरी घाइते बनायो। उनीहरूको फेवासिटी अस्पताल पोखरामा उपचार भयो। होटेलबाट खाना खाई छात्रावासतिर जाने क्रममा साँझ अनेरास्वियुका कार्यकर्ताले खुकुरी प्रहार गरी कुटपिट गरेका थिए। अनेरास्वियु प्राविधिक विद्यालय जिल्ला कमिटीका अध्यक्ष लेखनाथ बरालले घटनामा अनेरास्वियुका कार्यकर्ता संलग्न नभएको दावी गरे।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

राष्ट्रिय जनमोर्चा निकट अखिल नेपाल युवा सङ्घ गण्डकी-धौलागिरी संयोजक तिलक थापा, अनेरास्ववियु छैठौँका जिल्ला अध्यक्ष चित्र थापा, कार्यकर्ताहरू दिलीप रेग्मी, चुडामणि भण्डारी, सागर कुँवर र प्रकाश परियारलाई ०६६ चैत १६ गते वाईसीएल कार्यकर्ताले पोखरा उमनपा-९ नयाँ बजारमा कुटपिट गरे। सङ्घीयताको विरोध गदै समयमा संविधान निर्माणका लागि दवाब दिन आयोजना गरिएको खबरदारी जुलुसमा वाईसीएल कार्यकर्ताले हस्तक्षेप गरी कुटपिट गरेका थिए। कुटपिटबाट घाइते भएका तिलक थापाको चरक अस्पताल र अन्यको पोखरा अस्पतालमा उपचार भयो।

एकीकृत नेकपा माओवादीले आह्वान गरेको आमहड्तालको छैठौँ दिन ०६७ वैशाख २४ गते एनेकपा माओवादीका कार्यकर्ता र स्थानीय शान्ति जुलुसबीच पोखरा उमनपा-१० अमरसिंहचोकमा झडप भयो। झडपमा परी स्थानीय सर्वसाधारण ३५ वर्षीय रमेश त्रिपाठी, ३५ वर्षीय शेरजङ गुरूङ, २६ वर्षीय कृष्ण आचार्य, २८ वर्षीय क्षेत्रबहादुर नेपाली र प्रहरी जवान कर्णबहादुर बडुवाल सामान्य घाइते भए। घाइतेहरूको पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरामा उपचार भयो। झडपका क्रममा माओवादी कार्यकर्ताले स्थानीय बासिन्दाको घरमा समेत तोडफोड गरेका थिए।

एकीकृत माओवादीका कार्यकर्ता र स्थानीय बासिन्दाबीच ०६७ वैशाख २४ गते लेखनाथ नपा-१ आदर्शचोकमा भएको झडपमा परी १४ जना घाइते भए। घटनामा एकीकृत नेकपा माओवादी कार्यकर्ताहरू

अनेरास्ववियु (क्रान्तिकारी) द्वारा कुटपिट गरी घाइते बनाइएका अनेरास्ववियुका कार्यकर्ता विवेक चौडेल

थुम्की गाविस-३ कास्कीका ३२ वर्षीया रमिला रेग्मी, गोरखा पालुङटार गाविस-७ का ५४ वर्षीय रामबहादुर बयलकोटी, गोरखा गाईखुर गाविसका २७ वर्षीय ईश्वरी रेग्मी, लेखनाथ नपा-१ पटनेरीका ४० वर्षीय रामबहादुर तामाङ र हंसपुर गाविस-३ कास्कीका २८ वर्षीय नवराज पौडेल गम्भीर घाइते भए। उनीहरूको पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरामा उपचार भयो। त्यसैगरी माओवादी कार्यकर्ताहरू लक्ष्मण सापकोटा, १८ वर्षीय सुमन अधिकारी, खेमराज ओझा, बुद्धिबहादुर कुँवर, श्यामजङ्ग थापा, गिरीराज सापकोटा, सर्जू अधिकारी, गोकुल अधिकारी सामान्य घाइते भए। त्यसैगरी वसन्त अधिकारी घाइते भए। झडपमा स्थितिलाई नियन्त्रणमा लिन प्रहरीले चार राउण्ड गोली प्रहार गरेको थियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

पुनरावेदन अदालतमा ०६७ असार मसान्तसम्म बाँकी भएका दुनियाँवादी फौजदारी मुद्दाको सङ्ख्या ३ सय ५७ थान भएकामा २ सय १७ थान फर्स्यौट भइ १ सय ४० थान मुद्दा बाँकी रहे। त्यसैगरी सरकारवादी फौजदारी मुद्दातर्फ ०६७ असार मसान्तसम्म बाँकी भएका ३ सय १८ थान मुद्दामध्ये २ सय ६ थान मुद्दाको फर्स्यौट भई १ सय १२ थान मुद्दा बाँकी रहेका छ। देवानी मुद्दातर्फ ०६७ असार मसान्तसम्म बाँकी भएका मुद्दा २ सय ६७ थानमध्ये ८५ थान फर्स्यौट भई १ सय ८२ थान मुद्दा बाँकी रहे।

त्यस्तै ०६७ साउनदेखि पुस १६ सम्म दर्ता भएका दुनियाँवादी फौजदारी मुद्दा २३ थान मुद्दामध्ये पाँच थान फर्स्यौट भई १८ थान मुद्दा बाँकी रहे। ०६७ साउनदेखि पुस १६ गतेसम्म दर्ता भएका सरकारवादी फौजदारी मुद्दा १ सय २६ थानमध्ये ६८ थान फर्स्यौट भई ५८ थान बाँकी रहे। ०६७ साउनदेखि पुस १६ सम्म दर्ता भएका ९९ थान देवानी मुद्दामध्ये ५१ थान फर्स्यौट भइ ३८ थान मुद्दा बाँकी रहे।

जिल्ला अदालत कास्कीमा ०६७ असार मसान्तसम्म बाँकी भएका सरकारवादी फौजदारी मुद्दाको सङ्ख्या २ सय ३६ थान भएकामा १ सय २४ थान फर्स्यौट भई १ सय १२ थान मुद्दा बाँकी रहे। त्यसैगरी दुनियाँवादी फौजदारी मुद्दातर्फ ०६७ असार मसान्तसम्म बाँकी भएका २ सय ४२ थान मुद्दामध्ये ४५ थान मुद्दाको फर्स्यौट भई १ सय ९७ थान मुद्दा बाँकी रहेका छन्। देवानी मुद्दातर्फ ०६७ असार मसान्तसम्म बाँकी भएका मुद्दा ४ सय ४४ थानमध्ये २ सय ५१ थान फर्स्यौट भई १ सय ९३ थान मुद्दा बाँकी रहे।

त्यस्तै ०६७ साउनदेखि पुस १६ सम्म दर्ता भएका सरकारीवादी फौजदारी मुद्दा २ सय ३६ थान मुद्दामध्ये ८० थान फर्स्यौट भई १ सय ५६ थान मुद्दा बाँकी रहे। ०६७ साउनदेखि पुस १६ सम्म दर्ता भएका ४ सय ८३ थान दुनियाँवादी फौजदारी मुद्दामध्ये २ सय ३० थान फर्स्यौट भई २ सय ५३ थान मुद्दा बाँकी रहे। ०६७ साउनदेखि पुस १६ गतेसम्म दर्ता भएका देवानी मुद्दा ५ सय ५७ थानमध्ये १ सय ३४ थान फर्स्यौट भई ४ सय २३ थान बाँकी रहे।

त्यस्तै घरेलु हिंसा ऐनअन्तर्गत अंशमुद्दा २ सय थान दायर भएकोमा १ सय ५३ फर्स्यौट भए भने नाता कायमसम्बन्धी १ सय ४४ मुद्दामध्ये १ सय ३३ फर्स्यौट भएका छन्। त्यस्तै बहुविवाहसम्बन्धी ४४ थान मुद्दामध्ये ७ थान फर्स्यौट भए भने कर्तव्य ज्यानसम्बन्धी दुई थान मुद्दामध्ये एक थान फर्स्यौट भयो। त्यसैगरी मानाचामल सम्बन्धी दायर भएका २५ थान मुद्दामध्ये १९ थान फर्स्यौट भए।

जिल्ला सरकारी अधिवक्ताको कार्यालयले ०६६ पुसदेखि दायर गरेको मुद्दा सङ्ख्या ३ सय ५६ रहेको छ। जसमध्ये अदालततर्फ १ सय मुद्दा दर्ता गरेकोमा १८ थान मुद्दामा सफलता पाई ८२ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे। त्यस्तै प्रशासनतर्फ २ सय ५६ मुद्दा दर्ता गरेकोमा छ थान मुद्दामा सफलता पाई १ सय ५० थान मुद्दा फर्स्यौट हुन बाँकी रहे। सफलता पाएका मुद्दाहरूमध्ये सार्वजनिक अपराध, लागू औषध, सवारी ज्यान, कर्तव्य ज्यान, बहुविवाह, ठगी, कर्तव्य ज्यान, जबरजस्ती करणी सम्बन्धी रहेका छन्।

पुनरावेदन सरकारी अधिवक्ताको कार्यालयले ०६६ पुसदेखि पुनरावेदन अदालत दायर गरेको मुद्दा सङ्ख्या २ सय ९७ रहेको छ। जसमध्ये ५२ थान मुद्दामा सफलता पाई २ सय ४५ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे। सफलता पाएका मुद्दाहरूमा अपहरण, कुटपिट, अङ्गभङ्ग, ठगी, जबरजस्ती करणी, कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग, सार्वजनिक अपराध, हातहतियार, किर्ते सवारी ज्यान, विद्युत चोरी, मानव बेचबिखन, लागू औषध सम्बधी रहेका छन्।



वाईसीएलद्वारा कुटपिट गरी घाइते बनाइएका तिलक थापा

झडपमा परी घाइते भएका वाईसीएल कार्यकर्ता मनबहादुर रोक्का

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

रेडियो गण्डकीका संवाददाता उत्तम पण्डित र सरोज अधिकारीलाई ०६६ फागुन ६ गते पोखरा उमनपा-८ स्थित सभागृहमा तमु विद्यार्थी छोंज धीको सम्मेलनको समाचार सङ्कलन गर्ने क्रममा मोटरसाइकल नरोकेको भन्दै तमु विद्यार्थी सङ्गठनका कार्यकर्ताले मोटरसाइकलको साँचो फ्याँकेर गालीगलौज गरी दुर्व्यवहार गरे। परिचयपत्र देखाउँदा समेत उनीहरूले दुर्व्यवहार गरिएको पीडितले बताए।

पश्चिमाञ्चल चिकित्सा शास्त्र अध्ययन संस्थानका पूर्वप्रमुख प्राध्यापक लालकुमारी गुरूङलाई काठमाडौंबाट प्रकाशित चौतारी दर्पण नामक मासिक पत्रिकामा क्याम्पसका छात्राहरू यौन व्यवसायमा संलग्न भएको भनी अन्तरवार्ता दिएको भन्दै ०६६ फागुन २४ गते सोही क्याम्पसका छात्राहरूले मोसो लगाए। अपमानजनक व्यवहारपछि पीडित गुरूङले ०६६ फागुन २६ गते क्याम्पसबाट राजीनामा दिईन्।

पोखरा उमनपास्थित फूलबारी रिसोर्टमा पूर्व युवराज पारस शाहको बारेमा समाचार सङ्कलन गर्न गएका रेडियो गण्डकीका संवाददाता युवराज गुरूङ लगायतका पत्रकारहरूमाथि ०६७ मंसिर २८ गते प्रहरीले कुटपिट तथा दुर्व्यवहार गऱ्यो। प्रहरीले पत्रकारमाथि गरेको दुर्व्यवहारप्रति नेपाल पत्रकार महासङ्घ कास्की शाखा र आदिवासी जनजाति पत्रकार सङ्घ कास्कीले ०६७ मङ्सिर २८ गते प्रेस विज्ञप्ति प्रकाशन गरी भर्त्सना गऱ्यो।

बालअधिकार

यस जिल्लामा विद्यालय जाने उमेरका बालबालिकामध्ये ९८.४ प्रतिशत मात्र विद्यालय जाने

गरेका छन् भने १.६ प्रतिशत बालबालिका विद्यालय जानबाट वञ्चित भएको जिल्ला शिक्षा कार्यालयले जनाएको छ। जिल्लामा प्रारम्भिक बालविकास केन्द्र ५ सय ३५ ओटा रहेका छन्। सामुदायिक विद्यालयतर्फ प्राथमिक ४ सय ३८ ओटा, निमावि ९८ ओटा, मावि ८६ ओटा, उच्च मावि ३४ ओटा रहेका छन्। त्यसैगरी संस्थागत विद्यालयतर्फ प्राथमिक २७ ओटा, निमावि २२ ओटा, मावि १ सय २१ ओटा, उच्च मावि २९ ओटा रहेका छन्। प्रारम्भिक बालविकास केन्द्र बाहेक यस जिल्लामा जम्मा ६ सय ५६ विद्यालयहरू रहेका छन्। ती विद्यालयहरूमा अध्ययनरत बालबालिकाहरूमा १ लाख ६७ हजार ४सय ६२ जना रहेका छन्। जसमा ८० हजार १ सय १८ बालिका र ८७ हजार ३ सय ३४ जना बालक रहेका छन्। जिल्ला शिक्षा कार्यालयका अनुसार यस जिल्लामा रहेका विद्यालयहरुमा ३२ हजार ६ सय ५३ जना दलित बालबालिका अध्ययनरत छन् भने ५६ हजार २ सय ४७ जना आदिवासी जनजाति विद्यार्थीहरू अध्ययनरत छन्। जिल्लाको साक्षरता प्रतिशत ७२.५६ रहेको छ। जसमा महिला ६८.७३ र पुरूष ७६.२९ प्रतिशत साक्षर रहेको जिल्ला शिक्षा कार्यालयले जनाएको छ।

झडपमा परी घाइते भएका सर्वसाधारण शैरजङ गुरुङ

पोखरा उमनपा-१३ स्थित दुईकुलाको मुहान बस्ने १५ वर्षीय विवेक परियारलाई सोही ठाउँका राकेश गुरूङ, अमृत श्रेष्ठलगायतको समूहले ०६७ वैशाख ११ गते राति सुतिरहेको बेला खुकुरी प्रहार गरी हत्या गऱ्यो। टाउको र शरीरका विभिन्न ठाउँमा गम्भीर चोट लागेका परियारको काठमाडौको बी एण्ड बी अस्पतालमा उपचारको क्रममा ०६७ वैशाख १२ गते मृत्यु भएको थियो। उनीहरू मृतकको दाजुसँगको रिसइवीका कारण कुटपिट गर्न गएको थाहा पाएपछि दाजु खाटमुनि लुकेका थिए। आक्रमणकारीले विवेकलाई दाजु ठानी अन्धाधुन्ध खुकुरी र रड प्रहार गरी गम्भीर घाइते बनाएकोमा भोलिपल्ट उनको मृत्यु भएको थियो। पीडित परिवारले ०६७ वैशाख १२ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिई घटनामा संलग्न भएको आरोपमा प्रहरीले सोही ठाउँ बस्ने राकेश गुरूङ, सन्तोष गुरूङ, चित्रबहादुर राना, वीरेन्द्र गुरूङ, विजय गुरूङ, अमृत श्रेष्ठ, राजेश श्रेष्ठलाई ०६७ वैशाख १३ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालत कास्कीको आदेशमा राकेश गुरूङ, सन्तोष गुरूङ, चित्रबहादुर राना, वीरेन्द्र गुरूङ, अमृत श्रेष्ठ, राजेश श्रेष्ठलाई ०६७ जेठ ११ गते पुर्पक्षका लागि थुनामा पठायो भने वीरेन्द्र गुरूङ र विजय गुरूङ तारेखमा रिहा भए।

पोखरा उमनपा-६ स्थित ग्रीन पीस होटलमा कार्यरत १७ वर्षीया एक बालिकालाई ०६७ वैशाख २६ गते चितवन जिल्ला बछ्यौली गाविस-२ का २२ वर्षीय विनोद खतिवडाले सोही होटलमा बलात्कार गरेको भनी पीडित पक्षले सोही दिन वडा प्रहरी कार्यालय बैदाममा मौखिक उजुरी दियो। प्रहरीले आरोपित खतिवडालाई सोही दिन गिरफ्तार गरी जबरजस्तीकरणी सम्बन्धी मुद्दा चलायो। जिल्ला अदालत कास्कीले ०६७ जेठ २० गते खतिवडालाई जिल्ला कारागारमा पठायो।

गोरखा जिल्ला घर भइ पोखरा उमनपा-१ सिमपानी बस्ने ३१ वर्षीया विनिमाया तामाङले सौतेनी छोरो ९ वर्षीय आनन्द थापालाई ०६७ साउन १८ गते कुटपिट गरी यातना दिइन्। पीडितका आफन्तले ०६७ साउन २१ गते घटनाको बारेमा जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। उनलाई सोही दिन गिरफ्तार गरी अनुसन्धानपश्चात् ०६७ भदौ १ गते जिल्ला अदालतको आदेशमा २८ हजार रुपियाँ धरौटीमा रिहा भए।

धादिङ जिल्ला ज्यामरूङ गाविस-७ निवासी पोखरा उमनपा-६ बैदामस्थित धर्मइन होटलमा कार्यरत २६ वर्षीय सुमन इटनीले सोही ठाउँका १३ वर्षीया बालिकालाई ०६७ असार २३ गते कोमागाने पार्कमा बलात्कार गरेको भन्दै पीडित परिवारले वडा प्रहरी

एकीकृत माओवादी र स्थानीय समूहबीच झडप हुँदा घाइते भएकी रमिला रेञ्जी

कार्यालयमा ०६७ असार २४ गते उजुरी दिएपछि इटनीलाई सोही दिन प्रहरीले गिरफ्तार गऱ्यो। उनलाई ०६७ साउन १९ गते जिल्ला अदालतका न्यायाधीश नीलकण्ठ उपाध्यायको इजालशले पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो। उक्त अभियोगका प्रतिवादी पोखरा उमनपा-६ बैदामस्थित धर्मइन होटलका सञ्चालिका २४ वर्षीया शारदा पौडेललाई सोही दिन साधारण तारेखमा रिहा गरियो।

पोखरा उमनपा-१२ निवासी १८ वर्षीय सन्तोष विकले सोही ठाउँ बस्ने पाँच वर्षीया बालिकालाई ०६७ साउन ६ गते राति ८ बजे बलात्कार गरेको भन्दै पीडित परिवारले ०६७ साउन ७ गते जिल्ला प्रहरी कार्यालय उजुरी गरेपछि प्रहरीले आरोपित विकलाई सोही दिन गिरफ्तार गऱ्यो। जिल्ला अदालतको आदेशमा ०६७ साउन ३१ गते विकलाई पुर्पक्षका लागि थुनामा पठायो। पीडित बालिकाको पश्चिमाञ्चल क्षेत्रीय कार्यालय पोखरामा स्वास्थ्य परीक्षण भएको थियो।

पुम्दीभुम्दी गाविस-५ घर भई शुक्रराज उच्च मावि कक्षा दुईमा अध्ययनरत आठ वर्षीय अनिल परियारलाई क्यान्टिनमा चोरी गरेको आरोपमा क्यान्टिन सञ्चालक २७ वर्षीय दानु गुरूङले ०६७ साउन २७ गते लठ्ठी र पाइपले कुटपिट गरे। कुटपिटबाट आँखा र कानमा चोटका साथै शरीरभरि नीलडाम भएका पीडित बालकको पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरामा उपचार भयो। विद्यालय प्रशासनले पीडितको घाउजाँच र पीडकमाथि कारवाही गर्न माग गर्दै ०६७ साउन २७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी गऱ्यो। पीडकलाई सोही दिन गिरफ्तार गरी सार्वजनिक अपराधअन्तरगत मुद्दा दायर गरिएकोमा अनुसन्धानपश्चात् ०६७ भदौ १३ गते १ हजार धरौटीमा उनी रिहा भए। घटनापश्चात् ०६७ साउन २८ गतेबाट क्यान्टिन बन्द गरिएको विद्यालयका प्राचार्य नरनाथ बरालले बताए।

दाङ जिल्ला घर भई पोखरा उमनपा-१७ विरौटास्थित जुजु म:म: रेष्टुरेन्टमा काम गर्ने १६ वर्षीया बालिकालाई सोही ठाउँ बस्ने ३५ वर्षीय जुमकाजी गुरूङले ०६७ भदौ १७ गते बलात्कार गरेको आरोपमा पीडितका आफन्तले ०६७ भदौ १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपित गुरूङलाई सोही दिन गिरफ्तार गरी अनुसन्धानपश्चात् जिल्ला अदालतको आदेशमा ०६७ असोज १७ गते तारेखमा रिहा गऱ्यो।

पोखरा उमनपा-१३ भद्रकाली निवासी १३ वर्षीया बालिकालाई सोही ठाउँ बस्ने २० वर्षीय हेमबहादुर तामाङ र १८ वर्षीय सुमन गुरूङले ०६७ असोज १८ गते बलात्कार गरेको भन्दै पीडितका बुबाले जिल्ला प्रहरी कार्यालय कास्कीमा ०६७ असोज १९ गते उजुरी दिएपछि सोही दिन आरोपित सुमन गुरूङलाई प्रहरीले गिरफ्तार गरेकोमा जिल्ला अदालतको आदेशमा ०६७ कात्तिक १५ गते उनलाई पुर्पक्षका लागि थुनामा पठायो। उनीहरूले पीडित बालिकालाई फकाईफुलाई सुमनको घरमा बोलाई जुस खुवाएर बेहोस पारी राति १० बजेतिर बलात्कार गरेको पीडितको आरोप थियो। घटनाका अर्का आरोपित तामाङ भने यस वर्षको अन्त्यसम्म फरार रहेको र उनको खोजी भैरहेको जिल्ला प्रहरी कार्यालयले जनायो।

महिलाविरूद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार दुर्व्यवहार

पोखरा उमनपा-११ रानीपौवाका घर भई पोखरा उमनपा-९ न्यूरोडस्थित कान्तिपुर डेन्टल कलेजमा अध्ययरत २३ वर्षीया प्राप्ती गुरूङलाई सोही कलेजका देवी पुन लगायतले बोक्सीको आरोपमा ०६७ जेठ १७ गते कलेज परिसरमा कुटपिट गरी दुर्व्यवहार गरे। साथी विरामी भएपछि हेराउन जाँदा गुरूङ बोक्सी भएको लामाले बताएपछि उनलाई पुनले कुटपिट गरेकी थिइन्। पीडितले जिल्ला प्रहरी कार्यालयका ०६७ जेठ १८ गते उजुरी दिइन्। पीडक पक्षले गल्ती नदोऱ्याउने भन्दै माफी मागेपछि ०६७ जेठ २० गते दुवै पक्षबीच मिलापत्र भयो।

एकीकृत माओवादी र स्थानीय बासिन्दाबीच भडप हुँदा घाइते भएका ईश्वरी रेग्मी

पोखरा उमनपा-१० मिलनटोल निवासी ६७ वर्षीया सरस्वती थापालाई बोक्सीको आरोप लगाउदै सोही ठाउँ बस्ने ४० वर्षीय भीमकुमारी श्रेष्ठ लगायतले ०६७ कात्तिक २ गते घरमै कुटपिट गरे। पीडित थापाको पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरामा उपचार भयो। पीडितले शान्ति सुरक्षा र न्यायको माग गर्दै ०६७ कात्तिक २ गते वडा प्रहरी कार्यालयमा निवेदन दिए पनि प्रहरीले दर्ता नगरेपछि सोही दिन जिल्ला प्रहरी कार्यालयको महिला सेलमा किटानी सहित उजुरी गरिन्। जिल्ला प्रहरी कार्यालयले घटनामा

संलग्न भएको आरोपमा श्रेष्ठ, उनका छोरा निर्मल श्रेष्ठ र भतिज ध्रुव श्रेष्ठलाई ०६७ कात्तिक ३ गते नै गिरफ्तार गरी सार्वजनिक अपराध ऐन अन्तर्गत मुद्दा दायर गरेकोमा ०६७ कात्तिक १० गते भीमकुमारी २८ हजार रुपियाँ र अन्य जनही २० हजार रुपियाँ धरौटीमा रिहा भए। यसअघि पनि थापालाई बोक्सीको आरोपमा उनीहरुले पटक पटक अमानवीय व्यवहार गर्दै आएका थिए।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

पोखरा उमनपा-१५ गलेश्वर मन्दिर परिसर निवासी ४१ वर्षीया बोल्न नसक्ने अपाङ्ग महिलालाई ०६७ पुस ७ गतेसोही ठाउँका ३९ वर्षीय विक्रम कार्कीले घरमा कोही नभएको मौका छोपी बलात्कार गरेको भनी पीडित परिवारले ०६७ पुस ८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएकोमा ०६७ पुस ९ गते आरोपितलाई गिरफ्तार गरी यस बर्षको अन्त्यसम्म अनुसन्धान जारी राखेको जिल्ला प्रहरी कार्यालयले जनायो।

घरेलु हिंसा

लेखनाथ नपा-११ वेगनासताल निवासी २८ वर्षीय केदार लामिछानेले लेखनाथ नपा-१ का २० वर्षीया राधा कँडेलसँग ०६७ वैशाख ३१ गते दोस्रो विवाह गरे। पतिले बहुविवाह गरेको भन्दै जेठी पत्नी २७ वर्षीया रीता लामिछानेले ०६७ जेठ २ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरीले दुवैलाई ०६७ जेठ ३ गते गिरफ्तार गरी अनुसन्धानपश्चात् जिल्ला अदालतको आदेशमा ०६७ असोज १७ गते पति लामिछानेलाई ५० हजार रुपियाँ र सौता कँडेललाई २५ हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो।

काठमाडौँ मनपा-४ काभ्रेस्थलीका २० वर्षीय सरोज फुँयालले पत्नी १९ वर्षीया अञ्जु फुँयाल (खनाल) लाई ०६७ साउन २ गते पोखरा उमनपा-६ डिहीकोपाटनस्थित मदरल्याण्ड होटलको कोठा नम्बर २०८ मा घाँटी थिची हत्या गरेको प्रहरीले जनायो। हनिमुन मनाउन भन्दै पोखरा आई होटलमा बसेका फुँयालले पूर्वप्रेमिकाको दबाबमा पत्नीको हत्या गरेका थिए। पीडक फुँयालले सामाजिक परम्परा अनुसार ०६७ असार १४ गते अञ्जुसँग विवाह गरेका थिए। पत्नीको हत्या गरी फरार भएका फुँयाललाई प्रहरीले ०६७ साउन ३ गते राति काठमाडौँबाट गिरफ्तार गऱ्यो। पीडित परिवारले फुयाँल विरूद्ध ०६७ साउन ४ गते जिल्ला प्रहरी कास्कीमा किटानी जाहेरी दिएकोमा अनुसन्धान पश्चात् ०६७ साउन ३० गते जिल्ला अदालत कास्कीले पुर्पक्षका लागि थुनामा पठायो।

बहुविवाह

पोखरा उमनपा-१ बगर निवासी २४ वर्षीय चिरञ्जीवी पौडेलले २० वर्षीया लक्ष्मी अधिकारीलाई ०६७ असार २५ गते दोस्रो विवाह गरे। जेठी पत्नी २४ वर्षीया अनीता ज्ञवालीले ०६७ साउन ४ गते जिल्ला प्रहरी कार्यालयमा बहुविवाह विरूद्ध जाहेरी दिइन। प्रहरीले दुवैलाई ०६७ साउन ८ गते गिरफ्तार गरेकोमा अनुन्धानपश्चात् जिल्ला अदालतको आदेशमा ०६७ असोज ७ गते जनही ५ हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो।

लेखनाथ नपा-५ निवासी ४१ वर्षीय त्रिचन्द्र अधिकारीले लेखनाथ नपा-१ का २३ वर्षीया सीता देवकोटासँग ०६७ भदौ २८ गते दोस्रो विवाह गरे। पीडकका जेठी पत्नी ३२ वर्षीया भगवती अधिकारीसँग ०६७ भदौ ३१ गते जिल्ला प्रहरी कार्यालयमा बहुविवाह विरूद्ध उजुरी दिइन्। प्रहरीले दुवै अभियुक्तलाई ०६७ असोज १ गते गिरफ्तार गरी अनुसन्धानपश्चात् जिल्ला अदालतको आदेशमा ०६७ असोज १८ गते पति अधिकारीलाई २५ हजार रुपियाँ र सौतेनी देवकोटालाई १५ हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना, सम्पत्ति क्षति

एकीकृत माओवादीबाट

एकीकृत माओवादीले आह्वान गरेको अनिश्चित्कालीन आमहडतालका क्रममा ०६७ वैशाख १९ गते माओवादी कार्यकर्ताले पोखरा उमनपा-७ र १७ घारीपाटन चोकस्थित लक्ष्मी सुनार, राजु क्षेत्री र

एकीकृत माओवादी र स्थानीय समूहबीच झडप हुँदा घाइते भएका रामबहादुर बयलकोटी

पोखरा-७ का शेरबहादुर क्षेत्रीको घरमा लाठी र ढुङ्गा प्रहार गरी झ्यालका सीसा, ढोका, छानामा क्षति पुऱ्याए। आन्दोलनमा युथफोर्सका कार्यकर्ताले लुकेर ढुङ्गा हानेको भन्दै आक्रोशित आन्दोलनकारीले जथाभावी लाठी र ढुङ्गा प्रहार गरेका थिए।

पोखरा उपनपा-९ नागढुङ्गास्थित शिशुवा मेडिकल हल र कीर्तन फूड्स सप्लायर्समा ०६७ वैशाख २० गते एकीकृत माओवादीले आह्वान गरेको अनिश्चित्कालीन आमहडतालको अवज्ञा गरी पसल खोलेको भन्दै तोडफोड गरे। तोडफोडको क्रममा मेडिकलका ५० वर्षीय टीकाराम पौडेल र ३ वर्षीय सन्देश पौडेल सामान्य घाइते भए। शरीरभरि नीलडाम भएका टीकारामको चरक अस्पताल र सन्देशको सोही मेडिकलमा उपचार भयो।

चोरीको आरोपमा कुटपिट गरी घाइते बनाइएका अनिल परियार

अनेरास्ववियुबाट

लेखनाथ नपा-१२ स्थित ढुङ्गेपाटनमा रहेको पोखरा विश्वविद्यालयमा विद्यार्थी भर्ना र टेण्डरमा विश्वविद्यालयले अनियमितता गरेको भन्दै ०६७ वैशाख ९ गते अनेरास्ववियुका कार्यकर्ताले उपकुलपति र डिनको कार्यकक्षमा तोडफोड र आगजनी गरी क्षति पुऱ्याए। विद्यार्थी भर्ना र टेण्डरको विषयमा छानबिन गर्न उनीहरूले विश्वविद्यालयमा सातबुँदे मागसहित ०६६ चैत २२ गते तालाबन्दी गरेका थिए। आफ्ना मागका सम्बन्धमा कुनै सुनुवाइ नभएको भन्दै उनीहरुले विश्वविद्यालयमा तोडफोड र आगजनी गरेका थिए। घटनामा संलग्न भएको आरोपमा युथफोर्सका कास्कीका अध्यक्ष दर्शन लामा, अनेरास्ववियु विश्वविद्यालय कमिटीका अध्यक्ष सुमन पौडेल र अनेरास्ववियु पृथ्वीनारायण क्याम्पस इकाई अध्यक्ष सन्तोष अधिकारी सहित आठ जनालाई प्रहरीले ०६७ वैशाख ९ गते गिरफ्तार गरी सोही राति रिहा गऱ्यो।

अनेरास्ववियु र नेविसङ्घबाट

लेखनाथ नपा-१२ ढुङ्गेपाटनस्थित पोखरा विश्वविद्यालयको केन्द्रीय कार्यालय अनेरास्ववियु र नेविसङ्घका कार्यकर्ताहरूले ०६७ भदौ ६ गते तोडफोड गरे। उनीहरूले विश्वविद्यालयको स्कूल अफ इन्जिनियरिङ शाखाको शिक्षक छनौट परीक्षामा योग्यता र क्षमतावान शिक्षकलाई छनौट नगरी माओवादी समर्थित शिक्षकलाई छनौट गरेको भन्दै तोडफोड गरेका थिए। तोडफोडका क्रममा झ्यालका सीसाहरू फुटे पनि मानवीय क्षति नभएको प्रहरीले जनायो। यसअघि विद्यार्थीहरूले ०६७ भदौ ४ गते विश्वविद्यालयमा तालाबन्दी गरेका थिए।

स्वास्थ्य सेवाको अवस्था

पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरामा यस वर्षको अन्तसम्ममा डाक्टर दरबन्दी १ सय ३ जना रहेकामा ६० जना, स्टाफ नर्स १ सय ७० जनाको दरबन्दी रहेकामा १ सय १५ जना, अहेव दरबन्दी २० जना रहेकामा १४ जना, अनमी दरबन्दी ३४ जना रहेकामा १४ जना मात्र कार्यरत थिए।

जिल्ला जनस्वास्थ्य कार्यालयमा यस वर्षको अन्त्यसम्ममा एक जना जनस्वास्थ्य प्रशासक, दुई जना मेडिकल अफिसर कार्यरत थिए। स्टाफ नर्स तीन जनाको दरबन्दी रहेकामा तीन जना कार्यरत थिए। सिअहेव दरबन्दी १४ जना रहेकोमा १३ जना, अहेव दरबन्दी ४१ जना रहेकामा ४६ जना कार्यरत रहेका थिए। ग्रामीण स्वास्थ्य कार्यकर्ता ४४ जना दरबन्दी रहेकामा ३३ जना, अनमी १९ जना दरबन्दीमा १७ जना, मासिका ३४ जना दरबन्दी रहेकामा ३३ जना, ल्याव एसिस्टेन्ट छ जना कार्यरत रहेका थिए। जिल्ला स्वास्थ्य कार्यालयका अनुसार जिल्लामा क्षेत्रीय अस्पताल एक, आँखा अस्पताल एक, कुष्ठरोग अस्पताल एक, क्षेत्रीय क्षयरोग केन्द्र एक र निजी अस्तपाल ११ ओटा रहेका छन्। त्यसैगरी तीनओटा प्राथमिक स्वास्थ्य केन्द्र, ३४ ओटा उपस्वास्थ्य चौकी र ११ ओटा स्वास्थ्य चौकी, आयुर्वेद औषधालय पाँचओटा गरी जम्मा ६७ ओटा स्वास्थ्यसँग सम्बन्धित कार्यालयहरू रहेका छन्।

३.६ मनाङ



जनसङ्ख्या : १५,९३८
साक्षरता प्रतिशत : ६०
महिला साक्षरता प्रतिशत : ३५
क्षेत्रफल (वर्ग कि. मि.) : २,२४६
गाविस/नपा सङ्ख्या : १३/०
सरकारी/निजी विद्यालय : ३१/१
क्याम्पस/उच्च मा.वि. : ०/२
अस्पताल/स्वास्थ्य चौकी : १/१३
मानव विकास सूचकाङ्कः ०.५०२
प्रतिपरिवार सरदर सङ्ख्याः ९

जेल र बन्दीहरू

यस जिल्लामा श्रेणीविहीन कारागार कार्यालय रहेको छ। जहाँ कैदी १२ जना र थुनुवा २० जना रहेकोमा सबै जना पुरुष रहेको जेलर अन्नबहादुर अधिकारीले जानकारी दिए।

धम्की/कुटपिट

वाईसीएलबाट

लमजुङ जिल्ला ईशानेश्वर गाविस घर भई मनाङ गाविस- ३ स्थित अन्नपूर्ण माविका प्रधानाध्यापक ४३ वर्षीय आनन्द घिमिरे र लमजुङ जिल्ला श्री मन्ज्याङ गाविस निवासी सोही विद्यालयका शिक्षक ४५ वर्षीय राज्यप्रसाद घिमिरेलाई ०६७ वैशाख २० गते बिहान मनाङ गाविस-९ निवासी वाईसीएल जिल्ला कमिटी सदस्य ३७ वर्षीय पाल्तेन गुरुङले विद्यालय खुलाएको अरोपमा घोडालाई हिर्काउने कोर्राले कुटपिट गरे। नेपाल रेडक्रस सोसाइटी उपशाखा टङ्कीमनाङ र मनाङको आयोजनामा श्री अन्नपूर्ण माविको हलमा स्वास्थ्य शिविर राख्ने पूर्वतयारी अनुसार सो कार्यक्रम हुन लाग्दा विद्यालय सञ्चालन गरेको अरोपमा गुरुङसहितका वाईसीएल कार्यकर्ताले शिक्षकद्वयलाई कुटपिट गरेका थिए। शिक्षकहरू विद्यालय खोल्न नभई शिविरको कार्यक्रमलाई सहयोग गर्ने कार्यमा संलग्न भएको अवस्थामा वाईसीएल कार्यकर्ताले कुटपिट गरेको स्थानीय बासिन्दाले बताए।

अन्यबाट

धारापानी गाविस-५ नाचै निवासी एकीकृत माओवादी सचिवालय सदस्य, तमुवान राज्य समिति सदस्य तथा वाईसीएल मनाङका सचिव ३२ वर्षीय दीप तमुलाई ०६७ जेठ ८ गते साँझ चामे गाविस-५ निवासी श्री लोकप्रिय उच्च मावि‍का विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा जिल्ला पशु सेवा कार्यालयमा कार्यरत रही निजामती कर्मचारी युनियनका जिल्ला अध्यक्ष ३४ वर्षीय छिरिङ धोर्जे लामा र सोही ठाउँ निवासी ३१ वर्षीय डिम धोर्जे लामाले दाउरा प्रहार गरी कुटपिट गरे। दाउराको प्रहारबाट तमूको टाउकोमा र आँखामा समेत चोटपटक लागेको थियो। तमूको मनाङ जिल्ला अस्पतालमा टाउको र आँखामा गरी १४ टाँका लगाई थप उपाचारको लागि काठमाडौँ लगियो। पीडकद्वयलाई प्रहरीले जेठ ११ गते गिरफ्तार गरी प्रहरी हिरासतमा राखी एक हप्ता पछि रिहा गरेको थियो। तमूलाई कुटेको अरोपमा एकीकृत माओवादी मनाङ र भातृ सङ्गठन वाईसीएल मनाङले संयुक्तरुपमा एक प्रेस विज्ञप्ति प्रकाशन गरी घोर भर्त्सना गर्दै घटनाको विरोधमा वैशाख ९ गते जिल्ला सदरमुकाम चामे बजार बन्द गरेका थिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा गत वर्षको जिम्मेवारी सरी आएको मुद्दा चार थान र यस वर्ष दुई थान गरी जम्मा छ थान मुद्दा रहेकोमा तीन थान मुद्दाको फैसला भयो भने तीन थान मुद्दाको फैसला हुन बाँकी छ। यी सबै मुद्दाहरु फौजदारी हुन्। देवानी मुद्दा कुनै पनि नभएको जिल्ला अदालतका श्रेस्तेदार शम्भुप्रसाद बरालले जानकारी दिए। त्यसैगरी जिल्ला प्रशासन कार्यालयमा सार्वजनिक अपराध मुद्दा एक थान रहेको छ।

बालअधिकार

यस जिल्लामा प्रारम्भिक बाल विकास केन्द्र १९ ओटा रहेका छन्। सामुदायिक विद्यालयतर्फ प्राथमिक १६ ओटा, निमावि आठ ओटा, मावि दुई ओटा र उच्च मावि दुई ओटा छन्। त्यसैगरी संस्थागत विद्यालय तर्फ निमावि एउटा मात्र रहेको छ। प्रारम्भिक बाल विकास केन्द्र बाहेक यस जिल्लामा २९ ओटा विद्यालयहरु रहेका छन्। जिल्ला शिक्षा कार्यालयका

घटनाको प्रकार	गैरराज्यबाट			
	अन्यबाट			
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
कुटपिट	५	५	३	८
जम्मा	५	५	३	८

अनुसार यस जिल्लामा रहेका विद्यालयहरुमा ७४ जना दलित बालबालिका अध्ययनरत छन्। जिल्लाको साक्षरता प्रतिशत ५९ रहेको छ।

स्वास्थ्य सेवाको अवस्था

जिल्ला अस्पतालमा यस वर्षको अन्त्य सम्ममा डाक्टर दरबन्दी तीन जनाको रहेकोमा तीनै जना कार्यरत छन्। स्टाफ नर्स दरबन्दी एक जना रहेकोमा दरबन्दी अनुसार कार्यरत छन्। सीअहेव एक दरबन्दी रहेकोमा कार्यरत छन्। अहेब दुई जनामा एक जना कार्यरत र एक जना अध्ययन बिदामा गएका छन्। अनमी दुई जनामा दुवैजना कार्यरत छन्।

३.७ नवलपरासी



जनसङ्ख्या : ७,०६,०४०
साक्षरता प्रतिशत : ६६
महिला साक्षरता प्रतिशत : ३५
क्षेत्रफल (वर्ग कि. मि.) : २,१६२
गाविस/नपा सङ्ख्या : ७३/१
सरकारी/निजी विद्यालय : ५४६/९३
क्याम्पस/उच्च मा.वि. : ६/७३
अस्पताल/स्वास्थ्य चौकी : ३/८२
मानव विकास सूचकाङ्कः ०.४८२
प्रतिपरिवार सरदर सङ्ख्याः ७

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

अन्यबाट

रूपन्देही जिल्ला बोधबारे गाविस-९ का ३५ वर्षीय ढुम्मुल बञ्जरालाई चोरी गरेको आरोपमा ०६६ पुस २७ गते राति हकुई गाविस -६ नौडिहवाका स्थानीयवासीले कुटपिट गरी हत्या गरे। पीडितपक्षले कतै उजुरी नदिएकाले पीडकहरूलाई कुनै कारवाही भएन।

गैडाकोट गाविस-४ निवासी एकीकृत माओवादी निकट मजदुर सङ्गठन आवद्ध भृकुटी पल्प एण्ड पेपर मिल गैँडाकोटका मजदुर ५४ वर्षीय बुद्धिराम महतो ०६७ वैशाख ७ गते मुकुन्दपुर गाविस-६ स्थित गोरखा ब्रुअरी उद्योगमा मजदुर नियुक्तिको विषयलाई लिएर स्थानीयवासी र एकीकृत माओवादीका कार्यकर्ताबीच भएको झडपमा घाइते भए। काठमाडौँस्थित न्यूरो अस्पतालमा उपचारको क्रममा सोही राति उनको मृत्यु भयो। घटनामा एकीकृत माओवादी निकट मजदुर सङ्गठनमा आवद्ध मजदुरहरू मुकुन्दपुर गाविस-८ का ५५ वर्षीय नन्दलाल पौडेल, गैँडाकोट गाविस-८ का ३५ वर्षीय विष्णु घिमिरे, रजहर गाविस-७ का ३० वर्षीय सुर्यप्रसाद न्यौपाने, प्रगतिनगर गाविस-४ का टेकराज भुसाल गम्भीर घाइते भए। घाइते सबैको उपचार काठमाडौँस्थित न्यूरो अस्पतालमा भयो। आफ्ना कार्यकर्ताको हत्या भएको भन्दै आक्रोशित भएका एकीकृत माओवादी निकट मजदुर सङ्गठनका कार्यकर्ताहरूले घटनाको लगत्तै मुकुन्दपुर गाविस-६ का २६ वर्षीय सन्तोष पौडेल, २५ वर्षीय केशव पौडेल र १६ वर्षीय सुशील रावत र चितवन जिल्ला गीतानगर गाविस- ५ का १८ वर्षीय सन्तोष बस्नेतलाई आक्रमण गरी घाइते बनाए। सोही क्रममा मुकुन्दपुर गाविस-६ का बिन्दु रावतले एमाले कार्यकर्ताहरूलाई लुकाएर राखेको भन्दै उनको पसलमा तोडफोड गरे। घाइतेहरूको उपचार चितवन जिल्लास्थित मेडिकल कलेजमा उपचार भयो। घटनामा संलग्न भएको भन्दै मुकुन्दपुर-६ निवासी रेशममाया गुरूङ र २१ वर्षीय प्रकाश आलेमगरका नाममा एकीकृत माओवादीले जिल्ला प्रहरी कार्यालय, परासीमा जाहेरी दियो। प्रहरीले ०६७ वैशाख ८ गते उनीहरूलाई गिरफ्तार गरेकोमा जिल्ला अदालत, नवलपरासीको आदेशमा प्रतिव्यक्ति २५ हजार रुपियाँ धरौटी राखी ०६७ जेठ २ गते उनीहरू रिहा भए। मृतक महतो आफ्नो पार्टी निकट मजदुर सङ्गठनको सदस्य रहेको र उनको हत्या नेकपा

एमालेका कार्यकर्ताहरूले गरेको एकीकृत माओवादीका नवलपरासी सह-इन्चार्ज मोती रिजालले बताए पनि नेकपा एमाले जिल्ला अध्यक्ष तिलक महतोले उक्त आरोपको खण्डन गर्दै महतोको मृत्यु माओवादी निकट मजदुर सङ्गठनका कार्यकर्ताहरूको आक्रमणबाट भएको दावी गरे। आक्रमणबाट मृत्यु भएका चौधरीको शवयात्रा गरिरहेको अवस्थामा एकीकृत माओवादीका कार्यकर्ताहरुले ०६७ वैशाख ८ गते मुकुन्दपुर गाविस-७ निवासी पूर्व गाविस उपाध्यक्ष देवलाल बरालको घरमा तोडफोड गरेका थिए।

जेल र बन्दीहरू

जिल्ला कारागारमा यसवर्षको अन्त्यसम्म जम्मा ८५ जना कैदी तथा बन्दीहरू रहेका छन्। "घ" श्रेणीको यस कारागारको ३५ जना क्षमता रहेकोमा यस वर्षको अन्त्यसम्म कैद तोकिएका ४० जना र कैद नतोकिएका ४५ जना रहेका छन्। जसमा १२ जना महिला रहेका छन्। जिल्ला कारागारका प्रमुख तोयनाथ भट्टराईका अनुसार कारागारमा कर्तव्य ज्यान मुद्दाका २६ जना, लागुऔषध मुद्दामा छ जना, अपहरण तथा शरीर बन्धक मुद्दामा दुई जना, हातहतियार खरखजना मुद्दामा आठ जना, जवर्जस्तीकरणी अन्तर्गतको मुद्दामा १३ जना, सवारी ज्यान मुद्दामा एक जना, किर्ते नागरिकता तथा जालसाझीमा चार जना, चोरी मुद्दामा एक जना, ज्यान मार्ने मुद्दामा दुई जना, मानव बेचबिखनमा आठ जना, डाँका चोरी मुद्दामा १० जना, चोरी मुद्दामा दुई जना बन्दी तथा थुनुवा रहेका छन्। त्यस्तै सार्वजनिक अपराध अन्तर्गत मुद्दामा एक जना, सैनिक ऐन अन्तर्गत एक जना कैदी तथा थुनुवाहरू रहेका छन्। कारागारमा एक जना महिला र तीन जना पुरुष रहेका छन्।

बेपत्ता/अपहरण

अज्ञात समूहबाट

रामग्राम नपा-६ निवासी लिटिल एञ्जेल्स उच्चमावि कक्षा ५ मा अध्ययनरत ११ वर्षीय आशिष बानियालाई ०६७ असार ६ गते राति अज्ञात समूहले उनको घर नजिकैबाट अपहरण गऱ्यो। बालकलाई कसले अपहरण गरेको हो हालसम्म खुल्न नसकेको भए पनि ०६७ असार ८ गते निज बालकले प्रयोग गर्ने मोबाइलबाट अज्ञात व्यक्तिले फोन गरी ५० लाख रुपियाँ फिरौती माग गरेको पीडितका परिवारले बताए। घटनामा संलग्न भएकाहरूको खोजबिन तथा बालकको उद्धारका लागि प्रयास भइरहेको भए पनि हालसम्म अपहरणकारी र अपहरित बालकको उद्धार गर्न नसकिएको जिल्ला प्रहरी कार्यालयका एसपी कृष्णप्रसाद गौतमले बताए। अपहरित बालकको खोजबिन तथा उद्धारका लागि पीडित परिवारले इन्सेक लगायतका सङ्घसस्थाहरूलाई अनुरोध गरेका छन्। यो वर्षको अन्त्यसम्म पनि बालकको अवस्था अज्ञात रहेको छ।

धम्की/कुटपिट

राज्यबाट

रामग्राम नपा-५ घर भई मधेशी जनअधिकार फोरमका जिल्ला अध्यक्ष कैलाश महतो, अमरौट गाविस-२ घर भई पार्टी उपाध्यक्ष श्री कृष्ण यादव सनई, गाविस-२ घर भई सोही पार्टीका सचिव धनेन्द्र यादव, रामग्राम नपा-२ घर भई युवा फोरमका केन्द्रीय सदस्य दीपचन्द्र कौशल, सनई गाविस-७ घर भई जिल्ला सदस्य महेन्द्र यादव, सोही गाविस-४ का रामवृज यादव, गेर्मी गाविस-७ का राजकुमार गौड, गेर्मी गाविस-७ घर भई सोही गाउँका अध्यक्ष श्याम महमद पठानलाई प्रहरी भ्यानको चाबी नियन्त्रणमा लिएको आरोपमा ०६७ मङ्सिर ६ गते प्रहरीले अन्धाधुन्ध लाठी चार्ज गर्दा घाइते भए। आफूहरूले वार्ताको लागि सहज वातावरण बनाउने उद्देश्यले प्रहरीको गाडीको चाबी नियन्त्रणमा लिएकोमा गिरफ्तार गरी लैजान सकिने अवस्था हुँदाहुँदै प्रहरीको टोलीले लाठीचार्ज गरी घाइते बनाएको पीडितहरूले बताए। घाइतेहरूको स्थानीय अस्पतालमा उपचार भयो। मधेशी जनअधिकार फोरम नेपालले मङ्सिर २३ गतेदेखि अनिश्चितकालीन नवलपरासी बन्दको आह्वान गरेको थियो। इन्सेक जिल्ला प्रतिनिधि नारायण पराजुलीको पहलमा अन्य राजनीतिक दल जवाफदेहिता निगरानी समिति प्रहरी प्रशासनबीच प्रमुख जिल्ला अधिकारीको कार्यकक्षमा भएको सर्वपक्षीय छलफल पछि आगामी दिनमा यस्ता घटना नगराउने र घाइतेको उचित उपचार खर्च दिलाउने शर्तमा बन्द फिर्ता लिइएको थियो।

एकीकृत माओवादीबाट

सुनवल गाविस-५ गैँडाखालका ४९ वर्षीय शेषकान्त अधिकारी र सोही ठाउँका ३५ वर्षीय रूकवहादुर बलाललाई बन्द अवज्ञा गरी राइस मिल सञ्चालन गरेको आरोपमा ०६७ वैशाख २२ गते एकीकृत माओवादी कार्यकर्ता सुनवल गाविस-१ का २६ वर्षीय श्रवणकुमार मिश्र, सुनवल गाविस-५ बस्ने लीलावल्लभ पाण्डे, सुनवल गाविस-१ का २८ वर्षीय

घटनाको प्रकार	गैरराज्यबाट							राज्यबाट		
	अन्यबाट				एकीकृत माओवादीबाट					
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	८	७	१	९						
घाइते	१	९	१	१०						
गिरफ्तारी/यातना								१	१	१
कुटपिट	६	१०		१०	१	१	१	१	८	८
धम्की	४	४		४						
जातीय विभेद	१	१	१	४						
महिलाअधिकार	११		११	११						
बालअधिकार	१५		१५	१५						
आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार	१		१	१						
अमानवीय व्यवहार	१	१		१	१	१	१			
अपहरण	१	१		१						
जम्मा	६१	३४	४६	८०	१	३	३	३	१०	१०

शङ्कर नेपाल, २८ वर्षीय खडगबहादुर बस्नेतले सोही मिल नजिक कुटपिट गरे। पीडितको पृथ्वीचन्द्र अस्पताल परासीमा उपचार गराइएको थियो। निजहरूले मिल सञ्चालन गरेको नभई बन्दको समाचार टीभीमा हेर्दै बसेको बेलामा उक्त घटना भएका पीडितले बताए।

वाईसीएलबाट

रामनगर गाविस-१ भूमहीका २७ वर्षीय भोजप्रसाद न्यौपानेलाई ०६६ माघ १४ गते साँझ सुनवल गाविस-१ निवासी वाईसीएल कार्यकर्ताहरू २८ वर्षीय शङ्कर नेपाल, सुनवल गाविस- ६ का जीवन पौडेल लगायतको समूहले सुनवल गाविस-१ स्थित लुम्बिनी पेट्रोल पम्पअगाडि फलामे रड र काठका पटराले प्रहार गरी गम्भीर घाइते बनायो। घटनामा न्यौपानेको टाउकोमा चोट लाग्नुका साथै उनको हात भाँचिएको थियो। घाइते न्यौपानेको उपचार भैरहवास्थित मेडिकल कलेजमा भएको थियो। आरोपित विरूद्ध जिल्ला प्रहरी कार्यालयमा ०६६ माघ १७ गते किटानी जाहेरी दिएको भए पनि आरोपितहरू फरार रहेकाले कुनै कारबाही हुन सकेन। माओवादीले घटना व्यक्तिगत भएको बतायो भने पीडित पक्षले घटना राजनीतिकरणले प्रेरित भएको दाबी गऱ्यो। पीडितलाई गत वर्ष वाईसीएल कार्यकर्ता शङ्कर भण्डारीको हात काटेको आरोपमा कुटपिट गरिएको थियो।

अखिल तराई मुक्ति मोर्चाबाट

पाल्ही गाविस- ५ निवासी गेरमी गाविस सचिव ५१ वर्षीय राजकुमार दास पटेललाई २४ घण्टाभित्र ५० हजार रुपियाँ चन्दा नदिए हत्या गर्ने भनी ०६७ वैशाख २४ गते राती अखिल तराई मुक्ति मोर्चाका कार्यकर्ताहरूले पत्र पठाए। आफूले प्रहरी प्रशासन र स्थानीय विकास अधिकारी वसन्त अधिकारीलाई घटनाका बारेमा जानकारी गराउँदा कुनै पहल नभएको पीडितले बताए पनि आफूलाई पर्याप्त सूचनाहरू नदिइएको कारण पीडकको खोजबिन गर्न समस्या भएको प्रमुख जिल्ला अधिकारी बालकृष्ण पन्थीले बताए।

मधेसी जनअधिकार फोरमबाट

रामग्राम नपा-९ निवासी मधेसी जनअधिकार फोरमका जिल्ला सदस्य सदस्य ३० वर्षीय रामसमुज पासी, कुश्मा गाविस-७ निवासी सोही पार्टीका कार्यकर्ताहरू ३२ वर्षीय नाथु गुप्ता, रामग्राम नपा-७ का २७ वर्षीय सुग्रीम गुप्ता र हरपुर गाविस-३ का जलिल मियाँ अन्सारीले पार्टीको नीतिविपरीत कार्य गरेको भन्दै ०६६ पुस २७ गते दिउँसो रामग्राम नपा-५ निवासी मधेसी जनअधिकार फोरमका जिल्ला सदस्य सञ्जय यादवको समूहले उनीहरूलाई कुटपिट गरी

घाइते बनायो। सोही विषयलाई लिएर दुवैपक्षका कार्यकर्ताहरूबीच ०६६ माघ ३ गते पुन: झडप हुँदा रामग्राम नपा-१२ निवासी मधेसी जनअधिकार फोरमका कार्यकर्ता ३७ वर्षीय प्रभु लोनिया, ३५ वर्षीय दीपचन्द्र कौशल घाइते भए। झडपका कारण दुवै पक्षका कार्यकर्ताहरूको टाउकोमा चोट लागेको थियो। घाइतेहरूको उपचार जिल्ला अस्पताल नवलपरासीमा भयो। मधेशी जनअधिकार फोरमका जिल्ला अध्यक्ष कैलाश महतो पक्ष र जिल्ला सदस्य सञ्जय यादव पक्षले एकअर्कालाई आरोप लगाउँदै ०६६ पुस २८ गते र ०६६ माघ ३ गते जिल्ला प्रहरी कार्यालय, परासीमा निवेदन दिए। जिल्ला प्रशासन कार्यालयले सार्वजनिक अपराध ऐनअन्तर्गत मुद्दा चलाइएको सहायक प्रमुख जिल्ला अधिकारी टेकराज ज्ञवालीले बताए।

अनेरास्ववियु (क्रान्तिकारी) बाट

कावासोती गाविस-७ मगरमुढा निवासी शिवमन्दिर गाविसस्थित लुम्बिनी डिग्री कलेजका नेविसङ्घ इकाई अध्यक्ष २३ वर्षीय शम्भु अधिकारीले अरूको अस्तित्व स्वीकार नगरेको आरोपमा ०६६ चैत १२ गते अनेरास्ववियु (क्रान्तिकारी) का जिल्ला अध्यक्ष २५ वर्षीय रमेश बस्यालको नेतृत्वमा रहेका सात जनाको समूहले उनलाई कलेजको हाताभित्रै कुटपिट गऱ्यो। कुटपिटबाट घाइते अधिकारीको कालीगण्डकी अस्पताल कावासोतीमा उपचार भयो। घटनापछि कलेजका शिक्षकहरूको पहलमा दुवैपक्षका विद्यार्थीहरूलाई बोलाई छलफल गरेपछि घाइतेको उपचार गर्ने तथा उपरान्त गल्ती नदोहोऱ्याउने शर्तमा ०६६ चैत १४ गते दुवै पक्षबीच समझदारी भयो।

अज्ञात समूहबाट

जिल्ला रूपन्देही बगाहा गाविस-४ घर भइ जिल्लाको नर्सही, पक्लिहवा, गुठीप्रसौनी गाविसमा कार्यरत सचिव ५७ वर्षीय ओमप्रकाश मणि त्रिपाठीसँग तराईमा रहेका अज्ञात समूहले ०६७ असार १२ गते फोन मार्फत चन्दा मागेको र चन्दा नदिए कुनै पनि बेला कारवाही हुन सक्ने धम्की दियो। निजसँग प्रति गाविस १ लाख रुपियाँका दरले चन्दा उपलब्ध गराउनु पर्ने माग सहित सशस्त्र समूहका कार्यालयले फोन गरेको पीडितले बताए।

अज्ञात समूहद्वारा अपहरण गरी बेचता पारिएका आशिष बानिया

गैरकानुनी गिरफ्तारी

कुडिया गाविस-३ सेखुअनवा निवासी पूर्व गाविस उपाध्यक्ष ४० वर्षीय लोरिक यादवलाई भारत घर भई विगत २० वर्षदेखि सोही ठाउँमा बस्दै आएका रूदल यादवलाई गिरफ्तार गर्न आएका प्रहरीलाई नियन्त्रणमा लिई कुटपिट गरेको तथा हतियार खोसेको आरोपमा ०६७ साउन ३० गते बिहान प्रहरीले घरबाट गिरफ्तार गरी चरम यातना दिए। घटनामा हात भाँचिएका उनको भैरहवा स्थित भीम अस्पतालमा प्रहरीकै निगरानीमा २२ दिनसम्म उपचार भएको थियो। प्रहरीले पीडितलाई हातहतियार खरखजाना मुद्दाअन्तर्गत जिल्ला प्रहरी कार्यालय नवलपरासीको हिरासतमा राखेकोमा जिल्ला प्रशासनको आदेशमा ०६७ मङ्सिर १६ गते रिहा भए।

भारतको उत्तर प्रदेश बगाहा जिल्ला बगाहा घर भई विगत २० वर्षदेखि जिल्लाको कुडिया गाविस-३ सेखुअनवा बस्दै आएका ३२ वर्षीय रूदल यादवलाई ०६७ साउन ३० गते बिहान लुम्बिनी अञ्चल प्रहरी कार्यालयबाट खटिइ गएको टोलीले घरबाटै गिरफ्तार गरी भारतीय प्रहरीलाई बुझाएको उनका परिवारजनले बताए। गिरफ्तारमा परेका निजको सोही दिन राति भारतको कुसीनगरस्थित जटाहा थाना भन्ने स्थानमा भारतीय सुरक्षाकर्मीको मुठभेडमा मारिएको दुवै देशका सञ्चारमाध्यमले सार्वजनिक गऱ्यो। इन्सेक जिल्ला प्रतिनिधि र जवाफदेहिता निगरानी समितिले संयुक्त रूपमा घटनाको स्थलगत अनुगमन गरेको थियो। जसमा निजलाई गिरफ्तार गरिने क्रममा घर खानतलासी गर्दा घरमा रहेको ४० हजार रुपियाँ नगद समेत लगेको पीडितकी पत्नी माया यादवले बताइन्। नेपाल प्रहरीले गिरफ्तार गरी भारतीय प्रहरीलाई बुझाएको कारण भारतीय प्रहरीले हत्या गरेको पीडितकी पत्नीले बताइन्।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत नवलपरासीमा देवानी ४ सय ६७ सरकारवादी फौजदारी १ सय ४८ दुनियादारी फौजदारी १ सय ९३ विशेष फौजदारी ३७ सङ्क्षिप्त देवानी तीन दर्ता भएका छन्। फैसलातर्फ देवानी ३ सय ३४, सरकारवादी फौजदारी १ सय ३ दुनियावादी फौजदारी १ सय ४१ विशेष फौजदारी छ सङ्क्षिप्त देवानी

१ गरी ५ सय ७९ थान मुद्दा फैसला भएका छन्। यो वर्षको अन्त्यसम्म देवानी ५ सय ६ सरकारवादी फौजदारी ७८ दुनियावादी फौजदारी १ सय ५९, विशेष फौजदारी २३ गरी ७ सय ६६ वटा मुद्दा बाँकी रहेका छन्। अदालतमा दुई वर्ष नाघेका देवानी १८ सरकारवादी फौजदारी एक, दुनियावादी फौजदारी तीन गरी जम्मा २२ थान रहेका छन्। त्यस्तै गरी डेढ वर्ष नाघेका देवानी ३९, सरकारवादी फौजदारी तीन, दुनियावादी फौजदारी १३, विशेष फौजदारी चार गरी ५९ थान रहेका छन्। साथै एक वर्ष नाघेका देवानी ५१, सरकारवादी फौजदारी तीन, विभिन्न शीर्षकमा ७ सय ७५ मुद्दा बाँकी रहेका छन्।

सरकारी वकिल कार्यालय

यो वर्ष सरकारी वकिल कार्यालयमा सवारी ज्यान ८२, अपहरण उद्योग तीन, कर्तव्य ज्यान १४ सवारीबाट अङ्गभङ्ग दुई मुद्दा रहेका छन्। जबरजस्तीकरणी नौ, लागूऔषध नौ, मानव बेचबिखन तथा ओसारपोसार तीन, खोटाचलन जाली नोट एक, बहुविवाह चार, ज्यान मार्ने उद्योग पाँच, झुठ्ठा विवरण पेश गरी नागरिकता पाँच, आगलागी एक, डाँका तीन, गौबध दुई, विस्फोटक पदार्थ दुई, दर्ता भएका छन् भने सोही अनुसार फैसला सवारी ज्यान १८ सवारीबाट अङ्गभङ्ग एक, कर्तव्य ज्यान एक, जवर्जस्तीकरणी एक, गौबध एक, फैसला भएका छन् भने अरु बाँकी रहेका छन्। यस्तै जिल्ला प्रशासन तर्फ केही सार्वजनिक अपराध ५२ हातहतियार खरखजाना १४ दर्ता भएकोमा केही सार्वजनिक अपराधमा ११ र हातहतियार खरखजाना तर्फ तीन ओटा फैसला भएका छन्।

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

माकर गाविस- ९ जीतपुरका ३० वर्षीय श्रीनिवास पासीले सोही ठाँउकी १२ वर्षीया बालिकालाई बलात्कार प्रयास गरेको भन्दै ०६६ चैत २० गते एकीकृत माओवादी निकट अनेमसङ्घ इलाका कमिटी सदस्य सीमा गिरीको नेतृत्वमा आएको एक समूहले जुत्ताको माला र मोसो दली गाउँ परिक्रमा गराए। घरनजिकै धारोमा पानी भरिरहेको अवस्थामा ०६६ चैत १७ गते पासीले बलात्कारको प्रयास गरेको भनिए तापनि पीडित पक्षले कतै उजुरी गरेनन्।

वाईभीएलद्वारा कुटपिट गरी घाइते बनाइएका भोजराज न्यौपाने

बालअधिकार

जिल्लामा सामुदायिक प्राविं ४ सय ८४, संस्थागत १ सय ५३, मद्रासा ४८ गरी जम्मा ६ सय ८४ रहेका छन। निमाविमा सामुदायिक २ सय २१, संस्थागत १ सय २, मद्रसा २ गरी जम्मा ३ सय २५, माविं तह सामुदायिक १ सय १५, संस्थागत ५७ गरी १ सय ७२ उच्च माविं तहमा सामुदायिक ५०, संस्थागत २३, गरी जम्मा ७३ विद्यालय रहेका छन। विद्यार्थी विवरण प्राविमा जम्मा विद्यार्थी छात्रा ६२ हजार ९ सय २७ छात्र, ६१ हजार २ सय ५३ गरी जम्मा १ ला २४ हजार १ सय ८० दलित छात्रा, ११ हजार ९ सय ८६ छात्र ११ हजार ६ सय ४७ जम्मा २३ हजार ६ सय ३३, जनजाति विद्यार्थी छात्रा २३ हजर ३ सय ५९ छात्र ३१ हजार ९४ जम्मा ६३ हजार ४ सय ४३, निमाविमा जम्मा विद्यार्थी छात्रा सङ्ख्या २३ हजार ८५ छात्र २३ हजार २ सय ५३ जम्मा ४६ हजार ३ सय ३८, दलित विद्यार्थी ३ हजार ६२ छात्र ३ हजार ७३ जम्मा ६ हजार १ सय ३५ जनजाति छात्रा १२ हजार ३ सय २१ छात्र १२ हजार २१ जम्मा २४ हजार ३ सय ४२ माविमा छात्रा ११ हजार ३ सय ७० छात्र ११ हजार ३ सय ५ जम्मा २२ हजार ६ सय ७५, दलित विद्यार्थी छात्रा ९ नौ ८४ छात्र १ हजार ३५ जम्मा २ हजार १९ जनजाति छात्रा ५ हजार ७ सय ११ छात्र ५ हजार ६ सय १९ जम्मा ११ हजार ३ सय ३० जम्मा छात्रा ९७ हजार ३ सय ८२ छात्र ९५ हजार ८ सय ११ जम्मा १ ला ९३ हजार १ सय ९३ जम्मा दलित विद्यार्थी छात्रा १६ हजार ३२ छात्र १५ हजार ७ सय ५५ गरी ३१ हजार ७ सय ८७ र जनजाति विद्यार्थीमा छात्रा ५० हजार ३ सय ८१ छात्र ४८ हजार ७ सय ३४ जम्मा ९९ हजार १ सय १५ रहेका छन्। जिल्लामा शिक्षक दरबन्दी प्राविमा महिला ३ सय ५९ पुरुष १ हजार १ सय ४३ जम्मा १ हजार ५ सय २, निमावि महिला २२ पुरुष २ सय ८९ जम्मा ३ सय ११ जना माविमा ६ महिला २ सय २४ पुरुष जम्मा २ सय ३०, राहतमा प्राविं ४ सय ८३ निमावि २ सय ३५ माविं २ सय ६५ कुल जम्मा प्राविमा १ हजर ९ सय ८५ निमाविमा ५ सय ४६ माविमा ३ सय ९५ कूल शिक्षक सङ्ख्या २ हजार ९ सय २६ कुल भर्नादर प्राविमा छात्रा १ सय २९.५ छात्रा १ सय

२४.७२ जम्मा १२ हजार ७ सय ८ खुद भर्नादर छात्रा ९४.४१ छात्र ९० कूल ९२.१५ कक्षा छाडनेदर छात्रा ७.६८ छात्र तर्फ ८.०८ जम्मा ७.८६ रहेको छ।

माकर गाविस-४ बाढीपीडित निवासी ८ वर्षीय बालिकालाई सोही ठाउँका ललितबहादुर क्षेत्रीले ०६७ असार ९ गते खानेकुरा र पैसा दिई आफ्नो घरमा बोलाई बलात्कार गरेको आरोपमा आरोपितको विरुद्ध पीडितले सोही दिन उजुरी दिएकोमा सोही दिन गिरफ्तार भए। आरोपितलाई ०६७ भदौ २९ गते अदालतको फैसलाबाट १२ वर्षको कारावास सजाय भएको छ।

रतनपुर गाविस ३ की ३ वर्षीया बालिकालाई सोही ठाउँका ३१ वर्षीय मोतीलाल ठाडा मगरले ०६७ मङ्सिर २७ गते आफ्नै घरमा बलात्कार गरेको आरोपमा ०६७ पुस ११ गते इलाका प्रहरी कार्यालय गैडाकोटमा उजुरी दिएकोमा सोही दिन प्रहरीले गिरफ्तार गरी अदालतबाट म्याद थपाई अनुसन्धानको लागि इलाका प्रहरी कार्यालय गैँडाकोटमा राखेको छ।

देवगाउँ गाविस ८ निवासी-१२ वर्षीया बालिकालाई सोही ठाउँका ३२ वर्षीया रम्भा सुनार सोही ठाउँकी ४२ वर्षीया हसिबुन निसा र सरावल गाविस-६ का २६ वर्षीय सुफिल पठानले ०६७ वैशाख २६ गते अपहरण गरी लड्डुमा लठ्याउने वस्तु राखेर खुवाई भारतको गोवा भन्ने स्थानमा पुऱ्याई बलात्कार गरेको आरोप लगाउँदै ०६७ पुस १६ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दर्ता गराए। घटनामा संलग्न रहेका भनिएका आरोपितहरु फरार रहेकाले कारबाही बढ्न सकेको छैन। पीडित बालिका ०६७ पुस ४ गते उक्त स्थानबाट भागेर घर फर्कन सफल भएको र पेटमा तीन महिनाको गर्भ रहेको समेत पीडितका आफन्तहरूले बताए।

भारत गोरखपुर घर भइ बेवारिसे अवस्थामा रामग्राम आइपुगेकी १४ वर्षीय एक बालिकालाई रामग्राम नपा-३ का ५० वर्षीया चम्पा प्रजापतिको सहयोगमा उनको २१ वर्षीय छोरा श्रीराम प्रजापतिले संरक्षण दिने बहानामा ०६६ पुस २८ गते बलात्कार गरेको भनी पीडितले दिएको जाहेरी अनुसार ०६६ पुस २९ गते जिल्ला प्रहरी कार्यालय नवलपरासीले आरोपितहरूलाई गिरफ्तार गऱ्यो। जिल्ला अदालत ०६६ माघ २९ गतेको आदेशमा चम्पा प्रजापति तारेखमा रिहा भइन् भने श्रीराम प्रजापतीलाई पुर्पक्षको लागि थुनामा राखिएकोमा ०६७ कात्तिक ८ गतेको ६ वर्षको कारावासको सजाय सुनाएको छ।

प्रहरीद्वारा यातना दिइएका लौरिक यादव

बन्जरिया गाविस-७ की १५ वर्षीया एक बालिकालाई ०६६ माघ १४ गते बिहान सोही गाविस-६ का २३ वर्षीय काले चौधरी र २६ वर्षीय जमालुदिन धुनियाले अम्रौट गाविस-६ स्थित खेतमा सामूहिक बलात्कार गरेको भनी त्यसै दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पीडित बालिका ट्युसन पढ्न गइरहेको अवस्थामा उनीहरूले बलात्कार गरेका थिए। प्रहरीले आरोपित धुनीयालाई सोही दिन गिरफ्तार गरे पनि चौधरी हालसम्म पनि फरार रहेका छन्। जिल्ला आदालतले ०६६ फागुन ११ गते दिएको आदेश अनुसार धुनियालाई पुर्पक्षको लागि थुनामा राखिएको छ ।

दाउन्नेदेवी गाविस-७ की ८ वर्षीय बालिकालाई सोही ठाउँका ६६ वर्षीय गोविन्द सुनारले ०६७ वैशाख ९ गते बलात्कारको प्रयास गरेको भनी पीडितले सुनारलाई कारबाहीको माग गरी घटना लगत्तै जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएपछि सोही दिन प्रहरीले सुनारलाई गिरफ्तार गऱ्यो। जिल्ला अदालतले ०६७ जेठ ११ गते दिएको आदेश अनुसार उनलाई पुर्पक्षको लागि थुनामा राखेको छ।

मनरी गाविस-१ की ३ वर्षीया बालिकालाई ०६७ जेठ १८ गते भारतको पश्चिम चम्पारण भैसालोटन घर भई मनरी गाविस-१ का ५५ वर्षीय जलिल लोहारले उनकै घरमा बलात्कार प्रयास गरेको भनी उजुरी दिएपछि आरोपितलाई सोही दिन प्रहरीले गिरफ्तार गरी जबरजस्ती करणी उद्योगअन्तर्गत मुद्दा चलाएकोमा ०६७ असार १५ गते जिल्ला अदालतको आदेशमा उनलाई पुर्पक्षको लागि थुनामा राखेको छ।

रामनगर गाविस-१ की ७ वर्षीया एक बालिकालाई ०६७ असार ३२ गते राति सोही ठाउँ बस्ने २७ वर्षीय रिस्तम चौधरीले घरमै बलात्कार प्रयास गरेको भन्दै पीडित पक्षले ०६७ साउन ४ गते जिल्ला प्रहरीमा जाहेरी दिएकोमा आरोपितलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। जिल्ला अदालतको आदेशमा आरोपित पुर्पक्षको लागि थुनामा छन्।

पक्लीहवा गाविस-४ रतनगञ्ज निवासी १४ वर्षीया बालिकालाई ०६७ साउन १३ गते सोही ठाउँ बस्ने २९ वर्षीय पत्थरू

लोनियाले घरनजिकै खेतको बाटोमा बलात्कार प्रयास गरेको भनी सो घटनामा भागेर घर फर्किएकी पीडितले अपमान सहन नसकी घरमै झुण्डिएर आत्महत्या गरिन्। घटनामा संलग्न आरोपितलाई इलाका प्रहरी कार्यालय बेलाटारीले गिरफ्तार गरी ०६७ साउन २९ गते तारेखमा रिहा गऱ्यो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार दुर्व्यवहार

सुनवल गाविस- ७ निवासी ५८ वर्षीया मनमती पासीलाई सोही ठाउँ निवासी ४८ वर्षीय जोगु पासी र उनकी पत्नी ४५ वर्षीय सोनादेवी पासीले ०६७ साउन ७ गते बोक्सीको आरोप लगाउँदै जिउँदै जलाएर मार्ने धम्की दिए। पीडितले ०६७ साउन १७ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिएकोमा सोही २४ गते दुवै पक्षलाई जिल्ला प्रहरीमा झिकाई छलफल पछि गल्ती नदोहोऱ्याउने शर्तमा कागज समेत सहमति गरे ।

माकर गाविस-९ बण्डाखोला निवासी ५५ वर्षीय जीतबहादुर चौधरी र पत्नी ४७ वर्षीया मीना चौधरीलाई सोही ठाउँका ४० वर्षीय नन्दु चौधरी, उनकी पत्नी ३७ वर्षीया अठलई चौधरी र सोही ठाउँका ४२ वर्षीया आशा चौधरीले ०६७ साउन ८ गते बोक्सीको आरोप लगाउँदै गाली बेइज्जती गरे। आरोपित आशा चौधरीको घरमा आएकी माता भन्ने एक महिलाले बोक्सी पीडितहरू बोक्सी भएको बताएपछि दुर्व्यवहार गरिएको थियो। घटनाका आरोपितले जरिबाना स्वरूप १५-१५ हजार रुपिया पीडितलाई दिने सहमतिमा गाउँमै दुवैपक्षबीच मिलापत्र भयो।

प्रतापपुर गाविस-२ निवासी ४७ वर्षीया रूद्रमती यादवलाई सोही ठाउँ बस्ने सुनीता यादव, २३ वर्षीया रेखा यादव, सोही ठाउँकी रोजी यादव, अनीता यादव र रूपा यादवले बोक्सीको आरोप लगाउँदै कुटपिट तथा अपमानवीय व्यवहार गरे। रेखा यादवकी आमाको क्यान्सर रोगको कारण मृत्यु भएकोमा बोक्सी लागेर मृत्यु भएको भन्दै यस्तो व्यवहार गरेको पीडितले बताए। घटनालगत्तै इलाका प्रहरी कार्यालय बेलाटारीमा जाहेरी दिएको भए पनि कारबाही नभएको र हदम्याद कटाएको कारण न्याय नपाएको पीडितले बताइन्।

पञ्चनगर गाविस- ८ की ५५ वर्षीया सुराकीदेवी चौधरी, मनरी गाविस ४ की श्रीरामी चौधरी, जमुनिया गाविस-३ की सरस्वती राजभरलाई ०६६ पुस १७ गते मनरी गाविस- ३ का ५५ वर्षीया लीलावती चौधरीले बोक्सीको बकाउने भनी माताको घरमा लिएर अपमानजनक व्यवहार गर्दै शारीरिक र मानसिक यातना दिइन्। सोही दिन पीडितहरूले जिल्ला प्रहरीमा जाहेरी दिएकोमा ०६७ पुस १९ गते जिल्ला प्रहरी कार्यालयले कार्यालयमा झिकाई दुवैपक्ष बीच छलफल गरी गल्ती नदोहोऱ्याउने शर्तमा मिलापत्र भयो।

बेचबिखन तथा ओसारपसार

स्याङ्जा जिल्ला चिन्नेवास गाविस-४ की १८ वर्षीया कमला थापालाई ०६६ फागुन २६ गते सोही गाविस- ५ का २४ वर्षीया सोममाया परियार, भारतको महाराजगञ्ज जिल्ला ठुठीबारी निवासी ४५ वर्षीय शौखत अली उनकी पत्नी ४५ वर्षीया कुतबुद्दीन निशा मिया, पाल्पा जिल्ला रामपुरमा व्यापार गर्दै आएका छोरा अलि अहमदले वैदेशिक रोजगारीमा पठाउने बहानामा भारततर्फ लैजाँदै गरेको अवस्थामा स्थानीय बासिन्दाहरूले उनीहरूलाई माकर गाविस-४ बर्दघाटबाट नियन्त्रणमा लिई सोही दिन प्रहरीलाई बुझाए। जिल्ला अदालतले ०६७ असार ३ गते दिएको आदेशमा शौखत अली र कुतबुद्दीन निशा मियालाई पुर्पक्षको लागि थुनामा राख्ने आदेश गऱ्यो भने अरु सबैलाई सोही दिन धरौटीमा रिहा गर्ने आदेश दियो। थुनामा रहेका शौखत अली ०६७ असोज ५ गते रिहा भए।

तिलकपुर गाविस-५ निवासी १९ वर्षीया एक युवतीलाई सोही ठाउँका ५५ वर्षीया फूलादेवी हरिजन र निजका छोरा २१ वर्षीया बाबुराम हरिजनले ०६६ फागुन २९ गते शिवरात्रीको दिन भारतको बर्गदही भन्ने स्थानमा शिवरात्रीको मेला हेर्न भनी लगेकोमा सोही ठाउँमा बिक्री गरी छाडेका थिए। पीडित फर्कने प्रयास गर्दा फर्कन नदिएको र आफू बिक्री भएको जानकारी पाएपछि सोही ठाउँबाट ०६७ साउन ७ गते भागेर घरमा आइन्। पीडितले सोही साउन ११ गते जिल्ला प्रहरी कार्यालय उजुरी दिएको र साउन २० गते जिल्ला प्रहरी कार्यालयको महिला सेलमा भएको छलफल पछि ३५ हजार रुपियाँ पीडितलाई दिने सहमतिमा मिलापत्र गरे।

सुनसरी जिल्ला पाँचकन्या गाविस-५ निवासी १९ वर्षीया सरीता लिम्बूलाई सोही ठाउँका ३५ वर्षीया रमा विक र जिल्ला रूपन्देही बुटवल घर बताउने थर थाहा नभएको विष्णु भन्ने व्यक्तिहरूले ०६७ भदौ २६ गते भारत हुँदै वैदेशिक रोजगारीको लागि कुवेत पठाउने बहानामा नेपाल भारत सीमा रमपुरवा गाविस -७ महेशपुर पुऱ्याएको अवस्थामा स्थानीयको सहयोगमा पीडितलाई सीमा प्रहरी चौकीले उद्धार गरी ०६७ भदौ २७ गते माइती नेपालको जिम्मा लगायो। घटनामा संलग्न आरोपितहरू वर्षको अन्त्यसम्म फरार रहेका

छन्। रमा विकलाई प्रहरीले गिरफ्तार गरी सम्बन्धित जिल्लामा पठायो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

रुपौलिया गाविस -३ बरुवा निवासी बोल्न र सुन्नसमेत नसक्ने २२ वर्षीया महिलालाई दाउन्नेदेवी गाविस-७ सिद्दबस्ती निवासी २१ वर्षीय विनोद बुढाथोकीसमेत तीन जनाले ०६७ भदौ २६ गते घर नजिकै खेतमा सामूहिक बलात्कार गरेको भन्दै पीडितका परिवारले ०६७ भदौ ३० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडितका परिवारले प्रहरीमा किटानी जाहेरी गरेपछि आरोपितहरू तीनै जना फरार भएको प्रहरीले बतायो ।

घरेलु हिंसा

रामग्राम नपा-१२ कसियाका २३ वर्षीया माया राजभरले दोस्रो विवाह गर्ने अनुमति नदिएको भन्दै ०६७ जेठ १७ गते पति २८ वर्षीय नगेन्द्र राजभरले साइकलको चेनले प्रहार गरी कुटपिट गरे। कुटपिटबाट उनको पिठ्यूँ, कम्मर र मुखमा चोट लाग्यो। उनको जिल्ला अस्पताल परासीमा उपचार भयो। पीडितले घटनालगत्तै जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएकोमा ०६७ जेठ १९ गते जिल्ला प्रहरी कार्यालयमा रहेको महिला तथा बालबालिका सेलले आरोपितलाई कार्यालयमा झिकाई दुवै पक्षबीच छलफल गराई आरोपित नगेन्द्र राजभरले गल्ती नदोहोऱ्याउने प्रतिबद्धता जाहेर गरेपछि दुवैपक्ष बीच मिलापत्र भयो।

दाउन्नेदेवी गाविस पृथ्वीवस्ती निवासी २३ वर्षीया खुमा न्यौपानेलाई उनका पति २४ वर्षीय बुद्धिसागर न्यौपाने र सासु ३९ वर्षीया मथुरादेवी न्यौपानेले ०६७ साउन ११ गते घरमै झुण्डाएर हत्या गरेको आरोप पीडित पक्षले लगायो। घटनामा संलग्न रहेका भनिएका दुवै आरोपितलाई ०६७ साउन १२ गते प्रहरीले गिरफ्तार गऱ्यो। जिल्ला अदालतको ०६७ भदौ ११ गते को आदेश अनुसार आरोपित थुनामा छन्। आरोपित सासू मथुरादेवी न्यौपानेले झुण्डिएर आत्महत्या गरिन्।

सुक्रौली गाविस-४ घिनहा निवासी २६ वर्षीया शारदा कहारलाई पति २८ वर्षीय किसुन कहार, जेठाजु ३२ वर्षीय राम कहार र लक्ष्मण कहारले ०६७ साउन १५ गते घरायसी विवादका कारण कुटपिट गरी हत्या गर्ने प्रयास गरेको भनी उजुरी दिइन्। पीडितलाई घाँटी थिचेर हत्या गर्ने प्रयास गरिएकोमा जिल्ला अस्पताल परासीमा उपचार भयो। पीडितलाई महिला विकास शाखाको अल्पकालीन पुर्नस्थापना केन्द्रमा १५ दिन राखिएको थियो। पीडितले घटनामा संलग्नलाई कारबाहीको माग गर्दै ०६७ साउन २० गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिएकोमा सोही महिनाको २४ गते गल्ती नदोहोऱ्याउने सर्तमा मिलापत्र गरायो।

देउराली गाविस- ५ बलुवा निवासी तिलिसरा परियारलाई पति खेमबहादुर परियारले सामान्य विवादमा ०६७ कात्तिक ४ गते घरमै सुतेको अवस्थामा खुर्पा प्रहार गरी हत्या प्रहार गरे। घटनामा संलग्न आरोपितलाई सोही दिन इलाका प्रहरी कार्यालय कावासोतीले गिरफ्तार गऱ्यो। जिल्ला अदालतको ०६७ कात्तिक २४ गतेको आदेशमा आरोपित पुर्पक्षको लागि थुनामा छन्।

जहदा गाविस-१ का ३० वर्षीय सन्ध्या सैथवारका पति दिनेश सैथवारले ०६६ पुस २६ गते भारत निवासी २७ वर्षीया पूजा सैथवारसँग दोस्रो विवाह गरे। पीडितले ०६६ माघ २२ गते जिल्ला प्रहरी कार्यालयमा मुद्दा दर्ता गराएकोमा ०६६ फागुन ९ गते गिरफ्तार गरी कारबाही चलाएयो। आरोपित ०६६ फागुन २५ गते जिल्ला अदालतको आदेशमा ३५ हजार रुपियाँ धरौटीमा रिहा भए।

बहुविवाह

डेढ गाउँ गाविस- ६ की २० वर्षीया शान्ति जिसी (अर्याल) घरमा छुँदाछुँदै ०६७ असार २७ गते उनका पति २३ वर्षीय विष्णुबहादुर जिसीले सोही ठाउँका १९ वर्षीया विष्णु जिसी (सापकोटा) सँग दोस्रो विवाह गरे। शान्तिले ०६७ पुस १५ गते जिल्ला प्रहरी कार्यालयमा बहुविवाह मुद्दा दिएकोमा पति वैदेशिक रोजगारीमा कतार गएको कारण कारबाही हुन सकेको छैन।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना, सम्पत्ति क्षति

राज्यबाट

गैडाकोट गाविस-२ स्थित अड्कल लज र सतनचुली होटलमा ०६६ कात्तिक ५ गतेदेखि एकीकृत माओवादी निकट सुकुमबासीहरूले कब्जा गरी २७ ओटा घर टहरा बनाई बसेकोमा ०६६ फागुन २५ गते प्रहरीले बल प्रयोग गरी हटायो। बल प्रयोग गरी घर टहरा हटाएको भन्दै सुकुमबासीहरूले ०६६ फागुन २७ गते पूर्व-पश्चिम राजमार्गमा एक घण्टा चक्काजाम गरेका थिए।

एकीकृत माओवादीबाट

रामग्राम नपा-३ स्थित नेकपा एमालेको जिल्ला पार्टी कार्यालयमा ०६७ वैशाख १० गते नर्सही गाविस-१ निवासी एकीकृत माओवादीका कार्यकर्ताहरू ३२ वर्षीय मनबहादुर गुरूङ, रामनगर गाविस-१ का वीरबहादुर गुरूङ, रामग्राम नपा-६ का २८ वर्षीय कृष्ण सहानी, तिलकपुर गाविस-६ का २७ वर्षीय खुमबहादुर थापा, माकर गाविस-२ का यमबहादुर थापा, रामनगर गाविस-१ का बासुदेव चौधरीले पेट्रोल छर्केर आगजनी गरे। आगजनीका कारण कम्प्युटर, फ्याक्स, फोटोकपी, टेलिफोन, फर्निचरलगायत सम्पूर्ण महत्वपूर्ण कागजातहरू जलेर नष्ट भए भने घरका दिवालहरू चर्कनुका साथै कार्यालय कोठाका सबै झ्यालढोका जलेर नष्ट भएका थिए। एकीकृत माओवादी कार्यकर्ताहरूले कार्यालयमा रहेका कार्यालय सचिव तुलसी पासी, जिल्ला कमिटी सदस्य कन्हैयालाल यादवलाई कुटपिट गर्दै कार्यालयबाट बाहिर निकालेर भवनमा आगजनी गरेका थिए। आगजनीका क्रममा घाइते भएका एकीकृत माओवादी कार्यकर्ता मनबहादुर गुरूङ र बीरबहादुर गुरूङको वीर अस्पताल काठमाडौँमा उपचारको क्रममा क्रमश: ०६७ वैशाख १२ र १६ गते मृत्यु भयो। घाइते यमबहादुर थापाको पाल्पा तानसेनस्थित मिसन अस्पतालमा र खुमबहादुर थापा, बासुदेव चौधरी र कृष्ण सहानीको भैरवास्थित मेडिकल केलेजमा उपचार भयो। घटनाको मुख्य सल्लाहकार भएको भन्दै ०६७ बैशाख १० गते प्रहरीले गिरफ्तार गरेका रामनगर गाविस-१ निवासी एकीकृत माओवादीका अवधराज्य समितिका सदस्य प्रेमप्रसाद ढकाल ०६७ जेष्ठ ३ गते अदालतको आदेश अनुसार तारेखमा रिहा भए ।

स्वास्थ्य सेवाको अवस्था

जिल्ला अस्पतालमा यसबर्षको अन्त्यसम्ममा डाक्टर दरबन्दी ११ जना रहेकोमा १० जना, स्टाफनर्स दरबन्दी नौ जना रहेकोमा पाँच जना, सिअहेब १६ जना दरबन्दी रहेकोमा १६ जना, अहेव दरबन्दी ९२ जना रहेकोमा ८१ जना कार्यरत छन् । ग्रामीण स्वास्थ्य कार्यकर्ता दरबन्दी ७३ रहेकोमा ४९ जना, अनमी २८ जनादरबन्दी रहेकोमा २८ जना, माशिका ६० जना दरबन्दी रहेकोमा ६० जना कार्यरत छन् । जिल्ला जनस्वास्थ्य कार्यालयका अनुसार जिल्लामा पाँच ओटा स्वास्थ्यचौकी, ६३ ओटा उपस्वास्थ्यचौकी गरी जम्मा ६८ स्वास्थ्यसँग सम्बन्धित कार्यालयहरू रहेका छन् ।

३.८ रुपन्देही

जनसङ्ख्या : ९,२८,३७२
साक्षरता प्रतिशत : ६६
महिला साक्षरता प्रतिशत : ५५
क्षेत्रफल (वर्ग कि. मि.) : १४०१
गाविस/नपा सङ्ख्या : ६९/२
सरकारी/निजी विद्यालय : ४९८/६२
क्याम्पस/उच्च मा.वि. : १६/६४
अस्पताल/स्वास्थ्य चौकी : ६/६९
मानव विकास सूचकाङ्कः ०.५००
प्रतिपरिवार सरदर सङ्ख्याः ८

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

राज्यबाट

गोनाहा गाविस–२ पुरैनीका १४ वर्षीय धर्मेन्द्र बरईलाई शिवपुर बगाहा प्रहरी चौकीले ०६७ असार १९ गते गिरफ्तार गरेकोमा ०६७ असार २० गते बेलुका प्रहरी चौकीभित्र उनको मृत्यु भयो। पीडितका आफन्तले प्रहरी यातनाका कारण धर्मेन्द्रको मृत्यु भएको भन्दै दोषीलाई कारबाही गर्न माग गर्दै ०६७ असार २१ गते भैरहवामा विरोध प्रदर्शन गरे। लासको भैरहवास्थित भीम अस्पतालमा पोष्टमार्टम गरियो। सहायक प्रजिअ पिताम्बर घिमिरे, डिएसपीहरू उमाप्रसाद चतुर्वेदी र कुशलप्रसाद गतौला र अनुसन्धान अधिकृत ठाकुरचन्द्र केसीको छानबिन समितिले ०६७ साउन १९ गते एक प्रतिवेदन सार्वजनिक गर्दै 'उक्त घटनामा प्रहरी चौकीका असई नेत्रबहादुर खत्रीको लापरबाही रहेको' भन्दै विभागीय कारबाहीको लागि सिफारिस गरेको थियो। घटनाको अनुसन्धानका लागि गृहमन्त्रालयले ०६७ साउन २ गते एक छानबिन टोली गठन गऱ्यो।

घटनाको प्रकार	गैरराज्यबाट								राज्यबाट			
	अन्यबाट				एकीकृत माओवादीबाट							
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
हत्या	१३	९	४	१३					३	३		३
घाइते	५	८	३	१०								
गिरफ्तारी/यातना									१	१		१
कुटपिट	३	३	१	३	३	३		३	१	१		१
धम्की					१		१	१				
भेला/सङ्गठित हुने अधिकार									१	४	१	५
महिलाअधिकार	६		६	६								
बालअधिकार	९		९	९								
अपहरण	१	१		१	१	३		३				
जम्मा	३६	३०	३३	४३	४	५	१	६	५	८	१	९

गृहमन्त्रालयका उपसचिव तथा समितिका संयोजक गेहेनाथ भण्डारी र सदस्यद्वय नेपाल प्रहरीका डिएसपी प्रकाश अधिकारी तथा राष्ट्रिय अनुसन्धान विभागका प्रमुख अनुसन्धान अधिकृत कृष्णप्रसाद बरालको टोलीले घटनाका बारेमा ०६७ साउन ६ गते रुपन्देहीमै आएर अनुसन्धान थाले पनि यस वर्षको अन्त्यसम्म सो टोलीको प्रतिवेदन सार्वजनिक भएको छैन।

सिद्धार्थनगर नपा–१ बेलहिया निवासी जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का केन्द्रीय सदस्य ४५ वर्षीय इस्तियाक मुसलमानलाई ०६७ असोज ८ गते प्रहरीले भैरहवा–लुम्बिनी सडकखण्डको दानव पुलनजिक गोली हानी हत्या गऱ्यो। जिल्ला प्रहरी कार्यालयका एसपी शेरबहादुर बस्नेतले इस्तियाकले गस्तीमा गएको प्रहरी टोलीमाथि आक्रमण प्रयास गरेको र प्रहरीले गरेको जवाफी कारबाहीमा गोली लागी मृत्यु भएको बताए। लामो समय पाल्पा जिल्ला कारागारमा कर्तव्य ज्यान मुद्दामा सजाय भोगेका मुसलमान माओवादीले पाल्पा आक्रमण गरेका बेला अन्य कैदीहरूसँगै फरार भएको प्रहरीले जनायो। मुसलमानले भारतीय सीमावर्ती क्षेत्रमा बसेर नेपालका विभिन्न ठाउँमा सशस्त्र समूहको गतिविधि सञ्चालन गर्दै आएको प्रहरीको भनाइ छ। प्रहरीले मुसलमानको साथबाट विभिन्न हतियारसमेत बरामद गरेको जनायो।

अखिल तराई मुक्ति मोर्चाबाट

विष्णुपुरा गाविस-१ ठाकुरापुर निवासी एकीकृत माओवादीका ५ नं क्षेत्रका इन्चार्ज ३५ वर्षीय सपाटू यादवलाई ०६७ जेठ १७ गते राति अज्ञात समूहले घर नजिकै गोली हानी हत्या गऱ्यो। छिमेकी गाउँ रुद्रपुरबाट मोटरसाइकलमा घरतिर गइरहेका बेला यादवमाथि तीन राउण्ड गोली प्रहार भएको थियो। अखिल तराई मुक्ति मोर्चाका कमाण्डर भवानी सिंह बताउनेले सञ्चारकर्मीलाई टेलिफोन गरी हत्याको जिम्मा लिए। जिल्ला प्रहरी कार्यालयले घटनामा संलग्न रहेको भन्दै विष्णुपुरा गाविस-७, सेहवाका ४२ वर्षीय देवनारायण जयसवाल, साडी गाविस-१, दरखसवाका २७ वर्षीय राजेन्द्र पासी र साडी गाविस-३, बनगाईका ३१ वर्षीय रामविलास नायकलाई ०६७ जेठ १९ गते राति गिरफ्तार गऱ्यो। पीडकहरू पुर्पक्षका लागि जिल्ला कारागार शाखा भैरहवामा थुनामा रहेका छन्। एकीकृत माओवादीले यादवको हत्यामा तमलोपा र फोरम (लोकतान्त्रिक) पार्टीको संलग्नता रहेको आरोप लगायो।

अज्ञात समूहबाट

बुटवल नपा-१३, देवीनगर निवासी माओवादी निकट रिक्सा चालक युनियनका सदस्य ३५ वर्षीय कृष्णबहादुर परियारलाई ०६६ माघ ४ गते अज्ञात समूहले देवदह गाविस-९, भुलही जङ्गलमा खुकुरी प्रहार गरी हत्या गऱ्यो। ०६६ माघ २ गतेदेखि बेपत्ता भएका परियारको माघ ४ गते लास फेला परेको थियो। उनको हत्याको जिम्मा कुनै समूहले लिएन। पीडित परिवारले कुनै निकायमा मुद्दा दर्ता गरेनन्।

रुद्रपुर गाविस-१ अस्नैयाका धनकुमारी

थापालाई ०६६ चैत ५ गते अज्ञात हतियारधारी समूहले पेस्तोल र धारिलो हतियार प्रहार गरी हत्या गऱ्यो। उक्त समूहको आक्रमणमा सोही ठाउँका ५४ वर्षीय नरबहादुर थापा, ४५ वर्षीय नरबहादुर राना ४० वर्षीय योगेश थापा र ३५ वर्षीया भर्तीकला थापा घाइते भए। उनीहरूको बुटवलस्थित लुम्बिनी अञ्चल अस्पताल र भैरहवास्थित मेडिकल कलेजमा उपचार भयो। घटनाको जिम्मा कुनै समूहले लिएन।

सिद्धार्थनगर नपा-३ दर्खसहवाका २९ वर्षीय सन्दीप बस्नेतलाई ०६७ वैशाख १ गते राति अज्ञात समूहले घरमै खुकुरी प्रहार गरी हत्या गऱ्यो। हत्याको जिम्मा कुनै समूहले लिएन। जिल्ला प्रहरी कार्यालयले बस्नेतलाई लुटेराको समूहले आक्रमण गरी हत्या गरेको हुनसक्ने बतायो।

पडसरी गाविस-५ ठुटीपिपल निवासी पश्चिमाञ्चल क्षेत्रीय बीउविजन प्रयोगशाला भैरहवाका जेटीए ४५ वर्षीय जीतबहादुर थापालाई ०६७ वैशाख ४ गते अज्ञात समूहले गोली हानी हत्या गऱ्यो। घटनाको जिम्मा कुनै समूहले लिएन। जिल्ला प्रहरी कार्यालयले बस्नेतलाई लुटेराको समूहले आक्रमण गरी हत्या गरेको हुनसक्ने बतायो।

मोतीपुर गाविस-१ रानीबारी निवासी एकीकृत माओवादी कार्यकर्ता २५ वर्षीय राजकुमार कुमाललाई ०६७ असार ८ गते राति अज्ञात समूहले उनको घरमा लाठी र रडले कुटपिट गरी हत्या गऱ्यो। माओवादीका जिल्ला सेक्रेटरी यज्ञ पोखरेलले काङ्ग्रेस कार्यकर्ता बलिराम यादव लगायतको समूहले कुमाललाई कुटेर हत्या गरेको आरोपमा जिल्ला प्रशासन कार्यालयमा ०६७ असार ९ गते जाहेरी दिए। जिल्ला प्रहरी कार्यालय रुपन्देहीका एसपी शेरबहादुर बस्नेतले घटनाबारे अनुसन्धान जारी रहेको र आरोपितहरू फरार रहेको बताए।

बुटवल नपा-६, सङ्गम निवासी व्यवसायी ३६ वर्षीय रमेश भण्डारी र उनकी पत्नी २९ वर्षीया आशालाई ०६७ असार ९ गते अपरान्ह अज्ञात समूहले गोली हानी हत्या गऱ्यो। मोटरसाइकलमा आएका हतियारधारी दुई जनाले भण्डारीको घरमै रहेको पसलमा तीन राउण्ड गोली प्रहार गरेका थिए। घटनाको जिम्मा कुनै समूहले लिएन। प्रहरीले घटनामा संलग्न भएको आरोपमा सालझण्डी गाविस-९ का ३३ वर्षीय भोलेबाबा भनिने शम्भु गौतम, गजेडी गाविस-२ का ३५ वर्षीय श्यामप्रसाद विक तथा मीनप्रसाद शर्मा र रुद्रपुर गाविस-९ का २८ वर्षीय पूर्णबहादुर श्रीसलाई ०६७ असार २५ गते गिरफ्तार गऱ्यो। गिरफ्तार चारै जना जिल्ला अदालतको ०६७ साउन २१ गतेको आदेशमा पुर्पक्षका लागि जिल्ला कारागार शाखा भैरहवामा थुनामा छन्।

सिद्धार्थनगर नपा–२ मेउडिहवाका व्यापारी ५५ वर्षीय गौरी बानियाँलाई ०६७ भदौ २५ गते अज्ञात समूहले उनको घरनजिकै रड प्रहार गरी हत्या गऱ्यो। भारतीय सीमावर्ती क्षेत्रमा गल्लाको व्यापार गर्दै आएका बानियाँलाई उक्त समूहले घरनजिकै बाटोबाट अपहरण गरी केही पर लगेर कुटपिटपछि रडले प्रहार गरी हत्या गरेको प्रहरीले जनायो। हत्याको जिम्मा कुनै समूहले लिएन।

कपिलबस्तु जिल्लाको वरकलपुर गाविस-८ निवासी दाल व्यापारी ३५ वर्षीय जगदीशप्रसाद यादवलाई भैरहवाको सिद्धार्थनगर नपा-६ नारायणस्थानमा सडक किनारामा हिँडिरहेका बेला ०६७ मङ्सिर २६ गते मोटरसाइकलमा आएका दुईजनाले गोली प्रहार गरी हत्या गरे। हत्याका सम्बन्धमा अनुसन्धान भइरहेको बताए पनि प्रहरीले यो वर्षको अन्त्यसम्म कसैलाई गिरफ्तार गरेन। हत्याको जिम्मा कुनै समूहले लिएको छैन।

गोली/विस्फोटक पदार्थद्वारा घाइते

जनतान्त्रिक तराई मधेश मुक्ति मोर्चाबाट

सिद्धार्थनगर नपा-६ का १५ वर्षीय रहीम खान ०६७ कात्तिक ५ गते दिउँसो सिद्धार्थनगर नपा-५, भैरहवा मैत्रीपथस्थित सडक किनारमा थुपारिएको फोहोरको थुप्रोमा छाडिएको बेवारिसे सकेट बम विस्फोट हुँदा घाइते भए। उनको दायाँ खुट्टामा चोट लाग्यो। घाइते बालकको भैरहवास्थित युनिभर्सल मेडिकल कलेज भैरहवामा उपचार भयो। जनतान्त्रिक तराई मधेश मुक्ति मोर्चाका जिल्ला इन्चार्ज बताउने भवानी सिंहले स्थानीय सञ्चारकर्मीलाई मोबाइलमा एसएमएस गरी घटनाको जिम्मा लिए।

बुटवल नपा–१० सुख्खानगरकी २० वर्षीया सुनीता पौडेल, परोहा गाविस–५ सोरौलीका २७ वर्षीय शिव शर्मा, गजेडी गाविस–३ की २० वर्षीया देउमाया भुजेल र मकवानपुर जिल्लाको हेटौंडा नपा–७, हेटौंडा निवासी ५४ वर्षीय कुन्दन श्रेष्ठ ०६७ कात्तिक ९ गते अपरान्ह भारतीय सीमावर्ती क्षेत्र भैरहवा–सुनौली हुँदै बुटवलतिर गइरहेको लु १ ख ६६९४ नं. को यात्रु बसको सिटमुनि लुकाइराखेको सकेट बम विस्फोट हुँदा घाइते भए। उनीहरूको बुटवलस्थित लुम्बिनी अञ्चल अस्पतालमा उपचार भयो। विस्फोटनको जिम्मा जनतान्त्रिक तराई मधेश मुक्ति मोर्चाका जिल्ला इन्चार्ज

भवानी सिंहले स्थानीय सञ्चारकर्मीलाई टेलिफोन गरी लिए।

आफ्नै विस्फोटक पदार्थबाट

जिल्ला प्रहरी कार्यालय रुपन्देहीका प्रहरी जवानहरू २१ वर्षीय सुशील कँडेल र २३ वर्षीय खुमबहादुर नेपाली ०६७ कात्तिक १८ गते सो कार्यालयको मुद्दा शाखाको दराजमा राखिएको सकेट बम विस्फोट हुँदा घाइते भए। उनीहरूको भैरहवास्थित युनिभर्सल मेडिकल कलेजमा उपचार भयो। चिल्हीया गाविसमा डाँकाहरूले छाडेर गएको बम प्रहरीले बरामद गरी प्रहरी कार्यालयमा ल्याइएको थियो। मुद्दाका कामको सिलसिलामा दराज खोल्दा बम विस्फोट भएको प्रहरीले जनायो।

जेल र बन्दीहरू

रुपन्देही जिल्ला कारागारमा यस वर्षको अन्त्यसम्ममा जम्मा २ सय ८३ जना बन्दीहरू रहेका छन्। "ग" श्रेणीको ६० जना बन्दी क्षमता रहेको यस कारागारमा कैद तोकिएका १ सय ९ जना पुरुष बन्दीहरू रहेका छन् भने कैद नतोकिएका १ सय ७६ जना पुरुष बन्दीहरू रहेका छन्। जिल्ला कारागारमा रहेका बन्दी तथा थुनुवाहरूमध्ये २२ जना विदेशी नागरिकसमेत रहेका छन्। तीमध्ये कैद तोकिएका चार जना विदेशी नागरिक रहेका छन् भने कैद नतोकिएका १८ जना विदेशी नागरिक जिल्ला कारागारमा रहेका छन्। जिल्ला कारागारमा महिला एक जना रहेका छन्। कारागारमा महिला थुनुवाकक्ष नरहेकाले महिलासँग सम्बन्धित मुद्दाका अभियुक्तहरूलाई पाल्पालगायतका जिल्लाहरूमा पठाउने गरेका कारागार शाखाका प्रमुख बोमलाल भण्डारीले बताए। कारागामा क्षमताभन्दा चार गुना बढी कैदी बन्दीहरू रहेका छन्।

बेपत्ता/अपहरण

वाईसीएलबाट

देवदह गाविस-९, असामटोलका २५ वर्षीय धुने सार्की, सोही ठाउँका ३१ वर्षीय शम्भु खत्री र ३० वर्षीय रुद्रबहादुर बोहोरा (ठूलाभाई) लाई कुखुरा चोरेको आरोपमा ०६७ वैशाख ३१ गते एकीकृत माओवादी कार्यकर्ताहरू कन्काई भनिने युवराज न्यौपानेलगायत वाईसीएल कार्यकर्ताको समूहले अपहरण गरी सोही गाउँको बुद्धपथस्थित वाईसीएल शिविरमा लगेर कुटपिट गऱ्यो। पीडितहरूलाई वाईसीएल कार्यकर्ताले चारपाटा मुडी मोसो दलेर गाँउ घुमाएका थिए। श्रम शिविरमा राखेर जनकारवाही गरेको भन्दै वाईसीएल कार्यकर्ताहरूले पीडितहरूको उद्धारका लागि गएको वडा प्रहरी कार्यालयको टोलीलाई फर्काएका थिए। पीडितमध्ये शम्भुकी पत्नी २६ वर्षीया सरस्वती खत्रीलाई ०६७ वैशाख ३१ गते वाईसीएल कार्यकर्ताले माओवादीविरुद्ध कुरा गरेको भन्दै मार्ने धम्की दिए। पीडितले अधिकारकर्मी र सञ्चारकर्मीलाई धम्कीबारे जानकारी गराए पनि कहीँ उजुरी गरिनन्। वाईसीएल कार्यकर्ताले तीनैजनालाई ०६७ जेठ १ गते बेलुका मुक्त गरे।

अज्ञात समूहबाट

परोंहा गाविस-४ मुर्गियाका ४२ वर्षीय दिलीप कुवँर (केसी) लाई घरदेखि केही पर मुर्गिया बजारमा गएको बेला ०६७ कात्तिक १९ गते अज्ञात समूहले अपहरण गऱ्यो। यस वर्षको अन्त्यसम्म उनको अवस्था अज्ञात छ। अपहरणको जिम्मा कुनै समूहले लिएन। पीडितका परिवारले जिल्ला प्रशासन कार्यालयमा ०६७ मङ्सिर २४ गते खोजबिन र जीवन रक्षाका लागि पहल गरिदिन आग्रह गर्दै निवेदन दर्ता गराए।

धम्की/कुटपिट

राज्यबाट

सिद्धार्थनगर नपा-३ भैरहवा निवासी नेकपा माओवादी कार्यकर्ता ३३ वर्षीय फिरोज गाहालाई ०६६ माघ ११ गते भैरहवामा ड्युटीमा खटिएका जिल्ला प्रहरी कार्यालयका हवल्दार जीतमान गुरुङले कुटपिट गरे। मातृका यादवले नेतृत्व गरेको माओवादीका नगर इन्चार्ज गाहालाई प्रहरी हवल्दारले 'किन नयाँ माओवादीमा गएको' भन्दै कुटपिट गरेको स्थानीय माओवादी नेता शम्भुले बताए। सोही घटनाको विरोधमा डेलिगेसनमा गएका माओवादी कार्यकर्ताहरू गोविन्दसिंह महरा, जितु चौधरी, उल्लव निषाद, अनुराग श्रेष्ठ र अनुप जिसीलाई ०६६ माघ १३ गते जिल्ला प्रहरी कार्यालय रुपन्देहीले दिनभर थुनामा राखेर साँझ रिहा गरेको थियो।

एकीकृत माओवादीबाट

परोंहा गाविस-३ मुर्गिया निवासी नेपाली काङ्ग्रेस रुपन्देहीका उपसभापति ४० वर्षीय फणिन्द्र शर्मालाई ०६७ जेठ ११ गते शान्ति समितिको कार्यक्रममा सहभागी भएको भन्दै वाईसीएल कार्यकर्ता दामोदर क्षेत्रीको नेतृत्वको समूहले कुटपिट गऱ्यो। कुटपिटबाट सामान्य घाइते उनको स्थानीय मेडिकलमा

उपचार भयो। शान्ति समिति रुपन्देहीले परोंहा गाविसमा गठन गर्न लागेको गाउँस्तरीय शान्ति समितिको कार्यक्रममा माओवादीका कार्यकर्ताले अवरोध गरेका थिए। घटनाका सम्बन्धमा माओवादीका जिल्ला स्तरीय नेताहरूले गल्ती भयो भनी क्षमा याचना गरेका थिए।

प. अमवा गाविस–१, रामगञ्जका ४५ वर्षीय दयाशङ्कर तेली (गुप्ता) लाई ०६७ साउन २० गते सोही ठाउँ निवासी एकीकृत माओवादी कार्यकर्ता ४८ वर्षीय राधेश्याम तेलीले कुटपिट गरी मार्ने धम्की दिए। पटक-पटक मार्ने धम्की दिएपछि पीडितले ०६७ भदौ २७ गते जिल्ला प्रशासन कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितलाई भदौ २८ गते गिरफ्तार गरेकोमा दुवै पक्षबीच मेलमिलापपश्चात प्रहरीले आरोपितलाई ०६७ भदौ २९ गते रिहा गऱ्यो।

नेकपा माओवादी (मातृका) बाट

दूधराक्ष गाविस-१, इंगुरियाका ३६ वर्षीय प्रेमबहादुर विक र रुद्रपुर गाविस-१, गरगरे हरैयाका ३० वर्षीय सुनिल क्षेत्रीलाई आफ्नो पार्टी विरुद्ध सक्रिय भएको भन्दै ०६६ माघ १८ गते राति मातृका यादवले नेतृत्व गरेको नेकपा माओवादीका १० जना कार्यकर्ताहरूले घरैबाट नियन्त्रणमा लिएर बुटवल नपा-१० सुख्खानगरमा लगी कुटपिट गरे। पीडितहरूलाई प्रहरीले माघ १९ गते बिहान उद्धार गऱ्यो। माओवादी कार्यकर्ता सूर्यपुरा गाविस-२ का २७ वर्षीय दानबहादुर घर्तीलगायत १० जनालाई माघ १९ गते गिरफ्तार गरी शरीर बन्धक तथा अपहरणसम्बन्धी मुद्दा चलाएको ईलाका प्रहरी कार्यालय बुटवलका प्रहरी निरीक्षक हिराबहादुर पाण्डेले बताए। उनीहरूलाई जिल्ला अदालतमा पेश गरी पुर्पक्षका लागि थुनामा छन्। पीडितहरू एमाले कार्यकर्ता हुन्।

अज्ञात समूहबाट

बुटवल नपा-११, मिलनचोक निवासी नेविसङ्घका जिल्ला कोषाध्यक्ष ३० वर्षीय प्रशान्त कोइराला र बुटवल नपा-१३, देवीनगर निवासी नेविसङ्घ जिल्ला कार्यकर्ता २५ वर्षीय दिलीप गलामीलाई ०६७ जेठ १५ गते बुटवल नपा-५ चिडिया खोलामा अज्ञात समूहले खुकुरी गरी घाइते बनायो। पीडितहरूको बुटवलस्थित लुम्बिनी अञ्चल अस्पतालमा उपचार भयो। घटनाको जिम्मा कुनै समूहले लिएन।

प्रहरी हिरासतमा मृत्यु भएका धर्मेन्द्र बरई

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

परोंहा गाविस-४ निवासी एकीकृत माओवादीका जिल्ला सहइन्चार्ज वसन्त श्रेष्ठ, माओवादी कार्यकर्ताहरू बुटवल नपा-६ निवासी जिल्ला सदस्य हरिप्रसाद घिमिरे, हरि तुलाचन, टेकबहादुर परियार, सोमनाथ घिमिरे, रामप्रसाद श्रेष्ठ, एमबी थापा, भोजबहादुर खड्का, अस्मिता चौधरी र दुर्गा जीसी ०६७ वैशाख २२ गते बुटवल नगरपालिका कब्जा गर्ने भन्दै नगरपालिका परिसरमा धर्ना दिइरहेका बेला प्रहरीले लाठीचार्ज गर्दा घाइते भए। टाउको र हातखुट्टामा सामान्य चोट लागेका उनीहरूको बुटवलस्थित लुम्बिनी अञ्चल अस्पतालमा उपचार भयो।

सुगम र निष्पक्ष न्यायिक अधिकार
पुनरावेदन अदालत

पुनरावेदन अदालत बुटवलमा ०६६ साउनदेखि ०६७ असार मसान्तसम्म (गत वर्षको जिम्मेवारी सरेर आएका समेत गरी) सरकारवादी फौजदारी २ सय ६७ थान मुद्दा दर्ता भए। जसमध्ये १ सय ९९ थान मुद्दाको फैसला भएको छ भने ६८ थान मुद्दाको टुङ्गो लाग्न बाँकी छ।

त्यस्तै ०६६ साउनदेखि ०६७ असार मसान्त सम्म दुनियावादी फौजदारीतर्फ २ सय ५४ थान मुद्दा दर्ता भए। जसमध्ये १ सय ८७ थान मुद्दाको फर्स्यौट भएको छ भने यो वर्षको अन्त्यसम्म ६७ थान मुद्दामा फर्स्यौट हुन बाँकी रहेको पुनरावेदन अदालतका रजिष्टार नारायण ज्ञवालीले बताए।

०६६ साउनदेखि ०६७ असार मसान्तसम्म देवानीतर्फ ७ सय ५ थान मुद्दा दर्ता भए। जसमध्ये ५ सय ७५ थान मुद्दाको फर्स्यौट भएको छ। भने १ सय ३० थान मुद्दाको फर्स्यौट हुन बाँकी छ।

त्यसैगरी ०६७ साउनसम्मको जिम्मेवारी सरेको ०६७ साउन १ गतेदेखि मङ्सिर मसान्तसम्म दर्ता भएका सरकारवादी फौजदारीतर्फ दुई सय १७ थान मुद्दा दर्ता भए। जसमध्ये

६० वटा मुद्दामा फैसला भएको छ।

०६७ साउनसम्म जिम्मेवारी सरेको र ०६७ साउन १ गतेदेखि मङ्सिर मसान्तसम्म दुनियावादी फौजदारीतर्फ १ सय २४ थान मुद्दा दर्ता भए। जसमध्ये ६५ थान मुद्दाको फर्स्यौट भएको छ।

त्यस्तै ०६७ साउनसम्म जिम्मेवारी सरेर आएकासमेत ०६७ साउन १ गतेदेखि मङ्सिर मसान्तसम्म देवानीतर्फ ३ सय २६ थान मुद्दा दर्ता भए। जसमध्ये एक सय ३७ थान मुद्दाको फर्स्यौट भएको छ भने एक सय ९० थान मुद्दामा फर्स्यौट हुन बाँकी रहेको अदालतले जनाएको छ।

जिल्ला अदालत

रुपन्देही जिल्ला अदालतमा ०६६ साउनदेखि ०६७ असार मसान्तसम्म (गत वर्षको जिम्मेवारी सरेर आएका समेत गरी) सरकारवादी फौजदारी ३ सय ५० थान मुद्दा दर्ता भए। जसमध्ये १ सय ५५ थान मुद्दाको फैसला भएको छ भने १ सय ९५ थान मुद्दाको टुङ्गो लाग्न बाँकी छ।

त्यस्तै ०६६ साउनदेख ०६७ असार मसान्त सम्म दुनीयावादी फौजदारी तर्फ दुई सय ६४ थान मुद्दा दर्ता भए। जसमध्ये एक सय ५७ थान मुद्दाको फैसला भएको छ भने यो वर्षको अन्त्यसम्म १ सय ७ थान मुद्दामा फर्स्यौट हुन बाँकी रहेको जिल्ला अदालतका श्रेस्तेदारले बताए।

०६६ साउनदेखि ०६७ असार मसान्तसम्म देवानी तर्फ ८ सय ५ थान मुद्दा दर्ता भए। जसमध्ये ६ सय ७५ थान मुद्दाको फैसला भएको छ भने एक सय ३० थान मुद्दाको फर्स्यौट हुन बाँकी छ।

त्यसैगरी ०६७ साउनसम्मको जिम्मेवारी सरेको ०६७ साउन १ गतेदेखि मङ्सिर मसान्तसम्म दर्ता भएका सरकारवादी फौजदारीतर्फ २ सय ७० थान मुद्दा दर्ता भए। जसमध्ये ९० वटा मुद्दामा फैसला भएको छ।

अज्ञात समूहद्वारा हत्या गरिएका जगदीशप्रसाद यादव

०६७ साउनसम्म जिम्मेवारी सरेको र ०६७ साउन १ गतेदेखि मङ्सिर मसान्तसम्म दुनियावादी फौजदारीतर्फ २ सय ५४ थान मुद्दा दर्ता भए। जसमध्ये १ सय ५ थान मुद्दाको फर्स्यौट भएको छ।

त्यस्तै ०६७ साउन सम्म जिम्मेवारी सरेर आएकासमेत ०६७ साउन १ गतेदेखि मङ्सीर मसान्तसम्म देवानीतर्फ ३ सय ७६ थान मुद्दा दर्ता भए। जसमध्ये १ सय ५७ थान मुद्दाको फर्स्यौट भएको छ। भने २ सय १९ थान मुद्दामा फर्स्यौट हुन बाँकी रहेको अदालतले जनाएको छ।

सरकारी वकिलको कार्यालय

आ.व. ०६६ को अन्त्यसम्म सरकारी वकिलको कार्यालय रुपन्देहीमा ५ सय ९८ थान मुद्दा दर्ता भएका छन्। सरकारी वकिलमार्फत जिल्ला प्रशासन कार्यालय तथा जिल्ला अदालतमा ती कार्यालयसँग सम्बन्धित मुद्दाहरू चलाउँदै आएका छन्। विभिन्न प्रकृतिका ५ सय ९८ थान मुद्दामध्ये ३ सय ९५ थान मुद्दामा फैसला भएको छ। अर्थात आधा भन्दा धेरै मुद्दामा फैसला भएर टुङ्गो लागेको छ। यो वर्षको अन्त्यसम्म २ सय ३ थान मुद्दामा फर्स्यौट हुन बाँकी रहेको जिल्ला सरकारी वकिलको कार्यालयका प्रमुख तथा जिल्ला न्यायाधिवक्ता प्रकाश ढुङ्गानाले जनाए।

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

पटखौली गाविस–८ गौडीका ४२ वर्षीय अतिउल्लाह धोबीलाई ०६७ भदौ ९ गते महिलाहरूलाई जिस्काएको आरोपमा प्रहरीले गिरफ्तार गरी धकधई प्रहरी चौकीमा हिरासतमा यातना दियो। इलाका प्रहरी कार्यालय धकधईका इन्सपेक्टर मोहम्मद इसराइल अन्सारीले बन्दुकको कुन्दा, लाठी र लात्तीले कुटेर यातना दिएको पीडितले बताए। प्रहरी कुटपिटबाट घाइते भएका धोबीको शरीर, छाती, टाउको र हातमा चोट लागेको थियो। पीडितको उपचार भीम अस्पताल भैरहवामा भयो। प्रहरीले धोबीलाई गिरफ्तार गरी चौकीमा ल्याएर सम्झाएको तर कुटपिट नगरेको बतायो।

बालअधिकार

रूपन्देही जिल्लामा विद्यालय जाने उमेरका कूल सङ्ख्या २ लाख ३६ हजार २ सय ८४ जना बालबालिकाहरूमध्ये ८३ प्रतिशत मात्र विद्यालय जाने गरेका छन्। तीमध्ये २९ हजार २ सय २४ जना

अर्थात १७ प्रतिशत बालबालिका विद्यालय जानबाट बञ्चित छन्। यस जिल्लामा प्ररम्भिक बालविकास केन्द्र ५ सय ८६ ओटा रहेका छन्। सामुदायिक विद्यालयतर्फ प्राथमिक विद्यालय एक सय ७५ ओटा, निमावि ७६ ओटा, मावि ६३ ओटा र उच्च मावि ३५ ओटा रहेका छन्। त्यसैगरी संस्थागत विद्यालयतर्फ प्राथमिक ७१ ओटा, निमावि ३० ओटा, मावि ८० ओटा र उच्च मावि ३३ ओटा रहेका छन्। प्रारम्भिक बाल विकास केन्द्र बाहेक यस जिल्लामा जम्मा ५ सय ६१ विद्यालयहरू र एक सय एक ओटा मदरसा रहेका छन्।

रुपन्देहीको कूल साक्षरता प्रतिशत ६६ प्रतिशत रहेको छ। पुरुष साक्षरता ७५ दशमलव ८५ र महिला साक्षरता ५५ दशमलव ७५ प्रतिशत रहेको छ। गत वर्ष साक्षरता अभियानमा लिइएको तथ्याङ्क अनुसार १५–६० वर्ष उमेरसम्मको निरक्षर महिला सङ्ख्या १ लाख २५ हजार १ सय ८७ र पुरुष सङ्ख्या ८० हजार २ सय १८ गरी जम्मा २ लाख ५ हजार ४ सय ५ जना निरक्षर छन्। रुपन्देही जिल्लामा पूर्वप्राथमिक तथा वाल विकास केन्द्र सरकारी २ सय १४ र निजी ६ सय ३१ गरी जम्मा ८ सय ओटा बाल विकास केन्द्र सञ्चालित छन्। त्यस्तै रुपन्देही जिल्लामा १ सय १ ओटा मदरसा सञ्चालित रहेको जिल्ला शिक्षा कार्यालयले जनाएको छ।

त्यसै गरी प्राथमिक तहतर्फ निजी ७१ र सरकारी १ सय ७५ गरी जम्मा २ सय ५३ प्राथमिक तहका विद्यालय सञ्चालित छन्। निम्नमाध्यमिक तहतर्फ निजी ३० र सरकारी ७६ गरी ९८ विद्यालय छन्। माध्यमिक तहतर्फ निजी एक सय १३ र सरकारी ९८ गरी जम्मा २ सय ११ विद्यालय सञ्चालनमा रहेका छन्। त्यसैगरी उच्च माध्यमिक तहतर्फ निजी ३३ र सरकारी ३५ गरी जम्मा ६८ उच्च माध्यमिक विद्यालय सञ्चालनमा रहेका छन्। उच्च शिक्षातर्फ निजी २२ सरकारी ३ गरी २५ ओटा उच्च शिक्षा प्रदान गर्ने संस्था रहेका छन्।

बाल विकास सामुदायिकतर्फ छात्र ५ हजार ६ सय ८२ जना र छात्रा ५ हजार ७ सय ५१ गरी जम्मा ११ हजार ४ सय ३३ जनाले सरकारी पूर्व प्राविं अर्थात बाल विकास केन्द्रमा अध्ययन गर्छन। भने निजी बाल विकास केन्द्रमा छात्र ९ हजार २ सय ९० र छात्रा ७ हजार २ सय २ जना गरी जम्मा १६ हजार ४ सय ९२ जनाले अध्ययन गर्छन।



अज्ञात समूहद्वारा हत्या गरिएका रमेश भण्डारी

त्यसै गरी बाल विकास मदरसा तर्फ छात्र ८ सय ५९ र छात्रा ९ सय ५३ गरी जम्मा १ हजार ८ सय १२ जना अध्ययन गर्छन।

सरकारी प्राविमा ४९ हजार १ सय ६७ छात्र र ५१ हजार ४ सय ९७ जना छात्रा गरी जम्मा १ लाख ६ सय ६४ जना विद्यार्थी अध्ययनरत छन्।

निजी प्राविमा छात्र २८ हजार ५ सय ८९ जना र छात्रा १८ हजार ४ सय १९ जना गरी ४७ हजार ८ जना विद्यार्थी अध्ययनरत छन्।

त्यस्तै मदरसातर्फ छात्र ४ हजार ४ सय २८ र छात्रा ४ हजार ४ सय ६३ गरी ८ हजार ८ सय ९१ जना विद्यार्थी अध्ययनरत छन्।

त्यसैगरी सरकारी अर्थात सामुदायिकतर्फ निमावि तहमा छात्र १६ हजार ७ सय ५५ र छात्रा १४ हजार ९ सय २७ गरी कूल ३० हजार ९ सय ५८ जना तथा निजी तर्फ छात्र ८ हजार १ सय ८२ र छात्रा ५ हजार ७ सय ४८ गरी कूल १३ हजार ९ सय ४० जना अध्ययनरत छन्।

सरकारी मावितर्फ छात्र ७ हजार ४ सय २२ र छात्रा ७ हजार ३ सय ४० गरी जम्मा १४ हजार ७ सय ६२ जना विद्यार्थी अध्ययनरत छन्। निजी मावितर्फ छात्र ४ हजार ५५ जना र छात्रा २ हजार ६ सय ७१ गरी ६ हजार ७ सय २६ विद्यार्थी अध्ययनरत छन्।

शिक्षक दरबन्दीमा प्राबि सामुदायिकतर्फ दरबन्दीमा कार्यरत १ हजार ५ सय २५ जना र राहत ४ सय २ गरी १ हजार ९ सय २७ शिक्षक अध्यापनरत छन्। त्यस्तै निमावि तहमा दरबन्दी २ सय ९१ र राहत तर्फ १ सय ९७ गरी कूल ४ सय ८८ जना शिक्षक रहेका छन्। त्यसैगरी मावि तहतर्फ दरबन्दी २ सय ७१ र राहत १ सय ५७ गरी ४ सय २८ जा शिक्षक अध्यापनरत रहेका छन्।

देवदह गाविस-९ चरडे निवासी ७ वर्षीया बालिकालाई ०६६ माघ २ गते सोही ठाउँ निवासी २१ वर्षीय सुजन थापाले बालिकाको घरमै बलात्कार गरेको भन्दै पीडितका परिवारले माघ ३ गते ईलाका प्रहरी कार्यालय बुटवलमा उजुरी गरे। पीडितको उजुरीका आधारमा प्रहरीले आरोपित थापालाई सोही दिन गिरफ्तार गऱ्यो। जिल्ला अदालतको ०६६ माघ २८ गतेको आदेशमा आरोपित थापालाई पुर्पक्षका लागि

जिल्ला कारागार शाखा भैरहवामा थुनामा राखिएको छ। बालिकाको उपचार लुम्बिनी अञ्चल अस्पताल, बुटवलमा भयो।

मधुवनी गाविस-८ मधुवनी निवासी ८ वर्षीया बालिकालाई ०६६ फागुन २४ गते सिपवा गाविस-८ निवासी २५ वर्षीय अमर पासीले बालिकाको घरमै बलात्कार गरेको आरोपमा पीडितका आफन्तले फागुन २५ गते ईलाका प्रहरी कार्यालय लुम्बिनीमा उजुरी दर्ता गरे। उजुरीका आधारमा प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गरेको थियो। प्रहरीले आरोपितलाई जिल्ला अदालतमा पेश गरी ०६६ चैत १६ गते जिल्ला कारागारमा पुर्पक्षका लागि थुनामा पठायो। बालिकाको उपचार भीम अस्पताल भैरहवामा भयो।

बुटवल नपा-५, चिडियाखोला की १२ वर्षीया बालिकालाई ०६७ वैशाख २९ गते सोही ठाउँ निवासी २५ वर्षीय सोम थापाले बालिकाको घरमै बलात्कार गरेको आरोपमा पीडितका आफन्तले ०६७ वैशाख ३० गते ईलाका प्रहरी कार्यालय बुटवलमा उजुरी दर्ता गरे। उजुरीका आधारमा प्रहरीले आरोपितलाई ०६७ वैशाख ३१ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतले थापालाई पुर्पक्षका लागि ०६७ जेठ २६ गते जिल्ला कारागारमा थुनामा पठायो। पीडितको उपचार लुम्बिनी अञ्चल अस्पताल, बुटवलमा भयो।

बुटवल नपा-७ श्रवणपथ निवासी १७ वर्षीया एक बालिकालाई ०६७ जेठ २२ गते सोही ठाउँका २४ वर्षीय नारायण न्यौपानेले सोही ठाउँमा रहेको सयपत्री होटलमा बलात्कार गरेको भन्दै पीडितले ०६७ जेठ २३ गते इलाका प्रहरी कार्यालय बुटवलमा उजुरी दर्ता गरे। पीडितको उजुरीको आधारमा प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गरी जबर्जस्ती करणीअन्तर्गत मुद्दा चलायो।

पटखौली गाविस-३ की १२ वर्षीया एक बालिकालाई पटखौली गाविस-७ का १८ वर्षीय आनन्द कुर्मी र धकधई गाविस-५ का २८ वर्षीय शङ्कर धोबी समेत पाँचजनाले ०६७ असार १५ गते घरनजिकै सामूहिक बलात्कार गरेको मङ्सिर १७ गते सार्वजनिक भयो। पीडित पक्षले घटनाबारे हदम्याद भित्रै कतै उजुरी गरेनन्। बालिकाले पेट दु:खेको गुनासो गरेकोमा भैरहवास्थित भीम अस्पतालले उनको पेटमा सात महिनाको गर्भ रहेको बताएपछि बालिकामाथि सामूहिक बलात्कार भएको ०६७ मङ्सिर १७ गते सार्वजनिक भयो। घटना सार्वजनिक भएपछि आरोपितहरू फरार रहेको प्रहरीले बतायो। पीडित बालिकालाई माइती नेपाल, नमुना एकीकृत विकास परिषद् र एसओएस बालग्राम लगायतका संस्थाले उद्धार र सङ्रक्षण गरेका छन्। आरोपित परिवारका तर्फबाट प्रतिपरिवार ८०-८० हजार रुपैयाँ बालिकाको नाममा अभिभावक संरक्षक रहने गरी सिद्धार्थ विकास बैंकमा खाता खोलेर राखिएको माइती नेपालकी जिल्ला अध्यक्ष प्रभा खनालले बताइन्।

पाल्पा जिल्ला निवासी बुटवल नपा–५ की १७ वर्षीया एक बालिकालाई ०६७ साउन २८ गते सोही स्थान गोलपार्कस्थित बेथलेहेम चर्चका पाष्टर ३६ वर्षीय कमल भित्रीकोटीले दोभान गाविस–५, सिद्धबाबास्थित सडक किनारमा बलात्कारपछि चक्कु प्रहार गरी हत्याको प्रयास गरे। प्रहरीको गस्ती टोलीले पीडितलाई घटनास्थलबाट उद्धार गरी बुटवलस्थित लुम्बिनी अञ्चल अस्पताल पुऱ्याई उपचार गरायो। पीडितको उजुरीका आधारमा इलाका प्रहरी कार्यालय बुटवलले पाष्टर कमल भित्रीकोटीलाई ०६७ साउन २९ गते गिरफ्तार गरी जबरजस्ती करणी अन्तर्गत मुद्दा चलायो। जिल्ला अदालत पाल्पाले पाष्टर भित्रीकोटीलाई ०६७ भदौ ४ गते पुर्पक्षका लागि जिल्ला कारागार पाल्पा पठायो।

बुटवल नपा–५, गोलपार्ककी १२ वर्षीया बालिकालाई ०६७ असोज १७ गते चितवन जिल्ला भरतपुर नपा–६ कासोही ठाँउमा डेरा गरी बस्ने २२ वर्षीय मनिष श्रेष्ठले बलात्कार गरेको भन्दै पीडितका परिवारले इलाका प्रहरी कार्यालय बुटवलमा ०६७ असोज १८ गते उजुरी दिए। उजुरीका आधारमा प्रहरीले श्रेष्ठलाई सोही दिन गिरफ्तार गऱ्यो। जिल्ला अदालतले श्रेष्ठलाई पुर्पक्षका लागि ०६७ असोज २५ गते जिल्ला कारागार पठायो।

शङ्करनगर गाविस–८, शङ्करनगर निवासी ६ वर्षीया बालिकालाई ०६७ कात्तिक २१ गते बेलुका सोही ठाउँका २६ वर्षीय राजकुमार थापाले घरमै बलात्कार गरेको भन्दै पीडितका परिवारले ०६७

जनतान्त्रिक तराई मधेश मुक्ति मोर्चाद्वारा गराइएको बम विस्फोटनमा परी घाइते भएका शिव शर्मा र कुन्दन श्रेष्ठ

कात्तिक २२ गते इलाका प्रहरी कार्यालय बुटवलमा उजुरी दिए। उजुरीको आधारमा प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गऱ्यो। रुपन्देही जिल्ला अदालतले थापालाई पुर्पक्षका लागि ०६७ कात्तिक २८ गते कारागार पठायो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार दुर्व्यवहार

केरवानी गाविस-१, विर्ताका ५५ वर्षीय कलावती केवटलाई बोक्सी आरोपमा ०६६ माघ १५ गते छिमेकी समिरुन निशा, साकित अली र वकिल अलिले पीडितको घरमै गएर कुटपिट गर्नुका साथै मार्ने धम्की दिए। स्थानीय केरवानी आमा समूहको पहलमा गाँउमा आयोजित भेलामा पीडकहरूले आइन्दा त्यसो नगर्ने भनी माफी मागेपछि दुवै पक्षबीच मेलमिलाप भएको समूहको संयोजक फूलकुमारी चौधरीले बताइन्।

मधवलिया गाविस-४ की ३१ वर्षीया सविना खत्रीलाई बोक्सी लगाएर ससुरालाई मारेको भन्दै ०६७ असार ५ गते उनकी सासू इन्द्रकुमारी, नन्द आमाजूहरू लीला, शीला र रमा तथा देवर चित्रबहादुरले लाठी, ईटा र लात्तीले कुटपिट र दुर्व्यवहार गरी घाइते बनाए। पीडितको बुटवलस्थित लुम्बिनी अञ्चल अस्पतालमा उपचार भयो। स्थानीय मधवलिया आमा समूहको पहलमा दुवै पक्षबीच ०६७ असार ७ गते मिलापत्र भई पीडित खत्रीलाई घरको एउटा कोठामा बस्ने व्यवस्था मिलाइयो।

जनताब्रिक तराई मधेश मुक्ति मोर्चाद्वारा गराइएको बम विस्फोटनमा परी घाइते भएकी सुनीता चौडेल

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

बाग्लुङ जिल्ला निवासी बुटवल नपा–११ मिलनचोकस्थित साङ्ग्रिला रेष्टुरेन्ट तथा होटेलमा कार्यरत १९ वर्षीया एक महिलालाई ०६७ साउन २४ गते होटलका सञ्चालक ४२ वर्षीय डीबी कार्कीले सोही होटलमा बलात्कार गरेको आरोपमा कार्कीविरुद्ध पीडितले ०६७ साउन २५ गते प्रहरीमा उजुरी दिइन्। उजुरीको आधारमा सोही राति प्रहरीले कार्कीलाई जबरजस्ती करणीअन्तर्गत मुद्दा दायर गरी गिरफ्तार गऱ्यो। जिल्ला अदालतको ०६७ साउन २६ गतेको आदेशअनुसार कार्की तारेखमा रिहा भए।

भगवानपुर गाविस–६ निवासी २० वर्षीया एक महिलालाई ०६७ मङ्सिर १८ गते सोही ठाँउका २५ वर्षीय राधेश्याम लोधले घरनजिकै बलात्कार गरेको भन्दै पीडितका परिवारले इलाका प्रहरी कार्यालय लुम्बिनीमा ०६७ मङ्सीर १९ गते उजुरी दिए। उजुरीका आधारमा लोधलाई प्रहरीले ०६७ मङ्सिर २० गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको आदेशअनुसार लोधलाई ०६७ मङ्सिर २७ गते पुर्पक्षका लागि थुनामा पठाएको इन्सपेक्टर देवीप्रसाद पौडेलले बताए।

घरेलु हिंसा

बुटवल नपा-१२ कालीकानगर निवासी २३ वर्षीया कमला परियारलाई ०६७ वैशाख १४ गते उनका पति २४ वर्षीय टीकाराम बुढाथोकीले कुटपिट गरी शरीरमा मट्टितेल छर्केर आगो लगाए। पीडितलाई छिमेकीहरूले उद्धार गरी उपचारको लागि लुम्बिनी अञ्चल बुटवल लगे। पीडित परियारको थप उपचार स्थानीय सङ्घसंस्था र दलित आयोग लगायतको आर्थिक सहयोगमा तानसेनस्थित मिशन अस्पतालमा भयो। पीडितलाई जेठ २८ गते अस्पतालबाट आमा सुन्तलीले जिम्मा लिएर लगिन्। पीडकलाई जिल्ला प्रहरी कार्यालयले सोही दिन गिरफ्तार गरेकोमा ०६७ जेठ २४ गते जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि जिल्ला कारागारमा पठायो।

विष्णुपुरा गाविस-१ की २० वर्षीया उर्मिला धवललाई बोक्सी आरोपमा ०६७ वैशाख ३० गते राति पति रवीन्द्र धवल, ससुरा चौवी र सासू फूलमतिले कुटपिट गरी हत्या गरेको आरोपमा आमा, छोरालाई प्रहरीले गिरफ्तार गऱ्यो। घरनजिकैको पोखरीमा उर्मिलाको लास ०६७ वैशाख ३१ गते प्रहरीले फेला पारेको प्रहरी निरीक्षक हिराबहादुर पाण्डेले बताए।

लासको भैरहवास्थित भीम अस्पतालमा पोष्टमार्टम भयो। प्रहरीले हत्याको आरोपमा पति रवीन्द्र र सासू फूलमतीलाई ०६७ जेठ २ गते गिरफ्तार गरी मुद्दा चलाएको प्रहरी निरीक्षक पाण्डेले बताए। आरोपित फूलमती साउन अन्तिम साता रिहा भइन् भने पति रवीन्द्र पुर्पक्षका लागि जिल्ला कारागार शाखा भैरहवामा थुनामा छन्।

रुद्रपुर गाविस–३, भैंसाहीकी ३५ वर्षीया सीता चौधरीलाई सामान्य घरायसी विवादमा ०६७ भदौ १८ गते उनका पति रामबहादुर चौधरीले बन्चरो र खुर्पा प्रहार गरी हत्या गरे। लासको बुटवलस्थित लुम्बिनी अञ्चल अस्पतालमा पोष्टमार्टमपछि आफन्तले सद्गत गरे। पत्नीको हत्यापछि रामबहादुर फरार रहेको प्रहरीले जनायो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरचना, सम्पति क्षति

जनतान्त्रिक तराई-मधेश मुक्ति मोर्चाबाट

गोनाहा गाविस-४ गुरवनियास्थित गोयन्का स्टील उद्योगमा ०६७ भदौ २९ गते राति जनतान्त्रिक तराई मधेश मुक्ति मोर्चाका कार्यकर्ताले सकेट बम विस्फोट गराउँदा सो उद्योगको सुरक्षागार्ड बस्ने कोठाको झ्यालका सिसा फुट्नुका साथै भित्ता चर्किएो। मोर्चाका इन्चार्ज बताउने भवानी सिंहले स्थानीय पत्रकारहरूलाई टेलिफोन गरी बम विस्फोटको जिम्मा लिए।

अनेरास्ववियु (क्रान्तिकारी) बाट

बुटवल नपा-१० सुख्खानगरमा रहेको दीप बोर्डिङ स्कूल, बुटवल नपा-१५ बेलवासस्थित एभरसाइनिङ्ग स्कूल, दूधराक्ष गाविस-५, रामापुरस्थित सिद्धार्थ मेमोरियल एकेडेमी र आनन्दवन गाविस-४, मणिग्रामस्थित इन्भाइरन्मेन्ट स्कूलमा ०६७ वैशाख १० गते अनेरास्ववियु क्रान्तिकारीका कार्यकर्ताले तोडफोड गरे। तोडफोडबाट विद्यालयका कम्प्यूटर, फर्निचर लगायत सामान नष्ट भएको र लाखौँको क्षति भएको विद्यालयहरूले बताए। अनेरास्ववियु क्रान्तिकारीले ०६७ वैशाख १२ गते बुटवल नपा-१३, देविनगरस्थित सीसीटी कलेजमा समेत तोडफोड गरे।

स्वास्थ्य सेवाको अवस्था

जिल्ला अस्पतालमा यस वर्षको अन्त्यसम्ममा डाक्टर दरबन्दी छ जना रहेकोमा दुई जना कार्यरत छन्। साथै उक्त अस्पतालमा पाँच जना कार्यगत तालिमे डाक्टरहरू कार्यरत छन्।

स्टाफ नर्स दरबन्दी १० जना रहेकोमा १० जना, सीअहेव दरबन्दी एक जना रहेकोमा एक जना कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालय रुपन्देहीले सीअहेवलाई हाल जिल्ला स्वास्थ्य निरीक्षकका रुपमा राख्ने गरेको छ।

अहेव दरबन्दी चार जना रहेकोमा पाँच जना कार्यरत छन्। अस्पतालको निजी श्रोतबाट एक जना अहेव कार्यरत छन्। जिल्लाभर अहेवको सङ्ख्या भने ८० रहेको जिल्ला जनस्वास्थ्य कार्यालयले बताएको छ। ग्रामीण स्वास्थ्य कार्यकर्ता दरबन्दी ६९ जना रहेकोमा ६५ जना कार्यरत छन्। अनमी दरबन्दी चार जना रहेकोमा चार जना कार्यरत छन्। जिल्लाभर अनमीको सङ्ख्या २५ रहेको छ भने मासिका ५८ जना रहेका छन्। जिल्लामा पाँचओटा प्रथमिक स्वास्थ्य चौकी, ५८ ओटा उपस्वास्थ्य चौकी र छ ओटा स्वास्थ्य चौकी गरी जम्मा ६९ ओटा स्वास्थ्य संस्थाहरू रहेका छन्।

३.९ पाल्पा



जनसङ्ख्या : ३,०१,१२८
साक्षरता प्रतिशत : ७४
महिला साक्षरता प्रतिशत : ६०
क्षेत्रफल (वर्ग कि. मि.) : १,३७३
गाविस/नपा सङ्ख्या : ६२/१
सरकारी/निजी विद्यालय : ४/२५
क्याम्पस/उच्च मा.वि. : ५/४४
अस्पताल/स्वास्थ्य चौकी : २/६५
मानव विकास सूचकाङ्कः ०.४८६
प्रतिपरिवार सरदर सङ्ख्याः ६

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

अन्यबाट

हुमिन गाविस-२ की ५० वर्षीया मनकुमारी दर्जीलाई ताहुँ गाविस-८ निवासी नवलपरासी स्थित माओवादी जनमुक्ति सेनाको शिविरमा कार्यरत २५ वर्षीय विनोद दर्जीले ०६६ माघ १३ गते टाउकोमा दाउराले प्रहार गरी हत्या गरे। हत्यापछि फरार भएका दर्जीलाई जिल्ला प्रहरी कार्यालयले ०६७ वैशाख ३० गते बुटवलको देवीनगरबाट गिरफ्तार गऱ्यो। जिल्ला अदालतको आदेश अनुसार ०६७ जेठ ५ गते उनलाई पुर्पक्षको लागि थुनामा राखिएको छ । यस वर्षको अन्त्यसम्म मुद्दा फैसला भएको छैन।

ठिमुरे गाविस-१ बुढीचौरकी ५६ वर्षीया यमकुमारी बगाले, उनकी विवाहित छोरी कुसुमखोला गाविस-३ की २५ वर्षीया तुलसा घर्ती, नातिनी ६ वर्षीया सन्ध्या घर्ती र ४ वर्षीय नाति सन्दीप घर्तीलाई ०६६ माघ २६ गते गुल्मी जिल्ला घर भई फूलबारी व्यारेक पोखरामा कार्यरत नेपाली सेनाका जवान तारा बलामीले खुकुरी प्रहार गरी घरमै हत्या गरे। घटनाका आरोपित बलामीलाई ०६७ वैशाख ७ गते जिल्ला प्रहरी कार्यालयले घरबाट गिरफ्तार गऱ्यो। उनलाई जिल्ला अदालतको आदेशमा ०६७ वैशाख १२ गतेदेखि पूर्पक्षको लागि थुनामा राखिएको छ । यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

जेल र बन्दीहरू

जिल्ला कारागारमा यो वर्षको अन्तसम्ममा कैद तोकिएका महिला २१ र पुरुष २ सय ३ जना र कैद नतोकिएका २६ महिला र ३६ पुरुष बन्दी रहेका छन्। "घ" श्रेणीको पाल्पा जिल्ला कारागारमा १ सय ७५ बन्दी क्षमता रहेको छ। कारागारमा जम्मा २ सय ९२ जना बन्दी र थुनुवा रहेका छन्। त्यसैगरी अश्रित तीन बालबालिका समेत रहेका छन्। कारगारको क्षमता १ सय ७५ भए पनि बन्दी सङ्ख्या २ सय ९२ जना रहेकोले क्षमता जेलमा खानेपानी पनि ट्याङ्करबाट ल्याएर खानुपर्ने अवस्था रहेको बन्दीहरूले बताए।

धम्की/कुटपिट

एकीकृत माओवादीबाट

चितवन जिल्ला निवासी पाल्पा दैनिक पत्रिकाका संस्थापक सम्पादक ३२ वर्षीय एनआर पौडेललाई अर्गली गाविस निवासी एकीकृत माओवादीका जिल्ला सेक्रेटरी नेत्र पाण्डेयले समाचार लेखेको विषयलाई लिएर ०६६ फागुन २ गते तानसेन नपा-१५ स्थित कार्यालय परिसरमा गई मार्ने धम्की दिए। धम्कीका कारण पत्रकार पौडेल ०६६ फागुन १७ गते असुरक्षाका कारण जनाउँदै काठमाडौं विस्थापित भए। उनले ०६६ चैत ५ गते पाल्पाको तानसेनमा पत्रकार सम्मेलन गरी घटना सार्वजनिक गर्दै आफ्नो सुरक्षा तथा पुनर्स्थापनाका लागि पहल गरी दिन सरोकारवालाहरूलाई आग्रह गरेका थिए। विस्थापित पत्रकार पौडेल हालसम्म पनि पुनर्स्थापित हुन सकेका छैनन्।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा ०६७ असार मसान्तसम्म जिम्मेवारी सरेर आएका सरकारवादी फौजदारी मुद्दा २१ थान र ०६७ पुस १७ गतेसम्म दर्ता भएका सरकारवादी फौजदारी मुद्दा १२ थान गरी ३३ थान मुद्दामध्ये फैसला भएका मुद्दा सात थान र फैसला हुन बाँकी २५ थान रहेका छन्। त्यसैगरी गत वर्षको जिम्मेवारी सरेर आएका दुनियाँवादी फौजदारी मुद्दा १७ थान र यस वर्ष दर्ता भएका १६ थान गरी ३३ थान मुद्दामध्ये फैसला भएका मुद्दा १० र फैसला हुन बाँकी २३ थान रहेका छन्। त्यसैगरी देवानी मुद्दातर्फ असार मसान्तसम्म बाँकी रहेका मुद्दा ४९ थान र यस वर्ष दर्ता भएका १७ थान गरी जम्मा ६६ थान मुद्दामध्ये १६ थान मुद्दाको फैसला भई ५० थान मुद्दा बाँकी छन्।

यसैगरी पाल्पा जिल्ला अदालतमा बाल इजालस पनि रहेको छ। बाल इजालसअन्तर्गत एक मुद्दा परेकोमा फैसला नभएको जिल्ला अदालतले जनाएको छ। घरेलु हिंसा ऐनअन्तर्गत पाल्पा जिल्ला अदालत, जिल्ला प्रहरीमा उजुरी नपरेको दुवै कार्यालयले जनाएका छन्।

जिल्ला सरकारी वकिलको कार्यालयले दायर गरेको मुद्दाको सङ्ख्या ४३ थान रहेको छ। जसमध्ये सवारी ज्यान, चोरी, लागु औषध, जबरजस्ती करणी, गौवध, ज्यान मार्ने उद्योग र बहुविवाह, कीर्ते जालसाजी मुद्दा गरी १३ थान मुद्दाको फैसला भएको छ भने र ३० थान मुद्दाको फैसला हुन बाँकी रहेको छ।

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

पर्सा जिल्ला अमरपट्टी गाविस-४ निवासी इलाका वन कार्यालय दोभानमा कार्यरत अधिकृत ५१ वर्षीय रमेशप्रसाद चौरसियालाई आर्थिक अनियमितता

घटनाको प्रकार	गैरराज्यबाट						
	अन्यबाट				एकीकृत माओवादीबाट		
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	४	१	६	७			
धम्की					१	१	१
महिलाअधिकार	४		४	४			
बालअधिकार	३	१	१	३			
अमानवीय व्यवहार	१	१		१			
जम्मा	११	३	११	१४	१	१	१

गरेको आरोपमा ०६७ जेठ २६ गते दोभान गाविस-७ निवासी नेकपा माओवादी (मातृका) का कार्यकर्ता २३ वर्षीय खगेन्द्र केसी र रुकुम जिल्ला काँडा गाविस-६ का २४ वर्षीय कर्णबहादुर मगरलगायत कार्यकर्ताहरूले दोभान गाविस-५ स्थित कार्यालय कक्षमा मोसो लगाई अमानवीय व्यवहार गरे। घटनामा संलग्नलाई कारबाहीको माग गर्दै ०६७ जेठ २६ गते उनले जिल्ला प्रहरी कार्यालयमा निवेदन दिए। घटनामा संलग्न भएको आरोपमा खगेन्द्र केसी र कर्णबहादुर मगरलाई ०६७ जेठ २८ गते जिल्ला प्रहरी कार्यालयले गिरफ्तार गऱ्यो। जिल्ला प्रशासन कार्यालयले ०६७ असार १ गते दुवै पक्षबीच छलफल गरी गिरफ्तार गरिएका केसी र मगरबाट जनही १० /१० हजार रुपियाँ पीडितलाई उपलब्ध गराउने सहमतिमा उनीहरू सोही दिन रिहा भए।

बालअधिकार

यस जिल्लामा प्रारम्भिक बालविकास केन्द्र ४ सय ५ रहेका छन्। सामुदायिक विद्यालयतर्फ प्राथमिक २ सय ४४, निमावि ७७, मावि ५७ र उच्च मावि ३९ रहेका छन्। प्रारम्भिक बालविकास केन्द्रबाहेक यस जिल्लामा जम्मा ४ सय ९८ विद्यालयहरू रहेका छन्। ती विद्यालयहरूमा अध्ययनरत बालबालिकाहरू ९८ हजार ७ सय ४३ रहेका छन्। जसमा ४९ हजार ८ सय २७ बालिका र ४८ हजार ९ सय १६ .बालक रहेका छन्। जिल्ला शिक्षा कार्यालयका अनुसार यस जिल्लामा रहेका विद्यालयहरूमा १३ हजार २ सय ७६ जना दलित बालबालिका अध्ययनरत छन्। तीमध्ये ६ हजार ३ सय ७६ बालक ६ हजार ९ सय बालिका रहेका छन्। जिल्लाको साक्षरता प्रतिशत महिला ५५, पुरुष ७७ गरी जम्मा ६६ प्रतिशत रहेको जिल्ला शिक्षा कार्यालयले जनाएको छ।

तानसेन नपा-३ लहरेपीपलका ५० वर्षीय बलभद्र खनालले रहवास गाविस-२ का एक १५ वर्षीय बालकलाई ०६६ पुस २ गते उनकै घरमा यौन शोषण गरेको भनी अविभावकले ०६६ पुस २४ गते जिल्ला प्रशासन कार्यालयमा उजुरी दिए। दुवै पक्षबीच ०६६ पुस २७ गते भएको छलफलपछि ५ लाख रुपियाँ पीडित बालकलाई उपलब्ध गराउने सहमतिमा प्रशासन कार्यालयमा मिलापत्र भयो। दुर्व्यवहारपछि बालकको तानसेन युनाइटेड मिशन अस्पतालमा उपचार हुँदै गर्दा स्वाथ्यमा सुधार नआएपछि पीडित परिवारले जिल्ला प्रशासन कार्यालयमा आरोपी विरुद्ध उजुरी दिएपछि मात्र घटना सार्वजनिक भएको थियो।

पोखराथोक गाविस-५ की चार वर्षीया एक बालिकालाई मदनपोखरा गाविस-२ का १६ वर्षीय बालकले ०६७ असोज २० गते पोखराथोक गाविस-६ मा यौनदुर्व्यवहार गरेको आरोपमा अविभावकले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। सोही उजुरीका आधारमा प्रहरीले आरोपित बालकलाई ०६७ असोज २४ गते घरनजिकै बाटोमा हिँडिरहेको अवस्थामा गिरफ्तार गरी प्रहरी हिरासतमा राख्यो। पीडित बालिका विद्यालयबाट घर फर्किदै गर्दा बाटोमा बालकले दुर्व्यवहार गरेका थिए। जिल्ला अदालतको आदेशअनुसार ०६७ कात्तिक १८ गते उनलाई पुर्पक्षका लागि सुधारगृहमा पठायो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

बन्दीपोखरा गाविस-४ का १८ वर्षीय झपेन्द्र ठडराई र १८ वर्षीय रामबहादुर ठडराईले सोही ठाँउकी २५ वर्षीया एक महिलालाई बलात्कार गरेको आरोपमा ०६६ पुस १९ गते जिल्ला प्रहरी कार्यालयले उनीहरूलाई घरबाट गिरफ्तार गऱ्यो। पीडित महिलाले आफूलाई ०६६ पुस १५ गते बलात्कार गरेको भन्दै जिल्ला प्रहरी कार्यालय पाल्पामा ०६६ पुस १७ गते निवेदन दिएपछि ०६६ पुस १९ गते आरोपित दुवै जनालाई प्रहरीले उनीहरूकै घरबाट गिरफ्तार गरेको थियो। हाल आरोपित झपेन्द्र ठडराईलाई पुर्पक्षको लागि थुनामा राखिएको छ भने रामबहादुर ठडराई ०६६ पुस

३० गते जिल्ला प्रहरी कार्यालय पाल्पाले रिहा गऱ्यो। यस वर्षको अन्त्यसम्म मुद्दा फैसला भएको छैन।

तानसेन नपा-९ की ३५ वर्षीया एक महिलालाई सोही ठाउँका ३७ वर्षीय महेन्द्र दिसुवाले ०६६ फागुन १८ गते बलात्कारपछि हत्या गरे। छिमेकमा भएको विवाहमा भोज खान गएको बेला दिसुवाले हत्या गरेको भनी सोही दिन परिवारले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। उजुरीका आधारमा प्रहरीले लाश पोष्टमार्टमको लागि जिल्ला अस्पतालमा लगे भने आरोपित महेन्द्र दिसुवालाई सोही दिन गिरफ्तार गऱ्यो। उनी जिल्ला अदालतको आदेशमा ०६६ चैत १० गतेदेखि पुर्पक्षको लागि थुनामा छन् । यस वर्षको अन्त्यसम्म मुद्दा फैसला भएको छैन।

रामपुर गाविस-३ की ३० वर्षीया महिलालाई सोही ठाउँका ३४ वर्षीय दुर्गाप्रसाद पोखरेलले ०६७ भदौ ३० गते उनकै घरमा बलात्कार प्रयास गरेको भन्दै ०६७ भदौ ३१ गते इलाका प्रहरी कार्यालय रामपुरमा उजुरी दिइन्। सोही उजुरीको आधारमा प्रहरीले आरोपित पोखरेललाई ०६७ असोज १ गते उनकै घरबाट गिरफ्तार गऱ्यो। उनी जिल्ला अदालतको आदेशमा ०६७ कात्तिक १५ गते २५ हजार रुपियाँ धरौटी दिई सामान्य तारेखमा रिहा भए। परिवारले अस्वीकार गरेपछि पीडित माइतीमा बस्दै आएकी छन्।

घरेलु हिंसा

गुल्मी जिल्ला घर भई तानसेन नपा-४ बस्दै आएकी ३० वर्षीया लक्ष्मी सुनारलाई उनका पति ३२ वर्षीय गोविन्द थापाले मदिरा सेवन गरी पटक-पटक कुटपिट गर्नुका साथै ज्यान मार्ने धम्की दिँदै आएको भनी उनले ०६७ भदौ ११ गते जिल्ला अदालतमा सम्बन्ध विच्छेदको मुद्दा दर्ता गराइन्। जिल्ला अदालतमा मुद्दा चलिरहेको छ। उनलाई पतिले एक वर्षअघि पनि कुटपिट गरी बायाँ हात भाँचिदिएका थिए।

खालिवन गाविस-५ की ३४ वर्षीया दिलकुमारी पचभैयालाई पति ३८ वर्षीय दोबबहादुर पचभैयाले ०६७ कात्तिक १३ गते घरायसी विवादका क्रममा घाँटी थिचेर हत्या गरेको आरोपमा पतिलाई छिमेकीको सहयोगमा ०६७ कात्तिक १४ गते वीरकोट गाविसको वीरकोट भन्ने ठाउँमा प्रहरीले गिरफ्तार गऱ्यो। उनी जिल्ला अदालतको आदेशमा ०६७ मङ्सीर १४ गतेदेखि पुर्पक्षको लागि थुनामा छन् । हालसम्म मुद्दा फैसला भएको छैन।

ताहुँ गाविस-८ की १९ वर्षीया मोनिका भट्टराई (श्रेष्ठ) लाई घरमा काम नगरेको भनी पति १९ वर्षीय मुकेश श्रेष्ठ र सासू-ससुराले ०६७ मङ्सिर १२ गते कुटपिट गरी १० महिनाको छोरो खोसेर घरबाट निकालिदिए। पीडितले बालकलाई ल्याइदिन आग्रह गर्दै जिल्ला प्रहरी कार्यालयमा ०६७ मङ्सिर १३ गते उजुरी दिएपछि सोही दिन प्रहरीले बालक ल्याइदिएका थिए। परिवारले पटक-पटक शारीरिक तथा मानसिक यातना दिँदै आएकोले उनले ०६७ मङ्सिर १५ गते जिल्ला अदालतमा सम्बन्ध विच्छेदको मुद्दा दर्ता गराइन्। उनीहरूको दुईवर्ष अघि अन्तरजातीय प्रेम विवाह भएको थियो। हाल उनी माइतमा बस्दै आएकी छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना, सम्पति क्षति

एकीकृत माओवादीबाट

तानसेन नपा-६ स्थित सेन्ट कपितानियो बोर्डिङ स्कूलको मोटरसाइकल एकीकृत माओवादीका कार्यकर्ताहरूले आमहड्तालको अवज्ञा गरी सञ्चालन गरेको आरोपमा ०६७ वैशाख १९ गते तानसेन नपा-८ शित्तलपाटीमा तोडफोड गरी क्षति पुऱ्याए।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा अस्पतालमा यस वर्षको अन्तसम्ममा डाक्टर दरबन्दी छ जना रहेकामा सबै जना कार्यरत रहेका छन्। स्टाफ नर्स सात जनाको दरबन्दी रहेकामा छ जना कार्यरत छन्। सिअहेव (हेल्थ असिस्टेन्ट) १५ जनाको दरबन्दी रहेकोमा १५ जना कार्यरत छन्। अहेव ७० जनामा ६७ जना कार्यरत छन्। ग्रामीण स्वास्थ्य कार्यकर्ता ६५ जना दरबन्दी रहेकोमा ४८ जना कार्यरत छन्। अनमी २४ जना दरबन्दीमा २४ जना कार्यरत छन्। मासिका ५३ जना दरबन्दी रहेकोमा ५४ जना कार्यरत रहेका छन्। जिल्ला जनस्वास्थ्य कार्यालयका अनुसार जिल्लामा तीन प्राथमिक स्वास्थ्य चौकी, ५३ उपस्वास्थ्य चौकी र नौ स्वास्थ्य चौकी गरी जम्मा ६५ स्वास्थ्यसँग सम्बन्धित कार्यालयहरू रहेका छन्। यसका अतिरिक्त पाल्पा जिल्लामा पाल्पा जिल्ला अस्पताल, (यूनाइटेड मिशन अस्पताल र लुम्बिनी मेडिकल कलेज गरी तीन ओटा अस्पतालहरू पनि रहेका छन्।

३.१० कपिलवस्तु

जनसङ्ख्या : ६,०७,२२८
साक्षरता प्रतिशत : ५२
महिला साक्षरता प्रतिशत : ३५
क्षेत्रफल (वर्ग कि. मि.) : १,७३८
गाविस/नपा सङ्ख्या : ७७/१
सरकारी/निजी विद्यालय : ३५५/३१
क्याम्पस/उच्च मा.वि. : २/३१
अस्पताल/स्वास्थ्य चौकी : ३/७८
मानव विकास सूचकाङ्कः ०.४३७
प्रतिपरिवार सरदर सङ्ख्याः ८

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या

अखिल तराई जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) बाट

पकडी गाविस-६ निवासी एकीकृत माओवादीका अवधराज्य समितिका सदस्य तथा मधेशी राष्ट्रिय मुक्ति मोर्चाका केन्द्रीय सदस्य ३५ वर्षीय राजेन्द्र तिवारीलाई ०६७ वैशाख १२ गते साँझ आफ्नो ईटा भट्टाबाट मोटरसाइकलमा अष्टभुजा शुक्लासँगै घरतर्फ जादै गर्दा बलुहवा गाविस-३ रेहरामा बाटोमा ढुकेर बसेका पाँच/छ जनाको अज्ञात समूहले गोली हानी हत्या गऱ्यो। पीडितको टाउकोमा र शरीरका विभिन्न भागमा गरी चार/पाँच ओटा गोली लागेको जिल्ला अस्पताल तौलिहवाले जनायो। अखिल तराई जनतान्त्रिक मुक्ति मोर्चा गोइत समूहको सङ्गठन विभाग प्रमुख अमिताभले घटनाको जिम्मा लिए। पीडितको लास जिल्ला अस्पताल तौलिहवामा ०६७ वैशाख १३ गते पोष्टमार्टम गरी दाहसंस्कार गरियो। घटनाको इन्सेक र जवाफदेहिता निगरानी समितिले ०६७ वैशाख १४ गते स्थलगत अनुगमन गरेको थियो। घटनामा संलग्न भएको आरोपमा वैशाख १२ गते तिवारीसँगै मोटरसाईकलमा रहेका अष्टभुजा शुक्लालाई जिल्ला प्रहरी कार्यालयबाट प्रहरीले गिरफ्तार गरी पुर्पक्षका लागी थुनामा राख्यो।

संयुक्त तराई जनतान्त्रिक मुक्ति मोर्चाबाट

रूपन्देही जिल्ला परोहा गाविस-१ बक्सर घर भई कपिलवस्तु जिल्ला पुरुषोत्तमपुर गाविस-५ स्थित शिवम् क्रसर उद्योगमा मिस्त्रीको रूपमा कार्यरत ३५ वर्षीय ज्ञानबहादुर सुनारलाई सुराकीको आरोपमा ०६७ असार २३ गते राति सात/आठ जनाको समूहमा गएका संयुक्त तराई जनतान्त्रिक मुक्ति मोर्चाका कार्यकर्ताहरूले क्रसर उद्योगको कोठामा सुतिरहेको अवस्थामा कोठाबाट बाहिर बोलाई छातीमा गोली हानी हत्या गरे। प्रहरी प्रशासनसँग मिली आफ्नो सङ्गठन विरूद्ध सुराकी गरेको आरोपमा सुनारको हत्या गरेको मोर्चाका जिल्ला इन्चार्ज शिवाले स्थानीय सञ्चारकर्मीलाई टेलिफोन गरी जानकारी गराए। सुनारको लास बहादुरगञ्जस्थित शिवराज अस्पतालमा ०६७ असार २४ गते पोष्टमार्टम गरी मृतकका परिवारलाई जिम्मा लगाइयो। हत्याको जिम्मा लिएका शिवालाई ०६७ साउन २९ गते प्रहरीले तौलिहवा मर्जापुर सडकखण्डबाट गिरफ्तार गरी पुर्पक्षका लागि थुनामा राखिएको छ।

जनतान्त्रिक तराई मधेश मुक्ति पार्टीबाट

उदयपुर गाविस–७ उदयपुरका मुनिम भनिने ४० वर्षीय सीताराम पासीलाई ०६७ असोज ३१ गते साँझ अज्ञात समूहले विजया दशमीको दिन दुर्गा भवानीको मूर्ती विसर्जन गर्न भलवाडी गाविस–८ छोड्की भलवाडीमा गएको अवस्थामा गोली हानी हत्या गऱ्यो। पासीको टाउकोमा दुई, छातीको बायाँपट्टि एक गोली र पिठ्युमा एक गोली लागेको प्रहरीले जनायो। जनतान्त्रिक तराई मधेश मुक्ति पार्टीले पत्रकारहरूलाई टेलिफोन गरी हत्या आफूहरूले गरेको जनायो।

अन्यबाट

गुगौली गाविस-४ का ४० वर्षीय नाथुराम थारूको ०६७ असार २२ गते अज्ञात समूहले कुटपिट गरी हत्या गऱ्यो। उनको लास गुगौली गाविसको जङ्गलमा बेवारिसे अवस्थामा फेला परेको थियो। गाउँलेहरूले दिएको जानकारीका आधारमा प्रहरीहरू घटनास्थल पुगी पोष्टमार्टमका लागि ०६७ असार २३

घटनाको प्रकार	गैरराज्यबाट									राज्यबाट		
	अन्यबाट					एकीकृत माओवादीबाट						
	घटना सङ्ख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	१०	८	२		१०							
घाइते	३	७			७	१	४		४			
गिरफ्तारी/यातना										५	७	७
कुटपिट	३	३	१		४	१	१		१	१	३	३
धम्की	१	१			१							
भेला/सङ्गठित हुने अधिकार										१	५	५
जातीय विभेद	१	५			५							
महिलाअधिकार	५		१०		१०							
बालअधिकार	१		१		१							
आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार	३	३	३	१	६	१	३	१	३			
अमानवीय व्यवहार	१	१			१							
अपहरण	३	३			३							
जम्मा	३१	३०	१७	१	४८	३	७	१	८	७	१४	१४

गते बहादुरगञ्जस्थित शिवराज अवस्पतालमा लगी उनको पोष्टमार्टम गरियो। थारूको टाउकोमा गम्भीर चोट लागेको र शरीरभरि नीलडाम रहेको शिवराज अस्पताल बहादुरगञ्जको पोष्टमार्टम रिपोर्टमा उल्लेख छ। उनलाई किन र कसले हत्या गरेको हो भन्ने खुल्न नसकेको तर घटनाको अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय कपिलवस्तुका एसपी शरद चन्दले बताए।

महाराजगञ्ज गाविस–३ उनौलिया निवासी नेपाली काङ्ग्रेसका कार्यकर्ता परशुराम भनिने ५० वर्षीय नेपाल यादवलाई ०६७ असोज १९ गते बिहान घरमा सुतिरहेको अवस्थामा मुखमा कालो पट्टी बाँधेर गएका तीन/चार जनाको अज्ञात समूहले खुकुरी प्रहार गरी हत्या गऱ्यो। घटनाको कसैले जिम्मा लिएन भने अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। लासको ०६७ असोज २० गते तौलिहवास्थित जिल्ला अस्पतालमा पोष्टमार्टमपछि दाहासंस्कार गरियो।

गोली/विस्फोटक पदार्थद्वारा घाइते

जनतान्त्रिक तराई मधेश मुक्ति पार्टीबाट

वीरपुर गाविस–९ चन्द्रौटा स्थित भूपू सैनिक लक्ष्मी होटल एण्ड रेस्टुरेन्टका सञ्चालक ४१ वर्षीय पूर्णबहादुर रोका ०६७ मङ्सिर १९ गते राति होटल अगाडि धारोमा हात धुन जाँदा जनतान्त्रिक तराई मधेश मुक्ति पार्टीले लु १ ख ३४३१ नं. को ट्रकमा राखेको टाइम बम बिस्फोटन हुँदा छर्रा लागेर घाइते भए। घाइतेको चन्द्रौटास्थित नेशनल हेल्थ सेन्टरमा उपचार भयो। जनतान्त्रिक तराई मधेश मुक्ति पार्टीले सञ्चारकर्मीलाई टेलिफोन गरी घटनाको जिम्मा लियो।

संयुक्त तराई जनतान्त्रिक मुक्ति मोर्चाबाट

जवाभारी गाविस–७ का ५० वर्षीय माहुल धोबीलाई ०६७ कात्तिक २ गते राति अज्ञात समूहले पसलमा सुतिरहेको अवस्थामा कुटपिट गरी आलु बम प्रहार गर्दा घाइते भए। रातिको समयमा पाँच/छ जनाको सङ्ख्यामा गएको अज्ञात समूहले पसल लुटपाट गरी धोबीलाई कुटपिट गर्नुको साथै उनीमाथि आलु बम प्रहार गरी भागेका थिए। इलाका प्रहरी कार्यालय बहादुरगन्जबाट गस्तीमा गएको प्रहरीले विस्फोटको आवाज सुनी त्यसतर्फ जाँदा धोबीलाई घाइते अवस्थामा फेला पारी उपचारको लागि बुटवल अञ्चल अस्पताल पठायो। घटनास्थलनजिकै पार्टी विरोधी कार्य गरेकोले कारबाही गरिएको भन्ने नारा लेखी छाडिएको ब्यानर फेला परेको थियो। ब्यानरमा संयुक्त तराई जनतान्त्रिक

मुक्ति मोर्चा पश्चिम कमाण्डर तथा केन्द्रीय संयोजक पवन लेखिएको प्रहरीले जनायो।

जेल र बन्दीहरू

कपिलवस्तु कारागारमा यो वर्षको अन्तसम्ममा कैद तोकिएका ५७ जना र कैद नतोकिएका १ सय जना थुनुवा गरी जम्मा १ सय ५७ जना बन्दी रहेका छन्। त्यसैगरी १६ वर्ष भन्दा कम उमेरका एक मनिष खा भन्ने बालक रहेका छन्। कारागारमा महिला बन्दी राख्ने भवन भत्किएकोले महिला बन्दी राखिएको छैन। "घ" श्रेणीको ८५ जना क्षमता भएको कारागारमा क्षमताभन्दा बढी बन्दी रहेकोले खानेपानी, शौचालय, विद्युतको असुविधा हुनुको साथै सुत्न समेत पालो गर्नु पर्ने बाध्यता छ। यस वर्ष ०६६ माघ १ गते सुरूङ खनेर आठ जना कैदी भागेका थिए भने ०६७ साउन १० गते विभिन्न माग राखी बन्दीहरूले नारावाजी गरी विरोध प्रर्दशन गरेका थिए। विरोध प्रदर्शनपछि प्रशासनसँग भएको सहमतिमा विरोध प्रर्दशन स्थगित गरियो। यसै वर्ष कारागारमा दुई जना बन्दी तथा कैदीको मृत्यु भयो।

कपिलबस्तु कारागारबाट ०६६ माघ १ गते राति आठ जना बन्दी तथा कैदी सुरूङ खनेर भागे। राति सबै सुतेको र लोडसेडिङ्गको समयमा करिब २१ फुट लामो सुरूङ्ग खनेर उनीहरू भागेका थिए। कैदीहरू भागेपछि जिल्ला प्रशासन कार्यालयले छानविनका लागि दुईओटा छानविन समिति गठन गऱ्यो। सहायक प्रमुख जिल्ला अधिकारी कौशलराज शर्माको संयोजकत्वमा तीन सदस्य छानविन समिति गठन भएको थियो। समितिले घटनाको वस्तुगत अवस्था बुझेर प्रमुख जिल्ला अधिकारी शम्भुप्रसाद घिमिरेलाई माघ १६ गते प्रतिवेदन बुझायो। प्रतिवेदनमा नेपाल प्रहरीका १४ जना, कारागारका दुई जना कर्मचारी गरी १६ जनाले कैदी भगाउन सहयोग पुऱ्याएको आरोप उल्लेख गरिएको र तिनीहरूका विरूद्धमा मुद्दा दायर गरियो। कपिलवस्तु अदालतले आरोपित सबैलाई ०६६ माघ २४ गते धरौटीमा रिहा गऱ्यो।

कारागारमा मृत्यु

राजपुर गाविस–५ पक्रेटी घर भई जिल्ला कारागार तौलिहवामा बन्दीको रूपमा रहेका ३५ वर्षीय विनोदकुमार पाठकको ०६७ भदौ १७ गते दिउँसो मृत्यु भयो। बिहान खानखाने क्रममा दाल पातलो भएको भनी नाइके गणेश तामाङसँग विवाद भएको र तामाङले प्लास्टिकको पाइपले उनलाई कुटपिट गरेका थिए। पाइपले हानेको दुई घण्टापछि उनको कारागारमै मृत्यु भयो। पाठक ०६६ चैत १३ गते हातहतियार तथा खरखजना मुद्दामा कारगारमा थुनुवाको रूपमा रहेका थिए। कारागारका चौकिदार ऋषि श्रेष्ठले उनी दमको रोगले पीडित भएको र धारामा पनि लडेकोले मृत्यु भएको हुनसक्ने बताए।

वीरपुर गाविस–९, घर भई जिल्ला कारागार शाखा कपिलवस्तुमा कर्तव्य ज्यान मुद्दाका कैदी ७० वर्षीय आगा मुसलमान फकिरको ०६७ असोज १० गते बिहान समयमा उपचार नहुँदा कारागार भित्रै मृत्यु भयो। मलेरिया तथा रक्तअल्पताका कारण मृत्यु भएको हुन सक्ने बन्दीहरूले बताए। विगत केही महिनादेखि बिरामी परेको र कारागारले बेलाबेलामा गरी चार पटक अस्पताल लगी सामान्य उपचार गराएको भए पनि थप उपचारको लागि बाहिर लान ढिला गरिएका कारण उनको मृत्यु भएको आफन्तले बताए। रगतको आवश्यकता रहेको र रगत दिने मान्छे पनि नभएको र जिल्ला अस्पतालमा सेवा पनि नभएकोले बाहिर पठाउने तयारी गर्दागर्दै मृत्यु भएको कारागारका स्वास्थ्यकर्मी महेन्द्रमान शाक्यले बताए। फकिरविरुद्ध ०४२ सालमा कर्तव्य ज्यान मुद्दा दर्ता गरिएकोमा ०६१ सालमा अदालतले कैद तोकेको र ०६४ माघ २० गते प्रहरीले गिरफ्तार गरी ज्यान मुद्दामा कारागार चलान गरेको थियो।

जनतान्त्रिक तराई मधेश मुक्ति पार्टीद्वारा हत्या गरिएका सीताराम पासी

बेपत्ता/अपहरण

अज्ञात समूहबाट

वीरपुर गाविस–९, चन्द्रौटा निवासी चन्द्रौटा उद्योग वाणिज्य सङ्घ कपिलवस्तुका सचिव ४५ वर्षीय टीकाराम पौडेल ०६७ मङ्सिर २१ गते दाङको लमहीबाट दिउँसो अपहरणमा परेकोमा ०६७ मङ्सिर २३ गते राति भालुवाङ्ग प्रहरीको सम्पर्कमा आए। पौडेललाई जग्गाको बैना बुझ्न दाङको लमही बोलाएका अपहरणकारीले नियन्त्रणमा लिई बेहोस हुने औषधी सुँघाएर निजी भ्यानमा राखी सुर्खेतको एक होटलमा

पुऱ्याइएको पीडितले बताएका थिए। होटलमा राखेर फिरौती रकमको माग गरेका तीन अपहरणकारीले पौडेलका आफन्तजनले समयमै फिरौती रकम लिएर जान नसकेपछि आफूहरू गिरफ्तार पर्ने डरले कागज गराएर छाडेको बताइएको छ। प्रहरी समक्ष उनले दिएको बयानमा अपहरणकारीलाई आफूले नचिनेको बताएका छन्। तीनदिनभित्र उनीहरूले भनेकै ठाउँमा पुगेर फिरौती ३ लाख रुपियाँ बुझाउने र प्रहरीलाई खबर गरे ज्यान जोखिममा पर्ने चेतावनी अपहरणकारीले दिएको पौडेलले बताए ।

अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

बरकलपुर गाविस -२ निवासी एकीकृत माओवादीका राज्य समिति सचिवालय सदस्यहरू ३० वर्षीय विवेक केसी, चनई गाविस-५ का ४० वर्षीय करम हुसेन तथा बरकलपुर गाविस-२ निवासी एकीकृत माओवादी जिल्ला सल्लाहाकार ३३ वर्षीय तुलसीराम पौडेललाई आदिवासी थारू गैरसरकारी संस्था महासङ्घको प्रथम राष्ट्रिय अधिवेशन उद्घाटन गर्न आएका उपप्रधानमन्त्री विजय गच्छेदारलाई कालो झण्डा देखाउनुको साथै ढुङ्गामुढा प्रहार गरेको आरोपमा ०६७ वैशाख ३ गते इलाका प्रहरी कार्यालय गोरूसिंहेले बरकलपुर गाविस- ८ डुमरामाबाट गिरफ्तार गऱ्यो। गिरफ्तार गरिएका आफ्ना सम्पूर्ण नेता तथा कार्यकर्ताहरूको रिहाईको माग गरी ०६७ वैशाख ५ गते एकीकृत माओवादीले बन्दको आह्वान गरेपछि जिल्लाको शान्ति सुरक्षामा समस्या उत्पन्न हुने भन्दै प्रमुख जिल्ला अधिकारी र एकीकृत माओवादी नेताबीचमा सहमति भई ०६७ वैशाख ५ गते बिनासर्त उनीहरूलाई अधिकारकर्मीको रोहबरमा रिहा गऱ्यो ।

उपचारको अभावमा कारागारमा मृत्यु भएका आगा मुसलमान फकिर

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा ०६७ असार मसान्त सम्म जिम्बेवारी सरेर आएका देवानी मुद्दा ३ सय ७१ थान, ०६७ असार मसान्त सम्म दर्ता भएका देवानी मुद्दा ६ सय ६६ थान, ०६७ असार मसान्तसम्म फर्स्यौट भएका देवानी मुद्दा ६ सय ११ थान र ०६७ असार मसान्तसम्म बाँकी देवानी मुद्दा ४ सय २६ थान ०६७ साउनदेखि पुस १० गतेसम्म दर्ता भएका देवानी मुद्दा ३ सय १० थान र फर्स्यौट भएका १ सय ८५ थान रहेको छ।

यसैगरी ०६६ असार मसान्तसम्म जिम्मेवारी सरेका फौजदारी मुद्दा १ सय ३८ थान, ०६७ असार मसान्तसम्म दर्ता भएका फौजदारी मुद्दा २ सय ५६ थान, ०६७ असार मसान्तसम्म फर्स्यौट भएका मुद्दा २ सय १९ थान र ०६७ असार मसान्तसम्म बाँकी रहेका फौजदारी मुद्दा १ सय ७५ थान रहेका छन्। ०६७ साउनदेखि पुस १० गतेसम्म दर्ता भएका सरकारवादी फौजदारी मुद्दा ७३ थान र फर्स्यौट भएको ३७ थान रहेका छन्।

०६७ साउनदेखि दर्ता भएका दुनियावादी फौजदारी मुद्दा ६८ थान र फर्स्यौट भएका मुद्दा ३२ थान रहेको जिल्ला अदालत कपिलवस्तुले जानकारी दिएको छ।

०६७ असार मसान्तसम्म दर्ता भएका कूल मुद्दाको १ हजार ४ सय ३१ थान फर्स्यौट भएको ८ सय ३० थान र बाँकी रहेको मुद्दाको ६ सय १ थान रहेको छ। ०६७ साउनदेखि पुस १० सम्म दर्ता भएका कुल मुद्दा ४ सय ५१ थान र फर्स्यौट भएका २ सय ५४ थान जिल्ला अदालतको रेकर्डमा उल्लेख छ।

जिल्ला अदालतमा यस वर्षको अन्तसम्म घरेलु हिंसा ऐन अन्तरगत एउटा पनि मुद्दा दर्ता नभएको जनाएको छ। कपिलवस्तु अदालतमा यसै वर्ष मेलमिलाप केन्द्र स्थापना भएकोमा छ ओटा मुद्दा मेलमिलाप गराएको बताइएको छ।

जिल्ला सरकारी वकिलको कार्यालयमा आव ०६६/०६७ को अवधिमा २ सय ७६ थान मुद्दा दर्ता भएका १ सय ३५ थान फर्स्यौट भए भने १ सय ४१ बाँकी रहेका छन्। जस अनुसार अदालततर्फ १ सय ६२ थान मुद्दा दर्ता भएकोमा ८३ थान फर्स्यौट भए भने जिल्ला प्रशासन तर्फ १ सय ११ थान मुद्दा दर्ता भएकोमा ५२ थान मुद्दा फर्स्यौट भएका छन्। ०६७ असार मसान्तसम्म अदालत तर्फ १ सय ४१ थान र प्रसासन तर्फ ५२ थान र वन तर्फ तीन गरी २ सय ३ थान मुद्दा बाँकी रहेका छन्। यसैगरी ०६७ साउनदेखि पुस १६ सम्म जिल्ला प्रशासनतर्फ ३४

थान अदालत तर्फ ४३ थान र वन अदालततर्फ ७ थान गरी जम्मा ८४ थान मुद्दा दर्ता भएका छन् भने फर्स्यौटको रेकर्ड कार्यालयमा आएको छैन।

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

तितीर्खी गाविस–८ का ५६ वर्षीय अनरजीत लोनिया, ३५ वर्षीय राम अदल लोलिया र २८ वर्षीय प्रदीप लोनियालाई ०६७ साउन २९गते पिपरा प्रहरी चौकीका सईले कार्यालयभित्र कुटपिट गरी यातना दिए। ०६७ साउन २० गते जेठो भाइ अल्टुराम लोनियाले भाइहरूबीच अंशसम्बन्धी विवादमा प्रहरी चौकीमा उजुरी गरेकोमा सोही उजुरीको आधारमा प्रहरीले तीन दाजुभाईलाई छलफलका लागि भनेर साउन २९ गते घरबाटै गिरफ्तार गरी चौकीमा लगेका थिए। चौकीका इन्चार्ज सई कृष्ण विकको नेतृत्वमा रहेको प्रहरीले चौकी भित्रै कोठामा थुनेर 'दाजुलाई अंश नदिने तिमीहरू हौ' भन्दै खुट्टाको पैतलामा २०-२५ मिनेट बेदबाँसको लाठीले कुटपिट गरे। चरम यातनापछि पीडित लोनिया तीन भाइले ०६७ भदौ १ गते जिल्ला अदालत कपिलवस्तुमा घाउजाँच केश फारमको निवेदन दिएकोमा अदालतको आदेशमा जिल्ला अस्पताल तौलिहवामा घाउजाँच गरे। आफूहरूलाई अनाहकमा कुटपिट गरेको भन्दै पीडितले ०६७ भदौ २ गते एड्भोकेसी फोरम र इन्सेक प्रतिनिधिसँग दोषीलाई कारबाही गर्न र न्यायका लागि आग्रह गरे। पीडितहरूले यातना तथा क्षतिपूर्तिको लागि मुद्दा दायर गरे।

एकीकृत माओवादीबाट

धनकौली गाविस-८ निवासी रेडियो कपिलवस्तुका स्टेशन म्यानेजर तुलसीराम यादवलाई बन्द अवज्ञा गरेको आरोपमा ०६७ वैशाख १४ गते कामको सिलसिलामा कपिलवस्तु नपा-४ गौडी चोकमा आइरहेको बेला बाटोमा बसेका एकीकृत माओवादीका कार्यकर्ताले दुर्व्यवहार गर्दै मोटरसाईकल तोडफोड गरे। एकीकृत माओवादीले वैशाख १२ गते आफ्ना नेता राजेन्द्र तिवारीको हत्याको विरूद्ध वैशाख १४ गते जिल्ला बन्दको घोषणा गरेका थिए। नेपाल पत्रकार महाङ्सघ, इन्सेक प्रतिनिधि र एकीकृत माओवादीबीच ०६७ वैशाख १९ गते एकीकृत माओवादीको कार्यालयमा घटनाका विषयमा भएको छलफलमा माओवादीका प्रचार विभाग प्रमुख नारायण खनाल र जिल्ला नेता कमल चुदालीले घटनाप्रति दुख व्यक्त गर्दै माफी मागे। तोडफोडबाट क्षति पुगेको मोटरसाइकल मर्मतका लागि १ हजार ८ सय रुपियाँ दिने सहमति गरे।

नेकपा माओवादीबाट

वाणगङ्गा गाविस–१ घर भई निग्लीहवा गाविस सचिव पदमा कार्यरत ५० वर्षीय दुर्गासिह थापालाई कृष्णनगर गाविसमा रहँदा गाविसको रकम हिनामिना गरेको आरोपमा ०६७ कार्तिक १५ गते नेकपा माओवादी (मातृका समूह) कार्यकर्ताले मोसो तथा जुत्ताका माला लगाई अमानवीय व्यवहार गरे। तीनओटा मोटरसाईकलमा गएका माओवादी कार्यकर्ताले निग्लीहवा गाविसको कार्यकक्षमा काम गरिरहेकै अवस्थामा सचिवलाई नियन्त्रणमा ल्याई मोसो दलेर दुर्व्यवहार गरेको थापाले बताए। झुटा आरोप लगाएको भन्दै गाविस हकहित संरक्षण केन्द्रले विरोध जनायो।

बालअधिकार

यस जिल्लामा प्रारम्भिक बाल विकास केन्द्र ४ सय ८४ ओटा रहेका छन्। सामुदायिक विद्यालय तर्फ प्राथमिक २ सय ८४ ओटा, निमावि ६७ ओटा, मावि ३० ओटा र उच्च मावि सात ओटा रहेका छन्। त्यसैगरी संस्थागत विद्यालयतर्फ प्राथमिक २३ ओटा, निमावि २६ ओटा, मावि २६ ओटा र उच्च मावि पाँच ओटा रहेका छन्। प्रारम्भिक बाल विकास केन्द्र बाहेक यस जिल्लामा जम्मा ४ सय ५ विद्यालय रहेका छन्। मदरसा १ सय ५०, गुरूकुल आश्रम दुई, गुम्बा एक, प्राविधिक शिक्षालय तीन, सामुदायिक अध्ययन केन्द्र ३१, गृहनी विद्यालय २ रहेका छन्। ती विद्यालयहरूमा अध्ययनरत बालबालिका १ लाख ६२ हजार ९ सय ४७ जना रहेका छन्। जसमा ८३ हजार ९ सय १० बालक र ७९ हजार ३७ जना बालिका रहेका छन्। जिल्ला शिक्षा कार्यालयका अनुसार यस जिल्लामा रहेका विद्यालयहरूमा २६ हजार २ सय जना दलित बालबालिका रहेका छन्। जसमा १३ हजार ९ सय १२ जना बालक र १२ हजार १ सय ७२ जना बालिका रहेका छन्। जनजातिमा ५६ हजार ७ सय ७७ बालबालिकामा २९ हजार ९ सय ३३ जना बालक र २६ हजार ८ सय ४४ बालिका रहेका छन्। जिल्लाको महिला साक्षरता प्रतिशत २९.३ र पुरूष साक्षरता प्रतिशत ५२ छ भने जम्मा साक्षरता प्रतिशत ४१.५ रहेको जिल्ला शिक्षा कार्यालयले जनाएको छ।

मोतीपुर गाविस-४ की ८ वर्षीया एक बालिकालाई ०६६ चैत २९ गते सोही ठाउँका ३५ वर्षीय युवराज गैरेले बलात्कार गरेको आरोपमा स्थानीय

वासिन्दाहरूले सोही दिन नियन्त्रणमा लिई मोसो लगाएर बजार परिक्रमा गराई इलाका प्रहरी कार्यालय पिपरामा बुझाए। प्रहरीले गैरेविरुद्ध जबरजस्ती करणी मुद्दा दायर गरेकोमा जिल्ला अदालतका न्यायाधीस इन्द्रबहादुर कार्कीको इजलासले ०६७ कात्तिक १७ गते १५ वर्ष कैद र २ लाख रुपियाँ जरिबाना गरेको छ। उनी अदालतको आदेश अनुसार जिल्ला कारागार तौलिहवामा थुनामा छन।

अनेरास्ववियु (क्रान्तिकारी) ले आह्वान गरेको ०६७ वैशाख १२ गतेदेखि अनिश्चितकालीन निजी विद्यालय बन्दबाट कपिलवस्तुका करिब ६० निजी विद्यालयमा अध्ययनरत ३० हजार विद्यार्थी पठनपाठनबाट वञ्चित भए। निजी विद्यालयले शुल्क बढाएको विरोधमा अनेरास्ववियु (क्रान्तिकारी) ले निजी विद्यालय बन्द गरेको थियो। निजी विद्यालयहरूले शुल्क घटाउने निर्णय गरेपछि ०६७ वैशाख २४ गते बन्द रहेका सम्पूर्ण विद्यालयहरूमा पठन-पाठन सुचारू भयो।

कपिलवस्तु नपा-४ गौडीचोकका १२ वर्षीय साह आलमलाई ०६७ असार २ गते मामाघरको विवाहमा गई घर फर्कने क्रममा पकडी गाविसको पकडी चौडानजिकै रहेको पेट्रोलपम्पअगाडि गाडी कुरिरहेको अवस्थामा पेट्रोल राख्न आएको भारतीय नम्बर प्लेटको रातो रडको कार ड्राईभरले बालकसँग कहाँ जाने भनी सोधेको र बालकले तौलिहवा घर जाने भनेपछि 'कारमा बस् म घर पुऱ्याइदिन्छु' भनी कारमा राखेर अपहरण गरे। उनको हात पछाडि बाँधेर मुखमा रूमाल कोची भारतको गोण्डा पुऱ्याइएको अवस्थामा कार चालक पिसाब गर्न बाहिर गएको मौका छोपी बालक भागेर भारतीय प्रहरीको सम्पर्कमा पुगेपछि अपहरणबाट मुक्त भए। भारतीय प्रहरीले अपहरित बालक शाहलाई ०६७ असार ३ गते गोण्डाबाट रेलमा चढाई घर पठाएपछि उनी सोही दिन आफन्तको सम्पर्कमा आए।

हथिहवा गाविस–४ स्थित सरस्वती प्राविमा शिक्षक भर्ना सम्बन्धी विवादका कारण अविभावकले ०६७ असोज १९ गते देखि अनिश्चितकालीन तालाबन्दी गरेपछि बालबालिका पढ्न पाउने अधिकारबाट वञ्चित भए। विद्यालयकी प्रअ श्रीमती मन्जु यादवले विद्यालयमा दुई जना शिक्षकको पदपुर्ति गर्दा मनोमानी ढङ्गले आफ्नो काका र बहिनीलाई छनोट गरेको भन्दै सो गाविसका १ सय १ जना अविभावकले हस्ताक्षर गरी छानबिनको माग गर्दै तालाबन्दी गरे। विज्ञापन निकाली प्रकृया अनुसार शिक्षक भर्ना गर्न दबाब स्वरूप विद्यालयमा तालाबन्दी गरेको अविभावक शिवराज यादवले बताए। प्रअ र अविभावकका विवादका कारण १ सय ५० भन्दा बढी बालबालिका पढ्न पाउने अधिकारबाट बञ्चित भए। प्रअ र अभिभावक बीच ०६७ असोज ३० गते सहमति पछि विद्यालय सुचारू भयो।

चनई गाविस–५ खैरेन्द्रपुरका २ वर्षीय बालक दीपेन्द्र जिसीलाई ०६७ मङ्सिर ४ गते साँझ घरबाट अज्ञात समूहले अपहरण गऱ्यो। उनलाई प्रहरीले अर्घाखाँचीको ठाडा गाविसको जङ्गलबाट ०६७ मङ्सिर ८ गते मुक्त गरायो। इलाका प्रहरी कार्यालय बुटवलका डिएसपी दानबहादुर कार्कीको कमाण्डमा खटिएको टोली र जिल्ला प्रहरी कार्यालय कपिलवस्तुको टोलीले बालकलाई अर्घाखाँची जिल्ला ठाडा गाविसस्थित जङ्गलको ओडारमा राखेको अवस्थामा उद्धार गरेको थियो। अपहरणमा संलग्न भएको आरोपमा गुल्मी जिल्ला पुर्कोटदह गाविस- ६ का ३० वर्षीय कृष्ण केसी र मरभुङ गाविस- ८ दघांसका २० वर्षीय प्रकाश पौडेल, प्यूठान जिल्ला पुजा गाविस- ४ पूजा का ३० वर्षीय नेगन के.सी., कपिलवस्तु जिल्ला चनई गाविस-५ खरेन्द्रपुरका २० वर्षीय राजु केसी र रूपन्देही जिल्ला बुटवल नपा- ९ दिपनगरका २२ वर्षीय पिताम्बर अर्याललाई मङ्सिर ८ गते बुटवल र अर्घाखाँचीबाट गिरफ्तार गऱ्यो। आरोपितहरूलाई मङ्सिर ९ गते बुटवल इलाका प्रहरी कार्यालयमा पत्रकार सम्मेलन गरी सार्वजनिक गरियो। आरोपित पाँचै जनालाई पुर्पक्षका लागि कपिलवस्तु कारागारमा थुनामा राखिएको छ। अपहरित बालकका आफ्नै भान्जादाइ पर्ने चनई गाविस–५ खरेन्द्रपुरका राजु केसीको मिलेमतोमा अपहरण गरिएको थियो। मङ्सिर ४ गते शनिबार साँझ मुखमा पट्टी बाँधी लु ४ प २८९९ नं. को कालो रङ्गको पल्सर मोटरसाइकलमा आएका नेगन केसी र राजु केसीले घर नजिक साथीहरूसँग खेलिरहेको अवस्थामा बालकलाई अपहरण गरेको प्रहरीको बयानमा बताए।

अज्ञात समूहद्वारा अपहरण गरिएका दीपेन्द्र जिसी

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बेचबिखन तथा ओसारपसार

शिवगढी गाविस-२ की २१ वर्षीया र वाग्लुङ जिल्ला भीमगिठे गाविसकी ३१ वर्षीया दुई जना महिलालाई कतार लैजाने भनी ०६६ पुस २३ गते भारततर्फ लैजाँदै गर्दा इलाका प्रहरी कार्यालय कृष्णनगरले कृष्णनगर नाकाबाट उद्धार गऱ्यो। घटनामा संलग्न भएको आरोपमा पथ्थरदेहिया गाविस-६ घरभएका हिमवहादुर सुनार र कविता सुनारलाई प्रहरीले कृष्णनगरबाट गिरफ्तार गरी पुर्पक्षका लागि थुनामा राख्यो। उद्धार गरिएका दुवै महिलालाई पुस २४ गते नै आफन्तको जिम्मा लगाइयो।

पाल्पा जिल्ला खालिबाङ गाविस-८ की ३२ वर्षीया एक महिलालाई ०६६ चैत १० गते निग्लीहवा गाविस-९ का अब्बु अनसारी मुसलमानले कतार पठाइदिने बाहानामा भारततर्फ लैजाँदै गर्दा इलाका प्रहरी कार्यालय बहादुरगञ्जले उद्धार गऱ्यो। आरोपितले विदेश जान रकम पनि नलाग्ने र राहादानी पनि भारतमा बनाई दिने भनी फकाई उनलाई जहदीबाट कृष्णनगरतर्फ लैजाँदै गर्दा प्रहरीले सुराकीको आधारमा गिरफ्तार गरेको थियो। साथी संस्थाको पहलमा ०६६ चैत ११ गते पीडित महिलाले मुसलमानका विरूद्ध जाहेरी दिइन्। प्रहरीले अनसारी मुसलमानलाई मानवबेचविखनको मुद्दामा पुर्पक्षका लागि थुनामा राखिएको छ भने उद्धार गरिएकी महिलालाई चैत १२ गते आफन्तको जिम्मा लगायो।

कृष्णनगर गाविस-२ झण्डिनगरकी २८ वर्षीया एक महिलालाई ०६७ असार ५ गते वीरपुर गाविस-९ चन्द्रौटाकी ४५ वर्षीया जरिना खातुन र वीरपुर गाविस-९ की ३५ वर्षीया फातमा खातुनले ललाई-फकाई भारत बहराइचको मदेनाको एक गाउँमा बेचविखन गरे। बेचिएकी महिला भारतको कोठीबाट भाग्न सफल भई कृष्णनगरस्थित शान्ति पुनर्स्थापना गृहमा ०६७ असार ११ गते सम्पर्कमा आइन्। आफूलाई भारतमा लगी २० हजार भारतीय रुपियाँमा बेचबिखन गरेको भन्दै पीडितले ०६७ असार १२ गते शान्ति पुनर्स्थापना गृह (पीआरसी)को सहयोगमा पीडकहरूका विरूद्ध इलाका प्रहरी कार्यालय कृष्णनगरमा जाहेरी दर्ता गराइन्। प्रहरीले सोही दिन जरिना खातुनलाई गिरफ्तार गरी मानव बेचबिखन अन्तर्गत मुद्दा चलाई पुर्पक्षका लागि थुनामा राख्यो भने फातमा खातुन फरार रहेको इलाका प्रहरी कार्यालय कृष्णनगरले जनायो।

नवलपरासी जिल्ला देवचुली गाविस–१की ३० वर्षीया र ४१ वर्षीया, २४ वर्षीया तीन महिला झापा जिल्लाको महेशपुर गाविस–१ का ४६ वर्षीया र उर्लावारी गाविस-१ की २९ वर्षीया दुई महिला र तनहुँ जिल्ला व्यास नपा– ९की २२ वर्षीया एक जना गरी छ जना महिलाहरूलाई विभिन्न प्रलोभन देखाएर विदेश पठाइदिने भनी भारतको मुम्बईतफ लैजाने क्रममा शान्ति पुनर्स्थापना गृह (पी.आर.सी.) कृष्णनगरले नेपाल भारत सीमावर्ती क्षेत्र कृष्णनगरबाट ०६७ मङ्सिर १० गते उद्धार गऱ्यो। युथ ओभरसिज सिनामङ्गल काठमाडौँले नेपाली युवतीलाई कुवेत र साउदीमा राम्रो काम लगाइदिने बहाना गरी सस्तो भाडामा छिटोछरितो मुम्बईबाट उडान गर्ने भनी छ जना युवतीलाई भारततिर लैजाँदै गर्दा मानव सेवा संस्थान भारतको सहयोगमा पुनर्स्थापना गृह कृष्णनगरले उद्धार गरेको थियो। आरोपित चितवन जिल्ला शिवानगर गाविस–७ राजापुरका १५ वर्षीय असिम परियारलाई इलाका प्रहरी कार्यालय कृष्णनगरमा बुझाएकोमा छानबिन नै नगरी ०६७ मङ्सिर १२ गते प्रहरीले रिहा गऱ्यो। उद्धार गरिएका महिलालाई ०६७ मङ्सिर ११ गते आफन्तलाई जिम्मा लगायो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

गजेहडा गाविस-७ की २३ वर्षीय एक युवतीलाई ०६७ वैशाख १ गते दिउँसो वाणगङ्गा गाविस-७ बुङचीस्थित सामुदायिक वनमा घुम्न गएको अवस्थामा वाणगङ्गा गाविस-७ का २२ वर्षीय अन्जन थापा र २२ वर्षीय ईश्वर थापा, गजेहडा गाविस-७ का २५ वर्षीय मोहन केसी र २७ वर्षीय सुजित थापा लगायत आठ जनाले बलात्कार गरेको भनी पीडितले सोही दिन इलाका प्रहरी कार्यालय गोरूसिङ्गेमा किटानी जाहिरी दिइन्। आरोपितहरूलाई ०६७ वैशाख २ गते इलाका प्रहरी कार्यालय गोरूसिङ्गेले गिरफ्तार गऱ्यो। आरोपितलाई जबरजस्ती करणीको मुद्दा अन्तर्गत जिल्ला कारागारमा पुर्पक्षका लागि थुनामा राखियो। आरोपितहरू मध्येका चार जना यो वर्षको अन्तसम्म पनि फरार रहेको र चार जनालाई पुर्पक्षको लागि थुनामा राखिएको छ। इलाका प्रहरी कार्यालय गोरूसिङ्गेले बतायो।

घरेलु हिंसा

बलरामपुर गाविस–१ की ३५ वर्षीय चनरमती कोरीलाई ०६७ असार २८ गते देवर बृजामान कोरी र देउरानी शान्ति कोरीले घरयासी झगडामा कुटपिट गरी घाइते बनाए। पीडितलाई उपचारको लागि

महाराजगञ्ज गाविसस्थित अस्पतालमा लगिएकोमा उपचारको क्रममा मृत्यु भएको इलाका प्रहरी कार्यालयले महारागञ्जले जनायो। घरमा पति उदयराज कोरी नभएको मौका पारी देवर र देउरानीले लाठी, चिरपट, दाउरा प्रहार गरी घाइते तुल्याए। हत्यापछि देवर वृजमान कोरी र देउरानी फरार रहेको प्रहरीले जनायो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

संरचना, सम्पत्ति क्षति

हथौसा गाविस-२ देउवापारका इकवाल मुसलमान, आयस्था मुसलमान र इत्तीहास मुसलमानको नाममा रहेको ३२ विगाहा जग्गा ०६६ माघ ७ गते अखिल नेपाल किसान सङ्घ क्रान्तिकारी कपिलवस्तुका कार्यकर्ताहरूले खेतमा पार्टीको झण्डा गाडी कब्जा गरेको घोषणा गरे।

इकवाल मुसलमान, आयस्था मुसलमान र इत्तीहास मुसलमानको भारतमा समेत स्थायी बसोबास भएको र नेपालमा आफ्नो नाममा रहेको सम्पूर्ण जमिन बिक्री गरी भारत जान लागेका कारण उनीहरूको जग्गा कब्जा गरिएको एकीकृत माओवादीले जनायो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा जिल्ला अस्पताल दुईओटा, आयुर्वेद अस्पताल दुईओटा, प्राथमिक स्वास्थ्य केन्द्र तीनओटा, हेल्थपोस्ट सातओटा, उपस्वास्थ्य चौकी ६६ ओटा रहेका छन्। जिल्लामा डाक्टरको दरबन्दी नौ जना रहेकामा एकजना बाहेक आठ जना दुईवर्षको लागि आएका, हेल्थ असिस्टेन्टको दरबन्दी १३ जनाको रहेकामा १२ जना, स्टाफ नर्सको दरबन्दी नौ जनाको रहेकामा चारजना, अहेबको दरबन्दी ८८ जनाको रहेकामा ८४ जना, अनमिको दरबन्दी १९ जनाको रहेकामा १८ जना, मासिकाको दरबन्दी ६६ जनाको रहेकामा ६२ जना र ग्रामीण स्वास्थ्य कार्यकर्ताको दरबन्दी ७७ जनाको रहेकामा ७६ जना नै कार्यरत रहेका छन् भने महिला स्वयसेविका १ हजार १ सय ७ जना कार्यरत रहेका छन्।

३.११ अर्घाखाँची



जनसङ्ख्या : २,३६,५८७
साक्षरता प्रतिशत : ६४
महिला साक्षरता प्रतिशत : ५४
क्षेत्रफल (वर्ग कि. मि.) : १,१९३
गाविस/नपा सङ्ख्या : ४२/०
सरकारी/निजी विद्यालय : ४८४/१५
क्याम्पस/उच्च मा.वि. : २/२४
अस्पताल/स्वास्थ्य चौकी : १/४१
मानव विकास सूचकाङ्कः ०.४७१
प्रतिपरिवार सरदर सङ्ख्याः ६

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

अन्यबाट

सुवर्णखाल गाविस-२ सुवर्णखालकी २३ वर्षीया कमला अधिकारीलाई ससुरा ४४ वर्षीय गुणाखर अधिकारी, सासू ४२ वर्षीया देवीका अधिकारी र नन्द १७ वर्षीया लीना अधिकारीले ०६६ फागुन २२ गते विवाहमा दाइजो कम ल्याएको आरोपमा घाँटी थिचेर हत्या गरेको भनी मृतकका बाबुले जिल्ला प्रहरी कार्यालयमा ०६६ फागुन ४ गते किटानी जाहेरी दिए। ०६६ फागुन २८ गते जिल्ला न्यायाधीश अच्युत विष्टको इजलासले पुर्पक्षको लागि आरोपितहरूलाई थुनामा राख्ने आदेश दियो। तीनै जना हाल पूर्पक्षका लागि थुनामा रहेका छन्।

जेल र बन्दीहरू

अर्घाखाँची जिल्लामा सशस्त्र द्वन्द्वको समयमा तत्कालीन नेकपा माओवादीले गरेको सन्धिखर्क

आक्रमणको क्रममा क्षति भएकोमा हालसम्म पनि कारागार पुन:निर्माण हुन सकेको छैन। जिल्लाका बन्दीहरूलाई कपिलवस्तु, गुल्मी, पाल्पा जिल्ला कारागारमा पठाइने गरिएको छ।

घटनाको प्रकार	गैरराज्यबाट						
	अन्यबाट				एकीकृत माओवादीबाट		
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	४		४	४			
घाइते	१	१	३	३			
कुटपिट	४	७	१	८	१	७	७
धम्की					१	३	३
महिलाअधिकार	१		१	१			
बालअधिकार	३		३	३			
अपहरण	३		३	३			
जम्मा	१४	८	१३	३०	३	१०	१०

बेपत्ता/अपहरण

अन्यबाट

धनचौर गाविस-५ रातामाटा निवासी एक २ वर्षीया बालिकालाई सोही गाविस-१ निवासी १९ वर्षीय राजु नेपालीले घरमा कोही नभएको मौका छोपी ०६७ भदौ १६ गते अपहरण गरे। अपहरणपछि पीडित परिवारले जिल्ला प्रहरी कार्यालयमा ०६७ भदौ १७ गते उजुरी दिए। प्रहरीले पीडक नेपालीलाई जलुके गाविस-७ हाडे स्यालाका गदे सार्कीको घरबाट गिरफ्तार गरी पीडित बालिकाको उद्धार गऱ्यो। पीडक नेपालीलाई जिल्ला अदालतको आदेशमा ०६७ मङ्सिर २६ गतेदेखि जिल्ला कारागार पाल्पामा थुनामा राखिएको छ।

डिभर्ना गाविस-६ की १२ वर्षीया बालिकालाई ०६७ मङ्सिर ८ गते दाङ जिल्ला घर भई सन्धिखर्कमा मजदुरी गरी बस्ने १८ वर्षीय तिलक कुँवरले अपहरण गरे। पीडित बालिकालाई घरमा बसिरहेको बेला बिहान १० बजे मार्ने डर, धम्की देखाई जबरजस्ती बसमा चढाएर अपहरण गरेका थिए। पीडितपक्षले जिल्ला प्रहरी कार्यालयमा सोही दिन उजुरी दिएकोमा इलाका प्रहरी कार्यालय गोरुसिङ्गेबाट खटिइ गएको प्रहरी टोलीले बसमा छापा मारी ०६७ मङ्सिर ९ गते उद्धार गऱ्यो। घटनाका बारेमा पीडित पक्षले मुद्दा दर्ता नगरेपछि घटनामा संलग्न पीडकलाई कुनै कारबाही भएन।

धम्की/कुटपिट

एकीकृत माओवादीबाट

सुवर्णखाल गाविस-३ का एमाले कार्यकर्ताहरू ३४ वर्षीय बाबुराम चुदाली, सोही गाविस-६ का २४ वर्षीय नारायण भट्टराई , सोही गाविस-१ का ३६ वर्षीय थानेश्वर पोखेल, ३४ वर्षीय भवीन्द्र बेलबासे, पिताम्बर रेग्मी,रामप्रसाद भट्टराई, सोही गाविस-५ का ३४ वर्षीय देवबहादुर रास्कोटीलाई माओवादी कार्यकर्ताहरू ३५ वर्षीय कर्णबहादुर भट्टराई, ३१ वर्षीय कमल अधिकारी र २६ वर्षीय टिकु अधिकारीलगायतको समूहले ०६७ भदौ ६ गते स्थानीय मन्द्रे माविमा विद्यालय व्यवस्थापन समितिको गणना कार्य हुँदै गर्दा मतगणना स्थलमा प्रवेश गरी ढुङ्गामुढा र लाठी प्रहार गरी घाइते बनायो। घाइतेहरूमध्ये गम्भीर घाइते भएका बाबुराम चुदालीको जिल्ला अस्पताल सन्धिखर्कमा र अन्यको स्थानीय ठाडा उपस्वास्थ्य चौकीमा उपचार भयो। घटनापछि ०६७ भदौ ११ गते पीडकपक्षले औषधी उपचार खर्च उपलब्ध गराउने शर्तमा मिलापत्र भयो।

वाईसीएलबाट

अर्घा गाविस-५ निवासी एमाले गाउँ कमिटी अध्यक्ष ४० वर्षीय मेखबहादुर कार्कीलाई ०६७ कात्तिक २३ गते बाँगी गाविस-५ निवासी वाईसीएल कार्यकर्ताहरू रेमबहादुर खड्का र नारायण पाण्डेले राति बाँगी गाविस-८ भण्डारमा भैलो कार्यक्रम हेरिराखेको समयमा राजनीतिक पूर्वाग्रहका कारण कुटपिट गरी घाइते बनाए। घाइते कार्कीको जिल्ला अस्पताल सन्धिखर्कमा सामान्य उपचारपछि युनिभर्सल मेडिकल कलेज भैरहवामा उपचार भयो। घटनाको बारे पीडितपक्षले ०६७ कात्तिक २५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएकोमा घटनामा संलग्न दुवै जनालाई गिरफ्तार गऱ्यो। अनुसन्धानपश्चात् उनीहरूलाई सामान्य तारेखमा रिहा गरियो। एकीकृत माओवादीका जिल्ला इन्चार्ज चन्द्रबहादुर खड्का समेतको उपस्थितिमा घटना भएको भन्दै एमाले जिल्ला कमिटीले ०६७ कात्तिक २४ गते विज्ञप्ति प्रकाशन गरी विरोध जनायो भने ०६७ कात्तिक २५ गते एकीकृत नेकपा माओवादीले विज्ञप्ति प्रकाशित गरी घटनामा जिल्ला इन्चार्ज चन्द्रबहादुर खड्का संलग्न नभएको जनायो। जिल्ला अदालतको आदेशमा दुवै जना ०६७

मङ्सिर ८ गते जनही ३५ हजार रुपियाँ धरौटी राखी रिहा भए।

अनेरास्ववियु (क्रान्तिकारी) बाट

हंसपुर गाविस-५ स्थित सिद्धार्थ उच्च माविमा रतनमारेमा अध्ययनरत १८ वर्षीय रामलाल राजवंशी १८ वर्षीय शङ्कर पौडेल १७ वर्षीय शोभाकर अर्याल, १७ वर्षीया रमिता मरासिनी र २० वर्षीय अञ्जान मरासिनीलाई अखिल क्रान्तिकारीका कार्यकर्ताले आफ्नो पकड भएको गोखुङ्गा गाविस-९ स्थित सूर्य माविमा राजनीति गर्न आएको आरोपमा ०६६ फागुन १३ गते कुटपिट गरे। पीडित शङ्कर पौडेलको जिल्ला अस्पताल सन्धिखर्कमा उपचार भयो भने अन्यको स्थानीय स्वास्थ्य चौकीमा उपचार भयो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा सरकारवादी मुद्दातर्फ ०६७ असार मसान्तसम्म जिम्मेवारी सरेर आएका सात थान मुद्दा मध्ये १थान फर्स्यौट भई छ थान मुद्दा बाँकी रहे। ०६७ पुस १७ गतेसम्म दर्ता भएका १० थान मुद्दा मध्ये कुनैपनि मुद्दा फर्स्यौट भएनन्।

दुनियावादी मुद्दातर्फ गत वर्ष जिम्मेवारी सरेर आएका २१ थान मध्ये आठ थान फर्स्यौट भई १४ थान मुद्दा बाँकी रहे। यस वर्ष दर्ता भएका १४थान मुद्दामध्ये सात थान फर्स्यौट भइ सात थान मुद्दा बाँकी रहे।

देवानी मुद्दा तर्फ गत वर्ष जिम्मेवारि सरेर आएका ३५ थानमध्ये १३ थान फर्स्यौट भई २२ थान मुद्दा बाँकी रहे यस वर्ष दर्ता भएका ३७ थानमध्ये एक थान फर्स्यौट भई ३६ थान मुद्दा बाँकी रहे।

जिल्ला सरकारी अधिवक्ताको कार्यलयमा दर्ता भएका आठ थानमध्ये कुनै मुद्दा फैसला भएका छैनन् घरेलु हिंसाका घटना पनि जिल्ला अदालतमा दर्ता भएका छैनन्।

बालअधिकार

जिल्ला प्रारम्भिक बाल विकास केन्द्र ३ सय ७२ रहेका छन। समुदायिक विद्यालय तर्फ प्रावि २ सय ८३, निमावि ५३, मावि ३७, उमावि ३० रहेका छन् भने सस्थागत तर्फ ४४ वटा प्रावि, एक ओटा निमावि, आठ ओटा, मावि एक ओटा, उमावि र पाँच ओटा क्याम्पस रहेका छन्। यस जिल्लामा प्रारभिक बाल विकाश केन्द्र बाहेक ४ सय ५७ विद्यालय रहेका छन्।

जुकेना गाविस-७ फर्सामाटाकी १६ वर्षीया बालिकालाई सोही गाविस-७ देउराली निवासी २७ वर्षीय हुमबहादुर भाटक्षेत्रीले ०६६ चैत ७ गते गाई, बाखा चराउन जङ्गलमा गएको बेला बलात्कार प्रयास गरेको भन्दै पीडित परिवारले ०६७ चैत ७ गते जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिए। आरोपित क्षेत्री वर्षको अन्त्यसम्म फरार रहेको प्रहरीले जनायो।

हंसपुर गाविस-५ काफलठुटाकी १५ वर्षीया एक बालिकालाई सोही गाविस निवासी २२ वर्षीय सुदीप काउछा, निर्मल काउछा र नरेश काउछाले ०६६ चैत २६ गते स्कूलबाट घर फर्कदै गर्दा बाटोमा बलात्कार गरेको भनी पीडित पक्षले भोलिपल्ट उजुरी दियो। बालिकाको जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण भयो। पीडितका तर्फबाट ०६७ चैत २७ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिइएको आधारमा प्रहरीले सोही दिन आरोपितहरूलाई गिरफ्तार गऱ्यो। अनुसन्धानका क्रममा पीडित बालिकाले बयान दिँदा घटनामा संलग्न व्यक्ति उनीहरू नभएर अन्य नचिनेको व्यक्ति भएको बताएपछि उनीहरू ०६७ चैत २९ गते जिल्ला प्रहरी कार्यालयबाट रिहा भए।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

पाली गाविस-९ कोर्गेली निवासी ४२ वर्षीया झवि कुमाललाई सोही ठाउँका ६० वर्षीय रामबहादुर कुमाल र ४५ वर्षीय नामबहादुर कुमालले ०६६ फागुन १८ गते बोक्सीको आरोपमा कुटपिट गरे। पीडक नामबहादुर कुमालको अढाई वर्षको छोराको ज्वरोको कारण मृत्यु भएपछि उनलाई बोक्सीको आरोपमा कुटपिट गरेका थिए। पीडितले जिल्ला प्रहरी कार्यालयमा ०६६ फागुन १९ गते उजुरी दिएकोमा पीडकले गल्तीप्रति माफी मागेपछि सोही दिन दुवैपक्ष बीच मिलापत्र भयो।

घरेलु हिंसा

ठाडा गाविस-३ रातामाटाकी ४८ वर्षीया वसन्ती सुनारलाई पति ५२ वर्षीय डिलबहादुर सुनारले ०६७ जेठ २२ गते परपुरुषसँग लागेको आरोपमा बञ्चरो प्रहार गरी हत्या गरे। पत्नीको हत्यापछि उनले घर नजिकैको रुखमा झुण्डिएर सोही दिन आत्महत्या गरे।

धातिवाङ गाविस-३ सिरुखर्क निवासी ६२ वर्षीया खगीकला खत्रीलाई पति ७७ वर्षीय मानबहादुर खत्रीले ०६७ मङ्सिर १४ गते राति हसिया प्रहार गरी हत्या गरे। पीडितका आफन्तले ०६७ मङ्सिर १६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। स्थानीयवासीले ०६७ मङ्सिर १५ गते बिहान ७ बजे पीडितको लाश देखेपछि प्रहरीलाई खबर गरेकोमा पीडक खत्रीलाई प्रहरीले सोही दिन गिरफ्तार गरेको थियो। घटनाको

बारेमा बर्षको अन्त्यसम्म अनुसन्धान जारी रहेको जिल्ला प्रहरी कार्यालयले जनायो।

स्वास्थ्य सेवाको अवस्था

जिल्ला अस्पतालमा यस वर्षको अन्त्यसम्म डाक्टर दरबन्दी पाँच जना रहेकोमा पाँच जना कार्यरत, स्टाफनर्स छ जना रहेकोमा पाँच जना कार्यरत, सिअहेब १३ जना दरबन्दी रहकोमा १३ जना कार्यरत, अहेब ४५ जना दरबन्दी रहेकोमा ४३ जना कार्यरत, अनमी १६ जना दरबन्दी रहेकोमा १५ जना कार्यरत, ग्रामीण स्वास्थ्य कार्यकर्ता ४२ जना दरबन्दी रहेकोमा ३५ जना कार्यरत, मासिका ३१ जना दरबन्दी रहेकोमा २९ जना कार्यरत, ल्याब टेक्निसियन र एसिस्टेन्ट गरी तीन जना दरबन्दी रहेकोमा एक जना कार्यरत छन। जिल्ला स्वास्थ्य कार्यालयका अनुसार स्वास्थ्य चौकीको सङ्ख्या आठ, उपस्वास्थ्य चौकी ३२ र प्राथामिक स्वास्थ्य चौकी दुई रहेका छन्।

३.१२ गुल्मी

जनसङ्ख्या :	३,२६,७६६
साक्षरता प्रतिशत :	६६
महिला साक्षरता प्रतिशत :	५३
क्षेत्रफल (वर्ग कि. मि.) :	१,१४९
गाविस/नपा सङ्ख्या :	७९/०
सरकारी/निजी विद्यालय :	५४५/२२
क्याम्पस/उच्च मा.वि. :	२/३८
अस्पताल/स्वास्थ्य चौकी :	१/७०
मानव विकास सूचकाङ्कः	०.४६७
प्रतिपरिवार सरदर सङ्ख्याः	६

गोली/विस्फोटक पदार्थद्वारा घाइते

अज्ञात समूहबाट

दर्लामचौर गाविस-९ का १८ वर्षीय छविलाल कुमाल र मानबहादुर कुमाल ०६७ कात्तिक १४ गते खोलामा भेट्टाएको सकेट बम घरमा ल्याई खेलाउँदा विस्फोट भई घाइते भए। घाइतेहरूको जिल्ला अस्पताल तम्घासमा प्राथमिक उपचारपछि पाल्पा जिल्लास्थित युनाईटेड मिशन अस्पतालमा उपचार भयो। उनीहरूको उपचारका लागि इन्सेक क्षेत्रीय कार्यालय,पोखराले ३ हजार रुपियाँ आर्थिक सहयोग गरेको थियो।

जेल र बन्दीहरू

जिल्ला कारागारमा यो वर्षको अन्त्यसम्ममा कैद तोकिएका २८ जना पुरुष र तीन जना महिला बन्दीहरू गरी जम्मा ३१ जना कैदीहरू रहेका छन् भने कैद नतोकिएका २० जना पुरुष र ११ जना महिला गरी जम्मा ३१ जना थुनुवा रहेका छन्। 'घ' श्रेणीको जिल्ला कारागारमा जम्मा ६२ जना बन्दी तथा थुनुवा रहेका छन्। त्यसैगरी एक जना आश्रित नाबालक पनि छन। कारागारको क्षमता पाँच जना महिला र २० जना पुरुष गरी जम्मा २५ जनाको रहेकोमा क्षमता भन्दा बढी कैदी तथा थुनुवा रहँदा आवासमा समस्या उत्पन्न भएको छ। कारागारको भौतिक अवस्था पहिलेको तुलनामा केही सुधार भएको छ। जेलमा रेडियो, पत्रपत्रिका, टेलिभिजन, खानेपानी, शौचालय, स्वास्थ्य सेवाको यथोचित प्रबन्ध छ र स्वरोजगारका लागि मुढा बुन्ने र ढाका बुन्ने व्यवस्था छ।

बेपत्ता/अपहरण

राष्ट्रिय जनमोर्चाबाट

विसुखर्क गाविस निवासी एकीकृत माओवादी कार्यकर्ता ३५ वर्षीय डिलाराम गौतमलाई राष्ट्रिय जनमोर्चाका कार्यकर्ताको एक समूहले ०६६ जेठ १४ गते राति सोही गाविसबाट अपहरण गऱ्यो। राष्ट्रिय जनमोर्चाका जिल्ला सचिव छविलाल सर्तुङ्गीको नेतृत्वमा गएको सो समूहले गौतमलाई बाग्लुङतर्फ लगेको थियो। गाउँ-गाउँमा सांस्कृतिक कार्यक्रम गर्दै हिँडेको जनमोर्चाको टोलीको कार्यक्रममा अवरोध गरेकोले सामान्य विवाद भएपछि कार्यकर्ता अपहरणको आरोप लगाएको जनमोर्चाका जिल्ला अध्यक्ष जीवन रानाले बताए। माओवादीले आफ्ना कार्यकर्तालाई धम्की समेत दिएकोले विवाद भएको अध्यक्ष रानाले बताए। जेठ १५ गते दुवै पार्टीको जिल्ला नेतृत्व बीच छलफल भएपछि पीडित सोही दिन मुक्त भए।

घटनाको प्रकार	गैरराज्यबाट						
	अन्यबाट				एकीकृत माओवादीबाट		
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	२		२	२			
घाइते	४	३	२	५			
कुटपिट	३	२	१	३	१	२	२
धम्की	२	१	१	२			
महिलाअधिकार	६		६	६			
बालअधिकार	४		४	४			
अमानवीय व्यवहार	१	१		१			
अपहरण	१	१		१			
जम्मा	२३	८	१६	२४	१	२	२

धम्की/कुटपिट

एकीकृत माओवादीबाट

भनभने गाविस-५ निवासी पुर्कोटदह गाविसका सचिव ३३ वर्षीय विष्णुबहादुर घर्ती र पुर्कोट दह-९ निवासी गाविसका कार्यालय सहायक ३६ वर्षीय विष्णुप्रसाद घिमिरेलाई ०६७ मङ्सिर २२ गते दिउँसो गाउँपरिषद् सञ्चालन भइरहेको बेला पुर्कोटदह गाविस-६ निवासी एकीकृत माओवादीका जिल्ला सदस्य ५२ वर्षीय शेरबहादुर कुँवरले गाउँ परिषद् सञ्चालन भइरहेको समयमा परिषद्कक्षमा प्रवेश गरी गालीगलौज गर्दै कुटपिट गरे। घटनापछि गाउँपरिषद् स्थगित भएको थियो।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

वीरबास गाविस-६ निवासी स्थानीय पत्रकार २२ वर्षीय न्यूटन बरालीलाई ०६७ वैशाख १८ गते सोही ठाउँ निवासी सरस्वती प्राविका प्रधानाध्यापक केशवराज पाण्डेले समाचार प्रसारणको विषयमा धम्की दिए। उक्त विद्यालयमा अध्ययनरत विद्यार्थीहरूले चर्को शुल्क तिर्नुपरेको समाचार रेडियो रेसुङ्गामा सम्प्रेषण गरेको भन्दै बरालीलाई धम्की दिएका थिए। पीडितका अनुसार उनीसँग भएको क्यामेरा र रेकर्डर समेत खोसेर लगेका थिए। घटनापछि वैशाख १९ गते स्थानीय बुद्धिजीवीको रोहबरमा शिक्षकले गल्ती नदोहोऱ्याउने बताएपछि विवाद मिलेको थियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला दुनियावादी फौजदारी मुद्दातर्फ असार मसान्तसम्म जिम्मेवारी सरेर आएका २० थान र ०६७ पुस १६ बाट दर्ता भएका ४५ थान गरी जम्मा ६५ थानमध्ये ३२ थान फस्यौट भई ३३ थान बाँकी रहे।

सरकारवादी फौजदारी मुद्दातर्फ गतवर्षको जिम्मेवारी सरेर आएका नौ थान र यस वर्ष दर्ता भएका १९ थान गरी जम्मा २८ थानमध्ये ६ थान फस्यौट भई २२ थान बाँकी रहे।

दुनियावादी देवानी मुद्दातर्फ गत वर्ष जिम्मेवारी सरेर आएका ६४ थान र यस वर्ष दर्ता भएका ५७ थान मुद्दा गरी जम्मा १ सय २१ थान मुद्दामध्ये ४३ थान फस्यौट भई ७८ थान बाँकी रहे। यसरी यस वर्षको अन्त्यसम्ममा जम्मा २ सय १४ मध्ये ८१ थान फर्स्यौट भई १ सय ३३ थान फर्स्यौट हुन बाँकी रहे। यस जिल्लामा एक वर्ष पुराना मुद्दा फर्स्यौट हुन बाँकी छैनन्।

बालअधिकार

यस जिल्लामा प्रारम्भिक बालविकास केन्द्र ४ सय २४ रहेका छन्। सामुदायिक विद्यालयतर्फ प्राथमिक ५ सय ५०, निमावि ६६ मावि ८३ र उच्च मावि ३९ र १० वटा क्यम्पस रहेका छन्। प्रारम्भिक बालविकास केन्द्रबाहेक यस जिल्लामा जम्मा ५ सय ७३ विद्यालयहरू रहेका छन्। ती विद्यालयहरूमा अध्ययनरत बालबालिकाहरू १ लाख २ हजार ९ सय ५० रहेका छन्। जसमा ५२ हजार ५ सय ८२ बालिका र ५० हजार ३ सय ६८ बालक रहेका छन्। जिल्ला शिक्षा कार्यालयका अनुसार यस जिल्लामा रहेका विद्यालयहरूमा २६ हजार ३९ जना दलित बालबालिका अध्ययनरत छन्। तीमध्ये १२ हजार ४ सय १४ बालक १३ हजार ६ सय २५ बालिका रहेका छन्। त्यस्तै जिल्लामा २८ हजार ८ सय ३४ जना जनजाती बालबालिका अध्ययनरत छन्। जसमध्ये १३ हजार ९ सय ६४ बालक १४ हजार ८ सय ७० बालिका रहेका छन्। जिल्लाको साक्षरता प्रतिशत महिला ६३, पुरुष ८० गरी जम्मा ७१.५ प्रतिशत रहेको जिल्ला शिक्षा कार्यालयले जनाएको छ।

बाग्लुङ जिल्ला बोहोरागाउँ गाविस-६ घर भई

तम्घास गाविस-३ बाघमारेमा बसोवास गर्ने १० वर्षीया लक्ष्मी परियारलाई धुर्कोटवस्तु गाविस-९ का १८ वर्षीय चन्द्रबहादुर विकले ०६६ पुस २५ गते घरनजिकै खोल्सामा लगी बलात्कारपछि हत्या गरेको आरोपमा मुद्दा दायर भएको थियो। बालिकालाई चन्द्रबहादुरले बिस्कुट किनिदिएर प्रलोभानमा पारी जङ्गलमा पुऱ्याई बलात्कारपछि हत्या गरेका थिए। बालिकाको शव स्थानीयवासीले भेटाएर प्रहरीलाई खबर गरेका थिए। घटनापछि फरार आरोपितलाई स्थानीयवासीको सहयोगमा प्रहरीले ०६६ पुस २५ गते नै गिरफ्तार गरी हिरासतमा जिल्ला अदालतको फैसलामा जेल चलान गरिएको छ।

अमरपुर गाविस-३ की १३ वर्षीया एक बालिकालाई धुर्कोटरजस्थल गाविस-७ का २८ वर्षीय सुनिल पाण्डेले ०६६ चैत २३ गते स्थानीय कालापाताल जङ्गलमा बलात्कारको प्रयास गरेको भनी पीडितले चैत २९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी गरिन्। पीडितका अनुसार आफू उक्त वनमा तिजु,काफल खान गएको समयमा बलात्कारको प्रयास गरेको र स्थानीयवासीको सहयोगमा उद्धार गरिएको थियो। उजुरीपछि पाण्डेलाई प्रहरीले सोही दिन गिरफ्तार गरी जिल्ला अदालतमा पेश गरेकोमा पुर्पक्षको लागि कारागार शाखा गुल्मीको थुनामा छन्।

मरभुङ गाविस -१ की ३ वर्षीया एक बालिकालाई तम्घास गाविस-८ का ३५ वर्षीया इश्वरीप्रसाद उपाध्यायले ०६७ वैशाख ६ गते बलात्कारको प्रयास गरेको भनी बालिकाका आफन्तले जिल्ला प्रहरी कार्यालयमा वैशाख ७ गते किटानी जाहेरी दिए। उपाध्यायले बालिकालाई सिमलटारी बजारको एक होटलमा फकाएर पुऱ्याई बलात्कारको प्रयास गरेका थिए। पीडित पक्षको आरोपितलाई जाहेरीपछि गिरफ्तार गरी जिल्ला अदालतमा पेश गरेकोमा ०६७ वैशाख २३ गते जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि जेलचलान गरेको छ।

बस्तु गाविस-३ की १३ वर्षीया एक बालिकालाई अवैध गर्भधारण गराई धुर्कोटबस्तु-२ का २० वर्षीय रामचन्द्र पाण्डे ०६७ जेठ २० गते फरार भएको भनी पीडित पक्षले जिल्ला प्रशासन कार्यालयमा रामचन्द्रलाई खोजी गरी न्याय दिलाउन माग गर्दै उजुरी दिएकोमा जिल्ला प्रशासन कार्यालयमा हाजिर हुन आएका पीडकका बाबु टेमलालले छोरालाई लिएर हाजिर हुन आउने भन्दै तारेखमा छुटेको केही दिनपछि छोरीको नाममा घरबारी पास गरी ०६७ भदौमा फरार भए। पीडित बालिकाले ०६७ भदौ १९ गते छोरी जन्माइन् भने पीडितका आफन्तले आरोपित र उनका बुबाआमाले बिक्री गरेको सम्पत्ति फिर्ता गराई नाता कायम गरी माना चामल र अंश दिलाई पाउँ भनी जिल्ला अदालतमा ०६७ असोज ११ गते मुद्दा दर्ता गराए। यस वर्षको अन्त्यसम्म पनि आरोपित गिरफ्तार भएका छैनन्। पीडित दलित महिला सङ्घ गुल्मी र दलित सेवा समाजको सहयोगमा काठमाडौँ स्थित साथी नेपाल नामक संस्थाले संरक्षणमा छन्।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

हर्दिनेटा गाविस-१ की ४० वर्षीया एक महिलालाई ०६६ माघ ९ गते खर्ज्याङ् गाविस-४ का २२ वर्षीय खिमबहादुर सारूले घरनजिकै बाटोमा हातपात गरी बलात्कार प्रयास गरे। महिलाले हारगुहार गरेपछि स्थानीयबासीको सहयोगमा उनको उद्धार गरिएको थियो। पीडितले ०६६ माघ १० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पीडितलाई १० हजार रुपियाँ क्षतिपूर्ति दिएर आरोपित रिहा भए।

हस्तीचौर गाविस-२ की एक महिलालाई सोही ठाउँका २३ वर्षीय विष्णु विष्टले ०६६ चैत १३ गते घरनजिकै बाटोमा हिँडिरहेको समयमा बलात्कार प्रयास गरेको भनी पीडितले ०६६ चैत १४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी गरिन्। आरोपित विष्ट फरार रहेका छन्। जिल्ला प्रशासन कार्यालयमा उक्त घटनाको सार्वजनिक मुद्दा दर्ता भएको छ।

भार्से गाविस-१ की २२ वर्षीया युवतीलाई सोही ठाउँका २० वर्षीय बलबहादुर रानाले ०६७ कात्तिक १४ गते बुटवलबाट घर फर्कदै गरेको अवस्थामा लछार पछार गरी बलात्कार प्रयास गरेको भनी पीडितका आफन्तले ०६७ मङ्सिर ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएकोमा प्रहरीले उनलाई ०६७ मङ्सिर ४ गते प्रहरीले घरैबाट गिरफ्तार गऱ्यो। अनुसन्धानपश्चात जिल्ला अदालतको आदेशमा आरोपित पुर्पक्षको लागि थुनामा छन्।

घरेलु हिंसा

ठूलोलुम्पेक गाविस-६ की ३५ वर्षीया गङ्गा विकलाई पति ३४ वर्षीय हर्कबहादुर विकले ०६६ फागुन ७ गते घरभित्र कुटपिट गरी हत्या गरे। भारतमा नोकरी गर्ने पति हर्कबहादुरले पत्नीको आचरण ठिक नभएको आरोपमा फागुन १४ गतेदेखि लगातार कुटपिट गर्दै आएको र अन्त्यमा हत्या गरेको स्थानीयवासीले बताए। हत्यामा संलग्न विकलाई प्रहरीले फागुन २८

गते घरबाटै गिरफ्तार गरी गरी जिल्ला अदातलको आदेशमा पुर्पक्षको लागि थुनामा राखेको छ।

आँपचौर गाविस-७ की २३ वर्षीया पुष्पा अर्याललाई ०६६ फागुन २७ गते उनका पति प्रदीप अर्याललले दाइजो कम ल्याएको निहुँमा घर निकाला गरे। दाइजोकै निहुँमा आफूलाई घरपरिवारले नै पटक-पटक दुर्व्यवहार र पतिले कुटपिट समेत गर्दै आएपछि मानसिक अवस्थामा समेत असर परेको पीडितले बताइन्। वामी गाविस-९ स्थित माइतीको सहयोगमा उपचार गरेर घर फर्केपछि पीडितले ०६७ असार ६ गते जिल्ला प्रशासन कार्यालयमा उजुरी गरिन्। असार ९ गते जिल्लास्थित अधिकारकर्मी तथा पत्रकारहरूको पहलमा पीडितलाई क्षतिपूर्तिस्वरूप २ लाख ५० हजार रुपियाँ दिन सहमति भयो।

बेवारिसे बम विस्फोटनमा परी घाइते भएकी छोरीलाई कुमाल

बहुविवाह

जुभुङ् गाविस-१ की २६ वर्षीया सीता थापाका पति २८ वर्षीय ध्रुव थापाले २० वर्षीया सीता खत्रीसँग ०६६ फागुन १ गते दोस्रो विवाह गरे। पीडितले पति र सौताको विरूद्धमा फागुन २० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी गरिन्। भारतीय सेनामा कार्यरत ध्रुव उजुरीपछि कान्छी पत्नीलाई साथमा लिएर फरार रहेका छन्।

वडागाउँ गाविस-२ की १९ वर्षीया ममता पचभैयाका पति २२ वर्षीय मनबहादुर पचभैयाले दोस्रो विवाह गरे। उनले अर्खले गाविसकी सावित्रा घर्तीसँग ०६६ माघ १ गते दोस्रो विवाह गरे पनि आफूलाई फागुन ४ गतेमात्र थाहा भएको पीडितले बताइन्। पतिले दोस्रो विवाह गरेको थाहा पाई ०६६ फागुन ६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पीडितलाई जिल्ला प्रहरी कार्यालय गुल्मीले नेपाली सेनाको रामवाण गुल्ममा जाहेरीका लागि पठायो।

हस्तिचौर गाविस-६ की २६ वर्षीया कमला नेपालीका पति २९ वर्षीया नारायण नेपालीले सोही गाविस-७ की २२ वर्षीया विष्णु परियारसँग दोस्रो विवाह गरे। वैदेशिक रोजगार गर्ने उनका पतिले ०६७ वैशाख २७ गते दोस्रो विवाह गरे पनि आफूले फागुन ३ गते थाहा पाएर जिल्ला प्रहरी कार्यालयमा उजुरी गरेको उनले बताइन्।

नयाँगाउँ गाविस-९ की ३० वर्षीया कुशुम कुँवरका पति ३५ वर्षीय चन्द्रबहादुर कुवँरले ०६७ कात्तिक २७ गते आफ्नै घरमा आगो लगाई स्थानीय तीन सन्तानकी आमा २९ वर्षीया माया राना मगरलाई विवाह गरी फरार भए। पीडितले पति विरुद्ध ०६७ मङ्सिर ६ गते जाहेरी दर्ता गरेकीमा यस वर्षको अन्त्यसम्ममा आरोपितलाई हाल सम्म गर्न सकेका छैन्। पीडित आफ्ना दुई छोरी र एक छोराका साथ आफन्तको शरण छिन् भने अभियुक्त फरार छन्।

स्वास्थ्य सेवाको अवस्था

जिल्लाको सदरमुकाममा १५ शैयाको सरकारी अस्पताल छ। जिल्ला स्वास्थ्य कार्यालय मातहतमा चार ओटा प्राथमिक स्वास्थ्य केन्द्र, १२ ओटा स्वास्थ्य चौकी, ६४ ओटा उपस्वास्थ्य चौकी छन्। जिल्ला स्वास्थ्य कार्यालयअर्न्तगत आठ जना डाक्टरको दरबन्दी रहेकोमा आठ जना नै कार्यरत छन्। स्टाफनर्सको दरबन्दी आठ जना रहेकोमा पाँच जनाको दरबन्दी रिक्त छ। सिअहेब हेअको दरबन्दी १९ रहेकोमा दुई जनाको दरबन्दी रिक्त छ। अहेब ८६ रहेकोमा सात जनाको दरबन्दी रिक्त छ। ग्रामीण स्वास्थ्य कार्यकर्ता ८० जनाको दरबन्दीमा २३ जनाको रिक्त छ। अनमी २६ जनाको दरबन्दीमा सबै रिक्त छ। मासिकाको ६४ दरबन्दीमा चार जना रिक्त छ।

३.१३ बाग्लुङ



जनसङ्ख्या : ३,०४,४११
साक्षरता प्रतिशत : ७०
महिला साक्षरता प्रतिशत : ५५
क्षेत्रफल (वर्ग कि. मि.) : १,७८४
गाविस/नपा सङ्ख्या : ५९/१
सरकारी/निजी विद्यालय : ५१४/११
क्याम्पस/उच्च मा.वि. : ४/३३
अस्पताल/स्वास्थ्य चौकी : १/५९
मानव विकास सूचकाङ्कः ०.४९२
प्रतिपरिवार सरदर सङ्ख्याः ६

गोली/विस्फोटक पदार्थद्वारा घाइते
बेवारिसे बम विस्फोटबाट

पाण्डवखानी गाविस-२ का ३५ वर्षीय यामप्रसाद बुढामगर ०६७ बैशाख २० गते दिउँसो सोही गाविस-५ स्थित जङ्गलमा साग खोज्न जाँदा बेवारिसे बम विस्फोटनमा परी घाइते भए। पाण्डवखानी गाविसको लम्मुको धुरीमा लसुने साग टिप्न पत्नी रेशमकुमारी बुढा मगरसँग गएका यामप्रसाद अचानक बम विस्फोट भएपछि घाइते भएका थिए। उनको देब्रे खुट्टामा चार र दाहिने खुट्टामा दुई वटा छर्रा लागेको थियो। घाइतेको हटियामा सामान्य उपचारपछि जिल्ला अस्पताल र थप उपचार पोखरामा भयो। प्रहरीको टोली घटनास्थलमा पुगे पनि घटनास्थल पत्ता लगाउन नसकेकाले पड्किएको वस्तुबारे जानकारी प्राप्त गर्न सकेन।

जेल र बन्दीहरू

जिल्ला कारागारमा यो वर्षको अन्तसम्ममा कैद तोकिएका ३० जना र कैद नतोकिएका २१ जना थुनुवा गरी जम्मा ५१ जना रहेका छन्। "ङ" श्रेणी यस कारागारमा सात जना महिलाको क्षमता रहेको महिला कारागारमा सात जना नै महिला छन् भने २५ जनाको क्षमता भएको पुरुष कारागारमा ४४ जना बन्दी तथा थुनुवा रहेका छन्। क्षमताभन्दा बढी बन्दी रहेकाले खानेपानी, शौचालय, विद्युतको असुविधा हुनुको साथै सुत्नसमेत पालो गरेर सुत्नुपर्ने बाध्यता रहेको छ।

जिल्ला कारागारका कैदी नरबहादुर अधिकारी सरकारले कैद मिनाहा नगरेको भन्दै ०६७ बैशाख ११ गतेदेखि मध्यान्ह १२ बजेदेखि अनसनमा बसे। उनको मागलाई कैदी तथा बन्दीहरूले ऐक्यबद्धता जनाएर कारागारको मुख्य गेटमा तालाबन्दी गरेका थिए। बन्दीका मागका सम्बन्धमा कारागार विभागमा लेखी पठाउने सहमतिपछि वैशाख १२ गते उनले अनसन तोडे।

धम्की/कुटपिट
वाईसीएलबाट

बुर्तिवाङ गाविस-१ का ४१ वर्षीय ज्ञानप्रसाद कँडेल, ३८ वर्षीय चुडाबहादुर कुँवरलाई सोही ठाँउस्थित उत्तरगङ्गा उच्च माविमा व्यवस्थापन समिति गठनको विषयलाई लिएर ०६६ चैत ३१ गते वाईसीएलका कार्यकर्ताले विद्यालय परिसरमा कुटपिट गरे। माओवादी जिल्ला सदस्य दधिराम शर्मा अध्यक्ष रहेको व्यवस्थापन समितिले विद्यालयमा राजनीतिकरण गरेको भन्दै अभिभावकहरूको भेलाले उनी सहितको समितिलाई हटाएर ज्ञानप्रसाद कँडेलको अध्यक्षतामा नयाँ समिति गठन गरेपछि विवाद उत्पन्न भएको थियो। वाईसीएलका कार्यकर्ताले पुरानै समितिलाई मान्यता नदिए जे पनि हुन सक्ने भन्दै धम्की समेत दिएका थिए। हालसम्म उक्त समिति विवादित नै रहेको छ।

बिहुँ गाविस-९ निवासी लेखानी गाविसस्थित लेखानी उच्च माविका प्राचार्य ५५ वर्षीय विष्णुदत्त सुवेदी, शिक्षकहरू ३६ वर्षीय खगराज कँडेल र ३९ वर्षीय खिमानन्द कँडेललाई वाईसीएल जिल्ला सदस्य नरबहादुर क्षेत्रीको नेतृत्वमा रहेको समूहले विद्यालयमा परीक्षाको नतिजाको विषयलाई लिएर ०६७ वैशाख ८ गते विद्यालय परिसरमा कुटपिट गऱ्यो। शिक्षकहरूले सुरक्षाको माग गर्दै ०६७ वैशाख ९ गते विद्यालयको पठन-पाठन बन्द गरेर विरोध जनाए। जिल्ला शिक्षा कार्यालयमा दुवै पक्षबीच छलफल भई सहमतिपछि ०६७ वैशाख ११ गतेदेखि विद्यालय सुचारु भएको थियो।

बुर्तिवाङ गाविस-१ बुर्तिवाङ बजारस्थित न्यू मोर्डन एकेडेमीमा कक्षा ११ मा अध्ययनरत विद्यार्थीहरू

घटनाको प्रकार	गैरराज्यबाट							राज्यबाट		
	अन्यबाट				एकीकृत माओवादीबाट					
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	८	६	२	८						
घाइते	१	१		१						
कुटपिट	४	९		९	१	१	१			
जातीय विभेद	१	१	१	२						
बालअधिकार	२		२	२						
अमानवीय व्यवहार								१	२	२
जम्मा	१६	१७	५	२२	१	१	१	१	२	२

पूजन बुढा र दीपक घर्ती तथा बुर्तिवाङ साप्ताहिकका कार्यकारी सम्पादक २८ वर्षीय प्रकाश रेग्मीलाई अनेरास्ववियु (क्रान्तिकारी) ले आह्वान गरेको अनिश्चितकालीन उच्चमावि बन्दको विषयलाई लिएर वाईसीएलका कार्यकर्ताले ०६७ वैशाख १४ गते विद्यालयमा कुटपिट गरे। घाइते बुढा र घर्तीको पाल्पा युनाइटेड मिशन अस्पतालमा उपचार भयो। कुटपिटमा संलग्न भएको आरोपमा एकीकृत नेकपा माओवादी मगरात राज्य समिति सदस्य छम सेन, जिल्ला सदस्य चन्द्र अर्याल, अनेरास्ववियु (क्रान्तिकारी) का एरिया अध्यक्ष वीरेन्द्र खरेल, सुरेन्द्र बुढा र दिलीप कार्कीलाई ०६७ वैशाख १६ गते प्रहरीले गिरफ्तार गरी घाइतेलाई उपचार खर्च उपलब्ध गराउने सहमतिपछि १९ गते रिहा भए। तर हालसम्म उपचार खर्च नपाएको पीडितले बताए।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

नेपाली काङ्ग्रेस बाग्लुङका सभापति प्रकाश पौडेल र महाधिवेशन प्रतिनिधि जगन्नाथ आचार्यका बारेमा ढोरपाटन दैनिकले गलत समाचार प्रकाशन गरेको भन्दै नेपाली काङ्ग्रेसका जिल्ला सदस्य चित्रबहादुर कार्की, ओमकार थापाको नेतृत्वमा रहेको समूहले ०६७ भदौ १४ गते साँझ ढोरपाटन दैनिक पत्रिका जलाए। पत्रिका जलाएको र समाचार प्रकाशन गरेको विषयमा नेपाल पत्रकार महासङ्घले गठन गरेको मिसन टोलीसँग भएको छलफलपछि ०६७ भदौ २० गते नेपाली काङ्ग्रेस बाग्लुङले आक्रोशमा आएर पत्रिका जलाइएको भन्दै गल्ती स्वीकार गरेपछि सहमति भएको थियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

पुनरावेदन अदालत बाग्लुङमा ०६६ असार मसान्तसम्म जिम्मेवारी सरेर आएका देवानी मुद्दा सङ्ख्या ५० थान, ०६७ असार मसान्त सम्म दर्ता भएका देवानी मुद्दा सङ्ख्या ४४ थान गरी जम्मा ९४ थान रहेकोमा ०६७ असार मसान्तसम्म ४० थान फर्स्यौट भई ५४ थान बाँकी रहे। ०६७ साउनदेखि पुस १० गतेसम्म दर्ता भएका १५ थान गरी जम्मा मुद्दा ६९ रहेकोमा ०६७ साउनदेखि पुस १० गतेसम्म २४ थान मुद्दा फर्स्यौट भई जम्मा बाँकी ४५ थान देवानी मुद्दा रहेका छन्।

यसै गरी ०६६ असार मसान्तसम्म जिम्मेवारी सरेका फौजदारी मुद्दा सङ्ख्या ३३ थान, ०६७ असार मसान्तसम्म दर्ता भएका फौजदारी मुद्दा सङ्ख्या ४३ थान गरी जम्मा ७६ थान रहेकोमा ०६७ असार मसान्तसम्म ४२ थान फर्स्यौट भइ बाँकी ३४ थान रहेका थिए। ०६७ साउनदेखि पुस १० गतेसम्म दर्ता भएका २१ थान गरी जम्मा ५५ थान रहेकोमा २८ थान फर्स्यौट भई बाँकी २७ थान मुद्दा रहेका छन्।

जिल्ला अदालत

०६६ असार मासन्तसम्म जिम्मेवारी सरेर आएका देवानी मुद्दा सङ्ख्या ९७ थान, ०६७ असार मसान्तसम्म दर्ता भएका देवानी मुद्दा सङ्ख्या १०५ थान गरी जम्मा २०२ थान रहेकोमा ०६७ असार मसान्तसम्म १३२ थान फर्स्यौट भई बाँकी ७० थान रहेका थिए। ०६७ साउनदेखि पुस १० गतेसम्म दर्ता भएका ७२ थान गरी जम्मा मुद्दा १ सय ४२ रहेकोमा ०६७ साउनदेखि पुस १० गतेसम्म ६२ थान मुद्दा फर्स्यौट भइ जम्मा बाँकी ८० थान देवानी मुद्दा रहेका छन्।

०६६ असार मासन्तसम्म जिम्मेवारी सरेर आएको फौजदारी मुद्दा सङ्ख्या ७६ थान, ०६७ असार मसान्तसम्म दर्ता भएका फौजदारी मुद्दा सङ्ख्या ६८ थान गरी जम्मा १ सय ४४ थान रहेकोमा ०६७ असार मसान्तसम्म १ सय १२ थान फर्स्यौट भई बाँकी ३२ थान रहेका थिए। ०६७ साउनदेखि पुस १० गतेसम्म दर्ता भएका ६२ थान गरी जम्मा मुद्दा ९४ रहेकोमा ०६७ साउनदेखि पुस १० गतेसम्म ४१ थान मुद्दा फर्स्यौट भए जम्मा बाँकी ५३ थान फौजदारी मुद्दा रहेका छन्।

जिल्ला अदालतमा यस वर्षको अन्तसम्म घरेलु हिंसा ऐन अन्तरगत एउटा पनि मुद्दा दर्ता नभएको अदालतले जनायो। जिल्ला प्रहरी कार्यालयमा गत आर्थिक वर्षमा ६७ वटा घरले हिंसा सम्बन्धी निवेदन परेकोमा प्रहरी कार्यालयमै ६० वटा मुद्दा मिलेको र ७ वटा बाँकी रहेका छन्। त्यस्तै ०६७ साउनदेखि हालसम्म ४१ थान निवेदन परेकोमा ३७ थान मिलापत्र भएको र ४ थान बाँकी रहेका छन्।

जिल्ला सरकारी वकिलको कार्यालयमा आव ०६६/०६७ को अवधिमा १ सय २५ थान मुद्दा दर्ता भएका ७५ थान फरस्यौट भए भने ५० थान बाँकी रहेका छन। जस अनुसार अदालततर्फ ८५ थान मुद्दा दर्ता भएकोमा ५५ थान फरस्यौट भए भने जिल्ला प्रशासनतर्फ ४० थान मुद्दा दर्ता भएकोमा २० थान मुद्दा फरस्यौट भए। यसरी ०६७ असार मसान्तसम्म अदालततर्फ ३० थान र जिल्ला प्रशासनतर्फ २० गरी जम्मा ५० थान बाँकी रहे। ०६७ साउनदेखि पुस १० सम्म अदालततर्फ दर्ता भएका १२ र गत वर्षका ३० गरी ४२ थान मुद्दा रहेकोमा ७ थान फर्स्यौट भई ३५ थान बाँकी छन्। जिल्ला प्रशासन तर्फदर्ता भएका ४५ र गत वर्षका २० गरी ६५ थानमध्ये १५ फर्स्यौट भई ५० बाँकी रहेका छन्। यसरी जिल्ला सरकारी वकिलको कार्यालयले दायर गरेका ८५ थान मुद्दा फर्स्यौट हुन बाँकी छन्।

बालअधिकार

यस जिल्लामा प्रारम्भिक बाल विकास केन्द्र ३०४ रहेका छन्। सामुदायिक विद्यालयतर्फ प्राथमिक ३६४, निमावि ६५, मावि ५५ र उच्च मावि ४३ रहेका छन्। त्यसैगरी संस्थागत विद्यालयतर्फ प्राथमिक ३७, निमावि ११, मावि १३, उच्च मावि ४ रहेका छन्। प्रारम्भिक बालविकास केन्द्रबाहेक यस जिल्लामा जम्मा ५ सय ९२ विद्यालयहरू रहेका छन्। जिल्लामा रहेको विद्यालयमध्ये १ सय ९३ प्रावि, ६५ निमावि र ३७ मावि गरी जम्मा २ सय ९५ विद्यालय समुदायमा हस्तान्तरण भएका छन्। ती विद्यालयहरूमा अध्ययनरत बालबालिकाहरूका १० हजार ५ सय ९५ विद्यार्थी रहेका छन्। जसमा सामुदायिकतर्फ छात्रा ४६ हजार ८ सय ४४ र छात्र ४४ हजर ४ सय ८ गरी जम्मा ९१ हजार २ सय ९२ जना र संस्थागततर्फ छात्रा ३ हजार ६ सय ९५ र छात्र ५ हजार ६ सय ८ गरी ९ हजार ३ सय ३ जना विद्यार्थी रहेका छन्। यसरी छात्रा ५० हजार ५ सय ७९ र छात्र ५० हजार १६ जना रहेका छन्। जिल्ला शिक्षा कार्यालयका अनुसार यस जिल्लामा रहेका विद्यालयहरूमा २९ हजार २ सय ४५ जना दलित बालबालिका अध्ययनरत छन्। तीमध्ये १४ हजार ८ सय ९३ छात्रा र १४ हजार ३ सय ५२ छात्र रहेका छन्। जिल्लाको साक्षरता प्रतिशत महिला ५१.३६ पुरुष ७४.२८ जम्मा ६४.८२ प्रतिशत रहेको जिल्ला शिक्षा कार्यालयले जनाएको छ।

पैयुथन्थाप गाविस घर भइ बागलुङ नपा-३ गुठीमा बस्दै आएकी १७ वर्षीया किशोरीलाई ०६७ वैशाख २० गते राति पर्वत जिल्लाको पीपलटारी गाविस-६ का सूर्यबहादुर नेपाली र खौलालाँकुरी गाविस-२ का सागर नेपालीले बलात्कार गरेको भन्दै ०६७ वैशाख २१ गते प्रहरीले गिरफ्तार गऱ्यो। घटनाको अनुसन्धानपछि जिल्ला अदालत बागलुङले बलात्कारमा संलग्न भएको आरोपमा दुवै जनालाई ०६७ जेठ २४ पूर्पक्षका लागि थुनामा राख्न आदेश दिएपछि उनीहरू हाल जिल्ला कारागारमा रहेका छन्।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार घरेलु हिंसा

नारायणस्थान गाविस-५ की २८ वर्षीया सङ्गीता श्रेष्ठलाई पति ३५ वर्षीय दीपककुमार श्रेष्ठ र उनकी कान्छी पत्नी ३३ वर्षीय देवी श्रेष्ठले ०६७ साउन ३१.गते घरमा घाँटी थिचेर हत्या गरेको प्रहरी प्रतिवेदनमा उल्लेख छ। घटनापछि आत्महत्या गरेको भनी दिएको उनीहरूले सोही दिन प्रहरीमा उजुरी दिएकोमा प्रहरीले घटनाको अनुसन्धान गरी आत्महत्या नभई हत्या गरिएको जनायो। उनीहरूलाई ०६७ भदौ ३० गते प्रहरीले गिरफ्तार गरी दुवैलाई ०६७ भदौ ३१ गते जिल्ला अदालतको आदेशमा कारागार चलान गरिएको छ।

सबै प्रकारका जातीय विभेद

निसी गाविस-६ का ४८ वर्षीय मनबहादुर परियार र ४२ वर्षीया आमा दुजिमला परियारलाई ०६७

कात्तिक १० गते सोही ठाँउका ३९ वर्षीय मनबहादुर घर्तीले आफ्नी छोरीलाई भगाएको र त्यसमा सहयोग गरेको भन्दै घरमै कुटपिट गरे। मनबहादुरका २२ वर्षीय छोरा कुमबहादुर परियार घर्तीकी २२ वर्षीय छोरी रीता घर्तीमगरसँग कात्तिक १० गते विवाह गरेका थिए। कुटपिटबाट घाइते दुवै जनाको बोहोरागाउँ उपस्वास्थ्य चौकीमा उपचार भयो।

स्वास्थ्य सेवाको अवस्था

प्रस्तावित धौलागिरी अञ्चल अस्पतालमा गत वर्षको अन्तसम्ममा डाक्टर दरबन्दी छ जना रहेकोमा यस पटक २१ जनाको स्वीकृत भएर आएको छ। अञ्चल अस्पताल शुरु नभएकाले हाल तीन जना मात्र कार्यरत रहेका छन। स्टाफ नर्स नौ जनाको दरबन्दी रहेकामा आठ जना कार्यरत छन्। अञ्चल अस्पताल प्रस्ताव भएपछि थप नौ जनाको दरबन्दी स्वीकृत भएको छ। सिअहेव एक जनाको दरबन्दी रहेकोमा एक जना कार्यरत रहेका छन्। हाल थप एक जनाको दरबन्दी थप भएको छ। अहेव चारको दरबन्दी रहेकोमा चार जना नै कार्यरत छन्। ग्रामीण स्वास्थ्य कार्यकर्ता ५९ जना दरबन्दी रहेकोमा ४२ जना कार्यरत छन्। अनमी तीन जना दरबन्दीमा एक जना कार्यरत छन्। मासिका ४७ जना दरबन्दी रहेकोमा ४३ जना कार्यरत रहेका छन्। जिल्ला स्वास्थ्य कार्यालयका अनुसार जिल्लामा एक अञ्चल अस्पताल तीन प्राथमिक स्वास्थ्य चौकी, ५८ स्वास्थ्य चौकी र उपस्वास्थ्य गरी जम्मा ६२ स्वास्थ्यसँग सम्बन्धित कार्यालयहरू रहेका छन्।

विगतको अनुगमन

सशस्त्र द्वन्द्वका क्रममा तत्कालीन माओवादीले सुराकीको आरोप लगाएपछि विस्थापित भएका ताराखोला गाविस-८ का नन्दराम कँडेलको परिवार इन्सेकलगायत विभिन्न सङ्घ संस्थाको पहलमा ०६७ पुस ३ गते पुनःस्थापित भयो। कँडेल परिवार ०५८ साल असोज २१ गतेदेखि विस्थापित भएका थिए।

३.१४ पर्वत



जनसङ्ख्या :	१,७१,८४४
साक्षरता प्रतिशत :	६३
महिला साक्षरता प्रतिशत :	५७
क्षेत्रफल (वर्ग कि. मि.) :	४९४
गाविस/नपा सङ्ख्या :	५०/०
सरकारी/निजी विद्यालय :	३२७/१३
क्याम्पस/उच्च मा.वि. :	४/३१
अस्पताल/स्वास्थ्य चौकी :	२/५३
मानव विकास सूचकाङ्कः	०.५०४
प्रतिपरिवार सरदर सङ्ख्याः	५

जेल र बन्दीहरू

यस वर्षको अन्त्यसम्म १० महिला र १५ पुरूष गरी २५ जना बन्दी क्षमता राख्ने 'घ' श्रेणीको कारागार कार्यलयमा तीन महिलासमेत ४० जना बन्दी रहेका छन्। बन्दीमध्ये कैद तोकिएका ३४ जना र थुनुवा नौ रहेका छन्। जेलभित्र महिलातर्फ टेलिभिजन नहुँदा दिन काट्न समस्या भएका वृद्ध बन्दीहरूको गुनासो रहेको छ। बन्दीले मुढा बनाउने अन्य आर्जनको श्रोत नभएको र पुस्तकालयको व्यवस्था नभएकोले अध्ययन गर्न असुविधा भएको छ। क्षमताभन्दा बढी बन्दी भएका कारण जाडोको समय पालभित्र सुत्नु परेको पीडा बन्दीहरूले सुनाए।

धम्की/कुटपिट

वाईसीएलबाट

प्रहरी चौकी डिमुवाका असई खिमानन्द पगेनी, तिलाहार गाविसका नारायणप्रसाद पौडेल र दुर्गाकुमारी लम्साललाई ०६६ फागुन ११ गते वाईसीएलका कार्यकर्ताले कुटपिट गरे। असई खिमानन्द पगेनीको

घटनाको प्रकार	गैरराज्यबाट				राज्यबाट		
	अन्यबाट						
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	१		१	१			
घाइते	१	३		३			
गिरफ्तारी/यातना					१	९	९
कुटपिट	४	६	३	८			
धम्की	१	१		१			
महिलाअधिकार	८		८	८			
बालअधिकार	१		१	१			
जम्मा	१६	९	१३	३१	१	९	९

उपचार पोखरामा भयो भने अन्य पीडितहरूको स्थानीय स्वास्थ्य चौकीमा उपचार गरिएको थियो। कुटपिटमा संलग्न वाईसीएलका कार्यकर्ताबाट औषधी खर्च भराई दुवै पक्षबीच मिलापत्र गऱ्यो।

शिवालय गाविस-८ का तरूण दल शिवालयका जिल्ला अध्यक्ष २५ वर्षीय विष्णु पोखेल, उनका बुबा नन्दलाल र भाइ विकासलाई ०६७ वैशाख २२ गते राती वाईसीएलका कार्यकर्ता प्रेम बराइली र टेकबहादुर पुनको समूहले घरमा गई कुटपिट गऱ्यो। पीडितहरूको जिल्ला अस्पताल कुस्मामा उपचार भयो। घटनाको प्रतिकारमा वाईसीएलका कार्यकर्ता प्रेम बराइली र टेकबहादुर पुन पनि घाइते भए। उनीहरूको स्थानीय अस्पतालमा उपचार भयो। पीडित पोखेललाई कुटपिटपछि घटनास्थल पुगेको प्रहरीले पाङराङका गाविस- ७ निवासी वाईसीएलका कार्यकर्ता ३२ वर्षीय सुमन कुँवर र १६ वर्षीय जीवन कुँवरलाई घटनास्थलबाट गिरफ्तार गरेकोमा २४ गते जिल्ला प्रहरी कार्यालयबाट उनीहरू रिहा भए।

अन्यबाट

ठूलीपोखरी गाविस-८ निवासी गोरखापत्र दैनिकमा कार्यरत २८ वर्षीय गणेश पौडेललाई ०६६ चैत १२ गते अपरिचित व्यक्तिले फोन गरी ज्यान मार्ने धम्की दिए। पौडेलको नाममा चैत ११ गते *'सक्कली फालिए, नक्कलीले जागिर पाए'* भन्ने शीर्षकमा गोरखापत्र दैनिक समाचार प्रकाशन भएपछि आफूलाई धम्की आएको उनले बताए। धम्की दिएको आरोपमा लुङ्खु गाविस-२ का द्रोणराज पौडेल र ठुलीपोखरी गाविस-३ का मिलन सुवेदीलाई कारबाही गरी पाऊँ भनी ०६६ चैत १३ गते जिल्ला प्रशासन कार्यालय पर्वतमा पीडितले उजुरी दिएको पनि कुनै कारबाही भएन।

गैरकानुनी गिरफ्तारी

खोटाङ जिल्ला साउनेपानी गाविस-७ घर भई शिवालय गाविस-४ बसोबास गर्दै आएका १९ वर्षीय भविन्द्र किराँती, शालिजा गाविस-८ का १९ वर्षीय विजय पुन, बनौ गाविस-९ का २८ वर्षीय कृष्ण पुन, शिवालय गाविस-३ का १५ वर्षीय महेन्द्र पुन, क्या गाविस-९ का १९ वर्षीय दीपक फगामी पुन, बनौ गाविस-६ का १६ वर्षीय विक्रम भन्ने रामबहादुर पुन, बनौ गाविस-३ का २१ वर्षीय गौबहादुर पुन, शिवालय गाविस-४ का गोविन्द गुरूङ र क्याङ्ग गाविस-९ का यामबहादुर पुनलाई ०६७ वैशाख २३ गते दिउँसो प्रहरीले एकीकृत माओवादीले आह्वान गरेको अनिश्चितकालीन आमहड्तालको क्रममा जिल्ला सदरमुकाम मैत्री चोकबाट गिरफ्तार गऱ्यो। गिरफ्तार सबै जना माओवादी तथा वाईसीएलका कार्यकर्ता हुन्।नेपाली काङ्ग्रेसको अगुवाईमा स्थानीय बासिन्दाले माओवादीको विरूद्धमा जुलुस प्रदर्शन गर्ने क्रममा माओवादीको पार्टी कार्यालयमा तोडफोड भएपछि वाईसीएलका कार्यकर्ताले नेपाली काङ्ग्रेस लगायतका स्थानीय बासिन्दामाथि आक्रमण गर्नका लागि खुकुरी खुडा लिएर हिँडेको अवस्थामा उनीहरूलाई प्रहरीले गिरफ्तार गरेको थियो। उनीहरू ०६७ वैशाख २६ गते रिहा भए। प्रहरीले खुकुरी खुडा कब्जा गर्ने क्रममा जिल्ला प्रहरी कार्यलयमा कार्यरत प्रहरी जवान गोरखा जिल्ला ताप्ले गाविस-१ का २२ वर्षीय काशीराम श्रेष्ठको मुखमा खुकुरीले चोट लागेको थियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत पर्वतमा दुनियाँवादी फौजदारी मुद्दातर्फ गतवर्षको जिम्मेवारी सरेर आएका १७ थान र यस वर्ष दर्ता भएका २९ थान गरी ४६ मध्ये १२ थान फर्स्यौट भई ३४ थान बाँकी रहेका छन्। त्यसैगरी देवानी मुद्दा तर्फ गतवर्षको जिम्मेवारी सरेर आएको ३६ थान र यस वर्ष दर्ता भएका २६ थान गरी जम्मा

६२ थान मध्ये १६ थान मुद्दाको फर्स्यौट भई बाँकी ४६ थान बाँकी रहेका छन्।

यसैगरी जिल्ला सरकारी न्यायधिवक्ताको कार्यालयमा गतवर्षको जिम्मेवारी सरेर आएका ७ थान र यस वर्ष १५ थान दर्ता भई जम्मा २२ थान मध्ये ५ थान फर्स्यौट भई १७ बाँकी रहेका छन्। यस आर्थिक वर्षमा दर्ता भएका कुनै पनि सरकारीवादी मुद्दाको फैसला भएको जिल्ला सरकारी न्यायाधिवक्ताको कार्यालयले जनाएको छ।

बालअधिकार

यस जिल्लामा विद्यालय जाने उमेर समूहको ७६ हजार ७ सय ३८ जना बालबालिकामध्ये ९७ प्रतिशत विद्यालय जाने गरेका छन्। तीमध्ये तीन प्रतिशत बालबालिकाहरू विद्यालय जानबाट वञ्चित रहेका छन् भने २० प्रतिशत दोहोऱ्याउने गरेको जिल्ला शिक्षा कार्यलयले जनायो।

यस जिल्लामा प्रारम्भिक बालविकास केन्द्र २ सय ७५रहेका छन्। सामुदायिक विद्यालयतर्फ प्राथमिक २३० निमावि ३३ मावि ४३ उच्चमावि ३२ ओटा रहेका छन् त्यसैगरी संस्थागत विद्यालयतर्फ प्राथमिक ३० निमावि ४ मावि ८ ओटा रहेका छन्।

बालविकास केन्द्रबाहेक यस जिल्लामा जम्मा ३ सय ७० विद्यालयहरू रहेका छन्। ती विद्यालयहरूमा अध्ययनरत बालबालिकामा ५८हजार २सय रहेका छन्। जसमा २८ हजार ४ सय ४४ छात्रा र २६ हजार १ सय ९९ छात्र रहेका छन्। जिल्लाको महिला साक्षरता प्रतिशत ५७ र पुरूष साक्षरता प्रतिशत ६८ प्रतिशत छ भने जम्मा साक्षरता प्रतिशत ६३ रहेको छ।

बाजुङ गाविस -१ पातीचौर निवासी सरस्वती निमावि कक्षा ९ की छात्रा १५ वर्षीय प्रतीक्षा पौडेललाई ०६७ असोज २ गते बाजुङ गाविस - १ पातीचौरका , बाजुङ गाविस १ पातीचौर २३ वर्षीय तेजबहादुर कुँवर, बाजुङ गाविस -१ पातीचौरका २२ वर्षीय प्रकाश केसी, बाजुङ गाविस - १ पातीचौरका, २० वर्षीय अमृत कुँवर, बाजुङ गाविस - १ पातीचौर २४ वर्षीय बलबहादुर पौडेल र बाजुङ गाविस - १ पातीचौरका २३ वर्षीय फणिन्द्र केसीले घाँस काटन मोदीखेतमा गएका अवस्थामा सामुहिक बलत्कार गरी हत्या गरेको आरोपमा पाँचै जनाका नाउँमा असोज ५ गते किटानी निवेदन दिएका थिए। हाल आरोपितहरू कानुनी कारबाहीका लागि कारागारमा थुनुवामा रहेका छन्।

वाग्लुङ जिल्ला घरभई माझफाँट गाविस-३ बारिवेनीमा बस्ने ५ वर्षीया बालिकालाई ०६७ साउन ७ गते माझफाँट-३ का २४ वर्षीय रामबहादुर दर्जीले बलात्कार गरेको आरोपमा पीडितकी आमाले ०६७ साउन १० गते प्रहरीमा जाहेरी दिइन् । बालिकाकी आमा मजदुरी गर्न गएका बेला साँझ पाँच बजेको समयमा घरनजिकै ढुङ्गामाथि काखमा राखेर बलात्कार गरेको पीडित बालिकाले बताइन्। पुर्पक्षका लागि हाल कारागार शाखामा रहेका छन्।

माझफाँट गाविस -३ वारी बेनीकी १५ वर्षीय मनमाया दर्जीलाई ०६७ कार्तिक २९ गते वाईसीएलको कार्यालय कुस्मामा यातना दिए। एकीकृत माओवादीका कार्यकर्ताकी छोरी १४ वर्षीया मनीषा दर्जीलाई कात्तिक २३ गतेबाट घरबाट भगाएको आरोपमा ८ दिनदेखि नियन्त्रणमा लिएका अवस्थामा कुटपिट गरेका थिए। मनिषा दर्जीका बाबु सन्तु दमाइले छोरीको खोजी गरी पाँऊ भनी जिल्ला प्रहरी कार्यलयमा मनमाया दर्जी लगायतका नाँउमा कात्तिक ३० गते निवेदन समेत दिए। मनमाया दर्जीलाई पीडितका आफन्तहरूले प्रहरीमा जिम्मा लगाएका थिए।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार दुर्व्यवहार

ठानामौला गाविस-४ की ६८ वर्षीया मनकुमारी सुवेदीलाई ०६६ चैत १८ गते बोक्सीको आरोपमा देवर विष्णुप्रसाद सुवेदी प्रकाश सुवेदी र विकास सुवेदीले कुटपिट गरे। कुटपिटबाट घाइते भएकी सुवेदीको फलेबास खानीगाउँ स्थित हेल्पिङ हृयाण्ड्स सामुदायिक क्लिनिकमा उपचार भयो। आरोपित विरूद्ध मनकुमारीले चैत २१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दर्ता गरिन्। जिल्ला प्रहरी कार्यालयले पीडकलाई जिल्ला प्रहरी कार्यालयमा ल्याई पीडितलाई १० हजार रुपियाँ औषधी उपचारको खर्च दिएर ०६६ चैत २५ गते मिलापत्र गरायो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

मुडिकुवा गाविस-१ की एक ३५ वर्षीया महिलालाई ०६७ वैशाख १९ गते दिउँसो देवीस्थान गाविस-३ का ३० वर्षीय ध्रुव श्रेष्ठले बलात्कार गरेको आरोपमा वैशाख २२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी गरेपछि सोही दिन आरोपितलाई प्रहरीले गिरफ्तार गरेको थियो। श्रेष्ठ अदालतको आदेशमा जबरजस्ती करणी मुद्दामा पुर्पक्षका लागि जिल्ला कारागार शाखामा थुनामा रहेका छन्।

घरेलु हिंसा

बाजुङ गाविस-८ की ४२ वर्षीया पदमी कुँवर पौडेललाई परिवारले ०६७ जेठ १ गते खान लाउन र बस्न नदिई गाली-गलौज गरी घरबाट निकाला गरे। पीडितले ०६७ जेठ ३ गते जिल्ला अदालतमा घरेलु हिंसा र अंश मुद्दा दर्ता गरिन्। पीडितका पति रामबहादुर कुँवर पौडेल, देवरहरू चन्द्रबहादुर कुँवर र लेखबहादुर कुँवरले घरबाट निकाला गरेका थिए। पीडितलाई पतिले अंशसहित घरबास दिएका कारण असार १४ गते जिल्ला अदालतमा दुवैपक्ष वीच मिलापत्र भयो।

त्रिवेणी गाविस -१ की २४ वर्षीया विष्णु राना मगरले अंश र मासिक खर्चको दावी गर्दै ०६७ असोज १० गते पर्वत जिल्ला अदालतमा पति राजु राना र सासू कौशीला रानाका विरुद्ध मुद्दा दायर गरिन्। पति भारतीय सेनामा जागिरे भएपछि सासू र पतिले खाना लाउन नदिएपछि कानुनी उपचार खोजेकी थिइन्। हाल पीडित माइती र फुपूको घरमा बस्दै आएकी छन्। यस वर्षको अन्त्यसम्म फैसला भएको छैन्।

बहुविवाह

हुवास गाविस-३ की ३० वर्षीया गुमादेवी भुसालका पति ३२ वर्षीय जीवलाल भुसालले सीता भुसालसँग दोश्रो विवाह गरेपछि उनले ०६६ पुस १७ गते जिल्ला प्रहरी कार्यलयमा पति विरूद्ध बहुविवाह गरेको आरोपमा जाहेरी दर्ता गरिन्। प्रहरीले आरोपितहरूलाई बहुविवाहको आरोपमा अदालतमा मुद्दा चलाएपछि दुवैजना पुर्पक्षका लागि कारागारमा थुनामा रहेका छन्।

स्वास्थ्य सेवाको अवस्था

जिल्ला अस्पतालमा यस वर्षको अन्त्यसम्ममा डाक्टर दरबन्दी पाँच जना रहेकामा चार जना, स्टाफ नर्स दरबन्दी पाँच जना रहेकोमा तीन जना ,सिअहेव दरबन्दी १६ जना रहेकोमा १४ जना, अहेव दरबन्दी ५८ जना रहेकोमा ५० जना, ग्रामीण स्वास्थ्य कार्यकर्ता दरबन्दी ४२ जना रहेकोमा ३२ जना, अनमी दरबन्दी १६ जना रहेकोमा १० जना, मासिक दरबन्दी ४२ जना रहेकोमा ४२ जना कार्यरत थिए। जिल्ला जनस्वास्थ्य कार्यालयका अनुसार जिल्ला अस्पताल एक, प्राथमिक स्वास्थ्य केन्द्र दुई, स्वास्थ्य चौकी १०, उपस्वास्थ्य चौकी ४२, आयुर्वेदिक अस्पताल चार गरी ५९ ओटा स्वास्थ्यसँग सम्बन्धित कार्यालयहरू रहेका छन्।

३.१५ म्याग्दी



जनसङ्ख्या : १,२८,४४१
साक्षरता प्रतिशत : ६३
महिला साक्षरता प्रतिशत : ५५
क्षेत्रफल (वर्ग कि. मि.) : २,२९७
गाविस/नपा सङ्ख्या : ४०/०
सरकारी/निजी विद्यालय : २३०/१०
क्याम्पस/उच्च मा.वि. : १/१७
अस्पताल/स्वास्थ्य चौकी : १/४२
मानव विकास सूचकाङ्कः ०.४९८
प्रतिपरिवार सरदर सङ्ख्याः ५

गोली/विस्फोटक पदार्थद्वारा घाइते राज्यबाट

पिप्ले गाविस–४ रानीपौवा घर भई घतान गाविस–६ गलेश्वर बस्ने २९ वर्षीय सुवीन्द्र शाही ०६७ जेठ ३१ गते पिप्ले गाविस–१ घुमाउने तालमा नेपाली सेनाले छोडेको विस्फोटक पदार्थ विस्फोट हुँदा गम्भीर घाइते भए। घाइतेको मणिपाल शिक्षण अस्पताल पोखरामा उपचार भयो। विस्फोटबाट शाहीको अनुहार र छातीमा छर्रा लागेको थियो। घटनास्थल नेपाली सेनाको तत्कालीन कालीप्रसाद गण (ई) बेनी–जोमसोम सडक निर्माण बेस क्याम्पले प्रयोग गरी छोडेको पोस्ट हो। यहाँ तत्कालीन अवस्थामा सेनाले बारुदी सुरुङ (ल्याण्ड माईन) बिछ्याएको थियो।

एकीकृत माओवादीबाट

मुना गाविस–२ का ७ वर्षीय सुन्दर केसी ०६७ कात्तिक २४ बिहान ताकम गाविस–४ स्थित मामाघरमा आमासँगै तिहार मनाउन आएको अवस्थामा घरमा डेटोनेटरलाई ल्याई अगेनोमा राखी पटका जस्तै

घटनाको प्रकार	गैरराज्यबाट								राज्यबाट		
	अन्यबाट					एकीकृत माओवादीबाट					
	घटना सङ्ख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
घाइते						१	१	१	१	१	१
धम्की	१			१	१						
जातीय विभेद	१	१	१		३						
महिलाअधिकार	४		६		६						
बालअधिकार	३		३		३						
जम्मा	९	१	१०	१	१३	१	१	१	१	१	१

पड्काउन खोज्दा विस्फोट भई घाइते भए। विस्फोटनबाट केसीको दायाँ हातको बुढी, चोर र साँहिली औंला उडेको र अनुहारभरी छर्रा लागेको थियो। युद्धकालमा माओवादीले उक्त घरमा डेटोनेटर भण्डारण गरेको प्रहरीले दावी गरेको छ। घटनास्थलबाट प्रहरीले थप सातवटा डेटोनेटर समेत बरामद गरेको थियो। माओवादी जिल्ला सचिव लालु किसानले कसैले व्यक्तिगत रूपमा बदमासी गरी यस्तो विस्फोटक पदार्थ राखेको पनि हुन सक्ने भएकोले छानबिन गरिरहेको बताए।

जेल र बन्दीहरू

जिल्ला कारागारमा यस वर्षको अन्त्यसम्म सात महिला र १८ पुरुषगरी २५ जना बन्दी क्षमता राख्ने 'घ' श्रेणीको कारागार कार्यालयमा एक नाबालक, पाँच महिला र ५७ पुरुष समेत ६३ जना बन्दी छन्। बन्दीमध्ये कैद तोकिएका ३४ जना र थुनुवा २८ जना र एक नाबालक छन्। जेलभित्र खानेपानी, खेलकुदका सामग्री, टेलिभिजन लगायतका संञ्चार सामग्री उपलब्ध छन्। बन्दीले मुढा बुन्ने, तानधागोबाट कपडा बुन्ने समेतका सीपमूलक काम गर्दै आएका छन्।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा ०६७ पुस ७ गतेसम्म ३ सय ३५ थान मुद्दा दर्ता भएकोमा २ सय २० थान मुद्दाको मात्र किनारा लाग्न सक्यो। अहिले १ सय २७ थान मुद्दा फर्स्यौट हुन बाँकी छन्। जसमध्ये एक सय ४५ थान मुद्दा अघिल्लो वर्षबाट जिम्मेवारी सरेर आएका हुन्।

बालअधिकार

जिल्लामा प्राबि तहमा १० हजार ९ सय ८० छात्रा, १० हजार ५ सय ९ छात्र अध्ययनरत छन्। निमाबि तहमा ४ हजार ६ सय ४७ छात्रा र ४ हजार २ सय ५८ छात्र र माबि तहमा २ हजार २ सय ९७ छात्रा र २ हजार १ सय १५ छात्र अध्ययनरत छन्। जसमध्य प्राबि तहमा ८ हजार ९ सय ८१, निमाबि तहमा ४ हजार ३ सय ३५ र माबि तहमा २ हजार २ सय ६० जनजाती विद्यार्थी छन्। प्राबि तहमा ७ हजार ५ सय १६, निमाबि तहमा २ हजार १ सय ३९ र माबिमा ६ सय ६६ जना दलित विद्यार्थी अध्ययनरत छन्।

एकीकृत माओवादीले ०६७ वैशाख १८ गते देखि ०६७ वैशाख २४ गतेसम्म सात दिनसम्म आह्वान गरेको आमहड्तालले अन्य जनजीवनसँगै बालबालिकाको पठनपाठन अवरुद्ध भयो। आमहड्तालबाट यहाँ सबै १ सय ६१ प्राथमिक विद्यालय, ३५ निम्न माध्यमिक, ४९ माध्यमिक र १४ उच्च माविमा अध्ययनरत ३५ हजार ६ सय ८६ विद्यार्थीको (१८ हजार ३ सय ४५ केटी र १७ हजार ३ सय ४१ केटा) पढाइ अवरुद्ध भयो। एकीकृत माओवादीले विद्यालय बन्द गरी बालबालिकालाई लाठीसहित आन्दोलनमा दैनिक जसो प्रयोग गरेको थियो। माओवादी जिल्ला सचिव लालु किसानले भने आन्दोलनमा औपचारिक रुपमा विद्यार्थी समेत कुनै बालबालिकालाई प्रयोग नगरिएको दावी गरे।

पात्लेखेत गाविस-९ बाखेतका २९ वर्षीय बाबु कमल र ३१ वर्षीया आमा गुनमायाँ पुर्जाले ०६७ जेठ २५ गते राती ११ महिने छोरी सिम्रोनको खुकुरी प्रहार गरी हत्या गरे।

विरामी गुनमायालाई ०६७ जेठ २५ गते राती घतान गाविस-२ काफलबोट स्थित झाँक्री सरस्वती दर्जीको घरमा झारफुक गरी २ वर्षका छोरा कञ्चन र ११ महिनाकी छोरी च्यापेर घर फर्कने क्रममा

बाटोमा छोरी सिम्रोनलाई घाँटी रेटेर हत्या गरेको प्रहरीले जनाएको छ। पीडक दम्पति जिल्ला अदालतको ०६७ असार २१ को आदेशबाट पूर्पक्षका लागि थुनामा छन्। संरक्षक अभावमा साढे दुई वर्षका छोरा कन्चन बाबुआमासँगै जेलमा छन् ।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बेचबिखन तथा ओसारपसार

अर्थुङ्गे गाविस-६ की २६ वर्षीया मायाँ सार्कीविरुद्ध प्रहरीले ०६७ कात्तिक १६ गते मानव बेचविखन तथा ओसारपसार अभियोगमा मुद्दा दर्ता गऱ्यो। सार्कीले ०६७ कात्तिक १ गते घतान गाविस-५ की ५१ वर्षीया मनसुवा सार्की, घातान गाविस-६ कि ३२ वर्षीया चनकुमारी सार्की र पर्वत जिल्ला माझफाँट गाविस-१ की १८ वर्षीया मन्जु सार्कीलाई साउदी अरबमा काम लगाई दिने प्रलोभन दिएर भारतको दिल्लीमा बेच्न लगेको पीडितहरूले उजुरीमा उल्लेख गरेका छन्। नक्कली नागरिकताको प्रमाणपत्र देखाउँदै दिल्ली पुऱ्याईएका पीडितहरुलाई आफन्त कोपिला श्रेष्ठ, मानवअधिकारकर्मी र प्रहरीको सहयोगमा नेपाल फकाईएको हो। ११ महिना साउदी अरबमा रोजगारी गरी फर्केकी पीडक माया सार्कीलाई प्रहरीले गिरफ्तार गरे पनि मानव बेचबिखन तथा ओसारपसारमा संलग्न मुख्य एजेन्टको भने पहिचान हुन नसकेको प्रहरीले जनाएको छ। पीडक माया सार्की जिल्ला अदालतको ०६७ कात्तिक ३० गतेको आदेशबाट पुर्पक्षका लागी थुनामा रहेकी छिन्।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

बाबियाचौर गाविस-५ सल्यानका ३१ वर्षीय दानबहादुर कार्कीले ०६७ भदौ २६ गते सोही ठाउँकी कान नसुन्ने बोल्न नसक्ने एक महिलालाई बलात्कार गरेको आरोपमा कारबाही शुरु भयो। पीडितका

विस्फोटक पदार्थद्वारा घाइते भएका सुवीन्द्र शाही

आफन्तका अनुसार दिउँसो एक्लै भैसी गोठमा घाँस राख्न गएको अवस्थामा पीडित बलात्कृत भएकी थिइन्। पीडक ०६७ असोज १४ गतेको जिल्ला अदालतको आदेशबाट पूर्पक्षका लागि थुनामा छन्।

घरेलु हिंसा

बाबियाचौर गाविस–५ कोत्रवाङका धनबहादुर खड्काले तीन सन्तान जन्मेपछि कान्छी पत्नी देवीलाई पत्नी अस्वीकार गर्दै ०६७ जेठ ५ गते घर निकाला गरे। पति र घरपरिवारले कुटपिट र मानसिक यातना दिएर घर निकाला गरेपछि जनआदर्श आमा समूह र बाबियाचौर सामुदायिक प्रहरी सेवा केन्द्रले पीडितलाई ०६७ जेठ ७ गते सदरमुकाममा ल्याई अधिकारकर्मी र सञ्चारकर्मी बीच घटना सार्वजनिक गरे। २०५६ सालमा धनबहादुर खड्कासँग विवाह गरेकी पीडित देवी खड्कासँग हाल एक १० वर्षीया छोरी दीपा, ७ वर्षीय दिप्सनको र सात महिनाका छोरा विप्लव छन्। तर, पीडक धनबहादुर खड्काले भने कान्छो ७ महिने विप्लव आफ्नो सन्तान नभएको दावी गर्दै डी एनए परीक्षण गरी पाउन अदालतमा मुद्दा दर्ता गरेका छन्। 'जनआदर्श आमा समूह र बाबियाचौर सामुदायिक प्रहरी सेवा केन्द्रले ०६७ भदौमा पीडित र पीडकलाई राखी छलफल गरेपछि धनबहादुरले विवाह दर्ता गर्ने, १० वर्षीया छोरी दीपा, सात वर्षीय दिप्सनको जन्मदर्ता गर्ने र अंश दिने सहमति भएको थियो। तर, सहमतिपछि कात्तिकमा विप्लवको जन्मपछि सबै सहमति धनबहादुरले पालना नगरेको सामुदायिक प्रहरी सेवा केन्द्रकी अध्यक्ष यशोदा रोकाले बताइन्।

अर्मन गाविस-९ का गमबहादुर फगामीले ०६७ असार २७ गते काठमाण्डौकी बेसकुमारी राईसँग दोस्रो विवाह गरे। पीडक गमबहादुरकी जेठी पत्नी ज्ञानमाया फागामीले ०६७ भदौ ८ गते जिल्ला प्रहरी कार्यालयमा बहुविवाह गरेको भन्दै उजुरी दिइन्। पीडक गमबहादुर जिल्ला अदालतको ०६७ असोज २१ को आदेशबाट पुर्पक्षका लागि थुनामा रहेका छन्। उनकी कान्छि पत्नी बेसकुमारी भने फरार रहेको प्रहरीले जनाएको छ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

जिल्ला विकास समितिको प्रतिवेदन अनुसार यो जिल्लामा आफ्नै उत्पादनले वर्षभरी खान नपुग्ने परिवार ७० प्रतिशत छ। तीन महिनासम्म पनि खान नपुग्ने परिवार २०% र तीनदेखि ६ महिनासम्म खान पुग्नेको संख्या २० प्रतिशतको छ।

सबैभन्दा बढी ६ देखि ९ महिनासम्म आफ्नै उत्पादनले खान पुग्ने परिवार ३० प्रतिशत रहेको छ। भू-स्वामित्वको हिसाबले हेर्दा यहाँ १०% परिवार भूमिहीन अर्थात सुकुमबासी छन्। ३५.५% परिवारसँग आधा हेक्टर भन्दा कम कृषि भूमि रहेको छ।

संरचना, सम्पत्ति क्षति

निजी विद्यालय सञ्चालकले वृद्धि गरेको शैक्षिक शुल्क फिर्ता गर्न माग गर्दै अनेरास्ववियु (क्रान्तिकारी) ले आह्वान गरेको अनिश्चितकालीन निजी विद्यालय बन्दको अवज्ञा गरेको आरोपमा ०६७ वैशाख १२ गते सदरमुकामस्थित बेनी आवासीय माविर बुद्ध एकेडेमीमा तोडफोड गरे। तोडफोडबाट बेनी आवासीय माविको सटर र टेबुलको सीसा तथा वृद्ध एकेडेमीको टेबुलको सीसा फुटेका थिए। तोडफोडमा संलग्न भएको आशङ्कामा गिरफ्तार पर्नेमा अनेरास्ववियु (क्रान्तिकारी) का जिल्ला सचिव प्रकाश विक, सहसचिव रामप्रसाद शर्मा, जिल्ला सदस्यहरू गोकुल बोहोरा, सज्जन बोहोरा र वकिल भण्डारीलाई गिरफ्तार गरी साँझ समझदारीमा रिहा भए। अनेरास्ववियु (क्रान्तिकारी) को बन्दबाट जिल्लाका ३२ निजी विद्यालय र त्यहा अध्ययनरत १० हजार चार सय १९ जना विद्यार्थीको पढाई चार दिनसम्म अवरुद्ध भयो।

स्वास्थ्य सेवाको अवस्था

जिल्ला अस्पतालमा डाक्टर दरबन्दी दुई, स्वास्थ्य केन्द्र एक, इलाका स्वास्थ्य चौकी आठ र ३१ उपस्वास्थ्य चौकीमा आठ जना हेल्थअसिस्टेन्टको दरबन्दी रहेकोमा ५ रिक्त रहेको छ। चार जना स्टाफ नर्समध्ये दुई जनाको दरबन्दी रिक्त रहेको छ। त्यसैगरी ४३ अहेवको दरबन्दीमध्ये आठ रिक्त छ। आठ अनमीको दरबन्दीमा चार रिक्त छ। ग्रामीण तहको स्वास्थ्य सेवाको मेरुदण्ड मानिएका ३१ ग्रामीण स्वास्थ्य कार्यकर्ताको दरबन्दीमा १४ रिक्त छ।

३.१६ मुस्ताङ

जनसङ्ख्या : १५,६२७
साक्षरता प्रतिशत : ५४
महिला साक्षरता प्रतिशत : ४०
क्षेत्रफल (वर्ग कि. मि.) : ३,५७३
गाविस/नपा सङ्ख्या : १६/०
सरकारी/निजी विद्यालय : ६५/५
क्याम्पस/उच्च मा.वि. : ०/२
अस्पताल/स्वास्थ्य चौकी : २/१८
मानव विकास सूचकाङ्कः ०.४८२
प्रतिपरिवार सरदर सङ्ख्याः ५

जेल र बन्दीहरू

यस कारागारमा कैद तोकिएका १ जना र कैद नतोकिएका ३ जना गरी जम्मा चारजना बन्दीहरू रहेका छन्। 'ङ' श्रेणीको जिल्ला कारागार शाखा मुस्ताङमा १० जना बन्दीको क्षमता रहेको छ। जिल्ला कारागारको अनुगमन गर्दा भवन मर्मत गर्नुपर्ने, कम्पाउण्डको व्यवस्था गरी बन्दीहरूको लागि खेलमैदान, घाम ताप्ने, हिडडुल गर्ने व्यवस्था गर्नु पर्ने, बन्दीहरू बस्ने र सुत्ने कोठा अति चिसो भएकोले खाट वा लोबेडको व्यवस्था गर्नु पर्ने पाइयो।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

मार्फा गाविस-५ निवासी 'हिमालपारीको आवाज' साप्ताहिक पत्रिकाका प्रधानसम्पादक ३७ वर्षीय भीमबहादुर रसाइलीलाई ०६७ भदौ १४ गते टुकुचे गाविस टुकुचे गाउँका स्थानीयवासीहरू र त्यहींका सुश्री मेलबन्ध समूहका सदस्यहरूले कुटपिट गरी मोसो लगाई अमानवीय व्यवहार गरे। घटनामा संलग्न सुश्री

मेलबन्ध समूहका अध्यक्ष सुमिता शेर्पाले समाचारमा आमा छोरीले यौनव्यापार गर्दै आएको भन्ने समाचार छापिएको र उक्त धन्दा गर्ने व्यक्तिहरूको नाम मागदा दिन नमानेकोले उक्त समाचारले सिङ्गै गाउँलाइ नै नकारात्मक असर पर्ने हुँदा आक्रोशित भिडबाट यो घटना भएको बताइन्। पीडित भीमबहादुर रसाइलीले समाचार गलत भए कानुनी उपचार गर्नुपर्नेमा एउटा पत्रकारमाथि हातपात गर्ने कार्य ठूलो अपराध हो भनेका थिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लाको जिल्ला अदालतमा गत वर्षको जिम्मेवारी सरेर आएको कर्तव्य ज्यान मुद्दा एक थान र यस वर्ष दर्ता भएका सवारी ज्यान मुद्दा १ थान, जबरजस्ती करणी मुद्दा १ थान र फैसला बदर मुद्दा १ थान गरी जम्मा ४ थान मुद्दा दर्ता भएकोमा कुनै पनि फर्स्यौट भएको छैन। जिल्लाकै जनसङ्ख्या न्यून भएकोले पनि घट्नाहरू अति न्यून रहेको र त्यसमा पनि विगतदेखि चलि आएको मुखिया प्रथा एवम् सानातिना घटनाहरू गाउँघर र समुदायमा नै मिलाउने प्रचलन यथावत रहेकोले जिल्ला अदालतसम्म अति न्यून रुपमा मुद्दा आउने गरेको पाइन्छ। तैपनि क्रमश वार्षिक रुपमा मुद्दा दर्ता सङ्ख्या बढ्दै गएको छ।

बालअधिकार

यस जिल्लामा प्रारम्भिक बाल विकास केन्द्र ४४ ओटा रहेका छन्। सामुदायिक विद्यालयतर्फ ४६ ओटा प्राबि, ९ ओटा निमाबि, ५ ओटा माबि र २ ओटा उच्च माबि रहेका छन्। त्यसैगरी संस्थागत विद्यालय तर्फ प्राबि ४ ओटा, निमाबि १ ओटा र माबि एउटा रहेका छन्। प्रारम्भिक बाल विकास केन्द्र बाहेक यस जिल्लामा जम्मा ६८ ओटा विद्यालयहरू रहेका छन्। ती विद्यालयहरूमा जम्मा २ हजार ७ सय ९४ जना बाल बालिका मध्ये १ हजार ४ सय ७ बालिका र १ हजार ३ सय ८७ बालक रहेका छन्। प्रारम्भिक बाल विकास केन्द्रमा अध्ययनरत बालबालिकाहरू जम्मा ६ सय १० रहेका छन्। तीमध्ये ३ सय २ जना बालिका र ३ सय ८ जना बालक रहेका छन्। जिल्ला शिक्षा कार्यालयका अनुसार यस जिल्लामा रहेका विद्यालयहरूमा ८४७ जना दलित बालबालिकाहरू अध्ययनरत छन्। तीमध्ये ४०४ जना बालिका र ४४३ जना बालक रहेका छन्।

एकीकृत माओवादीले आह्वान गरेको आम हड्तालका क्रममा ०६७ वैशाख १९ गते जिल्लाका सम्पूर्ण विद्यालय बन्द रहे। यसै क्रममा ०६७ वैशाख २० गते सदरमुकामस्थित जनहित उच्च माबि र धौलागिरी आवासिय माविमा तालबन्दी गरियो। तालाबन्दीका कारण बालबालिकाहरू अध्ययनबाट वञ्चित रहे। सोही दिन नागरिक समाज, नेपाली काङ्ग्रेस, नेकपा एमाले, प्रशासन र एकीकृत नेकपा माओवादी सहित छलफल गरी जिल्लाका कुनै पनि शिक्षण संस्थाहरू बन्द नगर्ने भन्ने सहमति भयो।

घटनाको प्रकार	गैरराज्यबाट			
	अन्यबाट			
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
कुटपिट	१	१		१
बालअधिकार	१		३	३
अमानवीय व्यवहार	१	१		१
जम्मा	३	३	३	४

त्यसैगरी शिक्षक सङ्घर्ष समिति मुस्ताङको आयोजनामा ०६७ असार ८ गते देखि १८ गतेसम्म स्थानीय शिक्षकलाई अन्य शिक्षकसरह स्थानीय भत्ता उपलब्ध गराउनु पर्ने माग राख्दै जिल्लाका सम्पूर्ण विद्यालयहरू बन्द आह्वान गरियो। यस्ता बन्दका कारण जिल्लाका २ हजार ७ सय १५ जना विद्यार्थी अध्ययनबाट वञ्चित रहे।

म्याग्दी जिल्ला दर्बाङ गाविसका ६ वर्षीया र ७ वर्षीया बालिकालाई मार्फा गाविस -६ स्याङका ५६ वर्षीय धनबहादुर थकालीले ०६७ वैशाख १४ गते साँझ विद्यालयको नजिकैको गुम्वामा करणी गरेको आरोपमा गिरफ्तार गरियो। उनलाई ०६७ असार ९ गते १० हजार धरौटीमा रिहा गरियो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

झुमा प्रथा

परम्परागत रुपमा रहेको झूमा प्रथाका कारण परिवारकी माहिली छोरी अनिवार्य झूमा बस्नुपर्ने प्रचलन अधिकाङ्श ठाउँमा हटेको भए तापनि केही स्थानमा तीन ओटा छोरी भए माहिली छोरी अनिवार्य झुमा बस्नपर्ने प्रचलन अझै पनि रहेको झोङ गाविस झोङको झुमा पाल्चोम गुरुङले बताए। उनले अहिलेको अवस्थामा धेरै जसोले एक वा दुई भन्दा बढी छोरी नजन्माउने भएकाले त्यो समस्या पनि हटेको र आफ्नो इच्छाअनुसार बस्ने गरेका छन। झूमा भएपछि विवाह गर्न कुनै रोकावट छैन तै पनि झुमाले विवाह गरेपछि माइतीका रुपमा महिलाका आमाबाबुको सट्टा सम्बन्धित

गुम्बाका प्रमुख लामा वा गुरुसँग चलन अनुसार माफी माग्नु पर्ने र गुम्बाको कोषमा रु.६०००।- बुझाउनु पर्ने चलन छ। झुमाहरूले पनि लामा वा ढावा सरह पूजाआजा समान सहभागिता हुने र पूजा गरेर पाएको पारिश्रमिक वा दक्षिणाको केही प्रतिशत गुम्बाको कोषमा राख्नु पर्ने चलन छ। अन्य सुविधाहरू समान भए ता पनि हालसम्म कुनै पनि झुमाहरू गुम्बाको प्रमुख हुन नसकेको तथा अवसर प्राप्त नभएको अवस्था छ।

मुखिया प्रथा

परम्परादेखि यस जिल्लामा मुखिया प्रथा यथावत छ। यस प्रथाले केही गाउँहरूमा कानुनलाई हातमा लिने र कानुन विपरीत निर्णयहरू भएको पाइन्छ। गाउँको विकासको लागि प्रचलित स्थानीय नियमबमोजिम व्यवसायीहरूबाट कर उठाउने गरेको छ। स्थानीय बासिन्दाको भनाइअनुसार उक्त कर सम्पूर्ण स्थानीयवासीहरूको सहमति र निर्णय अनुसार गाउँको विभिन्न विकास निर्माण तथा सामाजिक कार्यमा खर्च गरिने बताए। उक्त कर बुझाउने व्यवसायीहरूले गाउँमा हुने गरेका विभिन्न निर्माण कार्यहरूमा श्रमदान गर्नु नपर्ने चलन छ। यस जिल्लाका अधिकांश मानिसहरू मुखिया प्रथाबाट सन्तुष्ट रहेका छन्। मुलुकमै अन्यौल स्थितिमा रहेको सरकारी नीति, स्थानीय सरकार नरहेको अवस्थामा यस प्रथाबाट काम कारबाही छिटो छरितो, पारदर्शी, कम झन्झटिलो भएको छ र काम गर्ने प्रक्रियामा क्रमश सुधार हुँदै गएको, मुखिया छनौट प्रक्रिया प्रजातान्त्रिक भएको कुरा नागरिक समाज एवम् नेरेसो मुस्ताङका सभापति चन्द्रबहादुर थकालीले बताए। मुखिया प्रथा नराम्रो नरहेको तर केही कमी कमजोरीहरू देखा परेकोमा मुखियाहरूलाई तालिमको आवश्यकता रहेको कुरा प्रजिअ उमेशकुमार ढकालले बताउनु भयो। उपल्लो मुस्ताङका केही गाउँहरूमा मुखिया नरहने व्यवस्था छ।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा अस्पतालमा चारजनाको डाक्टर दरबन्दी रहेकोमा चारजना कार्यरत, स्टाफ नर्स दरबन्दी तीन जना रहेकोमा सबै रिक्त रहेको छ। त्यसैगरी, सिअहेब/हेअ दरबन्दी १० जनाको रहेकोमा छ जना, अहेव दरबन्दी २० जनाको रहेकोमा आठ जना , ग्रामीण स्वास्थ्य कार्यकर्ता दरबन्दी १५ जनाको रहेकोमा पाँच जना, अनमी १३ जनाको दरबन्दी रहेकोमा छ जना र मासिका दरबन्दी सात जना रहेकोमा छ जना कार्यरत छन्। जिल्ला स्वास्थ्य कार्यालयका अनुसार जिल्लामा एउटा प्राथमिक स्वास्थ्य केन्द्र, आठवटा स्वास्थ्य चौकी, सातओटा उपस्वास्थ्य चौकी, दुई ओटा आयुर्वेद कार्यालय गरी जम्मा १८ ओटा स्वास्थ्यसँग सम्बन्धित कार्यालयहरू रहेका छन्। गैरसरकारी एवम् निजी क्षेत्रद्वारा सञ्चालित स्थानीय विशेषज्ञहरूबाट उपचार सेवा र वैद्य डाक्टर (आम्ची) हरूबाट जडीबुटी औषधी उपचारको सेवा उपलब्ध छ। जिल्लामा उपयुक्त उपचार सामग्री र सम्बन्धित विशेषज्ञहरूको अभावले गर्दा रोग पहिचान गर्न र उपचारको लागि पनि जहाजबाट वा हेलिकोप्टर चार्टर गरेर पोखरा वा काठमाडौँ पुग्नुपर्ने बाध्यता छ। जसका कारण यस जिल्लाबासीहरू महङ्गो उपचारको भार बहन गर्न बाध्य छन्।

मध्यपश्चिमाञ्चल

४.१ दाङ
४.२ प्यूठान
४.३ रोल्पा
४.४ सल्यान
४.५ रूकुम
४.६ बाँके
४.७ बर्दिया
४.८ सुर्खेत
४.९ जाजरकोट
४.१० दैलेख
४.११ डोल्पा
४.१२ जुम्ला
४.१३ कालीकोट
४.१४ मुगु
४.१५ हुम्ला

४.१ दाङ



जनसङ्ख्या : ५,८५,६१३
साक्षरता प्रतिशत : ७३
महिला साक्षरता प्रतिशत : ५०
क्षेत्रफल (वर्ग कि. मि.) : २,९५५
गाविस/नपा सङ्ख्या : ३९/२
सरकारी/निजी विद्यालय : ४६१/८४
क्याम्पस/उच्च मा.वि. : २/३७
अस्पताल/स्वास्थ्य चौकी : ५/४०
मानव विकास सूचकाङ्कः ०.४०९
प्रतिपरिवार सरदर सङ्ख्याः ७

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या
अज्ञात समूहबाट

तुलसीपुर नपा-६ रजौरा निवासी रेडियो तुलसीपुरका सञ्चालक समितिका अध्यक्ष ४२ वर्षीय देवीप्रसाद धिताल 'हेमराज' लाई ०६७ साउन ६ गते कार्यालयको काम सकेर तुलसीपुरतर्फ आउने क्रममा मोटरसाईकलमा चढ्नै लाग्दा चार-पाँच जनाको अज्ञात समूहले उरहरी गाविस-४ जसपुर (हेमनगर)मा गोली हानी घाइते बनायो। छातीमा एक र ढाडमा दुई गोली लागेको धितालको अञ्चल अस्पताल तुलसीपुरमा उपचारकै क्रममा तत्काल मृत्यु भयो। धिताल नेपाली काङ्ग्रेसको जिल्ला अधिवेशनको तयारीका लागि उरहरी गाविसको हेमनगर पुगेर फर्कदै थिए। पीडितपक्षले घटनामा संलग्न दोषीको पहिचान गरी कारवाहीको माग गर्दै ०६७ साउन १२ गते इलाका प्रहरी कार्यालय तुलसीपुरमा जाहेरी दर्ता गराए। 'हाइज्याकर्स डिफेन्स ग्रुप' नामक सङ्गठनले स्थानीय रेडियो मध्यपश्चिमको ठेगानामा पत्र पठाई घटनाको जिम्मेवारी लियो। धितालको लासलाई साउन ७ गते राप्ती उपक्षेत्रीय अस्पताल घोराहीमा पोष्मार्टम गरी दाहसंस्कार गरियो। यस वर्षको अन्त्यसम्म घटनामा संलग्न कसैलाई पनि प्रहरीले गिरफ्तार गर्न सकेन।

गोली/विस्फोटक पदार्थद्वारा घाइते
राज्यबाट

सल्यान जिल्ला सितलपाटी गाविस-९ घर भई दाङ जिल्ला घोराही नपा-११ शिक्षा कार्यालय रोडमा अवस्थित जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरी असई २६ वर्षीय प्रमोद भण्डारी, प्रहरी हवल्दार २८ वर्षीय कमल वली, प्यूठान जिल्ला तोरबाङ गाविस-७ कुटीचौर घर भई सोही कार्यालयमा कार्यरत प्रहरी जवान २४ वर्षीय मधु श्रेष्ठ र बर्दिया जिल्ला ठाकुरद्वारा गाविस-३ चितकैया घर भई सोही कार्यालयमा कार्यरत प्रहरी जवान २७ वर्षीय राजकुमार चौधरी ०६७ वैशाख ८ गते दिउँसो १.४५ बजे हतियार भण्डार कक्षमा सुतली बम विस्फोट हुँदा घाइते भए। घाइतेमध्ये मधु श्रेष्ठ र राजकुमार चौधरीको राप्ती उपक्षेत्रीय अस्पताल घोराहीमा उपचार भयो। गम्भीर घाइते भएका कमल वली र प्रमोद भण्डारीको थप उपचार काठमाडौँमा गरियो।

अज्ञात समूहबाट

डुरुवा गाविस-८ मलवारका ७२ वर्षीय जीवराज धितालको घरमा ०६७ भदौ १९ गते राति अज्ञात समूहले सिलिन्डर बम विस्फोट गरायो। विस्फोटबाट घरमा क्षति पुगेको पीडितले बताए। विस्फोट नभएको एउटा सिलिन्डर बम इलाका प्रहरी कार्यालय तुलसीपुरले नियन्त्रणमा लियो। पीडितले क्षतिपूर्तिको माग गर्दै ०६७ भदौ १९ गते इलाका प्रहरी कार्यालय तुलसीपुरमा जाहेरी दिए। बम विस्फोटको जिम्मा आधिकारीकरूपमा कसैले लिएन। माओवादीले ०५६ सालमा घर र जग्गा कब्जामा लिएपछि विस्थापित भएर धिताल परिवार तुलसीपुरमा बस्दै आएको थियो।

जेल र बन्दीहरू
तुलसीपुर कारागार

'ख' श्रेणीको तुलसीपुर कारागारमा बन्दी क्षमता १ सय जनाको रहेको छ। यस वर्षको अन्त्यसम्मा कैद तोकिएका ८९ जना पुरुष र १६ जना महिला कैदी र कैद नतोकिएका पाँच जना पुरुष थुनुवा गरी जम्मा १ सय १० जना बन्दी रहेका छन्।

घटनाको प्रकार	गैरराज्यबाट									राज्यबाट		
	अन्यबाट					एकीकृत माओवादीबाट						
	घटना सङ्ख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना सङ्ख्या	पुरुष	नखुलेको	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	६	३	४		७							
घाइते	३	३			३					१	४	४
कुटपिट	६	११	१		१३	५	११		११	३	३	३
धम्की	१			३९	३९	१	१		१			
जातीय विभेद	१	१	१		३							
महिलाअधिकार	४		४		४							
बालअधिकार	४		३	४	७	१		१	१			
अमानवीय व्यवहार	१	१			१					३	३	३
अपहरण	१	१			१							
जम्मा	३६	३०	१३	४३	७६	७	१३	१	१३	६	१०	१०

कारागारमा चार जना आश्रित बालबालिकाहरू रहेका छन्। क्षमताभन्दा बढी बन्दी रहेका कारण यहाँ बस्न कठिनाइ छ। कारागारमा शौचालय, विद्युत, स्वास्थ्य सेवा, कानुनी उपचार सेवा, पत्रपत्रिका, रेडियो, टीभी, खेलमैदान, घुम्ने मैदान, क्यारेमबोर्ड, चेस, लुँडो लगायतका खेलकुद तथा पाठ्यसामग्री उपलब्ध छन्।

घोराही कारागार

'ङ' श्रेणीको घोराही कारागारमा बन्दी क्षमता ५० जनाको रहेको छ। यस वर्षको अन्त्यसम्मा कैद तोकिएका ५८ जना पुरुष कैदी र कैद नतोकिएका ६३ जना पुरुष थुनुवा गरी जम्मा १ सय २१ जना बन्दी रहेका छन्। महिला तथा बालबालिकाहरू यस कारागारमा छैनन्। क्षमताभन्दा बढी बन्दी रहेका कारण यहाँ बस्न कठिनाइ छ। कारागारमा पानी र शौचालयको समस्या रहेको छ। कारागारमा विद्युत, स्वास्थ्य सेवा, पत्रपत्रिका, रेडियो, टीभी, खेलकुद तथा पाठ्यसामग्री उपलब्ध छन्।

बेपत्ता/अपहरण

अज्ञात समूहबाट

बिजौरी गाविस-५ बिजौरी निवासी नेपाली काङ्ग्रेसका कार्यकर्ता ५९ वर्षीय मुकन्द गौतमलाई ०६७ साउन १६ गते बेलुका काठमाडौँ जाने क्रममा अज्ञात समूहले बाटोबाटै अपहरण गऱ्यो। पीडितसँग भएको मोबाइल पनि बन्द भएकाले उनलाई कसैले अपहरण गरेको पीडितका आफन्तले बताए। उनको खोजीका लागि उनका छोराले ०६७ साउन २० गते इलाका प्रहरी कार्यालय तुलसीपुरमा जाहेरी दिए। पीडितको अवस्था यो वर्षको अन्त्यसम्म अज्ञात रह्यो।

धम्की/कुटपिट

राज्यबाट

घोराही नपा-१० मिलन चोक निवासी २२ वर्षीय कमल पुनलाई ०६६ फागुन ११ गते चोरीको आरोपमा घोराही नगर प्रहरीले कुटपिट गऱ्यो। पीडितलाई घरैबाट फागुन १० गते सादा पोशाकमा आएका नगर प्रहरीले केही काम छ भनी लगेको र कार्यालयमा लगेपछि बुट, पाइपले पिठ्यूँ र खुट्टामा नीलडाम हुने गरी निर्घात कुटपिट गरेको पीडितले बताए। तीन दिनसम्म नगर प्रहरीमा राखिएको र घाउ अलि निको भएपछि फागुन १३ गते खाना खाएको २ सय रुपियाँ लिएर आउने सर्तमा रिहा गरिएको पीडितले बताए। पीडितले कतैपनि उजुरी गरेनन्।

चैलाही गाविस-२ लमही निवासी १८ वर्षीय मुकेश शर्मा रिजाललाई ०६७ असार २३ गते इलाका प्रहरी कार्यालय लमहीका असई सोमबहादुर सारु मगरले कार्यालयमा लगेर निर्घात् कुटपिट गरी घाइते बनाए। सारुलाई चैलाही गाविस-९ वनगाउँबाट असार २३ गते दिउँसो बिनाकारण गिरफ्तार गरी कार्यालयमा लगेर कुटपिट गरी घाइते बनाएको पीडितकी आमा गीतादेवी शर्मा रिजालले ०६७ साउन १ गते लमहीमा पत्रकार सम्मेलन गरी जानकारी गराइन्। असई सारुले

पाइप र बुटले पैतला, पिठ्यूँ, खुट्टा, पेटमा निर्घात कुटपिट गरेको पीडितले बताए। उनको बुटवल र सामुदायिक अस्पताल लमहीमा उपचार भयो। पीडकलाई कुनै कारबाही भएन।

सोनपुर गाविस-६ वनकट्टा निवासी रा. ३ ख. ८२९ नम्बरका गाडी चालक ३० वर्षीय फूलपत चौधरीलाई ०६७ असार २९ गते ड्यूटीमा रहेका ट्राफिक प्रहरी जवान बाबुराम सुनारले गाडी नरोकेको आरोपमा घोराही नपा-११ लमही चोकमा कुटपिट गरे। कुटपिटबाट चौधरीको पाखुरा, पिठ्यूँ र तीघ्रामा नीलडाम परेको परेको थियो। घटनापछि ट्राफिक प्रहरी, यातायात व्यवसायी र पीडित पक्षबीच सुनारको अन्यत्रै सरुवा गर्ने र माफी माग्ने सर्तमा सोही दिन मिलापत्र भयो।

एकीकृत माओवादीबाट

लक्ष्मीपुर गाविस-२ भैसकुर्मा निवासी गोरखापत्र दैनिक दाङका सम्वाददाता २५ वर्षीय सरीता सुवेदीलाई गणतन्त्र राष्ट्रिय दैनिकमा ०६७ वैशाख २४ गते "वर्तमान् गतिरोध र ऐथेन्सका राजा तिमनको अन्तरसम्बन्ध" विषयमा प्रकाशित लेख र पेशाप्रति लाञ्छना लगाउँदै ०६७ वैशाख २६ गते एकीकृत माओवादीका ११ नम्बर एरिया सदस्य तथा वाईसीएल लक्ष्मीपुरका इन्चार्ज विश्व भनिने वसन्त अधिकारीले दुर्व्यवहार गर्दै जनकारबाही गर्ने धम्की दिए। पीडित सरीता सुवेदी र आरोपित वसन्त अधिकारीबीच ०६७ वैशाख २८ गते महासङ्घका पदाधिकारीबीच भएको छलफलमा आगामी दिनमा त्यस्तो नगर्ने सहमतिपछि मिलापत्र भयो।

गढवा गाविस-२ गढवा निवासी तरुण दलका महाधिवेशन प्रतिनिधि ३६ वर्षीय गुमानसिंह गुरुङ र सोही गाविस-५ मनिकापुरका नेपाली काङ्ग्रेसका कार्यकर्ता ३५ वर्षीय द्रोण केसीलाई राजनीतिक

अज्ञात समूहद्वारा हत्या गरिएका देवीप्रसाद धिताल

प्रतिशोधका कारण ०६७ वैशाख १९ गते एकीकृत माओवादीका कार्यकर्ताले हातपात गरी ज्यान मार्ने धम्की दिए। एकीकृत माओवादीले देशव्यापी रुपमा गरेको आमहड्तालको दिन वैशाख १९ गते बेलुकी १०/१५ जनाको समूहमा आएका एकीकृत माओवादी कार्यकर्ताले केही काम छ भनी बोलाएर गढवा बजारमा हातपात गरी ज्यान मार्ने धम्की दिएको पीडितले बताए। घटनाको विषयलाई लिएर वैशाख २१ गते एकीकृत माओवादी बाहेकका राजनीतिक पार्टीहरूको गढवामा बसेको बैठकले घटनाको छानबिन गरी दोषीमाथि कारबाहीको माग गऱ्यो। पीडितले कतै उजुरी दिएनन्।

लालमटिया-३ भालुवाङ निवासी निर्माण सामग्री व्यापारी ४५ वर्षीय टोपबहादुर झाँक्री, ३८ वर्षीय विनोद पाण्डेय, घडी रेडियो व्यापारी ३२ वर्षीय जीवलाल खनाल र ३४ वर्षीय अमित तिवारीलाई ०६७ वैशाख १९ गते बेलुका देशव्यापी अनिश्चितकालीन आमहड्तालको क्रममा बन्दको अवज्ञा गरेको भन्दै एकीकृत माओवादीका कार्यकर्ताहरूले हातपात गर्दै दुर्व्यवहार गरे। आमहड्तालको क्रममा एकीकृत माओवादीले बेलुकी ६ बजेदेखि ८ बजेसम्म पसल खुला गर्न दिएको थियो। पसल बन्द गर्न केही ढिलो भएकाले बन्दको समयमा पसल किन खोलेको भन्दै बन्दकर्ताले हातपात गर्दै दुर्व्यवहार गरेको पीडितहरूले बताए। एकीकृत माओवादी भालुवाङले वैशाख २४ गते घटनाप्रति दुःख व्यक्त गऱ्यो।

हापुर गाविस-२ गूर्जे निवासी नेपाली काङ्ग्रेसका हापुर गाउँ इकाई समितिका उपसभापति ७२ वर्षीय लक्षे चुनारा कामीलाई ०६७ वैशाख ३० गते एकीकृत माओवादीका स्थानीय कार्यकर्ताले कुटपिट गरी घाइते बनाए। घरनजिकैको ऐलानी जग्गामा घर बनाउन लागेको समयमा स्थानीय एकीकृत माओवादी कार्यकर्ता चित्रबहादुर थापा र मानबहादुर बुढाले कुटपिट गरेको पीडितले बताए। घाइतेको राप्ती उपक्षेत्रीय अस्पताल घोराहीमा उपचार भयो। पीडितले ०६७ वैशाख ३१ गते जिल्ला प्रहरी कार्यालय दाङमा जाहेरी दर्ता गराए। घटनामा संलग्न दुवैजनालाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। पीडितलाई औषधी उपचार खर्च दिने सहमतिमा ०६७ जेठ २ गते जिल्ला प्रहरी कार्यालयमा मिलापत्र भयो।

सतवरिया गाविस-८ रिहार निवासी ३२ वर्षीय विनीत खड्का र सतवरिया गाविस-८ का २९ वर्षीय प्रदीप भण्डारीलाई ०६७ जेठ ६ गते राति एकीकृत माओवादीका कार्यकर्ताले सतवरिया गाविस- ९ तेलेको वनमा कुटपिट गरी गम्भीर घाइते बनाए। एकीकृत

माओवादी कार्यकर्ताले तेलेको वनबाट काम सकेर घर फर्कदै गर्दा खुकुरी, ढुङ्गा र झिर प्रहार गरी कुटपिट गरेको पीडितले बताए। माग गरिएको लाखौँ रुपियाँ चन्दा नदिएपछि आफूहरूलाई कुटपिट गरिएको पीडितले बताए। कुटपिटबाट खड्काको ओठ, हातखुट्टा, टाउको र भण्डारीको हातखुट्टा, टाउकोमा गहिरो चोट लागेको थियो। घाइतेमध्ये भण्डारीको नेपालगञ्जमा र खड्काको काठमाडौंमा उपचार भयो। दोषीलाई कारबाहीको माग गर्दै पीडितले जेठ ७ गते इलाका प्रहरी कार्यालय लमहीमा उजुरी दिए। घटनामा संलग्न एकीकृत माओवादी कार्यकर्ता सतवरीया गाविस-८ रिहारका मानसिंह वलीलाई जेठ ७ गते र सतवरिया गाविस-९ हरदवाका अमर गिरी, सोही गाविस-८ का सुरेश विक, सोही गाविस-७ सतवरियाका जुद्धवीर चौधरी र कालिका गाविस-५ फचकपुरका विक्रम चौधरीलाई जेठ १२ गते इलाका प्रहरी कार्यालय लमहीले गिरफ्तार गऱ्यो। एकीकृत माओवादीले भने घटनामा आफ्नो संलग्नता नभएको बतायो। गिरफ्तार परेका विक्रम चौधरी जिल्ला अदालत दाङको आदेशमा १५ हजार धरौटीमा र मानसिंह वली, अमर गिरी, सुरेश विक, जुद्धवीर चौधरी ८/८ हजार रुपियाँ धरौटी राखी ०६७ असार १ गते रिहा भए।

वाईसीएलबाट

ढिकपुर गाविस-१ ढिकपुरका २८ वर्षीय शरद सेजुवाल र सोही ठाउँका २८ वर्षीय रमेश सेजुवाललाई २०६७ जेठ २८ गते एकीकृत माओवादी दाङले गरेको तीन घण्टे चक्काजामको समयमा नारायणपुर बजारमा बसिरहेको बेला वाईसीएलका कार्यकर्ताले कुटपिट गरी घाइते बनाए। घाइतेमध्ये शरदको टाउकोमा आठओटा र रमेशको टाउकोमा एउटा टाँका लगाइएको थियो। उनीहरूको राप्ती उपक्षेत्रीय अस्पताल घोराहीमा उपचार भयो। पीडितले कतै उजुरी दिएनन्।

एमालेबाट

हेकुली गाविस- ७ निवासी एकीकृत माओवादीका कार्यकर्ता २६ वर्षीय दीपक गौतम, ३५ वर्षीय किरण गौतम र ३२ वर्षीय चक्रमान गिरीलाई ०६७ असार ३ गते एमाले कार्यकर्ताले हेकुली इलाका प्रहरी कार्यालयभित्र गाउँमा भएको कुटपिटको विषयलाई लिएर छलफल भइरहेको समयमा एमाले युथफोर्स लेखिएको भेष्ट लगाएर आएका एमाले कार्यकर्ताले आक्रमण गरी कुटपिट गरेको एकीकृत माओवादीले बतायो। घटनामा संलग्न ओम चौधरी, अनिल चौधरी र रमित रेउलेलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। पीडकलाई छ दिनसम्म इलाका प्रहरी कार्यालय तुलसीपुरमा राखी कारबाही नगरी रिहा गरेको पीडितले बताए।

जिल्ला विकास समिति कार्यालय दाङका निमित्त स्थानीय विकास अधिकारी तथा जिल्ला प्राविधिक कार्यालयका दिई थलबहादुर केसीलाई ०६७ साउन १४ गते ठेक्काको विषयलाई लिएर एमालेका कार्यकर्ताले कार्यकक्षमै हातपात तथा दुर्व्यवहार गरे। हापुरे बजार क्षेत्रको सडक पिचको कामका विषयमा आएका ठेकेदार ईश्वरबहादुर पुन, सुरेश पाखेल, मेटमणि चौधरी र द्रोण बहकरीको एक समूहले बिल पास नगरेको भन्दै आफूमाथि हातपात र दुर्व्यवहार गरेको पीडितले बताए। घटनामा संलग्न भनिएका एमाले जिल्ला सचिवालय सदस्य चौधरी, बुढाथोकी, श्रेष्ठ, जिल्ला सदस्य तथा क्षेत्र नं. ३ का सचिव द्रोण

जिल्ला प्रहरी कार्यालयको भण्डार कक्षमा सुतली बम विस्फोटन हुँदा घाइते भएका प्रहरी असई प्रमोद भण्डारी, प्रहरी जवान मधु श्रेष्ठ र राजकुमार चौधरी

बहकरी, ईश्वर पुन र सुरेश पोखेलले निमित्त स्थानीय विकास अधिकारीमाथि कुनै पनि दुर्व्यवहार तथा हातपात नगरेको र आफूहरूमाथि लगाइएको आरोप निराधार भएको बताए।

युथफोर्सबाट

रुकुम जिल्ला घर भई दाङ बस्दै आएका एकीकृत माओवादी जिल्ला सदस्य एवम् वाईसीएल थारुवान राज्य परिषद्का सदस्य २३ वर्षीय पाटन भनिने ववि‍न केसीलाई ०६७ जेठ २७ गते बेलुका युथफोर्सका कार्यकर्ताहरूले चैलाही गाविस-२ लमहीको सब्जीमण्डी नजिक खुकुरी प्रहार गरी गम्भीर घाइते बनाए। घाइते केसीको दुवै हातमा गहिरो चोट लागेको प्रहरीले बतायो। युवा सङ्घका केन्द्रीय सदस्य अर्जुन गुरुङसहितका १०/१२ जनाको समूहले राजनीतिक प्रतिशोधका कारण केसीमाथि खुकुरी प्रहार गरेको बतायो। घटनाको विरोधमा एकीकृत माओवादी दाङले ०६७ जेठ २८ गते १२ बजेदेखि दिउँसो ३ बजेसम्म जिल्लाभर तीन घण्टे चक्काजाम गऱ्यो। पीडितले ०६७ असार २ गते इलाका प्रहरी कार्यालय लमहीमा किटानी जाहेरी दिए। घटनाका आरोपित चैलाही गाविस-२ लमहीका ३८ वर्षीय कुलदीप केसीलाई प्रहरीले गिरफ्तार गऱ्यो। उनी ०६७ साउन ५ गते १० हजार रुपियाँ धरौटीमा रिहा भएभने चैलाही गाविस-२ लमहीका ३० वर्षीय अर्जुन गुरुङ, सोही ठाउँका ३२ वर्षीय कृष्ण गुरुङ, २७ वर्षीय सुमन केसी, ४० वर्षीय कुमार भट्टराई, २९ वर्षीय गौरव सिंह र २४ वर्षीय परशु चौधरी हालसम्म फरार रहेको प्रहरीले बतायो। पीडितको लखनउमा उपचार भयो।

मधेशी जनअधिकार फोरम (लोकतान्त्रिक) बाट

बेला गाविस-२ कटवेरुवा निवासी थरुहट स्वायत्त राज्य परिषद्का कार्यालय सचिव ३६ वर्षीय रामराज चौधरी, कार्यकर्ताहरू सतवरीया गाविस-५ सतवरीयाका १९ वर्षीय टेकबहादुर चौधरी, सोही ठाउँका २२ वर्षीय गणेश चौधरी र चैलाही-२ लमहीका २३ वर्षीय सुनिल खड्कालाई ०६७ वैशाख ४ गते मधेशी जनअधिकार फोरम (लोकतान्त्रिक)का कार्यकर्ताहरूले बालुवा गिट्टी बोकेका गाडी रोकेको भन्दै गोबरडिहा गाविस-१ धानखोलामा कुटपिट गरी घाइते बनाए। घाइते सबैको सामुदायिक अस्पताल लमहीमा उपचार भयो। थरुहट कार्यकर्ताले बिनाकारण गाली गलौज गर्दै आफूमाथि आक्रमण गरेपछि जीवनरक्षाका लागि प्रतिकार गरेको फोरम कार्यकर्ता वीरेन्द्र चौधरीले बनाए। थरुहटको कुटपिटबाट आफ्ना तीनजना कार्यकर्ता गढवा गाविस-२ का २२ वर्षीय फिरोज खान, चैलाही गाविस-२ लमहीका २३ वर्षीय सन्तोष चौधरी र सोही ठाउँका २६ वर्षीय राजकुमार चौधरी घाइते भएको फोरमले बतायो।

अज्ञात समूहबाट

घोराही नपा-११ माथिल्लो भरतपुरका २९ वर्षीय सविन केसीलाई ०६६ फागुन ११ गते महेन्द्र बहुमुखी क्याम्पस नारायण सल्यानी स्मृति भवन अगाडि नम्बर नखुलेको मोटरसाइकलमा पाँच जनाको सङ्ख्यामा आएका अज्ञात समूहले खुकुरी प्रहार गरी घाइते बनायो। घाइते केसीको राप्ती उपक्षेत्रीय अस्पताल घोराहीमा उपचार भयो। यो वर्षको अन्त्यसम्म पीडकको पहिचान भएन।

नारायणपुर-१ नारायणपुरका ६० वर्षीय युवराज पोखेल र सोही ठाउँ डेरा गरी बस्ने सप्तरी जिल्ला बरमजिया गाविस-५ का ३० वर्षीय हृदयलाल पण्डितलाई ०६७ जेठ २ गते अज्ञात समूहले खुकुरी प्रहार गरी घाइते बनायो। पोखेललाई कुवामा पानी भरिरहेको र पण्डितलाई कोठामा बसेको समयमा बेलुका ७ बजेतिर पाँच/सात जनाको एक समूहले खुकुरी प्रहार गरी घाइते बनाएको थियो। घाइतेमध्ये पोखेलको राप्ती उपक्षेत्रीय अस्पताल घोराहीमा सामान्य उपचार पछि थप उपचार नेपालगञ्जमा र पण्डितको घोराहीमा उपचार भयो।

नगर प्रहरीद्वारा कुटपिट गरी घाइते बनाइएका कमल पुन

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

सल्यान जिल्ला दारमाकोट गाविस-९ कौछा घर भई दाङ जिल्लाबाट प्रकाशित हुने राष्ट्रिय दैनिकमा कार्यरत पत्रकार २३ वर्षीय गोपाल शर्मा भट्टराईलाई ०६६ चैत २६ गते जिल्ला शिक्षा अधिकारी ध्रुवराज केसीले शिक्षा कार्यालय भित्रै गालीगलौज र दुर्व्यवहार गरे। गोरक्ष दैनिकमा चैत १० गते प्रकाशित

"मन्त्रालयका एक अधिकारी तथा जिल्ला शिक्षा अधिकारीको ठाडो आदेशमा जिल्लाको विद्यालयमा शिक्षक नियुक्ति" शीर्षकको समाचारलाई लिएर आफूलाई धम्कीपूर्ण भाषामा दुर्व्यवहार गरेको पीडित भट्टराईले बताए। घटनाको विषयमा नेपाल पत्रकार महासङ्घ दाङ शाखाका पदाधिकारीहरूको टोली चैत २७ गते शिक्षा कार्यालयमा गई जानकारी लियो। पीडक केसीले दुर्व्यवहार नगरेको भन्दै अन्जानमा गल्ती भएको भए आगामी दिनमा त्यस्तो नगर्ने बताए।

गोल्टाकुरी गाविस-७ सरुवा डाँडा निवासी रेडियो मध्यपश्चिममा कार्यरत पत्रकार २५ वर्षीय जेएन सागर र सल्यान जिल्ला गर्पा गाविस-६ घर भई दाङस्थित हाम्रो टेलिभिजनमा कार्यरत पत्रकार १८ वर्षीय मेघराज बस्नेतलाई ०६७ असार ८ गते राति काम सकेर कोठामा फर्कंदै गर्दा घोराही नपा-११ तुलसीपुर चोक नजिक प्रहरीले अश्लिल शब्द प्रयोग गर्दै दुर्व्यवहार गरे। आफू पत्रकार भएको भन्दै परिचय पत्र देखाउँदा समेत परिचयपत्र कच्याककुचुक पारिदिएको र मोबाइल फोन समेत खोसेर लगेको पीडितले बताए। पीडितलाई प्रहरीले दुई घण्टा नियन्त्रणमा लिई रिहा गऱ्यो। पीडितले कतै उजुरी गरेनन्।

सुगम र निष्पक्ष न्यायिक अधिकार

पुनरावेदन अदालत तुलसीपुरमा ०६७ साल असार मसान्तसम्म बाँकी भएका सरकारवादी फौजदारी मुद्दाको सङ्ख्या २ सय ६९ थान फैसला सङ्ख्या १ सय ८४ थान र फर्स्यौट हुन बाँकी सङ्ख्या ८५ थान रहयो। दुनियावादी फौजदारी मुद्दातर्फ ०६७ साल असार मसान्तसम्म बाँकी भएका मुद्दा सङ्ख्या ७५ थान, फैसला सङ्ख्या ५१ थान र बाँकी २४ थान रहयो। त्यस्तै ०६७ साउनदेखि मङ्सिर ५ गतेसम्म दर्ता भएका सरकारवादी फौजदारी मुद्दाको सङ्ख्या ४७ थान, फैसला सङ्ख्या सात र फर्स्यौट हुन बाँकी सङ्ख्या ४० थान रहयो। दुनियावादी फौजदारी मुद्दातर्फ ०६७ साउनदेखि मङ्सिर ५ गतेसम्म दर्ता भएका मुद्दाको सङ्ख्या १५ थान, फैसला सङ्ख्या चार थान र बाकी सङ्ख्या ११ थान रहयो। ०६७ असार मसान्तसम्म बाँकी भएका देवानी मुद्दाको सङ्ख्या १ सय ९५, फैसला सङ्ख्या १ सय १७ र बाँकी सङ्ख्या ७८ थान रहयो। त्यस्तै ०६७ साउनदेखि मङ्सिर ५ गतेसम्म दर्ता भएका देवानी मुद्दाको सङ्ख्या ६२ थान, फैसला सङ्ख्या आठ र बाँकी ५४ थान रहयो। घरेलु हिंसा ऐनअन्तर्गत एउटा पनि मुद्दा दायर भएनन्।

जिल्ला अदालतमा ०६७ साल असार मसान्तसम्म बाँकी भएका सरकारवादी फौजदारी मुद्दाको सङ्ख्या १ सय ८७ थान, फैसला सङ्ख्या १ सय ३२ थान र बाँकी ५५ थान रहयो। त्यस्तै दुनियावादी फौजदारी मुद्दातर्फ ०६७ साल असार मसान्तसम्म बाँकी भएका मुद्दा सङ्ख्या ३ सय १६ थान, फैसला सङ्ख्या २ सय ३० र बाँकी मुद्दा ८६ थान रहयो। ०६७ साउनदेखि मङ्सिर ५ गतेसम्म दर्ता भएका सरकारीवादी फौजदारी मुद्दाको सङ्ख्या ५ सय ८२ थान, फैसला सङ्ख्या ३ सय ७७ र बाँकी २ सय ५ थान रहयो। ०६७ साउनदेखि मङ्सिर ५ गतेसम्म दर्ता भएका दुनियावादी फौजदारी मुद्दाको सङ्ख्या ३१ थान, फैसला सङ्ख्या २२ थान र बाँकी नौ थान रहयो। देवानीतर्फ ०६७ साल असार मसान्तसम्म बाँकी भएका मुद्दाको सङ्ख्या ३७ थान, फैसला सङ्ख्या ३५ थान र बाँकी सङ्ख्या दुई थान रहयो। ०६७ साउनदेखि मङ्सिर ५ गतेसम्म दर्ता भएका देवानी मुद्दाको सङ्ख्या ८१ थान, फैसला सङ्ख्या २५ थान र बाँकी ५६ थान रहयो। घरेलु हिंसा ऐन अन्तर्गतका मुद्दा दायर भएनन्।

सरकारी वकिलको कार्यालयमा केही सार्वजनिक अपराध मुद्दामा चार ओटामा चार फर्स्यौट, कर्तव्य ज्यान छ ओटामा एक फर्स्यौट हुन बाँकी, सवारी ज्यान मुद्दामा १० फर्स्यौट, आगलागीको एक ओटामा एक फर्स्यौट, बहुविवाह दुई फर्स्यौट हुन बाँकी, चोरी तीन ओटामा तीन फर्स्यौट, जबरजस्ती करणी दुईमा एक फर्स्यौट हुन बाँकी, क्षतिपूर्ति १७ ओटा फर्स्यौट, वन पैदावार ओसारपसार दुई फर्स्यौट, भवितव्य ज्यान एक ओटा फर्स्यौट, ज्यान मार्ने उद्योग तीन ओटामा दुई फर्स्यौट हुन बाँकी, लागूपदार्थ दुई ओटामा एक फर्स्यौट हुन बाँकी, बहुविवाह एक फर्स्यौट, साना हतियार खरखजाना एक फर्स्यौट भए।

जिल्ला प्रहरी कार्यालयमा ०६७ साउनदेखि ०६७ मङ्सिरसम्म कर्तव्य ज्यान २५, ज्यान मार्ने उद्योग १७, गर्भपतन दुई, भवितव्य ज्यान ५४, फुटकर ज्यान २१ मुद्दा दर्ता भएका छन्।

इलाका प्रहरी कार्यालयमा कुटपिट गरी घाइते बनाइएका मुकेश शर्मा

बालअधिकार

दाङ जिल्लामा बालविकास केन्द्र ५ सय ७ रहेका छन्। सामुदायिक विद्यालयतर्फ प्राथमिक प्राथमिक २ सय ७५, निमावि ५०, मावि ५० रहेका छन्। त्यसैगरी संस्थागत विद्यालयतर्फ प्राथमिक ६४, निमावि ११, मावि ३५, उच्च मावि सामुदायिक तर्फ १५ र संस्थागत तर्फ १२ रहेका छन्। सामुदायिक तर्फ कक्षा एकमा १९ हजार १ सय ११, कक्षा दुईमा १४ हजार ७ सय ३७, कक्षा तीनमा १४ हजार ७ सय ९४, कक्षा चारमा १६ हजार ८, कक्षा पाँचमा १५ हजार ३ सय, कक्षा छमा १२ हजार १ सय ४७, कक्षा सातमा ११ हजार १ सय ६०, कक्षा आठमा १० हजार ९५, कक्षा नौमा ८ हजार २ सय ३७ र कक्षा दशमा ७ हजार ७५ विद्यार्थी रहेका छन्। संस्थागत विद्यालय तर्फ कक्षा एकमा ३ हजार ५ सय २०, कक्षा दुईमा ३ हजार २, कक्षा तीनमा २ हजार ७ सय ७४, कक्षा चारमा २ हजार ६ सय २, कक्षा पाँचमा २ हजार २ सय ६९, कक्षा छमा १ हजार ५ सय ८, कक्षा सातमा १ हजार ३ सय ३९, कक्षा आठमा १ हजार ३ सय ९२, कक्षा नौमा १ हजार २ सय ६ र कक्षा दशमा १ हजार ८६ विद्यार्थी रहेका छन्। त्यसैगरी सामुदायिक विद्यालय तर्फ प्राथमिकमा राहत शिक्षक १ हजार २ सय ४०, निमाविमा २ सय ७८, मावि २ सय २२ रहेका छन्। त्यस्तै प्राथमिकमा दरबन्दी शिक्षक ४ सय ५५, निमाविमा १ सय ३४, मावि ५२ रहेको छ।

ढिकपुर गाविस-७ दुवीचौरका १० वर्षीय होमबहादुर चौधरीलाई ०६६ माघ १२ गते नारायणपुर गाविस-१ नारायणपुरमा रहेको स्वर्गद्वारी बार्डिङबाट सोही गाविस-४ ओखराका डिपलप सेन वली, भद्रसिंह वली र रामबहादुर वलीले अपहरण गरे। होमबहादुरको लास माघ २८ गते पीडक डिपलपसेन वलीको घरमा सुरुङ खनेर राखिएको अवस्थामा फेला पऱ्यो। ढिकपुर गाविस-४ ओखराका २१ वर्षीय डिपलप सेन वलीले ५ लाख रुपियाँ फिरौती रकम माग गर्दै अपहरण गरेको रहस्य खुल्यो। पीडकहरूलाई जिल्ला प्रहरी कार्यालय दाङले २०६७ माघ २८ गते घरबाटै गिरफ्तार गऱ्यो। उनीहरूलाई ०६६ फागुन २५ गतेदेखि घोराही कारागारमा पेशीमा राखी मुद्दा चलिरहेको प्रहरीले बतायो।

अपहरण गरी हत्या गरिएका होमबहादुर चौधरी

घोराही नपा-११ शुक्रपथ टोलस्थित जनज्योति विद्यामन्दिर बोर्डिङ स्कूलको परिसरमा ०६७ असार ४ गते राति अज्ञात समूहले प्रेसर कुकर बम राखी विद्यार्थीहरूलाई आतङ्कित बनायो। बम राखेको जिम्मा कसैले नलिए पनि विद्यालयका प्रिन्सिपलका अनुसार तीन दिन पहिले मार्क्सवादी गणतान्त्रिक योङ टाइगर ग्रुपले विद्यालयमा ५ लाख रुपियाँ चन्दा माग गरेकाले चन्दा नदिएका कारण त्रास फैलाउन बम राखिएको हुन सक्ने बताए। बमलाई घोराहीस्थित तारा दलगण र १९ नम्बर बाहिनी नेपाली सेनाको बम डिस्पोज टोलीले ०६७ असार ५ गते बिहान निष्क्रिय पाऱ्यो।

लालमटिया गाविस-८ मसुरीयाकी १४ वर्षीया एक बालिकालाई ०६७ भदौ १६ गते दिउँसो लालमटिया गाविस-८ मसुरियाका २० वर्षीय सुवास चौधरी, सोही ठाउँका १८ वर्षीय सन्दीप चौधरी, १८ वर्षीय रविन जिसी र १८ वर्षीय अनिल घर्तीले रविन जिसीको घरमा लगेर विभिन्न प्रलोभन देखाई सामुहिक बलात्कार गरेको भन्दै आरोपितहरूलाई कारबाहीको माग गरी पीडितका आफन्तले भदौ १६ गते जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिए। जाहेरीको आधारमा प्रहरीले सुवासलाई भदौ १६ गते र अन्यलाई भदौ १८ गते गिरफ्तार गऱ्यो। आरोपितहरूलाई जिल्ला अदालतको आदेशमा असोज १२ गते पुर्पक्षका लागि थुनामा राखियो। पीडितको उपचार प्राथमिक स्वास्थ्य केन्द्र लमहीमा भएको थियो।

सिसहनिया गाविस-६ पिपरीका पाँच र सात वर्षीया दुई बालिकालाई ०६७ भदौ २६ गते बेलुका सोही ठाउँका विश्वपति चौधरीले घरैमा बोलाई माथिल्लो कोठामा लगी मोबाइमा राखेको अश्लील फिल्म देखाउँदै बलात्कार गरेको आरोपमा ०६७ भदौ २६ गते इलाका प्रहरी कार्यालय भालुवाङले गिरप्तार गऱ्यो। पीडितका आफन्तले कारबाहीको माग गर्दै ०६७ भदौ २७ गते इलाका प्रहरी कार्यालय भालुवाङमा किटानी जाहेरी दिए। आरोपित चौधरीलाई ०६७ असोज १५ गतेको अदालतको आदेश अनुसार नाबालक भएकाले अभिभावकको जिम्मामा रिहा गरियो। पीडित बालिकाहरूको राप्ती उपक्षेत्रीय अस्पताल घोराहीमा उपचार भयो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार दुर्व्यवहार

सतवरीया गाविस-२ वनघुस्री (वनखुटी) की ४५ वर्षीया मनशोभा गुरुङ र उनका ५५ वर्षीय पति वरदान गुरुङलाई बोक्सीको आरोपमा ०६७ असार २० गते सतबरीया गाविस-२ वनखुटीका रमेश नेपाली, उनका भाइ, जयराम नेपाली, सोही ठाउँका शिव चौधरी र गढवाका चन्द्रबहादुर नेपालीले हत्या गरे। पीडितका आफन्तले ०६७ असार २१ गते इलाका प्रहरी कार्यालयमा उजुरी दिएपछि उनीहरूलाई सोही दिन गिरफ्तार गऱ्यो। बोक्सीको आरोप लगाउने धामी गढवा गाविस-३ का टुकेन्द्र विसीलाई असार २६ गते प्रहरीले गिरफ्तार गऱ्यो। उनलाई ०६७ साउन २० गते जिल्ला अदालत दाङले ९ हजार ५ सय रुपियाँ धरौटीमा रिहा गऱ्यो। रमेश नेपाली, जयराम नेपाली, शिव चौधरी र चन्द्रबहादुर नेपालीलाई पुर्पक्षको लागि थुनामा छन्।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

रुकुम जिल्ला चुनवाङ गाविस-२ की १८ वर्षीय एक युवतीलाई ०६७ असार १५ गते राति उरहरी गाविस-६ का सचीन योगी, तुलसीपुर नपा-६ का सुनिल वली र यादव टण्डन, तुलसीपुर नपा-६ २८ वर्षीय निकेतन गिरी, सोही नपा-८ का २० वर्षीय बुद्धि केसी, सोही नपा-४ रुझेनाका सुरेश केसी, सोही नपा-६ का चन्द्रबहादुर विएम, कृष्णसागर वली, सोही नपा-५ का राजीव कोइराला र उरहरी गाविस-८ का नवीन बस्नेतले तुलसीपुरमा रहेको न्यु राप्ती गेष्ट हाउसमा बास बसेको समयमा मादकपदार्थ सेवन गरी कोठामा हातपात गर्दै तीन किलोमिटर दक्षिणको मकैवारीमा लगी सामुहिक बलात्कार गरेको आरोपमा पीडितले ०६७ असार १६ गते इलाका प्रहरी कार्यालय तुलसीपुरमा लिखित जाहेरी दिइन्। प्रहरीले सचिन योगीलाई ०६७ असार २१ गते, सुनिल वली र यादव डण्डनलाई ०६७ साउन १० गते, निकेतन गिरी, बुद्धि केसीलाई ०६७ असोज ६ गते र सुरेश केसीलाई ०६७ कात्तिक ६ गते घरैबाट गिरप्तार गऱ्यो। आरोपितहरू मध्ये सचीन, सुनील र यादवलाई साउन १७ गते, निकेतन, बुद्धिलाई असोज ७ गते, सुरेशलाई कात्तिक ८ गते जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि थुनामा राखियो भने अन्य पीडकहरू यस वर्षको अन्त्यसम्म फरार रहे।

तुलसीपुर नपा-१० डाँडाखुटी दमारगाउँकी ५५ वर्षीया सुमित्रा विकलाई ०६७ भदौ २५ गते राति सौतेनी भाइ सोही ठाउँका ४५ वर्षीय चिरवीर सुनारले बलात्कार गरी घाँटी थिचेर हत्या गरे। चिरवीरले पत्नी र छोराछोरलिाई माइत पठाएर तीजको दर खान सुमित्रालाई एक्लै घरमा बोलाएका थिए। अत्यधिक मदिरा सेवन गरेका विकले राति एक पटक बलात्कार गरी पुन: अर्को पटक बलात्कार गर्न खोज्दा सुमित्राले नमानेपछि नसाको झोकमा घाँटी थिचेर सुमित्राको हत्या गरी बिहानपख नजिकैको सोतामा फालिदिएको भनी प्रहरीसमक्षको बयानमा स्वीकारेको प्रहरीले बतायो। पीडकलाई इलाका प्रहरी कार्यालय तुलसीपुरले ०६७ भदौ २६ गते बिहान घरबाटै गिरप्तार गऱ्यो। मृतकको शवको पोष्टमार्टम राप्ती उपक्षेत्रीय अस्पताल घोराहीमा गरियो। पीडकलाई जिल्ला अदालत दाङको ०६७ असोज १८ गतेको आदेशमा पुर्पक्षका लागि थुनामा राखिएको छ।

पुरन्धारा गाविस- ८ जौंबारीकी ४६ वर्षीया एक महिलालाई ०६७ पुस १२ गते कैलाली जिल्ला अत्तरिया गाविस- ३ घर भई प्रहरी चौकी हंसपुरमा कार्यरत प्रहरी हवल्दार ३६ वर्षीय धर्मबहादुर मल्ल र रुकुम जिल्ला खलङ्गा गाविस-८ घर भई सोही कार्यालयमा कार्यरत जवान बालाराम चुनाराले पुरन्धारा गाविस-८ कुइरेपानी अप्ठारा गौरी भन्ने स्थानमा बलात्कार गरेको आरोप लाग्यो। पीडितका अनुसार गाउँमा छिमेकीसँग झगडा गरेको आरोपमा गिरफ्तार गरेर चौकीमा ल्याउँदै गर्दा मादक पदार्थ सेवन गरेर लछारपछार गर्दै बलात्कार गरेका थिए। पीडितले ०६७ पुस १६ गते आरोपितलाई कारबाहीको माग गर्दै इलाका प्रहरी कार्यालय तुलसीपुरमा किटानी जाहेरी दर्ता गराइन्। पीडितले दिएको मौखिक जानकारीको आधारमा घटनाका आरोपित मल्ल र चुनारालाई प्रहरीले पुस १५ गते गिरफ्तार गरी हिरासतमा राखेर अनुसन्धान थालेको बतायो।

घरेलु हिंसा

तुलसीपुर नपा-७ थापापानीकी ३२ वर्षीया कमला बाँठालाई ०६७ असोज ३० गते बेलुका पति ४० वर्षीया कुलबहादुर बाँठाले समान्य घरयासी विवादका कारण घरनजिकैको बारीमा कुटपिट गरी पुन: राति घरमा ल्याई कुटपिट गरी हत्या गरे। मृतकको लासको पोष्टमार्टम राप्ती उपक्षेत्रीय अस्पताल घोराहीमा भयो। पीडकलाई कारबाहीको माग गर्दै पीडितका भदै आइतसिंह केसीले ०६७ कात्तिक १ गते इलाका प्रहरी कार्यालय तुलसीपुरमा किटानी जाहेरी दिए। पीडकलाई कात्तिक १ गते घरबाट प्रहरीले गिरफ्तार गरी जिल्ला अदालतको ०६७ कात्तिक १८ गतेको आदेशमा पुर्पक्षका लागि थुनामा राखिएको छ।

टरिगाउँ गाविस-१ निवासी ५० वर्षीया पार्वती वोहोरालाई ०६७ मङ्सिर १ गते बेलुकी पति ५६ वर्षीया गोरीलाल बोहोराले सामान्य घरयासी विवादमा फलामको रड प्रहार गरी घाइते बनाए। घाइतेको उपचारका क्रममा राप्ती अञ्चल अस्पताल तुलसीपुरमा ०६७ मङ्सिर ३ गते मृत्यु भयो। मृतकको लासको पोष्टमार्टम ०६७ मङ्सिर ४ गते राप्ती अञ्चल अस्पताल तुलसीपुरमा भयो। पीडकलाई कारबाहीको माग गर्दै पीडितका दाजु शेरबहादुर बस्नेतले ०६७ मङ्सिर ४ गते इलाका प्रहरी कार्यालय तुलसीपुरमा किटानी जाहेरी दिए। आरोपितलाई इलाका प्रहरी कार्यालय तुलसीपुरले ०६७ मङ्सिर ४ गते गिरफ्तार गऱ्यो। आरोपीलाई जिल्ला अदालत दाङको ०६७ मङ्सिर २४ गतेको आदेशमा पुर्पक्षका लागि थुनामा राखिएको छ।

सबै प्रकारका जातीय विभेद

गोबरडिहा गाविस-१ कालाकाँटेका २३ वर्षीय लोकबहादुर महतरा क्षेत्री र सोही ठाउँकी १८ वर्षीया पुष्पा विकलाई अन्तरजातीय विवाह गरेको भन्दै ०६७ असोज ७ गते उनका परिवारले घरबाट निकाले। दलितकी छोरीसँग गरिएको विवाह आफूहरूलाई मान्य नभएको भन्दै महतारका परिवारले ती जोडीलाई परिवारबाट बहिस्कृत गरी घर निकाला गरिदिएको पीडितले बताए। महतराले ०६७ भदौ ३० गते प्रेम विवाह गरेका थिए। पीडितले कतै उजुरी दिएनन्। उनीहरू हाल ससुरालीमा बस्दै आएका छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरचना, सम्पत्ति क्षति, सम्पत्ती कब्जा

अनेरास्ववियु (क्रान्तिकारी) बाट

अनेरास्ववियु (क्रान्तिकारी) ले शुल्क बृद्धिको विरोधमा ०६७ वैशाख १२ गतेदेखि गरेको अनिश्चितकालीन निजी विद्यालय बन्दको क्रममा बन्दको अवज्ञा गरेको भन्दै ०६७ वैशाख १२ गते चैलाहीमा रहेको रोजी वर्डस बालबाटिका उच्च माविमा प्रवेश गरी एक थान कम्प्युटर र केही समान तोडफोड गरे। तोडफोडबाट करिब ५० हजार रुपियाँ बराबरको क्षति भएको विद्यालयका शिक्षक राज यादवले बताए। सोही दिन बन्दकर्ताले चैलाही गाविस-२ लमहीकै सनलाइट उच्च माविमा समेत प्रवेश गरी टेवुल कुर्सी तोडफोड गरेको विद्यालयका प्रधानाध्यापक रेशम बुढाले बताए। तुलसीपुर नपा-५ ख लाइनमा रहेको तुलसी आवासीय उच्च माविमा वैशाख १४ गते अनेरास्ववियु (क्रान्तिकारी) ले तोडफोड गरे। भवनको झ्यालको सिसा, फर्निचरमा क्षति पुगेको विद्यालयल बतायो। बन्दकर्ताले विद्यालयका प्रधानाध्यापक भीष्म केसी, शिक्षक काशीराम नेपाली, कैलाश खत्री र कार्यालय सहयोगी चिमलाल चौधरीलाई हातपात गर्दै दुर्व्यवहार गरेको विद्यालयका प्रधानाध्यापक भीष्म केसीले बताए।

अज्ञात समूहबाट

घोराही नपा-८ सेवार वनगाउँस्थित माबि सेवार बनगाउँमा ०६७ असार ३ गते राति अज्ञात समूहले आगजनी गऱ्यो। आगजनीबाट विद्यालयको गोदाम सहित चारओटा कोठामा राखिएका काठपात, डेक्स बेन्च, २० बोरा सिमेन्ट जलेर नष्ट भएको र करिब ७ लाख रुपियाँ बराबरको क्षति भएको विद्यालयले बतायो। घटनामा संलग्न दोषीको पहिचान हुन सकेन।

अन्यबाट

तुलसीपुर नपा-८ दुधेना (गहतेखोला)का ५३ वर्षीय केशरबहादुर शाहीको घरमा ०६७ जेठ १५ गते राति नेपाल मार्क्सवादी गणतान्त्रिक योङ्ग टाइगर ग्रुपले बम विस्फोट गरायो। विस्फोटबाट शाहीको पक्की घरको छत र रेलिङ्गमा क्षति पुग्यो। ग्रुपको विपक्षमा सुराकी गरेको भन्दै शाहीको घरमा बम विस्फोट गराएको ग्रुपका जिल्ला सचिव दीपक पाण्डेयले स्थानीय सञ्चारकर्मीलाई फोनमार्फत् जानकारी दिए। यस अघि सोही ग्रुपले शाही परिवारसँग ८ लाख ५० हजार रुपियाँ चन्दा माग गर्दै मानसिक दवाव दिँदै आएको पीडितले बताए। पीडितले लिखितरूपमा कतै पनि उजुरी दिएनन्।

स्वास्थ्य सेवाको अवस्था

दाङ जिल्लामा एक उपक्षेत्रीय अस्पताल रहेको छ। जसमा चिकित्सक १९, अहेव चार, अनमी तीन जना र अन्य गरी ७२ जनको दरबन्दी भए पनि चिकित्सक सात जना र अन्य नौ गरी जम्मा १६ जनाको दरबन्दी रिक्त रहेको अस्पतालले जानकारी दियो। त्यसैगरी जिल्लामा एक अञ्चल अस्पताल रहेको छ। जसमा मेडिकल सुपरिटेण्डेण्ट एक, मेडिकल अफिर दुई, स्टाफ नर्स १८, अनमी चार, अहेब चार र अन्य १५ गरी जम्मा ४४ जनाको दरबन्दी रहेको भएकोमा मेडिकल सुपरिटेण्डेण्ट एक, मेडिकल अफिर दुई, स्टाफ नर्स १८, अनमी चार, अहेब चार, मेडिकल अफिसर करारमा पाँच जना, समितिबाट अनमी तीन, अहेब तीन जना कार्यरत छन् भने विभिन्न पदमा १५ जना दरबन्दी रिक्त रहेको अञ्चल अस्पताल तुलसीपुरले बतायो।

त्यसैगरी चारओटा इलाका स्वास्थ्य केन्द्र, १० ओटा स्वास्थ्य चौकी , उपस्वास्थ्य चौकी २६ ओटा रहेका छन्। इलाका स्वास्थ्य केन्द्रमा हेल्थ असिस्टेण्ट एक, अनमी एक, अहेव दुई, ग्रास्वाका एक, कार्यालय सहयोगी दुईजनाको दरबन्दी रहेको छ। उपस्वास्थ्य चौकीमा अहेव, एक, ग्रास्वाका एक, अनमी एक, कार्यालय सहयोगी एक, प्राथमिक स्वास्थ्य केन्द्र स्टाफनर्स एक, अनमी एक, अहेब एक, ग्रास्वका एक, कार्यालय सहयोगी तीनजनाको दरबन्दी रहेकोमा एकजना हेल्थअसिस्टेण्ट, तीन जना अहेवको दरबन्दी खाली रहेको छ। त्यसैगरी एक आयुर्वेद अस्पताल रहेको छ। जसमा दुईजना डाक्टर, दुईजना कविराज, दुईजना वैद्य, दुईजना स्टाफ नर्स, दुईजना अनमी, एक जना लेखापाल, एक जना स्टाफ नर्स, दुई जना ल्याब असिस्टेण्ट, र नौजना कार्यालय सहायकको दरबन्दी कायम छ। अरु सबै दरबन्दी अनुसारको पदपूर्ति भए पनि दुई जना कार्यालय सहायक र एक जना ल्यावअसिस्टेण्टको पदपूर्ति भएको छैन। त्यसैगरी जिल्लामा एक आँखा अस्पताल र दुई आयुर्वेद औषधालय रहेको छ।

४.२ प्यूठान



जनसङ्ख्या : २,५१,९२९
साक्षरता प्रतिशत : ५५
महिला साक्षरता प्रतिशत : ४०
क्षेत्रफल (वर्ग कि. मि.) : १,३०९
गाविस/नपा सङ्ख्या : ४९/०
सरकारी/निजी विद्यालय : ३३३/१३
क्याम्पस/उच्च मा.वि. : १/१३
अस्पताल/स्वास्थ्य चौकी : १/११
मानव विकास सूचकाङ्कः ०.४१६
प्रतिपरिवार सरदर सङ्ख्याः ६

जेल र बन्दीहरू

'घ' श्रेणीको प्यूठानमा कारागार यस वर्षको अन्त्यसम्ममा कैद तोकिएका ३६ जना पुरुष र चार जना महिला बन्दीहरू रहेका छन् भने कैद नतोकिएका आठ पुरुष र दुई महिला थुनुवा रहेका छन्। यसरी प्यूठान कारागारमा जम्मा ५० जना बन्दी तथा थुनुवा रहेका छन्। २५ जना क्षमता रहेको कारागारमा ५० जना बस्नु पर्दा बन्दी तथा थुनुवालाई असुविधा भएको छ।

बेपत्ता/अपहरण

अज्ञात समूहबाट

खलङ्गा गाविस-१ कसेरी निवासी सञ्चारकर्मी २० वर्षीय केशव बोहोरालाई ०६७ असार १६ गते कार्यालयको कामको सिलसिलामा देवीस्थानबाट तिराम गाविस जाँदै गर्दा अज्ञात समूहले तिरामको पानी ट्याङ्की भन्ने ठाउँबाट अपहरण गरी असार १७ गते कपिलबस्तुको महेन्द्रपुरबाट मुक्त गऱ्यो। बोहोरा रेडियो माण्डवीका उपाध्यक्ष र जिल्ला रेडक्रस प्यूठानद्वारा सञ्चालित एचआईभी एड्स कार्यक्रमको सुपरभाइजर पदमा कार्यरत थिए। अपहरणको कारण तथा संलग्नहरूका बारेमा यसवर्षको अन्त्यसम्म कुनै जानकारी प्राप्त भएन। घटनापछि पीडित काठमाडौँ विस्थापित भए। अपहरणको समाचार सार्वजनिक हुनासाथ पत्रकार महासङ्घको केन्द्रीय र क्षेत्रीय टोली ०६७ असार १७ गते नै जिल्ला पुगेको थियो। प्रधानमन्त्री माधवकुमार नेपालले राजीनामा गरेकाले अपहरण मुक्त गरिएको अपहरणकारीले बताएको पीडितले बताए।

धम्की/कुटपिट

एकीकृत माओवादीबाट

विजयनगर गाविस-५ का ३७ वर्षीय रमेश खड्कालाई ०६७ वैशाख २० गते साँझ एकीकृत माओवादीको आम हड्तालको विरुद्ध बोलेको आरोपमा एकीकृत माओवादी कार्यकर्ताको एक समूहले विजयनगर गाविस-३ रातामाटामा कुटपिट गऱ्यो। कुटपिटपछि उनको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार भयो। मादकपदार्थ सेवन गरी हल्ला गरेकाले सामान्य झगडा भएको एकीकृत माओवादीले बतायो।

धरमपानी गाविस-४ का २५ वर्षीय सुरेश अधिकारीलाई ०६७ वैशाख २२ गते साँझ प्यूठान सदरमुकाम खलङ्गाबाट घरतर्फ जाँदै गर्दा बाटोमा एकीकृत माओवादीका १२/१५ जनाको समूहले धरमपानी र खलङ्गाको सीमानामा पर्ने

घटनाको प्रकार	गैरराज्यबाट						
	अन्यबाट				एकीकृत माओवादीबाट		
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	३	१	१	३			
कुटपिट					३	३	३
महिलाअधिकार	३		३	३			
बालअधिकार	१		१	१			
अपहरण	१	१		१			
जम्मा	६	३	४	६	३	३	३

निसानटाकुरामा कुटपिट गऱ्यो। उनको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार भयो। सो घटनापछि राष्ट्रिय जनमोर्चाका कार्यकर्ताले एकीकृत माओवादीका दुई जना कार्यकर्तालाई एक रात कब्जामा राखी जिल्ला प्रहरी कार्यालयमा बुझाए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

प्यूठान जिल्ला अदालतमा २०६७ असार मसान्तसम्म बाँकी भएका सरकारवादी फौजदारी मुद्दाको सङ्ख्या ५९, फैसला सङ्ख्या ४७ र बाँकी बाँकी सङ्ख्या १२ रहयो। दुनियावादी फौजदारी मुद्दातर्फ ०६७ असार मसान्तसम्म बाँकी भएका मुद्दाको सङ्ख्या ६८, फैसला सङ्ख्या २५ र बाँकी सङ्ख्या २५ रहयो। त्यस्तै ०६७ साउन देखि पुस १६ सम्म दर्ता भएका सरकारवादी फौजदारी मुद्दाको सङ्ख्या ११, फैसला सङ्ख्या दुई र बाँकी सङ्ख्या नौ रहयो। दुनियावादी फौजदारी मुद्दातर्फ ०६७ साउनदेखि पुस १६ सम्म दर्ता भएका मुद्दाको सङ्ख्या १६, फैसला सङ्ख्या, पाँच र बाँकी सङ्ख्या ११ रहयो। यसैगरी ०६६ साल असार मसान्तासम्म बाँकी भएका देवानी मुद्दाको सङ्ख्या ९९, फैसला सङ्ख्या ७२ र बाँकी सङ्ख्या २७ रहयो। ०६७ साउनदेखि पुस १६ गतेसम्म दर्ता भएका देवानी मुद्दाको सङ्ख्या १४, फैसला सङ्ख्या एक र बाँकी सङ्ख्या १३ रहयो। घरेलु हिंसा ऐन अन्तर्गतका मुद्दा दायर भएनन्। सरकारी अधिवक्ताको कार्यालयले यसवर्ष १६ मुद्दा दायर गरेकोमा कुनै पनि फैसला भएनन्।



अज्ञात समूहद्वारा अपहरण गरिएका सञ्चारकर्मी केशव बोहोरा

बालअधिकार

प्युठान जिल्लामा क्याम्पस पाँच, उमावि १३, मावि ४१, निमावि ९२ र प्रावि ३ सय ५४ ओटा रहेका छन्। निजी तर्फ मावि पाँच, निमावि चार र प्रावि १३ ओटा रहेका छन्। ती विद्यालयहरूमा प्राविमा छात्रा सङ्ख्या २१ हजार ५ सय ४९, निमाविमा ८ हजार २ सय ३२, माविमा २ हजार ९ सय ५८ र उमाविमा १ हजार ६ सय ५ गरी जम्मा ३४ हजार ३ सय ४४ रहेका छन्। त्यस्तै छात्रतर्फ प्राविमा २१ हजार १०, निमाविमा ७ हजार ४ सय १८, माविमा ३ हजार १ सय ५ र उमाविमा १ हजार १ सय ५२ जना गरी जम्मा ३२ हजार ६ सय ८५ रहेका छन्। छात्रछात्र दुवैगरी प्राविमा ४२ हजार ५ सय ५९, निमाविमा १५ हजार ६ सय ५०, माविमा ६ हजार ६३ र उमाविमा २ हजार ७ सय ५७ गरी जम्मा ६७ हजार २९ रहेका छन्। यसैगरी जिल्लामा प्राविमा ६ सय ५८ स्थायी र १ सय ९१ अस्थायी गरी ८ सय ४९, निमाविमा स्थायी ७५ र अस्थायी ४७ गरी १ सय २२, माविमा ८० स्थायी र ३८ अस्थायी गरी १ सय १८ गरी कूल १ हजार ८९ शिक्षक नियुक्त रहेका छन्। राहत शिक्षकतर्फ प्राविमा २ सय ६४, निमाविमा १ सय ६, माविमा ५० गरी ४ सय २० शिक्षक नियुक्त रहेका छन्।

निजी विद्यालयले विद्यार्थी भर्नामा चर्को शुल्क असुल गरेको विरोधमा ०६७ वैशाख १२ देखि १६ गतेसम्म अनेरास्ववियु (क्रान्तिकारी) ले गरेको देशव्यापी निजी विद्यालय बन्दले प्यूठानमा रहेका २२ निजी विद्यालयमा अध्ययनरत करिब ५ हजार विद्यार्थीको पठनपाठन प्रभावित भयो।

एकीकृत माओवादीद्वारा २०६७ वैशाख १९ देखि २४ गतेसम्म गरिएको देशव्यापी आमहड्तालका कारण प्यूठान जिल्लाका सम्पूर्ण निजी तथा सरकारी गरी जम्मा ३ सय ९८ विद्यालय बन्द हुँदा त्यसमा अध्ययनरत करिब ७३ हजार १ सय ६ विद्यार्थीहरू पढ्नबाट वञ्चित भए।

गुल्मी जिल्ला अग्लुङ गाविस-

५ का दुई बालिकालाई प्यूठान खुङ गाविस-४ स्थित खुङ खोलामा ०६७ कात्तिक १७ गते साँझ प्यूठान ओखरकोट गाविस-६ का २४ वर्षीय सुवास खड्का र तुषारा गागिस-३ का २४ वर्षीय जितेन्द्र जीसीले बलात्कार गरेको आरोप लाग्यो। पीडितहरूले ०६७ कात्तिक १८ गते जिल्ला प्रहरीमा जाहेरी दिए। आरोपितहरूलाई ०६७ कात्तिक २१ गते प्रहरीले गिरफ्तार गऱ्यो। हाल आरोपितहरू जिल्ला अदालतको ०६७ मङ्सिर १८ गतेको आदेश अनुसार पुर्पक्षका लागि जिल्ला कारागारमा छन्।

प्यूठानमा ३ सय २१ प्रारम्भिक बाल विकास केन्द्र, दुई वैकल्पिक विद्यालय, तीन सामुदायिक अध्ययन केन्द्र, २ सय ८४ प्राथमिक विद्यालय, ५४ निमावि र ३८ मावि रहेका छन्। प्रारम्भिक बाल विकास केन्द्र बाहेक यस जिल्लामा जम्मा ३ सय ७६ ओटा सामुदायिक विद्यालयहरू छन्। ती विद्यालयहरूमा ६८ हजार १ सय ६ जना विद्यार्थी अध्यनरत छन्।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

पुँजा गाविस-२ की २२ वर्षीय एक युवतीलाई खुङ्ग गाविस-३ का दीपक भण्डारीले ०६७ मङ्सिर ७ गते दिउँसो सदरमुकाम खलङ्गास्थित आफ्नो कोठामा बसिरहेको अवस्थामा बलात्कारको प्रयास गरेको भन्दै पीडितले भण्डारी उपर कारबाहीको माग गरी जिल्ला प्रहरी कार्यालयमा ०६७ मङ्सिर ८ गते निवेदन दिइन्। घटनापछि फरार रहेका आरोपितलाई यो वर्षको अन्त्यसम्म प्रहरीले गिरफ्तार गर्न सकेन।

स्वास्थ्य सेवाको अवस्था

जिल्ला अस्पतालमा यस वर्षको अन्त्यसम्ममा डाक्टरको दरबन्दी तीन जनाको रहेकोमा तीनै जना, स्टाफ नर्सको दरबन्दी चारजना रहेकोमा एकजना, दुईजना अध्ययन बिदा र एक रिक्त, एचए एक जनाको दरबन्दी रहेकोमा एक जना, सीएमए दुई जनाको दरबन्दीमा दुई जना, अनमी दुई जनाको दरबन्दीमा दुई जना, रेडियोग्राफी एक जनाको दरबन्दीमा एक जना, ल्याब टेक्निसियन एक जनाको दरबन्दी रहेकोमा रिक्त, असिस्टेन्ट दुई जनाको दरबन्दीमा दुई जना कार्यरत छन्। स्वास्थ्य चौकी र उपस्वास्थ्य चौकीहरूमा स्वास्थ्य सहायक १६ जनाको दरबन्दीमा १६ जना नै नियुक्त, अहेव ५२ जनाको दरबन्दीमा ५२ नै नियुक्त, ग्रामीण स्वास्थ्य कार्यकर्ताका ४९ जनाको दरबन्दीमा १८ रिक्त बाँकी नियुक्त, मासिका ३५ जनाको दरबन्दीमा ३५ जना नै कार्यरत छन्।

४.३ रोल्पा



जनसङ्ख्या : २,४१,३९७
साक्षरता प्रतिशत : ४३
महिला साक्षरता प्रतिशत : ३१
क्षेत्रफल (वर्ग कि. मि.) : १,८७९
गाविस/नपा सङ्ख्या : ५१/०
सरकारी/निजी विद्यालय : २९७/८
क्याम्पस/उच्च मा.वि. : १/१०
अस्पताल/स्वास्थ्य चौकी : १/५१
मानव विकास सूचकाङ्कः ०.३८७
प्रतिपरिवार सरदर सङ्ख्याः ६

जेल र बन्दीहरू

'घ' श्रेणीको रोल्पा कारागारमा हाल ५८ जना बन्दीहरू रहेका छन्। कारागारमा ५४ जना पुरुष र चार जना महिला बन्दीहरू रहका छन्। जसमा २३ जना कैदी र ३५ जना थुनुवा रहेको कारागारले बतायो। ती मध्ये दुई महिला कैदी र दुई महिला थुनुवा रहेका छन्।

धम्की/कुटपिट

वाईसीएलबाट

डुब्रिङ गाविस-५ बरिवाङ निवासी नेकपा एमाले रोल्पा जिल्ला सदस्य ३८ वर्षीय आशाराम गुरुङलाई ०६७ भदौ १९ गते वाईसीएल कार्यकर्ता २९ वर्षीय डुब्रिङ गाविस-८ का पूर्णबहादुर पुनको नेतृत्वमा रहेको समूहले पार्टी प्रवेशको भ्रम फैलाएको भन्दै डुब्रिङ गाविस-८ खारामा कुटपिट गऱ्यो। दिदीको घरमा जाँदै गर्दा आफ्नो आधार इलाका आएको भन्दै वाईसीएल कार्यकर्ताले गुरुङलाई कुटपिट गरेको एमाले रोल्पाले ०६७ भदौ २१ गते विज्ञप्तिमार्फत जनायो। केही दिनअघि सोही स्थानमा एकीकृत माओवादी कार्यकर्ता एमालेमा प्रवेशको भ्रम फैलाएको आरोपमा कुटपिट गरेको एमालेले आरोप लगायो। दुवैपक्षबीच ०६७ भदौ

२३ गते भएको छलफलपश्चात घाइते गुरुङको औषधी खर्च वाईसीएलले व्यहोर्ने सर्तमा सहमति भयो।

अन्यबाट

दाङ तुलसीपुर घर भई जिल्ला विकास समिति रोल्पाका स्थानीय विकास अधिकारी, ४० वर्षीय रमेश न्यौपानेलाई ०६७ असोज २० गते रोल्पाका नौओटा सङ्घ-संस्थाहरूले २४ घण्टाभित्र जिल्ला छाड्न धम्की दिए। पश्चिम उच्च पहाडी गरीबी निवारण आयोजनाका लागि विकास सरोकार समाज (डिकोस) लाई छनौट गरेको र जिल्ला विकास समिति र गैरसरकारी संस्थाबीच अनियमितता गरी अपराध गरेकाले माफी मागी तत्काल जिल्ला छाड्न न्यौपानेलाई चेतावनी दिइएको थियो। आर्थिक वर्ष ०६७/६८ का लागि रोल्पाका सात गाविस गजुल, पाखापानी, जिनावाङ, गैरीगाउँ, जैमकसला, थवाङ र राङ्सी गाविसहरूमा योजना सञ्चालन गर्न खुल्ला प्रस्ताव आह्वान गरेको र ०६७ असोज १८ गते डिकोसलाई छनौट गरी अनियमितता भएको भन्दै ०६७ असोज १९ गते कार्यालयका कागजातहरू समेत जलाइएको थियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत रोल्पामा ०६७ साल असार मसान्तसम्म बाँकी भएका सरकारीवादी फौजदारी मुद्दा चार थान रहे। ०६७ साल असार मसान्तसम्म २७ बाँकी भएका दुनियावादी फौजदारी मुद्दाको फैसला भयो। ०६७ साउनदेखि पुस १६ सम्म दर्ता भएका सरकारीवादी फौजदारी मुद्दाको सङ्ख्या १२ थान रहेकोमा दुई थान मात्र फैसला भयो। ०६७ साउनदेखि पुस १६ सम्म दर्ता भएका दुनियावादी फौजदारी मुद्दाको सङ्ख्या १९ रहयो भने दुई थानको फैसला भयो। त्यस्तै ०६७ साल असार मसान्तसम्म बाँकी भएका देवानी मुद्दाको सङख्या २९ रहयो भने चार थान फैसला भयो। त्यस्तै ०६७ साउनदेखि पुस १६ गतेसम्म दर्ता भएका सात थान देवानी मुद्दामा चार थानको मात्र फैसला भयो। यसैगरी ३७ थान घरेलु हिंसा ऐनअन्तर्गत दायर भएका मुद्दा मध्ये १३ थान मात्र फैसला भए। सरकारी अधिवक्ताको कार्यालयले २४ थान मुद्दा दायर गरेको पाइयो। ०६७ जेठ महिनामा अदालतमा मेलमिलाप केन्द्र समेत स्थापना भएको छ।

बालअधिकार

रोल्पा जिल्लामा हाल २ सय ७६ प्राविमा ५७ हजार ८ सय ८३ जना विद्यार्थी (छात्रा २८ हजार ७ सय ३ र छात्र २९ हजार १ सय ८०) र १ हजार ४ जना शिक्षक रहेका छन्। त्यस्तै ८६ निमाविमा १२ हजार ८ सय ९७ विद्यार्थी (छात्रा ५ हजार ९ सय ६१ र छात्र ६ हजार ९ सय ३६) र २ सय ८ जना शिक्षकहरू छन् भने ४१ माविमा ४ हजार ७६ जना विद्यार्थी (छात्रा १ हजार ८ सय ७३ र २ हजार २ सय ३) र १ सय ७४ जना शिक्षक रहेका छन्। यसैगरी जिल्लाका १० उच्च माविमा ७ सय ६८ जना विद्यार्थी (छात्रा ३ सय ७४ र छात्र ३ सय ९८) रहेका छन्। जिल्लाको साक्षरता प्रतिशत ३७ रहेको छ। रोल्पा जिल्लामा करिब ७ सय शिक्षक अभाव रहेको जिल्ला शिक्षा कार्यालयले जनायो। विद्यार्थी सङ्ख्याका लागि शिक्षक अपुग भएपनि थोरै शिक्षकले कक्षा र विषय दोहोऱ्याउँदै पढाइरहेका छन्। अभिभावकहरूका अनुसार शिक्षाको गुणस्तर वृद्धि गर्नु भन्दा कक्षा खाली नगरी पढाउन शिक्षक नै अभाव हुँदै आएको छ। जिल्लामा सबै तहका दरबन्दी, राहत र निजी स्रोतका गरी १ हजार ३ सय ३१ शिक्षक कार्यरत छन्। विद्यार्थीको सङ्ख्या अनुसार १ हजार ९ सय शिक्षकहरू आवश्यक भएको शिक्षा कार्यालयले

घटनाको प्रकार	गैरराज्यबाट					राज्यबाट		
	अन्यबाट							
	घटना सङ्ख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	३		३		३			
घाइते	३	५			५			
गिरफ्तारी/यातना						१	३	३
कुटपिट	१	१			१			
धम्की	३	३		३४	३६			
जातीय विभेद	१	१	१		३			
महिलाअधिकार	५		५		५			
जम्मा	१५	९	८	३४	५१	१	३	३

जनाएको छ। प्राविमा १ हजार ७, निमाविमा २ सय ८ र माविमा ६३ जना शिक्षक कार्यरत रहेका छन्। प्राविमा १ शिक्षक बराबर ४५ विद्यार्थी, निमाविमा १ शिक्षक बराबर ३५ विद्यार्थी र माविमा विषयगत दक्ष शिक्षक हुनु पर्नेमा विद्यार्थीको अनुपात अनुसार प्राविमा १ हजार २ सय ८६, निमाविमा ३ सय ६८ जना अपुग भएको कार्यालयले जनायो। यस्तै माविमा करिब १ सय ५० शिक्षक अपुग भएको विभाग एवं मन्त्रालयमा उक्त समस्या लगातार जानकारी दिँदै आएको भए पनि सुनुवाइ नभएको कार्यालयले जनायो।

एकीकृत माओवादीको आम हड्तालका कारण ०६७ वैशाख १९ गतेदेखि २४ गतेसम्म जिल्लाका ४ सय १८ विद्यालयको पठनपाठन बन्द हुँदा ७५ हजार ६ सय २४ बालबालिकाहरूको पठनपाठन प्रभावित भयो। आमहड्तालका कारण रोल्पामा कक्षा १२ को परीक्षा समेत स्थगित भयो।

महिलाविरूद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार घरेलु हिंसा

लिवाङ गाविस-८ वाइगाउँकी २४ वर्षीया सुनीता गुरुङलाई ०६७ जेठ २३ गते जिल्ला प्रहरी कार्यालय रोल्पाका प्रहरी जवान २४ वर्षीय होमबहादुर गुरुङले कुटपिट गरे। पीडित सुनीताले न्याय पाँउ भनी जिल्ला प्रहरी कार्यालय रोल्पामा ०६७ जेठ २७ गते उजुरी गरिन्। उजुरीपछि होमबहादुरलाई प्रहरीले तीनदिनसम्म नजरबन्दमा राख्यो। उजुरीको आधारमा प्रहरीले आगामी दिनमा होमबहादुरले पीडितले आरोप लगाएको महिलासँग भेटघाट र सम्बन्ध नराख्ने र सुनीतालाई कुटपिट नगर्ने सर्तमा मिलापत्र भयो।

नुवागाउँ गाविस-२ द्वारपानीकी ४४ वर्षीया मनकली घर्तीलाई ०६७ असार ३ गते घरमा खाना पकाउने विषयमा विवाद बढ्दै गएपछि उनका पति ४६ वर्षीय पहलमान घर्तीले घरमै कुटपिट गरे। कुटपिटबाट शरीरभरी नीलडाम भएकी मनकलीको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार भयो। स्थानीय स्तरमा पटक-पटकको छलफलपछि ०६७ असार १५ गते दुवैबीच मिलापत्र भयो।

खुङ्ग्री गाविस-२ की २८ वर्षीया चन्द्रा गिरीलाई घरायसी विवादमा ०६७ असार २१ गते दिउँसो उनका पति ३० वर्षीय जेदु गिरीले कोदालोले टाउकोमा हानी हत्या गरे। एक वर्षदेखिको घरायसी विवाद बढ्दै गएपछि घरमै बसिरहेको अवस्थामा पत्नीको हत्या गरेका गिरीले धारिलो हतियार प्रयोग गरी आफूले पनि आत्महत्या गरे। गिरीले यसअघि पनि चन्द्रालाई हातमा धारिलो हतियारले आक्रमण गरी घाइते बनाएका थिए। दुवै लासको जिल्ला अस्पताल प्यूठानमा सोही दिन पोष्टमार्टम पश्चात ०६७ असार २२ गते सामूहिक रुपमा दाहसंस्कार भयो।

राँक गाविस-९ सुनारगाउँकी २६ वर्षीया गौनी सुनारलाई ०६७ भदौ २६ गते राति उनका सौता ५० वर्षीया सुभद्रा सुनारले धारिलो हतियार (बसुला) प्रहार गरी हत्या गरिन्। आफूले आठ छोरीहरू मात्र जन्माएकाले पति ५२ वर्षीय खड्गबहादुर सुनारसँग सल्लाह अनुसार छोरा जन्माउन भन्दै एकवर्ष अघि खड्गले दोस्रो विवाह गरेका थिए। कान्छीबाट पनि ०६७ भदौको पहिलो सातामा छोरी नै भएपछि छोरी जन्माएको रिसले उनको हत्या गरेको आरोपित सुभद्राले बयान दिइन्। सुभद्रा र उनका पति खड्गबहादुर सुनारलाई प्रहरीले ०६७ भदौ २७ गते गिरफ्तार गर्‍यो। अनुसन्धानपछि हत्यामा पतिको संलग्नता नभएको भन्दै प्रहरीले खड्गबहादुरलाई ०६७ असोज ३ गते साधारण तारिखमा रिहा गर्‍यो। सुभद्रा भने हत्याको अभियोगमा पुर्पक्षका लागि जिल्ला कारागारमा थुनामा छिन्।

स्वास्थ्य सेवाको अवस्था

रोल्पामा ४० ओटा उपस्वास्थ्य चौकी, नौ ओटा इलाका स्वास्थ्य चौकी, दुई ओटा प्राथमिक स्वास्थ्य केन्द्र र एक ओटा जिल्ला अस्पतालमा रहेका छन्। जिल्ला अस्पताल रेउघा लिवाङमा चार जना डाक्टरको दरबन्दीमा दुई जना, दुई जना स्टाफ नर्समा एक जना, चार जना अनमीमा दुई जना, एक जना हेल्थ असिस्टेन्ट र एक जना ल्याव असिस्टेन्टको दरबन्दी रहेकोमा दुवै पद खाली रहेको छ। जिल्ला अस्पतालमा विशेषज्ञ डाक्टर छैनन्। त्यस्तै जिल्लाका अन्य केही स्थानमा मासिका र ग्रास्वकाको दरबन्दी खाली रहेको छ। अहेव र अनमी भने राष्ट्रिय योजना आयोग र आन्तरिक स्रोतबाट करारमा नियुक्त गरेर दरबन्दी पूरा गरिएको जिल्ला स्वास्थ्य कार्यालय रोल्पाले जानकारी दियो।

४.४ सल्यान



जनसङ्ख्या : २,४६,५०५
साक्षरता प्रतिशत : ५६
महिला साक्षरता प्रतिशत : ४२
क्षेत्रफल (वर्ग कि. मि.) : १,४६२
गाविस/नपा सङ्ख्या : ४७/०
सरकारी/निजी विद्यालय : ३८१/५
क्याम्पस/उच्च मा.वि. : १/१८
अस्पताल/स्वास्थ्य चौकी : १/४७
मानव विकास सूचकाङ्कः ०.३९९
प्रतिपरिवार सरदर सङ्ख्याः ६

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या
अन्यबाट

रीम गाविस-४ जामुनेकी २५ वर्षीया कमला साहुलाई ०६७ जेठ ४ गते बिहान धारचौर जङ्गलमा घाँस काट्न गएको समयमा मानसिक सन्तुलन ठीक नभएका कुपिण्डे गाविस-४ ज्यामिरेका ३७ वर्षीय पूर्णबहादुर यरीले उनकै हँसिया खोसेर प्रहार गरी हत्या गरे। घटनापछि पीडकलाई प्रहरी चौकी कपुरकोट र इप्रका लुहामबाट आएको प्रहरी टोलीले सोही दिन रिम गाविस- १ र ५ को सिमानामा पर्ने सितल बजारबाट गिरफ्तार गरी नियन्त्रणमा राख्यो। हत्याको विरोधमा सोही दिन रिम र धनवाङ गाविसको विभिन्न ठाउँबाट करिव ५ सयको सङ्ख्यामा जम्मा भएका गाउँलेहरूको समूहले इप्रका लुहाममा कार्यरत प्रनि कृष्णकुमार क्षेत्री, प्रसनि जितबहादुर डी.सी., प्रसनि राजबहादुर श्रेष्ठ र प्रजहरू बुद्धिराम थारु, ललितबहादुर चौधरी र टोपबहादुर भण्डारी समेत छ जनालाई कुटपिट गरी घाइते पारी प्रहरी नियन्त्रणमा राखिएका पूर्णबहादुर यरीलाई हात, लात र ढुङ्गामुढाले कुटपिट गरी हत्या गरे। घटनामा संलग्न अभियुक्तहरू रीम गाविस-५ जामुने निवासी अमरबहादुर महतरा र धनवाङ गाविस-२ निवासी एक्शन बुढाथोकी, भीमबहादुर महतरा, शेरबहादुर बुढाथोकी, फत्तेबहादुर पुन, हिरालाल बुढाथोकीसहित छ जनालाई प्रहरीले ०६७ जेठ ७ गते गिरफ्तार गऱ्यो। गिरफ्तार भएका आरोपितहरू जिल्ला अदालतको आदेशमा ०६७ जेठ ३१ गते पुर्पक्षका लागि कारागार चलान भए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

जेल र बन्दीहरू

'घ' श्रेणीको सल्यान जिल्ला कारागारको क्षमता २० जनाको छ। कारागारमा हाल कैद तोकिएका पुरुष १४ र महिला तीन गरी जम्मा १७ जना बन्दी रहेका छन्। त्यस्तै थुनुवा (कैद नतोकिएका) पुरुष ३५ र महिला तीन गरी जम्मा ३८ जना रहेका छन्। जेलमा कूल बन्दी सङ्ख्या ५५ रहेको छ। जसमध्ये कर्तव्य ज्यानका ३३ जना, जबरजस्ती करणीका १४ जना, खोटाचलनका चार जना, घरमा आगो लगाएका तीन जना र चोरीका एक रहेका छन्। जेलमा यस वर्ष बन्दीहरूको अत्याधिक चाप भएका कारण खानेपानी र सरसफाईमा समस्या उत्पन्न भएको जेलर भुपबहादुर मल्लले बताए। यसवर्ष पिउने, कपडा धुने, नुहाउने र चर्पीमा प्रयोग गर्ने पानी नपाएका कारण बन्दीहरूले ०६६ चैत ६ गतेदेखि ९ गतेसम्म नाराबाजी गर्दै विरोध प्रदर्शन गरे। उक्त विरोधको अगुवाई गर्ने केही बन्दीहरूलाई दाङको तुल्सीपुर कारागारमा स्थान्तरण गरियो।

बेपत्ता/अपहरण
एकीकृत माओवादीबाट

लक्ष्मीपुर गाविस-७ घोरनेटीका २४ वर्षीय बलबहादुर बुढाथोकीले उनका बुबा ४५ वर्षीय सार्की बुढाथोकीसँग मिलेमतो गरी जेठी पत्नीलाई घरबाट निकालेको आरोपमा ०६६ पुस २६ गते राति हिवल्चा गाविस-१ पैयाँखर्क निवासी प्रावि शिक्षक तथा एकीकृत माओवादी कार्यकर्ता डम्बरबहादुर चलाउनेको नेतृत्वमा ४०-५० जनको सङ्ख्यामा आएको एक समूहले बलबहादुर बुढाथोकीलाई काँरागिठी गाविस-३ ज्यामिरेबाट अपहरण गऱ्यो। सो समूहले ०६६ पुस २७ गते बिहान उनका बुबालाई पनि उनकै घरबाट अपहरण गऱ्यो। अपहहिरत दुवैलाई हिवल्चा गाविस-१ पैयाँखर्क पुऱ्याई कुटपिट गऱ्यो। अपहरितहरू जेठी पत्नीलाई २ लाख रुपियाँ दिने सर्तमा ०६६ पुस २८ गते

घटनाको प्रकार	गैरराज्यबाट								राज्यबाट			
	अन्यबाट					एकीकृत माओवादीबाट						
	घटना सङ्ख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
हत्या	६	३	३		६							
घाइते	१	६			६	१	३	३				
गिरफ्तारी/यातना									३	५	१	६
कुटपिट	५	८	१		९	४	४	४	१	२		२
धम्की						२	२	२				
महिलाअधिकार	११		११		११							
बालअधिकार	६		५	१	६							
अपहरण	१	२			२	४	७	७				
जम्मा	४१	१९	३१	१	५१	११	१६	१६	४	७	१	८

अपहरण मुक्त भए। घटनाको सम्बन्धमा पीडितले कहीं पनि उजुरी गरेनन्।

प्रेचौर गाविस-१ का ४६ वर्षीय सेते सारु, उनका छोरा २३ वर्षीय फुमान सारु र सोही गाविस-३ का दुर्गा राम्जाली र ३० वर्षीय जीतबहादुर धुरेललाई चन्दा नदिएको आरोपमा ०६७ वैशाख २१ गते सोही गाविस-४ निवासी एकीकृत माओवादी कार्यकर्ता जङ्गबहादुर रावतको नेतृत्वमा आएको पाँच-छ जनाको समूहले अपहरण गरी कुटपिट गर्नुका साथै १०-१० हजार रुपियाँ चन्दा असुल गरी सोही दिन राति मुक्त गऱ्यो। आरोपित पक्षले उक्त रकम चन्दा नभई मेट बनेर भारत लगेका जनताहरूलाई ठगी गरेकोले फिर्ता गरेको कुरा आफूलाई जानकारी आएको एकीकृत माओवादीका जिल्ला सेक्रेटरी टिकाराम वली (दर्शन) ले बताए।

वाईसीएलबाट

हिवल्चा गाविस-८ साउनेका २० वर्षीय नीमबहादुर कवर र सोही ठाउँ निवासी २९ वर्षीय कृष्णबहादुर कवरलाई कुटपिट विरुद्ध जिल्ला प्रहरी कार्यालयमा उजुरी गरेको आरोपमा ०६७ कात्तिक १७ गते बिहान १० बजेतिर सोही ठाउँका ४९ वर्षीय देवबहादुर कवरको उजुरीका आधारमा सोही गाविस-४ निवासी ४४ वर्षीय गणेशबहादुर रावत र सोही ठाउँ निवासी नारायण थापाले घरबाट अपहरण गरे। अपहरणपछि डोरीले पछाडि हात बाँधेर स्याला गाउँ पुऱ्याई लाठी र लातले कुटपिट गर्नुका साथै पीडित कृष्णबहादुर कवरबाट १५ हजार र नीमबहादुर कवरबाट २ हजार ५ सय रुपियाँ लिएर सोही दिन राति मुक्त गरे। घटनाबारे कहींकतै उजुरी गरेमा मार्ने धम्की दिएकाले कहीं पनि उजुरी दिन नसकेको पीडित नीमबहादुरले बताए।

धम्की/कुटपिट

एकीकृत माओवादीबाट

हिवल्चा गाविस-६ निवासी एमाले गाउँ कमिटी अध्यक्ष ४५ वर्षीय खुमलाल कवरलाई ०६६ माघ ८ गते सोही गाविस-१ पैयाँखर्क निवासी एकीकृत माओवादी कार्यकर्ता तथा प्रावि शिक्षक डम्बरबहादुर चलाउनेले उनकै गाउँमा आई एमाले पार्टी छोड्न दबाव दिए। पार्टी नछोडेमा वाईसीएल लगाएर हात खुट्टा भाँच्ने धम्की दिएको पीडितले बताए।

शिवरथ गाविस-९ भारेखोला स्थायी घर भई हाल धनैारी गाविस-२ देवीपुर निवासी ५२ वर्षीय कृतिबहादुर बस्नेतलाई द्वन्द्वकालमा माओवादीले कब्जा गरेको जग्गा फिर्ताका गराउन शान्ति समिति गुहारेको आरोपमा ०६६ चैत १ गते सोही ठाउँ निवासी वाईसीएल कार्यकर्ता चुडामणि पुन र एकीकृत माओवादी कार्यकर्ता लालबहादुर विकले उनकै घरबाट अपहरण गर्ने प्रयास गरे। अपहरणको प्रयास असफल भएपछि थप वाईसीएल कार्यकर्ता सहित आएर हात खुट्टा भाँच्ने धम्की दिए। ०६६ चैत २ गते जिल्ला सदरमुकाम आइपुगे। सोही गाविस-८ स्थित पीडितको जग्गा द्वन्द्वकालमा चन्दा नदिएको आरोपमा माओवादीले कब्जा गरेकोमा अझै फिर्ता भएको छैन। पीडितले घटनाका सम्बन्धमा इलाका प्रहरी कार्यालयमा ०६६ चैत २ गते गते उजुरी दिएपनि यस वर्षको अन्त्यसम्म पीडकलाई कुनै कारबाही भएन।

सेजवालटाकुरा गाविस- ५ साहिलाकम्दका ५२ वर्षीय नारायण बस्नेतले ०६७ वैशाख २० गते दिउँसो मदिरा सेवन गरी एकीकृत माओवादी आमहड्तालको विरोध गरेको आरोपमा आन्दोलनमा हिँडेका एकीकृत माओवादी कार्यकर्ताहरूले हात र लाठीले कुटपिट गरे। कुटपिटबाट पीडित सामान्य घाइते भए। पीडितले त्रासका कारण कहीं पनि उजुरी नगरेको बताए

रुकुम जिल्ला रुघा गाविस घर भई कोटबाडा गाविस-५ राहनेटास्थित ससुराल आएका ३३ वर्षीय धनबहादुर मल्ललाई ०६७ जेठ २६ गते विवाद मिलाउन आएका सोही गाविस-६ निवासी एकीकृत माओवादी जिल्ला कमिटी सदस्य शोभाराम भण्डारी र सोही गाविस-१ का एकीकृत माओवादी एरिया कमिटी सदस्य पहलमान भनिने पूर्णबहादुर वलीले कुटपिट गरे। पीडितले इप्रका थारमारेमा उजुरी दिएतापनि पीडकलाई कुनै कारबाही भएन।

धनवाङ् गाविस-९ गारापानी निवासी ५२ वर्षीया एमाले समर्थक हिरा थापाका सम्पूर्ण परिवार घरभित्र बसिरहेको अवस्थामा ०६७ असार ८ गते राति सोही ठाउँ निवासी एकीकृत माओवादी जिल्ला कमिटी सदस्य तेजबहादुर बोहराको नेतृत्वमा आएका सोही ठाउँका वाईसीएल एरिया कमिटी सदस्य मङ्गल विक र सारपानी गर्पा गाविस गोठीवनका शेरबहादुर पुन सहितको समूहले सामुदायिक भवन बनाउने स्थानको बारेमा उनका छोरा टीकाराम थापाले विरोध गरेको आरोपमा घर घेरा हाली कुटपिट गऱ्यो। कुटपिटको प्रतिकारमा सो समूहको नेतृत्व गरी आएका तेजबहादुर बोहरा नै घाइते भए। घाइतेको उपचार कपुरकोटमा भयो।

हिवल्चा गाविस-४ निवासी सबुज गण धादिङमा कार्यरत सैनिक जवान २४ वर्षीय रूपलाल थापा, सेजवालटाकुरा गाविस-३ तल्लोमार्के निवासी खड्गदल गण नेपालगञ्जमा कार्यरत सैनिक जवान २४ वर्षीय पेशल बुढाथोकी र सोही ठाउँका १८ वर्षीय खिमबहादुर बुढाथोकीलाई आफूहरूसँग वादविवाद गरेको आरोपमा ०६७ साउन १ गते राति हिवल्चा गाविस-४ हिवल्चामा नाच हेर्न गएको अवस्थामा सोही गाविस-५ निवासी एकीकृत माओवादी एरिया कमिटी सदस्य इन्द्रबहादुर थापासँगै रहेका सोही ठाउँ निवासी वाईसीएल जिल्ला कमिटी सदस्य सीताराम सुनारले खुकुरी प्रहार गरी घाइते बनाए। घाइतेहरूमध्ये रूपलाल थापाको टाउकोमा गम्भीर चोट लागकोले प्राथमिक उपचार जिल्लामा गरी थप उपचार नेपालगञ्जमा भयो। पीडक सुनार यो वर्षको अन्त्यसम्म फरार रहे। पीडितहरूले पीडक विरुद्ध ०६७ साउन २ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। यस वर्षको अन्त्यसम्म पीडकहरू विरुद्ध जिल्ला अदालत सल्यानमा मुद्दा विचराधीन रह्यो।

गुल्मी जिल्ला गौंडाकोट गाविस-६ घुरेल्डाँडा घरभई विगत तीन वर्षदेखि कागती र काठको व्यापार गर्दै आएका ४१ वर्षीय राम हमाललाई मजदुरको ज्याला दिन ढिला गरको आरोपमा ०६७ भदौ ६ गते बिहान हिवल्चा गाविस-४ गोरडाँडातर्फ कागती खरिद गर्न जादैगर्दा सोही ठाँउ निवासी वाईसीएल कार्यकर्ता करिब ४५ वर्षीय गणेशबहादुर रावत र सोही गाविस-५ निवासी एकीकृत माओवादी एरिया कमिटी सदस्य इन्द्रबहादुर थापा समेतको टोलीले महेन्द्र रत्न मावि हिवल्चाको प्राङ्गणबाट अपहरण गरी कुटपिट गऱ्यो। उनलाई पार्टी कार्यालमा पुऱ्याई डोरीले हात बाँधी घगाँरुको लाठीले कुटपिट गर्दै सोही गाविस-८ माथिल्लोस्यालामा पुऱ्याइयो। सो ठाउँमा केही समय राखे पछि मजदुरहरूलाई सोधपुछ गर्दा मजदुरहरूले कुनै उजुरी नगरेको बताएपछि पनि पुनः कुटपिट गर्दै पहिलेकै ठाँउमा पुऱ्याउँदै गर्दा प्रहरी आएको थाहा पाएपछि सोही दिन दिउँसो ४ बजेतिर त्यहीं छोडेर भागे।

वाईसीएलबाट

काभ्रा गाविस-२ गोगने निवासी एमाले क्षेत्रीय कमिटी सदस्य २७ वर्षीय लोकेन्द्रसिंह खड्का र सोही गाविस-१ निवासी एमाले गाउँ कमिटी उपाध्यक्ष ३६ वर्षीय छविलाल खत्रीलाई आफू विरुद्ध प्रहरी गुहारेको आरोपमा ०६७ वैशाख २ गते बिहान छायाक्षेत्र गाविस-५ रावत गाउँ निवासी वाईसीएल जिल्ला कमिटी सदस्य शुकलाल खड्का, विश्व राना र नवबहादुर

एकीकृत माओवादीद्वारा कुटपिट गरी घाइते बनाइएका लोकेन्द्रबहादुर खड्का र छविलाल खत्री

बुढाथोकीको नेतृत्वमा ५०-६० जनाको सङ्ख्यामा आएको एक समूहले स्थानीय रिखेवगर बजारमा फोनबाट बोलाई कुटपिट गरी घाइते बनायो। घाइतेहरूको प्राथमिक उपचार जिल्लामा गरी थप उपचार काठमाडौँमा भयो। पीडक उपर जिल्ला प्रहरी कार्यालय सल्यानमा उजुरी दिए तापनि प्रहरीले उजुरी नै दर्ता गरेन।

एमालेबाट

बाँझकाँडा गाविस-७ निवासी एकीकृत माओवादी कार्यकर्ता ३६ वर्षीय कालीबहादुर बुढाथोकीले घरमा वाईसीएल पठाएको र रुकुम जिल्ला विजेश्वरी गाविस चौरजहारी घरभई सल्यान रुकुम सडक खण्डमा काम गर्ने हरिचन्दले वाईसीएलको नाममा घरमा सोधपुछ गरेको आरोपमा ०६६ फागुन १३ गते साँझ सोही गाविस-६ निवासी एमाले कार्यकर्ता तोजेन्द्र बुढाथोकी र रमेश बुढाथोकीको नेतृत्वमा आएको २०-२२ जना एमाले र नेपाली काङ्ग्रेस कार्यकर्ताहरूको समूहले सिद्देश्वरी गाविस-१ चाख्लीघाटस्थित पसल घर भित्र प्रवेश गरी कुटपिट गऱ्यो। सोही समयमा इलाका प्रहरी कार्यालयबाट आएको प्रहरीले पीडकहरूमध्येका तोजेन्द्र बुढाथोकीलाई गिरफ्तार गऱ्यो। प्रहरीले दुवैपक्षलाई कार्यालयमा बोलाई छलफल गराएर औषधी खर्च बापतको रकम पीडकले दिने शर्तमा ०६६ फागुन १५ गते मिलापत्र गरायो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत सल्यानमा गत वर्षको जिम्मेवारी सरेर आएका ४३ थान दुनियावादी फौजदारी मुद्दामध्ये १९ थान मुद्दा फर्स्यौट भए। यसवर्ष १९ थान दुनियावादी फौजदारी मुद्दा दर्ता भएकोमा तीन थान फर्स्यौट भए। यसैगरी गतवर्षको जिम्मेवारी सरेर आएका २२ थान सरकारवादी फौजदारी मुद्दामध्ये यो वर्षको अन्त्यसम्म आठ थान फर्स्यौट भए,। यसवर्ष १९ थान सरकारवादी फौजदारी मुद्दा दर्ता भएकामा दुई थान मुद्दा फर्स्यौट भए। सरकारवादी फौजदारी मुद्दातर्फ जम्मा (फर्स्यौट भएका १० थान, नभएका ३१ थान देवानी मुद्दातर्फ गतवर्षको जिम्मेवारी सरेर आएका १ सय १२ थान मुद्दामध्ये ६८ थान फर्स्यौट भए। यो वर्ष दर्ता भएका देवानी मुद्दा ३१ थान कुनैपनि फर्स्यौट भएनन्। यो वर्षको अन्त्यसम्म ७५ थान देवानी मुद्दा फर्स्यौट हुन बाँकी रहे। यसरी यसवर्षको अन्त्यसम्ममा फर्स्यौट भएका जम्मा मुद्दा १ सय थान फर्स्यौट हुन बाँकी रहेका मुद्दा १ सय ८० थान रहे। विगत वर्षको तुलनामा यस वर्ष जिल्ला अदालतबाट हुने न्याय सम्पादन कार्य छिटोटरितो भएको जिल्लावासीले अनुभव गरे।

जिल्ला सरकारी वकील कार्यालयले यस वर्ष जिल्ला अदादलत सल्यानमा दर्ता गरेका जम्मा मुद्दा ३० थान रहे। जसमध्ये आठ थान सफल, एक थान असफल, २१ थान फैसला हुन बाँकी रहेका छन्।

एकीकृत माओवादीद्वारा कुटपिट गरी घाइते बनाइएका नारायण बस्नेत

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

शिवरथ गाविस-६ सिर्पाका ३० वर्षीय मनबहादुर बस्नेत, उनको पत्नी २९ वर्षीय सन्तकली बस्नेत र साला १६ वर्षीय रेशम वलीलाई ०६६ पुस २२ गते इलाका प्रहरी कार्यालय थारमारेले गिरफ्तार गरी फरक-फरक दिनको मिति राखेर ०६६ पुस २७ गते गिरफ्तार र थुनुवा पुर्जी साथै दियो। इलाका प्रहरी कार्यालय थारमारेको हिरासतमा राखिएकी सन्तकली बस्नेत र रेशम वलीमध्ये सन्तकलीलाई प्रहरीले मानसिक यातना दिएको र रेशम वलीलाई बयानको क्रममा घुँडा मुनी हात पारेर डोरीले बाँधी खुट्टाको पैतला ठाडो पारेर पैतलामा लाठीले पिट्नुका साथै करेन्ट समेत लगाएको कुरा पीडितले बताए। त्यस्तै जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखिएका मनबहादुर बस्नेतलाई प्रहरीले पैतला ठाडो पारेर पैतलामा लठ्ठीले कुट्ने, शरीरका सबै कपडा फुकालेर रसीले बाँधी भुइमा पल्टाएर पोलेथिन पाइपले शरीरभरी कुटेको साथै मुखमा रुमाल कोचिदिएको कुरा पीडितले बताए।

ढाँकाडाम गाविस-४ का २० वर्षीय चन्द्रबहादुर खड्कालाई शिवरथ गाविस-३ का उदिराम बस्नेतको हत्या गर्ने व्यक्तिहरूको बारेमा कुरा गरेको आरोपमा ०६६ पुस २५ गते इलाका प्रहरी कार्यालय थारमारेले आफ्नो कार्यालयमा बोलाई बिनापूर्जी ०६६ पुस २८ गते सम्म हिरासतमा राख्यो। हिरासत उनलाई प्रहरीले आँखामा पट्टी बाँधी खुट्टामाथि टाउको तल पारी दलिनमा झुन्ड्याएर लाठीले कुटेको पीडितले बताए।

बालअधिकार

सल्यान जिल्लामा प्राविः ३ सयः २८, निमाविः ६१, माविः ४३, उमाविः १८ र क्याम्पस पाँच ओटा रहेका छन्। जसमा प्राविमा २९ हजार ७ सय ५० छात्र र ३२ हजार १ सय ६४ छात्रा, निमाविमा १० हजार ४ सय ३८ छात्र र ११ हजार २ सय १४ छात्रा, माविमा २ हजार १२ छात्र र १ हजार ८ सय १ छात्रा अध्ययनरत छन्। निजी विद्यालयतर्फ जिल्लामा निमाविः पाँच र प्राविः ३७ ओटा रहेका छन्।

खलङ्गा गाविस-६ स्थित त्रिजउमाविः लुहापिंगमा कक्षा ६ मा अध्ययनरत एक १२ वर्षीया बालिकालाई सोही गाविस-४ निवासी सल्यान क्याम्पस सल्यानका पियन ५८ वर्षीय लालबहादुर बुढाथोकीले ललाई-फकाई पैसाको प्रलोभनमा पारेर छ महिना पहिलेदेखि करणी गर्दै आएको कुरा ०६६ चैत ४ गते सार्वजनिक भयो। सोही दिन राति नै प्रहरीले आरोपीलाई गिरफ्तार गऱ्यो र जबरजस्ती करणी अर्न्तगतको मुद्दा जिल्ला अदालत सल्यानमा दायर गऱ्यो। जिल्ला अदालतको आदेशमा आरोपी ०६६ चैत १२ गते पुर्पक्षका लागि जिल्ला कारागार चलान भए।

भल्चौर गाविस-९ पुखातकी सात वर्षीया एक बालिकालाई ०६७ जेठ ३ गते साँझ फकाई फुलाई आफ्नो घरको माथिल्लो तलामा लगेर सोही ठाउँका १७ वर्षीय डिल्ली परियाले बलात्कार गरेको भन्ने पीडित पक्षको उजुरीको आधारमा आरोपित परियारलाई ०६७ जेठ १९ गते इलाका प्रहरी कार्यालय थारमारेले गिरफ्तार गऱ्यो। आरोपित जिल्ला अदालतको ०६७ असार ३ गतेको आदेश बमोजिम पुर्पक्षका लागि जिल्ला कारागार चलान भए।

रुकुम जिल्ला खोलागाउँ गाविस-१ घर भई कालागाउँ गाविसतिर घुम्न आएकी १६ वर्षीया एक बालिकालाई सोही जिल्ला सोही गाविस-९ घर भई कालागाउँ गाविस-७ बस्ने ३३ वर्षीय प्रेमबहादुर दमाईले सोही ठाउँको भ्रुङखोला पानीघट्टमा ०६७ जेठ १५ गते बलात्कार गरेको आरोपमा दमाईलाई इलाका प्रहरी कार्यालय सिम्रुत रुकुमले ०६७ जेठ १६ गते गिरफ्तार गरी ०६७ जेठ १९ गते सल्यान प्रहरीलाई बुझायो। जिल्ला अदालतको आदेशमा आरोपित ०६७ असार ११ गते पुर्पक्षका लागि जिल्ला कारागार चलान गरिए।

रीम गाविस-५ बरले घर भई प्राथमिक विद्यालय मूलपानीमा कक्षा-४ मा अध्ययनरत १२ वर्षीया बालिकालाई ०६७ मङ्सिर ९ गते बिहान धनवाङ् गाविस-७ कपुरकोटमा रहेको आफन्तको घरमा गएको अवस्थामा दाङ जिल्ला हलवार गाविस-१ परसेनी निवासी रा.१.ज.४८ को जिप चालक २२ वर्षीय पदम विकले बुबा भएको ठाउँमा लगीदिन्छु भनी ढाँटेर सोही ठाउँ नजिकैको अदुवा अनुसन्धान केन्द्रभित्रको खोल्सामा पुऱ्याई बलात्कार गरेको आरोपमा आरोपितलाई सोही दिन प्रहरी चौकी कपुरकोटले गिरफ्तार गऱ्यो। जिल्ला अदालतको आदेश बमोजिम ०६७ पुस ४ गते आरोपित पुर्पक्षका लागि जिल्ला कारागार चलान गरिए।

त्रिवेणी गाविस-९ की मानसिक अवस्था ठीक नभएकी १३ वर्षीया एक बालिकालाई ०६७ पुस १३ गते कोर्वाङ झिम्पे गाविस-२ दारिमज्युलाका १८ वर्षीय रोहित डाँगीले छत्रेश्वरी वनमा बलात्कार गरेको आरोपमा इलाका प्रहरी कार्यालय लुहामले ०६७ पुस १४ गते गिरफ्तार गरी जबरजस्ती करणीको मुद्दा चलायो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार दुर्व्यवहार

दमाचौर गाविस-९ दहगाउँकी सीता भण्डारीले बोक्सी लगाएर आफ्नी पत्नी विरामी बनाएको भनी ०६६ माघ २८ गते उनलाई छिमेकी डिल्लाबहादुर केसीसहित चारजना व्यक्तिहरू उनकै घरमा गई गाली बेइज्जती गर्नुका साथै पत्नीको मृत्यु भएमा उनकै घरमा ल्याएर फालिदिने धम्की दिए। पीडितले इलाका प्रहरी कार्यालयमा दमाचौरमा ०६६ माघ २९ गते उजुरी दिए। पीडित पक्ष पुनः सम्पर्कमा नआएका कारण कारबाही अगाडि नबढेको प्रहरीले बतायो।

मार्के गाविस-७ ठुलागाउँकी ३६ वर्षीया डिल्ली विकलाई बोक्सी लगाई पत्नी बिरामी बनाएको आरोपमा ०६७ असोज २४ गते साँझ ८.३० बजे सोही ठाउँ निवासी २१ वर्षीय यकेन्द्र रोकालगायत तीन

इलाका प्रहरी कार्यालय थारमारेले गिरफ्तार गरी यातना दिएका मनबहादुर बस्नेत र रेशम बली

जनाले खुकुरीसहित घरमा आई गालीगलौज गर्नुका साथै उनका पति ४० वर्षीय भद्रबहादुर विक र छोराछोरी सहित सात जनाको परिवारलाई समेत काट्ने धम्की दिए। साथै पीडितका घर वरिपरिका फलफूलका रुखहरू समेत काटेर नष्ट गरिदिए। पीडितले जीउधनको सुरक्षाका साथै पीडकउपर कारबाहीको माग गर्दै ०६७ असोज २५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। सोही दिन प्रहरी पीडितको घरमा पुगी दुवै पक्षलाई राखी मिलापत्र गरायो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

कोर्वाङ झम्पे गाविस-३ की १८ वर्षीया एक महिलालाई औषधी उपचार गरी घरतर्फ फर्कने क्रममा ०६७ साउन २ गते साँझ खलङगा गाविस-२ श्रीनगर निवासी १९ वर्षीय सन्तोष कवर, सोही ठाउँ निवासी १८ वर्षीय प्रेम चनारा र प्यूठान जिल्ला खलङगा गाविस-४ निवासी ट्याक्टर सहचालक २० वर्षीय देवेन्द्र पुनले स्यानीखाल गाविस-२ डुम्रुखोला जङ्गलमा सामूहिक बलात्कार गरेको आरोपमा सोही दिन राति इलाका प्रहरी कार्यालयले श्रीनगरले आरोपितहरूलाई गिरफ्तार गऱ्यो। जिल्ला अदालतको आदेश बमोजिम आरोपितहरू ०६७ असोज ६ गते पुर्पक्षका लागि जिल्ला कारागार चलान भए। बलात्कृत महिलालाई उनका पति र परिवारले अस्वीकार गरेका कारण उनी यसवर्षको अन्त्यसम्म यानीखाल गाविस-२ स्थित माइती घरमा बसेकी छिन्।

ढाँकाडाम गाविस-३ की ३३ वर्षीया एक महिलालाई ०६७ भदौ ३ गते घरभित्र सुतिरहेको अवस्थामा एक अपरिचि व्यक्ति घरभित्र प्रवेश गरी बलात्कार गरेको र बलात्कारका कारण पाँच महिनाको गर्भ समेत पतन भएको भन्दै पीडितले न्यायका लागि ०६७ भदौ ११ गते इप्रका थारमारेमा उजुरी दिइन। प्रहरीले सोही दिन सोही ठाउँ निवासी २९ वर्षीय बीरबहादुर खड्कालाई बलात्कारको आरोपमा गिरफ्तार गऱ्यो। जिल्ला अदालतको ०६७ असोज ६ गतेको आदेश बमोजिम आरोपित पुर्पक्षका लागि जिल्ला कारागार चलान गरिए।

बडागाउँ गाविस-५ बाहुनगाउँकी सुस्तश्रवण भएकी ३९ वर्षीया एक महिलालाई ०६७ कात्तिक १४ गते सोही ठाउँको वनमा गाई चराउन गएको समयमा बाँके जिल्ला चिसापानी गाविस-९ गावर निवासी १८ वर्षीय टेकप्रसाद शर्माले बलात्कार गरेको भन्ने उजुरीको आधारमा शर्मालाई इलाका प्रहरी कार्यालय थारमारेले ०६७ कात्तिक १४ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको आदेश बमोजिम आरोपित ०६७ मङ्सिर १६ गते पुर्पक्षका लागि जिल्ला कारागार चलान गरिए।

इलाका प्रहरी कार्यालय थारमारेले गिरफ्तार गरी यातना दिइएका चन्द्रबहादुर खड्का

सिनवाङ गाविस-६ रातामाटाकी २० वर्षीया एक युवतीलाई ०६७ कात्तिक २६ गते राति १२ बजे आफ्नै घरमा सुतिरहेको अवस्थामा रोल्पा जिल्ला बुढागाउँ गाविस-५ छापका २२ वर्षीय सुन्दर दमाईले अन्य सात जना साथीहरू सहित आएर बुबाआमा र भाइ समेतलाई मार्ने धम्की दिँदै जबरजस्ती उठाएर घरतर्फ लगे। घर लानेक्रममा सोही रात सोही गाविसको माझलाखुरीको जङ्गलमा र ०६७ कात्तिक २७ गते गाउँ पुऱ्याई खाली गोठमा राखेर बलात्कार गरेको पीडितले बताइन्। पीडित ०६७ कात्तिक २८ गते उनकै कान्छी आमाको सहयोगमा मुक्त भइन्। पीडितले ०६७ कात्तिक २८ गते प्रहरी चौकी कपुरकोटमा उजुरी दिइन्। पीडितको उजुरीको आधारमा आरोपितलाई ०६७ कात्तिक ३० गते उनका गाउँलेहरूले नै समातेर कपुरकोट प्रहरी चौकीमा बुझाए। जिल्ला अदालतको आदेश बमोजिम आरोपित ०६७ मङ्सिर २८ गते पुर्पक्षका लागि जिल्ला कारागार चलान गरिए।

बहुविवाह

खलङ्गा गाविस-२ दारिमचौरकी १९ वर्षीया बालकुमारी चनारालाई उनका पति २६ वर्षीय सन्तोष चनाराले ०६७ भदौ ८ गते कुटपिट गरी ९ गते घरनिकाला गरे। थारमारे गाविस-२ कोटबेतस्थित माइती घरको शरणमा बस्दै आएकी पीडितले पतिले ०६७ भदौ २६ गते दाङ धनौरी गाविसस्थित गिदन्नेकी सुनीता विकसँग दोस्रो विवाह गरेको खबर ०६७ असोज ११ गते थाहा पाई असोज १२ गते जिल्ला प्रहरी कार्यालय सल्यानमा पति विरुद्ध बहुविवाहको उजुरी दर्ता गराइन्। आरोपितलाई ०६७ मङ्सिर १४ गते प्रहरीले गिरफ्तार गऱ्यो। जिल्ला अदालत सल्यानको आदेशमा ०६७ मङ्सिर २७ गते २५ हजार रुपियाँ धरौटीमा आरोपित रिहा भए।

खलङ्गा गाविस-६ गणेशथान निवासी २६ वर्षीय माधव भनिने दिव्यमणि श्रेष्ठले घरमा एक छोरा सहितकी पत्नी २१ वर्षीया मेनका श्रेष्ठ हुँदाहुँदै ०६७ असोज २७ गते सोही गाविस-५ की एक छोरी सहितकी २२ वर्षीया महिला उज्वकला डिसीसँग बिवाह गरे। पीडितले ०६७ मङ्सिर ११ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएपछि प्रहरीले आरोपित दुवैलाई ०६७ मङ्सिर १३ गते गिरफ्तार गऱ्यो। प्रहरीले ०६७ पुस १ गते बहुविवाह सम्बन्धी मुद्दा जिल्ला अदालत सल्यानमा दर्ता गरेपछि सोहीदिन आरोपित दुवैले जनही ५२ हजार रुपियाँ धरौटी राखी जिल्ला अदालत सल्यानबाट तारेखमा रिहा भए।

घरेलु हिंसा

दमचौर गाविस-६ की ४० वर्षीया भदी पुनलाई परपुरुषसँग यौनसम्बन्ध राखेको आरोपमा उनका पति ४५ वर्षीय कर्णबहादुर पुनले ०६६ पुस ३० गते कुटपिट गरी घर निकाला गरिदिए। पीडितले ०६६ माघ १७ गते जिल्ला अदालत सल्यानमा सम्बन्धविच्छेदको मुद्दा दर्ता गराइन्। पीडितका एक छोरा र एक छोरी छन्। यसवर्षको अन्त्यसम्म मुद्दा फैसला भएन।

पिपलनेटा गाविस–९ लामाडाँडाकी २७ वर्षीया तुलसा वलीलाई ०६७ जेठ ५ गते राति हत्या गरी जङ्गलमा फालेको अवस्थामा ०६७ जेठ ६ गते बिहान गाउँलेले लाश फेला पारे। हत्याको आरोपमा ०६७ जेठ ७ गते प्रहरीले उनका पति ३० वर्षीय कमल वली, जेठाजु भीमबहादुर वली, जेठानी दिदी नीता वली, सासू भद्री वली र देवर भागीराम वलीलाई गिरफ्तार गऱ्यो। जिल्ला अदालतको आदेशबमोजिम ०६७ असार ३ गते पुर्पक्षका लागि जिल्ला कारागार चलान गरिएका हत्याका आरोपितहरूमध्ये भीमबहादुर वली, नीता वली, भद्री वली र भागिराम वली ०६७ भदौ १८ गते पुनरावेदन अदालत तुलसीपुर दाङको आदेशमा साधारण तारेखमा रिहा भए।

खलङ्गा गाविस-२ दारिमचौरकी २५ वर्षीया विन्दु थापालाई उनका पति शिवजन उच्च मावि सितलपाटीका शिक्षक ३१ वर्षीय कमल थापाले ०६६ चैत १६ गते मदिरा सेवन गरी कुटपिट गरे। पीडितले ०६६ चैत २० गते जिल्ला प्रशासन कार्यालयमा उजुरी दिइन्। उजुरी उपर जिल्ला प्रशासन कार्यालय र इलाका प्रहरी कार्यालय श्रीनगरमा छलफल भए तापनि आरोपितलाई कुनै कारबाही भएन। पतिसहित घरका सम्पूर्ण परिवारले विगत दुई वर्षदेखि कुटपिट तथा दुर्व्यवहार गर्दै आएको भन्दै पीडितले जिल्ला प्रशासन कार्यालयको पहलमा पतिबाट आधा तलब लिएर सोही घरको छुट्टै कोठामा बस्दै आएकी छिन्।

सेजवालटाकुरा गाविस-५ साहिलाकम्दकी ३३ वर्षीया डम्बरी बस्नेतलाई उनका पति ५२ वर्षीय लक्ष्मण बस्नेतले विभिन्न बहानामा पटक-पटक कुटपिट गर्दै आउने क्रममा ०६७ जेठ १५ गते पुनः शरीर भरि नीलडाम हुने गरी कुटपिट गरे। हाल पीडित दुई छोरा र एक छोरी सहित पतिसँग छुट्टिएर गोठमा बस्दै आएकी छिन्। यसवर्षको अन्त्यसम्म पीडितले कतै उजुरी गरिनन्।

डाँडागाउँ गाविस-६ की २७ वर्षीया निर्मला भण्डारीलाई लुम्बिनी अञ्चल प्रहरी गुल्ममा भैरहवामा कार्यरत प्रहरी जवान उनका पति ३० वर्षीय कृष्ण भण्डारीले ०६७ वैशाख १५ गते कुटपिट गरी बाँया हात भाचिदिए। आफूसँग अंश मागेको भन्दै पीडकले ०६७ जेठ ६ र साउन ४ गते पुनः कुटपिट गरी घरबाट निक्लन दवाव दिएपछि पीडित दुई छोरा र एक छोरी साथमा लिएर थारमारे गाविस-४ थारमारे बजारस्थित माइतीको शरणमा बसिन्। माइतीमा बस्दा समेत पतिले पटक-पटक मार्ने धम्की दिइरहेको पीडितले बताइन्। पीडितले ०६७ साउन १५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पीडितको उजुरीको आधारमा जिप्रकाले दुवैपक्षलाई ०६७ साउन २७ गते जिल्ला प्रहरी कार्यालयमा उपस्थित गराई पीडितले पतिको आधा तलव र सम्पत्ति दिन सहमत गराए पनि पीडकले सहमति पालना गरेनन्। पीडकले आफूभन्दा पछाडि पाँचओटी महिलासँग विवाह गरिसकेको पीडितले बताइन्। पीडितले यस वर्षको अन्त्यसम्म अदालतमा मुद्दा दायर गरिनन्।

स्वास्थ्य सेवाको अवस्था

सल्यानमा अस्पताल एक, प्राथमिक स्वास्थ्य केन्द्र दुई, स्वास्थ्य चौकी नौ र उपस्वास्थ्य चौकी ३६ ओटा रहेका छन्। जसमा अस्पतालमा मेडिकल अधिकृत एक, रेडियोग्राफर एक, डार्करूम सहायक एक र ल्याव असिस्टेन्ट एक गरी चारजनाको दरबन्दी रिक्त रहेको छ। प्राथमिक स्वास्थ्य केन्द्रमा मेडिकल अधिकृत दुई, स्टाफ नर्स दुई र अनमी एक गरी पाँचओटा दरबन्दी रिक्त रहेको छ। त्यस्तै स्वास्थ्य चौकी र उपस्वास्थ्य चौकीमा अहेब चार, अनमी एक, मासिका चार, ग्रास्वाका १२ र पियन चारजनाको दरबन्दी रिक्त रहेको छ।

४.५ रूकुम



जनसङ्ख्या : २,२३,६१६
साक्षरता प्रतिशत : ४७
महिला साक्षरता प्रतिशत : ३५
क्षेत्रफल (वर्ग कि. मि.) : २,८७७
गाविस/नपा सङ्ख्या : ४३/०
सरकारी/निजी विद्यालय : ३७४/५
क्याम्पस/उच्च मा.वि. : १/२१
अस्पताल/स्वास्थ्य चौकी : १/४४
मानव विकास सूचकाङ्कः ०.३८६
प्रतिपरिवार सरदर सङ्ख्याः ७

गोली/विस्फोटक पदार्थद्वारा घाइते

राज्यबाट

खलङ्गा गाविस-६ की १४ वर्षीया गीता दर्लामी मगर सोही ठाँउस्थित श्री फेमस महिन्द्र दल गण ब्यारेकको तारबारमा दाउरा खोजिरहेको अवस्थामा ०६७ मङ्सिर २५ गते ल्याण्डमाइन विस्फोटनमा परी गम्भीर घाइते भइन्। विस्फोटनबाट उनको दाहिने खुट्टाको कुर्कुच्चा गुम्यो। पीडितको उपचार नेपाली सेनाको सहयोगमा काठमाडौँमा भयो। यस वर्षको अन्त्यसम्म उनी उपचारार्थ काठमाडौँमा नै रहिन्।

जेल र बन्दीहरू

'घ' श्रेणीको रुकुम जिल्ला कारागारको बन्दी क्षमता ३० जना रहेकोमा यो वर्षको अन्त्यसम्ममा कैद तोकिएका नौ जना पुरुष र चार जना महिला गरी १३ जना बन्दीहरू रहेका छन् भने कैद नतोकिएका १४ पुरुष र चार महिला गरी १८ जना थुनुवाहरू रहेका छन्। यसरी रूकुम कारागारमा जम्मा ३१ जना बन्दी तथा थुनुवाहरू रहेका छन्। कारागार भवन जीर्ण हुनु, बन्दीहरू सुत्ने कोठाहरूमा शौचालय नहुनु, खेलकुद सामग्रीहरू पर्याप्त नहुनु, महिला कारागारको पर्खाल साँघुरो हुनु जस्ता समस्याहरू विद्यमान रहेको बन्दीहरूको गुनासो छ। सीपमूलक तालिमहरू पाएमा जेलबाट निस्केर आत्मनिर्भर बन्न सकिने र त्यस्तो व्यवस्था सरकारले गरिदिनुपर्ने माग बन्दी तथा थनुवाहरूको छ।

बेपत्ता/अपहरण

युथ फोर्सबाट

घेत्मा गाविस-४ निवासी रेडियो सानोभेरीका सम्वाददाता १६ वर्षीय खडक विकलाई गलत समाचार सम्प्रेषण गरेको आरोपमा ०६७ कात्तिक १ गते राति युथफोर्स कार्यकर्ता विनोद पुन लगायत सातजनाको समूहले घरबाट अपहरण गऱ्यो। विक ०६७ कात्तिक २ गते दिउँसो रातामाटा गाँउबाट अपहरण मुक्त भए। पीडितले ०६७ कात्तिक ७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडितको उजुरीपछि दुवै पक्षलाई जिल्ला प्रशासनमा बोलाई आगामी दिनमा यस्तो गल्ती नदोहोऱ्याउने सर्तमा मिलापत्र भयो।

धम्की/कुटपिट

एकीकृत माओवादीबाट

रुकुमकोट गाविस-५ निवासी एमाले छैठौँ जिल्ला अधिवेशन आयोजक कमिटी संयोजक नन्दलाल शर्मालाई ०६६ चैत ३० गते सर्वपक्षीय बैठकमा भाग लिन जिल्ला विकास समितिको कार्यालयमा जाँदै गर्दा सोही कार्यालयको प्रवेशद्वारमा एकीकृत माओवादी डीसीएम बुद्धिप्रसाद शर्माको नेतृत्वमा आएका एकीकृत माओवादी कार्यकर्ताहरूले आक्रमण गरी गम्भीर घाइते बनाए। पीडितलाई उपचारका लागि जिल्ला अस्पताल सल्लेमा लगिएकोमा त्यहाँ उपचार हुन नसकी थप उपचारका लागि काठमाडौँ मोडेल अस्पतालमा लगियो। आगामी दिनहरूमा यस्ता कार्यहरू नदोऱ्याउने सर्तमा ०६७ वैशाख ६ गते जिल्ला प्रशासन कार्यालय रुकुममा दुवै पक्षबीच सहमति भयो।

खारा गाविस-५ निवासी एमाले खारा गाँउ कमिटी सचिव २६ वर्षीय मोहनविक्रम खड्कालाई ०६६ चैत ३१ गते एमाले रुकुमको छैठौँ जिल्ला अधिवेशनमा सहभागी हुन खारा गाविसबाट सदरमुकाम खलङ्गा जाँदै गरेको अवस्थामा भलाक्चा गाविसको रातापहरमा एकीकृत माओवादी कार्यकर्ताहरूले आक्रमण गरी गम्भीर घाइते बनाए। अनुहारभरि नीलडाम र जीउभरि भाटाले हानेका घाउहरू भएका पीडितको उपचार

घटनाको प्रकार	गैरराज्यबाट								राज्यबाट			
	अन्यबाट				एकीकृत माओवादीबाट							
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
हत्या	१		१	१								
घाइते									१		१	१
कुटपिट	३	६		६	४	७		७				
धम्की					१	१		१				
भेला/सङ्गठित हुने अधिकार					१	३	१	३				
महिलाअधिकार	१		१	१								
बालअधिकार	१		१	१								
अपहरण	१	१		१								
जम्मा	७	७	३	१०	६	१०	१	११	१		१	१

काठमाडौं मोडल अस्पतालमा भयो। आगामी दिनमा यस्ता कार्यहरू नदोऱ्याउने सर्तमा ०६७ वैशाख ६ गते जिल्ला प्रशासन कार्यालय रुकुममा दुवै पक्षबीच मिलापत्र भयो।

मुरु गाविस-३ निवासी अनेरास्ववियु कार्यकर्ता २० वर्षीय गगन बुढालाई ०६७ वैशाख ३ गते अनेरास्ववियु (क्रान्तिकारी) विरुद्ध काम गरेको आरोपमा सोही सङ्गठनका कार्यकर्ताहरूले एकीकृत माओवादी रुकुमको कार्यालयमा पुऱ्याई कुटपिट गरी भविष्यमा पनि आफूहरू विरोधी काम गरेमा राम्रो नहुने भनी धम्की दिएर दुई घण्टापछि मुक्त गरे। पीडितले घटनाको सम्बन्धमा कतै पनि उजुरी गरेनन्।

विजयश्वरी गाविस-९ अमला टाकुराका काङ्ग्रेस कार्यकर्ताहरू मानबहादुर विष्ट, कृष्णबहादुर पुन र एमाले कार्यकर्ता कमल घर्तीलाई ०६७ मङ्सिर ८ गते एकीकृत माओवादी कार्यकर्ताहरूले सोही गाविसस्थित मालिका प्राथमिक विद्यालय अमला टाकुरामा कुटपिट गरे। विद्यालयमा शिक्षक र कर्मचारी राख्ने सम्बन्धमा विवाद भएपछि एकीकृत माओवादी कार्यकर्ताहरूले उनीहरूलाई कुटपिट गरेका थिए। एकीकृत माओवादी कार्यकर्ताहरू गोपाल पुन, शिव पुन, मोती कामीलगायतले लाठी, दाउराले आफूहरूलाई कुटपिट गरेको पीडितहरूले बताए। उनीहरूको चौरजहारी मिसन अस्पतालमा उपचार भयो। पीडितहरूले ०६७ मङ्सिर ९ गते इप्रका चौरजहारीमा उजुरी गरेको भए तापनि यो वर्षको अन्त्यसम्म पीडकलाई प्रहरीले गिरफ्तार गरेन।

रुकुम नुवाकोट गाविस-७ निवासी राष्ट्रिय समाचार समिति र जनआस्था साप्ताहिकका सम्वाददाता तथा रेडियो सिस्ने एफएम रुकुमका समाचारवाचक २१ वर्षीय देपेन्द्रकुमार खड्कालाई एकीकृत माओवादी विरुद्ध समाचार लेखेको आरोपमा ०६७ साउन १२ गते एकीकृत माओवादी रुकुमका पूर्व जिल्ला इन्चार्ज गोपाल शर्मा (अनल) र साउन १३ गते वाईसीएल कार्यकर्ता केशव रावलले फोन गरी 'एकीकृत माओवादी नेता तथा कार्यकर्ताहरु विरुद्ध समाचार सम्प्रेषण गरेमा राम्रो हुनेछैन, विचार गरेर काम गर्नू' भनेर धम्क्याए। पीडितले घटनाको बारेमा तत्काल जिल्ला प्रहरी कार्यालय र पत्रकार महासङ्घ रुकुमलाई जानकारी गराए। प्रहरीले पीडितको सुरक्षा प्रबन्ध मिलाएको बतायो तर आरोपितहरूलाई कुनै कारबाही गरेन।

वाईसीएलबाट

एमाले जिल्ला कमिटी रुकुमका सचिवालय सदस्य रिखीप्रसाद शर्मा, कोटजहारी गाँउ कमिटी अध्यक्ष इन्द्रबहादुर शाही, गाँउ कमिटी सदस्य कुलबहादुर बस्याल र रेडियो सिस्ने एफएमका स्थानीय समाचारदाता दिवाकर शर्मालाई ०६७ मङ्सिर १७ गते एमाले कोटजहारी गाँउ कमिटीको बैठकमा वाईसीएल जिल्ला सदस्य लक्ष्मण शाहीको नेतृत्वमा आएको २०/२५ जनाको समूहले आक्रमण गरी घाइते बनायो। पीडितहरूको उपचार स्थानीय स्वास्थ्य केन्द्र तथा चौरजहारी मिसन अस्पतालमा भयो। पीडितहरूले इलाका प्रहरी कार्यालय चौरजहारीमा ०६७ मङ्सिर २० गते किटानी जाहेरी दिए। पीडकहरू फरार रहेको जिल्ला प्रहरी कार्यालयले जनायो। यस वर्षको अन्त्यसम्म पीडक पक्राउ परेनन।

एमालेबाट

नुवाकोट गाविस-७ निवासी नेपाली काङ्ग्रेसका वडा सभापति ४३ वर्षीय मानवीर ओलीलाई विद्यालय व्यवस्थापन समितिको चुनाव प्रचारको क्रममा ०६७ पुस २ गते श्री सरस्वती निमावि घरेलीचौरमा एमाले कार्यकताहरूले कुटपिट गरी घाइते बनाए। पीडितको उपचार चौरजहारी मिसन अस्पतालम भयो। पीडितले कतै उजुरी गरेनन्।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

नेकपा एमाले रुकुमले बाँफीकोट गाविस-२ नेटा पोखरामा आयोजना गरेको सन्देशसभामा एकीकृत माओवादी कार्यकर्ताहरूले ०६७ जेठ ४ गते एक्कासि मञ्च कब्जा गरी आक्रमण गर्दा एमाले राष्ट्रिय परिषद् सदस्य खेममान खडका, बाफीकोट गाँउ कमिटी सचिव गणेश के.सी, एमाले साधारण सदस्य शशीराम धिताल, कलाकार शोभा चन्दलगायत छ जना घाइते भए। सोही घटनामा एकीकृत माओवादी कार्यकर्ताहरूले त्यहाँ रहेका फर्निचरहरू तोडफोड गर्नुका साथै माईक समेत लुटे। घाइतेहरूको उपचार खर्च व्यहोर्ने र लुटिएका समानहरू फिर्ता गर्ने सर्तमा दुवै पक्षबीच ०६७ जेठ १२ गते जिल्ला प्रशासन कार्यालय रुकुममा सहमति भयो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

रुकुम जिल्ला अदालतमा दुनियाँवादी फौजदारी मुद्दा तर्फ गतवर्षको जिम्मेवारी सरेर आएका पाँच थान मुद्दामा सबै फर्स्यौट भए। यस वर्ष दर्ता भएका १ सय १ थान दुनियाँवादी फौजदारी मुद्दामा ३६ थान मुद्दा फर्स्यौट भए भने ६५ थान फर्स्यौट हुन बाँकी रहे। सरकारवादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका पाँच थान मुद्दा पाँचै थान मुद्दा फर्स्यौट भए। यस वर्ष दर्ता भएका सरकारीवादी फौजदारीतर्फ १३ थान मुद्दामा एक थान मुद्दा फर्स्यौट भए भने १२ थान फर्स्यौट हुन बाँकी रहे। यसैगरी देवानी मुद्दा तर्फ गत वर्षको जिम्मेवारी सरेर आएका आठ थान मुद्दामा सात थान मुद्दा फर्स्यौट भए भने एक थान फर्स्यौट हुन बाँकी रहे। यसवर्ष दर्ता भएका १ सय १८ थान देवानी मुद्दामा २४ थान मुद्दा फर्स्यौट भए भने ९४ थान फर्स्यौट हुन बाँकी रहे। यो वर्षको अन्तसम्म फर्स्यौट हुन बाँकी रहेका देवानी मुद्दा ९५ थान। यसरी, यो वर्षको अन्त्यसम्म फर्स्यौट हुन बाँकी रहेका मुद्दाको सङ्ख्या १ सय ७१ थान। जिल्ला अदालतमा पाँचवर्ष नाघेका कुनै मुद्दा छैनन्।

एकीकृत माओवादीद्वारा धम्की दिइएका पत्रकार देवेन्द्रकुमार खड्का

बालअधिकार

रुकुममा प्रावि सङख्या २ सय ५८, निमावि ७०, मावि ४०, उमावि २४ र क्याम्पस पाँच ओटा रहेका छन्।

रुकुम जिल्लामा दरबन्दी र राहत गरी १ हजार २ सय २५ जना शिक्षक दरबन्दीमा सबै पद पूरा छन। जिल्लामा ४४ हजार ७ सय ७८ छात्रा र ४४ हजार ६ सय ८३ छात्र गरी जम्मा ८९ हजार ४ सय ६२ जना विद्यार्थीहरु अध्ययनरत छन्।

खलङ्गा गाविस-८ रातामाटाकी पाँच वर्षीया बालिकालाई ०६७ असोज २ गते राति रुकुमकोट गाविस-७ का शिवबहादुर परियारले बलात्कार गरेको आरोप लाग्यो। बलात्कारपछि बेहोस भएकी बालिका जिल्ला अस्पताल सल्लेमा तीन दिनसम्म उपचार भएर घर फर्किन्। पीडितका बाबुले ०६७ असोज ३ गते प्रहरीमा जाहेरी दिएपछि प्रहरीले आरोपितलाई गिरफ्तार गरी अदालतको आदेशमा पुर्पक्षका लागि थुनामा राख्यो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार घरेलु हिंसा

खारा गाविस-२ दयाडाँडाकी ३० वर्षीया सेती ओलीलाई ०६६ फागुन १८ गते उनका पति प्रवेश ओलीले घाँटी थिचेर हत्या गरी आफ्नै घरको बरण्डामा झुण्ड्याई आफ्नी पत्नीले आत्महत्या गरेको प्रचार गरेको मृतकका आफन्तले आरोप लगाए। पीडितका माइती पक्षको उजुरीमा प्रहरीले आरोपितलाई ०६७ फागुन २४ गते गिरफ्तार गऱ्यो। मृतकको रुकुम जिल्ला अस्पतालमा पोष्टमार्टम गरियो। पोष्टमार्टम रिपोर्टमा घटना स्पष्ट नखुलेपछि थप परीक्षणका लागि भिसेरा काठमाडौं पठाइएको जिल्ला स्वास्थ्य कार्यालयले जानकारी दियो। आरोपित ओली हाल रुकुम जिल्ला

एकीकृत माओवादीद्वारा कुटपिट गरी घाइते बनाइएका नन्दलाल शर्मा

अदालतको आदेशमा पुर्पक्षका लागि रुकुम जेलमा थुनामा रहेका छन्।

स्वास्थ्य सेवाको अवस्था

रुकुम जिल्लामा एक जना मेडिकल सुपरिटेन्डेण्टको दरबन्दीमा एक जना नै कार्यरत छन। मेडिकल अधिकृत तीन जनाको दरबन्दीमा दुई जना मात्र कार्यरत छन्। जन स्वास्थ्य अधिकृत एक जनाको दरबन्दीमा एक जना नै कार्यरत छन्। एचए तथा सिअहेव १२ जनामा १२ जना नै कार्यरत छन्। स्टाफ नर्स पाँच जनाको दरबन्दीमा तीन जना मात्र कार्यरत छन्। खोप सुपरभाईजर एक जनाको दरबन्दीमा एक जना नै कार्यरत छन्। परिवार नियोजन सहायक एक जनाको दरबन्दीमा एक जना नै कार्यरत छन्। क्षयरोग, कुष्ठरोग सहायक एक जनाको दरबन्दीमा एक जना नै कार्यरत छन्। ल्याव टेक्निसियन एक जनाको दरबन्दीमा एक जना नै कार्यरत छन्। रेडियोग्राफर एक जनाको दरबन्दीमा सो पद रिक्त छ। अहेब ४७ जनाको दरबन्दीमा ४६ जना कार्यरत छन् भने एक पद रिक्त छ। अनमी १४ जनाको दरबन्दीमा १४ जना नै कार्यरत छन्। ल्याव असिस्टेन्ट तीन जनाको दरबन्दीमा दुई जना कार्यरत छन् भने एक पद रिक्त छ। ग्रामीण स्वास्थ्य कार्यकर्ता ४३ जनाको दरबन्दीमा ३१ जना कार्यरत छन् भने १२ पद रिक्त छ। मासिका ३४ जनाको दरबन्दीमा ३४ जना नै कार्यरत छन्।

एकीकृत माओवादीद्वारा कुटपिट गरी घाइते बनाइएका गणेश केसी र शशीराम धितात

४.६ बाँके



जनसङ्ख्या : ५,०३,८७४
साक्षरता प्रतिशत : ५७
महिला साक्षरता प्रतिशत : ५०
क्षेत्रफल (वर्ग कि. मि.) : २,३३७
गाविस/नपा सङ्ख्या : ४६/१
सरकारी/निजी विद्यालय : ४५२/६५
क्याम्पस/उच्च मा.वि. : ६/३३
अस्पताल/स्वास्थ्य चौकी : १६
मानव विकास सूचकाङ्कः ०.४७९
प्रतिपरिवार सरदर सङ्ख्याः ७

नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

तराई जनतान्त्रिक पार्टी (मधेश) बाट

इन्द्रपुर गाविस–३ घर भई सीतापुर गाविसका सचिव ३४ वर्षीय इन्द्रबहादुर श्रेष्ठलाई ०६६ माघ १२ गते तराई जनतान्त्रिक पार्टी (मधेश) का कार्यकर्ताले परसपुर गौघाट सडकमा पर्ने बन्जाडे गाँउ जाने चोकबाट अपहरण गरी इन्द्रपुर गाविस–९ मानपुर नजिक रहेको अडहरी बारीमा गोली हानी हत्या गरे। गाविसले ०६६ माघ १४ गते गर्न लागेको परिषद्को तयारीका क्रममा सर्वदलीय/सर्वपक्षीय बैठक गरी साइकलमा एक्लै घर फर्किरहेको अवस्थामा श्रेष्ठको

घटनाको प्रकार	गैरराज्यबाट									राज्यबाट			
	अन्यबाट					एकीकृत माओवादीबाट							
	घटना सङ्ख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना सङ्ख्या	पुरुष	नखुलेको	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
हत्या	१४	११	३		१४					१	३		३
घाइते	१३	१६	३		१८								
गिरफ्तारी/यातना										१	५		५
कुटपिट	३	५			५					३	११	३	१३
धम्की	९	८		४६	५४	१	१		१				
भेला/सङ्गठित हुने अधिकार	१		१		१	१	१		१	१	५	१	६
जातीय विभेद	३	३			३								
महिलाअधिकार	८		८		८								
बालअधिकार	४		३	३	४								
आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार	१	१			१	४	३	१	४				
अपहरण	५	१६	१		१७								
जम्मा	५९	५९	१७	४८	१३४	६	५	१	६	५	३४	३	३७

हत्या भएको थियो। जिल्ला प्रहरी कार्यालय बाँकेका डीएसपी राजकुमार वैदवारका अनुसार श्रेष्ठको लास उत्तानो परेको, दुवै हात पछाडि बाँधेको, आँखामा गलबन्दीले बाँधेको र मुखमा कपडा कोचेर फालेको अवस्थामा अडहरी बारीमा भेटिएको थियो। सो पार्टीका बाँके बर्दिया इन्चार्ज आर्दशको हस्ताक्षर रहेको पत्रमा सरकारी कर्मचारीले भ्रष्टाचार गरेको आरोपमा हत्या गरिएको उल्लेख थियो। पीडितका आफन्तले यस वर्षको अन्त्यसम्म कतै उजुरी दिएनन्। घटनामा संलग्न भएको आरोपमा प्रहरीले खजुराखुर्द गाविस–२ का २५ वर्षीय सावितराम कुर्मी, सोही गाविस–४ का २४ वर्षीय लक्ष्मीनाथ मिश्र, सोही गाविस–३ का १८ वर्षीय रघु यादवलाई ०६६ फागुन १ गते र इन्द्रपुर गाविस–७ का नन्कु दर्जीलाई ०६६ फागुन ५ गते गिरफ्तार गऱ्यो। गिरफ्तार गरिएका नन्कु दर्जी बाहेक अन्य तीनलाई ०६६ फागुन ४ गते जिल्ला प्रहरी कार्यालय बाँकेले पत्रकार सम्मेलन गरी सार्वजनिक गर्दै तराई जनतान्त्रिक पार्टी (मधेश)का कार्यकर्ता भएको जनायो। गिरफ्तार गरिएका चारै जनालाई जिल्ला प्रहरी कार्यालय बाँकेले ०६६ फागुन २३ गते कर्तव्य ज्यान सम्बन्धी अभियोग लगायो। उनीहरूलाई ०६६ फागुन २७ गते बाँके कारागार चलान गरियो। यसवर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

बागेश्वरी गाविस-२ का ४२ वर्षीय प्रकाशकुमार श्रेष्ठलाई ०६६ माघ २७ गते तराई जनतान्त्रिक पार्टी (मधेश) का कार्यकर्ताले नेपालगञ्जबाट साइकलमा घरतर्फ जाँदै गरेको अवस्थामा घरभन्दा करिब १ सय ५० मिटर अगाडि गोली हानी हत्या गरे। कुवेतमा मजदुरीको काम गर्दै आएका श्रेष्ठ तीन वर्षपछि घर फर्किएका थिए। पीडितका आफन्तले ०६७ फागुन ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएपछि भुरे भनिने सम्सुद्दिन बागवानलाई ०६७ वैशाख १७ गते इन्द्रपुर गाविस–८ बाट गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयले ०६७ जेठ १२ गते बाँके कारागार चलान गऱ्यो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

बेतहनी गाविस–६ का ३५ वर्षीय सीताराम गोडियाले पार्टीलाई असहयोग गरेको आरोपमा ०६७ वैशाख १३ गते राति तराई जनतान्त्रिक पार्टी (मधेश)का कार्यकर्ताले नेपालगञ्जबाट साइकलमा एक्लै घर फर्कंदै गर्दा वनकट्टी गाविस–१ गन्धली गाँउ नजिक बाटोबाट अपहरण गरी करिब १ सय मिटर पर आँपको रुख नजिक पुऱ्याई गोली हानी हत्या गरे। पीडितको कपडाभित्र तराई जनतान्त्रिक पार्टी (मधेश) बाँके बर्दिया विशेष इन्चार्ज लेखिएको लेटरप्याड फेला परेको र सो पत्रमा पार्टीलाई सहयोग नगर्ने जाली

फटाहालाई यस्तै कारबाही हुन्छ भनी उल्लेख गरिएको जिल्ला प्रहरी कार्यालय बाँकेका इन्स्पेक्टर शशीराम अधिकारीले जनाए। पीडित पक्षले यस वर्षको अन्त्यसम्म कतै उजुरी दिएनन्।

कञ्चनपुर जिल्ला भिमदत्त नपा–७ घर भई नेपालगञ्ज नपा–१५ मा डेरागरी बस्ने १६ वर्षीय लीलाधर भट्टलाई तराई जनतान्त्रिक पार्टी (मधेश) का कार्यकर्ताले अपहरणपश्चात ०६७ असोज १७ गते धारिलो हतियार प्रहार गरी हत्या गरे। उनीसँगै अपहरणमा परेका नेपालगञ्ज नपा–१५ का १५ वर्षीय बालक कपिल द्विवेदीलाई पनि सो पार्टीका कार्यकर्ताले ०६७ असोज १८ गते धारिलो हतियार प्रहार गरी हत्या गरे। उनीहरू दुवै ०६७ असोज १४ गते नेपालगञ्ज नपा–१ धम्बोझीबाट अपहरणमा परेका थिए। अपहरणमा परेकामध्ये कपिलका घरमा अपहरणकारीले फोन गरी ५० लाख रुपियाँ फिरौती माग गरेका थिए। अपहरणकारीले पछिल्लो पटक टेलिफोन मार्फत १० लाख रुपियाँ दिए छोरा छोड्ने बताएपछि कपिलका आफन्तले ०६७ असोज १८ गते इन्द्रपुर गाविसस्थित एबीसी इट्टा उद्योग नजिक गई १० लाख रुपियाँ फिरौती बुझाए। मृतक कपिलको लास इन्द्रपुर गाविस–७ मा रहेको ताल नजिक गाडेको अवस्थामा ०६७ असोज २० गते फेला पऱ्यो। लीलाधरको लास खासकारकाँदो गाविस–५ तालिम केन्द्र पछाडिको धान खेतमा ०६७ असोज १७ गते फेला परेको थियो। उनीहरू दुवैलाई अपहरणकारीले घाँटी र खुट्टाको कुरकुच्चामा धारिलो हतियारले रेटेका थिए। घटनाका मुख्य अभियुक्त भनिएका इन्द्रपुर गाविस–३ का २४ वर्षीय मेराज अहमद साई (आर्दश), सोही ठाँउका ३८ वर्षीय राजितराम वर्मा, २३ वर्षीय राम शोभित वर्मा, ४२ वर्षीय इब्राहिम मनिहार र २७ वर्षीय रञ्जव अलि खाँलाई ०६७ असोज १९ गते प्रहरीले इन्द्रपुर गाविस–३ बाट गिरफ्तार गऱ्यो। जिल्ला प्रहरी कार्यालय बाँकेद्वारा हत्याको अभियोगमा मेराज अहमद साई, रामशुरेश बर्मा, रिजुवान साई, जियाहुल सिद्दिकी, इब्राहिम मनिहार, कैलाशकुमार गडोरिया, राजितराम कुर्मी, रामशोभित बर्मा, नजिर खाँ, रज्जवअलि सेख, इन्साफ अलिसेख, मनोज बर्मा, कमालुद्दिन गडोरिया, सत्रुधन कुर्मी, प्रहरी हवल्दार साकिरअली बेहना र मानवअधिकार संरक्षण मञ्चका केन्द्रीय सदस्य सीपी सिंह भनिने चन्द्रेश्वरप्रसाद सिंह विरूद्ध ०६७ कात्तिक १४ गते जिल्ला अदालत बाँकेमा हत्याको अभियोग दर्ता गरायो। आरोपितमध्ये प्रहरीले हालसम्म तराई जनतान्त्रिक पार्टी (मधेश) का बाँके जिल्ला अध्यक्ष तथा पश्चिम क्षेत्र कमाण्डर बताउने इन्द्रपुर गाविस–३ निवासी २४ वर्षीय मेराज अहमद साई 'आदर्श', सोही ठाँउ निवासी ३८ वर्षीय राजितराम बर्मा, २३ वर्षीय रामसोभित बर्मा, ४२ वर्षीय ईब्राहिम मनिहार, २७ वर्षीय रज्जवअली खाँ, प्रहरी हवल्दार साकिर अलि बेहना, इन्द्रपुर गाविस–३ का कैलाश गडरिया र सोही गाविस–७ का वर्षादी भन्ने नासिर खाँलाई गिरफ्तार गऱ्यो भने अन्य अभियुक्तलाई यसवर्षको अन्त्यसम्म गिरफ्तार गर्न सकेन। गिरफ्तार परेका अभियुक्तहरूसँगको अदालती बयान सकिएको छ। अभियुक्तहरूको तर्फबाट प्रतिवाद गर्न यसवर्षको अन्त्यसम्म कुनै कानुन व्यवसायी तयार भएनन्। पीडितहरूको तर्फबाट बाँकेमा क्रियाशील ६३ जना कानुन व्यवसायीले निःशुल्क वहस गर्ने मञ्जुरी सहित वकालतनामा गराए। जस अनरुप यस वर्षको अन्त्यसम्म आठजना कानुन व्यवसायीले पीडितको तर्फबाट बहस गरिसकेका छन्। गिरफ्तार परेका आठ जनालाई ०६७ कात्तिक १६ गते पुर्पक्षका लागि बाँके कारागार चलान गरियो।

अज्ञात समूहबाट

नेपालगञ्ज नपा–१२ का १३ वर्षीय सुरेश धोबीलाई ०६६ चैत २१ गते राति अज्ञात समूहले घाँटी, पेट र कोखामा धारिलो हतियार प्रहार गरी हत्या गऱ्यो। घरबाट सिनेमा हेर्न जान्छु भनी हातमा सीडी लिएर हिँडेका पीडित ०६६ चैत २२ गते सोही नपा–१२ स्थित बालमन्दिर प्राथमिक विद्यालयमा रहेको ट्वाइलेटको सेप्टी टयाङ्की भित्र मृत अवस्थामा भेटिए। यसवर्षको अन्त्यसम्म घटनाका बारेमा कुनै पक्षले जिम्मा लिएन। प्रहरीले पनि घटनामा संलग्नको पहिचान गर्न सकेन।

अन्यबाट

बेतहनी गाविस–३ निवासी एमाले कार्यकर्ता ३९ वर्षीय गुलामहुसेन नाउलाई सोही गाविस–१ निवासी ४० वर्षीय पप्पु भनिने नरेन्द्रकुमार चौधरी, मेघनाथ कुर्मी र बद्री मिश्रको अगुवाईमा बन्दुक, धारिलो हतियार र लाठीसहितका ६०-६५ जनाको समूहले ०६६ चैत ३० गते राति घरमै गई कुटपिट गरी घाइते बनायो। पीडितको भेरी अञ्चल अस्पताल नेपालगञ्जमा प्राथमिक उपचार गरी थप उपचारका लागि ०६६ चैत ३१ गते साँझ भारतको लखनउ लैजाँदै गर्दा बाटोमै मृत्यु भयो। बेतहनी र होलिया गाविस जोड्ने सडक निर्माणका लागि उपभोक्ता समिति गठनका विषयमा ०६६ चैत २८ गते उनीहरूबीच

तराई जनतान्त्रिक पार्टी (मधेश) का कार्यकर्ताद्वारा हत्या गरिएका प्रकाशकुमार श्रेष्ठ

विवाद भएपछि पीडितहरूमाथि कुटपिट भएको थियो। सोही घटनामा कुटपिटबाट घाइते भएका गुलामका काका ५५ वर्षीय मन्सव अलीको ०६७ वैशाख २१ गते राति घरमा मृत्यु भयो। उनको उपचार भेरी अञ्चल अस्पताल नेपालगञ्जमा भएको थियो। प्रहरीले घटनास्थलबाट भरुवा बन्दुक एक थान, कटुवा पेस्तोल एक थान, खुकुरी र चारओटा गोली बरामद गरेको जनायो। प्रहरीले घटनामा सलग्न भएको आरोपमा वनकट्टी गाविस–१ का मुजीवुर रहमान र ज्ञानेन्द्र चौधरीलाई ०६७ वैशाख ३१ गते उनीहरूकै घरबाट गिरफ्तार गऱ्यो । मृतकका दाजु अकुव अहमद नाउले ०६७ वैशाख २ गते बेतहनी गाविस–१ निवासी ४० वर्षीय पप्पु भन्ने नरेन्द्र कुमार चौधरीसहित १५ जनाको नाममा जिल्ला प्रहरी कार्यालय बाँकेमा कर्तव्य ज्यान सम्बन्धी किटानी जाहेरी दिए। त्यस्तै घटनामा गुलामका दाजु ४२ वर्षीय अकुव नाउ, काकी ४३ वर्षीय कैरुला नाउ, काका ७३ वर्षीय मनइ नाउ, बुबा ७५ वर्षीय मन्सुर नाउ, सोही ठाउँका ७३ वर्षीय मोहन कोरी, काकाको छोरा १५ वर्षीय हसन नाउ, भतिजा १६ वर्षीय फिरोज सल्मानी, सोही ठाउँका सब्बीर खान, ५० वर्षीय मोहन कोरी, १२ वर्षीय मन्जीता कोरीलाई पनि धारिलो हतियार प्रहार गरी कुटपिट गरी घाइते बनाए। घाइते सबैको उपचार भेरी अञ्चल अस्पताल नेपालगञ्जमा भयो। गिरफ्तार भएका दुई व्यक्तिलाई जिल्ला अदालत बाँकेले ०६७ वैशाख ३० गते थुनामा राख्ने आदेश दिएकोमा पुनरावेदन अदालत नेपालगञ्जको आदेशमा ०६७ असार २४ गते तारेखमा रिहा भए। पीडित पक्षले घटनामा संलग्न भनिएकाहरू नेपाली काङ्ग्रेसका कार्यकताहरू भएको आरोप लगाए। पीडितको आरोपको सम्बन्धमा नेपाली काङ्ग्रेस बाँकेले आरोपीहरू नेपाली काँङ्ग्रेस पार्टीमा आवद्ध रहेपनि कुनै जिम्मेवार पदमा नरहेको र घटनामा पार्टीको कुनैपनि संलग्नता नरहेको व्यहोरा ०६७ पुस २६ गते पत्रमार्फत इन्सेकलाई जानकारी गरायो।

दोहोरो भिडन्त

राज्यबाट

फत्तेपुर गाविस–३ का २८ वर्षीय राजेशकुमार मौर्य, भारत बहराइच जिल्ला नवावगञ्जका ३१ वर्षीय बावादिन यादव र भारत लखिमपुरका ३० वर्षीय जानु दर्जीको ०६७ असार २२ गते बिहान फत्तेपुर गाविसको मुर्गिया खोलाको जङ्गलमा प्रहरी र अपहरणकारी बीच भएको दोहोरो भिडन्तमा प्रहरीको गोली लागी मृत्यु भयो। फत्तेपुर गाविस–७ बाट ०६७ असार २० गते अपहरणमा परेका फत्तेपुर गाविस–६ का २५ वर्षीय हिक्मत सिंह, उनको पत्नी २० वर्षीय रुपसरा सिंह, प्रेमबहादुर सिंह, गङ्गापुर गाविस–७ का ५० वर्षीय छेदा भनिने रमजान अलि साई, सोही ठाउँ निवासी ट्याक्टर चालक २२ वर्षीय गणेश चमार, सोही ठाउँका १७ वर्षीय पूर्णबहादुर खत्री र परशुराम चमारको खोजीमा जिल्ला प्रहरी कार्यालय बाँकेका इन्स्पेक्टर विचित्र शाहको कमाण्डमा खटिएको जनपथ र सशस्त्र प्रहरीको संयुक्त टोली र अपहरणकारीबीच भएको भिडन्तमा तीन अपहरणकारीको मृत्यु भएको प्रहरीले ०६७ असार २२ गते पत्रकार सम्मेलन गरी सार्वजनिक गऱ्यो। मृत्यु भएका व्यक्तिहरू कुन समूहमा आबद्ध थिए भन्ने बारेमा यस वर्षको अन्त्यसम्म खुल्न सकेन। अपहरणमा परेकालाई प्रहरीले सकुशल उद्धार गऱ्यो।

गोली/विस्फोटक पदार्थद्वारा घाइते

जनतान्त्रिक तराई मधेश मुक्ति पार्टीबाट

खासकारकाँदो गाविस–५ निवासी गौरी शङ्कर हार्डवयर पसलका सञ्चालक ४२ वर्षीय दीर्घराज आर्चाय (कौशल), मनिकापुर गाविस–८ निवासी सागर ट्राभल एण्ड टुरका सञ्चालक ४३ वर्षीय डिल्लीराज रेग्मी, काठमाडौँ मनपा–४ घर भई बर्दिया ठाकुरद्वारास्थित नेपाल वाइल्ड लाइफ रिसोर्टका सञ्चालक ४९ वर्षीय शिवप्रसाद चालिसे र उनका भतिजा नुवाकोट घर भई बर्दिया ठाकुरद्वारा बस्दै

तराई जनतान्त्रिक पार्टी (मधेश) का कार्यकर्ताद्वारा हत्या गरिएका इन्द्रबहादुर श्रेष्ठ

आएका २० वर्षीय रामहरि चालिसे ०६७ पुस १४ गते दिउँसो खासकारकादो गाविस–५ स्थित गौरी शङ्कर हार्डवयर पसलमा जनतान्त्रिक तराई मधेश मुक्ति पार्टीका कार्यकर्ताद्वारा गराएको सकेट बम विष्फोटनमा परी घाइते भए। विष्फोटनबाट डिल्लीराजको देब्रे खुट्टा गुम्यो भने दाहिने खुट्टा भाँचियो। यसैगरी शिवप्रसादको देब्रे हात, छाती र कोखामा, दीर्घराजको चिउडो र दाहिने खुट्टामा र रामहरिको दाहिने खुट्टामा बमको छर्राले चोट लाग्यो। नेपालगञ्ज मेडिकल कलेज नेपालगञ्जमा प्राथमिक उपचार पश्चात घाइते डिल्लीराज, शिवप्रसाद र रामहरिलाई थप उपचारका लागि काठमाडौँ बीएनबी अस्पतालमा रिफर गरियो भने दीर्घराजको उपचार नेपालगञ्ज मेडिकल कलेज नेपालगञ्जमा भयो। जनतान्त्रिक तराई मधेस मुक्ति पार्टीका केन्द्रीय अध्यक्ष भगतसिंहले नेपालगञ्जका केही सञ्चारकर्मीहरूलाई सोहीदिन फोन गरी घटनाको जिम्मेवारी लिए। चन्दा नदिएको आरोपमा सो पार्टीका कार्यकर्ताले गौरी शङ्कर हार्डवयर पसलमा बम विस्फोट गराएको पीडितले बताए। घाइते अन्य व्यक्तिहरू पसलमा सामान किन्न आएको अवस्थामा विस्फोटनमा परेका थिए।

बेवारिसे बम विस्फोटबाट

कचनापुर गाविस–७ का ६६ वर्षीय वीरभान खत्री ०६६ चैत २६ गते बिहान आफ्नै घरभित्र रहेको काठको भकारीबाट धान निकाल्दै गर्दा भकारीभित्र रहेको वेवारिसे सुतली बम विस्फोट भई घाइते भए। भकारीमा फेला परेको बमलाई केटाकेटीको खेलौना ठानी बम बेरिएको सुतरीको डोरी निकाल्ने प्रयास गर्दा बम पडकिएको थियो। विस्फोटबाट उनको देब्रे हातको तीनओटा औँला गुम्यो भने दुवै कानको श्रवण शक्ति कम भयो। विस्फोटबाट पीडितको दाहिने खुट्टाको तिघ्रा र दाहिने आँखामा पनि चोट लागेको थियो। घाइते खत्रीको उपचार नेपालगञ्ज मेडिकल कजेल शिक्षण अस्पताल कोहलपुरमा भयो। आर्थिक अवस्था कमजोर भएकाले उपचारमा खर्च भएको २६ हजार ९ सय ७ रुपियाँ पाउँ भनी घाइतेका छोरा कृष्णबहादुरले ०६७ वैशाख २ गते इन्सेक क्षेत्रीय कार्यालय नेपालगञ्जमा निवेदन दिए। इन्सेकले ०६७ भदौ २९ गते उपचार खर्च वापत खत्रीलाई एक कार्यक्रमका बीच २६ हजार ९ सय ३ रुपियाँ सहयोग गऱ्यो।

अज्ञात समूहबाट

भारत बहराइच जिल्ला मौजा उत्मापुर गाविस–५ का ५० वर्षीय कल्लु चौहानलाई ०६६ माघ २२ गते बुहारी लिन पुरैनी गाविस–९ पुरैनीस्थित सम्धी कृष्ण चौहानको घर पैदल हिँडेर आइरहेको अवस्थामा साँझ हतियारसहित दुई जनाको सङ्ख्यामा आएका अज्ञात व्यक्तिको समूहले गोली हानी घाइते बनायो। पीडितको घाँटी र दाहिने हातको औँलामा गोली लागेको थियो। उनको भेरी अञ्चल अस्पताल नेपालगञ्जमा उपचार भयो। घटनाको बारेमा यस वर्षको अन्त्यसम्म कुनै पक्षले जिम्मा लिएन।

मनिकापुर गाविस–८ का २२ वर्षीय मनिष शर्मालाई ०६७ जेठ २१ गते खासकारकाँदो गाविस–३ मा चार-पाँच जनाको सङ्ख्यामा आएका अज्ञात समूहले गोली हानी घाइते बनायो। पीडितको देब्रे हातको कुइनाबाट गोली छिरेर दाहिने तर्फको छातीबाट निस्केको थियो। उनको उपचार भारतको लखउनमा भयो। घटनामा संलग्न समूहको यस वर्षको अन्त्यसम्म पहिचान हुन सकेन्।

अन्यबाट

पुरैना गाविस–१ घर भई नेपालगञ्ज नपा–१६ मा डेरा गरी बस्ने २१ वर्षीय रिजवान बागवान ०६७ कात्तिक २२ गते सकेट बम विष्फोटमा परी घाइते भए। नेपालगञ्ज नपा–१६ स्थित लालबहादुर शाहीको घरमा भाडामा बस्दै आएको कोठा भित्र रहेको सो बम उचालेर सार्न खोज्दा विस्फोट भएको थियो। उक्त बम जनतान्त्रिक तराई मधेश पार्टी (भगतसिंह) समूहका कार्यकर्ताले जबरजस्ती कोठामा राखेको पीडितले बताए। बम विस्फोटबाट बागवानको दुवै हात र मुखमा चोट लाग्यो। उनको उपचार नेपालगञ्ज मेडिकल कलेजमा



तराई जनतान्त्रिक पार्टी (मधेश) का कार्यकर्ताद्वारा हत्या गरिएका लीलाधर भट्ट र कपिल द्विवेदी

भयो। बागवानको कोठाबाट प्रहरीले एक निजी विद्यालयलाई लेखेको २ लाख रुपियाँ चन्दा माग गरिएको पत्र, भूमिगत भगत सिंह समूहका पर्चा पम्पलेट, बम बनाउँदा प्रयोग हुने वारुद र व्याट्रीहरू बरामद गरेको बतायो। बागवानका विरुद्धमा जिल्ला प्रहरी कार्यालय बाँकेले ०६७ मङ्सिर ४ गते विस्फोटन पदार्थ ऐन अन्तर्गत मुद्दा दिए पनि ०६७ मङ्सिर २६ गते बाँके जिल्ला अदालतको आदेशमा उनी १५ हजार रुपियाँ धरौटीमा रिहा भए।

जेल र बन्दीहरू

'ग' श्रेणीको बाँके जिल्ला कारागारमा यो वर्षको अन्त्यसम्ममा कैद तोकिएका ६८ जना पुरुष र १० जना महिला कैदीहरू रहेका छन् भने कैद नतोकिएका १ सय ३७ पुरुष र चार जना महिला थुनुवा रहेका छन्। यसरी बाँके कारागारमा जम्मा २ सय १९ जना कैदी तथा थुनुवा रहेका छन्। कारागारको क्षमता १ सय ५० जना रहे पनि २ सय १९ जना बस्नुपर्दा बन्दीहरूलाई असुविधा भएको छ। कारागारमा पुरुष बन्दीका लागि १० र महिला थुनुवा तथा बन्दीका लागि एक कोठा रहेको छ। जीर्ण अवस्थामा रहेको कारागार भवन पुननिर्माण गर्ने अवस्थामा छ। जीर्ण भएका कारण पानी चुहिने समस्या भएको बन्दीहरूको गुनासो छ। मध्य तथा सुदूर पश्चिममा रहेका कारागारबाट विरामीहरू सिफारिस गरी भेरी अञ्चल अस्पताल नेपालगञ्जमा आउने हुँदा यस कारागारमा बन्दी सङ्ख्या बढेको कारागार प्रमुख श्यामलाल लामिछानेले बताए। यस कारागारमा २८ जना विदेशी कैदी (भारतीय) बन्दीहरू रहेका छन्। जसमध्ये कैदी आठ जना र थुनुवा २० जना रहेका छन्।

प्रहरीद्वारा सकुशल अपहरण मुक्त गरिएका रमजान अलि साई, रुपसरा सिंह, हिक्मत सिंह, गणेश चमार र पूर्णबहादुर खत्री

बेपत्ता/अपहरण

वाईसीएलबाट

फत्तेपुर गाविस–९ डाँडाटेपरीका एमाले कार्यकर्ता ३८ वर्षीय मेघबहादुर थापा, सोही ठाउँ निवासी २० वर्षीय राजु सार्की, १५ वर्षीय योगेश पुन, २० वर्षीय झिल्के पुन र १७ वर्षीय राता बुढामगरलाई ०६७ वैशाख २ गते राति ३०-३५ जनाको समूहमा आएका वाईसीएलका कार्यकर्ताले "तिमीहरूको नाम लिस्टमा छ एक छिन केही सोधपुछ गर्नु छ" भनी आआफ्नै घरबाट अपहरण गरी घरदेखि डेढ किलोमिटर टाढा सोही गाविस–९ छटकपुरुवा गाँउस्थित खेतमा पुऱ्याई बन्दुकको कुन्दा, सरिया र लाठीले कुटपिट गरे। कुटपिटबाट मेघबहादुरको देब्रे खुट्टा भाँचियो भने पुठा, हात र खुट्टामा नीलडाम पऱ्यो। अपहरित सबैलाई वाईसीएल कार्यकर्ताले छटकपुरुवाबाट सोही दिन मुक्त गरे। घाइते सबैको उपचार भेरी अञ्चल अस्पताल नेपालगञ्जमा भयो।

तराई जनतान्त्रिक पार्टी (मधेश)बाट

नेपालगञ्ज नपा–१३ घर भई महेन्द्र बहुमुखी क्याम्पस नेपालगञ्जमा कार्यरत क्याम्पसप्रमुख ५६ वर्षीय राजितराम पाठकलाई ०६६ चैत १२ गते दिउँसो सोही नपा–१३ सुर्खेत रोडबाट आफूलाई तराई जनतान्त्रिक (मधेश) पार्टीका कार्यकर्ता बताउने समूहले अपहरण गऱ्यो। अपहरित पाठकले १५ लाख रुपियाँ फिरौती बुझाएपछि ०६६ चैत १५ गते भारतको बाबागञ्जबाट मुक्त भए। घटना सम्बन्धमा तराई जनतान्त्रिक (मधेश) पार्टीका बाँके बर्दिया विशेष इन्चार्ज आर्दशले ०६६ चैत १५ गते प्रेस विज्ञप्ति प्रकाशन गरी क्याम्पस प्रमुख पाठकलाई आफ्नो पार्टीले अपहरण नगरेको सार्वजनिक गरे पनि दुई स्कूले बालक हत्याकाण्डपछि जिल्ला प्रहरी कार्यालय बाँकेले ०६७ असोज २० गते प्रेस विज्ञप्ति प्रकाशित गरी क्याम्पस प्रमुख पाठकको घटनामा तराई जनतान्त्रिक मधेश पार्टीका बाँके जिल्ला अध्यक्ष तथा पश्चिम कमाण्डर मेराज अहमद साईको संलग्नता रहेको साथै १५ लाख रुपियाँ फिरौती लिई मुक्त गरेको सार्वजनिक गऱ्यो।

खाँसकारकादो गाविस–३ घर भई कोष तथा लेखा नियन्त्रक कार्यालय नेपालगञ्जमा कार्यरत ४९ वर्षीय लेखा अधिकृत पदमबहदुर जिसी र दैलेख घर भई सोही कार्यालयमा कार्यरत कम्प्युटर अपरेटर ४१ वर्षीय चक्रबहादुर पराजुलीलाई ०६७ असार १ गते तराई जनतान्त्रिक पार्टी (मधेश) का कार्यकर्ताले फोन गरी भारतको रुपैहिडीया बोलाई अपहरण गरे। पीडितले १८ लाख रुपियाँ फिरौती तिरी ०६७ असार ४ गते

राति रुपैहिडीया देखि तीन किलोमिटर दक्षिणबाट मुक्त भए।

अज्ञात समूहबाट

फत्तेपुर गाविस–३ का ३६ वर्षीय चेतराम भनिने विक्रम मौर्य र सोही ठाँउका २२ वर्षीय रामकुमार मौर्यलाई ०६७ पुस ३ गते हतियारसहित आएका छ/सात जनाको अज्ञात समूहले घरमा धान दाउनी गरिरहेको अवस्थामा घरबाटै अपहरण गऱ्यो। अपहरित दुवै व्यक्तिले पाँच/पाँच क्वीन्टल धान बुझाउने सर्तमा उनीहरू दुवै सोही दिन राति फत्तेपुर गाविस–७ स्थित जङ्गलबाट मुक्त भए।

धम्की/कुटपिट

राज्यबाट

हुम्ला ठेय गाविस–९ घर भई मनिकापुर गाविस–८ राँझामा किराना पसल गर्ने २२ वर्षीय कार्वो लामालाई राँझा विमानस्थलको सुरक्षार्थ खटिएका प्रहरीले ०६६ माघ २८ गते राति कुटपिट गरी घाइते बनाए। कुटपिटबाट बेहोस भएका लामाको टाउको, ढाड र मुखमा चोट लागेको थियो। घाइतेको उपचार भारतको लखनउस्थित सामरा अस्पतालमा भयो। जिल्ला प्रहरी कार्यालय बाँकेले घाइतेको उपचार खर्च वापत ३२ हजार रुपियाँ दिई प्रहरी जवान गोकर्ण थारुलाई घाइतेको साथमा पठाएको थियो। पीडितले यस वर्षको अन्त्यसम्म कहीं उजुरी दिएनन्।

एकीकृत माओवादीबाट

नौवस्ता गाविस–४ निवासी एमाले क्षेत्र नम्बर ४ का सदस्य ३२ वर्षीय ईन्द्रबहादुर थापालाई ०६७ वैशाख १६ गते बनकटुवा गाविस–४ निवासी एकीकृत माओवादी जिल्ला कमिटी सदस्य दीपबहादुर रावतले एकीकृत माओवादीको विरुद्धमा प्रचारप्रसार गरेको र ०६७ वैशाख १८ गते नेपालगञ्जमा हुने आमसभामा स्थानीयवासीलाई नजान भनेको आरोपमा 'सर्तक भएर हिँड सन्देश राम्रो छैन' भन्दै फोनबाट धम्की दिए।

तराई जनतान्त्रिक पार्टी मधेशबाट

बागेश्वरी गाविस–२ निवासी नेकपा एमाले बाँके जिल्ला कमिटीका सचिवालय सदस्य एवम् नेपाल क्यान्सर अस्पताल खजुराका अध्यक्ष ४८ वर्षीय किस्मतकुमार कक्षपतिलाई 'पार्टीका कार्यकर्तालाई दु:ख दिएको' आरोपमा ०६६ फागुन १ गते तराई जनतान्त्रिक पार्टी (मधेश)का कार्यकर्ताले फोन गरी तीन दिनभित्र मार्ने धम्की दिए। आफूलाई मोर्चाको नगर इन्चार्ज बताउने तुफान उपनामका ती व्यक्तिले फोनबाट दिउँसो ३ बजे धम्की दिएको कक्षपतिले बताए। पीडितले मौखिक जानकारी प्रहरी प्रशासनमा दिएपनि लिखित जानकारी यस वर्षको अन्त्यसम्म कहीं दिएनन्।

नेपालगञ्ज नपा–१६ निवासी पत्रकार ४६ वर्षीय जे. पाण्डे भनिने जीवन पाण्डेलाई आफ्नो पार्टीको विरुद्धमा समाचार सम्प्रेषण गरेको आरोपमा ०६७ असार २४ गते तराई जनतान्त्रिक पार्टी (मधेश) का अध्यक्ष अर्जुन सिंहले फोन र इमेल गरी ज्यान मार्ने धम्की दिए। कान्तिपुर दैनिकको ०६७ असार २३ गते प्रहरी र अपहरणकारीबीच भीडन्त भन्ने प्रकाशित समाचारमा अपहरणकारी तराई जनतान्त्रिक पार्टी (मधेश) का पश्चिम कमाण्डर सिकन्दर भाग्न सफल भएको भन्ने समाचार गलत भएको सो पार्टीले जनाएको थियो। घटनाका बारेमा पीडितले यस वर्षको अन्त्यसम्ममा कहीं उजुरी गरेनन्।

नेपालगञ्ज नपा–१ तेजनगर निवासी सद्भाव राष्ट्रिय दैनिकका प्रकाशक/सम्पादक २९ वर्षीय दामोदर भण्डारीलाई तराई जनतान्त्रिक पार्टी (मधेश)

जनतान्त्रिक तराई मधेश मुक्ति पार्टीका कार्यकर्ताद्वारा बम विस्फोटन गराई घाइते बनाइएका छिल्लीराज रेग्मी र दीर्घराज आचार्य

का बाँके बर्दिया इन्चार्ज आर्दशले ०६७ भदौ ५ गते प्रेस विज्ञप्ति प्रकाशन गरी मार्ने धम्की दिए। विज्ञप्तिमा सञ्चारकर्मी भण्डारीले उक्त पार्टीको सुराकी गरेको र प्रहरीलाई आफ्ना पार्टीका कार्यकर्ता गिरफ्तार गर्न दबाब दिएको आरोप लगाइएको थियो। केही महिना अघि धम्की दिँदा समेत नसुधिएको कारण कारबाहीको सूचीमा राखिएको विज्ञप्तिमा उल्लेख थियो। 'सञ्चारकर्मी भण्डारी केही समयदेखि हाम्रो पार्टी विरोधी काममा लागेको अनुसन्धानबाट थाहा भएकाले अरुण सिंहनियाको' जस्तै हालत बनाइदिने समेत विज्ञप्तिमा उल्लेख थियो। धम्कीपछि केही समय पीडित भण्डारी नेपालगञ्ज छाड्न वाध्य भए। पत्रकार महासङ्घले सम्वाद मार्फत समस्याको समाधान गरेको बुझियो। धम्की दिने आदर्श उर्फ मेराज अहमद साईलाई नेपालगञ्जकै दुई बालक अपहरण र हत्याको अभियोगमा प्रहरीले ०६७ असोज २० गते गिरफ्तार गरी ०६७ कात्तिक १६ गते पुर्पक्षमा बाँके कारागार चलान गऱ्यो ।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वालासिंह) बाट

नेपालगञ्ज नपा–१२ का ४६ वर्षीय ठूले तामाङलाई चन्दा नदिएको आरोपमा ०६७ असार १० गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) समूहका कार्यकर्ताले घर बाहिर भऱ्याङ मुनि सकेट बम राखेर धम्की दिए। सो समूहको कार्यकर्ता बताउने एक व्यक्तिले ०६७ असार ७ र ८ गते फोन गरी २ लाख रुपियाँ चन्दा माग गरेको र नदिए कारबाही गरिने धम्की दिएका थिए। सो बम राँझास्थित नेपाली सेनाको कालीदल गणमा कार्यरत बम डिस्पोजल टोलीले ०६७ असार १० गते निष्कृय पाऱ्यो।

नेकपा मालेमाबाट

नेपालगञ्ज नपा–५ का ५६ वर्षीय कपडा व्यापारी जगदीश वैश्यलाई चन्दा नदिएको आरोपमा ०६७ असार १६ गते नेकपा मालेमा जिल्ला कमिटी बाँकेका कार्यकर्ताले सोही नपा–५ न्यूरोडमा बन्दै गरेको घरमा बाल्टिन बम राखेर धम्क्याए। सो बम कालीदल गण राँझाका सहसेनानी रेखा खत्रीको नेतृत्वमा आएको नेपाली सेनाको टोलीले ०६७ असार १६ गते निष्कृय पाऱ्यो।

जनतान्त्रिक तराई मधेश मुक्ति पार्टीबाट

जयसपुर गविस–६ निवासी मधेशी जनअधिकार फोरम नेपालका केन्द्रीय सदस्य एवम् सो पार्टीका बाँके क्षेत्र नम्बर-२ का सभासद् ३० वर्षीय मोहम्मद इस्तीयाक राईनलाई ०६७ साउन २० गते जनतान्त्रिक तराई (मधेश) मुक्ति पार्टीले एकीकृत माओवादीलाई मत दिई मधेशीको चाहना र आकाङ्क्षा विपरीत काम गरेको आरोपमा भौतिक कारबाही गर्ने धम्की दिए। सो पार्टीका केन्द्रीय अध्यक्ष भगत सिंहको हस्ताक्षरमा प्रकाशित प्रेस विज्ञप्ति मार्फत सभासद राईसहित अन्य ११ सभासदलाई सो धम्की दिइएको थियो।

अन्यबाट

कोहलपुर गाविस–३ का व्यापारी ४५ वर्षीय कर्णबहादुर कठायतलाई ०६७ असार ५ गते जाजरकोट जिल्ला पैंक गाविस–६ घर भई सुर्खेतको छिन्चुमा बस्दै आएका जनमुक्ति सेनाका पूर्व लडाकू २२ वर्षीय नरबहादुर विक भनिने वीरेन्द्र दर्माइले '५० लाख रुपियाँ चन्दा नदिए' अपहरण गर्ने धम्की दिए। घटनाका सम्बन्धमा पीडितले इलाका प्रहरी कार्यालय

जनतान्त्रिक तराई मधेश मुक्ति पार्टीका कार्यकर्ताद्वारा बम विस्फोटन गराई घाइते बनाइएका शिवप्रसाद चालिसे र रामहरि चालिसे

कोहलपुरमा ०६७ असार ५ गते अपहरण उद्योग सम्बन्धी किटानी जाहेरी दिए। घटनामा संलग्न भएको आरोपमा प्रहरीले वीरेन्द्रलाई ०६७ असार ५ गते सुर्खेतको छिन्चुबाट र नौवस्ता गाविस–८ का ३६ वर्षीय मानबहादुर वीसीलाई ०६७ असार ९ गते आफ्नै घरबाट गिरफ्तार गऱ्यो। जिल्ला अदालत बाँकेले ०६७ असार ३१ गते वीरेन्द्रलाई २० हजार र मानबहादुरलाई १० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दिएपछि मानबहादुर सोहीदिन १० हजार धरौटीमा रिहा भए भने वीरेन्द्र ०६७ साउन ९ गते २० हजार रुपियाँ धरौटीमा बाँके कारागारबाट रिहा भए।

दैलेख जिल्ला नारायण नपा–७ घरभई अस्थायी प्रहरी पोष्ट नगर भवन नेपालगञ्जमा कार्यरत २४ वर्षीय प्रहरी जवान तिलकबहादुर शाहीलाई ०६७ भदौ २० गते आफूलाई गिरफ्तार गर्न आएको आरोपमा नेपालगञ्ज नपा–११ का २३ वर्षीय अब्दुल सलाम अन्सारीले कटारीले घाँटीमा प्रहार गरी घाइते बनाए। प्रहरीले अन्सारीलाई गिरफ्तार गऱ्यो। अन्सारीको रिहाईको माग गर्दै सो दिन नेपालगञ्ज नपा–११ का युवाहरूले प्रहरी पोष्टमा ढुङ्गा प्रहार गर्दा चौकीका असई वलबहादुर केसी, प्रहरी हवल्दार ३० वर्षीय चक्रबहादुर नेपाली, २३ वर्षीय प्रहरी जवान श्यामलाल चौधरी, २२ वर्षीय प्रहरी जवान रामप्रसाद विक, २२ वर्षीय प्रहरी जवान सन्तोष सोनखर, २२ वर्षीय प्रहरी जवान गणेश बर्मा घाइते भए। स्थानीय युवाहरूको आक्रमणबाट चौकीको झ्याल, ढोकामा समेत क्षति भयो।

कैलाली, मालाखेती गाविस–३ घर भई सशस्त्र प्रहरी गुल्म-२ नम्बर कार्यालयमा कार्यरत २२ वर्षीय प्रहरी जवान शेरबहादुर बडुवाल, कञ्चनपुर, कृष्णपुर गाविस–२ घरभई सोही गुल्ममा कार्यरत २३ वर्षीय प्रहरी जवान गणेश भट्ट र सल्यान मार्के गाविस–१ घर भई जिल्ला प्रहरी कार्यालय बाँकेमा कार्यरत २१ वर्षीय प्रहरी जवान घनश्याम केसी गस्ती प्रहरी टोलीले

अज्ञात समूहद्वारा गोली हानी घाइते बनाइएका कल्लु चौहान

वनकट्टी गाविस–४ का रफिस खाँलाई बारबोर बन्दुकसहित गिरफ्तार गरेको विरोधमा ०६७ मङ्सिर २९ गते राति कम्दी गाविस–४ खालेमसाहा गाँउबाट घरेलु हतियारसहित आएका स्थानीयवासीको आक्रमणबाट घाइते भए। घाइतेमध्ये शेरबहादुरको टाउकोमा रड प्रहारबाट गहिरो चोट लाग्यो। प्रारम्भिक उपचारपछि उनलाई थप उपचारका लागि भारतको लखनउस्थित सामरा अस्पतालमा सिफारिस गरियो भने अन्य दुई घाइते भेरी अञ्चल अस्पतालमा उपचार पछि काममा फर्किए। गाँउलेको आक्रमणको खबर पाउनासाथ जिल्ला प्रहरी कार्यालयका एसपी महेशविक्रम शाहको नेतृत्वमा घटनास्थल पुगेको प्रहरीले कम्दी गाविस–४ का ३२ वर्षीय सगिर खाँ, सोही ठाँउका ४८ वर्षीय भिखु कुर्मी, ३३ वर्षीय जमालुद्दिन खाँ, ५० वर्षीय रन्जित खाँ, ४० वर्षीय शोभाराम वर्मा, ३५ वर्षीय हरिराम लोहार, ५० वर्षीय दुलारे लोहार, २२ वर्षीय ईस्त्राफील खाँ, २१ वर्षीय विर्जमोहन लोहार, २१ वर्षीय सकिल खाँ, २२ वर्षीय शहिद खाँ र २० वर्षीय कलाम खाँलाई सोही दिन राति गिरफ्तार गऱ्यो। गिरफ्तार परेकासँग तीन थान बाह्र बोर र दुई थान भरुवा बन्दुक बरामद गरेको प्रहरीले बतायो। गिरफ्तार भएका मध्ये तीन जना भिखु कुर्मी, हरिराम लोहार र शोभाराम कुर्मी ०६७ पुस १ गते रिहा भए भने अन्य १० जनालाई सोही दिन ज्यान मार्ने उद्योगमा मुद्दा चलाइयो। मुद्दा लगाइएका १० जनालाई यस वर्षको अन्त्यसम्म जिल्ला प्रहरी कार्यालयमा राखिएको थियो।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

नेपालगञ्ज नपा–११ निवासी जिल्ला बार एशोसियसन बाँकेका सचिव ३६ वर्षीय जनकबहादुर शाही र पुनरावेदन बारका सदस्य खिमराज गिरीलाई आमहड्तालको उल्लङ्घन गरी कार्यालय प्रवेश गर्न खोजेको आरोपमा ०६७ वैशाख २० गते बिहान एकीकृत माओवादीका कार्यकर्ताले जिल्ला अदालतको मुलद्वारमा कोट समातेर कार्यालय भित्र जान नदिई 'कालो कोटले सेतोलाई कालो र कालोलाई सेतो बनाउने गर्छ' भन्दै दुर्व्यवहार गरे। पीडितहरू जिल्ला अदालतको परिसर भित्र रहेको बारको कार्यालयमा जाँदै थिए। यस विषयमा अधिकारकर्मी र कानुन व्यवसायीहरूको पहलमा ०६७ वैशाख २० गते एकीकृत माओवादीका बाँके जिल्लाका नेताहरूसँग नेपालगञ्जमा भएको छलफलमा एकीकृत माओवादी

बाँकेका इन्चार्ज चन्द्रकान्त सुवेदीले आन्दोलनकारीका तर्फबाट कानुन व्यवसायीमाथि भएको अभद्र व्यवहारप्रति दु:ख प्रकट गरे।

राष्ट्रिय निकुञ्ज घोषणाको विरोधमा सामुदायिक वन उपभोक्ता महासङ्घ (फेकोफन) बाँकेले ०६७ साउन १३ गते महेन्द्र राजमार्गमा पर्ने कोहलपुर गाविस–३ चौराहामा आयोजना गरेको शान्तिपूर्ण प्रदर्शनमा प्रहरीले लाठीचार्ज गर्दा कोहलपुर गाविस–४ का २२ वर्षीय भक्तबहादुर कार्की, सोही ठाँउकी सीता तिमिल्सिना, चन्द्रकान्त च्वाई, सोही गाविस–५ का रेमन्त वली, सम थापा र खुलस्त पुन घाइते भए। कार्कीको देब्रे हात र रेमन्तको खुट्टामा चोट लाग्यो भने अन्यलाई शरीरमा चोट लागेको थियो। घाइते सबैको उपचार कोहलपुर मेडिकल कलेजमा भयो।

नेपाल पत्रकार महासङघ बाँके शाखाका अध्यक्ष झलक गैरे, प्रेस चौतारी बाँकेका अध्यक्ष रुद्र सुवेदी, एबीसी टेलिभिजन, हाम्रो समचार दैनिक र गोरखापत्र दैनिकमा आवद्ध पत्रकारहरू क्रमश: हेमलता जिसी, कमल डाँगी र रुपा गहतराज लगाएतका सञ्चारकर्मीलाई स्थानीय शान्ति समिति बाँकेको आयोजना तथा इन्सेक, हिमराइट्स, आरआरएन र हुरोनको सहकार्यमा बाँकेको राप्ती पारीका गाविसका समस्याहरुका सन्दर्भमा ०६७ पुस १० गते बैजापुरमा आयोजना हुन लागेको 'सार्वजनिक सुनुवाई' कार्यक्रमको समाचार सङ्कलनका लागि त्यसतर्फ जादै गरेको अवस्थामा कोहलपुर व्यापार सङ्घद्वारा शान्ति सुरक्षाको मागगर्दै गरिएको बन्दमा संलग्न आन्दोलनकारीहरूले दुर्व्यवहार गरे । आन्दोलनकारीले पत्रकारलाई हातपात साथै उनीहरू सवार गाडीमाथि आक्रमणको प्रयास गर्दै पत्रकार महासङ्घ मुर्दावाद जस्ता नारा लगाएका थिए। घटनाको पत्रकार महासङ्घ बाँकेले सोहीदिन विज्ञप्ति मार्फत भ्रर्त्सना गर्दै दोषीलाई कारबाहीको माग गऱ्यो। त्यस्तै नेपालगञ्जस्थित इन्सेक, पुनरावेदन वार, एडभोकेसी फोरम, हिमराइटस, सिविन लगाएतका मानवअधिकारकर्मी सङ्घसंस्था र प्रेश चौतारी, क्रान्तिकारी पत्रकार महासङ्घ र प्रेस युनिएनले पनि घटनाको भ्रर्त्सनागर्दै दोषीलाई कारबाहीको माग गरेका थिए। बन्दकर्ता पक्षले घटना नियोजित नभई आवेशमा भएको, पत्रकारलाई दुर्व्यवहार गर्ने नीति नभएको र आगामी दिनमा यस्तो नहुने प्रतिवद्धता जाहेरगर्दै घटनाप्रति क्षमायाचना गरेपछि पत्रकार महासङ्घ बाँकेले घटनालाई कानुनी रुपमा अगाडि बढाएन।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा ०६७ असार मसान्तसम्म बाँकी भएका सरकारीवादी फौजदारी मुद्दाको सङ्ख्या ३ सय ३५ र फैसला सङ्ख्या १ सय ७४ थान रहयो। त्यस्तै ०६७ असार मसान्तसम्म बाँकी भएका दुनियावादी फौजदारी मुद्दाको सङ्ख्या ८ सय ३३ र फैसला सङ्ख्या ४ सय ४८ थान रहयो। ०६७ साउनदेखि मङ्सिर मसान्तसम्म दर्ता भएका सरकारवादी फौजदारी मुद्दाको सङ्ख्या १ सय ७ र फैसला सङ्ख्या ३१ थान रहयो। ०६७ साउनदेखि मङ्सिर मसान्तसम्म दर्ता भएका दुनियावादी फौजदारी मुद्दाको सङ्ख्या १ सय ९४ र फैसला सङ्ख्या ६९ थान रहयो। ०६७ असार मसान्तसम्म बाँकी भएका देवानी मुद्दाको सङ्ख्या ९ सय २१ र फैसला सङ्ख्या ८ सय ४५ थान रहयो। ०६७ साउनदेखि मङ्सिर मसान्तसम्म दर्ता भएका देवानी मुद्दाको सङ्ख्या ३ सय ५४ र फैसला सङ्ख्या १ सय ४६ थान रहयो। घरेलु हिंसा ऐनअन्तर्गत तीन मुद्दा दायर भएकोमा कुनैपनि फैसला भएनन्।

पुनरावेदन अदालतमा ०६७ साल असार मसान्तसम्म बाँकी भएका सरकारीवादी फौजदारी मुद्दाको सङ्ख्या ६८ र फैसला सङ्ख्या १ सय २८ थान रहयो। ०६७ साल असार मसान्तसम्म बाँकी भएका दुनियावादी फौजदारी मुद्दाको सङ्ख्या ४१ र फैसला सङ्ख्या ८८ थान रहयो। त्यस्तै ०६७ साउनदेखि मङ्सिर मसान्तसम्म दर्ता भएका सरकारीवादी फौजदारी मुद्दाको सङ्ख्या ७३ र फैसला सङ्ख्या १६ थान रहयो। ०६७ साउनदेखि मङ्सिर मासन्तसम्म दर्ता भएका दुनियावादी फौजदारी मुद्दाको सङ्ख्या ८६ र फैसला सङ्ख्या सात थान रहयो। ०६७ साल असार मसान्तसम्म बाँकी भएका देवानी मुद्दाको सङ्ख्या २ सय ३० र फैसला सङ्ख्या ३ सय ५० थान रहयो। ०६७ साउनदेखि मङ्सिर मसान्तसम्म दर्ता भएका देवानी मुद्दाको सङ्ख्या १ सय ४९ र फैसला सङ्ख्या १३ थान रहयो।

सरकारी अधिवक्ताको कार्यालयले बाँके जिल्ला अदालतमा आर्थिक वर्ष ०६६/०६७ मा ३ सय ३५ थान र आ.व. ०६७/०६८ मा १ सय ७ थान मुद्दा दायर गरेको छ। दायर गरेका मुद्दाहरूमध्ये १ सय १४ मुद्दामा सफलता र ६० थान मुद्दामा असफलता रहेको बाँके जिल्ला अदालतले जनाएको छ। सफल र असफल मुद्दाहरूमा चोरीमा १५ सफल, चार असफल, डाकामा सफल छैन असफल एक, लागू औषधमा सात सफल, तीन असफल, जबरजस्ती करणी उद्योग एक सफल,

असफल छैन, त्यसैगरी कर्तव्य ज्यानमा आठ सफल, तीन असफल, गौवधमा सफल छैन असफल दुई, जवरजस्ती करणीमा एक सफल, चार असफल, ज्यानमार्ने उद्योगमा सफल छैन, १३ असफल, मानववेचविखनमा एक सफल, एक असफल, बहुविवाहमा दुई सफल, चार असफल, चन्दामा सफल छैन, तीन असफल, सवारी ज्यानमा ४३ सफल, असफल छैन, वन सम्बन्धमा आठ सफल असफल छैन, अन्यमा २८ सफल र २२ असफल रहेको बाँके जिल्ला अदालतले जनाएको छ।

बालअधिकार

बाँके जिल्लामा प्रारम्भिक बालविकास केन्द्र ४ सय ७७ रहेका छन्। सामुदायिक विद्यालय तर्फ प्राथमिक विद्यालय २ सय ५० (मदरसा १ सय १२, गुरुकूल ६ समेत), निमावि ६६ (मदरसा ४ समेत), मावि ६२, उच्च मावि २५ रहेका छन्। त्यसैगरी संस्थागत विद्यालय तर्फ प्राथमिक ४१, निमावि २८, मावि ४५ र उच्च मावि १९ रहेका छन्। प्रारम्भिक बालविकास केन्द्र बाहेक बाँके जिल्लामा जम्मा ४ सय ८२ विद्यालयहरू रहेका छन्। ती विद्यालयहरूमा अध्ययनरत बालबालिकाहरू १ लाख ३९ हजार १ सय २४ रहेको जिल्ला शिक्षा कार्यालयले जनाएको छ। जिल्ला शिक्षा कार्यालयका अनुसार यस जिल्लामा रहेका सामुदायिक तथा संस्थागत विद्यालयहरूमा २३ हजार ८ सय २१ दलित बालबालिकाहरू अध्ययनरत छन्। प्राथमिक तहमा ८ सय १३, निमाविमा १ सय ८३, माविमा १ सय ५२ शिक्षक दरवन्दी रहेको यस जिल्लामा दरवन्दी अनुसारका शिक्षक कार्यरत रहेको जिल्ला शिक्षा कार्यालयले जनाएको छ। यसैगरी जिल्लामा प्राविमा ४ सय ६०, निमाविमा १ सय २ र माविमा ५४ शिक्षकको राहत कोटा रहेको छ।

उढरापुर गाविस–२ की ६ वर्षीया एक बालिकालाई ०६६ माघ १३ गते सोही ठाउँ निवासी २२ वर्षीय यमबहादुर खड्काले बलात्कार गरेको भन्दै पीडितका परिवारले ०६६ माघ १४ गते जिल्ला प्रहरी कार्यालय बाँकेमा जबरजस्ती करणीको मुद्दा दर्ता गराए। खड्काले ललाईफकाई बालिकालाई उढरापुर गाविस–२ स्थित मानखोलामा लगेर बलात्कार गरेको पीडित परिवारको आरोप थियो। आरोपित खड्कालाई प्रहरीले ०६६ माघ १३ गते गिरफ्तार गऱ्यो। आरोपितलाई ०६६ फागुन ९ गते जिल्ला प्रहरी कार्यालय बाँकेले पूर्पक्षका लागि जिल्ला कारागार चलान गरेकोमा बाँके जिल्ला अदालतको फैसला अनुसार ०६७ भदौ ३ गते बाँके कारागारबाट रिहा भए।

निजी विद्यालयले चर्को शुल्क बृद्धिको विरोधमा बढाइएको शुल्क फिर्ता हुनुपर्ने माग गर्दै अनेरास्ववियु (क्रान्तिकारी) ले ०६७ वैशाख १२ गतेदेखि देशव्यापी आह्वान गरेको निजी विद्यालय बन्दका कारण बाँके जिल्लास्थित १ सय १४ निजी विद्यालयमा अध्ययनरत करिब ३५ हजार बालबालिकाले ०६७ वैशाख १६ गतेसम्म पढ्न पाएनन्। यस सम्बन्धमा अनेरास्ववियु (क्रान्तिकारी) र निजी विद्यालय सञ्चालकहरूबीच वार्ता भई एक महिना भित्र समिति गठन गरी शुल्क निर्धारण गर्ने सहमति भएपछि ०६७ वैशाख १७ गतेदेखि विद्यालयहरू पुन: सञ्चालन भए।

बनकट्टी गाविस–९ की १६ वर्षीया एक बालिकाका अभिभावकका उजुरीको आधारमा जिल्ला प्रहरी कार्यालय बाँकेले जवरजस्ती करणीको आरोपमा कम्दी गाविस–९ घरभई सशस्त्र प्रहरी क्याम्प कोहलपुरमा कार्यरत २८ वर्षीय परिचर बीरबहादुर बोहरालाई ०६७ भदौ २७ गते गिरफ्तार गऱ्यो। जिल्ला प्रहरी कार्यालय बाँकेका डीएसपी विनोद घिमिरेले पीडित बालिकाको मानसिक सन्तुलन ठीक नभएको र बोहराले कम्दी गाविस–९ तिलकपुर गाँउमा ०६७ भदौ २६ गते बिहान धान बारीमा बलात्कार गरेको बताए। पीडित पक्षले जिल्ला प्रहरी कार्यालय बाँकेमा ०६७ भदौ २७ गते जबरजस्ती करणी सम्बन्धी किटानी जाहेरी दिए। बालिकाको भेरी अञ्चल अस्पताल नेपालगञ्जमा ०६७ भदौ २७ गते स्वास्थ्य परीक्षण गरियो। प्रहरीद्वारा आरोपित बोहरालाई ०६७ असोज १८ गते बाँके कारागार चलान गरिएकोमा ०६७ असोज १९ गते बाँके जिल्ला अदालतको आदेशमा ५० हजार रुपियाँ धरौटीमा बाँके कारागारबाट रिहा भए। यस वर्षको अन्त्यसम्म मुद्दा फैसला भएन।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बेचबिखन तथा ओसारपसार

कोहलपुर गाविस–४ की २४ वर्षीया एक महिलालाई विवाह गर्ने प्रलोभनमा पारी सुर्खेत छिन्चु गाविस–३ का २८ वर्षीय सेते पुनले ०६६ फागुन १८ गते भारतको दिल्लीमा पुऱ्याई १५ हजार रुपियाँमा बिक्री गरे। पीडितले ०६७ कात्तिक १४ गते इलाका प्रहरी कार्यालय कोहलपुरमा पुनका विरुद्ध चेलीवेटी वेचविखन सम्बन्धी किटानी जाहेरी दिइन्। प्रहरीले आरोपित पुनलाई ०६७ कात्तिक १३ गते ससुराली आएको समयमा कोहलपुर गाविस–४ बाट गिरफ्तार गरी ०६७ मङ्सिर ९ गते बाँके कारागार चलान गऱ्यो। यसवर्षको अन्त्यसम्म मुद्दा फैसला भएन।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

पुरैना गाविस–२ की २० वर्षीया एक महिलाले ०६७ भदौ १९ गते जिल्ला प्रहरी कार्यालय बाँकेमा कम्दी गाविस–४ का २५ वर्षीय सकिल अहमद अन्सारी विरुद्ध जबरजस्ती करणीको मुद्दा दर्ता गराइन्। घटनाका आरोपितलाई ०६७ भदौ १९ गते नै प्रहरीले गिरफ्तार गऱ्यो। पीडित महिलाको जाहेरीका घटनामा अन्सारीले ०६७ भदौ १८ गते बिहान पुरैना गाविस–४ मा आफूलाई जबरजस्ती बलात्कार गर्न खोजेको उल्लेख थियो। आरोपितलाई ०६७ भदौ १९ गते चार दिनको लागि जिल्ला अदालत बाँकेमा म्याद थप गरी अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालयको हिरासत कक्षमा राखिएकोमा ०६७ असोज १२ गते बाँके जिल्ला अदालतको आदेशमा उनी साधारण तारेखमा रिहा भए। यस वर्षको अन्त्यसम्म मुद्दा फैसला भएन।

घरेलु हिंसा

रुभेना गाविस–७ का १८ वर्षीया चाँदतारा सल्मानीलाई दाइजो नल्याएको आरोपमा ०६६ माघ २ गते पति २० वर्षीय मोहमली सल्मानीले मट्टितेल खन्याई हत्या गर्न खोजेको भनी चाँदतारालेे ०६६ माघ ५ गते पतिका विरुद्ध इलाका प्रहरी कार्यालय कोहलपुरमा ज्यान मार्ने उद्योग सम्बन्धी किटानी जाहेरी दिइन्। पतिले आगो लगाउन खोज्दा देवरले सलाई खोसेपछि आफू बाँचेको ती महिलाले दिएको जाहेरीमा उल्लेख छ। तीन वर्षअघि परम्परागत मागी विवाह भएकी ती महिलासँग पतिले २५ हजार रुपियाँ नगद र एक मोटरसाइकल दाइजो मागदै आएको पीडित महिलाले बताइन्। घटना सम्बन्धमा ०६६ माघ ७ गते इलाका प्रहरी कार्यालयले दुवै पक्षलाई कार्यालयमा झिकाई छलफल गर्दा चाँदतारालेे अंश वापत ८० हजार रुपियाँ

एकीकृत माओवादीद्वारा तोडफोड गरिएको राजकुमार थारुको मोटरसाइकल

माग गरेको र पतिले दिन नमानेका कारण सहमति हुन सकेन।

सोनपुर गाविस–४ बढुवाकी २६ वर्षीया सादुरुन दर्जीलाई दाइजो नल्याएको आरोपमा उनका ३५ वर्षीय पति इद्रीस दर्जी र घरका अन्य परिवारले ०६७ जेठ २८ गते राति कुटेर हत्या गरेको माइती पक्षले आरोप लगायो। आँखा, कान र मुखबाट रगत आएको र शरीरका अन्य भागमा नीलडामहरू रहेको अवस्थामा घरदेखि करिब ५ सय मिटर पश्चिम खेतमा मृत अवस्थामा सादुरुनको लास ०६७ जेठ २९ गते बिहान फेला परेको थियो। सादुरुनका बुबा सहेजाद दर्जी र बढुवा गाँउका स्थानीयवासीले सामुहिक रुपमा यस घटना सम्बन्धमा ०६७ जेठ ३१ गते जिल्ला प्रहरी कार्यालय बाँकेमा मृतकका पति इद्रिसका विरुद्ध किटानी जाहेरी दिए। घटनाका बारेमा मृतकको भिसेरा परीक्षणका लागि अन्यत्र पठाइएको साथै थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय बाँकेका इन्स्पेक्टर शशीधर अधिकारीले बताए। प्रहरीले यस वर्षको अन्त्यसम्म कसैलाई गिरफ्तार गरेन।

यस वर्षको अन्त्यसम्म एक छोरासहित प्रेमा माइतमा बसेकी छन्। कृपारामको ०५३ सालमा प्रेम विवाह भएको थियो।

सबै प्रकारका जातीय विभेद

बनकटुवा गाविस–५ की २२ वर्षीय लोकेन्द्रनाथ योगीलाई अन्तरजातीय विवाह गरेको आरोपमा उनका बुवा तिलानाथ योगीलगायत घरका अन्य परिवारले घरमा बस्न दिएनन्। लोकेन्द्रले सोही ठाँउ निवासी १९ वर्षीय अमृता विकसँग ०६६ माघ २ गते प्रेम विवाह गरेका थिए। घरमा बस्न नदिएपछि लोकेन्द्र सोही दिनदेखि ससुराको घरमा बस्दै आएकामा यस वर्षको अन्त्यसम्म पनि घर फर्कन सकेनन्। घरमा बस्न नदिएर पटक-पटक मार्ने धम्की दिएको भन्दै जीवन सुरक्षा गरी आवश्यक न्याय दिलाई पाँउ भनी लोकेन्द्रले ०६६ फागुन २३ गते राष्ट्रिय मानवअधिकार आयोग क्षेत्रीय कार्यालय नेपालगञ्जमा निवेदन दिए।

खजुराखुद्र गाविस–५ की २२ वर्षीय मुवारक अली भाटलाई अन्तरजातीय विवाह गरेको आरोपमा ०६७ साउन २ गते सोही ठाउँ निवासी ५० वर्षीय दलसिंह रानाले ज्यान मार्ने धम्की दिए। भाटले दलसिंहकी छोरी २१ वर्षीया सरीताकुमारी रानासँग ०६७ जेठ महिनामा प्रेम विवाह गरेका थिए। धम्कीपश्चात ०६७ साउन २ गतेदेखि मुवारक र उनकी पत्नी सरीता घरमा नबसी लुकेर बस्दै आएका

थिए। शान्ति सुरक्षाको व्यवस्था मिलाई पाँऊ भनी ०६७ साउन ३ गते जिल्ला प्रशासन कार्यालय बाँकेमा निवेदन दिएका थिए। निवेदन दिएपछि पीडित पक्ष जिल्ला प्रशासन कार्यालयमा सम्पर्क गर्न नआएको भन्दै यस विषयमा छानबिन अगाडि नबढाइएको प्रशासनले जनायो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन सुकुमबासी समस्या

टिटिहिरीया गाविस–८ का ४१ वर्षीय मुक्त कमैया कधईलाल थारुले दश वर्षअघि मालिकसँग लिएको ऋण एकवर्ष पछि तिरे पनि ०६६ माघ ३ गते सोनपुर गाविस–५ का इरसाद खाँले उनका विरुद्ध जिल्ला अदालत बाँकेमा लेनदेनको मुद्दा दायर गरे। आफ्नो बुबा बिरामी हुँदा उपचारका लागि कधइलालले अन्य सुविधा केही नलिई एक वर्ष कमैया बस्ने सर्तमा ०५६ माघ २७ गते मालिक इरसादसँग १८ हजार रुपियाँ ऋण लिएको उनको भनाइ छ। मालिकसँग भएको सहमति भन्दा छ महिना बढी समय कमैया बसी मालिकसँग लिएको ऋण तिरेका कधइलालका विरुद्ध मालिकले व्याजसहित ३५ हजार ८ सय ८० रुपियाँ पाउनु पर्ने भनी अदालत समक्ष मुद्दा दिए। यस सम्बन्धमा पीडितले ०६७ साउन २१ गते निशुल्क कानुनी सेवाका लागि इन्सेक क्षेत्रीय कार्यालयमा अनुरोध गरेका थिए। इन्सेकले सोही दिन जिल्ला कानूनी सहायता समिति बाँकेलाई निशुल्क कानुनी सहयोगका लागि आवश्यक सहयोग गरीदिन अनुरोध गऱ्यो। यस घटना सम्बन्धमा पीडितको तर्फबाट जिल्ला कानूनी सहायता समिति बाँकेद्वारा ०६७ असार २४ गते जिल्ल्ला अदालत बाँकेमा प्रतिउत्तर लगाइए पनि यस वर्षको अन्त्यसम्म मुद्दा फैसला भएन।

संरचना, सम्पति क्षति, सम्पति कब्जा

तराई जनतान्त्रिक पार्टी (मधेश) बाट

नेपालगञ्ज नपा–१६ कोरियनपुरस्थित एकीकृत माओवादी जिल्ला समिति बाँकेको कार्यालय रहेको एक तले पक्की भवनमा ०६६ चैत १५ गते बिहान तराई जनतान्त्रिक (मधेश) पार्टीका कार्यकर्ताले प्रेसर कुकर बम विष्फोट गराए। विस्फोटनबाट भवनका दुई कोठा, झ्याल ढोका, दिवाल र फर्निचरमा क्षति भयो। एकीकृत माओवादीले मधेश विरोधी क्रियाकलाप गरेकोले चेतावनी स्वरूप आफ्ना पार्टीका कार्यकर्ताले उक्त घटना गराएको तराई जनतान्त्रिक पार्टी (मधेश) का बाँके बर्दिया विशेष इन्चार्ज आदर्शले ०६६ चैत १५ गते प्रेस विज्ञप्ति मार्फत सार्वजनिक गरे। घटनामा कार्यालयमा सुतेका एकीकृत माओवादी एसीएम तविल सुनारको बम विस्फोटका कारण कानको श्रवणशक्ति कमजोर भएको पीडितले बताए।

गनापुर गाविस–७ पार्वतीपुरमा सञ्चालित वागेश्वरी एण्ड स्टील प्रालिमा ०६७ जेठ २७ गते राति १२.४५ बजे तराई जनतान्त्रिक पार्टी मधेशका कार्यकर्ताले प्रेसर कुकर बम विष्फोट गराए। विस्फोटनबाट कार्यालयका सिसाहरू फुटेको र प्रवेशद्वारनजिक रहेको भवनको पर्खाल चर्किंयो।

मधेशी जनअधिकार फोरम नेपालका केन्द्रीय सदस्य एवम् बाँके क्षेत्र नं २ बाट प्रत्यक्ष निर्वाचनमा निर्वाचित सभासद ३० वर्षीय मोहम्मद इस्तीयाक राईनको जयसपुर गाविस–६ जयसपुरस्थित निवासमा ०६७ भदौ २३ गते राति १.२५ बजे सकेट बम विस्फोट भयो। विस्फोटबाट घरको भित्ता चर्किएको थियो भने सभासद्ले प्रयोग गर्ने यूपी एजी २१२२ नम्बरको भारतीय इन्डीका कारमा समेत सामान्य क्षति पुग्यो। बम घरको मूल ढोकामा रहेको ग्रिलमा राखिएको थियो। बम विस्फोटको जिम्मा तराई जनतान्त्रिक पार्टी मधेशले लियो। सो पार्टीका केन्द्रीय अध्यक्ष अर्जुन सिंहको हस्ताक्षरमा ०६७ भदौ २३ गते प्रकाशित विज्ञप्तिमा माओवादीलाई सहयोग नर्गन चेतावनी स्वरूप निवासमा बम विस्फोट गराएको उल्लेख गरिएको थियो। सो घटनाको जिम्मा जनतान्त्रिक तराई मधेश मुक्ति पार्टीले पनि लियो। सो पार्टीका केन्द्रीय अध्यक्ष भगतसिंहले नेपालगञ्जस्थित सञ्चारकर्मीलाई गरी सो घटनाको जिम्मा लिएका थिए। सभासद्का निजी सचिव समशुल हक राईनकाअनुसार पल्सर मोटरसाइकलमा दुई जनाको सङ्ख्यामा आएका व्यक्ति भन्सार नजिक मोटरसाइकल राखी पैदल आएर बम विस्फोट गराई मोटरसाईकलमा चौलिक्काबाट वालेगाउँ तर्फ भागेका थिए। सभासद् इस्तीयाकका भिनाजु ३५ वर्षीय मोहम्मद रजा राईनको दुई तले पक्की भवनमा सभासद इस्तीयाक विगत चार वर्षदेखि बस्दै आएका छन्। सभासद्को निवास सुरक्षार्थ चार प्रहरी घरको छतमा रहेका थिए। घटनास्थलको १ सय मिटर उत्तरमा सीमा प्रहरी कार्यालय र ५० मिटर दक्षिणमा भन्सार सुरक्षार्थ सशस्त्र प्रहरी कार्यालय रहेको छ। घटनामा संलग्न भएको आरोपमा इन्द्रपुर गाविस–३ का बाबुलाल चमार र किशोर खटिकलाई प्रहरीले ०६७ असोज ८ गते गिरफ्तार गरेकोमा ०६७ कात्तिक २२ गते पुर्पक्षका लागि बाँके कारागार चलान गऱ्यो।

नेपालगञ्ज नपा–६ घर भई पिप्रहवा गाविस सचिव एवम् गाविस हकहित समिति बाँकेका अध्यक्ष ५२ वर्षीय परशुराम शुक्लाको निवासमा ०६७ भदौ ४

गते जनतान्त्रिक तराई मुक्ति पार्टी मधेशका कार्यकर्ताले सकेट बम विस्फोट गराए। घरको मूल ढोकामा गराइएको सकेट बम विस्फोटबाट ढोका र टीभीमा क्षति भयो। यसअघि सो पार्टीका कार्यकर्ताले फोन गरी बाँकेका प्रत्येक गाविसबाट १५ हजार रुपियाँका दरले चन्दा सङ्कलन गरी दिन शुक्लालाई पटक-पटक धम्की दिएका थिए। मधेशी समुदायको विरुद्ध काम गरेको भनी सो पार्टीका कार्यकर्ताले यसअघि फोन गरी राजीनामा दिन धम्की दिँदै आएको पीडितले बताए।

नेपालगञ्ज नपा–१ स्थित 'के एल दुगड ग्रुप' को कार्यालयले मधेश आन्दोलन दबाउने कार्य गरेको आरोपमा तराई जनतान्त्रिक पार्टी (मधेश) का कार्यकर्ताले ०६७ असोज ८ गते राति कम्पनीको कार्यालयमा सकेट बम विष्फोट गराए। विष्फोटबाट झ्यालका सिसाहरू फुटे। कम्पनीको मूल ढोकामा सो समूहले एक थान सकेट वम पनि राखेको थियो। सो बम नेपाली सेनाको डिस्पोजल टोलीले ०६७ असोज ९ गते निष्कृय पारे। घटना भएको केही दिन अघि कम्पनीले जिल्ला प्रहरी कार्यालय बाँकेलाई १० थान साइकल उपलब्ध गराएको थियो। सो पार्टीका बाँके इन्चार्ज सुरजले कम्पनीमा फोन गरी बम विस्फोटको जिम्मा लिए।

नेपालगञ्ज नपा–१२ स्थित बाँके जिल्ला अदालत परिसर भित्र ०६७ मङ्सिर १४ गते दिउँसो तराई जनतान्त्रिक मुक्ति पार्टी मधेशले सुतली बम विष्फोट गरायो। नागरिकता बिना मतदाता नामावली सङ्कलन गर्न नपाउने भनी सर्वोच्च अदालतले जारी गरेको आदेशको विरोधमा विस्फोट गराइएको सो पार्टीका केन्द्रीय अध्यक्ष भगत सिंहले सञ्चारकर्मीलाई टेलिफोन गरी सो घटनाको जिम्मा लिएका थिए।

एकीकृत माओवादीबाट

नौवस्ता गाविस–९ नौलापुरका ४८ वर्षीय मुक्तिनाथ देवकोटाको ६५ बिगाहा जग्गा एकीकृत माओवादी निकट अखिल नेपाल सुकुमबासी सङ्घ

बम विस्फोटमा परी घाइते भएका वीरभान खत्री

थारुवान राज्य समितिका संयोजक अमर परियारको अगुवाइमा गएको एकीकृत माओवादीका कार्यकर्ताले ०६६ फागुन २७ गते कब्जा गरेको घोषणा गरे। कब्जा गरेको जग्गा सुकुमबासी, मुक्त कमैया र साना किसानलाई वितरण गरिने सङ्घका थारुवान राज्य समिति संयोजक अमर परियारले जनाए। उनका अनुसार सो जग्गा एकीकृत माओवादी पार्टीले ०५६ सालमा कब्जा गरी १ सय ९६ जना भूमिहीन सुकुमबासीलाई वितरण गरेको थियो। क्रान्तिकारी भूमिसुधार लागू नहुँदै जग्गावाला र जग्गाको भोगचलन गरेका व्यक्तिबीच छलफलै नगरी जबरजस्ती बिक्री गर्न थालेपछि आफूहरूले पुन: जग्गा कब्जा गरेको संयोजक परियारले बताए। काठमाडौँमा बस्दै आएका नाथले स्थानीयवासी कर्णसिंह कठायतलाई जग्गा बिक्री गर्न मन्जुरी दिएको संयोजक परियारको आरोप छ। कब्जा गरिएको सो जग्गा ०६६ चैत ५ गते वितरण गरिने अखिल नेपाल सुकुमबासी सङ्घले जनाए पनि यस वर्षको अन्त्यसम्म वितरण गरिएन।

नेपालगञ्ज नपा–१२ का राजकुमार थारुको भे १ प ४५४२ नम्बरको मोटरसाइकल आमहड्तालको अवज्ञा गरी चलाएको आरोपमा ०६७ वैशाख २० गते एकीकृत माओवादीका कार्यकर्ताले नेपालगञ्ज नपा–१२ मा तोडफोड गरे। तोडफोडबाट मोटरसाइकलको अगाडिका सिसा र घडीमा क्षति भयो। सोही दिन बन्दको अवज्ञा गरेको आरोपमा एकीकृत माओवादीका कार्यकर्ताले नेपालगञ्ज मेडिकल कलेजका एम्बुलेन्स चालक लायक रामको व्याट्रीबाट चल्ने मोटरसाइकल पनि खासकाँरकादो गाविस–५ मा तोडफोड गरे।

नेपालगञ्ज नपा–११ त्रिभुवन चोकस्थित नेपालगञ्ज उद्योग वाणिज्य सङ्घको कार्यालय आमहड्तालको अवज्ञा गरी खोलेको आरोपमा ०६७ वैशाख २१ गते एकीकृत माओवादीका कार्यकर्ताले ढुङ्गा प्रहार गरी तोडफोड गरे। तोडफोडबाट कार्यालयका अगाडिका सिसाहरू फुटेका थिए।

उढरापुर गाविस–२ गिजरास्थित भानु माविको नाममा रहेको दुई विगाहा जमिन एकीकृत माओवादीका कार्यकर्ताले ०६७ जेठ २१ गते कब्जा गरे। विद्यालयको नाममा रहेको सो जमिन स्थानीय गाउँलेलाई ठेक्कामा दिन ०६७ जेठ २१ गते विद्यालयमा भेला भएका स्थानीय गाउँले र शिक्षक समक्ष एकीकृत माओवादीका स्थानीय कार्यकर्ताले आफ्नो पार्टीले कब्जामा लिएको बताएका थिए। एकीकृत माओवादीका कार्यकर्ताले सो जमिन आफ्नो पार्टीको कब्जामा भएको बताएपछि गाउँलेले लिन मानेनन्। एकीकृत माओवादीका कार्यकर्ताले ०६५

सालमा पनि कब्जामा लिएको सो जमिन शिक्षक र विद्यालय व्यवस्थापन समितिको पहलमा ०६६ सालमा फिर्ता गरेका थिए।

मटेहिया गाविस–५ का ५० वर्षीय शालिकराम धोबीको १० कठ्ठा ऐलानी जमिन ०६७ साउन ११ गते सोही गाविस–४ निवासी एकीकृत माओवादी कार्यकर्ता झगरु पासीको नेतृत्वमा १५-१६ जनाको समूहमा आएका वाइसीएलका कार्यकर्ताले जग्गा कब्जा गरेको घोषणा गरे। ०५६ सालमा दुई वर्षका लागि ९ हजार ६ सय रुपियाँमा उक्त जमिन झगरुलाई शालिकरामका भाई रामपारस धोबीले बन्धकी दिएका थिए। दुई वर्षपछि रामपारसका दाजु शालिकरामले जमिन फिर्ताका लागि झगरुलाई पैसा फिर्ता गर्न जाँदा झगरुले पैसा लिन नमानी सो जमिनमा जबरजस्ती खेती लगाउँदै आएको पीडितले बताए।

उढरापुर गाविस–२ का ४५ वर्षीय मुस्तफा वेहनाले सुकुमबासीको जमिन बेचेको आरोपमा एकीकृत माओवादीका कार्यकर्ताले उनले उपभोग गर्दै आएको करिब डेढ बिगाहा जमिन ०६७ कात्तिक ७ गते कब्जा गरेको घोषणा गरे। घटना सम्बन्धमा एकीकृत माओवादी पार्टी परिवर्तन गरी काङ्ग्रेसमा प्रवेश गरेका कारण एकीकृत माओवादीका कार्यकर्ताले झुठो आरोप लगाई जमिन फिर्ता गरेको वेहनाले बताए। उनी केही समय अघि एकीकृत माओवादी पार्टी त्यागेर काङ्ग्रेसमा प्रवेश गरेका थिए।

अनेरास्ववियु (क्रान्तिकारी) बाट

खासकाँरकादो गाविस–५ स्थित होप इन्टरनेशनल एकेडेमी बोर्डिङ्ग स्कूलले बन्दको अवज्ञा गरेको आरोपमा ०६७ वैशाख १३ गते बिहान पाँच जनाको समूहमा आएका अनेरास्ववियु (क्रान्तिकारी) का कार्यकर्ताले विद्यालय भित्र रहेको लेखा शाखाको कोठामा राखिएको एक थान कम्प्युटर तोडफोड गरे। विद्यालयमा आएको फोन उठाउन कार्यालय कोठा मात्र खोलिएको अन्य कक्षा कोठा बन्द रहेको सो विद्यालयका सह प्रधानाध्यापक केशव रेग्मीले बताएका थिए। बन्दको अवज्ञा गरी विद्यालय सञ्चालन गरेको आरोपमा अनेरास्ववियु (क्रान्तिकारी) का कार्यकर्ताले सोही दिन नेपालगञ्ज नपा–५ स्थित वृद्ध हाइस्कूल र समावेशी बोर्डिङ्ग स्कूलमा पनि तोडफोड गरे। तोडफोडबाट बुद्ध स्कूलको टेलिफोन, टेवल तथा ढोकाका सिसाहरू फुटेका थिए भने समावेशी बोर्डिङ्ग स्कूलका टेबल, कुर्ची तोडफोड गरिएको थियो।

अज्ञात समूहबाट

गनापुर गाविस–६ पार्वतीपुरस्थित गाँउ विकास समितिको कार्यालय गनापुर रहेको पक्की भवनमा अज्ञात समूहले ०६७ जेठ २१ गते राति करिब सिलिण्डर बम विस्फोटन गराए। विस्फोटनका कारण लागेको आगोले कार्यालयका सम्पूर्ण कागजपत्र जलेर नष्ट भयो र भवनमा पनि क्षति पुग्यो। हुलाक कार्यालय समेत एउटै भवनमा भएका कारण हुलाक कार्यालयका कागजात समेत जलेका थिए। यस वर्षको अन्त्यसम्म बम विस्फोटको जिम्मेवारी कसैले पनि नलिएको र घटनामा संलग्नहरूको खोजी भइरहेको जिल्ला प्रहरी कार्यालयले बतायो।

जनतान्त्रिक तराई मधेश मुक्ति पार्टीबाट

मनिकापुर गाविस–९ का ४० वर्षीय मालिक शाहको नाममा रहेको रत्ना लक्ष्मी इन्टरप्राइजेजको शोरुममा ०६७ साउन २८ गते राती करिब १.०० बजे जनतान्त्रिक तराई मधेश मुक्ति पार्टीका कार्यकर्ताले प्रेसर कुकर बम विष्फोट गराए। विष्फोटबाट भवनको पर्खाल चर्किएको थियो।

जिल्ला विकास समितिको कार्यालय भवनमा ०६७ कात्तिक ३० गते साँझ ६.४५ बजे जनतान्त्रिक तराई मधेश मुक्ति पार्टीले सकेट बम विष्फोट गराए। बम विस्फोटबाट कार्यालयको पश्चिम तर्फको पर्खालमा सामान्य क्षति पुगेको थियो। निर्वाचन आयोगले मतदाता नामावली वितरणमा मधेशी जनतालाई उपेक्षा गरेको र गाविसका सचिवहरू सदरमुकाम बसिरहेकोले जनतालाई परेको अप्ठ्यारोप्रति जिविस कार्यालयले ध्यान नदिएको भन्दै चेतावनी स्वरुप बम विस्फोट गराइएको सो पार्टीका केन्द्रीय अध्यक्ष भगत सिंहले सञ्चारकर्मीलाई टेलिफोन गरी जानकारी गराएका थिए।

थरुहट स्वायत्त राज्य परिषदबाट

जातीय सरकारको गठन गरिनुपर्ने, विगतका सरकारसँग भएका सहमति तत्काल कार्यान्वयन हुनुपर्ने लगायतका ११ बुँदे माग गर्दै थरुहट स्वायत्त राज्य परिषदको आह्वानमा ०६७ भदौ २ गते गरिएको बन्द उल्लङ्घन गरी सवारी साधन चलाएको आरोपमा रझेना गाविस–१ मैटहवा चोकमा भे १ ज ८६ नम्बरको जीप र भे २ प ५५५७ नम्बरको मोटरसाइकल परिषदका कार्यकर्ताले तोडफोड गरे।

स्वास्थ्य सेवाको अवस्था

नेपालगञ्जस्थित भेरी अञ्चल अस्पतालमा डाक्टर ३०, स्टाफ नर्स २५, हेल्थ असिस्टेन्ट एक, अहेब

अज्ञात समूहद्वारा बम विस्फोट गराई आजगनी गरिएको गहनापुर गाविस कार्यालय

पाँच, अनमी पाँच, ल्याव सात, अस्पताल नर्सिक प्रशासक एक, मेडिकल रेकर्डर एक, फर्मासीस एक, रेडियो ग्राफर दुई र फिजीयोथेरापीमा एक जनागरी जम्मा ७१ जनाको दरबन्दी सङ्ख्या रहेको छ। जसमा दरबन्दी अनुसार १६ जना डाक्टर र दुई जना डाक्टर काजमा गरी १८ जना डाक्टर बहाल रहेका छन् भने अन्य पदमा दरबन्दी अनुसारका स्वास्थ्यकर्मी बहाल रहेको भेरी अञ्चल अस्पतालले जनाएको छ। जिल्ला जनस्वास्थ्य कार्यालय बाँकेका अनुसार जिल्लामा तीन प्राथमिक स्वास्थ्य चौकी, ३५ उपस्वास्थ्य चौकी र नौ स्वास्थ्य चौकी गरी जम्मा ४७ स्वास्थ्यसँग सम्बन्धित कार्यालयहरू रहेका छन्। ती कार्यालयहरूमा प्राविधिक तर्फ २ सय २० र प्रशासनिक तर्फ आठ जनाको दरबन्दी रहेको जनस्वास्थ्य कार्यालयले जनाएको छ। जिल्लामा रहेका तीन प्राथमिक स्वास्थ्य चौकीमा एक/एक जना डाक्टरको दरबन्दी रहेपनि आठ प्राथमिक स्वास्थ्य केन्द्रमा दरबन्दी अनुसारका डाक्टर छैनन्। जिल्लामा दरबन्दी अनुसार स्वास्थ्यकर्मी नभएका कार्यालयहरूमा लक्ष्मणपुर प्राथमिक स्वास्थ्य केन्द्रमा एक जना डाक्टरको दरबन्दी रहेको र सो केन्द्रमा खटिएका डाक्टर मेडिकल कजेजमा जाने भएका कारण सो केन्द्रमा डाक्टर छैनन्। त्यसैगरी खजुरा प्राथमिक स्वास्थ्य केन्द्रमा पनि एक जना डाक्टरको दरबन्दी रहेको र कार्यरत डाक्टर पढ्न गएका कारण सो केन्द्रमा पनि डाक्टर छैनन्। जिल्ला जनस्वास्थ्य कार्यालयमा सिनियर पब्लीक हेल्थ नर्स, इन्द्रपुर स्वास्थ्य चौकीमा एक जना अहेव बहाल छैनन्। त्यसैगरी जिल्लामा सात जना ग्रामीण स्वास्थ्य कार्यकर्ता पनि बहाल नरहेको जनस्वास्थ्य कार्यालयले जनाएको छ। ग्रामीण स्वास्थ्य कार्यकर्ताको अभावले खोप, पोषण, परिवार नियोजन लगायतका कार्यक्रम प्रभावित भएको छ। बाँके जिल्लामा बालमृत्यु दर प्रतिहजार ६१ रहेको छ।

४.७ बर्दिया



जनसङ्ख्या : ४,८८,८९७
साक्षरता प्रतिशत : ५८
महिला साक्षरता प्रतिशत : ४२
क्षेत्रफल (वर्ग कि. मि.) : २,०२५
गाविस/नपा सङ्ख्या : ३१/१
सरकारी/निजी विद्यालय : ४००/६५
क्याम्पस/उच्च मा.वि. : १/२७
अस्पताल/स्वास्थ्य चौकी : १/३३
मानव विकास सूचकाङ्कः ०.४२९
प्रतिपरिवार सरदर सङ्ख्याः ८

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या
राज्यबाट

सुर्खेत जिल्ला हरिपुर गाविस-२ की १२ वर्षीया चन्द्रकला विक, ३२ वर्षीया अमृता विक र ३५ वर्षीया देवीसरा विकलाई ०६६ फागुन २६ गते राति बर्दिया राष्ट्रिय निकुञ्जको बाँसपानी जङ्गल क्षेत्रमा निकुञ्जको सुरक्षार्थ नेपाली सेनाको ज्वाला दल गणबाट लेफ्टिनेन्ट सुबोध कुँवरको नेतृत्वमा खटिएको नेपाली सेना सहितको वनरक्षकको १७ जनाको टोलीले गोली हानी हत्या गऱ्यो। सोही घटनामा तुलबहादुर विकलाई घटनास्थलबाटै सेनाले गिरफ्तार गऱ्यो। पीडित तुलबहादुरलाई मानवअधिकारकर्मी, नागरिक समाज तथा पीडित परिवारहरूको दबाबमा निर्दोष भएको कागज गराई ०६६ चैत ४ गते बर्दिया राष्ट्रिय निकुञ्जले रिहा गऱ्यो। पीडितका परिवारले ०६६ चैत ४ गते लास बुझी बबई नदीको भादाघाटमा सद्गत गरे। निकुञ्जले प्रतिमृतक किरिया खर्च २५ हजार रुपियाँका दरले ७५ हजार रुपियाँ दिने सहमति अनुसार तत्काल २० हजार रुपियाँ उपलब्ध गरायो। जिल्ला

घटनाको प्रकार	गैरराज्यबाट										राज्यबाट			
	अन्यबाट					एकीकृत माओवादीबाट								
	घटना सङ्ख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
हत्या	६	३	३		६						१		३	३
घाइते	१	१			१						१	७	५	१२
कुटपिट	२	२			२	२	४			४	१	१		१
धम्की						२	२			२	१	१		१
भेला/सङ्गठित हुने अधिकार	१	१			१									
जातीय विभेद	१	१			१									
महिलाअधिकार	२१		२१		२१									
बालअधिकार	९	३	८	१	१२	५	१८	५	२	२५				
आर्थिक/ सामाजिक/ सांस्कृतिक अधिकार						२	४	१		५				
अपहरण	१		१		१									
जम्मा	४२	११	३३	१	४५	११	२८	६	२	३६	४	९	८	१७

प्रशासन कार्यालय बर्दियाका प्रमुख जिल्ला अधिकारी वेणिमाधव ज्ञवालीको रोहबरमा ०६७ असार १८ गते बर्दिया राष्ट्रिय निकुञ्जका वार्डेन टीकाराम अधिकारीले बाँकी किरिया खर्च ५५ हजार रुपियाँ पीडितका आफन्त कृष्णबहादुर विक र रत्नबहादुर विकलाई हस्तान्तरण गरे। पीडित परिवारले किरिया खर्चबाहेक यस वर्षको अन्त्यसम्म अन्य केही पनि राहत पाएनन्। जिल्ला प्रहरी कार्यालय बर्दियाले पीडित तुलबहादुरको हस्ताक्षर गराई ०६६ चैत ३ गते नेपाली सेनाका लेफ्टिनेन्ट सुबोध कुँवर र उनी मातहतका अन्य सुरक्षाकर्मी विरुद्ध कर्त्तव्यज्यानको मुद्दा दर्ता गऱ्यो। पीडित परिवारका तर्फबाट ०६६ चैत १५ गते टिकाराम विकले पुनः लेफ्टिनेन्ट कुँवर विरुद्ध जिल्ला प्रहरी कार्यालय बर्दियामा किटानी जाहेरी दर्ता गराए। विकको जाहेरीका सम्बन्धमा पनि प्रहरीले त्यसअघि दर्ता गराएको कर्तव्य ज्यान मुद्दा अन्तर्गत नै अनुसन्धान अघि बढाउने बतायो। इन्सेकले स्थलगत अध्ययन गरी ०६६ चैत ३ गते घटनामा नेपाली सेना दोषी रहेको निष्कर्ष सहितको प्रतिवेदन सार्वजनिक गऱ्यो। त्यस्तै संसदको महिला तथा बालबालिका समिति, राष्ट्रिय महिला आयोग, राष्ट्रिय मानवअधिकार आयोग लगायतका निकायले पनि छुट्टाछुट्टै प्रतिवेदन मार्फत घटनामा नेपाली सेना दोषी भएको ठहर गऱ्यो। सेनाले भने शिकारी महिलाहरू दोहोरो भिडन्तमा मारिएको दावी गऱ्यो। घटनाका दोषीहरूलाई यसवर्षको अन्त्यसम्म कुनै कारबाही भएन।

बर्दिया राष्ट्रिय निकुञ्जका कर्मचारी सहित जिल्ला प्रहरी कार्यालयमा ०६६ चैत ४ गते भएको सर्वदलीय बैठकमा पीडित परिवारलाई बाँकी किरिया खर्च निकुञ्ज कार्यालयमा नै दिने सहमति अनुसार ०६७ चैत २६ गते पीडित परिवार निकुञ्जमा किरिया खर्च लिन गएको अवस्थामा निकुञ्जले घटनामा मृत्यु भएका देवीसरा विक, अमृता विक र चन्द्रकला विकलाई बलात्कार गरिएको, नियन्त्रणमा लिई हत्या गरिएको भनी केही सञ्चारमाध्यम र सङ्घ-संस्थाहरूले प्रचारप्रसार गरेकोमा हाम्रो ध्यानार्कषण भएको भन्दै उक्त घटनामा गस्तीमा खटिएका नेपाली सेना तथा कर्मचारीहरूबाट नियन्त्रणमा लिई बलात्कारपछि हत्या गरेको भन्ने आरोपको खण्डन गर्ने निर्णय गरायो। त्यस्तै बाँसपानी घटनामा गिरफ्तार परी बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालयबाट प्रतिवादी कायम गरिएका कृष्णबहादुर विक समेतको मुद्दा निकुञ्ज कार्यालयबाट तत्काल किनारा लगाउने साथै गस्ती टोलीमा खटिएका नेपाली सेना तथा कर्मचारीलाई विपक्ष बनाई पीडित पक्षबाट दायर गरिएका मुद्दा तथा उजुरी पीडितले फिर्ता लिने सहमति गराइएको थियो।

जनतान्त्रिक तराई मधेश मुक्ति पार्टीबाट

महम्मदपुर गाविस-८ भैसाही निवासी एकीकृत माओवादी बर्दिया तथा थारुवान राष्ट्रिय मुक्ति मोर्चाका जिल्ला कमिटी सदस्य ३२ वर्षीय छोटेलाल थारुलाई ०६७ जेठ १४ गते राति दुई जनाको सङ्ख्यामा आएका जनतान्त्रिक तराई मधेश मुक्ति पार्टीका कार्यकर्ताले गोली प्रहार गरी घाइते बनाए। कोहलपुर मेडिकल कलेजमा प्रारम्भिक उपचार गरी थप उपचारको लागि काठमाडौंस्थित बीर अस्पतालमा लगिएकोमा ०६७ जेठ १६ गते राति उपचारकै क्रममा घाइते थारुको मृत्यु भयो। मोर्चाका बर्दियाका इन्चार्ज पवनले स्थानीय सञ्चारमाध्यममार्फत आफ्नो पार्टीको विरुद्धमा सुराकी गरेको आरोपमा थारुलाई कारबाही गरिएको बताउँदै घटनाको जिम्मा लिए। मृतकको ०६७ जेठ १७ गते काठमाडौंको पशुपति आर्यघाटमा दाहासंस्कार भयो। पीडितकी पत्नी मन्दरानी थारुले ०६७ जेठ १९ गते घटनाका आरोपी महम्मदपुर गाविस-८ भैसाहीका ३२ वर्षीय शङ्कर थारु र ३० वर्षीय बलिराम थारु, रामलाल थारु, गोविन्द थारु र गुरुसाई थारुको नाममा किटानी जाहेरी दिइन्। आरोपित मध्ये गोविन्द थारु र गुरुसाई थारुलाई प्रहरीले ०६७ जेठ १९ गते नै गिरफ्तार गऱ्यो। आरोपितद्वय जिल्ला अदालतको आदेश अनुसार ०६७ कात्तिक ७ गते ५० हजार रुपियाँ धरौटीमा रिहा भए। अन्य आरोपित फरार रहेका कारण यस वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।

अज्ञात समूहबाट

सानोश्री गाविस-५ निवासी नेपाली काङ्ग्रेस क्षेत्र नम्बर तीनका कोषाध्यक्ष दलबहादुर गुरुङलाई ०६७ कात्तिक २९ गते राति तारातल गाविस-१ गाउँ नम्बर तीनमा दुई जना युवकले खुकुरी र खुँडा प्रहार गरी घाइते बनाए। पीडितको सोही राति नेपालगञ्ज मेडिकल कलेजमा उपचारको क्रममा मृत्यु भयो। मृतक

अज्ञात समूहद्वारा हत्या गरिएका दलबहादुर गुरुङ

गुरुङ, सानोश्री गाविस-५ निवासी एकीकृत माओवादी बर्दियाका जिल्ला कमिटी सदस्य मेवालाल गौतम र सोही ठाउँका आनन्द परियार ०६७ कात्तिक २९ गते राति स्थानीय गुराँस उच्च माबि नजिकैबाट एउटै मोटरसाइकलमा घरतर्फ गइरहेको अवस्थामा विपरीत दिशाबाट आएका अज्ञात युवाहरूले आक्रमण गरेका थिए। आक्रमणबाट मेवालाल गौतमको हातमा चोट लाग्यो। स्थानीयवासी र प्रहरीको सक्रियतामा ०६७ कात्तिक ३० गते घटनामा संलग्न तारातल गाविस-१ गाउँ नम्बर तीनका २० वर्षीय धिरज चौधरी र १७ वर्षीय विजय विक सीमा नजिकको भारतीय भिच्क्षा बजारबाट गिरफ्तार भए। गुरुङको हत्याबाट आक्रोशित भएका स्थानीयबासिन्दाले अपराधीलाई सार्वजनिक गर्न दबाब दिँदै इलाका प्रहरी कार्यालय सानोश्रीमा ०६७ कात्तिक ३० गते तोडफोड गरे । हत्या गरिएका दलबहादुर गुरुङसँगै रहेका एकीकृत माओवादी बर्दियाका जिल्ला कमिटी सदस्य मेवालाल गौतम र सोही ठाउँका आनन्द परियारलाई ०६७ कात्तिक ३० गते प्रहरीले गिरफ्तार गरी अनुसन्धानको लागि हिरासतमा राख्यो। मृतकका बाबु गगनसिंह गुरुङले जिल्ला प्रहरी कार्यालय बर्दियामा ०६७ मङ्सिर २४ गते धिरज चौधरी, विजय विक, मेवालाल र आनन्द विकको नाममा किटानी जाहेरी दिए। अभियुक्त धिरज र विजय विकलाई ०६७ मङ्सिर २६ गते पुर्पक्षको लागि जिल्ला कारागार चलान भए। घटनाका आरोपित मेवालाल र आनन्द विक जिल्ला अदालतको आदेशमा ०६७ मङ्सिर २६ गते साधारण तारेखमा रिहा भए।

गोली/विस्फोटक पदार्थद्वारा घाइते

अज्ञात समूहबाट

गुलरिया नपा-४ कट्टी निवासी नेपाली काङ्ग्रेसका सङ्गठित कार्यकर्ता किट्टु भनिने २८ वर्षीय मुक्तिनाथ यादवलाई ०६७ असार १५ गते राति गुलरिया नपा-९ गुलरियामा दुई जनाको अज्ञात समूहले गोली हानी घाइते बनायो। यादवको पुट्ठा र तिघ्रामा गोली लागेको थियो। पीडितको सोही दिन नेपालगञ्जस्थित भेरी अञ्चल अस्पतालमा प्रारम्भिक उपचार र थप उपचार लखनउमा भयो। पीडितले राजनीतिक मुद्दा भन्दै न्यायका लागि उजुरी दिएनन्।

जेल र बन्दीहरू

घ" श्रेणीको जिल्ला कारागारमा बन्दी क्षमता १ सय जना रहेको छ। यस वर्षको अन्त्यसम्ममा कैद

तोकिएका २६ जना पुरुष एक जना महिला गरी जम्मा २७ जना कैदी रहेका छन्। कैद नतोकिएका २६ पुरुष र एक महिला गरी २७ जना थुनुवा रहेका छन्। यसरी बर्दिया कारागारमा जम्मा ५४ जना बन्दी रहेका छन्। पत्रपत्रिका, रेडियो, टीभी, खेलकुद सामग्री उपलब्ध छन्। कारागारमा स्वास्थ्यकर्मीको व्यवस्था रहेकोले कैदी र थुनुवाहरू सामान्य बिरामी भएको अवस्थामा उपचार हुने गरेको जेलर रोहित श्रेष्ठले बताए।

बेपत्ता/अपहरण

अन्यबाट

पशुपतिनगर गाविस-५ बन्जरियाकी १४ वर्षीया एक बालिकालाई ०६६ माघ ६ गते साँझ घरमा काम गरिरहेको अवस्थामा विवाह गर्ने उद्देश्यले सोही गाविस-३ का १८ वर्षीया बिना थारू र १८ वर्षीया अनीता थारूको सहयोगमा १५ वर्षीय दीपेन्द्र थारू र बाँधु थारूले अपहरण गरे। पीडितका अनुसार पशुपतिनगर गाविस-३ पथरैयाका बिनुकुमारी चौधरी र अनिशाकुमारी चौधरीको घरमा आई 'तिमीसँग काम छ एक छिन हामीसँग हिँड' भनी सँगै लगे। पशुपतिनगर गाविस-३ का दीपेन्द्र चौधरी, सोही गाविस-४ का रमेश चौधरी र दौलतपुर गाविस-३ का श्यामकृष्ण चौधरी, सुरेश चौधरी, महेश चौधरी र शङ्कर चौधरीले समेत अपहरणमा सहयोग गरेका थिए। पीडितलाई भीम्मापुर गाविस-१ बङ्कार भीम्मापुरमा राखी दीपेन्द्रले ०६६ माघ ८ गते आफ्नै घर ल्याएर राखे। पीडित माघ १० गते घरमा कोही नभएको अवस्थामा भागेर दाङ जिल्लामा आफन्त कहाँ गएर बसिन्। आरोपितबाट धम्की आइरहेपछि पीडितका परिवारले ज्यानको सुरक्षा गरी पाऊँ भनी ०६६ फागुन १६ गते इलाका प्रहरी कार्यालय पाताभारमा निवेदन दिइन्। यसवर्षको अन्त्यसम्म आरोपितहरूलाई प्रहरीले गिरफ्तार गरेन।

धम्की/कुटपिट

राज्यबाट

गुलरिया नपा-६ निवासी नेकपा (एमाले) बर्दियाका जिल्ला कमिटी सदस्य ५० वर्षीय हरि ज्ञवालीलाई ०६७ जेठ २२ गते राति जिल्ला प्रहरी कार्यालयबाट गएको प्रहरीको टोलीले गुलरिया नपा-१० स्थित पेट्रोलपम्प नजिक लाठीले टाउकोमा प्रहार गरी घाइते बनायो। जिल्ला प्रशासन कार्यालय बर्दियाको प्रमुख जिल्ला अधिकारी चढ्ने भे १ झ. १६९ नम्बरको गाडीले गुलरिया नपा-७ का विष्णु भट्टराईको मोटरसाइकललाई आफ्नो साइड विपरीत गई ठोक्काएर क्षति पुऱ्याएपछि भएको विवादमा प्रहरीले उनलाई कुटपिट गरेको थियो। घाइतेको तत्काल जिल्ला अस्पताल गुलरियामा र ०६७ जेठ २३ गते नेपालगञ्जमा उपचार भयो। पीडितका अनुसार ०६७ जेठ २२ गते राति गुलरिया नपा-१० स्थित पेट्रोलपम्प अगाडि जिल्ला प्रशासन कार्यालय बर्दियाको गाडी चालक नारायण गुरुङले अनियन्त्रित रुपमा गाडी चलाइ विपरीत दिशाबाट आइरहेको मोटरसाइकलमा ठोक्काएका थिए। घटनाको विषयमा ध्यानाकर्षण, पीडकलाई कारबाही र क्षति भएको मोटरसाइकल मर्मत गर्न दबाब दिन ०६७ जेठ २४ गते जिल्ला प्रसाशन कार्यालय गएको राजनीतिक दलको टोलीसँगको छलफलमा प्रमुख जिल्ला अधिकारी वेणिमाधव ज्ञवाली र एसपी सूर्यप्रसाद उपाध्यायले घटनामा गल्ती भएको स्वीकार गर्दै पीडकलाई अनुसन्धान गरी विभागीय कारबाही गरिने र क्षति भएको मोटरसाइकल मर्मत गरिदिने बताए।

एकीकृत माओवादीबाट

धधवार गाविस-६ बनगाईका ३५ वर्षीय राम मण्डललाई तोकिएको समयमा चन्दा नदिएको आरोपमा

नेपाली सेनाद्वारा हत्या गरिएका ढेवीसरा विक र अमृता विक

०६७ वैशाख २१ गते राति मोटरसाइकलमा एकीकृत माओवादी पार्टीको झण्डा राखेर आएका सोही गाविस-३ का प्रकाश अधिकारी सहित तीन जनाले घरमा बसिरहेको अवस्थामा धम्की दिँदै निर्घात कुटपिट गरे। पीडितको उपचार मोतीपुर गाविसको बाँसगढी बजारस्थित औषधी पसलमा भयो। कुटपिट पछि स्थानीय एकीकृत माओवादी नेताले गल्ती भयो पछि कुरा गरौंला भनी गएको पीडितले बताए। पीडितले कतै उजुरी दिएनन्।

धधवार गाविस-९ लम्कीफाँटा निवासी नेकपा (एमाले) जिल्ला कमिटी सदस्य ४५ वर्षीय भक्तबहादुर विकलाई ०६७ जेठ ४ गते आफ्नै घरमा बसिरहेको अवस्थामा एकीकृत माओवादी क्षेत्रीय इन्चार्ज बाहक भनिने पतिराम थारुले मोवाइलबाट फोन गरी मुक्त कमैया र सुकुमवासीको अगुवाई गरेमा हातखुट्टा भाँचिदिने धम्की दिए। मगरागाडी गाविसमा ०६७ जेठ ३ गते मुक्त कमैया र सुकुमवासीहरूको समस्याको विषयमा छलफल गरी फर्केपछि भोलिपल्ट धम्की आएको पीडितले बताए। पीडितले कतै उजुरी दिएनन्।

दौलतपुर गाविस-१ सोनपुरका १५ वर्षीया शिवा थारु, १४ वर्षीय मङ्गल थारु, १५ वर्षीय विनोद थारु, १४ वर्षीय सुनम थारु र १५ वर्षीय अजिता थारुलाई एकीकृत माओवादीको भातृ सङ्गठन अखिल नेपाल किसान सङ्घले कब्जा गरेको जग्गामा गाडेको झण्डा उखेलेको आरोपमा ०६७ जेठ ५ गते एकीकृत माओवादी कार्यकर्ताहरूले कुटपिट गरे। कुटपिट गरिएकामध्ये शिवा थारुको देब्रे आँखामा नीलोडाम बसेको थियो। पीडितको स्थानीय औषधी पसलमा उपचार भयो। पीडितले कतै उजुरी दिएनन्।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

बगनाहा गाविस-६ निवासी राप्रपा नेपालका केन्द्रीय सङ्गठन विभागका सदस्य प्रमोदविक्रम राणाको नेतृत्वमा रहेको टोलीलाई ०६७ वैशाख ७ गते पार्टीको आमसभाका लागि प्रचारप्रसार गर्दै ठाकुरद्वारा गाविसको वन्तरिया गाउँ नजिकको जङ्गलमा पुग्दा सोही ठाउँमा रहेका वाईसीएलका कार्यकर्ताले लाठी र खुकुरीसहित घेरा हाली पर्चा खोसेर जलाउनुको साथै माइक नियन्त्रणमा लिए। क्षेत्र नम्बर तीनका इन्चार्ज चक्र भण्डारीको नेतृत्वमा आएका मानिसहरूले आफूसहित सात जना चढेको गाडी रोकेर धम्की दिएको पीडितले बताए। आक्रमणबाट गाडीको सिसा समेत फुटेको थियो। पीडितले कतै उजुरी दिएनन्।

अपहरण गरी हत्या गरिएका जुना बुढा

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा दनियावादी फौजदारीतर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १ सय १ थान मुद्दा मध्ये ६३ थान फर्स्यौट भई ३८ थान बाँकी रहे। यस वर्ष दर्ता भएका १ सय ९१ थान मुद्दामा ५८ थान फर्स्यौट भई ३३ थान बाँकी रहे। यसरी यस वर्षको अन्त्यसम्म दुनियाँवादी फौजदारी मुद्दा ७१ थान बाँकी रहे। सरकारवादी फौजदारी मुद्दा तर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ५६ थान मुद्दामा ४२ थान मुद्दा फर्स्यौट भई १४ थान फर्स्यौट हुन बाँकी रहे। यस वर्ष दर्ता भएका ७० थान मुद्दामा ३६ थान मुद्दा फर्स्यौट भई ३४ थान फर्स्यौट हुन बाँकी रहे। यसरी यस वर्षको अन्त्यसम्म सरकारीवादी फैजदारी मुद्दा ४८ थान बाँकी रहे।

यसैगरी देवानी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका २ सय ७८ थान मुद्दामा १ सय ८३ थान मुद्दा फर्स्यौट भई ९५ थान बाँकी रहे। यस वर्ष दर्ता भएका २ सय ६२ थानमा १ सय २३ थान मुद्दा फर्स्यौट भई १ सय ३९ थान बाँकी रहे। यसरी यस वर्षको अन्त्यसम्म देवानी मुद्दा २ सय ३४ थान फर्स्यौट हुन बाँकी रहे। यस वर्षको अन्त्यसम्ममा जम्म ३ सय ५३ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे।

सरकारी वकिलको कार्यालय बर्दियाका दर्ता भएको मुद्दा

बर्दियाको सरकारी वकिलको कार्यालयमा आ.व. ०६६/०६७ को पुस १५ गतेदेखि असार मसान्तसम्म दर्ता भएका मुद्दा ६३ थान, फैसला भएका ९४ थान रहेका छन्। यसै गरी आ.व.०६७/०६८ मा जिम्मेवारी सरेका मुद्दा सङ्ख्या १ सय २, ०६७ पुस १६ गतेसम्म दर्ता भएका मुद्दा ४२ थान फर्स्यौट भएको सङ्ख्या १२ थान रहेका छन्। जसमध्ये जबरजस्ती करणी छ, जबरजस्ती करणी उद्योग एक, कर्तव्य ज्यान चार, ज्यान मार्ने उद्योग दुई, सवारी ज्यान १२,

लागूऔषध एक, बहुविवाह तीन, कुटपिट/अङ्गभङ्ग एक, मानवबेचबिखन एक, भवितव्य ज्यान एक, डाका/चोरी चार, विदेशी विनियम एक, डाका उद्योग एक, चोरी शिकारी आठ, काठ चोरी निकासी छ, आखेटु पहरी, सुकुटी खरिद बिक्री १३, वन पैदावार हानी नोक्सानी एक, वन्यजन्तु मार्न विषादीको प्रयोग एक, हात हतियार खरखजाना पाँच र सार्वजनिक अपराधका छ मुद्दा गरी ७८ थान मुद्दामा सफलता हासिल भयो। त्यस्तै विष्फोटक पदार्थ एक, डाका/चोरी चार, जबरजस्ती करणी तीन, ज्यानमार्ने उद्योग दुई, कर्तव्य ज्यान दुई, बहुविवाह एक, आगलागी तीन, गौवध एक, अपहरण एक, गैरकानुनी चन्दा एक, मानवबेचबिखन दुई, सरकारी कागज किर्ते एक, खोटा चलन एक, विष्फोटक पदार्थ एक र डाका/चोरी चार गरी २८ थान मुद्दामा असफलता हासिल भयो।

बालअधिकार

यस जिल्लामा यो वर्ष ३ सय ५२ विद्यालयमा १ लाख ३८ हजार ७ सय ६९ विद्यार्थी अध्ययनरत छन्। जसमध्ये प्राथमिक विद्यालय २ सय ६ रहेकोमा ७९ हजार १ सय, निम्नमाध्यमिक विद्यालय ७५ रहेकोमा ३७ हजार ७ सय १०, माध्यमिक विद्यालय ४४ रहेकोमा १६ हजार २ सय ८०, उच्चमाध्यमिक विद्यालय २७ रहेकामा ५ हजार ६ सय ७९ विद्यार्थी अध्ययनरत रहेका छन्। ५ सय ९५ बाल विकासमा १ हजार १ सय ६२ बालबालिका अध्ययनरत छन्।

जिल्लामा प्रावि ८ सय ६२, निमावि १ सय ८४, मावि १ सय ५४ गरी १ हजार २ सय स्थायी दरबन्दी, राहतमा प्रावि ४ सय ९०, निमावि १ सय ६४ र माविमा ८६ गरी ७ सय ४० शिक्षक रहेका छन्।

समुदाय स्तरबाट निजी स्रोतबाट प्राविमा ७ सय ७८, निमाविमा २ सय ८, माविमा ८६ उच्च माविमा ८० जना शिक्षक कार्यरत रहेका छन्।

जिल्लामा व्यवसायिक विद्यालय तर्फ ५७ नर्सरी, ४० प्राथमिक, १४ निमावि, आठ मावि र दुई उच्च मावि गरी जम्मा १ सय २१ विद्यालय रहेका छन्। ती विद्यालयमा जम्मा ९ हजार ३५ जना छात्रछात्रा अध्ययनरत रहेका छन्।

आदिवासी जनजाति महासङ्घले नेपाल सरकारसँग आदिवासी जनजातिहरूको अधिकार स्थापनाको लागि भएका सहमतिहरू कार्यान्वयन नगरेको विरोधमा ०६६ पुस १७ गते गरेको नेपाल बन्दले गर्दा जिल्ला भरीका ४ सय ३ विद्यालयमा पढाई हुन नसक्दा करिब १ लाख ६१ हजार विद्यार्थीको पठनपाठन प्रभावित भयो।

कालिका गाविस-७ कण्ठपुरमा रहेको विद्या ज्योति उच्च माध्यमिक विद्यालयमा स्थानीय व्यक्तिलाई शिक्षक नियुक्ति नगरेको विरोधमा ०६६ पुस २३ गते नेपाली काङ्ग्रेसका नेता नेत्रबहादुर रानाभाटको नेतृत्वमा तालाबन्दी गर्दा ३ सय ७५ बालिका र ३ सय २५ बालक गरी ७ सय विद्यार्थीहरू पढ्नबाट वञ्चित भए। विद्यालय व्यवस्थापन समिति, अविभावक, विद्यार्थी र तालाबन्दी गर्ने पक्षबीच ०६६ पुस २४ गते विवादलाई आपसी छलफलबाट टुङ्ग्याउने र विद्यालय बन्द गरी विद्यार्थीहरूको पढाईमा बाधा पुग्ने कुनै पनि क्रियाकलाप नगर्ने सहमतिमा ०६६ पुस २५ गते देखि पढाई सुचारु भयो।

नेकपा एमाले बर्दियाले ०६६ पुस २४ गते राधाकृष्ण थारु बगलामुखी माध्यमिक विद्यालयमा जिल्ला अधिवेशन कार्यक्रमको उट्घाटन कार्यक्रम गर्दा ६ सय ३ बालिका र ६ सय ५ बालक गरी १ हजार ९ जना विद्यार्थी पढनबाट अवरुद्ध भयो। बिहान नौ बजेदेखि नै सशस्त्र प्रहरी तथा नेपाल प्रहरीको समूह सुरक्षाको लागि भनेर विद्यालयको चौर र मूल ढोकामा खटिएका थिए। कार्यक्रम शुरु हुनु अगाडि नै १२ बजे विद्यालय छुट्टी गरिएको थियो। आयोजक एमालेका जिम्मेवार सदस्य कृष्ण खनालले विद्यालयको सहमति अनुसार नै विद्यालयमा कार्यक्रम गरिएको बताए।

राजापुर गाविस-२ धोविनपुरमा रहेको भेरी निमावि ललितापुरमा शिक्षक नियुक्त गर्ने विषयमा स्थानीय एकीकृत माओवादी र एमाले कार्यकर्ताबीच ०६६ माघ ५ गते विवाद भई तालाबन्दी गरेपछि पढाई हुन नसक्दा २ सय ६ छात्रा र १ सय ८९ छात्र गरी ३ सय ९५ विद्यार्थीहरूको पठनपाठन अवरुद्ध भयो। एमाले कार्यकर्ता तथा प्रजातान्त्रिक राष्ट्रिय युवा सङ्घका बर्दिया जिल्ला उपाध्यक्ष हिरा सिंह र सोही ठाउँका चिन्तामणि आचार्य, घिउप्रसाद आर्चाय, हिरामणि आर्चाय पक्षबीचमा झडप भएपछि एकीकृत माओवादीका कार्यकर्ता पनि रहेका चिन्तामणि आचार्यको नेतृत्वमा

कथित बोक्सीको आरोपमा कुटपिट गरी घाइते बनाइएकी उज्यालो थारु

विद्यालयमा तालाबन्दी गरिएको थियो। विवादित पक्ष बीचको सहमति पछि ०६६ माघ ७ गते विद्यालयमा पढाई सुचारु भयो।

ठाकुरद्वारा गाविस-६ बुङ्कवाका १३ वर्षीय मोतिराज अर्याल सोही ठाउँका १३ वर्षीय रमेश अधिकारी र सोही गाविस-३ मर्चियाका १४ हर्के दमाईलाई ०६६ माघ १६ गते ठाकुरद्वारा गाविस-६ बुङ्कवाका ४५ वर्षीय जसबीर दमाई, सोही गाविस-३ चिट्कैयाका ३५ छुनुकलाल थारु र दाङ जिल्ला, चैलाही गाविस-२ नरबहादुर विकले ललाईफकाई भारतमा बिक्री गर्ने उद्देश्यले लाँदै गर्दा नेउलापुर गाविस-१ अम्रेनीमा स्थानीय गाउँलेले समाती इलाका प्रहरी कार्यालय भुरी गाउँमा बुझाए। पीडित पक्षले ०६६ माघ १७ गते इलाका प्रहरी कार्यालय भुरी गाउँमा निवेदन दिए। प्रहरीले आरोपी र पीडित पक्षलाई बोलाएर सहमति गराउने प्रयास गरेपनि असफल भए पछि ०६६ माघ १८ गते जिल्ला प्रहरी कार्यालय गुलरियामा पठायो। सोही दिन ०६६ माघ २१ गते अबका दिनमा बालबालिकालाई ललाई फर्काइ विदेश लाने कार्य गरेमा कानुनी कारबाही अगाडि बढाउने सहमतिमा आरोपित रिहा भए।

राहत शिक्षक सङ्घर्ष समिति बर्दियाले सरकारलाई आफ्ना माग पूरा गराउन ०६६ माघ २४ देखि २६ गतेसम्म जिल्लाका ३ सय ९५ विद्यालय बन्द गराउँदा विद्यालयमा अध्ययनरत १ लाख ५९ हजार विद्यार्थी पढाईबाट वञ्चित भए। विद्यालयहरूमा ०६६ माघ २७ गते देखि पढाइ सुचारु भयो।

सानोश्री गाविस-३ का १७ वर्षीय नरेन्द्र गिरीलाई ०६६ फागुन १० गते सोही ठाउँका बिदामा घर आएका दङ्गा प्रहरी गण कोहलपुरमा कार्यरत प्रहरी जवान २१ वर्षीय नोखबहादुर खत्री र सोही ठाउँका कृष्णबहादुर डाँगीले व्यक्तिगत रिसइवीका कारण खुकुरी प्रहार गरी टाउको छिनालेर हत्या गरे। गिरीको लास ०६६ फागुन १३ गते सानोश्री गाविसस्थित गणेश शिव दुर्गा सामुदायिक वन नजिक बबई नदीको भँगालोमा प्रहरीले फेला पारेको थियो। गिरीको लास फेला परे लगतै गिरफ्तार परेका अभियुक्त खत्री र डाँगीले हत्या गरेका स्वीकार गरेको भन्दै ०६६ फागुन १८ गते जिल्ला प्रहरी कार्यालय बर्दियाले दुवै जनालाई जिल्ला अदालतको आदेशमा थप अनुसन्धानको लागि जिल्ला प्रहरी कार्यालयको हिरासतमा राख्यो। जिल्ला अदालतको आदेशमा नोखबहादुर खत्री र कृष्णबहादुर डाँगी ०६६ चैत १० गते पुर्पक्षको लागि जिल्ला कारागार चलान भए।

कथित बोक्सीको आरोपमा दुर्व्यवहार गरिएकी नारायणी लम्साल

गुलरिया नपा-४ निमकोठिया घर भई सोही ठाउँको नेपाल राष्ट्रिय प्राथमिक विद्यालय तेजिपुरवामा कक्षा ४ मा अध्ययनरत १२ वर्षीय मुलायम यादवलाई सोही ठाउँका ज्वाला यादवले ०६६ फागुन २२ गते विद्यालय परिसरभित्र नै कुटपिट गरी घाइते बनाए। उनको जिल्ला अस्पताल गुलरियामा उपचार भयो। ज्वाला यादवकी छोरीसँग कक्षामा पढ्दै गर्दा झगडा भएको र सो खबर पाएपछि विद्यालयमा नै आएर कुटपिट गरेको पीडित बालक मुलायले बताए। पीडितका बाबु नन्दकिशोर यादवले ०६६ फागुन २३ गते प्रहरीमा निवेदन दिए पनि पीडकलाई केही कारबाही भएन।

गुलरिया नपा-२ गुजराना फाँटाकी ५ वर्षीया एक बालिकालाई ०६६ चैत ३० गते सोही नपा-१ का २३ वर्षीय चुन्का थारुले बलात्कार गरेको भन्दै पीडितका आफन्तले ०६७ वैशाख ३ गते जिल्ला प्रहरी कार्यालयमा निवेदन दिए। प्रहरीले तत्काल आरोपितलाई गिरफ्तार गरी कानुनी कारबाही अगाडि बढायो। जिल्ला अदालत बर्दियाको आदेशमा ०६७ वैशाख २४ गते आरोपित चुन्का थारूलाई पुपक्षको लागि जिल्ला कारागारमा थुनामा पठायो। आरोपी यो वर्षको अन्त्यसम्म कारागारमा नै छन्।

एकीकृत माओवादीले ०६७ वैशाख १९ गते देखि आयोजना गरेको आमहड्तालको कारण जिल्लाका विद्यालयहरू बन्द हुँदा ४ सय ३ विद्यालयमा अध्ययनरत १ हजार ६१ हजार ५ सय विद्यार्थी पढनबाट वञ्चित भए। विद्यार्थीहरू बिहान पढ्न विद्यालयमा गए पनि क्रान्तिकारी विद्यार्थीहरूले पढाई सञ्चान नगर्न दबाब दिएपछि विद्यार्थीहरू घर फर्केका थिए। एकीकृत माओवादीको आमहड्ताल फिर्ता भएपछि ०६७ वैशाख २५ गतेबाट सबै विद्यालयमा पढाइ सुचारु भयो।

गुलरिया नपा-१४ की १७ वर्षीया कल्पना यादवलाई सोही ठाउँका १७ वर्षीय मुवारक साईसँग विवाह गरिदिने भनी सहयोगी ४५

वर्षीय निसार अहमद साई, काशिम साई र सोही नपा-१२ का २५ वर्षीय एसीम साईले ललाईफकाई भारतको दिल्लीको टमोरमा पुऱ्याइ बिक्री गरे। पीडित नेपाल फर्किएर ०६७ भदौ ६ गते जिल्ला प्रहरी कार्यालय बर्दियामा आरोपितहरू विरुद्ध चेलीबेटी बेचबिखनको मुद्दा दर्ता गराइन्। सोही दिन आरोपित मध्ये निसार अहमदलाई प्रहरीले गिरफ्तार गऱ्यो। गिरफ्तार परेका निसारलाई जिल्ला अदालत बर्दियाले ०६७ भदौ २७ गते जिल्ला कारागारमा पुर्पक्षको लागि थुनामा राख्न आदेश दियो। पुर्पक्षका लागि थुनामा रहेका निसार पुनरावेदन अदालतको ०६७ कात्तिक ११ गते आदेश अनुसार सामान्य तारेखमा रिहा भए। फरार रहेका अन्य आरोपित यस वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।

धधवार गाविस-६ ढकेलाकी ५ वर्षीया एक बालिकालाई ०६७ असोज ३१ गते तारातल गाविस-६ का ३१ वर्षीय सुरज भनिने बालकृष्ण न्यौपानेले सोही ठाउँबाट अपहरण गरे। पीडित बालिका धधवार गाविस-७ थानफेनास्थित फिरीया खोलामा पुल नजिकै अर्धचेत अवस्थामा फेला परिन्। बालिकाको भेरी अञ्चल अस्पतालमा उपचारका क्रममा ०६७ कात्तिक २ गते दिउँसो मृत्यु भयो। प्रहरीले बालिकाको खोजी कार्यमा गइरहेको अवस्थामा सोही गाविसबाट कात्तिक १ गते इन्द्रबहादुर डाँगी र प्रेमप्रकाशलाई वलीलाई गिरफ्तार गऱ्यो। पीडितका बाबु अम्मर बुढामगरले ०६७ कात्तिक ७ गते जिल्ला प्रहरी कार्यालयमा घटनाका मुख्य आरोपित बालकृष्ण र सहयोगी धधवार गाविस-६ ढकेला घर भएका इन्द्रबहादुर डाँगी, सुर्खेत जिल्ला छिन्चु गाविस तोली गाउँका प्रेम प्रकाश वलीको नाम किटानी जाहेरी दिए। आरोपित इन्द्रबहादुर डाँगी र प्रेमप्रकाश वलीलाई जिल्ला अदालतले ०६७ कात्तिक २८ गते पुर्पक्षको लागि थुनामा राख्न आदेश दियो भने बालकृष्णलाई प्रहरीले यस वर्षको अन्यसम्म गिरफ्तार गर्न सकेन।

खैरिचन्दनपुर गाविस-६ की ८ वर्षीया एक बालिकालाई ०६७ कात्तिक २ गते सोही ठाउँका ३१ वर्षीय रामबहादुर चौधरीले चाउचाउ खान दिने प्रलोभन दिएर आफूसँग लगी बलात्कार गरी हत्या गरेर लास छिमेकीको घरमा झुण्ड्याएको आरोपमा पीडितका बाबु हरिनारायण चौधरीले ०६७ कात्तिक ३ गते आरोपित विरुद्ध इलाका प्रहरी कार्यालय राजापुरमा जाहेरी दर्ता गराए। आरोपितलाई कात्तिक ३ गते गाउँबाट प्रहरीले गिरफ्तार गऱ्यो। जिल्ला अदालतको ०६७ कात्तिक २९ गतेको आदेशमा आरोपितलाई पुपर्क्षको लागि जिल्ला कारागारमा थुनामा छन्। यस वर्षको अन्त्यसम्म मुद्दा फैसला भएन।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार दुर्व्यवहार

धधवार गाविस-३ कर्तनियाकी ४५ वर्षीया उज्याली थारुलाई ०६७ जेठ १८ गते सोही गाउँका २६ वर्षीय हरिप्रसाद थारू, उनका भाइ २३ वर्षीय अंशु थारू र बाबु ४५ वर्षीय भोसु थारुको सहयोगमा आफ्नी बहिनीलाई बोक्सी लागेर बिरामी बनाएको आरोपमा कुटपिट गरी दाहिने हात भाँचिदिए। हरिबहादुरले पीडितकै घरमा आएर लाठीले प्रहार गरी हात भाँचिदिनुको साथै शरीरको अन्य ठाउँमा पनि कुटपिट गरेर नीलडाम बनाए। आमालाई कुटपिट गर्नबाट रोक्न खोज्दा पीडित उज्यालीका छोरीहरू १७ वर्षीय सुमित्रा थारु, १४ वर्षीया दुलारी थारु, ११ वर्षीया माया थारु र ७ वर्षीय सिपाही थारुलाई पनि शरीरमा नीलडाम हुने गरी कुटपिट गरे। उनीहरूको स्थानीय स्वास्थ्य केन्द्र र उज्यालीको कोहलपुर मेडिकल कलेज कोहलपुरमा उपचार भयो। पीडितले इलाका प्रहरी कार्यालय मोतिपुरमा ०६७ जेठ १९ गते निवेदन दिइन्। समाजले पीडितलाई उपचार गर्न र जरिवाना वापत लोग्ने सर्जु थारुलाई मात्र बोलाएर ६ हजार रुपियाँ तिर्ने सहमति गराए। पीडितले न्यायको लागि ०६७ असार ९ गते मानवअधिकारकर्मीहरूसँग पहल गरिदिन अनुरोध गरे पनि स्थानीय राजनीतिक पार्टीका कार्यकर्ताको दवावको कारण कानुनी निकायमा मुद्दा दर्ता गर्न सकिनन्।

ठाकुरद्वारा गाविस-२ मडेला निवासी स्वास्थ्य स्वयम्सेविका ५६ वर्षीया नारायणी लम्सालालाई ०६७ कात्तिक १० गते सोही ठाउँका जानकी पोखेल, शिवकुमार पोखेल, तीला अर्याल र झाँक्री काम गर्ने कर्णबहादुर मिजारले बोक्सीको आरोप लगाई दुर्व्यवहार गरे। सोही ठाउँकी २४ वर्षीया जानकी पोखेललाई टुनामुना गरी बिरामी गराएको ओरापमा २४ वर्षीय कर्णबहादुर मिजारले झाँक्री बसेर नारायणीलाई बोक्सी लागेको बकाउँदै गर्दा स्थानीयवासीहरूले घेरा हाली मुख्य आरोपित र सहयोगी चार जनालाई इलाका प्रहरी कार्यालय नेउलापुरले सोही दिन गिरफ्तार गऱ्यो। झाँक्री मिजारले 'बिरामी जानकीलाई हातखुट्टा डोरीले बाँधेर बोक्सीको आत्मा आफ्नो नियन्त्रणमा रहेको दावी गर्दै ०६७ कात्तिक १० गते आफूले मन्त्रले बोक्सीलाई मारिदिएको, उसको घरमा हेर्न जाऊ मरिसकी' भनेर पीडित नारायणीको घरमा हेर्न पठाउने गरेको थियो।

पीडित नारायणी लम्सालले ०६७ कात्तिक १२ गते जिल्ला प्रहरी कार्यालय बर्दियामा न्यायको लागि किटानी जाहेरी दिइन्। चारै जना पीडक जिल्ला अदालतको आदेशमा ०६७ कात्तिक १८ गते ५-५ हजार रुपियाँ धरौटीमा रिहा भए।

बेचबिखन तथा ओसारपसार

सानोश्री गाविस-८ की १८ वर्षीया एक युवतीलाई ०६७ असार ४ गते सोही ठाउँ निवासी २५ वर्षीय शेरबहादुर विक र सोही ठाउँका २२ वर्षीय शोभा नेपाली र २८ वर्षीया जुना नेपालीले काम लगाइ दिने प्रलोभनमा पारी भारतको दिल्लीमा पुऱ्याई बेचे। पीडितले नेपाल फर्किए लगत्तै ०६७ असार ३० गते जिल्ला प्रहरी कार्यालय बर्दियामा चेलीबेटी बेचबिखनको मुद्दामा किटानी जोहेरी दर्ता गराइन्। जिल्ला अदालत बर्दियाले ०६७ साउन २१ गते अभियुक्त शेरबहादुर नेपाली र शोभा नेपालीलाई पुर्पक्षको लागि जिल्ला कारागार बर्दियामा थुनामा राख्न आदेश दियो। फरार अभियुक्त नेपालीलाई यस वर्षको अन्त्यसम्म प्रहरीले गिरफ्तार गर्न सकेन।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

मगरागाडी गाविस-४ गुल्राकी १९ वर्षीया एक महिलालाई ०६६ पुस २६ गते राति सोही ठाउँका २८ वर्षीय गोविन्द थारूले घरमा राति सुतिरहेको अवस्थामा बलात्कार गरेको भन्दै पीडितले ०६६ पुस २७ गते इलाका प्रहरी कार्यालय जयनगरमा निवेदन दिइन्। प्रहरीले आरोपीलाई सोही दिन गिरफ्तार गरी कानुनी कारबाही चलायो। जिल्ला अदालतको ०६६ माघ ८ गतेको आदेश अनुसार आरोपी थारु सामान्य तारेखमा रिहा भए।

तारातल गाविस-६ की ६० वर्षीया महिलालाई ०६६ चैत २० गते सोही ठाउँका २८ वर्षीय मिलनबहादुर भन्ने आईबहादुर गुरुङले घरैमा बसिरहेको अवस्थामा बलात्कार गरेको भन्दै पीडित महिलाले ०६६ चैत १५ गते जिल्ला प्रहरी कार्यालयमा निवेदन दर्ता गराइन्। जिल्ला प्रहरी कार्यालयले ०६६ चैत २५ गते आरोपितलाई गिरफ्तार गऱ्यो। आरोपित ०६७ वैशाख १७ गते जिल्ला अदालतको आदेश अनुसार पुर्पक्षका लागि जिल्ला कारागार चलान भए। यस वर्षको अन्त्यसम्ममा मुद्दा फैसला भएन।

नेउलापुर गाविस-९ निवासी २३ वर्षीया एक महिलालाई ०६७ वैशाख १५ गते सोही गाविसको रानीपुर घर भई सोही ठाउँको भुरीगाउँमा रहेको स्वास्थ्य चौकीका इन्चार्ज अहेब दीपबहादुर बस्नेतले स्वास्थ्य चौकीमा उपचार गर्ने निहुँमा यौन दुर्व्यवहार गरेको पीडितले बताइन्। पीडित महिलाले गर्भ निरोध साधन कपरटी राखेको र पेट दुख्ने समस्याले उपचार गर्न स्वास्थ्य चौकी गएकी थिइन्। विगतमा महिला स्वास्थ्यकर्मीसँग उपचार गर्दै आएकी पीडितलाई आरोपितले आफैँ उपचार गर्ने भनी उपचार गर्ने कोठामा बसालेर ढोकाको चुकुल तथा झ्याल लगाएर संवेदनशील अङ्गहरू छाम्न थालेपछि प्रतिकार गरी आफैँले चुकुल खोली बाहिर निस्केको पीडितले बताइन्। पीडितले ०६७ वैशाख १६ गते इलाका प्रहरी कार्यालय भुरीगाउँमा निवेदन दिए पनि आरोपितलाई कारबाही भएन।

गुलरिया नपा-१२ की एक ४४ वर्षीया महिलालाई ०६७ असोज २० गते सोही ठाउँका ४५ वर्षीय रामबहादुर दर्जीले बलात्कार गरेको पीडितले बताइन। आरोपितलाई ०६७ असोज २० गते जिल्ला प्रहरी कार्यालयले गिरफ्तार गऱ्यो। पीडित महिलाले ०६७ असोज २१ गते जिल्ला प्रहरी कार्यालयमा मुद्दा दर्ता गराईन्। जिल्ला अदालत बर्दियाको ०६७ कात्तिक १४ गतेको आदेशपछि आरोपित यस वर्षको अन्त्यसम्म पुर्पक्षको लागि जिल्ला कारागार गुलरियाको थुनामा रहे।

महम्मदपुर गाविस-७ की १८ वर्षीया एक युवतीलाई ०६७ वैशाख २२ गते राति गुलरिया नपा-१० भादा पुल नजिक अपरिचत व्यक्तिहरूको समूहले कब्जामा लिएर बलात्कार गरी बेहोस अवस्थामा छाडे। अचेत अवस्थामा भेटिएकी पीडितको गुलरिया अस्पतालमा उपचार भयो। पीडितका बाबुले ०६७ वैशाख २७ गते जिल्ला प्रहरी कार्यालय बर्दियामा पीडकको पहिचान गर्नुको साथै कानुनी कारबाही गर्न जाहेरी दर्ता गराए। यस वर्षको अत्यसम्म प्रहरीले पीडकको पहिचान गर्न सकेन।

घरेलु हिंसा

खैरीचन्दनपुर गाविस-९ निवासी रण सारदुल गण दैलेखमा सिपाही पदमा कार्यरत २५ वर्षीय कृष्णबहादुर बुढाथोकीले ०६६ फागुन ७ गते सल्यान जिल्लाकी २२ वर्षीया प्रज्ञा रावलसँग दोस्रो विवाह गरे। बुढाथोकीकी जेठी पत्नी हिरा बुढामगरले जिल्ला प्रहरी कार्यालय बर्दियामा ०६६ फागुन २३ गते बहुविवाहको मुद्दा दर्ता गराइन्। प्रज्ञा रावललाई जिल्ला प्रहरी कार्यालयले ०६७ वैशाख ६ गते गिरफ्तार गऱ्यो। सोही दिन जिल्ला अदालतले थुनवा पुर्जी दियो र उनी ०६७

वैशाख २१ गते साधारण तारेखमा रिहा भए। कृष्णबहादुर बुढाथोकीले ०६७ जेठ २३ गते म्याद बुझी ०६७ असार २३ गते जिल्ला अदालतमा हाजिर भए सोही दिन ५ हजार रुपियाँ धरौटीमा रिहा भए। सरकारी वकिलको कार्यालय बर्दियाले जिल्ला अदालत बर्दियाको आदेश बदर गर्न ०६७ साउन ४ गते निवेदन दर्ता गरायो। पुनरावेदन अदालत नेपालगञ्जले ०६७ साउन २७ गते पीडक बुढाक्षेत्रीलाई थुनामा राखी कारबाही अगाडि बढाउन जिल्ला अदालत बर्दियालाई आदेश दियो। आरोपित हाल पनि रण सारदुल गण दैलेखमा सिपाही पदमा कार्यरत छन्।

पाताभार गाविस-६ जनकनगरकी ३५ वर्षीया सुमती बखरियालाई पति भागीराम चौधरीले ०६६ चैत १४ गते बसुला र घाँस काट्ने गर्साले टाउकोमा प्रहार गरी घाइते बनाए। सोमतीसँगै पीडकले ११ वर्षीय छोरा दामोदर र १३ वर्षीय छोरी चन्द्रालाई पनि बसुला र घाँस काट्ने गर्साले प्रहार गरी घाइते बनाए। घटना लगत्तै आरोपितले घर नजिकै रहेको रुखमा झुन्डिएर आत्महत्या गरे। घाइतेहरूको नेपालगञ्जस्थित नेपालगञ्ज मेडिकल कलेजमा उपचार भयो। आरोपितले घटना लगत्तै आत्महत्या गरेकाले पीडितले कतै निवेदन दिइनन्।

गुलरिया नपा-५ का ३० वर्षीय घनश्याम डिसीले ०६७ जेठ १ गते २७ वर्षीया सपना डिसीसँग दोस्रो विवाह गरे। घनश्यामकी जेठी पत्नी पीडित नीरा डिसीले आरोपित विरुद्ध ०६७ असार २ गते जिल्ला प्रहरी कार्यालय बर्दियामा बहुविवाहको मुद्दा दर्ता गराइन्। आरोपित घनश्याम र सपना फरार भएको कारण यस वर्षको अन्त्यसम्म प्रहरीले गिरफ्तार गरी कानुनी कारबाही गर्न सकेन।

गुलरिया नपा-७ मतंगाकी २७ वर्षीया अनीता पासीलाई ०६७ वैशाख २ गते पति ३० वर्षीय पवन पासीले मादक पदार्थ सेवन गरी दाईजो नल्याएको निहुँमा कुटपिट गरी घाइते बनाए। अनीतालाई पवनले तीन दिन अगाडि पनि घरमै कुटपिट गरेका थिए। पीडित अनिताले स्थानीय औषधी पसलमा उपचार गराइन्। उनीले न्यायको लागि मौखिक अनुरोध गर्नु बाहेक लिखित निवेदन कतै दिइनन्।

गुलरिया नपा-७ तुलसीपुरकी २६ वर्षीय राम शाहीले घरमा पत्नी हुँदाहुँदै ०६७ जेठ १४ गते सोही ठाउँकी २४ वर्षीया रविना लिम्बूसँग बहुविवाह गरे। राम शाहीकी जेठी पत्नी २५ वर्षीया रत्ना शाहीले ०६७ भदौ ७ गते जिल्ला प्रहरी कार्यालय बर्दियामा बहुविवाह मुद्दा दर्ता गराइन्। आरोपितहरू फरार भएका कारण यस वर्षको अन्त्यसम्म कुनै कानुनी कारबाही भएन्।

गुलरिया नपा-७ कृष्णसारकी ३६ वर्षीया खेमकुमारी पुरीलाई ०६७ असार २२ गते पति राजकुमार पुरीले ऋण निकाल्न घर जग्गा धितो राख्न नदिएको भन्दै टाउकोमा प्रहार गरी घाइते बनाए। उनको स्थानीय औषधी पसलमा उपचार भयो। घरेलु हिंसामा परेका महिलाहरूको न्यायको लागि पहल गर्ने सेवा केन्द्रमा अबका दिनमा लोग्नेले यस किसिमको घटना नदोहोऱ्याउने सर्तमा ०६७ असार २४ गते दुवै पक्षबीच सहमति भयो।

गुलरिया नुपा-१४ परसियाकी २८ वर्षीया मीना थारूलाई ०६७ साउन ३ गते पति रामबहादुर थारूले आफ्नै घरको कोठामा थुनेर कुटपिट गरे। पतिले कुटपिट गर्न लागेपछि घर छोडी हिँडेकी मीना गुलरिया नपा-१० कोठिया गाउँमा आफन्त कहाँ आश्रय लिई बसिन्। आरोपितलाई ०६७ साउन ५ गते सोही दिन प्रहरीले पतिलाई भिकाई मिलापत्र गरायो।

धधावार गाविस-६ खैरेनीकी ३७ वर्षीया साइती थारुलाई ०६७ साउन ३१ गते राति पति जैराम चौधरीले आजको मितिदेखि वैवाहिक सम्बन्ध तोडिएको र फर्किएर नआउनु भन्दै कुटपिट गरी घरबाट निकाले। पीडित महिला सोही राति डेउढकला गाविस-९ मा अपरिचित व्यक्तिको घरमा शरण लिई ०६७ असोज २ गते गुलरिया नपा-६ मा माइतमा बसी ०६७ असोज ५ गते आफ्नै घर फर्किन्। पीडितले न्यायको लागि कतै उजुरी दिइनन्।

धधवार गाविस-९ की २६ वर्षीया लक्ष्मी विकलाई ०६७ कात्तिक १५ गते पति ३० वर्षीय सञ्जु परियारले परपुरुषसँग बोलेको आरोप लगाउँदै मुक्का र लाठीले कुटपिट गरी घाइते बनाए। प्रत्यक्षदर्शीका अनुसार पीडित महिलाको पसल रहेको र ग्राहकलाई हाँस्दै बोल्दै सामान दिएको देखेपछि पतिले कुटपिट गरेका थिए। लोग्नेको कुटपिटको कारण बेहोस भएकी पीडित महिलाको स्थानीय औषधी पसलमा उपचार भयो। पीडितले न्यायको लागि कतै उजुरी दिइनन्।

धधवार गाविस-८ विजयनगरकी २१ वर्षीया मगरानी थारूलाई ०६७ कात्तिक २९ गते पति २५ वर्षीय मायाराम थारूले परपुरुषसँग लागेको आरोप लगाउँदै कुटपिट गरी बेहोस बनाए। पीडितको स्थानीय औषधी पसलमा उपचार भयो। यस अघि पनि लोग्नेले कुटपिट गरी घाइते बनाउने गरेपनि पीडित महिलाले न्यायको लागि कतै उजुरी दिइनन्।

सबै प्रकारका जातीय विभेद

महम्मदपुर गाविस-७ का ३५ वर्षीय भागीराम रैदासलाई सोही ठाउँका ३५ वर्षीय गयाप्रसाद यादवले ०६७ असार १८ गते तल्लो जातसँग कुनै व्यवहार र छुलफल नगर्ने भन्दै दुर्व्यवहार गरे। पीडितले ०६७ असार २४ गते जिल्ला प्रहरी कार्यालय बर्दियामा जातीय विभेद विरुद्ध मुद्दा दर्ता गराए। जिल्ला अदालतले ०६७ साउन २१ म्याद दर्ज गरी ०६७ साउन २५ गते म्याद जारी गऱ्यो र अरोपित ०६७ असोज १३ गते म्याद बुझी जिल्ला अदालतमा ०६७ असोज १८ गते हाजिर भए। आरोपित सोही दिन अदालतको आदेशमा १५ हजार रुपियाँ धरौटी राखी रिहा भए ।_

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरचना, सम्पति क्षति, सम्पति कब्जा

एकीकृत माओवादीबाट

पदनाहा गाविसमा रहेको पूर्व न्यायाधीश स्वर्गीय मदनमोहन जोशीको काठको घर एकीकृत माओवादी समर्थक स्थानीय व्यक्तिहरूले ०६७ वैशाख ५ गते भत्काए। एमोवादी बर्दियाका सह-इन्चार्ज दुर्गा थारु (कविर) ले पूर्व न्यायाधीशको काठको घर भत्काएर लैजानुमा आफ्नो पार्टी र कार्यकर्ताहरूको कुनै संलग्नता नरहेको दावी गरे। पीडित पक्षले न्यायको लागि कतै उजुरी दिएनन्।

दौलतपुर गाविस-३ नेउलापुर र सोही गाविस-१ सोनपुरका रुद्रबहादुर शाहीको पाँच बिगाहा, श्रीराम दवाडीको एक बिगाहा, प्रेमकुमारी रानाको १२ विगाहा, रमेश ज्ञवाली, सन्तोष ज्ञवाली, र कल्लु ज्ञवालीको संयुक्त परिवारको ७० विगाहा, रविन्द्र शर्माको परिवारको १ सय ५० विगाहा, दत्तबहादुर बास्तोलाको २१ बिगाहा गरी २ सय ५९ विगाहा जग्गा ०६७ जेठ २ गते देखि ५ गतेको अवधिमा एकीकृत माओवादीको भातृ सङ्गठन अखिल नेपाल किसान सङ्घले झण्डा गाडेर पुन: कब्जा गरे। कब्जा गरिएको जग्गा एकीकृत माओवादीले दश वर्षे सशस्त्र द्वन्द्वको समयमा कब्जा गरेकोमा शान्ति प्रक्रियामा आएदेखि जग्गा फिर्ता गरिएको बताउँदै आएको थियो। अखिल नेपाल सुकुम्वासी सङ्घका जिल्ला अध्यक्ष छल्लुराम थारुले उनको भाषामा स्थानीय फटाहाहरूले जमिन्दारको जग्गा किनेको, बन्दकी लिएको नाममा सुकुम्वासी र साना किसानहरूलाई जग्गा लगाउनबाट वञ्चित गर्न थालेपछि पुन: जग्गा कब्जा गरी बितरण गर्ने अभियान चलाइएको बताए। पीडितहरूले जग्गा लगाउन पाउँ भनी इलाका प्रहरी कार्यालय राजापुरमा निवेदन दिएपछि अखिल नेपाल सुकुम्वासी सङ्घका कार्यकर्ताहरूसँग अधिया बाली दिने सहमति भयो। जिल्लामा द्वन्द्वको समयमा एकीकृत माओवादीले कब्जा गरेको जग्गा फिर्ता गरिसकेको बताउने गरेपनि स्वतन्त्र रुपमा आफ्नो जग्गामा बाली लगाउन र खेती लगाउने किसानवाट एकीकृत माओवादी अवरोधको कारण अधिया बाली समेत नपाएको जग्गा धनीले बताए।

सोरहवा गाविस-९ भोलागौडीकी स्वर्वेमान श्रेष्ठको सोही ठाउँमा रहेको एक बिगाहा जग्गा ०६७ असार २ गते अखिल नेपाल सुकुम्वासी सङ्घ र अखिल नेपाल किसान सङ्घको नेतृत्वमा कब्जा भयो। सो जग्गामा अखिल नेपाल सुकुमबासी सङ्घ, अखिल नेपाल किसान सङ्घ, वाईसीएल, एकीकृत माओवादी पार्टीको झण्डा बोकेर आएका करिब २ सय जनाको समूहले झण्डा गाडेको थियो। एकीकृत माओवादीले जग्गा कब्जा गरेको घटना थाहा पाए लगत्तै नेपाल प्रहरी र सशस्त्र प्रहरीको टोली गएर झण्डा उखलेर फाल्यो। सशस्त्र द्वन्द्वको समयमा कब्जा गरी स्थानीय साना किसानहरूलाई लगाउन दिएको जग्गा जग्गा मालिक र किन्ने व्यक्ति दुवैले एकीकृत माओवादीलाई नसोधी किनबेच गर्न लागेपछि रोक्न झण्डा गाडिएको एकीकृत माओवादी स्थानीय नेता तथा कार्यकर्ताले बताए। पीडितले कतै उजुरी दिएनन्।

वाईसीएलबाट

गुलरिया नपा-९ भन्सार रोडका ३० वर्षीय दडिपचन्द्र भुजुवाको सोही ठाउँमा रहेको पसलमा ०६७ वैशाख २३ गते आमहड्तालको अवज्ञा गरी खोलेको आरोपमा लाठी सहित आएका वाईसीएलको समूहले तोडफोड गरी क्षति पुऱ्यायो। तोडफोडबाट पसलको अगाडि राखिएको सोकेसमा क्षति भयो। पीडित भुजुवाले घरको भित्रबाहिर गर्ने ग्यालेरीमा पसल राखेको र नचाहेर पनि सटर खोल्नु पर्ने बाध्यता रहेकोमा वाईसीएलले कुरा नबुझी तोडफोड गरेको बताए। पीडितले कतै उजुरी दिएनन्।

जनतान्त्रिक तराई मुक्ति मोर्चाबाट

महम्मदपुर गाविस-४ डल्लापुरस्थित शालिकराम यादवको आफ्नै घरमा राखिएको ट्याक्टरमा जनतान्त्रिक तराई मुक्ति मोर्चाको कार्यकर्ताको समूहले ०६७ मङ्सिर १७ गते राति बम विष्फोट गराई क्षति गरायो। मोर्चाले स्थानीय सञ्चारमाध्यम मार्फत चन्दा नदिएको र आफ्नो सङ्गठनको विरुद्धको गतिविधिमा संलग्न भएको आरोप लगाउँदै चेतावनी स्वरुप घटना गराएको बतायो। बम

विष्फोटबाट ट्याक्टरको इन्जिनमा क्षति भएको प्रहरी चौकी गणेशपुरले जानकारी दियो।

अज्ञात समूहबाट

गुलरिया नपा-२ खैरापुर निवासी तथा जिल्ला विकास समिति बर्दियाका ओभरसियर भीमप्रसाद लामिछानेको घरमा ०६७ असार ९ गते राति अज्ञात समूहले सकेट बम विस्फोट गरायो। विस्फोटबाट घरको अगाडिको भागको झ्यालको सिसा फुटेर क्षति भयो। सञ्चारकर्मीहरूलाई फोन गरी तराई जनतान्त्रिक मुक्ति मोर्चा नाम बताउने समूहले चन्दा नदिएकाले बम विस्फोट गराएको बतायो।

गुलरिया नपा-७ सङ्गम टोल निवासी एमाले जिल्ला कमिटी बर्दियाका अध्यक्ष तथा स्थानीय शान्ति समिति बर्दियाका संयोजक दीपबहादुर रानाको घरमा ०६७ असोज ५ गते राति करिब नौ बजे अज्ञात समूहले सकेट बम विस्फोट गरायो। विस्फोटनबाट घरको पालीमा राखिएको एक कुर्सी, मकै र भुस राखिएको बोरा पूर्णरुपमा क्षतविक्षत भयो। पालीमा सामान्य क्षति भएपनि मानवीय क्षति भएन। जनतान्त्रिक तराई मुक्ति मोर्चाको कार्यकर्ताले स्थानीय सञ्चारमाध्यमलाई फोन गरी अध्यक्ष रानाले माग गरिएको चन्दा नदिएकोले बम विस्फोट गराएको भन्दै घटनाको जिम्मेवारी लियो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लाको स्वास्थ्य संस्थामा छ डाक्टर, ११ हेल्थ असिस्टेन्ट, ४९ अहेब, १६ स्टाफ नर्स, २० अनमी, १३ ग्रास्वाका, ३४ मासिका, २२ सहायक, दुई कार्यालय सहयोगी छन्।

अस्पतालमा तीन जना डाक्टरको दरबन्दी रहेको भए पनि दुई जना मात्र डाक्टर रहेका छन्। यसैगरी नर्सिङ्ग निरीक्षक, तीन स्टाफ नर्स, नौ जना अनमी, एक सिअहेब, दुई अहेव, एक ल्याब टेक्निसियन, एक ल्याव असिस्टेन्ट, दुई सहयोगी, एक नासु, एक खरदार, रहेका छन्। यसैगरी अस्पताल विकास समितिले एक ड्रक रुम असिस्टेन्ट, एक अहेव, एक अनमी, एक चौकीदार छन्।

ग्रामीण क्षेत्रमा तीनओटा प्राथमिक स्वास्थ्य केन्द्र रहेका छन्। तीन ओटै केन्द्रमा एक एक गरी तीन डाक्टर, एक एक गरी तीन हेल्थ असिस्टेन्ट, दुई दुई गरी छ अहेव, एक एक गरी तीन स्टाफ नर्स, तीन तीन गरी नौ अनमी, एक एक गरी तीन ग्रास्वाका र एक एक ल्याब असिस्टेन्ट गरी जम्मा ३० जना जनशक्ति रहेका छन्।

जिल्लामा आठओटा स्वास्थ्य चौकी रहेका छन्। जसमा एक एक गरी आठ हेल्थ असिस्टेन्ट, दुई दुई गरी १६ जना अहेव, एक एक गरी आठ अनमी, एक एक गरी आठ ग्रास्वाका र दुई दुई गरी १६ कार्यालय सहायक गरी ५६ जनाको दरबन्दी रहेको छ।

उपस्वास्थ्य चौकी २२ ओटा रहेका छन्। जसमा एक एक गरी २२ अहेव, एक एक गरी २२ ग्रास्वाका, एक एक गरी २२ मासिका र एक एक २२ कार्यालय सहायक गरी ८८ जनाको दरबन्दी रहेको छ।

४.८ सुर्खेत



जनसङ्ख्या : ३,५८,७५२
साक्षरता प्रतिशत : ६८
महिला साक्षरता प्रतिशत : ५२
क्षेत्रफल (वर्ग कि. मि.) : २,४५१
गाविस/नपा सङ्ख्या : ५०/१
सरकारी/निजी विद्यालय : ५३२/३१
क्याम्पस/उच्च मा.वि. : ३/२१
अस्पताल/स्वास्थ्य चौकी : १/५१
मानव विकास सूचकाङ्कः ०.४८६
प्रतिपरिवार सरदर सङ्ख्याः ७

नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

यूथफोर्सबाट

मैनतडा गाविस-२ निवासी वाईसीएल कार्यकर्ता २१ वर्षीय आशाराम बिकलाई फरक मत राखेको आरोपमा ०६६ फागुन १५ गते युथफोर्सका कार्यकर्ताहरूले साहारे गाविस-८ बोटेचौर बजारमा खुकुरी प्रहार गरी हत्या गरे। खुकुरी प्रहारबाट छाती,

घटनाको प्रकार	गैरराज्यबाट								राज्यबाट		
	अन्यबाट				एकीकृत माओवादीबाट						
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	३	१	३	४							
घाइते	१	१		१							
गिरफ्तारी/यातना									१३	३०	३०
कुटपिट	१८	३१	६	३७	६	७		७	४	५	५
धम्की	१८	२७	६	३३	१५	१६	१	१७	१	१	१
भेला/सङ्गठित हुने अधिकार									१	१	१
जातीय विभेद	२		४	४							
महिलाअधिकार	९१		९३	९३							
बालअधिकार	८	१	८	९							
अपहरण	१	१		१	३	३		३			
जम्मा	१४२	६२	१२०	१८२	२४	२६	१	२७	१८	३७	३७

टाउको तथा शरीरका अन्य भागमा चोट लागेका विकको उपचारको लागि वीरेन्द्रनगरमा ल्याउँदै गर्दा बीचबाटोमा मृत्यु भयो। क्षेत्रीय अस्पताल सुर्खेतको शवगृहमा तीन दिनसम्म राखिएको मृतक विकको शवलाई घरपरिवार र एकीकृत माओवादीका कार्यकर्ताहरूले सदरमुकाम वीरेन्द्रनगरदेखि ४० किमी टाढा पूर्वमा रहेको बोटेचौर बजारसम्म शव च्याली गरी मैनतडा गाविस-२ मा ल्याई ०६६ फागुन १८ गते दाहसंस्कार गरे। मृतक विकको हत्यामा संलग्न भनिएका युथफोर्सका कार्यकर्ताहरू साहारे गाविस-८ का चोकेन्द्र रखाल, उपेन्द्र पुन, जनक बुढा, वीरबहादुर वली र दलबहादुर घर्तीको विरुद्ध एकीकृत माओवादीले ०६६ फागुन १७ गते किटानी जाहेरी दिए पनि यस वर्षको अन्त्यसम्ममा प्रहरीले पीडकहरू कसैलाई गिरफ्तार गर्न सकेन। घटनाका आरोपित रखाल, पुन, बुढा, वली र घर्ती घटनालगत्तै फरार छन्। त्यस्तै सोही दिन यूथफोर्सका कार्यकर्ताहरूले साहारे गाविस-९ का एकीकृत माओवादी कार्यकर्ता ३३ वर्षीय खीमबहादुर वली, साहारे गाविस-८ का ३० वर्षीया हिरा विक र मैनतडा गाविस-२ का २१ वर्षीया सेतीराम सुनारलाई खुकुरी प्रहार गरी घाइते बनाए। टाउको, ढाड, खुट्टा र हातमा चोट लागेका सबैजनाको क्षेत्रीय अस्पताल सुर्खेतमा उपचार भयो।

जेल र बन्दीहरू

जिल्ला कारागारमा हाल कैद तोकिएका पुरुष ३१, महिला दुई तथा कैद नतोकिएका पुरुष ६२ र महिला एक गरी जम्मा बन्दीको सङ्ख्या ९६ रहेको छ। 'ङ' श्रेणीको बन्दी क्षमता २५ रहेको कारागारमा पानी, शौचालय, विद्युत, पत्रपत्रिका, खेलकुदका सामग्री र रेडियो टीभी उपलब्ध छन्। तर क्षमताभन्दा तीन गुणा बढी बन्दीहरू एकै ठाउँमा राखिँदा बन्दीहरू चिसो भुईंमा सुत्न बाध्य छन्। कारागारमा क्षमताभन्दा तीन गुणा बढी बन्दीहरू रहेकाले उनीहरूलाई इट्टाको कच्ची पर्खालले घेरेर माथिबाट टिनको पाताले छोपेर राख्न बाध्य हुनुपरेको जेलर ओम चपाईले बताए।

बेपत्ता/अपहरण

एकीकृत माओवादीबाट

साहारे गाविस-८ का ३५ वर्षीय रुद्र थापालाई वाईसीएल कार्यकर्ता आशाराम सुनारको हत्यामा संलग्न भएको आरोपमा ०६६ फागुन १६ गते साहारे गाविस-८ का एकीकृत माओवादी कार्यकर्ता कल्यान केसीलगायतको समूहले घरबाटै अपहरण गऱ्यो। अपहरणपछि साहारे गाविस हुँदै मेहेलकुना गाविसमा पुऱ्याई ०६६ फागुन १७ गते मुक्त गरे। पीडितले वाईसीएलका विरुद्ध प्रहरीले कारबाही गर्न नसक्ने भनी कहीं उजुरी नगरेको बताए। एकीकृत माओवादी कार्यकर्ता केसीले थापालाई अपहरण गरेको नभई

हत्यामा संलग्न भनिएका युथफोर्सका कार्यकर्ताहरूको खोजीको लागि सहयोग गर्न आफूहरूले साथमा लगेको बताए।

दशरथपुर गाविस-३ का २१ वर्षीय श्यामबहादुर थापालाई स्थानीय वाईसीएल कार्यकर्ता कर्णबहादुर बुढाको हत्या गरेको आरोपमा ०६७ जेठ २६ गते एकीकृत माओवादीका लडाकुहरूले घरबाटै अपहरण गरी कुटपिट गरे। कुटपिटबाट पीडितको दुईओटा दाँत भाच्चिनुको साथै टाउको र शरीरभरी चोट लाग्यो। पीडितको नेपालगञ्ज मेडिकल कलेजमा उपचार भयो। घटनापछि तीन महिनासम्म पीडित वीरेन्द्रनगरमै विस्थापित भए। पीडितले ०६७ जेठ ५ गते जिल्ला प्रहरी कार्यालय सुर्खेतमा ज्यान मार्ने उद्योगको मुद्दा दायर गर्न खोजे पनि प्रहरीले दर्ता गरेन। यसबारेमा जिल्ला प्रहरी कार्यालय सुर्खेतका एसपी गणेश थापाले मुद्दा दायर गरेमा थप विवाद बढ्ने भनी दर्ता नगरेको बताए।

दशरथपुर गाविस-३ का ४१ वर्षीय बालकृष्ण वलीलाई फरक मत राखेको र राति गाउँ घुमेको आरोपमा ०६७ असार १ गते साँझ एकीकृत माओवादी लडाकूहरूले घरनजीकैबाट अपहरण गरे। अपहरणपछि सोही दिन राति १२ बजे मुक्त गरिएका पीडितलाई ०६७ असार २ गते दशरथपुरस्थित एकीकृत माओवादी सेनाको छैठौं डिभिजनमा बोलाई आगामी दिनमा रातिको समयमा नहिँड्ने सर्तमा कागजसमेत गराएको पीडितले बताए। त्रासका कारण पीडितले कतै उजुरी गरेनन्।

वाईसीएलबाट

लेखफर्सा गाविस-९ का ४१ वर्षीय आनन्द गुरुङलाई एकीकृत माओवादी कार्यकर्ता धर्मराज सापकोटाले कुटपिट गरेको आरोपमा ०६७ जेठ १० गते गुमी गाविस-६ का वाईसीएल कार्यकर्ता हरियालीलगायतको समूहले गुमी गाविस र मैनतडा गाविस जोड्ने भेरीपुल बाट अपहरण गऱ्यो। अपहरणपछि लेखफर्सा, दशरथपुर हुँदै दहचौर गाविसमा पुऱ्याई चार दिनसम्म मानसिक तथा शारीरिक यातना दिएको पीडितले बताए। पीडित ०६७ जेठ १४ गते दहचौर गाविसबाट मुक्त भए। वाईसीएलका कार्यकर्ताहरूले अपहरण तथा कुटपिट गरेको घटनाको सुनुवाइ नहुने र त्रासका कारण कहीं उजुरी नगरेको पीडितले बताए। एकीकृत माओवादी सुर्खेतका इन्चार्ज कृष्ण धमालाले गुरुङलाई चार दिनसम्म नियन्त्रणमा लिए पनि यातना नदिइएको बताए।

धम्की/कुटपिट

राज्यबाट

वीरेन्द्रनगर नपा–६ निवासी सञ्चारकर्मी २१ वर्षीय रमेश बमले आदेश पालना नगरेको आरोपमा ०६६ फागुन २५ गते प्रहरीले वीरेन्द्रनगरको खुल्लामञ्चमा राईफलको कुन्दा र लात्तीमुक्काले कुटपिट गरे। खुलामञ्चमा सञ्चालन भइरहेको अन्तर्राष्ट्रिय सांस्कृतिक महोत्सवको समाचार सङ्कलन गर्न पुगेका बुलबुले एफएमका सम्वाददाता बमले परिचयपत्र देखाउँदा देखाउँदै पनि प्रहरीले कुटपिट गरेको बताए। नेपाल पत्रकार महासङ्घ सुर्खेत शाखाको टोलीले घटना लगत्तै जिल्ला प्रहरी कार्यालय सुर्खेतका एसपी गणेश थापालाई भेटी सञ्चारकर्मीलाई कुटपिट गर्ने प्रहरीलाई तत्काल कारबाही गर्न माग गरे पनि पीडकलाई कुनै कारबाही भएन।

वीरेन्द्रनगर नपा–१ का मजदुर ३१ वर्षीय राजकुमार शाहीलाई रातिको समयमा हिँडेको आरोपमा ०६७ वैशाख ९ गते गस्तीमा खटिएका प्रहरीले उत्तरगङ्गा गाविस-१ मा लात्तीमुक्काले कुटपिट गरे। उनको सुर्खेत अस्पतालमा उपचार भयो।

दहचौर गाविस–१ का २३ वर्षीय विद्यार्थी जनक विकलाई प्रहरीलाई गालीगलौज गरेको आरोपमा ०६७ जेठ १२ गते घुमखहरे प्रहरी चौकीमा कार्यरत प्रहरी जवान नृपे विष्ट र मेहेलकुना प्रहरी चौकीमा कार्यरत प्रहरी जवान देउबीर शाहीले दहचौर गाविस–२ मा लात्तीमुक्काले कुटपिट गरे। पीडितको मेहेलकुना गाविसस्थित स्वास्थ्य केन्द्रमा उपचार भयो। प्रहरीले कुटपिट गरेको घटनाको सुनुवाई नहुने भनी कहीं उजुरी नगरेको पीडितले बताए।

लाटीकोईली गाविस–९ निवासी एभिन्यूज टेलिभिजन सुर्खेतका सम्वाददाता २६ वर्षीय प्रकाश पन्त र एबीसी टेलिभिजनका सुर्खेत सम्वाददाता २३ वर्षीय गणेश कञ्चन भारतीले हेल्मेट नलगाई मोटरसाईकल चढेको आरोपमा ०६७ जेठ २७ गते गस्तीमा खटिएका जिल्ला प्रहरी कार्यालय सुर्खेतका इन्स्पेक्टर हरि वली र सई शान्तिप्रसाद सापकोटासहितको टोलीले वीरेन्द्रनगर नपा-१० कालिञ्चोकमा राईफलको कुन्दा र लात्तीमुक्काले कुटपिट गऱ्यो। 'देश बिगार्ने भनेका पत्रकारहरू हुन् यिनीहरूलाई गोली ठोकेर मार्नुपर्छ' भन्दै कुटपिट गरी जिल्ला प्रहरी कार्यालय सुर्खेतमा पुऱ्याई आधा घण्टापछि रिहा गरेको पीडितहरूले बताए। घटनाको विरोधमा नेपाल पत्रकार महासङ्घ सुर्खेत शाखाले तीन दिनसम्म विरोध ऱ्यालीलगायतका विरोध कार्यक्रम गऱ्यो। प्रमुख जिल्ला अधिकारी

वीरेन्द्रबहादुर बाँनियाको पहलमा पत्रकार, जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रमुख गणेश थापा र कुटपिटमा संलग्न प्रहरीबीच ०६७ असार १ गते बसेको छलफलमा एसपी थापाले पीडकहरूलाई कारबाही नगर्ने र उल्टै पत्रकारहरूलाई दोष लगाउन खोजेपछि छलफल बिनानिष्कर्ष टुङ्गियो। त्यसलगत्तै ०६७ असार ४ गते जिल्ला प्रशासन कार्यालय सुर्खेतमा पत्रकार र प्रहरीबीच भएको छलफलमा घटनाको बारेमा छानबिन गर्ने र दोषीलाई कारबाही गर्ने भनी प्रहरी प्रमुख थापाले सहमति जनाए तर, केही पनि छानबिन गरेनन्।

एकीकृत माओवादीबाट

धारापानी गाविस-४ की ४० वर्षीया कृष्णादेवी वलीलाई एमालेको राजनीति गरेको आरोपमा ०६६ पुस २३ गते सोही ठाउँका एकीकृत माओवादीका कार्यकर्ता दिलबहादुर वलीले मार्ने धम्की दिए। 'तँ जस्ता एमालेका कार्यकर्तालाई जतिखेर जे पनि गर्न सकिन्छ' भनी धम्की दिएको पीडितले बताईन्। त्रासका कारण पीडितले कहीं उजुरी गरिनन्। धम्की पछि पनि पीडितले घर भने छाडिनन्।

धारापानी गाविस-४ निवासी एमाले कार्यकर्ता ४३ वर्षीय गङ्गबहादुर वलीलाई फरकमत राखेको आरोपमा ०६६ पुस २५ गते सोही ठाउँका एकीकृत माओवादी कार्यकर्ता भूपेन्द्र वलीले टेलिफोन गरी मार्ने धम्की दिए। एकीकृत माओवादी कार्यकर्ताहरूद्वारा ०६६ वैशाख २९ गते कुटपिटपछि त्रासको कारण वीरेन्द्रनगर बस्दै आएका पीडितलाई वलीले जहाँ भेटाए पनि मार्न सकिने भनी धम्की दिएको पीडितले बताए। पीडित ०६६ चैत महिना घर फर्किए। पीडितले ०६६ जेठ १२ गते जिल्ला अदालत सुर्खेतमा एकीकृत माओवादीका कार्यकर्ता नरबहादुर डाडीसहित १२ जनाविरुद्ध ज्यानमार्ने उद्योगमा मुद्दा दायर गरे पनि यस वर्षको अन्त्यसम्ममा कारबाही भएन।

घाटगाउँ गाविस-५ निवासी एमाले कार्यकर्ता ४५ वर्षीय नन्दराम खनाललाई फरक मत राखेको आरोपमा ०६७ वैशाख ८ गते सोही गाविस-६ का एकीकृत माओवादी कार्यकर्ता नवीन बमलगायतको समूहले खनालको मिल तोडफोड गर्नुका साथै घरमै मार्ने धम्की दियो। धम्कीपछि पीडित ३० दिनसम्म वीरेन्द्रनगरमा बस्न बाध्य भए। त्रासका कारण पीडितले कहीं उजुरी गरेनन्। इन्सेक र स्थानीय शान्ति समिति सुर्खेतको पहलमा पीडित ०६७ जेठ १२ गते पुर्नस्थापित भए। यसबारेमा आरोपित पक्षले युथफोर्सका कार्यकर्ताहरूले आफ्ना कार्यकर्ताहरूलाई आक्रमण गरेपछि प्रतिवाद गर्नेक्रममा सो घटना भएको बताए।

युथफोर्सद्वारा हत्या गरिएका आशाराम चिक

गुटू गाविस-४ निवासी एमाले कार्यकर्ता ४२ वर्षीय ताराप्रसाद देवकोटालाई फरक मत राखेको आरोपमा ०६७ वैशाख ९ गते सोही गाविस-६ का एकीकृत माओवादीका कार्यकर्ता अजय लगायतका समूहले गुटू गाविस-९ मा उनको मोटरसाईकल आगो लगाई ध्वस्त पार्नुका साथै उनलाई मार्ने धम्की दियो। पीडितले ०६७ वैशाख १५ गते जिल्ला प्रहरी कार्यालय सुर्खेतमा पीडक विरुद्ध जाहेरी दिए पनि प्रहरीले जाहेरी दर्ता गरेन। जिल्ला प्रहरी कार्यालय सुर्खेतका एसपी गणेश थापाले यस्ता घटनाको जाहेरी लिएमा थप द्वन्द्व बढ्न सक्ने भनी जाहेरी दर्ता नगरिएको प्रतिक्रिया दिए। यता एकीकृत माओवादी सुर्खेतका इन्चार्ज कृष्ण धमलाले देवकोटालाई मार्ने धम्की नदिइएको बताए।

गुटू गाविस-४ निवासी एमाले कार्यकर्ता ४५ वर्षीय काशीराम देवकोटा र ४७ वर्षीय गजराज बयकले फरक मत राखेको आरोपमा ०६७ वैशाख १४ गते एकीकृत माओवादीका कार्यकर्ताहरूले घरमै गएर दुवै जनालाई मार्ने धम्की दिए। धम्की दिए पनि उनीहरूले घर भने छोडेनन्। त्रासका कारण कहीं उजुरी नगरेको पीडितहरूले बताए।

मेहेलकुना गाविस-७ निवासी एमाले कार्यकर्ता ३१ वर्षीय तिलक थापालाई फरक मत राखेको आरोपमा ०६७ वैशाख १५ गते सोही ठाउँका एकीकृत माओवादीका कार्यकर्ता नन्दलाल खत्रीसहितको समूहले घरमै गएर दाउरा र लाठी ढुङ्गाले कुटपिट गऱ्यो। कुटपिटबाट दाहिने खुट्टा भाँच्चिएका तथा टाउको र शरीरमा चोट लागेका पीडितको भेरी अञ्चल अस्पताल नेपालगञ्जमा उपचार भयो। पीडितका भाइ इन्द्रबहादुर थापाले ०६७ वैशाख २२ गते जिल्ला प्रहरी कार्यालय सुर्खेतमा नन्दलाल खत्रीसहित पाँचजना एकीकृत माओवादी कार्यकर्ताहरूको विरुद्ध किटानी जाहेरी दिएपछि पीडक खत्रीलाई प्रहरीले तत्कालै गिरफ्तार गरी ०६७ वैशाख ३० गते दुवै पक्ष बीच जिल्ला प्रहरी कार्यालय सुर्खेतमा मिलापत्र गरायो।

वीरेन्द्रनगर नपा-५ स्थित नेपाल राष्ट्रिय निमाविकी प्रधानाध्यापक ३१ वर्षीया तेजकुमारी चपाईलाई एकीकृत माओवादीद्वारा आह्वान गरिएको आमहड्तालमा सहभागी हुन आएका एकीकृत माओवादीका कार्यकर्ताहरूलाई विद्यालयमा बस्न नदिएको आरोपमा ०६७ वैशाख १६ गते वीरेन्द्रनगर नपा-१ निवासी एकीकृत माओवादी कार्यकर्ता गङ्गाराम तिमिल्सिनाले टेलिफोन गरी मार्ने धम्की दिए। त्रासका कारण कहीं उजुरी नगरेको पीडितले बताइन। असहमतिका बाबजुद पनि एकीकृत माओवादीका कार्यकर्ताहरूले बस्नका लागि विद्यालय प्रयोग गरे। एकीकृत माओवादी कार्यकर्ता तिमिल्सिनाले भने शिक्षिका चपाईलाई आफूले धम्की दिएको नभई आमहडतालमा सहभागी हुन आएका कार्यकर्ताहरूलाई बस्न दिने भन्ने बारेमा सामान्य कुराकानी मात्र गरेको बताए।

लेखपराजुल गाविस–६ निवासी नेपाली सेनाका जवान २४ वर्षीय लालबहादुर खत्रीलाई आमहड्ताललाई विथोल्न खोजेको आरोपमा ०६७ वैशाख १९ गते एकीकृत माओवादीका कार्यकर्ताहरूको समूहले वीरेन्द्रनगर नपा-६ मा लात्तीमुक्काले कुटपिट गऱ्यो। कुटपिटपछि प्रहरीको जिम्मा लगाइएका पीडित सोही दिन रिहा भए। पीडितले कहीं उजुरी गरेनन्। सैनिक जवान खत्री जुम्लामा शाही नेपाली सेनाका चन्दननाथ गुल्ममा कार्यरत छन्।

घाटगाउँ गाविस–६ निवासी एमाले जिल्ला कमिटी सदस्य ३३ वर्षीय धीरबहादुर शाहीलाई फरक मत राखेको आरोपमा ०६७ वैशाख २१ गते गुटु गाविस- ४ निवासी एकीकृत माओवादी लडाकु नरेन्द्र विष्टले टेलिफोन गरी मार्ने धम्की दिए। आरोपित विष्टले ०६७ वैशाख ८ र ९ गते घाटगाउँ गाविस-४ मा एमाले र एकीकृत माओवादीका कार्यकर्ताहरूबीच भएको झडपको नेतृत्व गरेको भन्दै जहाँ सुकै फेला परेमा जेपनि गर्न सकिने भनी धम्की दिएको पीडितले बताए। त्रासका कारण कहीं उजुरी नगरेको पीडितले बताए।

युथकोर्सद्धारा कुटपिट गरी घाइते बनाइएका हिरा विक

घोरेटा गाविस-३ निवासी राष्ट्रिय समाचार समिति सुर्खेत सम्वाददाता २५ वर्षीय काशीराम शर्मालाई एकीकृत माओवादीद्वारा आह्वान गरिएको आमहड्तालमा बाटो नछोडेको आरोपमा ०६७ वैशाख २२ गते एकीकृत माओवादीका कार्यकर्ताहरूको समूहले वीरेन्द्रनगर नपा-६ मा लात्तीमुक्का र लाठीले कुटपिट गऱ्यो। पीडितको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार भयो। पीडितले कहीं उजुरी गरेनन्। नेपाल पत्रकार महासङ्घ सुर्खेत, इन्सेक, एडभोकेसी फोरम, प्रेस यूनियन र प्रेस चौतारी लगायतका एक दर्जन सङ्घसंस्थाले ०६७ वैशाख २२ गते संयुक्त प्रेस विज्ञप्ति जारी गरी घटनाको विरोध गरे।

लाटीकोईली गाविस-८ निवासी 'हाम्रो अखबार' दैनिकमा कार्यरत सञ्चारकर्मी २२ वर्षीय दीपक बुढाले मुस्लिम समाजमा व्याप्त रहेको विकृतिका विरुद्ध समाचार लेखेको आरोपमा ०६७ वैशाख २३ गते लाटीकोईली गाविस-१ निवासी एकीकृत माओवादीका कार्यकर्ता महम्मद रजाले वीरेन्द्रनगर नपा–६ मा आगामी दिनमा यस्ता समाचार लेखेमा ठीक नहुने भन्दै धम्की दिए। एकीकृत माओवादी विरुद्ध प्रहरीले कारबाही गर्न नसक्ने भनी कहीं उजुरी नगरेको पीडितले बताए। यता पीडक रजाले भने मुस्लिम समाजको संस्कृति विरुद्ध समाचार लेखेको बारेमा सामान्य सोधपुछ मात्र गरिएको बताए।

वीरेन्द्रनगर नपा–९ निवासी काप्रिचौर गाविसका सचिव ४७ वर्षीय आनन्द सिंहलाई मागेजति चन्दा नदिएको आरोपमा ०६७ वैशाख २७ गते एकीकृत माओवादीका कार्यकर्ताहरूले 'तोकेजति चन्दा नदिए ठीक नहुने' भनी धम्की दिए। त्रासका कारण कहीं उजुरी नगरेको पीडितले बताए। पीडितले धम्की दिने एकीकृत माओवादी कार्यकर्ताको नाम बताउन चाहेनन्।

घाटगाउँ गाविस-४ निवासी शिक्षक ४५ वर्षीय गुमानसिंह विकलाई फरकमत राखेको आरोपमा ०६७ वैशाख ३० गते सोही गाविस-६ का एकीकृत माओवादीका कार्यकर्ता प्रेम विष्टलगायतको समूहले घरमै आई मार्ने धम्की दियो। धम्कीपछि कैलाली जिल्लामा गई बस्न बाध्य भएको र ४५ दिनपछि घरमा आएको पीडितले बताए। त्रासका कारण पीडितले कतै उजुरी गरेनन्। एकीकृत नेकपा माओवादी सुर्खेत जिल्ला कमिटी सदस्य नवीन वमले आफ्ना कार्यकर्ताहरूले विकलाई त्यस्तो कुनै धम्की नदिएको दावी गरे।

मटेला गाविस-३ निवासी एमाले जिल्ला कमिटी सुर्खेतका सदस्य ५४ वर्षीय बखतबहादुर खत्रीलाई फरकमत राखेको आरोपमा ०६७ जेठ

३ गते सोही ठाउँका एकीकृत माओवादी कार्यकर्ता रेशम जिसीले 'गाउँमा होस गरेर हिँड्नू कुनै पनि बेला जे पनि हुन सक्छ' भनी मार्ने धम्की दिए। सो धम्कीपछि पीडित केही समय वीरेन्द्रनगरमा बस्न बाध्य भए। त्रासको कारण कहीं उजुरी नगरेको पीडितले बताए। एकीकृत माओवादी कार्यकर्ता जिसीले भने आफूले खत्रीलाई धम्की नदिएको दाबी गरे।

विद्यापुर गाविस-१ स्थित नेपाल राष्ट्रिय प्रस्तावित माविका प्रधानाध्यापक गङ्गाराम घिमिरे र सोही विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ३६ वर्षीय ओमबहादुर थापालाई विद्यालयको स्तर वृद्धि गर्न नसकेको आरोपमा ०६७ जेठ १२ गते सोही ठाउँका एकीकृत माओवादीका कार्यकर्ता २९ वर्षीय विष्णु तिवारीले तत्काल पदबाट राजीनामा दिनुपर्ने भनी घरमै आएर धम्की दिए। धम्कीपछि पीडितद्वयले आ-आफ्ना पदबाट राजीनामा दिए। त्रासका कारण कहीं उजुरी नगरेको पीडितहरूले बताए। एकीकृत माओवादी सुर्खेतका इन्चार्ज कृष्ण धमलाले घटनाको बारेमा आफूलाई जानकारी नभएको बताए।

कल्याण गाविस-२ निवासी एमाले कार्यकर्ता २० वर्षीय होमकिरण हुञ्चिङ्ग र २६ वर्षीय मीनबहादुर खत्रीलाई फरकमत राखेको आरोपमा ०६७ साउन ९ गते सोही ठाउँका एकीकृत माओवादी कार्यकर्ता अम्मरबहादुर खड्काले लाठी र खुकुरी प्रहार गरी घरमै आई कुटपिट गरे। पिली स्मृति ब्रिगेड कल्याणका जनसेनाको आडमा आफूहरूलाई खड्काले कुटपिट गरेको पीडितहरूले आरोप लगाए। खुकुरी प्रहारबाट दुवैजनाको टाउको र मुखमा चोट लागेको थियो। पीडितहरूले ०६७ साउन ११ गते जिल्ला प्रहरी कार्यालय सुर्खेतमा उजुरी दिए पनि यस वर्षको अन्त्यसम्ममा पीडकलाई कुनै कारबाही भएन।

वाईसीएलबाट

साहारे गाविस-८ का २३ वर्षीय लालबहादुर विकलाई फरक मत राखेको आरोपमा ०६६ फागुन १४ गते सोही ठाउँका वाईसीएल कार्यकर्ता कमल रोका र कल्याण केसीले बोटेचौर बजारमा कुटपिट गरे। पीडितको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार भयो। वाईसीएलको विरुद्ध प्रहरीले कारबाही गर्न नसक्ने भनी कतै उजुरी नगरेको पीडितले बताए।

वाईसीएलद्वारा कुटपिट गरी घाइते बनाइएका प्रेमबहादुर राना

साहारे गाविस-८ निवासी एमाले कार्यकर्ता ४२ वर्षीय प्रेमबहादुर राना र ३२ वर्षीय शशी भट्टराईलाई फरक मत राखेको आरोपमा ०६६ फागुन १५ गते सोही ठाउँका वाईसीएल कार्यकर्ता कल्याण केसी लगायतको समूहले घरमै आएर कुटपिट गऱ्यो। कुटपिटबाट रानाको चारओटा दाँत झऱ्यो। दुवैजनाको छिन्चुस्थित स्वास्थ्य केन्द्रमा उपचार भयो। घरबाटै अपहरणपछि कुटपिट गरिएका दुवैजनालाई इलाका प्रहरी कार्यालय छिन्चुका प्रहरीले उद्धार गरेको थियो। घटनापछि मार्ने धम्की दिएको कारण पीडितहरू १० दिनसम्म वीरेन्द्रनगरमा बस्न बाध्य भए। पीडितले कतै उजुरी गरेनन्।

साहारे गाविस-८ की ६२ वर्षीय कुश्मा थापा, ४५ वर्षीया निर्मला खत्री, ५१ वर्षीय देवबहादुर खत्री, ४२ वर्षीया लक्ष्मी वली र २० वर्षीया रमा भट्टराईलाई वाईसीएल कार्यकर्ता आशाराम सुनारको हत्यामा संलग्न युथफोर्सका कार्यकर्ताहरूलाई लुकाएको आरोपमा ०६६ फागुन १८ गते वाईसीएलका कार्यकर्ताहरूले वलीको घरमा आगजनी तथा अन्य सबै जनाको घरपसलमा तोडफोड गर्नुका साथै उनीहरूलाई मार्ने धम्की दिए। धम्कीपछि एमाले जिल्ला कमिटी सदस्य समेत रहेका देवबहादुर खत्री १८ दिनसम्म वीरेन्द्रनगरमा बस्न बाध्य भए।

गुमी गाविस-९ निवासी काठ ठेकेदार ३६ वर्षीय वीरबहादुर खड्कालाई मागे जति चन्दा नदिएको आरोपमा ०६६ चैत २४ गते सोही गाविस-७ निवासी हरियाली उपनामका वाईसीएलका कार्यकर्ताले मार्ने धम्की दिए। वाईसीएलका कार्यकर्ताहरूले '३५ हजार रुपियाँ चन्दा नदिए जे पनि गर्न सकिने' भनी धम्की दिएको पीडितले बताए। धम्कीका बाबजुद पनि पीडितले चन्दा दिएनन्।

वीरेन्द्रनगर नपा-९ निवासी एमाले जिल्ला कमिटी सदस्य ३८ वर्षीय मोहन बडुवाल, घाटगाउँ गाविस-६ का एमाले जिल्ला कमिटी सदस्य ३२ वर्षीय धीरबहादुर शाही, एमाले कार्यकर्ता ३५ वर्षीय दुर्गा तिमिल्सिना, २६ वर्षीय प्रेमराज ढुङ्गाना, २८ वर्षीय भुवन तिवारी, ३६ वर्षीय मीनबहादुर विसी, २४ वर्षीय कलमबहादुर शाही र विद्यापुर गाविस-३ का २२ वर्षीय तारा पौडेललाई फरक मत राखेको आरोपमा ०६७ वैशाख ९ गते

वाईसीएलका कार्यकर्ताहरूले घाटगाउँ गाविस-४ मा खुकुरी, ढुङ्गा, लाठी र लात्तीमुक्का प्रहार गरी कुटपिट गरे। कुटपिटबाट घाइते भएका बडुवाल र शाहीको काठमाडौंमा तथा अन्य सबैजनाको क्षेत्रीय अस्पताल सुर्खेतमा उपचार भयो। पीडितहरूले ०६७ वैशाख १९ गते जिल्ला प्रहरी कार्यालय सुर्खेतमा किटानी जाहेरी दिए पनि प्रहरीले दर्ता गर्न अस्वीकार गऱ्यो। जिल्ला प्रहरी कार्यालय सुर्खेतका एसपी गणेश थापाले यस्ता घटनाको जाहेरी लिएमा थप द्वन्द्व बढ्ने भनी किटानी जाहेरी दर्ता नगरेको बताए।

घाटगाउँ गाविस–४ निवासी ४२ वर्षीय एमाले कार्यकर्ता धर्मप्रसाद खनाललाई फरकमत राखेको आरोपमा ०६७ वैशाख ३१ गते सोही गाविस-६ का कृपाराम विष्ट लगायतका वाईसीएल कार्यकर्ताहरूको समूहले मार्ने धम्की दियो। धम्कीपछि पनि पीडितले घर छाडेनन्। एकीकृत माओवादी सुर्खेत जिल्ला कमिटी सदस्य अजय शाहीले खनाललाई त्यस्तो धम्की नदिएको दावी गरे।

दशरथपुर गाविस-३ निवासी एमाले कार्यकर्ता ४२ वर्षीय मानबहादुर अधिकारीलाई फरक मत राखेको आरोपमा ०६७ जेठ २६ गते सोही ठाउँका टोपबहादुर राना लगायतका एकीकृत माओवादी कार्यकर्ताहरूले मार्ने धम्की दिए। सो धम्कीपछि घर छाडेका पीडित इन्सेक र स्थानीय शान्ति समिति सुर्खेतको पहलमा ०६७ असार १६ गते पुर्नस्थापित भए। त्रासका कारण कहीं उजुरी नगरेको पीडितले बताए। एकीकृत माओवादीले झुटो आरोप लगाइएको प्रतिक्रिया दियो।

घाटगाउँ गाविस–८ निवासी एमाले कार्यकर्ता २४ वर्षीय मानबहादुर बुढालाई फरकमत राखेको आरोपमा ०६७ जेठ २६ गते घाटगाउँ गाविस–६ निवासी वाईसीएलका कार्यकर्ता जगत विष्ट लगायतका समूहले लात्तीमुक्का र लाठी प्रयोग गरी उनलाई कुटपिट गऱ्यो। पीडितको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार भयो। त्रासका कारण कहीं उजुरी नगरेको पीडितले बताए।

दशरथपुर गाविस-३ निवासी एमाले कार्यकर्ता ५६ वर्षीय यज्ञराज रेग्मी, ४६ वर्षीय पूर्णबहादुर थापा, २० वर्षीय होमकिरण हुन्चिङ्ग र दशरथपुर गाविस-६ का २७ वर्षीय जंगबहादुर राना ४६ वर्षीय मानबहादुर रोकाय र दशरथपुर गाविस-४ का ४८ वर्षीय टेकबहादुर रोकायलाई फरकमत राखेको आरोपमा ०६७ जेठ २८ गते सोही गाविस-३ निवासी टोपबहादुर रानालगायतका एकीकृत माओवादी कार्यकर्ताहरूले मार्ने धम्की दिए। धम्कीपछि सबैजना २२ दिनसम्म वीरेन्द्रनगरमा बस्न बाध्य भए। इन्सेक र स्थानीय शान्ति समिति सुर्खेतको पहलमा पीडितहरू ०६७ असार १६ गते पुर्नस्थापित भए।

घाटगाउँ गाविस-६ निवासी एमाले घाटगाउँ गाउँ कमिटीका अध्यक्ष ५५ वर्षीय नन्दराम खनाललाई फरकमत राखेको आरोपमा ०६७ भदौ ७ गते सोही ठाउँका प्रेम विष्ट लगायतका वाईसीएलका कार्यकर्ताहरूले घरमै आई कुटपिट गरे। पीडितको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार भयो। त्रासको कारण कहीं उजुरी नगरेको पीडितले बताए।

घाटगाउँ गाविस-६ निवासी एमाले कार्यकर्ता ३० वर्षीय गणेशप्रसाद जैसीले फरकमत राखेको आरोपमा ०६७ भदौ १४ गते घाटगाउँ गाविस–६ निवासी वाईसीएलका कार्यकर्ता जगत विष्ट लगायतका समूहले लाठी र लात्तीमुक्काले कुटपिट गऱ्यो। पीडितको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार भयो। त्रासको कारण कहीं उजुरी नगरेको पीडितले बताए।

घाटगाउँ गाविस-६ निवासी एमाले कार्यकर्ता २८ वर्षीय रोहित बुढालाई फरकमत राखेको आरोपमा ०६७ भदौ १७ गते घाटगाउँ गाविस–६ निवासी वाईसीएलका कार्यकर्ता कृपाराम विष्टलगायतका एक समूहले घर नजिकै लाठी ढुङ्ग तथा खुकुरी प्रहार गरी कुटपिट गऱ्यो। पीडितको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार भयो। त्रासको कारण कहीं उजुरी नगरेको पीडितले बताए।

एमालेबाट

गुटु गाविस–८ निवासी एकीकृत माओवादी कार्यकर्ता ३२ वर्षीय तुलबहादुर नेपालीलाई फरकमत राखेको आरोपमा ०६७ वैशाख २८ गते एमालेका कार्यकर्ता गजराज बयक सहितको समूहले गुटु बजारमा कुटपिट गऱ्यो। पीडितको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार भयो।

साहारे गाविस–८ निवासी एकीकृत माओवादी कार्यकर्ता ३५ वर्षीय कल्याण केसीलाई हातहतियार तथा खरखजाना मुद्दामा फसाएको आरोपमा ०६७ असार १० गते

युथफोर्सद्वारा कुटपिट गरी घाइते बनाइएका मानसिं सुनार

काप्रीचौर गाविस-१ निवासी एमाले कार्यकर्ता कृष्ण केसीले टेलिफोन गरी मार्ने धम्की दिए। हातहतियार तथा खरखजाना मुद्दामा सुर्खेत कारागारमा बन्दी जीवन बिताईरहेका कृष्णले जेलबाट छुटना साथ जहाँ फेला पारेपनि मारिदिने धम्की दिएको पीडितले बताए। यस्ता घट्नाको सुनुवाई नहुने भनी कहीं उजुरी नगरेको पीडितले बताए।

गुटू गाविस-४ निवासी राष्ट्रिय जनमोर्चाका कार्यकर्ता २३ वर्षीय धर्म दानी, २४ वर्षीय वीरेन्द्र हमाल र ३० वर्षीय लक्ष्मी सुनारलाई फरकमत राखेको आरोपमा ०६७ असार २० गते गुटु गाविस-५ निवासी एमाले कार्यकर्ता लालबहादुर थापा सहितको समूहले गुटु बजारमा मार्ने धम्की दियो। सङ्घीयताको विरोध गर्नेहरूलाई छोड्नहुन्न भन्दै आफूहरूलाई हातपात गर्न खोज्दै मार्ने धम्की दिएको पीडितहरूले बताए।

युथफोर्सबाट

नेटा गाविस-५ निवासी एकीकृत माओवादी कार्यकर्ता २५ वर्षीय रणबहादुर रास्कोटीलाई फरकमत राखेको आरोपमा ०६६ माघ १ गते नेटा गाविस–४ निवासी युथफोर्सका कार्यकर्ताहरू यज्ञ खत्री, श्याम खत्री र अशोक खत्रीले गाउँमै लात्तीमुक्काले कुटपिट गरे। पीडितहरुको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार भयो।

नेटा गाविस–४ निवासी वाईसीएल कार्यकर्ता ३२ वर्षीय मोहनसिंह सुनार, एकीकृत माओवादी कार्यकर्ता ४२ वर्षीय टेकबहादुर बुढा, ४० वर्षीया गौरी बुढा, ५४ वर्षीय पहलबहादुर नेपाली, ५३ वर्षीया तिलसरा नेपाली र २६ वर्षीय नन्दा नेपालीलाई फरकमत राखेको आरोपमा ०६६ पुस २९ गते सोही ठाउँका युथफोर्सका कार्यकर्ताहरू यज्ञ खत्री, श्याम खत्री र अशोक खत्रीले घरमा सुतिरहेको अवस्थामा खुकुरी तथा लाठी प्रहार गरी कुटपिट गरे। कुटपिटबाट सुनारको टाउको, ढाड र दाहिने हात, टेकबहादुरको दुवै हात, गौरीको ढाडमा चोट तथा पहल, तिलसरा र नन्दाको शरीरभरि नीलडाम भएको थियो। पीडितहरूको क्षेत्रीय अस्पताल सुर्खेतमा उपचार भयो। पीडकहरूलाई प्रहरीले ०६६ माघ १ गते वीरेन्द्रनगरबाट गिरफ्तार गरेकोमा ०६६ माघ १२ गते जिल्ला प्रहरी कार्यालय सुर्खेतबाट रिहा गऱ्यो। एमाले सुर्खेतका अध्यक्ष नवराज रावतले सो घटनामा आफ्ना कार्यकर्ताहरूको कुनै संलग्नता नरहेको दावी गरे।

प्रहरीद्वारा यातना दिइएका
पदमबहादुर उचई मगर

घाटगाउँ गाविस–६ निवासी वाईसीएल कार्यकर्ता १२ वर्षीय जगत विष्ट, १५ वर्षीय चन्द्रप्रसाद शर्मा र १५ वर्षीय हरि बिसीलाई फरकमत राखेको आरोपमा ०६७ वैशाख ७ गते घाटगाउँ गाविस–७ निवासी कलम शाहीलगायतका युथफोर्सका कार्यकर्ताहरूले घाटगाउँ गाविस-६ मा कुटपिट गरे। पीडितहरूको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार भयो।

घाटगाउँ गाविस–७ निवासी एकीकृत माओवादी कार्यकर्ता ६० वर्षीया विष्णा शाही, २२ वर्षीय गणेश विष्ट, ४५ वर्षीय कृपाराम विष्ट, २० वर्षीया राजमती विष्ट, २२ वर्षीय पदम विष्ट र २१ वर्षीय प्रेम विष्टलाई फरकमत राखेको आरोपमा ०६७ वैशाख ८ गते सोही ठाउँका कलम शाही लगायतका युथफोर्सका कार्यकर्ताहरूले घरमै गएर कुटपिट गरे। कुटपिटबाट घाइते भएकी राजमतीको काठमाडौंमा र अन्य सबैजनाको क्षेत्रीय अस्पताल सुर्खेतमा उपचार भयो।

अनेरास्ववियु (क्रान्तिकारी) बाट

लाटीकोईली गाविस-८ स्थित आदेशराज मेमोरियलका प्रिन्सिपल ४८ वर्षीय सीताराम कार्कीलाई अखिल (क्रान्तिकारी) ले आह्वान गरेको शैक्षिक संस्था बन्दको अवज्ञा गरेको आरोपमा ०६७ वैशाख १२ गते अखिल (क्रान्तिकारी) का कार्यकर्ताहरूले मार्ने धम्की दिए। अनेरास्ववियु (क्रान्तिकारी) को तोडफोड बाट २ लाख रुपियाँ भन्दा बढी मूल्यको क्षति भएको र तोडफोड तथा आफूलाई धम्की दिने अखिल (क्रान्तिकारी) का कार्यकर्ताहरूको नाम उल्लेख गर्न नसक्ने पीडितले बताए।

उत्तरगङ्गा गाविस-८ स्थित साउथ एशिएन स्कलर एकेडमीका प्रिन्सिपल ४५ वर्षीय धर्मराज थापाले अखिल (क्रान्तिकारी) द्वारा आह्वान गरिएको शैक्षिक संस्था बन्दको अवज्ञा गरेको आरोपमा ०६७ वैशाख १३ गते अखिल (क्रान्तिकारी) का कार्यकर्ताहरूले विद्यालयमा तोडफोड गर्नुका साथै उनलाई धम्की दिए। तोडफोडबाट १ लाख रुपियाँ भन्दा बढीको क्षति भएको पीडितले बताए।

बाबियाचौर गाविस-५ स्थित विद्या ज्योति माविका निमित्त प्रधानाध्यापक ४८ वर्षीय सत्यनारायण साह र शिक्षक ३७

वर्षीय लोकबहादुर बुढाले विद्यालयको पोशाक नलगाई विद्यालय आएको भनी गाली गरेको आरोपमा ०६७ जेठ ९ गते अखिल (क्रान्तिकारी) का कार्यकर्ता भूपेन्द्र खनालले विद्यालय परिसरमै 'तेरो बाउले पोशाक किनिदिएको छ र लगाएर आउने' भनी दुर्व्यवहार गरी कुटपिट समेत गरे। कुटपिटपछि भएको विवादका कारण अखिल (क्रान्तिकारी) ले नै पाँच दिनसम्म विद्यालयको पठनपाठन ठप्प पऱ्यो।

अज्ञात समूहबाट

लाटीकोईली गाविस–९ निवासी स्थानीय लोकमञ्च दैनिकमा कार्यरत सञ्चारकर्मी २२ वर्षीय दीपक बुढालाई ०६७ फागुन १० गते अज्ञात समूहले वीरेन्द्रनगर नपा-११ एअरपोर्ट चोकमा कुटपिट गऱ्यो। वीरेन्द्रनगर बजारबाट कोठातर्फ जाँदै गरेका सञ्चारकर्मी बुढालाई तीन जनाको सङ्ख्यामा रहेका नकाबधारीले एकाएक कुटपिट गरेको पीडितले बताए। कुटपिट गर्ने समूहको पहिचान नखुलेको कारण कहीँ उजुरी नगरेको पीडितले बताए।

वीरेन्द्रनगर नपा-६ का व्यापारी ४२ वर्षीय गोपाल महेश्वरीलाई ०६७ साउन १४ गते अज्ञात समूहले बीरेन्द्रनगर नपा-६ मा खुकुरी प्रहार गऱ्यो। खुकुरी प्रहारबाट दाहिने हातमा चोट लागेका महेश्वरीको माया नर्सिङ होममा उपचार भयो। घटनाको उद्योग वाणिज्य सङ्घ सुर्खेतले ०६७ साउन १५ गते विज्ञप्ति जारी गरी भर्त्सना गऱ्यो। खुकुरी प्रहार गर्ने समूहको यस वर्षको अन्त्यसम्ममा पहिचान हुन सकेन।

हिमाल तराई टाईगर्स समूहबाट

वीरेन्द्रनगर नपा-६ का व्यापारीद्वय ४२ वर्षीय विष्णुबहादुर शाही र ४५ वर्षीय लक्ष्मण बस्नेतलाई तोकिएको चन्दा दिनुपर्ने भनी ०६७ साउन २० गते हिमाल तराई टाईगर्स नामक भूमिगत समूहले टेलिफोन तथा पत्र पठाई धम्की दियो। तोकिएको चन्दा नदिए जे पनि गर्न सकिने भनी धम्की दिएको पीडितहरूले बताए। उद्योग वाणिज्य सङ्घ सुर्खेतका अध्यक्ष समेत रहेका शाहीले सुर्खेतका व्यापारीहरूलाई सो समूहले यसरी चन्दा, आतङ्क गरेको बारेमा स्थानीय प्रशासनलाई जानकारी गराउँदा कुनै ध्यान नदिएको बताए।

दोस्रो विवाह गर्न नदिएको भनी मट्टितेल छर्केर आगो लगाइकी युगीसरा थापा

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

वीरेन्द्रनगर नपा-१२ का ४५ वर्षीय चुडामणि चपाईले मालपोत कार्यालय सुर्खेतका प्रमुख नभएका कारण जनताले भोग्नुपरेको समस्याको बारेमा विरोध जनाउँदै कार्यालयमा नाराबाजी गरेको आरोपमा ०६६ चैत ३१ गते प्रहरीले कार्यालय हाता भित्रैबाट गिरफ्तार गऱ्यो। गिरफ्तारपछि तीन घण्टासम्म जिल्ला प्रहरी कार्यालय सुर्खेतको हिरासतमा राखिएका चपाई सोही दिन रिहा भए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

पुनरावेदन अदालत सुर्खेतमा ०६७ असार मसान्तसम्ममा बाँकी भएका फौजदारी मुद्दाको सङ्ख्या १७ र फैसला सङ्ख्या नौ रहयो। त्यस्तै दुनियावादी फौजदारी मुद्दातर्फ ०६७ असार मसान्तसम्ममा बाँकी मुद्दाको सङ्ख्या १२ र फैसला सङ्ख्या चार थान रहयो। यसैगरी ०६७ साउन देखि पुस १६ गतेसम्म दर्ता भएका सरकारवादी फौजदारी मुद्दाको सङ्ख्या ४५ र फैसला संख्या छ रहयो। दुनियावादी फौजदारी मुद्दातर्फ २०६७ साउन देखि पुस १६ गतेसम्म दर्ता भएका मुद्दा सङ्ख्या चार र फैसला सङ्ख्या एक थान रहयो। देवानी मुद्दातर्फ ०६७ असार मसान्तसम्ममा बाँकी भएका मुद्दाको सङ्ख्या १८ र फैसला सङ्ख्या नौ रहयो। त्यस्तै ०६७ साउनदेखि पुस १६ गतेसम्म दर्ता भएका देवानी मुद्दाको सङख्या १५ र फैसला सङ्ख्या पाँच थान रहयो।

जिल्ला अदालत सुर्खेतमा २०६७ असार मसान्त सम्ममा बाँकी भएका सरकारवादी फौजदारी मुद्दाको सङ्ख्या १ सय ८० थान र फैसला सङ्ख्या १८ थान रहयो। दुनियावादी फौजदारी मुद्दातर्फ ०६७ असार मसान्तसम्म बाँकी भएका मुद्दा सङ्ख्या १ सय ११ थान र फैसला सङ्ख्या २८ थान रहयो। यसैगरी ०६७ साउनदेखि पुस १६ गतेसम्म दर्ता भएका सरकारवादी फौजदारी मुद्दाको सङ्ख्या ४६ र फैसला सङ्ख्या छ थान रहयो। त्यस्तै २०६७ साउन देखि पुस १६ गतेसम्म दर्ता भएका दुनियावादी फौजदारी मुद्दाको सङ्ख्या ४१ र फैसला सङ्ख्या १६ थान रहयो। देवानी मुद्दातर्फ ०६७ असार मसान्तसम्ममा बाँकी भएका मुद्दाको सङ्ख्या १ सय ९० र फैसला सङ्ख्या १ सय ४ थान रहयो। घरेलु हिंसा ऐनअर्न्तगत जिल्ला अदालत

सुर्खेतमा दुई मुद्दा दायर भएकोमा यसवर्षको अन्त्यसम्म दुवै फैसला भएनन्।

यस वर्ष सरकारी वकिल कार्यालयमा २ सय ५० थान मुद्दा दायर भए जसमा ५२ थान मुद्दा फर्स्यौट भयो, दुई मुल्तवीमा रहे र अन्य फर्स्यौट हुन बाँकी रह्यो। फर्स्यौट भएका मध्ये २८ मा सफलता र २४ मा असफलता हासिल भयो। सफल भएका मुद्दामा आगलागी एक, जबरजस्ती करणी पाँच, जबरजस्ती करणी उद्योग तीन, कर्तव्य ज्यान एक, ज्यान मार्ने उद्योग दुई, सवारी ज्यान १०, लागूऔषध चार र बहुविवाह चार रह्यो। त्यस्तै असफल भएका मुद्दामा सवारीबाट अङ्गभङ्ग एक, ठगी एक, जबरजस्ती करणी तीन, ज्यानमार्ने उद्योग सात, सवारी ज्यान एक, लागुऔषध छ र बहुविवाह पाँच रहे।

यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

नेटा गाविस-४ निवासी युथफोर्सका कार्यकर्ताहरू २२ वर्षीय यज्ञ खत्री, २३ वर्षीय श्याम खत्री र २५ वर्षीय अशोक खत्रीलाई स्थानीय वाईसीएल कार्यकर्ता मोहनसिंह सुनारलाई कुटपिट गरेको अभियोग अस्वीकार गरेको आरोपमा ०६६ पुस २९ गते प्रहरीले जिल्ला प्रहरी कार्यालय सुर्खेतको हिरासतमा यातना दिए। प्रहरीले पाईपले प्रहार गर्नुका साथै मुढाले पेलेर यातना दिएको पीडितहरूले बताए। पीडितहरूको वीरेन्द्रनगरस्थित नर्सिङ होममा उपचार भयो। जिल्ला प्रहरी कार्यालय सुर्खेतका एसपी गणेश थापाले भने पीडितहरूलाई कुनै यातना नदिइएको दाबी गरे।

लाटीकोईली गाविस-९ का १८ वर्षीय भरत थापालाई लागू औषध ओसारपसार गरेको अभियोग अस्वीकार गरेको आरोपमा ०६६ फागुन ८ गते प्रहरीले जिल्ला प्रहरी कार्यालय सुर्खेतको हिरासतमा उनलाई मुढाले पेलेर यातना दिए। प्रहरीको यातनाबाट शरीरभरि नीलडाम रहेका पीडितको वीरेन्द्रनगरस्थित नर्सिङ्ग होममा उपचार भयो। प्रहरीले यातना दिएको बारेमा सुनुवाई नहुने भनी कहीं उजुरी नगरेको पीडितले बताए। यता जिल्ला प्रहरी कार्यालय सुर्खेतका इन्स्पेक्टर विष्णु सोतीले पीडितलाई हिरासतमा कुनै यातना नदिइएको दाबी गरे।

कल्याण गाविस-३ का १९ वर्षीय तुलबहादुर बाकाबल र ३० वर्षीय सनम गाहाले ज्यानमार्ने उद्योग गरेको अभियोग अस्वीकार गरेको आरोपमा ०६७ फागुन १२ गते प्रहरीले जिल्ला प्रहरी कार्यालय सुर्खेतको हिरासतमा दुवैजनालाई प्लाष्टिकको पाईपले प्रहार गर्नुका साथै मुढाले पेलेर यातना दिए। प्रहरीको यातनाबाट शरीरभरि नीलडाम रहेका पीडितहरूको वीरेन्द्रनगर स्थित नर्सिङ होममा उपचार भयो। प्रहरीले दिएको यातनाको कुनै सुनुवाइ नहुने भनी कहीं उजुरी नगरेको पीडितहरूले बताए।

वीरेन्द्रनगर नपा-३ का १३ वर्षीय भुवन नेपालीलाई चोरी गरेको अभियोग अस्वीकार गरेको आरोपमा ०६६ चैत २५ गते प्रहरीले जिल्ला प्रहरी कार्यालय सुर्खेतको हिरासतमा पाईप र लात्तीमुक्का प्रहार गरी यातना दियो। दुई दिनपछि रिहा गरिएका पीडितको क्षेत्रीय अस्पताल सुर्खेतमा उपचार भयो।

बाबियाचौर गाविस-८ का १४ वर्षीय नवीन सुवेदीललाई चोरी गरेको अभियोग अस्वीकार गरेको आरोपमा ०६६ चैत २६ गते प्रहरीले जिल्ला प्रहरी कार्यालय सुर्खेतको हिरासतमा पाइपले यातना दिए। प्रहरीको यातनापछि ढाडमा नीलडाम बनेका पीडितको वीरेन्द्रनगरमा उपचार भयो।

उत्तरगङ्गा गाविस–३ का १३ वर्षीय मीनराज बुढा, १७ वर्षीय लक्ष्मण बुढा, १८ वर्षीय हेमराज बुढा, १५ वर्षीय उदय बुढा, २६ वर्षीय नरबहादुर भण्डारी, २६ वर्षीय हर्कबहादुर बुढा र १८ वर्षीय टेकबहादुर बोगटीलाई काठ चोरी गरेको अभियोग अस्वीकार गरेको आरोपमा ०६६ चैत ३१ गते प्रहरीले जिल्ला प्रहरी कार्यालय सुर्खेतको हिरासतमा पाइपले प्रहार गर्नुका साथै मुढाले पेलेर यातना दियो। प्रहरीको यातनापछि शरीरभरि नीलडाम भएका पीडितको वीरेन्द्रनगरमा उपचार भयो।

हरिहरपुर गाविस-९ का २० वर्षीय कर्णबहादुर सुनार, २२ वर्षीय दानबहादुर सुनार र २४ वर्षीय बलबहादुर सुनारले हतियार देखाई गाउँले र विद्यालयमा आतङ्क मच्चाएको अभियोग अस्वीकार गरेको आरोपमा ०६७ जेठ ३० गते प्रहरीले जिल्ला प्रहरी कार्यालय सुर्खेतको हिरासतमा लट्ठीले कुटपिट गर्नुका साथै मुढाले पेलेर यातना दियो। प्रहरीको यातनाबाट ढाडमा चोट लागेका पीडितहरूलाई प्रहरीले उपचार गर्न समेत दिएन। प्रहरीले दिएको यातना बारेमा सुनुवाई नहुने भनी कहीं उजुरी नगरेको पीडितहरूले बताए।

हरिहरपुर गाविस-५ का पदमबहादुर उचई, १६ वर्षीय टेकबहादुर सारु, १६ वर्षीय बीरबहादुर खासु र १२ वर्षीय जसबहादुर दर्लामीलाई प्रहरीलाई कुटपिट गर्ने योजना बनाएको आरोपमा ०६७ असार ६ गते प्रहरीले प्रहरी चौकी हरिहरपुरको हिरासतमा राईफलको कुन्दा, लाठी, बुट र लात्तीमुक्काले प्रहार गरी यातना दिए। प्रहरी चौकीमा असई टेकराज भण्डारी, प्रहरी

जवानद्वय कृष्ण चौधरी र विक्रम बस्यालले यातना दिँदा उचईको टाउको, ढाडमा चोट तथा अन्य सबैजनाको शरीरभरि नीलडाम भयो। स्थानीय युवा भूपेन्द्र भण्डारीले प्रहरी जवान कृष्ण चौधरीलाई स्थानीय युवाहरूले कुटपिट गर्ने योजना बनाएका छन भन्ने बारेमा झुठो खबर गरेपछि गाउँ पसेको असई भण्डारी सहितको टोलीले सारु, खाम र दर्लामीलाई गाउँ नजिकैबाट र उचईलाई प्रहरी चौकी नजिकै रहेको रानीघाट पुलबाट गिरफ्तार गरी कुटपिट गर्दै प्रहरी चौकीमा पुऱ्याई यातना दिएको पीडितहरूले बताए। पीडितहरूलाई प्रहरीले उल्टै ०६७ असार ७ गते जिल्ला प्रहरी कार्यालय चलान गरेपछि पीडितका अभिभावकहरूले जाहेरी दरखास्तको लागि ०६७ असार ८ गते जिल्ला अदालत सुर्खेतमा निवेदन दिएपछि सो अदालतको आदेश अनुसार प्रहरीले जाहेरी दर्ता गऱ्यो। पीडितहरूको क्षेत्रीय अस्पताल सुर्खेतमा उपचार भयो। यस वर्षको अन्त्यसम्ममा पीडकहरूलाई कारबाही भएन।

जर्बुटा गाविस-१ का १४ वर्षीय विक्रम बुढाले यातायात मजदुरलाई खुकुरी प्रहार गरेको अभियोग अस्वीकार गरेको आरोपमा ०६७ असार २८ गते प्रहरीले लाटीकोईली गाविस-१ सुब्बा कुनाबाट गिरफ्तार गरी लात्तीमुक्का र लाठीले कुटपिट गरे। कुटपिटपछि सोही दिन रिहा गरिएका बुढाले प्रहरीले कुटपिट गरेको घटनाको सुनुवाइ नहुने भनी कहीं उजुरी नगरेको बताए।

लाटीकोईली गाविस-९ का १५ वर्षीय इन्द्रबहादुर गुरुङ, सोही ठाउँका १६ वर्षीय गणेशबहादुर शाही र उत्तरगङ्गा गाविस-८ का १५ वर्षीय कृष्ण बुढालाई चोरी गरेको अभियोग अस्वीकार गरेको आरोपमा ०६७ भदौ १५ गते जिल्ला प्रहरी कार्यालय सुर्खेतमा प्रहरीले प्लाष्टिकको पाईप र लाठीले कुटपिट गरी यातना दिए। प्रहरीको यातनाबाट शरीरभरी नीलडाम रहेका पीडितको वीरेन्द्रनगरस्थित देउती नर्सिङ होममा उपचार भयो।

बालअधिकार

सुर्खेत जिल्लामा उच्च मावि २३, मावि ७०, निमावि ७०, प्रावि ३ सय ५३ गरी कुल विद्यालय सङ्ख्या ५ सय १६ ओटा रहेका छन्। मावि तहमा १ सय ५६ दरबन्दी सङ्ख्या रहेकोमा स्थायी १ सय ४, अस्थायी ५२ तथा राहत अनुदान दरबन्दीबाट ९६ जना कार्यरत छन्। निमावि तहमा २ सय ४५ दरबन्दी रहेकोमा स्थायी १ सय ६५, अस्थायी ८०, राहत १ सय ४९ तथा प्राथमिक तहमा परियोजना तर्फको महिला शिक्षक दरबन्दी समेत गरी १ हजार २ सय ५४ वटा दरबन्दी रहेकोमा स्थायी १ हजार २५, अस्थायी १ सय ७२ र राहत अनुदानबाट ४ सय १० जना कार्यरत रहेका छन्। जिल्ला शिक्षा कार्यालय सुर्खेतको अनुसार सबै विद्यालयमा दरबन्दी पदपूर्ति गरिएको छ। उच्चमाविमा २ हजार ७३ छात्र र १ हजार ५ सय १२ छात्रा गरी ३ हजार ५ सय ८८, माविमा छात्र ६ हजार ४ सय २१, छात्रा ५ हजार ७ सय ६१ गरी १२ हजार १ सय ८२, निमाविमा १४ हजार २२ छात्र र छात्रा १३ हजार ७ सय ३३ गरी २७ हजार ७ सय ५५ तथा प्राथमिक तहमा छात्र ३८ हजार ३ सय २ र छात्रा ३८ हजार ७ सय ७२ गरी ७७ हजार ७४ अध्ययनरत छन्। यस्तै निजी विद्यालयहरूतर्फ उमावि तीन, मावि १४, निमावि ११ र प्रावि ३६ गरी ६४ ओटा विद्यालय रहेकोमा प्रावि तहमा २ हजार ३ सय ९२ जना छात्र र छात्रा १८ सय ५८, निमाविमा ९ सय १० छात्र र छात्रा ६ सय ४१, माविमा २ सय ५३ छात्र र छात्रा १ सय ५४, र उच्चमाविमा छात्र ७६ र छात्रा ६० गरी ६ हजार ३ सय ९ जना विद्यार्थी अध्ययनरत छन्। सुर्खेत जिल्लामा ४ सय ११ ओटा बालबिकास केन्द्र रहेकोमा ३ हजार ७ सय ६ जना अध्ययनरत छन्। त्यस्तैगरी ४ सय ११ जना शिक्षकको दरबन्दी रहेकोमा सबैको पदपूर्ति गरिएको छ ।

वीरेन्द्रनगर नपा-४ की ६ वर्षीया र ९ वर्षीया बालिकालाई सोही स्थानका ७० वर्षीय टेकबहादुर थारुले ०६७ वैशाख २० गते घरमै बलात्कार गरेको भन्दै स्थानीयबासीले थारूलाई ०६७ वैशाख २१ गते जिल्ला प्रहरी कार्यालय सुर्खेतमा बुझाए। आरोपित हाल पुर्पक्षको लागि थुनामा छन्।

बाबियाचौर गाविस-५ की १३ वर्षीया एक बालिकालाई आफूसँग विवाह गर्न नमानेको आरोपमा ०६७ वैशाख २८ गते बावियाचौर गाविस–४ का १९ वर्षीय विनोद विकले 'विवाह नगरे जहाँ गए पनि नछोड्ने' भनी धम्की दिए। सो धम्कीपछि पीडित घर छोडेर वीरेन्द्रनगर आई बस्न बाध्य भइन्। त्रासका कारण कहीं उजुरी नगरेको पीडितले बताइन।

उत्तरगङ्गा गाविस-३ की १७ वर्षीया एक बालिकालाई सोही स्थानका टेकबहादुर खत्रीले ०६७ असार १ गते घर नजिकैको जङ्गलमा बलात्कार गर्ने प्रयास गरेको भन्दै पीडितले ०६७ असार २ गते जिल्ला प्रहरी कार्यालय सुर्खेतमा खत्री विरुद्ध जबरजस्ती करणी उद्योगमा मुद्दा दायर गरिन। सो घटना लगत्तै आरोपित फरार भए। यो वर्षको अन्त्यसम्म आरोपित गिरफ्तार भएनन्।

डाँडाखाली गाविस-१ की १४ वर्षीया बालिकालाई सोही स्थानका २५ वर्षीय प्रेम परियारले ०६७ भदौ १५ गते घरमा कोही नभएको मौका छोपी बलात्कार गर्ने प्रयास गरेको भन्दै पीडित बालिकाले परियारको विरुद्व ०६७ भदौ १७ गते इलाका प्रहरी कार्यालय राकममा जबरजस्ती करणी उद्योगमा मुद्दा दायर गरेपनि यस वर्षको अन्त्यसमम्ममा फैसला भएन। घटनापछि फरार भएका आरोपी यस वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।

वीरेन्द्रनगर नपा-८ की १४ वर्षीया बालिकालाई सोही स्थानका केशरबहादुर सारु मगरले ०६७ भदौ १७ गते घरमै बलात्कार गरेको भन्दै पीडितले ०६७ भदौ १८ गते सारुको विरुद्व जिल्ला प्रहरी कार्यालय सुर्खेतमा जबरजस्ती करणीमा मुद्दा दायर गरे पनि यसवर्षको अन्त्य सम्ममा फैसला भएन। आरोपित घटनापछि यस वर्षको अन्त्यसम्म फरार रहे।

लाटीकोईली गाविस-१ का ९ वर्षीय बालकलाई सोही स्थानका उषमान वकसले ०६७ असोज १७ गते घरनजिकै बलात्कार (अप्राकृतिक मैथुन) गरेको पीडितले बताए। पीडितको क्षेत्रीय अस्पताल सुर्खेतमा उपचार भयो। पीडितले ०६७ असोज १८ गते जिल्ला प्रहरी कार्यालय सुर्खेतमा उजुरी दिएकै दिन गिरफ्तारमा परेका आरोपित जिल्ला अदालत सुर्खेतको ०६७ असोज १९ गतेको आदेशमा पुर्पक्षका लागि थुनामा छन्। यस वर्षको अन्त्यसम्ममा मुद्दा फैसला भएन।

घुमखहरे गाविस-९ की एक नौ वर्षीया बालिकालाई सोही स्थानका २५ वर्षीय नेखीबहादुर खत्रीले ०६७ मङ्सिर ६ गते घरमै बलात्कार गरेको पीडितले बताइन्। घटनापछि आरोपी फरार भए। पीडितले ०६७ मङसिर ८ गते प्रहरी चौकी घुमखहरेमा खत्रीका विरुद्व जवरजस्ती करणीमा उजुरी दिइन्।

महिलाविरुद्व हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बेचबिखन तथा ओसारपसार

दैलेख जिल्ला गोगनपानी गाविस-६ की २१ वर्षीया पवित्रा विक र १९ वर्षीया शान्ति नेपालीलाई ०६७ साउन १५ गते लाटीकोईली गाविस-१ सुर्खेतका भरत विकले ललाईफकाई भारतमा लगी बेचबिखन गर्ने उद्योग गरे। ती दुई महिलालाई भारत लैजाने क्रममा वीरेन्द्रनगर बसपार्कबाट गिरफ्तारमा परेका विककाविरुद्व ०६७ साउन १५ गते नै मानव बेचबिखनमा मुद्दा दायर गरेकोमा जिल्ला अदालत सुर्खेतको ०६७ साउन १८ गतेको आदेशानुसार उनी पुर्पक्षका लागि थुनामा रहेका छन्।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

हरिहरपुर गाविस-३ निवासी २० वर्षीया एक महिलालाई उनका ७० वर्षीय ससुराले ०६७ जेठ १४ गते घरमै घरेलु हतियार देखाई बलात्कार गरेको आरोपमा स्थानीय बासीद्वारा ०६७ जेठ १५ गते नियन्त्रणमा लिई प्रहरीसमक्ष बुझाइए। आरोपितलाई प्रहरीले हाडनाता करणी अन्तर्गत मुद्दा चलायो। जिल्ला अदालत सुर्खेतको ०६७ जेठ २१ गतेको आदेशमा आरोपित पुर्पक्षका लागि थुनामा रहेका छन्।

कल्याण गाविस-८ की ३५ वर्षीया एक महिलालाई सोही स्थानका कुलबहादुर सुनार र गगनबहादुर सुनारले ०६७ साउन २८ गते घरमै बलात्कार गर्ने उद्योग गरेको पीडितले बताइन्। आरोपीद्वयले मदिरा सेवन गरी घरमै आई ढोका थुनेर बलात्कार गर्न खोज्दा छिमेकीको साहारामा बलात्कार हुनबाट बचेको पीडितले बताइन्। पीडितले ०६७ साउन २९ गते जिल्ला प्रहरी कार्यालय सुर्खेतमा सुनारद्वयको विरुद्व बलात्कार उद्योगमा मुद्दा दायर गरे पनि यसवर्षको अन्त्यसम्ममा फैसला भएन। आरोपित फरार छन्।

उत्तरगङ्गा गाविस-२ की एक महिलालाई सोही स्थानका ३५ वर्षीय टिके सुनारले ०६७ भदौ ४ गते घरमै बलात्कार गर्ने उद्योग गरेको पीडितले बताइन्। प्रतिकारमा घाइते भएकी पीडितको क्षेत्रीय अस्पताल सुर्खेतमा उपचार भयो। पीडितले ०६७ भदौ ५ गते जिल्ला प्रहरी कार्यालय सुर्खेतमा सुनारविरुद्व जबरजस्ती करणी उद्योगमा मुद्दा दायर गरेपनि यस वर्षको अन्त्यसम्ममा फैसला भएन । आरोपित फरार छन्।

वीरेन्द्रनगर नपा-१० की २८ वर्षीया एक महिलालाई वीरेन्द्रनगर नपा-११ का शिक्षक नारायणप्रसाद शर्माले ०६७ भदौ ११ गते लेखपराजुल गाविस-४ मा बलात्कार गर्ने प्रयास गरेको पीडितले बताइन्। पीडितले ०६७ भदौ १२ गते जिल्ला प्रहरी कार्यालय सुर्खेतमा आरोपित शर्माको विरुद्व जबरजस्ती करणी उद्योगमा मुद्दा दायर गरेको लगत्तै गिरफ्तार भएका शर्मा जिल्ला अदालत सुर्खेतको ०६७ भदौ २० गतेको आदेशले हाल पुर्पक्षका लागि थुनामा छन्।

उत्तरगङ्गा गाविस-२ की ३० वर्षीया एक महिलालाई सोही स्थानका काशीराम विकले ०६७ भदौ १२ गते घरमै बलात्कारको प्रयास गरेको भन्दै पीडितले ०६७ भदौ १४ गते जिल्ला प्रहरी कार्यालय सुर्खेतमा विकका विरुद्व जबरजस्ती करणी उद्योगमा मुद्दा दायर गरिएन। आरोपित फरार रहेकाले यसवर्षको अन्त्यसम्ममा सुनुवाई भएन।

घरेलु हिंसा

दशरथपुर गाविस-५ की ३६ वर्षीया बाँचुकला रावतले आदेश पालना नगरेको आरोपमा ०६६ पुस ३० गते पति शम्शेर रावतले कुटपिट गरी उनलाई घरबाट निकाला गरे। पीडितको दशरथपुरस्थित स्वास्थ्य केन्द्रमा उपचार भयो। पीडितले ०६६ माघ ५ गते जिल्ला अदालत सुर्खेतमा अंश र सम्बन्धविच्छेदको मुद्दा दायर गरेकोमा यस वर्षको अन्त्यसम्ममा फैसला भएन।

लाटीकोईली गाविस-१ की ३२ वर्षीया रनजानु बीबीले आदेश पालना नगरेको आरोपमा ०६६ माघ १५ गते पति हसन खाँले दोश्रो विवाह गरी कुटपिट गरी घरबाट निकाला गरे। पीडितको क्षेत्रीय अस्पताल सुर्खेतमा उपचार भयो। पीडितले ०६६ माघ १७ गते जिल्ला अदालत सुर्खेतमा सम्बन्धविच्छेदको मुद्दा दायर गरेकोमा यस वर्षको अन्त्यसम्ममा फैसला भएन।

लेखपराजुल गाविस-५ की ३० वर्षीया चन्द्रा बुढाले घरायसी किचलो गरेको आरोपमा ०६६ माघ २९ गते पति रामबहादुर बुढाले कुटपिट गरी उनलाई घरबाट निकाला गरे। पीडितको वीरेन्द्रनगरस्थित नर्सिङ्ग होममा उपचार भयो। पीडितले ०६६ फागुन ४ गते जिल्ला अदालत सुर्खेतमा सम्बन्धविच्छेदको मुद्दा दायर गरेकोमा यसवर्षको अन्त्यसम्ममा फैसला भएन।

हरिहरपुर गाविस-६ की २३ वर्षीया इन्द्रा विष्टले परपुरुषसँग अनैतिक सम्बन्ध राखेको आरोपमा ०६६ चैत ९ गते पति खड्कबहादुर विष्टले कुटपिट गरी घरबाट निकाला गरे। पीडितको क्षेत्रीय अस्पताल सुर्खेतमा उपचार भयो। सोलुखुम्बुस्थित नेपाली सेनामा जवान पदमा कार्यरत पतिको विरुद्ध पीडितले आवश्यक कारबाही गरी पाऊँ भनी ०६६ वैशाख ४ गते नेपाली सेना पृतना हेडक्वार्टर सुर्खेतमा उजुरी दिए पनि यसवर्षको अन्त्यसम्ममा सुनुवाई भएन।

जर्वुटा गाविस-४ की २४ वर्षीया हरिकला बुढालाई आदेश पालना नगरेको आरोपमा ०६६ चैत १५ गते पति विर्खवहादुर बुढाले कुटपिट गरी घरनिकाला गरे। पीडितको वीरेन्द्रनगरस्थित नर्सिङ्ग होममा उपचार भयो।

लेखपराजुल गाविस-७ की २५ वर्षीया खगीसरा खत्रीलाई आदेश पालना नगरेको आरोपमा ०६७ वैशाख ५ गते पति प्रेमबहादुर खत्रीले कुटपिट गरी घरनिकाला गरे। पीडितको वीरेन्द्रनगरस्थित स्वास्थ्य केन्द्रमा उपचार भयो। पीडितले ०६७ वैशाख १२ गते जिल्ला अदालत सुर्खेतमा अंशसहित सम्बन्धविच्छेदको मुद्दा दायर गरेकोमा २०६७ असार १५ गते फैसला भयो।

वीरेन्द्रनगर नपा-४ की ४० वर्षीया हिरा नेपालीलाई छोराछोरी नजन्माएको आरोपमा ०६७ वैशाख ६ गते पति बीरबहादुर नेपालीले खानलाउन नदिई घरनिकाला गरे। पति बीरबहादुरले नागरिकता समेत नबनाइदिएको पीडितले बताइन्। पीडितले नाता कायम गरी अंश दिलाई भराई पाउँ भनी ०६७ वैशाख ११ गते जिल्ला अदालत सुर्खेतमा मुद्दा दिएकोमा यसवर्षको अन्त्यसम्ममा फैसला भएन।

लाटीकोईली गाविस-९ की २४ वर्षीया खगीसरा राना (थापा) ले दोश्रो विवाह गर्न नदिएको आरोपमा ०६७ वैशाख १६ गते पति धर्मराज थापाले शरीरमा मट्टितेल छर्केर आगो लगाई हत्या गर्ने प्रयास गरे। आगोले शरीर जलेकी पीडितको वीरेन्द्रनगरस्थित देउती नर्सिङ होममा उपचार भयो। पीडितले ०६६ वैशाख २७ गते जिल्ला प्रहरी कार्यालय सुर्खेतमा पतिका विरुद्ध ज्यान मार्ने उद्योगमा मुद्दा दायर गरे पनि यस वर्षको अन्त्यसम्ममा आरोपित गिरफ्तार परेनन्। सो घट्ना भएको लगत्तै थापा फरार भए। पीडितको किटानी जाहेरीपछि पीडकको खोजी भइरहेको जिल्ला प्रहरी कार्यालय सुर्खेतका सई दीपेन्द्र केसीले बताए।

सालकोट गाविस-५ की ४४ वर्षीया तिला शाहीलाई आदेश पालना नगरेको आरोपमा ०६७ वैशाख २६ गते पति टोपबहादुर शाहीले कुटपिट गरी घरनिकाला गरे। पीडितको बाबियाचौर गाविसस्थित स्वास्थ्य केन्द्रमा उपचार भयो। पीडितले ०६७ वैशाख २७ गते इलाका प्रहरी कार्यालय बाबियाचौरमा उजुरी दिए पनि यस वर्षको अन्त्यसम्ममा पीडक गिरफ्तार भएनन्। पीडक वर्षको अन्त्यसम्म फरार रहे।

वीरेन्द्रनगर नपा-१ की ३० वर्षीया डिलमाया गुरुङलाई घरायसी किचलो गरेको आरोपमा ०६७ असार २१ गते पति यादव गुरुङले कुटपिट गरी घरनिकाला गरे। पीडितको क्षेत्रीय अस्पताल सुर्खेतमा उपचार भयो। घरायसी विवादको सुनुवाइ नहुने भनी कहीं उजुरी नगरेको पीडितले बताइन्।

लगाम गाविस-३ की खगीसरा चपाईलाई परपुरुषसँग अनैतिक सम्बन्ध राखेको आरोपमा ०६७ साउन ८ गते पति गङ्गाबहादुर चपाईले कुटपिट गरी घरनिकाला गरे। पीडितले ०६७ साउन १२ गते जिल्ला अदालत सुर्खेतमा अंशसहित सम्बन्धविच्छेदको मुद्दा दायर गरिन्। अदालतले ०६७ साउन १५ गते अंशसहित उनीहरूको सम्बन्धविच्छेद भएको फैसला गऱ्यो।

वीरेन्द्रनगर नपा-३ की ३८ वर्षीया लक्ष्मी शाहीलाई छोरा नजन्माएको आरोपमा ०६७ साउन २४ गते पति चन्द्रबहादुर शाहीले कुटपिट गरी घरनिकाला गरे। पीडितले घरायसी विवादको सुनुवाई नहुने भनी कहीं उजुरी नगरेको बताइन्।

वीरेन्द्रनगर नपा-१० की ४० वर्षीया निर्मला शाहीलाई छोरा नजन्माएको आरोपमा ०६७ भदौ ३१ गते पति चन्द्रबहादुर शाहीले कुटपिट गरी घरनिकाला गरे। नाबालक छोरी सहित पीडित माईतीको संरक्षणमा बसेकी छिन्।

सालकोट गाविस-८ की २८ वर्षीया मञ्जु सिंजालीले घरायसी किचलो गरेको आरोपमा ०६७ कात्तिक ६ गते पति यामबहादुर सिंजालीले कुटपिट गरी घरनिकाला गरे। घरनिकालापछि माईतीको संरक्षणमा बसेकी पीडितले ०६७ कात्तिक ७ गते जिल्ला अदालत सुर्खेतमा अंशसहित सम्बन्ध विच्छेद मुद्दा दायर गरेकोमा यस वर्षको अन्त्यसम्ममा फैसला भएन।

उत्तरगङ्गा गाविस-९ की ४३ वर्षीया रामकली खत्रीलाई पति छवि खत्रीले ०६७ कात्तिक १० गते कुटपिट गरी घरनिकाला गरे। पीडितको सुर्खेत अस्पतालमा उपचार भयो। पीडितले पतिका विरुद्ध ०६७ मङ्सिर १० गते जिल्ला अदालत सुर्खेतमा घरेलु हिंसा ऐन अर्न्तगत मुद्दा दायर गरिन। यस वर्षको अन्त्यसम्ममा मुद्दा फैसला भएन।

वीरेन्द्रनगर नपा-७ की २५ वर्षीया लक्ष्मी कोइरालालाई छोरा नजन्माएको आरोपमा ०६७ कात्तिक ३० गते पति हेमराज कोइरालाले लात्तीमुक्काले कुटपिट गरी घरनिकाला गरे। पीडितले ०६७ मङ्सिर २ गते जिल्ला अदालत सुर्खेतमा पतिका विरुद्ध अंश सहित सम्बन्धविच्छेदको मुद्दा दायर गरे पनि यस वर्षको अन्त्यसम्ममा फैसला भएन।

सबै प्रकारका जातीय विभेद

उत्तरगङ्गा गाविस-८ की २१ वर्षीया रञ्जु नेपाली १९ वर्षीया निलम गिरी र ४५ वर्षीया जानकी गिरीलाई सार्वजनिक स्थलमा छोएर हिँडेको आरोपमा ०६७ जेठ ९ गते सोही स्थानका आशा थापा, भद्रा थापा र सगुन थापाले 'तँ डुमेनीको समूहले हामीलाई छुने भन्दै गाली बेइज्जती गर्नुको साथै सामुहिक रूपमा कुटपिट गरे। कुटपिटबाट घाइते भएकी रञ्जुको क्षेत्रीय अस्पताल सुर्खेतमा उपचार भयो। पीडितले ०६७ जेठ १४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए पनि यस वर्षको अन्त्यसम्म सुनुवाइ भएन।

उत्तरगङ्गा गाविस-७ की २५ वर्षीया सुशीला नेपालीलाई सार्वजनिक धारामा पानी छोएको आरोपमा ०६७ जेठ ३१ गते छिमेकी हेमराज रोकायले 'तँ डुमेनीले हाम्रो पानी छुने' भनी गाली बेइज्जती गरे। पीडितले आफू जस्ता गुनासो कसैले सुनुवाइ नगर्ने भनी कहीं उजुरी नगरेको बताइन।

जिल्ला स्वास्थ्य सेवाको अवस्था

सुर्खेत जिल्लामा एक क्षेत्रीय अस्पताल रहेको छ। जसमा २४ जना डाक्टरको दरबन्दी भए पनि हाल पाँच जना मात्र कार्यरत छन्। त्यसैगरी हेल्थअसिस्टेण्ट एक, अनमी चार, स्टाफ नर्स १८, अहेव दुईजनाको दरबन्दी रहेकोमा हेअ एक, स्टाप नर्स १२, अनमी चार र अहेव दुई कार्यरत छन्।

त्यसैगरी जिल्ला जनस्वास्थ्य अन्तर्गत डाक्टर चार, अहेव ५५ अनमी २३, ग्रास्वाका ५१ र मासिका ३८ जना को दरबन्दी रहेकोमा डाक्टर एक अहेव ५४ ग्रास्वका ४९ र मासिका ३६ जना कार्यरत छन्।

जिल्लामा प्राथमिक स्वास्थ्य केन्द्र चार, स्वास्थ्य चौकी ४६ र उपस्वास्थ्य चौकी चारओटा रहेका छन्।

४.९ जाजरकोट



जनसङ्ख्या : १,५६,६८५
साक्षरता प्रतिशत : ४६
महिला साक्षरता प्रतिशत : ३१
क्षेत्रफल (वर्ग कि. मि.) : २,२३०
गाविस/नपा सङ्ख्या : ३०/०
सरकारी/निजी विद्यालय : ३४७/७
क्याम्पस/उच्च मा.वि. : १/९
अस्पताल/स्वास्थ्य चौकी : २/३३
मानव विकास सूचकाङ्कः ०.३४३
प्रतिपरिवार सरदर सङ्ख्याः ६

जेल र बन्दीहरू

जिल्ला कारागारमा यस वर्षको अन्त्यसम्ममा कैद तोकिएका १९ जना पुरुष र दुई महिला गरी २१ जना बन्दी र कैद नतोकिएका दुई जना पुरुष थुनवा

घटनाको प्रकार	गैरराज्यबाट							राज्यबाट			
	अन्यबाट				एकीकृत माओवादीबाट						
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
हत्या	२	२		२							
घाइते	१	१		१							
गिरफ्तारी/यातना								२	३		३
कुटपिट	१०	१४	१	१५	५	५	५	१	१		१
धम्की	१	३	१	४							
भेला/सङ्गठित हुने अधिकार								१	१	२	३
महिलाअधिकार	१३		१३	१३							
बालअधिकार	१५	३०	४	३४							
अपहरण	१	१	१	२	२	२	२				
जम्मा	४३	५१	२०	६१	६	६	६	४	५	२	६

रहेका छन् भने दुई जना आश्रित बालिका रहेका छन्। कारागारमा 'घ' श्रेणीको जिल्ला कारागारमा २५ जना बन्दी क्षमता रहेको जेलमा विद्युत, रेडियो, पत्रपत्रिका, खेलकुदको सुविधा रहेको छ। कारागारको परिसर साँघुरो भएकाले बन्दी तथा थुनुवाहरूलाई घुमफिर गर्न समस्या रहेको छ।

खलङ्गा गाविस–१ भगवती टोलस्थित रहेको जिल्ला कारागारका बन्दीहरूले नाइकेसरह सुविधा पाउनुपर्ने माग गर्दै ०६६ फागुन ८ गते राति ९.०० बजे बन्दीगृह तोडफोड गर्नुका साथै प्रहरीमाथि ढुङ्गा प्रहार गरे। प्रहरीले चार राउण्ड हवाई फायर गरी स्थिति नियन्त्रणमा लियो। बन्दीका माग पूरा भएन।

बेपत्ता/अपहरण

एकीकृत माओवादीबाट

लहँ गाविस–६ का ३२ वर्षीय हेम्बबहादुर कुसारीलाई ०६६ चैत २६ गते बिहान घरमा बसिरहेको बेला सोही ठाँउ निवासी एकीकृत माओवादी कार्यकर्ता अमृत कुसारीसहित तीन जनाको सङ्ख्यामा आएको समूहले केही दिनअघि एकीकृत माओवादीसँग राजनीतिक विवाद गरेको आरोपमा घरबाट अपहरण गरी सोही गाविसको जङ्गल पुऱ्याई कुटपिट गऱ्यो। पीडितलाई तीन घण्टापछि एकीकृत माओवादी कार्यकर्तासँग प्रतिवाद नगर्ने सर्तमा मुक्त गरे। आफूलाई अपहरण गरी कुटपिट गर्ने एकीकृत माओवादी कार्यकर्ताउपर पीडितले ०६६ चैत २७ गते इलाका प्रहरी कार्यालयमा उजुरी दिए पनि यस वर्षको अन्त्यसम्म कुनै कारबाही भएन।

पजारु गाविस–८ निवासी एमाले केन्द्रीय प्रतिनिधि परिषद् सदस्य ४३ वर्षीय लालबहादुर महतरालाई ०६७ वैशाख २० गते बिहान पार्टीको काममा गएको अवस्थामा विदेशी दलालहरूको पार्टीको कार्यकर्ता भएको आरोप लगाई एकीकृत माओवादीका कार्यकर्ता अरुण र वरुण उपनामका व्यक्तिहरूको नेतृत्वमा छ जनाको सङ्ख्यामा आएको समूहले अमानवीय व्यवहार गर्दै ढिमे गाविस–१ दमदालाबाट अपहरण गऱ्यो। पीडितलाई इलाका प्रहरी कार्यालय अर्छानी र पाँचकटिया प्रहरी चौकीबाट खटिएको प्रहरी टोलीले सोही दिन दिउँसो ११.०० बजे ढिमे गाविस–१ बाटुल्लेबाट सकुशल उद्धार गऱ्यो। पीडकहरूलाई यस वर्षको अन्त्यसम्म कुनै कारबाही भएन।

धम्की/कुटपिट

राज्यबाट

खलङ्गा गाविस–१ का ४१ वर्षीय शिवविक्रम शाहलाई ०६७ भदौ ८ गते राति खलङ्गा गाविस–१ स्थित इलाका प्रहरी कार्यालय गर्खाकोटमा कार्यरत इन्स्पेक्टर कृष्ण सापकोटासहित १० जनाको सङ्ख्यामा गएको प्रहरी टोलीले मादक पदार्थ सेवन गरी कुटपिट गऱ्यो। पीडितले ०६७ भदौ १० गते जिल्ला प्रहरी कार्यालय जाजरकोटमा उजुरी दिएपछि इन्स्पेक्टर सापकोटाले माफी मागे र दुवैपक्षबीच मिलापत्र भयो।

एकीकृत माओवादीबाट

भुर गाविस–२ निवासी नेपाल राष्ट्रिय प्राविका शिक्षक २५ वर्षीय प्रवीण केसीलाई ०६६ माघ १० गते एमाले भएको आरोपमा विद्यालय सञ्चालन भइरहेको समयमा एकीकृत माओवादी कार्यकर्ता भुर गाविस–२ निवासी दलबहादुर बस्नेतले विद्यालयभित्र कुटपिट गरे। पीडितले कतै उजुरी गरेनन्।

सक्ला गाविस–१ का २७ वर्षीय रुद्रबहादुर खत्रीलाई ०६७ वैशाख ११ गते राति एकीकृत माओवादी कार्यकर्ता अमृतबहादुर कुसारीको नेतृत्वमा छ जनाको सङ्ख्यामा आएको समूहले एकीकृत माओवादीले मागेको मौसमी चन्दा नदिएको आरोपमा कुटपिट गऱ्यो। पीडितले कतै उजुरी गरेनन्।

लहँ गाविस–८ का २६ वर्षीय जयबहादुर खत्रीलाई ०६७ असोज २ गते दिउँसो एकीकृत माओवादी जिल्ला कमिटी सदस्य गणेश सिंहले स्थानीय एक बालकलाई एकीकृत माओवादीले कुटपिट गरेको विषयमा विरोध गरेको आरोपमा घरबाट नियन्त्रणमा लिई कुटपिट गरे। पीडितले कतै उजुरी गरेनन्।

लहँ गाविस–४ का नेविसङ्घ कार्यकर्ता २३ वर्षीय छविलाल पन्तलाई ०६७ कात्तिक २१ गते राति डाँडाँगाउँ गाविस–६ का एकीकृत माओवादीका कार्यकर्ता २६ वर्षीय गणेश पुनले धारिलो हतियार प्रहार गरी घाइते बनाए। पीडितले कतै उजुरी गरेनन्।

वाईसीएलबाट

खगेनकोट गाविस–८ का ३६ वर्षीय दरीमान कामीलाई ०६७ वैशाख १४ गते बिहान वाईसीएल कार्यकर्ता महेश मल्लको नेतृत्वमा आएको समूहले एमाले भएको आरोपमा कुटपिट गरी घाइते बनायो। पीडितसँग रहेको नगद ३ हजार रुपियाँ समेत वाईसीएलका कार्यकर्ताले लुटेर लगेको पीडितले जनाए। पीडितको जाहेरीपछि वाईसीएलका महेश मल्ललाई प्रहरीले ०६७ वैशाख १६ गते गिरफ्तार गऱ्यो। अबदेखि यस्तो कार्य नगर्ने र लुटेको समान फिर्ता गर्ने सर्तमा मल्ल ०६७ वैशाख २१ गते जिल्ला प्रहरी कार्यालयबाट रिहा भए।

टालेगाँउ गाविस–४ निवासी काङ्ग्रेस क्षेत्र नम्बर २ का सभापति ४० वर्षीय कल्धर सिंहलाई ०६७ जेठ २ गते राति अर्छानी गाविस–२ टापुचौरमा व्यक्तिगत काममा गएको अवस्थामा वाईसीएल कार्यकर्ता टालेगाँउ गाविस–३ निवासी रामबहादुर सिंह, सोही ठाँउका तेजबहादुर सिंह, डिल्लीबहादुर सिंहले कुटपिट गरी घाइते बनाए। घाइतेको जिल्ला अस्पताल जाजरकोटमा उपचार भयो। पीडितले कतै उजुरी गरेनन्।

लहँ गाविस–७ का ३२ वर्षीय पहलबहादुर ओली र उनकी पत्नी २७ वर्षीया कमला ओलीलाई ०६७ भदौ १० गते राति मदिरा सेवन गरी एकीकृत माओवादी कार्यकर्तासँग बादविवाद गरेको आरोपमा वाईसीएलका लहँ गाविस इन्चार्ज पहलबहादुर भण्डारी र सोही ठाँउका वाईसीएल कार्यकर्ता शेरबहादुर शाहीले सक्ला गाविस–१ मा कुटपिट गरे। पीडितहरूले कतै उजुरी गरेनन्।

पुन्मा गाविस–६ का ५६ वर्षीय सरे कामीलाई ०६७ कात्तिक २१ गते राति सोही ठाँउका वाईसीएल जिल्ला सदस्य भीमबहादुर शाहीको नेतृत्वमा १८ जनाको सङ्ख्यामा आएका समूहले केही दिन अघि वाईसीएल कार्यकर्तासँग विवाद गरेको आरोपमा कुटपिट गरी घाइते बनायो। घाइतेको जिल्ला अस्पताल जाजरकोटमा उपचार भयो। पीडितले जिल्ला प्रहरी कार्यालयसमक्ष कारवाहीका लागि ०६७ कात्तिक २३ गते जाहेरी दिएकोमा इलाका प्रहरी कार्यालय जगतीपुरले पीडकलाई १५ हजार रुपियाँ तिर्न लगाई दुवै पक्षबीच ०६७ मङ्सिर २२ गते मिलापत्र गरायो।

पुन्मा गाविस–६ का २२ वर्षीय डिलबहादुर कामीलाई ०६७ कात्तिक २१ गते वाईसीएल जिल्ला सदस्य भीमबहादुर शाहीको नेतृत्वमा आएको समूहले डिलबहादुरका बुबा सरे कामीले वाईसीएलसँग केही दिनअघि विवाद गरेको आरोपमा कुटपिट गऱ्यो। पीडितले कतै उजुरी गरेनन।

यूथफोर्सबाट

भुर गाविस–२ निवासी नेपाल शिक्षक सङ्गठन (क्रान्तिकारी) जिल्ला सदस्य दलबहादुर बस्नेतलाई ०६६ माघ ९ गते बिहान राजनीतिक विषयमा विवाद हुँदा पुन्मा गाविस–७ निवासी युथफोर्सका कार्यकर्ता नरेन्द्र घर्ती, सोही गाविस–९ का केशव पौडेल, भुर गाविस–१ का खड्ग सिंहले पुन्मा गाविस–१ स्याउलीबजारमा कुटपिट गरी घाइते बनाए। घाइतेको उपचार स्थानीय स्वास्थ्य चौकीमा भयो। पीडितले कतै उजुरी गरेनन्।

पुन्मा गाविस–७ निवासी एकीकृत माओवादीका भेरी कर्णाली राज्य समिति सदस्य दलबहादुर मल्ल (नजिर) लाई ०६६ माघ १० गते बिहान पुन्मामा सञ्चालित गाँउ परिषद्मा जाँदै गरेको अवस्थामा पुन्मा गाविस–१ निवासी युथफोर्सका कार्यकर्ता सुशील शाहीको नेतृत्वमा आएको समूहले राजनीतिक विषयमा विवाद हुँदा कुटपिट गऱ्यो। पीडितले कतै उजुरी गरेनन्।

खगेनकोट गाविस–३ निवासी एकीकृत माओवादी जिल्ला कमिटी सचिवालय सदस्य टेकप्रसाद शर्मालाई ०६६ माघ १२ गते दिउँसो खगेनकोट गाविस–७ मैदे निवासी युथफोर्सका कार्यकर्ता रमेश सिंहको नेतृत्व तीन जनाको सङ्ख्यमा आएका कार्यकर्ताले राजनीतिक विषयमा विवाद हुँदा कुटपिट गरी घाइते बनाए। उक्त घटनाको विरोध गदै एकीकृत माओवादी जाजरकोटले ०६६ माघ १६ गते विज्ञप्ति प्रकाशन गरी दोषीलाई कारबाही हुनुपर्ने माग गऱ्यो। यस वर्षको अन्त्यसम्म पीडकहरूलाई कुनै कारबाही भएन।

नेपाली काङ्ग्रेसबाट

अर्छानी गाविस–२ निवासी एमाले कार्यकर्ता ४९ वर्षीय रिमबहादुर हमाललाई ०६७ असोज ३१ गते दिउँसो काङ्ग्रेस कार्यकर्ता टोपबहादुर हमालसहितको समूहले धारिलो हतियार प्रहार गरी घाइते बनाएपछि एमाले कार्यकर्ताहरूले काङ्ग्रेस कार्यकर्ताहरू टोपबहादुर हमाल, जयबहादुर हमाल, शेरबहादुर हमाल, टेकबहादुर हमाल, भक्तबहादुर हमाललाई कुटपिट गरी घाइते बनाए। घाइतेहरूको जिल्ला अस्पताल जाजरकोटमा उपचार भयो।

दह गाविस-५ पञ्चाला इलाका प्रहरी कार्यालयबाट ०६७ मङ्सिर ६ गते कोर्ताङ्ग गाविस-५ स्थित सुरक्षार्थ खटिएका गस्ती प्रहरीमाथि गर्खाकोट गाविस-४ का नेपाली काङ्ग्रेसका कार्यकर्ता ३१ वर्षीय नरेन्द्र शाहीको नेतृत्वमा आएको समूहले प्रहरी जवान खिमबहादुर जिसी र दीपक थापालाई कुटपिट गऱ्यो। पीडकहरूलाई प्रहरीले सोही दिन गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखे। प्रहरीले पीडकहरूलाई ०६७ मङ्सिर ११ गते आगामी दिनमा यस्तो गल्ती नदोहऱ्याउने सर्तमा कागज गराइ ७ हजार रुपियाँ जरिवाना लिएर रिहा गऱ्यो।

नेपाल तरूण दलबाट

टालेगाँउ गाविस–१ निवासी १६ वर्षीय वाईसीएल कार्यकर्ता प्रकाश सिंह, सोही ठाँउका २० वर्षीय उमेश सिंहलाई ०६६ चैत १९ गते राति तरुण दलका कार्यकर्ता कालेगाँउ गाविस–१ का महेन्द्र शाही, मानबहादुर शाही, गोरखबहादुर शाही, भक्तबहादुर शाही लगायत २१ जनाको समूहले राजनीतिक विषयमा विवाद हुँदा कुटपिट गरी घाइते बनाए। घाइतेहरूको जिल्ला अस्पताल जाजरकोटमा उपचार भयो। पीडितहरूले दोषीलाई कारबाहीको माग गर्दै जिल्ला प्रहरी कार्यालयमा ०६६ चैत २१ गते किटानी जाहेरी दिए। जिल्ला प्रहरी कार्यालयले पीडितको उपचार गरिदिने सर्तमा ०६६ चैत २७ गते दुवै पक्षलाई उपस्थित गराई मिलापत्र गरायो।

गैरकानुनी गिरफ्तारी

जगतीपुर गाविस–१ घरभई खलङ्गा गाविस–२ बस्दै आएका नेपाल पत्रकार महासङ्घ जिल्ला शाखा जाजरकोटका कोषाध्यक्ष ३३ वर्षीय रामविक्रम शाहलाई प्रहरीसँग विवाद गरेको आरोपमा ०६७ असोज ३० गते राति कोठामा सुतिरहेको अवस्थामा जिल्ला प्रहरी कार्यालय जाजरकोटमा कार्यरत असई सरमबहादुर भण्डारीको नेतृत्वमा आएको प्रहरी गस्ती टोलीले घरबाट बिनापूर्जी गिरफ्तार गऱ्यो। प्रहरीले उनलाई ०६७ असोज ३१ गते रिहा गऱ्यो। उक्त घटनाका विषयमा डीएसपी रामप्यारा खरेलले पीडित समक्ष माफी मागे।

गर्खाकोट गाविस–४ का २६ वर्षीय जगतबहादुर शाह र सोही ठाँउका १८ वर्षीय रामबहादुर शाहीलाई प्रहरी गस्ती टोलीमाथि आक्रमण गरेको आरोपमा ०६७ मङ्सिर ७ गते बिहान घरबाट इलाका प्रहरी कार्यालय गर्खाकोटका प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई ०६७ मङ्सिर ८ गते जिल्ला प्रहरी कार्यालयमा पुऱ्याई ०६७ पुस १० गते निर्दोष रहेको भनी रिहा गरियो।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

जगत्तीपुर गाविस–१ स्थित एमाले इलाका कमिटीको कार्यालयमा ०६६ माघ ८ गते राति एकीकृत माओवादी जिल्ला समिति सदस्य मोहन मल्लको नेतृत्वमा आएको समूहले पार्टी कार्यालय तोडफोड गर्नुका साथै कार्यालयमा रहेका महत्वपूर्ण कागजपत्र र साइनबोर्ड लुट्यो। एकीकृत माओवादी कार्यकर्ता मोहन मल्लले ०६६ माघ १४ गते स्थानीय एमाले कार्यकर्ता समक्ष माफी मागेपछि विवाद समाधान भयो। पीडितले कहीं उजुरी गरेनन्।

कर्णाली क्षेत्रका शिक्षकहरू सरह सेवा सुविधा पाउनु पर्ने माग राख्दै जिल्ला शिक्षक सङ्घर्ष समिति जाजरकोटले ०६६ फागुन १९ गते बिहान दश बजे जिल्ला प्रशासन कार्यालयमा तालाबन्दी गर्न खोज्ने आन्दोलनकारी शिक्षकलाई प्रहरीले लाठीचार्ज गर्दा शिक्षक भागीराम जैसी, कौशिला शाही, उमा श्रेष्ठ,

सुलोचना सिंह, विमला बस्नेत, राजेन्द्र मण्डल, शशीराम सिंह, माधव घिमिरे, राधिका शर्मा, आशा कार्की, किरण शाह, देवबहादुर बस्नेत, तेजराज शाही, मानबहादुर सिंह, उत्तर बटाला सहित १७ जना घाइते भए। प्रहरी जवानद्वय विष्णु विष्ट र विमला बस्नेत घाइते भए। प्रहरीको लाठी चार्जबाट घाइते भएका तीन जना शिक्षकलाई थप उपचारका लागि नेपालगञ्ज लगियो भने अन्यको उपचार जिल्ला अस्पताल जाजरकोटमा भयो। सो दिन स्थिति नियन्त्रणमा लिन प्रहरीले छ राउण्ड हवाई फायर र छ सेल अश्रुग्याँस प्रहार गऱ्यो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जाजरकोट जिल्ला अदालतमा गतवर्षको जिम्मेवारी सरेर आएका ४२ थान सरकारवादी मुद्दामध्ये २२ थान फर्स्यौट भई २० थान मुद्दा बाँकी रहे। यसवर्ष दर्ता भएका २२ थान सरकारवादी फौजदारी मुद्दामध्ये कुनैपनि फर्स्यौट भएनन्। यसरी यसवर्षको अन्त्यसम्म सरकारवादी फौजदारी मुद्दा ५२ थान फर्स्यौट हुन बाकी रहे। देवानी तर्फ गतवर्षको जिम्मेवारी सरेर आएका ५२ थान मुद्दामध्ये २२ थान फर्स्यौट भई ३० थान मुद्दा फर्स्यौट हुन बाँकी रहे। यसवर्ष दर्ता भएका १८ थान देवानीमध्ये कुनै पनि फर्स्यौट भएनन्। यसरी यसवर्षको अन्त्य सम्ममा ४८ थान देवानी मुद्दा फर्स्यौट हुन बाँकी रहे। फौजदारी र देवानी दुवै गर्दा यसवर्षको अन्त्यसम्ममा जाजरकोट जिल्ला अदालतमा ९० थान मुद्दाहरू फर्स्यौट हुन बाँकी रहे। जाजरकोट जिल्ला अदालतमा पाँच वर्षभन्दा पुराना मुद्दा फर्स्यौट हुन बाँकी रहेका छैनन्।

सरकारी अधिवक्ताको कार्यालयको तथ्याङ्क

सरकारी अधिवक्ताको कार्यालयले जाजरकोट जिल्ला अदालतमा आर्थिक वर्ष ०६६/०६७ मा चार र आ.व. ०६७/०६८ मा दुई थान मुद्दा दर्ता गऱ्यो। दायर भएका मुद्दाहरूमध्ये दुईमा सफलता, एकमा असफलता र एक मुल्तवीमा रहेको र दुई मुद्दा अदालतमा विचराधीन रहेको जिल्ला अदालत जाजरकोटले जनायो। जबरजस्ती करणीमा एक सफल, एक असफल र एक विचराधीन रह्यो। त्यस्तै कर्तव्य ज्यानमा एक सफल एक असफल रह्यो। डाँका चोरी सम्बन्धी एक मुद्दा विचराधीन छ।

बालअधिकार

जाजरकोट जिल्लामा पूर्व प्राथमिक विद्यालय २ सय १९, प्राथमिक विद्यालय ३ सय ८५, निमावि १ सय ६, मावि ४२, उमावि ९ र क्यापस १ रहेका छन्। जिल्ला शिक्षा कार्यालय जाजरकोटको तथ्याङ्क अनुसार पूर्व प्राथमिक विद्यालयमा ४ हजार २ सय ५०, प्राविमा ५५ हजार २ सय ३, निमाविमा १३ हजार १ सय ९१, माविमा ६ हजार ८ सय ७८, उमाविमा २ हजार ६ सय १८ गरी जम्मा ८२ हजार १ सय ४० विद्यार्थीहरू अध्ययनरत छन्। विद्यालयहरूमा ७ सय ८१ शिक्षकको दरवन्दी रहेको छभने राहत तर्फ ४ सय ९४ शिक्षकको दरवन्दी रहेको छ। दरवन्दी रहेका शिक्षकहरूमा प्रावि तर्फ ६ सय २१, निमावि तर्फ १ सय ७ र माविमा ५३ रहेका छन्। त्यसैगरी राहत शिक्षक तर्फ प्राविमा ३ सय १७, निमाविमा १ सय १५ र माविमा ६२ शिक्षक रहेका छन्। अझैपनि जिल्लाका ग्रामीण तहमा विद्यालयहरू पुरन नसकेको र पुगेका स्थानमा पनि भौतिक संरचनाको अभावका कारण विद्यार्थीहरूको पठनपाठनमा समस्या आइपरेको छ। यसैगरी जिल्लामा समयमा पाठयपुस्तक नपुरनु, सरकारले उपलब्ध गराउने भनिएको छात्रवृत्ति समयमा उपलब्ध नहुनु, विद्यार्थी अनुपातमा शिक्षक सङ्ख्यामा कमी लगायतका समस्या शिक्षा क्षेत्रमा रहेका छन्। यसैगरी विभिन्न राजनीतिकि दललगायत अन्य निकायहरूले आफ्ना मागहरूका बारेमा ध्यानाकार्षण गराउन भन्दै पटक पटक शैक्षिक संस्था बन्द गराउँदा समेत विद्यालयको पठनपाठनमा समस्या आएको छ।

सल्यान जिल्ला मर्म गाविस–८ जोगीनेका १६ वर्षीय यज्ञराज रावत, सोही ठाँउका १७ वर्षीय गोरखनाथ योगी, १७ वर्षीय लोकेन्द्र रावत, १३ वर्षीय हेमन्त रावत, १६ वर्षीय विष्णुनाथ योगी र १४ वर्षीय लोकेन्द्र रावतलाई ०६६ माघ ४ गतेदेखि माघ २४ गतेसम्म खलङ्गा गाविस–१ का महेश चौधरीले ढुङ्गा बोक्ने काममा प्रयोग गरी बालश्रम शोषण गरे।

डाँडागाउँ गाविस–६ का ९ वर्षीय धनबहादुर नेपालीलाई ०६६ माघ १८ गतेदेखि माघ १९ गतेसम्म सल्यान घरभई हाल खलङ्गा गाविस–२ ठाटी बस्ने कृष्णबहादुर बीसीले गिट्टी कुट्ने कार्यमा सलग्न गराई बाल श्रम शोषण गरे।

पुन्मा गाविस–६ का १५ वर्षीय नरबहादुर शाही, सोही ठाँउका १४ वर्षीय गङ्गबहादुर नेपाली, १४ वर्षीय दिलबहादुर नेपालीलाई ०६६ माघ ७ गतेदेखि १४ गतेसम्म खलङ्गा गाविस–६ घरभई सोही गाविस–१ भगवती टोल बस्ने ओमबहादुर खड्काले ढुङ्गा बोक्ने काममा प्रयोग गरी बालश्रम शोषण गरे।

जाजरकोट जिल्लामा रहेका सरकारी

विद्यालयका सम्पूर्ण शिक्षकहरूले जाजरकोट जिल्लालाई दुर्गम क्षेत्र घोषणा गर्दै जिल्लामा कार्यरत शिक्षकहरूलाई सरकारले कर्णाली क्षेत्रका शिक्षकहरू सरह सेवा सुविधा उपलब्ध गराउनु पर्ने माग राख्दै ०६६ फागुन १५ गते देखि ०६७ फागुन २५ गतेसम्म विद्यालय बन्द गरेको कारण जिल्लामा रहेका ४ सय ४७ सरकारी विद्यालयमा अध्ययनरत करिब ७० हजार बालबालिकाको पठनपाठन अवरुद्ध भयो।

एकीकृत माओवादी निकट अनेरास्ववियु क्रान्तिकारीले निजी क्षेत्रका विद्यालयले शैक्षिक शुल्क चर्को रुपमा असुलेको भन्दै ०६७ वैशाख १२ गतेदेखि देशव्यापी रुपमा विद्यालय वन्दको आह्वान गरेपछि जाजरकोट जिल्लामा रहेका सात निजी विद्यालय बन्द हुँदा त्यहाँ अध्ययनरत बालिबालिकाको पठनपाठन अवरुद्ध भयो।

एकीकृत माओवादीद्वारा ०६७ वैशाख १९ गते देखि ०६७ वैशाख २४ गतेसम्म गरेको देशव्यापी आमहड्तालका कारण जिल्लामा रहेका ४ सय ४७ सरकारी र सात निजी विद्यालय बन्द हुँदा ती विद्यालयमा अध्यनरत करिब ८० हजार बालबालिकाहरूको पठनपाठन अवरुद्ध भयो।

पुन्मा गाविस–६ का १४ वर्षीय चक्रबहादुर नेपाली र सोही ठाँउका १३ वर्षीय हरिबहादुर नेपालीलाई ०६७ जेठ ३ गते देखि पुन्मा गाविस–५ भेरे बस्ने शैलेन्द्र पुनले खलङ्गा गाविस–१ भगवती टोलस्थित घरमा ढुङ्गा बोक्ने कार्यमा संलग्न गराई बालश्रम शोषण गरे।

थालारैकर गाविस–२ थालामा रहेको इन्द्र ज्योति माध्यमिक विद्यालयको व्यवस्थापन समितिका पदाधिकारीहरूको निर्वाचन प्रक्रिया निष्पक्ष नभएको भन्दै एकीकृत माओवादी र काङ्ग्रेस समर्थक कार्यकर्ताहरूले ०६७ जेठ १२ गतेदेखि विद्यालयमा तालाबन्दी गर्दा उक्त विद्यालयका करिब २ सय बालबालिकाहरू शिक्षाबाट वञ्चित भए। यस विषयलाई विवादमा नल्याउने सहमतिमा उक्त विद्यालय ०६७ साउन १५ गतेदेखि पुन सञ्चालन भयो।

लहँ गाविस–२ की १४ वर्षीया एक बालिकालाई ०६७ जेठ २९ गते राति ८ बजे उनका बाबुले घरमा सुतिरहेको अवस्थामा बलात्कार गरेको पीडितले बताइन। घरमा अन्य कोही सदस्य नभएको मौका पारी बाबुले बलात्कार गरेका थिए। बालिका चिच्याएपछि गाँउलेहरूले थाहा पाई उद्धार गरेको बालिकाले बताइन्। पीडित बालिकाले बाबु विरुद्ध ०६७ जेठ ३० गते जिल्ला प्रहरी कार्यालय समक्ष कारबाहीको लागि लिखित उजुरी दिइन्। आरोपितलाई प्रहरीले ०६७ जेठ ३० गते गिरफ्तार गरी पुर्पक्षका लागि जिल्ला कारागार चलान गऱ्यो।

पुन्मा गाविस–६ का १४ वर्षीय शेरबहादुर शाही र १५ वर्षीय कालीबहादुर नेपालीलाई ०६७ साउन ५ गतेदेखि साउन ११ गतेसम्म खलङ्गा गाविस–१ स्थित खलङ्गा जुम्ला मोटरवाटो निर्माण उपभोक्ता समितिले ढुङ्गा बोक्ने कार्यमा सलग्न गराई बालश्रम शोषण गरे।

खलङ्गा गाविस–६ का १३ वर्षीय पदमबहादुर नेपाली, सोही ठाँउका १६ वर्षीय तेजबहादुर नेपाली, १४ वर्षीय कर्णबहादुर नेपालीलाई ०६७ साउन १५ गतेदेखि २१ गतेसम्म खलङ्गा जुम्ला मोटरवाटो निर्माण उपभोक्ता समितिले ढुङ्गा बोक्ने कार्यमा प्रयोग गरी बालश्रम शोषण गरे।

भुर गाविस–४ का १४ वर्षीय कर्णबहादुर शाही, सोही ठाँउका १५ वर्षीय भागिराम शाहीलाई ०६७ साउन १९ गतेदेखि साउन २४ गतेसम्म खलङ्गा जुम्ला मोटरबाटो निर्माण उपभोक्त समितिले ढुङ्गा बोक्ने कार्यमा प्रयोग गरी बालश्रम शोषण गरे।

खलङ्गा गाविस–६ का १२ वर्षीय भरत खड्का, सोही ठाँउका १४ वर्षीय कर्णबहादुर खड्का र १५ वर्षीय तेजबहादुर खड्कालाई ०६७ भदौ ११ गतेदेखि भदौ १६ गतेसम्म खलङ्गा गाविस–६ स्थित मोटरवाटो उपभोक्ता समितिले ढुङ्गा बोक्ने कार्यमा प्रयोग गरी बालश्रम शोषण गरे।

लहँ गाविस–८ निवासी १५ वर्षीय चन्द्रबहादुर खत्रीलाई ०६७ असोज १ गते एकीकृत माओवादी जिल्ला कमिटी सदस्य गणेश सिंह र अर्का कार्यकर्ता शेरबहादुर सिंहले स्थानीय बालिकासँग बोलेको आरोपमा कुटपिट गरे। घटना भएपछि पीडित बालकले अध्ययन गरिरहेको जुनी बाल संरक्षण केन्द्र विद्यालयबाट समेत अध्ययन गर्नबाट प्रतिवन्ध लगाए।

बाँके जिल्ला कोहलपुर गाविस घरभई खलङ्गा गाविस–२ स्थित मामाको घरमा बस्दै आएकी पाँच वर्षीया एक बालिकालाई ०६७ कात्तिक १५ गते बिहान आफ्नै ६५ वर्षीय हेमन्तबहादुर शाहीले घरनजिकै रहेको जङ्गलमा बलात्कार गरेको आरोप लाग्यो। घटना सम्बन्धमा पीडितले जिल्ला प्रहरी कार्यालयमा ०६७ कात्तिक २५ गते जाहेरी दिएपछि प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गऱ्यो। जिल्ला अदालत जाजरकोटको ०६७ मङ्सिर १६ गतेको आदेश अनुसार यस वर्षको अन्त्यसम्म आरोपित पुर्पक्षका लागि थुनामा छन्।

गर्खाकोट गाविस–४ मा रहेको शिवपुरी उमावि व्यवस्थापन समितिका अध्यक्ष राजबहादुर शाहीले विद्यालयमा भ्रष्टाचार गरेको आरोपमा ०६७ कात्तिक २८ गतेदेखि विद्यार्थी अभिभावक संयुक्त सङ्घर्ष समितिले छानबिन गरी कारबाहीको माग गर्दै अनिश्चितकालीन विद्यालयमा तालाबन्दी गरे। विद्यालयमा तालाबन्दीका कारण बालबालिकाहरूले विद्यालयमा पढन पाएनन्। जिल्ला शिक्षा कार्यालयले छानबिन गर्ने सर्तमा ०६७ पुस २८ गतेबाट विद्यालय खुल्यो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार घरेलु हिंसा

खलङ्गा गाविस–४ की ३९ वर्षीया गीता मल्ललाई उनका पति ४४ वर्षीय भक्तबहादुर मल्लले पतिले अर्को विवाह गरेको विषयमा विवाद गरेको भन्दै ०६७ असार १५ गते कुटपिट गरी घाइते बनाए। घाइतेको जिल्ला अस्पताल जाजरकोटमा उपचार भयो। पीडितले कही उजुरी दिइनन्।

खलङ्गा गाविस–७ की २७ वर्षीया मानकुमारी खत्रीलाई काम नगरेको आरोपमा ०६७ साउन १५ गतेससुरा धनबहादुर खत्री, सासू लाली खत्री र नन्द ललिता खत्रीले कुटपिट गरी घरनिकाला गरे। मानकुमारी ०६७ साउन १५ गतेदेखि सोही गाविसस्थित माइतमा बस्दै आएकी छन्। पीडितले इन्सेक जाजरकोट समक्ष घटनाका बारेमा निवेदन दिएकी थिइन्। यो वर्षको अन्त्य सम्म पीडितले प्रहरीकोमा उजुरी गरिनन्।

पुन्मा गाविस–५ की २५ वर्षीय विमला घर्तीलाई ०६७ मङ्सिर १० राति छोराछोरीबीच भएको झगडाको विषयमा विवाद हुँदा ३० वर्षीय देवर भद्रबहादुर घर्तीले कुटपिट गरी घाइते बनाए। घाइतेको उपचारको जिल्ला अस्पताल जाजरकोटमा भयो। पीडितले कारबाही माग गर्दै जिल्ला प्रहरी कार्यालयमा ०६७ मङ्सिर ११ गते जाहेरी दिएपछि दुवैपक्षबीच ०६७ मङ्सिर २१ गते घरमै भविष्यमा गल्ती नदोहोऱ्याउने सर्तमा मिलापत्र भयो।

बहुविवाह

ढिमे गाविस–९ की २४ वर्षीया जैकली सुनार घरमा हुँदाहुँदै उनका २७ वर्षीय पति कालीबहादुर सुनारले ०६७ जेठ १ गते रोल्पास्थित २३ वर्षीया रुपा नेपालीसँग बहुविवाह गरे। पीडितले इलाका प्रहरी कार्यालय पाँचकटियामा ०६७ जेठ २ गते उजुरी दिएपछि प्रहरीले कालीबहादुरलाई सोहीदिन गिरफ्तार गरी जेठी पत्नीलाई खानलाउन दिने सर्तमा मिलापत्र गरी ०६७ जेठ ३ गते जिल्ला प्रहरी कार्यालयबाट रिहा भए।

साल्मा गाविस–७ की २६ वर्षीया लालसरा बुढाका २८ वर्षीय पति चन्द्रबहादुर बुढाले घरमा एक पत्नी र छोराछोरी हुँदाहुँदै सोही गाविस–७ की १९ वर्षीया प्रेमकला बुढासँग ०६७ साउन २५ गते बहुविवाह गरे। हाल दुवै पत्नी घरमै रहेका छन्। पीडितले कतै उजुरी गरिनन्।

झाप्रा गाविस-६ की २१ वर्षीया रूपा बुढाका पति २४ वर्षीय जयबहादुर बुढाले ०६७ मङ्सिर ९ गते खलङ्गा गाविस-७ की १९ वर्षीया डिला थापासँग बहुविवाह गरे। रुपाले ०६७ मङ्सिर १५ गते जिल्ला प्रहरी कार्यालयमा पतिविरुद्ध जाहेरी दिइन्। पीडक बुढा र उनको कान्छी पत्नी डिलालाई ०६७ मङ्सिर २६ गते प्रहरीले सोधपुछका लागि बोलाई ०६७ मङ्सिर २८ गते जेठी पत्नीलाई १ लाख ५० हजार रुपियाँ क्षतिपूर्ति दिन लगायो र सोही दिन उनीहरू बीच मिलापत्र भयो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

खाद्यान्न सङ्कट

नेपालीहरूको महान पर्व दशैँ आइरहेको समयमा जाजरकोट जिल्लाका १५ गाविसमा असोज १ गतेदेखि खाद्यन्न अभाव सुरु भयो। नायकवाडा, रोकायगाँउ, रामीडाडा, सक्ला, रग्दा, भगवती, लहँ, दहँ, अर्छानी, टालेगाँउ, कोर्त्ताङ, मजकोट, दशेरा, पजारु, ढिमे, गर्खाकोट लगायत १५ गाविसहरूमा खाद्यान्न समस्या भएको थियो।

स्वास्थ्य सेवाको अवस्था

जाजरकोट जिल्लामा एक जिल्ला अस्पताल, दुई प्राथमिक स्वास्थ्य केन्द्र, सात स्वास्थ्य चौकी र २५ उपस्वास्थ्य चौकी गरी जम्मा ३५ स्वास्थ्यसँग सम्बन्धित कार्यालयहरू रहेका छन्। जिल्ला अस्पतालमा दुई जना डाक्टरको दरबन्दी रहेपनि एक जना मात्र डाक्टर रहेका छन् भने दुई प्राथमिक स्वास्थ्य केन्दमा एक/एक जना गरी दुई डाक्टरको दरवन्दी भएपनि दुवै प्राथमिक स्वास्थ्य केन्द्रमा डाक्टरको पदपूर्ति हुन सकेको छैन्। त्यसैगरी रिक्त रहेका अन्य स्वास्थ्यकर्मीहरूमा तीन अहेव, एक अनमी, एघार ग्रामीण स्वास्थ्य कार्यकर्ता र एक मासिका रहेका छन्।

४.१० दैलेख



जनसङ्ख्या	२,६५,३६०
साक्षरता प्रतिशत	५५
महिला साक्षरता प्रतिशत	३५
क्षेत्रफल (वर्ग कि. मि.)	१,५०२
गाविस/नपा सङ्ख्या	५५/१
सरकारी/निजी विद्यालय	३९५/१३
क्याम्पस/उच्च मा.वि.	२/२९
अस्पताल/स्वास्थ्य चौकी	१/६२
मानव विकास सूचकाङ्क	०.३८१
प्रतिपरिवार सरदर सङ्ख्या	६

जेल र बन्दीहरू

दैलेख कारागारमा यस वर्षको अन्त्यसम्म २२ जना पुरुष र एक जना महिला गरी २३ जना कैदी र चार जना पुरुष थुनुवा गरी २७ जना बन्दी रहेका छन्। 'घ' श्रेणीको दैलेख जिल्ला कारागारमा १५ जनाको क्षमता रहेको छ। कारागारमा खानेपानी, शौचालयको समस्या रहेको छ। खेलकुदको सामग्रीमा क्यारमबोर्ड मात्र उपलब्ध रहेको छ। पत्रपत्रिका उपलब्ध छैनन्। टेलिभिजनको व्यवस्था गरिएको छ।

धम्की/कुटपिट

एकीकृत माओवादीबाट

कुसापानी गाविस-६ निवासी नेपाली काङ्ग्रेस कार्यकर्ता २० वर्षीय धीरेन्द्र सापकोटा र २५ वर्षीय राजन तिवारीलाई ०६६ फागुन १७ गते एकीकृत माओवादीका स्थानीय कार्यकर्ताले फरक राजनीतिक आस्था राखेको आरोपमा घर छोड्न धम्की दिए। नेपाली काङ्ग्रेस दैलेखले सोही दिन साँझ विज्ञप्ति जारी गरी एकीकृत माओवादी कार्यकर्तालाई कानुनी कारबाही गर्न माग गऱ्यो। पीडित सापकोटा र तिवारी एकीकृत माओवादी धम्कीका कारण सोही दिन सदरमुकाम विस्थापित भएकोमा एकीकृत माओवादीसँग सहमति भएपछि ०६७ फागुन २५ गते घर फर्किए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

दैलेख जिल्ला अदालतमा गतवर्षको जिम्मेवारी सरेर आएका २३ र यस वर्ष दर्ता भएका ३८ गरी जम्मा ६१ थान सरकारवादी फौजदारी मुद्दा रहेकामा यसवर्ष ३८ थान फर्स्यौट भई २३ थान बाँकी रहेका छन्।

दुनियावादी फौजदारी मुद्दातर्फ ०६७ असार मसान्तसम्म बाकी रहेका दुनियावादी फौजदारी मुद्दाको सङ्ख्या ७० थानमध्ये ५६ फैसला भए १३ थान बाँकी रहे। त्यसैगरी ०६७ साउनदेखि पुस १६ गतेसम्म दर्ता भएका दुनियावादी फौजदारी मुद्दाको सङ्ख्या ४३ थानमध्ये १६ थान फैसला भई २७ थान बाँकी रहे।

त्यस्तै ०६७ असार मसान्तसम्म बाँकी भएका देवानी मुद्दाको सङ्ख्या ४८ थानमध्ये ३८ थान फैसला भएभने १० थान बाँकी रहे। ०६७ साउनदेखि पुस १६ गतेसम्म दर्ता भएका देवानी मुद्दाको सङ्ख्या १८ थानमध्ये सात थान फैसला भएभने ११ थान बाँकी रहे। यसरी यसवर्षको अन्त्यसम्म दैलेख जिल्ला अदालतमा कूल ८४ मुद्दा फर्स्यौट हुँन बाकी रहे।

बालअधिकार

जिल्लामा क्याम्पस तीन, उमावि ३९, मावि ४५, निमावि ९४, प्रावि २ सय ३ र आधारभूत प्रारम्भिक (एकदेखि तीनसम्म) १ सय ४७ ओटा रहेका छन्। निजी तर्फ आधाभूत प्रारम्भिक चार, प्रावि १२, निमावि दुई र मावि दुई रहेका छन्। जसमा कक्षा १ देखि १० सम्म अध्ययनरत छात्राको सङ्ख्या ५२ हजार ४ सय ४८ र छात्रको सङ्ख्या ५२ हजार ४ सय ७७ रहेको छ। त्यस्तै ती विद्यालयहरूमा स्थायी शिक्षकतर्फ प्राविमा ४ सय ९७, निमाविमा ४७ र माविमा २८ शिक्षकको दरबन्दी रहेको छ। अस्थायी, परियोजना र राहत शिक्षकबाट जिल्लामा प्राविमा ४ सय १४, निमाविमा २ सय १ र माविमा १ सय २६ कार्यरत छन्। जिल्लामा अस्थायीबाट भएपनि दरबन्दी अनुसारको शिक्षकको पदपूर्ति गरिएको छ।

लालीकाँडा गाविस-९ की ९ वर्षीया एक बालिकालाई घर नजिकै जङ्गलमा बाखा चराउन गएको बेला ०६६ फागुन ११ गते सुर्खेत मटेला गाविस घर भएका २२ वर्षीय जयबहादुर विकले बलात्कार गरेको आरोपमा पीडितले उजुरी गरिन्। बालिकाको

घटनाको प्रकार	गैरराज्यबाट								राज्यबाट		
	अन्यबाट					एकीकृत माओवादीबाट					
	घटना सङ्ख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
घाइते	२	२			२	१	१	१	१	१	१
कुटपिट						१	२	२			
धम्की	१			१	१	१	२	२			
जातीय विभेद	४	४	१		५						
महिलाअधिकार	६		६		६						
बालअधिकार	४		४		४						
अमानवीय व्यवहार	१	१			१						
जम्मा	१९	६	१३	१	२०	३	५	५	१	१	१

जिल्ला अस्पतालमा उपचार भयो। घटनापश्चात् फरार भएका आरोपितलाई प्रहरीले ०६७ फागुन १७ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको ०६७ मङ्सिर २१ गतेको आदेशमा विक जिल्ला कारागारमा थुनामा छन्।

नारायण नगरपालिका-७ किमुगाँउकी १० वर्षीया एक बालिकालाई घरमा एक्लै बसिरहेको बेला ०६७ वैशाख १५ गते दिउँसो सदरमुकामस्थित नारायण क्याम्पसमा स्नातक तहमा अध्ययनरत विन्ध्यावासिनी गाविस-४ का २४ वर्षीय भक्तबहादुर कटुवालले बलात्कार गरेको पीडितले बताइन्। पीडित बालिकाको जिल्ला अस्पतालमा उपचार भयो। आरोपितलाई प्रहरीले गिरफ्तार गरी मुद्दा चलाएपछि ०६७ कात्तिक २१ गतेको जिल्ला अदालतको फैसला अनुसार हाल उनी जिल्ला कारागारमा थुनामा छन्।

खरीगैरा गाविस-८ की १६ वर्षीया एक शारीरिक रूपले अशक्त बालिकालाई ०६७ मङ्सिर ११ गते साँझ नारायण नगरपालिका-४ निवासी सोही स्थानमा रहेको प्राथमिक विद्यालयका शिक्षक २२ वर्षीय जितबहादुर विकले बलात्कार गरेको आरोप लाग्यो। शिक्षक विकले नारायण नगरपालिका-४ मा रहेको महेन्द्र उच्चमाविमा कक्षा ९ मा अध्ययनरत ती किशोरीलाई साँझ करिब ७ वजे विद्यालय नजिकै देशीगाडे बजार कलेलचोकमा रहेको आफ्नो डेरामा एक्लै बसिरहेको अवस्थामा एक्कासी कोठाभित्र प्रवेश गरी बलात्कार गरेको पीडितले बताइन्। पीडितले विकलाई कारबाहीको माग गर्दै ०६७ मङ्सिर १४ गते जिल्ला प्रहरी कार्यालयमा जबरजस्ती करणी मुद्दा दर्ता गराइन्। आरोपितलाई प्रहरीले गिरफ्तार गऱ्यो। आरोपित शिक्षक विक यस वर्षको अन्त्यसम्म प्रहरी हिरासतमा छन्।

जातीय विभेदका कारण कुटपिट गरी घाइते बनाइएका पूर्णबहादुर विक

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

नारायण नगरपालिका-६ भुर्तीका ४५ वर्षीय भुपेन्द्रप्रसाद रेग्मीले ०६७ वैशाख २८ गते सोही ठाउँमा घर भएकी मानसिक सन्तुलन गुमाएकी एक महिलालाई बलात्कार गरेको पीडितले बताइन्। दैलेख सदरमुकामको गणेश चोकनजिक रहेको भविष्य वन भन्ने स्थानमा साँझ एक्लै हिँडिरहेको अवस्थामा बलात्कृत भएको पीडितले बताइन। पीडित महिलाका आफन्तले जबरजस्ती करणी गरेको भन्दै ०६७ वैशाख २९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी गरे। जिल्ला अदालतको ०६७ असार २९ को फैसला अनुसार आरोपित हाल जिल्ला कारागारमा थुनामा छन्।

लकान्द्र गाविस-९ सिराडीकी ४० वर्षीया एक महिलालाई ०६७ भदौ १० गते राति करिब ११ बजे सोही गाविस-८ का ३३ वर्षीय नन्द बुढाले घरमा एक्लै भएको अवस्थामा बलात्कार गरेको पीडितले बताइन्। बुढाले मुख बाँधेर घरदेखि करिब ५ सय मिटर तल पुऱ्याई बलात्कार गरेको पीडितका आफन्त स्थानीय

राजु विकले बताए। बलात्कारका कारण घाइते भएकी महिलाको दैलेख जिल्ला अस्पतालमा उपचार भयो। आरोपित यस वर्षको अन्त्य सम्म फरार रहे।

घरेलु हिंसा

नारायण नगरपालिका-६ गणेशचोककी ३४ वर्षीया जानकी वादीलाई ०६६ फागुन १८ गते राति मदिरा सेवन गरी आएका उनका पति ३८ वर्षीय पदम वादीले कुटपिट गरे। कुटपिटका कारण जानकीको टाउको, ढाडलगायत शरीरका विभिन्न भागमा गहिरो चोट लागेको थियो। पीडितले न्यायका लागि स्थानीय अधिकारवादी सङ्घसंस्थासँग ०६६ फागुन १९ गते अनुरोध गरेपछि सङ्घसंस्थाको पहलमा प्रहरीको रोहबरमा आरोपितले कुटपिट नगर्ने कागज गरेपछि दुवैबीच सोही दिन मिलापत्र भयो।

नारायण नगरपालिका-३ की १८ वर्षीया गीता नेपालीलाई घरायसी विवादमा ०६६ चैत १३ गते पति २३ वर्षीय दीपक नेपालीले कुटपिट गरी घरबाट निकाले। पतिले घरबाट निकालेको भन्दै पीडितले ०६६ चैत १४ गते स्थानीय अधिकारवादी संस्था महिला सशक्तीकरण मञ्चमा कानुनी उपचारको लागि पहल गर्न अनुरोध गरेपछि सङ्घसंस्थाको पहलमा प्रहरीको रोहबरमा माफ माग्दै पीडकले पुनः त्यस्ता व्यवहार नदोहोऱ्याउने भनेपछि ०६ ६चैत १५ गते दुवै पक्षबीच मिलापत्र भयो।

अवलपराजुल गाविस-४ की १८ वर्षीया लक्ष्मी केसीलाई ०६६ चैत १४ गते उनका पति २३ वर्षीय चन्द्रप्रकाश केसीले दोस्रो विवाह गरी खान बस्न दिएनन्। पतिले दोस्रो विवाह गरी खान बस्न नदिएको भन्दै पीडितले ०६६ चैत १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दर्ता गरिन्। उजुरीपछि प्रहरीले पीडकलाई ०६६ चैत २० गते गिरफ्तार गऱ्यो। चन्द्रप्रकाशले लक्ष्मीलाई अंश दिन तयार भएपछि दुवै पक्षबीच ०६६ चैत २४ गते सहमति भई पीडकलाई प्रहरीले सोही दिन रिहा गऱ्यो।

नारायण नगरपालिका-८ सिमाडाकी १७ वर्षीया रेश्मी रावललाई सामान्य घरायसी विवादमा ०६७ कात्तिक ३ गते साँझ उनका पति १८ वर्षीय गोविन्द रावलले चक्कु प्रहार गरी घाइते बनाए। चक्कु प्रहारबाट रेश्मीको देब्रे कोखामा गहिरो घाउ भएपछि उनलाई उपचारका लागि भारतको लखनउमा लगियो। सामान्य पारिवारिक विवादका कारण पतिले चक्कु प्रहार गरेको पीडितले बताइन्। पीडितले पतिसँग बस्न नसक्ने भनेपछि ०६७ मङ्सिर १ गते क्षतिपूर्तिसहित सम्बन्धविच्छेद गरिन्।

सबै प्रकारका जातीय विभेद

चामुण्डा गाविसका दलित समुदायका व्यक्तिहरूमाथि सो गाविसका सचिव कमलापति सुवेदीले सार्वजनिक कार्यक्रममा जातीय भेदभाव गरी दुर्व्यवहार गरेको भन्दै उनीविरुद्ध ०६६ फागुन २४ गते कानुनी कारवाहीको माग गरी स्थानीय दलितहरूले जिल्ला प्रहरी कार्यालयमा उजुरी दर्ता गराए। चामुण्डा गाविस-१ का २४ वर्षीय हर्कबहादुर शाही र सोही गाविस-३ की १९ वर्षीया तुलसी नेपालीले ०६६ फागुन १८ गते चामुण्डा गाविसको कार्यालयमा भएको योजना तर्जुमा गोष्ठी चलिरहेको बेला दलित सशक्तीकरणको लागि बजेट छुट्याउन माग गर्दा गाविस सचिव सुवेदीले 'डुम जातिका लागि बजेट छुट्याउनु हुँदैन, जति बजेट छुट्यायो त्यति अधिकार माग्छन्, भात पनि नचल्ने डूमहरूलाई किन बजेट छुट्याउने' भनी जातीय विभेद गरेको भन्दै पीडित पक्षले कानुनी कारवाहीको माग गरेका थिए। सचिव सुवेदीले जातीय विभेद नगर्ने भन्दै चामुण्डा गाविसमा नै दलित र गैरदलितबीच ०६६ चैत २ गते सहभोज आयोजना गरेपछि दुवैपक्षबीच सहमति भयो।

रावतकोट गाविस-५ गैराखाडी कुमालटोलका ३५ वर्षीय रामबहादुर कामीलाई ससुरालीबाट घर फर्कदै गरेको बेला ०६७ साउन २६ गते साँझ सोही ठाँउका भैरीकालिकाथुम गाविसमा रहेको थापावाडा प्राविका शिक्षक ४१ वर्षीय भक्तबहादुर विष्टले जदौ नगरेको भन्दै कुटपिट गरे। शिक्षक विष्टको कुटाइबाट पीडित कामीको देब्रे आँखामुनि र खुट्टामा गहिरो चोट लाग्यो। पीडित कामीले स्थानीय दलित नेटवर्कको सहयोगमा ०६७ साउन २७ गते जिल्ला प्रहरी कार्यालय दैलेखमा विष्टविरुद्ध मुद्दा दायर गरे। विष्टले गल्ती स्वीकारी अब त्यस्तो दुर्व्यवहार नगर्ने भनी माफी मागेपछि दुई पक्षबीच ०६७ साउन २९ गते सहमति भयो।

कासीकाँध्र गाविस-३ टाकुरी गाँउका ३३ वर्षीय पूर्णबहादुर विकलाई छुवाछूत गरेको भन्दै ०६७ कात्तिक १९ गते साँझ सो गाँउका दलमर्दन तारामी मगरले निर्घात कुटपिट गरे। सोही गाविस-१ बाघखोर गाँउमा बाख्रा हराएकोले खोज्न भनी मगरले घर जान ढिलो भएकाले आफ्नो घरको बाहिर दलानमा बास दिएको र राति जाडोका कारण सुत्न नसकी घरभित्र पस्न खोज्दा 'तँ डूम मेरो घरभित्र पस्न खोज्ने' भन्दै कुटपिट गरेको पीडितले बताए। कुटपिटबाट विकको नाक, आँखा, गाला, टाउको र ढाडमा चोट लागेको थियो। न्यायको माग गर्दै विकले ०६७ कात्तिक २४ गते

जिल्ला प्रहरी कार्यालय दैलेखमा मगरविरुद्ध मुद्दा दायर गरे। पीडितको सदरमुकामस्थित स्थानीय स्वास्थ्यकेन्द्रमा उपचार भयो। पीडक तारामीले जातीय विभेद गरेको स्वीकार्दै अबदेखि नगर्ने भनी पीडितसँग माफी मागी औषधी खर्च दिएपछि दुवै पक्षबीच ०६७ कात्तिक २८ गते सहमति भयो।

भैरीकालिकाथुम गाविस-६ की २२ वर्षीय गङ्गाबहादुर विक र सोही ठाँउकी १८ वर्षीया नन्दा आचार्यलाई अन्तरजातीय बिहे गरेको भन्दै ०६७ कात्तिक २७ गते बिहान ११ बजे नन्दाका आफन्तहरूले कुटपिट गरे। लामो प्रेम सम्बन्धपछि डरका कारण भागेर भारतको पञ्जाब पुगी ०६७ असोज १४ गते विवाह गरी त्यतै बस्दै आएका उनीहरूलाई वडलम्जी गाविस-२ कुर्मका देवीराम आचार्य र करुणा आचार्यले उनीहरू बसेको स्थानमा पुगी कुटपिट गरेको पीडितका आफन्तले बताए। अन्तरजातीय विवाहका कारण कुटपिट गरेको भन्दै पीडितले ईलाका प्रहरी कार्यालय दुल्लुमा ०६७ मङ्सिर ५ गते उजुरी दिएपछि ०६७ मङ्सिर ११ गते ईलाका प्रहरीमा दुवै पक्षबीच छलफल भयो। छलफलमा उनीहरूको विवाहलाई अमान्य हुने सर्तमा मिलापत्र भयो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा अस्पताल एक, प्राथमिक स्वास्थ्य केन्द्र तीन, स्थास्थ्य चौकी छ र उपस्वास्थ्य चौकी ५० ओटा रहेका छन्। जिल्लाभरि यी सबै स्वास्थ्य सङ्स्थाहरूमा जम्मा मेडिकल सुपरिडेण्ट एक, मेडिकल अधिकृत चार, जनस्वास्थ्य अधिकृत एक, सिअहेव १२, स्टाफ नर्स छ, अहेव ५०, ग्रासका ५६, मासिका ४८, कार्यालय सहायक ६०, ल्याब टेक्निसिएन एक, रेडियोग्राफर एक, कोल्चेन असिसटेण्ट एक, अनमी १६, ल्याब असिसटेण्ट चार, क्षयरोग/कुष्ठरोग सहायक एक र पब्लिक हेल्थ नर्स एकको दरबन्दी रहेको छ। जसमा जनस्वास्थ्य अधिकृत एक, सिअहेव एक, अहेव १०, सिअहेव एक, मासिका दुई, ग्रासका २५, ल्याब असिसटेण्ट दुई र कार्यालय सहायक २६ को दरबन्दी रिक्त रहेको छ।

४.११ डोल्पा

जनसङ्ख्या : २४,२९४
साक्षरता प्रतिशत : ४०
महिला साक्षरता प्रतिशत : २५
क्षेत्रफल (वर्ग कि. मि.) : ७,८८९
गाविस/नपा सङ्ख्या : ३३/०
सरकारी/निजी विद्यालय : १३७/२
क्याम्पस/उच्च मा.वि. : १/३
अस्पताल/स्वास्थ्य चौकी : १/२३
मानव विकास सूचकाङ्कः ०.३७९
प्रतिपरिवार सरदर सङ्ख्याः ६

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या

एकीकृत माओवादीबाट

मुगु जिल्ला डोल्फु गाविस-७ घर भई डोल्पाको दुनै गाविस-१ निवासी २६ वर्षीय सोनाम झ्याम्पाल लामा र डोल्पा विझेर गाविस-८ भई हाल धो गाविस-९ बस्ने ३५ वर्षीय सोनाम तुन्डुप गुरुङलाई ०६७ साउन १९ गते लाउन गाविस-७ निवासी वाईसीएल जिल्ला सदस्य २१ वर्षीय गोविन्द बुढा, हुम्ला जिल्ला बराइ गाविस-२ निवासी एकीकृत माओवादी राज्य समितिका सदस्य २८ वर्षीय कमल ऐडी 'बसन्त', सोही जिल्ला मेल्छाम गाविस-८ बस्ने एकीकृत माओवादी कार्यकर्ता ३० वर्षीय अजयबहादुर बुढा 'साहसी' र गोठी गाविस-२ बस्ने ३१ वर्षीय रङ्गलाल रोकायले सालदाङ गाविस-९ मा खुकरी प्रहार गरी हत्या गरेको प्रहरीले बतायो। अभियुक्तहरूले पीडितहरूबाट नगद ६८ लाख रुपियाँ लुटेर लगेको पीडित पक्षले बतायो। आरोपितमध्ये गोविन्द बुढा र कमलबहादु ऐडीलाई जिल्ला प्रहरी कार्यालय डोल्पाले ०६७ साउन २३ गते गिरफ्तार गऱ्यो। गिरफ्तार गरिएका आरोपितहरू पुर्पक्षका लागि कारागारमा छन्।

घटनाको प्रकार	गैर राज्यबाट							
	अन्यबाट				एकीकृत माओवादीबाट			
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	नखुलेको	जम्मा
हत्या	१	१		१	१	३		३
घाइते	३	६		६				
कुटपिट	३	३		३	१	१		१
महिलाअधिकार	१		१	१				
बालअधिकार					३		३	३
जम्मा	८	१०	१	११	५	३	३	६

अन्य आरोपितहरू यसवर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।

गोली/विस्फोटक पदार्थद्वारा घाइते

बेवारिसे बम विस्फोटबाट

माझफाल गाविस-७ दुरगाउँ घर भई सोही ठाउँस्थित हिमालय प्राथमिक विद्यालयमा कक्षा चारमा अध्ययनरत १३ वर्षीय बालक दिलबहादुर सुनार ०६७ माघ १६ गते दिउँसो करिब ५:०० बजेको समयमा गाई चराउन वनमा गएको समयमा काले ओडारमा फेला परेको बेवारिसे बम खेलाउदा विस्फोट भई घाइते भए। सुनारको स्थानीय स्वास्थ्य केन्द्रमा प्राथमिक उपचारपछि थप उपचार नेपालगञ्ज मेडिकल कलेज कोहलपुरमा भयो। पीडितको आर्थिक अवस्था कमजोर भएको कारण इन्सेक नेपालगञ्जले उपचार खर्चबापत ०६६ फागुन १० गते ५ हजार रुपियाँ आर्थिक सहयोग गऱ्यो।

दोहोरो झडप

सु गाविस-६ का वाईसीएल कार्यकर्ता ३५ वर्षीय चन्दखर विक, सोही गाउँका ३३ वर्षीय सिद्धमान विक र दुनै गाविस-३ का युथफोर्स कार्यकर्ता ३६ वर्षीय रामप्रसाद बुढा कालीका गाविस-९ का ३२ वर्षीय सरोज थापा ०६६ फागुन २७ गते अपरान्ह सदरमुकाम दुनै बजारमा एमाले र एकीकृत माओवादी कार्यकर्ताबीच भएको झडपमा घाइते भए। घाइतेमध्ये रामप्रसाद बुढा, सरोज थापा र चन्दखर बिकको उपचार काडमाडौँमा भयो। अन्य घाइतेहरूको जिल्ला अस्पतालमा उपचार भयो। एमाले जिल्ला अधिवेशनको पूर्व सन्ध्यामा युथफोर्सले राति बजारमा गस्ती गरिरहेको अवस्थामा दुई पक्षबीच भनाभन भएको विषयमा भोलिपल्ट झडप भएको थियो।

बेवारिसे बम विस्फोटनमा परी घाइते भएका दिलबहादुर सुनार

जेल र बन्दीहरू

डोल्पा

कारागारको क्षमता २५ रहेको छ। 'ङ' श्रेणीको कारागारमा कैद तोकिएका पुरुष तीन तथा कैद नतोकिएका पुरुष आठ गरी जम्मा थुनवा बन्दीको सङ्ख्या ११ रहेको छ। शौचालय, विद्युत, पत्रपत्रिका, खेलकूदका सामग्री र रेडियो टीभी उपलब्ध छन्। अनौपचारिक कक्षा सञ्चालन गरिएको छ। कारागारमा पानीको समस्या हुनुका साथै भवन जीर्ण भएकाले वर्षातको समयमा पानी चुहिएर समस्या हुने गर्दछ।

धम्की/कुटपिट

एकीकृत माओवादीबाट

दुनै गाविस-१ निवासी एमाले जिल्ला कमिटी अध्यक्ष ३६ वर्षीय अङ्गद बुढाले एकीकृत माओवादी विरुद्ध सार्वजनिक कार्यक्रममा अभिव्यक्ति दिएको आरोपमा ०६६ चैत २४ गते जनआन्दोलन दिवस मनाउन आएका एकीकृत माओवादीका कार्यकर्ताले उनको घरबाट नियन्त्रणमा लिइ कुटपिट गरे। नियन्त्रणका क्रममा एमाले पार्टी कार्यालय तोफोड समेत गरे। प्रहरीले स्थिति नियन्त्रणका लागि चार राउण्ड हवाई फायर गर्नुका साथै तीन सेल अश्रु ग्याँस प्रयोग गऱ्यो। घटनामा संलग्नलाई कारबाहीको कुनै पहल भएन।

एमालेबाट

दुनै गाविस-५ निवासी ३२ वर्षीय नेपाली काङ्ग्रेस कार्यकर्ता लक्ष्मण शाहीलाई राजनीतिक मनमुटाव राखेको आरोपमा सोही गाविस-१ का ३३ वर्षीय एमाले जिल्ला कमिटी सदस्य लेखनाथ केसीले ०६७ माघ २७ गते दुनै बजारमा धारिलो ढुङ्गा प्रहार गरी घाइते बनाए। घाइते शाहीको उपचार काठमाडौमा भयो। पीडकले उपचार खर्च दिने सर्तमा दुवै पक्षबीच ०६७ माघ २८ गते सहमति भयो।

त्रिपुराकोट गाविस-१ निवासी ३६ वर्षीय नेपाली काङ्ग्रेसका

स्थानीय कार्यकर्ता राजिमान सार्कीलाई ०६७ वैशाख ११ गते सोही ठाउँका ३२ वर्षीय एमाले कार्यकर्ता तुले सार्की नेतृत्वको समूहले कुटपिट गऱ्यो। पीडित सार्कीको दायाँ आँखा र निधारमा चोट लाग्यो। पीडितले ०६७ वैशाख १२ गते त्रिपुराकोट चौकीमा उजुरी दिए। सोही दिन सर्वदलीय/सर्वपक्षीय भेला गराई पीडकले उपचार गर्ने सर्तमा मिलापत्र भयो।

राप्रपाबाट

चालउ गाविस-८ निवासी ५५ वर्षीय लङमान रोकालाई आफूहरूको अनुमति नलिइ टेण्डर दर्ता गर्न आएको आरोपमा ०६७ साउन ५ गते दुनै गाविस-१ का राप्रपा कार्यकर्ता धनबहादुर बुढासहितको समूहले दुनै बजारमा दाउराको चिर्पटले कुटपिट गऱ्यो। कुटपिटबाट टाउकामा चोट लागेका पीडितको जिल्ला अस्पताल डोल्पामा उपचार भयो। त्रासको कारण कतै उजुरी नदिएको पीडितले बताए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

दुनियावादी फौजदारी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका आठ थानमध्ये यो वर्ष पाँच थान फर्स्यौट भयो तीन थान फर्स्यौट हुन बाँकी रह्यो। त्यस्तै यो वर्ष दर्ता भएका आठ थान दुनियावादी फौजदारी मुद्दामध्ये एक थान फर्स्यौट भयो सात थान फर्स्यौट हुन बाँकी रह्यो।

सरकारवादी फौजदारी मुद्दा गत वर्षको जिम्मेवारी सरेर आएको एक थान यसवर्ष फर्स्यौट भयो। यस वर्ष दर्ता भएको सरकारवादी फौजदारी मुद्दा तीन थानमध्ये कुनै पनि फर्स्यौट भएनन्।

सरकारवादी फौजदारी मुद्दा सङ्ख्या जम्मा चार थान, फर्स्यौट भएका एक थान नभएको तीन थान, देवानी मुद्दा गत वर्षको बाँकी दुई थान फर्स्यौट भएको दुई थान, सात थान देवानी मुद्दा दर्ता भएको, कुनै पनि फर्स्यौट भएनन्।

यो वर्षको अन्त्यसम्म डोल्पा जिल्ला अदालतमा फर्स्यौट हुन बाकी रहेका जम्मा मुद्दा २९ थान। ती मध्ये पाँच वर्ष नाघेका मुद्दाको सङ्ख्या दुनियावादी फौजदारी सात थान छन्।

जिल्ला सरकारी अधिवक्ताको कार्यालयले यसवर्ष तीन थान मुद्दा दर्ता गऱ्यो जसमा एक थान फर्स्यौट भयो दुईथान फर्स्यौट हुन बाकी रह्यो। फर्स्यौट भएको मुद्दामा सफलता प्राप्त भयो।

बालअधिकार

जिल्लामा क्याम्पस एक, उमावि तीन, मावि ११, निमावि १२, प्रावि १ सय ९ र पूर्व बालविकास केन्द्र ८८ ओटा रहेका छन् । जसमा अध्ययनरत विद्यार्थीमध्ये छात्रको सङ्ख्या ४ हजार ४ सय २६ र छात्राको सङ्ख्या ४ हजार ४ सय ३३ रहेको छ ।

त्रिपुराकोट गाविस-५ का १२ वर्षीय नरेन्द्र थापा आफ्नै घरमा बसिरहेको अवस्थामा ०६७ मंसिर १७ गते राति मदिरासेवन गरेका सोही ठाउँका ३२ वर्षीय भक्त बुढा, २६ वर्षीय नेत्र बुढा र २५ वर्षीय मनचन्द थापाले प्रहार गरेको ढुङ्गा लागेर घाइते भए। घाइते बालकको भेरी अञ्चल अस्पताल नेपालगञ्जमा उपचार भयो। बालकका बुबाले ०६७ मङ्सिर १८ गते प्रहरी चौकी त्रिपुराकोटमा उजुरी दिए। सोही दिन गिरफ्तार गरिएका पीडकहरूलाई भविष्यमा गल्ती नदोहऱ्याउने र उपचार खर्च व्यहोर्ने सर्तमा प्रहरीले रिहा गऱ्यो।

एकीकृत माओवादीले ०६७ वैशाख १९ देखि २४ गतेसम्म गरेको देशव्यापी आमहडतालका कारण डोल्पा जिल्लाका सबै कार्यालय र शैक्षिक संस्थाहरू पूर्ण रुपमा बन्द रहे। बन्दका कारण जिल्लाका १ सय २८ विद्यालयका करिब १० हजारभन्दा बढी बालबालिकाको पढाइ प्रभावित भयो।

युथफोर्सका कार्यकताले ०६७ फागुन २७ गते आफ्ना कार्यकर्तालाई कुटपिट गरेको विरोधमा एकीकृत माओवादीले ०६७ फागुन २९ गते डोल्पा बन्दको आह्वान गरे। बन्दले जिल्लाका सबै विद्यालयहरू समेत बन्द हुँदा करिब १० हजार बालबालिकाहरू पढाइ अवरुद्ध भयो।

एकीकृत माओवादीका भेरी कर्णाली राज्य समिति सचिवालय सदस्य ऋषि गौतमको दुर्घटनालाई हत्या भएको भन्दै त्यसको विरोधमा ०६६ चैत १ गते एकीकृत माओवादीले तीन दिने बन्दको आह्वान गऱ्यो। बन्दले जिल्लाका सबै विद्यालयहरू समेत बन्द हुँदा जिल्लाका करिब १० हजारभन्दा बढी बालबालिकाहरूको पढाइ प्रभावित भयो।

सरकारले समयमै तलब भत्ता निकासा नगरेको र दुर्गम भत्तामा विभेद गरेको भन्दै नेपाल राष्ट्रिय शिक्षक सङ्गठनले ०६७ असार १७ र १८ गते विद्यालय बन्द गरायो। बन्दका कारण जिल्लाका १० हजारभन्दा बढी बालबालिकाहरूको पठनपाठन प्रभावित भयो।

संविधानसभा राज्य पुनसंरचना तथा राज्य शक्ति बाँडफाड समितिले डोल्पालाई दुई भागमा विभाजन गरी कर्णाली र जडान प्रदेशमा राख्ने गरेको निर्णयप्रति असहमति जनाउँदै ०६७ मङ्सिर १४ गते राष्ट्रिय प्रजातन्त्र पार्टीले डोल्पा बन्दको आह्वान गऱ्यो। बन्दको कारण जिल्लाका सबै शैक्षिक संस्थाहरू समेत बन्द हुँदा १० हजारभन्दा बढी बालबालिका पढाइ प्रभावित भयो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

खाद्यान्न सङ्कट

विगतका वर्षमा झैं यस वर्ष पनि डोल्पाको

सदरमुकाम दुनैदेखि पश्चिममा रहेका विभिन्न गाविसहरूमा खाद्यान्न सङ्कट भयो। पश्चिमी भेगमा पर्ने काइगाउँ, लाहा, लिकु, पहाडा, रिमी, सर्मी र नर्कु गाविसमा ०६७ जेठ देखि यो वर्षको अन्त्यसम्म पर्याप्त खाद्यान्न आपूर्ति भएन। गत वर्ष १ हजार ५ सय क्वीन्टल खाद्यान्न गरेको सरकारले ०६७/०६८ का लागि कति कोटा चामल ढुवानी गरेको हो जिल्ला व्यवस्थापन समितिलाई थाहा नभएको बतायो। खाद्य ढुवानीको जिम्मा पाएको नेपाल खाद्य संस्थानले समयमै खाद्यान्न ढुवानी गर्न सकेन।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा रहेको एक जिल्ला अस्पतालमा मेडिकल सुपरीटेन्डेन्ट एक, मेडिकल अधिकृत एक, स्टाफ नर्स दुई, अहेव तीन, ल्याव टेक्निसियन एक डार्क रुम असिस्टेण्ट एक, अनमी तीन, पियन छ गरी १८ जनाको दरबन्दी रहेको छ। तर हाल मेडिकल अधिकृत एक, स्टाफ नर्स एक, अहेव तीन, अनमी तीन मात्र कार्यरत भएकाले अस्पताल सञ्चालन प्रभावकारी हुन सकेको छैन। यसैगरी जिल्लामा स्वास्थ्य चौकी र उपस्वास्थ्य चौकी २३ ओटा रहेका छन्।

४.१२ जुम्ला



जनसङ्ख्या :	१,०३,४३५
साक्षरता प्रतिशत :	३७
महिला साक्षरता प्रतिशत :	२३
क्षेत्रफल (वर्ग कि. मि.) :	२,५३१
गाविस/नपा सङ्ख्या :	३०/०
सरकारी/निजी विद्यालय :	१३७/४
क्याम्पस/उच्च मा.वि. :	१/८
अस्पताल/स्वास्थ्य चौकी :	१/२९
मानव विकास सूचकाङ्कः	०.३४८
प्रतिपरिवार सरदर सङ्ख्याः	६

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

गोली/विस्फोटक पदार्थद्वारा घाइते

बेवारिसे बम विस्फोटबाट

हाकु गाविस-१ गोतामवाडा निवासी ३५ वर्षीया रामालक्ष्मी जैसी र सोही ठाउँका ३९ वर्षीया मुनप्रसाद जैसी ०६६ चैत्र २४ गते बेलुका छिमेकी रूपचन्द्र बोहोराको घरमा काम गर्न गएको बेला भएको बम विस्फोटमा परी घाइते भए। सशस्त्र द्वन्द्वका क्रममा बोहोराको घरमा छुटेको बम विस्फोट भएको हुनसक्ने पीडितका आफन्त कुलचन्द्र गौतमले बताए। पुरानो घरलाई भत्काई नयाँ घर निर्माण गर्ने क्रममा बम विस्फोटन भएको थियो। घटनामा पीडित रामालक्ष्मी जैसीको भेरी अञ्चल अस्पताल नेपालगञ्जमा उपचार भयो। उनको दायाँ हातको कुहिनाभन्दा तलको भाग गुम्नुका साथै एउटा आँखा काम नलाग्ने भयो। अर्का घाइते मुनप्रसाद जैसी जिल्ला अस्पतालमा जुम्लामा उपचारपछि घर फर्किए। पीडित जैसीको उपचारमा लागेको ४० हजार ९ सय ७२ रुपैयाँ खर्च इन्सेक नेपालगञ्जले व्यहोऱ्यो।

जेल र बन्दीहरू

'ङ' श्रेणीको जिल्ला कारागार जुम्लामा यस वर्षको अन्त्यसम्ममा कैद तोकिएका छ जना पुरुष र एक जना महिला कैदी रहेका छन् भने कैद नतोकिएका सात जना पुरुष र एक जना महिला थुनुवा रहेका छन्। यसरी जुम्ला कारागारमा एक जना आश्रित नाबालिका सहित जम्मा १६ जना बन्दी तथा थुनुवा रहेका छन्। जुम्ला कारागारको क्षमता २० जनाको रहेको छ। सो कारागारमा बन्दीहरूको स्वास्थ्य परीक्षणका लागि एक जना स्वास्थ्य सहायकको दरबन्दी रहेको छ।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत जुम्लामा गत वर्षको जिम्वारी सरेर आएका दुनियावादी फौजदारी मुद्दा ११ थानमध्ये छ थान फर्स्यौट भई पाँच थान फर्स्यौट हुन बाँकी रहयो भने यो वर्ष दर्ता भएका तीन थानमध्ये एक थान फर्स्यौट भयो दुई थान फर्स्यौट हुन बाकी रहे। यसरी दुनियावादी फौजदारी मुद्दा तर्फ यो वर्षको अन्त्यसम्म बाँकी रहेका मुद्दा जम्मा सात थान रहे। सरकारीवादी फौजदारी मुद्दा गत वर्षको बाँकी छ थान मध्ये दुई थान फर्स्यौट भयो चार थान फर्स्यौट हुन बाँकी रहे। त्यस्तै सरकारवादी फौजदारी मुद्दा यो वर्ष दर्ता भएका तीन थान मध्ये एक थान फर्स्यौट भई दुई थान फर्स्यौट हुन बाँकी रहे।

घटनाको प्रकार	गैरराज्यबाट								
	अन्यबाट					एकीकृत माओवादीबाट			
	घटना सङ्ख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
घाइते	१	१	१		२				
गिरफ्तारी/यातना						३	३		३
कुटपिट	१	१			१	१		१	१
महिलाअधिकार	३		३		३				
बालअधिकार	३		३	१	३				
जम्मा	८	३	६	१	९	३	३	१	३

यसरी सरकारीवादी फौजदारी मुद्दा जम्मा फर्स्यौट भएका तीन थान नभएका छ थान, देवानी मुद्दा गतवर्षको बाँकी फर्स्यौट भएका १० थान नभएको ३६ थान, देवानी मुद्दा यो वर्ष दर्ता भई फर्स्यौट भएका ११ थान नभएका १० थान गरी देवानी मुद्दा जम्मा फर्स्यौटभएका २१ थान नभएका ४६ थान बाँकी रहे। जिल्ला अदालत सरकारी अधिवक्ताको कार्यालयले यसवर्ष १२ थान मुद्दा दायर गऱ्यो। जसमा दुई थान मुद्दा फर्स्यौट भयकोमा दुवैमा सफलता प्राप्त भयो।

पुनरावेदन अदालत जुम्लामा ०६७ साल असार मसान्तसम्म बाँकी भएका सरकारवादी फौजदारी मुद्दाको सङ्ख्या १३, फैसला सङ्ख्या तीन र बाँकी १० थान रहे। त्यस्तै ०६७ साउन देखि पुस १६ सम्म दर्ता भएका सरकारवादी फौजदारी मुद्दाको सङ्ख्या आठमध्ये कुनै पनि फैसला भएनन्। त्यस्तै दुनियावादी फौजदारी मुद्दातर्फ ०६७ साल असार मसान्तसम्म बाँकी भएका मुद्दाको सङ्ख्या पाँच, फैसला सङ्ख्या दुई र बाँकी सङ्ख्या तीन रह्यो। त्यस्तै ०६७ साउनदेखि पुस १६ सम्म दर्ता भएका दुनियावादी फौजदारी मुद्दाको सङ्ख्या आठमध्ये कुनैपनि फैसला भएन। यसैगरी ०६६ साल असार मसान्तसम्म बाँकी भएका देवानी मुद्दाको सङ्ख्या १६, फैसला सात र बाकी नौ तथा ०६७ साउनदेखि पुस १६ सम्म दर्ता भएका देवानी मुद्दाको सङ्ख्या आठमध्ये कुनै पनि फैसला भएनन्। घरेलु हिसा ऐनअर्न्तगत यसवर्ष मुद्दा दायर भएनन्। पुनरावेदन अदालत सरकारी अधिवक्ताको कार्यालयले यस वर्ष १४ थान मुद्दा दायर गरेकोमा तीन थान मुद्दा फर्स्यौट भयो जसमा एकमा सफलता र दुईमा असफलता भयो।

बेवारिसे बम विस्फोटमा परी घाइते भएकी रामालक्ष्मी जैसी

बालअधिकार

जुम्लामा प्रावि ८९, निमावि ३३, मावि २२ र उमावि १० रहेका छन् । जसमध्ये प्राविमा छात्रा १४ हजार ४ सय ४७, छात्र १३ हजार ५ सय ३५ गरी जम्मा २७ हजार ९ सय ८२, निमाविमा छात्रा २ हजार ८७, छात्र ३ हजार ५ सय ९५ गरी जम्मा ५ हजार ६ सय ८० र माविमा छात्रा ८ सय ९० र छात्रा १ हजार ५ सय ५० गरी २ हजार ४ सय ५५ गरी जम्मा छात्रा १७ हजार ४ सय २२ र छात्र तर्फ १८ हजार ६ सय ८४ गरी जम्मा ३६ हजार १ सय ६ छात्रछात्रा रहेका छन् ।

अनेरास्ववियु (क्रान्तिकारी) द्वारा निजी विद्यालयको शुल्क वृद्धिको विरोधमा ०६७ वैशाख १३ गतेदेखि १६ गतेसम्म गरिएको देशव्यापी निजी विद्यालय बन्द कार्यक्रम अन्तर्गत जुम्लाका १५ ओटा निजी विद्यालय बन्द हुँदा त्यसमा अध्ययरत करिब २५ सय बालबालिको पठनपाठन प्रभावित भयो।

एकीकृत माओवादीले ०६७ वैशाख १९

गतेदेखि २४ गतेसम्म आयोजना गरेको देशव्यापी आमहडतालका कारण जिल्लाका २ सय ३३ ओटा विद्यालयका २५ हजार ३ सय ६२ जना बालबालिकाहरूको पठनपाठन अवरुद्ध भयो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बलात्कार/बलात्कारको प्रयास

चन्दननाथ गाविस-५ की ३६ वर्षीया एक महिलालालाई ०६६ माघ १ गते बुम्रमाडिचौर गाविस-९ घर भई चनन्दननाथ गणमा कार्यरत सैनिक जवान २८ वर्षीय मानबहादुर रावतले पीडितको घरमा गई 'म माओवादी हुँ तपाईको घर खानतलासी गर्छु' भनी बलात्कार प्रयास गरेको आरोपमा उजुरी दिइन्। पीडित भागदौड गर्दा गहना हराएको भनी सेनाको कार्यालयमा उजुरी गरिन्। चनन्दननाथ गणले आरोपीलाई तलबबाट कट्टा हुने गरी ५० हजार रुपियाँ क्षतिपूर्ति उपलब्ध गरायो।

तलिउम गाविस-३ की ३५ वर्षीया एक महिलालाई ०६७ मङ्सिर १६ गते सोही गाविसका ३३ वर्षीय प्रेम नेपालीले मदिरा सेवन गरी पीडितको घरमा गई झ्याल ढोका तोडफोड गरी बलात्कार प्रयास गरेको आरोपमा पीडितले उजुरी दिइन्। पीडित चिच्याएपछि नजिकका छिमेकीले थाहा पाई उनको उद्धार गरे। हाकु प्रहरी चौकी र महिला अधिकार मञ्चको पहलमा आरोपितलाई तोडफोड भएको झ्याल ढोका मर्मत गर्न लगाई अनैतिक काम गरेकोमा ५ हजार रुपियाँ जरिवाना गराएपछि दुवै पक्षबीच मिलापत्र भयो।

घरेलु हिंसा

लाम्रा गाविस धौलापानीगाउँ घर भई हाल चन्दननाथ गाविस-६ मा बस्दै आएका ४० वर्षीय तुल्सी रावतले आफ्नी कान्छी पत्नी मायादेवी रावतलाई ०६७ मङ्सिर २० गते मरणासन्न हुने गरी कुटपिट गरे। पीडितलाई माइतीपक्षका मानिसले उपचारका लागि नेपालगञ्ज लगे। पीडित पक्षले कानुनी कारबाहीका लागि कतै उजुरी गरेनन्।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा अस्पताल एक, प्राथमिक स्वास्थ्य केन्द्र एक, स्वास्थ्य चौकी आठ र उपस्वास्थ्य चौकी २० ओटा रहेका छन्। जसमा अस्पतालमा मेडिकल सुपरिडेण्ट एकको दरबन्दी रहेकोमा सो पद रिक्त, मेडिकल अधिकृत दुईको दरबन्दी रहेकोमा दुवै पूर्ति, हेल्थ असिसटेण्ट एक, ल्याव टेक्निसिएन, मेरेसु एक, खरिदार एक, अहेव दुई, अनमी दुई, ल्याव असिसटेण्ट एक र स्टाफ नर्सको चार दरबन्दी रहेकोमा सबै पूर्ति भएको छ। त्यस्तै रेडियोग्राफर एक, ल्याव सुपरिटेण्ट एक, डार्करुम स्टाफ एक र कार्यालय सहयोगी ११ को दरबन्दीमा एकको दरबन्दी रिक्त रहेको छ। प्राथमिक स्वास्थ्य केन्द्रमा मेडिकल अधिकृत एकको दरबन्दी रहेकोमा सो पद रिक्त, हेअ/सिअहेव एकको दरबन्दी रहेकोमा रिक्त, स्टाफ नर्स एक, अहेव दुई, अनमी तीन र ल्याव असिसटेन्ट एकको दरबन्दी पूर्ति र कार्यालय सहयोगी दुईको दरबन्दीमा एक रिक्त रहेको छ। स्वास्थ्य चौकीमा हेअ/सिअहेव आठको दरबन्दी रहेकोमा छ को पूर्ति भएको छ दुई रिक्त छन्, अहेवको आठको दरबन्दीमा आठ पूर्ति, खरिदार सातको दरबन्दीमा तीन पूर्ति चार रिक्त, ग्रास्वाका आठमा आठ नै पूर्ति र कार्यालय सहयोगी आठमा आठ नै पूर्तिभएको छ। उपस्वास्थ्य चौकीमा २० अहेव, २० ग्रामीण स्वास्थ्य कार्यकर्ता, २० मासिकाको दरबन्दी रहेकोमा सबैको पदपूर्ति भएको छ। त्यस्तै २० कार्यालय सहयोगीको दरबन्दीमा १२ जना नियुक्त छन र आठको दरबन्दी रिक्त रहेको छ।

४.१३ कालीकोट



जनसङ्ख्या : १,२३,२०४
साक्षरता प्रतिशत : ४४
महिला साक्षरता प्रतिशत : २६
क्षेत्रफल (वर्ग कि. मि.) : १,७४१
गाविस/नपा सङ्ख्या : २९/०
सरकारी/निजी विद्यालय : २११/७
क्याम्पस/उच्च मा.वि. : १/१०
अस्पताल/स्वास्थ्य चौकी : १/३०
मानव विकास सूचकाङ्कः ०.३२२
प्रतिपरिवार सरदर सङ्ख्याः ७

जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारगारको क्षमता १५ पुरुष १० महिला गरी जम्मा २५ जनाको छ तर कारागारमा हाल २७ जना पुरुष र तीन जना महिला वन्दी गरी जम्मा ३० जना बन्दी रहेका छन्। जसमा नौ जना कैद तोकिएका र २१ जना कैद नतोकिएका छन्। कारागारमा टीभी, भलिवल र बत्तिको सुविधा रहेको तर खानेपानीको समस्या रहेको छ।

धम्की/कुटपिट

राज्यबाट

सुकाटीया गाविस- १ निवासी एमाले कालीकोटका अध्यक्ष ४४ वर्षीय कुर्मराज शाहीलाई ०६७ वैशाख २८ गते जिल्ला प्रहरी कार्यालय कालीकोटका हवल्दार दीपक सिंहसहित सात जनाले 'एमाले गृहमन्त्रीले' हवल्दार सिंहलाई सरुवा गरेको आरोपमा मान्म सदरमुकामस्थित कोठामा आइ मार्ने धम्की दिए। धम्कीपछि पीडित शाहीले जिल्ला प्रहरी कार्यालयमा ०६७ वैशाख २९ गते उजुरी दिएपनि पीडकहरूलाई कुनै कारबाही भएन।

सुकाटीया गाविस-७ का ३१ वर्षीय अकल कार्की, ओदानकु गाविसका ३३ वर्षीय जनम सिंह, मुग्राहा गाविस ५ का ४५ वर्षीया नीलसरा शाही ०६७ जेठ ३० गते बजार तोडफोड गरेको आरोपमा जिल्ला प्रहरी कार्यालयबाट गस्तीमा खटिएका प्रहरीको समूहले सदरमुकाम मान्ममा लाठीचार्ज गर्दा घाइते भए। घाइतेहरूको उपचार जिल्ला अस्पताल कालीकोटमा भयो। जिल्ला सदरमुकाममा होटेल व्यवसायीहरूले मेहलमुडी गाविसका वंशराज शाहीको हत्या गरेको विरोधमा बजारमा रहेका खाम्माहरूका होटेल र पसलमा तोडफोड गरेपछि प्रहरीले लाठीचार्ज गरेको थियो।

चिल्खाया गाविस-९ का २२ वर्षीय गणेश शाही, २१ वर्षीय धनराज शाही, २४ वर्षीय रजु शाहीलाई ०६७ मङ्सिर २ गते इलाका प्रहरी कार्यालय पत्मघाटका इन्चार्ज जयाबहादुर थापाको नेतृत्वमा गएको ११ जना प्रहरीको टोलीले ओदानकु र चिल्खाया गाविसबीचमा पर्ने पत्मघाट मेलामा नाचेर होहल्ला गरेको आरोपमा कुटपिट गरी घाइते बनायो। घाइतेहरूको उपचार स्थानीय स्वास्थ्य केन्द्रमा भयो। सोही घटनामा स्थानीय बासिन्दाहरूको ढुङ्गा प्रहारबाट दुईजना प्रहरी पनि घाइते भए। प्रहरी र स्थानीय युवाहरूबीच जिल्ला प्रहरी कार्यालयमा झगडा नगर्ने सर्तमा ०६७ मङ्सिर ७ गते मिलापत्र भयो।

एकीकृत माओवादीबाट

धौलागह गाविस-५ का ३५ वर्षीय जीतबहादुर बमलाई ०६६ फगुन ११ गते एकीकृत माओवादी विरुद्ध काम गरेको आरोपमा एकीकृत माओवादीका स्थानीय कायकर्ताहरूको समूहले उनको घरमा आई कुटपिट गऱ्यो। पीडितको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार भयो। पीडितले कतै उजुरी दिएनन्।

धौलागह गाविस-५ निवासी काङ्ग्रेस कार्यकर्ता ४० वर्षीय मनबहादुर बुढालाई ०६६ फागुन २२ गते एकीकृत माओवादी पार्टी विपरीत कार्य गरेको आरोपमा सोही ठाउँ निवासी एकीकृत माओवादी कार्यकर्ता विष्णुकान्त प्याकुरेलसहित पाँच जनाको समूहले बुढाको घरमै आई कुटपिट गऱ्यो। पीडितको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार भयो। नेपाली काङ्ग्रेस जिल्ला कमिटी कालीकोटले ०६७ वैशाख ८ गते विज्ञप्ति प्रकाशन गरी घटनाको विरोध जनायो।

ओदानकु गाविस-४ का ३० वर्षीय पूर्णबहादुर सिंहलाई एकीकृत माओवादी जिल्ला कमिटी सदस्य देवीसिंह लगायतको समूहले एकीकृत माओवादी पार्टी छाडेको आरोपमा ०६७ जेठ ११ गते पात्मघाट बजारमा मार्ने धम्की दियो। धम्कीपछि पीडितले जीवनरक्षाको लागि जिल्ला प्रशासनमा ०६७ जेठ १५ गते निवेदन दिए। पीडकहरूलाई कुनै कारबाही भएन।

फुकोट गाविस-८ निवासी बडिमालीका उमावि रास्कोटका प्राचार्य ४१ वर्षीय मनिराज बराललाई ०६७ जेठ २६ गते सरस्वती मावि नानिकोटमा कार्यरत शिक्षक नवराज सज्याललाई जनजागृति मावि डुङ्ग्रीडाँडा फुकोटमा सरुवा गराउन षडयन्त्र गरेको आरोपमा एकीकृत माओवादी जिल्ला सदस्य कर्ण भण्डारी, स्यूना गाविस इन्चार्ज धर्मराज शाही, वाईसीएल कायकर्ता सुनीता बमलगायत २५ जनाको समूहले उच्चमावि रास्कोटमा आई टाउको काट्ने धम्की दियो। धम्कीपछि पीडित जिल्ला सदरमुकाममा विस्थापित भई ०६७ भदौ ४ गते घर फर्किए। पीडितले ०६७ जेठ २८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए पनि पीडकलाई कुनै कारबाही भएन।

ओदानकु गाविस-१ निवासी एमाले गाउँ कमिटी अध्यक्ष ४२ वर्षीय प्रेमबहादुर मल्ललाई ०६७ जेठ २६ गते सोही गाविसका एकीकृत माओवादी इन्चार्ज मनोज भनिने मीनबहादुर सिंहलगायत २४ जनाको समूहले देव निमावि आदालाई सोही गाविस - ३ पात्मघाट नजिकै सार्न नदिएको आरोपमा मार्ने धम्की दियो। धम्कीका कारण पीडित जिल्ला सदरमुकाम मान्मा विस्थापित भए। पीडितले ०६७ जेठ २७ गते

घटनाको प्रकार	गैरराज्यबाट									राज्यबाट			
	अन्यबाट					एकीकृत माओवादीबाट							
	घटना सङ्ख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना सङ्ख्या	पुरुष	नखुलेको	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
कुटपिट	८	१४			१४	४	४		४	३	८	१	९
धम्की	५	४	१		५	४	४		४	१	१		१
महिलाअधिकार	५		५		५								
बालअधिकार	३		३	१	३	३		३	३				
जम्मा	३०	१८	८	१	३६	१०	८	३	१०	३	९	१	१०

जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले ०६७ असार ४ गते दुवै पक्षलाई मेलमिलाप गरायो।

स्यूना गाविस-३ निवासी पञ्चे निमाविका प्रधानाध्यापक ४१ वर्षीय चन्द्रखर सञ्जेललाई ०६७ जेठ २७ गते एकीकृत माओवादी स्यूना गाविस इन्चार्ज धर्मराज शाहीलगायत सात जनाको समूहले गाउँमा राजनीति गरेको आरोपमा पीडितको घरमा आई मार्ने धम्की दियो। धम्कीका कारण पीडित सदरमुकाम विस्थापित भई ०६७ असार २७ गते घर फर्किए।

गेला गाविस-८ निवासी सेप्डा नामक संस्थाका कार्यक्रम संयोजक २८ वर्षीय हस्तबहादुर शाहीलाई ०६७ कात्तिक ३ गते सोही ठाउँका स्थानीय एमाओवादी कार्यकर्ता नन्दबहादुर शाही सहित पाँच जनाको समूहले सेप्डामा जागिर खाएर सान देखाएको भन्दै सोही गाविसको पान्तडी भन्ने ठाउँमा कुटपिट गर्नुका साथै छुरा प्रहार गरी घाइते बनायो। घाइतेको उपचार जिल्ला अस्पताल कालीकोटमा भयो। पीडितले ०६७ कात्तिक ४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए र पीडकलाई प्रहरीले सोही दिन नियन्त्रणमा लियो। गल्ती नदोहोऱ्याउने सर्तमा दुवै पक्षबीच मिलापत्र भयो।

वाईसीएलबाट

लालु गाविस-१ निवासी सितला प्रावि लालुका प्रधानाध्यपक ४० वर्षीय लोकबहादुर दर्जीलाई ०६६ पुस १९ गते वाईसीएल कैलाली जिल्ला अध्यक्षसहित आठ जनाको समूहले सोही विद्यालयमा राजनीति गरेको आरोपमा पीडितको घरमा आई मार्ने धम्की दियो। धम्कीपछि पीडित दर्जी सदरमुकाम मान्म विस्थापित भएकामा ०६६ पुस २५ गते घर फर्किए।

सुकाटीया गाविस-३ का ३० वर्षीय पुरे सुनारलाई ०६६ फागुन १३ गते एकीकृत माओवादीलाई समर्थन नगरेको आरोपमा सोही ठाउँका स्थानीय वाईसीएल कायकर्ताहरू नैने सुनार, परेक सुनार, खन्टे सुनार, पर्वे सुनार, बीर्ख सुनार लगायतको समूहले गेला गाविसमा चलेको स्वास्थ्य शिविरबाट फर्कने क्रममा सोही गाविसको पर्सामखोलामा लाठी र ढुङ्गा प्रहार गरी घाइते बनायो। घाँटी, हात कम्ममरमा गम्भीर चोट लागेका सुनारको जिल्ला अस्पतालमा उपचार हुन नसकी मध्यपश्चिम क्षेत्रीय अस्पताल सुर्खेतमा उपचार भयो। पीडित पक्षले ०६६ फागुन १४ गते पीडक विरुद्ध जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडकहरूलाई प्रहरीले फागुन १५ गते गिरफ्तार गरी तीन दिन प्रहरी नियन्त्रणमा राखी ०६७ फागुन १७ गते बिना सर्त रिहा गऱ्यो।

फुकोट गाविस-३ का १७ वर्षीय प्रेम बराल, १६ वर्षीय माधव बराल, सोही गाविस-२ का १४ वर्षीय रमेश बराल, १८ वर्षीय जगत बराल, १६ वर्षीय नगेन्द्र बराल र नानीकोट गाविसका १४ वर्षीय सन्तोष सञ्ज्याललाई ०६७ जेठ २३ गते वाईसीएल जिल्ला उपाध्यक्ष ऐनबहादुर शाही, जिल्ला सदस्य कमल शाही, जगत शाही, मनिराज बराल (स्टार), जसी रोकाया, राजेन्द्र बराल लगायत ४० जनाको समूहले जनजागृति मावि डुङ्गीडाँडाका शिक्षक नवराज सञ्ज्यालको

तरुण दलका कार्यकर्ताद्वारा कुटपिट गरी घाइते बनाइएका लंकबहादुर शाही, पूर्णबाहादुर शाही र शेरबहादुर शाही

पक्षमा लागेको आरोपमा विद्यालयमा आई कुटपिट गरी घाइते बनायो। घाइतेहरूको उपचार स्थानीय स्वास्थ्य केन्द्रमा भयो। पीडितले कतै उजुरी दिएनन्।

नेपाली काङ्ग्रेसबाट

रूप्सा गाविस-४ निवासी रेडियो चुलिमालीका एफएमका कायक्रम संयोजक २५ वर्षीय रामजी बोगटीलाई गेला गाविसका गजेन्द्र शाहीको हत्याको घटनालाई समाचार बनाएको आरोपमा ०६७ वैशाख १५ गते काङ्ग्रेस जिल्ला सचिव हर्षबहादुर बम र उपसभापति अम्मबहादुर शाहीले एफएममा फोन गरी हातखुट्टा भाँच्ने धम्की दिए। पीडितले कहीं कतै उजुरी दिएनन्। गजेन्द्र शाहीलाई ०६७ वैशाख १४ गते मान्म गाविसको गल्ली नजिकै ट्रेक्टर चालक र राचुली गाविसका लक्ष्मण शाहीले हत्या गरेको भनी मृतकका अफन्तले दावी गरेका थिए।

पाँखा गाविस-८ निवासी ३३ वर्षीय वलिराज शाहीलाई एकीकृत माओवादीमा लागेको आरोपमा ०६७ कात्तिक १ गते नेपाली काङ्ग्रेसका सोही गाउँ कमिटी सभापति मन्जित शाही, एमाले गाउँ कमिटी सदस्य जनक शाहीसहितको समूहले घरमै गएर कुटपिट गऱ्यो। पीडितको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार भयो। पीडितले कतै उजुरी दिएनन्।

ओदानकु गाविस-४ निवासी देव निमावि ओदानकुका शिक्षक एवम् इटेज कालीकोटका प्रतिनिधि ४१ वर्षीय देउलासिंह ठकुरीलाई ०६७ असार १ गते विद्यालयमा राजनीति गरेको आरोपमा सोही ठाउँका नेपाली काङ्ग्रेसका स्थानीय कायकर्ताहरू बखतबहादुर सिंहसहित सात जनाको समूहले स्कूलमा आई कुटपिट गऱ्यो। कुटपिटबाट सामान्य घाइते भएका पीडितको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार भयो। पीडितले कतै उजुरी दिएनन्।

दाहँ, गाविस-५ का ३६ वर्षीय बाँचे विकलाई ०६७ मङ्सिर १८ गते सोही ठाउँका नेपाली काङ्ग्रेसका कार्यकर्ताहरू वीरेन्द्र शाहीको नेतृत्वमा आएको समूहले एकीकृत माओवादीमा लगेको भन्दै मान्म बजारमा कुटपिट गरी घाइते बनायो। घाइतेको उपचार जिल्ला अस्पताल कालीकोटमा भयो। पीडितले ०६७ मङ्सिर १९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए पनि पीडकलाई यो वर्षको अन्त्यसम्ममा कुनै कारवाही भएन।

प्रहरी हवल्दारद्वारा मार्ने धम्की दिइएका कुमरराज शाही

नेपाल तरुण दलबाट

दाहाँ गाविस-७ निवासी पञ्चकुले मावि इम्रीका प्रधानाध्यापक २९ वर्षीय लङ्कबहादुर शाही, सोही ठाउँका २४ वर्षीय पूर्णबहादुर शाही र २८ वर्षीय शेरबहादुर शाहीलाई ०६७ असार ४ गते विद्यालयको रकम हिनामिना गरेको आरोपमा सोही गाविसस्थित तरुण दलका कार्यकर्ताहरू कलबहादुर शाही, ज्ञानेन्द्र शाही, बिष्णुबहादुर शाहीसहितको समूहले सोही गाविसको खापरमाडु मेलामा कुटपिट गरी घाइते बनायो। घाइतेको उपचार जिल्ला अस्पताल कालीकोटमा भयो। पीडितले जिल्ला प्रहरी कार्यालय कालीकोटमा ०६७ असार ६ गते उजुरी दिए पनि यो वर्षको अन्त्यसम्म पीडकहरूलाई कुनै कारबाही भएन।

युथफोर्सबाट

चिल्खाया गाविस-९ का २१ वर्षीय मदन शाहीले सुर्खेतमा वाईसीएलद्वारा मारिएका पाँखा-४ निवासी अनेरास्ववियु कायकर्ता रजबहादुर मल्लको घटनामा सहयोग गरेको आरोपमा ०६६ माघ २८ गते युथफोर्स जिल्ला कायकर्ता ऐनबहादुर मल्लसहित छ जनाको समूहले मार्ने धम्की दियो। धम्कीपछि पीडितले ०६६ माघ २९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। भविष्यमा गल्ती नदोहऱ्याउने सर्तमा पीडकले क्षमायाचना गरेपछि सोही दिन दुवै पक्षबीच मेलमिलाप भयो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत कालीकोटमा दुनियावादी फौजदारी मुद्दा तर्फ गतवर्षको जिम्मेवारी सरेर आएका ३७ थान मुद्दामा २५ थान फर्स्यौट भए १२ थान फर्स्यौट हुन बाँकी रहे। यस वर्ष दर्ता भएका १३ थान मुद्दामा तीन थान मुद्दा फर्स्यौट भए भने १० थान फर्स्यौट हुन बाँकी रहे। दुनियाँवादी फौजदारी मुद्दातर्फ यो वर्षको अन्तसम्म बाँकी रहेका मुद्दाको सङ्ख्या २२ थान। सरकारवादी फौजदारी मुद्दा तर्फ गत वर्षको जिम्मेवारी सरेर आएका १३ थान मुद्दा तीन थान मुद्दा फर्स्यौट भए भने १० थान बाँकी रहे। यस वर्ष दर्ता भएका तीन थान मुद्दामा तीन थान फर्स्यौट हुन बाँकी रहे। यसैगरी देवानी मुद्दातर्फ गत वर्षको जिम्मेवारी सरेर आएका ४२ थान मुद्दामा २७ थान थान मुद्दा

फर्स्यौट भए भने १५ थान फर्स्यौट हुन बाँकी रहे। यसवर्ष दर्ता भएका १८ थानमा १८ थान फर्स्यौट हुन बाँकी रहे। यो वर्षको अन्तसम्म फर्स्यौट मुद्दा ३३ थान देवानी मुद्दा फर्स्यौट हुन बाँकी रहे। यसरी, यो वर्षको अन्त्यसम्म फर्स्यौट हुन बाँकी रहेका मुद्दाको सङ्ख्या १ सय थान रहे। कालीकोटमा पाँच वर्ष नाघेका मुद्दा छैनन्।

जिल्ला सरकारी वकिलको कार्यालयले यस वर्ष तीन थान मुद्दा दायर गऱ्यो। यसवर्षको अन्त्यसम्ममा कुनैपनि मुद्दा फर्स्यौट भएनन्।

बालअधिकार

जिल्ला शिक्षा कार्यालय कालीकोटका अनुसार कालीकोटमा बालविकास केन्द्र १ सय ९५, प्रावि २ सय ८६ (निजी पाँच), निमावि १ सय ७, मावि ४६ (निजी एक), उमावि १४ र क्याम्पस तीन रहेका छन्। जसमा विद्यार्थी सङ्ख्या छात्रा २५ हजार २ सय २८ र छात्र २७ हजार ५ सय ९५ गरी जम्मा ५२ हजार ७ सय २५ जना विद्यार्थी अध्ययनरत छन्। यसैगरी जिल्लामा प्रावि तर्फ ४ सय २६, निमावि तर्फ ८६ र माविमा ६५ शिक्षकको दरबन्दी रहेको छ। राहत शिक्षक तर्फ प्राविमा २ सय २९, निमाविमा ५६ र माविमा ५० गरी जम्मा ३ सय ३५ शिक्षकको दरबन्दी रहेको छ। सामुदायिक विद्यालयतर्फ २२ प्रावि र तीन निमावि विद्यालय रहेका छन्।

राहत शिक्षक सङ्घर्ष समितिले आफ्ना माग पूरा नभएको भन्दै ०६६ माघ चार र पाँच गते कालीकोटका सम्पूर्ण सैक्षिक संस्थाहरू बन्द गराउँदा जिल्लाका २ सय ८६ विद्यालयका करिब ४२ हजार बालबालिकाहरू पढाइबाट प्रभावित भयो।

राहत शिक्षक केन्द्रीय तदर्थ सङ्घर्ष समितिले आयोजना गरेको ०६६ माघ २४ देखि २६ सम्मको तीन दिने शैक्षिक हडतालका कारण जिल्लाका सम्पूर्ण विद्यालयहरू बन्द भए। बन्दका कारण जिल्लाका २ सय ८६ विद्यालयमा अध्ययनरत करिब ४२ हजार बालबालिकाहरू पढाइबाट प्रभावित भयो।

भर्ता गाविसमा रहेको जनज्योति माविका शिक्षकहरूले विद्यालय हाताभित्र मदिरा सेवन गरेको तथा विद्यालय रकम हिनामिना गरेको भन्दै सो गाविसका युवा विद्यार्थीले ०६६ फागुन १८ गते विद्यालय तालाबन्दी गरे। तालाबन्दीका कारण सो विद्यालयमा अध्ययनरत करिब ८ सय विद्यार्थीहरू पढाइबाट प्रभावित भए।

शैक्षिक सत्र सुरु भएको दुई महिनासम्म पनि कालीकोट जिल्लामा पाठयपुस्तकको अभाव हुँदा बालबालिकाको पढाइमा बाधा पुग्यो। जनक शिक्षा सामग्रीअन्तर्गत साझा प्रकाशनले यस यस वर्ष पनि माग गरेअनुसार ०६७ जेठ ६ गते सम्म पनि पुस्तक उपलब्ध गराउन सकेन। मूलत: कक्षा चार देखि १० सम्मका नेपाली, गणित, अङ्ग्रेजी, विज्ञान, सामाजिक विषयको पुस्तक अभाव भएको थियो।

अनेरास्ववियु (क्रान्तिकारी) जिल्ला उपाध्यक्ष राजकुमारी शाही सहित २५ जनाको समूहले जनाजागृति मावि डुङ्ग्रीडाँडाँ फुकोटका शिक्षकहरूले राजनीति गरेको भन्दै ०६७ जेठ २० गते देखि २५ गते सम्म सो विद्यालयमा तालाबन्दी गऱ्यो। तालाबन्दीका कारण सो विद्यालयमा अध्ययनरत ४ सय ३० बालबालिकाका पढाइमा अवरुद्ध भयो।

मान्म गाविस-८ की नौ र दश वर्षीया बालिकाद्वयलाई ०६७ कात्तिक ३० गते सोही ठाउँका २१ वर्षीय कुलाचन्द्र पाण्डे र १९ वर्षीय डम्मर पाण्डेले सियाँला भन्ने भैसीगोठबाट घर फर्कदै गरेको अवस्थामा पीडितको आँखामा माटो फालेर बलात्कारको प्रयास गरेको आरोपमा पीडितले उजुरी दिएन। पीडितले जिल्ला प्रहरी कार्यालयमा ०६७ मङ्सिर २ गते आरोपित विरुद्ध उजुरी दिए पनि आरोपितहरू फरार रहेका कारण यो वर्षको अन्त्यसम्म कुनै कारबाही भएन।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार घरेलु हिंसा

भर्ता गाविस-३ की ३५ वर्षीया राधिका रोकायाले बेपत्ता पतिको नाममा भएको जग्गा आफ्नो नाममा गरेको आरोपमा उनका देवरले ०६६ माघ ८ गते घरमा आई मार्ने धम्की दिए। पीडितले धम्की विरुद्ध जिल्ला प्रशासन कार्यालयमा ०६६ माघ १२ गते निवेदन दिएपनि पीडकलाई कारबाही भएन।

पाँखा गाविस-४ घर भई जिल्ला सदरमुकाम मान्ममा बस्दै आएकी २५ वर्षीया कृष्णा मल्लले बहुविवाह गर्न नदिएको आरोपमा उनका पति विष्णबहादुर मल्लले ०६६ माघ ११ गते फलामको ढकले कुटपिट गरी घाइते बनाए। शरीरभरि नीलडाम परेकी घाइतेको उपचार स्थानीय स्वास्थ्य केन्द्रमा भयो। पीडितले कतै उजुरी गरिनन्।

मान्म गाविस-८ की ३१ वर्षीय बुदी पाण्डेलाई उनका पति जयरूप पाण्डेले ०६६ चैत १५ गते बहुविवाह गरी घर छोडेर गएपछि उनका देवरले 'घरमा बस्ने अधिकार छैन' भन्दै ०६७ वैशाख २ गते राति घरबाट निकाला गरे। कुटपिट गरी घर निकाला गरिएकी बुदी सदरमुकाम मान्ममा विस्थापित भइन्।

देवरले ०६७ वैशाख २ गते राति घरमा आई खुकुरी देखाउँदै तुरुन्त घर नछोडे ज्यान बेपत्ता पार्ने धम्की दिएपछि बाध्य भएर दुई छोरी घरमै छोडी नौ वर्षीया विमलाका साथ भागेर जिल्ला प्रहरीको शरणमा आइपुगेको पीडितले बताइन्। छोरी मात्र जन्माउने भन्दै पटक-पटक कुटपिट गर्ने उनका पति ०६६ चैत १५ गते रकु गाविस-७ की कौसिला देवकोटासँग बहुविवाह गरी भागेका थिए। पीडितको बहुविवाह विरुद्धको उजुरीको आधारमा गिरफ्तार भएको जयरुपलाई प्रहरीले जिल्ला वन कार्यालय कालीकोटमा कार्यरत सरकारी कर्मचारी भएकाले कारवाही नगरी ०६६ चैत १६ गते जमानीमा रिहा गऱ्यो।

मुम्रा गाविस-२ की २९ वर्षीया शारदा सिम्खाडालाई पति जयप्रसाद सिम्खाडाले छोरा नजन्माएको आरोपमा ०६७ वैशाख २७ गते कुटपिट गरी घर निकाला गरे। पतिको कुटाइबाट घाइते पीडितको उपचार जिल्ला अस्पताल कालीकोटमा भयो। पीडितले ०६७ वैशाख २८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए पनि यो वर्षको अन्त्यसम्ममा कुनै कारवाही भएन।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

जिल्लाको खिन र धौलागह गाविसमा ०६६ चैत २४ गतेदेखि २८ गतेसम्म खाद्यान्न सङ्कट भयो। सङ्कटका कारण सोही गाविसका १२ हजार स्थानीय वासिन्दाहरू प्रभावित भए। त्यस भेगका कतिपय बासिन्दाहरू वनको जडिबुटी खाएर ज्यान जोगाउनु पर्ने अवस्था समेत आएको थियो।

स्वास्थ्य सेवाको अवस्था

कालीकोटमा अस्पताल एक, प्राथमिक स्वास्थ्य केन्द्र एक, स्वास्थ्य चौकी दश र उपस्वास्थ्य चौकी १८ ओटा रहेका छन्। जसमा अस्पतालमा मेडिकल सुपरिटेण्ड तीनको दरबन्दीमा एक, अहेव तीनमा एक, नासु एकमा एक, डार्करुम स्टाफ एकमा एक र स्वीपर एकमा एक पद रिक्त रहेको छ। त्यस्तै स्टाफ नर्स दुई, अनमी दुई र कार्यालय सहायक पाँचको दरबन्दी पूर्ति भएको छ। प्राथमिक स्वास्थ्य केन्द्रतर्फ मेडिकल सुपरिटेण्ड एकको दरबन्दीमा एक, स्टाफ नर्स एकका एक, ल्याव असिसटेण्ट एकमा एक र कार्यालय सहायक दुईमा एकको पद रिक्त रहेको छ भने सिअहेव एकमा एक, अनमी तीनमा तीन र ग्रामीण स्वास्थ्य कार्यकर्ताका एकमा एकको पदपूर्ति भएको छ। स्वास्थ्य चौकी र उपस्वास्थ्य चौकीमा जिल्लाभर सिअहेव २४, अहेव १३, ग्रासका २५, मासिका १६, कार्यालय सहायक १६ र अनमी तीन जनाको दरबन्दी रहेको छ जसमा सिअहेव छ, अहेव एक, ग्रासका सात, मासिका एक र कार्यालय सहायक एकको दरबन्दी रिक्त रहेको छ। जिल्ला स्वस्थ्यल कार्यालयमा २० जनाको दरबन्दीमध्ये छ रिक्त, जिल्ला अस्पताल तर्फ १९ जनको दरबन्दीमध्ये ४ रिक्त, प्रथामिक स्वस्थ्य केन्द्र १२ जनाको दरबन्दीमध्ये पाँच रिक्त, ३० गाविसमा १ सय जनाको दरबन्दीमध्ये २५ रिक्त रहेका छन्।

माल्कोट गाविस-२ की २५ वर्षीया देवीसरा दर्जीको ०६६ पुस २० गते उपचार नपाई मृत्यु भयो। वच्चा जन्माउन नजिकैको प्राथमिक उपचार केन्द्र कुमालगाउँमा प्रसुति सेवा लिन गएकी दर्जी स्वास्थ्य केन्द्रमा स्वास्थ्यकर्मीहरू नभएपछि घरमा फर्किएपछि उनको मृत्यु भएको थियो।

रुप्सा गाविस-४ का ३० वर्षीया सरुपा सहकारीको ०६६ फगुन १९ गते उपचार नपाएर सुत्केरी हुन नसकी मृत्यु भयो। उपचारका लागि नजिकैको स्वास्थ्य संस्थामा पुगे पनि स्वास्थ्यकर्मी नहुँदा उपचार नपाएर अत्याधिक रक्तश्राव भई उनको मृत्यु भएको थियो।

४.१४ मुगु



जनसङ्ख्या : ५२,००१
साक्षरता प्रतिशत : ३३
महिला साक्षरता प्रतिशत : २०
क्षेत्रफल (वर्ग कि. मि.) : ३,५३५
गाविस/नपा सङ्ख्या : २४/०
सरकारी/निजी विद्यालय : १२८/३
क्याम्पस/उच्च मा.वि. : ०/५
अस्पताल/स्वास्थ्य चौकी : १/२५
मानव विकास सूचकाङ्कः ०.३०४
प्रतिपरिवार सरदर सङ्ख्याः ६

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या
अज्ञातबाट

कोटडाँडा गाविस-१ घर भई श्रीनगर-५ स्थित श्री महाकाली उच्च माध्यमिक विद्यालयमा कक्षा ११ मा अध्ययनरत २४ वर्षीय हरिकृष्ण शाही ०६७ असार ८ गते श्रीनगर-५ नयाँरोडस्थित निगाले जानेबाटोमा अज्ञात समूहले हत्या गरेको अवस्थामा फेला परे। मृतक शाही लास फेला पर्नुभन्दा चार दिन अघिबाट वेपत्ता भएका थिए। शाहीको लासको टाउकोमा गहिरो चोट थियो भने दायाँ हात चुँडिएको अवस्थामा थियो। मृतकका परिवारले ०६७ असार ११ गते जिल्ला प्रहरी कार्यालयमा हत्याको अनुसन्धानका लागि जाहेरी दर्ता गरे। घटनाको सम्बन्धमा प्रहरीले अनुसन्धान जारी रहेको बताए पनि यस वर्षको अन्त्यसम्म शाहीको हत्या कसले किन गरेको हो भन्ने बारेमा खुल्न सकेन।

जेल र बन्दीहरू

जिल्लामा कारागार भवन नभएको कारण बन्दीहरूलाई अन्यत्र जिल्लाका कारागारमा राख्ने गरिन्छ। जसअनुसार बर्दिया कारागारमा दुई, जुम्ला कारागारमा एक र काभ्रे कारागारमा एक जनालाई राखिएको छ भने एक जनालाई पुर्पक्षका लागि जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखिएको छ।

धम्की/कुटपिट
एकीकृत माओवादीबाट

भीई गाविस-४ भीई घर भई सोही ठाउँस्थित गुरु निम्न माध्यमिक विद्यालयका शिक्षक ३५ वर्षीय लक्ष्मणकुमार शाहीलाई ०६६ फागुन २१ गते साँझ नाथर्पु गाविस-५ स्थित जनज्योति माध्यमिक विद्यालयको वार्षिक उत्सव कार्यक्रममा सहभागी भई घर फर्कदै गरेको अवस्थामा सोही विद्यालय नजिक भिई गाविस-५ भीदगाउँका एकीकृत माओवादीका एरिया कमाण्डर २३ वर्षीय जेनेभा भनिने पृथ्वी बुमीसहित सोही ठाउँका २८ वर्षीय वीरराज बुमी, २० वर्षीय कल्याण बुमी र १८ वर्षीय जगत बुमीले छुरा प्रहार गरी गम्भीर घाइते बनाए। छुरा प्रहारबाट टाउकोमा चोट लागेका शाहीलाई प्राथमिक उपचारपछि थप उपचारका लागि नेपालगञ्ज लगिएकोमा त्यहाँ उपचार हुन नसकी काठमाडौँको वीर अस्पतालमा उपचार भयो। पीडितकी पत्नी डिलमाया शाहीले ०६६ चैत २२ गते पीडकका विरुद्ध जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दर्ता गराइन्। यो वर्षको अन्त्यसम्म घटनामा संलग्नहरू कसैलाई पनि प्रहरीले गिरफ्तार गरेन। पीडकहरू सबै फरार रहेको जिल्ला प्रहरी कार्यालयले बतायो।

युथफोर्सबाट

श्रीनगर गाविस-१ घर भई सोही ठाउँस्थित माहाकाली उच्चमाध्यमिक विद्यालय गमगढीमा अध्ययनरत नेपाल विद्यार्थी सङ्घ इकाई कमिटी सचिव १५ वर्षीय रामकृष्ण शाहीलाई सोही उमाविमा अध्ययनरत युथफोर्स कार्यकर्ता श्रीनगर-२ निवासी हेमबहादुर मल्लको नेतृत्वको समूहले ०६७ कात्तिक २० गते दिउँसो श्रीनगर-५ स्थित स्याउलीबजारमा देउसी खेलिरहेको अवस्थामा कुटपिट गरी घाइते बनायो। टाउकोमा गम्भीर चोट लागेका पीडितको प्राथमिक उपचार मुगुमा गरी थप उपचार नेपालगञ्जमा भयो। पीडकमध्ये हेमबहादुर मल्ललाई घटनालगत्तै सोही दिन जिल्ला प्रहरी कार्यालय मुगुले गिरफ्तार गरेकोमा तिहारको टिका लगाउन भनी सोही दिन जमानीमा रिहा गऱ्यो। जमानीमा छाडिएका मल्ल प्रहरी सम्पर्कमा नआई फरार भएपछि पुनः उनलाई ०६७ कात्तिक २८ गते प्रहरीले पिना गाविसबाट गिरफ्तार गऱ्यो। पीडित र पीडक पक्षबीच गाउँमा नै समझदारी गरी समस्याको समाधान गर्ने र चाहिएको बखत मल्ललाई प्रहरी कार्यालयमा उपस्थित गराउने सर्तमा ०६७ कात्तिक २९ गते मल्ललाई प्रहरीले रिहा गऱ्यो।

घटनाको प्रकार	गैरराज्यबाट						
	अन्यबाट				एकीकृत माओवादीबाट		
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	१	१		१			
घाइते					१	१	१
कुटपिट	१	१		१			
भेला/सङ्गठित हुने अधिकार					१	१	१
महिलाअधिकार	३		३	३			
जम्मा	४	३	३	४	३	३	३

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

कोटडाँडा गाविस-१ स्थायी घर भई तत्कालीन भूमिसुधार तथा व्यवस्था राज्यमन्त्री ५२ वर्षीय मानबहादुर शाहीलाई एकीकृत माओवादीका कार्यकर्ताले 'हरूवा मन्त्री' भएको आरोपमा ०६७ वैशाख ७ गते तेस्रो मुगु जिल्ला परिषद्को सभा उदघाटन गर्नबाट रोक लगाए। परिषद् उदघाटनका लागि काठमाडौँबाट जिल्ला पुगेका मन्त्री शाही एकीकृत माओवादीको अवरोधको सूचना पाएर स्थिति तनावपूर्ण बन्ने भन्दै कार्यक्रमस्थलमा नै नपुगी फर्किए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा गत वर्षको जिम्मेवारी सरी ०६७ असार मसान्तसम्म बाँकी भएका सरकारीवादी फौजदारी मुद्दाको सङ्ख्या एक, फैसला सङ्ख्या छैन्। दुनियावादी फौजदारी मुद्दातर्फ ०६७ असार मसान्तसम्म बाँकी भएका मुद्दाको सङ्ख्या आठ र फैसला सङख्या दुई रह्यो। त्यस्तै ०६७ साउनदेखि पुस १६ गतेसम्म दर्ता भएका सरकारीवादी फौजदारी मुद्दाको सङ्ख्या चार र फैसला सङ्ख्या एक, ०६७ साउनदेखि पुस १६ गतेसम्म दर्ता भएका दुनियावादी फौजदारी मुद्दाको सङ्ख्या नौमध्ये कुनै पनि फैसला भएन। यसैगरी ०६७ असार मसान्तसम्म बाँकी भएका देवानी मुद्दाको सङख्या छ, फैसला सङख्या दुई र ०६७ साउनदेखि पुस १६ गतेसम्म दर्ता भएका देवानी मुद्दाको सङख्या पाँचमध्ये कुनै पनि फैसला भएन। घरेलु हिंसा ऐनअन्तर्गत मुद्दा दायर भएनन्।

सरकारी अधिवक्ताको कार्यालयले मुगु जिल्ला अदालतमा यस वर्ष दर्ता गरेका मुद्दा सङ्ख्या तीन र गत वर्षको जिम्मेवारी सरेर आएका तीन गरी छ थान मुद्दा रह्यो। जसमध्ये एक थान मुद्दा फैसला भयो, पाँच थान मुद्दा फैसला हुन बाँकी रह्यो। फैसला भएको मुद्दामा सरकारी अधिवक्ताको कार्यालयले सफलता पायो।

जिल्ला प्रशासन कार्यालयमा ०६६ पुस १७ गतेदेखि ०६७ पुस १६ गतेसम्म दर्ता भएको मुद्दा सङ्ख्या पाँच थान र जिम्मेवारी सरेर आएको पाँच थान गरी १० थान मुद्दा रह्यो। जसमध्ये चार थान मुद्दा फैसला भए, छ थान मुद्दा फैसला हुन बाँकी रहे।

बालअधिकार

मुगुमा सरकारी विद्यालय १ सय ३२, निजी विद्यालय सात, उच्च मावि सात, मावि ११ सरकारी, निजी दुई, निमावि १४, प्रावि १ सय र क्याप्पस दुई रहेका छन्। जिल्लामा क्याम्पस दुई, मावि ११, निमावि १४ र प्रावि १ सय ओटा रहेका छन्। जसमा छात्र ८ हजार ७ सय ६६ र छात्रा ९ हजार ८ सय २६ गरी १८ हजार ५ सय ९२ विद्यार्थी रहेका छन्।

एकीकृत माओवादी निकट अनेरास्ववियु (क्रान्तिकारी) ले शुल्क घटाउनुपर्ने माग राख्दै ०६७ वैशाख १२ गतेदेखि १६ गतेसम्म गरेको निजी विद्यालय बन्दले मुगुस्थित सातओटा निजी विद्यालयमा अध्ययनरत १ हजारभन्दा बढी बालबालिकाहरू अध्ययनबाट अवरुद्ध भए।

एकीकृत माओवादीले प्रधानमन्त्री माधवकुमार नेपाल नेतृत्वको सरकारको राजीनामाको माग गरी ०६७ वैशाख १९ गतेदेखि २४ गतेसम्म गरेको आमहड्तालका कारण मुगु जिल्लामा रहेका सम्पूर्ण सरकारी तथा निजी (१ सय ३२ सरकारी र सात निजी) विद्यालयहरू बन्द हुँदा त्यहा अध्ययनरत करिव १८ हजार बालबालिकाहरू अध्ययनबाट अवरुद्ध भयो।

नाथर्पु गाविस-५ स्थित जनज्योति उच्च माध्यमिक विद्यालय नाथर्पुमा तरुण दलद्वारा आयोजित भलिवल र स्थानीय देउडा गीत प्रतियोगितामा ०६७ कात्तिक २० गते भलिवल खेलको विवादमा भएको झडपमा तरुण दलका दुई कार्यकर्ता घाइते भएको विरोधमा तरुण दलले ०६७ कात्तिक २८ र २९ गते मुगु सदरमुकाम गमगढी बजार बन्द गरायो। बन्दका कारण सो भेगका छ सरकारी र तीन निजी शिक्षण संस्थाहरू समेत बन्द हुँदा त्यसमा अध्ययनरत २ हजारभन्दा बढी बालबालिकाहरू अध्ययनबाट प्रभावित भयो।

निजामती कर्मचारी सरह दुर्गम भत्ताको माग गर्दै मुगु जिल्ला स्थायी घर भएका शिक्षकहरूले ०६७ असार ४ गते जिल्ला शिक्षा कार्यालय मुगुमा तालाबन्दी गरे। शिक्षा कार्यालयमा तालाबन्दी गरी शिक्षकहरू आन्दोलनमा उत्रेका कारण जिल्लाका १ सय ३२ विद्यालयहरू बन्द हुँदा ती विद्यालयमा अध्ययनरत करिव १५ हजार बालबालिकाहरू अध्ययनबाट वञ्चित भए। अन्य जिल्लामा घर भई दुर्गम जिल्लामा सरुवा हुने शिक्षकलाई मात्र भत्ता दिने भनी गरेको निर्णयको विरोधमा दुर्गम जिल्लामा नै घर भई सोही ठाउँमा कार्यरत शिक्षकहरूलाई पनि सो सुविधा उपलब्ध गराइनुपर्ने माग गर्दै शिक्षकहरूले आन्दोलन गरेका थिए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

खाद्यान्न सङ्कट

हरेक वर्ष खाद्य सङ्कटको चपेटामा पर्दै आएको मुगुमा यसवर्ष पनि खाद्यान्न सङ्कट भयो।

जिल्लाका भीई, नाथर्पु, फोतु, जिमा, कालै, धैन, रुँगा, माङ्ग्री, पुलु, पीना, श्रीनगर र कार्कीवाडामा खाद्यान्न समस्या हुँदा ती क्षेत्रमा बस्ने करिब १५ हजार जनता प्रत्यक्ष अप्रत्यक्ष रूपमा प्रभावित भए। वर्षभरि यो समस्या पटक-पटक दोहोरियो। सरकारले वितरण गरिने खाद्यान्नको कोटा प्रतिवर्ष घटाउँदै जानु, जिल्लाको जनसङ्ख्या बढ्दै जानु र विगत तीन वर्षदेखि जिल्लामा वर्षातमा कमी आउनु आदि कारणले खाद्यान्न सङ्कट चुलिएको हो। जिल्लामा सरकारले समयमा पर्याप्त मात्रामा ढुवानी गर्न नसक्दा दशैँको समयमा नुनको समेत अभाव देखियो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा अस्पताल एक, स्वास्थ्य चौकी १० र उप-स्वास्थ्य चौकी १६ रहेको छ । जसमा डाक्टर दरबन्दी तीनमा एक कार्यरत, स्टाफ नर्स दरबन्दी तीनमा दुई कार्यरत, सिअहेव दरबन्दी ११ मा कार्यरत नौ, अहेव दरबन्दी २९ मा कार्यरत २९, मासिका दरबन्दी १३ मा कार्यरत १३ रहेका छन्।

४.१५ हुम्ला



जनसङ्ख्या : ४८,१३१
साक्षरता प्रतिशत : ३२
महिला साक्षरता प्रतिशत : १५
क्षेत्रफल (वर्ग कि. मि.) : ५,६५५
गाविस/नपा सङ्ख्या : २७/०
सरकारी/निजी विद्यालय : ११२/६
क्याम्पस/उच्च मा.वि. : ०/५
अस्पताल/स्वास्थ्य चौकी : १/२६
मानव विकास सूचकाङ्कः ०.३६७
प्रतिपरिवार सरदर सङ्ख्याः ७

नागरिक तथा राजनीतिक अधिकार

गोली/विस्फोटक पदार्थद्वारा घाइते

राज्यबाट

छिप्रा गाविस-६ निवासी ४० वर्षीया बुट्टु रोकायालाई ०६६ चैत २५ गते दिउँसो कफर्यू उल्लङ्घन गरेको आरोपमा प्रहरीले गोली हानी घाइते बनायो। रोकायाको देब्रे हातमा गोली लागेको थियो। काम विशेषले सदरमुकाम सिमीकोट आएकी पीडितलाई कफर्यूको बारेमा जानकारी थिएन। नेपाली काँङ्ग्रेस र एकीकृत माओवादी कार्यकर्ताबीच ०६६ चैत २४ गते राति भएको विवादले हिंसात्मक रूप लिन थालेपछि स्थानीय प्रशासनले कफर्यूको घोषणा गरेको थियो। कफर्यूको उल्लङ्घन गर्दै एकीकृत माओवादी कार्यकर्ताले नेपाली काङ्ग्रेस पार्टी कार्यालयमा आगो लगाउने प्रयास गरेपछि स्थिति नियन्त्रण लिन सुर्खेतको रक्तकाली सशस्त्र प्रहरी गणबाट हेलिकोप्टर मार्फत २५ जना सशस्त्र प्रहरीको टोली हुम्ला पुऱ्याइएको थियो। सो घटनामा एकीकृत माओवादी कार्यकर्ता ३० वर्षीय नेत्रबहादुर शाही, ३८ वर्षीय दब्ला लामा, २५ वर्षीय टेकबहादुर शाही, नेपाली काङ्ग्रेस कार्यकर्ता ३० वर्षीय दिनेश रोकाया र राष्ट्रिय अनुसन्धान विभागमा कार्यरत ३४ वर्षीय शङ्कर शर्मा ढुङ्गा र सीसा लागि घाइते भए। अन्य घाइतेको उपचार जिल्ला अस्पताल हुम्लामा भयो।

बेवारिसे बम विस्फोटनबाट

राया गाविस-२ की ७ वर्षीया बालिका बसन्ती बोहोरा ०६६ माघ १४ गते दिउँसो बाल विकास भवनमा पढ्न गएको बेला फेला परेको बेवारिसे बम खेलाउँदा विस्फोटन भएर गम्भीर घाइते भइन्। उनको निधार र हातमा चोट लागेको थियो। घाइते बालिकाको प्राथमिक उपचार स्थानीय स्वास्थ्य केन्द्रमा भयो भने थप उपचार भेरी अञ्चल अस्पताल नेपालगञ्जमा भयो। पीडित बालिकाको आर्थिक अवस्था कमजोर भएका कारण इन्सेक नेपालगञ्जले ०६६ माघ १८ गते पीडितलाई ५ हजार रुपियाँ आर्थिक सहयोग उपलब्ध गरायो।

जेल र बन्दीहरू

'घ' श्रेणीको २५ क्षमता रहेको हुम्ला कारागारमा यसवर्षको अन्त्यसम्ममा कैद नतोकिएका पाँच पुरुष थुनुवा मात्र रहेका छन्। जसमा १७ वर्षभन्दा मुनिका एक रहेका छन्। कारागार भवनको अवस्था जीर्ण छ। खानेपानी, सौचालय, विद्युत, स्वास्थ्य सुविधा

घटनाको प्रकार	गैरराज्यबाट								राज्यबाट			
	अन्यबाट					एकीकृत माओवादीबाट						
	घटना सङ्ख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
घाइते	४	१०	१		११	३	३	३	१		१	१
गिरफ्तारी/यातना									१	३		३
कुटपिट	३	३			३	६	८	८				
बालअधिकार	३		१	३	३							
अपहरण	१	१			१	३	३	३				
जम्मा	९	१३	३	३	१८	१०	१४	१४	३	३	१	३

पर्याप्त मात्रामा नभएको साथै पत्रपत्रिका रेडियो टीभीको पनि सुविधा नभएको बन्दीहरूको भनाइ छ।

बेपत्ता/अपहरण

एकीकृत माओवादीबाट

मदना गाविस-३ निवासी कैलाश एफएममा कार्यरत पत्रकार २० वर्षीय मनबहादुर थापा र सोही गाउँका २४ वर्षीय कृष्णबहादुर बोगटीलाई ०६७ वैशाख १३ गते दिउँसो समाचार प्रसारण गरको आरोपमा घरबाट सदरमुकाम सिमकोटतर्फ आउँदै गर्दा एकीकृत माओवादीका खडक सिहं र लालबहादुर थापाले कालीका गाविसका च्यामा भन्ने ठाउँबाट अपहरण गरे। पीडित दुवै जनालाई सेबुचौरमा लगेर केरकार गरी कुटपिट गरी पत्रकार थापाको साथमा भएको ८ हजार रुपियाँ समेत लुटेको पीडितले बताए। पीडित सोही दिन साँझ भाग्न सफल भई कृष्ण वोगटीको श्रीनगरस्थित घर हुँदै मानबहादुर थापाका घरमा पुगी प्रहरी चौकी मैलाकवाडीको सहयोगमा चारदिनपछि सदरमुकाम सिमीकोट पुगे। पीडितहरू यसवर्षको अन्त्यसम्म घर फर्कन सकेनन्।

श्रीनगर गाविस-५ निवासी एमाले जिल्ला कमिटी सदस्य ३५ वर्षीय बर्ख रोकायाले एकीकृत माओवादी कार्यकर्तालाई ज्यान मार्ने षडयन्त्र गरेको आरोपमा सोही ठाउँका एकीकृत माओवादी कार्यकर्ता सुधार नेतृत्वको टोलीले ०६७ वैशाख २० गते राति घरबाटै अपहरण गऱ्यो। पीडितलाई कालिका गाविसका विभिन्न गाउँमा हात बाँधेर डुलाई ०६७ वैशाख २२ गते राजनीतिक दल नागरिक समाजको तथा स्थानीय प्रशासनको दबाबपछि कालीका गाविस कर्गै गाउँबाट प्रहरी चौकी श्रीनगरको जिम्मा लगाई मुक्त गरियो।

प्रहरीको गोली लागी घाइते भएकी बुटटु रोकाया

वाईसीएलबाट

सिमीकोट गाविस-२ निवासी जिल्ला प्राविधिक कार्यालयमा कार्यरत सब-इन्जिनियर ४१ वर्षीय मोहन रोकायालाई ठेहे गाविस ठेहेगाउँको सिँचाई योजनाको काम सञ्चालन गर्न जाँदा ०६७ वैशाख १३ गते राति सोही गाउँका वाईसीएल कार्यकर्ताले अपहरण गरे। पीडितलाई रातभर योजनाको बारेमा सोधपुछ गरी ०६७ वैशाख १४ गते बिहान सोही गाउँबाट अपहरण मुक्त गरिएको वाईसीएल इन्चार्ज लव बोहोराले विज्ञप्ति मार्फत् जानकारी गराए।

धम्की/कुटपिट

एकीकृत माओवादीबाट

लजैर गाविस-५ निवासी एमाले हुम्लाका सचिव ३० वर्षीय खगेन्द्र कार्कीलाई ०६६ चैत १८ गते ठेहे गाविसस्थित सिँचाई योजनाको उपभोक्ता समिति गठनमा एकपक्षीय निर्णय गरेको आरोपमा सदरमुकाम सिमीकोटमा एकीकृत माओवादीका कार्यकर्ताले कुटपिट गरे। कार्कीले घटनाको सम्बन्धमा एकीकृत माओवादी पार्टीलाई जानकारी गराएपछि ०६६ चैत २० गते दुवै पक्षबीच छलफल भई सहमति भयो।

श्रीनगर गाविस-२ का २४ वर्षीय विष्णु बुढालाई ०६६ चैत २८ गते बिहान एकीकृत माओवादी विरुद्ध लागेको आरोपमा एकीकृत माओवादीका कार्यकर्ता मक्कबीर छत्यालसहितको पाँच जनाको समूहले

घरबाट विद्यालयको खाता खोल्न सदरमुकाम सिमीकोटमा आउँदै गर्दा लाली गाविसको वोकचे गौडा होटलमा कुटपिट गरे। पीडितको साथमा भएको ५ हजार रुपियाँ लुटिएको पीडितले बताए। पीडितले ०६७ जेठ २५ गते प्रहरी चौकी श्रीनगरमा उजुरी दिएकोमा सर्वदलीय छलफल पछि भविष्यमा गल्ती नदोहोऱ्याउने सर्तमा मिलापत्र भयो।

श्रीनगर गाविस-५ निवासी ३० वर्षीय एमाले कार्यकर्ता देउलु रोकायालाई ०६७ वैशाख १ गते राति गाउँमा एकीकृत माओवादी विरुद्ध राजनीति गरेको आरोपमा एकीकृत माओवादी कार्यकर्ता सुधार नेतृत्वको टोलीले होटलमा गएर कुटपिट तथा लुटपाट गऱ्यो। जिल्लाबाट गएको सर्वदलीय टोलीले क्षति भएको समानको मर्मत गरिदिने सर्तमा ०६७ जेठ २६ गते दुवैपक्षबीच मिलापत्र भयो।

श्रीनगर गाविस-९ निवासी काङ्ग्रेस कार्यकर्ता २८ वर्षीय हरिशरण बुमीलाई ०६६ चैत २४ गते सदरमुकाम सिमीकोटमा भएको झडपमा ढुङ्गा प्रहार गरेको आरोपमा एकीकृत माओवादीका कार्यकर्ता मक्कबीर छत्याल र सिंह बोहोरा नेतृत्वको टोलीले ०६६ चैत ३० गते दिउँसो सदरमुकामबाट घरतिर जाँदै गर्दा सर्कीदेउ गाविसकोमा कुटपिट गऱ्यो। पीडितले श्रीनगर प्रहरीचौकीमा उजुरी दिएपनि कुनै कारबाही भएन।

मदना गाविसका ३७ वर्षीय जङ्गसुर बोगटी, सोही गाउँका २४ वर्षीय रङ्गलाल बोगटी र २७ वर्षीय नर बुमीलाई ०६७ वैशाख ६ गते एकीकृत माओवादीद्वारा घोषित आमहडतालमा चन्दा नदिएको आरोपमा सोही गाउँका एकीकृत माओवादी कार्यकर्ता अक्क कार्कीको टोलीले पैमा बजारमा ज्यान मार्ने धम्की दियो। पीडितहरूले प्रहरी चौकी कवाडीमा उजुरी दिए। जिल्लाबाट गएको सर्वदलीय टोलीले ०६७ जेठ २८ गते स्थानीयस्तरमा छलफल गराई दुवैपक्ष बीच मिलापत्र गरायो।

श्रीनगर गाविस-५ निवासी एमाले कार्यकर्ता २५ वर्षीय धनबहादुर बुमीलाई श्रीनगरमा भएको झडपमा सहभागी भएको आरोपमा ०६७ कात्तिक २३ गते सोही गाविसको रोकाया गाउँमा एकीकृत माओवादीका कार्यकर्ता सुधार नेतृत्वको टोलीले ०६७ कात्तिक २४ गते स्वास्थ्य संस्थाबाट बिरामी आमाको लागि औषधी लिएर घरतर्फ जाँदैगर्दा कुटपिट गरी गम्भीर घाइते बनाए। पीडित बुमीलाई सशस्त्र प्रहरीको हेलिकप्टरमार्फत उपचारका लागी सुर्खेत हुँदै काठमाडौ पुऱ्याइयो।

बेवारिसे बम विस्फोटबाट घाइते भएकी वसन्ती बोहोरा

युथफोर्सबाट

जैर गाविस-२ निवासी जनदिशा दैनिकका हुम्ला सम्वादाता २७ वर्षीय सन्जय बुढालाई ०६७ कात्तिक २३ गते एकीकृत माओवादी र एमाले कार्यकर्ताबीच श्रीनगर गाविस-४ मा भएको झडपमा एकीकृत माओवादी कार्यकर्तालाई सहभागी बनाएको आरोपमा युथफोर्सका जिल्ला उप-संयोजक गौरीलाल महतारको टोलीले ०६७ कात्तिक २५ गते श्रीनगर गाविसको लामाविसाउना भन्ने ठाउँमा कुटपिट गऱ्यो। पीडितको स्थानीय स्वस्थ्य चौकीमा उपचार भयो। घाइतेको औषधी खर्च दिने लगायतका सर्तमा ०६७ कात्तिक २७ गते दुई पक्षबीच मिलापत्र भयो।

अन्यबाट

सिमीकोट गाविस-२ का लोकेन्द्र रावतलाई सदरमुकाम सिमीकोटमा दलहरूको झडपमा सहभागी भएको आरोपमा ०६७ वैशाख २४ गते राति युथफोर्सका दिनेश रावत, नेपाली काङ्ग्रेसका सुरज रोकाया, नर भण्डारी र दिन रोकायाको टोलीले घरमा गई कुटपिट गऱ्यो। कुटपिटबाट गम्भीर घाइते भएका पीडितको जिल्ला अस्पतालमा उपचार हुन नसकी थप उपचार नेपालगञ्जमा भयो। पीडितका आफन्तले जिल्ला प्रहरी कार्यालय हुम्लामा किटानी जाहेरी दिए। दलहरूबीच ०६७ वैशाख २७ गते जिल्ला प्रहरी कार्यालयमा जिल्ला स्तरीय सहमति भएपछि गिरफ्तार परेकाहरू रिहा भए।

झडपबाट

ठेहे गाविस-४ निवासी २८ वर्षीय एकीकृत माओवादीका जिल्ला सेक्रेटरी विजय भण्डारी, सोही गाविस-८ का ३५ वर्षीय दोर्जे लामा, मिमी गाविस-७ का ३९ वर्षीय जयरुद्र चौलागाई दार्मा गाविस-९ का उदीप भण्डारी र मदना गाविस-२ का विष्णुऋषि जैशी ०६७ वैशाख २२ गते दिउँसो एकीकृत माओवादीद्वारा गरिएको आम हडतालको बेला नेपाली काङ्ग्रेस र एमालेद्वारा निकालिएको संयुक्त शान्ति

च्यालीमाथि एकीकृत माओवादी कार्यकर्ताले आक्रमण गर्दा भएको दोहोरो झडपमा घाइते भए। घाइतेहरूको उपचार जिल्ला अस्पताल हुम्लामा भयो।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

कालीका गाविस-३ बारीगाउँस्थित एकीकृत माओवादी गाउँ कमिटी कार्यालयमा राखिएको पार्टीको झण्डा ०६६ चैत २ गते राति अज्ञात समूहले च्यातेर फाल्यो। एकीकृत माओवादीले नेपाली काङ्ग्रेसका कार्यकर्ताले फालेको आरोप लगाए पनि घटना कसले गराएको हो भन्ने बारेमा यस वर्षको अन्त्यसम्म स्वतन्त्र पुष्टि हुन सकेन।

सुगम र निष्पक्ष न्यायिक अधिकार

हुम्ला जिल्ला अदालतमा गतवर्षको जिम्मेवारी सरी आएका दुनियाँवादी फौजदारी मुद्दा ११ थानमध्ये दुई थान फर्स्यौट भए, नौ थान फर्स्यौट हुन बाँकी रहे। यसैगरी यो वर्ष दर्ता भएका छ थानमध्ये एक थान फर्स्यौट भयो पाँच थान फर्स्यौट हुन बाँकी रहे। यो वर्षको अन्त्यसम्म दुनियाँवादी फौजदारी मुद्दातर्फ १४ थान मुद्दाहरू फर्स्यौट हुन बाँकी रहे।

यसैगरी सरकारवादी फौजदारी मुद्दातर्फ गतवर्ष जिम्मेवारी सरीआएको एक थान मुद्दा यो वर्षको अन्त्यसम्ममा फर्स्यौट भएन। त्यस्तै यसवर्ष दर्ता भएको चारथान सरकारवादी फौजदारी मुद्दा कुनै पनि फर्स्यौट भएनन्। यसरी यो वर्षको अन्त्यसम्म सरकारवादी फौजदारी मुद्दातर्फ पाँचथान मुद्दाहरू फर्स्यौट हुन बाँकी रहे।

देवानी मुद्दातर्फ गतवर्षको जिम्मेवारी सरी आएका आठ थान र यो वर्ष दर्ता भएका दुईथान गरी १० थान मुद्दामध्ये एक थान फर्स्यौट भयो भने नौ थान फर्स्यौट हुन बाँकी रहे। यसरी दुनियाँवादी फौजदारी मुद्दातर्फ १४ थान, सरकारवादी फौजदारी मुद्दातर्फ पाँच थान र देवानी मुद्दा नौ थान गरी यसवर्षको अन्त्यसम्ममा जिल्ला अदालतमा २८ थान मुद्दाहरू फर्स्यौट हुन बाँकी रहे। यस अदालतमा पाँच वर्ष भन्दा पुराना फर्स्यौट हुन बाँकी रहेका मुद्दाहरू छैनन्।

जिल्ला सरकारी वकिल कार्यालयले यसवर्ष दुईथान मुद्दाहरू दर्ता गराएकोमा एक थान मुद्दा फैसला भयो।

जिल्ला प्रहरी कार्यालयमा यसवर्ष ७१ थान मुद्दाहरू दर्ता भयो। जसमा भवितव्य चार थान, ज्यान मार्ने उद्योगमा एक थान, सडक दुर्घटना एक, आगलागी तीन र बाढीपहिरो ६२ थान रहे।

बालअधिकार

हुम्लामा क्याम्पस एक, उमावि पाँच, मावि १३, निमावि ३५ र प्रावि ७१ ओटा रहेका छन् । जसमा प्रावि तहमा १२ हजार, निमाविमा ३ हजार २ सय र माविमा १७ सय विद्यार्थीहरु अध्ययनरत छन् ।

अनेरास्ववियु (क्रान्तिकारी) ले शुल्क बृद्धिको विरोधमा ०६७ वैशाख १३ गतेदेखि ०६७ वैशाख १७ गतेसम्म आह्वान गरेको देशव्यापी निजी विद्यालय बन्दमा हुम्लाका दुई निजी विद्यालयहरू बन्द रहे।

एकीकृत माओवादीले ०६७ वैशाख १९ गतेदेखि गरेको देशव्यापी अनिश्चितकालीन आमहड्तालका कारण हुम्लाका १ सय २२ ओटा सरकारी तथा निजी विद्यालयहरू बन्द रहँदा ती विद्यालयमा अध्ययनरत बालबालिकाहरू अध्ययनबाट वञ्चित भए। सो आमहड्तालको कारण ०६७ वैशाख २० गते सम्पन्न हुनुपर्ने कक्षा १२ को परीक्षा समेत स्थगित भयो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार
संरचना, सम्पति क्षति

श्रीनगर गाविस-४ स्थित सूर्योदय उच्च माध्यमिक विद्यालयको स्वर्ण महोत्सवमा एमालेका वैकल्पिक केन्द्रीय सदस्य गोरख बोगटी र एकीकृत माओवादीका जिल्ला इन्चार्ज एवम् सभासद कर्णजीत बुढाथोकीबीच प्रमुख अतिथि को बन्ने भन्ने विषयमा दुवै पक्षका कार्यकर्ताबीच विवाद भई ढुङ्गा हानाहान हुँदा विद्यालयको झ्याल-ढोकामा क्षति पुग्यो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा अस्पताल एक, हेल्थ पोष्ट १० र उपस्वाथ्य चौकी १६ ओटा रहेका छन् । जिल्लामा दुई डाक्टर, दुई स्टाफ नर्स, दुई ल्याव असिस्टेन्ट, २६ अहेव, तीन अनमी, एक एक्सरे असिस्टेन्ट, दुई नायव सुब्बा, एक परिवार नियोजन सुपरभाइजर, एक खोप सुपरभाइजर, एक जनस्वास्थ्य क्लिनिक, एक क्षयरोग कुष्ठरोग सुपरभाइजर, नौ हेल्थ असिस्टेन्ट, एक लेखापाल, एक सार्वजनिक स्वास्थ्य नर्स, एक खोप सहायक, २६ ग्रामीण स्वास्थ्य कार्यकर्ता र १६ मासिका जनाको दरबन्दी रहेको छ । जसमध्ये एक स्टाफ नर्स, एक ल्याव सहायक, चार अहेव, एक एक्सरे सहायक, दुई नायव सुब्बा, एक परिवार नियोजन सुपरभाइजर, एक खोप सुपरभाइजर, एक जनस्वास्थ्य क्लिनिक, एक क्षयरोग कुष्ठरोग सुपरभाइजर, पाँच हेल्थ असिस्टेण्ट, एक सार्वजनिक स्वास्थ्य नर्स, १२ ग्रामीण स्वास्थ्य कार्यकर्ता, र छ मासिकाको पद रिक्त रहेको जनस्वास्थ्य कार्यालय हुम्लाले जनायो ।

सुदूरपश्चिमाञ्चल

५.१ कैलाली

५.२ अछाम

५.३ डोटी

५.४ बाजुरा

५.५ बझाङ

५.६ कञ्चनपुर

५.७ डडेल्धुरा

५.८ बैतडी

५.९ दार्चुला

५.१ कैलाली

जनसङ्ख्या : ८,६९,४३२
साक्षरता प्रतिशत : ७३
महिला साक्षरता प्रतिशत : ४०
क्षेत्रफल (वर्ग कि. मि.) : ३,२३५
गाविस/नपा सङ्ख्या : ४२/२
सरकारी/निजी विद्यालय : ५६६/९९
क्याम्पस/उच्च मा.वि. : ४/५६
अस्पताल/स्वास्थ्य चौकी : २/४९
मानव विकास सूचकाङ्कः ०.४१३
प्रतिपरिवार सरदर सङ्ख्याः ९

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

अन्यबाट

गदरिया गाविस- ९ का ५० वर्षीय खडकबहादुर चौधरीलाई बोक्सा भएको आरोपमा सोही गाविस- ८ का २२ वर्षीय सीताराम चौधरी,२५ वर्षीय गरीबदास चौधरी र २४ वर्षीय सुरज चौधरीले ०६७ असोज २६ गते हँसिया प्रहार गरी सोही गाविस-९ स्थित सामुदायिक वनमा हत्या गरे। पीडित खेतबाट काम गर घर फर्कंदै गर्दा हँसिया प्रहार गरी उनको हत्या गरिएको थियो। हत्यामा संलग्न तीनै जनालाई ०६७ कात्तिक १ गते प्रहरीले गिरफ्तार गरी सोही दिन जिल्ला प्रहरी कार्यालयमा बुझायो। जिल्ला प्रहरी कार्यालय, कैलालीका एसपी योगेश्वर रोमखामीले कात्तिक १२ गते पत्रकार सम्मेलन गरी घटनाका बारेमा जानकारी गराए। जिल्ला अदालत, कैलालीको आदेशमा तीनै जना ०६७ कात्तिक २९ गतेदेखि जिल्ला कारागार कैलालीको थुनामा छन्।

जेल र बन्दीहरू

'ग' श्रेणीको कारागारको क्षमता १ सय जनाको रहेको छ। हाल कारागारमा कैद तोकिएका १ सय २ जनामध्ये ९५ जना पुरुष र सात जना महिला रहेका छन् भने ६६ जना पुरुष र तीन जना महिला गरी जम्मा ६९ जना थुनुवा रहेका छन्। महिलाहरूका साथमा तीन जना आश्रित बालबालिका रहेकोमा दुई जना बालक र एक जना बालिका पाँच वर्षभन्दा मुनिका छन्। कारागारमा पत्रपत्रिका, रेडियो, टीभी, खेलकुद सामग्री, उपलब्ध छन्।

बेपत्ता/अपहरण

एकीकृत माओवादीबाट

पहमानपुर गाविस-८ निवासी एमाले गाउँ कमिटी अध्यक्ष ४० वर्षीय सीताराम चौधरीले माओवादीद्वारा ०५८ सालमा कब्जा गरेको जग्गा खरिद गरेको आरोपमा ०६७ कात्तिक १३ गते सोही गाविस-७ निवासी एकीकृत माओवादी इलाका इन्चार्ज ४३ वर्षीय भीमसेन भनिने खुसीराम चौधरीको नेतृत्वमा आएको एक समूहले पहमानपुर बजारबाट अपहरण गऱ्यो। चौधरी सोही दिन माओवादी कार्यकर्ताहरूलाई छलेर पहलमानपुर बजारबाट भागे। पीडितले ०६७ कात्तिक १४ गते अपहरणमा संलग्न भएकाहरू माथि कारबाहीको माग गर्दै जिल्ला प्रशासन कार्यालयमा निवेदन दिए। एकीकृत माओवादीका कैलाली जिल्ला इन्चार्ज हरि ज्ञवालीले चौधरीलाई अपहरण नगरी विवादित जग्गाको विषयमा छलफल गर्न बोलाएको बताए । अपहरणमा संलग्न खुसीराम चौधरीले पनि ०६७ कात्तिक १६ गते विज्ञप्ति जारी गरी घटनामा आफ्नो संलग्नता नरहेको दाबी गरे।

वाईसीएलबाट

धनगढी नपा-१२ जुगेडा निवासी तरूण दलका जिल्ला सदस्य २९ वर्षीय गणेश सिंहलाई ०६७ वैशाख २७ गते वाईसीएल कार्यकर्ता मीनबहादुर सिंह र लक्ष्मीचन्द्र चौलागाईंको नेतृत्वमा आएको १२ जनाको एक समूहले घरबाट अपहरण गऱ्यो। घरमा सुतिरहेका सिंहलाई वाईसीएल कार्यकर्ताहरूले अपहरण गरेर धनगढी नपा- १ मा रहेको सरस्वती चलचित्र मन्दिरमा राखे। अपहरणबाट ०६७ वैशाख २८ गते मुक्त भएका सिंहलाई २० हजार रुपियाँ पाँच दिनभित्र अपहरणकारी मीनबहादुर सिंह र चन्द्रबहादुर सिंहलाई बुझाउने सर्तमा आफूलाई मुक्त गरेको पीडितले सोही दिन पत्रकार सम्मेलन गरी बताए। सिद्धेश्वर सामुदायिक वनका

घटनाको प्रकार	गैरराज्यबाट								राज्यबाट			
	अन्यबाट					एकीकृत माओवादीबाट						
	घटना सङ्ख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
हत्या	३	१	२		३							
घाइते									२	६		६
गिरफ्तारी/यातना									२	५		५
कुटपिट	१०	१४	१		१५	३	३	३	१	२		२
धम्की	३	४		१	५	१	१	१				
भेला/सङ्गठित हुने अधिकार									१	१	२	३
जातीय विभेद	६	४	४		८							
महिलाअधिकार	१३		१४		१४							
बालअधिकार	११		९	२	११							
अमानवीय व्यवहार	१	२			२							
अपहरण	३	२	१		३	१	१	१				
जम्मा	५०	२६	३१	३	६१	५	५	५	६	१५	२	१६

अध्यक्षसमेत रहेका पीडित सिंहले सामुदायिक वनमा बनेका घर टहरा हटाउनु पर्ने बताएपछि वाईसीएल कार्यकर्ता मीनबहादुर सिंहसँग विवाद भएको थियो। अपहरित भाइको जीवन रक्षा तथा पीडकलाई कारबाहीको माग गदै ०६७ वैशाख २८ गते जिल्ला प्रहरी कार्यालयमा पीडितका दाइले जाहेरी दिए। घटनाका सम्बन्धमा एकीकृत माओवादीका जिल्ला इन्चार्ज हरि ज्ञवाली 'अखण्ड' ले आफूहरूले अपहरण नगरी सामुदायिक वनको विवादका बारेमा सोधपुछ गरेर तत्काल छाडेको बताए। अपहरणमा संग्लन भएकाहरूलाई गिरफ्तार गर्ने नसकेको जिल्ला प्रहरी कार्यालयले जानकारी दियो।

मसुरिया गाविस-१ निवासी युवा सङ्घका जिल्ला सदस्य २८ वर्षीय दुर्गाप्रसाद पाण्डेलाई स्थानीय वाईसीएल इन्चार्ज भक्तबहादुर विकको नेतृत्वमा प्रेमबहादुर ताडी र प्रकाश विष्टले ०६७ वैशाख २९ गते घरबाटै अपहरण गरे। अपहरणमा परेका पाण्डे मसुरिया बजारमा रहेको पार्टी कार्यालयबाट सोही दिन मुक्त भए। बेतालवाव सामुदायिक वनका सचिवसमेत रहेका पीडित पाण्डेलाई सामुदायिक वनमा भएको आर्थिक कोषबाट माओवादीलाई सहयोग गर्नुपर्ने र माओवादी पार्टीमा संग्लन हुन नमानेको आरोपमा अपहरण गरिएको पाण्डेले बताए। एमाले पार्टी कार्यालयमा वैशाख ३० गते पत्रकार सम्मेलन गरी अपहरणमा संग्लन भएकाहरूले जेठ २ गतेभित्र १ लाख २० हजार रुपियाँ बुझाउनु पर्ने अन्यथा कारबाही गरिने कागजमा आफूलाई जबरजस्ती हस्ताक्षर गर्न लगाएर अपहरणमुक्त गरेको पाण्डेले जानकारी दिए। पाण्डेलाई सामुदायिक वनको आर्थिक कारोबारमा हिनामिना गरेको बारेमा स्थानीय एकीकृत माओवादी कार्यकर्ताले बोलाएर छलफल गर्दा अपहरण गरेको भनिएको एकीकृत माओवादीका जिल्ला इन्चार्ज हरि ज्ञवाली 'अखण्ड' ले बताए।

धम्की/कुटपिट

राज्यबाट

चौमला गाविस- ८ स्थित बडिमालिका सशस्त्र प्रहरी गण बनवेहडामा कार्यरत २९ वर्षीय असई तारा चौधरीलगायत सशस्त्र प्रहरीको असई तथा सईहरूको एक समूहले सोही ठाउँका स्थानीय शिक्षक २५ वर्षीय शैलेन्द्र झा र ४२ वर्षीय श्याम खड्कालाई ०६७ जेठ २० गते गणकै मुलगेटमा असई चौधरीमाथि आक्रमण गरेको आरोपमा निर्घात कुटपिट गरे। कुटपिटबाट झाको दायाँ छाती, मुखमा घाँटी, शरीरमा नीलडाम लाग्यो। खड्काको दायाँ आँखामा चोटपटक लाग्यो। घाइते दुवै जनाको उपचार सेवा नर्सिङहोम प्रालि अत्तरियामा भयो। स्थानीय त्रिपुरा इङ्गलिस स्कूलका शिक्षक शैलेन्द्र झालाई विद्यालयबाट र सोही गणभित्र

रासन लगायतका ठेकेदारका रूपमा काम गर्दै आएका श्याम खड्कालाई उनकै घरबाट एसपीले बोलाएको भन्दै गणमा पुग्ने बित्तिकै प्रहरीले कुटपिट गरेका थिए। गणमा पुग्ने बित्तिकै झामाथि कुटपिट भएपछि खड्काले बचाउन खोज्दा सशस्त्र प्रहरीले दुवै जनालाई कुटपिट गरेका थिए। श्याम खड्काको घरमा डेरा गरी बस्ने असई तारा चौधरीले ०६७ जेठ १९ गते राति घरायसी झगडाका क्रममा घरका ढोका तोडफोड गर्न खोज्दा खड्काकी पत्नी मधु खड्काले रोक्न खोजेपछि असई चौधरीले मधुमाथि दुर्व्यवहार गरेका थिए। सोही विषयलाई लिएर छिमेकी, शिक्षक झा र असई चौधरीबीच सामान्य विवाद भएको थियो। घटनाका विषयमा एसपी मुकुन्द थापाले कुटपिट गर्ने असई तारा चौधरीलाई आन्तरिक रूपमा कारबाही गर्ने प्रतिबद्धता जनाए। कुटपिटबाट घाइते भएका पीडित झा र खड्काको उपचार खर्चसमेत गणले व्यहोरेको एसपी थापाले बताए।

एकीकृत माओवादीबाट

सुगरखाल गाविस-५ निवासी श्री भैरवमाला राष्ट्रिय माविका शिक्षक ३३ वर्षीय सुरेन्द्रप्रकाश जैशीलाई ०६६ फागुन २७ गते सोही गाविस-६ निवासी एकीकृत माओवादी कार्यकर्ता २७ वर्षीय हरि जैशीलाई कुटपिट गरेको आरोपमा एकीकृत माओवादीका कार्यकर्ताहरूले बलिया गाविस-८ लम्की बजारमा कोणसभा आयोजना गरी 'जन कारबाही' गर्ने सार्वजानिक रूपमा घोषणा गरे। धम्की दिने वाईसीएल तथा एकीकृत माओवादीका कार्यकर्ताहरूमा २७ वर्षीय अगस्त अधिकारी, २८ वर्षीय अजय ढकाल, २९ वर्षीय विमल भनिने भीमबहादुर खड्का, प्रकाश भनिने ३० वर्षीय पूर्णप्रसाद देवकोटा, २८ वर्षीय जीवन विक, रक्तिम भनिने २८ वर्षीय रवीन्द्र बस्नेत र २७ वर्षीय हरि जैशी रहेका थिए। शिक्षक जैशी गाउँमा असुरक्षा भएको भन्दै ०६६ फागुन २८ गते विद्यालयमा अध्यापन छोडेर भक्तपुर जिल्ला विस्थापित भएकोमा जिल्ला शिक्षा कार्यालय र जिल्ला प्रशासन कार्यालय, कैलालीले उनलाई भक्तपुर जिल्ला स्थित आदर्श मावि सानुठिमी भक्तपुर विद्यालयमा काज मिलाई दिएपछि पीडित शिक्षक भक्तपुर जिल्ला स्थित आदर्श माविमा अध्यापन गराउँदै आएका छन् ।

वाईसीएलद्वारा अपहरण गरिएका दुर्गाप्रसाद पाण्डे

पीडित जैशीले ०६७ वैशाख ९ गते जीवन रक्षाको माग गर्दै जिल्ला प्रशासन कार्यालय र जिल्ला शिक्षा कार्यालय, इन्सेक क्षेत्रीय कार्यालय धनगढीमा निवेदन दिए। माओवादीका कार्यकर्ता हरि जैशीलाई ०६६ फागुन २७ गते स्थानीय युवाहरूले गरेको कुटपिटमा शिक्षक जैशीले आफनो संग्लनता नरहेको बताए पनि एकीकृत माओवादी कार्यकर्ताहरूले घटनामा जैशी संग्लन रहेको दाबी गरे।

धनगढी नपा-२ सन्तोषी टोल निवासी सुदूर सन्देश राष्ट्रिय दैनिक पत्रिकाको कम्प्युटर अपरेटर २५ वर्षीय प्रयागराज जोशीलाई ०६७ असार २१ गते एकीकृत माओवादी क्षेत्र नम्बर ५ का इन्चार्ज टीकाराम सापकोटा 'सङ्घर्षको' नेतृत्वमा आएको एक समूहले कार्यकक्षमा कुटपिट गरी घाइते बनायो। सुदूर सन्देशको असार २० गते पहिलो पृष्ठमा एकीकृत माओवादीद्वारा १ लाख २० हजार रुपियाँ असुल गरेको समाचार र असार २१ गतेको 'माओवादी ज्यादती कायमै' शीर्षकमा सम्पादकीय लेखेको आरोपमा सङ्घर्षको नेतृत्वमा आएका सो समूहले पत्रिका कार्यकक्षमा पसेर प्रधानसम्पादक हेमन्त पौडेलबारे सोध्दै समाचार लेखिरहेका जोशीलाई कुटपिट गरेको थियो। दायाँ हात र मुखमा चोटपटक लागेका जोशीको उपचार सेती अञ्चल अस्पतालमा भयो। प्रधानसम्पादक हेमन्त पौडेलले ०६७ असार २१ गते सार्वजनिक ऐन २०२७ अन्तरगत सापकोटालगायतलाई कारबाहीको माग गर्दै जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिए। प्रहरीले गिरफ्तार गरिएका सापकोटालाई ५ सय रुपियाँ धरौटी लिएर जिल्ला प्रशासन कार्यालयले ०६७ असार २७ गते तारेखमा रिहा गऱ्यो। पार्टीले समेत सापकोटालाई कारबाही गरेको जिल्ला सचिव हरि चौधरी "उत्सव"ले जानकारी दिए।

धनगढी नपा- ८ निवासी सरोज आयल स्टोर तथा सुजाता ट्रेडर्सका सञ्चालक ३८ वर्षीय सरोज चौधरीलाई ०६७ जेठ २२ गते उनकी जेठी पत्नी ३९ वर्षीया राममाया चौधरीलाई अंश नदिएको आरोपमा एकीकृत माओवादीका कार्यकर्ताहरूले धनगढी क्याम्पस रोडस्थित माओवादी पार्टी कार्यालयमा बोलाएर कुटपिट गरे। आफूसँग भएको सम्पत्ति अंशवन्डा गर्न चौधरी तयार भएका भए पनि माओवादीले उनलाई ५० लाख रुपियाँ दिनु पर्ने भन्दै जबरजस्ती

कागजमा हस्ताक्षर गर्न लगाएको थियो। चौधरीले हस्ताक्षर गर्न नमानेपछि उनलाई एकीकृत माओवादी कार्यकर्ताले ढोका बन्द गरी कुटपिट गरे। पीडित राममाया चौधरीले अंशवण्डाका लागि पहल गरिदिन भनी पार्टी कार्यालयमा निवेदन दिएपछि छलफलका लागि पार्टी कार्यालयमा बोलाइएका चौधरीलाई अंशबन्डा किन नगरेको भनेर सोध्दा उनले माओवादी महिला नेता तुलामाथि आक्रमण गरेपछि चौधरीलाई सामान्य कुटपिट गरेको वाईसीएल नगर इन्चार्ज रमेश धामीले बताए।

मसुरिया गाविस- ६ निवासी ४५ वर्षीय नेपाली काङग्रेसका गाउँ कमिटीका सभापति कृष्णबहादुर खड्कालाई ०६७ कात्तिक ६ गते सामन्ती भएको आरोपमा सोही गाविस- ४ निवासी एकीकृत माओवादी कार्यकर्ता २६ वर्षीय भक्तबहादुर विक, २४ वर्षीय लिला न्यूरे र २३ वर्षीय किरण जोशीले स्थानीय होटलमा कुटपिट गरे। पीडित खड्काले ०६७ कात्तिक ७ गते नेपाली काङग्रेसको जिल्ला पार्टी कार्यालयमा पत्रकार सम्मेलन गरी घटनाका बारेमा जानकारी गराए। घटनामा संलग्न भएका एकीकृत माओवादी कार्यकर्तालाई कारबाहीको माग गर्दै जिल्ला प्रहरी कार्यालय, कैलालीमा कात्तिक ७ गते पीडितले जाहेरी दिए पनि घटनामा संलग्न व्यक्तिहरूलाई गिरफ्तार गरिएन। जिल्ला प्रहरी कार्यालयले पीडितको घाउजाँच ०६७ कात्तिक ७ गर्‍यो। काङग्रेस जिल्ला कार्यसमितिका सचिव रामचरण चौधरीले ०६७ कात्तिक ६ गते विज्ञप्ति प्रकाशन गरी घटनाको भर्त्सना गरे । एकीकृत माओवादीका जिल्ल्ला इन्चार्ज हरि ज्ञवाली 'अखण्ड' ले खड्कामाथि कुटपिट नभएको बताए।

वाईसीएलबाट

धनगढी नपा -८ का २६ वर्षीय शिवनारायण राना र सोही ठाउँ बस्ने २९ वर्षीय सभापति रानालाई ०६७ मङ्सिर २६ गते राति नौ बजे वाईसीएल कार्यकर्ताको एक समूहले खुकुरी र रड प्रहार गरी गम्भीर घाइते बनायो। सोही ठाउँ बस्ने वाईसीएलका कार्यकर्ता प्रेमबहादुर चौधरीको नेतृत्वमा आएको पाँच जना वाईसीएल कार्यकर्ताको एक समूहले एक्कासि घरनजिकै आक्रमण गरी गम्भीर घाइते बनाएको पीडितहरूले बताए।

एकीकृत माओवादीद्वारा कुटपिट गरी घाइते बनाइएका प्रयागराज जोशी

वाईसीएल कार्यकर्ताहरू ट्रयाक्टर चालकसँग विवाद गरिरहेको अवस्थामा आफूहरू त्यहाँ गएपछि वाईसीएल कार्यकर्ताहरूले आफूहरूलाई आक्रमण गरेको पीडितहरूले बताए। घाइतेहरूको उपचार सेती अञ्चल अस्पतालमा भयो। आरोपितहरूमाथि कारवाहीको माग राखी ०६७ मङ्सिर २७ गते पीडितहरूले जिल्ला प्रहरी कार्यालय, कैलालीमा किटानी जाहेरी दिए। घटनामा संलग्न भएकाहरू फरार भएकाले उनीहरूलाई गिरफ्तार गर्न नसकिएको जिल्ला प्रहरी कार्यालय, कैलालीका इन्सपेक्टर जीवन गिरीले बताए।

अनेरास्ववियु (क्रान्तिकारी) बाट

ऐश्वर्य बहुमुखी क्याम्पसका प्रमुख तथा प्राचार्य ४० वर्षीय धर्मदेव भट्टलाई अनेरास्ववियु (क्रान्तिकारी) जिल्ला कमिटीका केशव उपाध्यायको नेतृत्वमा आएको १६ जनाको एक समूहले निजी विद्यालयमा गरेको अनिश्चितकालीन आमहड्तालको अवज्ञा गरेको आरोपमा ०६७ वैशाख १२ दुर्व्यवहार र कुटपिट गर्‍यो। कुटपिटबाट भट्टको मुखमा र दायाँ कोखामा सामान्य चोट लाग्यो। क्याम्पस प्रशासनमा रहेका दराज, टेबुल, सिसा र विद्यालयले पाएका राष्ट्रिय पदकलगायतका सामग्री सो समूहले तोडफोड गर्‍यो। प्राचार्य भट्टले निजी विद्यालयको बन्द अवज्ञा नगरेको तर अनेरास्ववियु (क्रान्तिकारी) ले विद्यालयलाई काङग्रेसीकरण गरेको आरोपमा कुटपिट र दुर्व्यवहार गरेको बताए। घटनाका विषयमा अनेरास्ववियु (क्रान्तिकारी) केन्द्रीय सदस्य रमेश धामीले देशव्यापी रूपमा अनिश्चितकालीन आमहड्तालको अवज्ञा गरेको भन्दै प्रशासन बन्द गर्न खोज्दा सामान्य विवाद भएको बताए।

टीकापुर नपा- ९ का २२ वर्षीय जीवन रावल, उनका दाजु २७ वर्षीय उनका दाजु चेतन रावललाई ०६७ साउन २७ गते वाईसीएल कार्यकर्ता चुवा गाविस-५ का २२ वर्षीय गजेन्द्र बोहरा र बझाङ जिल्ला खिमताडी गाविस-९ का २३ वर्षीय दमननाथले टीकापुर गाविस-८ मा कुटपिट गरी घाइते बनाए। घाइते रावलका दाजुभाइको मुख र टाउकोमा चोट लागेको थियो। घाइतेहरूको उपचार स्थानीय टीकापुर सामुदायिक अस्पतालमा भयो। पीडितपक्षले न्यायका लागि सोही दिन ०६७ साउन २७ गते इलाका प्रहरी कार्यालय

टीकापुरमा किटानी जाहेरी दिएलगत्तै प्रहरीले दुवै जना वाईसीएल कार्यकर्तालाई गिरफ्तार गऱ्यो। प्रहरीले गिरफ्तार गरेका आफ्ना कार्यकर्ताहरूको रिहाइको माग गर्दै वाईसीएल कार्यकर्ताहरूले टीकापुर बजारमा लाठी जुलुस प्रर्दशन गरे। वाईसीएल कार्यकर्ताहरूले माफ मागेपछि ०६७ साउन २७ गते नै दुवै पक्षबीच मिलापत्र भयो। एक जना अपरिचित व्यक्तिले वाईसीएल कार्यकर्ता प्रमिला नाम गरेकी महिला कार्यकर्तालाई जिस्काएको आरोपमा कुटपिट गरिरहेका समयमा रावलका दाजुभाइले बचाउन खोज्दा दुवैमाथि आक्रमण गरिएको थियो।

झडपबाट

चुँहा गाविस- ८ की २७ वर्षीया सरस्वती शाही , २२ वर्षीया मीना शाही र ३० वर्षीय गजेन्द्र शाही ०६७ जेठ ३१ गते प्रहरीको लाठी प्रहारबाट घाइते भए। चुहा गाविसस्थित राष्ट्रिय माध्यमिक विद्यालयको व्यवस्थापन समितिको चुनावका क्रममा एमाले पक्षका उम्मेदवार गौरीकान्त खत्री र नेपाली काङ्ग्रेस पक्षका उम्मेदवार गजेन्द्र शाहीबीच भएको विवादका कारण तनाव उत्पन्न भएपछि स्थितिलाई नियन्त्रण गर्न प्रहरीले लाठी चार्ज गर्दा सरस्वती शाही, मीना शाही र गजेन्द्र शाही घाइते भएका थिए। घाइते गजेन्द्र र मीनाको उपचार स्थानीय अस्पतालमा भएको थियो भने घाइते सरस्वतीको टाउकोमा गम्भीर चोट लागेका कारण उनको उपचार कोहलपुर मेडिकल कलेजमा भयो।

खैलाड गाविस- ५ का ५२ वर्षीय मासुराम चौधरीलाई ०६७ कात्तिक २७ गते सीमा सुरक्षा बल भजनीमा कार्यरत प्रहरी जवान डम्बर विष्ट लगायतका सुरक्षाकर्मीहरूले बिनाकारण कुटपिट गरेको भन्दै स्थानीय बासिन्दाहरूले विरोध गर्दा सोही दिन ०६७ कात्तिक २७ गते स्थानिय बासिन्दा र सशस्त्र प्रहरी निरीक्षक जगत डाँगाको नेतृत्वमा गएको टोलीबीच दोहोरो झडप भयो। झडपका क्रममा सशस्त्र प्रहरी प्रहार गरेको लाठीले लागेर २८ वर्षीय बाधुराम चौधरी, ३० वर्षीय बासुराम चौधरी, २९ वर्षीय प्रकाश भट्टराई, ३२ वर्षीय खुसीराम चौधरी र २७ वर्षीय रामसिंह चौलागाई घाइते भए। कुटपिटबाट घाइते भएकाहरूको ०६७ कात्तिक २८ गते स्वास्थ्य केन्द्र भजनीमा उपचार भयो। स्थानीयबासिन्दाहरूले घटना भएकै दिन ०६७ कात्तिक २७ गते प्रहरीका विरूद्धमा इलाका प्रहरी कार्यालय, भजनीमा उजुरी दिएको भएपनि यस वर्षको अन्त्यसम्ममा आरोपितहरूलाई कुनै कारबाही भएन।

एकीकृत माओवादीद्वारा कुटपिट गरी घाइते बनाइएका कृष्णबहादुर खड्का

अन्यबाट

धनगढी नपा-२ निवासी एभिन्यूज टेलिभिजन क्षेत्रीय ब्यूरो सम्वाददाता २९ वर्षीय युवराज न्यौपाने र ३२ वर्षीय क्यामरापर्सन राजेन्द्र थापालाई ०६६ चैत १६ गते पहलमानपुरस्थित कान्ति राज्यलक्ष्मी उच्च माविको एसएलसी परीक्षाका केन्द्राध्यक्ष भोजराज जोशीले परीक्षामा अनियमिता भएको समाचार प्रसारण गरेको आरोपमा दुर्व्यवहार गरे। "समाचार किन प्रकाशन गरेको, तपाईंले के खोजेको ?" भन्दै केन्द्राध्यक्ष जोशीले मोबाइलबाटै सम्वाददाता न्यौपानेलाई धम्की दिए। सहायक केन्द्राध्यक्षले नरबहादुर देउवाले आफूहरू सबै शिक्षक बसेर सामूहिक रूपमा सही र सत्य सामाचार बाहिर आउनु पर्छ भन्ने बारेमा सञ्चारकर्मी न्यौपानेसँग सोधपुछ गरेको तर सम्वाददाता न्यौपानेलाई केन्द्राध्यक्षले धम्की नदिएर सोधपुछ गरेका बताए।

डोटी जिल्ला पचनाली गाविस - १ निवासी अखिल क्रान्तिकारी इकाई कमिटी सदस्य २१ वर्षीय भक्ति सिंहलाई ०६७ भदौ १ गते धनगढी नपा - २ सन्तोषी टोलका २४ वर्षीय विमल कुवँरको नेतृत्वमा आएको एक समूहले क्याम्पस परिसर भित्रै इँट्टा प्रहार गरी घाइते बनायो। क्याम्पस प्रशासनसँग विद्यार्थीका शैक्षिक मागका विषयमा छलफल गरी बाहिरिने क्रममा इँटा प्रहार हुँदा सिंहको टाउकोमा चोट लागेको थियो। घाइते सिंहको उपचार सेती अञ्चल अस्पतालमा हुन नसकेपछि थप उपचार भारतको लखनउमा भएको थियो। अनेरास्ववियु क्रान्तिकारीले सोही दिन प्रेस विज्ञप्ति मार्फत घटनाको विरोध गरी घटनामा संलग्न व्यक्तिहरूलाई कारबाही गर्न माग गऱ्यो। घाइते सिंहले भदौ १ गते कुँवरका विरूद्धमा जिल्ला प्रहरी कार्यालय,कैलालीमा किटानी जाहेरी दिए। घटनामा संलग्न कुँवरलाई अनेरास्ववियु (क्रान्तिकारी) का विद्यार्थीहरूले नियन्त्रणमा लिई सोही दिन प्रहरीलाई बुझाए। जिल्ला प्रशासन कार्यालय, कैलालीको निर्णय अनुसार सार्वजानिक ऐनअर्न्तगत ०६७ भदौ २२ गते कुँवरलाई सामान्य

तारेखमा रिहा गरिएको जिल्ला प्रहरी कार्यालय, कैलालीले जनायो।

धनगढीस्थित अनुमोदन दैनिक पत्रिकाका प्रधान सम्पादक प्रकाश साहले इमेलमार्फत सूचनाहरू प्रवाह गरी महिलाहरूको चरित्र हत्या गरेको भन्दै ०६७ भदौ २१ गते राति महिलाहरूको समूहले अनुमोदन दैनिकको कार्यालयमा तालाबन्दी गरे। महिलाहरूको समूहले सोही दिन ०६७ भदौ २१ गते साँझ नै पत्रकार शाहलाई नियन्त्रणमा लिई वडा प्रहरी कार्यालय धनगढीमा जिम्मा लगाए। पत्रकार महासङ्घका केन्द्रीय सदस्य मनमोहन स्वाँरको रोहबरमा शाह रिहा भएपछि पत्रकारद्वय शाह र स्वाँरका विरूद्धमा ०६७ भदौ २२ गते महिलाहरूले धनगढीमा विरोध जुलुस प्रदर्शन गरे। महिलाहरूले पत्रकार शाहका विरूद्धमा जिल्ला प्रहरी कार्यालय, कैलालीमा ०६७ भदौ २२ गते उजुरी दिएपछि शाहलाई सोही दिन प्रहरीले गिरफ्तार गऱ्यो। जिल्ला प्रहरी कार्यालयभित्र साहमाथि आक्रोशित समूहले आक्रमण गऱ्यो। विशेष अदालत काठमाडौँको आदेश अनुसार ०६७ असोज ८ गते शाह धरौटीमा रिहा भए। अनुमोदन दैनिक पत्रिकाको कार्यालयमा लगाइएको ताला ०६७ भदौ २३ गते पत्रकार महासङ्घको केन्द्रीय मिसनले खोलेको थियो। पत्रिकाको कार्यालयमा तालाबन्दी गर्ने कार्यमा पत्रकार महासङ्घ कैलालीका अध्यक्ष दीर्घराज उपाध्यय समेत संग्लन रहेको पत्रिकामा कार्यरत पत्रकारहरूले बताए । पत्रिका कार्यालयमा तोडफोड तथा तालाबन्दी गरिएको, अनुमोदन दैनिकमा कार्यरत पत्रकार श्रवण देउवा, दैनिकका सम्पादक प्रकाश शाह र पत्रकार महासङ्घका केन्द्रीय सदस्य तथा सुदूरपश्चिम संयोजक मनमोहन स्वाँरमाथी हातपात तथा दुर्व्यवहार गरेको भन्दै ०६७ भदौ २७ गते दैनिकका सम्वाददाता श्रवण देउवाले पत्रकार महासङ्घ कैलालीका अध्यक्ष दीर्घराज उपाध्यय, पत्रकार लोकश्वरी कुँवर लक्ष्मी भट्ट र शकुन्तला भट्टका नाममा जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिए। घटनामा संलग्न भएका उपाध्याय, कुँवर भट्ट आफैं ०६७ असोज ११ गते जिल्ला प्रशासनमा उपस्थित भई सामान्य तारेखमा छुटेका थिए। त्यसैको भोलिपल्ट ०६७ भदौ २८ गते व्यवसायी गोपाल हमाल र यातायात व्यवसायी सङ्घका केन्द्रीय सदस्य टेकराज जोशीले आफूहरूको चरित्र हत्या गर्ने कार्यमा पत्रकार महासङ्घका केन्द्रीय सदस्य मनमोहन स्वाँर, अनुमोदन दैनिकका सम्पादक प्रकाश शाह र सम्वाददाता श्रवण देउवा संलग्न भएको भन्दै उनीहरूका नाममा जिल्ला प्रहरी कार्यालय कैलालीमा किटानी जाहेरी दिए। आफूहरूका विरूद्धमा जाहेरी परेपछि उनीहरू आफैं अदालतमा उपस्थित भई सामान्य तारेखमा छुटे। घटनाले चर्कोरुप लिएपछि घटनाको सत्यतथ्य बुझ्न ०६७ भदौ २२ गते आएको पत्रकारहरूको केन्द्रीय मिसन टोलीले यस क्षेत्रका सरोकारवालाहरूसँग भेटघाट गरी घटनाका बारेमा छलफल गरी प्रतिवेदन तयार गरेको भए पनि हालसम्म उक्त प्रतिवेदन सार्वजनिक भएको छैन। पत्रिकाको कार्यालयमा तालाबन्दी गरिएको र प्रहरी नियन्त्रणमा रहेका पत्रकार शाहमाथि आक्रमण गरिएको विषयलाई लिएर लोकतन्त्र र शान्तिका लागि नागरिक समाज कैलालीले ०६७ भदौ २४ गते प्रेश विज्ञप्ति जारी गरी घटनाबारेमा सत्यतथ्य पत्ता लगाई दोषीलाई कारवाही गर्न माग गरेको थियो।

अज्ञात समूहद्वारा हातको औंलामा ब्लेडले चिरेर घाइते बनाइएका पत्रकार सुशील ढुङ्गाना

दरख गाविस- ५ स्थित सुखड बजारबाट प्रकाशित हुने घोडीघोडा सप्ताहिकका प्रकाशक तथा पत्रकार २१ वर्षीय सुशील ढुङ्गानालाई साडेपानीस्थित पूर्वपश्चिम लोकमार्गमा हिँडिरहेको अवस्थामा ०६७ कात्तिक २९ गते अज्ञात समूहले आफूहरूका विरूद्ध समाचार लेखेको भन्दै मोहन्याल सामुदायिक वनभित्र पुऱ्याई उनका औंलाहरू ब्लेडले चिरेको थियो। उपरान्त आफूहरूका विरूद्ध समाचार नलेख्न र घटनाका बारेमा कसैलाई पनि जानकारी नदिने सर्तमा पत्रकार ढुङ्गानालाई सोही दिन साँझ ६:३० बजे सो समूहले मुक्त गरेको थियो। उनको उपचार सेती अञ्चल

बाईसीएलद्वारा कुटपिट गरी घाइते बनाइएका सभापति राना

अस्पतालमा भयो। पीडित ढडुगानाले धनगढीमा कात्तिक ३० गते पत्रकार सम्मेलन गरी घटनाका बारेमा जानकारी गराए। घटनाको योजनाकार भएको हुनसक्ने आशङ्कामा पीडित ढुङ्गानाले सुख्खड गाविस-५ निवासी सुख्खड बजार व्यवस्थापन समितिका अध्यक्ष श्याम सापकोटा र स्थानीय व्यापारी श्याम आचार्यका नाममा ०६७ मङ्सिर १ गते इलाका प्रहरी कार्यालय, सुख्खडमा उजुरी दिए। उजुरीका आधारमा इलाका प्रहरी कार्यालय, सुख्खडले ०६७ मङ्सिर १ गते सापकोटा र आर्चायलाई गिरफ्तार गरेको भए पनि अनुसन्धानका क्रममा दुवै जना निर्दोष भएको भन्दै सोही दिन रिहा गऱ्यो। घोडीघोडा साप्ताहिक पत्रिकामा कात्तिक २८ गते 'कमिशन तस्करी बढ्दो' शीर्षकमा समाचार प्रकाशित भएलगतै ढुङ्गानालाई अध्यक्ष श्याम सापकोटा र स्थानीय व्यापारी श्याम आचार्यले धम्की दिएका थिए। पत्रकार महासङ्घ जिल्ला शाखा,कैलाली र सुदूरपश्चिम क्षेत्रीय पत्रकार महासङ्घका क्षेत्रीय संयोजक मनमोहन स्वाँरले कात्तिक ३० गते प्रेस विज्ञप्ति जारी गरी घटनाको अनुसन्धान गर्न र पीडकहरूलाई कारबाही गर्न माग गरे। आफूहरूले गल्ती गरेको र घटनामा संलग्न भएकाहरूको खोजी कार्यका लागि सहयोग गर्ने भन्दै सापकोटा र आचार्यले माफी मागेपछि दुवै पक्षबीच मङ्सिर १९ गते मिलापत्र भयो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत कैलालीमा फौजदारी मुद्दाअन्तर्गत गत वर्षको जिम्मेवारी सरेर आएका १ सय ५५ थान मुद्दामध्ये ७२ थान मुद्दा फर्स्यौट भई ८३ थान मुद्दा बाँकी रहे। गत वर्ष जिम्मेवारी सरेर आएका ९३ थान दुनियावादी फौजदारी मुद्दामध्ये ६० थान मुद्दा फर्स्यौट भई ३३ थान मुद्दा बाँकी रहे। यस वर्ष दर्ता भएका ९० थान सरकारवादी फौजदारी मुद्दामध्ये ५२ थान मुद्दा फर्स्यौट भई ३८ थान मुद्दा बाँकी रहे। यस वर्ष दर्ता भएका ५८ थान दुनियावादी फौजदारी मुद्दामध्ये ३५ थान मुद्दा फर्स्यौट भई २३ थान मुद्दा बाँकी रहे। गत वर्ष जिम्मेवारी सरेर आएका देवानी मुद्दा १ सय ४५ थानमध्ये १ सय १९ थान मुद्दा फर्स्यौट भई २६ थान मुद्दा बाँकी रहे। यस वर्ष दर्ता भएका ७१ थान देवानी मुद्दामध्ये ४० थान मुद्दा फर्स्यौट भई ३१ थान मुद्दा बाँकी रहे। घरेलु हिंसाका तीन थान मुद्दामध्ये दुई थान फर्स्यौट भइ एक थान बाँकी रह्यो। जिल्ला अदालत कैलालीमा यस वर्षको अन्त्यसम्ममा ६ सय १५ थान मुद्दा दर्ता भएकोमा ३ सय ८० थान मुद्दा फर्स्यौट भए भने २ सय ३५ मुद्दा बाँकी रहे।

सरकारी अधिवक्ताको कार्यालयले ०६६ पुस १७ गतेदेखि ०६७ पुस १६ गतेसम्म विभिन्नि प्रकृतिका ८५ थान मुद्दा जिल्ला अदालत,कैलालीमा दायर गरेकोमा १२ थान मुद्दाहरूमा सफलता प्राप्त भयो भने ७३ थान मुद्दाहरू सफलता प्राप्त नभएको जिल्ला सरकारी वकिलको कार्यालयले जनायो।

बालअधिकार

जिल्ला शिक्षा कार्यालय कैलालीका अनुसार यस जिल्लामा संस्थागत,सरकारी र गुठी गरी जम्मा ६ सय ९९ ओटा विद्यालय रहेका छन्। जसमध्ये २ सय ८२ ओटा विद्यालयमा प्राथमिक तहको शिक्षा,१ सय ६३ ओटा विद्यालयमा निम्नमाध्यमिक तहको शिक्षा र १ सय ३ ओटा विद्यालयमा माध्यमिक तह र १ सय २० निजी विद्यालयमा पठन पाठन भरहेको छ। माध्यामिक तहमा २१ हजार १ सय ३१ जना विद्यार्थीहरू अध्ययनरत रहेकामा १० हजार १ सय ३८ जना छात्रा र १० हजार ९ सय ९५ जना छात्र रहेका छन्। यसैगरी निम्नमाध्यमिक विद्यालयमा २३ हजार ७ सय ६८ जना छात्रा र २४ हजार ३७ जना छात्र अध्ययनरत छन्। यस जिल्लामा प्राथमिक विद्यालयमा ६२ हजार ४ सय २८ जना छात्र र ६८ हजार १ सय ४ जना छात्राहरू अध्ययनरत रहेका छन्। यस जिल्लामा १ सय ८० ओटा निजी विद्यालयहरू रहेकोमा ५ हजार ३ सय ९२ जना विद्यार्थीहरू अध्ययनरत छन्।

धनगढी नपा-११ जुगेडा गाँउकी एक १० वर्षीया बालिकालाई सोही ठाँउका १८ वर्षीय अशोक रानाले ०६६ माघ २४ गते राति घरनजिकै बलात्कार गरेको आरोपमा उनका विरुद्ध पीडित पक्षले उजुरी दियो। राती ९ बजे स्थानीय असारे रानाको घरमा टेलिभिजन हेरी फर्कने क्रममा आरोपित रानाले चाउचाउ किनिदिने बहानामा बालिकालाई बलात्कार गरेका थिए। बालिकाको शरीरबाट रगत बगेको देखेपछि पीडितको परिवारले सोधेपुछ गर्दा पीडित बालिकालाई रानाले बलात्कार गरेको थाहा भएको थियो। स्थानीय बासिन्दाको सहयोगमा सोही राति सेती अञ्चलको अस्पतालमा पीडितको प्राथमिक उपचार भयो। अस्पतालले थप उपचारका लागि बालिकालाई सुविधासम्पन्न ठाँउमा लैजान सल्लाह दिए भन्दै पीडितका बाबु र आरोपित अशोक रानाका बुवा कौशल रानाले उपचारका लागि भारतको लखनउमा सोही राति १२ बजे लगेका थिए। बालिकालाई उपचारका नाममा ३५ दिनसम्म भारतको लखनउमा

राखेका थिए। पीडितका नातेदारले स्थानीय प्रहरी चौकी जुगेडामा माघ २७ गते कारबाहीको माग गदै जाहेरी दिए। प्रहरीले पीडितले निवेदन दिएपछि थप सम्पर्क नआएको भन्दै कारबाही अगाडि बढाएन। सो घटनाका बारेमा जिल्ला प्रहरी कार्यालयमा चैत १ गते पीडितका काकाले पुन: जाहेरी दिए। सो जाहेरीको कुनै सुनुवाइ भएन। जिल्ला प्रहरी कार्यालयको मुद्दा शाखाको लापरबाहीका कारणले जाहेरी दर्ता नभएर घटना ओझेलमा परेको थियो। पीडितलाई रू १ लाख रुपियाँ दिएर बलात्कारको घटना गाउँमा मिलाएको चर्चा भएपछि प्रहरीले कारबाही अगाडि बढायो। आरोपित भनिएका अशोक रानाको बुबा कौशल रानालाई पीडित बालिकालाई मुद्दाको हदम्याद नगाउने कार्य गरेको भन्दै शरीर बन्धक बनाएको आरोपमा प्रहरीले ०६६ चैत २८ गते गिरफ्तार गऱ्यो। कौशल रानालाई जिल्ला अदालतले ०६७ वैशाख २१ गते रू २५ हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो। अशोक राना फरार रहेका छन्।

टीकापुर नपा-९ की १३ वर्षीय बालिका शारदा चौधरीलाई काठमाडौ नपा, कलङ्की बसोबास गर्ने चन्द्रकाजी श्रेष्ठका आफन्तले ०६६ पुस महिनादेखि घरेलु कामदारका रूपमा काम गराउँदै आएकोमा ०६६ चैत २३ गते कुटपिटबाट अशक्त अवस्थामा उनलाई घर फर्काइदिए। कुटपिटबाट अशक्त भएकी बालिकाको उपचारका लागि टीकापुर अस्पतालमा लगिएको भए पनि टीकापुर अस्पतालमा उपचार हुन नसकेपछि थप उपचारका लागि चैत २५ गते नेपालगञ्जस्थित कोहलपुर मेडिकल कलेज रिफर गरियो। पीडित परिवारले ०६६ चैत २७ गते आरोपित चन्द्रकाजी श्रेष्ठ , टिकापुर नपा- ९ शिला खड्का र सोही ठाउँका चन्द्र चौधरीको नाममा पीडित परिवारले टीकापुर इलाका प्रहरी कार्यालयमा उजुरी दिए। टीकापुर इलाका प्रहरी कार्यालयले किटानी जाहेरीका आधारमा तीनै जनालाई ०६६ चैत २७ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालत कैलालीले बँधुवा श्रम तथा बन्धक बनाउने मुलुकी ऐनअन्तरगत तीनै जनालाई ०६७ वैशाख ६ गते रू २५ हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो। इन्सेक क्षेत्रीय कार्यालय,धनगढीले पीडित चौधरीलाई रू ३ हजार आर्थिक सहयोग गरेको थियो।

कथित बोक्सीको आरोपमा दुर्व्यवहार गरिएकी विष्णुमाया चौधार

धनगढी नपा- २ की १० वर्षीय बालिकालाई ०६६ फागुन २६ गते दिउँसो सोही ठाँउका २५ वर्षीय निरञ्जन शाहीले सोही ठाँउको सब्जीमण्डीमा रहेको किसान शर्माको घरभित्र बलात्कार गरेको आरोपमा ०६६ फागुन २७ गते शाहीलाई प्रहरीले गिरफ्तार गरी जिल्ला अदालतमा जबरजस्ती करणी मुद्दा दर्ता गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण ०६६ फागुन २७ गते भयो। आरोपित शाहीलाई जिल्ला अदालतले थप अनुसन्धानका लागि ०६६ फागुन २८ गते पुर्पक्षका लागि थुनामा राखेको थियो। शाहीलाई जिल्ला अदालतले ०६७ जेठ १० गते आठ वर्ष जेल सजाय र पीडितलाई ५० हजार रुपियाँ क्षतिपूर्ति तिर्नुपर्ने फैसला गऱ्यो।

धनगढी नपा-३ की १३ एक बालिकालाई ०६७ साउन १ गते सोही ठाँउकी ३० वर्षीया निर्मला नेपालीले यौन कार्यमा संलग्न गराउने प्रयास गरिन्। आरोपित निर्मला नेपालीका नाममा जबरजस्ती करणीको उद्योगमा पीडितले ०६७ साउन ९ गते जाहेरी दर्ता गरिन्। सोही दिन नेपालीलाई प्रहरीले गिरफ्तार गऱ्यो। नेपालीलाई २५ हजार रुपियाँ धरौटीमा जिल्ला अदालतले ०६७ साउन ३१ तारेखमा छोड्यो। आफूहरू ज्याला मजदुरी गर्न गएको समयमा बालिकालाई प्रलोभनमा पारेर घुम्न तथा सिनेमा हेर्न भनी नेपालीले यौनकार्यमा संलग्न गराउने प्रयास गरेको पीडित बालिकाका आमा बुबाले बताए। बालिकालाई धनगढीस्थित एक होटलको कोठामा एक जना पुरूषसँग ढोका थुनेर जबरजस्ती यौन कार्यमा संलग्न गराउन खोज्दा बालिका कराएपछि उनी बलात्कार हुन बाट जोगिएकी थिइन् ।

कृष्णपुर गाविस-४, कञ्चनपुरकी १४ वर्षीया एक बालिकालाई बेलादेवीपुर गाविस-२ का २७ वर्षीय महादेव जोशीले ०६७ साउन १० गते अत्तरिया बजारस्थित एक होटलमा बलात्कार गरेको आरोपमा पीडित पक्षले उजुरी दियो। जोशीले बालिकालाई घुमाउने बहानामा अत्तरियामा ल्याएका थिए। सोही ठाँउस्थित एक होटलमा जुस खुवाई बालिकालाई बेहोस पारेर बलात्कार गरेको भन्दै ०६७ साउन १२ गते पीडितले जोशीका नाममा जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिइन्। जोशी फरार रहेका छन्। जोशीले पीडित बालिकालाई बलात्कार पछि बौनिया गाविसमा रहेको सडकपुर जङ्गलमा

अलपत्र छाडेर भागेको पीडित बालिकाले बताएको इन्सपेक्टर जीवनकुमार गिरीले बताए। कसैलाई भनेमा मार्ने धम्की दिएपछि बालिकाले घरमा अभिभावकलाई बताएकी थिइनन्। पीडित बालिकाले आमालाई घटनाका बारेमा जानकारी दिएपछि उनको आमाले जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिएकी थिइन्।

टीकापुर नपा- ९ की १२ वर्षीया एक बालिकालाई ०६७ साउन १२ गते सोही ठाँउका २५ वर्षीय मायाराम चौधरीले बलात्कार गरेको आरोपमा पीडितपक्षले ०६७ साउन १४ गते पीडकलाई कारबाहीको माग राखी इलाका प्रहरी कार्यालय टिकापुरमा किटानी जाहेरी दियो। इलाका प्रहरी कार्यालय टीकापुरले सोही दिन चौधरीलाई गिरफ्तार गऱ्यो। चौधरीलाई जिल्ला अदालत,कैलालीले ०६७ भदौ ६ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो। उनलाई जिल्ला कारागार,कैलालीमा थुनामा राखिएको छ। बालिकाको स्वास्थ्य परीक्षण ०६७ मङ्सिर १४ गते टीकापुर समुदायिक अस्पतालमा भयो।

मालाखेती गाविस-६ की ३० वर्षीया एक महिलाले आफूले जन्म दिएको शिशुको ०६७ मङ्सिर ९ गते घरनजिकै रहेको स्थानीय जङ्गलमा खाल्डोमा गाडेर हत्या गर्ने प्रयास गरिन्। सोही ठाँउका स्थानीय ३२ वर्षीय लक्ष्मण चौधरीसँग शारीरिक सम्बन्धबाट बच्चा जन्मिन गएको भए पनि चौधरीले बच्चालाई स्वीकार नगरेपछि आफूले हत्या गर्न खोजेको रामपतिले ०६७ मङ्सिर ९ गते इलाका प्रहरी कार्यालय मालाखेतीमा बयान दिइन्। रामपतिले जङ्गलमा बच्चालाई खाल्डोमा गाडेर हत्या प्रयास गरिरहेको अवस्थामा जङ्गलमा दाउरा काटन गएका स्थानीय बासिन्दाहरूले बच्चाको उद्धार गरी रामपति चौधरी र बच्चालाई इलाका प्रहरी कार्यालय,मालाखेतीमा बुझाएकोमा इलाका प्रहरी कार्यालय मालाखेतीले सोही दिन दुवैजनालाई जिल्ला प्रहरी कार्यालय कैलालीमा बुझायो। जिल्ला प्रहरी कार्यालय,कैलालीले मालाखेती गाविस-६ का ३२ वर्षीय लक्ष्मण चौधरीलाई रामपति सोही दिन गिरफ्तार गऱ्यो। जिल्ला अदालत कैलालीको आदेशमा ०६७ मङ्सिर २७ गते रामपति चौधरी, लक्ष्मण चौधरी र नवजात शिशुलाई जिल्ला कारागार कैलालीमा पठाइयो। यस वर्षको अन्त्यसम्म दुवै जना ज्यान मार्ने उद्योग अन्तरगत जिल्ला कारागार कैलालीमा थुनामा राखिएको छ। रामपति चौधरीका पति खुसीराम चौधरीको ०६४ सालमा मृत्यु भएको थियो। रामपति चौधरीसँग शारीरिक सम्बन्ध राख्ने लक्ष्मण चौधरी विवाहित हुन् र उनका दुई छोरा र एक छोरी रहेका छन्।

धनगढी नपा-१ की दुई वर्षीया मोनी मिश्रलाई ०६७ मङ्सिर १० गते भारतको सीतापुर जिल्ला हारगाँउ घर भइ धनगढीस्थित मिश्र प्रिन्टर्सका कर्मचारी २२ वर्षीय रियाज हसन खान, उनका भिनाजु २६ वर्षीय जमीरउल खान,२० वर्षीया भाउजु हिना खान र उनका दाजु ४० वर्षीय फिरूज खानले बालिका घरमा खेलिरहेको अवस्थामा अपहरण गरे। वडा प्रहरी कार्यालय, धनगढीका सई दानसिंह रोकायाको नेतृत्वमा गएको प्रहरी टोलीले ०६७ मङ्सिर ११ गते भारतीय प्रहरीको सहयोगमा भारतको सीतापुर जिल्लाको मनुवापुर भन्ने ठाँउबाट बालिकालाई मुक्त गरायो। अपहरणमा संलग्न भएको आरोपमा ०६७ मङ्सिर १० गते रियाज खान र ०६७ मङ्सिर ११ गते उनका भिनाजु ३२ वर्षीय जमीरउल खान,२७ वर्षीया भाउजु हीना खान र उनका दाजु ३२ वर्षीय फिरूज खानलाई गिरफ्तार गरी जिल्ला अदालत कैलालीको आदेशमा ०६७ पुस ६ गते पुर्पक्षका लागि थुना राख्ने आदेश दियो।

पहलमानपुर गाविस-२ की १६ वर्षीया एक बालिकालाई ०६७ जेठ ६ गते राति सुतिरहेको अवस्थामा दैलेख जिल्ला सिघासैन गाविस-४ छेपाडीका २३ वर्षीय नवीन विश्वकर्माले बलात्कार गरेको आरोपमा ०६७ जेठ ९ गते पीडितका दाजुले इलाका प्रहरी कार्यालय सुखडमा जाहेरी दिएपछि नवीनलाई जेठ ९ गते नै गिरफ्तार गरेर जिल्ला प्रहरी कार्यालयलाई बुझायो। जिल्ला प्रहरी कार्यालयले विश्वकर्माका नाममा ०६७ जेठ ११ गते जबरजस्ती करणीमा मुद्दा दर्ता गऱ्यो। आरोपित विश्वकर्मालाई ०६७ असार २ गते जिल्ला अदालत कैलालीले धरौटीमा रिहा गऱ्यो।

सेतो कपडा लगाएर हलो जोतेको भनी दुर्व्यवहार गरिएकी वासुदेवी सुनार

महिलाविरूद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार दुर्व्यवहार

धनगढी नपा-२ की माहेनिगार अन्सारीलाई ०६६ चैत २९ गते मुस्लिम महिलाको अधिकारको पैरवी गरेको आरोपमा सोही ठाँउमा बस्ने सेखमुनिल अहमद अन्सारीले चरित्रहीन महिला भन्दै धनगढी बजारमा कुटपिट गरी मार्ने धम्की दिए। कुटपिटबाट महिला अधिकारकर्मी अन्सारीको टाउकोमा चोट लागेको थियो। घाइते अन्सारीको ०६६ चैत २९ गते सेती अञ्चल अस्पतालमा उपचार भयो। मुनिमले हात र मुक्काले टाउको र शरीरमा कुटपिट गरी घाइते बनाएको पीडित महिलाले बताइन्। पीडितले न्यायका लागि जिल्ला प्रहरी कार्यालयमा ०६६ चैत २९ गते निवेदन दिइन्। महिला अधिकारकर्मीहरूले अन्सारीमाथि भएको कुटपिटको विरोधमा ०६६ चैत ३० गते प्रेस विज्ञप्तिमार्फत घटनाको भर्त्सना र पीडितलाई न्यायको माग गरे। पीडित महिला र पीडक सेख मुनिल अहमद अन्सारीबीच जिल्ला प्रहरी कार्यालयमा ०६७ वैशाख ५ गते गल्ती नदोहोऱ्याउने सहमतिमा मिलापत्र भएको जिल्ला प्रहरी कार्यालय जनायो।

फूलबारी गाविस-३ आईगाँउकी ६३ वर्षीया विष्णुमाया परियारलाई सोही गाविसकी १७ वर्षीया दीपा धमेना, १८ वर्षीय सन्तोष धमेना र ४० वर्षीया विष्णु धमेनाले बोक्सीको आरोपमा ०६७ जेठ २४ र २५ गते दुर्व्यवहार गरे। दीपा धमेनालाई बोक्सी लगाएको आरोपमा उनका पति सन्तोष धमेनाको नेतृत्वमा आएका स्थानीय गाउँलेहरूको एक समूहले पीडित परियारकै घरमा बोक्सी भन्दै धामीझाँक्री बोलाएर दुर्व्यवहार गरेका थिए। आरोपितलाई कारवाहीको माग गर्दै पीडितले स्थानीय प्रहरी चौकी बहुलियामा जेठ २५ गते निवेदन दिइन्। निवेदनका आधारमा प्रहरीले दुवै पक्षबीच छलफल गर्दा सहमति नभएपछि मानवअधिकारकर्मीको सहयोगमा जिल्ला प्रहरी कार्यालयमा दीपा धमेना, सन्तोष धमेना, विष्णा धमेना र रत्ना सार्की विरुद्ध पीडितले ०६७ जेठ २८ गते जाहेरी दर्ता गरिन्। सोही दिन प्रहरीले दीपा धमेना, सन्तोष धमेना र विष्णा धमेनालाई गिरफ्तार गऱ्यो। जिल्ला प्रशासन कार्यालयले तीन जनाबाट जनही २ सय रूपियाँको दरले धरौटी लिई ०६७ असार ४ गते रिहा गऱ्यो।

बेचबिखन तथा ओसारपसार

दोदोधारा गाविस- ७ की २४ वर्षीया इन्द्रा यादवले दोदोधरा गाविस- ३ का २७ वर्षीय एक महिलालाई विदेशमा काम लगाई दिने बहानामा बेचेको आरोपमा सोही गाविस- ३ बस्ने रवीन्द्र पालले इलाका प्रहरी कार्यालय सुखडमा ०६७ कात्तिक २१ गते किटानी जाहेरी दिए। जोहरीका आधारमा प्रहरीले यादवलाई सोही दिन गिरफ्तार गऱ्यो। यादवलाई ०६७ मङ्सिर २२ गते जिल्ला अदालत कैलालीले पुर्पक्षका लागि थुनामा राख्न आदेश दिएपछि उनलाई थुनामा राखिएको छ।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

लालबोझी गाविस-३ की ४५ वर्षीया एक महिलालाई सोही गाविसका २६ वर्षीय उसमान खानले ०६६ पुस २५ गते बलात्कार गरेको आरोपमा पीडितले उजुरी दिइन्। देउरानीसँग भएको घरायसी झगडाको विषयमा न्यायका लागि एकीकृत माओवादीका खैलाड इन्चार्जलाई भेट्न खैलाड गाविसमा जाँदा एकीकृत माओवादी कार्यकर्ता भनिएका उसमानले आफूलाई भजनी गाविसको खैरानीको जङ्गलमा लगेर बलात्कार गरेको पीडितले प्रहरीलाई दिएको जाहेरीमा उल्लेख गरेको इलाका प्रहरी कार्यालय भजनीले जनायो। उसमान एकीकृत माओवादी कार्यकर्ता भएको पीडितले बताए पनि एकीकृत माओवादीले उनी आफ्नो कार्यकर्ता नभएको जनायो। इलाका प्रहरी कार्यालय भजनीले खान भारततर्फ फरार भएकोले गिरफ्तार गर्न नसकिएको जनायो।

लालबोझी गाविस-२ बस्ने ३५ वर्षीया एक महिलालाई रतनपुर गाविस-२ की सगुनीदेवी चौधरी, भागीराम चौधरी र दिवान चौधरीको सहयोगमा ०६६ फागुन १७ गते सगुनीको घरमा तीन जना भारतीय युवाहरूले बलात्कार गरेको आरोपमा उजुरी दिइन्। पीडित महिलाले आफूलाई भारतीय नागरिकद्वारा बलात्कार गराउन सहयोग गरेको भन्दै तीन जनाको नाममा फागुन १८ गते इलाका प्रहरी कार्यालय भजनीमा किटानी जाहेरी गरेकी थिइन्। जाहेरीका आधारमा जिल्ला प्रहरी कार्यालयमा ०६६ फागुन २० गते सगुनीदेवी चौधरी, भागीराम चौधरी र दिवान चौधरीलाई गिरफ्तार गरी ०६६ फागुन २० गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतले ०६६ चैत १७ गते तीनै जनालाई पुर्पक्षका लागि जिल्ला कारागारमा थुनामा राख्ने आदेश दियो। पीडित युवतीलाई सगुनीदेवी चौधरीले खाना खान घरमा बोलाएपछि दिउँसो तीन बजे घरभित्र बसेका भारतीय युवाहरूले सामूहिक रूपमा बलात्कार गरेका थिए।

दुई जना भारतीय महिलालाई उर्मा गाविस - ४ रामपुरमा बस्ने पाँच जना युवाहरूले उर्मा गाविसमा

रहेको बेहडावावा मन्दिरमा पूजाका लागि आएको बेला ०६६ चैत १ गते राति उर्मा जङ्गल बाटोबाट नै अपहरण गरी सामूहिक बलात्कार गरेको आरोपमा जिल्ला प्रहरी कार्यालयले २१ वर्षीय टेकबहादुर चौधरी, १६ वर्षीय लक्ष्मण धामी, १६ वर्षीय मोहन चौधरी २० वर्षीय रामबहादुर चौधरी र २१ वर्षीया लछीराम चौधरीलाई ०६६ चैत २३ गते गिरफ्तार गऱ्यो। आरोपितहरूलाई जिल्ला अदालतले ०६७ वैशाख ६ गते पुर्पक्षका लागि थुनामा राख्न आदेश दियो भने सोही घटनामा संलग्न भएका भनिएका धनगढी नगरपालिकाका खग्रेन्द्र चन्द भने फरार रहेको प्रहरी निरीक्षक सुदाम रावलले बताए। पीडित पक्षले घटनाका बारेमा जाहेरी नदिएपछि पीडकलाई कारवाही भएको थिएन। पत्रपत्रिकामार्फत घटनाका बारेमा सामाचार छापिएपछि जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक सुदाम रावलको प्रतिवेदनका आधारमा जिल्ला प्रहरी कार्यालयले आफै जाहेरी दर्ता गरी कारबाही प्रक्रिया अगाडि बढाएको थियो । सोही घटनामा गिरफ्तार भएका उर्मा गाविस घर भएका भूपेन्द्र पुलामी मगर र चौमला गाविस- ७ घर भएको जलप्रसाद चौधरी ०६७ असार २४ गते सामान्य तारेखमा रिहा भए भने असार २४ गते मगर रिहा भए।

प्रतापपुर गाविस-५ की २६ वर्षीया एक महिलालाई जानकीनगर गाविस- ३ का १८ वर्षीय अल्लाउदिन जागाले ०६७ असार २२ गते आर्थिक लोभ देखाउँदै बलात्कार प्रयास गरेको भनी असार २७ गते इलाका प्रहरी कार्यालययमा जागहाका नाममा पीडित पक्षले जाहेरी दर्ता गऱ्यो । जाहेरी दर्ता भएकै दिन जागहालाई प्रहरीले गिरफ्तार गरेको थियो। हाल जागहा ०६७ साउन १७ गतेदेखि जिल्ला कारागार कैलालीको थुनामा राखिएका छन्।

चौमाला गाविस- ४ की २० वर्षीया एक महिलालाई ०६७ साउन ९ गते सोही गाविस- ३ का २७ वर्षीय मिलन बोहोराले उनकै घरनजिकै बलात्कार गरेको भन्दै बोहराका नाममा ०६७ साउन ९ गते पीडित जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिइन्। जाहेरीका आधारमा बोहरालाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। बोहरालाई जिल्ला अदालत, कैलालीको आदेशमा ०६७ भदौ १ गतेदेखि पुर्पक्षका लागि थुनामा राखिएको छ।

बलिया गाविस- १ की ५५ वर्षीया एक महिलालाई टीकापुर नपा- ६ का ४५ वर्षीया पुरन चौधरीले ०६७ साउन १० गते पीडितको घरमा बलात्कार गरेको आरोपमा ०६७ साउन १२ गते इलाका प्रहरी कार्यालय, टीकापुरमा चौधरीविरुद्ध जाहेरी दिइन्। जाहेरीका आधारमा चौधरीलाई ०६७ साउन १२ गते टीकापुर प्रहरीले गिरफ्तार गऱ्यो। जिल्ला अदालत ,कैलालीले चौधरीलाई पुर्पक्षका लागि थुनामा राख्न ०६७ भदौ ६ गते आदेश दिएपछि उनी जिल्ला कारागार,कैलालीमा थुनामा रहेका छन्।

मसुरिया गाविस- ४ की ३० वर्षीया एक महिलालाई ०६७ असोज २४ गते सोही ठाउँका २७ वर्षीय भक्तबहादुर कलेलले बलात्कार गरेको भन्दै जिल्ला प्रहरी कार्यालयमा ०६७ असोज २९ गते पीडितले जाहेरी दिइन्। प्रहरी कार्यालय,चौमलाले कलेललाई सोही दिन ०६७ असोज २९ गते गिरफ्तार गऱ्यो। कलेललाई जिल्ला अदालत, कैलालीले ५० हजार रुपियाँ धरौटीमा ०६७ कात्तिक २५ गते रिहा गऱ्यो।

दरख गाविस- ५ निवासी विराट सनातन धर्म माध्यामिक विद्यालयका प्रधानाध्यापक ४३ वर्षीय ज्ञानचन्द उपाध्यायले सोही गाविस - ५ की एक बालिकालाई डर धम्की दिँदै यौन शोषण गरी गर्भ बोकाएको आरोपमा ०६७ कात्तिक ४ गते प्रहरीले उपाध्यायलाई गिरफ्तार गऱ्यो। बालिका न्यौपानेले आफूलाई यौनशोषण गरेको भन्दै ०६७ कात्तिक ४ गते इलाका प्रहरी कार्यालय,सुख्खडमा किटानी जाहेरी गरेपछि प्रहरीले उपाध्यायलाई गिरफ्तार गरेको थियो। आफू रजस्वला भएको बेला घरभित्र बस्न नहुने भन्ने अन्धविश्वासी मान्यताका कारण विद्यालयको कोठामा सुतिरहेको अवस्थामा ०६७ जेठ ४ गते न्यौपानेले बलात्कार गरेको पीडितले बताइन्। पीडितले बलात्कार गरएको भन्दै निवेदन दिएपछि सेती अञ्चल अस्पतालमा कात्तिक ६ गते उनको स्वास्थ्य परीक्षण गराउँदा पेटमा छ महिनाको बच्चा रहेको थाहा हुन आएको जिल्ला प्रहरी कार्यालयले जनायो। पीडित बालिकाले ०६७ मङ्सिर २७ गते घोडाघोडी अस्पतालमा छोरीलाई जन्म दिइन्। हाल उनी दरख गाविस - ५ सुख्खड स्थित आमा बाबुको घरमा बस्दै आएकी छिन् भने घटनामा संलग्न उपाध्यायलाई ०६७ कात्तिक २९ गतेदेखि जिल्ला अदालत,कैलालीको आदेश बमोजिम थुनामा छन्।

नारायणपुर गाविस-८ की २२ वर्षीया एक शारीरिकरूपमा अशक्त युवतीलाई सोही ठाउँ बस्ने ६५ वर्षीय जयबहादुर थापाले घरमा कोही नभएको बेला ०६७ असार २६ गते साँझ बलात्कार गरेको आरोपमा पीडितले जोहरी दिइन्। पक्षघातका कारण अशक्त भएकी युवतीलाई घरमा कोही नभएको अवस्थामा थापाले फकाएर बलात्कार गरेको भन्दै पीडितका बुबाले इलाका प्रहरी कार्यालय टीकापुरमा थापाविरुद्ध

असार २७ गते किटानी जाहेरी दिए। सोही दिन ०६७ असार २७ गते प्रहरीले थापालाई गिरफ्तार गऱ्यो। जयबहादुर थापालाई जिल्ला प्रहरी कार्यालय कैलालीले अनुसान्धानका क्रममा र स्वास्थ्य परीक्षण गराउँदा बलात्कार भएको प्रमाण फेला नपरेको भन्दै सरकारी वकिल कार्यालयले ०६७ साउन ६ गते मुद्दा फिर्ता लियो।

घरेलु हिंसा

दरख गाविस- ५ का २४ वर्षीय दानबहादुर बोहराले सोही ठाउँका २० वर्षीया पुष्पा कठायतसँग बहुबिवाह गरेको भन्दै उनकी जेठी पत्नी १९ वर्षीया शान्ति बोहराले ०६७ कात्तिक १८ गते इलाका प्रहरी कार्यालय, सुख्खडमा किटानी जाहेरी गरेपछि सोही दिन प्रहरीले दानबहादुर बोहारा र पुष्पा कठायतलाई गिरफ्तार गऱ्यो। जिल्ला अदालत कैलालीले ०६७ मङ्सिर २० गते दुवै जनालाई पुर्पक्षका लागि थुनामा राख्न आदेश जारी गरेपछि उनीहरूलाई जिल्ला कारागार कैलालीमा थुनामा राखिएको छ ।

गदरिया गाविस- २ की ३० वर्षीया मोहनीदेवी चौधरीलाई ०६७ असोज २९ गते उनका पति ४० वर्षीय हरि चौधरीले घरायसी विवादका कारण स्थानीय घुरूहा नदीमा घाँटी थिचेर हत्या गरेको भन्दै माइतीपक्षका कालुराम चौधरीले असोज ३० गते इलाका प्रहरी कार्यालय हसुलियामा किटानी जाहेरी दिए। प्रहरीले असोज ३१ गते हरी चौधरीलाई गिरफ्तार गऱ्यो। जिल्ला अदालत, कैलालीले ०६७ कात्तिक १४ गते दिएको आदेशअनुसार चौधरी पुपर्क्षका लागि थुनामा छन्।

सबै प्रकारका जातीय विभेद

गेटा गाविस-७ का २१ वर्षीय तीर्थराज चौधरी र गेटा गाविस-४ की २१ वर्षीय सरू विकलाई अन्तरजातीय विवाह गरेको भन्दै चौधरीका परिवारजनले धम्की दिएर ०६६ पुस २४ गते दुवैलाई घरबाट निकाले। कथित तल्लो जातको केटीसँग विवाह गरेको भन्दै परिवारजनले घरबाट निकालेको भन्दै जीवन रक्षा र समाजमा सम्मानित रूपमा बाच्न पाउनका लागि पहल गरिदिन दुवैजनाले ०६६ माघ १९ गते मानवअधिकारकर्मीलाई आग्रह गरे। घरपरिवार र छिमेकीले दलितको छोरी विवाह गरेको आरोपमा सामाजिक बहिष्कार गरेको ती अन्तरजातीय जोडीले बताए। ०६६ पुस २० गते भागी विवाह गरेका चौधरी र विक घरबाट निकालिएपछि धनगढी नगरपालिकास्थित मिलन चोकमा डेरा गरी बस्दै आएका छन्।

चौमला गाविस-१ सुकमबासी बस्तीका ३५ वर्षीया बासुदेवी सुनारले सेतो कपडा लगाएर हलो जोतेको भन्दै ०६७ असार ७ गते उनका पति ४२ वर्षीय वीरबहादुर सुनारलगायतले मोसो दली जुत्ताको माला लगाएर दुर्व्यवहार गरे। पीडितले चौमला गाविस- १ का २२ वर्षीय भगवती पाण्डे, २५ वर्षीय डिल्ली पाण्डे, ४५ वर्षीय महादेव ढुङ्गाना, ३० वर्षीय तेजबहादुर ढोली, २५ वर्षीय रामबहादुर ढोली, ४५ वर्षीय इन्द्रा कुँवर, ४० वर्षीया इन्द्रा विक, ३५ वर्षीया रत्ना बोगटी, ५५ वर्षीय मोती हुडके, ५५ वर्षीया नर्मदा विक र ३५ वर्षीया कुमारी विकको नाममा ०६७ असार ८ गते जिल्ला प्रहरी कार्यालय,कैलालीमा जाहेरी दिइन्। धानको बेर्ना छर्नका लागि हलो जोतिरहेकी सुनारलाई सेतो कपडा लगाएर हलो जोतेको भन्दै स्थानीय गाँउलेहरूले उनलाई नियन्त्रणमा लिई दुर्व्यवहार गरेका थिए। किटानी जाहेरीमा नाम उल्लेख भएकामध्ये पीडितका पति बीरबहादुर सुनारलाई ०६७ असार २२ गते जिल्ला प्रहरी कार्यालयले गिरफ्तार गऱ्यो। जिल्ला प्रशासन कार्यालयले ०६७ साउन ७ गते केही सार्वजानिक अपराध तथा सामजिक कसुर ऐन अन्तर्गत २ सय रुपियाँ धरौटीमा तारेखमा रिहा गऱ्यो। पीडक भनिएका अन्य ११ जनालाई प्रहरीले गिरफ्तार गर्न सकेको छैन।

धनगढी नपा- ५ निवासी क्रान्तिकारी पत्रकार सङ्घ नेपालका सचिवालय सदस्य धर्मसिंह विकलाई ०६७ असोज १४ गते राति सोही ठाँउका २२ वर्षीय उद्धव भाट क्षेत्री, २१ वर्षीय सूर्य भाट क्षेत्री, २३ वर्षीय गोपाल भाट क्षेत्री, २४ वर्षीय यम भाट, २३ वर्षीय टङ्क भाट लगायतका १० जनाको समूहले “डुम” भन्दै कुटपिट गरी गम्भीर घाइते बनाए। कुटपिटबाट विकको टाउको, मुख, शरीरका विभिन्न भागमा चोटपटक लागेको थियो। विकको उपचार सेती अञ्चल अस्पतालमा हुन नसकेपछि उनको थप उपचार भारतको लखनउ मेडिकल कलेजमा भयो। आफ्नो भाइ तथा पत्रकार हरिष विकलाई भेटेर राति आफ्नो घर फर्किरहेको अवस्थामा बाटोमा मदिरा सेवन गरी बसेका युवाहरूले ‘डुम बढी भएको’ भन्दै आफूमाथि आक्रमण गरेको पीडित विकले बताए। घटनामा संलग्न भएको आरोपमा टङ्क भाट र यम भाटलाई ०६७ असोज १५ गते प्रहरीले गिरफ्तार गऱ्यो। फरार रहेकाहरूको खोजी कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय कैलालीले जनायो। घटनाका दोषीहरूले घाइतेको उपचार खर्च

व्यहोंने सर्तमा मिलापत्र भएको जिल्ला प्रहरी कार्यालयले जनायो।

महिला पैरवी मञ्च भजनीद्वारा हरितालिका तीज पर्वका अवसरमा ०६७ भदौ २६ गते भजनीमा आयोजित पूजा कार्यक्रममा पूजारीका रूपमा आमन्त्रित गरिएका भजनी गाविस- ३ स्थित महुन्याल उच्चमाविमा कार्यरत २८ वर्षीय शिक्षक भीमप्रसाद मिश्रले पूजा कार्यक्रममा दलित महिलाको सहभागिता रहेको भन्दै पूजा गर्न अस्वीकार गरे। शिक्षक तथा पूजारी मिश्रले जातीय विभेद गरेको भन्दै स्थानीय दलित समुदायले कारबाहीको माग राखी ०६७ भदौ २८ गते मिश्रले अध्यायपन गराउँदै आएको महुन्याल उच्चमाविमा तालाबन्दी गरे। मिश्रले आफूबाट गल्ती हुन गएको र अबदेखि जातीय विभेद नगर्ने भन्दै सार्वजनिक रूपमा ०६७ भदौ २९ गते माफ मागेपछि विद्यालयको पठनपाठन सुचारू भयो।

कञ्चनपुर जिल्ला शङ्करपुर गाविस-७ निवासी सञ्चारकर्मी २२ वर्षीय कृष्ण पिल्कोटीलाई गेटा गाविस- ७ निवासी खप्तड एफएममा प्राविधिक पदमा कार्यरत खगेन्द्र भण्डारीले ०६७ भदौ १ गते जातीय विभेदयुक्त शब्द प्रयोग गरी क्यान्टिनमा दुर्व्यवहार गरे। पीडित पिल्कोटीले आफूमाथि पटक-पटक जातीय विभेद हुने गरेको, एफएम व्यवस्थापनसँग न्यायका लागि आग्रह गरे पनि सुनुवाइ नभएको भन्दै ०६७ भदौ ३ गते धनगढीस्थित विभिन्न मानवअधिकारकर्मी र दलितअधिकारकर्मीसँग सम्बन्धित संस्थामा न्यायका लागि पहल गरी दिन आग्रह गरे। धनगढीस्थित राष्ट्रिय दलित नेटवर्कको सभाकक्षमा ०६७ भदौ ६ गते मानवअधिकारकर्मी, दलित अधिकारकर्मी, महिलाअधिकारकर्मी र पत्रकारहरूको उपस्थितिमा गल्ती गरेको स्वीकार गर्दै भण्डारीले सार्वजनिक रूपमा माफी मागेपछि दुवैपक्षबीच मिलापत्र भयो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरचना, सम्पत्ति क्षति

स्थानीय बासिन्दाबाट

धनगढी नपा- ८ की १३ वर्षीया बालिका उर्मिला राना ०६७ वैशाख १८ गते बिहान धनगढी नपा- १ निवासी तथा सीसीएस कैलालीका पूर्वअध्यक्ष प्रकाश विष्टको घरमा झुण्डिएको अवस्थामा मृत फेला परेपछि धनगढीस्थित थारू नागरिक समाजको नेतृत्वमा आएको एक समूहले बिष्टलाई कारबाहीको माग राखी धनगढी बजारमा विरोध प्रर्दशन गरिरहेको अवस्थामा आक्रोशित भिडले धनगढी नपा-५ स्थित सीसीएसको कार्यालयमा ढुङ्गामुडा प्रहार गरी सामान्य तोडफोड गरे। सामाजिक क्षेत्रमा क्रियाशील व्यक्तिले आफ्नो घरमा कमलहरी राख्नु गैरकानुनी कार्य भएको भन्दै कारबाहीको माग राखी विरोध प्रर्दशन भइरहेको अवस्थामा केही आक्रोशित व्यक्तिहरूले सीसीएस कार्यालयमा ढुङ्गामुडा गरेको थारू नागरिक समाजका जिल्ला अध्यक्ष भानुराम चौधरीले बताए। बालिकाको आत्महत्या नभई हत्या गरिएको हुन सक्ने भन्दै ०६७ वैसाख १८ गते धनगढी नपा-१ निवासी सीसीएसका पूर्वअध्यक्ष प्रकाश विष्ट र उनका दाजु उपेन्द्र विष्टका नाममा जिल्ला प्रहरी कार्यालय,कैलालीमा पीडित परिवारले किटानी जाहेरी दिएपछि सोही दिन दुवै जनालाई गिरफ्तार गरेको जिल्ला प्रहरी कार्यालय मुद्दा शाखाले जनायो। बालिकाको पोष्टमार्टम रिपोर्टमा हत्या गरिएको नदेखिएको भन्दै गिरफ्तार परेका विष्ट दाजुभाइलाई ०६७ जेठ १३ गते प्रहरीले सामान्य तारेखमा रिहा गरेको जिल्ला प्रहरी कार्यालय,कैलालीले बतायो। मृतकको पोष्टमार्टम ०६७ वैशाख १८ गते सेती अञ्चल अस्पतालमा भयो। शान्तिका लागि नागरिक समाज,कैलालीले सीसीएस कार्यालयमा भएको तोडफोडको विरोधमा ०६७ वैशाख १९ गते प्रेस विज्ञप्ति जारी गऱ्यो।

थरूहट जनता दलबाट

धनगढी नपा- ८ स्थित जनआवाज एफएम ८९.४ मेगाहर्जको कार्यालयमा ०६७ मङ्सिर ५ गते राति हतियारसहित आएका थरूहट तराई जनता दलका कार्यकर्ताहरूले एफएमका सामग्रीहरू लुटपाट गर्नुको साथै एफएमका कर्मचारी प्राविधिक तेजबहादुर चौधरी, समाचारप्रमुख हेमराज भण्डारीलाई समेत कुटपीट गरे। एफएम स्टुडियोबाट दुई थान अन एयर, एक थान हाइब्रिड फोन, दुई थान सीडीएमए मोवाइल, पाँच थान एलसीडी कम्प्युटर, एक थान एफएमको रिसिभर, एक थान क्यासेट प्लेयर, चार थान टेलिफोन सेट, दुई सेट माइक्रोफोन, चार थान हेड फोन, तीन थान रेकर्डर र सीडीहरू लुटपाट गरिएको थियो। घटनामा संग्लन भएको आरोपमा इलाका प्रहरी कार्यालय, भजनीले ०६७ मङ्सिर ९ गते नारायणपुर गाविस- ७ का २५ वर्षीय रामकृष्ण चौधरी, रतनपुर गाविस- ५ का २३ वर्षीय कान्छा चौधरी र रामशिखरझाला गाविस-७ का २४ वर्षीय राजु चौधरीलाई लालबोझी गाविस- २ बाट थारूहट जनता दलका पार्टीका प्रचार पम्पलेट सहित गिरफ्तार गऱ्यो। गिरफ्तार गरिएकाहरूले दिएको सूचनाका आधारमा लुटिएका समानहरू धनसिंहपुर

गाविसको एक स्थानीयको घरमा लुकाएर राखिएको अवस्थामा प्रहरीले बरामद गरेको प्रहरी उपरीक्षक योगेश्वर रोमखामीले मङ्सिर १० पत्रकार सम्मेलन गरी जानकारी गराए। थारूहट तराई जनता दलका केन्द्रीय अध्यक्ष रेडसनले ०६७ मङ्सिर ७ गते प्रेश विज्ञप्ति जारी गरी घटनाको जिम्मेवारी लिएका थिए।

भीष्म एकता परिषद्बाट

धनगढी नपा-१३ निवासी उद्योगपति ओमप्रकाश अग्रवालले आफ्ना कार्यकर्तामाथि दुर्व्यवहार गरेको र परिषद्को विरूद्धमा लागेको भन्दै उनको से.१ च.३९४ नम्बरको जीपलाई ०६७ भदौ २१ गते चौमला गाविस-८ वनवेहडा गणबाट दुई किलोमिटर पूर्व लोकमार्गबाट भीष्म एकता परिषद्का कार्यकर्ताहरूले नियन्त्रणमा लिई मट्टितेल छर्केर आगजनी गरे। जिप चालक कमल चौधरीलाई गाडी रोक्न लगाएर हतियार सहित आएका सात जना एकता परिषद्का कार्यकर्ताहरूले गाडीमा आगजनी गरेका थिए। आगजनीबाट जीप पूर्णरुपमा जलेर नष्ट भएको थियो।

स्वास्थ्य सेवाको अवस्था

यस जिल्लामा एक अञ्चल अस्पताल,एक ओटा सामुदायिक जिल्ला अस्पताल, पाँचओटा निजी अस्पताल, सातओटा स्वास्थ्य चौकी, ३० ओटा उपस्वास्थ्य चौकी, पाँचओटा प्राथमिक स्वास्थ्य केन्द्र रहेका छन्। अञ्चल अस्पताल, सामुदायिक अस्पताल र निजी अस्पतालमा ३१ जना चिकित्सकहरूको दरबन्दी रहेकोमा २६ जनामात्र कार्यरत रहेका छन्। जिल्लामा रहेका स्वास्थ्य चौकी, उपस्वास्थ्य चौकी र प्राथमिक उपचार केन्द्रमा २ सय १ जना स्वास्थ्यकर्मीहरूको दरबन्दी रहेकोमा १ सय ८१ जना कार्यरत रहेका छन्। यस जिल्लामा पाँच जना चिकित्सक र २० जना स्वास्थ्यकर्मीहरूको दरबन्दी रिक्त रहेको छ।

५.२ अछाम

जनसङ्ख्या : २,६५,३८८
साक्षरता प्रतिशत : ४५
महिला साक्षरता प्रतिशत : २५
क्षेत्रफल (वर्ग कि. मि.) : १,६८०
गाविस/नपा सङ्ख्या : ७५/०
सरकारी/निजी विद्यालय : ४००/८
क्याम्पस/उच्च मा.वि. : २/२३
अस्पताल/स्वास्थ्य चौकी : २/७६
मानव विकास सूचकाङ्कः ०.३५०
प्रतिपरिवार सरदर सङ्ख्याः ६

जेल र बन्दीहरू

कुल ३५ जना बन्दीहरू रहेको 'घ' श्रेणीको यस जिल्ला कारागारको क्षमता २५ जनाको रहेको छ। हाल यस कारागारमा कैद तोकिएका १६ जना पुरुष र दुई जना महिला रहेका छन् भने १६ जना पुरुष र एक जना महिला गरी जम्मा १७ जना थुनुवा रहेका छन्। कारागारभित्र पानी, शौचालय, विद्युत, स्वास्थ्य तथा पत्रपत्रिका, रेडियो, टीभी, खेलकुद सामग्री उपलब्ध छ।

धम्की/कुटपिट

एकीकृत माओवादीबाट

तोली गाविस-५ का ३२ वर्षीय पूर्णबहादुर रावल र मुली गाविस-२ का जीवन धमलालाई ०६७ वैशाख ८ गते एकीकृत माओवादीका कार्यकर्ताले जबरजस्ती ५५ हजार रुपियाँ र ५ हजार रुपियाँ क्रमश: चन्दा दिन धम्की दिए। पीडित रावल विनायक गाविस-५ स्थित आफ्नो पसल र धमाला बयाला गाविसस्थित कमलबजार पसलमा बसिरहेको अवस्थामा एकीकृत माओवादीका कार्यकर्ताले जबरजस्ती चन्दाको माग

गरेका थिए। एकीकृत माओवादीका जिल्ला इन्चार्ज रामप्रसाद तिमिल्सेनाले चन्दा स्वेच्छिक भएको बताए पनि कार्यकर्ताले चन्दा दिन धम्की दिएका थिए।

अज्ञात समूहबाट

नाडा गाविस-९ निवासी राष्ट्रिय समाचार समिति तथा रामारोशन दैनिकीका सम्पादक एवम् प्रेस चौतारी नेपाल जिल्ला शाखा अछामका अध्यक्ष ३० वर्षीय कृष्ण शाही र मङ्गलसैन गाविस-६ निवासी रामारोशन दैनिकीका कार्यकारी सम्पादक तथा गोरखापत्र दैनिकका जिल्ला समाचारदाता २५ वर्षीय शिवराज ढुङ्गानालाई आफ्नो पार्टीको उद्देश्यविपरीत काम गरेको आरोपमा ०६७ जेठ २७ गते अज्ञात समूहले पत्रमार्फत मार्ने धम्की दियो। जनताको हितमा लड्ने पार्टीको नाम उल्लेख गरिएको पत्र राति कार्यालयमा दिइएको थियो। पत्रमा एक महिनाभित्र दुवैका लेख्ने हात र सोच्ने दिमाग नै सदाका लागि अन्त्य गरिदिने उल्लेख गरिएको थियो। घटनाको विरोधमा नेपाल पत्रकार महासङ्घ जिल्ला शाखा अछामले ०६७ जेठ २७ गते प्रेस विज्ञप्ति जारी गदै प्रशासनसँग पत्रकारको जीवन सुरक्षाको प्रत्याभूत गर्न माग गऱ्यो।

अन्यबाट

ढाँकु गाविस-५ निवासी सामुदायिक रेडियो रामारोशनका सम्वादाता १८ वर्षीय जीवन विष्टलाई ०६७ भदौ २२ गते साँझ तोषी गाविस-५ वासकाडाका ४५ वर्षीय टेके चलाउने, ५० वर्षीय अम्मर चलाउनेले सोही गाविसको बाँसकाडा बजारमा कुटपिट गरे। पीडितले ०६७ भदौ २३ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिएपछि प्रहरीले पीडकलाई सोही दिन वासकाडा बजारबाट गिरफ्तार गऱ्यो। आरोपितले ५ हजार रुपियाँ जरिवाना र लुटिएका कागजात फिर्ता गरेपछि ०६७ भदौ २५ गते जिल्ला प्रहरी कार्यालयमा मिलापत्र भयो।

विनायक गाविस-५ स्थित इलाका प्रहरी कार्यालयमा कार्यरत प्रहरी जवान महेश बोहरालाई तोली गाविसका जनताले सोही गाविसका ४० वर्षीय सर्पबहादुर रावललाई गिरफ्तार गरी यातना दिएको आरोपमा ०६६ पुस २९ गते आक्रमण गर्दा कानमा ढुङ्गा लागी घाइते भए। मदिरा सेवन गरी होहल्ला गरेको आरोपमा प्रहरीले रावललाई ०६६ पुस २७ गते गिरफ्तार गरेको थियो। बोहराको जिल्ला अस्पतालमा उपचार भयो। घटनामा संलग्न रहेको आरोपमा तोली गाविस- ८ का लोकबहादुर रावल, कमल रावल, सोही गाविस- २ का गोपी रावल, सोही गाविस- ६ का अम्मर विक र हरि रावलविरुद्ध प्रहरीले सार्वजनिक अपराधको मुद्दा चलायो। लोकबहादुर रावल र कमल रावललाई प्रहरीले घटना भएको दिन गिरफ्तार गरेकोमा दुवैजना ०६६ फागुन १४ गते १७/१७ हजार रुपियाँ धरौटीमा रिहा भए। अन्य पीडक हालसम्म पनि फरार रहेका छन्।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

षोडशा उमाविका शिक्षक धनकुमार केसी, तपेन्द्र स्वाँर, पशुपति उमावि चाल्साका भरत रेग्मी, षोडशा उमाविका शिक्षिका गीता ढुङ्गाना, नेपाल शिक्षक सङ्गठन जिल्ला अध्यक्ष रतनप्रसाद ढुङ्गाना, जनकल्याण मावि मष्टामाण्डौका कृष्ण थापा, कात्यानी मावि हात्तिवाजका पर्मानन्द जैशी, अखिल नेपाल शिक्षक सङ्गठन जिल्ला उपाध्यक्ष करनसिंह कार्की, दुर्गा प्रावि पातलकोटका दीपेन्द्र विक्रम शाह, जाल्पा मावि जनालीवडालीका हर्क विष्ट, कुन्ती मावि कुन्तीवडाली मदन बोगटी, महामन्दिर प्रावि भैरवस्थानका धर्मेन्द बीसी, पानीमूल प्रावि मङ्गलसैनका एकेन्द्र कुवँर, षोडशा उमावि मङ्गलसैनका तुल्सीनाथ, षोडशा उमावि मङ्गलसैनका शेरबहादुर विष्ट, सान्नीकोट निमावि कालिका वसन्ती थापा, सूर्योदय प्रावि बाब्लाका हर्क बटाला, षोडशा उमावि मङ्गलसैनका शंकर रावल, जनकल्याण मावि मष्टामाण्डौका पुतली कुँवर, सान्नीकोट निमावि कालिका सुनिता शाह, प्रगतिशील प्रावि कुन्तीवडालीका चन्द्रकला विष्ट, ऐश्वर्य मावि दनाका खेम कडायत, माष्टामाण्डौ प्रावि सिद्धेश्वर झंकर बुढा, कालिका मावि पातलकोट रामकृष्ण जोशी, नन्दामाता प्रावि कालेकाडाँ पशुराम जैशी, खम्म निमावि कुन्तीवडाली सिद्धराज भण्डारी, धुम्रलोचनी प्रावि वलीगाँउका गणेश रावल, हंसवाहीनी मावि देविस्थानका कुलराज जोशी, खम्म निमावि कुन्तीवडालीका भजन रावल, मालिका प्रावि ढकारीका मीनराज रिमाल, जाल्पा प्रावि वीरपथका बलबहादुर थ्यात, पीपलचौर मावि ठाटी मणिराम रेग्मी, लक्ष्मी निमावि मार्कुका नारायणप्रसाद जोशी, कालिका निमावि वान्नातोलीका सारदा चलाउने, लक्ष्मीनिवास निमाविका भैरवस्थानकी ललित विसी जनकल्याण मावि मष्टामाण्डौका मधुकला विष्ट ०६७ असार १४ गते राहत शिक्षक सङ्घर्ष समितिले आफ्नो खाईपाई आएको तलब भत्ताको माग गदै जिल्ला शिक्षा कार्यालयमा तालाबन्दी गर्न थालेपछि शिक्षक र

घटनाको प्रकार	गैरराज्यबाट								राज्यबाट			
	अन्यबाट					एकीकृत माओवादीबाट						
	घटना सङ्ख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
हत्या	३	१	१		३							
घाइते									१	४	१	५
कुटपिट	३	३			३							
धम्की	३	३		१	३	३	३	३				
महिलाअधिकार	३		३		३							
बालअधिकार	३		३		३							
आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार	१			१	१							
जम्मा	१३	५	६	३	१४	३	३	३	१	४	१	५

प्रहरीबीच झडप हुँदा घाइते भए। सो झडपका क्रममा शिक्षक र प्रहरीबीच ढुङ्गा र लाठी हानाहान भएको थियो। घाइते शिक्षकहरूको जिल्ला अस्पताल मङ्गलसैनमा उपचार भयो। घटनाको बारेमा प्रहरीलाई आफूले नबोलाएको जिल्ला शिक्षा अधिकारी गोविन्द देव भट्टले बताए। सोही दिन नेपाल राहत शिक्षक सङ्घर्ष समिति, नेपाल राष्ट्रिय शिक्षक सङ्गठन, नेपाल शिक्षक सङ्घ र अखिल नेपाल शिक्षक सङ्गठनको संयुक्त बैठकले घाइतेको उपचारको माग गर्दै ०६७ असार १५ गतेदेखि जिल्लाका सम्पूर्ण शैक्षिक संस्थाहरू बन्द गराइयो। प्रमुख जिल्ला अधिकारी, जिल्लास्थित राजनीतिक पार्टी, सुरक्षा निकाय र शिक्षक सङ्गठनबीच ०६७ असार १५ गते घाइते शिक्षकको उपचार गर्ने सहमति भएपछि ०६७ असार १६ देखि सम्पूर्ण शैक्षिक संस्था सञ्चालन भए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा गत वर्षको जिम्मेवारी सरेर आएका दुनियावादी फौजदारी मुद्दा दुई थानमध्ये यस वर्ष दुई थान नै बाँकी रहे। यस वर्ष दुनियावादी फौजदारी मुद्दा दर्ता भएन। गत वर्षको जिम्मेवारी सरेर आएका सरकारवादी फौजदारी मुद्दा १६ थानमध्ये ११ थान मुद्दा फर्स्यौट भई पाँच थान बाँकी रहे। यसवर्ष दर्ता भएका तीन थान मुद्दामध्ये तीनै थान मुद्दा फर्स्यौट भएनन्। यसवर्षको अन्त्यसम्ममा दर्ता भएका २१ थान मुद्दामध्ये ११ थान मुद्दा फस्यौट भई १० थान बाँकी रहे।

जिल्ला सरकारी अधिवक्ताको कार्यालयले ०६६ पुस १७ गतेदेखि ०६७ पुस १६ गतेसम्म नौ थान मुद्दा जिल्ला अदालत अछाममा दायर गरेकोमा दुई थान मुद्दामा सफलता प्राप्त भएको र सात थान मुद्दामा असफलता प्राप्त भएको छ।

बालअधिकार

जिल्ला कार्यालय अछामका अनुसार यस जिल्लामा ४ सय ४७ ओटा विद्यालय रहेका छन्। जसमा ३ सय २७ ओटा विद्यालयमा प्राथमिक तह, १ सय ५४ निम्नमाध्यमिक तह, ५१ माध्यमिक तह र १५ बार्डिङ स्कूल रहेका छन्। जसमा प्राथामिक तहमा अध्ययनरत बालबालिकाको सङ्ख्या ७२ हजार ६ सय ७७ रहेकोमा ३६ हजार ३ सय ४९ जना छात्रा र ३६ हजार ३ सय २८ जना छात्रहरू अध्ययनरत छन्। यसैगरी निम्नमाध्यमिक तहमा १५ हजार ४ सय ३४ विद्यार्थी रहेकोमा ६ हजार २ सय ९२ जना छात्र र ९ हजार १ सय ४२ जना छात्रहरू अध्ययनरत छन्। यसैगरी माध्यमिक तहमा ६ हजार ७ सय २५ जना विद्यार्थी रहेकोमा २ हजार ४ सय जना छात्रा र ४ हजार ३ सय २५ जना छात्रहरू अध्ययनरत छन्। यसै गरि प्राथामिक तहमा २ हजार १३, निम्ममाध्यमिक तहमा ४ सय ७५ र माध्यमिक तहका २ हजार ८४ जना शिक्षकहरू कार्यरत रहेका छन्।

ढाँकु गाविसस्थित जाल्पा उच्च माविमा शिक्षक भर्नाको विषयलाई लिएर विद्यालय प्रशासन र अभिभावकबीच बिबाद हुँदा ०६७ असोज ५ गते स्थानीयवासीले विद्यालयमा तालाबन्दी गरे। तालाबन्दीपछि विद्यालयका ४ सय ६० जना बालबालिका शिक्षाको अधिकारबाट वञ्चित भए। सो विषयमा विद्यालय प्रशासन र स्थानीयवासी बीच सहमति भएपछि ०६७ असोज ६ गते विद्यालय

सञ्चालनमा आयो।

पायल गाविस-५ स्थित वैजनाथ उच्च मावि कक्षा १२ का विद्यार्थीले शिक्षक विद्यालयमा नआएको भन्दै ०६७ असोज १० गते विद्यालयमा तालाबन्दी गरे। तालाबन्दीपछि विद्यालयका ७ सय ७६ जना विद्यार्थीहरू शिक्षाको अधिकारबाट बञ्चित भए। शिक्षकले आफूहरूबाट भएको गल्ती स्वीकार गरेपछि ०६७ असोज ११ गतेबाट विद्यालय सञ्चालनमा आयो।

अज्ञात समूहद्वारा धम्की दिइएका कृष्ण शाही र शिवराज ढुङ्गाना

नेपाल राहत शिक्षक सङ्घर्ष समितिले प्रहरीले आफूहरूलाई दुर्व्यवहार गरेको भन्दै ०६७ असार १० र ११ गते विद्यालय बन्द आह्वान गर्दा जिल्लाका ४ सय विद्यालयका १ लाख ५ हजार बालबालिकाहरूको पठनपाठन प्रभावित भयो। आफूले खाईपाई आएको तलब भत्ताको माग गर्दै जिल्ला शिक्षा कार्यालयमा तालाबन्दी गर्ने क्रममा ०६७ असार ९ गते प्रहरीले शिक्षकहरूलाई दुर्व्यवहार गरेका थिए।

स्थानीय व्यक्तिद्वारा कुटपिट गरिएका पत्रकार जीवन विष्ट

नेपाल राहत शिक्षक सङ्घर्ष समितिले ०६७ असार १५ र १६ गते प्रहरी कुटपिटबाट घाइते भएका आन्दोलनरत शिक्षकहरूको उपचारको माग गर्दै जिल्लाका ४ सय विद्यालय बन्द गर्दा १ लाख ५ हजार बालबालिकाहरूको पठनपाठन प्रभावित भयो।

एकीकृत माओवादीका कार्यकर्ताले राष्ट्रिय सहमति, शान्ति र संविधानको लागि भन्दै ०६७ वैशाख १९ देखि २४ गतेसम्म गरेको आमहड्तालका कारण जिल्लाका ४ सय विद्यालयका १ लाख ५ हजार बालबालिकाहरूको अध्ययन प्रभावित भयो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार घरेलु हिंसा

मङ्गलसैन गाविस-१ विरालतोलीकी ३६ वर्षीय विमादेवी टमटालाई ०६७ साउन १९ गते सोही गाविस-१ की ३५ वर्षीया पारुदेवी विकले विरालतोली स्थित कोदोबारीमा गोडमेल गरिरहेको अवस्थामा कोदो गोड्ने कुटाले टाउकोमा हिर्काएपछि घटनास्थलमा नै मृत्यु भयो। पीडितले आफ्नो पतिसँग हेलमेल भएको आरोप लगाएपछि विवाद भएको थियो। घटनापछि पीडितका पति ४५ वर्षीय गोपाल टमट्टाले घटना लुकाई आफ्नै कारणले मरेको भनी सदगत् गरेपछि पीडित महिलाका भाइले जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिएका थिए। उनलाई प्रहरीले ०६७ साउन २० गते नै गिरफ्तार गरेको थियो। हाल उनी पुर्पक्षका लागि थुनामा छन्।

स्वास्थ्य सेवाको अवस्था

अछाम जिल्लामा एक जिल्ला अस्पताल, एक आयुर्वेदिक अस्पताल, एक अर्धसरकारी अस्पताल, तीन आयुर्वेदिक औषधालय, दुई प्राथमिक स्वास्थ्य केन्द्र, १३ स्वास्थ्य चौकी र ६० उपस्वास्थ्य चौकी रहेका छन्। जिल्ला अस्पतालमा पाँच जना चिकित्सकको दरबन्दी भएपनि एक जना चिकित्सक मात्र कार्यरत छन्। जिल्लाका दुई ओटा प्राथामिक स्वास्थ्य केन्द्र, १३ ओटा स्वास्थ्य चौकी र ६० ओटा उपस्वास्थ्य चौकी गरी १ हजार १३ जना स्वास्थ्यकर्मीको दरबन्दी रहेको भएपनि २ सय ४० जना कार्यरत छन् भने चार जना चिकित्सक र ७ सय ७३ जना स्वास्थ्यकर्मीहरूको दरबन्दी खाली रहेको छ।

५.३ डोटी



जनसङ्ख्या	२,५०,५३७
साक्षरता प्रतिशत	५१
महिला साक्षरता प्रतिशत	२५
क्षेत्रफल (वर्ग कि. मि.)	२,०२५
गाविस/नपा सङ्ख्या	५०/१
सरकारी/निजी विद्यालय	३४४/१७
क्याम्पस/उच्च मा.वि.	१/२४
अस्पताल/स्वास्थ्य चौकी	४/५१
मानव विकास सूचकाङ्कः	०.४२०
प्रतिपरिवार सरदर सङ्ख्याः	७

जेल र बन्दीहरू

'घ' श्रेणीको यस जिल्ला कारागारको क्षमता ४५ जनाको रहेको छ। हाल यस कारागारमा कैद तोकिएका १९ जना पुरुष रहेका छन् भने चार जना पुरुष थुनुवा रहेका छन्। यसरी जिल्ला कारगारमा हाल ३५ जना रहेका छन्। कारागारभित्र खानेपानीको अभाव रहेकोमा हाल आईसीआरसीले खानेपानीको ट्याङ्की निर्माण गरिदिए पछि खाने पानीको समस्या समाधान भएको छ। कारागारमा रेडियो, टिभी, पत्रपत्रिका र खेलकुदका सामाग्रीहरु उपलब्ध छन्।

बेपत्ता/अपहरण

अन्यबाट

रामेछाप जिल्ला गुन्सीभदौरे गाविस-४ घर भइ कामनपा-५ कालोपुल निवासी लोकसेवा आयोग दीपायलका क्षेत्रीय निर्देशक नवराज चौलागाई ०६७ कातिक १९ गतेदेखि कार्यालयबाट बेपत्ता भए। उनको खोजीको लागि नेपाल प्रहरी, नेपाली सेना, कर्मचारी तथा सर्वसाधारण परिचालन भएपनि उनी सम्पर्कविहीन छन्।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत डोटीमा दुनियावादी फौजदारीतर्फ गत वर्षको जिम्मेवारी सरेर आएको १३ थान मुद्दामध्ये आठ थान मुद्दा फर्स्यौट भई पाँच थान मुद्दा फस्यौट हुन बाँकी रहे। यसवर्ष दर्ता भएका सात थानमध्ये दुई थान मुद्दा फर्स्यौट भई पाँच थान बाँकी रहे। गतवर्ष जिम्मेवारी सरेर आएका सरकारवादी फौजदारी मुद्दा १९ थानमाध्ये १२ थान मुद्दा फर्स्यौट भई साँत थान बाँकी रहे। यसवर्ष दर्ता भएका १७ थान मुद्दामध्ये आठ थान मुद्दा फर्स्यौट भई नौ थान मुद्दा बाँकी रहे। गत वर्षको जिम्मेवारी सरेर आएका देवानी मुद्दा आठ थानमध्ये छ थान फस्यौट भई दुई थान बाँकी रहे। यसवर्ष दर्ता भएका सात थानमध्ये तीन थान फर्स्यौट भई चार थान बाँकी रहे। यसवर्षको अन्त्यसम्ममा ७१ थान मुद्दा दर्ता भएकोमा ३२ थान मुद्दा फस्यौट भए भने ३२ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे।

पुनरावेदन अदालत दिपायलमा दनियावादी फौजदारीतर्फ गत वर्ष जिम्मेवारी सरेर आएका आठ थानमध्ये छ थान मुद्दा फर्स्यौट भई दुई थान बाँकी रहे। गत वर्ष दर्ता भएका १० थान मुद्दामध्ये एक थान मुद्दा फर्स्यौट भई नौ थान बाँकी रहे। गत वर्षको जिम्मेवारी सरेर आएका सरकारवादी फौजदारी मुद्दा ३६ थानमध्ये १६ थान मुद्दा फर्स्यौट भई २० थान बाँकी रहे। यस वर्ष दर्ता भएका ८९ थान मुद्दामध्ये २४ थान मुद्दा फस्यौट भई ६५ थान बाँकी रहे। गतवर्ष जिम्मेवारी सरेर आएका २२ थान देवानी मुद्दामध्ये आठ थान फस्यौट भई १४ थान मुद्दा बाँकी रहे। यस वर्ष दर्ता भएका ५० थान मुद्दामध्ये छ थान मुद्दा ४४ थान बाँकी रहे। यस वर्षको अन्त्यसम्ममा २ सय १५ मुद्दामध्ये ९९ थान मुद्दा फस्यौट भई १ सय ५४ मुद्दा बाँकी रहे।

जिल्ला सरकारी न्यायाधिवक्ताको कार्यालय डोटीले ०६६ पुस १६ गतेदेखि यस वर्षको अन्त्यसम्म फरक-फरक प्रकृतिका जम्मा १५ थान मुद्दाहरू जिल्ला अदालतमा दायर गरेकोमा चाँर थान मुद्दामा सफलता प्राप्त भएको छ भने तीन थान मुद्दामा असफलता प्राप्त भएको छ र आठ थान मुद्दा फैसला हुन बाँकी रहेका छन्।

बालअधिकार

जिल्ला शिक्षा कार्यालय डोटीका अनुसार यस जिल्लामा संस्थागत र सरकारी गुठी आदि गरी जम्मा विद्यालयको संख्या ४ सय आठ रहेको छ। जसमध्ये २ सय ६० ओटा विद्यालयमा प्राथमिक तहको शिक्षा, ७५

ओटा बिद्यालयमा निम्नमाध्यमिक तहको शिक्षा, ७३ ओटा बिद्यालयमा माध्यमिक तहको कक्षा सञ्चालन हुन्छ। प्राथमिक तहमा ५२ हजार ६ सय ५४ जना बिद्यार्थी अध्ययनरत रहेकोमा २६हजार ३७ जना छात्रा र २६ हजार ६ सय १७ जना छात्र अध्ययनरत छन्। यसैगरी निम्नमाध्यमिक विद्यालयतर्फ १२ हजार २ सय ८० बिद्यार्थी रहेकोमा ५ हजार ६ सय ३४ जना छात्रा र ६ हजार ६ सय ४६ छात्र अध्ययनरत रहेका छन्। यस जिल्लामा माध्यमिक तहतर्फ ४ हजार ९ सय १६ जना बिद्यार्थी रहेकोमा २ हजार १ सय ६२ छात्रा र २ हजार ७ सय ५४ छात्र अध्ययनरत रहेका छन्। यस जिल्लामा निजी (बोर्डिङ) विद्यालयको सङ्ख्या १२ रहेकोमा ८ हजार ८ सय ८५ जना विद्यार्थी अध्ययनरत छन्। जसमा ४ हजार ३ सय जना छात्रा, ४ हजार ५ सय ८५ जना छात्र अध्ययनरत छन्।

भुमिराजमाण्डौ गाविस-९ स्थित छत्रेश्वर निमावि फलेडी कक्षा ८ का विद्यार्थी चेतराज जैशी, पदमराज भट्ट र लालमणि भट्टलाई मोबाइल फोन चोरेको आरोपमा ०६६ पुस २२ गते रानागाउँ गाविस-१ का ४२ वर्षीय व्यापारी चक्रराज जोशीले विद्यालय हाताभित्रै प्रवेश गरी कुटपिट गरी घाइते पारे। अनाहकमा मोबाइल चोरेको आरोपमा कुटपिट गरेको भन्दै विद्यार्थीका अभिभावकले ०६६ पुस २३ गते प्रहरी चौकी वायलमा निवेदन दिए। अभिभावक भेलाले ०६६ पुस २५ गते पीडकलाई बोलाएपछि प्रहरीको रोहबरमा रुपिया पाँच हजार रुपियाँ औषधी उपचार खर्च बापत तिर्ने सहमति जनाएपछि मिलापत्र भयो।

घण्टेश्वर गाविस-३ की १४ वर्षीया बालिकालाई ०६७ जेठ ११ गते आफ्नो घरनजिकै नुहाइरहेको बेला डडेल्धुरा जिल्ला अमरगढी नपा-३ का २७ वर्षीय दानबहादुर ऐरले बलात्कारको प्रयास गरेको भन्दै गाउँलेले आरोपित ऐरलाई समाती प्रहरी चौकी गैरामा बुझाए। जिल्ला प्रहरी कार्यालयले ०६७ असार १३ गते सार्वजनिक अपराधको मुद्दा जिल्ला प्रशासन कार्यालय डोटीमा दर्ता गराएकोमा उनी सोही दिन ५ हजार रुपैयाँ जरिवाना बुझाई रिहा भए।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बेचबिखन तथा ओसारपसार

बाझककानी गाविस-१ का २८ वर्षीय डबलबहादुर खड्काले ०६६ चैत ८ गते पत्नी २३ वर्षीया ललिता खड्कालाई भारतमा पुऱ्याई पचास हजार रुपियाँमा बिक्री गरे। भारतको अजमेर भन्ने ठाउँको एक होटलमा पीडितलाई बिक्री गरी पति बेपत्ता भएका थिए। सो होटलबाट भागेर उम्किन सफल भई

घटनाको प्रकार	गैरराज्यबाट			
	अन्यबाट			
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
कुटपिट	१	३		३
जातीय विभेद	१		१	१
महिलाअधिकार	६		६	६
बालअधिकार	१		१	१
अपहरण	१		१	१
जम्मा	१०	३	९	१२

दोषी पतिलाई कारबाहीको माग गर्दै ०६७ साउन ४ गते जिल्ला प्रहरी कार्यालय,डोटीमा निवेदन दिएकी छिन् र यस वर्षको अन्त्यसम्म प्रहरीले खोजतलास गर्दा उनी फरार रहेको जानकारी दिएको छ।

घरेलु हिंसा

दिपायल सिलगढी नपा-५ की २२ वर्षीय कित्थी कोलीलाई पति २४ वर्षीय पति शेरबहादुर कोलीले ०६७ जेठ २ गते कुटपिट गरी घरनिकाला गरे। शेरबहादुरले मादक पदार्थ सेवन गरी पत्नीलाई गालीगलौज गर्नुका साथै बारम्बार कुटपिट गर्ने गरेका थिए। घरनिकाला गरेपछि कित्थीले सम्बन्धविच्छेदका लागि ०६७ जेठ १६ गते जिल्ला अदालत डोटीमा मुद्दा दर्ता गराइन्। सो मुद्दा हालसम्म अदालतमा विचराधीन छ।

बहुविवाह

तोलेनी गाविस-२ का चेतबहादुर सिंहले ०६७ जेठ १० गते बहुविवाह गरेको भनी पत्नी डम्बरादेवी सिंहले ०६७ जेठ १२ गते जिल्ला प्रहरी कार्यालय डोटीमा निवेदन दिइन्। आरोपित हालसम्म फरार रहेको प्रहरीले जनायो।

लाटामाण्डौ गाविस-९ निवासी पूजा रावतले पति ३५ वर्षीय प्रेम रावतले विभिन्न बहानामा कुटपिट गर्ने गरेको भनी ०६६ चैत १५ गते महिला पुनर्स्थापना केन्द्र डोटीमा निवेदन दिइन्। पीडितलाई चार वर्ष अघि प्रेम रावतले भारतबाट अदालती विवाह गरी डोटी ल्याएका थिए। यसभन्दा अघि पनि जिल्ला प्रहरी कार्यालयमा निवेदन दिँदा मिलापत्र गराएको थियो। उनी हाल दिपायल सिलगढी नपा-२ मा रहेको मुना मेमोरियल स्कूलमा कार्यरत छिन्।

बगलेख गाविस-२ की २० वर्षीया पपी

औलीका पति रामबाहादुर ओलीले बहुविवाह गरेको भनी ०६६ चैत १९ गते जिल्ला प्रहरी कार्यालयमा निवेदन दिइन् । आरोपित फरार रहेको प्रहरीले जनायो।

सबै प्रकारका जातीय विभेद

दिपायल सिलगढी नपा-९ निवासी २० वर्षीया रोशनी नेपालीलाई सोही गाउँका १८ वर्षीय रोशन धामीले ०६७ भदौ ६ गते बिहान वाईसधारामा पानी भरिरहेका समयमा आएका आफूभन्दा तल्लो जातिले अगाडि पानी भर्ने भन्दै कुटपिट गरे। तल्लो जाति भन्दै अपमान गरी कुटपिट गरेपछि सोही दिन पीडितका बुबाले इलाका प्रहरी कार्यालय दिपायलमा उजुरी दिए। घटनामा घाइते भएकी नेपालीको सुजङ अस्पतालमा उपचार हुन नसकेपछि टीम अस्पताल डडेल्धुरामा थप उपचार भएको थियो। प्रहरीले दुवै पक्षलाई बोलाई उपचार खर्च व्यहोर्ने शर्तमा ०६७ भदौ ७ गते शर्तमा मिलापत्र गरायो।

खातिवडा गाविस-२ का २१ वर्षीय लोकबहादुर पार्कीले ०६६ असोज १६ गते सोही गाउँका रामबहादुर खड्काकी पत्नीसँग विवाह गरेको आरोपमा स्थानीय गैरदलितहरूले उनका भाइ, आमा र बुबालाई ०६६ पुस २६ गते घरनिकाला गरी उनको घरसमेत भत्काए। लुटपाट र कुटपिटमा संलग्न भएको आरोपमा सोही गाविस-२ का ३५ वर्षीय अर्जुन खड्का, ३६ वर्षीय प्रकाश खड्का, ५५ वर्षीय नरबहादुर खड्का, ३६ वर्षीय पद्म खड्का र ३५ वर्षीय शिव खड्काको नाममा ०६६ पुस २८ गते पीडितका ७० वर्षीय वृद्ध बुबा टीका पार्कीले मुद्दा दायर गरे। सो मुद्दामा पीडितका तर्फबाट दावी नपुगेको न्यायाधीश हिमालयराज पाठकको एकल इजलासले ०६७ असार २७ गते फैसला गऱ्यो।

स्वास्थ्य सेवाको अवस्था

जिल्ला स्वास्थ्य कार्यालय,डोटीका अनुसार जिल्लामा एक जिल्ला अस्पताल र दुईओटा प्रर्थमिक स्वस्थ्य केन्द्र, ३९ ओटा स्वास्थ चौकी र १० ओटा स्वास्थ्य चौकी रहेका छन्। जिल्ला अस्पतालमा पाँच जना चिकित्सकको दरबन्दी भए पनि तीन जनामात्र कार्यरत छन्। जिल्लाका दुईओटा उपस्वास्थ्य चौकीमा १ सय ९० जना स्वास्थ्यकर्मीको दरबन्दी रहेकोमा १ सय ७५ जना कार्यरत रहेका छन्। जिल्लामा दुई जना चिकित्सक र १५ जना स्वास्थ्यकर्मीहरुको दरबन्दी रिक्त रहेको छ।

५.४ बाजुरा

जनसङ्ख्या : १,२६,२६७
साक्षरता प्रतिशत : ३९
महिला साक्षरता प्रतिशत : २५
क्षेत्रफल (वर्ग कि. मि.) : २,१८८
गाविस/नपा सङ्ख्या : २७/०
सरकारी/निजी विद्यालय : २०९/३
क्याम्पस/उच्च मा.वि. : ४/८
अस्पताल/स्वास्थ्य चौकी : १/२७
मानव विकास सूचकाङ्कः ०.३१०
प्रतिपरिवार सरदर सङ्ख्याः ६

जेल र बन्दीहरु

'घ' श्रेणीको कारागारको क्षमता २५ जनाको रहेको छ। कारागारमा कैद तोकिएका २८ जना पुरुष रहेका छन् भने सात जना थुनुवा रहेका छन्। थुनुवाहरूमा चार जना पुरुष र तीन जना महिला रहेका छन्। महिलाहरूका साथमा दुई जना आश्रित नाबालक समेत रहेका छन्। यसरी जिल्ला कारगारमा हाल ३५ जना रहेका छन्। कारागार भवन जीर्ण छ। खानेपानीको सुविधा भए पनि व्यवस्थित छैन। कैदीका लागि एउटा क्यारेमबोर्ड, टिभी, चेस उपलब्ध गराइएको छ। कैदीहरूले नियमानुसार पाउने सरकारी सुविधा निरन्तर पाइरहेका छन्।

धम्की/कुटपिट

एकीकृत माओवादीबाट

मार्तडी गाविस-८ निवासी २९ वर्षीय रणबहादुर विकलाई ०६७ मङ्सिर १६ गते एकीकृत माओवादी कार्यकर्ता गोत्री गाविस-९ की अन्दाजी ३० वर्षीया विनीता विकले 'माओवादीद्वारा घोडा चोरी'

घटनाको प्रकार	गैरराज्यबाट								राज्यबाट		
	अन्यबाट				एकीकृत माओवादीबाट						
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	नखुलेको	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	६	४	२	६							
घाइते	३	८		८	१	१		१			
गिरफ्तारी/यातना									१	३	३
कुटपिट	१	३		३							
धम्की					१	१		१			
जातीय विभेद	३	१	३	३							
महिलाअधिकार	३		३	३							
बालअधिकार	३		३	३	१		१	१			
आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार	१	१		१							
जम्मा	१८	१६	९	२६	३	३	१	३	१	३	३

शीर्षकमा समाचार लेखेको आरोपमा समाचार नसच्याए राम्रो नहुने भन्दै धम्की दिइन्। एकीकृत माओवादीले आफूलाई पटकपटक धम्की दिँदै क्षमायाचना पत्रसमेत लेख्न दबाब दिएको पत्रकार विकले विज्ञप्तिमार्फत ०६७ मङ्सिर १९ गते सार्वजनिक गरे। जिल्ला प्रशासनको समन्वयमा ०६७ मङ्सिर २२ गते दुवै पक्षलाई बोलाई माओवादी कार्यकर्ता विकले आफ्नो तर्फबाट गल्ती भएको स्वीकारेपछि मेलमिलाप भयो ।

भिडन्तबाट

साप्पाटा गाविस-८ निवासी वाईसीएलका जिल्ला अध्यक्ष वर्षीय ३३ दीपेन्द्र बुढा, वाईसीएलका जिल्ला सचिव कैलाशमाण्डौं गाविस-१ पन्धाराका २८ वर्षीय मोतीसिंह बुढा र मार्तडी गाविस-४ निवासी एमालेको भातृ सङ्गठन युवा सङ्घका सचिव वर्षीय २३ वर्षीय भीमबहादुर रावल ०६६ चैत २४ गते राती एमाले र एकीकृत माओवादी कार्यकर्ताबीच बाजुरा सदरमुकाम मार्तडीमा दोहोरो झडप हुँदा घाइते भए। घाइतेहरूको उपचार बाजुरा जिल्ला अस्पतालमा भयो। युवा सङ्घ र वाईसीएल कार्यकर्ताबीच सदरमुकाम मार्तडीमा भएको सामान्य विवादपछि दुवै पक्षबीच झडप भएको थियो। प्रमुख जिल्ला अधिकारीको समन्वयमा ०६६ चैत २५ गते जिल्ला प्रशासन कार्यालयमा एमाले केन्द्रीय सदस्य कर्णबहादुर थापा र एकीकृत माओवादीका राज्य समिति सदस्य सहदेव बोगटीलगायतका दुवै पक्षका नेताहरूबीच झडप नगर्ने सहमति भए पनि त्यसै राती दुवै पक्षबीच पुनः दोहोरो झडप भयो। सो झडपमा एकीकृत माओवादी कार्यकर्ताहरू पाण्डुसेन गाविस सेलकाटियाका २९ वर्षीय भरत विक, बाह्रबीस गाविस-८ का ३४ वर्षीय भक्तबहादुर बिष्ट, कैलाशमाण्डौं गाविस-१ पन्धाराका ३० वर्षीय दीपकबहादुर बुढा, कैलाशमाण्डौं-१ पन्धाराका २६ वर्षीय कल्लाने बुढा घाइते भए। एमालेतर्फ जिल्ला कमिटी सदस्य कुल्देवमाण्डौं गाविस-७ का ४१ वर्षीय बलवान थापा घाइते भए। घाइतेहरूको जिल्ला अस्पतालमा उपचार भयो। राती ९ बजे तिर माओवादी कार्यकर्ताको समूहले मार्तडीस्थित एमाले कार्यकर्ता दिलबहादुर कुँवरको घर घेराउ गरी आक्रमणको प्रयास गरेपछि दुवै पक्षबीच झडप भएको थियो। करिब दुई घण्टासम्म भएको झडपका कारण सदरमुकामको वातावरण तनावग्रस्त भएको थियो। नागरिक समाजका अगुवाहरूको समन्वयमा जिल्ला प्रशासन कार्यालयमा ०६६ चैत २६ गते दिउँसो पुनः दुवै पक्षका नेता कार्यकर्ताहरूबीच छलफल भएर घटना नदोहोऱ्याउने लिखित सहमति भएपछि घटनाको अन्त्य भएको थियो।

नेविसङ्घबाट

अनेरास्ववियुका जिल्ला सचिव मार्तडी-२ का २१ वर्षीय जङ्गबहादुर विक र सदस्यहरू मानाकोट-२ का २२ वर्षीय भूपाल रोकाया र पाण्डुसेन गाविसका हेमबहादुर रोकायालाई आटीचौर गाविसस्थित दशरथ

माध्यमिक विद्यालयमा प्रारम्भिक कमिटी गठन गर्न जाँदा ०६७ भदौ ११ गते नेविसङ्घका लालबहादुर बिष्ट लगायतको समूहले कुटपीट गरी घाइते बनायो। घाइतेहरूको ब्रम्हतोलास्थित सेराबगरको एउटा निजी मेडिकलमा उपचार गरिएको थियो। दोषीलाई कारबाहीको माग गर्दै अनेरास्वियुले ०६७ भदौ १४ गते जिल्ला प्रशासन कार्यालयमा धर्ना दिएपछि प्रहरीले बिष्टलाई ०६७ भदौ १५ गते गिरफ्तार गऱ्यो। दुवैपक्षबीच ०६७ भदौ १६ गते घटना नदोहोऱ्याउने सहमतिमा मिलापत्र भयो।

गैरकानुनी गिरफ्तारी

काठमाण्डौं निवासी राष्ट्रिय बेरोजगार युवा संरक्षण मञ्चका अध्यक्ष ५० वर्षीय माधव भण्डारी, डा. हरिशरण अर्याल र ४२ वर्षीय सुदन न्यौपानेलाई राजनीतिक दलको विरुद्धमा अभिव्यक्ति दिएको आरोपमा ०६६ चैत २३ गते बेलुका ५ बजे नेकपा (एमाले), एकीकृत माओवादी र काङ्ग्रेस समूहले मार्तडीमा मञ्चको कार्यक्रम स्थल जिविसमा दुर्व्यवहार गर्दै कुटपिट गरी सामान्य घाइते बनाए। उनीहरूको उपचार समेत कतै गरिएन। दलका नेताहरूकै दबाबमा उनीहरूलाई प्रहरीले सोही दिन घटनास्थलबाटै गिरफ्तार गरी बिनापुर्जी २४ घण्टा भन्दा बढी समय थुनामा राख्यो। जिल्ला प्रहरी कार्यालयमा पीडितहरूलाई ०६६ चैत २४ गते राति माफी मागेको लिखित कागज गराएर रिहा गरियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत बाजुरामा दुनियाँवादी फौजदारी मुद्दाअन्तर्गत गत वर्षको जिम्मेवारी सरेर आएको सात थान मुद्दा मध्ये यो वर्ष एउटै मुद्दा पनि फर्स्यौट भएन। यस वर्ष दर्ता भएका दुनियावादी फौजदारी मुद्दा चार थान दर्ता भएकामा तीन थान फर्स्यौट भए भने एक थान बाँकी रह्यो। दुनियाँवादी फौजदारीतर्फ गत वर्ष जिम्मेवारी सरेर आएका तथा यस वर्ष दर्ता भएका जम्मा ११ थान मुद्दामा तीन थान मुद्दा यस वर्षको अन्त्य सम्म फर्स्यौट भई आठ थान मुद्दा बाँकी रहे। यसैगरी, सरकारवादी फौजदारी मुद्दा गत वर्षको जिम्मेवारी सरेर आएका दुई थान मध्ये एक थान फर्स्यौट भयो। यस वर्ष दर्ता भएका सरकारीवादी फौजदारी मुद्दा एक थान दर्ता भएकामा हालसम्म फैसला भएको छैन्। यसरी यो वर्षको अन्त्य सम्ममा तीन थान मुद्दामध्ये एक थान फैसला भई दुई थान फर्स्यौट हुन बाँकी रहे। देवानी मुद्दातर्फ गतवर्षको जिम्मेवारी सरेर आएको एक थान मुद्दा रहेकोमा उक्त मुद्दा फर्स्यौट भयो। यसैगरी, यस वर्ष देवानी मुद्दा दुई दर्ता भएकामा दुवै मुद्दा फर्स्यौट हुन बाँकी रहेका छन्। यसरी यो वर्षको अन्त्यसम्म जम्मा १७ थान मुद्दाहरू मध्ये ५ थान मुद्दाहरू फर्स्यौट भई १२ थान मुद्दाहरू बाँकी रहे।

यो वर्ष जिल्ला न्यायधिवक्ताको कार्यालयबाट जिल्ला अदालतमा १२ वटा मुद्दा दर्ता भएकामा आठ ओटा सफल भए। दुईटा असफल भए भने दुईटा फैसला हुन बाँकी रहेका छन्। त्यस्तै यो वर्ष जिल्ला अदालतमा घरेलु हिंसा सम्बन्धी मुद्दा परेनन्।

बालअधिकार

जिल्ला शिक्षा कार्यालय बाजुराका अनुसार यस जिल्लामा सरकारी र सामुदायिक गरी जम्मा विद्यालय सङ्ख्या २ सय ४४ रहेको छ। जसमध्ये १ सय ५४ ओटामा प्राथमिक तहको शिक्षा ४९ ओटामा निम्न माध्यामिक तहको र ४१ ओटा विद्यालयमा माध्यमिक तहको कक्षा सञ्चालन हुन्छ। माध्यमिक तहमा ४ हजार २ सय ७० अध्ययनरत रहेकोमा १ हजार ४ सय ७० छात्रा र २ हजार ८ सय १० छात्र अध्ययनरत रहेका छन्। यसैगरी निम्न माध्यमिक तहमा ९ हजार २ सय ७९ विद्यार्थी अध्ययनरत रहेकामा ३ हजार ७ सय ७८ छात्रा र ५ हजार ५ सय १ छात्र अध्ययनरत रहेका छन्। यस जिल्लामा प्राथमिक तहमा ३४ हजार ९ सय ६७ विद्यार्थी अध्ययनरत रहेकामा छात्रा १८ हजार ६ सय ४५ र १६ हजार ३ सय २२ छात्र अध्ययनरत रहेका छन्।

यस जिल्लामा निजी विद्यालयको सङ्ख्या १७ रहेकोमा १ हजार २ सय ९९ विद्यार्थी अध्ययनरत रहेका छन् जसमा छात्रा ३ सय २३ र छात्र ९ सय ७६ अध्ययनरत छन्।

गोत्री गाविस-८ बहाडुग्रा टोलकी १४ वर्षीया एक बालिकालाई घर नजिकैको जङ्गलमा गोरु चराउन गएका बेला ०६६ चैत १७ गते सोही गाउँका २० वर्षीय पदम बुढा र १७ वर्षीय खड्ग बुढाले बलात्कारको प्रयास गरेको आरोपमा पीडितका अभिभावकले ०६६ चैत १८ गते कोल्टीस्थित प्रहरी चौकीमा उजुरी गरेपछि जिल्ला प्रहरी कार्यालयले ०६६ चैत २० गते दुवैलाई गिरफ्तार गरी जिल्ला अदालतमार्फत कारबाही अघि बढाएको थियो। जिल्ला अदालतले ०६७ जेठ १७ गते खडक बुढाको उमेर १८ वर्ष भन्दा कम भएकोले जेल चलान गर्न नमिल्ने भन्दै उनलाई बालसुधार गृहमा पठाउन सोही दिन जिल्ला बाल कल्याण अधिकृत सर्पलाल गिरीको रोहवरमा अभिभावकहरू अम्मर

बढुवाल (मामा) र जगत भण्डारीको जिम्मा लगायो भने पदम बुढालाई तीन वर्षको कैद फैसला गरी जेल चलान गऱ्यो। पदम बुढा जिल्ला कारागार बाजुरामा कैदी जीवन बिताइरहेका छन्।

एकीकृत माओवादीले ०६७ वैशाख २१ देखि २४ गतेसम्म सञ्चालन गरेको आमहड्तालका कारण बाजुराका २ सय २३ वटा सरकारी निजी विद्यालयहरूमा अध्ययनरत ४० हजार भन्दा बढी विद्यार्थीहरू पठनपाठनबाट वञ्चित भए। बन्दका कारण बजार क्षेत्रको व्यापार व्यवसाय समेत बन्द रह्यो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

पाण्डुसेन गाविस-५ पाण्डुसेन घर भई सोही गाविस-८ लरलरे बाटोमा आफ्नै दिदी नामसरा गुरुडको पसलमा बस्दै आएकी २० वर्षीया एक युवतीलाई ०६६ चैत ८ गते डडेल्धुरा जिल्ला रुपाल गाविस-१ का २७ वर्षीय धर्म गिरी, २४ वर्षीय नरी नाथ र रुपाल गाविस-५ सिराड २७ वर्षीय पदम ठकुराठी सहित तीन जनाको समूहले सोही पसलमा सामूहिक बलात्कार गरेको आरोपमा पीडितपक्षले उजुरी गऱ्यो। पीडितको जिल्ला अस्पताल बाजुरामा उपचार गरियो। पीडितकी दिदीले सोही दिन जिल्ला प्रहरी कार्यालय मार्तडीमा उजुरी दिएपछि त्यसै दिन प्रहरीले आरोपितहरूलाई गिरफ्तार गरी जिल्ला मुद्दा चलायो। जिल्ला अदालतले ०६७ जेठ ११ गते तीनै जनालाई १०/१० वर्ष कैद तोक्नुका साथै पीडितलाई प्रति व्यक्ति तीन/तीन लाख रुपियाँ क्षतिपूर्ती तोक्यो। पीडितले क्षतिपूर्ती पाइनन्।

घरेलु हिंसा

मार्तडी गाविस-४ रावलबाडाकी ३० वर्षीया देउमा रावललाई ०६७ मङ्सिर ६ गते उनका ससुरा मनबहादुर रावलले दुर्व्यवहार गरी घर निकालाको प्रयास गरे। पीडितले ०६७ मङ्सिर ७ गते मार्तडीस्थित सामुदायिक प्रहरी सेवा केन्द्रमा लिखित उजुरी गरेपछि कार्यालयले दुवै पक्षलाई बोलाई छलफल गर्दा मनबहादुर रावलले गल्ती स्वीकार गर्दै गल्ती नदोहोऱ्याउने लिखित प्रतिबद्धता गरेपछि उनीहरूबीच मिलापत्र भयो।

सबै प्रकारका जातीय विभेद

मार्तडी गाविस-३ चौराटा निवासी ४९ वर्षीया धर्मा चँदारालाई धारामा पानी भर्ने क्रममा ०६६ फागुन १ गते सोही गाउँकी १९ वर्षीया सीमाकुमारी विष्टले 'डुम' भन्दै दुर्व्यवहार गरिन्। पीडितले ०६७ फागुन २ गते सदरमुकाम मार्तडीमा रहेको सामुदायिक प्रहरी सेवा केन्द्रमा उजुरी गरिन्। केन्द्रका प्रहरीले दुवै पक्षलाई कार्यालयमा झिकाएपछि विष्टले आफूले गल्ती नदोहोऱ्याउने लिखित प्रतिबद्धता गरेपछि उनीहरू बीच मिलापत्र भयो।

बाँधु गाविस -२ धिमका २१ वर्षीय गोरख सार्की र सोही गाउँ निवासी २० वर्षीया आपासरी ऐडीलाई ०६७ असोजमा प्रेमविवाह गरेको भन्दै गाउँका गैर दलितहरूले दुर्व्यवहार गरे। आपासरीलाई आफ्नै बुबा मनबहादुर र काका रजबहादुर ऐडीले पटक-पटक कुटपिट प्रयास गरेको र अन्य गाउँलेहरूले समेत दुर्व्यवहार गर्ने गरेको पीडितले बताए।

बाँधु गाविस-१ का दलित समुदायका १३ घरपरिवारलाई सोही ठाँउको पाँणी गाउँमा ०६७ कात्तिक २९ गतेदेखि पुस ५ गतेसम्म आयोजना गरिएको महायज्ञमा पूजारी रहेका मष्टी पाध्या र मनि जोशीले पूजा गर्न दिएनन्। आफूहरूलाई यज्ञस्थलमा आउन समेत नदिएको र पूजा अशुद्ध हुने भन्दै दलित समूदायका व्यक्तिहरूलाई पातमा टीका दिई अपमान गरेको पीडितमध्ये एक गोरख सार्कीले बताए। दलितमाथि गरिएको उक्त व्यवहारको स्थानीय अधिकारकर्मी सङ्घ सस्थाहरूले आलोचना गरे।

स्वास्थ्य सेवाको अवस्था

बाजुरा जिल्लामा एउटा जिल्ला अस्पताल र एउटा प्राथमिक स्वास्थ्य केन्द्र छ। जिल्ला अस्पताल र प्राथमिक स्वास्थ्य केन्द्रमा गरी तीन जना चिकित्सकको दरबन्दी भएपनि जिल्ला अस्पताल र केन्द्रमा एक / एक जना चिकित्सकको दरबन्दी मात्र पूर्ति गरिएको छ। जिल्लाका ११ वटा स्वास्थ्य चौकी र १५ वटा उपस्वास्थ्य चौकी गरी १ सय १७ जना स्वास्थ्यकर्मीको दरबन्दी भएपनि १ सय १ जना मात्र कार्यरत छन्। जिल्लामा एक जना चिकित्सक र १४ जना स्वास्थ्यकर्मीको दरबन्दी रिक्त रहेको छ।

विगतको अनुगमन

साप्पाटाकी-६ फयालगाउँकी १४ वर्षीया एक बालिकालाई ०६६ पुस १२ गते राती कालीकोट जिल्लाको धौलाकुवा गाविसका स्थानीय ५५ वर्षीय शिवहरि पाध्याले परम्परागत संस्कारको आडमा जबरजस्ती विवाह गर्न खोजे। बालिकाकी छिमेकी मनकेश बुढाको सहयोगमा अमृताको शरीरमा सिन्दुर फ्याँकेर शिवहरीले उनी आफ्नी पत्नी भएको घोषणा

गरेका थिए। गाउँले परम्परा अनुसार इच्छाएको महिलालाई जो सुकैले टाढैबाट सिन्दुर फ्याँकेपछि उसैको पत्नी हुनैपर्ने बाध्यता साप्पाटा लगायत बाजुरा पूर्वोत्तरका गाउँहरूमा विद्यमान छ। बालिकाकी आमाले ०६६ पुस १३ गते बाँधु गाविसमा रहेको भारतीकोषेडी प्रहरी चौकीमा उजुरी गरिन्। प्रहरीले बुढालाई ०६६ पुस १४ गते प्रहरी चौकीमा हाजिर हुन पत्राचार गरेको भए पनि उनी उपस्थित भएनन्। गाउँमा बस्ने वातावरण नभएपछि ०६६ पुस ३० गते पीडित विस्थापित भएर सदरमुकाम मार्तडी पुगिन। छिमेकी सहित स्थानीय अधिकारकर्मीको सहयोगमा सोही दिन ०६६ पुस ३० गते उनले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरी कार्यालयले ०६६ माघ १ गते पाध्या र मनकेश बुढालाई प्रहरी कार्यालयमा उपस्थित हुन पत्राचार गऱ्यो। बुढाले आफ्नो उक्त घटनामा कुनै संलग्नता नभएको ०६६ माघ ९ गते प्रहरी कार्यालयमा दाबी गरेपछि उनलाई तारेखमा रहने आदेश दिइयो। पाध्या कालीकोट निवासी भएकाले प्रहरी कार्यालयमा उपस्थित भएनन्। जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब उपरीक्षक उमेश रञ्जितकारका अनुसार उक्त मुद्दामा प्रहरीले ०६७ भदौसम्म पनि अनुसन्धान जारी राखेको थियो। पाध्यालाई गिरफ्तार गर्नका लागि प्रहरीले कालीकोट जिल्ला प्रहरी कार्यालयसँग समन्वय गरी रहेको बताए पनि उनलाई यो अभिलेख तयार गर्दासम्म गिरफ्तार गर्न सकेको छैन। इन्सेक क्षेत्रीय कार्यालय धनगढीले सहयोगस्वरुप ०६६ माघ ७ गते बालिकालाई २ हजार रुपियाँ सहयोग स्वरूप प्रदान गरेको थियो।

५.५ बझाङ

जनसङ्ख्या : १,९६,६३७
साक्षरता प्रतिशत : ४२
महिला साक्षरता प्रतिशत : २३
क्षेत्रफल (वर्ग कि. मि.) : ३४२२
गाविस/नपा सङ्ख्या : ४७/०
सरकारी/निजी विद्यालय : ३७२/९
क्याम्पस/उच्च मा.वि. : १/२६
अस्पताल/स्वास्थ्य चौकी : १/४६
मानव विकास सूचकाङ्कः ०.३४३
प्रतिपरिवार सरदर सङ्ख्याः ७

जेल र बन्दीहरू

'ङ' श्रेणीको यस जिल्ला कारागारको क्षमता २५ जनाको रहेको छ। हाल यस कारागारमा कैद तोकिएका १६ जना पुरुष रहेका छन् भने कैद नतोकिएका छ जना पुरुष रहेका छन्। यसरी जिल्ला कारगारमा हाल २२ जना रहेका छन्। कारागारभित्र पानी, शौचालय, विद्युत, स्वास्थ्य तथा पत्रपत्रिका, रेडियो, टिभी, खेलकुद, विद्यालय सामग्री आदि उपलब्ध गराइएको छ।

धम्की/कुटपिट

राज्यबाट

माझीगाँउ गाविस-९ सुकापार्टी निवासी ४५ वर्षीय रामबहादुर रोकायालाई ०६७ मङ्सिर २५ गते आफ्नो खेतबारीमा घेराबार गरिरहेको अवस्थामा छान्ना प्रहरीका चौकीका प्रहरी जवान गणेशसिंह धामी, नरजित गिरीले कुटपिट गरे। घटनापछि ०६७ मङ्सिर २६ गते स्थानीयवासीले छान्ना प्रहरी चौकी घेरा पीडितको औषधी उपचार खर्च ४० हजार रुपियाँ दिने सर्तमा चौकीमा सोही दिन मिलापत्र भयो। पीडितको उपचा र जिल्ला अस्पतालमा भयो।

घटनाको प्रकार	गैरराज्यबाट							राज्यबाट		
	अन्यबाट				एकीकृत माओवादीबाट					
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
घाइते					१	१	१			
कुटपिट								१	१	१
धम्की					१	१	१			
जातीय विभेद	१	१		१						
महिलाअधिकार	६		६	६						
बालअधिकार	१		१	१						
अमानवीय व्यवहार					१	१	१			
जम्मा	८	१	७	८	३	३	३	१	१	१

एकीकृत माओवादीबाट

रायल गाविस-१ निवासी मल्ल स्टोरका मालिक ३३ वर्षीय जगतबहादुर मल्ललाई सत्ता कब्जा गर्ने अभियानमा ५० हजार रुपियाँ चन्दा नदिएको आरोपमा ०६७ वैशाख ७ गते एकीकृत माओवादीका कार्यकर्ताहरूले उनकै पसलमा गई चन्दा नदिए जे पनि गर्न सक्ने धम्की दिएको पीडितले बताए। धम्कीपछि पीडितले ५० हजार रुपियाँ दिएको स्थानीय बासिन्दाले बताए।

मटेला गाविस-२ निवासी सेती क्याम्पस बगडगाउँका क्याम्पस प्रमुख ३७ वर्षीय विष्णुभक्त गिरीलाई ०६७ वैशाख १४ गते दिउँसो हतियार सहितका ८/१० जनाको एकीकृत माओवादीको समूहले ना.३ ख ५७०७ नं. बसबाट धनगढी गइरहेको अवस्थामा सुबेडा गाविस-४ कचाली खोलामा नियन्त्रणमा लिएर खुकुरीले टाउको, पेट, खुट्टा, र दुवै हात छियाछिया पारी मरणासन्ने हुने गरी कुटपिट गऱ्यो। पीडितको सामान्य उपचार जिल्ला अस्पताल सिमखेतमा गरियो भने थप उपचार काठमाडौंस्थित शिक्षण अस्पताल महाराजगञ्जमा गरियो। पीडकहरूलाई कारबाहीका निमित्त ०६७ वैशाख १४ गते जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयमा पीडितका परिवारले उजुरी दिए। जिल्ला प्रहरी कार्यालयले आरोपितहरूको खोजी गरेपनि हालसम्म फेला परेनन्।

महोत्तरी जिल्ला घर भई जिल्ला कृषि विकास कार्यालय बर्झाडका प्रमुख वीरेन्द्र सिन्हालाई रासायनिक मल खरिदमा अनियमिता गरेको आरोपमा ०६७ असार १७ गते एकीकृत माओवादीका जिल्ला सह-इन्चार्ज तथा सेती महाकाली राज्य समिति सदस्य टोपबहादुर खड्काको नेतृत्वमा रहेको २० जनाको समूहले मोसो दली कुटपिट गऱ्यो। रासायनिक मल वितरणमा भएको अनियमिताका बारेमा एकीकृत माओवादीले जिल्ला प्रशासन कार्यालयमा पटक–पटक उजुरी दिँदा पनि चासो नदेखाएको कारण आफैंले कारबाही गरेको सह-इन्चार्ज टोपबहादुर खड्काले बताए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत बर्झाडमा दुनियावादी फौजदारीतर्फ गत वर्षको जिम्मेवारी सरेर आएको सात थान मुद्दामध्ये एक थान मुद्दा फर्स्यौट भई छ थान मुद्धा फर्स्यौट हुन बाकी रहे। यसवर्ष दर्ता भएका ३६ थानमध्ये सबै थान मुद्दा बाँकी रहे। गतवर्ष जिम्मेवारी सरेर आएका सरकारवादी फौजदारी मुद्दा छ थान मध्ये सबै थान मुद्दा बाँकी रहे। यसवर्ष दर्ता भएका चार थान मुद्दामध्ये सबै मुद्दा बाँकी रहे। देवानीतर्फ गतवर्षको जिम्मेवारी सरेर आएका २४ थान मुद्दा र यसवर्ष दर्ता भएका २७ थान गरी जम्मा ५१ थान मुद्दामध्ये तीन थान फर्स्यौट भई ४८ थान मुद्दा बाँकी रहे। यसवर्षको अन्त्यसम्ममा १ सय ४ थान मुद्दा दर्ता भएकोमा चाँर थान मुद्दा फर्स्यौट भई १ यस थान मुद्दा फर्स्यौट हुन बाँकी रहे।

सरकारी अधिवक्ताको कार्यालयले ०६६ पुस १७ गतेदेखि ०६७ पुस १६ गतेसम्म जिल्ला अदालतमा दायर गरेका १६ थान मुद्दा र जिल्ला प्रशासन कार्यालयमा दायर गरेका १६ थान मुद्दामध्ये अदालतमा दर्ता सबै मुद्दामा असफलता प्राप्त भयो भने जिल्ला प्रशासनमा दायर गरिएका १६ थानमध्ये चार थान मुद्दामा सफलता र १२ थान मुद्दामा असफलता प्राप्त भएको छ।

बालअधिकार

जिल्ला शिक्षा कार्यालय बझाङका अनुसार यस जिल्लामा सरकारी र सामुदायिक गरी ४ सय ५४ ओटा विद्यालय रहेका छन्। जसमध्ये ३ सय ३ ओटा विद्यालयमा प्राथामिक तहको शिक्षा, ७६ ओटा विद्यालयमा निम्ममाध्यमिक तहको शिक्षा र ७५ ओटा विद्यालयमा माध्यमिक तहको पढाई सञ्चालन भइरहेको छ। माध्यमिक तहका ८ हजार ६ सय ८८ विद्यार्थी अध्ययन गरिरहेकोमा २ हजार ९ सय २९ छात्रा र ५ हजार ७ सय ५९ छात्र अध्ययनरत छन्। यसैगरी निम्नमाध्यमिक तहमा १४ हजार ६ सय ४० विद्यार्थी अध्ययनरत रहेकोमा ४ हजार ६ सय ४५ छात्रा र ९ हजार ९ सय ९५ छात्र अध्ययनरत रहेका छन्। यस जिल्लामा प्राबि तहमा ५६ हजार १० विद्यार्थी अध्ययनरत रहेकोमा २८ हजार १० छात्रा र २८ हजार छात्र अध्ययनरत रहेका छन्। यसैगरी बाल विकास केन्द्रतर्फ ७ हजार ३ सय २२ विद्यार्थी अध्ययनरत छन्। तीमध्ये छात्रा ३ हजार ६ सय २९ र छात्र ३ हजार ६ सय ९३ अध्ययन गर्ने गरेकोमा ७ सय ७४ जना दलित छात्रा र ७ सय ७७ छात्र अध्ययनरत छन्।

यस जिल्लामा प्राथमिक तहका शिक्षक १२ सय ४३ जना रहेकोमा सरकारीतर्फ ८ सय २६ र राहततर्फका ४ सय १७ जना शिक्षक कार्यरत रहेका छन्। यसैगरी निम्नमाध्यमिकतर्फ २ सय ९५ शिक्षक रहेकोमा सरकारीतर्फ १ सय २६ र राहततर्फ १ सय ६९ जना कार्यरत रहेका छन् भने माध्यमिकतर्फ २ सय ३७ जना शिक्षकमध्ये सरकारीतर्फ १ सय १६ र राहततर्फ १ सय २१ जना गरी जम्मा १७ सय ७५ जनाले यस जिल्लामा अध्यापन गरिरहेका छन्।

एकीकृत माओवादीले राष्ट्रिय सहमति, शान्ति र संविधानको लागि भन्दै ०६७ वैशाख १८ देखि २६ गतेसम्म गरेको आमहड्तालका कारण जिल्लाका ४ सय ४२ विद्यालयका ९० हजार ३ सय बालबालिकाहरूको पठनपाठन अवरुद्ध भयो।

माझीगाउँ गाविस-३ नुवाकोटकी ११ वर्षीया एक बालिकालाई ०६७ असार ४ गते ५० वर्षीय डम्बर पाध्याले सोही गाविस-१ बामिलीस्थित भैँसी गोठमा मिठाई र राम्रो कपडा किनिदिन्छु भनी बलात्कार गरेको आरोपमा पीडित पक्षले उजुरी गरे। पीडित बालिकाले घटनाबारे ठूली आमालाई जानकारी गराएपछि सोही गाउँका सतानन्द पाध्याले असार २० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितलाई प्रहरीले असार २० गते गिरफ्तार गरी पूर्पक्षका लागि कारागारमा राखी जबरजस्ती करणी उद्योगअन्तर्गत मुद्दा चलाएको छ। मेडिकल रिपोर्टका अनुसार बलात्कार नभई बलात्कारको प्रयास भएको जिल्ला अस्पताल सिमखेतका डाक्टर रामबहादुर के.सी.ले बताए।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

हेमन्तवाडा गाविस-१ पडेसकी २४ वर्षीया एक महिलालाई पति कामको लागि भारतमा गएको अवस्थामा सोही गाविस-६ का २७ वर्षीय प्रेमबहादुर विष्टले अवैध यौन सम्पर्क राखी गर्भ बोकाएको भनी पीडितले ०६७ जेठ १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। केही महिनापछि ससुराले बुहारीको गर्भ रहेको थाहा पाएपछि ०६७ जेठ १६ गते घरबाट निकाले। प्रहरी कार्यालयले पीडकका बाबुलाई बोलाई गर्भ बोकाएर भारत भागेको छोरालाई एक महिनाभित्र जिल्ला प्रहरी कार्यालयमा उपस्थित गराउन आदेश दिएकोमा हालसम्म उपस्थित गराइएको छैन।

घरेलु हिंसा

कैलाश गाविस-१ पिमीकी २७ वर्षीय किडिदेवी सिंह ०६६ जेठ १९ गते भारतमा रहेका आफ्ना पतिलाई भेट्न जाँदा सोही गाविस शेराका रणबहादुर सिंहबाट ६ हजार रुपियाँ ऋण मागेर हिँडिन्। किडिदेवी एक महिनासम्म माइती घरमा बसी घर फर्कने क्रममा ऋण दिने व्यक्तिसँग अवैध सम्बन्ध राखी गर्भपतन गराई भन्ने आरोपमा ०६७ साउन १३ गते देवर, सासूले कुटपिट गरी घरबाट निकाले। पीडितले महिलाअधिकार मञ्च, दलित महिला सङ्घ र जिल्ला प्रहरी कार्यालयमा साउन १४ गते उजुरी दिएकोमा हालसम्म कुनै सुनुवाई भएको छैन। पीडितका दुई छोरा रहेका छन्।

चैनपुर गाविस-१ की २५ वर्षीया मञ्जु स्नेही (रसाईली) लाई लामातोला गाविस-६ ऐचेली बगडका २७ वर्षीय धनप्रकाश गिरीले ०५४ असार ८ गते प्रेमविवाह गरी भारतको बेङ्गलोर लगेर एक छोरा एक छोरी जन्मेपछि जातीयताका कारण भारतमै अलपत्र छोडिदिए। पीडित महिला भारतमा अलपत्र परेपछि उनका बुबा जयबहादुर स्नेहीले बझाङ ल्याउँदा धनप्रकाशले अर्को बिवाह गरेको थाहा पाएपछि ०६७ जेठ ५ गते जिल्ला प्रशासन कार्यालयमा बहुविवाहविरुद्ध उजुरी दिए। हाल पीडित महिलाले महिला अधिकारकर्मी सङ्घसंस्थाहरूलाई न्यायका लागि सहयोग मागेकी छन्।

सबै प्रकारका जातीय विभेद

रिठापाटा गाविस -८ देवलका ३५ वर्षीय रमेश दमाईले होटलमा चिया छोएको आरोपमा ०६७ जेठ २४ गते दिउँसो सोही गाविस-६ का ५० वर्षीय

मोहनबहादुर खड्काले 'डुम' भन्ने अपशब्द प्रयोग गरी गाली बेइज्जती गरे। पीडितले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। उजुरीपछि प्रहरीले आरोपितलाई जिल्ला प्रहरी कार्यालयमा बोलाई सोधपुछ गर्दा अबदेखि गाली बेइज्जती नगर्ने भनी माफी मागेपछि दुवै पक्षबीच जेठ २५ गते मिलापत्र गराइयो।

स्वास्थ्य सेवाको अवस्था

बझाङ जिल्लामा एक जिल्ला अस्पताल र दुई ओटा प्राथमिक स्वास्थ्य केन्द्र रहेका छन्। जिल्ला अस्पताल र प्राथमिक स्वास्थ्य केन्द्रमा गरी चार जना चिकित्सकको दरबन्दी भए पनि जिल्ला अस्पताल र स्वास्थ्य केन्द्रमा दुई जना चिकित्सकहरू कार्यरत छन्। जिल्लाका १० ओटा स्वास्थ्य चौकी र ३५ ओटा उपस्वस्थ्य चौकी गरी १ सय ८७ जना स्वास्थ्यकर्मीको दरबन्दी भए पनि १ सय ६६ जना स्वास्थ्यकर्मी कार्यरत छन्। जिल्लामा दुई जना चिकित्सक र १९ जना स्वास्थ्यकर्मीहरूको दरबन्दी रिक्त रहेको छ।

५.६ कञ्चनपुर



जनसङ्ख्या : ५,२९,५४८
साक्षरता प्रतिशत : ८४
महिला साक्षरता प्रतिशत : ५६
क्षेत्रफल (वर्ग कि. मि.) : १६१०
गाविस/नपा सङ्ख्या : १९/१
सरकारी/निजी विद्यालय : ३२७/५१
क्याम्पस/उच्च मा.वि. : ५/४७
अस्पताल/स्वास्थ्य चौकी : ३/२१
मानव विकास सूचकाङ्कः ०.४६३
प्रतिपरिवार सरदर सङ्ख्याः ९

जेल र बन्दीहरू

'ग' श्रेणीको यस जिल्ला कारागारको क्षमता ७५ जनाको रहेको छ। हाल यस कारागारमा कैद तोकिएका ८२ जना पुरुष र १० जना महिला रहेका छन् भने ४५ जना पुरुष र ५ जना महिला गरी जम्मा ५० जना थुनुवा रहेका छन्। महिलाहरुका साथमा एक जना बालक र एक जना बालिका समेत रहेका छन्।

धम्की/कुटपिट

अनेरास्ववियु (क्रान्तिकारी)बाट

भीमदत्त नगरपालिका -४ बजार निवासी सिद्धनाथ बहुमुखी क्याम्पस सञ्चालक समितिका अध्यक्ष ३७ वर्षीय सुरेन्द्र विष्ट र भीमदत्तनगर -१८ निवासी सिद्धनाथ बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख ४२ वर्षीय भारती जोशीलाई ०६७ असार २ गते अनेरास्ववियु (क्रान्तिकारी) का विद्यार्थीहरूको एक समूहले सञ्चालक समितिको बैठक चलिरहेको समयमा कार्यकक्षमा प्रवेश गरी आक्रमण गऱ्यो। बैठकका अन्य सहभागीहरूलाई बैठक कक्षबाट बाहिर निकाली अध्यक्ष विष्ट र क्याम्पसप्रमुख जोशीलाई क्याम्पसमा अनियमितता गरेको आरोप लगाउँदै क्याम्पस प्रमुखको कार्यकक्ष बन्द गर्न खोज्दा अध्यक्ष विष्टले आफूलाई जोगाउन छतबाट हाम फाल्दा उनको खुट्टा भाँचियो। विद्यार्थीहरूले क्याम्पस प्रमुखलाई करिब १ घण्टा ३० मिनेटसम्म उनकै कार्यकक्षमा बन्द गरी मुक्त गरे। विष्टको उपचार महाकाली अञ्चल अस्पताल र भारतको बरेलीमा भयो। नागरिक समाज, गैसस महासङ्घ कञ्चनपुर लगायत मानवअधिकार सङ्घसंस्थाहरूले ०६७ असार ३ गते संयुक्त विज्ञप्ति जारी गरी जोशी र बिष्टमाथि भएको आक्रमणप्रति आफूहरूको ध्यानाकर्षण भएको भन्दै खेद प्रकट गर्नुको साथै समस्यालाई छलफलबाट समाधान गर्न आग्रह गऱ्यो ।

दार्चुला जिल्ला धारी गाविस-२ निवासी जिल्ला प्रहरी कार्यालय कञ्चनपुरमा कार्यरत प्रहरी जवान २८ वर्षीय पुष्कर कुँवर भीमदत्तनगरपालिका- १८ स्थित महेन्द्रनगर उच्चमाविमा सञ्चालित परीक्षाको गार्ड बसेका बेला ०६७ वैशाख १९ गते अखिल क्रान्तिकारीका कार्यकर्ताहरूले प्रहार गरेको ढुङ्गा लागेर घाइते भए। एकीकृत माओवादीले आह्वान गरेको आमहड्तालको अवज्ञा गरी कक्षा १२ को परीक्षा सञ्चालन गरेको भन्दै अनेरास्ववियु (क्रान्तिकारी)का विद्यार्थीहरूले परीक्षा स्थगन गराउन खोज्दा प्रहरीसँग भएको झडपमा विद्यार्थीहरूले प्रहार गरेको ढुङ्गा

घटनाको प्रकार	गैरराज्यबाट							राज्यबाट		
	अन्यबाट				एकीकृत माओवादीबाट					
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	३	३		३						
घाइते	१	१		१	१	१	१			
कुटपिट	३	३	१	३				१	१	१
धम्की	३	३		३						
जातीय विभेद	४	३	३	५						
महिलाअधिकार	११		११	११						
बालअधिकार	१		१	१						
अपहरण	१	१		१						
जम्मा	२४	११	१५	२६	१	१	१	१	१	१

उनको आँखामा लागेको थियो। उनको उपचार महाकाली अञ्चल अस्पताल र गेटा आँखा अस्पताल कैलालीमा भयो।

अन्यबाट

भीमदत्त नपाा-५ सुकासालमा रहेको महेश्वर माध्यमिक विद्यालयका प्रधानाध्यापक देवेन्द्र चन्दले पत्रिकामा समाचार छापिएको विषयलाई लिएर ०६७ मङ्सिर १५ गते महेन्द्रनगरबाट प्रकाशित हुने अभियान दैनिकको कार्यालयमा आगो लगाउने धम्की दिए। चन्दले पत्रिकाका भीमदत्त नपाा- ६ निवासी प्रकाशक/सम्पादक लक्ष्मण तिवारीलाई कुटपिट गर्ने धम्की समेत दिए। अभियान दैनिकको मङ्सिर १२ गतेको अङ्कमा 'सरकारी विद्यालयमा दलित छात्रावृतिको रकम दुरूपयोग' शीर्षकमा समाचार छापेको आरोपमा उनले धम्की दिइएको सम्पादक तिवारीले बताए। नेपाल पत्रकार महासङ्घ शाखा कञ्चनपुरले ०६७ मङ्सिर १६ गते प्रेश विज्ञप्ति जारी गरी धम्कीको घटनाप्रति विरोध जनायो।

अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

काठमाडौं जिल्ला लाजिम्पाट निवासी जिल्ला प्रहरी कार्यालय कन्चनपुरका एसपी ४५ वर्षीय पवनप्रसाद खेरल ०६६ फागुन २४ गते एकीकृत माओवादी कार्यकर्ताहरू र प्रहरीबीच महाकाली अञ्चल अस्पतालको मुल गेटमा भएको झडपमा परी घाइते भए। अस्पतालको निरीक्षण गर्न आएका स्वास्थ्यमन्त्री उमाकन्त चौधरीको विरोधमा एकीकृत माआवादी कार्यकर्ताहरूले नाराबाजीसहित कालो झण्डा देखाएपछि प्रदर्शनकारीले प्रहार गरेको ढुङ्गा लाग्दा एसपी खरेल घाइते भएका थिए। उनको महाकाली अञ्चल अस्पतालमा उपचार भयो। सोही झडपको बेला प्रहरीको कुटपिटबाट आफ्नै मेडिकलमा बसिरहेका भीमदत्तनपा -४ का ३२ वर्षीय पशु स्वास्थ्यकर्मी दयाप्रसाद नेपालको टाउकोमा चोट लाग्यो। स्थितिलाई साम्य पार्न प्रहरीले पाँच सेल अश्रुग्याँस प्रहार गरेको जनायो। पीडितले जिल्ला प्रशासन कार्यालयमा फागुन २५ गते आफूलाई कुटपिट गर्ने प्रहरीलाई कारबाहीको माग गर्दै निवेदन दिए पनि पछि पीडित सम्पर्कमा नआएको प्रमुख जिल्ला अधिकारीले बताए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत कन्चनपुरमा दुनियावादी फौजदारीतर्फ गत वर्षको जिम्मेवारी सरेर आएको ४६ थान मुद्दामध्ये २० थान मुद्दा फर्स्यौट भई २६ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे। यस वर्ष दर्ता भएका ३५ थानमध्ये नौ थान मुद्दा फर्स्यौट भई २६ थान बाँकी रहे। गत वर्ष जिम्मेवारी सरेर आएका सरकारवादी फौजदारी मुद्दा ५९ थानमध्ये ३४ थान मुद्दा फर्स्यौट भई २५ थान बाँकी रहे। यस वर्ष दर्ता भएका ३९ थान मुद्दामध्ये ११ थान मुद्दा फर्स्यौट भई २८ थान मुद्दा बाँकी रहे। गतवर्षको जिम्मेवारी सरेर आएका देवानी मुद्दा १२९ थानमध्ये ५० थान फर्स्यौट भई ७ थान बाँकी रहे। यसवर्ष दर्ता भएका ५९ थानमध्ये दुई थान फर्स्यौट भई ५७ थान बाँकी रहे। यस वर्षको अन्त्यसम्ममा १ सय २० थान मुद्दा दर्ता भएकोमा ६५ थान मुद्दा फर्स्यौट भए भने ५५ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे।

घरेलु हिंसा ऐन अन्तरगतका तीन थान मुद्दामध्ये एक थान मुद्दा फर्स्यौट भई दुई थान बाँकी रहे।

सरकारी अधिवक्ताको कार्यालयले यस वर्षको अन्त्यसम्ममा १ सय ५२ मुद्दा जिल्ला अदालत कन्चनपुरमा दायर गरेको भए पनि ८० थान मुद्दामा सफलता प्राप्त भयो भने ६० थान मुद्दामा असफलता प्राप्त भयो। ७२ थान मुद्दा प्रक्रियामा रहेका छन्।

पुनरावेदन अदालत कञ्चनपुरमा दुनियावादी फौजदारीतर्फ गतवर्षको जिम्मेवारी सरेर आएका ३१ थान मुद्दा मध्ये २३ थान मुद्दा फर्स्यौट भई आठ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे। यस वर्ष दर्ता भएका ३७ थानमध्ये १८ थान मुद्दा फर्स्यौट भई १९ थान बाँकी रहे। गत वर्ष जिम्मेवारी सरेर आएका सरकारवादी फौजदारी मुद्दा चाँर थानमध्ये चारै थान मुद्दा फर्स्यौट भए। यस वर्ष दर्ता भएका सात थान मुद्दामध्ये दुई थान मुद्दा फर्स्यौट भई पाँच थान मुद्दा बाँकी रहे। गत वर्षको जिम्मेवारी सरेर आएका देवानी मुद्दा २० थानमध्ये १६ थान फर्स्यौट भई चार थान बाँकी रहे। यस वर्ष दर्ता भएका २१ थानमध्ये दुई थान फर्स्यौट भई १९ थान बाँकी रहे। यस वर्षको अन्त्यसम्ममा १ सय २० थान मुद्दा दर्ता भएकोमा ६५ थान मुद्दा फर्स्यौट भए भने ५५ थान मुद्दा फर्स्यौट हुन बाँकी रहे।

सरकारी अधिवक्ताको कार्यालयले यस वर्षको अन्त्यसम्ममा ६९थान मुद्दा दायर गरेकोमा २४ थान मुद्दामा सफलता प्राप्त भयो र ३३ मुद्दामा असफलता प्राप्त भयो भने १२ मुद्दा प्रक्रियामा छन्।

बालअधिकार

जिल्ला शिक्षा कार्यालय कञ्चनपुरका अनुसार यस जिल्लामा संस्थागत र सरकारी, गुठी आदि गरी जम्मा विद्यालय सङ्ख्या ४ सय ५४ रहेको छ। जसमध्ये २ सय ४ ओटा विद्यालयमा प्राथमिक तहको शिक्षा ९४ ओटा विद्यालयमा निम्नमाध्यामिक तहको र १ सय ८ ओटा विद्यालयमा माध्यमिक तहको कक्षा तथा ३९ ओटा विद्यालयमा उच्च माध्यमिक तहको कक्षा सञ्चालन हुन्छ। उच्च माध्यमिक तहमा ३ हजार ८ सय ४२ विद्यार्थी अध्ययनरत रहेकोमा १ हजार ९ सय ८५ जना छात्रा र १ हजार ८ सय ५७ जना छात्र अध्ययन रत रहेका छन्। यसैगरी माध्यामिक विद्यालय तर्फ ७ हजार ३ सय ३१ जना छात्रा र ७ हजार ५ सय ७९ जना छात्र गरी जम्मा १४ हजार ९ सय १० जना विद्यार्थी अध्ययनरत छन्। यसैगरी निम्नमाध्यामिक विद्यालय तर्फ १५ हजार १ सय ५२ जना छात्रा र १५ हजार ५५ जना छात्र गरी जम्मा ३० हजार २ सय ७ जना विद्यार्थी अध्ययनरत छन्। यस जिल्लामा प्राथमिक तहतर्फ ३८ हजार ८ सय ६ छात्रा र ३७ हजार २ सय ५२ जना छात्र गरी ७६ हजार ५८ जना विद्यार्थी अध्ययनरत छन्।

यस जिल्लामा निजी (बोर्डिङ) विद्यालयको सङ्ख्या ९७ रहेकोमा १० हजार ५ सय ३ जना विद्यार्थी अध्ययनरत छन्। जसमा ५ हजार ३ सय २५ जना छात्रा र ५ हजार १ सय ७८ छात्र अध्ययनरत छन्।

भीमदत्त नपा-९ मटैनास्थित वैजनाथ सिद्धनाथ माविमा कक्षा- ८ मा अध्ययनरत १४ वर्षीय रमेशनाथ चुनारालेविद्यालयमा आउँदा किताब लिएर नआएको आरोपमा ०६७ जेठ १० गते भीमदत्त नपा-९ मटैना निवासी सोही ठाउँस्थित वैजनाथ सिद्धनाथ माविका प्रधानाध्यापक ४४ वर्षीय खडक विष्टले कुटपिट गरी घाइते बनाए। उनको उपचार नेपालगञ्ज मेडिकल कलेज कोहलपुरमा गरियो। पीडित चुनाराका अभिभावकले न्यायका लागि ०६७ जेठ ११ गते जिल्ला शिक्षा कार्यालयमामा उजुरी दिए। जिल्ला शिक्षा कार्यालयले घटनामा संलग्न शिक्षक विष्ट र पीडितपक्षलाई जिल्ला शिक्षा कार्यालय कञ्चनपुरमा ०६७ जेठ ११ गते बोलाई छलफल गरायो। अब उपरान्त गल्ती नगर्ने सर्तमा विष्टलाई शिक्षा कार्यालयले ०६७ जेठ २० गते २५ हजार रुपियाँ उपचार खर्चबापत तिराई दुवै पक्षबीच मिलापत्र गरायो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बेचबिखन तथा ओसारपसार

झलारी गाविस-९ दीपनगरकी लक्ष्मी बोहरा र लक्ष्मी भण्डारीले स्थानीय युवतीलाई फकाएर भारतीय सहर गुजरातसम्म पुऱ्याउने गरेको आरोपमा ०६७ साउन १४ गते झलारी गाविसका बासिन्दाहरूले नियन्त्रणमा लिएर इलाका प्रहरी कार्यालय झलारीमा बुझाए। उनीहरूले झलारी गाविस-९ की एक युवतीलाई साउन १० गते भारतको गजरौला भन्ने ठाउँ पुऱ्याएको आरोपमा पीडितका आफन्तले जिल्ला प्रहरी कार्यालयमा ०६७ साउन १७ गते जाहेरी दर्ता गरे। आरोपित महिलाले महेन्द्रनगर बजार घुमाउने बहानामा पीडित युवतीलाई भारतीय शहर बनवासा पुगाएर गजरोला पुऱ्याएका थिए। पीडित महिला हाल घरमा रहेकी र आरोपित दुवैलाई ०६७ भदौ १३ गते कञ्चनपुर जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागी कारागार चलान गरियो।

भीमदत्त नपा-३ तिलकपुर बस्ने २३ वर्षीया धनादेवी कुँवरलाई ०६७ साउन १४ गते घरायसी

विवादमा उनका पति ३० वर्षीय सुरेश कुँवरले कुटपिट गरी घाइते बनाए। टाउकोमा चोट लागेर घाइते भएकी धनादेवीको महाकाली अञ्चल अस्पतालमा उपचार भयो। उपचारपछि महिला सेवा केन्द्रको आश्रय केन्द्रमा बसेकी धनादेवीले ०६७ साउन १८ गते महिला सेवा केन्द्रको सहयोगमा आफ्ना पतिका विरुद्ध जिल्ला प्रहरी कार्यालयमा कुटपिट सम्बन्धी उजुरी दिएपछि ०६७ साउन १९ गते दुवै पक्षबीच मिलापत्र भयो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

भीमदत्त नपा - ३ तिलकपुरकी १९ वर्षीया एक युवतीलाई ०६७ साउन २१ गते घर नजिकैको जङ्गलमा घाँस काट्न गएको बेला अज्ञात व्यक्तिहरूको एक समूहले सामूहिक बलात्कार गरेको आरोपमा उनले जिल्ला प्रहरी कार्यालयमा दिएको जाहेरीका आधारमा प्रहरीले भीमदत्त नपा-९का ४५ वर्षीय मानबहादुर कामी र भारत उत्तर प्रदेश औरियाका ३० वर्षीय अन्सारीलाई गिरफ्तार गऱ्यो। आरोपितद्वय जिल्ला अदालतको ०६७ भदौ १८ गतेको आदेशमा पुर्पक्षकालागि कारागार चलान गरिए। प्रहरीले ती पीडित महिलाको सोही दिन महाकाली अञ्चल अस्पतालमा स्वास्थ्य परीक्षण गरायो । आरोपीहरू हालसम्म कारागारमै छन्।

भीमदत्त नपा -४ बजारमा डेरा गरी बस्ने बर्ष ३० की एक महिलालाई सशस्त्र प्रहरी सीमा सुरक्षा बल कञ्चनपुरका वरिष्ठ हवल्दार गङ्गा चन्दले ०६७ असोज ३१ गते कुटपिट तथा दुर्व्यवहार गरे। पीडित महिलाको कोठामा गई हवल्दार चन्दले जबरजस्ती गर्न खोजेको र आफूले प्रतिकार गर्न खोज्दा आफूमाथि कुटपिट गरेको पीडितले बताइन्। पीडित महिलाले उनका विरूद्ध ०६७ कात्तिक २ गते जिल्ला प्रहरी कार्यालय कञ्चनपुरमा जाहेरी दिइन्। उनको महाकाली अञ्चल अस्पतालमा उपचार र स्वास्थ्य परीक्षण गरिएको थियो। जिल्ला प्रहरी कार्यालयले ०६७ कात्तिक ३ गते चन्दलाई गिरफ्तार गरी कञ्चनपुर अदालतको ०६७ कात्तिक १७ गतेको आदेशमा पुर्पक्षका लागी कारागार चलान गऱ्यो।

कृष्णपुर गाविस-४ मौवाफाँटाकी २६ वर्षीय एक महिलालाई कृष्णपुर-४ मौवाफाटाका १८ वर्षीय बीरबहादुर चौधरी सहित तीन जनाको एक समूहले ०६७ असोज ३१ गते बलात्कार गरेको आरोपमा पीडित महिलाले ०६७ कात्तिक १ गते जिल्ला प्रहरी कार्यालय कञ्चनपुरमा पीडकलाई कारबाहीको माग गर्दै निवेदन दिइन्। पीडित महिलाको ०६७ कात्तिक १ गते महाकाली अञ्चल अस्पतालमा उपचार र स्वास्थ्य परीक्षण भयो। जिल्ला प्रहरी कार्यालयले ०६७ असोज ३१ गते कृष्णपुर-४ का १८ वर्षीय बीरबहादुर चौधरी, १८ वर्षीय बलबहादुर चौधरी र २१ वर्षीय कुहिरे चौधरीलाई ०६७ कात्तिक २ गते गिरफ्तार गरी जिल्ला अदालतमा जबरजस्ती करणी विरूद्ध मुद्दा दर्ता गरेकोमा ०६७ कात्तिक २५ गते कञ्चनपुर अदालतको आदेशमा पुर्पक्षका लागी कारागार चलान गरियो। अरोपितहरू यो वर्षको अन्त्यसम्म कारागारमा छन्।

घरेलु हिंसा

भीमदत्त नपा-१८ निम्बुखेडाका भीम कार्कीले बहुविवाह गरे। कार्कीकी जेठी पत्नी हिरा कार्कीले ०६७ कात्तिक २४ गते आफ्ना पतिले बहुविवाह गरेको र आफूलाई शारीरिक तथा मानसिक यातना दिने गरेको उनकी दिएको उजुरीको आधारमा जिल्ला प्रहरी कार्यालयले कार्की र उनकी कान्छी पत्नी जानकीलाई गिरफ्तार गऱ्यो।। कञ्चनपुर जिल्ला अदालतले ०६७ मङ्सिर ८ गते भीम कार्कीलाइ ५० हजार रुपियाँ धरौटी र कान्छी श्रीमतीलाई साधारण तारेखमा रिहा गर्ने आदेश गऱ्यो।

सबै प्रकारका जातीय विभेद

कृष्णपुर गाविस -१ दोमिल्लाका ३५ वर्षीया खिमादेवी नेपालीले ०६७ जेठ १३ गते सार्वजनिक धारा आफ्नो जमिनमा गाडेको आरोपमा छिमेकी ५५ वर्षीय कालु विष्टले टाउकोमा बञ्चरो प्रहार गरी घाइते बनाए। 'दलितको जमिनमा धारा राख्न हुँदैन' भनेर विष्टले जबरजस्ती धारा आफ्नो घरमा सार्न खोजेका थिए। नेपालीले त्यसो गर्न नमानेपछि विष्टले उनको घरमा गई टाउकोमा वञ्चरो प्रहार गरेका थिए । पीडितको महाकाली अञ्चल अस्पतालमा उपचार भयो। प्रहरीले विष्टलाई ०६७ जेठ १३ गते गिरफ्तार गरी ०६७ जेठ ३० गते जिल्ला अदालतमा उपस्थित गरायो। जिल्ला अदालतको आदेशअनुसार विष्ट जेठ ३० गते ५ हजार रुपियाँ धरौटी बुझाई रिहा भए। नेपालीलाई उपचार खर्चवापत पीडक विष्टले ६ हजार रुपियाँ दिए। यो मुद्दा अदालतमा विचाराधीन छ।

भीमदत्त नपा-९ का १८ वर्षीय कालुराम सार्कीले होटेलमा पानी छोएको आरोपमा ०६७ जेठ २० गते सोही ठाउँका होटेल व्यवसायी ४० वर्षीय करूवा कार्कीले होटेलभित्र नै कुटपिट गरे। सिद्धनाथ उच्च मावि जिमुवामा कक्षा ११ मा अध्ययनरत सार्की परीक्षा दिएर घर फर्कने क्रममा कार्कीको होटेलमा गई बाल्टीबाट जगले पानी निकाली खान लाग्दा 'पानी छुने डुम' भन्दै कार्कीले आफूलाई कुटपिट गरेको पीडित

सार्कीले बताए। सार्वजनिक स्थलमा छुवाछूत गर्न नपाइने कुरा होटेल मालिक कार्कीसित राख्दा उल्टै कार्कीका छिमेकीहरूसमेत आई कुटपिट गर्न थालेपछि भागेको पीडितले बताए। पीडितले राष्ट्रिय हलिया मुक्ति समाजको पहलमा पीडक कार्कीका नाममा जिल्ला प्रशासन कार्यालय कञ्चनपुरमा ०६७ जेठ २० गते निवेदन दिए। उनको स्थानीय मेडिकलमा उपचार भयो। पीडकले आइन्दा यस्तो नगर्ने भन्दै पीडितसँग माफी मागेपछि ०६७ जेठ २७ गते मिलापत्र भयो।

वेल्डाँडी गाविस-७ का २२ वर्षीय विमल औजी र वेल्डाँडी गाविस-९ की २० वर्षीया सुनीता शाहीले अन्तरजातीय विवाह गरेको आरोपमा ०६६ माघ १३ गते केटी पक्षका वेल्डाँडी गाविस-९ का ५४ वर्षीय बमबहादुर शाही, वेल्डाँडी गाविस- ७ का ४२ वर्षीय बिष्णुबहादुर शाही, वेल्डाँडी गाविस-९ नरेन्द्रबहादुर शाहीले औजीलाई निर्घात कुटपिट गरे। केटीको माइती पक्षकाले दुवैजनालाई ०६६ माघ १४ गते जिल्ला सदरमुकाम महेन्द्रनगरमा ल्याएर समेत कुटपिट गरेको पीडितहरूले बताए। दुवै जना वेल्डाँडी स्थित ल्यानकाउ नेपालको जातीय विभेद तथा छुवाछुत अपराध निगरानी केन्द्रमा कार्यरत रहेका छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरचना, सम्पत्ति क्षति

भीमदत्तनगरपालिका- ४ स्थित इन्टरनेशनल उच्चमावि, राष्ट्रिय उच्च मावि, आदर्श उच्च मावि, युनाइटेड मावि र भीमदत्तनगरपालिका - १८ स्थित सनराइज उच्च माविहरूले बन्दको अवज्ञा गरेको आरोपमा ०६७ वैशाख १३ गते बिहान अनेरास्वविु (क्राान्तिकारी) का विद्यार्थीहरूले विद्यालय कोठाभित्र प्रवेश गरी विद्यालयमा रहेका टेबल, कुर्सी, दराज लगायतका सामानहरू तोडफोड गरे। उनीहरूले राष्ट्रिय उच्चमाविमा रहेको एक थान कम्प्युटर र सनराइज उच्च माविको बसको सिसा तोडफोड गरे। तोडफोडबाट करिब २ लाख रूपियाँ बरावरको क्षति भएको विद्यालयहरूले जनाए। तोडफोड गरिएका विद्यालयहरूले कहीं उजुरी गरेनन्। कञ्चनपुरको नागरिक समाजले विद्यालयमा हस्तक्षेप भएको भन्दै विज्ञप्ति निकालेर घटनाको विरोध गऱ्यो।

कृष्णपुर गाविस - ५ गुलरियाका ३५ वर्षीय खुशीराम चौधरीले आमहड्तालको अवज्ञा गरेको आरोपमा ०६७ वैशाख २२ गते उनको से १ प ३२७२ नम्बरको मोटरसाइकल वाईसीएल कार्यकर्ताहरूले भीमदत्तनपा-३ ट्राफिक चोकनजिक तोडफोड गरे। बिरामी आफन्तको उपचारका लागि रकम सङ्कलन गर्न गइरहेको अवस्थामा च्यालीमा सहभागी भएका वाईसीएल कार्यकर्ताहरूले मोटरसाईकल तोडफोड गरेको पीडितले बताए। कृष्णपुर गाविस-५ निवासी ३० वर्षीय दिनेश पनेरूले चलाएको मोटरसाइकलको अगाडिका दुवै हेडलाईटहरू तोडफोड हुँदा करिब ४ हजार रुपियाँ बराबरको क्षति भएको पीडितले बताए।

स्वास्थ्य सेवाको अवस्था

कञ्चनपुर जिल्लामा एउटा अञ्चल अस्पताल, एउटा निजी अस्पताल रहेका छन।, अञ्चल अस्पतालमा १८ जना चिकित्सकको दरबन्दी भए पनि तीन जना मात्र कार्यरत छन्। जिल्लाका तीनओटा प्राथमिक स्वास्थ्य केन्द १० ओटा स्वास्थ्य केन्द्र तथा आठओटा उपस्वास्थ्य चौकीमा तीन जना चिकित्सक र १ सय ६ जना स्वास्थ्यकर्मीको दरबन्दी रहेकोमा १ सय १ जना मात्र कार्यरत छन्। जिल्लामा १८ चिकित्सक र पाँच जना स्वास्थ्यकर्मीको दरबन्दी खाली रहेको छ।

५.७ डडेल्धुरा

जनसङ्ख्या : १,४९,०५५
साक्षरता प्रतिशत : ६१
महिला साक्षरता प्रतिशत : ३५
क्षेत्रफल (वर्ग कि. मि.) : १,५३८
गाविस/नपा सङ्ख्या : २०/१
सरकारी/निजी विद्यालय : २३२/११
क्याम्पस/उच्च मा.वि. : १/१९
अस्पताल/स्वास्थ्य चौकी : २/२५
मानव विकास सूचकाङ्कः ०.४३४
प्रतिपरिवार सरदर सङ्ख्याः ७

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या
अन्यबाट

जोगबुडा गाविस- ९ सुवाखानका २१ वर्षीय वीरबहादुर विष्टलाई ०६७ मङ्सिर २३ गते कञ्चनपुरस्थित चण्डी प्रसाद गण अर्जुनी ब्यारेकबाट भागेर आएका सैनिक जवान दीपकबहादुर शाहीले घरबाट करिब पाँच सय मिटर टाढा जङ्गलमा गोली हानी हत्या गरे । गोलीबाट बिष्टको घटनास्थलमै मृत्यु भयो भने उनकी पत्नी १८ वर्षीया लीला बिष्ट मुखमा गोली लागि घाइते भइन। घाइतेको हाल काठमाडौं छाउनीस्थित सैनिक अस्पतालमा उपचार भइरहेको छ। कैलालीको सुगरखाल घर भएका सैनिक जवान शाहीलाई ०६७ पुस १ गते कैलालीकै चौमालस्थित जङ्गलबाट सेनाले गिरफ्तार गरी कञ्चनपुरको भगतपुर ब्यारेकमा राखी अनुसन्धान गरिरहेको छ। मृतक बिष्ट माथि शाहीले गोली प्रहार गर्नुको कारण खुलेन।

जेल र बन्दीहरू

'घ' श्रेणीको यस जेलको कूल बन्दी क्षमता २५ जना रहेको छ। कैद तोकिएका २९ जना पुरुष र चार जना महिला रहेका छन् भने कैद नतोकिएका चार पुरुष र एक महिला गरी जम्मा बन्दीको सङख्या ३८ जना रहेको छ। एक /एक जना आश्रित बालक बालिका पनि रहेका छन्।

धम्की/कुटपिट
राज्यबाट

बेलापुर गाविस-६ घर भई डडेल्धुरा शिक्षा क्याम्पस बीएड प्रथम वर्षमा अध्ययनरत २५ वर्षीय डम्बर बिष्टलाई प्रहरीको गाडीमा थुकेको आरोपमा ०६६ चैत २७ गते अमरगढी नपा-५ किरमडे डेराबाटबाट सशस्त्र प्रहरी बेश क्याम्प डडेल्धुराका जवानहरूले गिरफ्तार गरी कुटपिट गरे। सशस्त्र प्रहरी बेश क्याम्प डडेल्धुराको गस्तीको गाडी आइरहेका बेला अमरगढी नपा-५ किरमडेस्थित घरको माथिल्लो तलाबाट बाहिर थुक्दा गाडीमा परेपछि सशस्त्र प्रहरीले उनलाई समातेर कुटपिट गरी लगेका थिए। बिष्टको मानसिक अवस्था ठीक नभएको उनका परिवारबाट खुल्न आएपछि प्रहरीले एक घण्टापछि उनलाई रिहा गरेको थियो। घटनामा बिष्टलाई कुटपिट गरेको विषयलाई लिएर तत्कालै डडेल्धुरा शिक्षा क्याम्पसका विद्यार्थीहरूले दशरथचन्द राजमार्ग अवरुद्ध गरेका थिए। सशस्त्र प्रहरीले गल्ती भएको स्वीकारे पछि राजमार्ग खुलेको थियो।

एकीकृत माओवादीबाट

अजयमेरु गाविस-२ वसाना निवासी काङ्ग्रेस जिल्ला कार्यसमितिका सदस्य ४० वर्षीय रामचन्द्र ऐर, गाउँ इकाई कमिटी सदस्य ४१ वर्षीय दानबहादुर ऐर र काङ्ग्रेस कार्यकर्ता ४६ वर्षीय शेरबहादुर ऐरलाई ०६६ चैत २७ गते राजनीतिक प्रतिशोधका आधारमा एकीकृत माओवादीका जिल्ला कमिटी सदस्य हरिकृष्ण पालको नेतृत्वमा आएको छ जनाको समूहले सोही गाविस-१ पसेली भिरमा कुटपिट गरी भिरबाट खसालेर घाइते बनायो। घाइते तीनै जनाको टिम हस्पिटल डडेल्धुरा र टिचिङ हस्पिटल काठमाडौंमा उपचार भयो। पाल लगायतका छ जनाका नाममा काङ्ग्रेस जिल्ला सभापति रघुवर भट्टले ०६६ चैत २८ गते जिल्ला प्रहरी कार्यालय डडेल्धुरामा किटानी मुद्दा दर्ता गराए। प्रहरीले चैत २९ गते छ जनालाई नै गिरफ्तार गरी जिल्ला अदालत डडेल्धुरामा ज्यान मार्ने उद्योग अन्तर्गत मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालत डडेल्धुराका जिल्ला न्यायधीश रामकृष्ण भट्टको इजलासले ०६७ वैशाख ६ गते जनही १०-१० हजार रुपियाँ धरौटी लिई तारेखमा रिहा गऱ्यो। जिल्ला अदालत डडेल्धुराका जिल्ला न्यायाधीश रामकृष्ण भट्टको ०६७ कात्तिक ११ गतेको इजलासले सो मुद्दामा प्रतिवादीलाई सफाइ दियो।

अमरगढी नपा-५ बागबजार निवासी माउन्टेन उच्च मावि‌का शिक्षक २४ वर्षीय कोमल रावललाई बन्दको अवज्ञा गरेको आरोपमा ०६६ चैत २९ गते आपनै घर बाहिर बसिरहेका अवस्थामा एकीकृत माओवादीका कार्यकताले कुटपिट गरे। ०६६ चैत २७ गते काङ्ग्रेस कार्यकर्ताहरूलाई कुटेको घटनामा प्रहरीले माओवादीका जिल्ला कमिटी सदस्य हरिकृष्ण पाल लगायत छ जनालाई गिरफ्तार गरेको थियो। आफ्ना कार्यकर्ताहरू दोषी नरहेको भन्दै रिहा गर्न माग गर्दै माओवादीले चैत २९ गतेदेखि अनिश्चितकालीन डडेल्धुरा बन्द गरेका थिए। बन्दकर्ताहरूले बिना सोधपुछ आपनो घरबाहिर अर्कैको पसलमा बसिरहेका रावललाई जानकारी नलिई किन पसल खुला राखिस् भन्दै कुटपिट गरेका थिए। घटनाको विरोधमा स्थानीय युवाहरूले माओवादीका स्थानीय कार्यकर्ताहरूलाई लखेट्दै बजार खोल्न लगाएका थिए। सोही क्रममा अनेरास्ववियु (क्रान्तिकारी) का जिल्ला कमिटी सदस्य भुवन बोहरामाथि युवाहरूले कुटपिट गरेका थिए। घटना भुलबस भएको भन्दै क्षमा मागदै माओवादीले

घटनाको प्रकार	गैरराज्यबाट								राज्यबाट		
	अन्यबाट					एकीकृत माओवादीबाट					
	घटना सङ्ख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
हत्या	५	३	२		५						
कुटपिट						३	५	५	१	१	१
जातीय विभेद	१	१			१						
महिलाअधिकार	६		६		६						
बालअधिकार	१			१	१						
जम्मा	१४	४	९	१	१४	३	५	५	१	१	१

सोही दिन तत्कालका लागि बन्द फिर्ता लिएको विज्ञप्ति मार्फत जानकारी गराएपछि स्थिति सामान्य भएको थियो।

अमरगढी नपा- १० राई निवासी समैजी गाविस सचिव ५० वर्षीय शिवराज भट्टले आर्थिक अनियमितता गरेको र माओवादीलाई चन्दा दिएको आरोपमा ०६७ असार ३० गते राति एकीकृत माओवादीका कार्यकर्ताले अरमगढी नपा-५ डेरामा बसिरहेका अवस्थामा कुटपिट गरी १८ हजार रुपियाँ समेत लुटेर लगे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत डडेल्धुरामा दुनियाँवादी फौजदारी मुद्दाअन्तर्गत गत वर्षको जिम्मेवारी सरेर आएको ४५ थान मुद्दामध्ये यो वर्ष ४० थान मुद्दा फर्स्यौट भए भने पाँच थान मुद्दा फर्स्यौट भएनन्। यस वर्ष दर्ता भएका दुनियावादी फौजदारी मुद्दा १५ थान र गत वर्षको जिम्मेवारी सरेर आएका पाँच थान मुद्दा गरी जम्मा २० थानमध्ये १० थान फर्स्यौट भए भने १० थान बाँकी रहे। दुनियावादी फौजदारीतर्फ गत वर्ष सरेर आएका २६ थान मुद्दा तथा यस वर्ष दर्ता भएका गरी जम्मा २९ थान मुद्दामा २३ थान मुद्दा यस वर्षको अन्त्य सम्म फर्स्यौट भई छ थान मुद्दा बाँकी रहे। यस वर्षको अन्त्यसम्ममा जिम्मेवारी सरेका र यस वर्ष दर्ता भएका गरी जम्मा मुद्दा सङ्ख्या ८९ मध्ये ७४ थान फर्स्यौट भई १५ थान मुद्दा बाँकी रहे।

सरकारी अधिवक्ताको कार्यालयले ०६६ पुस १७ गतेदेखि ०६७ पुस १६ गतेसम्म दायर गरेका २५ थान मुद्दामध्ये १७ थान मुद्दामा सफलता प्राप्त भएको छ भने दुईओटा मुद्दामा असफलता प्राप्त भएको छ बाकी रहेका छ ओटा मुद्दाहरूको फैसला हुन बाँकी छ।

बालअधिकार

जिल्ला शिक्षा कार्यालय डडेल्धुराका अनुसार यस जिल्लामा संस्थागत र सरकारी, गुठी आदि गरी जम्मा २ सय ४१ विद्यालय रहेका छन्। जसमध्ये ४१ ओटा विद्यालयमा प्राथमिक तहको शिक्षा, १ सय ६० ओटा विद्यालयमा निम्नमाध्यामिक तहको र ४० ओटा विद्यालयमा माध्यमिक तहको कक्षा सञ्चालन हुन्छ। माध्यमिक तहमा ४ हजार ६ सय ६७ जना विद्यार्थी अध्ययनरत रहेकोमा २ हजार १ सय ४८ जना छात्रा र २हजार ४ सय ८८ जना छात्र अध्ययनरत छन्। यसैगरी निम्नमाध्यामिक विद्यालय तर्फ ५ हजार ९ सय १६ जना छात्रा र ५ हजार ८ सय ७ जना छात्र गरी जम्मा ११ हजार ७ सय २३ जना विद्यार्थी अध्ययनरत छन्। यस जिल्लामा प्राथमिक तह तर्फ १५ हजार ५ सय ५८ जना छात्रा र १४ हजार ५ सय ९० जना छात्र गरी ३० हजार १ सय ४८ जना विद्यार्थी अध्ययनरत छन्।

यस जिल्लामा निजी (बोर्डिङ) विद्यालयको सङ्ख्या १२ रहेकोमा १६ हजार ६२ जना विद्यार्थी अध्ययनरत छन्। जसमा ४ हजार ७७ जना छात्रा र ११ हजार ८५ जना छात्र अध्ययनरत छन्।

एकीकृत (माओवादी)ले प्रधानमन्त्री माधवकुमार नेपालको राजीनामाको माग गर्दै ०६७ वैशाख १९ गते देखि २५ गतेसम्म गरेको आमहड्तालको क्रममा डडेल्धुराका २ सय २२ वटा विद्यालयहरू पूर्णरुपमा बन्द भएपछि ५० हजार विद्यार्थीहरूको पठनपाठन प्रभावित भयो। बन्दकर्ताहरूले जिल्लाका सबै शैक्षिक संस्था , पसल, उद्योगधन्दा कलकारखाना सबै बन्द गराएका थिए।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

गाडखेत गाविस-८ भोकाकी २० वर्षीया एक

महिलालाई ०६७ असोज १३ गते सोही ठाउँका २० वर्षीय रमेश सुनारले गैरा बजारबाट घर फर्कदै गरेको अवस्थामा सोही ठाउँको पोखरी जङ्गलमा बलात्कारको प्रयास गरेको आरोपमा पीडितले होहल्ला गरेपछि भागेका सुनारलाई ०६७ असोज १५ गते पीडितले दिएको उजुरीको आधारमा प्रहरीले गिरफ्तार गऱ्यो। जिल्ला अदालत डडेल्धुराका जिल्ला न्यायधीश रामकृष्ण भट्टको ०६७ असोज २० गतेको इजलासले सुनारालई पूर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

घरेलु हिंसा

शीर्ष गाविस- ३ दमौटाकी २१ वर्षीया सुष्मितादेवी बुढामगरलाई ०६७ असोज ०५ गते पति २८ वर्षीय प्रकाश बुढामगरले हातखुट्टा बाँधेर लाठीमुडाले कुटपिट तथा यातना दिई हत्या गरे। इलाका प्रहरी कार्यालय जोगबुडाले घटनाको भोलिपल्ट पीडकलाई गिरफ्तार गरी हिरासतमा लिई ०६७ असोज ११ गते ज्यानमुद्दा दर्ता गऱ्यो। जिल्ला अदालत डडेल्धुराका जिल्ला न्यायधीश रामकृष्ण भट्टको इजलासले पीडकलाई ०६७ असोज १९ गते पुर्पक्षका लागि थुनामा राख्ने निर्णय गरेपछि कारागार चलान गरियो।

भागेश्वर गाविस- ९ लामिकाँडेकी ३६ वर्षीया अरुणा महरलाई ०६७ पुस २ गते बेलुकी पति ४३ वर्षीय शुक्रबहादुर महरले टाउकोमा बञ्चरो प्रहार गरी हत्या गरे। प्रहरीले सोही दिन पीडकलाई गिरफ्तार गरी छानबिन प्रक्रिया अगाडि बढायो।

अमरगढी नपा-७ का ४० वर्षीय दीर्घराज भट्टराइले आफ्नै पत्नी पशुपति भट्टराइलाई घरायसी विवादमा ०६७ भदौ २८ गते कुटपिट गरे। पटक पटकको कुटपिट ,यातना सहन नसकी ५ वर्षदेखि माइतमा बस्दै आएकी पीडितले कारबाहीका लागि ०६७ भदौ २९ गते जिल्ला प्रहरी कार्यालय डडेल्धुरामा निवेदन दिइन्। निवेदनपश्चात् प्रहरीले दुवै पक्षलाई बोलाई ०६७ भदौ ३० गते आइन्दा कुटपिट नगर्ने सर्तमा मिलापत्र गरायो।

बेलापुर गाविस-९ खडाखोरीका ३५वर्षीय धनबहादुर साउद र उनकी कान्छी पत्नी २३ वर्षीया लक्ष्मी साउँदले जेठी पत्नी ३२ वर्षीया पार्वती साउदलाई ०६७ कात्तिक ९ घरायसी विवादमा कुटपिट गरे। पीडितले कारबाहीका लागि ०६७ कात्तिक १० गते जिल्ला प्रहरी कार्यालय डडेल्धुरामा निवेदन दिइन। निवेदनपश्चात प्रहरीले दुवै पक्षलाई बोलाई ०६७ भदौ ३० गते आइन्दा कुटपिट नगर्ने सर्तमा मिलापत्र गरायो।

सबै प्रकारका जातीय विभेद

भद्रपुर गाविस- २ का देवबहादुर ओडलाई गाली गरेको आरोपमा ०६७ जेठ १८ गते सोही गाविस मटेला निवासी ३५ वर्षीयरामदत्त भट्टले दुर्व्यवहार गर्दै अभक्ष खुवाएर मलद्वारमा लठ्ठी कोची यातना दिए। पीडक भट्टले सामान्य विवादपछि जेठ १८ गते राती ९ वजेदेखि १२ वजेसम्म आफू बस्दै आएको घरको गोठमा बाँधेर कुटपिट गरी बन्धक बनाएका थिए। जिल्ला प्रहरी कार्यालय डडेल्धुराले जेठ २३ गते दुवैपक्षलाई बोलाई मिलापत्र गरायो।

स्वास्थ्य सेवाको अवस्था

डडेल्धुरा जिल्लामा एउटा जिल्ला अस्पताल र एक ओटा सामुदायिक अस्पताल रहेका छन्। जिल्ला अस्पतालमा तीन जना चिकित्सकको दरबन्दी भए पनि चार जना कार्यरत छन्। जिल्लाका २६ ओटा स्वास्थ्य केन्द्र तथा उपस्वास्थ्य चौकी गरी १ सय ६० जना स्वास्थ्यकर्मीको दरबन्दी रहेकोमा १ सय ५१ जना मात्र कार्यरत छन्। जिल्लामा चिकित्सकको दरबन्दी खाली नरहेको भए पनि नौ जना स्वास्थ्यकर्मीको दरबन्दी रिक्त रहेको छ।

५.८ बैतडी

जनसङ्ख्या : २,६९,२२२
साक्षरता प्रतिशत : ५९
महिला साक्षरता प्रतिशत : ३८
क्षेत्रफल (वर्ग कि. मि.) : १,५१९
गाविस/नपा सङ्ख्या : ६२/१
सरकारी/निजी विद्यालय : ४३४/११
क्याम्पस/उच्च मा.वि. : २/३६
अस्पताल/स्वास्थ्य चौकी : १/७०
मानव विकास सूचकाङ्कः ०.३९१
प्रतिपरिवार सरदर सङ्ख्याः ७

जेल र बन्दीहरू

'घ' श्रेणीको जिल्ला कारागारको कूल क्षमता २५ जना भए पनि यो वर्षको अन्त्यसम्ममा एक जना महिला र ६१ जना पुरुष गरी जम्मा ६२ जना बन्दीहरू रहेका छन्। कैद तोकिएका ३९ जना पुरुष र एक जना महिला गरी जम्मा ४० जना रहेका छन् भने बाँकी २२ जना पुरुषहरू थुनुवा रहेका छन्। क्षमताभन्दा दोब्बर बढी कैदीहरू भएकाले बास बस्न, गर्मी मौसममा खानेपानीको असुविधा भएको र शौचालय दुर्गन्धित हुँदा थुनुवाहरूलाई समस्या भएको कारागारका बन्दीहरूले बताए। यस वर्षको जेठ महिनामा खानेपानी नियमित आपूर्तिको माग राखी कैदीहरूले जेलभित्र आन्दोलन गरेका थिए। आफ्नो नियमित स्वास्थ्य परीक्षण हुने गरेको बन्दीहरूले बताए।

धम्की/कुटपिट

एकीकृत माओवादीबाट

गिरेगाडा गाविस-५ का ६५ वर्षीय उत्तमबहादुर चन्दलाई ०६७ कात्तिक २३ गते सोही ठाउँका एकीकृत माओवादी कार्यकर्ताहरू राजबहादुर चन्द, सुनी चन्द, कृष्णबहादुर चन्द, खडकबहादुर चन्द, पदमबहादुर चन्द लगायत ११ जनाको समूहले गोली र धारिलो हतियार प्रहार गरी घाइते बनायो। भरुवा बन्दुकको गोली प्रहारबाट पीडितको बायाँ खुट्टामा गोलीको छर्रा लाग्यो भने धारिलो हतियार प्रहारबाट उनको टाउकोमा चोट लाग्यो। भारतकै बरेलीमा उनको उपचार भइरहेको छ। घटनामा संलग्न माओवादी कार्यकर्ताहरूलाई ०६७ कात्तिक २५ गते प्रहरीले गिरफ्तार गरेकोमा अनुसन्धानपछि राजबहादुर चन्द १ लाख ८ हजार रुपियाँ धरौटीमा ०६७ मङ्सिर २९ गते र सोही ठाउँका प्रेम चन्द र पदम चन्द पनि १ लाख ८ हजार रुपियाँ धरौटीमा ०६७ पुस १२ गते रिहा भए भने अन्य आठ जना जिल्ला करागार बैतडीमा थुनामा रहेका छन्।

बासुलिङ्ग गाविस-८ निवासी एमाले कार्यकर्ता ४१ वर्षीय शेरसिंह ऐरीलाई एमालेको राजनीति गरेको आरोपमा ०६६ पुस २६ गते श्रीकोट गाविस-१ निवासी एकीकृत माओवादी सम्बद्ध अखिल नेपाल किसान सङ्घ (क्रान्तिकारी) का कार्यकर्ता ३२ वर्षीय जनक चन्द, श्रीकेदार गाविस-८ का ३२ वर्षीय दीपक भट्ट लगायत अन्य ११ जना एकीकृत माओवादीका स्थानीय कार्यकर्ताले कुटपिट गरे। जिल्ला अस्पतालमा उपचार हुन नसकी ०६६ पुस २७ गते भारतको पिथौरागढ लगिएकोमा उपचारपछि पीडित ऐरी घर फर्किए। पीडितले केही सार्वजनिक ऐन अन्तरगत ०६६ पुस २९ गते जिल्ला प्रशासन कार्यालयमा उजुरी दिएपछि प्रहरीले जनक र दीपकलाई ०६६ माघ २१ गते गिरफ्तार गऱ्यो। घटनामा संलग्न अन्यका नाममा जिल्ला प्रशासन कार्यालयले म्याद जारी गरी सोको निर्धारित समय भित्रै सबै जना उपस्थित भई सबैवाट जनही फरक फरक रकम धरौटी लिई तारेखमा छुटे। उक्त मुद्दा हाल जारी रहेको जिल्ला प्रशासन कार्यालयले जनायो।

बासुलिङ्ग गाविस-२ ग्वानीका ४६ वर्षीय मोहन विष्टलाई ०६६ चैत २४ गते एमालेको राजनीति गरेको आरोपमा एकीकृत माओवादी कार्यकर्ताले घरनजिकै कुटपिट गरे। सोही ठाउँ निवासी एकीकृत माओवादी एरिया सेक्रेटरी वीरेन्द्र विष्टको घरमा जम्मा भएका एकीकृत माओवादी कार्यकर्ताहरूको कुटपिटवाट घाइते भएका विष्टको ०६६ चैत २५ गते जिल्ला अस्पतालमा उपचार भयो। पीडितले घटना पछि कुनै पनि निकायमा उजुरी गरेनन्।

घटनाको प्रकार	गैरराज्यबाट						
	अन्यबाट				एकीकृत माओवादीबाट		
	घटना डख्या	पुरुष	महिला	जम्मा	घटना डख्या	पुरुष	जम्मा
हत्या	३	१	२	३			
कुटपिट	३	३		३	५	५	५
धम्की	१	१		१	२	२	२
जातीय विभेद	२	१	१	२			
बालअधिकार	१		१	१			
अपहरण	२	१	१	२			
जम्मा	१२	६	५	१२	६	६	६

कौटपेटरा गाविस-५ घरेडाका ३५ वर्षीय कर्णबहादुर रानालाई भने जति चन्दा नदिएको आरोपमा ०६७ वैशाख १६ गते सोही गाविस-४ रामलाका विकल्प भनिने ३५ वर्षीय राम घरैडी र अर्का नाम नखुलेका र किरण भनिने एकीकृत माओवादीका कार्यकर्ताको समूहले कुटपिट गऱ्यो। एकीकृत माओवादीले ५ लाख रुपियाँ बराबरको रकम चन्दा माग गरेकोमा दिन नसकेपछि उनीहरूले दुई चार

थप्पड कानमा हानी दुर्व्यवहार गरेको पीडितले बताए।

एमालेबाट

भौनेली गाविस-८ का एकीकृत माओवादी कार्यकर्ता २८ वर्षीय महादेव भट्टलाई माओवादीको राजनीति गरेको आरोपमा ०६६ फागुन १५ गते एमाले कार्यकर्ताहरू २५ वर्षीय हिक्मतसिंह कार्की,२३ वर्षीय कृष्णसिंह कार्की र १९ वर्षीय किसनसिंह कार्कीले सोही गाविसको धरमघरमा कुटपिट गरे। फागु पूर्णिमाको अवसरमा लाग्ने मेलामा मादक पदार्थ सेवन गरी कुटपिट गरेको पीडितले बताए। कुटपिटबाट घाइते भएका पीडितले जिल्ला अस्पताल बैतडीमा उपचार गरी सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएपछि भोलिपल्ट दुवै पक्षलाई बोलाएर जिल्ला प्रहरी कार्यालयको रोहबरमा मिलापत्र गरिएको जिल्ला प्रहरी कार्यालय बैतडीले जनायो।

वासुलिङ्ग गाविस-८ सिन्केलेक निवासी एकीकृत माओवादी कार्यकर्ता ३८ वर्षीय तारासिंह ऐरलाई सोही ठाउँका एमाले कार्यकर्ता ४२ वर्षीय शेरसिंह ऐरी, ४२ वर्षीय देवसिंह ऐरी र सोही गाविस-९ का ४० वर्षीय गजु ऐरीले आफूहरू विरुद्ध लागेकोले ज्यान मार्ने उद्योगको मुद्दा अदालतबाट जितेको भनी ०६७ असार १३ गते बेलुकी सोही ठाउँमा कुटपिट गरे। कुटपिटबाट टाउकोमा गम्भीर चोट लागेका ऐरको जिल्ला अस्पताल बैतडीमा उपचार हुन नसकेपछि भारतको पिथौरागढमा उनको उपचार गरियो। दोषीउपर कानुनी कारबाही गरी लुटेको रकम फिर्ता गराई पाउँ भनी पीडितले ०६७ असार १४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दर्ता गराए। उजुरीपछि पीडकलाई प्रहरीले ०६७ असार १६ गते गिरफ्तार गरेकोमा अदालतको आदेशमा उनी ८० हजार रुपियाँ धरौटीमा रिहा भएको जिल्ला प्रहरी कार्यालयले बतायो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्षको अन्त्यसम्ममा बैतडी जिल्ला अदालतमा जम्मा ९४ वटा मुद्दा दर्ता भए जसमध्ये सरकारवादी फौजदारी मुद्दातर्फ ६४ थान र दुनियावादी देवानी मुद्दा अर्न्तगत ३० थान मुद्दा दर्ता भए। दर्ता भएका मुद्दामध्ये फौजदारी मुद्दा अर्न्तगत ४७ थान फर्स्यौट भई १७ थान मुद्दा बाँकी रहे भने देवानीतर्फ १७ थान मुद्दा फर्स्यौट भई १३ थान बाँकी रहे। यस वर्ष घरेलु हिंसाअन्तरगत दुई थान मुद्दा जिल्ला अदातलमा दर्ता भएकोमा दुई थान नै फर्स्यौट भए।

सरकारी अधिवक्ताको कार्यालयमा ०६६ पुस १७ गतेदेखि ०६७ पुस १६ गतेसम्म ५७ थान मुद्दा जिल्ला अदालतमा दायर गरेकोमा २४ थान मुद्दाहरूमा सफलता पाएको, १३ थान मुद्दामा असफलता पाएको र १० थान मुद्दा फर्स्यौट हुन बाँकी रहेका छन्।

बालअधिकार

जिल्ला शिक्षा कार्यालय बैतडीका अनुसार यस जिल्लामा प्राथमिक निम्नमाध्यमिक, माध्यमिक र उच्च माध्यमिक गरी जम्मा ५ सय ४१ ओटा विद्यालयहरू रहेका छन्। जस अन्तरगत प्राथमिक तहमा ३ सय ३१ ओटा, निम्नमाध्यमिक १ सय ७ ओटा, माध्यमिक ६५ ओटा र उच्चमाध्यमिक ३८ ओटा रहेका छन्। प्राथमिक तहमा जम्मा ७८ हजार २ सय ३३ जना विद्यार्थीमा ३९ हजार ७ सय ४२ जना छात्रा र ३८ हजार ४ सय ९१ जना छात्रहरू अध्ययनरत छन्। यसैगरी निम्नमाध्यमिक तहमा १९ हजार २ सय ३८ जना विद्यार्थीमा ९ हजार ४२ जना छात्रा र १ हजार १ सय ९६ जना छात्रहरू अध्ययनरत छन्। यसैगरी माध्यमिक तहमा ८ हजार ९ सय ७६ जना विद्यार्थीमा ३ हजार ७ सय ५ जना छात्रा र ५ हजार २ सय ७१ जना छात्र रहेका छन्। उच्चमाध्यमिक तहमा ४ हाजर २४ जना विद्यार्थीमा १ हजार ५ सय ७१ जना छात्रा र २ हजार ४ सय ५३ जना छात्रहरू अध्ययनरत छन्।

यस जिल्लामा प्रारम्भिक बालविकास केन्द्र विद्यालयमा आधारित ३ सय १४ ओटा र समुदायमा आधारित ६५ ओटा गरी जम्मा ३ सय ७९ ओटा विद्यालयहरू रहेका छन्।

एमाले कार्यकर्ताद्धारा कुटपिट गरी घाइते बनाइएका तारासिंह ऐर

जिल्लाको दक्षिणी भेगमा पर्ने कुलाउ स्रोत केन्द्र अन्तरगतका २८ ओटा विद्यालय ०६७ असार २ गते देखि ५ दिनसम्म बन्द हुँदा विद्यार्थीको पढाइ प्रभावित भयो। देथवला मावि, महाकालीका प्रधानाध्यापक शुक्रबहादुर चन्द र शिशुपाल सिंह मड्गोला विरुद्ध सोही विद्यालयमा कक्षा चारमा अध्ययन गर्ने सुनिल विकलाई कुटपिट गरेको अरोपमा स्थानीय अभिवावकले ०६७ असार ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी

दिएपछि त्यसको विरोधमा सो क्षेत्रका विद्यालयहरू बन्द गरिएका थिए। जिल्ला प्रशासन कार्यालयमा शिक्षक सङ्घ सङ्गठन र जिल्लास्थित दलित गैरसरकारी संस्थाहरूका प्रतिनिधिको ०६७ असार ११ गतेको भेलामा सो बिबाद मिलाई दुवै पक्षले यस्ता घटनाहरू नदोहोऱ्याउने सहमति गरे।

धनुषा जिल्ला जनकपुर नपा- १ निवासी दशरथचन्द नपा कार्यालय बैतडीमा कार्यरत ओभरसियर चन्द्रनारायण यादवले ०६६ माघ देखि धनुषा जिल्लाको जनकपुरकी ७ वर्षीया खुस्बू शाहलाई बाल श्रमिकका रूपमा काम गराउँदै आएको ०६७ साउन २० गते सार्वजनिक भयो। पीडित बालिका लामो समयदेखि बालश्रमिकका रूपमा काम गर्दै आएकी छिन् भन्ने जानकारी पत्रकारहरूले पाएपछि पत्रकारको टोलीले बालिकासँग भेटघाट गर्दा उनी बालश्रमिकका रूपमा काम गर्दै आएको थाहा भयो। नगरपालिका कार्यालय बैतडीका ओभरसियर यादवले आफूलाई भाँडा माझ्ने र लुगा धुने काममा लगाउँदै आएको र राति भान्सा कोठाको भुईंमा सुताउने गरेको समेत पीडित बालिकाले बताइन्। जनकपुरमा दुई कक्षामा पढ्दै गरेकी बालिकालाई यादवले पत्नी गर्भवती भएको भन्दै कपडा र भाडा सफा गर्नका लागि ०६६ माघ महिनामा बैतडीमा ल्याएका थिए। यादवकी पत्नी सन्तोषीले आफू गर्भवती भएकाले काममा सघाउन बैतडी ल्याएको बताइन्। उनले विद्यालय नपठाएको स्वीकार्दै कडा काममा भने नलगाएको बताइन्। जिल्लास्थित नागरिक समाज, नगरपालिका कार्यालयमा कार्यरत कर्मचारी, पत्रकारको दबाब तथा बैतडीका प्रमुख जिल्ला अधिकारी मुरारीप्रसाद शर्माको निर्देशनमा ०६७ साउन २८ गते यादवले बालिकालाई घर पठाए।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार घरेलु हिंसा

सिलङ्गा गाविस-८ की ३० वर्षीया कलावती पन्तलाई उनका देवर १७ वर्षीय लक्ष्मण पन्तले वञ्चरोले टाउकोमा हिर्काएर ६७ चैत १९ गते हत्या गरे। हत्यापछि लास उनकै घर नजिकै खाल्टोमा गाडिएको अवस्थामा प्रहरीले ०६६ चैत २३ गते फेला पाऱ्यो। हत्यामा संलग्न भएको आरोपमा ०६६ चैत २४ गते प्रहरीले पन्तलाई गिरफ्तार गऱ्यो। घरायसी झगडा भएपछि आफूले वञ्चरोले हिर्काउँदा भाउजुको मृत्यु भएको पन्तले प्रहरीसमक्ष बयान दिए। जिल्ला दालतले ०६७ वैशाख २० गते सर्वस्व सहितको जन्मकैद फैसला गऱ्यो।

सबै प्रकारका जातीय विभेद

गोकुलेश्वर गाविस-२ का १९ वर्षीय श्याम औडलाई सार्वजनिक धारामा पानी खाँदा धारा अशुद्ध गरेको आरोपमा ०६६ फागुन १ गते सोही ठाउँका ३८ वर्षीय उत्तमबहादुर चन्दलगायत कथित गैरदलितको समूहले कुटपिट तथा गालीगलौज गरे। पीडतले घटनाका सम्बन्धमा ०६६ फागुन ८ गते जिल्ला अदालत बैतडीबाट मुद्दा फिर्ता लिई अदालतको रोहबरमा उक्त मुद्दा मिलाएको पीडितपक्षले जनायो।

स्वास्थ्य सेवाको अवस्था

बैतडी जिल्लामा एकवटा जिल्ला अस्पताल अन्तरगत तीन जना चिकित्सक दरबन्दी रहेकोमा तीनै जना कार्यरत रहेका छन् भने ११ जना स्वास्थ्यकर्महिरूको दरबन्दी रहेकोमा १० जना कार्यरत छन्। दुई वटा प्राथमिक स्वास्थ्य केन्द्रमा दुईजना चिकित्सक र ११ जना स्वास्थ्यकर्मीको दरबन्दी रहेकोमा एक जना स्वास्थ्यकर्मीको दरबन्दी रिक्त रहेको छ। त्यसैगरी जिल्लामा रहेका जम्मा १० वटा स्वास्थ्य चौकीमा ४० जना स्वास्थ्यकर्मीको दरबन्दी रहेकोमा तीनजना स्वास्थ्यकर्मीको दरबन्दी रिक्त रहेको छ। जिल्ला भरिमा जम्मा ५५ वटा उपस्वास्थ्य चौकीमा २ सय २० जना स्वास्थ्यकर्मीको दरबन्दी रहेकोमा १९ जना स्वास्थ्यकर्मीको दरबन्दी रिक्त रहेको छ। जिल्ला जनस्वस्थ्य कार्यालय बैतडीले बतायो।

५.९ दार्चुला

जनसङ्ख्या : १,४३,४९७
साक्षरता प्रतिशत : ५८
महिला साक्षरता प्रतिशत : ३८
क्षेत्रफल (वर्ग कि. मि.) : २,३२२
गाविस/नपा सङ्ख्या : ४१/०
सरकारी/निजी विद्यालय : ३०४/४
क्याम्पस/उच्च मा.वि. : १/२०
अस्पताल/स्वास्थ्य चौकी : १/४१
मानव विकास सूचकाङ्कः ०.४११
प्रतिपरिवार सरदर सङ्ख्याः ७

जेल र बन्दीहरू

'घ' श्रेणीको यस जिल्ला कारागारको क्षमता ४० जनाको रहेको छ। हाल यस कारागारमा कैद तोकिएका २० जना पुरुष र चार जना महिला गरी जम्मा २४ जना रहेका छन् भने नौ जना पुरुष थुनुवा रहेका छन्। यसरी जिल्ला कारगारमा हाल ३३ जना रहेका छन्। कारागारभित्र खानेपानी, क्यारेमबोर्ड,टिभी, चेस,पत्रपत्रिका र खेलकुदका सामाग्री उपलब्ध छ। कैदीहरुले नियमानुसार पाउने सरकारी सुविधा निरन्तर पाइरहेका छन्।

धम्की/कुटपिट

एकीकृत माओवादीबाट

बोहरीगाउँ गाविस-१ पतिगैरका २५ वर्षीय नवराज जोशीलाई ०६७ असार ३ गते घर घरमा गएर पीपीआर भ्याक्सिन नलगाएको आरोपमा बोहरीगाउँ गाविस-२ निवासी एकीकृत माओवादीको सेती महाकाली राज्यसमिति सदस्य २८ वर्षीय केशव विकको नेतृत्वमा आएको एक समूहले घर घेरा हाली घरमा ढुङ्गामुढा गर्नुका साथै उनी र उनका दाइ ४१ वर्षीय गङ्गादत्त जोशीलाई कुटपिट गऱ्यो। माओवादी कार्यकर्ताहरूले घरमा ढुङ्गामुढा तथा कुटपिट गरिरहेको अवस्थामा गाँउलेहरू आएपछि माओवादी कार्यकर्ताहरू भागेको पीडित जोशीले बताए। पीपीआर भ्याक्सिन सबैको घर-घरमा गएर लगाउन माओवादी कार्यकर्ताहरूले आफूलाई दबाब दिएको तर आफूले सबैको घरघरमा पुग्न नसकिने बताएपछि बिबाद भएको जोशीले बताए। गाँउका भद्रभलाद्मीहरूको पहल तथा प्रहरीको रोहबरमा ०६७ असार १० गते दुवै पक्षबीच गाउँमै मिलापत्र भयो।

तपोवन गाविस-२ पन्तबगर बस्ने ५० वर्षीय रगे विष्टलाई ०६७ साउन १३ गते लटिनाथ गाविस-९ निवासी एकीकृत माओवादी जिल्ला कमिटी सदस्य ३० वर्षीया 'अनुजा' भनिने कमला पन्तले काङ्ग्रेस जिल्ला अधिवेशनमा सहभागी हुन जिल्ला सदरमुकाम खलङ्गा जाँदै गरेको अवस्थामा लटिनाथ गाविस-९ च्युरानीमा कुटपिट गरिन्। जिल्ला अधिवेशनमा आउने बेला अनुजाले आफूलाई अधिवेशनमा जान नपाउने, गए अपहरण गर्ने भनेको र उनको कुरालाई बेवास्ता गर्दा अनुजाले आफूलाई कुटपिट गरेको पीडित विष्टले बताए। उनको उपचार जिल्ला अस्पताल खलङ्गामा भयो। विष्टले ०६७ साउन १४ गते घाउ जाँच गरेर ज्यान मार्ने उद्योग गरेको आरोपमा कारबाहीका लागि जिल्ला प्रहरी कार्यालयमा मुद्दा दर्ता गर्ने प्रयास गरे पनि मुद्दा भने दर्ता गराएनन्। पीडक कमला पन्तले पनि आफूमाथि हातपात गरेको आरोपमा विष्टका नाममा मुद्दा दर्ता गर्ने बताएपछि आफूले मुद्दा दर्ता नगराएको विष्टले बताए। एकीकृत माओवादी जिल्ला सचिव जमनसिंह धामीले कुटपिट राजनीतिक कारणले नभई उनीहरूबीचको व्यक्तिगत लेनदेनको विवादका कारणले भएको बताए।

हिकिला गाविस-८ निवासी अनेरास्वबियुका जिल्ला कमिटी पूर्वसदस्य २२ वर्षीय अक्कल बमले आफूहरूसँग राजनीतिक बिबाद गरेको भन्दै ०६७ वैशाख २६ गते शिखर गाविस-७ निवासी एकीकृत माओवादी जिल्ला कमिटी सदस्य ३२ वर्षीय लालबहादुर विकलगायतको एक समूहले खलङ्गा गाविस-४ स्थित नवीन रेस्टुरेण्टमा उनलाई कुटपिट गऱ्यो। आफू होटलमा बसिरहेको अवस्थामा एक जना माओवादी कार्यकर्तासँग सामान्य विवाद भएपछि केही समयपश्चात् हातमा लाठी लिएर आएका लालबहादुर बिकको समूहले आफूलाई पेप्सीको खाली बोतलले टाउकोमा हानी घाइते बनाएको पीडितले बताए। पीडितको टाउकोमा तीनओटा टाँका लगाइयो। आफ्नो सामान्य उपचार जिल्ला अस्पतालमा भएकोमा हाल

घटनाको प्रकार	गैरराज्यबाट						
	अन्यबाट				एकीकृत माओवादीबाट		
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा
कुटपिट	२	२		२	३	३	३
धम्की	१	२		२	१	१	१
जातीय विभेद	१	१		१			
महिलाअधिकार	२		२	२			
जम्मा	६	५	२	७	४	४	४

भारतको पिथौरागढको असपतालले दिएको औषधी खाइरहेको पीडितले बताए। पीडितले लालबहादुर विकको नाममा ०६७ वैशाख २७ गते सार्वजनिक अपराध अन्तरर्गत जिल्ला प्रहरी कार्यालयमा मुद्दा दर्ता गराए। जिल्ला प्रहरी कार्यालयले अनुसन्धान गरी फाईल ०६७ जेठ २७ गते जिल्ला प्रशासन कार्यालयमा पुऱ्यायो। जिल्ला प्रशासन कार्यालयले ०६७ भदौ १५ गते पीडकलाई एक हजार रुपियाँ धरौटीमा तारेखमा रिहा गरेको नायब सुब्बा जयबहादुर सिंहले बताए।

खार गाविस-६ जामिर निवासी केदारीश्वरी मावि सुण्डमुण्डका प्रधानाध्यापक ४५ वर्षीय बीरबहादुर ठगुन्नाले चन्दा नदिएको आरोपमा ०६७ वैशाख १३ गते उनलाई माओवादी जनआन्दोलन समितिको संयोजक बताउने एक अज्ञात व्यक्तिले एकीकृत माओवादीको पार्टी कार्यालयबाट फोन गरी मार्ने धम्की दिए। एकीकृत माओवादी जिल्ला सदस्य गायत्री रावल ०६७ वैशाख १३ गते पत्र लिएर विद्यालयमा आई आन्दोलनको सहयोगका लागि आर्थिक सहयोग मागेको र धम्की दिने व्यक्तिले 'रावल र प्रेमसिंह ठगुन्नाले जे भन्छन् त्यही गर्नु, नगरे ज्यान जान सक्ने' भनी धम्की दिएको प्रधानाध्यापक ठगुन्नाले बताए। घटनालाई लिएर पीडित, शिक्षक सङ्गठन, एमालेका प्रतिनिधि र एकीकृत माओवादीका जिल्ला स्तरीय नेताहरूको ०६७ वैशाख १७ गते संयुक्त बैठक बसी छलफल गर्दा पार्टीको तर्फबाट गल्ती भएको एकीकृत माओवादी जिल्ला सचिव जमनसिंह धामीले स्वीकार गरे। माओवादी नेताहरूले कारबाही अगाडि नबढाउन अनुरोध गरेपछि आफूले घटनालाई अगाडि नबढाएको पीडित ठगुन्नाले बताए।

अन्यबाट

मालिकार्जुन गाविस-१ निवासी गोरखापत्रका दार्चुला समाचारदाता तथा दार्चुला सन्देश अर्ध साप्ताहिकका प्रकाशक ३० वर्षीय शंकरसिंह धामी र खलङ्गा गाविस-१ निवासी एभिन्यूज टेलिभिजनका रिपोर्टर ३२ वर्षीय कमलराज जोशीले समाचार नलेखेको आरोपमा ०६६ फागुन १६ गते सोही ठाउँ बस्ने ३१ वर्षीय हरिभानसिंह ठगुन्नाले दुवैजनालाई समाचार सङ्कलनका क्रममा लटिनाथ गाविस-९ चिउँरानी भन्ने ठाउँमा गालीगलौज गर्दै मार्ने धम्की दिए। पीडितहरूले ०६६ फागुन १६ गते लटिनाथ प्रहरी चौकीमा उनका विरुद्ध उजुरी गरेपछि प्रहरीले ठगुन्नालाई ०६६ फागुन १७ गते पक्राउ गरी जिल्ला प्रहरी कार्यालय दार्चुलामा पुऱ्यायो। समाचार सङ्कलनका क्रममा गाउँमा गएका पत्रकारहरूलाई मार्ने धम्की दिने ठगुन्नाविरुद्ध ०६६ फागुन १९ गते जिल्ला प्रशासन कार्यालयमा सार्वजनिक मुद्दा दर्ता गरिए पनि पीडक एक हजार रुपियाँ धरौटी राखी ०६६ चैत ४ गते जिल्ला प्रशासन कार्यालयबाट तारेखमा रिहा भए।

ग्वानी गाविस-६ बगोरा निवासी दार्चुला सन्देश अर्ध साप्ताहिकका सह-सम्पादक ३३ वर्षीय भुवन डागाँले आफ्नो बेइज्जती हुने खालको समाचार प्रकाशित गरेको आरोपमा ०६६ चैत २ गते सोही ठाउँका ४४ वर्षीय लुलेसिंह डागाँ र ४० वर्षीया कौशादेवी डागाँले सोही गाविस-६ बगोरामा कुटपिट गरे। कुटपिटबाट उनको निधार र गालामा चोट लाग्यो। 'गैरदलितले गाए दलितको बिहेमा सगुन' शीर्षकमा समाचार लेखेको र समाजमा जातीय विभेद केही न्यून हुँदै गएको भन्ने सन्देशमूलक समाचार प्रकाशित गरिएका कारण डागाँलाई कुटपिट गरी मार्ने धम्की दिइएको थियो। स्थानीय बुद्धिजीवि तथा राजनीतिक दलका नेताहरूको रोहबरमा ०६६ चैत ३ गते पीडक र पीडितलाई बोलाई छलफल गर्दा पीडकहरूले पीडितसँग माफ मागि उपरान्त गल्ती नगर्ने सर्तमा दुवै पक्षबीच मिलापत्र भयो।

खण्डेश्वरी गाविस-९ चिल्डुङगाका ३४ वर्षीय देवसिंह धामी, बझाङ निवासी वाईसीएल कार्यकर्ता ३१ वर्षीय प्रयाग भट्ट र २४ वर्षीय कमल उपनाम गरेका दुई जना कार्यकर्ताबीच चन्दा विषयलाई लिएर विवाद भए पछि ०६७ असार ३१ गते खण्डेश्वरी गाविस-७

बजारमा वाईसीएल कार्यकर्ता र स्थानीयबीच भएको झडपमा परी देवसिंह घाइते भए। उनको उपचार लटिनाथ गाविस-२ सिमार स्थित निजी क्लिनिकमा एकीकृत माओवादीले गराए। एकीकृत माओवादीको चन्दा नीति गलत भएको भन्दै स्थानीय व्यापारीहरूले विरोध गरेका थिए। यार्सागुम्बा व्यापारीहरूबाट एकीकृत नेकपा माओवादीले प्रति किलो १० हजार रुपियाँ चन्दा दिन दबाव दिएपछि झडप भएको थियो। प्रहरीको सहयोगमा स्थानीय र माओवादीका जिल्ला स्तरका नेताहरूको उपस्थितिमा ०६७ साउन ६ गते स्थानीय बासिन्दाबीच माफ मार्गनुका साथै आगामी दिनमा चन्दा नउठाउने प्रतिबद्धता एकीकृत नेकपा माओवादी जिल्ला ईन्चार्ज ललितसिंह ठगुन्नाले व्यक्त गरेपछि विवाद समाधान भएको थियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत दार्चुला फौजदारीतर्फ गतवर्ष जिम्मेवारी सरेर आएका ४५ थानमध्ये ४० थान मुद्दा फर्स्यौट भई पाँच थान बाँकी रहे। यस वर्ष दर्ता भएका १५ थान र गत वर्षको जिम्मेवारी सरेर आएका पाँच थानमध्ये १० थान मुद्दा फर्स्यौट भई १० थान बाँकी रहे। गत वर्षको जिम्मेवारी सरेर आएका दिवानीतर्फ २६ थान मुद्दामध्ये १६ थान मुद्दा फर्स्यौट भई १० थान बाँकी रहे। यस वर्ष दर्ता भएका तीन थान र गतवर्षको जिम्मेवारी सरेर आएका १० थान मुद्दामध्ये आठ थान मुद्दा फर्स्यौट भई पाँच थान मुद्दा बाँकी रहे। यस वर्षको अन्त्यसम्ममा १ सय ८ थान मुद्दा दर्ता भएकोमा ७४ थान मुद्दा फर्स्यौट भई ३४ थान मुद्दा बाँकी रहे।

सरकारी वकिलको कार्यालयले ०६६ पुस १७ गतेदेखि ०६७ पुस १६ गतेसम्म १७ मुद्दाहरू जिल्ला अदालत दार्चुलामा दायर गरेकोमा १२ थान मुद्दाको फैसला भएको छ भने पाँच थान मुद्दाको फैसला हुन बाँकी रहेको छ। फैसला भएका १२ थान मुद्दामध्ये १० थान मुद्दामा सफलता प्राप्त भएको छ भने दुई थान मुद्दामा सफलता प्राप्त भएको छ।

बालअधिकार

जिल्ला शिक्षा कार्यालय दार्चुलाका अनुसार यस जिल्लामा दुई सय ३२ प्राथमिक विद्यालयमा १५ हजार ७ सय ९२ छात्रा र १४ हजार ६ सय ८८ छात्र गरी जम्मा ३० हजार ४ सय ८० बालबालिका अध्ययनरत छन्। त्यसै गरी ६४ ओटा निम्नमाध्यमिक विद्यालय रहेको यस जिल्लामा ४ हजार ४ सय ३० छात्रा र ५ हजार १ सय २२ छात्र गरी जम्मा ९ हजार ५सय ५२ विद्यार्थीहरु अध्ययनरत छन्। यसैगरी ५७ ओटा माध्यमिक विद्यालयमा २ हजार २ सय ९७ छात्रा र २ हजार ६ सय ७४ छात्र गरी जम्मा ४ हजार ९ सय ७१ बालबालिका अध्ययनरत छन् भने २३ ओटा उच्च माध्यमिक विद्यालयमा १ हजार ४ सय ७१ छात्रा र १ हजार ६ सय ९९ छात्र गरी जम्मा ३ हजार १ सय ७० बालबालिकाहरू अध्ययरत रहेका छन्।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

उकु गाविस-८ बन्थलाकी १८ वर्षीया एक युवतीलाई सोही गाविस-४ बस्ने २५ वर्षीय भानुराम पार्कीले ०६७ असार १८ गते उनकै घरमा बलात्कार गरे। पीडितका पति २१ वर्षीय दीपेन्द्र थापा र जेठी सासु ४५ वर्षीय कौशिला थापाको मिलोमतोमा आफूले बलात्कार गरेको भानुरामले स्वीकारे। भानुरामले रक्सी सेवन गरी आफूलाई जबरजस्ती बलात्कार गरेको पीडितले बताइन्। भानुरामले बाहिर हल्ला गरेमा मार्ने धम्की दिएका कारण समयमै प्रहरीमा उजुरी दिन नसकेको पीडितले जनाइन्।

पीडितका पति दीपेन्द्रले ०६७ साउन ९ गते आफ्नी पत्नीलाई भानुरामले बलात्कार गरेको मौखिक जाहेरी दिन प्रहरी चौकी दत्तुमा आएपछि प्रहरीले सोही दिन कौशीला थापा, भानुराम पार्की र पीडितका पति र सौतालाई गिरफ्तार गरी अनुसन्धान गर्न पुर्पक्षका लागि थुनामा राखेको थियो।

पीडितले ०६७ साउन १० गते जिल्ला प्रहरी कार्यालयमा दुई वटा छुट्टा-छुट्टै मुद्दा दर्ता गराइन्। बलात्कार गरेको भन्दै भानुराम पार्की र योजनाकार सासू कौशीला थापाका नाममा जबरजस्ती करणी गरेको र पतिले बहुविवाह गरेको भन्दै पीडितले मुद्दा दर्ता गरिन्। जिल्ला अदालत दार्चुलामा न्यायाधीश कविप्रसाद न्यौपानेको इजलासले ०६७ मङ्सिर ६ गते उक्त दुवै मुद्दाको फैसला सुनाउँदै जबरजस्ती करणी गर्ने भानुराम पार्कीलाई आठ वर्षको जेल सजाय र २५ हजार रुपियाँ क्षतिपूर्ति समेत भराउने, कौशिला थापालाई करणी गर्न प्रपञ्च मिलाएको भन्दै चार वर्षको जेल सजाय सुनाएको छ। पीडितका पतिलाई बहुविवाह गरेको ठहरिन आएकोले तीन वर्षको जेल सजाय सुनाएको छ।

छापरी गाविस-५ बस्ने ३१ वर्षीया एक महिलालाई सोही गाविस-६ बस्ने ४४ वर्षीय करनसिंह कार्कीले ०६६ फागुन २७ गते खलङ्गा गाविस-५ स्थित बाङ्गाबगरमा हातपात गरी दुर्व्यवहार गरेको भन्दै कारबाहीको माग राखी ०६६ फागुन २८ गते पीडितले

सामुदायिक सेवा केन्द्र खलङ्गामा निवेदन दिएपछि सामुदायिक सेवा केन्द्रले दुवै पक्षलाई बोलाई छलफल गरायो। पीडक कार्कीले आफ्नो गल्ती स्वीकार गरेपश्चात आइन्दा गल्ती नगर्ने कागज बनाई ०६७ चैत १ गते दुवै पक्षबीच मिलापत्र भएको सामुदायिक सेवा केन्द्रका अध्यक्ष विष्णुदत्त जोशीले बताए।

सबै प्रकारका जातीय विभेद

काटै गाविस-९ स्थायी घर भई खलङ्गा गाविस-५ घाटबजार बस्दै आएका राष्ट्रिय जनमोर्चाका जिल्ला अध्यक्ष ५२ वर्षीय मनवीर दमाईलाई ०६६ चैत १६ गते राति ब्रम्हदेव गाविस-५ सिमली घर भई खलङ्गा गाविस-५ बाङबगरमा बस्दै आएका ३२ वर्षीय कर्णबहादुर बमले मदिरा सेवन गरी डुम भन्दै गाली गलौज तथा हातापात गरे। आफूमाथि जातीय विभेद गरी हातपात गरेको भन्दै पीडितले कारबाहीको माग गरी ०६६ चैत १९ गते बमका विरुद्धमा जिल्ला प्रहरी कार्यालयमा जातीय छुवाछुतसम्बन्धी मुद्दा दर्ता गरे। पीडक बम घटनापछि फरार रहेका भए पनि अदालतले ०६७ वैशाख १९ गते बमविरुद्ध वारेन्ट जारी गरेकोमा उनी ०६७ असार १७ गते आफैँ अदालतमा उपस्थित भए। सोही दिन अदालतले १० हजार रूपैयाँ धरौटीमा उनलाई रिहा गऱ्यो। अदालतले ०६७ असार ३१ गते आरोपित बमलाई २ हजार रुपियाँ जरिवाना गर्ने फैसला गऱ्यो।

स्वास्थ्य सेवाको अवस्था

दार्चुला जिल्लामा एउटा जिल्ला अस्पताल, एक प्राथमिक स्वास्थ्य केन्द्र, ११ ओटा स्वास्थ्य चौकी र २९ ओटा उप-स्वास्थ्य चौकी रहेका छन्। जिल्ला अस्पतालमा दुई जना डाक्टर, एक जना मेडिकल सुपरिटेण्ड र दुई जना जनस्वास्थ्य अधिकृतको दरबन्दी भए पनि एक जना मात्र डाक्टर कार्यरत रहेका छन्। जिल्ला स्वास्थ्य चौकी र उपस्वास्थ्य चौकीमा १ सय ५८ जना स्वास्थ्यकर्मीहरूको दरबन्दी रहेको भए पनि १ सय ३२ जना स्वास्थ्यकर्मीहरू कार्यरत छन् भने २६ जनाको दरबन्दी रिक्त रहेको छ।

मानवअधिकार उल्लङ्घन तथ्याङ्क २०१०

अनुसूची

२

परिशिष्ट १.१

नेपाल- घटनाको प्रकारअनुसार घटना सङ्ख्या र पीडित सङ्ख्या

[illegible]	गैरराज्यबाट								राज्यबाट			
	अन्यबाट				एकीकृत माओवादीबाट							
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
हत्या												
घाँटी रेटेर	१०	८	२	१०	१	१		१				
घाँटी थिचेर	१८	३	१५	१८								
घाँटी काटेर	१		१	१								
टाउको छिनाएर	१	१		१								
बलात्कारपछि	१८		२०	२०								
दोहरो भिडन्तमा									९	१३		१३
दोहोरो झडपमा मृत्यु	२	२		२								
आगो लगाएर हत्या	२	१	१	२								
झुण्डाएर	४		४	४								
विष खुवाएर	५		५	५								
लठ्ठी प्रहारबाट	१०	६	४	१०								
यातना दिएर	१	१	१	२					१	१		१
कुटपिट गरी	१२०	६९	५६	१२५	१	१		१	१	१		१
गोली हानी	६८	६६	५	७१					१४	१४	३	१७
खुकुरी प्रहारबाट	२२	१९	५	२४	१	२		२				
धारिलो हतियार प्रहारबाट	९०	६१	३७	९८								
हत्याको प्रकृति नखुलेको	३०	३०	१०	३०								
जम्मा	४०२	२५७	१६६	४२३	३	४		४	२५	२९	३	३२
घाइते												
बम विस्फोटबाट	३२	४७	२४	७१	१	१		१	३	५	१	६
दोहोरो झडपमा घाइते	१७	६३	१	६४	८	१७		१७	१०	५१	९	६०
आगो लगाएर	१	२		२								
आफ्नै बम विस्फोटनबाट	३	४		४					१	१		१
कुटपिटबाट	१२	२०	४	२४	२	२		२	३	४	३	७
गोलीबाट	३७	४३	६	४९	१	२	१	३	५	१५		१५
धारिलो हतियार प्रहारबाट	६०	६९	१७	८६	६	८		८				
हवाइ फायरका क्रममा गोलीद्वारा	३	३		३					१	१		१
जम्मा	१६५	२५१	५२	३०३	१८	३०	१	३१	३३	७७	१३	९०

उल्लंघनका प्रकार	गैरराज्यबाट										राज्यबाट				
	अन्यबाट					एकीकृत माओवादीबाट									
	घटना सङ्ख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	नखुलेको	जम्मा
गिरफ्तारी/यातना															
गिरफ्तारी/यातना											७४	११९	६		१३५
कुटपिट															
कुटपिट	२७२	४२०	५६		४७६	११७	२१९	१४	१२	२४५	५५	११६	६		१२२
धम्की															
ज्यानमार्ने धम्की	४३	५२	४	३६	९२	२३	२८	२		३०	१	१			१
चन्दाको लागी धम्की	९	११		२	१३	१०	९		१	१०	१	१			१
धम्की	७८	९०	१६	२३५	३४१	४२	५२	३	२	५७	३	३			३
जम्मा	१३०	१५३	२०	२७३	४४६	७५	८९	५	३	९७	५	५			५
भेला/सङ्गठित हुने अधिकार															
भेला/सङ्गठित हुने अधिकार	५	१२	१		१३	५	१०	२		१२	११	३१	९	४	४४
लाठी चार्ज											२२	७२	२१	९४	१८७
जम्मा	५	१२	१		१३	५	१०	२		१२	३३	१०३	३०	९८	२३१
जातीय विभेद															
सार्वजनिक स्थलमा प्रवेशबाट वञ्चित	३	२	१		३										
अन्तरजातीय विवाह	१४	१२	१२		२४										
जातीय छुवाछूत	३२	२५	१७		४२										
जम्मा	४९	३९	३०		६९										
महिलाअधिकार															
बोक्सीको आरोपमा	४९		५८		५८										
बलात्कार	१००		१०३		१०३										
बलात्कारको प्रयास	१६		१६		१६										
बहुविवाह	७०		७०		७०										
महिला बेचबिखन	२७		४४		४४										
पारिवारिक हिंसा	२९४		२९७		२९७										
यौन दुर्व्यवहार	३०		३०		३०										
जम्मा	५८६		६१८		६१८										
बालअधिकार															
राजनीतिक कार्यक्रममा बालबालिकाको प्रयोग						७	२१	५	१३५	१६१					

	गैरराज्यबाट										राज्यबाट				
	अन्यबाट					एकीकृत माओवादीबाट									
	घटना सङ्ख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	नखुलेको	जम्मा
बालश्रम	१७	३०	५		३५										
बालबालिका बेचविखन	१३	३	१५		१८										
बालविवाह	८	१	८		९										
बलात्कार	१७६		१८६		१८६										
नवजात शिशुको हत्या	१५	४	१	१०	१५										
शिक्षाबाट वञ्चित	८			११	११	९			९	९					
यौन दुर्व्यवहार	६८	४	७७		८१										
जम्मा	३०५	४२	२९३	३१	३५५	१६	३१	५	१४४	१७०					
आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार															
ज्यालाबाट वञ्चित	७	३	१	८३	८६										
अन्य	१	१			१										
आफ्नो सम्पत्तिको अधिकार	७	६	३	१	१०	३०	३३	४	१८	४४					
जम्मा	१५	१०	४	८३	९७	३०	३३	४	१८	४४					
अमानवीय व्यवहार															
बोक्सीको आरोपमा	३	५			५										
अन्य	५	६			६						३	५			५
अनुहारमा मोसो लगाएको	१८	१७	१		१८	३	३			३					
जुत्ताको माला लगाएको						१	१			१					
जम्मा	३६	३८	१		३९	३	३			३	३	५			५
अपहरण															
अपहरण	१३५	१३६	१६		१५३	३३	३३	१		३३					
कुल जम्मा	३०८०	१३४८	१३५६	३७७	३९८१	३८०	४३०	३३	१७७	६३९	३१८	४६४	५८	९८	६३०
भौतिक संरचनामा क्षति															
राजनीतिक पार्टी कार्यालय	९				९	३				३					
स्वास्थ्य केन्द्र	१				१										
सरकारी सवारी साधानहरु	३				७										
सरकारी कार्यालयहरु	३				३	१				१					
सञ्चार क्षेत्र	३				३										
क्याम्पस	४				४										
निजी घर	१३				१३	३				४					
निजी सवारीसाधन	३३				३०	१०				१३					
निजी कार्यालयहरु	५				५	३				३					
नागरिक उड्डयन कार्यालय	१				१										
नगरपालिका भवन	१				१										
प्रहरी चौकी	१				१										
निजी सम्पत्ति	३				३	३				३					
जिविस भवन	१				१										
विद्यालय	५				७	३				६					
विश्वविद्यालय	३				३										
गाविस भवन	९				९										
हुलाक कार्यालय	१				१										
जम्मा	८६				९९	३३				३३					

परिशिष्ट १.२ नेपाल- पीडित सङ्ख्या पेसाका आधारमा

[illegible]	गैरराज्यबाट										राज्यबाट				
	अन्यबाट					एकीकृत माओवादीबाट									
	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	अन्य	जम्मा
कृषक	६६०	३११	५६९		८८०	६२	११०	१४	११	१३५	६०	१२१	३३	८	१५२
सशस्त्र प्रहरी	२	१	१		२	१	१			१					
व्यापारी	१३१	११६	४२	१	१६०	१६	२६			२६	१८	३५	४		३९
सरकारी/निजी कर्मचारी	८८	९५	८	१९०	२९३	१६	१५	२	२	१९	४	६			६
स्वास्थ्यकर्मी	५	५			५	१	१			१					
मानवअधिकारकर्मी	६	३	९		१२						१	१			१
पत्रकार	६१	६४	३		६६	२०	२२	२		२४	१४	२६		१२	३८
मजदुर	१०६	६३	६९	१	१३३	६	३३	५		३८	१५	२५	६		३२
कानुनी व्यवसायी						२	२			२					
सेना						१	१			१	३	५			५
प्रहरी	२६	४५	२		४६	५	११			११	४	८			८
राजनीतिक कार्यकर्ता	१०३	१६१	६	४	१६१	५५	८२			८२	३९	८५	३	५२	१४०
सामाजिक कार्यकर्ता	४	२	२		४	२	२			२	२	१	३		४
विद्यार्थी	३०८	२४३	१८२	११	४३६	३१	४६	५	६४	११५	२९	६१	१		६२
शिक्षक	६६	६२	१९	१	९२	२८	३८	२		४०	६	१४	११		२५
अन्य	८०	६	६९		८६	३	३	१		४					
नखुलेको	४१२	१६९	२६६	२४६	६८२	४६	४६	२	१२१	१६०	३५	६६	६	३६	१०८
जम्मा	२१५९	१३६८	१२५६	४५५	३०८०	३०६	४४१	३३	१९८	६७२	२३१	४६४	५८	९८	६३०

परिशिष्ट १.३ पीडित बालबालिकाको सङ्ख्या

घटनाको प्रकार	गैरराज्यबाट							राज्यबाट			
	अन्यबाट				एकीकृत माओवादीबाट						
	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
हत्या	४५	३८	३३	५१				३	२	१	३
घाइते	३३	३८	१५	४३	१	१	१	२	२	१	३
गिरफ्तारी/यातना								१४	३८		३८
कुटपिट	३९	४१	६	४६	९	१८	१८	३	८		८
धम्की	२	१	१	२							
अपहरण	३६	३३	८	४१							
जम्मा	१३६	१३१	५३	१८४	१०	१९	१९	३३	४०	२	४२

परिशिष्ट १.४ नेपाल- पीडित हुनेहरूको सङ्ख्या : घटनाको प्रकार र महिना

घटनाको प्रकार	JAN	FEB	MAR	APR	MAY	JUN	JUL	AUG	SEP	OCT	NOV	DEC	जम्मा
हत्या	४३	५३	३२	४३	३८	३१	४३	३४	४३	५३	३६	३२	४५९
घाइते	३४	३५	४४	५३	४७	३४	३६	४७	१५	५६	३४	१९	४३४
गिरफ्तारी/यातना	३१	११	७	१६	१९	१३	९	९	६	५	१६	४	१३५
कुटपिट	८३	६९	६०	१०८	१७६	७७	५४	३५	५३	४६	५५	३८	८४३
धम्की	३६	३०	३१	३७	४३	१८०	११४	१७	१३	३८	१४	७	५४८
भेला/सङ्गठित हुने अधिकार	३३	१७	४५	३०	८९	१८	६	६	१३		४	६	३५६
जातीय विभेद	३	६	७	४	१३	७	५	३	७	६	५	३	६९
महिलाअधिकार	६३	४१	६४	४५	६१	४३	५३	५१	६४	४४	६१	३०	६१८
बालअधिकार	३०	३०	३९	४७	१९३	३५	३३	४१	३३	३३	३०	१३	५३५
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	३५	३	५		१३	८३	५	१	३	१	३	१	१४१
अमानवीय व्यवहार	५	३	६	३	३	१३	४	१	१		१		३७
अपहरण	३०	१३	१०	३३	३६	१८	१९	७	४	१६	११	९	१८५
जम्मा	३८६	३८९	३४०	४०८	७१८	५३८	३८०	३४३	३५१	३८७	३६०	१४१	४३४०

परिशिष्ट १.५ पूर्वाञ्चल : घटनाको प्रकारअनुसार घटना र पीडित सङ्ख्या

	गैरराज्यबाट										राज्यबाट				
	अन्यबाट					एकीकृत माओवादीबाट									
	घटना सङ्ख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	११९	८४	४४		१३८	१	१			१					
घाइते	४३	६०	१३		७३						३	७	३		१०
गिरफ्तारी/यातना											३३	३९	३		३१
कुटपिट	७०	७८	३३		१००	३३	३६	५	१३	५३	३१	४३	३		४५
धम्की	४९	६८	७	११४	१८९	३४	३३	१	३	३६	३	३			३
भेला/सङ्गठित हुने अधिकार	१	५			५						११	३०	८	३३	७१
जातीय विभेद	७	६	३		९										
महिलाअधिकार	१११		१३५		१३५										
बालअधिकार	८३	३	८३	४	९०	४	३		१३५	१३८					
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	५	३		८१	८४	१०	११	३	५	१८					
अमानवीय व्यवहार	४	४			४										
अपहरण	४४	४६	४		५०	१	१			१					
जम्मा	५३५	३५७	३००	१९९	८५६	६३	८४	८	१५५	३४७	६०	१११	१५	३३	१५९

परिशिष्ट १.६ मध्यमाञ्चल : घटनाको प्रकारअनुसार घटना र पीडित सङ्ख्या

	गैरराज्यबाट										राज्यबाट				
	अन्यबाट					एकीकृत माओवादीबाट									
	घटना सङ्ख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	१६१	१०२	६४		१६६	१	१			१	२०	२३			२३
घाइते	६७	९०	३८		११८	८	१४	१		१५	१२	४६	३		४८
गिरफ्तारी/यातना											१३	१८	२		२०
कुटपिट	५७	९४	१२		१०६	३४	४५	४		४९	८	११			११
धम्की	३४	३३	४	३५	६२	१०	१०	२		१२					
भेला/सङ्गठित हुने अधिकार											१३	३९	१०	६५	११४
जातीय विभेद	६	१	६		७										
महिलाअधिकार	१६६		१६८		१६८										
बालअधिकार	९१	२	९८	१	१०१										
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	३	३			३	३	२		१२	१४					
अमानवीय व्यवहार	१२	१३			१३	१	१			१					
अपहरण	५३	५५	४		५९	९	१२	१		१३					
जम्मा	६४०	३८३	३८४	३६	८०३	५६	८५	८	१२	१०५	६६	१३७	१४	६५	२१६

परिशिष्ट १.७ पश्चिमाञ्चल : घटनाको प्रकारअनुसार घटना र पीडित सङ्ख्या

घटनाको प्रकार	गैरराज्यबाट									राज्यबाट			
	अन्यबाट					एकीकृत माओवादीबाट							
	घटना सङ्ख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
हत्या	५७	३३	३९		६२					३	३		३
घाइते	३१	४०	८		४८	२	५		५	१	१		१
गिरफ्तारी/यातना										१४	३५	१	३६
कुटपिट	६३	१२०	११		१३१	१७	६७	५	७२	७	३६		३६
धम्की	१०	७	१	२	१०	५	९	१	१०				
भेला/सङ्गठित हुने अधिकार	१	६			६	२	६	१	७	५	३६	७	३३
जातीय विभेद	७	११	४		१५								
महिलाअधिकार	७५		८६		८६								
बालअधिकार	५३	३	५२	१	५६								
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	४	२	४	१	७	१	२	१	३				
अमानवीय व्यवहार	७	७	१		८	१	१		१	१	२		२
अपहरण	९	७	२		९	१	३		३				
जम्मा	३०७	२३६	१९८	४	४३८	२९	९३	८	१०१	३१	८३	८	९१

परिशिष्ट १.८ मध्यपश्चिमाञ्चल : घटनाको प्रकारअनुसार घटना र पीडित सङ्ख्या

घटनाको प्रकार	गैरराज्यबाट										राज्यबाट			
	अन्यबाट					एकीकृत माओवादीबाट								
	घटना सङ्ख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
हत्या	४४	३६	३०		४६	१	३			३	३	३	३	६
घाइते	३१	५३	४		५६	५	८			८	५	१३	६	१९
गिरफ्तारी/यातना											३३	४९	१	५०
कुटपिट	६१	९९	९		१०८	३९	५५			५५	१५	३१	४	३५
धम्की	३८	४४	८	१३०	१७३	३६	३९	१		३०	३	३		३
भेला/सङ्गठित हुने अधिकार	३	१	१		३	३	४	१		५	३	६	३	१०
जातीय विभेद	११	९	६		१६									
महिलाअधिकार	१८५		१८६		१८६									
बालअधिकार	५९	३४	४१	१३	८६	११	१८	५	८	३१				
आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार	१	१			१	६	६	१	१	९				
अमानवीय व्यवहार	३	३			३						३	३		३
अपहरण	१३	३४	३		३६	११	१५			१५				
जम्मा	४४६	३९३	३८०	१३३	७०४	१०३	१३८	८	९	१५५	५३	१०८	१८	१३६

परिशिष्ट १.९ सुदूरपश्चिमाञ्चल : घटनाको प्रकारअनुसार घटना र पीडित सङ्ख्या

घटनाको प्रकार	गैरराज्यबाट									राज्यबाट			
	अन्यबाट					एकीकृत माओवादीबाट							
	घटना सङ्ख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना सङ्ख्या	पुरुष	नखुलेको	जम्मा	घटना सङ्ख्या	पुरुष	महिला	जम्मा
हत्या	३१	१३	९		३१								
घाइते	४	९			९	३	३		३	३	११	१	१३
गिरफ्तारी/यातना										३	८		८
कुटपिट	३१	३९	३		३१	१४	१६		१६	४	५		५
धम्की	९	११		३	१३	९	९		९				
भेला/सङ्गठित हुने अधिकार										१	१	३	३
जातीय विभेद	१८	१३	१०		३३								
महिलाअधिकार	५०		५३		५३								
बालअधिकार	३१		१८	३	३१	१		१	१				
आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार	३	१		१	३								
अमानवीय व्यवहार	१	३			३	१	१		१				
अपहरण	६	४	३		६	१	१		१				
जम्मा	१५४	८०	९४	६	१८०	३९	३०	१	३१	११	३५	३	३८

परिशिष्ट १.१० सन् २०१० डिसेम्बर महिनामा जेलमा रहेका बन्दीहरूको सङ्ख्या

क्र. सं	जिल्ला	थुनुवा	बन्दी	पुरुष	महिला	बालक	बालिका	जम्मा
१.१	झापा	३१५	३४८	४४०	३३	३		४६६
१.२	इलाम	बन्दी छैन						
१.३	पाँचथर	३३	५३	६८	८		१	७७
१.४	ताप्लेजुङ	१७	३३	४९				४९
१.५	मोरङ	३४१	३८७	४८३	४५	१	३	५३३
१.६	सुनसरी	३१३	३०१	५१३				५१३
१.७	धनकुटा	१४	३६	४६	४	१		५१
१.८	तेह्रथुम	८	३६	४०	४	१	१	४६
१.९	भोजपुर	१९	३९	५३	५	१		५९
१.१०	संखुवासभा	१३	३९	४५	७	३		५४
१.११	सप्तरी	७७	७३	१४५	४			१४९
१.१२	सिराहा	१३३	३३	१४९	५			१५४
१.१३	उदयपुर	६७	३६	८५	८			९३
१.१४	खोटाङ	बन्दी छैन						
१.१५	ओखलढुङगा	१९	३९	४४	४			४८
१.१६	सोलुखुम्बु	३३	३३	३९	६			४५
२.१	धनुषा	जेल छैन						
२.२	महोत्तरी	१९८	१०५	२७६	२७	६	३	३११
२.३	सर्लाही	८८	४३	१३०				१३०
२.४	सिन्धुली	३३	४४	६१	६	३		६९
२.५	रामेछाप	१०	५०	५३	७			६०
२.६	दोलखा	१०	३८	३८				३८
२.७	रौतहट	७८	३७	१०९	६	३		११७
२.८	बारा	जेल छैन						
२.९	पर्सा	४६५	५६०	९६८	५७	३	६	१०३४
२.१०	चितवन	१३३	१७८	२७८	३३	३	३	३०५
२.११	मकवानपुर	३३	३३	४५				४५
२.१२	ललितपुर	१८४	३६९	४५३				४५३
२.१३	काभ्रे	४५	६४	१०९				१०९
२.१४	भक्तपुर	९४		९१	३	बालसुधार गृह		९४
२.१५	काठमाडौं	१३६०	११३९	३१८१	३०८	११		३४००
२.१६	धादिङ	६३	३५	८७	११			९८
२.१७	सिन्धुपाल्चोक	४९	१४	६३	१			६३
२.१८	नुवाकोट	३८	५१	६५	१४			७९
२.१९	रसुवा	१	१९	३०				३०

क्र. सं	जिल्ला	थुनुवा	बन्दी	पुरुष	महिला	बालक	बालिका	जम्मा
३.१	तनहुँ	३५	५९	९४				९४
३.२	गोरखा	२६	३८	५९	६			६५
३.३	लमजुङ	१०	२४	२८	६			३४
३.४	स्याङजा	१९	२०	३२	७			३९
३.५	कास्की	१३१	१३८	२३६	३३	३		२७२
३.६	मनाङ	२०	१२	३२				३२
३.७	नवलपरासी	४५	४०	७३	१२	३	१	८९
३.८	रुपन्देही	१७६	१०९	२८५				२८५
३.९	पाल्पा	६२	२२४	२३९	४७		३	२८९
३.१०	कपिलवस्तु	१००	५७	१५७				१५७
३.११	अर्घाखाँची	बन्दी छैनन्						
३.१२	गुल्मी	३१	३१	४८	१४	१		६३
३.१३	बाग्लुङ	२१	३०	४४	७			५१
३.१४	पर्वत	९	३४	४०	३			४३
३.१५	म्याग्दी	२८	३४	५७	५	१		६३
३.१६	मुस्ताङ	३	१	४				४
४.१	दाङ	६८	१६३	२१५	१६	२	२	२३५
४.२	प्युठान	१०	४०	४४	६			५०
४.३	रोल्पा	३५	२३	५४	४			५८
४.४	सल्यान	३८	१७	४९	६			५५
४.५	रुकुम	१८	१३	२३	८			३१
४.६	बाँके	१४१	७८	२०५	१४			२१९
४.७	बर्दिया	२७	२७	५२	२			५४
४.८	सुर्खेत	६३	३३	९३	३			९६
४.९	जाजरकोट	२	२१	२१	२		२	२५
४.१०	दैलेख	४	२३	२६	१			२७
४.११	डोल्पा	८	३	११				११
४.१२	जुम्ला	८	७	१३	२			१५
४.१३	कालिकोट	२१	९	२७	३			३०
४.१४	मुगु	बन्दी छैन						
४.१५	हुम्ला	५		५				५
५.१	कैलाली	६९	१०२	१६१	१०	२	१	१७४
५.२	अछाम	१७	१८	३२	३			३५
५.३	डोटी	४	१९	२३				२३
५.४	बाजुरा	७	२८	३२	३	२		३७
५.५	बझाङ	६	१६	२२				२२
५.६	कन्चनपुर	५०	९२	१२७	१५	१	१	१४४
५.७	डडेल्धुरा	५	३३	३३	५	१	१	४०
५.८	बैतडी	२२	४०	६१	१			६२
५.९	दार्चुला	९	२४	२९	४			३३
	जम्मा	५१६५	५५८०	१००११	७३४	५१	२६	१०८२२

सन् २०१० को मानवअधिकार स्थितिबारे राजनीतिक दलका धारणा

नेपाली काङ्ग्रेस
नेपाल कम्युनिस्ट पार्टी (एमाले)
तराई मधेश लोकतान्त्रिक पार्टी
राप्रपा
नेपाल मजदुर किसान पार्टी
नेकपा (माले)
नेकपा (माओवादी)
राष्ट्रिय जनमोर्चा

अनुसूची

३

नेपाली काङ्ग्रेस

सन् २०१० मा हाम्रो देशमा मानवअधिकारको अवस्था कस्तो रह्यो, त्यसबारेमा विगत वर्षको जस्तै इन्सेकले नेपाल मानवअधिकार वर्षपुस्तक २०११ प्रकाशन गर्न लागेकोमा मलाई खुशी लागेको छ।

लोकतन्त्र र मानवअधिकारको सम्बन्ध एक अर्कामा सधैँ अन्योन्याश्रित भएर रहेको छ। निरङ्कुशतालाई समाप्त पारेर, उदार लोकतान्त्रिक परिपाटी कायम भएपछि मात्रै हाम्रो देशमा पनि मानवअधिकार उल्लङ्घनको विकाराल स्थितिमा सुधार हुँदै आएको हो। केही वर्ष पहिले राज्य र विद्रोही पक्ष दुवैतिरबाट निहत्था जनतामाथि भएको अत्यन्त बर्बर हिंसात्मक कार्यहरूबाट नेपाल आक्रान्त थियो र यो मानवअधिकार उल्लङ्घन हुने मुलुकको पहिलो पंक्ति पर्दथ्यो। वि.सं. २०६३ को प्रारम्भसँगै राज्य आतङ्क बन्द भएको छ। तर, माओवादी एवम् विभिन्न समूहको नामबाट हुने हत्या, अपहरण आदि आतङ्कका घटनाहरू रोकिएका छैनन्। यद्यपि विगतका वर्षहरूको तुलनामा निसन्देह यस्ता अमानवीय घटनाहरू केही कम हुँदै गएका छन्। तर, आजसम्म पनि हाम्रो देशको मानवअधिकारको स्थितिलाई सन्तोषप्रद् मान्न सकिँदैन, केवल सुधारोन्मुख भन्न मात्र सकिन्छ।

यीबाहेक, अझै पनि देशबाट छुवाछुतको उन्मूलन भइसकेको छैन। जाति भेद र लिङ्गभेद निर्मूल भएको छैन। बन्धुवा मजदुर, बाल मजदुर एवम् कमलरी प्रथाको अन्त्य हुन सकेको छैन। बोक्सीको आरोपमा निर्दोष महिलामाथि हुने अन्धविश्वासका ज्यादतीहरू समाप्त हुन सकेका छैनन्। कति बालबालिका अझै पनि शिक्षा हासिल गर्ने अवसरबाट वञ्चित हुनु परेको छ। यी सबै विकार, विकृति र विसङ्गतिहरूको निराकरण भइसकेपछि मात्र मानवअधिकारको क्षेत्रमा आशानुरूप सुधार आउन सक्ने छ।

आफ्नो स्थापना सँगसँगै नेपाली काङ्ग्रेस मानवअधिकारका बारेमा गम्भीर हुँदै आएको हो। नेपाली काङ्ग्रेसको झण्डाको चार तारा, चार आधारभूत स्वतन्त्रता, वाक स्वतन्त्रता, धार्मिक स्वतन्त्रता, आर्थिक स्वतन्त्रता र सुरक्षाको स्वतन्त्रताका प्रतीक हुन्। नेपाली काङ्ग्रेस सबै किसिमका शोषण, दमन तथा छुवाछुत, जाति र लिङ्गभेदको अन्त्यका लागि सदैव क्रियाशील रहँदै आएको छ। मानवअधिकारको रक्षाको निमित्त नेपाली काङ्ग्रेस सँधै प्रतिबद्ध छ। यस क्षेत्रमा इन्सेकले पुऱ्याएको योगदानको म हार्दिक सराहना गर्दछु।

सुशील कोइराला
सभापति

नेकपा (एमाले)

सन् २०१० मानवअधिकारको दृष्टिले केही सुधार भएको जस्तो देखिए पनि समग्रमा मानवअधिकार हननका घटनाहरू उल्लेखनीय नै रहे। संविधानसभाको समयावधि एक वर्ष थपिँदा पनि सो अवधिमा समेत जनताले संविधान पाउने कुरामा विश्वस गर्न सकेका छैनन्। मुलुक संविधानविहीनताको अवस्थामा गुज्रिनु र सम्बन्धित पक्षले सो कुरालाई गम्भीरतापूर्वक नलिनुलाई मानवअधिकारको उल्लङ्घनसँग जोड्न सकिन्छ। देशले सहमतिको बाटो खोजेको छ। त्यो भावनालाई आत्मसात् गर्दै नेकपा (एमाले) ले समयमा नै संविधान बनाई देशलाई निकास दिनका लागि राष्ट्रिय सहमतिको सरकार गठन गर्न पहल गऱ्यो। सो कुरालाई प्रमुख राजनीतिक पार्टीहरूले समयमै बुझ्न नसक्दा देशलाई अनिर्णयको बन्दी बनाई राख्ने कार्य लामो समयसम्म रह्यो। जसले मानवअधिकार उल्लङ्घनका घटनाहरूले थप प्रश्रय पायो।

विगतका वर्षहरू झैं यस वर्ष मुलुकका विभिन्न भागमा मानवअधिकार हनन्का घटनाहरू प्रशस्त भएका छन्। खासगरी एकीकृत माओवादीका तर्फबाट यी घटनाहरू भएको पाइएको छ। माओवादी कार्यकर्ताको कुटपिटले गर्दा नेकपा (एमाले) का थुप्रै कार्यकर्ताको ज्यान गएको, अङ्गभङ्ग र अपहरणको घटनाले पीडित हुनु परेको छ। त्यसका केही दृष्टान्तको रूपमा ओखलढुङ्गामा नेकपा (एमाले) का राष्ट्रिय प्रतिनिधि परिषद्का सदस्य क. छविलाल कार्कीको हत्या, धादिङ जिल्ला कमिटी सदस्य शिव थापाको हत्या, मकवानपुर युवा सङ्घ कार्यकर्ता सुदीप कार्कीको हत्या, पर्सा गाउँ कमिटी उपाध्यक्ष उद्धव अर्यालको निर्ममतापूर्वक हत्या गरेका थिए भने सिन्धुलीको झाँगाझोलीमा कार्यक्रमका लागि गइरहेको बेला नेकपा (एमाले) पोलिटव्यूरो सदस्य क. रामचन्द्र झा, केशव देवकोटा, क. विसमलाल अधिकारी दनुवारलगायत नेता कार्यकर्तालाई माओवादी जिल्ला सहइञ्चार्ज राजन दाहालको समूहले अनकन्टार भीरमा बाटो छेकेर ढुङ्गामुडा गरी मार्ने गरी आक्रमण गरी केन्द्रीय सदस्य क. देवकोटालाई अपहरणसमेत गरेको घटनाहरू यसका उदाहरण हुन्। यतिमात्र होइन, रुकुम, सिन्धुली, धनुषा, धनगढी, मुगु, जाजरकोट, नवलपरासी, सुर्खेत, डोल्पा, काठमाडौँ, लम्जुङ, ताप्लेजुङ, रसुवालगायत

ठाउँमा नेकपा (एमाले) नेता कार्यकर्तामाथि फरक विचार राख्न नपाउने गरी वैचारिक प्रतिबन्ध लगाउने र पार्टी गतिविधिसमेत गर्न नदिई कुटपिट, अपहरण, धाकधम्की र पार्टी कार्यालयसमेत तोडफोड र आगजनी गर्ने घटनाले मानवअधिकारको घोर उल्लङ्घन भएको छ। यस्ता घटनाबाहेक विशेषगरी तराईका जिल्लाहरूमा विभिन्न हतियारधारी अपराधिक र अराजनीतिक समूहहरूले समेत मानव अधिकारको उल्लङ्घन गरेको पाइएको छ। जसको उदाहरण स्वरूप बीपी कोइराला क्यान्सर अस्पतालका निर्देशक डा. भक्तमान श्रेष्ठको अपहरण, जनकपुरका सञ्चार उद्यमी अरुण सिंह, रेडियो तुल्सीपुरका अध्यक्ष हेमराज (देवी प्रसाद) धिताल, सञ्चार उद्यमी जमीम शाहको हत्या र स्वतन्त्र सञ्चारकर्मी, कर्मचारी, व्यापारीहरूको हत्या, अपहरण र चन्दा आतङ्क जस्ता घटनाहरू घटेका छन्।

सरकार र माओवादीबीच भएको १२ बुँदे सहमति अनुसार पालना हुनुपर्ने धेरै कुराहरू भएका छैनन्। द्वन्द्वकालमा भएका कतिपय घरजग्गा तथा कब्जा गरिएको सम्पत्ति आजसम्म फिर्ता भएका छैनन् भने सो अवधिमा विस्थापित भएका कैयौँ परिवारजन अझसम्म पुनर्स्थापना हुन बाँकी नै छ। त्यसका लागि सत्य निरूपण तथा मेलिमिलाप आयोग, राज्य पुनः संरचना आयोग अझसम्म निर्माण हुन सकेको छैन। हाम्रो पार्टी नेकपा (एमाले) अन्तरीम संविधान र विस्तृत शान्ति सम्झौताको मर्म र भावना अनरूप यस्ता मानव अधिकार उल्लङ्घनसम्बन्धी घटनाको स्वतन्त्र छानबिन गरी अपराधीहरूलाई कानूनी दायरामा ल्याई कडा भन्दा कडा कारबाही गरिनु पर्छ भन्ने मान्यता राख्दछ। साथै सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान निर्धारित समय अवधिमै निर्माण गरी शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउन नेकपा (एमाले) प्रतिबद्ध छ र कमजोर मानवअधिकारको स्थितिलाई सुधार्नका लागि सम्बद्ध मानवअधिकार संस्था तथा सम्बन्धित सबैसँग मिलेर अघि बढ्न विगतभन्दा अझ बढी तयार रहनेछ।

अन्त्यमा, मानवअधिकार र सामाजिक न्यायका निम्ति अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले गर्दै आएको कार्यप्रति प्रशंसा गर्दै आगामी दिनमा अझ प्रखर ढङ्गले अगाडि बढ्नको लागि शुभकामना दिन चाहन्छु।

झलनाथ खनाल
अध्यक्ष

तराई मधेश लोकतान्त्रिक पार्टी

"समग्रमा नेपालको मानवअधिकारको स्थिति (सन् २०१०) सन्तोषजनक छैन। दण्डहीनता, पीडित पक्षले न्याय एवम् क्षतिपूर्ति पाउने स्थिति, राज्य पक्षबाट गैरन्यायिक हत्या एवम् शान्ति सुरक्षाको कमजोर स्थितिका कारण हुने हिंसाले गर्दा निर्दोषले ज्यान गुमाउनु पर्ने अवस्थामा सुधार भएको छैन। व्यवहारमा मानवअधिकारको हनन्को अवस्था उदेक लाग्दो एवम् निराशाजनक छ।

राज्य सञ्चालकहरूको आन्तरिक औपनिवेशिक मानसिकता कारण विभेदपूर्ण स्थितिमा बाच्न बाध्य तराई-मधेशका जनता नेपालको जनसङ्ख्याको ४९ प्रतिशत रहे तापनि हरेक तहमा मानवअधिकारको उपभोगबाट वञ्चित छन्। राज्यका संयन्त्रहरूमा न्यून उपस्थितिका कारण पनि यस स्थितिमा वाञ्छित सुधार हुन सकेको छैन।

जुलाई २००९ मा सरकारद्वारा लागु गरिएको विशेष सुरक्षा एकीकृत योजनापछि तराई-मधेशमा गैर न्यायिक हत्याको क्रम बढ्दो रहेको विभिन्न प्रतिवेदनहरूबाट प्रष्ट भएकै छ। सुरक्षाकर्मीहरूबाट गिरफ्तारपछि हत्या गर्नु र मुढभेड भनी प्रचारित गर्नु, निहत्थाको हत्या गरी हतियार राखी प्रचारित गर्नु जस्ता घटना सामान्य छन् र यस्ता घटनाहरू निरन्तर बढ्दै छन्।

सन् २००८ देखि जुन २०१० सम्म मात्र यस्ता ३९ ओटा घटनाहरूमा २० देखि ३० वर्षका युवाहरू ५७ जनाको राज्यका सुरक्षार्कीहरूबाट गैरन्यायिक हत्या भएको प्रतिवेदनहरूमा उल्लेखित गरिएको छ। जुन २०१० पछि समेत यस्ता घटनाहरू बढ्दो भएको सूचनाहरू प्राप्त भएका छन्। बाराका जमुना सिंह, नागेन्द्र यादव, मो. मिया अन्सारी, असर्फी मोहम्मद, असमुद्दिन देवी, सप्तरीका बेचन यादव, कामेश्वर मुखिया, राजकुमार मण्डल, चन्देश्वर मण्डल, लालु यादव, ध्रुवनारायण सरदार, हुमाय यादव, लिकेहो मण्डल, जीदेन्द्र जीतुवा, सिरहाका रामनारायण महतो, परशुराम यादव, सोनेलाल यादव, रामनारायण यादव, इन्दल महतो, रौतहटका कौशल सहनी, महन्थ सहनी, खेहरू देमान, झमन यादव, विनोद यादव, धनुषाका मनोज यादव, सुरेर यादव, उदगर महतो, घुरन साह, अजय मण्डल, सुरेन्द्र महतो, आकाश त्यागी, नवल किशोर यादव,मो. बादल अन्सारी, अवधेश मण्डल, महोत्तरीका सुधीर पाण्डेय आदिका केस यस सन्दर्भमा मननीय छ। धनुषा, पर्सा, सप्तरी, सिरहा, बारा, रौतहट,

बर्दिया, आदि गैरन्यायिक हत्याका शिकार हुने जिल्लाहरू छन्।

यस्ता घटना हुँदा प्रहरीले जाहेरी र छानबिनको आग्रहसमेत अस्वीकार गर्दै आएको छ। तमलोपा विशेष सुरक्षा योजनाअन्तर्गत भइरहेका गैरन्यायिक हत्याहरू रोख्न नेपाल सरकारसमक्ष निरन्तर ध्यानाकर्षण गराउँदै आए पनि यसमा कमी आएको छैन।

गोविन्द चौधरी
महामन्त्री

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)

सन् २०१० मा मानवअधिकार हननका कति घटना भए भन्ने विषयमा याहाँ तथ्याङ्क समेट्न सकिएको छैन। त्यसैले यहाँ केवल मुलुकले सामाना गर्नु परेको दु:खद परिस्थितिको सङ्क्षिप्त चर्चा मात्र गर्न खोजिएको छ।

सत्य निरूपण आयोग र बेपत्ता नागरिक छानविन जस्ता मानवअधिकारसाग सरोकार राख्ने आयोगहरू गठन गर्न सरकार असफल भयो। द्वन्द्वकालमा कब्जा गरिएका सम्पत्ति र घरजग्गा पूर्णरूपमा फिर्ता हुन सकेनन्। बरु फेरी पनि सन् २०१० मा ठाउँठाउँमा घरजग्गा कब्जा भए। कैयौ ठाउँका जग्गाधनीहरूले आफ्नो जग्गाबाट उत्पादन पाउन सकेनन्। आन्तरिकरूपमा विस्थापितहरू सबैले ससम्मान आआफ्नो घर गाउँ फर्कन सक्कने अवस्था सृजना हुन सकेन।

देशका विभिन्न स्थानमा कुटपिट, लुटपाट, हत्या र अपहरणजस्ता घटनाहरू घटेकाले राष्ट्र पूर्णरूपमा भयभित एवम् त्रसित बन्यो। अरु त के कुरा गरौँ, ठूला तीन दलका भातृ सङ्गठनहरूबाटै क्याम्पस हाता लगायतका क्षेत्रहरूमा भाला, खुकुरी र तरवाहरू प्रहार भए। यसैबीचमा एकीकृत नेकपा माओवादीका अध्यक्ष प्रचण्डबाटै क्याम्पसहरूलाई व्यारेकमा परिणत गरिनुपर्ने अभिव्यक्ति पनि आयो।

चन्दा आतङ्कबाट मुलुक भयभित हुन बाध्य भयो। गाविस सचिवहरू, कर्मचारी वर्ग, व्यापारी र उद्योगपति मात्र होइन, सर्वसाधारण नागरिक पनि चन्दा आतङ्कबाट त्रसित हुनु पऱ्यो।

मुलुकका विभिन्न ठाउँमा अपहरणका घटनाहरू घटे। अपहरण मुक्त गराउन आफन्तले घरजग्गा कबोलेर ठूलै रकम बुझाउनु परेका घटनाहरू पनि सार्वजनिक भए। यतिमात्र होइन अपहरणकारीहरूले अपहरणपश्चात् विभत्स हत्या गरेका दु:खदायी समाचारहरू पनि प्रकाशन भएको हुँदा नेपालगञ्ज लगायत कैयौँ ठाउँमा विद्यार्थीलगायत् सर्वसाधारणको अपहरणपश्चात् हत्या गरिएको समाचार सुन्न पनि नेपाली जनता विवस हुनु पऱ्यो।

शैक्षिक क्षेत्र, उद्योग, कलकारखाना लगायत समाजका हर क्षेत्रले अराजकताको सामना गनुपऱ्यो। बेलाबेलामा भएका हडताल, सडक सङ्घर्ष र यातायात बन्दले गर्दा पूरै राष्ट्रले पीडा भोग्न बाध्य हुनु पऱ्यो। बेलाकुबेला भएका यातायात बन्द अथवा चक्का जामले अस्पताल पुऱ्याउन नसकिएका सुत्केरी र बिरामीले अकालमा मृत्यु वरण गर्नु परेको पीडा सहन राष्ट्र बाध्य भयो। गन्तव्य स्थानमा पुग्न नसकेका यात्रुहरू बीच बाटोमा अलपत्र मात्र परेनन्, खर्च अभावबाट भोकभोकै रहन बाध्य भए।

मानव तस्करीमा संलग्न अपराधीहरूले मानव बेचबिखनका क्रममा चेलीबेटी बेचबिखनका घटनाहरू पनि बारम्बार छापामा पढ्न बाध्य भइयो। यस्ता अपराधलाई रोकथाप गर्न सरकार पूर्णरूपमा असफल देखियो।

मुद्रास्फिति लगभग १२ प्रतिशतको हाराहारीमा रहेको तथ्याङ्क सार्वजनिक भयो। नियन्त्रण हुन सकेन। खाद्यान्नलगायत अन्य उपभोग्य वस्तुको मुल्य वृद्धिले गर्दा सर्वसाधरण जनताका चुलो बाल्न कठिन भयो। बेरोजगारी समस्या ज्यादै चुनौति पूर्ण रह्यो। युवा श्रम र दक्ष नागरिक विदेश पलायन हुन बाध्य भए।

संसारको दोस्रो जलश्रोतको धनी देशले दिनको १४/१५ घण्टासम्म लोडसेडिङ सहन बाध्य भएको छ। यसबाट विद्यार्थीलगायत सबै क्षेत्रमा भारी नकारात्मक असर परेको छ।

मन्त्रीस्तरबाटै कर्मचारीले कुटाइ खाए । जघन्य अपराधीहरूको मुद्दा सरकारले फिर्ता गरेको हुँदा सरकार पूर्णरूपमा आलोचित भयो। राजनीतिक अवरणको कारणबाट अपराधीहरू कानुनको कठघराबाट सजिलै उम्कन सफल भए। ठूला र साना राजनीतिक दलहरूले नै अपराधीको संरक्षण गरेको व्यापक जनगुनासाहरू आए। तर सुनुवाइ भएन। यसै अवधिमा कमिसन, घुसखोरी र भ्रष्टाचारले व्यापक मौलाउने मौका पायो भन्ने सर्वत्र चर्चा भयो। लामो समयसम्म काम चलाउ सरकार रह्यो। व्यवस्थापिका संसद् पनि विभिन्न बहानामा अवरुद्ध भयो। थप भएको अवधिमा पनि संविधानसभाले संविधान निर्माणमा अपेक्षित भूमिका निर्वाह गर्न सकेन।

शान्ति प्रक्रिया सार्थक निष्कर्षमा पुग्न सकेन। सिविरमा रहेका लडाकुहरूको स्थिति लगभग यथावत

रह्यो। पछिल्लो पटक सरकार र एकीकृत माओवादीको बीचमा भएको सहमति अनुसार लडाकुहरूलाई विशेष समितिको मातहतमा ल्याइएको छ। यो सकारात्मक कदम हुन गएको छ।

मानवअधिकारको रक्षा नितान्त रूपमा विधिको शासनसँग जोडिएको हुन्छ। लोकतन्त्रको मर्म पनि विधिकै शासनसँग गाँसिएको हुन्छ। तर, विगत एक वर्षमा विधिको शासन उपर पनि अनेक चुनौतीहरू देखा परे।

सारमा भन्ने हो भने विगत एक वर्ष मानवअधिकारको दृष्टिकोणले निराशाजनक रह्यो। दण्डहीनताले गर्दा आराजकता व्याप्त रह्यो। अराजकताले एक हिसाबबाट मुलुकमा साम्राज्य कायम गऱ्यो। यस्ले गर्दा पनि मानवअधिकार हनन्का अनेकौं दुख:दायी घटनाहरूको पीडा भोग्न राष्ट्र बाध्य हुन पुग्यो। जवाफदेहीताविहीन र अस्थिर राजनीतिक अवस्था पनि मानवअधिकार हननको निम्ति कारक तत्व बने।

परशुराम खापुङ्ग
महामन्त्री

नेपाल मजदुर किसान पार्टी

सन् २०१० विभिन्न सकारात्मक र नकारात्मक सन्देशहरू दिदैं हामीबाट बिदा भयो। यो वर्षको झण्डै आधा समय देशमा संवैधानिक सरकार नै गठन हुन सकेन। प्रधानमन्त्री माधव नेपालले आफ्नै दल (एमालें) को दबाबमा राजीनामा दिएपछि देश कामचलाउ सरकारको भरमा चल्न थाल्यो। माधव नेपालले राजीनामा दिएमा (दुई घण्टाभित्र नयाँ सरकार गठन गरेर देखाइदिने) फोस्रो भाषण दिने एमाले अध्यक्ष झलनाथ खनालदेखि एकीकृत माओवादी अध्यक्ष प्रचण्ड र उपाध्यक्ष बाबुराम भट्टराईसम्मले आफ्नो वचनअनुसार काम गरेनन्।

संविधान निर्माणको महत्वपूर्ण जिम्मेवारी पाएका सभासद्हरू एकीकृत माओवादी, नेका र एमाले नेताहरूको व्यक्तिगत स्वार्थका कारण बदनाम भए। 'ठूला' पूँजिवादी दलका नेताहरूप्रति क्रमश: जनतामा वितृष्णा बढ्दैछ। सहमतिको नाममा छ महिनाभन्दा बढी समयसम्म देशमा संविधान अनुसारको सरकार गठन हुन सकेन। न जनताले सोचे अनुसार संविधान निर्माण प्रक्रिया अगाडि बढ्न सक्यो न त व्यवस्थापिका संसद् सरकार नै गठन गर्न सफल भयो। सरकार गठन गर्न र विधेयकहरू पारित गर्न समेत असफल भएको भन्दै संसद् विघटन गर्नुपर्ने आवाजसमेत उठ्यो। जनस्तरबाट उठन थालेका ती आवाजहरूलाई पूँजीवादी दलका नेताहरूले निर्लज्जतापूर्वक सुनिरहे।

संसद् बन्द हुनु भनेको जनप्रतिनिधिहरूले बोल्ने अधिकार खोसिनु हो। सहमतिको नाममा पूँजीवादी दलका नेताहरूले जनप्रतिनिधिहरूको बोल्ने अधिकार खोसे। प्रजातन्त्र, लोकतन्त्रको असाध्य वकालत गर्ने दलहरूले आफ्नो व्यक्तिगत महत्वाकाङ्क्षा पूरा गर्न देशलाई नै छ महिनाभन्दा बढी समयसम्म बन्धक राखेर अप्रजातान्त्रिक काम गरे।

कामचलाउ सरकारका अर्थमन्त्री सुरेन्द्र पाण्डेलाई एकीकृत माओवादी सभासद्हरूले बजेट पेश गर्न दिएनन्। बजेट प्रस्तुत गर्न खोज्दा अर्थमन्त्रीमाथि हातपात गरे तथा बजेटप्रति समेत च्यातिदिए। व्यवस्थापिका संसद् जस्तो उच्च निकायमा अर्थमन्त्री र मन्त्री प्रकाशशरण महतसमेत सुरक्षित भएनन्। कानुन निर्माताहरूले कानुनको हाकाहाकी उल्लङ्घन गरे। त्यही निहुँमा काम चलाउ सरकारले अध्यादेशबाट बजेट प्रस्तुत गऱ्यो। बजेटबारे जनताका प्रतिनिधिहरू आफ्नो राय र सुझाव प्रस्तुत गर्ने अवसरबाट समेत वञ्चित भए। मन्त्रीमाथि हातपात गर्ने सभासद्हरूलाई कुनै कारबाही भएन। यसले त्यस्ता सभासद्हरूको मनोवल बढाउने निश्चित छ। कानुनबमोजिम कुनै पनि व्यक्तिमाथि कारबाही हुन आवश्यक छ।

भरतपुर अस्पतालका डा. भक्तमान श्रेष्ठको अपहरण यो वर्षको मानवअधिकार हनन्को एउटा उल्लेख्य घटना हो। उनी लामो समयसम्म अपहरणमा परे तथा फिरौती बुझाएर रिहा भए। अपहरणकारीहरूलाई सरकारले तत्काल पक्राउ गर्न सकेन। पछि अपहरणकारीहरूमात्र पक्राउ परेनन् अपहरणकारीहरू पहिलेको मुद्दामा जेलबाट मुक्त हुन ७० लाख रुपियाँ खर्च गरेको र सोको सोधभर्ना गर्न डा. श्रेष्ठको अपहरण गरेको पोल खुल्यो। न्यायपालिकाको भ्रष्टचार उजगार भयो। पहिलेको मुद्दा हेर्ने न्यायाधीशहरू रणबहादुर बम, तेजबहादुर कार्कीलगायत तानिए। सर्वोच्च अदालतका न्यायाधीश बलराम केसीको अध्यक्षतामा गठित एक सदस्यीय आयोगको प्रतिवेदन अनुसार हाल सर्वोच्च अदालतका न्यायाधीश रणबहादुर बमलाई व्यवस्थापिका संसद्मा महाअभियोग लगाउनुपर्ने माग भइरहेको छ। प्रतिवेदन संविधानसभामा प्रतिनिधित्व गर्ने दलका नेताहरूको हातहातमा पुगिसकेको छ। आयोगको ठहरबमोजिम महाअभियोग लगाउन एकीकृत माओवादी, नेका र एमालेका नेताहरू आफै तयार भएका छैनन्।

डा. श्रेष्ठको अपहरण दु:खद र निन्दनीय घटना

हो। त्यस घटनाभित्र न्यायपालिकाभित्र भएका भ्रष्टचार पनि जनताबीच उदाङ्गियो। अदालतका न्यायाधीशहरूसमेत भ्रष्टचारमा तानिए। नराम्रो घटनाबाट राम्रो परिणाम आउँछ भनेको यही हो।

सरकार शान्ति सुरक्षा दिन पूरै असफल भयो। सन् २०१० को अन्तिम महिनामा भएका केही घटनाहरूबाट बितेका वर्षको मानवअधिकारको स्थिति स्पष्ट हुन्छ। जस्तैः जेठ १२ गते बिहान भक्तपुर जिल्ला मध्यपुर नपा-१७ स्थित सानोठिमी शिक्षा क्याम्पसमा नेपाल मजदुर किसान पार्टीको जनवर्गीय सङ्गठन नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घको स्थानीय एकाई समितिद्वारा आयोजित कोणसभामाथि एकीकृत माओवादीको जनवर्गीय सङ्गठन अनेरास्ववियु (क्रान्तिकारी) र स्वतन्त्र विद्यार्थी युनियन सानोठिमी क्याम्पसका विद्यार्थीहरूले आक्रमण गर्दा नेक्राविसङ्घका केन्द्रीय सचिव निरज लवजू, भक्तपुर जिल्ला अध्यक्ष रामसुन्दर बासी, सुलोचना शिल्पकार, तुल्सीकृष्ण प्रजापति, सुरेशन धुसु, विष्णुप्रसाद माकसहित २० विद्यार्थी गम्भीर घाइते भएका थिए।

अघिल्लो दिन जेठ ११ गते अखिल (क्रान्तिकारी) का केही विद्यार्थीहरूले नेक्राविसङ्घ सानोठिमी क्याम्पस एकाई समितिका अध्यक्ष विजेल साँधमाथि गरेको कुटपिटको विरोधमा आयोजित कोणसभामा स्ववियु सभापति एवम् अखिल (क्रान्तिकारी) का केन्द्रीय सदस्य वीरेन्द्र बस्नेत, स्ववियु उपसभापति तुल्सी केसी, स्ववियु सहसचिव सुवास ढकाललगाएत सयौँ अखिल (क्रान्तिकारी) का कार्यकर्ताहरूले फलामको रड, लाठी, रुखका हाङ्गा, ढुङ्गा, इट्टा आदि प्रयोग गरी आक्रमण गरेका थिए। त्यस्तै ०६७ पुस ५ गते धादिङ मुरली भञ्ज्याङ-७ की ५१ वर्षीया कुल्पी विकलाई गाउँ निकाला, ०६७ पुस ५ गते झापा शनिश्चरे गाविस-९ का पूर्ण राउटेले आफ्नै ४५ वर्षीय लखपति राउटेको कुटपिट गरी हत्या, ०६७ पुस ७ गते महोत्तरी साधा गाविस-९ का ३४ वर्षीय मदनकुमार झाको अज्ञात समूहबाट अपहरणजस्ता घटनाहरू आदि। यी त केही प्रतिनिधिमूलक घटनाहरू मात्र हुन्। वर्षभरिमा यस्ता सयौँ घटनाहरू भए।

सरकार गठन हुन ढिलाईको फाइदा वन तस्करहरूले लिए। तराईका जङ्गलहरूमा अनियन्त्रित रूपमा वन फडानी भयो। वन तस्करहरूको सम्पर्क वन मन्त्रीसम्म रहेको सार्वजनिक भयो। नियन्त्रणको कुनै प्रयाससम्म भएन। 'हरियो वन तस्करको धन' को कहावत प्रचलित भयो।

वर्सेनी हजारौँ नेपाली चेलबेटीहरू दक्षिणको सीमापार गर्दै बेचिने क्रमले यो वर्ष पनि निरन्तरता पायो। वर्षको अन्तसम्ममा नेपाली जनताले ११ घण्टे लोडसेडिङको नाममा १४ घण्टा लोडसेडिङ व्यहोनुपऱ्यो। खानेपानीको हाहाकार छ। जनताले महङ्गीको मार सहनु परेको छ। सारा जनताको जीवनसँग गासिएको पेट्रोलियम पदार्थको मूल्य पटक-पटक बढाइयो। आयल निगम भित्र भएका भ्रष्टचारलाई छानबिन गरिएन। भ्रष्ट जीएमहरूको मनोबल बढ्दो छ।

कृषकहरूले खेतीको समयमा गुणस्तरीय रसायनिक मल पाएनन्। हिन्दूस्तानबाट गुणस्तरहीन मल बिना रोकावट नेपाल भित्रदै छ। कमसल मलको कारण कृषि उत्पादन घटदो छ। कृषिमन्त्रीहरू स्वदेशमा नै रसायनिक मल कारखाना स्थापना गर्नुभन्दा विदेशबाट मल झिकाएर कमिशन खानमै व्यस्त छन्। कृषिप्रधान देश खाद्यान्नमा समेत परनिर्भर भयो र विदेशबाट आयात गर्नुपर्ने स्थितिमा पुग्यो। देश यो अवस्थामा पुग्नुमा सरकारमा जाने एकीकृत माओवादी, नेका र एमाले मुख्य रूपमा जिम्मेवारछन्।

स्थानीय निकाय जनप्रतिनिधिहरू नभएको कारण विकास निर्माणको काम बन्द छ। विकास निर्माणका लागि छुट्याइएको बजेट दलका प्रतिनिधिहरूले भागबण्डा गरेर खादैछन्। नयाँ पुस्ता भ्रष्टाचारमा चुर्लुम्म डुब्दै छ। यो देशका लागि राम्रो संकेत होइन। आजका स्थानीय कार्यकर्ताहरू नै भावी दिनमा नेताको रूपमा उदय हुनेछन्। ती स्थानीय नेताहरू नै भ्रष्ट हुन्छन् भने नेपालको भविष्य कसरी सुन्दर हुन सक्छ। स्थानीय निकायमा जनप्रतिनिधि बहाल गर्न नचाहने दलहरूले सिङ्गो देशको भविष्यमाथि अपराध गर्दैछन्।

दुईवर्ष भित्र संविधान निर्माण गर्नुपर्ने कार्यविधि निश्चित हुँदाहुँदै ठूला दलहरूको सत्ताको झगडाले तोकिएको समयभित्र संविधान निर्माण हुन सकेन र एक वर्ष थपिएको समय पनि आधाभन्दा बढी व्यतित भयो। पूँजीवादी दलका नेताहरूको स्वार्थी र महत्वाकाङ्क्षाकै कारण बाँकी समयभित्र संविधान निर्माण कार्य सम्पन्न हुने विषय पनि प्रश्नको घेरामा छ।

नेताहरूको विदेश भ्रमण बाक्लियो। नयाँ संविधान निर्माणलाई ध्यान नदिएर ठूला दलका नेताहरू गैरसरकारी संस्था (एनजीओ) र अन्तर्राष्ट्रिय गैरसरकारी संस्था (आइएनजीओ) हरूको आमन्त्रणमा विदेश भ्रमणले निरन्तरता पायो। संविधानसभा सुचारु हुन सकेन तर संविधान निर्माण गर्ने काममा एनजीओ र आइएनजीओहरू निरन्तर सक्रिय रहे। नेपालको

संविधान निर्माणमा नेपाली जनताका प्रतिनिधिहरूभन्दा विदेशीहरू सक्रिय रहनु राम्रो होइन। काठमाडौँको पाँचतारे होटलहरू र विदेशका ठूला ठूला होटलहरूमा नेपालको संविधानबारे नियमित छलफलहरू भइरहनुले नयाँ संविधान नेपाली जनताको भावनाअनुसार नभई विदेशीहरूको चाहनाअनुसार बन्ने खतरा छ। यो गम्भीर विषय हो।

सरकारमा जाने दलका नेताहरू सरकार गठन गर्न छलफलका लागि दिल्ली जाने क्रमले तिव्रता पायो। एकीकृत माओवादीका नेता डा. बाबुराम भट्टराई, एमालेका नेता केपी ओली, मधेसी जनअधिकार फोरम (लोकतान्त्रिक) का अध्यक्ष विजयकुमार गच्छदार, मधेसी जनअधिकार फोरमका अध्यक्ष उपेन्द्र यादवलगायतका नेताहरूको दिल्ली दौडले नेपालको राजनीतिको साँचो दिल्लीमै भएको पुष्टि गर्दछ। नेपालको ६० वर्षको राजनीतिक इतिहारमा नेपाली जनताले भारतको हस्तक्षेपमा कमी आएको महसुस गर्न पाएनन्।

नेपालको राजनीतिक, आर्थिक, सांस्कृतिक र सामाजिक सबै क्षेत्रमा खुला वैदेशिक हस्तक्षेप बढ्यो। शान्तिसुरक्षा, लोडसेडिङ, महङ्गी, गरिबी घटाउने आदि कुनै पनि क्षेत्रमा सरकारले प्रगति गर्न सकेन। विगतका वर्षहरूमा झैँ यो वर्ष पनि संविधान निर्माण, सरकार गठन र शान्ति प्रक्रिया अधुरै रह्यो र निराशाको वर्षको रूपमा वित्यो।

सुनिल प्रजापति
सचिव

नेकपा (माले)

मानवअधिकार भनेको मानवको बाँच्न पाउने अधिकार हो। बाँच्न पाउने अधिकार भन्नाले गाँस, बाँस, कपास, औषधि, इन्धन, शिक्षा र रोजगारी जस्ता आधारभूत आवश्यकता एउटा मानवको लागि जन्मसिद्ध अधिकार हुनुपर्छ भन्ने हो। हाम्रो मुलुकको आजको संक्रमणकालीन राजनीतिक परिस्थितिमा केही मानवअधिकारवादी संघ/संस्थाहरूले मानवअधिकारको नाममा उक्त दृष्टिकोणलाई किनारामा पारेर सामान्यत: जातीय, धार्मिक, साम्प्रदायिक र क्षेत्रीय नारा अन्तर्गतका व्याख्या/विष्लेषणलाई सतहमा ल्याएर साच्चो मानवअधिकारको अर्थलाई खुम्च्याइएको पाइन्छ। त्यसमा पनि पूँजीवादी व्यवस्थामा सम्पूर्ण जनताको जीवन सुरक्षा गर्नु, बेरोजगारी तथा महङ्गी समप्त गर्नु, सामाजिक सुरक्षाको ग्यारेन्टी गर्नु, शिक्षा आर्जन र स्वास्थ्योपचारलाई जन्मसिद्ध अधिकारको रूपमा स्थापित गर्नु जस्ता विषयहरू मानवअधिकारको व्यवहारभित्र पर्दैनन्।

हामी कम्युनिष्टहरूको दृष्टिकोणमा मानवअधिकार भन्नाले मूल रूपमा निम्नानुसारका अधिकारहरू पर्दछन्।

(क) समस्त जनताले आफ्नो योग्यता निरन्तर वृद्धि गर्ने अवसर पाउनु,
(ख) काम गरेर खान सक्ने जनतालाई योग्यता अनुसारको काम र काम अनुसार दामको ग्यारेन्टी हुनु,
(ग) मानवले मानवमाथि गर्दै आएको शोषणप्रथा निर्मूल पारिनु,
(घ) नि:शुल्क स्वास्थ्योपचार र शिक्षा आर्जनको व्यवस्था गरिनु र
(ङ) सामाजिक सुरक्षाको ग्यारेन्टीका साथै बोल्ने, लेख्ने, सभा-सङ्गठन गर्न पाउने अधिकारको ग्यारेन्टी हुनु।

माओवादी विद्रोह (२०५२-२०६२) पछि नेपाली जनता जाहे त्यो कुनै धर्म, आस्था, वर्ण र जात-जातिका अधिकार सुनिश्चित गर्ने नाममा मानवअधिकारको संरक्षणका लागि चर्को आवाज उठाइएको पनि पाइयो। आफ्नो कित्ताका जनता मर्दा मानवअधिकारको उल्लङ्घन हुने तर विरोधी कित्ताका जनता मार्दा भने मानवअधिकारको वास्ता नगर्ने जस्ता उदाहरणहरू पनि नभएका होइनन्। हामी के कुरामा प्रष्ट हुनुपर्दछ भने मानवअधिकार भनेको मानवले मानव भएर बाँच्न पाउने अधिकार नै हो।

जहाँसम्म हाम्रो मुलुकमा गत सालको मानवअधिकारको स्थिति रह्यो त्यो बडो पीडादायक रहेको छ। पहिलो, लोकतान्त्रिक यस अवधिमा विशेष गरेर हाम्रो समाजको विभिन्न वर्ग, तह, तप्का एवम् पेशा/व्यवसायमा लागेका जनताका सन्तान त्यसमा पनि छात्रा/छात्र जो देश विकासका लागि भविष्यका कर्णधारा पनि हुन्, तिनीहरूको कुनै दोष नहुँदा पनि अपहरण र हत्या गरिनु एवम् आफ्ना पेशागत दायित्व गरिरहेका, पत्रकार, व्यपारी, उद्योगपतिको अपहरण र हत्या गरिनुजस्ता घटनाहरू निश्चय पनि नेपालको मानवअधिकारका क्षेत्रमा सबभन्दा भयंकर मानवअधिकार हननका उदाहरण हुन् भन्ने नेकपा (माले) को ठहर रहेको छ। दोस्रो, स्वतन्त्रतापूर्वक आफ्नो पेशा/व्यवसाय चलाउन पाउनु पर्ने अधिकारको हनन, चेलीबेटी बेचविखन र बलात्कार, दुर्गम भेगका नेपाली जनता भोकभोकै पर्नु, मुलुकमा यत्रतत्र जाडोले

कठाङ्ग्रिएर जनता मर्नु एवम् हत्या हिंसाको ताण्डव फैलाइनु यी सबै मानवअधिकार हननका विषयहरू हुन् जसको जिम्मेवारी राज्यको हो।

आर्थिक, सामाजिक परिस्थितिको केन्द्रीभूत अभिव्यक्ति नै राजनीति हो। हाल हाम्रो मुलुकमा राजनीतिक अवस्था संक्रमणकालिन रहेको छ। यस्तो परिस्थितिमा दण्डहीनता, अनुशासन पालनमा लापरबाही तथा अराजकता बढ्ने गर्दछन्। अनि मानवअधिकार उल्लङ्घनका घटनाहरूमा वृद्धि हुने गर्दछ। मुलुकमा शान्ति, सुशासन र राजनीतिक स्थिरता रहेको खण्डमा आधारभूत रूपले मानवअधिकार स्थापित नभए तापनि तुलनात्मक रूपले मानवअधिकार उल्लङ्घनका घटनाहरूमा कमी आउने गर्दछ।

वस्तुत: मानवअधिकार भनेको गर्भमा रहँदादेखि बूढा-बूढी भएर मर्नुपर्यन्त सम्पूर्ण जनताको जीवन सुरक्षित र सुनिश्चित गर्नु नै हो। त्यो काम जनवादी व्यवस्थाले मात्र गर्न सक्तछ। जहाँ जनतामा बेरोजगारी र अर्थभावका कारणले समाजिक विकृति र विसङ्गतिले प्रश्रय पाउने अवस्था रहँदैन। सुरक्षा निकायहरू भ्रष्ट र अनुशासनहिन हुन पाउँदैनन्। सबै जनताले काम र काम अनुसारको दाम पाउँछन्। राज्यले शिक्षा र स्वास्थ्यलाई जन्मसिद्ध अधिकार बनाउँछ। अपराधीले कठोर दण्ड पाउँछन्। त्यस्तो शासन व्यवस्था स्थापित नहुँदासम्म मानवअधिकार उल्लङ्घनका घट्ना बढेरै जाने हो।

नेपालमा मानवअधिकार हनन्का घटनाहरू रोक्न राज्य संवेदनशील बन्नु पर्दछ। लापरबाही र मनोमानी गर्ने कुनै पनि निकाय वा व्यक्ति दण्डको भागीदार हुनुपर्दछ। शान्ति, सुशासन र सुव्यवस्था गर्न, बढ्दो बेरोजगारी अन्त्य गर्न, अनुशासनहीनता र अराजकतालाई रोक्न राज्यले यथाशीघ्र समुचित कदम चाल्नु पर्दछ।

केन्द्रीय कमिटी

नेकपा (माओवादी)

बिगत झैं यस वर्ष पनि इन्सेकले नेपालको मानवअधिकारको अवस्था बारे पुस्तक प्रकाशित गर्न लागेको र हाम्रो पार्टीको अवधारणा मागिएकोले छोटोमा हाम्रो पार्टीको अवधारणा राख्ने जमर्को गरेको छु। जे जस्तो भए तापनि यस पुस्तकले नेपालको मानवअधिकारको अवस्था कत्तिको सङ्कटग्रस्त छ भन्ने कुरा बुझ्न संसारको लागि राम्रो सामग्री हुनेछ। यस कार्यको लागि इन्सेक परिवारलाई हार्दिक बधाई छ।

दश वर्से महान् जनयुद्ध, संयुक्त जनआन्दोलन र मधेश लगायतका आन्दोलनहरूमा पार्टी र नेताहरूले गरेका प्रतिबद्धताहरू बिर्सेर सहिदहरूको सपना र जनताको चाहनाप्रति गरेको विश्वासघात, देश लुट्ने र विदेशीको दलाली गर्ने कुरामा भइरहेको प्रतिस्पर्धा, राजनीतिलाई अपराधीकरण र व्यापारीकरण गरेको अवस्था भ्रष्टाचार, कालोबजारी, तस्करी र कमिशनखोरीको संस्थागत विकास, सरकारी निकायहरूमा बढेको दण्डहीनता, चेलीबेटी बेचबिखन, रोजगारको नाममा विदेशमा मानव तस्करी र हत्या-हिंसा तथा लुटपाटमा राज्यकै संलग्नता रहनुले देशमा मानवअधिकारको अवस्था भयावह भएको छ।

मानवअधिकारको अवस्था भयावह हुनुमा इमान्दार मानवअधिकारवादीहरूको मौनता र बेइमान मानवअधिकारवादीहरूको बिगबिगी पनि एउटा प्रमुख कारण हो।

मातृकाप्रसाद यादव
संयोजक

राष्ट्रिय जनमोर्चा

नेपाली जनताको शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याउने चाहना अहिले पनि पूरा हुन सकेको छैन। शान्ति प्रक्रिया सम्बन्धी कतिपय कामहरू अगाडि नबढेका होइनन्। संयुक्त राष्ट्र सङ्घीय मिसन (अनमिन)को फिर्ता हुनु, माओवादी लडाकुहरू रहेका शिविरहरू विशेष समिति मातहत ल्याइनु केही उपलब्धिहरू हुन्। लडाकु शिविरहरू विशेष समिति मातहत आए पनि त्यससम्बन्धी अन्य कार्यहरू, लडाकुहरूको पुनर्स्थापना, समायोजन आदि कार्य बाँकी नै छन्। त्यसका साथै वाईसीएलको अर्धसैन्य संरचनालाई भङ्ग गर्ने निर्णय भए तापनि व्यवहारमा त्यो कार्य अधुरो छ। सर्वसाधारण तथा निम्नवर्गका नागरिकहरूका घरजग्गा अहिले पनि फिर्ता गर्नु पर्ने काम बाँकी नै छन्। यी कामहरू बाँकी रहुन्जेल एक प्रकारको राजनीतिक तरल अवस्था कायम रहने स्थिति देखिन्छ। यो तरल अवस्थाको प्रभाव राजनीतिक तथा सामाजिक क्षेत्रमा पनि परिरहेको छ। त्यसले गर्दा देशमा कतिपय समूहहरूबाट सशस्त्र कारबाही, जबरजस्ती चन्दा असूली, अपहरण तथा सामाजिक क्षेत्रमा हत्या, हिंसा, बलात्कार, कुटपिटलगायतका थुप्रै घटनाहरू दिनहुँ घटिरहेका छन्। एक प्रकारले देशमा दण्डहीनता संस्थागत जस्तो बन्दै गएको छ। राज्य निरीह तथा मुकदर्शक बनेको छ। सर्वसाधारण निमुखा जनता न्याय

पाउन सकिरहेका छैनन्। राज्यले जनताको जीउ ज्यानको सुरक्षाको अनुभूति दिन सकिरहेको छैन। सुरक्षा निकाय स्वयम्ले आफूलाई असुरक्षित महशुस गरेको अवस्था छ। त्यसले गर्दा सुरक्षा निकाय पनि यस्ता घटनाहरूको रोकथामको लागि आफूसँग विद्यमान क्षमताको पर्याप्त उपयोग गर्न सकिरहेको छैन। देश समग्रमा अराजकता तथा दण्डहीनताको गोलचक्करमा फसेको छ। राज्यको उपस्थिति जनताले महशुस गर्न पाएका छैनन्। मानवअधिकार हननको क्षेत्रमा यो नै अहिलेको डरलाग्दो अवस्था हो।

विगत वर्षहरूका तुलनामा यस वर्ष तुलनात्मक रूपले मानवीय क्षति वा हिसात्मक घटनाहरू कम भएको देखिन्छ। जुन घटनाहरू सञ्चार माध्यमहरूमा आइरहेका छन्, तिनलाई हेर्दा मानव अधिकारको रक्षामा प्रगति भएको छ भन्न पनि नसकिने अवस्था छ। मानिसहरू मार्ने, अपहरण गर्ने, लूटपाट गर्ने धम्की दिने काम विशेषत: तराईमा सशस्त्र गुटहरूले गर्दै आएका छन्। ती सशस्त्र गुटहरूले आफूलाई राजनीतिक एजेण्डाका आधारमा सशस्त्र संघर्ष गरेको बताए पनि उनीहरूको राजनीतिक एजेण्डा के हो ? त्यस विषयमा जनतालाई थाहा छैन। सरकारले पनि उनीहरूको सशस्त्र गतिविधिलाई राजनीतिक मान्यता नदिँदा वार्ताको वातावरण बन्न सकेको छैन। त्यसले गर्दा ती सशस्त्र गुटका कैयौं व्यक्तिहरू प्रहरीको मुठभेडमा मारिदै आएका छन्। मुठभेडमा मारिदैमा हत्या हिंसाको समस्या न त समाधान हुन्छ न जनतामा पलाएको डर, त्रास, आशङ्काहरूको अन्त हुन सक्छ। यति लामो समय बित्दा पनि राज्यले सशस्त्र अपराधिक गुटहरूप्रति ठोस एवम् सन्तुलित नीति नबनाउँदा मधेशी समुदायको बीचमा भयरहित वातावरण बनाउन सकिएको देखिदैन।

चिनियाँ जनवादी क्रान्ति भन्दा अगाडि चीनमा धेरैतिर युद्ध सरदारहरू थिए। उनीहरू सशस्त्र रूपमा आफ्नो क्षेत्रमा सबै प्रकारका अपराधहरू गर्थे। निश्चित भूगोलहरूमा उनीहरूको बोलबाला रहन्थ्यो। आज हाम्रो देशमा त्यही प्रकारको स्थिति छ। पूर्वमा लिम्बूवानहरू वा विभिन्न गुटहरूले अन्य राजनीतिक दलहरूलाई प्रवेश निषेध गरेका छन्। उनीहरू सङ्घीयता र जातीय राज्यको विरोध गर्नेहरूलाई प्रतिबन्ध लगाएका छन्। तराईमा मधेशवादी दलहरूले त्यही प्रकारको नीति अपनाएका छन्। त्यो कुरा केही उदाहरणहरूद्वारा प्रष्ट हुनेछ।

राष्ट्रिय जनमोर्चाले संघीयताविरुद्ध देशव्यापीरूपमा राष्ट्रिय जनअभियान ०६७ पुस १० देखि माघ १० गतेसम्म सञ्चालन गऱ्यो। त्यस सिलसिलामा राष्ट्रिय जनमोर्चा सभासद् मीना पुन, युवक सङ्घका अध्यक्ष काशीनाथ पोखेल, जनजाति सम्मेलनका महासचिव रामबहादुर बुढा, राष्ट्रिय जनमोर्चाका केन्द्रीय उपाध्यक्ष वीरबहादुर गोले, केन्द्रीय सदस्य तथा मेची-कोशी क्षेत्रीय इन्चार्ज सुरेन्द्र भण्डारी लगायतका कार्यकर्ताहरूको ४ नं. टोलीले ०६७ पुस १४ गते विराटनगरमा अभियानको उद्घाटन गरेर काँकडभिट्टा हुँदै ०६७ पुस १४ गते विर्तामोडमा कार्यक्रमको आयोजना गरेको थियो। विर्तामोडको कार्यक्रममा जातिवादी सङ्गठन सङ्घीय लिम्बूवान राज्यपरिषद् (सञ्जुहाङ पालुङवा) समूह र कुमार लिङ्देन समूहले आक्रमण गरे। सो समूहले टोलीसँग भएका झण्डा, ब्यानर, माइक र पर्चाहरू लुटे। राजमो केन्द्रीय उपाध्यक्ष वीरबहादुर गोलेलाई अपहरण गरी कार्यालयमा लगेर कुटपिट गरेपछि छाडिदिए।

२०६६ माघ ४ गते (१८ जनवरी २०१०) मा सिन्धुपाल्चोक जिल्लाको लिसङ्खु, घ्याङडाँडा बजारमा रक्तिम सांस्कृतिक अभियानको टोलीका प्रेम कुमार याङ्जो, भरत श्रेष्ठ, राजु गिरी तथा एमाले पूर्व गाविस अध्यक्ष सम्लित योञ्जन लगायतका व्यक्तिहरू माथि वाईसीएल गाविस इन्चार्ज पासाङ लामा तथा उनका छोरा वाईसीएल ज्ञानकुमार लामा लगायतका व्यक्तिहरूले सङ्घीयताको विरोध गरेर सांस्कृतिक कार्यक्रम देखाएकोमा उनीहरूमाथि साङ्घातिक आक्रमण गरे।

माथिको विवरणबाट यो कुरा स्पष्ट छ कि देशका विभिन्न क्षेत्रहरूमा जातीय पार्टी तथा सङ्गठनहरूले भिन्न राजनीतिक मत राख्ने राजनीतिक दलहरूलाई अभिव्यक्तिको स्वतन्त्रता माथि प्रतिबन्ध लगाएर जातिवादी अधिनायकवाद लाद्ने प्रयास गरे। यी घटनाबाट जनताको बलिदानीपूर्ण सङ्घर्षबाट प्राप्त गणतन्त्रको भद्दा उपहास गरिएको छ। सामन्ती अधिनायकवाद पराजित भए पनि अहिले जातिवादी अधिनायकवाद नयाँ शैलीमा अगाडि आएको छ। संविधानले दिएको मौलिक हक र स्वतन्त्रता माथि निरंकुशता लाद्ने प्रवृत्ति हावी हुने स्थितिले सामन्ती अधिनायकवाद भन्दा फरक अनुभूति कसरी हुन सक्छ ? जातिवादको नाममा जनताको मौलिक हकमाथि प्रतिबन्ध लगाउन खोज्नुले गणतन्त्रको मर्म र भावना नबुझ्नु र जातीय अधिनायकवाद लागू गर्न खोजेको प्रष्ट देखिन्छ। एउटा राजनीतिक पार्टी माथि त यस्तो व्यवहार हुन्छ भने भिन्न विचार राख्ने व्यक्तिमाथि कस्तो व्यवहार होला ? सङ्घीयता नआउँदै त यो स्थिति

आउँछ भने भोलि सङ्घीयता आएपछि जातीय द्वन्द्व कुन रूपमा अगाडि बढ्ला ? मानवअधिकारको सन्दर्भमा यी अत्यन्त गम्भीर प्रकृतिका प्रश्नहरू हाम्रो सामु उभिएका छन्।

बितेका वर्षहरूमा विभिन्न व्यक्तिहरूको हत्या भएका घटनाहरू सञ्चार माध्यमहरूमा आउने गरेको देखिन्छ। तर सरकारबाट अपराधीहरूलाई पक्राउ गर्ने, सजाय दिने काम भने कमै भएको पाइन्छ। दाङ तुल्सीपुरमा देविप्रसाद धिताल (हेमराज)को ०६७ साउन ६ मा अज्ञात समूहद्वारा हत्या गरियो। तर अहिलेसम्म अपराधी पत्ता लाग्न सकेन। अर्घाखाँचीमा अखिल नेपाल शिक्षक सङ्घका सदस्य धर्म बहादुर राउतको गत ०६७ असार २४ गते बेलुकी ८ र ९ बजेको बीचमा घर फर्कदै गर्दा बाटोमा अज्ञात व्यक्तिबाट हत्या गरेर फालियो। अहिलेसम्म हत्यारा पत्ता लाग्न सकेको छैन। नेपालगञ्ज जयबागेश्वरी क्याम्पसमा अध्ययन गर्ने दैलेख निवासी लिलाधर भट्ट तथा कपिल द्विवेदीलाई गत ०६७ असोज १४ गते अपहरण गरेपछि पहिले लिलाधर भट्टको हत्या गरियो। कपिल द्विवेदीको पिताले छोरालाई छुटाउन १० लाख रुपियाँ अपहरणकारीलाई फिरौती बुझाए, तर २/३ दिनपछि कपिल द्विवेदीको पनि मृत अवस्थामा लास भेटियो। ०६७ असार ६ गते परासीको पोखरापाली गाविस बस्ने ११ वर्षीय आशिष बानियाँलाई अपहरण गरियो। अहिलेसम्म उनको जीवित वा मृत केही भेटिएको छैन। यसप्रकारको सिलसिला सामान्य नागरिक मात्र होइन, लोकसेवा आयोग सुदूर पश्चिमाञ्चल क्षेत्रीय कार्यालयका निर्देशक नवराज चौलागाईलाई डोटीबाट यही ०६७ कात्तिक २९ गते अपहरण गरियो। उनलाई कस्तो प्रकारको समूहले अपहरण गऱ्यो ? उनलाई मारियो वा जीवितै राखिएको छ ? भन्ने बारे अहिलेसम्म केही पत्तो लाग्न सकेको छैन। बुटवलमा गत ०६७ असार ९ गते व्यापारी रमेश भण्डारीका दम्पत्तीलाई हत्या गरियो। ०६७ मङ्सिर २७ गते कपिलबस्तु निवासी व्यापारी जगदीश यादवलाई भैरहवामा दिनदहाडै गोलीहाली हत्या गरी साथको ३ लाख ५० हजार लुटियो। त्यसमा वाईसीएल सम्बद्ध गोरख सहनी लगायतलाई पक्राउ गरिएको छ। माथिका यी विवरणहरू देशमा घटेका प्रतिनिधिमूलक घटना मात्र हुन्। यहाँ सबै घटनाहरूको उल्लेख गर्नु सम्भव छैन। यी घटनाहरूको अतिरिक्त देशमा कैयौं पत्रकारहरू, कर्मचारीहरू, गाविस सचिवहरू, शिक्षक, व्यापारी, उद्योगपतिहरूको हत्या हुने गरेका घटनाहरू घटिरहेका छन्।

विगतमा के देखियो भने हत्याको अपराधमा सजाय भोगेका अपराधीहरूलाई माओवादी नेतृत्वको सरकारले सजाय माफी गरेर जेल मुक्त गरायो। राजमो बाँके क्षेत्र नं. २ का उम्मेदवार कमल अधिकारीको हत्यामा संलग्न अपराधीहरूलाई जेल सजाय दिइए पनि ६ महिना नबित्दै तत्कालीन माओवादी सरकारले सजाय माफी गरी रिहा गऱ्यो। अहिले पनि त्यस्तो निर्णय राज्यबाट नहोला भन्न सकिन्न। अपराधीको संरक्षण राजनीतिक दलका नेताहरूबाट हुने गरेको छ। प्रहरी प्रशासनले तदारुकताका साथ पक्राउ गरे पनि नेताहरूको निर्देशनमा सजाय मुक्त गर्ने परिपाटीले गर्दा अपराधको मात्रा घट्नुको साटो बढ्ने गर्दछ। यसले गर्दा सामान्य नागरिकको बाँच्न पाउने अधिकार खोसिएको छ। साँच्चै नै जनताको मानवअधिकारको रक्षा गर्ने हो भने सत्तामा बस्ने राजनीतिक दलहरू गम्भीर हुनु आवश्यक छ। उनीहरू मानवअधिकारको मर्म र भावनालाई सम्मान गर्ने मात्र होइन, त्यसका निम्ति प्रतिवद्धतासमेत जनाएर व्यवहारमै देखाउनु पर्दछ।

नेपाली जनताको मानवअधिकारमाथि स्वदेशमा मात्र होइन, विदेशमा समेत हनन हुने गरेका उदाहरण सयौंको सङ्ख्यामा पाइन्छन्। विशेषत: भारतमा ठूलो सङ्ख्यामा नेपालीहरू रोजगारमा जाने भएकाले धेरै घटनाहरू भारतमै घट्ने गर्छन्। तर त्यहाँ नेपालीहरूको पक्षमा न त त्यहाँको मानवअधिकार कर्मीहरूले बोल्ने गर्छन्, न राज्यले नै संरक्षण गर्छ।

संविधान र कानुनले जातीय समानताको व्यवस्था गरे पनि दलितहरू माथिको युगौं देखिको जातीय उत्पीडन आज पनि कुनै न कुनै रूपमा कायम रहेको देखिन्छ। गत वर्ष पनि विगतमा जस्तै जातिगत भेदभावका घटनाहरू सञ्चारमाध्यममा आईनै रहे। ०६७ भदौमा सादाखानी-४ बस्ने धनबहादुर शाहीले लाटीकोइली बस्ने कुमारी नेपालीसित भएको अन्तरजातीय विवाहका कारण दुवै जना गाउँ निकाला हुनु पऱ्यो। ०६७ साउनमा सप्तरीका किशोर पासवानले रंजनासिंह नामकी उच्च जातिको केटीसित विवाह गरेबापत दुवै जना गाउँ निकाला हुनु पऱ्यो। ०६७ माघमा सुर्खेत साटाखानी गाविसका डिलबहादुर परियारले गर्पन गाविसकी उषा ढकालसित अन्तरजातीय विवाह गरेकै कारण दुवैजनालाई यस वर्षको एसएलसीको सेन्टअप परीक्षामा बस्न त्यहाँको विद्यालय र व्यवस्थापन समितिले रोक लगाउने निर्णय गरेर परीक्षामा बस्न दिएन। दलितहरूको मौलिक अधिकार माथि आज पनि बन्देज गरेर मानवअधिकार

माथि प्रश्न खडा गरिएको छ।

महिलाहरू माथि सामूहिक बलात्कार, बालिकाहरूलाई बलात्कारपछि हत्या, दाइजो नल्याएका कारण उत्पीडन तथा हत्याका श्रृङ्खलावद्ध घटनाहरू अहिले पनि भइरहनुले महिलाहरूको जीवन अत्यन्त असुरक्षित छ। संविधान र कानूनले जति व्यवस्था गरे पनि सामाजिक चेतना आज पनि सामन्ती र पूँजीवादी भएकाले त्यसमा अहिले पनि सुधार नआएको देखिन्छ। महिलाहरू माथिको घरेलु हिंसा मात्र होइन, उनीहरूको विदेशमा समेत बेचविखन हुने घटनाहरू अहिले पनि रोकिएका छैनन्। दलालहरू समातिए पनि उनीहरू केही समयपछि सजाय मुक्त हुने गर्छन्। बोक्सीको आरोपमा महिलाहरूलाई सार्वजनिक रूपमा नै अपमान हुने प्रकारले अभक्ष खुवाउने, सामाजिक बहिष्कार जस्ता सजाय दिने कामहरू अहिले पनि व्याप्त पाइन्छन्। दलितहरू माथिको छुवाछूत, भेदभाव, अपमान गरेर मानिसलाई पशुभन्दा पनि तल्लोस्तरको व्यवहार गर्दा पनि त्यसलाई हाम्रो सामन्ती पिछडिएको समाजले अमानवीय कार्य मानेर अपराधीलाई सजाय दिनेतिर ध्यान दिदैन र उत्पीडकहरू सम्मानजनक अवस्थामा समाजमा बसिरहेका हुन्छन्।

मानवअधिकार पनि वर्गीय हुन्छ। हुने खाने वर्गले आफ्नो वर्गको मानवअधिकारको कुरा गर्छ भने गरिखाने वर्गले आफ्नो वर्गको मानवअधिकारको रक्षाको कुरा गर्छ। स्वयम् ठूला साम्राज्यवादी देशहरू जसमध्ये अमेरिका पनि पर्दछ, ले विश्वव्यापी रूपमा मानवीय संहार गरिरहेको तथ्य हाम्रो अगाडि छ। यसरी ठूला देशले साना देशलाई, सत्तामा बस्नेले सत्ता बाहिर बस्नेलाई, धनीले गरिबलाई, सशस्त्रले निशस्त्रलाई, समग्रमा बल हुनेले कमजोरलाई दवाउने नीति अहिले पनि विश्वव्यापी रूपमा कायम छ र हाम्रो देश पनि त्यसबाट अछुतो छैन। तैपनि मानवअधिकारको विश्वव्यापी घोषणापत्रलाई व्यवहारमा कमजोर व्यक्ति वा वर्ग माथि हुने दमन र उत्पीडनलाई समाप्त पार्न वा न्यूनीकरण गर्ने माध्यमका रूपमा प्रयोग गर्ने प्रयास मानव जातिको लागि एउटा आशालाग्दो अभियान बनेको छ। मानवअधिकारको रक्षाको सन्दर्भमा मानव अधिकारको उल्लङ्घन बारे जनस्तरसम्म चेतना जगाउने काम अझै पनि पर्याप्त हुन सकेको देखिदैन। यो कुरा पनि त्यत्तिकै सत्य हो कि सामन्ती तथा पूँजीवादी व्यवस्थामा वर्गीय दर्शन, वर्गीय विभेद र उत्पीडनलाई मानवतावादी शिक्षा र आदर्शले समाप्त पार्न सकिदैन। त्यसको लागि वर्गहरूको अन्तको लामो प्रक्रिया आवश्यकता पर्छ। तत्कालमा हामी देशमा आएको परिवर्तन र भर्खर स्थापित लोकतान्त्रिक गणतन्त्रको आदर्श अनुरूप जनतामाथि हुने अन्याय, अत्याचार, हत्या, दमन, उत्पीडनको अन्त र न्यायपूर्ण, स्वतन्त्र र समतामूलक समाजको अनुभूति दिलाउन समाजका सचेत वर्ग, राजनीतिक दल, पत्रकार, कानून व्यवसायी तथा नागरिक समाजहरूले ध्यान दिनै पर्दछ। हाम्रो पार्टीले देशमा जुनसुकै रूपमा भए पनि, राज्यपक्ष, कुनै सशस्त्रधारी पक्ष वा समूह, जनताको मानव अधिकारको कतैबाट पनि हनन् हुने कुराको विरोध गर्दै आएको छ र मानवअधिकारलाई नाराको रूपमा मात्र होइन, व्यवहारमा नै रक्षा हुनुपर्दछ तबमात्र जनतालाई सुरक्षाको अनुभूति हुन सक्दछ भन्ने ठान्दछ। त्यसैले हामी सबै पक्षलाई मानवअधिकार प्रति गम्भीर बन्न आवश्यक ठान्दछौं।

सन्तबहादुर नेपाली
महासचिव

सन् २०१० को मानवअधिकार स्थितिबारे विभिन्न क्षेत्रका धारणा

नेपाल सरकार तथा प्रधानमन्त्रीको कार्यालय

परराष्ट्र मन्त्रालय

गृह मन्त्रालय

नेपाली सेना

नेपाल प्रहरी

सशस्त्र प्रहरी बल

राष्ट्रिय मानवअधिकार आयोग

राष्ट्रिय दलित आयोग

राष्ट्रिय महिला आयोग

नेपाल पत्रकार महासङ्घ

अनुसूची

४

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

मानवअधिकारको सम्मान, संरक्षण र संवर्द्धन गर्ने राज्यको प्राथमिक दायित्व भएअनुरूप प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कानुन तथा मानवअधिकार महाशाखाले मानवअधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरू र सरकारका विभिन्न निकायहरूबीच समन्वय गरी आफ्नो कार्य गर्दै आएको छ। मानवअधिकारसम्बन्धी विभिन्न २२ वटा महासन्धिहरूलाई नेपालले अनुमोदन गरेबमोजिम आफ्नो राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय दायित्वलाई बहन गर्न र मुलुकमा मानवअधिकार संस्कृतिको विकास गर्न हरसम्भव प्रयासरत छ।

सन् १९९३ मा अष्ट्रियाको राजधानी भियनामा सम्पन्न भएको संयुक्त राष्ट्रसङ्घीय विश्व मानवअधिकार सम्मेलनले सबै पक्ष राष्ट्रहरूलाई मानवअधिकारको सम्मान, संरक्षण र संवर्द्धन गर्न तथा मानवअधिकार संस्कृतिको विकास गर्न राष्ट्रिय कार्ययोजना बनाई कार्यान्वयन गर्न आह्वान गरेअनुरूप नेपालले मानवअधिकारको सम्मान, संरक्षण र संवर्द्धन गर्ने दृढ अठोटका साथ नागरिक समाज र निजी क्षेत्रको समन्वयात्मक प्रयासमा आ.व. ०६१/६२ देखि त्रिवर्षीय मानवअधिकार राष्ट्रिय कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्दै आएको छ। यसक्रममा दुईवटा त्रिवर्षीय कार्ययोजना सम्पन्न भई हाल तेस्रो त्रिवर्षीय मानवअधिकार राष्ट्रिय कार्ययोजना (आ.व. २०६७/६८-२०६९/७०) कार्यान्वयनमा ल्याएको छ। प्रस्तुत कार्ययोजनाको प्रभावकारी कार्यान्वयनबाट मुलुकमा कानुनको शासनलाई प्रत्याभूत गर्न, सबै नागरिकलाई आधारभूत मानवअधिकारको सुनिश्चितता प्रदान गर्न र मुलुकमा मानवअधिकार संस्कृतिको विकास गर्नमा सहयोग पुग्ने विश्वास लिइएको छ। यसैगरी, लैङ्गिक हिंसा निवारणका लागि सम्बद्ध सबै मन्त्रालयहरूको कार्ययोजना बनाई कार्यान्वयन प्रारम्भ गरिएको छ। प्रचलित कानुनद्वारा अधिकार प्राप्त निकायहरूले लैङ्गिक हिंसासम्बन्धी उजुरी लिन नमानेमा वा उजुरी उपर यथोचित कारबाही नगरेको अवस्थामा पीडित पक्षबाट उजुरी ग्रहण गरी त्यस्ता उजुरीहरूको व्यवस्थापन एवम् अनुगमन समेत गर्ने उद्देश्यले गत वर्ष (मङ्सिर १०, २०६६) यस कार्यालयमा स्थापित लैङ्गिक हिंसाविरुद्ध उजुरी व्यवस्थापन तथा अनुगमन इकाई अद्यपि कार्यरत छ।

विगतमा भैं यस कार्यालयले मानवअधिकारको उल्लङ्घनका घटनामा राष्ट्रिय मानवअधिकार आयोगबाट २०५८ सालदेखि २०६७ पौष मसान्तसम्ममा भएका सिफारिशहरूलाई कार्यान्वयन गर्न सम्बन्धित निकायमा लेखी पठाउनुका साथै त्यसको प्रभावकारी कार्यान्वयन भए नभएको बारेमा अनुगमन गर्ने र अभिलेख अद्यावधिक गर्ने लगायतका कार्यहरू भइरहेका छन्। यसका साथै शान्ति तथा पुनर्निर्माण मन्त्रालयबाट त्यसरी सिफारिश गरिएका व्यक्तिहरूलाई तोकिएबमोजिमको रकम राहतस्वरूप वितरण भइरहेको छ।

मानवअधिकार उल्लङ्घनका घटनामा अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी सङ्घसंस्थाबाट माग भएका जवाफ तथा जानकारी समयै उपलब्ध गराउने र नेपाल सरकारका तर्फबाट पेश गर्नुपर्ने प्रतिवेदन एवम् प्रतिक्रियासमेत सम्बन्धित निकायहरूको संलग्नतामा तयार गरी पठाउने गरिएको छ।

यस कार्यालयको अग्रसरतामा Universal Periodic Review (UPR) सम्बन्धी नेपालको राष्ट्रिय प्रतिवेदन तयार गरी संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार परिषद्मा पेश गरिएको थियो। उक्त प्रतिवेदन २५ जनवरी २०११ मा मानवअधिकार परिषद्को १०औँ अधिवेशनमा प्रस्तुत भई सो प्रतिवेदन २७ जनवरी २०११ मा ग्रहण (Adoption) समेत भएको छ। यसैगरी, यस कार्यालयले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ अन्तर्गत संयुक्त राष्ट्रसङ्घसमक्ष नेपालले बुझाउनुपर्ने तेस्रो आवधिक प्रतिवेदनको प्रारम्भिक मस्यौदा तयार गरी सोउपर क्षेत्रीय एवम् केन्द्रीयस्तरमा सरोकारवालाहरूसमेतको उपस्थितिमा परामर्श गोष्ठीहरू सम्पन्न गरी प्रतिवेदनलाई अन्तिम रूप दिने कार्य तदारुकताका साथ गरिरहेको छ।

अन्त्यमा, इन्सेकले प्रकाशन गर्न लागेको प्रस्तुत वर्षपुस्तक मानवअधिकारको सम्मान, संरक्षण र संवर्द्धन गर्ने प्रयोजनका लागि निकै उपयोगी हुने कुरामा यो कार्यालय विश्वस्त छ। साथै, इन्सेक आफ्नो लक्ष्यमा निरन्तर अघि बढिरहन सकोस् भनी शुभकामना पनि व्यक्त गर्न चाहन्छु।

डा. त्रिलोचन उप्रेती
सचिव

परराष्ट्र मन्त्रालय

वर्तमान विश्व परिवेशमा मानवअधिकारको संरक्षण तथा प्रवर्द्धनले परराष्ट्र सम्बन्धका क्षेत्रमा पनि

महत्वपूर्ण स्थान ओगट्दै आएको छ। नेपाल मूलभूत मानवअधिकारसम्बन्धी २२ ओटा अन्तर्राष्ट्रिय दस्ताबेजहरूको पक्ष राष्ट्र भएकोले देशको प्रचलित कानुन तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता एवम् दायित्वहरू बमोजिम मानवअधिकार संरक्षण तथा प्रवर्द्धनका क्षेत्रमा सरकार पूर्ण प्रतिबद्ध रहेको छ। नेपालको अन्तरिम संविधान, २०६३ ले नागरिकहरूलाई थप मौलिक हकहरू प्रदान गरेर मानवअधिकारको दायरालाई फराकिलो बनाएको छ।

मानवअधिकारको संरक्षण र सम्बर्द्धनको लागि संवैधानिक अङ्गका रूपमा मानवअधिकार आयोगको स्थापना भएको छ। मानवअधिकारका विषयमा नेपाल पक्ष भएका विभिन्न अन्तर्राष्ट्रिय सन्धि/अभिसन्धिहरूबाट सिर्जित दायित्व तथा नेपालको अन्तरिम संविधानमा व्यवस्था गरिएका प्रतिवद्धताहरू पुरा गर्न आयोगले राष्ट्रिय मानवअधिकार कार्ययोजना कार्यान्वयन गरिरहेको छ। राष्ट्रिय मानवअधिकार अयोगलाई सुदृढ र क्षमतावान् बनाई मानवअधिकारको संरक्षण र संवर्द्धन गर्ने अग्रणी एकाइका रूपमा विकास गर्न सरकार प्रतिबद्ध छ।

कार्यकारी निकायअन्तर्गत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मानवअधिकार प्रवर्द्धन शाखा मानवअधिकारको क्षेत्रमा राष्ट्रिय सम्पर्क विन्दुका रूपमा कार्यरत छ। मानवअधिकरको संरक्षण तथा प्रवर्द्धन कार्यलाई प्रभावकारी बनाउन यसले विभिन्न निकायहरूबीच समन्वय, सरकारी गैरसरकारी निकायहरू तथा सरोकारवालाहरूको सकृय सहभागीतामा संयुक्त राष्ट्र सङ्घीय मानवअधिकार अयोगको विश्वव्यापी आवधिक समीक्षा (Universal Periodic Review) सम्बन्धी कार्यदलसमक्ष प्रतुत हुने प्रतिवेदन तयार भएको छ। नेपालको तर्फबाट माननीय उप-प्रधानमन्त्री तथा पररराष्ट्र मन्त्रीको नेतृत्वमा २५ जनवरी २०११ मा प्रतिवेदन प्रस्तुत गर्ने सम्बन्धी आवश्यक व्यापक पूर्वतयारी कार्य एवम् सफल प्रतुती समेत भइसकेको छ।

उक्त कार्यक्रममा नेपालको सकृय सहभागिता रहनुका साथै मानवअधिकारप्रतिका राष्ट्रिय प्रतिबद्धता तथा संरक्षण एवम् प्रवर्द्धनसम्बन्धी अद्यावधिक स्थितिको समीक्षा गरी आगामी दिनका लागि प्रतिबद्धता समेत प्रकट गरिएको थियो। विगत केही समयदेखि नेपालमा मानवअधिकार संस्थाहरूको सुदृढीकरणका लागि संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय पनि कार्यरत छ।

उपरोक्त निकायहरूका अतिरिक्त मानवअधिकारका क्षेत्रमा कार्यरत सक्रिय एवम् जागरुक नागरिक समाजका सकारात्मक प्रयासहरूले पनि नेपाल सरकारलाई नेपालमा मानवअधिकारको क्षेत्रमा सचेत एवम् संवेदनशील रहन अभिप्रेरित गरेको छ। मानवअधिकारको सूचना र सचेतना प्रवाह गराई यसको संरक्षण, सम्बर्द्धन र मानवअधिकार सम्बन्धी हक स्थापित गराउन राज्यलगायत अन्य क्षेत्रको भूमिका पनि उललेखनीय रहेको छ।

आजको आवश्यकता भनेको सरकार नीति क्षेत्र एवम् नागरिक समाजको सहकार्यलार्य घनीभूत गराई मानवअधिकारको स्थितिलाई अझ सुदृढ गराउनु नै हो भन्न सकिन्छ। यसको लागि अन्तरिम योजनाले परिलक्षित गरेझै निकायगत समन्वय, साझेदारी र सहकार्य अपरिहार्य देखिन्छ। पररराष्ट्र मन्त्रालयले आफ्नो क्षेत्राधिकारभित्र पर्ने विषयमा सञ्चार, समन्वय, सहकार्य र सहजीकरण गरी मानवअधिकार प्रवर्धन कार्यमा सहयोग पऱ्याई रहेको छ।

सेवा अधिकारी
उपसचिव

गृह मन्त्रालय

राज्यको श्रोत र साधनको अधिकतम सदुपयोग गर्दै नागरिकलाई राज्यप्रदत्त अधिकारहरूलाई सुनिश्चित गर्दै शान्ति कायम गरी नागरिकको जीउधनको सुरक्षा गर्न गृह मन्त्रालय र मातहतका सुरक्षा निकायहरू प्रभावकारी रूपमा क्रियाशील छन्। मानवअधिकारको सम्बन्धमा विभिन्न अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूमा राज्यले गरेको प्रतिबद्धता अनुरूप ऐन कानुनको तर्जमा एवम् समयानुकूल परिमार्जन गर्दै कार्यान्वयनमा ल्याइएको छ। नेपालले संयुक्त राष्ट्रसङ्घमा पेश गर्नुपर्ने नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी प्रतिज्ञापत्रका प्रतिवेदन तयार भई संयुक्त राष्ट्रसङ्घमा पठाउने अन्तिम तयारी भएको छ।

गृहमन्त्रालय र अन्तरगतका सुरक्षा निकायहरूमा मानवअधिकार इकाईहरू स्थापना गरी मानवअधिकारको प्रवर्द्धन, उल्लङ्घनमा छानबिन र अनुगमनमा क्रियाशीलता बढाइएको छ। मानवअधिकारको सम्बन्धमा सुरक्षाकर्मीलाई प्रशिक्षित गर्ने कार्यहरू पनि भइरहेका छन्। मानवअधिकार उल्लङ्घन भएको भनी विभिन्न राष्ट्रिय/अन्तर्राष्ट्रिय मानवअधिकारकर्मी तथा संस्थाहरूबाट औंल्याइएका घटनाहरूका सम्बन्धमा प्राथमिकता दिई मातहतका निकायहरूबाट छानविन गराई दोषीलाई कारवाही गर्न

सम्बन्धित निकायमा लेखि पठाउने कार्यहरू पनि भइरहेका छन्। राष्ट्रिय मानवअधिकार आयोगका सिफारिसबमोजिम पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउने, दोषीलार्य कारबाही गर्ने र पीडितका बालबच्चालाई नि:शुल्क शिक्षाको लागि सम्बन्धित निकायमा पठाउने कार्यहरू पनि नियमित रूपमा भइरहेको छ।

कारागारमा रहेका कैदी थुनुवाहरूले मानवोचित हक अधिकारबाट वञ्चित हुन नपरोस् भन्ने उद्देश्यले कारागारहरूलाई सुधारगृहको रूपमा समयानुकुल परिवर्तन गर्दै, भौतिक सुविधाहरूको वृद्धि तथा कैदी थुनुवाहरूको स्वास्थ्य र शिक्षाको पहुँचलाई प्रभावकारी रूपमा अगाडि बढाउने कामहरू भइरहेका छन्। बालबन्दीहरूलाई छुट्टै बाल सुधारगृहहरूको स्थापना गरी व्यवस्थापन गर्ने कामहरू पनि भइरहेका छन्।

विशेष गरी तराई क्षेत्र र शहरी क्षेत्रहरूमा अपहरण, लुटपाट तथा चन्दा आतङ्क मच्चाई नागरिकको मानवअधिकार उल्लङ्घन गर्ने समूह तथा व्यक्तिहरूको पहिचान गरी कानुनी दायरामा ल्याउन सुरक्षाकर्मीहरू प्रभावकारी रूपमा परिचालन गरिएको हुँदा गत वर्षको तुलनामा केही सुधारका लक्षणहरू देखा परेका छन्। मुलुकको शान्ति सुव्यवस्थामा सुधार हुँदै आइरहेको भए तापनि विभिन्न खाले समूहहरूबाट मानवअधिकारको उल्लङ्घन गर्ने कार्य जारी नै रहेको वर्तमान अवस्थामा आफ्नो अधिकारको प्रयोग गर्दा अरुको अधिकार हनन गुर्न हुँदैन भन्ने मध्यस्तालाई सबैले आत्मसात गर्नुपर्ने आवश्यकता छ।

अन्तमा सन् २०१० मा नेपालको मानवअधिकारको स्थितिमा सकारात्मक सुधार भएको तथ्य प्रति विश्वस्त हुँदै मानवअधिकार संरक्षणमा नेपाल सरकार गृह मन्त्रालय सम्पूर्ण मानवअधिकारकर्मीहरू एवम् राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थासँग सहकार्य गर्दै अगाडि बढ्न प्रतिबद्ध छ।

जगन्नाथ शर्मा
शाखाअधिकृत, गृह मन्त्रालय

नेपाली सेना

संयुक्त राष्ट्र सङ्घद्वारा पारित मानवअधिकारको विश्वव्यापी घोषणा पत्र १९४८ लाई पालना गर्नु राज्यको दायित्व रहेको हुन्छ। जसमा जनतालाई राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिक अधिकार तथा उसको मौलिक हक अधिकारलाई सुरक्षा गर्ने प्रत्याभूत दिएको हुन्छ। त्यस्तै जेनेभा महासन्धि-१९४९ (अन्तर्राष्ट्रिय मानवीय कानुन) लाई नेपालले सन् १९६५ मा अनुमोदन गरे पछि नै सुरक्षा फौजमा सो सम्बन्धी जानकारी गराउने दायित्व बमोजिम लामो समयदेखि नेपाली सेनामा पढाइने युद्धकलाका विषयहरूमा समेत मानवीय पक्ष जस्तै: नागरिक तथा नागरिकको सम्पत्तिमा हानी नपुऱ्याउने, बालीनालीलाई क्षति नगर्नू, बालबालिका, महिला तथा बुढापाकाहरूलाई सम्मान गर्नू, मठमन्दिर एवम् साँस्कृतिक सम्पदा र महत्वपूर्ण संरचनालाई क्षति नपुऱ्याउनु, युद्धबन्दी तथा घाइतेहरूप्रति गर्नुपर्ने व्यवहार जस्ता कुराहरूलाई जोड दिँदै आएको पाइन्छ।

नेपालको अन्तरिम संविधान २०६३ र सैनिक ऐन २०६३ को दफा २० (१) मा सैनिक व्यक्तिहरूलाई मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुन सम्बन्धी तालिम तथा शिक्षा दिने प्रावधान रहेको छ। सोही अनरूप नेपाली सेनामा आइएचएल इन्टग्रेसन अर्डर लागू गरिएपछि आफ्नो अन्तरगतका फौजहरूलाई मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको संरक्षण र सम्वर्द्धन गर्ने कार्यमा तत्काल सैद्धान्तिक र व्यवहारिक रूपमा पालना गरी व्यवहारमा लागू गर्ने र क्रमिक रूपमा सकल दर्जालाई आइएचएल/आइएचआरएल तालिम गराउँदै भविष्यमा नेपाली सेनलाई मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुन हनन् मुक्त संस्थाको रुपमा स्थापित गर्ने लक्ष्य लिइएको छ।

आईसीआरसीको सहयोगमा नेपाली सेनाले अन्तर्राष्ट्रिय मानवीय कानुन तालिम सञ्चालन गरिरहेको अवस्थामा सन् २००९ देखि नेपाली सेनलाई पूरा स्वामित्व दिए अनुरुप सो सम्बन्धी तालिम बाहिनी तथा पृतना तहमा सञ्चालन गर्दै आइरहेको छ। सैनिक जीवनमा प्रवेश गरेका नयाँ व्यक्तिहरूलाई सुरूमा दिइने आधारभूत तालिम र पेशामा संलग्न भई सकेपछि लिइने विशेष तालिम र व्यक्तिको वृति विकासको लागि आवश्यक पर्ने तालिमहरूमा मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनसम्बन्धी सैद्धान्तिक र व्यवहारिक पक्षहरू समावेश गरी तालिम सञ्चालन गरिएका छन्।

नेपाली सेनाले कमाण्ड जिम्मेवारीमा नियुक्त भएका अधिकृतहरूलाई मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुन बारेमा ब्रिफिङ दिने कार्यबाट कमाण्डर आफू र मातहतमा रहेका फौजहरूलाई सदैव सचेत गराई सेनाको सुन्य सहिष्णुता नीतिलाई (Zero Tolerance Policy) लाई पालना गराउन ज्यादै सहयोगी भूमिका खेलेको छ।

शान्ति सेनामा जाने सकल दर्जाहरूलाई

मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुन पक्षलाई सबल र सुदृढ रूपमा लागू गर्न शान्ति सेना जाने सकल दर्जाको कडा छनौट प्रक्रिया अनुसार छनौट गरी वीरेन्द्र शान्ति कार्य तालिम केन्द्र, पाँचखालमा सञ्चालन हुने Pre-deployment तालिममासमेत सकल दर्जाहरूको क्अचभभलष्लन गर्ने र सो सम्बन्धमा अनिवार्य तालिम दिने नीति लागू भएको छ। जसमा शान्ति सैनिकहरूलाई मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुन, Command Responsibility, Superior Orders, लैङ्गिक समानता, Sexual Abuse, UN Resoolution 1325 र 1820 आदि बारेमा ज्ञान दिइन्छ।

हालको परिप्रेक्षमा शान्ति सेनामा महिला सहभागिता लगायत सम्बन्धित देशहरूमा महिला प्रति गरिने व्यवहार र राष्ट्र सङ्घले महिला प्रति हेर्ने दृष्टिकोण र व्यवहारबारे सकल दर्जालाई Awareness गराउँदा बढी व्यवहारिक र सकारात्मक हुन जाने साथै अन्तर्राष्ट्रिय जगतमा नेपाली छवि अझ उच्च हुन जाने भएकोले संयुक्त राष्ट्र सङ्घ सुरक्षा परिषद्को Resolutition 1325 र 1820 सम्बन्धी तालिम/सचेतना/गोष्ठीहरू मार्फत कार्यक्रमहरू सञ्चालन गर्ने सहमति पत्रमा रक्षा सचिव, रक्षा मन्त्रालय, नेपाल सरकार र UNIFEM South Asian Regional Office, Regional Director बीच ९ जुन, २०१० मा समझदारी पत्रमा हस्ताक्षर भई Promtiong Gender Responsive Security Sector(PROGRESS) कार्यक्रममा समझदारी भए अनुसार UNIFEM र यस निर्देशनालय बीच हुने Letter Of Agreement (LAO) हस्ताक्षर भएको छ। यसर्थ नेपाली सेनाको तर्फबाट Focal Point को रूपमा मानवअधिकार निर्देशानालयले समन्वय गर्ने गरी सो सम्बन्धी तालिम तथा आवश्यक Traning Aid हरू उपलब्ध हुने व्यवस्था गरिएको छ।

नेपाली सेनाले स्कूल र बालबालिकाहरूलाई शान्ति क्षेत्रको रूपमा मान्यता दिएको छ, सैनिक प्रयोजनको लागि कहिल्यै पनि स्कूलको प्रयोग नगर्ने प्रतिवद्धतालाई निरन्तरता दिँदै आएको छ। मानवअधिकार र अन्तर्राष्ट्रिय मानवीय कानुनको तालिमहरूमा समेत सम्बन्धित विषयका योग्य न्गभकत क्उभबपभच बाट अध्यापन समेत गराउँदै आएको छ।

हालको विद्यमान परिस्थितिमा मानवअधिकारलाई निकै सुक्ष्म ढङ्गबाट विश्लेषण र जनताको मौलिक हक एवम् नैसर्गिक अधिकारको पक्षमा दाँजिन थालेको छ। सन् २००९ मा विशेष गरी मानवअधिकारो सम्बन्धमा सुरक्षा अङ्गमा मात्र यसको टिकाटिप्पणी नभई राज्यका विभिन्न निकायहरूमा समेत यसको पालनाको सम्बन्धमा सकारात्मक वृद्धि भएको महसुस गरिएको छ।

नेपाली सेनाको मानवअधिकार निर्देशनालयले विगतमा झै मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुन सम्बन्धी विविध पक्षहरू समेटी 'Human Rights Journal-2010" प्रकाशन भइ वितरण भइरहेको, नेपाली सेना सदैव उल्लेखित प्रतिवद्धतामा कटिबद्ध छ। नेपाली सेनाका सकल दर्जाहरूको मानवीय कानुन प्रतिको प्रतिवद्धतालाई निरन्तरता दिनको लागि यसै वर्ष सशस्त्र द्वन्द्वको कानुन सम्बन्धी नेपाली सेनाको हाते पुस्तक "Nepal Army Handbook on Law of Armed Conflict" प्रकाशन भएको छ। यसै सिलसिलामा मानवअधिकार निर्देशनालयबाट मानवीय कानुन सम्बन्धी तालिम डकुमेन्ट्री तयार गरिदैं छ।

नेपाल, संयुक्त राष्ट्रसङ्घ प्रति प्रतिवद्ध रही विभिन्न सन्धि सम्झौता एवम् अभिसन्धिलाई हस्ताक्षर, अनुमोदन गरी सोको पक्ष रहेको कारणले मानवअधिकार एवम् मानवीय कानुन प्रति उत्तरदायी र प्रतिवद्ध रहेको नै छ। राष्ट्रका अन्य जिम्मेवार व्यक्ति, राजनीतिक पार्टी तथा सङ्घ संस्थाहरूले समेत समय समयमा व्यक्त गरेको अभिव्यक्ति, धारणा तथा प्रतिवद्धतामा नेपाली जनता र मानवअधिकारे संरक्षण र प्रवर्धन गर्ने गराउने भन्ने उल्लेख भइरहेको अवस्थामा सबैबाट यसको मर्म अनुसार व्यवहारमा पालना हुँदै गए अन्तर्राष्ट्रिय जगतमा नेपालको शान्तिप्रिय छवि उजागर हुने सम्भावना बढ्ने देखिन्छ।

अन्तमा इन्सेकबाट प्रकाशित हुन लागेको मानवअधिकार वर्षपुस्तक २०११ को लागि नेपाली सेना शुभकामना व्यक्त गर्दछ।

निरेन्द्रप्रसाद अर्याल
प्राड सहायक रथी, निर्देशक

नेपाल प्रहरी

विगतका वर्षहरू झैं यस वर्ष पनि अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले मानवअधिकार वर्षपुस्तक २०११ प्रकाशन गर्न लागेकोमा हामीलाई खुशी लागेको छ। मानवअधिकारको संरक्षण, सम्वर्द्धनका साथसाथै मानवअधिकारसँग सम्बन्धित देशव्यापी घटनाक्रमहरूलाई बार्षिक अभिलेखको रूपमा प्रस्तुत गर्ने इन्सेकको प्रयास र योगदान वास्तवमै उल्लेखनीय र सरहानीय भएको हामीले महसुस गरेका छौं।

जनताको सुरक्षा र न्याय पाउने आधारभूत अधिकारको संरक्षण गर्दै समाजमा शान्ति व्यवस्था कायम गर्ने मूलभूत उद्देश्यले नेपाल प्रहरीको स्थापना भएको हुँदा मानवअधिकारको संरक्षण र सम्वर्द्धन गर्नु नेपाल प्रहरीको अहम् कर्तव्य एवम् दायित्व हो। सोही कुरालाई मध्यनजर राख्दै मानवअधिकारको संरक्षण एवम् सम्वर्द्धनलाई नेपाल प्रहरीले साङ्गठनिक प्राथमिकताको रूपमा अङ्गीकार गरी सोही बमोजिम नेपाल प्रहरीका प्रत्येक क्रियाकलापलाई मानवअधिकारको संरक्षण एवम् सम्वर्द्धनतर्फ लक्षित एवम् निर्देशित गर्दै आएको छ।

नेपाल प्रहरी जनताको प्रत्यक्ष सम्पर्कमा रही कानुन कार्यान्वयन गर्ने निकाय भएको हुनाले प्रहरी काम कारबाहीको दौरानमा कसैको पनि मानवअधिकारको हनन हुन नपाओस् भन्ने उद्देश्यले नेपाल प्रहरीले प्रत्येक प्रहरी कर्मचारीहरूका लागि गोजी पुस्तकको रूपमा नेपाल प्रहरीको "मानवअधिकार सम्बन्धी स्थायी आदेश" जारी गरेको छ। नेपालस्थित संयुक्त राष्ट्र सङ्घीय उच्चायुक्तको कार्यालयसँगको सहकार्यमा प्रकाशन गरिएको उक्त गोजी पुस्तक विगतमा ५८ हजार प्रति वितरण गरिएको थियो भने यस वर्ष थप २५ हजार प्रति प्रकाशन गरी वितरण गरिएको छ। प्रहरीमा सञ्चालन हुने सबै प्रकारका आधारभूत तथा उन्नत तालीमहरूलाई मानवअधिकार शिक्षा र सीपको दृष्टिकोणबाट पुनरावलोकन गरी परिमार्जित गर्नुको साथै मानवअधिकार सम्बन्धी प्रशिक्षक प्रशिक्षण, आधारभूत तालीम र अनुशिक्षणहरूलाई निरन्तर रूपमा सञ्चालन गरिएको छ। यसै वर्ष महिला तथा बालबालिकाका अधिकार र उनीहरू विरुद्ध हुने अपराध अनुसन्धानका लागि १६ दिनको छुट्टै एवम् विशिष्टीकृत पाठ्यक्रम, प्रशिक्षक निर्देशिका र पाठ्यपुस्तकको विकास गरी देशव्यापी रूपमा प्रशिक्षण सञ्चालन गरिदै आएको छ। मानवअधिकारको क्षेत्रमा विशिष्टीकृत रूप मै प्रशिक्षणहरू सञ्चालन गर्ने उद्देश्यले यस वर्ष नेपाल स्थित अमेरिकन दुतावाससँगको सहकार्यमा "Human Rights and Democratic Policing" विषयमा Trainers Training सञ्चालन गरी प्रहरी प्रशिक्षकहरूलाई Mobile Trainers Team को रूपमा परिचालन गरिएको छ। नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट जारी त्रीवर्षीय मानवअधिकार राष्ट्रिय कार्ययोजनालाई मध्यनजर राख्दै नेपाल प्रहरीलाई मानवअधिकारको संरक्षण एवम् सम्वर्द्धनमा अझ बढी सक्षम र व्यवसायिक बनाउन राष्ट्रिय मानवअधिकार आयोग, नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय उच्चायुक्तको कार्यालय, रेडक्रसको अन्तर्राष्ट्रिय समिति, इन्सेक, कुटनीतिक नियोगहरू लगायत मानवअधिकारसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरूसँगको समन्वय एवम् सहकार्यमा विशेष पहल गरिएको छ। मानवअधिकारको संरक्षण एवम् सम्बर्द्धनका लागि कानुनको शासन अनिवार्य शर्त हो र यसका लागि नेपाल प्रहरीका साथसाथै सम्वद्ध अन्य विभिन्न पक्षको पनि महत्वपूर्ण भूमिका रहने कुरालाई आत्मसात् गर्दै यस वर्ष नेपाल प्रहरीले मानवअधिकारसंग सम्बन्धित सरकारी तथा गैरसरकारी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ संस्थाको सहभागितामा "मानवअधिकार तथा कानुनी शासनको प्रवर्द्धनमा नेपाल प्रहरीको भूमिका" विषयक राष्ट्रिय स्तरको अन्तरक्रियात्मक कार्यक्रमको आयोजना गऱ्यो। त्यसैगरी यसै वर्ष यातना विरुद्धको अन्तराष्ट्रिय दिवस र मानवअधिकार महाभेलामा नेपाल प्रहरीले कार्यक्रम आयोजकको रूपमा सहभागिता जनायो।

मानवअधिकारको संरक्षणका लागि मानवअधिकारको हनन् गर्ने प्रहरी कर्मचारी उपर शुन्य सहनशीलताको मान्यता अनुरूप आवश्यक अनुसन्धान तथा कारबाही गर्ने गरिएको छ। हालसम्म मानवअधिकार उल्लङ्घन गरेको अभियोगमा वरिष्ठ प्रहरी अधिकृतदेखि जवानसम्म ५ सय ५९ जना प्रहरी कर्मचारीहरू उपर कारबाही चलाईएको छ। मानवअधिकारको गम्भीर उल्लङ्घनमा यस वर्ष अदालतमा कारबाही चलाई आठ जना प्रहरी कर्मचारीहरू अदालतको आदेश बमोजिम जेल परेका छन् भने अन्य उपर विभागीय कारबाही गरिएको छ। प्रहरी हिरासतमा हुन सक्ने यातना तथा अन्य मानवअधिकार उल्लङ्घनका घटनालाई निर्मूल पार्न नियमित र आकस्मिक रूपमा प्रहरी इकाईहरूको अनुगमन गर्ने गरिएको छ।

मानवअधिकारको संरक्षण र सम्वर्द्धनमा नेपाल प्रहरीको प्रतिवद्धतालाई मूर्त रूप दिने यी केही प्रयासहरू हुन्। हाम्रो यो प्रतिवद्धता र प्रयास आगामी दिनहरूमा समेत निरन्तर जारी रहने छ। यसमा सहयोग र समन्वय गर्ने सम्पूर्ण राष्ट्रिय तथा अन्तराष्ट्रिय सङ्घ संस्थाहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै इन्सेकलाई यो पुस्तक प्रकाशनको सफलताको कामना गर्दछौ।

नेपाल प्रहरी
मानवअधिकार इकाई

सशस्त्र प्रहरी बल

विगत वर्षहरूमा झैं यस वर्ष पनि मुलुकभरिकै मानवअधिकार स्थितिका बारेमा सामाजिक न्यायको निम्ति स्थापित आनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले सत्यतथ्यमा आधारित रही प्रकाशनमा ल्याउन गइरहेको "मानवअधिकार वर्षपुस्तक २०११" को लागि सफलताको कामनाका साथ आउँदा दिनहरूमा समेत केन्द्रले नागरिकहरूको मानवअधिकार संरक्षण एवम् सम्वर्धन गर्ने कार्यमा निष्पक्ष, पारदर्शी रूपमा अझ बढी प्रभावकारी ढङ्गबाट आफ्ना कार्यहरू सम्पादन गर्ने छ भन्ने दृढ विश्वास सशस्त्र प्रहरी बलले लिएको छ।

सशस्त्र प्रहरी बलबाट सम्पादन गरिने सबै जिम्मेवारी एवम् कार्यहरू र सङ्गठनमा कार्यरत हरेका तहका कर्मचारीहरूबाट मानव जातिको कुनै पनि मानवीय प्रतिष्ठा तथा नैसर्गिक अधिकारहरू हनन् र अन्तर्राष्ट्रिय स्तरमा स्थापित मानवअधिकारका मूल्य, मान्यता एवम् सिद्धान्तहरूको उल्लङ्घन हुन नदिनेतर्फ सङ्गठन सदैव सचेत र प्रतिवद्ध रहेको छ। यसरी स्थापित मूल्य, मान्यता एवम् सिद्धान्तहरूलाई सैद्धान्तिक रूपमा मात्रै नलिइ व्यवहारिक रूपमै सङ्गठनभित्र संस्थागत गरी मानवअधिकार हनन् विरुद्ध शून्य सहिष्णुताको नीति विकास गरी राज्यद्वारा सुम्पिएका जिम्मेवारीहरू त्रुटिरहित ढङ्गबाट सम्पादन गर्ने उद्देश्य यस सङ्गठनको रहेको छ।

मानवअधिकारको संरक्षण एवम् सम्वर्द्धन गरी सङ्गठनले लिएका विभिन्न उद्देश्यहरू हासिल गर्ने क्रममा सङ्गठनले केन्द्रीय स्तरमा केन्द्रीय मानवअधिकार सेल गठनदेखि लिएर क्षेत्रीय स्तरमा समेत क्षेत्रीय मानवअधिकार सेल गठन, सङ्गठनमा सञ्चालन हुने सबै तालिमहरूमा मानवअधिकार सम्बन्धी विषयवस्तुहरूको समावेश र विभिन्न तालिम सम्मेलनहरूमार्फत समयानुकूल पाठ्यक्रमहरू समेत परिमार्जन गर्दै आइरहेको छ। यसै सन्दर्भमा आधारभूत तथा उन्नत तालिमहरूका साथै हाल Unit Reefresher Training हरूमा समेत Law of Armed Conflict/International Humanitarian Law बारे आधारभूत ज्ञान, मानवअधिकारको परिचय, विश्वव्यापी घोषणापत्र, मानवअधिकारको रक्षामा नागरिक समाजको भूमिका तथा मानवअधिकारको महत्व, राष्ट्रिय मानवअधिकार आयोग र आयोगको अधिकार तथा जिम्मेवारी, भीड व्यवस्थापनमा देखिएका कमीकमजोरी जस्ता विषयहरूलाई समावेश गरिएको छ।

सङ्गठनले दण्ड र सजायले मात्र मानवअधिकार उल्लङ्घनका घटनाहरूमा ह्रास नहुने, ज्ञान, चेतना र क्षमता अभिवृद्धिबाट सबै व्यक्तिको कार्यक्षमता बढ्ने र अपेक्षाकृत उद्देश्य हासिल गर्न सक्ने विश्वासलाई आत्मसात गरी सङ्गठनमा कार्यरत सकल दर्जाका कर्मचारीहरूको पेसागत ज्ञान अभिवृद्धि गरी संस्थागत उद्देश्य प्राप्ति गर्ने लक्ष्य अनुरुप मानवअधिकारसँग सरोकार राख्ने विभिन्न राष्ट्रिय लगायत अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरूसँग आवश्यक समन्वय एवम् सहकार्य गर्दै त्यस्ता सङ्घसंस्थाहरूबाट विज्ञ व्यक्तित्वहरूलाई आमन्त्रण गरी सङ्गठन हाताभित्रै The Application of International Law to Policing Operation Course, Code of Conduct for Law Enforcement, Use of Force and Fire Arms का सिन्धान्तहरू जस्ता विषयमा आधारित रही मानवअधिकारसँग सम्बन्धित तालिम तथा अन्तरक्रिया कार्यक्रम सञ्चालनदेखि राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरमा सञ्चालन हुने तालिमहरूमा समेत सशस्त्र प्रहरी बलका सकल दर्जाका कर्मचारीहरूको बढीभन्दा बढी सहभागिता गराउँदै सैद्धान्तिक एवम् व्यवहारिक ज्ञानहरू प्रदान गर्दै आइरहेको छ। जसले सबै कर्मचारीहरूमा आफ्नो कर्तव्य र दायित्व बारे बोध गराई मानवअधिकारको संरक्षण, सम्बर्द्धन र सम्मानमा थप आयाम थप्ने विश्वास सङ्गठनले लिएको छ।

लैङ्गिक हिंसा मानवअधिकारको उल्लङ्घन मात्र नभई यसले उत्पादकत्वमा अवरोध पुऱ्याउने, मानव संशाधनमा कमी ल्याउने र सङ्गठन विस्तारमा समेत प्रत्यक्ष असर पार्ने कटु यथार्थलाई गहन मनन् गरी यस सङ्गठनमा कार्यरत रहेका महिला सशस्त्र प्रहरी कर्मचारीहरूको हकहितको संरक्षण, सशक्तीकरण एवम् विकासका लागि अधिकारहरू प्रदान गर्ने उद्देश्यका साथ महिला हिंसा विरुद्ध उजुरी सुन्ने व्यवस्था गर्नका निमित्त सङ्गठन भित्रै केन्द्रीय स्तरमा एक महिला सेलको गठन र गुनासो सुन्ने सशस्त्र प्रहरी महिला अधिकृत कर्मचारी समेतको व्यवस्था गरिएको छ। यसै क्रममा सङ्गठनले सम्बन्धित मन्त्रालय लगायत अन्य सरकोकारवाला संघसंस्थासँग समन्वय एवम् सहकार्य गरी लैङ्गिक अभिमुखीकरण जस्ता तालिमहरूदेखि लिएर लैङ्गिक हिंसा विरुद्ध चेतना अभिवृद्धि अनुशिक्षण कक्षा तथा अर्न्तक्रिया कार्यक्रम केन्द्रीयदेखि क्षेत्रीय स्तरसम्म सञ्चालन गर्दै आइरहेको छ। साथै सशस्त्र प्रहरी बलमा सञ्चालन हुने विभिन्न तालिमको पाठ्यक्रमहरूमा लैङ्गिकतामा आधारित हिंसासम्बन्धी विषयहरूको समायोजना कार्यको थालनी

समेत भइसकेको छ।

मानवअधिकार उल्लङ्घनका घटनाहरूमा सशस्त्र प्रहरी बलको सकल दर्जाका कर्मचारी विरुद्ध जनसमुदाय वा अन्य सरोकारवाली निकायहरूबाट प्राप्त हुने उजुरीहरूमा माथि अनुसन्धान/छानबिन र सम्बोधन गर्ने व्यवस्था मिलाउँदै आइरहनुका साथै अनुसन्धान प्रक्रियामा सहयोग पुऱ्याउने प्रमाण तथा साक्षीहरूलाई संरक्षण र गोपनियताको सुनिश्चितता समेत प्रदान गर्दै आइरहेको छ।

सशस्त्र प्रहरी बलका सबै प्रकारका परिचालनहरूमा सङ्गठनका सबै तहका कमाण्डर लगायत स्वयम् सङ्गठन प्रमुख सशस्त्र प्रहरी महानिरीक्षकबाट समेत हुने औपचारिक तथा अनौपचारिक ब्रिफिङ्ग, आदेश तथा विशेष निर्देशनहरूले सकल दर्जाका राष्ट्रसेवक कर्मचारीहरूलाई समस्या समाधानका लागि सबैभन्दा पहिले अहिंसात्मक उपायहरू अवलम्बन गर्नुपर्छ र आपसी सहमतिबाट कुनै पनि समस्याको समाधान खोज्नुपर्छ भन्ने सिद्धान्तलाई अङ्गिकार गर्न उत्प्रेरित गर्दै आइरहेहो छ।

राष्ट्रियस्तरमा मात्र नभई संयुक्त राष्ट्रसङ्घको प्रहरी अधिकारीका रूपमा समेत सशस्त्र प्रहरी बलका सदस्यहरू एउटा गहन गरिमामय दायित्व निर्वाह गर्दै आइरहेको सन्दर्भमा पनि यस सङ्गठनका सदस्य कर्मचारीहरूबाट कुनै पनि जाति, लिङ्ग, भाषा, धर्म, वर्ण वा अन्य कुनै आधारमा भेदभाव नराखी आफू खटिएको राष्ट्रका नागरिकहरूको मौलिक हक, अधिकार र स्वातन्त्रताको सम्मान र मानवअधिकारको संरक्षण रर प्रवर्द्धन गर्ने कार्यमा सदैव क्रियाशील रही अन्तर्राष्ट्रिय सहयोग र सद्भाव प्राप्त गर्नेछ भन्ने समेत दृढ विश्वास यस सङ्गठनले राखेको छ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले मानवअधिकारको सम्मान र प्रवर्द्धन गर्ने सम्बन्धमा खेलेको उल्लेखनीय भूमिका अत्यन्तै सरहानीय रहेको कुरा यस सङ्गठनले महसुस गरेको छ। साथै केन्द्रद्वारा मानवअधिकार सम्बन्धी चालिएका पहलहरूको यस सङ्गठन मुक्त कण्ठले प्रशंसा गर्दछ।

अन्त्यमा, मानवअधिकारका स्थापित मूल्य, मान्यता र सिद्धान्तका मापदण्डहरूलाई लागू गर्न यस सेवा केन्द्र लगायत अन्य सम्बन्धित सरोकारवाला सङ्घसंस्थाहरूलाई पूर्ण सहयोग गर्ने प्रतिवद्धता र सहकार्य गर्ने चाहना व्यक्त गर्दै आगामी दिनमहरूमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को उपयुक्त सल्लाह एवम् सुझावहरूको अपेक्षा राखी केन्द्रद्वारा गरिने हरेक सकारात्मक प्रयासहरूमा सफलता मिलोस् भनी यसै अवसरमा शुभकामनासमेत व्यक्त गर्दछु।

सनतकुमार बस्नेत
सशस्त्र प्रहरी महानिरीक्षक

राष्ट्रिय मानवअधिकार आयोग

'नेपाल मानवअधिकार वर्ष पुस्तक २०११' प्रकाशित हुन लागेकोमा प्रकाशक अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) प्रति विशेष शुभकामना व्यक्त गर्न चाहन्छु। विगतदेखि नै मानवअधिकार उल्लङ्घन एवम् ज्यादतीका घटनाहरूलाई प्रकाशमा ल्याउँदै आएको वर्ष पुस्तकले यस वर्ष पनि मानवअधिकारको समग्र स्थितिको चित्रण गर्नेछ भन्ने मैले विश्वास लिएको छु।

गत आर्थिक वर्ष (२०६६-२०६७) आयोगका सबै कार्यालयहरूमा गरी जम्मा ४ सय ३ उजुरीहरू प्राप्त भएका छन् र उजुरीका प्रमुख विषयहरूमा हत्या, बेपत्ता, अपहरण, यातना, धम्की, गैरन्यायिक थुना, सम्पत्ति कब्जा, आन्तरिक विस्थापन, भेदभाव, जबरर्जस्ती चन्दा आदि रहेका छन्। यसका अतिरिक्त सामाजिक, अधिकार उपभोगमा अवरोध, महिला तथा बालअधिकार, आदिवासी जनजातिका अधिकार उल्लङ्घनलगाएतका विषयमा उजुरीहरू दर्ता भएका छन्।

यस वर्ष आयोगले एकल रूपमा मानवअधिकारको समग्र स्थिति एवम् विभिन्न विषयगत मुद्दामा केन्द्रित रही अनुगमन गऱ्यो। वर्षभरिका आयोगले २ सय २९ पटक अनुगमन गरेकोमा २३ ओटा घटनाको सम्बन्धमा संयुक्त अनुगमन गरिएको देखिन्छ। आयोगबाट भएका विभिन्न अनुगमनमध्ये देशका १० जिल्लाको समग्र मानवअधिकार अवस्थाको अनुगमन र मानवअधिकारको उल्लङ्घनको विभिन्न घटनाको सम्बन्धमा २ सय १९ पटक अनुगमन गरियो। यस अवधिमा जम्मा २ सय १७ घटनाको सम्बन्धमा अनुसन्धान भएको देखिन्छ। अनुसन्धानका विषयहरूमा विशेषत: हत्या, बेपत्ता, सम्पत्ति कब्जा र गैरकानुनी थुना रहेका छन्।

यस अवधिमा आयोगले ७ सय ४३ उजुरीउपर ७ सय ८१ पीडित व्यक्तिहरूको सम्बन्धमा अन्तिम निर्णय गरेको छ। वार्षिक आधारमा गरिएका निर्णय सङ्ख्यालाई आधारमान्दा यो सङ्ख्या एक वर्षमा गरिएको हालसम्मकै सबैभन्दा बढी सङ्ख्या हो। उक्त निर्णयमध्ये ६ सय २८ ओटा उजुरीहरू एकल इजलास (आयोग) बाट निर्णय (तामेली /खारेजी/टुङ्ग्याइएको)

गरिएको थियो। बाँकी १ सय १४ उजुरीका सम्बन्धमा सामान्य तीन सदस्य इजलास (आयोग) द्वारा निर्णय गरेको थियो। उक्त निर्णयहरूमध्ये आयोगले ६३ ओटा उजुरीमा क्षतिपूर्ति दिन, ८७ ओटामा दोषीलाई कारबाही गर्न र २२ ओटा उजुरीमा अन्तरिम राहत उपलब्ध गराउँन नेपाल सरकारलाई सिफारिस गरेको छ। यसैगरी १६ ओटा उजुरीमा थप अनुसन्धान गर्न आदेश भएको छ भने छ ओटामा उजुरी तामेली तथा टुङ्ग्याउने निर्णय गरेको देखिन्छ।

आयोगले दर्ता भएका उजुरीहरूउपर अनुसन्धान/अनुगमन सम्पन्न गरी पीडितलाई क्षतिपूर्ति तथा दोषीलाई आवश्यक कानुनबमोजिम कारबाहीका लागि सरकारलाई सिफारिस गर्दै आएको छ। कतिपए अवस्थामा अनुसन्धान/अनुगमन कै सिलसिलामा पीडितको अवस्था हेरी तत्काललाई अन्तरिम राहत दिन पनि आयोगले सिफारिस गर्दछु। यस वर्ष आयोगले जम्मा ६३ उजुरीको हकमा अन्तिम क्षतिपूर्ति दिन र २२ उजुरीको हकमा अन्तरिम राहतका लागि सरकारलाई सिफारिस गरेको देखिन्छ। यस वर्ष आयोगले विभिन्न ६३ उजुरीउपर क्षतिपूर्तिका लागि, अन्य ८७ ओटामा दोषीलाई कारबाहीको निमित्त र २२ ओटामा अन्तरिम राहत उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गरेको थियो। यसवर्ष १ सय ३ ओटा सिफारिसमा आंशिक कार्यान्वयन भएको देखिन्छ।

आयोगमा परेका उजुरी, उजुरीका प्रकृति, त्यसमाथि गरिएको अनुगमन र अनुसन्धानबाट प्राप्त तथ्यलाई नियाल्दा मानवअधिकार स्थिति सन्तोषजनक देखिदैन। मानिसहरूको बाँच्न पाउँने अधिकार प्रभावित भएको अवस्था छ। शान्तिसुरक्षा अपेक्षित सुधार हुन सकेको छैन। महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्ग, दलित, पिछडिएका समुदायका अधिकार संस्थागत हुन नसकेको अवस्था छ। द्वन्द्वबाट प्रभावित व्यक्तिहरूलाई सरकारले क्षतिपूर्तिस्वरूप राहत कार्यमा भने तदारुकता देखाएको अवस्था छ।

मानवअधिकारको सम्मान, संरक्षण र पालनाको दृष्टिकोणबाट यस वर्षलाई मूल्याङ्कन गर्दा अपेक्षाकृत सन्तोषजनक देखिँदैन। आयोगमा प्राप्त उजुरी, उजुरीमाथि अनुगमन, अनुसन्धान, प्राप्त तथ्यको आधारमा सिफारिस, सम्वर्द्धनमूलक कार्यक्रम आदिबाट प्राप्त निष्कर्षले पनि यस तथ्यलाई पुष्टि गर्दछ। सिद्धान्ततः सरोकारवालाहरूबाट प्रतिबद्धता जाहेर भए तापनि व्यवहारमा खरो रूपमा उत्रन नसकेको अवस्था छ। शान्तिप्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याउँनको लागि बहस, छलफल, संवाद निरन्तर रहे पनि परिणाममूलक बन्न नसकेको अवस्था छ। वि.स. ०६६ जेठ १४ गते निर्माण भइसक्नुपर्ने संविधान निर्माण हुन सकेन। थपिएको एकवर्से अवधिमा पनि संविधान बन्छ भन्ने कुरामा निश्चिन्त हुने आधारहरू देखिन सकेका छैनन्।

राष्ट्रिय दलित आयोग

मानवअधिकार सर्वव्यापी, विश्वव्यापी अधिकार हो। मानवअधिकार नैसर्गिक अधिकार हो। यस अर्थमा मानवअधिकार प्रकृतिप्रदत्त, जन्मसिद्ध, सर्वव्यापी, अभिभाज्य, अहरणणीय अधिकार हो। विना भेदभाव स्वतन्त्रपूर्वक, मानवअधिकारको उपभोग गर्न पाउने अधिकार सबै नागरिकहरूलाई छ। कसैले पनि मानवअधिकारको हरण गर्न पाउँदैन। मानवअधिकारको विकास पनि मानव सभ्यतासँगै भएको हो। संसारमा जति नयाँ नयाँ सोचहरू र सभ्यताहरूको विकास हुदै जान्छ त्यति त्यति मानवअधिकारको क्षेत्र पनि फराकिलो र परिस्कृत हुदै जान्छ। सन् १९४८ मा संयुक्त राष्ट्र सङ्घद्वारा जारी गरिएको मानवअधिकारको विश्वव्यापी घोषणापत्रदेखि लिएर विभिन्न समयमा लागु भएका विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरू, अधिकारपत्रहरू, अन्तर्राष्ट्रिय अनुबन्धहरू र मानवीय कानुनहरूले मानवअधिकारका सिद्धान्तहरूको सुनिश्चितता गरेका छन्। नेपालले पनि मानवअधिकार सम्बन्धी महासन्धिहरू दासत्व महासन्धि १९५६, महिला विरुद्ध सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि १९७९, बालअधिकार सम्बन्धी महासन्धि १९८९, सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९६५, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध १९६६ लगायतका अन्य महत्वपुर्ण महासन्धिहरूमा हस्ताक्षर गरी अनुमोदन गरिसकेको छ। महासन्धिमा भएका व्यवस्थाहरूलाई अक्षरस कार्यान्वयन गर्नु प्रत्येक पक्ष राष्ट्रको दायित्व हुन आउँछ।

नेपालको इतिहासमा वि.स. १९१० मा राज्यस्तरबाटै कानुन बनाएर लाखौं दलित समुदायमाथि उत्पीडन तथा विभेदको विजारोपण गरिएको थियो। वि.स. १९१० को मुलुकी ऐनले छुवाछूत र जातीय विभेदलाई कानुनी मान्यता प्रदान गरेपछि, विभिन्न समयमा निर्माण भएका ऐन कानुनहरू पनि विभेदकारी नै बने, जसका कारणले अहिलेसम्म पनि लाखौँ नेपाली दलितहरू छुवाछूत जस्तो अमानवीय व्यवहारबाट

छुटकारा पाउन सकिरहेका छैनन्। वि.स. २०६३ मा अन्तरिम व्यवस्थापिका संसदबाट नेपाललाई छुवाछूतमुक्त राष्ट्र घोषणा गरे तापनि व्यवहारिक रूपमा कार्यान्वयन गर्न सकेको छैन। अन्तरिम संविधान २०६३ ले समेत छुवाछूत तथा जातीय भेदभाव विरुद्धको अधिकारलाई मौलिक हक अन्तर्गत समावेश गरे पनि त्यो व्यवस्था कार्यान्वयन हुन सकिरहेको छैन।

यस वर्ष पनि देशका विभिन्न स्थानहरूमा दलित मानवअधिकार उल्लङ्घनका घटनाहरू भइरहे। जातको आधारमा हुने प्रत्यक्ष छुवाछूत, आसय छुवाछूत, दलित भएकै कारणबाट अन्तरजातीय विवाह गर्ने जोडीहरूलाई स्थानीय गाउँबाट निकाला गर्ने, अनावश्यक मुद्दाहरूको सृजना गरी दु:ख दिने, गैर दलित अभिभावकहरूले सम्बन्धित पक्षका लत्ता कपडा, शैक्षिक प्रमाणपत्र जलाईदिने, कुटपिट गर्ने, धाक, धम्की दिनेदेखि लिएर राज्यको सुरक्षा संयन्त्र प्रहरी प्रशासन समेतले गैर कानुनी रूपमा थुनामा राख्ने र यातना दिने जस्ता चरम मानवअधिकार उल्लङ्घनका घटनाहरूले प्रश्रय पाए। पर्वत जिल्ला पकुवा गाविस-४ निवासी लालबहादुर सुनार र ऐ दुर्लुङ्ग गाविस-४ निवासी पुण्यवती शर्मा (सुनार) बीच भएको अन्तरजातीय विवाहलाई लिएर ०६७ फागुन २७ गते जिल्ला प्रहरी कार्यालयमा अपहरण र शरीर बन्धकमा मुद्दा दायर भएपछि स्थानीय प्रहरी प्रशासनले केटाकेटी दुवैलाई पक्राउ गरी केटाकेटीलाई विछोड गराउने षडयन्त्र गरी पुण्यवती शर्मालाई उक्त दिनको बेलुकीपख १ घण्टा शौचालयमा थुन्ने कार्य गऱ्यो भने केटालाई अनावश्यक रूपमा डर त्रास देखाउने कार्य गऱ्यो। त्यस्तैगरी ०६६ पगुन २६ मा बर्दिया राष्ट्रिय निकुञ्ज हरिहरपुर बासपानीमा सुरक्षामा बसेका सैनिकहरू मार्फत दुई महिला सहित एक जना बालिका गरी तीन जनालाई गोली हानी हत्या गरियो। ०६६ चैत २३ गते दार्चुला जिल्लामा रहेको श्री लटिनाथ प्रा.वि. मा दलित व्यक्ति प्रधानाध्यापक भएको भनी स्थानीय गैरदलितहरूले विद्यालय बहिष्कार गरे। त्यस्तै मिति ०६७ वैशाख ५ गते मकवानपुर जिल्ला हटिया गाविस-२ गुवाबारी बस्ने सुमित्रा र चन्द्रकली विकलाई बोक्सीको आरोपमा स्थानीय व्यक्तिहरूले मरणासन्न हुनेगरी कुटपिट गरे। २०६७ असारमा काठमाडौँमा प्रहरी हिरासतमा रहेका सानु सुनारले प्रहरीको चरम यातनाका कारण ज्यान गुमाउनु पऱ्यो। यी माथि उल्लेखित घटनाहरू प्रतिनिधिमूलक घटना मात्र हुन्। यी घटनाहरूको सन्दर्भमा राष्ट्रिय दलित आयोगले सत्यतथ्य छानबिन गरी सम्बन्धित पीडकहरूलाई कारवाहीका लागि नेपाल सरकारलाई सिफारिस गरे तापनि नेपाल सरकार मौन रहेको अवस्था छ।

माथि उल्लेखित घटनाहरूको विश्लेषण गर्दा यस वर्ष पनि दलित मानवअधिकारको स्थिति अत्यन्तै दयनीय देखिन्छ। राज्यले मानवअधिकारको क्षेत्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा विभिन्न ऐन कानुन, महासन्धि मार्फत प्रतिवद्धताहरू जाहेर गरे पनि मानवअधिकारको संरक्षण गर्ने तहमा कुनै प्रभावकारी कदम चाल्न सकेन। मानवअधिकारको उल्लङ्घनमा संलग्न हुने विरुद्ध कुनै कानुनी कारवाहीको प्रक्रियासम्म पनि अगाडि बढाउने प्रयास गरेन। राज्य प्रशासन संयन्त्रहरू दलित मैत्री नभएकै कारण दलितमुखी ऐन कानुन तथा नीतिहरू कार्यान्वयन हुन सकेनन्। राज्यमा बनेका ऐन कानुनहरू मध्ये दर्जनौं कानुनहरू विभेदकारी नै छन तर त्यस्ता विभेदकारी कानुनहरूलाई संशोधन गर्न र नयाँ कानुनहरू निर्माण गर्नको लागि राज्यले कुनै कदम चालेको अवस्था छैन। राष्ट्रिय दलित आयोगबाट जातीय भेदभाव तथा छुवाछूत कसुर र सजायको व्यवस्था गर्न बनेको विधेयक २०६६ र राष्ट्रिय दलित अधिकार आयोगको स्थापना गर्न बनेको विधेयक २०६६ सम्बन्धी विधेयक व्यवस्थापिका संसदमा दर्ता भए तापनि विधेयक पास हुन सकिरहेको छैन। राष्ट्रिय दलित आयोगले उक्त दुईओटा विधेयकलाई पास गर्नको लागि व्यवस्थापिका संसदलाई समय/समयमा सचेत पार्ने कार्य समेत गर्दै आईरहेको छ।

राष्ट्रिय दलित आयोग

राष्ट्रिय महिला आयोग

मानव अधिकारको संरक्षण तथा सम्वर्द्धन वर्तमान अवस्थामा अत्यन्तै महत्वपूर्ण विषय बन्न पुगेको छ। जनसङ्ख्याको आधा भन्दा बढी हिस्सा ओगटेका तर महिला अधिकारको पूर्ण रूपमा उपभोग गर्नबाट वञ्चित महिलाहरूका लागि त मानवअधिकार अझ अपरिहार्य बनेको छ। महिला मानवअधिकारको संरक्षण तथा सम्वर्द्धनका लागि सरकारी तथा गैरसरकारी सङ्घ-संस्थाहरूले अत्यन्तै महत्वपूर्ण भूमिका निर्वाह गर्दै आईरहेका छन्। यसमा पनि अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले मानवअधिकारका विश्वव्यापी मूल्य मान्यतालाई व्यवहारमा नै उतार्नका लागि नेपाल सरकारसँग साझेदारी एवम् खबरदारी समेत गर्दै आएको छ।

महिलाको हक हितको संरक्षण र सम्वर्द्धन गरी विकासको मूल प्रवाहमा महिलालाई प्रभावकारी रूपमा

समाहित गर्न र महिलाको समग्र विकास गरी लैङ्गिक न्याय कायम गर्ने उद्देश्य अनुरूप स्थापित राष्ट्रिय महिला आयोगका विभिन्न गतिविधिमा समेत इन्सेकले आवश्यकता अनुसार सहयोगीको भूमिका निर्वाह गर्दै आएको छ। जसबाट महिला अधिकारको संरक्षण तथा सम्वर्द्धन गर्ने आयोगको कार्यमा थप बल प्रदान गरेको छ। राष्ट्रिय महिला आयोगको सन्दर्भमा हेर्दा राष्ट्रिय महिला आयोग ऐन, २०६३ ले निर्दिष्ट गरेका विभिन्न कार्यहरूमध्ये महिला हकहितसँग सरोकार राख्ने राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनमा ल्याउन, प्रचलित कानुनमा सुधार गरी लैङ्गिक न्याय कायम गर्न, नेपाल पक्ष बनेका अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूको कार्यान्वयन समेतको विषयमा अनुगमन गरी सरकारलाई सिफारिस गर्ने, महिला अधिकार उल्लङ्घनका घटनाको अध्ययन तथा अनुगमन गर्ने तथा महिलामाथि हुने हिंसाका उजुरीहरूको सुनुवाई गर्ने समेतका कार्यहरू सम्पादन गर्दै आएको छ।

सन् २०१० को मानवअधिकारको स्थिति हेर्दा यस वर्ष महिला मानवअधिकारको संरक्षण तथा सम्वर्द्धनमा उल्लेख्य प्रगति हुन सकेको देखिएन। महिला माथि तथा महिला मानवअधिकार उल्लङ्घनका घटना निरन्तर रूपमा घटिरहे। यस्ता घटनाहरूमा बर्दिया राष्ट्रिय निकुञ्ज भित्र निहत्था एक नाबालिका र अन्य दुईजना महिलाको सेनाले चलाएको गोलीबाट मृत्यु भएको, कैलाली जिल्लाकी एक महिलालाई हलो जोतेको तथा पति छुँदै सेतो कपडा लगाएको निहुँमा गाउँ निकाला गरिएको, जनकपुर रेलवे स्टेशनको प्रहरी चौकीमा कार्यरत प्रहरी इञ्चार्जबाट नै महिलामाथि बलात्कार गरिएको, देशका विभिन्न भागमा कथित बोक्सीको आरोपमा महिलालाई कुटपिट तथा अमानवीय व्यवहार गरी गाउँ निकाला गरिएको, नाबालिकादेखि बृद्ध महिला माथि समेत बलात्कार गरिएको, महिलाको हत्या गरिएको, भारतमा अध्ययनरत महिलालाई बिना कारण नेपाल फिर्ता गरिएको लगायतका घटना प्रमुख रूपमा रहेका छन्। यी घटनाहरूमा आयोगले स्थलगत अध्ययन तथा अनुगमन गरी कारबाही तथा क्षतिपूर्तिका लागि नेपाल सरकारसमक्ष सिफारिस समेत गरेको र अनुगमन गरिएका घटनाहरूको नियमित निगरानी पनि गरिरहेको छ। तैपनि प्रभावकारी कानुनको अभाव, सामाजिक संरचना तथा मूल्य मान्यता आदिका कारण पीडित महिलालाई उचित न्याय प्रदान गर्न सकेको देखिदैंन। नेपाल सरकारले समेत आयोगले गरेका सिफारिस कार्यान्वयन गरेको छैन।

विगतका वर्षहरूमा जस्तै यस वर्ष पनि महिला अधिकारको उल्लङ्घन तथा महिला माथि हुने हिंसाका घटनाको उजुरी आयोग समक्ष दर्ता भएका छन्। जसमा घरेलु हिंसा, यौनजन्य हिंसा, सार्वजनिक स्थलमा महिला माथि हुने हिंसा, दाईजोका कारण महिला माथि हुने हिंसा, बोक्सीको आरोपमा यातना तथा अमानवीय व्यवहार गरिएको, हत्या, कुटपिट, बहुविवाह, लगायतका हिंसाका घटनाहरू गरी जम्मा १ सय ४७ वटा निवेदन दर्ता भएका छन्। जसमध्ये घरेलु हिंसासम्बन्धी १ सय २ ओटा (६९.३८ प्रतिशत) र अन्य हिंसासम्बन्धी ४५ ओटा (३०.६२ प्रतिशत) निवेदन रहेको छ। आयोगमा परेका यी निवेदनहरू मध्ये १ सय १७ ओटा निवेदन तामेली/टुङ्याइएको छ। अन्य निवेदनहरू, मध्ये केहीमा कानुनी सहायताका लागि अन्य निकायमा पठाएको छ भने केहीलाई कानुनी परामर्श उपलब्ध गराइएको छ। यसैगरी आयोगले बोक्सीको आरोपसम्बन्धी कानुन मस्यौदा गरी आवश्यक कारबाहीका लागि महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयमा पठाएको छ।

नेपाल मानवअधिकारसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय सन्धि महासन्धिहरूको पक्ष राष्ट्र बनि सकेको छ। नेपाल पक्ष भएका मानवअधिकार सम्बन्धी ती अन्तर्राष्ट्रिय सन्धि सम्झौतालाई व्यवहारमा रूपान्तरण गर्न कतिपय कानुन तर्जुमा गर्न बाँकी नै रहेको, विभेदपूर्ण कानुनहरू अझै पनि कायम रहेको पाइएको छ। अन्तर्राष्ट्रिय सन्धिको पक्ष बन्ने तर त्यसको कार्यान्वयन पक्ष भने फितलो भएको पाइन्छ। विभिन्न कानुनमा भएका लैङ्गिक रूपमा असमान प्रावधानहरू संसोधन गर्न र लैङ्गिक समानताको लागि नयाँ कानुन बनाउन सरकारलाई विभिन्न समयमा सुझाव दिइएको भए तापनि त्यसको कार्यान्वयन पक्ष कमजोर रहेको छ। समग्रमा विगतको तुलनामा मानवअधिकारको स्थितिमा सुधार भएको भए तापनि मानवअधिकारको संरक्षणमा महिला र पुरुष बीच विभेदको अवस्था अझै पनि कायम रहेको देखिन्छ। तर पनि महिलामाथि हुने हिंसाको अन्त्य तथा महिला अधिकारको संरक्षणका लागि सरकारले सन् २०१० लाई लैङ्गिक हिंसाविरुद्ध वर्षको रूपमा घोषणा गरी महत्वपूर्ण कार्यको थालनी गरेको र यसका लागि सम्बद्ध सबै निकायहरूले गर्नु पर्ने कार्यहरू समाविष्ट राष्ट्रिय कार्य योजना समेत बनाई लागु गरिएको र यसलाई निरन्तरता दिने प्रतिवद्धता समेत भएको छ।

अन्त्यमा, प्रत्येक वर्ष जस्तै सन् २०१० को देशको मानवअधिकार स्थितिका बारेमा इन्सेकले प्रकाशित गर्ने मानवअधिकार वर्षपुस्तकले महिला

अधिकारको संरक्षण तथा सम्वर्द्धनमा थप मद्दत पुग्ने कुरामा आयोग विश्वस्त छ र इन्सेक आफ्नो उद्देश्य प्राप्तिका लागि निरन्तर रूपमा अघि बढी रहोस् भनी शुभकामना व्यक्त गर्न गर्दछौं।

राष्ट्रिय महिला आयोग

नेपाल पत्रकार महासङ्घ

नेपाल पत्रकार महासङ्घ देशमा मानवअधिकारको ग्यारेण्टीका साथै प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका लागि सङ्घर्षरत स्थापित संस्था हो। मानवअधिकारको विश्वव्यापी घोषणापत्र तथा स्थापित मान्यताहरूलाई आधार बनाएर त्यसको पक्षमा बलियो वकालत गर्ने महासङ्घ मानवअधिकारको संरक्षण र वकालत गर्ने अन्य संस्थाहरूको पहललाई सम्मान गर्दछ। मानवअधिकारको तथ्याङ्क सङ्कलन गर्दै मानवअधिकार उल्लङ्घनकर्ताहरूलाई खबरदारी गर्नका लागि इन्सेकले गरिरहेको पहलकदमीलाई महासङ्घले उच्चसम्मान गर्दछ। देशको मानवअधिकारको अवस्थालाई नजिकबाट हेर्दै आएको महासङ्घले आफ्नो कार्यालयमा मानवअधिकारका सम्बन्धमा अनुगमन डेस्कको स्थापना गरी सञ्चारकर्मीहरूमाथि हुने आक्रमण, धम्की, अपहरणलगायतका घटनाका बारेमा नियमित अनुगमन गर्दै आएको छ।

महासङ्घको तथ्याङ्कअनुसार सन् २०१० पत्रकारहरूका लागि सुखद हुन सकेन। यो अवधिमा ३ जना सञ्चार उद्यमीको हत्या भएको छ। तर, हत्याराहरू भने पहिचान भई कारबाही हुन सकिरहेको अवस्था छैन। त्यस्तै यो अवधिमा २५ जना सञ्चारकर्मीहरू आक्रमणको सिकार भएका छन्। यस्ता प्रेस स्वतन्त्रताविरोधी कार्यमा राज्य तथा राजनीतिक दलका कार्यकर्ताहरूको संलग्नता देखिनु दुर्भाग्यपूर्ण हो। यस वर्षमात्रै राजनीतिक दलका कार्यकर्ताहरूबाट ४२ जना पत्रकारलाई धम्की दिइएको छ। ३० जनालाई अभद्र व्यवहार गरिएको छ। यो कार्यमा पनि जिम्मेवार पक्षको संलग्नता देखिएको छ भने दुई जनाको अपहरण र एक जनाको गिरफ्तारी भएको छ। त्यस्तै ११ स्थानमा पत्रिकाहरूमा आगजनी गरिएको छ भने सात स्थानमा सुचना प्रवाहमा रोक लगाइएको छ। सन् २०११ को यो अवधिमा मात्र दुई जनामाथि आक्रमण भइसकेको छ भने १ जनालाई धम्की दिइएको छ।

उल्लेखित तथ्याङ्कले मात्र पनि देशको समग्र मानवअधिकारको अवस्था बुझ्न सघाउ पुऱ्याउँदछ। यस्ता जघन्य र मानवता विरोधी कार्यमा राज्यका अङ्ग तथा प्रमुख दलहरूको संलग्नता देखिनु अत्यन्त दुर्भाग्यपूर्ण कुरा हो। देशमा कानुनी शासनको अनुभूति दिलाउने तथा दण्डहिनताको अन्त्य गर्ने पक्षहरूको समेत मानवअधिकार उल्लङ्घनको घटनामा संलग्नता देखिनुलाई सामान्य अर्थमा लिन सकिदैन। पत्रकार महासङ्घले घटनाको घोर भर्त्सना गर्दछ। मानवअधिकारको उल्लङ्घनको घटनामा संलग्न जो कोहीलाई पनि कानुनबमोजिम हदैसम्मको कारबाही गर्नका लागि जोडदार माग गर्दछ।

पोषण के. सी.
महासचिव

अनुसूची

५

क्रिया/प्रतिक्रिया

इन्सेकले हरेक वर्ष प्रकाशन गर्दै आएको मानवअधिकार वर्षपुस्तकले मानवअधिकार उल्लङ्घनको विषयमा सचेत गराएको पाउँदा खुसी लागेको छ। वर्तमान सङ्क्रमणकालीन अवस्थामा मानवअधिकार उल्लङ्घनका घटनाहरू अझ बढी हुने सम्भावना हुन्छ। यस पुस्तकले आम देशवासीलाई मानवअधिकारको संरक्षणबारे सचेत र जागरूक गराउँदै दिगो शान्ति, सुशासन र विकासलगायत शान्ति सुरक्षा कायम गर्ने सन्दर्भमा सचेत गराएको छ।

भक्त के.सी.
संयोजक
स्थानीय शान्ति समिति, इलाम

नेपाली जनताको सुसूचित हुन पाउने संवैधानिक अधिकारको सम्मान स्वरूप मानवअधिकार उल्लङ्घनका घटनाको सँगालोको रूपमा प्रकाशित "मानवअधिकार वर्षपुस्तक" ले उल्लङ्घनकर्तालाई आत्मालोचित हुन प्रेरित गर्नका साथै राज्य पक्ष लगायत जिम्मेवार सबैको कर्तव्यमापनको आधार तय गर्न सफल भएको छ।

मनोजकुमार आचार्य
सहायक जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी
वकिल कार्यालय, सुनसरी

नेपाल मानवअधिकार वर्षपुस्तक इन्सेकका प्रतिनिधिहरूको मेहनतको फल हो। पुस्तकले मानवअधिकार उल्लङ्घन तथा हननको घटनाहरूलाई सङ्कलन गरी पीडितलाई न्याय र पीडकलाई दण्डित गर्न सहयोग पुऱ्याउँछ। शान्ति सम्झौता पछि मधेशमा मानवअधिकारको अवस्था सन्तोषजनक छैन। मधेशमा विभिन्न सशस्त्र समूहबाट हत्या, हिंसा, अपहरण, चन्दा आतङ्कलगायतका घटना जारी छन्। मानवअधिकार प्रति सरकार तथा सरोकारवाला सबैलाई सचेत गराई आगामी अङ्कमा नयाँ संविधान र आफ्ना हक अधिकार तथा सूचनाबाट वञ्चित रहेका मधेसी जनताहरूलाई वर्षपुस्तकले जागरूक बनाउन सकोस् भन्ने शुभकामना छ।

रघुनाथ मेहता
जिल्ला सचिव सदभावना पार्टी सुनसरी

नेपाल मानवअधिकार वर्षपुस्तक प्रकाशनले देशभरिका मानवअधिकार उल्लङ्घन तथा हनन्का घटनाहरूलाई समेटेर दस्तावेजको रूपमा अभिलेखीकरण गर्दैछ। यो वर्षपुस्तकले दण्डहीनताको अन्त्य गरी पीडित पक्षलाई न्याय र राहत दिनका निम्त



ठूलो सहयोग साथै योगदान दिन सकेकोमा आगामी दिनको लागि निरन्तरता रहिरहोस् भन्ने शुभेक्षा व्यक्त गर्दछु।

नरेन्द्रबहादुर बस्नेत
संयोजक, स्थानीय शान्ति समिति, सुनसरी

मानवअधिकारको विश्वव्यापी अवधारणालाई आत्मसात गर्दै मानवअधिकारको संरक्षण र प्रवर्द्धन गर्ने कार्यमा इन्सेक सदा सजग रहको छ। मानवअधिकार हनन् भएका घटनाहरू उल्लेख गरिएको हुँदा यसबारे चासो राख्ने सबैका लागि यो अति उपयोगी र महत्वपूर्ण दस्तावेज हुन सक्ने विश्वास लिएको छु। आगामी दिनहरूमा पनि अझै तटस्थ, निष्पक्ष र इमान्दारीका साथ मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई जनता समक्ष ल्याउनका लागि इन्सेकलाई सफतला मिलोस् भनी शुभकामना व्यक्त गर्दछु।

कालीप्रसाद पराजुली
प्रमुख जिल्ला अधिकारी, धनकुटा

मानवअधिकार क्षेत्रमा इन्सेकले सञ्चालन गर्दै आएको देशव्यापी अभियान नेपाली जनताका लागि अत्यन्त सरहानीय बन्दै आएको छ। इन्सेकको यस महत्वपूर्ण अभियानले मानवअधिकार उल्लङ्घन र ज्यादती गर्नेलाई निरूत्साहित गर्ने र मानवअधिकार प्रवर्धन गर्न उल्लेखनीय योगदान साबित हुँदै आएको

पाइएको छ। १० वर्से सशस्त्र द्वन्द्वका कारण पीडितहरूको पहिचान गरी लगत सङ्कलन गर्न र राहतका लागि राज्यसँग सिफारिस गर्न ७५ ओटै जिल्लाका स्थानीय शान्ति समितिहरूलाई वर्षपुस्तक महत्वपूर्ण प्रमाण बनेको छ। प्रत्येक वर्ष तोकिएको मिति र समयमा नियमित र निरन्तर प्रकाशित हुँदै आएको पुस्तक अहिलेसम्मको एकमात्र उत्कृष्ट लिखित दस्तावेजको रूपमा रहेको छ।

विजयसन्तोषी राई,
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, धनकुटा
तथा सचिवालय सदस्य
स्थानीय शान्ति समिति, धनकुटा

तराईमा जारी द्वन्द्वका कारण सयौँको ज्यान गएको छ। सप्तरी लगायत तराईका जिल्लाहरूले यो पीडा अझै भोग्नु परिरहेको छ। राजनीतिक वा अन्य कुनै सशस्त्र गतिविधिका कारण मात्र होइन परम्परागत मूल्य मान्यताका आधारमा गरिने जातीय भेदभाव घरेलु हिंसा, बोक्सी प्रथा, दहेज प्रथाका कारण मानवअधिकार उल्लङ्घनका घटना हुने गरेको छ। मानवअधिकारको यो अवस्थालाई मध्यनजर गदै इन्सेकले पुस्तकका रूपमा अधिकार उल्लङ्घनका घटनाको लेखाजोखा गर्दै अभिलेख तयार गरेको छ। यसले सम्बन्धित पक्षलाई मानवअधिकार बहालीका लागि दबाब सृजना गरेको छ।

अनिल झा
अध्यक्ष, प्याब्सन, सप्तरी

नेपाल मानवअधिकार वर्षपुस्तकमा प्रकाशित राष्ट्रिय सन्दर्भले विगतको समीक्षा गर्न र वर्तमानमा राज्यलगायत सम्बन्धित सबैलाई जिम्मेवार बन्न दवाव सृजना गरेको छ। पुस्तकमा न्यायपालिका, कार्यपालिका र व्यवस्थापिकाका प्रमुख सन्दर्भ समेत उल्लेख गरेर राज्यका अङ्गहरूमा हुने गतिविधि र घटना परिघटनालाई जानकारी लिन सम्बन्धित सरोकारवालालाई सजिलो भएको छ। सञ्चारकर्मीका लागि पुस्तक भरपर्दो श्रोत बनेको छ।

व्यासशङ्कर उपाध्याय
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, सप्तरी

मुलुकमा मानवअधिकार बहालीका लागि राज्यका अङ्गहरूलाई जिम्मेवार बन्न र सरोकारवालाहरूलाई दबाब सृजना गर्न पुस्तकले निकै मद्दत पुग्ने गरेको छ। पुस्तकमा प्रस्तुत् सूचनालाई अझ विश्वसनीय बनाउन सम्बन्धित निकायसँग समन्वयको खाँचो महसुस गरेको छु। सूचनामा एकरूपता ल्याउन प्रहरीलगायतका निकायसँग सहकार्य गर्नसके पुस्तकलाई आग्रहबाट मुक्त गर्न सकिन्छ। कहिलेकाहीं प्रहरीलाई मानवअधिकार उल्लङ्घनकर्ता भनेर प्रस्तुत गर्ने गरिएको छ। त्यसो नभएर प्रहरीबाट भएका राम्रा काम समेत प्रस्तुत गरी मानवअधिकार रक्षाका लागि प्रहरीको भूमिकाको समेत मुल्याङ्कन गरिनु पर्छ।

शरद वली
प्रहरी उपरीक्षक
जिल्ला प्रहरी कार्यालय सप्तरी

मानवअधिकार वर्षपुस्तकले जिल्लास्थित कारागारको अवस्थाको बारेमा उल्लेख गर्ने गरेको छ। नेपालका कारागारहरू प्राय सबै जीर्ण अवस्थाका छन्। सप्तरी कारागारको अवस्था पनि त्यस्तै छ। कारागारलाई सुधारगृह बनाउने भनिए पनि भौतिक र आर्थिक अवस्थाका कारण भने सुधार हुन सकेको छैन। कारागारका विषयमा पुस्तकमा बारम्बार प्रकाशित भए पनि सुधारका लागि भने खासै पहल भएको देखिँदैन। पुस्तकले कारागारसँग सम्बन्धित यो पक्षलाई उठाउन समेत विशेष ध्यान दिनु पर्छ

भागवत यादव
जिल्ला कारागार शाखा, सप्तरी

मानवअधिकार वर्षपुस्तक २०१० प्राप्त गरी अध्ययन गर्ने अवसर पाएँ। देशको मानवअधिकारको अवस्था र जिल्लागत रूपमा मानवअधिकार हननका विषयलाई प्रकाशन गरी पीडितलाई न्याय दिन र पीडकलाई कानुनी दायरामा ल्याउन मद्दत पुग्ने अनुभूति मैले गरेको छु। यसैगरी वर्षपुस्तक २०११ प्रकाशन हुन लागेकोमा पुस्तकले समग्र नेपालको मानवअधिकारको समग्र मुल्याङ्कन गर्दै मानवअधिकारको रक्षा र प्रवर्धनका लागि खबरदारी गरोस्। आगामी दिनमा समेत वर्षपुस्तकको निरन्तर प्रकाशनको अपेक्षा गरेको छु।

कुमार श्रेष्ठ
प्रमुख जिल्ला अधिकारी, उदयपुर

नेपाल मानवअधिकार वर्षपुस्तक २०१० पढ्ने मौका पाँए। पुस्तकमा मानवअधिकार उल्लङ्घनका घटनाहरू सम्बन्धित प्रस्तुति र तस्विरहरूले नेपालमा मानवअधिकारको अवस्थाको यर्थाथ चित्रण गरेको पाएँ। वर्षभर भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूको सङ्कलन अनुसन्धान विश्लेषण र मूल्याङ्कनपश्चात प्रकाशित पुस्तक सत्य र तथ्यमा

आधारित भएको पाएँ। इन्सेकले गरेको यस प्रकारको कार्यले सरकार र गैरसरकारी पक्षलाई मानवअधिकारको संरक्षण र सम्वर्द्धनमा सजग, सचेत र जिम्मेवार तुल्याएको मैले महसुस गरेको छु। आगामी पुस्तक पनि यस्तै यथार्थ र सशक्त रूपमा प्रकाशित होस भन्ने मेरो शुभेक्षा सहित शुभकामना व्यक्त गर्दछु।

केशवकुमार राई
अध्यक्ष, जिल्ला बार एसोसिएसन, उदयपुर

मानवअधिकार उल्लङ्घनका घटनाहरू व्याप्त रहेको वर्तमान परिप्रेक्ष्यमा मानवअधिकार वर्षपुस्तकले पुऱ्याएको योगदानलाई अत्यन्तै सकारात्मक रूपमा लिएको छु। सबैखाले मानवअधिकार उल्लङ्घनका घटनाक्रमलाई पुस्तकले समेट्न सफल भएको अनुभुति भएको छ।

पुस्तकले द्वन्द्वपीडितका पहिचान गर्न र शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउन सहयोगी हुने भएकाले यो पुस्तक महत्वपूर्ण दस्तावेज समेत बनेको छ।

वेदप्रसाद पोखरेल
संयोजक, स्थानीय शान्ति समिति, उदयपुर

मानवअधिकार वर्षपुस्तक २०१० ले देशभर भएका मानवअधिकार उल्लङ्घनका घटनालाई समेटेकोमा मलाई खुशी लागेको छ। वर्षपुस्तकले मानवअधिकारका घटना प्रकाशनमा ल्याई आम नागरिक एवम् सरोकारवाला निकायहरूलाई मानवअधिकार प्रति सचेत, सजग र सुसूचित गर्ने प्रशसनीय कार्य गरेको महसुस गरेको छु।

झलकराम सुवेदी
सहायक प्रमुख जिल्ला अधिकारी, उदयपुर

नेपाल मानवअधिकार वर्षपुस्तकले देशभर घटेका मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई तथ्यगत ढङ्गले प्रकाशन गरी मानवअधिकारको अवस्थाका बारेमा चित्रण गरेको छ। देशमा कायम रहेको दण्डहीनताको संस्कृति विरूद्ध कडा कदम चाल्न राज्य पक्षलाई सचेत गराएको छ। यस्तो प्रकाशनले राज्यमा मानवअधिकार उल्लङ्घनका घटनाहरू न्यूनीकरण गर्न सघाउ पुग्ने मैले अपेक्षा लिएको छु।

प्रदीपकुमार उपाध्याय
श्रेस्तेदार, जिल्ला अदालत, उदयपुर

मानवअधिकार वर्षपुस्तकले देशमा भएका मानवअधिकार उल्लङ्घनका घटनाको प्रकाशन गरी मानवअधिकारको स्थितिबारे स्पस्ट पार्दै आएको छ। अबका दिनहरूमा अझ निष्पक्ष ढङ्गले समाजमा लुकेर रहेका घटनाहरूलाई जनसमक्ष ल्याई सबैलाई सुसूचित गर्न सकोस्।

भेषबहादुर शाह
सशस्त्र प्रहरी नायब उपरिक्षक, उदयपुर

मानवअधिकार र लोकतन्त्र एकअर्काका परिपूरक हुन्। मानवअधिकार वर्षपुस्तकले मानवअधिकारको अवस्था बारेमा बुझ्न सघाएको छ। मानवअधिकार विरोधीहरूलाई न्यायको कठघरामा उभ्याउन पुस्तकले सहयोग गरेको छ। देशका कुनाकाप्चामा भएगरेका मानवअधिकार उल्लङ्घनका गतिविधिको अभिलेखीकरण गरी पुस्तक प्रकाशन गर्नु महत्वपूर्ण कार्य हो।

हिमाल कार्की
सभापति, नेपाली काङ्ग्रेस, उदयपुर

मानवअधिकार वर्षपुस्तक २०१० अध्ययन गर्ने अवसर पाएँ। घटना विवरण प्रस्तुत् गर्दा वस्तुनिष्ठ हुनुपर्नेमा केही त्रुटिहरू रहेका छन्। सूचनाको श्रोतमा पीडित भनिएकाहरूलाई बढी उपयोग गरिएको पाएँ। आगामी दिनमा त्यसतिर ध्यान जाओस् भन्ने सुझावसहित शुभकामना दिन चाहान्छु।

भीम अधिकारी (अनिल)
इन्चार्ज, एकीकृत माओवादी, उदयपुर

विगत द्वन्द्वकालमा मानवअधिकारको क्षेत्रमा इन्सेकले खेलेको भूमिका अत्यन्तै प्रभावकारी थियो। इन्सेकबाट प्रकाशित मानवअधिकार वर्षपुस्तकले मानवअधिकार उल्लङ्घनकर्तालाई सजग बनाउँदै सरोकारवालाहरूलाई होसियार बनाउने प्रयासमा सफलता प्राप्त होस् भन्ने शुभकामना दिन चाहान्छु।

दयानाथ खरेल
न्यायाधीश, जिल्ला अदालत, खोटाङ

इन्सेकले सन् १९९२ देखि नै मानवअधिकार वर्षपुस्तक हरेक वर्ष प्रकाशन गर्दै आएकोमा सन् २०१० को वर्षपुस्तक अध्ययन गर्ने सुअवसर प्राप्त भयो।

मानवअधिकारको संरक्षण बिना विधिको शासन सम्भव नहुने र विशेषत: फौजदारी न्याय प्रणालीको एक अङ्ग प्रहरीसमेत भएको हुँदा मानवअधिकारको संरक्षण र प्रवर्धन प्रति नेपाल प्रहरी ज्यादै संवेदनशील हुनुपर्छ। कानुन कार्यान्वयन गर्ने सिलसिलामा प्रहरीबाट भएका कमिकमजोरीलाई पुस्तकमा समेटी सुधार गर्न समेत यसले प्रेरित गरेको छ। मानवअधिकारको

वाचडगको रूपमा क्रियाशील इन्सेकले हरेक वर्ष प्रकाशन गर्ने यस पुस्तकले मानवअधिकार संरक्षणको क्षेत्रमा महत्वपूर्ण दस्तावेजको रूपमा कार्य गर्नेछ भन्ने हाम्रो विश्वास छ।

टेकबहादुर तामाङ
प्रहरी नायब उपरीक्षक
जिल्ला प्रहरी कार्यालय, खोटाङ

मानव अधिकार वर्षपुस्तक २०१० को अध्ययन गर्दा मानवअधिकार उल्लङ्घनका घटनाहरू बारेमा ज्ञान भयो। आगामी दिनहरूमा मानव अधिकार उल्लङ्घनकर्तालाई कानुनी दायरामा ल्याउन इन्सेकको यो दस्तावेज अत्यन्त ठूलो र विश्वसनीय दस्तावेज हुनेछ भन्ने अपेक्षासहित वर्षपुस्तकको निरन्तरताको कामना गर्दछु।

वीरकाजी राई
सचिव, नेपाली काङ्ग्रेस जिल्ला कार्य समिति, खोटाङ

इन्सेकद्वारा प्रकाशित नेपाल मानवअधिकार वर्षपुस्तक मानवअधिकार उल्लङ्घनको दस्तावेजमात्र हैन पीडितलाई न्याय दिलाउने एउटा महत्वपूर्ण राष्ट्रिय दस्तावेज र अभिलेख हो। मुलुक शान्ति सम्झौतापश्चात पनि शान्ति प्रक्रिया तार्किक निष्कर्समा पुग्न सकेन, राजनीतिक उतारचढावका कारण मुलुकले सरकार पाउन सकेन। सङ्क्रमणकालको फाइदा उठाउनेहरूका लागि यो समय उपयुक्त रह्यो। परिणमस्वरूप दण्डहीनता मौलाउने मात्र हैन संस्कारको रूपमा विकास भयो। अब प्रकाशन हुने वर्षपुस्तकमा आर्थिक, सामाजिक, साँस्कृतिक लगायतका अन्य अधिकारहरूका बारेमा अभियान आवश्यक छ।

अरूणा दाहाल
कोषाध्यक्ष, नेपाल पत्रकार महासङ्घ, खोटाङ

मानवअधिकार उल्लङ्घनको अभिलेख वर्षपुस्तकमा पाइन्छ। वर्षपुस्तकमा घरेलु हिंसाका कतिपय घटनाहरू छुटेका छन्। ती घटनाहरूलाई समावेश गर्नुपर्छ। प्रहरीले महिला अधिकारको लागि सक्रिय भूमिका निर्वाह गर्न सकेको छैन। प्रहरीको महिला सेललाई सक्रियरूपमा परिचालन गरेर घरेलु हिंसा कम गर्न सकिन्छ।

केदार मैनाली
सदस्य, एमाले जिल्ला कमिटी, सर्लाही

वर्षपुस्तकले राज्यलाई नागरिकप्रति जिम्मेवार हुन दबाब दिँदै आएको छ। वर्षपुस्तकमा प्रकाशित घटनाले पीडकलाई निरूत्साहित र पीडितलाई राहत पुऱ्याउन मद्दत गरेको छ।

ब्रजेन्द्रप्रसाद यादव
सदस्य
नेपाली काङ्ग्रेस जिल्ला कार्य समिति, सर्लाही

इन्सेकले जिल्लामा भएका घटनाहरूको व्यवस्थित अभिलेख राख्ने गरेको छ। आगामी दिनमा पनि यसको निरन्तरताको लागि आग्रह गर्दछु।

मुकुन्दप्रसाद अधिकारी
जिल्ला न्यायधिवक्ता, सर्लाही

वर्षपुस्तकमा जिल्लामा भएका मानवअधिकार उल्लङघनका सबै घटना समावेश गरिएको छ। यसले निरन्तरता पाओस्। वर्षपुस्तकमा समावेश गरिएका घटनाले कानुन व्यवसायीलाई समेत उपयोगी हुने गरेको छ।

मोहन राय यादव
अध्यक्ष, जिल्ला बार एसोसिएसन, सर्लाही

प्रहरीमा परेका अपराधका घटनालाई पनि वर्षपुस्तकमा समेटेमा अपराधीहरूलाई निरूत्साहित बनाउन सहयोग पुग्छ। गैरन्यायिक गिरफ्तारी भनेर उल्लेख गरिएका घटनालाई गिरफ्तारी शीर्षक अन्तर्गत राख्नु उपयुक्त हुन्छ।

मुक्तिनारायण चौधरी
प्रहरी निरीक्षक,
जिल्ला प्रहरी कार्यालय, सर्लाही

इन्सेकले मानवअधिकार संरक्षणको क्षेत्रमा गरेको प्रयत्न सरहानीय छ। मानवअधिकार बिनाको समाज कल्पना गर्न सकिँदैन। मानवअधिकार उल्लङ्घनका घटनाका प्रकृतिहरू फेरिएका छन्। एउटा दलले अर्को दललाई निषेध गर्ने, अभिव्यक्ति स्वतन्त्रतामा अवरोध सृजना गर्ने जस्ता घटनामा वृद्धि भएका छन्। शान्ति सम्झौता प्रभावित हुने कामहरू भएका छन्। इन्सेकले सङ्कलन गरेका घटनाहरू तथ्यपरक छन्। आगामी दिनमा घटनाका साथै घटनाहरूको विकास र त्यसका अवस्थाहरूको समेत विश्लेषण गर्न आवश्यक रहेको छ।

विषमलाल अधिकारी दनुवार
सभासद, क्षेत्र नं. १, सिन्धुली

मानवअधिकार राज्यका विरूद्ध व्यक्ति

विशेषलाई प्राप्त हुने अधिकार भएकाले यसको संरक्षण गर्ने प्रमुख दायित्व पनि राज्यको नै हुन्छ। आज हाम्रो मुलुक सङ्क्रमणकालबाट गुज्रिरहेको छ। सङ्क्रमणकालको अनिश्चिततासँगै देशमा बढ्दै गएको हत्या, हिंसा, लुट र अपहरणजस्ता अपराधिक गतिविधिले आमनागरिकलाई आक्रान्त बनाएको छ भने अन्तर्राष्ट्रिय स्तरमा समेत आज देशको छविलाई धुमिल तुल्याएको देखिन्छ। दण्डहीनता विरूद्धको हकलाई राज्यव्यवस्थाको शुरूवात सँगै नागरिकले प्राप्त गर्ने मौलिक मानवअधिकारको रूपमा लिइएको हुन्छ। देशमा शान्ति सुरक्षा स्थापित गरी दण्डहीनता विरूद्धको हकलाई आमरूपमा प्रत्याभूत नगरिएसम्म मानवअधिकारको संरक्षणप्रति राज्यले देखाएको प्रतिबद्धताको कुनै अर्थ रहँदैन। सिहंदरबारभित्र विराज गर्न चाहने केही व्यक्तिहरूका निम्ति स्वार्थपूर्ण राजनीति र सर्वसत्तावादको मोह ठूलो कुरा भएतापनि आमसर्वसाधारण नेपालीले राज्यको उपस्थितिको रूपमा बुझ्ने कुरा शान्ति सुरक्षा र दण्डहीनताको अन्त्य नै हो भन्नेमा कसैको विमति हुन सक्दैन। त्यसैले सङ्क्रमणकालको नाममा मानवअधिकारको उल्लङ्घन प्रति आँखा चिम्लने काम कहीँ कतैबाट नहोस् भन्नेतर्फ सबैलाई सचेत रहन मानवअधिकार वर्षपुस्तकले ठूलो भूमिका निभाएको छ। सन् २००९ भित्र नेपालमा भएका मानवअधिकारको उल्लङ्घनका घटनाहरूलाई समेटिएको प्रस्तुत "नेपाल मानवअधिकार वर्षपुस्तक २०१०" को प्रकाशनबाट विगतका घटनाहरूलाई समीक्षा गर्दै आगामी दिनहरूमा कानुन व्यवस्थालाई अझ कडाइका साथ लागू गरी मानवअधिकारको संरक्षण गर्ने दिशामा प्रतिबद्ध रहन सम्बन्धित सबैलाई उत्प्रेरणा प्राप्त हुनेछ भन्ने अपेक्षा राख्नु स्वभाविक ठान्दछु।

हरिश्चन्द्र ढुङ्गाना
न्यायाधीश, जिल्ला अदालत, सिन्धुली

मानवअधिकार वर्षपुस्तकको प्रकाशनले मानवअधिकार उल्लङ्घन कर्ताहरूलाई नैतिक दवाव परेको हामीले महशुस गरेका छौं। कुनै पनि घटनामा एउटा पक्षको मात्र नभई संलग्न सबै पक्षको दाबी वा प्रष्टिकरणलाई जस्ताको तस्तै राख्दा राम्रो हुन्छ। यसमा घटना बिवरण छोटो भयो। यसलाई विस्तृत रूपमा उल्लेख गरी घटनाबारे स्पष्ट जानकारी दिँदा अझ प्रभावकारी हुन्छ।

प्रलाद पोखरेल
सचिव, नेकपा एमाले, सिन्धुली

इन्सेकद्वारा प्रकाशित नेपाल मानवअधिकार वर्षपुस्तक सन् २०१० ले नेपाल राज्यमा मानवअधिकार हनन्सम्बन्धी घटनाहरूको यथार्थ चित्रण गरेको पाइयो। प्रस्तुत पुस्तकले सरोकारवालालाई दण्डहीनताको स्थिति कम गर्न सहयोग पुऱ्याएको छ। साथै आगामी दिनमा मानवअधिकार रक्षाका लागि यस्ता कार्यले सशक्त भूमिका निभाउने छ भन्ने शुभेच्छा व्यक्त गर्दछु।

कृष्णप्रसाद पुडासैनी
जिल्ला सरकारी वकिल, सिन्धुली

नेपाल मानवअधिकार वर्षपुस्तकमार्फत इन्सेकले मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई उजागार गर्ने कार्य नियमित रूपमा गर्दै आएको छ। मानिसको बाँच्न पाउने हक, शान्तिपूर्णरूपमा आफ्ना गतिविधिहरू सञ्चालन गर्न पाउने, स्वतन्त्रतापूर्वक बिचार अभिव्यक्त गर्न पाउने हकका साथै गैरकानूनी तवरले मानिसलाई आफ्नो नियन्त्रणमा लिने कार्यको विरूद्ध सशक्त रूपमा आवाज उठाउने कार्य इन्सेकले गर्दै आएको छ।

प्रेमचन्द्र दाहाल
अध्यक्ष, जिल्ला बार एसोसिएसन सिन्धुली

इन्सेक राज्य प्रति पूर्वग्राही हुनु भएन। राज्यबाट भएका घटना सँगै त्यसका कारणहरू र परिस्थिति पनि खोली दिनुपर्छ। इन्सेकको वर्षपुस्तकमा राज्यले गरेका सकारात्मक कामहरू पनि उल्लेख गरिनु पर्दछ। मानवअधिकारकर्मीहरू राज्यप्रति पूर्वाग्रही हुनुहुँदैन।

जीतेन्द्रबहादुर भण्डारी
प्रमुख जिल्ला अधिकारी, सिन्धुली

घटनाहरू उल्लेख गर्दा एक पक्षीय ढङ्गले गरिनु हुँदैन। मानवअधिकारवादीहरूले जे हो त्यही लेख्न सक्नु पर्दछ। यर्थाथलाई जस्ताको तस्तै नउतार्दा त्यसले नकारात्मक सन्देश जाने हुन्छ। इन्सेकका जिल्ला प्रतिनिधिले धेरै कुरा समेटने प्रयास गरेकोमा धन्यवाद दिन चाहन्छु।

होममणि बराल
एकीकृत नेकपा माओवादी, सिन्धुली

नागरिकको नैसर्गिक अधिकारको रक्षाका लागि इन्सेकबाट भएका पहलहरू अत्यन्त प्रशंसनीय छन्। देशको मानवअधिकारको स्थितिलाई वस्तुपरक ढङ्गबाट छर्लङ्ग हुनेगरी यस पुस्तकमा उजागर गरेको

पाएँ। घटना विवरणहरू सारै छोटो भयो। वर्षपुस्तकमा घटनाहरू छोटो बनाउदा अर्थको अनर्थ लाग्ने गरी उल्लेख गरिनु भएन।

कृष्ण दाहाल
नेपाली काङ्ग्रेस २ नं क्षेत्रीय सभापति, सिन्धुली

नेपालको सन् २००९ को मानवअधिकार अवस्थाका बारेमा समग्र मूल्याङ्कन गरी मानवअधिकार वर्षपुस्तक २०१० मा छर्लङ्ग्याइएको छ। बलात्कार तथा यौन दुर्व्यवहारबाट पीडित बालबालिकाको सङ्ख्या र संरक्षणको बारेमा जानकारी गराउनसके वर्षपुस्तक अझै आवाजविहीन र सूचनाको हकबाट वाञ्चित जनसमुदायको दस्तावेज हुनेछ।

रूद्रबहादुर खड्का
अध्यक्ष, रिलेक नेपाल जिल्ला शाखा, सिन्धुली

मानवअधिकार सबैको साझा सवाल भएकाले सबैले यसको संरक्षण र सम्मान गर्नुपर्छ। इन्सेकले वर्षभर मानवअधिकारको अवस्था कस्तो भयो भनेर जुन प्रतिवेदन तयार गरेको छ यो आफैमा उल्लेख्य काम हो। कुनै पनि मानिस सत्ता र शक्तिमा रहेसम्म बलियो हुन्छ तर त्यहाँबाट हटेपछि उ पनि कमजोर हुने भएकोले मानवअधिकारको सवालमा सबैले बेलैमा सोच्नु पर्छ। मानवअधिकारको रक्षाको लागि सबैको साझा पहल जरूरी छ।

शङ्कर अर्याल
प्रमुख जिल्ला अधिकारी, रामेछाप

इन्सेकले मानवअधिकार वर्षपुस्तक प्रकाशन गरेर एउटा इतिहास लेखिदिएको छ। द्वन्द्व र सङ्क्रमणकालमा भएका घटनाहरूलाई अद्यावधिक गरिदिने काम इन्सेकले गरेको छ। यो इतिहासको अहिले नभए पनि कुनै दिन अवश्य समीक्षा हुनेछ। पुस्तकले विगतमा के भयो भन्ने कुरा हेर्न र बुझ्न चाहनेहरूलाई सहयोग गर्नेछ।

रामचन्द्र खड्का
सभापति
नेपाली काङ्ग्रेस जिल्ला कार्यसमिति, रामेछाप

मानवअधिकार उल्लङ्घन र ज्यादतीका घटनाहरू सङ्कलन गरी हरेका वर्ष प्रकाशन हुने मानवअधिकार वर्षपुस्तकले मानवअधिकारको क्षेत्रमा उल्लेख्य काम गरेको छ। मानवअधिकार कुनै एकजना वा एउटा संस्थाको सवाल होइन। यसको लागि सबैले लागि पर्नुपर्छ। इन्सेकको काममा सबैले सघाउनु आवश्यक छ।

प्रकाश कार्की
सदस्य, एमाले जिल्ला कमिटी, रामेछाप

इन्सेकले मानवअधिकार क्षेत्रमा पुऱ्याएको योगदानको सबैले कदर गर्नुपर्छ। मानवअधिकारको संरक्षणको लागि सबैले प्रजातान्त्रिक संस्कारको सुरूवात गर्नु जरूरी छ। मानवअधिकारको संरक्षणको लागि नेपाली काङ्ग्रेस सदैव सचेत रहेको छ। काङ्ग्रेस कानुनी शासनमा विश्वास राख्ने भएकाले सँधै हातेमालो गर्न तयार रहेको छ। मानवअधिकार स्थापनाका लागि माओवादीले हतियारको राजनीति त्याग्नु पर्छ। हतियारको दम्भ भएसम्म मानवअधिकारको संरक्षण हुन सक्दैन। यसतर्फ सबैले सचेत हुनु जरूरी छ।

लेखबहादुर कार्की
क्षेत्रीय सभापति, नेपाली काङ्ग्रेस, रामेछाप

रामेछाप जिल्ला मानवअधिकारको हिसाबले शान्त, विश्वसनीय सुरक्षित बन्न सकेको छैन। एकीकृत माओवादी अझै पनि मानवअधिकार प्रति संवेदनशील भएको छैन। ऊ अहिले पनि मानवअधिकारको विषयमा छलफल हुने बैठकहरूमा मानवअधिकारको कुरा सुन्न समेत उपस्थित हुँदैन। इन्सेकले मानवअधिकारको अवस्थाको बारेमा जुन दस्तावेज तयार गर्ने गरेको छ। यो आफैमा इतिहास हो।

झम्क कँडेल
जिल्ला बार एसोसिएसन, रामेछाप

मानवअधिकार उल्लङ्घनका घटनाहरू सार्वजनिक गरी पीडकलाई सजाय र पीडितलाई न्याय दिलाउने अभियानमा मानवअधिकार वर्षपुस्तकले सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ। मानवअधिकार वर्षपुस्तक राष्ट्रिय अन्तर्राष्ट्रिय र स्थानीय सबै समुदायका लागि सन्दर्भ सामग्री भएको छ। घरेलु हिंसाका घटना छुटेका छन्। महिला मानवअधिकार रक्षक सञ्जाल आदिले पनि महिला हिंसा बारेमा पहल गरेका छन्। तिनका सूचनाका आधारमा पनि प्रतिवेदन बलियो बनाउन सकिन्छ।

शङ्कर लामा
एकीकृत माओवादी,
सचिवालय सदस्य, जिल्ला कमिटी, दोलखा

मानवअधिकार वर्षपुस्तकमा कुन मानवअधिकार उल्लङ्घनको घटना हो कुन अपराधिक घटना हो खुलाउन जरूरी छ। घटना न्यूनीकरण गर्न सरोकारवाला निकाय किन कसरी सफल भए या भएनन् भन्ने पनि खुलाउनु पर्छ। उजुरी नपरेका घटना राख्न कत्तिको व्यवहारिक छ यसबारेमा इन्सेकले सोच्नु पर्छ। घटना सम्पादन ध्यानपूर्वक हुन पर्दछ। न्याय प्रक्रियामा गएका कुरा स्पष्ट खुलाइनु पर्दछ। पीडक भन्ने गरिएकोमा अभियोगी वा आरोपित भन्ने शब्द पुस्तकमा प्रकाशन हुनुपर्ने लाग्छ।

केशवराज चौलागाई
नेपाली काङ्ग्रेस, जिल्ला कार्यसमिति,
सचिव दोलखा

दूरदराजमा भएका मानवअधिकार उल्लङ्घनका घटना अनुसन्धान गर्नुपर्छ। कानुनी प्रक्रियामा आएका घटनाहरूको अवस्था बताउनु पर्छ।

हिरा थोकर
युवा सङ्घ नेपाल, केन्द्रीय सदस्य, दोलखा

आर्थिक समाजिक तथा साँस्कृतिक अधिकार पनि मानवअधिकार भएकाले अब त्यसमा जोड दिनु पर्दछ। अपाङ्गता, महिला मानवअधिकारका कुराहरू पनि इन्सकेले प्राथमिकता दिनु पर्दछ।

सिर्जना कार्की
महिला मानवअधिकार रक्षक सञ्जाल, दोलखा

समाजलाई सम्वृद्ध बनाउने कुरा गरिरहका बेला इन्सेकले सचेतना विकास गर्ने कार्य गरेको छ। दलगत र संस्थागत रूपमा अपराध कम छ। पीडितको सुरक्षा संवेदनशीलतालाई ध्यान दिनु पर्दछ। घटना रोक्न के गर्ने भन्ने सिफारिस आउन जरूरी छ।

भरत दुलाल
सचिव, नेकपा एमाले जिल्ला, दोलखा

मानवअधिकार घटनाहरू बाहिर ल्याउन प्रयास राम्रो छ। यसले घटना नदोहरिने अवस्था आउन सक्दछ। न्याय पाएको कुरा पनि आउन जरूरी छ।

होम पाठक
अध्यक्ष, हुराडेक नेपाल, दोलखा

द्वन्द्वको समयमा समेत यस प्रकाशनले निरन्तरता पायो। पीडितलाई न्याय दिलाउनका लागि र अन्य सिफारिस गर्न समेत इन्सेक मानवअधिकार वर्षपुस्तकको प्रयोग गर्ने गरिएको छ। अझ परिष्कृत र सबैखाले घटना समेट्नेतर्फ ध्यान जाओस्।

राजेन्द्र श्रेष्ठ
जिल्ला संयोजक
एड्भोकेसी फोरम, दोलखा

पुस्तक प्रकाशनले पीडितलाई न्याय प्राप्त गर्न सहयोग पुगेको छ। पुस्तकको सङ्ख्या जिल्लामा बढी ल्याएर अन्य इच्छुक संस्थालाई समेत उपलब्ध गराउन सके राम्रो हुने थियो।

दीपक बस्नेत
जिल्ला संयोजक
असल शासन समन्वय समिति, दोलखा

इन्सेकले हरेक वर्ष नेपाल मानवअधिकार वर्षपुस्तक प्रकाशन गर्ने गरेको छ। यसमा विभिन्न क्षेत्रमा भएका घटनाक्रमहरूलाई उजागर गर्दै त्यस्ता घटना, समस्याका बारेमा सदैव जागरूक र संवेदनशील बनाएको छ। यस्तो कार्यमा निरन्तरता दिएमा कानुनी राज्यको सार्थकता साबित हुने छ। इन्सेकले अझ बढी सक्षमता र जागरकता देखाओस् शुभकामना तथा उत्तरोत्तर प्रगतिको कामना गर्दछु।

राजकुमार गौतम
जिल्ला कारागार शाखा, प्रमुख, दोलखा

इन्सेकद्वारा प्रत्येक वर्ष प्रकाशन हुने गरेको वर्षपुस्तकले देशको मानवअधिकारको अवस्था प्रष्ट्यानुका साथै नीति निर्माण तहमा यसले महत्वपूर्ण योगदान पुऱ्याएको छ। वर्षपुस्तकमा उल्लेख भएका घटनाहरूको आधारमा स्थानीय शान्ति समितिलाई पीडितहरूको पहिचान गर्न धेरै सहयोग पुऱ्याएको छ। वास्तविक पीडितहरूको पहिचान गर्न कुनै कठिनाई हुँदा वर्षपुस्तकको घटनालाई समेत हामीले आधार मान्ने गरेका छौं।

सन्तोष भट्टराई
सचिव, स्थानीय शान्ति समिति, रौतहट

इन्सेकद्वारा हरेक वर्ष प्रकाशन हुँदै आएको मानवअधिकार वर्षपुस्तकले देशको मानवअधिकारको अवस्थाको वास्तविक चित्रण गरेको छ। पुस्तकले देशमा भइरहेका मानवअधिकार उल्लङ्घनका घटनाहरूको वास्तविक अभिलेख राख्ने कार्य गरेको छ। घटना सङ्कलन गर्ने प्रतिनिधिहरूले सम्बन्धित घटनास्थलमा

गई घटनाको अभिलेख राख्ने गरेको पाइएकाले पुस्तकको विश्सनीयता अझ बढी रहेको मैले महसुस गरेको छु।

अर्जुन थापा
सशस्त्र प्रहरी नायब उपरीक्षक, सशस्त्र प्रहरी वेश क्याम्प, सन्तपुर, रौतहट

मानवअधिकार वर्षपुस्तकले देशको मानवअधिकारको अवस्थाको चित्रण गरेको छ। अझ पनि गाउँघरमा हुने विभिन्न खाले उल्लङ्घनका घटनाहरूलाई पुस्तकमा समावेश गर्न नसकिएको जस्तो मैले ठानेको छु। वर्षपुस्तकमा प्रहरी र सशस्त्र समूहहरूबीच भएको भिडन्तका घटनालाई राज्यद्वारा हत्या भनि राखिएको पाइन्छ, यस्ता घटनाहरूले आफ्नो कर्तव्यमा खटिएका प्रहरीहरूको मनोबल खस्किन सक्दछ। यस्ता घटनाहरू समावेश गर्दा वास्तविक भिडन्तलाई भिडन्तमा मृत्यु भएको भनी उल्लेख गर्दा उपयुक्त होला।

पिताम्बर अधिकारी
प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, रौतहट

मानवको स्वतन्त्रतापूर्वक बाँच्ने र व्यवसाय गर्न पाउने प्राकृतिक एवम नैसर्गिक अधिकारहरूउपर भएका अतिक्रमणलाई न्युनीकरण गर्ने कार्यमा यस पुस्तकको योगदान रहँदै आएको छ। यस कार्यमा अझै सफलता मिल्दै जाओस्।

दिनेश भट्टराई
प्रमुख जिल्ला अधिकारी मकवानपुर

मानवअधिकार वर्षपुस्तक मानवअधिकारका उल्लङ्घनका घटना सम्बन्धमा चासो र अनुसन्धान गर्ने व्यक्ति र समुदायलाई महत्वपूर्ण दस्तावेज सावित भएको छ।

रामप्रसाद श्रेष्ठ
प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, मकवानपुर

मानवअधिकार वर्षपुस्तक सबै विषयलाई समेटेर सन्तुलित ढङ्गले प्रकाशित हुनुपर्छ। पुस्तक आग्रह र पुर्वाग्रहबाट मुक्त हुनु पर्छ। यो पुस्तक पढ्दा मुलुकको मानवअधिकारको अवस्था छर्लङ्ग हुन्छ। यो कार्यले निरन्तरता पाइरहोस्।

सोनामसिंह स्याङ्तान (विजय)
इन्चार्ज, एकीकृत माओवादी, मकवानपुर

पुस्तकले राज्य र गैरराज्य दुवै पक्षबाट भएका मानवअधिकार उल्लङ्घनका घटनाहरू सार्वजनिक भएबाट पीडकहरू निरूत्साहित हुन जाने र पीडितहरूले राहत महसुस गर्नेछन्। पुस्तक प्रकाशनको कार्यले निरन्तरता पाइरहोस्।

रघुरमण न्यौपाने
सभापति, नेपाली काङ्ग्रेस जिल्ला कार्यसमिति, मकवानपुर

यो पुस्तक मुख्य गरी राज्य र विद्रोहीपक्षबाट मानवअधिकार हनन् भएका घट्नाको सँगालो हो। यो पुस्तकले मुलुक कुन दिशातिर लम्किरहेको छ भन्ने कुरा बताउँछ। पुस्तक आगामी दिनमा अझै परिष्कृत हुँदै अगाडि बढ्दोस भनी शुभकामना व्यक्त गर्दछु।

रामेश्वर राना
अध्यक्ष, नेकपा (एमाले) जिल्ला कमिटी, मकवानपुर

मानवअधिकार वर्षपुस्तकले मुलुकको मानवअधिकारको समग्र चित्रण गर्न सफल भएको छ। यसले मुलुकमा कुन पक्षबाट मानवअधिकारको उल्लङ्घन हुँदै आएको छ भन्ने कुराको जानकारी दिने कार्यमा योगदान पुऱ्याएको छ। यो कार्यले निरन्तरता पाइरहोस्।

अमृतकुमार लामा
अध्यक्ष, पुनरावेदन बार एसोसिएसन, मकवानपुर

नेपालमा राज्यपक्ष एवम् गैरराज्य पक्षबाट भएका मानवअधिकारको उल्लङ्घनका सन्दर्भमा उल्लेख भएका तथ्यहरूका बारेमा विस्तृत जानकारी उपलब्ध गराएकोमा अत्यन्त खुसी लागेको छ। नेपालको सशस्त्र द्वन्द्वको क्रममा भएका मानवीय क्षतिहरूको विवरणलाई स्पष्ट र सिलसिलाबद्ध गरी प्रकाशन भएको यस पुस्तकले यसबारेमा जानकारी राख्ने सबै पक्षलाई सहयोग पुऱ्याउने कुरा निर्विवाद छ। यथार्थपरक विश्लेषण भएका कृतिहरू समाजपयोगी हुने कुरामा दुई मत हुने छैन भन्ने कुरामा विश्वस्त छु।

सुधीर कुमार शाह
प्रमुख जिल्ला अधिकारी, काभ्रे

नेपालमा इन्सेकले राज्य पक्ष र गैरराज्य पक्षबाट भएका मानवअधिकार उल्लङ्घन/ज्यादतीका घटनाहरूलाई सिलसिलेबार ढङ्गबाट प्रस्तुत गरेकोमा हामीलाई खुशी लागेको छ। नेपालको सशस्त्र द्वन्द्वका क्रममा यस पुस्तकमा उल्लेख भएको विवरणअनुसार

काभ्रे जिल्लामा पीडितले राहत प्राप्त गरेका छन्। पीडितहरूलाई न्याय र राहत उपलब्ध गराउन पुस्तकको अहम् भूमिका देखिन्छ। पुस्तकमा अपराधका घटनाहरूलाई पनि जिल्लागत विश्लेषण गरी संलग्न गर्दा राम्रो हुने थियो।

रबिन्द्रबहादुर धानुक
प्रहरी नायव उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, काभ्रे

मानवअधिकारको उल्लङ्घन राज्य पक्ष वा गैर राज्यपक्ष जहाँबाट जसरी भएको भएपनि दु:खदायी विषय हो। मानवअधिकार उल्लङ्घनका घटनाहरूको सम्बन्धमा सत्यतथ्य प्रकाशन गरी मानवअधिकार उल्लङ्घनकर्ताको विषयमा उजागर गर्ने कार्यमा विगत वर्ष जस्तै यस वर्ष पनि हुन लागेकोमा खुसी लागेको छ। पुस्तकको प्रकाशनले मानवअधिकार उल्लङ्घन गर्ने कार्यमा कमी ल्याओस् भन्ने अपेक्षा राख्दै पुस्तक प्रकाशनको निरन्तरताको लागि शुभकामना ।

सूर्यराज दाहाल
जिल्ला न्यायाधिवक्ता, काभ्रे

सन् १९९२ देखि इन्सेकले नेपाल मानवअधिकार वर्षपुस्तक प्रकाशनको थालनी गरेर साह्रै राम्रो काम गरेको छ। सशस्त्र द्वन्द्वको समयमा देशभर भएका मानवअधिकार उल्लङ्घन/ज्यादतीका घटनालाई वर्षैपिच्छे प्रकाशन गरेका कारण अहिलेको सङ्क्रमणकालीन अवस्थामा पीडितलाई परिपूरण उपलब्ध गराउन निकै सजिलो भएको छ।

अधिक वडाल
स्थानीय शान्ति सचिव, काभ्रे

मानवाधिकार रक्षाको क्षेत्रमा इन्सेकले खेलेको भूमिका सबैको सामु छर्लङ्ग छ। स्थानीय शान्ति समिति, भक्तपुरका लागि द्वन्द्वका क्रममा भएका घटनाका सूचनाहरू उपलब्ध गराउन सहयोग गरी इन्सेकले हामीलाई विशेष गुण लगाएको छ। यस प्रति हामी धन्यवाद दिन चाहन्छौं। मानवाधिकार उल्लङ्घनका घटना सार्वजनिक गरेर र दण्डहीनताका निम्ति वकालत गरेर भविष्यमा अझै आफ्नो भूमिका बढाउदै लान सकोस्। यही हाम्रो इन्सेक र मानवाधिकार वर्षपुस्तक २०११ प्रति हार्दिक शुभकामना।

सोम मिश्र
स्थानीय शान्ति समिति, भक्तपुर

मानवअधिकार वर्षपुस्तकले देशमा मानवअधिकारको उल्लङ्घन कसले गरेको छ भन्नेर छर्लङ्ग पारेको छ। मानवअधिकार उल्लङ्घन रोक्ने कार्यमा यो पुस्तक कोसेढुङ्गा साबित भएको छ। आगामी वर्षमा मानवअधिकार उल्लङ्घन गर्नेहरूको फेहरिस्त तीन पुस्ते समेत संलग्न गरी प्रकाशित गरेको खण्डमा अझ मानवअधिकारको उल्लङ्घन गर्ने कार्य रोक्नको लागि ठूलो मद्दत पुग्नेछ।

रामभक्त सुवाल
अधिवक्ता, भक्तपुर

प्रत्येक वर्ष प्रकाशित हुँदै आएको मानवअधिकार वर्षपुस्तकको म नियमित पाठक हो। प्रत्येक वर्षका पुस्तकमा प्रकाशित परिच्छेदहरूले मानवअधिकारको विविध विषयहरूमा जानकारी गराउने कार्यमा कोसेढुङ्गा साबित भएकोमा कुनै द्विविधा छैन।

प्रभाकर खनाल
अधिवक्ता, बालमनोविज्ञ, भक्तपुर

मानवअधिकार उल्लङ्घनका तथ्यहरू सङ्कलन गर्दै मानवअधिकार वर्षपुस्तक प्रकाशन गरिन लागेकोमा हार्दिक बधाई तथा धन्यवाद दिन चाहान्छु। मानवअधिकारको क्षेत्रमा इन्सेकले गर्दै आएका कार्यहरूलाई निरन्तरता प्रदान गर्दै जिल्लाभित्र भएका घरेलु हिंसा सम्बन्धी अपराधहरूलाई समेटेर त्यस क्षेत्रमा थप क्रियाकलापहरू गर्दै मानवअधिकारको क्षेत्रमा कार्यहरू गर्दै जानसकोस् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु।

गजेन्द्रशङ्कर तिमिला
अध्यक्ष, नेपाल बार एशोसिएशन, भक्तपुर

शान्ति लोकतन्त्र र मानवअधिकारको क्षेत्रमा इन्सेकले पुऱ्याएको योगदान सरहानीय छ। १० वर्षको सशस्त्र द्वन्द्वलाई समाप्त पार्दै १२ बुँदे समझदारी मार्फत शान्ति प्रक्रियाको बाटोमा हाम्रो देश अगाडि बढिरहेको छ। तथापि मानवअधिकार उल्लङ्घनका घटनाहरूमा कमी ल्याउन सकिएको छैन्। सशस्त्र द्वन्द्वका कारण उत्पन्न दण्डहीनताको स्थितिलाई अन्त्य गर्न सकिएको छैन्। निश्चय नै दिगो शान्तिका लागि मानवअधिकार रक्षा र दण्डहीनताको अन्त्य जरुरी छ, जसका लागि जारी शान्ति प्रकृया सम्पन्न भई लोकतान्त्रिक संविधान लेखिनु वर्तमान नेपालको अपरिहार्य माग हो। यही परिवेशमा इन्सेकले मानवअधिकार वर्षपुस्तक सन्

२०११ प्रकाशन गर्न लागेकोमा हामीलाई अति खुसी लागको छ। उक्त पुस्तकले शान्ति र मानवअधिकार रक्षाका लागि सहयोग पुऱ्याउने छ भन्ने विश्वासका साथ सफलताको शुभकामना व्यक्त गर्दछु ।

गणेशमान चक्रधर
सभापति, नेपाली काङ्ग्रेस जिल्ला कार्य समिति, भक्तपुर

मानवअधिकार वर्षपुस्तक २०१० अध्ययन गर्न पाउँदा खुसी लाग्यो। यस पुस्तकभित्रका तथ्याङ्कहरूले मनलाई भारी बनाउँदछ। यस्ता सूचनाले मनलाई द्रवित बनाए तापनि सूचना शक्ति र सम्पत्ति भनेजस्तै सूचनाले उचो महत्व पाएको विश्व सन्दर्भमा यस वर्षपुस्तक पनि समस्त मानवअधिकारका सवालहरूमा विश्वसनीय सन्दर्भसामग्री बनेर देखा परेको छ। समस्या पत्ता लगाउनु आधा समाधान भए पनि यहाँहरूको अबको खोज, अध्ययन, अनुसन्धान तथा अन्वेषण उपायसहितको भएमा थप अर्थपूर्ण हुने थियो।

अशोककुमार क्षेत्री
सहायक जिल्ला न्यायधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, धादिङ

मानवअधिकार हनन भएका समग्र विषयहरूमाथि अध्ययन अनुसन्धान गरी मानवअधिकारप्रति सरोकारवालापक्षहरूलाई सधैँ सचेत गराएको छ। पुस्तक अध्ययनबाट देखिन आएको र भविष्यमा पनि सो सम्बन्धमा अरू प्रभावकारी कार्यको अपेक्षा राख्दछु।

लोकबहादुर हमाल
श्रेष्तेदार, जिल्ला अदालत, धादिङ

देशमा दण्डहीनताले प्रश्रय पाइरहेको यस अवस्थामा मनवअधिकार उल्लङ्घनका घटनालाई उजागर गर्न वर्षपुस्तक सफल रहेको छ। मानवअधिकार उल्लङघनका घटनाप्रति चासो राख्ने, खोजखबर गर्ने, अध्ययन अनुसन्धान गर्ने व्यक्ति, समुदायलाई पुस्तक महत्वपूर्ण दस्तावेज रहँदै आएको छ।

टङ्ककुमार श्रेष्ठ
अध्यक्ष, नेपाल बार एसोसिएसन, धादिङ

इन्सेकद्वारा प्रकाशित नेपाल मानवअधिकार वर्षपुस्तक २०१० पढ्ने अवसर प्राप्त भयो। इन्सेकले प्रकाशन गर्ने गरेको हरेक वर्षका मानवअधिकार उल्लङघनका घटनाहरू समेटिएको नेपाल मानवअधिकार वर्षपुस्तकहरू हाम्रा लागि मानवअधिकारको एउटा दस्तावेज भएको छ। यसको सङ्कलन र संयोजन गरी इन्सेकले आम नागरिकलाई जुन सूचना प्रदान गरेको छ त्यसको लागि म आभार प्रकट गर्न चाहान्छु। अहिले नेपालमा पनि महिलाहरूमाथि हुने हिंसा बढेको छ। मानवअधिकार वर्षपुस्तकमा पनि पहिलाको तुलनामा महिला हिंसाका घटनाले केही स्थान पाएको महसुस हामीले गरेका छौँ। अझै महिलाहरूमाथि हुने हिंसाका घटनाहरूलाई बाहिर ल्याउन यसले सहयोग गरोस् भन्ने आग्रह गर्न चाहान्छु। यो पुस्तक देशमा बढ्दै गएको दण्डहीनता, मानवअधिकार उल्लङ्घनका घटनाहरूको न्युनीकरण गर्नका लागि समेत सहयोगी भएको मैले महसुस गरेको छु। मानवअधिकार उल्लङ्घनको क्रम बढ्दै गएको र दण्डहीनताले चरम सिमा नाघेको अवस्थामा मानवअधिकार रक्षकहरू अहिले असाध्यै जोखिम रहेर काम गरिरहेका छन्। ती मानवअधिकार रक्षकहरूमाथि हुने हिंसा, डर, धम्की, कुटपिट जस्ता घटनाहरूलाई पनि यो वर्षपुस्तकले प्राथामिकतामा राखेर प्रकाशन गरोस् भन्ने आग्रह गर्न चाहान्छु।

राधिका सापकोटा
महिला मानवअधिकार रक्षक, धादिङ

मानवअधिकार वर्षपुस्तक २०१० समयमा नै प्राप्त भई अध्ययन गर्ने अवसर प्राप्त भयो। मानवअधिकार वर्षपुस्तकले मानवअधिकार हनन् तथा उल्लङ्घनका घटनाहरूलाई सार्वजनिक गर्ने गरेको छ। यस पुस्तकले सम्पूर्ण नागरिकहरूलाई मानवअधिकारप्रति सचेत र जागरूक गराउँदै आएको छ। राजनीतिक दलहरूले पनि आफूले गरेका मानवअधिकार हननप्रति सचेत गराएको छ भने कुन राजनीतिक दल मानवअधिकार हनन्मा उदत्त छ भन्ने पनि प्रष्ट रूपमा नागरिकहरूका सामु ल्याएको छ। मानवअधिकार उल्लङ्घनप्रति राज्यलाई सचेत पार्दै आगामी दिनमा नागरिकप्रति उत्तरदायी बनाउन पुस्तक सफल भएको छ। राज्यका निकायले यो पुस्तकबाट केही सिकेर मानवअधिकारप्रति प्रतिबद्ध हुनुपर्छ र भइरहेका पनि छन्। इन्सेकले गरेको यो आँट, साहस र लगनको उच्च सराहाना गर्दै आगामी दिनमा पनि यसै गरी मानवअधिकार हननका घटनाहरूलाई जस्ताको तस्तै बाहिर ल्याउन सफल रहोस्।

गुरूप्रसाद बुर्लाकोटी
अध्यक्ष, नेकपा (एमाले), धादिङ

इन्सेकद्वारा प्रकाशित मानवअधिकार वर्षपुस्तक २०१० प्राप्त भई हेर्ने अवसर मिल्यो। देशभर भएका मानवअधिकार उल्लङ्घनको घटनाहरूको सँगालोलाई हेर्दा यहाँको सामाजिक,सांस्कृतिक तथा राजनीतिक यात्रा कसरी कता जादैछ आँकलन हुन्छ। सतहमा देखिएका घटनाहरूलाई संयोजन गर्दा पनि राष्ट्रिय प्रकृति मापन गर्ने आँकडा आँउदो रहेछ। सतहमा नआएका अन्य गम्भीर खालका घटनाहरू पनि समुदायमा रहेका छन्। यी घटनाहरूलाई पनि समेट्ने प्रयाससहित यसको निरन्तर प्रकाशनको कामना गर्दछु।

एकराज छत्कुली
संयोजक, फोकस शान्ति केन्द्र, धादिङ

नेपाल मानवअधिकार वर्षपुस्तक २०१० अध्ययन गर्ने अवसर प्राप्त भयो। पुस्तक सूचना प्रणालीलाई अद्यावधिक गर्न र नागरिकहरूलाई सूचित गर्न सफल भएको छ। आगामी दिनमा पनि यस्ता पुस्तकहरूको प्रकाशनतर्फ विगतमा जस्तै यस संस्थाले निरन्तरता दिन सकोस् भन्ने अपेक्षा गरेको छु।

शंकर नेपाल
स्थानीय विकास अधिकारी, धादिङ

नेपालमा मानवअधिकारलाई आ-आफ्नो अनुकूल व्याख्या गरिँदै आएकोमा त्यसको अन्त्य गर्न जरूरी छ। इन्सेकले वास्तविक मानवअधिकारको उजागर गर्दै गाउँ वस्तीहरूमा आफ्नो उपस्थिति गराएको छ।

गोविन्द सापकोटा
सहायक प्रमुख जिल्ला अधिकारी, सिन्धुपाल्चोक

मानवअधिकार संरक्षणमा प्रहरीको तर्फबाट कहींकतै त्रुटि हुन गएमा इन्सेकले औँल्याइदिएर सहयोग गरेकोमा जिल्ला प्रहरी कार्यालयको तर्फबाट इन्सेकलाई धन्यवाद। अपराधमा संलग्न भएकाहरूलाई कानुनीतवरले अनुसन्धान गर्दा मानवअधिकार हनन भयो भन्नु सान्दर्भिक नहुन सक्छ।

चिरञ्जीवी दाहाल
प्रहरी निरीक्षक, जिल्ला प्रहरी कार्यालय,
सिन्धुपाल्चोक

जिल्लाभर भएका मानवअधिकार हननका घटनाहरू सङ्कलन गर्नु आफैँमा महत्वपूर्ण काम हो। इन्सेकले विगत वर्ष र यस वर्षमा मानवअधिकारको अवस्था के रह्यो ? तुलनात्मक रूपले विगतको र यसवर्ष फरक छुट्याइदिनुभए राम्रो हुनेथियो।

कृष्णप्रसाद अर्याल
स्थानीय विकास अधिकारी, सिन्धुपाल्चोक

विद्यालयका शिक्षकहरूलाई बाल अधिकारको पर्याप्त ज्ञान नहुँदा विभिन्न विद्यालयहरूमा बाल अधिकार हनन भएको हो। इन्सेकले वर्षपुस्तकमा बाल अधिकार हननका घटनाहरू समावेश गरेर सचेत बनाउने प्रयास गरेको छ र शिक्षासँग सम्बन्धित जिल्लाभरिका विभिन्न तथ्याङ्कहरू समावेश गरेकोमा इन्सेकलाई धन्यवाद।

केशव दाहाल
जिल्ला शिक्षा अधिकारी, सिन्धुपाल्चोक

मानवअधिकार संरक्षणका लागि सम्पूर्ण पक्ष प्रतिबद्ध भएर लागेमा मात्र मानवअधिकारको संरक्षण हुन सक्छ। जिल्लामा मानवअधिकार उल्लङ्घनका केही घटनाहरूमा प्रहरी प्रशासनको तर्फबाट छानबिन भएन्। इन्सेकको भूमिका भने राम्रो छ।

टङ्क ढुङ्गेल
सदस्य, एकीकृत माओवादी, सिन्धुपाल्चोक

राजनीतिक दलहरूले आ-आफ्नो भातृ सङ्गठनहरूलाई छाडा छोडेर मानवअधिकार उल्लङ्घन भएको हो। ती छाडा भएकाहरूलाई नियन्त्रण गरेमा मानवअधिकारको संरक्षण हुनेछ। विगतको सशस्त्र द्वन्द्वमा समेत जिल्लामा क्रियाशील भएर मानवअधिकारको संरक्षका लागि इन्सेकले खेलेको भूमिका महत्वपूर्ण रहेको छ।

टङ्क कार्की
जिल्ला कार्य समिति सदस्य, नेपाली काङग्रेस,
सिन्धुपाल्चोक

मानवअधिकार संरक्षणका लागि घटना सङ्कलन जस्तो जटिल काम इन्सेकले गर्दै आएको छ त्यसका लागि इन्सेकलाई धन्यवाद दिन चाहन्छु। कुनै घटना उल्लेख गर्दा त्यसको प्रकृति र पृष्ठिभूमि हेर्न जरूरी हुन्छ, इन्सेकले त्यतातिर पनि ध्यान दिन जरूरी छ।

झम्क नेपाल
जिल्ला कमिटी सचिव, नेकपा एमाले, सिन्धुपाल्चोक

विगत दुई दशक देख इन्सेकले प्रकाशन गर्दै आएको मानवअधिकार वर्षपुस्तक मानवअधिकारको

संरक्षण र सुदृढिकरणको लागि कोशेढुङ्गा साबित भएको छ। प्रत्येक जिल्लामा प्रतिनिधि राखेर मानवअधिकार उल्लङ्घनका घटना तथा क्रियाकलापको विवरण पुस्तकमा प्रकाशित गरी नेपालमा मानवअधिकारको तस्विर प्रष्ट पार्ने गरेको छ। जुन अत्यन्त प्रंशसनीय छ। मानवअधिकारको उल्लङ्घनका घटनाहरूको विषयमा सम्बन्धित सरोकारवालाहरूबीच अर्न्तक्रिया कार्यक्रम गरी मानवअधिकारको संरक्षण र सम्बर्धनमा टेवा मिल्न हुनाले त्यस तर्फ इन्सेकको ध्यान जाओस् भन्ने सुझाव दिँदै इन्सेकको उत्तरोत्तर प्रगतिको कामना गर्दछु।

गोविन्दमणि भुर्तेल
प्रमुख जिल्ला अधिकारी, नुवाकोट

इन्सेकले हरेक वर्ष वर्षपुस्तक प्रकाशन गरेर ठूलो गुन लगाएको छ। यो मुलुकको मानवअधिकारको महत्वपुर्ण दस्ताबेज हो यसले राज्य तथा गैर राज्यपक्षबाट भएका मानवअधिकार उलङ्घनका घटनाहरू समेटेको छ। यसले पीडकलाई निरूत्साहित पार्न र पीडितलाई राहतको मशसुस गराउनेछ भन्ने आशा गरेको छु। पुस्तकले निरन्तरता पाइरहोस्।

लमाकार्पु तामाङ
सभापति, नेपाली काङ्ग्रेस, जिल्ला कार्यसमिति, रसुवा

इन्सेकले प्रकाशन गरेको नेपाल मानवअधिकार वर्षपुस्तक २०१० अध्ययन गर्ने अवसर मिल्यो। यसमा समेटिएका मानवअधिकार उल्लङ्घनका घटनाहरू तथ्यपरक ढङ्गबाट बिश्लेषण भएको पाइयो। मानवअधिकारको विश्वव्यापी घोषणापत्रका कुराहरूको आधारमा समेटिएको यस पुस्तक सङ्ग्रहणीय पठनीय र अति उपयोगी छ। आगामी दिनमा पनि यसरी नै कुशलता र निष्पक्षपूर्वक मानवअधिकारको संरक्षण र सम्बर्धनमा अझ कटिबद्ध भएर लाग्न सकोस् इन्सेकलाई शुभकामना।

भवानी न्यौपाने
सदस्य, नेकपा एमाले जिल्ला कमिटी, रसुवा

नेपाल मानवअधिकार वर्षपुस्तक सन् २०१० सरसर्ती अध्ययन गरेँ। नेपाल मानवअधिकार वर्षपुस्तक मार्फत सबै मानवअधिकार उलङ्घनका घटनाहरू जनतामाझ ल्याउन इन्सेकले गरेको प्रयास सहानीय र स्वागतयोग्य कार्य हो। यो पुस्तक अध्ययन गर्दा मुलुकको मानवअधिकारको अवस्था छर्लङ्ग हुन्छ। पुस्तक प्रकाशनले निरन्तरता पाईरहोस् भन्ने शुभकामना छ। यसवर्ष पनि धेरै मानवअधिकार हनन्का घटनाहरू भएका छन्।

नवराज न्यौपाने
अध्यक्ष, मानवअधिकार तथा सामुदायिक विकास स्रोत केन्द्र, रसुवा

नेपाल मानवअधिकार वर्षपुस्तक २०१० भरका मानवअधिकार उल्लङ्घन र ज्यादतीका घटनाहरूलाई राम्ररी विश्लेषण गरेको पाइयो। प्रकाशित हरेक घटनाहरूको गहन अध्ययन गरेको छ। दण्डहीनताको अन्त्यको लागि इन्सेकले गरेको प्रयासलाई भुल्न सकिँदैन।

विश्वास नेपाली
पत्रकार, रसुवा खबर साप्ताहिक, रसुवा

मानवअधिकार वर्षपुस्तक सन् २०१० पढ्न पाउने अवसर पायौँ। वर्षपुस्तक सङ्ग्रहणीय ऐतिहासिक दस्ताबेज बन्न गएको छ। यस पुस्तकले मानवअधिकार उल्लङ्घनकर्तालाई खबरदारी र पीडितलाई न्याय दिलाउनको लागि एउटा प्रमाण बनेको छ। सन् २०१० मा प्रकाशित घटना सरसर्ती हेर्दा सत्य, तथ्य र स्थलगत अनुगमनपछि प्रकाशित भएको पाइयो। अझ पुस्तक प्रकाशित गर्नु भन्दा पहिले पूर्व समीक्षा गर्ने हुँदा घटनाहरू समेटिएको पाइएको छ। अब प्रकाशित हुने पुस्तकमा महिला हिंसा, आर्थिक, सामाजिक क्षेत्रका सवाललाई पनि प्राथमिकताका साथ राखेमा राम्रो हुने थियो।

बाबुराम खनाल
सचिव, एमाले जिल्ला कमिटी, कपिलवस्तु

इन्सेकले विगत लामो समयदेखि मानवअधिकार अवस्थाको विश्लेषण तथा देशका ७५ ओटै जिल्लामा भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूको तथ्याङ्क सङ्कलन गरी नेपाल मानवअधिकार वर्षपुस्तक प्रकाशन गर्दै आएको कुरा सर्वविदितै छ। मुलुकमा भएको दण्डहीनता र अराजकताको अवस्थालाई हटाई आगामी दिनमा यस्ता प्रकाशनले मानवअधिकार रक्षाका क्षेत्रमा विशेष योगदान पुऱ्याउने र दीगो शान्ति कायम गर्ने कार्यमा महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गदै वर्षपुस्तक र इन्सेकको पूर्ण सफलताको हार्दिक शुभकामना व्यक्त गर्दछु।

यमुना मरासिनी
कार्यालय सचिव
स्थानीय शान्ति समिति, कपिलवस्तु

नेपालमा मानवअधिकारको संरक्षण र सम्वर्द्धन गर्ने अभियानमा नेपाल सरकार, राजनीतिक दल, नागरिक समाज एवम् मानवअधिकार सम्वर्द्धनका क्षेत्रमा कार्यरत विभिन्न सङ्घ संस्थाहरू सरिक रहँदै आएका छन्। इन्सेक यसै अभिप्रायबाट विगत लामो समयदेखि सक्रिय रही आएको संस्था हो। मानवअधिकारको सम्वर्द्धन एवम् सामाजिक न्यायको प्रत्याभूति गर्न गराउन यस संस्थाले खेल्दै आएको भूमिका महत्वपूर्ण छ।

अझ यस संस्थाले हरेक वर्ष मानवअधिकारसँग सम्बन्धित घटनाहरूलाई सङ्कलन गरी मानवअधिकार वर्षपुस्तक प्रकाशन गरी मानवअधिकारको सम्मान एवम् सुदृढीकरणको दिशामा निरन्तर रूपमा लागि रहन सम्बन्धित सबै सरोकारवालाहरूलाई घचघच्याइ रहेको छ। यसै सन्दर्भमा मानवअधिकार वर्षपुस्तक सन् २०१० प्रकाशन भएकोमा खुशी लागेको छ । पुस्तकमा सन् २०१० भर नेपालमा भएका मानवअधिकार उल्लङ्घनका घटना र ती घटनाप्रति सम्बन्धित निकायले गरेका काम कारबाहीहरूको उल्लेख गरिएको हुँदा भोलिका दिनहरूमा मानवअधिकार र सामाजिक न्यायलाई व्यवहारमा लागू गर्न सम्बन्धित सबैलाई सहयोग पुऱ्याउने छ।

लक्ष्मणकुमार थापा
प्रमुख जिल्ला अधिकारी, कपिलबस्तु

इन्सेकले नियमित रूपमा प्रकाशन गर्दै आएको नेपाल मानवअधिकार वर्षपुस्तकले मुलुकभित्र भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूको जानकारी गराउँदै आएको छ। यस सन्दर्भमा मानवअधिकार वर्षपुस्तक २०१० प्रकाशित भई हातमा परेकोमा नेकपा एमाले जिल्ला कमिटी लमजुङ खुसी व्यक्त गर्दछ। जसलाई सरसर्ती अध्ययन गर्दा यसले राज्यबाट र गैररराज्य पक्षबाट भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई प्रस्ट्याइएको छ। सङ्क्रमणकालीन अवस्थामा मानवअधिकारका घटनाहरूमा वृद्धि हुन स्वभाविक नै हो। जसले गर्दा वर्षपुस्तकको आकार पनि बढेको पाइयो। मानवअधिकार उल्लङ्घनका घटनामा कमी आओस् र वर्षपुस्तकको आकार सानो हुँदै जाओस् भन्ने शुभेच्छा साथ वर्षपुस्तक २०११ प्रकाशनको अग्रीम शुभकामना व्यक्त गर्न चाहन्छु।

कृष्णप्रसाद अधिकारी
सचिव, नेपाल कम्युनिष्ट पार्टी एमाले
जिल्ला कमिटी, लमजुङ

विगत वर्षहरूमा झैँ यो वर्ष पनि इन्सेकले मानवअधिकार वर्षपुस्तक २०१० प्रकाशनमा ल्याएको छ। मानवअधिकार वर्षपुस्तकले मानवअधिकारको हनन भएका घटनाहरूको चित्रण गर्ने प्रयास गरेको छ। मानवअधिकारको क्षेत्र ठूलो, फराकिलो र विस्तारित भएकोले जस्तोसुकै अवस्था र चुनौतीमा पनि आफ्नो अभियानलाई निर्भिकताका साथ निरन्तरता दिइरहनु सराहनीय काम हो। लोकतन्त्रको बहालीपछि पनि कुनै व्यक्ति सुरक्षित भएको महसुस गर्न सकिरहेका छैनन्। अझ महिला तथा बालबालिकाहरूप्रतिको हिंसा दिनानुदिन बढिरहेको छ।

यो पुस्तकको प्रकाशनले मानवअधिकार उल्लङ्घनका घटनामा पीडितलाई न्याय दिलाउन र मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई न्यूनीकरण गर्न जिम्मेवार व्यक्ति तथा राज्यलाई सुसूचित गरेको छ। मानवअधिकारको क्षेत्रमा अध्ययन गर्नेहरूलाई सन्दर्भ सामग्रीको साथै ऐतिहासिक दस्तावेज बनेको छ। आगामी दिनमा पनि यसरी नै निष्पक्ष ढङ्गबाट मानवअधिकारका घटनालाई अगाडि ल्याउन सकेमा प्रत्येक व्यक्तिले मानवअधिकारको अनुभूति गर्न सक्नेछन्।

जुनाकुमारी गुरूङ
अधिवक्ता
अध्यक्ष, महिला कानुन व्यवसायी मञ्च, कास्की

इन्सेकले सन् १९९२ देखि नियमित रूपमा प्रकाशन गर्ने गरेको वर्षपुस्तक सबै सरोकारवालाको लागि मात्र होइन कि मानवअधिकारको उल्लङ्घनका घटनाका दोषीलाई जवाफदेही बनाउन तथा घटनाको आधिकारिक सत्य, तथ्यसम्म पुग्न अति नै उपयोगी अभिलेखको रूपमा स्थापित भइसकेको छ। यो वर्षपुस्तक मानवअधिकारसँग सम्बन्धित घटनाहरूको निष्पक्ष रूपमा सङ्ग्रहित अभिलेखको महत्वपूर्ण दस्तावेज हुनुको अलावा लोकतन्त्र, नागरिक अधिकार, नेपाल पक्ष राष्ट्र भई हस्ताक्षर एवम् अनुमोदन गरेका मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धी सम्झौताहरूको कार्यान्वयन तथा प्रवर्धनमा पनि सहयोगी सावित भएको छ।

पुस्तकमा नेपालको सङ्क्रमणकालीन राजनीतिक अवस्थाको समुचित व्यवस्थापन, नयाँ संविधान निर्माण तथा जारी शान्ति प्रक्रियाको प्रवर्द्धनका लागि पनि सहयोगी साबित हुने सामग्रीहरू समावेश गरिनुले थप उपयोगी हुने विश्वास गर्न सकिन्छ। यो पुस्तकलाई बहुआयामिक एवम् बहुउपयोगी बनाउन

महत्वपूर्ण भूमिका निर्वाह गर्ने इन्सेक जिल्ला प्रतिनिधिहरू साथै सम्पूर्ण इन्सेक परिवारलाई मानवअधिकारको संरक्षण र प्रवर्द्धनमा यो वर्षपुस्तकले थप उर्जा प्रदान गर्न सकोस् भन्ने शुभेच्छा पनि प्रकट गर्दछु।

खगराज आचार्य
संयोजक
शान्तिका लागि नागरिक समाजको सञ्जाल, कास्की

वर्षभरि घटेका मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई समेटेर प्रकाशित गरिएको 'नेपाल मानव अधिकार वर्ष २०१० पुस्तक' पढ्न पाएँ। पुस्तकले मानवीय संवेदनशीलतालाई सचित्र प्रस्तुत गर्दा पुस्तक अध्ययन गर्नेको मन छुन्छ। पुस्तकले घटनालाई उजागार गर्ने मात्र होइन दोषी उपर कारवाही गर्ने नैतिक दबाव पनि दिन सक्ने वातावरण बनाउन सकोस्। कहीँ कतै यस संस्थालाई अन्य संस्थाले राजनीतिक दलगत रिपोर्टिङ गरेको भन्ने आरोप पनि लाग्ने गरेको सुनियो। यस्तो आभास हुन नदिनु सम्बन्धित पक्षको ध्यान जानेछ। लोकतान्त्रिक व्यवस्थामा कुनै राजनीतिक दलसँग आस्था राख्नु असान्दर्भिक होइन तर दलको छवि देखिने गरी एकपक्षीय रूपमा रिपोर्टिङ नगरी निष्पक्ष रूपमा मानवीय संवेदनशीलतालाई मुख्य प्राथमिकता दिएर अघि बढ्ने आशा लिएको छु। हुने खानेलाई मात्र होइन हुँदा खानेसम्मको पहुँचसम्म यस पुस्तकको विस्तार हुन सकोस्। यो पुस्तक व्यक्तिगत रूपमा बाड्नु भन्दा सार्वजनिक पुस्तकालयमा एक एक प्रति पुग्न सके सबैको पुस्तकप्रति मोह बढ्ने छ। पुस्तकमा पाइएको निष्पक्षताको लागि धन्यवाद।

बी बी आले 'सिन्धुलीया'
उपाध्यक्ष
आदिवासी जनजाति पत्रकार सङ्घ (अनिज) कास्की

मानवअधिकार र सामाजिक न्यायको क्षेत्रमा कार्यरत अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले देशको मानवअधिकारको स्थितिलाई समेटेर नियमित रूपमा प्रकाशन गर्दै आएको नेपाल मानवअधिकार वर्षपुस्तक सबैको लागि अत्यन्तै उपयोगी र महत्वपूर्ण रहेको छ। समग्र नेपालको मानवअधिकारको स्थिति जस्ताको तस्तै उतारिएको पुस्तक मानवअधिकारमा सरोकार राख्ने जो कोहीका लागि सङ्ग्रहणीय छ।

मुलुकमा व्याप्त दण्डहीनता, कानुनी शासनको अभावमा मानवअधिकारको स्थितिमा सुधार आउन नसकेको कुरा विदितै छ। विगतमा भएका हिंसात्मक द्वन्द्वको क्रममा राज्य तथा गैरराज्य पक्षबाट भएका गम्भीर प्रकृतिका मानवअधिकार उल्लङ्घनमा संलग्न दोषीलाई जवाफदेही र पीडितलाई उचित न्याय र परिपूरण हुन नसक्दासम्म नेपालको मानवअधिकारको स्थितिमा सुधार आउने देखिँदैन। विस्तृत शान्ति सम्झौता पश्चात् राज्यबाट मानवअधिकारका उल्लङ्घनका घटनामा कमी आए पनि सङ्गठित समूहहरूबाट मानवअधिकारको ज्यादती रोकिएको छैन।

यस्तो अवस्थामा इन्सेकले मानवअधिकार वर्षपुस्तकमार्फत् संविधान निर्माण, शान्ति प्रक्रियामा अवरोध, राजनीतिक अस्थीरता, न्यायिक स्वतन्त्रता, दण्डहीनता र व्यवस्थापिका कार्यपालिकाका असक्षमताको खबरदारी प्रशंसनीय छ। त्यस्तो खबरदारी र निगरानीलाई अझै निरन्तरता दिँदै राजनीतिक दल, सरकार र राज्यका हरेक निकायलाई जवाफदेही र जिम्मेवार बनाउन सकेमा मात्र मानवअधिकारको संरक्षण र सम्बर्द्धन हुन सक्छ।

श्याम कुँवर
उपाध्यक्ष, नेपाल पत्रकार महासङ्घ, कास्की

नेपाल मानवअधिकार वर्षपुस्तक यस कार्यालयमा पनि निरन्तर रूपमा प्राप्त भइरहेको छ। वर्तमान बदलिँदो सङ्क्रमणकालीन परिस्थितिमा प्रकाशित भइरहेको उक्त पुस्तकले आधारभूत मानवअधिकारको पृष्ठपोषण गर्दै आएको छ। विगतको द्वन्द्वात्मक समयमा पनि समाजमा भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई परिलक्ष्यित गरी त्यस्ता घटनाहरूबाट उत्पीडित बनेको नेपाली समाजको संरक्षणमा नयाँ आयाम थप्न सहयोग पुऱ्याएको महशुस गरेको छु। त्यसैले समाज परिवर्तनको मूल प्रवाहको रूपमा देखा परेको यस मानवअधिकार वर्षपुस्तक सम्बन्धमा जनविश्वास बढ्दै गइरहेको छ।

देवेन्द्रराज खनाल
जिल्ला शिक्षा अधिकारी, मुस्ताङ

इन्सेकले २०१० का मानवअधिकारसम्बन्धी घटनालाई मानवअधिकार वर्षपुस्तक सन् २०११ मा प्रकाशन गरी सम्प्रेषण गर्न लागेको कुरा सरहानीय छ। पुस्तकमा उल्लेख हुने विषयवस्तुहरू यथार्थ सत्य तथ्य हुने नै छन्। इन्सेकले यस्तो प्रकाशनलाई निरन्तरता दिने र सफलता मिल्नेछ भन्ने विश्वास समेत लिएको छु।

माधवेन्द्रराज रेग्मी
न्यायाधीश, जिल्ला अदालत, स्याङ्जा

इन्सेक विगत लामो समयदेखि मानवअधिकारका क्षेत्रमा क्रियाशील छ। अधिकारका प्राप्तीको आन्दोलनमा नेपाली जनताले इतिहास निर्माण गरेका छन् तापनि अझै पनि ग्रामीण क्षेत्र र शहर बजारका वासिन्दामा व्याप्त अशिक्षा, विपन्नता र भ्रम तथा अन्यौलले गर्दा आफ्नो मानवअधिकार बुझ्न कठिनाइ भइरहेको छ। अझ पितृसत्तात्मक समाज एवम् सामन्ती संस्कृतिले गर्दा महिला समुदायको अवस्था गम्भीर छ। इन्सेकले उपर्युक्त वर्ग,तह र समुदायभित्र चेतना अभिवृद्धि गर्ने पीडित पक्षको आवाज बुलन्द गर्ने काम गरेको महशुश भएको छ।

चक्रबहादुर पराजुली
अध्यक्ष नेकपा एमाले कमिटी, स्याङ्जा

इन्सेकले नेपाल मानवअधिकार वर्षपुस्तक प्रकाशन गरी सर्वसाधारण जनता समक्ष प्रस्तुत गर्दै आएको विदितै छ। मानवअधिकार तथा मौलिक अधिकारको क्षेत्रमा यस संस्थाले अझ बढी प्रभावकारी रूपले कार्य गर्न सकोस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछु।

गोविन्दप्रसाद बराल
जिल्ला न्यायाधिवक्ता, स्याङजा

मानवअधिकारको संरक्षण र सम्वर्द्धनको उद्देश्यबाट अभिप्रेरित भई हरेक वर्ष इन्सेकबाट प्रकाशन हुने मानवअधिकार वर्षपुस्तक कानुन कार्यान्वयन गर्ने जिम्मेवार निकायलाई मात्र नभई मानवअधिकारको बारेमा रूचि राख्ने जोकोहीलाई महत्वपूर्ण दस्तावेज हुनेछ। अपराधको रोकथाम र नियन्त्रण एवम् मानवअधिकारको संरक्षण र सम्वर्द्धन तर्फ भएका प्रयासलाई पनि प्रकाशन गर्नसके राम्रो हुन्थ्यो।

कृष्णप्रसाद अधिकारी
प्रहरी निरीक्षक जिल्ला प्रहरी कार्यालय, स्याङजा

इन्सेकले मानवअधिकारको क्षेत्रमा अग्रणी भूमिका निर्वाह गर्दै आएको छ। कतिपय हिंसाका घटनाहरू छुटेका छन् जस्तो लागेको छ। मानवअधिकार उल्लङ्घन तथा ज्यादती गर्ने जुनसुकै समूह एवम् पक्षलाई इन्सेकले किटानी गरेरै सचेत बनाउँदै आएको छ। देशभर भएका मानवअधिकार उल्लङ्घनसम्बन्धी सबैखाले घटनाहरूलाई समेटेर जुन पुस्तक प्रकाशन हुँदै आएको छ त्यो नै सराहनीय पक्ष हो। न्यायोचित र निष्पक्ष तरिकाले औंल्याएको हाम्रो ठहर छ। हामीले पनि इन्सेकको अभियानबाट आफूलाई सजग, सचेत र संयमित राख्ने अवसर पाएका छौं। घरेलु हिंसा सम्बन्धी धेरै घटनाहरू बाहिरै आउँदैनन्। तिनलाई पनि समेट्ने प्रयास होस्। इन्सेकको अभियानलाई जारी शुभकामना।

अब्दुल रज्जाक
सभापति, नेपाली काङ्ग्रेस, जिल्ला समिति, रूपन्देही

देशभर भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई समेटेर हरेक वर्षपुस्तक प्रकाशन गर्नु आफैंमा महत्वपूर्ण र चुनौतीपूर्ण काम हो। यसलाई मुलुकको मानवअधिकारको एक मात्र दस्तावेजका रूपमा लिन सकिन्छ। मानवअधिकारबारे जनचेतना जगाउनुका साथै देशमा भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई अझ निर्भिकताका साथ ल्याउनेतर्फ इन्सेकको जारी सामाजिक अभियान अझ सशक्त बनोस्, इन्सेक परिवारलाई हाम्रो शुभकामना।

लिला गिरी
अध्यक्ष, एमाले, रूपन्देही

मानवअधिकारको संरक्षण सम्वर्द्धन र रक्षाका लागि इन्सेकले सरहानीय काम गरेको छ। कानुनी राज्य, विधिको शासन र लोकतन्त्रका लागि लड्नु जटिल र अति नै महत्वपूर्ण तथा जोखिम कदम पनि हो। इन्सेकले जस्तो सुकै अवस्था र चुनौतीहरूमा पनि आफ्नो अभियानलाई निर्भिकताका साथ अगाडि बढाएको छ त्यो अझ महत्वपूर्ण पक्ष हो। मानवअधिकारको क्षेत्र ठूलो फराकिलो र विस्तारित भएको छ। यी सबै क्षेत्रमा इन्सेकले अझ सशक्त अभियान चलाउने छ भन्ने विश्वास लिएको छु। नेपाल बार एशोसिएशनले इन्सेकसँग सहकार्य गर्दै आएको छ। इन्सेकको सामाजिक अभियानलाई धेरै शुभकामना।

महेन्द्र पाण्डे
अध्यक्ष, नेपाल बार एशोसिएसन, रूपन्देही

मुलुकभर सञ्जाल भएको इन्सेकको अभियान सराहनीय छ। इन्सेकले राज्य पक्ष होस् वा नागरिक र प्रतिपक्ष सबैलाई सजग, सचेत र जवाफदेही बनाउने काम गर्दै आएको मेरो अनुभव छ। पछिल्लो अङ्क बाहेक अरू सबै अङ्कहरू नियमित हेर्ने गरेको छु। देशभर भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई जस्ताको तस्तै र निर्भिक भएर इन्सेकले वर्षपुस्तक मार्फत प्रकाशन गर्दै आएको छ यो अति

महत्वपूर्ण कदम हो। यसलाई अझ गाउँ गाउँमा पुऱ्याउन जरूरी छ।

प्रकाश ढुङ्गाना
सरकारी वकिलको कार्यालय, रूपन्देही

मुलुकमा मानवअधिकारको अवस्था सन्तोषजनक छैन। दण्डहीनता कायमै छ। राजनीतिमा अपराधले संरक्षण पाउँदै आएको छ। यसले जनतामा भय, त्रास र असुरक्षा बढाएको छ। यो वा त्यो बहानामा मानवअधिकारको उल्लङ्घन र हनन हुने क्रम रोकिएको छैन। ज्यादती भएको छ। मान्छेका जीवनलिला नै समाप्त पार्ने जस्ता अपराधीलाई राजनीतिक दलहरूले यो वा त्यो बहानामा संरक्षण दिइरहेका छन्। तराईमा विभिन्न सशस्त्र समूहका नाममा अहिले पनि हत्या हिंसाका श्रृङ्खला जारी छन्। निर्दोषले ज्यान गुमाउनु परेको छ। तराई क्षेत्रमा उत्पन्न भएका विभिन्न खालका सशस्त्र समूहहरूका कारण रूपन्देहीको जनजीवन पनि त्रस्त छ। चन्दा आतङ्क हटेको छैन्। राज्य नागरिकको जीउधनको रक्षार्थ संवेदनशील नबन्दा मानवअधिकारको अवस्था अझ दयनीय बन्दै गएको मैले महसुस गरेको छु। दण्डहीनता कायमै रहँदा आपराधीले उन्मुक्ति पाइरहेका छन्। जस्तोसुकै जटिल परिस्थितमा पनि देशभर भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई अभिलेखीकरण गर्ने इन्सेकको अभियान सरहानीय छ।

सिद्धिचरण भट्टराई
पूर्व अध्यक्ष, गैसस महासङ्घ, रूपन्देही

मानवअधिकारको क्षेत्रमा इन्सेकको क्रियाशीलता सरहानीय छ। मानवअधिकार र सामाजिक न्यायको नारा लिएर इन्सेकले देशव्यापी अभियान सञ्चालन गरेर राज्यलाई पनि झकझकाउने काम गरेको छ। देशभर भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई निर्भिकताका साथ जस्ताको तस्तै दस्तावेजका रूपमा प्रस्तुत गर्ने इन्सेकको मानवअधिकार वर्षपुस्तकले कानुनी राज्य र विधिको शासन सञ्चालनका लागि मार्गदर्शनको पनि काम गरेको छ। इन्सेकको वर्षपुस्तकले मानवअधिकार उल्लङ्घन गर्नेलाई निरूत्साहित गर्न, जवाफदेही बनाउन र मानवअधिकारलाई संरक्षण र सम्बर्द्धन गर्न उल्लेखनीय भूमिका खेल्दै आएको छ। इन्सेक अभियान अझ निर्भिकताका साथ अगाडि बढोस इन्सेकको सामाजिक अभियानलाई हार्दिक शुभकामना।

तारानाथ गौतम
प्रमुख जिल्ला अधिकारी, रूपन्देही

मानवधिकार वर्षपुस्तकले कानुनी राज्य तथा विधिको शासनमा जोड दिँदै सामाजिक न्यायका पक्षमा निरन्तर अभियान सञ्चालन गरेको छ। वर्षपुस्तक मुलुकको मानवअधिकार क्षेत्रको दस्तावेजका रूपमा लिएका छौं। दण्डहीनता व्याप्त रहेको यस परिस्थितिमा मानवअधिकारको अवस्थामा सुधार आउन सकेन। हरेक क्षेत्र, भाषा, लिङ्ग, समुदाय, जाति, वर्ग र समूहले आफ्ना हकअधिकार सुनिश्चित गर्न र संवैधानिक सुनिश्चितता प्रदान गर्न आन्दोलनरत छन्। यो आन्दोलनमा इन्सेकले पुऱ्याएको निष्पक्ष सहयोगका लागि इन्सेक परिवारलाई धन्यवाद।

विमला पन्थी
अध्यक्ष, अनेमसङ्घ, रूपन्देही

इन्सेकले मानवअधिकार र सामाजिक न्यायका पक्षमा निरन्तर प्रकाशन गर्दै आएको मानवअधिकार वर्षपुस्तक मुलुकको एक मात्र दस्ताबेज हो। यसको प्रकाशनले मानवअधिकारप्रति सचेत र जिज्ञासु नागरिक समाजका लागि मार्गदर्शक दस्ताबेजको काम गरेको छ। इन्सेकको अभियानले राज्य र राज्य सञ्चालक तहका दलहरूलाई आफ्नो दायित्वतर्फ सदैव खबरदारी गर्दै आएको छ।

इन्दिरा अर्याल
महिला अधिकार रक्षक सञ्जाल, रूपन्देही

इन्सेकद्वारा प्रकाशित नेपाल मानवअधिकार वर्षपुस्तक मानवअधिकार क्षेत्रमा अति नै प्रभावकारी र महत्वपूर्ण पुस्तक हो। यद्यपि जातीयता र छुवाछुतका आधारमा हुने भेदभाव र अमानवीय क्रियाकलापहरू सबै समेट्न नसकिएको जस्तो लाग्यो। समुदायस्तरमा जातीय भेदभाव अझैपनि कायमै छ। यस सम्बन्धी घटनाहरूलाई सकभर नछुटाई प्रकाशन गर्न इन्सेकलाई आग्रह गर्दछु। समुदायलाई सचेत र सजग बनाउन इन्सेकले खेलेको अग्रणी भूमिका उदाहरणीय र सराहनीय छ।

मनु विश्वकर्मा
दलित महिला सङ्घ, रूपन्देही

मानवअधिकारको क्षेत्रमा अग्रणी संस्था इन्सेकको निरन्तरको सामाजिक अभियान सराहनीय

छ। देशभर भएका उल्लङ्घनका घटनाहरूलाई जस्ताको त्यस्तै र निर्भिकताका साथ दस्तावेजका रूपमा प्रकाशन हुँदै आएको वर्षपुस्तक राज्यका लागि मार्गदर्शक बनेको छ। मानवअधिकारका हरेक क्षेत्रहरूमा भएका उल्लङ्घन, ज्यादती र जबरजस्तीका घटनाहरूलाई सकभर नछुटाइकन पुस्तकमा समेट्ने काम होस्।

गोविन्द खनाल
मानवअधिकार तथा शान्ति समाज, रूपन्देही

विगतका वर्षहरूमा जस्तै यस वर्ष पनि इन्सेकद्वारा प्रकाशित मानवअधिकार वर्षपुस्तक २०१० समयमै हेर्ने अवसर प्राप्त भयो। वर्षपुस्तकमा विभिन्न समुहद्वारा गराईएका हत्या, हिंसा, अपहरणका घटना लगायत बालबालिका र महिला अधिकारका विरूद्ध भए गरेका घटनाहरूको समेत निष्पक्ष रूपमा सत्य तथ्य सार्वजनिक गर्न इन्सेक सफल भएको छ। आगामी दिनहरूमा पनि घटनाबाट पीडितको गोपनीयता कायम राख्दै मानवअधिकारको संरक्षण र सम्वर्धन गराउने आफ्नो उद्देश्यमा पूर्ण सफलता प्राप्त होस् भन्ने शुभकामना व्यक्त गर्दछु।

हेमराज पन्त
न्यायाधीश, जिल्ला अदालत, नवलपरासी

नेपाल मानवअधिकार वर्षपुस्तक २०११ अध्ययन गर्ने मौका मिल्यो। पुस्तकमा नवलपरासी जिल्लाका मानवअधिकार उल्लङ्घनका घटनाहरू सिलसिलेवाररूपमा प्रस्तुत गरिएको छ। मानवअिधकार वर्षपुस्तकमा उल्लेख भएका घटनाका पीडितले राहत पाउने अपेक्षा गर्न सकिन्छ। भविष्यको समेत दस्तावेज भएकाले वर्षपुस्तकमा समेटिने सामग्री सत्यतथ्यमा आधारित हुन जरुरी छ। मानवअधिकार वर्षपुस्तक २०११ का लागि हार्दिक शुभकामना।

हरिराज पन्त
प्रमुख जिल्ला अधिकारी, नवमलपरासी

नेपाल मानवअधिकार वर्षपुस्तक २०१० सदाको वर्ष जस्तै यस वर्ष पनि प्राप्त भयो। वर्षपुस्तकले बिनापूर्वाग्रह आफ्नो धर्म निभाएको अध्ययनको क्रममा पाएँ। मुलुक गणतन्त्रमा परिणत भइसकेको यस अवस्थामा अझै पनि धमिलो पानीमा माछा मार्न तयार हुनेहरूको यस पुस्तकले उछितो काढेको छ। विश्वका कतिपय मुलुकहरूमा जीवजन्तुको समेत अधिकारका बारेमा काम भइराखेको बेला हाम्रो देशमा अझै पनि मानवअधिकारको समेत पूर्णपालना गर्न नसकिरहेको देख्दा दु:ख लाग्छ। यस पुस्तकले मुलुकको मानवअधिकारको अवस्थाको बारेमा प्रष्ट पारेको छ। अन्त्यमा समयमानै पुस्तक उपलब्ध गराउने इन्सेक र यसका जिल्ला प्रतिनिधि नारायण पराजुलीलाई धन्यवाद ज्ञापन गर्दछु।

विष्णु लामिछाने
सचिव, नेपाली काङ्ग्रेस जिल्ला समिति, नवलपरासी

इन्सेकले प्रकाशन गर्दै आएको नेपाल मानवअधिकार वर्षपुस्तक २०१० विगतका वर्षहरू झैं यस वर्ष पनि प्राप्त भई अध्ययन गर्ने अवसर प्राप्त भयो। पुस्तकले मानवअधिकार उल्लङ्घनका घटनालाई समेटेको पाइयो। यसले बालअधिकार, महिलाअधिकार र हत्या हिंसालगायतका सम्पूर्ण घटनालाई उजागर गरेको छ। पार्टी कार्यालयमा भएको आगजनीका कारण इन्सेकले उपलब्ध गराउँदै आएका मानवअधिकार वर्षपुस्तक जलेर नष्ट भएकोले पूर्णरूपले अध्ययन गर्नबाट वञ्चित भएको जानकारी गराउँदछु।

तुलसी पासी
उपसचिव एवम् कार्यालय सचिव
नेकपा एमाले जिल्ला कमिटी, नवलपरासी

इन्सेकवाट प्रकाशित वर्षपुस्तकहरू सबै व्यक्ति समुदाय, राजनीतिक पार्टी र हामी कानुनको क्षेत्रमा कार्यरत सम्पूर्णका लागि महत्वपूर्ण खुराक बन्न सफल भएको छ। अझै सशक्त सक्षम स्वतन्त्र र निष्पक्ष रूपमा आफ्नो इतिहासलाई जिवन्तता दिँदै अगाडि बढिरहोस् भन्ने सुभेक्षासहित इन्सेक परिवारप्रति आभार व्यक्त गर्दै संस्थाको उत्तर उत्तर प्रगतिको कामना गर्दछु।

बाबुराम खडका
अध्यक्ष, बार एसोसिएसन, नवलपरासी

नेपाल मानवअधिकार वर्षपुस्तकले राज्य पक्ष र गैर राज्यपक्षबाट भएका मानवअधिकार उल्लघङ्नका घटनाहरूलाई प्रष्ट गरेको छ। यसले देशको समग्र मानवअधिकार अवस्थालाई समेटेको देखिन्छ। पुस्तक प्रकाशन गर्नु पहिले यसको शुद्धता जाँच्न सम्बन्धित सरोकारवालासँग छलफल गरे अरू बढी भरपर्दो हुने देखिन्छ। यस पुस्तकले मानवअधिकारको संरक्षण र सम्वर्धन गर्न उल्लेखनीय भूमिका खेलेको छ भन्ने मलाई लागेको छ। यस्ता पुस्तकहरू सर्वसाधारणको पहुँचसम्म पुऱ्याउनु जरूरी छ। यसमा उल्लेखित घटनाहरू पढेर अब यस्तो घटना दोहोरिन दिनु हुँदैन भन्ने पाठ सिक्नु

सबैको कर्तव्य हुने ठानेको छु। मानवअधिकार क्षेत्रमा यस खोजमूलक सङ्ग्रहले सबै मानिसलाई मानवीय काम गर्न उन्मुख गर्न सक्नेछ भन्ने मलाई लागेको छ।

वासुदेव दाहाल
प्रमुख जिल्ला अधिकारी, बाँके

नेपाल मानवअधिकार वर्षपुस्तक २०१० का सम्बन्धमा प्रतिक्रिया दिन पाउँदा खुशी लागेको छ। यस पुस्तकले वर्षभरि भएका मानवअधिकार उल्लङ्घन / ज्यादती तथा अन्य घटनाहरूको अभिलेखीकरण गर्ने गरेकाले अनुसन्धान/सोधकर्तालाई नेपालको मानवअधिकार अवस्था बुझ्न अत्यन्त उपयोगी भएको मैले महसुस गरेको छु। मानवअधिकार हनन्का घट्नाहरूको तथ्याङ्क र घट्नाको बारेमा वर्णनात्मक विवरण समेत भएकोले घट्नाको विश्लेषण एवम् मानवअधिकार उल्लङ्घन/ज्यादतीका प्रवृत्तिका बारेमा विश्लेषण गर्न समेत उपयोगी छ। मानवअधिकार उल्लङ्घन/ज्यादतीका घटनाहरूको अभिलेखीकरण वर्षपुस्तकले गर्ने भए तापनि धेरै आपराधिक क्रियाकलापका घटनाहरू पनि सँगसँगै उल्लेख गरिनुले कुन घट्ना मानवअधिकार उल्लघङ्घन/ज्यादती वा अपराध हो पाठकलाई छुट्याउन गाह्रो पर्ने देखिएकोले अपराधको छुट्टै विषयसूची बनाई अभिलेखीकरण गर्न सकेमा अझ स्पष्ट हुनेछ। त्यस्तै कतिपय आपराधिक घटनाको विवरण उल्लेख भए तापनि त्यस्ता घट्नाहरूको कानूनी कारबाही/प्रकृया कहाँ पुगेको छ भन्ने उल्लेख नगरिँदा विश्लेषणको पाटो अपूरो देखिने भएकोले कानूनी कारबाहीको अवस्था समेत उल्लेख भए प्रभावकारी हुने थियो।

मुरारीप्रसाद खरेल
क्षेत्रीय निर्देशक,
राष्ट्रिय मानवअधिकार आयोग, बाँके

मानवअधिकार वर्षपुस्तकले मानवअधिकार हनन् तथा उल्लङ्घनका घटनाहरूलाई अभीलेखीकरण गरी सार्वजनिक गरेको छ। यस पुस्तकले सम्पूर्ण नागरिकहरूलाई मानवअधिकारप्रति सचेत र जागरूक गराउँदै आ–आफ्ना तर्फबाट मानवअधिकार हनन नगर्न सजग र सचेत गराएको छ। देशमा कानुन व्यवस्था कमजोर रहेको र दण्डहीनताको संस्कृतिले आमनागरिकलाई आक्रान्त बनाइरहेको परिवेशमा मानवअधिकारको उल्लङ्घनका घटनाहरूलाई सङ्कलन/सङ्ग्रह गरी प्रकाशन हुने इन्सेक मानवअधिकार वर्षपुस्तकले मानवअधिकारको संरक्षण र सम्वर्द्धनप्रति प्रतिबद्ध रहन सबै सरोकारवालालाई खबरदारी गरेको छ। मानवअधिकारको क्षेत्रमा कार्यरत सङ्घ/संस्था, मानवअधिकारकर्मीहरूमा यो पुस्तकले सूचनाको खोजी गर्न र स्रोतको रूपमा प्रयोग गर्न सघाएको छ।

प्रकाश उपाध्याय
क्षेत्रीय संयोजक, हिमराइट्स, बाँके

इन्सेकद्वारा हरेक वर्ष प्रकाशित गरिँदै आएको नेपाल मानवअधिकार वर्षपुस्तक नेपालको मानवअधिकार अवस्थालाई अभिलेखीकरण र सार्वजनिक गर्ने आधिकारिक एवम् तथ्यपरक पुस्तकको रूपमा रहेको छ। मानवअधिकारप्रति सचेत रही चासो राख्ने र अध्ययन गर्ने संस्थाका लागि पनि यो पुस्तक सहयोगी बन्ने विश्वास लिएको छु। यसैगरी इन्सेकबाट नियमित रूपमा प्रकाशन हुने मानवअधिकार वर्षपुस्तक २०११ मा पनि देशभरि भएका मानवअधिकार उल्लङ्घनका सबै घटनालाई तथ्यपरक ढङ्गले अनुसन्धान गरी निष्पक्ष तरिकाले सबै घटनाहरूको तथ्याङ्क प्रकाशन होस भन्ने कामना गर्दै यसले समग्र मानवअधिकारलाई संस्थागत बनाउन मद्दत गरोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

सुनिल श्रेष्ठ
अध्यक्ष
पुनरावेदन बार एशोसिएसन, नेपालगञ्ज, बाँके

मानव सभ्यताको लागि मानवअधिकार सम्बन्धी अवधारणको जति महत्व छ हरेक व्यक्तिको मानवअधिकारको सङ्रक्षण र सम्वर्धन हुनुपर्ने तथ्य अझै बढी महत्वको छ। अत: देशको कुना कन्दराहरूमा भएका मानवअधिकार विरूद्धका घटनाहरूको खोजी र प्रकाशन गर्ने इन्सेकको कार्य अत्यन्त सरहानीय छ। नेपाल मानवअधिकार वर्षपुस्तक २०११ मानवताको सम्मान, समानता, न्याय र कानुनको शासनमा आधारित शान्ति तथा न्यायपूर्ण नयाँ नेपाल निर्माण गर्नमा कोशेढुङ्गा सावित हुनेछ भन्ने विश्वास व्यक्त गर्दै मानवअधिकारको संरक्षण र सम्वर्द्धन गर्ने कार्यको प्रयास निरन्तर होस् भन्ने शुभ-कामना समेत व्यक्त गर्न चाहन्छु।

महेन्द्रराज गौतम
न्यायाधीश, जिल्ला अदालत, बाँके

इन्सेकद्वारा मानवअधिकार वर्षपुस्तक सन् २०११ मा दैलेख जिल्लामा वर्षभरि भएका

मानवअधिकार उल्लङ्घनका घटनाहरूको अभिलेखीकरण गरी राज्य, राजनीतिक दल र जनताको ध्यानाकर्षण गर्न सफल भएको छ। भोलिका दिनहरूमा इन्सेकले जिल्लामा भएका मानवअधिकार उल्लङ्घनका घटनालाई अझ सुक्ष्म रूपमा अध्ययन, व्यख्या र बिश्लेषण गरी मानवअधिकार सम्बन्धी सम्पूर्ण घटनाहरूको लेखाजोखा गरी अथार्थ विवरण ल्याउन सफल होस भन्ने सुभकामना दिन चाहन्छु।

ललितबहादुर मल्ल
अध्यक्ष, नेपाल बार एसोसिएसन, दैलेख

मानवअधिकारसम्बन्धी घटनाहरूलाई सम्पूर्ण यथार्थसहित इन्सेकद्वारा प्रत्येक वर्ष प्रकाशन हुने मानवअधिकार वर्षपुस्तकले वास्तविक न्यायको थालनी गरेको प्रति नेपाल पत्रकार महासङ्घ दैलेख हार्दिक शुभकामना व्यक्त गर्दछ। विगत द्वन्द्वको समयमा सरकार र विद्रोही पक्षबाट भएको व्यापक मानवअधिकार उल्लङ्घनले बाक्लो बनेको नेपाल मानवअधिकार वर्षपुस्तक शान्ति स्थापनापछि केही सानो आकारमा परिणत होला भन्ने आशा गरिएको थियो। तर, त्यसो हुन पाएन। मानवअधिकारको अवस्थामा अपेक्षित सुधार आएन। मानवअधिकार वर्षपुस्तकले समाजका हरेक घटनाको विश्लेषणात्मक प्रस्तुतिको निरन्तरताको कामनासँगै यसको सफलताको शुभकामना दिन चाहन्छु।

विष्णुप्रसाद शर्मा
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, जिल्ला शाखा, दैलेख

'नेपाल मानवअधिकार वर्षपुस्तक' का रूपमा एक क्यालेण्डर वर्षमा भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई लिपिबद्ध गरी एक पुस्तकका रूपमा इन्सेकले हरेक वर्ष प्रकाशन गर्दै आएको वर्षपुस्तकले मानवअधिकारको बारेमा रूची राख्ने व्यक्ति तथा संस्थाहरूलाई ऋणि तुल्याएको छ। जिज्ञासु तथा अध्ययनशील व्यक्तिहरूको सहयोगीका रूपमा आफूलाई उभ्याउन सक्नु इन्सेकको सफलता मान्नुपर्दछ। मानवअधिकारका क्षेत्रमा कार्यक्रम सञ्चालन गर्नु र यसलाई निष्पक्ष रूपमा सञ्चालन गर्नु आफैंमा चुनौतिको विषय हो। यदाकदा झिनामसिना विवाद तथा राजनीतिक पूर्वाग्रहको आरोप लागेपनि समग्रमा यस संस्थाले जिम्मेवारीपूर्वक कार्यसम्पादन गरेको देखिन्छ। आगामी दिनहरूमा इन्सेकले मानवअधिकारको क्षेत्रमा अझै राम्रो गर्दै जाने विश्वास लिएको छु।

कृष्णकुमार विसी
सभापति, नेपाली काङ्ग्रेस
जिल्ला कार्य समिति, दैलेख

इन्सेकद्वारा प्रकाशन गरिँदै आएको नेपाल मानवअधिकार वर्षपुस्तक एक व्यवस्थित दस्तावेज मात्र नभई समग्र मानवअधिकारको ऐना पनि हो। हालसम्म प्रकाशित पुस्तकहरूको अध्ययनले यस क्षेत्रमा काम गर्ने विज्ञलगायत सम्बन्धित सबैलाई थप जानकारी र विज्ञता हासिल गर्न महत्वपूर्ण शैक्षिक सामग्रीको रूपमा स्थापित भएको छ। इन्सेक वर्षपुस्तकको समीक्षा राजधानीबाहेक देशको विभिन्न ठाँउमा गर्दा राम्रो प्रभाव देखिन्छ।

अमरबहादुर थापा
अध्यक्ष, नेकपा एमाले, दैलेख

विगतमा झै यस वर्ष पनि इन्सेकले वर्षभरि भएका मानवअधिकार उल्लङ्घनसम्बन्धी घटनाहरूलाई समेटेर वर्षपुस्तक प्रकाशन गर्न लागेको जानकारी पाउँदा हामीलाई खुशी लागेको छ। औसत मानिसहरूलाई खान-लाउन समेत नपुग्ने देशमा मानवअधिकार एक जटिल मुद्दा हो। त्यसमा पनि राजनीतिक तरलताका कारण सङ्क्रमणकालको फाइदा उठाएर कैयौं अपराधहरू भइरहेका छन्। आगामी दिनहरूमा पनि इन्सेकले समाजमा हुने गरेका मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई विना पूर्वाग्रह निष्पक्ष ढङ्गले अगाडि ल्याई नयाँ र अग्रगामी नेपाल निर्माणको अभियानलाई सहयोग पुऱ्याउने छ भन्ने अपेक्षासहित शुभकामना व्यक्त गर्दछौं।

सरस्वती मोहोरा
सेक्रेटरी, एकीकृत माओवादी, दैलेख

इन्सेकद्वारा प्रकाशित मानवअधिकार वर्षपुस्तक २०१० अध्ययन गर्ने अवसर प्राप्त भयो। कुनै पक्षबाट भए गरेका मानवअधिकार उल्लङ्घनका घटनाको बारेमा जानकारी दिई सम्बन्धित पक्षलाई मानवअधिकारप्रति सजग र सचेत गराउन इन्सेकले महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ। यस वर्षको प्रकाशनमा पनि मानवअधिकार उल्लङ्घनसम्बन्धी घटनाहरू निष्पक्षताका साथ अध्ययन गरी अझ परिस्कृत र परिमार्जित रूपमा प्रकाशन गर्न सफलता

मिलोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

ऋषिराम ढकाल
प्रमुख जिल्ला अधिकारी, दाङ

इन्सेकले विगत झै मानवअधिकारसम्बन्धी विषयलाई समेटेर 'नेपाल मानवअधिकार वर्षपुस्तक' प्रकाशन गर्न लागेकोमा यस कार्यालयको तर्फबाट हार्दिक शुभकामना तथा बधाई ज्ञापन गर्दै सफलताको कामना गर्दछु साथै सो पुस्तकका सम्बन्धमा निम्न लिखित सुझाव र सल्लाह दिन चाहान्छु :

१) मानिसले मानिसको हैसियतमा मर्यादित भएर बाच्नका लागि आवश्यक पर्ने सबै अधिकारलाई मानवअधिकारको परिभाषामा राखेको छ। मानवअधिकार आयोग ऐन २०५३ ले मानवअधिकारलाई व्यक्तिगत जीवन, स्वतन्त्रता र मर्यादासँग सम्बन्धित संविधान तथा अन्य प्रचति कानुनबाँकेद्वारा अनुमोदित अधिकारहरू नै मानवअधिकार हो भनी परिभाषित गरेको छ।

२) मानवअधिकार वर्षपुस्तकमा अपराधको तालिका, अपराधसम्बन्धी विवरणहरू मात्र उल्लेख गरिएको देखिएकाले अपराध विवरण पुस्तिका जस्तो देखियो। अपराध र मानवअधिकार फरक विषयवस्तु भएकोले यसमा भिन्नता देखिनु पर्दछ। त्यसैले विशेष प्रकृतिका र मानवअधिकार उल्लङ्घनका घटनाहरू मात्र यसमा समावेश गर्दा उपयुक्त हुन्छ।

३) महिला विरूद्ध हुने सबै प्रकारको दर्व्यवहार, बलात्कार र बलात्कारका प्रयास, यौनदुर्व्यवहारका प्रयास सम्बन्धमा प्रहरीद्वारा गरिएका बलात्कारका घटनाहरूमा प्रहरी विरूद्ध उजुरी परी सो उजुरी दर्ता हुनासाथ, कानुन बमोजिम कुनै फौजदारी अभियोग लाग्नासाथ प्रहरी कर्मचारी स्वत: निलम्बित हुने र निज सर्वसाधारणसरह हुने हुँदा सो घटना पुस्तकमा समावेश गरिएमा एक व्यक्तिको गलत कार्यले गर्दा सिङ्गो सङ्गठनको नै बदनामी हुने हुँदा सो विषय समावेश नगर्दा राम्रो हुन्छ।

४) मानवअधिकार उल्लङ्घन तथा हनन्को सन्दर्भमा पुस्तक प्रकाशन गर्दा फौजदारी मुद्दाको सन्दर्भमा संवेदनशील भई अनुसन्धान कार्यलाई सघाउ पुग्ने किसिमका मुद्दालाई समावेश गरिनु पर्छ। त्यस्तै कतिपय जघन्य अपराधहरू हुन्छन् जसको विषयमा पुस्तकमा समावेश गर्दा पीडित झन् पीडित रहने, अनुसन्धान कार्यमा समेत प्रभाव पर्ने र अनुसन्धान नै विचलित भै पीडितले न्याय नै नपाउने अवस्था सृजना हुने देखिन्छ।

५) कारागार र हिरासत कक्षहरूको भौतिक पूर्वाधार स्थलगत अवलोकन निरीक्षण गरी यस पुस्तकमा औंल्याउन सकेमा आगामी दिनहरूमा त्यस्तो स्थानहरूको कमीकमजोरी सुधार गरी व्यवस्थित गर्न सकिने।

६) कुनै व्यक्ति आफ्नै गल्तीको कारण विस्फोटनमा परी वा आत्महत्याबाट मृत्यु भएमा त्यस्ता विषयवस्तु पनि समावेश नगर्दा उपयुक्त हुन्छ।

ठाकुरप्रसाद ज्ञवाली
एसपी, जिल्ला प्रहरी कार्यालय, दाङ

इन्सेकको वार्षिक प्रकाशन 'नेपाल मानवअधिकार वर्षपुस्तक' देशको मानवअधिकारको अवस्था बुझ्न चाहने हरेकका लागि गतिलो दस्तावेज बन्न पुगेको छ। हरेक पक्षले गरेका मानवअधिकार उल्लघङ्न र ज्यादतिका घटनालाई वर्षपुस्तक मार्फत उजागर गरेर इन्सेकले नागरिकलाई सूसुचित गराउनुका साथै राज्यपक्षलाई दबाब र पीडकको मनोबल कमजोर बनाउन मद्दत गरेको छ।

नागरिकको मानवअधिकारका लागि मुलुकमा धेरै सङ्घर्ष भए। अहिले सङ्घर्षका उपलब्धिलाई संस्थागत गर्ने नयाँ संविधान निर्माणमा अवरोध देखा परिरहेको छ। प्राप्त सीमित अधिकार पनि उपभोग गर्न नपाइरहेको अवस्था छ। दण्डहीनताले पराकाष्ठा नाघेको छ। यस्तो स्थितिमा वर्षपुस्तकको महत्व अझ बढेर गएको छ।

मानवअधिकार उल्लङ्घन/ज्यादती/अपराधका कतिपय घटनाहरू सञ्चारमाध्यममा सार्वजनिक समेत हुन सकेका हुँदैनन्। इन्सेकको वर्षपुस्तकले समाजमा लुकेर रहेका र सञ्चारमाध्यममा सार्वजनिक नभएका सम्पूर्ण घटनाहरूको खोजी गर्न सक्नु पर्दछ। महिला अधिकारको क्षेत्रमा काम गर्ने सङ्घ-संस्थाहरूले एउटा जिल्लामा मात्रै महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहारका सयौं घटनाहरू अभिलेख गरेको देखिन्छ। त्यत्तिकै सङ्ख्यामा समुदायस्तरमा काम गर्ने विभिन्न सञ्जालले काम गरिरहेको देखिन्छ तर महिलामाथि भइरहेका मानवअधिकार हननको यो अवस्था वर्षपुस्तकले झल्काउँदैन। त्यसैले मानवअधिकारको क्षेत्रमा काम गरिरहेका ती संस्था/सञ्जालहरूको समन्वयमा इन्सेकले वर्षपुस्तकको अभिलेखलाई समेट्न सके वर्षपुस्तकमा महिला मानव अधिकारको वास्तविक अवस्था प्रतिविम्बित हुने थियो।

लक्ष्मी आचार्य
अध्यक्ष, महिला मानव अधिकार रक्षकहरूको सञ्जाल, दाङ

मानवअधिकार उल्लङ्घन र ज्यादतीका घटनाहरू समेटेर 'मानवअधिकार वर्षपुस्तक ०११' प्रकाशन हुन लागेको खबर पाउँदा ज्यादै खुसी लागेको छ। इन्सेकले समाजमा हुने गरेका मानवधिकार विरूद्धका घटना र मानवअधिकार उल्लङ्घनका घटनामा संलग्न हुने सङ्घ-संस्था र व्यक्तिहरूका बारेमा समग्र समाजलाई सुसूचित गराएर मानवअधिकार संरक्षणको क्षेत्रमा सरहानीय काम गर्दै आएको छ। आगामी दिनमा पुस्तकमा दूरदराजमा भएका मानवअधिकार उल्लङ्घनका घटना अनुसन्धान गरी समेट्न सकेमा अझ राम्रो हुने थियो भने कानुनी प्रक्रियामा आएका घटनाहरूको अवस्था बताउँदा राम्रो हुनेछ। आउँदा दिनमा मानवअधिकार संरक्षणको क्षेत्रमा अझ सशक्त ढङ्गले आफ्ना गतिविधि केन्द्रित गर्दै कानुनी राज्य स्थापनामा वर्षपुस्तकले महत्वपूर्ण भूमिका खेलोस् भन्ने शुभकामना दिन चाहन्छु।

नेत्रप्रकाश पाण्डेय
सचिव, नेकपा माले जिल्ला कमिटी, दाङ

विधिको शासन बिना दण्डहीनताको संस्कृति अन्त्य गर्न सम्भव छैन। यसको लागि शान्ति र संविधान आमनागरिकका तत्कालीन प्रमुख एजेण्डा हुन। दण्डहीनताले आक्रान्त वर्तमान सङ्क्रमणकालीन अवस्थामा पनि मानवअधिकार वर्षपुस्तकले निकै मिहिनेत र परिश्रमका साथ मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई प्रकाशनमा ल्याएर नागरिकहरूलाई सुसूचित गरेको छ र सरोकारवालाहरूलाई नैतिक दवाव दिन सफल भएको छ। आगामी वर्षहरूमा पनि मानवअधिकार संरक्षण एवम् सम्वर्धनको लागि इन्सेक परिवारलाई अझ बढी सफलता मिलोस् हार्दिक शुभ-कामना।

टीकाराम रेग्मी
संयोजक नागरिक समाज, दाङ

अनौपचारिक क्षेत्र सेवा केन्द (इन्सेक) ले सन् १९९२ देखि नियमितरूपमा देशमा मानवअधिकार उल्लङ्घन घटनाको अभिलेखको रूपमा रहेको नेपाल मानवअधिकार वर्षपुस्तक मानवअधिकार आन्दोलनको लागि ज्यादै सान्दर्भिक र उपयोगी रहेको मैले महसुस गरेको छु। विगतको जनयुद्ध र विद्यमान सङ्क्रमणकालीन अवस्थामा मानवअधिकार वहालीको लागि यस पुस्तकले खेल्ने भूमिका ज्यादै महत्वपूर्ण र हामी मानवअधिकारकर्मीको लागि पनि मार्ग निर्देशित अभिलेखको रूपमा रहेको छ। अबका दिनमा पनि यस पुस्तकले मानवअधिकारको अभिलेखीकरणसँगै मानवअधिकार सँस्कृतिको निर्माण र मानवअधिकारको पालना गराउन सरोकारवालालाई दवाव सृजना गर्ने कार्यमा कोशेढुङ्गा साबित हुने कुरामा म विश्वस्त छु। अन्तमा यस जिल्लामा द्वन्द्वपीडितको अभिलेख, मानवअधिकार उल्लङ्घनकर्तालाई सजग बनाउन, मानवअधिकारकर्मीलाई मानवअधिकार आन्दोलनको लागि उत्प्रेरणा दिन र इन्सेक अभियानलाई सार्थकता प्रदान गर्न यो पुस्तक अभिन्न अङ्ग बन्नेछ।

केशवकुमार शर्मा
अध्यक्ष, मानवअधिकार जागरण मञ्च तथा
संयोजक, मानवअधिकार सञ्जाल, दाङ

विगत वर्षहरूमा झै यस वर्ष पनि इन्सेकले मानवअधिकार वर्षपुस्तक प्रकाशन गर्न लागेको थाहा पाउँदा खुसी लागेको छ। नेपालमा घरेलु हिंसाको कुरा उठ्नु, बालश्रमिक, हत्या हिंसा, चोरी डकैती, बलात्कार, छुवाछुत प्रथा, कमैया प्रथा र हलिया प्रथा बन्देज गर्न खोजिए तापनि तिनमा कमी आएको छैन।

हरिशंकर न्यौपाने
महिला तथा बालबालिका कार्यालय, जुम्ला

इन्सेकले प्रत्येक वर्ष प्रकाशन गर्दै आएको मानवअधिकार वर्षपुस्तकले मानवअधिकार उल्लङ्घन सम्बन्धी वास्तविक विवरण निस्पक्षताका साथ प्रकाशित गर्दै आएकोमा यस वर्ष पनि वर्षपुस्तक २०११ प्रकाशन गर्न लागेकोमा हार्दिक वधाई एवम् शुभकामना व्यक्त गर्दछु। यस पुस्तक प्रकाशनवाट मानवअधिकारको उल्लघङ्घनसम्बन्धी वास्तविक विवरणको संरक्षणमा ठूलो सहयोग पुऱ्याउने आशा एवम् विश्वासका व्यक्त गर्दछु।

मानव सेजुवाल
सभापति, नेपाली काङ्ग्रेस, जुम्ला

नेपाल मानवअधिकार वर्षपुस्तक प्रत्येक वर्ष अध्ययन गर्ने अवसर दिएकोमा हाम्रो पार्टी आभारी छ। हाम्रो जिल्ला र देशभर भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूको जानकारीले हामीलाई धेरैकुरामा सहयोग पुऱ्याएको छ। मूलत उक्त पुस्तकमा उल्लेखित घटनाहरू सही नै देखिन्छन् तापनि केही घटनाहरू प्रमाणित नभएकै अवस्थामा मानवअधिकार हनन गर्ने व्यक्ति वा समूह भनेर किटानी गरेको देखिन आएकाले यसमा ध्यान पुऱ्याउनुपर्ने देखिन्छ।

गजेन्द्रबहादुर महत(कार्मा)
इन्चार्ज, एकीकृत माओवादी, जुम्ला

लामो समयदेखि इन्सेकले मानवअधिकार रक्षाको लागि देशभरि नै र यस जिल्लामा पनि निरन्तर रूपमा काम गर्दै आएको छ। मानवअधिकार उल्लङ्घनका घटनाहरूको दस्तावेजको रूपमा इन्सेकले नेपाल मानवअधिकार वर्षपुस्तक प्रकाशन गर्दै आएकोमा बधाई दिन चाहान्छु साथै यसको निरन्तरताको कामना गर्दछु। सन् २०१० को वर्षपुस्तकमा जुम्ला जिल्लाको बारेमा समेटिएका घटनाहरू समेटिएका घटनाहरू यर्थाथपरक छन् तर केही घटनाहरू छुटेको पाइयो। अझै पनि समाजमा माओवादीको नाममा ठेक्का पट्टा र गुण्डागर्दी जस्ता कार्यहरू प्रत्यक्ष अप्रत्यक्षरूपमा घट्दै आएका छन्। यसतर्फ इन्सेकले विशेष ध्यान दिनेछ भन्ने विश्वास लिएको छु।

रतननाथ योगी
सचिव, एमाले, जिल्ला कमिटी, जुम्ला

मानवअधिकारको क्षेत्रमा इन्सेकले जिल्लामा गरेका कामकारबाहीहरू सरहानीय छन्। पुनरावेदन बार जुम्लाले पनि इन्सेक अभियानमा सहयोग पुऱ्याउँदै आएको छ। भविष्यमा पनि बारले इन्सेक अभियानमा सहयोग पुऱ्याइरहने छ. आगामी दिनमा पनि इन्सेकको मानवअधिकार अभियानको सफलताको कामना गर्दछु।

बलबहादुर भण्डारी
कोषाध्यक्ष, पुनरावेदन बार इकाई, जुम्ला

मानवअधिकार शिक्षा प्रदान गर्ने र मानवअधिकार उल्लङ्घन तथा ज्यादतिका घटनाहरूको अभिलेखीकरण गर्ने कार्यमा इन्सेकले खेलेको भूमिका सरहानीय छ। त्यसमा पनि मानवअधिकार वर्षपुस्तकले मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूको अभिलेखीकरण गरी दोषीहरूलाई कारवाही र पीडितलाई न्याय दिलाउने कार्यमा महत्वपूर्ण भूमिका खेलेको छ। पछिल्ला दिनहरूमा तटस्थता, निष्पक्षता तथा विश्वसनीयतालाई अझै बढी व्यवहारबाटै सिद्ध गर्नुपर्ने चुनौती हामी मानवअधिकारकर्मीहरू माथि छ। यसैले मानवअधिकार वर्षपुस्तकले पनि आगामी दिनमा राजनीतिक र व्यवसायिकरूपमा तटस्थ, निष्पक्ष र विश्वसनीय रहेको कुरा यसको काम र गतिविधिहरूबाट र मानवअधिकार अवस्था विश्लेषण गर्दा यसको प्रतिवेदनहरूबाट अझै स्थापित गर्न सक्नेछ भन्ने अपेक्षा गर्दछु।

वीरबहादुर बुढामगर
राष्ट्रिय मानवअधिकार आयोग, उपक्षेत्रीय कार्यालय
जुम्ला, नि.उप क्षेत्रीय निर्देशक, जुम्ला

वर्षभरिका मानवअधिकार उल्लङ्घन घटनाहरूको सँगालो मानवअधिकार वर्षपुस्तक प्रकाशित गर्ने काम मानवअधिकार उल्लङ्घन रोकथामका लागि प्रेरणाको स्रोत बन्नेछ भन्ने मेरो बुझाई छ। यसका अतिरिक्त जिल्ला अदालतको न्याय सम्पन्नसम्बन्धी विवरण समेत नेपाल मानव अधिकार वर्षपुस्तकमा प्रकाशित गरी सर्वसाधारणलाई सुसूचित गराएकोमा इन्सेक परिवारप्रति आभार प्रकट गर्दै यसको निरन्तरताको शुभकामना प्रकट गर्दछु।

लिलाराम खड्का
निमित्त श्रेस्तेदार
जिल्ला अदालत, कालिकोट

विगत लामो समयदेखि निरन्तर रूपमा मानवअधिकार उल्लङ्घनका घटनाहरू समेटेर नेपाल मानवअधिकार वर्षपुस्तक प्रकाशन गर्दै आएकोमा इन्सेकलाई बधाई तथा धन्यवाद दिन चाहन्छु। पुस्तकलाई उपेक्षित, उत्पीडित वर्गको आशा र भरोसाको केन्द्र बनाउन बोक्सीको आरोप, बहुविवाह, महिलामाथि हुने कुटपिटका कारण महिलाहरूले भोग्नु परेका पीडाहरू, जातीय विभेदका घटनाहरूलाई अझ व्यापक रूपमा समेट्न सके राम्रो हुनेछ।

सिमानन्द गौतम
जिल्ला न्ययधिवक्ता, सरकारी वकिल कार्यालय,
कालीकोट

मानवअधिकारको संरक्षण गर्न विगत लामो समयदेखि इन्सेकले प्रकाशन गर्दै आएको नेपाल मानअधिकार वर्षपुस्तकले महत्वपूर्ण भूमिका खेल्दै आएको छ। विद्यामान सङ्क्रमणकालीन अवस्थामा हुने मानअधिकार उल्लङ्घनलाई न्यूनीकरण गर्न थप भूमिका खेल्नु पर्छ। वर्षपुस्तकले आगामी दिनमा ग्रामीण स्तरमा लुकेका मानवअधिकार उल्लङ्घनका घटनालाई अझ प्रभावकारी ढङ्गले खोज्न सक्नुपर्दछ।

दुर्गादत्त ढकाल
प्रमुख, जिल्ला प्रशासन कार्यलय, कालीकोट

नेपाल मानवअधिकार वर्षपुस्तक मानवअधिकार उल्लङ्घनका पीडितलाई राहत, न्याय र पीडकलाई कारवाही गर्न मद्दत पुग्ने एक मात्र दस्तावेज भएकोले यो पुस्तक सत्य-तत्थ्य निष्पक्ष हुन आवश्यक देखिन्छ। यस पुस्तकले दिगो शान्ति स्थापनामा समेत प्रभावकारी

भूमिका खेल्न सक्नुपर्दछ। पुस्तकको निरन्तरता र सफलताको कामना।

धनजीत शाही (आदर्श)
संयोजक, स्थानीय शान्ति, समिति एवम्
सह इन्चार्ज, एकीकृत माओवादी, कालीकोट

मानवअधिकारको विश्वव्यापी मान्यताहरू नेपालका ७५ ओटै जिल्लामा स्थापित गर्ने उद्देश्यले क्रियाशील इन्सेकको जन्म ०४६ सालको जनआन्दोलन लगत्तै भएको हो। यसले वर्षभरिका मानवअधिकार उल्लङ्घनका घटनाहरू समेटेर मानवअधिकार वर्षपुस्तकको रूपमा प्रकाशन गर्दै आएको छ। यो सकारात्मक कुरा हो। मानवअधिकार मनोरञ्जनका लागि खेलिने नाटक होइन न त गाइने गीत। दैनिक भएका घटनाहरू वर्षभरिको विवरण भारी बनाएर मानवअधिकारको आवश्यकता र औचित्यको पुष्टि हुने पनि होइन होला। यो सत्य-तथ्यको निकट पुग्नुपर्दछ। दासताको भूमिमा पिल्सिएको नेपाल र नेपालीको मुक्ति अझै भएको छैन। नेपाली जनताले शान्ति र संविधान पाएका छैनन्। यद्यपि, राजतन्त्रको ठाउँमा लोकतान्त्रिक गणतन्त्र, एकात्मक राज्यको ठाउँमा सङ्घात्मक राज्य, हिन्दु राज्यको ठाउँमा धर्मनिरपेक्ष जस्तो स्वतन्त्र नेपालको अन्तरिम संविधान मार्फत पाए पनि नेपालीको जीवन व्यवहारमा अझै अनुभूति नगरिरहेको अवस्था हो। उत्पीडित जाति र क्षेत्रका जनताको गास, बास, कपास, शिक्षा, स्वास्थ्यजस्ता जीवनका अति आवश्यक तत्व आकाशको फल बनेका छन्।

सुन्दर वली
सचिवालय सदस्य, मगरात राज्य समिति
एकीकृत माओवादी तथा कार्यालय सचिव, रोल्पा

नेपाल मानवअधिकार वर्षपुस्तक भित्र धेरै कुरा समेटिएको छ। दुर्गम गाउँबस्ती भएको रोल्पा जिल्लाका मानवअधिकार हननका विभिन्न घटनाहरू छुटेका छन्। कारण एक जना मात्र प्रतिनिधिले ५१ ओटा गाविस हेर्नुपर्ने बाध्यता र प्रभावकारी सञ्चारको अभाव हो। सही सत्य कुरा भन्न डरत्रास अझै कायमै छ। गरिबी र बेरोजगारी काम गरी खाने भन्दा ठगी, ढाँटी र लुटी खाने, पार्टीको नाम भजाई खाने र केही नेताको संरक्षण पाउने, अपराधीहरूको सङ्ख्या बढ्दो छ। यस्ता सत्यतथ्य कुराहरू वर्षपुस्तकमा आउने विश्वास गर्दै उत्तरोत्तर प्रगतिको कामना।

कृष्णबहादुर घर्तीमगर
जिल्ला सभापति, नेपाली काङ्ग्रेस, रोल्पा

इन्सेकद्वारा प्रकाशित यस रोल्पा जिल्लामा विगत द्वन्द्वकालदेखि हालसम्म राज्यपक्ष र विद्रोह पक्षले गरेका मानवअधिकार उल्लङ्घनका विषयहरूलाई साथै अन्य हिसाबले भएका मानवअधिकार उल्लङ्घनहरूलाई वर्षपुस्तकमार्फत व्यवस्थित रूपमा राखेको पाइन्छ। जसबाट मानवअधिकार उल्लङ्घन गर्नेहरूलाई जनमानसमा उदाङ्गो पार्ने गरिएको स्पष्ट रूपमा देख्न सकिन्छ। पुस्तकमा वर्सेनी छापिएका घटनाक्रमलाई अझ व्यवस्थित रूपमा कतै नछुटाएर छपाउने र हालसम्म निस्केका पुस्तकलाई सुरक्षित रूपमा राख्न सकिएको खण्डमा मुलुक र भावी पुस्तालाई यस क्षेत्रको एकमात्र ऐतिहासिक कोसेढुङ्गाको रूपमा स्थापित हुनेमा दुईमत छैन। अन्तमा यसको विकास र प्रगतिसहित सफलताको शुभकामना।

शान्तकुमार वली
अध्यक्ष, एमाले, रोल्पा

मुलुकभर भएका मानवअधिकार उल्लङ्घन सम्बन्धी घटनाहरूलाई अभिलेखीकरण गर्दै आएकोमा इन्सेकप्रति साधुवाद छ। मानवअधिकार वर्षपुस्तक मार्फत देशभरका घटनाहरू सङ्कलन गरी सार्वजनिक गर्नु धेरै प्रशंसनीय काम हो। विभिन्न निकायको लागि वर्षपुस्तकको तथ्याङ्क विश्वासनीय स्रोत बन्न सकेको छ। निस्वार्थ रूपमा यस्तो कार्य गर्नु धेरै राम्रो कुरो हो। यसलाई अझै परिस्कृत गर्दै लैजानु पर्ने आवश्यकता छ। घटनाको प्रकृति फेरिए पनि मानवअधिकार उल्लङ्घनमा कमी आएको छैन। वर्षपुस्तकले यस्ता तमाम विषयवस्तुलाई समेटी सबैको साझा बन्न सकोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

माधवप्रसाद आचार्य
अध्यक्ष, नेपाल बार इकाइ, रोल्पा

इन्सेकले प्रत्येक वर्ष मानवअधिकार वर्षपुस्तकको नाममा देशभित्र भएका मानवअधिकार हनन सम्बन्धी घटनाहरूलाई अभिलेखीकरण गरी सार्वजनिक गर्दै आएको छ। यही क्रममा सन् २०१० मा भएका मानवअधिकार हनन्सम्बन्धी घटनाहरूलाई समेटी वर्षपुस्तक २०११ प्रकाशनमा ल्याउन लागेको सुन्दा खुशी लागेको छ। इन्सेकको यस कार्यको सरहाना गर्दै वर्षपुस्तक २०११ ले मानव अधिकार संरक्षणको क्षेत्रमा ठोस योगदान पुऱ्याउने अपेक्षा गर्दछु।

नन्दीकेशर त्रिपाठी
प्रमुख जिल्ला अधिकारी, प्यूठान।

इन्सेकले मानवअधिकार संरक्षणका लागि गर्दै आएको गरेको कार्य प्रशंसनीय छ। मानवअधिकार उल्लङ्घन भएका स्थानहरूको स्थलगत अध्ययन गरी इन्सेकले थप सरहानीय काम गरेको छ। तर अहिले पनि हत्या, हिंसा र चन्दा आतङ्कबाट मानव त्रसित छन्। मानवअधिकारको हनन् तथा त्रसित वातावरणलाई वर्षपुस्तक मार्फत भयमुक्त गर्न सकोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

दिलीपकुमार श्रेष्ठ
प्युठान

सन् १९९२ देखि मानवअधिकार वर्षपुस्तकहरू प्रकाशन गरेर इन्सेकले न्यायप्रेमी नेपाली जनतालाई धेरै गुन लगाएको छ। मानवअधिकारको बारेमा बुझ्ने, अध्ययन गर्ने र बुझाउने अवसर प्रदान गर्नुको साथै विभिन्न कारणबाट उजागार हुन नसकेका मानवअधिकार उल्लङ्घनका घटनाहरू विस्तारै बाहिर ल्याउन सहयोग पुऱ्याएको छ। वर्षपुस्तकहरूमा केही घटनाहरू प्रकाशित हुन छुटे तापनि अबका दिनमा यसले अझ परिस्कृत रूपमा सत्य-तथ्य घटनाहरूलाई आग्रह पुर्वाग्रह बिना प्रकाशन हुनेछ।

नेहरसिंह के.सी.
कार्यालय सचिव, नेकपा एमाले, प्यूठान

नेपालमा वर्षभर हुने मानवअधिकार उल्लङ्घन र ज्यादतीका घटनाहरू समावेश हुनेगरी इन्सेकले वार्षिक रूपमा प्रकाशन गर्दै आएको मानवअधिकार वर्षपुस्तकले आम नागरिकलाई सुसूचित गराउनुको साथै सरोकार पक्षको ध्यानाकर्षण गराएको छ। मानवअधिकार वर्षपुस्तकले राज्यपक्ष र बिद्रोही पक्षबाट भएका मानवअधिकार हनन्का घटनाहरूलाई उजागर गर्न बढी जोड दिएको पाइन्छ। यसको साथसाथै महिलामाथि हुने हिंसालाई पनि प्राथमिकताका साथ समेट्न सकेमा सरोकार पक्षको ध्यानाकर्षण हुनुको साथै आम नागरिकलाई सचेत गराउन सहयोग पुग्ने अपेक्षाका गरेकोछु।

पार्वता आचार्य
अध्यक्ष, महिला सहयोग मञ्च, प्यूठान

मुलुक यतिबेला शान्ति र संविधान निर्माणको प्रक्रियामा अगाडि बढिरहेको सन्दर्भमा यसलाई अवरोध गर्ने, मुलुकमा शान्ति संविधान बन्न नदिने र मुलुकलाई सधैं अनिर्णयको बन्दी बनाई जनताको मौलिक हक र अधिकारबाट बञ्चित गराउने जुन किसिमको कार्य कतिपय दल विशेषबाट भइरहको छ। यसले समाजमा अरू द्वन्द्व मच्चाउने र सामाजिक विकृति विसङ्गति बढाउने काम भइरहेको छ। यी सबका विरूद्ध आवाज बुलन्द गर्ने मानवअधिकारलाई ग्यारेण्टी गर्ने कार्यमा इन्सेकले महत्वपूर्ण भूमिका खेलोस्।

धनेश्वर पोखेल
इञ्चार्ज, एकीकृत माओवादी, प्यूठान

घटनाहरू तथ्यपरक हुनुपर्छ। यद्यपि घटनाहरू गलत छन् भन्न खोजेको होइन। मैले यो वर्षको मानवअधिकार वर्षपुस्तक हेर्न पाएको छैन। त्रैमासिक प्रकाशनको समीक्षामार्फत त्यसलाई परिमार्जन तथा सुधार गरी त्यसैलाई वर्षपुस्तकमा समेट्दा राम्रो हुन्छ होला।

वेणिमाधव ज्ञवाली
प्रमुख जिल्ला अधिकारी, रूकुम

मानवअधिका वर्षपुस्तक नेपालको आधिकारिक मानवअधिकार दस्तावेज हो। नेपालका प्रत्येक गाविसहरूमा वर्षपुस्तक पुग्नुपर्छ। समीक्षा पनि गाविस स्तरबाटै गर्नु पर्छ साथै पीडकले गल्ती महसुस गरी पीडितले न्याय पाएको अनुभूति गर्नुपर्छ। नेपालमा मानवअधिकारको तथ्याङ्क कसैसँग छ भने त्यो इन्सेकसँग छ र प्रत्येक जिल्लामा त्रैमासिक रूपमा सरोकारवाला निकायहरूसँग मानवअधिकार उल्लङ्घनका विषयमा इन्सेक जिल्ला प्रतिनिधि मार्फत अन्तरक्रिया गर्न जरूरी छ।

सिद्धराज पनेरू
संयोजक, मानवअधिकार अनुगमन सञ्जाल, रूकुम

इन्सेकले वर्षेनी प्रकाशन गर्ने नेपाल मानवअधिकार वर्षपुस्तकले मानवअधिकार उल्लङ्घनका घटनाको दस्तावेज हो। पुस्तकमा समेटिने घटनाहरू तथ्यपरक हुनु जरूरी छ। जसले पीडितहरूलाई न्याय र पीडकलाई कारवाही गर्नमा सहयोग गर्नेछ भन्ने मैले आशा लिएको छु।

तप्तबहादुर बिष्ट, सुर्खेत

मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई सत्यतथ्यका आधारमा लिपिबद्ध गरी प्रस्तुत गर्दा सम्बन्धित निकाय, सरकार, आम मानिसलाई सचेतना प्रदान गर्छ। मानवअधिकार उल्लङ्घनका घटनाहरू श्रृङ्खलाबद्ध तरिकाले लिपीबद्ध गरी लामो समयदेखि इन्सेकले यो जिम्मेवारी निर्वाह गर्दै आइरहेको छ।

मानवअधिकार उल्लङ्घनमा कमी आएको छैन सो सम्बन्धमा पनि सोध र खोजमूलक प्रस्तुतिहरू वर्षपुस्तकमा समावेश गर्न पाए राम्रो हुन्थ्यो की ?

मोहन थापा
संयोजक, स्थानीय शान्ति समिति, सुर्खेत

नेपाली जनताले लामो सङ्घर्ष गरेर प्राप्त गरेको उपलब्धि गणतन्त्र, सङ्घीयता, धर्मनिरपेक्षता र आर्थिक, सामाजिक रूपान्तरणको अभियानलाई शान्ति र संविधानमार्फत सुनिश्चित गर्न लालायित बनिरहेका छन्। राष्ट्रियता र जनतन्त्रको स्थापना र सुदृढीकरणको निम्ति इन्सेकले नेपाली जनताको मानवअधिकार, लोकतन्त्र, सङ्घीयता र सामाजिक न्यायका निम्ति आग्रह पूर्वाग्रह बिना माथि उठेर दह्रो रूपमा रूपमा आवाज उठाओस् यही शुभकामना।

गम्भीर
इन्चार्ज, एकीकृत माओवादी, सुर्खेत

इन्सेकले प्रकाशन गर्दै आएको नेपाल मानवअधिकार वर्षपुस्तकमा समेटिने मानवअधिकार उल्लङ्घनका घट्नाहरू ऐतिहासिक दस्तावेजको रूपमा रहेने हुँदा इन्सेकले यसतर्फ ध्यान दिन जरूरी छ। आगामी दिनमा प्रकाशन हुन लागिरहेको वर्षपुस्तकलाई इन्सेकले अझ विश्वसनीय बनाउने छ भन्ने आशाका साथ सफलताको शुभकामना व्यक्त गर्दछु।

अम्मरबहादुर चन्द
कार्यालय सचिव, एमाले, सुर्खेत

इन्सेकले प्रत्येक वर्ष देशभरि भएका मानवअधिकार उल्लङ्घनका घट्नाहरूलाई मानवअधिकार वर्षपुस्तक मार्फत सार्वजनिक गर्दै आएको छ। २०६२/६३ को महान जनआन्दोलन पश्चात बनेका सरकारहरूले पनि रायमाझी आयोगले दोषी ठहऱ्याएका र मानवअधिकारको गम्भीर उल्लङ्घन गर्नेहरूलाई कारबाही गर्न सकेन वा मानवअधिकारप्रति व्यवहारमा उदासिनता देखाइरहेका छन्। अहिले पनि देशका विभिन्न ठाउँहरूमा मानवअधिकार उल्लङ्घनका घटनाहरू भइरहेका छन्। इन्सेकले घटनाहरूको उजागर गर्ने मात्रै भन्दा पनि दोषीहरूलाई कारबाहीका निम्ति केही पहलकदमी गरेको भए त्यो सराहनीय कार्य हुने थियो।

बालकृष्ण सुनार
अध्यक्ष, राष्ट्रिय जनमोर्चा, सुर्खेत

इन्सेकले प्रकाशन गर्दै आएको नेपाल मानवअधिकार वर्षपुस्तक ऐतिहासिक बन्दै आएको छ। यसको सकारात्मक प्रभाव पर्दै आएको र राष्ट्रिय तथा अर्न्तराष्ट्रिय स्तरमा नेपालको मानवअधिकारको अवस्थाको बारेमा जानकारी लिन तथा विश्लेषण गर्न यस पुस्तकमा उल्लेख गरिएका घटनालाई नै आधार बनाइने गरेको छ। बर्दिया जिल्लामा पनि वर्षपुस्तकले जिल्लाको मानवअधिकारको अवस्था जानकारी लिन र विश्लेषण गर्न मद्दत पुऱ्याएको छ। पुस्तकमा समेटिने विषयवस्तुमा थप्नु पर्ने विषयहरू धेरै छैनन्। समेटिएका कुरालाई समय सापेक्ष परिमार्जन गर्दै जानु पर्छ जस्तो लाग्छ। नेपालमा हुने गरेका बन्द, हड्ताल कुनै न कुनै पक्षले गरिरहेका हुन्छन्। यसबाट आम नागरिकको मानवअधिकार उपभोग गर्नमा बाधा पुऱ्याइ रहेको हुन्छ। यी घटनालाई वर्षपुस्तकमा स्थान कम दिएको जस्तो लाग्यो। कसरी समेट्न सकिन्छ ? सवारीसाधन, कलकारखानाहरूमा दुर्घटना भई मानिस पीडित भइरहेका हुन्छन्। वर्तमान अवस्थामा कानुनी राज्यको परिपालना नभएका घटनालाई समेट्न सके राज्य तथा कानुन उल्लङ्घन गर्ने पक्षलाई सचेत गराउन र राज्यलाई कानुन कार्यान्वयन गर्न गराउन दवाव दिने थियो। मानवअधिकार वर्षपुस्तकले राज्य तथा सरोकार सबै पक्षलाई सचेत गराउने कार्यमा भूमिका खेलेको छ। भविष्यमा अझ प्रभावकारी भूमिका खेल्न सकोस् शुभकामना।

बालकृष्ण वली
बर्दिया नागरिक समाज सञ्जाल, बर्दिया

नेपाल मानवअधिकार वर्षपुस्तकमार्फत इन्सेकले मानवअधिकार उल्लङ्घनका घटनाहरू स्थलगत अनुगमन गरी अभिलेखीकरण गर्दै आएको छ जुन अति नै सरहानीय छ। यस पुस्तकको विश्वसनीयतालाई राष्ट्रिय तथा अर्न्तराष्ट्रिय निकायले स्वीकार गरेको अवस्था रहेको छ। यसले राज्यको जिम्मेवार निकायलाई सचेत गराउन मद्दत गरेको छ।

गणेशदत्त देवकोटा
अध्यक्ष
बार एशोसिएसन, बर्दिया

मानवअधिकार विरोधी घटनाको अुनगमन अन्य मानवअधिकारवादी संस्थाले पनि गर्ने गरेको भए पनि बाहिर किताबको रूपमा प्रकाशन गर्न सकेको अवस्था छैन। तर इन्सेकले मानवअधिकार वर्षपुस्तकको रूपमा प्रकाशनमा ल्याइदिँदा सर्वसाधारणले प्रमाणको

रूपमा लिने र राज्यलाई पनि मानवअधिकारको अवस्थामा सुधार ल्याउनमा मद्दत पुऱ्याउने निश्चित छ।

केशव जिसी
अध्यक्ष, मानवअधिकार एलायन्स, बर्दिया

नेपाल मानवअधिकार वर्षपुस्तकमार्फत राज्य, समाज र राजनीतिक पार्टीले थाहा नपाएका घटनाहरू समेत सार्वजनिक गर्दै आएको छ। यसले सबै पक्षलाई सचेत गराउने कार्य गर्दछ। कसैले पनि अन्य पक्षलाई असर नपर्ने गरी काम गरेको जस्तो लागे पनि कसैको न कसैको मानवअधिकार उल्लङ्घन भएको अवस्था वर्षपुस्तक अध्ययन गर्दा थाहा पाउन सकिन्छ। राजनीतिक हस्तक्षेपको कारण राज्यले कानुन कार्यान्वयन गर्न नसकेको र पीडित झन पीडित भइरहेको अवस्था वर्षपुस्तकवाट थाहा पाउन सकिएको छ। यसले सम्बन्धित सरोकारवालाहरूको ध्यानाकर्षण गराउँदै आएको छ।

शालिकराम अधिकारी
सचिव, एमाले, बर्दिया

इन्सेकले प्रकाशन गर्दै आएको नेपाल मानवअधिकार वर्षपुस्तक अहिलेसम्म ऐतिहासिक दस्तावेज बन्दै आएको छ । तसर्थ यस्तो दस्तावेजमा समेटिने घटनाले पीडक र पीडित दुवै पक्षलाई दीर्घकालीन फाइदा बेफाइदा पुऱ्याउने निश्चित छ। राज्य, समाज र राजनीतिक पार्टीले थाहा नपाएका घटना पुस्तकबाट जानकारीमा आउने गरेको छ। समय सापेक्ष विवादित नहुने गरी घटनाको पछिल्लो अवस्थासम्मको जानकारी सरल शब्दमा सर्वसाधारणले बुझ्ने गरी पुस्तक प्रकाशन गर्नसके पुस्तकको लोकप्रियता जारी रहने थियो। यसतर्फ इन्सेकले ध्यान दिनु जरुरी छ।

संजय गौतम
सभापति, नेपाली काङ्ग्रेस, बर्दिया

इन्सेकले नेपाल मानवअधिकार वर्षपुस्तकमार्फत जिल्लामा भएका मानवअधिकार उल्लङ्घनका घटनालाई उजागर गर्दै आएको कार्य प्रसंशनीय छ। तर, घटना सङ्कलन गर्दा एकपक्षीय भएको जस्तो लाग्छ। जुनसुकै अपराधका घटनालाई राजनीतिक रङ्ग दिनु हुँदैन। कुन अपराधिक घटना हो र कुन राजनीतिक घटना हो सो बारेमा सम्बन्धित राजनीतिक दलसँग बुझेर मात्र वर्षपुस्तकमा समेट्नु पर्ने हो त्यसो हुन नसकेको जस्तो लाग्छ। एकीकृत माओवादीवाट भएका मानवअधिकार उल्लङ्घनका घटनाका बारेमा जिम्मेवार व्यक्तिसँग बुझेर मात्र आगामी वर्षपुस्तकमा समेट्दा उपयुक्त होला।

तिलक शर्मा
एकीकृत माओवादी, बर्दिया

इन्सेकद्वारा प्रकाशन गरिने मानवअधिकार वर्षपुस्तकले संविधान बनाउने प्रक्रिया, कानुनी राज्यको स्थापना, सुशासन कायम, संविधान निर्माणमा खबरदारी, सहिष्णु सस्कृति निर्माण, विधिको शासन र सेवाग्राहीले पाउने सेवा सुविधालाई सर्वसुलभ बनाउन समेत दबाब सृजना गर्न सक्नु पर्दछ। नेपालमा एक विश्वसनीय मानवअधिकारकर्मी संस्थाको रूपमा अन्तर्राष्ट्रिय स्तरमा समेत पहिचान बनाइसकेको सामाजिक संस्था इन्सेकले आगामी दिनमा अझ सकृय भएर नागरिकको मानवअधिकार रक्षाको निम्ति खबरदारी गर्न सकोस्।

हरिशरण आचार्य
नेपाल बार एशोसिएसन,
सल्यान

मानवअधिकार तथा सामाजिक न्यायका लागि नेपालमा क्रियाशील इन्सेकले नेपालका ७५ ओटै जिल्लामा भएका मानवअधिकार उल्लङ्घन र ज्यादतीका घटनाहरूको अनुगमन अध्ययन, अनुसन्धान र अभिलेखीकरण गर्ने गरेको छ। यसप्रकारका प्रत्येक वर्ष घटित घटनाहरूको जानकारीमूलक सामग्रीका रूपमा मानवअधिकार वर्षपुस्तक प्रकाशित हुँदै आएको छ। जुन अन्तर्राष्ट्रिय क्षेत्रमा समेत परिचित र महत्वपूर्ण दस्तावेजका रूपमा लिइन्छ।

सल्यान जिल्लामा वर्षभरिमा घटित मानवअधिकार उल्लङ्घन र ज्यादतीका घटनाहरू बारे यस जिल्लामा क्रियाशील इन्सेकका प्रतिनिधिबाट अनुगमन र अनुसन्धान हुने गरेको छ। त्यस्ता घटनाहरूका सन्दर्भमा राज्यपक्षको वा अन्य पक्षको भूमिका बारे स्थानीय प्रशासन, प्रहरी र अन्य सम्बद्ध पक्षहरूसँग निरन्तर संवाद, छलफल र सुझावहरू दिने लिने गरिएको छ।

घटनाहरूको अभिलेखीकरण गर्नु अघि पीडित, पीडक र कानुन बमोजिमको कारवाहीमा संलग्न निकायहरूसँग छलफल र पुन:पुष्टि गर्ने गराउने कार्य हुन सकेमा मानवअधिकार वर्षपुस्तकमा प्रकाशित

घटना विवरणहरू अझ बढी विश्वसनीय हुने देख्दछु।

नारायणप्रसाद आचार्य
प्रमुख जिल्ला अधिकारी, सल्यान

इन्सेकको वार्षिक प्रकाशन नेपाल मानवअधिकार पुस्तक २०११ प्रकाशन हुन लागेको थाहा पाउँदा अत्यन्त खुसी लागेको छ। उक्त पुस्तक मानवअधिकार उल्लङ्घनका विषयमा ठोस प्रकाशन हुनेछ भन्ने आशा लिएको छु। समाजमा भएका मानवअधिकार उल्लङ्घनका घटना छर्लङ्ग बनाउँदा कानुन पालना गराउने निकायहरू अझ चनाखो हुने अवसर मिल्दछ। इन्सेकको उक्त प्रकाशनको लागि शुभकामना व्यक्त गर्न चाहन्छु।

विष्णुबहादुर कार्की
डीएसपी
जिल्ला प्रहरी कार्यालय, मुगु

स्वतन्त्रताको अधिकार राज्यप्रदत्त संवैधानिक अधिकार हुन्। सूचना र सञ्चारले सुसज्जित हुन पाउनु प्रत्येक नागरिकको मौलिक अधिकार हो। यसले मानवअधिकार संरक्षण गर्नमा ठूलो योगदान पुऱ्याएको हुन्छ। प्रत्येक वर्ष मानवअधिकार वर्षपुस्तक अदालतले पाउँदै आए अनुरूप मैले पनि उक्त पुस्तक अध्ययन गर्ने मौका पाएको छु। यस पुस्तकले देशभरिका मानवअधिकार उल्लङ्घनका घटनालाई समेटी घाम जतिकै छर्लङ्ग रूपमा प्रकाशन गर्दै मानवअधिकार संरक्षण सम्बर्द्धन गर्नमा टेवा पुऱ्याएको मैले पाएको छु।

टङ्कप्रसाद खत्री
नासु, जिल्ला अदालत, मुगु

प्रत्येक वर्ष मैले मानवअधिकार वर्षपुस्तक अध्ययन गर्ने मौका पाएको छु। यसले राज्यका नागरिकको मानवअधिकार संरक्षण गर्नमा ठूलो योगदान पुऱ्याएको छ। आउँदा वर्षमा पुस्तकले मानवअधिकार संरक्षणमा अझ ठूलो उचाई प्राप्त गरी प्रकाशन होस भन्ने मेरो चाहना छ।

प्यारीलाल काफ्ले
एकीकृत माओवादी, मुगु

देशमा हाल दण्डहीनता व्याप्त छ। यस्तो परिस्थितिमा मानवअधिकारकर्मीहरूको प्रयासले मानवअधिकार उल्लङ्घनका दोषीहरू जो गाँउघर तथा कुना काप्चामा लुकेर बसेका छन् त्यस्ता दोषीहरूलाई कारबाहीको दायरामा ल्याउन महत्वपूर्ण भूमिका हुन्छ। त्यसैले आगामी वर्षपुस्तकमा सत्य तथ्य घटनाहरूको प्रकाशन हुने अपेक्षा राख्दै सफलताको शुभकामना व्यक्त गर्दछु।

हिरालाल मण्डल
निमित्त स्थानीय विकास अधिकारी, मुगु

इन्सेकद्वारा प्रकाशित मानवअधिकार वर्षपुस्तक २०११ प्रकाशित हुन लागेको जानकारी पाउँदा अत्यन्तै खुशी लागेको छ। मानवअधिकार विश्वव्यापी अवधारणालाई आत्मसात गर्दै मानवअधिकारको संरक्षण र प्रवर्धन गर्ने कार्यमा सदा सजक रहेको छ। नेपाली समाजमा हुने गरेका मानवअधिकारका उल्लङ्घनका घटनाहरूलाई निष्पक्ष र तथ्यपरक ढङ्गले उजागार गर्दा घटनामा संलग्न व्यक्ति सङ्घ, संस्थालाई नैतिक दबाब पर्छ। मानवअधिकारको क्षेत्रमा इन्सेकले गर्दै आएको देशव्यापी अभियान सराहनीय छ। यसले जनचेतना बढाउनुका साथै निर्भिकताका साथ जस्ताको त्यस्तै दस्ताबेजको रूपमा प्रस्तुत गर्ने यस वर्षपुस्तकले कानुनी राज्य र विधिको शासन सञ्चालनका लागि मार्गदर्शन बनेको मैले महसुस गरेको छु।

महेन्द्रजङ्ग शाही
निमित्त प्रमुख जिल्ला अधिकारी, मुगु

मानवअधिकारको क्षेत्रमा इन्सेकले विगतदेखि नै निर्वाह गर्दै आएको भूमिका प्रशंसनीय छ। वर्षभरि भएका मानवअधिकारका उल्लङ्घनका घटनाहरूलाई समेटेर हरेक वर्ष नेपाल मानवअधिकार वर्षपुस्तक प्रकाशन गर्नुभएकोमा धन्यवाद दिन चाहन्छु। नेपाल प्रहरीको प्रमुख दायित्व मानवअधिकारको संरक्षण र सम्वर्धन रहेकोमा यसका लागि मानवअधिकार वर्षपुस्तकले प्रेरणादायी भूमिका खेल्नेमा विश्वस्त छु।

बहादुरजङ्ग मल्ल
प्रहरी नायव उपरीक्षक, कञ्चनपुर

इन्सेकले प्रकाशन गरेको मानवअधिकार वर्षपुस्तकहरू हाम्रो संस्थालाई सदैव उपलब्ध गराएको र सो पुस्तक अध्ययन गर्दा पुस्तकमा प्रकाशित मानवअधिकारका तथ्यहरू यथार्थपरक हुने गरेको हाम्रो अध्ययनको निचोड छ। यो वर्ष मानवअधिकार वर्षपुस्तकले उल्लङ्घनका विविध घटनाहरूको प्रभावकारी प्रस्तुति गर्नेछ भन्ने हामीले विश्वास लिएका छौँ।

भोजराज बोहरा
सचिव, नेपाली काङ्ग्रेस, कञ्चनपुर

नेपाल मानवअधिकार वर्षपुस्तक २०१० पढ्न पाउँदा खुशी लागेको छ। मानवअधिकारको हनन् अक्षम्य, निन्दनीय, गम्भीर प्रकृतिको अपराध हो। जसको जतिसुकै दण्डले पनि पीडितको घाउ निको पार्न सक्दैन। इन्सेकको यस सत्प्रयासले मानवअधिकार हनन्का घटनाहरू न्यूनीकरण गर्न, दोषीउपर दण्डात्मक कारबाही गर्न र पीडितलाई क्षतिपूर्ति/राहत दिने कार्यमा मद्दत मिल्ने विश्वास लिँदै प्रस्तुत प्रकाशनको निरन्तरताको शुभकामना व्यक्त गर्न चाहान्छु।

बुद्धिबहादुर खड्का
प्रमुख जिल्ला अधिकारी, कञ्चनपुर

मानवअधिकार वर्षपुस्तकले मानवअधिकारको संरक्षण र सम्बर्द्धनका क्षेत्रमा पुऱ्याएको योगदान सऱ्हानीय छ। मानवअधिकार रक्षा तथा शान्ति स्थापनामा यसले महत्वपूर्ण भुमिका निभाएको छ। विगतको १० वर्से सशस्त्र द्वन्द्वकालमा भएका मानवअधिकार उल्लङ्घन,हनन तथा ज्यादतीका घटनाहरूको बारेमा स्थलगतरूपमा अध्ययन गरी यथार्थ विवरणसहित सत्यतथ्य सूचना आमजनतामाझ सम्प्रेषण गरी दोषीलाई खबरदारी गर्ने प्रयास गरेको छ। उल्लङ्घन र ज्यादतीका घटनाको तथ्यगत सम्प्रेषणले मानवअधिकार अवस्थाको दस्तावेजको रूपमा रहेको छ। शान्ति स्थापनाको क्षेत्रमा क्रियाशील स्थानीय शान्ति समितिलगायत सरकारी ,गैर-सरकारी र अन्य संस्थाहरूलाई द्वन्द्वपीडित पहिचानमा यस वर्षपुस्तकले सहजीकरणको काम गरेको छ।

लालबहादुर खड्का
संयोजक स्थानीय शान्ति समिति, कञ्चनपुर

मानवअधिकार वर्षपुस्तकले देशको सम्पूर्ण मानवअधिकार स्थितिको यथार्थ चित्रण उजागर गर्ने गरेको छ। यो पुस्तक पढेपछि नेपालको मानवअधिकारको स्थिति कस्तो छ ? र कुन दिशातर्फ गइराखेको छ ? भन्ने विषयको चित्रण मद्दत पुऱ्याउँछ। गत वर्ष सन् २०१० का घटनालाई लिएर सन् २०११ मा प्रकाशित वर्षपुस्तकले विस्तृत शान्ति सम्झौता लगायत दलहरूले प्रतिबद्धता गरेका अन्य सहमति एवम् समझदारीको कति पालना पालना गरे भन्ने कुरा यो वर्षपुस्तक पढेपछि छर्लङ्ग हुन्छ भन्ने मलाई लागेको छ। सीमित साधनस्रोत र आवश्यक जनशक्तिको अभावले गर्दा केही घटनाहरू छुटेका पनि हुन सक्छन्। कुनै पक्षसित पूर्वाग्रही नभई तथ्यपरक र यथार्थ घटना सङ्कलन र प्रकाशनमा यो इन्सेक परिवार सफल भएपनि त्यसमा अझै केही खरो उत्रने प्रयासमा सफलता मिलोस् भन्ने शुभ-कामनासहित यो वर्षपुस्तकको निरन्तर प्रकाशनको हार्दिक शुभ-कामना समेत व्यक्त गर्न चहान्छु।

नरबहादुर चन्द
सभापति, नेपाली काङ्ग्रेस, बैतडी

नेपाल मानवअधिकार वर्षपुस्तकले मानवअधिकार उल्लङ्घनका घटनाहरू मात्रै उजागर गरेको छैन र त्यसले मानवअधिकार संरक्षणमा राज्यको दायित्व र राज्यका महत्वपूर्ण अङ्ग व्यवस्थापिका,न्यायपालिका र कार्यपालिकाको भूमिका जिम्मेवारी र उसको तर्फबाट भए गरेका कमी कमजोरीको समीक्षा हुने भएकोले यो वर्षपुस्तक अति उपयोगी र मार्गनिदेर्शक समेत भएको कुरामा कसैपनि दुईमत हुन सक्दैन।

विगतको कहालीलाग्दो सशस्त्र द्वन्द्वका घटना र त्यसले पारेको प्रभाव आदिको विषयमा मानवअधिकार वर्षपुस्तकबाहेक अन्य अभिलेख उपलब्ध छैनन्। तसर्थ ऐतिहासिक दास्तावेजको रूपमा वर्षपुस्तक स्थापित भएको छ।

नरेन्द्र बिष्ट
अध्यक्ष, एमाले जिल्ला कमिटी, बैतडी

नेपाल मानवअधिकार वर्षपुस्तकलाई हामीले एक महत्वपूर्ण र ऐतिहासिक दास्ताबेजको रूपमा हामीले लिएका छौं। मानअधिकारको समाचारहरू प्रकाशन गर्नुपरेमा यो वर्षपुस्तक अत्यन्तै उपयोगी र सहयोगीसिद्ध भएको हामीले पाएका छौं। हामीले विभिन्न पत्रपत्रिकामा प्रकाशित गरेका मानवअधिकारको स्थितिका समाचारमा मानवअधिकार वर्षपुस्तकलाई स्रोतका रूपमा उल्लेख गर्ने गरेका छौं।

अधिकारको कुरा गर्दा हामी सबैले आफ्नो कर्तव्यलाई पनि भुल्नु हुँदैन। सत्यतथ्य सूचना प्रकाशन गर्नु पत्रकारको धर्म हो र हामीले प्रकाशन गरेका सूचनाका आधारमा पत्रकारलाई धम्की दिने गाली बेइज्जती गर्ने कार्य हाम्रो समाजमा विद्यमान छन्। सत्यतथ्य र यथार्थ घटना प्रकाशित गर्ने नेपाल मानअधिकार वर्षपुस्तकको आगामी दिनमा समेत निरन्तर प्रकाशनको समेत मेरो व्यक्तिगत र संस्थाको तर्फबाट मङ्गलमयी शुभकामना व्यक्त गर्दछु ।

नरेन्द्रप्रसाद भट्ट
कार्यवाहक सभापति
नेपाल पत्रकार महासङ्घ, जिल्ला शाखा, बैतडी

अनुसूची

६

वर्षपुस्तक २०११ तयारीका क्रममा संलग्न व्यक्तिहरू

परिच्छेद लेखनमा संलग्न व्यक्तिहरु

परिच्छेद २ : अन्तरद्वन्द्वमा शान्ति प्रक्रिया
लेखक: मदन पौडेल

परिच्छेद ३

३.१ न्यायपालिका
लेखक: विद्या चापागाईं

३.२ कार्यपालिका
लेखक: योगीश खरेल

३.३ व्यवस्थापिका
लेखक: बालकृष्ण बस्नेत

परिच्छेद ४ : नेपालमा बलपूर्वक बेपत्ता : एक सङ्क्षिप्त विश्लेषण
लेखक: विजयराज गौतम

परिच्छेद ५ :विस्फोटक पदार्थ र साना तथा घातक हातहतियारको भय र चुनौती
लेखक: कृष्णप्रसाद सुवेदी

परिच्छेद ६ :जोखिममा मानवअधिकार रक्षक
लेखक: सम्झा श्रेष्ठ

परिच्छेद ७ :महिला विरुद्धको हिंसा : बलात्कारसम्बन्धी एक अध्ययन
लेखक: पुष्पा पोखरेल

घटनाक्रम सङ्कलन
१. राजु पासवान २. गोपीकृष्ण भट्टराई

जिल्ला प्रतिनिधिहरू

१. पूर्वाञ्चल

१.१ झापा - अर्जुनकुमार बस्नेत
१.२ इलाम - अशोककुमार राई
१.३ पाँचथर - कृष्ण ओझा
१.४ ताप्लेजुङ - चन्द्रप्रकाश भट्टराई
१.५ मोरङ - दीपेन नेउपाने
१.६ सुनसरी - शुकदेव चौधरी
१.७ धनकुटा - गीता अधिकारी/सन्तोष रुचाल
१.८ तेह्रथुम - छत्र रिमाल
१.९ भोजपुर - ज्ञानेन्द्र खड्का
१.१० संखुवासभा - किशोर बुढाथोकी
१.११ सप्तरी - प्रकाश खतिवडा
१.१२ सिरहा - देवराज पोखेल/गुरुशरण सदा
१.१३ उदयपुर - कुशलबाबु बस्नेत
१.१४ खोटाङ - लोकनाथ घिमिरे
१.१५ ओखलढुङ्गा - गुरूबहादुर बस्नेत
१.१६ सोलुखुम्बु - वेदप्रसाद राई

२. मध्यमाञ्चल

२.१ धनुषा - रोशनदीप ढकाल/विनोदकुमार रविदास
२.२ महोत्तरी - ईश्वरी काफ्ले
२.३ सर्लाही - विदुर प्याकुरेल
२.४ सिन्धुली - आनन्दप्रसाद दाहाल
२.५ रामेछाप - नवराज पथिक
२.६ दोलखा - उद्धव पोखरेल
२.७ रौतहट - विपीन गौतम
२.८ बारा - रोशनराज अर्याल
२.९ पर्सा - निरज साह
२.१० चितवन - मुकुन्द दहाल
२.११ मकवानपुर - प्रताप विष्ट
२.१२ ललितपुर - गोपीकृष्ण भट्टराई
२.१३ काभ्रेपलान्चोक - भोजराज तिमल्सिना
२.१४ भक्तपुर - अकुर न्यौपाने
२.१५ काठमाडौं - राजु पासवान
२.१६ धादिङ - सीताराम अधिकारी
२.१७ सिन्धुपाल्चोक - नातिबाबु धिताल
२.१८ नुवाकोट - केशव मिश्र
२.१९ रसुवा - हेमनाथ खतिवडा

३. पश्चिमाञ्चल

३.१ तनहुँ - प्रकाशचन्द्र भट्टराई
३.२ गोरखा - भीमलाल श्रेष्ठ
३.३ लमजुङ - कृष्ण अधिकारी
३.४ स्याङ्जा - निर्मला तिवारी
३.५ कास्की - सनवहादुर थापा
३.६ मनाङ - कमानवहादुर गुरुङ
३.७ नवलपरासी - नारायण पराजुली
३.८ रुपन्देही - अमृत गिरी
३.९ पाल्पा - दुर्गा न्यौपाने
३.१० कपिलवस्तु - नन्दराम पौडेल
३.११ अर्घाखाँची - खिमप्रसाद मरासिनी, नारायणप्रसाद भुषाल
३.१२ गुल्मी - हीरा कुँवर/ नरेश भण्डारी
३.१३ वाग्लुङ - रामबहादुर जिसी
३.१४ पर्वत - माधवराज पाण्डेय
३.१५ म्याग्दी - घनश्याम खड्का
३.१६ मुस्ताङ - शर्मिला गुरुङ

४. मध्यपश्चिमाञ्चल

४.१ दाङ - शालिकराम मुसाफिर
४.२ प्यूठान - रवीन्द्र पाण्डे
४.३ रोल्पा - धरेन्द्र डाँगी
४.४ सल्यान - रोमप्रकाश थापा
४.५ रुकुम - जीवन खड्का
४.६ बाँके - नारायण सुवेदी
४.७ बर्दिया - मानबहादुर चौधरी
४.८ सुर्खेत - दुर्गा थापा
४.९ जाजरकोट - राजुकुमार शाक्य
४.१० दैलेख - यज्ञराज थापा
४.११ डोल्पा - विष्णुप्रसाद देवकोटा
४.१२ जुम्ला - मानदत्त रावल
४.१३ कालीकोट - कालीबहादुर मल्ल
४.१४ मुगु - लोकेन्द्र हितान
४.१५ हुम्ला - रमेश ऐडी

५. सुदूर पश्चिमाञ्चल

५.१ कैलाली - सुरबहादुर परियार
५.२ अछाम - रतनबहादुर रावल
५.३ डोटी - लवदेव भट्ट
५.४ बाजुरा - अर्जुन शाह
५.५ बझाङ - प्रकाश विक
५.६ कञ्चनपुर - कोमलनिरञ्जन भाट
५.७ डडेलधुरा - केशव बोहरा
५.८ बैतडी - शेरबहादुर चन्द
५.९ दार्चुला - मदनसिंह धामी

क्षेत्रीय कार्यालयमा संलग्न

पूर्वाञ्चल
१. सोमराज थापा २. भुवन अधिकारी

मध्यमाञ्चल
१. कृष्ण गौतम २. गणेश भण्डारी

पश्चिमाञ्चल
१. शिव खकुरेल २. टङ्क खनाल

मध्य पश्चिमाञ्चल
१. भोला महत २. बालकृष्ण बस्नेत

सुदूर पश्चिमाञ्चल
१. खडकराज जोशी २. कृष्ण विक

सन्दर्भ सामग्री स्रोत
इन्सेक पुस्तकालय

फोटो स्रोत
इन्सेक जिल्ला प्रतिनिधिहरू
माधवनेपाल डट कम

उत्कृष्ट जिल्ला प्रतिनिधिहरू

गत वर्षझैं यस वर्ष पनि सम्पूर्ण प्रतिनिधिमध्येबाट एक जनालाई राष्ट्रियस्तरको 'सर्वोत्कृष्ट जिल्ला प्रतिनिधि' पुरस्कारले, अन्य पाँच जनालाई 'उत्कृष्ट जिल्ला प्रतिनिधि' पुरस्कारले पुरस्कृत गर्ने निर्णय भएअनुरूप निम्नानुसारका जिल्ला प्रतिनिधि छानिनुभएको छ। 'सर्वोत्कृष्ट जिल्ला प्रतिनिधि' लाई प्रशंसापत्र र रु.१०,०००।- तथा 'उत्कृष्ट जिल्ला प्रतिनिधि' लाई प्रशंसापत्र र रु. ७,०००।- प्रदान गरिएको छ।

सर्वोत्कृष्ट

नारायण पराजुली, नवलपरासी

उत्कृष्ट

अशोकुमार राई, इलाम, पूर्वाञ्चल
विपीन गौतम, रौतहट, मध्यमाञ्चल
अमृत गिरी, रुपन्देही, पश्चिमाञ्चल
रोमप्रकाश थापा, सल्यान, मध्यपश्चिमाञ्चल
कोमल निरञ्जन भाट, कञ्चनपुर, सुदूरपश्चिमाञ्चल

इन्सेक पुस्तक १४७ / २०६७

नेपाल मानवअधिकार वर्षपुस्तक २०११

यस वर्षको उल्लेखनीय

अन्तरद्वन्द्वमा शान्ति प्रक्रिया

विस्तृत शान्ति सम्झौताले डोऱ्याएको नेपालको शान्ति प्रक्रिया २०१० को अन्त्यसम्ममा आइपुग्दा राजनीतिक दलहरूको सत्ता स्वार्थ र मोहमा केन्द्रित हुन पुग्यो । मानवअधिकार तथा सामाजिक न्यायको क्षेत्रमा आमनागरिकले बितेका यी चार वर्षमा राजनीतिक दलहरूले भन्ने गरेको युगान्तकारी परिवर्तनको सुरुआतको आभास समेत पाएनन् । शैशव अवस्थामै रहेको नेपालको लोकतन्त्रको सुदृढीकरण र जारी शान्ति प्रक्रियालाई पूर्णता प्रदान गर्ने विषयमा भने अनिश्चितता अझ बढेको आभास भयो । दिगो प्रजातन्त्र बिना मानवअधिकारको संस्कृति फस्टाउन सक्दैन र दिगो प्रजातन्त्र नेपालको जटिल राजनीतिक सङ्क्रमणकालमा सहमति, सहकार्य र एकता बिना सम्भव पनि छैन ।

मानवअधिकार र सामाजिक न्यायका निम्ति
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
कलङ्की, स्युचाटार
पत्र मञ्जुषा : २७२६, काठमाडौँ
फोन : ४२७८७७०
फ्याक्स : ४२७०५५१
इमेल : insec@insec.org.np
वेब साइट : www.insec.org.np

ISBN : 978-9937-8265-5-6